CC-0. In Public Domain. Digitization by eGangotri

मेचीदेखि महाकाली

(भाग २)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेचीदेखि महाकाली

(भाग २)

मध्यमाञ्चल विकास क्षेत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक:
श्री ५ को सरकार
सञ्चार मन्त्रालय
सूचना विभाग

सर्वाधिकार सुरक्षित

प्रथम संस्करण: १,००० प्रति
शुभ-राज्याभिषेक वर्ष, २०३१

मूल्य: ५०।—

मुद्रक:
श्री ५ को सरकारको छापाखाना
सिंहदरबार, काठमाडौं
नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुरोध

यस "मेचीदेखि महाकाली" पुस्तकमा समावेश भएका विभिन्न विषयका जानकारी-हरूमा कुनै त्रुटि हुन गएको अथवा थप गर्नुपर्ने भए अर्को संस्करणमा समावेश गर्न पाठकवर्गको सुझाव तलको ठेगानामा पठाइदिनु भई सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

जाँचबुझ केन्द्र
राजदरबार
काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Ba...

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट "मेचीदेखि महाकाली" को प्रकाशनमा बक्सेको सन्देश

नेपाली समाजको आधुनिकीकरण नै हामीहरूको आजको सर्वोपरी लक्ष्य भएको हुनाले देश विकास सम्बन्धी विभिन्न उपाय तथा विचारधाराहरू देखा पर्नु स्वभाविकै हो । तर यस्ता उपाय तथा विचारहरू देशमा विद्यमान रहेका वस्तुस्थितिसित मेल खाए मात्र देश विकासको निम्ति उपयोगी सिद्ध हुन्छन् । त्यसैले हाम्रो देशको भौगोलिक अवस्था तथा सांस्कृतिक परम्पराको विशिष्टताले गर्दा हाम्रो आर्थिक तथा सामाजिक समस्याहरूको समाधान अरूको अनुकरणले मात्र हुन सक्दैन । यसको निम्ति हामीले हाम्रो वास्तविकताको स्पष्ट बोध गरी त्यसको आधारमा आफ्नै किसिमका समाधानहरू पहिल्याउनु आवश्यक छ । त्यसैले पहिले आफ्नै मुलुकसँग परिचित हुनु नै हाम्रो आजको आवश्यकता हो ।

"मेचीदेखि महाकाली" नामको यो पुस्तकले हाम्रो देशका जिल्लाहरूको परिचयात्मक विवरणहरू प्रस्तुत गरी एउटा खाँचो पूर्ति गर्ने प्रयत्न गरेको छ । सबै क्षेत्रका पाठकहरू यस प्रयासबाट लाभान्वित हुने छन् र यसमा देखिएका कमीहरूको भविष्यमा सुधार गर्दै यसलाई अझ परिष्कृत पार्दै लगिनेछ भन्ने हाम्रो आशा छ ।

यस नौलो तथा महत्वपूर्ण प्रयासमा लागेका सबै हाम्रा धन्यवादका पात्र छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द० ६४७८

आंशिक आ०नं०
औ० आरक्षित
वा०वि०पी०पु०

भूमिका

शताब्दीयौंसम्मको सुषुप्तावस्थापछि नेपालमा केही दशक यतादेखि सञ्चालन हुन लागेका विकास अभियानहरू र नेपाली जनमानसमा सुदृढ हुँदै गएको राष्ट्रियताको भावनाले गर्दा नेपाल अधिराज्यको प्रत्येक भागले आज बढ्दो महत्वको अनुभव गरेको छ। केही दशक पहिलेसम्म पनि शिक्षित नेपालीहरूमा समेत आफ्नो देशको विभिन्न भाग तथा त्यहाँका निवासीहरूको अस्तित्वको बारेमा बहुतै सीमित ज्ञान मात्र हुन्थ्यो। तर विकास कार्यक्रमहरूको प्रभावमा अधिराज्यका विभिन्न भागका मानिसहरूको बीच सम्पर्क यति व्यापक र तीव्र हुन गएको छ कि आज सबै नेपालीहरू नेपालका विभिन्न भागले प्रस्तुत गरेको विविधता बारे बढी मात्रामा सचेत भएका छन्। त्यसमाथि पनि अधिराज्यमा पञ्चायत व्यवस्थाको प्रादुर्भाव भएपछि गाउँ र जिल्ला पञ्चायत-हरूको स्थापनाद्वारा स्थानीय विकासको क्षेत्रमा मात्र बढी ध्यान गएको होइन कि यसले गर्दा देशका सम्पूर्ण भागहरूलाई राष्ट्रिय जीवन प्रवाहमा अझ प्रभावकारी रूपले संलग्न गरायो। केही वर्ष यता श्री ५ महाराजा-धिराज वीरेन्द्र वीर विक्रम शाहदेवको सदिच्छा अनुसार देशमा विकास कार्यक्रमहरूको सञ्चालनमा क्षेत्रिय सन्तुलन ल्याउन अधिराज्यलाई चार विकास क्षेत्रमा विभाजन गरिनुको साथै देशका विभिन्न इलाकाहरूको विकास र तिनीहरूलाई आपसमा परिपूरक बनाउन राष्ट्रिय योजनाको प्रक्रयामा प्रादेशिक दृष्टिकोण अपनाइनाले नेपाल अधिराज्यको प्रत्येक भू-भाग तथा जन-समूहको महत्व झन् बढ्न गएको छ।

देश विकासको यस बढ्दो गतिको परिप्रेक्षमा नेपालका वर्तमान जिल्लाहरू, यसमा समावेश भएका जनसंख्या र भू-इलाकाको परिमाणको कारणले विकास तथा प्रशासनको महत्वपूर्ण एकाईहरूको रूपमा विकसित हुँदै आइरहेका छन्। यसरी वर्तमान नेपालको ७५ वटा जिल्लाहरूको समष्टिले नै नेपालको प्रत्येक भू-भाग र गाउँ समाजको प्रतिनिधित्व गर्न लागेको छ।

नेपालका जिल्लाहरूको यस्तो महत्वपूर्ण स्थान भए तापनि हालसम्म तिनीहरूको विषयमा समष्टि रूपले परिचय दिने कुनै पुस्तक तयार भइसकेको थिएन। श्री ५ को सरकार, पञ्चायत मन्त्रालयले २०२१।०२२ सालतिर विभिन्न जिल्लाहरूको छोटकरी परिचय दिने स-साना पुस्तिकाहरू निकालेको थियो। ती पुस्तिकाहरू सही दिशामा चालिएका पहिलो पाइला भए तापनि ती परिचयहरू अत्यन्त संक्षिप्त भएका हुनाले तिनीहरूको उपयोगिता पनि सीमित नै रह्यो। सोही मन्त्रालयबाट पछि पनि यस्ता पुस्तिकाहरू प्रकाशनमा आएका थिए, तर तिनीहरूको व्यापकतामा पनि खास वृद्धि हुन सकेन। यस्तै प्रकारको प्रयास अरू संस्थाहरूहले पनि फाटफुट गरेको देखिन्छ। कपिलवस्तु जिल्ला पञ्चायतद्वारा २०२९ सालमा प्रकाशित श्री बज्रानन्द वज्राचार्य लिखित "कपिलवस्तुको रूपरेखा" नामक पुस्तकर नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले विश्व-कोश तयार गर्ने सिलसिलामा नमूनाको रूपमा २०३० सालमा निकालेको "पाल्पा" भन्ने पुस्तिका यस प्रकारको प्रयासका केही उदाहरणहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्। तर ती प्रयासहरूमा समावेश गरिएका विषय वस्तुहरूको व्यापकता तथा गहिराइमा समेत एक आपसमा फरक छन् भने अर्कोतिर तिनीहरू सीमित जिल्लाहरूको बारेमा मात्र उपलब्ध छन्।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्री ५ युवराजाधिराज होइबक्सँदा नै २०२७ सालदेखि प्रारम्भ गरिबक्सेको अधिराज्यका विभिन्न भागहरूको अनौपचारिक सवारी भ्रमणमा जिल्लाहरू सम्बन्धी जानकारीको ठूलो अभाव अनुभव भयो। त्यसैले यस जाँचबुझ केन्द्रले मुख्यतः मौसूफ सरकारको सवारी भ्रमणको निमित्त आवश्यक पर्ने विभिन्न जिल्लाहरू सम्बन्धी जानकारी विभिन्न स्रोतहरूबाट सङ्कलन गर्न प्रारम्भ गऱ्यो। यसरी क्रमशः प्रत्येक जिल्लाको विषयमा केही वृहत् प्रतिवेदनहरू तयार भए, जुन पछि अत्यन्त उपयोगी सावित भए। यदि ती जानकारीहरूलाई सर्वसाधारणले समेत प्रयोग गर्न पाउने गरी प्रकाशमा ल्याउन सकेमा धेरै नेपालीहरू यसबाट लाभान्वित हुन सक्ने छन् भन्ने मौसूफ सरकारको सदिच्छाअनुसार यस केन्द्रको संयोजकत्वमा उक्त प्रतिवेदनहरूलाई एक रूपता दिनुको साथै तिनीहरूलाई प्रकाशनको लागि उपयुक्त तुल्याउने योजना सञ्चालन भयो। अन्दाजी डेढ वर्षको समयावधिमा धेरै जना विशेष अधिकृतहरूको परिश्रमको फलस्वरूप यस पुस्तकले वर्तमान रूप धारण गर्न सकेको छ। चार खण्डमा प्रकाशित यस "मेचीदेखि महाकाली" नामक पुस्तकलाई श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ-राज्याभिषेकको महान् ऐतिहासिक वर्षमा अधिराज्यका प्रत्येक कुना कन्दरामा बस्ने नेपालीहरूको सुख दुःखप्रति मौसूफ सरकारको चिन्तनको प्रतीकको रूपमा प्रकाशमा ल्याउन पाउनु यस केन्द्रको लागि अत्यन्त ठूलो सौभाग्यको कुरा हो।

"मेचीदेखि महाकाली" को संयोजनको उद्देश्य एक अर्थमा सीमित र अर्को अर्थमा व्यापक छ। सीमित यस अर्थमा छ कि यसले नेपालका प्रत्येक जिल्लाको विषयमा छुट्टाछुट्टै परिचयात्मक विवरण मात्र दिन प्रयत्न गरेको छ। यो पुस्तक नेपाल अधिराज्यको समष्टि रूपको परिचय होइन, किनभने नेपाल अधिराज्यको पूर्णता यसको ७५ वटा जिल्लाहरूको योगभन्दा व्यापक तथा गहिरो छ। साथै यसले कुनै पनि जिल्लामा पाइने कुनै खास सामाजिक तथा आर्थिक समस्याको बारेमा पूर्ण विश्लेषण पनि प्रस्तुत गर्दैन। जानकारीको उपलब्धिले भ्याएसम्म यस पुस्तकले ती समस्याहरूको उपस्थितिसम्म इङ्गित गर्ने प्रयत्न गरेको छ। तर यसको उद्देश्य व्यापक यी अर्थहरूमा छन् कि यसले प्रथमतः कुनै पनि जिल्लाको बारेमा भौगोलिक, ऐतिहासिक, सामाजिक, आर्थिक आदि सम्पूर्ण पक्षहरूमा जानकारी उपलब्ध गराउने चेष्टा गरेको छ र दोस्रो, यी परिचयात्मक ठेलीहरू कुनै वर्ग विशेषको चाख वा आवश्यकताको पूर्तिको निमित्त मात्र लेखिएका नभई यिनीहरूले नेपालका अनुसन्धान-कर्ता, योजनावेत्ता, प्रशासक, विद्यार्थी, पर्यटक तथा सामान्य पाठक सबैको निमित्त उपयोगी हुने जानकारीहरू उपलब्ध गराउने प्रयत्न गरेको छ। तर यस प्रयासमा हामी कहाँसम्म सफल भएका छौं भन्ने कुराको निरुपण पाठकवर्गले नै मात्र गर्न सक्दछन्। साथै यहाँ यो पनि उल्लेख गर्नु आवश्यक छ कि यस पुस्तकले नेपालका जिल्लाहरूको बारेमा यत्रतत्र छरिएर रहेका जानकारीहरूलाई सकेसम्म एकत्रित गरी जिल्ला जिल्लाको आधारमा प्रस्तुत गर्न मात्र खोजेको हो। यस पुस्तकमा समावेश भएका कुराहरू ती जिल्लाहरूको सम्बन्धमा कुनै आधिकारिक जानकारी होइनन्।

यस परिचयात्मक पुस्तकको संयोजन माथि उल्लेख गरिए झैं चार खण्डहरूमा भएको छ। प्रत्येक विकास क्षेत्रको निमित्त एउटा ठेली तयार भएको छ। त्यसैले पूर्वाञ्चल विकास क्षेत्रसित सम्बन्धित खण्डमा उक्त क्षेत्रभित्र पर्ने जम्मा १६ वटा जिल्लाहरूका परिचयहरू, दोस्रो खण्डमा मध्यमाञ्चल विकास क्षेत्र भित्रका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१९ वटा जिल्लाहरूका परिचयहरू, तेस्रो खण्डमा पश्चिमाञ्चल विकास क्षेत्रका १७ वटा जिल्लाका परिचयहरू र चौथो खण्डमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका २३ वटा जिल्लाहरूका परिचयहरू समावेश छन्। प्रत्येक खण्डमा सबभन्दा पहिले उक्त विकास क्षेत्रलाई समष्टि रूपले विचार गरी लेखिएको एउटा क्षेत्रिय सारांश छ। सोरांँशमा उक्त क्षेत्रको भौगोलिक, ऐतिहासिक साँस्कृतिक, आर्थिक तथा सामाजिक आदि सम्पूर्ण दृष्टिकोणले विश्लेषण गरी त्यस क्षेत्रभित्र पर्ने विभिन्न इलाहरूको विशेषताहरूको चित्रण र ती इलाकाहरू बीच रहेका आपसी अन्तरक्रयाहरूलाई प्रस्तुत गरी उक्त क्षेत्रको वैशिष्टचताको एउटा पार्श्वदृश्य प्रस्तुत गर्ने प्रयत्न गरिएको छ। प्रत्यक साराँशको आखिरमा एउटा उपसंहार दिइएको छ जसमा मुख्यत: सो क्षेत्रको विकासको निमित्र अनुकूल र प्रतिकूल परेका तत्वहरूको चर्चा गर्नुको साथै यस क्षेत्रका विकास सम्बन्धी सम्भावनाहरू र त्यसको निमित्त उठाउनु पर्ने कदमहरूको समेत संक्षेपमा उल्लेख गरिएकाछन्।

प्रत्येक जिल्लाका वर्णनहरूमा पनि यस्तै प्रकारको ढाँचा अपनाई परिच्छेदहरूको विभाजन गरिएको छ। तर यी वर्णनहरू प्रत्येक जिल्ला विशेषका वर्णन भएको हुनाले यसमा उक्त जिल्ला सम्बन्धी विभिन्न पक्षहरूमा सविस्तार वर्णन गरिएको छ।

प्रत्येक जिल्लाको वर्णन उक्त जिल्लाको सामान्य परिचयबाट शुरू हुन्छ, जसमा उक्त जिल्लाका भौगोलिक अवस्थिति, क्षेत्रफल, जनसंख्या जस्ता प्रारम्भिक जानकारीहरू र उक्त जिल्लाका विशेषताहरूको बारेमा संक्षिप्त टिप्पणी दिइएको हुन्छ। त्यसपछि प्राकृतिक स्वरूप र सम्पदाको परिच्छेद आउँछ। यसमा समावेश भएका मुख्य उप-शीर्षकहरूमा उक्त जिल्लाको भौगोलिक बनावट, नदी प्रणाली, हावापानी र प्राकृतिक वन-वनस्पति हुन्। हावापानीको सन्दर्भमा जुन जिल्लामा मौसम अवलोकन केन्द्र छैन त्यस जिल्लाको हावापानी सम्बन्धी चर्चा सो जिल्लाको प्राकृतिक अवस्थासित मोटामोटी रूपले मिल्ने देखिने नजीकको जिल्लाको जानकारीमा आधारित गरिएको छ। वन विकास सम्बन्धी कुराहरू पनि यसै परिच्छेदमा वन-वनस्पति उप-शीर्षक अन्तर्गत राखिएका छन्। जुन जिल्लामा खनिज पदार्थको महत्वपूर्ण भूमिका छ त्यस जिल्लामा यसै परिच्छेद अन्तर्गत खनिज पदार्थ सम्बन्धी पनि केही चर्चा गरिएको छ। अन्यथा खनिज पदार्थ सम्बन्धी चर्चा क्षेत्रिय सारांशहरूमा मात्र गरिएका छन्।

तेस्रो परिच्छेदमा जिल्लाको ऐतिहासिक पृष्ठभूमि सम्बन्धी चर्चा गरिएको छ। हुनत: इतिहासको घटनाक्रमले सामान्यत: एउटा व्यापक भू-इलाका समेटेको हुन्छ। त्यसैले नेपालका वर्तमान जिल्लाहरूको सीमानाको आधारमा इतिहासको चर्चा गर्नु वास्तवमा एउटा कृत्रिम प्रयास मात्र हुनेछ तापनि नेपाली इतिहासको निर्णयमा वर्तमान जिल्लाको के भूमिका थियो भन्ने कुरा पाठकवर्गलाई चाखको विषय हुनुका साथै यस प्रकारको जानकारीले भविष्यमा इतिहास सम्बन्धी जिल्ला जिल्लामा गरिने सोधकार्यको निमित्त पनि सहयोग पुऱ्याउला भन्ने अभिप्रायले प्रत्येक जिल्लाको ऐतिहासिक पृष्ठभूमि पनि दिइएको हो। यसमा विभिन्न स्रोतबाट उपलब्ध भएसम्म प्राचीन ऐतिहासिक घटनाहरूको बारेमा समेत संक्षिप्त वर्णन गरिएको छ।

यसपछिको परिच्छेदमा जिल्लामा केही प्रमुख स्थानहरूको विषयमा छुट्टाछुट्टै चर्चा गरिएको छ। यसमा सामान्यत: उक्त स्थानको अवस्थिति, त्यहाँ पुग्ने तरीका, ऐतिहासिक, धार्मिक अथवा व्यापारिक महत्व, मौजूद सामाजिक सुविधाहरू आदि विषयमा उल्लेख गरिएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं परिच्छेद जनसंख्या र जनजीवनको हो। यस अन्तर्गत जिल्लाको कुल जनसंख्या, पुरुष, महिलाको अनुपात, घर परिवार, उमेर समूह, सक्षम तथा आश्रित जनसंख्याको अनुपात, वैवाहिक स्थिति, मातृभाषा, जन्मस्थान र गाउँ पञ्चायतहरूका जनसंख्या सम्बन्धी जानकारीहरू दिइएका छन्। जनजीवन उप-शीर्षक अन्तर्गत प्रत्येक जिल्लामा बस्ने विभिन्न जात जातिका बासिन्दाहरूमा आपसी सम्बन्धको एउटा स्वरूप, प्रस्तुत गर्ने कोशिश गरिएको छ। यसको साथै कुनै कुनै जिल्लामा कुनै कुनै जाति विशेषको बारेमा पनि केही विस्तृत परिचय प्रस्तुत गरिएको छ। यस अन्तर्गत जानकारी उपलब्ध भएसम्म त्यस जातिको भाषा, भेषभूषा सामाजिक संगठन, आर्थिक व्यवसाय, जीवनचक्र आदि विषयहरूमा चर्चा गरिएको छ। तर कुन जिल्लामा कुन जातिको बारेमा विस्तृत चर्चा गर्ने भन्ने बारेमा राष्ट्रिय जनगणनाको आधार लिइएको छ। उक्त जनगणनामा जम्मा १९ वटा मातृभाषाहरूको समूह दिइएका छन्, जसमध्ये १७ वटा छुट्टाछुट्टै मातृभाषा हुन् र बाँकी दुई वटा समूहहरूमा नेपालभित्र बोलिने स-साना मातृभाषाहरूको समूह–"स्थानीय जिल्लाका भाषाहरू" र विदेशी भाषाहरूको समूह–"अन्य भाषाहरू" पर्दछन्। यसरी जनगणनामा जुन जातिको मातृभाषा जुन जिल्लामा सबभन्दा बढी बोल्नेहरूको संख्या देखाइएको छ त्यसै जिल्ला र त्यसको वरिपरिको इलाकालाई त्यस जातिको मूल थलोको रूपमा मानेर उक्त जातिको सम्बन्धमा सो जिल्लाको परिचयमा विस्तृत जानकारी दिने प्रयास गरिएको छ। तर जुन मातृभाषा जनगणनामा यसरी छुट्टै दिइएको छैन ती मातृभाषा बोल्ने जातिको विशेष परिचय अन्य जानकारीको आधारमा जुन जिल्लामा तिनीहरूको सबभन्दा बढी जनसंख्या रहेको छ त्यस जिल्लाको वर्णनमा दिइएको छ। तर नेपाली समाजका जातहरू तथा अन्य धार्मिक समूहहरूका हकमा कुनै स्थान विशेषलाई तिनीहरूको मूल थलोको रूपमा मान्न नसकिने भएकोले तिनीहरूको विषयमा सामान्यत: कुनै पनि जिल्लाको परिचयमा विस्तृत जानकारी दिइएको छैन र त्यसको बदला त्यस जिल्लाको जनजीवनको समष्टि रूपको चर्चा गर्दा तिनीहरूको विषयमा जानकारी दिइएको छ। यसरी यस पुस्तकमा निम्नलिखित जातिहरूको विशेष परिचय निम्नलिखित जिल्लाहरूको वर्णन अन्तर्गत दिइएका छन्:–

जाति	जिल्ला	जाति	जिल्ला	जाति	जिल्ला
लिम्बू	पाँचथर	थामी	दोलखा	गुरुङ	लमजुङ
लेप्चा	इलाम	हायु	रामेछाप	थकाली	मुस्ताङ
राजवंशी	झापा	सुनुवार	रामेछाप	छन्तेल	म्याग्दी
मेचे	झापा	दनुवार	सिन्धुली	मगर	पाल्पा
सतार	झापा	तामाङ	काभ्रेपलाञ्चोक	राउटे	सल्यान
धिमाल	मोरङ	नेवार	काठमाडौं	राजी	दाङ
शेर्पा	सोलुखुम्बू	चेपाङ	मकवानपुर	थारू	कैलाली
राई	खोटाङ	माझी	चितवन	व्याँसी	दार्चुला

कुनै कुनै जातिको नाम एउटै भए तापनि स्थान विशेषले तिनीहरू छुट्टै सांस्कृतिक अस्तित्व भएका पृथक समूहहरूका रूपमा पनि देखा परेका छन्। यस्तो समूहमा धनकुटामा पाइने आठपहरिया राई, चितौनिया थारूहरू, मनाङमा पाइने मनाङ्गे भोटेहरू, मुस्ताङमा पाइने भोटे, पुनेल, पाँच गाउँले, बाह्र गाउँले आदि, पश्चिम बागलुङमा पाइने मगरहरू, दाङमा पाइने डंगौरा थारू, डोल्पामा पाइने काइके भाषा बोल्ने मगरहरू,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुम्लामा पाइने हुम्ली तामाङ आदि हुन् । यी बाहेक जानकारीको उपलब्धिको साथसाथै व्यावसायिक तथा सांस्कृतिक विशेषताको कारणहरूले गर्दा गाइनेहरूको विषयमा कास्कीमा, कर्णालीका ठकुरीहरूलाई जुम्लामा र मतवाली क्षेत्रीहरूलाई तिन्निकोटमा वर्णन गरिएका छन् । तर यहाँ यो कुरा उल्लेख गर्नु आवश्यक छ कि उक्त वर्णनहरूले नेपालको सांस्कृतिक वैभवको सम्पूर्ण परिचय प्रस्तुत गर्दैनन्; जानकारीले भ्याएसम्म यी वर्णनहरूले विभिन्न समूहहरूको परिचय मात्र दिन खोजेका छन् ।

छैठौं परिच्छेदमा जिल्लाको आर्थिक व्यवस्था आउँछ । यसमा कृषि र उद्योग तथा व्यापार मुख्य दुई उप-शीर्षकहरू छन् । कृषि उप-शीर्षक अन्तर्गत भूमि व्यवस्था, पशुपालन, फलफूल खेती, सिचाइ, कृषि ऋण र खेती सम्बन्धी विकास कार्यक्रमहरू बारेमा चर्चा गरिएको छ । उद्योग व्यवसाय अन्तर्गत जिल्लामा भएका औद्योगिक प्रतिष्ठानहरू, तिनीहरूको सञ्चालन, घरेलु उद्योगहरू, अन्तःशुल्क आदिका बारेमा जानकारी दिइएका छन् । त्यस्तै व्यापार अन्तर्गत पनि जिल्लाका व्यापारिक केन्द्रहरू, आयात र निर्यात हुने सामानहरू र भन्सारहरू बारेमा चर्चा गरिएका छन् । यसपछि कृषि र गैर–कृषि व्यवसायमा लागेका जनसंख्याको तुलनात्मक विवेचना आउँछ, जहाँ यो परिच्छेदको अन्त्य हुन्छ । यातायात, सञ्चार र बिजुली जिल्ला प्रत्येक वर्णनको सातौं परिच्छेद हो । यसमा यातायात अन्तर्गत जिल्ला भित्रका विभिन्न सडक, बाटोहरू, हवाई सेवा, रोपवे, घाटहरू, जल मार्गहरू बारेमा आवश्यक जानकारी दिइन्छ । सञ्चार अन्तर्गत आकाशवाणी, टेलिफोन, हुलाक अड्डा र तिनीहरू स्थापित भएका स्थानहरूको बारेमा जानकारी दिइएको छ । त्यस्तै बिजुली भन्ने उप-शीर्षक अन्तर्गत विद्युत् आयोजनाहरू, उत्पादन शक्ति र प्रणाली, वितरण प्रणाली र ग्राहकको विषयमा चर्चा गरिएको छ । आठौं परिच्छेदमा शिक्षा, स्वास्थ्य तथा खानेपानी राखिएको छ । यसमा शिक्षा उप-शीर्षक अन्तर्गत जिल्लाको साक्षरताको दर, त्यसको विश्लेषण, विद्यालय शिक्षा, उच्च शिक्षा र राष्ट्रिय शिक्षा पद्धतिको बारेमा चर्चा गरिएको छ । स्वास्थ्य उप-शीर्षक अन्तर्गत जिल्लास्थित अस्पताल, स्वास्थ्य केन्द्र र आयुर्वेदिक औषधालयहरू, जिल्लामा दुःख दिने मुख्य रोगहरू, स्थायीय चिकित्साको तरीका, औलो, बिफर आदिको नियन्त्रण कार्यक्रम, परिवार नियोजन आदि स्वास्थ्य कार्यक्रमहरूको विषयमा जानकारी दिइएका छन् । खानेपानी उप-शीर्षक अन्तर्गत जिल्लामा उपलब्ध खानेपानी सम्बन्धी व्यवस्थाको चर्चा गरिएको छ । प्रशासन र पञ्चायत प्रत्येक जिल्ला वर्णनको नवौं परिच्छेद हो । यसमा प्रशासन उप-शीर्षक अन्तर्गत जिल्लाको वर्तमान प्रशासनिक एकाईको वर्णन, जिल्लास्थित विभिन्न सरकारी, गैर–सरकारी कार्यालयको फिहिरिस्त, जिल्लामा प्रहरी कार्यालयहरू रहेको स्थान, कारागार र न्याय प्रशासनको विषयमा जानकारी दिइएका छन् । पञ्चायत उप-शीर्षक अन्तर्गत पनि जिल्लाका गाउँ, नगर र जिल्ला पञ्चायतहरू, वर्गीय संगठनहरू र ठाउँठाउँमा अन्य सामाजिक संस्थाहरूको समेत चर्चा गरिएको छ । त्यसपछि जिल्ला वर्णनको अन्तिम परिच्छेदको रूपमा उपसंहार प्रस्तुत गरिएको छ । यसमा जिल्लाको सन्दर्भमा यसभन्दा अगाडिका परिच्छेदहरूमा दिइएका विभिन्न पक्षहरूको सारांश निकालेर त्यसैको परिप्रेक्षमा भविष्यमा यस जिल्लाको विकास सम्बन्धी सम्भावनाहरू कस्तो देखिन्छ त्यसको चर्चा गरिएको छ । यसरी यी सबै परिच्छेदहरूको आपसी संयोजनले प्रत्येक जिल्लालाई एउटा सबल एकाईको रूपमा प्रस्तुत गर्नेछ भन्ने आशा गरिएको छ । कुनै कुनै जिल्लामा श्री ५ को सरकारले अथवा निजी क्षेत्रले समेत विशेष योजना तथा कार्यक्रम सञ्चालन गरिराखेका छन् । यस्ता जिल्लाहरूमा माथि समावेश नभएको छुट्टै उप-शीर्षक दिएर आवश्यक विवेचना पनि गरिएका छन् । यसरी यी ठेलीहरूमा समावेश भएका जिल्लाका विवरणहरूमा विषय-सूची समान किसिमको भए तापनि जिल्ला अनुसार तिनीहरूको उप-शीर्षकहरूमा केही फरक पनि पर्न गएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस पुस्तकमा समावेश भएका जानकारीहरूको निमित्त सकेसम्म विस्तृत स्रोतहरूको प्रयोग गरिएको छ। सर्वप्रथम माथि उल्लेख गरिए अनुसार जाँचबुझ केन्द्रमा तयार पारिएका जिल्ला प्रतिवेदनहरूलाई प्रयोगमा ल्याइएका छन्। अनि एउटा विस्तृत प्रश्नावली तयार पारी प्रत्येक प्रमुख जिल्ला अधिकारीको माध्यमद्वारा जिल्लाका सम्बन्धित कार्यालयहरूबाट आवश्यक जानकारीहरू सङ्कलन गरी प्रयोगमा ल्याइएको छ। साथै सम्बन्धित विषयहरूमा छापिएका पुस्तक, प्रतिवेदन, पत्र-पत्रिका आदि पनि यथेष्ट रूपले उपयोगमा ल्याइएका छन्। जनसंख्या सम्बन्धी जानकारीको निमित्त केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशित २०२८ सालको राष्ट्रिय जनगणनाको प्रतिवेदन र कृषि सम्बन्धी धेरैजसो तथ्याङ्कको निमित्त खाद्य तथा कृषि मन्त्रालयबाट सन् १९७२ मा प्रकाशित नेपालको कृषि तथ्याङ्क (Agricultural Statistics of Nepal) नामक पुस्तकलाई सबैनै जिल्ला परिचयहरूमा आधारको रूपमा लिइएका छन्। यी बाहेक अन्य स्रोतहरू पनि प्रयोगमा आएका छन्, सबलाई सम्बन्धित स्थानहरूमा आभार प्रकट गरिएको छ। नेपालमा भएका विभिन्न ज़ातजातिहरूमध्ये कतिपयको स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूले अध्ययन गरेका छन्। त्यसैले यसरी अध्ययन गरिसकिएका जात-जातिहरूको विषयमा जानकारी उपलब्ध गराइदिन केही अनुसन्धानकर्तालाई अनुरोध गरिएको थियो। विदेशी अनुसन्धानकर्ताहरूबाट आशा गरिए जति संख्यामा सहयोग उपलब्ध नभए तापनि जो जसले सहयोगको भावनाले जानकारीहरू उपलब्ध गराए, ती जानकारी रूलाई आवश्यकता अनुसार सम्बन्धित जिल्ला परिचयहरूमा समावेश गरिएका छन्। यसैगरी अरू परिच्छेदहरूमा पनि एकाध ठाउँमा यसप्रकारका सहयोगहरू उपलब्ध गरिएका छन्।

यसरी समय र साधनको सीमित परिधिभित्र रहेर सम्भव भएसम्मका जानकारी बटुली प्रत्येक जिल्लाका परिचयको मस्यौदा तयार गरिएको हो। धेरैजसो जिल्लाहरूको सन्दर्भमा ती मस्यौदाहरूलाई आवश्यक परेका ठाउँमा थप जानकारीहरूको साथै आपनो र स्थानीय जानकार व्यक्तिहरूको प्रतिक्रियाको लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरू समक्ष पुनः पठाइयो। यस बाहेक उक्त जिल्ला सम्बन्धी जानकार व्यक्तिहरू उपलब्ध भएसम्म उहाँहरूसित पनि प्रतिक्रियाहरू लिइयो। यसरी उपलब्ध भएका थप जानकारी र प्रतिक्रियाहरूको आधारमा उक्त मस्यौदामा पुनः आवश्यक संशोधन र सुधार समेत गरी अन्तिम रूप दिइएको हो। त्यसैले प्रस्तुत् पुस्तकमा समावेश भएका जानकारीहरू तथ्य र सही होउन् भन्ने दिशातिर सकेसम्म प्रयास गरिएको छ, तैपनि यसमा केही कमजोरीहरू अवश्य रहन गएका होलान्। प्रथमतः यस पुस्तक लेख्दा सकेसम्म ताजा तथ्याङ्क समावेश गर्ने प्रयत्न गरिएको छ तापनि धेरैजसो तथ्याङ्कको सम्बन्धमा यस पुस्तक प्रकाशित हुने समयसम्ममा तीभन्दा नयाँ तथ्याङ्कहरू प्रकाशमा आइसकेका हुन सक्छन्, जसलाई त्यतिन्जेलसम्ममा यी पुस्तक हरूको छपाइको क्रम चलिसकेको हुनाले समावेश गर्न स्वतः असम्भव थियो। यस प्रकारको परिवर्तनको क्रम नेपाली समाजको अरू क्षेत्रमा पनि तीव्र गतिले चल्दै आएको छ, जसले गर्दा यस पुस्तकमा समावेश भएका कुराहरू क्रमशः पुराना हुँदै जाने छन्। त्यसैले यसमा समावेश भएका कुराहरूले यसै पुस्तक लेख्दाको समयको नेपालका जिल्लाहरूको वास्तविकताहरू बारे मात्र जानकारी दिने छ, जुन आफैमा एउटा महत्वपूर्ण उपलब्धिको रूपम लिन सकिन्छ। दोस्रो कुरा, प्रस्तुत पुस्तकको चार वटा ठेलीमा समावेश भएका जिल्ला परिचय लेख्ने लेखक-हरूको पृष्ठ भूमि पनि समान किसिमको छैन। पेशाको दृष्टिकोणले यी लेखकहरू अधिकांश निजामती कर्मचारी अथवा प्राध्यापक छन् भने विषय–ज्ञानको दृष्टिकोणले तिनीहरूमा झन् ठूलो विविधता छ। कोही मानवशास्त्री छन् भने कोही वनस्पतिशास्त्र विशेषज्ञ, भूगोलशास्त्री, जलवायु विज्ञ, राजनैतिकशास्त्री, अर्थशास्त्री, इतिहासकार,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखा विशेषज्ञ, पत्रकार, साहित्यकार आदि आदि । एक दृष्टिकोणले यो लाभदायक नै भएको छ किनभने यस विविधताले गर्दा एक अर्कोको विषयमा एक आपसलाई प्रशस्त मद्दत पुगी विभिन्न विषयको प्रस्तुतीकरणमा एउटा व्यापक दृष्टिकोण अपनाउन सजिलो हुन गएको छ । तर अर्कोतिर प्रत्येक लेखकले लेखेको जिल्ला परिचयमा आफ्नो विषयवस्तु प्रति स्वभावतः रहने झुकावको साथै लेखन शैलीमा पनि यो विविधता प्रशस्त रूपले प्रतिबिम्बित भएको छ । त्यसैले कुनै जिल्लाको परिचयमा लेखकले वस्तुगत व्याख्या दिए तापनि सरसताको कमी देखिएको छ भने कसैले त्यही कुरालाई रोचक र सजिलैसित बुझिने भाषाले व्यक्त गर्न सकेका छन् । अझ कसै कसैले अभिव्यक्तिको दौडानमा आफ्नो पृष्ठभूमिको विवशता दर्शाउँदै भावनाको लहरसितै बगिगएका पनि छन् । कुनै कुनै जिल्लाका वर्णन एकभन्दा बढी लेखकहरूले पनि लेख्नु पर्ने स्थिति उत्पन्न हुन गयो र फलस्वरूप एउटै परिचयमा पनि विभिन्न शैलीहरू रहन गएका छन् । यसै विविधतालाई नियन्त्रण गर्ने जिल्ला परिचय लेख्ने ढाँचामा पटक पटक छलफल गरी सकेसम्म एक रूपता ल्याउने कोशिश गरिएको छ । तर यसमा पनि हामीलाई कति सफलता हासिल भएको छ भन्ने कुराको अन्तिम निर्णायक स्वयं पाठकवर्ग नै मात्र हुनेछन् ।

तेस्रो कुरा, यस प्रकारको अन्य प्रयासमा जस्तै यो पुस्तक पनि माथि उल्लेख गरिए झैं सीमित साधन र समयको परिधिभित्र रहेर तयार गरिनु पर्‍यो, जसले गर्दा केही कमीहरू रहन गएका छन् । जस्तो कि यस किसिमको पुस्तकमा अत्यन्त महत्वपूर्ण हुने सूचीपत्र, नक्सा वा तस्ववीरहरू समेत यसमा राख्न पाइएन । कतै कतै छपाईमा पनि अशुद्धता रहन गयो । यसको निवारणको निम्ति प्रत्येक खण्डको आखिरमा एउटा शुद्धिपत्र दिइएको छ । आशा छ पाठकवर्गले सो अनुसार पुस्तकमा सच्चाई पढ्ने कष्ट गर्नु हुनेछ ।

यस प्रकार यस प्रयासमा उपर्युक्त केही कमजोरीहरू अवश्य लुकेका छन् । तर यो पुस्तकको प्रकाशन नेपाली वाङ्मयको इतिहासमा प्रथम विस्तृत प्रयास भएको र यसलाई क्रमशः समय समयमा नवीकरण गर्दै लैजानु पर्ने भएको हुनाले आउने दिनहरूमा यसको बढी परिपक्व र उपयोगी रूप देख्न पाइएला भन्ने आशा गर्दै वर्तमान प्रकाशनमा रहेका कमजोरीहरूको निम्ति क्षमा याचना गर्नु यो केन्द्र आवश्यक ठान्दछ ।

अधिराज्यका ७५ जिल्लाहरूकै परिचय र चार विकास क्षेत्रहरूको सारांश भएको यो पुस्तक तयार पार्न धेरैजनाले योगदान दिएका छन् । तर उहाँहरूको संख्या निक्कै ठूलो भएको हुनाले सबैलाई व्यक्तिगत रूपले आभार प्रकट गर्न सम्भव छैन । सर्वप्रथम, यस पुस्तकको निमित्त यस केन्द्रले तयार पारेको लामो प्रश्नावलीको उत्तर दिएर आधारभूत जानकारी उपलब्ध गराइदिनु भएकोमा र जिल्ला परिचयका मस्यौदा तयार भएपछि त्यसमा आवश्यक प्रतिक्रिया समेत दिनु भएकोमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित अन्य कार्यालय प्रमुखहरू र यस कार्यमा सहयोग दिनु भएका स्थानीय बुद्धिजीवीहरू प्रति यो केन्द्र धेरै आभार छ । यी जानकारीहरू जिल्लाहरूबाट सङ्कलन गर्ने कार्यमा सघाउ पुर्‍याइदिनु भएकोमा सम्बन्धित अञ्चलाधीश कार्यालयहरू प्रति पनि यो केन्द्र धन्यवाद व्यक्त गर्न चाहन्छ । यसै गरी श्री ५ को सरगारका विभिन्न मन्त्रालय तथा विभागहरूप्रति पनि यो केन्द्र धन्यवाद ज्ञापन गर्दछ । यस योजनाको प्रारम्भिक अवस्थामा आवश्यक सुझाव र प्रतिक्रियाहरू दिनु भएकोमा राष्ट्रिय योजना आयोजका उपाध्यक्ष डा. हर्कबहादुर गुरुङलाई र पछि विभिन्न जिल्ला परिचयका मस्यौदाहरूमा प्रतिक्रिया दिनु भएका अन्य धेरै विद्वानहरूप्रति पनि यो केन्द्र कृतज्ञ छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उल्लेख गरिए झैं सम्बन्धित जिल्ला परिचयहरूको विभिन्न परिच्छेदमा समावेश गर्ने नेपालका विभिन्न जातिहरूको विषयमा र अन्य विषयहरूमा समेत यस केन्द्रको अनुरोधमा लेखहरू उपलब्ध गराई सहयोग गर्ने निम्नलिखित स्वदेशी तथा विदेशी विद्वान्प्रति पनि जाँचबुझ केन्द्र कृतज्ञता ज्ञापन गर्न चाहन्छ। सर्वप्रथम लिम्बू जातिहरूको विषयमा फ्रेञ्च मानवशास्त्री श्री फिलिप साँग, राईहरूको विषयमा बेलायतका मानवशास्त्री डा. एन्. जे. एल्लेन, नेपालस्थित अमेरिकी मानवशास्त्री डा. चार्लस् माएडडुगल र त्रिभुवन विश्वविद्यालयका मानवशास्त्री श्री दिल्लीराम दाहाल, जिरेल र सुरेलहरूको विषयमा फ्रान्सका मानवशास्त्री श्री एजान फुनेर, हायुहरूको विषयमा अमेरिकी भाषा विशेषज्ञ श्री बोएड माइकेलोवस्की, ओखलढुङ्गाको एउटा गाउँको विषयमा अमेरिकी अनुसन्धानकर्ता श्री पिटर प्रिण्डल, गुरुङहरूको विषयमा अमेरिकी मानवशास्त्री डा. डोनाल्ड मेसरस्मिड, थारूहरूको विषयमा त्रिभुवन विश्वविद्यालयका अनुसन्धानकर्ता श्री दुर्गाप्रसाद रजौरे, चेपाङहरूको विषयमा सोही संस्थाका अनुसन्धानकर्ता श्री नवीन राई, माझी, थकाली, भोटेहरूको विषयमा फ्रान्सका मानवशास्त्री डा. कोनिए जेष्ट, डोल्पाका भोटेहरूको विषयमा अमेरिकी मानवशास्त्री डा. जिम् फिसर, गाइनेहरूको विषयमा फ्रेञ्च मानवशास्त्री मेरी एल्फर, छन्तेलहरूको विषयमा जर्मन मानवशास्त्री श्री वल्थ डिएटर माइकल, राजीहरूको विषयमा अमेरिकी मानवशास्त्री डा. जोहन राइह्लार्ड र हुम्ली तामाङहरूको विषयमा अमेरिकी अनुसन्धानकर्ता सुश्री नाएन्सी लेभाइनले लेखहरू उपलब्ध गराइदिनु भएको हुनाले यो केन्द्र उहाँहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ। यसैगरी काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका ऐतिहासिक पृष्ठभूमि सम्बन्धी परिच्छेदहरू लेखिदिनु भए वापत त्रिभुवन विश्वविद्यालयका इतिहासकार श्री धनवज्र वज्राचार्यलाई र चारवटै विकास क्षेत्रहरूको भौगर्भिक बनावट र खनिज पदार्थ बारेमा छोटकरी विवरण लेखिदिनु भएकोमा श्री ५ को सरकार भौगर्भिक सर्वेक्षण विभागका श्री दिनेशराज भट्टराई र श्री रमेशप्रसाद वश्यालप्रति पनि यो केन्द्र आभार प्रकट गर्न चाहन्छ।

तर सबभन्दा बढी धन्यवादका पात्र यस केन्द्रमा आई काम गर्नु भएका ती विशेष अधिकृतहरू हुनुहुन्छ जसले विभिन्न स्रोतबाट उपलब्ध भएका र आफआफैंले समेत खोजीनीति गरी बटुलेका विभिन्न जानकारीहरूलाई क्रमबद्ध रूपले मिलाएर प्रत्येक जिल्लालाई एउटा सम्बद्धरूप दिन प्रयत्न गर्नु भयो। अन्त्यमा यस पुस्तकको प्रकाशनको व्यवस्था मिलाइदिएकोमा श्री ५ को सरकार सूचना विभागलाई, यस पुस्तकको पूर्वाञ्चल र मध्य-माञ्चल विकास क्षेत्रको पूरै खण्डहरू र सुदूर पश्चिमाञ्चलको आधा भाग छापिदिएकोमा श्री ५ को सरकारको छापाखानालाई र पश्चिमाञ्चल विकास क्षेत्रको पूरै खण्ड र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको आधा भाग छापि-दिएकोमा गोरखापत्र संस्थानलाई र यस पुस्तकमा चारै विकास क्षेत्रका नक्साहरू समावेश गर्न सहयोग दिएकोमा श्री ५ को सरकार नापी विभागलाई यो केन्द्र हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

राजदरबार,
काठमाडौं, नेपाल। जाँचबुझ केन्द्र
संवत् २०३१ फागुन २९ गते राजदरबार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट बक्सेको सन्देश

भूमिका (क)-(ज)

क्षेत्रिय सारांश १-७२

जनकपुर अञ्चल

१७ दोलखा ७३

१८ रामेछाप १३९

१९ सिन्धुली १९७

२० धनुषा २४९

२१ महोत्तरी ३०५

२२ सर्लाही ३५५

बागमती अञ्चल

२३ सिन्धुपालचोक ४११

२४ काभ्रेपलाञ्चोक ४६७

२५ रसुवा ५२९

२६ नुवाकोट ५७३

२७ भक्तपुर ६३३

२८ काठमाडौं ६९९

२९ ललितपुर ८३५

३० धादिङ ९०३

नारायणी अञ्चल

३१ मकवानपुर ९५७

३२ रौतहट १०२१

३३ बारा १०७९

३४ पर्सा ११४१

३५ चितवन १२०३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रिय सारांश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रिय सारांश

नेपाल अधिराज्यलाई चार विकास क्षेत्रहरूमा विभाजन गरिएअनुसार मध्यमाञ्चल विकास क्षेत्रमा जनकपुर, वागमती र नारायणी अञ्चलहरूका जम्मा १९ जिल्लाहरू पर्न आउँदछन्। ती जिल्लाहरूको प्राकृतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्ष बारेमा मेचीदेखि महाकालीको यस खण्डमा क्रमशः सविस्तार व्याख्या गरिएका छन् र ती जिल्ला परिचयहरूले प्रत्येक जिल्लालाई एउटा आफैमा पूर्ण र सम्बद्ध एकाईको रूपमा देखाएका छन्।

तर नेपाली इतिहासको प्रातःकालदेखि नै नेपालका विभिन्न भौगोलिक इलाकाहरू, मुख्यतया उत्तर-देखि दक्षिणका भौगोलिक इलाकाहरूले आपसमा विभिन्न किसिमका आर्थिक तथा सांस्कृतिक सम्पर्क कायम गर्दै आइरहेका छन्। यसरी प्रत्येक जिल्लाका निवासीहरूले जीवनयापनको निम्ति आफ्नो जिल्लाको सीमाना-देखि बाहिरका इलाका र जनतासित निरन्तर सम्बन्ध कायम गर्दै आएका छन्। यसप्रकार नेपालीको उत्तरी, मध्य र दक्षिणी भागहरूको बीचमा परम्परादेखि एउटा सक्रिय अन्तरक्रिया स्थापना भइआएको हो। त्यसैले यस मध्यमाञ्चल विकास क्षेत्रको पनि अन्य विकास क्षेत्रमा पर्ने इलाकाहरूको जस्तै एउटा परम्परागत सामूहिक अस्तित्व कायम छ।

नेपाल अधिराज्यलाई चार विकास क्षेत्रहरूमा विभाजन गरी प्रादेशिक योजना कार्यान्वयन हुन लागेकोले उपर्युक्त परम्परागत अन्तरक्रियामा नयाँ गतिशीलता थपिन आएको छ। कारण, यस नयाँ अन्तरक्रियाले पहिलेको जस्तो न्यूनतम जीवन यापन सम्भव गराउने उपाय मात्र नभई सम्पूर्ण भौगोलिक इलाका र त्यहाँका निवा-सीहरूसम्म विकासका लाभहरू उपलब्ध गराई जीवनस्तरको अभिवृद्धि गर्ने प्रयास गर्नेछ। त्यसैले प्रादेशिक योजनाले परिकल्पना गरेको विभिन्न इलाका बीचको बढ्दो अन्तरक्रियाले गर्दा यस क्षेत्रभित्र पर्ने जिल्लाहरूको साथ साथै ती जिल्लाहरू मिलेर बनेको विकास क्षेत्रको व्यक्तित्व पनि अझ विकसित हुँदै जाने भूमिका तयार भइसकेको छ।

यसैले प्रस्तुत मध्यमाञ्चल विकास क्षेत्रको सारांशमा यस क्षेत्रको उपर्युक्त व्यक्तित्वको विभिन्न आयामहरूको अभिव्यक्ति दिने प्रयत्न गरिनेछ जुन यसपछि आउने जिल्लाका परिचयहरूले मात्रदिन सक्ने छैन। यसमा मुख्यतया यस क्षेत्रलाई प्रचलित चलनअनुसार तीन भौगोलिक क्षेत्रहरू क्रमशः हिमाली भाग, पहाडी भाग र तराई भागमा विभाजन गरी तिनीहरूको बीच आपसी तुलनाहरू गरिनेछ। यसअनुसार यस मध्यमाञ्चल विकास क्षेत्रमा हिमाली भागमा दोलखा, सिन्धुपाल्चोक र रसुवा गरी जम्मा तीन जिल्लाहरू, पहाडी भागमा रामेछाप, सिन्धुली, काभ्रेपलान्चोक, मकवानपुर, भक्तपुर, ललितपुर, काठमाडौं, नुवाकोट र धादिङ गरी जम्मा नौ जिल्लाहरू र तराई भागमा धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाहरू र भित्री मधेशमा पर्ने चितौन जिल्ला समेत गरी जम्मा सात जिल्लाहरू पर्न आउँदछन्। यीमध्ये काठमाडौं उपत्यकाभित्र पर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाहरूको प्रकृति पहाडी प्रदेशमा पर्ने अरू जिल्लाहरूसँग कतिपय कुरामा नमिल्ने भएकोले प्रसंगवश आवश्यक परेका ठाउँहरूमा उक्त जिल्लाहरूको मात्र पनि छुट्टै व्याख्या गरिनेछ।

छलफल गरिने विषयहरूमा सामान्यतः यी तीन भौगोलिक क्षेत्रहरूमा भौगोलिक कारणले देखापरेका विशेषताहरूको साथसाथै जनसंख्या, त्यहाँका बासिन्दाहरूको सांस्कृतिक पृष्ठभूमि र आपसी अन्तरक्रिया, आर्थिक तथा सामाजिक विशेषताहरू पर्दछन् र अन्त्यमा प्रादेशिक विकासको परिप्रेक्षमा यस क्षेत्रमा ध्यान दिइनुपर्ने बूँदाहरूका बारेमा पनि मोटामोटी रूपमा चर्चा गरिनेछ।

साविकको जनकपुर, वागमती र नारायणी अञ्चलहरू मिलेर बनेको यो विकास क्षेत्र नेपाल अधिराज्यको चार विकास क्षेत्रहरूमध्ये पूर्वबाट दोस्रो विकास क्षेत्र हो। अन्य विकास क्षेत्रहरू जस्तै यसको पनि उत्तरी सीमाना जनवादी गणतन्त्र चीनको तिब्बती इलाकासँग जोडिएको छ। दक्षिणतिर भारतको बिहार राज्यको चम्पारन, मुजफ्फरपुर जिल्लाहरू पर्दछन्। यो इलाका उत्तर अक्षांश २६°३५' देखि २८°४५' भित्र र पूर्व देशान्तर ८३°५५' देखि ८६°२२' भित्र पर्दछ।

श्री ५ को सरकारको नापी विभागबाट उपलब्ध तथ्याङ्क (२०३१) अनुसार यस विकास क्षेत्रको इलाका जम्मा २८,२५० वर्ग किलोमिटर छ। यस क्षेत्रभित्र जम्मा १९ जिल्लाहरू र १,२२६ वटा पञ्चायतहरू छन् जसमध्ये छ वटा नगर पञ्चायत र बाँकी गाउँ पञ्चायतहरू छन्। यहाँको जम्मा जनसंख्या ३८,६५,७५३ छ जसमध्ये पुरुष १९,६४,६२६ र स्त्री १९,०१,१२७ छन्। यसअनुसार यस क्षेत्रमा आवादीको घनत्व प्रति वर्ग किलोमिटर १३७ जना पर्न आउँछ अर्थात् प्रति हेक्टर जमीनमा १.३७ मानिसहरू पर्न आउँछन्।

यस क्षेत्रमा पर्ने काठमाडौं उपत्यका, हिटौंडा र वीरगञ्जमा केही औद्योगिक तथा गैर कृषि व्यवसायको प्रतिष्ठानहरू भए तापनि यहाँका अत्यधिक बासिन्दाहरूको मुख्य आर्थिक व्यवसाय कृषि नै हो। यस क्षेत्रमा जम्मा खेती गरिएको जमीन ६,३७,४०० हेक्टर छ।[1] यस क्षेत्रमा भौगोलिक इलाका र जनसंख्याको चापअनुसार खाद्यान्न उत्पादनको परिमाणमा फरक पर्ने भए तापनि सामूहिक रूपले हेर्दा यहाँ जम्मा १२,०३,५०० मेट्रिक टन खाद्यान्न उत्पादन हुन्छ जसमध्ये १,०९,४२० मेट्रिक टन खाद्यान्न बचत उत्पादन हुने देखिन्छ।[2]

प्राकृतिक दृष्टिकोणले यो क्षेत्र नेपालका अन्य क्षेत्रहरू जस्तै उत्तरमा ठूला-ठूला हिमालयहरू छन् जस–मध्ये उल्लेखनीय लाङटाङ हिमालय (७,२४६ मिटर अर्थात् २३,७११ फीट), दोर्जे लाक्पा (६,७९९ मिटर अर्थात् २२,९२९ फीट) र गौरी शंकर हिमालय (७,०४६ मिटर अर्थात् २३,४४२ फीट) हरू हुन्। मध्यभागमा महाभारत शृङ्खलाको बेथाचोक नारायणथान (३,०१७ मिटर अर्थात ९,९५६ फिट) र फुलचोकी डाँडा (२,७६६ मिटर अर्थात् ९,०७३ फीट) छन्। दक्षिणमा चुरिया शृङ्खला नाघेपछि भावर समथल फाँट आउँछ जहाँको जङ्गल इलाका र वन सम्पदा प्रसिद्ध छ। यस क्षेत्रभित्र पर्ने उपत्यकाहरूमा काठमाडौं उपत्यका र चितौन उपत्यका नेपाल अधिराज्यकै ठूला उपत्यकामध्येका हुन्। यस क्षेत्र भित्रबाट बग्ने ठूला ठूला नदीहरूमा पहाडी इलाकातिर पूर्वमा सुनकोशी, पश्चिममा त्रिशूली र तराई भागतिर पूर्वमा वागमती र पश्चिममा नारायणी नदी हुन्। यस विकास क्षेत्रलाई पूर्वमा पहाडतिर लिखु खोलाले र मैदानमा कमला नदीले तथा पश्चिमतिर पहाडमा बूढी गण्डकीले र मैदानमा नारायणी नदीले क्रमशः धनकुटा क्षेत्र र पोखरा क्षेत्रसँग छुट्याउँछ।

१. His Majesty's Goverment, Ministry of Food and Agriculture, Agricultural Statistics of Nepal, 1972, pp. 15—16

२. ऐ पृष्ठ ७५–६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस क्षेत्रका बासिन्दाहरूमा भौगोलिक इलाकाअनुसार सांस्कृतिक पृष्ठभूमि र मातृभाषामा भिन्नता छन्। हिमाली भागतिर तिब्बती सांस्कृतिक पृष्ठभूमि भएका भोटे जातिका मानिसहरू छन् भने मध्यपहाडी भागतिर विभिन्न जातजातिका मानिसहरू बस्दछन्। यहाँकामुख्य जातिहरूमा तामाङ र नेवारहरू हुन्। तराईतिर पूर्वी भागमा मैथिली सभ्यताबाट प्रभावित मैथिली भाषाभाषी जनता र मध्यतराई भागमा भोजपुरी बोल्नेहरूको प्रधानता छ। तराईको उत्तरी भेकहरूमा थारूहरूको बस्ती छ।

यसरी विभिन्न जातिको मानिसहरूका परम्परागत बासस्थल यस क्षेत्रभित्र परे तापनि यहाँ नेपाली मातृ भाषा भएका मानिसहरूको नै सबभन्दा बढी संख्या (१३,९३,७६०) छ र यस सम्पूर्ण क्षेत्रको आपसी आदान प्रदानको भाषा राष्ट्रभाषा नेपाली नै हो।

प्रादेशिक योजनाको प्रयोजनका लागि यस क्षेत्रमा छानिएका विकास केन्द्र (Growth Centres) हरूमा राजधानीरहेको उपत्यकालाई छोडेर दक्षिणमा पर्सा जिल्लाको वीरगञ्ज र मकवानपुर जिल्लाको हेटौंडा, पूर्वमा सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे र पश्चिममा रसुवा जिल्लाको धुञ्चे हुन्। हाललाई यी विकास केन्द्र-हरूलाई जोड्ने मार्गहरूमा वीरगञ्जदेखि काठमाडौंसम्म त्रिभुवन राजपथले, काठमाडौंदेखि बाह्रबिसेलाई अरनिको राजमार्गले (जुन कोदारीसम्म पुग्दछ) र काठमाडौंदेखि धुञ्चेसम्ममा हाल त्रिशूलीसम्म एउटा ६९ किलोमिटर लामो सडक जोडेको छ र त्यहाँबाट धुञ्चेसम्म दुई दिनको पैदल बाटो पर्दछ। यसरी अन्य विकास क्षेत्रभन्दा यस क्षेत्रमा यातायातको विकास राम्रोसँग भएको छ जसले गर्दा यहाँका बासिन्दाहरूमा आपसी संसर्ग र आदान प्रदान बढी सुगम हुन गएको छ।

प्राकृतिक स्वरूप

मध्यमाञ्चल विकास क्षेत्रको प्राकृतिक स्वरूप पनि अधिराज्यको अन्य खण्डमा झैं उत्तरतिर हिमालय र दक्षिणमा तराई वा मधेश भाग पर्दछ र मध्यस्थलमा पहाडी भागको आधिक्य रहेको देखिन्छ। यो विकास क्षेत्रको उत्तरी खण्डको पश्चिमी छेउमा गणेश हिमाल तथा पूर्वी छेउमा गौरी शङ्कर पर्दछन्। त्यस्तै दक्षिण खण्डको पश्चिमी छेउमा नारायणी नदीले र पूर्वी छेउमा कमला नदीले सीमानाको काम गरेका छन्। मोटामोटी रूपमा चारपाटे आकृति भएको यस क्षेत्रको क्षेत्रफल २८,२५० वर्ग किलोमिटर पर्न आउँछ। नेपाल अधिराज्यको नक्सा हेर्दा चार विकास क्षेत्रहरूमध्ये मध्यमाञ्चलको खण्ड सबभन्दा साँधुरो देखिन्छ। उदाहरण-स्वरूप यहाँको ८६° देशान्तरको रेखामा पर्ने भू-भाग करीब १३८ किलोमिटर अर्थात् ८६.४ माइल मात्र चौडा छ। अधिराज्यको सम्पूर्ण भू-भागको परिप्रेक्षमा यस्तो साँगुरो क्षेत्र देखिए तापनि केवल तराईको समथर भूमिलाई मात्र लिने हो भने सबभन्दा चौडा तराईको भाग भएको इलाका यही विकास क्षेत्रमा पर्दछ। उदाहरणस्वरूप रौतहट जिल्लामा चुरेको फेदीदेखि नेपाल-भारत सीमानासम्मको तराईको समथर भूमि लगभग ५० किलोमिटर (३१.२ माइल) चौडा छ। त्यस्तो हुनुको अतिरिक्त तराई भाग बिलकुलै नभएको इलाका पनि यो विकास क्षेत्रमा नभएको होइन। भिखनाठोरीदेखि पश्चिम नारायणी नदीसम्मको भागमा चुरे डाँडाले नै नेपाल-भारत साँधको काम दिइआएको छ।

भौगोलिक, प्राकृतिक एवं आर्थिक तथा सामाजिक दृष्टिलाई समेत समष्टिरूपमा विचार गर्दा यो विकास क्षेत्रको १९ वटा जिल्लाहरूलाई तीन समूहमा विभाजन गर्न सकिन्छ। यस आधारमा यस विकास क्षेत्रको प्राकृतिक स्वरूप र भौगोलिक बनावट विषय प्रकाश पार्न पनि यहाँको भू-भागलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निम्न तीन समूहमा विभाजन गरिन्छ ।

१. तराई, भावर, चुरे डाँडा तथा भित्री मधेशको उष्ण प्रदेश
२. महाभारत तथा मध्यवर्ती पहाडी शीतोष्ण प्रदेश
३. अतिशीतप्रधान हिमाली प्रदेश

तराई, भावर, चुरे डाँडा तथा भित्री मधेशको उष्ण प्रदेश

यो प्रदेशको अधिकांश भाग सातवटा जिल्लाहरूले ओगटेका छन् । ती जिल्लाहरू चितौन, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा हुन् ।

यस प्रदेशमा भिखनाठोरीदेखि कमला नदीसम्मको समथर तराई क्षेत्र अथवा खास मधेशको लम्बाइ लगभग १६८ किलोमिटर (१०५ माइल) पर्न आउँछ। यो भाग समुद्र सतहबाट ३०० मिटर (९९० फीट) भन्दा पनि होचो छ। तराईको यस क्षेत्रमा पर्सादेखि महोत्तरी जिल्लासम्मको भागमा भूमिगत जलको संभावना रहेको छ ।[1]

तराईको लगत्तै उत्तरमा पर्ने भावर प्रदेश सुख्खा र पानी नजम्ने प्रकृतिको छ । यहाँ घना जङ्गल पाइन्छ। यो भाग उत्तरतिर बिस्तारै अग्लिँदै गएको छ । भावरको सीमाना चुरे डाँडाको फेंदीसम्म मात्र पर्दछ। चुरे डाँडा पनि पूर्व-पश्चिम फैलिएको एक पहाडी श्रेणी हो । कमला नदीदेखि नारायणीसम्मको खण्डमा बाँके खोला र वागमती नदीले छिचोलेका ठाउँमा बाहेक अन्यत्र भागमा यो शृङ्खला अवच्छिन्न रूपले फैलिएको छ । चितौन जिल्लामा यो श्रेणी सोमेश्वर रेन्जको नामले नेपाल-भारत सीमाना रहेको छ। यस विकास क्षेत्रमा चुरेको सबभन्दा उच्च चुचुरो ९४० मिटर (३,०८५ फीट) अग्लो छ।

चुरे डाँडा र महाभारत पर्वतको बीचमा रहेको समथर भागलाई भित्रीमधेश भनिन्छ । चितौन जिल्लाको अधिकांश भाग भित्रीमधेशमा पर्दछ। त्यस्तै मकवानपुर र सिन्धुली जिल्लाको केही भाग पनि भित्री मधेशमा पर्दछ । यो भित्रीमधेशमा पहिले औलोको ठूलो प्रकोप भए तापनि हाल यहाँ औलो प्रायः उन्मूलन भइसकेकोले यो भाग खाद्यान्नको भण्डारको रूपमा रहेको छ ।

महाभारत तथा मध्यवर्ती पहाडी शीतोष्णप्रदेश

चुरे डाँडाको प्रायः समानान्तर भएर त्यसको उत्तरमा फैलिएको महाभारत पर्वत यो विकास क्षेत्रमा निकै प्रष्टरूपमा रहेको छ । यसलाई काठमाडौं उपत्यकाको पूर्वी खण्ड र पश्चिमी खण्ड गरी दुई भागमा वर्णन गर्न सकिन्छ । काठमाडौं उपत्यकाको पूर्वी खण्डमा यो पर्वत एक पर्खाल झैं पूर्व-पश्चिम फैलिएको छ। यसको उत्तरी फेंदीमा रोशी खोला तथा सुनकोशी बगेको छ । दक्षिणमा वागमती, मरिन, कमला आदि नदी पर्दछन्। यस खण्डमा यो पर्वतको सबभन्दा उच्च टाकुरा ३,०१७ मिटर (९,६५६ फीट) को बेथा चोक नारान थान र २,७६६ मिटर (९,०७३ फीट) को फुलचोकी उल्लेखनीय छन् । काठमाडौं उपत्यकाको पश्चिममा

1. Department of Hydrology and Meterolgy, H.M.G. of Nepal, Ground Water Section, Geological Map of Nepal, August, 1969.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्ने महाभारत पर्वतको उत्तरमा त्रिशूली नदी र दक्षिणमा राप्ती नदी पर्दछन् । यस खण्डमा यो पर्वत ८,००० फीट (अन्दाजी २४४ मिटर) भन्दा होचो छ । महाभारतको यही शृङ्खलामा एक बखत नेपालको पहाडी भागलाई रक्षा गर्ने सामरिक महत्वका गढीहरू पर्दछन् । तिनमा प्रसिद्ध गढीहरू जस्तै उपरदांग गढी, कांगड्राग गढी, चिसापानी गढी, मकवानपुर गढी, हरिहरपुर गढी, सिन्धुली गढी यही श्रेणीमा अवस्थित छन् ।

महाभारत पर्वतमालाको उत्तर र हिमालय श्रेणीको दक्षिणमा रहेको मध्यवर्ती पहाडी प्रदेश उत्तरी खण्डमा मुख्य हिमालय सँग जोडिएको छ । दक्षिणतिर क्रमैले होचो हुँदै गएको छ । यस प्रदेशको पाखा, बेंसी र टार तथा उपत्यकाहरू मानिसको बसोबासको निम्ति उपयुक्त रहेका छन् ।

यिनै पहाडी भागहरूको बीचमा एक कचौराको रूप लिएर काठमाडौं उपत्यका रहेको छ । यसको पिंधमा औसत उचाइ १,२८० मिटर (४,२०० फीट) छ । यस उपत्यकाको क्षेत्रफल ५६,६८० हेक्टर २२० वर्ग माइल छ । यसलाई चारैतिरबाट घेरिराखेका पहाडहरूमा चन्दागिरि २,५१६ मिटर (८,२८९ फीट), नागारजुन २,१३६ मिटर (६,९७५ फीट), शिवपुरी २,७२५ मिटर (८,९४३ फीट), चिपु डाँडा २,१३४ मिटर (७,००० फीट), फुलचोकी २,७६६ मिटर (९,०७३ फीट) आदि उल्लेखनीय छन् ।

यस उपत्यकाभन्दा पूर्वको भाग कोशी जलाधार क्षेत्रभित्र र पश्चिमको भाग गण्डकी जलाधार क्षेत्रभित्र पर्दछन् । तसर्थ पूर्वी भागमा सुनकोशी नदीसँग मिसिन उत्तरतिरबाट बगिआउने खोलानालाहरूले यस पहाडी क्षेत्रलाई धेरै खण्डमा विभाजन गरेका छन् । नदीका बगर र बेंसी तथा टारहरू ६१० मिटर अर्थात् २,००० फीट भन्दा होचा छन् । यसप्रकार पहाडी श्रेणी र नदी-नाला वा खोला एकपछि अर्कोको क्रममा रहेको पाइन्छ ।

अतिशीतप्रधान हिमाल प्रदेश

यस विकास क्षेत्रमा पनि हिमालयको मुख्य शृङ्खला नै सीमानाको रूपमा रहेको छ । तसर्थ यस विकास क्षेत्रमा तिब्बती मालभूमि (पठार) को स्वरूप भएको भोट प्रदेश पर्न आउँदैन । तैपनि भोट प्रदेशसँग केही मात्रामा मिल्ने भित्रीउपत्यकाहरू पर्दछन् । यिनीहरूमध्ये गणेश हिमाल पारी रहेको श्यार खोलाको उपत्यका र चिलिमे खोलाको उपत्यका, लाङटाङ हिमालको दक्षिणी काखमा रहेको लाङटाङ उपत्यका तथा गौरी शङ्कर हिमालको दक्षिणी भागमा रहेको रोलवालिङ उपत्यका उल्लेखनीय भौगोलिक स्वरूप भएका क्षेत्रहरू हुन् ।

यस विकास क्षेत्रमा पर्ने प्रमुख हिमाली श्रेणीहरूमा गणेश हिमाल, लाङ्टाङ हिमाल, जुगल हिमाल र गौरी शङ्कर हिमाल पर्दछन् । यी हिमाली श्रेणीमा पर्ने कतिपय सुन्दर टाकुराहरू काठमाडौं उपत्यकाबाट दृश्यावलोकन गर्न सकिन्छ । तीमध्ये केही प्रमुख हिम टाकुराहरू पश्चिमदेखि पूर्वको क्रममा तल दिइएका छन् ।

गणेश हिमाल	७,४०६ मिटर	(२४,२९९ फीट)
लाङटाङ लेरुङ	७,२४६ मिटर	(२३,७११ फीट)
लियोङ्पो ग्याङ	७,०८३ मिटर	(२३,२३८ फीट)
दोर्जे लाक्पा	६,७९९ मिटर	(२२,९२९ फीट)
फुर्बी छ्याचु	६,७२२ मिटर	(२१,८४४ फीट)
छोभा भामारे	६,०६१ मिटर	(१९,५५० फीट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गौरी शङ्कर ७,०४६ मिटर (२३,४४२ फीट)

मध्यमाञ्चल विकास क्षेत्रको हिमाली प्रदेशमा रहेका सीमावर्ती भञ्ज्याङहरू तिब्बती क्षेत्रसँगको परम्परागत व्यापारमा निकै महत्व राख्ने गरेका थिए र हाल पनि तिनको महत्व केही मात्रामा छँदैछ। ती भञ्ज्याङहरूमा रसुवा र कोदारी विशेष प्रख्यात छन्। तिनका अतिरिक्त साल्बु, खराने टिप्पा आदि वर्षामा केही दिनमात्र चालू रहन्छन्।

नदी प्रणाली

यो विकास क्षेत्रमा काठमाडौं उपत्यकाभन्दा पूर्व पर्ने भागहरू कोशी नदी प्रणालीको सुनकोशी क्षेत्रमा र पश्चिमतिर पर्ने भागहरू गण्डकी नदी प्रणालीको त्रिशूली क्षेत्रमा पर्न आउँदछ। महाभारतको दक्षिणी भागबाट तथा चुरे डाँडाबाट उत्पन्न हुने नदीहरू तराईबाट सोझै दक्षिणतर्फ बगेर भारत पस्दछन्। राप्ती नदी भने गण्डकी (नारायणी) मा नै मिसिन जान्छ। भोटतर्फबाट बगिआउने नदीहरूमा तीनवटा भोटेकोशीहरू क्रमशः रसुवा, सिन्धुपाल्चोक र दोलखा जिल्लाहरूमा यसै विकास क्षेत्रभित्र पर्दछन्। यस विकास क्षेत्रको नदी प्रणालीमा सहभागी हुने प्रमुख नदीहरूको विवरण तल दिइन्छः—

त्रिशूली नदी

गोसाइँकुण्डबाट उत्पन्न भएको त्रिशूली नदीमा भोटतर्फबाट रसुवा गढीको बाटो गरी नेपाल भित्रिएको भोटे कोशी तथा गणेश हिमालको उत्तरी भागबाट आएको चिलीमे खोला र लाङटाङ हिमालको दक्षिणी भागबाट आएको लाङटाङ खोला मिसिएपछि यो नदी दक्षिणतर्फ बग्न थाल्दछ। यसका प्रमुख सहायकहरू ताडी, लिखु, काल्फु र महेश खोला हुन्। धादिङ र नुवाकोटको सीमाना पर्ने कटुवाल गाउँनिर आइपुगेपछि यो पश्चिम बग्न थाल्छ र आरुघाटनिर यसमा बूढी गण्डकी मिसिन आउँदछ। बूढी गण्डकीले मध्यमाञ्चल विकास क्षेत्र र पश्चिमाञ्चल विकास क्षेत्रको सँधको काम गरेको छ। यो नदी गणेश हिमाल पारी लार्के हिमालबाट उत्पन्न भएको छ र यसका प्रमुख सहायक स्यार खोला र आँखु खोला हुन्।

बूढी गण्डकी मिसिसकेपछि त्रिशूली नदी पश्चिमाञ्चल विकास क्षेत्रसँगको सँधको रूपमा देवघाट पुग्दछ। त्यहाँ यसमा काली गण्डकी मिल्न आउँदछ र यी दुई नदी मिलेर नारायणी नदीको रूप लिन्छ। यो नदी चितौन जिल्लामा फिंजिदै वाल्मीकि आश्रमको बाटो गरी भारत पस्दछ। भारतमा यो नदीलाई गण्डक भन्दछन् र नेपालमा पनि नारायणीलाई सप्त गण्डकी तथा सालीग्रामी गण्डकी पनि भन्ने चलन छ। यस नदीमा चितौनको बीचो बीच बग्ने राप्ती नदी पनि मिसिन पुग्दछ।

सुनकोशी नदी

काठमाडौं उपत्यका तथा गोसाइँकुण्ड लेकको पूर्वी भागमा रहेका सबै नदीनालालाई सुनकोशी नदीले समेटेर सप्तकोशीमा समावेश गराउन लैजान्छ। सुनकोशी नदीको मूहान कालिन्चोकमा रहेको छ र यसमा पनि भोटतर्फबाट कोदारीको बाटोगरी आएको भोटेकोशी मिसिन आएपछि गोसाइँकुण्ड र भैरव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुण्डको बीचमा पर्ने हिमाली क्षेत्रबाट पैदा भएको इन्द्रावती नदी र फुल्चोकी डाँडाको पूर्वी भागबाट उत्पन्न भएको रोशी पनि मिसिन पुग्दछन्। त्यस पछि सुनकोशी महाभारत पूर्वको समानान्तर भएर पूर्वतर्फ लागेको छ। भोटतिर कोङ्यू नाम गरेको यो भोटेकोशीले नेपाल प्रवेश गरे पछि रोलवालिङ खोलालाई समेत समेटेर आएको खोलाले खिमती खोला भेटे पछि तामाकोशीको नामले दक्षिण बग्दै सुनकोशीमा संलग्न हुन्छ।

वागमती नदी

काठमाडौं उपत्यकाको शिवपुरी लेकको वागद्वारबाट उत्पन्न भएको वागमती नदीले उपत्यकाको सम्पूर्ण नदीनालालाई बटुलेर महाभारत पहाडलाई चोभार र फर्पिङ क्षेत्रमा छिचोलेर मधेशतर्फ लागेको छ। यो नदीमा सिन्धुली तर्फबाट आएको मरिनखोला मिसिए पछि चुरे डाँडालाई काटेर सोझै दक्षिण लागेको छ।

कमला नदी

कमला नदीको मुख्य स्रोत सिन्धुली जिल्लाभित्र पर्दछ। यो नदीले चुरेलाई काटेर चिसापानी भन्ने ठाउँबाट तराई प्रवेश गर्दछ। यो नदीले मध्यमाञ्चल र पूर्वाञ्चल विकास क्षेत्रको साँध छुट्याएको छ।

तराई र मधेशमा पर्ने खोलाहरूमा बाँके खोला, लखन्दी खोला, झिम खोला, रातो खोला, बिग्नी खोला आदि उल्लेख गर्न सकिन्छ।

ताल, झरना र तातोपानी

नदीनाला र पहाड उपत्यकाले भरिएको नेपाल अधिराज्यमा अनेकौं ताल, झरना हुनु स्वभाविकै छ। हिमालयको उच्च भूमिमा रहेका तालहरूलाई विशेष गरेर धार्मिक महत्व दिइन्छ। यस विकास क्षेत्रमा पनि हिम-तालहरूमा आँखु खोलाको सिरानीमा पर्ने कालो-सेतो ताल, भैरव कुण्ड, त्रिशूली नदीको सिरानीमा पर्ने गोसाइँकुण्ड लगायत अन्य छ वटा कुण्डहरू, इन्द्रावतीको सिरानीमा पर्ने पाँच पोखरी र खिमती खोलाको सिरानीमा पर्ने जटा पोखरी तथा पाँच पोखरी नामक अर्को कुण्ड उल्लेखनीय छन्। यी कुण्डहरू मोटामोटी लगभग ३,६०० मिटरदेखि ४,८०० मिटर (१२,०००–१६,००० फिट) को उचाइमा रहेका छन् र त्यहाँ मेला भर्ने बेला साउन भदौतिर पर्दछ। विशेषगरेर यी कुण्डहरूमा जनै पूर्णिमाको दिन ठूलो मेला लाग्दछ। तराई प्रदेशमा पनि कैयौं प्रख्यात पोखरीहरू छन्। यस्ता पोखरीहरू केही धार्मिक महत्वका छन् भने केही आर्थिक महत्वका छन्।

यस विकास क्षेत्रमा पर्ने तातोपानीका मूलहरूमा कोदारीको तातोपानी निकै ख्यातिप्राप्त छ। त्यहाँ जाडो याममा मेला लाग्दछ। यसको अतिरिक्त स्याफ्रू बेसी (रसुवा जिल्ला) को तातोपानी पनि उल्लेखनीय छ। यस्ता तातोपानीका केही मूलहरू अरू बेंसीहरूमा पनि पाइन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हावापानी

यो विकास क्षेत्रमा हावापानीको विविधता र विषमतालाई हेर्दा अधिराज्यको अन्य भागमा झैं यहाँ पनि संसारका विभिन्न मुख्य मुख्य हावापानीका प्रकारहरू सानै परिधिभित्र एकत्रित रहेको पाइन्छ। यसरी हावापानीमा विभिन्नता रहनुमा मुख्य कारण उचाइलाई नै मान्नु पर्दछ।

वर्षा सम्बन्धी तथ्याङ्कलाई हेर्दा एक ठाउँको वार्षिक वर्षाको परिमाण अर्को ठाउँसँग नमिल्ने सामान्य कुरा भए तापनि कुनै एकै स्थानको मात्र वर्ष भरिको अभिलेख हेर्दा करीब ८० प्रतिशत पानी असार, साउन र भदौ महीनाभित्र पर्ने देखिन्छ।

यस विकास क्षेत्रमा पाइने विभिन्न थरीका हावापानीहरूको छोटकरी विवरण तल दिइन्छः—

उष्ण मनसुनी हावापानी

तराई, चुरे, भित्रीमधेश तथा पहाडी भागमा नदीनालाले काटेर गहिराइएका बेंसी, टार आदि भागमा उष्ण तथा अर्ध-उष्ण हावापानी पाइन्छन्। त्यस्ता ठाउँमा वार्षिक औसत तापमान लगभग २५° सेण्टिग्रेड पुग्ने भए तापनि अधिकतम तापमान ४०° सेण्टिग्रेडभन्दा पनि बढी पुग्न जान्छ। यस्तो हावापानी १,२०० मिटर (४,००० फीट) भन्दा तल पर्ने भागमा पाइन्छ।

शीतोष्ण मनसुनी हावापानी

गर्मीमा धेरै गर्मी नहुने तर जाडोमा केही बढी जाडो हुने शीतोष्ण हावापानी भएको भू-भाग लगभग १,२०० मिटर (४,००० फीट) देखि २,००० मिटर (६,६०० फीट) सम्मको उचाइमा रहेको हुन्छ। अधिकांश गाउँ बस्ती यही हावापानीको प्रभाव-क्षेत्रभित्र पर्दछ। यो क्षेत्रमा मकै, गहुँ, आलुको अधिक खेती हुन्छ।

लेकाली हावापानी

यस विकास क्षेत्रको हिमाली श्रेणी तथा पहाडी भागहरूमा ४,००० मिटर (१३,२०० फीट) भन्दा मुनि पर्ने भागमा लेकाली हावापानी पाइन्छ। यस्तो हावापानीलाई यूरोपको आल्पसमा पाइने हावापानीसँग तुलना गर्न सकिन्छ। यस हावापानीको प्रभाव-क्षेत्रमा हिउँदमा धेरै हिउँ पर्ने भए तापनि वर्षामा सो पग्लेर गएपछि रमाइला फाँट, चौर र पहराहरू यत्र तत्र देखिन्छन्। यो भागमा ठूल-ठूला कदका वृक्ष पाइदैनन्। यो भागमा जौ, फापर र विशेषत आलुको धेरै खेती गरिन्छ।

हिमाली वा ध्रुवीय हावापानी

लगभग ५,००० मिटर (१६,५०० फीट) भन्दामाथि पर्ने भू-भागमा बाह्रै महीना हिउँ जमेको हुन्छ। यस्तो निर्जन भूमि भएको यस क्षेत्रलाई ध्रुवीय हावापानीसँग तुलना गर्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस विकास क्षेत्रमा पाइने विभिन्न थरीका हावापानीको प्रभावलाई बढी प्रष्ट रूपमा बुझ्न यस विकास क्षेत्रको भू-भागलाई मुख्यतः दुई भागमा विभाजन गरेर वर्णन गरिन्छ।

(क) तराई, भावर, चुरे र भित्रीमधेशको हावापानीः यस प्रदेशमा उष्ण मनसुनी हावापानी पाइने कुरा माथि उल्लेख भइसकेको छ। यस प्रदेशमा दिउँसोको समयमा ३०° सेण्टिग्रेडभन्दा बढी तापमान पुग्ने दिनको संख्या वर्षमा २२० दिनदेखि २४० दिन हुन आउँछ। वैशाख-जेठ ताका तापमान४०° सेण्टिग्रेडसम्म वा सोभन्दा बढी पनि पुग्दछ। सबभन्दा गर्मी दिन र सबभन्दा जाडो दिनको तापमानमा ठूलो अन्तर देखिए तापनि गर्मी मौसममा दिन र रातको तापमानमा धेरै अन्तर रहँदैन र गर्मी प्रायः एकनासले रहिरहन्छ। दिउँसो मध्यान्नतिर "लु" पनि चल्छ। यस प्रदेशमा विभिन्न ठाउँमा लिएको वर्षा सम्बन्धी तथ्याङ्क अनुसार त्यहाँ १,००० देखि १,५०० मिलिमिटर वर्षा हुने देखिन्छ। भित्रीमधेश तथा चुरेको घाँचमा केही बढी वर्षा हुन्छ। त्यहाँ २,००० देखि २,५०० मिलिमिटर पानी पर्ने देखिन्छ। वर्षा जेठ-असार ताका शुरू भएर असोजको अन्तसम्म लगातार भने झैं कायमै रहन्छ। माघे झरीमा हुने केही वर्षा बाहेक अन्य महीना प्रायः सुख्खा रहन्छ।

(ख) महाभारत, मध्यवर्ती पहाड तथा हिमाली प्रदेशको हावापानीः यस प्रदेशको भू-स्वरूपमा ज्यादै नै विविधता छ। फलस्वरूप यहाँका बेंसी टार उष्ण हावापानीको प्रभावमा परेका छन् भने उच्च हिमाली भागमा ध्रुवीय हावापानी रहेको पाइन्छ। तापमान र वर्षा दुवैलाई प्रत्यक्ष असर पार्ने मुख्य कुराहरूमा उचाइमा सर्वोपरि प्रभाव भएको देखिन्छ। त्यसको साथै दक्षिण फर्कका पारिलो घाम लाग्ने पाखा र उत्तर फर्कका सेपिलो सियाला परेको भागमा पनि निकै भिन्नता रहेको पाइन्छ।

महाभारत शृङ्खलाको दक्षिणी भागमा सामान्यतः बढी वर्षा हुन्छ र यस शृङ्खलाको उत्तरी भागमा केही वृष्टि छायाँ पर्न जान्छ। तर उत्तरी भागमा रहेको पहाडी खण्डमा क्रमैले बढी वर्षा हुने देखिन्छ। उदाहरण स्वरूप सुनकोशीको गढतिर र रामेछाप इलाकामा १,००० देखि १,५०० मिलिमिटर मात्र वर्षा हुन्छ तर केही उत्तरमा पर्ने जिरी उपत्यकामा २,२०० मिलिमिटर र बाह्रबिसेमा ३,१०० मिलिमिटर वर्षा भएको देखिन्छ। हिमालयको मुख्य शृङ्खलाको पारी रहेका उपत्यकाहरू पनि वृष्टि छायाँमा पर्दछन्। तसर्थ लाङटाङ, चिलिमे, रोलवालिङ आदि ठाउँमा कम वर्षा हुन्छ।

वन वनस्पति

यस विकास क्षेत्रमा पनि सानै परिधिभित्र अनेकौं प्रकारका वन वनस्पति पाइन्छन्। यस क्षेत्रमा २,५०० मिटर (८,२५० फीट) भन्दा माथिको भागमा विशेष खेतीपाती नहुने भएकोले त्यहाँ वन-वनस्पति क्षेत्र प्राकृतिक अवस्थामा नै यथावत रहेको पाइन्छ तर सो उचाइभन्दा मुनिको भागमा खेतीपातीको प्रचूरता र घना गाउँ बस्ती धेरै भएकोले वन क्षेत्र साह्रै कम मात्र बाँकी छ। यी बाँकी रहेका वनहरू पनि निकै विक्रित रूपमा रहेका छन्।

मध्यमाञ्चल विकास क्षेत्रको वन-वनस्पति विषय प्रकाश पार्न यस क्षेत्रलाई दुई खण्डमा विभाजन गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तराई, भावर, चुरे डाँडा र भित्रीमधेशको वन वनस्पति

यस प्रदेशमा रहेका वन-वनस्पतिलाई चार प्रकारमा वर्गीकरण गर्न सकिन्छः—
उष्ण सदाबहार वनः यस्तो वनमा सालको रूखको प्रचूरता हुन्छ। यस्तो सालप्रधान वनमा जमीनको सतह प्रायः सुख्खा हुने भई सुकेका पात पतिगरले ढाकेको हुन्छ। सालको अतिरिक्त अन्य वृक्षहरूमा हर्रो, बर्रो, असना (साज), टाँटरी, रामफल, बोट धैयारो, करम आदि पनि यो वनमा पाइन्छन्। स-साना रूख-हरूमा राज वृक्ष, पलाँस, भलायो आदि पनि यत्र तत्र छरिएको पाइन्छ।

उष्ण पतझड वनः नदीले छोडेर गएका बलौटे फाँटहरूमा खयर र सिसौ मिलेर बनेको वन जतातते पाइन्छ। यस्तो वन हिंउँदमा नाङ्गो भएर हाँगाबिगा जिरिङ्ग परेको हुन्छ। वन इलाकाको छेउ छाउमा धैयारो, आँक, बयर आदि बुटा बुटेन पाइन्छन्।

घाँसे मैदानहरूः नदीले हाल सालै मात्र छोडेको बलौटे जग्गा तथा नदीको छेउ छाउमा रहेको धापिलो जग्गामा विभिन्न प्रकारका घाँसे मैदानहरू पाइन्छन्। यस्तो ठाउँमा हरेकसाल आगोले डँडेलो लगाइ-दिनाले घाँसे मैदान निकै राम्रो फष्टाउँदछ र अन्य बीज बिरुवा हुर्कन सक्तैनन्। यस्ता घाँसे क्षेत्रमा जङ्गली जनावरहरूले आश्रय पाएका हुन्छन्।

उष्ण मिश्रित सदाबहार वनः चुरे डाँडाको घाँच र अन्य सेपिला ठाउँहरूमा थोरै इलाकामा मात्र यस्ता वन रहेको देखिन्छ। यस्तो वनमा लामपाते, टुनी, सिरिस, पिठारी, रोहिणी (सिंधेरे), लहसुने, ढतेलो आदि पाइन्छन्।

वन इलाका

तराई, भावर र भित्रीमधेशको वनले मात्रै व्यापारिक महत्वको भूमिका खेल्न सकेको छ। तसर्थ यस प्रदेशबाट धेरै पहिलेदेखि नै वर्षेनी रूख काठ निकासी गरिन्छ। त्यसको अतिरिक्त जनसंख्याको चाप पनि धेरै तीव्र गतिमा बढ्दै गएकोले वन इलाका दिन परदिन घट्दो छ। त्यस्को फलस्वरूप वागमती नदीको पूर्वी भागमा खास गरेर सर्लाही, महोत्तरी र धनुषा जिल्लामा वन क्षेत्र साह्रै नै कम मात्र बाँकी छ। बारा र पर्सा जिल्लाको उत्तरी भावर क्षेत्रमा केही वन अझै बाँकी छ। त्यहाँ नेपाल-भारत सीमानादेखि २५-३० किलोमिटर उत्तरतिरदेखि वन शुरू हुन्छ र चुरेको फेदीसम्म कायमै रहेको देखिन्छ। चितौन जिल्लामा राप्ती नदीको दक्षिणी भागमा मात्र व्यवसायिक वन बाँकी रहेको छ। अरू वन क्षेत्रमा खगेरी नदीको पश्चिमी भागमा रहेको वन पनि उल्लेखनीय छ।

जिओग्राफी इन्स्ट्रक्सन कमिटी, त्रिभुवन विश्व विद्यालयले सेप्टेम्बर १९७४ मा तयार पारेको भू-उपयोग सम्बन्धी विवरण अनुसार मध्यमाञ्चल विकास क्षेत्रको तराई र भित्रीमधेशको वन निम्नअनुसार रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वन क्षेत्रको तालिका (क्षेत्रफलः हेक्टरमा)

जिल्ला	कुल वन क्षेत्र	व्यावसायिक	पहाडी वन क्षेत्र
धनुषा	२५,८९३.७५	२६८.७५	२५,६२५.००
महोत्तरी	२६,५५६.२५	१४,०६२.५०	१२,४९३.७५
सर्लाही	२६,९००.००	७,९००.००	१९,०००.००
रौतहट	२०,२५६.२५	१६,९००.००	३,३५६.२५
बारा	४२,६००.००	३८,३०६.२५	४,२९३.७५
पर्सा	४६,७८७.५०	२३,८६२.५०	२२,९२५.००
चितौन	१,१२,६७५.२५	३८,३५०.२५	७४,३२५.००
मकवानपुर	१,६९,२१२.५०	११,२१८.७५	१,५७,९९३.७५
जम्माः—	४,७०,८८१.५०	१,५०,८६९.००	३,२०,०१२.५०

उपर्युक्त तालिका अनुसार यस विकास क्षेत्रमा सबभन्दा बढी व्यापारिक महत्वको वन चितौन र बारा जिल्लामा रहेको छ र सबभन्दा कम धनुषा र सर्लाही जिल्लामा रहेको देखिन्छ।

पहाडी एवं हिमाली प्रदेशका वन वनस्पति

यस प्रदेशमा उष्ण र अर्ध उष्ण भागमा मात्र केही पतझड प्रकारको वन पाइन्छ नत्र भने अन्य शीतोष्ण तथा लेकाली भागमा विभिन्न प्रकारका सदाबहार वन रहेको हुन्छ। यस प्रदेशका विभिन्न हावापानीमा हुने वनको प्रकार तल दिइन्छः—

उष्णप्रदेशः यस प्रदेशमा तराई वा मधेश क्षेत्रकै वृक्षहरूको आधिक्य रहने भए तापनि ती बिरुवाहरू साना कदका मात्र हुन्छन्। यस्तो प्रदेशमा १,००० मिटर (३,३०० फीट) भन्दा होचो बेंसी, बगर र टार पर्न आउँदछ।

अर्ध शीतोष्ण प्रदेशः यस क्षेत्रको तल्लो खण्ड अर्थात् १,००० मिटर (३,३००) फीट को लगभगमा चिलाउने र कटुसको वनको प्रधानता हुन्छ। तर माथिल्लो भागमा उत्तिस, गुराँश, बाँझ, फलाँट, फिरफिरे, काउलो, काफल आदि वृक्षहरू भएका विभिन्न वन २,००० मिटर (६,६०० फीट) को उचाइसम्म फैलिएको हुन्छ। यस क्षेत्रमा गाउँ बस्ती धेरै भएकोले वन क्षेत्र साह्रै कम मात्र पाइन्छ। कतै कतै सल्लाका वनहरू पनि पाइन्छन्। यस्तो वन खासगरेर दक्षिण फर्केको पाखातिर घना रूपमा रहेका हुन्छन्।

सम शीतोष्ण प्रदेशः लगभग २,००० मिटर (६,६०० फीट) देखि ३,००० मिटर (९,९०० फीट) को उचाइमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको भू-भागमा धेरै प्रकारका वनहरू पाइन्छन्। ती वनहरूमा बाँझ र गुराँसको मिश्रित वन, उत्तिसको वन, गुराँसको शुद्ध वन, खस्रुको वन र कोणधारी वन आदि विभिन्न प्रकारका वनहरू पाइन्छन्। यस प्रदेशमा निगालोका घारीहरू र खुला चौरहरू पनि यत्र तत्र पाइन्छन्।

लेकाली भागमा ठिंग्रे सल्लाको वन, भोजपत्रको वन, धूपीको वन तथा खस्रुको वन पनि पाइन्छन्। खुला ठाउँमा भैरुमपाते, दामपाते, स-साना धूपीका बुटेन पाइन्छन्। खुला मैदानहरूमा विभिन्न लेकाली फूलहरू फष्टाउँदछन्।

भोट प्रदेशसँग मिल्दो जुल्दो क्षेत्र जस्तै चिलिमे खोलाको उपत्यका, लाङटाङ उपत्यका र रोलवालिङ उपत्यकामा सुखा प्रकारको वनस्पति हुन्छ। तिनमा काँटे झार, सोमलता, छोटो कद भएका धूपी र लार्च (Larch) पाइन्छन्। यस्तो सल्ला लाङटाङ उपत्यकाको पूर्वी भागमा पाइदैन। यस्तो सल्ला चीनको सेच्वान प्रान्तमा मात्र पाइन्छ।

वन सम्पदा

यस विकास क्षेत्रको पहाडी भागमा रहेको वन सम्बन्धी वन विभागको तथ्याङ्क[1] अनुसार सिन्धुली जिल्लामा सवभन्दा बढी वन (भू-भागको ७५ प्रतिशत) रहेको र नुवाकोट, काठमाडौं, चरिकोट इलाकामा कम प्रतिशत (२५–५० प्रतिशत) वन रहेको देखिन्छ। धादिङ र रसुवाको दक्षिणी भागमा ५०–७० प्रतिशत वन रहेको पनि अनुमान गर्न सकिन्छ।

काठमाडौंदेखि पूर्वी भागमा रहेको वनमा ३४.३ प्रतिशत र पश्चिमी भागमा ३३.८ प्रतिशत व्यापारिक महत्वको वन रहेको कुरा पनि वन विभागको सो प्रतिवेदनबाट देखिन आउँछ।

अन्य वन सम्पदामा यस विकास क्षेत्रको लेकाली भागबाट विभिन्न थरीका जरीबूटी संकलन हुन्छ र विदेश निकासी गरिन्छ। ती जरीबूटीमध्ये कुटकी, जटामसी, विष, निर्मसी, पदमचाल, चुलठी, पाषाण भेद, नागवेली, जीवन्ति, झ्याउ आदि उल्लेखनीय छन्।

वन्य जन्तु

यो विकास क्षेत्रमा हिमाली भागदेखि तराई भागसम्मका विभिन्न प्राकृतिक वातावरण अनुरूप विभिन्न प्रकारका जीवजन्तुहरूले यहाँ आश्रय पाएका छन्। यहाँका वन्यजन्तुको संरक्षण गर्न चितौनमा तथा लाङटाङमा दुई वटा राष्ट्रिय निकुञ्ज स्थापना भएका छन्।

प्राकृतिक वातावरण अनुसार यहाँका जीव-जन्तुहरू विषय प्रकाश पार्न यो विकास क्षेत्रलाई दुई भागमा बाँडेर विवेचना गरिन्छ।

---

1. Department of Forest Resources Survey, Forest Statistics for the Hill Region, Kathmandu, 1973, p. 9.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तराई, भावर, चुरे र भित्रीमधेशको वन्य जन्तुहरू: यस प्रदेशको सबभन्दा महत्वपूर्ण जनावर गैंडा र बाघ हुन्। संसारबाट क्रमैले लोप हुन थालेका यी जन्तुहरूको संरक्षण व्यवस्थालाई सुदृढ गराउँदै लानुपरेको छ। चितौनको वन्य क्षेत्रमा करीब २०० गैंडा तथा २० देखि २५ वटा बाघ रहेको अनुमान गरिएको छ। त्यहाँ गौरी गाई पनि पाइन्छ । यो जन्तु नारायणी नदीदेखि वागमती नदीसम्मको चुरेको घाँच र भावर क्षेत्र बाहेक अधिराज्यका अन्य भागमा पाइएको छैन। यस जन्तुको तालु निक्कै खुलेको र सिङ फाटिएको हुन्छ।

यो प्रदेशमा पाइने अन्य जन्तुहरूमा चित्तल, मृग, बनेल, भालू आदि हुन्।

नारायणी नदीमा असला महाशेर लगायत विभिन्न थरीका माछाहरूका अतिरिक्त सोंजगोंज (Gangetic dolphin) तथा मगर र घरियल नामक दुई थरीका गोही पाइन्छन्। मगर गोहीले साधारणतया जे जन्तु पनि खाने गर्दछ। यसको थुतुनो छोटो हुन्छ। घरियल गोहीको थुतुनो लामो हुन्छ र यसले माछा पकडेर खाने गर्दछ।

यस प्रदेशमा अजिङ्गर पनि निक्कै पाइन्छन्। जङ्गलको छेउ छाउमा गोमन, भाइपर (Viper) धामन आदि सर्पहरू देखिन्छन्।

यस प्रदेशका प्रमुख चराचुरुङ्गीहरूमा मुजूर, लुइँचे, कालिज, गिद्ध, बाज, लाटोकोसेरो, सुगा, मैना, धनेस, बगेरी, चिबे, रानीचरा, लामपुछ्रे, सारस आदि उल्लेखनीय छन्। यहाँ पाइने खालको सारस पूर्वाञ्चल क्षेत्र र त्यसभन्दा पूर्वी भागमा पनि पाइँदैन। संसारमा सबभन्दा सानो चरा "फल्कोनेट" (Falconet) चितौन र त्यसको आसपासमा पाइएको छ। यो चराले फट्याङ्ग्रा टिप्दै हिंड्छ। चितौनको ग्रास आवल (Grass Owl) भन्ने लाटो कोसेरो संसारबाट लोप हुँदै गएका पक्षीहरूमध्येमा पर्न आउँछ।

लोप हुन थालेका पशु-पक्षी र बीज बिरुवाहरू समेतलाई भावि सन्ततिको लागि जोगाइराख्ने हेतुले लगभग ५४० वर्ग किलोमिटरको क्षेत्रमा चितौन राष्ट्रिय निकुञ्ज स्थापना भएको छ। यस ठाउँमा वर्षेनी ठूलो संख्यामा पर्यटकहरू प्राकृतिक प्रदत्वबाट आनन्द लिन जान्छन्।

पहाडी एवं हिमाली प्रदेशका वन्य जन्तुहरू: पहाडी भागमा खेतीपाती र गाउँ बस्ती बढ्न गएकोले वन्य जन्तुको संख्या धेरै घट्न गएको छ। पहाडी भागमा पैदा हुने कृषि उब्जाउमा निर्भर रहने जनावरहरू जस्तै बाँदर, बनेल, भालू, दुम्सी, खरायो, मुसा तथा घर पाल्तु पशु पक्षीको शिकार गरी हिंड्ने ब्वाँसो, स्याल आदिको संख्या केही बढी देखिन आउँछ।

हिमाली भेकमा कस्तुरी, झारल, घोरल, चितुवा, भालू आदि पाइन्छन्। मध्यमाञ्चल विकास क्षेत्रमा नावर तथा हिम चितुवा भेटिंदैन।

उच्च पहाडी तथा लेकाली भागमा पाइने पक्षीहरूमा डाँफे, मोनाल, हिम मलेवा, चिलिमे आदि उल्लेखनीय छन्। तिनका अतिरिक्त गोसाइँकुण्ड जस्ता हिम तालहरूमा केही हाँसहरू पनि बस्न आउँछन्। तर काठमाडौं जस्तो ठाउँमा पानी हाँस, बकुला लगायत लगभग १५० थरीका चराहरू रहेको अनुमान गरिन्छ। ती चराहरू विशेषगरेर जाडोको समयमा धेरै देखा पर्दछन्। तिनीहरूमध्ये स्पाइनी ब्यावलर (Spiny Babler) भन्ने एउटा सानो चरा नेपालभित्र मात्र पाइने थाहा भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस विकास क्षेत्रको पहाडी भागमा पाइने करेत, धामन लगायत अनेकौं सर्पहरूमध्ये कोरल स्नेक (Coral Snake) विशेष उल्लेखनीय छ। यो सर्पले टोकेमा दुख्ने वा अन्य पीडा नभईकनै शरीर बिस्तारै लोट्दै जान्छ र निन्द्राको जस्तो तरङ्ग आएर बेहोस अवस्थामा नै ज्यान जान सक्छ। यो सर्प काठमाडौंमा मात्र पाइएको छ। यो साधारण कलम जति मात्र मोटो हुन्छ र करीब एक-डेड फूट लामो हुन्छ। शरीर सुगाको रङ्ग भए तापनि टाउको कालो, सेतो खपेटा परेको हुन्छ। शरीरको तल्लो भूईंमा घिस्रिने भाग सेतो रङ्गको हुन्छ र त्यसमा काला काला थोप्ला हुन्छन्।

हिमाली क्षेत्रको वन्य जन्तु संरक्षण गर्न करीब १,००० वर्ग किलोमिटर क्षेत्रको लाङटाङ राष्ट्रिय निकुञ्ज स्थापना भएको छ। यसमा रसुवा, नुवाकोट र सिन्धुपाल्चोक जिल्लाका लेकाली एवं हिमाली भागहरू पर्न आउँछन्।

भौगर्भिक बनावट

यस क्षेत्रमा नेपाल अधिराज्यको राजधानी नै पर्ने भएकोले यसमा पर्ने विभिन्न भागको भौगर्भिक अध्ययन धेरै वर्ष अघिदेखि भएको वर्णनहरू पाइन्छन्। ईश्वी सम्वत् १८७५ मा मेडलिकट (Medlicot) ले नेपालगञ्जदेखि नुवाकोटसम्मको प्रारम्भिक भौगर्भिक सर्वेक्षण (Geological Traverse) गरेका थिए। यिनले नै महाभारत पर्वतमाला (Mahabharat Range) को पुराना चट्टानहरूलाई चुरिया चट्टानहरू (Siwalik Range) हरूसँग छुटयाउने "मेन बाउण्ड्री फल्ट" (Main Boundary Fault) सर्वप्रथम पत्ता लगाएका हुन्। मेडिलिकटभन्दा पहिले यस क्षेत्रको वैज्ञानिक तवरबाट भौगर्भिक अध्ययन भएको कुनै वर्णन प्राप्त छन। यसपछि यस क्षेत्रको विभिन्न भागको भौगर्भिक अध्ययन विभिन्न दृष्टिकोणले भएको देखिन्छ तापनि क्रमबद्ध वैज्ञानिक तवरले भौगर्भिक अध्ययन २०२४ सालमा भौगर्भिक सर्वेक्षण विभाग खडा भएपछि मात्र शुरू भएको हो।

मध्यमाञ्चल विकास क्षेत्रको भौगर्भिक विभाजन करीब करीब प्राकृतिक विभाजनसँग मिल्दछ। यो सम्बन्ध झण्डै अधिराज्यको सबै भागमा नै लागू हुन्छ र यसो हुनाको कारण हिमाली पर्वतमालाको उत्पत्ति भौगर्भिक युगको दृष्टिमा नयाँ भएकोले हो भन्न सकिन्छ। मध्यमाञ्चल विकास क्षेत्रको समस्त दक्षिणी भागमा समथर मैदान छ। भौगर्भिक दृष्टिमा यो गङ्गाको मैदानको उत्तरी भाग हो। यो मैदान नयाँ एलुभियम (Recent Alluvium) ले ढाकिएको छ। यो एलुभियमको मोटाइ उत्तरबाट दक्षिणतिर बढ्दै गएको छ। यस समथर मैदान समुद्र तहबाट २०० देखि ५०० मिटर (६६० फीट देखि १,६५० फीट) सम्मको उचाइमा पर्दछ। यस क्षेत्रमा नदीनालाले बगाई ल्याएका विभिन्न प्रकारका बोल्डर (Boulder), पेवल (Pebbles) र बालुवा (Sand) पनि पाइन्छन्।

तराईको मैदानको उत्तरतिर चुरिया पर्वत माला (Siwalic Range) पर्दछ। यो पर्वतमालाको उचाइ १,००० देखि २,००० मिटर (३,३०० फीटदेखि ६,६०० फीट) सम्मको छ। यस सिवालिक क्षेत्रलाई पनि भौगर्भिक दृष्टिमा माथिल्लो, मध्य र तल्लो सिवालिक गरी तीन भागमा विभाजन गर्न सकिन्छ। सिवालिक क्षेत्रका चट्टानहरू हिमालय पर्वतको दक्षिणी भागको मोलासे (Molasse) डिपोजिटसँग मिल्दछ। यस क्षेत्रमा खासगरेर कल्ङ्लोमेराइट (Conglomerite), साएण्ड स्टोन (*Sand Stone*), सेल (Shale), सिल्ट स्टोन (Silt Stone) जस्ता चट्टानहरू पाइन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चितौन तथा हेटौंडा पनि यसैक्षेत्र भित्र पर्दछन्। सिवालिकलाई महाभारत पहाडी शृङ्खला-बाट मेन बाउन्ड्री फल्ट (Main Boundary Fault) ले छुटचाउँछ। महाभारत शृङ्खलामा २,००० देखि ३,००० मिटर (६,६०० फीट देखि ९,९०० फीट) उच्चा पहाडहरू छन्। यो पूर्वमा सिन्धुलीगढीदेखि पश्चिममा खान्द्राङ्गढीसम्म फैलिएको छ। यसको उत्तर भागमा काठमाडौं उपत्यका पर्दछ। यस क्षेत्रको अनगिन्ती फोल्डिङ (Folding), थ्रष्टिङ (Thrusting) ले गर्दा यस क्षेत्रको भौगर्भिक बनावट बडो जटिल छ। साथै अधिकांश चट्टान परिवर्तित भएकोले कुनै प्रकारको फसिल (Fossils) पनि अप्राप्त छन्। काठमाडौं उपत्यकाको दक्षिणतिर रहेको फुलचोकी पहाडमा सेलुरियन युग (Selurian Age) का फसिल (Fossile) हरू पाइएकाछन्। यस महाभारत क्षेत्रमा खासगरी पत्रे चट्टान (Sedementary Rock) ले बनेको नुवाकोट-प्यूठान यूनिट (Nuwakot-Puithan Unit) र काँडेदार चट्टानले बनेको काठमाडौं यूनिट (Kathmandu Unit) गरी दुई भौगर्भिक र टेक्टोनिक (Tectonic) युनिट छुटचाउन सकिन्छ। नुवाकोट युनिट कार्वोनेसियस फिलाइट (Carbonecious Phyllites), डोलोमाइट (Dolomite), लाइमष्टोन (Limestone), साएण्ड ष्टोन (Sand Stone), क्वार्ज (Quartz), फिलाइट (Phyllites), सिष्ट (Schists) ले बनेका छन्। काँडेदार काठमाडौं युनिट (Crystalline Kathmandu Unit) ले नुवाकोट युनिट (Nuwakot Unit) लाई ढाकेको छ र एक थ्रष्ट फल्ट (Thurst Fault) ले यिनीहरूलाई छुटचाएको छ। खासगरी माइग्माटाइट नीइसेज (Magnetite gniesses), माइका-सिष्ट (Mica shists), फिलाइट (Phyllite), क्वार्जाइट (Quartzite) आदिले बनेको काठमाडौं युनिट (Kathmandu Unit) उपत्यकाको वरिपरि खूब राम्रोसँग देखापरेका छन्। यसको साथै यस क्षेत्रको विभिन्न ठाउँमा पालुङ टुर्मलिन ग्रानाइट जस्ता नयाँ ग्रानाइटहरू पनि इनट्रुड (Intruded) भएको पाइन्छ। काठमाडौं युनिटका काँडेदार चट्टानहरूलाई प्री क्याम्ब्रियन् युगका र नुवाकोट युनिटका चट्टानहरू तल्लो पाले जोइक युगका हुन् भन्ने मानिएका छन्।

महाभारत शृङ्खलाका तल्लो हिमालयलाई उच्च हिमालयबाट मेन सेन्ट्रल थ्रष्ट (Main Central Thrust) या मिड–लाएण्ड थ्रस्ट (Mid-Land Thrust) ले छुटचाएको छ। यस थ्रस्टको उत्तरतिर उच्च हिमाली शृङ्खलामा चट्टानका नियमित तह (Normal Sequence) शुरू हुन्छ। यस क्षेत्र खासगरी विभिन्न प्रकारका नाइसेज (Gneisses) ले बनेकाछन्। मध्यमाञ्चल विकास क्षेत्रमा टेथिस सेडिमेण्ट (Tibetan Tethys Sediment) देखा परेको छैन।

खनिज पदार्थ

मध्यमाञ्चल विकास क्षेत्रभित्र नेपाल अधिराज्यको राजधानी परेकोले यस क्षेत्रमा वैज्ञानिक तरीका-बाट खानीको खोजी पनि धेरै अगाडिदेखि शुरू भएको देखिन्छ। यसै पनि खनिज पदार्थको खोजी कार्यको लागि प्रशस्त समय, लगानी तथा दक्ष जन-शक्तिको आवश्यकता पर्ने र आवश्यक मात्रामा बाटो घाटोको विकास नभइसकेकोले यस क्षेत्रमा यस्तो खोजी कार्यलाई अझ बढी समय लाग्ने देखिन्छ। यातायात, उपयुक्त दक्ष जन-शक्ति तथा नियोजित लगानीको अभाव भए तापनि मध्यमाञ्चल विकास क्षेत्रको अधिकांश भागको भौगर्भिक बनावट तथा खनिजको सम्भाव्यता बारे धेरै ज्ञान हासिल भइसकेको छ। आधुनिक वैज्ञानिक तरीकाबाट सर्वेक्षण, अन्वेषण तथा व्यापारिक दृष्टिबाट सम्भाव्यता भइसकेको फुलचोकीको फलाम खानी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खरिढुङ्गाको म्याग्नेसाइट खानी तथा गणेश हिमालको शिशा, जस्ता खानी पनि यसै क्षेत्रमा पर्दछन्। यसको अलावा मध्यमाञ्चल क्षेत्रको करीब ७,६८० वर्ग किलोमिटर क्षेत्रमा तामा, शिशा, टिन र विभिन्न मूल्यवान धाउहरू पाइने सम्भावना छ। यसै सिलसिलामा यस क्षेत्रमा एकीकृत भौगर्भिक, भू-रासायनिक तथा भू-भौतिक सर्वेक्षण गर्ने कार्यक्रम हालसालै शुरू गरिएको छ। यस विकास कार्यक्रमबाट यस क्षेत्रको खनिज धनको मूल्याङ्कन हुने आशा राखिएको छ। यस क्षेत्रमा विभिन्न ठाउँमा अनगिन्ती खनिज पदार्थहरू देखापरेका छन्। तीमध्ये खास खास निम्नअनुसार छन्:—

फलाम खानी

फुलचोकी फलाम खानी: यो एक सेडिमेण्ट्री हेमेटाइट डिपोजिट (Sedimentary Hemitite Deposit) हो। यसको मोटाइ ७० फीटभन्दा बढीसम्म पनि पाइएको छ। यो काठमाडौं उपत्यकाको दक्षिणी भागमा पर्दछ। खानी विभागबाट यस खानीबाट दैनिक ५० देखि १५० मेट्रिकटनसम्म पिग् आइरन (फलाम) र इस्पात उत्पादन गर्ने बारे अध्ययन भएको छ।

ठोसे र जिरवाङ फलाम खानी: यी सेडिमेण्ट्री खालका फलामका डिपोजिट हुन्। यिनमा खासगरी हेमेटाइट धाउ (Hemitite Ore) पाइएको छ। ठोसे जनकपुर अञ्चलमा पर्दछ र यसमा ३० देखि ६५ प्रतिशत फलाम भएको ८० लाख टन फलामको धाउ भएको अनुमान गरिएको छ। जिरवाङ फलाम खानी नारायणी अञ्चलमा पर्दछ। यसमा विभिन्न स्तरका १० लाख टन फलामको धाउ हुन सक्ने अनुमान गरिएको छ।

शिशा, जस्ता खानी

गणेश हिमाल शिशा खानी: गणेश हिमालको फेदीमा करीब ६,३७५ मिटर (१५,००० फीट) को उचाइमा राम्रोखालको शिशा, जस्ता खानी समूह फेला परेको छ। यो समूहमा लारी, सुल्पे र सेरकापिङ गरी खास तीन डिपोजिट छन्। यसमा स्पेलेराइट (Spelerite) भन्ने जस्ताको धाउ र गालेना (Galena) भन्ने शिशाको धाउ कारबोनेट फर्मेसन (Carbonate Formation) मा रहेका छन्। यी तीन खानीहरू करीब १० वर्ग किलोमिटर (चार वर्ग मिल) क्षेत्रभित्र पर्दछन्। यी खानीहरूमा रहेको धाउमा तीसहजार टनभन्दा बढी शिशा, जस्ता धातु हुने अनुमान गरिएको छ। एक प्राइभेट कम्पनीबाट यस खानीको भौगर्भिक अन्वेषण भइरहेको छ। दुर्गम क्षेत्रमा तथा उच्च हिमाली भागमा रहेकोले यस खानीलाई व्यापारिक स्तरमा सञ्चालन गर्न यातायातले बढी असुविधा दिइरहेको भए तापनि चाँडै नै उत्पादनमा आउने आशा लिन सकिन्छ।

फुलचोकी शिशा खानी: फुलचोकीको काँडेदार डोलोमाइट (Crystalline Dolomite) चट्टानमा छरिएको अवस्थामा (Disseminated) शिशा, जस्ताको गालेना (Galena) र स्फेलेराइट (Sphalerite) धाउहरू देखापरेका छन्। यस शिशा, जस्ता रहेका डोलोमाइटको उमेर यसै पहाडमा रहेको फलामको धाउभन्दा पुरानो मानिएको छ। कुनै कुनै नमूनामा पाँच प्रतिशतसम्म शिशा,जस्ता पाइए पनि छरिएका प्रकृति (Disseminated Nature) को धाउ भएकोले यो खानी त्यतिको उत्साहवर्द्धक छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तामा खानी

भूत खोला तामा खानीः भूत खोला क्षेत्र नारायणी अञ्चलको उत्तर-पश्चिम भागमा पर्दछ। यस क्षेत्रमा करीब १० वर्ग किलोमिटर (चार वर्ग माइल) को इलाकामा ताम्रा खानी, चन्दन पाखा खानी, झल्किनी खोला खानी आदि विभिन्न ठाउँमा धाउहरू देखापरेका छन्। यस क्षेत्रमा धाउहरू खासगरी डोलोमाइट (Dolomite) र आर्जेल्याकस (Argellacous) चट्टानहरू समूहमा क्वार्ज नसा (Quartz Veins) हरूमा रहेका छन्। यस्ता क्वार्जका नसा (Quartz Veins) मा धाउहरू चालकोपाइराइट (Chalcopyrite) र पाइराइटको रूपमा रहेको छ। यस खानीको केही भाग पश्चिमाञ्चल विकास क्षेत्रमा पनि पर्दछ। यी खानीहरू हालसम्मको अन्वेषण-बाट खास उत्साहवर्द्धक नदेखिए तापनि अन्वेषण जारी नै छ।

अरखौले बारघरे क्षेत्रका खानीहरूः काठमाडौं उपत्यकाबाट दक्षिण तथा नारायणी अञ्चलको मकवानपुर जिल्लामा पर्ने यस क्षेत्रमा तामा, आर्सनिक, शिशा, जस्ता तथा अन्य कम प्राप्य (Rare Metal) हरू हुन सक्ने धेरै सम्भावना छन्। यस क्षेत्रमा एक एकीकृत भौगर्भिक अन्वेषण तथा सर्वेक्षण कार्यक्रम हाल–सालै शुरू गरिएको छ। यातायातको सुविधा भएकोले यस क्षेत्रमा खनिज पदार्थ खोजी कार्यलाई अझ ठूलो टेवा दिएको छ।

खरीढुङ्गाको म्याग्नेसाइट खानीः खरीढुङ्गा अरनिको राजमार्गबाट एक दिनको बाटोमा पर्दछ। यहाँ एक ठूलो म्याग्नेसाइटको खानी छ। यस खानीको क्रमबद्ध अध्ययन भएको छ। यसमा राम्रो खालको म्याग्नेसाइट उद्योग चलाउन पुग्ने म्याग्नेसाइट हुन सक्ने कुरा प्रमाणित गरिसकेको छ। यस खानीलाई व्यापारिक स्तरमा सञ्चालन गर्न एक कार्यक्रमको तर्जुमा हुँदैछ।

चोभार लाइमष्टोन खानीः काठमाडौं उपत्यकामा रहेको चोभारको लाइमष्टोन भौगर्भिक अध्ययन भई यसबाट सिमेण्टको उत्पादन गर्न सिमेण्ट कारखाना खडा भइसकेको छ र केही समय भित्रै सिमेण्टको उत्पादन शुरू हुँदैछ। साथै यस लाइमष्टोनबाट कृषि चून उत्पादन पनि निकट भविष्यमा हुँदैछ।

भैंसेदोभान लाइमष्टोन खानीः त्रिभुवन राजपथमा रहेको यस लाइमष्टोन खानी पनि खास महत्वको छ। यस खानीमा प्रशस्त सिमेण्ट बनाउनलायक लाइमष्टोनहरू फेलापरेका छन्। यसबाट सिमेण्ट उद्योग सञ्चालन गर्ने सम्भाव्यता बारे अध्ययन हुँदैछ।

अभ्रख

मध्यमाञ्चल क्षेत्रको अधिकांश उत्तरी भागको विभिन्न ठाउँमा अभ्रख भएका (Micaceous) चट्टानहरू देखापरेका छन्। यस क्षेत्रको विभिन्न भागमा राम्रो स्तरको अभ्रख फेलापरेको छ। यसमध्ये काठमाडौं उपत्यकाको उत्तरमा रहेको निबुवागाउँ क्षेत्र तथा लाङटाङ हिमालको विभिन्न क्षेत्र उल्लेखनीय छन्। यहाँको अभ्रख अधिकांश मात्रामा राम्रो स्तर र आकारका छन्। यी अभ्रख पनि पेग्मेटाइटमा खण्डित किसिमले रहेकोले यसको परिमाण बारे यकीन गर्न गाह्रो छ। निबुवागाउँ क्षेत्रमा अभ्रखको अन्वेषण कार्य जारी नै छ।

मध्यमाञ्चल विकास क्षेत्रमा उपर्युक्त खानीहरूको अलावा विभिन्न क्षेत्रहरूमा सिंहमरमर (Marble), बेरिल (Beryl), ग्लासको लागि चाहिने बालुवा (Silica sand), निर्माणको लागि ढुङ्गा (Construction

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

stone), चीनिया मिट्टी (China clay) आदि खनिजहरूका भण्डारहरू छन् । यस क्षेत्रको जतिजति भौगर्भिक अन्वेषण हुँदै जानेछ यहाँको खनिज भण्डारहरू बारे पनि उतिउति ज्ञान बढ्दै जाने छ ।

ऐतिहासिक पृष्ठभूमि

भूमिका

यस मध्यमाञ्चल विकास क्षेत्रको इतिहासले नेपाल अधिराज्यको इतिहासमा धेरै प्रभाव पारेको छ । यस क्षेत्रभित्र रहेको काठमाडौं प्राचीनकालदेखि नेपाल अधिराज्यको राजनैतिक केन्द्र भएकोले पनि यहाँको ऐतिहासिक महत्व अरू बढी भएको हो । यसैकारण पृथ्वीनारायण शाहले पनि यस स्थानलाई राजधानी बनाए । शिल्पकला, हस्तकला, सांस्कृतिक र आर्थिक दृष्टिकोणले पनि यस इलाकाको आफ्नै प्रतिभा छ भन्नुमा कुनै अत्युक्ति हुँदैन । तिब्बत (हाल गणतन्त्र चीनको स्वशासित क्षेत्र), चीन र भारतसँग प्राचीनकालदेखि घनिष्ट सम्बन्ध भएको यस विकास क्षेत्रले दुवैतिरको सम्बन्धबाट फाइदा उठाएको थियो ।

प्राचीन इतिहास

नेपालको पुरातात्त्विक इतिहास लिच्छवि राजा मानदेव प्रथमदेखि शुरू हुन्छ । यस अगाडिको इतिहास वंशावलीहरूका आधारमा मात्र लेख्न सकिन्छ। प्रग्रदिक इतिहासकाल (Proto-historic Period) मा यस क्षेत्रमा गोपाल वंश, आभिर वंश र किरात वंशले शासन गरेको कुरा वंशावलीहरूबाट थाहा हुन्छ । विक्रमको चौथो शताब्दीदेखि भारतमा गुप्तहरूको प्रावल्य बढ्दै गएको थियो । नेपालले गुप्त सम्राट् समुद्र गुप्तलाई केही कर दिन्थ्यो भनी कवि हरिसेनले वर्णन गरेका छन् तर नेपाल गुप्त साम्राज्यको सीमानाका राज्यहरूमध्ये एक थियो । यस देशको आफ्नै अस्तित्व थियो ।

नेपालको इतिहासमा मानदेवलाई प्रथम ऐतिहासिक राजा मान्न सकिन्छ । कच्चै उमेरमा मानदेव राजा भएको सुनेर वरिपरिका सामन्तहरूले "स्वाधीन हुने मौका यही हो" भनेर मानदेवलाई टेर्न छोडिदिए । आमाको आज्ञा लिएर उनले आफ्ना फौजसाथ पूर्वतिर लागे । तिनीहरूलाई दबाई सकेपछि मानदेव पश्चिमतिर लागे । पश्चिमतर्फ गण्डकी पारी मल्लपुरीसम्म विरोधी सामन्तहरूलाई दबाए । यही राजाले आफ्नो नाउँमा मानगृह दरबार बनाए । पछिसम्म पनि मानगृहमै लिच्छवि राजाहरू बस्दथे । मानदेव पछि महीदेव, बसन्तदेव, गणदेव गद्दीमा बसे । लिच्छवि राजा शिवदेव प्रथमको पालामा राज्यको बागडोर चाहिं अंशुबर्माको हातमा पर्न गयो । पछि गई शिवदेव प्रथम सन्न्यासी भएपछि अंशुबर्मा नै शासक बने ।

अंशुबर्माको समयमा दक्षिणतिर कन्नौजका राजा हर्षवर्धन र उत्तरमा भोटका राजा स्त्रङचङगम्पो राज्य फैलाउँदै थिए । यस अवस्थामा पनि अंशुबर्माले आफ्नो कुशल राजनीतिबाट नेपाल देशलाई सार्वभौमसत्ता सम्पन्न राज्यको रूपमा राख्न सफल भए । लिच्छवि राजाहरूमा जयदेव द्वितीय र नरेन्द्रदेवको नाउँ ऐतिहासिक दृष्टिकोणबाट महत्वपूर्ण छन् ।

ईसाको आठौं शताब्दीको उत्तरार्धमा जब काश्मीरका राजा जयापीडले नेपालमा आक्रमण गरेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थिए' तब नेपालका राजा अरमुडीले काली गण्डकीको किनारमा बसेर मुकाविला गरे। जयपीड आफ्नो सबै सैन्य नेपालीहरूबाट नाश भएपछि थुनिए। पछि दाउ-पेच गरी बन्धनबाट मुक्त भए।

मध्यकालको इतिहास

लिच्छवि वंशको राज्य समाप्त भएपछि वैश्य ठकुरीहरूले शासन गरे। यी वैश्य ठकुरीहरूमा एकता नहुँदा राज्यको अवनति शुरू भएको थियो।

ईश्वी सन् १२०० मा केन्द्रीय शासनको कमजोरीको फायदा उठाई नेपाल उपत्यकामा मल्लहरूको शासन शुरू भयो। यी मल्लहरूको शासनको जय स्थिति मल्लदेखि बलियो भयो। मल्लहरूको अभ्युदयदेखि स्थिति मल्लको उदयकालसम्म केन्द्रीय शासनमा विभिन्न शासक परिवारहरूमा खिचातानी भइरह्यो। स्थिति मल्लले शक्ति ग्रहण गरेपछि केन्द्रीय शासनमा स्थिरता देखिन आयो। यसको नतीजा पन्ध्रौं शताब्दीमा यक्ष मल्ल (सन् १४२८-१४८२)को समयमा पूर्वमा बङ्गालसम्म जोडिने अर्थात् अचेलको मोरङ जिल्ला, उत्तरमा शिकरजोङ, पश्चिममा पाल्पा, दक्षिणमा गङ्गानदीसम्म राज्य विस्तार भयो।[२] तर पछि यक्ष मल्लका छोराहरूमा होडबाजी चली विशाल राज्य टुक्रिएर टाढाका सामन्तहरू स्वतन्त्र भए। काठमाडौं उपत्यकामा पनि तीन साना राज्यहरू - कान्तिपुर, भक्तपुर, वणिकापुर (बनेपा) खडा भयो। यस प्रकार केन्द्र शासनमा कमजोरी आएपछि दोलखाका सामन्तहरूले पनि स्वतन्त्र भई राज गर्ने आँट गरे।[३]

कर्णाट वंश

जुनबेला काठमाडौं उपत्यकाको शासनमा कमजोरी देखापरे त्यसैबेला दक्षिणी भाग तराईमा नान्यदेवले सन् १०९७ ई.स. मा सिमरावनगढ (सिमरौनगढ) मा कर्णाट वंशको राज्य स्थापना गरे। यस वंशका राजाहरूमध्ये रामसिंह र हरिसिंह देव ज्यादा प्रख्यात थिए। यहाँका बासिन्दाहरूलाई डोय पनि भनिन्थ्यो। यो तिरहुत राज्यमा मुसलमानको आक्रमणको डर सँधै थियो। त्यसैकारणले रामसिंहले आफ्नो दरबारलाई पूरा सैनिक दृष्टिकोणबाट सुसज्जित राखेका थिए।[४] तैपनि सन् १३२४ मा दिल्लीको सुल्तान

---

१ Stein, M. A. (ed.)- Rajatarangini, Motilal Banarasi Das, New Delhi, 1961 pp. 170-73.

२ जगज्ज्योतिर्मल्ल–नरपतिजयचर्चा स्वरोदय टीका। Kirkpatrick, W. J.—An Account of the Kingdom of Nepaul, Manjusri Publishing House, New Delhi, page 266

१ धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ-दोलखाको ऐतिहासिक रूपरेखा, नेपाल तथा एशियाली अध्ययन संस्था, काठमाडौं, २०३१, पृष्ठ २३ आदि

४ Reorich, D.—Biography of Dharmaswami, Edited by A. S. Alteker, K. P. Jayasawal Research Institute, Patna, 1958, p. 58

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गयासुद्दीन तुगलकसँगको मुठभेडमा सिमरौनगढ ध्वस्त भयो। राजा हरिसिंहदेव भाग्दै दोलखा आए र त्यहाँको तीन पाटनमा उनको देहवसान भयो। उनका परिवार र मन्त्रीसँग रहेको सम्पत्ति स्थानीय जनताले हडप गरे। उक्त राजाकी रानी देवलदेवीले काठमाडौंमा रूद्र मल्लको थंथु दरबारमा शरण पाइन्। यिनले उपत्यकामा तीस वर्षसम्म शासक भई शासन चलाइन् ।[१]

यस विकास क्षेत्रको काठमाडौं उपत्यकामा विभिन्न समयमा विभिन्न शासकहरूले हमला गरे। तिरहुतका डोयहरूले कैयौं पटक काठमाडौं उपत्यकामा हमला गरे।[२] उपत्यकाको धमिलो राजनैतिक अवस्थाले गर्दा पनि तिनीहरूले उपत्यकामा हमला गर्न प्रोत्साहन पाए। उपत्यकाको शासक परिवारहरूमा आपसी एकता नहुँदा एक परिवारले अर्को परिवारलाई दवाउन पनि डोयहरूलाई बोलाएका थिए।

अर्को आक्रमणकारीमा पश्चिम कर्णालीका शासकहरू थिए ।[३] उपत्यका माथि हमला गर्ने खसिया मल्ल राजाहरूमा जितारी मल्ल, आदित्य मल्ल र पुण्य मल्ल मुख्य थिए। पुण्य मल्लले आफ्नो अभिलेखमा नेपाललाई कर तिर्ने राज्य भनी उल्लेख गरेका छन्। खसिया होस् या डोय तिनीहरूले यस उपत्यकामा हमला गरी केही कर (आर्थिक नजराना) लिई फर्कन्थे। खसिया मल्ल राजामा रिपु मल्ल उपत्यकामा तीर्थ यात्राको लागि आएका थिए।

सन् १३५० मा तेस्रो आक्रमण बङ्गालको सुल्तान शमसुद्दीनको थियो।[४] तत्कालीन परम्पराअनुसार उपत्यकाको राजा, भारदारहरू र समस्त जनताहरू वन दुर्ग भित्र पसी यस मुसलमानी आक्रमणको मुकाविला गरे। मुसलमानहरूले धेरै ठाउँमा ध्वस्त गरी मन्दिरहरूको सम्पत्ति त लुटे तर खाद्यान्न स्थानीय जनताले लुकाएको हुँदा सात दिन मात्र रही सुल्तान यस उपत्यकामा टिक्न नसकी फर्के।

यसप्रकार यस उपत्यकामा धेरै पटक बाहिरी आक्रमणहरू भए तर ती सबै हावाको झोका जस्तै आए र गए। यहाँको इतिहासमा कुनै चिरकालीन प्रभाव पार्न सकेनन्।

विभाजित मल्ल राज्यहरू

भक्तपुरमा यक्ष मल्लका जेठा छोरा राय मल्लका सन्तानले शासन गरे। भक्तपुरका राजाहरूमध्ये जितामित्र मल्ल, भूपतिन्द्र मल्ल र रणजित मल्ल नामुद शासक थिए। भक्तपुर शहरलाई सौन्दर्यमय बनाउने राजा भूपतिन्द्र मल्लको ठूलो देन थियो। बनेपामा रण मल्लका सन्तानले एक दुई पुस्ता राज्य गरी सकेपछि भक्तपुरले बनेपा गाभ्यो। कान्तिपुरमा रत्न मल्लले दाउपेच गरी स्थानीय बाह्र ठकुरीहरूलाई मारी स्वतन्त्र

---

१ Vaidya, T. R.—Devaladevi, The wife of Harisimhadeva, Nepal Review, Feb. 1969

२ धनवज्र वज्राचार्य–डोयहरू को हुन् ? पूर्णिमा, इतिहास संशोधन मण्डल, काठमाडौं, भाग ४ पृष्ठ २०–३१ गोपाल वंशावली पृष्ठ ४२ ख–४३ क. आदि

३ धनवज्र वज्राचार्य–कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा, कर्णाली प्रदेश, सं. भीमप्रसाद श्रेष्ठ, जुम्ला, २०२८, पृष्ठ ११–६२

४ गोपाल वंशावली, पृष्ठ २८ ख; धनवज्र वज्राचार्य आदि (संपादक) इतिहास संशोधनको प्रमाण प्रमेय, पृष्ठ ९२–९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राज्य खडा गरेका थिए। राय मल्लसँग विद्रोह गरी रत्न मल्लहरूले जुन विरोधी दल खडा गरेका थिए त्यसमा जयसिंह पनि थिए। जयसिंह यक्ष मल्लका जुवाइं थिए। विरोधी दलमा फूट फैलिए पछि जयसिंहले मौका छोपी ललितपुरमा आफ्नो शासन कायम गरे। ललितपुरका पहिला स्वतन्त्र राजा विष्णुसिंह थिए।[१] कान्तिपुरका मल्ल राजाहरूको आँखा ललितपुरमा अधिदेखि लागिरहेको थियो। कान्तिपुरका राजा शिवसिंहले आक्रमण गरी ललितपुरलाई कान्तिपुरमा मिलाए।[२] त्यहाँको बर-बन्दोवस्त मिलाउन आफ्ना छोरा हरिहर सिंहलाई खटाएका थिए। हरिहर सिंहले आफ्नै अधिकारमा ललितपुर राख्ने उद्योग गरे। तर बाबु छँदै हरिहर सिंहको मृत्यु भएकोले जेठा नाति लक्ष्मी नरसिंह काठमाडौंको उत्तराधिकारी बने। शिवसिंहको मृत्युपछि कान्तिपुरमा लक्ष्मी नरसिंह र पाटनका राजा सिद्धि नरसिंहले वि.सं.१६७७ मा एकानी शत्रु एकानी मित्र गरी सन्धि गरे। भाइहरूले आफूसँग विद्रोह गरी चारैतिरको राज्य टुक्र्याई दिएपछि वाग्मती नदीको पूर्वपट्टिमात्र राय मल्लको राज्य रह्यो। लक्ष्मी नरसिंहलाई नजरबन्दीमा[३] राखी सन् १६४१ मा प्रताप मल्लले कान्तिपुरको राज्य आफ्नो हातमा लिए। प्रताप मल्ललाई पाटन छुटेको मन परेको थिएन। उनले पाटन माथि आक्रमण गरे। नेपालबाट तिब्बत पस्ने कुती तथा किरोंग नामक दुई प्रसिद्ध भञ्ज्याङहरू माथि उपत्यकाका राजाहरूको अधीन भएको कुरा त्यसताका तिब्बत जाने युरोपका यात्रीहरूले लेखेका छन्।

यात्रा गर्ने यात्री डेसिडेरीले "धेरै भएको छैन कुतीको किल्ला तथा प्रदेश काठमाडौंका राजाको १६१६ तथा १६२१ ई. का माझमा नेपालबाट तिब्बत अधीनमा थिए तथा अचेल ती ह्लासाका अधीनमा छन्" र किरोङ्गको विषयमा "किरोङ्ग प्रदेशबाट दक्षिण हिंडेपछि मानिस नेपालका दोस्रो सानो राजाको पाटन राज्यमा पुग्छ" भनी लेखेको छ।[४] यताबाट यो समयमा किरोङ्गको बाटो पाटनका अधीनमा भएको तथा कुतीको बाटो काठमाडौंको अधीनमा भएको बुझिन्छ। फेरि तिब्बतको सीमा प्रदेशका भञ्ज्याङ वा त्यसको अञ्चलको भूमिमा झगडा भइरहन्थ्यो तथा ती भूमि माथि अधिकार परिवर्तन पनि भइरहन्थ्यो। पछि भोटका राजाको अधीनमा भएका कुती, खासा, किरोङ्ग आदि स्थान प्रताप मल्लले जिते। सिद्धिनरसिंह राजर्षि भएपछि उनका छोरा श्री निवास मल्ल पाटनको सिंहासनमा बसे। यिनी राजा हुनेबित्तिकै फेरि काठमाडौंसँग हात छाडाछाड भयो। श्री निवास मल्ल भादगाउँका जगत प्रकाश मल्लसँग मिले औ दुवैथरीले काठमाडौंका प्रताप मल्लसँग लडाइँ थाले। समान शक्ति भएका तीन राज्यमध्ये जुन दुई राज्य मिले पनि तेस्रो राज्यलाई सहजै हराउन सक्थे।[५] तर निश्चित नीति लिएका शासक कोही थिएनन्। जो हात सोसाथ भने झैं जो जोसित जुन बेला फाइदा हुन्थ्यो त्यसैसित हात मिलाउँथे।

दोलखाको इतिहास

दोलखामा शासकहरूको पहिलो प्राप्त शिलालेख राजा उद्धव देवको हो। त्यसपछि नन्ददेव,

---

१ धनवज्र वज्राचार्य आदि (सं.) इतिहास संशोधनमण्डलको प्रमाण प्रमेय, पृष्ठ २–१७

२ ऐजन ऐजन पृष्ठ १५

३ Wright, D. (ed.)—History of Nepal, Sushil Gupta Pvt. Ltd., Calcutta, 1958 p. 128

४ Desideri, Filippo Ippolito—An Account of the Kingdom of Tibet, Book 4, Chapter I

५ सूर्यविक्रम ज्ञवाली – नेपाल उपत्यकाको मध्यकालीन इतिहास, रायल नेपाल एकाडेमी, काठमाडौं, २०१९, पृष्ठ १४७, १५० र १८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उजोत देव आदि देखापर्दछन्। वि. सं. १५९१ मा दोलखाका राजा गोविन्ददेवको मृत्यु भयो। यसपछि राजगद्दीमा इन्द्रसिंह बसे। इन्द्रसिंह देव नेपालमा चाँदीको मोहर आफ्नो नामबाट प्रचलनमा ल्याउने सर्वप्रथम राजा हुन्। दोलखाका राजा इन्द्रसिंहको टकको नक्कल गरी कान्तिपुरका राजा महेन्द्र मल्लले आफ्नो नामाङ्कित मोहर छापे। इन्द्रसिंहको मृत्युपछि नारायण सिंह (जयनारायण) दोलखाका राजा भए। दोलखाका प्रसिद्ध राजा इन्द्रसिंह देवले उपत्यकाका राजाहरूसँग सन्धि गरी मित्रता कायम गरेका थिए। जयनारायणको पालामा पनि सम्बन्ध कायमै थियो तापनि पछि कान्तिपुरका राजा शिवसिंहले ललितपुरमा आक्रमण गरी त्यहाँका शासक भएर रहेका पुरन्दरसिंहलाई परास्त गरी आफ्नो अधिकार जमाए। यसैगरी कान्तिपुरका राजा शिवसिंहले दोलखामा आक्रमण गरी त्यहाँका राजा भीष्मदेवलाई परास्त गरी दोलखा ठकुराईमा पनि आफ्नो आधिपत्य स्थापना गरी सदाको लागि दोलखा ठकुराईको उन्मूलन गराए।[१]

वि. सं. १७७३ मा कान्तिपुरमा महामारी शुरू भएपछि ललितपुर र भक्तपुरमा पनि फैलिन पुग्यो। यस महामारीले भास्कर मल्लको (जो ललितपुरको पनि शासक थिए) मृत्यु भयो।

वि. सं. १७७९ मा भक्तपुरका राजा भूपतिन्द्र मल्लको देहान्त भयो र तिनका छोरा रणजित मल्ल राजा भए। कान्तिपुर र ललितपुरका राजा महिन्द्र सिंहको देहान्त पछि जगज्जय मल्ल गद्दीमा बसे।

सेन वंश

पाल्पाका राजा मुकुन्द सेनले आफ्नो वृहत् राज्यलाई आफू जिउँदैमा चार भाग लगाए।[२] त्यसमा लोहाङ सेनको भागमा मकवानपुर पर्‍यो। लोहाङ सेन एक बहादुर तथा महत्वाकाँक्षी राजा थिए। यिनले आफ्नो राज्यको विस्तार पूर्वी भागमा गरे। यसप्रकार वरिया नदीदेखि पूर्वमा महानन्दा नदीसम्मको क्षेत्र यिनैको अधीनमा थियो।[३]

गोरखाका शाहवंशको इतिहास

द्रव्य शाहले वि. सं. १६१६ (सन् १५५९) मा गोरखा नामक नयाँ ठकुराईको जग बसाले। वि.सं. १६६६ मा राम शाह राजा भए। राम शाह पछि यिनका छोरा नातिका क्रमले डम्बर शाह, कृष्ण शाह र रुद्र शाह गोरखाको गद्दीमा बसे। रुद्र शाहपछि पृथ्वीपति शाह गोरखाका राजा भए। ठीक यसै समयमा विजयपुरको राजकुलमा गृह युद्धको सूत्रपात भयो। विजयपुरको यस लडाइँमा मुख्य गरेर ललितपुरका राजा श्रीनिवास मल्ल (सिद्धिनरसिंह मल्लका छोरा) ले भाग लिएर गोरखाका राजा पृथ्वीपति शाह, तनहुँका राजा दिग्विजय सेन र भक्तपुरका राजा जगतप्रकाश मल्ललाई पनि सम्मिलित गराएर मकवानपुरमा शुभ सेनको आधिपत्य स्थापना गर्न सहायता गरेका थिए। प्रताप मल्लका अन्तिम समयमा ललितपुरमा श्रीनिवास मल्लको प्रशासन चलेको

१ धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको माथि उल्लिखित किताब, पृष्ठ ३८–४०

२ Hamilton, F.B. — An Account of the Kingdom of Nepal, Manjusri Publishing House, New Delhi, 1971, p, 131-32

३ ऐजन ऐजन पृष्ठ ३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थियो र ललितपुरसँग गोरखालीको मित्रता कायमै थियो। गोरखालीका विरोधी प्रताप मल्लका शेषपछि नृपेन्द्र मल्लसँग मैत्रि सम्बन्ध गर्न आवश्यक देखेर पृथ्वीपति शाहले वि. सं. १७३५ मा कान्तिपुर दरबारको मोहनचोकमा ललितपुर र भक्तपुरका भारदारहरूका समक्ष पगरी साटी मित्यारी लगाए।[1]

लमजुङले पेल्दै ल्याएको गोरखाको स्वातन्त्र्य यिनले बडो कौशल बुद्धिले रक्षा गरेका हुन्। पृथ्वीपति शाहका छोरा वीरभद्र शाह बाबु छँदै परलोक भएका हुनाले उनका छोरा नरभूपाल शाह बाजेको शेषपछि गोरखाको राजगद्दीमा बसे। भक्तपुर तथा ललितपुरको लडाईँमा वि. सं. १७८२ मा यिनले भक्तपुरको मद्दत गरेका थिए। वि.सं.१७९४ मा नरभूपाल शाहले काजी महेश्वर पन्त र जयन्त रानाको मातहतमा नुवाकोट हान्न सैन्य पठाएका थिए। यसमा कान्तिपुर तथा ललितपुरको सैन्यको सामना गर्न नसकी गोरखाली सैन्य हट्यो। नुवाकोटको आफ्नो आक्रमण असफल भएपछि नरभूपाल शाह ज्यादै चिन्ताग्रस्त भए।

राष्ट्रनिर्माता पृथ्वीनारायण शाह

नरभूपाल शाह स्वर्गे भएपछि पृथ्वीनारायण शाह वि. सं. १७९९ मा राजगद्दीमा बसे। आफू राजा भएपछि एकपल्ट पृथ्वीनारायण शाहले नुवाकोट आक्रमण गरे तर हारेर फर्कनुपर्दा उनी काशी गए। काशीबाट केही हातहतियार लिई पृथ्वीनारायण शाह गोरखा फर्केर वि. सं. १८०१ मा नुवाकोट आक्रमण गरे। त्यसपटक गोरखालीको विजय भयो। नुवाकोट तिब्बतबाट नेपाल पस्ने पश्चिमतिरको ढोका नै हो। आफ्नो राज्यको एउटा मुख्य ढोका तथा एउटा उर्वर प्रदेश शत्रुका हात पर्दा नेपालका राजाहरूको विशेषतः काठमाडौंका राजा जयप्रकाश मल्लको ठूलो शक्ति ह्रास भयो। नुवाकोट विजय गरी पृथ्वीनारायण शाह त्यहीं बसी सो प्रदेशका शासनको प्रबन्ध गर्न लागे।[2]

नुवाकोट जितेपछि कान्तिपुरकै ठकुराईमा रहेको सिन्धुपाल्चोक जिल्लाका साथ मिलेका काभ्रे-पलाञ्चोक जिल्ला, दोलखा जिल्ला र तामाकोशीदेखि पूर्वपट्टि दूधकोशीसम्मको विस्तृत भूभाग एकै धानमा जितेर कान्तिपुरका ठकुराईलाई काठमाडौं उपत्यका भित्रमात्र सीमित गराउने तजबीज गरेका थिए। पृथ्वीनारायण शाहले नुवाकोट दखल गरेपछि रणजित मल्लले आफ्नो गुमेको काभ्रेपलाञ्चोक जिल्लाको बदलामा साँखु र मनोहराको सीमाना भएर रहेको चाँगु मौजा पनि आफ्नो निमित्त दखल गरिदिनालाई ताकिता गरिरहेका थिए।[1]

नुवाकोट विजयको महत्व अनुभव गरी पृथ्वीनारायण शाह उपत्यकाको चारैतिर नाकाबन्दी गर्ने प्रयत्नमा लागे। उनले वि. सं. १८०३ मा नालदुम र महादेवपोखरी आफ्नो अधिकारमा पारे। पृथ्वीनारायण शाह खास उपत्यकातिर लम्किन लागेको देख्दा भादगाउँ अलि सशंकित हुन लाग्यो। यो देखी पृथ्वीनारायण शाहले नालदुम र महादेव पोखरीमा आफ्नो फौज राखे तापनि यिनको छिमेकी भाग रणजित मल्ललाई दिए। वि. सं. १८११ तिर जयप्रकाश मल्लले गोरखालीलाई महादेव पोखरी र नालदुमबाट धपाए। नालदुम चाहिं

---

१. बाबुराम आचार्य–श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग १, पृष्ठ २–१४

२. सूर्यविक्रम ज्ञवाली–पृथ्वीनारायण शाह, दार्जिलिङ्ग, १९९२, पृष्ठ ६९–७३

३. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ८६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जयप्रकाश मल्लको हातमा परेको पर्‍यौं भयो। यसपछि पृथ्वीनारायण शाहले अर्को आर्थिक नाकाबन्दीको लागि दहचोक उपर आक्रमण गरे। नेपाल र भोटको व्यापार केरुङको बाटो छोडी कुतीतिरबाट लामिडाँडा हुँदै चल्न लागेको थियो। पृथ्वीनारायण शाहले लामिडाँडा उपर आधिपत्य जमाई यो बाटो पनि थुनिदिए। यसको साथै गोरखालीहरूले भादगाउँको अधीन भएको दोलखा उपर पनि अधिकार जमाए। चारैतिरबाट पृथ्वीनारायण शाहले नेपाल खाल्डालाई घेरी बाहिरतिरको सम्बन्ध छुटाइदिए जस्तै गरे। वि. सं. १८१४ मा पृथ्वीनारायण शाहले कीर्तिपुरमा आक्रमण गरे। कान्तिपुरका राजा जयप्रकाश मल्लसँग पृथ्वीनारायण शाहको पहिलेदेखि नै शत्रुता छँदै थियो। भक्तपुरका राजा रणजित मल्ल पनि पृथ्वीनारायण शाहसँग चिढिइसकेका थिए। यसैले तीनै राज्य मिलेर गोरखालीका उपर जाइलागे। गोरखालीको हार भयो। लडाईंमा हार खानु परे तापनि नेपाल खाल्डाका वरिपरिका शिवपुरी आदि चुलीमा आक्रमण गरी गोरखाली सैन्यले आफ्नो किल्ला जमाउँदै लग्यो। दोस्रो पटक आक्रमण गर्दा पनि गोरखाली सैन्य कीर्तिपुरमा घुस्न सकेन।

तराईतिरबाट मकवानपुर हुँदै केही वस्तुको निकासी पैठारी भइरहेको देखेर पृथ्वीनारायण शाह त्यसलाई पनि रोक्न उत्सुक थिए। फेरि उपत्यकाका राजाहरूले अनुरोध गरेको खण्डमा अंग्रेजहरू पनि मकवानपुरको बाटो आउन सक्तथे।[१] मकवानपुरका राजा हेमकर्ण सेनकी छोरीसँग पृथ्वीनारायण शाहको विवाह भएको थियो। हेमकर्णका छोरा दिग्वन्धन सेन सबै व्यवहार पृथ्वीनारायण शाहको विरुद्धमा गर्थे तथा नेपाल खाल्डाका राजालाई मद्दत गर्दथे। वि. सं. १८१९ मा गोरखाली सैन्यले मकवानपुरमा आक्रमण गरी दिग्वन्धन सेनको सैन्यलाई हराए। मकवानपुर विजयपछि पूर्व दूधकोशीसम्मका पहाडी प्रान्त र पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरीसम्म पनि आफ्नो अधिकार फैलिनाले पृथ्वीनारायण शाहको शक्ति झन् झन् बढ्न लाग्यो। यति भएपछि सिन्धुली गढी पनि पृथ्वीनारायण शाहले कब्जा गरे। वि. सं. १८२० मा बङ्गालका नवाव मीरकासिमले आफ्नो प्रभुत्व बढाउन नेपालतिर अधिकार फैलाउने उद्योग गरेका थिए। मीरकासिम आफू बेतियामा बसी आफ्ना सेनापति गुर्गिन खाँलाई मकवानपुर हान्न पठाए। घोर घमासान लडाइँ भयो। गोरखालीहरूले लखेट्दै गए। यति भएपछि सिन्धुलीतिरबाट पश्चिमतिर बढी धुलिखेल, बनेपा आदि कब्जा गरी गोरखालीले भक्तपुरलाई पूर्वतिरबाट घेरिदिए। वि. सं. १८२३ मा तेस्रो पटक कीर्तिपुरमा आक्रमण गर्दा कीर्तिपुरेहरूले आत्मसमर्पण गरे। चारैतिर दखल गरी सबैसित सम्बन्ध विच्छेद गराई नेपाल खाल्डालाई घेर्नमा पृथ्वीनारायण शाह सफल भए।

पृथ्वीनारायण शाहको उछित्तो गर्न विदेशी व्यापारीले अंग्रेजी इष्ट इण्डिया कम्पनीलाई उचाल्नसम्म उचालेका थिए। आखिरमा जयप्रकाश मल्लको आह्वानमा कप्तान किनलक सैन्य लिएर जनकपुरको बाटो गरी सिन्धुलीगढीबाट पृथ्वीनारायण शाहसँग लड्न आए। सिन्धुलीगढीमा अंग्रेजी फौज आएपछि भिषण लडाईं भयो र गोरखालीले अंग्रेजी फौजलाई ध्वस्त पारे। वि. सं. १८२५ मा इन्द्रजात्राको दिनमा पृथ्वीनारायण शाहको सेनाले कान्तिपुर आक्रमण गर्‍यो। केही बेर लडाईं भयो। आखिरमा जयप्रकाश मल्ल कान्तिपुर छोडेर ललितपुरका राजा तेजनरसिंह मल्लको आश्रयमा पुगे। कान्तिपुरका प्रजाले पृथ्वीनारायण शाहको दर्शन गरी राजभक्ति देखाए। यसको लगत्तैपछि ललितपुरका छ प्रधान (काजीहरू) ले पृथ्वीनारायण शाह समक्ष आत्मसमर्पण गरे। तेजनरसिंहको साथमा जयप्रकाश मल्ल भक्तपुरतिर लागे। कान्तिपुर तथा ललितपुरका राजालाई भक्तपुरका राजा रणजित मल्लले आफ्नो आश्रयमा राखे। वि.सं.१८२६ मा गोरखाली फौजले भक्तपुरमा घेरा हाल्यो।

१. बालचन्द्र शर्मा—नेपालको ऐतिहासिक रुपरेखा, वाराणसी, २००८, पृष्ठ २२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आखिर जयप्रकाश मल्ल घाइते भएपछि रणजित मल्लले आत्मसमर्पण गरे। यसरी मकवानपुर, कान्तिपुर, ललितपुर तथा भक्तपुर यी चार राज्यलाई जिती पृथ्वीनारायण शाहले आफ्नो राज्यमा गाभे। यदाकदा गोरखा गए तापनि स्थायी रुपले पृथ्वीनारायण शाह काठमाडौंमा नै बस्न थाले। आफू बस्नको निमित्त उनले हनुमान ढोकाको दरबारनिर वि. सं. १८२६ मा एउटा दरबार बनाए जुन वसन्तपुर दरबारको नामले अद्यावधि प्रसिद्ध छ। मकवानपुर तथा नेपाल खाल्डो दखल गरेपछि पृथ्वीनारायण शाह पूर्व- पश्चिम दुवैतिर राज्य फैलाउने उद्योगमा लागेकै थिए। वि. सं. १८३१ मा नुवाकोट गएको बेला ५२ वर्षको उमेरमा पृथ्वीनारायण शाहको देहान्त भयो।

विस्तृत नेपालको इतिहास

पृथ्वीनारायण शाहको मृत्युपछि उनका जेठा छोरा प्रतापसिंह शाह नेपालका राजा भए। दुई वर्ष नौ महीना राज्य गरी प्रतापसिंह शाहको मृत्यु भयो र उनका छोरा रणबहादुर शाहलाई राजगद्दीमा राखेर बहादुर शाहले नायब बनी नेपालको राजकाज चलाउन थाले। तर राजेन्द्रलक्ष्मीदेवीले चाँडै नै बहादुर शाहलाई कैद गरी छोराको नायब बनिन्। नौ वर्षको नायबीमा नेपाल राज्यको पश्चिमी सरहद निक्कै विस्तृत तुल्याएपछि वि. सं. १८४३ मा राजेन्द्रलक्ष्मीको मृत्यु भयो। रणबहादुर शाहको नायबी पाउनासाथ बहादुर शाहले पश्चिम विजयको कार्यक्रमतिर ध्यान दिए।

भोटसँग सम्बन्ध

भोटसँग नेपालको सम्बन्ध स्रोङचङगम्पोको पालादेखि भइसकेको थियो। भोटसँगको व्यापारको सम्बन्ध पनि नयाँ होइन। यक्ष मल्लको पालासम्म पनि नेपाल राज्य ज्यादै छिन्न भिन्न नभइसकेको हुनाले भोटका कुती, केरुङ आदि प्रान्तमा नेपालकै अधिकार थियो। त्यस पछि केही समय सम्म यो अधिकार नेपालले गुमायो। पछि कान्तिपुरका राजा प्रताप मल्लले कुती, केरुङ सम्म आफ्नो अधिकार फैलाई नेपालसँग भोटको सम्बन्ध कायमै राखे। उहिलेदेखि भोटमा नेपाली टक चल्दथ्यो। नेपाल र भोटका बीचफेरि टकैबाट वैमनस्यको बीउ रोपियो। भोटका लामाहरू चीनको धाकबाट नेपाललाई दबाउने उद्योगमा लागे। वि. सं. १८४५ मा कुती र केरुङतिर नेपाली सेनाले आक्रमण गऱ्यो। कुतीको बाटो शिकारजोङ र केरुङको बाटो झुङ्गासम्म नेपाली फौज पुग्यो। यसरी नेपालीको विजय भएपछि सन्धिको कुरा चलाउन लागे। सेनापति चाङ्गचुङ्गको मध्यस्थतामा नेपाल र भोटका दूतहरूले सन्धि गरे। सो सन्धि बमोजिम भोटले हर्जानास्वरुप ५०,००० रूपैयाँ तिर्ने[१] तथा नेपालले भोटमा कब्जा गरेको सबै ठाउँ छाडिदिने निश्चित भयो। सन्धि बमोजिम भोटले नेपाललाई बुझाउनु पर्ने रूपैयाँ एक वर्ष मात्र बुझायो तर भोटले सो तोडी नेपाललाई दबाउने निश्चय गरिसकेको थियो। आखिर वि. सं. १८४८ मा दामोदर पाण्डेको मातहतमा एक नेपाली फौज कुतीको बाटो गयो। अनेकन लडाई विजय गर्दै टशी लामाको केन्द्र डिगर्चा पुग्यो। अर्को फौज अभिमानसिंह वस्नेतको मातहतमा केरुङको बाटो भोट पस्यो। भोटका दलाईलामा, टशीलामा र शाक्यलामाहरूले चीनसँग सहायता मागे। टुङ्याङका मातहतमा नेपालको जम्मै राज्य दखल गर्ने भनी कुकुरघाट भई केरुङको बाटो नेपालतिर सैन्य लम्क्यो। लडाईं पर्दा केरुङबाट नेपाली फौज रसुवाको बाटो हट्दै धुन्चेसम्म

१. योगी नरहरिनाथ र नरेन्द्रमान सिंह वस्नेत—इतिहास प्रकाशनमा सन्धिपत्र संग्रह, पृष्ठ १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आयो। चीनिया फौज तीन मुख गरी वेत्रावती तरी हानिएर आयो। घोर घमासानको लडाईं भयो। वेत्रावती तर्दै शत्रुहरू भागेर गए। यसपछि टुङ्थाङ्ले नेपाल विजय गर्ने इच्छा छोडी सन्धि गर्ने पट्टि मन दिए। सन्धि बमोजिम चोखा टकको र मिसावटी टकको जो झगडा उठेको थियो सो शान्त भई झगडाको मूल जरो काटियो। व्यापार पूर्ववत चल्यो। नेपालबाट चीनका बादशाह कहाँ पाँच–पाँच वर्षमा राजदूत जाने बन्दोबस्त भयो। चीन दरबारमा नेपालबाट दूत भई काजी देवदत्त थापा गए।[1]

कप्तान किनलोकको पराजयपछि पनि इष्ट इण्डिया कम्पनीका अधिकारीहरू नेपालका राजनैतिक घटनाहरूको ध्यानपूर्वक निरीक्षण गर्दै थिए। रेजिडेण्ट जोनाथन डङ्कन मार्फत एक व्यापारिक सन्धिको प्रस्ताव नेपाल सरकार समक्ष पेश गर्दा बहादुर शाहले सन्धि उपर सन् १७९२ मा हस्ताक्षर गरे।[2] रणबहादुर शाह एवं तत्कालीन भारदारहरूको अनिच्छा एवं विरोधको फलस्वरुप ब्रिटिश फौजी मण्डल मात्र फर्किनु परेन कि कम्पनी सरकारसितको व्यापारिक सम्झौता पनि निष्क्रिय भई स्वतः भङ्ग हुन गयो। वि. सं. १८५१ देखि रणबहादुर शाहले बहादुर शाहलाई हटाई आफैंले शासन गर्न थाले। वि. सं. १८५५ मा रणबहादुर शाहले राज्य त्याग गरी सन्यास ग्रहण गरेपछि गीर्वाणयुद्ध विक्रम शाहको नामबाट नेपालमा शासन चल्न थाल्यो।

नेपाल-अंग्रेज युद्ध

रणबहादुर शाहले आफ्नो प्राण जाने बेलामा शासनभार भीमसेन थापालाई सुम्पी गीर्वाणयुद्ध विक्रम शाहलाई उनैको जिम्मा छोडेका थिए। भीमसेन थापाको हातमा असीम शक्ति आएपछि उनले गीर्वाणयुद्ध विक्रम शाहको नाममा नेपालको राज्य चलाउन लागे। यस समयमा पूर्व टिष्टादेखि लिएर पश्चिम शतद्रुसम्मको भू-भाग नेपाल राज्यमा सम्मिलित भयो। सीखहरूलाई नेपालको विरुद्ध पारेपछि फेरि सीमानाको झगडा अंग्रेजहरूले उठाए। अंग्रेजहरू जसरी भए पनि नेपाल हात लाउने विचारमा कम्मर कसी बसेका थिए। नेपाल राज्य दखल गर्न चारदल फौज पठाउने निश्चय गरी वि. सं. १८७१ (सन् १८१४) मा हेष्टिङ्गले लडाईंको घोषणा लखनउबाट गरे। यी चार दल मध्येका जनरल मोर्ले मकवानपुरको बाटो गरी काठमाडौं दखल गर्न हिंडेका थिए। नेपालभित्र पाइलो हाली पर्सामा र समरनपुर (रौतहट) मा अंग्रेज फौजले आफ्नो फिल्ला जमायो। कर्नेल रणबीर सिंहका आज्ञाले कप्तान सर्वजीत थापा र कप्तान वीर केशर पाण्डेले पर्सा र समरनपुरमा हमला गरे। सेनापति र सैन्यहरू मारिएपछि जनरल मोर्ले सुइँकुच्चा ठोके। हेष्टिङ्गले तिनलाई खारिज गरी जनरल जर्ज उडलाई खटाए। चुरेमा नेपाली सेनाका साथ लडाईं पर्दा अगाडि बढ्न नसकी अंग्रेजी फौज फर्क्यो। नेपाल हात्र आएका अंग्रेजहरूमध्ये जनरल अक्टरलोनी सबभन्दा चतुर थिए। नेपालीहरूलाई खालि हतियार र फौजको बलले जित्न असम्भव देखे। नेपाल र अंग्रेजको सन्धिको चर्चा चल्यो। नेपाली दूत र अंग्रेजी दूत बसी सुगौलीको सन्धि तयार पार्न लागे।

अंग्रेज तर्फबाट डिसेम्बर २, १८१५ मा बादशाले सन्धिमा हस्तक्षर गरे।[3] यस अनुसार नेपालले

---

१. तोत्रराज र नयराज–नेपालको संक्षिप्त इतिहास, काठमाडौं, २००४, पृष्ठ १२०–२७

2. Aitchison, C.U. — Treaties, Sanads and Engagements, Govt. of India, 1929, Nepal No. xxiii

3. Ibid, No. xxv

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तराईको भू-भाग सबै गुमाउनु पर्‍यो र वर्षको दुई लाख अंग्रेजबाट पाउने शर्त थियो। यस्तो कठोर सन्धिको शर्तलाई नेपाल सरकारबाट मान्यता दिएन। फलतः युद्धको पुनरावर्तन भयो। अक्टरलोनी मकवानपु रबाट अगाडि बढे। कर्नल केली हरिहरपुरबाट अगाडि बढे। नेपाली सेनाहरूले बडो वीरताका साथ मुकाबिला गरे। यसै समयमा सन्धि गर्नुमा भलाइदेखि फेरि कुरा चल्यो। वि. सं. १८७३ पौष ४ गते (सन् १८१६ डिसेम्बर ८) मा अर्को शर्त अंग्रेज कम्पनी सरकार तर्फबाट नेपाल सरकारमा पेश भयो।[१] यस अनुसार नेपालले पेश गरेको शर्त अनुसार राप्तीदेखि कोशीसम्मको तराई भाग नेपालमा नै रह्यो र अंग्रेजतर्फबाट नेपाललाई वर्षको दुई लाख दिनु नपर्ने भयो। राप्तीदेखि कालीसम्मको भाग पछि जङ्गबहादुरले नोभेम्बर १, १८६० मा फिर्ता पाए।[२] पराजयको बदलालिने प्रयत्नमा भीमसेन थापा थिए। जहाँ उनी बिस्तारै बिस्तारै आफ्नो सामरिक शक्तिमा वृद्धि गर्दै थिए तर त्यसै समय भीमसेन थापा पदच्यूत गरिएकोले पाण्डेहरूको अभ्युदय भयो। दरबारिया षड्यन्त्रले गर्दा नेपाल एकातिर अन्तर्राष्ट्रिय जगत्मा ब्रिटिश शक्तिको मुखापेक्षी भयो अर्कोतिर कोतहत्या काण्डले राणा शासन शुरू भयो।

वि. सं. १९०३ मा कोतपर्व भएपछि जङ्गबहादुरलाई "प्राइमिनिष्टर" को साथै हातमा ठूलो शक्ति आएको थियो। वि. सं. १८४९ देखिको सन्धि अनुसार १९०९ मा गएका नेपाल सरकारका प्रतिनिधिहरूलाई बेइज्जत र कष्ट दिइएको र ल्हासास्थित नेपाली व्यापारीहरूलाई दुर्व्यवहारबाट नेपाल सरकार असन्तुष्ट भई भोटसँग मैत्री पूर्ण वातावरणमा कुरा हुन नसकेकोले नेपालले लडाइँको बन्दोबस्त गर्नु पर्‍यो। उनको इच्छा कुती र केरूङबाट भोट पस्ने थियो। वि. सं. १९११ मा बमबहादुर फौज लिई रसुवा भई केरूङतर्फ र धीर शम्शेर कुतीतर्फ दखल गर्न हिंडे। बमबहादुरले केरूङ सजिलैसँग दखल गरे। पछि जङ्गबहादुर स्वयं झुङ्गातिर बढे। कुतीतिरबाट धीर शम्शेर अगाडि बढी सुनागेम्वा गुम्बा कब्जा गरे। यति भएपछि तिब्बतीहरू नेपालसंग सन्धिको कुरा चलाउन लागे। आखिरमा कुरो केही टुङ्गो लागेन। भोटको फौजले कुतीमा र झुङ्गातिर आक्रमण गर्‍यो तर हार खाई फर्क्यो। आखिर वि. सं. १९१३ मा काठमाडौंमा भोटका दूतहरू आई सन्धिपत्रमा सहिछाप गरे। आखिरमा सन् १८५६ मार्च २४ तारिखमा नेपाल र भोट बीच सन्धि भयो।[३]

जनसंख्या

नेपाल अधिराज्यको कुल जनसंख्या १,१५,५५,९८३ (२०२८ साल) मध्ये यस मध्यमाञ्चल विकास क्षेत्रमा मात्र ३८,६५,७५३ जनसंख्या छ। अर्थात् अधिराज्यको कुल जनसंख्याको तुलनामा यहाँको जनसंख्या ३३.५ प्रतिशत हुनआउँछ तर कुल भू-भागको दृष्टिकोणबाट नेपालको १,४५,३०५ वर्ग किलोमिटरमध्ये यस क्षेत्रमा २८,२५० वर्ग किलोमिटर अर्थात् कुल भू-भागको १९.४ प्रतिशत मात्र पर्दछ। यसअनुसार यस क्षेत्रको भू-इलाका पूर्वाञ्चल विकास क्षेत्रको भू-इलाका बराबर छ। तर जनसंख्या र भू-इलाकाको आपसी तुलना गर्दा यस क्षेत्रमा अधिराज्यको कुल जनसंख्याको ३३.५ प्रतिशत जनसंख्या भएको हुनाले नेपालको अन्य विकास क्षेत्रहरूमाभन्दा यहाँ जनसंख्याको चाप बढी नै छ भन्ने कुरा स्पष्ट देखिन्छ।

---

१. Aitchison को माथि उल्लिखित किताब, नं. xxvi

२. ऐजन xxxiii

३. योगी नरहरिनाथ र नरेन्द्रमान सिंह बस्नेत– माथि उल्लिखित किताब, पृष्ठ २८–३०.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आञ्चलिक दृष्टिकोणले विचार गर्दा यस विकास क्षेत्रभित्र पर्ने तीनवटा अञ्चलहरूमध्ये जनकपुर अञ्चलमा १२,६५,७५५, वागमती अञ्चलमा १४,६६,६७१ र नारायणी अञ्चलमा ११,०३,०२७ जनसंख्या छन्। तर यहाँका अञ्चलहरू गठन गरिंदा पहाड तथा तराईको बीचको आपसी सम्बन्धलाई अझ बढावा दिई राष्ट्रिय एकतालाई सुदृढ पार्ने उद्देश्य राखिएको थियो। त्यसैले अधिराज्यको धेरैजसो अञ्चलहरू तराई इलाका र पहाडी इलाकाहरू समावेश गरी गठन भएकाछन्। तर हाल नेपाल अधिराज्यको जनसंख्यामा जुन गतिशीलता देखापरेको छ त्यसको निम्ति यस विकास क्षेत्रलाई प्रशासनिक अञ्चलहरूको दृष्टिकोणले हेर्नुभन्दा भौगोलिक दृष्टिकोणले हेर्नु अर्थपूर्ण हुने हुनाले यस विकास क्षेत्रको जनसंख्या सम्बन्धी विश्लेषण यस सारांशको शुरूमा भनिए जस्तो भौगोलिक इलाकाहरूको आधारमा गरिएको छ।

यस क्षेत्रको जनसंख्याको आन्तरिक विभाजनलाई हेर्दा काठमाडौं उपत्यका समेत यहाँका चारवटा भौगोलिक इलाकाहरूमा जनसंख्याको वितरण निम्नलिखित तालिकाबमोजिम देखिन्छ :–

काठमाडौं क्षेत्रको जनसंख्या तथा जन घनत्व सम्बन्धी तालिका

भौगोलिक क्षेत्र	जिल्लाहरूको	जनसंख्या❀			क्षेत्रफल★	प्रतिवर्ग कि.मि.
	संख्या	पुरुष	महिला	जम्मा	(वर्गकिलोमिटरमा)	जनघनत्व
हिमाली इलाका	३	१,७७,१४५	१,७६,७७८	३,५३,९२३	५,८४६	६०
प्रतिशत		(९.०)	(९.३)	(९.२)	(२०.७)	
पहाडी इलाका	६	५,६१,६९०	५,६०,९९३	११,२२,६८३	११,७९७	९५
प्रतिशत		(२८.६)	(२९.५)	(२९.०)	(४१.८)	
काठमाडौं उपत्यका	३	३,१९,०९२	२,९९,८१९	६,१८,९११	१,०९७	५६४
प्रतिशत		(१६.२)	(१५.८)	(१६.०)	(३.९)	
तराई इलाका	७	९,०६,६९९	८,६३,५३७	१७,७०,२३६	९,५१०	१८६
प्रतिशत		(४६.२)	(४५.४)	(४५.८)	(३३.७)	
जम्मा:–	१९	१९,६४,६२६	१९,०१,१२७	३८,६५,७५३	२८,२५०	१३७
प्रतिशत		(१००)	(१००)	(१००)	(१००.१)	

स्रोतः– ❀ राष्ट्रिय जनगणना २०२८

★ श्री ५ को सरकार नापी विभाग

उपर्युक्त तालिकाबाट देखिएअनुसार यस क्षेत्रभित्र पर्ने विभिन्न भौगोलिक इलाकहरूमा ती इलाकाहरूको प्रकृति अनुसार जनसंख्याको वितरण फरक फरक भएको स्पष्ट देखिन्छ। जस्तो कि हिमाली क्षेत्रमा पर्ने तीन जिल्लाहरू अन्तर्गत विकास क्षेत्रको कुल इलाकाको २०.७ प्रतिशत भू-भाग पर्दछ भने जनसंख्याको जम्मा ९.२ प्रतिशत मात्र त्यहाँ बस्ने देखिन्छ। फलस्वरूप यहाँको जनघनत्व जम्मा प्रति वर्ग किलोमिटर ६० जना मात्र छन्। त्यहाँबाट दक्षिणमा पर्ने पहाडी भागमा हेर्ने हो भने कुल भू-भाग (४१.८ प्रतिशत) को तुलनामा जनसंख्या २९.० प्रतिशत छ र यसरी यहाँको जनघनत्व प्रतिवर्ग किलोमिटर ९५ पुगेको छ। तर काठमाडौं उपत्यकाभित्र पर्ने तीन जिल्लाहरुमा शहरी क्षेत्र धेरै भएको हुनाले यहाँको भू-भाग विकास क्षेत्रको कुल भू-भागको ३.९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिशत मात्र भए तापनि जनसंख्या १६.० प्रतिशत हुन आएको छ र यसरी यहाँको घनत्व प्रति वर्ग किलोमिटर ५६४ छ। तराई क्षेत्रमा पुगेपछि कुल क्षेत्रको ३३.७ प्रतिशत जग्गामा ४५.८ प्रतिशत जनसंख्या बसोबास गर्ने भएकोले जनघनत्व १८६ पुगेको छ।

यस तथ्याङ्कलाई काठमाडौं उपत्यकालाई अलग्ग पन्छाएर विचार गर्ने हो भने हिमाली, पहाडी र तराई भागमा त्यहाँ बसेका जनसंख्याको तुलनामा भू-भागको परिमाण क्रमशः घट्दै गएको देखिन्छ र तराईमा नै जनसंख्याको चाप बढी परेको देखिन्छ।

जनसंख्या वृद्धिको दृष्टिकोणबाट २०१८ को जनगणनाको तथ्याङ्कलाई २०२८ को तथ्याङ्कसित तुलना गर्न जिल्लाहरूको भौगोलिक सीमाना हेरफेर भएको हुनाले यी विभिन्न इलाकाहरूको बीच आपसी तुलना सम्भव छैन तर त्यति बेलाको प्राकृतिक सीमाना हालकोसँग मिल्ने हुनाले सम्पूर्ण विकास क्षेत्रको तत्कालीन र वर्तमान जनसंख्याको आपसी तुलना सम्भव हुन्छ। साथै पर्सा जिल्लादेखि धनुषा जिल्लासम्मको इलाकामा सर्लाही जिल्लाको उत्तरको एउटा साह्रै सानो अंश सिन्धुली जिल्लामा पर्न गएको छ तापनि यसमा पनि तुलना गर्दा जनसंख्या परिवर्तन बारे केही अनुमानसम्म लगाउन सकिने देखिन्छ। यी तुलनाहरूलाई तल एउटा तालिकाको रूपमा प्रस्तुत गरिएको छः—

२०१८ र २०२८ सालको बीच जनसंख्या
वृद्धि सम्बन्धी केही इलाकाको तुलना

तुलना गरिएको इलाका	२०१८ सालको जनसंख्या	२०२८ सालको जनसंख्या	२०१८ सालको तुलनामावृद्धि संख्या	प्रतिशत
नेपाल अधिराज्य	९४,१२,९९६	१,१५,५५,९८३	२१,४२,९८७	२२.८
मध्यमाञ्चल विकास क्षेत्र	३०,७२,५९६	३८,६५,७५३	७,९३,१५७	२५.८
पर्सादेखि धनुषाको क्षेत्र	१२,५७,५३६	१५,८६,५९२	३,२९,०५६	२६.२

स्रोतः— राष्ट्रिय जनगणना २०१८ र २०१८

उपर्युक्त तालिकाबाट यस मध्यमाञ्चल विकास क्षेत्रमा २०१८ देखि २०२८ को बीचको दशकभित्र जनसंख्याको वृद्धि दर नेपाल अधिराज्यकोभन्दा केही बढी भएको देखिन्छ। साथै यस क्षेत्रभित्र पर्ने पर्सा जिल्लादेखि धनुषा जिल्लासम्मको इलाकामा यस क्षेत्रको वृद्धिदरभन्दा पनि केही बढी भएको देखिन्छ। यसरी नेपाल अधिराज्यको वृद्धि दरलाई सामान्य वृद्धि दर मान्ने हो भने यस विकास क्षेत्र तथा पर्सादेखि धनुषासम्मको इलाकामा भएको जनसंख्या वृद्धिमा आप्रवजनको पनि भूमिका छ भन्ने स्पष्ट देखिन्छ। मध्यमाञ्चल क्षेत्र अधिराज्यको राजधानी भएको क्षेत्र हुनुको साथै यहाँ चितौन उपत्यका जस्तो बस्ती बढ्दै गएको ठाउँ, हेटौंडा जस्तो विकासोन्मुख औद्योगिक तथा शहरी क्षेत्र, वीरगञ्ज जस्तो व्यापारिक तथा औद्योगिक केन्द्र भएको क्षेत्र भएकोले यहाँ आप्रवजनबाट जनसंख्याको वृद्धि हुनु सामान्य नै मान्नुपर्दछ। यसै गरी पहाडी जनसंख्या तराईतिर बसाइँ सर्ने प्रक्रिया पनि केही वर्ष यतादेखि चल्दै आएको हुनाले यसैकारणबाट यहाँ राष्ट्रिय वृद्धि स्तरभन्दा केही वृद्धि हुन गएको देखिन्छ। सारांशमा यस विकास क्षेत्रका सम्पूर्ण इलाकाहरूमा जनसंख्या सम्बन्धी केही गतिशील प्रक्रियाहरू चालू छन् भन्ने कुरा यस तथ्याङ्कले इङ्गित गर्दछ।

गाउँ पञ्चायतहरू र शहरी ग्रामीण जनसंख्याको अनुपात जसरी यस क्षेत्रभित्र विभिन्न भौगोलिक इलाकाहरूको जनघनत्वमा फरक परेको देखिएको छ त्यसै गरी पञ्चायतहरूको जनसंख्यामा पनि यो फरक देखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परेको छ । यस क्षेत्रभित्र जम्मा छवटा नगर पञ्चायतहरू पर्दछन् । यी हुन्– काठमाडौं (१,५०,४०२), भक्तपुर (४०,११२), ललितपुर (५९,०४९), हेटौंडा (१६,१९४), वीरगञ्ज (१२,९९९) र जनकपुर (१४,२९४) । यी नगर पञ्चायत क्षेत्रहरूमा स्वभावतः धेरै जनसंख्या रहेको छ । त्यसैले प्रति गाउँ पञ्चायतको औसत जनसंख्या पत्ता लगाउन सम्बन्धित जिल्लाहरूबाट उक्त नगर पञ्चायतहरू हटाउँदा बाँकी रहन आउने जनसंख्या तथा गाउँ पञ्चायतहरूलाई मात्र लिएर भौगोलिक इलाकाको आधारमा तल तुलना गरिएको छ ।

गाउँ पञ्चायतहरूको औसत जनसंख्या

भौगोलिक क्षेत्र	कुल गाउँ पञ्चायतहरू	गाउँ पञ्चायतमा बस्ने कुल जनसंख्या	प्रति गाउँ पञ्चायतको औसत जनसंख्या
हिमाली इलाका	१३३	३,५३,९२३	२,६६१
पहाडी इलाका	३२१	११,०६,४८९	३,४४७
काठमाडौं उपत्यका	१४३	३,६९,३४८	२,५८३
तराई इलाका	६२३	१७,४२,९४३	२,७९८
जम्माः–	१,२२०	३५,७२,७०३	२,९२८

उपर्युक्त तालिका अनुसार प्रति पञ्चायत जन-घनत्व तराईमाभन्दा पहाडी भागमा बढी देखिन्छ । सामान्य विश्वासअनुसार यातायतको सुगमताले गर्दा तराई क्षेत्रमा प्रति पञ्चायत जनसंख्या बढी हुन्छ भन्ने भए तापनि तथ्याङ्कले वास्तवमा पहाडी इलाकामा बढी भएको देखाउँछ । हिमाली क्षेत्रमा मात्र तराई पञ्चायतहरूको-भन्दा घनत्व कम छ ।

माथि उल्लेख गरिएअनुसार उक्त तालिकामा यस क्षेत्रभित्र पर्ने छ वटा नगर पञ्चायतहरू समावेश भएका छैनन् । यी नगर पञ्चायतहरूको कुल जनसंख्या २,९३,०५० छ । शहरी र ग्रामीण जनसंख्याको आधारमा तुलनात्मक दृष्टिकोणले हेर्ने हो भने यस क्षेत्रको कुल ७.६ प्रतिशत जनसंख्या मात्र शहरी क्षेत्रमा बस्दछन् ।

स्वदेश तथा विदेशमा जन्मेका जन संख्याः– यस क्षेत्रको जनसंख्यामा अन्यत्र जस्तै विदेशमा जन्मिएका पनि केही जनसंख्या छन् जुन तल दिइएकोतालिकामा प्रस्तुत गरिएको छ :–

स्वदेश तथा विदेशमा जन्मिएका जनसंख्या

भौगोलिक क्षेत्र	स्वदेशमा जन्मेका	विदेशमा जन्मेका				
		भारतमा			अन्यत्र	
		पुरुष	महिला	जम्मा		जम्मा
हिमाली इलाका	३,५३,२२२	४२	२४	६८	६३३	३,५३,९२३
पहाडी इलाका (काठमाडौं उपत्यका समेत)	१७,३३,६४९	२,७२५	२,२०४	४,९२९	३,०६१	१७,४१,५९४
तराई इलाका	१६,५०,९०२	२८,६३६	८९,७९१	१,१८,४२७	९०७	१७,७०,२३६
जम्माः–	३७,३७,७७३	३१,४०३	९२,०२१	१,२३,४२४	४,५५६	३८,६५,७५३

उपर्युक्त तालिकाले यस क्षेत्रमा विदेशी भूमिमा जन्मिएको जनसंख्याको बारेमा एउटा चाखलाग्दो कुरो देखाउँछ । यसमा हिमाली क्षेत्रमा विदेशमा जन्मिएको जनसंख्या जम्मा ७०१ (६८+६३३) छ भने

CC-0. In Public Domain. Digitization by eGangotri

पहाडी क्षेत्र (जसमा काठमाडौं उपत्यका पनि समावेश छ) मा जम्मा ७,९९० विदेशमा जन्मिएका मानिसहरू छन्। यो संख्या काठमाडौं उपत्यकाको परिप्रेक्षमा हेर्दा ठूलो जनसंख्या होइन र यस क्षेत्रभरीमा सबैभन्दा बढी भारत-भन्दा बाहिरका देशमा जन्मेको जनसंख्या हुनु पनि स्वाभाविकै हो। तर तराईतिर पुगेपछि यो संख्या झण्डै सवा लाख पुग्दछ जसमा पुरुषको संख्या २८,६३६ छ भने महिलाहरूको संख्या त्यसको तीन दोब्बरभन्दा बढी ८९,७९१ पुग्दछ। यसको मुख्य कारण के हो भने यस क्षेत्रको पर्सादेखि पूर्वको तराई भागमा भोजपुरी र मैथिली भाषा बोल्ने जनताको सो भाषा-भाषी भारततिरको इलाकाका निवासीहरूसँग सांस्कृतिक समानता भएको हुनाले आपसमा वैवाहिक सम्बन्धले गर्दा तराई इलाकामा बढी संख्यामा महिलाहरू भारतमा जन्मेको देखिएको हो। यस बारे सम्बन्धित जिल्ला परिचयहरू, उदाहरणार्थ बारा जिल्लाको परिचयमा विस्तृत तथ्याङ्क तथा जानकारी दिइएको छ।

स्वदेशमा जन्मिएका जनसंख्याको जन्म स्थानः–माथि दिइएको तालिकामा देखिएको स्वदेशमै जन्मे-काको जनसंख्यामध्ये कति कुन कुन भौगोलिक इलाकामा जन्मेका रहेछन् भन्ने कुरा निम्न तालिकामा प्रस्तुत गरिएको छः–

भौगोलिक इलाकाको आधारमा जनसंख्याको जन्म स्थान

जन्म स्थानको भौगोलिक इलाका[1]	काठमाडौं क्षेत्रको भौगोलिक इलाकाहरू		
	हिमाली इलाका	पहाडी इलाका (काठमाडौं उपत्यका समेत)	तराई इलाका
पूर्व र मध्यहिमाली खण्ड	२,५०,७०८	८,५८८	५,२३०
(प्रतिशत)	(९९.३)	(०.५)	(०.३)
पूर्व र मध्यपहाडी खण्ड र काठमाडौं उपत्यका	२,३८५	१७,१९,५१९	१,३१,६०३
(प्रतिशत)	(०.६७)	(९९.२)	(८.०)
पूर्व र मध्यतराई खण्ड	१०६	४,३८३	१५,१३,०७२
(प्रतिशत)	(०.०३)	(०.३)	(९१.६५)
पश्चिम हिमाल, पहाड र तराई खण्ड	२३	११५९	९९७
(प्रतिशत)	(०.०६)	(.०६)	(.०६)
जम्माः–	३,५३,२२२	१७,३३,६४९	१६,५०,९०२
(प्रतिशत)	(१००.०)	(१००.०)	(१००.०)

स्रोतः–राष्ट्रिय जनगणना २०२८

१ जनगणनामा माउण्टेन (Mountain) भनेको इलाकालाई यस सारांशमा हिमाली क्षेत्र, हिल (Hill) भनिएकोलाई पहाड खण्ड र प्लेन (Plain) भनिएकोलाई तराई खण्ड भनी रूपान्तर गरिएको छ।

उपर्युक्त तालिकामा मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने हिमाली क्षेत्रमा तीन जिल्लाहरूको कुल जनसंख्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३,५३,२२२ मध्ये २,५०,७०८ अर्थात् उक्त कुल जनसंख्याको ९९.३ प्रतिशत पूर्व र मध्यहिमाली खण्डमा जन्मेको देखिन्छ। यसमा माथि उल्लिखित मध्यमाञ्चल क्षेत्र अन्तर्गतको हिमाली क्षेत्र पनि पर्दछ। यसरी उक्त क्षेत्रको जनसंख्यामा अन्य भौगोलिक खण्डहरूमा जन्मेका कमै रहेछन् भन्ने देखिन्छ। यसैगरी काठमाडौं उपत्यका सहितको पहाडी क्षेत्रको कुल जनसंख्या १७,३३,६४९ मध्ये ९९.२ प्रतिशत त्यही भौगोलिक खण्डमा जन्मेको देखिन्छ जहाँ उक्त क्षेत्र पर्दछ। तराई क्षेत्रको जनसंख्यामा ९१.६५ प्रतिशत जनसंख्या सो क्षेत्र पर्ने भौगोलिक खण्डमा जन्मेको र आठ प्रतिशत जनसंख्या काठमाडौं उपत्यका समेतको पूर्व र मध्यपहाडी खण्डमा जन्मेको देखिन्छ। यसरी यस तालिकाले यस क्षेत्रको संपूर्ण जनसंख्यामध्ये तराई क्षेत्रमा पूर्व र मध्य पहाडी भागमा जन्मेको जनसंख्या सम्मिलित हुन पुगेको रहेछ भन्ने कुरा स्पष्टरूपले देखाउँछ अर्थात् यसले तराई इलाकातिर पहाडी इलाकाका मानिसहरू आप्रवजन भइरहेको कुरातिर सङ्केत गर्दछ।

यस क्षेत्रको जनसंख्यामा अन्यत्र जस्तै हिन्दू, बौद्ध, इस्लाम तथा अन्य धर्मका अनुयायीहरू विभिन्न संख्यामा छन्।

यस विकास क्षेत्रमा प्रत्येक भौगोलिक इलाकामा हिन्दू धर्म मान्नेहरूको प्रधानता छ र उत्तरतिरबाट दक्षिणतिरका इलाकाहरूमा तुलनात्मक दृष्टिले हेर्दा (हिमाली इलाकामा ६८.८ प्रतिशत, पहाडी इलाकामा ७३ प्रतिशत र तराई इलाकामा ८८.१ प्रतिशत) हिन्दू धर्मावलम्बीहरूको प्रतिशत बढ्दै गएको देखिन्छ। फेरि विभिन्न धर्मावलम्बीहरूको छुट्टा छुट्टै समूहलाई भिन्दा भिन्दै रूपले हेर्दा बौद्ध धर्मावलम्बीहरूमा बहुसंख्या हिमाली र पहाडी इलाकामा छन् भने इस्लाम धर्मावलम्बीहरू हिमाली र पहाडी इलाकाहरूमा दुई प्रतिशतभन्दा कम छन् र अत्यधिक संख्या (९८.९) तराई इलाकामा बसोबास गरेको देखिन्छ। यसप्रकार यस विकास क्षेत्रको विभिन्न धर्मावलम्बीहरू विभिन्न परिमाणमा विभिन्न भौगोलिक इलाकामा छरिएर बसेका छन्।

मातृ भाषा

यस क्षेत्रको विभिन्न भौगोलिक इलाकाका जनताको आपसमा बोल्ने भाषा राष्ट्रभाषा नेपाली नै हो र देश भरी शिक्षण संस्थाहरूमा पढाइको माध्यम पनि नेपाली भाषा नै भएको हुनाले विभिन्न भौगोलिक इलाका तथा जातजातिका मानिसहरूका बीचमा राष्ट्रभाषा एउटा प्रवल सञ्चारको माध्यमको रूपमा विकसित हुँदै गइरहेको छ। तर त्यसको साथै नेपाल अधिराज्य "सबै जातको फूलबारी" भएको कारणले यस फूलबारीका फूलहरूका रूपमा रहेका विभिन्न जातिहरूको आफ्नै पनि विभिन्न मातृ भाषाहरू छन्। तिनीहरूको भौगोलिक फैलावट तल दिइएको तालिकाबाट देखिन्छ।

दश हजारभन्दा बढी जनसंख्याले बोल्ने मातृ भाषाहरूको आधारमा जनसंख्याको वर्गीकरण:—

मातृ भाषा	जनसंख्या			
	हिमाली इलाका	पहाडी इलाका (काठमाडौं उपत्यका समेत)	तराई इलाका	जम्मा
१. नेपाली	२,०५,१६५	९,५३,६९०	२,३४,९०५	१३,९३,७६०
२. तामाङ	९६,०५०	३,४४,८६९	२८,८६७	४,६९,७८६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. नेवारी	१९,२८५	३,५०,४०२	९,१८६	३,७८,८७३
४. भोटे शेर्पा	१६,३३५	८,२४१	१,१२९	२५,७०५
५. गुरुङ	१,६५५	१०,०२८	६,९५९	१८,६४२
६. मगर	४८६	३२,७११	१५,७७७	४८,९७४
७. सुनुवार	१,६७९	१२,२३०	१३८	१४,०४७
८. मैथिली	७८	६६५	६,४०,६३९	६,४१,३८२
९. भोजपुरी	२	१८३	६,८४,७९४	६,८४,९७९
१०. थारू	१३	५७	२६,४०९	२६,४७९
११. अन्य	१३,१७४	२८,५१८	१,२१,४३३	१,६३,१२६
जम्माः–	३,५३,९२३	१७,४१,५९४	१७,७०,२३६	३८,६५,७५३

स्रोतः– राष्ट्रिय जनगणना २०२८

उपर्युक्त तालिकाबाट यस विकास क्षेत्रमा विभिन्न भौगोलिक इलाकामा विभिन्न मातृभाषाको फैलावट राम्रोसँग देखिन्छ। "भोटे शेर्पा" भन्ने भाषा बोल्नेहरूको मात्र हिमाली इलाकामा अन्य इलाकामा-भन्दा विशेष संख्या (१६,३३५) छ र अरू भाषाहरू जस्तै तामाङ, नेवारी, सुनुवार भाषा धेर थोर दुवै इलाकामा फैलिएको देखिन्छ। तर गुरुङ र मगर भाषा भाषीहरू भने पहाडी इलाकामा केन्द्रित भई तराई इलाकामा पनि केही फैलिएको देखिन्छ तर तराई इलाकामा निक्कै संख्यामा केन्द्रित भएका मैथिली, भोजपुरी र थारू भाषा-भाषीहरूको फैलावट पहाड तथा हिमाली इलाकामा त्यति छैन। यस तालिकाले यस विकास क्षेत्रको मातृभाषा सम्बन्धित प्रारूप बारे यी कुराहरू देखाउँछः–

(क) यहाँ नेपाली भाषा ठूलै संख्यामा तीनवटै भौगोलिक इलाकाहरूमा फैलिएको छ।

(ख) यहाँ विभिन्न मातृभाषाहरूको मूल थलोहरू हिमाली, पहाडी र तराई इलाकाहरूमा फैलिएका छन्।

(ग) यस विकास क्षेत्रमा मातृ भाषाहरूको यस्तो ठूलो अनेकताले गर्दा यस क्षेत्रको सम्पूर्ण वातावरण-लाई एउटा मिश्रित प्रकृति प्रदान गरेको छ र यहाँ कुनै विशेष भाषा अथवा भाषाहरूको एकाधिपत्य छैन। यसरी यस वातावरणमा जीवनयापन गर्ने विभिन्न भाषा-भाषीहरूको आपसी सहयोग बिना सम्भव नहुने हुनाले यो भाषा सम्बन्धी अनेकताले नेपाल अधिराज्यलाई विभिन्न जातको फूलबारी बनाउनतिर नै धकेलेको छ।

जनसंख्याको उमेरको बनावट

कुनै पनि स्थानको जनसंख्यामा विभिन्न उमेरका मानिसहरू हुन्छन् भन्ने कुरा स्वतः सिद्ध छ। तर कुन कुन उमेरमा कति कति मानिस छन् भन्ने कुरा समाजको विकासको अवस्था अनुसार फरक फरक पर्दछन्। जति जति विकसित देश छ जस्तै बिलायत, फ्रान्स, स्वीडेन आदि त्यहाँ जनसंख्याको उमेरको विभाजन-मा सानो उमेर र माथिका उमेरमा जनसंख्या धेरै फरक हुँदैन। किनभने एक त त्यहाँ जनसंख्याको वृद्धि नियन्त्रित हुन्छ भने अर्कोतिर जन्मेका बच्चाहरू सानै उमेरमा मर्दैनन् र ठूलो हुन्जेलसम्म नै बाँच्दछन्। तर विकासोन्मुख देशहरूमा एक त जनसंख्या वृद्धि अनियन्त्रित छ अर्थात् बच्चाहरू धेरै संख्यामा जन्मिन्छन् भने अर्कोतिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै बच्चा ठूलो हुन्जेलसम्म बाँच्दैनन् धेरै त; स-सानै उमेरमा मर्दछन् । त्यसैले विकासोन्मुख देशको जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरी एक उमेर समूह माथि अर्को उमेर समूहको रेखा थपिदै लगेर नक्शा, जसलाई जनसंख्याको पिरामिड भनिन्छ, तयार पार्ने हो भने विकासोन्मुख देशको नक्शामा तल्लो भाग ठूलो भई माथिलो भागहरू क्रमशः साँगुरिंदैगई मन्दिर जस्तो देखिन्छ तर विकसित देशको उक्त पिरामिडमा फेददेखि निकै माथिको भागसम्म नै बराबर भई झण्डै चौकोण परेको हुन्छ । बूढेसकालको उमेर समूहदेखि मात्र जनसंख्या घटेर कोण पर्न गएको हुन्छ ।

यस व्याख्याको पृष्ठभूमिमा यस मध्यमाञ्चल विकास क्षेत्रको जनसंख्याको उमेर सम्बन्धी पिरामिड तल प्रस्तुत गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त पिरामिडमा देखिन्छ कि यस क्षेत्रको जनसंख्यामा ० देखि चार वर्ष र पाँच देखि नौ वर्षको उमेर समूहमा मात्र यस क्षेत्रको जम्मा ११,२३,६५२ जना अर्थात् कुल जनसंख्याको २९.१ प्रतिशत जनसंख्या पर्दछन्। त्यहाँबाट जसै उमेर समूह बढ्दै जान्छ जनसंख्याको परिमाण क्रमशः घट्दै जान्छ। यसरी ५० देखि ५४ र ५५ देखि ५९ को उमेर समूहहरू भित्रको जनसंख्या २,२१,६४२ छन् अर्थात् क्षेत्रको कुल जनसंख्याको ५.७ प्रतिशत मात्र हुन आउँछ। त्यसैले उपरोक्त पिरामिडले यस विकास क्षेत्रको जनसंख्या सम्बन्धी दुईवटा कुराहरू जनाउँछन्। प्रथम हो, यहाँ जनसंख्याको जन्म दर निकै बढी छ र दोस्रो हो, यहाँको जनसंख्यामा स-सानै उमेरमा मृत्यु दर निकै बढी छ। यसरी छोटकरीमा भन्ने हो भने जनसंख्या सम्बन्धी यस क्षेत्रको समस्यामा नेपालको अन्यत्र भागमा जस्तै एकातिर जन्म दर नियन्त्रणको खाँचो छ भने अर्कोतिर जन्मेका जनसंख्याको आयु लम्याउनु पनि त्यतिकै खाँचो छ।

जनजीवन

भौगोलिक तथा आर्थिक आधारको दृष्टिकोणले जस्तै जनजीवनको दृष्टिकोणले पनि यस क्षेत्रका विभिन्न भौगोलिक इलाकाहरूको विभिन्नता पाइन्छ। जहाँसम्म यी इलाकाहरूका बासिन्दाहरूको मातृभाषा सम्बन्धी विविधता छ सो माथि नै चर्चा गरिसकिएको छ। तर कुनै पनि समूहको भाषा सम्बन्धी विशेषता यसको सम्पूर्ण सांस्कृतिक विशेषताको एउटा आयाम मात्र हो।

यस क्षेत्रमा सब भन्दा पहिले भौगोलिक इलाका अनुसार नै तीन किसिमका सांस्कृतिक खण्ड (Belt) मा पनि विभाजन गर्न सकिन्छ। पहिलो हो सुदूर हिमाली इलाकाहरू जहाँको निवासीहरूलाई सामान्य भाषामा भोटे मात्रै भनिन्छ र जहाँको सांस्कृतिक परम्परा चीनको तिब्बती इलाकासँग मिल्न जान्छ। दोस्रोहो मकवानपुर-सम्मकै सम्पूर्ण पहाडी इलाका। यहाँ विभिन्न सांस्कृतिक समूहहरूको बासस्थान हुनुकासाथै ती सांस्कृतिक समूहहरूको नाम, आपसी रूप, भाषा, धर्म तथा ऐतिहासिक परम्परामा फकर फरक छ। यिनीहरू आपनो आपनो छुट्टै अस्तित्वहरू कायम गरी बसेका छन् तापनि यिनीहरूको बसाइको भौगोलिक वातावरण, प्राविधिक, आर्थिक आधार र आपसी सन्निकटताले गर्दा यी सबै सांस्कृतिक समूहहरूलाई समेट्ने एक किसिमको पहाडी संस्कृति अथवा पहाडीपन छ जसले गर्दा यी सबै समूहहरू अन्य भौगोलिक इलाकाका बासिन्दाहरूभन्दा फरक देखिन जान्छन्। त्यसैगरी तराईको भौगोलिक इलाकामा पनि विभिन्न जात जातिहरूको बसोबास छ। यो इलाका पनि यहाँको भौगोलिक वातावरण,प्रविधि, भाषा र सांस्कृतिक परम्पराको कारणले एउटा छुट्टै सांस्कृतिक खण्डको रूपमा लिन सकिन्छ। तर तराईको भौगोलिक इलाकाभित्र पर्ने चितौन जिल्लाको राप्ती उपत्यकामा २०१३ सालदेखि पुनर्बासको कार्यक्रम सञ्चालन भएको हुनाले यहाँ पश्चिमाञ्चल विकास क्षेत्रमा पनि विभिन्न पहाडी जिल्लाहरूबाट प्रशस्त जनसंख्या बसाइँ सरी गएका छन्। त्यसैले उक्त ठाउँमा त्यहाँको आदिबासी थारूहरूको वरिपरि ठूलो संख्यामा पहाडी सांस्कृतिक पृष्ठभूमि भएको जनसंख्याको जमघट हुन पुगेको छ। त्यसकारण माथि उल्लेखित तराई भू–इलाकाको सांस्कृतिक परिप्रेक्षमा चितौन जिल्लाको एउटा छुट्टै स्थान छ। तर यस मध्यमाञ्चल विकास क्षेत्रलाई यसरी तीनवटा सांस्कृतिक खण्डहरूको समूहको रूपमा हेर्न सकिए तापनि तिनीहरूको इलाका यस सारांशको भौगोलिक विभाजनको जस्तै हिमाली, पहाडी र तराई इलाकाहरूसित मिल्दैन। उदाहरणार्थ हिमाली इलाकामा पर्ने तीन जिल्लाहरूमध्ये रसुवाको लाङटाङ, सिन्धुपाल्चोकको हेलम्बू र धादिङको स्यार इलाका आदि स्थानहरूमा मात्र "भोटे" समूह भित्र पर्ने जातिका मानिसहरू बस्दछन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्योभन्दा तलका स्थानहरूमा अन्य जात जातिकै मानिसहरू बसोबास गर्दछन् र तिनीहरू पहाडी सांस्कृतिक समूहको नै एक अङ्गको रूपमा रहेका छन् जसलाई हामीले पहाडी सांस्कृतिक समूह भनी संज्ञा दिएका छौं। त्यसमा कुनै एक जात वा जाति नभई एक ठूलो विविधताको समूह हो। एकै जिल्लाभित्र पनि विभिन्न समूहहरूको उपस्थिति पाइन्छ तर तीमध्ये कुनै कुनै जात जाति यस विकास क्षेत्रको ठूलो इलाकामा फैलिएका छन् भने कुनै जाति एउटा सानो भौगोलिक इलाकामा नै केन्द्रित भएर बसेको पाइन्छ। त्यस स्थानलाई तिनीहरूको मूल स्थान मान्न सकिन्छ।

यस मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने सम्पूर्ण पहाडी भागहरूमा फैलिएर बसेका मुख्य जात जातिहरूमध्ये मङ्गोल पृष्ठभूमिका तामाङहरू र ककेशियाली बाहुन तथा क्षेत्रीहरू छन्।[1] तामाङहरू यस इलाका भित्र पर्ने सम्पूर्ण जिल्लाहरूमा भनेजस्तै फैलिएका छन्। तीमध्ये सिन्धुली, नुवाकोट, धादिङ, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रे र रसुवा जिल्लाहरूमा तिनीहरू नै बहुसंख्यक छन्। दोलखा र रामेछाप जिल्लाहरूमा क्षेत्रीहरू बहुसंख्यक छन् भने बाहुनहरू कुनै पनि जिल्लामा बहुसंख्यकको रूपमा पाइँदैनन्। तर ती दुवै जातका मानिसहरू यस इलाकाको सबैजसो जिल्लाहरूमा ठूलै संख्यामा पाइन्छन्। उदाहरणार्थ दोलखा जिल्लाको कुल जनसंख्या क्षेत्रीहरू ३६.५ प्रतिशत र बाहुनहरू १२.० प्रतिशत छन्। सिन्धुलीमा क्षेत्री १५.९ प्रतिशत र ब्राह्मण १३.३ प्रतिशत छन्, धादिङमा ब्राह्मण १९.५ प्रतिशत र क्षेत्री १३.५ प्रतिशत छन् भने काठमाडौं जिल्लामा क्षेत्री १८.८ प्रतिशत र बाहुन १०.० प्रतिशत पाइन्छन्।

यी तीन वटा जात जाति पछि यस इलाकामा व्यापक रूपले फैलिएर बसेका नेवारहरू छन्। काठमाडौं उपत्यका यस जातिको मूल केन्द्र भए तापनि यिनीहरू दोलखा, रामेछाप (१२ प्रतिशत) काभ्रे, (१३.५ प्रतिशत) नुवाकोट, धादिङ, सबै ठाउँमा केही न केही संख्यामा पाइन्छन्।

तर अन्य जातिहरू यहाँ त्यति फैलिएका छैनन्। पूर्वमा पाइने थामीहरू पूर्वैमा केन्द्रित छन्। यस इलाकामा पाइने सम्पूर्ण थामीहरू (१३,६०६) मा ७० प्रतिशत दोलखामा नै पाइन्छन्। यसैगरी जिरेल, सुरेल (शेर्पा र सुनुवारको सम्बन्धबाट उत्पत्ति भएका तर अहिले ३,१२५ जनाको छुट्टै सांस्कृतिक समूहको रूपमा देखापरेका) शत प्रतिशत नै यस दोलखा जिल्लामा पाइन्छन्। यसैगरी यस इलाकामा रामेछाप जिल्लामा मात्र धेरैको संख्यामा (६७ प्रतिशत) पाइन्छन्। पश्चिमाञ्चल इलाका "घर" भएका मगर जातिहरूको सिन्धुलीमा एउटा ठूलो समूह (जिल्लाको कुल जनसंख्याको १५.२ प्रतिशत) पाइन्छ। त्यसपछि काभ्रे र ललितपुरमा पहरी भन्ने एउटा छुट्टै जाति पाइन्छ जुन अन्यत्र पाइँदैन।

पहाडी इलाकामा पनि भित्रतिर बस्ने एकथरीका जाति छन् भने दक्षिणी इलाकातिर केन्द्रित भएर रहेका अरू जातिहरू पनि छन्। यस पछिल्लो समूहमा आउने जातिहरूमा पहिलो चेपाङ छन्। तिनीहरूको मूल थलो धादिङ जिल्लाको दक्षिणी भाग भए तापनि तिनीहरू मकवानपुर र गोरखा तथा चितौनका पहाडी इलाकाहरूमा पनि पाइन्छन्। त्यस्तैगरी कुमालहरू गोरखा, चितौन, धादिङ र नुवाकोटमा पाइन्छन्। दनुवारहरू मकवानपुर, सिन्धुली र काभ्रेमा पाइन्छन्। माझीहरू रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक र केही

---

१ पहाडी क्षेत्रको जात जातिको यो वर्णन Walter Frank द्वारा लिखित "Attempt at an Ethno-Demography of Middle Nepal", Christoph von Furer-Haimendorf (ed.), Contribution to the Anthropology of Nepal, Aris and Phillips Ltd, Warminister, England, 1974 मा आधारित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संख्यामा धनुषा जिल्लामा पाइन्छन् । दरै गोरखा, तनहुँ र चितौनमा पाइन्छन् । यसरी कुनै कुनै जातिहरू परम्परादेखि नै दक्षिणी पहाडी भाग र केही समथर तराई भागहरूमा फैलिएर बसेका छन् ।

यसैअनुसार यस विकास क्षेत्रको तराई इलाकामा पनि विभिन्न जात जातिहरूको बसोबास छ। यहाँ पर्सादेखि धनुषासम्मको इलाकामा जङ्गल नजीकको क्षेत्रमा थारू जातिका बस्तीहरू छन् । अझ तिनीहरूमा पनि आपसमा वांतर, कोचिला, कछडिया आदि धेरै समूहहरूमा विभाजन भएर बसेका हुनाले ठाउँ ठाउँमा कुनै विशेष समूहहरू केन्द्रित भएर बसेका छन् ।

थारूहरूको आवास क्षेत्रको दक्षिणको सम्पूर्ण इलाकामा मुख्यतया तराईमूलक जातिहरू बस्दछन्। यसमा हिन्दू धर्म अनुसार विभाजन भएका धेरैको संख्यामा अन्तर वैवाहिक (आफ्नै एक जातिभित्र मात्र विवाह गर्ने) जातहरू समावेश छन्। यहाँको जातको बनावटमा सबभन्दा माथि ब्राह्मण हुन्छ। त्यसपछि भूमिहार र राजपूत आउँछन् । यी तीन जात पछिको स्थान कायस्थहरूको हो र यी चारै जातको समूहलाई स्थानीय परम्परामा उच्च जात मान्ने चलन छ । यी जातहरूपछि यहाँका जातहरूमा कुर्मी, धानुक, केवट, खत्वे र अमात आउँछन् ।

परम्परागत रूपले गाई–भैंसी पाल्ने ग्वाला (जसलाई यादव भन्दछन् र जसको जनसंख्या अरूको तुलनामा सबभन्दा बढी छ), भेडा पाल्ने मेडिहर, माटोका काम गर्ने नूनिया आदि जातहरू पनि माथिका जात सरह नै मानिन्छन्। यी जातहरू पछि विन, मलाहा आउँछन् र त्यसपछि वनिया समूहका जातहरू आउँन् जसमा क्रमशः रौनियार, कोइरी, सुंडी, कलवार, तेली आदि जातहरू आउँछन् ।

लोहार (फलामको काम गर्ने), वडही (सिकर्मी काम गर्ने), सुगर आदि आपसमा समान जात तथा वनियाभन्दा माथि मानिने समूह हुन्। यिनीहरू सरह नै मानिने अन्य जातमा कुम्हार, माली, हजाम र वडै (पान बनाउने जात) हुन् ।

धोबी र वैठा (लुगाधुने नै जात) मुसलमान भए तापनि जातहरूकै रूपमा हेरिने चलन छ। अरू जातमा मुसहर, दुसाद, चमार, डोम, हलखोर आदि आउँदछन्। यसरी यस इलाकाका अत्यधिक बासिन्दाहरू विभिन्न जातहरूमा आबद्ध भई बसेका छन् ।

तर यिनीहरूमा भाषा र परम्पराको दृष्टिकोणले यस विकास क्षेत्रभित्र पर्ने तराईको भू–भागलाई दुईवटा सांस्कृतिक परम्परामा बाँड्न सकिन्छ। सर्लाहीभन्दा पूर्वको भू–भाग मिथिला सभ्यताभित्र परेकोले मैथिली भाषा बोलिन्छ भने सर्लाहीदेखि पश्चिमको इलाका भोजपुरी इलाका हो। यसले गर्दा यी दुई इलाकाका मानिसहरूका बीच बिहाबारी जस्तो सामाजिक तथा सांस्कृतिक आदान–प्रदान सीमित नै रहेको छ ।

तराई इलाकाको यस भागमा एउटा थप जाति ढाँगरहरू पनि छन् जुन दक्षिण बिहारबाट आएका कोल भाषी जाति हो। यिनीहरूको संख्या अन्दाजी ९,००० भएको अनुमान गरिएको छ र यिनीहरू नेपालभित्र आएको धेरै भएको छैन ।

यस विकास क्षेत्रमा भएका मुसलमानहरूमध्ये धेरैजसो तराई इलाकामा छन्। यिनीहरूको कुनै विशेष गढ कहीं एक ठाउँमा नभई यस सम्पूर्ण इलाकामा नै फैलिएर बसेका छन् ।

मध्यमाञ्चल विकास क्षेत्रको तराई इलाकामा पर्ने चितौन जिल्लाको स्थान विशेष किसिमको छ। यहाँका आदिबासी जङ्गल वरिपरिको इलाकामा बस्ने थारूहरू, दरै र माझी भए तापनि यहाँ गत दुई दशकभित्रको पुनर्बास कार्यक्रम र आप्रवजनले गर्दा ती आदिबासीहरू अल्पसंख्यामा परिणत भइसकेका छन्। हाल यहाँ सबभन्दा बढी संख्या बाहुनहरू २८.७ प्रतिशतको र त्यसपछि क्षेत्रीहरू १२ प्रतिशतको छ। त्यसपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र थारूहरू (११.४ प्रतिशत) आउँछन् । पश्चिमाञ्चल विकास क्षेत्रको पश्चिमी भागबाट प्रशस्त मानिसहरू बसाईं सरी आएको हुनाले यस जिल्लालाई विभिन्न जात जातिको संमिश्रण स्थल मानिएको छ ।

मध्यमाञ्चल विकास क्षेत्रको भू-भागभित्र विभिन्न सांस्कृतिक पृष्ठभूमि भएका कति जात जातिहरू कसरी फैलिएर बसेका छन् भन्ने कुरा माथि छोटकरीमा देखाइने प्रयत्न भएको छ । यिनीहरूमा आफ्-आफ्नै अस्तित्वको विशिष्टता सँगालेर बसेका छन् । त्यसैले आपसमा नेपाली भाषाको प्रयोग गर्ने र धर्ममा हिन्दू अथवा बौद्ध धर्मावलम्बी भए तापनि यिनीहरूले आफ्नै छुट्टै जातीय धार्मिक परम्पराहरूको प्रशस्त मात्रामा अनुसरण गरेका छन् । त्यसैले दशैं, तिहार जस्ता चाहाड-पर्व सबैले माने तापनि आफ्नो–आफ्नो जातीय चाहाड-पर्व पनि मान्ने गरेका छन् ।

तर यस स्थितिमा गतिशीलता ल्याउने तत्वहरू देखापरेका छन् । पहाडतिरका विभिन्न भागबाट तराईतिर बसाईं सर्ने प्रक्रिया चलेको छ जसले गर्दा पहाडी र तराईको सांस्कृतिक पृष्ठभूमि भएका मानिसहरूले एकै आवासीय पृष्ठभूमिमा जीवनयापन गर्नु परेको छ । यसैगरी यस विकास क्षेत्रभित्र पर्ने काठमाडौं उपत्यका-को बढ्दो गतिले शहरीकरण हुँदै जानुको अलावा वीरगञ्ज, जनकपुर, हेटौंडा र नारायणघाट जस्ता नगरहरूको तीव्रगतिले विकास हुँदै जानाले यहाँ चारैतिरका विभिन्न जात जातिका मानिसहरूको आप्रवजन हुन गई आपसमा बढी सर्म्पक र सांस्कृतिक आदान-प्रदानको प्रक्रिया शुरू भएको छ । यसरी यी शहरी इलाकाहरूमा नयाँ नेपालीपनको विकास हुँदै गइरहेको छ ।

आर्थिक व्यवस्था

कृषि

यस विकास क्षेत्रका भौगोलिक इलाकाहरूको आर्थिक आधार मुख्यतया कृषि नै भए तापनि विभिन्न भौगोलिक इलाकाहरूका बीच आपसमा कृषि व्यवसाय सम्बन्धी निकै नै भिन्नताहरू पाइन्छन् । प्रथमतः भौगोलिक बनावटको प्रकृतिको कारणले गर्दा कुल भू-क्षेत्रको तुलनामा खेती गरिएको जग्गाको परिमाण नै फरक छ जुन तल दिइएको तालिकाबाट स्पष्ट हुन्छ ।

मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत विभिन्न भौगोलिक इलाकाहरूको कुल क्षेत्रफल, खेती गरिएको जग्गा र जनसंख्याको अनुपातः–

भौगोलिक क्षेत्र	कुल भू-इलाका (हेक्टरमा)[१]	खेती गरिएको इलाका[२] (हेक्टरमा)	खेती गरिएको प्रतिशत	जनसंख्या[३]	प्रतिव्यक्ति जग्गा (हेक्टर)
हिमाली इलाका	५,८४,६००	२०,५००	३.५	३,५३,९२३	०.०६
पहाडी इलाका (काठमाडौं उपत्यका समेत)	१२,८९,४००	१,४२,६००	११.१	१७,४१,५९४	०.०८

१. श्री ५ को सरकार, नापी विभाग, २०३१

२. Agricultural Statistics of Nepal, 1972.

३. राष्ट्रिय जनगणना, २०२८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तराई इलाका	९,५१,०००	४,७४,३००	४९.९	१७,७०,२३६	०.३
जम्माः–	२८,२५,०००	६,३७,४००	२२.६	३८,६५,७५३	०.२

उपर्युक्त तालिकाबाट यो देखिन्छ कि यस क्षेत्रको विभिन्न भौगोलिक इलाकामा खेती-योग्य जमीन भिन्दाभिन्दै अनुपातमा उपलब्ध छ। हिमाली इलाकामा यसको परिमाण कुल भू-इलाकाको ३.५ प्रतिशत छ भने तराई इलाकामा ४९.९ प्रतिशत छ। यसै अनुपातमा यी भौगोलिक इलाकाहरूमा जग्गा वितरणको प्रारूप पनि फरक देखिन्छ। हिमाली क्षेत्रमा प्रतिव्यक्ति जग्गा ०.०६ हेक्टर छ भने तराई इलाकामा ०.३ हेक्टर छ अर्थात् हिमाली क्षेत्रमा एक हेक्टर जग्गामा १६.६ अर्थात् १७ जना मानिस पर्दछन् भने तराईमा एक हेक्टरमा तीन जना मानिस मात्र पर्न आउँदछन्। हुनत नेपालमा खेती गरिएको जग्गा सम्बन्धी तथ्याङ्क हालसम्म भएको आवादी, जङ्गल फडानी आदिले गर्दा एकीन रहन सकेको छैन र त्यस हदसम्म उपर्युक्त तथ्याङ्कले वास्तविक वस्तुस्थिति नै देखाउन सकेको छ भन्न सकिंदैन तर उक्त २०२९ साल (सन् १९७२) को तथ्याङ्कलाई आधार मानेर हेर्दा उपर्युक्त तीनवटा भौगोलिक इलाकाहरूमा कति भिन्नताहरू रहेछन् भन्ने कुराको मोटामोटी ज्ञान हासिल हुन्छ।

उपर्युक्त तथ्याङ्कमा पहाडी इलाकाभित्र काठमाडौं उपत्यका पनि पर्न आउँछ। काठमाडौं उपत्यका-भित्र पर्ने जिल्लाहरूका कुल भू-भागहरूमध्ये काठमाडौं जिल्लामा ४५.७ प्रतिशत, ललितपुर जिल्लामा ३४.६ प्रतिशत र भक्तपुर जिल्लामा ६१.९ प्रतिशत जग्गा आवाद गरिएको देखिन्छ जुन कि सोही भौगोलिक इलाका-भित्र पर्ने अन्य जिल्लाहरूको कुल प्रतिशत जस्तै धादिङ जिल्लाको ५.१ प्रतिशत, रामेछापको ८.१ अथवा काभ्रे पलाञ्चोकको ११.४ प्रतिशतसित निकै फरक छ। तर यस्तो फरक काठमाडौं उपत्यकामा मात्र सीमित छ र अन्यत्र माथि वर्णन गरिएको क्रम बमोजिम नै भौगोलिक इलाकाको प्रकृतिअनुसार आवादी जमीनको परिमाण फरक पर्दै गएको छ।

खाद्यान्न स्थितिः भू-स्वरूप, खेती गरिएको जग्गाको परिमाण, हावापानी र जग्गाको उत्पादकत्वको कारणले गर्दा यस विकास क्षेत्रका विभिन्न भौगोलिक इलाकामा खाद्यान्न स्थिति पनि फरक फरक छन्। साथै एउटै भौगोलिक इलाकाहरूभित्र पर्ने जिल्लाहरूमा पनि एउटामा खाद्यान्न न्यून हुन आउँछ भने अर्कोमा बचत हुन आउँछ। उदाहरणार्थ, हिमाली क्षेत्रमा दोलखा र सिन्धुपाल्चोकमा प्रतिवर्ष क्रमशः ६,९६५ र २३३ मेट्रिक टन अनाज न्यून हुन्छ भने रसुवा जिल्लामा ७९० मेट्रिक टन बचत हुन आउँछ। यसप्रकारको जिल्ला अनुसार खाद्यान्न स्थितिमा फरक पर्न गए तापनि सम्पूर्ण भौगोलिक इलाकाहरूको परिप्रेक्षमा हेर्दा खाद्यान्नको स्थिति निम्नबमोजिम छः–

	बचत	न्यून
हिमाली इलाका	–	६,४०८ मे. ट.
पहाडी इलाका (काठमाडौं उपत्यका बाहेक)	–	५,८५२ मे. ट.
काठमाडौं उपत्यका	३,००२ मे. ट.	–
तराई इलाका	१,१८,६७८ मे. ट.	–
जम्माः–	१,२१,६८० मे. ट.	१२,२६० मे. ट.
जम्मा बचतः–	१,०९,४२० मे. ट.	

उपर्युक्त तथ्याङ्कअनुसार यस विकास क्षेत्रमा हिमाली र पहाडी इलाकामा खाद्यान्न न्यून हुन आउँछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने काठमाडौं उपत्यका र तराई इलाकामा खाद्यान्न बचत हुन आउँछ। यी दुवै न्यून र बचतलाई आपसमा मिलाउँदा यस क्षेत्रमा जम्मा १,०६,४२० मेट्रिक टन अर्थात् २६,५४,३४० मन अन्न प्रतिवर्ष बचत हुन आउने देखिन्छ। काठमाडौं उपत्यकामा काठमाडौं जिल्लामा मात्र खाद्यान्न न्यून हुन्छ भने भक्तपुर र ललितपुरमा बचत हुन्छ। यसैगरी पहाडी इलाकामा मकवापुर र नुवाकोट जिल्लामा मात्र खाद्यान्न बचत हुन्छ र बाँकी सबै जिल्लाहरूमा न्यून हुन्छ। तर तराई इलाकामा सम्पूर्ण जिल्लाहरूमा खाद्यान्न बचत नै हुन्छ र यीमध्ये चितौन जिल्ला अधिराज्यमा नै सबभन्दा बढी खाद्यान्न बचत हुने जिल्ला हो।

बालीहरू

यस क्षेत्रमा उत्पादन गरिने बालीहरूमा धान, गहुँ, मकै, कोदो, फापर, जौ तथा ठाउँअनुसार आलु, सनपाट, तोरी, सुर्ती, उखु आदि हुन्। यी बाहेक पहाडतिर भटमास, सिमी, मास, बोडी तथा तरकारी आदिको खेती गरिन्छ भने तराईतिर विभिन्न दलहन जस्तै रहर, मुसुर, चना आदिको खेती गरिन्छ। विभिन्न भौगोलिक इलाकाहरूमा खेती गरिने महत्वपूर्ण बालीहरू, खेती गरिएको क्षेत्र तथा उब्जाउ तलको तालिकामा दिइएका छन्:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यमाञ्चल विकास क्षेत्रमा खेती गरिने बालीहरू
क्षेत्रफल तथा उत्पादन परिमाण २०३०।३१ *

क्षेत्रफलः हेक्टरमा
उत्पादनः मेट्रिक टनमा

बालीहरू	हिमाली इलाका		पहाडी इलाका (काठमाडौं उपत्यका बाहेक)		काठमाडौं उपत्यका		तराई इलाका		जम्मा	
	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
धान	६,४६०	१५,५२४	३८,९९०	८६,९५०	२६,५००	९२,१७०	३,३९,९२८	६,३८,३०१	४,११,८७८	८,३२,९४५
प्रतिहेक्टर										
उत्पादनः		२.४		२.२		३.५		१.९		२०
गहुँ	३,४००	३,२३५	१३,७१५	१९,१६४	२१,८००	३४,११३	५८,२८८	७५,७७०	९७,२०३	१,३२,२८४
प्र. हे.उ.		१.०		१.४		१.६		१.३		१.४
मकै	१४,६२०	२६,०२३	६३,१५०	१,१६,०९७	१७,९००	३३,३३५	५३,६७८	१,०४,९९५	१,४९,३४८	२,८०,४५०
प्र. हे. उ.		१.८		१.८		१.९		२.०		१.९
आलु	३,४००	१७,४५०	४,८५०	२८,७४०	२,५७१	२१,२७७	५,३२५	३५,६७१	१६,१४६	१,०३,१३८
प्र. हे. उ.		५.१		५.९		८.३		६.७		६.४
कोदोफापर	४,११२	४,६५४	१४,३००	१६,१३४	४,१५०	४,२०४	७,८००	६,८५४	३०,३६२	३१,८४६
प्र. हे. उ.		१.१		१.१		१.०		०.९		१.०
जौ	८५५	८५६	५९७	५८७	३८	३३	४,६९०	३,२६३	६,१८०	४,७३९
प्र. हे. उ.		१.०		१.०		०.९		०.७		०.८
सनपाट	—	—	२५	२१	—	—	२८५	२६१	३१०	२८२
प्र. हे. उ.		—		०.८		—		०.९		०.९
तेलहन	२६५	१०८	१०,६१५	५,४१९	१,७८०	९८८	३४,८१५	१८,२५४	४७,४७५	२४,७६९
प्र. हे. उ.		०.४		०.५		०.६		०.५		०.५
सुर्ती	१८	१३	१५८	१०३	—	—	६,३१८	५,७५९	६,४९४	५,८७५
प्र. हे. उ.		०.७		०.७		—		०.९		०.९
उखु	३५	४२५	१,१२२	१४,००५	४०	५१८	६,७७०	१,२१,९९८	७,९६७	१,३६,९४६
प्र. हे. उ.		१२.१		१२.५		१३.०		१८.०		१७.२

* स्रोतः श्री ५ को सरकार, कृषि बजार सेवा विभागबाट उपलब्ध जानकारीमा आधारित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाअनुसार यस विकास क्षेत्रमा सबै किसिमका बाली सबै नै इलाकाहरूमा उत्पादन हुने गरेको देखिन्छ। सनपाट, सुर्ती जस्ता बालीहरू मात्र कुनै कुनै इलाकामा हुने र अरू ठाउँमा नहुने देखिन्छ। तर फेरि कुनै कुनै बाली जस्तै तेलहन, उखु आदिको उत्पादन धेरैजसो तराई इलाकामा बढी हुने देखिन्छ। आलुको उत्पादन सबै इलाकामा नै भए तापनि हिमाली इलाकामा यो मुख्य उत्पादनको रूपमा देखिन्छ। कारण, हिमाली इलाकामा हुने आलु खेतीको क्षेत्र त्यहाँको खेती गरिएको सीमित जमीनको परिप्रेक्षमा हेर्दा निकै नै बढी इलाकामा यो खेती हुने गरेको स्पष्ट देखिन्छ।

उत्पादकत्वको दृष्टिकोणले साधारणतः तराईको भू-भाग समथर र सिचाइको प्रबन्ध राम्रो हुन सक्ने भएको हुनाले त्यहाँ जमीनको उत्पादन क्षमता अन्यत्रभन्दा बढी हुने जस्तो देखिन्छ। तर माथि दिइएको तथ्याङ्क-मा विभिन्न भौगोलिक इलाकामा खास उत्पादकत्व फरक रहेको देखिन्न। उदाहरणार्थ, धानको खेतीमा तराईमा प्रतिहेक्टर उत्पादन १.९ मेट्रिक टन भएको देखिन्छ भने हिमाली तथा पहाडी क्षेत्रमा सोभन्दा बढी क्रमशः २.४ र २.२ मेट्रिक टन प्रतिहेक्टर उत्पादन भएको देखिन्छ। यसैगरी गहुँको उत्पादनमा पनि तराई इलाकाको प्रतिहेक्टर उत्पादन क्षमता १.३ मेट्रिक टनलाई पहाडी इलाकाको १.४ ले उछिनेको छ। अझ काठमाडौं इलाकाको उत्पादन क्षमतालाई हेर्ने हो भने मुख्यतया धानमा र केही हदसम्म गहुँ र त्यसपछि आलुमा पनि अरू इलाकाकोभन्दा निकै बढी प्रतिहेक्टर उत्पादन भएको देखिन्छ तर मकैमा तराईको उत्पादन अरू इलाकाको-भन्दा अलि धेरै (प्रतिहेक्टर दुई मेट्रिक टन) भएको देखिन्छ। तराईमा हुने बालीहरूमा उखुमा मात्र उत्पादक-त्व अरू क्षेत्रमाभन्दा स्पष्ट रूपमा बढी भएको देखिन्छ। यसको मुख्य कारण वीरगञ्ज चीनी कारखानाको संयोजकत्वमा विभिन्न कृषि उपकरणहरूको प्रयोग गरी मुख्यतया बारा र पर्सा जिल्लाहरूमा उखु खेती गरिएको हुँदा यो वृद्धि देखिन गएको हो। यसरी सारांशमा हेर्ने हो भने यस सम्पूर्ण क्षेत्रमा विभिन्न बालीहरूको उत्पादनमा काठमाडौं इलाकाको उत्पादन क्षमता नै बढी भएको स्पष्ट देखिन्छ।

तर यी उत्पादन क्षमता विकसित मुलुकहरूको तुलनामा निकै नै कम देखिन्छ। उदाहरणार्थ, जापानमा सन् १९७० मा प्रतिहेक्टर ५.६ मेट्रिक टन धान, २.१ मेट्रिक टन गहुँ र ३.२ मेट्रिक टन मकै उत्पादन भएको देखिन्छ।[1] त्यसको तुलनामा यस क्षेत्रको प्रतिहेक्टर उत्पादन निकै नै कम रहेको कुरा स्पष्ट देखिन्छ। यसरी यस क्षेत्रको काठमाडौं र तराई इलाकाहरूमा सिचाइ र कृषि विकास कार्यक्रमहरूको फलस्वरूप खेतीमा नयाँ उपकरणहरूको प्रयोगद्वारा उत्पादन वृद्धि हुन थालेको भए तापनि यसमा प्रशस्त विकास गर्न सकिने छ भन्ने कुरा जापानको उदाहरणले देखाएको छ।

पशुपालन

कृषिको प्रधानता भएको आर्थिक व्यवस्थामा पशु-पालन पनि एउटा महत्वपूर्ण पक्ष हो। तर पशु-पालनको क्षेत्रमा कहाँ कति पशुहरू पालिएका छन् भन्ने जानकारी सीमित रूपमा मात्र उपलब्ध छ। यस मध्य-माञ्चल विकास क्षेत्रमा पर्ने १९ जिल्लाहरूमध्ये १२ वटा जिल्लाहरूमा २०२६।२७ सालमा पालिने गरेका गाई, गोरु, भैंसी तथा बाख्राहरूका सम्बन्धमा उपलब्ध भएको तथ्याङ्क तल एउटा तालिकाको रूपमा दिइएको छ। उक्त १२ वटा जिल्लाहरूमध्ये पहाडी इलाकामा पर्नेमा सिन्धुपाल्चोक, काभ्रे, नुवाकोट र धादिङ, काठमाडौं

१. माथि उल्लिखित कृषि तथ्याङ्क, पृष्ठ १३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपत्यकामा पर्ने तीनैवटा जिल्लाहरू तथा तराई इलाकामा पर्ने जिल्लाहरूमा धनुषा, रौतहट, बारा, पर्सा र चितौन हुन्।

मध्यमाञ्चल विकास क्षेत्रको केही जिल्लाहरूमा केही पाल्तु पशुहरूको वितरण, २०२६।२७[1]

भौगोलिक इलाका	चुनिएका जिल्ला संख्या	२०२८ मा घर परिवार संख्या[2]	पशुधन: गाई संख्या हजारमा	गाई प्रतिघर परिवार-मा औसत संख्या	गोरु संख्या हजारमा	गोरु प्रतिघर परिवार-मा औसत संख्या	भैंसी संख्या हजारमा	भैंसी प्रतिघर परिवार-मा औसत संख्या	बाख्रा संख्या हजारमा	बाख्रा प्रतिघर परिवार-मा औसत संख्या
पहाडी इलाका	४	१,५५,३४७	२४६	१.६	१०५	०.७	१५७	१.०	२१०	१.४
काठमाडौं उपत्यका	३	१,०४,९९३	७५	०.७	४१	०.४	४५	०.४	७५	०.७
तराई-इलाका	५	२,४२,६३३	२१४	०.९	१९७	०.८	११२	०.५	१४३	०.६
जम्माः—	१२	५,०२,९७३	५३५	१.१	३४३	०.७	३१४	०.६	४२८	०.९

स्रोतः राष्ट्रिय जनगणना, २०२८

माथि दिइएको तालिकामा यस क्षेत्रको तीनवटा भौगोलिक इलाकामा प्रत्येकमा रहेका घर परिवारको संख्या (२०२८ सालको) ले पशु संख्या (२०२६।२७ को) लाई भाग गरी हेरिएको छ। हुनत सबै घर परिवारको पाल्तु पशु हुनै पर्दछ भन्ने जरूरी छैन तापनि यस तरीकाले हेर्दा मोटामोटी रूपले यस क्षेत्रका विभिन्न भौगोलिक इलाकामा पाल्तु पशुको वितरण सम्बन्धी केही जानकारी अवश्य प्रस्तुत गर्दछ। उपर्युक्त तालिकाअनुसार पहाडी इलाकामा अरू भौगोलिक इलाकामाभन्दा बढी पशु पाल्ने प्रवृत्ति देखिएको छ। त्यसमा पनि सबभन्दा बढी पालिनेमा गाई (१.६ गोटा प्रतिघर परिवार) र बाख्रा (१.४ वटा प्रतिघर परिवार) मुख्य देखिन्छन्। काठमाडौं उपत्यकामा शहरी क्षेत्र पनि प्रशस्त भएको र अर्कोतिर स्थानीय नेवार किसानहरूको कृषि प्रविधि पशु पालनमा आधारित नभएको हुनाले यहाँ प्रतिघर परिवार पाल्तु पशु कम हुनु स्वाभाविकै हो। तर पहाडी इलाकाको तुलनामा तराईमा समेत सबै जातका पशुहरू कम नै पाल्ने गरेको उपर्युक्त तालिकाले देखाउँछ।

हुनत यस क्षेत्रमा पालिने पशु यिनीहरू मात्र होइनन्। ठाउँअनुसार यिनीहरूको किसिम फरक फरक पर्न जान्छ। जस्तो कि हिमाली भेकमा चौंरी तथा भेडा पनि पालिन्छन्। त्यस्तै तराईतिर पनि भेडीहर भन्ने जातले स्थानीय जातका भेडा पालेका हुन्छन्। जातअनुसार पहाड तथा तराईमा सुंगुर, कुखुरा आदि पनि

१. माथि उल्लिखित कृषि तथ्याङ्क, पृष्ठ ४३–४ मा आधारित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पालिन्छन् तर यीमध्ये माथि तालिकामा दिइएका पशुहरू नै मुख्यतया पालिने तथा कृषि कार्यमा लगाइने भएको हुनाले तिनीहरूको तुलना प्रस्तुत गरिएको हो ।

यसमध्ये नुवाकोट जिल्लासमेत समावेश भएको त्रिशूली जलाधार क्षेत्रमा गरिएको एउटा सर्वेक्षण-अनुसार जति जति उचाइ बढ्दै जान्छ उति उति पाल्तु पशुको घनत्व कम हुँदै जान्छ ।[1] तसर्थ माथि उल्लिखित तालिकामा पहाडी इलाकामा पाल्तु पशुको संख्या बढी देखिए तापनि पहाडी इलाकाभित्रै विभिन्न उचाइमा पाल्तु पशुको संख्या कम हुँदै जाने सम्भावना देखिन्छ ।

फलफूल खेती

भौगोलिक वातावरणअनुसार यस क्षेत्रका विभिन्न ठाउँमा विभिन्न किसिमका फलफूलहरू पाइन्छन् । जस्त रसुवा जिल्लातिर स्याउ, नासपाती, आरु, दाँते ओखर, कागजी बदाम आदि फलफूलहरूको प्रचार तथा प्रसार भइरहेको छ भने हेलम्बूबाट बिस्तारै बिस्तारै स्याउ विभिन्न ठाउँमा जानथालेको छ । तराईतिर आँप, रूख कटहर, भूईं कटहर आदि निकै पाइन्छन् । केरा पहाडी तथा तराई दुवै इलाकामा पाइन्छन् । मध्यपहाडीभागतिर सुन्तला पनि निकै नै हुन्छन् । यसरी माटोको लक्षण तथा हावापानीको कारणले गर्दा भौगोलिक इलाकाअनुसार यहाँ विभिन्न किसिमका फलफूलहरू पाइन्छन् साथै पहाडी भेंकमा पनि बेंसीतिर गर्मी हुने हुनाले त्यहाँ तराईको उष्ण हावापानीमा पाइने आँप जस्तै फलफूलहरू पाइन्छन् । नुवाकोट जिल्लाको त्रिशूली र काभ्रेपलाञ्चोक जिल्लाको पाँचखालमा पाइने आँपहरू यस क्षेत्रमा निकै नै प्रसिद्ध छन् ।

गत २०२७।०२८ सालमा लिइएको कृषि प्रसार सर्वेक्षणको नतीजामा यस क्षेत्रमा पर्ने पहाडी जिल्लाहरू नुवाकोट, काभ्रे र भक्तपुर तथा तराई इलाकामा पर्ने चितौन, बारा र पर्सा जिल्लाहरूमा पाइने फलफूल सम्बन्धी केही तथ्याङ्कहरू उपलब्ध छन् । जुन निम्नअनुसार छन्:—

मध्यमाञ्चल विकास क्षेत्रका केही जिल्लाहरूमा पाइने फलफूलका बिरुवाहरू (हजारमा)

फलफूलका बिरुवाहरू	पहाड			तराई		
	काभ्रे	भक्तपुर	नुवाकोट	बारा	पर्सा	चितौन
अम्बा	५०	४	९०	६	२	६
सुन्तला	५	७	०.४	+	०.२	२
नासपाती	१०	८	२	+	+	+
स्याउ	५	७	६	+	+	+
मेवा	८	+	१७	४	१	२१
केरा	१४५	४	२१२	९५	३२	३.७

1. Ferdinand Okada को Preliminary Report on Regional Development Areas in Nepal, भन्ने किताबको पृष्ठ ३७ मा D. I. Field र K. R. Pandey लाई उद्धृत गर्दै दिएको जानकारीमा आधारित

\+ कुनैको तथ्याङ्क उपलब्ध नभएको र कतै फलफूल खेती नै नगरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निबुवा	४	०.४	३	+	+	२
रूख र भूइँकटहर	२	+	२	३	२	६
लिची	+	+	+	२	२	०.५
आँप	३१	२	४३	६६	३८	१६

स्रोतः– माथि उल्लिखित कृषि तथ्याङ्क, पृष्ठ ४५

यस तालिकाअनुसार उक्त छवटा जिल्लाहरूमध्ये भक्तपुर जिल्लामा फलफूलका बिरुवाहरूको कमी देखिन्छ भने काभ्रे र नुवाकोटमा विभिन्न जातको फलफूलहरू निकै नै संख्यामा पाइने देखिन्छ साथै पहाडतिर नासपाती र स्याउ पनि पाइने देखिन्छ भने तराईका जिल्लाहरूमा आँपमा विशेष जोड दिइएको देखिन्छ। यसबाट यस क्षेत्रका अन्य जिल्लाहरूमा पनि फलफूल खेती सम्बन्धी सम्भाव्यता यस्तै होला भन्ने अनुमान लगाउन सकिन्छ।

सिचाइ व्यवस्था

नेपाल अधिराज्यको अन्य स्थानमा जस्तै यस विकास क्षेत्रका गाउँ-धरमा पनि स्थानीय प्रयासद्वारा सिचाइको व्यवस्था गरिन्छन् र क्षमताले भ्याएसम्म आफ्नो खेत बारीको सिचाइ गरिन्छ। यसरी यस्ता स-साना र सरकारद्वारा निर्मित ठूला आयोजनाहरू गरी सिचाइको व्यवस्था गरिंदै आएको छ। एक अनुमानअनुसार यस विकास क्षेत्रमा २०२४।२५ सालमा जम्मा ६२,१६४ हेक्टर जमीनमा सिचाइ भएको थियो भन्ने अनुमान गरिएको छ।[1] यही जानकारी राष्ट्रिय योजना आयोगले २०३० मा प्रकाशित गरेको मध्यमाञ्चल विकास क्षेत्र सम्बन्धी परिचय पनि प्रयोग गरिएको छ।[2]

स्थानीय प्रयासद्वारा निर्माण गरिने स-साना सिचाइ आयोजनाहरू बाहेक यस विकास क्षेत्रमा निर्माण भई चालू रहेका जम्मा २० वटा योजनाहरू छन् जुन निम्न फिहिरिस्तमा दिइएका छन्। तिनीहरूले २०३०। २०३१ मा सिंचेको क्षेत्र पनि त्यसै साथ दिइएका छन्।

पहाड तर्फ	हेक्टर	तराईतर्फ	हेक्टर
टीकाभैरव सिचाइ योजना, ललितपुर	१,६२०	होदनाथ सिचाइ योजना, धनुषा	१,६४०
कोटखु सिचाइ योजना, ललितपुर	८१०	मनष्मारा सिचाइ योजना, सर्लाही	१,६४०
गोदावरी सिचाइ योजना, ललितपुर	८१०	झाँझ सिचाइ योजना, रौतहट	४,३००
गोकर्ण सिचाइ योजना, काठमाडौं	३२०	सिर्सियादुधौरा सिचाइ योजना, बारा	१,३५०
पशुपति सिचाइ योजना, काठमाडौं	३४०	तिलावे सिचाइ योजना, पर्सा	४,३००
बोसन सिचाइ योजना, काठमाडौं	६२०	खगेरी सिचाइ योजना, चितौन	६,०००

+ कुनैको तथ्याङ्क उपलब्ध नभएको र कतै फलफूल खेती नै नगरिएको

१. माथि उल्लिखित कृषि तथ्याङ्कमा पृष्ठ ५३–५४ मा राष्ट्रिय योजना आयोग सचिवालयको स्रोतलाई उद्धृत गरिएको

२. राष्ट्रिय योजना आयोग, मध्यमाञ्चल विकास क्षेत्र, २०३० वैशाख, पृष्ठ २

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टोखा सिचाइ योजना, काठमाडौं	३९०	गण्डकी पूर्वी नहर (पर्सा, बारा, रौतहट)	८,०००
महादेव खोला सिचाइ योजना, भक्तपुर	९४०	ट्यूब वेल सिचाइ योजना, महोत्तरी	६३०
गजुरी सिचाइ योजना, धादिङ	१६०	ट्यूबवेल सिचाइ योजना, पर्सा	१,०००
जम्माः–	६,०१०	ट्यूबवेल सिचाइ योजना, सर्लाही	४००
		ट्यूबवेल सिचाइ योजना, बारा	५००
		जम्माः–	३०,३६०
		क्षेत्रको जम्माः–	३६,३७०

माथि उल्लेख गरिए जस्तै यी सिचाइ योजनाहरूले प्रतिनिधित्व नगरेका विभिन्न सिचाइ सम्बन्धी साधनहरू प्रशस्तै छन्। ललितपुर जिल्लामा मात्र कुलोहरूको जालो जिल्लाभरि फिंजिएका छन् भने पनि हुन्छ जुन कुरा उक्त जिल्लाको परिचयबाट बोध हुनेछ। त्यसैले वास्तवमा कति जग्गामा सिचाइ हुने गरेको छ भन्ने कुरा हालको तथ्याङ्कको आधारमा मात्र भन्न गाह्रो पर्दछ।

यस विकास क्षेत्रमा साना-ठूला धेरै नै सिचाइ योजनाहरू निर्माणाधीन छन् भने कतिपय सिचाइ योजनाहरूको सम्भाव्यता अध्ययन भइरहेका छन्। निर्माणाधीन रहेका सिचाइ योजनाहरूमा पहाडतिर नुवाकोट जिल्लामा बटार सिचाइ योजना हो जसले ६५,८०,०००। रूपैयाँको लागतमा निर्माण पूरा भए पछि ५२० हेक्टरको टार सिचाइ गर्ने छ। यसै गरी रामेछाप जिल्लाको आकाशे नामको सिचाइ योजना र सिन्धुली जिल्लाको ग्वांग सिचाइ योजनाहरू पनि निर्माणाधीन अवस्थामा छन्।

तर ठूल-ठूला सिचाइ आयोजनाहरू यस क्षेत्रको तराई इलाकामा पर्दछन्। माथि उल्लिखित गण्डकी पूर्वी नहरले सिचेको ८,००० हेक्टरको क्षेत्र त्यसको कुल क्षमताको एउटा सानो अंश मात्र हो। उक्त पूर्वी नहरबाट उपलब्ध पानी वितरण गर्न एउटा व्यापक वितरण प्रणाली निर्माण गर्ना निमित्त र यस नहरले नभ्याउने ठाउँमा भूमिगत जल प्रयोग गर्ने गरी नारायणी अञ्चल सिचाइ विकास योजना स्थापना गरिएको छ। यो योजना २०३७ सम्ममा पूर्ण रूपले सम्पन्न भइसकेपछि रौतहट, बारा तथा पर्साका ७१,००० एकड जग्गामा उक्त गण्डक पूर्वी नहरबाट र बाँकी ७,००० एकड भूमिमा ट्यूबवेल सिचाइद्वारा जम्मा ७८,००० एकड अर्थात् करीब ३०,००० हेक्टर थप जमीनमा सिचाइ सुविधा उपलब्ध हुनेछ। यस योजनामा १० करोड रूपैयाँ खर्च हुने अनुमान छ।

यसै गरी चितौनमा चितौन उपत्यका विकास (सिचाइ) योजना सञ्चालन भएको छ। यस अन्तर्गत नारायणी नदीबाट पानी "पम्प" गर्ने र लोहथर तथा खगेरी नदीहरूबाट पानी "डाइभर्जन" गरी ११,००० हेक्टर जमीनमा बाह्रै महीना सिचाइ सुविधा उपलब्ध गराउने र ३०,००० हेक्टरमा कृषि विकास कार्य गर्ने लक्ष्य राखिएको छ। यसको निर्माण छ वर्ष जतिमा पूरा हुने लक्ष्य राखिएको छ र अन्दाजी १२ करोड रूपैयाँ खर्च हुने छ।

यसरी उपर्युक्त दुवै योजनाहरू नेपाल अधिराज्यको नै ठूल-ठूला सिचाइ आयोजनाहरू हुन् र यिनीहरूको निर्माण पूरा भइसके पछि यस क्षेत्रको कृषि व्यवसायमा क्रान्तिकारी परिवर्तन आउने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि ऋण

कृषि ऋणको क्षेत्रमा धेरै वर्षदेखि सहकारी संस्थाहरूको संगठन हुँदै आएको हो तापनि तिनीहरूको भूमिका त्यति महत्वपूर्ण रहेको छैन। त्यसैले यहाँ विभिन्न जिल्लाहरूमा निर्दिष्ट सहकारी कार्यक्रमहरू सञ्चालन गरिएका छन् र तिनीहरूको संख्या हाल सीमित नै छ। उदाहरणार्थ सिन्धुपाल्चोक (जनसंख्या २,०६,३८४) मा २०३०।३१ सम्ममा जम्मा दुईवटा र बारा जिल्ला (जनसंख्या २,३३,४०१) मा २०२९।३० सम्ममा सात वटा निर्दिष्ट सहकारी संस्थाहरू स्थापना भएका छन्। यही रूप अन्यत्र पनि छ। त्यसैले कृषि ऋणको क्षेत्रमा सहकारी संस्थाहरूको प्रभावकारिता बारे केही समयपछि मात्र निश्चित जानकारी हासिल हुनेछ।

केही वर्षदेखि कृषि ऋणको क्षेत्रमा कृषि विकास बैंकले निकै महत्वपूर्ण भूमिका खेल्न थालेकोछ। यसले विभिन्न नगदेबाली, खाद्यान्न, कृषियन्त्र तथा औजारहरू, सिचाइको निम्ति पम्पसेट, ट्यूबवेल, पशु-पालन आदि व्यवसायहरूको निम्ति व्यक्तिगत तथा संस्थागत ऋणहरू दिन थालेको छ। २०३०।३१ सम्ममा यस मध्यमाञ्चल क्षेत्रमा हिमाली भागमा दोलखा र रसुवा जिल्लाहरूमा, पहाडी भागका काभ्रे र काठमाडौं जिल्लाहरूमा र तराईमा धनुषा, सर्लाही, रौतहट, बारा, पर्सा र चितौन जिल्लाहरूमा यस बैंकका शाखाहरू स्थापना भएका छन्। सोही अवधिसम्ममा यस विकास क्षेत्रमा उक्त बैंकको ऋण लगानी निम्नबमोजिम छः—

कृषि विकास बैंक कार्यालयहरूको ऋण लगानी[1] (रू.हजारमा)

भौगोलिक इलाका	कार्यालय संख्या	लगानी	असूली	लगानीमा रहिरहेको	
				रकम	प्रतिशत
हिमाली इलाका	२	३४३	३८	४२४	०.९
पहाडी इलाका (काठमाडौं उपत्यका समेत)	३*	२१,३४०	३,६५३	२४,६२१	५०.५
तराई इलाका	६	२३,१९६	१२,९३४	२३,७०२	४८.६
जम्मा	११	४४,८७९	१६,६२५	४८,७४७	१००.०

उपर्युक्त तालिकाअनुसार ऋण लगानीको दृष्टिकोणले यस बैंकको कार्यक्रम पहाड तथा तराईतिर बराबर नै केन्द्रित भएको देखिन्छ तर कार्यालयको संख्याको दृष्टिकोणले महोत्तरी जिल्लामा बाहेक तराई इलाकाका अरू सबै जिल्लामा स्थापना भएको देखिन्छ।

कृषि विकास

अधिराज्यका चार विकास क्षेत्रमध्ये कृषि विकासको क्षेत्रमा यस मध्यमाञ्चल विकास क्षेत्रमा नै सबभन्दा बढी कार्यक्रमहरू सञ्चालन भएको छ। कृषि विकासको क्षेत्रमा कृषि अनुसन्धान तथा कृषि प्रसार नै मुख्य हुन्।

---

१. खाद्य कृषि तथा सिचाइ मन्त्रालयबाट उपलब्ध जानकारी

* यसमा काठमाडौं मुख्य कार्यालय पनि समावेश छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि प्रसारको काम साधारणतया जिल्ला कृषि विकास कार्यालयले गर्दछ। यसप्रकारको कृषि कार्यालय जनकपुर अञ्चलको दोलखा जिल्लामा बाहेक अरू अठारवटै जिल्लाहरूमा स्थापना भई कृषिप्रसार कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। दोलखा जिल्लामा कृषि प्रसार शाखा प्रमुख जिल्ला अधिकारीको कार्यालयमा समावेश गरेर काम चलाइएको छ।

कृषि प्रसारको साथसाथै विभिन्न ठाउँमा पशु-चिकित्सालयहरू पनि स्थापना भएका छन्। जनकपुर अञ्चलमा धनुषा, सर्लाही, सिंधुली, चरिकोट (दोलखा) र रामेछापमा पशु-चिकित्सालयहरू छन्। यसैगरी नारायणी अञ्चलमा पनि भरतपुर (चितौन), पर्सा र बारामा र वागमती अञ्चलमा भक्तपुर, ललितपुर, धुलिखेल (काभ्रे), त्रिशूली (नुवाकोट) र काठमाडौंमा समेत पशु चिकित्सालयहरू छन्। रसुवा जिल्लामा छुट्टै भेडा औषधालय छ।

यी बाहेक यस मध्यमाञ्चल क्षेत्रमा ठाउँ-ठाउँमा विभिन्न कृषि फार्महरू छन्। वागमती अञ्चलमा हेलम्बू (सिन्धुपालचोक), त्रिशूली (नुवाकोट) र धुनिबेसी (धादिङ) मा बागबानी फार्महरू, ककनी (नुवाकोट) र रसुवामा कृषि फार्म, पानसय खोला (नुवाकोट, रसुवा तथा धादिङको सीमानामा पर्ने इलाका) मा भेडा विकास फार्म र लाङटाङ (रसुवा) मा चरम विकास फार्महरू छन्। त्रिशूली (नुवाकोट) मा ट्राउट माछाको ह्याचरी पनि छ जहाँ ट्राउट माछाको प्रजनन गरी त्रिशूली नदीमा छोड्ने कार्यक्रम छ। यी बाहेक खुमलटार (ललितपुर) मा कृषि अनुसन्धान केन्द्र छ जुन यस अधिराज्यकै कृषिसँग सम्बन्धित प्रमुख अनुसन्धान केन्द्र हो। यहाँ बाली रोग विज्ञान, बाली विज्ञान, माटो विज्ञान तथा कृषि रसायन शास्त्र, कीट विज्ञान, कृषि वनस्पति, गहुँ विकास, आलुबाली विकास र पशुचरन विकास सम्बन्धी प्रयोगशाला र फार्महरू छन्। कीर्तिपुर (काठमाडौं जिल्ला) मा एउटा छुट्टै बागबानी केन्द्र छ जहाँ केन्द्रीय स्तरमा सञ्चालित फलफूल विकास शाखा, आलु बाली विकास शाखा र तरकारी विकास शाखाहरूले काम गरिरहेका छन्। यसैगरी नारायणी अञ्चलमा पनि रामपुर (चितौन) मा ३०० एकड भूमिमा रामपुर कृषि केन्द्र छ जहाँ पशु विकास शाखा, एग्रोनोमी शाखा, स्वायल स्टडी शाखा र केन्द्रीय स्तरको मकै बाली विकास कार्यक्रमहरू सञ्चालित छन्। चितौन जिल्लामा नै यज्ञपुरी भन्ने स्थानमा एउटा छुट्टै बागबानी फार्म पनि छ। परवानीपुर (बारा) स्थित कृषि केन्द्रमा पनि एग्रोनोमी शाखा, स्वायल स्टडी शाखा, उखु विकास कार्यक्रम शाखा र केन्द्रीय स्तरको धानबाली विकास कार्यक्रम सञ्चालित छन्। ७५ विघाको यस परवानीपुर कृषि केन्द्रमा एउटा छुट्टै बागबानी फार्म र मत्स्य प्रजनन केन्द्र पनि छन्। त्रिभुवन राजपथमा पर्ने दामन (मकवानपुर जिल्ला) मा पनि एउटा बागबानी फार्म छ जहाँ उच्च पहाडी हावापानीमा हुने भिन्दै किसिमका फलफूल र तरकारी आदिको परीक्षण तथा उत्पादन गरिन्छ। भेडा विकासको क्षेत्रमा चितलाङ (मकवानपुर) मा पनि एउटा भेडा-बाख्रा फार्म छ। यी बाहेक नारायणी अञ्चलमा हेटौंडा (मकवानपुर) र भण्डारा (चितौन) मा व्यावसायिक मत्स्य केन्द्रहरू छन्। पशुको सिनोलाई गाई वस्तु र कुखुराको दानामा परिणत गर्ने "क्याटल फीड तथा क्यारक्यास युटिलाइजेशन प्रोजेक्ट" पनि हेटौंडामा अवस्थित छ।

जनकपुर अञ्चलमा पनि जनकपुर कृषि फार्म, जनकपुर बागबानी फार्म, वृहत् बागबानी केन्द्र सर्लाही र एउटा जनकपुर मत्स्य विकास केन्द्रहरू छन्। यहाँ जनकपुर अञ्चल कृषि विकास योजना अन्तर्गत छुट्टै हर्दिनाथ कृषि फार्म जनकपुरमा र राप्ती मोडेल फार्म (चितौन) मा सञ्चालित छन्। केही वर्ष पहिले दोलखा जिल्लामा पर्ने जिरी उपत्यकामा जिरी बहुमुखी विकास योजनाको एउटा अङ्गको रूपमा रहेको कृषि फार्म आजकाल जिरी कृषि केन्द्रको नामले अधिराज्यको पहाडी इलाकाको एउटा मुख्य कृषि केन्द्रको रूपमा सञ्चालित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि दिइएका यी विभिन्न कृषि विकास सम्बन्धी आयोजनाहरूको परिप्रेक्षमा यति भन्न सकिन्छ कि यस विकास क्षेत्रमा कृषि प्रविधिको विकास सम्बन्धी विभिन्न आयोजनाहरूको जालो बिछ्याइएको छ। यी आयोजनाहरूको प्रभावले गर्दा ठाउँ-ठाउँमा उन्नत कृषि प्रविधिहरू ग्रामीण कृषकहरूमा फैलिसकेको पाइन्छ। काठमाडौं उपत्यकामा उन्नत जातका धानहरूको व्यापकरूपमा खेती गरिनु, अन्न तथा तरकारी बालीहरूमा रासायनिक मलको व्यापक प्रयोग हुनु, फलफूलको नयाँ खेती गरिनु, फलफूलका व्यक्तिगत अर्चार्डहरू खोलिनु यी सबै नै यस कृषि विकास कार्यक्रमको उपलब्धिको रूपमा लिन सकिन्छ। यसकोसाथै पर्सा र बाराका ठूलो इलाकामा वीरगञ्ज चीनी कारखानाले आफ्नै छुट्टै उखु सम्बन्धी प्रसार कार्यक्रमहरू चलाएको छ र यस नगदे बालीबाट स्थानीय कृषकहरूले प्रशस्तमात्रामा फाइदा उठाएका छन्। जनकपुरमा पनि २०२८ सालभन्दा पहिले जनकपुर चुरोट कारखानाले र सो सालदेखि सुर्ती विकास कम्पनीले कृषकहरूलाई सुर्ती खेती गर्न मल, बीउ, ऋण आदि वितरण गर्दै आएकोछ। यसको फलस्वरूप कृषकहरूले अरू बालीको साथै सुर्ती खेती-लाई पनि आफ्नो खेतीपातीको एउटा व्यवसाय बनाएका छन्।

यसरी यस विकास क्षेत्रको ठाउँ ठाउँमा क्रमशः खेतीपातीको विकास हुँदै गइरहेको देखिन्छ। ठूला-साना सबै प्रकारका कृषकहरूले यसबाट फाइदा उठाउन थालेका छन्। ठूल-ठूला व्यक्तिगत फारामहरूको पनि जन्म भएका छन् र उन्नत तरीकाले खेती गर्न थालिएको छ। यसैंगरी उच्च पहाडी भागतिर स्याउको खेतीमा जनताको अभिरुचि बढ्दै गई बढ्दो इलाकामा स्याउको खेती गर्न लागिएको छ।

परम्परागत कृषि प्रविधिमा परिवर्तनको मापदण्ड आधुनिक उत्पादन सामग्रीहरूको प्रयोग पनि हो। त्यसैले माथि उल्लिखित कृषि प्रसार तथा कृषि विकास कार्यक्रमहरूको प्रभावकारिताको पनि यसले केही हदसम्म प्रतिनिधित्व गर्दछ। २०३०।३१ मा यस मध्यमाञ्चल विकास क्षेत्रमा प्रयोग भएका विभिन्न किसिमका मलखाद-हरू र उन्नत बीउ बीजनको परिमाण निम्न तालिकामा दिइएको छः—

मध्यमाञ्चल विकास क्षेत्रमा २०३०।३१ मा वितरण भएका
मलखाद र बीउको तालिका[१]

इलाका	मलखाद (मे.ट.)			बीउ (मे.ट.)		
	नाइट्रोजन	फास्फेट	पोटासियम	धान	गहुँ	मकै
हिमाली इलाका	५६.७	१७.०	२.८	०.८	१.५	०.१
पहाडी इलाका (काठमाडौं उपत्यका बाहेक)	१८६.६	४२.२	१४.३	३.१	२६.६	२.७
काठमाडौं उपत्यका	३,६९५.७	८५५.९	११६.३	५२.८	३१.६	१.१
तराई इलाका	२,५९२.७	८५०.२	२९५.७	११६.८	३९०.८	१४.५
	६,५३४.७	१,७६५.३	४२९.१	१७३.५	४५०.५	१८.४

उपर्युक्त तालिकामा हिमाली, पहाडी, काठमाडौं उपत्यका र तराई इलाका भनी उल्लेख गरिए तापनि पहिलो इलाकामा दोलखा र सिन्धुपाल्चोक मात्र, दोस्रो इलाकामा रामेछाप, त्रिशूली, हेटौंडा र धादिङ मात्र, काठमाडौं उपत्यकामा काठमाडौं मात्र र तराईमा जनकपुर, सर्लाही, गौर (रौतहट), वीरगञ्ज (पर्सा)

१. स्रोतः कृषि खरीद बिक्री संस्थानबाट प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र भरतपुर (चितवन) मात्र समावेश भएका छन्। तर ती सीमित ठाउँहरूकै पृष्ठभूमिमा भए तापनि उपर्युक्त तथ्याङ्कहरू अध्ययन गर्दा उपर्युक्त उत्पादन सामग्रीहरूको प्रयोग काठमाडौं उपत्यका र तराई इलाकामा नै बढी मात्रामा भएको स्पष्ट देखिन्छ।

उद्योग

राष्ट्रिय योजना आयोगले २०३० मा प्रकाशित गरेको मध्यमाञ्चल विकास क्षेत्र सम्बन्धी केही जानकारीअनुसार देशभरी २९ ठूला उद्योगहरू, ८६ पब्लिक लिमिटेड उद्योगहरू र ५७३ प्राइभेट लिमिटेड उद्योगहरू भएकोमा यस क्षेत्रभित्र उल्लिखित उद्योगहरू क्रमशः १३ (४५ प्रतिशत), ५३ (६१ प्रतिशत) र ४०० (७० प्रतिशत) छन्। तर यसमा यस क्षेत्रको पहाड, उपत्यका तथा तराईका गाउँघरमा खेतीबाट फुर्सदको समयमा गरिने घरेलु उद्योगहरू समावेश छैनन्।

यातायात, इन्धन, बजार, कच्चामाल, दक्ष जनशक्ति आदि कुराहरू नै औद्योगिक विकासको आधारशिला भएको हुनाले यस विकास क्षेत्रमा जे जति संगठित उद्योगहरू छन् ती सबैजसो उक्त आधारभूत तत्वहरूमध्ये धेरैजसो पाइने ठाउँहरू जस्तै वीरगञ्ज, हेटौंडा र काठमाडौं उपत्यका र केही मात्रामा जनकपुरमा मात्र केन्द्रित भएका छन्। अन्य तराईका गाउँघर र पहाडी इलाकाको औद्योगिक विकास मुख्यतया धान कुट्ने र तेल पेल्ने मिलहरूमा नै सीमित रहेका छन्। यसरी योजना आयोगको उपर्युक्त तथ्याङ्कलाई भौगोलिक इलाकाको रूपमा छुट्याएर हेर्ने हो भने यी उद्योगहरू तराईमा केही विशेष स्थानहरू, हेटौंडा र काठमाडौं उपत्यकामा केन्द्रित भएको पाइन्छ। यस क्षेत्रमा अन्तःशुल्क तिर्ने उद्योगहरूमध्ये पर्सा जिल्लामा १५७ वटा (२०२९।०३० मा) छन् भने सिन्धुपाल्चोक जिल्लामा एउटा पनि छैन। अझ काठमाडौं जिल्लामा हेर्ने हो भने अन्तःशुल्क तिर्ने प्रतिष्ठानहरू २०२९।०३० मा २१४ वटा थिए जसमा १८८ वटा चामल, तेल मिलहरू मात्र र बाँकी अरू गञ्जी, मोजा बनाउने कारखाना, स-मिल, कन्फेक्सनरी, डिस्टिलरी आदि उद्योगहरू थिए। यी बाहेक यसमा यहाँका बाँसबारी छाला जुत्ता कारखाना, होटेलहरू आदि समावेश छैनन्। उद्योग विकासको सिलसिलामा यहाँ २०१६ सालदेखि बालाजु औद्योगिक क्षेत्र स्थापना भएको छ जहाँ २६ वटा उद्योगहरू सञ्चालन भइरहेका छन् र भविष्यमा नयाँ थपिने छन्। यसरी काठमाडौं जिल्लामा औद्योगिक विकासको जुन प्रयत्न भएको छ त्यसले विकास क्षेत्रको प्रतिनिधित्व गर्दैन। यस प्रकारको औद्योगिक क्षेत्र ललितपुर जिल्लामा र मकवानपुर जिल्लाको हेटौंडामा पनि छन्। यिनीहरूको बारेमा सम्बन्धित जिल्लाहरूको परिचयमा व्यापक चर्चा गरिएको छ।

तराईमा उपलब्ध कच्चा पदार्थ, यातायात र इन्धनको सुगमताको दृष्टिकोणले त्यहाँको औद्योगिक विकासलाई हेर्ने हो भने पनि त्यहाँ औद्योगिक विकासको जग बसिसकेको छैन भन्ने कुरा स्पष्ट रूपले देखिन्छ। उदाहरणको रूपमा बारा जिल्लालाई हेर्ने हो भने त्यहाँ जम्मा १३७ वटा चामल मिलहरू, छ वटा बिडी कारखाना, सात वटा ईंटाभट्टा, काठ चिर्ने समिल दुईवटा र पाउरोटी कारखाना एउटा छन्। यिनमध्ये कतिपय मिलहरू त वीरगञ्जको हाराहारीमा परेका हुनाले त्यसको प्रभाव क्षेत्र भित्रका हुन् भन्न सकिन्छ। वीरगञ्जबाट यति नजीक भएको जिल्लाको औद्योगिक गतिविधि त यति सीमित छ भन्ने अरू इलाकाको अवस्था सहजै अनुमान लगाउन सकिन्छ। त्यसैले यस मध्यमाञ्चल विकास क्षेत्रको ठाउँ ठाउँमा औद्योगिक केन्द्रहरू भए तापनि यहाँको आर्थिक व्यवस्था कृषिमा नै आधारित छ भन्ने कुरा स्वतः सिद्ध हुन आएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँको आर्थिक व्यवस्थामा औद्योगिक क्षेत्र अथवा अझ व्यापक रुपले गैर-कृषि क्षेत्रको भूमिका कस्तो छ र विभिन्न भौगोलिक इलाकाको आधारमा यसमा कति फरकहरू देखा पर्दछन् भन्ने कुराको जानकारी यस क्षेत्रमा आर्थिक दृष्टिकोणले सक्रिय मानिएको जनसंख्यामा कति प्रतिशतले कृषि तथा सो सम्बन्धी व्यवसायमा र कतिले गैर-कृषि व्यवसायमा लागेका छन् भन्ने तथ्याङ्कबाट पनि उपलब्ध हुन आउँछ। २०२८ सालमा लिइएको जनगणनाको आधारमा सो सम्बन्धी जानकारी निम्न दुईवटा तालिकाहरूको सहायताले प्रस्तुत गरिएको छ।

१० वर्षदेखि माथिको जनसंख्यामा आर्थिक दृष्टिकोणले सक्रिय जनसंख्या

भौगोलिक क्षेत्र	१० वर्षदेखि माथिको जनसंख्या			आर्थिक दृष्टिकोणले सक्रिय		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
हिमाली इलाका	१,२९,६३०	१,२८,९८८	२,५८,६१८	१,१५,८७१	७०,८२६	१,८६,६९७
प्रतिशत	(१००.०)	(१००.०)	(१००.००)	(८९.४)	(५४.९)	(७२.२)
काठमाडौं उपत्यका बाहेक						
पहाडी इलाका	३,९८,९५१	३,९३,८८१	७,९२,८३२	३,४९,५७६	२,१३,२४४	५,६२,८२०
प्रतिशत	(१००.०)	(१००.०)	(१००.०)	(८७.६)	(५४.१)	(७१.०)
काठमाडौंउपत्यका	२,३३,७३८	२,१५,३६७	४,४९,१०५	१,६४,३३१	४९,९२५	२,१४,२५६
प्रतिशत	(१००.०)	(१००.०)	(१००.०)	(७०.३)	(२३.२)	(४७.७)
तराई इलाका	६,४१,२८४	६,००,२६२	१२,४१,५४६	५,४८,८९९	४८,७५१	५,९७,६५०
प्रतिशत	(१००.०)	(१००.०)	(१००.०)	(८५.६)	(८.१)	(४८.१)
जम्मा:–	१४,०३,६०३	१३,३८,४९८	२७,४२,१०१	११,७८,६७७	३,८२,७४६	१५,६१,४२३
प्रतिशत	(१००.०)	(१००.०)	(१००.०)	(८४.०)	(२८.६)	(५६.९)

स्रोतः राष्ट्रिय जनगणना, २०२८

उपर्युक्त तालिकाले यस मध्यमाञ्चल विकास क्षेत्रमा १० वर्षदेखि माथिको जनसंख्यामा ८४.० प्रतिशत पुरुष तथा २८.६ प्रतिशत महिला समेत गरी जम्मा ५६.९ प्रतिशत मानिसहरू आर्थिक दृष्टिकोणले क्रियाशील देखिएका छन्। निम्नतालिकाले ती क्रियाशील जनसंख्याको व्यावसायिक पृष्ठभूमि (कृषि अथवा गैर–कृषि व्यवसाय) बारे जानकारी प्रस्तुत गर्दछ।

आर्थिक दृष्टिकोणले सक्रिय जनसंख्याको व्यावसायिक पृष्ठभूमि

भौगोलिक क्षेत्र	कृषि, वन तथा माछा पालन व्यवसाय		गैर–कृषि, वन तथा माछा पालन व्यवसाय		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
हिमाली इलाका	१,८१,८७०	९७.४	४,८२७	२.६	१,८६,६९७	१००.०
काठमाडौं उपत्यका बाहेक						
पहाडी इलाका	५,४९,१६०	९७.६	१३,६६०	२.४	५,६२,८२०	१००.०
काठमाडौं उपत्यका	१,३४,१९८	६२.६	८०,०५८	३७.४	२,१४,२५६	१००.०
तराई इलाका	५,५७,४०८	९३.३	४०,२४२	६.७	५,९७,६५०	१००.०
जम्मा	१४,२२,६३६	९१.१	१,३८,७८७	८.९	१५,६१,४२३	१००.०

स्रोतः राष्ट्रिय जनगणना, २०२८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाले यस विकास क्षेत्रको विभिन्न भौगोलिक इलाकामा विभिन्न संख्या र परिमाणमा मानिसहरू कृषि तथा गैर-कृषि व्यवसायमा लागेको कुरा देखाउँछ। गैर-कृषि व्यवसाय भन्नाले खानी, निर्माण, कारखानामा उत्पादन कार्य, विद्युत् तथा ग्यास सम्बन्धी काम, व्यापार, यातायात, सञ्चार, वित्तीय व्यवसाय र नोकरी आदि जनाउँछ। हिमाली क्षेत्रमा र पहाडी क्षेत्रमा आर्थिक दृष्टिकोणले सक्रिय जनसंख्यामा क्रमशः २.६ प्रतिशत र २.४ प्रतिशत मात्र गैर-कृषि व्यवसायमा लागेको देखिन्छ। तराई इलाकामा यो परिमाण बढेर ६.७ प्रतिशत पुगेको छ। अझ काठमाडौं उपत्यकामा यो परिमाण ३७.४ प्रतिशत पुगेको छ। काठमाडौं उपत्यकामा गैर-कृषि व्यवसायमा लागेका जम्मा ८०,०५८ जनामध्ये १०,९६७ जना मात्र वास्तवमा औद्योगिक उत्पादन कार्यमा लागेका छन् भने बाँकी जनसंख्यामध्ये ४८,१०४ जना "व्यक्तिगत तथा सामुदायिक सेवा" भनिने नोकरी सेवा आदि व्यवसायमा लागेका छन्। यसरी यस उपत्यकामा राजधानी समेत भएको र विभिन्न कार्यालय र प्रतिष्ठानहरू यहाँ नै भएको हुनाले यो संख्या यति ठूलो देखिन पुगेको छ। हुनत तराई इलाकाको ४०,२४२ मध्ये पनि १९,१५३ उक्त नोकरी आदि व्यवसायमा नै लागेका छन् तर प्रतिशतको हिसाबले हेर्ने हो भने काठमाडौं उपत्यकामा उक्त ४८,१०४ कुल गैर-कृषिमा लागेको जनसंख्याको ६०.० प्रतिशत हुन्छ भने तराई इलाकाको उक्त १९,१५३ जना ४७.६ प्रतिशत मात्र हुने देखिन्छ। तराईमा औद्योगिक उत्पादनमा लागेका मानिसहरू जम्मा ५,४१४ मात्र भए तापनि आर्थिक दृष्टिकोणले क्रियाशील जनसंख्याको प्रतिशतको हिसाबले यो १३.५ प्रतिशत हुन आउँछ र काठमाडौं उपत्यकाको १३.७ प्रतिशतसित बराबर नै देखिन्छ। त्यसैले तराईको तुलनामा काठमाडौं उपत्यकाका जिल्लाहरूमा गैर-कृषिको साथसाथै गैर-औद्योगिक आर्थिक क्षेत्रको भूमिकाको बाहुल्य छ भन्ने कुरा देखिन्छ जुन कुरा राजधानी रहेको इलाका भएको हुनाले स्वाभाविकै पनि हो।

सारांशमा यस विकास क्षेत्रमा अधिराज्यको अन्य क्षेत्रको तुलनामा औद्योगिक प्रतिष्ठानहरूको संख्या धेरै भए तापनि यहाँको आर्थिक व्यवस्थामा गैर-कृषि क्षेत्रको भूमिका अझै निकै सीमित छ। यो कुरालाई यस क्षेत्रमा आर्थिक दृष्टिकोणले सक्रिय जनसंख्यामा जम्मा ८.९ प्रतिशतले मात्र गैर-कृषि व्यवसायमा लागेको कुराले पनि देखाउँछ। दोस्रो कुरा यहाँको औद्योगिक व्यवसाय सम्बन्धी प्रतिष्ठानहरू तराईतिरको केही सीमित स्थानहरू जस्तै जनकपुर, वीरगञ्ज, हेटौंडा र काठमाडौं उपत्यकामा सीमित भएका छन्। यस विकास क्षेत्रको पहाड तथा तराईका विशाल भू-भाग औद्योगिक विकासबाट निकै टाढा रहेका छन्।

व्यापार

व्यापारलाई आन्तरिक र अन्तर्राष्ट्रिय दुई स्तरमा लिन सकिन्छ। यस क्षेत्रको आन्तरिक व्यापार यहाँका विभिन्न शहर बजारको साथै ठाउँ-ठाउँमा लाग्ने हाट बजारमा हुने गर्दछन्। अन्तर्राष्ट्रिय व्यापारको निम्ति उत्तरतिर चीनसित, दक्षिणमा भारतसित र समुद्रपारका देशहरूसित गरिन्छ। उत्तरतिर व्यापार हुने नाकाहरूमा धादिङ जिल्लामा थाप्ले र साल्बु नाकाहरू, रसुवा जिल्लामा रसुवा गढी (तिब्बततिर केरुङ) सिन्धुपाल्चोक जिल्लामा तातोपानी (तिब्बततिर कुती) र भैंसे र दोलखा जिल्लामा लामाबगर हुन् तर तिनीहरूमध्ये केही मात्रामा व्यापार हुने ठाउँ काठमाडौं-कोदारी राजमार्गमा स्थित तातोपानी भन्सारबाट मात्र हो। यहाँबाट चीनतिर निकासी हुने सामानमा मुख्यतया सुकेको खोर्सानी, चामल, सुर्ती, पीठो, बयर, सक्खर, हर्रो, बर्रो, लप्सी, रुद्राक्ष, डोको, नाम्लो आदि हुन्। उताबाट आयात हुनेमा कम्बल, तन्ना, छाता, जुत्ता, खेलौना, लत्ता कपडा, चियाको कप, थर्मस आदि हुन्। २०३०।३१ मा यहाँबाट निकासी वापत रु. ४३,०००। र पैठारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वापत रू. १,०८,०००। भन्सार महसूल उठेको थियो । यसरी यहाँको अन्तर्राष्ट्रिय व्यापार चालू नै रहे तापनि परिमाण ठूलो छैन ।

दक्षिणतिरको व्यापारमा सबभन्दा ठूलो भूमिका वीरगञ्ज भन्सारको छ । यसको साथै पूरै दक्षिणी सीमानामा ठाउँ ठाउँमा छोटी भन्सारहरू रहेका छन् जहाँबाट पनि सानो परिमाणमा निकासी-पैठारी हुने गर्दछन् । वीरगञ्ज भन्सारबाट निकासी हुने स्थानहरूमा भारतको साथसाथै कतिपय समुद्रपारका देशहरू पनि छन् । यस बाहेक काठमाडौंमा त्रिभुवन विमान स्थलमा पनि एउटा भन्सार छ जहाँबाट हवाइ जहाजद्वारा निकासी पैठारी हुने सामानको भन्सार महसूल लिइन्छ । कहिलेकाहीं यहाँ विदेशबाट पर्यटकहरूले चढी आएको गाडी काठमाडौंमा स्थानीय व्यक्तिहरूलाई बेच्दा भन्सार महसूल पनि यस भन्सारमा नै तिर्ने गरिन्छ । ती भन्सारहरूबाट हुने निकासी पैठारीको परिमाण सम्बन्धी केही जानकारीको निम्ति तलको फिहिरिस्तमा बीरगञ्ज भन्सारबाट भएको २०२८।०२९ र त्रिभुवन विमान स्थलबाट भएको २०२९।०३० को निकासी-पैठारीको रकम दिइएको छ ।

वीरगञ्ज भन्सारबाट २०२८।०२९ मा र त्रिभुवन विमान स्थलबाट २०२९।०३० मा भएको निकासी-पैठारी सम्बन्धी जानकारी

	वीरगञ्ज भन्सार (२०२८-०२९)[1]		त्रिभुवन विमान स्थल भन्सार (२०२९।०३०)[2]	
	निकासी (रू. हजारमा)	पैठारी (रू. हजारमा)	निकासी (रू. हजारमा)	पैठारी (रू. हजारमा)
भारत	१५,८६२	१,९०,२४१	–	–
समुद्रपारका मुलुकहरू	७,६७७	३८,००५	–	–
देश नखुलेको	–	–	२१,११०	२५,७१४
जम्मा:–	२३,५३९	२,२८,२४६	२१,११०	२५,७१४

स्रोत:– १ व्यापार प्रवर्धन केन्द्र समाचार सेवा २०२९, वर्ष २, अङ्क ३।४
२ श्री ५ को सरकार भन्सार विभाग

उपर्युक्त जानकारी अनुसार वीरगञ्जबाट पैठारी हुने सामानको मोल सो ठाउँबाट निर्यात हुनेको मोलभन्दा निक्कै बढी छ । तर त्रिभुवन विमान स्थलबाट भएको निकासी पैठारीमा सन्तुलन कायमै भएको भन्नु पर्दछ ।

भारततिर निकासी हुने प्रमुख वस्तुहरूमा धान, चामल, ढुटो, तेलहन, दलहन, खली पिना, मकै, तेल (रायो, सर्स्यूं, तोरी), लकडी, खयर, कत्था, छाला तथा छालाबाट बनेका सामान, बालुवा, ढुङ्गा आदि हुन् । पैठारी हुने सामानमा नून, चिया, मसला, कपडा, तयारी पोशाक, होजियरी वस्तु, सिमेन्ट, फलाम र निर्माणका सामानहरू, मट्टीतेल, डिजेल, पेट्रोल, हवाइ पेट्रोल, मोबिल, पत्थरकोइला, साबुन, सुर्ती, छालाका सामान, यान्त्रिक सामान, औषधि, मोटर, मोटर साइकल, साइकल, बिजुलीको सामान, भाँडा-कुँडा, कार्यालय सामग्री, खसी आदि हुन् ।

यसै गरी समुद्र पारका देशहरूलाई निर्यात हुने सामानहरूमा छाला तथा छालाका सामान, ऊनी कार्पेट, जरीबूटी, वन पैदावार, हस्तकला तथा शिल्पकलाका सामानहरू, नेपाली धूप, नेपाली कागज, काष्ठकला, बाँसका वस्तु, खरी ढुङ्गा, खली पिना, दाल, चामलको भूस, मसला आदि हुन् । आयात हुने वस्तुहरूमा माथिको जस्तै कपड़ा, तयारी पोशाक, कर्कट पाता, रक्सी र बियर, बिजुलीका सामान, कार्यालय सम्बन्धी सामान, मोटर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोटर साइकल र पार्टहरू, टाएर, ट्यूब, काँचो धागो, औषधि, रेडियो, टेपरिकर्डर, फोटोग्राफी सामान, ट्याक्टर, चुरोट, सिगार र शृङ्गारको सामान आदि हुन् । उक्त भन्सार बाहेक काठमाडौं जिल्लामा त्रिभुवन विमान स्थलमा पनि एउटा भन्सार छ जहाँबाट निकासी हुने सामानमा कस्तूरी, सुंगुरको जगर, क्यूरियो र हस्तकलाको सामान, जरीबूटी, गलैंचा, नेपाली कपडा, राँगाको पित्त र भेडा बाखाका काँचा छाला हुन् । पैठारी हुने सामानहरूमा मोटरकारहरू, रेडियो, टेप रिकर्डर, राइफल, बन्दूक, पिस्तौल, टेक्सटाइलका सामान, मेशीनरी, बिजुलीका सामान, वैज्ञानिक र डाक्टरी सामान, औषधि, अफिस सामान, फोटोग्राफिक सामान र शृङ्गारका सामान छन् ।

यसरी यस क्षेत्रबाट हुने आयात निर्याततर्फको विचार गर्दा यहाँ आयात हुने वस्तुहरूमा मुख्यतया निर्माण, मेशिनरी तथा उपभोगका सामानहरू भएको पाइन्छ र निर्यातमा कच्चामाल, खाद्यान्न र केही मात्र तयारी माल भएको देखिन्छ ।

उक्त आयात निर्यातको सामानहरूमध्ये आयात भएका सामानहरूमा यस क्षेत्रको कुनै विशेष भौगोलिक इलाकासित सम्बन्धित नभई सम्पूर्ण इलाकासित सम्बन्ध राख्दछ भने निर्यातको हकमा निर्यात हुने वस्तुमा स्थानीय छाप परेको देखिन्छ जुन कुरा निम्नलिखित लगतबाट देखिन आउँछ ।

विभिन्न स्थानबाट निर्यात हुने सामानहरूको लगत र तिनीहरूको मूल्य (रू. हजारमा)

सामानको नाम	त्रिभुवन विमानस्थल बाट २०२९।०३० मा भएको निर्यातको मोल	वीरगञ्ज भन्सारबाट २०२८।०२९ मा निकासी भएका मुख्य मुख्य वस्तुको मोल: समुद्रपारका देशतर्फ	भारततर्फ
कस्तूरी (विना र धूलो)	१२,०६८	–	–
सुंगुरको जगर	१,९७६	–	–
क्यूरियो र हस्तकला सामान	३,८२५	२००	–
जरीबूटी, ममिरा, छतिवन आदि	२,७४५	२६८	३०२
गलैंचा कार्पेट	३६६	१,१५०	–
नेपाली तैयारी कपडा	९५	–	–
राँगाको पित्त	३५	–	–
छाला तथा छालाबाट बनेको सामान	–	५,८४७	५२७
वन पैदावार	–	७७	–
नेपाली धूप	–	६९	–
चामलको भूस	–	६९	–
लकडी	–	–	६,३५७
चामल (धान समेत)	–	–	४,९४७
मकै	–	–	३,२८८
तेलहन	–	–	६७
	२१,११०	७,६७७	१५,८६२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त फिहिरिस्तबाट यो कुरा स्पष्ट रूपले देखिन्छ कि त्रिभुवन विमानस्थल भन्सारबाट निकासी हुने सामानमा र वीरगञ्ज भन्सारबाट निकासी हुने सामानमा स्थानीय छाप प्रतिबिम्बित भएका छन्। हुनत जरीबूटी, छाला जस्ता सामानहरू सम्पूर्ण क्षेत्रबाट नै निखारिएर वीरगञ्जबाट पनि जाने गर्दछन् तर वीरगञ्ज-बाट-जाने मुख्य वस्तुहरूमा लकडी, धान,चामल, मकै, तेलहन अवश्य पनि जङ्गल धेरै भएका र खाद्यान्न बचत हुने तराईको जिल्लाहरूबाट जम्मा भई निर्यात भएका छन्। यसरी सामानको प्रकृतिबाट पनि यस क्षेत्र अन्तर्गतको कुन इलाका कुन किसिमको सामानमा बचत गरी निर्यात गर्न सक्दछ भन्ने कुराको मोटामोटी ज्ञान उपलब्ध हुन्छ।

यसमा एउटा थप आयाम पनि छ। यस क्षेत्रको पहाडी इलाकाबाट निर्यात हुने सामानमा जरीबूटी, क्यूरियो, छाला जस्ता सामान भएतापनि यी सब प्रत्येक गाउँबाट नै निर्यात हुने होइनन् तर अर्कोतिर प्रत्येक गाउँको प्रत्येक घरलाई केही न केही सामान निर्यात नगरी नून, कपडा जस्ता सामान किन्नलाई नगद हुँदैनन्। यसैले यसप्रकार को सामान स्थानीय हाट बजारमा विक्री गरिन्छन् र तीमध्ये कुनै कुनै यस क्षेत्रको मुख्य व्यापारिक केन्द्रहरू काठमाडौं (उपत्यका), हेटौंडा, वीरगञ्ज आदि स्थानहरूमा समेत निर्यात हुन्छन्। मकवानपुर जिल्लाको केही गाउँहरूको एउटा प्रतिवेदनबाट गाउँलेहरूले के के कुरा स्थानीय बजारमा बेच्दारहेछन् भन्ने कुरा तलको फिहिरिस्तबाट जानकारी हुन्छः–[1]

गाउँ पञ्चायत	बेचिने सामानहरू	बजार
आग्रा	घ्यू, भटमास, आलु, तोरी	पालुङ
भैंसे	–	भैंसे
भीमफेदी	घ्यू, माछा, आलु	भीमफेदी, हेटौंडा
चित्लाङ	आलु, घ्यू	भीमफेदी, पालुङ, काठमाडौं
गोगने	फलफूल	पालुङ, टिष्टुङ
कुलिखानी	कुखुरा, फुल, फलफूल, आलु	भीमफेदी, काठमाडौं–(कहिलेकाँही)
मार्खु	आलु, घ्यू, फुल	पालुङ, दामन, भीमफेदी
पालुङ	जरीबूटी	पालुङ
मेट्राङ	जरीबूटी	टिष्टुङ
सिखरकोट	आलु, जरीबूटी	सिखरकोट
टिष्टुङ थाहाचोक	खाँडी कपडा, आलु	टिष्टुङ, हेटौंडा
हटिया	काठ, अन्न	हेटौंडा

उपर्युक्त फिहिरिस्तबाट यो कुरा प्रमाणित हुन्छ कि मकवानपुर जिल्लाका गाउँहरूमध्ये उच्च पहाडी गाउँहरूबाट मात्र जरीबूटीहरू र हटिया जस्तो होचो ठाउँबाट अन्न र कतै कतै पालुङ जस्तो ठाउँबाट मात्र स्लेट र चून निकासी हुन्छ भने धेरै जस्तो गाउँहरूबाट निकासी हुने घ्यू, भटमास, आलु, फलफूल, आदि नै हुन् अर्थात् यस जिल्लाका धेरैजसो गाउँहरूबाट निर्यात हुने सामानहरू कृषि-क्षेत्रकै उत्पादन हुन्।

यसरी माथि उल्लेख गरिए झैं यस विकास क्षेत्रभित्र पर्ने भन्सारहरूबाट हुने निर्यातमध्ये त्रिभुवन विमानस्थलको भन्सारबाट एक किसिमका सामानहरू र वीरगञ्ज भन्सारबाट मुख्यतया कृषि क्षेत्रका सामानहरू

१. Okada को माथि उल्लिखित किताब, पृष्ठ ४८–९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्यात हुने भए तापनि पहाडतिर पर्ने गाउँहरूमा स्थानीय निर्यातको निमित्त तिनीहरू पनि कृषि क्षेत्रमा नै भर पर्दछन् ।

त्यसैले पहाडी इलाकाबाट यदि कृषि पैदावार बाहिर निर्यात भएको देखिन्न भने त्यहाँ आर्थिक व्यवस्थाको मूल आधार कृषि नभएर होइन कि पहाडी इलाकाको कृषि क्षेत्रको निर्यात क्षमता कम भएर हो जुन बारेमा माथि पनि चर्चा गरिसकिएको छ ।

यातायात, सञ्चार र बिजुली

कुनै पनि क्षेत्रको सामाजिक तथा आर्थिक विकासको निम्ति यातायात, सञ्चार र विद्युत् शक्तिको विकासलाई आधारशिला नै मानिएको छ । नेपाल अधिराज्यका मध्यमाञ्चल विकास क्षेत्र देशको राजधानी भएको इलाका भएको, परम्परादेखि व्यापारिक जगत्मा यस क्षेत्रको महत्वपूर्ण भूमिका भएको र शहरीकरणको गति पनि तीव्र हुँदै गएको हुनाले उपर्युक्त विषयहरूमा अधिराज्यको अरू क्षेत्रभन्दा यो क्षेत्र निकै नै विकसित भएको मान्नुपर्दछ । त्यसमा पनि अझ यस क्षेत्रको तीनवटा अञ्चलहरूमध्ये यस्तो विकास वागमती र नारायणी अञ्चलमा केन्द्रित भएको देखिन्छ ।

यातायात

२०३० सालमा राष्ट्रिय योजना आयोगले प्रकाशित गरेको एउटा जानकारी अनुसार सम्पूर्ण अधिराज्यमा १,१६९ किलोमिटर पक्की सडक र ५४२ किलोमिटर कच्ची सडक भएकोमा यस विकास क्षेत्रमामात्र ७०८ किलोमिटर अर्थात् ६०.६ प्रतिशत पक्की सडक र १५६ किलोमिटर अर्थात् २८.८ प्रतिशत कच्ची सडक भएको देखिन्छ । यसरी विकासका अन्य क्षेत्रमा जस्तै यातायातको क्षेत्रमा पनि यस मध्यमाञ्चल विकास क्षेत्रले विशेष स्थान ओगटेको छ ।

यस विकास क्षेत्रमा भएका विभिन्न पक्की सडकहरू निम्नबमोजिम छन् :–

पक्की सडक	जोड्ने स्थानहरू	लम्बाइ
त्रिभुवन राजपथ	काठमाडौं–रक्सौल	१९० किलो मिटर
	(हेटौंडा–पथलैया खण्ड महेन्द्र राजमार्गमापर्ने)	२६ किलोमिटर
महेन्द्र राजमार्ग	पथलैया–वकिया खोला (कमला पारी)	१३३ किलोमिटर
अरनिको राजमार्ग	काठमाडौं–कोदारी	११४ किलोमिटर
पृथ्वी राजमार्ग	नौबिसे–मुङलिङटार खण्ड	८४ किलोमिटर
काठमाडौं–त्रिशूली	काठमाडौं–त्रिशूली	६९ किलोमिटर
ढल्केवार–भित्ता मोड	महेन्द्र राजमार्ग–जनकपुर–जलेश्वर–भित्ता मोड	४३ किलोमिटर
कलैया–सडक	त्रिभुवन राजपथ–कलैया	११ किलो मिटर

यी पक्की सडकहरू बाहेक यस क्षेत्रमा कच्ची तथा धूले सडकहरू निकै नै छन् । तर तीमध्ये हेटौंडा-नारायणघाटको कच्ची सडक (८३ किलोमिटर) चितौन उपत्यकाको निम्ति प्राण सञ्चारको नै माध्यमको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा रहेको छ।

उपर्युक्त बाटोहरू तराई इलाकामा मात्र सीमित नभई तिनीहरूले यस विकास क्षेत्रको पहाडी इलाकाहरूलाई छिचोलेको छ। यस सम्पूर्ण विकास क्षेत्रमा वागमती अञ्चलको रसुवा जिल्ला र जनकपुर अञ्चलको दोलखा, रामेछाप र सिन्धुली जिल्लाहरू मात्र कुनै मोटर चल्ने सडकसित जोडिएका छैनन्। यस अर्थले हेर्नेहो भने जनकपुर अञ्चलको माथिल्लो भागहरू सडक यातायातको क्षेत्रमा तुलनात्मक दृष्टिकोणले अविकसित रहेका छन्।

यस विकास क्षेत्रमा दुईवटा मार्गहरूको नवनिर्माण हुन लागेका छन्। श्री ५ को सरकारले आफ्नै स्रोत र एशियाली विकास बैंकको ऋणबाट हेटौंडादेखि नारायणघाटसम्मको उपर्युक्त बाटो (जुन महेन्द्र राजमार्गको अंश पनि हो) १४ करोड दुई लाख रूपियाँको लागतमा २०३३ सालसम्ममा दोहरो मोटर चल्ने गरी पक्का बनाउन लागेको छ। यसै अन्तर्गत नारायणी नदीमा पनि पुल हालिने छ। दोस्रो सडक अरनिको राजमार्गमा पर्ने लामोसाँगुदेखि दोलखा जिल्लाको जिरीसम्मको अन्दाजी १०० किलोमिटर लामो बाटो सात करोड ५० लाखको लागतमा निर्माण हुँदैछ। यसरी यी बाटोहरू निर्माण भएपछि यस विकास क्षेत्रको सडक यातायात तुलनात्मक दृष्टिकोणले निकै विकसित भएको मान्नुपर्दछ।

हवाइ यातायात

हवाइ सेवाको क्षेत्रमा पनि यो विकास क्षेत्र सम्पन्न नै मान्नु पर्दछ। यहाँ अन्तर्राष्ट्रिय उडानहरू हुने त्रिभुवन विमानस्थल तथा अन्य हवाइ मैदानहरू पनि छन्। यहाँ भएका हवाइ मैदानहरूको फिहिरिस्त निम्न-बमोजिम छः–

हवाइ मैदान	जिल्ला	अवस्था	धावन मार्ग लम्बाइ	कैफियत
त्रिभुवन विमानस्थल	काठमाडौं	पक्की	६,६०० फीट	१०,००० फीट बनाउने काम भइरहेको
सिमरा विमानस्थल	बारा	कच्ची	४,००० फीट	बाराको डुमरवाना पञ्चायतमा ५,००० फीट लामो नयाँ हवाइ मैदान बनाइने।
जनकपुर विमानस्थल	धनुषा	पक्की	३,३०० फीट	४,००० फीट बनाइने
भरतपुर विमानस्थल	चितौन	कच्ची	३,६०० फीट	
मेघौली विमानस्थल	चितौन	कच्ची	....	
रामपुर विमानस्थल	चितौन	कच्ची	सानो हवाइ मैदान	
जिरी विमानस्थल	दोलखा	कच्ची	सानो हवाइ मैदान	
लाङ्टाङ विमानस्थल	रसुवा	कच्ची	सानो हवाइ मैदान	
थाङ्वुचे विमानस्थल	रसुवा	कच्ची	सानो हवाइ मैदान	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रेल यातायात

नेपाल अधिराज्यमा भएका जम्मा दुईवटा रेलवे लाइनहरू यसै विकास क्षेत्रमा पर्दछन्। तीमध्ये प्रथम तथा बढी महत्वपूर्ण जयनगर–जनकपुर–विजुलपुर छोटी लाइन हो जुन ५४ किलोमिटर लामो छ। अर्को रेलवे लाइन ४८ किलोमिटर लामो अमलेखगञ्जदेखि वीरगञ्ज हुँदै गएको छोटी लाइन हो तर त्रिभुवन राजपथको निर्माण भएदेखि क्रमशः यसको महत्व घट्दै गयो र आजकल वीरगञ्जदेखि रक्सौलसम्मको चार किलोमिटर लामो लाइन मात्र सामान ढुवानीको निम्ति प्रयोगमा आएको छ।

रोप वे

यसै क्षेत्रमा हेटौंडा (मकवानपुर) देखि काठमाडौं जोड्ने (२६.१९ माइल) करीब (४२ किलोमिटर) लामो देशको एक मात्र रोपवे पनि चालू छ। यसमा प्रत्येकले १६ सय के. जी. बोक्न सक्ने २०० वटा क्यारियरहरू चालू छन्।

उपर्युक्त सबै यातायातको साधनको दृष्टिकोणले हेर्दा माथि उल्लेख गरिए जस्तो नेपाल अधिराज्यको अरू क्षेत्रको तुलनामा यस काठमाडौं विकास क्षेत्रलाई सम्पन्न नै मान्नुपर्दछ साथै यहाँको यातायात प्रथाको प्रकृति यस्तो छ कि यसले यस क्षेत्रका विभिन्न भागहरूलाई उत्तर-दक्षिण दिशामा सम्पर्क कायम गराउँछ। हाल-सालै बनेका सडकहरू जस्तै अरनिको राजमार्ग, पृथ्वी राजमार्ग, महेन्द्र राजमार्गहरू तथा अब बन्ने लामोसांगु-जिरी राजमार्गले मात्र विभिन्न इलाकामा पूर्व–पश्चिम दिशामा पनि सम्पर्क कायम गराएको तथा गराउने छ।

सञ्चार

सञ्चारको क्षेत्रमा यस मध्यमाञ्चल विकास क्षेत्रमा आकाशवाणी, टेलिफोन र हुलाकका सुविधाहरू उपलब्ध छन्। हिमाली इलाकामा पर्ने तीनवटै जिल्लाहरूमा, पहाडी इलाकामा पर्ने जिल्लाहरूमध्ये काभ्रे, नुवाकोट, ललितपुर र भक्तपुर जिल्लाहरूमा बाहेक अरू सबै जिल्लामा र तराई इलाकामा पर्ने जिल्लाहरूमा पनि बारा जिल्लामा बाहेक अरू सबै जिल्लाहरूमा आकाशवाणी ष्टेशनहरू छन्। जहाँ जहाँ यसको सेवा उपलब्ध छैन ती ठाउँहरूमा टेलिफोनको सुविधाहरू उपलब्ध छन्।

यस क्षेत्रमा अन्यत्र जस्तै सञ्चारको अर्को माध्यम हुलाक हो जसको संख्याहरू भौगोलिक इलाका र जनसंख्याको अनुपातमा निम्नबमोजिम छन्:–

हुलाक अड्डाहरूको विवरणको प्रारूप

भौगोलिक इलाका	क्षेत्रफल (वर्ग कि.मि.)	जनसंख्या	हुलाक अड्डाहरूको संख्या[1] संख्या	प्रतिहुलाक अन्तर्गत पर्ने औसत क्षेत्रफल (कि.मि.)	जनसंख्या
हिमाली इलाका	५,८४६	३,५३,९२३	२९	२०२	१२,२०४

स्रोत १. हुलाकहरूको संख्या सम्बन्धित जिल्लास्थित कार्यालयहरूबाट उपलब्ध जानकारीमा आधारित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौं उपत्यका बाहेक					
पहाडी इलाका	११,७९७	११,२२,६८३	७९	१४९	१४,२११
काठमाडौं उपत्यका	१,०९७	६,१८,९११	३८	२९	१६,२८७
तराई इलाका	६,५१०	१७,७०,२३६	५९	१६१	३०,००४
जम्मा	२८,२५०	३८,६५,७५३	२०५	१३८	१८,८५७

स्रोतः– २०२८ को राष्ट्रिय जनगणना

उपर्युक्त तालिकाअनुसार जति जति पहाडी इलाका पर्दछ उति उति कम जनसंख्याको घनत्वको कारणबाट प्रत्येक हुलाक अड्डाले तुलनात्मक दृष्टिकोणले ठूलो भू–इलाकामा सेवा पुऱ्याएको देखिन्छ। यसरी जति जति भौगोलिक उचाइ कम हुन्छ उति उति जनसंख्याको चाप बढ्ने प्रवृत्ति हुनाले प्रत्येक हुलाकले तुलनात्मक दृष्टकोणले सानो इलाकामा बढी जनसंख्यालाई सेवा पुऱ्याएको देखिन्छ। यसरी काठमाडौं उपत्यकामा प्रति-हुलाक अड्डा २९ वर्ग किलोमिटरमात्र पर्छ भने यसले १६ हजारभन्दा बढी जनसंख्यालाई सेवा पुऱ्याएको देखिन्छ तर तराई इलाकामा हेर्ने हो भने प्रतिहुलाक जनसंख्याको साथै क्षेत्रफल पनि बढी नै देखिन्छ।

हुनत सबै हुलाक अड्डाको क्षमता तथा हुलाक वस्तुको आदान प्रदान संख्या एकै समान छैन तापनि सर्वोपरि दृष्टिकोणले हेर्दा उपर्युक्त विवरणको प्रारूप अर्थपूर्ण नै देखिन्छ।

बिजुली

नेपाल अधिराज्यमा विद्युत् शक्ति उत्पादन र उपभोगको क्षेत्रमा पनि यस विकास क्षेत्रले नै सबभन्दा लाभको स्थान हासिल गरेको छ। राष्ट्रिय योजना आयोगको एउटा जानकारी अनुसार अधिराज्यभरको कुल उत्पादन शक्ति ४२,५३८ किलोवाटमध्ये यस मध्यमाञ्चल विकास क्षेत्रमा मात्र ३३,४३६ किलोवाट अर्थात् ७८.६ प्रतिशत उत्पादन गर्ने शक्ति छ।[1] २०३० को अवधिसम्ममा यस विकास क्षेत्रमा निम्न जल विद्युत् योजनाहरू छन्।

जलविद्युत् योजना	जिल्ला	क्षमता	कैफियत
त्रिशूली जलविद्युत् योजना	नुवाकोट	१८,००० किलोवाट	इन्स्टल्ड क्षमता
सुनकोशी जलविद्युत् योजना	सिन्धुपाल्चोक	१०,०५० किलोवाट	२१,००० किलोवाट
पनौती जलविद्युत् योजना	काभ्रे	२,४०० किलोवाट	
सुन्दरीजल जलविद्युत् योजना	काठमाडौं	६४० किलोवाट	
फर्पिङ जलविद्युत् योजना	काठमाडौं	५०० किलोवाट	
डिजेलप्लाण्टहरू			
महेन्द्र डिजेल	काठमाडौं	१,९६६ किलोवाट	स्टाएण्डवाइमा
पाटन डिजेल	ललितपुर	१,४७० किलोवाट	स्टाएण्डवाइमा
हेटौंडा डिजेल	मकवानपुर	४,४७० किलोवाट	स्टाएण्डवाइमा

१. राष्ट्रिय योजना आयोगको माथि उल्लिखित अप्रकाशित जानकारी, पृष्ठ ४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनकपुर डिजेल	धनुषा	७५० किलोवाट पछि स्टाएण्ड वाइमा जाने
भरतपुर डिजेल	चितौन	५०० किलोवाट इन्स्टल्ड क्षमता ६०० कि.वा.

उपर्युक्त विभिन्न विद्युत् उत्पादन योजनाहरू बाहेक नेपाल र भारतको बीच रहेको आपसको सीमानाका जिल्लाहरूमा विद्युत् शक्ति आदान–प्रदान गर्ने २०२८ कात्तिक ३ गते भएको सम्झौताअनुसार यस क्षेत्रबाट नेपालले भारतको रक्सौलमा विद्यत् सुविधा उपलब्ध गराएको छ भने भारतबाट नेपालको सीनामाका जिल्लाहरू क्रमशः धनुषा, महोत्तरी, सर्लाही र रौतहटमा केही विद्युत् शक्ति उपलब्ध भएको छ ।

यी बाहेक यस क्षेत्रमा (नुवाकोट जिल्लामा नै) १४,१०० किलोवाट क्षमताको दोस्रो जल विद्युत् योजना निर्माण हुन थालेको र यसको उत्पादनले यहाँ कम हुँदै आएको विद्युत् शक्तिमा सघाउ पुऱ्याउने छ। यसै गरी गण्डकी योजनाबाट नेपाललाई उपलब्ध हुने १०,००० किलोवाट बिजुलीको निम्ति पनि प्रसारण लाइनको निर्माण एशियाली विकास बैंकको ऋणबाट भइरहेको छ । अढाईवर्ष जति पछि यो कार्य सम्पन्न भएपछि उक्त विद्युत् शक्ति पनि केन्द्रीय विद्युत् प्रणालीमा उपलब्ध हुन आउँछ ।

यसका अतिरिक्त यस क्षेत्रमा मकवानपुर जिल्लामा पर्ने कुलेखानी नदीमा कुलेखानी जल विद्युत् योजनाको सर्वेक्षण भइसकेको छ । यसबाट प्रथम चरणमा ३२,००० किलोवाट र दोस्रो चरणमा ३८ हजार किलोवाट गरी जम्मा ७०,००० किलोवाट बिजुली पैदा गर्ने क्षमता भएको अनुमान गरिएको छ । यसै गरी यहाँको वागमती नदीमा पनि सिंचाइ तथा जलविद्युत् उत्पादनको निम्ति सर्वेक्षणहरू भइरहेका छन् ।

उपर्युक्त दृष्टिकोणबाट हेर्दा यस विकास क्षेत्रमा केही वर्षपछि प्रशस्त मात्रामा विद्युत् शक्ति उत्पादन हुने भएको छ । तर विद्युत् वितरणको दृष्टिकोणबाट हेर्दा आजकल काठमाडौं उपत्यकाका धेरैजसो स्थान हेटौंडा, वीरगञ्ज र त्यसका वरिपरिका स्थानहरू तथा तराईका सदरमुकामहरू र कहीं कहीं वरिपरिका केही गाउँहरूमा मात्र विद्युतीकरण भएको छ । जनकपुर अञ्चलमा धनुषादेखि बाहेक सम्पूर्ण अञ्चल र वागमती अञ्चलमा रसुवा र धादिङ जिल्लाले बिजुलीको प्रकाश अझैं देख्न पाएका छैनन् । यसैगरी तराई र पहाडका अधिकांश गाउँहरूमा बिजुलीको प्रकाश पुग्न बाँकी नै छ । यसरी विद्युतीकरणको क्षेत्रमा यो विकास क्षेत्रको स्थान अन्य क्षेत्रको तुलनामा राम्रो नै भए तापनि यस क्षेत्रभित्र काठमाडौं उपत्यका र तराईका केही इलाकाहरू छाडेर अरू ठाउँ पिछडिएका नै छन् ।

शिक्षा

साक्षरता, विद्यालयहरू र तिनीहरूमा पढ्ने छात्र छात्राहरूको संख्यालाई नै शिक्षाको केही मुख्य पक्षहरू मानेर यहाँ यस मध्यमाञ्चल विकास क्षेत्रको शिक्षा सम्बन्धी केही विश्लेषण गरिएको छ । यस मध्यमाञ्चल विकास क्षेत्रमा साक्षरताको दर राष्ट्रिय साक्षरताको दर १३.९ प्रतिशतभन्दा बढी भए तापनि भौगोलिक इलाकाको हिसाबले साक्षर जनसंख्याको परिमाणमा फरक पर्न आउँछ जुन तलको तालिकाबाट स्पष्ट हुन आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यमाञ्चल विकास क्षेत्रका विभिन्न भौगोलिक इलाकामा
छ वर्षदेखि माथिको जनसंख्यामा साक्षरताको परिमाण

जनसंख्या	हिमाली क्षेत्र	काठमाडौं उपत्यका बाहेक पहाडी क्षेत्र	काठमाडौं उपत्यका	भित्री मधेश समेत तराई क्षेत्र	जम्मा
छ वर्षदेखि माथिका					
पुरुष	१,४८,२८९	४,६३,३४८	२,६६,१७३	७,४०,४७१	१६,१८,२७१
महिला	१,४७,०२४	४,५६,६६२	२,४६,५१७	६,८९,९१२	१५,४०,११५
जम्माः–	२,९५,३१३	९,२०,०००	५,१२,६९०	१४,३०,३८३	३१,५८,३८६
साक्षर					
पुरुष	२३,१३०	७६,०७१	१,२७,२८८	१,४७,४३३	३,७३,९२२
(प्रतिशत)	(१५.६)	(१६.४)	(४७.८)	(१९.९)	(२३.१)
महिला	२,४३६	९,०५५	३९,३९०	२३,३९२	७४,२७३
(प्रतिशत)	(१.७)	(२.०)	(१६.०)	(३.४)	(४.८)
जम्माः–	२५,५६६	८५,१२६	१,६६,६७८	१,७०,८२५	४,४८,१९५
(प्रतिशत)	(८.७)	(९.२)	(३२.५)	(११.९)	(१४.२)

स्रोतः– राष्ट्रिय जनगणना, २०२८

माथि दिइएको तालिकामा यस विकास क्षेत्रको छ वर्षदेखि माथिको जनसंख्यामा प्रथमतः अन्यत्र जस्तै पुरुष र महिला साक्षरतामा फरक छ। जबकि कुल पुरुष संख्याको २३.१ प्रतिशत साक्षर छन् भने महिलाहरूमा ४.८ प्रतिशत मात्र साक्षर देखिन्छन्।

यस बाहेक यहाँ भौगोलिक इलाकाको आधारमा पनि प्रशस्तै अन्तरहरू छन्। जबकि सम्पूर्ण क्षेत्रमा १४.२ प्रतिशत साक्षर छन् भने हिमाली क्षेत्रमा ८.७ प्रतिशत, पहाडमा ९.२ प्रतिशत, तराईमा ११.९ प्रतिशत र काठमाडौं उपत्यकामा यी प्रतिशतहरूभन्दा निकै बढी ३२.५ प्रतिशत साक्षर छन्। पुरुष–महिला साक्षरतामा आपसमा रहेको अन्तर भौगोलिक आधारमा पनि अन्तर भएको देखिन्छ। यसरी हिमाली इलाकामा १.७ प्रतिशत महिलाहरू मात्र साक्षर छन् भने, पहाडमा दुई प्रतिशत, तराईमा ३.४ प्रतिशत र काठमाडौं उपत्यकामा १६.० प्रतिशत साक्षर छन्।

सारांशमा, यस विकास क्षेत्रमा काठमाडौं उपत्यका बाहेक हिमाली इलाका, पहाडी इलाका र तराईका इलाकामा क्रमशः साक्षरताको दर बढ्दै गएको देखिन्छ तापनि निरक्षर जनसंख्याको प्रचूरता रहेको देखिन्छ। तर यसको तुलनामा काठमाडौं उपत्यकाको संख्या (आफैंमा अझै पनि थोरै नै भए तापनि) अरू इलाकाहरूको तुलनामा निकै नै बढी देखिन्छ। यसरी मध्यमाञ्चल क्षेत्र व्याप्त निरक्षरताको मरुभूमिमा काठमाडौंको साक्षरता दर "ओएसिस" (एउटा हरियालीयुक्त स्थल) को रूपमा प्रस्तुत हुन आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालय शिक्षा

विद्यालय शिक्षाको क्षेत्रमा यस मध्यमाञ्चल विकास क्षेत्रको सम्पूर्ण इलाकाहरूमा विभिन्न संख्यामा विभिन्न स्तरका विद्यालयहरू स्थापना गरिएका छन् जसको भौगोलिक वितरण निम्नबमोजिम छ । तर यसमा भाषा विद्यालयहरू र मदरसाहरू समावेश छैनन् ।

मध्यमाञ्चल विकास क्षेत्रमा विद्यालयहरूको वितरण [1]

भौगोलिक क्षेत्र	हिमाली इलाका	काठमाडौं उपत्यका बाहेक पहाडी इलाका	काठमाडौं उपत्यका	तराई इलाका	जम्मा
विद्यालयको स्तर जनसंख्या[2]	३,५३,९२३	११,२२,६८३	६,१८,९११	१७,७०,२३६	३८,६५,७५३
प्राथमिक स्तर					
विद्यालय संख्या	१८९	६१२	३५५	८३७	१,९९३
कुल विद्यार्थी संख्या	११,२२०	२६,१९५	३५,५५७	३९,६४९	१,१२,६२१
प्रतिविद्यालय औसत विद्यार्थी संख्या	५९	४३	१००	४७	५७
प्रतिविद्यालय जनसंख्या	१,८७३	१,८३४	१,७४३	२,११५	१,९४०
निम्न माध्यमिक स्तर					
विद्यालय संख्या	५	५३	७२	१०३	२३३
कुल विद्यार्थी संख्या	५००	२,८४६	१४,२३७	१३,३२०	३०,९०३
प्रतिविद्यालय औसत विद्यार्थी संख्या	१००	५४	१९८	१२९	१३३
माध्यमिक स्तर					
विद्यालय संख्या	६	१८	८१	६२	१६७
कुल विद्यार्थी संख्या	१,२३३	३,१७१	२३,८७७	१६,४२६	४४,७०७
प्रतिविद्यालय जनसंख्या	५८,९८७	६२,३७१	७,६४१	२८,५५२	२३,१४८

स्रोतः राष्ट्रिय जनगणना २०२८

१. विभिन्न जिल्ला शिक्षा कार्यालयहरूबाट प्राप्त जानकारीमा आधारित। धनुषा जिल्लाको सबै स्तरका विद्यार्थीहरूको संख्या र मकवानपुर जिल्लाको प्राथमिक स्तरको विद्यार्थी संख्याको जानकारी मात्र शिक्षा मन्त्रालयबाट प्राप्त भएको । ललितपुर बाहेक सबै जिल्लाको तथ्याङ्क २०३० सालको हो। ललितपुरको मात्र २०३१ को तथ्याङ्क प्रयोग गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकामा प्राथमिक स्तरको विश्लेषणमा प्रतिविद्यालय औसत विद्यार्थी संख्या र प्रति-विद्यालय औसत जनसंख्या दिइएको छ भने निम्न माध्यमिक स्तरमा प्रतिविद्यालय औसत जनसंख्या र माध्यमिक स्तरमा प्रतिविद्यालय औसत विद्यार्थी संख्या दिइएका छैनन् । यसको कारण हो, धेरैजसो ठाउँमा निम्न माध्यमिक स्तर मानिने कक्षाहरू (राष्ट्रिय शिक्षा पद्धति लागू नभएका ठाउँमा ६, ७, र ८ कक्षाहरू तथा सो लागू भएका ठाउँहरूमा ४, ५, ६ र ७ कक्षाहरू) माध्यमिक विद्यालयमै गाभेर चलाइराखेको हुन्छ र माध्यमिक विद्यालयका विद्यार्थी संख्यामा निम्न माध्यमिक स्तरका पनि पर्न आउँछ । त्यसैले उपर्युक्त तालिकामा निम्न माध्यमिक स्तरका प्रतिविद्यालय औसत जनसंख्या र माध्यमिक स्तरमा प्रतिविद्यालय औसत जनसंख्या दिइएमा वस्तुस्थितिको तथ्य प्रष्ट हुन जाने छैन ।

यस विकास क्षेत्रमा विद्यालय र विद्यार्थीहरूको विश्लेषण गर्दा प्राथमिक स्तरमा र माध्यमिक स्तरमा चाखलाग्दो प्रकृति देखापर्दछ । सर्वप्रथम, प्राथमिक स्तरमा विचार गर्ने हो भने हिमाली इलाका, पहाडी इलाका र काठमाडौं उपत्यका इलाकामा क्रमशः १,८७३ ; १,८३४ र १,७४३ जनसंख्याको बीचमा एउटा प्राथमिक विद्यालय छ भने तराईमा २,११५ को बीचमा मात्र एउटा छ जुन कुरा भू-स्वरूपको कारणले भएको हुन सक्दछ तर ती विद्यालयमा प्रतिविद्यालय विद्यार्थी संख्या हेर्ने हो भने पहाडी (४३ जना) र तराई इलाका (४७ जना) हरूमा भन्दा हिमाली इलाकामा बढी (५९ जना) देखिन्छ तर काठमाडौं उपत्यकामा भने यो संख्या १०० जना पुगेको देखिन्छ । यसरी काठमाडौं इलाका र अन्य भौगोलिक इलाकाहरूको बीचमा विद्यालयको प्रयोग सम्बन्धी भिन्नता देखिनआउँछ । यो प्रयोगको कमी अझ तराई इलाकामा बढी देखिन्छ कारण त्यहाँ प्रति-विद्यालय अन्तर्गत पर्ने औसत जनसंख्या अन्यत्र भन्दा बढी छ ।

तर निम्न माध्यमिक स्तरको प्रति विद्यालय औसत विद्यार्थी संख्यामा भने हिमाली भाग (१०० जना) पहाडी भाग (५४ जना) भन्दा तराईको भागमा (१२९ जना) बढी देखिन्छ र यसलाई उछिन्ने काठमाडौंको संख्या (१९८ जना मात्र) छ ।

माध्यमिकस्तरमा हेर्ने हो भने तराई र पहाडको अवस्था माथि वर्णन गरिएको प्रारूपको उल्टो देखिन्छ । जब कि हिमाली र पहाडी भागमा क्रमशः ५८,९८७ र ६२,३७१ जनसंख्याको बीचमा एउटा माध्यमिक विद्यालय छ भने तराईमा २८,५५२ मात्रको बीचमा पनि एउटा माध्यमिक विद्यालय छ अर्थात् हिमाली र पहाडी इलाकामा एउटा माध्यमिक विद्यालय भएको ठाउँमा तराईमा दुईवटा माध्यमिक विद्यालयको सुविधा प्राप्त छ । यसरी जनसंख्याको मात्र दृष्टिकोणले तराई इलाकामा प्राथमिक स्तरमा पहाड तथा हिमाली इलाका–भन्दा केही कम सुविधा छ भने माध्यमिक स्तरमा त्यस्को उल्टो चित्र देखिन आएको छ । तर यस विषयमा सबभन्दा लाभको स्थान काठमाडौं उपत्यकाले प्राप्त गरेको छ जहाँ प्रत्येक ७,६४१ जनसंख्याको माझमा एउटा माध्यमिक विद्यालय परेको छ अर्थात् पहाडी इलाकाको तुलना गर्ने हो भने जहाँ पहाडमा एउटा माध्यमिक विद्यालय हुन्छ त्यो ठाउँमा काठमाडौं उपत्यकामा आठवटा माध्यमिक विद्यालयहरू हुन्छन् ।

विद्यालयहरू सम्बन्धी उपर्युक्त छलफलको परिप्रेक्षमा यहाँका विद्यालय जाने उमेर (छ देखि १५ वर्ष) का केटा केटीहरूमध्ये कति विद्यालयमा भर्ना भएका छन् भन्ने कुरा पनि मेल खान आउँछ तर २०२८ सालको राष्ट्रिय जनगणनाबाट छदेखि १५ वर्षको बदलामा छदेखि १४ वर्षको जनसंख्याकोमात्र विद्यालय भर्ना सम्बन्धी जानकारी उपलब्ध हुन आउँछ । त्यसैले १५ वर्ष उमेरका केटाकेटीको विद्यालय भर्ना सम्बन्धी जान-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कारी नभए तापनि उक्त छ देखि १४ वर्षको मात्र जनसंख्या सम्बन्धी जानकारीले पनि विद्यालय जाने उमेरका केटाकेटी विद्यालय भर्ना भए नभएका कति छन् भन्ने राम्रो ज्ञान हुन सक्ने हुनाले सो जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

भौगोलिक क्षेत्रको आधारमा छ देखि १४ वर्षको जनसंख्याको
विद्यालयमा भर्ना सम्बन्धी परिमाण

६ देखि १४ वर्षको उमेर समूहमा		हिमाली इलाका	काठमाडौं उपत्यका बाहेक पहाडी इलाका	काठमाडौं उपत्यका	तराई इलाका	जम्मा
जम्मा जनसंख्या	पुरुष	४१,४०५	१,३४,९१७	६७,४४१	१,९९,२६१	४,४३,०२४
	महिला	३७,९२८	१,२४,४०६	६२,६२६	१,६२,९९०	३,८७,९५०
	जम्मा	७९,३३३	२,५९,३२३	१,३०,०६७	३,६२,२५१	८,३०,९७४
विद्यालयमा भर्ना भएका	पुरुष	४,२२३	१७,२३५	२९,९९८	४२,४२२	९३,८७८
	(प्रतिशत)	(१०.२)	(१२.८)	(४४.५)	(२१.३)	(२१.२)
	महिला	६५८	३,६००	१५,४८५	९,४६३	२९,२०६
	(प्रतिशत)	(१.७)	(२.९)	(२४.७)	(५.८)	(७.५)
	जम्मा	४,८८१	२०,८३५	४५,४८३	५१,८८५	१,२३,०८४
	(प्रतिशत)	(६.२)	(८.०)	(३५.०)	(१४.३)	(१४.८)

स्रोतः– राष्ट्रिय जनगणना, २०२८

उपर्युक्त तालिकाअनुसार विद्यालयमा भर्ना भएको संख्यामा अथवा प्रतिशतमा पनि अन्तर इलाका फरक देखिन आउँछ । जब कि काठमाडौं उपत्यकामा छ देखि १४ वर्षका जम्मा जनसंख्यामा ४४.५ प्रतिशत पुरुष र २४.७ प्रतिशत महिलाहरू विद्यालय जान्छन् र यसरी जम्मा ३५.० प्रतिशत केटाकेटीहरू विद्यालयमा भर्ना भएका छन् भने हिमाली इलाकामा यो प्रतिशत क्रमशः १०.२, १.७ र ६.२, पहाडी इलाकामा १२.८, २.९, र ८.० र तराई इलाकामा २१.३, ५.८ र १४.३ मात्र छ। साथै पहाड र तराई इलाकालाई मात्र हेर्ने हो भने यस तुलनामा तराईले नै केही लाभको स्थान हासिल गरेको भन्ने कुरा स्पष्ट हुन आउँछ। तर यस प्रसङ्गमा यो कुरा बिर्सनु हुँदैन कि यी सम्पूर्ण इलाकामा (काठमाडौं उपत्यकामा समेत) कति ठूलो संख्यामा विद्यालय जाने उमेरका केटाकेटीहरू विद्यालय जाने गरेका रहेनछन् र औपचारिक शिक्षा बिना नै वयस्क जीवनमा पदार्पण गर्ने रहेछन् ।

उच्च शिक्षा

मध्यमाञ्चल विकास क्षेत्रमा उच्च शिक्षा सम्बन्धी संस्थाहरू निम्नतालिका अनुरूप वितरण भएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उच्च शिक्षा सम्बन्धी संस्थाहरूको वितरण, २०३०[1]
क्याम्पसहरूको संख्या

अध्ययन संस्थाहरू	हिमाली इलाका	काठमाडौं इलाका बाहेक पाहाडी इलाका	काठमाडौं उपत्यका	तराई इलाका	जम्मा
विज्ञान	–	–	५	२	७
व्यापार प्रशासन वाणिज्य शास्त्र तथा जन प्रशासन	–	–	५	२	७
मानविकी तथा सामाजिक	–	–	९	३	१२
वन विज्ञान	–	१	–	–	१
कृषि तथा पशु विज्ञान	–	–	–	१	१
चिकित्सा शास्त्र	–	–	४	–	४
इञ्जीनियरिङ्ग	–	–	४	–	४
शिक्षा	–	–	३	१	४
संस्कृत	–	–	१	१	२
कानून	–	–	१	–	१
नेपाल तथा एशियाली	–	–	१	–	१
जम्माः–	–	१	३३	१०	४४

स्रोतः १ त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालयबाट प्राप्त

राष्ट्रिय शिक्षा पद्धति लागू हुनुभन्दा पहिले यस मध्यमाञ्चल क्षेत्रमा पर्ने इलाकामा काठमाडौं उपत्यकाभित्र मात्र १६ वटा महाविद्यालयहरू, जनकपुर (धनुषा) मा एउटा, वीरगञ्ज (पर्सा) मा एउटा र चितौनमा एउटा महाविद्यालय थिए। पछि उक्त कलेजहरूमा पढाइने विषयहरूलाई हेरेर तिनीहरूलाई त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न अध्ययन संस्थानहरू अन्तर्गत पर्ने गरी क्याम्पसहरूमा परिणत गर्दा माथि तालिकामा दिइएका किसिमले विभिन्न स्थानमा क्याम्पसहरूको वितरण भएको देखिन्छ। तर क्याम्पसहरूको संख्या धेरै देखिए तापनि स्थानको हिसाबले पहिले जहाँ जहाँ महाविद्यालयहरू थिए अहिले पनि धेरै जसो ठाउँमा त्यहीं त्यहीं क्याम्पसहरू राखिएका छन्। तर माथिको तालिकाले यो स्पष्ट गरेको छ कि क्याम्पसहरूको वितरणमा बढी काठमाडौं उपत्यकामा केन्द्रीकरण भएको छ। हिमाली र पहाडी इलाकामा क्याम्पसहरू छँदै छैन भने पनि हुन्छ कारण विज्ञान सम्बन्धी क्याम्पस सिद्धान्ततः पहाडी इलाकामा भए तापनि यो हेर्टौंडामा अवस्थित हुनाको कारणले तराई इलाकामा नै भएको मान्न सकिन्छ।

राष्ट्रिय शिक्षा पद्धति

यस विकास क्षेत्रमा राष्ट्रिय शिक्षा पद्धति लागू हुने कार्यक्रम अनुसार प्रथम वर्ष अर्थात् २०२८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सालमा चितवन जिल्लामा,२०२६ सालमा काभ्रेपलाञ्चोक र धनुषा जिल्लाहरूमा र २०३० सालमा काठमाडौं, भक्तपुर, ललितपुर र सिन्धुपाल्चोकमा लागू भई २०३० सम्ममा जम्मा सातवटा जिल्लामा लागू भइसकेको छ। बाँकी १२ वटा जिल्लाहरूमध्ये २०३१ सालमा सर्लाही, महोत्तरी, सिन्धुली, रामेछाप, दोलखा र नुवाकोट गरी जम्मा छ वटा जिल्ला र २०३२ सालमा रौतहट, बारा, पर्सा, मकवानपुर, धादिङ र रसुवामा गरी बाँकी छ वटा जिल्लामा लागू हुने भएको छ।

स्वास्थ्य

मध्यमाञ्चल विकास क्षेत्रमा स्वास्थ्य सेवाको निम्ति मुख्यतया अस्पताल, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूको व्यवस्था छ। यिनीहरूको माध्यमद्वारा यहाँ प्रथम उपचार,उपचारक तथा निरोधक स्वास्थ्य कार्यक्रमहरू सञ्चालित छन्। निरोधक कार्यक्रममा हैजा, बिफर, टाइफाइड, परिवार नियोजन आदि कार्यक्रमहरू समावेश छन्। औलो उन्मूलन कहीं कहीं छुट्टै कार्यक्रमको रूपमा र कहीं कहीं सामान्य स्वास्थ्य कार्यक्रमको एउटा अङ्गको रूपमा सञ्चालन गरिएका छन्। उदाहरणार्थ यस विकास क्षेत्रमा बारा जिल्लामा सञ्चालित समन्वयात्मक स्वास्थ्य सेवा कार्यक्रममा औलो उन्मूलन कार्यक्रम एउटा अभिन्न अङ्गको रूपमा सञ्चालित छ। मध्यमाञ्चल विकास क्षेत्रमा स्वास्थ्य सुविधाहरूको वितरण निम्नानुसार छः–

मध्यमाञ्चल विकास क्षेत्रमा स्वास्थ्य संस्थाहरूको वितरणको प्रारूप २०३०

स्वास्थ्य संस्थाहरू	हिमाली इलाका	काठमाडौं उपत्यका बाहेक पहाडी इलाका	काठमाडौं उपत्यका	तराई इलाका	जम्मा
जनसंख्याः–	३,५३,९२३	११,२२,६८३	६,१८,६११	१७,७०,२३६	३८,६५,७५३
अस्पतालहरूको संख्या	२	१	१२	७	२२
शय्याहरूको कुल संख्या	४०	२५	१,०००	१९५	१,२६०
प्रति अस्पताल औसत जनसंख्या	१,७६,९६१	११,२२,६८३	५१,५७६	२,५२,८९१	१,७५,७१६
प्रति शय्या औसत जनसंख्या	८,८४८	४४,९०७	६१९	९,०७८	३,०६८
स्वास्थ्य केन्द्रको जम्मा संख्या	२	६	–	–	८
स्वास्थ्य चौकीहरूको जम्मा संख्या	२	२१	९	५४	८६
आयुर्वेदिक औषधालयहरू	४	९	३	६	२२
आयुर्वेदिक अस्पताल	–	–	१	–	१
होमियोप्याथी अस्पताल	–	–	१	–	१
युनानी औषधालय	–	–	१	–	१
जम्मा स्वास्थ्य संस्थाहरू	१०	३७	२७	६७	१४१
कुनै एक स्वास्थ्य संस्था अन्तर्गत औसत जनसंख्या	३५,३९२	३०,३४३	२२,९२३	२६,४२१	२७, ४१६

स्रोतः नेपालमा स्वास्थ्य संस्थाहरू, श्री ५ को सरकार,स्वास्थ्य मन्त्रालय,स्वास्थ्य सेवा विभाग,२०३०,पृष्ठ ५-८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्थ्य संस्थाहरूको विवरण सम्बन्धी उपर्युक्त तालिकाले केही चाख लाग्दा कुराहरू अवश्य देखाउँछ। प्रथमतः अस्पतालहरूको वितरणको सम्बन्धमा धेरैजस्तो अस्पतालहरू काठमाडौं उपत्यकाभित्र र त्यसपछि तराई इलाकामा केन्द्रित भएका छन्। हिमाली र पहाडी इलाकामा जम्मा तीनवटा मात्र छन्। पहाडी इलाकामा जहाँ जहाँ अस्पतालको व्यवस्था छैन त्यहाँ स्वास्थ्य केन्द्रहरू (जसमा स्वास्थ्य चौकीमाभन्दा केही बढी स्वास्थ्य सुविधा प्राप्त छ) राखिएका छन्। अस्पतालको हिसाबले हेर्दा हिमाली इलाकामा र पहाडी इलाकामा क्रमशः १,७६,९६१ र ११,२२,६८३ को बीचमा एउटा अस्पताल छ भने काठमाडौं इलाकामा ५१,५७६ र तराई इलाकामा २,५२,८९१ जनाको बीचमा एउटा अस्पताल भएको देखिन आउँछ। शय्याको हिसाबले यस तथ्याङ्कलाई हेर्ने हो भने पहाडी इलाकामा प्रति ४४,६०७ को बीचमा एउटा शय्या पर्दछ भने तराईमा ६,०७८ र काठमाडौं उपत्यकामा अझ ६१९ जनाको बीचमा एउटा शय्या पर्न आउँछ। यसमा अझ काठमाडौं स्थित आयुर्वेदिक अस्पतालमा उपलब्ध २५ शय्या पनि थप गर्दा यस तीन जिल्लाहरूको इलाकामा जम्मा १,०२५ अस्पताल शय्या हुन आउँछ र प्रत्येक ६०४ जनाको बीचमा एउटा अस्पताल शय्या उपलब्ध हुन्छ। हिमाली इलाकामा दोलखा जिल्लाको जिरी उपत्यकास्थित २५ शय्याको अस्पताल र चौतारा (सिन्धुपाल्चोक) को १५ शय्याको अस्पतालहरूले गर्दा शय्या संख्याको हिसाबले यस इलाकालाई तराई इलाकासित तुलनायोग्य बनाइदिएको छ।

अगाडिको पृष्ठमा दिइएको तालिकामा दर्शाइएजस्तो यस विकास क्षेत्रमा अन्यत्र जस्तै आयुर्वेदिक उपचारको सुविधाहरू पनि प्राप्त छन्। ती सुविधाहरू साधारणतः अरू एलोप्याथिक स्वास्थ्य सुविधा प्राप्त नभएको ठाउँमा छन्। तर काठमाडौं शहरमा भने यस सम्बन्धी २५ शय्या भएको एउटा अस्पताल पनि छ। यस विकास क्षेत्रमा अन्य स्वास्थ्य सुविधाहरूको हकमा काठमाडौंमा नै एउटा छ शय्याको होमियो अस्पताल र एउटा युनानी औषधालय पनि छन्।

यसरी सम्पूर्ण स्वास्थ्य संस्थाहरूको वितरणको दृष्टिकोणले हेर्दा हिमाली इलाकामा ३५,३९२ जनाको बीचमा एउटा कुनै पनि स्वास्थ्य संस्थाको सेवा उपलब्ध छ भने पहाडी इलाकामा यो संख्या ३०,३४३ मा झर्दछ। तराई इलाकामा हेर्दा यो संख्या अझ २६,४२१ पुग्दछ। तर सबभन्दा लाभको स्थान काठमाडौं उपत्यकाको नै छ जहाँ २२,९२३ को बीचमा कुनै एउटा स्वास्थ्य संस्थाको सेवा उपलब्ध छ। यसरी स्वास्थ्य सेवाको क्षेत्रमा पनि सर्वप्रथम काठमाडौं र त्यसपछि क्रमशः तराई इलाका, पहाडी इलाका र हिमाली इलाका आउने देखिन्छ।

उपसंहार

यस मध्यमाञ्चल विकास क्षेत्रको प्राकृतिक स्वरूप, आर्थिक तथा सामाजिक जीवन जस्ता विभिन्न पक्षहरूको बारेमा माथिका पंक्तिहरूमा छोटकरीरूपले चर्चा गरिसकिएको छ। उक्त चर्चाको सिलसिलामा यस विकास क्षेत्रको हिमाली र पहाडी इलाका, काठमाडौं इलाका (जसमा काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाहरू राखिएका छन्) र तराई इलाका (जसमा भित्री मधेशमा पर्ने चितवन जिल्ला पनि समावेश छ) हरूमा उचाइको मात्र फरक होइन, त्यहाँको प्राकृतिक स्वरूप, उत्पादकत्व, उत्पादनको प्रकार, सामाजिक सेवाहरू, विकासको आधारभूत सुविधाहरू, विकासका क्षमताहरू आदि पनि फरक देखिएको छ। तर यी भौगोलिक इलाकाहरू एक आपसमा सन्निकटरूपले आबद्ध छन्। वर्तमानमा जनसंख्याको आप्रवजन सम्बन्धी जुन गतिशीलता देखिएको छ त्यसमा पहाडतिर जनसंख्या वृद्धि, कृषि उत्पादनमा ह्रास र तुलनात्मक दृष्टिकोणले आर्थिक कम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जोरी जस्ता तत्वहरूले बसाइँ सर्ने प्रवृत्ति बलियो पारिदिएको छ भने तराईतिर औलोको नियन्त्रण, जिज्यू बाजेको पालादेखि जङ्गल मासेर जग्गा जोर्ने परम्परा केही वर्ष यतादेखि झन् बढ्दै जानु आदि कारणहरूले बसाइँ सर्नेहरूलाई चाहिएको मात्रामा आकर्षण दिएको छ। चितवनमा र केही अन्य ठाउँहरूमा समय समयमा सरकारी स्तरमा पुनर्वासको व्यवस्था समेत भएको छ। यसरी यस विकास क्षेत्रको कुनै एक भागमा घटेको घटनाले सम्पूर्ण विकास क्षेत्रमा नै यसका प्रभावहरू क्रमशः अनुभव हुँदै जाने गरेको छ। यस अर्थमा विकास क्षेत्रको धारण एउटा सजीव वास्तविकता हो।

हाल यस विकास क्षेत्रका विभिन्न भौगोलिक इलाकाहरूको बीच आपसमा धेरै नै विषमताहरू छन् जसमा कुनै स्वाभाविक र कुनै मानिस-निर्मित छन्। प्रथमतः जनघनत्वको क्षेत्रमा हिमाली र पहाडी भागहरूमा प्रति वर्ग किलोमिटर ६० र ९५ छन् भने तराईमा १८६ र काठमाडौंमा ५६४ छ र पछिल्ला दुई ठाउँहरूमा राष्ट्रिय वृद्धि दरभन्दा ठूलो दरमा जनसंख्याको वृद्धि पनि हुँदैछ। जनसंख्याको सांस्कृतिक र जातीय पृष्ठभूमिको हिसाबले यस विकास क्षेत्रका विभिन्न भागहरूमा विभिन्न जातिहरूको मूल थलोहरू पाइन्छन् जसमा ठूलो समूहका जातिहरूमा तामाङ र नेवार छन्। तर बाँकी जनसंख्यामा पनि प्रशस्त सांस्कृतिक विविधता पाइन्छन्। यस विकास क्षेत्रमा थामी, चेपाङ जस्ता स-साना मातृभाषा बाहेक १० ठूला मातृभाषाहरू बोलिन्छन्। तराईतिरको जनसंख्यामा भोजपुरी र मैथिलीको प्रचुरता पाइन्छ। भारतमा जन्मेका तथा भारतीय नागरिकता भएका मानिसहरू पनि यहाँ निकै नै संख्यामा पाइन्छन्। कृषिको क्षेत्रमा खेती गरिएको जमीनको प्रतिव्यक्ति एकाई फरक छ। पहाडतिर प्रति व्यक्ति ०.०८ हेक्टर पर्न आउँछ भने तराईतिर ०.३ हेक्टर पर्न आउँछ। हिमाली र पहाडी जिल्लाहरू खाद्यान्न न्यून हुने इलाका छन् भने तराई र काठमाडौं खाद्यान्न बचत हुने इलाका हुन्। सिंचाइको क्षेत्रमा यस विकास क्षेत्रको पक्का सिंचाइ-आयोजनाहरूको कुल क्षमता ३६,२५० हेक्टरमध्ये ३०,३६० हेक्टर तराईमा नै पर्दछन् र चितवन सिंचाइ योजना र गण्डक सिंचाइ योजना जस्ता बृहत् सिंचाइ आयोजनाहरू पनि तराईतिर नै परेका छन्। फलफूल खेती र पशुपालनलाई व्यवसायको रूपमा पहाडतिर केही मात्रामा बढी देखिए तापनि आर्थिक दृष्टिकोणले तिनीहरूको भूमिका नगण्य नै छ। रासायनिक मल र उन्नत बीउ जस्ता आधुनिक कृषि उत्पादन सामग्रीहरूको प्रयोग पनि काठमाडौं उपत्यका र तराई इलाकाको हेटौंडा-वीरगञ्जको रेखाको वरिपरि मात्र सीमित छ। गैर-कृषि व्यवसायमा लागेका जनसंख्याको परिमाण हेर्ने हो भने आर्थिक दृष्टिकोणले सक्षम जनसंख्याको ३७.४ प्रतिशत काठमाडौं उपत्यका इलाकामा मात्र छ, बाँकी इलाकामा पहाडमा २.४ प्रतिशत र तराईमा ६.७ प्रतिशत छन्। यस विकास क्षेत्रको सम्पूर्ण भागको निर्यात मुख्यतया कृषि उत्पादन नै हो। तर तराईको निर्यात क्षमताको अगाडि पहाडको निर्यात क्षमता ज्यादै कम छ। कस्तूरी, जरीबूटी, हस्तकलाका सामान मुख्यतया पहाडी इलाकाबाट निर्यात हुने भए तापनि प्रथमतः यसको अनुपात कम पर्न आउँछ र दोस्रो,यो क्षमता पहाडी इलाकाको सम्पूर्ण गाउँघरमा फैलिएको नभई विशेष ठाउँहरूमा केन्द्रित भएको छ। यातायातको क्षेत्रमा मुख्यतया पक्की सडकहरूको हकमा पनि तराई र काठमाडौं इलाकामा जुन सुविधा प्राप्त छ त्यो पहाडी र हिमाली इलाकामा छैन। बिजुलीको सम्बन्धमा पनि सम्पूर्ण जलविद्युत् योजनाहरू पहाडी इलाकामा भए तापनि यस विकास क्षेत्रका पहाडी इलाकामा बिजुलीको व्यवस्था भइनसकेका कतिपय जिल्लाहरू अझै छन्। प्राथमिक शिक्षाको व्यवस्था सम्बन्धमा यस विकास क्षेत्रका विभिन्न इलाकाहरूका बीचमा आपसमा समान अवसर उपलब्ध भएको देखिए तापनि निम्नमाध्यमिक, माध्यमिक र उच्च शिक्षाको क्षेत्रमा यी विभिन्न क्षेत्रहरूको बीच आपसमा ठूलो भिन्नता मौजूद छ। स्वास्थ्य सुविधाहरूको क्षेत्रमा पनि स्वास्थ्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्थाहरूको वितरणमा यी इलाकाहरूको बीचमा कुनै खास विषमता नदेखिए तापनि अस्पताल संख्या र शय्या संख्याको वितरणमा काठमाडौं उपत्यका, तराई इलाका र हिमाली भागको तुलनामा पहाडी भाग पिछडिएको देखिन्छ। यसरी यस विकास क्षेत्र भित्रका भौगोलिक इलाकाहरूका आधारमा विभिन्न किसिमका विषमताहरू मौजूद छन् भन्ने कुरा स्पष्ट हुन आउँछ।

यसको साथै यहाँ यो पनि उल्लेख गर्नु आवश्यक छ कि यस विकास क्षेत्रको एउटै भौगोलिक इलाका भित्र पनि एक ठाउँबाट अर्को ठाउँको अथवा एक जिल्लाबाट अर्को जिल्लाको तुलनामा उपर्युक्त सुविधाहरूको उपलब्धि फरक फरक छन्। यसभन्दा पहिले तीन वा चार भौगोलिक इलाकाहरूको आधारमा जुन तुलना गरिएको थियो त्यो तुलना ती इलाकाहरूका औसत मात्र थिए। तर वास्तवमा एउटै भौगोलिक इलाकाका निवासीहरूमा पनि ती सुविधा अथवा उपलब्धिहरू समान रूपले वितरण भएका छैनन्। उदाहरणको रूपमा यहाँको तराई इलाकाको साक्षरतालाई नै लिन सकिन्छ। यस मध्यमाञ्चल विकास क्षेत्रको परिप्रेक्षमा हेर्दा यहाँको तराई इलाकाको साक्षरता (११.६ प्रतिशत) काठमाडौं उपत्यकाको साक्षरताको दर (३२.५प्रतिशत) पछि दोस्रो हुन आउँछ। यससित हिमाली क्षेत्रको साक्षरताको दर ८.७ प्रतिशत र पहाडी क्षेत्रको ९.२ प्रतिशतसित तुलना गर्दा तराई क्षेत्रको साक्षरता दर अलि बढी देखिन आउँछ। तर यस विकास क्षेत्रको तराई इलाकाको साक्षरता सम्बन्धी उक्त औसतलाई यसमा समावेश भएका जिल्लाहरूको आधारमा मात्र अवलोकन गर्ने हो भने फेरि आन्तरिक विषमताहरू देखा पर्न थाल्दछन्; जस्तोकि यस इलाकाको धनुषा, महोत्तरी, बारा र पर्सा जिल्लाका छ वर्षदेखि माथिको जनसंख्यामा साक्षरता दर क्रमशः ११.६, ११.२, ११.५ र १४.७ छन् भने ती जिल्लाहरूको माझमा पर्ने सर्लाही र रौतहट जिल्लाहरूमा प्रत्येकमा ८.२ प्रतिशत मात्र साक्षर छन्।

यस्तै प्रकारको आन्तरिक विषमता स्वास्थ्यको क्षेत्रमा पनि देखिन्छन्। यस क्षेत्रको हिमाली इलाकाको प्रति अस्पताल औसत जनसंख्या १,७६,९६१ र प्रति शय्या औसत जनसंख्या ८,८४८ छन् भने तराई इलाकाको प्रति अस्पताल औसत जनसंख्या २,५२,८९१ र प्रति शय्या जनसंख्या ९,०७८ छन्। तर हिमाली इलाकामा समावेश भएका अस्पतालहरूमध्ये एउटा दोलखा जिल्लामा र एउटा सिन्धुपाल्चोक जिल्लामा अवस्थित छन्। यसरी औसत गर्दा तराई र हिमाली इलाका विशेष फरक नभए पनि यस हिमाली इलाकाको तेस्रो जिल्ला रसुवामा अस्पताल शय्याहरूको सुविधा नै उपलब्ध नभएकोले हिमाली इलाकाको माथि उल्लिखित औसतले वास्तविक सुविधाको परिचय दिन सक्दैन। यसरी कुनै पनि इलाकामा कुनैपनि विकास वा सेवा तथा सुविधाको सम्बन्धमा यस प्रकारको आन्तरिक विषमताहरू पाइन्छन्। हुनत यी अन्तर इलाका तथा इलाका भित्रका विषमताहरू भौगोलिक अवस्था, आर्थिक आधार, यातायातको सुविधा, सांस्कृतिक तथा सामाजिक परम्परा सम्बन्धी आदि सबैको कारणहरूबाट उत्पन्न भएका हुन्। तर यस समस्याको समाधानको लागि विभिन्न आयाम सम्बन्धी राम्रो बोध हुनु नितान्त आवश्यक छ। यसको एउटा उल्लेखनीय उदाहरण राष्ट्रिय योजना आयोगले नै प्रस्तुत गरेको छ। यसले ललितपुर जिल्लामा पाटन शहरको दक्षिणतिर पर्ने जम्मा १८ वटा पहाडी पञ्चायतहरूको मोटामोटी अध्ययन २०३० सालमा गरेको थियो। सो अनुसार ती पञ्चायतहरू काठमाडौं उपत्यकाको शहरी इलाकासितको भौगोलिक समीपताको बाबजुद अत्यन्त अविकसित अवस्थामा छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँबाट दाउरा, घ्यू, धान, मकै, तोरी आदि कृषि उत्पादन र केही फलफूल र केही जरीबूटी नै निर्यात हुन्छन् र केही संख्यामा त्यहाँका मानिसहरू हरिसिद्धि, फुलचोकी र चापागाउँतर्फ ज्याला मजदुरी गर्न जान्छन्। सामाजिक सेवाको हकमा विद्यालय राम्रो चल्दैन; स्वास्थ्यको सुविधा छैन; स्वास्थ्य उपचारको निमित्त धामी झाँक्रीको नै भर पर्दछन्। यसले गर्दा "राजधानीको यति नजीकमा बसेका भए तापनि शताब्दीयौं पुरानो मान्यताहरूमा जकडिएर आर्थिक अभावहरूमा हीन जीवन व्यतीत गरिरहेका भेटिन्छन्" भन्ने निष्कर्षमा प्रतिवेदनका लेखकहरू पुगेकाछन्।[१] यसरी कुनै जिल्ला वा क्षेत्रमा उपलब्ध साधनको औसतको रूपमा धेरै देखिए तापनि ती सुविधा तथा साधनहरू त्यस सम्पूर्ण इलाकामा समानरूपले वितरण भएको छ भन्न कठिन पर्दछ।

यसप्रकारको बढ्दो विषमतालाई अन्त्य गरी सबै भू-भागका मानिसहरूलाई आर्थिक तथा सामाजिक विकासका समान अवसर प्रदान गर्न नेपालको आवधिक योजनाहरूको उपाय तथा प्राथमिकता क्रममा परिवर्तन गरिएको छ। पहिले पहिले हुने गरेको आर्थिक क्षेत्रिय (Sectoral) साधन विनियोजनको तरीका माथि अब भौगोलिक इलाकाको (Spatial) दृष्टिकोण पनि लिइएको छ जसलाई प्रादेशिक विकास आयोजना को संज्ञा दिइएको छ। यस अन्तर्गत अधिराज्यलाई चार विकास क्षेत्रमा बाँडेको छ। जसमध्येको यो विकास क्षेत्र पनि एउटा हो। यस मध्यमाञ्चल विकास क्षेत्रमा काठमाडौं-वीरगञ्ज रेखालाई विकास मेरूदण्डको रूपमा लिएको छ। यस विकास क्षेत्रभित्र पर्ने प्रमुख ठाउँहरू वीरगञ्ज (तराई), हिटौंडा (भित्रीमधेश), काठमाडौं उपत्यका (शहरी क्षेत्र), बाह्रबिसे पहाड र धुञ्चे (हिमाली क्षेत्र) मुख्य विकास केन्द्रहरूको रूपमा मानिएको छ।[२]

यी विकास केन्द्रहरूबाट वरिपरिका गाउँघरमा विकासका किरणहरू फैलिएर सबै भू-इलाकाका बासिन्दाहरूले आफ्नो जीवनस्तर उठाउने मौका पाउनेछन् भन्ने विश्वास लिइएकोछ। यसरी यी विकास केन्द्रहरूको माध्यमद्वारा विभिन्न विकास कार्यक्रमहरू यस विकास क्षेत्रका सम्पूर्ण भौगोलिक इलाकाका बासिन्दाहरूको नजीकै आइपुग्ने र यसबाट विभिन्नभौगोलिक इलाका बीचको विषयमता हट्दैजाने बलियो सम्भावना देखापरेकोछ।

तर यी चार विकास क्षेत्रहरू पनि आपसमा समान छैनन्। उदाहरणार्थ सुदूर- पश्चिमाञ्चल विकास क्षेत्र विभिन्न कुरामा अरू विकास क्षेत्रभन्दा पनि निक्कै नै पिछडिएको छ।[३] यस कुरालाई ध्यानमा राखी श्री ५ को सरकारले वर्तमान आर्थिक वर्षमा नै पनि साधन विनियोजनको प्रारूपमा परिवर्तन गरिसकेको छ। जस अनुसार २०३१।३२ को आर्थिक वर्षमा पश्चिमाञ्चल विकास क्षेत्रमा कुल राष्ट्रिय बजेटको २०.५ प्रतिशत छुट्याइएको छ जब कि यसभन्दा अघिका दुई वर्षहरूमा ७.६ प्रतिशत र १३ प्रतिशतमात्र थिए।[४] यसरी

---

१. राष्ट्रिय योजना आयोग, ललितपुर, दक्षिणी भेकको आर्थिक तथा सामाजिक सर्वेक्षण प्रतिवेदन, २०३० (अप्रकाशित)

२. National Plannig Commission Secretariat, HMG, Regional Development Planning for Nepal, 1969, P. 19

३. ऐजन पृष्ठ १७–८

४. श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग सचिवालय, चौथो योजना अन्तर्गत आर्थिक वर्ष २०३१।३२ मा मध्यमाञ्चल विकास क्षेत्रको जिल्लाअनुसार वार्षिक योजना तथा बजेट, २०३१, पृष्ठ १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमशः विकास क्षेत्रतर्फ लगानी बढ्दै गएको देखिन्छ। त्यसरी नेपालमा प्रादेशिक आधारमा योजना निर्माण गर्दा एकै विकास क्षेत्रभित्र विषमतासित मात्र होइन विभिन्न विकास क्षेत्रहरू बीचको आपसी विषमतासित पनि संघर्ष गर्नुपरेको छ। यसले गर्दा मध्यमाञ्चल विकास क्षेत्रमा २०२९।३० मा राष्ट्रिय बजेटको ४१.८ प्रतिशत लगानी भएकोमा २०३०।३१ मा ३९ प्रतिशत र २०३१।३२ मा ३४.६ प्रतिशतमा झरेको छ। तर यसको मतलब कुल लगानी रकममा कमी भएको होइन।

आगामी २०३२।३३ देखि प्रारम्भ हुने अधिराज्यको पाँचौं पञ्चवर्षीय योजनाको निम्ति राष्ट्रिय योजना आयोगले केही आधारभूत सिद्धान्तहरू निर्धारण गरेको छ। यसअनुसार उक्त पाँचौं योजनाको तीनवटा मूल उद्देश्यहरू राखिएका छन्। ती हुन् जन उपयोगी उत्पादनमा वृद्धि, श्रमशक्तिको अधिकतम उपयोग र प्रादेशिक सन्तुलन र एकीकरण।[1] यस मध्यमाञ्चल विकास क्षेत्रभित्र रहेका विषमताहरूको परिप्रेक्षमा उक्त तीनवटा उद्देश्यहरूमध्ये अन्तिम उद्देश्य अत्यन्त महत्वपूर्ण हुन आउँछ। यस उद्देश्यलाई उक्त पुस्तिकामा यसप्रकारले स्पष्ट गरिएको छ। "हालसम्म तुलनात्मक हिसाबले सुगम र साधनसम्पन्न प्रदेशहरूमा विकास कार्यहरू केन्द्रित र आकर्षित हुन गएकोले दुर्गम र पिछडिएका प्रदेशहरूले उचित मौका नपाई देशका विभिन्न प्रदेशहरू बीच उचित सम्बन्ध नरही राष्ट्रिय अर्थ व्यवस्था नै विनिमय रहित र खण्डित हुँदा यस्तो एकातिर राष्ट्रिय एकतामा अवरोध पैदा गर्दछ भने अर्कोतिर विभिन्न प्रदेशमा उपलब्ध प्राकृतिक साधन र विकासको सम्भावनाबाट पनि देशले फाइदा उठाउनमा कठिनाइ परेको छ।"[2] यसरी यस सारांशभरी प्रस्तुत गरिएको विभिन्न भौगोलिक इलाकाहरूको बीचको फरक तथा कमजोरीहरूलाई उक्त विवेचनाले स्पष्टरूपमा इंगित गरेको छ। त्यसैले आगामी पञ्चवर्षीय योजना अन्तर्गत आयोजनाहरूको बाँडफाँडमा नौलो प्रारूप देखिनुको साथै उपर्युक्त विषमताहरू हटाउन नेपाली समाजले सचेतरूपले गरेको प्रयासको थालनी पनि हुनेछ।

तर माथि वर्णन गरिए जस्तै विकास आयोजनाहरूलाई विभिन्न भौगोलिक इलाकाहरूमा मात्र स्थापना गर्दैमा त्यस इलाकाका सम्पूर्ण निवासीले त्यसबाट लाभ हासिल गर्न सक्छन् नै भनी निश्चित हुन सकिन्न। यस प्रक्रियामा सांस्कृतिक तथा सामाजिक अवरोधहरू निहित छन् जसका विषयमा माथि केही चर्चा गरिसकिएको छ। त्यसैले विकास आयोजनाहरूको भौगोलिक विकेन्द्रिकरणको साथ साथै केही ठोस तथा सचेत नीतिहरूको अनुसरण क्रमशः गर्दै लैजानु पर्दछ जसको फलस्वरूप सबै वर्गका मानिसहरूले उक्त विकास आयोजनाहरूबाट लाभान्वित हुन सकुन्। हुन त उक्त पाँचौं योजनाको उपर्युक्त मूलभूत सिद्धान्तहरूमा श्रमप्रधान उपायहरू र स्वदेशी श्रम नै अनिवार्य रूपले प्रयोग गर्नु पर्ने तथा भूमि व्यवस्थामा पनि "वर्तमान भूमि सुधार कार्यक्रममा पुनः विचार गरी कृषि क्षेत्रमा क्रमशः वास्तविक किसानको स्वामित्व कायम गर्ने प्रयास गरिने" नीतिहरू उल्लिखित छन्[3] त्यसैले प्रस्तावित पाँचौं योजनाले यस समस्यातिर पनि जागरुकता देखाएको कुरा स्पष्ट देखिन्छ। तर अन्त्यमा यो दोहन्याउनु आवश्यक छ कि अनुसन्धानको आधारमा यी र यस्तै अन्य रचनात्मक नीतिहरूको अनुसरण गरी प्रादेशिक योजनामा निहित सिद्धान्तहरूको कार्यान्वयन गरिएमा मात्र हामीले वाञ्छित सफलता हासिल गर्न सक्नेछौं।

---

१) राष्ट्रिय योजना आयोग, <u>पाँचौं योजनाका आधारभूत सिद्धान्त</u>, १६ फागुन, २०२९ पृष्ठ १–४

२) ऐजन पृष्ठ ३

३) ऐजन पृष्ठ ६–७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोलखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	७७
प्राकृतिक स्वरूप र सम्पदा	७९
ऐतिहासिक पृष्ठभूमि	८६
प्रमुख स्थानहरू	९५
जनसंख्या र जनजीवन	१००
आर्थिक व्यवस्था	१११
यातायात र सञ्चार	१२२
शिक्षा, स्वास्थ्य तथा खानेपानी	१२६
प्रशासन र पञ्चायत	१३१
उपसंहार	१३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

ऐतिहासिक, धार्मिक, प्राकृतिक आदि सबैतिरबाट आफ्नो छुट्टै विशेषता राख्ने दोलखा रोलवालिङ शृङ्खलाको उच्च टाकुरामध्येको गौरी शङ्कर हिमालको आश्रयमा रहेको छ। गौरवमय इतिहास र किम्वदन्तिमा बाँचेको दोलखाको राम्रोसित अनुसन्धान हुन बाँकी नै छ। शायद गौरी शङ्करको महत्व जे भए तापनि गौरी शङ्करमाथि पाइला टेक्न कसैले पाएको छैन। कालिन्चोक माईको कुण्डलाई जे जस्तो ठाने पनि त्यस कुण्डबाट बगेको पानीको धार मूल रूपमा तामाकोशीमा परिणत भई दोलखा जिल्लाको भविष्य बनाउने साधनको रूपमा रहेको छ भने दोलखा भीमेश्वरलाई अझै पनि सङ्केतको रूपमा रहेको एउटा भविष्यवक्ता ठानी अधिराज्यका साथै अरूले पनि मान्दै आएका छन्। थिनै विश्वास र अविश्वास, थिनै डरलाग्दा र कोमल प्राकृतिक परिवेशमा कहिले विभोर, कहिले घृणा र कहिले सहनशीलतामा बाँच्नु परेको दोलखा कहिले स्वतन्त्र भएर आफैमा पूर्ण थियो भने मध्यकालमा आएर मल्लकालीन शासकहरूको ठकुराईमा पर्नु परेको थियो। यसरी सान-साना टुक्रा र सानो घेरामा रहेको दोलखा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि विशाल नेपालभित्र गाभिन पुग्यो।

दोलखा जिल्लाको नामाकरण बारे पनि धार्मिक किम्वदन्तिले प्रश्रय पाएको छ। किम्वदन्ति अनुसार मुसलमानहरूको अत्याचारबाट भागेर आएको एउटा जोगी हिमालको बाटो गरी दोलखामा आउन सफल भएछ। दोलखामा आएपछि कसैले देख्ला भनेर गुफाभित्र पसेर उसले तपस्या गर्न थाल्यो। धेरै वर्षसम्म तपस्या गरेपछि उसको तपस्याबाट खुशी भएर शिवजीले त्यस जोगीलाई वरदान दिए। वरदान पाएर खुशी भएको जोगी एकबाजी सबैतिर चक्कर लगाएर आउँछु भनेर हिंडेछ। तर जति घुमे पनि दोलखाभन्दा बाहिर ऊ पुग्न सकेन छ। "दो लाख" पल्ट मैले चक्कर मार्दा पनि कहीं पुग्न सकिन भनेर गुनासो गर्दै आफूले तपस्या गरेको ठाउँमा आएर गौरी शङ्करलाई विनयपूर्वक हात जोडेर ऊ गुफैमा बस्न थाल्यो। यसरी दो लाख (दुइ लाख) पल्ट चक्कर मार्दा पनि खालि दोलखैमा मात्र घुमिरहनु अवश्य पनि शिवजीले त्यस जोगीको विश्वासलाई जोगाउन दोलखैमा राखेको हुनु पर्छ भनेर उनैको सम्झना स्वरूप "दोलाख" बाट दोलखा भएको भन्ने किम्वदन्तिले केही मात्रामा सत्यतातिर डोराएको छ।

सीमानाको हकमा यसको पूर्व पाँच पोखरी, खिमती खोला, रामेछाप र सोलुखुम्बू जिल्ला; पश्चिम सिन्धुपाल्चोक जिल्लाका मागा देउराली डाँडा, धारे ढुङ्गा खोला, रोलडाँडा; उत्तर चीनको तिब्बत क्षेत्रको ङ्याङलुङ लप्चे र दक्षिण रामेछाप जिल्लाको बगरढुङ्गा, शैलुङ डाँडा पानी ढलो, मिलती खोला र खिमती खोलाहरूले दोलखा जिल्लाको सीमाना छुटयाइदिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. २०१८ सालमा रामेछाप अन्तर्गतको उत्तरी क्षेत्रभित्र पर्ने दोलखालाई छुट्याई स्वतन्त्र एउटा जिल्लाको रूपमा परिणत गरिएपछि २७°२८′ देखि २८° उत्तरी अक्षांश र ८५°५०′ देखि ८६°३२′ पूर्वी देशान्तरसम्म यो जिल्ला फैलिएको छ ।

यस जिल्लाको क्षेत्रफल २,०५३ वर्ग किलोमिटर छ । पाखा, टार, बेंसी, भञ्ज्याङ र लेकमा छरिएर बसेका ३८ वटा गाउँ पञ्चायतको कुल जनसंख्या १,३०,०२२ मध्ये ६३,१८० पुरुष र ६६,८४२ महिला छन् । विभिन्न जातिहरूको बसोबास यस जिल्लामा भए तापनि भाषा बोल्ने संख्यामा राष्ट्र भाषा नेपालीको नै प्राधान्यता छ ।

अधिकांश जनताहरू कृषिमै निर्भर भए तापनि बाह्रबिसे र काठमाडौंमा आई विशेष रूपले अरू नै पेशामा लागेका मानिसहरू पनि प्रशस्त मात्रामा पाइन्छन् ।

चरिकोट दोलखाको सदरमुकाम हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

महाभारत पर्वत शृङ्खलाको उत्तरपट्टि तथा हिमाली प्रदेशको दक्षिणमा दोलखा जिल्ला पर्दछ। नेपालका अन्य पहाडी जिल्ला झैं अग्ला अग्ला डाँडाहरू, भञ्ज्याङहरू र पहराहरूले आ-आफ्नो अनुहार प्रदर्शन गरेका छन् भने नदी, खोला र छहराले पनि आफू भित्रको आवाजलाई अविरल गतिले विभिन्न रूपदिएर बगिरहेछन्। लेकतिरका वनमा चौंरी, भेडाहरू छन् भने तल बेंसीतिर गाई, भैंसीहरू चरिरहेका छन्। जिल्लाको सबै भागमा सबै ठाउँमा एकैनाससित कुनै पनि गति चलेको छैन। कहीं गर्मी छ त कहीं जाडो–कहीं कस्तूरी, मुनाल पाइन्छन् त कहीं स्याउ र सुन्तलाका लटरम्म बोटहरू! यिनै सबै संमिश्रणबाट नै दोलखा जिल्लाको अस्तित्व रहेको छ।

भौगोलिक बनावट

भौगोलिक बनावटको आधारमा दोलखा जिल्लालाई मोटामोटी रूपले दुई भागमा बाँडन सकिन्छ –

(१) हिमाली प्रदेश

(२) बेंसी तथा टारहरू

हिमाली प्रदेश

यस प्रदेशलाई पनि दुई भागमा बाँड्न सकिन्छः–

(क) सीमावर्ती श्रेणीः दोलखा जिल्लाको समस्त भाग नै हिमाली प्रदेशमा पर्दछ। अन्दाजी ७,१८१ मिटर अर्थात् २३,५६० फीटसम्मको अग्लो पहाड यहाँ पाइन्छ। अन्दाजी ४,८७८ मिटर अर्थात् १६,००० फीटलाई हिमरेखा मानिएकोले सो हिमरेखादेखि माथि बाह्रै महीना हिउँ जमिरहन्छ। यो भागमा आवत जावत गर्न ज्यादै नै मुश्किल पर्छ। गौरीशङ्कर हिमाल, कुकुर राजा डाँडा, रोलवालिङ हिमाल यहाँका प्रमुख हिमाली शृङ्खलाहरू हुन्। जिल्लाका उत्तरी भागमा रहेका हिम शृङ्खलाहरूमा सामान्यतः मंसीर महीनादेखि हिउँ पर्न शुरू हुन्छ र चैतदेखि केही पत्र हिउँ पग्लिन थाल्छ।

(ख) उच्च पहाडी भाग : अन्दाजी ४,८७८ मिटर अर्थात् १६,००० फीटदेखि होचा डाँडाहरू उच्च पहाडी भागभित्र पर्दछन्। ४,४६० मिटर अर्थात् १४,६२८ फीटको देउ ढुङ्गा, ४,१०१ मिटर अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१३,४५० फीटको बरामजी, ३,८१५ मिटर अर्थात् १२,५१३ फीटको कालिन्चोक, ३,८१२ मिटर अर्थात् १२,५०२ फीटको मगरको डाँडा, ३,६९९ मिटर अर्थात् १२,१३४ फीटको चोरडम, ३,४१३ मिटर अर्थात् ११,१९६ फीटको सुन्थली, ३,४०५ मिटर अर्थात् ११,१७० फीटको बुकेनी, ३,३१४ मिटर अर्थात् १०,८९९ फीटको बोङ बोङ डाँडा, ३,१५८ मिटर अर्थात् १०,३५८ फीटको शैलुङ डाँडा आदि डाँडाहरूले दोलखा जिल्लालाई घेरेर बसेका छन् ।

यस क्षेत्रमा खेती नहुने याममा वस्तु भाउहरू चराउनको निमित्त मानिसहरू अस्थायी रूपमा बसोबास गरेका पाइन्छन् । यहाँ लेकाली तथा ठण्डा शीतोष्ण हावापानी भएकोले यस क्षेत्रमा लेकाली घाँसे वनस्पति र कोणधारी सदाबहार वन पाइन्छ । साल, ओखर, चाँप, सल्लो, गोब्रे सल्लो, चिलाउने, गुराँस, लाकुरी, उत्तिसका रूखहरू पाइन्छन् भने अन्य वन पैदावारहरूमा नेपाली कागज बनाउने लोक्ता, पाँच औंले, जटामसी, कुड्की, पदम चाल, चिराइतो, टुकीफूल जस्ता जरीबूटीहरू प्रशस्त मात्रामा पाइन्छन् । छ किसिमका लाली गुराँसका बोटहरू पनि यहाँ पाइन्छन् ।

बेंसी तथा टारहरू

विभिन्न उचाइका पर्वतहरूबाट शुरू भई दक्षिणतिर बगेर आइरहेका भोटेकोशी, तामाकोशी, खिमती खोलाहरूले यस दोलखा जिल्लामा करीब ७६२ मिटर अर्थात् २,५०० फीट उचाइमा पर्ने बेंसीहरू बनाएको छ । भोटेकोशीमा खारे खोला, रोलवालिङ खोला, तामाकोशी, गुम्बू खोला, दोलती खोला, चरङ्गे खोलाहरू सहायक खोलाको रूपमा मिल्न आएकाले तिनीहरूले बनाएका बेंसी तथा टारहरू प्रशस्त छन् । दक्षिणी सीमानाको रूपमा रहेको मिलती खोला पनि यही भोटेकोशीमा मिल्न गए पछि तामाकोशी नदी हुन जान्छ । खिमती बेंसी र तामाकोशीको किनारामा रहेका तोरी खेत, बुरुङ बेंसी, नाम्दू बेंसी, बुस्ती बेंसी, मिलती बेंसी, चिलङखा टार र सुन खानीको खेत आदि बेंसी र टारहरू दोलखा जिल्लामा छन् । कालिन्चोक माई स्थानबाट करीब १,८३० मिटर तल झरेपछि एउटा ठूलो टार छ जसलाई "कुरी" भनिन्छ । त्यस्तै गोपी टार, चरङ्गे टारको साथै करीब १० हजार रोपनी जतिको रसिलो खिमती बेंसीहरूले गर्दा ठाउँ र समय हेरी धान, मकै, कोदो आदिको खेती गरिन्छ । जफे बेंसी, भीरकोट बेंसी, मालु बेंसी, शेरा बेंसी, मुदी टार, मरुवाटार, मूलाबारी टार, भीरकोट टार आदि अनगिन्ती बेंसी र टारहरूले दोलखा जिल्लालाई बिर्सन सकेका छैनन् ।

सिचाइको व्यवस्था राम्रोसित नभइसकेकोले पहाडी जिल्लाको टारहरूमा मास, उखु जस्ता पाखो बाली लगाइन्छन् । नदी र खोलाबाट सिचाइ हुन सक्ने रसिला फाँट र बेंसीहरूमा धान, मकै, गहुँ, कोदो, आलु गरेर तीन बालीसम्म पनि निकाल्छन् । तर यहाँका नदीहरू जस्तै तामाकोशी खेतभन्दा ज्यादै नै तल गहिरिएर गइदिएकाले सिचाइको निम्ति त्यस पानीबाट कुनै फाइदा लिन सकिएको छैन । बेंसी र टारहरूमा ज्यादै नै गर्मी र औलो लाग्ने हुनाले पहिले पहिले मानिसहरू बस्दैनथे तर औलो उन्मूलन भएपछि स्थायी रूपले यस भेकमा बस्ती बसाली बसोबास भने गर्दै आएका छन् ।

यहाँको धेरै जसो बस्ती करीब २,१३४ मिटर अर्थात् ७,००० फीटसम्मको उचाइमा पाइन्छ । यिनीहरूको मुख्य व्यवसाय खेती बाहेक वस्तु पाल्ने र जङ्गलमा जरीबूटी खोज्ने काम पनि हो । जिल्लाको सदरमुकाम चरिकोटको साथै दक्षिणी भेकमा गहिरी मुदी कैलेश्वर गाउँ पञ्चायत, ठूलो पातर गाउँ पञ्चायत,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झुले गुप्तेश्वर गाउँ पञ्चायत, जफे काला पानी, पोगटि, नाम्दू आदि पनि यही उचाइभित्र पर्दछन् ।

हिमाली पर्वतहरू

दोलखा जिल्लाको रोलवालिङ हिमाली पर्वत शृङ्खलामा रहेका गौरीशङ्कर हिमाल र मेलुङशे हिमालको विशेषता आफ्नै किसिमका छन् । अन्य चुलीहरूमा ५,९६० मिटर अर्थात् १९,५५० फीट उचाइको चोभा भमारेलाई लिन सकिन्छ । आफ्नै अलग्ग विशेषता भएका यी हिमालहरूको वर्णन तल गरिन्छ ।

गौरीशङ्कर हिमाल

दोलखा जिल्लाको उत्तरी सीमामा रहेको रोलवालिङ हिमालय पर्वतको शृङ्खलाहरूमध्येको उच्च टाकुरा हो । यो हिमाल अधिराज्यको उल्लेखनीय पर्वत शृङ्खलाहरूमध्ये एक हुन आउँछ । दुई भाग भई फाटेको यस चुचुराको एक भागलाई गौरा र अर्कोलाई पार्वता भनिए तापनि संयुक्त रूपमा रहेको गौरीशङ्करको नामले नै यो चुचुराको ख्याति बढेको छ । ७,१४६ मिटर अर्थात् २३,४४० फीटको उचाइमा यो हिमाल रहेको छ । भगवान् शङ्करले मर्त्यलोकमा आफ्ना सम्पूर्ण लीलाहरू सिद्धयाए पछि हिमालमा गई आफूलाई अमरशिलामा परिणत गरेको ठाउँ भएकोले उनकै सम्झना स्वरूप यस चुचुराको नाम गौरीशङ्कर हिमाल रहन पुगेको हो भन्ने किम्वदन्ति छ । सोही विश्वासमा यस शिखरको ठूलो धार्मिक महत्व भएकोले स्थानीय मानिसहरू यस पर्वतलाई पूजा गर्छन् । बौद्ध धर्मावलम्बी शेर्पा तथा तामाङ जातिका मानिसहरूले समेत गौरीशङ्कर हिमाललाई आफ्नो ज्यू, धन र वस्तु भाउहरूको संरक्षकको रूपमा धोजा उठाई पूजा गर्ने गरेका छन् । यिनै धार्मिक विश्वासको आधार रहेको गौरीशङ्कर हिमालको टाकुरामा आजसम्म कसैको पाइला पुग्न सकेको छैन र कुनै पर्वतारोहीहरूलाई पनि यस टाकुरा चढ्नको लागि स्वीकृति प्रदान गरिएको छैन ।

गौरीशङ्कर हिमालको दक्षिणी ढालको हिम नदीको पानी रोलवालिङ खोलामा झर्दछ । रोलवालिङ पर्वतको शृङ्खला मुन्तिर रोलवालिङ उपत्यकामा ना, फेदिङ र निमारे गरी तीनवटा चाखलाग्दा बस्तीहरू छन् । ११,००० देखि १४,००० को फरकमा बसेका त्यहाँका मानिसहरू मौसम अनुसार हिउँदमा निमारे, वसन्तमा फेदिङ र वर्षामा नामा वस्ती सर्दै बाँच्ने गरेका छन् । हिउँद महीनामा हिउँ पर्ने हुनाले नामा टिक्नै सकिंदैन । बेदिङ

मेलुङशे हिमाल

रोलवालिङ हिमालको टाकुरामध्येको सबैभन्दा अग्लो टाकुरामा रहेको मेलुङशे हिमाल दोलखा जिल्लाभरीको सबैभन्दा ठूलो चुचुरा हो । ७,१८३ मिटर अर्थात् २३,५६० फीटको उचाइमा यसको टाकुरा छ । मेलुङशे हिमाल रोलवालिङ हिम शृङ्खलाको प्रसिद्ध हिमाल हो । गौरीशङ्करभन्दा केही फरकमा देखिने यो हिमालको फेदीसम्म बाह्रै महीना हिउँले ढाकिरहन्छ र हेर्दा अति रमणीय देखिन्छ । स्थानीय मानिसहरूले मेलुङशेलाई मेलुङ्चे भन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चोभा भमारे

यो दोलखा जिल्लाको एक प्रमुख हिमाली टाकुरा हो। यसको उचाइ समुद्र सतहबाट अन्दाजी ५,९६० मिटर अर्थात् १९,५५० फीट छ। यो टाकुरालाई भोटेकोशीले रोलवालिङ हिमालबाट छुट्याएको छ। यो टाकुराको वरिपरि नजीकमा उच्च हिमाली टाकुराहरू नभएका हुनाले मध्यपूर्व नेपालको पहाडी भागबाट यसको चुच्चिएको टुप्पा स्पष्ट देखिन्छ। यसरी चुच्चिएको यो चुलीलाई एक सुन्दर हिमाली पहाडको रूपमा मानिएको छ। यसको दक्षिणी ढालबाट उत्पत्ति भएको सोनुङ खोला, लोदिङ गाउँ नजीकै तामा खोलामा मिसिएको छ। यसको पूर्वी ढालमा उत्पत्ति हुने खोलाहरू च्याब्रु खोलामा मिसिएर भोटेकोशीमा खसेका छन्। यो पहाडबाट दक्षिणतिर फैलिएको पर्वतमालाको मुरी चोक नामक डाँडा यो जिल्लाको सुन्दर उच्च डाँडाहरूमध्ये एक मानिएको छ। उक्त डाँडाको अन्दाजी ३,९६३ मिटर अर्थात् १३,००० फीट उच्च भागबाट चोभा भमारे लगायत रोलवालिङ हिमाल तथा दक्षिण तर्फको पहाड र खोलाहरूको खोंचको दृश्य राम्रोसँग देखिन्छ।

टशीलाप्चा भञ्ज्याङ

नेपालको एक भागबाट एउटै अक्षांशमा अर्को भाग जान हिमाल नाघी जानु पर्ने बाटोहरू धेरै छैनन्। यस्ता थोरै हिमाली भञ्ज्याङहरूमध्येका लार्के, तिलाछो, छार्काला झैं टशीलाप्चा पनि उल्लेखनीय भञ्ज्याङ हो। सोलुखुम्बू जिल्लाको खुम्बू क्षेत्रको थामी इलाकाबाट रोलवालिङ हिमाली शृङ्खलाको दक्षिणी भेकमा अवस्थित यो भञ्ज्याङ नाघेर रोलवालिङ उपत्यका जाने बाटो छ अथवा रोलवालिङ हिमाली शृङ्खलाको दक्षिणी भेकमा रहेको यस भञ्ज्याङ पार गरेर सोलुखुम्बू जिल्ला पुगिन्छ। स्थानीय मानिसहरू यो भञ्ज्याङ भई वर्षामा (असार–साउन) आवत जावत गर्छन्।

नदीनालाहरू

दोलखा जिल्लाको नदी प्रणाली सप्तकोशीको प्रश्रवण इलाकामा पर्दछ। रोलवालिङ हिमालय तथा उत्तरी सीमापारका पर्वतहरूबाट उत्पत्ति भई नेपाल अधिराज्यभित्र प्रवेश गर्ने अविरल जलप्रवाह तथा जिल्ला भित्रकै र जिल्लाका सीमावर्ती पर्वतश्रेणीमा उब्जेका पानीले सिंचित यो जिल्लालाई विभिन्न खोलानालाले चिरा चिरा पारेको छ। यहाँको प्रमुख नदी भोटेकोशी हो जुन नदीले जिल्लाको मध्यभागमा पुगेपछि कालिन्चोक माईस्थानको पोखरीबाट पूर्व बग्ने तामाखोला मिसिन गएपछि तामा कोशीको नामबाट प्रसिद्धि पाएको छ। दोलखा जिल्लाका सम्पूर्ण खोलाहरू तामाकोशीको सहायकको रूपमा रहेका छन्।

तामाकोशी

यसको मूलधार तिब्बतबाट लामो बगरको बाटो भई नेपाल पस्ने भोटेकोशी हो। भोटेकोशीको उत्पत्ति नेपाल-चीन सीमावर्ती हिमालयका उत्तरी ढालका हिम नदीहरू तथा जनवादी गणतन्त्र चीनको स्वशासित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिब्बती क्षेत्रभित्रका उच्च पहाडहरूमा पलाएको पानीबाट भएको छ । यो भोटेकोशी नेपालभित्र पसिसकेपछि लादुक गाउँ पञ्चायतको पूर्व दक्षिणमा रहेको कालिन्चोकको पहाडबाट पूर्वतिर बग्ने तामा खोला, विगु, चिलङखा हुँदै भोटेकोशीसित मिसिएपछि ती दुवैको संयुक्त धारलाई तामाकोशी भनिन्छ ।

तामाकोशी पूर्व नेपालको प्रसिद्ध कोशी नदी प्रणालीको एक प्रमुख सहायक हो । यसको गणना सप्तकोशीमध्ये गरिन्छ । यो कोशी धेरै गहिरो खोंचबाट बगेको हुनाले सबै ठाउँमा यस माथि डुङ्गा चल्दैन । यसका वरिपरिका गाउँलेहरूले फड्के, फलाने साँगु आदि बनाएर तर्छन् । यसको पानी खेतीको लागि सदुपयोग गर्न सकिएको छैन । दोलखा जिल्लाको सम्पूर्ण खोलाहरू जस्तै चरणावती, खिमती, रोलवालिङ, खारे, मिलती, गुम्बू, दोलती आदि उल्लेखनीय खोलाहरू यसैको सहायक खोला हुन् ।

यो तामाकोशी दोलखा जिल्ला छोडेर रामेछाप पुगेपछि सन्थली, मुड्टार आदि हुँदै बेनी घाटमा पुगी पूर्वतिरबाट बगेको सुनकोशीमा मिसिएपछि दुवैको संयुक्त धार सुनकोशी हुँदै पूर्वतिर लागी भारततिर पस्छ ।

रोलवालिङ खोला

यो खोला तामाकोशीको एक प्रमुख सहायक हो । यसको उत्पत्ति टशीलाप्चा भञ्ज्याङको पश्चिमी ढालबाट बगेको पानी तथा रोलवालिङ हिमालका पूर्वी टाकुराहरूका हिम नदीहरू पग्लेर बगेको पानीबाट भएको छ । यो खोला पूर्वबाट ना, फेदिङ, निभारे आदि रोलवालिङ उपत्यकाका गाउँहरू हुँदै पश्चिममा सिमी गाउँ नजीकै भोटेकोशीमा मिसिन्छ । यही खोलामा रोलवालिङ हिमालका मेलुङ्से, गौरीशङ्कर आदि पर्वतहरूको दक्षिणी ढालको हिमनदीहरू पग्लेर बग्ने पानी समेत मिसिन्छ । यो खोला उच्च भागबाट गहिरो खोंच हुँदै ठूलो वेगले बगेको हुनाले यसको प्रवाहबाट निस्केको आवाज रोलवालिङ उपत्यकाभरी गुन्जिरहन्छ ।

खिमती खोला

रोलवालिङको दक्षिणी शृङ्खलामा रहेको पाँच पोखरी, जटा पोखरीबाट उत्पत्ति भई बराम्जी, सिरान्चोकको डाँडाहरूको बीचबाट लुम्सा, पाङलेमा, गर्ज्याङ, खिमती बेंसी हुँदै दक्षिण बग्ने खिमती खोला तामाकोशीको एक प्रमुख सहायक हो । यो खोलाले जिल्लाको दक्षिणी तथा मध्यभेकको पूर्वी सीमानाको काम गरेको हुन्छ । यो खोलामा ताँबे डाँडाको पश्चिमी ढालको तथा चोरडम र हनुमन्ते डाँडाहरूको पश्चिमी तथा दक्षिणी ढालका पानी समेत बटुली तल्लो खिमती बेंसी भई तामाकोशीमा मिल्दछ । यो खोलाको मध्यभागको पूर्वी किनारामा ठोसे नाम गरेको रामेछाप जिल्लाको एक प्रमुख बजार रहेको छ जसको नजीकै पूर्वी नेपालको एक महत्वपूर्ण ऐतिहासिक फलाम खानी छ ।

चरणावती खोला

कालिन्चोक पर्वतको दक्षिणी भागबाट उत्पन्न भएर केही मिल दक्षिण बगेपछि मकैबारी, कुश्री, काटा कुटी, विसंठोल, किराती छाप हुँदै पूर्व मोडिई वुस्ती नजीकै तामाकोशीको पश्चिमी किनारमा मिल्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खारेखोला

रोलवालिङ उपत्यकाको दक्षिणमा रहेको हिमाच्छादित पर्वत श्रेणीको दक्षिण ढालको हिमनदीबाट यस खोलाको उत्पत्ति भएको हो । यो खोला सुन्धली र यालेको टिप्पो डाँडाहरूको बीचबाट पश्चिम दक्षिण बगी सिक्या, सोर खानी, गोगटे तथा खारेको दक्षिणी पाखोबाट खारे बेंसी भई भोटेकोशीमा मिल्न पुग्छ ।

मिलतीखोला

दोलखा जिल्लाको दक्षिणी भागमा रहेको शैलुङ डाँडाको दक्षिण ढालबाट उत्पत्ति भएको यो खोला मेलुङको दक्षिणबाट पूर्व बगी मिलती फाँट पुगी तामाकोशीको पश्चिमी किनारामा मिल्दछ । यो खोलाले दोलखा जिल्लाको दक्षिणी सीमाको काम गर्दछ ।

खोलाहरूमा सिंगटी खोला प्रमुख हो । सो बाहेक गोपी, घोचाङ र सिक्री खोलाहरू पनि प्रमुख छन् ।

यी सबका अतिरिक्त दोलखा जिल्लामा बगेको दोलती, सुन्द्रावती, गुम्बू, तिनेख, झयाकु, अँधेरी, आमोडोल, घट्टे, फड्के, सुरे, सिप्रिङ, चरङ्गे आदि खोलाहरू आखिर तामाकोशीमा गएर मिल्छन् ।

कुण्ड र झरना

करीब १२,२०६ फीट उचाइमा रहेको कालिन्चोकमा एउटा ठलो कुण्ड छ । जुन कुण्डलाई कालिन्चोक माई भनेर पूजिन्छ । धार्मिक दृष्टिले महत्व पाएको यस कुण्डबाट उत्तरतिर झरेको पानीलाई तामाकोशी र पश्चिमबाट झरेकोलाई सुनकोशी भनिन्छ । सुन्द्रावती र चरणावती पनि यही कुण्डबाट बगेका खोला हुन् । यो कुण्डमा बाह्रै महीना ठण्डी हुन्छ । कहिले कहीं हिउँ पनि पर्छ । यस कुण्डमा ठूलो मेला लाग्नुको साथै पूजा आजा गरिन्छ ।

दोलखा जिल्ला र रामेछाप जिल्लाको दोसाँधको उत्तर पूर्वको कुनामा करीब १२।१३ हजार फीट माथि पाँच पोखरी नामको कुण्ड छ । सो कुण्डको पानी ५०० गज जति तल झरनाको रूपमा खस्दा ज्यादै सुन्दर देखिन्छ । यसको साथै जटा पोखरी, बौलाहा पोखरी, भूत पोखरी, काल पोखरी आदि प्रख्यात कुण्डहरू हुन् ।

हावापानी

दोलखा जिल्लामा अक्सर गरी मनसुनी बतासको प्रभाव परेको देखिन्छ । यो बतास नेपाल अधिराज्यभित्र दक्षिण–पूर्वी दिशाबाट हिमालयको दक्षिणी किनाराबाट पश्चिमतिर बहन्छ । यसप्रकारले यस हावाको बाटोमा दोलखा जिल्ला पर्न आउँछ । करीब जेठदेखि असोजसम्म यस बतासले पानी पार्छ । हिउँद याममा पनि पश्चिमबाट बहेर आएको बतासले अलि अलि पानी ल्याउँछ । दोलखा जिल्लाको समस्त उत्तरी भाग हिमाच्छादित पर्वत शृङ्खलाले ढाकेको हुनाले बाह्रै महीना हिउँ पर्छ । मध्यभागतिर पनि पर्वत शृङ्खला भएकोले यस उचाइमा गर्मी नभएर जाडै हुन्छ । सदरमुकाम चरिकोटमा कहिले कहीं हिउँ समेत पर्छ तर यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँमा गरम भने पटक्कै हुँदैन तर बेंसीतिर भने अलि गरम र जाडो दुवै हुन्छ। उचाइ अनुसार हावा पानी, तापक्रम र वर्षामा फरक हुन जान्छ।

करीब २,००३ मिटर उचाइमा रहेको जिरीको मौसम अवलोकन केन्द्रबाट देखिने सन् १९७० को वायुको तापक्रम यसप्रकार छः–

तापक्रमको तालिका (सेण्टिग्रेडमा)

वर्ष	१९७०		तीन वर्षको औसत (१९६८ – १९७०)	
महीना	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	११.९	–०.४	१२.४	–०.४
फेब्रुअरी	१३.८	०.७	१५.५	०.४
मार्च	१८.७	३.८	१८.६	४.३
अप्रिल	२१.६	८.६	२२.३	७.२
मे	२३.०	१०.९	२२.४	१३.०
जून	२२.०	१५.४	२२.३	१६.३
जुलाई	२२.३	१७.१	२२.६	१७.२
अगष्ट	२२.८	१६.८	२२.६	१७.१
सेप्टेम्बर	२१.९	१५.७	२२.२	१६.६
अक्टोबर	१९.७	१०.१	१९.२	५.८
नोभेम्बर	१६.०	६.३	१६.७	४.६
डिसेम्बर	१५.५	–०.१	१४.६	०.४
वार्षिक औसत	१९.१	८.६	१९.३	५.४

उपर्युक्त तापक्रमको तालिका हेर्दा तीन वर्षको औसत अधिकतम तापक्रम १९.३ र न्यूनतम तापक्रम ५.४ सेण्टिग्रेड देखिन्छ। बेंसीमा पर्ने जिरीस्थित मौसम अवलोकन केन्द्रबाट प्राप्त उपर्युक्त विवरणले उच्च पहाडी भागको तापक्रमको प्रतिनिधित्व चाहिं गर्दैन। जिरीमा १९६८ को जुलाई महीनाको ४ तारीखमा अधिकतम तापक्रम २८.५ सेण्टिग्रेड र फेब्रुअरी ३ का दिन न्यूनतम तापक्रम –४.४ सेण्टिग्रेड पुगेको थियो। त्यस्तै १९६९ मे महीनाको १८ र सेप्टेम्बर महीनाको ६ तारीखमा अधिकतम २७.० तथा जनवरी ४ मा न्यूनतम –३.० थियो र १९७० को अगष्ट २१ तारीखमा अधिकतम २६.२ तथा डिसेम्बर १९ मा न्यूनतम –३.८ थियो। सालाखाला वार्षिक सापेक्षिक आर्द्रता १९६८ मा ०८४० बजे ७७ प्रतिशत र १७४० बजे ७३ प्रतिशत, १९६९ मा ०८४० बजे ७५ प्रतिशत र १७४० बजे ७६ प्रतिशत र १९७० मा ०८४० बजे ७७ प्रतिशत र १७४० बजे ७८ प्रतिशत थियो।

दोलखा जिल्लामा दक्षिण–पश्चिमी मनसुनी हावाले ल्याएको जलवाफपूर्ण हावाले करीब जेठदेखि असोजसम्म पानी पार्छ। साथै पश्चिमतिरबाट बहने हावाले हिउँदमा पनि अलि अलि वर्षा गराउँछ। यस जिल्लाको चरिकोट, जिरी र मेलुङमा रहेको मौसम अवलोकन केन्द्रबाट लिइएको विवरण अनुसार सन् १९७० मा भएको यहाँको वर्षाकोस्थिति तपसीलको तालिकाबाट प्रष्ट हुन्छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षाको तालिका (मिलिमिटरमा)

महीना	चरिकोट (१,९८१ मिटर)	जिरी (२,००३मिटर)	मेलुङ (१,५७० मिटर)
जनवरी	१९.८	७.०	३२.०
फेब्रुअरी	३६.२	६२.३	४६.२
मार्च	२६.२	१८.१	१७.१
अप्रिल	७८.२	८१.३	१०९.२
मे	१२३.६	१३०.४	१४०.२
जून	३४५.२	४५०.१	४८८.०
जुलाई	५९४.८	५५७.५	१,१४०.७
अगष्ट	५४२.६	६३६.४	५८९.८
सेप्टेम्बर	२१७.०	२०४.४	१५६.०
अक्टोबर	४६.५	७६.१	४७.४
नोभेम्बर	१३.४	२०.३	०.०
डिसेम्बर	०.०	०.०	०.०
जम्मा:–	२,०४३.५	२,२४३.९	२,७६६.८

चरिकोटमा १९७० को जुलाई ३१ को दिन २४ घण्टाभित्र ८०.० मिलिमिटर पानी परेको थियो। जिरीमा १९७० को सेप्टेम्बर २२ को दिन २४ घण्टाको अवधिमा ६८.१ मिलिमिटर वर्षा भएको थियो। त्यस्तै मेलुङमा १९७० को जुलाई २५ को दिन २४ घण्टाको अवधिमा २२२.२ मिलिमिटर पानी परेको थियो।

दोलखा जिल्लाको मेलुङ क्षेत्रतिरको पहाडी भागमा ज्यादा पानी पर्ने देखिन्छ तापनि जेठ-असार-साउनमा बढी पानी पर्दो रहेछ भन्ने कुरा माथिको तालिकाबाट देखिन आएको छ र कात्तिक-मंसीर-पुसतिर पानी कम पर्छ भन्ने कुरा पनि तालिकाबाट देखिन्छ। चरिकोट–जिरी–मेलुङको तालिकामा जसरी फरक फरक वर्षा भएको देखिन्छ त्यस्तै जिल्लाको सम्पूर्ण भागमा तिनीहरूको उचाइको कारणबाट वर्षामा प्रभाव पारेको हुन्छ।

हावापानीको दृष्टिबाट दोलखा जिल्लालाई मोटामोटी रूपले चार भागमा विभाजन गरिन्छ:– (१) हिमाली हावापानी (२) लेकाली हावापानी (३) ठण्डा शीतोष्ण हावापानी (४) सम शीतोष्ण तथा अर्ध उष्ण हावापानी।

हिमाली हावापानी

करीब ४,८७८ मिटर अर्थात् १६,००० फीट र सोभन्दा माथिको सम्पूर्ण हिमाली भागका पर्वत–हरूमा अति शीतप्रधान हावापानी पाइन्छ। बाक्ला हिउँका पत्रले सधैं ढाकेको र तापक्रम सधैं जम्ने विन्दु (फ्रिजिङ प्वाइन्ट) भन्दा पनि तल पुगेको हुन्छ। रोलवालिङ, गौरीशङ्कर, मेलुङशे, यालेको टुप्पो, चोभा भमारे आदि भागमा हिमाली हावापानीको प्रभाव क्षेत्रभित्र परेकोले यस ठाउँमा सधैं नै हिउँ परिरहेको हुन्छ। हिम-रेखाभन्दा माथि पर्ने भागलाई हिम मरुभूमि भने तापनि यस क्षेत्रमा कुनै किसिमको वनस्पति टिक्न सक्तैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेकाली हावापानी

करीब ३,९६३ मिटर अर्थात् १३,००० फीटदेखि माथि ४,८७८ मिटर अर्थात् १६,००० फीटदेखि मुनि पाइने हावापानीलाई लेकाली हावापानी भनिन्छ । ठण्डीको कारणले र कम पानी पर्ने हुनाले यहाँ बाक्लो वन जङ्गलको सम्भाव्यता नै देखिदैन । देउढुङ्गा, वराम्जी आदि यही क्षेत्रभित्र पर्न जान्छन् । हिउँदभा ज्यादै नै ठण्डी हुने हुनाले करीब आठ–नौ महीना हिउँ नै पर्छ र वर्षामा हिउँ नै नपरेमा पनि चिसो हुन्छ । वर्षा कम हुने हुनाले पानीको सट्टा हिउँ झर्छ । सुनपात, भैलुङ्पात र बुटाहरू सिवाय केही हुँदैन । स्रोत पाउन सक्ने केही ठाउँहरूमा गुराँसको बुटाहरू र झार र लेउबाट फुल्ने फूलहरू राम्रो रूपले फुलेका देखिन्छन् ।

ठण्डा शीतोष्ण हावापानी

करीब २,१३४ मिटर अर्थात् ७,००० फीटदेखि माथि ३,९६३ मिटर अर्थात् १३,००० फीटसम्मको भागमा पाइने हावापानी चिसो र वर्षा चाहिं कम हुन्छ । कालिन्चोक, शैलुङ, चोरडम, खारे, सुन्थली, वुकेनी आदि ठाउँमा ठण्डा शीतोष्ण हावापानीको प्रभाव परेको छ । पुस-माघतिर यस ठाउँमा हिउँ पर्छ । धूपी, लाली गुराँस र सधैं हरिया हुने बोटहरूले जङ्गल ढाकेको हुन्छ भने अर्कोतिर मोनाल, डाँफे, चौंरी जस्ता पशु पक्षीहरू यसै जङ्गलभित्र प्रशस्त मात्रामा पाइन्छन् ।

सम शीतोष्ण तथा अर्ध उष्ण हावापानी

करीब १,२२० मिटर अर्थात् ४,००० फीटदेखि २,१३४ मिटर अर्थात् ७,००० फीटसम्मको पाखा, फाँट, बेंसी र टारमा सम शीतोष्ण हावापानीको प्रभाव पर्दछ । गोपी बेंसी, भीरकोट, तोरी खेत आदि ठाउँमा वर्षामा गर्मी हुन्छ भने हिउँदमा केही जाडो हुन्छ । चरिकोट, दोलखा बजार आदि ठाउँमा पनि केही महीना जाडो र केही महीना तातो हुन्छ । ६१० मिटर अर्थात् २,००० फीटदेखि १,२२० मिटर अर्थात् ४,००० फीटसम्मको हावापानी भएको ठाउँमा खोंच परेका बेंसी र टारहरू भएकोले पहिले ज्यादै नै गरम हुने र औलो लाग्ने भएकोले त्यहाँ बस्ती हुँदैनथ्यो तर औलो उन्मूलन भएपछि त्यस भेकमा बस्ती बस्नुको साथै मकै, धानको खेतीको लागि योग्य भूमि हुन गएको छ । ६१० मिटर अर्थात् २,००० फीटदेखि २,१३४ मिटर अर्थात् ७,००० फीटको उचाइमा नै जिल्लाको सम्पूर्ण जनसंख्या रहनुको साथै खेतीयोग्य जमीन पनि यहीभित्र परेकोले यसैमा आश्रित हुनुपरेको छ ।

प्राकृतिक वनस्पति

करीब ६१० मिटर अर्थात् २,००० फीटभन्दा मुनिदेखि ७,१८३ मिटर अर्थात् २३,५६० फीटसम्मको उचाइमा रहेको दोलखा जिल्लामा विभिन्न उचाइमा विभिन्न किसिमको हावापानीले प्रभाव पार्दा त्यसको अनुरूप पैदावारमा पनि प्रभाव पर्न जानु स्वभाविक हो । हिमाली हावापानी भएको हिमाली क्षेत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै किसिमको वनस्पति पाइदैन। यहाँ त केवल हिउँले ढाकेको हिम मरुभूमिमात्र छ। लेकाली हावापानी भएको ठाउँमा लेकाली घाँसे वनस्पति पाइन्छ। यहाँ कुनै काम लाग्ने खालका रूखहरू पाइनुकोसट्टा साना साना सुनपात, भैरुङ पात, मेलुङ पातका बुटाहरूका वनस्पतिहरूको साथै घाँसका झाडीहरू प्रशस्त मात्रामा हुन्छन्। गुराँस, भोजपत्र आदिका बोटहरू यस क्षेत्रमा छन्। चरनको लागि यस भेकमा उम्रेका घाँसहरूले पशु पाल्नेहरूलाई ठूलो टेवा दिएको छ। नीर मसी, हरिताल, जटामसी, पाँच औंले आदि लेकाली घाँसे वनस्पतिहरू पाइन्छन्। ठण्डा शीतोष्ण हावापानी भएको ठाउँमा कोणधारी सदाबहार वनले ढाकिएको हुन्छ। दक्षिणी ढालमाभन्दा उत्तरी ढालमा फैलिएका डाँडाहरूमा वन पाइने हुनाले सल्लो, गुराँस, धूपी, खसु, देवदार आदिकाबोटहरू र बाँस, निगालाका झाडीहरू पनि देखिन्छन्। समशीतोष्ण तथा अर्ध उष्ण हावापानीमा पतझड तथा मिश्रित वनस्पति पाइन्छन्। पतझड तथा मिश्रित वनमा हिउँदमा पात झरेर नाङ्गो हुने रूखहरू हुन्छन्। सल्लो, गुराँस, चिलाउने, खयर, सिमल, चाँप, ओखर, कटुस, बार, आँप, पीपल, लाकुरी र अन्य जातकारूखहरूले यस भेकका डाँडाहरूलाई ढाकिदिएका छन्।

पशु-पक्षी

विभिन्न किसिमको हावापानीले वनस्पतिमा प्रभाव पारेझैं विभिन्न वनस्पतिमा भर परेर बसेका विभिन्न किसिमका पशु पक्षी अरू जिल्लामा भएझैं दोलखा जिल्लामा पनि नभएका कहाँ हुन् र ! यस जिल्लामा पाइने मुख्यतः कस्तुरी, झारल, मृगको अतिरिक्त बाघ, भालू, चित्तल, घोरल, डाँफे, मोनाल पाइन्छन्। होचो तथा समथर भूमितिर कालिज, तित्रा, च्याखुरा, कलेसो, ढुकुर, जुरेली, मैना, लुइँचे, चाँचर, फिष्टो, कोइली, वट्टाइ, मलेवा आदि पाइन्छन्। वन जन्तु संरक्षणको लागि विस्तृत रूपको कार्यक्रम नभए तापनि कस्तुरी, मृग जस्ता दुर्लभ जन्तुहरूको बचावटको लागि पासो थापी कस्तुरी शिकार गर्नेहरूमाथि निगरानी राखिएको छ।

वन संरक्षण तथा विकासको लागि दोलखा जिल्लामा हालसम्म कुनै किसिमको योजना शुरू गरिएको छैन। दोलखा जिल्लामा वन निकै नै भए तापनि वन सीमानाको सर्वेक्षण गरी वन सीमानामा बार लगाउने काम भएको देखिदैन। तसर्थ निर्धारित नभएको ठाउँमा वन अतिक्रमण भयो भएन भन्ने कुरा उठाउन गाह्रो पर्छ। पुरानो बीजन र दर्ताको आधार लिई जनताहरूले वन अतिक्रमण गर्न खोजे तापनि वन प्रशासनको निमित्त कार्यालय खडा नहुन्ज्याल वनको संरक्षण गर्ने काम प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट भइरहेछ।

खनिज पदार्थ

व्यवस्थित रूपमा खनिज पदार्थ उत्पादन नभए तापनि दोलखा जिल्लाका निवासीहरूले खारेमा रहेको तामा खानीबाट तामा झिकी मामुली तरीकाले धाउ पगाली निख्खर तामा झिकी भाँडा कुँडा पहिलेदेखि नै बनाउँदै आएको कुरा सुनिन्छ। विगुमा रहेको ढुङ्गा खानीबाट छाना छाउने ढुङ्गा झिकी छाना छाउने काम हुन्छ। त्यस्तै देउलाङमा नून खानी भएकोले सिमरिङ खोलामा नूनको धारा बगिरहन्छ भने शैलुङमा रहेको मट्टितेल खानीबाट निस्केको मट्टितेलको तर पानीमाथि तैरिरहेको छ। यी खोतल्दै नखोतलिएका खनिजका भण्डारबाट रसाएर चुहिएका र केही खोतलिएका आधारलाई सर्वेक्षण गरी निर्णयमा नपुगुन्ज्याल वास्तविक खनिज पदार्थ बारे अहिले भन्न सकिन्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

दोलखा भेकमा लिच्छवि काल वा त्यो भन्दा प्रचीन कालको इतिहासमा प्रकाश पार्ने शिलालेख आदि ठोस ऐतिहासिक सामग्री केही नपाइएकोले प्राचीन कालको इतिहासको झलक प्रामाणिक रूपमा दिन सकिएको छैन । किरात परिवारका जातिको शासनको सम्भावनालाई संकेत गर्ने अनुश्रुति पनि चलेको पाइन्छ । तैपनि दोलखाको भौगोलिक स्थिति हेर्दा किरात परिवारका जातिको प्रशासन यस भेकमा कुनै वेला चलेको थियो कि भन्ने अनुमान गर्न नसकिने होइन ।[1]

दोलखाको ऐतिहासिक महत्वको उल्लेख गर्दा बाबुराम आचार्य भन्नु हुन्छ कि दोलखानिर 'किरात छाप' भन्ने ठाउँका खण्डहरमा पछिल्ला लिच्छवि कालका कुटिल लिपिको शिलालेख छ भन्ने सुनिएको छ । यस कारणले सातौं शताब्दीमा तिब्बतबाट हिमालय छिचोली कुतीमा झर्ने बाटो खुलेपछि तामा कोशीका किनारबाट सिन्धुली उत्रेर उत्तर भारतका मैदानमा झर्ने वाणिज्य मार्ग खुल्दा काठमाडौं उपत्यकाका मानिसहरू गएर दोलखामा उपनिवेश स्थापना गरेका र किरात छापमा रहेको पुरानो दोलखाको बस्ती सन् चौधौं शताब्दीका समसुद्दीनका आक्रमणबाट ध्वस्त भई अचेलको दोलखा बसेपछि भीमेश्वरको स्थापना भएको अनुमान हुन्छ । दोलखाको इतिहास नगाँसिएको काठमाडौं उपत्यकाको मल्ल कालको इतिहास अङ्गहिन हुन्छ ।[2]

बिक्रमको चौधौं शताब्दीमा आएर मात्र दोलखा प्रदेशको इतिहास केही स्पष्ट हुन आएको छ । त्यसवेला नेपालमा तीन प्रमुख शक्ति देखा परेका थिए । केन्द्रको मल्ल राज्य गृहकलहले गर्दा कमजोर हुँदै गइरहेको थियो । पश्चिममा नुवाकोट सम्म र पूर्वमा दोलखाको आसपास सम्म मात्र केन्द्र राज्यको प्रभुत्व कायम थियो । यसवेला दोलखाको प्रशासन सामन्तरूपका सोम वंशी शासकहरूको हातमा थियो ।[3]

सोमवंशी पात्रहरूले दोलखामा कहिलेदेखि प्रशासन चलाए यो कुरा स्पष्ट हुन सकेको छैन । यस जिल्लामा प्राप्त अभिलेखमा सबभन्दा पुरानो ने. सं. ५०८ अर्थात् सन् १४५९ को हो । तर यस अभिलेखबाट देवता मूर्ति स्थापना गरेको कुरामात्र थाहा पाइन्छ । आर्थिक दृष्टिकोणले महत्वपूर्ण स्थान पाएको दोलखालाई मध्यकालमा राजनैतिक महत्व दिइएको कुरा नेपालको इतिहासबाट थाहा हुन्छ ।

---

१. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ — दोलखको ऐतिहासिक रूपरेखा, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, २०३१, पृष्ठ १६-१७

२. बाबुराम आचार्य — श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग २, श्री ५ महाराजाधिराजका प्रेस सचिवालय, राजदरबार, २०२४, लेखकको कथन

३. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको माथि उल्लिखित किताब, पृष्ठ १७–१८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केन्द्रमा यक्ष मल्ल भए ताका दोलखामा कीर्ति सिंह सामन्त शासकका रूपमा थिए। चम्पारण लोहावर आदि कोकि राज्यको विरुद्ध यक्ष मल्लले चलाएको अभियानताका दोलखा का कीर्ति सिंहले पनि युद्धमा भाग लिएका थिए।[1] दोलखामा पाइएको वंशावली अनुसान कीर्ति सिंहले वि. सं. १५३१ सम्म सामन्तका रूपमा प्रशासन चलाएका थिए। कीर्ति सिंह मरेपछि वि. सं. १५३१ मा यिनका छोरा उद्धवदेव दोलखाका राजा भए। वि. सं. १५१७ मा दोलखाको दुङ्गल टोलमा यिनको जन्म भयो। १४ वर्षको उमेरमा राजा भएर राजकाज चलाउनु परेको थियो। विभिन्न समयमा विभिन्न ठाउँका राजाहरूले आ-आफ्नो प्रशस्ती लेखाउन लगाउँथे। लिच्छवि कालका राजाहरूका बेग्ला बेग्लै किसिमबाट लेखिएको प्रशस्ती पाइए जस्तै दोलखा राज्यको प्रशस्ती अहिले सम्म पाउन नसके तापनि आफ्नो मानको अगाडि "दोलखाधिपति" भनेर लेखेदेख्दा दोलखामा स्वतन्त्र शासन भएको र ती स्वतन्त्र शासकको रूपमा वैष्णवसम्प्रदायका उद्धवदेवले राजा भएर राज्य चलाएका थिए भन्ने रा वि. सं. १५४८ को अभिलेखबाट थाहा पाइएको छ।

वि. सं. १५३८ मा यक्ष मल्लको मृत्युपछि नेपाल उपत्यका तीन स्वतन्त्र राज्यहरूमा टुक्रियो। यक्ष मल्लको शासन कालमा रहेको उपत्यकालाई "नेपाल मण्डलेश्वर" भनिन्थ्यो र तिनका सन्तानहरू आफूलाई "नेपालेश्वर" भन्दथे। यसरी नेपाल उपत्यकाभित्र राजनैतिक अस्थिरता आउँदा पालपामा सेन राजाहरूको अस्तित्वले विशेष प्रभुत्व जमाएको थियो। बाइसी चौबीसी राज्यहरू त भरखर भरखर बामे सर्ने र राज्य सिर्जना गर्ने दिशातिर अग्रसर भएका थिए। तर उपत्यकाबाट झण्डै २२।। कोस पूर्व-उत्तरमा पर्ने दोलखा राज्य आर्थिक सम्पन्नता र बलियो राज्यको रूपमा विकसित भएर "दोलखाधिपति" को आसनमा रहेको थियो।[2]

पाइएका अभिलेखहरूका आधारमा वि. सं. १५४८ को अभिलेखमा उद्धवदेबलाई 'दोलखाधिपति' भनिएपछि वि. सं. १५६८ को अभिलेखले नन्ददेवलाई शासकी रूपमा मानेको छ। कान्तिपुरमा रत्न मल्लको र भक्तपुरमा भुवन मल्लको शासन चल्दा दोलखामा नन्ददेवले राज्य गरिरहेका थिए। यी तीनै जना समकालीन राजाहरू हुनुको साथै दोलखाको अस्तित्व कान्तिपुर र भक्तपुरभन्दा कम थिएन।

वि. सं. १५७७ को उजोतदेवको अभिलेख अनुसार नन्ददेव पछि दोलखामा उजोतदेवले शासन गरे। दोलखाको राजनैतिक अवस्था मजबूत पार्नुको साथसाथै सांस्कृतिक दृष्टिले पनि दोलखाको विकास गर्ने काम उजोतदेवले गरेथे।[3]

वि. सं. १५८६ मा कान्तिपुरका राजा सूर्य मल्लको मृत्यु भएपछि उनको ठाउँमा अमर (नरेन्द्रमल्ल) राजा भए। यसैताका भक्तपुरका राजा भुवन मल्लको पनि मृत्यु हुन गएकोले यिनका उत्तराधिकारी छोरा प्राण मल्ल गद्दीमा बसे। यसै बेला ललितपुरका एक जना महापात्र विष्णु सिंहले ललितपुरलाई स्वतन्त्र राज्य कायम गरेपछि भक्तपुरे राजालाई कान्तिपुर र ललितपुर स्वतन्त्र भएको कुरामा चित्त बुझेको थिएन। भक्तपुरे राजाको भित्री अभिलाषा र आफ्नो राज्यहरूमाथि आँखा गाडेको कुरा थाहा पाएका हुनाले भक्तपुरे राजामाथि ललितपुर र कान्तिपुरको राजाहरूको घनिष्ठ मेल मिलाप थिएन। एक अर्कालि अर्कामाथि मौकाहेरी दाउ छोप्ने षडयन्त्र भित्र भित्र चलिरहनुको साथ साथै केही रूपमा राम्रैसित शीतयुद्ध चलिसकेकै थियो। यही बीचमा वि. सं. १५९१ मा दोलखामा राजा गोविन्द सिंहको मृत्यु भयो। गोविन्द्र सिंहको मृत्यु पछि वि. सं.१५९१

१. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको माथि उल्लिखित किताब, पृष्ठ २०
२. मोहनप्रसाद खनालको माथि उल्लिखित किताब पृष्ठ ५–६
३. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको माथि उल्लिखित किताब, अभिलेख ५ पृष्ठ ८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा इन्द्रसिंह दोलखाका राजा भए । अरू राज्यहरूभन्दा सबै कुराले शक्तिशाली र सम्पन्न भएका र धार्मिक प्रवृत्तितिर मन लगाउने दोलखाको राजा पाएपछि उपत्यकाका राजाहरूले दोलखाको मौलिकता र स्वतन्त्रतालाई स्वीकारेर दोलखा सित मैत्री स्थापना गर्न पाइला चाल्न थाले ।

वि. सं. १५९१ देखि वि. सं. १६०५ सम्म करीब १४ वर्षसम्म दोलखाको राजा भएर इन्द्रसिंहले शासन चलाउँदा दोलखा राज्यको नाम राख्नुको साथ साथै आफ्नो ख्याति समेत बाहिर पुऱ्याए । दोलखाको राजाको रूपमा मात्र नभएर नेपालकै इतिहासमा पनि यस्तो व्यक्तिको रूपमा इन्द्रसिंह देखा परेका छन् जसले आफ्नै मौलिक परम्परा र स्वतन्त्रताको परिचय देखाएर नेपालको अगाडि उभिएका छन् । दोलखामा सबैभन्दा पहिले चाँदीको मोहरमा आफ्नो नामको टक छापी प्रचलनमा ल्याउने राजा यिनी नै हुन् र यिनको नक्कल गरी पछि महेन्द्र मल्लले कान्तिपुरमा टक छापी प्रचलनमा ल्याएका हुन् भन्ने कुराको पुष्टि दिंदै मोहनप्रसाद खनालले इ. श. बाबुराम आचार्यको तर्क "इन्द्रसिंहको मृत्यु भएको केही वर्षपछि मात्र राजा भएका महेन्द्र मल्ल (वि. सं. १६१२ सम्म कान्तिपुरमा नरेन्द्र मल्लनै राजा भएको देखिन्छ–पूर्णिमा अङ्क ३, पृष्ठ ३४) को टकको नक्कल गरी दोलखाका राजा इन्द्रसिंहले टक चलाई 'जय इन्द्रसिंह' कहलाएर ठकुरी देव" भएका भन्ने तर्कलाई वि. सं. १६०५ ताका नै मरिसकेका इन्द्रसिंहले वि.सं. १६१२ पछि मात्र राजा भएका महेन्द्र मल्लको टकको नक्कल कसरी गर्न पुगे भनेर प्रश्न उठाउँदै बरु दोलखाका राजा इन्द्रसिंहको टकको नक्कल गरी कान्तिपुरका राजा महेन्द्र मल्लले आफ्नो नामाङ्कित मोहर छापे भन्ने कुरा प्रमाणबाट सिद्ध हुन्छ भनेर इन्द्रसिंहको टकलाई नै पहिलो मान्यता दिएका छन् । साथै धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको अनुसार इन्द्रसिंहदेवले दोलखामा आफूलाई 'राजाधिराज' भनी घोषणा गरेता पनि, आफ्नो स्वतन्त्र टक चलाएतापनि केन्द्रका मल्ल राजाहरूको दृष्टिमा इन्द्रसिंहहरू 'भारो' (भारदार) मात्र थिए ।

वि. सं. १६०५ मा कान्तिपुरका राजा नरेन्द्र मल्ल, भक्तपुरका राजा प्राण मल्ल, ललितपुरका राजा विष्णुसिंह, दोलखाका राजा इन्द्रसिंह र फरपिङका विक्रमाबुक्त आदि भएर "एकानिसत्रु एकानिमित्र" सन्धि गरे। सो सन्धिपत्रमा प्रायः यिनै राज्यहरूका प्रमुख व्यक्तिहरूलाई साक्षी राखिएको र यो सन्धिपत्रको अवधि नौ वर्षको राखिएको थियो । (मे. ने. भाग ३–पृष्ठ १०८–१११) यसरी गरिएको सन्धिपत्रमा दोलखातर्फबाट इन्द्रसिंह, नारायणसिंह तथा रामसिंह साक्षीको रूपमा बसेका पाइन्छन् । वि. सं. १६०५ माघ महिनामा इन्द्रसिंहको मृत्यु भएपछि दोलखाको राज गद्दीमा नारायणसिंह बसे । दोलखाको राजा भएपछि वि. सं. १६१३ सम्म जयनारायणले एकलौटी शासन चलाई आइरहेकोमा वि. सं. १६२६ को शिलालेखबाट बीचमा जितादेव, राटोदेव, जयनारायण र वासुदेव आदि चार जना शासकहरूबाट संयुक्त रूपले शासन चले तापनि मुख्य राजाको रूपमा जितादेव र राजोचित विशेषण भने जयनारायणमा लगाइएको थियो । तर वि. सं. १६४० मा जयनारायणले फेरी एकलौटी शासन हातमा लिई शक्ति सम्पन्न राजाको रूपमा देखा परे । वि. सं. १६४२ मा दोलखाको राजा भएर भीष्मदेव रहे ।

दोलखाका प्रसिद्ध राजा इन्द्रसिंहले उपत्यकाका राजाहरूसित सन्धि गरेर एकातिर मित्रता कायम गरेका थिए भने अर्कोतिर जयनारायणको पालामा कान्तिपुरबाट बज्राचार्यहरू झिकाएर बौद्ध चैत्य निर्णाण गर्न सघाउ समेत पुगेको थियो । दोलखा तथा उपत्यकाका राजाहरूका बीच राम्रो सम्बन्ध भए तापनि कान्तिपुरका गजा शिवसिंहले वि. सं. १६५५ तिर ललितपुरमा आक्रमण गरी त्यहाँका राजा पुरन्दरसिंहलाई परास्त गरी ललितपुरमा आफ्नो अधिकार जमाए । यसै गरी स्वतन्त्र भएर रहेको दोलखामा पनि वि. सं. १६५५ मै आक्रमण गरी राजा भीष्मदेवलाई परास्त गरी दोलखा ठकुराईमा आफ्नो अधीन जमाए । वि. सं. १६६५ सम्म स्वतन्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएर आफनो अस्तित्व राखेर बसेको दोलखाको पतन भीष्मदेवको साथ साथै हुन गयो। दोलखामाथि अधिकार जमाउँदा यही मौकामा शिवसिंहले भक्तपुर राज्यका पूर्वी भागहरूमा पर्ने भवकोट, पलान्चोक आदि र तिमाल-देखि लिएर पूर्वमा दूधकोशीसम्मका अनेक भू–भागहरू कान्तिपुर राज्यमा मिलाएर कान्तिपुरका पहिला राजा रत्न मल्लले शासन गरेको राज्यभन्दा तीन दोब्बर हुन गयो।[1]

बालक छोरा भास्कर मल्ललाई साथमा लिई भुवन लक्ष्मीले मन्त्रीहरूका सल्लाह अनुसार करीब सात वर्षसम्म राज्य चलाइन्। कान्तिपुरको अधिनमा रहेको दोलखामा राजकुलकै एउटा ठाकुर पठाई प्रशासन चलाइने गरिएको थियो। तर दोलखामा अन्तिम ठाकुर महिन्द्र सिंहले दोलखालाई कान्तिपुरको प्रशासनबाट स्वतन्त्र पार्दा भक्तपुरको राजा भूपतीन्द्र मल्लले समेत महिन्द्र सिंहको पक्ष लिए। यसरी आफ्नो अधीनमा रहेको दोलखा एकातिर स्वतन्त्र हुनु र अर्कोतिर भक्तपुरको राजा मिल्न गएबाट यिनीहरूलाई दबाउन भुवनलक्ष्मीले वंशीधर माश्केलाई चौतारा गराइन्। यस बेला कान्तिपुरमा व्यक्तित्व भएका र षडयन्त्रमा पोख्त भएका झगल ठकुल थिए। यिनी प्रताप मल्लका मठ्याहा छोराको सन्तान हुन्। भुवनलक्ष्मीलाई दबाएर दुई महीना पनि नपुग्दै वंशीधरलाई पदच्युत गराएर वि. सं. १७७० मा झगल ठकुल चौतारा बने।

झगल ठकुलले गुप्त सन्देश पठाएर दोलखाली महिन्द्र सिंहलाई कान्तिपुरमा बोलाएर स्वागत सत्कार गरिराखे। कान्तिपुरमा रहेका जगज्जय ठाकुर पनि झगल ठकुलका मित्र थिए। भास्कर मल्ललाई पदच्युत गरी जगज्जय ठाकुरलाई उत्तराधिकारी बनाएर महिन्द्र सिंहलाई कान्तिपुरको मुकुट पहिराई यिनका शेषपछि दोलखाको ठकुराई कान्तिपुरका ठकुराईमा मज्जन गराउने योजना झगल ठकुलले तयार पारी समयको प्रतीक्षा गरिरहेका थिए। यसै बीच ललितपुरका राजा महिन्द्र मल्लको मृत्युपछि यिनका उत्तराधिकारी कुनै नहुँदा भाष्कर मल्ललाई ललितपुरको राजा थाप्न खोज्दा भाष्कर मल्ल र भूवन लक्ष्मीलाई झगल ठकुलले कैद गरी जगज्जय ठाकुरलाई उत्तराधिकारी बनाउने शर्त मञ्जूर गराएर महिन्द्र सिंहलाई वि. सं. १७७२ मा कान्तिपुर राज्यको मुकुट लगाइदिए।

बाबुराम आचार्यको भनाइअनुसार कान्तिपुरका राजा शिवसिंहले ललितपुर लिएर त्यहाँ आफ्ना छोरा हरिहर सिंहलाई राखे झैं दोलखाका ठकुराईलाई पनि लिएर त्यहाँ आफ्ना भाइ रणजित सिंहलाई प्रतिनिधि गराई पठाएका र यिनैका छोरा इन्द्रसिंह थिए। शिव सिंहले यस तरहसँग दोलखाका ठकुराईमा आधिपत्य जमाए तापनि इन्द्र सिंहका वंशमा ठकुराई चलिरहन दिए। त्यसैले महिन्द्र सिंह यसै वंशमा पैदा भएका देखिन्छन्। तर महिन्द्र सिंहले दोलखाको ठकुराईका उत्तराधिकारीहरू आफ्ना छोरा नीलनारायण मल्ललाई थामेर कान्तिपुरको मुकुट पहिरेका थिए। केही महीना पछि कान्तिपुर र ललितपुरका राजा महिन्द्र सिंहको देहान्त हुँदा पहिल्यै-देखि नै उत्तराधिकारी भएका जगज्जय मल्ल गद्दीमा बसी दोलखाको ठकुराई कान्तिपुरमा मिलाए। महिन्द्र सिंह दोलखातिर गएका समयमा जगज्जय मल्ल पनि साथमा गएर नीलनारायण मल्लका अनुपस्थितिमा त्यहाँको जमीन एक ब्राह्मणलाई बिक्री गराएको हुनाले महिन्द्र सिंहको देहान्त पछि दोलखाको ठकुराईमा कान्तिपुरको भोग भइसकेको भनी जगज्जय मल्लले नीलनारायण मल्ललाई झुक्याएको हुनाले रणजित मल्लले यस कार्यलाई स्वीकार गरेका थिएनन् र भविष्यका निम्ति कलहको बीजारोपण भएको थियो। ललितपुरमा योगमतीले राजदरबारमा रहेका कुनै राजकुमारीका नातेदार विष्णु मल्ललाई उत्तराधिकारी बनाएर योगप्रकाश मल्ललाई राजा थापिन्। यस उत्सवमा भक्तपुरका राजा रणजित मल्ल पनि शामेल थिए।

---

१. मोहनप्रसाद खनालको माथि उल्लिखित किताबको आधार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मल्ल ठकुराईहरूमा महामारी चलिरहेको समयमा वि. सं. १७७३ मा गोरखाका राजा पृथ्वीपति शाहको देहान्त भई नरभूपाल शाहले एकातिर मुकुट पहिरेका थिए भने अर्कातिर तिनै मल्ल ठकुराईहरूमा पश्चिमतिर कुमाउसम्मबाट आएका पहाडी ब्राह्मण, क्षेत्री तथा मगरातका मगरहरूसमेत आई पाखा आवादी गरी आफ्नो खस भाषा (नेपाली भाषा) काठमाडौं उपत्यकामा फैलाउँदा मल्ल सरकारहरूले बाध्य भएर व्यावहारिक मान्यता दिनुपरेको थियो।

वाराणशीबाट गोरखा राजदरबारमा फिर्नेबित्तिकै नेपालको एकीकरण गर्ने योजनातिर पृथ्वीनारायण शाह लागे। काठमाडौं उपत्यकामा ललितपुर बाहेक भक्तपुरका परस्पर विरोधी दुई ठकुराईका राजधानीमा पुगी तिनै ठकुराईका समस्या मल्ल भूमिको निरीक्षण पृथ्वीनारायण शाहले गरिसकेका थिए। साथै तिब्बतसँगको व्यापार आफ्नो मुठीमा नपारुन्जेल कान्तिपुरको ठकुराई आफ्नो हातमा पार्न नसकिने कुरा पनि पृथ्वीनारायण शाहले बुझेका थिए किनकि यो व्यापार सामान्य तवरले नुवाकोट जिल्लामा परेको केरुङको मार्गबाट केही मात्रामा चल्दथ्यो तापनि विशेषगरेर कुतीका मार्गबाट चल्ने हुनाले कान्तिपुरका राजाहरूले सिन्धुपाल्चोक जिल्ला र दोलखा जिल्लासमेत आफ्ना ठकुराईमा सम्मिलित गराइराखेका थिए।

तिब्बतमा व्यापार गर्ने शाक्य र उदासहरूका मार्गमा बाधा हाल्न काश्मीरी मुसलमानका साथ भक्तपुर र ललितपुरका राजाको आड पाएका पुरी सम्प्रदायका सन्न्यासीहरू पनि लागे।

पृथ्वीनारायण शाहले पहिले योजना बनाउँदा नुवाकोट जिल्ला जितिए पछि कान्तिपुरकै ठकुराईमा रहेको नुवाकोटदेखि पूर्वपट्टिको सिन्धुपाल्चोक जिल्लाका साथ मिलेका काभ्रे पलाञ्चोक जिल्ला, दोलखा जिल्ला र तामाकोशीदेखि पूर्वपट्टि दूधकोशीसम्मको विस्तृत भू-भाग एकै घानमा जितेर कान्तिपुरका ठकुराईबाट तिब्बतसँगको व्यापार अलग्याई थिनीहरूलाई काठमाडौं उपत्यकाभित्र मात्र सीमित गराउने तजबीज गरेका थिए। यस कामका निमित्त सिन्धुपाल्चोक जिल्ला र काठमाडौं उपत्यकाका सीमानाका अग्ला डाँडामा बनिरहेको नालदुमगढी दखल गर्नु आवश्यक थियो। गोरखाली सैनिक दल साँगा चोकमा उत्रेको खवर जयप्रकाश मल्लको विरोधी काशीराम थापाले सुनेपछि गोरखालीले नालदुम विजय गरेमा सिन्धुपाल्चोक र दोलखा जिल्लामा उनीहरूको अधिकार भई यतिञ्जेलसम्म थापाहरूका उमराइमा रहेको सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र दोलखा गुम्ने देखेर धनको सहायता भएमा साँगाचोकमा रहेका गोरखालीलाई मारी भगाइदिन्छु भन्ने अर्जी जयप्रकाश मल्ल कहाँ पठाए।

पछि जयप्रकाश मल्लद्वारा काशीराम थापाको हत्या हुँदा थिनका भाइ परशुराम थापा मात्र होइन रणभीम थापा पनि जले। यी पलाञ्चोके थापाहरूलाई हात लिएर जयप्रकाश मल्लको कम्मर तोड्न पृथ्वीनारायण शाहले विश्वाससाथ पत्र लेखी परशुराम थापालाई नुवाकोट बोलाएका थिए। पृथ्वीनारायण शाहले परशुराम थापालाई थापाहरूका उमराइमा रहेका सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा आदि जिल्लाहरू उनीहरूकै उमराइमा थामिदिने समाचार रणजित मल्ललाई सुनाउँदा पृथ्वीनारायण शाहलाई आफ्नो भाग्यविधाता माने।

जयप्रकाश मल्ल पदच्युत भएको समाचार सुन्नेबित्तिकै पृथ्वीनारायण शाहले नालदुममा परशुराम थापालाई भेटे। यता नालदुमगढी गोरखालीको अधीनमा हुँदा जनताहरू जुर्मुराएर उठ्न लाग्दा रणजित मल्ल, परशुराम थापा र तौधिकको मुखमा बुझो लगाउन योजना बनाउन थाले। साँखु, चाँगु दुई मौजा तौधिकलाई र सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा र तामाकोशी पार दूधकोशी सम्मका मौजाहरू रणजित मल्ललाई सुम्पेर उनीहरूको विश्वास लिन सफल भए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र दोलखा जिल्लाहरूकासाथ दूधकोशीसम्मका भू-भागसमेत भक्तपुरका राजा रणजित मल्लको हातमा आएको हुनाले जमीनको मालपोत आदिबाट भक्तपुर ठकुराईको श्रीवृद्धि हुँदै गयो। नुवाकोट, काभ्रेपलाञ्चोक सिन्धुपाल्चोक र दोलखादेखि दूधकोशीसम्मको भू-भागसमेत गुमेर काठमाडौं उपत्यकाभित्र बचेका उर्वरा भूमिलाई लिई तौढिक कान्तिपुर ठकुराईमा हर्ता कर्ता बनिरहे।

यतिमै चुप लागेर बस्नेखालका पृथ्वीनारायण शाह थिएनन्। लामीडाँडामाथि आफ्नो अधिकार जमाउनु पर्ने आवश्यक भएता पनि नुवाकोट, सिन्धुपाल्चोक र दोलखा जिल्लाहरूमा अधिकार नभएसम्म लामी-डाँडा जिल्लामा अधिकार नगर्ने योजना पृथ्वीनारायण शाहले बनाए।

विशेषगरेर दोलखा जिल्लामा रहेको ठोसेको फलाम खानी आफ्नो दखलमा ल्याउनको निमित्त दूधकोशीसम्म नै पृथ्वीनारायणले आफ्नो मुठीमा राख्नु पर्ने भएको थियो। पृथ्वीनारायण शाहले तुलाराम पाण्डे र कहरसिंह बस्न्यातका हातमा दोलखाली देशवार प्रधानहरूलाई "नालदूम पूर्व मेरो अम्वल भयो। तिमी प्रजापात्र हौ मेरो हजुर्मा आओ। तिम्रा जिउ धनको म रक्षा गरुँला" भनेर पत्र पठाएपछि दोलखालीहरू गोरखा राज्यमा मिल्न मञ्जूर भएकाले दूधकोशीसम्मको भू-भाग गोरखा राज्यमा सम्मिलित भयो। वि.सं. १८०३ सम्ममा नुवाकोट, सिन्धुपाल्चोक र दोलखा पृथ्वीनारायण शाहको अधिकार क्षेत्रभित्र परिसकेको थियो।[1]

तीन दिनसम्म लडाइँ चलेपछि आखिर वि. सं. १८२६ मा पृथ्वीनारायण शाहसित जय प्रकाश मल्ल, तेजनरसिंह मल्ल र रणजितसिंह मल्लले आत्म समर्पण गरेपछि काठमाडौं उपत्यका पृथ्वीनारायण शाहको अधीनमा रहन पुग्यो।

१. बाबुराम आचार्यको माथि उल्लिखित किताब, –भाग १ र २ मा आधारित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

चरिकोट

चरिकोट दोलखा जिल्लाको सदरमुकाम हो । यसैको नामबाट कहिले काहीं दोलखा जिल्लालाई चरिकोट जिल्ला भन्ने चलन पनि छ । यहां भग्नावशेष मात्र रहेको एउटा बौद्ध गुम्बा छ । किम्वदन्ति अनुसार उहिले एउटा ठूलो लामा त्यस गुफाभित्र पसेर कैयौं वर्षसम्म त्यहीं जिन्दगी बिताउँदा त्यस लामाको दाह्री जुङ्ग बढेर यति लामो भयो कि उसको दाह्रीको गुजुल्टोमा चरीले गुँड बनाउन पुगिछ । यही रीतले उसको दाह्रीमा गुँड लगाउँदै गए पछि गुफामा बसेको र दाह्रीमा चरीले गुँड लाएको लामाको सम्झना स्वरूप यस ठाउँलाई चरिकोटको नाम दिंदै गुम्बालाई चरिकोट गुम्बा भनिएको हो ।

करीब १,८३० मिटर अर्थात् ६,००० फीटको उचाइमा रहेको चरिकोट डाँडालाई रोलवालिङ हिमाल, गौरिशङ्कर हिमाल लगायत अन्य हिमाली चुचुराहरूमध्ये चोभा भमारे, नुम्वुर आदि उच्च पर्वतहरूले हिउँका सेता थुप्राहरू अघिसारेर दृष्टिपात गरेर सधैं स्वागतमा तल्लीन भएको देखिन्छ । उत्तरपट्टिको सुनखानीको ठण्डी, दक्षिणपट्टिको ठिक्कको हावापानी भएको किराती छाप, जिलुको गरम तापलाई पूर्वपट्टि पारेर, मकैबारी र चोथाङको साधारण हावापानीलाई पश्चिम फर्काएर रहेता पनि साधारणतया मंसीरदेखि फागुनसम्म ठण्डी नै हुन्छ । कहिलेकाहीं त हिउँ नै पर्छ । गरम भने यहाँ छैन । देउराली डाँडाबाट ओरालो ओरालोमा परेको चरिकोटमा एउटा टुँडिखेल छ— १२।१५ रोपनीको । मकै, कोदोको खेती, ओखर, मलहौ, चुत्रो आदि फलफूल पाइने चरिकोट डाँडाबाट डेढ मिल उत्तर-पूर्वको करीब ३०५ मिटर अर्थात् १,००० फीट होचो पाखोमा रहेको दोलखा बजार राम्रोसित देखिन्छ ।

चरिकोट समुद्र सतहदेखि २,१०४ मिटर अर्थात् ६,९०० फीट अग्लाइमा रहेको छ । बजारमा धेरै घरहरू छैनन् । दोलखामा प्रशासकीय केन्द्र राख्न दोलखालीले नमान्दा यही चरिकोटमा राणाकालदेखि न अड्डा अदालतहरू भए । सदरमुकाम चरिकोटमा प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला पञ्चायत कार्यालय, जिल्ला प्रहरी थाना, माल कार्यालय, जिल्ला अदालत, कारागार कार्यालय, सरकारी वकीलको कार्यालय, भूमिसुधार कार्यालय, छोटी हुलाक, पशु-चिकित्सालय, शिक्षा शाखा, कृषि विकास बैंक, आकाशवाणी, स्याटेलाइट, परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाको उप-शाखाहरू छन् ।

दोलखा बजार

यो एक प्राचीन, ऐतिहासिक र धार्मिक स्थल हो । पौराणिक युगमा यही ठाउँमा पांच पाण्डवहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुप्त बास बसेका थिए भन्ने किम्वदन्ति छ। यस बजारमा अघि अघिका राजा र मन्त्रीहरूको दरबारको भग्नावशेष छन्। रानीको दरबार चाहिं अझै जस्ताको तस्तै अवस्थामा छ। यहाँ भीमेश्वर र त्रिपुरा सुन्दरीका मन्दिरका सायसाथै श्री बाल कुमारी हरसिद्धि, भैरवनाथ र कुमारीहरूका प्राचीन देवालयहरू पनि छन्। बजारभित्र चैत्य स्वयम्भूको स्तुप पनि छ।

दोलखा बजार समुद्र सतहबाट करीब १,८३० मिटर अर्थात् ६,००० फीटको उचाइमा रहेको छ। दोलखा शहरबासीहरू नेवार भए तापनि नेवारी भाषासँग यिनीहरूको भाषा एकदमै फरक भेटिन्छ। किम्वदन्ति अनुसार भाषाबाटशत्रुले भेद पाई आक्रमण गर्न नसकुन् भन्ने हेतुले गोप्य भाषाको रूपमा दोलखे भाषाको उत्पत्ति भएको भन्ने एक थरीको भनाइ छ भने अर्कोतिर पाण्डवहरूले गुप्तबास गर्दा प्रयोग गरिएको यो गोप्य भाषा नै दोलखे भाषा हो भन्दछन्। यस बजारमा बाला चतुर्दशी, रामनवमी, चैत्राष्टमी, बडादशैं, भीमा एकादशी आदिमा मेला लाग्दछ। पहिले पहिले प्रत्येक शनिबार हाट लाग्ने गर्दथ्यो। साधारणतः ढुङ्गाको गाह्रो बनाई खर, छ्वाली, काठ वा परालले घरहरू छाइएका हुन्छन्। अघि मुख्य चोक शिम्भुनाथदेखि पश्चिमतर्फ डोक्छे टोलमा एउटा ठूलो घर थियो जसमा ५२ परिवारहरू बसोबास गर्दथे। यसलाई ५२ चूले घर भन्ने चलन छ। धेरैजसो मानिसहरू कृषक छन् तापनि केही व्यक्ति लघुस्तरको घरेलु उद्योगमा, केही व्यापारमा र केही नोकरीमा लागेका छन्। घरेलु उद्योग तथा ग्रामीण विकास कार्यालय, परिवार नियोजन कार्यालय, सहकारी हुलाकको साथै एउटा माध्यमिक विद्यालयको अतिरिक्त प्राथमिक विद्यालय समेत यस दोलखा बजारमा रहेका छन्।

दोलखा बजारबाट सदरमुकाम चरिकोट एक कोश जति मात्र छ।

जिरी

दोलखा जिल्लामा रहेको जिरी काठमाडौंदेखि १०४ किलोमिटर उत्तर पूर्वमा पर्दछ। सदरमुकाम चरिकोटबाट केवल आठ कोस पर पर्ने जिरीमा "जिरी बहुमुखी विकास योजना" को कार्यालय छ।

जिरी इलाकातिर विकासको ध्यान गएको २०१२ सालतिर हो। ठोडुङमा चीज उत्पादन कार्यले बिस्तारै प्रत्येक वर्ष विभिन्न योजनाहरू सञ्चालन हुँदै गए। वि.सं.२०१८मा जिरी बहुमुखी विकास योजना र जिरी कृषि केन्द्रका दुई प्रमुख कार्यालयहरू स्थापना भए। जिरी बहुमुखी विकास योजना अन्तर्गत छ शाखाहरू पर्दछन:— (१) वन (२) अस्पातल (३) शिक्षा (४) गृह विज्ञान (५) सिभिल इन्जिनीयर (६) प्रशिक्षण केन्द्र। जिरी कृषि केन्द्र अन्तर्गत (१) लाइभस्टक (२) एग्रोनोमी (३) पशु चिकित्सालय छन्। जिरी बहुमुखी विकास योजना र जिरी कृषि केन्द्रको मुख्य उद्देश्य जनताहरूलाई आफ्नो खुट्टामा उभिन सक्ने किसिमको कार्यक्रम तर्जुमा गरी स्थानीय श्रम र स्रोतको बढी से बढी मात्रामा परिचालन गरी आपसी सहयोगबाट काम गरेमा विकास कार्यक्रमलाई द्रुतगति दिन सकिन्छ भन्ने भावनाको जागृत गराउने, नयाँ तरीकाहरूको प्रदर्शन गरी पहाडी क्षेत्रका विकास कार्यहरू सञ्चालन गर्नको निम्ति एउटा नमूनालायक ग्रामीण पुनरुत्थान केन्द्र बनाउने हो।

शुरूमा जुन उद्देश्य र लक्ष्य अनुसार योजना स्थापना भएको थियो त्यही अनुसार एकैनासले सबै क्षेत्रमा प्रगति हुन सकेको छैन। जिरी बहुमुखी विकास योजना अन्तर्गत छ शाखाहरूमध्ये अस्पताल, शिक्षा र प्रशिक्षण केन्द्रमाथि बढी ध्यान दिइएको छ।

बहुमुखी विकास योजना अन्तर्गत जिरीमा एउटा अस्पताल छ। अधिराज्यभरीमा काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिर यस्तो किसिमको अस्पताल बिरलै पाइन्छ होला । २५ शय्याको उक्त अस्पतालमा पाँच शय्या टी. बी. (क्षय रोग) रोगीहरूको लागि छुट्याइएका छन् ।

जिरीमा एउटा शाखा हुलाक छ। जिरी प्रशिक्षण केन्द्र भवन अगाडि जमीनमा प्रत्येक शनिबार हाट लाग्दछ। टाढा टाढाका मानिसहरू समेत आई हर प्रकारका चीज बीजहरू बेच बिखन गरी हप्तादिनको लागि सामानहरू किन्दछन्। यो हाटबाहेक यहाँ अरू दिन पसल केही भेटिदैन। जिरीको हाट भनेपछि ज्यादै प्रसिद्ध छ। अधिकांश जिरेल जातका मानिसहरू यस जिरी उपत्यका भित्र बसेका हुनाले यहाँ जिरेलहरूको संख्या नै बढी छ।

लामा बगर

जिल्लाको सदरमुकामबाट करीब १६ कोस उत्तर गौरीशङ्कर पर्वतको फेदीमा लामा बगर छ। यो स्थान भोटेकोशीको तीरमा लगभग २,७४४ मिटर अर्थात् ९,००० फीटको उचाइमा चीनको तिब्बत सीमा नजीक रहेको छ । यस स्थानमा कोशी बगर साँघुरिएर लामो एउटा बगर भएबाट उक्त ठाउँको नाम लामा बगर रहन गएको हो । सदरमुकामबाट यस ठाउँमा पुग्न करीब चार कोस जतिको बाटो अत्यन्त विकट रूपमा रहेको छ । कोशीको किनारै किनार भएर जाने बाटोको ठाउँ ठाउँमा बाटो छिनेको र काठ कपेर बनाइएको खुड्किला (लिस्नु) उक्लेर जानु पर्छ । १००।१५० फीट तल कोशी तीव्र गतिले बगिरहने हुनाले उक्त लिस्नु उक्लिदा ओर्लदा कहाली लागेर आउँछ। लामा बगर पुग्ने स्थानमा लगभग ६० मिटर अर्थात् २०० फीटबाट झरेको कोशीको दृश्य अत्यन्त रमणीय देखिन्छ। लामा बगरमा भोटेकोशी करीब आधा माइल भूमिगत भएर बग्छ । जमिन भित्र पानी पस्ने ठाउँमा ठूलो टाँड परेको र नदीले विचित्र प्रकारले ढुङ्गा काटेको हेर्दा महान कलाकारले विभिन्न स्वरूप बनाए जस्तो देखिन्छ। गर्मीमा गरम भएको अनुभव हुँदैन तर जाडोमा ज्यादै नै जाडो हुन्छ। शेर्पा जातिका मानिसहरूको यहाँ बसोबास छ। यहाँको माथिल्लो गाउँमा कन्यू भन्ने एक गुम्बा छ। पुस महीनामा दुई दिन "तोक्या" उत्सव लामा नाचहरूसहित मनाइन्छ । यहाँका गुम्बाहरूमा प्राचीन मूर्तिहरू प्रशस्त छन् । लामा बगरमा तल्लो र माथिल्लो गाउँ दुवै ठाउँ गरेर करीब ६० घरहरू छन्। २६ वटा घर त शरणार्थीहरूको छ। प्रहरी चेकपोष्ट, शाखा हुलाक र भन्सार अड्डा तल्लो गाउँमा छन्। तल्लो गाउँबाट माथिल्लो गाउँ जान करीब आधा मिल बाटो हिड्नु पर्छ। माथिल्लो गाउँ तल्लो गाउँभन्दा निकै ठूलो छ। लामा बगरको तल्लो गाउँमा एक प्राथमिक विद्यालय छ ।

भीमेश्वर (दोलखा भीमसेन)

दोलखा बजारको पूर्वी दिशाको सबैभन्दा माथिल्लो भागमा आधा खप्पर नभएको भीमेश्वर छन्। यिनको प्रसिद्धि नेपालका अरू भागमा फैलिए तापनि विशेषरूपले दोलखाबासीहरू भीमेश्वरलाई दोलखाधिपति नै मान्दछन्। भीमेश्वरको उत्पत्ति र अन्य कुराको किम्वदन्तिहरू प्रशस्त छन्। एक किम्वदन्ति अनुसार–उहिले १२ जना ढाँक्रेहरू भीमेश्वर रहेको ठाउँमा बास बस्न पुगेछन्। ढिंडो पकाउनको लागि चूलो बनाउँदा सबैले तीनवटा ढुङ्गा ल्याएछन् तर एउटा ढाँक्रेले दुइवटा मात्र ल्याएर एउटा चाँहि भीमेश्वरलाई ढुङ्गा बनाएछ। ढिंडो पकाउन लाग्दा सबैतिर पाक्दो रहेछ तर गाडिएको पट्टि चाँहि काँचै रहँदा यसो अर्कोतिर सार्दा फेरि काँचाको काँचै हुँदा रीसले चूर भएको ढाँक्रेले गाडेको ढुङ्गामा बेसरी पन्यौले हानेछ। पन्यौको धारको चोट पर्दा ढुङ्गाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दाहिने भागको एक टुक्रा फुटेछ र फुटेको भागबाट रगत र दूध बग्न थाल्यो। ढाँक्रेले यो दृश्य देखेपछि भगवान् सम्झी सबै साथीहरूलाई डाकेछ। हुन पनि मूर्तिको दायाँ भागमा एक चोक्टा भाग नभएकोले अझ विश्वास सबैलाई दिलाएको छ। यस्तो किसिमको उपद्र गरेपछि अवश्य पनि आपत्ति आइपर्ला भन्ने ठानेर प्रायश्चितको लागि बाह्रै जवान ढाँक्रेहरू मिलेर बडादशैंको अष्टमीको दिनमा बाह्रवटा बोकाले कालरात्रि गर्ने भाकल गरे। यसअनुसार हालसम्म पनि चाँगु विगु भन्ने स्थानबाट महाअष्टमीको दिन १२ बोकाहरू ल्याएर कालरात्रि पूजा गर्ने चलन छ। जबसम्म त्यहाँ पूजा हुँदैन तबसम्म त्यस भेकका जनताहरूको अष्टमी पूजा चल्दैन।

छाना नभएको एकतले खुला मन्दिरमा शिव लिङ्ग आकारको मूर्ति मात्र छ। भीमेश्वर रहेको स्थानको मुनितिर कुण्ड छ भन्ने भनाइ सुनिन्छ। भीमसेनको मूर्तिको दाँया बायाँ आमा र स्वास्नीको मूर्ति छ। भीमेश्वरको मूर्तिबाट पसिनाको धारा बगेमा खतराको सङ्केत गर्छ भन्ने विश्वास सबैमा छ। पूजाआजा चलाउन प्रशस्त गुठी छ। हातैले छोडाएको चामलले भीमेश्वरको पूजा गर्नुपर्छ। भीमा एकादशीमा लाख बत्ती बालिन्छ। भीमेश्वरले विभिन्न समयमा विभिन्न रूपलिएर कहिले महादेव बन्छन् त कहिले भगवती र भीमसेन। मूर्तिको पछाडि ठूलो काठको खम्बा गाडिएको छ जसलाई 'चूलका पसी' भनिन्छ। भीमेश्वरले अवतार फेर्दा उडेर गएको रूप त्यही चूलका पसीको टुप्पामा बसी हेरिरहन्छन् भन्ने जनश्रुति छ।

कालिञ्चोक माई

सुस्पा गाउँ पञ्चायत अन्तर्गत पर्ने कालिञ्चोक माई नेपालका प्रख्यात तीर्थ स्थलहरूमध्ये एक मानिन्छ। कालिञ्चोक माई दोलखा बजारदेखि करीब तीन कोश (छ माइल) टाढा ३,८४२ मिटर अर्थात् १२,६०२ फीट अग्लाइमा रहेको छ। करीब पच्चीस गज जति चौडाइ र ६९ मिटर जति लम्बाइ भएको यस टाकुरामा यौटा कुण्ड तथा शिवजी, गणेश र सरस्वतीको मूर्तिहरू भएको यस कुण्डलाई नै कालिञ्चोक भगवती भनिन्छ। भगवतीको कुनै मूर्ति छैन केवल त्रिशूल र घण्टाहरूको थुप्रो मात्र छ। यस कुण्डको पवित्र जल छ माइल टाढा दोलखा शहरस्थित भीमेश्वरको स्थानमा आउँछ भन्ने विश्वास बूढा पाकाहरूमा छ।

अत्यन्त मनोहर स्थानमा रहेको यस टाकुरामा पुग्न विभिन्न घना जङ्गलहरूलाई पार गर्दै गोरेटै गोरेटो लाग्नु पर्छ। उत्तरतिरका अग्लिएर रहेका चुलीहरूले सौन्दर्य बढाएका छन् भने टाकुराबाट तल हेर्दा त डरलाग्दो भीरले आङ जिरिङ भएर आउँछ।

यस टाकुरामा पुग्नुभन्दा अघि विभिन्न खोल्सा, तलाउ आदि पार गरेपछि बीच बाटोमा एउटा ठूलो ढुङ्गाको च्यापाबाट छिर्नु पर्दछ। यसलाई "धर्म ढोका" भनिन्छ। यस ढोकाबाट केवल धर्मात्मा मानिस मात्र छिर्न सक्दछ भन्ने विश्वास छ।

देव देवताको पुण्य भूमि यस टाकुरामा पूर्वतर्फ र पश्चिमतर्फ दुवै बाटोबाट पुगिन्छ। पूर्वतर्फबाट जाँदा १५५ खुड्किलो उक्लिनु पर्छ। यस खुड्किलाबाट पापीहरू उक्लिन नसक्ने विश्वास भएकोले नागबेली आकारबाट डरलाग्दो भीरमा बनेको यस खुड्किलो लाई "पापीटारा" भन्ने नाम राखिएको हो। पश्चिमतर्फको बाटोमा भने करीब तीन गज चौडाइ र छ गज जति लम्बाइको २२ खुड्किले फलामे भऱ्याङ छ। साहसपूर्वक बनाइएको यस भऱ्याङले एक टाकुराबाट अर्को टाकुरा जोड्दछ। दुई टाकुराका बीच ज्यादै नै गहिरो छ। यसको तल कुखुरा बासेको प्रतिध्वनि सुनिन्छ र बत्ती बलेको देखिन्छ भन्ने जनश्रुति ज्यादै नै प्रचलित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालिञ्चोक भगवतीको रूपमा रहेको कुण्ड बारेमा विभिन्न किम्वदन्तिमध्ये एउटा यस्तो छ– सत्य युगमा दोलखामा राक्षसहरूले ज्यादै नै दुखः दिएको देख्दा त्यस दुःखबाट मुक्ति दिलाउन कालिञ्चोकमा भगवती प्रकट भइछन्। भगवतीले राक्षसहरूलाई नाश गरिदिएपछि देवगणहरूले भगवतीलाई निम्ता गरी दोलखामा ल्याई खुशीयाली मनाएछन्। त्यसैको प्रतिकको रूपमा प्रत्येक वर्ष बाला चतुर्दशीको दिन कालिञ्चोक भगवतीको "किकिर्पा" खट राखेर बाजाको साथ कालिञ्चोकको मन्दिरमा जान्छन् र किकिर्पालाई बक्साएर फर्काइन्छ। पूर्णेको दिन डापा खलक (बाजाबजाउने) सहित सिन्दूरे यात्रा गरी भित्राइन्छ। त्यसपछि नारायण स्थानमा यज्ञ प्रारम्भ हुन्छ। यज्ञ कुण्डमा डकाकु डाकस (ठूलो लाखे) ले कुल्चेपछि पुखुसी (पोखरी) मा एक जनालाई पौडी खेलाइन्छ। तीनपल्ट वारपार गरेपछि उसलाई इनाम स्वरूप राँगोको टाउको आधा दिनु पर्छ।

कालिञ्चोक कुण्डबाट चार धारा भएर निस्किदा उत्तरतिर झरेकोलाई तामाकोशी, पश्चिम भागबाट झरेकोलाई सुनकोशी, पूर्व भागबाट झरेकोलाई सुन्द्रावती र भगवतीको कुण्डबाट झर्ने पानी जुन हो त्यसलाई चरणावती भनिन्छ। उत्तर वाहिनी भएर संगम भएकी हुनाले यस संगममा सिद्धहरूले बास गरेका छन्। प्रकृति स्वयंले आफ्नो प्रिय उपासकहरूको लागि टाकुराको फेदीमा यौटा ठूलो ओडार बनाइ दिएकी छिन् जसलाई तीन तले पोक भनिन्छ। त्यसैको वगलमा रहेको टुमाचेबाट काठमाडौं राम्रो देखिन्छ।

देउलिङ्गेश्वर महादेव

यो मन्दिर गोंगर गाउँ पञ्चायत अन्तर्गत पर्दछ। गाई, भैंसी र भेडा, बाख्रा हराएमा देउलिङ्गेश्वर महादेवको दर्शन गर्नाले भेट्टाइन्छ भन्ने विश्वास स्थानीय निवासीहरूले लिएका छन्। छोरा छोरी नहुनेले यस मन्दिरमा आई दर्शन गरे छोरा छोरी पाउँछ भन्ने जनश्रुति छ। यो मन्दिर सदरमुकामबाट करीब १२ कोस जति टाढामा छ। खरको छाना भएको एउटा मन्दिरभित्र देउलिङ्गेश्वर महादेवको लिङ्ग छ। धार्मिक विश्वास-अनुसार महादेवले सतीदेवीलाई विवाह गरी ल्याउँदा बीच बाटामा आएपछि हाम्रो घर यही हो भनी खरको सानो घर सिर्जना गरी पछि उक्त घरको भित्तामा लात्तीले हानी कैलाशको दर्शन दिएको स्थान यही हो भन्ने किम्वदन्ति छ। स्वस्थानी पूर्णेको दिनमा यहाँ ठूलो मेला लाग्छ।

जटा पोखरी

दोलखा जिल्ला र रामेछाप जिल्लाको दोसाँधको अति रमणीय र शान्त जटा पोखरी स्यामा गाउँ पञ्चायत अन्तर्गत पर्दछ। हिमालयको काखमा रहेको यो पोखरी र त्यहाँबाट देखिने अन्य प्राकृतिक सौन्दर्यले सबैको मनलाई लठ्याइदिन्छ। यस ठाउँलाई भक्तहरू साक्षात गौरीशङ्कर (महादेव) को बासस्थान हो भनेर विश्वास गर्छन्। श्रावण शुक्ल पूर्णिमाको दिन यहाँ मेला लाग्छ। यस पोखरीको छेउछाउमा पाँच पोखरी, भाले पोखरी, बौलाहा पोखरी, काल पोखरी, भूत पोखरी आदि पोखरीहरू छन्। सन्तान नहुनेले त्यहाँ गए छोराछोरी पाउछन् तर पेट बोकेको बेला त्यस ठाउँमा स्वास्नीमानिसहरूले जान हुँदैन भन्ने विश्वा सभक्तहरूमा रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ सालमा लिइएको राष्ट्रिय जनगणना अनुसार दोलखा जिल्लाको कुल जनसंख्या १,३०,०२२ मध्ये पुरुष ६३,१८० अर्थात् ४८.५ प्रतिशत र महिला ६६,८४२ अर्थात् ५१.५ प्रतिशत छन्। जनकपुर अञ्चलको कुल जनसंख्या १२,६५,७५५ को १०.३ प्रतिशत यस जिल्लामा छ। नेपाल अधिराज्यको ७५ जिल्लाको जनसंख्याको गणनामा दोलखाको स्थान पैंतालीसौंमा आइपुग्छ। जनकपुर अञ्चलको जम्मा ९,२९,१०० हेक्टर जमीनमध्ये दोलखा जिल्लाले मात्र २,०५,३०० हेक्टर जमीन ओगटेको छ। कुल जनसंख्या र कुल जमीनको हिसाबले यहाँको जन घनत्व प्रति हेक्टरमा .६३ अर्थात् प्रत्येक वर्ग किलो मिटरमा ६३ व्यक्तिको आबादी रहन्छ।

यस जिल्लाको कुल जनसंख्याको जम्मा २६,७०६ घर रिवार रहेको छ। बढीमा बीस जनासम्म सदस्य भएको परिवार पाइन्छन्। वि. सं. २०२८ को जनगणना अनुसार एकजना सदस्य भएको परिवार संख्या ९८० छ भने बीसजनाभन्दा बढी सदस्य भएको परिवार संख्या केवल ११ मात्र छ। चारजना भएको परिवार ४,४७२; पाँच जना भएको परिवार ४,६३९ र छ जना भएको परिवार ४,१०१ छन्। तर सबैभन्दा बढी परिवार संख्या भएको चाहिं पाँचजना परिवार भएकै देखिन्छ। जिल्लाको कुल जनसंख्याको हिसाब गर्दा प्रतिपरिवारमा सालाखाला पाँच व्यक्ति पर्न आउँछन्।

उमेरको बनावटको दृष्टिकोणबाट दोलखा जिल्लाको जनसंख्यालाई निम्नलिखित उमेर र लिङ्गको आधारमा विभाजित गरिएको छः—

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० – ५	१०,३३२	१६.४	११,०४८	१६.५	२१,३८०	१६.४
६ – १५	१७,४८८	२७.७	१६,०९५	२४.१	३३,५८३	२५.८
१६ र माथि	३५,३६०	५६.०	३९,६९९	५९.४	७५,०५९	५७.७

तालिकाअनुसार उमेर समूहलाई तीन समूहमा दर्शाउँदा ०–५ वर्ष जन्मेर हुर्किने अवस्था, ६–१५ वर्ष शुरूवात र विद्यालय जाने उमेर र १६ वर्षदेखि माथिको उमेरलाई परिपक्व अवस्थाको उमेर भन्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुनसुकै ठाउको जनसंख्यालाई पनि उमेरको दृष्टिबाट सक्षम र आश्रितमा विभाजन गरिने हुनाले दोलखा जिल्लाको नौ वर्ष मुनिको र ६० वर्ष माथिको उमेर समूहलाई आर्थिक दृष्टिबाट आश्रित जनसंख्या मान्दा तिनीहरूको संख्या ४३,८१८ हुन आउँछ भने १० वर्षदेखि ५९ वर्षभित्रको उमेर समूहलाई आर्थिक दृष्टिबाट सक्षम वा काम गर्न सक्ने क्षमता भएको जनशक्ति मानेको खण्डमा तिनीहरूको संख्या चाहिं ८६,२०४ अर्थात् ६६.३ प्रतिशत पुग्छ। यस हिसाबले आर्थिक दृष्टिबाट सक्षम अर्थात् काम गर्न सक्ने उमेर भएको दोलखाको व्यक्तिमाथि सरदर .५१ आश्रित व्यक्तिको बोझ परेको देखिन्छ; भनौं १०० जना मानिसको कमाइले १५१ जनाको जीविका चलाउनु पर्ने हुन्छ। यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:५१ हुन आउँछ।

अन्तर्राष्ट्रिय चलन अनुसार आर्थिक दृष्टिकोणबाट दोलखा जिल्लाको सक्षम र आश्रित जनसंख्याको अनुपात देखाउने हो भने माथि उल्लेख गरेको आधारबाट आर्थिक निर्भरतामा फरक पर्न जान्छ। अन्तर्राष्ट्रिय परिपाटी अनुसार आर्थिक दृष्टिबाट सक्षम अर्थात् काम गर्न सक्ने उमेर १५ देखि ६४ वर्षसम्म मानिएको छ। यसअनुसार दोलखा जिल्लामा पर्ने जम्मा सक्षम जनसंख्या ७३,८७२ अर्थात् ५६.८ प्रतिशत हुन्छ। १५ वर्षभन्दा मुनि र ६५ वर्षभन्दा माथिको उमेरलाई आर्थिक दृष्टिबाट आश्रित भएको उमेर समूहमा राख्दा ५६,१५० अर्थात् ४३.२ प्रतिशत हुन आउँछ। यसरी हेर्दा प्रत्येक सक्षम व्यक्तिमाथि सरद '७६ व्यक्ति अथवा उमेरको कारणले गर्दा १०० जना मानिसले ७६ जनाको थप आर्थिक बोझ बोक्नु परेको छ। तथ्याङ्कको आधारमा भन्ने हो भने आर्थिक निर्भरताको अनुपात १००:७६ हुन आउँछ।

दोलखा जिल्लाको छ वर्षदेखि माथिको कुल जनसंख्या १,०८,६४२ छ जसमा पुरुष ५२,८४५ र महिला ५५,७९४ छन्। २७,५४९ पुरुष र ३५,९५९ महिलाले विवाहित जीवन बिताइरहेका छन्। बाल विवाहको प्रथा यस जिल्लामा अझै बाँकी रहेको देखिन्छ। छ वर्षदेखि १४ वर्ष उमेर समूहभित्र पर्ने ३४५ जना केटी र छ वर्षदेखि १८ वर्षभित्रपर्ने करीब १,४३२ केटाले विवाह गरिसकेकाछन्। १५ वर्षदेखि २४ वर्षको समुदायका ३,९८६ पुरुष र ७,५६७ महिलाको संख्या हेर्दा पुरुषभन्दा विवाहित महिलाको संख्या निकै बढी छ। त्यस्तै दोलखा जिल्लामा विधुर ९८६ छन् भने विधुवाको संख्या ३,६४२ देखिन्छ।

अन्य जिल्लामा झैं दोलखा जिल्लामा पनि विभिन्न जातिहरू छरिएर बसेका छन्। ती छरिएर रहेका जातिहरू आ-आफ्नो भाषाको माध्यमद्वारा पारिवारिक जीवन बिताउनुको साथै राष्ट्र भाषा नेपालीद्वारा समान रूपमा आफ्ना अनुभूतिहरू एक अर्का जातिसित आदान-प्रदान गर्दछन्। भाषा भाषीको आधारमा दोलखा जिल्लाको जनसंख्याको विभाजन यसरी गरिएको छः–

बोलिने भाषा भाषी	बोल्नेको संख्या
नेपाली भाषा	८६,१३५
तामाङ भाषा	१९,६०१
भोटे शेर्पा भाषा	६,९४९
नेवारी भाषा	४,६३३
सुनुवार	१,६६५

साथै अन्य भाषाहरूमा जिरेल, सुरेल, थामी, मगर, गुरुङ, माझी आदिहरू पनि छन्। यी छरिएर बसेका जातिहरूको संख्या ज्यादै नै थोरै रूपमा छ। नेपाली भाषा पछि दोस्रो भाषाको रूपमा रहेको तामाङ भाषा बोल्ने जिल्लाको उत्तरी भागमा बस्ती बसाएर बसेका छन् भने सदरमुकाम र दोलखा जस्ता चल्तीका ठाउँहरूमा व्यापारिक पेशा अँगालेर नेवारहरू बसेकाले यस भेकमा नेवारी भाषाको प्राधान्यता देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न भाषा बोले झैं विभिन्न धार्मिक परम्परामा आस्था राखर आफ्नो जातीय विकास यस दोलखा जिल्लाका बासीहरूले गरेकाछन्।

वि. सं. २०२८ को जनगणनाअनुसार यस जिल्लामा सबैभन्दा धेरै हिन्दू धर्म मान्ने नै छन् त्यस पछि बौद्धमार्गीको स्थान छ।

आफ्नै जातीय परम्परा, मान्यता र सामाजिक एवं धार्मिक परिपाटीअनुसार विभिन्न किसिमका चाहाड पर्वहरू विभिन्न जातिहरूले विभिन्न किसिमबाट मान्दै आएकाछन्। यिनै सांस्कृतिक र धार्मिक परम्पराले एक अर्कालाई चिनाउने र आपसमा सद्भावना जागृत गराउने काम भइरहेको छ।

३८ वटा गाउँ पञ्चायतहरू भएका दोलखा जिल्लाको पञ्चायतको नाम र तिनका जनसंख्याहरू यसप्रकार छन्:—

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. काटाकुटी	६,२०७	२. काब्रे	३,०३१
३. खारे	२,१८०	४. खोपाचागु	२,६४७
५. गैरीमुदी	४,४२३	६. गोगटा	२,१५६
७. गोंगर	२,४५६	८. चरिकोट	३,७९०
९. चिलंखा	२,४७१	१०. च्यामा	२,४४६
११. जफे	२,६४१	१२. जिरी	३,७९९
१३. जुगु	३,१०९	१४. झुले	३,४३२
१५. झ्याकु	२,८५३	१६. ठूलोपातल	३,२२९
१७. दोलखा	३,२८२	१८. नाम्दु	३,४३१
१९. पवटी	५,७७७	२०. फस्कु	३,२१४
२१. बराङ	१,५६७	२२. बावरे	५,०४१
२३. बिगु	२,१६६	२४. बोच	४,०८३
२५. भेडपु	३,९५६	२६. मकैबारी	२,८२०
२७. माटी	२,८८४	२८. मालु	४,०९६
२९. मेलुङ	६,७१८	३०. लादुक	४,२२९
३१. लापीलाङ	४,९४५	३२. श्यामा	३,७५७
३३. सुकाठकोर	३,७९२	३४. सुनखानी	३,७९४
३५. सुरी	२,३५१	३६. सुस्पा	३,९९३
३७. हावा	१,६८७	३८. क्षेत्रपा	१,५६९

कुल जनसंख्यालाई विभिन्न पञ्चायतमा विभाजन गर्दा सबैभन्दा बढी अर्थात् ६,७१८ जनसंख्या हुने पञ्चायत मेलुङ हो र सबैभन्दा कम अर्थात् १,५६७ जनसंख्या हुने पञ्चायतमा बराङको नाम लिइन्छ। जिल्लाका सबभन्दा धेरै पञ्चायत ३,००० देखि ३,९९९ सम्म जनसंख्या भएको समूहमा पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनजीवन

विभिन्न जातिहरूको बसोबास भए तापनि प्रमुख जातिको रूपमा बाहुन, क्षेत्री, नेवार र तामाङ छन। तर यस जिल्लामा पाइने जिरेल, सुरेल र थामी जाति ज्यादै नै थोरै संख्यामा रहे तापनि जातीय दृष्टिले यी जातिहरूको जन जीवन बारे केही प्रकाश पार्नु जरूरी भएकोले यिनीहरूको बारे संक्षिप्त जानकारी दिने प्रयाश गरिएको छ।

जिरेल*

जिरेल जातिले आफूलाई जिर्पा भन्दछन्। यिनीहरू दोलखा जिल्लाको जिरी, सिक्री, काब्रे, ढुङ्ग, ओक्मा, यार्सा, झ्याखु, चेत्पु, दर्खा, भानगङ्गा, क्षेत्रङगु इत्यादि बाह्र गाउँहरूमा बसोवास गर्दछन्। यिनीहरूको करीब ७०० घर परिवार र ३,००० जति जनसंख्या छ। खासगरेर तामाकोशी र खिमतीखोला क्षेत्रको क्षेत्रपा, झ्याकु पाल्दुङ, जिरी, सिक्री र जुगु पञ्चायतहरूमा यिनीहरूको बाक्लो बस्ती भएको पाइन्छ। जिरी र सिक्रीको खोंचमा त यिनीहरूको सबभन्दा घना बस्ती छ। यो जातिको केही परिवार यस क्षेत्रभन्दा पूर्वतर्फका विभिन्न जिल्लातिर पनि बसाईं सरेका छन्। जिरेल भाषा बोल्नेहरूमा २००९–११ को जनगणना अनुसार २,७२१ र २०१८ को जन-गणना अनुसार २,७५७ व्यक्तिहरू भएको देखिन्छ।

जिरेलहरू मङ्गोली समुदायका मानिस हुन्। यिनीहरूको आफ्नै भाषा हुन्छ जुन तिब्बती र शेर्पा भाषासँग मिल्दोजुल्दो खालको छ। यिनीहरू आफूलाई सुनुवार जाति हौं भन्ने दावी गर्दछन् तापनि सुनुवारहरूले यिनीहरूलाई आफूभन्दा तल्लो जाति अथवा दश थरका हुन् भन्ने सम्झन्छन्। सुनुवारहरूसँग यिनीहरूको बिहाबारी चल्दैन र यिनीहरूको हातबाट सुनुवारहरूले भात पनि खाँदैनन्।

जिरेलहरू बौद्धमार्गी हुन्। उनीहरूको आफ्नै लामा, गुम्बा र धार्मिक एवं जातीय संस्कार हुन्छ। सुनुवारहरूको बस्ती नभएको क्षेत्रमा यिनीहरू आफूलाई सुनुवार जाति हौं भन्दछन् र शेर्पा समाजबाट अलग रहन खोज्दछन्।

करीब सात–आठ पुस्ता अघि खिमतीखोला क्षेत्रको रस्नालु गाउँका सुनुवारहरू चोरडमको लेकमा शिकार खेल्ने गर्दथे। एक दिन एक जना सुनुवार शिकार खेल्दै जाँदा जिरी ढुङ्गे गाउँकी एउटी शेर्पिनी युवतीसँग उसको सहवास भएकोले शेर्पिनीले छोरो जन्माइछ। नवजात शिशुको न्वारान हुने अन्तिम दिनसम्म प्रतीक्षा गर्दा पनि सुनुवार नआएकोले शेर्पिनी आफैंले गौंत छर्की चोखिएर छोराको नाम समेत "नैदरे" भन्ने राखिछ। त्यसै गाउँको बाटो गरी आइरहेका एक जना तिब्बती लामाले सो बच्चालाई जिरी गाउँमा लगी पाल्न थालेछन्। यिनै बच्चाका सन्तान नै जिरेल थरका नामले पुकारिएका हुन् भन्ने धेरैको भनाइ छ।

उमेर पुगेपछि नैदरेले राजाबाट जिरी क्षेत्रको सरकारी गोठको रेखदेख गर्ने अभिभारा लालमोहरद्वारा प्राप्त गर्‍यो। यो काम नैदरेको शेषपछि सोना खेवा, सोना खेवाको शेषपछि कवीरे, कवीरेको शेषपछि मनोरम, मनोरमको शेषपछि कर्णवीरको पालासम्म कायम रह्यो। कर्णवीरको छोरा हर्कको पालादेखि गोठको अभिभारा लिने काम टुट्यो।

---

*Furnier, Alain— The Jirels (Unpublished Essay)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोरा वा छोरी जन्मेमा जिरेल जातिको तीनदेखि सात दिनसम्ममा न्वारान हुन्छ । न्वारानमा लामा वा झाँक्रीद्वारा (पेम्बो वा फोम्बो) पात्रो हेरिएपछि नवजात शिशुको नामकरण गरिन्छ । छोरो जन्मिएमा भाले र छोरी जन्मिएमा पोथी कुखुरा काटिन्छ । न्वारानको दिनमा नातादार एवं इष्टमित्रहरूलाई जाँड, मासु, भात इत्यादि भोज खुवाइन्छ ।

छोरा भए सात महीना र छोरीको भए छ महीनामा पास्नी (भात खुवाउने काम) हुन्छ । यसमा लामा वा झाँक्रीको (पेम्बो वा फोम्बो) आवश्यकता पर्दैन । बालकलाई भात खुवाउनुभन्दा पहिले त्यहाँ राखिएको अलिकति भात, मासु बालकको आमाले चपाउँछे । नातादार एवं निम्तालु पाहुनापासा सबैले पालैपालोसँग बालकलाई भात खुवाई टीका लगाइदिनुका साथै दक्षिणा दिन्छन् । त्यसपछि सबैलाई भोज खुवाइन्छ र पास्नीको कर्म समाप्त हुन्छ ।

छोराको उमेर पाँचदेखि सात वर्ष पुगेपछि छेवर गरिन्छ । केटोको मामा भएसम्म मामाबाट र मामा नभएमा आमाको थरका अन्य पुरुषबाट केटोको कपाल खौरने काम भएपछि केटोलाई नुहाइ धुवाइ गरिन्छ । मामा बनी छेवर गरिदिने व्यक्तिले केटोलाई नयाँ लुगा दिनु पर्छ र टीका लगाइदिई दक्षिणा पनि दिनु पर्छ । यति गरेपछि निम्तालु सबैलाई भोज खुवाइन्छ र नाच गान पनि गरिन्छ ।

ढुङग्री, फुली इत्यादि गर-गहना लगाउनाका लागि छोरीहरूको पाँच देखि सात वर्षको उमेरमा नाक, कान, छेड्ने गरिन्छ । केटीहरू पहिलो पटक रजस्वला हुँदा सात दिनसम्म बार्ने चलन छ ।

पहिले पहिले जिरेल जातिमा सानै उमेरमा बाबु आमाद्वारा छोरा छोरीहरूको विवाह गरिदिने प्रचलन थियो तर आजकल नवयुवक र नवयुवतीहरूले आफ्ना जोडी आफै रोज्ने गरेकाले बाल-विवाह प्रथा हटेको पाइन्छ ।

लामाले पात्रो हेरेर विवाहको लगन निकालेपछि विवाह हुने दिन निश्चित हुन्छ । विवाहोत्सवमा पेम्बो वा फोम्बोको पनि आवश्यक पर्दछ । सबै किसिमको धार्मिक कार्य र विवाहको लागि शनि र सोमबार अशुभ दिन मानिन्छ ।

सक्नेले पञ्चे बाजा सहित दुलहीको घरमा जन्ती लान्छन् । जन्ती जाने नवयुवकहरू नाचगान गर्दै जाने चलन पनि छ । दुलहीको लागि लुगा फाटा गर-गहना र उसकी आमाको लागि रोटी, तोङवा पनि लैजानु-पर्छ । लगन गर्दा दुलहा दुलही दुवैतर्फका कलश साटासाट गरिन्छ र लामाले दुलहीको गलामा पोते लगाइदिन्छ । लामा र झाँक्रीले आफ्नो वेद पढेर दुलाहा र दुलहीलाई एउटै तोङवाबाट जाँड खान दिएपछि लगनको कार्य सकिन्छ । जाँड, रक्सी, भोज-भतेर आदि खाइसकेपछि डम्फु र मादलको तालमा रातभर नाचगान चल्छ ।

जिरेल जातिका तरुनीहरू विवाहोत्सव भएको घरमा निम्तो मात्र आएको बखत आफ्ना प्रेमीसँग भागेर जाने पनि गर्दछन् । केही दिन केटोको मामाको घरमा राखेर केटीलाई फर्काएपछि केटातर्फबाट विवाहको आयोजना गर्नु पर्छ । केटीको माइतीलाई शान्त्वना दिनका लागि यस्तो विवाहमा केटातर्फबाट केही उपहार दिने चलन छ ।

स्वास्नी पोइल गएमा रू. १००। देखि १,०००। सम्म जारी लिने चलन छ । पारपाचुके दिने प्रथा जिरेलहरूमा कमै पाइन्छ । पहिलो स्वास्नी मरेमा साली, भदैनी विवाहगर्ने चलन छ । विधुवा विवाह चल्छ । दाजु मरेमा देवरले भाउजू राख्ने चलन पनि छ ।

जिरेल जातिमा मृत्यु भएमा शवलाई नुहाइ धुवाइ गरी नयाँ लुगा लगाइदिइन्छ । मृतकले लगाइ-राखेको पुरानो लुगा गाड्ने वा जलाउने गरिन्छ । मृतकको दाहिने हातमा पैसा र घरको छिंडीको एक चिम्टी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माटो तथा अघेनाको एक फिलिङ्गो कोइला मुखमा राखी दिइन्छ ।

शनिबार वा सोमबार मराउ परेमा भोलिपल्ट मात्र एउटा कुखुराको चल्ला काटर लाश उठाउने काम हुन्छ। अन्य बार मृत्यु भएमा तुरुन्तै लाश उठाउने काम हुन्छ। लामाले डमरू, झाँक्रीले ढ्याङ्ग्रो बजाई अघि लागेपछि मृतकका परिवारका सदस्य र अन्य मलामीहरूको साथमा लाशलाई चिहानमा लगी गाडिन्छ। अक्सर गरेर जिरेल एवं शेर्पा लामाहरू मृतकको घरमा वा चिहानमा रातभर डमरू, ढ्याङ्ग्रो बजाई नाच्ने पनि गर्दछन्। यसबेला पेम्वो वा फोम्वोको पनि उपस्थित हुन्छ।

गरीब भएमा पाँचदेखि सात दिनसम्म आफ्ना भात भान्सा भित्रका मानिसद्वारा पकाइएको एक छाक भात खाई जूठो बारिन्छ। धनी भएमा एक महीनादेखि पैंतीस दिनसम्म सबैबाट अलग रहेर जूठो बार्ने गरिन्छ। जूठो बारेको समयमा परिवारको कुनै पनि सदस्यबाट खेतीपाती इत्यादि बाहिरिया काम गर्नु हुँदैन। लामा वा झाँक्रीद्वारा शुद्ध शान्ति गराएपछि जूठो चोखिन्छ। धनी व्यक्तिको मृत्यु भएमा ४५ दिनमा लामाद्वारा घेवा गरिन्छ। यसमा २०–३० पाथी जाँड, दुई–तीन मुरी चामल र जौ, गहुँ, कोदो, मकैमध्ये जेसुकैको भए पनि दुई मुरी पीठो जुत्ताउनु पर्छ। राँगा वा खसी काट्नु पर्छ। उपस्थित सबैलाई बिहान मासु, भात, जाँड, रक्सी र बेलुका ढिंडो खुवाउनु पर्छ। घेवाको काम सकिएपछि लामालाई नयाँ लुगा र रुपैयाँ पनि दिनु पर्छ।

विभिन्न रीति स्थिति र पर्वमा लामा तथा झाँक्रीहरूले जिरेलहरूको पुरोहित एवं पुजारीको रूपमा काम गर्दछन्। थावो थरका जिरेलले पञ्चमी पूर्णिमाको दिन १०–१२ वटा तोर्मा र कुखुरा तथा जुङ्ग चेत्नुका जिरेलले दुई–तीन पाथीको तोर्मा र कुखुराको भोग आफ्ना इष्ट देवतालाई दिने गर्दछन्। यसलाई पाथीभरा पूजा भनिन्छ। जिरेलहरूले वर्षको एक पटक धान्य पूर्णिमाको दिनमा फलफूल र जाँडले गौरा पार्वतीको पूजा गर्छन्। चैते दशैं अथवा राम नवमीमा कुखुराको फुल वा कुखुरा वा राँगो काटेर भीमसेन महाराजको पूजा गर्छन्। घरको रक्षा गर्ने (काम्वाकुल) चारमाने शिकारीलाई कुखुरा वा कुखुराको फुलले पूजा गर्छन्। चारमाने शिकारी रिसाउँछ भनेर जिरेलहरूको घरभित्र सुंगुरको मासु खाइन्न। भात खाने बेलामा पनि यो देवतालाई भात, तिहुन चढाउने चलन छ।

नयाँ बाली भित्र्याएपछि जाँडको घैंटो र विभिन्न फलफूलले सिंगारिएको टोकरीलाई रूखमुनि राखी पेम्वो वा फोम्वोद्वारा फलाक्दै वरिपरि बारी बगैंचामा जाँड चढाई न्वागी गरिन्छ। नयाँ अन्नबाट तयार भएको जाँड खान फुकाउनका लागि पेम्वो वा फोम्वोलाई घरमा बोलाउने चलन पनि छ। यसलाई "छाङ्ग छोटसिया" भनिन्छ। खोलाको देवता रिसाई बिरामी नगराओस् भन्नाका लागि कुखुरा काटेर चैत वा मंसीर महीनामा जिरेलहरू भोटे देवतालाई पूजा गर्ने गर्दछन्।

माथि उल्लेख गरिएका आफ्ना जातीय संस्कार र परम्परा बाहेक रहन सहन भेष-भूषा चाहाड-पर्व इत्यादिमा भने स्थानीय अन्य जाति र जिरेलहरूमा समानता पाइन्छ।

अन्तरजातीय विवाहको कारण र आफ्ना पुर्खाहरू उत्पति भएको ठाउँको आधारमा जिरलेहरूको थर कायम भएको हो भन्ने कुरा तल दिइएको जिरेल, शेर्पा र सुनुवारहरूमा हुने थरबाट स्पष्ट हुन्छ।

जिरेल	शेर्पा	सुनुवार
चियावा	चियावा	–
छुङ्गपते	–	चुङ्गपतित्सा
देवलिङ्ग	–	–
देप्तचा	–	देपत्सा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुरविचा	–	दुर्वित्स
गर्चिगा	गर्दजा	गर्शियाता
झपुचा	–	जेस्पुत्सा
झपुदे	–	–
क्याम्बोचा	–	क्योम्पतित्सा
मायोक्पा	–	–
नेवारे	–	–
पाल्पाली	–	–
रारेञ्ज	–	–
सेर्वा / शेर्पा	शेर्वा	–
थावो	–	–
तुम्पुजा	–	थुम्बुत्सा
तुङ्गुचा	–	तुङगुत्सा
तुर्पिचा	–	तुर्पित्सा
थुम्वा	–	–
याताचा	–	याता

जिरेलहरू खास गरी कृषि पेशामै निर्भर गर्दछन्। थिनीहरूमा साक्षर व्यक्तिहरू कमै पाइन्छन्। सम्वत् २०२१ सालदेखि जिरीमा शनिबारे हाट लागेपछि थिनीहरू घ्यू, दोपाया, चौपाया, साग-पात तथा आ-आफ्नो घरमा तयार पारिएका सामानहरू हाटमा बिक्री गर्न ल्याउँछन् र हाटबाट मरमसला, लुगा फाटा, नून, तेल इत्यादि किनेर लैजान्छन्। जिरीमा साटाद्वारा बहुउद्देश्यिय विकास योजनाको स्थापना भएपछि धेरै जिरेलहरूले सो योजना क्षेत्रमा विभिन्न किसिमका काम गर्न मौका पाएकाले तिनीहरूको आर्थिक स्थितिमा टेवा मिलेको छ। योजना क्षेत्रको स्कूल र स्वास्थ्य केन्द्रबाट जिरेलहरू निक्कै लाभान्वित भएका छन्। सो योजना स्थापना भएको कारणबाट नै थिनीहरूको बाहिरबाट जाने विभिन्न खालका मानिसहरूको सम्पर्क हुन गएकोले पनि थिनीहरू प्रकाशमा आउन थालेका हुन्। साथै पञ्चायत व्यवस्थाको प्रादुर्भाव र शिक्षाको प्रचारले गर्दा दोलखा जिल्लामा अरू जातिको तुलनामा नगण्य संख्यामा रहेका यी जिरेलहरूमा पनि चेतना बढ्दै गएको पाइन्छ।

सुरेल*

सुरेलहरू मङ्गोल समुदायका पूर्वी नेपालका बासिन्दा हुन्। यिनीहरू पूर्वी नेपाल, दोलखा जिल्ला, सुरी-तिनेखु हलेश्वर अन्तर्गत सुरी खोलाको बायाँ किनारमा अवस्थित स-साना सुरी दोभान र खहरे गाउँमा बसोबास गर्दछन्। यिनीहरूको जम्मा ३२ घर परिवार र १४६ जनसंख्या छ। सुरेलहरू आफूलाई किराती वा सुनुवार हौं भन्दछन् र सुनुवारहरूले बोल्ने पुरानो स्थानीय भाषा बोल्दछन्।

मुख्य पेशा खेती नै हो तापनि अशिक्षित, गरीबी र जमीनको अपर्याप्ताको कारणले सुरेलहरू

*Fournier, Alain— The Surels Of Suri Khola (Unpublished Essay)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विदेशमा गई नोकरी गर्ने, गाउँ-घरमा ज्याला मजूरी गर्ने, डोको, नाङ्लो, डालो, टोकरी इत्यादि बुनी बिक्री गरेर जीवन निर्वाह गर्दछन् ।

कान्छाका सन्तान हापू, काँहिलाका सन्तान लिम्बू, साँहिलाका सन्तान राई, माहिलाका सन्तान सुनुवार भए झैं सुरेलहरू जेठाका सन्तान हुन् र पूर्वी नेपालबाट पश्चिमतर्फ चौतारासम्म फिँजिदा एउटै किरातीका ती पाँच भाइ छोराको सन्तानहरू विभिन्न ठाउँमा विभिन्न जाति र भाषामा विभाजन भएर रहेका हुनाले विभिन्न पाँच जातिका नामले पुकारिएका हुन् भन्ने धेरैको भनाइ छ । यसै सन्दर्भमा सुरेल जातिको सुरी क्षेत्रमा बसोबास हुन गएको बारे निम्नकथनहरू पनि छन्:–

सुरी र खहरे खोलाको नजीक हाल सुरी कहलिएको गुरुङ्गपी गाउँमा माझीहरूको बस्ती थियो । त्यस गाउँ नजीकैको शेर्पा गाउँबाट अन्न-पात माझीहरूले अँचो–पँचो लिने गर्दथे । एकपल्ट धेरै दिनसम्म पैंचो लिएको चीज तिर्न नसकेकोले माझीका तीन बच्चाहरूलाई शेर्पाहरूले पक्रेर लगी धितोको रूपमा आफ्नो ढुङ्गे गाउँमा राखेछन् । त्यसरी शेर्पाहरूद्वारा हरण गरिएका आफ्ना बच्चाहरूलाई सकुशल फिर्ता ल्याइदिएमा आफू रहेको जग्गा-जमीन सुम्पिदिने बचन पाएपछि त्यसै भेकमा शिकार खेल्दै गइरहेका बसे र वीरवल नाम गरेका दुई सुरेलहरूले ढुङ्गे गाउँमा गएर शेर्पाको नाइके समेतलाई धनुबाणको प्रहारले मारेर माझीका तीनै बच्चाहरूलाई फिर्ता ल्याइदिएपछि माझीहरूले खुशी भएर आफ्नो प्रतिज्ञा पूरा गर्नका लागि सो क्षेत्र छोडी गएकाले सुरेलहरूको सुरीमा बसोबास हुन गएको हो भन्ने एक थरीको कथन छ ।

दर्खाबाट आई रस्नालु गाउँ नजीकै बसेको एक जना जेस्पोचा थरको छेबुं नामक व्यक्तिको एउटी तरुनी छोरी थिई । एक दिन एक जना सुरेल सुरी खोलाको तीरमा शिकार खेलिरहेको बखतमा थामी-काहेप गाउँका माझीहरूले उसलाई पक्रेर धनुबाण समेत खोसी पठाइदिए । ऊ घरतिर फर्कन लाग्दा अपरिचित व्यक्ति आफ्नो घरतर्फ आइरहेको देखेर छेबुंले त्यस शिकारी सुरेललाई चोट पटक नलाग्ने गरी दाहिने खुट्टाको बूढी-औंलानिर बाण छोडयो । तर छेबुंकी छोरीले भने शिकारी सुरेलसित मोहित भई उसैसँग विवाह गर्न बाबुसँग आग्रह गरेकोले निजको घर-जम त्यहीं भयो भन्ने अर्को थरीको कथन छ ।

माथिका दुवै कथनहरूबाट सुरेलहरू यत्रतत्र घुमफिर गरी शिकार खेल्ने, आत्म रक्षाको लागि लड्न भीड्नमा पछि नपर्ने खालका साहसी मानिसहरू थिए र सुरी क्षेत्रमा सुरेलहरूको बस्ती जमाउने नै बसे एवं वीरवल दुई सुरेलहरू थिए भन्ने बुझिन्छ । पुराना बूढा-पाकाहरूको भनाइ अनुसार सुरी क्षेत्रमा सुरेलहरूको बसोबास बढेपछि दिगर्चा, गौतत्चा, गोरोत्चा, कियोम्पतित्चा, कोनासु, लार्गली, लोङकुत्चा, परगत्चा, तोङ्गपुत्चा इत्यादि थरका सुरेलहरू थिए भन्ने सुनिन्छ । तर अन्य जातिबाट निजहरूमा शोषण बढ्दै गएकोले त्यहाँबाट तिनीहरू टिक्न नसकी अन्यत्र जान बाध्य भएका हुँदा हाल सुरी क्षेत्रमा दुर्बिचा, जेस्पोचा (दरकात्च), रोङकु, गलेरुङ वा गुरुङ र याता-जेठी गरी पाँच थरका सुरेलहरू मात्र छन् ।

सुरी क्षेत्रमा बाहुनको प्रवेश हुनु अघि (नाक्सो) पुजारी वा पुरोहितद्वारा सुरेलहरूको बच्चा पैदा हुँदा न्वारान गराइन्थ्यो तर आजकल सोह्र वा सत्र दिनमा बाहुनद्वारा न्वारान गराउने गरिन्छ । सुरेलहरूले यो नाम राख्ने दिन वा न्वारानलाई "वासिने" भन्दछन ।

दुई वर्षको उमेर पुगेपछि छोराको भए कानको लोती र छोरीको भए नाक, कान, छेड्ने चलन छ । सुरेल जातिका केटीहरू पहिलोपल्ट रजस्वला भएमा आफ्नो घरमा नबसी अन्तै बसेर बार्दछन् । सातौं दिनमा बाहुन कर्मद्वारा चोख्याइन्छ र बाबु आमाले पनि छोरी चोखाएको जनाउन कुखुरा काटी खानदिने गर्दछन् । अरू बेला आइमाई रजस्वला भएमा चार दिनसम्म बार्ने गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुरेलहरूमा फुपू-चेली, मामा-चेलामा विवाह चल्दैन । प्रायःजसो आफ्नै जातिभित्रमा बिहाबारी गर्दछन् । यिनीहरूमा चोरी बिहा र मागी-विवाह दुवै चल्छ । मागी-विवाहभन्दा चोरी-विवाह कम खर्चिलो हुन्छ । पञ्चे बाजा बजाई बाहुनको उपस्थितिमा केटाकेटीको (व्यौला व्यौलीको) अभिभावकको बीचमा उपहार साटासाट गरेर विवाह सम्बन्ध गरिन्छ । पुनर्विवाहको लागि बाहुन कर्म गराइँदैन । बाँझी आइमाई भए पोइले छोडपत्र गरिदिन सक्तछ र त्यस्ती आइमाई आफ्नो माइतीमा बस्न वा अन्तै पोइल जान पनि सक्छे । कुनै पनि विधुर वा विधुवाले आफ्ना पत्नीको वा पतिको दाजु-भाइ, दिदी-बहिनीसँग पुर्नविवाह गर्दैनन् । यिनीहरूमा प्रायजसो बहु-विवाह गर्ने चलन छैन । आफ्नो लोग्नेदेखि असन्तुष्ट हुने स्वास्नीले लोग्ने छोड्न सक्छे । यस्तो परिस्थितिमा लोग्नेले स्वास्नीलाई केही रकम र उसकी बाबु आमालाई समेत रक्सीको घैंटो दिनु पर्दछ । स्वास्नी पोइल गएमा रू. १००। देखि १,०००। सम्म जारी लिने चलन छ । यदि अविवाहित सुरेल्नी गर्भवती भई भने आफ्नो कुलको बूढीपाकी आइमाईलाई सुटुक्क जनाउ दिन्छे र बूढीले पनि गाउँमा सो बारे हल्ला फिजाई दिएपछि जसको गर्भ रहेको हो त्यही केटोले (व्यक्ति ले) विवाह गरिहाल्नु पर्दछ ।

सुरेल जातिमा मृत्यु हुनासाथ लाशलाई घरको बाहिर पींडिको दाहिनेपट्टि गुन्द्रीमा राखिन्छ । मृत्यु भएको घरभित्र तुरन्त लिपपोत गरिन्छ । मृतकलाई नुहाइ धुवाइ गरी नयाँ लुगा लगाइदिई मुखमा पैसा पनि राखिदिनु पर्छ । मृतकको आँखिभौं र जुँगा डढाउनु हुन्न । एक महीनादेखि १० वर्षसम्मका बच्चालाई गाड्ने र सोभन्दा माथि उमेरका जुनसुकै कारणले मरे तापनि जलाउनु पर्छ । गर्भवती वा सुत्केरी आइमाई मरेमा बच्चा सँगसँगै जलाइन्छ । मृतकको उमेर जति वर्षको छ त्यतिवटा नै दाउरा बाट चीता बनाई जलाउनु पर्छ ।

सुरेल जातिमा मृत्यु भएको १२ दिनसम्म जूठो बारिन्छ । जूठो बार्दा जूठो बार्ने आफैंले खाना नपकाई आफ्नो भात-भान्सा भित्रका मानिसले पकाएको खानु पर्छ । जूठो बार्दा उसिनेको वा ध्यू, नून परेको चीजबीज खान हुँदैन । तेलमा भुटेको चीज बीज भने खान हुन्छ । लोग्ने मरेमा स्वास्नीले दुवै छाक र स्वास्नी मरेमा लोग्नेले दिनको एक छाक मात्र खाएर जूठो बार्नु पर्छ । बाबु मरेमा सबैभन्दा कान्छा छोराले मृतकको भागको श्रीसम्पत्ति पाउँछ र आमा एवं अविवाहिता दिदी-बहिनी पनि पाल्नु पर्दछ ।

सुरेलहरूमा हिन्दू-धर्म र बौद्ध धर्मको छाप परे तापनि उनीहरूको जन्मेदेखि मृत्युतक आफ्नै ढङ्गको रीति स्थिति र संस्कारहरू पनि प्रशस्तै छन् । झाँक्री वा झाँक्रिनी (पोयम्बो वा गियामिनी), नाक्सो (पुजारी), पोके नाक्सो, दुमा नाक्सो इत्यादि नाम गरेका देवारी, पुजारी, पुरोहितहरूले सेतो जामा र पगरी लगाई ढ्याङ्ग्रो बजाउँदै सुरेलहरूको देवी-देवता, भूत-प्रेत, कुल-पितृलाई मनाउने, विभिन्न चाहाड-पर्वमा पूजा एवं जातीय संस्कारहरू समेत सम्पन्न गराउने गर्दछन् । यिनैले बिरामी पर्दा पनि व्यथा खुट्याउने, दशा-ग्रह हेर्ने र दरदवाई गर्ने काम पनि गर्दछन् ।

सुरेलहरूले श्री बाम्बुलाई संसारको सृष्टिकर्ताको रूपमा सबैभन्दा ठूलो देवता भनी मान्दछन् र आफ्नो रक्षा होस् भन्नाका लागि यिनलाई बली चढाउने पनि गर्दछन् । यिनीहरू श्री ढोल, श्री चन्द, जसिढोल इतितढोल (दुमाढोल) इत्यादिलाई पनि मान्ने गर्दछन् । उनीहरूको घरको रखवारी गर्ने किकि-तानी देवता हो र यसलाई उनीहरूले ठूलो आदरका साथ मान्ने गर्दछन् । यसबारे पनि एउटा घतलाग्दो कथन यसप्रकार छ– उहिले सुरी गाउँको एक जना सुरेलको घरमा एक जना दनुवार हली रहन्थ्यो । सुरेलको घरमा गोरु जोति-रहन इच्छा नभएकोले गोरू जोत्दा जोत्दै फालीको फलाम भाँच्दै झिक्ने गर्दो रहेछ र ढुङ्गामा ठक्कर खाएकोले फाली भाँचियो भनी मालिकलाई भन्दोरहेछ । हलीको कुरामा पत्यार नगरी सुरेलले चेवा गर्दा पुनः फालीको फलाम भाँच्दै गरेको फेला परेपछि किन त्यसो गरेको भन्दा केही उत्तर नदिई त्यो हली दनुवार रोई मात्र रहेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि आफ्ना सरसामान रूखको टोड्का भित्र राखी सुरी खोलामा फालहालेर हलीले आत्महत्या गरेछ। मेरो गलतीको लागि मलाई माफ गरिदिनु,म सुरेलहरूको रक्षा गर्नेछु भनी दुई-तीन वर्ष पछि सो हली वायु भएर झाँक्रीको जीउमा चढेकोले प्रत्येक सुरेलको घरमा ढुकुटीको दाहिने कुनामा सो हली दनुवारको संझनामा किकि-तानीको स्थापना गरी पूजा गर्न थालिएको हो भन्ने भनाइ छ । यसैले सुरेलहरूमा जुनसुकै नयाँ चीज बीज खान परेमा र नयाँ कार्य भएमा पनि किकि-तानीलाई चढाउने वा पूज्ने चलन छ।

सुरेलहरूले मान्ने गरी आएको अन्य देवी-देवताहरूमा सेती भूमे (वन भूमे), सेती देवी (वनदेवी), सेती नाग (वन नाग), आइतबारे (गोठको रक्षक), गङ्गा, नोकन्दे, कोमेला माई (स्वास्थ्य रक्षक), इबी, रेल, र वासी (इन्द्र धनु) इत्यादि हुन्। सुरेलहरू मसाने, वन, झाँक्री र कालो भूत इत्यादिमा विश्वास राख्दछन् र तिनीहरूदेखि डराउँछन् ।

सुरेलहरू मंसीरपूर्णिमा र जेठ पूर्णिमामा देवीथान, भूमे थान, श्री बाम्बु थान, चन्द थान र द्वादली शिकारी थान इत्यादिमा सिंदूर, धूप, कपूर, फूल, अक्षता, तोर्मा आदिले पूजा गरी फुल, पशु-पक्षीहरूको बली चढाउँछन्। बीज-बीजन छर्नु अघि र नयाँ बाली भित्र्याएपछि पनि सुरेलहरूले विभिन्न देवी-देवता पूज्छन् र नयाँ चीज-बीज खानु अघि न्वागी पनि गर्दछन्।

थामी

सर्वप्रथम सिमङघाट, कुमङ घाटबाट सोना आजी भन्ने आइमाई र अपुतछुकु भन्ने लोग्ने मानिस ठिमीमा आइबसे। त्यहाँ रहँदा बस्दा तिनीहरूबाट धेरै छोराहरू भए। त्यसमध्ये एक पूर्वतर्फ गएको एक भाइ राई लिम्बू भयो। अरू भाइ भारी बोक्ने र कर्मी काम गर्ने पेशा लिएर ठिमी मै बसे। त्यसैबेला पूर्वतर्फ गएको राई लिम्बू भएको भाइ ठिमीमा आई पूर्वतर्फ धेरै जग्गा जमीन पाइन्छ उहीं जाउँ भनेर आफना अरू दाजुभाइहरूलाई भन्दा ठिमीका दाजुभाइहरूले तिमी जाउ हामी यहीं थामिन्छौं भनी जवाफ दिई पठाएकोले सोही अवस्थादेखि थामी भएको हो भन्ने किम्वदन्ति छ।

थामी जातिमा विवाह गर्नु पर्दा सर्वप्रथम केटाको घरबाट केटीको घरमा दुई जना मानिस पठाइन्छ। तिनीहरू केटीको घरको चुलोमा सटासट गई बस्दछन् र केटा र केटीको नाम उच्चारण गरी यिनिहरूको ङ्याङथिम्बा (कुरा हाल्न आएको) गर्न आएको भनी फर्कन्छन्। त्यसको चार दिनका दिन रक्सी लिई केटीको घरमा जबरजस्ती पस्दछन्। कुराकानी गरी केटी मञ्जूर भएमा केटीको बाबु-आमा र दाजुभाइलाई रक्सीको सगुन खुवाई फिर्ता हुन्छन्। केटी दिन बेमञ्जूर भएमा लगेको रक्सी केटीकै घरमा छोडी हिंड्छन्। विवाह गर्दा जग्गे गरिन्छ। मनमनै थामी भाषा पुरेतले जग्गेमा फलाकेर केटाको भाइले केटा र केटीको टाउको छ पटक ठोकाएपछि विवाहको विधि सिद्धिन्छ।

छोरो पाएमा पाँच दिन र छोरी पाएमा तीन दिनका दिन केही कन्दमूल कुटी पानी निकाली खाएपछि चोखिने चलन छ। पुरेत थामी जाति कै हुन्छ। टीको-टालो लगाउने चलन हुँदैन। व्रतवन्ध गर्ने चलन पनि छैन।

मर्दा मरेको मानिसलाई डाँडोमा लगी अवस्था हेरी पोल्ने र गाड्ने चलन छ। पोले पनि गाडे पनि एउटा काँसको भाँडा मर्नेको सिरानमा राखिन्छ। पोलिसकेर आएको मलामीहरूलाई जाँड, रक्सी, पीठो आदि खान दिने चलन छ। मर्नेको छोरो धनी छ भने मरेकै दिनदेखि क्रिया बस्ने चलन छ। मरेको तीन दिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिनभित्रै मर्नेको नामबाट चौतारा, पुल, साँधु, बाटोमध्ये एकथोक बनाइदिनु पर्छ । जतिसुकै गरीब भएपनि चौतारा एउटा त बनाउनै पर्छ र सो बनाइएको ठाउँमा बसेर तीन दिनको दिन मर्नेको छोरो र अरू दाजुभाइले कपाल काट्ने चलन छ । तीन दिनसम्म आसौच बार्दा नून, सिस्नु, कोदो, फापर खाँदैनन् । मरेको तीन दिनको दिन झाँक्री ल्याई पूजा-आजा गरी कुखुरा काटी सिङ्गै राखी भात पकाई उल्टो पातमा भात थुपार्छन् । अन्त्यमा मर्नेको चेलीबेटीबाट ल्याइएको जाँड उपस्थित सबैलाई खुवाई झाँक्रीको सामु जिउँदो कुखुरा उठाई चोखिने चलन छ । पूजा गर्दा उल्टो पातमा थुपारेको भात कुकुरले पनि खाँदैन भन्ने परम्परा छ ।

थामी जातिले भूमे पूज्ने चलन छ । विधिपूर्वक पूजाआजा गर्ने चलन छैन । थामीको परम्परा अनुसार सुंगुर छुनु पनि हुँदैन । छोएमा भूमे देउता लागी अङ्गभङ्ग हुन्छ भन्ने भनाइ हुँदा थामी जातिले सुंगुर पाल्ने गरेका छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

मध्यकालमा दोलखालाई 'धनीहरूको बस्ती' भनेर गौरवसाथ लेख्न थाले पछि र घरघरपिच्छे भने जस्तै सुनका देव मूर्तिहरू बन्न थालेपछि दोलखाको आर्थिक स्तर उठेको संकेत स्पष्ट रुपमा गर्दछन्। करीब शयवर्ष यतादेखि दोलखा भई तिब्बत जाने बाटा क्रमशः अचल्ती बाटाका रुपमा परिणत हुँदै गए। राणाकालमा प्रशासनको दृष्टिले पनि दोलखाको कुनै विशेष स्थान रहेन। यसो हुनाले दोलखाको आर्थिक अवस्था क्रमशः क्षीण हुँदै गयो र अहिले दोलखाको आर्थिक अवस्था साधारण स्तरको मात्र रहन गएको छ।[1]

अविकसित देशको पहाडी भेकका जिल्लाहरूले कृषिमै भर परे जस्तै दोलखा जिल्लाको आर्थिक आधार पनि कृषि नै हुनपुगेको छ। सीमित कृषियोग्य भूमिमा भर पर्नु पर्ने भएकोले यहाँका मानिसहरू विभिन्न किसिमका हावा पानी र जमीनको बनोटको आधारमा खेती गर्दै जाने हुनाले यहाँको उब्जनी एकैनासले सबै ठाउँमा उही गतिले भएको छैन। पहाडी क्षेत्र भएकोले यस जिल्लाको जग्गालाई लेक खण्ड, माझ खण्ड र बेंसी खण्ड भनेर छुट्याउन सकिन्छ। लेक खण्डमा प्रायः पशुपालन र साधारण कुटीर उद्योग चलाएर आफ्नो जीवन निर्वाह गर्न विभिन्न आर्थिक भार र प्राकृतिक प्रकोपबाट जोगिएर परम्परादेखि चलिआएको उही पुरानो तरीकाबाट आर्थिक व्यवसाय चलाउँदै आएका छन्। साधारणतया एकातिर अन्नाभाव भएको जिल्ला हो भने अर्कोतिर कहिले काहीं दैवी कारणले खेतीपाती बिग्रन जाँदा भूकमरी जस्ता समस्यासित समाधान गर्न अघि बढ्नु पर्ने जस्तो देखिन्छ। लेकतिर पाइने विभिन्न किसिमका जरीबूटीहरू, हातले बुनेका र बनाएका वस्तुहरू आदि बाह्रबिसेमा ल्याई त्यहाँबाट मोटरद्वारा काठमाडौंमा ल्याई बेचबिखन गरी केही मात्रामा आर्थिक फाइदा गरी सामान्य प्रकारले बिहान बेलुकाको लागि अत्यावश्यक भएका वस्तुहरू परिवारको लागि किनेर लैजान्छन्। दोलखाबाट बाह्रबिसेसम्म आएपछि काठमाडौं पुग्न साधन पाइने हुनाले यस भेकका मानिसहरू विभिन्न रूपले काठमाडौं ओहोर दोहोर गरी आफ्नो व्यवसाय चलाइरहेका छन्।

कृषि

सुनखानी, जिलु, मेलुङ, जफे, गौरी मुदी, काब्रे आदि ठाउँका बेंसीहरू बाहेक जिल्लाको अधिकांश भाग पहाडी भेकतिर पर्दछ। यी बेंसीहरूमा धान उत्पादन हुने हुनाले धानको लागि यस क्षेत्र प्रसिद्ध पनि भएको छ। दोलखा जिल्लाको कुल जमीन १,९९,९०६ हेक्टरमध्ये ६,००० हेक्टरमा मात्र आवादी भएको देखिन्छ। कृषि

---

१. धनवज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठको माथि उल्लिखित किताब, पृष्ठ ५१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तथ्याङ्क २०२८ अनुसार दोलखा जिल्लामा वार्षिक कुल खाद्यान्न उत्पादन १४,००० मेट्रिक टन हुन्छ । त्यस उत्पादनमध्येबाट बीज बीजनको लागि र विभिन्न कारणवश क्षति हुन सक्ने वार्षिक १,७०० मेट्रिक टन छुटयाउँदा १२,३०० मेट्रिक टन बाँकी रहन्छ। जिल्लाको कुल जनसंख्या १,३०,०२२ छ । प्रति व्यक्तिको लागि सालाखाला वार्षिक १६० किलोग्राम खाद्यान्नको हिसाब गर्दा जम्मा २०,८०४ मेट्रिक टन अनाज जिल्लैमा चाहिनेहुनाले ८,५०४ मेट्रिक टन नपुग अनाज बाहिरबाट जिल्लामा आयात गर्नु पर्ने देखिन आएकोले दोलखा जिल्लाको खाद्यान्न स्थिति न्यून अवस्थाको समूहभित्र पर्दछ ।

जिल्लाको सम्पूर्ण आर्थिक गतिविधि नेपाल अधिराज्यका अरू पहाडी जिल्ला झैं कृषिमै केन्द्रित भएर रहनु परेको छ। दोलखाको मुख्य खाद्यान्नको रूपमा मकै, धान र कोदो, नगदे बालीमा आलु, उखु, तोरी, मास, भटमास तथा तेलहनमा तोरी र तीलले स्थान लिएका छन् । जिल्लाको धेरैजसो क्षेत्र पहाडी भेकतिरै परेको देखिन्छ। त्यसैले आर्थिक वर्ष २०२४।०२५ देखि आ. व. २०२९।०३० सम्ममा पनि पहाडी भेकमा हुने मकै उत्पादनले नै बढी महत्व राखेको छ । तर खेती गरिएको क्षेत्र र उत्पादन हेर्दा सालाखाला उत्पादनको वेग शुरू र अहिलेमा विशेष फरक चाहिं केही छैन। धानको उत्पादनको लागि चाहिने अनुकूल वातावरणको सिर्जना हुन नसकेर हो वा जग्गाको बनोट,सिचाइको असुविधा र प्राकृतिक बनौटले गर्दा नै यस क्षेत्रले आफ्नो विकास गर्न नसकेको हो वा के हो केवल पाखो बालीलाई नै बढी मात्रामा प्रश्रय दिइएको छ। यसबाट के प्रष्ट हुन्छ भने तल बेंसीमाभन्दा पाखोमा बस्दा पाइएका सुविधाहरूलाई लत्याउन नसकेर नै हुन सक्छ । शायद बिस्तारै सबै किसिमका सुविधाहरू धमाधम मिल्दै गएपछि बेंसीतिर ओर्लो खेती गर्लान् भन्ने विश्वास चाहिं लिन सकिन्छ। भौगोलिक अवस्थाले गर्दा यस जिल्लामा तीन किसिमबाट उब्जनी हुन्छ। खेतमा खासगरी धान र गहुँ, जिल्लाको मध्यभाग र दक्षिण भागमा मकै, कोदो र उत्तरी भागमा आलु र गहुँ लाग्छ ।

भौगोलिक अवस्थाले गर्दा यस जिल्लामा विभिन्न ठाउँमा विभिन्न किसिमबाट खेती लाउने, गोडमेल गर्ने र काट्ने काम गरिन्छ। माथिल्लो भेकतिरको अन्न पाक्न धेरै समय कुर्नु पर्छ। खेतमा लगाइने धान बाली असार र साउन महीनामा रोपी भदौमा गोडी कात्तिक-मंसीर महीनामा काट्ने काम हुन्छ। गहुँ बाली पुस महीनामा छरी जेठ महीनामा काटिन्छ। पाखामा लाग्ने मकैबाली फागुनदेखि वैशाखभित्र छरी जेठभरीमा गोडमेल गरेर साउनदेखि भदौभरमा सबै भाँची सक्छन्। कोदो बाली असार-साउनमा रोपेपछि भदौ महीनामा गोड्न थाल्छन् र कात्तिक-मंसीरमा टिपी थन्काउने काम हुन्छ। पाखामा हुने गहुँ बाली चाहिं असोजको तेस्रो हप्तादेखि कात्तिक भरमा छरी चैत–वैशाखतिर काटिन्छ। आलु चाहिं पुस महीनामा रोपी जेठदेखि खन्ने काममा लाग्छन् ।

कृषि तथ्याङ्क २०२८ अनुसार आर्थिक वर्ष २०२४।०२५ देखि २०२९।०३० सम्म यस जिल्लामा भएको मुख्य मुख्य बालीको उत्पादन प्रवृत्ति यसप्रकार छः–

क्षेत्रफलः हेक्टरमा
उत्पादनः मेट्रिक टनमा

क्षेत्रफल र उत्पादनको तालिका

वर्ष / खाद्यान्न	२०२४।०२५		२०२५।०२६		२०२६।०२७	
	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
धान	१,४००	३,३६०	१,६००	३,९२०	१,६५०	४,०४३
मकै	३,७००	७,५८५	३,७००	७,६५९	३,८००	७,९८०
गहुँ	४२५	४३५	४२५	४३६	४२५	४९९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

कोदो	८५०	९२४	८५०	९२४	९००	९८१
जौ	३५	३५	४५	४५	५५	५६
आलु	८५०	४,९९४	८५०	४,९९४	८५०	४,९३०
तेलहन	१५०	६१	२००	८८	२००	८८
उखु	५	६४	५	६४	५	६५

वर्ष	२०२७।०२८		२०२८।०२९		२०२९।०३०	
खाद्यान्न	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
धान	१,६८०	४,२००	१,५८२	३,८७६	१,६८०	३,९४८
मकै	३,९००	८,१९०	३,८००	७,६००	३,८२५	७,४५९
गहुँ	४५०	४४१	४५०	४५९	४५०	४५४
कोदो	९००	९९०	–	–	९५०	१,०६८
जौ	८०	८१	–	–	७०	७१
आलु	९००	४,२२०	–	–	९००	४,७७०
तेलहन	२००	९०	–	–	२००	८१
उखु	७	९१	–	–	७	९१

तालिकामा देखाइएअनुसार २०२४।०२५ देखि २०२७।०२८ सम्म दोलखाको बाली उत्पादन र यसले ढाकेको क्षेत्रमा बिस्तारै वृद्धि भएको देखिन्छ तर आ. व. २०२८।०२९ र २०२९।०३० मा चाहिं केही तल माथि परेको छ। जिल्लाको मुख्य बाली मकै बालीले ढाकेको क्षेत्र ३,७०० हेक्टरबाट बढ्दै ३,९०० हेक्टरसम्म पुगेपछि ३,८०० हेक्टरमा ओर्लिएर फेरी ३,८५० हेक्टरसम्म ढाक्न पुग्छ। तर २०२७।०२८ मा ८,१९० मेट्रिक टनसम्म पुगेको मकैको उत्पादनमा भने नराम्रोसित ह्रास भएको छ। त्यस्तै ४,२०० मेट्रिक टन भएको धानको उत्पादन ३,९४८ मेट्रिक टनमा ओर्लिनुपरेको छ। मुख्य रूपमा रहेको बाली मकै र धानको उत्पादनमा यसरी अस्थिरता आउनु राम्रो कुरा होइन। त्यस्तै नगदे बालीको रूपमा रहेको आलुको उत्पादनमा दिन परदिन ह्रास भए जस्तो देखिन्छ। कोदोको उत्पादनमा चाहिं कुनै किसिमको प्रभाव नपरेर बिस्तारै केही मात्रामा उत्पादन बढी भएको छ।

अविकसित परिस्थितिमा प्रकृतिबाट उत्पन्न हुने सानातिना गडबडीले पनि कृषि व्यवसायमा नराम्रो असर पार्ने कुरा सबैले महसूस गरेकै छन्। कहिले अति वर्षा हुन्छ त कहिले खडेरीले बीउ भुटिदिन्छ, कहीं पहिरो गएको छ त कहीं बाढीले मुखमा हाल्न लागेको बेलाको अन्न बगाएर लगिदिन्छ। यिनै कुराहरूले दोलखा जिल्लामा पनि २०२८।०२९ तिर केही मात्रामा उत्तरी भेकका लामा बगर, लप्चे लुम्नाङ, रोलवालिङ आदि गाउँहरूमा आलु, गहुँ आदि बालीहरू बिग्रनाले उत्पादनमा केही प्रभाव पारेको थियो। पहाडी जिल्लामा नगदे बालीको घटबढले विशेष कुनै भूमिका खेल्न पाउँदैन। तराई क्षेत्रमा भए नगदे बालीले आर्थिक फाइदा दिनुको साथै क्रय विक्रयमा समेत असर पार्छ तर दोलखा जस्तो पहाडी जिल्लामा उत्पादन भएका नगदेबाली त घरायसी दैनिक प्रयोग मै लगाउँछन्।

संपूर्ण आर्थिक गतिविधि कृषि मै केन्द्रित भएको यस दोलखा जिल्लामा व्यापार र घरेलु उद्योगमा

CC-0. In Public Domain. Digitization by eGangotri

लागेर जीवन निर्वाह भने गर्न सकेका छैनन् । कृषि मै निर्भर गर्नु पर्ने किसानहरूले आपसमा मिलेर अथवा मागेको जति ज्याला दिएर वा खुवाएर जे गरेर आफ्नो काम पट्छ त्यही अनुरूप खेती लगाउने, गोड्ने र थन्काउने काम गर्दछन् । आपसमा मिलेर एक अर्कालाई मद्दत गर्ने यस प्रथालाई "पर्म" भनिन्छ । निकै मात्रामा प्रचलन भएको यस पर्म अनुसार धान, गहुँ, कोदो आदि रोप्दा, दाईं गर्दा, खनजोत गर्दा र थन्काउँदा एक अर्कालाई मद्दत दिन्छन् । लोग्नेमान्छेले बलको काम गर्छन् भने स्वास्नीमान्छेले हलुका काम लिएर सगाउने काममा मद्दत गरेका हुन्छन् । एक परिवारको सदस्य अर्को परिवारको मेलामा गएर पर्म लगाउन जाँदा त्यस बेला नगद वा जिन्सी केही लिदैंनन् । यदि "पर्म" ले मात्र नसकिने भएको खण्डमा ज्यालामा खेतालाहरू ल्याइन्छन् । लोग्नेमान्छेको प्रति दिन रू. पाँच र आइमाईको प्रति दिन रू. चार को दर छ तर मूल्यको बदला अन्न नै ज्याला लिने चलन छ । साथै तीन तीन छाक खुवाएर लोग्नेमान्छेलाई रू. दुई र स्वास्नीमान्छेलाई रू. तीन मोहर पनि दिइन्छ । यसरी हेर्दा पर्म, ज्यालादारी, खुवाउने यी तीन किसिमको चलनबाट दोलखा जिल्लाको खेती व्यवसाय सञ्चालन हुँदै गएको छ । जिल्लाका संपूर्ण सक्षम व्यक्तिहरू कुनै न कुनै रूपमा खेती मै आश्रित भएको मान्नु पर्छ ।

कृषि तथ्याङ्क अनुसार दोलखा जिल्लाको आवादी जमीन ६,००० हेक्टर छ । यो आवादी जमीन जिल्लाको कुल क्षेत्रफलको अनुपातमा करीब तीन प्रतिशत मात्र देखिन्छ । जिल्लाको कुल जमीनमध्ये ९७ प्रतिशत जमीनमा खेती गरिएको छैन । हिमाली शृङ्खला, पहाडी भाग र साना तिना वन जङ्गल, भीर, खोला नालाले ढाकिएको हुनुपर्छ । यहाँका मानिसलाई खेती गरिएको जमीन आन्दाजी प्रति व्यक्ति पाँच हेक्टर अर्थात् १.० रोपनी अथवा एक हेक्टर आवादी जमीनमा २२ जना मानिसहरू आश्रित छन् । दोलखा जिल्लाको कुल परिवार संख्या २५,३०६ छ । खेती गरिएको जमीन कुल परिवारलाई वितरण गरी हेर्दा प्रति परिवार .२ हेक्टर अर्थात् चार रोपनी पर्दछ ।

भूमि व्यवस्था

दोलखा जिल्लामा २०२२ सालदेखि भूमि सुधार कार्यक्रम शुरू गरिएको हो । तर वैज्ञानिक तरीकाबाट जग्गाको नापी नभएकोले जमीनको वास्तविक तथ्य अझ निस्कन सकेको छैन । केवल विश्वासमा थुपारिएका लगतको आधारमा हदबन्धीभन्दा बढी अथवा घटी भएको जमीनको संख्याको आधारलाई मानेर जग्गा वितरणको काम चाहिं हुन पाएको छैन । अनगिन्ति दर्ता नभएका खेत र पाखाहरूको लेखा जोखा हुन बाँकी नै छ हालसम्मको मोहीहरूको तथ्याङ्क यसप्रकार छः–

आफ्नो मात्र जग्गा कमाउने मोहीको संख्या	१५,८१५
आफन्त र अर्काको मिलाएर जग्गा कमाउने मोहीको संख्या	२,३०९
अरूको मात्र जग्गा कमाउने मोहीको संख्या	४,२५४

कृषि ऋण निश्चित गर्ने कार्यक्रम, अनिवार्य बचत सङ्कलन, कृषि ऋण वितरण, भोग बन्दकी जग्गा फिर्ता दिलाउने, मोहियानी हक प्रदान गर्ने, ग्राम समिति गठन गर्ने, बचतको प्रमाण-पत्र तथा ब्याज वितरण र केन्द्रीय स्रेस्ता तयार पार्ने जस्ता कामहरू भइ नै रहेका छन् । उपर्युक्त सबै प्रकारका मोहीहरूलाई जोताहा अस्थायी निस्सा वितरण भइसकेको छ । साथै निस्सा वितरणको संख्या पनि मोहिहरूको संख्या अनुसार नै छ । भूमि सुधार कार्यक्रम शुरू भएदेखि कृषि ऋण लिन पाउने सुविधा किसानहरूले पाएकाछन् । कृषि विकास सम्बन्धी काममा पाइने यस ऋणले गोरु, मल, बीउ, औजार, हलो आदि किन्ने र बनाउने काममा सदुपयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किसानहरूले गर्न सक्दछन्। अनिवार्य बचत सङ्कलनमध्ये जिन्सीमा १८,५८९।३०१५ मन र नगदीमा रू. १,८८,६५२। थियो । त्यस्तै दोलखा जिल्लामा ऋण रकम निश्चित गर्दा नगदीमा रू. ३,६१,९६३। देखापरेको थियो।

भूमिसुधार लागू भएदेखि हालसम्ममा निम्नबमोजिम ऋण लगानी भएको छ :–

दैवी प्रकोप र भोकमरीमा लगानी भएको	रू.	६०,०००।
असूल भएको	रू.	५२,८६८।
बाँकी	रू.	७,१३१।
ऋण दिंदाको जम्मा	रू.	२,२०,४५४।
असूल भएको	रू.	१,०८,४७५।
बाँकी	रू.	१,११,९७८।

मालपोत

सर्वप्रथम १९२५ सालमा यस जिल्लाको नापी भए पछि फेरी १९५२ सालमा नापीको काम भयो। १९९९ सालको तीन महले मोठ खडा गरिएपछि २००५ सालको बीजन जाँच र २०१३ सालको बीजन मोठ बमोजिम खेत तर्फ अब्बल, दोयम, सीम, चहार र किसिम नखुलेको र पाखा तर्फ बीजन मुरीसमेत गरी माटो मुरीको हिसाबले जग्गाको क्षेत्रफल कायम गरेपछि उक्त जग्गाहरूबाट सालिन्दा रू. ७९,१११। मालपोत उठ्छ। २०१६ सालपछि बिर्ता उन्मूलन यस जिल्लामा भएको हो।

यस जिल्लाको माल कार्यालयले आर्थिक वर्षहरूमा देहाय बमोजिमको आम्दानी गरेको छ :–

विवरण	२०२९।३०	२०३०।३१
मालपोततर्फ	८४,५९१।	८०,३१२।
रजिष्ट्रेशन	५९,१६५।	८४,२९०।
फुटकर	१५६।	१,४११।

पशुपालन

पहाडी जिल्लाको लागि पशुपालन व्यवस्था त एउटा अभिन्न अङ्गको रूपमा रहेको छ । जिल्लाका कृषकहरूले खासगरी गाई, गोरु, भैंसी, राँगो, भेडा र बाखाहरू नै पाल्दछन्। उत्तरी भेकका कृषकहरूले नाक, पुराङ, यांक, चौंरी र जोप्क्योहरूलाई बढी महत्व दिन्छन् । पशुपालन व्यवसायले पहाडी जिल्लाको कृषि व्यवसायलाई ठूलो टेवा दिएको छ। दूध, घ्यू, महीको लागि गाई-भैंसी, मासुको लागि भेडा-बाखा-बोका र खन जोतको लागि गोरु अनिवार्य रूपमा पालिन्छन् भने अर्को तिर खेतीको लागि मलको आवश्यकता पर्ने हुनाले रासायनिक मलको सट्टा यही पशु मललाई कुहाएर जमीनको उर्वरा शक्तिमा उत्पादन क्षमता बढाउने दिशातिर प्रयोग गर्दै आएका छन्। कृषिमा लागेका परिवारले एक हल गोरु, दुई चार वटा गाई, भैंसी, भेडा, बाखा र निजी उपयोगको लागि हाँस, कुखुराहरू नपाली कहाँ छाड्दछन् र! जिरीको लेक, लामा बगर, लप्चे लुम्नाङ र बेदिङको साथै अन्यत्र समेत चरन भूमि भए तापनि हिमाली भेकमा पशु पालनको विकासमा कुनै उन्नति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन सकेको छैन ।

चरनको व्यवस्था नभए तापनि उत्तरी भेकमा पशुपालन व्यवसायलाई पेशाको रूपमा लिएका छन् । यस जिल्लामा खासगरी पाइने कागे जातका भेडाहरूमा खस्रो खालको ऊन हुने र यी भेडाहरूको मासु ज्यादै नै राम्रो हुने हुनाले यसलाई राम्रोसित पालिएको छ । पशु पालनको निमित्त कृषि विकास बैंकले आर्थिक सहायता उपलब्ध गराउँदै आएको छ । च्यारेदङ, लहरेमैले, ठूलनागी, सानोनागी गैरी, कालिञ्चोक र शैभुङमा निजी रूपमा गोठहरू छन् । च्यारेदङ ज्यादै नै प्रसिद्ध छ । यस गोठबाट जिरीको चीज फ्याक्टरीको लागि दूध बेचिन्छ ।

जिरी कृषि केन्द्र (पशुपालन केन्द्र)

वि. सं. २०१५ मा जिरीमा पशु विकास फारम स्थापना गरिएको थियो । २०१७ सालमा जिरी कृषि फारम र २०१८ सालमा जिरी कृषि केन्द्रमा परिणत भयो ।

निम्नलिखित उद्देश्यको लागि २०२४ सालमा खिमतीमा गाई प्रजनन शाखा खोलियो ।

(१) स्थानीय गाईलाई उन्नत साँढेसँग नश्ल सुधार गर्ने ।

(२) मिश्रित नश्लको दूध उत्पादन, पहिलो पटक ब्याउने उमेर, बाच्छा बाच्छीको मृत्यु दर आदिको स्थानीय गाईसँग तुलनात्मक अध्ययन गर्ने ।

(३) उन्नत नश्लको साँढे उत्पादन गरी साँढे बिक्री वितरण गर्ने ।

(४) चरन विकास सम्बन्धी अध्ययन गर्ने ।

उपर्युक्त उद्देश्यानुसार हालसम्म भएको उपलब्धि निम्नानुसार छः–

(क) मिश्रित नश्लका गाईले स्थानीय गाईभन्दा ३०० प्रतिशतभन्दा बढी दूध दिने गरेको छ ।

(ख) स्थानीय गाईभन्दा मिश्रित नश्लका गाईहरू एक वर्ष पहिले ब्याउँछन् ।

(ग) स्थानीय गोरुभन्दा मिश्रित नश्लका गोरुहरू ठूला र बढी काम गर्ने शक्ति भएका छन् ।

(घ) उन्नत जातका साँढेहरू गाउँमा बिक्री गरिन्छन् ।

स्थानीय विकास कार्यहरू अन्तर्गत आधुनिक खेतीको ज्ञान, उन्नत बीउ र कीटाणुनाशक औषधिहरू किसानहरूलाई उपलब्ध गराई कृषि उत्पादन वृद्धि गर्ने जिरी कृषि केन्द्रको योजना अनुरूप खास केही प्रगति चाहिं हुन सकेको छैन । जिरी कृषि केन्द्र अन्तर्गत तीन शाखाहरू लाइभस्टक, एग्रोनोमी र पशु चिकित्सालय छन् । २०३० सालमा एग्रोनोमी शाखा जिरीबाट चार कोस टाढा पर्ने काब्रे भन्ने ठाउँमा सारिएकोले जिरीमा लाइभस्टक र पशु चिकित्सालय मात्र छ ।

जिरी पशु विकास फार्ममा २०३० साल फागुनसम्ममा राँगो, भैंसी, पाडा-पाडी गरी १०४, साँढे गाई, बाछाबाछी गरी १४३, ठूलो सानो भाले पोथी सुंगुर २० थिए । पहिले कुखुरा पालिए तापनि हाल कुखुरा पाल्ने काम भएको छैन ।

जिरी पशु विकास फार्मले दिनको करीब ६० लिटर दूध उत्पादन गरी अस्पतालका रोगीहरू, जिरी क्यान्टिन र त्यहाँका कर्मचारीहरूको साथै साना साना बच्चाहरूको लागि दूध बेच्ने काम गरेको छ । तर सो उत्पादित दूधले पूरा मात्रामा समस्या हल गर्न सकेको छैन ।

जिरी पशु विकास फार्ममा उन्नत जातका साँढेमा ब्राउन स्वीस र उन्नत जातको राँगोमा मुर्राको परीक्षण भइरहेछ । शुद्ध ब्राउन स्वीस गाईले एक बेतमा सालाखाला ७२३.०० लिटर दूध दिन्छ तर स्थानीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाईमा ब्राउन स्वीस साँढे लगाई जन्मेको गाईले एक बेतमा सालाखाला १०५७.०० लिटर दूध दिएकोछ । स्थानीय गाईले २८.२५० लिटर मात्र दूध दिन्छ । मुर्रा राँगो स्थानीय भैंसीसित लगाउँदा नतीजा राम्रो हुन सकेको छैन। शुद्ध मुर्रा भैंसीले एक बेतमा सरदर ८३२.२० लिटर दूध दिन्छ । तर मुर्रा राँगो स्थानीय भैंसीसँग लगाउँदा जन्मेको भैंसीले ५२५.५० लिटर दूध दिएको छ जबकि स्थानीय भैंसीले ३३१.५० लिटर दूध दिन्छ। जिरीको लेकाली भेकमा र बोलखा जिल्लाको उत्तरी भेकमा चौंरीहरू प्रशस्त पाइने हुनाले ब्राउन स्वीसलाई चौंरीमा लगाउँदा कस्तो नतीजा निस्कन्छ भन्ने कुरा प्रशिक्षण गर्न बाँकी नै छ ।

जिरीको पशु-चिकित्सालयको वार्षिक बजेट रू. ३०,८३६। छ। जिरीको पशु चिकित्सालयले २०२९।०३० मा गरेको औषधोपचार यसप्रकार छः–

कार्यक्रम	वार्षिक लक्ष्य	वार्षिक प्रगति
पशु उपचार गोटा	५,०००	५,५४१
भ्याक्सिनेशन	१,०००	१,५७६
कृत्रिम गर्भाधान	१००	४९

जिरी चीज उत्पादन केन्द्र

वार्षिक १२,००० के. जी. चीज र मखन उत्पादन गर्ने लक्ष्यले २०२८ सालमा जिरी गाउँ पञ्चायत उत्तरी क्षेत्रको करीब १२,५०० फीट उचाइमा चीज उत्पादन केन्द्रको स्थापना गरिएकोमा २०२९ साल वैशाख २८ गतेदेखि उत्पादन कार्य शुरू भयो। यसबाट २०२९ सालमा ४,००० के. जी. चीज र १,३०० के. जी. मखन, २०३० सालमा ६,५०० के. जी. चीज र १,६०० के.जी मखन उत्पादन गरेको छ । २०३१ सालमा ७,००० के. जी. चीज र २,००० के. जी मखन उत्पादन गर्ने लक्ष्य राखिएको छ। वैशाखदेखि कात्तिक महीनासम्ममा मात्र दूधको मात्रा बढी हुने भएकोले वार्षिक उत्पादन भन्नाले खास वैशाखदेखि कात्तिकतक जम्मा सात महीनाकै मात्र हिसाब हुन्छ । दूधको प्राचुर्यता र खर्क (चरन) समस्याले गर्दा लक्ष्यानुसार उत्पादन गर्न नसके तापनि उत्पादन प्रत्येक वर्ष केही न केही मात्रामा वृद्धि भएको देखिन्छ ।

पशु चिकित्सालय

दोलखाको सदरमुकाम चरिकोटमा एउटा पशु चिकित्सालय २०२६ सालमा स्थापना भएको छ। खासगरी भ्यागुते, लोहुमुते, खोरेत, नाम्ले, पड्के आदि रोगहरूबाट पशुहरू एकातिर पीडित् छन् भने अर्कोतिर विभिन्न किसिमका कमजोरीले गर्दा दूध कम हुन गएको छ। आर्थिक वर्ष २०२९।०३० मा जम्मा ३,८४४ पशुहरूको उपचार यस चिकित्सालयबाट भएको थियो।

फलफूल खेती

यस जिल्लामा फलफूल खेतीको कुनै व्यवस्था भइसकेको छैन। सीमित रूपमा केही व्यक्तिहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो सौख पूरा गर्न फलफूलको बोट लगाउने गर्छन्। खास निकासीको लागि फलफूल छैन। लेक खण्ड र मध्य भागमा सुन्तला, नासपाती, ओखर, हलुवावेद, आरु, काफल, अनि बेंसीमा अम्बा, केरा, आँप, कटहर आदि फलफूल पाइन्छन्।

कृषि विकास

यस जिल्लामा कृषि विकास कार्यालयको स्थापना नभए तापनि कृषि प्रसार कार्यक्रम सञ्चालन गर्नको निमित प्रमुख जिल्ला अधिकारीको कार्यालयको मातहतमा कृषि प्रसार शाखा खोली कृषि उत्पादनको तरीका आदि बारे ज्ञान बिस्तारै दिइँदै छ। कृषि प्रसार शाखाले २०३०।३१ मा प्राप्त गरेको विवरण निम्नानुसार छः–

(क) प्राप्त भएको मल २८,४२५ के. जी.

(ख) प्राप्त भएको बीज ७,५११ के. जी.

(ग) जिप्ट्रेको ग्रेनुयल १०० के. जी.

त्यसमध्ये बिक्री भएका चीजहरूको तथ्याङ्क यसप्रकार छः–

(क) युरिया मल १४७ के. जी.

(ख) कम्प्लेक्स मल ६,३२४ के. जी.

(ग) पोटास ३७७ के. जी.

(ध) गहुँको बीउ ३,३७१ के. जी.

प्रयोगको रूपमा आधुनिक तरीकाबाट खेती गर्ने दिशातिर अग्रसर गराइँदै छ। तर यातायातको कठिनाइ र आर्थिक दृष्टिले उन्नत जातका मल र बीउ खेतमा उपयोग गर्न नसक्ने हुनाले नै सर्वसाधारण जनता उही पुराना बीउ र गाई गोरु कै मलद्वारा खेतीको विकास गर्ने धूनमा लागदछन्। कृषि विकासको लागि उन्नत जातका बीउ र रासायनिक मलको आवश्यक पर्दो रहेछ भन्ने कुराको महसूस चाहिं बिस्तारै गर्दैआएका छन्।

कृषि ऋण

परम्परादेखि ग्रामीण जनताले कृषिको लागि ऋण जिल्लाका ठूला ठालूहरूबाट लिंदै आएका छन्। जिल्लामा सहकारिता आदि केही नभएकोले साहूले लिने सयकडा २०।३० सम्म ब्याज तिरी ऋण लिंदै आउनु-परेको थियो। आफ्नो घरायसी अड्को पड्को र खेतीको लागि जुन बेला चाहियो त्यही बेला सजिलैसित ऋण पाइने हुनाले साहूको ब्याज दरले उनिहरूलाई जे जस्तो रूपमा मर्का परे तापनि वास्ता गर्दैनथे। खाँचो टारि-दिएकोमा सन्तोष लिने यी सर्वसाधारण जनताको कमजोरीबाट साहू महाजनहरूले नराम्रोसित शोषण गरेका थिए। भूमि सुधार र कृषि विकास बैंकबाट कृषि ऋण पाउन थालेपछि साहूहरूबाट बिस्तारै किसानहरूले मुक्ति पाउन थालेका छन्।

भूमि सुधार लागू भएपछि ग्राम समितिको सिफारिशअनुसार किसाहरूलाई ऋण दिने व्यवस्था भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि विकास बैंकले कृषि विकास र उत्पादनलाई ऋण दिने गरे तापनि खासगरेर प्राथमिकता चाहिं पशु पालनको लागि नै ऋण दिने गरेको छ।

जिल्लाको कृषि विकास र कृषि व्यवसायमा लागेका कृषकहरूलाई विभिन्न किसिमबाट रकम दिंदा केही न केही रूपमा भए तापनि यसले ठूलो मद्दत पुऱ्याएको छ। साथै सहकारिताको आधारमा एक किसानले अर्को किसानलाई कृषि उत्पादनको लागि सहयोग गर्दै आएको पनि छ।

सिचाइ

यस जिल्लामा जिल्ला पञ्चायतको अनुदानबाट हालसम्म ४२ वटा स-साना गाउँ स्तरीय सिचाइ योजना सम्पन्न भई जम्मा ८,८५० रोपनी जग्गामा सिचाइको सुविधा प्राप्त भएको छ।

उद्योग

पहाडी जिल्ला भएकोले यस जिल्लामा राजमार्गसित सोझै सम्बन्ध भएर विद्युत् शक्ति उपलब्ध गर्न पाएका जिल्लाहरूले झैं उद्योग व्यवसायमा हात हाल्न पाएको छैनन्। कुटीर उद्योग र दोलखा बजारस्थित घरेलु उद्योग तथा ग्रामिण विकास कार्यालयबाट हुने गतिविधिलाई उद्योगको रूपमा लिइएको छ। खेतीबाट फुर्सद पाएका बेला समय काट्नुको साथै व्यक्तिगत उपभोगको लागि नै कुटीर उद्योगले बढी प्रश्रय पाएको छ।

फुर्सदको समयमा स्थानीय साधनबाट मान्द्रा, राडी, लुकुनी, गलैंचा, पाखी आदि बुनी हाट बजारमा बेच्ने र घरायसी प्रयोगको लागि उपभोग गरिन्छ। खास व्यवस्थित रूपबाट यस उद्योगको विकास कसैले गर्न सकेका छैनन्। स्थानीय बाँस तथा निगालाका चोयाबाट भकारी, मान्द्रो, डोको, डालो, थुन्चेको साथै केत्तकीको पाटबाट डोरी, दाम्लो, नाम्लो आदि बुनी साना तिना समस्या समाधान गर्दछन्।

दोलखा बजारमा घरेलु उद्योग ग्रामिण विकास कार्यालयको स्थापना भएको छ। यस कार्यालयका चार शाखा छन्– सिलाई शाखा, टेक्सटाइल शाखा, नकर्मी शाखा र सिकर्मी शाखा। यी चारै शाखाहरूमा तालील दिने प्रबन्धको साथ साथै उत्पादनपट्टि पनि ध्यान दिइएको छ। दुई वर्ष तालिम दिने गरेकोमा कतिले बीचैमा छाडी तालीमको उद्देश्य नै हासिल गर्न नसकेकोले हाल तालीम अवधि एक वर्षको राखिएको छ। प्रत्येक विषयमा वार्षिक दुईजनाका दरले आठ जनालाई तालीम दिने दरबन्दी राखिएको छ। तालिम प्राप्त प्रशिक्षार्थीहरूलाई प्रोत्साहित गर्न प्रयोगात्मक रूपमा काममा लगाई उत्पादन गराउने दिशातिर पनि अग्रसर गराइएको छ। त्यसलाई चाहिने कच्चा पदार्थहरू कुनै काठमाडौंबाट र कुनै जिल्लाबाटै उपलब्ध गरी कपडा र काठका सामानहरू तयार गर्छन्। यस घरेलु उद्योग तथा ग्रामिण विकास कार्यालयमा सालमा करीब ४०।५० हजार जतिको वस्तु उत्पादन हुन्छ र ती सामानहरू सोही कार्यालयकै खरीद बिक्री संस्थानबाट जिल्लामै बिक्री हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त कार्यालयले आर्थिक वर्ष २०२९।३० र २०३०।३१ मा देहायबमोजिमको प्रगति गरेको छः–

विवरण	२०२९।३०	२०३०।३१
कपडा	१,४३६ गज	२,२९० गज
विभिन्न सामान	१,१९१ थान	९४१ थान
कपडा र सामानको मूल्य	रू. २६,६८०।	रू. २१,७०९।
बिक्रीबाट भएको रकम	रू. १३,८०१।	रू. ११,१२१।
उत्पादनमा लागेको खर्च	रू. २४,१८३।	रू. २७,९६९।

यसका अतिरिक्त दोलखा जिल्लाको चंखु गोगटा गाउँ पञ्चायतमा श्रेष्ठ कागज कारखाना, तारेभीर डोरखोलामा प्रेम कागज कारखाना, जिरीमा खड्का कागज कारखाना र विगु, श्यामामा नेत्र कागज कारखाना गरी जम्मा चार निजी कागज कारखाना सञ्चालन भएका छन्। यी सबै कारखानाको जम्मा लागत पूँजी १,३५,०००। छ। गत २०३०।३१ आर्थिक वर्ष भित्रमा जम्मा ७,४५१ कोरी कागज यी कारखानाहरूबाट उत्पादन भएको छ।

व्यापार

व्यापारिक दृष्टिबाट दोलखा जिल्लाको खास कुनै विशेषता देखिन्न। चरिकोट र दोलखा बजारलाई यस जिल्लाको व्यापारिक केन्द्र भने हुन्छ। जिल्लाका अन्य भागहरूमा सानातिना बजार र समय समयमा हाट लाग्ने काम सिवाय अरू केही छैन। काठमाडौंबाट चाहिने माल ल्याई बेच्ने र त्यसको बदलामा स्थानीय उत्पादनका नेपाली कागज, जरीबूटी, काठका सामानहरू पठाउने आदि काम त्यहाँका सानातिना व्यापारीहरूले गरेका छन्। खासगरेर दोलखा जिल्लाका व्यापारीहरूले सानो तिनो रूपमा छिमेकी राष्ट्र चीनसित व्यापारिक सम्बन्ध राख्दै निकासी पैठारी गर्ने काम गरेका छन्। नस, रङ, धागो, भुलायोको खाष्टो, खुर्सानी आदि वस्तुहरूमध्ये केही काठमाडौंबाट ल्याउने र केही जिल्लामै उत्पादन भएका वस्तुहरू चीनमा निकासी गरी त्यसको बदलामा च्याङ्ग्राको छाला, भोटे चीया, चमर, ऊन आदि पैठारी गरेर सानो तिनो व्यापार गरेर आर्थिक गुजारा चलाएका छन्। तर यो व्यापार वस्तुको विनिमयको आधारमा चलेको छ। अधिकांश रूपमा जिल्लाभित्रको हाट बजारमा जिल्लाभित्र उत्पादन हुने वस्तुहरूको व्यापार गर्दा विनिमय प्रथालाई अँगालेका छन्।

सानोतिनो रूपमा भए तापनि निकासी पैठारी हुने भएकोले दोलखा जिल्लाको गोंगर पञ्चायत अन्तर्गत लामा बगरमा मूल भन्सार राखिएको छ। निकासी पैठारीबाट दोलखा जिल्लाको २०२९।२०३० को राजस्व रकम रू. १३,३११। उठेको छ।

बैंक

दोलखा जिल्लामा कृषि विकास बैंकको एउटा उप-शाखा छ। खासगरेर यसले कृषि सम्बन्धी कार्यलाई मात्र ऋण दिने गर्दै आएको छ। यस बैंकले आर्थिक वर्ष २०३०।३१ सम्ममा निम्नबमोजिम रकम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लगानी र असूली गरेको देखिन्छः–

जम्मा लगानी	रू. ३,४४,०००।
जम्मा असूली	रू. ५१,०००।
जम्मा बाँकी	रू. २,९३,०००।

खासगरेर पशु-पालन, फलफूल खेती, खाद्यान्न उत्पादन र अन्य कृषिजन्य उद्योगहरूमा रकम लगानी गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात र सञ्चार

यातायात

यातायातको दृष्टिले यस जिल्लाको जुनसुकै भागको यातायातको अवस्था चिन्ताजनक र दुर्गम अवस्थामा रहेको छ। आफ्ना छिमेकी जिल्ला सिन्धुपाल्चोकको बाह्रबिसेसम्मको राजमार्गको पक्की बाटोमा मोटर, बस चढ्न पाइन्छ। त्यसपछि उकालो, ओरालो, समथर र नदी र खोलाको किनारै किनार बनाइएको गोरेटो र घोडेटोले जोडेका बाटोहरूको माध्यमद्वारा विभिन्न पञ्चायतहरूमा आवत जावत गर्छन्। शायद लामो साँगुदेखि जिरीसम्मको प्रस्तावित राजमार्ग पूरा भएपछि कैयन लेक, बेंसी, बस्ती र खोला नाला पार गर्दै राजधानी काठमाडौं पुग्ने आकांक्षा लिएर दोलखालीहरू बसिरहेका छन्। गोरेटो र घोडेटोमा जेलिएर रहेका अनगिन्ती बाटाहरूमध्ये बाह्रबिसे–चरिकोट बाटो, चरिकोट–घोप्टे ओडार बाटो, चरिकोट–जिरी बाटो, चरिकोट–रामेछाप, दोलालघाट–दोलखा आदि बाटाहरूले विभिन्न गाउँ र बस्तीहरूलाई एकातिर जोडेका छन् भने अर्कोतिर हुलाकी बाटा र गाउँ घरका गोरेटाहरूले बेंसी र पाखा जाने धर्काहरू रात्रैसित कोरेका छन्। यस जिल्लाका केही कच्ची गोरेटो र घोडेटो बाटोहरूको परिचय यसप्रकारको छः–

बाह्रबिसे–चरिकोट बाटो

काठमाडौंबाट बाह्रबिसेसम्मको करीब नौ कोस राजमार्गसम्म मोटर अथवा बसबाट पुगिन्छ। बाह्रबिसेमा ओर्लेपछि पैदल हिंड्दै सिन्धुपाल्चोक जिल्लाको जलजले, रोल डाँडासम्मको साधारण बस्तीलाई पार गरिसकेपछि करीब चार कोसको ठाडो उकालो उक्ली नाकमा ठेस लगाउँदै नाघेपछि धारे ढुङ्गा आइपुग्छ। धारेढुङ्गा दोलखा जिल्ला र सिन्धुपाल्चोकको दोसाँध हो। एउटा साधारण धारेढुङ्गा खोला छ। धारे ढुङ्गाबाट ओरालो हुँदै सानातिना जङ्गल पार गरेपछि बोच गाउँ आइपुग्छ। बास बस्नु परेमा यहीं बोच भन्ने ठाउँमा साधारण खालका खाने बस्ने पसलहरू छन्। बोच गाउँबाट अघि सर्दै चरणावती नदीमा काठको पुल तरेर बोच मकैंबारी पुगेपछि अलि समथर बाटो पार गर्दै दोलखा जिल्लाको सदरमुकाम चरिकोट पुगिन्छ। बाह्रबिसेबाट धारेढुङ्गासम्म करीब पाँच कोस र धारेढुङ्गाबाट चरिकोटसम्म अन्दाजी चार कोशको दूरी छ।

परम्परादेखि चल्दै आएको हुलाकी गोरेटो पनि यही हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लामो साँगु–जिरी प्रस्तावित राजमार्ग

लामो साँगुबाट जिरीसम्म करीब ७,५०,००,००० को लागतमा १०० किलोमिटर लामो राजमार्ग बनाउने प्रस्तावित योजना तयार भएको छ। काठमाडौंदेखि कोदारीसम्मको अरनिको राजमार्गमा सवारीका आधुनिक साधन चढेर बाह्रबिसेमा ओर्लेपछि पैदल हिंड्दै चरिकोट पुग्नु पर्नेमा अब सुनकोशीको लामो साँगुमा ओर्लेर जिरीसम्म बसमा पुग्न सकिने भएको छ। काठमाडौं, भक्तपुर हुँदै सिन्धुपाल्चोक जिल्लासम्म बस चढ्न पाइनेमा अब यी तीन जिल्लामा पाइला राख्दै सुनकोशी नदीको लामो साँगु तरेपछि दोलखा जिल्ला छुन पुग्छ। त्यसपछि यस राजमार्ग स्वाम्रा, थुम पाखर, सानो पाखर, ठूलो पाखर, सिलढुङ्गा, मुडे भई निगाले–सम्म आइपुगेपछि घुमाउरो घुम्ती धेरै नै पार गरी सुर्के हुँदै घट्टे खोला, सेरा बेंसी, चरङ्गे खोला अनि सदरमुकाम चरिकोटभन्दा नजीकै दक्षिणमा रहेको किरातीछाप आइपुग्छ। त्यहाँबाट बुस्तीको पुल तरेर तामाकोशी पार गर्नुपर्छ। बुस्ती पछि नाम्दू, काब्रे, चिसापानी भएर सिरी हुँदै गएको यो बाटो जिरीमा गएर टुङ्गिन्छ। प्रस्तावित यो राजमार्ग पूरा भएपछि यस भेकको सर्वतोमुखी विकास हुन जानेछ। काठमाडौंदेखि जिरीसम्म मोटरबाट पुग्न पाइने भएपछि खिमतीलो माथिल्लो भेकको नदीको किनारामा रहेका करीब ३०,०००जति नरम जातका रूखहरू प्रत्येक वर्ष जङ्गललाई हानि नपुऱ्याउने किसिमबाट उपयोग गर्न सकिने हुनाले यस भेकमा फर्निचर उद्योग चलाउन सकिने छ। कागज उद्योग, निगाला र बाँसबाट तयार हुने सामानहरू, जरीबूटीको खेती र प्रशोधन आदि कार्य पनि तीब्रगतिले बढ्न थाल्ने छ। सबभन्दा नयाँ कुरो त यस राजमार्गले नेपालको पर्यटन विकासमा एउटा नयाँ अध्याय थप्न जाँदै छ भन्ने कुरा सिद्ध भइसकेको छ। यस राजमार्गमा पर्ने निगालेको भञ्ज्याङबाट हिमाली श्रृङ्खलाको दृश्य गजब राम्रोसित देखिन्छ। पर्यटनको लागि निगाले एउटा अखडा बन्न जाने छ। थोरै खर्चमा विभिन्न अनौठो र आश्चर्य मानिने खालका प्राकृतिक सौन्दर्य हेर्न पाइने मौका यस राजमार्गले दिने छ। साथै यस बाटोले गर्दा तल्लो भेकतिर सुन्तला, जुनार, कागती आदि फलफूल खेती गर्न ठूलो मद्दत पुग्नुको साथै ती फलफूलहरूलाई काठमाडौंको बजारमा समेत सजिलैसित पुऱ्याउन सकिन्छ। यातायातको कठिनाइबाट उम्किन पाएपछि यस भेकमा कृषि, फलफूल, पशु-पालन, घरेलु उद्योग आदि सबै किसिमका उद्योगको लागि राम्रो किसिमले ढोका खुल्न गएको छ। यो बाटोको करीब मध्यभागमा दोलखा जिल्लाको सदरमुकाम चरिकोट पर्दछ। यस राजमार्गले चरिकोटलाई नछोएर यसको नजीकै दक्षिणपट्टिबाट तामाकोशी पार गर्ने भए तापनि भविष्यमा यो बाटोबाट सहायक मार्ग निर्माण गरी चरिकोटलाई जोड्न सकिन्छ।

चरिकोट–घोप्टे ओडार बाटो

सदरमुकाम चरिकोटबाट दोलखा बजार हुँदै सुन्द्रावतीको काठे पुल पार गर्दै सिंगटी भई बोर्लेबाट किनारै किनारा लागी लामा बगर गोंगर भई तिब्बतसम्म पुग्न सकिने घोडेटो बाटो छ। चरिकोटबाट ओरालो झरेपछि दोलखा बजार आइ पुगिन्छ। दोलखाबाट कहीं ओरालो कहीं समथर गोरेटो बाटोहरूलाई पार गर्दै बोर्ले पुगेपछि भोटेकोशीलाई नछाडी किनारै किनार लागी लामा बगर गोंगर पार गरेपछि घोप्टे ओडार आइपुग्छ। चरिकोटबाट घोप्टे ओडारसम्मको दूरी करीब १२कोस छ। यस बाटोमा चाँगु, विगु, सिङटी, कुटुङ, नागदह, झ्याकु आदि गाउँहरूको साथै अगल बगलका खारे, देउलिङ्गेश्वर महादेव, तिनेखु महादेव आदिको स्थान पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चरिकोट–जिरी बाटो

चरिकोटबाट जिलु आइपुगेपछि ओरालै ओरालो झर्दै बुस्ती, तामाकोशीको झोलुङ्गे पुलमा आइपुगिन्छ। पुल पार गरेपछि बुस्ती, नाम्दू, काब्रे, यार्साको उकालो चढ्दै गएपछि सो उकालो नाथे लौरीसम्म नपुगुन्ज्याल रही नै रहन्छ। त्यसपछि एउटा सानो उपत्यका सिक्रीमा झर्नु पर्छ र जिरी सिक्रीको नाके डाँडो उक्लेपछि जिरी उपत्यकामा पुगिन्छ। यस उपत्यकामा बहुमुखी योजना सञ्चालित छ। यहाँ जिरेलहरूको घना बस्ती छ। साथै उप्रेती, क्षेत्री, खड्काहरू पनि छन्। चरिकोटबाट जिरीसम्मको गोरेटो बाटो करीब सात-आठ कोसको बीचमा पर्छ। जिरीबाट खिमती छघाङमाला देउराली हुँदै सोलुखुम्बू जाने बाटो पनि यही पर्छ। वैद्येश्वर महादेव बाटैमा पर्दछ।

चरिकोट–रामेछाप बाटो

चरिकोट जिलु ओरालो झर्दै बुस्ती झोलुङ्गे पुल भई उकालो चढी बुस्ती गाउँमा आइपुगिन्छ। त्यस गाउँ हुँदै गोपी गङ्गा काठे पुल पार गरिसकेपछि उकालो चढी भीरकोट डाँडा गाउँको उप्रेतीहरूद्वारा स्यापित चारधामको मन्दिरमा पुग्नुपर्छ। त्यस मन्दिरलाई पार गरिसकेपछि जफे, मालुको समथर समथर बाटो हुँदै छिमती ओरालो झरी खिमती खोलाको झोलुङ्गे पुल काटेपछि खिमती बेंसी आइपुग्छ। त्यताबाट टेकानपुर, मन्थली बेंसी, रणजोर, सुखजोर खोलो तर्दै उकालो लागेपछि रामेछाप जिल्लामा पुगिन्छ। रामेछापबाट सिन्धुली जोड्ने बाटो पनि साथै पर्दछ। चरिकोटबाट रामेछापसम्मको गोरेटो बाटो करीब १५।१६ कोसको छ। बीच बीचमा खान बस्नको लागि पाटीहरू, थाकेर विश्राम लिन बाटा बाटामा चौताराहरू र बीच बीचमा केही किन्नको लागि पसलहरू समेत छन्।

चरिकोट–मेलुङ बाटो

चरिकोटबाट ओरालो झर्दै किराती छाप भई चरणावती (हाल बनेको पुल पार गरी) साँगुतीको पुछार हुँदै अँधेरी खोलामा आइपुग्नु पर्छ। अँधेरी खोलालाई पार गर्दै पोगोटीको पुछार पुछार ध्याले खर्क भई ध्याङ खोलो पार गरेर सुकाठोका भेड्पु हुँदै मेलुङ पुगिन्छ। त्यसबाट दक्षिण सिन्धुली जाने बाटोलाई यसैले जोड्दछ। चरिकोटदेखि मेलुङसम्मको करीब सात कोस बाटोको आसपासमा पर्ने पोगटी गाउँमा घना बस्ती छ।

दोलालघाट–दोलखा बाटो

दोलखा सदरमुकाम चरिकोटबाट तेर्सै मकैबारी गाउँ पञ्चायत हुँदै टाँडीको ओरालोबाट चरणावती नदीको झोलुङ्गे पुल तरी सेराबेंसीमा बास बस्न पुगिन्थ्यो। सेराबेंसीबाट बोच्र गाउँ पञ्चायत सुर्केको उकालोसम्म दोलखा जिल्ला पर्दछ। सुर्के सिह्लानबाट काभ्रेपलाञ्चोक जिल्लाको पुराना गाउँको ओरालो भई फेदा, धादिङ हुँदै लिसंखु खोला पुगिन्छ। लिसंखु खोला तरी सिन्धुपाल्चोक जिल्लाको उकालो चढी लिसंखु गाउँ, बाफल खोला, निगाले, साँगास्वतीको जङ्गल, चौबास,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिपलु, डुम्रे हुँदै दोलालघाट पुगिन्थ्यो। सुनकोशी नदी, इन्द्रावती नदीको झोलुङ्गे पुल तरी काभ्रे पलाञ्चोक जिल्ला पल्लो दोलालघाट, चाखु खोलाको फेरो, भ्याकुरेको उकालो, होकसे, पाँचखाल, झिकु खोला, मसाने पाटीको उकालो, रवि, श्रोपी डाँडा हुँदै बनेपा पुगिन्थ्यो। बनेपाबाट साँगा बजार हुँदै भक्तपुर पुगेपछि लरी वा जीप सर्भिसबाट राजधानी काठमाडौं पुगिन्थ्यो। हाल यो बाटो चल्तीमा छैन।

हवाइ सेवा

नियमित सेवा नभए तापनि जिरीमा एउटा स्टोल ग्राउण्ड छ। चार्टर गरिएको हवाइ जहाज चल्दछ। हवाइ सर्भिस नहुँदा पर्यटन उद्योग यहाँ चल्न सकेको छैन। कैयन पर्यटकहरू ट्रेकिङको लागि लामुसाँगु देखि जिरी हुँदै नाम्चे तर्फ जान्छन्।

सञ्चार

आकाशवाणी

दोलखा जिल्लाको सदरमुकाम चरिकोटमा आकाशवाणी स्याटेलाइट छ। यस स्याटेलाइट केन्द्रबाट जनकपुर अञ्चलको रामेछाप, सिन्धुली, धनुषा, महोत्तरी र सर्लाहीसँग र काठमाडौंमा सोझै सम्पर्क स्थापना हुन्छ। साथै लामा बगरमा रहेको प्रहरी चेकपोष्टको आकाशवाणी खालि सरकारिया कामको लागि मात्र प्रयोग गरिन्छ। यस जिल्लाको आकाशवाणी स्याटेलाइट केन्द्रबाट वर्षमा आउने खबर १,५०० र खबर जाने संख्या १,००० छ।

हुलाक

यस जिल्लामा जम्मा ११ वटा हुलाकमध्ये छोटी हुलाक एक, शाखा हुलाक चार, अतिरिक्त हुलाक पाँच र सहकारी हुलाक एक छन्। हुलाक रहेको स्थान र हुलाकको स्तरको वर्गीकरण यसप्रकार छः–

स्थान	स्तर	पञ्चायत
चरिकोट	छोटी हुलाक	चरिकोट
मेलुङ	शाखा हुलाक	मेलुङ
चित्रे	शाखा हुलाक	चित्रे
लामा बगर	शाखा हुलाक	
जिरी	शाखा हुलाक	जिरी
दोलखा बजार	अतिरिक्त हुलाक	दोलखा
जफे कालापानी	अतिरिक्त हुलाक	जफे
वैतेश्वर	सहकारी हुलाक	नाम्दु
क्षमावती	सहकारी हुलाक	सुस्पा

शाखा र अतिरिक्त हुलाक बाहेक सदरमुकाममा रहेको छोटी हुलाकमा मात्र वर्षको १४,३४९ चिट्ठीहरू आएको र ८,७८५ गएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

नेपाल अधिराज्यमा सबैभन्दा बढी अर्थात् १८.२ साक्षर भएको अञ्चल वागमती अञ्चल र सबैभन्दा बढी अर्थात् ३८.३ प्रतिशत साक्षर हुने जिल्ला चाहिं काठमाडौं जिल्ला हो। यिनै चौध अञ्चल भित्रको एउटा अञ्चल जनकपुर अञ्चलको साक्षरता प्रतिशत १०.६ हुन आएको छ। हुन त आञ्चलिक दृष्टिले कर्णाली, सेती, भेरी र राप्ती अञ्चलपछिको सबैभन्दा कम प्रतिशत साक्षर भएको अञ्चल जनकपुर अञ्चल भए तापनि वागमती अञ्चलका आठ जिल्लामध्ये काठमाडौं, पाटन, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लालाई छाडेर बाँकी जिल्लाको तुलनामा जनकपुर अञ्चलको सबै जिल्लाहरूको साक्षरता स्तर माथि नै छ। दोखलाको साक्षरता प्रतिशत १०.१ हो। काठमाडौंका र अरू धेरै पहाडी र तराई क्षेत्रका अर्थात् मनाङ, डोल्पा, रूकुम, रोल्पा, सल्यान, हुम्ला, मुगु, तिब्रीकोट, जुम्ला, जाजरकोट, दैलेख, बाजुरा, रौतहट, कैलाली आदिको तुलनामा दोलखा पछाडी पर्न गएको छैन। आफ्नो चारैतिरको छिमेकी जिल्लाहरूसित थोरै प्रतिशतको फरकमा प्रतिस्पर्धा गर्नु परेको छ भने कुनै छिमेकी जिल्ला सिन्धुपाल्चोक त साक्षरताको दौडानमा ज्यादै नै पछि पर्न गएको छ। जे होस् दोलखा जिल्लालाई साधारणतया समान हाराहारीमा विकसित जिल्ला मान्नुपर्दछ। यस अञ्चलको सबैभन्दा कम अर्थात् ८.२ प्रतिशत मात्र साक्षर हुने जिल्ला सर्लाही हो।

दोलखा जिल्लामा छ वर्षभन्दा माथि उमेर भएका मानिसहरूको संख्यामा ५२,८४८ पुरुष तथा ५५,७९४ महिला गरी जम्मा संख्या १,०८,६४२ छ। त्यसमध्ये १८.३ प्रतिशत अर्थात् ९,६९० पुरुष र २.३ प्रतिशत अर्थात् १,२७८ महिला गरी १०.१ अर्थात् १०,९६८ जनता साक्षर छन् भने त्यस्तै ८९.९ प्रतिशत अर्थात् ९७,६७४ पुरुष र महिला दोलखा जिल्लामा निरक्षर छन्।

छ वर्षभन्दा माथि उमेर भएका १०,९६८ साक्षर जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गर्दा देखिएको रूपरेखा यसप्रकार छः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६–९	७,००१	६२६	८.९	६,८५२	१६१	२.३	१३,८५३	७८७	५.७
१०–१४	८,७६९	२,१५७	२४.६	७,७२५	३६०	४.७	१६,४९४	२,५१७	१५.३
१५–१९	६,८२८	१,७५३	२५.७	६,४८७	२६१	४.०	१३,३१५	२,०१४	१५.१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०–२४	४,६७८	१,०७३	२२.९	५,३५५	१३०	२.४	१०,०३३	१,२०३	१२.०
२५–२९	४,३७३	८५०	१९.४	५,२६३	१०४	२.०	९,६३६	९५४	९.९
३०–३४	४,०६०	६७२	१६.६	४,९१७	५४	१.१	८,९७७	७२६	८.१
३५–३९	३,७१७	६२०	१६.७	४,१७९	६२	१.५	७,८९६	६८२	८.६
४०–४४	३,१५५	४७०	१४.९	३,८५०	४४	१.१	७,००५	५१४	७.३
४५–५४	४,६६८	७२६	१५.६	५,१३६	४९	१.०	९,८०४	७७५	७.९
५५–६४	३,४१२	४५२	१३.२	३,७९४	३४	.९	७,२०६	४८६	६.७
६५ देखि माथि	२,१८७	२९१	१३.३	२,२३६	१९	.८	४,४२३	३१०	७.०
जम्माः–	५२,८४८	९,६९०	१८.३	५५,७९४	१,२७८	२.३	१,०८,६४२	१०,९६८	१०.१

तालिकाबाट अध्ययन गर्दा १० वर्षदेखि २९ वर्षको उमेर समूहमा साक्षरताको प्रतिशत बढेको देखिन्छ। तर २५ वर्षदेखि माथिको उमेर समूहको महिला वर्गमा साक्षरताको प्रतिशत घटे तापनि साक्षरताको महत्वलाई चाहिं यसै खेर जान दिएका छैनन्। हुन त यस जिल्लाका १०.१ प्रतिशत मानिसहरू साक्षर भए तापनि विभिन्न आर्थिक, सामाजिक र भौगोलिक कारणले गर्दा अझ भने जस्तो रूपमा विकसित हुन सकेका छैनन्। विशेष गरी बाहुन, क्षेत्री, नेवार जातिले शिक्षामा रुचि राख्ने गरेका र ज्यादै नै कम मात्रामा तामाङ, थामी, शेर्पा, जिरेलहरूले रुचि राख्ने गरेकाले यी जातिहरू धेरै नै पिछडिएका छन्। छ वर्षभन्दा माथि उमेर भएका जम्मा ५५,७९४ महिलाहरूमध्ये २९,३७५ जना महिला २५ वर्षभन्दा माथिको उमेर समूहमा परेकोले यस समूहमा जम्मा ३६६ महिला मात्र साक्षर छन्।

वि. सं. २०२८ सालको जन गणनाअनुसार यस जिल्लामा भएका छ वर्षदेखि नौ वर्षका केटाकेटीको संख्या १३,८५३ मध्ये ७८७ मात्र साक्षर भएका र बाँकी १३,०६६ चाहिं निरक्षर नै रहेका देखिन्छन्। यसरी हेर्दा १३,०६६ केटाकेटीहरूले शिक्षामा चाख लिई विद्यालयमा जानुको सट्टा घरायसी काममा बढी ध्यान दिएको प्रष्ट हुन्छ। हुनत १० वर्षभन्दा माथिको समूहलाई आर्थिक दृष्टिबाट सक्षम जनशक्ति भनेर "जनसंख्या र जन जीवन परिच्छेद्" मा उल्लेख गरे तापनि १३,०६६ केटाकेटीले कुनै न कुनै रूपमा जीवन निर्वाहकोलागि शिक्षा प्रति दिलचस्पी नलिई प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा आर्थिक फाइदा उठाइने दिशातिर लागेकाछन् भन्न करै लाग्छ। आर्थिक वर्ष २०२९।२०३० मा विभिन्न स्तरका विद्यालयहरूको माध्यमद्वारा ६१ वटा साक्षर कक्षा सञ्चालन भएको थियो।

गाउँ पञ्चायत ३८ वटा भएको दोलखा जिल्लामा विभिन्न स्तरका जम्मा ६९ शिक्षण संस्थाहरू छन्। माध्यमिक विद्यालयसम्मको पढाइ हुने भएकोले यस जिल्लामा महाविद्यालय स्थापना चाहिं अझै भएको छैन। हालसम्म भएको विभिन्न स्तरका शिक्षण-संस्थाहरू यसप्रकारछन्:–

माध्यमिक विद्यालय	४
निम्न माध्यमिक विद्यालय	२
प्राथमिक विद्यालय	६३
जम्मा:–	६९

विभिन्न स्तरका विद्यालयहरू जिल्लाको विभिन्न ठाउँमा छरिएर रहेका छन्। जिल्लाको सदरमुकाम चरिकोटमा केवल दुईवटा प्राथमिक विद्यालय सिवाय केही छैन। हुन त दोलखा गाउँ पञ्चायत, जिरी गाउँ पञ्चायत, नाम्दू गाउँ पञ्चयात र सुस्पा गाउँ पञ्चायतमा प्राथमिकदेखि माध्यमिकसम्म पढाइने भए तापनि ती पञ्चायत-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूमा छुट्टै प्राथमिक विद्यालयहरू देखिंदैनन्। काटाकुटी गाउँ पञ्चायतभित्र त चारवटा प्राथमिक विद्यालय सम्म चलेका छन्।

दोलखा जिल्लाका विभिन्न ६९ शिक्षण संस्थामा अध्ययन गर्ने छात्र छात्राहरूको तथ्याङ्क तल दिइन्छः-

स्तर	छात्र	छात्रा	जम्मा
माध्यमिक	६४०	१५३	७९३
निम्न माध्यमिक	२४९	५८	३०७
प्राथमिक विद्यालय	२,६१७	४९९	३,११६
जम्माः–	३,५०६	७१०	४,२१६

प्राथमिकदेखि माध्यमिक तहसम्म अध्ययन गर्ने विभिन्न उमेर समूहका छात्रछात्राको कुल संख्या ४,२१६ छ। ती विभिन्न तहका छात्रछात्राहरूलाई पढाउने शिक्षकहरूको संख्या १५२ मध्ये तालीम प्राप्त ६८ र तालीम नपाएका ८४ छन्। १५२ शिक्षकमा तीन जनामात्र शिक्षिका र संपूर्ण शिक्षकमा जिल्लाबाहिरबाट आएका १० जनामात्र छन्।

आर्थिक वर्ष २०३१।०३२ को योजनाअनुसार यस जिल्लामा राष्ट्रिय शिक्षा योजना २०३१ साल पौष १ गतेदेखि लागू हुँदैछ। दोलखा जिल्लाका मध्यम वर्गीय निवासीहरूको आर्थिक अवस्था राम्रो भएको हुनाले यिनीहरूले शिक्षामा रुचि लिनुको साथै राष्ट्रिय शिक्षा योजनालाई कुरेर बसेकाछन्। प्रमुखजिल्ला अधिकारीको कार्यालयमा रहेको शिक्षा शाखाबाट शैक्षिक प्रशासनको सबै काम हुन्छ। माथि उल्लेख गरिएका ६९ शिक्षालयमध्ये ६६ वटाका पक्की भवन भएका, बाँकी रहेका र अरू थप विद्यालयहरू समेतको जम्मा १६ वटा कच्ची भवन छ। यस जिल्लाको शिक्षाको निम्ति आ.व. २०२९।०३० मा श्री ५ को सरकारले १,७५,२९६। अनुदान दिएको थियो।

वि.सं. २०२८ को जनगणनाअनुसार यस जिल्लाको छ वर्षभन्दा माथि उमेर भएका १,०८,६४२ जनसंख्यामध्ये १,०४,५१७ ले विद्यालयमा प्रवेश नै नगरेको देखिन्छ। बाँकी ४,१२५ जनसंख्यामध्ये ३,१७४ जनाले पाँचवर्षे प्राथमिक विद्यालय, ६५८ जनाले दुई वर्षे निम्न माध्यमिक, २६९ जनाले माध्यमिक, १९ जनाले इण्टरमिडियट, चार जनाले स्नातक स्तर, एक जनाले सोभन्दा माथिको स्तरको विद्यालयमा प्रवेश गरेको पाइन्छ। प्राथमिक विद्यालयमा प्रवेश गरेको संख्यालाई हेर्दा शिक्षाको महत्व बुझेर पनि माथिल्लो स्तरमा अर्थात् स्नातक स्तरमा पुग्दा यसको संख्या ज्यादै नै थोरै भेट्टाइन्छ।

यसै सन्दर्भमा लिइएको अर्को तथ्याङ्कअनुसार दोलखा जिल्लाका छ वर्षभन्दा माथि उमेर भएका पुरुष तथा महिलाहरूमध्ये १,११९ ले प्राथमिक, २१७ ले निम्न माध्यमिक, २२९ ले माध्यमिक, ५२ ले इन्टरमिडियट, २४ जनाले स्नातक स्तर र सात जनाले स्नातकोत्तरको शिक्षा पूरा गरेको देखिन्छ। यस जिल्लामा स्नातक स्तरको उपाधि प्राप्त गर्ने महिला कोहि पनि छैन।

नेपाल अधिराज्यको सालाखाला अर्थात् १३.९ प्रतिशत साक्षरताको स्तरमा पुग्न १०.१ प्रतिशत साक्षरता भएको दोलखा जिल्लाले राम्रोसित ध्यान दिए स्तर र प्रतिशत बढ्न सक्ने सम्भावना प्रशस्त देखिन्छ।

यस जिल्लाका प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक विद्यालयहरूको आर्थिक स्रोत सरकारी अनुदान र मासिक शुल्क नै देखिन्छ। सञ्चालक समितिको तर्फबाट निम्नलिखित माध्यमिक विद्यालयहरूमा निम्न बमोजिमको रकम संकलन हुने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालयको नाम	उठ्ने रकम
जिरी बहुउद्देशीय माध्यमिक विद्यालय	रू. ५,५८६।
त्रिभुवन माध्यमिक विद्यालय मेलुङ	रू. ८,७७१।
भीम पब्लिक माध्यमिक विद्यालय	रू. १८,७६२।
क्षमावती माध्यमिक विद्यालय	रू. १,६६२।

स्वास्थ्य

बहुमुखी विकास आयोजना अन्तर्गत जिरीमा एउटा अस्पताल छ । अधिराज्यभरी नै काठमाडौं बाहिर यस्तो अस्पताल विरलै पाइन्छ होला ।

यस अस्पतालको आ. व. २०३०।०३१ को प्रगति निम्नानुसार छः–

आउट-डोर उपचार बिरामी संख्या	१६,१३८
इन-डोर उपचार बिरामी संख्या	६९३

अस्पतालबाट परिवार नियोजनतर्फ गरेको प्रगति

विवरण	घुम्ती टोलीद्वारा	अस्पतालमा	जम्मा
भ्यासेक्टोमी	९	५७	६६
लूप	–	५५	५५
पिल्स	१०१	१५५	२५६
कण्डम	१६९	४४	२१३
शिशु उपचार	–	६७८	६७८

चरिकोट आदर्श गाउँ पञ्चायत अन्तर्गत सदरमुकाम चरिकोटमा एउटा हेल्थ सेण्टर छ । हेल्थ असिष्टेण्टद्वारा बिरामीहरूको उपचार कार्य भइरहेको छ । सदरमुकाममा रहेको हेल्थ सेण्टर बाहेक अरू पञ्चायतहरूमा हेल्थ पोष्टसम्म नभएकोले जिल्लाका सबै बिरामीहरू यही हेल्थ सेण्टरमा ओखति गर्न आउँछन् । आर्थिक वर्ष २०२९।२०३० मा यस हेल्थ सेण्टरबाट ४,३४५ रोगीहरूको उपचार भएको थियो । यस हेल्थ सेण्टरबाट निःशुल्क उपचार गरिन्छ । यसको साथै लापिलाङ्मा एक आयुर्वेदिक औषधालय छ ।

सर सफाइ राम्रोसित नगर्ने, खानापिनामा समेत कुनै किलिमको वास्ता नराख्ने र जहाँको पायो उहिको पानी खाने गर्नाले यस जिल्लामा टी. बी., झाडावान्ता, जुका र चुर्ना, आउँ, मधुमेह, ब्रोङ्काइटिस र निमोनिया आदि रोगहरूले जिल्लाबासीहरूलाई सताइरहेको छ ।

औलो उन्मूलन कार्यक्रम २०१६ सालदेखि शुरू भएको छ । मेलुङ गाउँ पञ्चायतमा औलो उन्मूलन युनिट रहेको छ । ठाउँ ठाउँमा डी. डी. टी. पाउडर छरी औलोको रोगबाट बचाउने काम भइरहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोलखा गाउँ पञ्चायत अन्तर्गत दोलखा बजारमा परिवार नियोजनको एउटा जिल्ला शाखा रहेको छ। परिवार नियोजनबाट पिलसको प्रयोग र प्रचारको काममा बढी सक्रियता देखाइएको छ। नियोजनप्रति नै मानिसले राम्रोसित ध्यान दिएका छैनन् तापनि जिल्ला परिवार नियोजन कार्यालय दोलखाबाट आ.व. २०३०।३१ मा भएको प्रगति निम्नबमोजिम छ :–

किसिम	संख्या	किसिम	संख्या
भ्यासेक्टोमी	१४	पिलस प्रयोग गर्ने	४५५
कण्डम प्रयोग गर्ने	३८८	दुई वर्ष माथिको बच्चा उपचार	९६८
सुत्केरी आमाको उपचार	२	बिफरको सुई दिएको	६
बी. सी. जी. दिएको	४	डी. पी. डी.	१८०

विफर उन्मूलनतर्फ भरखरै मात्र सर्वेक्षण प्रारम्भ भएको छ।

खानेपानी

खानेपानीको समस्या पहाडी जिल्लामा परिनै रहने हुनाले सुनखानी, नाम्दू आदि पञ्चायतहरूमा पाइपद्वारा खानेपानी ल्याई पानीको समस्या समाधान गरेका छन्। साथै सामुदायिक खानेपानी योजनाको निर्माण कार्य विभिन्न गाउँ पञ्चायतहरूमा चालू भइरहेका छन्। आ. व. २०२०। ०२१ देखि २०३०।३१ सम्म यस जिल्लाको विभिन्न ठाउँमा कुलो र पाइपद्वारा २४ वटा गाउँस्तरीय खानेपानी योजना पूरा गरी ३२ वटा धाराबाट जिल्लाबासीहरूले पानी खान पाएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

लिच्छविकालको उत्तरार्धमा दोलाखामा प्रशासको लगि 'विषयपति' (बडाहाकिम) नियुक्त थिए होलान्; साथै गुल्म र शुल्क शाला रहे होलान् भन्ने अनुमान हुन्छ। मध्यकालको पूर्वार्द्धमा दोलखाका सामन्त शासक केन्द्रका शासकको आज्ञामानी शासन गर्दथे तापनि स्थानीय प्रशासनमा उनी निकै स्वतन्त्र थिए। मध्यकालको उत्तरार्धमा दोलखा एक स्वतन्त्र राज्य जस्तै बनेपछि भारदारी प्रथाको विकास भयो। दोलखा कान्तिपुर राज्यमा गाभिए पछि शासन व्यवस्थामा केही परिवर्तन भयो। त्यस बेला प्रत्येक ठूला बस्तीमा स्थानीय प्रशासन चलाउन 'प्रमान' (बडाहाकिम) नियुक्त गरिन्थे। साना बस्तीमा चाँहि 'द्वारे' नियुक्त गरिन्थे। तर आफ्नो पक्षमा मिलन आएका दोलखाका भूतपूर्व शासकका वंशजरूलाई पनि मल्ल राजाहरूले 'प्रमान' का रूपमा कायम गरे। उनीहरू चाँहि 'देशवार प्रमान' कहलाए। यसरी दोलखामा 'दोहरो प्रमान' रहने व्यवस्या भयो। केन्द्रबाट नियुक्त प्रमानको काम देखरेख गर्नु मात्र रहेको बुझिन्छ। स्थानीय प्रशासन सम्बन्धी जरूरी कामकाज देशवार प्रमानहरूकै हातमा रहेको देखिन्छ। प्रमान पछि प्रशासनको एक प्रमुख अङ्गको रूपका अधिकारी 'उमरा' हुन्। थुमथुम, नाक नाका हेरी 'उमरा' नियुक्त हुन्थे। उमराको मुख्य काम शान्ति सुरक्षा कायम गर्नुहुन्थ्यो तापनि भूमिव्यवस्था सँग पनि उमराको घनिष्ठ सम्बन्ध रहन्थ्यो। त्यस पछि अर्को प्रमुख अङ्ग 'छरिदार' हुन् भन्न सकिन्छ। यी दौडाहा टोलीका अधिकृत हुन्।

दोलखा गोरखा सँग मिलेपछि यहाँको प्रशासन व्यवस्थामा केन्द्रबाट नियुक्त गरिने 'प्रमान' को स्थान अमालीले लिए। सबै दृष्टिले दोलखा त्यसबेला सम्म पनि महत्वपूर्ण प्रदेश हुँदा पृथ्वीनारायण शाहले यस प्रदेशको देखरेखको अभिभारा पहिले युवराज प्रतापसिंहलाई सुम्पे। पछि काठमाडौं विजय गरेपछि पृथ्वीनारायण शाहले भाइ दलजित शाहलाई दोलखाका विशेष अमाली रूपमा नियुक्त गरे। यसै परम्परा अनुसार पछि सम्म पनि एक विशेष चौतरिया दोलखाका अमाली नियुक्त गर्ने चलन जस्तै कायम रह्यो।[1]

वि. सं. १९३६ देखि दोलखामा अदालत र जङ्गी परेठ रहन थाल्यो। दोलखा, रामेछाप, चिसंखु र सिन्धुली समेतको क्षेत्रको रामेछापमा मुकाम कायम गराई माल अड्डाले काम गर्दै आएकोमा २००८ सालमा माल अड्डा दोलखामै बस्यो। पञ्चायती व्यवस्था शुरू हुनुभन्दा अघिसम्म प्रशासन रामेछापबाट र

---

१ धनवज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठको माथि उल्लिखित किताब, पृष्ठ ४५–५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक प्रशासन दोलखाबाट चलि नै रह्यो। पञ्चायती व्यवस्थाको सूत्रपात भएपछि २०१८ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ विकास जिल्लामा विभाजन गरेपछि दोलखा अहिले आएर स्वतन्त्र जिल्लाको रूपमा जनकपुर अञ्चल प्रशासन अन्तर्गत प्रमुख जिल्ला अधिकारीद्वारा प्रशासित हुन थालेको छ।

प्रमुख जिल्ला अधिकारीको कार्यालय र जिल्ला पञ्चायत कार्यालयको साथै अरू जिल्लास्तरीय कार्यालयहरू सदरमुकाम चरिकोटमा रहेका छन्। यहाँ रहेका कार्यालय यसप्रकार छन्:–

सरकारी

जिल्ला अदालत
माल कार्यालय
सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय
जिल्ला भूमिसुधार कार्यालय
पशु चिकित्सालय

सरकारी

जिल्ला प्रहरी ठाना
हेल्थ सेण्टर
कारागार कार्यालय
छोटी हुलाक
जिल्ला शिक्षा कार्यालय

अन्य

कृषि विकास बैंक, उप–शाखा
परिवार नियोजन तथा मातृ शिशु कल्याण, उप-शाखा
आकासवाणी स्याटेलाइट

प्रहरी

सदरमुकाम चरिकोटमा एउटा जिल्ला प्रहरी ठाना रहेको छ। यस ठाना अन्तर्गत जिल्लाका अरू ठाउँमा दुई वटा चौकी, एउटा अस्थायी पोष्ट र एउटा चेक पोष्ट छन्।

कारागार

जिल्लाको सदरमुकाम चरिकोटमा ५० जना कैदीहरू अटाउने क्षमता भएको एउटा कारागार भवन छ।

सरकारी वकील

यस जिल्लामा सरकारी वकीलको एउटा कार्यालय छ। राजपत्र अनङ्कित प्रथम श्रेणीको वकीलको दरबन्दी भएको यस कार्यालयको काम सरकारबादी मुद्दामा न्याय सम्बन्धी सर सल्लाह दिनु हो। सरकारी सम्बन्धित मुद्दाहरूको अनुसन्धान र प्रतिरक्षा गर्ने काम सरकारी वकीलको कार्यालयबाट गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्ला अदालत

दोलखा जिल्लाको सदरमुकाम चरिकोटमा जिल्ला अदालत छ। न्याय प्रशासन (विविध व्यवस्था) ऐन २०१८ बमोजिम गठित यस जिल्ला अदालतले आफ्नो परिधि भित्र पर्ने फौजदारी तथा देवानी दुवै किसिमका मुद्दाहरू हेर्छ। नेपाल कानूनमा अर्को व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकार क्षेत्र भित्र पर्ने सबै मुद्दाहरूको शुरू कारवाही र किनारा जिल्ला अदालतले गर्दछ। यस जिल्लामा खासगरी ७५ प्रतिशत मुद्दा लुटपीट सम्बन्धी नै छ। २०२७ सालदेखि २०३० सालसम्म जिल्ला अदालतमा परेका मुद्दाहरूको संख्या तल दिइन्छः—

वर्ष	देवानी मुद्दा	फौजदारी	जम्मा
२०२७	२९४	४१४	७०८
२०२८	३३१	४९७	८२८
२०२९	३६३	४९०	८५३
२०३०	३७१	४२८	७९९

२०२७ सालदेखि २०३० सालसम्ममा देवानी र फौजदारी दुवै गरी जम्मा ३,१८८ मुद्दा जिल्ला अदालतमा परेको देखिन्छ। तर छिनिएको मुद्दाको संख्या १,३२९ देख्दा वर्षमा सालाखाला परेको मुद्दामा आधा मुद्दा मात्र पनि छिनिने गरेको रहेनछ। थुप्रिएर रहेको १,८५९ मुद्दाहरू त छिनिन बाँकीनै छन्।

यस जिल्लामा प्रत्येक वर्ष केही न केही रूपमा मुद्दा मामिलाको संख्या घट्नुको सट्टा बढ्दै गइरहेको छ। हरेक वर्ष देवानी तर्फका लेनदेन, जग्गा खिचोला, अंशबण्डा, बाली बिगो, दर्ताबदर, हक कायम जस्ता आदि शीर्षकमा बढी मुद्दाहरू परेका छन् भने फौज्दारी तर्फ लुटपीट, करकाप आदि मुद्दाहरू महत्व छन्। ज्यान सम्बन्धी, बाल विवाह, बहु विवाह, आत्महत्या, करणी, जुवा आदि सरकारवादी मुद्दाहरू त पर्ने नै भए। दुनियावादीतर्फ सम्पूर्ण मुद्दाको स्वरूप जग्गा खिचोला र त्यही जग्गाबाट उठ्ने लुटपीट तथा कुटपीट देखिएकोले मूलतः यहाँको समस्या जग्गा खिचोला नै हो।

पञ्चायत

दोलखा जिल्ला पञ्चायतको कार्यालय चरिकोटमा राखिएको छ। ३८ वटा गाउँ पञ्चायत भएको दोलखा जिल्ला सभामा प्रत्येक पञ्चायतको प्रतिनिधिस्वरूप ३८ जना सदस्य भएको एउटा जिल्ला सभा पनि छ। दोलखा जिल्लाबाट एक जना प्रतिनिधिले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्दछ। धुरीकर, घट्टकर, घाटकर आदि स्रोत र अरू स्रोतहरूबाट आएको आय हेर्दा ज्यादै नै सीमित रूपमा पञ्चायतहरूको आय स्रोत अडेको छ। जिल्ला सभा कोषमा वार्षिक सरदर ११।१२ हजारसम्म आम्दानी हुन्छ। आर्थिक वर्ष २०२९।०३० मा रू. ११,६९४। आय भएको थियो।

यस जिल्लामा भएका वर्गीय संगठनहरू, तिनीहरूको प्रारम्भिक समिति तथा सदस्य संख्या तल दिइन्छः—

संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
युवक संगठन	२५	२७५
किसान संगठन	२७	२९७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूतपूर्व सैनिक संगठन	११	१२१
महिला संगठन	१६	१७६

यी संगठनहरूले बराबर आ-आफ्नो कार्य क्षेत्र भित्र रही संगठनको लागि सक्रिय छन्। खास गरेर किसान संगठनले किसानको हितको लागि प्रस्तावहरू पारित गरी कार्य प्रगतिकै लागि अघि बढ्दै छन्। तर संगठनहरूको आय स्रोत केही नभएको र कहिले काहीं आउने स्रोतले संगठनलाई विशेष रूपले फाइदा चाहि हुन सकेको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

पहाडी जिल्लाको रूपमा रहेको दोलखा जिल्लाका बासीहरूले विभिन्न समस्या र कठिनाइ भित्र कृषि योग्य भूमिमा कृषि गरेर बसेका छन्। सबैतिरबाट खुम्चिनु र सम्भाव्यतामाथि बढी आशावादी लिएर त्यही पाखा, बेंसी, टार र लेकको घेरामा चक्कर मारिरहेका छन्। पहाडका कन्दराबाट निस्केको पानीको धार र खोल्छाहरू माथि विजय गर्न नसक्दा सुख्खा परेका पाखो र टारहरूको पनि त कुनै न कुनै बखत दिन आउला, ठाडा उकाला र ओरालो माथि पनि त कुनै दिन मानिसले आफ्नो बसमा पार्ला, लेकाली भागमा,भीर, पाखा र लेकमा लटरम्म भएर फलेका फलफूल टिप्दा, अनि व्यवस्थित रूपले पालिएका पशु फार्म देख्दा र काठमाडौंबाट सजिलैसित दोलखा जिल्लासम्म मोटर जाने दिन आउँदा कुन चाहिं दोलखालीको हृदय खुशीले नउफ्रिएला र !

विकास र सम्भाव्यतालाई ध्यान दिएर लामो साँगु-जिरी प्रस्तावित राजमार्ग बन्न लागेको छ। यो बाटो पूरा भएपछि यस भेकको विकासको गतिलाई यसले ठूलो प्रश्रय दिन्छ। त्यस पछि विभिन्न किसिमका उद्योग खुल्नुको साथै अरू विकास कार्यका लागि चाहिने वस्तुहरू ठाउँ ठाउँमा पुऱ्याउन समेत सजिलो पर्छ। सबैभन्दा पहिलो पल्ट यातायातको विकास र सम्भाव्यतालाई लिएर शुरू गरिएको यस योजनाले दोलखा जिल्लाको ठोस विकासको लागि श्रीगणेश भएको छ। लामा-साँगु-जिरी बाटोले विभिन्न दिशाबाट आएर जोडिन सक्ने अन्य बाटोहरूको लागि केन्द्र विन्दु बनेर दोलखाको भविष्यलाई संकेत दिइरहेको छ।

साँगु-जिरी प्रस्तावित राजमार्ग पछि लामा बगरदेखि सिन्धुलीसम्मको करीब ६०माइलको बाटो तयार हुन सके जनकपुर अञ्चलको छ वटै जिल्लालाई दोलखा जिल्लाले छुन पुग्छ। लामा बगरबाट तामाकोशीको अगल बगलबाट बाटो ल्यायो भने सो बुस्तीको पुलमा आए पछि लामा साँगुमा जोडिनेछ। खुर्कोटमा आए पछि दोलालघाट-धनकुटा मार्ग र सिन्धुली आए पछि महेन्द्र राजमार्गलाई जोडिदिन्छ। यसरी यी बाटोहरू जोडिंदा दुर्गम क्षेत्र लामा बगर र महेन्द्र राजमार्ग समेत जोडिंदा खाद्यान्न आदि लैजान सजिलो पर्नुको साथै शैलुङ्को मट्टीतेल खानी, सिम्रिङको नून खानी र जङ्गलका खोटाहरूलाई प्रशोधन गरे पछि सजिलैसँग एक ठाउँबाट अर्को ठाउँमा खाद्यान्न पुऱ्याउने र व्यापारिक आदान प्रदान गर्न सकिन्छ। करीब ८-१० करोड रूपैयाँको लागतमा उक्त बाटोहरू तयार हुन सक्छन्।

खुर्सानी खेतीलाई व्यावसायिक रूपमा खेती गर्न सके प्रशस्त मात्रामा आर्थिक फाइदा हुन जान्छ। बाक्लो माटो र पानीको सुविधा भएको ठाउँमा यसको खेती हुन सक्ने हुनाले गोपी बेंसीमा खुर्सानी फार्म खोल्न सकिन्छ। दुई तीन हजार रोपनी समथर परेको जमीन गोपी बेंसीमा छ। प्रयोगको रूपमा खुर्सानीबोट लगाउँदा धेरै नै सफल भएको कुरा थाहा पाइएको छ। यस ठाउँमा हुने खुर्सानीलाई अकबरी अथवा ज्यानमारा खुर्सानी भन्ने नाम दिइन्छ। यो अति पीरो र सानो खालको हुन्छ। एक रोपनी जग्गामा करीब १,२०० बोट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लगाउन सकिन्छ र त्यसबाट करीब३०० धार्नी खुर्सानी उत्पादन हुन्छ । एक रोपनी जग्गामा खुर्सानी लगाउन करीब २,०००। रूपियाँ लाग्छ। एक पटक लगाएको बोटले तीन चार वर्षसम्म फल दिइनै रहन्छ। चौबीस रूपियाँ धार्नीमा नै बेचे मात्र पनि ७,२००। हुन जान्छ। खुर्सानीको माग लेकतिर र चीनको तिब्बत क्षेत्रतिरबाट पनि भइरहेकोले यसको बजार राम्रो रूपले चल्न सक्ने हुनाले यसको सम्भाव्यता बारे अध्ययन हुनु पर्ने देखिन्छ।

कपास खेती दोलखामा पहिले ज्यादै नै राम्रो रूपले चलेको थियो । तर घरेलु उद्योगको विकासको लागि कपासको खेती अत्यावश्यक भइ सकेकोले यसको खेती हुनु जरूरी छ। नाम्दूको बगलमा दोर्मे र आङटारमा करीब तीन चार हजार रोपनीका खुला जग्गाहरू छन्। रूख कपासको लागि ज्यादैनै सुहाउँदो जमीन भएकोले यस ठाउँमा यसको खेती राम्रो रूपले हुन्छ भन्ने कुरा स्थानीय व्यक्तिहरूले समेत स्वीकारेका छन्। एक रोपनी जग्गामा करीब दुई हजार जति रूख हुन सक्छ। एकबाजी लगाएको रूखले तीन चार वर्षसम्म काम दिइनै रहन्छ। कपास बाह्रै महीना फलिरहन्छ। एक रोपनी जग्गामा बोट लगाउन करीब एक हजार रूपियाँ खर्च गरे पुग्छ। एउटा रूखबाट तीन पाउ जति कपास निस्कन्छ। असल कपास रू. ४०। मा बिक्री हुन्छ। २०।२५ रूपियाँ धार्नीमा त साधारण कपास पाइन्छ। साथै रङ्गीन कपास समेत यस भेकमा हुने हुनाले यसको विशेषता झन बढेको छ। यस किसिमको सम्भाव्यताले एकातिर घरेलु उद्योगलाई प्रोत्साहन दिन्छ त अर्कोतिर निकासी हुन जाने हुनाले यस बारे पनि विस्तृत अध्ययन र सर्वेक्षण भए दोलखा जिल्लाको विकासको लागि ठूलो टेवा दिने काम गर्छ।

मौरी पालन व्यवसाय दोलखा जिल्लाको पुस्तौली व्यवसायको रूपमा रहेको छ। यस जिल्लाको महले काठमाडौंमा समेत प्रथम स्थान पाएको छ। तर मामुली गाउँले तरीकाले मौरी पालन गर्ने गरिएकोले यसतर्फ अलिकति वैज्ञानिक तरीका अपनाउने र मौरी व्यवसायलाई प्रोत्साहन दिन ऋण आदिको सुविधा दिएमा यसबाट घरेलु उद्योगप्रति चाख र आर्थिक फाइदा समेत हुन गएर साधारण जनताको स्तरलाई केही मात्रामा जोगाउने काममा सफल हुन सक्छ। नाग दह, मार्बु, बुस्ती, न्यागल, किराती छाप, सुरी, भिर्कोट, जफे, मार्बु आदि ठाउँमा मौरी पालनको सम्भाव्यता बढी देखिन्छ। एक घारी माहुरीलाई राम्रो रूपमा राख्न करीब २००। रूपियाँ लाग्ने भए तापनि एक घारी मौरीले वर्षमा चार पाथी मह निकाल्दछ। एकबाजी खर्च गरे पछिसधैं गरिरहनु नपर्ने र एक पाथी महको हाल बजारमा ६४। रूपियाँमा बिक्ने हुनाले यस व्यवसायबाट कुनै किसिमले पनि असर नपार्ने हुनाले प्रत्येक परिवारमा मौरी पालनलाई व्यवसायको रूपमा लगाउन सक्दो आर्थिक मद्दत गर्नु पर्ने देखिन्छ।

कलिञ्चोक, शैलुङ, हनुमन्ते र अरू लेकाली भागमा स्याउ, दाँते ओखर,काजू आदि र जफे,भिर्कोट आदिमा लामो लामो हरियो बोक्रा हुने वयूँ केराको खेती गरे प्रशस्त रूपमा उत्पादन हुन सक्छ। बेंसीतिर आँप, भूइँकटर आदि फलफूलको सम्भाव्यतालाई ध्यान दिएर खेती गरेमा फलफूल खेतीले दोलखा जिल्लाको आर्थिक ह्रासलाई माथि उकास्दै लैजान सक्छ।

कागत उद्योगलाई अझ बढी मात्रामा प्रश्रय दिएको खण्डमा यस उद्योगले राम्रो विकास गर्न सक्छ। हनुमन्ते, कालिञ्चोक, शैलुङ, धारे ढुङ्गा आदिका लेकमा कागत उद्योगको लागि चाहिने वनस्पति जत्ति पनि छन्। प्रयोगको रूपमा र केही व्यक्तिको फाइदा बेफाइदालाई मात्र नहेरेर यसको क्षमता र उत्पादनलाई हेरेर यस उद्योगलाई चलाइनु पर्छ। यसो गरेको खण्डमा पछि गएर यस उद्योगले आफैं खुट्टा टेक्न सक्ने हुनुको साथै क्रमिक उत्पादन समेत गरिरहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँको जरीबूटीहरू नराम्रो रूपले खेर गइरहेछन् । जथाभावी तरीकाले काट्ने ताछ्ने गरेकाले पछि गएर यसबाट पाइने उपलब्धिलाई सम्झनु पर्ने हुनाले समयमै अधकल्चो रूपमा प्रशोधन गर्ने तरीका अपनाएको खण्डमा खेर जाने जरीबूटीहरू जोगिन सक्छ ।

दोलखा जिल्लामा राम्रो सिचाइ व्यवस्था नभएकोले केवल आकाशबाट झरेको पानी र खोलाबाट कुलेसो खनी लग्न सकिने ठाउँमा साधारण किसिमबाट सिचाइ भइरहेको छ । धेरैजसो बेंसी र टारमा सिचाइको व्यवस्था नभएबाट सामान्य खेती मात्र भएको छ । तीमध्ये कैलेश्वर पञ्चायत अन्तर्गतको गैरीमुढी बेंसीमा करीब पाँच-सात हजार रोपनी जग्गा छ। त्यस बेंसीलाई गोपी खोलाको पानीद्वारा सिचाइ गर्न सके हजारौं मुरी धान फलाउन सकिन्छ। भीरकोट बेंसीमा पनि त्यस्तै पाँच-सात हजार रोपनीको जग्गा भएकोले ढोली खोलाबाट पानी ल्याई सिचाइ गर्न सके धानको उत्पादन राम्रो किसिमले बढ्न सक्ने छ । शहरे गाउँ अन्तर्गतको किर्ने टारलाई शहरे खोलाद्वारा सिचाइ गर्न सके करीब ९–१० हजार रोपनीमा राम्रोसित खेती गर्न सकिन्छ। दोलखा जिल्लामा राम्रोसित सिचाइ हुन सकेमा धान हुने क्षेत्रहरू थिनीहरू नै भएकोले यसको सम्भाव्यताको आधारमा सिचाइ गर्न सके दोलखा जिल्लाको खाद्य समस्यालाई बढी मात्रामा समाधान गर्न सकिने छ ।

पशु पालन व्यवसायलाई सामूहिक रूपमा अघि बढाउन सके दोलखाको आर्थिक स्थितिमा ठूलो परिवर्तन आउन सक्छ । यसै खेर गइरहेका लेकमा अवैज्ञानिक तरीकाबाट पालिएका पशुहरूको सट्टा वैज्ञानिक तरीकाबाट दुई-चार ठाउँमा सामूहिक तरीकाले पशु पालेको खण्डमा दूध, चीज, मासु आदिको समस्या हल गर्नुको साथै व्यापारको केन्द्र समेत बन्न सक्ने सम्भाव्यता भएकोले यस व्यवसायबाट राडी, पाखी, गलैंचा आदिको घरेलु उद्योग सञ्चालन गर्न समेत सजिलो पर्न जान्छ ।

खनिज पदार्थ बारे यहाँ कुनै किसिमको सर्वेक्षण नभए तापनि सर्वसाधारण जनतामा समेत विश्वास भएका खानीहरू यस जिल्लामा प्रशस्त छन् । देउलाङदेखि मुनि सिमरिङ खोलामा नूनको धारा बगिरहेछ भने शैलुङमा तरको पत्रले मट्टीतेलको सम्भावना बारे सङ्केत दिइरहेछ। नून र मट्टीतेल जस्ता दैनिक आवश्यकताका साधनलाई समयमै अन्वेषण र सर्वेक्षण गरेर यसको उपयोगिताबाट फाइदा उठाउन सके दोलखा जिल्लाको साथै अरू छिमेकी जिल्लाले समेत सङ्कटबाट पार हुन सक्छन् ।

खिमती खोलादेखि नागदहसम्मका दुवै किनारामा सल्लाका रूखहरू प्रशस्त छन् । सल्लाको रूखबाट निस्किने खोटो जथाभावी तरीकाले खेर गई रहेकोले वैज्ञानिक तरीकाबाट प्रशोधन गरे खोटो उद्योग दोलखा जिल्लामा स्थापना गर्न सकिन्छ ।

खिमती, चरङ्गे दोभान, बुस्तीको पुल, नागदहमा माछा उद्योग चलाए प्रशस्त फाइदा हुन्छ । यस ठाउँमा माछा मार्न ज्यादै नै सजिलो पर्छ । फेरि यहाँका माछा ज्यादैनै स्वादिला हुन्छन् ।

पर्यटन उद्योगको विकासको ठूलो सम्भाव्यता दोलखा जिल्लामा छ । प्राकृतिक शृङ्खलाहरूले परिपूर्ण यस दोलखा जिल्लामा पुगे पछि गौरीशङ्कर हिमालको स्निग्ध मुहार देखेर नलोभिने को होला र ! त्यस्तै कालिञ्चोकको डाँडामा पुगेर कुण्डको दृश्य देखेर भावुक नहुने व्यक्ति कमै पाइएला । ती कुण्डबाट झरेका नदीका धारहरूले एउटा प्राकृतिक प्रेरणा सबैलाई दिइनै रहेको छ । यहीं ठूल ठूला पहाड छन्, यहीं प्रख्यात नदीका धाराहरू बगेका छन्, यहीं लेक र बेंसीका दृश्य देख्न पाइन्छन् भने खोलाका किनारामा बल्छी थापेर आनन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिंदा लिंदै समय बितेको पत्तो हुँदैन । ट्रेकिङ (पैदल भ्रमण) गर्नेहरूको लागि पनि त्यति गाह्रो नहुने र थोरै दिनको बसोबासमा पूरा रूपले आनन्द लिन पाइने ठाउँ भएकोले पर्यटकहरूलाई आकर्षण गर्न पर्यटन उद्योग चलाउनु पर्छ ।

खास गरेर खाद्यान्नको अभाव र उत्पादन क्षमता कम भएको दोलखा जिल्लामा विकास सम्भाव्यता माथि ध्यान दिइएन भने जिल्ला छोडेर रामेछाप, काठमाडौं र अझ बढी रूपमा तराईतिर झर्ने प्रवृत्तिले नराम्रो प्रभाव पार्न सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामेछाप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय – सूची

परिचय	१४३
प्राकृतिक स्वरूप र सम्पदा	१४५
ऐतिहासिक पृष्ठभूमि	१५५
प्रमुख स्थानहरू	१६१
जनसंख्या र जनजीवन	१६४
आर्थिक व्यवस्था	१७३
यातायात र सञ्चार	१८२
शिक्षा, स्वास्थ्य तथा खानेपानी	१८७
प्रशासन र पञ्चायत	१९२
उपसंहार	१९५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

रामेछापको चिनारी साधारणतः पूर्व दुई नम्बर गौंडाले राम्ररी गरिसकेको पाइन्छ । तर सो नामले सामान्यतया खाली रामेछाप डाँडालाई मात्र सङ्केत गर्दछ । जे भएपनि सो नाम धेरै फैलिसकेकोले नेपाल अधिराज्यलाई ७५ विकास जिल्लामा बाँड्दा सो स्थान परेको जिल्लाको नामाकरण यसै ठाउँको नामबाट हुन गएको छ । भौगोलिक दृष्टिकोणबाट मध्य–पहाडी भागमा परेको यो जिल्लाको आधार सिपाहीले लगाउने बूट जस्तो देखिन्छ । यसको सदरमुकाम रहेको रामेछाप डाँडा जिल्लाको दक्षिणी भागमा परेको भए तापनि यसको सामरिक महत्वले गर्दा यो ठाउँ धेरै वर्षदेखि प्रशासनिक केन्द्र बनेको छ ।

रामेछाप भन्ने नाम कसरी रहन गयो भन्ने प्रश्नको विवेचना गर्दा यस भेकमा स्थानको नामकरण "छाप" बाट प्रायः हुने गरेको पाइन्छ । उदाहरणार्थ, यसै जिल्लामा रामेछापको दक्षिणपूर्वतिर "रामेछाप" भन्ने ठाउँ छ । यसका छिमेकी जिल्लाहरूमा पनि यस्तै किसिमले विभिन्न ठाउँको नाउँ रहन गएको पाइन्छ जस्तै, दोलखा जिल्लामा "किराती छाप", सिन्धुली जिल्लामा "नयाँ छाप" र काभ्रेपलाञ्चोक जिल्लामा "थिं छाप" आदि । नयाँ नयाँ बिर्ता सिर्जना गर्दै बाँडिएको ठाउँलाई "छाप" भन्ने गरिएको हो भन्ने स्थानीय भनाइ पाइन्छ । यसबाट किरातीहरूले पाएको बिर्तालाई किराती छाप, कुनै रामे भन्ने व्यक्तिले पाएको बिर्तालाई रामेछाप र नयाँ बिर्ता सिर्जना गरिएको ठाउँलाई नयाँ छाप भनिएको हुन सक्छ । थिंछाप भन्ने नामको सम्बन्धमा तामाङ जातिका एक थर "थिं" भने हुन्छ र त्यसै थरका मानिसहरूले पाएको बिर्तालाई 'थिंछाप' भन्ने गरिएको हो भन्ने अनुमान हुन्छ ।

तामाङ भाषामा एउटै शब्दको सन्दर्भ हेरी विभिन्न माने लगाइन्छ । त्यसै चलनअनुसार छाप भन्नाले सो भाषामा मानिसहरूको बस्ती, गाउँ अथवा थलो भन्ने पनि बुझिन्छ । यसबाट पनि किरातीहरू बस्ने ठाउँलाई किराती छाप, थिंहरू बस्ने ठाउँलाई थिंछाप र नयाँ बस्ती बसेको ठाउँलाई नयाँछाप भन्ने प्रचलन भएको हुनसक्छ । "रामे" र "राजे" भन्ने कुनै प्रसिद्धि पाएको व्यक्तिको घर बस्ती सो ठाउँमा भएकोले "रामेछाप" र 'राजेछाप" भन्ने नाम रहन गएको पनि हुन सक्छ । "रामे" अथवा "राजे" भन्ने कुनै ठूलो व्यक्तिको नाम सामान्यतया भएको पाइन्न तर सो नाम "राम" अथवा 'राज' भएको हुन सक्छ र सामान्य जनवार्तामा एकार थपेर बोलाउने चलन नेपाली भाषामा प्रशस्त पाइन्छ र यसै सिलसिलामा "राम" को "रामे" र "राज" को "राजे" भएको हुनसक्छ ।

यस जिल्लाका अधिकांश भाग मध्य पहाडी भागमा परे तापनि यसको उत्तर–पूर्वी खण्ड हिमाली प्रदेशमा परेको छ । यो जिल्ला २७°२८' देखि २७°५०' सम्म उत्तरी अक्षांश र ८५°५०' देखि ८६°३५' सम्म पूर्व देशान्तर भित्र पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको प्राकृतिक सीमानालाई पूर्वमा सुरमोचे खोला र लिखुखोला,पश्चिममा चौंरी खोला र सुनकोशी, उत्तरमा खिमती र मिलती खोलाहरू तथा हिमशिखर र दक्षिणमा सुनकोशी नदीले छुट्याएका छन्।

यस जिल्लाको उत्तरमा दोलखा जिल्ला, दक्षिणमा सिन्धुली जिल्ला, पूर्वमा ओखलढुङ्गा र सोलुखुम्बू जिल्लाहरू र पश्चिममा काभ्रेपलाञ्चोक जिल्ला पर्दछन्।

यसको क्षेत्रफल १,५४४ वर्ग किलोमिटर छ। यहाँको जनसंख्या १,५७,३४९ छ। त्यसमध्ये पुरुष ७५,७२७ र महिला ८१,६२२ छन्। यस जिल्लाका बासिन्दाहरूमा तामाङहरू नै ज्यादा छन् तापनि यहाँ क्षेत्री, बाहुन, नेवार, सुनुवार, हायू, सेर्पा आदि जातिको पनि बसोबास छ।

यहाँ जम्मा ४३ पञ्चायत छन्। यहाँका जनताको आर्थिक स्रोत कृषि नै हो तर जीविकोपार्जनको लागि मानिसहरू विदेशमा र स्वदेशकै विभिन्न जिल्लाहरूमा काम गर्न जान्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

रामेछाप जिल्लाको प्राकृतिक वैभव डाँडा काँडा र खोलानालाले भरिएको छ। यसका केही भाग हिमाली खण्डमा पर्ने र अधिकांश भाग मध्य–पहाडी शृङ्खलामा पर्ने भएकोले यहाँ विभिन्न किसिमका हावापानी, वन वनस्पति, पशु–पक्षी आदि पाइन्छन्।

भौगोलिक बनावट

यस जिल्लालाई भौगोलिक बनावटको दृष्टिबाट निम्न चार भागमा बाँड्न सकिन्छः–

(१) हिमाली प्रदेश
(२) लेकाली प्रदेश
(३) पहाडी प्रदेश
(४) बेंसी

हिमाली प्रदेश

यस जिल्लाको सुदूर उत्तरी भाग हिमाली प्रदेशमा पर्दछ। ४,८४८ मिटर (१६,००० फीट) भन्दा उच्च प्रदेशमा सँधै हिउँ पर्ने हुनाले यस भागलाई हिमाली भाग भन्न सकिन्छ। यस जिल्लाको सिराञ्चोक लेकभन्दा उत्तरतिरको भू–भाग यस उचाइमा पर्दछ। यहाँ पाँच पोखरी र जटा पोखरी नाम गरेका दुई पोखरी छन्। यी दुई पोखरीहरू यस जिल्लाका प्रसिद्ध पोखरीहरू हुन्। यहाँ मानिसको स्थायी बसोबास पाइन्न तर ग्रीष्म याममा हिउँ पग्लेपछि शेर्पाहरूले चरनको लागि चौंरीको बथान लिएर जाने गर्दछन्। यस जिल्लाभित्र पर्ने हिमाच्छादित चुचुराहरू २०–२२ हजार फीटसम्म अग्ला पाइन्छन्। सुर्मोचे हिमाल पनि यसै भागमा रहेको छ। रामेछाप जिल्लामा बग्ने लिखु खोला र खिमती खोलाहरू यिनै हिम कन्दराहरूबाट निस्केका छन्।

लेकाली प्रदेश

करीब २,७०० मिटर (८,९१० फीट) देखि ४,८४८ मिटर (१६,००० फीट) सम्मको उच्च प्रदेशलाई लेकाली भाग भन्न सकिन्छ। यो भाग खास गरी जिल्लाको उत्तर–पूर्वी दिशामा पर्दछ। मोटामोटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा खाल्टेदेखि सिराञ्चोकसम्मको भू–भाग लेकाली प्रदेशमा परेको छ। यहाँको उल्लेखनीय लेकहरूमा ताँबे डाँडा ३,११२ मिटर (१०,२७० फीट) र सिराञ्चोक लेक ४,२५५ मिटर (१४,०४२ फीट)लाई लिन सकिन्छ। पश्चिमपट्टि सैंलुङ लेक ३,१३८ मिटर (१०,३५८ फीट) प्रसिद्ध छ। यस भागमा हिउँदमा हिउँ पर्छ र ग्रीष्म तथा वर्षा कालमा हिउँ पग्लेर गएपछि यहाँ रमणीय दृश्य देखिन्छ। यहाँ खासगरी आलु र उवाको खेती गरिन्छ र चौंरीको गोठ राखिन्छ। भेडा पालन यस भागका निवासीहरूको एक मुख्य पेशा हो। यस भागको गर्जाङसम्म मानिसको बस्ती पाइन्छ। त्यसपछि मानिसहरू छोटो अवधिको लागि मात्र जाने गर्दछन्। यस भागमा मानिसहरूको बसोबास पातलो किसिमले बसेको पाइन्छ।

पहाडी प्रदेश

अलि तल १,२०० मिटर (३,९६० फीट) देखि २,७०० मिटर (८,९१० फीट)सम्मको उचाइको भागलाई पहाडी भाग मान्न सकिन्छ। यो क्षेत्र मलिलो, उब्जाउपूर्ण र खेतीयोग्य भएकोले यहाँ प्रशस्त गाउँ बस्ती बसेको पाइन्छ। यस जिल्लाको अधिकांश भाग यसै पहाडी भेकमा पर्दछ। यो पहाडी भाग पूर्वदेखि पश्चिमतिर फैलिएर गएको छ। जिल्लाको पूर्वतिर रामेछाप डाँडा पर्दछ जुन उत्तरतिर अग्लिदै गएर ताँबे डाँडामा समावेश भएको छ। पश्चिम दिशामा गावंसनबारे, रूपकोट, आमचौर चिसापानी, थाकले आदि पहाडहरू पाइन्छन्। यस पहाडी भेगमा घना बस्ती भएको र खेतीपाती पनि निकै हुने भएकोले जङ्गल नाश हुनुको साथै भू-क्षय पनि बढ्दो मात्रामा भएको देखिन्छ। यस क्षेत्रमा खास गरी मकै र कोदोको खेती गरिन्छ र हावापानीको दृष्टिबाट यहाँ बस्नु आरामदायी मानिन्छ।

बेंसी

करीब १,२०० मिटर (३,९६० फीट) भन्दा तलतिरको भू–भागलाई बेंसी भाग भन्न सकिन्छ। लेकाली भागलाई छाडेर पहाडी भागको विभिन्न नदी र खोलाका उपत्यकाहरू यसै भागमा पर्दछन्। तामा कोशी, सुनकोशी, लिखु खोला, खिमती खोला, चौंरी खोला, भटौली खोला आदिको किनारमा साना–ठूला फाँट र टारहरू पाइन्छन्। यो बेंसी भागमा गर्मी धेरै हुन्छ। यहाँ खासगरी धानको खेती गरिन्छ। कुलो पनि नलाग्ने ठाउँमा भने मकै, कोदो आदि लगाइन्छ। यस भागमा पर्ने मुख्य मुख्य फाँट र टारहरूमध्ये खिमती बेंसी, साँगुटार, मन्थली फाँट, मुगिटार, रजमनटार, च्याटीटार, डोमनटार आदि उल्लेखनीय छन्।

नदीनालाहरू

यो जिल्लालाई चारैतिरबाट यस क्षेत्रका प्रसिद्ध नदीहरूले घेरेका छन्। त्यसरी नै जिल्लाको भित्री भागमा पनि ठूला साना खोलानालाहरू बगेका छन् र तिनीहरूको किनारमा रहेका भू-भागलाई सिञ्चित गरेका छन्। यहाँका नदीहरूको विस्तृत विवरण तल दिइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनकोशी

यो नदीले यस जिल्लाको दक्षिणी सीमानाको काम गरेको छ। यो हिम–प्रदत्त नदी होइन तर हिम–प्रदत्त भोटेकोशी यसमा मिसिने हुनाले सुनकोशी पनि बाह्रै महीना अटूटरूपमा बगिरहन्छ। यसको मुहान दोखाल जिल्लाको कालिञ्चोक र मगर डाँडाको पानी ढलो हो। यसको मुहानको नजीकै बाह्र-बिसेमा भोटेकोशी यसमा मिसिन्छ। अनेक नदीनालाहरू मिसिएपछि सुनकोशीले पक्वाल–दाहु भन्ने ठाउँदेखि रामेछाप जिल्लालाई छोएको छ। सो ठाउँ तीन दोभान हो र यहाँ सुनकोशी, चौंरी खोला र खानी खोला मिसिए-का छन्।

त्यस तीन दोभानबाट नेपालथोकसम्म सुनकोशी दक्षिण हानिएको छ र त्यहाँबाट पूर्वतिर च्याप्दै दक्षिणतिर बगेको छ। यस जिल्लाको कोलाँजोर भन्ने ठाउँसम्म यो नदीले रामेछाप जिल्ला छुन्छ र त्यसपछि उही दिशा र गतिमा ओखलढुङ्गा र सिन्धुली जिल्लातिर बग्दै गएको छ।

रामेछाप जिल्लाको करीब ५१ किलोमिटर (१६ कोस) भू–भागभित्र सुनकोशी बगेको छ। खुर्कोटनिर लिइएको सर्वेक्षणअनुसार सन् १९६८–६९ सालमा प्रति सेकेण्ड ४७३.२ क्यूविक मिटर औसत पानी बगाइ अभिलेख भएको छ। त्यस वर्ष सबभन्दा धेरै ५,००० क्यूविक मिटर प्रति सेकेण्ड र सबभन्दा कम ६९.५ क्यूविक मिटर प्रति सेकेण्ड पानी बगाइ भएको पाइएको छ। सुनकोशीको जलाधार क्षेत्र १०,००० वर्ग किलोमिटर छ।

तामाकोशी

यो नदीले रामेछाप जिल्लालाई बीच भागमा काटेको छ। यो उत्तरदेखि दक्षिण दिशातिर बगेको छ। रोक्थली चिन्दे भन्ने ठाउँमा जिल्लाभित्र पसेर बेनीघाटमा पुगेपछि सुनकोशीमा मिसिन्छ। यसको मुहान दोलखा जिल्लाको कालिञ्चोक र मगर डाँडाको पूर्वीय पानी ढलो हो। यो नदी पनि दोलखा जिल्लाको भोटेकोशी-सित मिल्दै रामेछाप तिर बगेको छ। यस जिल्लाभित्र पस्ने बेलामा पूर्वबाट खिमती खोला र पश्चिमबाट मिलती खोला यसमा मिसिन आउँछन्। जिल्लाको भित्री भागमा भटौंली खोला पश्चिमबाट आई यसमा मिल्दछ। यस जिल्लाभित्र यो तामाकोशी नदी करीब १९ किलोमिटर (छ कोस) सम्म बगेको पाइन्छ।

मिलती खोला

यो खोला दोलखा–रामेछाप सीमानामा रहेको ३,१३८ मिटर (१०,३५८ फीट) अग्लो सैलुङ लेकबाट निस्केको छ र यी दुई जिल्लाहरूको सीमाना छुट्याउँदै पश्चिमबाट पूर्वतिर बगेको छ। यसको लम्बाइ १६ किलोमिटर (पाँच कोस) भन्दा कमै भएको पाइन्छ। मिलती खोला रोक्थली चिन्दे तीन दोभानमा तामा-कोशी र खिमती खोलासित मिसिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खिमती खोला

यो खोलाले पनि रामेछाप जिल्लाको केही भागसम्म उत्तरी सीमानाको काम गरेको छ। यो उत्तरबाट पश्चिम पाखा न्याप्दै दक्षिण तिर बगेको छ र आखिरमा तामाकोशी र मिलती खोलासित रोक्थली चिर्ने तीन दोभानमा मिसिन्छ। यो यालेको टिप्पो हिमाली प्रदेशबाट निस्केको छ र यसको लम्बाइ करीब ४८ किलोमिटर (१५ कोस) जति छ। रामेछापको ताँबे डाँडा र दोलखाको चोरडम र हनुमन्ते डाँडाहरूको पानीढलोबाट बगेको पानी यसैमा मिसिन आउँछ।

ठोसे नजीकै रसनालु गाउँमा यस खोलाको जल स्रोत बारे लिइएको सर्वेक्षण अनुसार सन् १९६४ देखि १९६९ सम्मको पाँच वर्षमा यहाँ प्रतिसेकेण्ड १४.३ क्यूबिक मिटर औसत पानी बगेको पाइएको छ। यसको सबभन्दा धेरै पानी बगाइ ११६ क्यूबिक मिटरसम्म र सबभन्दा कम १.७ क्यूबिक मिटर प्रति सेकेण्ड भएको पाइएको छ। यस खोलाको जलधार क्षेत्र ३१३ वर्ग किलोमिटर छ।

लिखु खोला

यो खोला यस जिल्लाको पूर्वी सीमानाको रूपमा रहेको छ। तर जिल्लाको माथिल्लो भागमा भने यो खोला जिल्लाको भित्री भाग भई बग्दछ। यसको मुहान सुरमांचे हिमाली क्षेत्रमा भएकोले यो हिमप्रदत्त खोला हुन गएको छ। यसमा पाँच पोखरी र जटा पोखरीबाट आएको पानी पनि मिसिन्छ। यो दक्षिण-पश्चिम दिशा हुँदै बगेको छ र जिल्लाको तल्लो भागमा आएपछि सोझै दक्षिणतिर लागेको छ। रामेछापको कोलाँजोरतिर सुनकोशीमा मिसिनु अगाडि लिखु खोलाले पहिले पूर्वतर्फ र पछि पश्चिमतर्फ मोड लिएको छ। यो खोलाको लम्बाइ यस जिल्लामा करीब ७० किलोमिटर (२२ माइल) छ।

यस खोलाको जल स्रोत सम्बन्धी साँघुटारमा लिइएको सर्वेक्षण अनुसार सन् १९६४ देखि १९६९ सम्मको पाँच वर्षको अवधिमा यसको प्रतिसेकेण्ड ५६.९ क्यूबिक मिटर औसत पानी बगाइ भएको देखिन्छ। यसको सबभन्दा धेरै पानी बगाइ ४२८ क्यूबिक मिटर प्रति सेकेण्ड र सबभन्दा कम ७.१ प्रति सेकेण्डसम्म भएको पाइन्छ। यसको जलाधार क्षेत्र ८२३ वर्ग किलोमिटर छ।

भठौंली खोला

यो यसै जिल्लाभित्रको रूपकोट, राम्चे र बलावा डाँडाबाट निस्केको छ। यो पश्चिम दिशाबाट पूर्वतिर बग्दै मुँगिटारनिर तामाकोशीमा मिसिन्छ। यो जिल्लाको पश्चिमी भागको बीचमा परेको छ।

खानी खोला

यो खोलाको मुहान पनि जिल्लाभित्रकै डाँडाकाँडामा पाइन्छ। यो जिल्लाको पश्चिमी भागमा रहेका आठ-नौ हजार फीट अग्ला डाँडाहरूबाट उत्पत्ति भएको छ। यो खोला पक्वालको तीन दोभानमा सुनकोशी र चौंरी खोलामा मिलेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चौंरी खोला

यो रामेछापको पश्चिमी सीमाना हो। यो खोला दोलखा र सिन्धुपाल्चोक जिल्लाबाट बगेर आएको छ। यो रामेछाप कल्वारीबाट पसेको छ र दक्षिणतिर टेढो–मेढो भएर बगेको छ।

हावापानी

अवछिन्न रूपले हिमाच्छादित चुचुरादेखि लिएर औलो लाग्ने होचो बेंसी भएको यस जिल्लाको हावापानीमा ठूलो विषमता पाइन्छ। अधिराज्यका अरू पहाडी जिल्लाहरूमा झैं यस जिल्लामा पनि दक्षिण पूर्वी दिशाबाट आउने मनसुनको प्रभाव पर्दछ र असारदेखि भदौ महीनासम्म झरी पर्छ। यस अतिरिक्त यहाँ हिउँदे झरी पनि पर्छ। सो झरी पश्चिम दिशाबाट बहने जलवाष्पपूर्ण हावाको कारणले हुने हो। साधारणतः यहाँको वार्षिक हावापानीतिर हेर्दा यहाँ असारदेखि भदौसम्म वर्षा हुने, बादल लाग्ने,तापक्रम र सापेक्षित आर्द्रता बढ्ने; असोजदेखि फागुनसम्म जाडो हुने, सफा मौसम रहने र चैतदेखि जेठसम्म गर्मी भई सुख्खा र सफा मौसम रहने हुन्छ। वैशाख–जेठ महीनातिर असिना पर्ने र आँधिबेरी चल्ने पनि गर्छ।

तर एकै समय जिल्लाका विभिन्न स्थानहरूमा विभिन्न तापक्रम तथा वर्षा हुने गर्दछ। त्यसमा पनि यस जिल्लामा एउटा पनि मौसम अवलोकन केन्द्र नभएकोले यहाँको निश्चित तापक्रम तथा वर्षाको विवरण दिन पनि सकिन्न। तर यस जिल्लाको सीमाना नजीक छिमेकी जिल्लाहरूमा मौसम अवलोकन केन्द्रहरू रहेकाले त्यहाँबाट प्राप्त अभिलेखलाई यस जिल्लाको जलवायु अध्ययनको लागि उपयोग गर्न सकिन्छ। उदाहरणार्थ, २,१०३ मिटर (६,९४० फीट)को उचाइमा अवस्थित ओखलढुङ्गाको मौसम अवलोकन केन्द्र र २,००३ मिटर (६,६१० फीटको) उचाइमा स्थित जिरी अवलोकन केन्द्रमा अभिलेख गरिएको तापक्रमबाट रामेछाप जिल्लाको अधिकांश पहाडी भागमा हुने मौसमको चित्रण पाइन्छ। तापक्रमको दृष्टिबाट ओखलढुङ्गासित रामेछापको दक्षिणी तथा बीचको भाग समान पाइन्छ भने जिरी उपत्यका र रामेछापको उत्तरी भागमा रहेको ठोसे उपत्यका मिल्दोजुल्दो अवस्थामा भएको पाइन्छ। त्यसकारण यहाँ दुवै ठाउँको एक वर्ष (सन् १९७०) को तापक्रमको विवरण दिइन्छ।

तापक्रमको तालिका (सेण्टिग्रेडमा)

महीना	ओखलढुङ्गा		जिरी	
	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	१३.२	३.८	११.९	–०.४
फेब्रुअरी	१५.६	५.४	१३.८	०.७
मार्च	१९.९	६.६	१८.७	३.८
अप्रिल	२३.७	१३.७	२१.६	८.६
मे	२४.७	१५.५	२३.०	१०.९
जून	२३.९	१६.६	२२.०	१५.४
जुलाई	२४.०	१७.४	२२.३	१७.१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अगष्ट	२५.३	१७.१	२२.८	१६.८
सेप्टेम्बर	२४.२	१६.३	२१.९	१५.७
अक्टोबर	२३.४	१३.३	१९.७	१०.१
नोभेम्बर	२०.२	८.७	१६.०	६.३
डिसेम्बर	१७.४	५.७	१५.५	–०.१
वार्षिक औसत	२१.३	११.९	१९.१	८.६

यस तालिकाअनुसार ओखलढुङ्गा र जिरीको उचाइ लगभग एउटै भए तापनि यी ठाउँहरूको अक्षांश फरक भएकोले यिनीहरूमा तापक्रमको भिन्नता पाइन्छ। वार्षिक औसतमा यी दुइ ठाउँहरूको तुलना गर्दा अधिकतम तापक्रममा करीब दुई सेण्टिग्रेड र न्यूनतम तापक्रममा तीन सेण्टिग्रेड फरक पाइन्छ। भौगोलिक स्थिति, अक्षांश र उचाइको दृष्टिबाट ओखलढुङ्गा र जिरीको तापक्रमलाई रामेछाप जिल्लाको अधिकांश भागको तापक्रममाभन्दा तापक्रम बारेमा माथिको रूपरेखा देखा पर्दछ।

रामेछाप जिल्लामा हुने वर्षाको अध्ययन गर्न पनि छिमेकी जिल्लाहरूमा भएका मौसम अवलोकन केन्द्रबाट प्राप्त वर्षा सम्बन्धी तथ्याङ्कको सहायता लिनुपर्ने देखिन्छ। यसको लागि यस जिल्लाको दक्षिणमा पर्ने महाभारत डाँडाको सिन्धुली गढी, उत्तरी सीमाना नजीक स्थित मेलुङ, यसको पूर्वमा रहेको ओखलढुङ्गा र यसको पश्चिम सीमानानिर रहेको नेपालथोक स्थित मौसम अवलोकन केन्द्रको वर्षाको विवरण लिइएको छ। यी चार ठाउँमा भएको वर्षाको रेकर्डबाट यसको बीचमा रहेको रामेछाप जिल्लामा कति वर्षा हुँदोरहेछ भन्ने कुरा अनुमान लगाउने प्रयत्न गरिएको छ। ती स्थानहरूको सन् १९७० को वर्षाको तथ्याङ्क यसप्रकार छ :–

वर्षाको तालिका

(मिलिमिटरमा)

महीना	सिन्धुलीगढी (१,४६३ मिटर)	मेलुङ (१,५७० मिटर)	ओखलढुङ्गा (२,१०३ मिटर)	नेपालथोक (१,०९८ मिटर)
जनवरी	२२.०	३२.२	१४.६	१०.२
फेब्रुअरी	५०.२	४६.२	४५.१	२९.४
मार्च	१६.४	१७.१	१६.२	१५.६
अप्रिल	४६.४	१०९.२	१००.९	५८.२
मे	१६४.४	१४०.२	११६.४	१५६.०
जून	३६०.१	४८८.४	३२६.३	२०४.६
जुलाई	१,३५६.०	१,१४०.७	६२३.२	५६९.६
अगष्ट	७९९.३	५८९.८	५०६.६	२६४.३
सेप्टेम्बर	४३०.७	१५६.०	२०९.०	१११.६
अक्टोबर	४९.२	४७.४	६६.३	०.०
नोभेम्बर	०.०	०.०	०.४	०.०
डिसेम्बर	०.०	०.०	०.०	०.०
वार्षिक	३,२९४.७	२,७६६.८	२,०२५.०	१,४१९.५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस तालिकामा उल्लिखित चार स्थानहरूमा हुने वर्षाको वार्षिक औसत २,३७६.५ मिलिमिटर हुन आउँछ र त्यसबाट रामेछाप जिल्लाको वार्षिक वर्षाको सङ्केत पाइन्छ। यसको साथै सिन्धुलीगढीबाट उत्तर तिर लाग्दा र ओखलढुङ्गाबाट पश्चिमतिर लाग्दा वर्षाको मात्रा घट्दै गएको यस तालिकाबाट देखिन्छ। उदाहरणार्थ, सन् १९७० मा सिन्धुलीगढीभन्दा मेलुङमा करीब ५०० मिलिमिटर र ओखलढुङ्गाभन्दा नेपालथोकमा करीब ६०० मिलिमिटर कम वर्षा भएको पाइएको छ। यसरी दक्षिण–पूर्व दिशाबाट आउने मनसुनको प्रभाव रामेछाप जिल्लामा दक्षिण र पूर्वी सीमानामा रहेका छिमेकी जिल्लाहरूको तुलनामा कम परेको देखिन्छ।

यस जिल्लाको भौगोलिक बनावट, विभिन्न ठाउँको विभिन्न उचाइ र अक्षांशमा पाइने भिन्नताले गर्दा यहाँ विभिन्न किसिमको हावापानी पाइन्छ। यी विभिन्न प्रकारका हावापानीको वर्गीकरण मोटामोटी रूपमा यसप्रकार गर्न सकिन्छः–

(क) हिमाली हावापानी
(ख) लेकाली हावानी
(ग) ठण्डा शीतोष्ण हावापानी
(घ) समशीतोष्ण हावापानी
(ङ) अर्धउष्ण हावापानी

हिमाली हावापानी

हिमरेखा ४,८४८ मिटर (१६,००० फीट) भन्दा माथिको हिमाली क्षेत्रमा यस किसिमको हावापानी पाइन्छ। यहाँ बाह्रै महीना हिउँ पर्ने, तुषारो पर्ने र झ्याउ बाहेक अरू कुनै किसिमको वनस्पति नउम्रने हुन्छ। यस किसिमको हावापानी रामेछाप जिल्लाको सुरमोचे हिमाल क्षेत्र र पाँच पोखरी र जटापोखरीभन्दा उत्तरको भेकमा पाइन्छ। सँधै हिउँले ढाकिराख्ने हुनाले यस क्षेत्रमा मानिसको बस्ती पाइन्न।

लेकाली हावापानी

लेकाली हावापानी हिमरेखादेखि मुनि करीब ३,९३९ मिटर (१३,००० फीट) को उचाइसम्मको भू-भागमा पाइन्छ। यहाँ गर्मीमा पनि तापक्रम साह्रै कम रहन्छ र हिउँदमा धेरै हिउँ परिरहन्छ। सो क्षेत्र वर्षमा झण्डै आठ महीना हिउँले ढाकिने हुनाले यहाँ बाक्लो वन वा ठूला रूखहरू हुँदैनन्। यस्तो ठाउँमा धेरैजसो काँढेदार बुटाहरू र वर्षामा हिउँ पग्लेपछि घाँसहरू पाइने हुँदा वर्षामा यहाँको खर्कहरूमा भेडा र चौंरी गोठहरू राखिन्छन्। यस किसिमको हावापानी यस जिल्लाको सिराञ्चोक डाँडा, राङगाङ, गर्जाङ आदि क्षेत्रमा पाइन्छन्। पाँच पोखरी र जटा पोखरी पनि यसै हावापानीको प्रभावभित्र पर्दछ र यसैले त्यहाँ ग्रीष्म याममा चरनको लागि चौंरी र भेडाका गोठ राखिन्छन्।

ठण्डा शीतोष्ण हावापानी

यस किसिमको हावापानी २,१०० मिटर (७,००० फीट) देखि ३,९३९ मिटर (१३,००० फीट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मको उच्च भागमा पाइन्छ । यसको प्रभावभित्र यस जिल्लाको ताँबे डाँडा र सैलुङ डाँडा क्षेत्र पर्दछ । यहाँ हिउँदमा खूबै जाडो हुन्छ, ग्रीष्म ऋतुमा शीतल रहन्छ र पानी पनि निक्कै पर्दछ । हिउँदमा हिउँ पनि बेला बेलामा परिरहन्छ तर सो धेरै दिनसम्म नरही छिटै पग्लेर जान्छ । यस क्षेत्रमा सदाबहार कोणधारी वन प्रशस्त पाइन्छ । यहाँको उच्च भागमा मानिसहरूको कम बस्ती रहन्छ र भीर पाखा धेरै हुने हुनाले खेती-योग्य जमीन पनि साह्रै थोरै हुन्छ ।

समशीतोष्ण हावापानी

यस किसिमको हावापानी १,२१९ मिटर (४,००० फीट) देखि २,१२० मिटर (७,००० फीट) सम्मको उचाइमा पाइन्छ । यस क्षेत्रमा हिउँदमा केही जाडो हुन्छ तर आकाश सफा रहन्छ । वर्षामा केही गर्मी र बदली हुने तथा पानी पर्ने गर्दछ । यस जिल्लाको अधिकांश भाग यसै क्षेत्रभित्र पर्दछ र कृषि उत्पादन पनि धेरैजसो यहाँ हुने गर्दछ । जिल्लाको सदरमुकामदेखि लिएर पश्चिमतिर फैलिएको यस जिल्लाका डाँडा काँडा-हरूमा यही हावापानी पाइन्छ । खेतीयोग्य जमीन यसै क्षेत्रमा धेरै भएकाले मानिसहरूको बसोबास बाक्लो किसिमले रहेको पाइन्छ ।

अर्धउष्ण हावापानी

यो हावापानी ६०६ मिटर (२,००० फीट) देखि १,२१९ मिटर (४,००० फीट) सम्मको उचाइमा पाइन्छ । यस जिल्लामा बग्ने सुनकोशी, तामाकोशी, लिखुखोला, खिमती खोला, चौंरी खोला जस्ता नदीहरूको तटवर्ती इलाका सबै अर्धउष्ण हावापानीको प्रभावभित्र पर्दछन् । यहाँ वर्षामा निक्कै गर्मी हुने र हिउँदमा जाडो कम हुने गर्दछ । जिल्लाको ठूला ठूला खेतीयोग्य फाँट तथा टार बेंसीहरू यसै क्षेत्रमा पर्दछन् । यहाँ चिलाउने, साल र सिसौका रूखहरू भएको मिश्रित पतझड वनहरू पाइन्छन् ।

प्राकृतिक वनस्पति

यस जिल्लामा अग्लो होचो धेरै किसिमको भू-भाग भएकोले यहाँ किसिम किसिमका वन वनस्पति पाइन्छन् । हिमालदेखि बेंसीसम्मको विभिन्न हावापानीमा बढेको प्राकृतिक वनस्पतिलाई निम्न किसिमले छुट्याउन सकिन्छ ।

(क) हिमाली वनस्पति
(ख) लेकाली घाँसे वनस्पति
(ग) कोणधारी सदाबहार वन
(घ) पतझड मनसुनी वन
(ङ) मिश्रित पतझड वन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिमाली वनस्पति

जिल्लाको उत्तरी भागमा हिमरेखाभन्दा अग्ला ठाउँहरूमा वर्षाकालमा पनि हिउँ पर्ने भएकोले ठूला ठूला रूख तथा झारपात उम्रन सक्दैनन्। तसर्थ यहाँ खालि काई र झ्याउ मात्र पाइन्छन्। यसप्रकारका काई र झ्याउ पनि हिउँ नजमेको नाङ्गो ढुङ्गामा मात्र पाइन्छन्।

लेकाली घाँसे वनस्पति

हिमरेखाभन्दा मुनि करीब ३,९३९ मिटर (१३,००० फीट) को उचाइसम्म खालि घाँस र बुटाहरू मात्र पाइन्छन्। यहाँ पनि ठूला ठूला रूखहरू देखिन्नन्। पानी पर्न थालेपछि यहाँ अनेकप्रकारका फूल फुल्न थाल्दछन्। यस क्षेत्रमा अनेक जरीबूटी पनि पाइन्छन्। यस क्षेत्रमा घाँस प्रशस्त हुने हुनाले यहाँ चरनको लागि गर्मी याममा चौंरी गोठ राखिन्छन्। यहाँ भोजपत्र, गोब्रेसल्ला, धिमाल आदि रूखहरू पनि पाइन्छन्। जरीबूटीमा विष, पाँचऔंले, कुडकी आदि पाइन्छन्।

कोणधारी सदाबहार वन

करीब ३,९३९ मिटर (१३,००० फीट) भन्दा तलतिर २,१३३ मिटर (७,००० फीट) सम्मको उचाइमा कोणधारी सदाबहार वन पाइन्छ। यसै क्षेत्रभित्र वृक्षरेखा पनि पर्दछ। यस क्षेत्रको वनमा खासगरी सल्ला, गुराँस, धूपी, चाँप, ओखर, खस्रु आदि पाइन्छन्। यस्तो वन डाँडाको दक्षिणी ढालभन्दा उत्तरी ढालतिर बढ्ता बाक्लो रहेको पाइन्छ।

पतझड मनसुनी वन

करीब २,१३३ मिटर (७,००० फीट) भन्दा तल १,२१९ (४,०००) फीटसम्मको भू-भागमा पतझड मनसुनी वन पाइन्छ। यसमा मुख्यतया पात्ले, उत्तिस, ओखर, कटुस, बाँस आदि पाइन्छन्। यहाँ सल्ला र गुराँस पनि पाइन्छन्।

मिश्रित पतझड वन

करीब १,२१९ मिटर (४,००० फीट) भन्दा तलको भू-भागमा मिश्रित पतझड वन पाइन्छ। यस किसिमको वन पाइने जिल्लाको बेंसी भागमा साल, खयर, साज, सिमल, आँप, बाँस, आदि रूखहरू पाइन्छन्।

यस जिल्लाको प्राकृतिक वनस्पति सम्पदाप्रति समष्टिरूपले हेर्दा जिल्लाको उत्तरी भागमा केही रूपमा वन सुरक्षित रहेको र दक्षिणी भागमा धेरै क्षति भइसकेको देखिन्छ। २,१३३ मिटर (७,००० फीट) भन्दामाथि रहेको कोणधारी सदाबहार वन प्रायः मानिसको बस्तीबाट टाढा रहेकोले यथावत् पाइन्छ तर जिल्लाको मध्य तथा दक्षिण भागमा जनसंख्याको चाप बढ्दै गएको र उनीहरूको घाँस, दाउरा र घर-कटेरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउन काठपातको आवश्यकता पूर्ति गर्नु पर्ने भएकोले यस भेकमा पाइने पतझड मनसुनी वन र मिश्रित पतझड वनको व्यापक क्षति भएको छ। यसले गर्दा गाउँ-बस्ती धेरै भएको ठाउँमा काठपात र दाउराको कठिनाइ दिन परदिन बढ्दै गएको छ।

पशु–पक्षी

धेरै किसिमको हावापानी र वन जङ्गल भएको यस जिल्लामा विभिन्न किसिमका पशु-पक्षीहरू पाइन्छन्। पशुहरूमा यहाँ कस्तूरी, मृग, झारल, घोरल, चित्तल, बाँदर, चितुवा, स्याल, दुम्सी, मलसाँप्रो आदि पाइन्छन्।

पक्षीमा यहाँ डाँफे, मोनाल, मुजूर, च्याखुरा, कालिज, तित्रा, लुइँचे, रानीचरी, धोबीचरी, लाटोकोसेरो, कोइली, चिवे आदि पाइन्छन्।

खनिज पदार्थ

यस जिल्लाको खनिज पदार्थमा ठोसेको फलाम खानी विशेष उल्लेखनीय छ। यसको ऐतिहासिक महत्व भएको पनि देखिन्छ। यस बारेमा ऐतिहासिक पृष्ठभूमिमा विस्तृत रूपले वर्णन गरिएको छ। यस अतिरिक्त ल्याङ ल्याङ कोट गाउँ भन्ने ठाउँमा अर्को फलाम खानी पाइएको छ र यो सानो रूपमा सञ्चालन पनि भएको छ। भुजी पञ्चायत अन्तर्गत भितरी खानीमा दूधे खरी ढुङ्गाको खानीको ठूलो सम्भावना देखिन्छ। भलुवाजोर पञ्चायतको नवुघाटमा अभ्रख खानी भएको संकेत पनि पाइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

ऐतिहासिक दृष्टिकोणबाट हालको रामेछाप जिल्लामा कुनै पनि स्वतन्त्र राज्य खडा भएको पाइन्न। यो प्रदेशलाई पनि वल्लो किरात भन्ने अद्यापि चलन भएको हुँदा यहाँ किरातीहरूको प्रभुत्व थियो भन्ने अनुमान हुन्छ। यस जिल्लामा पुरातात्विक शोधकार्य भएमा धेरै नै कुरा अवगत हुन्थ्यो।

यस जिल्लाको इतिहासमा सुनकोशीले ठूलो भूमिका खेलेको देखिन्छ किनभने त्यसभन्दा दक्षिणको प्रदेशमा सेनहरूको प्रभुत्व भएको पाइन्छ र त्यसभन्दा उत्तरको प्रदेशमा दोलखा राज्यको उल्लेख इतिहासकारहरूले गरेको पाइन्छ। रामेछापको अरू भाग दोलखाभित्र परेको कुरा निश्चित रूपमा भन्न नसकिए पनि ठोसे भने सो राज्यभित्र परेको कुरा बाबुराम आचार्यको भनाइबाट स्पष्ट हुन आउँछ। तर यस जिल्लाको भौगोलिक अवस्थितिबाट यसको भू-भाग तामाकोशीदेखि दूधकोशीभित्र परेको प्रष्ट छ र इतिहासकारहरूले तामाकोशीदेखि दूधकोशीसम्मको भू-भाग अथवा सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा र यसभन्दा पूर्वमा दूधकोशीसम्मको भू-भागको उल्लेख गर्दा हालको रामेछाप जिल्लाको स्पष्ट सन्दर्भ आएको देखिन्छ। अतः रामेछाप भन्ने इतिहासमा कतै उल्लेख भएको फेला नपरे पनि माथि उल्लिखित आधारमा यस जिल्लाको ऐतिहासिक पृष्ठभूमि पत्ता लगाउने प्रयास भएको छ र खासगरी चौधौं शताब्दीदेखि यताको मात्र यस जिल्लासित सम्बन्धित ऐतिहासिक घटनाहरूको चर्चा गर्न सकिएको छ।

प्राचीन किरात राजा यलम्बरले पश्चिममा त्रिशूली नदीदेखि पूर्वमा टिष्टासम्म आफ्नो राज्य विस्तार गरेका थिए भन्ने भनाइ[1] अनुसार हालको रामेछाप क्षेत्र पनि उक्त राज्यमा परेको थियो। चौधौं शताब्दी पूर्व लिच्छविकालमा यो जिल्ला लिच्छवि राज्यकै अन्तर पर्दथ्यो। यस जिल्लाको कुनै पुरातात्विक खोज नभएकोले तथ्य इतिहास केलाउन गारो छ। केही वर्ष अघिसम्म पूर्व २ नम्बर रामेछाप भन्नाले दोलखा रामेछापलाई औंल्याउँदथ्यौं।

सन् १३२४ मा गयाशुद्दिन तुगलकले सिमरावन गढ राज्य ध्वस्त गर्दा त्यस राज्यका राजा हरिसिंहदेव भागी यही रामेछाप भई दोलखा पुगेका थिए। यक्ष मल्लको समयमा (१४२८–८२ ईस्वी सन्) नेपाल राज्य धेरै विस्तार भइसकेको थियो। यसको सीमाना पूर्वतिर बङ्गालसँग जोडिएको थियो, दक्षिणतिर मिथिला प्रदेश नाघेर गङ्गाजीसम्म फैलिएको थियो। उत्तरतिर शिकारजुङ र पश्चिमतिर पाल्पासम्म सो राज्य विस्तार भएको थियो।[2] यस आधारमा रामेछाप जिल्लाको भू-भाग पन्ध्रौं शताब्दीमा नेपालको

---

१. Chemjong, Iman Singh-History and Culture of the Kirati People, p. 7

२. प्रो. तोत्रराज र पं. नयराज–नेपालको संक्षिप्त इतिहास, २००४, पृष्ठ २६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मल्ल राज्यभित्र रहेको देखिन्छ।

यक्ष मल्लको मृत्युपछि छोराहरूमा फुट हुँदा राज्य टुक्रिएर रण मल्लले बनेपामा राज्य गरे। बनेपाको सो राज्य उत्तरमा सङ्चोक, पश्चिममा साँगा, दक्षिणमा मेदिनी मल्लको वन र पूर्वमा दूधकोशीको तटसम्म विस्तार भएको थियो।[१] यसरी ईस्वीको सोह्रौं शताब्दीमा रामेछापको भू-भाग बनेपाका मल्लहरूको अधीनमा रहन गएको देखिन्छ।

यसरी सोह्रौं शताब्दीमा दूधकोशीसम्म फैलिएको बनेपा राज्य केहीकाल पछि भक्तपुर राज्यमा विलीन हुन आएको देखिएकोले रामेछापको इलाका पनि भक्तपुर राज्यको अन्तर्गत पर्न आएको प्रमाणित हुन्छ।

त्यसपछि काठमाडौं उपत्यकामा धेरै राजनैतिक उथल पुथल आए र कान्तिपुरका राजा शिवसिंह मल्लले ललितपुरमा आक्रमण गरी त्यहाँका राजा पुरन्दर सिंहलाई परास्त गरे। यसैगरी स्वतन्त्र भएर रहेको दोलखामा पनि आक्रमण गरी त्यहाँका राजा भीष्मदेवलाई परास्त गरेर दोलखा ठकुराईमा आफ्नो अधीन जमाए। दोलखामाथि अधिकार जमाउँदा यही मौकामा शिवसिंह मल्लले भक्तपुर राज्यका पूर्वी भागहरूमा पर्ने भवरकोट,पलाञ्चोक आदि र तिमालदेखि लिएर पूर्वमा दूधकोशीसम्मका अनेक भू-भागहरू कान्तिपुर राज्यमा मिलाए।[२] यसरी रामेछाप भक्तपुरको ठकुराईबाट कान्तिपुरको ठकुराई अन्तर्गत आएको देखिन्छ।

सत्रौं शताब्दीमा आएर शिवसिंहले जितेको ललितपुर राज्य धेरै दिनसम्म थिनको प्रभावमा रहेन र यसैको फलस्वरूप दूधकोशीसम्म थिनका अधीनमा रहेका इलाकामा पनि थिनको नियन्त्रण खुकुलो हुन गयो। यसको मुख्य कारण ललितपुरमा शासक बनाई खटाइएका थिनैका छोरा हरिहर सिंहले आफ्नो बाबुको दवावमा नबसी आफैले स्वतन्त्रतापूर्वक शासन गर्न लागेकोले हो। शिवसिंहले पनि कान्तिपुरको गद्दी आफ्नो छोरालाई नदिई आफ्नो नाति लक्ष्मी नरसिंहलाई दिए र ललितपुरमा केही समयपछि लक्ष्मी नरसिंहका भाइ सिद्धिनरसिंह राजा भए। लक्ष्मी नरसिंहको मानसिक कमजोरीले शासन खुकुलो हुँदै गएपछि उनका छोरा प्रताप मल्लले थिनलाई नजरबन्दमा राखी सन् १६४१ तिर राज्यको बागडोर आफ्नो हातमा लिए। लक्ष्मी नरसिंहको समयदेखि नै कान्तिपुर दरबारमा भीम मल्ल नामका एकजना प्रसिद्ध काजी थिए। थिनले प्रताप मल्लको राज्यकालमा शिव सिंहको समयको कान्तिपुर राज्य क्षेत्रमाथि पुनः आफ्नो आधिपत्य जमाउनुको साथै नयाँ नयाँ इलाका पनि जितेका थिए। थिनैले उत्तर र पूर्वतिर सर गर्दै जाँदा केरूङ र कुती जिल्लाको आधा भाग नेपाल राज्यमा मिलाएका थिए। दोलखा कान्तिपुर अन्तर्गत शिवसिंहको समय देखि थियो।[३] दोलखाबाट थिनले तामाकोशीको सारा उपत्यकामाथि प्रभाव जमाएकोले वर्तमान रामेछाप जिल्लाको अधिकांश भाग थिनको आधिपत्यमा रहन गएको थियो। पूर्व ३ नं. को ओखलढुङ्गाको नाम भीम मल्लले पूर्वतिरको लडाइँमा त्यही ढुङ्गाको ओखल बनाई अन्न कुटी प्राण रक्षा गरेका हुनाले रहेको हो भन्ने भनाइबाट पनि रामेछाप थिनको अधीनमा आएको कुराको पुष्टयाइँ हुन्छ।[४]

अठारौं शताब्दीमा आएर यस जिल्लाको भू-भागको अवस्था भकुण्डो जस्तो एक खुट्टाबाट अर्को

---

१. Kirkpatrick An Account of the Kingdom of Nepaul, London 1811, p. 267

२. मोहनप्रसाद खनाल–नेपालका केही मल्लकालीन अभिलेख, पृष्ठ २२

३. Regmi, D. R. 'Medieval Nepal, Part II-p. 61.

४. प्रो. तोव्रराज र पं. नयराजको माथि उल्लिखित किताब, पृष्ठ ३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खुट्टामा सर्दै जाने भयो । कान्तिपुरको ठकुराईमा रहेको यो भू-प्रदेश ई. सं. १७६४ मा पुनः भक्तपुरको अधीनमा हुन गयो । हुन त यसमा पृथ्वीनारायण शाहको ठूलो हात थियो तर उनले सो भू-भागलाई आफ्नो राज्यमा नगाभेर भक्तपुर ठकुराईमा रहन दिए । यसको पछाडि महत्वपूर्ण ऐतिहासिक कारण भएको पाइन्छ । पृथ्वीनारायण शाहले पहिले काठमाडौं उपत्यका जित्ने योजना बनाउँदा नुवाकोट जिल्ला जितेपछि कान्तिपुरकै ठकुराईमा रहेको नुवाकोटदेखि पूर्वपट्टिको सिन्धुपाल्चोक जिल्लाका साथ मिलेका काभ्रेपलाञ्चोक जिल्ला, दोलखा जिल्ला र तामाकोशीदेखि पूर्वपट्टि दूधकोशीसम्मको विस्तृत भूभाग एकै घानमा जितेर कान्ति-पुरका ठकुराईलाई काठमाडौं उपत्यकाभित्र मात्र सीमित गराउने तजबीज गरेका थिए । यस कामको निमित्त सिन्धुपाल्चोक जिल्ला र काठमाडौं उपत्यकाको सीमानामा अग्ला डाँडामा बनिरहेको नालदुम गढी दखल गर्न आवश्यक थियो । यो काम कठिन भएता पनि फत्ते गर्न सकिएला भन्ने पृथ्वीनारायण शाहले उम्मेद राखेका थिए ।

आफ्नो उद्देश्य-पूर्तिको लागि पृथ्वीनारायण शाहले भक्तपुरका राजा रणजित मल्लसित राम्रो सम्बन्ध राखेका थिए । गोरखासँग भएको राम्रो सम्बन्धबाट केही राजनैतिक फाइदा उठाउने रणजित मल्लको लक्ष्य थियो । यिनको ठकुराईको काठमाडौं उपत्यकादेखि पूर्वपट्टि रहेका काभ्रेपलाञ्चोक जिल्लाका बस्तीहरू कान्तिपुरका ठकुराईमा मिल्न गएको हुनाले काठमाडौं उपत्यका बाहिरका साँगादेखि धुलिखेल र पनौतीसम्मका लिच्छविकालभन्दा पहिलेदेखि आवाद भएर रहेका सात गाउँ मात्र भक्तपुरका ठकुराईमा बचेका थिए । यसमा काशीराम थापाको मुख्य हात थियो । यस समयमा कान्तिपुरका राजा जयप्रकाश मल्लसँग काशीराम थापा फुटेका थिए तापनि उनका भैयाद रणभीम थापाले नालदुमगढीका उमराव भएर दूधकोशीसम्मको देखरेख गरिरहेका हुनाले यी थापाहरूलाई जितेर नालदुमगढी दखल गर्न सकिन्न भनेर रणजित मल्ल अकर्मण्य भएर बसेका थिए । पृथ्वीनारायण शाहले त्यसको बदलामा साँखु र चाँगु दखल गरिदिने प्रतिज्ञा रणजित मल्ललाई गरिदिएका थिए ।

नुवाकोट उपर विजय प्राप्त गरेपछि पृथ्वीनारायण शाह आफ्नो पूर्व-निश्चित राज्य विस्तार कार्यक्रममा लागे । ई. सं. १७४५ को नोभेम्बर महीनामा ९०० जवान जतिको गोरखाली सैन्य सहित ३२ वर्षीय नवयुवक शिवराम सिंह बस्न्यातको नेतृत्वमा साँखु, चाँगु दखल गर्न नुवाकोटबाट पठाए । सो गोरखाली दल साँगाचोकमा पुगेको खबर पाएर राजा जयप्रकाश मल्लले उनीहरूमाथि आक्रमण गर्न साँखु-चाँगुका बासिन्दालाई र नालदुममा रहेका उमराव रणभीम थापालाई पनि आज्ञा दिए । रणभीम थापा नालदुमदेखि पूर्वपट्टिका जिल्लाहरूको रक्षा गर्ने अभिभारा मात्र मेरो हो, काठमाडौं उपत्यकाभित्र परेका साँगाचोकको रक्षा गर्ने काम मेरो होइन भन्ने विचार लिएर चुपचाप रहे । साँगाचोक गाउँमा खश मगर, सुर्मी, पुहुनी आदि जातका बस्ती थिए । त्यहाँ चामल नभेटिए पनि मकै, कोदो आदि अनाज र घ्यू, तेल, किन्न पाइने हुनाले गोरखालीलाई खानाविनको कष्ट थिएन, हात हतियार पनि नपुग्ने थिएन तर चारैतिरबाट घेरिएका हुनाले साइतको दिन पर्खन मुश्किल परेको थियो ।

गोरखाली सैनिक दल साँगाचोकमा उत्रँदा जयप्रकाश मल्लका विरोधी भएर पहिलेदेखि बागीमा गनिएका काशीराम थापा पनि भयभीत भएका थिए । गोरखालीले नालदुम दखल गरेमा सिन्धुपाल्चोक र दोलखा जिल्लामा समेत गोरखालीको अधिकार भई यतिञ्जेलसम्म थापाहरूका उमराईमा रहेको सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र दोलखा जिल्ला आदि पनि गुम्ने देखेर काशीराम थापाले "रणभीम थापा गोरखालीहरूसँग मिलेको हुनाले शत्रुलाई हटाउनतिर लागेको छैन । धनको सहायता भएमा साँगाचोकमा रहेका गोरखालीलाई मारी भगाई दिन्छु" भन्ने अर्जी जयप्रकाश मल्ल छेउ काशीरामले पठाए । जयप्रकाश मल्लले पनि काशीराम थापालाई पुरानो शत्रु भए तापनि आपत्ति कालमा मित्र बन्न आएकालाई स्वागत गर्नु बेस सम्झेर काभ्रेपलाञ्चोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र सिन्धुपाल्चोक जिल्लाबाट बाली उठाई धन जम्मा गरेर त्यहाँका सैनिक भर्ना गरी साँगाचोकमा गोरखाली उपर आक्रमण गर्ने अधिकार पत्र दिई पठाए। काशीराम थापाका प्रभावमा दुवै जिल्लाका बासिन्दा रहेका हुनाले उनले झटपट प्रशस्त सैनिक दल तयार गरी चौकी भञ्ज्याङपट्टिबाटै सम्भवतः रातको समय पारेर साँगाचोकमा अकस्मात् आक्रमण गर्दा यस लडाइँमा दलसुखी सर्दार शिवराम सिंह बस्न्यात खतम भए। मारमा परेका गोरखाली सैनिकलाई सह्माल्न सक्ने अनुभवी सेनापति अर्को नहुँदा बचेका सैनिक नुवाकोटतिर फर्के।

फलस्वरूप जयप्रकाश मल्लले रणभीम थापालाई कैद गरेर काशीराम थापालाई नालदुम गढीका उमराव बनाए। तर काशीराम थापाले गोरखालीको हातबाट नुवाकोट फर्काउने जिम्मेदारी लिएका हुनाले नालदुमगढीमा आफ्नो भाइ परशुराम थापालाई आफ्नो प्रतिनिधि बनाई राखे। काशीराम थापाले जय प्रकाश मल्लको थप मद्दत लिएर नुवाकोट हान्न जाँदा ठाना भञ्ज्याङनिर नराम्रो पिट्टा खानु पऱ्यो र यिनी मुख देखाउन लाजले गर्दा टोखा निस्केर सोझै पलाञ्चोक गई बसे। जयप्रकाश मल्ल यिनको यस्तो व्यवहार देखेर साह्रै रिसाए र फकाई फुकाई बोलाउन पठाए। जयप्रकाश मल्लले यिनलाई देउपाटननिर भेट्ने बित्तिकै मारिदिए।

काशीराम थापाको यसरी हत्या हुँदा यिनका भाइ परशुराम थापा मात्र होइन, रणभीम थापा पनि जले। यी पलाञ्चोके थापाहरूलाई हात लिएर जयप्रकाश मल्लको कम्मर तोड्नाका निमित्त पृथ्वीनारायण शाहले आफ्नो ओजस्वी भाषामा परिमित शब्दमा एक पत्र लेखेर परशुराम थापालाई नुवाकोटमा गुप्त चालसँग बोलाए। पत्रमा धर्म भाकिएको थियो र परशुराम थापालाई आफूतिर झुकाउने प्रयत्न गरिएको थियो। यस कारण परशुराम थापा तुरुन्त नुवाकोटमा आए। पृथ्वीनारायण शाहले परशुराम थापालाई थापाहरूका उमराईमा रहेका सिन्धुपाल्चोक,काभ्रेपलाञ्चोक,दोलखा आदि जिल्लाहरू उनीहरूकै उमराईमा थामिदिने र साँखु, चाँगु दुई मौजा राजा रणजित मल्लका निम्ति दखल गरिदिने आफ्नो योजना बताउँदा उक्त जिल्लाहरूको उमराई आफ्नै अधिकारमा रहने देखेर उनले यस योजनामा पूर्ण सहमति जनाए र भक्तपुर गएर राजा रणजित मल्ललाई यो समाचार सुनाउँदा साँखु, चाँगु आफ्ना दखलमा आउने हुँदा उनी पनि अत्यन्त खुशी भए। पृथ्वीनारायण शाहले दुवैथरीको स्वीकृतिको समाचार पाएपछि ठूलो सैनिक दल नालदुममा पठाउँदा परशुराम थापाले गढीको द्वार खुला राखिदिएका हुनाले बिना रक्तपात ३१ अगष्ट १७४६ ई. सं. मा नालदुममा गोरखालीको अधिकार भयो। यो देखेर साँखु, चाँगुका जनता भयभीत भए। यस अवसरमा परशुराम थापाले आफ्ना साथ रहेका सैनिक ल्याएर साँखु, चाँगु दुई मौजा रणजित मल्लका निमित्त आफ्ना अधिकारमा ल्याए।

त्यसको लगत्तैपछि कान्तिपुरका राजा जयप्रकाश मल्ललाई उनका पुराना बागी भएका मन्त्री तौढिकले ललितपुरमा लखेटिपठाए। यस घटनापछि पृथ्वीनारायण शाहले आफ्नो चाल बदल्नु पऱ्यो। उनले आफ्नो हातमाथि राख्ने र तौढिकको मुखबुजो लाउने साथै राजा रणजित मल्ल र परशुराम थापाको चित्त बुझाउने योजना तयार गरे। काठमाडौं उपत्यकाको मैदानी भागमा रहेका साँखु, चाँगु दुई मौजाका निमित्त कान्तिपुरको जनता तौढिकको नेतृत्वमा मरिमेट्न अघि सर्ने देखेर पृथ्वीनारायण शाहले सामरिक महत्वको नालदुमगढी आफ्नो दखलमा राखेर साँखु, चाँगु दुई मौजा तौढिकलाई सुम्पेर उनको मुखबुजो लाउने विचार गरी यो प्रस्ताव अघि सार्दा बिना लडाइँले दुई मौजा हात लाग्ने देखेर तौढिकले यो प्रस्ताव सहर्ष स्वीकार गरे। सम्भवतः यसपछि लगत्तै महादेव पोखरीका गढीमा पृथ्वीनारायण शाहले राजा रणजित मल्लसँग भेटगरी साँखु, चाँगुका बदलामा सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा जिल्ला र तामाकोशी पार दूधकोशीसम्मका मौजाहरू समेत रणजित मल्ललाई सुम्पिदिए। यसरी रामेछाप इलाका पुनः भक्तपुरको ठकुराईमा आउन गयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर खासासम्मको वाणिज्य मार्गको रक्षा गर्ने अभिभारा र जगात भन्सारको आम्दानी लिने अधिकार पनि गोरखालीले आफ्नै हातमा राखिछाडेकाले कान्तिपुरबाट खोसेर लिइएका पूर्वतिरका जिल्लाहरूमा दोहरो शासनको व्यवस्था हुन गएको थियो ।

ई. सं. १८५० मा कान्तिपुरमा जयप्रकाश मल्लको पुनरुत्थान भयो । त्यहाँको शक्ति हत्याएर बसेका तौढिक मन्त्रीले आत्महत्या गरे । जयप्रकाश मल्लको हातमा कान्तिपुरको बागडोर पर्ने बित्तिकै यिनले गोरखालीहरू विरुद्ध लड्न कम्मर कस्न लागे । यिनले बिस्तार बिस्तार सैनिक बल बढाउँदै गएको र लमजुङ्का राजाहरूको गोरखालीसित लडाइँ हुने वातावरण सिर्जना हुन लागेकोले जयप्रकाश मल्ल नालदुमगढी फिर्ता लिएर दूधकोशीसम्म पुगेको आफ्ना ठकुराईको विस्तृत भू-भाग वापस लिने ठीक मौकाको प्रतीक्षामा थिए ।

गोरखालीले दह्चोक दखल गर्नुभन्दा दुई–तीन महीना पहिले गोरखाली सैनिक दल दह्चोकतिर लागेका समयमा चिकुटी माझीको नेतृत्वमा सैनिक दल पठाएर जयप्रकाश मल्लले एक्कासी महादेव पोखरीका गढीमा आक्रमण गर्दा त्यहाँ रक्षक भएर रहेका निजिकीदेवर्षि उपाध्याय मारिए र उमराव आशाजित भण्डारीले भागेर ज्यान बचाए । त्यहाँ रहेको थोरै गोरखाली सैनिक हताहत भएर यत्रतत्र लागे । यो समाचार सुनेर नालदुमगढीका चौतरिया जहाँगीर शाहले त्यहाँ अड्न सम्भव नदेखेर आफू र आफ्ना साथका थोरै सैनिक लिई साँगा चोकको सुरक्षित स्थानमा आएर आड जमाए । सो घटना ई. सं. १७५४ को हो । यसरी महादेव पोखरी र नालदुमगढी सजिलैसित जयप्रकाश मल्लको हातमा पर्न गयो । उता खासालाई उपनिवेश बनाएर बसेका तिब्बतीहरू जगात-भन्सार उठाउने गोरखालीहरूसँग प्रशन्न थिएनन्। यिनका साथ खासादेखि तल विगुमा रहेका शेर्पा पनि मिलेका थिए । चिकुटीले नालदुमगढी दखल गरेपछि यी तिब्बती र शेर्पा समेत तलतल आई जयप्रकाश मल्लको दुहाई गर्दै उपद्रव गर्न लाग्दा निकै खलबल भयो । ई. सं. १७४७ देखि १७५३ तक पूरा सात वर्षसम्म "नालदुम पूर्व दूधकोशी पश्चिम दोलखा सहित शत्रुको भूमि जितेर राज्य गरिरहेका समयमा यो सुवर्ण द्वार बनाएँ" भनी रणजित मल्लले चिकुटीले नालदुम दखल गर्नुभन्दा केही महीना पहिले गर्वसँग आफ्ना राजदरबारका मूलढोकाका खापाहरूमा सुवर्ण लेख प्रकाशित गराएका थिए । नालदुमको पतन र तिब्बती र शेर्पाहरूको उपद्रवको समाचार सुनेपछि यिनले पनि त्यो विस्तृत भू-भागमा अधिकार थाम्न कठिन देखे ।

परन्तु यस समयसम्म गोरखालीको शक्ति प्रशस्त मात्रामा बढिसकेको थियो । गढीहरूको संरक्षकको असावधानीले मात्र चिकुटीले दुवै गढी दखल गरेका हुन्, पुरुषार्थ लगाएका होइनन् भन्ने पृथ्वीनारायण शाहले चाल पाए । यसकारणले दह्चोकको गढी जितेर नाम कमाएका काजी तुलाराम पाण्डे र शिवराम सिंह बस्न्यातका नवयुवक माहिला छोरा कहरसिंह बस्न्यातको नेतृत्वमा नालदुम गढी दखल गर्नलाई एक गोरखाली सैन्य दल पृथ्वीनारायण शाहले नुवाकोटबाट खटाए । यस समयसम्ममा नुवाकोट साँगाचोक उत्रने बाटो मूलबाटो बनिसकेको थियो । यसकारणले अघि जुन मार्गबाट शिवराम सिंह बस्न्यातको नेतृत्वमा गोरखाली सैन्य दल नुवाकोटबाट साँगाचोकमा उत्रेको थियो उसै मार्गबाट तुलाराम पाण्डेको नेतृत्वमा आएको गोरखाली सैन्य दल नालदुमतिर बढ्यो । तुलाराम पाण्डेले रात परेपछि साँगाचोकबाट झरी दियालाको उज्यालोको भरमा ओरालो र उकालो, जङ्गल र बीचमा परेको सालीनदी समेत पारगरी आधारातको बेला पारेर एक्कासी गढीमा आक्रमण गर्दा कान्तिपुरका रक्षक दल लगभग सबै हताहत भएपछि उनीहरूले गढी खाली गरिदिए । सो घटना १ अगष्ट १७५४ को दिन घटेको थियो । यो समाचार सुनेर महादेव पोखरीको गढीमा रहेका सैनिक पनि हटे । तुलाराम पाण्डेले नालदुमगढीमा चौतरिया जहाँगीर शाहलाई थामी महादेव पोखरीको गढीमा अर्को रक्षक नियुक्त गरे ।

अब पृथ्वीनारायण शाहको विशेष गरेर दोलखा जिल्लामा रहेको ठेसेको फलाम खानी आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दखलमा ल्याउनको निमित्त दूधकोशीसम्म नै आफ्नो दखल जमाउनु आवश्यक थियो। यसकारणले पृथ्वीनारायण शाहले तुलाराम पाँडे र कहरसिंह बस्न्यातका हातमा दोलखाली देशवार प्रधानहरूलाई 'पालुङ्गे' 'टिष्टुङ्गे' र 'चित्तलाङ्गे' सोझा भई हामीसँग मिलेका हुनाले उनको रक्षा हामीले गरेका छौं। नालदुम पूर्व हाम्रो अम्वल भयो। तिमी प्रजापात हौ मेरो हजुर्मा आओ। तिम्रा जिउ-धनको म रक्षा गरूँला। पीछा दिई अर्को तरह गरें भने श्री गोरखनाथको कुदृष्टि। धर्म दिइकन पनि नआए तिमीहरूको जायदाद गरौंला भन्ने सन्देश पठाउँदा यिनीहरू गोरखाराज्यमा मिल्न मन्जूर भएका हुनाले दूधकोशीसम्मको भू-भाग गोरखाली राज्यमा सम्मिलित भयो। यो पत्र व्यवहार भएको ई. सं. १७५४ को अगष्ट महीनामा हो। यसरी काठमाडौं उपत्यकाका राज्यहरूमाथि कब्जा गर्नु अगाडि नै रामेछाप जिल्ला पृथ्वीनारायण शाहको अधीनमा आएको हो।

पछि नेपाल उपत्यकाका सबै राज्यहरू उपर एक एक गरी कब्जा गरिसके पछि पृथ्वीनारायण शाहको ध्यान दूधकोशीको पूर्वतिरको प्रदेशतिर गयो। त्यहाँस्थित माझ किरात र पल्लो किरातमाथि सरदार रामकृष्ण कुँवरको नेतृत्वमा गोरखाली सैन्य जाँदा रामेछाप जिल्ला भएर नै गएको थियो। पूर्वपट्टिको पहाडमा बाटोघाटो असजिलो हुनाले भरियाको बन्दोबस्त मिलाउनाको निमित्त पृथ्वीनारायण शाहले सैनिकमा भर्ना नहुने यस जिल्ला क्षेत्रका मुरमी, सुनुवार र थामीलाई समेत पाखाबाली हुने जग्गा किपट दिई लडाईंको काममा रसद, हतियार आदि बोक्ने काम ठेकिदिएका थिए। बाटो असजिलो हुँदा सैनिकको भन्दा किपटियाको संख्या तेब्बर थियो।[1]

१. बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग २ र ३ मा आधारित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

रामेछाप

यो ठाउँ करीब १,४२४ मिटर (४,७०० फीट) अग्लो डाँडाको थाप्लोमा अवस्थित छ। यो जिल्लाको सदरमुकाम पनि हो। २०१८ सालमा नेपाल अधिराज्य ७५ विकास जिल्लामा विभाजित हुनु अगाडि यो चरिकोट र सिन्धुली जिल्लाहरूको पनि सदरमुकाम थियो। यसरी जनकपुर अञ्चलको सम्पूर्ण पहाडी भाग यसै ठाउँबाट प्रशासित हुने गर्दथ्यो।

चारैतिर खुलेको रामेछाप डाँडा पहिलेदेखि नै सामरिक महत्वको मानिन्छ। यहाँबाट खासगरी उत्तरमा चरिकोट र दक्षिणमा सिन्धुलीगढी राम्ररी देख्न सकिन्छ र यस भेकमा आकाशवाणीको आधुनिक उपकरण आउनुभन्दा अगाडि केही रूपमा यसै भौगोलिक अवस्थितिबाट सञ्चारको काम लिइने गरिन्थ्यो।

पूर्वी नेपालको एक ठूलो गोश्वारा (पूर्व दुई नम्बर गोश्वारा) रामेछापमा रहेर पनि यस ठाउँमा राम्रो बजारको विकास हुन सकेको छैन। हाल यहाँ १०।१५ वटा घरहरू बनेका छन् र तिनीहरूमा कपडा, किराना सामान, मरमसला र चियाका पसल राखिएका छन्। केही घरहरूमा सरकारी कार्यालयहरू रहेका छन्। यहाँ एउटा राम्रो बजार बसाउने उद्देश्यले एउटा रामेछाप नगर योजना तयार गरिएको छ र यसको लागि हालको बजार नजीकै एउटा समथर ठाउँ पनि छुट्याइएको छ। यहाँ प्रत्येक बिहीबार हाट बजार लाग्दछ र दैनिक उपभोगका चीजबीजहरूको खरीद बिक्री हुन्छ।

यस ठाउँको सबभन्दा ठूलो समस्या खानेपानीको कमी देखिन्छ। हुन त यहाँ एउटा खानेपानी योजना चालू भइरहेको छ र सो अन्तर्गत जम्मा तीनवटा धारामा पानी आउने गर्दछ तर पनि सो पानी स्थानीय आवश्यकताभन्दा धेरै कम हुने हुनाले धारामा सधैं पानी लिन मानिसहरूको भीड लागेको हुन्छ। यहाँको लागि एउटा नयाँ खानेपानी योजना पनि तयार भएको छ र यसमा करीब तीन लाख ३२ हजार रूपियाँ खर्च हुने अनुमान छ।

जिल्लास्तरीय सबैजसो कार्यालयहरू यसै ठाउँमा रहेका छन्। यहाँ प्रमुख जिल्ला अधिकारी-को कार्यालय, जिल्ला प्रहरी निरीक्षक, भूमिसुधार, जिल्ला अदालत, कृषि विकास, माल आदि कार्यालयहरू छन्। जिल्ला पञ्चायत र राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालयहरू समेत यहाँका धेरै जसो सरकारी कार्यालयहरू एकै भवनमा राखिएका छन्। अन्तर कार्यालय समन्वयको लागि यो राम्रो भए तापनि वर्तमान अवस्थाबाट विभिन्न कार्यालय सञ्चालन गर्न स्थानाभाव भएको देखिन्छ। यस ठाउँमा एउटा माध्यमिक विद्यालय र एउटा स्वास्थ्य केन्द्र पनि रहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामेछाप एक होचो पहाडमा बसे तापनि चारैतिर खुला भएकोले यस ठाउँमा प्रायः सधैं हावा चलिरहन्छ। त्यसले गर्दा यहाँ ग्रीष्म ऋतुमा पनि गर्मी महसूस हुँदैन। जाडो याममा प्रशस्त ठण्डा लाग्दछ।

रामेछाप यस भेकको मूलबाटोमा पर्ने हुनाले यहाँ कुनै पनि छिमेकी जिल्लाबाट जान सकिन्छ। काठमाडौंबाट रामेछाप करीब ९० किलोमिटर (२८ कोस) टाढा पर्दछ कुनै र चार-पाँच दिन लाग्दछ। दक्षिणतिरको सिन्धुलीमाडीबाट करीब २९ किलोमिटर (नौ कोस) टाढा पर्दछ र एक–दुई दिनको हिंडाइ लाग्दछ। पूर्वबाट जाँदा ओखलढुङ्गाबाट करीब ६० किलोमिटर (१९ कोस) पर्दछ र उत्तरतिर चरिकोट ५१ किलोमिटर (१६ कोस) टाढा पर्दछ।

ठोसे

ठोसे रामेछाप जिल्लाको दोस्रो महत्वपूर्ण स्थान हो। यो ठाउँ रामेछापदेखि करीब ४५ किलोमिटर (१४ कोस) उत्तर–पूर्व दिशामा समुद्रदेखि करीब १,८१८ मिटर (६,००० फीट) को उचाइमा बसेको छ। खिमती खोला र उत्तरायणी खोलाका संगमतिर अवस्थित यो ठाउँ दोलखा र सोलुखुम्बू जिल्लाको मूलबाटोमा पर्दछ। सगरमाथा र त्यसका वरपरका उच्च हिम शिखरहरू चढ्ने पर्वतारोहब दलहरू र खुम्बू हिमनदी क्षेत्रको दृश्यावलोकन गर्न जाने असंख्य विदेशी पैदल यात्रीहरू यसै बाटो भएर आउँने जाने गर्दछन्। काठमाडौंबाट खुम्बू क्षेत्रको सबभन्दा प्रसिद्ध स्थान नाम्चे वजार पैदल हिंड्ने सबभन्दा छोटो बाटो यही भएकोले यो साह्रै चल्तीको बाटो हो। यही आवागमनले पनि ठोसे बजारको विकासमा ठूलो सघाउ पुऱ्याएको देखिन्छ।

ठोसे बजार रामेछाप जिल्लाको सबभन्दा ठूलो बजार हो। तावे-डाँडाको पश्चिमी फेदमा बसेको यो बजारमा दोहोरो लाइन घरहरू बनेका छन्। यहाँका घरहरू ढुङ्गा, माटो र छाउने ढुङ्गा (स्लेट) जस्ता स्थानीय वस्तुबाट बनेका छन्। यस बजारमा करीब ५० वटा पक्की घर छन्। प्रायः सबै घरमा विभिन्न चीज-बीजका पसलहरू राखिएका छन्। यस ठाउँमा खासगरी दैनिक उपभोगका माल सामानहरू र बाटो हिंड्ने यात्रुहरूलाई आवश्यक पर्ने चीजबीजहरूको बिक्री हुने गर्दछ। यो ठाउँ रामेछाप जिल्ला अन्तर्गत परे तापनि व्यापारिक दृष्टिबाट यस ठाउँको धेरै सम्बन्ध काठमाडौं र सिन्धुपाल्चोक जिल्लाको लामोसाँगुसित भएको पाइन्छ। काठमाडौंमा खरीद गरिएको नून, तेल, कपडा, साबुन आदि लामोसाँगुसम्म मोटरको बाटो र त्यसपछि ठोसेसम्म भरिया लगाई लैजाने गरिन्छ। लामोसाँगुबाट यो ठाउँ करीब ५८ किलोमिटर (१८ कोस) टाढा छ।

२०२८ सालको जनगणना अनुसार यस बजारको जनसंख्या २,२०४ छ। यहाँका बासिन्दा खासगरी नेवारहरू छन्।

यहाँ माध्यमिक विद्यालय, शाखा हुलाक र प्रहरी चौकी छन्। यो ठाउँ फलाम खानी र कागज बनाउने उद्योगको लागि प्रसिद्ध छ। भरुवा बन्दूक बनाउने काममा यहाँको फलाम खानी लामो अवधिसम्म प्रयोग गरिएको थियो तर हाल यो बन्द छ। कागज बनाउने काम केही मात्रामा चल्दै गरेको छ।

साँगुटार

यो ठाउँ रामेछापको पश्चिम दिशातर्फ लिखु खोलाको किनारमा पर्दछ। समुद्र सतहदेखि यहाँको उचाइ करीब ८७८ मिटर (२,९०० फीट) छ। यो जिल्लाको बेंसी-टार भागमा परेकोले यहाँ ग्रीष्म याममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशस्त गर्मी हुन्छ। हिउँदमा चिसो हुन्छ तर धर ठण्डा लाग्दैन।

यहाँ राम्रा घरहरू भएको एउटा बजार बसेको छ। साँगुटार बजार खासगरी यातायात र व्यापारको लागि महत्वपूर्ण मानिन्छ। यो ठाउँ पूर्वी नेपालको मूलबाटोमा पर्दछ। काठमाडौंबाट पूर्वमा ओखलढुङ्गा, भोजपुर, खोटाङ आदि जिल्लाहरू जाने मूलबाटो यही नै हो। प्रधान मन्त्री चन्द्र शम्शेरको पालामा लिखु खोलामा एउटा पक्की साँगु बनेको थियो र त्यसपछि यहाँको टारमा बजार बस्न शुरू भएको हो। यसै कारणले यस ठाउँको नाउँ साँगुटार रहन गएको हो। व्यापारको दृष्टिबाट यस ठाउँले पूर्वमा रामेछाप, ओखलढुङ्गा, खोटाङ, भोजपुर र सिन्धुलीमाडीतिर जाने-आउने सबै व्यापारिक मालसामान यसै बजार भएर जाने गर्दछ। त्यसैले यस ठाउँको विकास हुँदै गएको छ।

साँगुटार रामेछापबाट करीब १९ किलोमिटर (छ कोस) टाढा छ र यहाँबाट ओखलढुङ्गा करीब ४१ किलोमिटर (१३ कोस) टाढा पर्दछ। यहाँ एउटा माध्यमिक विद्यालय र स्वास्थ्यकेन्द्र चलिरहेछन्। यस बजारमा एउटा प्रहरी चौकी र शाखा हुलाक पनि रहेका छन्।

केवलेश्वर

यो धार्मिक महत्वको स्थान हो। यो सदरमुकामदेखि डेढ किलोमिटर (आधा कोस) पश्चिमतर्फ करीब १,५१५ मिटर(५,००० फीट)को उचाइमा अवस्थित छ। यो स्थान बारे यसप्रकारको एक जनश्रुति पाइन्छ। एउटा दुहुना गाईले धेरै दिनसम्म दूध नदिएपछि गोठालालाई बडो आश्चर्य लाग्यो। गाई जङ्गलमा चर्न जाँदा कसैले दुहुने रहेछ कि भन्ने उसलाई शङ्का लाग्यो। यस शङ्काको समाधान गर्न गोठालो दिनभर गाईको पछि लाग्यो। नभन्दै गाई एउटा पहरामा पुगेपछि दूध चुहाउन थाले छ। सो देखेपछि गोठालो झर्कियो र दूध चुहिरहेको ढुङ्गालाई लडाइदियो। सो ढुङ्गा गुड्दै तल फेदीमा पुग्यो र फुट्यो। त्यसबाट रगत बग्न थाल्यो र यस्तो अद्भूत कुरा देखेपछि गाउँलेहरूमा खलबली भयो। धर्मभीरू गाउँलेहरूले त्यस ढुङ्गालाई ईश्वरीय शक्ति निहित भएको मानी पुनः पहरामा ल्याई स्थापना गरे। यस्तो घटना अर्कै ठाउँमा स्थापना गरिएको महादेवस्थलको सम्बन्धमा पनि घटेको सुनिन्छ।

रजगाउँ

यो ठाउँ पकरबास पञ्चायतमा पर्दछ। पुरानो जमानामा राजा बस्ने गाउँ भएकोले यसको नाउँ रजगाउँ रहन गएको अनुमान लगाइएको छ। त्यस गाउँको हात्तीटार भन्ने ठाउँमा भीमसेन र एउटी किच्कन्नी बीच घमासान युद्ध भएको भन्ने भनाइ पाइन्छ। एउटा ठूलो ढुङ्गामा देखिएको दाग भीमसेनले त्यसमा घुँडा घस्दा लागेको भन्ने विश्वास गर्दछन्। त्यस पहाडको तल्लो भागमा एउटा गुफा छ जहाँ त्यो किच्कन्नी लुकेकी थिई भन्ने भनाइ छ। त्यहाँ एउटा टुक्रिएको गदा पाइएको छ। सो गदा उठाई श्वास रोकी मन्दिर परिक्रमा गर्न सके सड्केको, गोला भएको, मुटुको व्यथा भएको रोग निको हुन्छ भन्ने मानिसहरूको विश्वास छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

सम्वत् २०२८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या १,५७,३४९ छ। त्यसमा पुरुषको संख्या ७५,७२७ र महिलाको संख्या ८१,६२२ छ। यसरी यहाँ पुरुषकोभन्दा महिलाको संख्या ५,८९५ बढी भएको देखिन्छ। जनसंख्याको दृष्टिबाट अधिराज्यका विभिन्न जिल्लाहरूको क्रममा रामेछाप ३२ सौं स्थानमा पर्दछ। यहाँको जनसंख्या जनकपुर अञ्चलको जनसंख्याको १२.४ प्रतिशत पर्न आउँछ। त्यसमा पुरुषहरू ११.९ प्रतिशत र महिलाहरू १३ प्रतिशत भएको पाइन्छ। जनकपुर अञ्चलका अरू पाँच जिल्लाको तुलनामा रामेछाप जिल्लामा कम बासिन्दाहरू पाइए पनि यहाँको क्षेत्रफल र भू-उपयोग दृष्टिबाट यसलाई घना बस्ती भएको ठाउँ मान्न सकिन्छ।

यस जिल्लाको क्षेत्रफल जम्मा १,५४४ वर्ग किलोमिटर छ। त्यस हिसाबले यस जिल्लाको जनघनत्व १० व्यक्ति प्रति वर्ग किलोमिटर भएको पाइन्छ अर्थात् एक हेक्टर (२० रोपनी) मा एकजनाको दरले बसोबास भएको छ।

यस जिल्लामा जम्मा घर परिवार संख्या २९,०९२ छ र तिनीहरूमा जम्मा १,५७,२६१ जना मानिसहरू छन्। यसरी जिल्लाको कुल बासिन्दाहरूमध्ये जम्मा ८८ जना यहाँका घर परिवारमा बसेका देखिन्छन्। व्यारेक, होस्टल, जेल आदि ठाउँमा रहेका व्यक्तिहरूलाई जनगणनामा समावेश गरिने तर घर परिवार सदस्य संख्यामा सम्मिलित नगरिने हुनाले कुल जनसंख्या र घर परिवार सदस्य संख्यामा भिन्नता आएको हो। तसर्थ ती ८८ जना मानिसहरू यसै जिल्लाको व्यारेक, होस्टल अथवा जेलमा बसेका देखिन्छन्।

यस जिल्लाको औसत परिवार संख्या पाँच व्यक्ति छ। सबभन्दा धेरै परिवार संख्या पाँच जना सदस्यको छ, सो संख्या ४,६३९ छ। त्यसपछि चार जना सदस्य भएको ४,४७२ परिवार र छ जना भएको ४,१०१ परिवार छन्। ठूलो परिवारमा २० जनाभन्दा बढी मानिस भएको परिवार ४९ वटा छ र १५ देखि १९ जना भएको परिवार १८८ वटा छ। स-सानो परिवार एक जनासम्म पनि भएको पाइन्छ र परिवार स्वरूप रहेका यस्ता व्यक्तिहरू १,१२५ जना छन्। दुई जना जहान भएको घर परिवार २,४९२ वटा भएको देखिन्छ।

यस जिल्लाको जनसंख्यालाई विभिन्न उमेर समूहमा छुट्याउन सकिन्छ र त्यसबाट उमेरको बनावटको आधारमा जनसंख्याको आधार र प्रकृति थाहा पाउन सकिन्छ। तसर्थ यस जिल्लाको जनसंख्यालाई तीन भागमा निम्नप्रकारले बाँडिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५	१३,६३१	१८.०	१४,२८४	१७.५	२७,९१५	१७.७
६–१५	२०,९६१	२७.७	१९,४६२	२३.९	४०,४२३	२५.७
१६ र माथि	४१,१३५	५४.३	४७,८७६	५८.५	८९,०११	५६.६

यस तालिकाअनुसार रामेछाप जिल्लामा २७,९१५ जना शिशु अवस्थामा छन् र तिनीहरू जिल्लाको कुल जनसंख्याको १७ प्रतिशत छन्। त्यसैअनुसार छ देखि १५ वर्ष उमेरका केटाकेटीहरू जम्मा ४०,४२३ (२५.६ प्रतिशत) छन् र उनीहरू शिक्षा हासिल गर्न विद्यालय जानयोग्य उमेरका समूहमा पर्दछन्। यसबाट यस जिल्लामा सामाजिक सेवाहरूको तर्जुमा गर्न सहयोग मिल्न सक्छ। यहाँ १६ र त्यसभन्दा बढी उमेरका वयस्कहरूको संख्या ८९,०११ (५६.८ प्रतिशत) छ। यिनीहरूमध्ये पुरुष ४१,१३५ र महिला ४७,८७६ भएको पाइन्छ। यसरी १६ वर्षदेखि माथि र पाँच वर्षभन्दा मुनिका जन समूहमा पुरुषभन्दा महिलाको संख्या धेरै देखिएतापनि छदेखि १५ वर्षका बाल-बालिकाहरूमा बालिकाहरूभन्दा बालकहरूको संख्या नै बढी छ।

नेपालको सामाजिक र आर्थिक स्थितिलाई हेर्दा १० देखि ५९ वर्षका मानिसहरूलाई आर्थिक गतिविधिको लागि सक्षम मानिन्छन्। यस्ता सक्षम मानिसहरू यहाँ १,००,८७८ जना छन् र सो संख्या कुल जनसंख्याको ६४.३ प्रतिशत छ। भरखर जन्मेका शिशुदेखि नौ वर्षका केटाकेटीहरू र ६० वर्ष पुगेका बूढाबूढीहरूले आर्थिक गतिविधिमा हात बढाउन असमर्थ हुने हुनाले यस उमेर समूहका मानिसहरूलाई आर्थिक दृष्टिबाट अरू माथि आश्रित भएको मानिन्छ। यसरी आश्रित भएका ० देखि नौ वर्षका केटाकेटीहरू यस जिल्लामा ४५,६१५ (२९ प्रतिशत) छन् र ६० वर्ष नाघिसकेका बूढाबूढीहरू १०,८५६ (६.९ प्रतिशत) छन्। यस हिसाबले यहाँको ६४.३ प्रतिशत जनसंख्या माथि ३५.९ प्रतिशत जनसंख्या आर्थिक रूपले आश्रित भएको देखिन्छ। यसरी सक्षम र आश्रितको अनुपात १००:५६ देखिन आउँछ अर्थात् १०० जना सक्षम मानिसहरूमाथि ५६ जना आश्रित छन्।

तर अन्तर्राष्ट्रिय परिपाटीअनुसार आर्थिक सक्षमता भएको र आश्रित जनसंख्या छुट्याउने आधार बेग्लै भएको पाइन्छ। विद्यालय जाने उमेरसम्म धेरै देशहरूमा केटाकेटीहरूलाई आर्थिक गतिविधिमा लाग्न निषेध गरिएको कानूनी व्यवस्था भएकोले यस्ता देशहरूमा १५ देखि ६४ वर्षका मानिसहरूलाई आर्थिक सेवा र उत्पादनमा लाग्ने सक्षमता भएको मानिन्छ। अरू बाँकी १४ वर्षभन्दा मुनिका केटाकेटी र ६५ वर्षभन्दा माथिका वृद्धहरूलाई आर्थिकरूपले अरूमाथि आश्रित भएको मानिन्छ। यसै आधारमा यस जिल्लाको जनसंख्याको विश्लेषण गर्दा १५ देखि ६४ वर्षका सक्षम मानिसहरू ८६,६२७ (५५.२ प्रतिशत) भएको पाइन्छ। ० देखि १४ वर्षका बालबालिकाहरू ६४,४९६ (४१ प्रतिशत) र ६५ वर्ष नाघेका मानिसहरू ६,२६६ (प्रतिशत ४) छन्। यस किसिमले यहाँका ५५.२ प्रतिशत जनसंख्या माथि ४५ प्रतिशत जनसंख्या निर्भर रहेको पाइन्छ। यसरी सक्षम र आश्रित जनसंख्याको अनुपात १००:८२ भएको देखिन आउँछ अर्थात् १०० जना सक्षम मानिसहरूमाथि ८२ जना आश्रित छन्।

तर जनगणनाअनुसार यस जिल्लामा जम्मा ८०,९४८ जना सक्षम मानिसहरू आर्थिक गतिविधिमा लागेका पाइन्छन्। यसरी १० वर्षभन्दा माथिको १,११,७३४ जनसंख्याको ७२.४ प्रतिशत मात्र आर्थिक गति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधिमा संलग्न रहेको छ। उनीहरूमध्ये कृषिमा ७६,८६७ जना, अरू किसिमका उत्पादनमा ५०३ जना, प्राविधिक कार्यमा १०७ जना, नोकरीमा ७३ जना, कारिन्दा काममा २८६ जना र व्यापारमा ११२ जना लागेका छन्। अरू बाँकी ३०,७८६ जना निम्नलिखित कारणले आर्थिक गतिविधिमा असंलग्न देखिन्छन्– गृहिणी १८,६४४; विद्यार्थी ३,१७४; बृद्धावस्थामा ५,७५७; रोगी ५६४; कोरी ५५; लुला-लङ्गडा ३३४; पागल ३२; पेन्सनवाला ३९ र अरू २,१५७

यस जिल्लामा छ वर्षभन्दा माथि उमेरका मानिसहरू १,२६,४३४ जना छन्। तीमध्ये ७१,८२८ जना विवाहित छन्। विवाहितमा पुरुष ३२,९४० र महिलामा ३८,८८८ जना छन्। तीमध्ये छदेखि नौ वर्षका ६५ जना र १० देखि १४ वर्षका ८२६ जना बाल-बालिका छन्। यहाँ १,५२४ जना विधुर र ५,९३७ विधवा पनि छन्। त्यसमा दुई जना विधुर र तीन जना विधुवा १० देखि १४ वर्ष बीचको उमेर भएका छन्। यसरी यस जिल्लामा सानै उमेरमा विवाह भएको र बाल्य अवस्थामा नै विधुर–विधुवा भएको समेत देखिन्छ। त्यसभन्दा पनि उल्लेखनीय कुरा के छ भने पारपाचुके गरेको ५९ जना पुरुष र ९० जना महिलामध्ये एक एक जना छदेखि नौ वर्ष र दुई दुई जना १० देखि १४ वर्ष उमेरका केटाकेटीहरू छन्।

मातृभाषाको आधारमा लिइएको जनगणनाअनुसार यस जिल्लामा नेपाली बोल्नेहरूकै सबभन्दा ठूलो संख्या देखिन्छ। नेपाली बोल्ने ८२,४३६ छन् भने तामाङ भाषा बोल्ने ३०,०३९; मगर भाषा बोल्ने १४,३२२; राई भाषा बोल्ने १३,३२३ र सुनुवार भाषा बोल्ने ८,३६४ छन्। त्यसभन्दा कम संख्यामा राजवंशी भाषा बोल्ने ४,१६० र स्थानीय भाषाहरू बोल्ने ४,२४५ जना भएका देखिन्छन्। यस अतिरिक्त अरू भाषाहरूको संख्या साह्रै थोरै मात्रामा मात्र पाइन्छ।

यस जिल्लामा जम्मा ४३ वटा गाउँ पञ्चायतहरू छन्। ती पञ्चायतहरूमा १,४४५ देखि ५,९३५ जना मानिसहरूसम्म बसोबास गरेको पाइन्छ। ती पञ्चायतहरूको नामावली र जनसंख्याको विवरण यस प्रकार छ :–

पञ्चायत	कुलसंख्या	पञ्चायत	कुलसंख्या
१. कटहरे	२,६३७	२. कठजोर	४,७७८
३. कुवुं कांस्थली	२,७०२	४. खतिया पानी	२,६६०
५. खिमती नागस्थली	४,७४६	६. गागलटार	५,४७८
७. गावेसल्ला पुरानागाउँ	४,२२५	८. गुन्सी भदौर	४,०५८
९. गुम्देल	२,१३०	१०. गेलु	३,७५७
११. चिलाउने खर्क	३,६३४	१२. चिसापानी	४,५०८
१३. चुचुरे	१,८०६	१४. चौप्राङ्ग	२,८६१
१५. टोकरपुर	४,६१२	१६. ठोसे बजार	२,२०४
१७. दिमी पोखरी	४,७६१	१८. दोरम्वा	४,०५१
१९. नागदह	३,६००	२०. नामाडी	३,७६१
२१. पकरवास	३,९६७	२२. प्रीति	४,२१३
२३. फुलासी	४,५१३	२४. बाँकी मेरी	३,१४७
२५ बाम्ती भण्डार	२,९८८	२६. बिजुली कोट	५,२०६
२७. बेताली	३,६०८	२८. बेथान	४,२०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२९.	भंगेरी	४,११९	३०.	भालुवा जोर	२,९८५
३१.	भीरपानी	२,८५०	३२.	भुजी	३,९६२
३३.	मझुवा	१,४४५	३४.	मुगिटार	२,४२२
३५.	रसनालु	३,२५३	३६.	राकाथुम	२,३९७
३७.	रामपुर	४,१५०	३८.	लखनपुर रिट्ठे	५,९३५
३९.	सालुसेती देवी	३,२९६	४०.	सिरूबारी	३,७३०
४१.	सुकाजोर	४,०१८	४२.	सुनारपानी	२,७८९
४३.	संपु	४,९४७			

जनजीवन

रामेछाप जिल्लामा विभिन्न जातजातिका मानिसहरू बसोबास गरेका पाइन्छन्। यी विभिन्न जात-जातिमा तामाङहरूको बाहुल्यता छ। थिनीहरूको ठूलो बस्ती रामेछाप सदरमुकामको वरपरका डाँडाहरू र सुकाजोर, भलुवाजोर, खिमती, नागथली, फुलासी, पुराना गाउँ, गागलटार, मफुवा, दिमी पोखरी, बेथान, दोरम्बा आदि पञ्चायत क्षेत्रमा फैलिएको छ। थिनीहरू मुख्यतया कृषक नै हुन् तर केही संख्यामा विदेशी सेना र सेवामा काम गर्न देश बाहिर जाने पनि गर्दछन्। यस जिल्लाको राजनैतिक, सामाजिक र आर्थिक गतिविधिमा थिनीहरूको महत्वपूर्ण भूमिका हुनु स्वाभाविकै हो। तर थिनीहरूको रीति-रिवाज, खानपान, परम्परा र संस्कृतिको विस्तृत व्याख्या काभ्रे पलाञ्चोक जिल्लामा गरिएकोले र त्यस जिल्लाका तामाङ जातिको रहन सहन र संस्कृति यहाँका तामाङहरूसित मिल्ने देखिएकोले त्यसलाई यहाँ दोहऱ्याइएको छैन। तर सानो संख्यामा भए पनि यस जिल्लामा बसोबास गरेको विभिन्न जात-जातिको रहन सहन र संस्कृति बारेमा केही विस्तृत विवरण दिइएको छ।

हायू[1]

हायू जातिको बसोबास यस जिल्लाको मुराजोर पञ्चायत क्षेत्रमा विशेष गरी पाइन्छ। हायूहरूले आफ्ना पूर्खाहरू दक्षिण दिशातिर रहेको लङ्का-पलङ्काबाट आएका हुन् भन्दछन्। यसको ठीक अवस्थिति बताउन नसके पनि लङ्का पलङ्का भन्ने ठाउँहरू सँगसँगै रहेको अनुमान गर्दछन्। तर उनीहरूले आफ्नो पूर्खाबारे एउटा कुरामा भने दृढ विश्वास गरेको पाइन्छ। सो के भने नेपाल पसेका हायूका पुर्ख्यौलीहरूमा धेरै दाजुभाइ थिए र त्यसमध्ये कान्छोबाट निस्केका सन्तानहरू हायूहरू हुन्। ती दाजुभाइहरू बसाइँको खोजमा नेपालको पहाडतिर लाग्दा कान्छो चाहिं सबभन्दा पछि परेको थियो र उसले आफ्नो जन्म स्थानबाट ल्याएको ठूलो ढोल बोकेकोले हिंड्न सकेको थिएन। जब ऊ सुनकोशी तरेर मुराजोर पुग्यो, सो ढोलबाट टिङ्ग-टिङ्ग आवाज निस्कन लाग्यो र

१. तल दिइएको हायू जातिबारे विवरण अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालय अन्तर्गतको भाषा विज्ञान विभागका श्री वोयड् मिखायलोभस्कीले ई. १९७२ र १९७३ मा लिएको यसै जिल्लाको हायूहरूको सर्वेक्षणमा आधारित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उसले यो आवाजलाई त्यस ठाउँमा रोकिने र त्यहीं बस्ती बसाउने संकेत मानेर बस्यो । त्यस ढोलको लागि एउटा सानो घर बनायो। उसका दाजुहरू अघि गइसकेका थिए। उनीहरू सुनुवार, राई र लिम्बूका पूर्खा भए।

हायूको सबभन्दा ठूलो चाड देवीको सेवा (जात्रा) हो। सो देवी पूजा जोर वर्षमा फागुन महीनामा र विजोर वर्षमा माघ महीनामा गरिन्छ। यो पूजा बिहिबारको दिन शुरू हुन्छ र नौ दिनसम्म रहन्छ। पहिलो पाँच दिनसम्म ढोल राखिएको घरमा अनेक उत्सव मनाउँछन् र नाचगान खूब चल्दछ। यस चाडाडको मुख्य दिन छैठौं दिन (मङ्गलबार) हो जब देवीको पूजा हुन्छ। त्यस दिन सारा गाउँका मानिसहरू जम्मा हुन्छन्। अर्को दिन साँझसम्म कुनै कार्यक्रम हुन्न र साँझ परेपछि नाच-गान शुरू हुन्छ। यस नाचमा गाउँका साना ठिटाहरूले भाग लिन्छन् र बीच बीचमा ठूला मानिसहरू पनि त्यसमा सम्मिलित हुन्छन्। त्यसमा प्रत्येकले आफूभन्दा अगाडिको व्यक्तिको पाखुरा समाउँछ र ती ठिटाहरू वृत्ताकारमा तालको साथ घुम्ने गर्दछन्। सो नाच हुँदा दुई जनाले ढोल र एक जनाले झ्याली बजाउँछन् र दुई तीन जनाले गाउँछन्। त्यसमा देवीको आराधना गरिन्छ र राति अबेलासम्म सो नाच विभिन्न तालमा चलिरहन्छ।

आखिरी बिहिबार र शुक्रबार सो नाच गाउँका सबै घरहरूमा पालैसित लगिन्छ र आँगन र घरभित्र समेत नचाइन्छ। नाच सिद्धिएपछि ढोल र झ्यालीलाई चोखो ठाउँमा राख्दछन् र नाच्ने, गाउने र दर्शकहरू छयाङ (जाँड) खान थाल्दछन्। छयाङलाई देवीको प्रसाद मान्दछन् र जसको आँगनमा नचाएको हो सोही घरका मानिसहरूले सो प्रसाद दिने गर्दछन्।

यसमा मुख्य गायक गाउँका बयोबृद्ध हुन्छ। उसलाई गीतका सबै पंक्तिहरू राम्ररी सम्झना हुन्छ र पूजा-आजाको तरीका पनि जानेको हुन्छ। यसबेला गाइने गीत रावणको मृत्युमाथि बिलौना गरिएको होइन यो हायू जातिको इतिहास, उनीहरूको समुदायमा आएको उथल पुथल र ढोलको कथा हो।

यस अवसरमा पूजा गरिने देवी पनि हायूका पुर्खासँगसँगै लङ्का पलङ्काबाट आएको विश्वास गर्दछन्। देवीलाई गाउँको मध्यभागमा एक काभ्रोको रूखमा धेरै घण्टी र त्रिशूलको साथमा स्थापना गरिएको हुन्छ। हायूहरूले सुंगुरको मासु खाने भए तापनि देवीमा कुनै भोग नचढ्ने भएकोले हायू गाउँमा सुंगुर पालिन्न। देवी पूजाको अवधिमा खुकुरी र दाप सबै लुकाएर राख्नु पर्छ, गाउँमा कसैले जुत्ता लगाउनु हुन्न र लौरो लिएर हिँड्न पनि हुन्न। देवीको खास बार मङ्गलबार मानिन्छ र प्रत्येक मङ्गलबार हायू पुजारीले देवी स्थानमा दूध चढाउँदछ। सो देवी हायूहरूको खास देवी मानिए तापनि त्यहाँ बनेको देवीस्थान अधिराज्यको अरू देवी स्थान जस्तै देखिन्छ।

हायू जातिमा चार थर हुन्छन्। ती हुन: जेफम् याककुंको, सिम्रो, वालुङ र कमलेस्छो। प्रत्येक थरको आफ्नो कुल-देवता हुन्छ र उक्त थरमा पर्ने विभिन्न परिवारहरू मिलेर दशैंमा कुल घरमा पूजा गर्दछन्। सो अवसरमा मुलामी (जेठोपाको) ले रीत पुऱ्याएर पूजा गर्नुपर्छ। यिनीहरूको आफ्नो थरभित्र बिहाबारी चल्दैन।

मरेपछि हायूहरूले लाशलाई गाड्दछन्। यिनीहरूको परम्पराअनुसार खुट्टा खुम्च्याएर छातीमा अडाई लाशलाई थचक्क बसाइन्छ। छोराले बोकेर लगी करीब डेढ मिटर जति गहिरो खाल्डामा राखिदिन्छ र त्यहाँ दैनिक जीवनमा चाहिने चामल, पानी, तरकारी आदि राखिइन्छ। त्यसपछि खाल्डालाई पहिले ढुङ्गाले छोपिदिन्छन् र त्यसमाथि माटोले पुर्दछन्। सो ठाउँमा एउटा सानो झ्याम्टाको सङ्केत चिह्न राखिदिन्छन्। अर्को दिन सुंगुर काटिन्छ र मरेको तेस्रो दिनमा मृतकको आफ्ना नाता कुटुम्बलाई भोज खुवाइन्छ। मृतकको विवाहित छोरीलाई सबभन्दा पहिले खुवाउँछन् र घरेलु सामानहरूको उपहारको साथमा तिनलाई घरसम्म पुऱ्याउँछन्। मृतक पुरुष भए ज्वाइँलाई र स्त्री भए छोरीलाई एक जोर नयाँ लुगा हालिदिने चलन पनि छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हायूजातिलाई पहिले दास जातिको रूपमा राखिएको थियो। ई. सं. १८५३ को नेपाल मुलुकी ऐनले हायू जातिलाई बेच-बिखन गर्न सकिने र सैनिक सेवामा भर्ती हुन नपाउने जात जातिको समूहमा राखेको पाइन्छ। तर वि. सं. २०१९ सालको नयाँ मुलुकी ऐनले जातजाति बीच भेदभाव हटाइएकोले यस जातिले पनि सामाजिक समानता र न्याय प्राप्त गरेको छ। यस सन्दर्भमा हेर्दा रामेछापमा बसोबास गरिरहेका हायूहरूले स्थानीय सामाजिक र राजनैतिक संस्थाहरूमा पनि महत्वपूर्ण स्थान ओगटेको देखिन्छ। यहाँका हायूहरू सुनकोशी नजीक बरबोट देवीस्थान र बरडाँडामा बसोबास गरेका पाइन्छन्। यी ठाउँहरू सुनकोशीभन्दा करीब १,००० मिटर (३,३०० फीट) माथिको उचाइमा छन् र सुखा जमीनले घेरिएका छन्। यहाँ हायूहरूको करीब २५ घर परिवार भएको पाइन्छ। पञ्चायती व्यवस्था लागू भएपछि सुकाजोर पञ्चायतमा हायू मुखिया सदस्य चुनिएर गएका थिए। उनले गाउँमा पर्न आएका स-साना मुद्दा मामिला र झै-झगडा हेर्ने गर्दथे। उनको निर्णयलाई गाउँका हायू तथा अरू जातिका मानिसहरूले अनुसरण गर्दथे। यसरी जातीयताको आधारमा कुनै समयमा साह्रै तल राखिए तापनि आज यी हायूहरू यहाँको समाजमा स्वतन्त्र नागरिकको रूपमा बाँचिरहेका पाइन्छन्।

यिनीहरूले बसोबास गरेको क्षेत्रको प्राकृतिक तथा आर्थिक स्थितिको प्रभाव अरू जातका मानिसहरू-माथि परे झैं यिनीहरूमाथि पनि पर्नु स्वाभाविकै हो। यहाँ देखिने खेती-योग्य जमीनको कमी, जङ्गलको नाश, सीमित चरन, भू-क्षय जस्ता समस्याहरूले यहाँका बासिन्दाहरूलाई अरू ठाउँमा बसाइँ सर्न अथवा काम गर्न जान बाध्य तुल्याएको देखिन्छ। यस स्थितिमा हायूहरू पनि आफ्नो घर छाडी डाँडा काटी टाढा टाढा काम र मामको लागि जान्छन्। तर यिनीहरू साह्रै थोरै संख्यामा भएकाले यसरी तितर-बितर भएर जाँदा जाँदा यिनीहरूको संस्कृति र जातित्व हराउँदै जाने हो कि भन्ने आशङ्का पनि उठ्दछ।

हायूहरूको आफ्नै भाषा छ तर उनीहरू सो भाषा बिस्तारै बोल्न छाडिरहेका देखिन्छन्। मुराजोरका सबै हायूहरू नेपाली भाषा बोल्न सक्छन् र प्रायः यही भाषा नै बोल्ने गर्दछन्। हुनत यहाँ कतिपय अधबैंसे हायहरू १५–२० वर्षको उमेरसम्म हायू भाषा मात्र बोलेर हुर्केका पाइन्छन् तर उनीहरूले पनि बिस्तारै त्यसलाई बिर्सदै नेपाली भाषा सिक्दै गरेको र बोलिरहेको पाइन्छ। नेपालीको द्रुततर प्रचार भएकोले हायू भाषा पछाडि परेको देखिन्छ। नेपाली भाषा यसरी गाउँ गाउँमा फैलिएको कारण पहाडी इलाकामा प्रशासन बलियो हुँदै गएको, सञ्चार बढ्दै गएको, रामेछापमा साप्ताहिक हाट बजार लाग्ने गरेको र सबै किसिमका जातजातिसित सम्पर्क बढ्दै गएकोले हो भन्ने कुरा देखिन्छ।

मुराजोर नजीकका गाउँबाट हायू भाषा छोटो अवधिमै हराएर गएको देखिनु आश्चर्यकै कुरा हुन गएको छ किनभने त्यहाँका ३५ वर्ष पुगेका केही मानिसहरू जसले १५ वर्षसम्म हायू भाषा छोडेर अरू भाषाको एक शब्द पनि बोल्दैनथे आज आएर हायू भाषाको एक शब्द पनि बोलेको सुनिंदैन। कतिले त सो भाषा सुन्न पनि चाहन्नन् किनभने उनीहरूको मनमा एक किसिमले हायू भाषा नराम्रो र कमसल हो भन्ने भावनाले जरो गाडेको देखिन्छ।

हायू भाषालाई किराती भाषा समूहको एक विशेष हाँगा मान्न सकिन्छ। किराती भाषा समूहमा हायू, सुनुवार, राई र लिम्बू भाषाहरूलाई लिन सकिन्छ। यस किराती भाषा समूहलाई तिब्बती-बर्मेली भाषा समूहको एक सानो भाग मान्न सकिन्छ। तर किराती भाषाहरूमा पनि वान्तबा राई र लिम्बूका भाषाहरू पश्चिमतिर बोलिने हायू भाषा समेत अरू भाषिकाहरूबाट भिन्न भएको पाइन्छ। यहाँ किराती भाषा र तिब्बती-बर्मेली भाषा समूह बीचको भिन्नता देखाउने प्रयास पनि गरिन्छ।

तिब्बती-बर्मेली भाषाहरूबाट किराती भाषाहरूलाई अलग्याउने कुराहरूमध्ये एउटा गुण यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रिया शब्दको जटिल नियम हो। हुनत यो नियम संस्कृतको नियमबाट एकदमै भिन्न छ तर यिनीहरूको जटिलता बीचमा केही समानता पाइन्छ। उदाहरणार्थ क्रिया संख्या सम्बन्धी केही शब्द लिन सकिन्छ। हायू भाषाको क्रिया शब्दको एक वचन र बहुवचन मात्र हुँदैन बल्कि यसको दुई वचन पनि हुन्छ। तिब्बती-बर्मेली भाषामा यस्तो व्यवस्था प्रायः पाइन्न र तामाङ भाषामा क्रियाले संख्याको कुनै संकेत दिँदैन। हायू भाषाको एक उदाहरण यसप्रकार छः–

हायू	नेपाली
बुक्मी	(ऊ) उठ्छ
बुक्छेम	(उनी दुई) उठ्छन्
बुक्मेम	(उनीहरू) उठ्छन्

हायू भाषाको क्रियामा अर्को एक भिन्नता पाइन्छ। "हामीहरू" भन्दा यसको दुई माने हुन्छन् (१) तिमी र म (२) उनी र म। यो कुरा तिब्बती-बर्मेली भाषाहरूमा सामान्यतया पाइन्छ तर यो उपनाममा मात्र भएको देखिन्छ। तर हायू भाषामा क्रियामा समेत सो विशेषता पाइन्छ। जस्तोः–

हायू	नेपाली
बुक्सुङमी	उठें
बुक्छिङमी	(तिमी र म दुई जना) उठ्यौं
बुक्छोङमी	(ऊ र म दुई जना) उठ्यौं
बुक्ककोङमी	(तिमी र म) उठ्यौं
बुक्कोङमी	(उनीहरू र म) उठ्यौं

किराती र हायू भाषाको अर्को विशेषता के छ भने यसका क्रियाले कर्ता र कारक दुवैलाई सम्बोधन गर्दछ। जस्तः–

हायू	नेपाली
पुक्कुङमी	मैले उसलाई उठाएँ
पुक्कुङछेम	मैले उनीहरू दुई जनालाई उठाएँ
पुक्कुङमेम	मैले उनीहरूलाई उठाएँ
पुङनोम	मैले तिमीलाई उठाएँ
पुङनोछेम	मैले तिमी दुई जनालाई उठाएँ
पुङनोनेम	मैले तिमीहरूलाई उठाएँ।

सुनुवार

सुनुवार जातिका मानिसहरू यस जिल्लामा पर्ने खिमती र लिखु खोलाको किनारमा बसोबास गरेका छन्। यिनीहरूको बाक्लो बस्ती खासगरी भुजी, प्रीति र कुवुं काँस्थली पञ्चायत क्षेत्रमा पाइन्छ। यस अतिरिक्त रामपुर, रस्नालु आदि पञ्चायत क्षेत्रतिर पनि यिनीहरू छरिएका देखिन्छन्। सुनुवारहरू आफूलाई किराती मान्दछन् र यिनीहरूको पूर्खा सिमरौनगढबाट आएका थिए भन्ने विश्वास गर्दछन्। पूर्वी नेपालमा फैलिएर बसेका अरू किराती जात-जातिहरू यिनीहरूकै दाजुभाइ थिए भन्ने धारणा पनि पाइन्छ। पहिलो पटक यस भेकमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पसेका किराती दाजुभाइमध्ये जेठा सुरेल, माहिला सुनुवार, साहिंला राई, काहिंला लिम्बू र कान्छा हायू थिए भन्ने विश्वास छ। यी दाजुभाइहरू कालान्तरमा विभिन्न ठाउँमा बसाइँ सर्दै आजको अवस्यामा आइपुगेको अनुमान गर्दछन्।

सुनुवारहरू आफुलाई सूर्यवंशी ठान्दछन्। उनीहरूको वंशावलीअनुसार सूर्यवंशी राजाका पाँच छोरीहरूमध्ये कान्छी भीमादेवीको सूर्य किरणबाट गर्भ रहन गएको र तिनबाट जन्मेको बच्चा सुनुवार भएको कथन पनि यिनीहरूमा पाइन्छ। बाबु पत्ता नलागेको उक्त बच्चालाई पालन पोषणको लागि जङ्गल पठाइएको र त्यहीं उसलाई धनुर्विद्या सिकाइएकोले सुनुवारहरूलाई तराईमा "द्वाल्चन्द्री" अथवा शिकारी भनिएको हो भन्ने विश्वास पनि छ। एक फ्रेन्च विद्वान्[1] का अनुसार सुनुवारहरू बनेपातिरबाट तामाकोशीतिर लागेका थिए र कालान्तरमा यिनीहरू अरू पूर्व दिशातिर गए। पछि यिनीहरू अलि दक्षिण-पूर्व दिशातिर पनि लागे र राईहरूको बस्ती क्षेत्रभित्र पसे। यिनीहरू जुन जुन ठाउँमा बस्ती बसाउँदै गए उही उही ठाउँका नाउँबाट यिनीहरूको हाँगाबिगा जानिन थाल्यो। जस्तै, सुरीखोलाको तीरमा बसेका सुनुवारहरू सुरेल र जिरी खोलाको तीरमा बसेकाहरू जिरेलको नामले जानिन थाले। यसरी सुरेल र जिरेलहरू सुनुवारकै शाखा सन्तान हुन्।

जिरेलहरूको उत्पत्ति बारेमा यस किसिमको कथन सुनिन्छ—करीब सात पुस्ता अगाडि रस्नालु गाउँका सुनुवारहरू चोर्दुङ्ग लेकको जङ्गलमा शिकार खेल्ने गर्दथे। यसै सिलसिलामा एक जना सुनुवारले ढुङ्गे गाउँका एक जना शेर्पिनीलाई राखेर त्यसबाट बच्चा पैदा भयो तर सो बच्चालाई दुवै थरीको समाजले अस्वीकार गरे। यसै बाटो गरी आइरहेका एक जना तिब्बती लामाले सो बच्चालाई जिरी गाउँमा लगी पाल्न थाले। यिनै बच्चाको सन्तान नै जिरेल हुन् भनिन्छ तर जिरेलहरूले आफूलाई शुद्ध सुनुवार नै ठाने तापनि सुनुवारहरू जिरेलहरूसित बिहाबारी गर्दैनन् र उनीहरूको हातबाट भात पनि खाँदैनन्।

सुरेल र जिरेलहरू समेत मिलाई सुनुवारहरूको करीब ७० थर हुन्छन् तर चलन चल्तीमा सूर्यवंशी, राजवंशी र चन्द्रवंशी भन्ने तीन थरहरू बारे धेरै सुनिन्छ। सुनुवारहरूको तीन गोत्र पनि हुन्छन्— काशीव, सूर्य र बाँदले। एउटै गोत्र भित्र यिनीहरूको बिहाबारी चल्दैन।

सुनुवारहरूमा फुपूचेलो र मामाचेली विवाह गर्ने प्रचलन छैन। विवाहको कुरा दुवैतिरबाट मञ्जूर भएपछि "अठोट" गरिन्छ। यस सम्बन्धमा औपचारिक तरीकाले सम्झौतामा हस्ताक्षर गर्दछन् र केटा र केटीको तर्फबाट कागजपत्र आदान प्रदान गर्दछन्। सो सम्झौतापत्रमा जन्ती जाने मिति तोकिन्छ र त्यसमा कसैले बेइमानी गऱ्यो भने ठूलो पाप लाग्ने कुरा उल्लेख गरिन्छ। परम्पराअनुसार त्यस दिन आमाबाबु मरे पनि जन्ती जानै पर्ने अनिवार्यता रहन्छ। विवाह गर्दा शुरुमा जन्तीलाई जाँड रक्सी खुवाए पछि ब्यौली लिन जान्छन्। जन्तीमा बाजा पनि सम्मिलित हुन्छ। ब्यौलीको घर पुगेपछि जन्तीलाई मनग्य भोज खुवाउने चलन छ। भोजमा खासगरी जाँड, सुंगुरको मासु, दाल, भात, तरकारी, दही आदि ख्वाइन्छन्।

विवाहोत्सवको सिलसिलामा दुलहा र दुलहीलाई यज्ञ-मण्डपमा राखिन्छ। उक्त मण्डपमा पाँच स्याउला राखिन्छ र श्लोक पाठ गरिन्छ। उता दमाईहरूद्वारा नाचगान चलिरहन्छ। दुलही निकाल्दा जोर बत्ती र पानीका घडाहरू अगाडि राखिन्छन्। दुलहीलाई बोकेर घरबाट निकालिन्छ।

दुलहाको घरमा जन्ती फर्केपछि द्वारपाली (चेलीबेटीहरू) ले दुलहीको बाटो छेक्छन्। दुलहाले

1. Fournier, Alian—Anthropology of Nepal, School of Oriental and African Studies, University of London, 1973

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरूलाई पैसा दिएपछि बाटो छोडिदिने गर्दछन् । बाटो छक्दा द्वारपालीले पानस, पानी र बत्ती लिएका हुन्छन् । दुलहीले आफ्नी सासू, आमाजू र लोग्नेलाई खुट्टामा ढोगिदिन्छन् । अरूलाई टाढाबाट नमस्कार गर्छिन् । दुलहीले आफ्नो जेठाज्यूलाई छुन नहुने प्रचलन छ। जेठाज्यू अगाडि पर्दा दुलहीले घुम्टो हाल्ने चलन छ।

सुनुवारहरूमा बहुविवाहको प्रचलन साह्रै थोरै मात्रामा पाइन्छ । खालि धनी मानिसहरूले मात्र धेरै स्वास्नी राख्ने गर्दछन् । एकभन्दा बढी स्वास्नी भएमा प्रत्येक स्वास्नीलाई अलग घरमा राख्ने यिनीहरूको चलन छ र धनीहरूले मात्र यस किसिमको व्यवस्था मिलाउन सक्दछन् । दिदी-बहिनी भए मात्र एउटै घरको अलग अलग तलामा बस्ने गर्दछन् । सुनुवारहरूमा पारपाचुकेको चलन पनि प्रशस्तै पाइन्छ ।

लिखुखोलाको केही क्षेत्रमा केटी भगाएर विवाह गर्ने चलन पनि पाइन्छ । यहाँका गाउँबासीहरूको जारी तिर्ने आर्थिक क्षमता नभएकोले यस्तो चोरी विवाह व्यापक रूपमा पाइने गर्दछ । यिनीहरूको समुदायमा विधुवा विवाह राम्ररी चलेको पाइन्छ र प्रायः विधुवाहरू आफ्नो देवरसित बस्ने गर्दछन् ।

मरेपछि सुनुवारहरूले दाह संस्कार गर्दछन् । १३ दिनसम्म शौच बार्दछन् र हिन्दू शास्त्र अनुसार दशदान पनि गर्दछन् तर यिनीहरूले सो दशदान पुरोहितलाई नदिएर आफ्ना चेलीबेटी र भान्जा भान्जीलाई दिने गर्दछन् । १३ दिनसम्म दुःख मनाउँदा यिनीहरू मासु, नून, दही, तेल आदि खाँदैनन् । बरखी बार्दा सेतो लुगा लगाउँदछन् ।

सुनुवारहरूमा जिरेल लामा धर्म मान्नेहरू आफूलाई बौद्धमार्गी ठान्दछन् तर सुरेलहरूले आफ्नै देव देवी मान्दछन् र आफूलाई हिन्दू भन्ने ठान्दछन् । बौद्धमार्गी जिरेलले न्वारान, विवाह र मृत्यु संस्कार गर्दा जिरेल लामालाई नै बोलाउने गर्दछ । जिरेल लामाको व्यवसाय वंश परम्परा अनुसार चलिरहेको पाइन्छ र बाबुले छोरालाई तिब्बती धार्मिक ग्रन्थ पढ्न सिकाउँछ । श्री एलों फुनिएकाअनुसार पहिले सुनुवार र सुरेल पनि बौद्धमार्गी भएका हुन सक्दछन् तर आजकल उनीहरूले हिन्दू धर्म अनुसरण गरेको पाइन्छ ।

सुनुवार समुदायमा दुई किसिमका विशेष धार्मिक मानिसहरू हुन्छन्: १. नोसो र २. पुइम्बो। यिनीहरूले सबै किसिमको धार्मिक रीति-रिवाज गराउने गर्दछन् । खिमती खोलाका सुनुवारहरूले यस्तो सामाजिक अवसरमा बाहुनहरूलाई बोलाउने गर्दछन् तसर्थ उतातिर नोसोहरूको कुनै महत्व भएको देखिन्न र त्यहाँ सुनुवारहरूको पुरानो रीति-थिति चलिरहेको पनि पाइन्न तर लिखुखोलाका सुनुवारहरूले आफ्नो पुरानो परम्परालाई कायमै राखेको देखिन्छ । यसैले यस क्षेत्रमा नोसोको अद्यावधि ठूलो महत्व छ। सुनुवारहरूको धार्मिक विधि-विधान विशाल हुन्छ । यिनीहरूले मृत आत्माको शान्तिको लागि गर्ने पूजा दुई-तीन दिनसम्म रहन्छ । यस किसिमको समारोह २०।२५ वर्षमा हुने गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

यस जिल्लाको आर्थिक व्यवस्थाको मुख्य आधार कृषि नै हो । सुनकोशी, लिखुखोला, खिमती खोला, तामाकोशी आदि ठूला नदी उपत्यकामा रहेका साना-ठूला टार, फाँटमा मुख्य अन्नबाली लगाइन्छ । त्यसभन्दा पनि व्यापक रूपमा यहाँको पहाडी प्रदेशमा खेतीपाती गरिन्छ तर यस्तो आधारशिला भएर रहेको कृषि पनि गएगुज्रेको अवस्थामा रहेकोले यहाँका अधिकांश निवासीहरू गरीबी र दरिद्रताबाट पीडित देखिन्छन् । वन जङ्गलको व्यापक फडानीबाट यहाँका डाँडाकाँडा नाङ्गा देखिन्छन् भने यसैको कारणले यहाँको कृषि-योग्य जमीनको द्रुतगतिले क्षय भइरहेको पनि पाइन्छ । त्यसमा पनि रातो माटोले ढाकिएको पहाडी प्रदेशमा ठूलो बेगले हावा चल्दा सुखा माटो र त्यसमा खेतीपातीको लागि छरिएको मल उडाई लैजाने हुँदा यहाँको कृषि उत्पादनमाथि अर्को मार परिरहन्छ । अर्कोतिर पाकेको बाली बाँदरको हूलले खाइदिएर उत्तिकै क्षति हुन्छ । यसैकारणले यस जिल्लामा वर्षेनी खाद्यान्नको संकट आइपरेको देखिन्छ र यहाँका गरीब गाउँलेहरूले दुई-चार महीना गिट्ठा, भ्याकुर र बाँको जस्तो जङ्गली चीजबीज खाएर आफ्नो गुजारा गर्दछन् । यहाँका निवासीहरू ठूलो संख्यामा हिउँदभर भारी बोक्न सिन्धुली झर्दछन् र केही भारतमा नोकरी गर्न जान्छन् । जिल्लाको उच्च पहाडी भागमा बस्ने शेर्पा जातिका मानिसहरूले भेडा पालनको साथै राडी, पाखी, लुकुनी आदि बुनेर पनि आफ्नो पारिवारिक आम्दानी बढाउँछन् । केही व्यक्तिहरू ठोसे, साँगुटार जस्तो चल्ती बजारमा बसेर व्यापार धन्धामा लागेका पनि छन् ।

कृषि

यस जिल्लाका निवासीहरू अत्यधिक मात्रामा कृषिमा निर्भर रहे तापनि जिल्लाको कुल क्षेत्रफलको आठ प्रतिशत जमीन मात्र खेतीमा लागेको पाइन्छ । यहाँको कुल क्षेत्रफल १,५४,४०० हेक्टरमध्ये करीब आठ प्रतिशत अर्थात् १२,५०० हेक्टर जमीन कृषि अन्तर्गत रहेको छ । सो खेतीमा लागेको जग्गा र यहाँको जनसंख्या (१,५७,३४९) को अनुपात निकाल्दा प्रतिव्यक्ति लगभग .०८ हेक्टर अर्थात् डेढ रोपनी जग्गा पर्न आउँछ । यसै हिसाबले खेती गरिएको प्रति हेक्टर (२० रोपनी) जग्गामाथि करीब १३ जना व्यक्ति निर्भर रहेको देखिन्छ । यो जिल्लामा कुल घर परिवार संख्या २६,०९२ छ र खेती भएको जग्गालाई उनीहरूमा वितरण गर्दा प्रति परिवार ८.५ (साढे आठ) रोपनी खेती भएको जग्गा पर्न आउँछ ।

यस जिल्लाको कृषि उत्पादनमा सुनकोशीको गढतिर बेंसी भागमा धान र मकै तथा पहाडी भागतिर आलु, गहुँ र कोदो हुन्छ । यस अतिरिक्त यहाँ फापर, तोरी, जुनेलो, मास, भटमास, मस्याङ, केराउ, जौ, उखु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुर्ती, बदाम आदिको खेती पनि हुन्छ। यस जिल्लामा खतीपाती गर्दा खतमा मंसीर र पुस महीनामा गहुँ, आलु र फापर लगाइन्छन् र फागुन–चैत महीनातिर काटिन्छन्। त्यसपछि किसानहरूले मकै र कोदोको बाली लगाउँछन् र असार,–साउनतिर सो बाली भित्र्याउँछन्। त्यसपछि सोही खेतमा तेस्रो बाली पनि लगाइन्छ। त्यसमा खासगरी धान, मास र भटमास लगाइन्छ तर पाखो बारीमा खेतीको चक्र अर्कै किसिमले चलेको देखिन्छ। त्यसमा फागुनदेखि जेठ महीनासम्म मकै, आलु, जुनेलो, बदामको खेती लगाइन्छ र असारदेखि भदौ महीनासम्म बाली भित्र्याइन्छ। त्यसपछि कोदो, फापर, भटमास, केराउ, मस्याङ, गहत, मास, तोरी, हिउँदे मकै, बोडी, तिल र सागपातको उत्पादन हुन्छ। सो बाली कात्तिक महीनातिर तयार हुन्छ।

कृषि तथ्याङ्क अनुसार यस जिल्लाका केही मुख्य बालीको उत्पादनको विवरण यहाँ दिइन्छ जसबाट यहाँको बाली-नालीको स्थितिको एक झलक पाइन्छ।

मुख्य बालीहरूको क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्रफल–हेक्टरमा
उत्पादन–मेट्रिक टनमा

वर्ष	२०२४।२५		२०२५।२६		२०२६।२७	
खाद्यान्न	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
धान	३,७००	८,८२०	३,७००	९,०६५	३,७५०	९,१८८
मकै	७,३००	१४,७८३	७,४३०	१४,८६०	७,६००	१५,७३२
गहुँ	६२५	६५६	६५०	६६६	६५०	६८२
कोदो	१,९००	१,८७७	१,९५०	१,९२७	२,०००	१,९८८
जौ	२५	२५	४५	४५	४५	४५
आलु	७५०	४,४०६	७५०	४,४०६	७७५	४,४९५
तोरी	२००	८८	२२५	१०१	२००	९२
उखु	५	५१	१०	११२	१०	११९
सुर्ति	५	३	७	४	७	४

वर्ष	२०२७।२८		२०२८।२९		२०२९।३०	
खाद्यान्न	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
धान	४,०००	१०,२००	३,७८७	९,५०५	५,५००	११,८२५
मकै	७,८००	१६,१४६	७,८००	७,८००	८,०००	१२,०००
गहुँ	६५०	५५२	७००	७१४	७००	५९८
कोदो	२,०००	२,०००	–	–	२,५००	२,०००
जौ	५०	५०	–	–	१००	१०१
आलु	८००	४,६४०	–	–	८५०	४,५०५
तोरी	२१०	१००	–	–	२००	७६
उखु	१०	१२०	–	–	१०	१२०
सुर्ति	१०	६	–	–	१२	७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाबाट सबैजसो अन्न र सुर्ती खेतीको क्षेत्र साधारणतया बढ्दै गएको देखिन्छ। त्यस अनुरूप उत्पादनमा पनि वृद्धि भइरहेको पाइन्छ। तर २०२८।२९ सालमा भएको अतिवृष्टिले धानको उत्पादन त्यसभन्दा अघिल्लो वर्षको तुलनामा घट्न गएको देखिन्छ। यस जिल्लामा त्यस वर्ष परेको अनिकाल मकै खेतीमा भएको ह्रासबाट हो भन्ने कुरा स्पष्ट हुन्छ। २०२७।२८ सालमा १६,१४६ मेट्रिक टन मकै उत्पादन भएकोमा २०२८।२९ सालमा सो उत्पादन ७,८०० मेट्रिक टन मात्र हुन गएको छ। सो खाद्यान्न संकटको सामना गर्न यस जिल्लामा करीब २० हजार मुरी चामल र मकै सिन्धुलीमाडीबाट ओसारिएको थियो। तत्कालीन बजार भाउ अनुसार सो खाद्यान्नको मूल्य करीब ३० लाख रूपैयाँ भएको अनुमान गरिएको छ। मकै बाली लगाइएको क्षेत्र ७,८०० हेक्टरबाट ८,००० हेक्टर भएको देखिए तापनि २०२९।३०सालमा पनि मकैको उत्पादन २०२४।२५ देखि २०२७।२८ सालसम्म बढ्दै गएको उत्पादनको तुलनामा घटेको देखिन्छ। पहाडी भेक भएकोले यस जिल्लाको कृषि उत्पादनमा मकै बालीको सबभन्दा ठूलो महत्व हुनु स्वाभाविकै हो र यस बालीमा आएको क्षतिले यहाँको आर्थिक जीवनमा गम्भीर प्रभाव पारेको हो।

यस जिल्लाको गहुँ खेती केही उत्साहवर्द्धक देखिन्छ। चार-पाँच वर्षसम्म लगातार ६५० हेक्टर जग्गामा मात्र गहुँ लगाउने गरे तापनि त्यसबाट भएको उत्पादन विस्तारै बढ्दै गएको छ तर २०२७।२८ र २०२९।३० सालमा भने गहुँबाली बिग्रन गई उत्पादनमा केही ह्रास हुन आएको देखिन्छ। सोही उत्साहवर्द्धक प्रवृत्ति कोदोको खेतीमा पनि देखापर्दछ। माथिको तालिकामा एउटा विशेष उल्लेखनीय कुरा के छ भने २०२९।३० सालमा धान खेतीको क्षेत्र १,५०० हेक्टर भन्दा धेरै बढेको छ र त्यसै अनुरूप धान उत्पादन पनि बढेको छ।

आर्थिक वर्ष २०२८।२९ जस्तो खाद्य-संकट परेको वर्षलाई असाधारण मानेतापनि रामेछाप एक निरन्तर रूपले खाद्यान्न कमी हुने जिल्ला हो। कृषि तथ्याङ्कअनुसार यस जिल्लामा वार्षिक २९,००० मेट्रिक टन खाद्य वस्तु उत्पादन हुन्छ। त्यसमध्ये बीज बीजन, पशु-दाना, कीरा लागेर हुने क्षति आदिलाई ३,५०० मेट्रिक टन छुट्याउँदा २५,५०० मेट्रिक टन खाद्य वस्तु बाँकी रहन्छ। त्यसलाई कुट्दा, फल्दा करीब ४,००० मेट्रिक टन भूस निस्केपछि कुल खाद्यान्न २१,५०० मेट्रिक टन बाँकी रहन्छ। तर यहाँको करीब १,५७,००० जनसंख्याको लागि वार्षिक प्रतिव्यक्ति १६० किलोग्राम खाद्यान्न आवश्यक पर्ने हिसाबले यस जिल्लालाई करीब २५,१२० मेट्रिकटन खाद्यान्नको खाँचो पर्न आउँछ तर जिल्लाको वार्षिक उत्पादन २१,५०० मेट्रिक टन मात्र देखिन आउने भएकोले यहाँ ३,६२० मेट्रिक टन खाद्यान्नको खूद न्यून हुन आउँछ।

यसरी वर्षेनी खाद्यान्नको समस्या पर्ने भएकोले यस जिल्लाका अधिकांश जनता मकै, कोदो, फापर, गहत र आलुमा नै निर्भर गर्दछन्। यहाँको धान खासगरी कर्मचारी वर्ग र यहींका धनी परिवार बीचमा खपत हुन्छ। त्यसमा पनि स्थानीय धान उत्पादन पर्याप्त नहुने हुनाले यहाँका तामाङ तथा मगरहरूले सिन्धुलीमाडीबाट धान बेसाएर ल्याउँछन् र त्यसको भूस सुंगुर पालनमा प्रयोग गरी चामल केही मुनाफा लिई बेच्ने गर्दछन्। यस स्थितिमा जिल्लाको बालीनाली बिग्रँदा खाद्य समस्या नराम्रो रूपले चर्किने गर्दछ। त्यस्तो नाजुक अवस्था २०२८।२०२९ सालमा अरू पहाडी जिल्लाहरूमा आइपरे जस्तै यस जिल्लामा पनि आइपरेको हो। तराईबाट पहाडतिर लाम लागेर अन्न ओसारिरहेको ढाक्रेको भीडलाई देखेर कसैले लक्ष्मी मधेशमा बास बस्न गइन् पनि भने। यो संकट सामना गर्न श्री ५ को सरकारले यस जिल्लामा मात्र करीब १० लाख रूपैयाँ ऋण स्वरूप वितरण गर्‍यो र स्थानीय प्रशासनले चामल झिकाई ठाउँ ठाउँमा सुपथ मोलमा बेच्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था पनि मिलाई दियो। यसरी सरकार र जनताको सहयोगबाट त्यसबेलाको खाद्य संकट टर्न गयो।

कृषि नै मुख्य व्यवसाय भएकोले यहाँका कृषकहरू खेतीपातीमा कडा परिश्रम गर्दछन्। खेतीपातीको काममा एक अर्को परिवारलाई कृषि-श्रम दिने पर्म प्रथा यहाँ पनि केही मात्रामा चलेको छ तर अधिकांश खेतबारी जोत्ने, खन्ने, गोड्ने र रोपाइँ गर्ने काममा नपुग श्रम मजूरी प्रथाबाट नै उपलब्ध गराइन्छ। यसरी ज्यालामा श्रम लगाउँदा लोग्ने मान्छेलाई प्रतिदिन रू. चार र आइमाईलाई रू. तीन को दरले मजूरी दिने चलन छ। त्यसको साथै उनीहरूलाई खाना र खाजा दिने चलन पनि यहाँ पाइन्छ। कृषि औजारको रूपमा यहाँका किसानहरूले हलो, कोदालो, चाँदे, कुटो, खुर्पी, हँसिया, खुकुरी, पटहा, बन्चरो आदि प्रयोग गर्दछन्। यही परम्परागत तरीकाबाट यहाँको कृषि व्यवसाय चल्ने गरेको छ।

यस जिल्लाको सबैजसो खेती-योग्य जग्गा प्रयोगमा आइसकेको छ। जग्गाको पाटो पनि जनसंख्या वृद्धि र सम्पत्ति विभाजनको कारणले स-सानो भागमा टुक्रिँदै गएको छ। उता वन जङ्गलको व्यापक फँडानीको कारण खोला, पैंराले प्रतिवर्ष क्षति गर्ने हुँदा खेती भएको जग्गा घट्दै गएको देखिन्छ। त्यसकारण धेरै जग्गामा खेती गर्ने इच्छुक व्यक्तिहरू यहाँबाट तराईतिर बसाइँ सर्दछन्।

जग्गाको परिमाण कति थोरै छ भन्ने कुरा भूमि-सुधार अन्तर्गत लिइएको फाँटवारीबाट पनि स्पष्ट देखिन्छ। यस जिल्लामा १० बिघा (१३० रोपनी) भन्दा बढी जग्गा भएको कुनै व्यक्ति छैन। चार देखि १० बिघासम्म जग्गा भएका मानिसहरू यहाँ जम्मा १२८ छन् र चार बिघा (५२ रोपनी) भन्दा कम जग्गा भएका व्यक्तिहरूको संख्या ३१,००० छ। यसकारण यहाँ भूमि सुधार अन्तर्गत हदबन्दीभन्दा बढी जग्गा कसैसित पनि देखिएन। यहाँको आबादी जग्गा पनि जग्गाधनीहरूले नै आफै चर्चन सक्ने भएकाले भूमिसुधार कार्यक्रम लागू भएपछि यस जिल्लामा मोहीहरूलाई मोहियानी हक दिलाउने, कृषि ऋण निश्चित गर्ने, बचत उठाउने र त्यसको व्यवस्था गर्ने, बचतको ब्याज वितरण गर्ने आदि कामहरू भएका छन्। ऋण निर्धारण कार्यक्रम अनुसार साहूलाई तिर्न नपर्ने गरी मिह्ला भएको ऋणको रकम जम्मा रू. ६,८०,२६०। पुगेको छ। बचततर्फ यहाँ नगदमा रू. १,७२,५००। असूल भएको र जिन्सीमा ६७७ मेट्रिक टन (२४,४२० मन) अन्न जम्मा भएको देखिन्छ।

मालपोत

मालपोत उठाउनको लागि यस जिल्लामा वि. सं. १९५२ सालमा सरपठ महाजाँचबाट नापी भएको देखिन्छ। त्यसै नापीको आधारमा वि. सं. १९९९ सालमा तीन महले जग्गाको मोठ खडा गरिएको र त्यसैअनुसार मालपोत उठाइने काम भएको पनि देखिन्छ। सोही मोठ र त्यसपछि साल सालमा हुने नम्बरीको आधारमा खेत र पाखो तर्फको लगत राखिएको छ। त्यसपछि २००३ सालमा बीजन अनुसार निर्धारित गरिएको मोठ र वर्षेनी नम्बरीको आधारमा हुने परिवर्तनअनुरूप मालको वर्तमान लगतअनुसार यस जिल्लामा जम्मा ६२२ खेत, १३ मुरी, ६ पाथी, ३ माना २ मुठी खेत छ। सो खेतको वर्गीकरण यसप्रकार भएको छः- अब्बल ३।१४।१२।७।६, दोयम १०।१।१६।३, सीम ८६।३३।३।६, चाहार २१५।४४।७ र किसिम नखुलेको ६५७।१९।१६।१।६ यस अतिरिक्त पाखो बीजन जग्गा २,०८०खेत, ५ मुरी, ३ पाथी, ९ माना छ। यस जिल्लामा मालपोत वापत वर्षेनी करीब रू. २,३०,९४६। उठ्ने गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपालन

यस जिल्लाका पाल्तु पशुहरूमा गाई, भैंसी, गोरु, राँगो, सुंगुर, भेडा, खसी, बोका, घोडा, कुक्कुर, चौंरी आदि हुन्। यहाँका तामाङ तथा मगर परिवारहरूले सुंगुर-पालन एक पूरक व्यवसायको रूपमा अपनाएको देखिन्छ। सुंगुरको दानाको लागि चाहिने भूस उपलब्ध गर्न उनीहरूले धान पैंठारी गर्दछन् र त्यसलाई कुटेपछि चामल बिक्री गर्दछन्। जिल्लाको उत्तरी भागमा शेर्पाहरूले चौंरी गोठ राख्दछन् र ग्रीष्म याममा पाँच पोखरीतिर लैजाने र ठण्डी याममा तलतिर ल्याउने गर्दछन्। उनीहरू भेडाको बथान पाल्ने, त्यसबाट ऊन निकाल्ने र ऊनको राडी, पाखी, गलेंचा आदि बुन्ने काम घरेलु स्तरमा गर्दछन्। चौंरी र भेडा पालनको लागि उत्तरी भेकतिर राम्रो चरन पाइन्छ। होचा पहाडी भागमा र बेंसीतिर गाई, भैंसी, गोरु, राँगो आदि दूध, मल र जोत्ने, दाईं गर्ने कामको लागि पालिन्छन् तर जङ्गलको कमीले चरन र घाँसको समस्या देखा पर्न लागेको छ। हरियो घाँस र दाना पर्याप्त मात्रामा नपाइने हुँदा यहाँको पशु-धनको ह्रास हुँदै गएको देखिन्छ। यहाँको कृषकहरूले वैज्ञानिक ढङ्गले पशुपालन गरेको देखिन्न। पाल्तु पक्षीहरूमा यहाँ परेवा, हाँस, कुखुरा इत्यादि देखिन्छन्। यस जिल्लाबाट राँगो, खसी, कुखुरा आदि पशु-पक्षी प्रशस्त मात्रामा अरू जिल्लातिर निकासी हुने गर्दछ।

यस जिल्लामा एउटा पशु चिकित्सालय २०३१ साल साउन महीनामा खेलेको छ। यस चिकित्सालयले तीन महीनाभित्र जम्मा ८६२ पशुहरूको उपचार गरेको छ।

फलफूल खेती

यहाँ ठण्डा शीतोष्ण, सम-शीतोष्ण र अर्ध उष्ण हावापानी पाइने भएकोले धेरै किसिमको फलफूल पाइन्छ। उच्च पहाडी भेकतिर हुने सुन्तला, स्याउ, जुनारको साथसाथै औल बेंसी भागमा हुने आँप, कटहर, केरा, अम्बा आदि फलहरू पनि यस जिल्लामा पाइन्छन्। यसको साथै अनार, कागती, ज्यामिर, भोगटे, आरू, दारिम, मेवा आदि फलहरू पनि विभिन्न भागमा हुन्छन्। यहाँ कुनै बागबानी केन्द्र स्थापित भएको छैन तर यस जिल्लाको बागबानी विकासको जिम्मेवारी जिरी विकास आयोजनाले लिएको छ। यहाँका कृषकहरूले आफूले खान र अलि अलि बचेको स्थानीय हाट बजारमा बेच्न विभिन्न जातका फलफूल लगाए तापनि व्यावसायिक अथवा व्यापारिक रूपमा यहाँ फलफूलको खेती भएको पाइन्न तर बाम्ती भण्डार गाउँ पञ्चायतमा स्याउको खेती संगठित र वैज्ञानिक रूपमा गरिन लागेको छ।

कृषि विकास

यस जिल्लामा एउटा कृषि विकास कार्यालय स्थापना भएको छ जसले यहाँका कृषकहरूमा कृषिको नयाँ तरीकाहरू प्रसार गर्ने काम गर्दछ। यसै कामको सिलसिलामा कृषकहरूलाई उन्नत बीउ र रासायनिक मल लगाउने तरीका, कुखुरा र बंगुर पालन गर्ने तरीका, फलफूल लगाउने, कलमी काट्ने र साग पात लगाउने तरीका सिकाउँछन्। यसको साथै उनीहरूलाई आवश्यक औजार, मल, बिरुवा आदि पनि उपलब्ध गराउँछन्। फलफूल खेतीतर्फ स्याउ, ओखर, आरू र सुन्तलाको खेती लगाउन प्रोत्साहन दिने गरेका छन्। कृषि विकासको लागि चाहिने बीउ, मल, औषधि उपलब्ध गराउन रामेछापमा कृषि खरीद बिक्री संस्थानको एक उप-शाखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोलिएको छ। सो उप-शाखाले २०२९ सालदेखि २०३१ साल आश्विन मसान्तसम्म बीउ-बीजन पाँच टन छ क्विण्टल १७ के. जी., मलखाद ३३ टन चार क्विण्टल पाँच के. जी., कीटनाशक औषधि रू. ३,००५। को, औजार रू. १,६६१। को र खाद्यान्न ३५६ टन दुई क्विण्टल ९८ के. जी. बिक्री वितरण गरिएको छ।

सिचाइ

यस जिल्लामा न स्थायी सिचाइको लागि कुनै किसिमको ठूलो योजना सञ्चालन गरिएको छ न यहाँ ठूलो योजना सञ्चालन गर्न लायकको कुनै ठूलो फाँट नै छ। यहाँका बेंसी, फाँटमा भने कच्ची कुलोद्वारा पुरानै ढङ्गले सिचाइ हुने गरेको छ। त्यसरी सिंचित फाँटहरूमध्ये खिमती बेंसी, साँगुटार फाँट, मन्थली फाँट, मुगिटार फाँट, रजमनटार, च्याटीटार र ठोमनटार उल्लेखनीय छन्।

तर यहाँ सिचाइको सुविधा दिलाउन सानो स्तरमा एक दुई आयोजनाहरूको तर्जुमा र कार्यान्वयन पनि हुँदैछ। तीमध्ये मिलतीखोला सिचाइ कुलो २०३० सालमा तयार भएको हो तर रू. ३,६८,०००। को लागतमा बनेको सो कुलो श्री ५ को सरकारलाई ठेक्दारले हस्तान्तरण गरेको हप्तै दिनभित्र करीब ६१ मिटर (२०० फीट) जति पैरोले बगाई लगेकोले सो कुलोमा रू. ३,४००। खर्च गरी मर्मत गरिएको छ। यस कुलोबाट रामेछापको उत्तर-पश्चिम भागमा पर्ने फूलासी क्षेत्रको ४७ गाउँको करीब ४० हेक्टर (८०० रोपनी) जमीनमा सिचाइ हुन्छ। यहाँको कुलो आठ क्यूसेक पानी जाने क्षमताको छ र यो करीब ३,६३६ मिटर (१२,००० फीट) लामो छ।

अर्को उल्लेखनीय सिचाइ आयोजना आकाशेटारको हो। तामाकोशीबाट रू. ३,५०,०००। को लागतमा करीब पाँच किलोमिटर (डेढ कोस) लामो नहर खनी करीब १२० हेक्टर (२,४०० रोपनी) जग्गामा सिचाइ गराउने योजना लागू गर्न तामाकोशीको किनारै किनार नहर खन्नु पर्ने र यसरी खनिएको नहर वर्षामा बाढी आउँदा बगाई लैजाने सम्भावना देखिएकोले सो योजना शुरू गरिएको छैन। सो आकाशेटार सिचाइ योजना २०१८ सालमा जिल्ला विकास बोर्डको आर्थिक सहायताबाट एक पटक बनेको थियो तर सो कुलो धेरै दिनसम्म टिक्न सकेन। यस ठाउँको सिचाइको लागि यो योजना उपयुक्त नदेखिएकोले यसको विकल्प स्वरूप रञ्जर खोलाबाट पानी ल्याई सिचाइ गर्ने सम्भाव्यता अध्ययन भएको छ तर त्यसमा पनि हिउँदमा पानी नआउने र वर्षामा मात्र पानी आउने भएकोले सो योजना कार्यान्वित हुनुमा पनि कठिनाइ देखापर्दछ।

उद्योग

यहाँका निवासीहरू मुख्यतः कृषिमै निर्भर रहे तापनि कृषिबाट फुर्सद पाएको बेला घरेलु उद्योगमा आफ्ना हात लगाउँछन्। जिल्लाको उत्तरी भागमा गलैंचा, छेरा, राडी, पाखी, लुकुनी, कम्मल आदि बनाउँछन्। गुम्देल गाउँका शेर्पाहरूले यस व्यवसायमा विशेष विकास गरेको देखिन्छ। जिल्लाको दक्षिणी भागतिर मगर, सुनुवार, तामाङ र नेवारहरूले खाँडी बुन्ने काम गरेको पाइन्छ भने केही मगर, सुनुवार जातिका मानिसहरूले डालो, नाम्लो, डोको आदि बनाउने गरेको पनि देखिन्छ। चिसापानीका तीन-चार सय घरमा खाँडी बुन्ने काम प्रचलनमा छ। त्यसमा स्थानीय तान र पैठारीको धागो प्रयोग हुन्छ। आजकल यो प्रचलन घट्दै गएको देखिन्छ। त्यसबाट उत्पादित धागो तथा कपडा काठमाडौंको बजारमा समेत बिक्री गर्न पुर्‍याइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाँकी भेरी गाउँ पञ्चायतका कुमालेहरू हस्तकलाको लागि प्रख्यात छन्। उनीहरूले विभिन्न प्रयोगको लागि माटोको भाँडा बनाउँछन्। यी भाँडाहरू बनाउनु नै उनीहरूको मुख्य व्यवसाय भएको छ। उनीहरूले तैयार गरेका गाग्री, हटिया, मटिया, घ्याम्पा आदि भाँडाहरू राम्रो आकार र प्रकारका हुन्छन्। यस अतिरिक्त यस जिल्लामा हात्तीवारबाट डोरी, नाम्लो बनाउने; बाँसबाट डोको, डालो, चित्रा, भकारी आदि बनाउने काम पनि हुन्छ।

यहाँको पुराना उद्योगहरूमा ठोसेको फलाम उत्पादन उल्लेखनीय छ। यहाँको खानीको उपयोग धेरै वर्षसम्म भए तापनि वैज्ञानिक सर्वेक्षणबाट यहाँको फलाम कमसल देखिन आएको र फलामको धाउ पगाल्दा जङ्गल धेरै नाश भएकोले सो फलाम उत्पादन उद्योगलाई बन्द राखिएको छ। खानी उद्योगको विकासको लागि उपयुक्त वातावरण तैयार भएपछि ठोसेको फलाम खानीको विकास हुने सम्भावना देखिन्छ।

हाल सञ्चालित कुटीर उद्योगमा ठोसेको कागज उद्योग प्रख्यात छ। यसको लागि आवश्यक लोकता ठोसे वरिपरिको जङ्गलमा प्रशस्त पाइन्छ। यहाँको उत्पादन प्रायः जिल्लाभित्रै खपत हुन्छ र केही मात्रामा जिल्ला बाहिर निर्यात पनि हुन्छ।

आधुनिक साना उद्योगको नाउँमा यस जिल्लाको थोदुङ्ग गाउँमा एउटा चीज उत्पादन उद्योग चलिरहेछ। ठोसेको उत्तर-पूर्व दिशामा करीब ३,०३० मिटर (१०,००० फीट) को उचाइमा अवस्थित सो उद्योग २०१५ सालमा स्थापित भएको हो। यस उद्योगको १२,००० किलो 'हार्ड र क्रीम' चीज र ४,००० किलो मखन उत्पादन गर्ने क्षमता छ। ती उत्पादित वस्तु काठमाडौं ल्याई वितरण गरिन्छ। यस अतिरिक्त चुचुरेमा एउटा सानो गलैंचा उद्योग पनि चलिरहेको छ।

व्यापार

व्यापारिक दृष्टिकोणबाट यो जिल्लाको उति महत्व नभए तापनि चार-पाँचवटा पहाडी जिल्लाले घेरिएर रहेकोले छिमेकी जिल्लाहरू बीच हुने मालसामानको परिवहन यसै जिल्ला भएर हुने हुनाले यसको केही महत्व बढेको देखिन्छ। यस जिल्लामा आउने प्रायः सबैजसो आवश्यक मालसामान र यहाँबाट बाहिर पठाइने यहाँको बचत उत्पादन र चीजबीज करीब सबै सिन्धुलीमाडी बजारमा किनमेल हुने गर्दछ। ती मालसामानहरू यस जिल्लामा धेरै जसो खुर्कोट भएर पस्दछन्। यसरी सो बाटोगरी यस जिल्लामा धान, चामल, नून, मट्टीतेल, फलाम, सुर्ती, कपडा, मरमसला, चिया चीनी, सिगरेट आदि आयात हुने गर्दछन्। सोही बाटोगरी यहाँबाट घ्यू, आलु, उवा, कुखुरा, राँगो, बाख्रा आदि निर्यात हुन्छन्। त्यसमध्ये आलु, उवा, बाख्रा र घ्यूको धेरै भाग सिन्धुली बजारमा लगिन्छ र सो बेचेर पाएको पैसाले घर खर्चलाई चाहिने नून, तेल, कपडा किनिन्छ। राँगो, कुखुरा र केही मात्रामा घ्यू यस जिल्लाबाट काठमाडौं बजारसम्म पनि पुऱ्याउने गर्दछन्।

पहिले उल्लेख गरे अनुसार रामेछाप जिल्लाको बाटो भएर छिमेकी जिल्लाहरूमा प्रशस्त मात्रामा मालसामान ओहोर दोहोर हुने गर्दछ। त्यसैगरी रामेछापको उत्तरी भागमा केही मात्रामा सिन्धुपाल्चोक जिल्लाको लामो साँगुबाट पनि मालसामान ढुवानी हुन्छ। खुर्कोट-रामेछाप-मन्थलीको बाटो भएर रामेछापका आठ पञ्चायत समेत सम्मिलित भएको जिरी विकास क्षेत्र (जम्मा ३५ पञ्चायत क्षेत्र) मा एक वर्षको अवधिभित्र करीब ७,५२० मेट्रिक टन मालसामान जाने गर्दछ र सोही बाटो गरी त्यसै अवधिभित्र करीब २,४३४ मेट्रिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टन सामान बाहिरिने गर्दछ ।[१] सो बाटोमा लिइएको सवेक्षण[२] अनुसार सालभरमा त्यहाँबाट करीब ६२,०५० जना मानिसहरू एक तर्फ हिंडेको पाइन्छ । त्यसमध्ये २,२८० जना व्यापारीहरू व्यापारकै सिलसिलामा हिंडेका र २६,४६२ जना माननिसहरू हाट अथवा बजारमा किनबेच गर्न हिंडेको पाइन्छ । सो सर्वेक्षणअनुसार त्यत्तिकै संख्यामा मानिसहरू त्यसै बाटोगरी फर्केको पनि देखिन्छ ।

रामेछाप जिल्लामा महत्वपूर्ण बजारहरू तीन ठाउँमा छन् । ती रामेछाप सदरमुकाम, ठोसे र साँगुटारमा छन् । तीमध्ये ठोसे र साँगुटार छिमेकी जिल्लाहरू बीच आउने जाने मूल बाटैमा परेकाले त्यहाँका पसलहरू खूबै चल्ती भएको देखिए तापनि थोक व्यापारको विकास हुन सकेको छैन । तर यहाँको खुद्रा व्यापार भने राम्रो अवस्थामा भएको देखिन्छ । त्यसमा पनि ठोसे बजार विशेष महत्वपूर्णको छ किनभने प्रति वर्ष त्यस ठोसे बजार भएर करीब १०,००० पर्यटकहरू हिंड्दछन् । त्यसको साथै सोलुको च्यालसामा चलिरहेको गलैंचा बुन्ने उद्योगको लागि कच्चा ऊन यसै बाटोबाट ओसारिने गरिन्छ र त्यहाँ तयार भएको गलैंचा र सोलुकै पिके भन्ने ठाउँमा रहेको चीज उत्पादन केन्द्रमा तयार भएको चीज आदि पनि त्यसै बाटो भएर काठमाडौं पुऱ्याइन्छ। यी उत्पादन समेत गरेर सो ठाउँबाट वर्षमा लगभग ३०० मेट्रिक टन मालसामान सोझै एक छिमेकी जिल्लाबाट अर्को छिमेकी जिल्लामा पुऱ्याउने गरेको पाइन्छ । हज्जारौंको संख्यामा यस ठाउँबाट हिंड्ने मानिसहरूले यस ठाउँको व्यापारलाई गतिशील बनाउने गर्दछन् । खासगरी हप्तौंसम्मको बाटो हिंड्ने यात्रीहरू आवश्यक सबै सामान लिएर हिंड्न प्रायः कठिन पर्ने हुनाले मूल बाटोमा पर्ने यस्ता बजारहरूमा निर्भर गर्दछन् र यसरी ठोसे र साँगुटार जस्ता ठाउँहरू व्यापारिक केन्द्र बन्न गएको र मानिसहरूको आवागमनबाट लाभ उठाएको देखिन्छ। यस्तै भौगोलिक अवस्थामा रामेछाप डाँडा पर्नुको साथै प्रशासनिक कारणले पनि जिल्लाबासीहरूको आवागमन हुने हुनाले यहाँको व्यापार पनि कम महत्वको छैन । प्रत्येक बिहिबारको दिन यहाँ लाग्ने हाट बजारमा स्थानीय उत्पादनको साथै आयात गरिएका सरसामानको किनबेच ठूलै मात्रामा हुन्छ।

राष्ट्रिय जनगणनाअनुसार यस जिल्लामा व्यापारमा लागेका मानिसहरू ११२ जना छन् । माथि उल्लिखित तीनवटा व्यापारिक केन्द्रहरू बाहेक जिल्लाको घोडेटो, गोरेटोमा स-साना पसल थापेर बसेकामानिसहरू पनि पाइन्छन् । आफ्नो मुख्य पेशा खेतीबाट बचेको समयलाई सदुपयोग गर्दै उनीहरूले दुई-चार पैसा अरू आम्दानी गरिरहेका हुन्छन् ।

व्यापारलाई संगठित रूपले सञ्चालन गर्न सघाउ पुऱ्याउने एउटा महत्वपूर्ण संस्था बैंक हो । यस परिपेक्षमा हेर्दा यस जिल्लामा बैंकको व्यवस्था धेरै पछि मात्र भएको देखिन्छ । रामेछाप सदरमुकाममा राष्ट्रिय वाणिज्य बैंकको एउटा शाखा खोलिएको छ । यसै बैंकले साँगुटारमा एउटा सटही काउण्टर पनि खोलेको छ। यस बैंकले सुन, चाँदी, अनाज , कपडा, भाँडा आदि धितो राखी ऋण दिने गरेको पाइन्छ र यस बैंकबाट प्राप्त तथ्याङ्कअनुसार वर्षमा करीब २,००० मानिसहरू यस्तै ऋण र लगानी सम्बन्धी कामको लागि यस बैंकमा आउने गर्दछन् । २०२९ सालमा यस जिल्लामा परेको अनिकालको अवस्थामा सर्वसाधारण जनतालाई व्यापक रूपमा अनाज खरीद गर्न परेको ऋणको खाँचोलाई यस बैंकले धेरै मात्रामा टारिदिएको थियो । यस बैंकको तथ्याङ्क अनुसार यसले २०३१ असोज महीनासम्म सुन, चाँदी, भाँडा र कपडा आदि धितो राखी जम्मा रू. १२,१९,७४६ । ऋण दिएको देखिन्छ ।

---

१. Road Feasibility Study of Tamakoshi/Khimati Area, SATA, 1971, page 58
२. ऐजन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको आन्तरिक व्यापार प्रवर्द्धनमा जिल्लाका विभिन्न स्थानहरूमा लाग्ने हाट बजारको विशेष महत्व भएको देखिन्छ। यी हाट बजारमा जिल्लाबासीहरूले आफूसित बढी भएको खाद्यान्न र अरू घरेलु उत्पादन विक्री गर्ने र आफूलाई आवश्यक परेका सरसामानहरू खरीद गर्ने गर्दछन्। यस्ता हाट बजारहरू लाग्ने स्थान, दिन र अवसरको विवरण यहाँ दिइन्छः–

हाट बजारको विवरण

पञ्चायत	स्थान	दिन
बाम्ती भण्डार	सोतर्मुमा	मंगलबार
बांकीभेरी	साँगुटार	शनिबार
कटहरे	पञ्चायत भवन	मंगलबार
फुलासी	भोटनागी	शनिबार
नागथली	खिमती	सोमबार
भुजी	कोलडाँडा	बुधबार
संपु	ध्याङडाँडा	सोमबार
गेलु	सावाडाँडा	मंगलबार
नामाडी	पञ्चायत भवन	शुक्रबार
रस्नालु	गणेशस्थान	शुक्रबार
टोकर्पुर	आलासपुर	बिहिबार
भँगेरी	रामेछाप	बिहिबार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात र सञ्चार

यातायात

मध्यपहाडी प्रदेशका डाँडा-काँडाले भरिएको रामेछाप जिल्लामा यातायातको आधुनिक सुविधा आइपुगिसकेको छैन। तर जिल्लाभित्र आवत-जावत गर्न र छिमेकी जिल्लाहरूसित सम्पर्क राख्न प्रशस्त गोरेटाहरू पाइन्छन्। यस जिल्लाको केही दक्षिणी र केही उत्तरी भाग पूर्वी नेपालको पहाडी मूलबाटोमा परेकोले असंख्य मानिसहरूले यस जिल्लाको भू-भाग टेकेको पाइन्छ। अहिलेसम्म यस जिल्लामा कुनै आधुनिक सडक बनाउने योजना नपाइए तापनि यसको छेउछाउमा बन्ने भएको सडकबाट यसले पनि लाभ उठाउन सक्ने देखिन्छ। बाह्रबिसे-जिरी सडकको निर्माण भएपछि सो सडक सजिलैसित ठोसे बजारसम्म पुग्न सक्छ। त्यसै गरी प्रस्तावित दोलालघाट-धनकुटा सडक पनि रामेछापको दक्षिणी सीमाना सुनकोशीको किनार भएर जाने सम्भावना देखिन्छ। सो प्रस्तावित सडकको निर्माणबाट यस जिल्लाले कोल्टे फेर्ने छ भन्ने कुरा राम्ररी कल्पना गर्न सकिन्छ। रामेछाप र सिन्धुलीको सीमानामा रहेको खुर्कोटलाई सिन्धुलीमाडीसित मोटरको बाटोले जोड्ने योजना कार्यान्वयन हुने अर्को सम्भावना पनि देखिन्छ। यसरी विभिन्न योजनाहरू देखापरेको बेलामा यातायातको क्षेत्रमा यस जिल्लाको भविष्य उज्ज्वल नै प्रतीत हुन्छ।

रामेछाप जिल्लामा चारै दिशाबाट जान सकिन्छ र यहाँ जान आउन सकिने बाटोहरूको केही विवरण यहाँ दिइन्छ।

रामेछाप–खुर्कोट बाटो

यो बाटो १० किलोमिटर (तीन कोस) लामो छ र रामेछापको डाँडै डाँडा पश्चिमतिर लागेको छ। यसको नजीकै रहेको भँगेरी पञ्चायत र भलुवाजोर पञ्चायत क्षेत्रमा तेर्सिएर जाँदै बेतिनीको ओह्रालो झर्नु पर्दछ। त्यसपछि यो बाटो नाबुघाटमा झर्दछ जहाँ एउटा पक्की झोलुङ्गे पुल बनेको छ। सुनकोशीमा बनेको सो पुल तरेपछि सिन्धुली जिल्लाको खुर्कोट आइपुगिन्छ। रामेछाप जाने-आउने बाटोहरूमध्ये यो सबभन्दा चालू बाटो हो। रामेछापतिर जाँदा ठाडो उकालोले खूब सताउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामेछाप–काठमाडौं बाटो

रामेछाप-खुर्कोट बाटो रामेछाप-काठमाडौं मूल बाटो र रामेछाप-सिधुली मूलबाटोको एक अभिन्न भाग हो। रामेछापबाट अधिराज्यको राजधानी काठमाडौंतिर जाँदा खुर्कोट निस्केर चैनपुर, रात्माटा, झाँगा झोली र नेपालथोकसम्म सुनकोशीको किनारै किनार तेर्सो बाटो हिंड्नु पर्दछ। सो बाटोको धेरै भाग पहिले आर. टी. ओ.[1] ले बनाएकोले फराकिलो र हिंड्नलाई सजिलो पाइन्छ तर यसको राम्रो सम्भार नभएको ठाउँमा भने बाटो सारै साँगुरिएको छ र कतै कतै सुनकोशीको भीर, पहरा पनि परेको छ।

नेपालथोकबाट अगाडि बढेपछि रोसी खोलाको तीर समात्नु पर्दछ। यहाँबाट हिंड्दा रोसीको बलौटे बगर, खेतको आली र अगल बगलको चौर छिचोल्दै जानु पर्दछ। रोसी खोलालाई छिन छिनमा कम्तीमा ४०।५० चोटि तर्नु पर्ने हुँदा रोसी खोला बढेको बेला यहाँबाट हिंड्न सकिन्न। त्यसकारण यो बाटो हिउँदे बाटो हो र वर्षा शुरू हुनु अगाडिसम्म मात्र चालू रहन्छ। नेपालथोकबाट यो बाटो मानेगाउँ, थाक्ले, मङ्गलटार हुँदै कटुञ्जे-सम्म रोसी खोलैखोला गएको छ। कटुञ्जेबाट काठमाडौंतिर लाग्न दाप्चाको उकालो चढ्नु पर्दछ र दाप्चा डाँडाबाट तेर्सै पश्चिमतिर लागेपछि धुलिखेल अथवा बनेपा आइपुगिन्छ। । त्यहाँबाट मोटर सेवा उपलब्ध हुनसक्ने भएकोले एक घण्टाभन्दा कम समयमा काठमाडौं आइपुगिन्छ।

रामेछापबाट धुलिखेलसम्म पैदल हिंडाइको दूरी करीब ७० किलोमिटर (२२ कोस) छ। यति दूरी पार गर्न लगभग पाँच दिन लाग्दछ। यस बाटोमा बास बस्ने र खाने पिउने कठिनाइ पर्दैन। वर्षा याममा रोसी खोला बढेपछि मानिसहरूको आवत-जावत बन्द भए तापनि हिउँदमा यसको तीरको ठाउँ ठाउँमा होटल राखिएको पाइन्छ।

रामेछाप–सिन्धुली बाटो

रामेछापबाट काठमाडौं जानलाई खुर्कोट आउन परेजस्तै सिन्धुलीमाडी जान पनि सोही ठाउँमा ओर्लनु पर्दछ। यो बाटो करीब २९ किलोमिटर (नौ कोस) लामो छ। खुर्कोट उपत्यकाको अलिकति समथर बाटो हिंडेपछि ठाडो निगालेको उकालो आइपुग्छ। सो उकालो सिन्धुली गढी आइनपुग्दासम्म सिद्धिन्न। सिन्धुलीगढी १,५१५ मिटर (५,००० फीट) भन्दा धेरै उच्च छ र त्यहाँ पुग्नलाई ७५७ मिटर (२,५०० फीट) उचाइको खुर्कोटदेखि चढाइ शुरू गर्नु पर्छ। गढीबाट यो बाटो तलतिर झर्दै जान्छ र गोंग खोलामा आइपुग्छ। सिन्धुलीमाडीको फाँट पुगेपछि सबभन्दा पहिले ढुंग्रेबास आइपुग्छ र त्यसको केही दूरीमै सिन्धुलीमाडीको बजार बसेको छ।

सिन्धुलीमाडीबाट खाद्यान्नदेखि लिएर नून, तेल, कपडा आदि सब सामान रामेछाप र ओखलढुङ्गा जिल्लाहरूतिर यसै बाटो भएर ओसारिने भएकोले यो बाटो साह्रै चालू रहन्छ। हिउँदभर यहाँ ढाक्रेको भीड देखिन्छ। यो बाटो प्रायः एकै दिनमा हिंड्न सकिन्छ तर भारी बोकेर जाँदा दुई तीन दिन लाग्न पनि सक्छ।

---

1 Regional Transport Organization जुन २०२९ सालमा भङ्ग भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामेछाप–साँगुटार बाटो

यो करीब १६ किलोमिटर (छ कोस) लामो छ। यो बाटो रामेछापबाट पूर्वतिर लाग्दछ र सिमले डाँडा हुँदै सालु भञ्ज्याङ निस्कन्छ। त्यहाँबाट यो ठाडै तलतिर झर्दै गई देउराली हुँदै साँगुटार पुग्छ।

यो बाटो ओखलढुङ्गा जाने मूलबाटोमा पर्दछ। सो मूलबाटो साँगुटारदेखि पूर्व लाग्दछ। लिखु खोलाको पुल तरेपछि सो बाटो थाक्ले र कुवापानीको उकालो चढ्दै नरकटे पुग्दछ र त्यसपछि चर्ति गाउँ चिलाउने, जरायोटार हुँदै ओखलढुङ्गा पुग्छ। पहाडी भेकको मूलबाटो भएकोले यो पनि साह्रै चल्तीको बाटो हो। रामेछाप जिल्लाभित्र यो मूलबाटो खुर्कोट–रामेछाप–साँगुटारसम्म गएको छ। यसमा जम्मा २९ किलोमिटर (नौ कोस) हिंड्नु पर्दछ।

रामेछाप–करजङ बाटो

यो बाटो रामेछापदेखि उत्तरतिर चरिकोटसम्म गएको छ। करजङ भन्ने ठाउँ रामेछाप र दोलखा जिल्लाको सीमानामा पर्ने मिलती खोलाको किनारामा पर्दछ। यो बाटो रामेछापबाट भँगेरी–भदौरे हुँदै मुगिटारनिर तामाकोशीको किनारमा पुग्छ। तामाकोशी डुङ्गामा तरेर त्यहाँबाट थाक्लेको उकालो चढी पिङ्खुर पुगिन्छ। त्यहाँबाट विस्ली हुँदै करजङ झर्दछ।

मिलती पारी यो बाटो मेलुङ, भेरापी, पोखरे, साउन्ते हुँदै चरणावती खोला निस्कन्छ। त्यहाँबाट ठाडो उकालो लागेपछि चरिकोट आइपुग्छ। यसको जम्मा दूरी ५१ किलोमिटर (१६ कोस) छ। यो पनि एक किसिमले उत्तर-दक्षिण हिंड्ने मूलबाटो नै हो। तर चरिकोट र त्यसको आसपासको गाउँहरूको सम्बन्ध काठमाडौंतिर नै धेरै हुने हुनाले यो बाटो खास चल्तीको होइन। यसलाई रामेछाप र दोलखा जिल्ला बीच आउने-जाने एक मुख्य बाटो मान्न सकिन्छ।

रामेछाप–ठोसे बाटो

यो बाटो डाँडै डाँडा सीधा उत्तरतर्फ गएको छ। यो बाटो हिंड्दा सबभन्दा पहिले सालु भञ्ज्याङ निस्कनु पर्दछ। त्यहाँबाट गैराथोक, काङवा, धोबी पैत्थाबोट, बनौती, लिसेखानी आदि ठाउँहरूसम्म तेर्सो जानु पर्दछ। त्यसपछि चावें डाँडा आउँछ। त्यहाँबाट ठोसेतिर लाग्दा ओह्रालो झर्नु पर्दछ। यो लामो डाँडो ५,००० फीटदेखि १०,००० फीटसम्म आँग्लँदै गएको छ। यस बाटोमा हिंड्दा हावा चलिरहने भएकोले सधैं शीतल भइरहन्छ। सिन्धुलीबाट खुर्कोट भएर रामेछापसम्म मोटर सडक बनेको खण्डमा त्यहाँबाट ठोसेसम्म मोटर पुन्याउन सकिन्छ।

अरू बाटोहरू

माथि उल्लेख गरिएका मुख्य मुख्य बाटोहरूका अतिरिक्त यहाँ कतिपय घोडेटो र गोरेटोहरू भएको पाइन्छ। तीमध्ये केही बाटोहरू पूर्व-पश्चिम र उत्तर-दक्षिण हिंड्ने मूल बाटोमै परेका छन् र अरू बाटोहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाभित्रको आन्तरिक यातायातको साधनको रूपमा रहेका छन् । जिल्लाको उत्तरी भागमा परेको ठोसे-देखि पारी लिखु खोला धुपिडाँडासम्मको बाटो लामुसाँगुबाट नाम्चे बजार जाने मूलबाटोमा परेको छ । सो बाटो खिमती खोलाको पुल तरेर ठोसे पुगेपछि त्यहाँबाट अलिकति उत्तरतिर स्यावा र त्यसपछि पूर्वतिर काम्बास, भण्डार आदि स्थान हुँदै लिखु खोला पुगेको छ । लिखु खोलाको यस स्थलमा पनि एउटा पक्की पुल बनेको छ । यो बाटो २,२७२ मिटर (७,५०० फीट) उचाइसम्मको भञ्ज्याङ भएर गएको छ ।

अर्को नेपालथोकदेखि सैलुङ्लेकसम्मको बाटो सिन्धुली जिल्लाबाट दोलखा जिल्ला जाने मूलबाटोमा पर्दछ । यो बाटो हिंड्न नेपालथोकमा सुनकोशी नदी डुङ्गाबाट तर्नु पर्दछ । यो रामेछाप जिल्लाको पश्चिमी भागभित्र पर्दछ । सुनकोशी तर्ने बित्तिकै पानखारको उकालो आउँछ र गोठपानी हुँदै रूपकोटको थाप्लोमा निस्कन्छ। त्यसपछि डाँडै डाँडा राम्चे, देउराली र दारुवाको होचो पहाड छिचोल्दै ३,१३८ मिटर (१०,३५८ फीट) अग्लो सैलुङ्लेकको टुप्पामा आइपुगिन्छ । त्यहाँबाट यो दोलखाको सुर्के निस्कन्छ जहाँबाट चारैतिर जाने मूलबाटो-हरू पाइन्छन् ।

एक अर्को महत्वपूर्ण बाटो रामेछापदेखि घनेघाटसम्म गएको छ । सो बाटो दक्षिण-पूर्व भागमा परेको छ । रामेछापबाट हुँदील डाँडा उक्लेर त्यहाँबाट ओह्लालो लाग्दै चारघरे र सिंदुरे भन्ने ठाउँहरू आउँछन् । त्यसपछि लगत्तै घनेघाट आइपुगिन्छ जहाँ सुनकोशी नदीमा एउटा नयाँ पक्की पुल बनेको छ । सो पुलले सिन्धुली र रामेछापका जनतालाई ओहोर दोहोर गर्न ठूलो सुविधा पुऱ्याएको छ ।

पुलहरू

रामेछाप जिल्लाको चारै सीमाना साना ठूला नदीनालाहरूले छुट्याएको हुनाले यस जिल्लाको विकासमा पुलको निर्माणले ठूलो भूमिका खेल्नु स्वाभाविकै हो । यस जिल्लालाई छिमेकी जिल्लाहरूसित जोड्न र सम्पर्क राख्न जति ठाउँमा पुलको आवश्यक छ सो पूरा हुन नसके तापनि यसका नाका नाकामा पक्की झोलुङ्गे पुल बनेको देखिन्छ । त्यस्ता पुलहरूमा सुनकोशी तर्ने खुर्कोटमा बनेको पुलको विशेष उल्लेख गर्न सकिन्छ । सो पुलले सिन्धुली र रामेछाप बीचको मुख्य मूलबाटोलाई खुला राखेको छ र यसलाई नै रामेछाप जिल्लाको मूलद्वार भने पनि हुन्छ किनभने यसै बाटो भएर रामेछापलाई चाहिने रसदपानी र लत्ताकपडा ओसारिने गरिन्छ। सुनकोशी नदीमा राखिएको अर्को पुल घनेघाटमा २०३० सालमा निर्माण गरिएको छ । सो पुलमा करीब रू. १२ लाख खर्च भएको छ । यस पुल सिन्धुली र चिसापानी गोदार जस्ता व्यापार केन्द्र बीचको मूल सडकमा परेकोले यहाँको यातायात सुगम भएको छ ।

लिखु खोलामा बनेका पुलहरूमध्ये साँगुटारको पुल सबभन्दा पुरानो र सबभन्दा महत्वपूर्ण हो । यसले गर्दा नै साँगुटार बजारको स्थापना र विकास हुन सक्यो । यसले रामेछाप जिल्लालाई ओखलढुङ्गा, भोज-पुर, खोटाङ इत्यादि जिल्लाहरूसित जोड्नुको साथै मध्यपहाडी भागमा तेर्सिएको पूर्व-पश्चिम मूलबाटोलाई बाह्रै महीना चालू राख्दछ । खुर्कोट र साँगुटारको पुल पनि उत्तिकै महत्वपूर्ण मानिन्छन् । लिखु खोलाको अर्को पुल ठोसेबाट नाम्चेतिर जाने बाटोमा छ । सो पुल पनि उत्तरी भागबाट दोलखा, रामेछाप र सोलुखुम्बू बीच ओहोर दोहोर गर्ने यात्रीहरूको लागि उपयोगी र महत्वपूर्ण छ ।

लिखु खोलाको उत्तरी भागमा बनेको सो पुलसित सम्बन्धित भएको र उत्तिकै महत्वपूर्ण पुल खिमती खोलामा ठोसेनिर बनेको छ । ठोसे बजार रामेछाप जिल्लामा अवस्थित भए तापनि यसको धेरै सम्बन्ध र सम्पर्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्रबिसे र लामुसाँगुसित भएकोले सो पुलले यस सम्बन्धलाई बलियो बनाइराख्न ठूलो मद्दत पुऱ्याएको छ।

रामेछाप जिल्लाको तल्लो भागलाई दुई टुक्रामा विभाजन गर्ने तामाकोशी नदीमा पनि बान्द्रे भन्ने ठाउँमा एउटा झोलुङ्गे पक्की पुल बनेको छ। तामाकोशी पारीका जनतालाई रामेछाप आउन-जान यस पुलले धेरै सुविधा पुऱ्याएको छ। अर्को झोलुङ्गे पुल खिमती बेंसीमा बनेको छ। खिमती खोलामा रहेको यो पुल चरिकोट र रामेछापका मानिसहरूको लागि धेरै उपयोगी भएको छ।

ठूला-साना नदीनालाले घेरिएको यस जिल्लामा ओहोरदोहोर गर्नको लागि सबै आवश्यक ठाउँमा पुल निर्माण नभइसकेकोले यस्ता ठाउँहरूमा धेरै समयदेखि घाट डुङ्गाको व्यवस्था भएको देखिन्छ। यस व्यवस्थाबाट जनताले हिउँद महीनामा मात्र फाइदा उठाउने गर्दछन् किनभने वर्षा याममा यहाँका नदीनालामा ठूलो बाढी आउने भएकोले डुङ्गा चलाउनु साह्रै खतरनाक र असम्भव पनि हुन्छ। मौसमको आधारमा चालू हुने भए पनि यस घाट डुङ्गाको व्यवस्थाबाट यहाँको जिल्ला पञ्चायतलाई सालाना करीब १० हजार रूपियाँ फाइदा हुने गरेको छ।

रामेछापका बासिन्दाहरूको आवागमन खासगरी दक्षिणतिर हुने भएकोले सुनकोशी नदीमा नै धेरै डुङ्गा लाग्ने गर्दछ। यस्तो घाट डुङ्गा रामेछाप र सिन्धुली जिल्लाको बीचमा कालंजोर, दाइजोर, विर्तानि-फुबेनी, गाईखुर, पुछि, हर्दिनी, नबुघाट, सित्खा, लुबु, डफरवा र कोथेपमा पाइन्छ। उता तामाकोशी नदी तर्नलाई मन्थली र हात्तीटारको घाटमा पनि डुङ्गा लाग्ने गर्दछ।

सञ्चार

यस जिल्लामा सञ्चारको मुख्य साधन हुलाक नै हो। आधुनिक सञ्चारको साधनको रूपमा यहाँ एउटा आकाशवाणी केन्द्र रहेको छ। सो आकाशवाणीबाट यस जिल्लामा १,४१५ वटा खवर एक वर्षभित्र (२०२९ साल) प्राप्त भएको थियो र उत्ति नै यहाँबाट बाहिर पठाइएको पनि थियो। यस ठाउँबाट काठमाडौं, जनकपुर, मलंगवा, सिन्धुलीमाडी, चरिकोट र जलेश्वरसित सोझै सम्पर्क राख्न सकिन्छ।

यस जिल्लामा जम्मा १० वटा हुलाकहरू भएको पाइन्छ। तीमध्ये ल्याङल्याङ छोटी हुलाक रामेछाप सदरमुकाममा र तीनवटा शाखा हुलाक साँगुटार, ठोसे र कठजोरमा रहेका छन्। बाँकी पाँचवटा अतिरिक्त हुलाकहरू पकरबास, चिसापानी, दोरम्बा, भुजी र सालुपाटीमा रहेका छन् र एउटा सहकारी हुलाक च्याउँके ठाँटीमा छ। यी हुलाकहरूबाट जाने-आउने गरेका चिट्ठी-पत्रको समष्टि रूपमा हेर्दा एक वर्षमा (२०२९ साल) करीब ९,४९,५०० चिट्ठीपत्र आदान-प्रदान भएको देखा पर्दछ। यी चिट्ठी पत्रहरूले अधिराज्यका अरू भागसित सम्बन्ध राख्नुको साथै गोरखा भर्तीको लागि विदेशमा गएका मानिसहरूसित उनीहरूका घर परिवारको सम्बन्ध निरन्तर कायम राख्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

अधिराज्यको साक्षरता दर हेर्दा यो जिल्ला शिक्षाको क्षेत्रमा अलि पछि नै परेको देखिन्छ किनभने यस जिल्लाको छ वर्षभन्दा माथिको जनसंख्यामा खालि १०.५ प्रतिशत साक्षरता पाइन्छ भने नेपाल अधिराज्यको सोही उमेर समूहमा १३.९ प्रतिशत साक्षरता पाइन्छ। यस जिल्लामा छ वर्षभन्दा बढी उमेरका जम्मा १,२९,४३४ जना मानिसहरू छन्। जसमध्ये १३,५२६ (१०.५ प्रतिशत) साक्षर छन्। यसै साक्षर समूहलाई पुरुष र महिला बीचमा विभाजन गर्दा पुरुषहरूमा छ वर्षभन्दा माथिका ६२,०९६ मध्ये जम्मा १२,३९६ जना अर्थात् २०.० प्रतिशत साक्षर पाइन्छन्। तर सो उमेर समूहका ६७,३३८ जना महिलाहरूमा १,१३० जना अर्थात् १.७ प्रतिशत मात्र साक्षर देखिन्छन्।

जिल्लाको छ वर्ष माथिको जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरी ती समूहहरूमा पाइने साक्षरता दर हेर्दा त्यसको रूपरेखा यसप्रकार देखिन्छः—

साक्षरताको तालिक

उमेर समूह	पुरूष			महिला			कुलसंख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६ – ९	८,९७३	७१६	८.०	८,७२७	१८८	२.२	१७,७००	९०४	५.१
१० – १४	९,९८७	२,६५४	२६.६	८,८९४	३२७	३.७	१८,८८१	२,९८१	१५.८
१५ – १९	७,५४५	२,०८३	२७.६	७,५२०	२२२	३.०	१५,०६५	२,३०५	१५.३
२० – २४	५,४२७	१,४७४	२७.२	६,४५८	१२२	१.९	११,८८५	१,५९६	१३.४
२५ – २९	५,२०८	१,१७७	२२.६	६,५७२	७९	१.२	११,७८०	१,२५६	१०.७
३० – ३४	४,५२५	९४५	२०.९	५,६१२	५८	१.०	१०,१३७	१,००३	९.९
३५ – ३९	४,५१८	७९९	१७.७	५,०१३	३४	.७	९,५३१	८३३	८.७
४० – ४४	३,६३९	६३९	१७.६	४,३६०	३७	.८	७,९९९	६७६	८.५
४५ – ५४	५,४२०	९४२	१७.४	६,२२६	३३	.५	११,६४६	९७५	८.४
५५ – ६४	३,८६८	५४०	१४.०	४,७१६	१५	.३	८,५८४	५५५	६.५
६५ र माथि	२,९८६	४२७	१४.३	३,२४०	१५	.५	६,२२६	४४२	७.१

उपर्युक्त तालिकाअनुसार सबभन्दा धेरै साक्षरता १० देखि १९ वर्ष उमेरका केटाकेटीहरूमा पाइन्छ। छ देखि नौ वर्षका बालबालिकाहरू प्राथमिक विद्यालयमा जाने उमेरमा भए तापनि उनीहरूको साक्षरता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिशत जम्मा ५.१ मात्र भएको पाइन्छ। यसको खास कारण पहाडी प्रदेश भएकोले सो उमेरका केटाकेटीहरू घरबाट टाढा रहेको स्कूलमा पढ्न जान नसक्ने भएको हुन सक्छ। २५ देखि २९ वर्षका मानिसहरू पाइएको १०.७ प्रतिशतबाट २० देखि २४ वर्षका मानिसहरूमा पाइएको साक्षरता (१३.४ प्रतिशत) करीब तीन प्रतिशत वृद्धि भएको कारण २००७ सालपछि आएको राजनैतिक परिवर्तन र शिक्षाको व्यापक प्रचार नै हुन्।

माथिको शैक्षिक तथ्याङ्कबाट अर्को उल्लेखनीय कुरा के पाइन्छ भने पुरुषहरूको तुलनामा महिलामा साक्षरता धेरै कम छ। हुन त अरू उमेर समूहसित तुलना गर्दा १० देखि १९ वर्षको उमेर समूहका महिलाहरूमा उल्लेखनीय बृद्धि देखिन्छ तर सो पनि साह्रै कम छ। यसरी शिक्षाको प्रसार जुन अनुपातमा बढ्दै गएको छ पुरुष र महिलाहरू बीचमा रहेको अनुपात पनि त्यसै किसिमले कायम रहेको छ।

रामेछाप जिल्लामा कुल ८९ वटा शैक्षिक संस्थाहरू चलिरहेछन्। ती संस्थाहरूको विभिन्न स्तर र संख्या यसप्रकार छः–

माध्यमिक विद्यालय	३
निम्न माध्यमिक विद्यालय	२
प्राथमिक बिद्यालय	७५
प्रारम्भिक भाषा पाठशाला	८
आधार प्राथमिक पाठशाला	१
जम्माः–	८९

यस जिल्लाका माध्यमिक विद्यालयहरू रामेछाप, ठोसे र साँगुटारमा रहेका छन्। निम्न माध्यमिक विद्यालयहरू वाम्ती र चिसापानीमा चलिरहेछन्। प्राथमिक विद्यालयहरू सबै पञ्चायत क्षेत्रमा चलिरहेको पाइन्छ। तर २१ पञ्चायत क्षेत्रमा एक एक वटा प्राथमिक विद्यालय चलेको र नागथली, कठजोर, गागलटार, डिमी, पकरबास भलुवाजोर आदि पञ्चायतहरूमा तीन वटा प्राथमिक विद्यालयको दरले शैक्षिक संस्थाहरू सञ्चालन भइरहेका पाइन्छन्। यहाँ सात वटा प्रारम्भिक भाषा पाठशाला हुनुको साथै एउटा आधार प्राथमिक पाठशाला पनि छ जुन कठजोरमा चल्दै छ। ती शैक्षिक संस्थाहरूमा निम्नलिखित छात्रछात्रा अध्ययन गरिरहेछन् र निम्नलिखित शिक्षक संख्याद्वारा पढाइ भइरहेको छ।

स्तर	छात्र	छात्रा	जम्मा	शिक्षक
माध्यमिक	३५१	२९	३८०	१६
निम्न माध्यमिक	९८	१४	११२	६
प्राथमिक	३,१९१	३१४	३,५०५	१२३
प्रा. भाषा पाठशाला र आधार पाठशाला	२२०	१२	२३२	६
जम्माः–	३,८६०	३६९	४,२२९	१५७

उपर्युक्त तालिकाअनुसार यस जिल्लामा २०२९ सालमा जम्मा ४,२२९ विद्यार्थीहरू विभिन्न शिक्षण संस्थाहरूमा अध्ययन गरिरहेका पाइन्छन्। त्यसमध्ये छात्र संख्या ३,८६० (९१ प्रतिशत) र छात्रा संख्या ३६९ (नौ प्रतिशत) भएको पनि पाइन्छ।

यस जिल्लाको ८९ वटा शिक्षण संस्थाहरूमा जम्मा १५७ जना शिक्षकहरूले अध्यापन कार्य गरिरहेको पाइन्छ। यहाँ एक जना पनि शिक्षिका छैनन्। यस जिल्लामा शिक्षक र विद्यार्थीको अनुपात निकाल्दा मोटामोटी रूपले १:२७ निस्कन्छ तर विभिन्न स्तरका शिक्षक र विद्यार्थी बीचको अनुपात भने यसप्रकार निस्कन्छः—माध्यमिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१:२०, निम्नमाध्यमिक १:१८, प्राथमिक १:२८।

जिल्लाका कुल १५७ शिक्षकहरूमध्ये ४८ जना प्राथमिक शिक्षक र एक जना माध्यमिक शिक्षक मात्र तालीम हासिल गरेका छन्। शिक्षक वर्गमा १३८ जना जिल्लाबासी नै छन् र १९ जना जिल्ला बाहिरबाट आई अध्यापन कार्यमा संलग्न भएका छन्। जति जति दुर्गम क्षेत्रतिर लाग्यो उति उति योग्य शिक्षकहरू प्राप्त गर्न कठिन पर्ने अनुभवको आधारमा यस जिल्लाको शैक्षिक स्तर उठाउन यातायातको बढ्दो सुविधाको खाँचो महसूस भएको छ।[१] तामाकोशी, खिमती खोला क्षेत्रमा पाइएको निम्न शैक्षिक स्तरको दृष्टिकोणबाट यहाँ प्राथमिक र निम्न माध्यमिक शिक्षातिर विशेष ध्यान दिनु पर्ने आवश्यकता छ।[२]

वि. सं. २०२८ सालको जनगणना अनुसार यस जिल्लाको छ वर्षभन्दा माथिका १,२९,४३४ जनसंख्या–मध्ये १,२५,२२८ जना त्यस वर्ष कुनै पनि विद्यालयमा भर्ना नभएको देखिन्छ। अरू बाँकी ४,२०६ मध्ये निम्न-लिखित किसिमले विभिन्न विद्यालय तथा बाहिरका कलेजमा भर्ना भएको पाइन्छ– प्राथमिकमा ३,२८६; निम्न माध्यमिकमा ५९०; माध्यमिकमा २७७; इण्टरमिडियटमा ३९; स्नातकमा १० र स्नातकोत्तरमा चार। माथि दिइएको २०२९ सालको विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको तथ्याङ्कसित तुलना गर्दा २०२८ सालमाभन्दा २०२९ सालमा प्राथमिक शिक्षामा विद्यार्थी संख्या बढेको, निम्न माध्यमिकमा घटेको र माध्य-मिकमा पुनः बढेको देखिन्छ।

उपर्युक्त जनगणनाअनुसार नै यस जिल्लाका कुनै पनि शिक्षालयमा भर्ना नभएका १,२५,२२८ जनसंख्यामध्ये १,२३,१५६ निरक्षर नै पाइएका छन्। अरू बाँकी साक्षरमध्ये १,४२७ जनाले प्राथमिक, ३०४ जनाले निम्न माध्यमिक, २७९ जनाले माध्यमिक, ३९ जनाले इण्टरमिडियट, १९ जनाले स्नातक र चार जनाले स्नातकोत्तर शिक्षा प्राप्त गरिसकेका छन्।

यहाँका विद्यालयहरूको आफ्नै भवनहरू बनेका छन्। ती भवनहरू कुनै श्री ५ को सरकारको सहयोगबाट र कुनै स्थानीय स्रोतबाट बनेका छन्। यसबाट यहाँका निवासीहरूको शिक्षाप्रति रहेको रुचिलाई झल्काउँछ। विद्यालय भवनहरू प्रायः सबै ढुङ्गाको गारोले बनेका छन् र छाना भने विभिन्न वस्तुले छाइएका छन्।

यस जिल्लाको शिक्षा प्रसारमा सहकारी तथा स्थानीय स्रोतबाट खर्च बेहोरिने गरिएको छ। यस कार्यमा २०२८।२९ देखि २०३१ को असोज महीनासम्म दुवैतर्फबाट जम्मा रू. ९,१३,९८९ खर्च भएको छ। त्यसमध्ये श्री ५ को सरकारको तर्फबाट रू. ५,६६,१७४ र स्थानीय स्रोतबाट रू. ३,४७,८१५ खर्च बेहोरिएको छ। यसरी सरकारी क्षेत्रबाट ६२ प्रतिशत र स्थानीय सहयोगबाट ३८ प्रतिशत शिक्षा खर्च बेहोरिएको देखिन्छ।

यस जिल्लामा प्रौढ शिक्षा कार्यक्रम पनि चलाइएको छ। यस कार्यक्रम अन्तर्गत २०२९ सालमा ५१ वटा साक्षरता कक्षा चलाइएका थिए र ५१० जना प्रौढहरूलाई साक्षर तुल्याइयो। २०२८ सालको जन-गणनामा पनि यस जिल्लामा ३० वर्षभन्दा माथिका प्रौढहरूमध्ये ११ जना प्राथमिक र पाँच जना निम्नमाध्य-मिक कक्षामा भर्ना भएका देखिन्छन्। यसबाट पनि प्रौढ शिक्षाको प्रसार बढ्दै गएको देखिन्छ।

यस जिल्लाको ठोसे, साँगुटार र रामेछापमा पुस्तकालयहरू पनि छन्।

---

१. Road Feasibility Study of Tamakoshi/Khimti Khola Area—SATA, p. 134

२. ऐजन, पृष्ठ १३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्थ्य

यस जिल्लाको सदरमुकाम रामेछापमा एउटा स्वास्थ्य केन्द्र छ। सो केन्द्रको आफ्नै एउटा भवन र डाक्टर निवासस्थान पनि बनेका छन्। सो केन्द्रमा एक जना डाक्टरको दरबन्दी रहेको छ। तर २०२६ सालसम्म एकजना स्वास्थ्य सहायकले सो केन्द्र चलाउँदै आएको छ। विगत चार वर्षमा यस केन्द्रले निम्न प्रकारले स्वास्थ्योपचार गरेको पाइन्छः–

आर्थिक वर्ष	उपचार गरिएका रोगीहरूका संख्या
२०२७।२८	५,१५०
२०२८।२९	५,३५२
२०२९।३०	५,२५६
२०३०।३१	७,३०५

यस अतिरिक्त जिल्लाको साँगुटार र दोरम्बामा एक-एक स्वास्थ्य चौकी राखिएका छन्। सो चौकीहरूबाट २०२९ सालमा क्रमशः ७,७३४ र ४,८९६ जना रोगीहरूको उपचार गरिएको थियो। यसै प्रकारले चिसापानीस्थित आयुर्वेदिक औषधालयले पनि रोग पीडित जनताको सेवा गरिरहेको पाइन्छ।

यस जिल्लामा स्वास्थ्योपचारको लागि पाइने सुविधा सीमित देखिए तापनि जिल्लाको उत्तरी भागका मानिसहरू जिरीस्थित अस्पतालमा र दक्षिण भागका मानिसहरू सिन्धुलीमाडीस्थित अस्पतालमा उपचार गर्न जाने गर्दछन्। जिरीतिर खासगरी पकरबास, चिसापानी, वेताली, ठोसे पञ्चायतका मानिसहरू जान्छन् र कठजोर, भँगेरी, रामपुर आदि पञ्चायतका मानिसहरू सिन्धुलीमाढीतिर लाग्दछन्। तामाकोशी, खिमती खोला क्षेत्रका गाउँमा समय समयमा जिरीबाट स्वास्थ्य टोलीले भ्रमण गर्ने र रोगीहरूको जाँच गर्ने हुनाले रामेछापको उत्तरी सीमाना नजीकका गाउँहरूमा उपचारको साधन उपलब्ध भएको देखिन्छ। दुई-तीन दिनको बाटो रोगीहरूलाई बोकेर जिरीको अस्पतालमा पुर्‍याउने पनि गर्दछन्।

यस जिल्लाका मानिसहरू खास गरी पेटको रोगबाट पीडित भएको पाइन्छ। स्वस्थ खानेपानीको अभाव, सरसफाइको कमी, भोज्य र पेय पदार्थको अनियमित सेवनबाट यहाँको जनस्वास्थ्यमा क्षति भइरहेको देखिन्छ।

रामेछाप जिल्लाको बेंसी-टार भाग औलोको प्रकोप रहेको ठाउँ हो। त्यहाँ २०१६ सालदेखि औलो उन्मूलन कार्यक्रम सञ्चालन गरिएको हो। औलो रोग एक किसिमले नियन्त्रित भइसके तापनि पूर्णरूपेण निर्मूल हुन सकेको छैन। यहाँ सन् १९७२ मा ५७ वटा औलोले पीडित रोगीहरू फेला परेका थिए जब कि सन् १९७३ मा रोगीहरूको संख्या ८८ पुगेको पाइन्छ। सन् १९७४ को दुई महीनाभित्र मात्र यस्ता रोगीहरू ३१ वटा फेला परेका छन्। यसरी औलोको प्रभाव बढ्दै गएको देखिन्छ। यसको खास कारण देश-बाहिरबाट आएका व्यक्तिहरूले सो रोग लिएर आएका हुन् भन्ने विश्वास गरिन्छ।

बिफर उन्मूलन कार्यक्रम चलाउन यस जिल्लामा एउटा बिफर उन्मूलन कार्यालय राखिएको थियो तर बिफर उन्मूलन सम्बन्धमा पर्याप्त काम नभएकोले सो कार्यालय खारेज गरी सिन्धुलीमाडीस्थित बिफर उन्मूलन कार्यालयमा गाभिएको छ। यस जिल्लामा आवश्यक परेको बिफर उन्मूलन सम्बन्धी काम सिन्धुलीमाडीको कार्यालयले गर्ने गरेको छ। समयमा नै खोप लगाउने भएको र जनताले पनि यसमा राम्रो सहयोग पुर्‍याएकोले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा बिफर करीब करीब निर्मूल भइसकेको छ।

यस जिल्लामा परिवार नियोजन बारे बिस्तारं प्रचार बढ्दै गइरहेछ। यहाँ परिवार नियोजन कार्यक्रम २०२६ सालदेखि मात्र चालू गरिएको हो। परिवार नियोजन सम्बन्धी सेवा तथा सल्लाह पुऱ्याउन रामेछाप स्वास्थ्य केन्द्रमा परिवार नियोजन तथा मातृ शिशु कल्याणको एक शाखा पनि राखिएको छ।

२०३१ साल असोज महीनासम्ममा परिवार नियोजन सम्बन्धी साधन र सेवा निम्नलिखित किसिमले जनतालाई उपलब्ध गराइएको देखिन्छः—

परिवार नियोजन सम्बन्धी विवरण

विषय	संख्या
प्राथमिक दम्पती सर्वेक्षण	६०६
सम्पर्क राखेका	६०६
मोटिभेसन	४०२
कण्डम प्रयोग गर्ने	२६३
पिल्स प्रयोग गर्ने	११५
लुप प्रयोग गर्ने	४
भ्यासेक्टोमी गर्ने	६

खानेपानी

स्वस्थ खानेपानीको अभावले गर्दा यहाँको जनस्वास्थ्यमा भइरहेको नोक्सानीको चर्चा माथि पनि गरिसकिएको छ। यस जिल्लाको खानेपानी सुविधातिर ध्यान जानु स्वाभाविकै हो। खानेपानीको दुःख जिल्लाको सदरमुकाममा समेत रहेको छ। हुन त यहाँ खानेपानी आपूर्ति गर्न तीन वटा धारा राखिएका छन् तर पानी पर्याप्त मात्रामा नआउने हुनाले धारामा पानी भर्नेहरूको घुइँचो देखा पर्दछ। अहिलेको खानेपानी सुविधा हिले भन्ने ठाउँमा १०० क्यूबिक फीटको एक पानी टङ्कीबाट तीन इन्च जी. आई. पाइपद्वारा उपलब्ध गराइएको छ। यस चालू परियोजनाको पानी मुहान सानो भएको र सम्भार पनि राम्रो नभएकोले यस ठाउँको लागि एउटा नयाँ योजना तयार भएको छ। सो नयाँ योजनाअनुसार एक घट्ट चल्ने पानीको मुहान भएको खिर्रे पानी भन्ने ठाउँबाट खानेपानी ल्याइने छ र त्यसमा करीब रू. ३,३२,०००। खर्च लाग्ने अनुमान गरिएको छ। सो योजनाबाट रामेछापका बासिन्दाहरूलाई पानीको आपूर्ति पर्याप्त हुनुको साथै कोठेबारी भन्ने ठाउँमा स्थानीय खाँचो पूर्ति हुने गरी तरकारी खेती पनि चलाउन सकिने सम्भावना देखिएको छ।

यस अतिरिक्त साँगुटारमा एउटा खानेपानी योजना चालू अवस्थामा छ। त्यसमा एउटा धारा राखिएको छ। यसबाट २०० जना मानिसहरूको सेवा भइरहेको पाइन्छ। अर्को एउटा खानेपानी योजना गैराथोकमा चलिरहेको छ। त्यस अन्तर्गत एउटा पानी टङ्की राखिएको छ र एउटा धारा चलाइएको छ। यसबाट पनि करीब २०० मानिसहरूलाई लाभ पुगेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

पूर्वी नेपालमा पृथ्वीनारायण शाहको नियन्त्रण भएपछि प्रायः धेरै ठाउँमा किपट प्रथाको प्रादुर्भाव भएको थियो। यस प्रथा अन्तर्गत खडा गरिएका सुब्बाहरूले विभिन्न क्षेत्रको रेखदेख गर्दथे र त्यसबेलाको स्थानीय प्रशासन पनि उनीहरूले नै चलाउने गर्दथे। रामेछाप जिल्लाको भू-भाग पनि यस्तै सुब्बाको मातहतमा रहेको देखिन्छ। उन्नाईसौं शताब्दीमा यो जिल्ला खोटाङको सुब्बाको मातहतमा भएको कुरा हेमिल्टनले 'एकाउण्ट अफ् नेपाल' (पृष्ठ १६४) मा लेखेका छन्। त्यसबेला नेपालका राजा रणबहादुर शाह थिए र यसै सुब्बा प्रथा अन्तर्गत खोटाङको मातहतमा अरुण नदीदेखि पश्चिम तामाकोशीदेखि पूर्व, कमला नदीदेखि उत्तर र तिब्बतदेखि दक्षिणको सम्पूर्ण भू-भाग परेको थियो। रामेछाप समेत सम्मिलित भएको यस खोटाङ जिल्लाका सुब्बाले त्यस बेला राजाको ढुकुटीमा वर्षेनी १२,००० करको रूपमा पठाउने गर्दथे र त्यस अतिरिक्त रू. ३,०००। दण्ड सजायबाट उठती भएको रकमको रूपमा पनि पठाउने गर्दथे। त्यस जिल्लामा १२० जना सिपाहीको दुई पल्टन पनि रहने गर्दथ्यो। त्यसबेला जिल्लाको प्रमुख स्थानमा दोलखा गनिन्थ्यो। तर कालान्तरमा यस भेकमा रामेछापको महत्व बढ्दै गयो र राणाकालमा आएर यतातिरको मुख्य गोश्वारा नै रामेछापमा बस्न थाल्यो।

यस जिल्लामा जम्मा १४ वटा मौजा तथा थुमहरू छन्:– १. मन्थली २. तिल्पुङ ३. ल्याङल्याङ ४. थाकते ५. सालु ६. बिजुलीकोट ७. साभ्रा ८. भुजी ९. प्रिति १०. एकाङ ११. ठोसे १२. बेताली १३. नामाडी १४. चिसापानी १५. पकरबास १६. वारखुवा १७. आमलपुर १८. लखनपुर।

रामेछापको भौगोलिक अवस्थितिले गर्दा यसको सामरिक महत्व पनि बढ्दै गएकोले यो ठाउँ प्रशासन र सैनिक सुरक्षाको केन्द्र बन्दै गएको देखिन्छ। यहाँ पहिले रहेको पूर्व दुई नम्बर गोश्वारा अन्तर्गत चरिकोट र सिन्धुली जिल्लाको धेरै भाग पनि राखिएको थियो र २०१८ सालमा अधिराज्यलाई ७५ विकास जिल्लामा विभाजन गरेपछि रामेछापको वर्तमान सीमाना छुट्टिन आएको हो।

रामेछापमा जिल्लास्तरीय सबैजसो सरकारी कार्यालयहरू राखिएका छन्। यहाँ भएको कार्यालयहरूमध्ये प्रमुख जिल्ला अधिकारीको कार्यालय, प्रहरी निरीक्षकको कार्यालय, जिल्ला अदालत, भूमि सुधार कार्यालय, कृषि विकास कार्यालय, माल कार्यालय आदि प्रमुख छन्। यहाँ एउटा स्वास्थ्य केन्द्र, एउटा छोटी हुलाक, प्रमुख जिल्ला अधिकारी कार्यालयको शिक्षा शाखा, वन शाखा, सहायक सरकारी अभियोक्ता र सहायक सरदारी अभिवक्ताको कार्यालय, कारागार कार्यालय आदि पनि छन्। गैर सरकारी कार्यालयहरूमा जिल्ला पञ्चायत कार्यालय, कृषि खरीद विक्री संस्थान, राष्ट्रिय वाणिज्य बैंक, आकाशवाणी, स्याटेलाइट कार्यालय पनि यहाँ सञ्चालन भइरहेको पाइन्छ। यहाँ एउटा औलो उन्मूलन कार्यालय पनि छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्थ्य तथा प्रहरी सम्बन्धी केही कार्यालयहरू जिल्लाका विभिन्न भागमा रहेका छन्। सांगुटार र दोरम्वामा एक एक स्वास्थ्य चौकी रहेका छन् र चिसापानीमा एउटा प्रमुख आयुर्वेदिक औषधालय रहेको छ। प्रहरी चौकी ठोसे र सांगुटार र आमलपुरमा रहेका छन्। जिल्लामा रहेका हुलाकहरूमा सांगुटार, ठोसे र कठजोरमा शाखा हुलाक रहेका छन्। यहाँ एउटा सहकारी हुलाक र पाँच अतिरिक्त हुलाक पनि सञ्चालन भइरहेका छन्।

प्रहरी

रामेछापमा एक जिल्ला प्रहरी निरीक्षक कार्यालय छ। यस कार्यालय अन्तर्गत आलम्पुर, सांगुटार र ठोसेमा प्रहरी चौकीहरू छन्।

न्याय

यस जिल्लामा जिल्ला अदालत छ। यसमा एक जना राजपत्राङ्कित द्वितीय श्रेणीको न्यायाधीशको दरबन्दी छ। यस अदालतमा निम्न वर्षहरूमा निम्न किसिमले मुद्दाहरू पर्न आएको देखिन्छ।

मुद्दाको विवरण

	देवानी	फौजदारी	जम्मा	फछ्यौंट भएका संख्या	बांकी
२०२८	२४७	३०५	५५२	२९२	२६०
२०२९	२६८	३४३	६११	३८४	२२७
२०३०	२६८	३२९	५९७	५२०	७७

यहाँ एउटा सहायक सरकारी अभियोक्ता र सहायक सरकारी अभिवक्ता पनि रहने गर्दछ।

कारागार

यस जिल्लामा एउटा कारागार रहेको छ। कारागारको लागि अलग भवन पनि निर्माण भएको छ। हालसम्म यहाँका कैदीहरू ठाउँको कमीले प्रायः सिन्धुलीगढीस्थित कारागारमा पठाइने गरिन्छ। यहाँको कारागार भवन करीब रू. २,९५,००० को लागतमा बनेको छ। पुरुष र महिलाको लागि दुई कोठा अलग अलग बनेका छन्।

पञ्चायत

यस जिल्लामा जम्मा ४३ गाउँ पञ्चायत छन्। रामेछाप जिल्ला सभाको आय वर्षेनी लगभग रू. १५,०००। हुने गर्दछ। सो आम्दानी घर धूरी कर, घाटकर आदिबाट जम्मा हुने गर्दछ। ग्राम पञ्चायतहरूको आम्दानी प्रायः नगण्य भएको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्गीय संगठन

यहाँ मजदूर संगठन छाडेर अरू सबै वर्गीय संगठनहरूमा शाखा खोलिएका छन् । यहाँ खोलिएका वर्गीय संगठनको प्रारम्भिक समितिहरूको संख्या निम्नअनुसार छः–

नेपाल किसान संगठन	२५
नेपाल युवक संगठन	१७
नेपाल महिला संगठन	१४
नेपाल भूतपूर्व सैनिक संगठन	१७

ती प्रारम्भिक समितिहरूमा कुल ८०३ जना सदस्यहरू भएको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

धेरै नदीनालाहरूले घेरिएर बसेकोले रामेछाप जिल्लाको विकासको सम्भाव्यता यसै प्राकृतिक स्रोत उपर निर्भर रहेको छ भन्नुमा अत्युक्ति छैन। यस जिल्लाको पूर्वमा पर्ने लिखु खोला, दक्षिणमा पर्ने सुनकोशी, उत्तरमा पर्ने मिलती र खिमती खोला र यसको बीच भागको तामाकोशीमा अविरल रूपमा बगिरहने पानीमा असंख्य शक्ति विद्यमान छ। यस प्राकृतिक स्रोतमा निहित शक्तिको कुनै रूपमा उपयोग गर्न सकियो भने यस जिल्लाको रूप फेरिन कत्ति बेर लाग्दैन र यहाँका बासिन्दाहरूको भविष्य पनि दिनहुँ उज्यालो हुँदै जाने छ। तर आजसम्म यस जलस्रोत सिचाइको लागि र विद्युत शक्ति निकाल्नको लागि कुनै प्रकारले उपयोग गर्न सकिएको छैन। तर यो जलस्रोतको उपयोग खालि यस जिल्लाको परिप्रेक्षमामात्र हेर्न सकिन्न किनभने यसको लागि ठूलो धनराशी र प्राविधिक शीपको खाँचो हुने हुनाले राष्ट्रियस्तरमा मात्र यस सम्बन्धी कुनै कदम उठाउन सकिन्छ।

यस जिल्लाको जलस्रोतप्रति ध्यान दिंदा एकातिर यहाँका नदीखोलामा पानीको बगाइ देखिन्छ र अर्कोतिर त्यसैको किनारामा रहेको खेतीयोग्य जमीनमा सुखा परिरहेको देखिन्छ। यस जिल्लास्थित खिमती बेंसी फाँट, साँगुटार फाँट, मन्थली फाँट, मुगिटार, रजमनटार, च्याटीटार, डोमनटार जस्ता खेतीयोग्य जमीनमा सिचाइको स्थायी व्यवस्था हुन सके यहाँ हुने उत्पादन आजभन्दा धेरै गुना बढी हुनेछ। यस्तो व्यवस्थाका लागि पनि ठूलो लागतको खाँचो हुने हुनाले निकटभविष्यमा नै सो पूरा हुने लक्षण नदेखिए तापनि पछि गएर पूरा नहोला भन्न सकिन्न। यस सिलसिलामा यस जिल्लामा हालै पूरा भएको मिलती खोला सिचाइ कुलोको उल्लेख गर्न सकिन्छ। त्यस्तै किसिमले आकासेटार सिचाइ आयोजना पनि तयार भएको छ र यसलाई कार्यान्वित गर्ने दिशातिर कदम चालिएको पनि छ।

यस जिल्लाको विकासको लागि आधारशिला खडा गर्ने दिशातर्फ पहिलो कदम यातायातको क्षेत्रमा उठाइएको छ। लामोसाँगुदेखि जिरीसम्मको सडक बनाउने सम्झौता भइसकेको छ र काठमाडौंदेखि धनकुटासम्म पहाडी भाग भएर जाने सडकको निर्माण हुने सिलसिलामा प्रारम्भिक कार्य शुरू भइसकेको छ।

यी सडकहरू रामेछाप जिल्ला भएर जाने कुरा निश्चित छैन तर ती दुवै सडकहरू यस जिल्लाको उत्तरी र दक्षिणी सीमाना नजीकै भएर जाने कुरामा भने कुनै शङ्का छैन। त्यसमा पनि लामोसाँगु जिरी सडक सजिलैसित ठोसे र त्यसभन्दा पनि अगाडि भञ्ज्याङसम्म जान सक्ने देखिएकोले त्यहाँसम्मको सम्भाव्यता अध्ययन पनि भइसकेकोछ। यसरी यस सडकको निर्माणले रामेछाप जिल्लाको उत्तरी भाग र खासगरी यहाँको व्यापारिक केन्द्र ठोसे र त्यसको वरिपरि रहेको कागज उद्योग, चीज उद्योग, फलाम खानी उद्योग आदिलाई ठूलो मद्दत पुऱ्याउने छ। रामेछाप जिल्लाको उत्तरी भेकको आर्थिक र सामाजिक गतिविधि अहिले पनि जिरीसित गाँसिएको हुनाले जिरीसम्मको मोटरको बाटोले यहाँका निवासीहरूको जीवन र कार्यमा सोझै फाइदा पुऱ्याउने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो घर दैलोसम्म मोटर नपुगे पनि रामेछापेलीहरूको लागि सो सडकको निर्माण प्रगतिको एक ठूलो चिह्न हुनेछ ।

अर्कोतिर हेर्दा पहाडी क्षेत्रको पूर्व-पश्चिम राजमार्ग पनि यस जिल्लाको दक्षिण किनारा भएर जान सक्छ । सो राजमार्गको रेखाङ्कनको आखिरी निर्णय हुनु बाँकी नै भए तापनि सुनकोशी उपत्यका भएर जाने कुरामा भने दुई मत सुनिन्न । सो बाटो पहिल्याउँदा यो राजमार्ग सुनकोशीको उत्तरी किनारा अथवा रामेछाप जिल्लाको भू-भाग भएर जाने ठूलो सम्भावना देखिन आउँछ । सो राजमार्ग सडक निर्माणका यी दुई सम्भाव्यतालाई अगाडि राख्दा अर्को सम्भाव्यता स्वतः देखिन आउँछ । त्यो हो रामेछाप जिल्लाको बीच भाग भएर यी दुई सडकहरूलाई जोड्ने सडकको निर्माण । यस सडकको सम्भाव्यता अध्ययन पनि आर्थिक तथा प्राविधिक दृष्टिबाट भइसकेको छ । सो अध्ययनअनुसार यो बाटो बेनीघाट पारीको कुनौरी भन्ने ठाउँबाट तामाकोशीको पूर्वी किनारा हुँदै खिमती बेंसी र त्यहाँबाट खिमती खोलाको पनि पूर्वी किनारा हुँदै ठोसे र त्यसपछि भञ्ज्याङसम्म निर्माण गर्न सकिन्छ । यो बाटोको आवश्यकता सिन्धुली जिल्लासित हुने व्यापार र आवागमनको दृष्टिबाट महसूस गरिएको हो र यो उत्तर-दक्षिण राजमार्गको एक मुख्य भाग भएर रहने पनि छ ।

यो जिल्ला सधैं खाद्यान्न न्यून हुने जिल्ला हो । यहाँ प्रायः ठूलो बेगले हुरी चल्ने भएकोले यहाँका डांडा कांडाका कच्ची रातोमाटो र छरिएको मल समेत उठाएर लैजाने हुनाले खाद्यान्नको उत्पादन बढाउन कम गाह्रो छैन । त्यसमा पनि यस क्षेत्रमा अक्सर खडेरी परिरहन्छ । त्यसैले यस जिल्लामा फलफूल खेती र पशुपालनतिर विशेष ध्यान दिनु बुद्धिमानी हुनेछ ।

यो जिल्लामा हिमाली हावापानीदेखि अर्ध उष्ण हावापानीसम्म करीब सबै किसिमको हावापानी पाइने हुनाले विभिन्न स्थानलाई सुहाउने किसिमको फलफूल खेती र पशुपालन गर्न सकिन्छ । सो लक्ष्य हासिल गर्न यस जिल्लामा रहेको कृषि विकास कार्यालयको सबभन्दा ठूलो भूमिका रहेको स्पष्ट देखिन्छ । यस बारेमा पहिला मनग्य प्रचार गर्नु, किसानहरूलाई आवश्यक प्राविधिक सेवा र सल्लाह पुऱ्याउनु कृषि विकास कार्यालयको महत्वपूर्ण जिम्मेदारी हो । यहाँको कृषि व्यवसायमा एक नयाँ मोड ल्याउनको लागि संस्थागत कृषि ऋणको ठूलो आवश्यकता देखिन्छ र सो पूरा गर्न कृषि विकास बैंक जस्तो एक उपयुक्त संस्थाहरूको सेवा यहाँ उपलब्ध हुनु पर्ने देखिन्छ ।

कृषि उत्पादनको कुरामा यस जिल्लाको वर्तमान अवस्था उत्साहवर्द्धक नदेखिए तापनि यसमा सुधार गर्ने ठाउँ नभएको होइन । खास गरी निकट भविष्यमा बन्न लागेका आधुनिक सडकहरूले कृषि, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, सञ्चार आदि क्षेत्रमा परिवर्तन नल्याई छाड्दैनन् । यस सन्दर्भमा यस जिल्लाको भविष्य पनि उज्ज्वल नै देखा पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिन्धुली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय – सूची

परिचय	२०१
प्राकृतिक स्वरूप र सम्पदा	२०३
ऐतिहासिक पृष्ठभूमि	२१२
प्रमुख स्थानहरू	२१४
जनसंख्या र जनजीवन	२१७
आर्थिक व्यवस्था	२२४
यातायात र सञ्चार	२३४
शिक्षा, स्वास्थ्य तथा खानेपानी	२३७
प्रशासन र पञ्चायत	२४२
उपसंहार	२४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

सिन्धुली जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चलमा पर्दछ। जनकपुर अञ्चलको मध्य भागमा अवस्थित यो जिल्ला यस अञ्चलको छवटा जिल्लाहरूमध्ये एक हो। यो जिल्ला ८५°२४' देखि ८६°२२' पूर्व देशान्तर तथा २६°५५' देखि २७°२७' उत्तर अक्षांशभित्र अवस्थित छ। नौवटा जिल्लाहरूद्वारा परिवेष्ठित यस जिल्लाले उत्तरतर्फ महाभारत शृङ्खलालाई र दक्षिणतर्फ केही भित्रीमधेश र चुरे पर्वतमालालाई समेटेको छ। वागमती तथा सुनकोशीले यस जिल्लालाई छोएका मात्र छन् भने प्रसिद्ध कमला नदीले यसै जिल्लाभित्र पर्ने चुरे पहाडलाई उद्गमस्थान बनाएर यस जिल्लाको पूर्वतर्फ बगेको छ।

यो जिल्लाको नामाकरण एक तपस्वी राजाको नामबाट भएको हो भन्ने किम्वदन्ति छ। सिन्धुली नाम भएको राजा उज्जैनबाट उत्तराखण्डमा तपस्या गर्न आई यहाँ सिद्ध भएकाले उनको नाउँ "सिन्धुल" बाट अपभ्रंश भई यस जिल्लाको नाम "सिन्धुली" रहन गएको हो भनिन्छ। सिन्धुलीगढीमा अवस्थित सिद्धेश्वरको देवालय उनै तपस्वी राजाले सिद्ध प्राप्त गरेको तपोभूमिमा स्थापना भएको हो भनिन्छ।

अधिराज्यको भौगोलिक विषमतापूर्ण अन्य जिल्लाहरूको श्रेणीमा यसलाई पनि राख्न सकिन्छ। भौगोलिक अवस्थितिको आधारबाट यसलाई महाभारत पहाड र भित्रीमधेश खण्ड गरी दुई भागमा विभाजन गरे हुन्छ। यसका महाभारत खण्डमा समुद्र सतहबाट १,२२० मिटर (४,००० फीट) देखि २,७८५ मिटर (९,१३७ फीट) सम्मका उच्च डाँडाहरू छन् भने भित्रीमधेश खण्डमा केवल ३०५ मिटरदेखि ३६६ मिटर (१,००० फीटदेखि १,२०० फीट) सम्मका मैदानी फाँटहरू रहेका छन्।

यसका राजनीतिक सीमाना यसप्रकार छन्–उत्तरमा काभ्रे तथा रामेछाप जिल्ला, दक्षिणमा सर्लाही, महोत्तरी तथा धनुषा जिल्ला, पूर्वमा ओखलढुङ्गा तथा उदयपुर जिल्ला र पश्चिममा मकवानपुर तथा रौतहट जिल्ला। यसरी सिन्धुली जिल्ला विभिन्न अञ्चलका नौवटा जिल्लाहरूको सीमानासँग जोडिएको छ।

यस जिल्लाको सदरमुकाम सिद्धेश्वर आदर्श गाउँ पञ्चायतमा पर्ने सिन्धुलीमाढी बजारमा पर्दछ। यो बजार समुद्री सतहदेखि करीब ४६० मिटर (१,५१० फीट) उचाइको भित्रीमधेशमा ग्वाङ खोलाको पूर्वी किनारैमा अवस्थित छ। दुई टुक्रामा विभाजित यो बजारका एक दुई घर बाहेक समस्त घरहरू काठका फल्याकै फल्याकबाट निर्माण भएका छन्। श्री ५ को सरकारको जिल्लास्तरीय केही कार्यालयहरू यही बजारमा छन् र यहाँ नजीकै प्रमुख जिल्ला अधिकारीको सुन्दर तथा आधुनिक ढाँचाको भव्य कार्यालय भवन छ।

सुनकोशी नदी र चुरे पर्वतमाला बीच लम्बिएर पूर्व-पश्चिम फैलिएको यस जिल्लाको आकार झण्डै नेपाल अधिराज्यको मानचित्रसँग मिल्न आउँछ। यस जिल्लाको क्षेत्रफल २,४१९ वर्ग किलोमिटर छ। जनकपुर अञ्चलको कुल क्षेत्रफल ९,२९१ वर्ग किलोमिटरमध्ये यस जिल्लाले २६.०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिशत स्थान ओगटेको छ । यो जिल्लाको जनघनत्व ०.६ प्रति हेक्टर (प्रति एक वर्ग किलोमिटर जमीनमा ६० जना व्यक्ति) छ ।

विक्रम सम्वत् २०२८ मा लिइएको राष्ट्रिय जनगणना अनुसार यस जिल्लामा कुल जनसंख्या १,४७,४०९ छ र छ वर्षदेखि माथिका जनसंख्यामध्ये १०.१ प्रतिशत साक्षर छन् ।

यस जिल्लामा विभिन्न जातका मानिसहरू बसोबास गर्दछन् । यी विभिन्न जातका मानिसहरू जिल्लाका ४३ वटा पहाडी र भित्री मधेशका गाउँ पञ्चायतमा धार्मिक एवं सामाजिक मेलमिलापसाथ बसोबास गर्दछन् । यिनीहरूको आर्थिक गतिविधि मुख्यत कृःषि व्यवसायमै आधारित छ । २०२८ सालको जनगणना अनुसार यस जिल्लामा विभिन्न व्यवसायिक पेशामा लागेका आर्थिक दृष्टिकोणबाट क्रियाशील कुल जनसंख्या ६४,७२६ मध्ये ६३,७९० अर्थात् ९८.५ प्रतिशत कृषि तथा कृषिजन्य पेशामा लागेको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

महाभारत पहाड श्रृङ्खला यस सिन्धुली जिल्लाको उत्तरी खण्डमा पूर्व-पश्चिम लम्बिएर बसेको छ । यो सुनकोशी नदीदेखि दक्षिण तर जिल्लाको उत्तरी भागमा अवस्थित छ। त्यसैगरी चुरे पर्वतमाला पनि जिल्लाको दक्षिणी भागमा पूर्व-पश्चिम फैलिएर बसेको छ। यी दुई पहाडी श्रृङ्खला बीच साना-ठूला डाँडा-काँडाका पत्रमा भित्रीमधेश रहेको छ। त्यसैले प्राकृतिक स्वरूपको दृष्टिकोणबाट यस जिल्लालाई पहाड र भित्रीमधेशको संमिश्रण भन्न सकिन्छ। समुद्र सतहदेखि करीब ३०५ मिटरदेखि ३६६ मिटर (१,००० फीटदेखि १,२०० फीट) को उचाइमा रहेको भित्रीमधेशदेखि लिएर महाभारत खण्डमा २,७८५ मिटर (९,१३७ फीट) सम्मका शिखरहरू छन् ।

स्थानको उचाइ तथा भौगोलिक बनावट अनुसार विभिन्न किसिमको जलवाफ पाइन्छ। यसैले यहाँको विभिन्न उचाइका स्थानमा विभिन्न प्रकारका हावापानी हुने भएकोले त्यसको प्रभाव अनुसार वनस्पति, पशु-पक्षी, खोला-नाला आदि र मानिसहरूको जीवन पद्धति समेत यहाँ विविधतापूर्ण रहेका छन् ।

भू-स्वरूपको आधारमा यो जिल्लालाई मोटामोटी निम्न तीन विभिन्न भागहरूमा विभाजन गर्न सकिन्छ:—

(१) चुरे डाँडा
(२) भित्रीमधेश
(३) पहाडी प्रदेश

चुरे डाँडा

यो प्रदेश जिल्लाको दक्षिणी भागमा पूर्व-पश्चिम फैलिएर बसेको छ। हिमालयहरूको सुदूर दक्षिणी एवं अन्तिम श्रृङ्खलाको रूपमा रहेको यो पहाडको संरचना गोलो ढुङ्गा, पत्रे ढुङ्गा र बालुवाको तह तह मिलेर भएको छ। फस्के चट्टानद्वारा यसको रचना भएको हुँदा अग्ला-होचा थुम्का थुम्कीहरू बन्न गएका छन् र छिद्रे जमीन भएकोले पानी अड्दैन, भित्र भित्रै बगेर जान्छ। यसका शिखरहरू ६५८ मिटर (२,१६० फीट) देखि ८५१ मिटर (२,७९२ फीट) सम्मका छन्। यसै चुरे पहाडको उत्तरी भागमा थुम्का थुम्की, डाँडा-काँडाहरूको काप-कापमा भित्रीमधेश रहेको छ। यस पहाडी प्रदेशमा पतझड वनको प्रधानता रहेको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भित्रीमधेश

यो महाभारत र चुरे पहाड शृङ्खला बीचको भाग हो। यसको धरातल समुद्री सतहदेखि करीब ३०५ मिटर देखि ३६६ मिटर (१,००० फीट देखि १,२०० फीट) को उचाइमा पर्दछ। यस खण्डमा कमला खोज र मरीन खोला जस्ता उल्लेखनीय भित्रीमधेश पर्दछन्। यहाँको जमीन साना-तिना पहाड र मैदानले बनेको छ। यस जिल्लाको थोरै भाग भित्रीमधेशले र बाँकी भाग पहाडी प्रदेशले ओगटेका छन्। यस खण्डमा हिउँद महीनामा निकै जाडो र गर्मी महीनामा प्रशस्त गर्मी हुन्छ। यहाँको हावापानी पहिले उस्तो राम्रो मानिएको थिएन। तर यस क्षेत्रमा औलो उन्मूलन कार्यालयहरूको स्थापना भई औलोको रोकथाम शुरू हुन थालेदेखि जनआवादी यहाँ तीव्र गतिमा बढ्दै आइरहेको छ।

महाभारत पर्वत तथा चुरे डाँडाबाट बगी झर्ने खोला-नालाले ल्याएको मलिलो माटाले गर्दा यहाँको भूमि उर्वरापूर्ण छ। जिल्लाको घना जङ्गल पनि यसै क्षेत्रभित्र पर्दछ।

पहाडी प्रदेश

यो प्रदेश महाभारत पर्वतको रूपमा सिन्धुली जिल्लाको उत्तर तथा सुनकोशी नदीदेखि दक्षिणी भागमा पूर्व-पश्चिम लम्बिएर बसेको छ। यस जिल्लामा हिमालय पर्वत नपरेकोले यो महाभारत पर्वत नै सबभन्दा अग्लो भाग हो। यसमा १,२२० मिटर (४,००० फीट) देखि २,७८५ मिटर (९,१३७ फीट) का शिखरहरू छन्। यसका कुनै भागहरूमा वर्षा निकै भएमा पुस, माघ महीनातिर कहिले काँही थोरै हिउँ पर्दछ र केही दिनभित्रमै पग्लेर जान्छ। यसरी जिल्लाको नगण्य भाग लेकाली क्षेत्रमा पर्दछ। न्यानो शीतोष्ण जलवायु यहाँको पहाडी प्रदेशमा पाइन्छ। यहाँ पतझड-मिश्रित मौसमी वन-जङ्गलको प्राचुर्यता छ।

यस जिल्लाको उत्तरी प्राकृतिक सीमानाको रूपमा सुनकोशी नदी रहेको छ। यस नदीको दक्षिणी किनारामा उल्लेखनीय बेंसीहरू छन्। महाभारत पहाडबाट उत्तरतर्फ बग्ने खोला-नालाहरूले ल्याएका मलिलो माटोले बनेका निकै उर्वरापूर्ण नयाँ छाप, रातमाटा झाँगाझोली, बेनीघाट, खुर्कोट, कात्तिके जस्ता टारहरू यस भागमा पर्दछन्। यी टार बेंसीहरूमा साना-ठूला ढुङ्गा रहेको भए पनि उब्जाउ राम्रो हुन्छ। यी बेंसीहरू समुद्रसतहदेखि लगभग ७६२ मिटर देखि ९१४ मिटर (२,५००फीट देखि ३,००० फीट) को उचाइमा पर्दछन्। वैशाख, जेठ महीनामा यहाँ निकै गर्मी हुने भए तापनि यहाँको जलवायु स्वास्थ्यकर मानिएको छ।

नदीनाला

यस जिल्लाको उत्तरी तथा दक्षिणी सीमानाको रूपमा रहेको सुनकोशी र वागमती नदी बाहेक यस जिल्लाभित्र अरू नदीहरू छैनन्। महाभारत तथा चुरे पर्वतलाई उद्गम स्थान बनाई जिल्लाभित्र बग्ने स-साना खोला-नालाहरू भने यहाँ प्रशस्त छन्। तीमध्ये केही उल्लेखनीय खोला तथा सीमानामा पर्ने नदीहरूको समेत संक्षेपमा यहाँ वर्णन गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनकोशी

यो नदी वागमती अञ्चलको काभ्रे जिल्लाबाट यस जिल्लामा प्रवेश गर्दछ। यो नदी रामेछाप र यस जिल्ला बीचको प्राकृतिक सीमाना हुँदै पूर्व दिशातिर बगेको छ। सन् १९७१ मा खुर्कोटमा लिइएको नाप अनुसार यस नदीको अधिकतम जलप्रवाह ५,५५०.० क्यूविक मिटर र न्यूनतम ६६.३ क्यूविक मिटर प्रति सेकेण्ड छ र विगत चार वर्ष (१९६८–७१) को औसत जलप्रवाह ४९७.३ क्यूविक मिटर प्रतिसेकेण्ड भएको देखिएको छ। गतः चार वर्षमा १९७० अगष्ट ९ को दिन सबभन्दा बढी जलप्रवाह ६,६००.० क्यूविक मिटर प्रतिसेकेण्ड भएको थियो। यस नदीको जलाधार क्षेत्र १०,००० वर्ग किलोमिटर छ।

वागमती नदी

यो नदी यस जिल्लाको उत्तर-पश्चिम दिशाबाट मकवानपुर र काभ्रे जिल्लाको प्राकृतिक सीमाना बन्दै यस जिल्लाको बेतेनी गाउँको उत्तरबाट बगी आउने खानीखोलासँग मिल्दछ। त्यसपछि यो नदी पाह्री-टोलनेर मरीन खोलासँग मिल्दछ।

कमला नदी

यो नदीको उद्गम स्थान चुरे पहाड हो। सिन्धुलीमाडीको दक्षिणी कुना, सिद्धेश्वर आदर्श गाउँ पञ्चायत वार्ड नम्बर तीन क्षेत्रबाट उत्पति भई तीनतले, पातीपरान हुँदै महाभारत पहाड र चुपुरे पहाडको पूर्वतर्फ लाग्दछ। यो नदी वास्तवमा धेरै सानो छ तापनि ग्वाङ खोला, जिर्घा ठाकुर, चदाहा ठाकुर, अरुण ठाकुर जस्ता महाभारत पहाडबाट प्रवाहित मुख्य खोलाहरूलाई सहायक नदीको रूपमा पाएको हुँदा यसको धारा विशाल हुँदै गएको छ। यो नदी मैनी (उदयपुर जिल्ला) को नजीकै तावा खोलासँग मिली दक्षिण तराईतर्फ झर्दछ।

अरुण ठाकुर

यो खोला अरुण डाँडाको पूर्वपट्टि महाभारतबाट निस्की सिँथौलीमा कमला नदीसँग मिल्दछ।

ग्वाङ खोला

यो खोला महाभारत पर्वतको धरातललाई जलस्रोत बनाएर सिन्धुलीमाडी हुँदै कमला माइस्थाननिर कमला नदीसँग मिल्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बितीजोर खोला

यो खोला महाभारत पर्वतको उत्तर पाटामा उत्पत्ति भई फर्के भञ्ज्याङ हुँदै कात्तिकेनिर सुनकोशी नदीमा मिल्दछ ।

बाक्सु खोला

यो खोलाले पनि महाभारत पर्वतको उत्तरी पाटालाई आफ्नो उद्गम स्थान बनाई साले, घ्याम्पाटार, ज्यामिरे गाउँ हुँदै सुङनाम गाउँ नजीकै सुनकोशी नदीमा मिलन पुग्दछ ।

मरीन खोला

यसको उद्गमस्थान महाभारत पर्वत हो । मंथौली, झ्याम्डी भई पश्चिम बग्दै जखौलीनिर वागमती नदीमा मिल्दछ । यसका दायाँ-बायाँ मलिला जमीनहरू छन् ।

रोसी खोला

यो खोला काभ्रे जिल्लाको कटुञ्जे मंगलटार आदि हुँदै यस जिल्लाको उत्तरी सीमानाको कुनाबाट प्रवेश गर्दछ । जिल्लाको थोरै उत्तरी भागलाई छोएर तुरुन्तै दुम्जामा कुशेश्वर महादेव स्थानदेखि पश्चिमपट्टि निस्की सुनकोशी नदीमा विलिन हुन पुग्दछ ।

हावापानी

यस जिल्लामा मौसमी जलवायु रहन्छ तापनि हावापानीको वास्तविक अवस्था यहाँको धरातलको उचाइमा नै निर्भर गर्दछ । गृष्ममा भित्रीमधेश खण्डमा प्रशस्त गर्मी हुन्छ भने यहाँको महाभारत खण्डमा सामान्य गरम हुन्छ । अतः समुद्र सतहबाट हुने उचाइको विभिन्नता अनुसार यहाँका विभिन्न स्थानमा बेग्ला बेग्लै हावापानीको प्रधानता रहेको हुन्छ । यसैले जिल्लाभरीको लागि एउटै जलवायु तथा तापक्रमलाई सामान्यकरण गर्न सकिन्छ । यस जिल्लामा तापमापक केन्द्र छैन र यहाँको हावापानी छिमेकी जिल्ला उदयपुरको जस्तै छ ।

अधिराज्यको अन्य पहाडी क्षेत्रको १,२१९ मिटर (४,००० फीट) र २,१३३ मिटर (७,००० फीट) को उचाइमा लिइएको तापक्रम क्रमशः अधिकतम २८.३ र २३.९ सेन्टिग्रेड (जेठ, असारमा) तथा न्यूनतम ७.६ र ५.३ सेन्टिग्रेड (मंसीर, पुसमा) छ ।[1] ती उचाइसँग यस क्षेत्रको उचाइ समान देखिए तापनि तापक्रममा स्थानीय विभिन्न तत्वहरूको प्रभाव पर्ने भएकोले यस क्षेत्रमा उपर्युक्त तापक्रम नै हुन्छ भन्न

1. Burathokey, J.B.S. and Malla, U.M.- Ecology of Tropical Highlands, Organised by HMG & UNESCO, 8 April, 1968.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्न। तर जे भए पनि उपर्युक्त तथ्याङ्कबाट यस क्षेत्रको मोटामोटी तापक्रम थाहापाउन भने सो तथ्याङ्कले अवश्य सहयोग गर्दछ। यो पहाडी खण्डमा हिउँद महीनामा विषेश ठण्डी र अरू बखत न्यानो जलवायु रहन्छ। सुनकोशी बेंसीमा भने वैशाख, जेठ महीनामा निकै गर्मी हुन्छ।

सुनकोशी बेंसीको अपेक्षा महाभारत पर्वत क्षेत्रमा पानी प्रशस्त पर्दछ। अधिराज्यका अन्य पहाडी जिल्लामा झैं यहाँ पनि सामान्यतः मौसमी हावापानीको प्रभाव रहेको पाइन्छ।

समुद्र सतहदेखि १,४६३ मिटर (४,८०० फीट) को उचाइमा रहेको सिन्धुलीगढीस्थित मौसम अवलोकन केन्द्रले सन् १९७० मा अभिलेख गरेको वृष्टिको पूर्ण विवरण यहाँ प्रस्तुत गरिएको छ :–

वर्षाको तालिका (मिलिमिटरमा)

महीना	वर्षा	महीना	वर्षा
जनवरी	२२.०	जुलाई	१,३५६.०
फेब्रुअरी	५०.२	अगष्ट	७९९.३
मार्च	१६.४	सेप्टेम्बर	४३०.७
अप्रिल	४६.४	अक्टोबर	४९.२
मे	१६४.४	नोभेम्बर	०.०
जून	३६०.१	डिसेम्बर	०.०
वार्षिक जम्मा		१,४१९.५	

यस तालिकाबाट महाभारत क्षेत्रमा सबभन्दा बढी वर्षा जून, जुलाई र अगष्ट महीनामा हुने देखिन्छ। हिउँदमा नोभेम्बर र डिसेम्बरमा पानी परेको देखिंदैन। सन् १९७० भरीमा २४ घण्टाभित्र सबभन्दा बढी वृष्टि जुलाई १४ मा २९१.२ मिलिमिटर (११.५ इञ्च) भएको थियो। १९७० मा वार्षिक जम्मा वर्षा १,४१९.५ मिलिमिटर (५५.९ इञ्च) अभिलेख भएको छ। त्यसै गरी विगत १५ वर्ष (१९५६–७०) मा औसत वार्षिक वृष्टि २,४४८.८ (९६.४ इञ्च) पानी यस भेकमा परेको देखिएको छ। १९७० मा जम्मा १३० दिनहरूमा मात्र १.० मिलिमिटरभन्दा बढी पानी परेको अभिलेख गरिएको छ। विगत चार वर्ष (१९६७–७०) मा औसत ११७ दिन प्रति वर्ष पानी परेको थियो।

महाभारत पहाडी क्षेत्रको अनुपातमा सुनकोशी बेंसीमा कमै पानी पर्ने कुरा समुद्रसतहदेखि १,०९८ मिटरको उचाइमा स्थापित नेपालथोकमा रहेको मौसम अवलोकन केन्द्रको तथ्याङ्कबाट थाहा हुन्छ। यहाँ सन् १९७० मा प्रति महीना औसत वृष्टि ११८.३ मिलिमिटर (४.६ इञ्च) भएको थियो र एक मिलिमिटर भन्दा बढी वर्षा केवल ७१ दिन मात्र भएको थियो।

उपर्युक्त तथ्याङ्कहरू महाभारत तथा सुनकोशी बेंसी क्षेत्रमा अभिलेख गरिएका हुन् र यी अभिलेखले जिल्लाको सम्पूर्ण भागलाई प्रतिनिधित्व गर्दछ भन्न सकिन्न। जे भए पनि महाभारतकै छेउमा भित्रीमधेश रहेकोले त्यहाँ पनि वृष्टि राम्रै हुने अनुमान गर्न सकिन्छ।

यस जिल्लामा बाह्रै महीना हिउँ पर्ने भाग छैन। पुस र माघ महीनातिर बर्षाद निकै भएमा महाभारत पर्वतको अग्ला शिखरहरूमा अलि अलि हिमपात हुने गर्दछ र एक-दुई दिनमै पग्लेर जान्छ।

यस जिल्लाको महाभारत पर्वत खण्डमा २,१३३ मिटर (७,००० फीट) भन्दा उच्च केही भागमा मात्र ठण्डा शीतोष्ण हावापानी पाइन्छ। यो भाग सम्पूर्ण जिल्लाको अनुपातमा नगण्य अंश भएकोले यसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोडेर जलवायुको आधारमा यो जिल्लालाई प्रमुख तीन भागमा विभाजन गर्न सकिन्छः—

(१) समशीतोष्ण हावापानी

(२) अर्धउष्ण हावापानी

(३) उष्ण हावापानी

समशीतोष्ण हावापानी

यो हावापानी जिल्लाको अधिकांश भाग अर्थात् १,२१९ मिटर (४,००० फीट) देखि २,१३३ मिटर (७,००० फीट) को मध्यभागमा पाइन्छ। यसै हावापानी रहने भू-भागमा जिल्लाको बढी जनआवादी रहेको छ। यहाँ हिउँदमा केही जाडो भए तापनि अन्य मौसममा न्यानो जलवायु रहन्छ। यस भेकको जलवायु भित्री मधेशको तुलनामा धेरै स्वास्थ्यकर मानिन्छ।

अर्धउष्ण हावापानी

यो हावापानी जिल्लाको दक्षिणी खण्ड चुरे डाँडा श्रृङ्खलाको ६१० मिटर (२,००० फीट) देखि १,२२० मिटर (४,००० फीट) को बीच भागमा पाइन्छ। यस भागको जलवायु स्वास्थ्यकर मानिदैन। यहाँ ग्रीष्ममा प्रशस्त गर्मी र जाडो महीनामा निकै जाडो हुन्छ। यस खण्डको जमीन खेतीको दृष्टिकोणबाट उत्ति राम्रो नभएकोले कमै जनआवादी भएको छ।

उष्ण हावापानी

यो हावापानी जिल्लाको मध्यभाग अर्थात् भित्रीमधेशको ६१० मिटर (२,००० फीट) भन्दा होचो भागमा पाइन्छ। महाभारत पर्वत तथा चुरे डाँडाद्वारा परिवेष्ठित यो भित्रीमधेशमा पहिले औलोको प्रकोप निकै थियो। तर विगत एक दशकदेखि औलो रोगको निकै रोकथाम भएकोले यहाँको हावापानी स्वास्थ्यकर नभए तापनि जमीन उर्वरा भएकोले यहाँ जनआवादी बढ्दै गएको छ।

प्राकृतिक वनस्पति

महाभारत तथा चुरे पहाड र भित्रीमधेश भएको यो जिल्ला अधिराज्यको अन्य घना जङ्गल भएका पहाडी जिल्लाहरूमध्ये एक प्रमुख जिल्ला हो। यस जिल्लाको कुल क्षेत्रफल २,४१,९०० हेक्टरमध्ये १४,००० हेक्टर कृषि-योग्य जमीन भएकोले बाँकी २,२७,९०० हेक्टर अर्थात ९४.२ प्रतिशतलाई वन-जङ्गल, खोला नाला आदिले ढाकिएको अनुमान गरिन्छ। भित्रीमधेश खण्डमा लगभग ५० प्रतिशत वा सोभन्दा बढी जमीन वनस्पतिले ढाकिएको छ।[1] यहाँ उपलब्ध हुने औषधिमा प्रयोग गरिने चिराइतो, हर्रो, बर्रो, अमला र खाद्य

1. Forest Statistics for the Tarai and Adjoining Regions, 1967, HMG, Page 2.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पदार्थ गिट्ठा, भ्याकुर वनतरूल आदिदेखि लिएर व्यापारिक दृष्टिकोणबाट आर्थिक लाभ हुने साल, सिसौ, खयर आदि जस्ता वन वनस्पति यस जिल्लाको वन सम्पदा हुन्।

वनस्पतिको प्रकार तथा विकासमा स्थानीय जलवायु र उचाइ आधारभूत तत्व हुन आउँदछन्। यसैले यहाँको वनस्पतिलाई उचाइ अनुसार वर्गीकरण गर्न सकिन्छ। जिल्लाको उत्तरी खण्डमा पर्ने महाभारत क्षेत्रमा २,१३३ मिटर (७,००० फीट) भन्दा उच्च भागमा अलि अलि कोणधारी सदाबहार वन छ। यहाँ गोब्रेसल्ला, लालीगुराँस, निगालाका बुटाहरू छन्। तर यो भाग जिल्लाको समस्त क्षेत्रको अनुपातमा नगण्य अंश भएकोले यसलाई छाडेर जिल्लाको जङ्गल निम्नानुसार वर्गीकरण गर्न सकिन्छः–

(क) पतझड मनसुनी वन
(ख) सदाबहार मिश्रित पतझड वन
(ग) उष्ण सदाबहार वन

पतझड मनसुनी वन

यो वन महाभारत पर्वत क्षेत्रमा १,२१९ मिटर (४,००० फीट) देखि २,१३३ मिटर (७,००० फीट) को उच्च भू–भागमा पाइन्छ। यहाँ लालीगुराँस, चाँप, खस्रु, काफल, मौवा, हाडेओखर, चिलाउने, कटुस, पहेंले, आदिका बोट वृक्षहरू छन्। चाँपलाई छोडेर अन्य रूखहरूको काठ व्यापारिक दृष्टिकोणबाट लाभकारी नभए तापनि भू-संरक्षणमा भने यस्तै वन-जङ्गलले भए पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ। स्थानीय मानिसहरूले घर, हलो, जुवा निर्माण गर्ने तथा दाउरा बाल्ने कार्यमा यी बोटवृक्षहरू उपयोग गर्दछन्। काफलको फल तथा हाडे-ओखरका दिगुल स्वादिष्ट हुन्छन्; मौवाको फलबाट रक्सी बनाउँन सकिन्छ।

सदाबहार मिश्रित पतझड वन

यो वन चुरे डाँडाको श्रृङ्खलामा पाइन्छ। यस क्षेत्रमा ६१० मिटर (२,००० फीट) देखि १,२१९ मिटर (४,००० फीट) सम्मको उच्च भू-भागमा सिमल, घायरो, हर्रो, बर्रो, चिउरी, सल्ला, जामूना, चिलाउने आदि र फेदीतिर सालका वृक्षहरू पनि छन्। यसरी सदाबहार रहने बोट-वृक्षसँग हिउँदमा पात झर्ने जङ्गल मिसिएर रहेको छ। सिमलको काठ सलाई बनाउने काममा प्रयोग हुन्छ र यसको फलबाट निस्कने एक किसिमको भुवा डसना तथा तकिया बनाउने कार्यमा रूवाको सट्टा प्रयोगमा ल्याउन सकिन्छ। जामून, साल, घायरो, हर्रो, बर्रो, आदिका काठ सारो हुने हुँदा निर्माण कार्यमा प्रयोग हुन्छ। सल्लाको काठ सलाई बनाउन उपयोग हुनाको अति-रिक्त यसको खोटो अन्तर्राष्ट्रिय बजारमा बिक्री हुन्छ। चिउरीको फल स्वादिष्ट हुन्छ र यसबाट वनस्पति घ्यू पनि उत्पादन गर्न सकिन्छ। हर्रो, बर्रोको फल आयुर्वेदिक औषधिमा प्रयोग गरिन्छ।

उष्ण सदाबहार वन

भित्रीमधेश खण्ड यस जिल्लाको सबैभन्दा बढी घना-जङ्गल रहेको क्षेत्र हो। यो भाग लगभग ५० प्रतिशत वा सोभन्दा बढी जङ्गलले ढाकिएको छ। यहाँ अधिक गर्मी र वर्षा हुने भएकोले साल, सिसौ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मा, असना, खयर, बोट-घयरू, जामुन, सतिसाल, फडिर, सिमल आदि विभिन्न जातका वन र अमलिसो (कुचो) बाँस, हर्रो, बर्रो, बाबियो, बेत इत्यादिका रूख तथा झाडीले भरिएको उष्ण सदाबहार जङ्गल छ। यहाँको धेरै जसो वृक्षहरूको पात झर्दैन।

उपर्युक्त तीन प्रकारका वन-जङ्गल बाहेक सुनकोशी गढतीरमा हुने वनस्पतिको आफ्नो विशेषता छ। यहाँ प्रायः लेक, बेंसी दुवै स्थानमा पाइने वृक्षहरू देखिन्छन्। यहाँको जङ्गलमा पाइने साल, सल्लो, कर्मा, बोट-घयरू, आँट, फलाँट, चिलाउने आदि केही प्रमुख जातका रूखहरू हुन्।

माथि वर्णन गरिएका रूखहरू धेरै "जात" का अर्थात् व्यापारीक महत्वका छन्। यी रूखको काठ क्रय-विक्रय भई आर्थिक लाभ प्राप्त हुन्छ। सालको काठ अत्यन्त साह्रो र टिकाउपूर्ण हुन्छ। यसैले यस वृक्षको बारेमा एउटा उखान छ "साल हजार वर्ष खडा, हजार वर्ष पडा, हजार वर्ष गला" अर्थात् सालको रूख हजार वर्ष बाँच्दछ, त्यसपछि अर्को हजार वर्षसम्म जमीनमा लडिरहन्छ र यसलाई घाम-पानीमा सड्न अर्को हजार वर्ष लाग्दछ। यो टिकाउ हुने भएर नै अन्तर्राष्ट्रिय बजारमा यसको ठूलो माग छ। यसलाई मुख्यतया रेलको स्लिपर र निर्माणको कार्यमा प्रयोग गरिन्छ।

असना, जामुन, बोटघयरू, हर्रो, बर्रो आदिको काठ पनि साह्रो नै हुने भएकोले निर्माण र फर्निचर आदि बनाउने कार्यमा उपयोग गरिन्छन्। सिसौ काठको फर्निचर अन्य काठको तुलनामा बढी मूल्य पर्ने हुन्छ। खयरको काठलाई पकाएर कत्था बनाइन्छ र पानमा मसलाको रूपमा प्रयोग गरी खाइन्छ। हर्रो, बर्रोको फल औषधिको रूपमा सेवन गरिन्छ।

पशु पक्षी

विभिन्न प्रकारको हावापानी रहेको यो जिल्लामा महाभारत खण्ड र भित्रीमधेश क्षेत्रमा बेग्ला-बेग्लै किसिमका जङ्गली पशु-पक्षीहरू छन्। भित्रीमधेश खण्डमा बाघ, भालू, चितुवा आदि हिंसक पशुहरू छन्। यिनका अतिरिक्त यहाँ बनेल, मृग, खरायो, चित्तल, घोडगधा, रातो बानर, ढेडु, थार, घोरल, स्याल आदि जनावर पनि छन्। महाभारततर्फ भित्रीमधेशको तुलनामा पशुहरू निकै कम छन्। यहाँ मुख्यतः भालू, बानर, स्याल, मलसाप्रो आदि र केही चितुवा छन्।

यस जिल्लाको पक्षीमा मयूर, लुइँचे, काजिल, तितरा, भिंगुभा, न्याउली, कोइली, सुगा, मैना, हलेसो, ढुकुर आदि प्रमुख हुन्। मैना र सुगा भित्री मधेशको जङ्गलमा मात्र पाइन्छन्।

जङ्गली पशु-पक्षीको संरक्षण वन, जीवजन्तु ऐन तथा नियमअनुसार भएको छ। शिकार खेल्न चाहनेले वन विभाग वा कार्यालयको पूर्व स्वीकृति लिएर लाग्ने दस्तूर समेत धरौटी राखी शिकार खेल्न सक्दछन्। ऋतुकालीन मौसम आदिको पर्वाह नराखी जथाभावी शिकार खेल्नमा प्रतिबन्ध लगाइएको छ तर जङ्गलको बीचबीचमा जग्गा आवाद भएको हुँदा बखत बखतमा लुकी छिपी शिकार खेलेको पाइन्छ। यसप्रकारको शिकार-बाट खासगरी मृग, चित्तल, बनेल, मयूर, र कालिजहरू माथि आघात पुग्ने कुरो स्पष्ट छ।

वन संरक्षण र विकास

यस जिल्लाको सम्पूर्ण वन क्षेत्रलाई तीन क्षेत्रमा विभाजन गरी तीन रेञ्ज कार्यालयबाट वनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संरक्षणमा दृष्टि पुऱ्याइन्छ। यी रेन्ज कार्यालयहरू जिल्लाको मध्य भाग अर्थात् सिन्धुलीमाडीमा, दक्षिण-पूर्वी भाग अर्थात् कमलाखोंजमा र पश्चिमतर्फ हरिहरपुरगढीमा रहेकाछन्।

यस जिल्लाका जङ्गल र आवादी नम्बरी जगा बीच वन-सीमाङ्कन हुन बाँकी नै छ। यहाँ लगभग ४०० किलोमिटर (२५० माइल) वन-सीमाना निर्धारण हुनु पर्ने देखिन्छ।

भित्री मधेशको तुलनामा जिल्लाको उत्तरी महाभारत क्षेत्र केही रूखो र कम उब्जाउ हुने भाग हो। यसैले भित्री मधेशमा २०१८ सालदेखि औलो रोगको रोकथाम हुन थालेपछि महाभारत क्षेत्रमा बस्ने मानिसहरू यहाँ बसोबास गर्न विशेष आकर्षित भएका छन्। यहाँ जङ्गल बीच कसै कसैको धेरै अगाडि दर्ता भएको नम्बरी जग्गा रहेको थियो तापनि औलो रोगको प्रकोपले आवाद हुनसकेको थिएन। औलो रोगको रोकथाम हुनासाथ ती पुराना जग्गाहरूको आवादी शुरू हुनाको साथ साथै साँध मिलाएर वन-सीमाना पनि अतिक्रमण गरियो र कतै कतै नयाँ आवाद समेत शुरू भयो। यसरी गैर कानूनी ढङ्गबाट जङ्गल अतिक्रमण गर्ने क्रम हाल बन्द भएको छ। वन-सिमाङ्कन गर्ने र अतिक्रमण भएको तथ्याङ्क सङ्कलन गर्ने कार्य क्रमशः भइरहेको छ। अव्यवस्थित रूपमा यसरी फाँडिएको जङ्गललाई पुनः वन-जङ्गल नै कायम गर्ने कार्यवाही पनि चलिरहेको छ।

खनिज पदार्थ

नेपाल अधिराज्यमा साधारणतः भौगर्भिक क्षेत्रलाई तीन प्रमुख खण्डमा विभाजन गरिएको छ। (क) तराई मैदान (ख) मध्यपहाडी भाग (ग) हिमाली खण्ड

सिन्धुली जिल्लाको मध्यपहाडी भाग अर्थात् महाभारत क्षेत्रमा अवस्थित सिन्धुलीगढीमा अभ्रख, चून ढुङ्गा तथा कोइला खानी छन्।[1] यस अतिरिक्त महाभारत शृङ्खलामा पेट्रोलियम पदार्थ पाइने संभाव्यता रहेको छ। यी खनिज पदार्थहरूको उपयोग गर्ने दृष्टिकोणबाट सर्वेक्षण हुन बाँकी नै भएकोले उत्खनन् भएको छैन।

1. Bhatta, D.D.- Natural History & Economic Botany of Nepal, 1970, Page 23-24.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहबाट यस जिल्लालाई विशाल नेपालमा एकीकरण गरिएको बखत यो क्षेत्र मकवानपुरका राजा दिग्बन्धन सेनद्वारा प्रशासित थियो । सेन राजाहरूको पुर्खौली सम्बन्धमा इतिहासकारहरू बीच मतभेद छ तापनि इतिहासकार हेमिल्टनका अनुसार चित्तौडका राजा चित्र सेनका दुई जना भतिजा जिलराय र अजिल रायले ७०० फौज लिएर हिमालयका फेदतिर पसेका थिए । पछि गण्डकी पश्चिमी खण्डको भावर क्षेत्रमा यी दुइमध्ये कुनै एकले अधिकार जमाउन सफल भए । वंशावलीमा अजिल सेनपछि तुला सेनको नाम उल्लेख भएको पाइन्छ र यिनले नै मकवानपुरगढीको निर्माण गराएका हुन् भनिन्छ । पछि यिनकै वंशज मुकुन्द सेन (प्रथम) पाल्पाको राजगद्दीमा बस्न आइपुगे । यिनका कान्छा छोरा लोहाङ सेनले मोरङ प्रदेश दखल गरी पाल्पा राज्यमा मिलाए र भाइहरूसँग अंशबण्डा हुँदा आफूले आर्जेको प्रदेशको स्वयम् आफै राजा भए । यो राज्य-सीमा विस्तृत भएकोले यसलाई फुटाई दुई राज्य मकवानपुर र चौदण्डी (हाल उदयपुर जिल्लामा पर्दछ) मा विभाजन भएको थियो । शुभ सेनका छोरा माणिक्य सेनले सिन्धुलीमा गढी बनाएर महाभारतका उत्तर पाखापट्टि परेको पूर्ववाहिनी सुनकोशीका दायाँ किनारपट्टिको खश-मगर आदिको आवादी भएको दुम्जादेखि झाँगाझोलीसम्मको पहाडी भाग मकवानपुरका ठकुराईमा सम्मिलित गराएका थिए ।[१]

गोरखा राज्य विस्तारको क्रममा काठमाडौं उपत्यकालाई घेरामा पारेर आर्थिक नाकाबन्दी गरी कब्जा गर्ने पृथ्वीनारायण शाहको इच्छा थियो तर यस उपत्यकामा आउने जाने मुख्य बाटो बीच सम्पन्न र सवल मकवानपुर राज्य खडा थियो । यसैले मकवानपुरका राजासँग मैत्री सम्बन्ध स्थापना गर्न उनले त्यहाँका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग विवाह गरे । परन्तु कुटुम्बेरी सम्बन्ध सुमधुर हुन नसकेकोले काठमाडौं उपत्यकालाई घेरी पूर्ण आर्थिक नाकाबन्दी गर्न मूलतः मकवानपुरमाथि नै अधिकार कायम गर्नु आवश्यक थियो । फलतः १७६२ ई. को भदौ महीनामा पृथ्वीनारायण शाहले आफ्ना तीन जना भाइहरूको नेतृत्वमा गोरखाली फौज पठाई मकवानपुर राज्यमाथि कब्जा जमाउन सफलता हासिल गरे ।

राजा दिग्बन्धन सेन मकवानपुरगढीलाई छाडी भागेर २६ किलोमिट (आठ कोस) पूर्व हरिहरपुरगढीमा शरण लिन पुगे । गोरखालीहरूले साउन महीनामा त्यहाँ पनि कब्जा गर्दा फेरि उनी उम्कन सफल भएका थिए परन्तु उनका परिवारहरू भाग्न नपाएकोले अन्तमा उनले पनि गोरखाली फौज समक्ष आत्मसमर्पण गरिदिए । मकवानपुर विजयकै क्रममा गोरखालीहरूले सिन्धुलीगढी पनि जिते । यसरी वर्तमान सिन्धुली जिल्लाको हरिहर-

१. बाबुराम आचार्य–श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ३, श्री ५ महाराजाधिराजका प्रेस सचिवालय, राजदरवार, २०२५, पृष्ठ ३९८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरगढी तथा सिन्धुलीगढी लगायत जिल्लाको अन्य क्षेत्र १७६२ ई. मा नेपाल अधिराज्यमा समावेश भएको हो ।[१]

सिन्धुलीगढी समुद्र सतहदेखि १,४१७ मिटर (४,६४५ फीट) को उचाइमा छ। पछि यसलाई सामरिक महत्वको किल्ला महसूस गरी यसको फराकिलो शिखरलाई बन्दूक र तोपहरू हान्ने विशेष प्वाल छाडेर ढुङ्गै ढुङ्गाको गारोले घेरी किल्ला बनाएको थियो। यो किल्ला नजीकै रहेको मुख्य घाँटीमा ढुङ्गाको पर्खाल हाली मजबूत काठको एउटा ठूलो ढोका पनि थियो । गीर्वाणयुद्ध विक्रम शाहका राज्यकालमा यो किल्लाको निर्माण भएको यहाँ शिलालेख पाइन्छ । क्याप्टेन किन्लकको नेतृत्वमा आएको अंग्रेजी फौजसँग लडाइँ हुँदा यो किल्ला बनेको थिएन । एकाएक अंग्रेजी फौज आफ्नो भूमितिर धनमाना खोलसाबाट उकालो चढ्दै आएको देखेर स्थानीय मगर थापा, गोदार थापा र बगाले थापाहरू मिली आफ्नै स्वविवेकले पहाडबाटढुङ्गा मूढा वर्षाई रूखका अरिङ्गालका गोला खन्याई लखेटेका थिए। अंग्रेजहरूसँग बन्दूक तथा तोप जस्ता हतियारहरू भए तापनि अनकण्टार जङ्गल भएको पहाडको वस्तुस्थिति तथा बाटो-घाटोको भेउ नपाएकाले अन्ततः उनीहरू हार खाई फर्केर गए । उनीहरूबाट खोसिएका दुईवटा तोपहरू सिन्धुलीगढीमा धेरै वर्ष रहेपछि २०३० सालमा काठमाडौं लगिएका थिए। यसरी वीरतासाथ अंग्रेजहरूलाई धपाई पठाएको खबर पृथ्वीनारायण शाहले थाहा पाई खुशी भएर ती स्थानीय वीर पुरुषहरूलाई सिन्धुलीमा बिर्ता तथा खानगी दिएर वीरताको कदर गरेका थिए। यो कथनलाई इतिहासकारहरूले विश्लेषण गरी ऐतिहासिक रूप दिन बाँकी नै रहेको देखिन्छ।

सिन्धुली जिल्ला नेपाल अधिराज्यमा सम्मिलित हुनु अगाडि मकवानपुर राज्यमध्ये कमला र कोशी बीचको भाग एक छुट्टै रियासतको रूपमा रहेको[२] भए तापनि यो जिल्ला मकवानपुर राज्य-अधीन सिन्धुली प्रगन्नाबाट प्रशासित थियो। मकवानपुर राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछि सिन्धुलीगढी गोश्वाराको नामबाट धेरै समयसम्म जिल्लाको प्रशासनिक कार्य त्यहींबाट चलिरहेको थियो। २००७ साल पछि रामेछाप तथा सिन्धुलीगढीको समेत प्रशासकीय क्षेत्रको एकीकरण गरी रामेछापगढी गौडा-गोश्वाराको नामबाट यो जिल्ला प्रशासित रह्यो। फलतः यहाँको बडाहाकिमको कार्यालय पनि रामेछापमै सारियो। पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएपछि प्रशासन विकेन्द्रीकरण गरिने सिद्धान्त अनुसार २०१८ सालमा सबै जिल्लाहरूमा समान विकास, न्याय तथा प्रशासन सुलभ गराउन जनकपुर अञ्चल अन्तर्गत रामेछाप र सिन्धुली दुई भिन्न विकास जिल्लाको रूपमा परिणत गरियो। यही जिल्ला विभाजन क्रममा तत्कालीन ओखलढुङ्गा जिल्लाबाट प्रशासित क्षेत्र-वाख्सु खोलादेखि पूर्व, बहादुर खोलादेखि पश्चिम पर्ने सुनकोशी दक्षिणको भागलाई ओखलढुङ्गा जिल्ला अन्तर्गत नै राखिछोड्दा यस क्षेत्रबाट सदरमुकाम टाढा पर्ने भएकोले सिन्धुली जिल्लामा समावेश गरिएको थियो जो अद्यावधि कायमै छ।

१. बालचन्द्र शर्मा–नेपालको ऐतिहासिक रूपरेखा, २०२२, पृष्ठ २२५

२. ऐजन, पृष्ठ २०७–८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

सिन्धुली माडी

यो स्थान सिद्धेश्वर आदर्श गाउँ पञ्चायतमा पर्दछ र यो नै जिल्लाको सदरमुकाम हो। काठको फल्याकै फल्याकद्वारा निर्मित यो बजार ग्वाङ खोलाको पूर्वी किनारामा समुद्र सतहदेखि लगभग ६४० मिटर (२,१०० फीट) उचाइको भित्रीमधेशमा अवस्थित छ। यो बजारमा करीब १६४ वटा घरहरू छन्। यो स्थान महाभारत र चुरे पहाड बीच पर्ने भएकाले हिउँदमा निक्कै जाडो हुन्छ र वर्षामा प्रशस्त गर्मी हुन्छ। जनकपुर बजारबाट यहाँ आउनलाई २९ किलोमिटर लालगढसम्म महेन्द्र राजमार्गको पक्की सडक उपलब्ध छ। सो लालगढदेखि ३५ किलोमिटर (११ कोस) यस स्थानसम्मलाई हिउँदमा जीप तथा ट्रक यातायातको सेवा उपलब्ध हुन सक्दछ। यहाँबाट रामेछाप २९ किलोमिटर (नौ कोस) पर्दछ। राजमार्गको निर्माण अगाडि काठमाडौंबाट यहाँ आउनलाई रोसीखोलाको बाटो गरी पैदल ८० किलोमिटर (२५ कोस) हिंड्नु पर्दथ्यो।

हिउँदमा मात्र यातायात सुविधा यहाँ उपलब्ध हुने भए तापनि यो बजारको विस्तार हुँदै आएको छ। तराई क्षेत्रबाट उपभोग्य वस्तुहरू यहाँ ल्याइन्छन् र यहाँबाट नून, मट्टीतेल, कपडा, सुर्ती, मसला आदि चीजबीज पहाडी क्षेत्र र रामेछाप जिल्लातिर पठाइन्छन्। त्यसरी नै पहाडी क्षेत्रबाट आलु, फलफूल आदि ल्याई यस बजारमा बिक्री गरिन्छ। यसप्रकार मधेश तथा पहाडी क्षेत्रका निवासीहरूका लागि यो स्थान खरीद-बिक्रीको एक प्रमुख केन्द्र बनेको छ।

सिन्धुलीमाडी जिल्लाको सदरमुकाम भएकोले यस स्थानलाई एक स्वास्थ्य केन्द्रको सेवा उपलब्ध छ। यसका अतिरिक्त यहाँ बिफर तथा औलो उन्मूलन कार्यालयहरू पनि छन्। खाने पानीको व्यवस्था निकट भविष्यमै हुने भएको छ। सञ्चार सेवामा छोटी हुलाक तथा आकाशवाणी छन्। शिक्षण संस्थामा एउटा माध्यमिक विद्यालय र पाँचवटा प्राथमिक विद्यालयका अतिरिक्त दुईवटा पुस्तकालयहरू छन्।

यहाँ करीब २३ वटा श्री ५ को सरकारको जिल्लास्तरीय कार्यालयहरू छन्। यीमध्ये प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला अदालत, जिल्ला प्रहरी निरीक्षकको कार्यालय, जिल्ला भूमिसुधार कार्यालय आदि केही प्रमुख कार्यालयहरू हुन्। यहाँ राष्ट्रिय वाणिज्य बैंक तथा कृषि विकास बैंकका शाखा पनि छन्।

यस बजार नजीकै रहेको खेलकूद मैदानमा हप्ताको एक पटक शनिबारको दिन हाट लाग्दछ। यस हाटमा भित्रीमधेश, तराई तथा पहाडी क्षेत्रबाट प्रशस्त मानिसहरू आउँदछन्। तराई तथा पहाडी दुवै क्षेत्रमा पाइने फलफूल तथा अरू चीजबीज यस हाटमा पाइन्छन्। हिउँदमा झण्डै पाँच–छ हजार मानिस यस हाटमा भेला हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिन्धुलीगढी

यो स्थान जलकन्या चपौली गाउँ पञ्चायतमा पर्दछ । यो गढी समुद्र सतहदेखि १,४१७ मिटर (४,६४५ फीट) को उचाइमा अवस्थित छ । यहाँ एउटा ऐतिहासिक किल्ला छ । फराकिलो शिखर वरिपरि ढुङ्गै ढुङ्गाको गारोले घेरिएको छ । बीच भागमा संभवतः पानी जम्मा गरिराख्न अन्दाजी १५० वर्ग फीट र करीब ५० फीट गहिरो सुखा इनार छ । यहाँबाट दक्षिण-पूर्व करीब एक किलोमिटर टाढा रहेको मुख्य घाँटीमा पनि ढुङ्गै ढुङ्गाको बेरी छेक्ने पर्खाल छ । पर्खालको बीचमा एउटा काठको ठूलो बलियो ढोका छ । यो किल्ला नबन्दै इष्ट इण्डिया कम्पनीबाट नेपाल हान्न जनकपुरको बाटो गरी अंग्रेजी फौजलाई यहीं कतै हार खुवाई भगाएका थिए । उनीहरूबाट खोसिएको दुईवटा तोप २०३० सालसम्म यहीं राखिएका थिए । यसै ऐतिहासिक गढी भएर सिन्धुलीमाडीबाट खुर्कोट वा रामेछापतिर जाने बाटो छ ।

वि. सं. २००७ सालसम्म सिन्धुलीगढी गोश्वाराको काम यहींबाट चल्थ्यो भन्ने कुरा माथि ऐतिहासिक पृष्ठभूमिमा उल्लेख भइसकेको छ । २०१८ सालमा अधिराज्यको प्रशासनिक क्षेत्र विभाजन भएपछि यहाँको जिल्ला अदालत, कारागार आदि सिन्धुलीमाडीमा सारियो । यसैले हाल केही घर बाहेक यहाँका बासिन्दाहरू पनि यत्र-तत्र लागिसकेका देखिन्छन् । हाल यहाँको उहिले बडाहाकिम बस्ने ठूलो दरबारमा प्रहरी चौकी रहेको छ । यहाँ सिद्धेश्वरको एउटा सानो देवालय र वर्षा अवलोकन केन्द्र छ ।

हरिहरपुरगढी

यो स्थान हरिहरपुर गाउँ पञ्चायतमा पर्दछ । सिन्धुलीमाडी सदरमुकामबाट यो स्थान करीब ५१ किलोमिटर (१६ कोस) टाढा छ । कोखाजोर खोला र मरीन खोलाको बीचमा महाभारत पहाडको समानान्तर पूर्व-पश्चिम फैलिएको ७६२ मिटर (२,५०० फीट) अग्लो पहाडमा यो स्थान रहेको छ ।
यहाँ मकवानी राजा हरिहर सेनले आफ्नो नामको पछि बनाएको राम्रो एउटा ऐतिहासिक किल्ला र एउटा तोप छ । यहाँ अतिरिक्त हुलाक, वन रेन्ज कार्यालय, प्राथमिक विद्यालयहरू पनि स्थापना भएका छन् ।

कमला माईस्थान

यो यस जिल्लाको सबभन्दा प्रख्यात धार्मिक स्थल हो । यो कमला नदी र ग्वाङ खोलाको संगम
स्थानमा पर्दछ । समुद्र सतहदेखि ६१० मिटर (२,००० फीट) उचाइको भित्री मधेशमा रहेको कमला माईस्थान-
मा सिन्धुलीमाडीबाट आउन ११ किलोमिटर (साढे तीन कोस) को राम्रो घोडेटो बाटो छ ।
कमला माईको महत्व र महिमा वृहत्विष्णुपुराणको "मिथिला महात्म्य" मा उल्लेख भएको छ ।
माघे संक्रान्तिको दिन यहाँ ठूलो मेला लाग्दछ । निक्कै टाढा-टाढाबाट मानिसहरू मेला भर्न आउँदछन् । यस
अवस्थामा हजारौंको संख्यामा पाठा, परेवा आदि कमलामाईमा बलि दिइन्छ । धेरैजसो मानिसहरू कमला
माईस्थानमा दीपावली, नाच-गान गरी रातभर जाग्राम बस्ने गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुम्जा

यो ठाउँ धार्मिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ। यहाँ प्रसिद्ध कुशेश्वर महादेवको स्थान छ। यसको उल्लेख हिमवतखण्ड गरुड पुराणमा पनि पाइन्छ। मार्ग कृष्ण बाला चतुर्दशीको दिन यहाँ ठूलो मेला लाग्दछ। मेलामा हजारौं रूपैयाँको मालसामान खरीद-विक्री हुन्छ। रामेछाप जिल्लाको ठोसे खानीका फलामे मालसामानहरू र स्थानीय खाँडीको किनबेच उल्लेखनीय छ। यस अवसरमा भजन, कीर्तन, मादले नाच-गान जस्तो लोकसंस्कृति पनि विभिन्न टोलीले प्रदर्शन गर्दछन्। मानिसहरू रातभर जाग्राम पनि बस्दछन्। यो स्थान कुशेश्वर दुम्जा गाउँ पञ्चायतमा पर्दछ। यहाँ आयुर्वेदिक औषधालय, माध्यमिक विद्यालय र प्राथमिक विद्यालयहरू छन्। जिल्लाको सदरमुकाम सिन्धुलीमाडीबाट यो स्थान ४२ किलोमिटर (१३ कोस) टाढा पहाडी क्षेत्रमा पर्दछ।

खुर्कोट

यो स्थान सदरमुकाम सिन्धुलीमाडीबाट १६ किलोमिटर (छ कोस) टाढा जिल्लाको उत्तरी सुनकोशी गढतीरमा अवस्थित छ। समुद्र सतहदेखि करीब ९१४ मिटर (३,००० फीट) उचाइमा रहेको यो मलिलो बेंसी हो। यहाँ चैत, वैशाखमा केही गर्मी हुन्छ र अरू बेला सामान्य स्वास्थ्यकर जलवायु रहन्छ। यो स्थान भीमेश्वर गाउँ पञ्चायतमा पर्दछ। यहाँको भीमेश्वर स्थान प्रसिद्ध छ। यसका निमित्त ५४ मुरी अन्न उठ्ती हुने जग्गा गुठी पनि रहेको छ। यिनै महादेवस्थानको नाम पछाडि यस पञ्चायतको नाम राखिएको हो।

रामेछापतिर जाने सुनकोशी नदीमा यहाँ पुरानो तर राम्रो अवस्थामा रहेको एउटा झोलुङ्गे पुल छ। यहाँबाट रामेछाप जान झण्डै १० किलोमिटर (तीन कोस) को ठाडो उकालो बाटो हिंड्नु पर्दछ। पहाडी क्षेत्रबाट काठमाडौं उपत्यका आउने-जाने बाटो यही खुर्कोट भएर जान्छ। यहाँ एउटा जीर्ण रूपमा रहेको धर्मशाला, शाखा हुलाक, औलो उन्मूलनको शाखा कार्यालय, प्राथमिक विद्यालय र एउटा निम्नमाध्यमिक विद्यालय छन्।

यहाँ उर्वरापूर्ण माटो भएकोले खाद्यान्नको अतिरिक्त तरकारी खेती पनि राम्रो हुन्छ। यहाँको तरकारी रामेछापको सदरमुकामसम्म पुऱ्याइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनाअनुसार सिन्धुली जिल्लाको कुल जनसंख्या
१,४७,४०९ छ। यसमध्ये ७३,८०८ अर्थात् ५०.१ प्रतिशत महिला र ७३,६०१ अर्थात् ४९.९ प्रतिशत पुरुष
छन्। पुरुषभन्दा महिलाको संख्या २०७ अर्थात् ०.२ प्रतिशत बढी छ। जनकपुर अञ्चलको ११.६ प्रतिशत
मानिसहरू यस जिल्लामा बसोबास गर्दछन्। नेपाल अधिराज्यको ७५ जिल्लाहरूमा बढी जनसंख्याको
दृष्टिकोणबाट यो जिल्लाले ३६ सौं स्थान प्राप्त गरेको छ भने अञ्चलमा सबभन्दा घटी जनघनत्व भएको यही
जिल्ला हो। जिल्लाको जम्मा क्षेत्रफल २,४१९ वर्ग किलोमिटर छ र यहाँको जनघनत्व ०.६ प्रति हेक्टर अर्थात्
प्रति एक वर्ग किलोमिटर जमीनमा ६० जना मानिस छन्।

जनगणनाअनुसार यस जिल्लामा २४,८७१ घरपरिवारले बसोबास गरेका छन्। तिनीहरूको
औसत परिवार सदस्य संख्या छ जना देखिन आउँछ। पाँच जना जहान भएको परिवारको संख्या सबभन्दा धेरै
अर्थात् ४,००४ छ र त्यसपछि दोस्रो र तेस्रोमा क्रमशः छ जना सदस्य भएको परिवार संख्या ३,६५९ र चार
जना सदस्य भएको परिवार संख्या ३,५८० हुन आउँछ। ठूलो परिवारमा २० जना वा सोभन्दा बढी सदस्य
भएको ७२ परिवार छन् भने १५ देखि १९ जना भएको २८५ वटा परिवारहरू छन्। सानो परिवारहरूमा एक
जना मात्र भएको ५८०, दुई जना भएको १,५८६ र तीन जना भएको २,६०४ वटा परिवारहरू यहाँ छन्।

जिल्लाको सामाजिक र आर्थिक चित्र तथा विद्यालय जाने उमेरको जनसंख्या देखाउने उद्देश्यले
यहाँ जिल्लाका बासिन्दाहरूलाई विभिन्न उमेर समूहमा विभाजन गरिएको छ।

उमेर समूहको तालिका

उमेर समह	पुरुष संख्या	पुरुष प्रतिशत	महिला संख्या	महिला प्रतिशत	जम्मा संख्या	जम्मा प्रतिशत
० देखि ५	१३,७२९	१८.७	१५,१०६	२०.४	२८,८३५	१९.५
६ देखि १५	२०,५५६	२७.९	१८,३४५	२४.९	३८,९०१	२६.४
१६ र सो भन्दा माथि	३९,३१६	५३.४	४०,३५७	५४.६	७९,६७३	५४.१
जम्मा:–	७३,६०१	१००	७३,८०८	९९.९	१,४७,४०९	१००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस तालिका अनुसार सिन्धुली जिल्लामा पाँच वर्ष मुनिका शिशुहरू जम्मा २८,८३५ अर्थात् कुल जनसंख्याको १९.५ प्रतिशत छन्। त्यसमध्ये १३,७२९ बालक र १५,१०६ बालिका छन्। बालकको संख्या-भन्दा बालिकाको संख्या १,३७७ बढी देखिन्छ। विद्यालय जान योग्य उमेरका छदेखि १५ वर्षसम्मका बाल-बालिकाको संख्या ३८,९०१ हुन आउँछ। यसमध्ये २०,५५६ बालक र १८,३४५ बालिका छन्।

माथिको तालिका अनुसार १६ वर्ष र सोभन्दा माथिका बयस्क समूहको संख्या यस जिल्लामा ७९,६७३ अर्थात् कुल जनसंख्याको ५४.१ प्रतिशत देखिन्छ। बाँकी ४५.९ प्रतिशतले १६ वर्ष मुनिका बालक बालिकाको हुर्कंदो समूहलाई संकेत गर्दछ। शिक्षा, स्वास्थ्य, रोजगारी आदिका सन्दर्भमा भविष्यको लागि यो समूहलाई ध्यानमा राखी योजना तर्जुमा गर्न धेरै हदसम्म सहायकसिद्ध हुनेछ। आर्थिक एवं सामाजिक क्षेत्रमा योजना निर्माणका लागि आवश्यक जन-शक्ति भविष्यमा प्रचुर मात्रामा यहाँ उपलब्ध हुन सक्ने महत्वपूर्ण कुराको संकेत पनि यो समूहले गर्दछ।

कुनै पनि परिवारमा साधारणतः सबै परिवार सदस्य काम गर्न सक्ने सवल हुँदैनन्। यसै आधारमा उमेरको दृष्टिकोणबाट आर्थिक लाभ गर्न सक्ने सक्षम तथा आश्रित जनसंख्या छुट्टयाई केही चर्चा गरिनु आवश्यक देखिन्छ।

साधारणतः नौ वर्षसम्मका बालक, बालिका शारीरिक तथा मानसिक दृष्टिकोणबाट आर्थिक लाभ हुने कार्य गर्न सक्दैनन्। त्यस्तै ६० वर्ष र सोभन्दा माथिका बृद्ध मानिसहरू पनि प्रायः शारीरिक परिश्रमबाट आर्थिक लाभकारी व्यवसाय गर्न सक्षम हुँदैनन् भन्ने अनुमानबाट यो समूहलाई पनि आश्रित श्रेणीभित्र समावेश गर्दा यी दुई उमेर समूहको जम्मा संख्या ५४,५७८ अर्थात् कुल जनसंख्याको ३७.० प्रतिशत हुन आउँछ। यो समूह सक्षम परिवार सदस्यको आर्जनमा आश्रित रहन्छ। यस जिल्लाका १० वर्षदेखि माथि ५९ वर्षसम्मका व्यक्तिलाई सवल मानिएमा यो समूहको संख्या ९२,८३१ अर्थात् ६३.० प्रतिशत हुन आउँदछ। यसरी यस जिल्लामा आश्रितभन्दा सक्षम जनसंख्या २६.० प्रतिशत बढी छ र लगभग १०० जना सवलले ५८ जना आश्रितको पालन-पोषण गर्नुपर्ने देखिन्छ। यसरी यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:५८ हुन आउँछ।

यहाँ एउटा ध्यानयोग्य कुरा के छ भने १० वर्षदेखि ५९ वर्षसम्मको सम्पूर्ण जनसंख्या आर्थिक लाभ हुने व्यवसायमा संलग्न हुन्छन् नै भनी मान्न सकिन्न। सिद्धान्ततः १० देखि १४ वर्षका किशोर, किशोरीले प्राथमिक वा माध्यमिक विद्यालय जाने गरेका हुन्छन् त्यसमाथि यो समूहले शारीरिक परिश्रम गरी आर्थिक लाभ गर्न पूर्ण सक्षम भइसकेका हुँदैनन्। साथै ६० वर्षदेखि माथिका औसत प्रौढ मानिसहरूले ६४ वर्षसम्म पनि शारीरिक परिश्रम पर्ने कार्यमा सरीक रहेका पनि देखिन्छन्। तसर्थ आश्रित र सक्षम जनसंख्याको विश्लेषण गर्दा अन्तर्राष्ट्रिय मान्यतामा आधारित उमेर समूहको विभाजन पनि अध्ययन गरिनु आवश्यक छ। अन्तर्राष्ट्रिय मजदूर संगठनले १४ वर्षसम्मका विद्यालय जाने केटाकेटीको समूह र ६५ वर्ष माथिका प्रौढ समूहलाई आश्रित जनसंख्या मान्दछन्। यस अनुसार यो जिल्लामा १४ वर्षसम्मको उमेर हुनेको संख्या ६४,२७० र ६५ वर्षभन्दा माथिका बयोबृद्ध संख्या ३,९२३ गरी जम्मा ६८,१९३ अर्थात् कुल जनसंख्याको ४६.२ प्रतिशत छ। १५ देखि ६४ वर्ष-सम्मका उमेर भएको जनसंख्यालाई सक्षम मानिएमा यो उमेर समूहको संख्या ७९,२१६ अर्थात् ५३.८ प्रतिशत छ। यसबाट के थाहा हुन्छ भने अन्तर्राष्ट्रिय चलन अनुसारको उमेरको दृष्टिकोणबाट पनि यस जिल्लामा आश्रितभन्दा सक्षम जनसंख्या ७.६ प्रतिशतले मात्र बढी रहेछ भन्ने थाहा हुन्छ। यसअनुसार १०० जना सक्षममाथि करीब ८६ जना आश्रितको निर्वाहको दायित्व वहन गर्नु पर्ने देखिन्छ। तसर्थ यस अन्तर्राष्ट्रिय परिपाटीअनुसार आर्थिक निर्भरताको अनुपात १००:८६ हुन आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा छ वर्षदेखि माथिको कुल जनसंख्या १,१८,५७४ छ। यसमध्ये ३०,७३९ पुरुष र ३३,३७५ जना आइमाईहरूले विवाह गरिसकेका छन्। वैवाहिक सम्बन्ध विच्छेद गर्नेको संख्यामा जम्मा पुरुष १३० र जम्मा महिला १०१ जना देखिएका छन् भने विधुर संख्या १,६६६ र विधुवा जम्मा ५,२७७ जना देखिएका छन्। यस जिल्लामा बाल-विवाह पनि अलि अलि अझै भएको देखिन्छ। छ देखि नौ वर्षको उमेरमा विवाह गर्ने पुरुष २६ र महिला ३६ जना देखिएका छन् र यस समूहका एक जना पुरुषले मात्र वैवाहिक सम्बन्ध विच्छेद गरेको छ। १० देखि १४ वर्षको उमेरमा विवाह गर्ने पुरुष १७९ र महिला ४०५ छन्, यसमध्ये पाँच जना पुरुष विधुर भएका र एक जनाले पारपाचुके गरेका छन्।

यो जिल्लामा विभिन्न मातृ भाषा बोल्नेको संख्यामध्ये नेपाली राष्ट्र भाषा बोल्नेको संख्या सबभन्दा बढी छ। यस भाषालाई ७७,५०६ जना अर्थात् ५२.६ प्रतिशतले मातृ भाषाको रूपमा अपनाएका छन्। यस अतिरिक्त यो जिल्लामा विभिन्न मातृभाषा बोल्ने जनसंख्या र तिनीहरूको भाषा यस प्रकार छः–

भाषा	बोल्नेको संख्या	प्रतिशत
नेपाली	७७,५०६	५२.६
तामाङ	३४,५८०	२३.५
मगर	१७,५७८	११.९
दनुवार	६,२४०	४.२
नेवारी	४,६७९	३.२
सुनुवार	३,७२५	२.५
अन्य भाषा	३,१०१	२.१
जम्माः–	१,४७,४०९	१००

यस तालिकामा राष्ट्र भाषा नेपालीलाई मातृभाषाको रूपमा बोल्ने जिल्लाबासीको जनसंख्या कुल जनसंख्याको ५२.६ प्रतिशत मात्र भए तापनि अन्य मातृ भाषा बोल्ने जिल्लाबासीहरू प्रायः सबैले आफ्नो अभिव्यक्ति नेपाली भाषाको माध्यमबाट व्यक्त गर्न र अरूले बोलेको बुझ्न सक्दछन्।

राष्ट्रभाषा नेपाली पछि सबभन्दा बढी अर्थात् कुल जनसंख्याको २३.५ प्रतिशतले तामाङ भाषालाई मातृ भाषाको रूपमा बोल्दछन् र तेस्रोमा मगर भाषा आउँछ। यसलाई ११.९ प्रतिशत मानिसले अपनाएको देखिन्छ। बाँकी कुल संख्याको १२ प्रतिशतले विभिन्न अर्थात् राई, शेर्पा, गुरुङ, मैथिली, भोजपुरी, अवधी, थारू तथा लिम्बू भाषा बोल्दछन्।

यस जिल्लामा प्रमुख रूपमा हिन्दू तथा बौद्ध दुई धर्मावलम्बीहरू छन् तापनि विभिन्न धर्म उपासकहरू धार्मिक सहिष्णुता एवं आपसी सद्भावनाका साथ मिलेर बसेका पाइन्छन्।

यो जिल्लामा जम्मा ४३ वटा गाउँ पञ्चायतहरू छन्। यीमध्ये सबभन्दा बढी अर्थात् ७,६५८ जनसंख्या भएको गाउँ पञ्चायत यस जिल्लाको सदरमुकाम रहेको सिद्धेश्वर आदर्श गाउँ पञ्चायत हो। त्यसरी नै सबभन्दा थोरै जनआवादी भएको पञ्चायत भुवनेश्वरी ग्वालटार हो यसको जनसंख्या १,४२४ मात्र छ। यस जिल्लाका गाउँ पञ्चायतहरूको नामावली र जनसंख्या यस प्रकार छन्:–

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. अमले	२,१०५	२. अरुन ठाकुर	४,७१०
३. कमलापट्टि कुर्थौंली	२,६०४	४. कपिलाकोट	५,३१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. कुशेश्वर दुम्जा	३,६३७	६. खाङ साङ	२,०८१
७. खोला गाउँ	३,१८६	८. जलकन्या चपौली	२,१०१
९. झाँगाझोली रातमाटा	४,३३९	१०. टाँडी	२,०६६
११. डाढी गुराँसे	३,९२९	१२. डुँडभञ्ज्याङ	२,५५१
१३. तल्लो रानीबास	४,३५०	१४. तिलकन्या बेखटाँडी	३,५१६
१५. तोष्राङ खोला	१,९०५	१६. नेत्रकाली आँपडाँडा	५,५८३
१७. पाटनदेवी बेलधारी	४,४४९	१८. पुरानो झाँगाझोली	४,०७५
१९. बस्तिपुर	२,३९१	२०. बाहुन तिल्पुङगाउँ	२,२३५
२१. बालकन्या जिनाखु	३,१८१	२२. बारतिमाल मेच्छे	४,०२९
२३. बाशेश्वर बलेनी	२,८९८	२४. बितिजोड बगैंचा	१,५७८
२५. भद्रकाली	४,१२८	२६. भीमखोरी भवौरे	४,०५१
२७. भीमेश्वर खुर्कोट	२,०७१	२८. भुवनेश्वरी ग्वालटार	१,४२४
२९. महादेव डाँडा	४,२२५	३०. मझुवा	२,६४७
३१. रतनचुरा खनियाखर्क	२,४२८	३२. रानीचुरी	४,६४३
३३. श्री महेन्द्र झ्याडी	४,०७९	३४. श्रीमहेन्द्र लवाभीर	४,३०४
३५. श्रीतीनपाटन बालाजोर	५,७६१	३६. श्री त्रिभुवन अम्बोटे	४,७१७
३७. सिद्धेश्वर	७,६५८	३८. शीतलपाटी	३,१२२
३९. सिर्थौली	२,५६३	४०. सोल्पा ठाना	३,५००
४१. शुभनाम पोखरी	२,४०४	४२. हर्साही	१,४५५
४३. हरिहरपुरगढी	३,४१३		

यो जिल्लामा २,००१ देखि ३,००० सम्म जनसंख्या हुने गाउँ पञ्चायतको संख्या सबभन्दा बढी अर्थात् आठवटा छन्। ५,००१ देखि ६,००० सम्म जनसंख्या हुने जम्मा तीनवटा गाउँ पञ्चायत छन् भने ६,००१ देखि ७,६५८ जन-आवादी हुने गाउँ पञ्चायतको संख्या एउटा मात्र रहेको छ।

जनजीवन

यस जिल्लामा मुख्यतः तामाङ, मगर, दनुवार, सुनुवार, गुरुङ, बाहुन, क्षेत्री, राई, नेवार, ठकुरी, माझी, हायू, घर्ती, दमाई, कामी, सार्कीहरू बसेका छन्। यी विभिन्न जात-जातिहरूको खास संस्कृति र रीतिरिवाजहरू आ-आफ्नै ढङ्गका छन्। तर यी जातिहरूको कुनै खास खास क्षेत्रमा अलग अलग बसोबास नभएकोले गाउँमा प्रायः सबै जातिका मानिसहरू मिलिजुलि बसोबास गरिआएका हुँदा यिनीहरूको भेष-भूषा, रीतिरिवाज आदिमा एक अर्को प्रभाव पर्नु स्वाभाविक हो। तर जात-जाति बीचको संस्कारमा पाइने खास विभिन्नता जन्म, विवाह र मृत्यु तथा काज-क्रिया जस्ता सामाजिक कार्यमा देखिन्छ।

माथि उल्लेख भएका जातिहरूमध्ये नेपाली राष्ट्र भाषालाई मातृ भाषाको रूपमा अपनाउने जन संख्यालाई छाडेर अन्य मातृभाषाका आधारमा यस जिल्लामा बढी जनसंख्या देखिएका तामाङ, मगर, नेवार, सुनुवार र राई-किरातीको रीतिरिवाज तथा संस्कृतिको विषयमा क्रमशः काभ्रे, पाल्पा, काठमाडौं, रामेछाप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र खोटाङ जिल्लाहरूको परिचयमा विस्तृत रूपमा वर्णन गरिसकिएकोले यहाँ यस जिल्लाका आदिबासी दनुवार तथा हायू जातिको संस्कृतिबारे छुट्टा छुट्टै चर्चा गरिन्छ ।

दनुवार

यो जाति चौधौं शताब्दीको सिमरौनगढ राज्यबाट फैलिएको हो भन्ने भनाइ पाइन्छ । यो जाति खोलाको दूनहरूमा प्रायः बसोबास गरेको हुनाले "दूनवार" (दूनमा बस्ने) को अपभ्रंश भई "दनुवार" भनिन आएको पनि हुन सक्दछ ।

यो जाति दुई श्रेणी राई-दनुवार र थारू दनुवारमा विभाजित छन् ।[1] यस अतिरिक्त अर्को तेस्रो श्रेणी राजन-दनुवार पनि पाइन्छ । यो श्रेणीको दनुवार माथिल्लो जातको भनिन्छ र जनै-धागो पनि कसै कसैले भिर्ने गर्दछन् ।[2] यी सबैको नेपाली मिसिएको भोजपुरी भाषा हुन्छ। तेस्रो श्रेणी अर्थात् राजन-दनुवार चाहिं जन्मदेखि मृत्युसम्मको संस्कार व्रतबन्ध, छेवर आदि कर्म ब्राह्मणद्वारा गराउँदछन् । यिनीहरूको खानपान पनि बाहुन क्षेत्रीको जस्तै छ । राई दनुवारको खानपान भने किरात समाजसग मिल्दोजुल्दो हुन्छ । यिनीहरू जाँड-रक्सीको सेवन र सुंगुर कुखुरा खाने गर्दछन् । थारू—दनुवार कुखुरा खाने तर सुंगुर चाहिं नखाने र जाँड—रक्सी घरको मुख्य मानिसले नखाने, घर भित्र नहुल्ने पनि गर्दछन् । राजन-दनुवार बाहेक अन्य दुई थरका दनुवारहरूको संस्कार बाहुनद्वारा हुँदैन, आफ्नै कुलको मानिसद्वारा हुन्छ ।

राई-दनुवार तथा थारू-दनुवारको जन्म र मरण संस्कार आफ्नै तरीकाले गरिन्छ । यिनीहरूको न्वारान विधि कुलको प्रौढा महिलाद्वारा गरिन्छ । बालकको छेवर चाहिं मामाले गर्दछ । प्रायः २९ र ३० वर्ष उमेर पुगेका केटा र केटीको आपसी मञ्जूरीबाट विवाह हुन्छ। केटाको तर्फबाट शुभ साइतमा केटी मागिन्छ। बुबै थरीबाट स्वीकृति प्राप्त भएपछि विवाह निश्चित भएको मानिन्छ । निश्चित तिथिमा दुलाहाका घरबाट मादलको तालमा नाच-गान गर्दै दुलहीको घरतर्फ जन्ती लगिन्छ । यिनीहरूको वैवाहिक संस्कार अनुसार दुलही-तर्फका मानिसहरूद्वारा दुलाहालाई चोरिन्छ । यदि चोरी गर्ने कार्यमा असफल भए दुलही पक्षकाले जन्ती पक्ष-बाट तानेर दुलहीको घरमा राख्नु पर्ने चलन छ । त्यसपछि केही सांस्कृतिक विधिविधान पूरा गरी मदिरापान र विवाहभोजनको आयोजना हुन्छ । दोस्रो दिन दुलाहा र जन्ती नयाँ दुलहीलाई लिएर विवाहको हर्षोल्लास मादलको मूक भाषामा बाटैभरी व्यक्त गर्दै घर फर्कन्छन् ।

दनुवार जातिमा मृत व्यक्तिलाई समाधिस्थ गर्ने प्रथा छ । मृत्यु संस्कारमा यिनीहरू केवल तीन दिन जूठो बार्दछन् । आमा-बाबु मर्दा एक जना कान्छो छोरा क्रिया बसे हुन्छ । चौथो दिनमा कुलको नाउँद्वारा शोक-संतप्त परिवारको नङ काटिएपछि उनीहरूले स्वर्गीय आत्मालाई पीण्ड चढाउँछन् । कसै कसैले सेतो कपडा लगाएर वर्ष दिनसम्म आशोच बार्ने गर्दछन् तापनि सबैलाई यो नियम लागू छैन ।

यिनीहरू हिन्दू धर्मावलम्बी हुन् र शक्ति देवी, भीमसेन, महादेव तथा अन्य देव-देवीको उत्तिकै श्रद्धा र भक्तिसाथ उपासना गर्दछन् । कुलदेवताको पूजा-आजा र झारफूक गर्ने यिनीहरूको धामी हुन्छ । यो धामीले

---

1. Shrestha, D. B. & Others- Ethnic Groups of Nepal & Their Way of Livings, 1971, page 22
2. Bista, Dor Bahadur— People of Nepal, 1972, page 310

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधि पुऱ्याउन सकेमा आफू बाघ र बाघबाट फेरि मानिस नै बन्न सक्दछ भन्ने धारणा यिनीहरूमा अझै छँदैछ। पर्व, पर्वमा यिनीहरू अघेनामा तान्त्रिक विधिले होम गर्ने गर्दछन्। पूजा-आजा गर्दा पूर्वमा चन्द्र, सूर्य र पश्चिममा भेरी, कर्णालीको नाम लिएर देवता पुकार्दछन्।

यिनीहरू इमान्दार र मुद्दा मामिला नगर्ने प्रकृतिका हुन्छन्। समाजमा आइपर्ने झैझगडा जातीय पञ्चायतबाट सुल्झाइन्छ। यस बैठकको मूल व्यक्तिलाई "भान्जन" भनिन्छ। लोग्नेको जीवनकालमै दनुवार आइमाईहरू पोइल जादैनन् र गए भने भान्जनको सहराले जातीय समाज मिली फिर्ता ल्याई कुलमा क्षम्य नै गराइन्छ। नेपालका केही अन्य जातिमा झैं दाजुको मृत्युपछि भाइ अविवाहित भए उससँग पुर्नविवाह गर्ने छुट दनुवार आइमाईलाई पनि प्राप्त छ। अन्तर्जातीय विवाह यिनीहरू स्वीकार्दैनन्। पैतृक संपत्तिमा छोरीको पनि हक लाग्ने हुँदा विवाहमा छोरीलाई जमीन र पशुधन पनि दिनु पर्ने प्रथा छ।

यिनीहरूको मुख्य पेशा कृषि नै हो। सहायक पेशामा माछा मारी बिक्री गर्ने, वस्तु पाल्ने गर्दछन्। धान्यपूर्णिमा, माघे-संक्रान्ति, फागु पूर्णिमा, चैते दशैं, बडा दशैं, तिहार र चण्डी-पूर्णिमा यिनीहरूको केही मुख्य चाहाड पर्व हुन्। यो जाति नाच-गान खूब रुचाउँछन्। चाहाड-पर्वमा मादल बजाउँदै मन खोलेर नाच्दछन्। नाच-गान गर्नमा केवल पुरुषले मात्र भाग लिन्छन् र स्त्रीहरू चाहिं दर्शकको रूपमा रहन्छन्।

यो जाति मझौला कदका भए पनि बलियो-बाङ्गो र केही कालो वर्णको हुन्छ। वर्णलाई छाडेर अन्य रूप तथा आकृति किरात जातिको झैं हुन्छ। पुरुषहरू भोटो, कछाड र नेपाली टोपी लगाउँछन्। स्त्रीहरू चोलो, फरिया लगाउँछन् र कसै कसैले लिम्बुनी युवतीले झैं स-साना सुनको चेप्टे वा लुर्का कानमा लगाउँछन्।

विगत केही वर्षदेखि शिक्षा क्षेत्रमा जुन प्रगति आएको छ त्यसको प्रभाव यस जातिमा पनि परेको छ। फलतः शिक्षित युवा पींढीमा सामाजिक चेतना आएको छ र रूढीबाद ग्रस्त आफ्नो समाजलाई युगानुकूल परिवर्तन गर्दै लैजाने विचार यिनीहरूमा रहेको पाइन्छ। दराई, माझी तथा थारू जाति बीच यिनीहरूको घनिष्ट सामन्जस्य रहेको पाइन्छ। यसो हुनु मूलतः भौगोलिक कारणले एक अर्काको नजीक बसोबास गर्नु परेकोले हो।

हायू

जातीय पुर्खौलीको सन्दर्भमा विभिन्न घतलाग्दा उखानहरू हुन्छन्। सुनुवार जातिको एउटा भनाइ-अनुसार पाँच भाइ पुर्खाहरूमध्ये कान्छोबाट हायू जाति आएको हो। पाँच भाइका सन्तति क्रमशः जेठाको सुरेल, माहिलाको सुनुवार, साहिलाको राई, काहिलाको लिम्बू र कान्छो भाइको हायूबाट वंशक्रमद्वारा किरात जाति भएको हो।[1]

यो जाति आफूलाई किरातीको नै वंशज ठान्दछ तर यिनीहरू राष्ट्रभाषा नेपाली बोल्दछन्। केही बचे-खुचेका हायू भाषा किरातीहरूको भाषाबाट भिन्न छ। यो जाति मुख्य चार थरहरू– (१) दिन तिसो (२) बालन (३) डोफुम (४) जाक्कुममा विभाजित छन्। यी थरहरूमध्ये बालन थरको विवाह चल्ने अन्य पाछारिमे, सुम्र तथा त्यस्तै डोफुमको विदाबारे, बलत्सो र जाक्कुमको इसोरे, रोत्सिने-उप-थरहरू (पाछा) पनि पाइएका छन्।

---

1. Michailovsky, B. & Mazaudon, M.— Notes on the Hayu Language, Kailas (A Journal of Himalayan Studies) vol. 1, no. 2, 1973, Page 136

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो जाति जन्मदेखि मृत्युसम्मको संस्कार आफ्नै ढङ्गले गर्दछ। दनुवार जातिको झैं यिनीहरूको पनि ब्राह्मण पुरोहित हुँदैन, विधि जान्ने जुनसुकै हायूले परम्परागत संस्कारको काम चलाउँदछ। बडा दशैंको टीकाको दिन समस्त वंशजहरू मूलघरमा आई आफ्नो कुलदेवताको उपासना गर्दछन्। यस पूजामा सुंगुरको बलि चढाइन्छ। कुल देवताको अतिरिक्त यिनीहरू वन-देवी र छर छिमेकमा रहेका अन्य देव, देवीहरूको पनि उत्तिकै श्रद्धा र भक्तिकासाथ अर्चना गर्दछन्।

यो जातिमा न्वारान, पास्नी हुँदैन। यिनीहरूमा फुपूचेली मामाचेलाको बिहा-बारी चलेको देखिन्छ तर आफ्नै थरभित्र भने विवाह चल्दैन। लिम्बू समाजमा झैं यो जातिमा पनि दुलहीको पैतृक परिवारलाई दुलाहा तर्फबाट रीत भाँतका रूपमा पैसा दिनु पर्ने प्रथा चलिआएको भए तापनि हाल यसलाई परित्याग गर्दै आएको देखिन्छ। विवाहमा वर-वधूले डोली चढ्नु हुँदैन र दमाईलाई बाजा बजाउन पनि लगाइन्न, फापर्दैन भनिन्छ।

हायूहरू मृत शरीरलाई गाड्दछन्। मराउ परेको दोस्रो दिन सुंगुर काटिन्छ र तेस्रो दिन मृतकको विवाहिता छोरीलाई सर्व-प्रथम खुवाएपछि जम्मा भएका कुल-कुटुम्बलाई अलिनो मासुसंग भोज खुवाइन्छ। पुरुष मरेको भए जुवाइँलाई र स्त्री मरेको भए छोरीलाई लुगा हालिदिने पनि चलन छ। किरिया गर्दा ढ्याँग्रो बजाउनु पर्छ। जुन बखत मरे पनि शुद्ध-शान्ति माघे संक्रान्तिको दिन गरिन्छ। वर्ष दिनसम्म घरमा पाकेको मीठो, चोखो चीज तथा सबै नयाँ अन्न स्वर्गीय-आत्मालाई चिहानमा चढाउनु पर्छ।

हायू जातिको एउटा महत्वपूर्ण र विशेष चाहाड माघ महीनाको पूर्ण पछि आउने पहिलो बिहीबारदेखि शुरू हुन्छ। यो चाहाड आठ दिन रहन्छ– बिहीबारदेखि शुरू भएर अर्को शुक्रबारको सूर्यास्तसम्म। यो जातिको मूल घरमा पुस्तौंदेखि आएको एउटा सुप्रतिष्ठित ढोल हुन्छ। यो पवित्र ढोल राखिएको मूल घरमा पहिलो चारदिन यसलाई बजाएर नाच-गान गरिन्छ। पाँचौ दिनमा चाहाड वन-देवीको पवित्र स्थानमा केन्द्रित हुन्छ। सातौं र आठौं दिन ढोल बजाउँदै दर्शकहरू सहित स्वजातीय बन्धुहरूको घर घरमा गई नाच, गान गरी देवीको आशीर्वाद बाँड्दछन्। प्रत्येक हायू घरका आइमाईहरूद्वारा चिण्डा, लौकाभरी भरीका जाँड-पानीले यिनीहरूको स्वागत हुन्छ।

साउने संक्रान्तिको दिन नयाँ बाली अर्थात् मकै, काँक्रा आदि न्वागी खाँदा पनि निकै उत्सव गरी चाहाड मनाउँछन्। बडा-दशैं तिहार पनि यिनीहरू निकै चाखका साथ मान्दछन्। देवाली हरेक तीन वर्षमा महीना दिन लगाएर गर्दछन्। त्यो समयभरी अन्य जातिसँग बोलचाल गर्न र घर आगनमा आउँन समेत निषेध गरिन्छ।

यो जातिको मझौला कद, चेप्टो नाक, चिम्सा आँखा, सानो निधार, परेला र आँखिभौंमा रौं कम र पुरुषको जुङ्गा-दाह्री समेत कमै हुन्छ। भेषभूषामा पुरुषले भोटो र कछाड लगाउँछन् र शिरमा प्रायः अनिवार्य रूपमा नेपाली टोपी हुन्छ। स्त्रीहरूले गुन्यूँ, चोलो लगाउँदछन्।

यिनीहरूको आर्थिक आधारशिला खेती हो। खेतीको काम नभएको समयमा बाँसको चोयाबाट डोको, नाङ्लो, थुम्चे, मान्द्रो आदि बुनी स्थानीय हाट बजारमा बिक्री गर्ने गर्दछन्। आफ्नो प्रयोगको लागि अल्लो, पुआ तथा कपासको धागोबाट नाम्जा, झोला आफैं बुन्दछन्। बाँसका गुलेली बनाई शिकार खेल्नु, माछा मार्नु यो जातिको शौख हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

यो जिल्लाको आर्थिक व्यवस्थाको मुख्य आधार कृषि व्यवसाय नै हो। सहायक पेशाको रूपमा पशु पालन, मान्द्रा, चित्रा, खाँडी तथा राडी-पाखी बुन्ने जस्ता स-साना असंगठित कुटीर उद्योग आउँदछन्।

यो जिल्लाको निकै ठूलो भू-भाग महाभारत, चुरे पहाड तथा वन-जङ्गलले ढाकेका छन्। जिल्लाको घनाबस्ती महाभारत पर्वतमा रहेको छ तर यहाँ खेतीयोग्य जमीन भने पर्याप्त मात्रामा छैन। आवादी जमीन माथि अत्यधिक जनभार परेकोले भू-स्वामित्व यहाँ ज्यादै खण्डित रहेको छ। कुनै वर्ष प्राकृतिक कारणवश यहाँको सीमान्त उत्पादन घटी हुन गएको बखत यस भेकमा खाद्यान्न अभावको स्थिति उत्पन्न हुन आउँदछ। यस क्षेत्रको तुलनामा यस जिल्लाको भित्रीमधेश खण्डमा जनआवादी कम हुनाको साथै यहाँ खाद्यान्नको पनि बढी उत्पादन हुन्छ। तसर्थ यस क्षेत्रको बचत खाद्यान्नले पहाडी खण्डमा आइपर्ने खाद्यान्न संकटलाई धेरै हदसम्म सन्तुलन मिलाउँद छ।

यस जिल्लाबाट विदेश गएर काम गरी फर्कने चलन पनि अलि अलि चलेको पाइन्छ। हिउँदयाममा विदेश गई केही महीना मजदूरी गरी फर्कने र केही व्यक्तिहरू सैनिक सेवा अथवा अन्य नोकरी गरी फर्कने गर्दछन्।

कृषि

कृषि यो जिल्लाको आधारभूत पेशा हो। सम्वत् २०२८ सालको राष्ट्रिय जनगणनाअनुसार यस जिल्लामा विभिन्न पेशामा लागी आर्थिक दृष्टिकोणबाट उत्पादन गर्ने कुल संख्या ६४,७२६ मध्ये ६३,७९० अर्थात् ९८.६ प्रतिशत कृषि तथा कृषि-जन्य पेशामा लागेको देखिन्छ। जिल्लाको धेरै जसो भाग महाभारत तथा चुरे पहाडले ढाकिएकोले यस क्षेत्रमा खेतीयोग्य जमीन प्रायः पाखोबालीको लागि मात्र उपयुक्त छ। त्यसमाथि खेतीयोग्य जमीनमा अत्यधिक जनभारको कारण जमीनको खण्डित स्वामित्वले गर्दा किसानहरूले उब्जाउ बढाउन सफल भएका छैनन्। जिल्लाको बाँकी भागमा भने निकै उर्वरा जमीन भएको र वर्षा पनि पर्याप्त मात्रामा हुने हुँदा राम्रो उब्जनी हुन्छ। यो भागमा कमला खोंज, मरीन खोला, सिन्धुलीमाडी, तीन पाटन जस्ता भित्रीमदेश र सुनकोशीगढतिरका खुर्कोट, रातामाटा झाँगाझोली आदि जस्ता उल्लेखनीय टार बेंसी पर्दछन्।

महाभारत क्षेत्रमा कृषकहरूले कृषिमा आधुनिक प्रविधिहरूको प्रयोग बढाउन सकेका छैनन् तर भित्रीमधेश र सुनकोशी गढतीरमा भने कृषि क्षेत्रमा निकै प्रगति भएको छ। यहाँका कृषकहरूले उन्नत जातका बीउ-बिजन तथा रासायनिक मलको प्रयोग गरी उत्पादन बढाएका देखिन्छन्। फलतः यस क्षेत्रमा खाद्यान्नको निकै बचत हुन गई निकासीसमेत हुने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. २०३० को नापी अनुसार दुईवटा गाउँ पञ्चायतहरूमा वाहेक यस जिल्लामा जम्मा २९,०० हेक्टर जमीन आवादी भएको छ। यस जिल्लाको कुल क्षेत्रफल २,४१,९०० हेक्टरको अनुपातमा केवल १२ प्रतिशत मात्र आवादी भएको अनुमान गर्न सकिन्छ।

भूमि व्यवस्था

वि. सं. २०३० सालको नापीको तथ्याङ्क अनुसार यस जिल्लामा निम्नानुसार धनहर (खेत) तथा भिट (पाखो) जग्गा आवादी छन्:–

जग्गाको प्रकार र परिमाण

जग्गाको	अब्बल		दोयम		सीम		चाहार	
किसिम	बिघा	कित्ता	बिघा	कित्ता	बिघा	कित्ता	बिघा	कित्ता
धनहर (खेत)	२,२८९	५,२५५	३,३८३	८,६३३	४,१४५	१७,२१२	७९६	४,०११
भिट (पाखो)	३,४१२	७,४४४	८,६८५	१७,६०६	१५,९१७	४०,६१३	४,३०२	९,५४०

उपर्युक्त तालिकाअनुसार यस जिल्लामा धनहर (खेत) जम्मा ७,१७१ हेक्टर अर्थात् १०,६१३ बिघा र भिट (पाखो) जम्मा २१,८३५ हेक्टर अर्थात् ३२,३१६ बिघा देखिन्छ। यस अनुसार खेत तथा पाखो गरी जम्मा २९,००६ हेक्टर अर्थात् ४२,९२९ बिघाजमीन आवादी भएको देखिन्छ। तर उपर्युक्त तथ्याङ्कमा दुई (सिद्धेश्वर तथा कपिलाकोट) गाउँ पञ्चायतभित्रको जग्गा समावेश भएको छैन। यी दुई पञ्चायतहरूमा वन-सीमाङ्कन भइनसकेकोले नापी गर्ने कार्य हाल स्थगित रहेको छ।

यस जिल्लामा हदबन्दीभन्दा बढी जग्गा देखिएको छैन भने हुन्छ। उपर्युक्त जग्गाको स्वामित्व जम्मा २२,०५८ जनासँग रहेको देखिएको छ। विभिन्न परिमाणमा भू-स्वामित्व भएका जग्गाधनीको समूह यसप्रकार छ:–

जग्गाको परिमाण	जग्गाधनी संख्या
चार बिघासम्म हुने	२०,५३३
चार देखि १० सम्म	१,१४५
१० देखि १५ सम्म	२२२
१५ देखि २५ सम्म	१३७
२५ भन्दा माथि हुने	२१
जम्मा:–	२२,०५८

उपर्युक्त तथ्याङ्कबाट यस जिल्लामा आवादी जमीनको स्वामित्व जम्मा २२,०५८ जनामा रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्पष्ट छ। कुल जग्गाधनीलाई समस्त जग्गाको औसत स्वामित्व १.१ बिघा पर्न आउने देखिएको छ। २०२८ सालको जनगणनानुसार यहाँ २४,८७१ परिवार छन् र दुई गाउँ पञ्चायत क्षेत्र नापी भइनसकेको भए तापनि हाल नापीबाट देखिएको २९,००६ हेक्टर अर्थात ४२,६२९ बिघाको औसत झण्डै १.२ हेक्टर अर्थात् १.७ बिघा प्रतिपरिवार पर्ने देखिन्छ।

भूमिसुधार कार्यक्रम अन्तर्गत यस जिल्लामा मोहियानी हक पनि कायम भएको छ। आर्थिक वर्ष २०२९।३० सम्ममा मोही संख्या जम्मा ६,४१७ जना कायम भएका छन्। यसमध्ये आफ्नो र अरू जग्गाधनीको जग्गा मिलाई कमाउने मोही संख्या ६,६३४; अरूको मात्र कमाउने १२५ र मुद्दा परी निर्णयबाट मोहियानी हक कायम गरिएको मोही ५८ जना छन्। मोहीले जग्गाधनीलाई तिर्नु पर्ने कूत यस जिल्लामा तोकिनु बाँकी नै रहेको छ।

मालपोत

रामेछाप, ओखलढुङ्गा, उदयपुर तथा सर्लाही जिल्लाको समेत माल कार्यालय विभाजन भई यस जिल्लामा २०२२ सालदेखि माल कार्यालय रहिआएको छ। यहाँ भूमि प्रशासन लागू भइनसकेकोले हालसम्म जिमीदार, पटवारी र जिम्मावाल रहेका क्षेत्रमा यी व्यक्तिहरूद्वारा र नरहेका क्षेत्रमा स्थानीय गाउँ पञ्चायतको माध्यमबाट मालपोत असूल गरिन्छ। कुनै कुनै क्षेत्रमा माल कार्यालयले अमानतबाट पनि मालपोत असूल गर्ने गरेको छ। यहाँ एक सालमा रू. ६,९७,९६५। मालपोत असूली हुन्छ।

भूमिसुधार कार्यक्रम सँगसँगै लागू भएको अनिवार्य बचत कार्यक्रम अन्तर्गत शुरूदेखि २०२९।०३० सम्ममा उठेको बचत रकममा जिन्सी (खाद्यान्न) मा १,५६५ मेट्रिक टन र नगदीमा रू. ५,९५,९००। एकत्रित भएको छ। यस रकमबाट आर्थिक वर्ष २०२९।३० सम्ममा किसानहरूलाई ग्राम समिति मार्फत कृषि ऋण स्वरूप खाद्यान्न १,०१,२९७ मुरी र नगदी रू. ३,८७,७००। वितरण भएको छ।

प्रमुख बालीहरू

यस जिल्लाको विभिन्न स्थानमा पाइने जलवायुअनुसार खेती गरिन्छ। सुनकोशी गढतीर मुख्य उत्पादन धान, मकै, भटमास, कालो मास, बोडी, तील, कालो गहत, रातो गहत, उखु, तितेफापर, जुनेलो आलु, लसुन-प्याज इत्यादि हुन्छन्। महाभारतको पहाडी क्षेत्रमा मकै, कोदो, फापर, केराउ, आलु, भटमास इत्यादि उब्जन्छन्। भित्रीमधेशको मुख्य उब्जनी धान, मकै, कोदो, तोरी, मास, मुगी, तील र सुर्ती हो।

उपर्युक्त विभिन्न बालीहरू लगाउने, गोडमेल गर्ने तथा उठाउने ऋतु स्थानीय जलवायुको प्रभाव अनुसार हुन्छ। धान महाभारत क्षेत्रमा जेठ र बाँकी क्षेत्रमा असार साउनमा रोपिन्छ। करीब एक–दुई महीनापछि गोडेर प्रायः जिल्लाका सबै भागमा मंसीर–पुस महीनासम्ममा बाली काटिन्छ। सुनकोशी बेंसीमा मकै फागुनतिर छरिन्छ, चैत-वैशाखमा गोडेर जेठ-असारसम्ममा भाँचिन्छ। तर पाखोमा र भित्री मधेशमा समेत मकै चैत-वैशाखमा छरेर वैशाख-जेठतिर गोडी भदौ-असोज महीनामा भाँचिन्छ। महाभारत खण्डमा गहुँ बाली असोजतिर उठाइन्छ। बाँकी भागमा मंसीर-पुसतिर लगाई पुस-माघमा गोडेर चैत-वैशाखमा काटिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रफल र उत्पादनको तालिका[1]

क्षेत्रफल – हेक्टरमा
उत्पादन – मेट्रिक टनमा
औसत उत्पादन – प्रति हेक्टरमा

आर्थिक वर्ष	२०२५।०२६			२०२६।०२७		
बालीको नाम	क्षेत्र	उत्पादन	औसत	क्षेत्र	उत्पादन	औसत
धान	५,८००	१३,२२४	२.३	६,०००	१३,९८०	२.३
मकै	७,०५०	१२,०५६	१.७	७,१००	१२,०७०	१.७
गहुँ	१,५००	१,५७५	१.०	१,६००	१,६६६	१.०
कोदो	१,६२५	१,७८७	१.०	१,६५०	१,८१५	१.१
जौ	५०	४४	०.९	५०	४५	०.९
आलु	५५०	३,४१०	६.२	५५०	३,४१०	६.२
तेलहन	४,०००	२,६००	०.७	४,०००	२,६८०	०.७
उखु	८०	१,०००	१.२	८०	१,०४८	१.३
सनपाट	२५	१५	०.६	३०	१९	०.६
सुर्ती	५०	३५	०.७	५०	३५	०.७

आर्थिक वर्ष	२०२७।०२८			२०२८।०२९			२०२९।०३०		
बालीको नाम	क्षेत्र	उत्पादन	औसत	क्षेत्र	उत्पादन	औसत	क्षेत्र	उत्पादन	औसत
धान	६,०००	१४,४००	२.४	५,८७५	१३,५१३	२.३	६,५००	१२,०२५	१.८
मकै	७,३५०	१२,८६३	१.८	७,६६०	१८,१४६	२.३	९,०००	१८,०००	२.०
गहुँ	१,७५०	१,५४०	०.९	१,३००	१,०८५	०.८	१,०००	१,३३१	१.३
कोदो	१,६७०	१,८३७	१.१	–	–	–	२,१००	२,३३१	१.१
जौ	५५	४९	०.९	–	–	–	६०	५४	०.९
आलु	६००	३,६००	६.०	–	–	–	६५०	४,३५५	६.७
तेलहन	४,१००	२,७४७	०.७	–	–	–	५,०००	२,९००	०.६
उखू	८५	१,१४८	१.३	–	–	–	८५	१,१४८	१.३
सनपाट	३०	२०	०.७	–	–	–	–	–	–
सुर्ती	५५	३८	०.७	–	–	–	५७	४०	०.७

यस तालिका अनुसार सिन्धुली जिल्लामा सबभन्दा बढी क्षेत्रमा बाली लाग्ने मकै हो । दोस्रो र तेस्रोमा धान र तेलहन हुन् । यसरी मकै खेती बढीहुनुको मुख्य कारण जिल्लाको धेरैजसो भाग पहाडी प्रदेश भएकोले यहाँ सिचाइको सुविधा पाउने जमीन कम हुनाले नै हो । मकै खेतीको औसत उत्पादन दरमा २०२८।

1. Agricultural statistics of Nepal, H. M. G., 1972

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

०२६ र २०२६।०३०देखि निक्कै प्रगति भएको देखिन्छ। माथिको तालिकामा उल्लेख भए बमोजिम यस जिल्लाको मुख्य बाली क्रमशः मकै, धान, कोदो, गहुँ, आलु आदि देखिन आएको छ।

यो जिल्ला खाद्यान्न बचत नहुने जिल्लाहरूको श्रेणीमा पर्दछ। आर्थिक वर्ष २०२८।०२६ मा कुल उत्पादित यस जिल्लाको खाद्यान्नलाई जिल्लाबासीको उपभोगसँग तुलना गर्दा यस जिल्लामा ४,६२६ मेट्रिक टन खाद्यान्न घटी हुन आएको देखिन्छ।[1]

नगदेबाली

यस जिल्लामा नगदे बालीहरूको कमै मात्रामा खेती भएको देखिन्छ। यहाँ विगत केही वर्षदेखि तेलहन, सनपाट, उखु र सुर्ती जस्ता नगदेबालीहरूको खेती गरिंदै आएको छ। आर्थिक वर्ष २०२६।०३० मा जम्मा ५,१४७ हेक्टर जमीनमा नगदे बाली लगाइएको कुरा माथिको तालिकाले देखाउँछ र सो वर्ष सनपाटको खेती भएको देखिंदैन। अतः सो वर्षमा लगाएको समस्त खेतीको अनुपातमा २१ प्रतिशत मात्र नगदे बाली लगाइएको स्वतः स्पष्ट छ।

विभिन्न बालीनालीहरूमध्ये खाद्यान्न बाली प्रायः जिल्लाबासीहरूकै उपभोगको लागि प्रयोग गरिन्छ र कुनै तेलहन, उखु, सुर्ती, सनपाट जस्ता बालीहरू आफैले मात्र उपयोग नगरी बजारमा विक्री गर्ने गरिन्छ। यस अतिरिक्त यी वस्तुहरू अन्तर्राष्ट्रिय बजारमा समेत विक्री हुने हुँदा विदेशी मुद्रा समेत आर्जन हुन्छ। यसैले यस जिल्लामा नगदे बालीहरूको खेती तथा उत्पादनलाई बढाउँदै लैजान यहाँका खेतीवालहरूलाई बढी प्रोत्साहन दिनु पर्ने देखिन्छ।

फलफूल खेती

यो जिल्लाको धेरै भाग महाभारत पर्वत जस्तो न्यानो अर्धशीतोष्ण जलवायु रहने क्षेत्र भएकोले यहाँ फलफूल खेतीको निमित्त धेरै नै उपयुक्त जमीन छ। यस खण्डमा मुख्यतः सुन्तला, जुनार, कागती, नासपाती, निबुवा, हाडे-ओखर, अम्बा, केरा, बिमिरा, चाक्सी, ज्यामिर आदि विभिन्न किसिमका फलफूल लगाइन्छन्। भित्रीमधेशतर्फ अम्बा, कटहर, भुइँ कटहर, आँप, केरा, चिउरी आदि हुन्छन्।

सही अर्थमा यहाँ फलफूलको खेती वैज्ञानिक ढङ्गबाट गरिएको छैन भने पनि हुन्छ। केवल घर वरिपरि परम्परागत केही बिरुवा लगाउने गरिन्छ। निजी उपभोगबाट बचेखुचेका नजीकका हाट बजारमा लगी विक्री गरिने गरेको देखिन्छ। यस्तै खेतीबाट भए पनि खासगरी सुन्तला प्रशस्त मात्रामा फल्ने हुँदा विभिन्न भेकबाट जम्मा भएका सुन्तला सिन्धुलीमाडीबाट निक्कै निकासी हुन्छ। यस क्षेत्रको जुनार सुन्तलाभन्दा मीठो र स्वादिष्ट हुने भएकोले यस जिल्लामा यो फल प्रसिद्ध छ। महाभारत क्षेत्रमा फलफूल खेतीको अतिरिक्त अलैंची खेती पनि राम्रो हुने सम्भाव्यता रहेको छ।

विगत केही वर्षदेखि स्थानीय कृषि विकास कार्यालयबाट उन्नत जातका फलफूलका बोट बिरुवाहरू केही न केही रूपमा भए पनि स्थानीय व्यक्तिहरूलाई उपलब्ध गराउँदै आएको छ।

1. Agricultural Statistics of Nepal, H.M.G., 1972

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिचाइ

आधुनिक सिचाइको साधन यस जिल्लालाई हालसम्म उपलब्ध भएको छैन। धेरैजसो खेती आकाशे पानीबाटै काम चलाउने गरिएको छ। खेतीवालहरू आफ्नै साधनले भ्याएसम्म आफैं कुलो खन्ने गर्दछन्। यस अतिरिक्त श्री ५ को सरकारको स्थानीय विकास विभागबाट ५० प्रतिशत र स्थानीय स्रोतबाट ५० प्रतिशत खर्च व्यहोरिने गरी हरेक साल साना-तिना कुलोहरूको निर्माण हुँदै आइरहेका छन्। स्थानीय स्रोत भन्नाले गाउँ तथा जिल्ला सभा कोषहरू र श्रमदान नै हुन्। यसरी उपर्युक्त व्यवस्थाबाट हालसम्म के कति जमीनलाई सिचाइ सुविधा उपलब्ध छ सो ठोस तथ्याङ्कको अभावमा भन्न गाह्रो छ। कृषि तथ्याङ्क[1] अनुसार आर्थिक वर्ष २०२४। ०२५ मा १,८४४ हेक्टर जमीनलाई मात्र सिचाइ सुविधा प्राप्त भएको थियो। यो पाँच वर्ष अगाडि लिइएको तथ्याङ्क भएकोले हाल निश्चय नै यो परिमाण बढेको छ भन्न सकिन्छ। आर्थिक वर्ष २०२५।०२६ देखि २०२९। ०३० सम्ममा श्री ५ को सरकारको अनुदान रू. ८२,५१५। र स्थानीय स्रोतबाट रू. ८२,०८१। गरी जम्मा रू. १,६४,५९६। खर्च भएकोमा अन्दाजी २५४ हेक्टर (३७३ बिघा) जमीनलाई धेरैजसोमा बाह्रै महीना सिचाइ सुविधा प्राप्त हुने गरी विभिन्न गाउँ पञ्चायतमा ४५ वटा कच्ची कुलाहरू निर्माण भएका छन्। यस जिल्लामा ठूल-ठूला नदीहरू नभए तापनि स-साना खोला-नालाहरू प्रशस्त रहेको कुरा माथि नदी-नाला शीर्षकमा वर्णन गरिसकिएको छ। यी खोलाहरूमध्ये सिचाइको स्रोत बनाउने दृष्टिकोणबाट कमला नदी, मरीन खोला, ग्वाङ खोला, अरुण ठाकुर, चन्दाहा खोला, रोसी खोला आदि उल्लेखनीय छन्। यी सबै खोला-नालाहरूबाट धेर थोर जमीन सिचाइ हुने गरी परम्परागत ढङ्गबाट कुलोहरू खनिएका छन्। तर निकट भविष्यमा ग्वाङ खोला, चना खोला, कमलानदी, मरीन खोलाहरूमा नहर निर्माण हुने सम्भाव्यता छ। ग्वाङ खोलाबाट नहर निर्णाण गरी १५० हेक्टर भूमिलाई सिचाइ सुविधा उपलब्ध निकट भविष्यमै गराउने आयोजना छ।[2]

यसरी साना, ठूला सिचाइ योजनाहरू सञ्चालित हुँदै गएमा खाद्यान्न उत्पादनमा वृद्धि हुँदै जाने तथ्य निर्विवाद छ। अतः जिल्लाबासीको खाद्यान्न उपभोगमा जिल्लाको कुल उत्पादन न्यून रही हाल देखापरेको विषमता क्रमशः संतुलित हुँदै गई अन्ततः यो जिल्ला पनि खाद्यान्नको बचत क्षेत्र हुन सक्ने छ।

पशुपालन

पशुपालन अधिराज्यको अन्य जिल्लाहरूमा झैं यस जिल्लामा पनि सहायक पेशाको रूपमा रहेको छ। कृषकहरूका लागि पशु-पालन अनिवार्य नै हुन्छ। जोत्नका लागि गोरु प्रयोग हुन्छ र पशुहरूको मल-मूत्रलाई मलको रूपमा उपयोग गरिन्छ। यस जिल्लामा खासगरी पाल्तु जनावरहरूमा गाई, भैंसी, गोरु, राँगा, बाख्रा, भेडा, घोडा आदि पालिन्छन् र जिल्लामा प्रायः भैंसी, राँगा खसीको निकासी-पैठारी हुन्छ।

पशु-पालनले यस जिल्लामा अझै व्यावसायिक रूप लिन सकेको छैन। जति पाल्तु जनावरहरू पालिएका छन् ती सबै परम्परागत ढङ्गबाट नै राखिएका छन्। पशुहरूको नश्ल सुधारको लागि विगत केही

१. Agricultural Statistics of Nepal, H.M.G., 1972

२. चौथो योजना अन्तर्गत २०३० र २०३१ को वार्षिक योजना भाग २, ३, श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग, २०३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षदेखि सीमित मात्रामा भए पनि स्थानीय कृषि विकास कार्यालयबाट उन्नत जातका राँगा, साँढे, बंगुर, बाख्रा आदि उपलब्ध गराउँदै आएको छ ।

पशु-पालनमा आधारित दूधबाट वैज्ञानिक ढङ्गले मखन बनाउने घरेलु उद्योगहरूको स्थापना यस जिल्लाको भिखुरी पावा, केराबारी वा कुशेश्वरमा भएको छ । यस क्षेत्रका ६५ जना कृषकहरूलाई पशु-पालन उद्योगको विकास गर्न कृषि विकास बैंकले २०३० सालसम्ममा एक लाख ५५ हजार रूपैयाँ ऋण उपलब्ध गराएको छ । आर्थिक वर्ष २०३०।०३१ मा यस उद्योगबाट करीब ४,५०० के. जी. मखन उत्पादन भएको छ ।

यस जिल्लालाई २०२१ सालदेखि नै पशु-चिकित्सालयको सुविधा प्राप्त भएको छ । जिल्लाको सदरसुकाम सिन्धुलीमाडीमा स्थापित पशु-चिकित्सालय अस्पताल स्तरमा सञ्चालित छ । यहाँ धेरैजसो नाम्ले रोग भएका पशुहरू ल्याइन्छन् । संक्रामक रोग फैलिएको खबर प्राप्त भएपछि सो क्षेत्रमा उक्त चिकित्सालयबाट चिकित्सक गई उपचार एवं रोगको रोकथाम गर्ने गरिएको छ ।

कृषिऋण

ग्रामीण कृषकहरूलाई रासायनिक मल, कृषि औजार, कीटनाशक औषधि, गोरु आदि खरीद गर्न कृषि ऋणको आवश्यकता पर्दछ । कृषि ऋणको मुख्य स्रोत कृषि विकास बैंक हो तर सो बैंकको हालै मात्र स्थापना भएकोले कृषकहरूलाई कृषि ऋण अन्य स्रोतबाट लिनु पर्दथ्यो । सिन्धुलीमाडीमा २०२६ सालदेखि छिमेकी चार गाउँ पञ्चायतमा सीमित कार्य क्षेत्र भएको एउटा प्राथमिक तहको बहुमुखी सहकारी संस्था सञ्चालन भएको छ । यस संस्थाले उक्त चार गाउँ पञ्चायतभित्रका कृषकहरूलाई रासायनिक मल, उन्नत जातका बीउ, कृषि औजार तथा कीटनाशक औषधि आदि कृषि सामग्री कृषि-ऋणको रूपमा वितरण गर्दै आएको छ । यस अतिरिक्त उपर्युक्त कृषि सामग्रीहरू नगदमा पनि यस संस्थाले बिक्री गर्ने गर्दछ ।

आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लामा नमूनाको रूपमा सञ्चालित यो संस्थाको सदस्य संख्या ९० जना र शेयर पूँजी रू. ३,३०७। पुगेको थियो र यसले सोही आर्थिक वर्षमा रू. ५,७१०। बराबरको कृषि सामग्री कृषि–ऋणको रूपमा वितरण गरेको देखिएको छ ।

कृषि ऋणको अर्को स्रोत बचत संस्थानले आर्थिक वर्ष २०२९।०३० सम्ममा अनिवार्य बचतबाट जिन्सी (खाद्यान्न) १,०१,२९७ मुरी र नगद रू. ३,८७,६९६। कृषि ऋण कृषकहरूलाई उपलब्ध गराएको थियो । यसको ऋण दिने परिपाटीअनुसार कृषकहरूलाई ऋण सोझै उपलब्ध नगराई ग्राम समिति मार्फत गराइन्थ्यो । तर अब यस जिल्लामा कृषि विकास बैंकको स्थापना भइसकेकोले ऋण लगानी प्रथामा पनि परिवर्तन आउने निश्चित छ ।

कृषि विकास

वि. सं. २०२५ सालदेखि नै यस जिल्लामा कृषि विकास कार्यालय रहिआएको छ । यस कार्यालयको मुख्य उद्देश्य कृषि क्षेत्रमा आवश्यक सुधार ल्याई कृषि तथा कृषिजन्य उत्पादनमा वृद्धि गराउनु हो । यस कार्यालयले मुख्य मुख्य गाउँहरूमा उन्नत जातका खाद्यान्न उत्पादनको नतीजा प्रदर्शन, वैज्ञानिक ढङ्गबाट खेती गर्ने तरीका, प्रदर्शन र कृषकहरूलाई प्राविधिक सर-सल्लाह उपलब्ध गराउँदै आएको छ । विगत केही वर्षदेखि यस कार्यालयले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नश्ल सुधारका लागि उन्नत जातका पशुहरू, फलफूलका बिरूवाहरू, माछाका भूरा, कुखुराका चल्ला आदि विक्री वितरण गर्दै आएको छ ।

कृषकहरूले पाल्तु जनावरहरूको मलमूत्रको मल प्रयोग गर्नुका अतिरिक्त क्रमशः रासायनिक मलको प्रयोग पनि बढ्दो मात्रामा गर्दै छन् । आर्थिक वर्ष २०२९।३० मा ३५ मेट्रिक टन रासायनिक मल प्रयोग भएको थियो । आर्थिक वर्ष २०२६।२०२७ को तथ्याङ्कअनुसार यस जिल्लामा करीब २०१ हेक्टरमा मात्र उन्नत जातका धान, गहुँ, मकै बाली लगाइएको थियो भने आर्थिक वर्ष २०२९।०३० मा १,००० हेक्टर जमीनमा सुधारिएका बीउहरू जस्तै धान, गहुँ, मकै, तरकारी र आलु लगाइएको देखिन्छ । यसरी कृषि क्षेत्रमा क्रमशः सुधार आइरहेको छ ।

जिल्लामा आधुनिक कृषि प्रसारको व्यापकता अझै भइसकेको छैन तापनि पूर्वीय र उत्तरी भेकमा केही प्रभावकारी ढङ्गले कृषि प्रसार भएको पाइन्छ । बेला बेलामा खुर्कोट र कमला खोंजमा कृषि प्रदर्शनी गरी कृषक दिवस पनि मनाइन्छ । यस क्षेत्रमा उब्जनी राम्रो हुन्छ ।

उद्योग

यो जिल्लामा ठूल-ठूला उद्योग धन्धाहरू छैनन् । जिल्लाको भित्री मधेश खण्डमा डिजेलद्वारा सञ्चालित १४ र २० अश्व-शक्तिका तीन वटा धान, गहुँ तथा तोरीको हलर मिलहरू छन् । यी मिलहरूबाट गाउँलेहरूले निजी उपभोगका लागि खाद्यान्न कुटाउने गर्दछन् । यस अतिरिक्त यहाँ एउटा डिस्टीलरी (मदिरा उत्पादन) स्थापना भएको छ । यसको शक्तिको स्रोत दाउरा हो । यसले भारतबाट आयात गरिएको मौवा र खुदोबाट रक्सी उत्पादन गर्दछ । यसको उपभोग हाल जिल्ला भित्रै सीमित रहेको छ ।

पहाडी क्षेत्रमा पर्याप्त पानी भएको खोलाका छेउ छाउमा पानीबाट सञ्चालित मकै, गहुँ पिंध्ने घट्ट तथा काठका ठेकी, आरी बनाउने काम गरिन्छ । तर यी व्यवसाय खास संगठित रूपमा चलेका देखिंदैनन् ।

यस जिल्लामा २०२३ सालदेखि नै एउटा नारी शिल्पकला केन्द्र स्थापना गरी ग्रामीण महिलाहरूलाई बुनाइ, कताइ, सिलाइ आदिको तालीम उपलब्ध गराउँदै आएको छ । २०३० सालसम्ममा करीब ५० जनाले तालीम प्राप्त गरिसकेका छन् । यस अतिरिक्त जिल्लाभरी नै विभिन्न किसिमका असंगठित कुटीर उद्योगहरू प्रायः हिउँदमा चालू रहेका पाइन्छन् । यस्ता कुटीर उद्योगहरू विशेषतः जातीय सहायक पेशाको रूपमा रहेका देखिन्छन् । हायू, तामाङ, सुनुवार र राई जातिका मानिसहरू बाँसको चोया काटी नाङलो, डालो, थुन्चे, मान्द्रो, चित्रा आदि बुनी स्थानीय हाट बजारमा विक्री गर्दछन् । कपासबाट धागो काती खाँडी बुन्ने चलन पनि प्रायः यिनै जातिहरूमा सीमित रहेको पाइन्छ । लेकतिरका गुरुङहरू भेडाको भुत्लाबाट राडी बुन्ने गर्दछन् । सुनकोशी गडतीरमा कुमाल जातिका मानिसहरू माटाका भाँडा-वर्तन बनाउँछन् । यी भाँडा-कुँडाहरू जिल्लामा र जिल्लाबाहिर पनि विक्री वितरण हुन्छन् । गाई, भैंसीका छालाबाट स्थानीय सार्कीहरूले जुत्ता, नाम्लो आदि बनाएर गाउँहरूमा विक्री गर्दछन् । त्यस्तै कामीहरूले फलामको घरेलु भाँडा-कुँडा, कृषि औजार, काठको ठेकी, आरी आदि बनाई विक्री गर्दछन् । दमाईहरूले गाउँलेहरूको लुगा सिएर नगद वा वार्षिक बाली (दर्माह) उठाई खाने गर्दछन् । यसरी विभिन्न कुटीर उद्योगहरू जातीय पारिवारिक कामको रूपमा असंगठित अवस्थामा रहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापार

दैनिक उपभोगका सामानहरूको खुद्रा विक्री गर्ने स-साना पसलहरू जिल्लाको विभिन्न स्थानमा छन्। सिन्धुलीमाडी, खुर्कोट, भिमान, झाँगाझोली रातमाटा, ढुङ्ग्रेबास आदि यस जिल्लाका केही उल्लेखनीय व्यापार केन्द्रहरू हुन्। यीमध्ये सिन्धुलीमाडी प्रमुख रूपमा रहेको छ। यो बजार धेरै समय अगाडिदेखि नै यस जिल्लाको पहाडी क्षेत्र र रामेछाप जिल्लाको मुख्य व्यापार केन्द्रको रूपमा रहिआएको छ। यहाँबाट नून, सुर्ती, मट्टीतेल जस्ता वस्तुको अलि अलि थोक विक्री पनि हुने गर्दछ। हाल यहाँ करीब ७९ वटा पसलहरू छन्।

यस जिल्लाका पसलेहरू काठमाडौं तथा जनकपुरबाट मालसामान खरीद गरी ल्याई विक्री गर्ने गर्दछन्। यहाँ पैठारी हुनेमा मुख्यतः नून, मट्टीतेल, चीनी, कपडा तोरीको तेल, मसला आदि दैनिक उपभोगका वस्तु र फलाम, सुर्ती, चुरोट, बिंडी आदि मुख्य छन्। यस जिल्लाको सीमाना विदेशी मुलुकहरूसँग नजोडिएकोले निकासी-पैठारी भन्सार असूली यहाँ हुँदैन। यस जिल्ला बाहिर अन्य जिल्लामा निकासी हुने पैदावारहरूमा मुख्यतया आलु, फलफूल, ध्यू, तोरी, धान, फापर, डोका, नाम्ला, काँचो छाला, माछा, खसी, बाख्रा आदि हुन्।

यी व्यापारहरू जनकपुर (धनुषा जिल्ला), धुलिखेल र बनेपातिरका मानिसहरूले चलाइआएका छन्। तराई निवासीहरूले मुख्यतया नून, मट्टीतेल, सुर्ती, फलाम र नेवार जातिले कपडा तथा किरानाको व्यापार गर्दछन्। तामाङ जातिले पनि कतै कतै किरानाको पसल थापेका देखिन्छन्।

सिन्धुलीमाडीमा कृषि खरीद विक्री संस्थान र अर्को एउटा बहुमुखी सहकारी संस्था छन् तर यिनीहरू कृषि उत्पादन तथा कृषि सम्बन्धी सामग्रीको व्यापारमा सीमित रहेका छन्। बहुमुखी सहकारी संस्थाले चाहिं कृषि सामग्रीका साथसाथै नून तथा चीनीको व्यापार गर्न शुरू गरेको छ। यहाँ कृषि खरीद विक्री संस्थानद्वारा निर्मित २५० मेट्रिक टन क्षमता भएको एक खाद्यान्न गोदाम घर छ र निकट भविष्यमै कृषि विकास बैंकले पनि ३०० मेट्रिक टन क्षमता भएको अर्को गोदाम घर बनाउने कार्यक्रम छ।

बैंक सेवा

जिल्लाको सदरमुकाम सिन्धुलीमाडीमा २०२५ सालदेखि एउटा राष्ट्रिय वाणिज्य बैंकको शाखा रहिआएको छ। यस अतिरिक्त हाले कृषि विकास बैंकको शाखा पनि यहाँ स्थापना भएको छ।

राष्ट्रिय वाणिज्य बैंकले यहाँ बचतकर्ताहरूलाई चल्ती, बचत, मुद्दती र मुद्दती अन्तर्गत "नन्-अपरेटिभ" खाता खोल्ने सुविधा उपलब्ध गराएको छ। व्यापारीवर्ग तथा जनतालाई बैंकले तोकेको व्याज दरमा सुन, चाँदी, खाद्यान्न तथा लत्ता-कपडा, फलाम आदि मालसामानको धितोमा कर्जा दिने गरेको छ। थोरै व्यापारीले मात्र माल सामान धितो राखी बैंकबाट कर्जा लिने गरेका छन्।

यस जिल्लाको आर्थिक व्यवस्थाको मेरुदण्ड कृषि हो। त्यसैले यहाँका बढी जनसंख्या कृषि तथा कृषिजन्य व्यवसायमा लागेका छन्। ज्यादै थोरै जनसंख्याले गैह्र कृषि पेशा अपनाएका छन्। २०२८ सालको राष्ट्रिय जनगणनाअनुसार यस जिल्लाको कुल जनसंख्या १,४७,४०९ मध्ये विभिन्न व्यावसायिक पेशामा लागी आर्थिक दृष्टिकोणबाट लाभ गर्ने १० वर्षदेखि माथि उमेरका जम्मा ६४,७२६ जना मानिसहरू छन्। यिनीहरूले अपनाएका व्यावसायिक पेशा र संख्या निम्नअनुसार छन् :–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवसाय	पुरुष	महिला	जम्मा संख्या	प्रतिशत
कृषि तथा कृषिजन्य	४२,९६६	२०,८२५	६३,७९१	९८.६
कार्यालय कर्मचारी सेवा	२८२	४	२८६	०.४
मजदूरी	२१७	१४	२३१	०.४
व्यापारिक सेवा	१६३	१४	१७७	०.३
वैतनिक सामाजिक सेवा	१२७	१३	१४०	०.२
व्यावसायिक प्राविधिक सेवा	९८	३	१०१	०.१
जम्मा:–	४३,८५३	२०,८७३	६४,७२६	१००

उपर्युक्त तथ्याङ्कअनुसार ९८.६ प्रतिशत जनसंख्या कृषि तथा कृषिजन्य व्यावसायिक पेशामा लागेका छन् । यसअनुसार गैह्र-कृषि व्यवसाय केवल १.४ प्रतिशतले मात्र अपनाएको देखिन्छ । कृषि क्षेत्रमा पुरुषहरूको अनुपातमा महिलाहरूले पनि निक्कै अर्थात् ३२.६ प्रतिशतले साथ दिएका छन् । अन्य क्षेत्रमा भने यो अनुपात नगण्य अर्थात् ५.४ प्रतिशत मात्र छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात र सञ्चार

यातायात

यस जिल्लाको यातायातका साधनमा पैदल र घोडाको अतिरिक्त मोटर पनि हो भन्न सकिन्छ। हिउँद महीनामा पानी नपरेको बखत महेन्द्र राजमार्गको लालगढ (धनुषा जिल्ला) बाट सिन्धुलीमाडीसम्म ट्रक र जीपको यातायात सेवा उपलब्ध हुन्छ। लालगढदेखि रातो खोला, कमला नदी तथा ग्वाङ खोला ठाउँ ठाउँमा तर्दै २६ किलोमिटर जति बगरैं बगर र नौ किलोमिटर लामो कच्ची सडक गरी सिन्धुलीमाडीसम्म मोटरद्वारा आइपुग्ने जम्मा ३५ किलोमिटर लामो कच्ची मोटर चल्ने सडक छ। यो मार्ग २०२० सालतिर केही सरकारी रकम तथा कर्मचारी एवं गाउँलेको श्रमदानद्वारा निर्माण भएको हो। वर्षामा यो बाटो बन्द रहन्छ। हिउँदमा मोटर चल्न सक्ने सिन्धुलीमाडीदेखि ढुङग्रेबाससम्म करीब १.६ किलोमिटर (आधा कोस) लामो अर्को एउटा चक्रेटो छ। सिन्धुलीमाडीबाट सुनकोशी र रोसी खोला हुँदै धुलिखेल निस्कने केही वर्ष अघि खनेको ट्र्याक हाल त्यसैं रहेको छ।

यी बाहेक जिल्लाका अरू सबै भागमा पैदल वा घोडा नै यातायातका साधन हुन्। जिल्लाभरी नै माकुरोको जाल झैं पैदल बाटो, गोरेटो, घोडेटोहरू छरिएका छन्। आर्थिक वर्ष २०३०।०३१ मा यहांका मुख्य गोरेटोहरूलाई करीब चार मिटर (१३.५ फीट) चौडा गरी फराकिलो पारिएका छन्। यीमध्ये सिन्धुलीमाडीबाट खुर्कोटसम्म १९ किलोमिटर (छ कोस) लामो उत्तर लाइन, कमलामाईस्थानसम्म ११ किलोमिटर (३.५ कोस) लामो दक्षिण लाइन र मरीन खोलासम्म छ किलोमिटर (दुई कोस) लामो पश्चिम लाइन घोडेटो बाटो उल्लेखनीय छन्।

सिन्धुलीमाडीदेखि सिन्धुलीगढी हुँदै खुर्कोटसम्मलाई १९ किलोमिटर (छ कोस) पर्दछ र यहाँबाट शीतलपाटी, चैनपुर, रातामाटा–झाँगाझोली, दुम्जाबेंसी हुँदै पटक पटक रोसी खोला तर्दै तीन पीपले, कटुञ्जे, चरङ्गे फेदीबाट दापचा हुँदै बनेपा निस्कने ६१ किलोमिटर (१९ कोस) लामो मुख्य मूल बाटो छ। सिन्धुलीमाडीदेखि जनकपुर रामेछापसम्मलाई पैदलबाटो क्रमशः ६४ किलोमिटर (२० कोस) र २९ किलोमिटर (नौ कोस) पर्दछ। रामेछाप र सिन्धुली जिल्लाको सीमानाका रूपमा रहेको सुनकोशीमा खुर्कोट र धानेघाटमा राम्रा झोलुङ्गे पुल छन्। खुर्कोटको पुल वि. सं. १९६४ सालमा र धानेघाटमा २०३० सालमा निर्माण भएका हुन्। सिन्धुलीमाडीबाट काभ्रे जिल्लाको सदरमुकाम ४८ किलोमिटर (१५ कोस) टाढा पर्दछ। बाटोमा भ्यागुरे, रोसी, गँगटे खोला पर्दछन्। उदयपुर जिल्लाको सदरमुकाम गाईघाट पुग्न यहाँबाट ६४ किलोमिटर (२० कोस) पर्दछ। बीच बाटोमा तर्नु पर्ने बहादुर, बाक्सु, टचाँउ, वितिजोर, बन्दिजोर, हैवार, घोक्सीला खोलाहरू पर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धानेघाटदेखि धनुषा जिल्लाको चीसापानीसम्म जाने करीब ४८ किलोमिटर (१५ कोस) को पैदल बाटो छ। सिन्धुलीमाडीबाट तीन पाटन हुँदै ओखलढुङ्गा जाने बाटो करीब ६४ किलोमिटर (२० कोस) पर्दछ। बाटोमा पर्ने गडौली, जिर्धा, चन्दाहा, भालू, हाडी, बाक्सु खोलाहरू उल्लेखनीय छन्। मकवानपुरतर्फ जान करीब ४८ किलोमिटर (१५ कोस) पर्दछ। त्यहाँ जाँदा ग्वाङ, मरीन, लग्दहा खोला तर्नुपर्दछ।

यस जिल्लाको उत्तरी सीमानामा रहेको सुनकोशी नदीमा सिन्धुली-रामेछाप र सिन्धुली-ओखलढुङ्गा जिल्ला बीच पैदल मार्ग जोड्ने झोलुङ्गे पुलहरू बाहेक कैयौं घाटहरूमा काठका डुङ्गाहरू छन्। यी घाटहरूबाट वर्षा याममाभन्दा हिउँदकालमा बढी मानिसहरू आवत–जावत गर्दछन्। वर्षाकालमा कम चल्ती भए पनि बाह्रै महीना यातायात जारी रहन्छ। यी घाटहरूमध्ये सिन्धुली र रामेछाप जिल्ला बीच आवत–जावत गर्दा प्रयोग हुने सुनकोशीका घाटहरूमध्ये कालिनजोर दाइजोर घाट, बिर्ताघाट, हर्देनीघाट, नबुघाट, बेनीघाट, सेलेघाट, पुछीघाट, डप्खाघाट, सित्खाघाट, खहरेघाट र लुभुघाट उल्लेखनीय छन्। यसरी नै सिन्धुली र ओखलढुङ्गा जिल्ला बीच आवागमन गर्नलाई सुनकोशी नदीमै अन्य घाटहरू पनि छन्। यिनमा नवलपुरघाट, खासाङघाट, जुरुङघाट, टोक्सेलघाट, गोठचउर थुल्सीघाट र ढबुवाघाट महत्वपूर्ण छन्। यी घाटहरूलाई स्थानीय मानिसले घाँस, पातका लागि पनि प्रयोग गर्दछन्। जिल्लाभित्रका घाटहरूलाई जिल्ला पञ्चायतले ठेक्कामा लगाउने गरेको छ। यसबाट हुने आय जिल्ला पञ्चायतको प्रमुख स्रोत हो। यी घाटहरू दुई जिल्लाका सीमाना बीच रहेकाले आय पनि सम्बन्धित जिल्लाहरूसँग बाँडी लिने गरेका छन्। आर्थिक वर्ष २०३०।३१ मा यी घाटहरूबाट कुल रू. ६८,८५१। यहाँको जिल्ला पञ्चायतलाई आम्दानी भएको थियो।

सञ्चार

यस जिल्लाको सदरमुकाम सिन्धुलीमाडीमा एउटा आकाशवाणी केन्द्रको स्थापना भएको छ। यहाँबाट जनकपुर अञ्चलको रामेछाप, चरिकोट, सर्लाही, मलङ्गवा, महोत्तरी, जलेश्वर, धनुषा, नारायणी अञ्चलको वीरगञ्ज, वागमती अञ्चलको केन्द्रीय दूर सञ्चार कार्यालयमा सोझै सम्पर्क स्थापना गर्न सकिन्छ।

हुलाक

यो जिल्लामा दुईवटा छोटी हुलाक, चारवटा शाखा हुलाक र सातवटा अतिरिक्त हुलाकहरू छन्। हुलाकहरू जिल्लाको विभिन्न भागमा रहेका मुख्य बस्तीहरूमा छन्। हुलाकहरूको नाम र स्थापना भएका स्थान यसप्रकार छन्:–

हुलाकको नाम र स्तर	हुलाक रहेको गाउँ पञ्चायतको नाउँ
सिन्धुलीमाडी छोटी हुलाक	सिन्धुलीमाडी (सदरमुकाम)
कपिलाकोट छोटी हुलाक	कपिलाकोट गा. प., छापागाउँ
खुर्कोट शाखा हुलाक	भीमेश्वर गा. प., खुर्कोट,
भिमान शाखा हुलाक	रानीवास गा. प., भिमान
तिलपुङ शाखा हुलाक	बाहुन तिलपुङ गा. प. , बाहुन तिलपुङ
झाँगाझोली शाखा हुलाक	झाँगाझोली रातमाटा गा. प., झाँगाझोली बजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्वालटार अतिरिक्त हुलाक	भुवनेश्वरी आदर्श गा. प., ग्वालटार
नेपालथोक अतिरिक्त हुलाक	कुश्वशेर दुम्जा गा. प., नेपालथोक
महादेव डाँडा अतिरिक्त हुलाक	महादेव डाँडा गा. प., महादेव डाँडा
बेलाधारी अतिरिक्त हुलाक	पाटनदेवी बेलधारी गा. प., बेलधारी
तीनपाटन अतिरिक्त हुलाक	पाटनदेवी बेलधारी गा. प., चिसापानी
दुधौली अतिरिक्त हुलाक	श्रीमहेन्द्र लदाहाभिर गा. प., लदाहाभिर
हरिहरपुरगढी अतिरिक्त हुलाक	हरिहरपुरगढी गा. प.

उपर्युक्त हुलाकहरूबाट आर्थिक वर्ष २०२९।०३० भरीमा २,३५,००० जति चिट्ठीपत्र तथा पुलिन्दाहरू आदान-प्रदान भएका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

यो जिल्लाको धेरैजसो भाग यातायातको सुविधा नभएको पहाडी इलाकाले बनेको भए तापनि विगत केही वर्षदेखि शिक्षाको क्षेत्रमा यसले उत्साहवर्धक प्रगति गर्दै आएको छ। साक्षर समूहमा युवा-पींढीको संख्या धेरै छ तर प्रौढहरूले पनि साक्षर बन्न उत्तिकै कोशिश गरिरहेका देखिन्छन्।

वि. सं. २०२८ सालको राष्ट्रिय जनगणनाअनुसार नेपाल अधिराज्यको छ वर्षदेखि माथिको कुल जनसंख्यामध्ये १३.९ मात्र साक्षर देखिएको छ। जनकपुर अञ्चलमा साक्षरताको प्रतिशत १०.६ छ। सिन्धुली जिल्लामा छ वर्षदेखि माथिका पुरुष ५९,८७२ तथा महिला ५८,७०२ गरी जम्मा १,१८,५७४ जना छन्। यसमध्ये १२,०२९ अर्थात् १०.१ प्रतिशत मात्र साक्षर देखिएको छ। जनकपुर अञ्चलका अन्य जिल्लाहरूमा यो साक्षरताको प्रतिशत धनुषामा ११.९, महोत्तरीमा ११.२, रामेछापमा १०.५, दोलखामा १०.१ र सर्लाही जिल्लामा ८.२ छन्। साक्षरताको दृष्टिकोणबाट अञ्चलका छ जिल्लामध्ये यो सिन्धुली जिल्लाले चौथो स्थान प्राप्त गरेको छ। यस जिल्लामा पुरुषको अनुपातमा महिलाहरू ज्यादै कम साक्षर देखिन्छन्। साक्षर जनसंख्यामा प्रौढ पींढीभन्दा युवा पींढीको प्रतिशत बढी छ। १० देखि १४ वर्ष र १५ देखि १९ वर्षको जनसंख्या समूहमा सबभन्दा बढी साक्षर छन्। यसको मुख्य कारण अधिराज्यमा विगत दुई दशकदेखि मात्र शिक्षाको महत्व बारे प्रसार एवं प्रचार हुन थालेकोले हो भन्न सकिन्छ। यस जिल्लाको सबै उमेर समूहमा पाइने साक्षरता दर स्पष्ट हुने तालिका यहाँ प्रस्तुत गरिएको छः–

सारक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६–९ वर्ष	९,५५२	८९५	९.४	८,८९३	२२७	२.६	१८,४४५	१,१२२	६.१
१०–१४	९,०८९	२,२०५	२४.३	७,९०१	४२९	५.४	१६,९९०	२,६३४	१५.५
१५–१९	७,३८१	१,८३६	२४.९	६,७२१	२०८	३.१	१४,१०२	२,०४४	१४.५
२०–२४	५,७९५	१,४५६	२५.१	६,०७६	१३१	२.२	११,८७१	१,५८७	१३.४
२५–२९	५,७४१	१,१८०	२०.६	६,०७६	८३	१.४	११,८१७	१,२६३	१०.७
३०–३४	४,५८३	७९२	१७.३	४,९९२	३८	०.८	९,५७५	८३०	८.७
३५–३९	४,६२९	७०८	१५.३	४,४३१	२१	०.५	९,०६०	७२९	८.०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४०–४४	३,५५५	५०८	१४.३	३,६१२	१४	०.४	७,१६७	५२२	७.३
४५–५४	४,७८८	६९७	१४.६	४,६७१	२१	०.४	९,५४९	७१८	७.६
५५–६४	२,९५३	३७८	१२.८	२,३१२	७	०.२	६,१६५	३८५	६.२
६५ र माथि	१,८०६	१८८	१०.४	२,११७	७	०.३	३,९२३	१९५	५.०
जम्माः–	५९,८७२	१०,८४३	१८.१	५८,७०२	१,१८६	२.०	१,१८,५७४	१२,०२९	१०.१

यस तालिकाबाट छ वर्षदेखि माथिका जम्मा पुरुष संख्यामध्ये १८.१ र महिला संख्यामध्ये २.० प्रतिशत मात्र साक्षर देखिएको छ। यस तालिकाबाट देखिएबमोजिम छ देखि नौं वर्षका बाल–बालिका यहां जम्मा १८,४४५ छन् र यसमध्ये बालक ८९५ र बालिका २२७ जना गरी जम्मा १,१२२ अर्थात् यस उमेर समूहको जम्मा संख्या मध्ये केवल ६.१ प्रतिशत मात्र साक्षर छ। यत्ति थोरै साक्षरताको प्रतिशत यस उमेर समूहमा रहनुको मुख्य कारण गाउँमा शिक्षण संस्थाको अभाव हुनुले हो। यस उमेरका कलिला बाल–बालिका आफ्नो गाउँदेखि हिंडेर टाढाको विद्यालयमा जान सक्दैनन् तसर्थ पछि केही उमेर छिपिएपछि मात्र शिक्षण संस्थामा प्रवेश गर्ने गर्दछन्। यसैले यो संख्यामध्ये केही प्रतिशत भविष्यमा साक्षर हुने कुरो स्पष्ट छ।

यस जिल्लाका ४३ वटा गाउँ पञ्चायतमा विभिन्न स्तरका जम्मा ८९ शिक्षण संस्थाहरू छन्। २०३० सालसम्ममा स्थापित विद्यालयहरूको संख्या यसप्रकार छः–

माध्यमिक विद्यालय	३
निम्न माध्यमिक विद्यालय	१
प्राथमिक विद्यालय	८५
	८९

सिद्धेश्वर आदर्श गाउँ पञ्चायतको ढुङ्ग्रेबासमा र दुम्जा तथा झाँगाझोली रातमाटा गाउँ पञ्चायतमा एक एकवटा माध्यमिक विद्यालय स्थापना भएका छन्। अन्य शिक्षण संस्थाहरू विभिन्न गाउँ पञ्चायतमा छरिएर रहेका छन्। प्राथमिक विद्यालयको संख्याको आधारमा यहाँ प्रतिगाउँ पञ्चायतमा औसत दुईवटा प्राथमिक विद्यालय रहेको देखिन्छ। माध्यमिक विद्यालय सबैको भवन र छात्रावास छ, तर सिन्धुलीमाडी नजीकै रहेको माध्यमिक विद्यालय भने पुरानो धान गोदाममा रहेको छ। तर धेरै वर्षदेखि निर्माण अधुरो रहेको यसको छात्रावासलाई निर्माण पूर्ण गरी निकट भविष्यमै यसलाई त्यहीं सार्ने योजना छ। अन्य बाँकी विद्यालयहरू धेरैको आफ्नै कच्ची भवन छन्। उल्लिखित शिक्षण संस्थाहरूको २४ वटा पक्की भवन ५७ वटा कच्ची भवन र पाँचवटा टहराहरू छन्। सिद्धेश्वर आदर्श गाउँ पञ्चायतमा दुईवटा पुस्तकालय छन्।

उपर्युक्त विभिन्न स्तरका विद्यालयहरूमा अध्ययन गर्ने छात्र, छात्रा तथा अध्यापकहरूको संख्या २०३० को तथ्याङ्कअनुसार यसप्रकार छः–

विद्यालयको स्तर	छात्र	प्रतिशत	छात्रा	प्रतिशत	जम्मा विद्यार्थी	शिक्षक अध्यापक	शिक्षक अध्यापिका
प्राथमिक	२,८३७	८८.५	३६८	११.५	३,२०५	४३	१
निम्न माध्यमिक	१२५	८६.८	१९	१३.२	१४४	५	–
माध्यमिक	८१५	९२.३	६८	७.७	८८३	१०४	१
	३,७७७		४५५		४,२३२	१५२	२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस तालिकाअनुसार शुरूका प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा बालकहरूको तुलनामा क्रमशः ११.५ र १३.२ प्रतिशत बालिकाहरूले पढ्ने गरेको भए पनि यो प्रतिशत माध्यमिक विद्यालयमा केवल ७.७ प्रतिशत मात्र रहेको छ।

उपर्युक्त विभिन्न स्तरका शिक्षण संस्थाहरूमा २०३० सालमा ३,७७७ छात्र र ४५५ छात्रा गरी जम्मा ४,२३२ जनाले पढिरहेको कुरा उक्त तालिकाबाट स्पष्ट हुन्छ। यो विद्यार्थी संख्यालाई पढाउने १५२ जना शिक्षक र दुई जना अध्यापिका गरी जम्मा १५४ जना छन्। यसअनुसार एक जना शिक्षकले औसत २७ जना विद्यार्थीलाई पढाउन पर्ने हुन्छ। जिल्लामा अध्यापकहरूलाई तालीम दिइने व्यवस्था नभए पनि जिल्ला बाहिर गई जम्मा २७ जना अर्थात् १७ प्रतिशत अध्यापकले तालीम प्राप्त गरेका छन्। यहाँ अन्य जिल्लाका र भारतीय नागरिक समेत गरी जम्मा २६ जना शिक्षक जिल्ला बाहिरका छन्। आर्थिक वर्ष २०२९।०३० मा स्थानीय जनताले शिक्षण संस्था सञ्चालनका लागि करीब रू. ७,०००। र श्री ५को सरकारले रू. १,११,१००। खर्च व्यहोरेको थियो। आर्थिक वर्ष २०२९।०३० मा प्राथमिक, निम्न माध्यमिक विद्यालयहरूको माध्यमद्वारा जम्मा ८० वटा प्रौढ साक्षरता कक्षा सञ्चालन गरिएका थिए। यी कक्षाहरूबाट ८०५ जवान प्रौढहरू साक्षर भएका छन्। त्यसै गरी यहाँ ६६ वटा साक्षरता कक्षा प्रौढ महिलाहरूका लागि पनि खुलेका थिए। यसरी जिल्लामा प्रारम्भ भएको साक्षरता अभियानलाई आगामी २०३१ सालदेखि यहाँ लागू हुने राष्ट्रिय शिक्षा पद्धतिले अझ बढी प्रभावकारी भूमिका खेल्ने छ भन्ने आशा राख्न सकिन्छ।

वि. सं. २०२८ सालको जनगणनाअनुसार यो जिल्लामा छ वर्षदेखि माथि उमेरका १,१८,५७४ जनामध्ये ४,८५० जना अर्थात् ४.१ प्रतिशतले विभिन्न शिक्षण संस्थाहरूमा प्रवेश गरेको देखिएको छ। यस तथ्याङ्क बमोजिम उपर्युक्त वर्षमा प्राथमिक विद्यालय जाने ३,५६० मध्ये बालक ३,०१७ र बालिका ५४३ जना छन्। त्यसै गरी निम्न माध्यमिक विद्यालयमा जाने ७४२ मध्ये ६६२ बालक र बाँकी ८० जना बालिका देखिएका छन्। माध्यमिक विद्यालय स्तरमा अध्ययन गर्ने ३९७ किशोर र ३२ जना किशोरी गरी जम्मा ४२९ जना छन्। उच्च शिक्षा हासिल गर्न जिल्ला बाहिर अध्ययन गर्ने विद्यार्थीहरू क्रमशः इण्टरमिडियट स्तरमा ८६ छात्र र तीन छात्रा गरी ८९ जना, स्नातक स्तरमा २४ छात्र र तीन छात्रा गरी २७ जना र स्नातकोत्तर स्तरमा तीन जना सबै छात्र देखिएका छन्। विद्यालयमा प्रवेश नगरेको देखिने १,१३,७२४ जनामध्ये २,०९५ जनाले विभिन्न शैक्षिक स्तरमा अध्ययन पूरा गरेको देखिन्छ। उक्त २,०९५ जनामध्ये १,४८९ ले प्राथमिक, २१६ ले निम्न माध्यमिक, २७६ ले माध्यमिक, ६९ ले इण्टरमिडियट, ३७ ले स्नातक र आठ जनाले स्नातकोत्तर स्तरमा अध्ययन पूरा गरेका छन्। उच्च शिक्षा हासिल गर्ने कुल संख्यामध्ये इण्टरमिडियट स्तरमा छ जना, स्नातक स्तरमा एक जना र स्नातकोत्तर स्तरमा पनि एक जना महिला तथा बाँकी पुरुष देखिएको छ।

स्वास्थ्य

जिल्लाको सदरमुकाम सिन्धुलीमाडी बजारमा एउटा स्वास्थ्य केन्द्र छ। यो स्वास्थ्य केन्द्रमा एकजना डाक्टर, एक जना हेल्थ असिस्टेण्ट र एक जना जुनियर हेल्थ वर्कर रहन्छन्। आर्थिक वर्ष २०२९।०३० मा यस स्वास्थ्य केन्द्रले १३,७६१ जना बिरामीलाई सेवा प्रदान गरेको थियो। बिरामीहरू पाँच–छ कोस टाढासम्मबाट पनि उपचारको लागि यहाँ आउने गर्दछन्।

यस स्वास्थ्य केन्द्रको अतिरिक्त जिल्लामा अन्य क्षेत्रिय स्वास्थ्य सेवाहरूले पनि उल्लेखनीय सेवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदान गरेका छन्। यी स्वास्थ्य सेवाहरू स्थापना भएका स्थान र आर्थिक वर्ष २०२९।०३० मा सेवा पुऱ्याइ एका बिरामी संख्या समेत यसप्रकार छः–

स्वास्थ्य सेवाको नाम	गाउँ पञ्चायत	बिरामी संख्या
चपौली स्वास्थ्य चौकी	जलकन्या चपौली	२,८४५
कपिलाकोट स्वास्थ्य चौकी	कपिलाकोट	२,७६३
ग्वालटार स्वास्थ्य चौकी	भुवनेश्वरी आदर्श गा. प.	३,६८१
बाहुन तिलपुङ स्वास्थ्य चौकी	बाहुन तिलपुङ	४,०३७
सिर्थौली स्वास्थ्य चौकी	सिर्थौली	५,६६७
बालाजोर स्वास्थ्य चौकी	बालाजोर	–
झाँगाझोली रातमाटा स्वास्थ्य चौकी	झाँगाझोली रातमाटा	–
दुम्जा कुश्वेश्वर आयुर्वेदिक औषधालय	कुशेश्वर दुम्जा	–
बाहुन तिलपुङ आयुर्वेदिक औषधालय	बाहुन तिलपुङ	–
कपिलाकोट अञ्चल आयुर्वेदिक औषधालय	कपिलाकोट	–

यस जिल्लामा दुःखदिने मुख्य रोगहरूमा पौष्टिक आहाराको कमीबाट हुने रोग जस्तै टी. बी., एनिमिया (रगतको कमी) आदिका अतिरिक्त खानेपानीको खराबीबाट उत्पन्न पेट दुख्ने रोगहरू सम्बन्धी छन्।

यहाँ धामी, झाँक्री आदिबाट परम्परागत ढङ्गबाट बिरामीको उपचार गर्ने चलन पनि केही मात्रामा छँदैछ। तर बढ्दो शिक्षाको प्रभाव तथा स्वास्थ्य सेवाहरूको प्रसारले गर्दा धामी, झाँक्रीमाथिको जनआस्था र विश्वास अब क्रमशः घट्दै आइरहेको प्रशस्त उदाहरणहरू यहाँ देख्न पाइन्छन्। पहिले यो जिल्लाको खास गरी भित्रीमधेश खण्डमा औलो रोगको प्रभाव उग्र रहेको थियो। तर २०२८ सालमा यहाँ औलो उन्मूलन सेवा उपलब्ध भएपछि यस क्षेत्रमा जनआवादी सम्भव हुन गएको छ। हाल यस जिल्लामा नौवटा औलो उन्मूलन शाखा कार्यालय र ३८ वटा "लोकालिटी स्टेशन" हरू छन्। यस अतिरिक्त विभिन्न गाउँका स्थानीय व्यक्ति स्वयम्-सेवक बनेर गाउँमा औलो रोगको शङ्का लागेको बिरामीबाट रक्त 'स्लाइड' लिई परीक्षणका लागि औलो उन्मूलन कार्यालयमा उपलब्ध गराइदिने गर्दछन्। यस प्रकारको स्वयम् सेवकको संख्या गत २०२९ सालमा ५६ जना पुगेको छ। यसरी औलो रोग उपर विस्तृतरूपमा आक्रमण जारी रहे तापनि यसलाई उन्मूलन गर्न भने सकिएको छैन। नेपालमा खासगरी भारतका आसाम, नागाल्याण्ड र अन्य औलो क्षेत्रबाट मानिसहरू आवत-जावत गरिरहने हुँदा यिनीहरूले औलो रोगको कीटाणु ल्याइएको आशङ्का गरिएको छ। २०३० सालमा जम्मा ८२ जना औलोका बिरामीहरू यस जिल्लामा पाइएका थिए।

केही ग्रामीण व्यक्तिहरूमा "कालोखोप एकपटक दिएपछि फेरि खोपाइरहनु पर्दैन" भन्ने भावना रहेको पाइन्छ तापनि धेरै जसो जनताले बिफर उन्मूलन आयोजनाप्रति सकारात्मक दृष्टिकोण राखेका छन्। आर्थिक वर्ष २०२९।०३० मा १२,४६६ जनालाई प्रथम खोप र ३९,२५० जनालाई पुनः खोप सेवा प्रदान गरिएको थियो। यस जिल्लामा २०२६ सालमा बिफर उन्मूलन कार्यालयको स्थापना भए पछि यहाँका जनताबाट यसले सेवा प्रदान गर्दै आएको छ। वि. सं. २०२९ सालदेखि यहाँ परिवार नियोजन कार्यालय रहिआएको छ। यस कार्यालयले आर्थिक वर्ष २०३०।०३१ मा अस्थायी परिवार नियोजनका साधन वितरण गर्नाका साथै ४३ जना पुरुषलाई शल्य चिकित्साको सेवा प्रदान गरेको छ। जिल्लामा परिवार नियोजनप्रति जनभावना अनुकूल रहेकोले यस कार्यक्रमको लोकप्रियता बढ्दैजाने निश्चित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खानेपानी

यस जिल्लामा अधिकांश मानिसहरू प्राकृतिक स्रोतहरूबाट सोझै खानेपानी लिएर उपयोग गर्दछन्। पहाडतिर धारा, कुवा, खोला र भित्रीमधेशमा कतै कतै इनारहरूको प्रयोग गर्दछन्। गाउँ नजीकै खानेपानी नरहे वा दूषित भए स्थानीय जनताले स्वयम् वा श्री ५ को सरकारको आर्थिक अनुदान लिएर कुलो वा नालाद्वारा पानी ल्याई खानेपानीको समस्या समाधान गर्ने गरेका छन्। आर्थिक वर्ष २०२०।०२१ देखि २०२९।०३० को नौ वर्षमा निर्माण गरिएका खानेपानी योजना अन्तर्गत विभिन्न ४५ गाउँका करीब १,३०० घरहरूलाई फलाभे, पोलिथिन पाइप र इनार, कुवा आदिद्वारा खानेपानीको व्यवस्था भएको छ।

यी बाहेक जिल्लाको सदरमुकाम सिन्धुलीमाडीमा स्वच्छ खानेपानी पुऱ्याउन ३,३२३ मिटर (१०,९०० फीट) माथि महाभारत पर्वतको मुहानबाट पानी ल्याउन ६,८६,०००। रूपियाँको खानेपानी योजना सञ्चालन भइरहेको छ। यस योजनाबाट दैनिक ६०,००० ग्यालन पानी उपलब्ध हुनेछ। सिन्धुलीमाडी बजारको छिमेकी गाउँहरूमा पनि पानी वितरण हुने भएको छ। स्थानीय व्यक्तिले निजी धारा पनि राख्न पाउने व्यवस्था छ। यो योजनाको निर्माण कार्य प्रायः सम्पन्न भइसकेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

आधुनिक नेपालका संस्थापक पृथ्वीनारायण शाहबाट विभिन्न राज्य, रजौटामा विभाजित नेपाललाई एकीकरण गरेको बखत यो क्षेत्र मकवानपुरका राजा दिग्बन्धन सेनद्वारा प्रशासित थियो। १७६२ई. मा यसलाई नेपाल अधिराज्यमा समावेश गराइएपछि धेरै कालसम्म सिन्धुली गढी गोश्वाराको नामबाट जिल्लाको प्रशासनिक कार्य यहींबाट चलिआएको थियो। २००७ साल उप्रान्त रामेछाप तथा सिन्धुलीगढीको समेत प्रशासकीय क्षेत्रको एकीकरण गरेर रामेछाप गढी-गौंडा गोश्वाराको नामकरण गरी यहाँबाट रामेछाप सारियो। नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ विकास जिल्लामा विभाजन नगरिंदासम्म यो जिल्ला यसै गोश्वाराबाट प्रशासित रह्यो। २०१८ सालमा अञ्चल तथा जिल्ला विभाजन भएपछि रामेछाप गढी-गौंडा गोश्वारालाई फुटाई सिन्धुलीमाडीको नामबाट अर्को छुट्टै जिल्लाको रूपमा यो जिल्लाले पुनर्जन्म पाएको हो। यही जिल्ला विभाजनको क्रममा तत्कालीन ओखलढुङ्गा जिल्लाबाट प्रशासित क्षेत्र-वाक्सुखोलादेखि पूर्व, बहादुर खोलादेखि पश्चिम पर्ने सुनकोशी दक्षिणको भागलाई यस जिल्लामा समावेश गरी यो जिल्लालाई वर्तमान रूप दिइएको हो।

हाल जिल्लाको सदरमुकाम सिन्धुलीमाडीमा छ। यहाँ प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला पञ्चायत कार्यालय लगायत श्री ५ को सरकारको अन्य जिल्लास्तरीय केही प्रमुख कार्यालयहरू यस-प्रकार छन्:—

सिन्धुलीमाडीमा रहेका सरकारी कार्यालयहरू:—

जिल्ला प्रहरी निरीक्षकको कार्यालय
जिल्ला भूमिसुधार कार्यालय
जिल्ला अदालत
कृषि विकास कार्यालय
जिल्ला सहकारी कार्यालय
सरकारी सहायक अधिवक्ताको कार्यालय
सिन्धुली रेन्ज कार्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय
सिन्धुलीमाडी छोटी हुलाक

अन्य कार्यालय

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय
आकाशवाणी कार्यालय

प्रहरी

यस जिल्लामा एउटा जिल्ला प्रहरी निरीक्षकको कार्यालय सिन्धुलीमाडीमा छ। यस अतिरिक्त जिल्लाका विभिन्न भागमा प्रहरी चौकीहरू रहेका छन्।

सिन्धुलीगढी, रातमाटा, वाङरिङ र टाँडीका चारवटा स्थायी प्रहरी चौकीको अतिरिक्त दुई वटा अस्थायी चौकीहरू पनि छन्। यीमध्ये एउटा प्रहरी चौकी भिमान, तल्लो रानीवास गाउँ पञ्चायत र अर्को कपिला कोट गाउँ पञ्चायतमा रहेका छन्।

कारागार

जिल्लाको कारागार भवन सिन्धुलीमाडीमा केही वर्ष अगाडि आधुनिक ढङ्गबाट निर्माण भएको छ। यसमा २० जना पुरुष र पाँचजना स्त्री राख्न सकिन्छ। केही वर्ष अगाडि कारागारका बन्दीहरूको लागि प्रौढ शिक्षाको कक्षा यहाँ खोलिएको थियो। हाल सो कक्षा सञ्चालन नभए तापनि शिक्षा सामग्री उपलब्ध गराई आफैं पढ्ने सुविधा कैदीहरूलाई दिइएको छ।

न्याय

यो जिल्लामा एउटा जिल्लास्तरीय अदालत र सहायक सरकारी अधिवक्ताको कार्यालय छ। अदालतले जिल्ला भित्रका सरकारवादी तथा गैह्र सरकारवादी, फौजदारी तथा देवानी मुद्दाहरू केलाई कार्यवाही गर्दछ। सरकारी सहायक अधिवक्ताको कार्यालयले श्री ५ को सरकारतर्फबाट मुद्दा दायर गर्ने, तत्सम्बन्धमा वहस गर्ने र सरकारवादी हुने फौजदारी मुद्दामा प्रहरीका साथ तहकिकात सरजमीन गरी सम्बन्धित कार्यालयमा मुद्दा दायर गर्ने गर्दछ।

यस जिल्लाको जिल्ला अदालत सिन्धुलीमाडीमा छ। आर्थिक वर्ष २०२७ देखि २०२९ सम्मको तीन वर्षमा औसत ३३८ जति ४१ प्रकारका मुद्दाहरू प्रति वर्ष परेका थिए। यी तीन वर्षमा परेको मुद्दासंख्या र वर्गीकरण यसप्रकार छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्दाको प्रकार	मुद्दा परेको वर्षहरू		
	२०२७	२०२८	२०२९
सरकारवादी			
फौजदारी	३६	४३	४०
दुनियाँवादी			
फौजदारी	१२८	१२६	१५२
देवानी	१४५	१६४	१८०
जम्माः—	३०९	३३३	३७२

उपर्युक्त तीनै सालमा परेका मुद्दाहरूमध्ये सबभन्दा बढी जग्गा खिचोला (औसत ४२ मुद्दा प्रति वर्ष), लेन-देन (औसत ५४), लिखत पारित (औसत ४६), देवानीतर्फ र फौजदारी तर्फ कुटपीट (औसत २८), लुट-पीट (औसत ३८) तथा गाली बेइज्जति (औसत २३) प्रति वर्ष मुद्दाहरू परेका छन् । ज्यान सम्बन्धी मुद्दा २०२७ र २०२८ मा १३ वटा परेका थिए तर २०२९ सालमा आधा नै घटेर केवल सातवटा मात्र परेका थिए ।

पञ्चायत

यो जिल्लामा ४३ वटा गाउँ पञ्चायतहरू छन् । यस जिल्लाबाट एकजना सदस्यले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्दछन् । जिल्ला पञ्चायत कार्यालय सिन्धुलीमाडीमा छ । जिल्ला पञ्चायतका कार्यहरूमध्ये स्थानीय विकासमा योगदान दिनु प्रमुख मानिन्छ । त्यसैले जिल्लाका विकास कार्यहरू सञ्चालन गर्न जिल्लासभाबाट पारित कर प्रस्तावहरू बमोजिम जिल्लामा कर लगाइने गरिएको छ । जिल्ला पञ्चायतले विगत आर्थिक वर्ष २०२९।०३० मा विभिन्न आय स्रोतबाट जम्मा रू. २०,११६। प्राप्त गरेको थियो । आय स्रोतमा मुख्यतया घट्टकर, सवारी कर, माछा ठेक्का कर, घरधुरी कर, घाट ठेक्का कर आदि उल्लेखनीय छन् ।

यस जिल्लाका विभिन्न गाउँ पञ्चायतमा चालू आर्थिक वर्षभित्र श्री ५ को सरकारको अनुदान जम्मा रू. ५२,४७०। र स्थानीय स्रोतबाट रू. १,०५,५३०। उपलब्ध हुने गरी कुल रू. १,५८,०००। को अनुमानित खर्चमा जम्मा १३ वटा गाउँस्तरीय आयोजना सञ्चालन गर्ने लक्ष्य राखिएको छ । यीमध्ये १० वटा सिंचाइ कुलो, दुई वटा खानेपानी र एउटा काठेपुल निर्माण हुने लक्ष्य राखिएको छ । गाउँ पञ्चायतहरूको पनि केही आय स्रोत छन् जसमा हाट-बाजार कर, मेला कर, रेडियो तथा भरूवा बन्दूकको इजाजतपत्र नवीकरण दस्तूर, जिल्ला पञ्चायतलाई आफ्नो पञ्चायत क्षेत्रमा घरधुरी असूल गराइदिए बापत प्राप्त हुने कमिशन आदि उल्लेखनीय छन् ।

यो जिल्लामा मजदूर संगठन बाहेक अन्य जिल्लास्तरीय चार वर्गीय संगठनहरूको स्थापना भएको छ। यी वर्गीय संगठनहरूको प्रारम्भिक कार्य समितिको संख्या निम्नबमोजिम छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्गीय संगठन	सदस्य संख्या
नेपाल जिल्ला किसान संगठन	१७
नेपाल जिल्ला भूतपूर्व सैनिक संगठन	११
नेपाल जिल्ला महिला संगठन	१८
नेपाल जिल्ला युवक संगठन	१३

यी वर्गीय संगठनहरूमध्ये जिल्ला महिला संगठनद्वारा महिला साक्षरता कक्षा सञ्चालन र नारी शिल्पकला केन्द्रको स्थापना भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

विकास सम्भाव्यताको दृष्टिकोणबाट सिन्धुली जिल्लाको भविष्य उज्ज्वल छ। यस जिल्लाको दुई प्रमुख भाग-महाभारत पर्वत र भित्री मधेश खण्ड दुवै क्षेत्र सम्भावित औद्योगिक विकासको दृष्टिकोणबाट महत्वपूर्ण छन्।

महाभारत खण्डमा खाद्यान्न उत्पादन राम्रो हुन नसके तापनि फलफूल खेतीको लागि भने यहाँको जलवायु निकै उपयुक्त छ। यस क्षेत्रमा खासगरी सुन्तला, कागती, जुनार, चाक्सी आदिको राम्रो उत्पादन हुने कुरा माथि उल्लेख भइसकेको छ। परम्परागत ढङ्गबाट लगाइएका फलफूलहरूले आज जे जति लाभ दिइरहेका छन्, झन् यहाँ व्यावसायिक रूपमा वैज्ञानिक ढङ्गले यसको खेती हुन सके त्योभन्दा बढी फाइदा दिने कुरा निश्चित छ। यस क्षेत्रमा बसोबास गर्ने मानिसहरू उर्वरा जमीनको अभावमा केवल जीवनधान्न सीमान्त खेती उपर निर्भर छन्। तसर्थ यहाँ खाद्यान्न खेतीको विकल्पस्वरूप फलफूल खेतीलाई बढी प्रोत्साहन दिइएमा परिणाम राम्रो निस्कने स्वतः सिद्ध छ। यस क्षेत्रमा फलफूल खेतीको अतिरिक्त आलु तथा अलैंची खेती पनि राम्रो हुन सक्ने प्रशस्त सम्भावना देखिएको छ। हाल ढुङग्रेबास (महाभारत पर्वतको फेदी) सम्म हिउँदमा मात्र भए पनि यातायात सुविधा उपलब्ध हुन सक्ने भएकोले पैदावारलाई बजारमा पुऱ्याउन ढुवानीको समस्याको तगारो नहुने कुरो स्पष्ट छ। अतः यस क्षेत्रमा फलफूल खेतीमा आधारित उद्योगहरूको स्थापना हुन सक्ने बढी सम्भाव्यता छ।

महाभारत पर्वत शृङ्खलाको ९१४–१,०६६ मिटर (३,०००–३,५०० फीट) उचाइको क्षेत्रमा पशुपालन उद्योगको लागि अनुकूल जलवायु छ। यहाँ खासगरी गाई, भैंसी पालनको बढी सम्भाव्यता देखिएको छ। यस भेकमा खेतीयोग्य जमीन पनि कमै भएकोले पशुपालन नै स्थानीय जनताको निमित्त एक उपयोगी धन्धा हुन जानेछ भन्ने विश्वास गर्न सकिन्छ। चरनको विकास, उन्नत नश्लका गाई, भैंसी र सहूलियत ऋण तथा पशु-रोगहरूको रोकथाम समेतको अभाव हुँदाहुँदै पनि यस खण्डमा खासगरी भीमखोरी, केराबारी वा कुशेश्वरमा वैज्ञानिक तरीकाले मखन बनाउने कार्य, घरेलु किसिमको उद्योग धन्धाको रूपमा विगत केही वर्षदेखि प्रारम्भ भइसकेको छ। कृषकहरूले दूधबाट घ्यू बनाएर बेच्नुभन्दा यी घरेलु उद्योगको रूपमा रहेका दुग्धशालामा दूध बिक्री गर्नु लाभप्रद देखेकाले यो कार्यक्रमपट्टि आकर्षित भएकाछन्। यो कार्यक्रमबाट आर्थिक वर्ष २०३०।०३१ मा ४,३५० के. जी. मखन उत्पादन भएको र पशु-विकास एवं सम्वर्द्धनका लागि ६५ जना स्थानीय कृषकहरूलाई सो वर्षमा मात्र रू. १,५५,०००। ऋण उपलब्ध भएको कुरा माथि उल्लेख भइसकेको छ। यसलाई उत्साहवर्द्धक प्रगतिको सूचक मान्नै पर्दछ। यस भेकको पशुपालनबाट यही नै सम्पूर्ण उपलब्धि होइन बरु भविष्यका सम्भावित पशुपालनमा आधारित उद्योग धन्धाहरूको प्रारम्भिक चरण मात्र हो भन्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको भित्रीमधेश खण्डमा उर्वरा जमीन छ। तर सिचाइ सुविधा तथा आधुनिक खेती गर्ने प्रविधिहरूको अपर्याप्तताको कारण हाल आशातीत खाद्यान्न उब्जाउ हुन सकिरहेको छैन। भरखर मात्र कृषकहरूले पुरानो खेती प्रणालीलाई परित्याग गर्दै उन्नत जातका बीउ, रासायनिक मल तथा आधुनिक खेतीका प्रविधिहरू उपयोग गर्न थालेका छन्। यो जिल्लामा उत्पादित खाद्यान्नले जिल्लाबासीलाई खान नपुग्ने देखिएको छ। तर हाल जिल्लाबासीको खाद्यान्न उपभोगको अनुपातमा देखापरेको न्यून खाद्यान्नलाई संतुलित गराउने क्षमता यहाँको भित्रीमधेशमा छ। यहाँ सानाठूला सिचाइ आयोजनाहरू सञ्चालन गर्न सकिन्छ। खाद्यान्न उत्पादन बढाउने सन्दर्भमा केही वर्ष अगाडि ग्वाङ खोलाको बाढीले बगर बनाएको सिन्धुलीमाडीको करीब २७२ हेक्टर (४०० बिघा) खेतलाई बाढी नियन्त्रण गरी पुनः खेतीयोग्य जमीन बनाउन सकिने सम्भावना छ। यसरी यहाँ जमीनको उपयोग गरी सघन खेती गरिए हाल उत्पादन र उपभोग बीच रहेको न्यूनताको आपूर्ति मात्र होइन भविष्यमा यो जिल्ला पनि खाद्यान्न बचत क्षेत्र हुनसक्ने सम्भावना छ।

यस जिल्लाको भित्री मधेश खण्डमा ५० प्रतिशत वा सोभन्दा बढी जमीन वन-जङ्गलले ढाकिएको छ। यस क्षेत्रमा वन पैदावारमा आधारित उद्योगहरूको स्थापना हुन सक्ने सम्भाव्यता पनि उत्तिकै आशाजनक छ।

यो जिल्ला यातायात सुविधाको दृष्टिकोणबाट पिछडिएका अन्य जिल्लामध्येकै एउटा हो। महेन्द्र राजमार्गको लालगढ (धनुषा) बाट पानी नपरेको बखत हिउँदमा मात्र जिल्लाको सदरमुकाम सिन्धुलीमाडीसम्म विभिन्न खोलानालाको बगरैंबगर हुँदै ट्रक तथा जीप चल्न सक्दछ। तर धेरै दृष्टिकोणबाट सबै मौसममा मोटर चल्ने पक्की सडकको निर्माण यहाँ हुन नितान्त आवश्यक छ। हाल भइरहेको चक्रेटो मार्गलाई नै पक्की सडकमा परिणत गर्ने वा नयाँ बाटो निर्माण गर्ने यसमा प्राविधिक सर्वेक्षण गरिनु आवश्यक छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धनुषा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	२५३
प्राकृतिक स्वरूप र सम्पदा	२५५
ऐतिहासिक पृष्ठभूमि	२६३
प्रमुख स्थानहरू	२६७
जनसंख्या र जनजीवन	२७१
आर्थिक व्यवस्था	२८०
यातायात, सञ्चार र बिजुली	२९३
शिक्षा, स्वास्थ्य तथा खानेपानी	२९७
प्रशासन र पञ्चायत	३०१
उपसंहार	३०४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

पौराणिक कालको इतिहाससँग यस जिल्लाको ज्यादै घनिष्ट सम्बन्ध छ। यस जिल्लाको जनकपुर पौराणिक कालमा मिथिला प्रदेशको राजधानी थियो। यही स्थानमा रामचन्द्रले शिव धनुष भाँची सीतासँग विवाह गर्नु भएको थियो। भाँचिएको धनुषको टुक्रा आजसम्म पनि धनुषामा छ भन्ने विश्वास गरिन्छ। यही पुण्य भूमिमा ठूल-ठूला देव-देवताहरूको आगमन भएको थियो भनिन्छ।

धेरै शताब्दी पहिले यहाँ जनक नाम गरेका राजा राज्य गर्दथे। उनको नामबाट यस स्थलको नाम जनकपुर रहन गएको हो। नेपाल अधिराज्यको १४ अञ्चलमध्ये एक अञ्चलको नाम पनि यही पौराणिक महत्वको आधारमा जनकपुर अञ्चल रहन गएको हो। यस अञ्चलका जम्मा छ जिल्लामध्ये यो जिल्लाको नाम पनि उक्त पौराणिक महत्वकै आधारमा धनुषा राखिएको हो।

नेपाल अधिराज्यको एकीकरण हुनुभन्दा अघि करीब २०० वर्षसम्म हालको यो जिल्ला मकवानपुर राज्यको अधीनमा थियो। पछि पृथ्वीनारायण शाहबाट नेपाल एकीकरण गर्ने सिलसिलामा काठमाडौं उपत्यका-लाई घेरामा पारी खाद्य पदार्थ र अंग्रेजहरूको सहायता पनि त्यहाँ पुग्न नदिन नाकाबन्दी गर्ने उद्देश्यले पृथ्वीनारायण शाहले आफ्ना भाइहरूको नेतृत्वमा फौज पठाई मकवानपुर आक्रमण गर्ने आदेश दिएका थिए। मकवानपुर राज्य गोरखाली फौजको अगाडि टिक्न सकेनन् र यसप्रकार ई. १७६२ मा यो राज्य गोरखालीहरूको अधीनमा आयो।

ज्यादै ठूलो पौराणिक महत्व भएको यो धनुषा जिल्ला नेपाल अधिराज्यको दक्षिण-पूर्वी तराई प्रदेशमा पर्दछ। यस जिल्लाको उत्तरमा सिन्धुली जिल्ला, दक्षिणमा भारतको बिहार राज्य, पूर्वमा कमला नदी र पश्चिममा महोत्तरी जिल्ला पर्दछन्। यो जिल्लाको उत्तर-दक्षिण लम्बाइ करीब ४८ किलोमिटर (३० माइल) र पूर्व-पश्चिम चौडाइ करीब ४२ किलोमिटर (२६ माइल) छ। यो जिल्ला २६°३५' देखि २७°५' उत्तरी अक्षांश र ८५°५२' देखि ८६°२०' पूर्व देशान्तरभित्र फैलिएको छ। यो जिल्लाको सदरमुकाम जनकपुरधाम हो। यस जिल्लाको क्षेत्रफल १,२१९ वर्ग किलोमिटर छ।

धनुषा जिल्लामा जम्मा १०४ पञ्चायतहरू छन्, जसमध्ये एउटा जनकपुर नगर पञ्चायत छ। पुरुष १,६८,६७१ र महिला १,६१,९३० गरी यस जिल्लाको कुल जनसंख्या ३,३०,६०१ छ। जिल्लाको उत्तरी भागमा जन-आवादी ज्यादै पातलो छ र दक्षिणतिर ज्यादै बाक्लो छ। जनकपुर चुरोट कारखाना लगायत जिल्लाका धेरैजसो मिल कारखानाहरू जनकपुरधाममै छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आजकाल यो जिल्ला उद्योगतिर लम्कँदै छ तापनि धनुषाको आर्थिक गतिविधि कृषिमा नै आधारित छ। यस जिल्लामा बाहुन, क्षेत्री, नेवार, तामाङ, राई आदि जातिका मानिसहरू छन् तापनि सबभन्दा धेरै बस्ती मैथिलहरू कै पाइन्छ। यिनीहरू आफ्नै मैथिली भाषा बोल्दछन् तापनि प्रायः सबैजसो नेपाली भाषा जान्दछन्। दशैं, तिहार बाहेक राम नवमी, विवाह पञ्चमी र परिक्रमा यहाँको मुख्य पर्व हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

धनुषा जिल्ला नेपाल अधिराज्यको दक्षिण-पूर्वी भागमा पर्दछ। यस जिल्लाको धेरैजसो भाग तराई प्रदेशमा पर्दछ। यसको पूर्वमा कमला नदी तथा सिराहा जिल्ला, पश्चिममा महोत्तरी जिल्ला, उत्तरमा सिन्धुली जिल्ला तथा दक्षिणमा भारतको बिहार राज्यको दरभङ्गा जिल्ला पर्दछन्।

भौगोलिक बनावट

भौगोलिक बनावटको आधारमा यो जिल्लालाई निम्नलिखित तीन प्राकृतिक भागमा बाँड्न सकिन्छः–

१. चुरे डाँडा
२. भावर प्रदेश
३. तराई प्रदेश

चुरे डाँडा

उत्तरमा महाभारत पर्वतमालासँग करीब करीब समानान्तर भई यो चुरे डाँडा पूर्व-पश्चिम फैलिएको छ। यसको केही भाग यस जिल्लाको उत्तरमा पर्दछ। यो डाँडा हिमालय पहाड बनेको क्रममा सबभन्दा पछि बनेको डाँडा हो। यसलाई बाहिरी हिमालय पनि भन्दछन्। यो डाँडा बालुवा, बलौटे ढुङ्गा र "कङ्गलोमेराइट" नामक चट्टानहरूबाट बनेको छ। यस जिल्लामा ६१० मिटर (२,००० फीट) भन्दा अग्लो डाँडा पाईँदैन। अधिराज्यको अन्य भागमा जस्तै यस जिल्लामा पनि यो डाँडा दक्षिणमा ठाडो भिरालो परी भावरमा मिलेको छ। बलौटे माटो भएकोले यहाँ खेती हुँदैन। यस भागमा साल, खयर, कर्मा आदिका रूखहरू पाइन्छन्। अधिराज्यभित्र दक्षिण-पूर्वबाट बहने मनसुनी हावाले यस डाँडाको दक्षिणतिर प्रशस्त पानी पार्दछ। बलौटे माटोले बनेको भएकोले यस क्षेत्रमा बराबर पैह्रो गइरहन्छ।

यो डाँडाको दक्षिणी फेदीतिर उत्तरतिरबाट बस्ती सरी आएका मानिसहरूको केही साना–साना बस्तीहरू यत्रतत्र देखिन्छन्। रानीबास, चन्दनपुर, मैनी आदि यहाँका मुख्य बस्ती हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावर प्रदेश

चुरे डाँडाको दक्षिणी फेदीदेखि जमीनको स्वरूप बिस्तारै भिरालो पर्दै दक्षिणमा तराई प्रदेशसंग मिल्न गएको छ। त्यसैले यस भागलाई तराईको उत्तरी अग्लो भाग पनि भन्न सकिन्छ। यस प्रदेशको उचाइ करीब १५२ मिटर (५०० फीट) देखि ३०५ मिटर (१,००० फीट) सम्म छ। अधिराज्यको उत्तरमा हिमालय पर्वतबाट बगेर आएका नदीहरूको बगाइ यस भागमा आइपुगेपछि कम हुने हुनाले बालुवा तथा ठूला साना ढुङ्गाहरू यहीं थुपारिन्छन्। यसप्रकारको भौगोलिक बनावट भएको हुनाले ठूल-ठूला नदीहरू बाहेक सबै साना-साना नदीहरू यस प्रदेशमा आइपुगेपछि जमीन मुनिबाट बग्दछन् र तराईतिर फेरि देखापर्न थाल्दछन्। वलुवा, जगदर, विघी, घागर, कोह, अमरी आदि यस किसिमका नदी हुन्। यो प्रदेशलाई जङ्गलले ढाकेको छ। यसको उत्तर-दक्षिण चौडाइ करीब चार कोस भएकोले यस जङ्गललाई चारकोसे झाडी पनि भनिन्छ। साल, सिसौ, सिमल आदि यस जङ्गलका मुख्य रूखहरू हुन्। घना जङ्गल भएकोले यहाँ जङ्गली जनावरहरू प्रशस्त पाइन्छन्। जङ्गल फाँडिएको इलाकामा मकै, कोदो, गहुँ आदिको खेती गर्दछन्। गोदार, लालमिट्टी, बन्दीपुर, रामनगर आदि यहाँका मुख्य बस्ती हुन्।

तराई प्रदेश

यस जिल्लाको दक्षिणी भाग तराई प्रदेशमा पर्दछ। तराई प्रदेश अधिराज्यको नै दक्षिणतिर पर्ने सबैभन्दा होचो भाग हो। यस प्रदेशको उचाइ करीब ६१ मिटर (२०० फीट) देखि १५२ मिटर (५०० फीट) सम्म पर्दछ। भावर प्रदेशदेखि दक्षिणतिर रहेको यो सम्म परेको तराई प्रदेशबाट बग्दा विघी, हर्दिनाथ, विलौटी, कमला आदि नदीहरूले यस क्षेत्रमा मलिलो पाँगा माटो थुपार्दछन्। ठाउँ ठाउँमा नदीले पुरानो बाटो छोडी नयाँ बाटो लिंदा थुपारिएको पाँगा माटोले बनेको क्षेत्र खेतीको निमित्त निक्कै उपयोगी भएको छ। अधिराज्यमा दक्षिण-पूर्व दिशामा बहने मनसुनी वायुले वर्षायाममा प्रशस्त पानी पार्ने भएकोले पनि यो प्रदेश खेतीको निमित्त उपयोगी छ। जिल्लाको यस क्षेत्रमा हुने खाद्यान्नमा धान, गहुँ, मकै आदि र नगदे बालीमा उखु र सुर्तीको प्रशस्त खेती गरिन्छ। यस क्षेत्रमा खाद्यान्न धेरै हुने भएकोले नै यो जिल्ला लगायत पूरा पूर्वी तराईलाई नेपालको अन्नको भण्डार भनिन्छ।

यस जिल्लाको धेरैजसो पञ्चायत र जिल्लाको सदरमुकाम पनि जिल्लाको दक्षिणी भागमा रहेको छ।

नदीनालाहरू

यस जिल्लाका मुख्य नदीहरू कमला, हर्दिनाथ, विघी, चारनाथ आदि हुन्। यिनका अतिरिक्त अरू धेरै नदी तथा खोलाहरू छन्। मुख्य नदीनालाहरूको छोटकरी विवरण तल दिइएको छः–

कमला नदी

यो नदी सिन्धुली जिल्लामा पर्ने ८६८ मिटर (२,८४७ फीट) अग्लो चुरेको एउटा ठूलो डाँडाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुरू भई दक्षिण-पूर्वतिर बग्दछ र धनुषा जिल्लाको उत्तर र उत्तर-पूर्वी भागदेखि यस नदीले जिल्लाको सीमानाको काम गर्दछ। बीच बीचमा उत्तर र दक्षिणतिरबाट अनेक साना-ठूला खोला र खहरेहरू यसमा आई मिल्दछन्। धनुषा जिल्लाको उत्तर-पूर्वी भागमा यस नदीमा तावा खोला मिल्दछ। यसरी यो नदी ठूलो हुँदै जान्छ।

यस नदीमा हाल एक सिचाइ योजना कार्यान्वित भइरहेको छ। पश्चिमतिर मूल नहर जनकपुर भई महिनाथपुरसम्म खनिसकिएको छ। यस नहरलाई जयनगरसम्म लैजाने योजना छ। यो कमला सिचाइ योजना पूरा भएपछि यस भेकका सबै जमीनमा सिचाइ हुनुको साथै कमला नदीले बाढीको समयमा वर्षेनी गर्ने नोक्सानी पनि धेरै हदसम्म कम हुन जानेछ।

हर्दिनाथ नदी

यो नदी यसै जिल्लाको उत्तरमा रहेको करीब ४५७ मिटर (१,५०० फीट) अग्लो चुरे डाँडाबाट शुरू हुन्छ। दक्षिणतिर बग्दै गएर भावर क्षेत्र पार गरिसकेपछि जगदर नदीमा मिल्दछ। यहीं देखि यो नदीको नाम हर्दिनाथ नदी हुन्छ। तराईको करीब मध्यभागदेखि यो नदी दुई हाँगा भई बग्दछ र सीमानानिर विघी नदीसँग मिल्दछ।

यस नदीमा हर्दिनाथ सिचाइ योजना कार्यान्वित भएको छ। यो योजना २०२४ सालदेखि नै थालिएको हो। हर्दिनाथ दायाँ मूल नहर ४,०२३ मिटर (१३,२०० फीट) र वायाँ मूल नहर २,४९९ मिटर (८,२०० फीट) बनिसकेको छ।

विघी नदी

यो नदी यस जिल्लाको उत्तरतिर रहेको करीब ४५७ मिटर (१,५०० फीट) अग्लो चुरे डाँडाबाट शुरू हुन्छ र दक्षिणतिर बग्दछ। पछि यस नदीमा अरू स-साना खोलाहरू मिसिन्छन् र यसको रूप ठूलो हुँदै जान्छ। यसरी तराई क्षेत्रको केही भागमा बगेपछि यो नदी महोत्तरी जिल्लाभित्र प्रवेश गर्दछ।

चारनाथ नदी

यो नदी जिल्लाको उत्तरतिर रहेको करीब ४८८ मिटर (१,६०० फीट) अग्लो चुरे डाँडाको दक्षिणी ढालबाट शुरू हुन्छ। चुरे डाँडाबाट शुरू भइरहेको अरू स-साना खोल्साहरू आई यसमा मिल्दछन्। तराई क्षेत्रमा पुगेपछि यस नदीमा वलुवा खोला पनि मिल्न आउँछ र पछि वेलाउती नदीको नामले भारतीय सीमानाभित्र बग्दछ। यो नदी कमला नदीको सहायक नदी हो।

सुनजोरी खोला

यो खोला चुरे डाँडाको करीब ४५७ मिटर (१,५०० फीट) अग्लो भागबाट शुरू भई दक्षिण-पश्चिम तिर बग्दछ। भावर प्रदेशबाट निस्कनुभन्दा पहिले नै यो खोला रातो नदीमा मिल्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रातो नदी

यो नदी महोत्तरी जिल्लाको उत्तरतिर करीब ७६३ मिटर (२,६०० फीट) अग्लो चुरे डाँडाबाट शुरू भई दक्षिण-पूर्वतिर बग्दछ। धनुषा जिल्लाको उत्तर-पूर्वी भागमा यसले जिल्लाको सीमानाको काम गरेको छ। यो नदीको तराई प्रदेशको प्रायः धेरैजसो भाग महोत्तरी जिल्लामा पर्दछ।

सेलार खोला

यो खोला धनुषा जिल्लाको उत्तरस्थित करीब ४५७ मिटर (१,५०० फीट) अग्लो चुरे डाँडाबाट शुरू हुन्छ। जिल्लाको उत्तर-पूर्वी भागमा यो खोला चिसापानीतिर कमला नदीमा मिल्दछ।

घागर नदी

यो नदी यस जिल्लाको उत्तरस्थित चुरे डाँडाको करीब ४५७ मिटर (१,५०० फीट) अग्लो भागबाट शुरू हुन्छ र दक्षिणतिर बग्दछ। यस जिल्लाको दक्षिण-पश्चिम भागबाट यो नदी महोत्तरी जिल्लाभित्र पस्दछ।

कोई नदी

यो नदी तराई प्रदेशको उत्तरी भागबाट शुरू हुन्छ र दक्षिणतिर बग्दछ। तराईको दक्षिणी भागमा यही नदीमा अमारे नदी पनि मिल्दछ र भारतीय सीमानाभित्र बग्दछ।

दुग्धवती नदी

यो नदीको ठूलो पौराणिक महत्व छ। यो जनकपुरको राम मन्दिरबाट करीब दुई माइल पश्चिममा पर्दछ। जानकी पृथ्वीबाट उत्पत्ति हुँदा कामधेनुले प्रेमविह्वल भई आफ्नो दूध जानकीको मुखमा राखेकी थिइन्। त्यस बेला केही दूध भूईंमा खसी दुग्धवतीको नामले नदीको रूपमा बगेको हो भन्ने जनश्रुति छ।

पोखरीहरू

यस धनुषा जिल्लामा कुनै खास उल्लेखनीय ताल तथा झरनाहरू छैनन्। तर यो जिल्लामा ऐतिहासिक तथा धार्मिक महत्वका धेरै पोखरीहरू छन्। यीमध्ये मुख्य मुख्य पोखरी निम्नलिखित छन्:-

गङ्गासागर

यसको उत्पत्तिको बारेमा "जनकपुर महिमा" किताबको अनुसार– "यहाँका राजा निर्मिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोरा थिएनन् । यसैकारण उनीसमेत सबै प्रजा ज्यादै दुःखित भए । यही चिन्ताले गर्दा महाराज निमिको मृत्यु भयो । याज्ञवल्क्य, विश्वामित्र आदि महामुनिहरू मिली निमिको मृत शरीर मथन गर्दा मिथिनामक बालकको जन्म भयो । यो मथन हेर्न गङ्गा, जमुना आदि नदीहरू पनि आएका थिए । तिनीहरूकै पानीबाट यो गङ्गा सागर बनेको हो ।" यस सागरमा धेरै राम्रा घाटहरू पनि बनाइएका छन् । यस सागरमा स्नान गर्नाले सबै पाप नाश हुन्छ भनिन्छ ।

माथि उल्लेख गरिए अनुसार यस गङ्गासागरको धार्मिक महत्व भएको हुँदा जनकपुरमा आउने प्रायः सबैजसो यात्रीहरू यस सागरमा स्नान गर्ने गर्दछन् ।

धनुषसर

यो धनुषसर जनकपुरमा राम मन्दिरको पूर्व र गङ्गा सागरको पश्चिममा पर्दछ । यस स्थानमा पहिले शिव धनु रहेको विश्वास गरिन्छ । त्यसैले यस पोखरीको नाम धनुषसर रहन गएको हो भन्ने किम्वदन्ति छ । यस पोखरीको दक्षिणी किनारमा अति नै ठूलो र राम्रो धर्मशाला छ । यस सरमा राम मन्दिरको ठीक पूर्वपट्टि एक घाट छ । यसै घाटको माथिल्लो कोठामा रामचन्द्रको जीवनी सम्बन्धी कलात्मक चित्रहरू भित्तामा लेखिएका छन् ।

अरगजा

यो पोखरी जानकी मन्दिरको उत्तरतिर पर्दछ । यस पोखरीमा परदा राखेर सीता स्नान गर्दथिन् भन्ने किम्वदन्ति छ । यो पोखरीका पानीले अनेकप्रकारको चर्म रोग निको गर्दछ भन्ने यहाँका मानिसहरू विश्वास गर्दछन् ।

उक्त पोखरीका अतिरिक्त यस जिल्लामा मुरली, भार्गव, जनक, लक्ष्मण, ध्रुव, जानकी, अमृत आदि कैयौं पोखरीहरू छन् । यी पोखरीहरूमा माछा पाल्ने र यिनका पानीबाट आसपासका खेतमा सिचाइ गर्ने व्यवस्था भएमा गाउँ घरको आर्थिक सुधारमा ठूलो टेवा मिल्ने छ ।

हावापानी

हावापानीको दृष्टिकोणबाट यो जिल्लामा दक्षिण-पूर्वी मनसुनको धेरै प्रभाव परेको पाइन्छ । यस जिल्लामा यही मनसुनले गर्दा जेठदेखि करीब असोजसम्म वर्षा हुन्छ । यो मनसुनी हावा नेपालभित्र दक्षिण-पूर्वी तराईतिरबाट बहने हुनाले यसले नेपालको पूर्वी-तराईमा प्रशस्त वर्षा गराउँछ । जति जति यो हावा पश्चिमतिर बहन्छ उति उति वर्षा पनि कम हुँदै जान्छ ।

यस जिल्लाको धेरैजसो भाग तराईमा परे तापनि उत्तरी भाग चुरे डाँडाको करीब ५१८ मिटर (१,७०० फीट) अग्लो भागसम्म पर्ने भएकोले उचाइको फरकले गर्दा पनि जिल्लाभरी एकैनासको वर्षा हुँदैन। कात्तिक-मंसीरदेखि करीब पुस-माघसम्म जिल्लाभरी नै ठण्डी याम रहन्छ। यस याममा अधिराज्यमा पश्चिमी हावाले पानी पार्ने हुनाले पश्चिमतिरका जिल्लाहरूमा धेरै वर्षा भई धनुषामा उत्तिको वर्षा हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

चैतदेखि गर्मी बढ्न थाल्दछ र वैशाख-जेठदेखि करीब भदौसम्म नै अति नै गरम हुन्छ।

यस जिल्लाको जनकपुर र हर्दिनाथ मौसम अवलोकन केन्द्रहरूबाट लिइएको सन् १९७० को तापक्रम निम्नअनुसार छः–

तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

	अवलोकन केन्द्र–जनकपुर		अवलोकन केन्द्र–हर्दिनाथप्रोजेक्ट	
वर्ष	१९७०		१९७०	
महिना	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	२२.३	१०.०	२३.२	९.४
फेब्रुअरी	२४.२	१०.२	२५.१	१०.८
मार्च	३१.१	१४.८	३०.४	१५.३
अप्रिल	३५.९	२३.५	३५.७	१९.७
मे	३६.८	२६.८	३६.८	२४.४
जून	३२.८	२५.३	३२.९	२४.७
जुलाई	३२.२	२४.८	३२.३	२३.८
अगष्ट	३६.६	२५.७	३२.४	२५.८
सेप्टेम्बर	३२.०	२४.५	३१.६	२६.३
अक्टोबर	३१.३	२२.३	३०.८	२३.६
नोभेम्बर	२८.४	१५.१	३०.०	१७.७
डिसेम्बर	२४.७	७.८	२४.५	१३.८
वार्षिक औसत	३०.३	१९.३	३०.४	१९.६

उक्त तालिकाअनुसार जनकपुर (उचाइ ९० मिटर) मा सन् १९७० को तापक्रम वार्षिक औसत अधिकतम ३०.३ र न्यूनतम १९.३ सेन्टिग्रेड देखिन्छ र हर्दिनाथ प्रोजेक्ट (उचाइ ९३ मिटर) मा सन् १९७० को तापक्रम वार्षिक औसत अधिकतम ३०.४ र न्यूनतम १९.६ सेन्टिग्रेड देखिन्छ। उक्त दुई मौसम अवलोकन केन्द्रको उचाइमा तीन मिटरको मात्र फरक भएकोले तापक्रम प्रायः बराबर जस्तै देखिन्छ तर उक्त तापक्रमले जिल्लाभरीको प्रतिनिधित्व गर्दैन। यस जिल्लाको उत्तरको र दक्षिणको उचाइमा निक्कै फरक छ। त्यसकारण जिल्लाको उत्तरतिरका बस्तीहरूमा तापक्रम ज्यादै कम हुन्छ। चैतदेखि असोज-कात्तिक महीनासम्म नै जिल्लाभरी गरमै रहन्छ। वर्षात् शुरु भएपछि गरम अलि कम हुन्छ। मंसीरदेखि करीब फागुनसम्म जिल्लाभरी नै प्रायः ठण्डा रहन्छ।

माथि उल्लेख गरिए अनुसार दक्षिण-पूर्वी मनसुनले यस जिल्लामा धेरै पानी पार्दछ। ठण्डी याममा नेपाल अधिराज्यको पश्चिमबाट बहने हावाले पश्चिमी जिल्लाहरूमा बढ्ता पानी पार्दछ। पूर्वी तराईमा पुग्दा यो हावापानी ज्यादै कम भइसक्ने भएकोले ज्यादै कम मात्र पानी पार्दछ। यों जिल्लाको चिसापानी बजार, हर्दिनाथ प्रोजेक्ट र जनकपुर मौसम अवलोकन केन्द्रबाट लिइएको सन् १९७० को वर्षा निम्नलिखित अनुसार छः–

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षाको तालिका (मिलिमिटरमा)

महीना	जनकपुर	हर्दिनाथ	चिसापानी बजार
जनवरी	१.०	१२.४	१८.०
फेब्रुअरी	१९.०	१६.०	३०.८
मार्च	१.०	२०.०	५.८
अप्रिल	२८.०	५९.६	१०.०
मे	२३.०	५९.४	३६.४
जून	४८३.०	२९१.४	३३३.५
जुलाई	४२५.४	५३२.१	२९५.८
अगष्ट	२५३.४	३३१.१	३६५.६
सेप्टेम्बर	२१८.०	१९६.८	२६२.३
अक्टोबर	२८.०	४६.२	२६.४
नोभेम्बर	०.०	०.०	०.०
डिसेम्बर	०.०	०.०	०.०
वार्षिक जम्मा	१,४७९.८	१,५६५.०	१,३८४.६

उक्त मौसम अवलोकन केन्द्रहरूमध्ये जनकपुरमा १९७० को ६ जूनमा २४ घण्टाभित्र १४०.० मिलिमिटर, हर्दिनाथमा ८ अगष्टको दिन १०४.८ मिलिमिटर र यसै जिल्लाको उत्तर-पूर्वी भागमा रहेको चिसापानी बजारमा ८ अगष्टको दिन ९९.० मिलिमिटर वर्षा भएको थियो। यसरी यस जिल्लामा खासगरेर साउन, भदौ र असोज महीनामा धेरै पानी पर्दो रहेछ भन्ने कुरा माथि उल्लिखित विवरणबाट देखिन्छ। मंसीर र पुसको ठण्डी याममा प्रायः सुख्खा हुँदो रहेछ भन्ने कुरा पनि उक्त विवरणबाट देखिन्छ।

हावापानीको दृष्टिकोणले यस जिल्लामा खासगरी उष्ण हावापानीको बढ्ता प्रभाव देखिन्छ। यो जिल्ला नेपाल अधिराज्यको दक्षिण पूर्वी भागमा पर्ने र भारतमा बहने दक्षिण-पश्चिम मनसुन वायु नेपालभित्र दक्षिण-पूर्वी भागबाट बहने भएकोले यो हावाले यस क्षेत्रमा प्रशस्त पानी पार्दछ। जेठ-असारदेखि नै यहाँ पानी पर्न थाल्दछ र असोजसम्म पानी परिनै रहन्छ। यस जिल्लामा एक महीना भित्र ५३२ मिलिमिटरसम्म पानी परेको देखिन्छ। उक्त महीनाहरूमा आकाश बादलले ढाकिएको हुन्छ र पानी प्रायः दिन रात लगातार पर्दछ। गाउँतिर जाने कच्ची सडकमा ठाउँ-ठाउँमा पानी जम्नाले र यी बाटोहरूमा पर्ने सानातिना नदी, खोलाहरूमा पानी बढ्ने भएकाले आवत जावत गर्न ज्यादै गाह्रो हुन्छ। यसरी यो मनसुनी हावा बहनुभन्दा पहिले नेपालको अन्य भागमा जस्तै यस जिल्लामा पनि असिना र चटयाङ पर्ने हुन्छ र गरम ज्यादै बढ्दछ। जेठ महीनातिर यस जिल्लामा ३६.८° सेन्टिग्रेडसम्म तापक्रम रहेको देखिन्छ।

यसरी उष्ण हावापानीको बढी प्रभाव भएको यस जिल्लामा मुख्य रूपमा धानको खेती हुन्छ। नगदे बालीको रूपमा सुर्तीको खेती गरिन्छ।

प्राकृतिक वनस्पति

यो जिल्लाको प्रायः सबैजसो भाग उष्ण हावापानीको क्षेत्रमा पर्ने भएको र करीब ६१ मिटर (२००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फीट) देखि ५१८ मिटर (१,७०० फीट) सम्मको उचाइमा मात्र पर्ने भएकोले यस जिल्लामा धेरै किसिमका प्राकृतिक वनस्पतिहरू पाईंदैनन्। जिल्लाभरी नै उष्ण प्रदेशमा पाइने सदाबहार जङ्गल मात्र पाइन्छ। यस प्रकारको जङ्गल करीब ६१० मिटर (२,००० फीट) सम्मको उचाइमा मात्र पाइन्छ। अधिराज्यमा यसप्रकारको जङ्गलले करीब २,०४८ वर्ग किलोमिटरको क्षेत्रलाई (८०० वर्ग माइल) ढाकेको छ भन्ने मानिन्छ। नेपालको अन्य भागमा जस्तै यस जिल्लामा पनि साल, खयर, सिसौ, कर्मा, लाटीकर्म, सिमल, असना आदिका रूखहरू प्रशस्त पाइन्छन्। यी रूखमरूमध्ये लाटीकर्म र सिमलको काठ सलाईका काँटी र बट्टा बनाउन उपयुक्त हुन्छन्। साल, सिसौ फर्निचर र घर बनाउने सामानहरूको कामको निमित्त उपयुक्त छ। यस बाहेक उक्त काठहरू भारतमा पनि निकासी गरिन्छ। खयरको काठबाट कत्था बनाइन्छ। ठाउँ-ठाउँमा पाइने बाँसको चोयाबाट टोकरी, डोको, नाङ्लो आदि फुर्सतको बेलामा बुनी गाउँलेहरू केही पैसा कमाउने गर्दछन्। यसरी जिल्लाको उक्त जङ्गलले यहाँका मानिसहरूको जीवनको हरेक पक्षमा मद्दत दिई जिल्लाकै आर्थिक विकासमा ठूलो सघाउ पुऱ्याएको छ भन्नुमा अत्युक्ति नहोला।

पशु-पक्षीहरू

यस जिल्लाको वन जङ्गलमा विभिन्न जातका पशु-पक्षीहरू पाइन्छन्। यहाँ पाइने जन्तुहरूमा बनेल, हरिण, बाघ, भालू, बाँदर, स्याल, चितुवा, खरायो, गोमन (सर्प) मुख्य हुन्। यस्तै पक्षीहरूमा लुइँचे, कालिज, मैना, कोइली, सुगा आदि पाइन्छन्। यस जिल्लामा वनजन्तु संरक्षण गर्ने कुनै निर्धारित कार्यक्रम सञ्चालन गरिएको छैन।

वन संरक्षण तथा वन विकास

प्रशासनिक सुविधा र वन संरक्षणमा राम्रो दृष्टि पुऱ्याउने हेतुले यस जिल्लामा धनुषा डिभिजन कार्यालय स्थापना गरिएको छ। यस डिभिजन कार्यालय अन्तर्गत पर्ने वनको सीमाना यसप्रकार छ – पूर्वमा कमला नदी, पश्चिममा राखु नदी, उत्तरमा चुरे डाँडाको पानी ढलो र दक्षिणमा कुनै सीमाना लगाइएको छैन। वन सीमानामा बार लगाउने कार्यक्रम शुरू नभएकोले खम्बामात्र गाड्ने गरेको छ। धनुषा जिल्लाको जङ्गलको पश्चिमतिर विश्वम्भरपुर,लोटहा दूधपानीमा पाँच छ वर्ष अघिको पुरानो फडानी अन्दाजी ३४ हेक्टर (५० बिघा) जति भएको देखिन्छ। यस वन संरक्षण र विकास कार्यक्रम अन्तर्गत यस जिल्लामा हालसम्म कहीं वृक्षारोपणको कार्यक्रम सञ्चालन भएको देखिंदैन। अधिराज्यको उत्तरी भागबाट यस जिल्लाको जङ्गल फाँड्दै बस्ने प्रवृत्ति बढ्दै गएको र यहींका जनतामा पनि काठ, बाँस र अन्य वनकस निकासी गर्ने प्रवृत्ति बढेकोले जङ्गल पातलिंदै अथवा मासिंदै गएको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

नेपाल अधिराज्यको जनकपुर अञ्चलको यस धनुषा जिल्लाको इतिहास पौराणिक कालसँग सम्बन्धित छ। आज यो जिल्ला नेपालको पवित्र धार्मिक स्थानहरूमध्ये गनिन्छ। विभिन्न औद्योगिक प्रतिष्ठानहरूको स्थापना र विभिन्न सडकहरूको निर्माणले गर्दा यो जिल्ला तीव्रताका साथ विकास गर्दैछ। यस जिल्लाको जनकपुर पौराणिक कालमा मिथिला राज्यको राजधानी भएकोले यहाँ जनक राजाको भव्य दरबार थियो।

मिथिलाको इतिहासमा कर्नाट वंशको शासन काललाई स्वर्ण युग मानिन्छ, जुन समयमा मिथिलामा सांस्कृतिक तथा धार्मिक उत्थान चरम सीमामा पुगेको प्रमाणहरू पाइएका छन्। हरिसिंह देव यिनै कर्नाट वंशका एक प्रसिद्ध राजा थिए। यही कर्नाट वंशका मान्य देवले मिथिला राज्यको स्थापना गरेका थिए। कलकत्ता विश्वविद्यालयका प्राध्यापक विनयचन्द्र सेनले "गण्डकीदेखि कोशीसम्म ३०९ किलोमिटर (१९२ माइल) लामो र गङ्गादेखि हिमालयको बीचमा २०६ किलोमिटर (१२८ माइल) चौडाइ भएको मिथिला राज्यको विस्तार थियो" भनी लेखेका छन्।

प्राचीन कालदेखि नै मिथिला खेतीको निमित्त प्रसिद्ध थियो। यहाँका राजा जनक आफै पनि हलो जोत्दथे भनिन्छ। यसरी हलो जोतिरहेकै बेलामा एक दिन उनकै हलोबाट सर्वेश्वरी सीता उत्पन्न भएकी थिइन् भनिन्छ। पछि यिनै सीताको अयोध्याका राजकुमार रामचन्द्रसँग विवाह भयो। यिनै राम-सीताको जीवनीलाई आधार बनाई वाल्मीकि ऋषिद्वारा रामायणको रचना भयो जुन आजकल हिन्दूहरूको पवित्र ग्रन्थ मानिन्छ।

महाभारतको सभा पर्वमा बयान गरिएअनुसार कर्णले आफ्नो दिग्विजयको अवरसमा मिथिला पनि विजय गरेका थिए। वन पर्वमा उल्लेख गरिएअनुसार कृष्ण, अर्जुन तथा भीमसेनसँगै इन्द्रप्रस्थबाट राजगृह जाँदा मिथिला पनि आएका थिए।

प्राचीन कालदेखि नै जनकपुर ज्ञान-विज्ञान, आध्यात्मवाद, दर्शन तथा साहित्यको प्रमुख केन्द्र थियो। यहाँका राजा जनक समक्ष महामुनि शुकदेवले आध्यात्मविद्याको अन्तिम परीक्षा दिएका थिए भनिन्छ। राजा जनकको जन्म बारे निम्नलिखित किम्वदन्ति प्रचलित छ :

महाराज निमिले एक यज्ञ गर्ने विचार गरे। उनले आफ्नो पुरोहित वशिष्ठ समक्ष निम्तो पठाए। त्यसै समयमा राजा इन्द्रले पनि एक यज्ञ गर्ने विचार गरे र पहिले वशिष्ठलाई निम्तो दिइसकेका थिए। राजा इन्द्रले पहिले नै निम्तो दिइसकेको हुनाले वशिष्ठ राजा निमिको यज्ञ सञ्चालन गर्न आउन सकेनन्। आफ्नो पुरोहितको अनुपस्थितिमा राजा निमिले गौतम र याज्ञवल्क्यजीबाट सो यज्ञ गराए। यो कुरा थाहा पाई रिसाएर वशिष्ठले "तिम्रो शरीर नाश होस्" भनी राजा निमिलाई श्राप दिए। यता वशिष्ठ पनि आफ्ना यजमान कहाँ नआई अरू कहाँ गएकोमा राजा निमि पनि रिसाएका थिए। उनले पनि रीसमा वशिष्ठलाई "तिम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरीर नाश होस्" भनी श्राप दिए। यसरी पुरोहित र यजमान दुवैको शरीर नाश भयो।

यसरी राजा नभएको देशमा तपस्या गर्न नहुने सम्झी गौतम, याज्ञवल्क्य, भृगु, परशुराम, भारद्वाज, वाल्मीकि आदि महामुनिहरूले गङ्गा, समुद्र तथा अरू नदीहरूलाई पनि आह्वान गरी राजा निमिको मृत शरीर मथन गर्न थाले। यसरी मथ्दा उनैको शरीरबाट मिथि नामक बालकको उत्पन्न भयो। उनको नाम पछि देहहीन निमिको छोरा भएकोले विदेह र स्वयं उत्पन्न भएकोले जनक र मथन गरेर उत्पति भएकोले मिथि हुन गयो। यिनै मिथिलाका राजा भए। महाराज जनक शिवका परम भक्त थिए। यसैले भगवान् शिवले उनीदेखि प्रसन्न भएर आफ्नो "पिनाक" नामक धनुष उनलाई दिएका थिए। यही धनुष भाँची रामचन्द्रले सीताजीसँग विवाह गर्नु भएको थियो र यही धनुषबाट यस स्थानको नाम पनि धनुषा रहन गयो।

यसरी यो जनकपुर नेपालको मात्र एक पवित्र तीर्थस्थल नभई विश्वका तमाम हिन्दूहरूको नै तीर्थस्थल मानिन्छ। पछि महाभारत कालमा पनि यहाँका राजा क्षममूर्तिले महाभारत युद्धमा कौरवहरूको पक्ष लिएका थिए। यसरी धेरै लामो समयदेखि जनकपुर हिन्दू इतिहासको गौरव गाथाको रूपमा रहेको पाइन्छ।

पछि यो जनकपुर मिथिलाको राजधानी रहेन। यस राज्यको राजधानी वैशालीमा सारियो। यस पछि जनकपुरको गौरव पनि विस्तारै घट्न थाल्यो। पछि सत्रौं शताब्दीको आधा आधीदेखि संन्यासी चतुर्भुज गिरी र वैष्णव सुरकिशोर दासले यहाँ राम र सीताको मूर्ति फेला पारेदेखि फेरि यस स्थानको गौरव बढ्दै गयो। त्यसवखत यो क्षेत्र मकवानपुर राज्यद्वारा प्रशासित थियो। यस स्थानको विकासको निमित्त मकवानपुरे राजाले सयौं एकड जमीन राखेका थिए।

पछि गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुभन्दा अगाडि पूर्वतिर टिष्टादेखि नारायणी नदीसम्म र काठमाडौं उपत्यकादेखि भारतको चम्पारन, सारन, मजफरपुर, दरभङ्गा, जलपाइगुडी जिल्लाहरूको उत्तरी भागसम्म मकवानपुर राज्य फैलिएको थियो। आजकालको यो धनुषा जिल्ला पनि त्यसबेला यही राज्यमा पर्दथ्यो।

त्यसबखत यहाँ सेन राजाहरू राज्य गर्दथे। एउटा सेन वंशावलीकाअनुसार धेरै समय पहिले चित्रसेन नामक एक राजा चितौडमा राज्य गर्दथे। जील राय र अजील राय भन्ने यिनका दुई भतिजा थिए। त्यसै समयमा गण्डकीको पश्चिमी भावर क्षेत्रमा कर्ण सिंह नामका राजा राज्य गर्दथे। करीब बाईस वर्षसम्म कर्ण सिंहको सेवा गरिसकेपछि अजीलराय अथवा अजील सेन यहाँका राजा भए। पछि यिनकै वंशमा तुला सेन राजा बने र यिनै तुला सेनले मकवानपुर गढी बनाएका हुन्।

पाल्पाका राजा मुकुन्द सेन र काठमाडौंका राजा रत्न मल्ल समकालीन थिए। भाषा वंशावलीअनुसार काठमाडौंमा भोटेहरूको उपद्रव हुँदा काठमाडौंका राजा रत्न मल्लले मकवानपुरी सेन राजाहरूको सहायता पाएका थिए भनी लेखिएको छ। यो सहायता दिने सेन राजा मुकुन्द सेन नै हुन् भन्ने बुझिन्छ। यसरी पाल्पादेखि पूर्वको निकै ठूलो क्षेत्रमा आफ्नो अधिकार भइसकेपछि मुकुन्द सेन कोशी क्षेत्र विजय गर्नतिर लागे। इतिहासकार हेमिल्टनकाअनुसार यस क्षेत्रमा सेन वंशको आधिपत्य जमाउने श्रेय मुकुन्द सेनका कान्छा छोरा लोहाङ सेनलाई नै छ।

हेमिल्टनले भेट्टाएको एक वंशावलीअनुसार मोरङका राजा विजयनारायण र उनका किराती सरदारहरूमा केही वैमनस्य थियो। यसै अवसरमा लोहाङ सेन पूर्वी तराई विजय गर्न भनी हिंडे। यसरी उनले सबभन्दा पहिले मगरातको एक सानो भाग जिते। त्यसपछि मोहन ठाकुरलाई पराजित गरी उनले वर्तमान महोत्तरीको एक भागमा दखल जमाए। अनि क्रमशः कोरानी, खेसराहा, रामपुर, पोखारी, झामुना, झोगोडा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घामर, कलिसान, वेल्का कोट, सम्दा कर जैन, मैघवारी आदि कोशी क्षेत्रका सानातिना रियासतहरू उपर दखल जमाउँदै कोशीको किनारासम्म पुगे। यसप्रकार मुकुन्द सेनको राज्यको एक सीमा लगभग आधुनिक नेपालको पूर्वी सीमानासम्म पुगेको देखिन्छ। यसरी आफूले खडा गरेको विशाल राज्य यिनै मुकुन्द सेनले पछि फेरि टुक्रा टुक्रा पारेको देखिन्छ। उनका जेठा छोरा मानिक सेन पाल्पाको आफ्नो पैतृक गद्दीमा बसे, अर्को छोरा विहङ सेन तनहुँ र त्यसैको छिमेकी तराईका राजा भए। कान्छा छोरा लोहाङ सेन आफ्नै बाहुबलले खडा गरेको मकवान-पुर राज्यका अधिकारी भए।

इतिहास शिरोमणि बाबुराम आचार्यकाअनुसार पाल्पाका राजा रुद्र सेनका छोरा मुकुन्द सेन (प्रथम) (ई. सं. १५४०–७५) ले मकवानपुर लगायत बडियानालादेखि कमला नदीसम्मको तलहट्टीमा पनि आफ्नो अधिकार जमाएका थिए। यिनका देहान्तपछि यिनका पाँच छोराहरूले ठकुराईलाई बण्डा गर्दा गोरखादेखि दक्षिणपट्टिको तनहूँको मगरात भृङ्गी सेनको भागमा र मकवानपुरको भावरका साथै बडियानालादेखि कमला-सम्मको, पर्सादेखि महोत्तरीसम्मको तलहट्टी समेत लोहाङ सेन (ई. सं. १५७५–१६१०) को भागमा परेको थियो। यिनै लोहाङ सेनले विजयपुरको कोच राजा र लिम्बू चौतराको गृहकलहमा पसेर विजयपुरमा अधिकार गर्दा दूधकोशीदेखि पूर्वपट्टि इलामसम्मको किरात प्रदेश र सप्तरी र मोरङका तलहट्टीमा समेत यिनको प्रशासन स्थापित भएको थियो।

लोहाङ सेनको मृत्यु भएपछि राघव सेन, हरिहर, इन्द्रदेव, हरभञ्जन सेन, हरिश्चन्द्र सेन अथवा हरिहर सेन क्रशमः राजा भए। पछि हरिहर सेनको आफ्ना जेठा छोरासित मनमुटाव भएपछि आफ्ना राज्य कान्छा छोरा शुभ सेन र नाति इन्द्र विधाता सेनलाई बाँडिदिए। यसरी कमजोर भएको मौका पारी पूर्णियाका नवाव इस्पन्दर खाँले शुभ सेनलाई कैदी बनाई दिल्ली पठाए। पछि औरङ्गजेबलाई हात्ती कर तिर्ने गरी उनी छुटे। यिनी कैदमा छँदा उनका छोराहरू महापति सेन र माणिक सेनलाई किरातहरूले बचाइराखेका थिए। पछि यिनै किरातहरूका सहायताले फेरि मकवानपुरमा हमला गरी विजय गरे। त्यसपछि करीब २० वर्षसम्म राज्य गरिसकेपछि माणिक सेनको मृत्यु भयो र उनका छोरा हेमकर्ण सेन राजा भए। यिनै हेमकर्ण सेनकी छोरी इन्द्र कुमारीसँग गोरखाका राजा पृथ्वीनारायण शाहको विवाह भएको थियो। त्यस बखत तराईको उब्जाउ फाँट सबै मकवानपुरको अधीनमा भएको हुनाले मकवानपुर निकै धनी र बलियो राज्य थियो।

त्यस बखत साना-साना राज्यमा विभाजित भइरहेको नेपाल एकीकरण गरी एक विशाल नेपालको परिकल्पना गर्ने गोरखाका राजा पृथ्वीनारायण शाहले मकवानपुरसित वैवाहिक सम्बन्ध कायम गरी आफ्नो शक्ति बढाउने विचार गरेका थिए। तर यो वैवाहिक सम्बन्ध हेमकर्ण सेनका छोरा दिग्वन्धन सेनलाई मन परेको थिएन। हेमकर्णको मृत्युपछि ई. स. १७६२ मा पृथ्वीनारायण शाहले मकवानपुरमा हमला गरे। चौतरिया दल मर्दन शाह, काजी दलजीत शाह, काजी सुरप्रताप शाह र काजी वंशराज पाण्डेको नेतृत्वमा एक ठूलो फौजलाई मकवानपुरमा लडाइँ गर्न पठाए। यसरी केही महीना पछि गोरखालीहरूले मकवानपुर कब्जा गरे।

त्यसबेला मकवानपुर एउटा धनी र सबल राज्य मात्र नभई काठमाडौं उपत्यकाका राज्यहरूको दक्षिण तराईसँग व्यापार तथा आवत जावत गर्ने मूल बाटोमा पनि पर्दथ्यो। यस राज्यलाई कब्जा गर्दा काठ-माडौं उपत्यकामा समेत नाकाबन्दी गरी कब्जा गर्न सजिलो पर्ने भएकोले पृथ्वीनारायण शाहले यस राज्यमाथि आँखा गाडेका थिए। दिग्वन्धन सेनलाई पराजित गरिसकेपछि पृथ्वीनारायण शाह काठमाडौंमा हमला गर्ने तयारीमा थिए। त्यसैबेला दिग्वन्धन सेनले बेतियामा गई त्यहाँका नवावसँग मकवानपुरबाट गोरखाली-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूलाई हटाइदिनु भनी प्रार्थना गरेकोमा नवावले गुर्गिन खाँको मातहतमा एक ठूलो फौज पठाई सन् १७६३ मा मकवानपुरमा हमला गरे। तर गोरखाली फौजको अगाडि यिनीहरू टिक्न सकेनन्। यसरी सन् १७६३ मा दिग्वन्धन सेनले हार खाई पृथ्वीनारायण शाह समक्ष आत्मसमर्पण गरे। यसरी करीब तीन सय वर्षसम्म (वि. सं. १५७५–१८१९) नेपालको पश्चिम पहाड पाल्पादेखि सिक्किमको भू-भागसम्म राज्य गरी बसेका सेनहरूलाई गोरखालीहरूले आफ्नो विशाल नेपालको सृजनात्मक अभियानमा घुँडा टेक्न बाध्य गराए।

सन् १७९५ मा रणबहादुर शाह नेपालका राजा भए। यिनकै सेनापति अमरसिंह थापाले राम मन्दिर, हनुमान मन्दिर, श्रीजनक मन्दिर, गङ्गा सागर, धनुषसरको जीर्णोद्धार कार्य गरी जनकपुरको विकासको श्रीगणेश गरे। यसरी रणबहादुर शाहको शासनकालमा जनकपुर जङ्गलबाट एउटा रमणीय स्थान बन्यो। यिनै अमरसिंह थापाले यहाँको जनक मन्दिर पनि बनाएका थिए। पछि सम्वत् १९९० को भूकम्पले यो मन्दिर भत्कियो र फेरि निर्माण गरियो। २००२ सालमा गङ्गा सागरको जीर्णोद्धार हुँदा पाइएको सीताजीको भव्य प्रतिमा पनि यहीं राखिएको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

जनकपुरधाम

राम जानकी लगायत विभिन्न देव-देवताहरूको मन्दिरहरू भएको र मिथिला नगरीको मुख्य स्थान मानिएको यो ठाउँ धनुषा जिल्लाको सदरमुकाम पनि हो। जनकपुर नगर पञ्चायत पनि यहीं नै छ। यहाँ मार्ग शुक्ल पञ्चमीका दिन राम जानकोको विवाह् उत्सव मेला र चैत्र शुक्ल नवमीका दिन रामचन्द्रको जन्मोत्सव मेला लाग्दछन् । प्रत्येक पूर्णिमाको दिन यहाँ मेला लाग्दछ र प्रत्येक वर्षको फागुन शुक्ल परेवादेखि जनकपुरबाट साढे छ किलोमिटर उत्तरको कचुरी गाउँबाट मिथिला विहारीको मूर्ति सहितको डोला जनकपुर ल्याई जनकपुरका विभिन्न मन्दिरहरूका मूर्तिहरू समेतको डोला समावेश गरी जनकपुरको चारैतर्फ १५ दिनसम्म परिक्रमा गरी फागुन पूर्णिमाको दिन जनकपुरधाम परिक्रमा गरी विसर्जन हुने गर्दछ। श्रावण शुक्ल परेवादेखि पूर्णिमासम्म हरेक मन्दिरमा राम जानकीको प्रतिमालाई झुलामा राखी झुलाउने गर्दछन् ।

वि. सं. १९९२ मा निर्माण सर्भे गरी १९९४ देखि चालू गरिएको नेपाल जनकपुर रेल्वे सेवाले यस क्षेत्रको यातायात सुगम हुन गई विकासमा निकै सघाउ पुऱ्याएको छ । यहाँ जिल्लास्तरीय सबैजसो सरकारी कार्यालयहरू छन् । पछि २०२९ सालमा महेन्द्र राजमार्ग र यस ठाउँलाई जोड्ने जनकपुर-ढल्केवार सडकको निर्माण पूरा भएकोले यस क्षेत्रको द्रुतगतिमा विकास हुँदैछ । यहाँको हावापानी उष्ण हावापानी भए तापनि चाँडै पानी पर्ने हुनाले गरम हुन पाउँदैन। जनकपुरका केही दर्शनीय स्थानहरूको विवरण यसप्रकार छः—

जानकी मन्दिर

जनकपुर नगर पञ्चायतको करीब मध्यभागमा अति राम्रो जानकी मन्दिर अवस्थित छ। यो मन्दिरको निर्माण सम्वत् १९६८ मा टिकमगढका नरेश प्रतापनारायण सिंहले शुरू गरेका हुन्। यो मन्दिर बनाउन जम्मा १५ लाख रुपैयाँ खर्च भएको थियो । पहिले यहाँको राम र जानकी दुवै मन्दिरहरू एउटै सरह मानिन्थ्यो । पछि जानकीपट्टि र रामपट्टि भनी दुई भागमा छुट्याइयो र राम मन्दिरका प्रवन्धक संन्यासी र जानकी मन्दिरका महन्त वैष्णव छन् । पछि रणबहादुर शाहका सेनापति अमरसिंह थापाले यहाँका मन्दिरहरूको जीर्णोद्धार गरेर १९९० मा वैदेही शरणले विभिन्न कुवा तथा पोखरीहरूको पत्ता लगाई विकास गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम मन्दिर

यो मन्दिर जानकी मन्दिरको नजीकै छ। यो मन्दिर मकवानपुरे राजा इन्द्रविधाताका समयमा बनेकोले उनैले पूजा आजा कर्म गर्न बिर्ता राखिदिएको कुरा को ताम्रपत्र अहिलेसम्म पनि छँदैछ। पछि नेपालका राजा रणबहादुर शाहका पालामा यो मन्दिरको जीर्णोद्धार भयो र चन्द्र शम्शेर प्रधानमन्त्री भएको बेलामा यस मन्दिरमा सुनको छाना राखियो। र यसै समयदेखि यो मन्दिरको रेखदेख गर्न एउटा अड्डा कायम गरियो। यस मन्दिरमा महन्त संन्यासी छन्।

यस जनकपुरधाममा विभिन्न स्तरका विद्यालयको अतिरिक्त एक क्याम्पस पनि छ। जनकपुर चुरोट कारखाना लगायत जिल्लाका केही ठूल-ठूला कारखानाहरू पनि यहीं छन्। बिजुलीको यहाँ राम्रो व्यवस्था छ। यहाँ एउटा सिनेमा भवन पनि छ। यस नगर पञ्चायतको जम्मा जनसंख्या १४,२९४ छ। यहाँबाट काठमाडौंको निमित्त हवाइ सेवा पनि उपलब्ध छ।

धनुषा

यो स्थान जिल्लाको सदरमुकाम जनकपुरधामबाट करीब २२.५ किलोमिटर (१४ माइल) उत्तर-पूर्वी कुनामा रहेकोछ। यहाँ रामचन्द्रले भाँच्नुभएको शिव धनुषको एक भाग यहाँ खसेकोले यस स्थानको नाम धनुषा रहेको हो भन्ने जनश्रुति छ। कसै कसैको भनाइमा शिव धनुष भाँच्ने मञ्च नै यहाँ बनेको थियो। जे भए तापनि यही धनुषको नामबाट यस स्थलको नाम धनुषा रहन गएको हो। यो स्थान चुरे डाँडाको फेदीमा पर्दछ।

यहाँ आजकल पनि तथाकथित धनुषको आकार देखिन्छ। यो एक ठूलो धर्म स्थल मानिएको छ। जनकपुरको प्रसिद्ध परिक्रमा गर्दा यस तीर्थ स्थलको पनि परिक्रमा गरिन्छ। यहाँ माघ महीनाको प्रत्येक आइतबार-को दिन स्नान गर्न र जल फूल चढाउन पहाड तथा तराईका टाढा टाढाका मानिसहरू शनिबार रात बस्ने गरी आउँदछन् र आइतबार बिहान स्नान गरी उक्त धनुषको दर्शन गरेर फर्कने गर्दछन्। यहाँ रामनवमी र विवाह पञ्चमीको दिन पनि मेला लाग्दछ। यात्रुहरूको सुविधाको निमित्त यहाँ १९९६ सालमा एक धर्मशाला पनि बनाइएको छ।

वर्षा याममा यहाँको बाटो कच्ची भएकोले आवत जावत गर्न कठिन पर्दछ। तर हिउँदमा जिल्लाको अन्य भागहरूबाट मानिसहरू यहाँ वन भोजको लागि आउने गर्दछन्।

चिसापानी बजार

यो चिसापानी बजार धनुषा जिल्लाको उत्तर पर्ने तल्लो गोदार गाउँ पञ्चायत अन्तर्गत कमला नदीको किनारामा पर्दछ। यस ठाउँबाट जिल्लाको उत्तर तिर पर्ने पहाडी बस्तीहरूमा जान सकिन्छ। वर्षा याममा यस क्षेत्रको यातायात ज्यादै कठिन हुने भएकोले मानिसहरू उत्तिको आवत जावत गर्दैनन्। कात्तिकदेखि पुस-माघसम्म पनि यो बाटो निकै चल्ती हुन्छ। यसै समयमा यहाँ ठूलो बजार पनि लाग्ने गर्दछ। यस बजारमा पहाडबाट आलु, सुन्तला, मकै आदि र पहाडतिर पाइने विभिन्न जरीबूटीहरू बिक्री गर्न ल्याइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस बजारमा सिन्धुली जिल्लाको मकै, तोरी आदि पनि बिक्री गर्न ल्याइन्छ। चिसापानी बजारको आलु बीउको निमित्त प्रयोग गरिन्छ।

महेन्द्र राजमार्ग खुलेपछि यस चिसापानी बजारमा जिल्लाको विभिन्न भागहरूबाट आउन जान सजिलो भएको छ। यहाँ व्यापार गर्ने स्थानीय व्यक्तिहरू बाहेक अधिराज्यको अन्य पहाडी भागका व्यापारी र भारतको पटनासम्मका व्यापारीहरू पनि यस बजारमा आउने गर्दछन्।

महेन्द्रनगर

महेन्द्रनगर जनकपुरदेखि करीब १६ किलोमिटर (१० माइल) उत्तरतिर पर्दछ। जनकपुरबाट ढल्केवार जोड्ने बाटोको किनारामा पर्ने भएकोले यसको दिन प्रतिदिन उन्नति हुँदैछ। यहाँ ठूलो हाट बजार लाग्दछ। यस हाटमा धेरै टाढा टाढाका मानिसहरू पनि किनबेच गर्न आउँदछन्। यस ठाउँलाई संखुवा, धनुषा, सबैला, रघुनाथपुर आदि यस जिल्लाका प्रमुख गाउँ तथा बजारहरूसँग कच्ची सडकहरूले जोडेका छन्। महेन्द्र राजमार्ग र जनकपुर-ढल्केवार मार्ग बन्नुभन्दा पहिले यस क्षेत्रको मूल बाटो यही नै थियो।

सखुवा बजार

सखुवा बजार महेन्द्र नगरबाट करीब डेढ किलोमिटर (एक माइल) पूर्वतिर पर्दछ। यो बजार सखुवा गाउँ पञ्चायतमा पर्दछ। यहाँ हप्तैपिच्छे हाट लाग्ने गर्दछ। जिल्लाको धेरैजसो प्रमुख स्थानहरूसँग कच्ची सडकले जोडिएकोले यस बजारमा धेरै टाढा टाढाका मानिसहरू किनमेल गर्न आउँदछन्। यस हाटको अतिरिक्त यहाँ स्थायी पसलहरू पनि छन्। यस पञ्चायतको जनसंख्या ४,५६८ छ। यहाँ एउटा माध्यमिक विद्यालय पनि छ।

सबैला बजार

सबैला बजार जनकपुरधामबाट उत्तर–पूर्वमा पर्दछ। यो बजार सबैला गाउँ पञ्चायतमा पर्दछ। यहाँ प्रत्येक हप्ता ठूलो हाट लाग्दछ। जिल्लाका धेरैजसो प्रमुख स्थानहरूबाट यहाँ आउन सजिलो भएकोले टाढा टाढाबाट पनि मानिसहरू यहाँको हाटमा खरीद बिक्री गर्न आउँदछन्। यस हाटमा धेरैजसो धान चामलको खरीद बिक्री गरिन्छ। यो हाटको अतिरिक्त यहाँ केही स्थायी पसलहरू पनि छन्। महेन्द्र राजमार्गको गोदारबाट रघुनाथपुर भई आउने बाटो यस गाउँको प्रमुख बाटो हो। यहाँ एउटा माध्यमिक विद्यालय सञ्चालित छ। सबैला गाउँ पञ्चायतको जनसंख्या ५,००६ छ। यहाँ नेपाल राष्ट्र बैंकको सटही काउण्टर पनि छ।

रघुनाथपुर

रघुनाथपुर जनकपुरबाट उत्तर–पूर्वमा पर्दछ। जनकपुरबाट यो गाउँ कच्ची बाटोले जोडिएको छ। कच्ची बाटो भएकोले वर्षामा ठाउँ ठाउँमा पानी जमी आवत जावत गर्न ज्यादै मुश्किल पर्छ। त्यसैले महेन्द्र राजमार्गको गोदारबाट आवत जावत गर्नु नै सबैभन्दा सजिलो हुन्छ। यहाँ कमला सिचाइ योजनाको प्रधान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यालय छ। यस गाउँको जनसंख्या ५,६१८ छ।

महिनाथ पुर

यो गाउँ जनकपुरदेखि पूर्वमा पर्दछ। यहाँबाट उत्तरतिर एक राही, जडुकुहा, सबैला, रघुनाथपुर भई महेन्द्र राजमार्गमा पर्ने गोदार जाने कच्ची बाटो बनेको छ । १९६४ सालदेखि चलेको जनकपुर रेल्वेको यो एक प्रमुख स्टेशन मानिन्छ। यहाँबाट भारतको सीमाना नजीक पर्दछ। यहाँ एक छोटी भन्सार रहेको छ।

खजुरी

जनकपुर रेल्वेको यो एक प्रमुख स्टेशन हो। यहाँबाट भारतको सीमाना नजीकै पर्दछ। यस गाउँको जनसंख्या ३,६०० छ। यहाँ नेपाल राष्ट्र बैंकको एउटा सटही काउण्टर पनि छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

यस जिल्लाको प्रायः सबैजसो भाग तराई प्रदेशमा परेकोले खेती प्रशस्त मात्रामा हुन्छ। केही वर्ष पहिलेदेखि यहाँ अधिराज्यको सबभन्दा ठूलो चुरोट कारखानाको स्थापना पनि भएकोले यहाँ मानिसहरूको निमित्त खाद्यान्न तथा रोजगारको पर्याप्तता छ। यस जिल्लाको जनकपुर बजार, सिन्धुलीमाडी, रापेछाप, चरिकोट आदि अञ्चलको मुख्य बजार हुन्। २०११ सालमा आएको बाढीले गर्दा जनकपुर अञ्चलमा उत्तरतिरको पहाडी जिल्लाहरूबाट प्रशस्त मानिसहरू यस जिल्लामा आई जङ्गल फाँडी बसोबास गरेको देखिन्छ। उक्त कारणहरूले गर्दा आजकल यस जिल्लामा मानिसहरूको बस्ती ज्यादै घना छ। जिल्लाको उत्तरी भागमाभन्दा दक्षिण भागमा मानिसहरूको बस्ती बाक्लो छ।

यहाँका मुख्य जातिहरू मैथिल ब्राह्मण, क्षेत्री, कायस्थ, यादव, थारू, दनवार, राजपुत, मुसहर, मुसलमान, धानुक, नेवार, तामाङ, मगर, राई, सुँडी, तेली, मारवाडी आदि हुन्। यिनीहरूको मुख्य व्यवसाय खेती, व्यापार तथा नोकरी हुन्।

जनसंख्या

वि. सं. २०२८ सालमा लिइएको जनगणनाअनुसार यस जिल्लाको कुल जनसंख्या ३,३०,६०१ छ। विभिन्न कारणहरूले गर्दा पहाडतर्फबाट र भारतका मजदूरवर्गहरू यस जिल्लामा प्रशस्त मात्रामा बसोबास गर्न आउँदैछन्। जनसंख्याको दृष्टिकोणबाट नेपाल अधिराज्यमा यो जिल्लाको काठमाडौं पछि दोस्रो स्थान हुन आउँछ र अञ्चलमा यस जिल्लाको प्रथम स्थान छ।

यस जिल्लाको कुल क्षेत्रफल १,२१९ वर्ग किलोमिटर छ। यहाँको जनघनत्व प्रतिवर्ग किलोमिटर २७१ जना हुन आउँछ। यसरी यस जिल्लामा अञ्चलको कुल जनसंख्याको २६.१ प्रतिशत जनसंख्या रहेको देखिन्छ।

उक्त जनगणनाअनुसार यस जिल्लाको कुल जनसंख्या ६४,४५४ घर परिवारमा बाँडिएको देखिन्छ। यी परिवारहरूको विभिन्न आकार हेर्दा यस जिल्लामा चार जना सदस्य भएको परिवार सबभन्दा धेरै अर्थात् ११,३९४ भएको देखिन्छ। पाँच जनाको परिवार संख्या १०,८४९ र तीन जनाको परिवार संख्या ८,९६० देखिन्छ। २० जनाभन्दा बढी सदस्य भएको परिवार संख्या जम्मा १०४ मात्र भएको देखिन्छ। जिल्लाका समस्त जनसंख्यालाई प्रमुख तीन उमेर समूहमा विभाजन गर्दा निम्न तालिकाअनुसार देखिन्छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० – ५ वर्ष	३२,७८५	१९.४	३३,१६१	२०.५	६५,९४६	२०.०
६ – १५	४०,७८२	२४.३	३३,०९४	२०.४	७३,८७६	२२.३
१६ र माथि	९५,१०४	५६.४	९५,६७५	५९.२	१,९०,७७९	५६.७

माथि देखाइएका तालिकाअनुसार यो जिल्लामा पाँच वर्षभन्दा मुनिका शिशुहरू जम्मा ६५,९४६ अर्थात् कुल जनसंख्याको २०.० प्रतिशत छन्। उमेरको दृष्टिकोणले विद्यालय जाने उमेर छदेखि १५ वर्षका बालक ४०,७८२ र बालिका ३३,०९४ गरी जम्मा ७३,८७६ जना अर्थात् २२.३ प्रतिशत छन्।

तालिकाअनुसार १६ वर्ष र सोभन्दा माथिका बयस्क समूहको संख्या यहाँ १,९०,७७९ अर्थात् ५६.७ प्रतिशत छ। बाँकी ४३.३ प्रतिशत १६ वर्ष घटीका बाल-बालिकाको हुर्कँदो समूहलाई सङ्केत गर्दछ। आर्थिक एवं सामाजिक क्षेत्रमा विविध योजना सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति आगामी वर्षहरूमा समेत यहाँ पर्याप्त मात्रामा उपलब्ध हुन सक्ने कुरो यो समूहले बताउँदछ।

आर्थिक दृष्टिकोणबाट सक्षम र आश्रित जनसंख्याको अनुपात देखाउन हाम्रो देशमा करीब १० वर्षको उमेरदेखि नै केही न केही काम गरी घरायसी काममा टेवा दिने चलन सबै ठाउँमा देखिन्छ। यस्तै गरी ५९ वर्ष र सोभन्दा बढी उमेर पुगेकाहरू विभिन्न कारणवश अरूमा आश्रित भई जीवन यापन गरिरहेका देखिन्छन्। यसरी १० वर्षदेखि ५९ वर्षसम्मको उमेर समूहलाई सक्षम मान्ने हो भने यस उमेर समूहभित्र पर्ने यस जिल्लामा कुल २,११,९२९ मध्ये पुरुष १,१०,०६९ र महिला १,०१,८६० अर्थात् ६४.१ प्रतिशत जनसंख्या छन्। १० वर्ष मुनि र ६० वर्ष माथिका उमेर समूहका आश्रित जनसंख्या १,१८,६७२ अर्थात् ३५.९ प्रतिशत छन्। उक्त तथ्याङ्कअनुसार यस जिल्लामा आर्थिक निर्भरताको अनुपात १००:५० रहेको छ।

तर आर्थिक दृष्टिकोणबाट सक्षम र आश्रित जनसंख्याको अनुपात देखाउन अन्तर्राष्ट्रिय चलन अनुसार हेर्ने हो भने १५ देखि ६४ वर्षसम्मको उमेर समूहलाई सक्षम अथवा काम गर्न सक्ने मानिन्छ। यही आधारमा हेर्ने हो भने यस धनुषा जिल्लामा यस उमेर समूहमा पर्ने जम्मा जनसंख्या १,८८,०४१ मध्ये पुरुष ९५,०६१ र महिला ९२,९८० छन् अर्थात् कुल जनसंख्याको ५६.८ प्रतिशत काम गर्न सक्ने अर्थात् सक्षम छन्। यस्तै गरी आर्थिक दृष्टिकोणबाट आश्रित अथवा अरूको कमाईमा भर पर्नु पर्ने उमेर समूह (१५ वर्षभन्दा मुनि र ६५ वर्षभन्दा माथि) को जनसंख्या जम्मा १,४२,५६० मध्ये पुरुष ७३,६१० र महिला ६८,९५० अर्थात् ४३.१ प्रतिशत हुन आउँछ। यसरी यस जिल्लामा आर्थिक निर्भरताको अनुपात १००:७६ रहेको छ।

यस धनुषा जिल्लाको जम्मा जनसंख्या ३,३०,६०१ अथवा पुरुष १,६८,६७१ र महिला १,६१,९३० मध्ये जम्मा ८९,६४० पुरुष र ८९,८६६ महिलाहरूको विवाह भएको, ४१,६५२ पुरुष र २३,८९९ महिला अविवाहित, ५४१ पुरुष र ३६५ महिलाहरूको पारपाचुके भइसकेको र ३,७५३ विधुर र १३,६३९ विधुवा रहेको देखिन्छ। २०२८ सालको जनगणना अनुसार छ वर्षदेखि नौ वर्षसम्मको उमेर समूहमा १,०६५ केटा र २,१३० केटी तथा १० देखि १४ वर्षको उमेर समूहमा ४,२६० केटा र ६,०९७ केटीको विवाह भएको देखिएबाट अधिराज्यमा अझै पनि केही मात्रामा बाल विवाहको कुप्रथा रहेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्याको दृष्टिकोणबाट दोस्रो सबभन्दा बढी जनसंख्या भएको यो जिल्लामा पाइने विभिन्न जातिका मानिसहरूको विभिन्न मातृभाषा छन् । उनीहरू आफन्त या घर परिवारका सदस्यहरू बीच आफ्नै मातृ भाषामा बोल्ने गरे तापनि धेरैजसो मानिसहरू नेपाली भाषा बुझ्दछन् र कुरा गर्न सक्छन् । भाषा-भाषीको आधारमा यस जिल्लाको जनसंख्यालाई निम्नलिखितअनुसार विभाजन गरिएको छः–

भाषा	जनसंख्या
नेपाली	२२,७७५
मैथिली	२,८४,७०७
तामाङ	१,५३८
मगर	३,३९९
नेवारी	५१९
अन्य भाषा	१७,६६३
जम्माः–	३,३०,६०१

उक्त तालिकाअनुसार अन्य भाषामा गुरुङ, लिम्बू, शेर्पा, राजवंशी, सतार, सुनुवार, दनुवार, सन्याली, अवधी आदि भाषा-भाषीहरू पर्दछन् । यी भाषा बोल्ने मानिसहरू यस जिल्लामा यत्रतत्र छरिएर बसोबास गरेका पाइन्छन् । यस जिल्लाको दक्षिणी भागमा खास गरेर मैथिली, यादव, राजपुत, तेली र केही मुसलमानहरूको बस्तीको आधिक्य छ भने उत्तरी भागमा बाहुन, क्षेत्री, तामाङ, मगरहरूको बस्ती बढी पाइन्छ । यस जिल्लाको उत्तरतिर मानिसको बस्ती आजकल मात्र बढ्दै गएको देखिन्छ ।

यस जिल्लामा हिन्दू धर्म मान्नेहरूको संख्या सबभन्दा धेरै छ । त्यसपछि दोस्रो स्थानमा इस्लाम धर्म आउँछ । यसरी यस जिल्लामा विभिन्न धर्मावलम्बीहरू भए तापनि दशैं, तिहार जस्ता राष्ट्रिय पर्वहरू सबैले मनाउने गर्दछन् । देव, देवीको मन्दिरमा भक्तजनहरूको घुइँचो लागेको हुन्छ । औंकातले भ्याएसम्मका राम्रा राम्रा लुगा तथा गहनाहरू लगाएका आइमाई तथा बाल बच्चाहरूको माइती र मावली जाने भीड बाटोमा रहन्छ । जिल्लामा राम नवमी, विवाह पञ्चमी, होली, ईद आदि पर्वहरू पनि ठूलो हर्ष तथा उल्लासका साथ मनाउने गर्दछन् । सबै समुदायका मानिसहरू आफ्नो परम्पराअनुसार विभिन्न चाड पर्वहरू मनाई आपसमा मिलेर बसेका देखिन्छन् ।

यस जिल्लाको जनसंख्यामा केही विदेशमा जन्मेका पनि पाइन्छन् । २०२८ सालको जनगणना-अनुसार यस जिल्लामा ५,७३८ पुरुष र १६,६८० महिला भारतमा जन्मेको र १२ पुरुष र १३ महिला अन्य देशमा जन्मेका देखिन्छन् । यस जिल्लामा २,७९९ पुरुष र २,९७८ महिला भारतीय नागरिक छन् र २८ पुरुष र १६ महिला अन्य देशका नागरिक छन् ।

यस जिल्लाका जम्मा १०४ पञ्चायतहरूमध्ये जनकपुरधाममा एउटा नगर पञ्चायत छ । विभिन्न पञ्चायतहरूको जनसंख्या निम्न तालिकाअनुसार छः–

पञ्चायतको नाम	जनसंख्या	पञ्चायतको नाम	जनसंख्या
१. इटहरवा	२,१२१	२. उमा प्रेमपुर	५,२२७
३. एकराही	२,३२९	४. औरहीजब्दी	२,७०७
५. कचौरी	३,०८६	६. कजरा रमौल	२,६९५
७. कनकपट्टी	२,६२६	८. कपिलेश्वर	२,४५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

९. कटरेट	१,८०९	१०. कर्था	३,५६३
११. कुवारामपुर	२,८५३	१२. खजुरी	३,६००
१३. खैरहनी	५,१३९	१४. गिद्धा	२,७९१
१५. गोठकोयलपुर	२,४६६	१६. गोपालपुर	२,५६१
१७. चकर हरसाही	२,९३१	१८. चौराकोयलपुर	२,८९१
१९. छोडघांस	२,६७६	२०. जनकपुर नगरपञ्चायत	१४,२९४
२१. जदुकुहा	३,३२४	२२. झटियाही	३,१२४
२३. झोली कटंया	२,२०५	२४. ठाडी झिझा	४,०८९
२५. डिगम्बरपुर	२,७९९	२६. डुवरीकोट हाथलेखा	३,७४३
२७. डुवही	३,६१०	२८. ढल्केवार	३,८८१
२९. तल्लो गोदार	३,२११	३०. तारापट्टी सिरसिया	४,२५५
३१. तुल्सीयाही जब्दी	२,८४३	३२. तुल्सीयाही निकास	२,२५२
३३. थिलया	२,१४५	३४. देउरी परवाही	२,३५७
३५. देवदिहा	३,५७२	३६. देवपुर रूपैठा	३,४३६
३७. धनुषा गोविन्दपुर	३,१२२	३८. धनुषा तेजनगर	४,२३०
३९. धनौजी	३,४९६	४०. धवौली	३,६८७
४१. नकटा झिझा	३,७८८	४२. नगरैन	२,४८६
४३. ननुपट्टी	१,९९३	४४. नौवाखोर प्रसाही	२,२६७
४५. पचहर्वा	१,७९९	४६. पडारी	२,५३२
४७. पशुपतिनाथ वनरक्ष	१,९२५	४८. पटेर्वा	१,८९२
४९. पुष्प वल्लभपुर	१,३१२	५०. पौडेश्वर	३,५४३
५१. फुलगाभा	५,११८	५२. वधाचौडा	३,५४३
५३. वहेडा बेला	३,४६६	५४. वलहा गोठ	१,९४१
५५. वलहा कबाल	२,०५०	५६. वलहा साघर	३,७१७
५७. वर्निनिया	२,०९२	५८. वफई	१,५९९
५९. वसाहिया	२,६७६	६०. वतेश्वर	३,२२६
६१. बालवाखर	३,८५५	६२. वासविति	१,१८६
६३. विनिही	२,३२०	६४. विसर मोरा	२,७८७
६५. बेंगाडावर	५,२६८	६६. वेंगा शिवपुर	२,८९६
६७. वोहा भरवा	२,३४५	६८. भरतपुर	४,८७३
६९. भूचशवपुर	४,२८१	७०. भुतही पतेर्वा	२,४४५
७१. माचि झिकंया	४,९९०	७२. महुवा प्रो. को.	२,७३७
७३. महुवा प्र. खे.	२,३८७	७४. मखनाहा	२,४१३
७५. मतही गोविन्दपुर	२,४०४	७६. मानपट्टी भगवानपट्टी	२,०९२
७७. मिथिलेश्वर मौवाही	२,०९६	७८. मिथिलेश्वर निकास	३,२९१

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७९. मुखिया पट्टी	२,८९५	८०. यज्ञभूमि	५,४८३
८१. रघुनाथपुर	५,६१८	८२. राम दैया	३,३७६
८३. लगमा गाठगुठी	२,३५७	८४. लहना गोदारी	३,०९५
८५. लखौरी	१,९४६	८६. लक्ष्मीपुर वगवा	३,५७३
८७. लवटोली	५,८३४	८८. लाकड	२,५१३
८९. सबैला	५,००६	९०. सखुवा	४,५६८
९१. शान्तिपुर	१,८९५	९२. सपही	३,२७५
९३. सतोषर	३,६०४	९४. सिंग्यही भद्राही	२,५८०
९५. सिनुर जोडा	२,९६०	९६. सुग्गा मधुकरही	२,८३०
९७. सुगा निकास	२,०५३	९८. सोहनी मुझलिया	२,८६६
९९. सोनिगामा	३,५८८	१००. हंसपुर	२,६६४
१०१. हडवाडा	२,०६२	१०२. हरिहरपुर	४,१४४
१०३. हरीन	३,२९७	१०४. हौदा मावन	३,०९०

उक्त तालिकामा देखाइएअनुसार यस धनुषा जिल्लामा सबैभन्दा धेरै जनसंख्या भएको पञ्चायत जनकपुर नगर पञ्चायत हो। यहाँको जनसंख्या १४,२९४ छ। त्यस्तै सबैभन्दा कम जनसंख्या १,१८६ भएको पञ्चायत बासविति पञ्चायत हो।

यस जिल्लाको धेरैजसो पञ्चायतहरू २,००० देखि २,९९९ को जनसंख्या समहभिव पर्दछन्।

जनजीवन

आजकलको यो धनुषा जिल्ला धेरै समय पहिले मिथिला राज्य थियो। यहाँका आदिबासीहरूलाई मैथिल भन्दछन्। यिनीहरूको आफ्नै संस्कृति छ, आफ्नै भाषा छ। पुरानो मिथिला राज्य पूर्वमा कोशीदेखि पश्चिममा गण्डकी नदीसम्म, उत्तरमा हिमालयदेखि दक्षिणमा गङ्गासम्म फैलिएको थियो। त्यसैले मैथिलहरू पनि वर्तमान धनुषामा मात्र सीमित नभई ठूलो क्षेत्रमा फैलिएका थिए। अधिराज्यको सुनसरी, मोरङ, सप्तरी, सिराहा, महोत्तरी र सर्लाही जिल्लाहरूमा पनि मैथिल बोल्नेहरूको संख्या प्रशस्त छ। २०२८ सालको जनगणना-अनुसार यस जिल्लामा मैथिल भाषा बोल्नेहरूको संख्या अरू भाषाहरू बोल्नेको संख्याभन्दा धेरै अर्थात् २,८४,७०७ देखाइको छ। मैथिल बाहेक यस जिल्लामा बाहुन, क्षेत्री, नेवार, तामाङ, मगर, कामी, दमै, राई आदि जातिको बस्ती पनि आजकल बढ्दै गइरहेको पाइन्छ। माथि उल्लिखित विभिन्न जातिहरूमा पाइने विभिन्न थरहरू निम्नलिखितअनुसार छन् :—

मैथिल र भूमिहार	झा, मिश्र, ठाकुर, चौधरी, पाठक र सिंह
मैथिल राजपूत	सिंह
कायस्थ	बर्मा, गुप्त, श्रीवास्तव, कर्ण, लाल, दास
यादव	गाइत, चौरवार, चौधरी
नेवार	श्रेष्ठ, प्रधान, मानन्धर, कसाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मगर	दर्लामी, पुलामी, क्यापछाकी, सिंजाली, राना
तामाङ	स्यांदन, योञ्जन, वाईबा, मुक्ताङ

उक्त जातिहरूमध्ये तामाङ, मगर र राईको शारीरिक बनावट केही चेप्टो र नाक केही थेप्चो र बाहुन, क्षेत्री, यादव, सुँडी, तेली, कुर्मी, धानुक, ग्वार, अमात, चमार, डोम, हलखोरा, दुसाध आदिको शारीरिक बनावट साधारण किसिमको छ।

यसरी विभिन्न जातिले बसोबास गरेको यस जिल्लामा दशैं, तिहार, रामनवमी, विवाह पञ्चमी जस्ता चाहाड पर्वहरू सबै जातिले हर्षोल्लासकासाथ मनाउँदछन्। दशैं र तिहार जस्तो राष्ट्रिय पर्वमा त के राई, के मगर, के नेवार, के क्षेत्री, के बाहुन सब आफ्नो आफ्नो औकातअनुसार सकेसम्म राम्रा लुगा र गहनाले सिंगारिएका हुन्छन्। टाढा रहेका नातेदारहरू पनि आफन्तहरू भेट्न यस अवसरमा गाउँ घर आइपुग्दछन्। विभिन्न मन्दिर-हरूमा पूजा गर्नेहरूको घुइँचो लाग्दछ।

यस जिल्लामा बस्ने अर्को एक जाति मारवाडीहरू अक्सर व्यापारमा लाग्दछन्। तेली र सुँडीहरू व्यापार र खेतीमा लागेका छन्। कायस्थ, बाहुन, क्षेत्री र नेवारहरू विशेष गरी जागीर खाने गर्दछन्। मुसहर जातिले माटो काट्ने र कोइरीले तरकारी खेती गर्ने गर्दछन्।

यस जिल्लाका प्रायः धेरैंजसो जातिहरू भाद्र शुक्ल चौथीको दिन चन्द्रमाको पूजा गर्ने गर्दछन्। यसलाई स्थानीय भाषामा "चिरचन पवनी" भन्दछन्। यसै गरी कात्तिक शुक्ल षष्ठीको दिन सूर्यको दर्शन गर्न विभिन्न पोखरी र नदीहरूको किनारमा गई विभिन्न किसिमको नैवेद्य समेत माटोको घडा र हात्ती बनाई सूर्यलाई चढाइन्छ। भोलिपल्ट सूर्य उदाउनुभन्दा अगाडिनै फेरि सोही पोखरी र नदी किनारको साविक ठाउँमा लगी सूर्यलाई अर्पण गरी घर फर्कने गर्दछन्।

यस जिल्लाको सबभन्दा धेरै बस्ती मैथिलहरूको भएकोले तिनीहरूको रहन सहन, चाहाडपर्व, रीति-थितिको बारेमा केही गहिरिएर हेर्न उपयुक्त हुनेछ। यस सम्बन्धमा सुन्दर झाको "मैथिली संस्कृति" नामक अनुसन्धानपूर्ण लेखको आधारमा यस जिल्लाका मैथिलीहरूको जन्मदेखि मरणसम्मका विभिन्न कर्मकाण्ड र चाहाड पर्व आदिको विवरण निम्नलिखित अनुसार छ :—

राजा मिथिद्वारा प्रशासित भएकोले यो राज्यको नाम मिथिला रहन गएको तथ्य ऐतिहासिक पृष्ठ-भूमिको परिच्छेदमै उल्लेख भइसकेको छ। यो राज्य धेरै समय पहिलेदेखि नै हिन्दूहरूको एक पवित्र स्थल मानिएको थियो। यही राज्यमा ठूला ठूला ऋषिमुनिहरू आई तपस्या गरेको पाइन्छ। राजा जनक यहींका राजा थिए। पृथ्वीबाट सीता उत्पन्न हुनु, रामचन्द्रले धनुष तोड्नु र सीतासँग विवाह गर्नु आदि कुराहरूबाट पनि यस कुराको पुष्टि हुन आउँछ।

मिथिला देशका निवासीहरूलाई मैथिल भनिन्छ। यो देशले आध्यात्म विद्याको निमित्त पनि ठूलो ख्याति पाएको थियो। आध्यात्म विद्या नै सबै विद्यामा श्रेष्ठ मानिएको थियो। यहींका राजा जनक समक्ष शुक-देवले आध्यात्म विद्याको परीक्षा दिएकोबाट यो कुराको पुष्टि हुन्छ।

मैथिल जातहरूमा पहिले पहिलेका बाहुनहरू खेती गर्दैनथे। आध्यात्म विद्या अध्ययन तथा प्रसार गर्नु र पुरोहित्याइँ गर्नु नै उनीहरूको मुख्य कर्तव्य थियो। तर पछि केही मैथिल बाहुनहरू खेती गर्नतिर लागे। यसरी यिनीहरू भूमिहार बाहुन बन्न गए। यी दुवैथरी बाहुनहरूको थर प्रायः समान छन्। झा, मिश्र, ठाकुर, चौधरी, पाठक र सिंह नै यिनीहरूका मुख्य थर हुन्। भूमिहार बाहुनमा पाठक र खान थर भएको देखिंदैन। त्यस्तै भूमिहार बाहुनको साधारण थर सिंह हो, कायस्थहरूको बर्मा, गुप्त, श्रीवास्तव, कर्ण, लाल, दास आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुख्य थर हुन्। कायस्थहरू आफूहरूलाई चित्रगुप्तकै वंशधर मान्दछन्। हिसाब किताप गर्नमा यिनीहरूको ख्याति हालसम्म पनि छँदैछ। ब्राह्मण, भूमिहार, राजपूत र कायस्थ लगायत कुर्मी, धानुक पनि उल्लेखनीय जातहरू हुन्। अमात, हजाम, ग्वार, तेली, सुंडी, चमार, डोम, हलखोर, दुसाध आदि पनि मैथिल थरहरू हुन्। यस जिल्लामा बसोबास गरेका मुसलमानहरू पनि मैथिल भाषा नै बोल्ने गर्दछन्।

धोती, कुर्ता र चादर लोग्ने मानिसको र साडी तथा ब्लाउज स्वास्नीमानिसहरूको साधारण पहिरण हो। धोती, मिरजई तथा टोपी लगाउनु मैथिल बाहुनहरूको साविक पहिरन हो। कुमारी र विवाहितालाई कपालमा सिंदूर लाएको र नलाएकोबाट छुट्याउनुको अलावा टाउको छोपेर फरिया लगाएको वा नलगाए-कोबाट पनि छुट्याइन्छ।

अधिराज्यका अरू जातिहरूभन्दा मैथिल बाहुनहरूको विवाह पद्धतिमा केही फरक पाइन्छ। मैथिल बाहुनहरूमा पनि केही स्थानीय फरक देखिन्छ। साधारण किसिमले कुनै पनि मैथिल जातिमा केटीले केटा रोज्ने चलन छैन। खास गरी केटीको अभिभावकले नै केटाको बन्दोबस्त गर्दछन् र सोही केटासँग विवाह सम्पन्न हुन्छ। साधारण अवस्थामा सातपुस्तासम्मका केटा र केटीमा विवाह गराउने प्रथा मैथिलहरूमा छैन। यसरी अभिभावकले दुलाहा खोजी ल्याउने प्रथा भएकोले अभिभावकले गाउँ गाउँ घुमी दुलाहा खोज्ने सम्भव नभएको हुनाले कुनै एउटा खास ठाउँमा दुलाहा र तिनका अभिभावकहरू भेला हुने यिनीहरूमा एक अनौठो चलन छ। साधारणतया शुद्ध लगनको समयमा यस प्रकारको सभा असार महीनामा लाग्दछ। यस सभामा केटीतर्फका अभिभावकहरू गई आफ्नो केटीको निमित्त दुलाहा केटाको शिक्षा, दीक्षा र तिलक सम्बन्धी कुराहरूको तय गर्दछन्। यस सभामा कुरो मिलाउने दलालहरू पनि प्रशस्त पाइन्छन्। यिनीहरूलाई "घटक" पनि भनिन्छ। यसरी दुलाहा रोज्ने काम सिद्धिसकेपछि सात पुस्ताभित्र सम्बन्ध परे नपरेको कुरा त्यहाँ रहेको "पञ्जिका" र हाल अपभ्रंश "पञ्जियार" हरूले जाँची दुवैमा विवाह सम्बन्ध हुन सक्ने भन्ने सिद्धान्त पत्र लेखेर दिइसकेपछि दुलाहालाई दुलहीका अभिभावकहरू आफ्नो घरमा ल्याउँदछन्।

उक्त सबै कुराहरू मिलिसकेपछि शुभ दिनको ठहर गरी दुलाहाकोतर्फबाट जन्ती जान्छ। यस जन्तीमा दुलाहातर्फको सबै आफन्त, इष्टमित्र तथा साथीहरू समावेश हुन्छन्। दुलाहासाथ जन्ती दुलहीको घर पुगेपछि घर आँगनमा भित्रिनुभन्दा अगावै दुलहीका अभिभावक जान्छन्। यस विधिलाई "आज्ञा" भनिन्छ। नेपालीमा यसलाई "वरणी" भन्ने चलन छ। यस पछि दुलाहा आँगनको ढोकामा पुग्नासाथ ब्रह्मचर्याश्रमबाट गार्हस्थाश्रममा प्रवेश गर्न लागेको दुलाहाको प्राणायाम गर्ने शक्तिको जाँचको लागि वैवाहिक विधिसँग अनभिज्ञ दुलाहालाई साली आदि सम्बन्धी पर्ने आइमाईहरूले पानको पातले दुलाहाको नाक थिच्दछन्। यस्ता आइमाईलाई "विधकरी" पनि भन्ने गर्दछन्। यसपछि केही अन्य जातमा जस्तै सजाइएको विवाह मण्डपमा अग्नि, ब्रह्मा आदि देव देवतालाई साक्षीको रूपमा राखी दुलाहाले दुलहीको जीवन निर्वाह गर्ने प्रतिज्ञा गर्दछ। उक्त उत्सवमा उपस्थित सबैले यी नवदम्पतीको जीवन ध्रुवतारा जस्तै अमर होस् भन्ने कामना गर्दछन्। यसपछि गार्हस्थजीवनमा भर्खर प्रवेश गर्न लागेका दुलाहालाई चिनारीस्वरूप काठको "ठक-वक" चिनाइन्छ। त्यसपछि आठजना बाहुनहरूले च्युरा कुटेर देखाउँछन्। यस कार्यलाई "अठोङ" भन्दछन्। मैथिलहरूको परम्पराअनुसार पच्चीस वर्षसम्म ब्रह्मचारी रही आइमाईसँग प्रथम पल्ट हुने सम्पर्कमा उनको ब्रह्म तेज खप्न नसक्ने शङ्काले यो सम्पर्क हुनु तीन दिन अगाडि देखि दुलाहालाई नून खान नदिने, नुहाउन नदिने पनि चलन छ। त्यसपछि चौथो दिनमा दुलाहाले हाथ मुख धोएर स्नान गरी पवित्र भई चतुर्थी कर्म पूरा गरी साधारण दाम्पत्य सूत्रमा आबद्ध हुन्छ। यसरी विवाह सम्पन्न भैसके-पछि केही अन्य जातिहरूमा पाइने चलन जस्तै दुलाहा आफ्नो घर फर्कदैन। ससुरालीतिरको सुविधाअनुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुलाहा महीनौसम्म पनि ससुरालीमा बस्दछ। यसरी बस्दा गाउँभरीका आइमाईहरू आई दुलाहालाई नाना प्रकारले गाली गर्दै गीत गाउने चलन छ।

अधिराज्यका अन्य जातिहरूमा जस्तै मैथिलहरू पनि परलोकमा विश्वास राख्दछन्। यस लोकमा आफूले गरेको सबै कर्मको फल परलोकमा भोग गर्नुपर्दछ भन्ने कुरामा पनि यिनीहरू विश्वास गर्दछन्। जीवनको अन्तिम घडीमा मानिसलाई आफ्नो आगनको तुलसीको मठसँगै उत्तरतिर मुख गरी सुताइन्छ। मृत्यु हुँदा वैतरणी भन्ने भयानक नदी तर्नुपर्छ भन्ने कुरामा पनि यिनीहरू विश्वास राख्दछन्। उक्त वैतरणी नदी गाईको पुच्छर समाती सजिलैसँग तर्न सकिन्छ भन्ने विश्वासले यिनीहरू मर्ने अवस्थामा गाई दान गराउँदछन्। जब मानिस मरिसक्दछ तब शवलाई बाँसको अर्थिमा राखी चारजनाले बोकी मशानमा लगिन्छ र दाह संस्कार गरिन्छ। आगो राख्ने मानिसलाई "कर्ता" भन्दछन्। मूर्दा मसानमा लैजाँदा माटोको भाँडोमा पाँचवटा कौडी राखी दाहिने हातमा र देब्रे हातमा आगो लिई कर्ता अगाडि हिंडिरहेको हुन्छ। ती कौडाहरू मसानमा चारैतिर एक एक वटा र एउटा आकाशतिर फालिन्छ। उत्तरतिर मुख गरी चितामा मूर्दालाई सुताइन्छ। तब कर्ताले मूर्दाको मुखमा आगो राख्छ। अनि मुर्दा जलाई पाँच–पाँच वटा लट्ठी सबैले बल्दो चिताको अर्कोतर्फ घर जाने बटोतिर मुख गरी चितामा फाली हिंड्छन्। त्यसपछि कसैले चितातर्फ फर्की नहेर्ने चलनछ। सुत्केरी आइमाई मर्दा उल्टो फलेको सर्स्यूं छर्दै मसानबाट घर फर्कने चलन छ। मलामीहरूले नुहाइ भिजेको लुगा लगाई तुलसी चौतारोनिर राखी आगो, पानी, फलाम र ढुङ्गाको स्पर्श गर्ने चलन छ। कर्ताले फलामको औंठी लगाउने चलन छ। यो औंठी लगाउँदा मृतक भूत भई दुःख दिन सक्दैन भन्ने विश्वास गरिन्छ।

अधिराज्यका अन्य जातिमा जस्तै मैथिलहरू पनि भूत प्रेतमा विश्वास राख्दछन्।

सांस्कृतिक विशेषता

यस जिल्लाका विभिन्न जातिका बासिन्दाहरू आफ्ना आफ्ना परम्पराअनुसार विभिन्न चाहाड पर्व मनाउने गर्दछन्। दशैं, तिहार जस्तो राष्ट्रिय चाहाड पनि धूमधामसँग मनाउँदछन्। त्यस्तै यस जिल्लामा विशेष रूपले मनाइने राम नवमी, विवाह पञ्चमी र परिक्रमा जस्ता पर्वहरू धूमधामसँग मनाइन्छन्। यिनीहरूको विवरण छोटकरीमा निम्नलिखितअनुसार छ :–

रामनवमी: यो मेला यस जिल्लाको मुख्य मेलाहरूमध्ये एक हो। यो चैत सुदि नवमी तिथिमा लाग्दछ। यो दिन रामचन्द्रको जन्मोत्सव मनाउन नेपाल तथा भारतका विभिन्न भागबाट हजारौं यात्रीहरू यहाँ भेला हुन्छन्। यस अवसरमा लागेको मेला पूर्णिमासम्म चल्दछ। यस मेलामा पहाडतिरबाट आउने यात्रीहरू सुन्तला, नेपाली कागत, अनेक प्रकारका जरीबूटीहरू बिक्री गर्न ल्याउँदछन्। यसरी पहाडतिरबाट आउनेहरूको ठूलो संख्या यहाँ एक रूख (गाछी) मुनि बस्दथे। यसै गाछीलाई पहाडिया गाछी भन्दछन्। त्यस्तै यस मेलामा आउने मैथिल ब्राह्मणहरू पनि यहाँको एउटा रूख मुनि बस्ने गर्दथे। यस रूखलाई "तिरहुँतिया गाछी" भन्दछन्। यो पवित्र दिनमा रत्न सागरमा स्नान गर्नाले विशेष पुण्य पाइन्छ भन्ने विश्वास गरिन्छ।

जानकीनवमी: यो पर्व वैशाख शुक्ल पक्ष नवमीको दिन मनाइन्छ। धेरै समय पहिले राजा जनकको शासनकालमा ठूलो अकाल पऱ्यो। राजा प्रजा दुवै व्याकुल भए। यसै अवसरमा राजा जनकले "बाराह" नामक यज्ञ गरे। यज्ञ सकिएपछि राजा जनक आफैंले सुनको हलो जोते र त्यही बेला पृथ्वीबाट सीता निस्किन् भन्ने किम्वदन्ति छ। त्यही बेलादेखि यो दिन जानकीको जन्मोत्सवको रूपमा मनाइन्छ। यस दिन यहाँको जानकी मन्दिरमा विशेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपले पूजा गरिन्छ ।

विवाह पञ्चमी: यस महान् पर्वमा राम मन्दिर र जानकी मन्दिरलाई विशेषरूपले सिंगारिन्छ । यो दिन यहाँ ठूलो मेला लाग्दछ। यो पर्व मनाउन हजारौं यात्रुहरू टाढा टाढाबाट आई भेला हुन्छन्। दिउँसो विवाहोत्सव मनाउन राम तथा सीता दुवैलाई रङ्गभूमिमा ल्याइन्छ। यसरी रङ्गभूमिमा ल्याइँदा हजारौं नरनारीको भीड जम्मा हुन्छन् ।

झुला: यो समारोह श्रावण प्रतिपदादेखि पूर्णिमासम्म मनाइन्छ। यो उत्सव जनकपुरको प्रायः सबै कुटीमा मनाइन्छ। तर गङ्गा सागरको पश्चिमको झुलन घर, जानकी मन्दिर, विहार कुण्ड तथा रत्न सागरमा विशेषरूपले मनाइन्छ । पूर्णिमाको दिन पुण्य सागरहरूमा स्नान गरी राम जानकीको दर्शन गरी मानिसहरू घर फर्कन्छन् ।

परिक्रमा: यो परिक्रमा फागुन सुदि प्रतिपदादेखि शुरू भई पूर्णिमाको दिन सकिन्छ। यस परिक्रमा जनकपुरबाट शुरू भई हनुमान् नगर, कल्याणेश्वर, मटीहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनपुर, पर्वता र धनुषा हुँदै फेरि जनकपुर पुगी समाप्त हुन्छ। यो परिक्रमा १५ दिनसम्म चल्छ। पूर्णिमाको दिन पञ्चकोशी परिक्रमा भनी जनकपुर मात्र परिक्रमा पनि गरिन्छ। यो परिक्रमा गर्दा मानिसहरू पैदल नै हिंड्दछन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

यस जिल्लाको मुख्य आर्थिक आधार कृषि हो । महेन्द्र राजमार्गको यस क्षेत्रबाट जाने भाग चालू अवस्थामा भएकोले यस जिल्लाबाट आजकल विराटनगर, धरान, काठमाडौं, वीरगञ्ज आदि अधिराज्यका व्यापारिक केन्द्रहरूमा पुग्न सकिने भएको र जनकपुर चुरोट कारखाना तथा अरू स-साना चामल, तेल आदिका मिलहरूको स्थापना भएकोले व्यापार तथा उद्योग व्यवसायमा लाग्ने मानिसहरूको संख्या बढ्दै छ । तर कृषि बाहेक अन्य व्यवसायबाट जीवन निर्वाह गर्ने मानिसहरूको संख्या ज्यादै कम छ ।

कृषि

प्राकृतिक स्वरूप र सम्पदा अन्तर्गत उल्लेख भएअनुसार यस जिल्लाको नदीनाला, पोखरी, घर, सडक तथा केही जङ्गलले ढाकेको भाग बाहेक अरू भागमा खाद्यान्नमा धान, गहुँ, मकै, कोदो, जौ, आलु, दलहन र नगदे बालीमा तेलहन, सुर्ती, उखु आदिको खेती गरिन्छ । २०२८ को कृषि तथ्याङ्कअनुसार यस जिल्लामा करीब ७९,७१२ हेक्टर जमीनमा खेती गरिएको छ । यसमध्ये करीब ७४,७०४ हेक्टर जमीनमा खाद्यान्नको खेती, ४,३०९ हेक्टरमा नगदे बाली र ७०० हेक्टरमा अन्य खेती गरिन्छ ।

यस जिल्लामा पाखो जमीन छैन । वर्षभरी हुने बालीमा धान चैत, जेठ, असार र साउनमा लगाई भदौ, असोज, कात्तिक र मंसीरमा काटिन्छ भने मकै चत, वैशाख र पुसमा लगाई साउन, भदौ र चैतमा काटिन्छ। जौ र गहुँ कात्तिक, मंसीर र पुसमा लगाई चैत र वैशाखमा काटिन्छ । त्यस्तै तेलहन र दलहन कात्तिकमा लगाई पुस र चैतमा काट्ने गर्दछन् ।

कृषि व्यवसायमा लागेका कोइरी जातिका मानिसहरू आफ्नो जग्गामा विभिन्न किसिमका सागसब्जी लगाई बढी फाइदा गर्ने गर्दछन् । यी जातिका मानिसहरूले आफ्नो खेतमा सालभरी नै केही न केही रोपेका हुन्छन्। यिनीहरू आफ्नो परिवारको धेरै समय खेतीमै लगाउदछन् । वि. सं. २०२८ सालको कृषि तथ्याङ्कअनुसार यस जिल्लाको प्रमुख बालीहरूले ढाकेको क्षेत्र निम्न अनुसार देखाइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख बालीहरूले ढाकेको क्षेत्र (हेक्टरमा)

आर्थिक वर्ष	२०२४।२५	२०२५।२६	२०२६।२७	२०२७।२८	२०२८।२९	२०२९।३०
प्रमुख बाली						
धान	५९,५००	५९,५००	५९,७००	६०,०००	५९,८००	५५,३००
मकै	६,३००	६,४००	६,५००	६,६००	६,५००	७,०७९
गहुँ	५,०००	५,०००	५,५००	५,७००	६,५००	१०,०००
कोदो	१,८००	१,९००	१,९००	२,०००	–	२,०००
जौ	३२५	३२५	३५०	३६०	–	३२५
खाद्यान्न क्षेत्र	७२,६२५	७३,१२५	७३,९५०	७४,६६०	७२,८००	७४,७०४
नगदे बाली						
सुर्ती	२,१००	२,१४०	२,१५०	२,१८०	–	२,१८५
तोरी	२,३००	२,४००	२,४००	२,४५०	–	२,०००
सनपाट	४२	५०	५५	६०	–	६९
उखु	३०	४०	५०	५०	–	५५
नगदे बालीको क्षेत्र	४,४७२	४,६३०	४,६५५	४,७४०		४,३०९
आलु	५००	५२०	६००	६८०	–	७००
जम्मा बाली क्षेत्र	७७,५९७	७८,२७५	७९,२०५	८०,०८०		७९,७१३

कृषि उत्पादनको तालिका (मेट्रिक टनमा)

आर्थिक वर्ष	२०२४।२५	२०२५।२६	२०२६।२७	२०२७।२८	२०२८।२९	२०२९।३०
प्रमुख बाली						
धान	१,०२,३४०	१,०४,१२५	१,०५,०७२	१,०८,०००	१,११,२२८	८२,५६३
मकै	७,०५६	७,०४०	७,५४०	७,९२०	७,८००	११,३१३
गहुँ	३,६००	४,०००	४,१२५	३,१३५	३,७०५	१५,०००
कोदो	१,३५०	१,२२०	१,५२०	१,६००	–	१,६००
जौ	२३७	२३७	२६२	२७०	–	२४४
खाद्यान्न उत्पादन	१,१४,५८३	१,१६,६२२	१,१८,५१९	१,२०,९२५		१,१०,७२०
नगदे बाली						
सुर्ती	१,६६९	१,७१२	१,७३१	१,७५५	–	१,७५९
तोरी	८९७	८६४	९८४	८०८	–	९००
सनपाट	३४	४०	४६	५०	–	७५
उखु	४८०	६४०	८२५	८५०	–	९३५
नगदे बालीको उत्पादन	३,०८०	३,२५६	३,५८६	३,४६२	–	३,५६९
आलु	३,४००	३,५३६	४,०५०	४,३८६	–	४,७६०
जम्मा बाली उत्पादन	१,२१,०६३	१,२३,४१४	१,२६,१५५	१,२८,७७४		१,१९,०४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उल्लिखित विभिन्न बालीले ढाकेको क्षेत्र र उत्पादनको तालिका हेर्दा २०२४।०२५ सालदेखि हरेक किसिमको बालीको उत्पादनमा र यसले ढाकेको क्षेत्रमा वृद्धि भएको देखिन्छ । २०२९।०३० को आर्थिक वर्षमा खाद्यान्नको उत्पादन र यसले ढाकेको क्षेत्र निकै घट्न गएको उक्त तालिकाबाट देखिन्छ । त्यसपछिका वर्षहरूमा यस जिल्लाको उत्तरी क्षेत्रमा जङ्गल फाँड्दै नयाँ जमीन आबाद गरेकोले बालीको उत्पादन र क्षेत्र दुबै वृद्धि हुँदै गएको देखिन्छ ।

यस जिल्लामा विभिन्न बालीको सालाखाला उत्पादन निम्नअनुसार हुन्छः–

बाली	उत्पादन
धान	१.८ मे. ट. प्रति हेक्टर
गहुँ	२.४ मे. ट. प्रति हेक्टर
मकै	१.२ मे. ट. प्रति हेक्टर
कोदो	.७ मे. ट. प्रति हेक्टर
जौ	.७ मे. ट. प्रति हेक्टर
आलु	६.५ मे. ट. प्रति हेक्टर
तेलहन	.३ मे. ट. प्रति हेक्टर
दलहन	.५ मे. ट. प्रति हेक्टर

यस जिल्लाको कृषिमा रासायनिक मलको प्रयोग आजकल बढ्दै गएको देखिन्छ । जम्मा आवश्यक मलको करीब १० प्रतिशतमात्र गोबर कम्पोष्ट मलको प्रयोग भएको अनुमान छ । धान, मकै, गहुँ र सुर्तीमा करीब १० हजार टन रासायनिक मलको सालाना प्रयोग भएको अनुमान छ ।

यस जिल्लामा खेतीमा लाग्ने मजदूर उपलब्ध गर्दा एकले अर्कोलाई मद्दत गर्ने तरीकाबाट गरिन्छ। आफ्नो खेतीमा यसरी लगाएको मजदूरी आफूले पनि काम गरी तिरिन्छ । यसरी आपसमा मिली काम गर्ने प्रथालाई स्थानीय भाषामा "पंचार" भनिन्छ । कुनै बेला ज्यालामा काम गराउनु पर्दा छ बजेदेखि दिनको १२ बजेसम्म काम गराएको मजदूरलाई तीन सेर धान र खाजा दिइन्छ । बिहान छ बजेदेखि बेलुकी छ बजेसम्म कामगराएको मजदूरलाई सबेरैको खाजा, दिनको खाना र चार सेर धान समेत ज्याला दिने चलन छ ।

कृषकहरू अक्सर गरी स्थानीय हलो, कोदाली, हँसिया, खुर्पी आदिको प्रयोग गर्दछन् । करीब ७,५८० कृषकहरूले ट्रयाक्टर, कल्टिभेटर, पम्प आदिको प्रयोग गरेको देखिन्छ ।

यस जिल्लामा खासगरी ६.८ हेक्टर (१० बिघा) भन्दा बढी जग्गा भएका कृषकहरूले आफ्नो उत्पादनको केही भाग समय समयमा बिक्री गर्ने गर्दछन् । धानको बिक्री माघमा, गहुँ बैशाख र जेठमा, मकै असोज, कात्तिकमा र केही नगदे बालीहरू जस्तै सुर्ती माघ-फागुनमा, उखु र त्यसबाट बनाइएको सक्खर कात्तिक र मंसीरमा, सस्यूँ पुसमा र तेलहन फागुन-चैतमा बिक्री गरिन्छ । यस किसिमको बिक्रीको खास केन्द्र जनकपुर सखुवा, सबैला, जदुकुहा आदि बजारहरू हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि तथ्याङ्कअनुसार यस जिल्लामा करीब ८०,००० हेक्टर जमीन आवादी छ। यो आवादी जमीन जिल्लाको जम्मा क्षेत्रफलको करीब ६७ प्रतिशत हुन्छ। यहाँ ६४,४५४ परिवार भएकोले यहाँको आवादी जमीन १.२ हेक्टर प्रति परिवार पर्न आउँछ।

यस जिल्लामा जम्मा जग्गाधनीको संख्या ६६,०१० र जम्मा मोहीको संख्या २०,८३६ छ। अनिवार्य बचतको हकमा यस जिल्लाका किसानहरूसँग आर्थिक वर्ष २०२२।२३ देखि आर्थिक वर्ष २०३०।०३१ मंसीर मसान्तसम्ममा वचत नगदीमा रू. ९,४६,०५७। र जिन्सीमा १,१३,८५६।१३।९ मन असूल गरिसकेको र साल सालमा असूली भएको बचतमध्ये ग्राम समिति र कार्यालयबाट समेत गरी जम्मा जिन्सीमा१,८६,१३१।१०।१मन र नगदीमा रू. ७,१६,७१८। ऋण लगानी भएको छ। भूमि सुधार कार्यालयबाट २०,८२० मोहीहरूलाई अस्थायी जोताहा निस्सा वितरण भएको छ। यसमध्ये १२,४७६ मोहीहरूलाई मोहीयानी हकको स्थायी प्रमाण-पत्र वितरण भइसकेको छ। भूमिसुधार कार्यालयबाट रू. २०,२६,४४० को ऋण निश्चित गरेको मध्ये ऋणीले साहूलाई तिर्नु नपर्ने रकम ८,९९,१९८। तोकिएको छ। यस बाहेक यो जिल्लामा अनिवार्य बचत सङ्कलन गर्ने, ग्राम समिति गठन गर्ने, कूत निश्चित गर्ने आदि कामहरू पनि भएका छन्।

पशु पालन

यस जिल्लामा खासगरी गाई, भैंसी, बाख्रा, कुखुरा बंगुर आदि पशुहरू पालिन्छन्। यी पशुहरू दूध,घ्यू र मासुको निमित्त मात्र पाल्ने नभइ खेतीको निमित्त मल प्राप्त गर्ने उद्देश्यले पनि पालिन्छन्। आजकल प्रयोग गरिने विभिन्न किसिमका रासायनिक मलहरू आउनुभन्दा पहिले गाई, भैंसीको गोवर, भेडा, बाख्राको जुत्तो र अरू सडेगलेका बस्तुहरू नै खेतमा मलको रूपमा प्रयोग हुन्थ्यो। यो जिल्ला कृषि-प्रधान भएकोले हरेक कृषक परिवारको घरमा केही संख्यामा पशुहरू पालिएको पाइन्छ। यिनै गाई, भैंसीबाट प्राप्त हुने दूधबाट दही, घ्यू आदि बनाई र आफूलाई बढ्ता भएको बाच्छो, बाच्छी, बोका, कुखुरा आदि बजारमा विक्री गरी कृषकहरू केही पैसा जम्मा गर्दछन्।

पशु चिकित्सालय

यस जिल्लामा २०१८ सालदेखि नै पशु-चिकित्सालयको स्थापना भएको थियो। त्यसै बखतदेखि यस चिकित्सालयले पशु-पक्षीमा लाग्ने विभिन्न रोगको उपचार गर्नुको साथै कृत्रिम गर्भाधान जस्तो कार्यहरू गर्दै आएकोछ। उपचार गराइएका पशु-पक्षीमा भैंसी, गाई, हात्ती, कुकुर, बाख्रा र कुखुरा मुख्य छन्। आर्थिक वर्ष २०२९।३० मा यहाँको पशु चिकित्सालयबाट ९,४८४ पशु-पक्षीको उपचार गरियो। यसको अलावा भ्याक्सिनेसन ३१,२२७ र कृत्रिम गर्भाधान ३९ पनि यस चिकित्सालयबाट गरिएको थियो। यस चिकित्सालय मार्फत पशु-पक्षीहरूमा कुनै पनि ठाउँमा गोंगोटी, रानिखेत, भ्यागुते जस्ता संक्रामक रोग लागेको खबर आउनासाथ त्यस्ता क्षेत्रमा टोलीहरू पठाई भ्याक्सिनेसन दिने कार्य पनि सञ्चालन गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फलफूल खेती

यस जिल्लामा विभिन्न प्रकारका फलफूल पाइन्छन् । पहिले यस जिल्लामा आँप, अम्बा, केरा, भूईंकटहर, लिची आदिको कलमी भारत र परवानिपुरबाट झिकाई बिक्री वितरण हुने गरेको थियो । २०२६ सालदेखि जनकपुर बागबानी केन्द्रबाट उक्त कलमीहरू वितरण हुने गरेको छ । विभिन्न फलफूलहरूमध्ये आँप, केरा, अम्बा, भूईंकटहरहरूको धेरै माग भएको देखिन्छ । आर्थिक वर्ष २०३१।३२ को बजेटमा फलफूलको बिरुवा, तरकारी र आलु उत्पादनको निमित्त रू. ९७,०००। को व्यवस्था गरिएको छ ।

कृषि विकास

कृषि विकासको सिलसिलामा यस जिल्लाको कृषि विकास कार्यालय मार्फत विभिन्न इकाइहरू स्थापना गरिएका छन् । प्रभावकारी ढङ्गबाट कृषि उत्पादनमा वृद्धि गर्नु यसको मुख्य लक्ष्य हो । कुनै खास किसिमको खेतमा बाली उत्पादन कसरी बढाउन सकिन्छ, मल जल तथा कीटनाशक औषधि कसरी प्रयोग गर्ने आदि कुराहरूको व्यावहारिक ज्ञान कृषकहरूलाई दिने व्यवस्था यस कार्यालयले गर्दछ ।

कृषि विकासको निमित्त विभिन्नप्रकारका प्रसार कार्यहरूमध्ये मुख्य मुख्य तरीका निम्नलिखित अनुसार छन्:-

नतीजा प्रदर्शनी: यो प्रदर्शन कृषकहरूलाई कृषि अनुसन्धानबाट प्राप्त भइसकेका नतीजाहरू बोध गराउन गरिन्छ । नतीजा प्रदर्शनी हाल धान बाली, गहुँ बाली, तरकारी बाली, मकै खेती तथा माछा पालनतर्फ गरिन्छ । यस प्रकारको प्रदर्शन कृषकहरूकै खेत पोखरी नजीकमा गरिन्छ । यो तरीका जिल्लामा सबैभन्दा प्रभावकारी तरीका मानिएको छ । कुनै पनि नयाँ बिउको जात शुरू गर्नु अघि कृषक कहाँ त्यो प्रदर्शन गरिन्छ ।

तरीका प्रदर्शनी: यस प्रदर्शनीमा कृषकहरूलाई व्यावहारिक हुने नयाँ शीपहरू सिकाइन्छ । यसमा कुनै पनि प्राविधिक कार्य कसरी गर्ने भनी प्रविधिज्ञहरूले कृषकहरूकै अगाडि काम गरेर सिकाइन्छ ।

अगुवा तालीम: कुनै पनि बालीको काम गर्नु अघि त्यस सम्बन्धमा प्राविधिक ज्ञानको नितान्त आवश्यकता हुन्छ । धान, गहुँ र मकैको बाली लगाउनभन्दा एक महीना अघि सो सम्बन्धमा सहयोग गरी कृषकहरूलाई सो विषय सम्बन्धी व्यावहारिक र सैद्धान्तिक ज्ञान दिइन्छ ।

कृषक दिवस र क्षेत्र भ्रमण: कृषकहरूलाई विभिन्न ठाउँका खेतमा मौसमअनुसारको बालीमा भेला गराई भ्रमण गराइन्छ । यसले गर्दा उनीहरूलाई हाल आफूले अपनाइ आएको पद्धतिमा सुधार गर्ने मौका मिल्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि विकास सम्बन्धी उक्त कार्यहरूमा यहाँका कृषकहरूले निकै अभिरुचि लिएको देखिन्छ। कृषकहरू उन्नत कृषि पद्धति अपनाउनका साथै तत्सम्बन्धी प्राविधिक ज्ञानको निमित्त यस कार्यालयमा सम्पर्क बढाउँदै छन्।

यस जिल्लामा कृषि विकास सम्बन्धी निम्नलिखित आयोजनाहरू सञ्चालन भइरहेका छन्:

जनकपुर कृषि फार्मः यस फार्ममा धान, गहुँ, मकै तथा घाँसको परीक्षण कार्यहुन्छ। यही कार्यालयबाट उक्त खाद्यान्नको परीक्षण गर्ने काम पनि गरिएको छ। यसबाट कुन कुन माटो र हावापानी भएको क्षेत्रमा कुन कुन अन्न राम्रो फल्छ भन्ने ज्ञान कृषकहरूलाई दिइन्छ। यसको निमित्त आर्थिक वर्ष २०३१।०३२ मा रू. ३,५६,०००। को व्यवस्था भएको थियो।

जनकपुर बागबानी केन्द्रः यस केन्द्रबाट अनेक थरीका फलफूलका बोटहरू र तरकारीका बिरुवाहरू कृषकहरूलाई सस्तो मोलमा बिक्री वितरण गर्नुकासाथै विभिन्न किसिमका फलफूल र तरकारी तथा आलु उत्पादन सम्बन्धी प्राविधिक सल्लाह पनि दिइन्छ। यस कामको निमित्त २०३१।०३२ मा रू. ९७,०००। को व्यवस्था भएको थियो।

हर्दिनाथ कृषि फार्मः यस फार्ममा धान, गहुँ, मकै र अरू विभिन्न जातका फलफूल र तरकारीको परीक्षण र बीज वृद्धि सम्बन्धी काम गरिन्छ।

जनकपुर मत्स्य विकास केन्द्रः यस केन्द्रमा इजरायली, जर्मन र ग्रास कार्प जातका माछाहरूका भुरा तैयार गरी जिल्लाका कृषकहरूलाई बिक्री वितरण गर्ने काम गरिन्छ। कृषकहरूलाई माछापालन सम्बन्धी प्राविधिक सल्लाह पनि दिइन्छ। यसको निमित्त आर्थिक वर्ष २०३१।०३२ मा रू. ३,००,०००। को व्यवस्था भएको थियो।

डिसेम्बर ६, १९७३ मा प्रकाशित एफ. ए. ओ. को प्रतिवेदनअनुसार यस धनुषा र महोत्तरी जिल्लामा करीब १,५०० पोखरीहरू छन् जसको जम्मा सतह करीब १,६५० हेक्टर छ। उक्त प्रतिवेदनअनुसार यहाँका पोखरीहरूमा निम्नलिखितअनुसार माछा राख्न सकिन्छः—

कमन कार्प	२,०००	३,००० प्रति हेक्टर
सिल्चर कार्प	१,०००	२,००० प्रति हेक्टर
विगहेड कार्प	२००	५०० प्रति हेक्टर
ग्रास कार्प	५००	१,००० प्रति हेक्टर
इण्डियन मेजर कार्प	५००	१,००० प्रति हेक्टर

वेदचापी सुर्ती फार्मः यस फार्ममा सुर्ती सम्बन्धी परीक्षण गरी राम्रो जात र बढी फाइदा हुने जातको सुर्तीको खेती गर्न सिफारिश गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनकपुर कृषि विकास योजनाः यस योजनामा धान, मकै गहुँ र फलफूलको खेती सम्बन्धी जापानी विशेषज्ञहरूले अध्ययन गरिरहेका छन्। उनीहरूले यसरी प्राप्त गरेको ज्ञान कृषकसम्म पुऱ्याइन्छ।

यस जिल्लामा कृषि खरीद बिक्री संस्थानको तर्फबाट २०२९।०३० मा बीज बीजन ८९.६ टन, कृषि औजार ३०,०००। रूपैयाँको, कीटनाशक औषधि २१,०००। रूपैयाँको, रासायनिक मल १,२२७ टन बिक्री वितरण गरिएको थियो।

सिचाइ

यस जिल्लाका उल्लेखनीय सिचाइ योजना निम्नअनुसार छन्:—

हर्दिनाथ सिंचाइ योजनाः यस सिचाइ योजनाको केन्द्र महेन्द्रनगरदेखि छ किलोमिटर पूर्व हारसर भन्ने ठाउँमा छ। यसको हेड वर्क साइट यहीं भएकोले ब्यारेजको निर्माण पनि यहीं नै भएको छ। यस योजनाका दुई मूल नहर र तिनका लम्बाइ र क्षमता निम्नबमोजिम छन्:—

नाम र स्थान	लम्बाइ	क्षमता र सिचाइ हुने महीना
हर्दिनाथ दायाँ मूल नहर, हारसर	५.६ किलोमिटर	४,००० हेक्टर, जेठदेखि असोजसम्म
हर्दिनाथ बायाँ मूल नहर, हारसर	१०.४ किलोमिटर	२,००० हेक्टर माघदेखि चैतसम्म

कमला सिंचाइ योजनाः यस योजनाको हेड वर्क साइट पोर्ताहामा छ। यस योजनाको प्रारम्भ २०१७ सालमा भएको थियो। पश्चिमी मूल नहर र त्यसबाट परवाहा ब्राञ्च नहर, महीनाथ ब्राञ्च नहर एवं खजुरी ब्राञ्च नहर तयार भइसकेपछि केही कारणवश हेड वर्क र पूर्वी मूल नहरको काम बन्द भएको थियो। आर्थिक वर्ष २०३०।३१ देखि यो योजना पुनः चालू गरी २०३४।०३५ मा पूरा गर्ने लक्ष्य राखिएको छ। यसप्रकार यस योजनाबाट पश्चिम नहर ८०.५ किलोमिटर अर्थात् ५० माइल (धनुषा जिल्लामा) र पूर्वी नहर ८०.५ किलोमिटर अर्थात् ५० माइल (सिरहा जिल्लामा) तयार गरी प्रत्येकमा १,२५० हेक्टरको हिसाबले जम्मा ५२,०० हेक्टर भूमिमा सिचाइ गर्ने लक्ष्य छ। हेडवर्कको काम हालसम्म पनि हुन नसकेकोले पश्चिमी नहर पूरा भइसकेर पनि यसबाट सिचाइको काम हुन सकेको छैन। यस योजनाको निमित्त २०३१।०३२ मा रू. ५२,००,००० को व्यवस्था गरिएको थियो।

ट्यूबवेल फील्ड च्यानल, घोडघासः यसको लम्बाइ १,५२४ मिटर (५,००० फीट) को छ। यसबाट ४० हेक्टर (१०० एकड) भूमि सिचाइ हुन सक्छ।

कृषि ऋण

केही वर्ष पहिलेसम्म कृषकहरूलाई आवश्यक कृषि ऋणको स्रोत साहू महाजन मात्र थिए। यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि-प्रधान जिल्लामा साना-साना कृषकहरूको संख्या ज्यादा छ। त्यसैले यहाँ कृषि ऋणको ज्यादै आवश्यकता छ। माथि उल्लेख भएका कृषि ऋणका स्रोतहरूमा केही वर्ष अगाडि कृषि विकास बैंक र भूमि सुधार बचत संस्थान छुट्टै भइरहेकोमा हालबचत संस्थान पनि कृषि विकास बैंकमा गाभिएकोले कृषि विकास बैंकद्वारा नै सबै किसिमको ऋण उपलब्ध गराइन्छ। यसरी दिइएको ऋणहरूको व्याज दर उत्पादन ऋणमा १० प्रतिशत, ट्रैक्टर किन्नमा नौ प्रतिशत र सिचाइ तथा माछापालनमा ७.५ प्रतिशत कायम गरिएको छ। आजकल कृषि विकास बैंकले गोदाम घर निर्माण गर्न, मिल स्थापना गर्न, ट्रैक्टर र पम्पसेट किन्न, माछा, भैंसी, कुखरा आदि पाल्न, मल बीउ तथा कीटनाशक औषधिहरू किन्न करीब १,८०० कृषकहरूलाई निम्नलिखितअनुसार ऋण प्रदान गरेको छः–

आर्थिक वर्ष	प्रदान गरेको ऋण	असूली
२०२७।०२८	७,८०,७३७।	४,६३,५००।
२०२८।०२९	३०,३१,७१२।	१९,०६,५३९।
२०२९।०३०	३८,०५,१५५।	३२,८२,७०२।

अरू जिल्लामा जस्तै यस जिल्लामा पनि कृषि विकास बैंकबाट सञ्चालित सहकारी संस्था छ। यस सहकारी संस्था मुख्य काम कृषि खरीद विक्री संस्थानको डीलर बनी जिल्लाका सहकारी संस्था तथा कृषि विकास बैंकका व्यक्तिगत डिलरहरूलाई सामान उपलब्ध गराउनको साथै साल्ट ट्रेडिङबाट उपलब्ध हुने चिनीको कारोबार गर्नु र सहकारी संस्थाहरूको निरीक्षण गर्नु हो। हाल यस संस्थाको सेयर पूँजी रू. १३,१३२। छ।

उद्योग

धेरै समय पहिले यस जिल्लामा असंगठितरूपबाट सञ्चालित घरेलु उद्योगहरूमध्ये माटोको भाँडा, बाँसको चोयाको डाला, नाङ्लो, काठको ढिकी, ओखल, हलो, झ्याल, ढोका तथा छालाको जुत्ताहरू धेरैजसो गाउँका मानिसहरू खेतीबाट बचेको समयमा घरैमा तयार गर्ने गर्दथे। यी सामानहरूको खपत स्थानीय बजारमै हुन्थ्यो। यसरी नै यस जिल्लामा औद्योगिक इतिहासको शुरू भएको पाइन्छ। द्वितीय विश्वयुद्ध पछि यस जिल्लाको सदरमुकाम जनकपुरधाममा ठूल-ठूला दुइवटा चामल मिल, एक तेल मिल र एक तेल सफा गर्ने कारखानाको स्थापना भयो। २०१७ सालपछि साबुन कारखाना, तेल कारखाना र पाउरोटी तथा बिस्कुट बनाउने बेकरी जस्ता साना-साना उद्योगहरूको स्थापना भयो र २०२१ सालदेखि नेपालको चुरोट कारखानाहरूमध्ये सबभन्दा ठूलो जनकपुर चुरोट कारखानाले उत्पादन शुरू गर्‍यो। १९९२ सालमा नेपाल-जयनगर रेल्वेको स्थापना भएको र २०२९ सालमा महेन्द्र राजमार्गको यस क्षेत्रको भाग आवागमनको निमित्त खुलेकोले माल सामानको निकासी-पैठारी तथा मानिसहरूको आवत-जावत सजिलो भई जनकपुरधामको द्रुततर गतिमा विकास हुन गयो भने जनकपुर चुरोट कारखानाको स्थापनाले यहाँको आर्थिक गतिविधिमा ठूलो परिवर्तन ल्याइदिएको छ।

यस जिल्लामा विभिन्न किसिमका वस्तुहरू उत्पादन गर्ने कारखानाहरूको संख्या निम्नअनुसार छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किसिम	संख्या
चुरोट कारखाना	१
बिंडी कारखाना	२९
ईंटा चिम्नी भट्टा	११
चामल र तेल मिलहरू	२५९

उक्त विभिन्न कारखानाहरूलाई आवश्यक पर्ने शक्ति यस जिल्लामा २०२८ सालमा स्थापित विद्युत् केन्द्रबाट प्राप्त भइरहेको छ। विद्युत् शक्ति प्रयोग गर्ने औद्योगिक प्रतिष्ठानहरू निम्नलिखितअनुसार छन्:–

औद्योगिक प्रतिष्ठान	संख्या	जम्मा किलोवाट
चामल तथा तेल मिल	१३	१०८
चुरोट कारखाना	१	२००
इञ्जिनीयरिङ वर्क	४	३०
अन्य	८	२०

उक्त चामल तथा तेल मिलको हकमा यसै जिल्लामा उत्पादन भएको धानबाट चामल र तोरी, सस्यूँ र आलसबाट तेल उत्पादन गरिन्छ। त्यस्तै विभिन्न बिंडी कारखानालाई चाहिने सुर्ती स्थानीय उत्पादनबाटै पर्याप्त मात्रामा पुग्दछ। यसरी स्वदेशी कच्चा वस्तुबाट उत्पादित सामानहरू स्थानीय बजारमै खपत भइरहेको छ। केही मात्रामा यस जिल्लाको चामल भारततर्फ र उत्तरी जिल्लाहरूमा निकासी हुन्छ।

जनकपुर चुरोट कारखाना

यस जिल्लाको सबैभन्दा ठूलो कारखाना जनकपुर चुरोट कारखाना हो। यस चुरोट कारखानामा २०२१ देखि उत्पादन शुरू गरियो। आजकल यस कारखानामा जम्मा ९०५ कर्मचारीहरू काम गर्दै छन् जसमध्ये स्थायी कर्मचारी ५६५, दैनिक ज्यालादारी स्थायी प्रकृतिका कर्मचारी १५९ र अस्थायी प्रकृतिका १८१ छन्। यस कारखानाबाट वार्षिक करीब दुई अरब खिल्ली चुरोट उत्पादन हुन्छ। २०२९ सालमा विभिन्न स्तरका जम्मा २,१३,०५,९७,००० खिल्ली चुरोट उत्पादन गरियो। आयात हुने वस्तु उत्पादन गर्ने उद्योगहरूमध्ये चुरोट पनि एक महत्वपूर्ण उद्योग भएकोले सरकारी क्षेत्रमा स्थापना भई चालू रहेको जनकपुर चुरोट कारखानाको हालको उत्पादन क्षमता प्रति वर्ष दुई अरब खिल्लीबाट वृद्धि गरी २०३१।०३२ मा तीन अरब खिल्ली पुऱ्याउने लक्ष्य राखिएको थियो। यसरी उत्पादन भएको चुरोट अधिराज्यका विभिन्न बजारहरूमा खपत हुन्छ।

यस कारखानाले एकातिर प्रतिवर्ष विदेशबाट आयात गरिने चुरोटको परिमाण घटाई उत्पादन बढाउने लक्ष्यराखेको छ भने अर्कोतिर कारखानालाई आवश्यक सुर्ती स्वदेशमै उत्पादन गराउन किसानहरूलाई प्रोत्साहन दिलाउने लक्ष्य राखेको छ। यस कारखानाले आर्थिक वर्ष २०२१।०२२ मा १,०८,४८१ के. जी. सुर्ती खपत गरेकोमा २०२८।०२९ मा २२,४९,००५ के. जी. सम्म पुग्यो। यसरी खपत भएको सुर्तीको २०२१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

०२२ मा ७५ प्रतिशत, २०२२।०२३ मा ८४.४ प्रतिशत र २०२८।०२९ मा २२.७ प्रतिशत नेपाली सुर्तीको खपत भएको थियो। यसबाट जनकपुर चुरोट कारखानाले आफ्नो उत्पादनको निमित्त चाहिने खालको सुर्तीको खेतीमा योजनाबद्ध तरीकाबाट उन्नति गर्न नसकेको देखिन्छ।

कुनै पनि प्रगतिशील कारखानाको सफलता केवल अधिकतम उत्पादन तथा अधिकतम बिक्रीमा मात्र सीमित नभई न्यूनतम खर्च तथा लागत खर्चहरूको नियन्त्रणबाट अधिकतम नाफा कमाउनमा निहित रहन्छ। विगत नौ वर्षको इतिहासमा जनकपुर चुरोट कारखानाले पहिलो तीन वर्षमा नोक्सान व्यहोर्नु परे तापनि पछिका वर्षहरूमा क्रमशः नाफामै सञ्चालन भएको छ। आर्थिक वर्ष २०२५।२६ देखि २०२८।०२९ सम्म उत्पादनको वार्षिक वृद्धि सरदर ४०.१ प्रतिशत हुन गई ८.६ प्रतिशतले नाफामा वार्षिक वृद्धि हुन गएको छ। २०२४।०२५ को तुलनामा २०२५।०२६ मा १०८ प्रतिशतले उत्पादनमा वृद्धि भएको छ। २०२५।०२६ मा यस कारखानाको उत्पादन क्षमता ६२.९ प्रतिशत पुगी खुद बिक्रीको १७.६ प्रतिशतले नाफा कमाएको थियो। तत्पश्चात् कारखानाले २०२८।०२९ सम्म उत्पादन क्षमताको शत प्रतिशतभन्दा बढी उत्पादन गरेको देखिन्छ। तर जति-सुकै उत्पादन क्षमता वृद्धि भई बिक्रीको अनुपात बढ्न गए तापनि कारखानाले कमाएको नाफा प्रतिशत क्रमशः घट्न गएको देखिन्छ। आर्थिक वर्ष २०२६।०२७ मा यस कारखानाको उत्पादन क्षमता ७७ प्रतिशतभन्दा बढी भएको छ तापनि नाफामा खास वृद्धि भएको देखिंदैन। कारखानाको यस स्थितिलाई निम्नलिखित तालिकाबाट[1] स्पष्ट हुन्छः—

	२०२४।०२५	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९
खुद नाफा रू.	२७,२६,८३८।	६१,३७,२८७।	६१,४६,७०५।	६१,५७,९४१।	६२,२६,६२२।
खुद बिक्री प्रतिशत	१४.३	१७.६	१७.३	१४	१२.१

यस धनुषा जिल्लाको राजश्व संकलन गर्ने काम अञ्चल अन्तःशुल्क कार्यालयले नै गरिरहेको छ। यो अञ्चल कार्यालय २०२३ सालमा भन्सारबाट छुट्टिएर खडा भयो र २०२६ सालदेखि अञ्चलभरीको कार्यभार समाति आएको छ। यस जिल्लाका निम्नलिखित उद्योगहरूले अन्तःशुल्क तिर्दछन्:—

अन्तःशुल्क तिर्ने प्रतिष्ठान	संख्या
जनकपुर चुरोट कारखाना	१
स्टीम इञ्जिनबाट चल्ने चामल र तेल मिल	६
एक देखि २५ अश्वशक्तिका चामल तेल मिल	२१३
२६ अश्वशक्तिदेखि माथिका चामल तेल मिल	२६

१. उद्योग वाणिज्य मन्त्रालयको प्रतिवेदन—२०३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिंडी कारखाना	२८
काठ चिर्ने मिल	५
चिम्नी इँटा भट्टाहरू	९

यस जिल्लामा आर्थिक वर्ष २०२८।०२९ र २०२९।०३० दुई वर्षमा अन्तःशुल्कबाट भएको आय यसप्रकार छः–

२०२८।०२९ को आय	२०२९।०३० को आय
रू. २,६२,४९,०००।	रू. २,८२,१९,८००।

यस जिल्लाको सदरमुकाम जनकपुरधाममा राम मन्दिर र जानकी मन्दिर भएको हुनाले हिन्दू धर्मावलम्बीहरू यसलाई ठूलो तीर्थस्थल मान्दछन्। यहाँ धेरै वर्ष पहिलेदेखि विवाह पञ्चमी र राम नवमीको दिन ठूलो मेला लाग्ने गरेको छ। यी मेलाहरूमा दैनिक आवश्यकताका सबै सामानहरू किन्न पाइन्छ। यसरी यस ठाउँमा पहिलेदेखि व्यापारको चहल पहल देखिए तापनि सम्वत् १९९२ मा नेपाल जयनगर–जनकपुर रेल्वेको स्थापना र २०२९ सालमा पूर्व-पश्चिम राजमार्गको निर्माणले गर्दा यस क्षेत्रको व्यापारमा ठूलो उन्नति भएको देखिन्छ। यस क्षेत्रको व्यापारको उन्नतिमा जनकपुर चुरोट कारखानाको स्थापनाले पनि ठूलो सघाउ पुऱ्याएको छ। यस चुरोट कारखानाबाट उत्पादित विभिन्न स्तरका चुरोटहरू अधिराज्यको प्रायः धेरैजसो भागमा डिपोहरू खोली बिक्री वितरण गरिन्छ।

यस धनुषा जिल्लाको अधिकांश भाग तराई क्षेत्रमा रहेको हुँदा यहाँ धानको प्रशस्त उत्पादन हुन्छ। जिल्लाको सदरमुकाम जनकपुरधाम, संखुवा गाउँ पञ्चायतको संखुवा बजार र सबैला गाउँ पञ्चायतको सबैला बजार अन्नको खरीद बिक्रीका केन्द्रहरू मानिएका छन्।

यस जिल्लाबाट चामल, मकै, तोरी, काठ आदि भारततर्फ निकासी हुन्छ। जिल्लाको उत्तरमा रहेको रामेछाप, सिन्धुली आदि पहाडी जिल्लाहरूमा खाद्यान्नको खेती कम हुने भएकोले यी जिल्लाहरूमा पनि यस धनुषा जिल्लाबाट खाद्यान्न निर्यात गरिन्छ। यो जिल्लाको जनकपुर महिनाथपुर, खजुरी आदि भन्सारहरूबाट सालाना हजारौं मन चामल भारततर्फ निर्यात गरिन्छ।

यस जिल्लाले आयात गर्ने वस्तुहरूमध्ये मुख्य नून, मट्टितेल, औषधि, मसला, कपडा जस्ता दैनिक उपभोगका सामानहरू बाहेक पेट्रोल, डिजेल, कारखानाका सामानहरू र अन्य केही विलासिताका सामानहरू हुन्।

मारवाडी, तेली, सूँडी, हलुवाई, वनिया आदि जातका मानिसहरू अक्सर गरी व्यापारमा लागेका छन्। जिल्लाको धेरैजसो थोक व्यापार उक्त जातिहरूकै हातमा छ। कृषि खरीद बिक्री संस्थान, नेशनल ट्रेडिङ, साल्ट ट्रेडिङ आदि यहाँका मुख्य व्यापारिक प्रतिष्ठानहरू हुन्।

यस जिल्लामा निम्नलिखित भन्सारहरूले आर्थिक वर्ष २०२९।०३० मा निम्नलिखितअनुसार आम्दानी गरेका थिए:–

भन्सारको नाम	२०२८।०२९ को आय	०२९।०३० को आय
लगमा छोटी भन्सार	२६,८४६।	२०,७७७।
जनकपुर छोटी भन्सार	१६,९७,८१८।	१४,०६,५८२।
घडरीया छोटी भन्सार	१५,६८३।	१४,७३६।
वैदेही छोटी भन्सार	९,४५३।	४,८७०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महिनाथपुर छोटी भन्सार	१,३६,३३२।	४५,८३२।
खजुरी महुवा छोटी भन्सार	२,०६,२२५।	४८,८३०।
कठाल छोटी भन्सार	१,०७,८८८।	७६,३३६।

कर कार्यालय

यस जिल्लामा २०१६ सालदेखि अञ्चल कर कार्यालय खुलेको छ। यस अञ्चलमा कर तिर्नेहरूमा खास गरी उद्योगपति र व्यापारीहरू नै भएको पाइन्छ। जिल्लाको कर कार्यालयले २०२७।०२८; २०२८।०२९ र २०२९।०३० मा निम्नअनुसार आम्दानी गरेको थियोः–

२०२७।०२८ मा	रू. ६१,६७,७३२।
२०२८।०२९ मा	रू. ७९,५५,०५८।
२०२९।०३० मा	रू. ६१,४७,१४१।

कर तिर्ने यस धनुषा जिल्लामा मात्र उद्योगमा १२३, व्यापारमा २४१, पारिश्रमिकमा १५७, व्यावसायिकमा आठ छन्, बिक्री करमा ५३, ठेक्का करमा ३७, मनोरञ्जन करमा एक, घर जग्गा करमा ४२ र होटल करमा तीन छन्।

बैंक सेवा

प्रशस्त उब्जनी हुने, औद्योगिक दृष्टिकोणले उन्नति गरिरहेको, बढ्दो आयात निर्यात हुने जिल्ला भएकोले यहाँ नेपाल राष्ट्र बैंक; राष्ट्रिय वाणिज्य बैंक, शाखा; नेपाल बैंक लिमिटेड, शाखा र नेपाल कृषि विकास बैंकका शाखाहरूले यस जिल्लाका जनतालाई आफ्नो आफ्नो क्षेत्रमा बैंकिङ सेवा प्रदान गरिरहेका छन्। नेपाल कृषि विकास बैंकको विवरण कृषि-शीर्षकमा दिइसकेकोले नेपाल राष्ट्र बैंक र नेपाल बैंक लिमिटेडको विवरण छोटकरीमा तल दिइएको छः–

नेपाल राष्ट्र बैंक

जनकपुर बजार, खजुरी स्टेशन र सबैलगा बजारमा यस बैंकको सटही काउण्टर रहेका छन्। यस बैंकले श्री ५ को सरकारको विभिन्न कार्यालयहरूका नगद कारोवार तथा केन्द्रीय सरकारको सर्व सञ्चित कोषमा जम्मा हुन आएको रकम जिम्मा लिनु, सटही कारोवार गर्नुको अलावा वाणिज्य बैंकहरू नभएको जिल्लाहरूमा जनताका रूपैयाँ चेक, ड्राफ्ट तथा हुण्डीबाट पठाउने व्यवस्था गर्दछ।

नेपाल बैंक लिमिटेड

यस बैंकले ग्राहकहरूको चल्ती, बचत र मुद्दती खाता खोली डिपोजिट लिने, बैंक नियमभित्र रही बैंकको लगानी, सुरक्षा तथा ग्राहकहरूको व्यवसायको विकास ध्यानमा राखी सामान धितो लिई लगानी गर्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्राहकको लागि एक शाखाबाट अर्कोमा तथा दोस्रो बैंकमा रकम स्थानान्तरण गर्ने, व्यापार (आयात-निर्यात) गर्ने ग्राहकहरूलाई छोटो अवधिको लागि कर्जा उपलब्ध गराउने जस्ता कामहरू गर्दछ। यस बैंकमा विभिन्न किसिमको खाता खोली रकम जम्मा गर्नेको संख्या करीब ५,२०० र कर्जा लिनेको संख्या करीब १५० जति पुग्छ।

मुख्य लगानीको वस्तुहरूमा धान, चामल, तेल, तोरी, आलस, कपडा र अरू किराना माल सामानहरू छन्। जनकपुर चुरोट कारखानामा यस बैंकको एउटा उप-शाखा रहेको छ।

यस बैंकको जनकपुर शाखामा २०३० साउन मसान्तसम्ममा निक्षेपमा र लगानीमा निम्नलिखित अनुसार भएको देखिन्छ।

जम्मा (रू. हजारमा)		लगानी (रू. हजारमा)	
चल्ती	१५.१	विभिन्न वस्तुमा	५९.९५
बचत	२६.७		
मुद्दती	१७.१		

यस धनुषा जिल्लाको सम्पूर्ण आर्थिक गतिविधिको अध्ययन गर्दा अधिकांश मानिसहरू कृषि व्यवसायमै निर्भर रहेको देखिन्छ। आजकल यस जिल्लाको विभिन्न भागमा राजमार्गहरूको निर्माण, नयाँ नयाँ उद्योगहरूको स्थापना भएबाट केही मानिसहरू यी व्यवस्थातिर लागेका भए तापनि कृषि व्यवसायमा लाग्नेहरूको दाँजोमा तिनीहरूको संख्या निक्कै कम मात्र पाइन्छ। २०२८ सालको जनगणनामा उल्लेख भएअनुसार धनुषा जिल्लामा कृषि, वन तथा पशु-पालनमा लागेका ९५,४२८; उद्योगमा लाग्नेको संख्या १,५९४; व्यापारमा लाग्नेहरूको संख्या २,९८७; व्यक्तिगत तथा सामाजिक सेवामा लाग्नेहरूको संख्या ४,५५५ देखिन्छ। यसदेखि बाहेक अरू व्यवसायमा लाग्नेहरूको संख्या नगण्य छ। यस जिल्लामा १० वर्षदेखि माथि उमेर भएका जम्मा जनसंख्या १,०५,४६५ भएकोमा करीब ९० प्रतिशत मानिसहरू कृषि व्यवसायमा नै लागेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

यातायात

यातायातको दृष्टिले नेपाल अधिराज्यको सबभन्दा विकसित तराईका तीन जिल्लाहरूमा धनुषा एक हो। यो जिल्ला जनकपुर अञ्चलको दक्षिणतिर तराईमा रहेकोले साधारण किसिमको बाटो जहाँ जान परे पनि पाइन्छ। तराई क्षेत्रको मोरङ र पर्सा जिल्लामा केही वर्ष अघि नै यातायातको विकास भइसकेको पाइन्छ तर धनुषा आजकलमात्र यातायातको दृष्टिले उक्त जिल्लाहरूको दाँजोमा आइपुग्न सफल भएको छ। केही वर्ष पहिलेसम्म यस जिल्लासँगै जोडिएको महोत्तरी जिल्लाका केही प्रमुख स्थानहरू र सीमाना जोडिएको भारतको जयनगरबाट यहाँ आउन समेत कुनै पक्की बाटो थिएन। १९९४ सालमा जयनगरबाट जनकपुरसम्म "नेपाल जयनगर-जनकपुर रेल" चल्यो। यसले आजकलसम्म पनि यस भेकका मानिसहरूलाई यातायातको सुविधा प्रदान गरिरहेको छ। २०२९ सालदेखि चालू भएको महेन्द्र राजमार्गको "आदावार-ढल्केवार" "ढल्केवार-गोदार (कमला नदीसम्म)" र ढल्केवारमा यही बाटोसँग जोडिने "जनकपुर-ढल्केवार" को सडकले यस जिल्लाको यातायात तथा विकासमा ठूलो परिवर्तन ल्याएको छ। आजकल यो जिल्लाको प्रमुख सडकहरूको संक्षिप्त विवरण निम्नलिखित अनुसार छः–

महेन्द्र राजमार्ग

यो राजमार्ग धनुषा जिल्लाको सदरमुकाम जनकपुरधामदेखि करीब २३ किलोमिटर (१४.३ माइल) पूर्व-पश्चिम दिशामा रहेको छ। यसप्रकार यस जिल्लाभित्र पर्ने यस सडकको करीब ३० किलोमिटर (१८.६ माइल) बाटो हाल चालू अवस्थामा छ। यसरी यस जिल्लाको पूर्वी सीमानास्वरूप रहेको कमला नदी पारीको यही राजमार्गसँग यसलाई जोड्न कमला नदीमा पुलको निर्माणको काम भइरहेको छ। हाल चालू रहेको यो राजमार्गमा जम्मा पक्की पुल नौ, पुलेसो (कलभर्ट) २० र ह्यूम पाइप ३० पर्दछन्।

जनकपुर–जलेश्वर–भिठामोड सडक

हुनत धेरै समय पहिलेदेखि नै उक्त ठाउँहरू कच्ची बाटोले जोडिएका थिए र यही कच्ची बाटोबाट यस भेकका मानिसहरू आवत-जावत गर्दथे। आजकल नयाँ पक्की सडक बनाइएकोले उक्त स्थानहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सो सडकद्वारा जोडिएका छन्। यो नयाँ बाटोमा पिच लगाउने काम पनि समाप्त भइसकेको छ। यस क्षेत्रको यो ज्यादै महत्वपूर्ण सडक हो। यही बाटोले जनकपुर अञ्चलको हालको सदरमुकाम जलेश्वर र धनुषा जिल्लाको सदरमुकाम जनकपुरलाई धेरै नजीक पारिदिएको छ।

जनकपुर-ढल्केवार सडक

जनकपुरधामबाट महेन्द्र राजमार्गको ढल्केवार २३ किलोमिटर (१४.३ माइल) केही वर्ष पहिले काठमाडौं-जनकपुर सडक बनाउने सिलसिलामा नै यो बाटो बनाई पक्की गर्ने काम पूरा गरिएको थियो। यही बाटोले जनकपुरधामलाई महेन्द्र राजमार्गसँग जोड्ने सहायक सडकको काम दिएकोछ। यो बाटोमा पिच लगाउने काम समाप्त भइसकेको छ। करीब १० वर्ष पहिलेदेखि नै यो बाटो बनिसकेकोले यस बाटोको किनारामा नयाँ बस्ती र बजारहरू बसेका छन्। यिनमध्ये महेन्द्रनगर बजारको नाम उल्लेखनीय छ। यही महेन्द्रनगरको करीब आधा किलोमिटर पूर्वमा सखुवा नामको यस जिल्लाको सबैभन्दा ठूलो हाट लाग्ने गाउँ छ। यहांबाट हर्दिनाथ ब्यारेज जाने छ किलोमिटर लामो कच्ची सडक जान्छ।

उक्त सहायक सडकले यस धनुषा जिल्लाको सदरमुकाम जनकपुरधामलाई हेटौंडा, वीरगञ्ज, धरान, विराटनगर र काठमाडौंसँग जोडेको छ। यसरी दिनहुँ हजारौं मानिसहरू उक्त स्थानहरूमा आवत-जावत गर्दछन्।

जनकपुर नगर पञ्चायतभित्र पनि धेरै पक्की सडकहरू बनिसकेका छन् र जनकपुर विमानस्थलसम्म जाने सडकमा पिच लगाउने काम पनि पूरा भइसकेको छ।

माथि उल्लिखित पक्की सडकहरू बाहेक हिउँदमा मात्र चल्ने कच्ची सडकहरू पनि यस जिल्लामा यत्रतत्र छरिएको पाइन्छ। मानिसहरू हिंड्ने तथा बैलगाडी गुड्ने सडकहरू जिल्लाको प्रायः सबै जसो गाउँहरूमा बनेका छन्। यस्ता कच्ची सडकहरूमध्ये जनकपुरबाट कमला सिचाइ योजना क्षेत्रसम्म जाने करीब ३२.२ किलोमिटर (२० माइल) लामो सोझो बाटो उल्लेखनीय छ। यसै सडकबाट यस जिल्लाको दोस्रो तीर्थ स्थान धनुषा, धानको ठूलो बजार सबैला र रघुनाथपुर जोड्ने कच्ची सडकहरू छुट्टिएर गएका छन्। यो बाटोमा ठाउँ-ठाउँमा काठको पुल तथा कलभर्टहरू राखिएका छन्।

नेपाल जयनगर–जनकपुर रेल्वे

ई. सं. १९३७ देखि चालू गरिएको यो नेपाल जयनगर-जनकपुर रेल्वे निर्माणकार्य ई. सं. १९३५ मा थालिएको थियो। जिल्लाको यो एउटा महत्वपूर्ण परिवहनको साधन हो। यो रेल जनकपुरधामबाट पूर्वतिर जयनगर २८.८ किलोमिटर (१८ माइल) र पश्चिममा विजलपुरासम्म २२.४ किलोमिटर (१४ माइल) गरी जम्मा ५१.५ किलोमिटर (३२ माइल) को रेल्वे लाइन चालू छ। यस रेल्वेले यात्रुहरू बाहेक भारतबाट आयात हुने तथा यस जिल्लाबाट निर्यात गरिने सामानहरू पनि ओसार्ने गर्दछ। यसरी जनकपुर-जयनगर भागमा हाल रोजको तीन पटक र जनकपुर विजलपुरा भागमा एक पटक रेल सेवा आते-जाते भइरहेकोछ। मेलाको बेलामा यो रेल रात दिनै चल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हवाइ सेवा

जनकपुरमा एक पक्की विमानस्थल बनेको छ। प्रत्येक दिन एक पटक काठमाडौं जनकपुर विमान सेवा चालू भइरहेको छ। यस विमान सेवाले गर्दा विभिन्न अखवारहरू तथा छिटो पुग्न पर्ने यात्रुहरूको निमित्त सुविधा प्रदान गरेको छ।

यस विमानस्थलको हाल पक्की धावनमार्ग १,००५.८ मिटर (२,३०० फीट) लम्बाइ र ३०.५ मिटर (१०० फीट) चौडाइ छ र कच्ची समेत गर्दा हाल यसको लम्बाइ १,५२४ मिटर (५,००० फीट) र चौडाइ २१३.४ मिटर (७०० फीट) छ। निकट भविष्यमै यस पक्की धावन मार्गलाई बढाई १,२१९.२ मिटर (४,००० फीट) बनाउने योजना छ। यो विमानघाट ४८.२ मिटर (१५८ फीट) को उचाइमा छ। विमान सेवामा बराबर परिवर्तन भइरहन्छ र वर्षाको याममा हप्ताको दुई–तीन पटक मात्र पनि चल्छ। २०३१।०३२ मा टर्मिनल भवन, ट्रान्मिशन स्टेशनमा रेडियो उपकरण जडान गर्ने र बिजुली जडान गर्ने योजनाको लागि रू. ९९,०००। को व्यवस्था गरिएको थियो।

जलमार्ग

यस जिल्ला अन्तर्गत पर्ने कमला नदीको लवटोली गाउँ पञ्चायतको पोर्टाहा घाट र सिग्याही भद्राही गाउँ पञ्चायतमा पर्ने हठमुण्डा घाट समेतमा साउन–भदौ महीनामा डुङ्गाबाट घाट तारिन्छ। सो घाटहरू वार्षिक रू. ३००। मा जिल्ला पञ्चायत कार्यालय धनुषाबाट ठेक्का लगाइएको छ। डुङ्गामा एक पटक तार्दा १५ जना मानिससम्म राखिन्छ।

सञ्चार

जनकपुर अञ्चलको जलेश्वर, जनकपुर र मलङ्गवामा सञ्चारको साधनको रूपमा धेरै अघिदेखि नै टेलिफोन सेवा उपलब्ध छ। त्यसैले धेरै समय पहिलेदेखि नै यस क्षेत्रका जनताहरूलाई यो सेवा उपलब्ध थियो। नेपाल दूर सञ्चार समितिद्वारा यस जिल्लाको सदरमुकाम जनकपुरधाममा २०० लाइनको सी. बी. म्यानुयल टेलिफोन स्थापना हुँदैछ।

जनकपुरधाममा रहेको आकाशवाणी जलेश्वरको एरिया कन्ट्रोल कार्यालयको कार्यक्षेत्रभित्र पर्दछ। जनकपुरधाम दूर सञ्चार कार्यालयबाट काठमाडौं, विराटनगर, वीरगञ्ज, ओखलढुङ्गा, भैरहवा, जलेश्वर, मलङ्गवा, सिन्धुली, रामेछाप, चरिकोट, नेपालगञ्ज, महेन्द्रनगर, तुल्सीपुर, धनगढी, पोखरासम्म सोझो सम्पर्क स्थापना गर्न सकिन्छ। उक्त कार्यालयले वर्षको करीब ८,०४६ खबर बाहिर पठाउँछ र ६,८३३ खबर बाहिर-बाट लिन्छ तथा करीब १,०४५ मिनेट कुरा ओहरदोहर गरिन्छ।

हुलाक

सञ्चारका उक्त साधनहरू बाहेक यहाँ हुलाक सेवा पनि पहिलेदेखि नै उपलब्ध छ। यस जिल्लाको सदरमुकाम जनकपुरधाममा एक मुख्य हुलाक छ जसबाट एक हप्तामा करीब १७,२६६ पत्रहरू बाहिरबाट प्राप्त हुन्छन्। यसरी आउने चिट्ठी पत्रहरूमा सबभन्दा धेरै चिट्ठी जनकपुर बजारमा बुझाइन्छ।

यस जिल्लामा मुख्य हुलाक एक, सहकारी हुलाक एक, शाखा हुलाक चार र अतिरिक्त हुलाक आठ समेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरी जम्मा १४ गाउँमा हुलाक कार्यालय रहेका छन् ।

बिजुली

यस धनुषा जिल्लाको सदरमुकाम जनकपुरधाममा २०२८ साल कात्तिक १ गतेदेखि विद्युत् वितरण कार्य थालिएको हो। यहाँ ५०० किलोवाट क्षमता भएको डिजेल प्लाण्ट स्थापना गरिएको छ।

जनकपुर-जलेश्वर विद्युतीकरण योजना अन्तर्गत जलेश्वरमा भिठामोड हुँदै भारतबाट विद्युत् वितरण भइसकेको छ। हाल ३३,०००।११,००० भोल्टको सब-स्टेशन राखी सो विद्युत् शक्ति जलेश्वर, जनकपुर तथा आसपासका गाउँहरूमा खपत गरिने योजनाअनुसार जनकपुरधामबाट जलेश्वरसम्म लट्ठा गाड्ने र तार जडान गर्ने काम समाप्त भइसकेको छ। यो योजना पूरा भइसकेपछि हालको डिजेल केन्द्रले जरूरत परेको बेलामा मात्र काम गर्नेछ।

हाल यस जिल्लामा रहेका १३ धान, तेल मिलले १०८ किलोवाट, चुरोट कारखाना एकले २०० किलोवाट, इञ्जिनीयरिङ वर्कस चारले ३० किलोवाट र अन्य आठ प्रतिष्ठानले २० किलोवाट विद्युत् शक्ति खपत गरिरहेका छन्।

यस जिल्लामा २०२९।०३० सालमा घरेलु खपत ४,३३,६०० यूनिट र औद्योगिकतर्फ ४,९४,७७० यूनिट समेत गरी जम्मा ९,२८,३७० यूनिट विद्युत् शक्ति खपत भएको थियो।

आर्थिक वर्ष २०३१।०३२ मा चौथो पञ्चवर्षीय योजनाअनुसार जनकपुर, जलेश्वर तथा निकटवर्ती गाउँहरूमा विद्युतीकरण गर्ने लक्ष्य लिई ५९.२ किलोमिटर (३७ माइल) लामो यस लाइनमध्ये १९.२ किलोमिटर लाइन निर्माणको लागि आवश्यक मालसामान उपलब्ध गर्ने तथा एक सब-स्टेशनको मालसामान प्राप्त हुने कार्यक्रम छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

हालको धनुषा जिल्ला पौराणिक कालमा एउटा ठूलो राज्यको राजधानी थियो । धार्मिक दृष्टिकोण-बाट आजकल पनि यो अधिराज्यको महत्वपूर्ण तीर्थस्थल मानिन्छ । यति भइकन पनि यस जिल्लामा अझै शिक्षाको क्षेत्रमा व्यापक रूपमा जागरण आउन सकेको छैन। यहाँ छ वर्षदेखि माथि उमेर भएका पुरुष १,३५,-८८६ र महिला १,२८,७६९ गरी जम्मा २,६४,६५५ जनसंख्यामध्ये २०.५ प्रतिशत अर्थात् २७,९२१ पुरुष र २.८ प्रतिशत अर्थात् ३,५४७ महिला समेत गरी जम्मा ११.९ प्रतिशत अर्थात् ३१,४६८ मानिसहरू मात्र साक्षर छन् । छ वर्षभन्दा माथि उमेर भएको ३१,४६८ साक्षर जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गर्दा निम्नअनुसार देखिन्छ :–

साक्षरताको तालिका

	पुरुष			महिला			जम्मा		
उमेर समूह	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत
६– ९	१८,५८५	३,४१६	१८.४	१६,८७५	७९२	४.७	३५,४६०	४,२००	११.९
१०–१४	१८,३७५	५,७०८	३१.१	१३,६०२	९३२	६.९	३१ ९७८	६,६४१	२०.८
१५–१९	१२,८९६	३,८३०	२९.७	१०,७७९	५८७	५.४	२३,६७५	४,४१७	१८.७
२०–२४	१३,३०८	३,६६८	२७.६	१४,८३८	४१४	२.८	२८,१४६	४,०८२	१४.५
२५–२९	१४,५०२	३.१२९	२१.६	१३,४१२	२८३	२.१	२७,९१४	३,४१२	१२.१
३०–३४	११,४७५	२,०१५	१७.६	१३,४५४	१५९	१.२	२४,९२९	२,१७४	८.७
३५–३९	१२,७४६	१,८३८	१४.४	११,१०५	११४	१.०	२३,८५१	१,९३२	८.२
४०–४४	९,४३४	१,१७३	१२.४	९,३५३	८९	१.०	१८,७८७	१,२६२	६.७
४५–५४	१३,८०३	१,८४१	१३.३	११,६८५	१०६	०.९	२५,४८८	१,९४७	७.६
५५–६४	६,८९७	८३९	१२.२	८,३५४	३४	०.४	१५,२५१	८७३	५.७
६५ र माथि	३,८६४	४६४	१२.०	५,३१२	३६	०.७	९,१७६	५००	५.४

उक्त तालिकाअनुसार १० देखि २४ वर्ष सम्मको उमेर समूहमा सबभन्दा धेरै साक्षरता रहेको देखिन्छ । माथि उल्लेख भए झैं छ वर्ष माथि उमेर भएकाहरूमध्ये २०.५ प्रतिशत पुरुष साक्षर छन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने २.८ प्रतिशत महिलाहरू मात्र साक्षर भएको देखिन्छ । यसबाट यस जिल्लामा महिलाहरूलाई स्कूलमा पठाइ पढाउनु हुँदैन भन्ने धारणा अहिलेसम्म पनि रहेको पाइन्छ। त्यसैले पुरुषहरूमा २४ वर्षसम्मको उमेरमा बढी साक्षरता पाइन्छ भने महिलाहरूमा १९ वर्षसम्मको उमेरमा मात्र धेरै साक्षर भएका पाइन्छन्।

२०२८ सालको जनगणनाअनुसार यस जिल्लामा छ वर्षदेखि नौ वर्षका केटाकेटीको कुल संख्या ३५,४६० छ भने यिनीहरूमध्ये ४,२०८ केटाकेटी मात्र साक्षर रहेका छन् र बाँकी ३१,२५२ केटाकेटीहरू कुनै न कुनै किसिमको घरायसी काममा लागेका देखिन्छन् ।

महिलाहरूमा ३० वर्षको उमेरदेखि साक्षरताको प्रतिशत ज्यादै नै कम भएको पाइन्छ र पुरुषहरूमा ४० वर्षको उमेरदेखि साक्षरता कम भएको पाइन्छ। यसो भएको हुँदा यस जिल्लामा प्रौढ साक्षरता कक्षाहरू खोल्नु अति उपयोगी हुने छ। यही उद्देश्य लिई २०२९ सालमा माध्यमिक विद्यालयको तर्फबाट प्रौढ शिक्षालय सञ्चालन गरियो र २०३० साल पुसदेखि प्राथमिक विद्यालयबाट पनि प्रौढ शिक्षालय खोली यस अभियानलाई जारी राखेको छ।

यस जिल्लामा जम्मा १०४ पञ्चायत छन्। ती सबै पञ्चायतमा गरी जम्मा विभिन्न स्तरका १३६ शिक्षण संस्थाहरू छन्। यस जिल्लामा त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू पनि छन्। तिनीहरूको स्तर र संख्या निम्नअनुसार छः—

माध्यमिक विद्यालय	१५
निम्न-माध्यमिक विद्यालय	३०
प्राथमिक विद्यालय	९१
जम्माः—	१३६

उक्त विद्यालयहरू जिल्लाको विभिन्न भागमा छरिएर रहेका छन्। तीमध्ये विभिन्न स्तरका सबैभन्दा धेरै विद्यालय हुने पञ्चायत जनकपुर नगर पञ्चायत हो । यहाँ विभिन्न स्तरका जम्मा आठ विद्यालयहरू सञ्चालित छन्। जिल्लाको सदरमुकाम, महान् धार्मिक स्थल, औद्योगिक प्रतिष्ठानहरू धेरै भएको आदि कारणहरूले गर्दा जनकपुरधाममा अरू पञ्चायतहरूको दाँजोमा बढी विद्यालयहरू हुनु, विद्यार्थी संख्या धेरै हुनु र शिक्षित प्रतिशत धेरै हुनु स्वभाविक हो। यसै नगर पञ्चायतमा एउटा क्याम्पस पनि छ। माथि उल्लिखित जम्मा १३६ विद्यालयहरूमध्ये माध्यमिक १३, निम्न माध्यमिक १४ र प्राथमिक २७ गरी जम्मा ५४ विद्यालयको आफ्नै पक्की भवन छन्। बाँकी ८२ विद्यालयहरू कच्ची भवनमा सञ्चालित छन्। यो जिल्लाका १५ माध्यमिक विद्यालयमध्ये १३ को आफ्नो स्थायी सम्पत्ति छ। निम्न माध्यमिकमध्ये धेरैजसो विद्यालयको स्थायी सम्पत्ति छैन र यस स्तरका विद्यालयहरूमा विद्यार्थीहरूको संख्या पनि कम भएकोले आर्थिक अवस्था राम्रो छैन। प्राथमिक विद्यालयहरूमा शिक्षकको सम्पूर्ण तलव सरकारबाट नै व्यहोर्ने व्यवस्था भएकोले साधारण कामहरूको लागि मासिक शुल्क आदिबाट काम चलाइन्छ र कतिपय विद्यालयहरूको आफ्नै स्थायी सम्पत्ती पनि भएकोले राम्रै अवस्थामा सञ्चालन भइरहेका छन्।

आर्थिक वर्ष २०२९।०३० मा श्री ५ को सरकारबाट सहायतास्वरूप रू. ६,६२,२५०। र विद्यालयको आफ्नो विविध स्रोतबाट रू. ४,२१,७४१। गरी जम्मा रू. १०,८३,९९१। यस जिल्लामा शिक्षातर्फ खर्च भएको देखिन्छ।

यस जिल्लामा २०२९ साल पुस १ गतेदेखि राष्ट्रिय शिक्षा योजना लागू भएको हो। जिल्लामा राष्ट्रिय शिक्षा योजनामा शिक्षाको वास्तविक गुणात्मक विकास गर्ने दृष्टिकोणले शिक्षा नियमावली २०२८ मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख भएबमोजिम तीन इकाइ (१) जिल्ला शिक्षा समिति (२) जिल्ला शिक्षा सेवा आयोग र (३) जिल्ला शिक्षा कार्यालय खडा गरिएका छन्। जिल्लामा प्राथमिक शिक्षा देखि माध्यमिक शिक्षासम्मको सर्वाङ्गिण बिकासका लागि व्यवथा गरिएको जिल्ला शिक्षा समितिले नीति निर्धारण, बजेट व्यवस्था र अन्य सुविधाहरूको व्यवस्था गर्दछ। शिक्षकहरूको नियुक्ति, बढुवा आदिको काम जिल्ला शिक्षा सेवा आयोगले गर्दछ र उक्त दुवै तर्फबाट भएको निर्णय आदिको कार्यान्वयन जिल्ला शिक्षा समितिका सचिव पनि भई काम गर्ने जिल्ला शिक्षा अधिकारीबाट हुन्छ। विभिन्न शिक्षण संस्थाको सञ्चालन गर्न एउटा सहयोग समितिको पनि व्यवस्था गरिएको छ।

वि. सं. २०२८ सालको जनगणनाअनुसार यस जिल्लामा छवर्ष भन्दामाथि उमेर भएको २,६४,६५५ जनसंख्यामध्ये २,५०,२९२ ले कुनै स्तरको विद्यालयमा प्रवेश नै नगरेको देखिन्छ। १४,३६३ जनाले विभिन्न स्तरको विद्यालयमा प्रवेश गरेकोमध्ये प्राथमिक स्तरमा ८,३१०; निम्न माध्यमिक स्तरमा ३,११५; माध्यमिक स्तरमा १,६७९; इन्टरमिडियट स्तरमा ५७२; स्नातक स्तरमा ३३६ र स्नातककोत्तरमा ५१ जनाले प्रवेश गरेको देखिन्छ। यसरी स्नातक स्तरमा पुगिसकेपछि कुनै न कुनै किसिमको व्यवसायमा लागी परिवारको आर्थिक व्यवस्थामा सघाउ पुऱ्याउनु पर्ने भएकोले स्नातकोत्तरको पढाइबाट धेरैलाई वन्चित रहनु परेको देखिन्छ। यस्तै गरी छ वर्षदेखि माथि उमेर भएकामध्ये पुरुष र महिला गरी जम्मा २,५४२ जनाले प्राथमिक, १,८२२ जनाले निम्न माध्यमिक, २,६४६ जनाले माध्यमिक, ४३६ जनाले इन्टरमिडियट, ४४७ जनाले स्नातक र १६८ जनाले स्नातकोत्तर उपाधि प्राप्त गरेको देखिन्छ।

इन्टरमिडियट, स्नातक र स्नातकोत्तर उपाधि प्राप्त गर्ने महिलाहरूको संख्या क्रमशः २; १; २ देखाइएको छ। यस बाट उच्च शिक्षामा यस जिल्लाका महिलाहरू ज्यादै पछाडि परेका देखिन्छन्। यस जिल्लामा २०२९ सालमा राष्ट्रिय शिक्षा योजना लागू भएदेखि विद्यालय जाने महिलाहरूको संख्या वृद्धि हुँदै गएको देखिएकोले अब उच्च शिक्षा हासिल गर्ने महिलाहरूको संख्या पनि यस जिल्लामा बढ्दै जाने छ भन्ने कुराको संकेत मिल्दछ।

स्वास्थ्य

यस जिल्लाको सदरमुकाम जनकपुरधाममा एउटा २५ शय्याको जानकी अस्पताल छ। यस अस्पतालमा तीन जना डाक्टरको साथै अन्य आवश्यक कर्मचारीहरूको दरबन्दी छ। यस अस्पतालमा धेरै किसिमका आधुनिक सामानहरू भएकोले जिल्लाबासीहरूले राम्रो स्वास्थोपचार पाइरहेका छन्। धनुषा जिल्लाको अतिरिक्त यस अस्पतालमा महोत्तरी, सर्लाही, सिन्धुली तथा रामेछापबाट पनि रोगीहरू आउने गर्दछन्। २०२९ सालमा यस अस्पतालमा आउटडोरमा १८,००० बिरामीहरूको उपचार गरिएको थियो भने इनडोरमा ८०० बिरामीहरू भर्ना भई औषधि उपचार गराइएका थिए। यो अस्पताल पूर्णरूपमा सरकारी भएको हुनाले यहाँ निःशुल्क औषधोपचार गरिन्छ। उक्त अस्पताल बाहेक यस जिल्लाको घोडघाँस, नकटाझीझ, तल्लो गोदार, सबैला, घदोली र तारापट्टी सिरसिया पञ्चायतहरूमा स्वास्थ्य चौकीहरू रहेका छन्। उक्त स्वास्थ्य चौकीहरू बाहेक सबैलामा एउटा आयुर्वेदिक औषधालय पनि छ।

यस जिल्लामा कुष्ट रोग निवारण गर्ने एउटा प्राविधिक कर्मचारी जानकी अस्पतालमा खटाइएको छ। निजले आउटडोरमा बसी कुष्ट रोगको बिरामीलाई औषधि वितरण गर्ने तथा गाउँ गाउँमा गई भेट्टाएको रोगीहरूलाई औषधि वितरण गर्दछन्। ग्रामीण जनताहरूलाई हैजा तथा टाइफाइड जस्ता संक्रामक रोगहरूबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बचाउन गाउँ गाउँमा टोलीहरू पठाई टी. ए. बी. सी. इन्जेक्शन दिने काम भइरहेको छ।

यस जिल्लामा विभिन्न किसिमको रोगको उपचारको निमित्त पुरानो अन्धविश्वासको परम्परा धेरैजसो ठाउँमा बाँकी नै छ। गाउँ गाउँमा गोहारी गर्ने प्रथा तथा धामी झाँक्री र डाइनहरूद्वारा रोगको उपचार गर्ने प्रथा खासगरी अशिक्षित परिवारमा धेरैजसो प्रचलित देखिन्छ।

यस धनुषा जिल्लाको धेरैजसो भागबाट औलो निर्मूल प्रायः भइसकेको छ। तर पनि अन्य ठाउँहरूबाट यस जिल्लामा आउने मानिसहरूबाट कीटाणु सर्ने हुँदा औलो उन्मूलन कार्यालयबाट यसको रोकथाम कार्य भइरहेको छ। औलो उन्मूलन कार्यालयले गाउँ गाउँमा टोलीहरू पठाई औलोको रोगी पत्ता लगाउन रगत सङ्कलन गरी प्रयोगशालाको जाँचबाट रोगी पत्ता लगाई उपचार गर्ने काम भइरहेको छ। यसको अतिरिक्त ठाउँ ठाउँमा डी. डी. टी. छर्कने आदि रोकथामको काम पनि भइरहेको छ।

यस जिल्लाको अस्पताल र अन्य स्वास्थ्य चौकीहरूमा परिवार नियोजन क्लिनिकहरू छन्। यी ठाउँहरूबाट प्रशस्त मात्रामा परिवार नियोजन सम्बन्धी सेवा उपलब्ध गराइएको छ। परिवार नियोजन तथा मातृ शिशु कल्याण योजना अन्तर्गत बच्चा तथा गर्भवती महिलाहरूलाई पौष्टिक पदार्थ तथा दूध वितरण गर्ने र विभिन्न टोलीहरूलाई गाउँ गाउँमा पठाई परिवार नियोजन गर्ने तरीकाहरू बताउने र कण्डम, पिल्स, लूप, भ्यासेक्टोमी गराउने जस्ता कामहरू भइरहेको छ।

खानेपानी

जनकपुर नगर पञ्चायत क्षेत्रमा खानेपानीको राम्रो प्रबन्ध छ। यस क्षेत्रमा एक खानेपानी योजना कार्यान्वित गरिएको छ। पानीको टचाङ्कीको क्षमता १,००,००० ग्यालनको छ। आर्टिजन इनारबाट आएको पानी मोटरद्वारा टचाङ्कीमा पुऱ्याइन्छ र शहरमा पाइपद्वारा वितरण गरिएको छ। सार्वजनिक धारा २२ र निजी धारा १७२ वितरण भएका छन्। शहरी क्षेत्र बढ्दै गएकोले धाराको माग पनि बढ्दै छ।

गाउँहरूको खानेपानीको मूल स्रोत इनार नै हुन्। ठाउँ ठाउँमा टयूबवेल पनि खानेपानीको निमित्त प्रयोग गरिएको छ। यस जिल्लाको रघुनाथपुर, सवेला, महेन्द्रनगर जस्ता ठूल-ठूला गाउँहरूमा यस्तै टयूबवेल-हरू गाडी टचाङ्कीमा पानी भरेर पाइपद्वारा वितरण गर्न सकिन्छ।

यस बाहेक यस जिल्लामा निम्नलिखित खानेपानी योजनाको काम भइरहेको देखिन्छः—

खानेपानी योजनाको तालिका

गाउँ पञ्चायको नाम	योजनाको नाम	श्री ५ को सरकारको अनुदान	गाउँ पञ्चायतले व्यहोर्ने
फूलगामा (खानेपानी)	हैण्डपाइप	५००।	६०५।
वेंगाशिवपुर	”	६००।	५५१।
सोनिगामा	”	५००।	८६१।
इटहर्वा	”	५००।	६०५।
नोवाखोर प्रसाही	थान ४ वा. नं. २, ५, ७, र ४६ मा	२,०००।	२,११६।
मिथीलेश्वर निकासी	हैण्डप।इप	१,०००।	६२१।
तुलसीयाही निकास प.	हैण्डपाइप २, ४ र ६	१,५००।	५४०।
सुग्गा मधुकरही	हैण्डपाइप १	१,०००।	७६८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

पृथ्वीनारायण शाहले ई. सं. १७६२ मा मकवानपुर कब्जा गर्नुअघि वर्तमान धनुषा मकवानपुर राज्य अन्तर्गत प्रशासित थियो। यो क्षेत्र सेन वंशी राजाहरूको अधीनमा थियो पछि ई. सं. १७६२ मा पृथ्वीनारायण शाहले आक्रमण गर्दा मकवानपुरका तत्कालीन राजा दिग्वन्धन सेन गोरखाली फौजका अगाडि टिक्न सकेनन् र यसरी मकवानपुर राज्य गोरखालीहरूको अधीनमा भयो।

अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्नुअघि यो क्षेत्र महोत्तरी सर्लाही गोश्वारा अन्तर्गत प्रशासित थियो। त्यस समयका बडाहाकिम जलेश्वरमा बस्ने गर्दथे। पछि २०१९ सालमा जिल्ला विभाजन भएपछि धनुषा एउटा छुट्टै जिल्ला बन्यो र यो जिल्ला जनकपुर अञ्चल भित्र पर्न गयो। यसरी यो जिल्ला आजकल अञ्चल प्रशासन अन्तर्गत प्रमुख जिल्ला अधिकारीद्वारा प्रशासित छ। यस जिल्लाको सदरमुकाम जनकपुरधाम हो। जिल्लाका प्रायः सबैजसो जिल्लास्तरीय कार्यालयहरू र केही अञ्चलस्तरीय कार्यालयहरू पनि जनकपुरधाममा रहेका छन्। यहाँ रहेका कार्यालयहरू निम्नलिखित अनुसार छन्:—

सरकारी कार्यालयहरू

प्रमुख जिल्ला अधिकारीको कार्यालय	जनकपुरधाम	विद्युतीकरण योजना कार्यालय	जनकपुरधाम
अञ्चल अदालत	जनकपुरधाम	सवारी कर कार्यालय	जनकपुरधाम
अञ्चल एस्. पी. कार्यालय	जनकपुरधाम	जानकी अस्पताल	जनकपुनधाम
अञ्चल सर्कल कार्यालय	जनकपुरधाम	सडक विभाग	जनकपुरधाम
लोक सेवा आयोग, अञ्चल कार्यालय	जनकपुरधाम	कृषि फारम	जनकपुरधाम
अञ्चल अन्तःशुल्क कार्यालय	जनकपुरधाम	कृषि खरीद बिक्री संस्थान	जनकपुरधाम
सरकारी वकील शाखा	जनकपुरधाम	हर्दिनाथ सब-डिभिजन कार्यालय	जनकपुरधाम
जिल्ला प्रहरी इन्सपेक्टर कार्यालय	जनकपुरधाम	नेपाल राष्ट्र बैंक	जनकपुरधाम
प्रहरी कार्यालय	जनकपुरधाम	कृषि विकास बैंक	जनकपुरधाम
भन्सार कार्यालय	जनकपुरधाम	वाणिज्य बैंक	जनकपुरधाम
जिल्ला अदालत	जनकपुरधाम	नेपाल बैंक लिमिटेड	जनकपुरधाम
कर कार्यालय	जनकपुरधाम	सुर्ती विकास कर्पोरेशन	जनकपुरधाम
जिल्ला शिक्षा कार्यालय	जनकपुरधाम		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

सार्वजनिक निर्माण कार्यालय	जनकपुरधाम	नेशनल ट्रेडिङ लिमिटेड	जनकपुरधाम
डिभिजन कार्यालय (वन)	जनकपुरधाम	जनकपुर रेल्वे	जनकपुरधाम
कोष तथा तहसील कार्यालय	जनकपुरधाम	जिल्ला पञ्चायत कार्यालय	जनकपुरधाम
मत्स्य विकास केन्द्र कार्यालय	जनकपुरधाम	नगर पञ्चायत कार्यालय	जनकपुरधाम
जिल्ला सहकारी कार्यालय	जनकपुरधाम	गुठी संस्थान कार्यालय	जनकपुरधाम
पशु-चिकित्सालय	जनकपुरधाम	आकाशवाणी कार्यालय	जनकपुरधाम
हुलाक नियन्त्रण कार्यालय	जनकपुरधाम	साल्ट ट्रेडिङ कार्यालय	जनकपुरधाम
मुख्य हुलाक कार्यालय	जनकपुरधाम	टेलिफोन कार्यालय	जनकपुरधाम

प्रहरी

यो जिल्लाको प्रहरी इन्सपेक्टर कार्यालय जनकपुरधाममा रहेको छ। यस जिल्ला प्रहरी इन्सपेक्टर कार्यालय अन्तर्गत खजुरीमा प्रहरी थाना एक, सबैलामा छोटी थाना एक र अन्य विभिन्न स्थानमा जम्मा सात ठाउँमा प्रहरी चौकीहरू छन् ।

सरकारी वकील

यस जिल्लामा एक सरकारी वकीलको कार्यालय छ। सरकारी वकीलको मुख्य काम जिल्लास्तरीय सरकारी कार्यालयहरूलाई कानूनी सल्लाह दिनु हो। सरकारवादी मुद्दामा प्रहरीसाथ तहकिकात, सरजमीन, अनुसन्धान आदि कार्य पनि गर्दछ ।

जिल्ला अदालत

यस जिल्लाको जनकपुरधाममा जिल्ला अदालत रहेको छ । यस जिल्ला अदालतले आफ्नो परिधिभित्र पर्ने फौजदारी तथा देवानी दुवै किसिमको मुद्दाहरू हेर्दछ र अन्य कानूनमा बेग्लै व्यवस्था भएकोमा बाहेक सबै मुद्दामा जिल्लाको शुरू कारवाही गर्ने तथा किनारा गर्ने अधिकार यस अदालतलाई प्राप्त छ। यस अदालतमा सालको देवानी मुद्दा करीब ९५० देखि १,१०० र फौजदारी मुद्दा ६५० देखि १,००० सम्म परेको देखिन्छ। २०२७ सालदेखि २०३० सालसम्म यस अदालतमा परेका मुद्दाहरूको संख्या निम्नलिखितअनुसार छः–

वर्ष	देवानी मुद्दा	फौजदारी मुद्दा
२०२७।२८	१,००६	९९९
२०२८।२९	९८३	८००
२०२९।३०	१,०८१	६८१
	३,०७०	२,४८०

आर्थिक वर्ष २०२७।२८ देखि २०२९।३० सम्म यस अदालतबाट देवानीतर्फ १,४९८ र फौजदारी तर्फ १,३५६ मुद्दाहरू किनारा लगाइएको थियो। उक्त मुद्दाहरूमध्ये देवानीतर्फ खासगरेर अंश मुद्दा, लेनदेन

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्दा, जग्गा बिक्री बदर, घर जग्गा चलन गरी पाउँ आदि मुद्दाहरू दर्ता हुने गरेका छन् भने फौजदारीतर्फ कुटपीट, चोरी, विषखुवाई मारेको, सम्बन्ध विच्छेद, ठगी, डाँका, गोवध, बहुविवाह, डुबी मर्ने, झुण्डी मर्ने आदि खालका मुद्दाहरू बढी मात्रामा दायर भएको देखिन्छ ।

पञ्चायत

यस जिल्लाको जिल्ला पञ्चायत कार्यालय सदरमुकाम जनकपुरधाममा रहेको छ । यस जिल्लामा जनकपुर नगर पञ्चायत एक समेत जम्मा १०४ पञ्चायतहरू छन् । यस जिल्लाबाट दुई जना सदस्यले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्दछन् । जिल्ला पञ्चायतको आयस्रोत ज्यादै कम छ । रेडियो इजाजत पत्र, दरखास्त दस्तूर, निवेदन दस्तूर, विभिन्न ठेक्का, घर धूरी कर, जरिवाना आदि नै जिल्ला पञ्चायतको मुख्य आम्दानीको स्रोत हो । यहाँका गाउँ पञ्चायतका आयस्रोत पनि ज्यादै कम छ । गाई, भैंसी खरीद बिक्री गर्दा कुनै कुनै पञ्चायतले सामान्य करलगाएको हुन्छ । २०२९।३० को आर्थिक वर्षमा धनुषा जिल्ला सभाले करीब रू. १८,६०४। को आय बजेट पास गरेको थियो । यहाँका गाउँ पञ्चायतहरूमा सबैभन्दा बढ्ता आय हुने सखुवा गाउँ पञ्चायत हो । सबैभन्दा कम आम्दानी हुने पशुपतिनाथ वनरझुला पञ्चायत हो ।

यहाँ भएको जिल्लास्तरीय वर्गीय संगठनहरू र तिनीहरूको प्रारम्भिक समिति तथा सदस्य संख्या निम्नलिखित अनुसार छः—

संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
किसान संगठन	२८	३०८
महिला संगठन	१२	१३२
युवक संगठन	४१	४५१

यी संगठनहरूको जिल्लास्तरीय आयस्रोत केही छैन तापनि आफ्नो आफ्नो वर्गीय हितको लागि आवश्यक प्रचार प्रसार तथा सभा आदि समय समयमा गरेको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

यस जिल्लाको यातायात, पशुपालन, खेती तथा उद्योग सम्बन्धी विकास कार्यहरूको विवरण विभिन्न शीर्षक अन्तर्गत दिइएको छ। हाल यस जिल्लामा काठेपुल बनाउने, हायण्ड पाइप गाड्ने, पञ्चायत भवन बनाउने, खानेपानीको व्यवस्था मिलाउने जस्ता ग्रामीणस्तरका सान-साना योजनाका अतिरिक्त कमला सिंचाइ योजना, हर्दिनाथ सिंचाइ योजना, दूर सञ्चार अन्तर्गत टेलिफोन जडान गर्ने जस्ता योजनाहरूको सफल कार्यान्वयन भएमा यस जिल्लाको विकासमा ठोस मद्दत पुग्ने कुरा स्वतः सिद्ध छ।

यस जिल्लाको उत्तरी भागमा पहाडतिरबाट विभिन्न कारणवश बसाइँ सरिआएका मानिसहरूको बस्ती बढ्दो छ। यिनीहरूले यहांका जङ्गल फाँडी खेती गर्न थालेका छन्। यसरी बसाइँ सरी आउने मानिसहरूले गर्दा यस जिल्लाको श्रमशक्ति वढ्न गएको छ। यही वढ्दो श्रमबाट भविष्यमा धेरै योजनाको सफल कार्यान्वयन गर्न सकिन्छ।

महेन्द्र राजमार्गको निर्माणले गर्दा यस जिल्लाको विकासमा ठूलो मद्दत पुगेको छ। त्यस्तै यस जिल्लामा हाल कच्चा बाटोकोरूपमा रहेको जनकपुरबाट रघुनाथपुर र महीनाथपुरबाट गोदारसम्मको बाटो पक्की हुन सकेमा यी बाटोमा पर्ने धवौली, जदुकुहा, सवैला, रघुनाथपुर मिथिलेश्वर मौवाही, धनुषा आदि स्थानहरूको पनि विकास हुन जानेछ।

जिल्लाको धेरैजसो भागमा खासगरी दक्षिणतिर जमीन मुनिको पानीको सतह नजीक भएकोले खानेपानीको समस्या उत्तिको देखिदैन। तर जिल्लाको उत्तरी भागमा पानीको सतह जमीनको सतहभन्दा निकै तल भएको र बलौटे ढुङ्गा भएकोले पानीको ठूलो समस्या छ। यस क्षेत्रमा आर्टिजन इनार बनी खाने पानीको व्यवस्था गर्न सकेमा यस क्षेत्रमा पनि गाउँको विकास छिटो हुँदै जानेछ।

धनुषा जिल्लाको हावापानी फलफूलको खेतीको निमित्त उपयुक्त भएकोले हाल जनकपुरमा रहेको बागबानी केन्द्रबाट अनुसन्धान गरी फलफूलको खेतीमा वृद्धि गरी क्यानिङ र विभिन्न फलफूलको सर्वत बनाउने उद्योग खोली यस जिल्लाको आर्थिक विकासमा मद्दत गर्न सकिनेछ। त्यस्तै यहाँका पोखरीमा माछापालन उद्योग शुरू गरी गाउँलेहरूको आर्थिक स्तर उठाउन सकिन्छ।

यस जिल्लाको चहल पहलको मुख्य कारण एक ठूलो धार्मिक स्थान हुनु हो। त्यसैकारण यहाँका मन्दिरहरू, पोखरी र कुवाहरू मर्मत तथा सम्भार गर्नुको अलावा एक सुव्यवस्थित बजार बनाउन सकेमा मानिसहरूको आवत-जावत बढ्न जानेछ। यसबाट पनि यहाँका मानिसहरूको आर्थिक व्यवस्थामा सुधार आउन सक्ने कुरा स्पष्ट छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महोत्तरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्देश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	३०९
प्राकृतिक स्वरूप र सम्पदा	३११
ऐतिहासिक पृष्ठभूमि	३१९
प्रमुख स्थानहरू	३२१
जनसंख्या र जनजीवन	३२४
आर्थिक व्यवस्था	३३०
यातायात, सञ्चार र बिजुली	३३९
शिक्षा, स्वास्थ्य तथा खानेपानी	३४३
प्रशासन र पञ्चायत	३४८
उपसंहार	३५२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

नेपाल अधिराज्यको दक्षिण-पूर्वी भागमा पर्ने जिल्लाहरूमध्ये यो महोत्तरी जिल्ला पनि एक हो। यो जिल्ला करीब २६° ३२′ देखि २७° ८′ उत्तरी अक्षांश र ८५° ४०′ देखि ८५° ५८′ पूर्वी देशान्तरसम्म फैलिएकोछ। यो जिल्लाको उत्तर-दक्षिण लम्बाइ करीब ६४.४ किलोमिटर (४० माइल) र पूर्व-पश्चिम चौडाइ करीब २२.५ किलोमिटर (१४ माइल) छ। यसको पूर्वमा धनुषा जिल्ला, पश्चिममा सर्लाही जिल्ला, उत्तरमा चुरिया डाँडा (सिन्धुली जिल्ला) र दक्षिणमा भारतको बिहार राज्यको सीतामढी जिल्ला पर्दछ। पूर्वमा यस जिल्लालाई जलघर नदीले धनुषा जिल्लाबाट र पश्चिममा बाँके नदीले सर्लाही जिल्लाबाट छुट्याउँछन्। यस जिल्लाको उत्तरी सीमाको रूपमा रहेको चुरेका केही डाँडा बाहेक अरू सब भाग तराईमा पर्दछ। यहाँको धेरैजसो भाग समुद्र सतहदेखि करीब ६१ मिटर (२०० फीट) को उचाइमा पर्दछ। जिल्लाको उत्तरतिर उचाइ बढ्दै जान्छ र सबभन्दा अग्लो भाग ८०७.७ मिटर (२,६५० फीट) को उचाइमा पर्दछ।

पौराणिक कालमा हालको यो महोत्तरी जिल्ला मिथिला राज्यमा पर्दथ्यो। यही मिथिलाका राजा जनकको छोरी सीतासँग रामचन्द्रको विवाह हुँदा यो जिल्लाको मटिहानीबाट माटो खनी लगेको थियो भनिन्छ। यही मटिहानीमा तस्मैया बाबा कीर्तन गर्दथे। उनले गाडेका त्रीशूल, चिम्टा, उनको खाट र ओछ्यान अहिलेसम्म पनि सुरक्षितै छन्। यही जिल्लाको जलेश्वरमा जगदीश बाबा नामको एक योगीले जलेश्वर महादेवको स्थापना गरेका थिए। यिनै ठाउँहरू आजकलसम्म पनि हिन्दूहरूको धार्मिक स्थल मानिएका छन्।

महोदर ठाकुर नामको एक ब्राह्मणले करीब पाँच बिघा जमीनमा एउटा पोखरी निर्माण गरेका थिए। उनैको नामबाट यो पोखरीको नाम महोदरी पोखरी रहन गयो। पछि महोदरी अपभ्रंश भई महोत्तरी रहन गएको हो र यही गाउँको नामबाट जिल्लाको नाम नै महोत्तरी रहन गएको हो भन्ने यहाँका मानिसहरू विश्वास गर्दछन्।

सेन वंशीहरूको मकवानपुरको विशाल राज्य स्थापना हुनुभन्दा पहिले यो क्षेत्र साना-साना भागहरूमा बाँडिएको थियो र विभिन्न सामन्तहरू यी भागहरूमा शासन चलाउँदथे। यी सामन्तहरूको आपसमा मेल थिएन। यही मौका पारी पालपाका राजा मुकुन्द सेन (प्रथम) ले आफ्ना कान्छा छोरा लोहाङ सेनको नेतृत्वमा फौजलाई आक्रमण गर्न पठाए। लोहाङ सेनले यी कमजोर शासकहरूलाई एक पछि अर्को जित्दै आफ्नो राज्यमा मिलाए। हेमिल्टनकाअनुसार सबभन्दा पहिले लोहाङ सेनले मगरात विजय गरे। त्यसपछि मोहन ठाकुरलाई हराई हालको महोत्तरीको केही भागमाथि विजय प्राप्त गरेका हुन्।

यसरी अधिराज्यको एकीकरण हुनुभन्दा पहिले करीब २०० वर्षसम्म हालको यो जिल्ला मकवानपुर राज्य अन्तर्गत थियो। पछि सन् १७६२ मा गोरखाका राजा पृथ्वीनारायण शाहले यस राज्यलाई जिती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो राज्यमा मिलाए। त्यसपछि यो क्षेत्र महोत्तरी सर्लाही गोश्वारा अन्तर्गत प्रशासित हुन थाल्यो।

पछि २०१८ सालमा जिल्ला विभाजन हुँदा यो एउटा छुट्टै जिल्ला बन्यो। महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा रहेको छ। जलेश्वरबाट भारतीय सीमाना भिटामोड केवल चार किलोमिटर मात्र टाढा पर्दछ। भिटामोडदेखि जनकपुर भई महेन्द्र राजमार्गको ढल्केवारसम्म पीच गरेको सडक छ। यस जिल्लाको रामनगरसम्म नेपाल-जनकपुर रेल चल्दछ। गौशाला, वलवा, मटिहानी, लोहारपट्टि, जलेश्वर आदि यस जिल्लाका मुख्य बस्ती हुन्। यस जिल्लामा जम्मा ९५ गाउँ पञ्चायत छन्। पुरुष १,६५,०२२ र महिला १,५९,८०९ गरी यस जिल्लाको जम्मा जनसंख्या ३,२४,८३१ छ। जिल्लाको उत्तरी भागमा जन आवादी धेरै पातलो छ र दक्षिणतिर ज्यादै बाक्लो छ। यस जिल्लामा धान र तेल पेल्ने केही मिल र केही बिंडी फ्याक्ट्रीहरू छन्। मटिहानीमा एउटा संस्कृत क्याम्पसका साथै अन्य विभिन्न स्तरका विद्यालयहरू पनि यस जिल्लामा छन्। जलेश्वरमा बिजुली बत्तीको व्यवस्था भइसकेको छ। यस जिल्लाको उत्तरतिर महेन्द्र राजमार्गको केही भाग पर्दछ।

यस जिल्लामा बाहुन, क्षेत्री, नेवार, तामाङ आदि जातका मानिसहरू भए तापनि ज्यादाजसो बस्ती मैथिलहरूकै पाइन्छ। दशैं, तिहार बाहेक राम नवमी, विवाह पञ्चमी र परिक्रमा यहाँका मुख्य पर्व हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

महोत्तरी जिल्ला नेपाल अधिराज्यको दक्षिण-पूर्वी तराईमा पर्ने जिल्लाहरूमध्ये एक हो। यस जिल्लाको पूर्वमा धनुषा जिल्ला, पश्चिममा सर्लाही जिल्ला, उत्तरमा चुरिया डाँडा र दक्षिणमा भारतको बिहार प्रान्तको सीतामढी जिल्ला पर्दछन्। यसरी यस जिल्लाको उत्तरी भागको चुरिया डाँडा बाहेक अरू सबै भाग तराई प्रदेशमा पर्दछ। यो जिल्ला समुद्री सतहबाट ६१ मिटर (२०० फीट) देखि ८०८ मिटर (२,६५० फीट) को उचाइमा पर्दछ। यसरी यस जिल्लाको उत्तरतिर जङ्गल पाइन्छ भने दक्षिणतिर लहलहाउँदो धानको खेत पाइन्छ।

भौगोलिक बनावट

महोत्तरी जिल्लालाई मोटामोटी निम्न तीन प्राकृतिक स्वरूपमा बाँड्न सकिन्छः—

१. चुरिया डाँडा
२. भावर प्रदेश
३. तराई प्रदेश

चुरिया डाँडाः

यस जिल्लाको उत्तरतिर महाभारत पर्वतसँग करीब करीब समानान्तर भई नेपाल अधिराज्यमा पूर्व-पश्चिम फैलिएको यो चुरिया डाँडा यस जिल्लाको उत्तरी सीमानाको रूपमा रहेको छ। हिमालय पर्वत बन्ने क्रममा सबभन्दा पछि बनेको यो डाँडो बालुवा, बलौटे ढुङ्गा र "कङलोमेराइट" चट्टानले बनेको छ। यस डाँडामा लस्सादार माटो नपाइने भएकोले झरी पर्दा र आँधी चल्दा ठाउँ ठाउँमा पहिरो गएको पाइन्छ। चुरिया डाँडाको दक्षिणतिर महेन्द्र राजमार्ग बनेको र औलो उन्मूलन संघको प्रयासले यस क्षेत्रको औलो उन्मूलन भइसकेकोले उत्तरी भागबाट बस्ती सरी आउने मानिसहरूले यहाँका जङ्गलहरू फाँडी यत्रतत्र साना बस्तीहरू बसालेको देखिन्छ। जुरी, भँगारी, पचनौती, खैरमर, बयलबास, नयाँ टोल, शिकरी टोल, टुटेश्वर, बल डाँडा आदि यहाँका मुख्य बस्ती हुन्। यस चुरिया डाँडाको ८०८ मिटर (२,६५० फीट) को सबभन्दा अग्लो भाग यस जिल्लाको उत्तरमा पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावर प्रदेश

चुरिया डाँडाको दक्षिणतिरको फेदीदेखि जमीनको स्वरूप विस्तारै भिरालो पर्दै दक्षिणको तराईसँग मिलेको छ। यसरी चुरिया डाँडादेखि दक्षिण र तराईदेखि उत्तरतिरको करीब १५२ मिटर देखि ३०५ मिटर (५०० देखि १,००० फीट) सम्मको उचाइमा रहेको भागलाई भावर प्रदेश मानिन्छ। यो क्षेत्र बालुवा र बलौटे ढुङ्गाले बनेकोले धेरै ठूला नदीहरू बाहेक साना खोलाहरू यहाँ पुगेपछि सुक्दछन्। त्यसैले यस क्षेत्रमा खोला तथा नदीहरूको बगर मात्र हुन्छ। बाढी आएको समयमा मात्र यी नदीहरूमा पानी हुन्छ। यसै क्षेत्रको धेरैजसो भागमा चारकोसे झाडी फैलिएको छ। महेन्द्र राजमार्गको निर्माण तथा अधिराज्यका अन्य भागबाट मानिसहरू आई यहाँ बस्ती बसाल्न थालेकाले धेरै मात्रामा जङ्गल फडानी भई धेरैजसो जङ्गली जन्तुहरू पनि देखिन छाडिसकेका छन्। बर्दिबास, गोरी डाँडा, माईस्थान आदि यहाँका मुख्य बस्ती हुन्।

तराई प्रदेश

यो भाग अधिराज्यकै सबभन्दा दक्षिणतिर पर्ने र सबभन्दा होचो भाग हो। यस जिल्लाको समस्त दक्षिणी भाग यही तराई प्रदेशमा पर्दछ। यो भाग करीब ६१ मिटरदेखि १५२ मिटर (२०० देखि ५०० फीट) सम्मको उचाइमा पर्दछ। यस भागलाई तराईको मैदान अथवा मधेश पनि भनिन्छ। यो मैदानी भाग भएकोले उत्तरतिरको पहाडी भागबाट बगेर आएका नदीहरूको गति यहाँ पुग्दा ज्यादै मन्द हुन्छ। त्यसकारण बाढी आउँदा यी नदीहरूले ठाउँ ठाउँमा नयाँ बाटो लिने भएकोले धेरै खेत तथा मानिसहरूको बस्तीलाई नोक्सान पार्दछन्। भावर प्रदेशमा सुकेका नदी तथा खोला पनि यस भागमा फेरि निस्की बग्न थाल्दछन्। यी नदीहरूले यस भागमा प्रशस्त पाँगो माटो थुपार्ने भएकोले जिल्लाको यो भाग खेतीको दृष्टिकोणले ज्यादै महत्वपूर्ण छ। यसरी यो जिल्लामा धान प्रशस्त उत्पादन हुन्छ। जिल्लालाई बढी हुने हजारौं मन धान अधिराज्यको अन्य जिल्लाहरू र भारतमा समेत वर्षेनी निकासी गरिन्छ। त्यसैले यो जिल्ला लगायत समस्त पूर्वी तराईलाई नेपालको अन्नको भण्डार भनिन्छ। यस जिल्लाको यही भागमा मानिसहरूको सबभन्दा घना आवादी पाइन्छ। दुई नदी बीचको अलि अग्लो मैदानी भागलाई "टाँड" र होचो मैदानी भागलाई "धाव" भनिन्छ। यस जिल्लाको सदरमुकामका साथै अञ्चलकै सदरमुकाम जलेश्वर पनि यहीं रहेको छ।

नदीनालाहरू

यस जिल्लामा रातो, बिघी, जङ्घा आदि नदी र खोलाहरू छन्। तीमध्ये केही मुख्य नदीहरूको विवरण निम्नअनुसार छः–

रातो नदी

यो नदी यसै जिल्लाको उत्तरी सीमानास्वरूप रहेको चुरिया डाँडाको करीब ८०८ मिटर (२,६५० फीट) अग्लो डाँडाबाट शुरू भई पहिले दक्षिण पूर्वतिर बग्दछ। त्यसपछि यो नदीले केही भागसम्म जिल्लाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वी सीमानाको काम गर्दछ। यसरी भावर प्रदेश पार गरेर यो नदी जिल्लाभित्र बगेमा, वथनाहा, गोनरपुरा, महादेव पट्टि आदि हुँदै जलेश्वरको पश्चिमी भागबाट भारतको सीमानाभित्र पस्दछ। वर्षाको समयमा यस नदीमा बाढी आई आसपासको बाली धेरै नोक्सान गर्दछ।

विघी नदी

यो नदी धनुषा जिल्लाको उत्तरमा रहेको करीब ४५७ मिटर (१,५०० फीट) अग्लो चुरिया डाँडाबाट शुरू भई दक्षिणतिर बग्दछ। यसरी तराईको केही भागमा बगिसकेपछि यो नदी महोत्तरी जिल्लाभित्र पस्दछ। सुखेनी माडिह, पिपराढी, भागवानपुर, सनोखरा, पर्सा हुँदै यो नदी जलेश्वरको पूर्वी भागबाट दक्षिणतिर बगी भारतको सीमानाभित्र पस्दछ । यसमा वर्षाको समय बाढी आउँछ र यसले आसपासको बाली नोक्सान गर्दछ ।

जङ्गा नदी

यो नदी यस जिल्लाको उत्तरतिर रहेको करीब ६१० मिटर (२,००० फीट) अग्लो चुरिया डाँडाबाट शुरू भई दक्षिणतिर बगेको छ। यस नदीमा चुरियाकै अन्य डाँडाबाट बगेको अरू साना साना खोलाहरू आई मिल्दछन्। यसरी यो नदीले भावर प्रदेश पारगरी तराईको केही उत्तरी भागबाट बग्दै गहिरी टोल, नवराजपुर, महेश माधव, कतवार तथा खोपी हुँदै हरभरही इटहर्वानिर यसै जिल्लाको मघा नदीमा मिल्दछ।

मघा नदी

यो नदी चुरेको करीब ६१० मिटर (२,००० फीट) अग्लो डाँडाबाट शुरू भई दक्षिणतिर बग्दछ। चुरेकै अरू डाँडाहरूबाट शुरू भै बगेका खोलाहरू यसमा आई मिल्दछन्। यसरी तराईमा पुग्दा यो नदी निक्कै ठूलो भइसकेको हुन्छ। वर्षाको समयमा यस नदीमा पनि बाढी आउँदछ। तराईमा बग्ने अन्य नदीहरूले झैं यस नदीले पनि ठाउँ ठाउँमा नयाँ बाटो लिनाले आसपासको धेरै खेतमा नोक्सान गर्दछ। सिद्धपुर, सिंहासनी, दौहट, आँवा, जफवा, हरभरही इटहर्वा, विलासपुर आदि ठाउँबाट बगी भारतको सीमानाभित्र पस्दछ।

बाँके नदी

यो नदी चुरेको करीब ७६२ मिटर (२,५०० फीट) अग्लो डाँडाबाट शुरू भई दक्षिणतिर बग्दछ। यस नदीमा चुरेका अन्य डाँडाहरूबाट बगेका केही स-साना खोलाहरू आई मिल्दछन्। यसरी कटका टोला, वगेवा, वसन्तपुर, रामपुर, शीतलपुर हुँदै यो नदी भारतको सीमानाभित्र पस्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोगा नदी

यो नदी भावर प्रदेशको दक्षिणी भागबाट शुरू भई दक्षिणतिर बग्दै भारतीय सीमानाभित्र पस्दछ। यही नदीले यस जिल्लाको पश्चिमी भागमा केही किलोमिटरसम्म सीमानाको काम गर्दछ।

माथि उल्लेख भएअनुसार यस जिल्लामा बग्ने धेरैजसो नदीहरूमा खास गरेर बर्षादको समयमा बाढी आई आसपासमा रहेका धेरै बालीमा क्षति पुऱ्याउने भए तापनि यी नदीहरूबाट यहाँका मानिसहरूलाई धेरै फाइदा पनि भइराखेको छ। यिनै नदीको पानीले यहाँका खेतहरू हराभरा देखिन्छन्। आसपासका गाउँमा बस्ने मानिसहरू यिनै नदीमा माछा मारी केही रूपैयाँ जम्मा गर्दछन्। खानको निमित्त पनि यिनै नदीहरूले निर्मल पानी दिएका छन्।

पोखरीहरू

यस महोत्तरी जिल्लाको उत्तरतिरका केही चुरे डाँडाहरू बाहेक अरू बाँकी भाग सबै तराईमा पर्दछ। त्यसैले यस जिल्लामा झरना तथा तालहरू छैनन्। पोखरीहरू भने यस जिल्लाको प्रायः सबै गाउँहरूमा छन्। यहाँ ऐतिहासिक तथा धार्मिक महत्व भएका केही पोखरीहरू छन्। तिनीहरूको छोटकरी विवरण निम्न-अनुसार छः—

महोदरी पोखरी

यो पोखरी महोत्तरी गाउँमा छ। यो पोखरी महोदर ठाकुर नाम गरेको ब्राह्मणले करीब पांच बिघा जमीनमा बनाएका थिए। यो गाउँ जलेश्वरबाट ४.८ किलोमिटर (१.५ कोस) जति टाढा पर्छ। त्यही महोदरी पोखरीको नाम पछि अपभ्रंश भई महोत्तरी पोखरी हुन गयो र यस जिल्लाको नाम पनि यही पोखरीको नामबाट महोत्तरी हुन गएको हो भन्ने स्थानीय विश्वास छ। अद्यापि महोदरी पोखरी भएको गाउँलाई महोत्तरी गाउँ भन्ने चलन छ।

वरुण सर

जलेश्वरमा जलेश्वर महादेवको अगाडि पछाडि दुवैतिर पोखरीहरू छन्। जलेश्वर मठको अगाडि-तिर रहेको ठूलो पोखरीलाई वरुणसर भनिन्छ। यस मठमा रहेको महादेव जहिले पनि पानीमा डुबेका हुन्छन्। यही कारण यस महादेवलाई जलेश्वर महादेव भनेको हो। जलेश्वरको पानी र वरुणसरको पानी मिलेको छ भन्ने किम्वदन्ति छ। यसै पोखरीको चारैतिर यहाँका बजार लाग्दछ। छठको दिनमा व्रत बस्ने मानिसहरू यही पोखरीमा नुहाउने गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भार्गव सर

यो पोखरी सुगा गाउँ पञ्चायतमा पर्दछ। यस पोखरीको पनि ठूलो धार्मिक महत्व छ। धेरै समय पहिले भार्गव ऋषिले यहीं तपस्या गरेका थिए भनिन्छ। त्यसै बखत उनले यो पोखरी बनाएका थिए। यही कारण यो पोखरीको नाम भार्गव सर भएको हो भन्ने जनश्रुति छ। आजकलसम्म पनि जनैपूर्णिमाको दिन यस पोखरीमा स्थान गरी ब्राह्मणहरू जनै फेर्ने गर्दछन्।

हावापानी

साधारण किसिमले यो जिल्ला मनसुनी वायुको प्रभावमा पर्दछ। यो मनसुनी बतास नेपालभित्र दक्षिण-पूर्वी दिशाबाट बहन्छ। यो हावाको प्रवाह सबभन्दा पहिले नेपालको पूर्वी तराईमा पर्ने भएकोले यस क्षेत्रमा प्रशस्त वर्षा गराउँछ। महोत्तरी जिल्ला पनि नेपालको पूर्वी तराईमा पर्ने भएकोले यही बतासले यस जिल्ला मा करीव असारदेखि असोजसम्म प्रशस्त वर्षा गराउँछ। यसरी पूर्वी भागमा वर्षा गराउँदै यो बतास पश्चिमतिर बहन्छ। यो जिल्लाको उत्तरमा करीब ७९३ मिटर (२,६०० फीट) अग्लो चुरेका डाँडाहरू छन्। यसरी यस जिल्लामा करीब ६१ मिटर (२०० फीट) देखि ६१० मिटर (२,००० फीट) भन्दा पनि बढी उचाइका भू-भाग भएको हुँदा वर्षा पनि जिल्लाभरी एकैनासले हुँदैन।

यस जिल्लामा करीब कात्तिकदेखि माघसम्म ठण्डी याम रहन्छ। यो याममा जिल्लाभरी न ज्यादा गर्मी न ज्यादा ठण्डी हुने भएकोले रमाइलो रहन्छ। यो समयमा पश्चिमतिरबाट बहेर आउने हावाले पानी पार्दछ। यो हावाले पहिले पश्चिमी नेपालमा पानी पारेर मात्र अधिराज्यको पूर्वी भागमा पानी पार्ने भएकोले यहाँ कम मात्रामा पानी पर्दछ।

करीब वैशाखदेखि भदौसम्म यस जिल्लामा ग्रीष्मयाम रहन्छ। तापक्रम ३८° सेण्टिग्रेड (१००° फा) भन्दा पनि बढ्छ। घाममा बाहिर निस्कन अथवा काम गर्न ज्यादै गाह्रो पर्छ। यस याममा यहाँका मानिसहरू अक्सर गरी बिहान र बेलुका मात्र काम गर्ने गर्दछन्। यसरी बढ्दै गएको गर्मी असारतिर पानी धेरै परेपछि मात्र केही कम हुन थाल्दछ।

यस जिल्लामा करीब ६१ मिटर (२०० फीट) देखि ६१० मिटर (२,००० फीट) भन्दा पनि बढी उचाइमा पर्ने भागहरू भएकोले उचाइअनुसार हावापानीमा विभिन्नता पाइन्छ। त्यसैले तल तालिकामा देखाइएको तापक्रम र वर्षाले यस जिल्लाको समस्त भागको प्रतिनिधित्व गर्दैन। यस महोत्तरी जिल्लामा जति जति उत्तरतिर गयो उति उति उचाइ बढ्दै जाने भएकोले उत्तरतिरको क्षेत्रमा तापक्रम घट्दै जान्छ। तल दिइएको तापक्रमको तालिका अनुसार यस जिल्लामा करीब चैतदेखि कात्तिकसम्म नै गर्मी हुन्छ। तर वर्षाको तालिकाअनुसार करीब असार महीनादेखि पानी पर्न थाल्ने भएकोले तापक्रम पनि केही मात्रामा कम हुन्छ। यसरी असारदेखि वर्षा शुरू भएपछि करीब असोजसम्म नै ठाउँ ठाउँको बाटोमा पानी जमी यातायातको समस्या पर्दछ र यस्तै गरी यहाँका नदीहरूमा पनि बाढी आई आसपासका धेरै खेतहरू जलमग्न हुन्छन्।

यस जिल्लामा मौसम अवलोकन केन्द्र स्थापना भएको छैन। छिमेकी जिल्ला धनुषाको तापक्रम र वर्षा महोत्तरीको हावापानीसित मिल्दो जुल्दो भएकोले जनकपुरस्थित मौसम अवलोकन केन्द्रको अभिलेख यहाँ प्रस्तुत गरिएको छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तापक्रमको तालिका

(सेण्टिग्रेडमा)

वर्ष / महीना	१९७० अधिकतम	न्यूनतम
जनवरी	२२.३	१०.०
फेब्रुअरी	२४.२	१०.२
मार्च	३१.१	१४.८
अप्रिल	३५.९	२३.५
मे	३६.८	२६.८
जून	३२.८	२५.३
जुलाई	३२.२	२५.८
अगष्ट	३६.०	२५.७
सेप्टेम्बर	३२.०	२४.५
अक्टोबर	३१.३	२२.३
नोभेम्बर	२८.४	१५.१
डिसेम्बर	२४.७	७.८
औसत	३०.३	१९.३

वर्षाको तालिका (मिलिमिटरमा)

वर्ष / महीना	१९७० वर्षा
जनवरी	१.०
फेब्रुअरी	१९.०
मार्च	१.०
अप्रिल	२८.०
मे	२३.०
जून	४८३.०
जुलाई	४२५.४
अगष्ट	२५३.४
सेप्टेम्बर	२१८.०
अक्टोबर	२८.०
नोभेम्बर	०.०
डिसेम्बर	०.०
वार्षिक जम्मा	१,४७९.८

हावापानीको दृष्टिकोणले यस जिल्लामा साधारणतया उष्ण हावापानीको बढी प्रभाव देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो महोत्तरी जिल्ला नेपालको दक्षिण-पूर्वतिर तराईमा पर्ने जिल्लाहरूमध्ये एक भएकोले यहाँ वर्षा याममा दक्षिण-पश्चिम मनसुनी बतासले पानी पार्दछ। यो मनसुनी हावा नेपाल अधिराज्यभित्र दक्षिण-पूर्व दिशाबाट बहन्छ। यसरी यो मनसुनी हावाले अधिराज्यको दक्षिण-पूर्वी तराईमा सबभन्दा धेरै पानी पार्दछ। जति जति यो हावा पश्चिमतिर हुँदै जान्छ उति उति वर्षा पनि कम हुँदै जान्छ। यस जिल्लामा यो मनसुनी बतासले करीब असारदेखि असोजसम्म पानी पार्दछ। उक्त वर्षाको तालिकाबाट असार महीनामा यस जिल्लामा सबभन्दा धेरै अर्थात् ४८३.० मिलिमिटर वर्षा भएको देखिन्छ। माघदेखि चैतसम्म यस जिल्लामा प्रायः सुक्खा रहेको देखिन्छ। यी महीनाहरूमा नेपालमा पश्चिमतिरबाट बहने बतासले पानी पार्दछ। यो बतासले अधिराज्यको पश्चिमी भागमा सबभन्दा धेरै पानी पार्दछ। यस्तै गरी माथि दिइएको तापक्रमको तालिकाबाट यस जिल्लामा जेठ महिनामा सबभन्दा बढ्ता गर्मी अर्थात् ३६.८° सेन्टिग्रेडसम्म तापक्रम पुगेको देखिन्छ। यसरी गरम बढी सबै चीजहरू सुक्ने भएकोले नै यस याममा तराईका धेरैजसो भागमा जस्तै यस जिल्लामा पनि आगोको ठूलो भय रहन्छ। असारमा वर्षा भएपछि तापक्रम केही घट्न थाल्छ।

उष्ण हावापानीको प्रभाव बढ्ता भएको यस जिल्लामा धानको प्रशस्त खेती हुन्छ। यहाँको धान उत्पादन यहाँका मानिसहरूलाई बढ्ता हुन्छ र यो बढी भएको अन्न यसै जिल्लाको उत्तरतिरका पहाडी जिल्लाहरू र भारतमा समेत निकासी गरिन्छ। यो जिल्ला जस्तै नेपालका अरू पनि पूर्वी तराईका जिल्लाहरूबाट प्रशस्त धानको निकासी हुने भएकोले नै पूर्वी तराईलाई नेपालको अन्नको भण्डार भनिन्छ। उष्ण हावापानीकै कारण यस जिल्लामा नगदे बालीको रूपमा सुर्ती र उखुको पनि प्रशस्त खेती गरिन्छ। उत्तरतिरको भावर प्रदेशमा चारकोसे झाडीको केही भाग देखिन्छ।

प्राकृतिक वनस्पति

कुनै पनि ठाउँको प्राकृतिक वनस्पति त्यस ठाउँको उचाइ र हावापानीमा भर पर्दछ। यस जिल्लाको प्रायः सबै भाग उष्ण हावापानीको प्रभावमा पर्ने भएको र जिल्लाको सम्पूर्ण भू-भाग समुद्री सतहबाट करीब ६१ मिटर (२०० फीट) देखि ७९२ मिटर (२,६०० फीट) भित्र पर्ने हुँदा जिल्ला भरी नै उष्ण प्रदेशीय सदाबहार जङ्गल मात्र पाइन्छ। यो जङ्गलको चौडाइ चार कोस भएकोले यसलाई चार कोसे झाडी भनिन्छ। नेपालको अन्य भागहरूमा जस्तै यस जिल्लामा पर्ने जङ्गलमा साल, सिसौ, सिमल, खयर, असना, कर्मा र अनेकौं प्रकारका जरीबूटीहरू मुख्य रूपमा पाइन्छन्। उक्त रूखहरूमध्ये साल, सिसौ घर बनाउने सामानको लागि र फर्निचर-हरू बनाउन तथा लाटी कर्मा र सिमल सलाईको बट्टा तथा काँटी बनाउने कामको निमित्त प्रयोग हुन्छ। वर्षेनी लाखौं रूपैयाँको काठ तथा जरीबूटीहरू यहाँबाट निकासी हुन्छ। यस बाहेक यस जिल्लाको उत्तरी भेकमा बसोबास गर्ने मानिसहरूले यहाँ पाइने बाँसको चोयाबाट डोको, डालो, नाङलो, टोकरी आदि बनाएर बेची केही रूपैयाँ जम्मा गर्ने गर्दछन्। यसरी उक्त वन पैदावारले यस जिल्लाको आर्थिक स्थिति सुधार्नमा निक्कै सघाउ पुऱ्याएको छ।

वनसंरक्षण तथा विकास

यस जिल्लामा भएको वन संरक्षण गर्ने र वन पैदावारको चोरी निकासी रोक्ने उद्देश्यले ठाउँ ठाउँमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

बिट छुटचाई फरेष्ट गार्ड राखेर तिनीहरूबाट र रेञ्ज तथा डिभिजन कार्यालयबाट समेत रेखदेख र नियन्त्रण गरिएको छ। यस जिल्लामा पर्ने जङ्गलको चार किल्ला यस प्रकार छः– पूर्वमा रातो नदी, पश्चिममा कालिन्जोर, उत्तरमा चुरे डाँडाको पानी ढलो र दक्षिणमा भारतसँगको सीमाना। यो जिल्लाको जङ्गलको उत्तरी भागतर्फ पर्साही, कालापानी, पर्सा हिलोहट। आँद खोलाको किनारामा केही वन अतिक्रमण भएको अनुमान छ। वन फडानी तथा अवैध रूपमा बसोबास हुन नदिन रेखदेखको व्यवस्था गरिएको छ। यसै महोत्तरी जिल्लाको छिमेकी धनुषा तथा सर्लाही जिल्लाहरूमा वन अनियन्त्रित रूपबाट फडानी भए तापनि यस जिल्लामा त्यो समस्या देखिएको छैन।

पशु-पक्षी

यस जिल्लाको उत्तरी भेकमा रहेको जङ्गलमा विभिन्न जातका पशु-पक्षीहरू पाइन्छन्। यहाँ पाइने जन्तुहरूमा बनेल र हरिण मुख्य हुन्। यी बाहेक बाघ, खरायो, बाँदर, स्याल आदि पनि देखिन्छन्। यस्तै गरी पक्षीहरूमा लुइँचे, कालिज, मैना, सुगा र मयूर आदि पाइन्छन्। वन जन्तु संरक्षण गर्ने कुनै योजनाबद्ध कार्यक्रम हालसम्म नभएकोले यहाँका पशु-पक्षीहरू मासिदै गइरहेका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

वर्तमान महोत्तरी र धनुषा जिल्ला तथा भारतको बिहार राज्यको दरभङ्गा जिल्ला र मजफ्फरपुर जिल्लाको केही भाग समेत पौराणिक कालमा राजा जनकको राज्यभित्र परेको र यस मिथिला राज्यको राजधानी जनकपुर भएको विश्वास गरिन्छ । मिथिला कृषि-प्रधान देश भएकोले यहाँका राजा जनक आफैं पनि हलो जोत्दथे । यसरी राजा जनकले हलो जोत्दा सर्वेश्वरी सीता उत्पन्न भएकी थिइन् र जनकपुरमा भएको धनुष यज्ञमा शिवजीको धनुष तोडी रामचन्द्रले सीतासँग विवाह गरेका थिए भनिन्छ ।

सीताको विवाहको समयमा माटो खनेर लगेकोले यस जिल्लाको एक ठाउँको नाम "मृतखनि" रहन गयो र यही अपभ्रंश भई मटिहानी रहन गएको हो भन्ने किम्वदन्ति प्रचलित छ । यिनै कारणहरूले गर्दा यो स्थलहरू हिन्दू धर्मावलम्बीहरूको तीर्थस्थल बन्न गएको छ । यहाँ विवाह पञ्चमी र राम नवमीको दिन ठूलो मेला लाग्दछ र मन्दिरहरूमा हिन्दूहरूको घुइँचो लाग्दछ ।

यस जिल्लाको सदरमुकाममा रहेको जलेश्वर महादेवको बयान पद्म पुराणमा पनि पाइन्छ । यी महादेवको स्थापना बारे निम्नलिखित किम्वदन्ति प्रचलित छः–

"धेरै समय पहिले जगदीश बाबा नाम गरेका एक योगी घुम्दै घुम्दै यस स्थानमा बास बस्न आइपुगेछन् । त्यस बेला यो ठाउँ जङ्गल थियो । योगीलाई राति सपनामा जलेश्वर महादेवले आफू उत्पत्ति हुन चाहेको कुरा देखाए । जङ्गल फाँड्न र जमीन खनी शिवलिङ्ग पत्ता लगाउन चाहिने खर्चको लागि यहाँदेखि अलि उत्तरतिर गई खनेमा सुन भेट्टाउने कुरा पनि योगीले सपना देखे । यसरी जुन ठाउँमा सुन पत्ता लागेको थियो त्यस ठाउँलाई सुन उखडा गढ भनिन्छ । यहींबाट सुन ल्याई मानिस जम्मा गरी ती योगीले जङ्गल फाँडाइ जमीन खन्न लाउँदा जलेश्वर महादेवको उत्पत्ति भएको ।"

यसै जिल्लामा पर्ने मटिहानी मठको पनि ठूलो ऐतिहासिक महत्व छ । यो मठ कसले र कहिले बनायो भन्ने बारे पनि निम्नलिखित किम्वदन्ति छः–

"धेरै समय पहिले तस्मैया बाबा नाम गरेका एक योगी भजन कीर्तनको लागि ठाउँ खोज्दै थिए । यसरी घुमिरहँदा उनले एक फकीर भेटेछन् । फकीरले यसरी घुम्नाको उद्देश्य के हो भनी सोध्दा भजन कीर्तन गर्ने उपयुक्त स्थानको खोजीमा छु भनी तस्मैया बाबाले जवाफ दिएछन् । त्यसपछि फकीरले एक छिन विचार गरी जहाँ मुसा र बिरालोको संघर्षमा मुसाले जितेको देख्ने छौ त्यही स्थानमा आफ्नो आश्रम बनाउनु भन्ने सल्लाह दिएछन् । तस्मैया बाबा त्यस्तो स्थानको खोजीमा हिंड्दा हालको मटिहानीमा मुसाले बिरालोलाई हराएको देखेछन् र त्यहीं आफ्नो आश्रम स्थापना गरेछन् । उनले गाडेको त्रिशूल, चिम्टा र उनको खाट र ओछ्यान अद्यपि मटिहानीको महन्त बस्ने भवनको एउटा कोठामा सुरक्षित नै छन् ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पछि हालको यो जिल्ला लिच्छविकाल (ई. सं. ४६४–नवौं शताब्दी) सम्म लिच्छवि राजाहरूको अधिनमा रहेको देखिन्छ।[१] त्यस पछि नान्यदेवले (ई. सं. १०९७) कर्नाटक राज्य खडा नगरुन्जेल यहाँको इतिहास अस्पष्ट रहेको पाइन्छ। नान्यदेवले ई. सं. १०९७ मा तिरहुतमा कर्नाटक वंशको राज्य खडा गरे। यसरी महोत्तरी ई. सं. १०९७ देखि १३२४ सम्म यही राज्य अन्तर्गत रह्यो।[२] १३२४ मा दिल्लीको सुल्तान गयासुद्दीन तुगलकले तिरहुतमा हमला गरी यस राज्यलाई ध्वस्त गरी दिए।[३] यस पछि यक्ष मल्लले (ई. सं. १४२८–१४८२) आफ्नो राज्य विस्तार गरी पूर्वमा बङ्गाल सम्म र दक्षिणमा गङ्गा सम्म आफ्नो राज्य फैलाएका थिए।[४] यहाँका निवासीहरूलाई डोय पनि भनिन्थ्यो। ती डोयहरूले काठमाडौं उपत्यकामा पनि धेरै पटक हमला गरेका थिए।[५]

नेपाल अधिराज्यको एकीकरण हुनुअघि वर्तमान महोत्तरी जिल्ला मकवानपुर राज्य अन्तर्गत थियो। यस क्षेत्रमा दुई सय वर्षभन्दा पनि बढी समयसम्म मकवानपुरका सेन राजाहरूको अधिपत्य रहेको देखिन्छ। मुकुन्द सेन (प्रथम) का पालामा पाल्पादेखि पूर्व कोशीसम्म सेन राज्य फैलिएको थियो। यसरी सेन राज्य विस्तार भएको श्रेय मुकुन्द सेनका कान्छा छोरा लोहाङ सेनलाई छ।

लोहाङ सेनले कोशीसम्मको क्षेत्रमा सेनहरूको अधिपत्य जमाउनु अघि यो क्षेत्र साना-साना भागमा बाँडिएको थियो र तिनमा सामन्तहरू शासन चलाउँदथे। यी सामन्तहरूको आपसमा मेल थिएन। एकले उन्नति गरेको अर्को सहँदैन थिए। यही मौका पारी लोहाङ सेनले एक पछि अर्को गर्दै यी कमजोर शासकहरूलाई जित्दै गए। हेमिल्टनकाअनुसार लोहाङ सेनले सबभन्दा पहिले मगरातको एक सानो भाग जिते। त्यसपछि मोहन ठाकुरलाई पराजित गरी उनले वर्तमान महोत्तरीको एक सानो भागमा अधिकार जमाए। अनि क्रमशः अरु ठाउँहरू जित्दै गए। पछि मुकुन्द सेनले आफ्नो विशाल राज्य आफ्नो छोराहरूलाई बाँडिदिए। मुकुन्द सेनका कान्छा छोरा आफ्नै बाहुबलले खडा गरेका मकवानपुरका राजा भए। त्यसबेला यो राज्य पश्चिममा ओरिया नदी देखि पूर्वमा कोशी सम्म फैलिएको थियो। पछि लोहाङसेनले आफ्नो राज्य विस्तार गर्दै महानन्दा सम्म पुऱ्याए।

पछि गोरखाका राजा पृथ्वीनारायण शाहको नेपाल एकीकरण गर्ने सिलसिलामा १७६२ मा यो राज्य गोरखा राज्यमा गाभियो। २०१८ सालमा अधिराज्यको जिल्ला विभाजन हुनु अधिसम्म हालको यस महोत्तरी जिल्लाको इतिहास यसै छिमेकी जिल्ला धनुषाको इतिहास बमोजिम भएको र सो इतिहास धनुषाको जिल्लामा बयान भइसकेकोले यहाँ फेरि दोहोऱ्याइएको छैन।

---

१. धनवज्र वज्राचार्य–लिच्छवि कालका अभिलेख, पृष्ठ २७–२८
२. Levi, S.— Le Nepal (English translation) p. I96-294
Majundar, R. C.—King Nanya of Tirhut (Indian Historical Quarterly), Vol. 7,1931, p. 670—89.
३. Baidya, T.R — Devala Devi, the wife of Hari Singha Dev, Nepal Review (Feb. issue 1969).
धनवज्र वज्राचार्य–इतिहास संशोधन मण्डलको प्रमाण प्रमेय, पृष्ठ २३२–३६
४. धनवज्र वज्राचार्य–डोयहरूको हुन ? पूर्णिमा, पूर्णाङ्क ४, पृष्ठ २०–३१
५. जगज्योतिमल्ल–नरपति जय चर्चा स्वरोदय टीका
Kirkpatrik— An Account of of Kingdom of Nepaul, p. 266

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

जलेश्वर

यहाँ जलेश्वर महादेव भएको हुनाले यो गाउँको नाम जलेश्वर रहन गएको हो। यो मन्दिर अधिराज्यको प्रमुख मन्दिरहरूमध्ये एक गनिन्छ। जलेश्वर महादेवको उल्लेख पद्म पुराणमा पाइन्छ। धेरै समय पहिले जगदीश नाम गरेका एक योगी घुम्दै यस स्थानमा आइपुगेछन्। त्यस बखत आजको जलेश्वर निर्जन वन थियो। राति सुतेको बेलामा उनलाई यस ठाउँमा जलेश्वर महादेव भएको र जङ्गल फाँडी जमीनभित्रको मूर्ति झिकी स्थापना गर्नु र खर्चको निमित्त सुन उखडागढबाट सुन ल्याउनु भन्ने सपना देखे। यही सपना अनुसार उनले जलेश्वर महादेवको स्थापना गरे भन्ने किम्वदन्ति छ। हाल जलेश्वर महादेवको पक्का मन्दिर छ। धेरै समय पहिले गीर्वाण युद्ध वीर विक्रम शाहबाट यस महादेवको पूजा चलाउन ४०० बिघा जमीन बिर्ताकोरूपमा राखिएको थियो। पछि २००३ सालमा यो जग्गा सबै रैकरमा परिणत गरियो।

अधिराज्यलाई विभिन्न अञ्चल र जिल्लामा विभाजन गर्नुभन्दा पहिले महोत्तरी-सर्लाही गोश्वाराबाट यो क्षेत्र प्रशासित थियो। त्यस समय धनुषा पनि महोत्तरी जिल्लामै पर्दथ्यो। बडाहाकिम यहीं बस्ने गर्दथे। पछि २०१८ सालमा अञ्चल र जिल्ला विभाजन हुँदा जनकपुर अञ्चलको सदरमुकाम पनि यहीं रह्यो। यहाँ केही अञ्चलस्तरीय र जिल्लास्तरीय कार्यालयहरू रहेका छन्। यस बाहेक केही माध्यमिक विद्यालय र अस्पताल पनि यहीं रहेका छन्।

भिटामोडबाट जनकपुर जाने सडक पनि यहींबाट गइरहेकोले यातायातको पनि राम्रो व्यवस्था छ। यहाँ बिजुलीको पनि व्यवस्था भइसकेको छ।

जलेश्वर मठको अगाडि र पछाडि वरुणसर र क्षिरेश्वर पोखरी छन्। यी दुवै पोखरीहरूमा तीर्थ यात्रीहरू स्नान गर्दछन् र जलेश्वर महादेवलाई जल चढाउँदछन्। यहाँ राम नवमी, विवाह पञ्चमी र परिक्रमामा तीर्थ यात्रा गर्न आउने यात्रुहरूको ठूलो भीड लाग्दछ। यस समयमा यहाँ मेला पनि लाग्ने गर्दछ। यसका अतिरिक्त दैनिक आवश्यकताका सबै चीजहरू किन्न पाइने सानो बजार पनि छ। हाललाई अञ्चलको प्रशासन केन्द्र भएकोले विभिन्न कार्यालयमा काम परिआउने अन्य जिल्लाका मानिसहरू पनि प्रशस्त आवत-जावत गर्दछन्। २०२८ सालको जनगणनाअनुसार यहाँका जनसंख्या ५,०१३ छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मटिहानी

जलेश्वरबाट करीब ६.४ किलोमिटर (चार माइल) पूर्वमा नेपाल-भारत सीमाना नजीकै रहेको मटिहानी अधिराज्यको ठूल-ठूला मठहरूमध्ये एक मानिन्छ। जानकीको विवाहको समयमा यहींबाट माटो खनेर लगेकोले यस ठाउँको नाम "मृतखनि" रहेको र पछि अपभ्रंश भई मटिहानी हुन गएको भन्ने किम्वदन्ति छ। यस मठमा लक्ष्मी-नारायणको मन्दिर छ। यसमा ठूल-ठूला धर्मशालाहरू पनि बनाइएका छन्। जनकपुरबाट शुरू हुने परिक्रमाका यात्रीहरू यहाँ पनि एक रात बस्ने गर्दछन्।

नेपाल एकीकरण हुनुअघि यो क्षेत्र मकवानपुर राज्यको अधीनमा थियो। त्यसै बेलातिर भक्तराम दास नामका एक योगीले यस स्थानमा आफ्नो आश्रम खडा गरी चेलाहरू जम्मा गरी भजन कीर्तन गर्न थालेका थिए। यिनै योगीलाई धेरै मानिसहरू तस्मैया बाबाको नामले चिन्दछन्।

एकपटक मकवानपुरका राजा यसतर्फ आउँदा उनको आश्रम देखेछन्। आसपासका मानिसहरूसँग उनको विषयमा सोधपूछ गर्दा अति धर्मात्मा छन् भन्ने थाहा पाए। तब राजाले आश्रममा गई तस्मैया बाबाको दर्शन गरी "के कुराको आवश्यक छ" भनी सोधनी गर्दा "केही कुराको पनि आवश्यकता छैन" भनी बाबाले जवाफ दिएछन्। तर राजाले आश्रमको नाममा ४०० बिघा जमीन दिएछन्। नेपालको एकीकरण भएपछि सो मठका महन्तलाई साविक बमोजिम मठको काम चलाउने र आफ्नो शेषपछि आफ्ना चेलाहरूमध्ये सबभन्दा योग्य चेलालाई उत्तराधिकारी बनाउने पूर्ण अधिकार दिई लालमोहर भएको रहेछ। मठले एउटा संस्कृत महाविद्यालय र एउटा संस्कृत पाठशाला चलाइआएको छ। यो महाविद्यालयमा भारतका विभिन्न भागबाट पनि संस्कृत अध्ययन गर्न विद्यार्थीहरू आउने गर्दछन् र त्यस्ता विद्यार्थीहरूको निमित्त निःशुल्क छात्राबासको व्यवस्था पनि छ। हाल उक्त मठको सञ्चालन गुठी संस्थानले आफ्नो हातमा लिएको छ। संस्थानमा गाभिएपछि १०० जोगी, २५ गरीब र १०८ विद्यार्थीहरूलाई भोजन गराउने गरी पुरानो व्यवस्थामा परिवर्तन गरिएको छ।

मटिहानी गाउँ भारतसँगको सीमानासँगै पर्दछ। यहाँ एउटा छोटी भन्सार कार्यालय र एक प्रहरी चौकी पनि रहेका छन्। यस क्षेत्रबाट पनि हजारौं मन धान भारततर्फ निकासी हुन्छ। यहाँ केही धानका मिलहरू पनि छन्। यहाँ हाट लाग्ने गर्दछ। यहाँको स्थानीय बजारमा दैनिक आवश्यकताका सबैजसो चीजहरू किन्न पाइन्छ। २०२८ सालको जनगणना अनुसार यहाँको जनसंख्या ५,०९४ छ।

रतवारा

यहाँ प्रसिद्ध रतवारा मठ छ र यहाँ विष्णुको मूर्ति राखिएको छ। जनकपुरबाट शुरू हुने परिक्रमा एक रात यहाँ पनि अड्दछ। यो स्थानको नाम स्वस्थानीमा वर्णित छ। यहाँ माघ महीनाको प्रत्येक सोमबार मेला लाग्दछ। शिवरात्रिको दिनमा पनि यहाँ ठूलो मेला लाग्दछ। यहाँ दैनिक आवश्यकताका सबै चीजहरू किन्न पाइने सानो बजार पनि छ। २०२८ सालको जनगणना अनुसार यहाँको जनसंख्या २,३४४ छ।

गौशाला

यो ठाउँ जिल्लाको सदरमुकाम जलेश्वरबाट करीब ३२ किलोमिटर (२० माइल) टाढा पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आजकल यहाँको बजारमा पहाडतर्फका व्यापार खास गरी सिन्धुलीको पश्चिमी भेकबाट मकै र जरीबूटीहरूको ठूलो व्यापार हुन्छ । पहाडतर्फबाट आउने व्यापारीहरूले धान, चामल, नून, मट्टीतेल, कपडा जस्ता दैनिक आवश्यकताका वस्तुहरू किनेर लैजाने गर्दछन् । यहाँ एक स्वास्थ्य चौकी पनि छ । यहाँ गाई पनि प्रशस्त पालिन्छ ।

सोना माईस्थान

यो स्थान जलेश्वरबाट करीब २६ किलोमिटर (१६ माइल) टाढा गौशाला जाने बाटोमा पर्दछ । यहाँ दशैंमा १५ दिन मेला लाग्दछ । सोना माईको पूजा गर्दा रोगीहरूको रोग र खासगरी भूत-प्रेतले पीडित भएकाहरू ठीक हुन्छन् भन्ने मानिसहरूको विश्वास छ । त्यसैले टाढा टाढा बस्ने भूत-प्रेतले पिरेका जिल्ला-बासीहरू पनि कुखुरादेखि राँगासम्म बलि चढाई यहाँ पूजा गर्न आउने गर्दछन् ।

हरपुखा गाउँ

यो गाउँ पहिले सर्लाही जिल्लामा पर्दथ्यो । पछि महोत्तरी जिल्लामा गाभिएको हो । यो गाउँ अधिराज्यका गाउँहरूमा सबभन्दा ठूलो मानिन्छ । यहाँ स्थानीय बजार छ । दैनिक आवश्यकताको सबै वस्तुहरू किन्न पाइन्छ । यस गाउँमा केही मिलहरू हुनाको साथै माध्यमिक विद्यालय पनि छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ सालको जनगणनाअनुसार यस जिल्लाको जम्मा जनसंख्या ३,२४,८३१ छ। यहाँ १,६५,०२२ पुरुष र १,५९,८०९ महिला छन्। जनकपुर अञ्चलको कुल जनसंख्याको २५.७ प्रतिशत मानिसहरू यस जिल्लामा बस्दछन्। यही अनुपातमा हेर्दा अञ्चलको पुरुष संख्याको २६.० प्रतिशत र महिलाको २५.४ प्रतिशतले यस जिल्लामा बसोबास गरिरहेको देखिन्छ। जनसंख्याको दृष्टिबाट हेर्दा यो महोत्तरी जिल्ला अञ्चलको दोस्रो र अधिराज्यको तेस्रो स्थानमा पर्दछ। यस जिल्लाको जम्मा क्षेत्रफल १,००,४०० हेक्टर (१,००४ वर्ग किलोमिटर) छ। यहाँको कुल जनसंख्या र क्षेत्रफलबाट हिसाब गर्दा यस जिल्लाको जनघनत्व ३.१ व्यक्ति प्रतिहेक्टर रहेको देखिन्छ।

यो जिल्लामा मानिसहरू विभिन्न सदस्य संख्याको परिवारमा रहेका छन्। जिल्लामा जम्मा ६२,२४९ परिवार छन्। यहाँका परिवारमा घटीमा एक जनादेखि बढीमा २० जनाभन्दा बढी सदस्य भएका परिवारहरू पनि छन्। २०२८ सालको जनगणना अनुसार एक जनाको परिवार संख्या २,६४१ र बीस जनाभन्दा बढी सदस्य भएको परिवार संख्या १२० मात्र छन्। विभिन्न संख्याको परिवारमध्ये चार व्यक्ति भएको परिवार नै यस जिल्लामा सबभन्दा धेरै अर्थात् १०,५१३ छन्। जिल्लाको कुल जनसंख्याको हिसाब गर्दा यस जिल्लाको एक परिवारमा सरदर पाँच व्यक्ति रहेको देखिन्छ।

उमेर र लिङ्गको आधारमा यस जिल्लाको जनसंख्या निम्न तालिकाअनुसार विभाजित गरिएको छः-

उमेर समहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५	३०,८७०	१८.७	३१,६०९	१९.८	६२,४७९	१९.३
६–१५	४१,५२७	२५.२	३३,१९३	२०.८	७४,७२०	२३.०
१६ र माथि	९२,६२५	५६.१	९५,००७	५९.५	१,८७,६३२	५७.७

यस जिल्लामा भएका कुल जनसंख्यालाई उक्त तालिकामा तीन विभिन्न उमेर समूहमा विभाजन गरिएको छ। उक्त तालिका अनुसार ०–५ वर्ष सम्मको उमेरलाई हुर्कँदै गरेको उमेर, ६-१५ वर्ष सम्मको उमेरलाई विभिन्न तहको विद्यालयमा जाने उमेर र १६ वर्षदेखि माथिको उमेर समूह उच्च अध्ययनमा लागेका अथवा घरायसी काममा सघाउ पुऱ्याउने बयस्क मानिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी यहाँका जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरी हेर्दा १० वर्षदेखि मुनिको र ६० वर्षदेखि माथिको उमेर समूहलाई आर्थिक दृष्टिकोणबाट आश्रित जनसंख्या मान्न सकिन्छ। यस्ता आश्रित जनसंख्या यस जिल्लामा १,१४,१८१ अर्थात् कुल जनसंख्याको ३५.१ प्रतिशत हुन आउँछ। १० वर्षदेखि ५९ वर्षको उमेर समूहलाई आर्थिक दृष्टिकोणबाट सक्षम मानेमा तिनीहरूको संख्या १,१०,६५० अर्थात् जम्मा जनसंख्याको ६४.८ प्रतिशत हुन आउँछ। यसरी यो जिल्लामा आर्थिक निर्भरताको अनुपात १००:५० रहेको छ अर्थात् जिल्लाको प्रत्येक १०० व्यक्तिमाथि अरू थप ५० व्यक्तिको आर्थिक भार पर्न आएको देखिन्छ।

आर्थिक दृष्टिकोणबाट सक्षम र आश्रित जनसंख्याको अनुपात देखाउन अन्तर्राष्ट्रिय परिपाटी हेर्ने हो भने माथि देखाइएको आँकडामा पनि केही फरक पर्न जान्छ। अन्तर्राष्ट्रिय चलनअनुसार आर्थिक दृष्टिकोण-बाट सक्षम अर्थात् काम गर्न सक्ने उमेर समूह १५ देखि ६४वर्ष सम्म मानिएको छ। यसअनुसार महोत्तरी जिल्लामा यस उमेर समूहभित्र पर्ने जम्मा जनसंख्या १,८५,४७८ अर्थात् ५७.१ प्रतिशत छ। उक्त परिपाटीअनुसार १५ वर्ष मुनि र ६५ वर्ष माथिको आर्थिक दृष्टिले आश्रित जनसंख्या यस जिल्लामा १,३९,३५३ अर्थात् ४२.९ प्रतिशत छ। उक्त तथ्याङ्कको आधारमा यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:७० रहेको छ अर्थात् अन्तर्राष्ट्रिय चलनअनुसार हिसाब गर्दा जिल्लाको प्रत्येक १०० व्यक्ति माथि अरू थप ७० जनाको आर्थिक भार पर्न आएको देखिन्छ।

यस महोत्तरी जिल्लामा छ वर्षभन्दा माथि उमेर भएका पुरुष १,३४,१५२ र महिला १,२८,२०० समेत गरी जम्मा २,६२,३५२ छन्। यसमध्ये ७४,५०३ पुरुष र ८७,५५७ महिलाहरू विवाहित छन्। १४ वर्षभन्दा मुनिका केटी र १८ वर्षभन्दा मुनिका केटाको वैवाहिक तथ्याङ्क हेर्दा बाल-विवाहको प्रचलन पनि केही मात्रामा बाँकी नै रहेको देखिन्छ। यस जिल्लामा १५ देखि २९ वर्षभित्रका सबभन्दा धेरै अर्थात् ३६,८२२ महिलाले विवाह गरेको पाइन्छ भने ३० देखि ३९ वर्षभित्रका सबभन्दा धेरै अर्थात् २२,३९६ पुरुष विवाहित रहेको देखिन्छ। महोत्तरी जिल्लाभित्र विधुरको जम्मा संख्या ४,३२६ छ भने विधुवाको जम्मा संख्या १५,२४१ छ। यसमध्ये बाल विधुवा १४ जना मात्र छन्। यस जिल्लामा खासगरी ४० वर्ष माथिका महिलाहरू नै बढी संख्यामा विधुवा भएका देखिन्छन्।

यस जिल्लामा नेपाल अधिराज्यको अन्य जिल्लाहरूमा जस्तै विभिन्न जातिले बसोबास गरेका छन्। विभिन्न जातिका मानिसहरू आफ्नो घर परिवारमा आफ्नै मातृभाषा प्रयोग गर्दछन्। तर राष्ट्र भाषा नेपाली सबै बुझ्दछन्। यहाँको लोक गीत तथा लोक संस्कृतिमा मैथिली भाषाकै प्राधान्यता पाइन्छ। भाषा भाषीको आधारमा यस जिल्लाको जनसंख्या निम्नअनुसार विभाजन गर्न सकिन्छः—

भाषा	जनसंख्या
नेपाली	१८,७९०
मैथिली	२,८४,४३७
तामाङ	३,५८७
मगर	६,४२३
अन्य भाषा	११,५९४

उक्त तालिका अनुसार यस जिल्लामा मैथिली भाषा बोल्ने मानिसहरूको संख्या नै सबभन्दा धेरै देखिन्छ। अन्य भाषाको समूहमा नेवारी, गुरुङ, उर्दू र अरू केही स्थानीय भाषा भाषीहरू पर्दछन्। यस जिल्लामा तामाङ, मगर, गुरुङ, क्षेत्रीहरूको बस्ती उत्तरतिर पाइन्छन्। त्यस्तै मैथिली, यादव, राजपूत,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

तेली, मुसलमानहरूको बस्ती जिल्लाको दक्षिणतिर धेरै देखिन्छ । मारवाडी, तेली, सुँडी, सुनार तथा वनियाहरू व्यापारमा लागेका छन् । कायस्थ, नेवार, बाहुन तथा यादवहरू केही जागीरमा लागेका छन् र धेरै जसो अन्य जाति खेतीमा लागेका देखिन्छन् ।

माथि उल्लेख भएअनुसार यस जिल्लामा बसोबास गर्ने विभिन्न जातिका मानिसहरू विभिन्न धर्ममा विश्वास गर्दछन् ।

जिल्लाका बहुसंख्यक जनताले हिन्दू धर्म मान्दछन् । यसपछि इस्लाम धर्म मान्नेहरूको संख्या दोस्रो स्थानमा आउँछ । यसरी यस जिल्लाका मानिसहरूले विभिन्न धर्म माने तापनि दशैं, तिहार जस्ता राष्ट्रिय चाहाडपर्वहरू आफ्नो आफ्नो परम्परा अनुसार औकातले भ्याएसम्म प्रायः सबैंजसो मनाउँदछन् । धेरै समयसम्म छुट्टिएका नातेदारहरू पनि यस अवसरमा आफ्नो घर तथा छरछिमेकमा गई भेटघाट गर्दछन् । राम्रा राम्रा लुगा गहनाहरू लगाई माइती-मावली जाने र आवश्यक चीजबीजहरू किन्नेहरूको बजार र बाटोमा घुइँचो लागेको देखिन्छ । यस बाहेक यहाँ जनै पूर्णिमा , राम नवमी, विवाह पञ्चमी, होली, ईद आदि पर्वहरू पनि ठूलो हर्षकासाथ मनाउँदछन् ।

यस जिल्लामा विदेशमा जन्मेका मानिसहरू पनि केही संख्यामा पाइन्छ । २०२८ सालको जनगणनानुअसार यस जिल्लामा विदेशमा जन्मेका जम्मा संख्या ३२,९६९ मध्ये ७,५२८ पुरुष र २५,४४१ महिला छन् । यो जिल्ला भारतको सीमानामा पर्ने भएकोले धेरै किसिमबाट दुई देशका मानिसहरूको आवत जावत भइरहन्छ । यिनीहरूको बिहेबारी पनि चल्दछ । यस जिल्लामा ४,०७७ पुरुष र ३,५४३ महिला भारतीय नागरिक छन् ।

यो जिल्लामा जम्मा ६५ गाउँ पञ्चायतहरू छन् । २०२८ सालको जनगणनाअनुसार यी पञ्चायत र यिनका जनसंख्या निम्नलिखितअनुसार छन्ः–

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. अनकार	२,३३०	२. अलिपट्टी पर्सा	२,०१०
३. इटहर्वा हनुमाननगर	१,४८३	४. एकरहिया	४,४२२
५. औरही नैंनिगौरी	२,७०३	६. कोह्लवा वगिया	१,४२६
७. खैरवनी	२,८४८	८. एकडारा वेल्ला	४,४४४
९. खखना लोटना	१,३११	१०. किसान नगर	३,९४१
११. खुटा पिपराढी	४,८९७	१२. खैरमार खोर	३,३२९
१३. खेस्राहा	३,२९९	१४. खोपी जङ्गहत्या	३,६६१
१५. गैंडाहा भेतपुर	२,८३५	१६. गोनरपुरा	२,५८३
१७. गोरहन्ना	३,२६०	१८. चिकना	५,४८४
१९. छउघट संग्रामपुर	३,३२४	२०. जलेश्वर	५,०१३
२१. जिंगरवा	१,९०३	२२. थारूवाही	२,५२८
२३. दाह्मी महेशपुर	२,४४७	२४. धवौली	३,३४२
२५. धनकोल	३,३१२	२६. धमौरा	५,३९९
२७. धर्मपुर वेला	२,६०२	२८. धीरापुर	३,७३१
२९. नारायणपुर	१,७०३	३०. निगौल	३,४८३

CC-0. In Public Domain. Digitization by eGangotri

३१. नैनही	२,३२४	३२. नौकेलवा	५,१२६
३३. परकौली	२,४५२	३४. परसा डेवाडजब्दी	४,७७६
३५. परसा पचहर्वा	२,६१५	३६. परसा पतैली	१,८४१
३७. पडौल तिलगढ	३,२६४	३८. पिगौना	१,६१७
३९. पिपरा कवीर गामा	४,७३८	४०. पोखर भिन्दा	२,६६४
४१. वगडा	३,६८४	४२. बहादुरगञ्ज नं. १	३,५९५
४३. बहादुरगञ्ज नं. २५	५,७४१	४४. बहादुरगञ्ज नं. ५	२,४३५
४५. बहादुरगञ्ज नं. १५	२,९४१	४६. बहादुरगञ्ज नं. ३	२,७४८
४७. वहेदा जद्दी	२,३५०	४८. वलवा	४,२१६
४९. वलवा सुक्नाहा	८,४०९	५०. वनचौरी	३,६५५
५१. वनौली	२,७७६	५२. वनौता	२,७५८
५३. वासविती	२,६८३	५४. वथनाहा कमलपट्टी	२,६४३
५५. वैरागीय लक्ष्मिनिया	२,१०१	५६. विजलपुरा	४,२९४
५७. भमरपुरा	४,६६६	५८. भतौलिया	१,७७४
५९. भरतपुर खोर	५,२६८	६०. भुतहाखजुरिया	७,८२३
६१. भेडियाही फुलकाहा	३,२०७	६२. भोयल टिमकिया	३०५७
६३. भङ्गहा	६,५६६	६४. मनरा	५,०६१
६५. मनराकट्टी	२,७३०	६६. मटिहानी	५,०९०
६७. महदैयातपनपुर	३,०५३	६८. महोत्तरी सनुखरा	३,२६३
६९. मझौरा विष्णुपुर	२,७६७	७०. मरुवाही	२,५६८
७१. मदैं उग्रपट्टी	२,७१९	७२. रतवारा	२,३४४
७३. रतौली	२,८९२	७४. लोहारपट्टी	४,२७१
७५. सहसौला	३,१७३	७६. सहोडवा	३,०६४
७७. सम्सी प्रवाहा	३,४६६	७८. सन्तपुर	४,९०४
७९. साढा	२,६३१	८०. सरपल्लो	४,४६८
८१. सहसराम	१,८२८	८२. सारीमारी	२,२९०
८३. श्रीपुरटरभटोर	५,३९८	८४. शिवभक्ति खोर	३,९२९
८५. सिमरदही	२,६८८	८६. सिंग्याही	४,२१९
८७. सिसवा कटैया	२,२५२	८८. सोनमा आहुली	४,७६५
८९. सोनौल	१,९३४	९०. सुगा	३,३१७
९१. सुन्दरपुर	५,०९०	९२. हलखोरी	२,४८३
९३. हरिगौरी गामा	१,९९०	९४. हरिहरपुर हरीन मरीन	३,४६५
९५. हतिसर्वा	३,८४६		

माथि उल्लिखित तालिकाअनुसार यस जिल्लाका पञ्चायतहरूमा सबैभन्दा बढी अर्थात् ८,४०९ जनसंख्या हुने पञ्चायत वलवा सुक्नाहा हो र सबैभन्दा कम अर्थात् १,३११ जनसंख्या हुने पञ्चायत खखना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोटना देखिन्छ ।

जनजीवन

नेपाल अधिराज्यका अन्य जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि बाहुन, क्षेत्री, यादव, कायस्थ, नेवार, दनुवार, थारू, मुसलमान, मुसहर, धानुक, तेली, सुडी, हलुवाई, मारवाडी, चमार, लोहार, कोइरी, वनिया आदि जातिका मानिसहरूले बसोबास गरेका छन् । यी विभिन्न जातिहरू जिल्लामा छरिएर बसेका पाइन्छन् । मगर, गुरुङ, तामाङ, मुसहर, थारू, दनुवार बाहेक अन्य जातिहरूको शारीरिक बनावट प्रायः साधारण किसिमको देखिन्छ । मगर, गुरुङ, तामाङ र दनुवारहरूको नाक नेप्टो, आँखा सानो र कद होचो हुन्छ । थारू र मुसहरहरू सोझा र प्रायः काला रङ्गका हुन्छन् ।

थारू, दनुवार र मुसलमान बाहेक अन्य जातिको पोशाकमा पुरुषहरू धोती र कुर्ता अथवा कमीज र स्त्रीहरू सेतो सारी र ब्लाउज लगाउँछन् । पहाडतर्फबाट आई बसोबास गरेका मानिसहरू मैलपोस-सुरुवाल, कोट, टोपी, जुत्ता लगाउँछन् । थारू र दनुवारहरूमा पुरुषहरू धोती र कुर्ता अथवा कमीज र स्त्री जातिमा धेरै जसोको कछाड् र गमछा वा कपडाको रुमालले स्तन ढाक्ने चलन छ । यिनीहरूका हात खुट्टामा मूर्तिको छाप खोपाउने चलन छ । विन र मलाहहरू लगौंटी लगाउने र टाउकोमा फेटा बाँध्ने गर्दछन् । मुसलमानहरूको जातीय पोशाक लुङ्गी र कुर्ता हो र धेरैजसो दारी पाल्दछन् । महिलाहरूमा बुर्का लगाउने चलन छँदैछ ।

बाहुन जातिको छटिहार अर्थात् जन्मेको छैठौं रातमा रातभरी बत्ती बाल्ने, गान-बजान गर्ने, भोज खाने र यही दिनमा नामकरण गर्ने चलन छ । पाँच महीनापछि अन्नप्राशन, तीन वर्षदेखि पाँच वर्षसम्म मुण्डन, ११ वर्षपछि व्रतबन्ध र २० वर्षसम्ममा विवाह गर्ने चलन छ । यिनीहरूको विवाह गर्ने तरीका पनि धनुषा जिल्लाका मैथिलीहरूको विवाह जस्तै भारतको बिहार राज्यको सभा गाछीमा वर छानी विवाह सम्पन्न गरिन्छ । त्यसपछि वर करीब एक महीनासम्म ससुरालीमै बस्ने चलन छ । विवाहमा वधू पक्षले वरियात आएकाहरूलाई धोती, कमीज दिन्छन् । कतै कतै स्त्रीहरू पनि घुम्टो हाली जन्ती जान्छन् ।

अन्त्यष्टिको सबै कर्म वैदिक विधि अनुसार गरिन्छ । मृत्युको १० दिनका दिन शुद्ध शान्ति गरिन्छ ।

मुसलमानहरूमा बच्चा जन्मेको दिन ढोकामा अजान मानिसलाई जम्मा गर्न जोडसँग भगवानको नाम पुकार्छन् । आठौं दिन खतना गरिन्छ । एक सालभित्रै अकिल (मुण्डन) गरिन्छ । विवाहमा अकट (बन्धन बाँध्ने मन्त्र) बाचिन्छ । मृत्यु भएपछि गाडिन्छ । गाड्दा मूर्दालाई फल्याक, बयरकाकाँडा राखी माटोले पुरिन्छ र पाँचौं दिन भोज हुन्छ ।

विभिन्न जातका मानिसहरूको बसोबास भएकोले जातिअनुसारको विभिन्न रीतिथितिहरू प्रचलनमा छन् । छठ कात्तिक महीनामा मनाइन्छ । यो एक किसिमको वन-भोज खाने जस्तो हो । गाउँदेखि केही टाढा निर्जन पोखरी या नदीको किनारामा भेला भई पहिले सूर्यको पूजा अर्चना गरी सबै मिली नाच-गान समेत गरिन्छ । यस्तै होली होलिका भन्ने राक्षसनीलाई भगवानले अवतार लिई मारिदिनु भएकोले सो दिन गाउँका मानिसहरू मिली गाउँको फोहर र दाउरा बाल्दछन् । यसलाई गाउँले शब्दमा सम्वत् जलाएको भन्दछन् । भोलिपल्ट मीठो मीठो खाई बिहानदेखि बेलुकासम्म अबीर र रङ्ग खेल्दछन् । यहाँको अर्को पर्व चोखन हो । यो भदौ महीनामा मनाइन्छ । यस दिन चन्द्रमा दोषी हुन्छ भने विश्वास गर्दछन् र यो हेर्दा दोष लाग्दछ र यही दोष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निवारण गर्न फलफूल नैवेद्य राखी रातमा चन्द्रमाको पूजा गरिन्छ। यस जिल्लामा विशेष रूपले मनाइने अर्को चाहाड झुलाको हो। यो चाहाड साउन महीनाको परेवादेखि शुरु हुन्छ र पूर्णिमामा समाप्त हुन्छ। मन्दिरहरूमा झुला तयार पारेको हुन्छ। यो झुलामा भगवान्लाई राखी पुजारीहरूले झुला झुलाउने गर्दछन्। यी बाहेक दशैं, तिहार आदि पर्वहरू पनि खूब धुमधामले मनाइन्छ। यी पर्वहरू यस जिल्लाको प्रायः धेरैजसो जातिले आफ्नो आफ्नो औकातअनुसार मनाउँछन्।

यस जिल्लामा बसोबास गर्ने मुसलमानहरू ईद, रोजा बकरिद आदि मनाउँछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

धेरै अघिदेखि जनकपुर अञ्चलको तराई क्षेत्रको प्रशासनिक केन्द्र रहिआएको भएतापनि महोत्तरी जिल्लाले आजसम्म पनि आर्थिक दृष्टिबाट त्यति विकास गर्न सकेको छैन। सँगै जोडिएको धनुषा जिल्लाले केही वर्ष यता औद्योगिक विकासतर्फ पाइला चाल्न थालेकोबाट महोत्तरी जिल्लालाई कुनै सकारात्मक प्रभाव पारेको देखिंदैन। सार्वजनिक क्षेत्रबाट औद्योगीकरण गर्ने कार्यक्रम लागू नभएसम्म कृषि माथि बढ्दो रूपमा पर्दै गएको बोझ हटाई रोजगारको विकल्पको रूपमा उद्योगहरू खोल्ने कुरा सम्भव हुँदैन। त्यसमाथि पनि यस जिल्लामा कुनै शहरी क्षेत्र छैन। पानी, बिजुली, कुशल कामदारहरू र सडकको अभावले गर्दा यो जिल्ला अविकसित स्थितिमै रहेको छ। साह्रै कम जनसंख्यामा रोजगार उपलब्ध गराउने चामल मिलहरूसम्म कतै कतै देखिन्छन्। खेतीमै पनि विकसित उपायहरू र साधनको उपयोग गरेमा ठूलो उपलब्धि हासिल गर्न सकिने कुरामा जागरुकता अझै आउन सकेको छैन।

यसप्रकारले यस जिल्लाको हालसम्मको मुख्य आर्थिक आधार कृषि नै हो। यहाँको भूमि उब्जाउ-पूर्ण छ। मलाहा जातिका मानिसहरू यस जिल्लाका ठाउँ ठाउँमा पोखरीहरूमा माछा मारी आफ्नो जीविका चलाउँछन्। जिल्लाको खासगरी उत्तरी क्षेत्रका मानिसहरू डोको, नाम्लो बुन्ने, खेती गर्ने र गाई वस्तु चराई जीविका चलाउँछन्। तर कृषि बाहेक अन्य व्यवसायबाट जीवन निर्वाह गर्ने मानिसहरूको संख्या ज्यादै कम छ।

कृषि

यस जिल्लाको उत्तरतिरको चुरे डाँडाको केही भाग र जङ्गलले ढाकेको केही भाग बाहेक अरू बाँकी जमीनमा खाद्यान्नमा धान, गहुँ, मकै, कोदो, जौ, आलु, दलहन र नगदे बालीमा तेलहन, सुर्ती, उखु आदिको खेती गरिन्छ। २०२८ सालको कृषि तथ्याङ्क अनुसार यस जिल्लामा आर्थिक वर्ष २०२९।०३० मा जम्मा ७३,७२५ हेक्टर जमीनमा खेती गरिएको थियो।

नेपाल अधिराज्यका अरू धेरैजसो भागहरूमा जस्तै यस महोत्तरी जिल्लाको आर्थिक गतिविधि पनि ज्यादातः कृषिमा नै केन्द्रित छ। यहाँ हुने खाद्यान्नमा मुख्यत धान, मकै, गहुँ, कोदो र जौ, नगदे बालीमा सुर्ती, तोरी, उखु र सनपाट तथा आलु हुन्। कृषि तथ्याङ्कअनुसार यस जिल्लामा आर्थिक वर्ष २०२४।०२५ देखि २०२८।०२९ सम्म प्रायः सबै अन्नको उत्पादनको साथै आवादी क्षेत्र पनि बढ्दै गएको देखिन्छ तर २०२९।०३० मा खासगरी धान र जौ को उत्पादन र क्षेत्रमा समेत निक्कै घटेको पाइन्छ। सिचाइको राम्रो प्रबन्ध नभएको हुनाले कहिले कहिले अति वृष्टि र कहिले अनावृष्टिको प्रकोप यस जिल्लाले भोग्नुपरेको छ। जिल्लामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्रैं महीना पानी नसुक्ने ठूल-ठूला नदीहरू नभएकोले सिचाइ व्याप्त रूपमा हुन सकेको छैन।

यस जिल्लामा खेत र पाखो दुवै किसिमको जमीन भएकोले यहाँ विभिन्न किसिमका अन्नहरू विभिन्न समयमा रोप्ने, गोड्ने र काट्ने गरिन्छ। खेतमा विभिन्न जातका धानको रोपाइँ वैशाखदेखि साउन-सम्म नै गरिन्छ। गोड्ने काम रोपाइँको एक महीनापछिदेखि गरिन्छ र साउनदेखि कात्तिकसम्ममा काट्ने काम हुन्छ भने पाखोमा बदाम, सर्स्युं, तोरी, सुर्ती कात्तिकमा, मडुवा, वैशाख र जेठमा र कुर्थी र तील, भदौ–असोजमा रोपिन्छन्। फागुनमा बदाम र तोरी, मंसीरमा कुर्थी र मंसीर – पुसमा तील काट्ने काम हुन्छ।

कृषि तथ्याङ्क २०२८ अनुसार आर्थिक वर्ष २०२४।०२५ देखि २०२९।०३० सम्म यस जिल्लामा भएको मुख्य मुख्य बालीको उत्पादन निम्नअनुसार छः–

क्षेत्रफल–हेक्टरमा

क्षेत्रफल र उत्पादनको तालिका

उत्पादन-मेट्रिक टनमा

वर्ष	२०२४।२०२५		२०२५।२०२६		२०२६।२०२७	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
धान	६२,०००	१०,९२०	६२,१००	१,०४,६३८	६३,०००	१,११,५१०
मकै	३,५००	५,७१२	३,८००	६,२०२	४,०००	६,४००
गहुँ	३,४००	२,७२०	३,५००	२,९४०	४,०००	३,६००
कोदो	१,१२५	८४४	१,०००	८००	१,२००	९९६
जौ	२२५	१६९	२२५	१७४	२५०	१९७
सुर्ती	२,३००	१,७५९	२,३२०	१,८१०	२,३५०	१,८५६
तोरी	१,३००	४८१	१,४००	५५३	१,४००	५६०
सनपाट	२५	१९	३५	२६	४०	३१
उखु	६०	९५४	६०	९६०	७५	१,२४५
आलु	२५०	१,६२५	२७५	१,७८८	३००	२,०१०

वर्ष	२०२७।२०२८		२०२८।२०२९		२०२९।२०३०	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
धान	६३,०००	१,१३,४००	६४,०००	१,१५,२००	५७,३३३	८५,५९८
मकै	४,१००	६,७६५	४,१००	६,७२४	४,३२१	८,०३७
गहुँ	४,१००	२,४६०	४,५००	२,५६५	६,००६	९,००९
कोदो	१,१००	९३५	–	–	९५०	९९९
जौ	२६०	२०८	–	–	२२५	१८०
सुर्ती	२,३५०	१,८५६	–	–	२,३६५	१,८६८
तोरी	१,५००	४६५	–	–	२,०००	९००
सनपाट	४०	३१	–	–	४०	३८
उखु	८०	१,३६०	–	–	८५	१,४४५
आलु	३५०	२,२५७	–	–	४००	५,०४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको मुख्य नगदे बाली सुर्ती, तोरी र उखु हुन् । उक्त तालिकाबाट यी तीनै नगदे बाली उत्पादनमा २०२४।०२५ देखि २०२९।०३० सम्म नै क्रमशः वृद्धि हुँदै गएको पाइन्छ । यस जिल्लामा उत्पादन हुने प्रायः सबैजसो सुर्ती जनकपुर चुरोट कारखानामा खपत हुन्छ । त्यस्तै अर्को प्रमुख नगदे बाली उखु हालसम्म खुदो तथा सक्खर बनाई धेरैजसो घरायसी प्रयोगमा ल्याइन्छ र केही स्थानीय बजारमा खरीद बिक्री गरिन्छ । हरेक साल क्षेत्र र उत्पादनमा वृद्धि हुँदै गइरहेको यस जिल्लाको उखुको खेतीले यस क्षेत्रमा पनि एउटा चीनी कारखानाको आवश्यकताको सङ्केत दिन्छ । त्यस्तै गरी आलुको क्षेत्र र उत्पादनमा पनि हरेक साल वृद्धि हुँदै गइरहेको उक्त तालिकाबाट देखिन्छ । यहाँको धेरैजसो आलु भारतमा पनि निकासी गरिन्छ ।

आजकाल यस जिल्लाको खेतीमा विदेशी मलको पनि प्रयोग हुन थालेको छ । मलको प्रयोग बढ्दै गएकोले आजकल यस जिल्लामा उत्पादन दर पनि बढ्दै गएको छ । यस जिल्लाको धेरैजसो आर्थिक गतिविधि कृषिमा नै केन्द्रित रहेको छ । नोकरी, व्यापार र घरेलु उद्योगको व्यवसायमा लाग्नेहरूको संख्या ज्यादै कम छ। यस जिल्लाका धेरैजसो मानिसहरू कृषि व्यवसायबाट नै आफ्नो जीविका चलाइरहेका छन् । कृषि सम्बन्धी कामहरू यहाँका किसानहरू आपसमा मिलिजुली गर्ने गर्दछन् । यसरी सहयोगात्मक भावनाले मिलिजुली काम गर्ने परम्परालाई स्थानीय भाषामा "सातो प्रथा" भन्दछन् । यसअनुसार यहाँ कुनै पनि बाली लगाउँदा, गोड्दा र काट्दा एक परिवारले अर्को परिवारमा सघाउ पुऱ्याउँदछ र यसरी गरेको कामको बदला कामै गरी चुकाउने गर्दछन् । खेतमा काम गर्दा अधिराज्यका अन्य धेरै भागमा जस्तै यहाँ पनि धेरै बोझा र गाह्रो काम पुरुषले गर्दछन् र केही हल्का काम महिलाले गर्दछन् । जिल्लामा कुनै एक परिवारको खेत धेरै भई सातो प्रथाले मात्र नभ्याउने भएमा यस्ता कामको निमित्त ज्याला दिएर खेताला लगाउने पनि चलन छ । यसरी ज्यालामा खेताला-हरू लगाउँदा पुरुष तथा महिला दुवैलाई दिनभरी काम गरेको ज्याला वापत छ सेर धान र रोटी, च्यूरा तथा खिचडी खाजामा दिने चलन छ ।

यस जिल्लामा कोइरी तथा कवारी (मुसलमान) जातिले तरकारीको खेती विशेष ढङ्गबाट गर्दछन् र ग्वाला जातिले दूध र घ्यूको व्यापार गर्दछन् । यहाँका कृषिमा खासगरी लोहार जातिबाट निर्माण भएको कोदालो, खुर्पी, हँसिया र हङ्गा भन्ने औजारहरूको धेरै प्रयोग गरिन्छ । तर आजकल बिस्तारै बिस्तारै ट्राक्टर, पम्पसेट जस्ता आधुनिक औजारहरूको प्रयोग पनि जिल्लामा बढ्दै छ । आफ्नो परिवारको संख्या हेरेर चार बिघा भन्दा बढी खेत हुने परिवारले स्थानीय बजारमा धान, दाल र साग पातहरू बेच्ने गर्दछन् । यहाँका बजारहरूमा खासगरी मंसीर, पुस र माघमा धान, जेठ – असारमा गहुँ र फागुन-चैतमा तोरी, दलहन आदिको खरीद बिक्री हुन्छ ।

यस जिल्लाको धेरैजसो भाग तराईको मैदान भएको र पानी पनि प्रशस्त पर्ने भएकोले धानको खेती राम्रो हुन्छ । यहाँ उत्पादन भएको धान यस जिल्लाको आवश्यकताभन्दा ज्यादा छ । त्यसैले बढी भएको अन्न यसै जिल्लाको उत्तरमा पर्ने पहाडी जिल्लाहरूमा लगिन्छ र भारतमा पनि निर्यात गरिन्छ । यहाँ सिचाइ तथा आधुनिक औजार र रासायनिक मलको बढी प्रयोग गर्न सकेमा हालको उत्पादनमा निकै वृद्धि हुनगई देशको आर्थिक व्यवस्थामा नै टेवा दिन सकिने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि तथ्याङ्क अनुसार यस महोत्तरी जिल्लामा आर्थिक वर्ष २०२९।०३० मा जम्मा ७३,७२५ हेक्टर जमीनमा खेती गरिएको देखिन्छ । जिल्लाको जम्मा क्षेत्रफलको यो आवादी जमीन करीब ७३.४ प्रतिशत हुन आउँछ । यस जिल्लाको करीब २६.६ प्रतिशत जमीन पहाड, जङ्गल भएकोले त्यसमा खेती गरिंदैन । यहाँको जनसंख्याको हिसाबबाट खेती गरिएको जमीन करीब ०.२ हेक्टर प्रतिव्यक्ति पर्न आउँछ । यस जिल्लाको परिवार संख्याको दृष्टिबाट हेर्दा खेती गरिएको जमीन करीब १.१ हेक्टर प्रति परिवार पर्दछ ।

यहाँ जगगाधनीको संख्या निम्नलिखित अनुसार छः–

१९ हेक्टर (२८ बिघा) भन्दा माथि हुनेको संख्या	१९
१०.२ देखि १९ हेक्टर (१५ देखि २८ बिघा) सम्म हुनेको संख्या	२५४
६.८ देखि १०.२ हेक्टर (१० देखि १५ बिघा) सम्म हुनेको संख्या	६०८
२.७ देखि ६.८ हेक्टर (चार देखि १० बिघा) सम्म हुनेको संख्या	४,४२६
२.७ हेक्टर (चार बिघा) भन्दा कम हुनेको संख्या	६५,८९३

यस जिल्लामा आफ्नो जग्गा आफैंले कमाउनेको संख्या ३४,२२०; अरूको जग्गा मात्र कमाउनेको संख्या २,६७७ र आफ्नो र अरूको जग्गा कमाउनेको संख्या ७,०८२ समेत गरी जम्मा मोहीको संख्या ४३,९७९ छ। यस जिल्लामा भएको नयाँ नापीअनुसार हदबन्दीभन्दा बढी देखिन आएको जग्गा १९० बिघा, ३० रोपनी देखिन्छ ।

मोही कायम गरी पाउँ भनी जम्मा २२७ निवेदन परेकोमा २०३० साल माघसम्ममा जम्मा २१२ जनालाई मोही कायम गरिएको छ । हाल यस जिल्लामा कूतको व्यवस्था लागू भइसकेको छ । अनिवार्य बचतको हकमा यस जिल्लामा हालसम्म नगदीमा रू. ११,०१,८४०। र जिन्सीमा १,१२,१७४ मन उठेको छ। उक्त रकममध्ये भूमिसुधार बचत संस्थानमा रू. ११,६५,०२४। जम्मा भइसकेको र बचत संस्थान हाल कृषि विकास बैंक अन्तर्गत गाभिएको हुँदा कृषि विकास बैंकमा रू. १,५०,०००। समेत गरी जम्मा रू. १३,१५,०२४। जम्मा भइसकेको छ । बाँकी रकम ग्राम समितिबाट कृषकहरूले कृषि उत्पादनको लागि ऋण लिने गरेका छन् । त्यस्तै कृषि विकास बैंक अन्तर्गत जम्मा रहेको रकमबाट किसानहरूले मल, बीउ, पम्पसेट, ट्राक्टर आदि खरीद गर्न ऋण लिने गरेका छन् । हालसम्म जम्मा नगदी रू. ६,४०,९४१। र जिन्सीमा १४,३२७ मन ऋणबाट ऋणीहरू मुक्त भएका छन् ।

यस जिल्लामा २०२७ सालमा भूमि प्रशासन लागू भई कोष तथा तहसील कार्यालय खडा भएपछि यसै कार्यालयमा र मालपोत असूल गर्ने समयमा जनताको सुविधाको लागि चारदेखि सात पञ्चायतको बीचमा एक डोर कायम गरी डोर खटाई असूल तहसील गरिन्छ। यस जिल्लामा सालाना मालपोत करीब रू. ४४,३०,७६२। उठ्ती हुन्छ। यहाँ हाल मौजा प्रथा छैन ।

पशुपालन

यस जिल्लामा खासगरी गाई, गोरु, बाख्रा, न्यू हायम्पशायर, लेगहर्न र रोड कुखुरा, भैंसी आदि पालिन्छन् । यिनीहरू केवल, दूध, घ्यू र मासुको निमित्त मात्र पालिंदैनन् । यिनीहरूबाट रासायनिक मल किनि राख्न नसक्ने गरीब किसानहरूको खेतमा उर्वराशक्ति कायम राख्न मल पनि प्राप्त हुन्छ । त्यसैले प्रत्येक किसान परिवारमा केही न केही संख्यामा गाई, गोरु, बाख्रा, कुखुरा, भैंसी आदि पालेको पाइन्छ । ठूल-ठूला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाहाडपर्वमा आसपासका बजारमा यिनै पशुहरू बेची केही रूपैयाँ जम्मा गर्ने पनि गर्दछन् । यसरी पशुहरू पाल्दा कुनै खास जातका पशु कुनै खास जातिका मानिसहरूले पालेको देखिन्छ । हाँस र परेवा थारू जातिले, भेडा भेडी हरजातिले, सुंगुर डोम र मगर जातिले, घोडा बनिया जातिले पाल्दछन् । गाई, गोरु, भैंसी, बाख्रा प्रायः सबै जातिले पालेको देखिन्छ ।

यस जिल्लामा २०२७ सालदेखि एउटा पशुचिकित्सालयको स्थापना भएको छ । यो चिकित्सालय जलेश्वरमा छ । त्यसैले गाउँतिर बिरामी भएका केही पशुहरू यहीं ल्याईं उपचार गरिन्छ । यसरी उपचारको निमित्त ल्याइने पशुहरूमा गाई, गोरु, भैंसी र बाख्रा नै मुख्य हुन् ।

फलफूल खेती

यहाँ विभिन्नप्रकारका फलफूल पाइन्छन् । आँप, कटहर, केरा, निम्बु, अनार, अम्बा, जामुन, सपाटो, लिची आदि फलफूल प्रशस्त पाइन्छ । खासगरी आँप, केरा र कटहर भारतको सीमावर्ती गाउँमा बस्नेहरूले प्रशस्त किनेर लैजान्छन् । यस महोत्तरी जिल्लाका गाउँले परिवारहरूले पनि आफ्ना घरको पछाडितिर केही न केही मात्रामा केरा, निम्बु, अम्बाको बोट लगाएको देखिन्छ ।

कृषि विकास

यस जिल्लामा कृषि विकास सम्बन्धी कुनै ठोस कार्यक्रम लागू भएको छैन । कृषि खरीद बिक्री संस्थान जनकपुर धाम (धनुषा जिल्ला)को डिलरशीप प्राप्त जिल्लाको सहकारी संस्थाबाट बीउ, मल, कृषि औजार तथा कीटाणु-नाशक औषधिहरू किसानहरूमा बिक्री वितरण हुन्छ । आर्थिक वर्ष २०२७।०२८ देखि २०२९।०३० सम्म जम्मा तीन वर्षमा भएको वितरण निम्नलिखित अनुसार छः—

		२०२७।०२८	०२८।०२९	०२९।०३०
बीउ—	धान	१०७ मे. टन	१८२ मे. टन	२४९ मे. टन
	गहुँ	१५२ मे. टन	१९७ मे. टन	५१६ मे. टन
	मकै	३ मे. टन	६ मे. टन	१२ मे. टन
	तरकारी	—	११७ पौण्ड	२२३ पौण्ड
	आलु	—	८९ मे. टन	५८ मे. टन
मल—	एन	१५० मे. टन	२२२ मे. टन	५७० मे. टन
	पी	८८ मे. टन	१०५ मे. टन	४४१ मे. टन
	के	३० मे. टन	५०८ मे. टन	११२ मे. टन
औजार—	हलो	१२६ थान	१९२ थान	२०५ थान
	कोदालो	५४ थान	२२० थान	२५७ थान
	पम्पसेट	१२ थान	३१ थान	२८ थान
	हेण्ड रैंक	३३ थान	२५ थान	२७ थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ट्राक्टर	१ थान	६ थान	३ थान
स्प्रेयर	–	१२ थान	
हँसिया	–	–	३४ थान
सावेल	–	–	४ थान

यस जिल्लामा प्रायः सबै जसो गाउँमा पोखरी पाइन्छ। यी पोखरीहरूमा माछा मारी स्थानीय बजारमा विक्री हुन्छ। तर योजनावद्ध तरीकाबाट यस जिल्लामा माछा पालन गरिएको छैन। ६ डिसेम्बर १९७३ मा प्रकाशित एफ.ए. ओ. को प्रतिवेदन अनुसार यस महोत्तरी र धनुषा जिल्लामा करीब १,५०० पोखरीहरू छन्। जसको जम्मा सतह करीब ६५० हेक्टर छ। उक्त प्रतिवेदन अनुसार यहाँका पोखरीहरूमा निम्नलिखित अनुसार माछा राख्न सकिन्छः–

कमन कार्प	२,०००	३,०००	प्रति हेक्टर
सिल्भर कार्प	१,०००	२,०००	प्रति हेक्टर
बिगहेड कार्प	२००	५००	प्रति हेक्टर
ग्रास कार्प	५००	१,०००	प्रति हेक्टर
इण्डियन मेजर कार्प	५००	१,०००	प्रति हेक्टर

सिचाइ

यस जिल्लामा कृषि विकासको निमित्त राम्रो सिचाइको प्रबन्ध गर्नु नै प्राथमिक आवश्यकता हो। ठूलो नहर निर्माण गर्न यस जिल्लामा बाह्रै महीना बग्ने कुनै ठूलो नदी छैन। अरू जिल्लामा भएको ठूलो नदीमा नहर खनी यहाँ पानी उपलब्ध गराउनु निकट भविष्यमा सम्भव देखिंदैन। हालको अवस्थामा यस जिल्लामा जमीन मुनिको पानीद्वारा सिचाइ गर्नु नै एक मात्र उपाय देखिन्छ। हाल यहाँ चालू रहेको सिचाइमा औरही र घमौरा गाउँ पञ्चायतमा करीब५००–५००बिघामा पानी पुऱ्याउन सक्ने क्षमता भएको "बोरिङ"हरू छन्। अन्य गाउँ पञ्चायतहरूमा पनि साना-साना कुलो खनी सिचाइ गर्ने व्यवस्था छ तर यस्ता कुलोबाट बाह्रै महीना पानी नआउने भएकोले भरपर्दो हुँदैनन्। यस बाहेक ट्यूबवेल गाडी पम्पद्वारा जमीन मुनिको पानी तानी सिचाइ गर्ने अर्को उपाय छ। यसप्रकारबाट सिचाइ गर्दा निक्कै खर्च हुने भएकोले एकै ठाउँमा धेरै जग्गा हुने र धनी किसान-हरूलाई मात्र फाइदा हुन सक्छ। प्रशस्त खर्च लाग्ने भएकोले थोरै खेत हुने र गरीब किसानहरूले यस सिचाइको लागि लगानी नै गर्न सक्दैनन्। जमीन मुनिको पानी तान्न पम्पसेटहरूमा बिजुलीको उपयोग गर्न सकेमा धेरै मात्रामा किफायत हुन आउँछ। गाउँ गाउँमा बिजुली नपुगेसम्म यसप्रकारको सिचाइको व्यवस्था महँगै पर्छ।

पोखरीहरूबाट कुलो खनी पानी ल्याई खेतमा सिचाइको काम गर्न सकिन्छ। तर यहाँका अधिकांश पोखरी सार्वजनिक स्वामित्वमा रहेका र सबैको खेतलाई पानी नपुग्ने भएकोले कुनै एक व्यक्तिको खेतमा मात्र पानी सिचाइ गर्न नमिल्ने देखिन्छ। यस जिल्लाका धेरैजसो पोखरीहरू खेतमा रोपाइँ गर्ने समयमै सुक्ने भएकोले पनि यो सफल हुन सक्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषिऋण

केही वर्ष पहिले यहाँका किसानहरूलाई आवश्यक कृषि ऋणको स्रोत स्थानीय साहूहरू मात्र थिए। गत केही वर्षदेखि सहकारी समिति, भूमिसुधार बचत व्यवस्था जस्ता स्रोतहरू देखापर्न थाले। पहिले पहिले यसरी कृषकहरूलाई ऋण दिंदा यहाँका साहूहरूले किसानहरूको आवश्यकता हेरी धेरै व्याज लिने गरेको पाइन्छ। किसानहरूले आफू माथि समस्या आइपरेका बेला ऋण लिई समस्याको समाधान गर्न पाइने भएकोले बढी व्याज दरप्रति उत्तिको असन्तोष दर्साउँदैनन्। भूमिसुधार, सहकारी समिति तथा कृषि विकास बैंकबाट कृषि ऋण उपलब्ध हुन थालेपछि यहाँका कृषकहरू लाभान्वित भएका छन्।

यस जिल्ला अन्तर्गत जम्मा ११ वटा सहकारी संस्थाहरू छन् जसमध्ये दुई नमूनाको रूपमा सञ्चालित भई आफ्ना कृषक सदस्यहरूलाई कृषि उपकरणको साथै चालम, चीनी जस्ता उपभोग्य वस्तुहरू सुपथ मूल्यमा बिक्री वितरण गरी सेवा पुऱ्याइराखेका छन्। उक्त दुवै नमूना संस्थाले आर्थिक वर्ष २०२८।०२९ मा रु. २८,३४४। र २०२९।०३० मा रू. ४८,३३३। आफ्ना सदस्यहरूलाई ऋण वितरण गरी सो ऋणमध्ये धेरैजसो असूल पनि गरिसकेका छन्। यी दुवै नमूना संस्थाका सदस्य संख्या २७३ र शेयर पूँजी रू. १५,१९०। छ। यस जिल्लमा कृषि विकास बैंक नभएकोले यस सम्बन्धी कारवाही जनकपुरको कृषि विकास बैंक मार्फत भइरहेको पाइन्छ।

खेतीको समयमा "सातो प्रथा" बाट एकले अर्कालाई मद्दत गर्ने र घरायसी आवश्यकता परेका वखत आपसमा लेनदेन गर्ने परिपाटी भएको यस जिल्लाका कृषकहरूलाई सहकारिताको भावना जगाउने सहकारी संस्थाहरूको निक्कै आवश्यकता देखिन्छ। ग्रामीण आर्थिक स्थितिमा सुधार गर्ने सिलसिलामा कुटीर उद्योग वा कृषि व्यवसाय वा व्यापारमै पनि सहकारिताको माध्यमबाट गर्दा अधिकांश जिल्लाबासीहरू लाभान्वित हुन सक्ने देखिन्छ।

उद्योग

छिमेकी जिल्ला धनुषाको दाँजोमा महोत्तरी जिल्ला औद्योगिक क्षेत्रमा निक्कै पिछडिएको छ। यहाँ पहिलेदेखि स्थापना भइरहेका केही चामल मिलहरूमै यहाँको औद्योगिक गतिविधि सीमित रहेको छ। यस जिल्लाको उत्तरतिर बनेको महेन्द्र राजमार्गको केही भाग र भिटामोडदेखि जनकपुरसम्मको सडक बाहेक अरू पक्की सडकहरू बनेका छैनन्। जिल्लामा कुनै किसिमको उद्योगहरू फष्टाउन सकेका छैनन्। यस क्षेत्रमा कृषि पैदावारमा आधारित उद्योगहरूले मात्र विकास गर्न सक्ने देखिएकोले यस्ता उद्योगहरू खोल्न सकिने सम्भाव्यताको अध्ययन गरी औद्योगीकरणतर्फ जोड दिनु अति आवश्यक भइसकेको छ।

यस जिल्लामा गाउँका मानिसहरू माटाका भाँडाहरू बनाउने, बाँसको चोयाबाट नाङ्लो, टोकरी, गुन्द्री बनाउने, माछा मार्ने जाल बुन्ने, डोरी, नाम्लो बनाउने, हँसिया, खुर्पी आदि बनाउने काम गर्दछन्। यस प्रकारका उद्योग यहाँका मानिसहरू खेतीबाट बचेको समयमा गर्दछन्। यसरी आफूले बनाएका सामानहरू जलेश्वर, गौशाला, मटिहानी, हरिपुर्वा, रोजा बजार र वलवा आदिमध्ये नजीकका बजारमा लगी बेच्दछन्।

यस जिल्लामा रजिष्टर गरी संगठित रूपले सञ्चालन भइरहेका उद्योगहरू केही चालम मिल, केही बिंडी कारखाना र केही इँटा चिम्नीभट्टाहरू हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा निम्नलिखित औद्योगिक प्रतिष्ठानहरू अन्तःशुल्क तिर्दछन्:—

स्टीम इञ्जिनबाट चल्ने चामल, तेल मिल	३
एक देखि २५ अश्वशक्ति भित्रका चामल, तेल मिल	६५
२५ अश्वशक्ति माथिका चामल, तेल मिल	१८
बिडी कारखानाहरू	१२
काठ चिर्ने मिलहरू	५
चिम्नी ईंटा भट्टाहरू	२

यस जिल्लामा २०२३ सालदेखि नै भन्सारबाट अलग्ग भई अन्तःशुल्क कार्यालय खुलेको थियो। यहाँको अन्तःशुल्क कार्यालयबाट हुने आम्दानी हरेक साल बढ्दै गइरहेको छ। यस कार्यालयले २०२७।०२८ देखि २०२९।०३० सम्म गरेको आम्दानी निम्नअनुसार छः—

साल	आय रकम (रू. मा)
२०२७।२०२८	८,०५,८९१।
२०२८।२०२९	१०,४४,६१५।
२०२९।२०३०	१०,७४,११७।
जम्मा:—	२९,२४,६२३।

व्यापार

यस जिल्लाका खास व्यापारिक केन्द्र जलेश्वर, मटिहानी, गौशाला, वलवा आदि हुन्। यीमध्ये पनि भारतको सीमाना नजीकै रहेको मटिहानी धान र चामलको व्यापारको निमित्त प्रसिद्ध छ। यहाँ तीनवटा चामल मिलहरू छन्। यहाँबाट भारतमा चामलको निकासी गरिन्छ। यहाँ धान, चामलका ठूल-ठूला गोलाहरू छन्। यहाँको अर्को ठूलो बजार गौशाला हो। यो बजार पहाडतर्फबाट ल्याइने मकै र अन्य वस्तुहरूको निमित्त प्रसिद्ध छ। यस बाहेक यस जिल्लाको जलेश्वर, वलवा, रौजाबजार तथा अन्य गाउँहरूमा पनि धार्मिक मेला भएको बेलामा हाट बजार लाग्ने गर्दछ। यहाँको व्यापारमा खासगरी नेवार, मारवाडी र वनिया जातिका मानिसहरू लागेका छन्।

यस जिल्लामा दैनिक आवश्यकताका चिजहरूमध्ये कपडा, नून, मट्टीतेल, मसलाहरू, साबुन आदि भारतबाट आयात गरिन्छ र चामल, मकै, काठ आदि भारतमा निर्यात गरिन्छ। यस जिल्लामा रहेका ११ वटा भन्सारबाट निकासी, पैठारी गर्दा निम्नअनुसार आम्दानी भएको देखिन्छः—

(रकम—रू. मा)

भन्सारको नाम	२०२८।०२९	२०२९।०३०
मटिहानी छोटी भन्सार	१,७०,७७०।	७२,३९०।
जलेश्वर छोटी भन्सार	६,९५,८१५।	५,११,९६३।
बथनाहा छोटी भन्सार	१४,४८०।	१५,६४६।
कट्टी कटैया छोटी भन्सार	१५,६५८।	१६,४३७।
मनराकट्टी छोटी भन्सार	११,५१४।	१०,५४९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पोखर भिण्डा छोटी भन्सार	२१,४४२।	१२,७८१।
शम्सी छोटी भन्सार	१,२४,२७५।	७२,५८५।
रघुनाथपुर छोटी भन्सार	२७,६०७।	२०,१८३।
संग्रामपुर छोटी भन्सार	१५,०४९।	११,३२३।
पर्सा छोटी भन्सार	२८,१९८।	५,९७२।
सखुवा छोटी भन्सार	२०,६४३।	४,५२१।
जम्मा	११,४५,४५१।	७,५४,३४२।

यस जिल्लामा २०१६ सालदेखि कर कार्यालय स्थापना भएको छ। यहाँ उद्योग, व्यापार, पारिश्रमिकबाट आयकर तिर्नेको संख्या १२४, बिक्री कर तिर्नेको संख्या १८ र ठेक्का कर तिर्नेको संख्या १४ छन्। उक्त करदाताहरूबाट गत २०२७।०२८ देखि २०२९।०३० सम्ममा निम्नअनुसार आम्दानी भएको देखिन्छः–

वर्ष	आम्दानी (रू. मा)
२०२७।०२८	६१,६७,७३१।
२०२८।०२९	७९,५५,०५७।
२०२९।०३०	९१,४७,१४१।

बैंक

यस जिल्लामा प्रशस्त उब्जनी हुने र धान-चामलको प्रशस्त व्यापार हुने भएकोले राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक र नेपाल राष्ट्र बैंकका ठाउँ ठाउँमा रहेका सटही काउण्टरहरूले जिल्लाका जनतालाई आफ्ना आफ्ना क्षेत्रमा सहुलियत दिई बैंक सेवा प्रदान गरेका छन्।

राष्ट्रिय वाणिज्य बैंक जलेश्वरमा स्थापना भएको छ। डिपोजिट लिनु, कर्जा दिनु, लगानी गर्नु, रकम हस्तान्तरण गर्नु, विल आदिको काम गर्नु र सरकारी कारोबार गर्नु बैंकका मुख्य काम हुन्। बैंकले मुख्यतः सुन, चाँदी, कपडा, तेलहन, खाद्यान्न र विविध सामानहरूमा लगानी गरेको छ।

नेपाल बैंक लिमिटेडको शाखा मटिहानी आदर्श गाउँ पञ्चायतमा २०२६ सालदेखि स्थापना भएको छ। सो बैंकले वि. सं. २०३० असार सम्म निम्नअनुसार कारोबार गरेको देखिन्छ :–

	कर्जा (रू. हजारमा)	खाता संख्या
सुन चाँदी		
गल्ला	५९४	९८८
विल रसीद	७४७	५१
कपडा	१	–
	१७	३

नेपाल राष्ट्र बैंकले यस जिल्लाको जलेश्वर, मटिहानी, शिवभक्तिश्वोर र शम्सीमा समेत गरी जम्मा चार ठाउँमा सटही काउण्टरहरू खोलेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

यातायात

महोत्तरी जिल्ला जनकपुर अञ्चलको दक्षिणतिर तराई क्षेत्रमा रहेको छ। यस जिल्लाको उत्तरतिर चुरे डाँडाको केही भाग बाहेक बाँकी सबै तराईमा पर्दछ। वि. सं. २०१९ सालमा अधिराज्यलाई अञ्चल र जिल्लामा विभाजित गर्नुभन्दा पहिले यो क्षेत्र सर्लाही महोत्तरी गोश्वाराद्वारा प्रशासित थियो र सर्लाही र हालको महोत्तरी र धनुषा जिल्लाको सदरमुकाम यही जिल्लाको जलेश्वरमा थियो। २०१९ सालको अञ्चल विभाजन पछि यो जिल्ला जनकपुर अञ्चलमा पर्न गयो र हाल यस महोत्तरी जिल्लाको सदरमुकाम पनि जलेश्वर मै रहेको छ। यी सबै कारणले गर्दा यस जिल्लामा पहिलेदेखि नै यातायातको सुविधा प्राप्त थियो। जिल्लाको पक्की सडकमा चार किलोमिटर (२.५ माइल) मात्र टाढा रहेको भारतको सीमाना भिटामोडबाट धनुषा जिल्लामा रहेको महान धार्मिक स्थल जनकपुर धाम जोड्ने पक्की बाटोको करीब १० किलोमिटर (६.२ माइल) भाग र जिल्लाको उत्तरमा रहेको करीब २१ किलोमिटर (१३ माइल) को महेन्द्र राजमार्गको भाग यस जिल्लाका सबैभन्दा महत्वपूर्ण बाटो हुन्। कच्ची बाटोमा सबभन्दा महत्वपूर्ण ३८.४ किलोमिटर (२४ माइल) लामो जलेश्वर गौशालाको हिउँदमा मात्र मोटर चल्ने बाटो र करीब ३० किलोमिटर (१८.६ माइल) लामो जलेश्वर-मलङ्गवा कच्ची बाटो हुन्। उक्त बाटोहरू बाहेक यस जिल्लाको विभिन्न गाउँहरूमा आवत-जावत गर्न कच्ची बाटोहरू जताततै पाइन्छन्। अतः यहाँका मुख्य मुख्य राजमार्ग, पक्की र कच्ची सडकहरू निम्नअनुसार छन्ः—

महेन्द्र राजमार्ग

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म जोड्ने महेन्द्र राजमार्गको करीब २१ किलोमिटर (१३ माइल) यस जिल्लाको उत्तरी भागमा पर्दछ। यो राजमार्ग बर्दिबासबाट यस जिल्लाभित्र पस्दछ र बाँके नदीबाट जिल्ला बाहिर जान्छ। जिल्लाको अधिकांश जनसंख्या दक्षिणतिर भएको र यो राजमार्ग उत्तरतिर रहेकोले यस राजमार्गबाट जिल्लाको गौशाला, खैरमारा खोर, औरही आदि गाउँका निवासीहरू यातायात, व्यापार आदि क्षेत्रमा लाभान्वित भएका छन्। यस जिल्लाभित्रको राजमार्गमा काठे पुल छ, आर.सी.सी. पुल नौ, आर.सी.सी. कल्भर्ट २५ र ह्यूम पाइप चार पर्दछन्। हाल यस जिल्लाका मानिसहरू जनकपुर भएर उक्त महेन्द्र राजमार्गबाट अधिराज्यको अरू भागहरूमा आवत-जावत गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भिटामोड–जलेश्वर मार्ग

जलेश्वरदेखि करीब चार किलोमिटर टाढा रहेको भारतसँगको सीमाना भिटामोडदेखि जनकपुरसम्मको करीब १४ किलोमिटर (८.७ माइल) लामो यो बाटोको करीब १०किलोमिटर (६.२ माइल) यस जिल्लामा पर्दछ। यो बाटो बन्नुभन्दा पहिले पनि यस क्षेत्रमा कच्ची बाटो थियो। सोही कच्ची बाटोबाट यस भेकका मानिसहरू आवत-जावत गर्दथे। तर यो पक्की बाटो बनेपछि पुरानो बाटो बैलगाडा र पैदल हिंड्नेहरूले मात्र प्रयोग गर्दछन्। हाल तयार भइसकेको यो पक्की बाटोमा बस सर्भिस तथा जीप, अटोरिक्साको सेवा पनि प्राप्त छ। पर्सा, धवौली, जलेश्वर, परिकौली, पिपरा आदि यस बाटोमा पर्ने मुख्य गाउँ हुन्। यस मार्गमा आर.सी.सी पुल तीन, आर.सी.सी. कल्भर्ट २० र ह्युम पाइप १४ पर्दछन्। धनुषा, महोत्तरी र सर्लाहीका बासिन्दाहरूलाई आवागमन र भारतसँगको व्यापारिक दृष्टिकोणबाट समेत यो मार्ग महत्वपूर्ण हुन आएको छ।

जलेश्वर–मटिहानी बाटो

यस जिल्लाको प्रमुख स्थानमा जलेश्वर र मटिहानीको नाम आउँछ। यी दुवै स्थानलाई जोड्ने यो बाटो हालसम्म कच्ची नै छ र करीब ६.४ किलोमिटर (चार माइल) लामो छ। सुगा, पर्सा, पतेली, मलवारा यो बाटोमा पर्ने मुख्य गाउँ हुन्। यहाँको परिक्रमाको निमित्त, हाट बजार गर्नको निमित्त र तीर्थ यात्रीहरूको निमित्त मूलबाटो नै यही हो। यस बाटोमा काठेपुल सात र ह्युम पाइप कल्भर्ट सात पर्दछन्।

जलेश्वर–गौशाला मूल बाटो

गौशाला पनि यस जिल्लाको व्यापारिक तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण स्थान हो। जलेश्वर र यस स्थानलाई करीब ३८.४ किलोमिटर (२३.६ माइल) लामो कच्ची बाटोले जोडेको छ। बत्रही, पड़ौल, सोनामाईस्थान, औरही, हरि गौरि गामा, मडइ उग्रोपट्टि यो बाटोमा पर्ने मुख्य गाउँ हुन्। यो बाटोमा हिउँदमा मोटर पनि चल्दछ। गौशाला यस जिल्लाको उत्तरी क्षेत्रको प्रमुख व्यापार केन्द्र हो। यही गौशाला जाने बाटोमा जलेश्वरबाट करीब १६ माइल टाढा रहेको सोना माईस्थानमा दशैंमा ठूलो मेला पनि लाग्दछ।

जलेश्वर–मलङ्गवा बाटो

यो बाटो यस जिल्लाको सबैभन्दा लामो कच्ची बाटो हो। यो बाटो करीब ३८.४ किलोमिटर (२३.४ माइल) लामो छ। कच्ची बाटो भएकोले हिउँदमा मात्र मोटर चल्दछ। बर्षादमा ठाउँ ठाउँमा पानी जमी आवत-जावत गर्न ज्यादै गाह्रो हुन्छ। छेउछाउमा पर्ने गाउँहरूलाई यस बाटोले आवत-जावत गर्न ठूलो सहूलियत प्रदान गरेको छ। अजमर पट्टी, एकडारा, वेला, मनरा, सम्सी, रघुनाथपुर, पर्सा पछवारी यो बाटोमा पर्ने मुख्य गाउँ हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त बाटोहरू बाहेक यस जिल्लाको खुट्टा पिपराढी गाउँ पञ्चायत क्षेत्रबाट भङ्गहा गाउँ पञ्चायत-सम्म करीब २० किलोमिटर (१२ .४ माइल) नेपाल जनकपुर रेल चल्दछ। यसरी रेल चल्ने भएकोले यस क्षेत्रका मानिसहरूलाई यातायातमा ठूलो सुविधा उपलब्ध भएको छ। यही रेल धनुषा जिल्लाको जनकपुर हुँदै जयनगरसम्म पुग्दछ। यसरी जयनगरबाट भारतीय रेलद्वारा भारतको कुनै पनि स्थानमा जान सकिन्छ। त्यस्तै यस जिल्लाको भिटामोडबाट करीब ४०.२ किलोमिटर (२५ माइल) दक्षिण-पश्चिममा रहेको सितामढी-सम्म बसबाट गएपछि भारतीय रेल भेटिन्छ।

जिल्लामा बैल गाडा चल्ने अरू कच्ची सडकहरू पनि छन्। यी सडकहरू वर्षा याममा ठाउँ ठाउँमा पानी जम्नाले उपयोग गर्न सकिंदैन। जलेश्वरबाट सीधै उत्तरतिर महेन्द्र राजमार्ग जोड्ने र मटिहानीबाट जनकपुर जोड्ने पुरानो कच्ची बाटोहरूमा हाल भिटामोड-जनकपुर पक्की बाटो चालू भइसकेकोले मोटर चल्न प्रायः बन्द भएको छ। हिउँद याममा गाडा, घोडा आदिद्वारा माल ढुवानी गर्नमा यी बाटोहरू प्रयोगमा ल्याइन्छन्। जिल्लाका प्रमुख हाट बजारहरू जलेश्वर, मटिहानी, गौशाला, लोहारपट्टी आदि यिनै कच्ची बाटोहरूले जोडिएको हुँदा अन्न, तरकारी, लुगाफाटो आदि खुद्रा व्यापारीहरूलाई ढुवानी गर्न सुविधा पुऱ्याएको छ।

सञ्चार

धेरै समय पहिले हालको धनुषा जिल्ला महोत्तरी जिल्ला अन्तर्गत हुँदा जलेश्वर यसको सदरमुकाम थियो। हालको सर्लाही जिल्ला पनि यसै जिल्लाद्वारा प्रशासित थियो। त्यसैबेलादेखि यहाँ टेलिफोनको सुविधा प्राप्त थियो। यस टेलिफोनको जलेश्वर कार्यालयबाट जनकपुर र मलङ्गवासम्म कुरा गर्न सकिन्छ। आजकाल यहाँ आकाशवाणीको सेवा उपलब्ध भई अधिराज्यका विभिन्न महत्वपूर्ण भागहरूसँग सीधा सम्पर्क राख्न सकिने भएकोले उक्त टेलिफोनको प्रयोग धेरैजसो सरकारी कार्यालयहरूले मात्र गर्ने गरेका छन्।

यस जिल्लाको सदरमुकाम जलेश्वरमा आकाशवाणी कार्यालय रहेको छ। यस कार्यालयबाट काठमाडौं, वीरगञ्ज, जनकपुर, सिन्धुली, मलङ्गवा, रामेछाप र चरिकोटसम्म सोझै सम्पर्क राख्न सकिन्छ। आर्थिक वर्ष २०२९।०३० मा यस कार्यालयबाट २,९५९ खबर बाहिर गएको, २,६७५ खबर बाहिरबाट आएको र २५९ मिनेट कुरा भएको देखिन्छ।

हुलाक

सञ्चारका साधनहरूमध्ये हुलाक सेवा पनि यस जिल्लामा पहिलेदेखि नै उपलब्ध छ। यहाँ विनिमय हुलाक एक, छोटी हुलाक तीन र अतिरिक्त हुलाक तीन समेत गरी जम्मा सात कार्यालय रहेका छन्। उक्त हुलाकहरू यसप्रकार छन्:—

हुलाकको स्तर	हुलाक रहेको पञ्चायत
विनिमय हुलाक	जलेश्वर गाउँ पञ्चायत
छोटी हुलाक	मटिहानी गाउँ पञ्चायत
छोटी हुलाक	शिवनगर किशोर गाउँ पञ्चायत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोटी हुलाक	लोहार पट्टि गाउँ पञ्चायत
अतिरिक्त हुलाक	मनरा गाउँ पञ्चायत
अतिरिक्त हुलाक	वलवा गाउँ पञ्चायत
अतिरिक्त हुलाक	खैरवन्नी रघुनाथपुर गाउँ पञ्चायत

यसको अतिरिक्त सुगा ८ हटपूर्वीमा सहकारी हुलाक दुईवटा छन्।

उक्त विभिन्न स्तरका हुलाकहरूबाट यस जिल्लामा एक वर्षमा करीब १,५०,००० चिट्ठी-पत्रहरू आदान प्रदान हुन्छन्। घना आवादी भएका गाउँहरू, सदरमुकाम र बजार यस जिल्लाको दक्षिण ी भागमा बढी भएकोले बढी चिट्ठी-पत्रहरू पनि यस जिल्लाका दक्षिणतिरको क्षेत्रबाट आदान-प्रदान हुन्छन्।

बिजुली

यस महोत्तरी जिल्लामा २०३० वैशाखदेखि बिहार इलेक्ट्रिसिटी बोर्डबाट विद्युत् शक्ति प्राप्त गरी बिजुली वितरण भइरहेको छ। जनकपुर–जलेश्वर विद्युतीकरण योजना भएको यस आर्थिक वर्ष २०३१।०३२ को निर्देशित र प्राप्त वार्षिक कार्यक्रम अन्तर्गत विद्युत् वितरण सम्बन्धी १४ माइल लामो प्रसारण एव वितरण लाइन र जलेश्वरमा एक सबष्टेशन निर्माण गर्ने आवश्यक निर्माण सामग्री उपलब्ध गराउने लक्ष्य राखिएको छ। जनकपुरमा २५० किलोवाटको तीन "डिजेल प्लाण्ट" स्थापना भएदेखि जलेश्वर, जनकपुर र भिटामोडसम्म विद्युत् शक्ति साँझ चार बजेदेखि बिहान साढे पाँच बजेसम्म उपलब्ध गराइ रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

नेपाल अधिराज्यको दक्षिण-पूर्वी तराईमा पर्ने यो महोत्तरी जिल्ला धार्मिक दृष्टिकोणबाट अहिलेसम्म पनि नेपालको प्रमुख स्थानहरूमध्ये एक मानिन्छ । तर शिक्षाको क्षेत्रमा यस जिल्लामा व्यापक जागरण अझै आउन सकेको छैन । यहाँ छ वर्षदेखि माथि भएका पुरुष १,३४,१५२ र महिला १,२८,२०० गरी जम्मा संख्या २,६२,३५२ मध्ये १९.१ प्रतिशत अर्थात् २५,५६२ पुरुष र ३.० प्रतिशत अर्थात् ३,८४१ महिला गरी जम्मा ११.२ प्रतिशत अर्थात् २९,४०३ मानिसहरू मात्र साक्षर छन् । जनकपुर अञ्चलको साक्षर प्रतिशत १०.६ रहेको देखिन्छ । यस अञ्चलमा पर्ने दोलखा जिल्लाको साक्षरता १०.१ प्रतिशत, रामेछाप जिल्लाको साक्षरता १०.५ प्रतिशत, सिन्धुली जिल्लाको साक्षरता १०.१ प्रतिशत, धनुषा जिल्लाको साक्षरता ११.९ प्रतिशत र सर्लाही जिल्लाको साक्षरता ८.२ प्रतिशत रहेको छ । यसबाट यस महोत्तरी जिल्लाको ११.२ प्रतिशत साक्षरता धनुषा जिल्लाको साक्षरताबाट ०.७ मात्र कम देखिए तापनि अधिराज्यको साक्षर प्रतिशत १३.९ भन्दा कमै रहेको देखिन्छ। छ वर्षभन्दा माथि उमेर भएका जम्मा २९,४०३ साक्षर जनसंख्यालाई विभिन्न समूहमा विभाजन गर्दा निम्नअनुसार देखिन्छः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुलसंख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६ देखि ९	१८,७१२	२,८५३	१५.२	१६,५२१	८०१	४.८	३५,२३३	३,६५४	१०.४
१० – १४	१८,८२२	५,३२४	२८.३	१३,९९८	१,००२	७.२	३२,८२०	६,३२६	१९.३
१५ – १९	१३,४६७	३,६७७	२७.३	११,३०२	६०६	५.४	२४,७६९	४,२८३	१७.३
२० – २४	१२,२९१	३,१६३	२५.७	१३,७८०	४९४	३.६	२६,०७१	३,६५७	१४.०
२५ – २९	१३,४०२	२,७२७	२०.३	१३,५९९	३२३	२.४	२६,९७१	३,०५०	११.३
३० – ३४	११,५५०	१,८००	१५.६	१३,५१०	१९९	१.५	२५,०६०	१,९९९	८.०
३५ – ३९	१२,२१६	१,६५७	१३.६	११,३०७	१३७	१.२	२३,५२३	१,७९४	७.६
४० – ४४	९,३६५	१,१२४	१२.०	९,३७८	८२	.९	१८,७४३	१,२०६	६.४
४५ – ५४	१४,०९१	१,८३८	१३.०	११,८२४	१०९	.९	२५,९१५	१,९४७	७.५
५५ – ६४	६,५६६	८६७	१३.२	७,८६०	५९	.८	१४,४२६	८२६	६.४
६५ र माथि	३,६७०	५३२	१४.५	५,१५१	२९	.६	८,८२१	५६१	६.४
जम्मा:–	१,३४,१५२	२५,५६२	१९.१	१,२८,२००	३,८४१	३.०	२,६२,३५२	२९,४०३	११.२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त तालिका अनुसार १० वर्षदेखि २४ वर्षको उमेर समूहमा सबभन्दा बढी साक्षरता रहेको देखिन्छ। माथि उल्लेख भएअनुसार यस जिल्लामा छ वर्षभन्दा माथि उमेर भएका जनसंख्यामध्ये १६.१ प्रतिशत पुरुष र ३.० प्रतिशत महिला साक्षर भएको देखिन्छ। यसबाट यो जिल्लामा नारी शिक्षाको महत्व भरखरै मात्र बुझ्न थालेको देखिन्छ। त्यसैले पुरुषहरूमा २४ वर्षसम्मको उमेर समूहमा बढी संख्यामा साक्षर भएको पाइन्छ भने महिलाहरूमा १४ वर्षसम्मको उमेर समूहमा मात्र बढी साक्षर भएको पाइन्छ। २४ वर्षको उमेर समहमा १५,०१७ पुरुषहरू साक्षर छन् भने यस उमेर समूहमा २,९०३ महिलाहरू मात्र साक्षर छन्।

यस जिल्लामा छ वर्षदेखि नौ वर्षसम्मको उमेर समूहमा जम्मा ३५,२३३ छन्। यसमध्ये जम्मा ३,६५४ मात्र साक्षर छन् र ३१,५७९ निरक्षर नै देखिन्छन्। यी निरक्षर संख्याले विद्यालयमा शैक्षिक गतिविधिमा लाग्नुको सट्टा कुनै किसिमको घरायसी काममा जमा लागेका छन्। यसरी जनसंख्या र जनजीवनको परिच्छेदमा १० वर्षभन्दा माथिको जनसंख्यालाई हाम्रो आफ्नो परिपाटीअनुसार सक्षम जनसंख्या माने तापनि खासगरी यस जिल्लामा १० वर्षभन्दा पनि कम उमेरदेखि नै प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट आर्थिक गतिविधिमा लागेका छन् भन्ने देखिन्छ।

यस जिल्लामा ३० वर्षको उमेरदेखि पुरुष र महिला दुवैको साक्षरताको प्रतिशत ज्यादै कम भएको पाइन्छ। यसरी ३० वर्षदेखि माथिको उमेर समूहदेखि नै साक्षरता ज्यादै कम भएकोले यस जिल्लामा प्रौढ साक्षरताको कक्षाहरू सञ्चालन गर्नु अति उपयोगी सिद्ध हुनेछ। आर्थिक वर्ष २०३०।०३१ मा जम्मा ४५ प्रौढ कक्षा सञ्चालित भएका देखिन्छन्।

यस जिल्लामा त्रिभुवन विश्वविद्यालय अन्तर्गत मटिहानीमा एउटा संस्कृत महाविद्यालय सञ्चालित छ। यसका अतिरिक्त जिल्लामा जम्मा १२८ शिक्षण संस्थाहरू छन्। विभिन्न स्तरका शिक्षण संस्थाहरूको संख्या निम्नअनुसार छः–

माध्यमिक विद्यालय	११
निम्न माध्यमिक विद्यालय	३७
प्राथमिक विद्यालय	८०
जम्मा:–	१२८

यस जिल्लामा संस्कृतको अध्ययन गर्न मटिहानीमा एउटामात्र माध्यमिक स्तरको विद्यालय छ। यहीं नै संस्कृत महाविद्यालय पनि सञ्चालन भइरहेको छ। पहिले यो महाविद्यालयमा संस्कृतको अध्ययन गर्न अधिराज्यको अन्य भाग र भारतबाट समेत विद्यार्थीहरू आउँदथे। विद्यार्थीहरूलाई निःशुल्क पढाइ तथा खाने, बस्ने सुविधा थियो। यसको निमित्त आवश्यक खर्च मठको आयस्ताबाट व्यहोरिन्थ्यो। तर आजकल त्रिभुवन विश्वविद्यालय अन्तर्गत पर्ने भएकोले त्यसप्रकारको व्यवस्था छैन। माध्यमिक स्तरको संस्कृत विद्यालयमा जम्मा ७७ विद्यार्थीहरू अध्ययन गरिरहेका छन्।

यस जिल्लामभएका उक्त १२८ शिक्षण संस्थामध्ये १२७ को भवन छ। बाँकी एउटाको आफ्नो भवन छैन।

यस जिल्लाका अन्य विद्यालयमा अध्ययन गर्ने छात्र छात्राहरूको संख्या निम्नअनुसार छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्तर	छात्र	छात्रा	जम्मा
माध्यमिक	१,७७८	१७५	१,९५३
निम्न माध्यमिक	६४३	५६	६९९
प्राथमिक	६,४९४	१,२०५	७,६९९
जम्मा:—	८,९१५	१,४३६	१०,३५१

यस जिल्लामा प्राथमिकदेखि माध्यमिक विद्यालयसम्ममा पढ्ने विभिन्न उमेर समूहका जम्मा छात्र छात्राहरूको संख्या १०,३५१ देखिन्छ। जिल्लाका १२८ शिक्षण संस्थाहरूमा जम्मा ३१० जना शिक्षक-हरूले अध्यापन कार्य गरिरहेका छन्। यसरी यहाँ एक जना शिक्षकले करीब ३३ जना विद्यार्थीहरूलाई पढाउनु पर्ने देखिन्छ।

यस जिल्लामा २०३१।०३२ देखि राष्ट्रिय शिक्षा योजना लागू भएको छ। शिक्षा प्रशासन सम्बन्धी सबै काम प्रमुख जिल्ला अधिकारीको कार्यालय, शिक्षा शाखाबाट हुन्छ। जिल्लाको शिक्षा सम्बन्धी गतिविधिमा विशेष रूपले सहयोग गर्न राष्ट्रिय शिक्षा योजना अनुसार जिल्ला पञ्चायतको सभापतिको अध्यक्षतामा जिल्ला शिक्षा समिति गठन भएको छ। सबै शिक्षण संस्थामा रेखदेख गर्न एक एक सहयोग समिति गठन भएका छन्। उक्त जिल्ला शिक्षा समितिबाट विद्यालय भवनको व्यवस्था, शिक्षकहरूको तलबको प्रबन्ध आदि काम हुन्छ। यस जिल्लामा जम्मा १२८ शिक्षण संस्थाहरूमध्ये १२७ शिक्षण संस्थाको आफ्नै भवन छ र बाँकीको भवन छैन। यस जिल्लामा शिक्षा प्रचार प्रसारको निमित्त श्री ५ को सरकारबाट आर्थिक वर्ष २०२९।०३० मा विभिन्न स्तरका विद्यालयहरूलाई सरकारी आर्थिक सहायता रू. ३,००,५००। तथा पूर्ण सरकारी विद्यालयतर्फ रू. ३,६०,१२१। प्राप्त भएको थियो। जनताको तर्फबाट रू. ७,६५,४४४। उठेको थियो।

वि. सं. २०२८ सालको जनगणनाअनुसार यस जिल्लामा छ वर्षभन्दा माथि उमेर भएका जम्मा २,६२,३५२ जनसंख्यामध्ये २,४९,५५२ ले कुनै किसिमको विद्यालयमा प्रवेश नै नगरेको देखिन्छ। बाँकी १२,८०० मध्ये ७,९२६ जनाले पाँच वर्ष प्राथमिक विद्यालय, २,५२९ जनाले दुई वर्ष निम्न माध्यमिक, १,६५० जनाले माध्यमिक, ४२९ जनाले इन्टरमिडियट, २४१ जनाले स्नातक र २५ जनाले स्नातकोत्तरका शिक्षण संस्थाहरूमा प्रवेश गरेको देखिन्छ। ७,९२६ विद्यार्थीबाट शुरू भएको प्राथमिक शिक्षा २५ जनाको स्नातकोत्तर स्तरमा टुङ्गिएकोबाट शिक्षाको महत्व बुझी यस तर्फ ढल्केको जन जागरण पनि आर्थिक वा सामाजिक बाध्यताको कारणबाट पढाइ पूरा गर्न नसकेको देखिन्छ।

उक्त जनगणनामा उल्लेख भएअनुसार यस जिल्लाका छ वर्ष र सोभन्दा माथि उमेर भएको पुरुष तथा महिलाहरूमध्ये ३,३९१ जनाले प्राथमिक, १,५२१ जनाले निम्न-माध्यमिक, २,२८७ जनाले माध्यमिक, ४६० जनाले इन्टरमिडियट, ३३७ जनाले स्नातक र ११४ जनाले स्नातकोत्तर स्तरको शिक्षा-दीक्षा पूरा गरेको देखिन्छ। स्नातकको उपाधि प्राप्त गर्ने महिला यस जिल्लामा छ जना छन्।

जिल्लामा सबभन्दा धेरै शिक्षण संस्था हुने पञ्चायत बलबा, शुकनाश हो। यस पञ्चायतमा चार शिक्षण संस्थाहरू छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्थ्य

यस जिल्लाको जलेश्वरमा ५० शय्याको एउटा अस्पताल छ। यो अस्पताल अञ्चलस्तरीय भएकोले छिमेकी जिल्लाका अस्पतालहरूभन्दा यहाँ केही बढी शय्याको व्यवस्था भएको देखिन्छ। यस अस्पतालमा करीब १०–१२ किलोमिटर टाढादेखि रोगीहरू उपचारार्थ आउने गर्दछन्। आर्थिक वर्ष २०३० मा यस अस्पतालमा "आउट डोर" का रोगीहरूको संख्यामा ३६,००४ रहेको र "इनडोर" मा बिरामीहरूको संख्या ७८० पुगेको देखिन्छ। यो अस्पताल पूर्ण सरकारी अस्पताल भएकोले यहाँ बिरामीहरूको निःशुल्क चिकित्सा गरिन्छ। यस बाहेक यस जिल्लाको एकडारा, बलवा, चिकना, लोहारपट्टी, गौशाला, बर्दिबास तथा अलि पर्सामा स्वास्थ्य चौकीहरू छन्। यी चौकीहरूमा प्रतिदिन सालाखाला ५० जना बिरामीहरूको साधारण उपचार हुन्छ। उक्त स्वास्थ्य चौकीका अतिरिक्त यस जिल्लाको हरिपूर्वा (मुतहाखजुरिया गाउँ पञ्चायत) मा एउटा आयुर्वेदिक चिकित्सालय छ। यहाँ प्रतिदिन २५ बिरामीहरू देखाउन आउने गर्दछन्।

यस जिल्लामा धेरैजसो मानिसहरू रगतको कमीबाट पीडित छन्। यसको खास कारण अंकुसे कीरा, पौष्टिक भोजनको कमी र स्वास्थ्य सम्बन्धी साधारण ज्ञानको कमी हुनु हो। गाउँमा परम्परादेखि पुरानो विचारधारा भएकोले अशिक्षित समाजमा झारफूक गर्ने प्रथा पूर्ण रूपले हट्न सकेको छैन। गत केही वर्षदेखि गाउँ गाउँमा स्वास्थ्य केन्द्रहरू खुलेकाले धेरैजसो मानिसहरू स्वास्थ्य सम्बन्धी ज्ञान प्राप्त गरी पुरानो परम्परालाई छाड्दै छन्।

यस जिल्लामा बिफर उन्मूलन गर्ने सिलसिलामा विशेषज्ञहरूले प्रत्येक पञ्चायतमा कार्यक्रम-अनुसार पञ्चायत, स्वास्थ्य संस्था, स्कूल र अन्य स्थानमा समेत सम्पर्क राखी बिफरको खोजी गरिरहेका छन्। हरेक वर्ष समय मिलाएर खोप कार्यक्रम सञ्चालन हुन्छ। यस जिल्लामा मंसीर, पुस र माघ महीनामा पञ्चायतको सिफारिशमा एक एक उम्मेदवारलाई खोप तालिम दिएर तिनीहरूबाट खोप कार्यक्रम सञ्चालन गरिन्छ। कुनै पनि पञ्चायतबाट बिफर वा बिफरको शङ्काको सूचना प्राप्त हुनासाथ त्यस पञ्चायतमा अनुसन्धानको लागि जिल्ला सुपरभाइजर जाने गर्दछन्। यसरी रोगको राम्रो अनुसन्धान गरी आवश्यक चिकित्सा गरिन्छ।

यस जिल्लाको अस्पतालमा टी. बी. र कुष्ट रोगको एउटा छुट्टै क्लिनिकद्वारा उपचार गरिन्छ। उक्त रोगहरूको समय समयमा सर्भेक्षण कार्य पनि हुने गरेको छ। अस्पतालबाट आवश्यक टोलीहरू खटाई टी. ए. बी. सी. का सूई दिने अभियान पनि चलाइन्छ। यसै अस्पतालबाट क्षय रोगको उपचार पनि गरिन्छ। आर्थिक वर्ष २०३०।०३१ मा ७४ कुष्ठ रोगीहरूको र १०८ क्षयरोगीहरूको उपचार गरिएको देखिन्छ।

औलो उन्मूलनको सम्बन्धमा जम्मा ६२ जना प्राविधिक कर्मचारीहरू काम गर्दछन्। गाउँ गाउँमा कर्मचारीहरू खटाई रोगीसँग सम्पर्क राखी उपचार गरिन्छ। अस्पताल तथा स्वास्थ्य चौकीहरूमा ज्वरो आएको बिरामीको रगत लिई स्लाइड जिल्ला कार्यालयमा पठाई जाँची रोगीहरूको उपचार गरिन्छ।

यस जिल्लामा एउटा मातृ शिशु कल्याण तथा परिवार नियोजन क्लिनिक रहेको छ। यस कार्यालयबाट बच्चाहरू र गर्भवती महिलाहरूको स्वास्थ्य जाँच, बच्चाहरूलाई दूध वितरण, पौष्टिक आहाराको ज्ञान, भोजन बनाउने विधिको प्रदर्शन तथा परिवार नियोजनसँग सम्बन्धित पिल्स, कण्डम आदिको वितरण र भ्यासेक्टोमी अपरेशन पनि गरिन्छ। आर्थिक वर्ष २०३०।३१ मा यस जिल्लामा परिवार नियोजन सम्बन्धी उपकरणहरू प्रयोग गर्ने मानिसहरूको संख्या निम्नबमोजिम छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विवरण	मानिसहरूको संख्या
कण्डोम प्रयोग गर्ने	१,६४७
पिल्स खाने	७१०
नसच्छेदन गर्ने	३१

खाने पानी

यस जिल्लाले खाने पानीको सम्बन्धमा कुनै किसिमको वैज्ञानिकता अपनाउन नसकेको देखिन्छ । धेरैजसो गाउँहरूमा कच्चा इनारको पानी नै खाने पानीको रूपमा प्रयोग गरिन्छ । कहीं कहीं मात्र ट्यूबवेल गाडेको पाइन्छ । यस जिल्लाका धार्मिक तथा व्यापारिक महत्वका गाउँहरू जस्तै जलेश्वर, मटिहानी, गौशाला, लोहारपट्टी, सुगा जस्ता घना बस्ती भएका गाउँहरूमा आर्टिजनल वेल खनी ट्याङ्कीमा पानी जम्मा गरी खाने पानी वितरण गर्नु पर्ने देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

ई. सं. १७६२ मा पृथ्वीनारायण शाहले मकवानपुर कब्जा गर्नुअघिसम्म हालको यो महोत्तरी जिल्ला मकवानपुर राज्यका सेनहरूको प्रशासन अन्तर्गत पर्दथ्यो । यसरी करीब २०० वर्षसम्म सेन वंशी राजाहरूको अधीनमा रहेपछि सन् १७६२ मा गोरखालीहरूले आक्रमण गर्दा मकवानपुरका तत्कालीन राजा दिग्वन्धन सेन गोरखाली फौजको अगाडि टिक्न सकेनन् र त्यसपछि मकवानपुर राज्य गोरखालीहरूको अधीनमा गयो ।

अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्नुअघि यो क्षेत्र महोत्तरी सर्लाही गोश्वारा अन्तर्गत प्रशासित थियो । तत्कालीन बडाहाकिम जलेश्वरमा बस्ने गर्दथे । त्यस बेलाको सदरमुकाम पनि जलेश्वरमा थियो। पछि २०१९ सालमा जिल्ला विभाजन भएपछि महोत्तरी एउटा छुट्टै जिल्ला बन्यो। हाल पनि जिल्लाको सदरमुकाम जलेश्वर मै रहेको छ । यसरी यो जिल्ला आजकल अञ्चल प्रशासन अन्तर्गत प्रमुख जिल्ला अधिकारीद्वारा प्रशासित छ । जिल्लाको प्रायः सबैजसो जिल्लास्तरीय कार्यालयहरू र केही अञ्चलस्तरीय कार्यालयहरू पनि जलेश्वरमा रहेका छन् । यहाँ रहेका कार्यालयहरू यसप्रकार छन्:-

सरकारी कार्यालयहरू

जनकपुर अञ्चलाधीश कार्यालय, जलेश्वर
प्रमुख जिल्ला अधिकारीको कार्यालय, जलेश्वर
भूमि प्रशासन कार्यालय, जलेश्वर
कोष तथा तहसील कार्यालय, जलेश्वर
महोत्तरी जिल्ला अदालत, जलेश्वर
जिल्ला डी. एस. पी. कार्यालय, जलेश्वर
मूल भन्सार कार्यालय, जलेश्वर
जिल्ला कृषि विकास कार्यालय, जलेश्वर
जिल्ला शिक्षा अधिकारीको कार्यालय, जलेश्वर
सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता, जलेश्वर
बिफर उन्मूलन कार्यालय, जलेश्वर
जिल्ला सहकारी कार्यालय, जलेश्वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्ला नापी कार्यालय, जलेश्वर
निर्वाचन शाखा, जलेश्वर
महोत्तरी कारागार कार्यालय, जलेश्वर
जिल्ला तथ्याङ्क कार्यालय, जलेश्वर
नेपाल औलो उन्मूलन कार्यालय, जलेश्वर

अन्य कार्यालयहरू

जिल्ला पञ्चायत कार्यालय, जलेश्वर
राष्ट्रिय वाणिज्य बैंक, जलेश्वर
महोत्तरी गुठी खर्च तथा तहसील कार्यालय, जलेश्वर
दूर सञ्चार कार्यालय, जलेश्वर

प्रहरी

यस जिल्लाको डी. एस. पी. कार्यालय जलेश्वरमा रहेको छ। यस डी. एस. पी. कार्यालय अन्तर्गत गौशाला प्रहरी थाना एक र चार थाउँमा प्रहरी चौकी रहेका छन्।

कारागार

यस जिल्लामा एक कारागार छ। १५० पुरुष र २५ जना महिला राख्न सकिने यसको क्षमता छ।

सरकारी वकील

यस जिल्लामा एक सरकारी वकीलको कार्यालय छ। यस कार्यालयमा राजपत्राङ्कित तृतीय श्रेणीको वकीलको दरबन्दी छ। यस कार्यालयको काम सरकारवादी मुद्दामा न्याय सम्बन्धी सरसल्लाह दिनु हो। यस जिल्लामा खासगरी लुटपीट, कुटपीट र ज्यान सम्बन्धी मुद्दाहरू धेरै परेको देखिन्छ। यसको अतिरिक्त मूर्ति चोरी र केही सार्वजनिक अपराध सम्बन्धी मुद्दाहरूको अनुसन्धान र प्रतिरक्षा गर्ने काम पनि यही सरकारी वकीलको कार्यालयबाट गरिन्छ।

जिल्ला अदालत

यस महोत्तरी जिल्लामा एउटा जिल्ला अदालत छ। विभिन्न विषयमा बनेका ऐनहरूमा व्यवस्था भएकोमा बाहेक अरू सबै किसिमको जिल्लाभरीको देवानी मुद्दा, डाँका र खुनसम्मको फौजदारी मुद्दाको शुरू कारवाही र किनारा गर्ने जिल्ला अदालतको अधिकार क्षेत्रभित्र पर्दछ। यस अतिरिक्त समय समयमा विशेष अदालत गठन गरी सुम्पिएको मुद्दाको कारवाही किनारा गर्ने अधिकार समेत यसै जिल्ला अदालतलाई छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्ला अदालतले प्रचलित नेपाल कानूनमा अर्को व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकार क्षेत्रभित्र पर्ने सबै मुद्दाहरूको शुरू कारवाही र किनारा गर्दछ । २०२७।०२८ देखि २०२९।०३० सम्म यस अदालतमा परेका मुद्दाहरूको संख्या निम्नअनुसार छः–

साल		जम्मा परेका मुद्दाहरू	छिनिएका मुद्दाहरू
२०२७।०२८		१,६५४	९७६
२०२८।०२९		१,९४७	९७४
२०२९।०३०		२,२८९	१,१०३
	जम्मा:–	५,८९०	३,०५३

आर्थिक वर्ष २०२७।२८; २०२८।२९; २०२९।३० हरूमा देवानीमा लिखत पारित र फौजदारीमा लुटपीट, कुटपीट मुद्दाहरू बढी परेको देखिन्छ ।

पञ्चायत

यस जिल्लाको जिल्ला पञ्चायत कार्यालय जलेश्वरमा रहेको छ । यस जिल्लामा जम्मा ९५ गाउँ पञ्चायतहरू छन् । महोत्तरी जिल्ला सभामा जम्मा ९५ जना सदस्यहरू छन् । यो जिल्लाबाट दुई जनाले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्दछन् । यस जिल्लाको गाउँ पञ्चायतहरूको आम्दानी ज्यादै कम छ । हाट बजार ठेक्का, बयल बजार ठेक्का, जल कर, रेडियो लाइसेन्स, काञ्जी हाउस र निवेदन दस्तूर नै यी पञ्चायतका मुख्य आम्दानीका स्रोत हुन् । यहाँको जिल्ला सभा कोषमा अन्य आम्दानीको स्रोत नभएकोले निकै कम आम्दानी हुन्छ । २०२९।०३० मा यसको खूद आम्दानी १४,२६१। भएको थियो । यस जिल्लाको सबैभन्दा बढी आम्दानी हुने पञ्चायत शिवभक्तिखोर आदर्श गाउँ पञ्चायत हो । यसको वार्षिक आम्दानी रू. ८०,०००। छ । सबैभन्दा कम आम्वानी हुने गाउँ पञ्चायत इटहर्वा हनुमानपुर हो । आर्थिक वर्ष २०३०।०३१ मा यसको जम्मा आम्दानी रू १६८। मात्र थियो ।

यस जिल्लामा भएका जिल्लास्तरीय संगठनहरू र तिनीहरूको प्रारम्भिक तथा सदस्य संख्या यसप्रकार छः–

संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
महिला संगठन	१७	१८७
किसान संगठन	२२	२४२
युवक संगठन	४४	४८४

उक्त संगठनहरूमध्ये युवक संगठनले जिल्लाका युवकहरूको भलाइ हुने काम र महिला संगठनले जिल्लाको महिलाहरूको भलाइ हुने कामहरू गरेको देखिन्छ । किसान संगठनले निम्नलिखित सामाजिक कार्यहरू गरेको देखिन्छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वलवा बजारमा कृषि प्रदर्शनी

मोहीहरूको संरक्षण

किसानहरूलाई सुपथ मूल्यमा बीउ, मल प्राप्त गराउने

किसानहरूको आर्थिक, सामाजिक उत्थान गर्ने प्रयास, आदि

किसान संगठनले दाखिल खारेज, नामसारी, नक्कल दस्तूर, रसीदको नक्कल आदि कार्यहरूबाट वार्षिक करीब रू. २५,१३६। आम्दानी गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

यस जिल्लाको शिक्षा, व्यापार, यातायात, खेती, पशुपालन सम्बन्धी विवरण तत्सम्बन्धी शीर्षक अन्तर्गत दिइसकिएको छ। आजकल यस जिल्लामा विद्यालय भवन बनाउने, पञ्चायत भवन बनाउने, हायण्ड पम्पको लागि पाइपहरू गाड्ने, ठाउँ ठाउँमा कलभर्ट तथा पुलेसाहरू बनाउने, खाने पानी उपलब्ध गराउने जस्ता ग्रामीण स्तरका सानातिना योजनाहरू गाउँ पञ्चायत तथा जिल्ला पञ्चायतको प्रयासबाट सञ्चालन भइरहेका छन्।

यस जिल्लामा अहिलेसम्म सिचाइको राम्रो प्रबन्ध हुन सकेको छैन। यस जिल्लाको उत्तरतिरको चुरे डाँडाको केही भाग छाडी बाँकी सबैजसो भागको माटो कृषियोग्य भएर पनि पानीको राम्रो व्यवस्थाको अभावले चाहिंदो मात्रामा खेती हुन सकेको छैन। बाह्रै महीना पानी आउने कुलोहरू खन्न यहाँ ठूल-ठूला नदीहरू पनि नभएको र धेरैजसो किसानहरूको सानो सानो टुक्रा मात्र खेत भएकोले ठाउँ ठाउँमा टयूबवेल र इनारहरू खनी सोही पानीबाट सिचाइ गर्नु पर्ने देखिन्छ। हालसम्म यहाँ उन्नत औजार र मलको प्रयोग कम भएको देखिन्छ। यसरी सिचाइको राम्रो प्रबन्ध, उन्नत औजार तथा मलको बढी प्रयोग गर्न सकेमा यहाँको उब्जनी निक्कै बढ्न जाने देखिन्छ।

मानिसहरूको स्वास्थ्यमा खाने पानीको ठूलो प्रभाव पर्दछ। शुद्ध खानेपानीको अभाव नै रोगको मुख्य कारण हो। जलेश्वर, मटिहानी, गौशाला, लोहारपट्टी जस्ता घना बस्ती भएका गाउँहरूमा शुद्ध खानेपानीको व्यवस्था हुनु अति जरूरी देखिन्छ। तराई भाग भएको हुनाले यहाँ आर्टिजन वेल खन्न ज्यादा परिश्रम गर्नु पर्दैन। यसरी आर्टिजन वेलबाट आएको पानी शुद्ध गरी वितरण गर्न सकिन्छ।

यस महोत्तरी जिल्लामा केही धान कुट्ने मिल र केही बिडी कारखाना बाहेक अरू कुनै उद्योग छैनन्। हरेक वर्ष यहाँको जनसंख्या बढ्दै गइरहेकोले खेती नहुने याममा अर्को विकल्पको रूपमा अरू कुनैप्रकारको उद्योगको विस्तार हुनु जरूरी देखिन्छ। उद्योग चलाउन आवश्यक चीजहरू जस्तै बिजुली, बजार, बाटो-घाटो आदिको राम्रो व्यवस्था भइनसकेकोले हाललाई कम पूँजीबाट चलाउन सकिने जस्तै बाँस, खर, परालबाट हुन सक्ने उद्योग र इँट टायल बनाउने जस्ता उद्योगहरूलाई प्रोत्साहन दिनु पर्ने देखिन्छ। यस जिल्लामा उखुको प्रशस्त उत्पादन हुने भएकोले एउटा सानो चीनी कारखाना पनि चल्न सक्ने देखिन्छ।

यस जिल्लाको जनसंख्या तथा गाउँहरूको अनुपातमा यहाँ रहेका स्वास्थ्य चौकी अपर्याप्त देखिन्छन्। हैजा, बिफर, विसमज्वरो जस्ता रोगहरूको प्रकोप चलिरहने हुँदा यस्ता रोगहरूको रोकथामको निमित्त समय समयमा हालकोभन्दा बढी मात्रामा गाउँ गाउँमा घुम्ती टोलीहरू पठाई सूई दिने गर्नु पर्ने देखिन्छ। यसका अतिरिक्त यस्ता रोगहरूबाट बच्ने उपाय देखाएका पोष्टरहरू गाउँ गाउँमा पर्याप्त मात्रामा टाँसी जनतामा राम्ररी बोध गराउनु पर्ने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको क्षेत्रफल र जनघनत्वको हिसाबले पनि धेरै जसो मानिसहरूको बस्ती जिल्लाको दक्षिणी भागमा पाइन्छ। यो भाग मैदान भएकोले यहाँ यातायातको व्यवस्था गर्नु अधिराज्यका अरू पहाडी भागहरूमा जस्तो गाह्रो छैन। जनकपुर-भिटामोड पक्की सडक जलेश्वर भएर गएको छ। जलेश्वरबाट सर्लाही जोड्ने र जलेश्वरबाट मटिहानी जोड्ने कच्ची सडक हाल पनि छ। तर यो बाटो वर्षामा प्रायः बन्द रहन्छ। त्यस्तै जलेश्वरबाट यसै जिल्लाको गौशाला जान हाल जनकपुर भएर जानु पर्छ। यसरी जिल्लामा हालसम्म रहेका कच्ची बाटो–हरूलाई पक्की बनाउन सकेमा यस जिल्लाको भाग्यरेखा नै खुल्न गई अझ बढी विकास गर्न सक्ने हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्लाही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय – सूची

परिचय ३५९
प्राकृतिक स्वरूप र सम्पदा ३६१
ऐतिहासिक पृष्ठभूमि ३६९
प्रमुख स्थानहरू ३७३
जनसंख्या र जनजीवन ३७६
आर्थिक व्यवस्था ३८४
यातायात, सञ्चार र बिजुली ३९५
शिक्षा, स्वास्थ्य तथा खानेपानी ३९९
प्रशासन र पञ्चायत ४०५
उपसंहार ४०९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

जनकपुर अञ्चलका जिल्लाहरूमध्ये खाद्यान्नको सबभन्दा बढी बचत हुने सर्लाही जिल्ला अञ्चलका अन्य तराई जिल्लाहरूको दाँजोमा सबभन्दा कम विकसित छ। महेन्द्र राजमार्गको निर्माण हुनुभन्दा अघि अञ्चलका अरू जिल्लाहरूबाट समेत एक्लिएको सर्लाही जिल्ला राजमार्गको निर्माणले गर्दा अधिराज्यको अन्य जिल्लाको पनि नजीक पुगेको छ। औलो उन्मूलन हुनुभन्दा पहिले उत्तरी र मध्य भागसम्म वन, जङ्गलले ढाकिएको यस जिल्लामा गत केही वर्ष यता प्रशस्त वन फँडानी भई नयाँ बस्तीहरू देखापरेका छन्। पहिले जङ्गली हात्ती र बाघ जस्ता जन्तुहरूको लागि प्रसिद्ध यो जिल्ला शिकारीहरूको निम्ति ठूलो आकर्षण केन्द्र थियो भने आजकल वन, जङ्गल मासिन जाँदा जङ्गली जनावरहरू अप्राप्य हुन थालेका छन्।

शिक्षाको क्षेत्रमा सारै पछाडि परेको यो जिल्लामा जनकपुर अञ्चलका अरू जिल्लाहरूको दाँजोमा साक्षरताको प्रतिशत (८.२) सबभन्दा कम रहेको छ। अधिराज्यका तराई जिल्लाहरूमा सबभन्दा कम साक्षरता प्रतिशत रहेको जिल्लाहरूमा सर्लाहीको पनि गणना हुन्छ। सर्लाही र रौतहटको साक्षरता प्रतिशत समान छ भने योभन्दा साक्षरता प्रतिशत कम हुने तराईका जिल्लाहरू कैलाली (७.१ प्रतिशत) र बर्दिया (५.४) मात्र छन्।

सर्लाही जिल्ला अक्षांश २६°४७′ उत्तरदेखि २७° १०′ उत्तरसम्म र देशान्तर ८५° २४′ पूर्वदेखि ८५°४८′ पूर्वभित्र पर्दछ। यसको उत्तरमा सिन्धुली जिल्ला पर्दछ जसलाई चुरे डाँडाको शृङ्खलाले छुट्याएको छ र यसको दक्षिणमा भारतको बिहार प्रान्तको सीतामढी जिल्ला पर्दछ। यसको पूर्वमा महोत्तरी जिल्ला र पश्चिममा रौतहट जिल्ला (नारायणी अञ्चल) पर्दछन्। रौतहट र सर्लाहीको पश्चिमी सीमानालाई उत्तरतिर बागमती नदीले छुट्याएको छ र महोत्तरी र सर्लाहीको उत्तरी सीमानाको केही भाग फुलजोर खोलाले छुट्याएको छ। तर सिन्धुली जिल्ला बाहेक अन्य जिल्ला र भारतसँग प्राकृतिक सीमानाको रूपमा नदी वा डाँडाहरू छैनन्। सर्लाही जिल्लाको सदरमुकाम मलङ्गवा विष्णुपुरमा रहेको छ।

सर्लाहीको क्षेत्रफल १,०५२ वर्ग किलोमिटर छ र जनकपुर अञ्चलका जिल्लाहरूमध्ये सबभन्दा सानो जिल्ला यही हो। उत्तरमा पूर्व-पश्चिम फैलिएको र दक्षिणमा चोसो परेर गएको हुँदा यसको आकार झण्डै तीन कुने परेको छ। वि. सं. २०२८ को जनगणनाअनुसार सर्लाहीको कुल जनसंख्या १,७५,५४३ छ जसमध्ये पुरुष ८६,२७७ र महिला ८६,२६६ छन्। यहाँ जम्मा ५७ गाउँ पञ्चायतहरू छन् र राष्ट्रिय पञ्चायतमा दुई जना सदस्यले यस जिल्लाको प्रतिनिधित्व गर्दछन्।

थारू र दनुवार जातिहरू यहाँका आदिबासी हुन् र जिल्लाका बहुसंख्यक जाति यादवहरू हुन्। जिल्लाको दक्षिणी भागमा आप्रवजनले गर्दा यहाँ पहाड बासीहरूको संख्या गत केही वर्षदेखि निक्कै बढेको छ। मुसलमानहरू पनि उल्लेखनीय संख्यामा छन्। त्यसैले यहाँ विभिन्न जातजातिको समागम हुन गएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको आर्थिक व्यवस्था कृषिमा नै आधारित छ र जिल्लाका करीब ९४.६ प्रतिशत जनता जीवन निर्वाहको लागि खेतीपातीमा भर पर्दछन् । जिल्लाको कृषि व्यवस्था पुरानै परम्परा र तरीकाहरूबाट सञ्चालित छ र गत केही वर्ष यता मात्र आधुनिक तरीका र औजार आदिको उपयोग हुन थालेको छ। यहां चामल, तेलका मिल र बिंडी कारखाना तथा काठ र फर्निचर कारखाना जस्ता केही लघु उद्योगहरू पनि सञ्चालित भएका छन् तर ठूलो स्तरका औद्योगिक प्रतिष्ठानहरू अझै खुल्न सकेका छैनन् ।

पहिले जलेश्वरस्थित महोत्तरी सर्लाही गोश्वाराबाट प्रशासित भएतापनि सर्लाही जिल्लाको छुट्टै अस्तित्व पहिलेदेखि नै रहिआएको थियो । वि. सं. २०१९ मा अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरेपछि सर्लाही छुट्टै जिल्ला हुन गयो र वि. सं. २०२१ देखि यस जिल्लाको प्रशासन महोत्तरीबाट छुट्टिएपछि सर्लाही अझै एक पूर्ण जिल्लाको रूपमा देखापरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

सर्लाही जिल्लाको अधिकांश दक्षिणी भागमा समुद्र सतहदेखि करीब ६० मिटर (२०० फीट) मात्र उचाइ भएका तराईका मैदान र आवादी क्षेत्रहरू छन् तापनि यसको मध्यभागमा केही बढी उचाइ भएको चारकोसे झाडीको भावर प्रदेश छ र उत्तरी सीमानातिर चुरे डांडाका चुचुराहरू करीब ६०० मिटर (२,००० फीट) सम्म अग्ला छन्। यसरी जिल्लाको भू-भाग उत्तरदेखि दक्षिणतिर होचिंदै गएको छ। जिल्लाको उत्तरी तथा मध्यभागमा वन जङ्गल ज्यादा हुनाले आवादी कम छ। यस क्षेत्रमा अझै पनि घना वन जङ्गल पाइन्छ तापनि औलो हटेपछि गत केही वर्षदेखि बसोबास बढ्दै गएको छ। महेन्द्र राजमार्गले यस जिल्लाको उत्तरी भागलाई छिचलेको हुँदा त्यतातिर नयाँ बसोबास बढ्न गएको छ र वन जङ्गलहरू घट्दै गएका छन्। जिल्लाको पश्चिम सीमाना भई बग्ने बागमती नदीको छेउछाउमा अझै पनि घना जङ्गल र जङ्गली जनावरहरू प्रशस्त छन्। जिल्ला भित्र बग्ने लखनदेई र झिम जस्ता साना नदीहरू बाहेक चुरे क्षेत्रमा प्रशस्त खहरेहरू छन्। यस जिल्लामा उष्ण मनसुनी हावापानीको असर पर्दछ तापनि दक्षिणी भागमाभन्दा उत्तरतर्फ बढी वर्षा हुन्छ। यस जिल्लाको जल तथा भू-संरक्षणको निम्ति पनि यहांको वन जङ्गलको उचित संरक्षण गर्नु आवश्यक हुन आउँछ।

भौगोलिक बनावट

यस जिल्लालाई भौगोलिक बनावटको दृष्टिकोणले मोटामोटी रूपमा तीन भागमा बांड्न सकिन्छ।

(१) उत्तरको चुरे डांडा

(२) बीचको भावर प्रदेश

(३) दक्षिणको तराई प्रदेश

उत्तरको चुरे डांडा

जिल्लाको उत्तरी सीमानामा रहेको चुरे डांडाको शृङ्खला पूर्वदेखि पश्चिमसम्म फैलिएको छ। चुरे डांडाका चुचुराहरूको औसत उचाइ करीब ६०० मिटर (२,००० फीट) छ। जसमध्ये कौवाचुरी ६५६ मिटर अर्थात् २,१९६ फीट, रांगेचुरी ६५६ मिटर अर्थात् २,१९६ फीट, घिमिलिया ६४८ मिटर अर्थात् २,१६० फीट, नारायण डांडा करीब ६०० मिटर अर्थात् २,००० फीट आदि प्रमुख छन्। अन्य चुचुराहरूमा मालुखोप, केवन चुरी, अर्न्या, फुलजोर डिही आदि छन्। यस क्षेत्रको अधिकांश भाग वन जङ्गल र खोला खहरेले ढाकिएको छ र यहां बसोबास नगण्य छ। जिल्लाका प्रायः सबै खोला, नदी तथा खहरेहरूको उत्पत्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यही क्षेत्रमा भएको छ। जिल्लाको पूर्वी भागमाभन्दा पश्चिमी भागमा चुरे क्षेत्र ज्यादा फैलिएको छ। चुरे क्षेत्रमा ठूल-ठूला चट्टानहरू कम पाइन्छन् र धेरैजसो डाँडाहरू माटो र ठूल-ठूला ढुङ्गाहरूको सम्मिश्रणबाट बनेका हुन्छन् ।

बीचको भावर प्रदेश

चुरेदेखि दक्षिण र तराईको मैदान भागदेखि उत्तरमा रहेको चारकोसे झाडीको नामले प्रसिद्ध यस क्षेत्रको उचाइ करीब १५० मिटर (५०० फीट) देखि ३०० मिटर (१,००० फीट) को बीचमा पर्दछ। यो क्षेत्रमा पहिले सारै कडा औलो लाग्दथ्यो र यहाँ प्रशस्त घना जङ्गलहरू थिए। तसर्थ केही दशक अघिसम्म यहाँ बसोबास प्रायः शून्य थियो र बाघ, चितुवा आदि जस्ता जङ्गली जनावरहरू प्रशस्त पाइने हुँदा शिकारको लागि निक्कै आकर्षक क्षेत्र मानिन्थ्यो। गत केही वर्षदेखि औलो प्रायः उन्मूलन भएकोले यहाँ बसोबास बढ्दै गएको छ र जङ्गल तथा जङ्गली जनावरहरू क्रमशः घट्दै गएका छन्। महेन्द्र राजमार्ग पनि यसै क्षेत्रबाट गएको हुँदा नयाँ बस्तीहरूको संख्या यहाँ निक्कै बढेको छ। भावर प्रदेशमा प्रशस्त ढुङ्गा र रोडा मिसिएको माटो हुने हुँदा यहाँ जमीन मुनिको पानीको स्रोत ज्यादै तल रहन्छ र बगेको पानी पनि जमीनको छिद्रताले गर्दा बिलाउने हुँदा यहाँ जमीन माथिको पानीको स्रोत भेट्टाउन सारै मुस्किल पर्दछ। त्यसैले यस्ता क्षेत्रमा सिचाइको व्यवस्था गर्न साह्रै गाह्रो हुन्छ। वन जङ्गल मासिदा भूमिगत जल सतह पनि झन तल झर्ने सम्भावना रहेकोले यस क्षेत्रको वन जङ्गल संरक्षणको विशेष महत्व छ। पहिलेदेखि शिकारको लागि प्रसिद्ध रहेको यस क्षेत्रको वन जङ्गलको उचित संरक्षण नभएमा हिंस्रक जनावर तथा अन्य पशु-पक्षी पनि हराउँदै जाने सम्भावना छ।

दक्षिणको तराई प्रदेश

पाँगो माटोको यो उब्जाउ मैदानी क्षेत्र जिल्लाको मध्यभागदेखि दक्षिणसम्म फैलिएको छ। यो क्षेत्रमा पहिलेदेखि नै खेती तथा बसोबास हुँदै आएको छ। भावर क्षेत्रमा औलोको प्रकोपले गर्दा जिल्लाको अधिकांश जनसंख्या यही मैदान भागमा केन्द्रित हुँदैआएका छन्। यहाँ जनघनत्व ज्यादा छ र जिल्लाको सदरमुकाम मलङ्गवाको साथै अधिकांश प्रमुख गाउँ बस्तीहरू यही क्षेत्रमा छन्। जिल्लाको अन्नको भण्डार पनि यही क्षेत्र हो। यो क्षेत्रको उचाइ समुद्र सतहदेखि १५० मिटर (५०० फीट) वा सोभन्दा कम छ। दक्षिणी सीमाना नजीकका क्षेत्रहरूमा वर्षामा बाढीले केही नोक्सान पार्दछ। यस क्षेत्रमा पहिलेदेखि बसोबास हुँदै आएकोले वन वा जङ्गलहरू नगण्य छन्।

नदीनालाहरू

जिल्लाको पश्चिमी सीमानामा रहेको बागमती नदी बाहेक अन्य सबै नदीहरू उत्तरको चुरे डाँडा क्षेत्रबाट शुरू भएका छन् र क्रमशः दक्षिणतिर बग्दै भारत पस्दछन्। यहाँ धेरैजसो साना खोला र खहरेहरू छन्। जिल्लाको सबभन्दा ठूलो नदीमा बागमतीलाई लिन सकिन्छ जुन पश्चिमी सीमानाको केही अंश भई बगेको छ। तर जिल्ला भित्रको सबभन्दा ठूलो नदी लखनदेई हो र अर्को प्रमुख नदीमा झिमलाई लिन सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बागमती

सर्लाही र रौतहटको सीमाना भई बगेको बागमती नदी यस जिल्लाको पश्चिमतिर करमैयाभन्दा केही उत्तरदेखि मध्यभागको बरहथवा पञ्चायतसम्म दक्षिण बगी त्यसपछि पश्चिमतिर रौतहटमा पसेको छ। पश्चिमी सीमानाको करीब १६ किलोमिटर (१० माइल) मात्र बागमतीले छोएको छ। बागमतीको छेउछाउमा वन जङ्गल धेरै भएकोले यहाँ शिकारको लागि पशु-पक्षीहरू निकै पाइन्छन्। बागमतीमा रोहु, नैनी र वरारी जातका ठूला माछाहरू पाइन्छन्।

चिरूवा खोलाको १६ किलोमिटर (१० माइल) तल र मङ्गलपुरबाट चार किलोमिटर (२.५ माइल) दक्षिणपूर्व स्थित करमैयामा रहेको बागमतीको जलप्रवाह मापक केन्द्रको अभिलेखअनुसार सन् १९६५ देखि १९६८ सम्मको चार वर्षकोऔसत जलप्रवाह १६१.६ घन मिटर (क्यूबिक मिटर) प्रतिसेकेण्ड थियो। उपर्युक्त अवधिमा सबभन्दा बढी प्रवाह २,८१० घन मिटर प्रतिसेकेण्ड १० जुलाई १९६७ मा र सबभन्दा कम प्रवाह ४.९ घन मिटर प्रति सेकेण्ड २२ जून १९६५ मा रहेको थियो। सन् १९६८ मा सबभन्दा बढी प्रवाह १४ जुलाईमा २,६८० घन मिटर प्रतिसेकेण्ड र सबभन्दा कम प्रवाह मे महीनाको ३० तारीखका दिन ५.६० घन मिटर प्रतिसेकेण्ड थियो। करमैयास्थित केन्द्र वरपर बागमतीको जलाधार क्षेत्र २,७२० वर्ग किलोमिटर छ।[1]

लखनदेई नदी

यस जिल्लाको उत्तरपूर्वी कुनाको चुरे क्षेत्रबाट शुरू भई दक्षिण पश्चिममा सिमरासम्म बगी पछि दक्षिण बग्दै भारत पसेको लखनदेई नदी जिल्ला भित्र पर्ने सबभन्दा ठूलो नदी हो। यसको लम्बाइ करीब ६४ किलोमिटर (४० माइल) छ। लखनदेईले यस जिल्लालाई दुई भागमा बाँडेको छ। यसमा निकै संख्यामा खहरे तथा साना ठूला खोलाहरू आई मिसिन्छन्। यसका सहायक नदीहरूमा नारायण, मदार, वामन्ती, दाइने, अप्रौली, चापनी, कोठी, घुमी आदि प्रमुख छन्।

झिम नदी

उत्तर-पूर्वी सीमानाको चुरे क्षेत्रबाट निस्केको फूलजोर खोला र कालिन्जोर खोला तराई भागको भैरवपुरमा मिले पछि झिम नदी बनेको छ। फुलजोर खोलाको लम्बाइ करीब २२ किलोमिटर (१४ माइल) र कालिन्जोर खोलाको लम्बाइ करीब २९ किलोमिटर (१८ माइल) छ। भैरवपुरदेखि त्रिभुवन नगरसम्म जिल्लाको पूर्वी भागबाट दक्षिणतिर बग्दै गएको झिम नदीको लम्बाइ करीब २९ किलोमिटर (१८ माइल) छ र यो पनि पछि भारत पसेको छ। जिल्लाको दोस्रो ठूलो नदीको स्थान झिम नदीले लिएको छ। झिम नदीमा पछि अधवारा नदी मिल्दछ र भारतमा प्रवेश गरेपछि झिमलाई अधवारा नदी नै भनिन्छ। मकवानपुर राज्यको पुरानो पूर्वी सीमाना अधवारा नदी नै थियो।

---

१ यी तथ्याङ्कहरू श्री ५ को सरकार, जल तथा विद्युत् मन्त्रालय. जलस्रोत तथा जलवायु विज्ञान विभागबाट वि. सं. २०२६ मा प्रकाशित अभिलेखहरूबाट लिइएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लामा अन्य सानातिना नदीहरू पनि छन् जसमध्ये पूर्वको अधवारा नदी (जुन पछि झिम नदीमा मिल्न जान्छ), पश्चिमको मनुष्मारा नदी (हरिवन, सोतरा र पथलैया खोलाहरू मिसिएर बनेको) र मध्य भागमा घांग्रा, भूर्मी नदीहरू उल्लेखनीय छन् ।

ताल

यहाँको उल्लेखनीय तालमा चन्द्रनगर गाउँ पञ्चायतमा पर्ने नाडीमैन पोखरीलाई लिन सकिन्छ जसको क्षेत्रफल करीब ३५.४ हेक्टर (५२ बिघा) भएको अनुमान गरिन्छ। अर्को उल्लेखनीय तालमा धर्मपुर भाँडसर पञ्चायतमा रहेको घोडदौडी पोखरीलाई लिन सकिन्छ । यस प्राकृतिक तालको क्षेत्रफल झण्डै ३४ हेक्टर (५० बिघा) जति रहेको अनुमान गरिन्छ। यस ताललाई गत केही वर्षदेखि भुरङ्गी र लखनदेई नदीका बाढीले निकै क्षति पुऱ्याएको छ।

हावापानी

अधिराज्यका अन्य तराई जिल्लाहरूमा झैं यहाँ पनि मनसुनी हावापानीकै प्रभाव छ। जिल्लामा अधिकांश मैदानी भाग भएतापनि बीचको भावर प्रदेश र उत्तरको चुरे शृङ्खलाले गर्दा जिल्लाको दक्षिणतिर भन्दा उत्तरतिर गर्मी कम हुने, जाडो बढी हुने र ज्यादा पानी पर्ने गर्दछ। विभिन्न ठाउँमा तापक्रम र वर्षामा सामान्य अन्तर रहे तापनि मोटामोटी रूपमा जिल्लामा उष्ण मनसुनी किसिमको हावापानीकै प्रभाव परेको पाइन्छ।

सर्लाही जिल्लामा मौसम अवलोकन केन्द्र पत्थरकोटमा छ जसमा वर्षा मात्र नापिन्छ। तर यस जिल्लाको तापक्रमको कुनै अभिलेख नभएको हुँदा हावापानीको समानताको आधारमा धनुषा जिल्लाको जनकपुरमा रहेको मौसम केन्द्रको तापक्रमको अभिलेख तल उद्धृत गरिएको छ जसबाट यस जिल्लाको तराई भागको तापक्रम बारे केही विचार गर्न सकिन्छ। सर्लाहीको पत्थरकोटमा रहेको मौसम केन्द्र सन् १९५८ (वि. सं. २०१५) मा स्थापना भएको हो। पत्थरकोट भावर क्षेत्रमा पर्ने हुँदा जिल्लाको उत्तरी भागको वर्षाको अनुमान त्यहाँको अभिलेखबाट गर्न सकिन्छ र दक्षिणी तराई भागको वर्षाको अनुमानको लागि जनकपुर केन्द्रकै वर्षाको अभिलेख प्रस्तुत गरिएको छ ।

तापक्रमको तालिका (सेन्टिग्रेडमा)

महिना	औसत अधिकतम तापक्रम	औसत न्यूनतम तापक्रम	महिना	औसत अधिकतम तापक्रम	औसत न्यूनतम तापक्रम
जनवरी	२२.३	१०.०	जुलाई	३२.२	२५.८
फेब्रुअरी	२४.२	१०.२	अगस्ट	२२.६	२५.७
मार्च	३१.१	१४.८	सेप्टेम्बर	३२.०	२४.५
अप्रिल	३५.९	२३.५	अक्टोबर	३१.३	२२.३
मे	३६.८	२६ ८	नोभेम्बर	२८.४	१५.१
जून	३२.८	२५.३	डिसेम्बर	२४.७	७.८
			बार्षिक औसत	३०.३	१९.३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि प्रस्तुत गरिएका तापक्रम र वर्षाका अभिलेखहरू श्री ५ को सरकार, जल स्रोत तथा जलवायु विभागबाट प्रकाशित मौसमी अभिलेखबाट उद्धृत गरिएका हुन्।

सन् १९७० मा सबभन्दा बढी तापक्रम ४१.२° सेन्टिग्रेड मे महीनाको ११ तारीखमा र सबभन्दा कम तापक्रम ६.०° सेन्टिग्रेड जनवरी १५ र २८ डिसेम्बरको दिनमा रहेको देखिएको छ जसबाट मोटामोटी रूपमा जनकपुरको साथै सर्लाहीको तराई क्षेत्रमा पनि मे महीनामा ज्यादै गर्मी हुने र डिसेम्बर–जनवरीमा निकै जाडो हुन्छ भन्न सकिन्छ। जिल्लाको उत्तरी भागको चुरे तथा भावर क्षेत्रमा तराईमाभन्दा तापक्रम केही कम रहन्छ। तापक्रम फरक हुनाको अरू कारणमध्ये ठाउँ ठाउँको उचाइ प्रमुख हो।

सर्लाही जिल्लाको पत्थरकोट र धनुषा जिल्लाको जनकपुरको विभिन्न सालको वर्षाको अभिलेख तल दिइएको छ।

वर्षाको तालिका

(मिलिमिटरमा)

	पत्थरकोट (२९९ मिटर)			
वर्ष / महीना	१९६८	१९६९	१९७०	तीन वर्षको औसत
जनवरी	२७.८	०.०	२८.२	१८.७
फेब्रुअरी	५.०	०.०	३६.१	१३.७
मार्च	३२.३	७.४	२.४	१४.०
अप्रिल	०.०	५४.८	३७.५	३०.८
मे	१२.६	३३.६	७३.८	४०.०
जून	२७४.४	३७७.५	४४२.९	३३१.६
जुलाई	४३०.८	४६४.३	७४५.५	५४६.९
अगष्ट	२६२.६	२६१.६	३२८.६	२८४.३
सेप्टेम्बर	२८६.५	१७६.३	५५४.१	३३९.०
अक्टोबर	१९३.२	२१.०	२८.०	८०.७
नोभेम्बर	०.०	०.०	०.०	०.०
डिसेम्बर	०.०	०.०	०.०	०.०
वार्षिक जम्मा:–	१,५२५.२	१,३९६.५	२,१७७.१	१,६९९.६
२४ घण्टामा सबभन्दा बढी वर्षा र मिति	८९.२ मि.मि. १६ अगष्ट	१४२.९ मि. मि. १४ जुलाई	१७५.५ मि. मि. १७ जुलाई	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनकपुर (९० मिटर)

वर्ष	१९६९	१९७०	दुइ वर्षको औसत
महीना			
जनवरी	१.०	१.०	१.०
फेब्रुअरी	१६.०	१९.०	१७.५
मार्च	२९.०	१.०	१५.०
अप्रिल	७२.२	२८.०	५०.०
मे	२७.२	२३.०	२५.१
जून	१७३.०	४८३.०	३२८.०
जुलाई	१५३.८	४२५.४	२८९.६
अगष्ट	२७९.२	२५३.४	२०६.६
सेप्टेम्बर	६८.०	२१८.०	१४३.०
अक्टोबर	४८.०	२८.०	३८.०
नोभेम्बर	२.४	०.०	१.२
डिसेम्बर	०.०	०.०	०.०
वार्षिक जम्मा:–	८६९.६	१,४७९.८	१,१७४.७
२४ घण्टामा सबभन्दा बढी वर्षा र मिति	८४.० मि. मि. १४ जुलाई	१४०.० मि. मि. ६ जून	

उपर्युक्त तथ्याङ्कबाट सन् १९७० मा अतिवृष्टि भएको देखिन्छ। जनकपुरको अभिलेखले तराई क्षेत्रको प्रतिनिधित्व गर्ने आधारमा यस जिल्लाको चुरे तथा भावर क्षेत्रमा तराई क्षेत्रमाभन्दा बढी पानी पर्ने कुरा दर्शाउँछ। वर्षा साधारणतया जून महीनादेखि सेप्टेम्बरसम्म चार महीना हुन्छ र नोभेम्बरदेखि जनवरीसम्म हिउँदमा वर्षा प्रायः शून्य रहन्छ। बाँकी महीनामा पानी निक्कै कम पर्दछ।

जिल्लाको उत्तरी तथा दक्षिणी भागको उचाइमा असमानता रहनुको साथै वन जङ्गल आदिको कारणले गर्दा जिल्लाका विभिन्न ठाउँमा वर्षा र तापक्रम एकैनासको हुँदैन। तर तापक्रम र वर्षामा सामान्य फरक देखिएतापनि सर्लाही जिल्लामा मोटामोटी रूपमा सबै ठाउँमा एकै किसिमको उष्ण मनसुनी हावापानीक प्रभाव पाइन्छ। दक्षिण-पश्चिमी मनसुनको प्रभावले गर्दा यहाँ जेठको मध्यदेखि शुरू भई असोजको आधा आधीसम्म करीब चार महीना वर्षा हुन्छ। कात्तिकको अन्त्यदेखि माघको शुरूसम्म यहाँ वर्षा प्रायः शून्य रहन्छ। हिउँदमा माघतिर केही वर्षा हुन्छ। चैत–वैशाखमा हुरी वतास चली मेघ गर्जनको साथै केही वर्षा हुन्छ। प्रशस्त खहरे र खोलानाला भएकोले वर्षामा ठाउँ ठाउँमा बाढी आई यातायात अस्तव्यस्त हुन्छ।

यहाँ गर्मीमा निकै गर्मी र सापेक्षिक आर्द्रता पनि बढी हुन्छ। हिउँदमा कम जाडो र मौसम प्रायः सुक्खा रहन्छ। जनकपुरको तापक्रमको अभिलेखलाई नै आधार मानेमा यहाँ गर्मीमा तापक्रम करीब ४०° सेन्टिग्रेड (१०४° फरेनहाइट) सम्म पुग्दछ र हिउँदमा करीब ६° सेन्टिग्रेड (४३° फरेनहाइट) सम्म तल झर्दछ। त्यसैले यहाँ गर्मी असह्य हुन्छ र जाडोमा सुख्खा मौसम र साधारण जाडो मात्र हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक वनस्पति

जिल्लाका विभिन्न भागमा प्रायः एकै किसिमको हावापानी पाइने हुँदा यहाँ उष्ण मनसुनी हावापानी क्षेत्रमा पाइने सदाबहार जङ्गल पाइन्छ। यहाँ साल समूहको रूखहरूकै प्राधान्य छ। नदीका किनारहरूमा खयर तथा सिसौ ज्यादा पाइन्छन्। खयरबाट कत्था बनाइन्छ र सिसौ फर्निचरको निम्ति उपयोग हुन्छ। भावर क्षेत्रको चारकोसे झाडीमा सालका जङ्गलहरू नै ज्यादा पाइन्छन्। यहाँ पाइने अरू जातका रूखहरूमा असना, कर्मा, कुम्भी, जामुन, हर्रो, बर्रो, सिंदूरे, टाँटरी, सतीसाल, सिमल, भुरकुल, दवदवे इत्यादि छन्। यहाँ विभिन्न किसिमका जरीबूटीहरू पनि पाइन्छन्। यहाँ पाइने वन्य पैदावारहरूमा सतावरी, सिमलभुवा, तरूल, बाबियो, खर इत्यादि हुन्। दाउरा, घर निर्माणको लागि चाहिने काठ, हलो आदिको साथै पाल्तु पशु वस्तुहरूलाई चाहिने घाँसको लागि पनि जिल्लाबासीहरू वन जङ्गलमै निर्भर गर्दछन्। सालको काठको लागि सर्लाही प्रसिद्ध रहिआएको छ र केही वर्षदेखि यहाँ काठ चिरानीका केही उद्योगहरू पनि चल्नथालेका छन्।

चुरे र भावर क्षेत्रमै यहाँका वन जङ्गल सीमित छन्। महेन्द्र राजमार्ग भावर क्षेत्रबाटै गएकोले र त्यहाँका प्रसिद्ध चारकोसे झाडी इलाकामा औलो प्रायः उन्मूलन भएको हुँदा वन फँडानी गरी यहाँ नयाँ बसोबास पनि प्रशस्त भएको छ। त्यसैले यहाँका जङ्गलहरू प्रायः पातलिँदै गएका छन्।

यो जिल्लाको प्राकृतिक वातावरणको संरक्षणको साथै भू तथा जल संरक्षणको दृष्टिकोणमा पनि वन संरक्षणको महत्वपूर्ण भूमिका रहेको छ।

पशु-पक्षी

सर्लाहीका वन जङ्गलमा बाघ, जङ्गली हात्ती र अर्ना जस्ता पशुहरू पाइने हुँदा शिकारको लागि यो जिल्ला पहिले प्रसिद्ध थियो। जङ्गबहादुर आफ्नो जीवनको अन्तिम घडीमा शिकार खेल्न यहीं आएका थिए र यहीं उनले सेतो बाघ देखे भन्ने जनश्रुति पनि छ। जङ्गल मासिंदै गएको हुँदा हाल यहाँ जङ्गली जनावरहरू पनि कम हुँदै गएका छन्। तर अझै पनि बाघ, चितुवा, भालू, चित्तल, बनेल आदि पाइन्छन्। चराचुरुङ्गीहरूमा मुजूर, धनेश, लुइँचे, कालिज आदि पाइन्छन्।

वन संरक्षण तथा विकास

हरिवन रेन्ज कार्यालयबाट जिल्लाको वन संरक्षण तथा विकासको काम हुन्छ। हालसम्म यहाँको चुरे क्षेत्रका वन बाहेक अन्य वन इलाकाको वन सीमाना निर्धारण गर्ने काम पूरा भएको छ। तर सीमाना निर्धारण भइसकेका क्षेत्रमा पनि सीमाना बार लगाउने काम भएको छैन। रेन्ज कार्यालयका सशस्त्र गार्ड तथा अन्य कर्मचारीहरूबाट वन तथा वन्य जन्तु संरक्षणको काम हुन्छ।

वन संरक्षण वा विकासको मुख्य अवरोधको रूपमा यहाँ वन अतिक्रमण देखा पर्दछ। वि. सं. २०११ सालको बाढीले पीडित जनकपुर अञ्चलका पहाडी जिल्लाका निवासीहरू सबभन्दा पहिले यहाँ नयाँ बसोबास गर्न थाले। त्यसपछि विभिन्न सालमा विभिन्न जिल्लाका निवासीहरू यहाँ आए। महेन्द्र राजमार्ग बन्नुको साथै औलो पनि प्रायः उन्मूलन भएको हुँदा वन फँडानी गरी बसोबास गर्न सजिलो पनि हुन गयो। महेन्द्र राजमार्गको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरमा रहेको जिल्लाको पूर्वी छेउमा पर्ने हरिवन गाउँ वि. सं. २०११ सालसम्म उजाड थियो। भने २०२८ को जनगणना अनुसार हरिवन गाउँ पञ्चायत जिल्लाको सबभन्दा बढी जनसंख्या भएको पञ्चायतको रूपमा देखा परेकोछ। तसर्थ वन अतिक्रमण यहाँको ठूलो समस्या हो। गत केही वर्षदेखि व्यवस्थित ढङ्गबाट बसोबास गराउने सिलसिलामा यहाँ विभिन्न पुनर्वास योजनाहरू चालू भएका छन्। त्यसको साथै वन अतिक्रमण रोक्ने तर्फ योजनाहरू सफलताका साथ पूरा भएपछि भविष्यमा वन अतिक्रमण पनि बन्द हुने आशा राख्न सकिन्छ। त्यसपछि मात्र यहाँको वन विकास कार्यक्रमहरू सुचारुरूपले चल्न सक्नेछन्।

बनजन्तु संरक्षण कार्यक्रम अन्तर्गत शिकार लाइसेन्स हाल बन्द गरिएको छ।

1. U. S. Army Map, Nepal 1955

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

वर्तमान सर्लाही जिल्लामा पर्ने क्षेत्र पहिले मकवानपुरको सेन राज्यको एक अङ्ग थियो। सेन राजाहरूभन्दा पहिले यस क्षेत्रमा आसपासका अन्य क्षेत्रहरूमा झैं तराईतिर अनिवार (एक किसिमका लडाकु र कृषक ब्राह्मणहरू) हरूका साना साना जिम्दारी राज्यहरू र पहाडतिर मुर्मीहरूको बसोबास रहेको हुन सक्दछ। तर केही दशक अघिसम्म पनि निकै वन जङ्गल रहेको यस जिल्लाको अधिकांश भाग केही शताब्दी अघिसम्म वन जङ्गलले ढाकिएको र त्यसबेला यहाँ कुनै उल्लेखनीय राज्य वा बसोबास नभएको अनुमान गर्न सकिन्छ। शायद त्यसै कारणले गर्दा सेन राज्यको विस्तार क्रममा पनि सर्लाहीको कुनै उल्लेख पाइँदैन। वर्तमान सर्लाही जिल्ला महोत्तरीकै एक भागको रूपमा पहिलेदेखि रहिआएको थियो। त्यसैले महोत्तरीको इतिहाससँग यसको इतिहास गाँसिएको छ। महोत्तरी र सर्लाहीको साथै रौतहट, बारा र पर्सा पनि पहिले मकवानपुर राज्यमा पर्दथे र यस क्षेत्रको इतिहास मकवानपुरमा सेन राज्यको स्थापना र पछि गएर मकवानपुर राज्यको नेपाल अधिराज्यमा एकीकरणसँग सम्बन्धित छ।

सेन राजाहरू चितौडका सीसौदियावंशी राजपूत हुन् भन्ने कुरो विभिन्न वंशावली[1] बाट देखिन्छ।
बङ्गालका सेन राजाहरू,जो पहिले दक्षिण (कर्नाटक) बाट आएका थिए, पछि बङ्गालमा मुसलमानहरूको आक्रमण
भएपछि पहाडतिर पसे र मकवानपुरका सेन राजाहरू बङ्गालका सेन राजाहरूकै वंशज हुन् भन्ने विचार पनि
प्रकाशमा आएको छ।[2] सेन राजाहरूको इतिहास अझै राम्ररी थाहा भइसकेको छैन। विभिन्न सेन वंशावलीमा
सेनहरूको आदि पुरुषको नाम भिन्दा भिन्दै छ। पालपाका राजा रुद्र सेनदेखि मात्र धेरै सेन वंशावलीमा एकरूपता
पाइन्छ। सेनहरू मकवानपुर गढीबाट पश्चिमतिर बढ्दै गएर पछि पूर्वतिर पनि राज्य विस्तार गर्न सफल
भए अथवा पहिले बुटवल र पालपातिर राज्य स्थापना गरी सेनहरूले पछि मकवानपुर र अझ पूर्व महानदी (महा-
नन्दा नदी) सम्मको तत्कालीन मोरङ राज्यसम्म राज्य विस्तार गरे भन्ने कुरो स्पष्ट भइसकेको छैन। पहिलो
भनाइअनुसार अजिल सेन (अजिलराय) का छोरा तुला सेनले मकवानपुरमा गढी बनाए।[1] त्यसबेला
मकवानपुर राज्यको सीमाना तराईमा गण्डकी नदीदेखि पूर्वतिर अधवारा नदीसम्म मात्र फैलिएको थियो। दोस्रो
यही राज्य पछि गएर मुकुन्द सेनको पालासम्ममा पश्चिमका पहाडतिर निकै विस्तृत भइसकेको थियो।

१. शङ्करमान राजवंशी (सं.)– सेन वंशावली, वीर पुस्तकालय, काठमाडौं, २०२०, पृष्ठ १
Hamilton, Francis Buchanan— An Account of the Kingdom of Nepal, 1971, p. 129—132

२. मातृकाप्रसाद कोइराला– प्राचीन नेपाल, संख्या ४ (२०२५), पृष्ठ १६–१८

३. हयामिल्टनको माथि उल्लिखित किताब, पृष्ठ १३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनाइअनुसार प्रयागबाट धपिएका तुथा सेनले बुटवल र पाल्पा बीचको रिसिङ कब्जा गरेर तुथा सेनका छोराले रिव्दीकोटमा राजधानी बनाए।[१] रुद्र सेनको पालामा मात्र राजधानी पाल्पामा सारियो। रुद्र सेन पछि उनका छोरा मुकुन्द सेन पाल्पाका राजा भए र मुकुन्द सेनको शासनकाल वि. सं. १५७५ देखि १६१० (इ. सं. १५१८–१५५३) सम्म रहेको अनुमान गरिएको छ।[२] तर मुकुन्द सेनलाई बाह्रौं (ई. सन् ११८८) शताब्दीका राजा पनि भनिएको छ।[३]

मुकुन्द सेनले पाल्पाली राज्यको निकै विस्तार गरे र थिनको राज्य पूर्वमा बराहक्षेत्रको अन्त्यसम्म, पश्चिममा रिडी क्षेत्रको अन्त्यसम्म, उत्तरमा मुक्ति क्षेत्र र दक्षिणमा हरिहर क्षेत्र (वर्तमान भारतको मुजफ्फरपुर, छपरा) सम्म फैलिएको थियो।[४] मुकुन्द सेनकै पालामा थिनका कान्छा छोरा लोहाङ सेनले पूर्वी तराई विजय गर्दै मोरङसम्म पाल्पाली राज्यको विस्तार गरेका थिए।[५] त्यसैले वर्तमान सर्लाही र आसपासका अञ्चलहरू वि. सं. १६१० भन्दा अघिनै सेन राज्यमा गाभिएका थिए।

मुकुन्द सेनले आफ्नो शेषकालमा पाल्पाको विशाल राज्य आफ्ना भाइ छोराहरूलाई बाँडिदिए। त्यसै क्रममा जेठा छोरा माणिक्य सेनले पाल्पाको गद्दी पाए र कान्छा छोरा लोहाङ सेनले आफैंले जितेका मोरङ र मकवानपुर क्षेत्रको राज्य पाए। लोहाङ सेनले कति वर्ष राज्य गरे भन्ने कुरो स्पष्ट नभए तापनि मुकुन्द सेनको राज्यकाल पछि वि. सं. १६१० तिर मात्र लोहाङ सेन यस क्षेत्रका राजा भए भन्न सकिन्छ। लोहाङ सेनका दुई छोराहरू राघव सेन र भागवन्त सेन मध्ये राघव सेन बाबुको मृत्युपछि यस क्षेत्रका राजा भए। राघव सेनका छोरा हरिहर सेनले गोण्डवारासम्म जितेर हिन्दूपति कहलिए। हरिहर सेनका छोराहरूमा राज्यको निम्ति कलह शुरू भयो र छोराहरूबाट थिनले आफ्नो शेषकालमा साह्रै दुःख पाए। हरिहर सेनले पछि गएर कोशीभन्दा पश्चिमको राज्य कान्छा छोरा शुभ सेन र कोशीदेखि पूर्वको राज्य नाति इन्दु विधाता सेनलाई बाँडिदिए। ३१ वर्ष राज्य गरिसकेपछि आफ्ना मन्त्रीहरूको षड्यन्त्रबाट शुभ सेन पूर्णियाका नवाव इस्कन्दर खाँको बन्दी हुन पुगे। थिनको महलमा आएका भतिजा इन्दु विधाता सेन पनि नवावकै फन्दामा परे। यसरी मोरङ र मकवानपुरको केही भू-भाग नवावको अधीनमा पर्न गयो। नवावले शुभ सेन र इन्दु विधाता सेनलाई दिल्लीका सम्राट् मुहम्मद अजिम कहाँ पठाए र दुवै काका भतिजालाई सम्राट्ले जातिच्यूत गरिदिए।

शुभ सेनका नायव प्रबोधदास शुभ सेनका दुई छोराहरू महीपति (मान्धता) सेन र मानिक सेनलाई लिई किरातहरूको शरण लिन पुगे। विद्याचन्द्र राईले कमला नदीभन्दा पूर्वको राज्यमा महीपतिलाई राजा बनाएर मानिक सेनले कमलाभन्दा पश्चिमको मकवानपुर राज्य पाए। यसरी शुभ सेनको राज्य पनि दुई भागमा बाँडियो। २० वर्षसम्म शान्तिपूर्वक राज्य गरेपछि मानिक सेनको मृत्यु भयो।

मानिक सेनका चार छोराहरूमध्ये जेठा छोरा हेमकर्ण सेन मकवानपुरका राजा भए। माहिला छोरा जगत सेनलाई किराती मन्त्रीहरूले कमला र कोशी बीचको चौदण्डीका राजा बनाए। जगत सेन निःसन्तान भएकाले उनको मृत्युपछि उनका भाइ विक्रम सेन चौदण्डीका राजा हुन पुगे। चौदण्डीमा विक्रम सेनपछि उनका

१. हचामिल्टन को माथि उल्लिखित किताब, पृष्ठ १२९–१३२
२. बालचन्द्र शर्मा– नेपालको ऐतिहासिक रूपरेखा, वाराणसी, २०२२, पृष्ठ २०१
३. साफल्य अमात्य– प्राचीन नेपाल, संख्या १४ (२०२७), पृष्ठ ३५–५४
४. ऐजन, पृष्ठ ३५–५४
५. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ २०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोरा कर्ण सेन राजा भए जो पछि पृथ्वीनारायण शाहबाट पराजित भए।

मकवानपुरका राजा हेमकर्ण सेनले आफ्नो छोरी इन्द्रकुमारीको विवाह गोरखाका युवराज पृथ्वीनारायण शाहसँग गरिदिएका थिए। सन् १७५९ मा हेमकर्ण सेनको मृत्यु भएपछि उनका छोरा दिग्बन्धन सेन त्यहाँका राजा भए।

नेपाल अधिराज्यको एकीकरणको सिलसिलामा काठमाडौं उपत्यकालाई घेरामा पारी विजय गर्न मकवानपुर राज्यलाई पहिले आफ्नो अधिकारमा ल्याउन आवश्यक भएको हुँदा पृथ्वीनारायण शाहले जेठा चौतारा महोद्दामकीर्ति शाह र कान्छा चौतारा दलमर्दन शाहको नेतृत्वमा काजी शूरप्रताप शाह, काजी वंशराज पाण्डे सहितको दललाई मकवानपुरमा आक्रमण गर्न पठाए। साथै वख्शी नाहरसिंह बस्न्यात र वख्शी अभिमान सिंह बस्न्यातलाई पनि सो लडाइँमा खटाए। त्यसबेला पृथ्वीनारायण शाहको जेठी महारानी इन्द्रकुमारीको पनि देहान्त भइसकेको अनुमान गरिएको छ।[1] उक्त दलले सन् १७६२ को २१ अगष्टको रातमा मकवानपुरमाथि विजय प्राप्त गऱ्यो।[2] मकवानपुरका राजा दिग्वन्धन सेन उनका दिवान कनकसिंह वानिया र केही सैनिकहरू लिई हरिहरपुर गढीतिर लागे। सन् १७६२ को ४ अक्टोबरको रातमा हरिहरपुर गढी माथि पनि गोरखालीहरूले कब्जा गरे।[3] दिवन्धन सेन र कनकसिंह वानिया बचेका केही सम्पत्ति र हात्तीहरू लिई भागे र चुरेको खुँडाघाटमा गई बसे। मकवानपुरबाट गोरखालीहरूलाई हटाउन दिग्वन्धन सेन र कनकसिंह वानियाले बङ्गाल र बिहारका तत्कालीन नवाव मीर कासिमको मद्दत लिने योजना बनाए र कनकसिंह वनिया नवावको सहायता माग्न बेतिया पुगे। चुरेभित्र रहेका सुरक्षित ठाउँमा बसी अंग्रेजहरूसँग लडाइँ गर्न सुविधा हुने र गोरखालीहरूलाई दक्षिणतिर-बढ्नबाट नरोकेमा आफ्नै उत्तरी सरहद पनि सुरक्षित नहुने देखेर दिग्वन्धन सेनको अनुरोध मुताविक मकवान-पुरमा आक्रमण गर्न गुरगिन खाँको नेतृत्वमा नवावले आफ्नो फौज पठाए। सन् १७६३ को ७ जनवरीका दिन नवावको सैनिकदल मकवानपुर आइपुग्यो र १२ जनवरीका दिन वुट्वाठाना माथि कब्जा गऱ्यो। तर काजी वंशराज पाण्डे र वख्शी नाहर सिंह बस्न्यातका नेतृत्वमा गएका गोरखाली फौजले यस क्षेत्रको राम्रो ज्ञान नभएका मुगल सैनिकहरूलाई नराम्रोसँग हराए र गुरगिन खाँ र बचेका सैनिक दल ज्यान बचाई भागे। यसमा मुगल सैनिकले छोडेर भागेका केही तोप र बन्दूकहरू पनि गोरखालीहरूको हात पऱ्यो।

गुरगिन खाँ मकवानपुरमा लड्न आउँदा दिग्वन्धन सेन खुँडाघाटमै बसेका थिए। मकवानपुरबाट गुरगिन खाँलाई हराई भगाएपछि पृथ्वीनारायण शाहले खुँडाघाटमा डाँक हान्न फौज पठाए। दिग्वन्धन सेनले पनि आत्मसमर्पण गरे। पृथ्वीनारायण शाहले दिग्वन्धन सेन र उनका परिवारलाई जीवनभर गोरखामा नजरबन्द राखे।

यसरी २०० वर्षभन्दा बढीसम्म सेन राजाहरूको प्रमुख राज्यको रूपमा रहेको मकवानपुर सन् १७६३ मा गोरखा राज्यमा गाभियो। गोरखा राज्यमा विलीन हुँदा मकवानपुरको भावरको साथै बेतियादेखि कमला-सम्म पर्सा, बारा, रौतहट, सर्लाही र महोत्तरी पनि गोरखा राज्यमा गाभिए।[4]

१. बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, पृष्ठ ४०१
२. ऐजन, पृष्ठ ४०४
३. ऐजन, पृष्ठ ४०५
४. ऐजन, पृष्ठ ४०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फंदमा परेका दिग्वन्धन सेन र उनका परिवारको पछि के गति भयो थाहा हुन सकेको छैन। तर दिग्वन्धन सेनका सात जना छोराहरूमध्ये एकजना भुवर सेन १७८० मा भागेर बेतिया पुगेका थिए र इष्ट इण्डिया कम्पनी-बाट भुवर सेनलाई दुइ गाउँ बिर्ता दिइएको थियो।[1] भुवर सेनका दुई छोराहरू थिए र सन् १८१० मा तिनीहरूको उमेर ८ र १० वर्ष थियो भनी हेमिल्टनले लेखेका छन्। लोहाङ सेनका उत्तराधिकारीहरूमा बाँकी रहेका यी दुई भाइहरूको पछि के भयो थाहा हुन सकेको छैन। नेपाल अधिराज्यमा एकीकरण भएपछि सर्लाहीको साथै मकवानपुर राज्यका अन्य भागहरूको प्रशासन एक सुब्बाद्वारा गरिन्थ्यो।[2]

इतिहासमा सर्लाहीको नाम जङ्गबहादुरको मृत्युको सम्बन्धमा मात्र फेरि देखा पर्दछ। वि. सं. १९३३ (सन् १८७६–७७) को हिउँदमा नेपालका प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर सर्लाहीमा शिकार खेल्न गएका थिए र उनी त्यहीं बिरामी परे। उनलाई बागमतीको किनारमा अवस्थित पत्थर घट्टामा ल्याइयो। सन् १८७७ को फेब्रुअरी महीनामा जङ्गबहादुरको निधन भयो र उनकी पाँचवटी रानीहरूमध्ये तीनवटी सती गए।[3] जङ्गबहादुरले सर्लाही जिल्लाको चिताइन भन्ने स्थानमा एक शिव मन्दिर स्थापना गरेका थिए र आजसम्म पनि त्यहाँ हरेक माघे संक्रान्तिमा मेला लाग्दछ।

---

१. हयामिल्टनको माथि उल्लिखित किताब, पृष्ठ १४४

२. ऐजन पृष्ठ १६७

३. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ ३४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

मलङ्गवा

सर्लाही जिल्लाको दक्षिण-पूर्वी छेउमा भारतीय सीमानादेखि करीब एक किलोमिटर भित्र जिल्लाको सदरमुकाम मलङ्गवा रहेको छ। मलङ्गवा र विष्णुपुर गाउँ पञ्चायतहरूमा रहेको सदरमुकाम क्षेत्रलाई नै सामूहिक रूपमा मलङ्गवा भनिन्छ। यहाँ प्रमुख जिल्ला अधिकारीको कार्यालय लगायत जिल्लास्तरीय अन्य विभिन्न सरकारी तथा गैर-सरकारी कार्यालयहरू रहेका छन्। हुलाक, आकाशवाणी, टेलिफोन, १५शय्याको एक अस्पताल र दुई माध्यमिक विद्यालयहरू पनि यहीं छन्। भारतीय सीमानाको ज्यादै नजीक रहेकोले व्यापारको निम्ति पनि मलङ्गवा महत्वपूर्ण हुन गएको छ। माघ महीनामा विष्णुपुरमा शिवसागर मेला लाग्दछ र हात्ती, घोडा, गाई, गोरु तथा अन्य पाल्तु पशुहरूको खरीद बिक्रीको लागि यो मेला प्रसिद्ध छ।

मलङ्गवामा वीरेन्द्र युवा क्लव, पुस्तकालय र खेलकूदको व्यवस्था छ। यहाँ एउटा सार्वजनिक पार्क र एक सिनेमा घर पनि छ।

मलङ्गवा र अञ्चल सदरमुकाम जलेश्वर जोड्ने मुख्य दुई बाटो छन्। पहिलो बाटो मलङ्गवादेखि महेन्द्र राजमार्गमा पर्ने नवलपुरसम्मको करीब ३२ किलोमिटर (२० माइल) को कच्ची सडक र त्यसपछि महेन्द्र राजमार्गद्वारा ढल्केवर हुँदै जलेश्वर पुग्न सकिन्छ। हिउँदमा यो बाटोको निक्कै उपयोग गरिन्छ। दोस्रो बाटो मलङ्गवाबाट सीमानाको छेउ छाउ भई महोत्तरी जिल्ला प्रवेश गरी अलि पूर्व लागी जलेश्वर पुग्न सकिन्छ र यो बाटो करीब ४८ किलोमिटर (३० माइल) लामो छ। तर यो बाटो उस्तो चल्तीको छैन। काठमाडौं र बाहिरका अन्य जिल्लाहरूसँगको सम्पर्क महेन्द्र राजमार्गद्वारा नै हुन थालेको छ। महेन्द्र राजमार्ग जोड्ने बाटो कच्ची भएकोले जिल्लाबासीहरू धेरंजसो मलङ्गवाबाट करीब १.६ किलोमिटर (एक माइल) पूर्वतिर भारतको सोनवर्सा भन्ने स्थानबाट बसद्वारा सीतामढी आई अन्यत्र जाने आउने गर्दछन्।

त्रिभुवन नगर

मलङ्गवादेखि पूर्वमा रहेको त्रिभुवन नगर प्रमुख व्यापार केन्द्र हो। यहाँ मुख्यतया अनाज (गल्ला) को व्यापार हुन्छ। हप्तामा दुईपटक शनिबार र मङ्गलबार यहाँ हाट लाग्दछ। त्यस हाटमा जिल्लाका अधिकांश भागको साथै रौतहट तथा महोत्तरीबाट पनि अन्न बिक्री गर्न ल्याइन्छ। यस बजारको महत्वले गर्दा नै सर्लाही जिल्लाको मूल भन्सार केही वर्षअघिसम्म त्रिभुवन नगरमा रहेको थियो। झिम नदीले घेरिएको यस ठाउँमा स्थायी पसलहरू पनि छन् र दुई - चार धान कुट्ने, पीठो पिन्ने, तेल पेल्ने मिलहरू पनि छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बेलबास (केशरगञ्ज)

जिल्लाको मध्यभागमा रहेको बेलबास जिल्लाको उत्तरी भागको निम्ति प्रमुख व्यापार केन्द्रको रूपमा रहिआएको छ। पहिले यो चारकोसे झाडी क्षेत्रमा पर्दथ्यो तर हाल जङ्गल फँडानी भएपछि राम्रो बस्ती भएको ठाउँ हुन गएको छ। यहाँ सुर्तीको खेती प्रशस्त हुन थालेको छ र जनकपुर चुरोट कारखानाको एक ठूलो गोदाम पनि छ। यहाँ एउटा काठ चिर्ने मिल पनि छ। यहाँको बजारलाई महेन्द्रनगर बजार भनिन्छ। नयाँ आबादी भएको यस ठाउँमा अधिराज्यका विभिन्न जिल्लाका निवासीहरू आई बसोबास गरेका छन्। यहाँ एउटा माध्यमिक विद्यालय पनि छ। बेलबास महेन्द्र राजमार्गबाट करीब ५.५ किलोमिटर (३.५ माइल) दक्षिणमा रहेको छ।

हरपुर

हरिपुर गाउँ पञ्चायतमा रहेको हरपुरमा एउटा ठूलो सरकारी हात्तीसार छ। हरपुरको केही उत्तरमा नै शुरू हुने वन क्षेत्र पहिले घना जङ्गलले ढाकिएको थियो तर हाल फँडानीले गर्दा वन निक्कै पातलो भएको छ। यहाँ जङ्गबहादुरले शिवमन्दिर स्थापना गरेको हुनाले सोही दिनदेखि माघे(मकर) संक्रान्तिमा मेला लाग्न शुरू भएको हो भन्ने जनश्रुति छ। यहाँ थारूहरूको ठूलो बस्ती छ। शिवरात्रिको अवसरमा यहाँ जिल्लाको प्रसिद्ध चिताइन मेला लाग्दछ जुन एक हप्तासम्म चल्दछ। रङ्गीचङ्गी जातीय आभूषण लगाई थारू र तामाङ युवतीहरूको यो मेलामा ठूलो जमघट हुन्छ। रातभरी लोक नृत्य र लोक संगीतले वातावरण घन्किन्छ। तामाङ युवक-युवतीहरू यही मेलामा आफ्ना जीवनसाथी चुन्दछन्। मलङ्गवा र महेन्द्र राजमार्गमा पर्ने नवलपुर जोड्ने कच्ची सडकको बाटोमा हरपुर पर्दछ र महेन्द्र राजमार्गबाट करीब सात किलोमिटर (४.५ माइल) दक्षिणमा पर्दछ। यहाँ शाखा हुलाक र स्वास्थ्य चौकी पनि छन्। व्यापारको दृष्टिकोणले पनि हरपुर उल्लेखनीय छ।

रजवा बजार

मलङ्गवाभन्दा करीब १३ किलोमिटर (आठ माइल) उत्तर र हरपुरभन्दा करीब पाँच किलोमिटर (तीन माइल) दक्षिणमा फरहदवा गाउँनिर शिवजीको एउटा मन्दिर छ जसलाई यहाँ रजवा (राजाको) शिवालय भनिन्छ। जङ्गबहादुर आफ्नो जीवनको शेषकालमा शिकार खेल्न आउँदा यहीं ठाउँमा बिरामी परी उनको मृत्यु भएको र दाह संस्कार पनि यहीं भएको थियो भन्ने यहाँ जनश्रुति छ।

सुन्दरपुर बजार

मलङ्गवाबाट करीब छ किलोमिटर (चार माइल) पश्चिममा लखनदेई नदीको किनारमा रहेको यो बजार गल्लाका मुख्य बजारहरूमध्ये एक हो। यहाँ रौतहटको साथै भारतको बिहार प्रान्तबाट पनि व्यापारीहरू निक्कै संख्यामा आउँदछन्। हप्ताको दुई दिन प्रत्येक मङ्गलबार र शुक्रबार यहाँ हाट लाग्दछ। हिउँददेखि असारको शुरूसम्म यहाँका हाटहरूमा गाई-गोरुको पनि निक्कै बिक्री हुन्छ। यस बजारमा अन्नको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

प्रशस्त खरीद-बिक्री हुन्छ। यहाँ नेपाल राष्ट्र बैंकको सटही काउण्टरको व्यवस्था छ। यहाँ एउटा माध्यमिक विद्यालय र एक प्रहरी चौकी पनि छ। यातायात बढी सुगम भएमा यो बजार अझ राम्ररी फस्टाउन सक्ने देखिन्छ।

मूर्तिया

मलङ्गवाबाट करीब १८ किलोमिटर (११.५ माइल) उत्तर-पश्चिममा रहेको मूर्तियामा पहिले साह्रै घना जङ्गल थियो। हाल जङ्गल कटानी भई यहाँ नयाँ बस्तीहरू बसेका छन्। क्षेत्रिय पुनर्वास योजना कार्यालय पनि यहीं छ। मूर्तियाको जङ्गलभित्र ठाउँ ठाउँमा ठूल-ठूला पोखरीहरू, ठूल-ठूला चाक्ला इँटहरूले बनेका इनारहरू र एउटा मन्दिरको भग्नावशेष पाइएको छ। पुरातत्त्व विभागले केही वर्षअघि यस क्षेत्रको उत्खनन गरेको थियो र मन्दिर एघारौं शताब्दीको हो भन्ने विश्वास गरिएको छ। मूर्तियामा एउटा स्वास्थ्य चौकी पनि छ।

हरिवन

जिल्लाको पूर्वी भागमा महेन्द्र राजमार्गको उत्तरी छेउमा रहेको हरिवनमा औलो उन्मूलन भएपछि नयाँ बसोबास शुरू भएको ठाउँ हो। वि. सं. २०११ सालसम्म उजाड रहेको यो स्थान २०२८ को जनगणना अनुसार जिल्लाको सबभन्दा बढी जनसंख्या भएको गाउँ पञ्चायतको रूपमा देखापरेको छ। महेन्द्र राजमार्गको छेउमा परेकोले व्यापार तथा अन्य दृष्टिकोणबाट पनि यसको महत्व बढ्दै गएको छ। हरिवनमा वन विभागको रेञ्ज कार्यालय छ।

सिमरा

मलङ्गवादेखि करीब आठ किलोमिटर (पाँच माइल) दक्षिणमा रहेको यो ठाउँमा एउटा प्राचीन महादेव स्थान छ। यहाँ केही प्राचीन मूर्तिहरू, इँटहरू र जमीन मुनिको सुरुङ जस्ता प्राचीन निर्माण कार्यका अवशेष पाइएका छन्। तर पुरातात्त्विक अध्ययन भइनसकेको हुँदा यहाँका प्राचीन मूर्तिहरू कुन समयका हुन् थाहा भएको छैन। महादेव स्थानमा वसन्त पञ्चमी र शिवरात्रिको दिन मेला लाग्दछ। यहाँको जनश्रुतिअनुसार पहिले यहाँ श्रृङ्गी ऋषिको आश्रम थियो र त्यसैले यो ठाउँको नाम सिमरा हुन गएको हो।

नवलपुर

महेन्द्र राजमार्गमा पर्ने नवलपुरको वन क्षेत्रमा कृषि विभागले एउटा वृहद् बागबानी केन्द्र २०२९ सालदेखि शुरू गरेको छ। नवलपुर सदरमुकाम मलङ्गवादेखि करीब ३२ किलोमिटर (२० माइल) उत्तरमा पर्दछ।

उपर्युक्त स्थानहरू बाहेक अन्य महत्वपूर्ण स्थानहरूमा सागरनाथ, राजघाट र पत्थरकोट उल्लेखनीय छन्। सागरनाथमा शिवजीको मन्दिर छ र हरिबोधनी एकादशीमा मेला लाग्दछ। व्यापारिक महत्वका अन्य स्थानहरूमा सुन्दरपुर र ईश्वरपुर उल्लेखनीय छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

करीब दुई दशक अघिसम्म पनि जिल्लाको उत्तरी र मध्यभागमा कडा औलो लाग्ने हुँदा सर्लाही जिल्लाका गाउँ र बस्तीहरू दक्षिणको तराई भागमा नै सीमित थिए। एक दशक यतादेखि औलो प्राय: उन्मूलन भएको र त्यसपछि महेन्द्र राजमार्ग पनि बनेको हुँदा जिल्लाको मध्यभागमा रहेको चारकोसे झाडीका जङ्गलहरूमा प्रशस्त नयाँ बस्तीहरू बढेका छन्। चुरे क्षेत्रमा भने अझै पनि बसोबास नगण्य छ। मकवानपुरमा सेन राज्य स्थापना हुनुभन्दा अघिसम्म यहाँको पहाडी भेकमा मुर्मीहरू र तराई भागमा अनिवार जातिका लडाकु कृषक ब्राह्मणहरूको बसोबास थियो भन्ने कुरो इतिहासले देखाउँछ। सेन राज्यको स्थापना र पतनको साथै नेपाल अधिराज्यको एक भाग भएपछि यहाँ विभिन्न जातजातिको बसोबास हुन थाल्यो। जिल्लाको उत्तरतिर थारु र तामाङ बस्तीहरू निक्कै छन् र तराईमा अधिकांश तराईमूलक जातिहरूको बसोबास ज्यादा छ। गत केही वर्षदेखि विभिन्न जिल्लाका निवासीहरूको आप्रवासनले गर्दा यस जिल्लाको जनसंख्या निक्कै वृद्धि हुनुको साथै विभिन्न भाषा, धर्म तथा संस्कृतिका अनेक जातजातिको सम्मिश्रण हुन गएको छ। आप्रवासनबाट उत्पन्न भएका नयाँ बसोबासहरूको संख्या जिल्लाको मध्य तथा उत्तरी भागमा महेन्द्र राजमार्गको नजीकै पर्ने क्षेत्रहरूमा बढी छन्। जनकपुर अञ्चलका तराई जिल्लाहरूमध्ये सबभन्दा सानो यो जिल्लाको जनसंख्या पनि अन्य तराई जिल्लाहरूको दाँजोमा कम छ। औलो उन्मूलन र महेन्द्र राजमार्गको निर्माणले यस जिल्लाको जनसंख्या वृद्धि र जनजीवनमा पनि एक नयाँ अध्याय शुरू गरेको छ।

जनसंख्या

वि. सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार सर्लाही जिल्लाको कुल जनसंख्या १,७५,५४३ छ जसमध्ये पुरुष ८९,२७७ (५०.८ प्रतिशत) र महिला ८६,२६६ (४९.२ प्रतिशत) छन्। यसरी सर्लाहीमा महिलाहरूभन्दा पुरुषहरू केही बढी देखिन्छन्। आप्रवसनले गर्दा बाहिरबाट आउने परिवारहरूमा पुरुषहरू नै ज्यादा रहने हुँदा पुरुषहरूको संख्या बढी भएको हुन सक्छ। जनकपुर अञ्चलको कुल जनसंख्या १२,६५,७५५ को १३.९ प्रतिशत सर्लाही जिल्लामा छ। जनसंख्याको दृष्टिकोणले अधिराज्यमा २३ औं स्थान सर्लाहीले लिएको छ। जनकपुर अञ्चलका अन्य तराई जिल्लाहरूको दाँजोमा सर्लाहीको जनसंख्या सबभन्दा कम छ। यहाँको जनघनत्व करीब १.६७ प्रति हेक्टर छ अर्थात् प्रति वर्ग किलोमिटरमा औसत १६७ व्यक्तिहरू रहेका छन्।

जिल्लाको कुल जनसंख्या १,७५,५४३ मध्ये १,७५,४२२ जना ३३,५९५ घर परिवारमा बसेका छन्। बाँकी १२१ जना मात्र घर परिवारमा बस्दैनन्। यस जिल्लाको औसत परिवार संख्या ५.२ छ। जिल्लामा सबभन्दा बढी घर परिवारको संख्या (५,७६९) चार व्यक्तिको परिवारको छ। त्यसपछि पाँच

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिको परिवार (५,६२३) र तीन व्यक्तिको परिवार (४,५९८) को क्रम आउँछ। जिल्लामा सबभन्दा कम जनसंख्या (६१) २० वा सोभन्दा बढी व्यक्तिको घर परिवारको छ। अधिकांश जनता जीवन निर्वाहको लागि कृषि मै भर पर्ने हुँदा र खेतीपातीको निम्ति परिवार संख्या धेरै भएमा सजिलो पर्ने हुँदा यहाँ संयुक्त परिवारकै बाहुल्यता देखिन्छ।

जिल्लाको जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरी तलको तालिकामा देखाइएको छः—

उमेर समूहको तालिका

उमेर समूह	जम्मा	प्रतिशत	पुरुष	प्रतिशत	महिला	प्रतिशत
५ वर्ष र सोभन्दा मुनि	३३,८६७	१९.३	१६,३२६	१८.३	१७,५४१	२०.४
६ देखि १५ वर्ष	४१,०१२	२३.४	२२,६७५	२५.५	१८,३३७	२१.३
१६ वर्ष र सोभन्दा माथि	१,००,६६४	५७.३	५०,२७६	५६.२	५०,३८८	५८.३
जम्मा:—	१,७५,५४३	१००.०	८९,२७७	१००.०	८६,२६६	१००.०

उपर्युक्त तथ्याङ्कअनुसार पाँच वर्ष र सोभन्दा कम उमेर भएका नाबालकहरू कुल जन संख्याको १९.३ प्रतिशत रहेको हुँदा भविष्यमा शिशु कल्याण सेवाहरूमा आर्थिक व्ययभार निकै पर्न आउने देखिन्छ। साथै छदेखि १५ वर्षको उमेर समूहमा जनसंख्याको २३.४ प्रतिशत रहेको हुँदा शिक्षा तथा स्वास्थ्य जस्ता सामाजिक सेवाहरू पुऱ्याउने तथा रोजगार दिलाउने योजनाहरूको आवश्यकता पर्न आउने तथा राष्ट्रिय व्ययभार बढ्न जाने देखिन्छ।

उमेरको दृष्टिकोणले १० वर्षदेखि ५९ वर्ष सम्मकालाई काम गर्ने क्षमता भएका र बाँकी उमेर समूहमा पर्नेहरूलाई काम गर्न नसक्ने आश्रित मानी हिसाब गर्दा काम गर्ने क्षमता भएका १० देखि ५९ वर्षका व्यक्तिहरूको संख्या कुल जनसंख्याको ६४.७ प्रतिशत रहेको देखिन्छ। त्यही वर्गीकरणअनुसार जिल्लाको सक्षम र आश्रित जनसंख्याको अनुपात १००:५४ हुन आउँछ अर्थात् हरेक १०० जना सक्षमहरूमाथि अरू ५४ जना आश्रित हुन्छन्। यसरी १०० जनाको कमाइमा जम्मा १५४ जनाले निर्वाह गर्नुपर्छ। तर कृषिमै आधारित जीवन भएको यस जिल्लामा १० वर्षदेखि १४ वर्ष उमेर भएकाहरू कडा परिश्रम गर्न सक्दैनन् र साथै त्यसै-मध्ये केही विद्यालय जाने पनि हुन्छन्। तसर्थ १४ वर्षसम्म उमेर हुनेहरूलाई आर्थिक व्यवसायमा पूर्ण रूपले लाग्न सक्ने भन्न सकिन्न। त्यस्तै ६० वर्षभन्दा बढी उमेर भएकाहरूमा पनि आर्थिक सक्रियता रहन्छ र काममा लागेका हुन्छन्। तसर्थ यथार्थतालाई ध्यानमा राखी १५ वर्षदेखि ६४ वर्षसम्मको उमेर समूहलाई सक्षम र बाँकी अरूलाई आश्रित मानी हेर्दा आर्थिक सक्षमता भएकाहरूको संख्या कुल जनसंख्याको ५७.२ मात्र देखिन्छ। यो वर्गीकरणको आधारमा जिल्लामा सक्षम र आश्रितहरूको अनुपात १००:७६ हुन आउँछ अर्थात् प्रत्येक १०० जना सक्षम माथि अन्य ७६ जना आश्रितहरू भर पर्दछन्। यसरी १०० जनाको कमाइमा १७६ ले निर्वाह गर्नु पर्ने देखिन्छ।

यहाँको कुल जनसंख्यामा ६ वर्षभन्दा बढी उमेर भएकाहरूको संख्या १,४१,६७६ छ जसमध्ये पुरुष ७२,९५१ र महिला ६८,७२५ छन्। छ वर्षभन्दा बढी उमेर भएकाहरूलाई विवाह-योग्य भन्ने मानी यहाँ चर्चा गरिएको छ। छ देखि नौ वर्षको उमेर समूहमा ९९ बालक र २६६ बालिकाहरू विवाहित देखिन्छन् र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१० देखि १४ वर्षको उमेर समूहमा ९७२ बालक र २,०२० बालिकाहरू विवाहित छन्। यसबाट यो जिल्लामा बाल-विवाह अन्त भइनसकेको कुरो देखिन्छ।

यस्तै छदेखि नौ वर्षको उमेर समूहमा पनि केही (तीन) विधवाहरू यहाँ देखिन्छन् र छदेखि २४ वर्षको उमेर समूहमा विधवाहरूको संख्या ७९ छ। यो संख्या सानै भए तापनि बाल विधवाहरूको पुनर्विवाह साधारणतया नहुने हुँदा बाल-विवाह जस्तो कुप्रथालाई हटाउन सामाजिक संस्थाहरू विशेष सक्रिय हुनु पर्ने देखिन्छ। ६५ वर्ष र सोभन्दा बढी उमेर भएकाहरूमा विधवाहरूको संख्या १,५३१ र विधुरहरूको संख्या ३८१ मात्र छ। विधुरहरूको पुनर्विवाह जुनसुकै उमेरमा पनि हुन सक्ने हुँदा विधवाहरूको संख्या विधुरहरूकोभन्दा बढी हुनु स्वाभाविकै हो।

यहाँ पारपाचुके लिनेहरूको संख्या पुरुष १४५ र महिला २५० मात्र छन्। यसबाट पारपाचुके लिने चलन यहाँ कमै देखिन्छ।

पहिले अधिकांश तराईमूलका निवासीहरू रहेको यस जिल्लामा अप्रवासन र अन्य कारणहरूबाट विभिन्न जातिपातिको संगम हुन गएकोले यहाँ विभिन्न भाषाहरू बोलिन्छन्। यहाँको मुख्य भाषा मैथिली हो तर विभिन्न भाषा बोल्नेहरू आपसमा राष्ट्र भाषा नेपालीको माध्यमबाट पनि कुरा गर्दछन्। भाषाको दृष्टिकोणले सर्लाही जिल्ला मैथिली र भोजपुरीको संगम स्थल हो र यहाँको मैथिलीमा पनि भोजपुरीको केही प्रभाव पाइन्छ। तर प्रस्तुत गरिएको तालिकामा एक हजारभन्दा कम जनसंख्या भएका अल्पसंख्यकहरूको मातृ भाषालाई एकमुष्ट देखाइएको छ। त्यसमा थारू, भोजपुरी, सुनुवार, लिम्बू, राई, गुरुङ, शेर्पा, अवधि, दनुवार, सन्थाली, (सिंजाली) र राजवंशी भाषाहरू समावेश छन्। विभिन्न भाषा भाषीको संख्या तल प्रस्तुत गरिएको छः-

भाषा-भाषी	जनसंख्या
नेपाली	२६,९५८
मैथिली	६१,४२०
तामाङ	१२,१४५
नेवारी	१,०७४
मगर	३,५२१
स्थानीय भाषाहरू	६७,४७०
अन्य भाषाहरू	२,९५५
जम्माः-	१,७५,५४३

उपर्युक्त तथ्याङ्कअनुसार स्थानीय भाषा बोल्नेहरूको संख्या यहाँ सबभन्दा बढी देखिन्छ। यसबाट यहाँ विभिन्न स्थानीय भाषाहरूको प्राचुर्य देखिन्छ। त्यसैले पनि माध्यमको रूपमा नेपाली भाषा अनिवार्य हुन गएको छ। थारू भाषा बोल्नेहरूको संख्या ४०६ भए तापनि यहाँ थारूहरू पहिलेदेखि नै बसोबास गर्दै आएका हुँदा विभिन्न स्थानमा बस्ने थारूहरूले स्थानीय भाषा वा मैथिलीकै व्यवहार गर्न थालेको देखिन्छ। तामाङ भाषाले यस तराई जिल्लामा तेस्रो स्थान लिएको छ।

यस जिल्लाको कुल जनसंख्याको करीब ९४.७ प्रतिशत (१,६६,३१८) स्वदेशमा जन्मेका र करीब ५.३ प्रतिशत (९,२२५) विदेशमा जन्मेका छन्। यसै सन्दर्भमा जनकपुर अञ्चलको कुल जनसंख्या १२,६५,७५५ मध्ये विदेशमा जन्मेकाहरूको संख्या ६५,११२ भएको र तीमध्ये पुरुषहरू १६,८९७ र महिला-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको संख्या ४८,२१५ रहेकोबाट तराईका जिल्लाहरूमा वैवाहिक सम्बन्धको कारणले गर्दा विशमा जन्मेका महिलाहरूको संख्या निक्कै रहेको देखिन्छ। सर्लाहीमा पनि विदेशमा जन्मेकाहरूमध्ये पुरुषहरू ३,३७७ छन् भने महिलाहरू ५,८४८ छन्। त्यस्तै स्वदेशमा जन्मेका महिलाहरूमध्ये कैयौंको विवाह विदेशमा हुने हुँदा महिलाहरूको संख्या घट्न जाने कुराको पुष्टि स्वदेशमा जन्मेका १,६६,३१८ मध्ये पुरुषको संख्या ८५,९०० र महिलाहरूको संख्या ८०,४१८ रहेको तथ्यबाट हुन जान्छ। स्वदेशमा जन्मेका महिलाहरूको संख्या पुरुषहरूको दाँजोमा १० देखि १४ वर्षको उमेर समूहसम्म नै मोटामोटी रूपमा घट्दै गएको छ भन्न सकिन्छ। त्यस्तै विदेशमा जन्मेका महिलाहरूको संख्या १० देखि १४ वर्षको उमेर समूहदेखि ६५ र सोभन्दा बढी उमेर समूहसम्म नै पुरुषहरूको दाँजोमा सधैं ज्यादा रहेको पाइन्छ। तसर्थ सर्लाहि जिल्लामा विदेशसँग (भारतसँग) गहिरो वैवाहिक सम्बन्ध रहेको देखिन्छ।

जिल्लामा पुरुषहरूको संख्या ज्यादा हुनुमा पनि स्वदेशभित्रबाट मात्र आप्रवासन हुने नभई भारत-तर्फका निवासी पनि यहाँ आउने र आप्राबाशन भनं आउनेहरूमा स्वभावतः पुरुषहरूकै संख्या ज्यादा हुने हुँदा कुल जनसंख्यामै पुरुषहरूको संख्या ज्यादा हुन गएको देखिन्छ।

विदेशमा जन्मिएकाहरू (९,२२५) मध्ये भारतमा जन्मेका पुरुषहरू ३,३७२ र महिलाहरू ५,८३८ छन्। बाँकी संख्या बर्मा र अन्य एशियाई मुलुकमा जन्मिनेहरूको छ। जिल्लामा विदेशी नागरिक-हरूको कुल संख्या ३,६७२ छ जसमध्ये भारतीयहरू ३,६३१ (पुरुष २,०२४ र महिला १,६०७) छन्। भारतमा जन्मेका महिलाहरू (५,८३८) मध्ये भारतीय नागरिकता भएकाहरूको संख्या कटाउँदा बाँकी ३,६३१ नेपाली नागरिक भएका देखिन्छन्। उक्त संख्याले भारतबाट विवाह भई यस जिल्लामा आएकाहरूलाई देखाउँछ। भारतीय नागरिकहरू यहाँ कृषि र व्यापारमा पनि लागेका छन्। व्यापारीहरूमध्ये धेरैजसो भारतीय छन् तापनि भारतीयहरूमध्ये खेतीपातीमा श्रमिकको रूपमा काम गरी बसेकाहरू पनि प्रशस्त छन्। पहिले कम जनसंख्या भएको यस जिल्लामा औलोको कारणले अधिराज्यका अन्य जिल्लाबासीहरू श्रमिकको रूपमा यहाँ नआउने हुँदा भारतबाट प्रशस्त श्रमिकहरू ल्याइने गरिन्थ्यो। तर औलो हट्नु र यातायात पनि सुगम बन्न जाँदा अन्य जिल्ला-बासीहरू पनि यहाँ रोजगारको निम्ति आउन थालेका छन् जसले गर्दा भारतबाट आउने श्रमिकहरूको संख्या क्रमशः घट्दै जाने सम्भावना छ। स्वदेशमा जन्म भएकाहरूमा जनकपुर अञ्चलका १,५६,२९३; सगरमाथा अञ्चलका ५,२८५; बागमती अञ्चलका २,४६८; नारायणी अञ्चलका २,०९४ र अन्य अञ्चलहरूका १७६ मात्र छन्। स्वदेशमा जन्मेकामध्ये जनकपुर अञ्चलमा जन्मेकालाई छोडी अधिराज्यका बाँकी अन्य अञ्चलहरूमा जन्मेकाहरूको संख्या १०,०२३ छ भने भारतमा जन्मेकाको मात्र संख्या ९,२१० र विदेशमा जन्म भएकाहरूको कुल संख्या ९,२२५ छ।

यहाँका बहुसंख्यक जनता हिन्दू धर्मका अनुयायी छन्। त्यसपछि इस्लाम तथा बौद्ध धर्मका अनुयायी-हरू छन्। जनकपुर अञ्चलका अन्य तराई जिल्लामा झैं यहाँ पनि हिन्दू धर्म पछि दोस्रो प्रमुख धर्मको रूपमा इस्लाम नै देखापर्दछ।

यस जिल्लामा जम्मा ५७ गाउँ पञ्चायतहरू छन्। गाउँ पञ्चायतहरूको नाम र जनसंख्या तलको तालिकामा दिइएको छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. अवरुली	२,३२४	२. आरही	३,५०६
३. ईश्वरपुर	६,६२९	४. करमैया	३,०३१
५. कविलासी	४,५३१	६. किसुनपुर	१,८१५
७. कोदेना	३,४१३	८. खुटौना	१,९१७
९. खोरिया भगवानपुर	२,२०२	१०. गङ्गापुर सीतापुर	३,९५८
११. गिरीया सहोदवा	२,१३२	१२. चन्द्रनगर	४,०१६
१३. जमुनिया	४,१६३	१४. जब्दी	३,३०४
१५. धनकौल	१,५०४	१६. धनगढा	३,६२५
१७. धरमपुर भाँडसर	२,१७७	१८. नयाँ गह्वरिया	२,६०८
१९. नेत्रगञ्ज	२,३४२	२०. पडरिया	३,१९९
२१. पत्थरकोट	२,६००	२२. परवानीपुर	२,१९६
२३. पिडारी	१,६२३	२४. पिपरिया	३,१४१
२५. पँगी विष्णुपुर	५,३५७	२६. पोखरिया	२,३१३
२७. फरहदवा	२,०७८	२८. फूलपरासी	१,७३९
२९. बग्दह	३,१३९	३०. बत्रौल	२,३०४
३१. बवरगञ्ज	४,६०६	३२. बरहथवा	७,०००
३३. ब्रह्मपुरी	३,१८२	३४. वेला	२,२५१
३५. बेलही	२,०४३	३६. भेलही	२,८४६
३७. मलङ्गवा डुमरिया	२,८८४	३८. मुसौली	२,१९०
३९. मोतिपुर	१,८४२	४०. रानीगञ्ज	२,११६
४१. लक्ष्मीपुर कोद्राहा	३,००२	४२. लक्ष्मीपुर (सर्लाही)	२,८१७
४३. लालबन्दी	२,४६४	४४. लौकट	१,४८८
४५. सक्रोल	२,३५३	४६. सलेमपुर	४,०५२
४७. सागरनाथ	१,७५३	४८. सासापुर	२,०६३
४९. सिमरा	३,८४७	५०. सिसौटिया	४,६४१
५१. सुन्दरपुर	४,२६०	५२. श्री पुर	२,०१६
५३. हनुमान नगर छपकैया (?)	३,०८७	५४. हरिपुर	३,३६६
५५. हरिवन	८,७७५	५६. हेमपुर	३,७५४
५७. त्रिभुवन नगर	१,८९६		

उपर्युक्त तथ्याङ्कबाट जिल्लाको सबभन्दा बढी जनसंख्या (८,७७५) भएको गाउँ पञ्चायत जिल्लाको उत्तरी भागमा महेन्द्र राजमार्गको नजीकै रहेको हरिवन गाउँ पञ्चायत देखापर्दछ भने सबभन्दा कम जनसंख्या (१,४८८) भएको लौकट गाउँ पञ्चायत जिल्लाको दक्षिण पश्चिममा रहेको देखिन्छ। जिल्लामा ५,००० भन्दा बढी जनसंख्या भएका पञ्चायतहरूमा क्रमशः हरिवन (८,७७५), बरहथवा (७,०००), ईश्वरपुर (६,६२९) र पँगी विष्णुपुर (५,३५७) आउँछन्। पँगी विष्णुपुर बाहेक बाँकी तीन पञ्चायतहरू पहिले नङ्गल रहेको क्षेत्रको छेउ छाउमै अवस्थित छन्। जिल्लाका नौ पञ्चायतहरू मात्र महेन्द्र राजमार्गसँग जोडिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

था राजमार्गभन्दा उत्तरमा रहेका छन्। बाँकी ४८ पञ्चायतमध्ये धेरैंजसो जिल्लाको मध्य तथा दक्षिणी भागमा केन्द्रित छन्।

जिल्लाको सदरमुकामको साथै अन्य धेरैंजसो पुराना बसोबास भएका पञ्चायत मध्य तथा दक्षिण भागमा लखनदेई र झिम नदीको बीचमा अवस्थित छन् र यस्ता पञ्चायतहरूको संख्या २५ छन्। महेन्द्र राजमार्गको दक्षिण र लखनदेई नदीको पश्चिममा जम्मा १२ पञ्चायत मात्र छन् र कालिन्जोर खोला र झिम नदीको पूर्व र महेन्द्र राजमार्गदेखि दक्षिणमा जम्मा ११ पञ्चायत मात्र छन्।

जनजीवन

विभिन्न जातजाति यस जिल्लामा बसोबास गरेका छन् भन्ने कुरो अगाडि नै उल्लेख भइसकेको छ। मकवानपुरमा सेन राज्यको स्थापना हुनुअघि यस जिल्ला र अन्य वरपरका जिल्लाहरूमा पनि तराईको मैदान भागमा अनिवार जातिका लडाकु र कृषक ब्राह्मणहरूको बसोबास र पहाडतिर मुर्मीहरूको बसोबास थियो भन्ने कुरो ह्यामिल्टनको नेपालको वर्णनबाट थाहा हुन्छ । अनिवारहरू पछि कहाँ गए वा तिनीहरूको भाषा कस्तो थियो भन्ने कुरो पत्ता लागेको छैन। मुर्मीहरू पनि कता लागे, तिनीहरूको धर्म र भाषा कस्तो थियो भन्ने कुरो पनि थाहा हुन सकेको छैन। मुर्मी र अनिवारहरूको विषयमा हालसम्म कसैले केही अनुसन्धान गरेको देखिदैन। यहाँका तामाङहरू यस जिल्लामा कहिलेदेखि बसोबास गर्दै आएका हुन् र काठमाडौंको उत्तरमा पर्ने जिल्लाहरूका तामाङ र यहाँका तामाङहरूको संस्कृति र परम्परागत रीतिरिवाजमा केही अन्तर छ छैन भन्ने कुरो पनि यहाँका तामाङहरूको संस्कृतिको अध्ययन नभएसम्म यसै भन्न सकिन्न। केही दशक अघिसम्म पनि औलोको प्रकोप तथा प्रशस्त वन जङ्गल तथा वन्यपशुहरू रहेको यस जिल्लामा धेरैंजसो गाउँ बस्तीहरू दक्षिणतिरै सीमित थिए र त्यहाँ भारततर्फबाट आई पहिलेदेखि बसोबास गर्नेहरूको संख्या नै धेरै थियो । यस जिल्लामा अझै पनि दक्षिणतिरका पुराना गाउँ बस्तीमा भारतीय मूलका निवासीहरूको बाहुल्य छ।

वि. सं. २०११ देखि जनकपुर अञ्चलका पहाडी जिल्लाका बाढी-पीडित र दैवी प्रकोपबाट पीडित-हरू यहाँ आई बसोबास गर्न थालेदेखि वन जङ्गल क्षेत्र पनि घट्दै गयो र नयाँ बसोबास बढ्न लाग्यो। त्यसपछि औलो प्रायः उन्मूलन भएको र महेन्द्र राजमार्ग समेत बन्न गएको हुँदा यहाँ अधिराज्यका अन्य अञ्चल र जिल्लाबाट पनि आप्रवजनको बेग बढ्न गयो। अझै पनि जिल्लाको जनसंख्या खासगरी झिम र लखनदेई नदीको बीचको मध्य तथा दक्षिणी भाग मै केन्द्रित छ। जिल्लाको मध्यपश्चिमी भाग र उत्तरी भागहरूमा अझै पनि वन जङ्गल ज्यादा र गाउँ बस्ती कम पाइन्छ।

जिल्लाका बहुसंख्यक जात यादव, कलवार र तेलीहरू हुन्। यिनीहरू बाहेक ठाउँ ठाउँमा मैथिली बाहुन र मुसलमानहरू पनि बसेका छन्। थारूहरूको संख्या यहाँ कम छ र यिनीहरू धेरैंजसो जङ्गलको खोंचतिर बसेका छन्। यहाँका थारूहरू कोचिला जातका हुन्। बाहुन, क्षेत्री र नेवारहरू जिल्लाका विभिन्न स्थानहरूमा छरिएर बसेका छन्। चुरे पहाडको नजीकैको क्षेत्रमा तामाङहरूको बसोबास निकै छ। यहाँ स्याङदान, सिङदन, पाखृीन, लोपचन (लाप्चे), डारतेन, ठोकर, गोले, ग्लान, ऐनजन आदि थरहरू भएका तामाङहरू ज्यादा छन्। केही संख्यामा गुरुङ र मगरहरूको पनि बसोबास पाइन्छ। आप्रवजनबाट जिल्लाको उत्तरी तथा मध्यभागमा पनि नयाँ बसोबास हुन थालेपछि पहाडबाट झरेकाहरूको संख्या बढ्दै गएको छ। त्यसैले यहाँ नेवार, बाहुन, क्षेत्री, तामाङ, मगर आदिको संख्या पनि बढेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाहाड पर्व

यहां विभिन्न जात जातिको बसोबास भएको हुंदा चाहाड पर्वमा पनि विविधता पाइन्छ । धार्मिक परम्परा अनुसार हिन्दूहरू दशैं, तिहार, फागु (होली), छठ, कृष्णाष्टमी, झुलन आदि मनाउँछन् भने मुसलमान-हरूको मुख्य चाड इद र मुहर्रम हुन् ।

अधिराज्यका अन्य ठाउँमा झैं यहाँ दशैं र तिहार ठूलो उत्साहका साथ मनाइन्छन् । दशैंमा नौ दिनसम्म दुर्गाको पूजा-आजा गर्ने र बलि चढाइन्छ । दुर्गा पूजाको विशेषतामा यहाँ दुर्गाको माटोको प्रतिमा बनाई ठाउँ ठाउँमा मेला लगाइन्छ । अर्को विशेषता झिझिया नाच हो । दशैंताका बोक्सीहरू सक्रिय रहन्छन् भन्ने विश्वास यहाँका महिलाहरूमा पाइन्छ । तसर्थ बोक्सीहरूको कुप्रभावलाई हटाउन गाउँ गाउँमा कन्याकेटीहरू सानो सानो समूह बनाई बेलुकीपख जाली जस्तो प्वाल प्वाल परेको माटोको गाग्रो टाउकोमा बोकी सडक सडक नाच्दै घुम्दछन् । त्यो गाग्रोभित्र तेलको एउटा सानो टुकी बालिएको हुन्छ । नाच्दा केटीहरू दुवै हातले थपडी बजाई गीतको ताल मिलाई नाच्ने र गाउने गर्दछन् । यही नाचलाई "झिझिया नाच" भनिन्छ । यसरी नाच्न निकै गाह्रो हुन्छ र राम्रो अभ्यासको आवश्यकता पर्दछ । यसरी नाच्ने समूह घर घरभित्र गएर पनि नाच्दछन् र घरका मान्छेहरूले गाग्रो भित्रको बत्तीमा तेल थपिदिने चलन छ ।

अधिराज्यका अन्य ठाउँमा झैं यहाँ पनि दशैंमा महाकालीलाई बलि दिने, विजया दशमीमा आफ्ना मान्यजनहरूबाट टीका लगाउने र तिहारमा लक्ष्मी पूजा गर्ने, भाइ टीका लगाउने गर्दछन् । दशैं मूल चाहाड भएकोले यो चाहाड मनाउन आफ्नो कुल घर भएको ठाउँमा जानेहरू यहाँ पनि हुन्छन् ।

कृष्णाष्टमी यहाँ निकै उत्साहकासाथ मनाइन्छ । यहाँ यादव (ग्वार) हरूको आधिक्य रहेको र यिनीहरूले आफूलाई कृष्णवंशी सम्झने गरेकाले पनि कृष्णाष्टमी ठूलो भक्तिका साथ पूर्ण धार्मिक मान्यता अनुसार मनाइन्छ । सो दिन ठाउँ ठाउँमा कृष्ण चरित्र सम्बन्धी माटाका राम्रा राम्रा मूर्तिहरू सजाइन्छन् र यस्ता ठाउँहरूमा मेला लाग्दछ । व्रत र जाग्राम बस्ने महिलाहरू कृष्ण मन्दिरमा कृष्णको दर्शन गर्न जान्छन् । यस अवसरमा कहीं कहीं मनोरञ्जनको उद्देश्यले पहलवानहरूको कुस्तीको आयोजना पनि गरिन्छ । कुस्ती हेर्न हजारौंको संख्यामा दर्शकहरू भेला हुन्छन् ।

यहाँका स्त्रीजातिहरू छठ बडो भक्तिका साथ मनाउँछन् । कात्तिक शुक्ल पक्षका दिन महिलाहरू व्रत लिन्छन् र साँझको समयमा सूर्यास्त हुने बेला नजीकको नदी वा पोखरीमा गई सूर्यलाई अर्घ्य दिन्छन् । यसलाई सकिया घाट भन्दछन् । भोलिपल्ट बिहान पनि सूर्यलाई यसै गरी अर्घ्य चढाउँछन् जसलाई भिन्सरवाघाट भनिन्छ । प्रसादमा चामलको पीठोको लड्डु जस्तो रोटी, कसार र गहुँको पीठोको खजुरी जस्तो रोटी ठेकुवा चढाइन्छ । षष्ठीको साँझ र सप्तमीको बिहान नदी वा पोखरीका किनारमा लोकगीत गाइरहेका रङ्गीबिरङ्गी लुगाले सिंगारिएका महिलाहरूको घुइँचो लाग्दछ । यसै गरी छठ मनाइन्छ ।

रङ, अबिर र मिठाइको रमाइलो चाहाड होली हो । यस दिन गाउँलेहरू मिली फोहर, पुराना लुगा-फाटा आदि जम्मागरी बाल्दछन् । यसलाई सम्वत् जलाएको पनि भनिन्छ । भोलिपल्ट घर घरमा मिठाई बनाइन्छ । अबीर, रङ खेल्दै विनोदपूर्ण गीत गाउँदै हिंडेका समूहहरू घर घर जान्छन् र त्यसरी आउनेहरूलाई खुवाउने चलन छ । होली धार्मिक दृष्टिभन्दा रमाइलो र मनोरञ्जनको चाहाडको रूपमा बडो उमङ्ग र उत्साहले मनाइन्छ । यस बाहेक रामनवमी, तीज, शिवरात्रि, जितीया इत्यादि चाहाड पनि सबैजसोले मनाउँछन् । लोक गीतमा वर्षाको साँझमा गाइने बारहमासा र हिउँदको बिहानीपख गाइने प्रभाती र नचारी गीत ज्यादै मर्मस्पर्शी र सुमधुर हुन्छन् । बारहमासामा बाह्र महीनाको वर्णन हुन्छ । नचारी मैथिलीका आदि कवि विद्यापति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तथा अन्य अनाम कविहरूद्वारा रचित शिवजी सम्बन्धी मैथिली गीत हो।

मेलाहरूमा शिवरात्रिमा लाग्ने चिताइन मेला प्रसिद्ध छ जुन हरपुरमा लाग्दछ। एक हप्तासम्म लाग्ने यस मेलामा थारू र तामाङ समुदायका युवक युवतीहरूको जमघट हुन्छ। यही मेलामा तामाङ युवक युवतीहरू आ-आफ्नो जीवन साथी पनि रोज्दछन्। चिताइनमा माघे संक्रान्तिमा पनि मेला लाग्दछ। अन्य मेलामा सागरनाथको शिव मन्दिरमा लाग्ने हरिवोधनी एकादशीको मेला पनि उल्लेखनीय छ।

जिल्लाको दक्षिणी भागमा मुसलमानहरूको बस्ती छ। मलङ्गवा, शिवनगर, भाँडसर, लक्ष्मीपुर, कोद्राहा आदि ठाउँहरूमा मसजिदहरू पनि छन्। इद र मुहर्रम जस्ता ठूला चाहाडहरू यहांका मुसलमानहरू पनि अरू ठाउँ झैं धार्मिक उत्साह र उल्लासका साथ मनाउँछन्। यहाँका मुसलमानहरूको रीतिथिति अन्य ठाउँका जस्तै समूहका मुसलमानहरूसँग मिल्दोजुल्दो छ।

सर्लाही जिल्लामा विभिन्न भाषा र रीतिरिवाज भएका विभिन्न धार्मिक सम्प्रदायका जनताहरूको बसोबास हुँदै आएको छ भन्ने कुरा माथि पनि उल्लेख भइसकेकोछ। विभिन्न सम्प्रदाय र जातिमध्ये पनि अनेक जात, थर वा समूहहरू रहेका छन् र आफ्ना जन्मगत वा परम्परागत जातीय पेशा नै अपनाइआएका छन्। गतकेही वर्षदेखि पुराना विचारधारामा पनि यहाँ निकै परिवर्तन देखिन थालेको छ। शताब्दीयौंदेखिको संकीर्ण विचारधारा यसै नहट्ने भएतापनि शिक्षाको बढ्दो प्रसार, साना तिना उद्योगहरूको शुरूवात र यातायात तथा सञ्चारको बढ्दो सुविधाले गर्दा यहांका निवासीहरूमा आपसी सहयोग र मित्रता बढ्दै गएको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

सर्लाही जिल्लाको आर्थिक गतिविधि कृषि क्षेत्रबाटै सञ्चालित छ। यहाँ केही साना-ठूला चामल, तेल र काठका कारखानाहरू छन् तापनि बिजुली र यातायात जस्ता औद्योगीकरणका पूर्वाधारहरूको राम्रो व्यवस्था भइनसकेको हुँदा औद्योगीकरणको गतिमा तीव्रता आइसकेको छैन। हाल महेन्द्र राजमार्गको निर्माण र मलङ्गवामा बिजुली, टेलिफोन आदिको व्यवस्था हुन गएको हुँदा भविष्यमा यहाँ उद्योगहरूको संख्या बढ्दै जाने आशा राख्न सकिन्छ।

जिल्लाबासीहरूको मुख्य पेशा खेतीपाती नै हो। यहाँका कल-कारखानामा काम गर्ने, विदेशमा गई नोकरी गर्ने र व्यापारीहरूको संख्या पनि निक्कै कम छ। वि. सं. २०२८ को जनगणनाअनुसार यहाँ १० वर्षभन्दा बढी उमेर भएका काम गर्ने क्षमता भएका जम्मा १,२२,१०८ जनामध्ये ६३,७०० (५२.२ प्रतिशत) जना विभिन्न व्यवसायमा सक्रिय रूपमा लागेका छन् र बाँकी ५८,४०८ जना (४७.८ प्रतिशत) काममा लाग्न सकेका छैनन्। सक्रिय रूपमा काममा लागेकामध्ये विभिन्न पेशामा लागेकाहरूको संख्या निम्नबमोजिम रहेको छः-

पेशा	जम्मा संख्या	पुरुष संख्या	महिला संख्या
कृषि, वन र मत्स्य पालन	६०,२४७	५१,७५६	८,४९१
उत्पादन उद्योग	३८४	३६५	१९
बिजुली, पानी र ग्याँस	७	७	–
निर्माण	२४	२३	१
व्यापार	१,११६	१,००७	१०९
यातायात र सञ्चार	४६	४४	२
वित्तीय तथा व्यापार सेवा	११	११	
व्यक्तिगत वा सामुदायक सेवा	१,८६५	१,६६५	२००
सबै पेशा:–	६३,७००	५४,८७८	८,८२२

यसरी सक्रिय रूपमा लागेका ६३,७०० जना मध्ये ६०,२४७ अथवा ९४.६ प्रतिशत कृषि व्यवसायमा लागेका छन् र बाँकीमध्ये व्यक्तिगत वा सामुदायिक सेवामा लागेका र व्यापारमा लागेकाहरूको संख्या उल्लेखनीय देखिन्छ। काममा लागेका महिलाहरू (८,८२२) मध्ये कृषि व्यवसायमा लाग्ने महिलाहरू ८,४९१ अर्थात् ९६.२ प्रतिशत देखिन्छ र अन्य व्यवसायमा लाग्ने महिलाहरूको संख्या साह्रै कम देखिन्छ।

काममा लाग्न नसकेका १० वर्षभन्दा बढी उमेर भएकाहरूमा गृहिणीहरूको संख्या (४६,७९५) अत्यधिक छ। त्यसपछि बूढा बूढी (४,४३३) र विद्यार्थीहरू (३,९३७) को संख्या उल्लेखनीय छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि

उपर्युक्त तथ्याङ्कहरूबाट यहाँका निवासीहरूको जीवन-आधार कृषि नै हो भन्ने स्पष्ट हुन्छ। जनकपुर अञ्चलका जिल्लाहरूमध्ये खाद्यान्नको सबभन्दा बढी आधिक्य रहने जिल्ला सर्लाही हो र यहाँ प्रतिवर्ष करीब १८ हजार मेट्रिक टन अनाज बचत हुन आउँछ। यहाँको कृषि-योग्य जमीनको क्षेत्रफल यकीन गर्न केही कठिनाइ पर्दछ किनकि पुनर्वास र जङ्गल फडानीले गर्दा खेती गरिने जमीन बढ्दै गएको छ तर वि. सं. २०२३ देखि २०२४ सम्मको नापीबाट देखिएको खेती-लायक जमीनका किसिम र क्षेत्रफल निम्नबमोजिम छन्:-

धनहर (खेत)			भिट (पाखो)	
अब्बल	६,४२८ – – ८ बिघा		अब्बल	२६,०४१ – ७ – ८½ बिघा
दोयम	२६,६९२ – ९ – १७½ बिघा		दोयम	८६६ – ९ – ३ बिघा
सिम	४,५६८ – १९ – १०½ बिघा			
चाहार	३४१ – ४ – १९ बिघा		पाखो जम्मा:	२६,९०७ –१६– ११½
खेत जम्मा:–	४१,०३० –१५– १५ बिघा			

यसरी यहाँ नापी भएको खेती-लायक जमीनको कुल क्षेत्रफल ६७,९३८ बिघा १२ कट्ठा ६⅓ धुर अर्थात् करीब ४६,१९९ हेक्टर छ जसमध्ये करीब ६०.४ प्रतिशत धान खेतहरू छन्। जिल्लाको कुल क्षेत्रफल १,०५,- २०० हेक्टरमध्ये करीब ४३.९ प्रतिशत जमीन खेती-योग्य रहेको देखिन्छ। तर दर्ता नभएको करीब १,२२४ हेक्टर (१,८०० बिघा) मा पनि खेती भएको अनुमान गरिन्छ। जिल्लामा वन फडानी र पुनर्वासको कारण- बाट दर्ता नभएका र नापी नभएका जमीनहरूको यकीन हुन नसक्दा कृषिले ढाकेको भू-भागको निश्चित क्षेत्र- फल थाहा हुन सकेको छैन। तर वन फडानी नियन्त्रित भइसकेको हुँदा यस्तो अनिश्चितता रहिरहने छैन। नापी भएकै जमीनलाई आधार मानेमा यस जिल्लामा प्रत्येक परिवारलाई औसत १.३ हेक्टर आबादी जमीन पर्न आउने देखिन्छ। कुल जनसंख्या र खेती-लायक जमीनको अनुपात करीब ३.८:१ हुन आउँछ अर्थात् प्रत्येक १० हेक्टरमा ३८ व्यक्तिहरूको खेतीपाती रहेको छ।

यस जिल्लामा भूमिसुधार लागू भएपछि जम्मा ११८ बिघा हद बन्दीभन्दा बढी जमीन देखिएको थियो र सोमध्ये करीब ४९ बिघा बिक्री वितरण भइसकेको छ। भूमिसुधार अन्तर्गत ऋण निश्चित गर्ने कार्यक्रममा जिन्सी करीब २१,७३३ मन (करीब ८११ मेट्रिक टन) र नगद रू. ७,६०,२४१। ऋण निश्चित भएको थियो र साहूलाई तिर्नु नपर्ने गरी ऋण मुक्त भएको जिन्सीमा करीब २,६९३ मन (करीब १०० मेट्रिक टन) र नगदमा रू. २,३५,८२३। थियो। अनिवार्य बचत सङ्कलनको सिलसिलामा जिन्सीमा करीब ९३,१४२ मन (करीब ३,४७४ मेट्रिक टन) र नगदीमा जम्मा रू. ४,७६,८५४। असूली भएको र त्यसमध्ये रू. ७,२७,८५१। (जिन्सी बाट प्राप्त रकम समेत गरी) तत्कालीन भूमिसुधार बचत संस्थानमा जम्मा भएको थियो। उक्त रकमबाट नै ब्याज वितरण र अन्य खर्च बाहेक किसानहरूलाई ऋण लगानी पनि भएको छ। यस जिल्लामा जम्मा ११,८१५ जनाले मोहियानीहकको प्रमाण पत्र पाएका छन्। जिल्लामा विभिन्न परिमाणमा जमीनहरू भएका जग्गा धनीहरू जम्मा ३३,०८४ जना छन् र तिनीहरूको विवरण निम्नबमोजिम छ:-

२८ बिघाभन्दा बढी जमीन हुने जग्गाधनी संख्या	१६
१५ बिघादेखि २८ बिघासम्म जमीन हुने जग्गाधनी संख्या	२१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१० बिघादेखि १५ बिघासम्म जमीन हुने जग्गाधनी संख्या	४२९
चार बिघादेखि १० विघासम्म जमीन हुने जग्गाधनी संख्या	२,५१८
चार बिघाभन्दा कम जमीन हुने जग्गाधनी संख्या	२९,९०८

यसरी चार बिघाभन्दा कम जमीन हुने साना किसानहरूको संख्या यहाँ अत्यधिक रहेको देखिन्छ। जिल्लाको कृषि उत्पादन यस्तै साना किसानहरूमै भरपर्ने हुँदा यहाँ कृषि ऋण तथा अन्य सहूलियतहरू साना किसानहरूलाई पुर्‍याउने व्यवस्थाको ठूलो महत्व देखिन्छ।

आर्थिक वर्ष २०३०।०३१ देखि यहाँ निश्चित कूत लागू गरिएको छ। कूत निर्धारण निम्न-बमोजिम गरिएको छः–

धनहर (खेत)		भिट (पाखा)	
किसिम	प्रतिबिघामा निर्धारित कूत	किसिम	प्रति बिघामा निर्धारित कूत
अब्बल	१५ मन धान	अब्बल	आठ मन २० सेर मकै
दोयम	११ मन २० सेर धान	दोयम	छ मन २० सेर मकै
सिम	आठ मन २० सेर धान	सिम	चार मन २० सेर मकै
चाहार	पाँच मन २० सेर धान		

यसरी कूत निर्धारण भएबाट मोहीहरूलाई निकै फाइदा पुग्न जाने र कृषि उत्पादनमा पनि वृद्धि हुन जाने सम्भावना बढ्न गएको छ। यहाँ भूमि प्रशासन लागू भइसकेको छ र यहाँ मौजा प्रथा खारेज भइसकेको हुँदा मालपोत पनि सोझै कोष तथा तहसील कर्यालयले उठाउँछ। त्यसले गर्दा यहाँ जिमीदार, पटवारी आदिले रैतीसँग मालपोत बुझी मालमा बुझाउन ल्याउने प्रथाको पनि अन्त्य भइसकेको छ।

यहाँ लगाइने खाद्यान्न बालीहरूमा धान, गहुँ, मकै, जौ तथा रहर, खेसरी, मसुरी, चना जस्ता दलहन र नगदेबालीमा सुर्ती, उखु तथा तोरी, सर्स्यूं जस्ता तेलहनहरू प्रमुख छन्। आर्थिक वर्ष २०२७।०२८ देखि २०२९।०३० सम्ममा विभिन्न बालीले ढाकेका क्षेत्र तथा बाली उत्पादन तलको तालिकामा प्रस्तुत गरिएको छः–

क्षेत्र र उत्पादनको तालिका

वर्ष	२०२७।०२८		२०२८।०२९		२०२९।०३०	
बाली	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
धान	४२,२००	७१,७४०	४२,०००	७९,८००	४१,०००	६१,५००
मकै	७,१००	१२,४६६	७,२००	१२,४५६	४,५५७	८,३६६
गहुँ	३,३००	१,८१५	३,६००	२,००५	५,०००	५,३००
कोदो	१,०५०	५७७	–	–	१,०००	५५०
जौ	२८०	२२४	–	–	२७५	२२०
सबै खाद्यान्न बाली	५३,९३०	८६,८५२	–	–	५१,८३२	७५,९३६
नगदेबाली						
आलु	३५०	२,२५७	–	–	३५०	२,३४५
तेलहन	२,८००	८६८	–	–	५७५	१,७०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्लाही

सुर्ती	२७५	२०६	–	–	२८५	२१७
उखु	६०	१,५३०	–	–	६५	१,६१५
सनपाट (जूट)	३५	२८	–	–	३७	३३
सबै नगदे बाली	३,५५०	४,८६२	–	–	१,३४२	५,६१६

उपर्युक्त तालिकाअनुसार २०२७।०२८ को दांजोमा २०२६।०३० मा धान बालीले ढाकेको क्षेत्रमा र धान उत्पादन दुवैमा केही कम भएको देखिन्छ। गहुँमा भने बाली क्षेत्र ३,३०० हेक्टरबाट बढेर ५,००० हेक्टर पुगेको र उत्पादनमा १,८१५ मेट्रिक टनबाट बढेर ५,३०० मेट्रिक टन पुगेको देखिन्छ। मकै, कोदो र जौमा भने धानमा जस्तै ह्रास आएको देखिन्छ।

यहां उखु र सुर्तीको खेती बढ्दै गएको छ। खासगरी जनकपुर चुरोट कारखानाको स्थापना र त्यस कारखाना र सुर्ती विकास कम्पनीले सुर्ती खेतीलाई प्रोत्साहित गर्न विभिन्न किसिमका सहूलियत र सुविधा दिने गरेको हुँदा सुर्ती खेतीमा निक्कै वृद्धि हुन गएको छ। उखुको साथै सक्खर पनि प्रायः भारततर्फ निकासी हुन्छ। तेलहन र आलु पनि भारततर्फ निक्कै मात्रामा निकासी हुन्छ। यहाँ प्रतिवर्ष करीब १८ हजार मेट्रिक टन खाद्यान्न खपत नभई बचन जाने हुँदा यहाँबाट धान, दाल तथा अरू अनाज प्रशस्त मात्रामा भारततर्फ निकासी गरिन्छ। ठूला नदीहरू नभए पनि सानातिना नदी र खोलाहरूबाट सिंचित हुने सर्लाहीमा हमेसा खडेरी वा बाढीकै पनि समस्या आउँदैन र यहाँको उत्पादन पनि राम्रो छ। जनकपुर अञ्चलका तराई जिल्लाहरूमध्ये प्रतिहेक्टर धानको उब्जनी यहाँ सबैभन्दा बढी हुन्छ।

खेतीमा यहाँ प्रायः ज्याला मजूरी दिई काम लगाउने चलन रहेको छ। पहाडी जिल्लाहरूमा जस्तो एक अर्कालाई सघाउने चलन यहाँ छैन भने पनि हुन्छ। लोग्ने मान्छे वा स्वास्नी मान्छे दुवैलाई काम लगाउँदा दिन भरीको पाँच सेर धान र खाजाको लागि आधा सेर पीठो, रोटी अथवा भुजा दिने चलन छ।

यहाँ धानको प्रायः दुई बाली लगाइन्छ। धान जेठदेखि भदौसम्ममा लगाई साउन, भदौ र असोज सम्ममा गोडी मंसीर-पुसमा भदई धान र भदौ–असोजतिर वर्षे धान काटिन्छ। गहुँ, जौ, खेसरी, मसुरी आदि कात्तिकदेखि मंसीरसम्ममा लगाई पुस–माघतिर गोडी वैशाखसम्ममा काटिन्छ। तोरी कात्तिकमा लगाई माघ–फागुनतिर काटिन्छ। उखु माघ–फागुनमा लगाई पुस-माघतिर काटिन्छ। सुर्ती साउन-भदौतिर लगाई पुसतिर गोडी पुस–माघतिर काटिन्छ।

पशु पालन

यस जिल्लामा पालिने पशुहरूमा मुख्यतः गाई, गोरु, भैंसी, बाख्रा, सुंगुर, बंगुर तथा केही संख्यामा घोडा हुन्। पाल्तु चराहरूमा कुखुरा, हाँस र परेवा ज्यादा पाइन्छन्। गोरुहरू जोत्नको लागि उपयोग गरिने हुँदा प्रायजसो सबै कृषकहरू गाई, गोरु पाल्दछन्। दूध, घ्यूको लागि गाईको साथै भैंसी पनि पालिन्छन्। बाख्रा, सुंगुर, बंगुर तथा कुखुरा, हाँस र परेवा मासुको लागि पालिन्छन्। यस्ता पशु-वस्तुहरूबाट केही नगद आम्दानी हुनाको साथै तिनीहरूको मल-मूत्र पनि मलको रूपमा उपयोग गर्ने चलन भएकोले त्यसै उद्देश्यले पनि पशु-पक्षीहरू पालिन्छन्। त्यसैले हरेक खेतीवालको घरमा एक हल गोरु, गाई, भैंसी वा खसी, बाख्राहरू पाल्ने चलन छ। खसी, बाख्रा, भैंसी र राँगाहरू यहाँबाट भारततर्फ पनि निकासी हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहां केही मात्रामा माछा पालन पनि गरिन्छ। खास गरी पोखरीहरूमा माछा पाल्ने गरिन्छ र स्थानीय हाट बजारमै माछाहरू विक्री गरिन्छन्। वि. सं. २०२६ सालदेखि जब्दी गाउं पञ्चायतमा एउटा पशुचिकित्सालय पनि स्थापना भएको छ। यस चिकित्सालयले गौगोटी र भ्यागुते रोगको रोकथामको लागि खोपाउने र अन्य साधारण उपचार गर्ने गरिआएको छ।

पशुपालनको विकासको लागि कृषि विकास कार्यालयले यहाँ उन्नत जातका गाई, भैंसी, साँढे, रांगो आदिको विक्री वितरण गरेको छ। त्यस्तै उन्नत जातका कुखुरा, माछाका भुरा र बंगुरहरू पनि विक्री वितरण गरिएका छन्। यस सम्बन्धी प्रचार तथा प्रसार कार्यहरू पनि भइरहेको छ।

फलफूल तथा तरकारी खेती

यहां आंप, अम्बा, केरा र शरिफा प्रशस्त पाइन्छ। साथै लिची, कटहर आदि पनि पाइन्छन् तर फलफूल खेतीलाई नै मुख्य पेशा बनाई खेती गर्ने चलन आइसकेको छैन। खाद्यान्नको कमी नहुने हुंदा फलफूल खेती गर्ने र फलफूल निकासी गरी आर्थिक अवस्था सुधार्ने मनोवृत्ति फस्टाइसकेको छैन। तर महेन्द्र राजमार्ग निर्माण भइसकेको हुंदा अधिराज्यका अन्य जिल्लामा फलफूल निकासी गर्न सकिने सम्भावना रहेको र भारत-तर्फ पनि निकासी गर्न कठिन नपर्ने हुँदा यहाँ फलफूल खेतीको भविष्य राम्रो छ। कृषि विकास कार्यक्रम अन्तर्गत आँप, लिची र केराका विरुवाहरू किसानहरूलाई विक्री वितरण गरिएको छ।

यहाँ घरको वरपर साना-ठूला तरकारी बारीहरू राख्ने र निजी उपभोगको साथै हाट बजारमा लगी बेच्ने उद्देश्य राखी केही मात्रामा तरकारी खेती गरिन्छ। आलु, प्याज, खुर्सानी, हलेदो र सखरखण्डको खेती अलि ठूलो मात्रामा गरिन्छ र यी वस्तुहरू धेरैजसो भारततर्फ निकासी गरिन्छ।

महेन्द्र राजमार्गको छेउमा पर्ने नवलपुरमा वि. सं. २०२९ मा एउटा वृहद् बागबानी केन्द्र खोलिएको छ। करीब ३०० हेक्टर (६,००० रोपनी) क्षेत्रफल भएको यस केन्द्रमा विभिन्न जातका फलफूल, तरकारी र फूलका विरुवाहरू लगाइएका छन्। वन फडानी गरी बसालिएको हुंदा यस केन्द्रको पूरा जमीनमा खेती भइसकेको छैन र जिल्लामा यसको प्रभाव पूर्णरूपमा परिसकेको छैन तापनि यसबाट जिल्लाबासीहरूलाई फलफूल र तरकारी खेती गर्न उन्नत तरीकाको प्रयोगको ज्ञान र उन्नत बीउ र बोट विरुवा आदि उपलब्ध हुंदा निकट भविष्यमा यस केन्द्रले निक्कै फाइदा पुऱ्याउन सक्ने देखिन्छ। यहाँ हालसम्म आँप, भोगटे, निबुवा, कागती, ज्यामिर, भूइँकटहर आदिको विरुवा र फलफूल उत्पादन गर्न थालिएको छ र आलु, गोलभेंडा लगायत अन्य तरकारीहरू पनि उत्पादन हुन थालेको छ। यहाँ उत्पादित गोलभेंडा वीरगञ्ज र काठमाडौंका बजारसम्म पुग्नथालिसकेको छ। यो बागबानी केन्द्रमा विभिन्नथरीका गुलाफका बोटहरू पनि लगाइएका छन्।

यसरी यस केन्द्रमा विभिन्न किसिमका फूल, फलफूल र तरकारी खेतीको परीक्षण चलिरहेको छ।

सिचाइ

यहां तीन किसिमबाट सिचाइ गरिन्छ। पहिले नदी खोलाहरूमा बांध बनाई त्यसबाट पक्की सिचाइ कुलोहरूद्वारा, दोस्रो कच्ची कुलोहरूद्वारा र तेस्रो तरीका पम्पद्वारा भूमिगत जल निकालेर। पम्पद्वारा सिचाइ गर्ने चलन भर्खरै शुरू भएको हो र अझै व्यापक भइसकेको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाका अधिकांश गाउँहरूमा सिचाइको सुव्यवस्था हुन सकेको छैन तापनि केही गाउँहरूमा कच्ची कुलोहरूद्वारा पहिलेदेखि सिचाइ हुँदै आएको छ। कच्ची कुलोबाट सिचाइ हुने गाउँ पञ्चायतहरू ईश्वरपुर, किसनपुर, चन्द्र नगर, जब्दी, बरहथवा, सलेमपुर आदि हुन्। रोपाइँको बेला अस्थायी बाँध र कच्ची कुलोद्वारा धेरैजसो ठाउँमा सिचाइ गरिन्छ।

मनुस्मार नदीमा बनेको वसवरिया बाँधद्वारा जिल्लाको एक मात्र पक्की सिचाइ कुलोको व्यवस्था भएको छ र यसबाट लोकट, सिसौटिया, बग्दह गाउँ पञ्चायतमा केही क्षेत्रमा वर्षभरी सिचाइ गर्न सकिन्छ।

केही गाउँहरूमा पाइप गाडी डिजेल तेलबाट चल्ने पम्पहरूबाट भूमिगत जल निकाली सिचाइ सुविधा दिने काम गत केही वर्षदेखि श्री ५ को सरकारले शुरू गरेको छ। खेतहरूमा पानी पुऱ्याउने कुलोहरूको राम्रो व्यवस्था नहुँदा र पम्पहरू डिजेल तेल नपाइँदा या बिग्रेको बेलामा तुरुन्त मर्मत हुन नसक्दा यसबाट पुऱ्याउन सकिने सुविधा पूर्णरूपले अझै दिलाउन नसके तापनि यस्तो तरीकाको प्रयोगबाट सिचाइमा अनुकूल प्रभाव पर्न गएको छ। खुटौना, सिमरा, कोडेना, लक्ष्मीपुर, सर्लाही, वीरनगर, शिवनगर, मननपुर, औरही, सलेमपुर र विष्णुपुर पञ्चायतका करीब ४७६ हेक्टर (७०० बिघा) जमीनमा पम्पद्वारा सिचाइ हुने व्यवस्था भएको छ।

कृषि तथ्याङ्क २०२८ अनुसार यस जिल्लाको २७,४१६ हेक्टरमा सिचाइ हुन सक्ने देखिन्छ र आर्थिक वर्ष २०२४।२५ मा करीब १,१९९ हेक्टरमा मात्र सिचाइको व्यवस्था रहेको थियो।

कृषि विकास

यहांको कृषि व्यवस्थामा परम्परागत औजार तथा तरीकाहरू नै उपयोग गरिन्छन् र गत केही वर्ष-देखि मात्र आधुनिक उन्नत औजार,उन्नत तरीका, उन्नत बीउ र रासायनिक मलहरूको उपयोग गर्न थालिएको छ।

स्थानीय हलो, कोदालो,हँसिया, खुर्पी जस्ता परम्परागत औजारहरू नै अझै पनि अधिकांश कृषकहरू उपयोग गर्दछन्। हालसालै कृषि विकास कार्यक्रम अन्तर्गत कृषि खरीद विक्री संस्थान, बहुमुखी सहकारी संस्थाहरू र अधिकृत विक्रेताहरूद्वारा सुधारिएका हलो, रेक, स्प्रेयर, ट्रेक्टर र पम्पहरूको विक्री वितरण हुन थालेको छ।

पशुपालन, माछापालन, फलफूल खेती र अन्य खाद्यान्न तथा नगदेबाली खेतीको विकासको लागि उन्नत जातका पशु-पक्षीहरू, माछा, बोट विरुवा, उन्नत बीउ, कीटनाशक औषधि र रासायनिक मल आदि पनि कृषि विकास कार्यालय, कृषि खरीद विक्री संस्थान, बहुमुखी सहकारी कार्यालय आदिको संयुक्त सहयोगबाट जिल्लाबासीहरूलाई उपलब्ध भइआएको छ।

कृषि खरीद विक्री संस्थानले प्रकाशित गरेका तथ्याङ्क अनुसार यहाँ सन् १९६८।६९ (वि.सं. २०२५।०२६) मा १४० मेट्रिक टन रासायनिक मलहरूको खपत भएको थियो भने सन् १९७२।७३ (वि. सं. २०२९।०३०) मा ४५६ मेट्रिक टन मल खपत हुन गएको देखिन्छ। यसरी पाँच वर्षको अवधिभित्र विभिन्न किसिमका रासायनिक मलको खपतमा २२६ प्रतिशतको वृद्धि हुन गएको छ। उक्त संस्थानको तथ्याङ्कअनुसार २०२५।०२६ मा सर्लाहीमा ८५.५ मेट्रिक टन उन्नत बीउ खपत भएको थियो भने २०२९।०३० मा ११२.४ मेट्रिक टन उन्नत बीउ खपत हुन गएको थियो। यसरी २०२५।०२६ को तुलनामा २०२९।०३० मा धान, मकै र गहुँको उन्नत बीउको खपतमा ४४.४ प्रतिशत वृद्धि भएको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि खरीद विक्री संस्थानकै तथ्याङ्कअनुसार वि. सं. २०२६।०२७ मा रू. ३५,७८१। बराबरका कृषि औजारहरू यहाँ विक्रि वितरण भएका थिए। त्यसपछि २०२७।०२८ देखि २०२९।०३० सम्ममा क्रमशः रू. ११,७०२१; रू. ३६,२७०। र रू. १०,२२३। बराबरका कृषि औजार तथा उपकरणहरू (जसमा पम्प आदि पनि सम्मिलित छन्) यहाँ विक्री वितरण भएका छन्। यसबाट उन्नत औजार र उपकरणहरूको खपतमा केही शिथिलता रहेको देखिन्छ। कृषि उपयोगी रासायनिक पदार्थहरू जस्तो कीटनाशक औषधि आदिहरू पनि वि.सं.२०२६।०२७ मा रू.२,८७४। बराबरको खपत भएको थियो भने प्रत्येक वर्षमा क्रमशःवृद्धि हुँदै वि.सं.२०२९।०३० मा गएर रू. ७,६०८। बराबरका औषधि इत्यादि खपत भएका थिए। वि. सं. २०२६।०२७ को दाँजोमा २०२९।०३० मा यस्ता औषधि र अन्य रासायनिक पदार्थहरूको खपतमा करीब १६५ प्रतिशतको वृद्धि भएको देखिन्छ तापनि जुन रकम बराबरका रासायनिक पदार्थहरू विक्री भएका छन् सो रकम निक्कै थोरै रहेको हुँदा रासायनिक मल र कृषि औजारको दाँजोमा कृषि उपयोगी रासायनिक पदार्थहरूको यहाँ निक्कै कम प्रयोग भएको देखिन्छ। जिल्लाबासीहरूलाईकृषि विकास कार्यक्रमअनुसार पम्प, आधुनिक औजार, उन्नत बीउ र तरीका, कीटनाशक औषधि र रासायनिक मल आदिको प्रयोगबाट हुने फाइदाको व्यापक प्रचार र प्रसार आदि काम हुँदैआएको छ। यस्तो कामको लागि प्रचार प्रसार कार्यकर्ताहरू सक्रिय पनि रहेका छन्। गत केही वर्ष यतादेखि रासायनिक मल, कीटनाशक औषधि जस्ता आधुनिक कृषिका आवश्यक चीजबीजको माँग बढ्न गएको छ। यसरी सर्लाही जिल्लामा आधुनिक कृषि तरीकाको उपयोगिता र त्यसबाट हुने लाभबाट कृषकहरू निक्कै सचेत भएका छन्।

कृषि ऋण

जिल्लामा रहेका जगाधनीहरूको कुल संख्या ३३,०८४ छ र त्यसमध्ये २९,९०८ अर्थात् ९०.४ प्रतिशत चार बिघाभन्दा कम जग्गाहुनेहरू छन्। यसरी यहाँ थोरै जग्गा हुने कृषकहरू अत्यधिक संख्यामा रहेको हुँदा उन्नत कृषिको लागि आवश्यक पर्ने उन्नत औजार तथा उपकरण, उन्नत बीउ, रासायनिक मल इत्यादि खरीद गर्ने शक्ति अधिकांश कृषक परिवारहरूमा हुँदैन। तसर्थ थोरै जमीन हुने कृषकहरूलाई खेतीको लागि आवश्यक पर्ने ऋण वेलैमा उपलब्ध गराउन सकेमा जिल्लाको कृषि उत्पादनमा वृद्धि हुन जाने कुरो स्पष्ट छ।

खेती गर्दा साना किसानहरूलाई आफ्नो खाँचो टार्न र बीउ, गोरु इत्यादि किन्न पनि ऋण लिनु पर्ने वाध्यता बराबर पर्न आउने हुँदा यहाँ परम्परादेखि चलिआएको चलनअनुसार स्थानीय साहू महाजनहरू कहाँबाट ऋण लिने गरिन्छ। गत केही वर्ष यतादेखि संस्थागत कृषि ऋणको व्यवस्था भएको हुँदा यहाँका कृषकहरूले ऋणको निम्ति साहूहरूकहाँ नै जानु पर्ने वाध्यताबाट मुक्ति पाएका छन्। सहूलियत दरमा ब्याज लिने र कृषि ऋण दिने सन्दर्भमा ऋण दिने संस्थाहरूको भूमिका महत्वपूर्ण रहेको छ। यस्ता संस्थाहरूमध्ये यहाँ सहकारी संस्था, विघटित भूमि सुधार बचत संस्थान र कृषि विकास बैंकहरूबाट कृषि ऋण दिने व्यवस्थाको शुरुआत भएको हो।

सहकारी संस्था

वि. सं. २०२० सालदेखि यहाँ सहकारी कार्यक्रम सञ्चालन हुँदै आएको छ। पहिले खुलेका अधिकांश सहकारी संस्थाहरु कतिपय कारणहरूबाट निष्क्रिय हुन जाँदा हाल जिल्लामा चारवटा सहकारी संस्थाहरू मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चलेका छन् । सबै संस्थाहरूको कुल सदस्य संख्या ११,११३ पुगेको छ र शेयरपूँजी रू. ४६,५८६। सङ्कलन भएको छ। कृषि विकास बैंकले सहकारी संस्थाहरू मार्फत सदस्य कृषकहरूलाई विभिन्न किसिमका ऋण दिंदै आएको छ र सहकारी संस्थाहरूबाट आर्थिक वर्ष २०२९।०३० मा रू. १,४६,५६३। ऋण वितरण भएको थियो।

वि. सं. २०२६ देखि यहाँ कृषि विकास बैंकको एउटा उप-शाखा कार्यालय रहेको छ। यस बैंकले सहकारी संस्थाद्वारा र सोझै पनि विभिन्न किसिमका कृषि ऋणको सहूलियत प्रदान गर्दै आएको छ। यस बैंकले स्थापना भएदेखि २०३० असोज मसान्तसम्ममा यहाँ १४,१०,३४८। ऋण वितरण गरेको छ ।

उपर्युक्त संस्थाहरूबाट जिल्लाका अधिकांश कृषकले अझै फाइदा उठाउन सकेका छैनन् र कतिपय कारणहरूले गर्दा संस्थाहरूबाट ऋण लिने बानी कृषकहरूमा बसिसकेको छैन। व्यावहारिक कठिनाइले गर्दा र शिक्षाको कमीले गर्दा संस्थाका नियमहरू र औपचारिकताका झंझटको सामना गर्नुभन्दा बानी बसिसकेको र थाहा पाइआएको चलनअनुसार बढी ब्याज तिरेर भए पनि सजिलो बाटोबाट साहूहरू कहाँ नै ऋण लिन जाने प्रवृत्ति यहाँ अझै दरिलो छ। तर संस्थाहरूको व्यापकता र व्यावहारिकतालाई विचार गरी बनेका नियमहरूको साथै शिक्षाको प्रसार हुँदै जाँदा पुरानो बानी र चलन हराउँदै जाने आशा राख्न सकिन्छ । संस्थागत कृषि ऋण सम्बन्धी अर्को समस्या म्यादभित्र किस्ता रकम नबुझाउने र यसरी ऋण नतिर्ने मनोवृत्ति हो। सामूहिक हितको लागि ऋण नतिरेमा संस्थाहरू चल्न नसक्ने कुराको ज्ञान जिल्लाका कृषकहरूमा हुँदै गएपछि यस्तो समस्या पनि हट्न जाला भन्ने आशा राख्न सकिन्छ। यसरी संस्थागत कृषि ऋणको प्रभावकारिता बढाउनको लागि साधारण किसानहरूलाई साक्षर गराउने र साधारण शिक्षा दिलाउने जस्ता कदमहरूको महत्वपूर्ण भूमिका रहेको छ ।

पुनर्वास योजना

यहाँ वन अतिक्रमण भई नयाँ बसोबास शुरू भएको कुरा माथि पनि उल्लेख भइसकेको छ। वन अतिक्रमण रोक्न र व्यवस्थित रूपमा बसोबास गराउने उद्देश्यले वि. सं. २०२६ सालमा आदर्श गाउँ पञ्चायत गङ्गापुर, सीतापुर अन्तर्गत मूर्तिया क्षेत्रमा पुनर्वास कार्यक्रम लागू गरिएको थियो। त्यस बेलादेखि हालसम्म विभिन्न किसिमका ९९ परिवारका करीब १,२०० जनालाई पुनर्वास गराइएको छ। यहाँ पुनर्वास गराइएका हरूमा दार्जीलिङ, आसामतिरबाट फर्केका प्रवासीहरू, दोलखा, रामेछाप, सिन्धुली, सर्लाही र महोत्तरीका बाढी-पीडित तथा भूतपूर्व सैनिकहरू र सर्लाही, महोत्तरी, धनुषा, रामेछाप तथा सिन्धुलीका सुकुमबासी परिवारहरू छन्।

पुनर्वास योजनाको क्षेत्रिय कार्यालय मूर्तियामा रहेको छ र यसले पुनर्वास सम्बन्धी कार्यक्रमहरूको रेखदेख गर्दछ ।

उद्योग

जनकपुर अञ्चलका अन्य तराई जिल्लाको दाँजोमा औद्योगिक क्षेत्रमा सर्लाही साह्रै पछाडि परेको छ। हुन त यातायातको कठिनाइ र बिजुलीको अभावले गर्दा औद्योगीकरणको लागि अनुकूल वातावरण यहाँ पहिले थिएन तर गत वर्षदेखि मलङ्गवामा बिजुली पुगेको र महेन्द्र राजमार्गको निर्माण पनि पूरा भइसकेको हुँदा यहाँ केही ठूला उद्योगहरू स्थापना हुन सक्ने सम्भावना बढ्न गएको छ।

वि. सं. २०२८ को जनगणनाअनुसार उत्पादन उद्योगमा लागेकाहरूको कुल संख्या ३८४ देखाइएको छ तर हाल जिल्लामा रहेका सानातिना उद्योगहरूमा जम्मा १,००० जना काम गर्छन् भन्ने अनुमान गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाका औद्योगिक प्रतिष्ठानहरूमध्ये चामल तथा तेल कारखाना प्रमुख छन्। यहां २५ अश्व शक्ति (हर्सपावर) भन्दा बढीको एउटा मात्र चामल कारखाना छ। अन्य साना चामल कारखानाहरूको संख्या ७९छ। चामल कारखानासँग जोडिएको तेल पेल्ने मिलहरूको संख्या ३० छ। यस जिल्लामा खाद्यान्नको आधिक्य हुने हुँदा यहाँ अझ ठूला चामल तथा तेल कारखानाहरू सञ्चालन हुन सक्तछन्। यहाँबाट भारततर्फ धान र तोरी प्रशस्त परिमाणमा निकासी गरिन्छ र मलङ्गवाबाट करीब एक किलोमिटर (करीब आधा माइल) दक्षिण भारतीय सीमानामा सातवटा ठूला चामल तथा तेल मिलहरू चलिरहेका छन्। धान र तोरीको सट्टा चामल र तेल मात्र निकासी गर्न सकेमा सर्लाहीमै ठूला मिलहरू चल्न सक्तछन्।

यहां अन्य संगठित उद्योगहरूमा फर्निचर कारखाना–छ, काठ कारखाना–एक, चीनी उद्योग–एक, चिम्नी ईंट भट्टा–एक, र बिंडी कारखाना–१६ छन्।

यसरी विभिन्न किसिमका साना-ठूला १३४ औद्योगिक संस्थाहरू यहाँ चलिरहेका छन् तर जिल्लाबासीहरूलाई बढ्दो संख्यामा रोजगार दिलाई कृषि माथिको बोझ कम गर्ने दिशामा भने जिल्लामा हाल चलिरहेका उद्योगहरूले खास ठूलो योगदान अझै पुऱ्याउन सकेका छैनन्। बिजुलीको राम्रो व्यवस्था गरी ठूला उद्योगहरूको स्थापना र साना उद्योगहरूको संख्यामा वृद्धि गर्न सकेमा मात्र कृषि माथिको बोझ केही कम गर्न सकिने देखिन्छ।

घरेलु उद्योगको यहाँ खास ठूलो भूमिका छैन। संगठितरूपमा चलेको घरेलु उद्योगमा बिंडी कारखानालाई लिन सकिन्छ। बिंडी कारखानाहरूमा अन्य भन्दा ज्यादा मान्छेले नै काम गर्ने हुँदा यस्ता कारखानाहरूको वृद्धिबाट बढी रोजगारको व्यवस्था हुन सक्दछ। साधारणतया यहाँ बाँसका टोकरीहरू, खरका ढक्कीहरू बुन्ने र खुर्पी, हँसिया जस्ता सानातिना कृषि औजार बनाउने गरिन्छ। यस्ता असंगठित रूपमा रहेका घरेलु उद्योगलाई संगठित रूपमा चलाउन र यस्ता उद्योगहरूबाट उत्पादित वस्तुहरूको बिक्रीको राम्रो व्यवस्था गर्न सकेमा पनि जिल्लाबासीहरूले बढी रोजगार पाउन सक्ने देखिन्छ।

चामल तथा तेल कारखाना बाहेक उखुको बढ्दो उत्पादनलाई ध्यानमा राख्दा यहां एउटा चीनी कारखाना पनि चल्न सक्ने देखिन्छ। यहाँ रहेको उखु उद्योगमा हाल सक्खर बनाइन्छ।

अन्तःशुल्क

यस जिल्लामा चालू रहेका चामल, तेल, काठ, फर्निचर, इँट तथा बिडी कारखानाहरू गरी जम्मा १३४ औद्योगिक संस्थाहरू चालू छन् र यिनीहरू नै अन्तःशुल्कका प्रमुख स्रोतहरू हुन्। ती बाहेक मद भट्टीहरूबाट पनि अन्तःशुल्क असूल हुन्छ। २०२४ सालदेखि अन्तःशुल्क कार्यालय स्थापना भएको छ। अन्तःशुल्कबाट उठ्ने राजस्व रकम आर्थिक वर्ष २०२४।०२५ मा रू. १,५०,५८६। थियो र प्रत्येक वर्ष यसमा वृद्धि हुँदै आर्थिक वर्ष २०२९।०३० मा उठेको रकम रू. ६,३२,९३४। थियो। यसरी छ वर्षको अवधिमा अन्तःशुल्कबाट उठ्ने राजस्वमा करीब ३२० प्रतिशत वृद्धि हुन गएको देखिन्छ।

व्यापार

यस जिल्लाको व्यापारिक गतिविधि धान, मकै, दाल, उखु, सुर्ती जस्ता कृषि पैदावारको बाहिर निकासी गर्ने र भारतबाट नून, तेल, मट्टीतेल, कपडा जस्ता आवश्यक उपभोग्य समानहरूको आयात गर्नमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निहित रहेको छ। सुर्ती बाहेक अन्य नगदेबाली र खाद्यान्न मुख्यतया भारततर्फ निर्यात गरिन्छ। छिमेकका तराई जिल्लामा पनि खाद्यान्नको अभाव नरहने र यस जिल्लामा पनि वर्षेनी खाद्यान्नको आधिक्य रहने हुँदा परम्परादेखि कृषि पैदावारहरू भारततर्फ निर्यात हुँदै आएको छ। यातायातको कठिनाइले गर्दा अधिराज्यका अन्य अभावग्रस्त क्षेत्रमा निकासी हुँदैनथ्यो। महेन्द्र राजमार्ग जिल्लाको उत्तरी भागमा पर्ने र मलङ्गवा र महेन्द्र राजमार्ग जोड्ने पक्की सडक नहुँदा व्यापारको दिशा अझै बदलिएको छैन।

यस जिल्लाको व्यापार मुख्यतया जिल्लाका विभिन्न स्थानमा हप्ताका विभिन्न दिनमा लाग्ने हाट बजारहरूमै हुन्छ। निकासी हुने अनाजहरू जिल्लाका मुख्य मुख्य हाट बजारमा किनबेच भई निकासी गरिन्छन्। जिल्लाका मुख्य हाटहरू सुन्दरपुर, त्रिभुवन नगर, हरिपुर, ईश्वरपुर र विष्णुपुर हुन्। यहाँ धेरैजसो गोलागद्दीहरू छन् र केही मात्रामा थोक व्यापार पनि हुन्छ। यहाँ कुनै कुनै ठाउँमा हप्ताको दुई पटकसम्म पनि हाट लाग्दछ।

वि. सं. २०२८ को जनगणनाअनुसार व्यापारमा लागेकाहरूको संख्या १,११६ रहेको छ। व्यापारीहरूमध्ये भारतीय नागरिकहरू पनि निकै संख्यामा रहेका छन्। स्वदेशका व्यापारीहरूमध्ये नेवारहरूको संख्या उल्लेखनीय छ।

यस जिल्लाबाट भारततर्फ निर्यात हुने वस्तुहरूमा मुख्यतः धान, तोरी, मकै, दाल, सुर्ती, उखु आदि हुन्। अन्य कृषि पैदावारमध्ये खुर्सानी, आलु, प्याज, बेसार, सखरखण्ड, आलस, खर, पराल, ढुटो, सक्खर, खली पिना, सुन्तला आदि पनि निकासी गरिन्छ। त्यसमध्ये सुन्तला सिन्धुली तथा अन्य पहाडी जिल्लाहरूबाट यहाँ ल्याई निकासी गरिन्छ। यहाँबाट चिरानी काठ, काठको धूलो, फर्निचर, दाउरा आदि पनि भारततर्फ निकासी हुन्छ। भारततर्फ निकासी गरिने पशु-वस्तु तथा पशु-पैदावारमा हात्ती, टट्टु घोडा, गोरु, भैंसी, खसी, बाख्रा तथा हाड, सिङ आदि छन्। साथै केही धातु र पुराना फलाम पनि यहाँबाट भारततर्फ निकासी गरिन्छ।

भारतबाट यस जिल्लामा आयात हुने मुख्य वस्तुहरू कपडा, नून, तेल, मट्टीतेल, बिजुलीका सामान, गाई, गोरु, भैंसी, विंडी पात र सुर्तीको साथै अन्य आवश्यक उपभोग्य सामान तथा शृङ्गारका सामानहरू हुन्।

भन्सार

जिल्लाका प्रमुख आयात-निर्यात केन्द्रहरूमा भन्सार कार्यालयहरू रहेका छन्। सर्लाही जिल्लाको मुख्य भन्सार मलङ्गवामा रहेको छ। मूल भन्सार कार्यालय अन्तर्गत सात छोटी भन्सार कार्यालयहरू रहेका छन् जसमध्ये चार सर्लाही जिल्लामा र बाँकी तीन महोत्तरी जिल्लामा पर्दछन्। यस जिल्लामा छोटी भन्सार कार्यालयहरू त्रिभुवन नगर, भाँडसर, फेन्हारा र सखुवामा रहेका छन्। यहाँका विभिन्न भन्सार कार्यालयहरूबाट विभिन्न आर्थिक वर्षमा उठेका रकमहरू निम्नबमोजिम छन्ः—

आर्थिक वर्ष / भन्सारको नाम	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
सर्लाही भन्सार, मलङ्गवा	२,२२,०३०।	२,०७,४५१।	२,०८,६४४।	१,३५,८३५।
छोटी भन्सार, त्रिभुवननगर	२,६४,४२२।	२,४५,७५१।	३,५६,२१९।	१,०७,८०२।
छोटी भन्सार, भाडसर	१,४८,८०३।	१,२६,७५५।	१,१०,६७४।	८०,६८८।
छोटी भन्सार, फेन्हारा	२७,४६१।	२७,७८२।	३०,८०४।	३४,२१६।
छोटी भन्सार, सखुवा	६,७३७।	१०,६४३।	२०,६४४।	४,५२१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तथ्याङ्कहरूबाट यहाँका भन्सारहरूबाट उठ्ने राजस्व प्रत्येक वर्ष घट्दै गएको देखिन्छ। फेन्हारा छोटी भन्सारमा मात्र राजस्व रकम घट्न नगएको र मामुली वृद्धि हुन गएको देखिन्छ। त्रिभुवन नगरको छोटी भन्सारबाट उठ्ने राजस्व अरू भन्सारको तुलनामा ज्यादै घट्न गएको देखिन्छ। त्रिभुवन नगरमा आर्थिक वर्ष २०२६।०२७ मा उठेको राजस्वको तुलनामा आर्थिक वर्ष २०२९।०३० मा उठेको राजस्व रकम करीब ६३ प्रतिशत घट्न गएको छ।

भन्सारबाट उठ्ने राजस्व घट्न जानाको कतिपय कारणहरूमध्ये आयात कम हुनु पनि हुन्छ। साथै यस जिल्लामा सानातिना उद्योगहरू पनि सञ्चालन हुँदै आएकोले आयात गरिने वस्तुको किसिम र परिमाण पनि केही घट्न जानु अस्वाभाविक देखिँदैन। यस जिल्लाबाट निर्यात हुने वस्तुहरूमा कृषि र वन्य पैदावार नै मुख्य भएकोले कृषि पैदावार र खासगरी धानको निर्यात कम हुँदै गएबाट पनि राजस्वमा केही कम हुन गएको हुन सक्तछ। त्यस्तै महेन्द्र राजमार्ग खुल्न गएको हुँदा यहाँको खाद्यान्न अन्य जिल्लामा पुगी खपत हुन गएको वा अन्य जिल्लाबाटै भारततर्फ निर्यात हुन सक्ने सम्भावना पनि बढ्न गएको छ। तसर्थ भन्सारबाट उठ्ने राजस्वमा कमी आउँदैमा जिल्लाको अर्थ व्यवस्थामा प्रतिकूल असर पर्दछ भन्न सकिँदैन तर चोरी निकासीबाट पनि राजस्वको चुहावट हुने हुँदा त्यस्ता कार्यको रोकथाम राम्ररी भएमा राजस्वमा केही वृद्धि हुन सक्ने सम्भावना यहाँ पनि रहेको छ।

बैंक

यस जिल्लामा बैंक सेवा वि. सं. २०२० सालदेखि शुरू भएको हो। वि. सं. २०२० सालमा यहाँ नेपाल बैंक लिमिटेड मलङ्गवा शाखा स्थापना भयो। त्यस बेलादेखि यस बैंकले निजी तथा सरकारी दुवै क्षेत्रको खाता सञ्चालन गर्दै आएको छ र बैंक सम्बन्धी सबै आर्थिक कारोवार गर्दै आएको छ। जिल्लाबासीहरूलाई सुन, चाँदी, अन्न इत्यादि धितो लिई कर्जा दिने काम पनि गर्दछ।

सर्लाही जिल्लाको सीमाना भारतसँग जोडिएको छ र यहाँको व्यापारिक तथा अन्य आर्थिक गतिविधि मुख्यतया भारतीय सीमाना नजीकैका स्थानहरूमा केन्द्रित छन्। तसर्थ भारतीय मुद्राको आवश्यकताअनुसार सटही गर्ने सुविधा पुर्‍याउने र नेपाली मुद्रा नै अधिराज्यको सीमानाभित्र चलाउने दिशामा नेपाल राष्ट्र बैंकले जिल्लाका प्रमुख व्यापार केन्द्रहरूमा सटही काउण्टरहरू सञ्चालन गरेको छ। नेपाल राष्ट्र बैंक सटही प्रबन्धक टोली अन्तर्गत "क" र "ग" स्तरीय दुई किसिमका जम्मा चार काउण्टरहरू यहाँ छन् जसमध्ये सुन्दरपुर र त्रिभुवन नगरमा "क" स्तरीय काउण्टर र मलङ्गवा र भाडसरमा "ग" स्तरीय काउन्टरहरू रहेका छन्। यस्ता काउन्टरहरूबाट सटही सुविधाको साथै यस जिल्लाको मुद्रा विनिमय सन्तुलन कार्य पनि सुचारुरूपबाट सम्पादन भएको छ।

वि. सं. २०२६ सालमा मलङ्गवामा कृषि विकास बैंकको उप-शाखा खुलेपछि यस बैंकले जिल्लाबासीहरूलाई सोझै वा सरकारी संस्थाहरूद्वारा विभिन्न प्रकारका कृषि ऋणको सुविधा प्रदान गर्दै आएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

केही वर्ष अघिसम्म यातायातको दृष्टिकोणमा छिमेकी जिल्लाहरूबाट पनि एक्लिएको सर्लाहीमा महेन्द्र राजमार्गको निर्माणले गर्दा एक नयाँ अध्यायको शुरुवात भएको छ। अझै पनि जिल्लामा यातायातको कठिनाइ पूर्णतया हटिसकेको छैन र यहाँबाट भारतको बाटो भएर अझै आउने-जाने गरिन्छ । टेलिफोन सेवा यहाँ वि. सं. १९९३ सालदेखि चालू भएको हो र यहाँबाट काठमाडौं र विराटनगर–धनकुटासम्म सम्पर्क रहेको थियो तर सो टेलिफोन लाइनको हाल जलेश्वर र जनकपुरसँग मात्र सम्पर्क राख्न सकिन्छ। उक्त ट्रङ्क टेलिफोन लाइनको साथै जिल्लाको सदरमुकाम मलङ्गवामा ५० लाइनको म्याग्नेटो एक्सचेन्ज टेलिफोन सेवा २०३१ सालदेखि चालू भएको छ। आकाशवाणीको एक केन्द्र पनि यहाँ रहेको छ। जिल्लाका विभिन्न स्थानहरूमा हुलाकहरू रहेका छन् ।

नेपाल र भारतको बीच बिजुली आदान-प्रदान गर्ने सम्झौताअनुसार कतै नेपालले भारतका नगरहरूमा बिजुली पुऱ्याएको छ भने २०३० सालदेखि यहाँ भारतबाट बिजुली प्राप्त गरिएको छ र जिल्लाको विद्युतीकरणमा पहिलो पाइलो चालिएको छ ।

यातायात

महेन्द्र राजमार्गको निर्माण हुनुभन्दा अघि यस जिल्लाको बाहिरी जिल्लाहरूसँगको यातायात भारतको बाटो भएर नै हुने गर्दथ्यो। महेन्द्र राजमार्ग जिल्लाको उत्तरी भेकबाट गएको छ र पश्चिम बागमती नदीदेखि पूर्व फुलजोरसम्म यस जिल्लाभित्र पर्ने राजमार्गको लम्बाइ करीब २४ किलोमिटर (१५ माइल) छ। जिल्ला सदरमुकामको साथै जिल्लाका अधिकांश पुराना तथा घना बस्ती दक्षिणतिर रहेका र मलङ्गवालाई राजमार्गसँग जोड्ने कुनै पक्की सडक नभएको हुँदा राजमार्गको छेउछाउमा पुनर्वासबाट बनेका नयाँ गाउँहरूलाई बाहेक अधिकांश जिल्लाबासीहरूलाई वर्षामा राजमार्गको उपयोग गर्न कठिनाइ पर्दछ। तर हिउँदमा प्रायः सबै भागका निवासीहरूलाई राजमार्गको उपयोग गर्न खास कठिनाइ पर्दैन। महेन्द्र राजमार्गको निर्माणले गर्दा पहिले एक्लिएर रहेको यस जिल्लालाई अञ्चल सदरमुकाम जलेश्वर, राजधानी काठमाडौं र अधिराज्यका अन्य जिल्लाहरूको नजीक पुऱ्याएको छ र छिमेकी जिल्लाहरूमा जाँदा समेत भारतको बाटो भएर जानु पर्ने जुन वाध्यता पहिले यहाँ थियो सो हट्न गएको छ ।

जिल्लाभित्र मोटर चल्ने अर्को एक बाटो सदरमुकाम मलङ्गवादेखि महेन्द्र राजमार्गमा पर्ने नवलपुर-सम्म रहेको करीब ३२ किलोमिटर (२० माइल) लामो कच्ची सडक छ। यसमा हिउँदताक जीप, ट्रक तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य सवारी चल्दछ तर वर्षातको समयमा भने यो बाटो बन्द रहन्छ। यसले गर्दा जिल्लाबासीले महेन्द्र राजमार्ग सीमित समयमा मात्र उपयोग गर्न सक्तछन्। भविष्यमा यो बाटो पक्की हुन गएमा यस जिल्लाको आन्तरिक तथा बाह्य यातायात सुगम हुनाको साथै अधिराज्यका अन्य जिल्लामा जाँदा भारतको बाटो भएर जानु पर्ने बाध्यताको पनि अन्त्य हुनजाने देखिन्छ।

जिल्लाको यातायातमा खास महत्व नराख्ने अर्को मोटर बाटो मलङ्गवाबाट सीमानाको छेउछेउ भई महोत्तरी जोड्ने बाटो हो। यो बाटोमा ठाउँ ठाउँमा पुलेसाहरू नभएको हुँदा सेवायोग्य छैन।

जिल्लाका विभिन्न गाउँ बस्तीहरूको बीचको सम्पर्क बयलगाडा चल्ने कच्ची बाटोहरूबाट भएको छ। वर्षामा यस्ता बाटोहरूमा बयलगाडाहरू चल्न सक्दैनन् र पैदल नै आवत-जावत गर्नु पर्दछ।

यहां यातायात तथा ढुवानीका मुख्य साधन बयलगाडाहरू हुन्। जिल्लामा करीब २,००० जति बयलगाडाहरू रहेको अनुमान गरिन्छ। यस जिल्लामा चल्ने मोटर, ट्रक आदि जनकपुर अञ्चल प्रहरी सुपरिवेक्षक (एस. पी.) कार्यालयमा दर्ता गर्ने चलन छ। हाल यस जिल्लामा नौवटा सरकारी मोटर, पाँचवटा ट्याक्सी र पाँचवटा मोटर साइकल छन्।

हवाइ सेवाको निम्ति यो जिल्ला धनुषाको जनकपुरमा भर पर्दछ। अन्यप्रकारका यातायातमा पहिले बागमतीमा पुल नहुँदा डुङ्गाद्वारा जाने गरिन्थ्यो तर हाल बागमतीमा पुल बनिसकेको हुँदा डुङ्गाद्वारा आउने जाने गरिंदैन।

यस जिल्लाको बाह्य यातायात अझै पनि प्रायः भारतकै बाटो भई चलेको छ। जलेश्वर जान भारतको बाटो सजिलो पर्दछ र मलङ्गवाबाट करीब १.५ किलोमिटर (एक माइल) पूर्वमा भारतीय सीमानाको सोनवर्षा पुगेर त्यहाँबाट बसद्वारा पहिले सीतामढी र सीतामढीबाट भिटामोड र भिटामोडदेखि नेपालपट्टिको बस द्वारा जलेश्वर पुगिन्छ। सोनवर्षादेखि सीतामढी भई भिटामोडसम्म करीब ७४ किलोमिटर (४६ माइल) र भिटामोडदेखि जलेश्वरसम्मको करीब चार किलोमिटर (२.५ माइल) गरी करीब ७८ किलोमिटर दूरी पार गर्न बसमा करीब पांच घण्टा लाग्दछ। जलेश्वर र मलङ्गवाको बीच यही बाटो भएर आउने जाने गरिन्छ। भारतका शहरहरू वा अधिराज्यका पूर्वी वा पश्चिमी जिल्लाहरू जानु परेमा पनि मलङ्गवाबाट सोनवर्षा आई सोनवर्षाबाट बसद्वारा सीतामढी गइन्छ र सीतामढीबाट रेलद्वारा अन्यत्र सफर गर्ने चलन पाइन्छ।

बयलगाडा नचल्ने ठाउँ वा चल्न नसक्ने मौसममा माल ढुवानीको निम्ति टट्टु घोडाहरू प्रयोगमा ल्याइन्छन्। साधारणतया पहाडमा झैं यहाँ ठूला भारीहरू पिठ्यूँमा बोकी माल ढुवानी गर्ने चलन पाइँदैन। सानातिना भारी भने टाउको माथि बोक्ने वा खर्पन लगाएर वरपर पुर्‍याउने चलन पाइन्छ।

सञ्चार

वि.सं. १९९३ (ई.सं.१९३६) मा काठमाडौंदेखि धनकुटासम्म टेलिफोन लाइन जडान हुँदा सर्लाहीको मलङ्गवा विष्णुपुर हुँदै गएको हुँदा यहाँ त्यस वेलादेखि नै टेलिफोन सेवा चालू हुँदै आएको छ। तर हाल यो लाइनबाट जनकपुर र जलेश्वरसँग मात्र सम्पर्क कायम रहेको छ। जिल्लाबासीहरूलाई यो टेलिफोन लाइनले सीमित सेवा मात्र पुऱ्याउन सकेको थियो र खासगरी वर्षामा लाइनहरू खराब हुन जाने, तार चुँडिने आदि कारणहरूबाट सुचारुरूपमा सेवा प्रदान गर्न सकेको थिएन। त्यसैले पछि आकाशवाणीको व्यवस्था भइसकेपछि आकाशवाणी नै बढी उपयोगी सिद्ध हुन गएको छ। टेलिफोनबाट बाहिरी जिल्लाहरूसँग मात्र सम्पर्क रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थियो तर २०३१ सालमा मलङ्गवा विष्णुपुरमा ५० लाइनको म्याग्नेटो एक्सचेञ्ज टेलिफोन लाइन जडान हुनुको साथैं टेलिफोन सेवा पनि उपलब्ध भइसकेको छ । फूलचोकी-मलङ्गवा-सिराहा-जनकपुर-राजविराज-धरान-विराटनगर-दमक-भद्रपुर बीच स्थापना हुने माइक्रो वेभ सञ्चार सेवा आर्थिक वर्ष २०३१।०३२ मा चालू गर्ने योजना छ र सो चालू भएपछि मलङ्गवाबाट काठमाडौं र भद्रपुरसम्म सोझै सम्पर्क कायम गर्न सकिने छ । यसरी जिल्लाको सञ्चार व्यवस्थामा नयाँ अध्यायको सूत्रपात भएको छ ।

हाल टेलिफोन र आकाशवाणी विष्णुपुरमा रहेको दूर सञ्चार समिति कार्यालय अन्तर्गत नै सञ्चालित भएका छन् । आर्थिक वर्ष २०२९।०३० मा टेलिफोनबाट ३९६ खवरहरू यहाँबाट बाहिर गएको र १५६ मिनेट कुरा गर्न टेलिफोन लाइनको प्रयोग गरिएको थियो ।

आकाशवाणी

सर्लाही जिल्लाको आकाशवाणी केन्द्र विष्णुपुरमा छ । यो केन्द्रबाट देश विदेशका जुनसुकै ठाउँमा पनि खवर पठाउन सकिन्छ तर काठमाडौं, जलेश्वर, जनकपुर, सिन्धुली, रामेछाप, चरीकोट, गौर र वीरगञ्जसँग मात्र सोझै खबर पठाउने र कुरा गर्ने सुविधा यस केन्द्रले प्रदान गरेको छ ।

आकाशवाणी केन्द्रहरूबाट वार्षिक करीब ६,००० जति खबरहरू आदान-प्रदान हुन्छन् । जिल्लावासीहरूले कुराकानी गर्न करीब २०० मिनेट जति यस केन्द्रको उपयोग गर्दछन् ।

हुलाक

सदरमुकाम मलङ्गवामा छोटी हुलाकस्तरको मुख्य हुलाक कार्यालय रहेको छ । त्यस बाहेक जिल्लाका निम्न ठाउँमा विभिन्नस्तरका चार वटा हुलाक कार्यालयहरू रहेका छन् ।

हुलाकको नाम र स्तर	हुलाक रहेको पञ्चायत
वेलवास शाखा हुलाक	ईश्वरपुर गाउँ पञ्चायत
हरिपुर शाखा हुलाक	हरिपुर गाउँ पञ्चायत
लालबन्दी शाखा हुलाक	लालबन्दी गाउँ पञ्चायत
हरिवन शाखा हुलाक	हरिवन गाउँ पञ्चायत

जिल्लाको उत्तरी भागमा चिट्ठी पत्रको बढी आवत-जावत हुन्छ । यसो हुनाको मुख्य कारण त्यहाँ पुनर्वासबाट नयाँ बसोबास भएको हुँदा आफ्नो मूल घर वा इष्टमित्रसँग सम्पर्क कायम राख्ने उद्देश्यले नयाँ बस्तीबास भएको ठाउँमा बढी चिट्ठी ओहोर-दोहोर हुन गएको देखिन्छ । जिल्लाका सबै हुलाकहरूबाट वर्षभरीमा अन्दाजी १,८०,००० चिट्ठी पत्र बाहिर जान्छन् र अन्दाजी १,२६,००० चिट्ठीपत्र बाहिरबाट यस जिल्लामा आउँछन् । चिट्ठीपत्रको संख्या र पुनर्वासबाट जिल्लाका विभिन्न ठाउँमा नयाँ बस्तीहरू बस्न थालेको कुरालाई समेत विचार गर्दा जिल्लामा हुलाक सेवा अपर्याप्त रूपमा रहेको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिजुली

भारतसंगको सम्झौताअनुसार भारतको बिहार प्रान्तको सोनवर्षाबाट १०० किलोवाट बिजुली सर्लाही जिल्लाको सदरमुकाम मलङ्गवा विष्णुपुरमा वि.सं. २०३० साल असार २२ गतेदेखि प्राप्त हुन थालेको छ। हाल यहाँ १०० किलोवाट विद्युत् शक्ति वितरणगर्ने व्यवस्था भएको छ। तर मागअनुसार भविष्यमा २०० किलोवाटसम्म वितरण गर्ने व्यवस्था रहेको छ। हाल घरेलु ग्राहकको संख्या ६० जति पुगेको छ तर ग्राहक संख्या र बिजुलीको माग दिनदिनै बढ्दै गएको छ। भर्खरै बिजुली वितरण हुन थालेको, वितरण प्रणाली सुचारु रूपमा चलिनसकेको र यदाकदा बिजुली बन्द हुने आदि कारणहरूले गर्दा यहाँको कुनै पनि उद्योगले अहिलेसम्म बिजुली उपयोग गर्न शुरू गरेको छैन।

सर्लाहीमा पम्पद्वारा सिचाइ गर्ने योजना चालू भएको र त्यस्ता पम्पहरू चलाउन बिजुली प्राप्त भएमा बाहिरबाट ल्याउनु पर्ने डिजेल आदिको खपत कम गर्न सकिने र किफायत पनि पर्न जाने हुंदा उद्योगको साथै कृषि क्षेत्रको विकासको लागि पनि बिजुली वितरणको राम्रो व्यवस्था आवश्यक हुन आउंछ। ठूला उद्योगहरूको स्थापनाको निम्ति पनि बिजुलीको आवश्यकता पर्ने हुँदा यहाँ बिजुलीको माग प्रतिदिन बढ्दै जाने देखिन्छ। तसर्थ अधिराज्यमै रहेका वा भविष्यमा स्थापना हुने विद्युत् केन्द्रहरूबाट यस जिल्लालाई बिजुली उपलब्ध गराउने व्यवस्था नभएसम्म यहाँ औद्योगीकरणको गतिलाई तीब्र गराउन कठीन पर्दछ। हाल उपलब्ध भइरहेको बिजुलीबाट पनि यहाँका सानातिना उद्योगहरूले अझ फाइदा उठाउन सकेका छैनन् तापनि निकट भविष्यमा नियमित र सुचारुरूपमा बिजुली प्राप्त हुन थालेपछि यहाँका उद्योगहरू पनि हाल प्राप्त भइरहेको बिजुलीको उपयोग गरी लाभान्वित हुन जाने छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

शिक्षाको क्षेत्रमा सर्लाही जिल्ला ज्यादै पछाडि परेको छ। अधिराज्यका तराई जिल्लाहरूमध्ये साक्षरताको प्रतिशत ज्यादै कम भएको जिल्लामा सर्लाहीको गणना हुन्छ। सर्लाही र रौतहट दुवैमा साक्षरताको प्रतिशत (८.२) समान छ र त्यस पछि कैलाली (७.१ प्रतिशत) र बर्दिया (५.४) जिल्लाहरू मात्र आउँछन्। जनकपुर अञ्चलमा सबभन्दा कम साक्षरताको प्रतिशत सर्लाहीमै रहेको छ।

बाल विवाह र पर्दा प्रथा जस्ता पुराना परम्परा यहाँ अझै छँदैछन्। यहाँका धेरैजसो मानिसहरू अझै पनि आफ्ना छोरी-बेटीहरूलाई विद्यालयमा पढ्न पठाउन गाह्रो मान्छन्। यसरी यहाँ शिक्षाको महत्वप्रति जागरुकता नआइसकेको हुँदा यो जिल्लामा २००७ सालपछि पनि शिक्षाको प्रसारमा पुरानै शिथिलता कायम रहन गएको छ। साथै थोरै जमीन हुने परिवारहरूको संख्या ज्यादा भएको यस जिल्लामा साधारण जनताको आर्थिक स्थिति बलियो नहुने र आर्थिक स्थिति राम्रो हुनेहरूले यातायातको सुविधा आदि कारणबाट आफ्ना सन्तानलाई भारतमै शिक्षा दिन पठाउने परम्परा बस्न गएको हुँदा पनि यहाँ शिक्षण संस्थाहरू फस्टाउन सकेनन्।

गत केही वर्ष यता भने जनताले शिक्षाको महत्व बढी मात्रामा बुझ्न थालेका छन् र शिक्षा प्रसारमा पनि बढी जागरुकता देखिन थालेको छ। त्यसैले शिक्षाको प्रसारमा पहिले जुन शिथिलता यहाँ देखिएको थियो सो हराउँदै गएको छ। जिल्लाको उत्तरी भागमा नयाँ बसोबास गर्न आएकाहरूमा शिक्षाप्रति बढी जागरुकता देखिएको छ र यिनीहरूमा आफ्ना छोरी-बेटीहरू पनि विद्यालयहरूमा पढ्न पठाउने चलन भएको हुँदा अरुलाई पनि यसतर्फ सचेत गराएको छ। यसरी अप्रवासनले गर्दा पनि यहाँ शिक्षाको प्रसार तीव्र गराउनमा सघाउ पुऱ्याएको छ।

वि. सं. २०३१ साल पुस महीनादेखि जिल्लामा लागू भएको राष्ट्रिय शिक्षा पद्धतिले हाल शिक्षा क्षेत्रमा रहेका विभिन्न समस्याहरूको समाधान गर्नुको साथै शिक्षा प्रसारको गति अझ तीव्र बनाउन मद्दत पुऱ्याउनेछ।

वि. सं. २०२८ को जनगणनाअनुसार अधिराज्यमा छ वर्षभन्दा बढी उमेर भएकाहरूमा साक्षरताको प्रतिशत १३.९ छ भने जनकपुर अञ्चलको साक्षरताको प्रतिशत १० छ र सर्लाही जिल्लाको साक्षरताको प्रतिशत ८.२ मात्र छ। जनकपुर अञ्चलका पहाडी जिल्लाहरूभन्दा पनि यहाँ साक्षरताको प्रतिशत कम देखिन्छ। महिला साक्षरतामा सर्लाही जिल्ला अञ्चलका अन्य पहाडी जिल्लाहरूभन्दा अलिकति अघि छ। जिल्लाको कुल जनसंख्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

१,७५,५४३ छ र छ वर्षभन्दा बढी उमेर भएका १,४१,६७६ मध्ये ११,६५१ (८.२ प्रतिशत) साक्षर छन् र पुरुष र महिला गरी जम्मा १,३०,०२५ अर्थात् ९१.८ प्रतिशत निरक्षर छन्। यहाँका छ वर्षभन्दा बढी उमेर भएकाहरूमध्ये विभिन्न उमेर समूहमा रहेको जनसंख्या र साक्षरता तलको तालिकामा दिइएको छ।

साक्षरताको तालिका

	पुरुष			महिला			कुल		
उमेर समूह	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९	१०,३४०	१,१६७	११.३	९,२२८	३५१	३.८	१९,५६८	१,५१८	७.८
१०–१४	१०,४०३	२,४०४	२३.१	७,७६२	५०८	६.५	१८,१६५	२,९१२	१६.०
१५–१९	७,१६७	१,५१९	२१.२	५,७९८	२६२	४.५	१२,९६५	१,७८१	१३.७
२०–२४	६,७३८	१,१९६	१७.८	७,६६५	१७७	२.३	१४,४०३	१,३७३	९.५
२५–२९	७,२००	९८७	१३.७	७,३५२	१२०	१.६	१४,५५२	१,१०७	७.६
३०–३४	६,२७०	६४९	१०.४	७,६८२	७७	१.०	१३,९५२	७२६	५.२
३५–३९	६,८९०	६१४	८.९	५,९३८	४९	०.८	१२,८२८	६६३	५.२
४०–४४	५,०९९	४२२	८.३	४,८६१	४७	१.०	९,९६०	४६९	४.७
४५–५४	७,५११	६१५	८.२	६,०४१	५२	०.९	१३,५५२	६६७	४.९
५५–६४	३,४७०	२६२	७.६	४,०३८	१७	०.४	७,५०८	२७९	३.७
६५ र माथि	१,८६३	१४३	७.७	२,३६०	१३	०.६	४,२२३	१५६	३.७
जम्मा	७२,९५१	९,९७८	१३.७	६८,७२५	१,६७३	२.४	१,४१,६७६	११,६५१	८.२

उपर्युक्त तथ्याङ्कहरूबाट यहाँ १० देखि १४ वर्षको उमेर समूहमा अन्य उमेर समूहमाभन्दा बढी जनसंख्या हुनुको साथै सबभन्दा बढी साक्षरताको प्रतिशत पनि त्यही उमेर समूहमा रहेको देखिन्छ। त्यसैले १० देखि १४ वर्ष उमेर भएकाहरू विद्यालयहरूमा बढी संख्यामा जाने गर्न थालिसकेको देखिन्छ। २० वर्षभन्दा बढी उमेर हुनेहरूमा साक्षरताको प्रतिशत १९ वर्ष र सोभन्दा कम उमेर हुनेहरूको दाँजोमा कम रहेको देखिन्छ। यसरी पुरानो पीँढीमाभन्दा नयाँ पीँढीमा साक्षर र शिक्षितहरू ज्यादा रहेकोबाट जिल्लाका विद्यालयहरूमा पढ्न पाउने सहूलियत बढ्दै गएको कुरालाई इंगित गर्दछ।

महिलाहरूमा साक्षरताको प्रतिशत ज्यादै नै कम छ। १० देखि १४ वर्षसम्मका महिलाहरूमा साक्षरताको प्रतिशत (६.५) सबभन्दा ज्यादा छ तापनि महिलाहरूको कुल संख्या ८६,७२५ मध्ये १,६७३ (२.४ प्रतिशत) मात्र साक्षर रहेको तथ्यलाई हेर्दा यहाँ महिलाहरूलाई साक्षर बनाउन ठूलो अभियानको आवश्यकता देखिन्छ।

जिल्लाको कुल जनसंख्याको ९१.८ प्रतिशत निरक्षर रहेको हुँदा यहाँ कुनै पनि आधुनिक तरीका वा विकासबाट हुने फाइदा बारे जिल्लाबासीहरूलाई बोध गराउन र विकास योजनाहरूको कार्यान्वयनमा जन-सहयोग प्राप्त गर्न ज्यादै कठिनाइ पर्ने कुरो स्पष्ट छ।

प्रौढहरूलाई साक्षर गराउने कार्यक्रमअनुसार हाल यहाँ छ महीने कक्षाहरू चलेका छन् र यस्ता कक्षाहरूको संख्या ३२ छ। यहाँ प्रत्येक गाउँ पञ्चायतमा एक प्राथमिक विद्यालय रहेको छ र जिल्लाका विभिन्न ठाउँमा विभिन्न स्तरका विद्यालयहरू रहेका छन्। यहाँ विश्वविद्यालयको कुनै पनि क्याम्पस अझै स्थापना भइसकेको छैन। हाल चालू रहेका विभिन्न शिक्षण संस्थाहरूको संख्या निम्न बमोजिम छ। तल दिइएका संख्याहरू श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट वि. सं. २०३० मा गरिएको शैक्षिक सर्वेक्षणमा आधारित छन्।

प्राथमिक विद्यालय	७६
निम्न माध्यमिक विद्यालय	१३
पूर्ण सरकारी संस्कृत पाठशाला	२
माध्यमिक विद्यालय	८
जम्मा:–	९९

स्थानीय व्यक्तिहरूको सहयोग र श्री ५ को सरकारको आर्थिक अनुदानबाट यहाँका विद्यालयहरू सञ्चालन भएका छन्। केही विद्यालयहरूलाई स्थानीय व्यक्तिहरूबाट आर्थिक चन्दाको साथै जमीनहरू पनि चन्दास्वरूप प्राप्त भएको छ। जिल्लाका कतिपय विद्यालयहरूको पक्की भवन छैन र आर्थिक स्थिति पनि राम्रो नहुँदा शैक्षिक सामग्री र आवश्यक फर्निचरहरूको कमी भएका विद्यालयहरू पनि निक्कै छन्। तर २०३१ पुसमा राष्ट्रिय शिक्षा पद्धति लागू भएकोले अब विद्यालयहरूको सञ्चालनको व्यवस्थामा एकरूपता आउने छ र हाल देखिएका कतिपय समस्या स्वतः हट्नजाने छन्। हाल विद्यालयहरूको साधारण रेखदेख, विद्यालयहरूको निरीक्षण, सरकारी अनुदान दिने र शैक्षिक प्रशासनको काम प्रमुख जिल्ला अधिकारीको कार्यालय अन्तर्गतको शिक्षा शाखाबाट गरिन्छ।

आर्थिक वर्ष २०३०।०३१ मा यहाँका प्राथमिक विद्यालयहरूले रू. १,३५,५३२। र निम्नमाध्यमिक विद्यालयहरूले रू. २४,०००। सरकारी अनुदान पाएका थिए। जिल्लाका दुई संस्कृत पाठशाला पूर्ण सरकारी खर्चबाट चलेका छन्।

यहाँ प्राथमिक विद्यालयहरूमा पढ्ने छात्र छात्राहरूको संख्या ४,११०; निम्नमाध्यमिक विद्यालयहरूमा पढ्ने छात्र छात्राहरूको संख्या २,२९१ र माध्यमिक विद्यालयहरूमा पढ्नेहरूको संख्या ९४२ रहेको छ।[1]

यहाँ मुसलमानहरूको आधिक्य रहेको प्रत्येक गाउँमा मदरसाहरू रहेका छन्। मदरसामा इस्लाम धर्म र फारसीको अक्षर चिनाउने प्रारम्भिक शिक्षा मात्र दिइन्छ। उच्च शिक्षाको लागि जिल्लाका अरू विद्यालयहरूमा नै जाने गरिन्छ।

यहाँ प्राथमिक शिक्षकहरूको कुल संख्या २२२ छ जसमध्ये ९० जना तालीम प्राप्त छन्। त्यस्तै निम्नमाध्यमिक तथा माध्यमिक विद्यालयहरूमा शिक्षकहरूको संख्या ८४ छ। स्नातक वा सोभन्दा ठूलो उपाधि भएका योग्य शिक्षकहरूमा भारतीय नागरिकहरूकै संख्या ज्यादा छ।

यहाँ विभिन्न स्थानहरूमा पाँचवटा सार्वजनिक पुस्तकालयहरू सञ्चालन भएका छन्। मलङ्गवाको वीरेन्द्र युवा क्लब र भाँडसरको मुस्लिम यूथ क्लबमा पनि वाचनालय र पुस्तकालयहरू छन्। सिमरामा श्री रामदेव पुस्तकालय नामको सार्वजनिक पुस्तकालय छ।

---

१. छात्र छात्राहरूको तथ्याङ्क माथि उल्लिखित शैक्षिक सर्वेक्षणमा आधारित छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न स्तरका शिक्षा हासिल गरिरहेकाहरूको सन्दर्भमा २०२८ सालको जनगणनाअनुसार यहांको छ वर्षभन्दा बढी उमेर भएको कुल जनसंख्या १,४१,६७६ मध्ये ५,७३१ जिल्ला वा बाहिर विभिन्न स्तरका अध्ययनमा लागेका छन् र बाँकी १,३५,९४५ अध्ययनमा लागेका छैनन्। विभिन्न स्तरका अध्ययनमा लागि-रहेका विद्यार्थीहरूको विवरण निम्नबमोजिम देखाइएको छः–

	प्राथमिक	निम्न माध्यमिक	माध्यमिक	प्रमाणपत्र	स्नातक	स्नातकोत्तर
पुरुष	२,९९७	१,००३	५८४	१४६	५२	४
महिला	६९४	१७०	६८	९	४	–
जम्मा	३,६९१	१,१७३	६५२	१५५	५६	४

उक्त जनगणनामा प्राथमिकदेखि माध्यमिक तहमा पढ्ने छात्र छात्राहरू प्रायः सबै नै छदेखि १४ वर्षको उमेर समूहमा रहेको देखाइएको छ। २०२८ सालकै जनगणनाअनुसार यहाँ छ वर्षभन्दा बढी उमेर भएका र अध्ययनमा नलागेका १,३५,९४५ मध्ये विभिन्न स्तरको अध्ययन पूरा गरिसकेका ३,०५२ र कहिल्यै कुनै विद्यालय-मा भर्ना नभएका र अध्ययन नगर्नेहरूको संख्या १,३२,८९३ रहेको देखिन्छ। विभिन्न स्तरका अध्ययन पूरा गरेकाहरूको विवरण निम्नबमोजिम छः–

	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक	प्रमाणपत्र	स्नातक	स्नातकोत्तर
पुरुष	१,१६४	५२८	७५२	१४५	९६	२०
महिला	१७२	९७	६४	९	४	१
जम्माः–	१,३३६	६२५	८१६	१५४	१००	२१

विभिन्न स्तरमा अध्ययन पूरा गरेको वा अध्ययन गर्दै रहेकाहरूको महिलाहरूको संख्या ज्यादै नै कम रहेको तथ्यबाट नारी शिक्षामा यो जिल्ला ज्यादै पिछडिएको कुरालाई संकेत गर्दछ।

स्वास्थ्य

सर्लाही जिल्लामा रहेको एक मात्र अस्पतालको स्थापना राणा शासनकै समयमा भएको हो। मलङ्गवामा रहेको त्रि-चन्द्र अस्पताल नामको उक्त अस्पताल वि. सं. १९९२ मा आगलागीमा परी जीर्णोद्धार भएको थियो। यस अस्पतालमा बिरामी भर्ना गरी उपचार गर्न हाल १५ शय्याको व्यवस्था छ र तीनजना डाक्टरहरूको दरबन्दी रहेको छ। यस अस्पतालमा साधारण उपचार र शल्य चिकित्साको व्यवस्था छ। साथै यहाँ परिवार नियोजन सम्बन्धी कार्यक्रम पनि सञ्चालन भएको छ।

अस्पतालमा बहिरङ्ग (आउटडोर) बिरामीहरूको संख्या प्रतिदिन करीब १५० रहन्छ। यहाँ जिल्ला बाहिरका रोगीहरू पनि उपचारार्थ आउने गर्दछन्। बाहिरबाट उपचारको लागि यहाँ आउनेहरूमा रौतहट र महोत्तरी जिल्लाका केही पञ्चायतबाट मात्र आउने नभई सीमानापारी भारतको सीतामढी जिल्लामा पर्ने सोनवर्षा र अन्य गाउंहरूबाट पनि बिरामीहरू उपचारको निम्ति यहाँ आउने गर्दछन्।

अस्पतालमा नै परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका छन् र जिल्लाको अन्य भागमा परिवार नियोजन सम्बन्धी सेवाको व्यवस्था अझै भइसकेको छैन। आर्थिक वर्ष २०२९।३० मा परिवार नियोजन सम्बन्धी सेवा उपयोग गर्न आउने नयाँ दम्पतिहरूको संख्या ४०० थियो जस मध्ये गर्भ निरोध चक्का खाने, लूप लगाउने र नसच्छेदन गराउनेहरूको संख्या २०० थियो। शिशु कल्याण कार्यक्रमको सिलसिलामा पाँच वर्षसम्मका शिशुहरूको स्वास्थ्य परीक्षा र उपचार गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अस्पताल बाहेक आधुनिक औषधि उपचार गर्ने अन्य स्वास्थ्य संस्थाहरू जिल्लाका विभिन्न ठाउँमा रहेका स्वास्थ्य चौकीहरू हुन्। यस्ता स्वास्थ्य चौकीहरू रहेका स्थान निम्नबमोजिम छन्:–

- जमुनिया स्वास्थ्य चौकी
- गङ्गापुर सीतापुर स्वास्थ्य चौकी
- सासापुर स्वास्थ्य चौकी
- ईश्वरपुर स्वास्थ्य चौकी
- सिसौटिया स्वास्थ्य चौकी
- हरिपुर स्वास्थ्य चौकी
- चन्द्रनगर स्वास्थ्य चौकी

उपर्युक्त स्वास्थ्य चौकीहरूको रेखदेख अस्पतालबाटै गरिन्छ र स्वास्थ्य चौकीहरूले जिल्लाका विभिन्न क्षेत्र आपसमा विभाजन गरी आ-आफ्नो क्षेत्रमा प्राथमिक चिकित्सा र उपचारको साथै संक्रामक रोगहरूको रोकथाम सम्बन्धी कार्यहरू पनि गर्दछन्।

यहाँको जनजीवनमा पुराना विश्वास र परम्पराका जडहरू छँदै छन् र जिल्लाका धेरै मानिसहरू झारफूकमा बढी भर गर्दछन्।

स्वास्थ्यकर वातावरणको महत्व जनताले राम्ररी बुझिनसकेको, पौष्टिक आहारको कमी, साथै चिरफार, इन्जेक्सन र डाक्टरी औषधिहरूसँग डराउने र शुद्ध खानेपानीको अभावले गर्दा पेट सम्बन्धी विभिन्न रोग र क्षयरोग आदि साधारणतया जहाँ तहीं देखिन्छन्। प्रायः प्रत्येक वर्ष हैजा र टाइफाइडको महामारी पनि चल्दछ। जन स्वास्थ्य सम्बन्धी प्रचार र सफा सुग्घर, बस्ने र खाने बानीबाट पनि यहाँको अधिकांश रोगहरूको रोकथाम गर्न सकिन्छ।

सर्लाही जिल्लाको उत्तरी भेकमा पहिले घना जङ्गल थियो र त्यहाँ कडा औलो पनि लाग्ने गर्दथ्यो। औलोकै कारणले गर्दा यहाँको जनसंख्या पहिले निक्कै कम थियो। तर गत एकदशक यतादेखि औलो उन्मूलनमा ठूलो प्रगति भएको छ र उत्तरतिर नयाँ बसोबास पनि बढ्दै गएको छ। औलो उन्मूलन कार्य यहाँ वि. सं. २०१६ (सन् १९५९) देखि आरम्भ भएको हो। सो कार्य मलङ्गवामा रहेको नेपाल औलो उन्मूलन संघको कार्यालयबाट सञ्चालित हुँदै आएको छ। स्वास्थ्यको क्षेत्रमा यस जिल्लामा औलो उन्मूलनलाई एउटा ठूलो उपलब्धि मान्न सकिन्छ।

नेपाल औलो उन्मूलन संघको मलङ्गवामा रहेको मुख्य कार्यालयबाट यस जिल्लाको ५७ गाउँ पञ्चायतमा पर्ने १६३ गाउँका साथै महोत्तरीका १६ गाउँ पञ्चायत, रौतहटका ३४ गाउँ पञ्चायत र सिन्धुलीका दुई पञ्चायतमा औलो सम्बन्धी रेखदेख तथा आवश्यक निरीक्षण र उपचार कार्यहरू गरिन्छन्। औलो उन्मूलनको सिलसिलामा यहाँ डी. डी. टी. छर्ने काम बन्द भइसकेको छ र औलो उन्मूलन कार्यक्रम सम्बन्धी कर्मचारीहरू बाहेक यही जिल्ला निवासी ८० जना स्वयंसेवकहरूले पनि काम गरिरहेका छन्। यसरी औलो निर्मूल पार्नमा जन सहयोग राम्रो पाइएको देखिन्छ। औलो उन्मूलनका कर्मचारीहरू प्रत्येक गाउँमा कार्यतालिका बमोजिम महीनाको एक वा दुईपटक प्रत्येक घरमा गई रगत सङ्कलन गर्ने र ज्वरो आएका व्यक्तिहरूलाई औषधि उपचार गर्ने र आवश्यकताअनुसार डी. डी. टी. छर्ने काम गर्दछन्।

बिफर उन्मूलन सम्बन्धी कार्य यहाँ वि. सं. २०२५ सालदेखि बिफर उन्मूलन आयोजना कार्यालय स्थापना भएपछि व्यवस्थित ढङ्गबाट शुरू भएको हो। राजपत्र अनङ्कित स्तरका एक सुपरभाइजरद्वारा सञ्चालित यस कार्यालयमा चार जना स्थायी खोपाउने व्यक्तिहरू रहन्छन् र आवश्यकताअनुसार केही तालीम दिएर खोपाउने अस्थायी कार्यकर्ताहरू भर्ना गरी खोपाउने काम गरिन्छ। बिफर उन्मूलन सम्बन्धी कार्यक्रम निम्नबमोजिम विभाजन गरिएको छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) रोगको छानवीन र तलास सम्बन्धी काम
(२) खोप सम्बन्धी काम
(३) खोपको खत सर्वेक्षण गर्ने काम

आर्थिक वर्ष २०२८।०२९ मा यहाँ १,०५,०७० जनालाई खोपाउने काम भएको थियो र २०२९।०३० मा १३,३६२ जनालाई प्रथम खोप र ६६,३६९ जनालाई पुनः खोप गरिएको थियो। आर्थिक वर्ष २०३०।०३१ मा यस जिल्लालाई तीन भागमा विभाजन गरी ३०,००० जनालाई खोपाउने लक्ष्यअनुसार काम सञ्चालन भएको थियो।

अज्ञानले गर्दा जिल्लामा कतिपय व्यक्तिहरू खोपाउन चाहँदैनन् र अरूलाई पनि खोपाउने सल्लाह दिँदैनन्। यसले गर्दा बिफर उन्मूलन कार्यमा अवरोध पर्न गएको छ र बिफर उन्मूलन कार्यको प्रगति केही कम हुन गएको छ।

यहाँ रेडक्रसको कार्यालय पनि छ र यसले आपत्कालिन र रोगको महामारी परेको बेलामा सहायता पुऱ्याउने काम गर्दछ।

खानेपानी

यहाँ शुद्ध खानेपानी आधुनिक तरीकाबाट वितरण गर्ने व्यवस्था भएको छैन। खानेपानीको लागि साधारणतया कुवा, इनार, पोखरी र खोलाको पानी नै ज्यादा उपयोग गरिन्छ। तर ठाउँ ठाउँमा ट्यूबवेलहरू प्रयोग पनि भएको छ। जिल्लाका साधारण जनताहरू प्राकृतिक जलस्रोतको साथै पोखरी आदि ठाउँमा पनि खाने पानीको खाँचो टार्नु पर्ने हुँदा दूषित पानी खाँदा उत्पन्न हुने रोगहरूबाट धेरैजसो जिल्लाबासीहरू पीडित हुन्छन्। खासगरी पोखरीहरूमा नुहाउने वा लुगा धुने र वस्तुहरूलाई पनि पानी खुवाउने वा नुहाइदिने र कच्ची इनारकै छेउमा भाँडा माझ्ने, लुगा धुने गर्दा इनार र पोखरीहरूको पानी शुद्ध रहँदैन। त्यसैले गर्दा यहाँ संक्रामक रोगहरूमाथि नियन्त्रण गर्न कठिन पर्दछ।

गत केही वर्ष यता जिल्ला पञ्चायत र गाउँ पञ्चायतको संयुक्त सहयोगबाट जिल्लाका विभिन्न ठाउँमा ट्यूबवेल धारा वा इनार खनी खानेपानीको व्यवस्था गरिएको छ र यो क्रम जारी नै छ।

जिल्लाको दक्षिणी भागमा भूमिगत जलको स्रोत धेरै गहिराइमा नहुने हुँदा इनार वा ट्यूबवेलबाट खानेपानीको व्यवस्था गर्न गाह्रो पर्दैन। तर जिल्लाको उत्तरी भागमा भूमिगत जलको सतह निक्कै गहिराइमा रहने हुँदा इनार खन्न वा ट्यूबवेल गाड्न निक्कै खर्चिलो हुन जान्छ। त्यसैले जिल्लाको उत्तरी भागमा साधारणतः प्राकृतिक जलस्रोत र खोला-नालाबाटै खानेपानीको पूर्ति गरिन्छ।

यहाँको इनार वा ट्यूबवेलको खानेपानी पनि शुद्ध देखिँदैन। पानी झिकेर एकछिन राख्दा एक पत्र तेल जस्तो खनिज पदार्थ जम्दछ र लुगा धोएमा लुगा पहेँलो हुन्छ। यस्तो पानीबाट के कस्तो रोग उत्पन्न हुन्छ वा यहाँको पानीमा के कस्तो खनिज पदार्थहरू मिसिएका हुन्छन् भन्ने कुराको अनुसन्धान गर्न अझ बाँकी नै छ। जिल्लामा संक्रामक तथा अन्य रोगहरूको रोकथाम गर्ने सन्दर्भमा शुद्ध खानेपानीको महत्वपूर्ण भूमिका रहने भएको हुँदा यहाँका केही ठूला गाउँ पञ्चायतहरूलाई प्राथमिकता दिई यस जिल्लामा साना-ठूला खानेपानी योजनाहरू सञ्चालन गर्दै लग्नु पर्ने आवश्यकता रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

मकवानपुर राज्य नेपाल अधिराज्यमा विलीन भएपछि पहिलेको मकवानपुर राज्य अन्तर्गत रहेका सर्लाही तथा अन्य प्रदेशहरूको प्रशासन मकवानपुरमा बस्ने एक सुब्बाद्वारा गरिन्थ्यो। वर्षामा मकवानपुरमा बसे पनि हिउँदमा सुब्बा बारा गढीमा बस्दथे। सुब्बाको प्रशासन क्षेत्र पूर्वमा रातु खोलादेखि पश्चिममा त्रिशूली र गण्डकीसम्म, दक्षिणमा इष्ट इण्डिया कम्पनीको सीमानादेखि उत्तरमा सुनकोशी र रोशी खोलासम्म फैलिएको थियो।[1] हेमिल्टनको बयानअनुसार सुब्बाद्वारा प्रशासित क्षेत्रहरू सप्तरी, महोत्तरी, रौतहट, बारा र पर्सा यी पाँच जिल्लामा विभाजित थिए। वर्तमान सर्लाही जिल्ला त्यसबेला महोत्तरीकै एक अङ्गको रूपमा रहेको थियो।

सर्लाही जिल्ला पछिसम्म महोत्तरीबाटै प्रशासित थियो। जलेश्वरस्थित महोत्तरी सर्लाही गोश्वाराका बडा हाकिमबाट महोत्तरी र सर्लाही दुबैको प्रशासन हेरिन्थ्यो। वि. सं. २०१९ मा अधिराज्यलाई १४ अञ्चल र ७५ विकास जिल्लामा विभाजन गरेपछि सर्लाही जिल्लाको वर्तमान स्वरूप देखापरेको हो। तर वि. सं. २०२१ देखि मात्र यस जिल्लाको प्रशासन महोत्तरीबाट छुट्टियो र २०२२ सालदेखि प्रमुख जिल्ला अधिकारीको कार्यालयको स्थापना भई प्रमुख जिल्ला अधिकारीबाट प्रशासन चल्दै आएको छ। पहिले सर्लाहीमा असिभोग, ब्रह्मपुरी, कोद्राहा, हरिहरपुर र सर्लाही गरी जम्मा पाँच प्रगन्ना थिए तर छुट्टै जिल्लाको स्वरूप लिंदा यसबाट असिभोग प्रगन्ना छुट्टिएर महोत्तरीमा गाभिएको हुँदा हाल यो जिल्ला ब्रह्मपुरी, हरिहरपुर, कोद्राहा र सर्लाही यी चार प्रगन्ना मिलेर बनेको छ।

प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला पञ्चायत कार्यालय र अन्य विभिन्न सरकारी तथा गैर-सरकारी कार्यालयहरू जिल्लाको सदरमुकाम मलङ्गवामा रहेका छन्। केही कार्यालयहरू नजीकैको विष्णुपुरमा पनि छरिएका हुँदा सदरमुकामलाई नै मलङ्गवा विष्णुपुर भन्ने पनि गरिन्छ। प्रशासकीय भवनको निर्माण भइनसकेको हुँदा प्रमुख जिल्ला अधिकारीको कार्यालय तथा अन्य केही कार्यालयहरू पनि भाडाका घरमा रहेका छन्। जिल्लाका विभिन्न ठाउँमा रहेका सरकारी तथा गैर-सरकारी कार्यालयहरूको फिहरिस्त यस-प्रकार छः–

1. Hamilton, Francis Buchanan—An Account of the Kingdom Nepal, 1971, p. 167

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरकारी

प्रमुख जिल्ला अधिकारीको कार्यालय, मलङ्गवा
सर्लाही जिल्ला अदालत, मलङ्गवा
भूमि प्रशासन कार्यालय, मलङ्गवा
कोष तथा तहसील कार्यालय, मलङ्गवा
जिल्ला प्रहरी निरीक्षक कार्यालय, मलङ्गवा
भन्सार कार्यालय, मलङ्गवा
कृषि विकास कार्यालय, मलङ्गवा
अन्तःशुल्क कार्यालय, मलङ्गवा
सहायक सरकारी अधिवक्ताको कार्यालय, मलङ्गवा
प्रमुख जिल्ला अधिकारीको कार्यालय, शिक्षा शाखा, मलङ्गवा
पूर्वाञ्चल विद्युतीकरण कार्यालय, मलङ्गवा
मेन्टेनेन्स नापी शाखा कार्यालय, मलङ्गवा
जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय, मलङ्गवा
छोटी भन्सार कार्यालय, त्रिभुवन नगर
छोटी भन्सार कार्यालय, भाँडसर
छोटी भन्सार कार्यालय, फेन्हारा
वाग्मती हरिऔन रेन्ज कार्यालय, गङ्गापुर

अन्य

जिल्ला पञ्चायत कार्यालय, मलङ्गवा
युवक संगठन कार्यालय, विष्णुपुर
महिला संगठन कार्यालय, विष्णुपुर
किसान संगठन कार्यालय, विष्णुपुर
मजदूर संगठन कार्यालय, विष्णुपुर
कृषि खरीद बिक्री संस्थान, मलङ्गवा
नेपाल बैंक लिमिटेड, मलङ्गवा
नेपाल राष्ट्र बैंक, प्रबन्धक टोली, मलङ्गवा
दूर सञ्चार समिति कार्यालय, मलङ्गवा (विष्णुपुर)

प्रहरी

यहाँको जिल्ला प्रहरी निरीक्षक कार्यालय सदरमुकाम मलङ्गवामा छ। यस कार्यालय अन्तर्गत हरिपुर गाउँ पञ्चायतमा एक प्रहरी थाना छ। त्यस बाहेक जिल्लाका विभिन्न स्थानहरूमा पाँचवटा प्रहरी चौकीहरू रहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कारागार

मलङ्गवामा जिल्लाको कारागार रहेको छ। त्यसमा ६० जना बन्दीहरू राख्ने व्यवस्था छ। कारागारमा महिला र पुरुष बन्दीहरूको निम्ति बेग्ला बेग्लै कोठाको व्यवस्था छ।

सरकारी वकील

यहाँ एक सरकारी अधिवक्ता रहन्छन्। सरकारी अधिवक्ताले आफ्नो कार्यालय सम्बन्धी कार्यहरू बाहेक सरकारी मुद्दाहरूमा बहस गर्ने र प्रहरी कार्यालयमा परेको प्रहरी सम्बन्धित मुद्दाहरूमा सरजमीन गर्ने काम पनि गर्दछन्।

न्याय प्रशासन

मलङ्गवामा एउटा जिल्ला अदालत छ र अदालतका हाकिम न्यायाधीश हुन्छन्। जिल्ला अदालतले कुनै वर्षमा छिन्न नसकेका मुद्दा अर्को वर्षमा जिम्मेवारीको रूपमा देखा पर्दछन् र आर्थिक वर्ष २०२७।०२८ देखि २०२९।०३० सम्ममा यहाँ जिम्मेवारी आएका, नयाँ पर्न आएका, छिनिएका र बाँकी रहेका मुद्दाहरूको संख्या निम्नबमोजिम छन्:—

आर्थिक वर्ष	जिम्मेवारी आएको	साल भरमा परेको	जम्मा मुद्दा	छिनेको	बाँकी
२०२७।०२८	३०९	८०८	१,११७	७७०	३४७
२०२८।०२९	३४७	१,५३०	१,८७७	७६०	१,११७
२०२९।०३०	१,१७७	१,४७८	२,६५५	१,४८८	१,१६७

उपर्युक्त मुद्दाहरूमा देवानी तथा फौजदारी दुवै किसिमका मुद्दाहरूको संख्या समावेश छ। आर्थिक वर्ष २०२७।०२८ को दाँजोमा आर्थिक वर्ष २०२८।०२९ र २०२९।०३० मा मुद्दाहरूको संख्या निक्कै बढ्न गएको देखिन्छ। यहाँ पर्ने देवानी मुद्दाहरूमा अंश वण्डा, लेनदेन र लिखत-पास तथा बदर सम्बन्धी मुद्दाहरूको प्राधान्य रहेको पाइन्छ र फौजदारी मुद्दाहरूमा धेरैजसो लुटपीट, कुटपीट जालसाजी, चोरी-डाँका र खून मुद्दाहरू हुन्छन्। फौजदारी मुद्दाहरूमा सम्बन्ध विच्छेदका मुद्दाहरू पनि उल्लेखनीय छन्।

कर कार्यालय

यस जिल्लामा वि. सं. २०२२ सालमा कर कार्यालय स्थापना भएको थियो। आर्थिक वर्ष २०२९।०३० मा यहाँ रहेका विभिन्न प्रकारका करदाताहरूको संख्या ५७ थियो जसमध्ये उद्योगपति, व्यापारी, किसान, ठेकेदार र व्यावसायिकहरू रहेका छन्। आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लामा करबाट उठेको राजस्व रकम रू. ५१,३४७। मात्र थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायत

सर्लाही जिल्लामा जम्मा ५७ गाउँ पञ्चायतहरू छन् र यस जिल्लाबाट राष्ट्रिय पञ्चायतमा दुई जना सदस्यले प्रतिनिधित्व गर्दछन्। यहाँको जिल्ला पञ्चायत कार्यालय सदरमुकाम मलङ्गवामा नै रहेको कुरा पहिले पनि उल्लेख भइसकेको छ। विभिन्न गाउँ पञ्चायतमा हाट कर, घर धुरी कर, घाट-कर, सवारीहरूमा लगाइने कर आदि स्रोतहरूबाट आम्दानी उठाउने चलन यहाँ रहे तापनि ठूला हाट बजार रहेको गाउँ पञ्चायतहरू बाहेक अन्य गाउँ पञ्चायतहरूको आयस्रोत राम्रो छैन। गाउँ पञ्चायत ऐनले दिएको अधिकारअनुसार उठाउन सकिने सबै करहरू व्यावहारिक कठिनाइहरूले गर्दा उठाउन गाह्रो पर्दछ। तसर्थ हाट कर नै यहाँका अधिकांश गाउं पञ्चायतका मुख्य आय-स्रोत हुन गएको छ। कुनै कुनै गाउँ पञ्चायतको आय-स्रोत शून्य छ।

जिल्ला सभाको कुल आम्दानी वर्षमा करीब रू. ४०,०००। जति हुन्छ। जिल्ला पञ्चायतलाई सरकारी अनुदान पनि प्राप्त हुन्छ। आर्थिक वर्ष २०२९।०३० मा जिल्ला सभाको अनुमानित बजेट रू. १,४६,२५०। थियो र जिल्ला सभाको खूद आम्दानी रू. १०,३५४। थियो।

गाउँ पञ्चायत र जिल्ला पञ्चायतको संयुक्त सहयोगबाट र मुख्यतया जिल्ला पञ्चायतको आर्थिक अनुदानबाट जिल्लास्तरीय र गाउँस्तरीय योजनाहरू सञ्चालन हुँदै आएका छन्। सानै लागतमा तर्जुमा गरिएका भएपनि जिल्लाबासीहरूले आफ्नो आवश्यकता हेरी सामूहिक हितका लागि बनाइने यस्ता योजनाहरू विशेष महत्वका हुन्छन् र यस्ता योजनाहरूबाट केही मात्रामा जिल्लाको विकासमा सघाउ पुग्न गएको छ। यस्ता योजनाहरूमा खासगरी बाटो, पुल, सिंचाइ, कुलो र बाँध, विद्यालय भवन आदिको निर्माण र ट्यूबवेल इनार आदि बनाउने योजनाहरू धेरै भएको पाइन्छ।

विष्णुपुरमा महिला संगठन, युवक संगठन, किसान संगठन, भूतपूर्व सैनिक संगठन र मजदूर संगठनका जिल्लास्तरीय कार्यालयहरू रहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

औलो उन्मूलन, महेन्द्र राजमार्गको निर्माण, विद्युतीकरणको शुरूवात, टेलिफोन व्यवस्था जस्ता कार्यहरूले गर्दा सर्लाही जिल्लामा विकासका नयाँ क्षितिजहरूको अभ्युदय भएको छ। यहाँका निवासीहरू पनि पुराना परम्परा र संकीर्णतालाई त्यागी आधुनिक जीवनका नयाँ मान्यताहरूलाई अँगाल्न थालेका छन्। यसरी करीब एक दशक यतादेखि यहाँको जनजीवनमा ठूलो परिवर्तन आएको छ र यो जिल्ला आर्थिक विकासको पथमा अगाडि लम्किन थालेको छ।

सर्लाही जिल्लाको आर्थिक विकास मुख्यतः कृषि क्षेत्रको विकासमै निर्भर गर्दछ। जनकपुर अञ्चलका जिल्लाहरूमध्ये प्रतिवर्ष सबभन्दा बढी खाद्यान्नको बचत हुने जिल्ला भए तापनि यहाँको कृषि व्यवस्था अझै पनि पुरानै तरीका र वर्षे पानीको भरमा चलेको छ। साधारण कृषकहरूलाई कृषि ऋण दिलाउने राम्रो र सरल व्यवस्थाको साथै उन्नत कृषि तरीकाहरू अपनाउन र उन्नत कृषि औजार आदिको उपयोग गर्न लगाउन सकेमा कृषि उत्पादनमा ठूलो वृद्धि हुन जानेछ। यसको लागि कृषि विकास बैंक, कृषि खरीद विक्री संस्थान र सहकारी संस्थाहरू बढी सक्रिय हुनु परेको छ। ठूला नदीहरू नभएको यस जिल्लामा ट्यूबवेल सिचाइ जस्ता भूमिगत जलको उपयोग गरी सिचाइ गर्ने व्यवस्थाको शुरूवात यहाँ भइसकेको छ तर ट्यूबवेल सिचाइको अवस्था हाल सन्तोषजनक छैन र खासगरी सिचाइ कुलोहरू निर्माण भइनसकेका हुँदा कृषकहरूलाई पुऱ्याउन सकिने फाइदा पनि पुगेको छैन। त्यसैले ट्यूबवेल सिचाइ योजनामा आवश्यक सुधार ल्याई विस्तार गर्न सकेमा हिउँदे बालीहरूको क्षेत्र बढाउन सकिने र त्यसबाट कृषि उत्पादनमा निक्कै वृद्धि हुन जाने देखिन्छ। जिल्लाको उत्तरी भागतिर सुर्ती खेती बढ्दै गएको छ र यसलाई अझ विस्तार गर्न सकिने सम्भावना रहेको छ। त्यस्तै जिल्लामा उखुको राम्रो उत्पादन हुन्छ र यस्तो नगदेबालीको खेतीमा अझ प्रोत्साहन दिलाई वृहत् रूपमा उखु खेती गर्न सकिने सम्भावना रहेको छ। त्यसबाट भविष्यमा चीनी कारखाना स्थापना गर्न पनि मद्यत मिल्ने देखिन्छ। यहाँ फलफूल र तरकारी खेतीको पनि राम्रो भविष्य छ। नवलपुरमा रहेको वृहत् बागबानी केन्द्रले जिल्लाबासीहरूलाई फलफूल र तरकारी खेतीको विस्तार गर्न ठूलो प्रेरणा दिन सक्तछ। स्थानीय रुचिलाई मिल्ने र नजीकैका बजारहरूमा विक्री गर्न सकिने जातका माछाहरूको प्रचार भएमा यहाँ माछा पालनको पनि राम्रो भविष्य देखिन्छ।

सर्लाहीमा हाल कृषि तथा वन्य पैदावारमा आधारित केही उद्योगहरू चलेका छन्। यस्ता उद्योगहरू साना खालका छन् र यिनको विस्तार वा ठूलो उद्योगहरूको स्थापना गर्नमा विद्युत् शक्ति नियमित रूपमा र पर्याप्त मात्रामा उपलब्ध गराउने व्यवस्था नभएसम्म विचार गर्न गाह्रो पर्दछ। भविष्यमा विस्तार गर्न सकिने उद्योगहरूमा वनमा आधारित ठूला उद्योगहरूको सम्भाव्यता कमै देखिन्छ किनकि जिल्लामा प्रशस्त वन फडानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भइसकेको छ । यहाँका वनहरूको राम्रो संरक्षण गर्न साह्रै जरूरी भएको हुँदा केही फर्निचर कारखाना बाहेक यहाँ काठ चिरानी गरी निर्यात गर्ने उद्देश्य भएका काठ कारखानाहरू खोल्न सकिँदैन । खाद्यान्न तथा नगदेबाली-हरूमा आधारित चामल, तेल, बिडी कारखाना जस्ता उद्योगहरूको यहाँ विस्तार गर्न सकिने सम्भाव्यता रहेको छ। यहाँबाट धान र तोरी प्रशोधन नगरीकन भारतमा निर्यात हुन्छ र निर्यात गरेमा पनि चामल र तेल अर्थात् प्रशोधित वस्तुहरू मात्र निर्यात गराउने हो भने केही ठूला चामल, तेल कारखानाहरू यहाँ सहजै चल्न सक्तछन्।

यहाँ कृषि वा अन्य उत्पादनहरूको बजार र आन्तरिक बिक्री व्यवस्थाको लागि महेन्द्र राजमार्ग र मलङ्गवा जोड्ने सडक पक्की गराउन नितान्त आवश्यक देखिन्छ । महेन्द्र राजमार्ग जिल्लाको उत्तरबाट जाने हुँदा जिल्लाको दक्षिणी भागका निवासीहरूले नवलपुर र मलङ्गवा बीचको कच्ची सडकद्वारा हिउँदमा मात्र राजमार्गको उपयोग गर्न सक्तछन् । साथै जिल्लाको दक्षिणी भागको कृषि उत्पादन पनि यातायातको कठिनाइले गर्दा पहिलेदेखि भारततर्फ नै निर्यात हुन्थ्यो र त्यो स्थिति अझै कायम छ । महेन्द्र राजमार्ग र मलङ्गवा जोड्ने सडक बाह्रै महीना चल्न सक्ने भएमा अहिले नै खाद्यान्नको आधिक्य रहेको यस जिल्लामा कृषि विकासबाट भविष्यमा उत्पादन अझ बढ्न गई बचत हुन आउने कृषि उत्पादनलाई भारतमै निर्यात गर्नु पर्ने हाल रहेको बाध्यता हटाउन र अधिराज्यका अन्य जिल्लाहरूमा पनि बिक्री वितरण गर्न सकिने परिस्थितिको सिर्जना हुन सक्तछ।

जिल्लाको विकासमा सबभन्दा ठूलो अवरोधको रूपमा यहाँ रहेको निरक्षरतालाई लिन सकिन्छ। प्रौढ साक्षरता कक्षाहरू यहाँ चलेका छन् र यस्ता कक्षाहरूलाई विस्तार गर्न सकेमा जनतामा साक्षरताको वृद्धिबाट उन्नत कृषि तरीकालाई अपनाउने बानी बसाल्न पनि निक्कै सहायता पुग्न जाने छ । साथै साक्षरताको वृद्धि भएमा जनतामा सफाइबाट रोगको रोकथाम गर्न सकिने जस्तो साधारण कुराहरू बोध गराउन पनि सुगम हुन जान्छ । त्यस्तै जिल्लाबासीहरूलाई जिल्लामा चलाइने विभिन्न विकास योजनाबाट हुने फाइदा बोध गराई विकास कार्यहरूमा अझ बढी सक्रिय रूपमा संलग्न गराउन पनि साक्षरता वृद्धिबाट ठूलो मद्दत पुग्न जानेछ। वि. सं. २०३१ पुसमा राष्ट्रिय शिक्षा पद्धति लागू भएपछि शिक्षा क्षेत्रमा साह्रै पछि परेको सर्लाही जिल्ला पनि शिक्षा क्षेत्रको विकासमा अगाडि बढ्न थाल्ने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिन्धुपाल्चोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	४१५
प्राकृतिक स्वरूप र सम्पदा	४१७
ऐतिहासिक पृष्ठभूमि	४२९
प्रमुख स्थानहरू	४३३
जनसंख्या र जनजीवन	४३७
आर्थिक व्यवस्था	४४३
यातायात, सञ्चार र बिजुली	४५३
शिक्षा, स्वास्थ्य तथा खानेपानी	४५७
प्रशासन र पञ्चायत	४६२
उपसंहार	४६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

जुगल हिमाल श्रृङ्खलाको काखमा अवस्थित यो पहाडी जिल्ला उत्तरी सीमावर्ती जनवादी गणतन्त्र चीनको स्वशासित प्रदेश तिब्बतसित जोडिएको छ। यस जिल्लाको उत्तरी खण्डमा जुगल हिमाल श्रृङ्खला पूर्व-पश्चिम फैली बसेको छ। यस हिम-श्रृङ्खलाको सर्वोच्च टाकुरा लाङपो गाङ ७,०८३ मिटर (२३,२३२ फीट) छ भने जिल्लाको सबभन्दा होचो भाग समुद्र सतहदेखि ८५० मिटर (२,८०० फीट) को उचाइमा छ। हिमाल, खोंच र बेंसी समेटेर बसेको यस जिल्लाले यसरी प्रशस्त भौगोलिक विविधता प्राप्त गर्नुकोसाथै प्राकृतिक सौन्दर्यको लागि पनि प्रसिद्ध छ। यो जिल्ला २७°३६′ उत्तरदेखि २८°१३′ उत्तरी अक्षांशसम्म र ८५°२७′ पूर्वदेखि ८६°०६′ पूर्व देशान्तरसम्मको बीचमा रहेको छ। पहिले "पूर्व एक नम्बर" भनिने यो जिल्ला बागमती अञ्चलका आठवटा जिल्लाहरूमध्येको एउटा हो र यो मध्यमाञ्चल विकास क्षेत्रभित्र पर्दछ। यो जिल्ला पूर्व-पश्चिम र उत्तर-दक्षिण चौडाभई झण्डै चौकोण आकार परेको छ। यस जिल्लामा उत्तरी भेकमाभन्दा दक्षिणी भेकतिर जिल्लाबासीहरूको घना बस्ती पाइन्छ।

यहाँ पहिले आठवटा थुमहरू थिए र तीमध्ये दुईवटा सिन्धुथुम र पाल्चोकथुमको संयुक्त नामबाट जिल्लाको नाउँ "सिन्धुपाल्चोक" रहन गएको अनुमान गर्न सकिन्छ। पूर्वमा दोलखा, पश्चिममा नुवाकोट र रसुवा तथा उत्तरमा जनवादी गणतन्त्र चीन र दक्षिणमा काभ्रेपलान्चोक, काठमाडौं र भक्तपुर यस सिन्धुपाल्चोक जिल्लाका राजनैतिक सीमानाहरू हुन्। चौतारा यसको सदरमुकाम हो। यो जिल्लाको कुल क्षेत्रफल २,५२८ वर्ग किलोमिटर छ। २०२८ सालको राष्ट्रिय जनगणना बमोजिम यो जिल्लाको कुल जनसंख्या २,०६,३८४ छ। जिल्लाको जनघनत्व प्रति वर्ग किलोमिटर ८२ जना छ अर्थात् १०० हेक्टर जमीनमा ८२ जना मानिसहरू बस्दछन्। यहाँ जम्मा ७५ वटा गाउँ पञ्चायतहरू छन्। यहाँ विभिन्न जात जातिका मानिसहरू छन् र आपसमा धार्मिक एवं साम्प्रदायिक सहिष्णुताका साथ मिलेर बसेका छन्। अधिकांश जनसंख्याको व्यावसायिक पेशा कृषि नै हो, पूरक पेशाको रूपमा कसै कसैले पशुपालन, राडी-पाखी बुनाइ, बाँस, निगालो आदिमा आधारित असंगठित कुटीर उद्योग सञ्चालन गर्दछन्। थोरै प्रतिशत मानिसले व्यापार तथा उद्योगलाई व्यावसायिक पेशा बनाएका छन्।

काठमाडौंदेखि चीन सीमानासम्म अरनिको राजमार्गको ११४ किलोमिटरमध्ये ५७ किलोमिटर लामो बाटो यसै जिल्लाभित्र पर्दछ। जिल्लाको दक्षिणी सीमानानिर अवस्थित दोलालघाट पुग्दा र अरनिको राजमार्गबाट हिउँदमा मोटर चल्ने अर्को कच्ची सडक चौतारासम्म पनि पुगेको छ।

जिल्लाभित्र उत्तर-दक्षिण बग्ने साना-ठूला प्रशस्त नदी-नालाहरू छन्। यिनीहरूमध्ये भोटेकोशी सुनकोशी, बलेफी खोला, इन्द्रावती नदी मुख्य हुन्। यी खोलाहरूमध्ये सुनकोशी नदीमा अधिराज्यको एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख जल-विद्युत् योजना सञ्चालन भएको छ । जसको १०,०५० किलोवाट विद्युत् शक्ति पैदा गर्ने क्षमता छ ।

यो जिल्लाका विभिन्न भागमा थरी थरीका खनिज पदार्थहरू पाइएका छन् । हालसम्म फेला परेका खानीहरूमध्ये खरीढुङ्गानिरको म्याग्नेसाइट खानी उल्लेखनीय छ । यहाँ पर्याप्त मात्रामा वृहत् स्तरका विभिन्न उद्योग-धन्धा सञ्चालन हुन सक्ने म्याग्नेसाइटको भण्डार रहेको कुरा प्रकाशमा आइसकेको छ । यस कच्चा पदार्थबाट इँटा (जो कडा अग्नि रहने भट्टी-चूलोको निर्माणमा उपयोग हुन्छ) र रासायनिक मलका उद्योगहरू स्थापना हुनसक्ने देखिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

उत्तरमा जुगल हिमाल श्रृङ्खलाका लाङ पोगाङ र दोर्जे ल्हाक्पा जस्ता उच्च हिमचुचुराहरू यस जिल्लाको मुकुट स्वरूप रहेका छन् भने दक्षिणतिर समुद्र सतहदेखि ८५० मिटर (२,८०० फीट) मात्र माथि पर्ने होचा खोंच र बेंसीहरू छन्। सीमानाको दृष्टिकोणले यो जिल्लाको दक्षिणी सांध काठमाडौं, भक्तपुर जिल्लाहरूसम्म आइपुगेको छ र उत्तरी सांध जनवादी गणतन्त्र चीनको तिब्बती प्रदेशसँग जोडिन पुगेको छ। यसप्रकारको विविधता यहाँको हावापानी, वन वनस्पति आदिमा पनि पाइन्छ। अविरल नदीहरू लेसम, बलेफी, इन्द्रावती, रिपार, मेलम्ची आदि र तिब्बती क्षेत्रबाट बग्दै आउने भोटेकोशीले उत्तरबाट दक्षिणतिर बग्दै यस जिल्लालाई चिरा चिरा पारेको छ। अनेकौं भौगर्भिक तथा वन सम्पदा दृष्टिकोणले यो जिल्ला अधिराज्यको अरू धेरै जिल्लाहरूको तुलनामा सम्पन्न नै मान्नु पर्दछ।

भौगोलिक बनावट

मोटामोटी रूपले यो जिल्लालाई चार विभिन्न भौगोलिक क्षेत्रहरूमा विभाजन गर्न सकिन्छ।

(१) हिमाली प्रदेश
(२) लेकाली प्रदेश
(३) पहाडी प्रदेश
(४) बेंसी तथा टार

हिमाली प्रदेश

जिल्लाको उत्तर-पूर्वी कुना बाहेक सम्पूर्ण उत्तरी भाग सधैं हिउँले ढाकिने हिमाली प्रदेशभित्र परेको छ। ४,४८० मिटर (१६,००० फीट) भन्दा उच्च भू-भाग भएकोले समुद्रको सतहबाट निकै अग्ला हिमाली टाकुराहरू जिल्लाको मुकुट झैं फैलिरहेको कुरा माथिनै उल्लेख भइसकेको छ। थिनीहरूमध्ये लाङ पोगाङ (बीग ह्वाइट पीक)[१] जिल्लाको सबभन्दा अग्लो टाकुराको रूपमा आउँछ। यसको उचाइ ७,०८४ मिटर

१. डा. टोनी हेगेनले "लोङ्गोपो" नामक एउटा सानो गाउँको नामले यस टाकुराको नामाकरण भएको हो भन्दछन्। तर अकिरा तकाहासोद्वारा यसको "बीग ह्वाइट पीक" स्थूल स्वेत टाकुरा नाम प्रस्तावित गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२३,२३८ फीट) छ। यस बाहेक जिल्लाभित्र परेका अन्य टाकुराहरू दोर्जे लाक्पा ६,९८९ मिटर (२२,९२४ फीट), लाङपोगाङ ६,८०० मिटर (२२,३१० फीट), ग्याल्जेन चुचुरा ६,७०५ मिटर (२१,९९८ फीट) फूरी चाच्यू ६,६६० मिटर (२१,८४४ फीट) लेडिज पीक ६,००० (१९,६८५ फीट) आदि मुख्य हुन्। यी सबै हिम चुचुराहरू मिलेर जुगल हिमाल श्रृङ्खला बन्दछ।

काठमाडौं उपत्यकाको धेरै स्थानहरूबाट उत्तर-पूर्वमा पर्ने यो हिमाली श्रृङ्खलाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ। यस जिल्लाभित्रका अधिकांश नदीहरूमा स्रोतको रूपमा रहेको यस जुगल हिमाल रसुवा जिल्लाको केही अंश सीमानाको रूपमा रहेको छ। यसको बीचमा करीब ५,६२३ मिटर (१८,४५० फीट) अग्लो गाङजाला भञ्ज्याङ छ। यसले सिन्धुपाल्चोक जिल्लाको तार्के ध्याङ र रसुवा जिल्लाको व्रांगेचेन खर्क (परित्यक्त गाउँ) लाई जोड्छ। यिनै हिमाल श्रेणी पश्चिममा गएर गोशाइकुण्ड लेक भई नुवाकोट तथा रसुवा जिल्लालाई छुट्याउँछ।

लेकाली प्रदेश

हिमरेखा अर्थात् ४,८८० मिटर (१६,००० फीट) भन्दा मुनि करीब २,१३५ मिटरसम्मको भू-भागलाई यस जिल्लामा लेकाली भागको रूपमा मान्न सकिन्छ। मुख्य हिमालकै श्रृङ्खलाबाट छुट्टिएर आएका यी लेकहरू जिल्लाभित्र उत्तर-दक्षिण फैलिएर रहेका छन्। दुई ठूल-ठूला खोला तथा नदीहरूको बीच भागमा पर्ने पानी ढलोहरू नै यस लेकाली भागका उदाहरण हुन्। यसमा मुख्य मुख्य पाँचवटा श्रेणीहरू छन्। यिनीहरू कालिञ्चोक डाँडा, भैरव कुण्ड लेक, चोचे अथवा नाउलिङ लेक, पालचोक अथवा मेलम्ची डाँडा तथा छिपु माम्चे डाँडाहरू हुन्।

यी लेकहरूले जिल्लाभित्र उत्तरबाट दक्षिण बगेर गइरहेका ठूला-साना खोला तथा नदीहरूको बीचमा रही पानी ढलोको काम दिइरहेका छन्। हिउँदमा अति जाडो र गर्मीमा ठीक मौसम भई रमाइलो हुने यस प्रदेशमा प्रशस्त मात्रामा लेकाली घाँस पाइने भएको हुँदा यहाँ भेडा-बाख्राहरू चराउन ल्याइन्छन्। यो क्षेत्रलाई हिउँदमा धेरैजसो महीना हिउँले ढाक्ने गर्छ र गर्मी महीनामा यही हिउँ पग्लेर जम्मा भएका कुण्डहरू यस जिल्लामा प्रशस्त पाइन्छन्। त्यसमध्ये भैरव कुण्ड, पाँच पोखरी, सूरज कुण्ड प्रख्यात छन्। ठाउँ ठाउँमा नाङ्गो चट्टानहरूले भरिपूर्ण यस क्षेत्र आवादीको लागि महत्वपूर्ण छ। लेकाली घाँसहरू बाहेक विभिन्न किसिमका जरीबूटीहरू पनि पाइन्छन्। अलि होचो भागमा फापर, उवा तथा आलु जस्ता बालीहरू पनि लाग्दछन्।

पहाडी प्रदेश

लेकाली भाग अर्थात् २,१३५ मिटर (७,००० फीट) भन्दा मुनि १,५१५ मिटर (५,००० फीट) सम्मका भू-भागलाई यस पहाडी क्षेत्रभित्र राख्न सकिन्छ। जिल्लामा यत्रतत्र छरिएर रहेको यस पहाडी भागमा पाँच जिल्लाको घनाबस्ती रहेको छ। ठूला-साना खोलाहरूले छिया-छिया पारेको यस पहाडी भाग गर्मीमा धेरै गरम र जाडोमा धेरै जाडो नहुने भई विभिन्न किसिमका खाद्यान्नहरू उत्पादन हुने गर्दछ। यसै प्रदेशमा भोटे कोशीको बगलमा एउटा तातोपानीको मूल छ। जिल्लाको मुख्य बस्ती तथा सदरमुकामको रूपमा रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चौतारा बजार पनि यसै पहाडी प्रदेशभित्र परेको छ। यस पहाडी प्रदेशको उच्च भू-भागहरू बाक्लो जङ्गलले ढाकिएका छन्।

बेंसी तथा टार

जिल्लाको उत्तरबाट दक्षिण बग्ने सुनकोशी, बलेफी, इन्द्रावती र मेलम्ची खोलाहरूको दुवैतिरका किनारहरूमा रहेको भू-भागलाई यस प्रदेशमा राख्न सकिन्छ। नदी तथा खोलाको किनारमै पर्ने होचो पानी लाग्ने भाग बेंसी र मुख्य नदीको सतहबाट अलि उठेको प्रायः समथर भूमिलाई टार भन्ने गरिन्छ। भीमटार तथा जरायोटारहरू यसका उदाहरणहरू हुन्। जिल्लाको सबैभन्दा होचो जमीन भए तापनि समुद्रको सतहबाट लगभग ७६० मिटर (२,५०० फीट) देखि माथि १,५१५ मिटर (५,००० फीट) सम्मको बीचमा पर्न आउँछ। यो क्षेत्रको जमीन उर्वरा भई विभिन्न किसिमका बालीहरूको राम्रो उत्पादन हुन्छ। त्यसैले खाद्यान्न उत्पादनको दृष्टिले जिल्लामा पर्ने महत्वपूर्ण भेक मानिन्छ। ग्रीष्ममा निक्कै गर्मी र हिउँदमा रमाइलो हुने यस भेकमा आँप, भूइँकटहर, केरा जस्ता उष्ण प्रदेशको फलफूल पनि लगाइएका हुन्छन्।

नदीनाला

मुख्य हिमालयको दक्षिण काखमा स्थित सिन्धुपाल्चोक जिल्लामा अटूट रूपले बग्ने ठूल-ठूला नदीहरू सुनकोशी र इन्द्रावती हुन्। यस बाहेक यिनै नदीहरूमा मिल्न आउने अनगिन्ति खोलाहरूमध्ये धार, सिन्धु, मेलम्ची, रिपार हाँडी, झ्यान्री, बलेफी, भैरव कुण्ड, चाकु, लिवाङ खोलाहरू प्रमुख हुन्। जिल्लाभित्रका उल्लेखनीय नदी तथा खोलाहरूबारे तल छोटकरी विवरण दिइएको छः–

सुनकोशी

यस जिल्लाको पूर्वमा दोलखा जिल्लासँग प्राकृतिक सीमानाको रूपमा अवस्थित कालिञ्चोक लेक ३,८१५ मिटर अर्थात् १२,५१३ फीट को पश्चिम ढालबाट उत्पत्ति भएको यस सुनकोशी नदी नै जिल्लाको सबैभन्दा ठूलो नदीको रूपमा आउँछ। वास्तवमा यो नदी आफू ठूलो नभई यसमा मिल्न आउने सहायक नदीको रूपमा भोटेकोशीले गर्दा विशाल तुल्याउँछ। भोटे कोशी जनवादी गणतन्त्र चीनको स्वशासित प्रान्त तिब्बतको खासा क्षेत्रमा पोछु ग्याछु तथा फूछु भनिने खोलाहरूको संयुक्त नदी झर्छ। यस जिल्लाको उत्तरी भेकमा तातोपानी-निरबाट प्रवेश गर्दछ। यसै जिल्लाको उत्तरी भेकमा स्थित ५,६४६ मिटर (१८,५२७ फीट) अग्लो हिमालको छेउ-छाउबाट निस्की केही दूरीसम्म नेपाल-चीन सीमानाको रूपमा दक्षिण पूर्व बगेको खराने खोला उक्त हिमालकै दक्षिणी मोहडाबाट निस्की दक्षिण-पूर्व बग्ने लिबिङ खोलालाई सँगालेर तातोपानीनिर पोछु खोलासँग संयुक्त हुन आइपुग्छ। त्यसैगरी जिल्लाको उत्तर-पूर्वबाट नेपाल-चीन सीमाङ्कन केही टाढासम्म बग्ने जुमखोला पनि उक्त दुई खोलाहरू मिसिएकै सीमाना क्षेत्रमा मिल्न आइपुगेपछि यी तीनै खोलाहरूको एउटै नामाकरण हुन्छ–भोटेकोशी। यो भोटेकोशी जिल्लाको लगभग मध्यभागसम्म मात्र उत्तर-दक्षिण बगेपछि सुनकोशी बजार नजीकै जिल्लाको मुख्य नदी सुनकोशीमा खसेपछि आफ्नो नाम गुमाउँदछ। त्यहाँदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनकोशी नदीको नामले प्रख्यात भई यसको दायाँ बायाँ बग्ने स-साना खोलानालाहरूलाई सहायकको रूपमा धारण गर्दै पूर्वबाट पश्चिम बग्दछ र बलेफी खोलालाई लाप्सेनिर आत्मसात गरेपछि दक्षिण दिशातर्फ बग्न थाल्दछ। केही टाढासम्म जिल्लाको दक्षिणी सीमाङ्कन गर्दै पूर्व बग्दै आउने इन्द्रावती नदीसँग यो सुनकोशी अन्ततः जिल्लाको दक्षिणी अर्थात् दोलालघाटनिर विन्दू आई मिसिएपछि काभ्रेपलाञ्चोक जिल्लाभित्र पस्दछ।

यस जिल्लाभित्र अवस्थित लामुसाँघुनिर यस नदीबाट १० हजार किलोवाट जल-विद्युत् शक्ति उत्पादन गरिएको छ। सन् १९७१ मा पचुवारघाट (चौतारानिर) मा लिइएको मापअनुसार यस नदीको अधिकतम जलप्रवाह १,६६०.० क्यूविकमिटर प्रति सेकेण्ड भएको देखिएको छ। गत आठवर्षमा १९६६, अगष्ट २४ तारीखको दिन सबभन्दा बढी जलप्रवाह २,२४०.० क्यूविकमिटर प्रति सेकेण्ड भएको अभिलेख गरिएको छ।

इन्द्रावती नदी

जुगल हिमालकै श्रेणीको रूपमा निस्केको नाउलुङ तथा चाच्यूलेकको उत्तरमा पर्ने पाँचपोखरी नामक दहबाट उत्पन्न भएको यो इन्द्रावती नदी जिल्लाको दोस्रो ठूलो नदीको रूपमा लिन सकिन्छ। हिउँ पग्लेर उत्पत्ति भएका दुई ठूल-ठूला खोलाको पानी मिलेपछि यसले ठूलो रूप लिन्छ। पूर्वतर्फ चोचे डाँडाबाट उत्पन्न भएको हाँढीखोलाको पानी समेत लिएर सीधा दक्षिण बगेर जान्छ। जरेटार नजीकै मेलम्ची खोला र यसको केही दक्षिणमा सिन्धु खोलाको पानी पश्चिम दिशातर्फबाट मिल्न आउँछ। सिपाघाट नजीकै घांड खोलाको पानी बोकी दक्षिण पूर्वतर्फबाट र चक खोला पश्चिमबाट मिलेपछि विशाल रूप लिई दोलालघाटनिर सुनकोशी नदीमा मिसिन पुग्दछ र यी दुवैको संयुक्त नाम सुनकोशी नै हुन्छ। बर्षादको बेला निक्कै ठूला भेलहरू आउने भएकोले नदीले आसपासको जमीन काटी फराकिलो बेंसी बनाएको छ। धार्मिक दृष्टिकोण अनुसार महत्वपूर्ण पाँचपोखरीबाट निस्केको हुंदा यो नदीको पनि धार्मिक महत्व भएको देखिन्छ।

बलेफी खोला

दोर्जे ह्लाक्पा र फुर्वी चाच्यू हिम शिखरबाट प्रवाहित हिमनदीद्वारा (पांच कोस) सिर्जना भएको यो खोला इन्द्रावती मुहानभन्दा पूर्वपट्टि र करीब १५ किलोमिटर अझ उत्तरमा स्थित ६,६९८ मिटर (२२,९२५ फीट) अग्लो दोर्जे ह्लाक्पा हिमचुली क्षेत्रको दक्षिण ढालबाट निस्केका अनेकौं खोला-नाला समेटेर उलंदै दक्षिण झरेको छ। यही दोर्जे ह्लाक्पाभन्दा दक्षिण पूर्वमा रहेको अर्को हिमशिखर फूर्वी चाच्यूको फेदीमा भैरवकुण्ड लेकको उत्तरी भेकमा उत्पन्न भएको तोसेम खोला मात्र यसको उल्लेखनीय सहायक खोला हो भन्न सकिन्छ। यसले सुनकोशीलाई लाप्से नजीक समेटेर त्यसमा मिल्छ। सन् १९७१ मा फलामे साँगु (चौतरा नजीकै) निर लिइएको मापअनुसार यस खोलाको अधिकतम जलप्रवाह ८०० क्यूविक मिटर र न्यूनतम ५.३ क्यूविक मिटर प्रति सेकेण्ड छ र १९६४ देखि १९७१ सम्म आठ वर्षको औसत जलप्रवाह ४८.५ क्यूविक मिटर प्रति सेकेण्ड सम्म भएको देखिएको छ। यही अवधिभरमा सबभन्दा बढी जलप्रवाह १,१२५ क्यूविक मिटर प्रति सेकेण्ड सन् १९७० को अगष्ट ९ तारीखको दिन भएको थियो।

मेलम्ची खोला

यो खोलाका उद्गम स्थल गाङजाला (भञ्ज्याङको) उत्तरी ढाल हो। यो डाँडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रसुवा जिल्लासँग यस सिन्धुपाल्चोकको उत्तर पश्चिमी सीमानास्वरूप रहेको छ। गाङजालाकै पश्चिमी कुनातिरबाट शुरुभएका छवटाभन्दा बढी अविरल खोलानालाहरूलाई समेटेर यो मेलम्चीखोला ठाडै दक्षिण झर्दछ। यो खोला तार्केघ्याङ, क्यूल, दुभाचौर, तालामाराङ र मेलम्ची आदि गाउँ पञ्चायत क्षेत्र हुँदै अन्ततः जरेटारनिर इन्द्रावती नदीसँग मिल्दछ।

जिल्लाका अन्य खोलानालाहरूमा जिल्लाको दक्षिण पूर्वी साँध भएर बग्ने फेदा खोला, वाफल खोला, र मूसे खोला, चक खोलाका सहायक यातोकुमा, देउदुङ र सोभठान खोला, इन्द्रावतीमा मिल्ने लार्के, पाँच पोखरी, महादेव, लाप्से र सिन्धु खोला, मेलम्चीका सहायक गाहारे, ग्यालदुङ र तारामाराङ खोलाहरू र केही दूरीसम्म जिल्लाको दक्षिण-पश्चिम सीमानाको रूपमा बगेको लार्के वा धन खोला आदिको नाउँ लिन सकिन्छ।

सिन्धु खोला

जिल्लाको पश्चिम सीमानाको रूपमा रहेको छिपु डाँडाको पूर्वी ढालबाट उत्पन्न भएको यस सिन्धु खोलाको नाम सिन्धुकोट गाउँबाट लिइएको हुन सक्छ। सिन्धुकोट र यसको नजीकको डांडाको काखमा रहेको पाल्चोक कोटको संयुक्त नामबाट यस जिल्लाको नाम सिन्धुपाल्चोक रहन गएको कुरा माथि उल्लेख भइसकेको छ। त्यसैले सानै नदी भए तापनि जिल्लाको इतिहाससित सम्बन्धित खोलाको नाताले निक्कै महत्वपूर्ण मानिन्छ। बर्षादको समयमा प्रायः सुख्खा हुने यस नदी पछि इन्द्रावती नदीमा मिल्न जान्छ।

ताल तथा झरनाहरू

अग्ला हिमालय श्रेणीले सिंगारेको यस सिन्धुपाल्चोक जिल्लाभित्र ज्यादै उच्चा लेकहरूमा हिउँ पग्ली बनेका स-साना दह तथा कुण्डहरू ठूलो संख्यामा पाइन्छन्। यिनीहरूमध्ये भैरव कुण्ड, पांचपोखरी तथा रसुवा, नुवाकोट र सिन्धुपाल्चोक जिल्लाहरूको सीमानामा पर्ने सूरजकुण्ड प्रमुख हुन्।

भैरव कुण्ड लेकको उत्तरी भागमा करीब४,२७० मिटर (१४,००० फीट) माथि रहेको भैरवकुण्ड यस जिल्लाको सबभन्दा ठूलो तथा प्रख्यात कुण्ड हो। तातोपानीभन्दा अलि दक्षिणमा भोटेकोशीसँग मिल्न आउने भैरवकुण्ड खोलाको उद्‌गम स्थल यही कुण्ड हो।

नाउलिङ तथा चोचे डाँडाको उत्तरमा करीब ३,९६५ मिटर (१३,००० फीट) उचाइमा स्थित यस पाँचपोखरी नामक दह स-साना पाँचवटा पोखरीहरू मिलेर बनेको छ। प्रत्येक श्रावण पूर्णिमाको दिन त्यहाँ ठूलो मेला लाग्दछ। यहाँ एउटा धर्मशाला पनि छ। यिनै कुण्डबाट निस्केको इन्द्रावती खोला दक्षिणमा गएर ठूलो नदी बन्न पुग्दछ।

जिल्लाको पश्चिम सीमानामा नुवाकोट र रसुवा जिल्लाहरूको मध्यभागमा रहेको सूरजकुण्ड उचाइको दृष्टिकोणले सबभन्दा माथि अर्थात् ४,७२३ मिटर (१६,७९९ फीट) स्थित छ।

पहाडी जिल्ला भएकोले यहाँ झरनाहरूको संख्या धेरै छन् तर ती सबैलाई छोडेर केवल प्रमुख झरनाहरू निम्नप्रकार छन्:—

भैरवकुण्ड खोलाको झरना करीब १९८ मिटर अर्थात् ६५० फीट, लिदी नजीकको झर्ना १०७ मिटर अर्थात् ३५० फीट, गुम्छायाल पश्चिम बलेफीको शाखा नदीको झरना १७१ मिटर अर्थात् ५६० फीट,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बलेफीको झरना ९१ मिटर अर्थात् ३०० फीट, काङलाङ खोलाको झरना ७·६ मिटर अर्थात् २५ फीट प्रति छन्।

तातोपानी

नेपाल-चीन सीमानास्थित कोदारीभन्दा करीब दुई किलोमिटर दक्षिणमा यो जिल्लाको एक मात्र र प्रख्यात तातोपानी करीब १,६७७ मिटर (५,००० फीट) को उचाइमा रहेकोछ। यो तातोपानी भोटेकोशी नदीको किनारमा एक रमाइलो ठाउँमा रहेको हुनाले नुहाउने, वनभोज खाने, रमिता हेर्ने र कहिलेकाहीं माछा मार्ने सोख भएका मानिसहरू आउने गर्छन्। नेपाल-चीन सीमानाको मितेरी पुलभन्दा यतापट्टि नेपाल र उतापट्टि चीन भएकोले र दुई देशलाई यहाँनिर उक्त पुलले मात्र छुट्याएको हुनाले खोला पारीपट्टि स्थित चीनको एक झलक दृश्य हेर्ने पर्यटकहरू पनि काठमाडौंबाट मोटरमा यहाँ आउँदछन्। हिउँदका रमाइला दिनहरूमा काठमाडौं-बाट तातोपानीसम्म बस-सेवा पनि उपलब्ध हुने हुनाले प्रशस्त मानिसहरू यहाँ आउँछन्।

हावापानी

हिन्द महासागरबाट आउने जलवाष्पपूर्ण मौसमी हावाले नेपाल अधिराज्यको सम्पूर्ण भागलाई पानी पार्ने हुँदा यस जिल्लामा पनि यही हावाले वर्षा गराउँदछ। समुद्र सतहदेखिको उचाइ, सूर्यको किरणको प्रभाव, हावामा रहेको जलवाष्पको परिमाण आदिले स्थानीय हावापानीमा महत्वपूर्ण भूमिका खेल्ने हुँदा जिल्लाव्यापी एकै किसिमको हावा तथा वर्षा हुँदैन। तसर्थ यहाँको हिमाली, लेक तथा बेंसी क्षेत्रहरूमा छुट्टा छुट्टै प्रकारका जलवायु रहने कुरो स्वतः स्पष्ट हुन्छ।

तापक्रमको तालिका (सेन्टिग्रेडमा)

महीना	अधिकतम	न्यूनतम
जनवरी	१४.१	२.५
फेब्रुअरी	१६.०	४.३
मार्च	२१.५	९.०
अप्रिल	२६.१	१३.३
मे	२८.०	१६.१
जून	२६.१	१७.३
जुलाई	२५.६	१८.१
अगष्ट	२६.२	१७.३
सेप्टेम्बर	२५.८	१६.४
अक्टोबर	२३.७	११.८
नोभेम्बर	१९.८	६.५
डिसेम्बर	१६.८	४.४
वार्षिक औसत	२२.५	११.४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा वायुको तापक्रम नाप्ने केन्द्र नभएकोले यहाँको तापक्रम अनुमान गर्न यस जिल्लाको हाराहारी र करीब उही किसिमको हावापानी भएको रसुवा जिल्लाको तापक्रम सहायकसिद्ध हुने देखिन्छ। समुद्र सतहदेखि १,६५६ मिटर (५,४३२ फीट) उचाइमा अवस्थित रसुवा जिल्लाको टिमुरेमा स्थापित मौसम अवलोकन केन्द्रले सन् १९७० मा अभिलेख गरेको वायुको तापक्रम माथिको तालिकाबाट स्पष्ट हुन्छ।

माथिको तालिकाअनुसार टिमुरे क्षेत्रमा मध्य चैत महीनादेखि क्रमशः तापक्रम बढ्दै गएर मध्य वैशाखतिर सबभन्दा धेरै गर्मी हुन्छ। यस बखत अधिकतम २८.०° सेन्टिग्रेड र न्यूनतम १५.३° सेन्टिग्रेड हुने गरेको कुरा यहाँको पाँच वर्षको अभिलेखले बताउँदछ। वैशाखको अन्तदेखि नै यहाँ तापक्रम घट्न शुरू गर्छ र मध्य माघदेखि पुसको मध्यसम्म निक्कै जाडो हुन्छ। यस बखत अधिकतम १५.१° सेन्टिग्रेड र न्यूनतम ३.३ सेन्टिग्रेड तापक्रम हुन्छ।

सन् १९६७ को अभिलेख अनुसार यस क्षेत्रमा सापेक्षिक आर्द्रता जुलाईदेखि अगष्ट सम्म बिहान ८.४० बजे ८५ प्रतिशत र साँझ ५.४० बजे ७९ प्रतिशत रहन्छ। यसको तुलनामा उही वर्षको फेब्रुअरीदेखि मार्च महीनाहरूमा सबभन्दा घटी सापेक्षिक आर्द्रता भएको देखिन्छ। उक्त अवधिमा सापेक्षिक आर्द्रता बिहान ४४ प्रतिशत र साँझ ३९ प्रतिशत भएको देखिन्छ।

रसुवा र यस जिल्ला बीचको भौगोलिक स्थितिमा केही समानता भएकोले उपर्युक्त तथ्याङ्कहरू यहांको समान उचाइको भू-भागमा केही मिल्दोजुल्दो पाइन्छ तर समस्त जिल्लामा यही किसिमको जलवायु हुन्छ भन्न सकिन्न।

यस परिच्छेदको प्रारम्भमा उल्लेख गरिए झैं यहां पनि मनसुनी हावाले वर्षा गराउँदछ। बङ्गालको खाडीबाट आउने जलवाष्पपूर्ण वायु यहाँको उत्तरी क्षेत्रमा पर्ने अग्ला हिमालय पर्वतहरूमा ठोकिन पुगेपछि प्रायः जेठ–असारमा वर्षा शुरू हुन्छ। हिउँदे वर्षा यो जिल्लामा उस्तो हुँदैन तर हिमाली भागमा भने यस बखत प्रशस्त हिउँ पर्दछ।

यो जिल्लामा समुद्र सतहदेखि १,२२० मिटर (४,००० फीट) उचाइमा अवस्थित बाह्रबिसे र २,१३४ मिटर (७,००० फीट) को उचाइमा रहेको घुमथाङमा गरी दुईवटा वर्षामापक केन्द्र छन्। यी दुईमध्ये घुमथाङ करीब मध्यउचाइमा रहेको हुँदा यसले जिल्लाको अन्य भागलाई पनि लगभग प्रतिनिधित्व गर्न सक्ने भएकोले यहां सन् १९७० मा घुमथाङमा लिइएको वर्षाको अभिलेख दिइएको छ।

वर्षाको तालिका

(मिलिमिटरमा)

महीना	वर्षा	महीना	वर्षा
जनवरी	८.०	जुलाई	९६५.५
फेब्रुअरी	९४.५	अगष्ट	९६२.१
मार्च	३०.०	सेप्टेम्बर	४८७.९
अप्रील	११९.०	अक्टोबर	१५७.४
मे	२२०.९	नोभेम्बर	२९.३
जून	५२९.७	डिसेम्बर	०.०
वर्षभरीको जम्मा	३,६०४.३		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस तालिकाअनुसार यस क्षेत्रमा जून देखि सेप्टेम्बर सम्ममा सबभन्दा बढी वर्षा हुने देखिन्छ। हिउँदमा पानी पर्दै नपर्ने, परे पनि नाम मात्रको पर्ने कुरा माथिकै तालिकाले स्पष्ट गरेको छ। यहाँ सन् १९७० अगष्ट ९ को दिनमा २४ घण्टाभित्र १२५.८ मिलिमिटर पानी परेको थियो। यो वर्षमा १.० मिलिमिटरभन्दा बढी पानी परेको दिनको संख्या जम्मा १३६ दिन अभिलेख भएको छ। यस केन्द्रले १९६७ देखि १९७० को चार वर्षमा अभिलेख गरेको तथ्याङ्कअनुसार यहाँ वार्षिक औसत ३,२८७.२ मिलिमिटर पानी परेको देखिएको छ।

सन् १९७० भरीमा जम्मा ३,६०४.३ मिलिमिटर (१४१.० इञ्च) पानी परेको कुरा माथिको तालिकाबाट देखिन्छ र यही वर्षमा बाह्रबिसे केन्द्रमा ३,१०२.० मिलिमिटर पानी परेको थियो। यहाँ यो वर्षभरीमा जम्मा १४९ दिनमा १ मिलिमिटरभन्दा बढी पानी परेको थियो भने जुलाई २७ को दिन २४ घण्टामा १३२.२ मिलिमिटर पानी परेको थियो। यी दुई केन्द्रले अभिलेख गरेका तथ्याङ्कलाई तुलनात्मक अध्ययन गर्दा बाह्रबिसे क्षेत्रमा धेरै दिन पानी पर्ने भए पनि ठूलो वर्षा चाहिं घुमथाङ क्षेत्रमा हुने कुरा माथिको वर्षभरीको कुल वृष्टिले देखाउँछ।

जिल्लाका हेलम्बू, सेर्मा थान, बगाम, भोटाङ, मानखर्क, बखरेनी, गोल्बे, लिस्ती, कोदारी, नारायणस्थान, ओखरेनी, खरीढुङ्गा, मुढे र निगाले आदि आवादी क्षेत्रमा पनि खासगरेर माघ-फागुनतिर हिमपात हुन्छ। यहाँ हिउँ परेको अनुपात अनुसार हिउँ पग्लन धेरै समय लाग्दछ तर उत्तरका हिमालयहरूमा भने सधैं हिउं भइरहन्छ।

हावापानीको आधारमा यो जिल्लालाई विभाजन गर्न गाह्रो पर्छ, किनभने एउटै पहाडमा केही बढी जाडो हुन्छ भने त्यसको फेदी वा खोंच अथवा गैह्री परेको ठाउँमा न्यानो हुन सक्दछ। तर पनि मोटामोटी रूपमा यस जिल्लालाई भौगोलिक विभाजनअनुरूप नै प्रमुख चार थरीको हावा-पानीमा विभक्त गर्न सकिन्छः-

(क) हिमाली हावापानी
(ख) लेकाली हावापानी
(ग) ठण्डा शीतोष्ण हावापानी
(घ) अर्ध-उष्ण हावापानी

हिमाली हावापानी

यो हावापानी समुद्रसतहदेखि करीब ५,००० मिटर (१६,४०० फीट) र सोभन्दामाथि पर्ने जिल्लाको उत्तरी हिमाली भू-भागमा पाइन्छ। यहाँ वर्षभरीनै हिउँ जमिरहने हुनाले अत्यधिक जाडो हुन्छ। यो हावापानी रहने क्षेत्रमा पाइने वनस्पतिमा कहीं लेउ र झार पाइए तापनि अरू प्रकारका वनस्पति देख्न दुर्लभ हुन्छ। बाह्रै महीना हिउँ नपग्लिने किसिमको यो हावापानीमा मानिस वा पशुपक्षी बस्दैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेकाली हावापानी

जिल्लाको उत्तरी भेकमा रहेका अग्ला अग्ला पहाडहरूमा करीब ४,००० मिटर(१३,१२०फीट) देखि ४,८८० मिटर (१६,००० फीट) सम्मको उच्च भू-भागमा यो जलवायुको प्रभाव रहेको पाइन्छ। यहाँ सधैं नै अति जाडो हुने र वर्षमा पाँच–छ महीना हिउँ पर्ने हुनाले वनस्पति तथा खेती-योग्य हावापानी यहाँ पनि पाईंदंन। वृक्ष रेखा ४,००० मिटर (१३,१२० फीट) भन्दा तल्लो भागमा ठूल-ठूला चौर र चरनहरू तथा केही तल कोणधारी वनस्पति पाइन्छन्। गर्मी चढी हिउँ पग्लन थालेपछि पाँच-छ महीनाको निमित्त यो भेकमा भेडा, च्याङ्ग्रा वा चौंरी गोठ पनि सारिन्छन् तर हिउँदमा हिउँ पर्न थालेपछि फेरि उँधो झारिन्छन्।

ठण्डा शीतोष्ण हावापानी

यो हावापानी जिल्लाको करीब २,१३३ मिटर (७,००० फीट) देखि माथि झण्डै ४,००० मिटर (१३,१२० फीट) सम्मको उच्च क्षेत्रमा रहेको पाइन्छ। यस भेकमा ग्रीष्ममा न्यानो र हिउँदमा ठण्डा हुन्छ। यस क्षेत्रमा भेडा, च्याङ्ग्रा पाल्ने र आलु खेती गर्ने गरिन्छ। यहाँ मानिसहरूको पातलो बस्ती पनि पाइन्छ। यहाँ पाइने वनको माथिल्लो भागमा गोब्रे सल्लो, ठिंग्रे सल्लो, धूपी, खस्रु आदि र त्यसपछिको तल्लो भागमा फलांट, गुराँस, ओखर, ढाल्ने, चाँप, कटुस (पाल्ले) आदि पाइन्छन्। यस भेकका बोट-वृक्षहरूमा विभिन्न जातका झ्याउ पलाएका हुन्छन्।

अर्ध–उष्ण हावापानी

जिल्लाको बेंसी अर्थात् करीब १,०६७ मिटर (३,५०० फीट) देखि लगभग २,१३३ मिटर (७,००० फीट) सम्मको उच्च भेकमा यो हावापानी पाइन्छ। यही हावापानी रहेको क्षेत्रमा जिल्लाको घना आवादी छ। यहाँ जाडो मौसममा अलि जाडो हुने भए तापनि अरू बेला रमाइलो जलवायु रहन्छ। यहाँ मकै, कोदो, जौ र धान बाली लगाइन्छन्। यहाँका वनस्पतिमा चिलाउने, मौवा, लप्सी, टुनी, लाकुरीका अतिरिक्त बेंसीतिर साल, असना आदि पनि पाइन्छन्।

प्राकृतिक वनस्पति

यस जिल्लाको हावापानी धरातलको उचाइअनुसार विविधतापूर्ण रहे झैं हिमालय र बेंसी दुवै प्रदेश भएको यस जिल्लामा विभिन्न जातका वनस्पति पाइन्छन्। यस जिल्लाको कुल क्षेत्रफल २,५२,८०० हेक्टरमध्ये कृषि तथ्याङ्कअनुसार १३,००० हेक्टर कृषि जमीन भएकोले बाँकी २,३९,००० हेक्टर अर्थात् ९५.० प्रतिशतलाई हिमाल, वन-जङ्गल, खोला-नाला आदिले ढाकेको अनुमान गर्न सकिन्छ। वनस्पतिको प्रकारमा स्थानीय जलवायु र धरातलको उचाइको महत्वपूर्ण प्रभाव हुने हुँदा सोही आधारमा यस जिल्लाको वनस्पतिलाई निम्न चार भागमा वर्गीकरण गर्न सकिन्छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१. हिमाली वनस्पति
२. लेकाली वनस्पति
३. कोणधारी सदाबहार वन
४. मिश्रित पतझड वन

हिमाली वनस्पति

हिम रेखा भन्दा माथि बाह्रै महीना हिउँ रहने ठाउँमा कुनै वन-वनस्पति हुँदैन। तर हिम रेखाको हाराहारी हिउँ नजम्ने ठाउँमा केही विशिष्ट प्रकारका अति शीत प्रधान हिमाली वातावरणमा हुर्कन सक्ने झ्याउ, लेउ आदि वनस्पति पाइन्छ।

लेकाली वनस्पती

हिम रेखा भन्दा मुनि वृक्ष रेखा सम्मको भागमा शीत प्रधान जलवायुको प्रभाव पर्ने भू-भागमा हिउँदमा हिमपात हुने भए तापनि हिउँ पग्लिएपछि तथा हिउँ अड्न नसक्ने ठाउँहरूमा अनेक प्रकारका पहेंलो र नीला रङका फूल फुल्ने बोट र बुट्यानहरू हुन्छन्। यसका अतिरिक्त दूबो, निगालो तथा सुनपाती, भैरुङपाती जस्ता बुटाहरू देखिन्छन्। यो क्षेत्रमा ठूला ठूला रूखहरू प्रायः शून्य भए तापनि घाँसयुक्त चौरहरूमा राम्रा राम्रा फूलहरूले रमणीय वातावरणको सिर्जना गर्दछन्। गर्मी लागेपछि यही भेकमा गोठहरूको उँभौली शुरू हुन्छ र यहाँका चरनहरू गोठहरूले ढाकिएका हुन्छन्। यस प्रदेशमा हुने जरीबूटीहरूमध्ये हातेजरो, समय, झुलत्या आदिको नाउँ लिन सकिन्छ।

कोणधारी सदाबहार वन

यो वन जिल्लाको २,१३३ मिटर (७,००० फीट) देखि वृक्ष रेखा अर्थात् लगभग ४,००० मिटर (१३,१२० फीट) सम्म उचाइको क्षेत्रमा पाइन्छ। यहाँ गोब्रे सल्ला र धूपी जस्ता कोणधारी वृक्षसँग गुराँस, चाँप, ओखर, भोजपत्र, खस्रु, फलाँट, बज्राठ आदिको सदाबहार कोणधारी वन-जङ्गलको प्राधान्यता छ। यहाँका रूखहरूमा विभिन्न जातका झ्याउ उम्रेका हुन्छन्। जङ्गलमा लोक्ता, नेपाली दालचिनी, निगालो लगायत धेरै जातका रूखहरू पाइन्छन्। धूपीको काठबाट सुगन्ध आउने हुँदा धूप बनाउन प्रयोग हुन्छ। बाँकी अन्य जातका काठहरू घर निर्माण वा अन्य घरायसी काममा प्रयोग गरिन्छ। चाँपको काठ फर्निचर निर्माणमा प्रयोग हुने हुँदा आर्थिक महत्वको मानिन्छ।

मिश्रित पतझड वन

जिल्लाको होचो डाँडाहरू तथा नदी खोलाका बेंसीहरूमा सधैं हरियो अर्थात् सदाबहार रहने रूखहरू र हिउँदमा पात झर्ने किसिमका वृक्षहरू मिसिएर रहेका वनहरू पाइन्छन्। यस किसिमको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वनमा मुख्यतः चिलाउने, कटुस, उत्तिस, सल्लो, लप्सी, टुंनी, महुवा र साल, असना जस्ता कडा जातका रूखहरू पनि छन् । साल र असनाको काठ टिकाउ हुने हुँदा निर्माण कार्यमा उपयोग हुन्छ र यसको अन्तर्राष्ट्रिय बजारमा समेत ठूलो माग छ ।

वन पैदावार

यस जिल्लाबाट निकासी हुने प्रमुख वन-पैदावार लोक्ता हो जसबाट नेपाली कागज बन्दछ। निकासी हुनसकेका जरीबूटीहरूमा कुटकी, चिराइतो, नागवेली र तेजपात मात्र उल्लेखयोग्य छन् । तर यहाँका जङ्गल-हरूमा पाइने अन्य जरीबूटी पनि छन् जस्तै पाँच औले, सर्पगन्ध, पीपला, महमैन, जटामसी, निरमसी, मजिठा, नेपाली दालचिनी, सिन्कौली, रिठ्ठा, रूद्राक्ष, हर्रो, बर्रो, एकलेवीर, वनलसून, नाग केशर, बोझो, टिमुर, बेलर, असारे फूलको गाना, भोजपत्र, अमला, नेपाली चिया, भोटे चिया, असूरो, पयौंको बोक्रा, मसला, च्यूरीको फूल, ओखर, वन-वेसार, दर्शन पीपल, कालो दर्शन पीपल आदि ।

पशु-पक्षी

यो जिल्लाको जङ्गलमा पाइने मुख्य जङ्गली जनावरहरूमा थार, घोरल, झारल, कस्तुरी, सेतो भालू, सेतेकण्ठे भालू, काठे भालू, पाण्डा, भूइँ-निगाले, पाटे-चितुवा, (रातो, खैरो) मृग, दुम्सी, बनेल आदि हुन् । त्यस्तै मुख्य पक्षीमा डाँफे, मोनाल, कालिज, तित्रा, च्याखुरा, हलेसो, पिउरा, ठूलो-सानो पानी हाँस, मुजूर आदि उल्लेखनीय छन् । यिनीहरूको अतिरिक्त जिल्लाको उत्तरी भेकमा वृक्षसीमाभन्दा माथि थरी थरीका चरा देखिन्छन् । तुषारतित्तिरहरू ४,२६७ मिटर (१४,००० फीट) भन्दा माथि एक गठ भई बस्छन् । हेलम्बूका बढी उचाइ भएका ठाउँमा चट्टानका बीचमा साना खैरा जीवात तुंगशहरू (पिका) पाइन्छन् । मुसा जस्ता देखिए तापनि यी जीवातहरू खरायो जातिभित्रकै हुन् ।[1]

चोरी शिकार गर्ने चलनले यहाँका जङ्गली पशु-पक्षीहरूको ह्रास हुँदैछ । यसरी मासिँदै गएका वन्य-जन्तुहरूमा कस्तुरी-मृगको नाम सर्वप्रथम आउँदछ । यसको शिकार गर्नमा प्रभावकारी कदम नउठाइए आउँदो केही वर्षमै यहाँ यसको वंश नै उन्मूलन हुने आशंका छ । मासिँदै गएका अन्य पशु-पक्षीको नाममा घोरल, झारल, मृग, चितुवा, बँदेल, कालिज, तित्रा, हलेसो, मुजूर र पानी हाँसको नाम आउँदछ ।

वन संरक्षण र विकास

सिन्धुपाल्चोक र छिमेकी काभ्रेपलाञ्चोक जिल्लाको समेत वनको संरक्षण तथा विकास गर्न चौतारामा एउटा वन विभागको स्थापना २०१७ सालमै भएको थियो । वन क्षेत्रलाई आवादी साँधबाट छुट्टयाइने सन्द-र्भमा गत २०२९।०३० मा ६४ किलोमिटर वन सीमाङ्कन भएको थियो र २०३१।०३२ मा ९६ किलो मिटर वन-सीमाना निर्धारण गर्ने लक्ष्य राखिएको देखिन्छ । सम्पूर्ण वन-क्षेत्रको सर्वेक्षण गरी तथ्याङ्क प्रकाशित भइ-

---

१. रबर्ट फ्लेमिङ जुनियर – गृष्ममा हेलम्बू, स्वतन्त्र विश्व, वर्ष १० अङ्क ११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नसकेकोले कति वन-क्षेत्र ह्रास भयो सो भन्न कठिन छ । वन क्षेत्रको नोक्सानी हुनुको मुख्य कारणहरूमा स्पष्ट वन-सीमानाको अभाव, कुनै वैज्ञानिक तरीकाबाट नापी-नक्सा नगरी हाल आवादी दर्ता हुनु, नम्बरी आवादी र तीरो तिरान, खर्चरी दर्ताको जग्गाको रूख अनियन्त्रित कटानी-निकासी, खोरिया फडानी र डढेलो आदि हुन्। वन विकासको क्षेत्रमा २०२६ साल देखि २०३० सालको चार वर्षमा कोदारी क्षेत्रको चार हेक्टर (८० रोपनी) जमीनमा वृक्षारोपण भएको छ

खनिजपदार्थ

पहाडी प्रदेश भएकोले जिल्लाका विभिन्न भागमा थरी थरीका खनिजपदार्थहरू पाइएका छन्। केही खानीहरू स्थानीय जनताहरूले परम्परागत ढङ्गबाट खन्ने गरेको भए तापनि हालसम्म प्राप्त खानीहरूको पूर्ण सदुपयोग हुन सकेको छैन ।

स्थानीय जनताले अघिदेखि उपयोग गरिआएका कतिपय खानीहरू यस जिल्लामा छन् । जेठल गाउँ पञ्चायत अन्तर्गत खरी खानी, स्याउले गाउँ पञ्चायतको फलाम खानी र गेरूखानी गोलचे गाउँ पञ्चायतको स्लेट खानी, भोटे चौर गाउँ पञ्चायतको अभ्रख खानी आदि यिनका उदाहरण हुन् । यस जिल्लाको खरी ढुङ्गानिर १.६ वर्ग किलोमिटर क्षेत्रमा कुल १८ करोड मेट्रिकटन म्याग्नेसाइट भएको अनुमान लगाइएको छ। खानीमा मिसिएर रहेको खरी ढुङ्गा दुई लाख ६६ हजार मेट्रिक टन भएकोले यहाँ रासायनिक मल, टाल्क आदि उद्योगको सम्भावना देखिएको छ । उपर्युक्त खनिज पदार्थहरूको अतिरिक्त यहाँ अर्ध-बहुमूल्य ढुङ्गा "बेलोर" खानी पनि फेला परेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि[1]

सिन्धुपाल्चोक जिल्ला लिच्छविकालदेखि नै काठमाडौंबाट नै प्रशासित थियो । लिच्छविकाल पछि पनि यो जिल्ला काठमाडौंबाट शासित थियो । मल्लकालमा यो जिल्ला कान्तिपुरको अधीनमा राजा शिवसिंहले दोलखा विजय गरेदेखि रह्यो । मल्ल राजाहरूले यस इलाकामा आफ्नो प्रभुत्व जमाई कुती र खासामा आफ्नो व्यापार केन्द्र बनाएका थिए । प्रताप मल्लको अभिलेख अनुसार खासा, कुती र केरूङ आफ्नो अधीनमा थिए ।[2] ती स्थानहरू पछि सम्म पनि नेपाल सरकारको अधीनमा थिए । नायव बहादुर शाहको समयमा चीनसँग लडाइ भएपछि नेपालले उक्त इलाकाहरू गुमायो। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने अभियानको प्रारम्भ पछि मात्र यस जिल्लाको नियन्त्रणमा फेरबदलहरू आए जुन सविस्तार तल वर्णन गरिएको छ।

त्यतिवेला यो सिन्धुपाल्चोक जिल्लाको इलाका कान्तिपुर (काठमाडौं) राज्य अन्तर्गत थापाहरूको उमराईमा रहेको थियो । गोरखा राज्य विस्तारको क्रममा श्री ५ पृथ्वीनारायण शाहले योजना बनाउँदा कान्तिपुरका राजा जयप्रकाश मल्लको अधीनस्थ नुवाकोट जिल्ला उपर विजय प्राप्त गरेपछि यो सिन्धुपाल्चोक जिल्ला लगायत ठूलो भू-भाग हात पर्ला भन्ने ठानेका थिए, तर त्यसो भएन । नुवाकोट पूर्वको भू-भागलाई अधीनस्थ गर्न पहिले यही जिल्ला र नालदुमगढी दखल गर्नु आवश्यक थियो । चाँगु नामक डाँडो ठाडो उठेर अग्लो भएको महादेवपोखरी टिप्पामा कान्तिपुरका राजाको एक बलियो गढी रहेको थियो र ठीक यसै गढीको उत्तर-पट्टि साँखु गाउँदेखि ११ किलोमिटर जति दक्षिण-पूर्वतर्फ अर्को सामरिक महत्वपूर्ण नालदुमगढी खडा थियो । कान्तिपुर अन्तर्गत यस नालदुमगढीमा उमराव (पद विशेष) रणभीम थापा तैनाथ थिए । यसरी यो सिन्धुपाल्चोक जिल्ला लगायत काभ्रेपलाञ्चोक, दोलखा आदि जिल्लाहरू थापाहरूको उमराईमा रहेको थियो ।

ई. सं. १७४६ मा साँखु-चाँगु नामक मौजा दखलगर्न भनी शिवराम बस्न्यातको नेतृत्वमा गोरखाली सैनिकदलले साँगाचोकमा प्रवेश गर्‍यो । जयप्रकाश मल्लले यी गोरखालीहरूलाई धपाई पठाउन साँखु-चाँगुका बासिन्दालाई र नालदुममा तैनाथ रहेका उमराव रणभीम थापालाई आज्ञा पठाए । तर नालदुमदेखि पूर्वपट्टिका जिल्लाहरूको रक्षा गर्ने दायित्व मात्र मेरो हो, काठमाडौंभित्र परेका साँगाचोकको रक्षा गर्ने काम मेरो होइन

१. बाबुराम आचार्यद्वारा लिखित श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग २ मा आधारित

२. हनुमानढोका दरबार अगाडिको कृष्ण मन्दिरको अभिलेख; योगी नरहरीनाथ (सं.)—इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, पृष्ठ ५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने विचार लिएर राजाज्ञा उल्लङ्घन गरी चुपचाप बसे । यिनी चुपलागी बसे तापनि उनका दाइ काशीराम थापाको मनमा भने भूइँचालो गयो । उनी जयप्रकाश मल्लका विरोधी भएर १० वर्ष पहिलेदेखि बागीमा गनिएर पलाञ्चोकका आसपासमै रहेका थिए। गोरखालीले नालदुमगढीमा अधिकार जमायो भने यतिञ्जेल थापाहरूको उमराईमा रहेका सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा जिल्ला समेत सधैंको लागि गुम्ने कुरा काशीराम थापाले देखे । त्यसैले उनले "रणभीम थापा गोरखालीसँग मिलेको हुनाले शत्रुलाई हटाउनतिर लागेको छैन। धनको सहायता भएमा साँगाचोकमा रहेका गोरखालीलाई मारी भगाइदिन्छु" भन्ने अर्जी जयप्रकाश मल्ल समक्ष पठाए । पुरानो शत्रु भए तापनि बिनको विचारलाई जयप्रकाश मल्लले तुरुन्त स्वागत गरी सिन्धुपाल्चोक जिल्लाबाट बाली उठाई धन जम्मागरेर त्यहींका सैनिक भर्ना गरी साँगाचोकबाट गोरखाली फौजलाई भगाउने अधिकार-पत्र दिइपठाए । काशीराम थापाका प्रभावमा दुवै जिल्लाका बासिन्दा पहिले रहेका हुनाले झटपट प्रशस्त सैनिक भर्नागर्न सकी रातको समयमा साँगाचोकउपर अकस्मात् आक्रमण गर्दा गोरखाली दलमुखी सर्दार शिवरामसिंह बस्न्यात मारिएकाले बाँकी फौज तितर-वितर भई नुवाकोटतिर फर्के।

साँगाचोकबाट गोरखालीलाई धपाई काशीराम थापा कान्तिपुर आउँदा जयप्रकाश मल्ल हर्षले पुलकित भए । उनले रणभीम थापालाई कैदगरी उनको सट्टा काशीराम थापालाई नालदुमगढीको उमराव पदले विभूषित गरिदिए । यत्तिमा मात्र सन्तोष नरही नुवाकोटबाट पनि गोरखालीलाई हटाएर त्रिशूली पार गराउन सके त्यहाँको पनि उमराव हुन पाइने लोभले ओतप्रोत भई सिन्धुपाल्चोक जिल्ला र पलाञ्चोकतिरबाट १,३०० जवान जतिको सैनिक दल काशीराम थापाले तयार गरे । नालदुमगढीमा चाहिं आफ्नो अर्को भाइ परशुराम थापालाई आफ्नो प्रतिनिधि गराएर राखे ।

ई. सं. १७४६ तिरै काशीराम थापाको सैनिक दलले जयप्रकाश मल्लबाट रसद, पानी आदि प्राप्त गरेर नुवाकोट हान्न भनी सरासर चोकदेमा पुगेपछि आधा सैनिक त्यहीं र आधा गैडीथुम्काको आसपासमा थर्पु बनाई बसे । थर्पु आसपासका गाउँमा रसद खरीद गर्न नपाउँदा काशीराम थापाका सैनिकले घर-घर पसेर लुटेर लिन लागे । तिनीहरूले नुवाकोटमा आक्रमण गर्ने साहस गर्न सकेनन् र कृषकहरूलाई वाधादिएर बालीनाली लगाउने काम रोक्ने मात्र गर्दै रहे । यस अवस्थामा नुवाकोटगढीमा रहेका कालुपाँडेलाई पृथ्वीनारायण शाहले काशीराम थापालाई हटाई पठाउन आज्ञा दिए । फलतः साँझको समयमा आक्रमण हुँदा आफ्नो सैनिक प्रशस्त हताहत भएकाले काशीराम थापाले सुइँकुच्चा ठोकी ज्यान बचाए । टोखामा आइपुगेपछि काशीराम थापाले जयप्रकाश मल्ललाई हरूवा मुख देखाउन लाज मानी सोझै चाँगु-डाँडाको बाटो गरी पलाञ्चोकमा गई बसे।

चुपचापसँग पलाञ्चोकमा काशीराम थापा बसिदिएकोले जयप्रकाश मल्ल क्रोधाग्निमा जल्न थाले। थापाबाट लडाइँको पूर्ण विवरण सुन्न र भविष्यमा अपनाउनु पर्ने कार्यको योजना बनाउने बहाना गरी जयप्रकाश मल्लले बारम्बार बोलाउन पठाउँदा बल्लतल्ल उनी कान्तिपुर आए । "मेरो खती गराई मलाई भेट्न पनि नआउने तँ दुष्ट होस्" भनी जयप्रकाश मल्ल कड्कँदा "भाखा खावा पाउँ, गोरखालीलाई नुवाकोटबाट धपाई छाड्ने छु" भनेर काशीरामले उम्कन चेष्टा गरे तर जयप्रकाश मल्लले काशीराम थापा र उनका सातजना सहयोगी समेतलाई खरानी तुल्याएर आफ्नो क्रोधाग्नि शान्तपारे ।

यसरी काशीराम थापा मात्र होइन उनका भाइ रणभीम थापा पनि जयप्रकाश मल्लद्वारा मारिएपछि नालदुमगढीमा तैनाथ रहेका उनीहरूकै भाइ परशुराम थापालाई पृथ्वीनारायण शाहले गुप्त चालसँग नुवाकोट झिकाए । उनको उमराईमा रहेका उपर्युक्त जिल्लाहरू उनकै उमराईमा थामिने आश्वासन पृथ्वीनारायण शाहबाट पाएर परशुराम थापाले ठूलो गोरखाली सैनिक दल विना रक्तपात नालदुमगढीमा उतार्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वीकृति र सहायता समेत प्रदान गरे ।

निकै समय अगाडिदेखि कान्तिपुरका राजा जयप्रकाश मल्ल र भक्तपुरका राजा रणजित मल्लका बीचमा भक्तपुर राज्यको उत्तराधिकारीको विषयलाई लिएर शीतयुद्ध चलिरहेको थियो । यही मौकामा पृथ्वीनारायण शाहले आफ्ना मीतबा रणजित मल्लसँग भक्तपुरको सीमाना जोडिएको काठमाडौं उपत्यकाभित्रका साँख् र चाँग् दखलगरी कान्तिपुरबाट झिकेर भक्तपुरको अङ्ग बनाइदिने शर्तमा गुप्तढङ्गले ऋण लिएका थिए । तर पछि जयप्रकाश मल्ललाई पदच्युत गरी उनको आठ वर्षको बालकलाई गद्दीमा राखेर आफू मन्त्री बन्न सफल भएका तौढिकको नेतृत्वमा काठमाडौं उपत्यकाको मैदानी भागमा अवस्थित सांगु र चाँगु दुई मौजाका निमित्त कान्तिपुरका जनता मरिमेट्न अघिसर्ने देखेर पृथ्वीनारायण शाहले अर्कै चाल चले । उपर्युक्त साँखु र चाँगु तौढिकलाई नै सुम्पी यी दुई मौजाको सट्टामा उनले कबोल बमोजिम भक्तपुरका राजालाई यो सिन्धुपाल्चोक जिल्ला लगायत काभ्रे, दोलखा जिल्ला र तावाकोशी पार दूधकोशीसम्मका मौजाहरू समेतको प्रशासनिक अधिकार र मालपोत रणजित मल्ललाई र उमराई चाहिं परशुराम थापालाई प्रदान गरेर सबैलाई खुशी तुल्याए । सामरिक महत्वका दुई किल्ला-महादेवपोखरीको गढी र नालदुमगढी चाहिं पृथ्वीनारायण शाहले आफ्नै अधिकारमा राखेका हुँदा ती बाहेक प्रस्तुत सिन्धुपाल्चोक जिल्ला समेत उपरोक्त बमोजिम ई. सं. १७४६ को नोभेम्बरदेखि भक्तपुर राज्यमा गाभिन पुगेको थियो ।

ई. सं. १७५४ तिर तनहूँ र लमजुङका राजाहरूको गोरखालीसँग लडाइँ हुने तयार हुँदै थियो । अर्कातिर कान्तिपुरका राजा जयप्रकाश मल्ल यस समयसम्ममा मन्त्री तौढिकका हातबाट सत्ता खोसी बागडोर सह्माल्न सफल भइसकेका थिए । फलतः गोरखाली सैनिक दल दह्चोकतिर लागेका बखतपारी सेनापति चिकुटी मास्केको नेतृत्वमा सैनिक दल पठाएर जयप्रकाश मल्लले महादेवपोखरीको गढीमा आक्रमण गरी आफ्नो गुमेको उपरोक्त भू-भाग फिर्तालिने सुवर्ण मौका चुकाएनन् ।

यसप्रकार ई. सं. १७४७ देखि १७५३ तक पूरा सात वर्षसम्म उपरोक्त भू-भाग भक्तपुरका राजा रणजित मल्लको अधीनमा रहेपछि पुनः कान्तिपुर राज्यमै परिणत हुनपुग्यो । गोरखालीको यस पराजयमा पृथ्वी नारायण शाह कत्ति विचलित भएनन् । गढीको संरक्षकहरूको असावधानीले मात्र चिकुटी मास्केले दुवै गढी दखल गर्न सकेका हुन् भन्ने सोचेर उनले तुरुन्तै भनेजसो काजी तुलाराम पाण्डे र शिवरामसिंह बस्न्यातका नवयुवक माहिला छोरा केहरसिंह बस्न्यातको नेतृत्वमा गोरखाली सैनिक दल गोरखाबाट प्रस्थान गराए । यस दलले रातको समय पारेर एक्कासी गढीमा आक्रमण गर्दा कान्तिपुरका रक्षकदल लगभग सबै हताहत भई दुवै गढी खाली गरिदिए ।

यसरी उपरोक्त गढीहरूमा पुनः गोरखालीको अधिकार कायम भएपछि सिन्धुपाल्चोकदेखि दूधकोशीसम्मको विस्तृत प्रदेश अब फेरि रणजित मल्ललाई फिर्ता दिन आवश्यक नदेखेर आधुनिक नेपालका निर्माता श्री ५ पृथ्वीनारायण शाहले ई. सं. १७५४ तिर यस भू-भागलाई तत्कालीन गोरखा राज्यमा एकीकरण गरिदिए । चिकुटी मास्केले नालदुमगढी दखल गर्दा खासाका तिब्बती र शेर्पाहरूले जयप्रकाश मल्लको दुहाई गाउँदै यात्रीहरूलाई लुटपीट समेत गर्न लागेको समाचार पाएपछि पृथ्वीनारायण शाहले तुलराम पाण्डेलाई सीमावर्ती क्षेत्रमा खटाएर त्यहाँ शान्ति, सुरक्षा व्यवस्थित गराउन समेत परेको थियो ।

केरूङ, खासा र कुतीमा व्यापार गर्ने जुन सुविधा मल्लराजा प्रताप मल्ल र गोरखाको राजा राम शाहले पाएका थिए त्यहि सन्धिलाई उध्दरण गरी प्रतापसिंह शाहको पालामा (वि.सं. १८३२) सन्धि भएका थियो । यस अनुसार साहू महाजन आदिले कुती र केरुङ बाहेक अरु ठाउँबाट तिब्बतमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापार गर्न नपाइने शर्त थियो।[१] यस प्रकार कुती र खासामा व्यापार गर्न नेपाली व्यापारीहरु यहि जिल्लाबाट नै जानु पर्दथ्यो। बहादुर शाहको नायवी कालमा भोटसँगको युद्ध (१७८९ ई.स.) मा नेपाली फौज कुतीबाट दुई सय सताउन्न माइलभित्र पसी टासिलुम्पोसम्म पुगेका थिए। तिब्बतबाट सन्धिको कुरा भए पछि नेपाली फौज पछि हट। पछि भोटले सन्धि उलङ्घन गरेकोले फेरि लडाइँ भयो र यस पटकको लडाइंमा चीनले भोटको साथ दिएको थियो। चीनिया फौज वेत्रावतीसम्म आइपुग्दा नुवाकोटलाई खतरा हुन आयो।[2] लडाइँबाट दुवै पक्ष थाकी सकेकोले पछि फेरि चीन, भोट र नेपाल बीच ई.स. १७९२ मा सन्धि भए।[3] यस लडाइँ पछि कुती र केरूङ माथि नेपालको अधिपत्य गुम्यो।[४] यस प्रकार कुती र खासा गुमेपछि सिन्धुपाल्चोक भई तिब्बतसँग व्यापार बन्द भएकोले यस जिल्लामा व्यापारिक गतिविधिमा सिथिलता आयो।

धेरै समयसम्म सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक समेत दुई जिल्ला मिलाएर "सिन्धुपाल्चोक गोश्वारा" अन्तर्गत यो जिल्ला प्रशासित रह्यो। अन्ततः २०२२ सालमा गोश्वारा खारेज भएपछि काभ्रेपलाञ्चोकबाट छुट्टिई यो सिन्धुपाल्चोक छुट्टै एक जिल्लाको रूपमा जन्म भएको हो।

---

१. योगी नरहरीनाथ (सं.)–इतिहास प्रकाशमा सन्धि पत्र संग्रह, पृष्ट ७०,७१ र ५३
2. Kirkpatrick, W.T.-An Account of the Kingdom of Nepaul, Appendix No. I & II
3. Padmajung-Life of Sir Jung Bahadur Rana, Allahabad, p. 7-8
४. चित्तरन्जन नेपाली–नेपाल–चीन सीमाना सन्धि, सूचना विभाग, श्री ५ को सरकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

चौतारा

समुद्र सतहदेखि लगभग १,४६० मिटर (४,७८९ फीट) उचाइ भएको एउटा डाँडाको ढाडमा अवस्थित यो स्थान सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम हो। यहाँ जिल्ला पञ्चायत कार्यालय लगायत प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला अदालत, जिल्ला प्रहरी निरीक्षकको कार्यालय, भूमिसुधार कार्यालय, वन कार्यालय आदि जिल्लास्तरीय कार्यालयहरू छन्। यहाँ १५ शय्याको अस्पताल, माध्यमिक विद्यालय, हुलाक तथा आकाशवाणी केन्द्र, नेपाल बैंक लि. को उप-शाखा पनि छ। यस स्थानको पूर्वमा बलेफी खोलाको सहायक खोला-नाला र पश्चिममा झ्याडी खोला नजीकै बगे तापनि यहाँ खानेपानीको निकै अभाव छ। यहाँ कलधाराहरूको व्यवस्था भएको छ तापनि पर्याप्त मात्रामा पानी उपलब्ध छैन। चौतारा बजारमा सीमित घरहरू भएकाले बाहिरबाट आउने मानिसहरूको निमित्त आवासको निकै कमी अनुभव हुन्छ। यहाँका घरहरू छाउने ढुङ्गा तथा झिंगटीले छाना छाएका छन्। चौतारा बीच बजारमा श्री कृष्ण मन्दिर छ। ईंटको गारोले बनेको यो मन्दिरको दोस्रो तलामा परदेशी मानिसहरू पनि बास बस्ने गर्दछन्। यहाँ जीर्णोद्धार गरिएको एउटा अतिथि-गृह पनि छ। यहाँ सुनकोशी जल-विद्युत् योजनाबाट बिजुली ल्याउन हाल (२०३०) "प्रसारण लाइन" जडान भइसकेको छ। यहाँ दैनिक उपभोगका माल-सामानहरू पाइने पसलहरू छन्।

चौताराबजार नजीकै "घलेगाउँ" नामक एउटा बस्ती छ। यो गाउँ प्राचीन मानिन्छ। बजारमा खासगरी नेवार जातिका मानिसहरूको बसोबास छ। यो स्थान तिब्बत जाने पुरानोबाटोमा पर्दथ्यो तर अहिले यो प्रशासनिक, स्वास्थ्य र शैक्षिक केन्द्रको रूपमा रहेको छ। बनेपा, साँखु र नगरकोटको कुनै बाटो गरी काठमाडौंबाट यस चौतारामा आउन सकिन्छ। काठमाडौंबाट यो स्थान करीब ४३ किलोमिटर उत्तर-पूर्वमा अवस्थित छ। काठमाडौंबाट यस जिल्लाको दक्षिणी सीमाना अर्थात् दोलालघाटसम्म अरनिको राजमार्ग र त्यहाँबाट कच्ची मोटर सडकद्वारा चौतारा बजारसम्म जान सकिन्छ। यहाँबाट नजीकैका गाउँहरूमा जाने-आउने सवारीको साधन चाहिं घोडाहरू मात्र हुन्।

हेलम्बू

समुद्र सतहदेखि लगभग २,२८५ मिटर (७,४९५ फीट) उचाइ र जिल्लाको सदरमुकाम चौतारा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बजारबाट करीब ४८ किलोमिटर (१५ कोस) उत्तर-पश्चिम कुनामा अवस्थित यो स्थान नेपाल अधिराज्यका अत्यन्तै प्रसिद्ध ठाउँहरूमध्येको एउटा हो। प्राकृतिक कलाकृतिले सिंगारिएको यो स्थान पर्यटन-स्थलको लागि स्वदेश तथा विदेशमा प्रतिदिन ख्यातिप्राप्त हुँदै आइरहेछ। यहाँ शेर्पाजातिका मानिसहरू बसोबास गर्दछन्। यिनीहरूको सुन्दर चेहरा देख्दा मङ्गोलाथित शारीरिक सौन्दर्यले यहींनिर, यस जातिमा पूर्णता प्राप्त गरे झैं लाग्दछ। यहाँ ग्रामीण कलात्मक ढङ्गका एकै डिजाइनका केही घरहरू छन्। सबै घरहरू स्थानीय स्लेट-ढुङ्गाद्वारा छाइएका छन्। यहाँका बासिन्दाहरूको घरको सरसफाइ र अतिथिहरूको सेवा, सत्कार गर्ने परम्परा प्रशंसनीय रहिआएको छ।

यस भेकबाट देखिने हृदयस्पर्शी स्निग्ध हिम चुचुराहरूको मालाकार जुगल-हिमाल शृङ्खलाले मन्त्रमुग्ध नहुने पर्यटकहरू शायदै कोही होलान्। यस मनमोहक दृश्यको चित्र हृदयमा उतारी लैजाने लोभले यहाँ "ट्रेकिङ" मा आउने विदेशी पर्यटकहरूको संख्या प्रतिवर्ष बढ्दै आइरहेछ। यहाँ दुई तारे (मध्यम स्तरको) होटलको पनि स्थापना भएको छ। काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल भई इन्द्रावती खोलाको किनारैकिनार घुमाउरो बाटो लाग्दै हेलम्बू सजिलैसँग पुग्न सकिन्छ। कोही-कोही पर्यटकहरू गोसाइँकुण्डको बाटो भएर पनि पैदल-यात्रा गर्दछन्। यहाँ भ्रमण गर्ने उपयुक्त समय चैत र वैशाख महीना हो। जाडो याममा अति जाडो हुने र अघि-पछि हिउँ तथा पानी परिरहने भएकोले पैदलयात्रा विकट नभए पनि कष्टप्रद हुने हुन्छ। ग्रीष्म ऋतुमा पानी पर्दा सबैथोक भिजेको देखिए तापनि किसिम किसिमका प्राकृतिक सौन्दर्य तथा थरिथरिका जङ्गली फूलहरू फुल्ने हुँदा यस बखत हेलम्बू अत्यन्त रमाइलो देखिन्छ। यसताका हेलम्बूमा वृक्षसीमा माथिका भीरहरूमा गुलाफी, पहेंला र नीला हिमाली फूलहरू ढकमक्क फुलेका देखिन्छन्। स्वर्णयूथ प्रजातिको फूलहरू हिमालयका विशेषता हुन् र यस्ता फूल हेलम्बूमा प्रशस्तै देख्न पाइन्छ। खास गरेर नीलो स्वर्णयूष हेर्न मानिसहरू उत्सुक हुन्छन् र पर्यटकहरू यहाँबाट उत्सुकता तृप्त गराई फर्कन्छन्। यस क्षेत्रका प्रमुख गाउँहरू यी हुन्:–

तार्केघ्याङ

यो सुनको गजूर भएको एउटा घ्याङ (धार्मिक स्थल) को नाम हो। यहां स्लेटढुङ्गाले छाएका सयभन्दा बढी घरहरू छन्। यस जिल्लाका अन्य धेरै घ्याङहरूमध्ये यहाँको यो घ्याङ निकै प्रसिद्ध छ। स्वर्गीय श्री ५ महेन्द्रबाट बक्सेको आर्थिक सहायताबाट यस घ्याङको जीर्णोद्धार भएको थियो। यहाँका बासिन्दाहरूको प्रमुख व्यवसाय व्यापार र पशुपालन हो। कसै-कसैको कृषि जमीन यहांबाट दक्षिणमा पर्ने तालामाराङमा छ। यहाँ आउने पर्यटकहरूको बढ्दो संख्यालाई दृष्टिगत गरी यहाँ स्थानीय जन-जीवन र वातावरण सुहाउँदो सानो स्तरको होटेल निर्माण भएको छ।

मेलम्ची घ्याङ

शेर्पा जातिको यो अर्को प्रमुख - धार्मिक स्थल हो। यहाँ अत्यन्त रमणीय र शान्त शेर्पा गाउं छ। यहाँका युवक-युवतीहरू सुन्दर मोहडाका छन्। तार्केघ्याङबाट खोलापारी उत्तर-पश्चिमतिर आधा दिनको बाटोमा यो स्थल अवस्थित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बगाम घ्याङ

यो एउटा नव-निर्मित भव्य र दर्शनीय ध्याङ हो। यस ध्याङमा एउटा लामा सेरी (कक्षा) पनि खोलिएको छ र करीब ३०।३५ जना बालकहरूलाई लामा विद्या पढाइन्छ।

सेर्मा थाङ

यो एउटा रमणीय गाउँ हो। यहाँ श्री ५ को सरकारद्वारा सञ्चालित बागबानी केन्द्र छ जसमा स्याउको खेती मुख्यरूपले लगाइएको छ। करीब १० वर्ष अगाडिदेखि सञ्चालित यस केन्द्रले फलफूल खेतीको विकास एवं संवर्धनमा महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ।

बाह्रबिसे बजार

सदरमुकाम चौताराबजारबाट करीब १९ किलोमिटर (छ कोस) पूर्वतिर भोटेकोशीको किनारामा अवस्थित यो स्थान जिल्लाको सबभन्दा ठूलो व्यापारिक केन्द्र एवं बजार हो। अरनिको राजमार्ग (काठमाडौं-कोदारी) यहींबाट गएको छ। जनवादी गणतन्त्र चीनको स्वशासित प्रान्त तिब्बतसँग हुने निकासी-पैठारी व्यापार यस स्थान हुँदै जान्छ। छिमेकी दोलखा जिल्लाको लागि पनि यो स्थान खरीद केन्द्रको रूपमा रहेको छ। यहाँबाट खाद्यान्न, लत्ता-कपडा, नून तेल आदि दैनिक उपभोगका सामग्रीहरू जाने गर्दछ।

यहाँ रेञ्ज कार्यालय, स्वास्थ्य केन्द्र, माध्यमिक विद्यालय, हुलाक, प्रहरी चौकी, नेपाल बैंक लि. को उप-शाखा आदि रहेका छन्। काठमाडौंबाट यहाँसम्म दैनिक करीब १०।१५ वटा बसहरू आउने-जाने गर्दछन्। निकट भविष्यमै सुनकोशी जल-विद्युत् योजनाबाट प्राप्त हुने बिजुलीद्वारा यस स्थानको विद्युतीकरण हुने भएको छ।

तातोपानी

यो ठाउँ चौताराबाट उत्तर-पूर्व दिशामा करीब ४५ किलोमिटर (१४ कोस) टाढा पर्दछ। अरनिको राजमार्गले यो स्थानलाई छोएको छ र यहाँबाट छिमेकी मित्रराष्ट्र गणतन्त्र चीन-सीमाना केवल पाँच-छ किलो मिटर मात्र टाढा पर्दछ। यहाँ भन्सार कार्यालय, हुलाक, प्रहरी चौकी रहेका छन्। पसल राखिएका दुई-चार वटा घरहरू पनि यहाँ छन्।

यस स्थान नजीकै अविरलरूपले तातोपानी बगिरहने हुनाले यसको नाउँ "तातोपानी" रहन गएको हो। यस मूलबाट १४ वटा ढुङ्गेधाराहरू बगेका छन्। यी धाराहरूबाट तातोपानी बगिरहन्छ। पानी निकै तातो भएको कारणले जाडोको बखतमा समेत नुहाउन कठिन पर्छ। चर्मरोगले सताइएका मानिसहरू धेरै टाढा-टाढाबाट पनि यहाँ आई स्नान गर्दछन्। यहाँ नुहाएपछि चर्मरोग निकोहुन्छ भन्ने जन-धारणा छ। माघ र जेठ महीनामा यहाँ धूमधाम मेला लाग्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तौथलीमाई

चौताराबजारबाट २२ किलोमिटर (सात कोस) पूर्वमा अवस्थित यो एउटा धार्मिक स्थल हो। पुरानो ढङ्गको शहर (यस जिल्लामा बजारलाई शहर भन्ने चलन छ) जस्तो बाक्लो बस्ती भएको यस बजारको निवासीहरू प्रायः सब नेवारहरू हुन् र मातृभाषाको रूपमा यिनीहरू दोलखे नेवारी भाषा बोल्दछन्। यहाँ श्री त्रिपुरा सुन्दरी माईको मन्दिर छ। बडादशैंको टीकाको दिनमा यहाँ ठूलो यात्रा हुन्छ। यो यात्रामा साथी-भाइ आपसमा दहीले छ्याप्छ्याप गरी यात्रा मनाउने हुँदा यसलाई दही-यात्रा भन्ने पनि चलन छ। भाद्र पूर्णिमाको दिनमा यहाँ हिले-यात्रा पनि हुन्छ।

जलबिरे बजार

यो स्थान चौताराबाट करीब आठ किलोमिटर (अढाई कोस) उत्तरतर्फ बलेफी खोलाको तीरमा रहेको छ। आधुनिक ढङ्गको पक्को घरहरू दोहोरो लाइन पारी निर्माण भएको यो बजार सानो तर सुन्दर छ। जिल्लाको सबैभन्दा घना बस्ती भएको यस स्थानमा आजकल खाद्यान्नको व्यापार हुन्छ। अरनिको राजमार्ग खुल्नु अगाडि यो बजार तिब्बत जाने बाटोमा परेकोले यस भेकको सबभन्दा ठूलो व्यापारिक केन्द्र बनेको थियो तर आजकल यसको स्थान बाह्रबिसेबजारले ओगटेको छ। यहाँ एउटा निम्न माध्यमिक विद्यालय छ र निवासीहरूमा नेवार जातिको आधिक्यता छ।

लामो साँगु

यो स्थान सुनकोशी नजीकै अरनिको राजमार्गमा पर्दछ। यसको नजीकै १० हजार किलोवाट बिजुली पैदा गर्ने सुनकोशी जल-विद्युत् योजना छ। योजनाका कर्मचारीहरू बस्ने आवास गृहहरू पनि यहीं छन् र बाँकी घरहरू स-साना जस्ताबाट बनेका छाप्राहरू छन् जसमा दैनिक उपभोगका मालसामानहरूको पसल थापिएका छन्। निकट भविष्यमै यस स्थानको विद्युतीकरण हुने भएको छ।

काठमाडौंबाट सोलुखुम्बू र जिरीतिर जाने मानिसहरू यसै ठाउँ भएर आउने-जाने गर्दछन्। नाम्चे-बजारतिर पैदल यात्रा (ट्रेकिङ) मा जाने विदेशी पर्यटकहरू पनि यसै स्थान भएर हिंड्ने भएकोले यो ठाउं प्रख्यात हुँदै आइरहेछ।

दुगुनागढी

यो ऐतिहासिक महत्वको स्थान हो। तातोपानी गाउँ पञ्चायत अन्तर्गत तातोपानीबाट पश्चिम दिशातर्फबाट करीब छ किलोमिटर (दुई कोस) टाढा यो गढी रहेको छ। वि. सं. १९१० तिर जङ्गबहादुर राणाको प्रधान मन्त्रित्व कालमा निर्माण भएको यो गढी त्यस बेलाको दृष्टिकोणले निकै बलियो मानिएको छ। पहिले पहिले नेपाल र तिब्बत बीचमा बराबर लडाईं-झगडा भइरहने र तिब्बततिर जाने बाटोमा यो ठाउँ पर्ने भएकोले यो किल्ला बनाइएको अनुमान गर्न सकिन्छ। यस्तै अर्को किल्ला ठूलो थकनी गाउँ पञ्चायत अन्तर्गत ठाने डाँडा भन्ने स्थलमा पनि बनेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

विक्रम सम्वत् २०२८ सालमा लिइएको राष्ट्रिय जनगणनानुसार यस जिल्लाको जनसंख्या २,०६,३८४ छ। यो जिल्लाको उक्त कुल जनसंख्यामध्ये १,०५,१०२ अर्थात् ५०.९ प्रतिशत पुरुष र १,०१,२८२ अर्थात् ४९.१ प्रतिशत महिला देखिएको छ। यसअनुसार यहाँ महिलाभन्दा पुरुषको संख्या ३,८२० अर्थात् १.८ प्रतिशतले बढी भएको कुरा स्पष्ट छ। बागमती अञ्चलको १३.८ प्रतिशत जनसंख्या यस जिल्लामा बसोवास गर्दछन्। नेपाल अधिराज्यका ७५ जिल्लाहरूमा बढी जनसंख्याको क्रममा यो जिल्लाले सत्रौं स्थान प्राप्त गरेको छ। यो जिल्लाको कुल क्षेत्रफल २,५२८ वर्ग किलोमिटर (२,५२,८०० हेक्टर) छ र यहाँको जनघनत्व प्रति वर्ग किलोमिटर ८२ व्यक्ति पर्न आउछ अर्थात् प्रति १०० हेक्टरमा ८२ व्यक्तिहरू बस्दछन्। अञ्चलका अन्य जिल्लाहरूको दाँजोमा रसुवालाई छाडेर यो सबैभन्दा कम जनघनत्व भएको जिल्ला देखिन आएको छ। अधिराज्यमै सबैभन्दा बढी जनघनत्व ७.९ व्यक्ति प्रतिहेक्टर भएको भक्तपुर जिल्लासँग साँध जोडिएको यो जिल्लामा भौगोलिक विकटता र हिमाली क्षेत्र भएको कारणबाट यति कम जनघनत्व हुन गएको हो।

यस जिल्लामा जम्मा ३८,४२७ घर परिवार छन्। तिनीहरूको औसत परिवार सदस्य संख्या ५.३५ देखिएको छ। यस जिल्लामा पाँचजना जहान भएको परिवार सबभन्दा बढी अर्थात् ६,६८२ घर छ र त्यसपछि दोस्रो र तेस्रोमा क्रमशः चार जना भएको ६,४४३ र छ जना भएको ५,५४३ घर छ। ठूलो परिवारमा २० जना वा सोभन्दा बढी सदस्य भएको घर परिवार ४४ छ भने १५ देखि १९ जना भएको २१२ वटा घर परिवार छन्। सानो जहान हुने घरहरूमा एक जना मात्र भएको १,१४०; दुई जना भएको ३,१६५ र तीनजना भएको ४,८४३ देखिएका छन्।

सिन्धुपाल्चोक जिल्लामा पाँच वर्ष र सोभन्दा मुनिका शिशुहरू जम्मा ३४,४४८ अर्थात् कुल जनसंख्याको १६.७ प्रतिशत छ। यो संख्यामध्ये १७,११४ जना बालक र १७,३३४ जना बालिका छन्। उमेरको दृष्टिकोणले विद्यालय जाने उमेर छदेखि १५ वर्षको बाल-बालिकाको जम्मा संख्या ५०,५५५ जना छ र यसमध्ये २६,६६६ बालक र २३,८८९ बालिका छन्। खास विद्यालय गइरहेका छात्र-छात्रा संख्याको सन्दर्भमा पछि छुट्टै चर्चा गरिने छ।

सामाजिक तथा आर्थिक दृष्टिकोणले महत्वपूर्ण मानिने उमेर, विद्यालयमा जाने उमेर तथा सोभन्दा मुनिको बाल्यकाल समेत गरी यस जिल्लाका बासिन्दाहरूलाई विभिन्न तीन उमेर समूहमा विभाजन गरिएको छ। विभाजनमा पुरुष तथा महिलाको संख्या र प्रतिशत पनि छुटचाइएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उमेर समूहको तालिका

वर्ष	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
५ वर्ष र सो भन्दा मुनि	१७,११४	१६.३	१७,३३४	१७.१	३४,४४८	१६.७
६–१५	२६,६६६	२५.४	२३,८८९	२३.६	५०,५५५	२४.५
१६ वर्ष र सो भन्दा उँभोका	६१,३२२	५८.३	६०,०५९	५९.३	१,२१,३८१	५८.८
जम्माः–	१,०५,१०२	१००.०	१,०१,२८२	१००.०	२,०६,३८४	१००.०

१६ वर्ष र सोभन्दा माथिका बयस्क समूहको संख्या यहाँ १,२१,३८१ अर्थात् कुल जनसंख्याको ५८.८ प्रतिशत छ र यसमध्ये ६१,३२२ पुरुष र ६०,०५९ महिला छन्। यसरी बाँकी ४१.२ प्रतिशत जनसंख्यामा १६ वर्ष घटीका बालक-ब.लिका मात्र पर्न आएको छ जसले यहाँको बढ्दो जनसंख्याको सङ्केत गर्दछ। शिक्षा, स्वास्थ्य एवं रोजगारीको क्षेत्रमा भविष्यका लागि यो समूहलाई दृष्टिगत गर्दै योजना तर्जुमा गर्नु धेरै हदसम्म सहायक सिद्ध हुनेछ। आर्थिक एवं सामाजिक क्षेत्रमा योजना सञ्चालनको लागि आवश्यक पर्ने जन-शक्ति आगामी वर्षहरूमा समेत यहाँ पर्याप्त मात्रामा उपलब्ध हुन सक्ने कुरो पनि यो समूहले सङ्केत गर्दछ।

सामान्यतः कुनै पनि घरको जहानमा सबै परिवार सदस्य काम गर्न सक्ने सबल हुँदैनन्। सबल मानिस काम गरी आर्जन गर्दछन् र त्यही आर्जनमा आफू स्वयम् र घरका कुनै दुर्बल अर्थात् शारीरिक वा मानसिक कारणवश काम गर्न नसक्ने परिवार सदस्य आश्रित रहेका हुन्छन्।

साधारणतः नेपालको गाउँघरको आर्थिक जीवनमा सानै उमेरदेखि मानिसहरू भूमिका खेल्न थाल्ने हुनाले नौ वर्षसम्मका बाल-बालिकालाई मात्र आश्रित मान्ने तथा स्वास्थ्य सेवा र आहार निम्नस्तरको भएको हुनाले यहाँ ६० वर्ष र सोभन्दा माथिका बृद्ध मानिसहरू पनि प्रायः शारीरिक दृष्टिकोणले आश्रित नै मानिन्छन्। यसरी आश्रित वर्गभित्र यी दुई समूहलाई समावेश गर्दा यस जिल्लाको जनसंख्यामा जम्मा संख्या ६९,५८६ अर्थात् कुल जनसंख्याको ३३.७ प्रतिशत उमेरको कारणले आश्रित कायम हुन आउँछ। त्यसैले १० वर्षदेखि माथि ५९ वर्षसम्मका जनसंख्यालाई सबल मानिएमा यो समूहको संख्या यस जिल्लामा १,३६,७९८ जना अर्थात् कुल जनसंख्याको ६६.३ प्रतिशत छ। यसबाट थाह हुन्छ कि यहाँ आश्रितभन्दा सबल जनसंख्या ३२.४ प्रतिशतले बढी छ र १०० जना सबल मानिसले लगभग ५१ जना आश्रितको भरण-पोषणको दायित्व वहन गर्नुपर्ने देखिन्छ।

आश्रित र सक्षम जनसंख्याको विश्लेषण गर्दा अर्को प्रचलनअनुसार १५ देखि ६४ वर्षसम्मको जनसंख्यालाई सबल अर्थात् आर्थिक लाभ गर्न सक्ने मानिएमा यहाँ यो उमेर समूहको जम्मा संख्या १,१९,३७७ अर्थात् कुल जनसंख्याको ५७.८ प्रतिशत हुन आउँदछ। १४ वर्षदेखि मुनिका नाबालिग र ६५ वर्ष तथा सोभन्दा माथिका बयोवृद्ध समूहलाई आश्रित मानिएमा यी दुई समूहको संख्या क्रमशः ७९,७६२ र ७,२४५ गरी जम्मा ८७,००७ अर्थात् कुल जनसंख्याको ४२.२ प्रतिशत छ। यसअनुसार यस जिल्लामा प्रत्येक १०० जना उमेरको कारणले सक्षम जनसंख्यामाथि लगभग ७३ जना उमेरको कारणले आश्रित रहेको देखिन्छ।

यो जिल्लामा छ वर्षदेखि माथिका जम्मा जनसंख्या १,७१,९३६ छ। यसमध्ये ४८,१८८ जना पुरुष र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५१,५२२ जना महिलाले विवाह गरिसकेका छन्। वैवाहिक सम्बन्ध विच्छेद गर्नेको संख्यामा जम्मा २०६ जना पुरुष र २७३ जना महिला छन् भने विधुर संख्या जम्मा २,५४३ र विधुवा ५,३६९ देखिएका छन्। यहाँ केही संख्यामा बाल-विवाह पनि भएको देखिएको छ। छदेखि नौ वर्षसम्मका उमेरमा विवाह गर्ने पुरुष ५० र महिलाको संख्या पनि ५० नै जना देखिएका छन्। त्यसरी नै १० देखि १४ वर्षको उमेरभित्रमा विवाह गर्ने पुरुष ४८८ र महिला ९२९ जना यहाँ छन्। छदेखि नौ वर्षको उमेरमा विवाह हुनेमध्ये एक जना विधुर र एक जना विधुवा भएका छन्। १० देखि १४ वर्षभित्रका विवाह हुने मध्ये चाहिँ १० जना विधुर र सात जना विधुवा छन् भने तीन जना महिलाले पारपाचुके पाएका वा लिएका देखिन्छन्।

मातृभाषा भन्नाले आमाबाट बाल्यकालमा सिकाइने अथवा जन्मस्थान वा घरमा बोलिने भाषालाई जनाउँदछ र २०२८ सालको जनगणनाबमोजिम यहाँको जनसंख्यालाई मातृभाषाको आधारमा देहायमा वर्गीकरण गरिएको छः–

मातृभाषा	संख्या	प्रतिशत
नेपाली	१,१७,४३४	५६.८
तामाङ	६१,९०५	३०.०
नेवार	१४,२००	६.८
भोटे शेर्पा	८,७३६	४.२
स्थानीय भाषा	२,७२१	२.०
अन्य भाषा	१,३८८	
जम्माः–	२,०६,३८४	१००.०

मातृभाषागत् दृष्टिकोणले यस जिल्लाको जनसंख्यालाई उपर्युक्त बमोजिम वर्गीकरण गर्दा राष्ट्रभाषा नेपालीलाई ५६.८ प्रतिशतले मातृभाषाको रूपमा प्रयोग गरेको देखिएको छ। दोस्रो स्थान तामाङ बोली बोल्नेहरूको छ (३०.० प्रतिशत), तेस्रो नेवारहरूको (६.८ प्रतिशत) र चौथो (४.२ प्रतिशत) भोटे-शेर्पा भाषा-भाषीको स्थान छ। यसपछि जनगणनामा छुट्टै रूपले उल्लेख नभएको तर नेपालकै स-साना समूहले बोल्ने मातृभाषाहरूलाई स्थानीय जिल्लाका भाषाहरू भन्ने समूह बनाइएको छ। यस अन्तर्गत थामी, हायु आदिले बोल्ने भाषाहरू पर्न आउँछ। यसप्रकारको स्थानीय भाषा बोल्नेहरूको संख्या यस जिल्लामा २,७२१ छन्। जनगणनामा नै दिइएका अन्य भाषा-भाषीहरूमध्ये यस जिल्लामा मैथिली, अवधी, राई, किराती, राजवंशी, दनुवार, सतार, गुरुङ, सुनुवार, लिम्बू र मगर भाषाहरू पनि छन् तर तिनीहरू सबै गरी जम्मा १,१५८ मात्र जनसंख्या हुन आउँछ। त्यसैले यस समूहलाई माथिको तालिकामा अन्य भाषामा समावेश गरिएको छ जसमा हिन्दी, अंग्रेजी जस्तो गैर नेपाली भाषाहरू पर्न आउँछन् र जसको संख्या यस जिल्लामा २३० छ। जिल्लाका विभिन्न भाषा-भाषी बीच कुरा गर्ने माध्यम चाहिँ राष्ट्र भाषा नेपाली नै भएकोले धेरै जनसंख्याले यो भाषामा आफ्नो अभिव्यक्ति व्यक्त गर्न र अरूले बोलेको बुझ्न सक्दछन्।

यहाँ प्रमुख रूपमा हिन्दू तथा ठूलै संख्यामा बौद्ध धर्मावलम्बीहरूको बसोबास छ। यहाँ इस्लाम र जैन धर्मावलम्बीहरू बहुतै कम छन्। विभिन्न धर्मावलम्बीहरूको बीचमा आपसमा कुनै घृणा वा द्वेषको भाव राखेको पाइँदैन। यहाँका घ्याङहरू बौद्धमार्गीका लागि मात्र धार्मिक स्थल नभएर अन्य धर्मका अनुयायीहरूका निमित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

पनि उत्तिकै श्रद्धा तथा आस्थाका केन्द्र बनेका छन् भने यहाँका विभिन्न देव-देवस्थलहरू सबै धर्मावलम्बीहरूका लागि समान रूपमा पूज्य रहिआएका छन्।

यस जिल्लामा जम्मा ५५ गाउँ पञ्चायतहरू छन्। यीमध्ये सबैभन्दा बढी अर्थात् ५,४७८ जनसंख्या भएको माङ्खु गाउँ पञ्चायत हो। त्यसरी नै जिल्लामा सबभन्दा घटी जनसंख्या भएको गाउँ पञ्चायतमा टेकनपुरको नाम आउँछ। यस पञ्चायतमा केवल १,३५२ जनाको मात्र बसोबास रहेको छ। यस जिल्लाको समस्त गाउँ पञ्चायतहरूको वर्णानुक्रमानुसार नामावली र त्यहाँ बसोबास गर्ने जनसंख्या यहाँ प्रस्तुत गरिएको छः-

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. अतरपु	१,५९५	२. इर्खु	२,००६
३. कदमबास	२,५०४	४. कर्थली	२,५२४
५. किउल	२,८१३	६. कुबिण्डे	२,३१७
७. गाती	४,७८९	८. गुनसा	१,६१९
९. गुम्बा	२,४०६	१०. गोलचे	३,०७३
११. घुमथाङ	३,२०२	१२. घोर्थली	१,८४२
१३. चोकटी	२,१३०	१४. चौतारा	२,६०१
१५. जलबीरे	१,७७२	१६. जेठल	२,५८०
१७. ज्यामिरे	३,७३९	१८. तिम्बुध्याङ्गुल	२,८२३
१९. टेकनपुर	१,३५२	२०. ठूलो थकनी	२,४८१
२१. ठूलो घादिङ	२,२२४	२२. ठूलो पाखर	२,४७१
२३. ठूलो सिरूवारी	३,६२७	२४. ठोकरपा	३ ८७७
२५. तातोपानी	२,५६७	२६. तारामाराङ	२,२७६
२७. तौथली	२,७८५	२८. थाङपालकोट	२,४१९
२९. थाङपालधाप	२,६२२	३०. थुमपाखर	२,७४६
३१. दुभाचौर	३,९०३	३२. घुस्कुन	२,५३३
३३. नवलपुर	२,२००	३४. पालचोक	१,९६८
३५. पाङग्रेटार	२,१६२	३६. पाङतान	१,९६९
३७. पिसकर	१,५४४	३८. पीपलडाँडा	२,५०७
३९. पेटकु	१,३५५	४०. फटकशिला	२,६६२
४१. फुल्पिङकट्टी	३,००२	४२. फुल्पिङकोट	२,९७९
४३. फुल्पिङ डाँडागाउँ	३,१२६	४४. बतासे	३,८२४
४५. बरम्ची	२,४१७	४६. बरूवा	२,५२४
४७. बाडे गाउँ	४,७१२	४८. बाँसखर्क	२,२८४
४९. बाँसबारी	३,१६२	५०. बाह्रबिसे	४,४४८
५१. भोटसिपा	३,५६४	५२. भीमटार	१,६५३
५३. भोताङ	१,९८८	५४. भोटेचौर	४,०६८

५५. भोटेनामलाङ	२,६४५	५६. महाङ्काल	५,४७४
५७. माथिल्लो कुन्चोक	३,०७६	५८. मानेश्वारा	२,६०१
५९. माङ्ग्रा	५,४७८	६०. मेलम्ची	२,५६१
६१. यामुना	१,७३६	६२. राम्चे	२,२८४
६३. लाङगर्चे	२,००६	६४. लिसङखु	४,२७१
६५. लिस्तिकोट	२,९९६	६६. स्याउले	३,२८५
६७. साँगाचोक	५,०५२	६८. सानु सिरूबारी	२,२८६
६९. शिखरपुर	१,५६८	७०. सिपापोखरे	२,५९०
७१. सिन्धुकोट	२,५८०	७२. सिंगालकाभ्रे	१,८९८
७३. सेलाङ	२,२१९	७४. सुनखानी	१,९३४
७५. हगम	३,५३८		

उपर्युक्त ७५ गाउँ पञ्चायतहरूमा प्रति पञ्चायत औसत जनसंख्या २,७५२ छ । सबैभन्दा बढी अर्थात् ५०.६ प्रतिशत गाउँ पञ्चायतहरूमा २,००० देखि २,९९९ जनसंख्या भएको पाइन्छ भने १,००० देखि १,९९९ र ३,००० देखि ३,९९९ जनसंख्या हुने गाउँ पञ्चायतको संख्या झण्डै बराबर अर्थात् १५ र १४ छन्। केवल पाँच वटा गाउँ पञ्चायतहरूमा ४,००० देखि ४,९९९ तथा तीन वटा पञ्चायतहरूमा ५,००० भन्दा बढी जनसंख्या भएको देखिन्छ ।

जनजीवन

यस जिल्लामा बाहुन, क्षेत्री, तामाङ, नेवार, शेर्पा, गुरुङ, राई, सुनुवार, लिम्बू, मगर, दनुवार आदि जातिका मानिसहरू बसोबास गर्दछन् । जिल्लाका बहुसंख्यक जात-जातिको सांस्कृतिक वर्णन गर्ने क्रममा काभ्रेमा तामाङ, काठमाडौंमा नेवार तथा सोलुखुम्बू जिल्लामा शेर्पा जातिको घना बस्ती भएकोले उनीहरूको रीतिरिवाज तत् तत् जिल्ला परिचयमा सविस्तार उल्लेख गरिएकै हुँदा यहाँ यिनै जातिको सांस्कृतिक चर्चामा पुनरावृत्ति गरिरहन आवश्यक छैन । तर यो जिल्लामा मातृभाषाको आधारमा दोस्रो र चौथो क्रममा आउने तामाङ र शेर्पा जातिको सन्दर्भमा सरसर्ती केही चर्चा गरिनु भने अनुचित देखिंदैन । बागमती अञ्चलमा तामाङ र शेर्पा शेर्पा जातिको घनाबस्ती (मातृ भाषाको आधारबाट) यस जिल्लामा केन्द्रित रहेको देखिन्छ। तामाङ र शेर्पा दुई विभिन्न जाति हुन् तापनि तिनीहरूको बीचमा सांस्कृतिक परम्परा, धार्मिक कार्य-विधि, सामाजिक रीति-थिति सम्बन्धमा निक्कै समानताहरू पाइन्छन् । उत्तरी भागको हिमाली इलाकामा शेर्पाहरू बसोबास गर्दछन् । तर तामाङहरूको बासस्थल दक्षिण पहाडी पाखा-भित्ता र काँठमा पर्दछ। यी दुई जातिका खास आफ्नै लिपिहीन छुट्टा छुट्टै मातृभाषा छन् तर यिनीहरूको लोक नृत्य तथा लोक-गीतमा नरमाउने मानिस कोही हुँदैनन्।

उपर्युक्त दुई जातिका मानिसहरूको भनाइ पाइन्छ कि "१२ तामाङ १८ जात" भित्र सबैप्रकारको व्यवहार समान रूपमा चल्दछ । अरू जातिका बीचमा भात चल्ने, नचल्ने कुरा हुन्छ भने तामाङ, शेर्पा जातिका मानिसहरूमा जूठो चल्छ, चल्दैन भन्ने प्रसङ्ग उठ्दो रहेनछ ।

यी जातिका मानिसहरूमा केहीले लामा विद्या हासिल गर्दछन् । धर्मको दृष्टिकोणले यिनीहरू बौद्धमार्गी हुन् । यहाँ धेरै ध्याङहरू पाइन्छन् । तैपनि हिन्दू धर्मको परम्परागत सबै प्रकारको पुण्य विशेष गरेर दसैं, तिहार जस्तो चाडहरू पनि उत्तिकै श्रद्धा र अभिरुचिकासाथ मान्ने गर्दछन् । पुण्य तिथि एवं पर्वहरूमा यहाँका

CC-0. In Public Domain. Digitization by eGangotri
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न देव-देवस्थलहरूमा मेला लाग्दछ र मेलामा सबभन्दा बढी शेर्पा र तामाङ लगायत विभिन्न जातिका मानिसहरू मेला भर्न आउने गर्दछन्। मेलामा डम्फू बजाउँदै मुटु छुने सेलो गाएर नाच्दै हिंडी मेलाको वातावरणमा सजीवता ल्याइदिने यिनै जातिका वंशालु युवक-युवतीहरू हुन्।

तामाङ, शेर्पा जातिका मानिसहरूमा पुरुष-महिला दुवै थरी उत्तिकै मेहनती हुन्छन्। यी जातिका आइमाईहरू भारी बोक्ने र खेतीपाती गर्ने काममा लोग्नेमानिसभन्दा कम हुँदैनन्। शेर्पा समाजमा महिला जातिको स्थान ज्यादै महत्वपूर्ण हुन्छ र विभिन्न आर्थिक तथा सामाजिक क्रियाकलापमा तिनीहरूको समान भूमिका रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

नेपाल अधिराज्यका अन्य कतिपय पहाडी जिल्लाहरू जस्तै यो सिन्धुपाल्चोक जिल्लाको पनि आर्थिक आधार कृषि नै हो। जिल्लाका अधिकांश भागहरू हिमाल, लेक तथा अनेकों डाँडा-काँडाले ढाकिएको र समथर बेंसी भाग धेरै कम भएकोले उद्योग तथा व्यापार विकासमा यहाँको भौगोलिक बनावट खास सुहाउने खालको छैन। कृषि क्षेत्रमा पनि जिल्लाको निक्कै भाग लेकाली भेक पर्दछ र यहाँ बढी मात्रामा पाखे बाली गहुँ, जौ, मकै र आलुको खेती हुन्छ। त्यसैले लेकाली क्षेत्रमा पहाडी भागको अपेक्षा अन्नको निक्कै कमी हुन्छ। तसर्थ लेकालीहरू प्रायः आफ्नो उत्पादन आलुसँग खाद्यान्न विनिमय गरी जीवन निर्वाह गर्दछन्। यस खण्डको अपेक्षा पहाडी क्षेत्रको बेंसीहरूमा भने धान, गहुँ, मकै, कोदो, भटमास, बदाम आदिको खेती हुन्छ र यस भेकमा लेकमा जस्तो उति खाद्यान्न अभाव हुँदैन। यसरी विभिन्न हावापानी अनुसारको खेती उपयुक्त स्थानमा जिल्लाबासीहरूले कृषि व्यवसाय नै अपनाएका छन्। २०२८ सालको राष्ट्रिय जनगणनाअनुसार यस जिल्लामा विभिन्न पेशामा संलग्न रही आर्थिक दृष्टिबाट लाभ गर्ने १० वर्षदेखि माथिका जम्मा जनसंख्या १,०६,४८२ मध्ये १,०२,७७६ जना अर्थात् ९६.५ कृषि तथा कृषिजन्य व्यवसायमा लागिरहेको देखिएको छ।

कृषि

जिल्लाको सम्पूर्ण क्षेत्रफल २,५२,८०० हेक्टरमध्ये कृषि तथ्याङ्कअनुसार १३,००० हेक्टर अर्थात् ५.१ मात्र आवादी छ र यसैमा खेतीपाती गरिन्छ। यहाँ धान, मकै, कोदो, गहुँ, आलु, फापर, उखु, भटमास आदिको खेतीहरू गरिए तापनि यहाँको मुख्य खेती चाहिं धान, मकै, आलु र कोदो नै हो। जिल्लाको धेरैजसो भाग पाखा-पखेरा भएकोले त्यस्तो स्थलहरूमा पनि घैया वा मकै लगाउने गरिन्छ। परम्परागत नै खेती गरिने यस जिल्लामा सिचाइ सुविधाको कमी भएकोले खेती-पातीको निमित्त बढी मात्रामा प्रकृतिमा नै निर्भर गरिन्छ।

जग्गा जमीन

जिल्लामा आवादी जमीनको विधिवत नापी भइनसकेकोले जमीनको यकीन आधुनिक लगत तयार भइसकेको छैन। एउटा अनुमान (Agricultural Statistics of Nepal, HMG, 1972.) अनुसार यस जिल्लामा खेती गरिएको जमीन १३,००० हेक्टर छ। तर यहाँको माल कार्यालयमा खेततर्फ १९५२ सालको नापी र पाखोतर्फ २००२ सालको बीज जाँचको आधारमा तयार भएको लगतमा नै वर्तमानमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जमीनको लगत राखिएको छ। यसअनुसार पाखातर्फ (बीजन मुरीमा) २,२६० मुरी १६ पाथी सात माना र खेततर्फ निम्नबमोजिम छः–

खेततर्फ (माटो मुरीमा)	खेत	मुरी	पाथी	माना
अब्बल	७०	६	२	४
दोयम	२६७	५९	४	७
सीम	१,०५४	२७	३	५
चाहार	६२२	७२	२	२
जम्मा	२,०१४	६४	१३	२

उपर्युक्त लगतमा खेतको इकाईमा आठ मानाको एक पाथी, २० पाथीको एक मुरी र १०० मुरी माटोको एक खेत हुन्छ। रोपनीसितको तुलनामा चार मुरी माटोको एक रोपनी हुन्छ र हेक्टरमा परिणत गर्न करीब २० रोपनीको एक हेक्टर हुन्छ। पाखातर्फ मकैको एक माना बीजले करीब एक रोपनी जमीनलाई ढाक्दछ। यस हिसाबबाट मोटामोटी रूपमा हाल देखिएको लगतअनुसार पाखातर्फ करीब १८,०८७ हेक्टर र खेततर्फ २,५१८ हेक्टर गरी यहां जम्मा २०,६०५ हेक्टर आवादी दर्ता भएको जमीन देखिएको छ। यस बाहेक हाल आवादीतर्फ दर्ता हुन बाँकीमा खेततर्फ अन्दाजी १,००० माटो मुरी तदनुसार १३ हेक्टर र पाखोतर्फ करीब बीजन मुरी तीन अर्थात् २४ हेक्टर समेत गणना गर्दा यस जिल्लामा कुल २०,६४२ हेक्टर जमीन आवाद भएको अनुमान हुन्छ।

यो जिल्लामा आर्थिक वर्ष २०२१।०२२ मा भूमिसुधार कार्यक्रम लागू भएको थियो। सम्बन्धित कार्यालयबाट उपलब्ध एउटा अर्को तथ्याङ्कअनुसार यस जिल्लामा भूमि वितरणको प्रारूप निम्नबमोजिम छः–

जग्गाको परिमाण	जग्गाधनी		क्षेत्रफल	
	संख्या	प्रतिशत	रोपनी	प्रतिशत
१० रोपनीसम्म हुने	३२,६३४	९६.०	३,१२,४५१	८७.६
१० देखि १५ रोपनीसम्म हुने	१,०३०	३.०	२७,२०२	७.६
१५ देखि २८ रोपनीसम्म हुने	१८६	०.५	७,१११	२.०
२८ देखि ६० रोपनीसम्म हुने	१४६	०.४	८,७३१	२.४
६० देखि ८० रोपनीसम्म हुने	१०	०.४ (दुवैको)	७०५	०.३ (दुवैको)
८० देखि बढी रोपनी जग्गा हुने	२		४७५	
जम्मा	३४,००८	९९:९	३,५६,६७५	९९.९

(अर्थात् १७, ८३४ हेक्टर)

यस तालिकामा दिइएको जग्गाको क्षेत्रफल समेत गर्दा यहाँ खेती गरिएको जग्गाको परिमाणको सम्बन्धमा तीनवटा क्षेत्रबाट क्रमशः १३,००० हेक्टर, २०,६४२ हेक्टर र १७,८३४हेक्टर भन्ने तथ्याङ्कहरू उपलब्ध भएको छ। त्यसैले यस जिल्लामा वास्तवमा कति खेती गरिएको जग्गा छन् भन्ने बारेमा यकीन जानकारी यहाँ विधिवत नापी भइसकेपछि मात्र थाहा हुने छ। जहाँसम्म जमीन वितरणको प्रारूप छ हाललाई उपर्युक्त तालिकामा दिइएको जानकारीलाई नै आधार मानेर विश्लेषण गर्ने हो भने यस जिल्लामा १० रोपनीसम्म जमीन हुनेको संख्या ३२,६३४ जना अर्थात् कुल संख्याको ९६.० प्रतिशत देखिएको छ र यिनीहरूमा कुल जमीनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८७.६ प्रतिशत जमीनको स्वामित्व रहेको देखिन्छ। यसमा १० देखि १५ रोपनीसम्मको जग्गाधनी पनि जोड्दा यहाँ ९९ प्रतिशत जग्गाधनी १५ रोपनी अथवा सोभन्दा कम जग्गा भएका रहेछन् र तिनीहरूसित कुल जग्गाको ९५.२ प्रतिशत जग्गा रहेछ भन्ने देखिन्छ। यसरी यस जिल्लामा धेरै जग्गा हुने धनीहरूको संख्या अत्यन्तै कम छ भन्ने कुरा स्पष्ट रूपले देखिन्छ। यस तथ्याङ्कबमोजिम यहाँ प्रतिजग्गाधनी औसत जग्गा १०.४ रोपनी अर्थात् ०.५ हेक्टर हुन आउँछ। तर २०२८ सालको जनगणनाअनुसार यहाँ जम्मा घर परिवार संख्या ३८,४२७ भएको देखिन्छ। त्यसैले यहाँ जग्गाको स्वामित्व नभएका घर परिवार पनि छन् भन्ने कुरा पनि उक्त तथ्याङ्कले सङ्केत गर्दछ। जनगणनाको उक्त घर-परिवार संख्यालाई आधार मानेर उपर्युक्त जमीनको बाँडफाँड गर्ने हो भने यहाँ प्रति घर-परिवार खेती गरिएको जमीन ९.३ रोपनी अर्थात् .५ हेक्टर हुन आउँछ।

यहाँ हाल २०३० सालसम्ममा मोहीले जग्गाधनीलाई तिर्नु पर्ने कूत निर्धारण भइनसकेकोले मोहीले अधिया वा ठेक शर्तमा जग्गा कमाउने गर्दछ। यहाँ जम्मा ३४,८३६ मोही कायम भएका छन्। मोहीले कूत नबुझाएको अभियोगमा र जग्गा बेच-बिखन गर्दा मोही देखाउनुको सट्टा आफ्नै मोहियानी हक देखाई राजिनामा गरिदिने अनुचित व्यवहारबाट उत्पन्न मोहियानी हक बेदखली मुद्दाहरू यहाँ पर्ने गर्दछन्।

जिल्लामा आठ थुमको १४७ वटा मौजाहरू छन्। तर मालपोत उठाउने तालुकी प्रथा २०२० सालतिरै तोडिएकोले गाउँ पञ्चायतहरूको माध्यमद्वारा मालपोत असूल-तहसील गर्ने प्रथा छ। यस जिल्लामा प्रति वर्ष रू. १,६०,९००। जति मालपोत उठ्ति हुन्छ।

प्रमुख बालीहरू

खेतमा लाग्ने मुख्य बालीहरूमा धान र गहुँ हुन् भने पाखोमा लाग्ने मकै, कोदो, आलु र जौ हुन्। खेतमा कहीं कहीं अलि अलि उखु पनि लगाइन्छ। मुख्य बाली धान जेठदेखि साउनसम्ममा लगाइन्छ र असार-देखि भदौ महीनातकमा गोड-मेल गरी सिध्याइन्छ। धान असोजदेखि मंसीरसम्ममा काटिन्छ। त्यसै गरी खेतमा गहुँ बाली कात्तिकदेखि पुससम्ममा छरी वैशाख – जेठमा काटिन्छ। पाखोमा मकै फागुनदेखि चैतसम्ममा छरिन्छ। यसलाई वैशाख–जेठ महीनामा गोडेर साउन–भदौमा भाँचिन्छ। त्यसै गरी कोदो बाली पाखामा असारदेखि भदौमहीनाभरमा रोपिसकेर साउन-असोजसम्ममा गोडमेल गरी कात्तिक–मंसीरभरीमा बाली उठाइन्छ। पाखोमा आलु रोप्ने चाहिं दुई समय हुन्छ– असोज–कात्तिक र माघ–फागुन। अघिल्लो समयमा रोपेको आलुलाई मंसीर–पुसमा गोडिन्छ भने पछिल्लो समयमा रोपेकालाई वैशाख–जेठ महीनामा। यसरी लगाइएका आलु बाली क्रमशः चैत–वैशाख र जेठ–असारमा खनी सकिन्छ।

उपर्युक्तबमोजिम लगाइने बाली-चक्रमा एक अर्काको मेलोमा बिना मजदूरी सघाउने र पछि आफूलाई पनि सघाइमाग्ने पर्म प्रथा प्रशस्त मात्रामा चलेको पाइन्छ। यस अतिरिक्त ज्याला दिएर पनि खेताला लगाइन्छ। खाजा खुवाएर लोग्नेमानिसलाई प्रतिदिनको पाँच मोहर, आइमाईलाई दुईरूपैयाँ ज्याला (२०३० सालमा) दिने चलन छ। जिल्लाको बेंसीतिर प्रायः गहुँ, धान बालीमा उन्नत जातका बीउ प्रयोग गरी आधुनिक कृषि अपनाई बढी बाली भित्र्याउने पक्षमा कृषकहरूले प्रभावकारी भूमिका खेलेका छन्।

यस जिल्लामा विभिन्न बालीहरू आर्थिक वर्ष २०२७।२८ देखि ०२९।०३० सम्म निम्न तालिका-अनुसार लगाइएको देखिन्छ। उपर्युक्त तीन वर्षमा प्रमुख बालीहरू लगाइएका क्षेत्र र उत्पादन प्रवृत्ति (कृषि तथ्याङ्क १९७२ अनुसार) यहाँ प्रस्तुत गरिन्छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्र: हेक्टरमा
उत्पादन: मेट्रिकटनमा
औसत उत्पादन: मेट्रिकटन प्रति हेक्टरमा

बालीको नाम	२०२७।०२८			२०२८।०२९			२०२९।०३०		
	क्षेत्र	उत्पादन	औसत	क्षेत्र	उत्पादन	औसत	क्षेत्र	उत्पादन	औसत
धान	३,८५०	९,६२५	२.५	३,९००	९,७५०	२.५	३,९००	९,७५०	२.५
मकै	९,२००	१८,०३२	१.९	७,६६०	१८,१४६	२.१	९,५००	१८,०५०	१.९
गहुँ	२,२००	१,९९३	१.१	२,२००	२,४२०	१.१	२,१००	२,०२४	१.०
कोदो	२,९००	३,२३३	१.१	—	—	—	२,२००	२,४६४	१.१
जौ	३६०	३५३	०.९	—	—	—	३००	२९४	१.०
आलु	१,७५०	९,४५०	५.४	—	—	—	१,८००	९,४५०	५.२
तोरी	५५	२९	०.५	—	—	—	५५	२४	०.४
उखु	३०	३६०	१२.०	—	—	—	३०	३६०	१२.०
सुर्ती	—	—	—	—	—	—	७	६	०.९

उपर्युक्त तालिकामा उल्लेख भएबमोजिम आर्थिक वर्ष २०२८।०२९ मा लगाइएका धान, मकै र गहुँका अतिरिक्त अन्य बाली-नालीका सम्बन्धमा तथ्याङ्क उपलब्ध छैन । प्राप्त तथ्याङ्कको अध्ययनबाट थाहा हुन्छ कि यहाँ बढी क्षेत्रफलमा लाग्ने बाली मकै हो । यसपछि दोस्रो, तेस्रो र चौथो क्रमशः धान, कोदो र गहुँ बालीको स्थान आउँदछ । धान बालीको सन्दर्भमा क्षेत्रफल र उत्पादन उपर्युक्त तीन सालमा झण्डै स्थिर रहेको देखिन्छ भने मकै, गहुँ र कोदोको क्षेत्रफल, उत्पादन र उत्पादन दरमा तल माथि परि नै रहेको देखिन्छ।

त्यसैले यस जिल्लामा उत्पादन भएको अन्न बाहिर नगए यहाँको उत्पादन जिल्ला बासीले खाएर पनि केही बचत समेत गर्न सकिन्छ भन्ने दावी समेत गरिएको छ । तर जे भनिए तापनि यहाँको खाद्यान्नस्थिति सीमान्त किसिमको छ भन्ने कुरामा केही शङ्का छैन । यहाँ सुख्खा र अतिवृष्टिबाट बाली बिग्रन गई २०२९ सालमा र त्यसपछि ५०० मेट्रिकटन मकै र २०० मेट्रिकटन चामल विक्री गरिएको थियो । त्यसैले यहाँको खाद्यान्न स्थितिमा सुधार ल्याउन खाद्यान्नभन्दा अरू नै वस्तुको निर्यात क्षमता बढाउनको साथै कृषि उत्पादनमा नै पनि विकास गर्दै लैजानु आवश्यक छ ।

बागमती अञ्चलमा खाद्यान्न बचत हुन नसक्ने चार वटा जिल्लाहरू (धादिङ, काठमाडौं, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक) मध्ये सबैको भन्दा घटीमात्रामा खाद्यान्न न्यून हुने जिल्लामा यसै सिन्धुपाल्चोकको नाउं आउँछ । कृषि तथ्याङ्क (१९७२) अनुसार आर्थिक वर्ष २०२७।२८ मा यहाँ कुल खाद्यान्न उत्पादन ३३,२०० मेट्रिकटन भएको थियो । यसमध्ये जिल्लाबासीको उपभोग, चरा-मुसाबाट भएको नोक्सानी, बीउ आदि कट्टा गर्दा करीब २३३ मेट्रिकटन खाद्यान्न जिल्लाबासीको उपभोगमा न्यून भएको देखिन्छ । खाद्यान्न उत्पादन सम्बन्धी माथिको तालिकाबाट यस जिल्लामा उत्पादन दरमा वृद्धि भएको गति नदेखिएको हुनाले यहाँको खाद्यान्न स्थितिमा सुधार भइसकेको प्रतित हुँदैन । तर कृषि उत्पादन यहाँबाट निर्यात पनि हुने गर्दछ । एउटा जानकारीअनुसार यहाँ ८।१० महीना मात्र खान पुग्नेले पनि धान बाली भित्र्याएपछि लगत्तै स्थानीय बजारमा, बाह्रबिसे, साँगुमा

CC-0. In Public Domain. Digitization by eGangotri

र कुनै काठमाडौंसम्म पनि बेच्ने गर्दछन्। यसैप्रकारले मकै र गहुँ पनि यहाँबाट निर्यात हुने गर्दछ।

फलफूल खेती

यस जिल्लामा फलफूल खेतीको ठूलो सम्भावना देखिएको छ। स्याउ,ओखर,नासपाती, आरू,सुन्तला, अनार, कागती,आँप,केरा, भूइँकटहर आदि फलफूल का लागि उपयुक्त यहाँ लेक तथा बेंसीहरू छन्। तर यहाँ खास गरेर स्याउ, केरा, आँप, भूइँकटहर, सुन्तला बढी मात्रामा लोकप्रिय भएको छ। लेक खण्डमा हुने फलफूल जस्तै स्याउ, ओखर आदिको खेती विशेषगरेर तातोपानी, गाती, फुल्पिङ कट्टी, ठूलो थपनी, भोटाङ, तिन्बुघ्याङ गुल र पिस्कर आदि गाउँ पञ्चायत क्षेत्रमा गर्न सकिने सम्भावना छ।

यस दिशातिर केही प्रयत्न त भइ पनि सकेको छ। उदाहरणार्थ सेर्माथाङ (हेलम्बू) मा २०१९ सालतिरै एउटा बागबानी केन्द्रको स्थापना भएको थियो। केन्द्रलाई जम्मा २३.५ हेक्टर (५८.२ एकड) जमीन उपलब्ध भएकोमध्ये हाल (२०३०) सम्ममा १४.६ हेक्टर (३६.५ एकड) भूमिमा स्याउ र अरू फलफूल खेती गरिएको छ। हाल यहाँ करीब २,००० स्याउका बोटहरू रहेको विश्वास छ। यस केन्द्रको मुख्य उद्देश्य अनुसन्धान, प्रदर्शन एवं प्रसार गर्नु हो। भारतको सिमला, काश्मीर आदि स्थानबाट काम गरेर घर फर्केका मानिसहरूले त्यहाँबाट आफूसाथ हुर्केको स्याउको बिरुवा ल्याई आफूले लगाउने वा बिक्री गर्ने पनि गर्दछन्। यी बिरुवाहरू हुर्किसकेका हुने हुँदा चाँडै फल लाग्ने गर्छन् भनिन्छ। हेलम्बूमा स्थापित उक्त बागबानी केन्द्रले स्थानीय स्याउखेतीमा अझ बढी भूमिका खेल्दै जाने आशा गर्न सकिन्छ। आजकाल निजी क्षेत्रमा स्याउ-खेती लोकप्रिय हुँदै आइरहेछ। यस भेकका किसानहरूले १०।१२ हजार स्याउको बोट लगाई खेती गरिरहेका छन्। हेलम्बूमा एकजना किसानले मात्र २०३० सालमा रू. २६ हजार कृषि ऋण कृषि विकास बैंकबाट लिएका थिए। सहूलियत, शर्त र ब्याज दरमा यस्तो ऋण पाए फलफूल खेती गर्न यहाँका धेरै किसानहरू उत्सुक देखिन्छन्। जमीन हेरी उपयुक्त फलफूल खेतीका लागि यस्तो ऋण र अरू सुविधा उपलब्ध गराएर मोटामोटीरूपमा बलेफी, झरिखोला, साल विरुण, मेलम्ची, तालामाराङ, ग्याल्थुम, किउलबेंसी, जलवीरे, बरम्चे, फलामेसाँघु, गोल्छे, बाह्रबिसे आदि गाउँ क्षेत्रहरूमा सुन्तला, कागती, अम्बा, केरा आदिको खेती गर्न प्रोत्साहन दिन सकिन्छ। त्यसै गरी चौतारा, पीपलडाँडा, पोखरे, पाटी-गाउँ, छेरिचौर, नवलपुर, बगवा, किउल, नुखुगाउँ, बगामबेंसी, यांग्री, गुनसा, भोर्भे-नाम्लाङ, स्याउले, काङलाङ, तातोपानी, कोदारी आदि क्षेत्रहरूमा आरु, नासपाती, हलुवावेद, आलुबखडा आदिको खेती लगाउन सकिन्छ।

सिचाइ

जिल्लाको कृषियोग्य भूमि अधिकतर डाँडा-काँडा र पहाडी भेकमा भएकोले बृहत् सिचाइ आयोजना सञ्चालन हुन नसक्ने कुरो स्वतः सिद्ध छ। तर स्थानीय प्रयासद्वारा गाउँलेहरूले स-साना कच्ची कुलोहरूबाट सकेसम्म सिचाइको व्यवस्था गरेका छन्। माथि उल्लिखित कृषि तथ्याङ्क(१९७२) अनुसार यहाँ आर्थिक वर्ष २०२४।२५ मा जम्मा ५८० हेक्टरमा सिचाइ भएको थियो। पछि मानेश्वर लघु सिचाइ आयोजनाबाट २०० हेक्टर जमीनमा सिचाइ सुविधा उपलब्ध भएकोले यहाँ जम्मा ७८० हेक्टर भूमिमा सिचाइ सुविधा प्राप्त भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ। एउटा स्थानीय अनुमानअनुसार जिल्लाको कुल धानखेती हुने जग्गामध्ये लगभग २५ प्रतिशतमा सिचाइको व्यवस्था बाह्रै महीना भएको छ र बाँकी ७५ प्रतिशत चाहिं वर्षाको भर पर्नु पर्दछ। यहाँको यो ७५ प्रतिशत खेतमा सिचाइको व्यवस्था पुऱ्याउन नसकिने त होइन तर यसबाट हुने लाभ वा प्रतिफलको अनुपातमा लागत बढी पर्न जान्छ, पाँच-छ किलोमिटर टाढामा बग्ने खोलसा वा खोलाबाट अनेकौं पहरा वा डाँडा काटेर पानी ल्याउनुपर्ने हुन्छ। साथै यसरी खनिएको कुलोलाई सिमन्टीलेपन गर्न जरूरी हुन्छ, अन्यथा पानी बीचैमा चुहेर खेरजाने हुन्छ। जिल्लाको पश्चिमी भागमा उत्तर-दक्षिण बग्ने इन्द्रावती नदीमा बाँध बाँध्ने हो भने यसबाट प्रशस्त लाभ हुने निश्चित छ। त्यसैगरी होल्चे-चौतारा कुलो निर्माण भएमा करीब १,००० घर संख्यालाई खानेपानीको सुविधा प्राप्त हुनुको साथै स्याउले, चौतारा, कुबिण्डे, सानो सिरुबारी र पीपलडाँडाका लगभग २५,००० रोपनी अर्थात् १,२५० हेक्टर जमीन सिंचित हुने सम्भावना छ।

पशुपालन

जिल्लामा लेकाली भेकतर्फ कृषियोग्य जमीन नभएकोले यस क्षेत्रमा खासगरी तिम्बुघ्याङ्गुल, सेर्माथाङ, चिलडाँडा, ल्याङ-ल्याङ, बरूवा, जिस्ती, घोर्थली, गुम्बा, गोल्छे, भोटाङ, गोलु आदिमा जिल्लाको अन्य भागको अपेक्षा बढी मात्रामा पशुपालन गरिन्छ। यस भेकका मानिसहरूले शीत ऋतुमा लेकबाट बेंसीतिर र ग्रीष्म ऋतुमा बेंसीबाट लेकतिर पशुहरू चराउन लैजाने गर्दछन्। कोही कृषकहरूले गाई र याक (सांढे) बाट चौंरी (जोम) उत्पादन गरी बिक्री गर्ने गर्दछन् त कोही चौंरी मात्र पाली दुग्ध व्यवसाय गर्दछन्। यस भेकका कृषकहरूको मुख्य पेशा पशुपालन हो। जिल्लाको अन्य भागमा कृषिको पूरक पेशाको रूपमा पालुवा जनावरहरू पालिने गर्दछन्। यहाँ गाई, भैंसी, बाख्रा, सुंगुर अथवा बंगुर, भेडा, चौंरी, कुखरा आदि पाल्ने गरिए तापनि खासगरी गाई, भैंसी, भेडा, बाख्रा, च्याँग्रा बढी मात्रामा पालिन्छन्। यहाँबाट वर्षेनी लाखौं रुपियाँको घ्यू तथा ऊन जिल्ला बाहिर निर्यात हुन्छ। उपर्युक्त तथ्याङ्क (१९७२) अनुसार आर्थिक वर्ष २०२६।२७ मा यहाँ ६८ हजार गाई, २२ हजार गोरु, ३९ हजार भैंसी, पाँच हजार राँगा र ७१ हजार बाख्रा (बोका, खसी समेत) पालिएका थिए।

कृषि ऋण

ग्रामीण कृषकहरूलाई रासायनिक मल, कृषि औजार, कीटनाशक औषधि, गोरु आदि खरीद गर्न वर्तमानमा कृषि ऋणको संस्थागत व्यवस्था गर्ने प्रयास स्वरूप यहाँ ऋणको आवश्यकता पर्दछ। कृषि ऋणको क्षेत्रमा कृषि विकास बैंकको भूमिका विस्तृत हुँदै आएको छ। तर यो बैंकको शाखा यहाँ छैन तापनि यस जिल्ला नजीकै बनेपामा रहेकोले त्यहींको कृषि विकास बैंकद्वारा यो जिल्लामा समेत कृषि ऋण केही मात्रामा उपलब्ध गर्दै आइरहेछ। भूमिसुधार कार्यक्रम सँगसँगै लागू भएको अनिवार्य बचत सङ्कलनबाट आर्थिक वर्ष २०२१।२२ देखि २०२५।२६ सम्ममा नगदी रू.३४,३७०। र जिन्सी (खाद्यान्न) मा मुरी २९,२०० सङ्कलन भएको थियो। प्राप्त जिन्सी रकमलाई प्रचलित दर, भाउमा बिक्री गरी नगदीमा परिणत गरेर ग्राम समिति मार्फत वितरित ऋण समेत असूल गरी जम्मा ७,१३,०००। रूपियाँ पहिलेको बचत संस्थानमा दाखिल भएको थियो। यस रकममध्ये हाल काभ्रेपलाञ्चोक जिल्लाको बनेपामा स्थापित कृषि विकास बैंकबाट यस जिल्लाका विभिन्न ग्राम समितिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुरोधमा मल, बीउ, कृषि औजार आदि खरीद गर्न कुपनद्वारा ऋण उपलब्ध हुने गरेको छ। यस अतिरिक्त ग्राम समितिमा संग्रहित रकमबाट पञ्चायतका ग्राम जनताको आवश्यकताअनुसार ग्राम समितिद्वारा ऋण वितरण पनि हुनेगर्दछ।

यहाँ २०१७ सालदेखि २०२४ सालसम्ममा घरेलु कुटीर उद्योग सम्बन्धि सहकारी संस्था एक, ऋण सहकारी संस्था एउटा र ११ वटा बहुमुखी सहकारी संस्थाहरू खडा भएका थिए। तर यी सहकारी संस्था-हरूको सञ्चालन र व्यवस्थापनमा आवश्यक सुधार एवं प्रभावकारी ढङ्गले सञ्चालन गर्ने उद्देश्यले यसको संख्या-त्मक वृद्धिलाई कटौती गरी गुणात्मक वृद्धितर्फ जोडदिन पहिले स्थापना भएकालाई बिघटन गर्दै लैजाने क्रममा हालसम्ममा चार वटा बहुमुखी सहकारी संस्थाको रजिष्ट्रेशन खारेज भइसकेको छ। हालसम्ममा दुई वटा बहुमुखी सहकारी संस्थालाई निर्दिष्ट र नियन्त्रितरूपमा सञ्चालन गर्न शुरू गरिएको छ। यी दुईको सदस्य संख्या ४४० जना र शेयर पूँजी रू. १३,२५८। पुगको छ। यी निर्दिष्ट बहुमुखी संस्थाबाट वार्षिक सरदर १,१५,०००। रूपियाँ जति कृषि ऋण वितरण हुने गर्दछ। यी बाहेक बाँकी अरू सहकारी संस्थाहरू ७५ प्रतिशत जति सुचारु रूपले चल्नसक्ने खालका देखिएका छन्।

यस जिल्लामा भूमिसुधार कार्यक्रम अन्तर्गत ऋण निश्चित गर्ने सिलसिलामा रू. ३२,६४,४०८। को ऋण निश्चित गरिएको थियो जसमध्ये १३,१९,६२९। रूपैयाँ स्वतः साधन भई आसामीले १०३ रोपनी जग्गा फिर्ता पाएको थियो।

कृषि विकास

यस जिल्लामा कृषि विकास कार्यालय रही आएकोले ४० गाउँ पञ्चायत क्षेत्रमा प्राविधिक सरसल्लाह उपलब्ध भएको छ। कृषकहरूलाई कृषि अनुसन्धानबाट सुधारिएको खाद्यान्न बालीको जानकारी र लगाउने तरीका, रासायनिक मल तथा कीटनाशक औषधि, सुधारिएको कृषि-औजारको प्रयोग आदि कृषि प्राविधिक ज्ञान उपलब्ध गराइन्छ। यस अतिरिक्त यस कार्यालयको माध्यमबाट हाललाई सीमित संख्यामा भए पनि नश्ल सुधारका लागि राँगो (बाह्रबिसे, राम्चे,साइडामा), बोका, भेडा, बंगुर, कुखराका चल्ला, भूरा माछा आदिका अतिरिक्त फलफूलका बोट बिरूवाहरू पनि विक्री वितरण हुने गर्दछ।

कृषकहरूले पाल्तु जनावरहरूको मल, मूत्र तथा झारपात सडाएको मलको अतिरिक्त रासायनिक मल पनि खेतीमा उपयोग गर्न थालेका छन्। यस जिल्लाभरमा विगत आर्थिक वर्ष२०२७।२८ मा२२९ मेट्रिकटन,२०२८।२९ मा २४३ मेट्रिक टन र २०२९।३० मा ३०१ मेट्रिक टन रासायनिक मल उपयोग भएको थियो। गत आर्थिक वर्ष २०२९।३०मा उन्नत बीउहरू धान १,३०० हेक्टर, मकै १,३९० हेक्टर र गहुँ १,३४५ हेक्टर जमीनमा लगाइएका थिए। २०२७।२८मा यी क्षेत्रहरू क्रमशः ६७० हेक्टर र ६०० हेक्टर र ७१४ हेक्टर थिए। यसरी कृषि क्षेत्रमा क्रमशः नयाँ प्राविधिहरूको अनुसरण हुन थालेको छ। तर पशुपालनको क्षेत्रमा यहाँ पशु चिकित्सालयको व्यवस्था भइसकेको छैन। २०२८।२९ सालमा यहाँ खोरेतको महामारी चली वस्तुहरूको ठूलो नोक्सानी भएको थियो।

उद्योग

अनेकौं खनिज पदार्थहरूको भण्डार रहेको यो जिल्ला औद्योगिक गतिविधि तथा संस्था विहीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहन परेको छ। यस जिल्लामा हालसम्म फेला परेका खानीहरूमध्ये म्याग्नेसाइट कच्चा पदार्थमा आधारित बृहत् स्तरको उद्योगधन्धा स्थापना हुनसक्ने देखिएको छ। अरनिको राजमार्गबाट केवल तीन किलोमिटर सडक निर्माण गरे पुगिने खरिढुङ्गा नामक स्थानमा करीब १८ करोड मेट्रिकटनको राशि भएको म्याग्नेसाइट खानी रहेको छ। यस राशिमध्ये छ करोड ६० लाख मेट्रिकटन उच्च स्तरको म्याग्नेसाइट भएको विश्वास गरिएको मा अहिलेसम्मको विस्तृत सर्वेक्षणबाट ३.५ करोड मेट्रिकटन उच्च स्तरको भन्ने प्रमाणित भएको छ। यो खानीमा मिसिएर माथिल्लो भागमा रहेको खरिढुङ्गा पनि अहिलेसम्मको सर्वेक्षणअनुसार दुई लाख ६६ हजार मेट्रिकटन रहेको साबित भएको छ। यस खानीको विस्तृत सर्वेक्षण चालू नै छ।

यस खानीमा पाइएको कच्चा पदार्थमा खरीढुङ्गाबाट टैल्क र म्याग्नेसाइट इँटा (जो कडा अग्नि हुने भट्टी-चुलोको निर्माणमा उपयोग हुन्छ) र रासायनिक मल सम्बन्धी उद्योगहरू स्थापना गर्न सकिने देखिएको छ। उपर्युक्त खास इँटा र रासायनिक मल कारखानाहरू स्थापना गर्न करीब १३ करोड रूपियाँ लाग्ने अनुमान छ। उत्पादनको दृष्टिबाट दैनिक ६०० मेट्रिकटन म्याग्नेसाइट उत्खनन गरेर प्रति वर्ष ४० हजार मेट्रिकटन डेड बर्ष्ट म्याग्नेसाइट र २० हजार मेट्रिकटन इँटाका साथै ३० हजार मेट्रिकटन रासायनिक मल उत्पादन हुने विश्वास राखिएको छ।

यी उत्पादित वस्तुहरूमध्ये रासायनिक मल आफ्नै मुलुकमा खपत हुन सक्ने र अन्य वस्तुहरूको माग पनि भारत तथा पश्चिमी मुलुकहरूमा प्रशस्त छ। खरीढुङ्गाको कच्चापदार्थ उच्चस्तरको देखिएकोले यसको खपत गराउन गाह्रो देखिन्न। यस उद्योग सञ्चालनको लागि सुनकोशी जल-विद्युत् योजनाबाट पर्याप्त मात्रामा विद्युत्-शक्ति उपलब्ध हुन सक्ने भएकोले यसले साकार रूप लिने बढी सम्भाव्यता देखापरेको छ।

यस जिल्लामा परम्परागतरूपमा स्थानीय कुनै कुनै जनताहरूले केही खनिज पदार्थहरू उपयोगमा ल्याएका छन् तर यस धन्धालाई व्यावसायिक उद्योग मान्न सकिन्न। अन्य असंगठित घरेलु उद्योग झैं पूरक पेशाको रूपमा सञ्चालन भएको मान्न सकिन्छ। स्थानीय मानिसद्वारा घर लिप्न र रङ पनि बनाउन काम लाग्ने गेरू रङको माटो झिकी काठमाडौंमा विक्रीका लागि ल्याइन्छ र यहाँबाट सम्भवतः भारत निकासी हुन्छ। यस्तै प्रकारले यहाँ अभ्रख खानी पनि सञ्चालन भएको थियो तर परिष्कृतरूपमा प्रशोधन गर्न नसकिएकोले यसले उपर्युक्त बजार पाउन सकेन। स्लेट ढुङ्गाको उपयोग र बजार पनि स्थानीय गाउँमै सीमित रहेकोले यसको खानी सञ्चालन पनि स्थायी हुन सकेको छैन।

यो पहाडी जिल्ला भएको र अधिकांश जनताको मुख्य पेशा कृषि भएकोले यहाँ संगठित रूपमा कुटीर उद्योगहरू पनि छैनन्। परा-पूर्वकालदेखि नै मुख्य पेशाको समयबाट फुर्सद पाएका बेलामा जातीय घरायसी कामको रूपमा भने यहाँ असंगठित रूपमा कुटीर उद्योगहरू सञ्चालन हुँदै आएका छन्। यसमा मुख्यतः शेर्पा जातिका मानिसहरूद्वारा सञ्चालित राडी, पाखी, गलैंचा टङ्गा, उत्पादनलाई औंल्याउन सकिन्छ। त्यसैगरी प्रायः तामाङ, शेर्पा, गुरुङ आदि जातिका मानिसहरू मालिङ्गो, निगालो वा बाँसको डोको, घुम, ढाकर, मान्द्रो, चित्रा आदि बुनेर स्थानीय गाउँ वा हाट बजारमा विक्री गर्ने गर्दछन्। यहाँका लेकालीहरू लोक्ताबाट अलि-अलि नेपाली कागत बनाउने गर्दछन्।

कच्चा पदार्थ र स्थानीय शीप तथा हस्तकौशलको आधारबाट भविष्यमा यहाँ लोक्ताबाट सानो स्तरको कुटीर उद्योगको रूपमा नेपाली कागत उत्पादन कारखाना, ऊनका सामानहरू (जस्तै गलैंचा, राडी, पाखी आदि) को उत्पादन, दुग्ध उद्योग (मखन, घ्यू बनाउने) को स्थापनामा उज्ज्वल भविष्य प्रतित हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्यटन उद्योग

यस जिल्लामा पर्यटन उद्योगको विकास दिन परदिन बढ्दै गइरहेको प्रतित हुन्छ । एकातिर पर्यटकहरू अरनिको राजमार्ग र जनवादी गणतन्त्र चीनको सीमाना हेर्न जान्छन् भने अर्कोतिर पैदल यात्रा गर्ने पर्यटकहरू हेलम्बूतिर जान्छन् । हेलम्बूतिर जाने विदेशी पर्यटकहरूको संख्या वर्षमा करीब १,५००–२,००० सम्म पुग्ने अनुमान छ । यस्ता केही पर्यटकहरू हेलम्बूको शिखर हावापानीमा हप्तादिनसम्म पनि प्राकृतिक दृश्यावलोकन गरेर अघाउँदैनन् । केही पर्यटकहरू भने हेलम्बूबाट गोसाँइकुण्डतिर अगाडि बढ्दछन् । हेलम्बूबाट बगाम गुम्बा र त्यहाँबाट चौतारा निस्केर अरनिको राजमार्ग फेला पार्न सकिन्छ ।

हेलम्बूमा दुई तारे (मध्यम स्तरको) एउटा होटल स्थापना भएको छ । यहाँ कतिपय पैदल यात्रीहरू स्थानीय शेर्पा घरहरूमा बस्न, खान र कुराकानी गर्न रुचाउँछन् । तार्केघ्याङको प्रत्येक घर भनेजसो मौसममा होटलका कोठाहरू झैं बनेका हुन्छन् । यसबाट स्थानीय शेर्पा जातिको जीविकामा पनि ठूलो सघाउ पुगिरहेको प्रतित हुन्छ ।

व्यापार

पहाडी प्रदेश प्रधान भएको यस जिल्लामा वाणिज्य व्यवसाय फष्टाउन पाएको छैन । यो जिल्ला खाद्यान्न उत्पादनमा सीमान्त किसिमले मात्र आत्म निर्भर रहेको भए तापनि केही मात्रामा खाद्यान्न जिल्ला बाहिर निकासी हुने गर्दछ । त्यसै गरी धूपी, घ्यू, खसी, बोका, मह, डोको, नाम्लो, काँचो छाला, चाँपको काठ, ऊनको सामान, चिराइतो, जरीबूटी आदि काभ्रे पलाञ्चोक हुँदै दोलखा र काठमाडौंमा निकासी हुने गर्दछ ।

सयौं वर्षदेखि चलिरहेको नेपाल र तिब्बत बीचको व्यापार आज पनि केही अंशमा विद्यमान भए पनि अरनिको राजमार्गको निर्माणले व्यापार सञ्चालन सोझै काठमाडौंका व्यापारीहरूबाट हुन्छ भन्नमा त्रुटि नहोला। चीन र नेपालको सीमाना स्थित १६ किलोमिटर (१० माइल) क्षेत्रभित्रका निवासीहरूको बीच विना रोकतोक व्यापार गर्ने छूट प्राप्त भए तापनि यसबाट नाम मात्रको व्यापार वस्तु विनिमयद्वारा चल्ने गर्दछ, जसको प्रभाव जिल्लाको वाणिज्य व्यवसायमा अत्यन्त कम छ । कुनै यसै जिल्लाको उत्पादन र कुनै विभिन्न जिल्लाबाट सङ्कलन गरिएका वस्तुहरू यहाँको तातोपानी भन्सार भएर निकासी हुने गर्दछ । यी मालसामानहरूमा मुख्यतया सुकेको खोर्सानी, चामल, सुर्ती, पीठो, बग्र, सख्खर, हर्रो, बर्रो, लप्सी, रङ, रुद्राक्ष, डोको, नाम्लो आदिको नाम लिन सकिन्छ । चीनबाट नेपालीहरूको वस्तु विनिमयबाट कम्बल, तन्ना, छाता, जुत्ता, खेलौना, लत्ताकपडा, चिया–कप, थर्मस आदि ल्याउने गर्दछन् । यहाँको तातोपानीमा रहेको मूल भन्सार र भैंसेमा स्थापित छोटी भन्सार कार्यालय समेतको गरी आर्थिक वर्ष २०२९।३० मा निकासी तर्फ रू. ३५,०००। र पैठारीतर्फ रू. १,१०,०००। गरी जम्मा रू. १,४५,००० जति श्री ५ को सरकारलाई राजस्व प्राप्त भएको थियो । यसै गरी २०३०।३१ मा निकासीतर्फ ४३,०००। र पैठारी तर्फ रू. १,०८,००० गरी जम्मा १,५१,००० जति भन्सार महसूल उठेको थियो ।

जिल्लामा खास व्यापारिक केन्द्र र व्यापारिक प्रतिष्ठानहरू देखापरेका छैनन् । दैनिक उपभोगका मालसामानहरू प्रायः काठमाडौं र बनेपाबाट ल्याइन्छ र जिल्लाका विभिन्न स्थानमा रहेका व्यापारीहरूबाट बिक्री वितरण हुने गर्दछ । पहिले यहाँको प्रमुख बजार जलबिरे रहेको देखिन्छ तर आजकल प्रमुख स्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्रबिसेले लिन थालेको छ। यस अतिरिक्त यस जिल्लामा चौतारा, बलेफी, तातोपानी, झिरपु, नवलपुर, मेलम्ची, गोल्छे, फलामे साँगु, स्याउले, लामोसाँगु, भीमटार, ऐसेलुखर्क, बाहुनेपाटी, पाटी भञ्ज्याङ, सालामाराङ, बाँस खर्क, धाप, पाङग्रेटार आदि स्थानहरूमा पनि विभिन्न कपडा र खुद्रा पसलहरू रहेका छन्।

बैंक सेवा

यस जिल्लामा नेपाल बैंक लिमिटेडका दुईवटा प्र-शाखा एउटा बाह्रबिसेमा र अर्को जिल्लाको सदरमुकाम चौतारामा रहेका छन्। चौतारामा २०२८ सालमा मात्र उपर्युक्त बैंकको उप-शाखा स्थापना भएको हो र यसले सरकारी कारोबार पनि गर्नु पर्दछ। यस जिल्लामा रहेका उपर्युक्त दुई उप-शाखाहरूले २०३० सालसम्ममा जम्मा ५३२ वटा बचत खाता, २३ वटा मुद्दती खाता र चल्तीमा २५९ वटा खाता खोली बैंक सेवा उपलब्ध गर्दै आएको छ। यी दुई उप-शाखाले उक्त वर्षमा लगभग आठ लाख २० हजार रूपैयाँ सुन, चाँदी, धान चामल, नून, चीनी, तेल, सुर्ती इत्यादिमा लगानी गरेको थियो। यसमध्ये सात लाख १७ हजार रूपैयाँ १,७३४ जना ग्राहकहरूको सुन चाँदीमा लगानी भएको थियो। जिल्लामा व्यापारिक एवं औद्योगिक कारोवार सीमित मात्रामा हुने गरेकोले लगानी क्षेत्र पनि सानो भएको हुँदा यी बैंकहरू आफ्नो प्रशासनिक खर्चको अनुपातमा आत्मनिर्भर पनि हुनसकेका छैनन् तापनि जिल्लामा बढ्दो विकास आयोजनाहरूको दृष्टिबाट यिनीहरूको भविष्य राम्रो छैन भन्न सकिन्न।

कृषि तथा गैह्र कृषि व्यवसायको अनुपात

यस जिल्लाको आर्थिक मेरुदण्ड कृषि नै हो भनेर हामीले माथि नै भनिसकेका छौं। त्यसैले यहांको बढी जनसंख्या कृषि तथा कृषिजन्य पेशामा संलग्न रहेको देखिनु अस्वाभाविक होइन। कृषि क्षेत्रको तुलनामा अन्य क्षेत्रमा पेशा अपनाउने जनसंख्या नगण्य रूपमा देखा पर्दछ। २०२८ सालको जनगणनाअनुसार यस जिल्लाको कुल जनसंख्या २,०६,३८४ मध्ये आर्थिक दृष्टिबाट लाभजनक विभिन्न पेशा, व्यवसायमा लागेका १० वर्षदेखि माथि उमेरका जम्मा १,०६,४८२ अर्थात् कुल जनसंख्याको ५१.५ प्रतिशत छ। जसमा पुरुष ६९,७७० र महिला ३६,७१२ छन्। यो संख्यामध्ये १,०२,७७६ जना अर्थात् कुल संख्याको ९६.६ प्रतिशत कृषि तथा सो सम्बन्धित क्षेत्रमा काम गरेका छन्। यसरी बाँकी ३,७०६ जना अर्थात् ३.४ प्रतिशत गैह्र कृषि व्यवसायमा लागेका छन्। माथि वर्णन गरिएबमोजिम स्थानीय अर्थ व्यवस्थामा कृषिको जुन महत्वपूर्ण भूमिका छ, त्यसलाई जनगणनाले प्रस्तुत गरेको यस अनुपातले पनि पुष्टि गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

यातायात

यो जिल्ला राजधानी काठमाडौंबाट निक्कै नजीक मान्न सकिन्छ। अरनिको राजमार्ग यसै जिल्लाको पूर्वी भाग भएर गएको छ। जिल्लाको अरू भागमा यसै स्तरको सडक बन्न बाँकी नै रहे पनि यस राजमार्गले सहायक मार्गहरू यसमा जोड्न प्रभावकारीरूपमा प्रेरणा एवं प्रोत्साहन मिलेको पाइन्छ। जिल्लाको अरू भागमा बाह्रै मास चल्ने पक्की सडकको निर्माण भइनसके तापनि विगत एक दशकमा राम्रो मौसममा मोटर चल्न सक्ने कच्ची सडकहरू निक्कै तयार भइसकेका छन्। यहाँका कच्ची सडकहरूको निर्माणमा हार्दिक जन-अभिरुचिका साथ श्रमदान प्राप्त भएको कुरा उल्लेखनीय छ।

यस जिल्लाको सडक निर्माणलाई यहाँका नदीहरूले निर्देशित गरेको पाइन्छ। यहाँका चार मुख्य नदीहरूमध्ये सुनकोशी, भोटेकोशीको किनारैं-किनार अरनिको राजमार्ग बनेको छ। मेलम्ची खोलाको तीरबाट पनि एउटा कच्ची सडक निर्माण भएको छ। अरू दुई नदीहरू बलेफी र इन्द्रावतीको किनारमा घोडेटो बनेको छ र यसलाई चक्रेटो (मोटर गुड्न सक्ने) बनाउने लक्ष्य पनि राखिएको छ। अरनिको राजमार्गबाट चौतारा र त्यहाँबाट अरू उत्तर लगिएको मोटर चल्ने कच्ची सडक भने नदीको किनारा नभएर डाँडै डाँडाबाट निर्माण भएको छ। अरनिको राजमार्गको बीचमा पर्ने लामोसाँघु देखि जिरीसम्मको प्रस्ताविक सडक यस जिल्लाको थुम पाखर, सानो पाखर, ठूलो पाखर, जेठल आदि क्षेत्र हुँदै दोलखा जिल्लाको जिरी उपत्यकामा प्रवेश गर्छ। यो सडक निकट भविष्यमै निर्माण शुरूहुने भएको छ। यहाँका केही मुख्य सडकहरू र यातायात व्यवस्था संक्षेपमा निम्नबमोजिम छुट्टा छुट्टै चर्चा गरिनु आवश्यक छ।

अरनिको राजमार्ग

स्वर्गीय श्री ५ महेन्द्रबाट २०२३ सालमा उद्घाटन भएको नेपाल र जनवादी गणतन्त्र चीनको सीमानासम्म ११४ किलोमिटर लामो यो सडक भक्तपुरबाट काभ्रेपलाञ्चोक हुँदै सिन्धुपाल्चोक जिल्ला प्रवेश गरेको छ। यस जिल्लाभित्र मात्र दोलालघाटबाट मितेरी-साँघुसम्म ५७ किलोमिटर लामो यो सडकको भाग पर्दछ, यसमध्ये बाह्रबिसेदेखि उत्तर २७ किलोमिटरसम्म कालोपत्र गरी पक्की बनाइएको छैन। प्राविधिक दृष्टिकोणबाट यो राजमार्ग एउटा नमूनाको विषय बन्न गएको छ। नेपालको पहाडी क्षेत्रमा बनेका अन्य राजमार्गहरूको तुलनामा यो निक्कै सुगम र सुविधाजनक मानिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोलालघाट—चौतारा कच्ची सडक

यो कच्ची सडकलाई वनदेवी-चौतारा सडक पनि भनिन्छ र यसको लम्बाइ २६ किलोमिटर छ। यो बाटोको प्रारम्भिक कार्य २०१९ सालदेखि शुभारम्भ भई २०२४ सालमा मोटर श्रावत-जावत हुन सक्ने भएको थियो। यो बाटोको बीचमा कुनै पुल पर्दैन तर एक स्थानमा पैरो काट्नु पर्ने र अलि ठाडो उकालो पर्न आउँछ। दुई, तीनवटा घुम्ती साह्रै जोखिमपूर्ण देखिन्छन् तर बाटो हिउँदमा चालू रहन्छ। हाल (२०३०) पनि यस कच्ची सडकलाई अझ फराकिलो पार्ने क्रम चालू छ।

यो बाटो चौतारादेखि अरू अगाडि उत्तरतिर विस्तार गरिँदै पनि छ। यसरी यो बाटो स्याउले, भोटे, नाम्लाङ र गुन्सा हुँदै भोटाङ भन्ने गाउँमा पुऱ्याउन सकिन्छ। यहाँबाट अझ उत्तर पाँच पोखरीसम्म जान सक्छ। यसरी चौतारादेखि पाँच पोखरीसम्म यो बाटो करीब ४८ किलोमिटर लामो हुने हुन्छ, यसमध्ये २० किलोमिटर जति घोडेटो बाटो निर्माण भइसकेको छ। यो बाटो डाँडै डाँडा भएर जाने हुँदा पुलहरूको आवश्यकता पर्दैन। चौतरा नजीकैको चट्टान फोड्न बाँकी रहेकोले यो बाटोमा मोटर चल्न सकेको छैन।

पाँचखाल—हेलम्बू कच्ची सडक

वि. सं. २०२२ देखि खन्न थालिएको यो बाटो काभ्रे पलाञ्चोक जिल्लाको पाँचखालबाट यस जिल्लाको सिपाघाट, बाउन्नेपाटी, मेलम्ची पुल, तारामाराङ हुँदै हेलम्बूतिर जान्छ। इन्द्रावतीको किनार, त्यसपछि मेलम्ची खोलाको गडतीरै गडतीर हुँदै यो कच्ची सडक ४६ किलोमिटरसम्म चालू अवस्थामा छ। अहिले पनि महाङ्कालसम्म जीप मोटर जान सक्दछ। हुन त यसभन्दा अगाडि पनि बाटो खनिएको छ तर पुलको अभावले मोटर जान सकेको छैन। महाङ्कालबाट हेलम्बू (तार्केघ्याङ) तक २४ किलोमिटर लम्बाइको घोडेटो बाटो तयार हुन बाँकी छ।

हेलम्बू पर्यटन-स्थल हुनुको साथै स्याउ खेतीको लागि पनि महत्वपूर्ण रहेकोले यो सडकको उपादेयता भविष्यमा अरू बढ्ने सम्भावना छ।

वलेफी—फलामेसाँघु घोडेटो बाटो

यो बाटो बलेफी (जो अरनिको राजमार्गमा पर्दछ) जलवीरे र गोल्छे हुँदै फलामेसाँघु पुग्दछ। यसको दूरी करीब २२ किलोमिटर हुने अनुमान छ। यस बीचमा जलवीरे र घट्टे खोला पर्ने हुँदा पुल निर्माण खर्चिलो पर्ने हुन्छ अन्यथा बाँकी भाग प्रायः समान उचाइ हुँदै जाने भएकोले मोटर चल्ने सडकमा परिणत गर्न त्यति कठिन देखिँदैन।

तातोपानी—वोक्चेन बाटो

यो करीब १६ किलोमिटर लामो गोरेटो हो। यसलाई पनि २०२८ सालतिर पहिलेको गोरेटोलाई फराकिलो पारी घोडा हिँड्न सक्ने बनाउन थालिएको हो। हाल १० किलोमिटर जति तयार भइसकेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त सडक तथा घोडेटोहरूका अतिरिक्त जिल्लामा एक स्थानबाट अर्को स्थान आवत-जावत गर्ने थुप्रै गोरेटो तथा घोडेटोहरू छन्। यीमध्ये तार्केध्याङ अथवा हेलम्बू क्षेत्रबाट रसुवा जिल्लासँगको उत्तरी सीमानामा ५,६२३ मिटर (१८,४५०) फीट उचाइमा पर्ने गाँजाला (भञ्ज्याङ) भएर लाङटाङ बेंसी (रसुवा) झर्ने बाटो उल्लेखनीय छ।

पहाडी प्रदेशप्रधान यस जिल्लामा विभिन्न खोलानालाहरू छन् र यी खोलानालाहरूले पैदल यात्रालाई समेत कठिन र जोखिमपूर्ण बनाउँदछ। विगत केही वर्षहरूमा यस्ता केही खोलाहरूमा झोलुङ्गे पुलहरू स्थापना भएका छन् जसमध्ये मेलम्ची खोलामा इन्द्रावती दोभाननिरको झोलुङ्गे पुल उल्लेखनीय छ। जिल्लामा कहीं कहीं अन्य झोलुङ्गे पुलहरू भए पनि नाउ (डुङ्गा) द्वारा खोला वारपार गर्ने घाटहरू पनि यहाँ उत्तिकै उल्लेखनीय छन्। यीमध्ये सिपामा तारको लट्ठाद्वारा खोला तर्नु पर्ने तार घाट र अरूमा नाउ-घाट जस्तै झ्याडी घाट, बाहुनपाटी घाट, असोजदेखि वैशाखसम्म इन्द्रावतीमा चल्ने घाट, सुनकोशीमा ठोकर्पा, लिसङ्खु, दार्दी आदि घाटहरू छन।

सञ्चार

यो जिल्लाको सदरमुकाम चौतारामा सञ्चार साधनको रूपमा एउटा आकाशवाणी छ। यहांबाट काठमाडौं, रसुवा, धादिङ, वीरगञ्ज, भीमफेदी, हेटौंडा र गौरको आकाशवाणी केन्द्रसँग पनि सम्पर्क राख्न सकिन्छ तर साधारणतया सम्पर्क स्थापना भइरहने केन्द्र चाहिं काठमाडौं नै हो। सुनकोशी जल-विद्युत् योजनाको पाटन (ललितपुर) सम्म आएको "ट्रान्समिशन लाइन" सँगै टेलिफोनको तार टाँगिएको छ। उक्त टेलिफोन लाइनबाट पाटनको विद्युत् कार्यालयसँग मात्र कुराकानी गर्न मिल्दछ।

हुलाक

अधिराज्यका अन्य पहाडी जिल्लाहरूमा झैं यस जिल्लामा पनि सञ्चार माध्यममा हुलाकको भूमिका सर्वोपरि रहिआएको छ। यस जिल्लाका विभिन्न भागमा रहेका हुलाकहरू र तिनीहरूको स्तर निम्नानुसार छन्:

विनिमय हुलाक, कोदारी
छोटी हुलाक, चौतारा
शाखा हुलाक, बाह्रबिसे
शाखा हुलाक, बाहुनपाटी
अतिरिक्त हुलाक, सिन्धुकोट
अतिरिक्त हुलाक, ग्यालथुम
अतिरिक्त हुलाक, थाँपालधाप
अतिरिक्त हुलाक, नवलपुर
अतिरिक्त हुलाक, छाचोक ज्यामिरे
अतिरिक्त हुलाक, जलवीरे
अनिरिक्त हुलाक, बलेफी
अतिरिक्त हुलाक, तौथली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ वर्षभरिमा लगभग १,५७,००० जति चिट्ठी–पत्रहरू आवत-जावत हुन्छन् र सबभन्दा बढी आवत-जावत हुने क्षेत्र चाहिं चौतारा, सिन्धु र लिस्ती हो ।

बिजुली

अधिराज्यका जल-विद्युत् योजनाहरूमध्ये एउटा प्रमुख सुनकोशी जल-विद्युत् योजना यस जिल्लामा पर्दछ। यो योजना २०२९ सालमा पूर्ण भएको थियो। जलप्रवाहबाट सञ्चालित हुने यस योजनाको कुल क्षमता १०,०५० किलोवाट छ। यस योजनाबाट उत्पादित हाल सबैजसो विद्युत् शक्ति ६६ किलो भोल्टको प्रसारण लाइनद्वारा पाटन (ललितपुर जिल्ला) छोटी अवस्थानसम्म पुग्दछ र त्यहाँ काठमाडौं उपत्यकाको "११ किलोभोल्ट रिङ्गमेन" प्रणालीमा प्रवेश गर्दछ। यस योजनाको तीनवटा जनेरेटरमध्ये प्रायः दुईवटा मात्र चालू राखिन्छन् र तेस्रो चाहिं जगेडामा रहन्छ। यस योजनाको डिसिल्टिङ (बालुवा, ढुङ्गा आदि पानीबाट छान्ने प्रक्रुया) व्यवस्थाको लागि एउटा पोखरी बनाइएको छ र त्यसमा बालुवा, ढुङ्गा आदि जाने तीनवटा साना ढोका राखिएका छन्। उक्त डिसिल्टिङ प्लाण्ट योजनाको एक प्रमुख विशेषताको रूपमा मानिएको छ।

सुनकोशीमा निर्मित बाँधबाट जल-विद्युत् उत्पादन गृहसम्म लगिएको नहरको कुल लम्बाइ करीब तीन किलोमिटर छ। यो नहर पहाडको फेदी हुँदै गएको छ र पानीलाई अविरल गतिमा प्रवाह गराइराख्न धेरै किसिमका व्यवस्था गरिएको छ। नहरलाई कतै खुल्ला छाडिएको छ त कतै पैरो आई पुर्ने आशंका भएका ठाउँहरूमा नाला जस्तो पारी ढाकिएको छ। कहीं "साइफोनिङ प्रणाली" अपनाइएको छ भने कहीं गारोका खम्बाहरूमाथिबाट सो नहरलाई लगिएको छ।

यस योजनालाई पूरा शक्तिमा चलाउन ४० क्यूसेक पानीको आवश्यकता पर्दछ र त्यति पानी वर्षायाममा मात्र उपलब्ध हुने गर्दछ। फागुन–चैत महीनातिर लगभग २० क्यूसेक मात्र पानी प्राप्त हुने र झन वैशाख–जेठमा त पानीको मात्रा घट्दै एउटा मात्र जेनेरेटर सञ्चालन हुने १३ क्यूसेकसम्म हुने हुन्छ। यसरी न्यूनतम पानी पनि नपुग्ने डरले पानी जम्मा गर्ने एउटा पोखरी पनि बनाइएको छ र यसमा सदैव पानी जगेडा राखिने हुँदा आवश्यकताअनुसार त्यसको उपयोग गरिन्छ।

यो जिल्लामा हाललाई यस योजनाको निर्माणस्थल र घरहरूमा मात्र विद्युत्शक्तिको उपयोग भइ आएको छ। निकट भविष्यमै यहाँका केही इलाकालाई विद्युतीकरण गरिने भएकोले चौतारा र बाहबिसेसम्म प्रसारण लाइन तयार गरी तीन-तीन सय किलोवाट क्षमता भएको "ट्रान्स्फर्मर" जडान भएको छ। भविष्यमा यस योजनाबाट लामोसाँघु, बाहबिसेबाट जलेटारको अतिरिक्त बलेफी, कोठेमा पनि बिजुली पुग्ने सम्भावना छ। त्यस्तै भविष्यमा खरी ढुङ्गाबाट ल्याइएको म्याग्नेसाइटलाई लामोसाँघु इलाकातिर पगाल्ने कारखाना खुल्ने भएमा पनि त्यसलाई चाहिने १,२०० किलोवाटसम्मको विद्युत् शक्ति यस आयोजनाबाट उपलब्ध गर्न सकिने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

यो जिल्ला पहाडी जिल्ला भए तापनि शैक्षिक क्षेत्रमा गतिशील रहेको देखिन्छ। शिक्षाप्रति जिल्लाबासीहरूको बढ्दो अभिरुचिको फलस्वरूप शिक्षाको विकास उत्साहबर्द्धक रहेको छ।

२०२८ सालको राष्ट्रिय जनगणनाअनुसार बाल्यकालमै साक्षर बन्न सक्ने उमेर छ वर्षदेखि माथिका जम्मा जनसंख्या १,७१,९३६ मध्ये १३,६५२ अर्थात् जनसंख्याको ७.९ प्रतिशत मात्र साक्षर छन्। यो जम्मा संख्यामध्ये पुरुष जनसंख्यामध्येमा १२,५९३ अर्थात् १४.३ प्रतिशत र महिला १,०५९ अर्थात् १.३ प्रतिशत साक्षर देखिएका छन्। जिल्लाका मानिसहरूमध्ये विभिन्न उमेर समहमा रहेको साक्षरताको प्रतिशत यहाँ प्रस्तुत गरिएको छः—

साक्षरताको तालिका

उमेर	पुरुष			महिला			कुल संख्या		
समूह	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६–९	१०,८६३	७०८	६.५	१०,३८९	१५०	१.४	२१,२५२	८५८	४.०
१०-१४	१२,८७७	२,०८१	१६.२	११,१८५	३०१	२.७	२४,०६२	२,३८२	९.९
१५-१९	१०,२५१	१,८००	१७.६	८,९२८	१८४	२.१	१९,१७९	१,९८४	१०.३
२०-२४	८,४९९	१,७४०	२०.५	८,१६०	११५	१.४	१६,६५९	१,८५५	११.१
२५-२९	८,०४१	१,४२६	१७.७	८,१८८	७४	०.९	१६,२२९	१,५००	९.२
३०-३४	७,१२६	१,०७०	१५.०	७,५७२	५७	०.८	१४,६९८	१,१२७	७.७
३५-३९	६,६५४	९२१	१३.८	६,२४५	४९	०.८	१२,८९९	९७०	७.५
४०-४४	५,६९६	७४०	१३.०	६,१२८	४४	०.७	११,८२४	७८४	६.६
४५-५४	८,२०९	१,०७२	१३.१	७,८७७	४२	०.५	१६,०८६	१,११४	६.९
५५-६४	५,९८७	६३२	१०.६	५,८१६	३१	०.५	११,८०३	६६३	५.६
६५ र सो भन्दामाथि	३,७८५	४०३	१०.६	३,४६०	१२	०.३	७,२४५	४१५	५.७
जम्माः—	८७,९८८	१२,५९३	१४.३	८३,९४८	१,०५९	१.३	१,७१,९३६	१३,६५२	७.९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाअनुसार १० देखि २४ वर्षको उमेर समूहमा बढी साक्षरताको अनुपात रहेको छ। यसो हुनाको मुख्य कारण विगत दुई दशकदेखि मात्र हाम्रो देशमा शिक्षाको महत्वको प्रचार तथा प्रसार भएकोले हो भन्न सकि छ। छदेखि नौ वर्षको उमेर समूहको बाल-बालिका ज्यादै कम साक्षर छन्। यसो हुनाको कारण प्रत्येक गाउँमा प्राथमिक विद्यालयको स्थापना गर्न नसकिने भएकोले कलिला बाल-बालिका घरदेखि टाढाको शिक्षण संस्थामा पढ्न जान सक्दैनन् र केही उमेर बढेपछि मात्र शिक्षण संस्थामा प्रवेश गर्ने भएकोले हो। यस उमेर समूहको बाल-बालिका जम्मा २१,२५२ जना छन्। यो संख्यामध्ये केवल ८५८ अर्थात् चार प्रतिशत मात्र हाल साक्षर बन्न सकेका छन् र बाँकी मध्ये केही प्रतिशतले पछि केही बढेपछि मात्र साक्षर बन्ने कुरो माथिको तथ्यले स्पष्ट गर्दछ। देशबाट निरक्षरता हटाउने क्रममा यहाँ पनि साक्षरता अभियान सञ्चालन भएको थियो। विगत आर्थिक वर्ष २०२९।३० मा उमेर छिप्पिएका पुरुष तथा महिलाको निमित्त ९६ वटा प्रौढ साक्षरता कक्षाहरू खोलिएका थिए ।

यस जिल्लामा २०३० साल पुसदेखि राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएको छ। यहां जम्मा हाल १०३ वटा शिक्षण संस्थाहरू छन्। यिनीहरूको स्तर अनुसारको संख्या यसप्रकार छः–

प्राथमिक विद्यालय	९९
निम्न माध्यमिक विद्यालय	२
माध्यमिक विद्यालय	२
जम्मा	१०३

उपर्युक्त शिक्षण संस्थाहरू जिल्लाका विभिन्न भागमा स्थापना भएका छन्। यीमध्ये माध्यमिक विद्यालय जिल्लाको सदरमुकाम चौतारा र बाह्रबिसेमा एक एकवटा र जलवीरे तथा बाडे गाउँमा एक एक वटा निम्न माध्यमिक विद्यालय स्थापना भएका छन्। प्राथमिक विद्यालय भने ७५ वटै गाउँ पञ्चायतहरूमा एक वटा र कुनैमा दुई वटासम्म पनि रहेका छन्। उपर्युक्त विभिन्न स्तरका शिक्षण संस्थाहरूमा अध्ययन गर्ने छात्र, छात्रा तथा अध्यापकहरूको संख्या २०३० सालको गणनाबमोजिम यसप्रकार छः–

छात्र, छात्रा तथा अध्यापक संख्या

विद्यालयको स्तर	जम्मा विद्यार्थीको संख्या	छात्र	प्रतिशत	छात्रा	प्रतिशत	शिक्षक: अध्यापक	शिक्षक: अध्यापिका
प्राथमिक	७,४१३	६,९४८	९३.७	४६५	६.३	१२३	१
निम्न माध्यमिक	१७५	१३४	७६.६	४१	२३.४	५	१
माध्यमिक	४४०	३७१	८४.३	६९	१५.७	२०	१
जम्मा:–	८,०२८	७,४५३		५७५		१४८	३

यस तालिकाअनुसार प्राथमिक विद्यालयमा प्रवेश पाएका जम्मा ७,४१३ छात्र-छात्राहरूमध्ये ४६५ अर्थात् ६.३ प्रतिशत मात्र छात्राको संख्या देखिएको छ जो निम्न तथा माध्यमिक विद्यालयमा विद्याध्ययन गरिरहेका छात्राको प्रतिशतको तुलनामा निकै घटी प्रतिशत देखिन आएको छ। उपर्युक्त विभिन्न स्तरका शिक्षण संस्थाहरूमा जम्मा १५१ शिक्षकहरूले अध्यापन गरिरहेका छन्। यो संख्यामध्ये अध्यापिकामा तीनजना देखिएका छन्। शिक्षकहरूलाई तालीम दिइने संस्था यस जिल्लामा नभए पनि जिल्ला बाहिरबाट तालीम हासिल गर्ने शिक्षकहरूको संख्या ५८ अर्थात् कुल शिक्षक संख्याको ३८ प्रतिशत पुगेको छ। पक्की भवन हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालयहरूको संख्या ४४ र कच्ची भवन हुनेको संख्या यहाँ २९ वटा छ। २६ वटा जति प्राथमिक विद्यालयहरू अस्थायी टहरा आदिमा सञ्चालन भइरहेका छन्। यस जिल्लाका विभिन्न स्थान तथा विद्यालयमा समेत गरी जम्मा आठवटा पुस्तकालयहरू स्थापना भएका छन्। यी शिक्षण संस्थाहरू सञ्चालन गर्न आर्थिक वर्ष २०२९। ०३० मा एक लाख ७८ हजार रूपयाँ जति श्री ५ को सरकारबाट आर्थिक सहायता उपलब्ध भएको थियो।

२०२८ सालको जनगणनाअनुसार यहाँ छ वर्षदेखि माथिका जम्मा जनसंख्या १,७१,९३६ मध्ये विभिन्न स्तरका शिक्षण संस्थाहरूमा प्रवेश गरिराखेका २,९५५ जना अर्थात् जम्मा जनसंख्याको १.७ प्रतिशत देखिएको छ। यस तथ्याङ्क बमोजिम प्राथमिक तहमा प्रवेश भइराखेका जम्मा २,३३८ जना छन् र यसमध्ये छदेखि नौ वर्ष उमेरका बालक ३९३ र बालिका ७१ जना मात्र छन्, बाँकी १० देखि ४५ वर्ष र सोभन्दा माथिका जम्मा १,८७४ जनाले पनि यो स्तरमा पढिरहेको तथ्याङ्कबाट देखिएको छ। निम्न-माध्यमिक विद्यालय जाने ३७० जनामध्ये ३२८ छात्र र ४२ जना छात्रा छन् भने माध्यमिक विद्यालयमा अध्ययन गरिरहेका १९४ छात्र र २५ जना छात्रा गरी जम्मा २१९ जना विद्यार्थी देखिएका छन्। यहाँ उच्चस्तरीय शिक्षण संस्था नभए तापनि यस जिल्लाका विद्यार्थीहरू जिल्ला बाहिरका उच्चस्तरीय शिक्षण संस्थाहरूमा विद्याध्ययन गरिरहेका तथ्याङ्क-बाट देखिएका छन्। यसअनुसार इण्टरमिडियट स्तरमा पढिरहेका १८ जनामध्ये १६ जना छात्र र दुईजना छात्रा छन्। स्नातकस्तरमा अध्ययन गरिरहने नौ जना पुरुष देखिएका छन् र त्यसँगरी स्नातकोत्तर स्तरको एकजना विद्यार्थी पनि पुरुष नै देखिएको छ।

यो तथ्याङ्क सङ्कलन गर्दा विद्यालयमा प्रवेश नगरेको देखिएको संख्या १,६८,९८१ जनामध्ये ९७२ जनाले विभिन्न स्तरका शैक्षिक योग्यता हासिल गरेर अध्ययन पूरा गरिसकेका थिए। यी ९७२ जनामध्ये ३५१ ले प्राथमिक, २२२ ले निम्न माध्यमिक, ५१ जनाले इण्टरमिडियट, २० जनाले स्नातक र चार जनाले स्नातकोत्तर स्तरमा अध्ययन पूरा गरेका थिए। उच्च शिक्षा हासिल गर्ने संख्यामध्ये इण्टरमिडियट स्तरमा मात्र चारजना छात्रा बाहेक बाँकी सब छात्रहरू थिए।

स्वास्थ्य

यो जिल्लाको सदरमुकाम चौतारामा १५ शय्याको एउटा अस्पताल छ। यो अस्पतालमा तीनजना डाक्टरको पदस्थापना रहेको भए तापनि हालसम्म केवल एकजनाको मात्र नियमितरूपमा सेवा उपलब्ध हुँदै आइरहेको छ। डाक्टरका अतिरिक्त यस अस्पतालमा एकजना स्टाफ नर्स, एकजना सहायक परिचारिका तथा एकजना स्वास्थ्य सहायक रहन्छन्। यस अस्पतालमा जिल्लाका कोसौं टाढा-टाढा भेकबाट पनि रोगीहरू उपचारार्थ आउने गर्दछन्। विगत २०२९ सालभरमा यो अस्पतालको आउटडोरबाट १६,००० जति जनसंख्या-लाई उपचार सेवा उपलब्ध भएको थियो। यस जिल्लामा पाइने मुख्य रोगहरूमा पौष्टिक आहाराको न्यूनता बाट उत्पन्न हुने विभिन्न रोगहरूको अतिरिक्त, पेट दुख्ने, आउँ, आँखाका रोग आदि हुन्।

उपर्युक्त अस्पतालको अतिरिक्त जिल्लामा अन्य स्वास्थ्य चौकीहरूको स्थापना र सेवा पनि उत्तिकै उल्लेखनीय छ। यी स्वास्थ्य चौकी तथा केन्द्रको नामावली र स्थापित स्थानको विवरण यसप्रकार छः—

स्वास्थ्य केन्द्र (हेल्थ सेण्टर), बाह्रबिसे

स्वास्थ्य चौकी, नवलपुर

आयुर्वेदीय औषधालय, ठोकर्पा

मेलम्ची आयुर्वेदीय औषधालय, जरायटार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल अधिराज्यका अन्य जिल्लाहरूमा झैं यहाँ पनि रोगीहरूको उपचारका लागि धामी, झाँक्री, लामा आदिलाई देखाउने प्रथा छ। यिनीहरूबाट अन्धविश्वासमा आधारित पूजा–आजा, पशु पक्षीको बलिदिएर बिरामीको रोग निको पार्ने जमर्को गरिन्छ । तर जिल्लामा बढ्दो शिक्षाको प्रभाव र अस्पताल चौकीहरूको स्थापनाले गर्दा मानिसहरूले धामी, झाँक्रीमा आस्था क्रमशः घटाउँदं ल्याएका प्रशस्त उदाहरणहरू पाइन्छन् ।

जिल्लाका विभिन्न डाँडा-काँडा, कुना-कन्दरामा छरिएर रहेका गाउँहरूमा परिवार नियोजन कार्यक्रमको ठोस उपलब्धि हुन सकेको थिएन। हालसाल मात्र स्वास्थ्य सहायकहरूको आगमन र उनीहरूको क्षेत्रिय कार्यले परिवार नियोजन कार्यक्रमको प्रचार तथा लोकप्रियतामा पहिले भन्दा बढी प्रभाव पर्दै आइरहेको अनुभव हुन्छ।

यो जिल्लाको धेरैजसो भाग पहाडी प्रदेश भएकोले औलो जस्तो संक्रामक रोग स्थायीरूपमा रहेको छैन। बेला-बखतमा खासगरी भारततर्फबाट घर फर्की आउने यहाँका बासिन्दाहरूमध्ये कसै कसैले आफ्नो रगतमा औलोका कीटाणु बोकी ल्याउने हुँदा यहाँ एकदुई जना औलोका रोगीहरू देखा नपर्ने होइनन्। यस्ता रोगीहरूको उपचार गर्ने यहाँ खास छुट्टै व्यवस्था भएको छैन र अस्पतालले नै उपचार गर्ने गर्दछ।

बिफर जस्ता भयानक एवं संक्रामक रोग यहाँ विगत तीन वर्षदेखि देखापरेको छैन। यसो भन्दैमा बिफर निरोधक कार्यक्रम नै स्थगित गरिएको पनि छैन , बराबर पुनः खोप र नवजात शिशुहरूलाई प्रथम खोप सेवा तथा डी. पी. टी., बी. सी. जी जस्ता निरोधक सूईहरू पनि उपलब्ध हुँदै आएको छ।

जिल्लामा एकाध कुष्ठरोगीहरू पाइन्छन् तर यो रोगको उपचार गर्ने छुट्टै अस्पताल यहाँ नभएकोले भइरहेको अस्पतालबाटै उपचार हुने गर्दछ। कुष्ठरोग अन्य संक्रामक रोग झैं सामान्य सम्पर्क तथा हेलमेलबाट सर्ने खालको सरूवा रोग होइन, तर रोगको स्वभाव सम्बन्धी ज्ञानको अभाववश कुनै कुनै अबुझ मानिसहरू भ्रामक विचार लिई रोगीलाई नै अलि बेग्लै व्यवहार गर्दछन्, जुन सामाजिक दृष्टिबाट अन्यायपूर्ण देखिन्छ।

खानेपानी

पहाडी जिल्ला भएकोले जिल्लाका अधिकांश जनसंख्याले खोला, धारा, कुवा आदि प्राकृतिक जलस्रोतबाट खानेपानीको खाँचो टार्दछन् । त्यस्ता प्राकृतिक जलस्रोत गाउँ नजीक नरहेको अथवा रहे पनि दूषित देखिएका स्थानहरूमा सकेसम्म नाला वा कुलोद्वारा खानेपानीको आपूर्ति गरिएको पाइन्छ। जिल्लाको सदरमुकाम चौतारामा खानेपानीको अभाव पूर्ति गर्न केही वर्ष अगाडि कलधारा जडान भएको छ, तर पानीको मुहान नै सानो भएकोले पानी अपर्याप्त हुने भई हाल घर घरमा कलधारा भए पनि खानेपानी ल्याउन निकै टाढा जानु पर्ने भइरहेको छ। तसर्थ अब पर्याप्त पानी ल्याउनलाई झ्याडी खोलाको शिरमा थालखर्क होल्चे भन्ने स्थलमा पानीको ठूलो मुहान पत्ता लगाइएको छ। निकट भविष्यमा यहाँबाट खानेपानी ल्याइने सम्भावना छ। यहाँबाट पानी ल्याइएको खण्डमा चौतारामा मात्र होइन कि स्याउले, पीपलडाँडा, सानु सिरूवारी, ठूलो सिरूवारी, इर्खु कुबिण्डे र साँगाचौक गाउँ पञ्चायत इलाकामा पनि खानेपानीको वितरण पर्याप्त हुने अनुमान लगाइएको छ।

खानेपानीको दुःख रहेको अर्को ठाउँ ठूलो पाखर गाउँ पञ्चायत हो। पानी–पाँखर भन्ने खोलाको मुहानबाट यहाँ पानी ल्याइने हो भने यस योजनाबाट ठूलो पाखरको साथै पेड्कु, थुमपाखर, पांग्रेटार र जेठल पञ्चा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यतहरूलाई पनि खानेपानी वितरण हुन सक्ने देखिन्छ।

खानेपानीको कमी रहेको अन्य गाउँ पञ्चायतहरू जस्तै ज्यामिरे र राम्चेमा कलधाराहरू र हगाममा चाहिं कुलोद्वारा अभाव पूर्ति गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

वि. सं. १९३७ सालतिर यहाँ मिलिसिया जङ्गीपरेठ स्थापना भई प्रशासन हेर्ने गर्दथ्यो, पछि यही अड्डा गोश्वारामा परिणत भएको थियो। पहिले यो जिल्ला सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्ला दुवै एउटा सिन्धुपाल्चोक गोश्वाराबाट प्रशासित थियो। देशमा पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएपछि प्रशासन विकेन्द्रित गरी सुनिश्चित र वैज्ञानिक ढङ्गले सञ्चालन गर्ने नीतिको फलस्वरूप अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा प्रशासनिक विभाजन भएको परिणामस्वरूप बागमती अञ्चल प्रशासन अन्तर्गत यो सिन्धुपाल्चोक एक छुट्ट जिल्लाको रूपमा सिर्जना भएको हो। हुन त २०१८ सालमै ७५ जिल्ला विभाजन गरिने रूपरेखा तयार भइसकेको थियो तापनि कतिपय कारणवश २०२२ सालसम्म यो जिल्ला उपर्युक्त गोश्वाराबाटै प्रशासित रह्यो। त्यसपछि भने बागमती अञ्चल प्रशासन अन्तर्गत प्रमुख जिल्ला अधिकारीद्वारा यो जिल्ला प्रशासित हुँदै आइरहेछ। यसको सदरमुकाम चौतारामा छ। यहाँ जिल्ला पञ्चायत कार्यालयको अतिरिक्त श्री ५ को सरकारका जिल्लास्तरीय कार्यालय तथा अन्य कार्यालयहरू निम्नानुसार छन्:—

प्रमुख जिल्ला अधिकारीको कार्यालय
जिल्ला अदालत
जिल्ला प्रहरी निरीक्षकको कार्यालय
जिल्ला भूमिसुधार कार्यालय
जिल्ला कृषि विकास कार्यालय
माल कार्यालय
वन कार्यालय
सरकारी सहायक अधिवक्ता तथा सरकारी सहायक अभियोक्ताको कार्यालय
जिल्ला शिक्षा अधिकारीको कार्यालय

<u>अन्य कार्यालयहरू</u>

कृषि खरीद बिक्री संस्थान
आकाशवाणी कार्यालय
नेपाल बैंक लिमिटेड, उप-शाखा कार्यालय
जिल्ला पञ्चायत कार्यालय

सदरमुकाम चौतारामा रहेका उपर्युक्त कार्यालयहरू बाहेक जिल्लाका विभिन्न भागमा भन्सार कार्यालय, अरनिको राजमार्ग, सुनकोशी जल-विद्युत् योजना आदि जस्ता कार्यालयहरू पनि रहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रहरी

जिल्ला प्रहरी निरीक्षकको कार्यालय चौतारामा छ। यस कार्यालयको मातहतमा जिल्लाका विभिन्न भागमा प्रहरी चौकीहरू रहेका छन्। यिनीहरूको नाम र स्थापना भएको स्थानको समेत पूर्ण विवरण यस प्रकार छः–

नाम	पञ्चायत
प्रहरी छोटी थाना, बाह्रबिसे	बाह्रबिसे गाउँ पञ्चायत
प्रहरी चौकी, नवलपुर	नवलपुर गाउँ पञ्चायत
प्रहरी चौकी, गोल्चेफलामसाँगु	भोताङ गाउँ पञ्चायत
प्रहरी चौकी (अस्थायी), बलेफी	फुल्पिङ डाँडा गाउँ पञ्चायत

कारागार

यस जिल्लामा कर्कटपाताको छाना भएको पुरानो कारागार भवन छ। आर्थिक वर्ष २०२९।३० मा यस कारागारमा प्रौढ साक्षरता कक्षा सञ्चालन भएको थियो । उक्त वर्षमा १५ जना कैदी साक्षर भएका थिए।

न्याय

यस जिल्लाको जिल्लास्तरीय अदालत र सरकारी सहायक अधिवक्ताको कार्यालय चौतारामा छ। सरकारी सहायक अधिवक्ताको कार्यालयले श्री ५ को सरकारतर्फबाट मुद्दा दायर गर्ने, तत्सम्बन्धमा बहस गर्ने र सरकारबादी हुने फौजदारी मुद्दामा प्रहरीका साथ मौका तहकीकात, सरजमीन गरी सम्बन्धित कार्यालयमा मुद्दा दायर गर्ने गर्दछ । अदालतले चाहिं आफ्नो कार्यक्षेत्रभित्रको देवानी, फौजदारी आदि छुट्याई निर्णय गर्ने गर्दछ । यहाँको जिल्ला अदालतमा खास गरी लुटपीट, जग्गा र गाली बेइज्जती सम्बन्धी मुद्दाहरू बढी मात्रामा पर्ने गर्दछन्। विगत तीन वर्ष (२०२७।२८–२०२९।३०) मा औसत यी मुद्दाहरू लुटपीट ९६, जग्गा सम्बन्धी ६० र गाली बेइज्जती ६० वटा प्रतिवर्ष परेको देखिएको छ। यिनीहरू पछि लेनदेन सम्बन्धी पनि निकै मुद्दाहरू पर्दछन्। प्रति वर्ष १७ भन्दा बढी किसिमका मुद्दाहरू पर्ने गर्दछन् र यस्ता मुद्दाहरू आर्थिक वर्ष २०२७।०२८ भरिमा ५५३ वटा, २०२८।२९ मा ५७७ वटा र २०२९।३० मा ५८३ वटा परेका थिए।

पञ्चायत

यो जिल्लामा ७६ वटा गाउँ पञ्चायत छन्। यस जिल्लालाई दुईजना सदस्यले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्दछन्। जिल्ला पञ्चायत कार्यालय चौतारामा छ। जिल्ला विकास कार्यहरू सञ्चालन गर्न जिल्ला-सभाबाट पारित कर प्रस्तावहरू बमोजिम जिल्लामा करहरू लगाइने गरिएको छ। यस्ता करहरूमा घर-धुरी कर, घट्ट कर आदिको नाम लिन सकिन्छ। २०२९ सालमा यस्ता करहरूबाट मात्र रू. ५,०००। जति जिल्ला-सभा कोषमा आम्दानी भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लामा अधिकतर गाउँपञ्चायतहरूको उल्लेखनीय आय स्रोत छैन । कुनै कुनै पञ्चायतले दाउरामा कर लगाएको पाइन्छ भने कुनैले व्यापार कर र हाट, मेला कर लगाई आम्दानीको मुख्य स्रोत बनाएको पाइन्छ। आ-आफ्ना पञ्चायत क्षेत्रमा धुरी तथा घट्ट कर उठाई जिल्ला पञ्चायतलाई बुझाईंदा कमिशन बापत उठेको रकमको २५ प्रतिशत गाउँ पञ्चायतले पाउने हुँदा यो एउटा प्रमुख आय स्रोत मानिन्छ । यस अतिरिक्त रेडियो तथा भरूवा बन्दूक इजाजतपत्र नवीकरण आदिबाट अलि अलि आम्दानी हुन्छ । यस जिल्लाका समस्त गाउँ पञ्चायतहरूमध्ये ठोकर्पा, चौतारा, बाँसखर्क, बाह्रबिसे गाउँ पञ्चायतको वार्षिक लगभग रू. चार हजारसम्म आम्दानी हुने अनुमान छ । अन्य गाउँ पञ्चायतहरूले पाउने आम्दानी तुलनात्मक दृष्टिबाट नगण्य छ ।

उपर्युक्तबमोजिम विभिन्न आय स्रोतबाट सङ्कलित रकमलाई आ-आफ्नो गाउँ पञ्चायत इलाकाभित्र बाटो-घाटो, विद्यालय, साना-तिना कुलो आदिको निर्माण कार्यमा खर्च गरिन्छ । यस्ता निर्माण आयोजनामा लाग्ने खर्चमा केही प्रतिशत श्री ५ को सरकार वा जिल्लासभा कोषबाट पनि आर्थिक सहायतास्वरूप उपलब्ध गराइन्छ ।

यस जिल्लामा विभिन्न वर्गीय संगठनहरूको जिल्लास्तरीय कार्यालयहरू छन् । तिनीहरूको नामावली, प्रारम्भिक समिति संख्या तथा सदस्य संख्या यस प्रकार छः–

वर्गीय संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
नेपाल जिल्ला किसान संगठन	४१	१२१
नेपाल जिल्ला भूतपूर्व सैनिक संगठन	११	१२१
नेपाल जिल्ला महिला संगठन	११	१२१
नेपाल जिल्ला युवक संगठन	३९	४२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

यस जिल्लाको अर्थ व्यवस्थामा कृषिको नै मुख्य भूमिका भए तापनि खाद्यान्न उत्पादनमा निरन्तर-रूपले आत्मनिर्भर बन्न सकेको छैन। पहाडी जिल्ला भएको कारणले कृषियोग्य जमीन यहाँ सीमित मात्रामा मात्र उपलब्ध छ। त्यसैले खाद्यान्नमा आत्मनिर्भर बन्न परम्परागत खेती गराइमा समयानुकूल सुधार एवं सघन खेतीको प्रविधि अपनाएर उपलब्ध जमीनको उत्पादकत्व बढाई खाद्यान्न उत्पादनमा अभिवृद्धि ल्याउनु अत्यन्त आवश्यक छ। जिल्लामा धान खेतीयोग्य जमीन केवल खोला गढतिर वा बेंसीतिर साह्रै सीमित मात्रामा छन्, तसर्थ यहाँको लेक खण्डहरूमा पाइने ठूलठूला चौरहरूमा चरन विकास गरेर उपलब्ध भूमिको सदुपयोग हुन पर्ने देखिन्छ।

जिल्लाको खास गरेर लेक खण्डमा फलफूल खेतीको पनि ठूलो व्यवसायिक सम्भाव्यता छ। यहाँ मुख्यतया स्याउ खेती राम्रो हुने ठहऱ्याइएको छ। केही कृषकहरूले सीमित मात्रामा भए पनि स्याउ खेती गर्न थालेका छन्। फलफूल खेती सम्बन्धी अनुसन्धान तथा प्रसारको लागि केही वर्ष अगाडिदेखि यहाँ बागबानी केन्द्रको स्थापना भएको छ। उच्च पहाडी भेकमा खाद्यान्न बालीयोग्य जमीन नभएकोले फलफूल खेतीका लागि यहाँको जलवायुको उपयुक्तता र पैदावारको निमित्त काठमाडौं उपत्यका जस्तो विशाल बजारको अनकूलता आदिको दृष्टिकोणबाट यहाँ फलफूल खेतीको विकासका लागि निजी क्षेत्रमा पर्याप्त मात्रामा उत्साह एवं सहूलियत हुन पर्ने स्पष्ट छ। व्यवसायिकरूपमा यहाँ फलफूल खेतीको सञ्चालन भए यसले एकातर्फ खाद्यान्न अभाव हटाउन मद्दत गर्ने छ, त अर्कोतर्फ जिल्लाबासीको आर्थिकस्तर उठाउनमा समेत प्रशस्त सघाउ पुऱ्याउने कुरो निश्चित छ। वर्तमानमा यस जिल्लाको निर्यातमा खाद्यान्नको प्रमुख भूमिका रहेको छ। त्यसले गर्दा यहाँको खाद्यान्नस्थितिमा प्रतिकूल असर पर्नु स्वाभाविकै हो। तर जीवनयापनको लागि आवश्यक अन्य वस्तुहरू आयात गर्न आफूसित भएको खाद्यान्न निर्यात नगरी सकिन्न। त्यसैले फलफूल खेतीतिर सफल अभियान चलाउन सकेको खण्डमा स्थानीय जनताले पौष्टिक आहार पाउनुको साथै निर्यातको निम्ति पनि उपयोगी हुन जान्छ र जिल्लालाई आवश्यक भए पनि खाद्यान्न बाहिर निर्यात गर्नु पर्ने विवशताबाट मुक्ति पाउन सकिन्छ।

जिल्लाको लेकाली क्षेत्रतिर परापूर्वकालदेखि हालसम्म उही पुरानो ढङ्गबाट च्याङ्ग्रा, भेडा, चौंरी, याक इत्यादि पशुहरू पालिँदै आएको छ। लेक खण्डमा पर्ती-बाँझा ठूलठूला चौरहरू भएकाले त्यसतर्फ ग्रीष्म ऋतुमा र शीत ऋतुमा पुनः बेंसीतिर चरनका लागि पशुहरूको गोठ सारिने चलन छ। वास्तवमा यहाँका वन क्षेत्र र आसपासमा प्रशस्त नाङ्गा डाँडा, बाँझो जग्गाहरू छन् र यस्ता जमीनमा उपयुक्त जातका घाँस उमारेर चरन विकास गर्न सकिए परम्परागत ढङ्गबाट पशु पालने गरिएकोमा यसले एक व्यवसायिक उद्योगको रूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिन सक्ने स्पष्ट छ। त्यसो त अहिलेकै अवस्थामा पनि लामोसाँघु, बाह्रबिसे, बलेफी आदि क्षेत्रमा दूध उत्पादन गर्ने राम्रो सम्भावना देखिएको छ।

जिल्लाको अधिकांश भागमा खास गरेर भेडा, च्याँग्रा, याक, चौरी पशुहरूको विकास अनुकूल हावा-पानी रहने भएकोले यस क्षेत्रमा उपर्युक्त जातका पशुपालन विकासको बढी सम्भाव्यता छ। कुनै एक वा दुई संस्था वा परिवारद्वारा मात्र बृहत्‌रूपमा पशुपालन उद्योग सञ्चालन गरिनुभन्दा धेर-थोर सबै कृषकले पाल्ने गरे पशुको स्याहार तथा चरन पर्याप्तमात्रामा पुग्ने हुँदा जिल्लाबासीको आर्थिक स्तर समानरूपमा भने अझै सुधारिनुका साथै उत्पादन पनि राम्रो हुने देखिन्छ। यस भेकमा भेडा, च्याङ्ग्राको जत्ति सुकै धेरै उत्पादन गराउन सकिए पनि काठमाडौं उपत्यकामा राम्ररी खपत हुन सक्ने कुरो त प्रत्येक बडा दशैंमा विदेशबाट ल्याइने पशुको संख्याले नै बताउँदै आइरहेछ। त्यसैले यस उद्योगको सफलताको लागि बजार तथा यातायात सुगमताको दृष्टिकोणबाट यत्ति उपयुक्त स्थान अरू जिल्लामा बिरलै पाइन्छ।

पर्यटन विकासको लागि यो जिल्ला धेरै दृष्टिकोणबाट उपयुक्त देखिएको छ। काठमाडौंमा आएका विदेशी पर्यटकहरू थोरै खर्चले यस जिल्लामा पनि पुगी स्वच्छ प्राकृतिक वातावरणमा रमाउँदै हिमाली सौन्दर्य हेर्न पाउने हुँदा "ट्रेकिङ" मा यहाँ आउने पर्यटकहरूको संख्या प्रतिवर्ष बढ्दै आइरहेछ। उपयुक्त याममा हेलम्बूको गाउँहरूमा बास बस्ने पर्यटकहरूको संख्यालाई यस कुराको उदाहरण लिन सकिन्छ। तसर्थ यस क्षेत्रमा पर्यटन विकासको लागि आवश्यक अतिथि गृह वा सरल मूल्यमा खान, बस्न पाइने होटलहरूका साथै हेलम्बू सम्म जाने कच्ची नै भए तापनि मोटर चल्न सक्ने सडक निर्माण हुनु नितान्त आवश्यक छ।

गैर कृषि क्षेत्रको विकासको दृष्टिकोणबाट हेर्दा पनि उद्योग-धन्धाहरूका लागि पूर्व आधार मानिने यातायात तथा विद्युत् शक्तिको पनि यो जिल्लामा केही वर्षदेखि तीव्रगतिले विकास हुँदै आइरहेको छ। अर-निको राजमार्गबाट केवल तीन किलोमिटर मात्र टाढा पर्ने खरिढुङ्गामा रहेको म्याग्नेसाइट खानी पनि यस जिल्लाकोलागि ठूलो आशाको केन्द्र बनेको छ। जब उक्त खानीको व्यावसायिक उत्खनन हुन थाल्दछ, यसले यस भेकका धेरै मानिसलाई थप आयको स्रोत उपलब्ध गराउने छ।

उपर्युक्त तथ्यहरूलाई हृदयङ्गम गर्दा यो जिल्लाको भविष्य विकास सम्भाव्यताको दृष्टिकोणबाट बहुतै उज्ज्वल प्रतीत हुन्छ। यो जिल्लामा खाद्यान्न उत्पादन बाहेक खास गरेर पशुपालन, फलफूल खेती, पर्यटन उद्योग तथा खानी उत्खनन् सम्बन्धी आर्थिक विकासका सम्भावनाहरू स्पष्टरूपले देखिन थालेकोछ। यी सम्भावनाहरूलाई ठोस वास्तविकतामा परिणत जति छिटो गर्न सकियो त्यतिनै छिटो यहाँको बासिन्दाहरूको जीवनस्तर बढ्न जानेछ। त्यसैले आउँदा दिनहरूमा सबैको ध्यान यसै दिशातिर केन्द्रित हुनु पर्ने आवश्यक देखिन्छ। विशेष गरेर स्थानीय योजना तर्जुमा र विकास सम्बन्धी प्रयत्नहरूमा यी लक्ष्यहरू स्पष्ट-रूपले प्रतिबिम्बित हुनु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काभ्रेपलाञ्चोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मार्गदर्शक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय – सूची

परिचय	४७१
प्राकृतिक स्वरूप र सम्पदा	४७२
ऐतिहासिक पृष्ठभूमि	४७८
प्रमुख स्थानहरू	४८२
जनसंख्या र जनजीवन	४८८
आर्थिक व्यवस्था	५०१
यातायात, सञ्चार र बिजुली	५१३
शिक्षा, स्वास्थ्य तथा खानेपानी	५१७
प्रशासन र पञ्चायत	५२३
उपसंहार	५२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

नेपाल र जनवादी गणतन्त्र चीनको तिब्बती क्षेत्र जोड्ने अरनिको राजमार्गले यस जिल्लालाई छिबोले–
कोले र बनेपालाई एक प्रमुख व्यापार केन्द्रमा परिणत गरेकोले मात्र काभ्रेपलाञ्चोक जिल्लाको महत्व बढ्दै गएको
हो भन्ने एक थरीको धारणा छ तापनि यसको ऐतिहासिक महत्व पनि कम छैन। बनेपा शहर अति प्राचीन शहर
हो र नेपाल-तिब्बत बीचको परम्परागत व्यापारमा यसले परम्परादेखि नै एक प्रमुख स्थान ओगटेको थियो।
राजा शिवदेव प्रथमको खोपासी अभिलेख तथा नमो बुद्धको प्रख्यात मन्दिर जस्ता ऐतिहासिक निधिहरू यस
जिल्लामा पाइएकाले इतिहास र वास्तुकलाको दुवै क्षेत्रमा यसको विशिष्टता शिद्ध हुन गएको
छ। सिम्रौनगढबाट भागेर आएका राजा हरिसिंह देवले काठमाडौंतिर नगई सोझै पनौतीमा राज्य
स्थापना गरेकोले तिनताक यो क्षेत्रको आकर्षण वा ख्याति निकै हुनुपर्छ भन्ने अडकल गर्न सकिन्छ। पछि यो
क्षेत्र एक मल्ल राज्यमा पनि परिणत भएको तथ्य इतिहासले बताउँछ। यो जिल्ला स्थित पलाञ्चोक भगवतीको
मन्दिर पनि कम ख्याति प्राप्त छैन।

वि.सं. २०२१ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा प्रशासनिक
पुनः विभाजन गर्नुभन्दा अघि पूर्व एक नम्बर चौताराबाट प्रशासित २८ मौजाहरूमध्ये दुईवटा मौजा काभ्रे
र पलाञ्चोक थिए र यिनै दुई मौजाको सामूहिक रूपबाट यो जिल्लाको नाउँ रहेको मात्र सकिन्छ। मध्यमाञ्चल
विकास क्षेत्रका १९ जिल्लाहरूमध्ये काभ्रेपलाञ्चोक पनि एक हो।

काभ्रेपलाञ्चोक जिल्लालाई वरिपरिबाट आठवटा जिल्लाले घेरेका छन्। यी आठ जिल्लाहरू
सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, काठमाडौं, ललितपुर तथा भक्तपुर हुन्। भक्तपुर
जिल्लाको उत्तरी कुना र सिन्धुपाल्चोकको पश्चिमी कुना भेट्ने गरेर काठमाडौं जिल्लाको एक छेउले पनि काभ्रे-
पलाञ्चोकलाई छुन पुगेको छ।

उत्तरमा इन्द्रावती नदी र सुनकोशी, पूर्वमा सुनकोशी, दक्षिणमा कोखाजोर खोला र खानी खोला
तथा पश्चिममा नगरकोट डांडा र साँगा भञ्ज्याङ यस जिल्लाका साँध हुन्। यसको भौगोलिक अवस्थिति
८५° २४' देखि ८५°५९' पूर्व देशान्तर र २७° २०' देखि २७°८५' उत्तर अक्षांश बीच फैलिएको छ। यसको
सदरमुकाम धुलिखेल हो। यो जिल्लाको क्षेत्रफल १,४४६ वर्ग किलोमिटर छ र कुल जनसंख्या २,४५,१६५
मध्ये १,२२,०७७ पुरुष र १,२३,०८८ महिला छन्। यस जिल्लामा जम्मा ९९ गाउँ पञ्चायतहरू छन्।
पहरी नामक एक अनौठो भाषा बोल्ने समुदाय यो जिल्लामा थोरै संख्यामा पाइएका छन्।

जिल्लाबासीहरूको मुख्य जीविका कृषिमै आधारित छ, यद्यपि बनेपा जस्ता शहरी क्षेत्रमा व्यापार
पनि एक प्रमुख पेशाको रूपमा पाएइको छ। पनौती विद्युत् योजना यस जिल्लाको एउटै मात्र जल-विद्युत् योजना
हो। धुलिखेलबाट देखिने अत्यन्त रमणीय सूर्योदयको दृश्य र देवीस्थान डाँडाबाट दिउँसो देखिने हिम-
नदीको अनन्य छटाले आकर्षित पर्यटकहरूको संख्या वर्षेनी वृद्धि हुँदै गएकोले यस जिल्लाको औद्योगिक क्षेत्रमा
पर्यटनले महत्वपूर्ण स्थान ओगट्तै गइरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

काभ्रेपलाञ्चोक महाभारत श्रृङ्खलाको उत्तर दक्षिणको बीचमा अवस्थित एक मध्यपहाडी जिल्ला हो। प्रायः सम्पूर्ण भाग पाखा-पहराले भरिएको भए तापनि पाँचखाल, बनेपा र खोपासी जस्ता समथर मलिला कतिपय नदी बेंसीहरूले पनि सुशोभित हुन पुगेको यस जिल्लामा लेकाली र अर्धउष्ण दुवै थरीका हावा-पानी पाइन्छन्। यो जिल्लामा हिमाली भेक चाहिं पर्दैन तर यसको प्राकृतिक स्वरूप विविधतापूर्ण छ।

भौगोलिक बनावट

भू-स्वरूपको दृष्टिकोणले जिल्लालाई मोटामोटी रूपमा निम्न दुई भागमा बाड्न सकिन्छः–

(१) पहाडी प्रदेश

(२) बेंसी तथा टारहरू

पहाडी प्रदेश

जिल्लाको दक्षिणी भेकमा पूर्वदेखि पश्चिम तेर्सिएको महाभारत पहाड श्रृङ्खला पर्दछ। चून ढुङ्गा, स्लेट तथा परिवर्तित चट्टानहरूले निर्मित यो प्रदेश जिल्लाको मध्यपहाडी खण्ड हो। यो पर्वत उत्तरमा रोशी तथा सुनकोशी र दक्षिणमा कोखाजोर एवं बागमती नदीको जल विभाजनको रूपमा रहेको छ। यस महाभारत क्षेत्रबाट निस्केको धेरै खोलाहरू दक्षिणतिर बग्दछन्। यो क्षेत्रमा बाक्लो वन जङ्गल छ र यातायातको दृष्टिकोणले धेरैजसो भाग अति विकट छ।

टार तथा उपत्यका क्षेत्रबाट अक्कासिंदै गएको पहाडी प्रदेशमा करीब १,२२० मिटर (४,००० फीट) देखि ३,०१८ मिटर (९,८९९ फीट) सम्मका डाँडाहरू भेटिन्छन्। यो क्षेत्रमा पर्ने प्रमुख पहाडहरू र तिनका मोटामोटी उचाइ निम्नप्रकार छन्:–

वेथाञ्चोक नारायण थान २,०१८ मिटर (९,८९९ फीट), गजराज थुम्का ३,०१२ मिटर (९,८७९ फीट), चौबास डाँडा २,३११ मिटर (७,५८० फीट), सेन्डाल लेक २,००९ मिटर (६,५८९ फीट), तिमाल डाँडा २,१०९ मिटर (६,९१७ फीट), फूलबारी डाँडा १,८३१ मिटर (६,००५ फीट), शारदादेवी स्थान, १,७९५ मिटर (५,८८७ फीट), काभ्रे देवी थान १,६८७ मिटर (५,५३३ फीट) र पलाञ्चोक डाँडा १,४८७ मिटर (४,८७७ फीट)। अधिराज्यका अन्य पहाडी प्रदेशमाभन्दा यस क्षेत्रमा मानिसहरूको आवादी निर्के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छ र हावापानी स्वास्थ्यकर हुनुको साथै मकै, भटमास, कोदो, तथा केही ठाउँमा धानको खेतीयोग्य जमीन पनि पाइन्छ। वनमा दार, कटुस, अर्खौले आदिका रूख-पात पाइन्छन्।

बेंसी तथा टार

यो प्रदेशमा पर्ने समथर भूमिमध्ये पाँचखाल उपत्यका सबैभन्दा महत्वपूर्ण बेंसी हो। यसको औसत उचाइ १,००७ मिटर (३,३०२ फीट) छ। सुनकोशी र इन्द्रावतीको बेंसी, दापचा बेंसी, खोपासी र पनौतीको बेंसी आदि यस जिल्लाका अरू उल्लेखनीय बेंसीहरू हुन् र जिल्लाको प्रमुख खाद्यान्न भण्डार पनि यिनै छन्।

नदीनालाहरू

यस जिल्लाका प्रमुख नदीहरू सुनकोशी, इन्द्रावती र रोशी खोला हुन्। यी तीनवटा नदीमध्ये दुई-वटाको स्रोत हिमालय पर्वतमा भएकोले यिनीहरूमा वर्षभरी नै अटूट पानी बगिरहन्छ। रोशी खोलाको मुहान फुलचोकी डाँडा हो।

सुनकोशी

यो नदी सम्बन्धी एक किंवदन्ति छ। परापूर्व कालमा एक पटक हिमालयकी छोरी पार्वती हिरण्य-श्वर पर्वतमा पुग्दा त्यहाँ सनातन नामक ऋषिसँग भेट भयो। कारणवस पार्वतीलाई पसिना आयो र त्यो पसिना तुरून्त पहेंलो रङमा परिवर्तन भई नदीको रूपमा बग्न लाग्यो। यही पहेंलो रङले गर्दा कालान्तरमा त्यही नदीको नाउँ सुनकोशी भयो भन्ने छ, तर कुनै समयमा यो नदीको छेउछाउमा सुनका कणहरू भेटिन्थे भनेर यसको यस्तो नाउँ रहेको भन्ने पनि एक थरी छन्।

कालिञ्चोकमा मुहान भएको सुनकोशी नदी यो जिल्लाको प्रमुख नदी हो र बाहूबिसे बजारभन्दा तल नीलेश्वर महादेवस्थान निर भोटेकोशीसँग, बलेफीमा बलेफी खोलासँग र दोलालघाटमा इन्द्रावतीसँग मिले-पछि यो निकै विशाल बन्दछ। यसका अरू शाखा खोलाहरूमा चेंटी र रोशी छन्।

काभ्रेपलाञ्चोक जिल्ला र सिन्धुपाल्चोकको साँधको रूपमा बग्ने सुनकोशीले काभ्रेपलाञ्चोक जिल्लाको उत्तर-पूर्वी भेकका १९ वटा गाउँ पञ्चायतलाई एकातिर छुट्याएको छ र दोलालघाटबाट यस जिल्लालाई चिर्दै दक्षिण लागेपछि सानो पत्रेल गाउँ नजीकै यस जिल्लालाई छोडी रामेछाप भित्र पस्दछ। यस जिल्लामा यो नदीको लम्बाइ अन्दाजी ३० किलोमिटर (नौ कोस) रहेको छ। इन्द्रावतीसँग यसको संगम भएको दोलालघाटमा एउटा पुल छ।

इन्द्रावती

इन्द्रले पृथ्वीमा आएर तपस्या गरेको स्थानबाट यो नदी बगेको हुनाले यस नदीको नाउँ इन्द्रावती भएको भन्ने जनश्रुति छ।

काभ्रेपलाञ्चोक जिल्ला र सिन्धुपाल्चोक जिल्ला बीचको साँधको रूपमा बगेको यो नदीलाई जिल्लाको दोस्रो ठूलो नदी भन्न सकिन्छ। उत्तर पाँच पोखरीस्थित मुहानबाट दक्षिण बग्दै आउँदा मेलम्ची, सिन्धु, जर्के ढाड आदि सहायक नदीहरू यसमा मिसिन्छन् र दोलालघाट पुगेपछि यो स्वयं सुनकोशीसँग मिल्दछ। जिल्लामा यसको लम्बाइ करीब २० किलोमिटर (छ कोस) छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रोशी खोला

यो नदी सम्बन्धी पनि एउटा रोचक कथा छ । प्राचीन कालमा पाटन र पनौती राज्यका राजाहरू दुवै फुलचोकी माईको दर्शन गर्न जान्थे । एक पटक त्यहाँ मूल फुटेर पानी निस्केको थियो। त्यस मूलको पानीलाई आ-आफ्ना राज्यतिर लैजानमा दुई राजाको होड चलेको देखेर सुन-चाँदीको माला जसले चाँडोभन्दा चाँडो ल्याइ पुऱ्याउँछ, उसैको राज्यतिर खोला फर्काइदिने वचन फुलचोकी माईले दिइन्। दुवै राजा हस्याङ र फस्याङ गर्दै दगुरे। पनौतीका राजा तोरी र मूलाको फूलमाला लिएर तुरुन्त फिरे र पछिबाट सुन र चाँदीको माला लिएर पाटनका राजा पनि आइपुगे। पनौती राजाको सो चलाकी देखेर पाटनका राजा रिसाए, तर सुन-चाँदीको कारीगरीको निम्ति प्रख्यात पाटनलाईभन्दा तोरी र मूला जस्ता साग-पातको खेती गर्ने पनौतीलाई नै मानीको बढी खाँचो हुने ठानेर देवीले रोशी खोलालाई पनौतीपट्टि नै सोडिदिइन भनिन्छ ।

जिल्लाको दक्षिणी भेकमा पश्चिमदेखि पूर्वसम्मै छिचोलेर बग्ने काभ्रेपलाञ्चोकको यो तेस्रो प्रमुख खोलाको सिहान फुलचोकीको चुचुरा हो। डाँफे खोला, मिकुखोला, चारखोला र पुण्यमाता यसका सहायक खोला हुन्। पनौतीमा बिहावर खोला र पुण्यमतीसँग यसको संगम स्थललाई त्रिवेणी दोभान भनिन्छ। कुरूवा नजीकैबाट जिल्ला बाहिर निस्की दुम्जा (सिन्धुली) मा पुगेपछि रोशी खोलापनि सुनकोशीमा मिल्छ।

कोखाजोर खोला

जिल्लाको पूर्वी साँधनिर रामपुरको नजीक महाभारत लेकमा यसको मुहान भएकोले यसलाई रामपुर खोलापनि भनिन्छ। महाभारत पर्वत शृङ्खला क्षेत्रमा दक्षिण बगेर गएकी यो खोला बागमतीतिर पश्चिम मोडिएर त्यसैको शाखा बन्न पुगेको छ। यस भेकका धेरै खोलाहरू कोखाजोरमा मिसिन्छन्।

जिल्लाका अरू खोला नदीहरूमा बागमती, दुरलुङ खोला, पुण्यमती खोला, घाँड खोला, ठाडो खोला, शेलुङ खोला, चौंरी खोला, भ्याकुरे खोला, खानी खोला, पाँच खोला, झिकुर खोला, चाखोला आदिको नाउँ लिन सकिन्छ। यीमध्ये सबैभन्दा ठूलो बागमती हो तर पश्चिमबाट आएर दक्षिण बगेको यो नदीले काभ्रेपलाञ्चोक जिल्लालाई मकवानपुरसँगको साँधको रूपमा मात्र छोएको छ। झिकुर खोला र चाखोला बाहेक अरू उल्लेखित खोलाहरूले ठाउँ-ठाउँमा यो जिल्लाको साँधको रूपमै काम गरेका छन्। पुण्यमती खोला पनि उत्तर-पश्चिममा केही दूरीसम्म भक्तपुर जिल्लासँगको सीमानामा बगेर यो जिल्लाभित्र पसेको छ।

यो जिल्लामा खानी खोला दुईटा छन्। एउटा अलि ठूलो छ र महाभारत पर्वत शृङ्खलाबाट निस्केर जिल्लाको दक्षिण-पश्चिम कुनामा बग्दै बागमतीमा मिसिएको छ। अर्को खानी खोलाले जिल्लाको दक्षिण-पूर्व कुनामा महाभारतबाट निस्केर केही दूरीसम्म सिन्धुली जिल्लासँग काभ्रेपलाञ्चोकको साँधको काम गरेको छ।

ताल र छहराहरू

यस जिल्लाका ताल-पोखरीहरूमध्ये मूल डाँडा पाँगुस्थित तारोखसेको पोखरी, तिमालको नारायण पोखरी, चौरो ढुमखर्कको देउ पोखरी र नगरकोटको महादेव पोखरी प्रमुख छन्। छहराहरूमध्ये पाँगुस्थित तिनधाई खोलाको छहरा र शशीपानीको छहरा उल्लेखनीय छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

हावापानी

दक्षिण-पश्चिमी मनसुनी हावापानीको प्रभाव क्षेत्रमा परेको यो जिल्लामा साधारणतः जेठ-असारदेखि भदौं-असोजसम्म पानी पर्दछ। केही हिउँदे झरी पनि पर्दछ, तर हिउँ पर्ने क्षेत्र यो जिल्लामा नगण्य नै छ। उत्तरी भेकको अग्लो प्रदेश र महाभारत पहाड-शृङ्खलाको प्रदेशमा जाडो निकै चर्को हुने गर्छ तर बेंसी र उपत्यका क्षेत्रमा गर्मीमा निकै गर्मी भए तापनि हिउँदमा रमाइलो हावापानी पाइन्छ।

मोटामोटी रूपमा यहाँको हावापानीलाई मुख्य दुई किसिममा विभाजन गर्न सकिन्छः–

(१) ठण्डा शीतोष्ण हावापानी

(२) अर्ध उष्ण हावापानी

ठण्डाशीतोष्ण हावापानी

यो जिल्लाका सबैभन्दा अग्ला पहाडहरू पनि ३,०३० मिटर (१०,००० फीट) भन्दा कम उचाइका भएकोले यहाँ शीतप्रधान लेकाली हावापानी पाइँदैन र बेंसी क्षेत्रमा बाहेक जम्मै जिल्लामा एक नासे हावापानी पाइन्छ। आठ नौ हजार फीट अग्ला डाँडाहरूमा चाहिं जाडोमा हिउँ पर्ने हुनाले प्रशस्त जाडो हुन्छ, तापनि यो अवस्था धेरै दिन रहँदैन र हिउँ पग्लेपछि कम हुँदै जान्छ। जिल्लाको अन्य भागमा हिउँ पर्दैन र बढी जाडो पनि हुँदैन। जिल्लाका अधिकांश वन-वनस्पति, जीव-जन्तु र निवासीहरू यसै क्षेत्रमा छन्।

अर्धउष्ण हावापानी

अर्ध उष्ण (सब ट्रपिकल) हावापानी पाँचखाल उपत्यका, दोलालघाट बेंसी, तथा सुनकोशी, इन्द्रावतीको अधिकांश गडतीर क्षेत्रमा पाइन्छ। गर्मीमा गर्मी हुन्छ, तर हिउँदमा रमाइलो हुने हुनाले साधारणतः मानिसहरू हिउँदमा जिल्लाका अन्य क्षेत्रबाट यी ठाउँहरूमा ओर्लन रूचाउँछन्।

यस जिल्लाको धुलिखेल र दोलालघाटमा लिइएको वर्षाको अभिलेख निम्न तालिकाअनुसार छः–

(मिलिमिटरमा)

वर्षाको तालिका

महिना	धुलिखेल १९६९	धुलिखेल १९७०	धुलिखेल दुइ वर्षको औसत	दोलालघाट १९६९	दोलालघाट १९७०	दोलालघाट दुइ वर्षको औसत
जनवरी	७.९	३६.२	२२.०	१४.२	१८.०	१६.१
फेब्रुअरी	१.२	३८.८	१९.२	०.०	२०.०	१०.०
मार्च	३१.६	२१.६	२६.६	१२.०	०.०	६.०
अप्रिल	४२.७	४८.८	४५.७	१२.८	३३.८	२३.३
मे	८२.४	१२१.६	१०२.०	४६.८	६०.७	३०.३
जून	१६७.५	२९३.६	२३०.५	१४४.०	३६५.२	५५.२

जुलाई	२३३.९	४०५.३	३१९.६	१७२.८	४९७.७	३३५.२
अगष्ट	३१३.२	३७०.४	३४१.२	३६०.८	५०७.८	४३४.२
सेप्टेम्बर	११२.०	२१०.२	१६१.२	४८.२	६४.०	५६१.१
अक्टोबर	३०.७	२३.३	२७.८	०.०	२६.२	१३.१
नोभेम्बर	२.६	३.०	२.८	०.०	६.२	३.१
डिसेम्बर	०.०	०.०	०.०	०.०	०.०	०.०
जम्मा	१,०३१.७	१,५७२.४	१,२९९.८	८१४.३	१,५९७.६	१,४८२.६

सन् १९६९ मा दोलालघाटमाभन्दा धुलिखेलमा २१६ मिलिमिटर बढी पानी परेको देखिन्छ तर सन् १९६९ र १९७० को औसत निकाल्दा भने धुलिखेलभन्दा दोलालघाटमा करीब १८३ मिलिमिटर बढी पानी परेको पाइन्छ। सन् १९७० मा भने दुवै ठाउँमा करीब करीब उत्तिकै वर्षा भएको देखिन्छ।

दुवै ठाउँमा नेपाल अधिराज्यभित्र दक्षिण-पूर्वी दिशाबाट बहने मनसुनी वायुले अप्रिल-मेदेखि सेप्टेम्बरसम्म पानी पारेको छ तर धुलिखेल र दोलालघाट एक अर्काबाट नजीकै स्थित भए तापनि महीना-महीनाको वर्षको रूप हेर्दा निकै भिन्नता पनि पाइन्छ। उदाहरण स्वरूप १९७० को मार्च महिनामा धुलिखेलमा २१.६ मिलिमिटर पानी परेको छ भने दोलालघाटमा एक मिलिमिटर पनि परेको छैन। त्यस्तै सो वर्षको अगष्टमा दोलालघाटमा ५०७.८ मि. मि. पानी परेको तुलनामा धुलिखेलमा ३७०.४ (१३७.४ मिलिमिटर) कम परेको थियो।

प्राकृतिक वनस्पति

हावापानीलाई झैं यस जिल्लाका वनस्पतिलाई पनि मोटामोटी रूपमा दुई भागमा वर्गीकरण गर्न सकिन्छ, जस्तै

(१) लेकाली कोणधारी वन
(२) मिश्रित र पतझड वन

लेकाली कोणधारी वन

जिल्लाका अग्ला डाँडाहरूमा सदाबहार कोणधारी वन पाइन्छ। पहाडी भेकमा पनि दक्षिणी पानी ढलोभन्दा उत्तरी पानी ढलोमा सप्रिने यी वनहरू केही अंशमा पूर्व-पश्चिम फैलिएको महाभारत पहाड शृङ्खलाका माथिल्ला भेकमा पनि पाइन्छन्। सो पहाड-शृङ्खला क्षेत्रमा पाइने अन्य वनस्पतिमा दार, ओखर, चाँप, गुँरास, खस्रु, वाइ आदि रूखहरू उल्लेखनीय छन्।

मिश्रित र पतझड वन

पतझड वन होचा क्षेत्रका वन हुन्। बेंसी क्षेत्रमा प्राकृतिक वनस्पतिमध्ये खयर, सिमल, माल, अस्ना, चिलाउने, काउलो, खोटे सल्लो, वँवुं, कालीकाठ, सात चन्दन, निम, पावा, जमुना, बकैना, टुनी, लप्सी, क्यामुना, लाँकुरी, उत्तीस, बगेरी, फलाट, खस्रु, अर्खालो, रक्तचन्दन, कटुस, सादन, घरपिलि आदि उल्लेखनीय छन्।

यसरी हावापानीको भिन्नताको आधारमा विभिन्न प्रकारका वनस्पति पाइए झैं जिल्लाका विभिन्न भागमा विभिन्न प्रकारका जन्तुहरू पाइन्छन् तापनि सामान्यतया घोरल, थार, मृग, भालू, बाघ, चितुवा बँदेल, खरायो, बाँदर, लोखर्के आदि जनावरहरू जिल्लाका अधिकांश वन-जङ्गलमा पाइन्छन्। चराहरूमध्ये

CC-0. In Public Domain. Digitization by eGangotri

डाँफे, मुनाल, च्याखुरा, कालिज, तित्रा, मयूर, प्यूरा, जुरेली, ढुकुर, धोविनी, रानी चरी, लाटोकोसेरो, हलेसो, कलचौंडे, चाँचर, मैना-सुगा आदि छन्।

वन संरक्षण

यो काम धुलिखेल रेञ्ज कार्यालयको अन्तर्गत पर्छ तर सुनकोशी नदीदेखि पूर्वका केही गाउँ पञ्चायतहरू यसका कार्य-क्षेत्रभित्र पर्दैनन्। २०१७ मा स्थापित यस रेञ्ज अन्तर्गत तीनवटा वीट छन्-मागुवीट, पाँचखाल वीट र विहावर वीट। वन-इलाकाको सर्भेक्षण, ब्लक विभाजन आदि काम नभइसकेकोले कति क्षेत्रमा वन अतिक्रमण भयो भन्ने किटान गर्न सकिन्न तापनि गत १० वर्षमा बढ्दो जनसंख्याको चापले गर्दा जिल्लाको वन जङ्गल मासिन गएको छ।

बागमती अञ्चल वृक्षरोपण शाखाबाट २०२२ र २०२३ सालमा क्रमशः पाँचखाल र नैकिन्टारमा गरेको वृक्षरोपणको फलस्वरूप त्यहाँ निकै क्षेत्रमा नयाँ वनस्पति देख्न पाइन्छ।

वन्य-उत्पादनहरूमध्ये नेपाली कागज बनाउने लोक्ता र निगाले प्रमुख छन्। नागबेली, एक्ले वीर, पाँचऔंले, चिराइतो, धूप, नूढो, खौसति, परिवनवेत, वनलसुन, हर्रो-बर्रो, अमला, हरिताल आदि पनि यहाँका जङ्गलमा पाइन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

प्राचीन कालमा काभ्रेपलाञ्चोक क्षेत्र लिच्छवि राजाहरूको अधीनमा रहेको कुरा त्यहाँ पाइएका लिच्छवि अभिलेखहरूबाट थाहा पाइन्छ । यस जिल्लाको खोपासीमा पाइएको विक्रम सम्वत् ६५५ तिरको शिवदेव र अंशुवर्माको शिलालेखबाट स्थानीय जनतालाई सो शासन सम्बन्धी निकै अधिकार सुम्पिएको थाहा पाइन्छ।

मध्यकालको शुरूमा यस जिल्लामा सात बस्तीहरूले "देश" संज्ञा पाएर विकसित हुने अवसर पाए । ती सात बस्तीहरूको नाम यसप्रकार छ– चण्डेश्वरीनिर बनेपुर (बनेपा), प्रयागतिर्थनिर पानवति (पनौती), नाला भगवतीनिर नाला, नारायणतिर्थनिर धौखेल (धुलिखेल), धनेश्वर निर श्रीखण्डपुर (खडपु), चकोट ऋषिको आश्रमनिर चौकोट र नासिका पीठनिर साँगा । यी सातै बस्तीहरू हालको काभ्रेपलाञ्चोक जिल्लाभित्र पर्दछन् ।

यस जिल्लामा पर्ने अर्को प्रमुख ऐतिहासिक क्षेत्र पलाञ्चोक हो । मानदेव प्रथमको समयताका त्यहाँ भगवतीको स्थापना हुँदा सो प्रदेश धार्मिक दृष्टिले महत्वपूर्ण मानिन लागेको थियो । मध्यकालमा पलाञ्चोक एक प्रमुख गढको रूपमा परिणत भयो । जय सिंह रामवर्धनलाई जयस्थिति मल्लले सामन्त बनाएपछि उनको परिवारको यस इलाकामा प्रभाव रह्यो। जय सिंह रामवर्धनका भतिजा शक्तिराम वर्धन पलाञ्चोकको सामन्त शासक रहँदा चीनका बादशाहले निज शक्तिरामलाई 'वाङ' पदवी पठाएका र दौत्य सम्बन्ध कायम गरेका थिए ।

यक्ष मल्लको मृत्युपछि उनका छोराहरूले राज्य टुक्राउन थालेपछि बनेपामा रण मल्लले एक स्वतन्त्र राज्य खडा गरेका थिए । तर उनको छोराको मृत्युपछि सो राज्य पनि भादगाउँको राज्यमा गाभियो । त्यसपछि सात गाउँ भादगाउँको अधीनमा रह्यो र केही भाग कान्तिपुरको अधीनमा रहेको थियो । यसप्रकार काभ्रेपलाञ्चोकको इतिहास भक्तपुर र कान्तिपुरको इतिहाससित सम्बन्धित हुन्छ ।

आधुनिक नेपाल राष्ट्रको एकीकरणको सिलसिलामा काभ्रेपलाञ्चोक जिल्लास्थित नालदुम गढीको पटक-पटक उल्लेख पाइन्छ । पृथ्वीनारायण शाहले यो क्षेत्र माथि आधिपत्य जमाउनलाई तीन पटक संग्राम गर्नुपरेको कथा, यो क्षेत्र कब्जा भएपछि काठमाडौं उपत्यकाका मल्ल राज्यहरूलाई आर्थिक नाकाबन्दी गर्नमा उनले पाएका सफलता आदिबाट नेपाल राज्यको संस्थापना नालदुम र वरिपरिका क्षेत्रको भूमिका नुवाकोट-विजयको भूमिका जस्तै महत्वपूर्ण छ ।

नुवाकोटभन्दा पूर्व स्थित सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा आदिलाई एकै धावामा जितेर कान्तिपुरको मल्ल राज्यलाई उपत्यकामा मात्र सीमित राख्ने पृथ्वीनारायण शाहको योजना थियो र योजनाको कडी नालदुम गढीको विजय थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिनताक काशीराम थापा नामक व्यक्ति भक्तपुरका राजा रणजित मल्लसँग फुटेपछि काभ्रेपलाञ्चोक क्षेत्रका धेरै ठाउँहरू कान्तिपुरसँग मिलीसकेका हुनाले साँगा भञ्ज्याङदेखि पनौतीसम्मका लिच्छविकालदेखि आबाद भएर रहेका परम्परागत "सात गाउँ" मात्र भक्तपुर राजा अन्तर्गत बचेका थिए। यस समयमा कान्तिपुरका राजा जय प्रकाश मल्लसँग पनि काशीराम थापाको मनसुटाव भइरहेको थियो तापनि उनका भाइ रणजीत थापाले नालदुम गढीका उमरावको हैसियतमा दूधकोशीसम्मको प्रशासन चलाइरहेको हुनाले यो क्षेत्र जित्नको लागि थापाहरूलाई कज्याउन् आवश्यक थियो।

नालदुम गढी साँखु गाउँदेखि करीब ११ किलोमिटर दक्षिण-पूर्वपट्टि अग्लो पहाडमा साँगा चोक र नालदुमको बीचमा साली नदी भएकोले नालदुममा आवत-जावत गर्नलाई त्यो नदी पार गर्नु पर्दथ्यो। सं. १८०२ को मंसीर महीनामा ९०० जवान गोरखाली फौजहरूको अगुवाइ गरी शिवरामसिंह बस्न्यात साँगाचोकमा चढे। जय प्रकाश मल्लसँग विरोध भएपछि बागीको रूपमा काभ्रेपलाञ्चोक क्षेत्रमा बस्ने गरेका काशीराम थापा गोरखालीहरूले नालदुम हान्लान् र थापाहरूको उमराइमा रहेका काभ्रेपलाञ्चोक र छेउछाउका इलाका गुम्ला भन्ने आशंकाले आफ्ना तिनताकका शत्रु जयप्रकाश मल्लसँग मिलापत्र गरी गोरखालीसँग लड्न अग्रसर भए। जय प्रकाशको अनुमति पाएका काशीराम थापाले काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक क्षेत्रबाट प्रशस्त सैनिक दल भेला गरी १८०३ फागुनमा साँगाचोकस्थित गोरखाली पल्टन माथि अचानक जाइलागे। दलमुखी सर्दार शिवरामसिंह बस्न्यातको त्यहीं मृत्यु भयो र गोरखालीहरू पछि हटे।

साँगाचोकबाट गोरखालीहरूलाई लखेटेपछि काशीराम थापा नालदुम गढीको उमराव पदमा पुनर्नियुक्त भए तर उनको युद्धगर्ने धित नसरिसकेकोले आफ्ना भाइ परशुराम थापालाई प्रतिनिधि बनाई नालदुम गढीमा राखेपछि काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक क्षेत्रका अरू १,३०० जवान खसहरूको फौज तयार गरे। तर नुवाकोटबाट कालु पाण्डेको नेतृत्वमा आएका गोरखाली पल्टनले यिनलाई थापा गाउँसम्म लखेट्दै लगेपछि जय प्रकाश मल्ललाई आफ्नो हरूवा मुख देखाउन आँट भएन र चुपचाप पलाञ्चोकमा गई बसे। पछि देवपाटनको कुठुवहिमा आएर बसेका बेला जयप्रकाश मल्लले सिपाही साथ आई काशीराम र उनका सातजना सहयोगीहरूलाई मार्न लगाए (सं. १८०३)।

यसरी धोखा दिएर काशीरामको हत्या गराउने जयप्रकाशसँग परशुराम थापा र रणभीम थापा लगायत पलाञ्चोके थापाहरू रीसले आगो भएका थिए। यो अवसरको फायदा उठाई पृथ्वीनारायण शाहले परशुराम थापालाई पत्रद्वारा नुवाकोट निम्त्याई काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक इलाका थापाहरूकै उमराइमा थामिदिने वचन दिई सहयोग मागेपछि दुवै थरीका सल्लाह मिल्यो।

यसो हुनासाथ पृथ्वीनारायण शाहले ठूलो सैनिक दल नालदुम गढी हान्न पठाए औ परशुराम थापाले गढीको ढोका खुलै राखिदिएका हुनाले बिना रक्तपात सो गढीमा गोरखालीहरूको कब्जा भयो। यो काशीरामको हत्या भएको अट्ठाइसौं दिनको घटना हो। सम्भवतः यसको लगत्तै पछि पृथ्वीनारायण शाहले एक बडो चातुर्यपूर्ण कूटनीति खेले। कान्तिपुरे राजा जयप्रकाश मल्लसँग फुटेर भक्तपुरका राजा रणजित मल्लसँग मिलेका परशुराम थापाले नालदुम विजय गरेको सहयोग वापत काभ्रेपलाञ्चोकदेखि दूधकोशी क्षेत्रसम्मको उमराई थमौती गरे तर उक्त जिल्लाहरूको मालपोत उठाउने अधिकार रणजित मल्ललाई दिए। थापा र मल्ल दुवैलाई यसरी खुसिपारे तर उता नालदुम गढीको रक्षाको निम्ति भने आफ्नै भारदार जहाङ्गीर शाह र मधु शाहीका साथमा आवश्यक गोरखाली फौज नै राखे। यसो हुँदा सैनिक दृष्टिले सबैभन्दा महत्वपूर्ण गढीमाथि गोरखाली अधिकार पनि जमिरह्यो। रणजित मल्ल र परशुराम थापाले उक्त जिल्लाहरूका गोरखालीहरूको आउ-जाउमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै बाधा खडा नगरेकोले त्यहाँ प्रभाव जमाउँदै उचित अवसरमा यी जिल्लाहरू माथि अधिकार जमाउने बाटोको जग पनि बस्यो।

साँगा नालादेखि धुलिखेलसम्ममा सात गाउँ दखल गर्ने योजना कार्यान्वित गर्न पृथ्वीनारायण शाहले अर्को करीब १७ वर्ष पर्खनु पर्‍यो। यो अवधिमा मकवानपुरको दखल पनि भइसकेको थियो र सिन्धुली, झाङ-झोली र दुम्जा पनि गोरखालीका अधिकारमा आइसकेको हुनाले उक्त सात गाउँ पश्चिम र दक्षिणबाट घेरिन आएका थिए। साथै एकातिर यी गाउँहरू वरिपरिका खस-मगरहरू तथा पनौतीका तामाङहरू पृथ्वीनारायणसंग मिलिसकेका थिए भने अर्कोतिर सिन्धुली हान्न गएका काजी दलजित शाह र कृष्ण कुँवर पनि दलबल सहित त्यहि सामेल हुन आइपुगेकाले गोरखाली सैन्यको बल बढ्यो।

पहिले कुराकानी गरेरै उक्त गाउँहरूलाई आत्मसमर्पण गराउने प्रयास चल्यो तर सो विफल भएपछि कालिदास खड्का, रामकृष्ण कुँवर र हरिवंश उपाध्यायका फौजले युद्ध छेडे। विकट संग्रामपछि वि.सं. १८२० (अक्टोबर २३, १७६३) मा धुलिखेलले आत्मसमर्पण गर्‍यो। त्यसपछि चार दिनभित्रमा चौकोट, खड्पु, पनौती, बनेपा, नाला र साँगाले प्रायः रक्तपात बिना नै गोरखालीहरूको आधिपत्य स्वीकार गरे।

कान्तिपुर हान्नुभन्दा अघि कीर्तिपुर दखल गर्नमा दत्तचित्त भई लागेका गोरखालीहरू दोस्रो पटक त्यहाँ असफल भएपछि जयप्रकाश मल्लको आँट बढ्यो र उनले आफ्ना अघि गुमेका काभ्रेपलाञ्चोक र सिन्धु-पाल्चोक क्षेत्र फिर्ता गर्ने जमर्को गरे। नालदुम गढी हत्याउन सके यो काम फत्ते हुने हुनाले यसै उद्देश्य लिएर नगरकोटीहरू, खसहरू आदिको एक फौज भेला गरी जयप्रकाश मल्लले बाधासिंह नगरकोटीको नेतृत्वमा एक फौजलाई नालदुम शर गर्न पठाए। गढीको रक्षा गर्नको निम्ति गोरखालीहरूले बनाएका तीन ठानामध्ये दुई ठानामा यो फौजले कब्जा पनि गर्‍यो।

तिनताक पृथ्वीनारायण शाह दहचोकमा थिए। नालदुम जित्न लागेको समाचार पाउनासाथ उनले एउटा छरितो र बलियो फौज त्यताबाट तुरुन्त रवाना गराए। अघि पनि एक पल्ट चिकुटी मास्केको फौजलाई हराई यो गढी फिर्ता गर्न सफल भएका काजी तुलाराम पाण्डेले यो फौजको नेतृत्व गरेका थिए। प्रभु मल्ल र हरिवंश उपाध्याय पनि साथमा पठाइए।

साँखुको बाटोबाट आधारात बितेपछि नालदुम पुग्न लागेको यो फौजलाई नगरकोटी बाधासिंहले कान्तिपुरबाट जयप्रकाश मल्लले पठाएका सहायता दल भन्ठाने। गढी नजीक पुगेर गोरखालीहरूले आक्रमण गर्दा मात्र बाधासिंह झसङ्ग झस्के र आफ्नो भूल थाहा पाए। तर अबेर भइसकेको थियो, किनभने गोरखालीले भेरीको आवाज सुन्नासाथ गढीभित्र घेरामा परेर बसिरहेका गोरखालीहरू ढोका खोलेर बाहिर निस्किहाले। दुवैतिरबाट चेपुवामा परेका कान्तिपुरे फौज धेरैजसो सखाप भए, बाँकी भागे र बाधासिंह पनि मरे।

नालदुमको यो विजय अघिका विजयहरूभन्दा बहुतै गहकिलो प्रमाणित भयो। यसै पराजयपछि कान्तिपुरको नूर पनि सधैंको निम्ति गिर्‍यो। आफ्नो यो बहादुर फौजलाई स्वागत गर्न श्री ५ पृथ्वीनारायण शाह काजी वंशराज पाण्डेलाई लिएर स्वयं नुवाकोट पुगे।

श्री ५ पृथ्वीनारायण शाहले काठमाडौंका प्रधानको नाउँमा पठाएको एक पत्रको आधारमा उनले धुलिखेल देवी थानदेखि पूर्वतिर ऐतिहासिक गढ बनाई त्यहाँबाट धुलिखेल, चौकोट, खड्पु आदि ठाउँहरूमाथि आक्रमण गरेको बुझिन्छ। वि. सं. १८१८ मा चौकोट, वि. सं. १८१९ असोज २ गते तिमाल र वि. सं. १८२० कात्तिक १० गते धुलिखेल, खड्पु र पनौती माथि उनले विजय प्राप्त गरे। कात्तिक १४ गते बनेपा, साँगा र नाला लिएको समयदेखि यो सम्पूर्ण क्षेत्र नेपाल अधिराज्यमा गाभिएको मान्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त धुलिखेलको गढीलाई पृथ्वी गढी र त्योभन्दा अलि तलतिरपट्टिको पाखोमा रहेको धारोलाई पृथ्वी धारा नामकरण गरिएको छ । पृथ्वीनारायण शाहको विजय स्मारकस्वरूप उक्त गढी र धारा निर्माण भएको हो भन्ने तर्क कुनै कुनैले पेश गरेका छन् । धुलिखेल विजयको वर्णन शाही सैनिक इतिहासमा एकठाउँमा यसरी गरिएको छः–

"धुलिखेल जित्न पृथ्वीनारायण शाहलाई निक्कै हम्मे पऱ्यो । छ महीनासम्म लड्दा पनि केही नलागेकोले डाँडामाथि किल्ला बनाएर फौजको संगठन गरी तालीम दिन थाले । यो देखेर वरिपरिका जनता डराएर बिस्तारै घरद्वार छोड्दै भाग्न लागे । धुलिखेलमा ५० घर परिवार मात्र बाँकी रहे ।

महिन्द्र सिंह राईले धुलिखेल बचाउन बहादुरीसाथ युद्ध गरे । पृथ्वीनारायण शाह पनि आजित हुँदै गइरहेका थिए । यस्तैमा उनका एक जना सिपाहीले महिन्द्र सिंहलाई पछिबाट खुँडाले हिर्कायो र भालाले रोप्यो । उनी त्यहीं मरे । उनका भाइ नाम सिंहले पनि खुकुरीको प्रहार सहनु पऱ्यो । यसपछि युद्ध रोकियो र वि. सं. १८२० मा धुलिखेल विजित भयो ।"[१]

---

१. शाही सैनिक इतिहास, पृष्ठ १६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

धुलिखेल

धुलिखेल बजार करीब १,६२५ मिटर (५,३३० फीट) को उचाइमा स्थित छ। हरियालीले ढाकिएका होचा-अग्ला पहाडहरू र तीभन्दा पर सेता हिउँले सजेका पर्वतमालाको पृष्ठभूमि पारेर पानपाते आकारमा बसेको सदरमुकाम धुलिखेलको प्राकृतिक सौन्दर्य जस्तो आकर्षक छ, जलवायु पनि उत्तिकै स्वास्थ्यकर छ।

गुराँस, चाँप, लाँकुरी, ट्रमहुवा जस्ता रूखहरूले शोभा प्रदान गरेको यो काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकामको नाउँ कसरी धुलिखेल रहन गयो भन्नेमा केही किम्वदन्तिहरू छन्। बाघलाई नेवारी भाषामा "धुं" र खेल्ने-डुल्ने ठाउँलाई "खेल" भनिने हुनाले प्राचीन कालमा यहाँ बाघ लाग्ने घना वन भएको हुंदा धुलिखेल नाउँ रहेको हो भन्ने एक थरीको तर्क छ। अर्को थरीको भनाइअनुसार अघिका यी वन्य सम्पदा मासेर मानिसहरूले बस्ती बसाल्दै लगेपछि उजाडिएका डाँडा काँडामा हुरी वतासले गर्दा धुलैधुलो उड्ने भएकोले यस्तो नाउँ रहेको हो। राजधानीबाट करीब ३० किलोमिटर (नौ कोस) पूर्वमा स्थित धुलिखेल नेपाल-चीन सीमाना-सम्म जाने अरनिको राजमार्गमा पर्दछ। आवागमनको निम्ति बस, ट्रक, टयाक्सी आदि सुविधाहरू सदैव प्राप्य हुनाले काठमाडौंबासीहरू तथा पर्यटकहरू दुबैको निम्ति यो रमणीय ठाउँ एक प्रमुख आकर्षणको केन्द्र बन्दै गइरहेछ। हिउँदका रमाइला दिनहरूमा धुलिखेलको टुँडिखेलमा वा वरिपरि डाँडामा वनभोजे समूहहरू छ्याप-छ्याप्ती पुगेका हुन्छन्। विशेष गरी यहाँबाट देखिने हिमाली चुचुराहरूले धुलिखेल बजारबाट करीब १५६ मिटर (५०० फीट) अग्लोमा स्थित देवी स्थान डाँडासम्म जीप जाने सडक बनेकोले त्यहाँबाट देखिने हिम नदीको दृश्य र बिहानी सूर्योदय हुँदाको अति भव्य र मनमोहक सौन्दर्यले पर्यटक-हरूलाई यहाँ आकर्षित गर्न लागेका छन्। पर्यटक "सिजन" मा यहाँ पर्यटकहरू बिहान तीन बजेदेखि नै भेला हुन्छन् र कुनै कुनै त रात बस्न पनि आउन लागेका छन्।

यहाँबाट देखिने गगनचुम्बी हिमालयहरूमध्ये अन्नपूर्ण, मनास्लु, लमजुङ, गणेश, लाङटाङ, रोल वालिङ, महालङ्गुर, कुम्भकर्ण हिमालयहरू राम्ररी देखिन्छन्। यी हिमालका केही प्रसिद्ध चुचुराहरू जस्तै सगरमाथा ८,८४८ मिटर (२९,०२८ फीट), ल्होत्से पहिलो ८,५०१ मिटर (२७,८९० फीट), मकालु ८,४७५ मिटर (२७,८०७ फीट), न्हूप्त्से ७,८७९ मिटर (२५,८५० फीट), लाङटाङ ७,२४६ मिटर (२३,७७१ फीट) र गौरीशङ्कर ७.१४७ मिटर (२३,४४२ फीट) आदि देखिन्छन्। यो बाहेक हिमालयका अग्ला चुचुरामा चढ्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्ने पर्वतारोहीहरूले मात्र साधारणतः देख्न पाउने हिमनदी धुलिखेलको देवी स्थान डाँडाबाट सजिलै देख्न पाउने भएकोले पनि धुलिखेलले मानिसहरूलाई आकर्षित गर्दै आएको छ।

जनसंख्याको दृष्टिले बनेपाभन्दा दोस्रो स्थान ओगटेको यस बजारको क्षेत्रफल करीब ०.५ वर्ग किलोमिटर छ र धुलिखेल गाउँ पञ्चायतको जनसंख्या वि. सं. २०२८ को जनगणना अनुसार ४,१८७ छ जस मध्ये २,०६८ पुरुष र २,११९ महिला छन्। काठमाडौं उपत्यकाभन्दा पूर्वमा नेवारहरूका एक प्रमुख बस्ती धुलिखेल हो तापनि काठमाडौं र पाटनका नेवारहरूकोभन्दा यहाँका नेवारहरूको संस्कृति र रीतिरिवाज धेरै अर्थमा बेग्लै र आफ्नै ढङ्गको छ। यहाँका प्रमुख व्यवसाय व्यापार र कृषि हो। हिजो आज होटेल उद्योग प्रति मानिसहरू प्रेरित भइरहेका छन्। साधारणतया पुरुषहरूले व्यापार गरेका र महिलाहरूले खेती सम्हालेका देखिन्छन्। यहाँका नेवार व्यापारीहरू बसाइँ सर्नु परे पूर्व लाग्छन्, पश्चिम जाँदैनन् भन्ने जनसाधारणको भनाइ छ र हुन पनि धुलिखेले व्यापारीहरू पूर्वमा इलाम, दार्जीलिङ, सिक्किम र भुटानसम्म पनि छरिएका पाइन्छन्।

काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम भएकोले यहाँ जिल्लास्तरीय सरकारी तथा गैर सरकारी कार्यालयहरू छन्। साथै एक माध्यमिक, एक निम्न माध्यमिक र कतिपय प्राथमिक विद्यालयहरू यहाँ छन्। गणेश, सरस्वती, बाराही, गौखुरेश्वर महादेव र भैरवका मन्दिर यहाँ जनप्रिय र तिनको वार्षिक पूजा जात्रा बैशाख मसान्तदेखि जेठ ३ गतेसम्म जारी रहन्छ। दक्षिण पूर्वस्थित काभ्रेकोटमा काली देवीको मन्दिर पनि प्रख्यात छ। भगवतीको मन्दिरमा दशैंमा दुई दिन जात्रा लाग्छ।

बनेपा

बनेपाको प्राचीन नाउँ वनेपुर वा धर्षपुर थियो र यो एक ऐतिहासिक स्थान हो। धनुषाकार झैं बसेको यो बजार राजधानी काठमाडौंदेखि २६ किलोमिटर पूर्व र जिल्लाको सदरमुकामदेखि चार किलोमिटर पश्चिममा अवस्थित छ। चण्डेश्वरी र धनेश्वरी डाँडाहरूका बीच बसेको बनेपा बजार समुद्र सतहबाट करीब १,४३८ मिटर (४,७१६ फीट) उचाइमा स्थित छ। यसको क्षेत्रफल करीब २.४ वर्ग किलोमिटर र जनसंख्या ८,००० भएको अनुमान गरिन्छ, यद्यपि चारवटा गाउँ पञ्चायतले (दधु, भोलाखा, सोधा र बुक) बनेको यो क्षेत्र सम्पूर्णलाई लिंदा यहाँको जनसंख्या ७,६३९ भएको २०२८ को जनगणनाले देखाएको छ।

चण्डेश्वरी वनको हरियो राम्रो सल्लाघारीलाई पृष्ठभूमिको रूपमा पाएर सजेको बनेपाको हावा-पानी काठमाडौंकोभन्दा स्वस्थ्यप्रद छ। काभ्रेपलाञ्चोक जिल्लाको प्रमुख व्यापारिक केन्द्र रहिआएको यो बजार राजधानीभन्दा पूर्व पट्टिका पहाडी क्षेत्रको पनि सबैभन्दा ठूलो बजार हो भन्न सकिन्छ। दैनिक उपभोगका सर-सामानहरू यहाँ प्रायः सबै पाइन्छन् तर ध्यूको व्यापारले महत्वपूर्ण स्थान ओगटेको छ। पीठो, तेल, चामल आदिका सा-साना मिलहरू लगायत एक घरबुना कपडा कारखानाको उत्पादन पनि यसै बजारमा खपत हुने गरेको छ।

बनेपा मोलखाटोल स्थित गोरखनाथ मन्दिरमा पाइएको शिलालेख शिवदेव प्रथमको पालाको हो भनिन्छ र यसबाट बनेपाको प्राचीनता झल्किन्छ। यहाँ विभिन्न देव देवताका मठ-मन्दिरहरू, मल्लराजाको पुरानो दरबारको भग्नावशेष, गणेश-मूर्ति सहितको शहर पस्ने ढोका, कुण्ड तथा पाटीहरूले पुरातात्त्विक महत्व राख्दछन् र शहरको गौरव पनि बढाएका छन्। राजा हरिसिंह देवले सिम्रोनगढबाट ल्याएर स्थापना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका भनिएको तलेजुको मन्दिरको पनि जग देखिन्छ। दधुटोलको नारायणको मन्दिरमा कृष्णाष्टमीमा र चण्डेश्वर महादेव मन्दिरमा वैशाख पूर्णिमामा मेला लाग्छन्।

पुष्पमाता खोलाको पानीले सिंचित बनेपा वरिपरिको जमीन निकै मलिलो छ। धान, मास, साग-पातहरू लसुन, प्याज, अदुवा, मकै, भटमास आदि यहाँका प्रमुख उब्जनी हुन्।

अरनिको राजमार्गमा पर्ने यो बनेपा एकातिर काठमाडौंसँग र अर्कोतिर धुलिखेल, पाँचखाल, दोलाल-घाट, लामोसाँगु, बाह्रबिसे आदि हुँदै नेपाल-चीन सीमानाको तातोपानी सँगै बस, ट्रक सेवाद्वारा सम्पर्क भएकोले यातायातको दृष्टिले पनि सुविधाजनक ठाउँमा छ। नजीकका पनौती, खडपु आदि बजारहरू पनि कच्ची सडक-द्वारा जोडिएको छ।

यहाँ केही सरकारी, अर्ध सरकारी अड्डा र प्रतिष्ठानहरू जस्तै नापी कार्यालय, खानेपानी योजना कार्यालय, टेलिफोनको दोस्रो कार्यालय (एक कार्यालय धुलिखेलमा पनि छ), नेपाल बैंक उपशाखा, कृषि विकास बैंक उपशाखा, विद्युत् कर्पोरेशन उपशाखा, स्वास्थ्य केन्द्र आदि छन्। यहाँ एक माध्यमिक विद्यालय, निम्न माध्यमिक विद्यालय र केही प्राथमिक विद्यालय पनि छन्। यहाँ एक मिशनरी अस्पताल पनि छ।

पाँचखाल

काठमाडौंबाट ४५ किलोमिटर उत्तर-पूर्व तथा धुलिखेलबाट १५ किलोमिटर उत्तरमा पर्ने पाँच-खाल जिल्लाको सबैभन्दा ठूलो समतल बेंसी हो। धुलिखेलबाट अरनिको राजमार्ग भएर करीब ६८७ मिटर (२,२५३ फीट) ओर्लेपछि आइपुग्ने पाँचखाल बेंसीको उचाइ समुद्र सतहबाट करीब ६३७ मिटर (२,०७३ फीट) मात्र छ। वरिपरि पहाडहरूले घेरिएको भए तापनि यो प्रशस्त गर्मी हुने क्षेत्र हो र गर्मीमा यसको तापक्रम ३२-३३° सेन्टिग्रेड (९०-९५° फरेनहाइट) सम्म पुग्छ। खोलाहरूद्वारा सिंचित यो बेंसी मलिलो भए तापनि अघि-अघि यहाँ औलो लाग्ने हुनाले मानिसहरू बस्न हच्कन्थे। भित्री पहाडी भेकमा दनुवारहरूको बस्ती पाइने ठाउँहरूमा पाँचखाल पनि मानिएको थियो तर अब यहाँ औलो उन्मूलन भइसकेकोले अन्य जातिहरूको बस्ती बढ्दै छ।

कृषि साथै फलफूल खेतीको निम्ति पनि पाँचखाल नामी छ। आँप, केरा, रूख र भूईं कटहर, लिची, कागती, मेवा, अम्बा आदि यहाँ हुने हुनाले कर्केटार, औलोटार नामक परम्परागत बगैंचाहरूबाट काठमाडौंमा वर्षेनी आँप तथा अरू फलफूल पठाइन्छ। श्री ५ को सरकारले पनि करीब ५० हेक्टर (१,००० रोपनी) क्षेत्रमा साग-पात र फलफूल खेती विकासको निम्ति यहाँ एक वृहत् बागबानी केन्द्रको योजना गरेको छ।

पाँचखालमा केही वर्षअघि एक इनार खन्दा पाइएका चार वटा सुन्दर माटाका घडा ५०० वर्ष पुराना हुन् भन्ने पत्ता लागेकोले यो ठाउँको ऐतिहासिक महत्व रहेको अडकल गर्न सकिन्छ, तर यस विषयमा विशेष प्रकाश पर्न सकेको छैन।

यहाँ एक आदर्श विकास केन्द्र, एक माध्यमिक विद्यालय, प्रहरी चौकी, हुलाक र सवारी कर कार्यालय छन्। यहाँको लामीडाँडा दिनहुँ एक महत्वपूर्ण व्यापार केन्द्रको रूपमा विकसित हुँदै आइरहेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनौती

यसको प्राचीन नाम पुण्यवती हो। पुण्यमाता र रोशीको बीचमा त्रिवेणीसंगमको पश्चिमपट्टि ४,६०० फीटको उचाइमा पनौती बजार बसेको छ। त्रिवेणीमा प्रत्येक १२ वर्ष माघ महीनाभर मकर मेला र प्रत्येक छ वर्षमा कुम्भ मेला लाग्छ। यहाँ इन्द्रेश्वर, इन्द्रायणी, बद्री आदिको मन्दिरहरू छन्।

खोपासीभन्दा माथि महाभारत वन र यसैको नजीकमा द्रौपदी स्थान, समीको रूख, खोला आदि भएको हुनाले पाँच पाण्डवहरू गुप्तबास बस्दा यस क्षेत्रमा पनि आएका हुनुपर्छ भन्ने अडकल गर्नेहरू छन्।

सिम्रौनगढबाट भागेर आएपछि हरिसिंह देवले यहाँ एउटा राज्य बनाई बसोबास गरेका थिए। रोशीखोलाबाट सिंचित यहाँको भूमि मलिलो भएकोले धान र गहुँ बाली राम्रो हुन्छ। रोशीखोलाको माछाले पनि कुलेखानीको माछाले जस्तो प्रसिद्धि पाएको छ। यहाँको बजारमा महाभारत लेक आसपासका मानिसहरूआई मालसामान किनमेल गर्छन्।

यहाँ ४६५घर र २,७२८ जनसंख्या भएको पनौतीमा माध्यमिक विद्यालय,प्राथमिक विद्यालय र एउटा पुस्तकालय पनि छन्। बनेपालाई जोड्ने आठ किलोमिटर(करीब दुई कोस)मोटर चलनसक्ने कच्ची सडक छ।

खोपासी

पनौतीभन्दा दुई किलोमिटर दक्षिण पूर्वमा पहाडको काखमा अवस्थित यो खोपासी बजार बडो मनोरम देखिन्छ। यहाँको विष्णुमूर्ति मन्दिरमा वैशाख पूर्णिमामा र नारायण थानमा फागु पूर्णिमामा मेला लाग्छ। कृष्णाष्टमीको दिन यहाँका नेवार बासिन्दाहरू भीमसेन जात्रा गर्छन्।

पनौती जलविद्युत् योजना अन्तर्गत २०२३ सालदेखि जलविद्युत् उत्पादन यहींबाट भइरहेको छ। यहाँ प्रहरी चौकी, सहकारी हुलाक, निम्न माध्यमिक विद्यालय र केही धान कुट्ने कलहरू छन्।

खड्पु

प्राचीन श्री खण्डपुरको अपभ्रंश भई खडपुर भनिनलागेको यो गोलाकार भएको सानो बजार सदरमुकाम धुलिखेलबाट दुई किलोमिटर दक्षिण-पश्चिम र बनेपाबाट दुई किलोमिटर दक्षिणमा छ। यो बजारमा प्रवेश गर्ने उत्तर-ढोका ढुङ्गाको बनेको छ र त्यहाँ श्वेत भैरवको पुरानो मन्दिर छ। करीब १,२३६ जनसंख्या भएको यो नेवारहरूको बस्ती जिल्लाको दक्षिणी भेकको निम्ति व्यापारको केन्द्र हो। केही धानकलहरू, एक निम्न माध्यमिक विद्यालय र दुईवटा प्राथमिक विद्यालयहरू यहाँ छन्। यहाँको आर्थिक आधार खेती र व्यापार हुन्।

पलाञ्चोक

लिच्छवी कालमा राजा मानदेवद्वारा निर्माण भएको भनी मानिएको पलाञ्चोक भगवतीको मन्दिरले गर्दा ख्याति प्राप्त पलाञ्चोक डाँडा पाँचखालभन्दा करीब सात किलोमिटर(दुई कोस जति) उत्तरमा छ। यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उचाइ समुद्र सतहदेखि करीब १,५६३ मिटर (५,१२६ फीट) छ र मन्दिरको वरिपरि बस्ती बसेको छ। निकै अग्लोमा भएको र पानीको कमी भएकोले यहाँ खेती राम्रो हुँदैन र यहाँका धेरैजसो मनिसहरू खेती गर्न पाँचखाल वेंसी झर्ने गर्छन्। खानेपानी लिन करीब तीन किलोमिटर (एक कोस) उँधो झर्नु पर्छ। यहाँको जनसंख्या २,१२८ छ र नेवार, बाहुन, बस्नेत र पाण्डेहरू बढी छन्। यहाँ एउटा निम्नमाध्यमिक विद्यालय छ।

उक्त पलाञ्चोके भगवतीको मन्दिरमा एक मिटर (करीब तीन फीट) अग्लो कालो ढुङ्गामा कुँदिएको भगवतीको भव्य र सुन्दर मूर्ति छ। मन्दिरको वरिपरि पाटी र धर्मशाला बनेका छन्। यहाँ प्रत्येक मंगलबार र शनिबार काठमाडौं लगायत टाढा-टाढाबाट भक्तहरूको भीड लाग्दछ। यहाँ चण्डी पूर्णिमामा लाग्ने मेला प्रख्यात छ। यस बाहेक यहाँ कालीदेवी र गणेशका मन्दिरहरू छन्।

मङ्गलटार

यस जिल्लाको पूर्वी कुनामा रामेछाप जिल्लाको सीमानामा रोशी खोलाको पश्चिम किनारमा करीब २,००० फीट उचाइमा यो सानो बजारले तिमाल भेकका मानिसहरूलाई सीमित रूपमा भएपनि बजार सेवा प्रदान गरिआएको छ। अघि आर. टी. ओ. द्वारा निर्माण गरिन लागेको काठमाडौं–जनकपुर राजमार्ग मङ्गलटार भएर जाने भएकोले मङ्गलटार बजारको महत्व निकै बढेको थियो, तर हाल उक्त राजमार्गको निर्माण बन्द भएको हुँदा मङ्गलटारको व्यापारिक गतिधिवि निक्कै कम भएर गएको पाइन्छ। मङ्गलटार बजारमा एक प्रहरी चौकी, एउटा निम्न माध्यमिक विद्यालय, हुलाक तथा पुस्तकालय आदि छन्। यहाँबाट काठमाडौंमा घ्यू, नेपाली कागज, खसी, बोका, रांगो आदि निकासी हुन्छन्।

दोलालघाट

जिल्लाको उत्तरबाट बग्ने इन्द्रवती नदी र भोटेकोशीको संगममा काठमाडौंबाट ५६ किलोमिटर (१७ कोस) पूर्व अवस्थित दोलालघाटको व्यापारिक महत्व अरनिको राजमार्ग निर्माण हुनुभन्दा अघिदेखि नै थियो। जिल्लाको उत्तरी भेकका बासिन्दा लगायत सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाहरूको निम्ति दोलालघाट आज अरू महत्वपूर्ण भएको छ। धेरैवर्ष पहिले बनेको झोलुङ्गे पुलहरूको ठाउँमा हाल बनेको सिमेन्टको ठूलो पुल यहाँको एक प्रमुख आकर्षण मानिन्छ। अरनिको राजमार्गको निर्माणले गर्दा बलेफी, बाह्रबिसे र लामो साँगुले दोलालघाटको व्यापार केही हदसम्म खिचेको भए तापनि यसलाई धेरै असर पर्न गएको छैन। यहाँ एक प्रहरी चौकी, सडक विभाग अन्तर्गत अरनिको राजमार्ग सब-डिभिजन कार्यालय, रेन्ज कार्यालय, प्राथमिक विद्यालय तथा औलो उन्मूलन कार्यालय छन्। हाल प्रस्तावित दोलालघाट–धनकुटा राजमार्ग तथा दोलालघाट–चौतारा सडकको संगमस्थल भएकोले यस स्थानको महत्व पुनः बढ्दै गइरहेको छ।

इन्द्रावती नदी र सुनकोशीको संगम स्थलकै माथि दुलालेश्वरको मन्दिर छ।

ऐतिहासिक र पुरातात्त्विक महत्वका ठाउँहरू

बनेपाको दक्षुटोलमा लायकु नामक स्थानमा आज पोखरी र धारा मात्र देखिए तापनि यहाँ प्राचीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मल्ल दरबार रहेको तथ्य पुरातात्त्विक अन्वेषण गरेर पत्ता लाग्नेछ भन्ने जनधारणा पाइन्छ ।

नाम्बुडा, नमोबुद्ध वा नमुरा भनिने प्रख्यात बौद्ध मन्दिर भएको प्राचीन स्थान पनि यो दृष्टिले अतिनै महत्व राख्दछ । कुनै समयमा संखु राज्यका राजकुमारले जङ्गलमा जाँदा एक भोकाएकी बघिनी देखेर आफ्नो मासु काटी त्यसलाई खुवाएका थिए रे । पछि ती राजकुमारको अस्थि राखेर निर्माण गरिएको मन्दिरमा करीब ६०० वर्ष पछि भगवान बुद्ध स्वयं तपस्या गर्न आएका र मन्दिरलाई देखेर नतमस्तक भएका हुनाले सो मन्दिरको नाउँ नमोबुद्ध रहन गएको हो भन्ने जन धारणा छ । नमो बुद्धलाई वर्षेनी पनौतीमा ल्याई दुई दिन जात्रा गरी फर्काउँछन् र कात्तिक पूर्णिमामा यहाँ मेला लाग्दछ । मृत व्यक्तिको अस्थि यहाँ सेलाएर मुक्ति पाइन्छ भन्ने बौद्धमार्गीहरूको विश्वास छ र यहाँ टाढा-टाढाबाट बौद्ध मार्गीहरू यस कामको निम्ति आउँछन् ।

संखु नामक शहरको भग्नावशेषमा आज पुराना इँटका टुक्राहरू मात्र छन् । तर त्यहाँ उडुस पनि निकै लाग्ने हुनाले संखु शहर उडुसहरूले उडाएर लगेका थिए भन्ने पनि किम्वदन्ति छ ।

पनौती काभ्रे डाँडाको पृथ्वी गढ, नालदुम गढ र महादेव पोखरी गढ आदिको भूमिका इतिहासको अध्यायमा उल्लेख भइसकेको छ । प्राचीन इतिहास विस्मृतिको गर्भमा बोकेर बसेका अर्को महत्वपूर्ण ठाउँ नाला पनि यस जिल्लामा छ । नालाको करुणामय नामक प्रख्यात बौद्ध मठमा रातो मछेन्द्रनाथको मूर्ति राखिएको छ । काठमाडौंका बहालहरूमा झैं अघि त्यहाँ भिक्षु भिक्षुनीको बसोबासको व्यवस्था थियो । आज काल पनि कात्तिक पूर्णिमामा यहाँ बौद्धहरूको विशाल मेला लाग्छ । पुरातात्त्विक उत्खनन भएमा यसको प्राचीन इतिहास प्रकाशमा आउने आशा राख्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या जनजीवन

जनसंख्याको दृष्टिकोणले अधिराज्यका जिल्लाहरूमा दशौं स्थान ओगटेको काभ्रेपलाञ्चोक जिल्ला तामाङहरूको सबैभन्दा बढी घरबस्ती भएको जिल्ला हो । साथै तराईमा मात्र साधारणतः बसोबास गर्ने दनुवार जातिको पनि यस जिल्लाको पाँचखाल[1] उपत्यकामा घनाबस्ती भएको पाइनु यसको अर्को विशेषता हो। अरू जिल्लामा हतपत नपाइने पहरी जाति तथा आफ्नो भाषा नबोली नेपाली भाषा नै बोल्न रूचाउने विशेषता भएका माझीहरू पनि यो जिल्लाका दुई उल्लेखनीय जाति-समूह हुन् ।

जनसंख्या

वि. सं. २०२८ सालको जनगणना अनुसार यो जिल्लाको जनसंख्या २,४५,१६५ छ जसमध्ये पुरुषको संख्या १,२२,०७७ (४९.७ प्रतिशत) र महिलाहरूको संख्या १,२३,०८८ (५०.३ प्रतिशत) छ। यसबाट यहाँ पुरुषभन्दा महिलाको संख्या १,०११ बढी भएको देखिन्छ। यस अञ्चलका जिल्लाहरूमा जनसंख्याको दृष्टिकोणबाट यसको स्थान दोस्रो र अधिराज्यको जिल्लाहरूमध्ये सबभन्दा बढी जनसंख्या भएको जिल्लाको १० औं क्रममा परेको छ । जिल्लाको क्षेत्रफल १,४४,६०० (८,७७,१९० रोपनी) हेक्टर हुनाले यहाँको जन घनत्व १.९ प्रति हेक्टर हुन आउँछ । अर्थात् १० हेक्टर जमीनमा यहाँ १९ जना मानिस बसोबास गर्दछन्।

जिल्लामा घर-परिवारको संख्या ४३,६१२ देखिएको छ जसमध्ये २० भन्दा बढी सदस्य भएका परिवार सबैभन्दा कम (२०२) र पाँच परिवार भएका घरसंख्या सबैभन्दा बढी (६,२२८) छ। जनगणनाले औसत घरमा सदस्य संख्या ५.८९ देखाएको छ जुन छिमेकी जिल्लाहरूकोभन्दा बढी छ।

यस जिल्लाको जनसंख्यालाई ० देखि ५ वर्षका बाल–बालिकाको समूह, ६–१५ वर्षका अर्थात् विद्यालयमा पढ्न जाने उमेरका समूह र १६ भन्दा माथि उमेरका प्रौढहरूको समूहमा विभाजन गर्दा निम्न-प्रकार देखिन्छ:–

---

१ बागमती अञ्चलको ललितपुर जिल्लामा एक गाउँ दनुवार पाइनु पनि यस्तै अर्को एक अपवाद हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० देखि ५	२०,९८७	१७.२	२२,११०	१८.०	४३,०९७	१७.६
६ देखि १५ वर्ष	३२,६००	२६.७	३०,१८१	२४.४	६२,७८१	२५.६
१६ वर्ष र सोभन्दा माथि	६८,४९०	५६.१	७०,७९७	५७.७	१,३९,२८७	५६.८
जम्माः—	१,२२,०७७	१००.०	१,२३,०८८	१००.०	२,४५,१६५	१००.०

उपर्युक्त तालिकामा जिल्लाको जम्मा जनसंख्यालाई उमेरको दृष्टिकोणबाट तीन समूहमा विभाजन गरिएको छ। पाँच वर्ष र सोभन्दा मुनिको जनसंख्या ४३,०९७ अर्थात् जम्मा जनसंख्याको १७.६ प्रतिशतमध्ये पुरुषको संख्याभन्दा महिलाको संख्या (१,१२३ जना) बढी देखिन्छ । छ वर्षदेखि १५ वर्षसम्मको जनसंख्या ६२,७८१ अर्थात् जम्मा जनसंख्याको २५.६ प्रतिशतमध्ये (२,४१९ जना) महिलाभन्दा पुरुष बढी देखिन्छन्। १६ वर्षभन्दा माथिको जनसंख्या १,३९,२८७ अर्थात् जम्मा जनसंख्याको ५६.८ प्रतिशतमध्ये पुरुषभन्दा महिलाको संख्या (२,३०७ जना) बढी देखिन्छ।

अधिराज्यका सबै जिल्लाहरूमा झैं यस जिल्लामा पनि केटाकेटीहरू सानै उमेरदेखि आर्थिक दृष्टिकोणबाट सक्रिय हुने हुँदा १० वर्षदेखि ५९ वर्षसम्मका जनसंख्यालाई आर्थिक दृष्टिकोणबाट कमाइ गर्न सक्ने सक्षम वर्ग मानेको खण्डमा जिल्लाको जम्मा जनसंख्यामध्ये नौ वर्ष मुनिका ७०,४५७ अर्थात् २८.७ प्रतिशत र ६० वर्षदेखि माथिको उमेर भएका १४.२३१ अर्थात् ५.९ प्रतिशत गरी जम्मा ८४,६८८ अर्थात् ३४.६ प्रतिशत व्यक्ति आश्रित र बाँकी १,६०,४७७ जना अर्थात् ६५.४ प्रतिशत आर्थिक दृष्टिकोणले सक्षम देखिन आउँछन्। यसरी १०० जनाको कमाइबाट आफू समेत गरी १५३ जवानको जीविका चलाउनु पर्ने स्थिति यहाँ देखिन आउँछ। अतः आर्थिक निर्भरताको अनुपात यहाँ १००.५३ हुन आउँछ।

तर अन्तर्राष्ट्रिय चलनअनुसार १५ वर्षदेखि ६४ वर्षको समूहलाई आर्थिक दृष्टिकोणबाट सक्षम जनसमूह मानिने र १४ वर्ष र सोभन्दा मुनि र ६५ वर्ष र सोभन्दा माथिका उमेरका जनशक्तिलाई आश्रित मानिने हुँदा १४ वर्ष र सोभन्दा मुनि जम्मा ९९,६५१ जना अर्थात् जम्मा जनसंख्याको ३९.९ प्रतिशत र ६५ वर्ष र सोभन्दा माथिका ७,९७७ जना अर्थात् जम्मा जनसंख्याको ३.२ प्रतिशत समेत गरी जम्मा १,०७,६२८ जना आश्रित र बाँकी १,३७,५३७ जना सक्षम हुन आउँछ। अर्को शब्दमा १०० जनाको कमाइबाट आफूले समेत गरी १७८ जनाको जीविका चलाउनु पर्ने देखिन्छ। यसरी अन्तर्राष्ट्रिय चलन अनुसार जनसंख्यालाई सक्षम र आश्रितको उमेर समूहमा वर्गीकरण गर्दा यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:७८ हुन आउँछ।

यहाँ छ वर्षदेखि नौ वर्षका बालबालिकाहरूमा ८९ जना बालक र १०७ जना बालिकाहरूको विवाह भएको देखिन्छ। यसै उमेरमा एक जना बालक बिधुर र दुई जना बालिका बिधुवा भएको पनि देखिन्छ। १० वर्ष-देखि १४ वर्ष उमेर भएको केटाहरूमध्ये ६४९ जना र सोही उमेरका केटीहरूमध्ये १,३९३ जना केटीहरूको विवाह भएको र ३४ जना केटा बिधुर र ३० जना केटी बिधुवा पनि भएको देखिन्छ। यसपछि विवाह हुने पुरुष तथा महिलाहरूको संख्या बढ्दै गएको र सबभन्दा बढी विवाह हुने उमेर २५ देखि २९ वर्षको समूहमा पुरुष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८,२४३ र महिला ६,२२७ को विवाह भएको देखिन्छ । यसपछि विवाह गर्नेको संख्या घट्दै गएको देखिन्छ। यसरी कानूनले निषेध गरिएको उमेरमा पनि विवाह गर्ने चलन देखिएको छ र छ वर्षदेखि ३४ वर्षसम्म विवाहित भएको पुरुषभन्दा महिलाको बढी संख्या र ३५ वर्षदेखि ६५ र सोभन्दा बढी उमेर भएको विवाहित पुरुषको संख्या बढी र महिलाको संख्या घट्दै गएको देखिन्छ ।

यस जिल्लामा बढी उमेरसम्म पुगेका व्यक्तिहरू अविवाहित रहेका संख्या त्यति बढी देखिंदैन। २० देखि २९ वर्ष सम्मका उमेर भएका पुरुष ४,२८० जना र महिला १,२६७ र ३० वर्षदेखि ६५ वर्षभन्दा माथिका उमेर भएका पुरुष १,३२९ जना र महिला ६२९ जनाको विवाह नै नभएको देखिन्छ ।

वि. सं. २०२८ सालको राष्ट्रिय जनगणनाको आधारमा जिल्लाबासीहरूका भाषा तथा बोली, धर्म, नागरिकता आदि कतिपय सामाजिक र सांस्कृतिक पक्ष पनि अध्ययन गर्नु रोचक हुन आउँछ । भाषा-भाषीको दृष्टिकोणले हेर्दा जिल्लाको प्रमुख भाषा-समूह नेपाली नै देखिन्छ किनभने ५०.२ प्रतिशतले यो भाषा बोल्दा रहेछन् । अर्को २५.४ प्रतिशतले तामाङ बोली बोल्ने र ९.२ प्रतिशतले नेवारी भाषा बोलेको देखिन्छ। अन्य भाषामा स्थानीय तथा १,००० भन्दा कम जनसंख्याहरूले बोल्ने भाषाहरू पर्दछन् । विभिन्न भाषा-भाषीको संख्या तल दिइएको छः–

बोलिने भाषा-भाषी	बोल्नेको संख्या	प्रतिशत (मोटामोटी)
नेपाली	१,४३,६०५	५०.२
तामाङ	७२,६०५	२५.४
नेवारी	२६,३११	९.२
अन्य भाषा	२,६४४	१५.२
जम्माः–	२,४५,१६५	१००.०

उक्त तालिकामा अन्य भाषा भनेको समूहमा भोटे-शेर्पा, मगर, राई-किराती, दनुवार, थारू आदि भाषा-भाषीहरू पर्दछन्। पहाडी जिल्लाहरूमा दनुवारहरूको केही बाक्लो एक-दुई बस्ती भएका जिल्ला केवल ललितपुर र काभ्रे हुन् भन्ने उल्लेख माथि एक ठाउँमा परिसकेको छ । जनगणनाअनुसार यो जिल्लामा दनुवारहरूको संख्या २३३ र यिनीहरू पुस्तौंदेखि पाँचखाल क्षेत्रमा बसोबास गरिआएका हुन् भन्ने बुझिन्छ । तामाङहरू प्रायः जिल्लाभरी नै छरिएर बसेका छन् यद्यपि बनेपा, पनौती, धुलिखेल जस्ता बजार केन्द्रहरूमा नेवारहरूको बस्ती प्रशस्त छ ।

धर्मको आधारमा वर्गीकरण गरेर हेर्दा यस जिल्लामा सबैभन्दा बढी हिन्दू धर्म मान्नेहरू र त्यसपछि बौद्ध धर्म मान्नेको प्राधान्य देखिन्छ ।

नागरिकताको आधारमा हेर्दा नेपाली बाहेक अनेपाली नागरिकको संख्या जिल्लामा नगन्य छ। भारतेली १३, एसियाली १७ र अन्य देशका व्यक्ति १२ मात्र जिल्लामा देखिएका छन्। अरू २,४५,१२३ व्यक्ति जम्मै नेपाली नागरिकहरू छन् ।

जिल्लाका विभिन्न गाउँ पञ्चायतहरू र तिनमा भएका जनसंख्या निम्नप्रकार छन्ः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायत	जनसंख्या	पञ्चायत	जन संख्या
१. अनेकोट	२,८३०	२. उग्रतारा जनागाल	२,२६४
३. उग्रचण्डी नाला	४,२६५	४. कलाती भूमे डाँडा	२,७५५
५. कटुञ्जे बेंसी	१,४७५	६. करूबास चापा खोरी	१,७७१
७. कात्तिके देउराली चारी	२,७९५	८. काभ्रे नित्य चन्देखर	२,९७४
९. कानपुर कालापानी	२,६००	१०. कुशादेवी बिहावर	२,४५१
११. कोलाटी भुम्लु	१,२६४	१२. कोशीदेखा	१,५१५
१३. खहरे पाँगु	२,३६१	१४. खरेल थोक	२,३८५
१५. खनाल थोक दाप्चा	३,४११	१६. खार्पाचोक	१,०६५
१७. खोपासी	२,०८१	१८. गणेशथान चलाल	३,०५९
१९. गैरीबिसौना देउपुर	३,२५१	२०. गोकुले चाकल	३,८८४
२१. गोठपानी चौरी	२,२६७	२२. घर्तीछाप	२,१५५
२३. घुसेनी शिवालय	१,९७९	२४. चदिनी मण्डन	२,५६९
२५. चौबास	१,९९२	२६. च्यामराङ बेंसी	१,७७४
२७. च्यार्सिङ खर्क	२,४४४	२८. छत्रे बाझ दाप्चा	२,५९२
२९. ज्याम्दी मण्डन	३,२९९	३०. जैसी थोक मण्डन	१,५९०
३१. दराउने पोखरी दाप्चा	२,७८८	३२. दच्छुटोल बनेपा	२,०४८
३३. देव भूमि बालुवा	२,७७६	३४. दोलालघाट	१,१८६
३५. धुलिखेल	४,१८७	३६. नयाँ गाउँ देउपुर	२,५१७
३६. नाग्रे गगार्चे	२,५१९	३८. नासिकाथान साँगा	२,९६३
३९. टुकुचा नाला	२,६४९	४०. टौखाल देवीथान	१,६४६
४१. ठूलो पेरस्लेटिमाल	२,३५७	४२. डाँडा गाउँ चाकल	२,६९१
४३. ढुंखर्क बाह्रबिसे	३,८६२	४४. पनौती	२,७२८
४५. पातलेखेत	२,२५९	४६. पाँचखाल	४,५५६
४७. पुरान् गाउँ दाप्चा	१,५८४	४८. पोखरी चौरी	३,२३०
४९. पोखरी नारायण स्थान	२,१७४	५०. फलाटे भुम्लु	१,४७६
५१. फलामेटार चकल	३,७७२	५२. फौक्सीन टार	२,८९६
५३. बकुटोल बनेपा	२,६०२	५४. बत्थली	२,०८६
५५. बज्रयोगिनी बुडोल	२,३५९	५६. बनखुचौर	३,५८२
५७. बतासे शारदा	१,४४४	५८. लालुवा पाटी देवपुर	३,४३५
५९. बाल्के फेदिचे	२,९८१	६०. बाल्टिङ	२,२०८
६१. बुद्धखानी	३,०६१	६२. बिती देउराली	२,३४८
६३. बेंसी समले घर्ती गाउँ	२,००५	६४. भोलखाटोल बनेपा	१,७५१
६५. भुल्मुटार	१,९४७	६६. भुसाफेवा	१,७९९
६७. महादेव थान मण्डन	४,३५३	६८. महाकाल चौर भुम्देउ	३,३०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६९. महादेव टार पाँगु	१,७२७	७०. महेन्द्र ज्योति बासडोल	२,०७६
७१. मल्पी गाउँ पञ्चायत	२,१८७	७२. मयुरा पाटी फूलबारी	२,१६४
७३. मादन देउराली चोक	२,०५६	७४. माझीफेदा	२,३५३
७५. मिल्चे चाकल	३,६१३	७६. मेथिङ कोट	२,४२२
७७. मङ्गलटार	२,८४१	७८. रयाले बिहावर	३,४८३
७९. रावि ग्रावी	१,७८५	८०. राम्वे दूधपोखरी	१,९८१
८१. रामपुर वंसी टोल	१,५९०	८२. सल्ले भुम्लू	२,०२६
८३. सर्थ्यूं खर्क	४,४२९	८४. साल्पे चाकल	१,७८१
८५. सानो बामथली	१,७६२	८६. साठीघर भगवतिथान	२,१२८
८७. सापिङ भुम्लु	३,१८७	८८. सिंथली डाँडा खर्क	१,३८९
८९. सिपाली चिलाउने	२,३६६	९०. सुनथाव शारदा	२,१०६
९१. सुन्बा गाउँ	२,८७५	९२. सोधाटोल बनेपा	१,२३५
९३. संखुवा पाटी चौर	२,५३२	९४. शरम थली	१,००७
९५. शिखर ग्राम्बोटे	३,६४०	९६. शिशाखानी	१,४१५
९७. श्याम पाटी सिमलचौर	२,७६१	९८. श्री खण्डपुर	१,२३६
९९. होक्से बजार	२,३५३		

जनजीवन

नेपाल अधिराज्यका तामाङहरूको सबभन्दा बढी संख्यामा बसोबास भएको अञ्चल बागमती हो र यस अञ्चलको कुल जनसंख्या १४,९७,९७१ भएकोमा तामाङहरूको संख्या २,८४,३६७ (करीब १९ प्रतिशत) भएको पाइएको छ। यस अञ्चलका आठवटा जिल्लाहरूमध्ये पनि काभ्रेपलाञ्चोकमा तामाङहरूको संख्या सबैभन्दा बढी (७२,६०५) रहेको पाइन्छ।

तामाङ

तामाङहरूको सृष्टि कसरी भयो भन्ने कुरामा एक रोचक पौराणिक कथा सुनिन्छ। भनिन्छ कि तामाङहरूका पुर्खा ब्रह्मा, विष्णु र महेश्वर तीन भाइ थिए। ब्रह्मा बाहुनहरूका पुर्खा भए र विष्णु क्षेत्रीहरूका। तामाङहरूका पुर्खा महेश्वरलाई चाहिं एउटा वन-झाँक्रीले लगेर जङ्गलमा पाल्यो रे। यस कथाको आधारमा बाहुन, क्षेत्री र तामाङ तीनै जातका पुर्खा एकै थिए भन्ने धारणा राख्नेहरू पनि छन्।

कसै कसैले तामाङहरूलाई मुर्मी पनि भन्दछन् जसको अर्थ सीमानाका बासिन्दा (मुर-सीमाना, मि-मानिस) हुन्छ। जर्ज एन-रोरिकले तामाङको अर्थ "घोडचढी सैन्य" हो भन्नु भएको छ र सन्तवीर लामाले आफ्नो "तेम्बा काइने ह्वाई रि मठिम" (तामाङहरूको वंशावली, रीति-थिति तथा गीतहरू) नामक पुस्तकमा उल्लेख गरेका कथा अनुसार तामाङहरू तिब्बती राजा स्रोङ्ग चन गम्पोले नेपाल आक्रमण गर्दा उनीसँग नेपाल आएका तर तिब्बत नफर्की नेपालको विभिन्न इलाकामा बसोबास गरेका घोडचढी फौज (तामाङ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को नाउँबाट यो शब्द प्रचलित भएको हो भन्ने बुझिन्छ। तर तामाङहरूको वंशावलीमा ग्रोङ्ग चन गम्पोसँग तामाङहरू आएको उल्लेख नभएकोले लामाजी स्वयं चाहिं यो कथालाई तथ्य मान्नु हुन्न र तामाङहरू नेपालकै आदिम निवासी हुन् भन्ने तर्क पेश गर्नु हुन्छ। अर्को भनाइमा तामाङको अर्थ घोडचढी सैन्य होइन, घोडाका धनी हो, तर यसमा पनि सबैको सहमति छैन।

सन्तवीर लामाको भनाइमा तामाङ, कागते र योल्माली एउटै जातिका मानिसहरू हुन्। तिब्बत-नेपाल सीमाना क्षेत्रका बासिन्दा योल्माली वा गोल्पोको भाषा तिब्बती भाषाकै एक हाँगा हो र हेलमु वा हेलम्बू शब्द योल्पुको अपभ्रंश भएको हुनसक्छ। योल्माली र तामाङहरूले बसोबास गरेका क्षेत्रको माझमा कागते बस्तछन् र तिनीहरूको बोलीमा उक्त दुवै थरीका बोलीको सम्मिश्रण पाइन्छ।

अन्य एक थरीले थामीलाई पनि तामाङमा गणना गरेका छन्, तर थामीहरूको थर तामाङहरूको-भन्दा अलि भिन्न देखिन्छ, जस्तै दोलखे, दुम्जाली, रिसनी, लुङकामी, पोलोरिश्मी, दाङगुरिमी, सिरिश्मी आदि। थामीका मुखियाहरूलाई पनि मिजार भनिन्छ र उनीहरूको चारदाम (ह्वछे) पनि तामाङहरूकोभन्दा भिन्न भएकोले यिनलाई तामाङ सरह ठान्न अलि उचित देखिंदैन।

तामाङहरूको परम्परागत गाउँ संगठन (गाउँ पञ्चायत)मा सात सदस्यहरू हुन्छन्, जस्तै यो हो (अध्यक्ष), मुल्मी (गाउँको मुखिया), ङाप्ता (पुरोहित), डोप्ता (साधु), आला (ठालु), ताम्वा (वंशावली लेखक) अनि गुरमी गोडाई अर्थात् सचिव।

तामाङहरूको समाज मुख्य रूपमा दुई वर्गमा बाँडिएको हुन्छः बाह्रजात र अठार जात। तामाङहरूमा यो बाह्र र अठार जातको तेर्सो (होराइजोन्टल) वर्गीकरण भर्खरै मात्र भएको होला भन्ने हेमेन्डर्फले अडकल गरेका छन्। बाह्र जात तामाङ झर्रा तथा अठार जात तामाङ ठेम्मर हुन् भन्ने पनि कसै कसैको धारणा छ तर बाह्र र अठार जातकाहरूमा थर एकै प्रकारका हुन्छन्।

तामाङहरूलाई मुर्मी पनि भन्ने चलन भएको कुरो माथि उल्लेख भइसकेको छ। तर यो शब्द मुल्मीको अपभ्रंश भएको पनि हुनसक्छ। गाउँको ठालुलाई मुखिया भने झैं तामाङहरूको सामाजिक जीवनमा मुल्मी नामक एक महत्वपूर्ण पद हुन्छ। कुनै-कुनै गाउँमा मुल्मीको पदमा गाउँलेहरूले आफूमध्येबाट एकलाई चुन्दछन् र एक निश्चित अवधिसम्म मुल्मीको स्थान ओगटेपछि अर्को व्यक्तिको पालो आउँछ। साधारणतः हरेक वर्षको संसारी वा भूमि पूजाको निमित्त मुल्मी चुनिन्छन्। कहीं कहीं मुल्मीको पद खानदानी पनि भएको पाइन्छ।

अघि-अघि सरकारी मालपोत उठाउने काम पनि मुल्मीको जिम्मामा पर्दथ्यो र चुनिएका मुल्मीलाई सरकारी मान्यता प्रदान गरिन्थ्यो। आफ्नो क्षेत्रभित्र पर्ने वन जङ्गलको सुरक्षा गर्ने र सामान्य शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी पनि मुल्मीको हुन्थ्यो। यी सेवाहरू वापत उनले गाउँलेहरूबाट वर्षमा एक दिन बेठ-बेगारी उठाउन पाउँथे। स-साना झै-झगडा मिलाउने र पुर्पच्छे पनि गर्ने मुल्मी हुन्थे।

तामाङहरू एकै ठाउँमा घर बनाएर गुजमुज्ज बस्न रुचाउँछन्। काठका फल्याक, चेप्टो खरी ढुङ्गा आदिले छाएका घरहरू साधारणतः दुई तले हुन्छन्। माथिल्लो तल्लाले भकारी र भण्डारको काम दिन्छ भने भान्सा घर, सुत्ने कोठा आदि भूईंतलामा हुन्छन्। सिकुवालाई बैठकको रूपमा प्रयोग गरिन्छ।

जाडो ठाउँमा बसे तापनि तामाङहरूले साधारणतः पुङ्गा, बख्खु, दोचा आदिभन्दा बाक्लो कपडाको दौरा-सुरुवाल माथि राडी-पाखीको बाँकाटे भोटो लगाउन रुचाएको पाइन्छ। तामाङनीहरू पनि बख्खुको सट्टा स्यामा र फरियासित पछेउरा ओड्छन्। कम्मरभन्दा उँभो बख्खु लाई एउटा रङ्गीन र धर्के दरी जस्तो कपडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(पाङदेन) ले ढाकेर भोटे-शेर्पेनीहरूले आफ्नो विवाहित स्थितिको परिचय दिएको पाइन्छ तर तामाङहरूमा पाङदेन अघिल्तिरभन्दा पछिल्तिर लगाइन्छ र फरिया मास्तिर एकसरो बेह्रिएको हुन्छ ।

गहनाहरूमध्ये कर्णफूल, ढुङग्री र शिरफूल जनप्रिय छन् । शिरफूललाई तामाङ बोलीमा मारामिको र शिरबन्दीलाई रिङ्गा भन्दछन् । विवाहिताहरूले पोते लाउने चलन शुरू भएको पाइन्छ ।

खान-पिनमा भैंसीको मासु, लसुन, पाहा र सिस्नु घरभित्र ल्याएर पकाउनु हुँदैन भन्ने छ तर घर बाहिर कुनै रोकटोक छैन ।

तामाङहरूले साधारणतः बालक जन्मेको तीन दिनपछि नै न्वारान गर्दछन्, यद्यपि नौ वा एघार दिन सूतक बार्ने चलन पनि देखिन लागेको छ । बच्चाको बाबुले न्वारान गरे पुग्ने हो, तर लामालाई बोलाएर "छोइ" नामक शास्त्र पढाई नामकरण गराउने पनि गर्छन् । छैठीको दिनमा सुत्केरीलाई र बच्चालाई पुनः नुहाइ धुवाइ गराएर कोठामा चोखो पानी छर्किने र दीयो बाल्ने चलन छ ।

छोरीलाई पाँच महीनामा र छोरालाई छ महीनामा तामाङहरू पास्नी गराउँछन् । जेठो छोरा वा छोरीको भातख्वाइ मैनाको चुच्चोबाट गराउन सके सो चरा जस्तै मीठो बोली बोल्ने हुन्छ भन्ने विश्वास पाइन्छ। भात ख्वाएको अवसरमा गाउँ छिमेकले बच्चालाई उपहारको सट्टा रूपैयाँ पैसा दिने वा सहयोगको निमित्त कुनै पकवान बनाई लगिदिने प्रथा छ ।

नेवार तथा धेरैजसो अन्य जातको जस्तै तामाङहरूको छेवर मामाबाट गराइन्छ । तीन वर्षदेखि १२ वर्षसम्म जुन बेला गरे पनि हुन्छ भन्ने छ । यो अवसरमा पनि चेली-बेटीले दही, खसी, जाँड, सेलरोटी, कुखुरा आदि ल्याएर सघाउने चलन छ । कसै-कसैले उपहार पनि दिन्छन् । बच्चाका आमा बाबुले पनि चेली बेटीलाई दक्षिणा दिन्छन् । निम्तालुहरू नाच-गान गरी रमझम गर्छन् ।

फुप् चेली र मामा चेलाले तामाङहरूको बिहेमा प्राथमिकता पाउँछन् तापनि त्यस्ता जोडा फेला नपरेको खण्डमा थर-जाति मिलाएर जोसुकैसँग पनि बिहे गर्न सक्छन् । मागी बिहे र चोरी बिहे तामाङहरूमा दुवै जनप्रिय छ ।

मागी बिहेमा चेला अर्थात् केटापट्टिबाट पहिले लमी जान्छन् । लमीको भूमिका साधारणतः ताम्वले गर्दछन् । किनभने तामाङ समाजमा प्राचीन रीति रिवाज र वंशावली सम्बन्धी जानकारी ताम्वलाई धेरै हुन्छ । लमीले कुरा छिनेपछि चेलापट्टिबाट सगुन लग्नु पर्छ जसमा कुखुरा, खसी, सेलरोटी आदि हुन्छन् । जन्ति जाँदा तामाङहरू साधारणतः बाजा बजाउँदैनन् तापनि डम्फूवालाहरू नाच्दै अघि लागेका पनि देखिन्छन् ।

जन्ति आइपुग्दा केटी पट्टिकाले गर्ने प्रथम स्वागतमा ढोकामा रक्सी, फुल, चारवटा रोटी आदि राख्छन् र एक छिन पछि सो फर्काएर घरभित्र लग्छन् । सगुन ख्वाएर आसनमा दुलाहालाई राखेपछि दुलहीको दाज्यू वा भाइले बोकेर ल्याई दुलहीलाई पनि सँगै बसाउँछन् । फेरी एक पल्ट सगुन ख्वाउँछन् र कार्यक्रम शुरु हुन्छ ।

दुवैपट्टिका ताम्वहरूले आफना-आफना पक्षका पुर्ख्यौली सम्बन्धी कुरा एक अर्कालाई बताउँछन् । साथै दुई तिरका डम्फूवालाहरू एक अर्कालाई सवाल जवाफ गर्दै नाच शुरू गर्दछन् । ताम्वा गीतपछि रात्रिभोज हुन्छ, जसमा दुवै थरीका व्यक्तिहरू सामेल हुन्छन् । भोजपछि दुलहीपट्टिबाट चार दाम राख्नु पर्छ । एक माना चामल, चार पैसा, रक्सी, फुल आदि यही चार दाम नै तामाङहरूको कन्यादान हो भने पनि हुन्छ । त्यसपछि हुने टीकोटालोमा दुलहीका कुल-कुटुम्बले दम्पतीलाई टीका लगाउने र गच्छेअनुसार उपहार दिने चलन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कसै-कसैले गोडा धुने र पानी खाने चलन पनि अपनाएका छन्। भोलिपल्ट बिदा दिनुभन्दा अघि सम्धी भोज हुन्छ ।

दुलही लिएर फिरेको जन्तीलाई दुलहाको घरमा जितापत्र वा जितौरी ख्वाउने चलन छ, जसबाट अघि-अघि दुलहीलाई जितेर ल्याउनु पर्ने रिवाज भएको अडकल गर्न सकिन्छ। जिपापत्रको खाजा पछि छिमेकका इष्टमित्र, कुल-कुटुम्ब र चेलीबेटीले रक्सी, रोटी, फुल, मासु, माछा आदिको सगुनले सत्कार गरी दुलहा-दुलहीलाई भित्र्याउँछन्। यो बेलामा ताम्वले एक समारोहको बीच दुलहीलाई दुःख दिने छैनौं भन्ने बाचा दुलहाको आमा र दुलहाबाट गराउँछन्। कुनै-कुनै परिवारमा सिंदूर हाल्ने चलन पनि छ। ताम्वले बाचा बधाएपछि दुलहा–दुलहीको टाउको एक अर्कासँग तीन चोटी ठोक्ने, दुलहा-दुलहीले एक अर्कालाई जूठो ख्वाउनु पर्ने, ठाउँ साँटेर बस्नु पर्ने आदि प्रथाहरू पालन गरिन्छन्। दुलहा-दुलहीलाई ठूला बडाले टीका लगाइदिएपछि सगुन ख्वाएर बिहेको कार्यक्रम टुङ्गिन्छ ।

तीन दिनपछि दुलही फर्काउने चलनलाई तामाङहरू दोवरी-निवरी भन्छन्। तर तामाङहरू सरल र सोझा भएकाले यो सबै झंझटपट्टि लाग्नुभन्दा हाट मेलामा, वन पाखामा, जुवारी खेलेको बखतमा एक अर्कासँग माया-प्रिति गाँसेर सुटुक्क भाग्न बढी रुचाउँछन्। यसकी गरेको चोरी बिहे धेरै कम खर्चालु हुन्छ। केटी भगाइसकेपछि दुई परिवारलाई चित्त बुझेको बेला एक सिसी रक्सी राखेर केटीका आमा बाबुको "शिर उठाए" पछि टीको टालो र ढोग-भेट गर्नासाथ उनीहरूको सम्बन्ध समाजलाई स्वीकार्य हुन्छ।

कुनै तरुनी बिहे गर्न जाँदा अघिको खेल बहाडमा कथंकदाचित दोजिया भइछ भने पनि तामाङ समाजले नाक खुम्च्याउँदैन। जोसँग रसबस भएको थियो सो ठिटोले बिहे गर्न चाहेन भने पनि आपत्ति छैन । जुन ठिटो अघि सर्छ उसैसँग घरजम हुन सक्छ।

यही उदार दृष्टिकोण पारपाचुके सम्बन्धमा पनि राखिन्छ। विवाहित दम्पत्ति बीच कसैले सिन्को पाँगो गर्न चाहे रोकटोक छैन, न त यसरी पारपाचुके गरेकाले फेरी अर्को जोई वा पोइ राख्नमै कुनै बाधा समाजले खडा गर्छ। अर्काकी स्वास्नी उठाई लैजानेले जारी तिरे पुग्छ। कसैकी स्वास्नीले नाठो राखी र त्यतापट्टिबाट जायजन्म भयो भने पनि पञ्चकृते दण्ड तिरे पुग्छ। दण्डको रकम लिए पछि स्त्रास्नी पनि लैजानेले नै सकार्न सक्छ। एकली छोरी भएका घरमा घर ज्वाइँ पालेपछि सम्पत्तिमा छोरीको हक लाग्छ, तर सो ज्वाइँलाई छोडेर पोइल गई भने सो हक पनि टुट्छ। ज्वाइँले पनि अर्को स्वास्नी राख्न पाउँदैन।

नेवारहरूको बूढो जम्को गरे झैं तामाङहरूले पनि ८४ वर्ष पुगेका बूढा बूढीलाई फेरि भात ख्वाइ गरेको देखिएको छ। यसमा छ महीने बच्चाको पास्नी जस्तै कार्यक्रम मात्र राखिन्छ।

मानिस मरेपछि लाशको तिघ्रामा वा शिरको छेउमा दीयो बालिन्छ। कसै कसैले शिर वरिपरि १०८ बत्ती पनि बाल्छन्। तर लाश धेरैबेरसम्म सुताइराख्नुसट्टा चाँडोभन्दा चाँडो एक ठूलो खडकुँला वा भाँडोमा पानी राखेर त्यहाँ बसाइन्छ र नयाँ कपडाले बेरिन्छ। लामाले आएर घाट लाने साइत नजुराउन्जेल मृत व्यक्तिको वरिपरि भात, दाल, तरकारी आदि राख्ने चलन छ। कुनै कुनै बेला दुई-तीन दिन पछिको साइत निस्किन्छ र यसो भएको खण्डमा छर छिमेकका मानिसहरू आएर रात-रातभर पालैसँग रुङ्ने गर्छन्।

लाश लैजाँदा पनि साधारणतः उक्त खडकुँला वा भाँडालाई काठको बाकस वा खटमा राखी लग्ने हुनाले लाश बसेकै आसनमा हुन्छ। राता-पहेँला र सेता कपडा बाहेक अन्य परम्परागत शृङ्गारका वस्तुले सिंगारेर लाश लैजाँदा ध्याङलिङ (धार्मिक सनाइ) तथा ढ्याङ्ग्री, झ्याम्टा र शङ्ख बजाउँदै लामाहरू अघि लाग्छन्। मूल लामा लाशको ठीक अघिल्तिर रहन्छन् र हातमा भएको घन्टी बजाउँदै, मन्त्र पढ्दै अघि बढ्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

उनले हातमा लिएको एक लामो कपडाको ध्वजाको अर्को छेउ लाशको खटसम्म तानिएको हुन्छ। स्वास्नीमानिसहरू पनि मलामी जान्छन् ।

तामाङहरू साधारणतः दाह संस्कार घाटको सट्टा डाँडामा गर्न रुचाउँछन् । दाहसंस्कार भइरहेको बेला नजीकमा लामाहरू पलेटि कसेर शास्त्र पढिरहन्छन् । मृत व्यक्तिको घरबाट पकाएर मलामीसाथ लगिएका खाना-पीना तथा जाँड खाँदै पढ्नमा तल्लीन हुन्छन् । अरू मलामीहरूले साधारणतः त्यहाँ केही खादैनन् तर दाह संस्कार गरेर फिरेपछि मृतकको घरमा बसेर चिया-खाजा खाने गर्छन् ।

तामाङहरूले केवल तीन दिन नून तेल बार्छन् र त्यसपछि चोखिन्छन् । कसै कसैले सातदेखि १३ दिनभित्र "श्यार्कुतीङसी" गर्छन्, तर वास्तविक सुद्धचाइँ (घेवा) त्यसबेला नगरे पनि हुन्छ। धेरै जसोले ४९ दिनपछि घेवा गरेको देखिन्छ औ कतिले छ महीनाभित्र वा पुस महीना पारेर गरेको पनि पाइन्छ। घेवा दुई दिनमा मात्र सिद्धिने हुनाले र भोज भत्यारमा निकै खर्च हुने हुनाले कसै कसैले वर्षौं बिताएर पनि गर्ने गर्छन्। कतै कतै घेवामा दोरा नाच नाचिन्छ ।

घेवा तामाङहरूको अन्त्यष्टि क्रिया हो । यो साधारणतः तीन किसिमको हुन्छः– (१) एक बिहाने घेवा (२) एक राते घेवा (३) सो घेवा । एक बिहाने घेवा बिहान शुरू हुन्छ र साँझमा सिद्धिन्छ। एक राते घेवा पनि बिहान शुरू हुन्छ तर यो दिनभर र रातभर चलेर भोलिपल्ट बिहान सिद्धिन्छ। सो घेवा कुनै व्यक्तिले आफ्नो जीवनकालमै गर्ने घेवा हो र सन्तानहीन व्यक्तिहरूले साधारणतः आफू मर्नुभन्दा अघि सो घेवा गर्दछन् ।

घेवामा भाग लिने विभिन्न व्यक्तिहरूको आ-आफ्नै भूमिका हुन्छ । मूल पुरोहित लगायत उक्चे (बाजा बजाउने), लाइवा (खानापीनाका हेरचाह गर्ने), कतुवाके (संयोजक), च्याङला (सुपारी वितरणको हेरचाह गर्ने) तथा च्युवा (भाँडा-कुँडाको रेखदेख गर्ने) आदि विभिन्न व्यक्तिहरू त्यसमा सम्मिलित रूपले काम गर्दछन्। घेवामा आउने छर छिमेक सबैले खाद्यान्न, तिहुन तरकारी आदि बनाई-तुल्याई ल्याउने चलन छ; यसो नगर्नेहरूले नगद रकम दिएर पनि मृत व्यक्तिको परिवारलाई खर्च टार्नमा सहयोग गर्दछन्।

परदेश गएको कुनै व्यक्ति मरेको खबर पाएर उसको परिवारले घेवा गरिसकेपछि सो व्यक्ति गाउँमा फर्क्यो भने उसलाई सोझै घरमा पस्न दिइँदैन। एक-दुई दिन बाहिरै बस्न लगाएपछि विधि-विधान साथ सो व्यक्तिलाई एउटा ठूलो घ्याम्पामा पसाएर घ्याम्पो फोरी निकालेपछि मात्र घरमा हुल्ने चलन छ ।

चाड-उत्सव

लामाधर्मी वा बौद्ध धर्मी तामाङहरूले प्रायः जम्मै गाउँहरूमा "घ्याङ" वा गुम्बा बनाएका हुन्छन् र यिनै घ्याङका वरिपरि उनीहरूको धार्मिक रीति परम्पराहरू सम्पन्न गरिन्छन् । माघे संक्रान्तिको चाड मनाउँदा तामाङहरू घ्याङमा गएर "हो " पूजा गर्छन् । जनै पूर्णिमालाई तामाङहरू गुरु पुर्णे भन्छन् र सो दिन पनि घ्याङमा "नारा" पूजा र भोज गरिन्छ । घ्याङका खर्च चलाउन गुठीको झैं जग्गाहरू पनि हुन्छन् । एकातिर तामाङहरू तिब्बती नयाँ पर्व लोसर पनि रमाइलो गरेर मनाउँछन् । रोसे तामाङहरू चैते दशैं, वैशाखी वा बुद्ध पूर्णिमा, साउने संक्रान्ति, दशैं र तिहार जस्ता चाडहरू पनि मनाउँछन् । तामाङ गाउँहरूमा संसारी पूजा गर्ने वा भूमि पूजा गर्ने पनि हुन्छ, जसलाई शिद्धस्थान भनिन्छ। यस्ता स्थानमा तामाङ वोंयो (झाँक्री) हरूले कात्तिकमा भूमि पूजा गर्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तामाङहरूका कुल देवता "ह्ला" हुन् (ह्लाका पूजा गर्नेलाई ह्लामा वा लामा भनिएको हुनसक्छ)। कुल देवताको पूजा (देवाली) मंसीर र फागुन भित्र जहिले गरे पनि हुन्छ र यसमा सम्पूर्ण साखा-सन्तान भेला भएर रमाइलो गर्छन्। ह्लाको पूजा बोंयोद्वारा गराए पशु-बलि चल्छ तर लामाद्वारा गराए चल्दैन भन्ने भनिन्छ, तर कडिकडाउ छैन। कुनै कुनै बेला नाता कुटम्बले मिलेर संयुक्त रूपमा पनि कुलदेवता पूजा (फौला ह्लामु) गर्दछन्। बोंयो झाक्री विभिन्न थर वा परिवारका भिन्न-भिन्न हुने गर्छन्, तर लामा सामान्य रूपमा सबैले चलाउँछन्।

नेपाली समाजमा "भोटे सेलो" भनिने विशिष्ट र जनप्रिय गीत वास्तवमा तामाङ सेलो हो। तामाङ सेलो भन्नासाथ हामी डम्फूको तालमा गाइएका चुडकिला, रमाइला, छोटा-मीठा गीतहरू सम्झन्छौं। बिहे र चाड उत्सवमा हातमा एक एकवटा डम्फु लिएर फनफनी घुम्दै, कहिले बस्दै, कहिले उठ्तै हुल बाँधेर "आमैले हो आमैले" भन्दै नाच्न गाउन रुचाउने रोशे तामाङहरूको निमित्त गीत र नाच जीवनको एक अभिन्न अङ्ग हो भने तामाङ सेलोको अभिन्न अङ्ग डम्फू हो।

शुरूमा यो डम्फूको आविस्कार कसरी भयो भन्ने विषयमा एउटा लोककथा पनि तामाङहरूमा प्रचलित छ।

हिमालयमा शिकार खेल्न जाँदा वेङदोर्जे नामक व्यक्तिले एउटा घोरल मारे। त्यसै घोरलको छाला काटेर डम्फू, जङ्गलको कोइराला-काठ काटेर डम्फूको घेरा र घेरामा छाला अडकाउनको निमित्त बाँसका किला-हरू प्रयोग गऱ्यो। यस तरीकाले बनाइएको डम्फूको आवाज सरस्वतीको स्वर जस्तो दिव्य हुन्छ भन्ने धारणा छ। तर घोरलको छाला नभए खसी, भेडाको र कोइरालाको काठ नपाए सुक्याका घेरा बनाइन्छ, बाँसका किला सबैमा हुन्छन्।

तामाङहरूका विभिन्न लोकगीतहरूमध्ये ह्वाइ गीत, फावर गीत, ताम्बा काइतेन गीत र देउता गीत प्रमुख छन्। नाचहरूमा डम्फू नाच, दोरा नाच, सरस्वती नाच र देउता नाचको उल्लेख गरिन्छ। तर सबै नाचमा डम्फू प्रयोग गरिन्छ।

धार्मिक जात्राहरू र चाड उत्सवमा गाइने ह्वाइ गीतमा मानव-समाजको सृजना सम्बन्धी कथा हालिएको हुन्छ। दैनिक जीवनमा आधारित वा मायाप्रितीको गीतलाई फावर गीत भनिन्छ र यी गीतहरू तरुण-तरुणीहरू बीच मेला जात्रामा, फाँट-जङ्गलमा गाइने चुटकिलाहरू हुन्।

बिहे, भोज-भतेरमा गाइने धार्मिक अर्थपूर्ण लोक गीतलाई ताम्बा काइतेन गीत भनिन्छ।

तामाङका प्रमुख नाचहरूमध्ये सरस्वती नाच उत्सवहरूमा, देउता नाच पूजा-आजामा र दोरा नाच मृत संस्कारको समयका नाच हुन्।

माझी

यस जिल्लामा माझीहरू तीन प्रकारका छन्—माझी बोली नजान्ने, माझी बोली जान्ने तर साझा भाषा नेपाली प्रयोग गर्ने र माझी भाषाको बढी प्रयोग गर्ने। चाकल डाँडा पारी भेकका माझीहरू पहिलो वर्गमा पर्छन्। सुनकोशी पारी भेककाहरू दोस्रो वर्गमा र दोलाती गाउँ पञ्चायतदेखि लिएर आमघाट, चौयली, नौल गाउँ, एसपति र भुम्लुटारकाहरू तेस्रो वर्गमा पर्दछन्।

माझी पुरुषहरूको प्रमुख भेषभूषा कछाड र फेटा हो। महिलाहरू छोटो फरिया माथि बक्षस्थल छोप्ने गरी मजेत्रा नामक कपडाको टुक्रा बेर्दछन्। हिजो आज पुरुषहरूले भोटो र मयलपोस लाउन थालेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन्। महिलाहरूले पनि चोलो लाउन थालेका छन् । कानमा लस्करेलगायत ढुंग्री, सिक्री, तिलहरी र गलामा टाँस्सिने पोतेका माला माझी आइमाईहरूका गहना हुन् ।

यस भेकका माझीहरू सूतक तिनदेखि सात दिनसम्म बार्छन् र न्वारन बाबुद्वारा गराउँछन्।

छोराको छेवर तीन देखि पाँच वर्षभित्र हुन्छ । छेवर प्रायः घरको आगनमा वा गोठमा गरिन्छ। छेवर गर्ने मामाले बच्चालाई बोकेर घरमा हुल्छन् र नयाँ कपडा दिन्छन् । छोरी बेटीले ल्याएको रक्सी, मासु आदिको सट्टामा बच्चाका बाबुले तिनलाई कपडा, पैसा आदि दिन्छन् ।

बिहेको कुरो चलाउन आएको लमीको हात ल्याइएको रक्सी र फुल केटीको बाबुले खाए भने बिहेको कुरो छिनिएको मानिन्छ ।

दुलहीको घरमा जन्ती आइपुग्दा दुलहालाई टीका र फेटा लाइदिनु पर्छ । जन्ती जानुभन्दा अघि दुलहाको घरमा खवाइने भोज र दुलहीको घरमा पुगेपछि जन्तीलाई दिइने भोज दुवैको खर्च दुलहापट्टिले बेहोर्नु पर्ने हुन्छ । दुलान फर्काउन जाँदा पनि दुलहाका आमा बाबुले रक्सी, रोटी, मासु आदि लिएर सम्ध्यौल (वा सम्धी) भेट गर्न जानु पर्छ । फेरी बिहेपछिको पहिलो दशैंमा दुलहाले ससुराली गएर त्यहाँ भोज ख्वाउनु पर्छ, जसमा गोडधुवाको अवसरमा भेला भएका दुलहीपट्टिका नाता-कुटुम्ब सबैलाई निम्त्याउनु पर्छ ।

माझीहरूमा मृत व्यक्तिलाई जलाउने र गाडने दुवै चलन छ । गाडेको खण्डमा पुर्नुभन्दा अघि खुट्टामा एक एक वटा, छातीमा एउटा र मुखमा एउटा दीयो बाल्छन्, जसलाई दागबत्ती भनिन्छ । कसै कसैले मलामीलाई जाँड-रक्सी ख्वाएर बिदा गर्छन् ।

जूठो तीन दिन र १३ दिन हुन्छ । तीन दिनसम्म एक अर्कासँग छुवाछुत गर्दैनन् तर नून, माछा, मासु तेह दिन बार्छन् । तेह्र दिनपछि नाता कुटुम्वहरूलाई दुई दिन खाजा र एक दिन भोज खुवाउँछन्।

माझीहरूको अर्को अनौठो प्रथालाई दशैं बार्ने भन्छन् । आमा मरेको खण्डमा घटस्थापनादेखि फूलपातीसम्म दूध र मासु बार्छन् । मृत व्यक्ति बाबु हो भने यो अवधिमा माछा, दही, कोदो र भटमास खाँदैनन्।

माझीहरूको प्रमुख चाड दशैं हो । अष्टमीदेखि एकादशीसम्म चार दिन यिनीहरूको समुदाय गीत गाउँदै नाचेर रमाइलो गर्दछन् ।

यिनीहरूका गीतहरूमध्ये विधि गीत उल्लेखनीय छ । यो गीत सोह्र श्राद्धमा विशेष रूपमा गाइन्छ। कम्मरमा ढोलक भिरेका माझीहरू खोला-नदीको किनारमा गई यो गीत गाएर पितृलाई बोलाउँछन् । भेला भएकाहरूमध्ये कुनै कन्या वा केटालाई पितृ चढ्छ भन्ने विश्वास गर्छन् र साथै पितृ चढ्यो भने त्यस्तो व्यक्तिको हातमा अलिकति अछेता राखिदिएर जोखाना हेर्न लाउँछन् ।

अरू प्रचलित गीतहरू जुवारे र थोसे हुन् , जसमध्ये पहिलो माझी बोलीमा र दोस्रो नेपालीमा गाइन्छ। जुवारे गीत साधारणतः दशैं तिहारको बीच गाइन्छ र कम्मरमा ढोलक भिरेका पुरुषहरूले पहिले गाएपछि नारी-हरूले त्यसैलाई दोहोऱ्याउँछन् । आँगनमा गाडिएको खाँवाको वरिपरि पुरुष र नारीहरू बेग्ला बेग्लै हुल बाँधेर फन्फनी घुम्दै नाच्दै गर्दछन् ।

पहरी

यस जिल्लाको अर्को रोचक जाति समूह पहरी हुन् । पहरी जातको उत्पति र इतिहास सम्बन्धी कुरो कीटान साथ भन्न सकिँदैन, तर कसै कसैको भनाइमा यिनीहरू नेवार जातकै हुन सम्भव छ । नेवारबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै समयमा पतन भएर पहरी हुन गएको तथ्य भक्तपुर तलेजु भैरवस्थानको शिलापत्रमा उल्लेख भएको छ। पहरी बोली नेवारीसित निकै मिल्दोजुल्दो देखिएकोले पनि यस सम्भावनातिर इङ्गित गर्दछ। पलाञ्चोक क्षेत्रमा करीब १०० घर र खोपासी क्षेत्रमा ५०–६० घर पहरी बसेका तथ्य फेला परेको छ। पलाञ्चोकका पहरीहरू खोपासीका पहरीहरूभन्दा आफूलाई माथिल्लो श्रेणिको ठान्दछन् र ती दोस्रो थरीलाई उनीहरू "खोला पहरी" भन्दछन्। पहरी जातिमा थर-विभाजन भएको थाहा भएको छैन।

पहरी जातिको आफ्नै छुट्टै बोली छ तर लिपि छैन। पहरी बोलीको निकटतम मेल नेपालीभन्दा नेवारी भाषासित रहेको कुरा माथि उल्लेख भइसकेको छ।

पहरीहरूमा छोरा वा छोरीको न्वारन सात दिनमा हुन्छ र सोही दिन चोखिने काम हुन्छ। नाउ (हजाम) आएर आमा-बाबु र आफन्तको नङ र पुरुषहरूको कपाल काटेपछि चोखिने कार्य पूरा हुन्छ। यो प्रक्र्यालाई पहरीहरू "नङ छुरी" भन्दछन्। "नङछुरी" पछि भोज हुन्छ।

भात खुवाउने काम आमा बाबुबाट छ महीनापछि हुन्छ र छोराको छेवर पाँच वा सात वर्षको उमेरमा गर्दछन्। सात वर्षको उमेरमा छोरीलाई गुनिउ-चोलो दिएर कर्म चलाउने कार्य सम्पन्न हुन्छ।

आफूलाई "काशी गोत्र" ठान्ने पहरी जाति साधारणतः अरू जातिसित वैवाहिक सम्बन्ध जोर्दैनन्, तर कसैले अन्तरजातीय बिहे गरेको खण्डमा सन्तानलाई आमाको जातमा राख्दछन्।

पहरीहरूमा मागी बिहेको चलन छ। केटातर्फबाट बिहेको कुरा चलाउन केटीको घरमा एउटा मानिस जान्छ, जसलाई "लापु" (ला-बाटो, पु-अगुवा) भन्दछन्। लापुले केटापट्टिबाट बिहेको कुरा चलाई पक्का गरेको दिन केटापट्टिबाट लापुसहित मानिसहरू १२ माना चिउरा, अदुवा, साँधेको कालो भटमास र हैसियत अनुसार पैसा केटी पट्टिकालाई दिन्छन्। बिहे पक्का भएपछि केटीले केटालाई माला र केटाले केटीलाई औंठी लगाई स्वयंवर गर्ने पनि चलन छ। चिउरा, अदुवा र कालो भटमाससित लगेको पैसाले बिहेको दिन केटी पट्टिकाले दुलहीलाई गोडधुवा किनेर दिनु पर्दछ।

मरेका मानिसलाई पहरीहरू जलाउँदछन्। हाड-नातामा १३ दिन जूठो बार्दछन् र आमा बाबुको बरखी वर्षदिनसम्म बार्दछन्।

धामी

जिल्लाको धुलिखेल र केही अन्य क्षेत्रमा सीमित संख्यामा बसेका धामीहरूको मूलथलो बाह्रबिसे क्षेत्र हो भनिएको छ। कसै कसैले धामीलाई तामाङ सरह मानेका छन्। तर धामी कुनै छुट्टै जाति नभई झाँक्रीको पर्यायवाची रूप मात्र हो कि भन्ने शङ्का प्रकट गर्नेहरू पनि पाइन्छन्। यिनीहरूको विषयमा पर्याप्त अनुसन्धान नहुन्जेलसम्म कुनै कुरो कीटानसाथ भन्न सकिन्न।

नेवार

धुलिखेलका नेवारहरू र काठमाडौं, ललितपुर, भक्तपुरका नेवारहरूमा मूलरूपमा कुनै भिन्नता छैन तापनि रीति-रिवाजमा केही स्थानीय विशेषताहरू पाइन्छन्। उदाहरण स्वरूप विजया दशमीको दिनमा गरिने खड्ग यात्रामा श्री भगवतीको मन्दिरदेखि तपुजन्मस्थलसम्म घरै पिच्छे एक जनाको दरले पुरुषले हातमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाङ्गो खड्ग लिई यात्रामा भाग लिन्छन् । उक्त खड्गयात्राको समयमा स्थानीय नारीहरूले पुरुषहरूको परदेश गमनमा शुभसगुनको कामना गरी श्री दुर्गा भवानीका आराधना गर्छन् र चामलको पोका र धूप हातमा लिएर उक्त पोकालाई सगुनको रूपमा परदेशको दिशा हेरी उपयुक्त स्थानमा परिचित व्यक्तिको घरमा नासोको रूपमा सुम्पिराख्छन् । यो साइतको पोको सार्ने कामलाई (चंलवनेतु) भन्दछन् । एकादशीको दिनमा भगवतीको रथयात्रा धुलिखेल चोंछे टोलदेखि पूर्वको तलेजु स्थलसम्म चलाई जात्रा समाप्त गर्ने गर्दछन् ।

यो चलनको ऐतिहासिक शुरूआत श्री ५ सुरेन्द्र विक्रम शाहको पालामा वि. सं. १९३१ को लालमोहरबाट भएको मानिन्छ । उक्त लालमोहरअनुसार तोकिएको बालनरसिंह जात्रालाई हिजो-आज भगवती जात्रा नामकरण गरी चलाई आएको हुनु पर्छ । उक्त लालमोहरको केही रोचक अंश निम्नप्रकार छः–

"आगे धुलिखेलका नेवार रैति गैह्रके गोरखा प्रवेश हुँदा हामी धुलिखेल्या प्रजाको बिर्ताखेत् हरिबा पाषा जग्गा थामि पाउँन्याहुँ भनी सरकारमा विन्ति पार्दा थामिबक्स्याको फेरी ९४ सालमा जाँचहुँदा बहादुर कार्की जांचको भई आउँदा सनद नभयाको बिर्ताखान पाउदैनौ भनी बलजफतले टाँगो हालिदिंदा सरकारमा विन्तिपारी थामिबक्संदा भौगचलन गरी बिर्ताजानि किन्नु बेच्नु दान दातव्य गरी आएको छ आज सम्म सेपरि लाग्याको १३ सालमा बिर्तामा त्रिषंडि लाग्दा बिर्ता जानि त्रिषंडि पनि तिरी आयाको छ । यस सालमा महाजांचका जांचकिले हाम्रा बिर्ता पाषामा जांचनाप गर्नदेउ भनी सिकिस्त गर्न लागिरहेछ अघिदेखि बिर्ता जानि भोगचलन गरी आयाको जग्गामा चांज गर्न पाउँन्या होइन थामी पाउन्या हो भनी तिमीहरू रैति गैह्रले,... र श्री मन्वाज कुमार कुमारात्मज श्री कम्याण्डर इनचीफ जनरल रणोद्विप सिंह कुंवर राणा मार्फत हाम्रा हजुरमा बिन्ति पार्दा जाहेर भयो गोरखा सरकारको प्रवेश हुँदा तिमीहरूका बिर्ताखेत हरि पाषा थामिबक्संदा खाई आयाकोमा ९४ सालमा जांच हुँदा बहादुर कार्की जांचकीले सनद नभयाको बिर्ता खान पाउदैनौ भनी बलजफत संग टांगो हाली तेरिज गरी दिंदा भनी सरकारबाट थामिबक्संदा आजसम्म खाई चर्ची आयाको १३ सालका बालीमा त्रिषंडी लाग्दा बिर्ता सरह त्रिषंडी पनि तिरी बिर्ता जाति अघिदेखि किन्नु वेच्नु दान दातव्य गरी भोगचलन गरी खाई आयाको धुलिखेलका पाषावारी जति जति होउन उतिउति जग्गा हामीबाट पनि विर्ता थामिबक्स्यो धुलिखेलका... बालनरसिंह जात्रा सालबसाल चलाउनु लडाईं पर्दा घरही जनाले सरकारमा ज्याला लिई रसद बांकी जहां पुऱ्याउनु पऱ्यां हो तहाँ सम्म पुऱ्याउनु यो विर्तामा जसले खरखिचोला गर्ला त्यसलाई पञ्च महापातक लाग्ला आफ्ना खातिर जयासंग अघिदेखि आजसम्म खाई आयाको जग्गा बिर्ता जानि भोग गर इति सम्बत् १९३१ साल मिति पौष बदी ८ रोज ५ शुभम् ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

यस जिल्लाको केही भागमा मात्र मलिलो समथर डोल र बेंसीहरू तर धेरै भाग पहाड र पाखा पखेराले भरिएको हुनाले उपलब्ध कृषियोग्य जमीन सीमित छ तापनि जिल्लाबासीहरूको प्रमुख आर्थिक आधार खेतीपाती नै हुन गएको छ। यो जिल्लालाई खाद्यान्न अपर्याप्त हुने जिल्ला मानिन्छ।

जिल्लाको उत्तर र दक्षिणको दुर्गम पहाडी भेकलाई छाडेर अरनिको राजमार्गले सम्पूर्ण जिल्ला छिचोलेको हुँदा धुलिखेल, बनेपा आदि बजारहरू सहित जिल्लाको एक ठूलो भू-भागलाई दोलालघाट, पाँचखाल र यातायातका आधुनिक साधनहरूले काठमाडौंसँग सोझै सम्पर्क स्थापित गरेको हुँदा नयाँ आर्थिक सम्भावनाहरू पनि जिल्लामा देखा पर्न लागेका छन्। साथै पनौती जल विद्युत् आयोजनाको सफल कार्यान्वयन भएपछि पनौती, धुलिखेल, बनेपा आदि यहाँका महत्वपूर्ण बजारहरूमा बिजुली वितरण भएको छ। सदरमुकाम धुलिखेल पर्यटकहरूको निम्ति बढ्दो आकर्षण हुन लागेकोले जिल्लाको अर्थ व्यवस्थामा पर्यटन उद्योगको भूमिका महत्वपूर्ण हुँदै जाने कुरामा आस्वस्त हुन सकिन्छ। घरबुना कपडा उद्योग, धानकल वा तेलकल, पीठो पिन्ने घट्ट, उखु पेल्ने कल आदि राख्ने जस्ता परम्परागत उद्योगहरूले पनि जिल्लाको अर्थ व्यवस्थालाई केही टेवा प्रदान गरिआएका छन्। बनेपा जस्तो शहरी क्षेत्रमा व्यापार एक प्रमुख पेशाको रूपमा पाइन्छ। दनुवार-माझी आदि जातिका जिल्लाबासीहरूले नदी खोलाहरूमा माछा मार्ने काम गर्दछन्। साथै पहाडी भेकका युवकहरू नोकरीको खोजमा राजधानीतिर वा विदेशतिर गएका पनि पाइन्छन्।

कृषि

यस जिल्लाको क्षेत्रफल १,४४,६०० हेक्टरमध्ये १६,५०० हेक्टर अर्थात् ११.४ प्रतिशत भूमिका खेती गरिएको छ। बाँकी ८८.६ प्रतिशत भूमि वन, डाँडाहरू, खोला-भीर आदिले भरिएको छ। जिल्लाको जम्मा परिवार संख्या ४३,१६८ लाई यहाँको आवादी जमीन वितरण गरी हेर्दा प्रति परिवारलाई करीब ०.३८ हेक्टर अथवा आठ रोपनी पर्न आउँछ। जिल्लाको धेरैजसो जमीन पहिरो, भीर, डाँडाकाँडामा पर्ने हुँदा खेतीयोग्य जमीनको विस्तार हुन नसक्ने देखिन्छ अथवा अब पनि खेती गरिने भूमिको प्रसार भएमा वन जङ्गलको नाश भई पहिरो जाने, खेत पुरिने, खेतको मलिलोपन क्रमशः घट्दै जाने र प्राकृतिक वातावरण नै खलबलिने अवस्था पर्न आउने देखिन्छ। विभिन्न किसिमको हावापानीले भरिपूर्ण यस जिल्लामा विभिन्न बालीहरूको खेती हुन्छ। अतः समथर र मलिलो माटो भएको इलाका बनेपा, पाँचखाल, दाप्चा, रामपुर फाँटहरू र रोशी, सुनकोशी, चौरीखोला, पुन्यमाता, खांखोला, वनखु खोलाहरूको किनारका फाँटहरूमा धान र गहुँको खेती हुन्छ र त्यसैको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथिका पाखोहरूमा मकै, भटमास, मास, कोदो, फापर, तोरी, सर्श्यू, गहत, मस्याङ, केराउ आदिको खेती हुन्छ। चाखोला बेंसी, तिमाल बेंसी, पलाञ्चोक बेंसी, ज्याम्दी, मण्डन, बालुवा र भेडा बारी इलाकाहरूमा उखु खेती पनि हुन्छ। तिमाल बेंसी, कालीञ्जोर बेंसी र चौरीमा सुर्ती खेती हुन्छ। महाभारत डाँडा, तिमाल, चौरी, दाप्चा आदि ठाउँमा पशुपालन गरिन्छ। यहाँ पालिने पशुवस्तुहरू मुख्यतया भैंसी, गाई, बाख्रा हुन्। आँप, केरा, अम्बा, लिचि, अनार, कटहर आदि फलफूलहरूको खेती पाँचखाल, बालुवा, मण्डन, तिमाल बेंसी आदि ठाउँहरूमा हुन्छ। सङ्खु, सुस्थान वल्थली, मल्पी, खोपासी र दूध पोखरीमा सुन्तला खेती हुन्छ। कागती, निबुवा, ज्यामिरको खेती दाप्चा र महाभारत डाँडाको बीच भागमा हुन्छ। स्याउखेती नगरकोट, काभ्रे, नयाँगाउँ, दउपुर, च्यासिङखर्क, भुगदेउ आदि ठाउँमा हुन्छ। यस जिल्लाको राँगो, खसी, बोका, सुन्तला, आँप, केरा, कागती, कइलो भटमास, सक्खर, आलु, प्याज र मह काठमाडौंसम्म बेच बिखन गरिन्छ।

खेत र बारीमा लगाइने बाली, छर्ने रोप्ने समय, गोड्ने र बाली थन्काउने समय विभिन्न ठाउँमा फरक छन्। धान र मकै वर्षे बाली हुन्। धान खेतमा र मकै बारीमा लगाइने गरिन्छ।

यस जिल्लाको विभिन्न भेकमा धान वैशाखदेखि असारभित्र रोपिन्छ र साउन–भदौमा गोडमेल गरी असोजदेखि मंसीरभित्र बाली भित्र्याउने गरिन्छ। त्यस्तै मकै फागुनदेखि वैशाख महीनाभित्र रोप्ने, चैतदेखि असारसम्म गोड्ने गरी साउन–भदौमा घोघा भाँच्ने गरिन्छ। कोदो असारदेखि भदौभित्र रोपी भदौ–असोजमा गोडमेल गरी मंसीर–पुसमा टिपिन्छ। गहुँ र जौ हिउँदे बालीहरूको रूपमा लगाइन्छ। ती दुवै बाली असोजदेखि मंसीरभित्र लगाइन्छ। धेरै ठाउँमा हिउँदे बाली गहुँ, जौलाई गोडमेल गर्ने चलन छैन। ती बालीहरू चैतदेखि असारभित्र काट्ने गरिन्छ।

कुनै पनि बाली लगाउनु अगाडि धेरैजसो खेतमा स्थानीय कम्पोस्ट मल प्रति रोपनी ३० देखि ४० डोको राख्ने गर्छन्। रासायनिक मल प्रयोग गर्नेहरूले प्रति रोपनी सरदर विभिन्न किसिमको मल १५ देखि ३० किलोग्रामसम्म प्रयोग गर्छन्। पानी लाग्ने ठाउँमा स्थानीय मलभन्दा रासायनिक मलबाट बाली नाली राम्रो देखिएकोले रासायनिक मलप्रति झुकाउ बढ्दै गइरहेको पाइन्छ। आर्थिक वर्ष २०२२।२३ को तुलनामा मकै बालीमा दुई मे. टन, गहुँमा छ मे. टन धानमा १३.२ मे. टन र आलुमा पाँच मे. टन रासायनिक मल प्रयोग गर्ने गरेकोमा २०२६।२७ सम्ममा मकैमा करीब १३ गुना, गहुँ बालीमा १५० गुना, धान बालीमा चार गुना, आलु बालीमा छ गुना रासायनिक मल प्रयोग बढिसकेको छ। त्यसै गरी २०२२।०२३ मा मकै, गहुँ, धानमा प्रयोग भएको उन्नत जातको बीउको दाँजोमा २०२६।०२७ सालमा मकैमा १३२, गुना ६०० गुना गहुँमा र धानमा ६०० गुना उन्नत जातका बीउ प्रयोग भएको कृषि तथ्याङ्कबाट देखिएको छ। यस जिल्लामा बढी खाद्यान्न उत्पादनतिर प्रयास भइरहेको छ भन्ने कुरा स्पष्ट देखिन्छ।

उक्त आवादी जमीनलाई खेत तथा बारीमा वर्गीकरण गरी तिनको क्षेत्रफल यकीन गर्नको निम्ति हाल जिल्लामा नापी गोश्वारा स्थापना भएको छ र त्यसले ट्रिगोनोमेट्रिकल सर्भेक्षण कार्यक्रम सञ्चालन गरेको छ।

अघि अघि पाखोबारीलाई दुई प्रमुख वर्गमा वर्गीकरण गरिएको थियो– लेक पाखो र बेंसी पाखो। यी दुवै किसिमको पाखोलाई पुनः हले र कोदालेमा विभाजन गरी (१) लेक हले, (२) लेक कोदाले, (३) बेंसी हले, (४) बेंसी कोदाले नाउँ दिइएका थिए। आर्थिक ऐन, २०२० लागू भएपछि यो वर्गीकरण खारेज भयो र जम्मैलाई एउटै वर्ग पाखो बारी भन्ने गरिएको छ।

काभ्रे माल अन्तर्गत २८ मौजा छन् र मालको वर्गीकरणको आधारमा यो जिल्ला "ख" श्रेणीमा पर्दछ। यस जिल्लामा २०२३ मा जिम्मावाल, तालुकदार प्रथा तोडेर गाउँ पञ्चायत कार्यालयहरूको माध्यमबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मालपोत असूल तहसील गर्ने गरिएको छ। २०२९।३० को आर्थिक वर्षमा उठेको मालपोत रकम रू. १,८८,८२४ थियो ।

बाली क्षेत्र र उत्पादन

बाली क्षेत्र र उत्पादन दुवै दृष्टिकोणबाट यो जिल्लाको प्रमुख बाली मकैलाई मान्नु पर्छ। दोस्रो स्थान धानको छ र तेस्रो गहुँको। नगदे बालीहरूमध्ये पहिले तोरीको र दोस्रो उखुको छ। विभिन्न बालीहरूको उत्पादन र क्षेत्र निम्न तालिकाअनुसार छः–

उत्पादन–मेट्रिक टनमा
क्षेत्रफल–हेक्टरमा

क्षेत्र र उत्पादनको तालिका

	२०२६।०२७		२०२७।०२८		२०२८।०२९	
खाद्यान्न बाली	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
मकै	१०,१००	२१,५१३	१०,६००	२३,१०८	९,३००	२१,०४६
धान	५,३००	१४,३१०	५,३००	१४,८४०	५,६००	१४,३९२
गहुँ	५,७००	७,५५२	६,०००	६,१०२	६,२००	६,३२४
कोदो	२,२८०	२,५०८	२,३००	२,६४५	–	
जौ	४५	४४	५०	४९	–	–
जम्मा:–	२३,४२५	४५,९२७	२४,२५०	४६,७४४		
नगदे बाली						
तेलहन	५००	२५६	५५०	३०२	–	–
उख	२३०	२,९४४	२५०	३,२५२		–
सुर्ती	–	–	–	–	–	–
जम्मा:–	७३०	३,२००	८००	३,५५२		
आलु	३७५	१,९५०	४००	२,०००	–	–
सबैको जम्मा:–	२४,५३०		२५,४५०		–	

	२०२९।३०		२०३०।०३१	
खाद्यान्न बाली	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
मकै	९,५००	१७,१००	९,६५०	१७,८५२
धान	५,०००	१३,०००	५,२१०	१३,५४६
गहुँ	६,२००	७,४७८	६,५००	७,८९७
कोदो	२,०५०	२,३६७	२,१००	२,४२६
जौ	५५	४८	५५	६२
जम्मा:–	२२,८०५	३९,९९३	२३,५१५	४१,७८३
नगदे बाली				
तेलहन	५५०	२७५	५६०	२८०
उखु	२५०	३,२५०	२५५	३,३११
सुर्ती	४५		४५	२८
जम्मा:–	८४५		८६०	३,६१९
आलु	४५०	२,४५९	४००	२,२००
सबैको जम्मा:–	२४,१००		२४,७७५	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मकै

आ. व. २०२६।२०२७ देखि मकै बालीले ढाकेको क्षेत्रफल २०२७।२८ सम्म बढ्दै गएको देखिन्छ तर २०२८।०२९ मा एकाएक घट्न गई पुनः वृद्धि हुँदै गइरहेको पाइन्छ। आ. व. २०३०।३१ मा मकै बालीले ढाकेको क्षेत्रफल खाद्यान्न बालीले ढाकेको जम्मा क्षेत्रफलको ४१ प्रतिशत भएको र जम्मा खाद्यान्न उत्पादनको ४२.७ प्रतिशत मकैको उब्जनी भएको देखिन्छ। २०२७।०२८ सालमा मकैको उब्जनी २.१८ मे. टन प्रति हेक्टरसम्म पुगेको देखिन्छ र २०३०।३१ मा सो घटी १.८५ मेट्रिक टन प्रति हेक्टर मात्र रहन गएको देखिन्छ।

धान

यो जिल्लामा धान खेतीको क्षेत्र केही वर्षदेखि विशेष वृद्धि भएको पाइँदैन। आर्थिक वर्ष २०३०।३१ मा कुल खेती गरिएको भूमिको २२.१ प्रतिशत भूमिमा धान बाली लगाएको र जम्मा खाद्यान्न उत्पादनमध्ये ३२.४ प्रतिशत धानको खेतीबाट भएकोले क्षेत्रफलको हिसाबबाट तेस्रो स्थान भएतापनि उत्पादनको दृष्टिकोणबाट दोस्रो स्थान ओगटेको देखिन्छ। २०२७।०२८ मा २.७९ मे. टन प्रति हेक्टर उब्जनी भएको तत्पश्चात सो उब्जनी घटेको देखिन्छ। २०३०।३१ मा २.६ मेट्रिक टन प्रति हेक्टरमा उत्पादन भएको देखिन्छ।

गहुँ

उपर्युक्त तालिकामा दिइएका पाँच वर्षमा गहुँको बाली क्षेत्र ५,७०० हेक्टरबाट बढ्दै २०३०।३१ सम्ममा ६,५०० हेक्टर पुगेकोले यसको खेती जिल्लामा जनप्रिय हुँदै गइरहेको छ र उत्पादन पनि बढ्दै गइरहेको छ। उक्त वर्षमा खाद्यान्न खेती गरिएको जम्मा क्षेत्रफलको २७.६ प्रतिशत भूमिमा गहुँ खेती भएको र जम्मा खाद्यान्न उत्पादनको १८.९ गहुँ उत्पादन भएको देखिन्छ। आर्थिक वर्ष २०३०।३१ मा गहुँ खेतीको उब्जनी प्रति हेक्टर १.२१ मे. टन भएको देखिन्छ।

पाखे बालीमा कोदो पनि निकै महत्वपूर्ण छ र जिल्लाको खाद्यान्न उत्पादन क्षेत्रमध्ये २०३०।३१ मा करीब नौ प्रतिशत जमीनमा कोदो लगाइएको देखिन्छ। जम्मा खाद्यान्नको ५.८ प्रतिशत कोदो उत्पादन भएको देखिन्छ। फापर, कागुनो आदि पनि जिल्लामा लगाइन्छन्। ती बालीहरूको क्षेत्र र उत्पादन सम्बन्धी तथ्याङ्क नपाइएकोले किटानसाथ केही भन्न सकिन्न।

माथिको तालिकामा आलुलाई खाद्यान्न र नगदेबाली दुवैको वर्गमा राखिएको छैन, तर वास्तवमा खाद्यान्न र नगदे बाली दुवैको पूरक रूपमा आलु खेतीको निकै ठूलो महत्व छ। तर उत्पादनको दृष्टिकोणबाट २०२६।०२७ को तुलनामा २०३०।०३१ मा २५० मेट्रिक टन बढी आलु उत्पादन भएको देखिन्छ। प्रति हेक्टर उत्पादन क्षमता पनि बढ्दै गइरहेको देखिन्छ। कुल खेती भूमिको १.७ प्रतिशत जगगामा आलु लगाइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आ. व. २०२६।०२७ मा जिल्लामा तेलहन खतीको क्षेत्र ५०० हेक्टर भएको ठाउँमा २०३०।३१ मा सो ५६० पुगेको र उत्पादन २५६ मेट्रिक टनबाट २८० मेट्रिक टन पुगेको पाइन्छ। तेलहनको दाँजोमा उखुको बाली क्षेत्र आधाभन्दा कम छ तर यसमा पनि गत पाँच वर्षमा २५ हेक्टर वृद्धि भएको छ। तेलहनको दाँजोमा उखुको प्रति हेक्टर उत्पादन चाहिँ धेरै बढी भएको देखिन्छ, किनभने २०३०।०३१ सालमा उदाहरणको निम्ति ५६० हेक्टरमा तेलहनको उत्पादन २८० मेट्रिक टन देखिएको छ भने उखु २५५ हेक्टर क्षेत्रफलमा ३,३११ मेट्रिकटन उखु उब्जाएको छ। आर्थिक वर्ष २०३०।३१ मा नगदेबाली कुल खेती गरिएको जगाको ३.६ प्रतिशत भूमिमा मात्र लगाइएको देखिन्छ।

जिल्लामा २०२९।०३० मा ४५ हेक्टरबाट २७ मेट्रिक टन र २०३०।०३१ मा ४५ हेक्टर मा २८ मेट्रिक टन उत्पादन भएको देखिन्छ।

फलफूल खेती

यो जिल्लाको प्रमुख फलफूल खेती-क्षेत्र र तिनमा उत्पादन हुने फलफूलको परिचय यो अध्यायको थालनीमा इङ्गित गरिएको छ। आ. व. २०२७।०२८ मा सबै किसिमको फलफूलका बोटहरू करीब २६,००० बोट भएको अनुमान गरिएको छ। कृषि प्रसार कार्यक्रमको विवरणमा पनि २०२९।०३० आर्थिक वर्षमा मात्र जिल्लामा रू. ६६,००० जतिको बिरुवा बिक्री वितरण गरिएको उल्लेख छ। तर जिल्लामा वास्तविक के-कति मात्रामा र कुन प्रकारका फलफूलको खेती हुन्छ तथा जिल्लाको अर्थ-व्यवस्थामा यिनको के कस्तो भूमिका रही आएको छ, सो सम्बन्धी प्रामाणिक तथ्याङ्कको अभावमा यो विषयमा केही किटान गर्न सकिन्न।

वि. सं. २०२९।०३० मा अपनाइएको दुई वर्षे कार्यक्रम अन्तर्गत अरनिको राजमार्ग नजीक पर्ने सुहा उँदो ठाउँमा ४० हेक्टर जमीनमा वृहत् फलोद्यान लगाउने योजना बनाइएको र त्यसअनुसार काम भइरहेको पनि बुझिएको छ। यो उद्यानको निम्ति पाँचखाल इलाका नै उपयुक्त ठह्र्याइएको छ।

पशुपालन

पशुपालन यस जिल्लाका किसान परिवारहरूको अर्को व्यवसाय हो। यहाँ गाई, गोरु, भैंसी, हाँस, कुखुरा, खसी, बाखा, सुंगुर आदि पशुहरू पालिन्छन्। उक्त पशुहरू केवल दूध र मासुको निमित्त मात्र पाल्ने नभई खेतमा प्रयोग गर्ने मलको निमित्त पनि पालिन्छ। चाडबाडको बेला नजीकको बजारमा आफूसँग भएको पशुहरू बेची केही रूपैयाँ पनि जम्मा गर्ने गर्दछन्।

यस जिल्लाको बनेपा र बालाटुसाल दुई ठाउँमा काठमाडौं स्थित केन्द्रीय दुग्धशालाले एक एकवटा दूध बटुल्ने केन्द्र खोलिदिएकोले पनि यस इलाकामा किसानलाई दूध बेच्न र दूधको उचित मूल्य पाउन सजिलो भएको छ। सोही कारणले गर्दा पशु-पालनतर्फ स्थानीय जनताको चाख बढेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिसुधार

यो जिल्लामा भूमि सुधार कार्यक्रम वि.सं. २०२१ सालमा लागू भएको थियो। सो सालदेखि नै थालिएको ऋण निश्चित गर्ने, ऋण मिनाहा गर्ने तथा तिर्नु पर्ने रकम छुट्टयाउने कार्यक्रम अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लामा भएको कामको तथ्याङ्क निम्नप्रकार छ :–

ऋण निश्चित गरिपाउँ भन्ने आएको निवेदनको आधारमा कुल ऋण रकम	रू. २,०४०।
मिनाहा गरिएको ऋण रकम	रू. १,२५१।
साहूलाई तिर्नु पर्ने भएको रकम	रू. ७५२।

साहूहरूले भोग बन्धकी गरी आएको आसामीको जमीनमध्ये करीब २,५१२ हेक्टर (५०,२३३ रोपनी) आसामीहरूले नै फिर्ता पाएका छन्। नापी नभइसकेको भए तापनि हदबन्दी छुट्टयाउने र कूत तोक्ने कामहरूमा केही व्यवधान खडा भए तापनि पुरानो नापीअनुसार काम चलाइएको छ। कूत निश्चित गर्दा लेकतर्फ चार मुरी माटोको एक रोपनी र पाखातर्फ २१ मुठी बीजनको एक रोपनीलाई आधार मानिएको छ। ३८,७६५ व्यक्तिहरूलाई चार नम्बर जोताहा अस्थायी निस्सा प्रदान गरेर मोहियानी हक सुरक्षित गरिएको छ।

वि.सं.२०२१ देखि २०३० का नौ वर्षमा जिल्लामा अनिवार्य बचतको रूपमा जिन्सी र नगद निम्नप्रकार उठेको पाइन्छ:–

जिन्सी (धान, कोदो आदि) – करीब २६ मेट्रिकटन
नगद रू. १,०४,७४५।

बचतमा उठेको रकममध्ये केही रकम किसानहरूलाई खेती गर्नको लागि ग्राम समितिको माध्यमबाट ऋण वितरण गर्ने गरिएको छ। बचत वापत उठेको खाद्यान्नलाई जिल्ला मोल निर्धारण समितिद्वारा तोकिएको दर भाउ बमोजिम नगदमा परिणत गरी तत्कालीन बचत संस्थानमा जम्मा गरिएको थियो।

भूमि सुधारको क्षेत्रमा २०२९।०३० मा भएका केही कार्यको लेखाजोखा यसप्रकार छ:–

	काम पूरा गरिएको
बचत लेखा परीक्षण	८८९
बचत ब्याज वितरण	१५१
बचत प्रमाणपत्र	५७२
बचत पारिश्रमिक वितरण	१४०

यी बाहेक उक्त वर्षमा जिल्लामा भूमिसुधार कार्यालयले कृषि औजार, गोरु आदि किन्न र फलफूल खेतीको निम्ति र उन्नत मल, बीउ किन्न जिल्लाका किसानहरूमा ऋण वितरण गरेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहकारिता र कृषिऋण

यस भेकमा सहकारी संस्थाहरूको प्रादुर्भाव २०१६ सालदेखि हुन लागेको बुझिन्छ। २०१६ देखि २०२० सालसम्ममा बनेपा, धुलिखेल आदि र वरिपरि गरी २५ वटा सहकारी संस्थाहरूको स्थापना भएको थियो जसको सदस्य-संख्या २,६२४ थियो र शेयर पूँजी रू. १,१६,०००। जति उठेको थियो। तर विभिन्न कारणवश यिनीहरूको संख्या घट्दै आखिरमा जम्मै विघटन हुन गएका छन्।

आर्थिक वर्ष २०२६।०२७ मा श्री ५ को सरकारद्वारा स्वीकृत नयाँ सहकारी कार्यक्रम अनुसार यस जिल्लामा कृषि उत्पादनलाई प्राथमिकता दिई एक जिल्लामा १० वटामा नबढाई निर्दिष्ट सहकारी संस्थाहरू स्थापना गर्ने नीति अनुरूप काभ्रेपलाञ्चोक जिल्लामा पुराना सहकारी संस्थाहरूलाई पुनर्गठन गरी छवटा प्रारम्भिक निर्दिष्ट सहकारी संस्था र एउटा जिल्ला स्तरीय सहकारी संघको स्थापना भएकोछ। प्रत्येक प्रारम्भिक सहकारी संस्थाको कार्यक्षेत्र दुईदेखि पाँचवटा गाउँ पञ्चायत हुने गरेको छ र यो कार्यक्रम अन्तर्गत उक्त सातवटा संस्थाहरूले २० वटा गाउँ पञ्चायतलाई आफ्नो कार्य क्षेत्रमा समावेश गरी १,६२७ कृषि परिवारहरूलाई सदस्यता प्रदान गरेका छन्। यिनीहरूको कुल शेयर पूँजी रू. ६५,०००। छ। यीमध्ये एउटा संस्थानले भैंसी पाल्नेहरूलाई ऋण प्रदान गर्ने, अर्को एउटाले केन्द्रीय दुग्धशालासित सम्झौता गरी दूध सङ्कलन गरी बिक्री गर्ने तथा फलफूल खेतीमा सहयोग गर्ने पनि गरिआएको छ।

यी संस्थाहरूको माध्यमबाट किसान परिवारहरूलाई रासायनिक मल, उन्नत बीउहरू, कीरा मार्ने औषधि, औजार आदि उपलब्ध गराइन्छन्। कतिपय संस्थाहरूले सदस्य परिवारहरूको कृषि उत्पादनको उचित मूल्यमा बिक्री गरिदिनमा पनि सहयोग गर्ने गरेका छन्। गत केही वर्षमा यी संस्थाहरूले गरेका काम निम्न तालिकाबाट झल्किन्छन्:—

(रू. हजारमा)

	२०२७।०२८	२०२८।०२९	२०२९।०३०	२०३०।०३१
कृषि सामग्री ऋण रकम	५८	१६५	३००	४७३
बेच-बिखनमा सहयोग रकम	८५०	३५१	३१५	५०५
अन्य काममा	–	–	२०	–

यहाँको जिल्लास्तरीय सहकारी संघ २०२० सालमा स्थापित भएको हो। हाल त्यसको शेयर पूँजी करीब रू. ५,६००। छ र सदस्य-संख्या २५ पुगेको छ। यो संघले काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक दुवै जिल्लाका सहकारी संस्थाहरू, ग्राम समितिहरू तथा व्यापारीहरू मार्फत मल, बीउ आदि बिक्री वितरण गर्दै आएकोमा २०३० सालमा सिन्धुपाल्चोक जिल्लाको निम्ति छुट्टै व्यवस्था भएकोले यसको कार्यक्रम आफ्नो जिल्लामा मात्र सीमित रहेको छ। यस जिल्लामा २५० मेट्रिक टन क्षमताको गोदाम निर्माण गरिएको छ। आर्थिक वर्ष २०२९।०३० मा यो संघको कारोवार करीब रू. ३२,४२,०००। को भएको थियो, जसबाट रू. ७०,०००। जति खूद मुनाफा कमाएको थियो। आर्थिक वर्ष २०३०।०३१ मा यी रकम क्रमशः ३५,७४,०००। र ५३,४००। थियो। यस जिल्लामा निर्माण गरिएको २५० मेट्रिक टन क्षमताको एक गोदाम पनि यस संघलाई हस्तान्तरण भइसकेको छ।

यस जिल्लामा २०२४ सालमा स्थापित कृषि विकास बैंक उपशाखाको कार्य क्षेत्रमा काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक दुई जिल्ला तथा सिन्धुली जिल्लाका भीमखोरी, दुम्जा र मचछेगाउँ पञ्चायतहरूका स-साना कृषक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूलाई गाउँ स्तरमा ऋण-सुविधा दिलाउन यस जिल्लामा जिल्ला सहकारी संघ, छवटा बहुमुखी सहकारी संस्था, १९ वटा निर्दिष्ट ग्राम समितिहरू गरी जम्मा २८ वटा संस्थाहरू यस बैंक उप-शाखा अन्तर्गत सञ्चालित गरिएका छन्।

आर्थिक वर्ष २०२८।०२९ को तुलनामा २०२९।०३० आर्थिक वर्षमा ऋण प्रदान गरिएका संख्या र व्यक्तिहरूको कुल संख्या १४९ बाट घटेर १२७ हुन पुगेको छ। तर आर्थिक वर्ष २०३०।०३१ मा ऋण प्रदान गरेको संख्या र व्यक्तिहरूको कुल संख्या एकै चोटी बढेर २८५ पुगेको छ जुनकि आर्थिक वर्ष २०२८।०२९ को तुलनामा १३६ संख्या र आर्थिक वर्ष २०२९।३० को तुलनामा १५८ संख्या वृद्धि भएको देखिन्छ। ऋणको रूपमा वितरित रकममा पनि आर्थिक वर्ष २०२८।०२९ मा रु. ८,१०,०००। मात्र ऋण प्रदान गरेकोमा आर्थिक वर्ष २०२९।३० मा १,७८,०००। र आर्थिक वर्ष २०३०।०३१ मा वितरण गरेको ऋण रकम आर्थिक वर्ष २०२८।०२९ को तुलनामा १,७१,०००। र आर्थिक वर्ष २०२९।०३० को तुलनामा १,०३,०००। वृद्धि भएको छ। यी वृद्धि रकम उपर्युक्त आर्थिक वर्षको तुलनामा करीब दोब्बर जति लगानी बढेको देखिन्छ। यस्तै गरी कृषि विकास बैंक उप-शाखा कार्यालय बनेपाले आर्थिक वर्ष २०२९।०३० को तुलनामा आर्थिक वर्ष २०३०।०३१ मा ऋण प्रदान गरेको व्यक्तिको संख्या र रकम दुवै करीब करीब दोब्बर जति वृद्धि भएकोबाट पनि उक्त बैंकले आफ्नो कार्यक्रम विस्तृत गर्दै लगेको स्पष्ट छ।

कृषि प्रसार

यो जिल्लामा कृषि प्रसार कार्य भइरहेको छ। हालसम्म यहाँको ९९ गाउँ पञ्चायतहरूमध्ये मुख्य रूपमा ५६ पञ्चायत इलाकामा मात्र यो काम सीमित रहेको छ। कृषि प्रसार कार्यक्रम अन्तर्गत उन्नत जातका राँगा, भैंसी, साँढे, बोका, बंगुर र कुखुराहरूको वितरण तथा आँप, भुइँकटहर, लिचि, सुन्तला, स्याउ, कागती, केरा आदि फलफूलका बीजन वा बिरुवा वितरण कार्य विशेषरूपमा भएको छ। बनेपा, धुलिखेल, पाँचखाल र पनौती इलाकामा घरेलु पशुहरूको नश्ल सुधार कार्यक्रम पनि जारी छ। मुर्रा राँगो-भैंसी, इजरायली न्यू ह्याम्पसायर बंगुर र सानन् बाख्रा, हाइल्याण्ड र आई. आई. अन. जातका कुखुराहरू, जर्सी साँढे-गाई आदि यस जिल्लाका किसानहरूमा निक्कै जनप्रिय भएका छन्।

यी बाहेक कृषिको उन्नत तरीकाहरू सम्बन्धी उन्नत बीउ, बिरुवा, मल खाद आदिको प्रयोग सम्बन्धी तथा पशुपालन सम्बन्धी व्यावहारिक र सैद्धान्तिक ज्ञानको प्रसार गर्ने उद्देश्यले प्रत्येक गाउँ पञ्चायतबाट १० जना वा सोभन्दा बढी किसानहरूलाई छानेर अगुवा तालीम दिने कार्यक्रम पनि सञ्चालन गरिन्छ। यो कार्यक्रम अन्तर्गत २०२९।३० मा दश पटक यस्तो अगुवा तालीमको र ती अगुवा किसानहरूबाट अरू किसानहरूको तालीमको व्यवस्था गरिएको थियो।

सिंचाइ

यस जिल्लाको केही भागमा मात्र होचो बेंसी र समथर भूमि भएकोले त्यस्ता ठाउँमा सिवाय सिंचाइ सुविधा अन्यत्र प्रायः शून्य नै छ। सिंचाइ प्राप्त इलाकाहरूमा पनि कच्ची कुलोहरुद्वारा मात्र सिंचाइ गरिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चलन छ। ट्यूबवेलहरूद्वारा सिंचाइ गरिएको जिल्लामा देखिँदैन, तर कहीं कहीं पम्पसेटहरूको प्रयोग भने देखा पर्न थालेका छन्।

उद्योग

केही वर्ष पहिलेसम्म यस जिल्लामा परेका पाँचखाल, लामीडाँडा, छहरे देवीटार आदि ठाउँहरूमा कपास जस्तो औद्योगिक काँचो माललाई नगदे बालीको रूपमा उब्जाउनेतर्फ केही चेष्टा भएको थियो। रेशम उद्योगको निम्ति किम्बुको पात उत्पादन गरिएको,स्थानीय बासिन्दाहरूको साथै बाहिरबाट पनि मानिस ल्याएर जगा जमीन दिएर कपास खेती प्रोत्साहित गरिएको आदि तथ्याङ्कहरूले यो भेकमा औद्योगिक प्रयास भएको देखाउँछ। यो प्रक्रिया वि.सं. २०११।१२ सालसम्म जारी रहेको र त्यसताक यो भेकबाट मोटामोटी ५०० धार्नी कपास उत्पादन हुने गरेको बुझिन्छ। सोभन्दा अघि १९९५।९६ सालतिर पनि बनेपा मूल बजारमा सरकारी स्तरबाट ढाका कपडा बुनाइ तालीम तथा उत्पादन कारखाना स्थापित भएको देखिन्छ।

श्री ५ को सरकार घरेलु उद्योग विभागबाट २०२४ सालमा यस जिल्लामा एक ग्रामीण उद्योग कार्यालय स्थापना गरियो। यसै कार्यालय अन्तर्गत २०२६ र २०२९ सालमा क्रमशः एक घरेलु कपडा उत्पादन केन्द्र र एक कपडा उद्योग तालीम शाखा खोलिए। यसै कार्यालयको माध्यमबाट जिल्लामा घरेलु र ग्रामीण उद्योगहरू स्थापना गर्न ऋण तथा प्राविधिक सरसल्लाह पनि दिने गरिएको छ। हालसम्म यस कार्यालयद्वारा गरिएको कार्य तालिका निम्नप्रकार छः—

उद्योगको किसिम	स्थान	संख्या	ऋण रकम	वार्षिक उत्पादन (अनुमानित)	
धानकल (राइस मील)	नाला	१	८,०००	५६,०००	मेट्रिकटन
सूती घरबुना उद्योग	नाला	१	११,३००	२,०००	मिटर कपडा
	बनेपा	५	१५,५००	२,४००	मिटर कपडा
	पनौती	२	११,३००	२,०००	मिटर कपडा
	भूसाफेदी	१	३,९००	६००	मिटर कपडा
मोजा, गञ्जी उद्योग	पनौती	१	३,५००	६,०००	थान
जम्मा:—		११	५३,५००	—	

यो कार्यालयले सहयोग गरेका केही उद्योगहरू सिन्धुपाल्चोक जिल्लामा पनि छन्। उक्त घरेलु उद्योग कार्यालयका अन्य कामहरूमध्ये घरेलु विक्री भण्डारको स्थापना पनि हो र हालसम्म जिल्लामा स्थापित यस्ता भण्डारहरू बनेपा, धुलिखेल, दोलालघाट र पनौतीमा एक एकवटा छन्।

जिल्लाका संगठित उद्योगहरूमध्ये प्रमुख बनेपा स्थित चण्डेश्वरी कपडा कारखाना हो। यसमा करीब ७५ व्यक्तिले ४० वटा तान सञ्चालन गरेर दैनिक ४०० मिटरसम्म कपडा उत्पादन गर्छन्। यद्यपि कपास, धागो आदिको अभावमा पूरा क्षमताअनुसार यो उद्योग चलिरहन पाएको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी बाहेक जिल्लामा अन्य कैयौं स-साना घरेलु र ग्रामीण उद्योगहरू असंगठित रूपमा पनि सञ्चालन भइरहेका छन्। यस्ता उद्योगहरू सामान्यतया फुर्सदका समयमा किसानहरूद्वारा सञ्चालित हुन्छन् र पारिवारिक खाँचो टारेर बाँकी उत्पादन स्थानीय बजारहरूमा वा गाउँ छिमेकमा बेच-बिखन गरिन्छ। जिल्लामा देखिएका यस्ता उद्योगहरूमध्ये सूती घरबुना उद्योगले प्रमुख स्थान ओगटेको छ। जिल्लाको बनेपा, भुम्लु, मल्ले, मुम्लटार, कात्तिके, माफिङ, चौबास, देउराली, गोठपानी, मंडन, तिमाल, पलाञ्चोक, खड्पु आदि धेरैजसो गाउँ पञ्चायतहरूमा र विशेष गरी नेवार जातिको बहुसंख्या भएको प्रायः जम्मै गाउँ पञ्चायतहरूमा यस्ता उद्योगहरू घर घरै चलेको पाइन्छ।

अरू उद्योगहरूमा बाँस र निगालो उद्योग, केतुके र बाबियो उद्योग, ऊनी उद्योग, छाला उद्योग, सक्खर उत्पादन, भाँडा वर्तन र औजार उत्पादन, सिस्नु-सिरु सम्बन्धित उद्योग, छ्वाली सम्बन्धित उद्योग आदिको उल्लेख गर्न सकिन्छ।

यस जिल्लाका पनौती, खोपासी आदि इलाकामा बाँस, अम्रिसो र निगालो प्रशस्त मात्रामा पाइने भएकोले यीबाट बन्ने भकारी, मान्द्रो, डोको, कूचो, थुन्से, सोली, घुम, छत्तरी, खूंड आदि निक्कै उत्पादन गरिन्छन् र यीमध्ये धेरैजसो योभन्दा बाहिरका जिल्ला (काठमाडौं, भक्तपुर आदि) का बजारहरूमा पठाइन्छन्। केतुके र बाबियोबाट बन्ने नाम्लो, दाम्लो आदिको प्रमुख बजार पनि काठमाडौं हुन गएको छ।

जिल्लाको पहाडी भेकमा बस्ने तामाङ-बहुसंख्यक इलाकाहरूमा प्रशस्त पालिने म्याङलुङ भेडाबाट प्राप्त ऊन उपयोग गरी राडी, पाखी, चारखाते, पस्मिना आदि उत्पादन गर्ने पनि गरिन्छ।।

भोजपुरे खुकुरी र रुम्जाटारको राडी भने झैं पलाञ्चोकको जुत्ताले अधिराज्यमा नाम कमाएको छ। यो उद्योग विशेष रूपले कलाती, भमरकोट, मेथेंकोट आदि ठाउँमा सीमित छ।

महाभारत लेक क्षेत्रका किसानहरूले ठेकी जस्ता काठका सामानहरू उत्पादन गरेर छिमेकका बजारहरूमा विक्री वितरण गर्ने गरेका छन्। स्थानीय किसानहरूलाई चाहिने औजारहरूमध्ये कुटो, कोदालो, खुकुरी, हँसियाको माग पनि धेरै मात्रामा स्थानीय उत्पादनका स्रोतहरूबाट पूरा गरिंदै आएको छ। बनेपा र पनौती इलाकामा बन्ने तामा, पित्तल र काँस, ढलोटका गाग्रा, आम्खोरा, भाँडाकुँडा, थाल-कचौरा आदिको ख्याति पनि जिल्ला बाहिरसम्म फैलेको छ।

छ्वाली वा परालबाट बन्ने सुकुल, गुन्द्री, पङ्खा, ढक्की आदि पनि जनप्रिय उत्पादनहरू हुन्।

बालाबजार स्थित दूध सङ्कलन भण्डारमा दही, नौनी, घ्यू आदि तैयार गरिन्छ। यसै भण्डारका शाखाहरू सुब्बा गाउँ र बनेपा पुलमा पनि खुलेका छन्।

जिल्लाका विभिन्न गाउँ पञ्चायत अन्तर्गत पानीबाट चल्ने घट्टहरूको संख्या ४८८ छ। पानी कलको संख्या एक छ। राम्रो पानीको व्यवस्था भएको ठाउँमा प्रत्येक दिन एउटा घट्टले पाँच मुरीसम्म मकै पिन्न सक्ने क्षमता राख्तछ।

पर्यटन उद्योग

यो जिल्लामा पर्यटन विकासको पनि ठूलो सम्भावना छ। जति पर्यटकहरू गत केही वर्षदेखि आइरहेका छन् तिनीहरू यस जिल्लाको धुलिखेलबाट देखिने पर्वत श्रृङ्खला, सूर्योदयका रमणीय दृश्य आदिबाट आकर्षित भएका छन्। प्राकृतिक सौन्दर्यका यी मनमोहक दृश्यहरूले धुलिखेलको आकर्षण वृद्धि गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ। यहाँ आउने पर्यटकहरू काठमाडौंबाट बिहान आएर साँझतिर फिरिहाल्ने हुनाले तिनीहरूको संख्या किटान गर्न सकिंदैन; तर हिजोआज धुलिखेलमा बस्ने र खाने बन्दोबस्त हुँदै गएकोले रात बस्न आउने पर्यटकहरूको संख्या २०३१ साल वैशाखदेखि कात्तिकसम्ममा १८४ पुगेको थियो।

व्यापार

प्रायः शत प्रतिशत कृषिमा निर्भर यो जिल्ला उद्योग व्यापारको क्षेत्रमा धेरै पछौटे छ तापनि पहाडी जिल्लाहरूमध्ये काठमाडौं, ललितपुर र भक्तपुर पछि यस क्षेत्रमा काभ्रेपलाञ्चोकको नाउँ आउँछ।

यस जिल्लाका प्रमुख व्यापारिक केन्द्रहरूमध्ये पहिलो स्थान बनेपाको र दोस्रो स्थान धुलिखेलको आउँछ भन्ने कुरो अघि पनि उल्लेख भइसकेको छ। बनेपा थोक र खुद्रा दुवै थरीका व्यापारको केन्द्र हो। थोक बिक्रीका सामानहरूमध्ये खाद्यान्न, घ्यू-तेल, मसला र कपडा प्रमुख छन्। बागमती अञ्चलको पूर्वी पहाडी क्षेत्रका गाउँहरू र स-साना बजारहरूको निम्ति बनेपा एक महत्वपूर्ण खरीद बिक्रीको केन्द्र हुन आएको छ।

अरनिको राजमार्ग खुलेदेखि बनेपाको व्यापारिक महत्वमा दुई विपरीत प्रभावहरू परेका छन्। अघि-अघि यातायातको साधन प्राप्त नहुँदा काभ्रेपलाञ्चोक तथा सिन्धुपाल्चोक जिल्लाका जनतालाई किन-बेचको निम्ति काठमाडौंसम्म जान-आउन समय र श्रमको दृष्टिबाट धेरै गाह्रो हुने हुनाले थोक व्यापारमा बनेपाको परम्परागत एकाधिकार थियो। अरनिको राजमार्गले गर्दा यो जिल्लाका बासिन्दाहरूलाई काठमाडौंको नजीक ल्याइदिएको छ र आफ्ना उत्पादनहरू काठमाडौंमा बेच्न पाएर बनेपामाभन्दा उचित मोल पाइने तथा आफ्ना दैनिक आवश्यकताको सर-सामान पनि बनेपामाभन्दा काठमाडौंमा किफायत मोलमा पाइने आशाले उनीहरू राजधानी तिरै हानिन उत्सुक रहन्छन्। तर यही राजमार्ग अर्कोतिर बनेपा र धुलिखेल बजारहरूको निम्ति एक वरदान पनि हुन गएको छ। यो राजमार्गद्वारा प्रदत्त यातायातका सुविधाले नै यस जिल्लालाई एकातिर काठमाडौं भएर अधिराज्यको तराई क्षेत्रसँग सम्पर्क प्रदान गरेको छ भने अर्कोतिर उत्तरी भेकमा नेपाल-चीन सीमानासम्म पनि यो जिल्लालाई जोडेको छ। फलस्वरूप, यो जिल्लाको व्यापारलाई अब काठमाडौंको बजारमाथि मात्र निर्भर रहने वाध्यता छैन। साथै अघि अघि यातायातका असुविधाले बनेपा र धुलिखेलसम्म नआई सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे, चौतारा आदि बजारहरूमा सीमित रहने ग्राहकहरू सजिलै बनेपा-धुलिखेल आउने हुनाले यी बजारहरूको प्रभाव क्षेत्र टाढा टाढासम्म फैलिन गएको छ।

पनौती यस जिल्लाको तेस्रो व्यापार केन्द्र हो र यहाँको व्यापारमा घ्यूले प्रमुख स्थान ओगटेको छ। जिल्लाका अरू स-साना बजारहरूमध्ये खोपासी, दोलालघाट, पाँचखाल, लामिडाँडा, मङ्गलपुर, खड्पु, बतासे, दाप्चा, साँगा, संखुकेदी, साडीघर, पलाञ्चोक, हिंगुवापाटी, गैरीबिसौनी, देउपुर र पचुवारघाट उल्लेखयोग्य छन्।

निपूण व्यापारीवर्ग नेवारहरू यस जिल्लाका बजारहरूमा प्रायः जताततै छरिएर बसेका छन् र जिल्लाको व्यापारमा विदेशीहरूको हात नगण्य रूपमा छ। धुलिखेलका नेवार व्यापारीहरूले अधिराज्यको पूर्वी क्षेत्रमा ख्याति प्राप्त गरेका छन्।

जिल्लाको व्यापार-क्षेत्रमा नेपाल बैंक लि. को बनेपास्थित उप-शाखाले निक्कै महत्वपूर्ण भूमिका खेलेको छ। २०१४ साल फागुण ७ गते स्थापित यो बैंक जिल्लाको प्रथम बैंक हो। जिल्ला पञ्चायत, गाउँ पञ्चायत, कृषि विकास बैंक, स्थानीय व्यापारी र साधारण जनतालाई यसले सेवा प्रदान गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बनेपा, धुलिखल, पनौती, खोपासी, नाला आदिमा बाहेक रामेछाप, दोलखा आदि जिल्लाका व्यापारीहरूले समेत यस बैंकबाट प्राप्त "इम्पोर्टस्" सुविधाबाट नेपालका अन्य ठाउँ तथा भारतबाट आवश्यक सामानहरू झिकाउने गर्दछन्। धुलिखेलमा आउने पर्यटकहरू यहाँ 'ट्रेभलर्स चेक' भुक्तानीको निम्ति पनि आउने गर्दछन्। २०३०।३१ को अन्तसम्म यसमा खोलिएका खाता संख्या करीब ८,००६ पुगेको छ र दिनहुँ औसत १५० सम्म व्यक्तिहरू लेनदेनको कार्यमा यहाँ आउँछन्। यस बैंकले धितोमा ऋण दिने वस्तुहरूमध्ये सुन, चाँदी, कपडा, धान, तोरी, मकै, तेल, घ्यू, मसला आदि प्रमुख छन्।

आर्थिक वर्ष २०३०।०३१ मा यस बैंकले विभिन्न क्षेत्रमा गरेको कारोवार यस प्रकार छः–

कारोवारको तालिका (रू. लाखमा)

कुल निक्षेप (चल्ती, बचत आदि)	कुल ऋण र एडभान्स	कुल लगानी	लगानी निक्षेप अनुपातमा
२,७०१	१,६६९	२७९	१० प्रतिशत

कर्जाको रकममध्ये रू. १०,३०,०००। सुन चाँदीमा, रू. ३,३२,०००। कपडामा, रू. १,२४,०००। गल्लामा र विविधमा रू. १,३९,०००। लगाएको पाइन्छ।

यो जिल्लाका व्यवसायहरूमा लागेका जनशक्तिमध्ये अत्यधिक संख्या कृषि र सो सम्बन्धी व्यवसायमा लागेको कुरा माथि पनि उल्लेख भइसकेको छ। कृषि र सो सम्बन्धी व्यवसाय लगायत अन्य व्यवसायमा लागेका जिल्लाबासीहरूको संख्या तलको तालिकामा देखाइएको छः–

विभिन्न व्यवसाय	काममा लागेका जनसंख्या	काममा लागेका कुल जनसंख्याको प्रतिशत
कृषि, वन, मत्स्यपालन आदि	१,२७,८९९	९६.९
उद्योग	८६७	१.५
व्यापार	१,३४९	
विद्युत् तथा अन्य सार्वजनिक सेवा	१४	०.२
निर्माण कार्य	५१	
यातायात-सञ्चार आदि	१५८	
लगानी तथा व्यावसायिक सेवा	५८	
व्यक्तिगत र सामुदायिक सेवा	१,७६९	१.३
जम्मा:–	१,३१,९८५	९९.९

उक्त तालिकाबाट जिल्लाको सक्रिय जनसंख्यामध्ये करीब ९६.९ प्रतिशतको व्यवसाय कृषि भएको देखिन्छ र अन्य सम्पूर्ण पेशावार जनता जिल्लामा करीब ३.० प्रतिशत मात्र भएको स्पष्ट हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

यातायात

यस जिल्लामा अरनिको राजमार्गले जिल्लाको उत्तरी भेकमा पश्चिमदेखि पूर्वसम्म झण्डै वारपार छिचोलेकोले यस जिल्लाको लागि यो राजमार्गले ठूलो महत्व राख्दछ। पहाडी जिल्लाहरूमध्ये यसरी पूरा जिल्लालाई राजमार्गले वारपार गर्ने जिल्ला स्याङ्जा पछि यही भन्नु पर्छ। अरनिको राजमार्ग यस जिल्लामा ३८ किलोमिटर पर्दछ। यो सडक बाहेक बनेपा-पनौती सडक, बनेपा-मङ्गलटार सडक आदि जस्ता मोटर चल्ने कच्ची सडक १२ वटा छन् र यी कच्ची सडकहरूको कुल लम्बाइ ७७ किलोमिटर छ। यसरी यस जिल्लामा जम्मा जम्मी सडकको लम्बाइ ११५ किलोमिटर भएको देखिन्छ।

अरनिको राजमार्ग

जिल्लाको उत्तर-पश्चिम कुनास्थित साँगा भञ्ज्याङदेखि उत्तर-पूर्वस्थित दोलालघाटसम्म यो राजमार्गको लम्बाइ ३८ किलोमिटर भएको कुरा माथि उल्लेख भएको छ। साँगादेखि नौ किलोमिटर पूर्वसम्म यसको कालोपत्र गरिएको चौडाइ साढे पाँच मिटर छ भने त्यहाँदेखि दोलालघाटसम्म बाँकी २९ किलोमिटर केवल तीन मिटरचौडाइ सडक कालोपत्र गरिएको छ। जिल्लाभित्र पर्ने राजमार्गको हिस्सामा चारवटा प्रमुख पुलहरू छन्– साँगा नजीक भैंसे पाटीमा एक, बनेपा नजीक पुण्यमाता खोलामाथि एक, पाँचखालस्थित लामाघाट पुल एक र दोलालघाटमा इन्द्रावती माथिको पुल एक। यीमध्ये दोलालघाटको पुल सबैभन्दा ठूलो छ। यो सडक भएर काठमाडौंसम्म दैनिक सेवा चलाउने बसहरूको संख्या १५ छ।

बनेपा-पनौती सडक

बनेपादेखि दक्षिण लागेर पनौतीसम्म गएको छ किलोमिटर लामो र तीन किलोमिटर जति चौडा यो सडक कच्ची छ तापनि उपयोगीताको दृष्टिले यसलाई जिल्लाको दोस्रो प्रमुख सडक भन्न सकिन्छ। खोपासी स्थित जलविद्युत् योजनाको कार्यान्वयन भएको बेला यो सडकले महत्वपूर्ण भूमिका खेलेको थियो र हाल पनि यस जिल्लाको "अन्न भण्डार" पनौतीसम्म ट्रक लरीहरू आवत जावत गर्न सकिने भएकोले यस सडकको उपादेयता मन बढ्न गएको छ। हाल यस सडकको विस्तार कार्य भइरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीप चल्न सक्ने अर्को बाटो साँगा-खोपासी सडक हो। यसको निर्माण श्री ५ को सरकारद्वारा भएको हो र यसको लम्बाइ करीब १३ किलोमिटर छ।

वि. सं. २०१४।१५ साल तिर निर्मित काठमाडौं–जनकपुर सडकको एक खण्ड बनेपा-मङ्गलटार बाटो हो। यसले काभ्रेपलाञ्चोक जिल्लाको साँगाबाट बनेपा, खड्पु, चौकोट, बतासे, काभ्रे, फूलबारी, दापचा, पातलेखेत, तीन पीपले र मङ्गलटारलाई जोडेको छ।

उपर्युक्त प्रायः जम्मै सडक मोटर चल्नयोग्य भएकोले यिनलाई असल स्थितिमा राख्न सके यो जिल्ला यातायातको दृष्टिकोणले निकै सुविधायुक्त हुने थियो। तर सम्भार कार्य हाल अरनिको राजमार्ग र बनेपा-पनौती सडकमा मात्र सीमित छ। बनेपा-पनौती सडकको विस्तार कार्य करीब रू. ४५,०००। को लागतमा भइरहेकोछ।

जिल्लाका अन्य केही प्रमुख कच्ची सडकहरू तल दिएको छः–

सिपाघाट सडक

यसको लम्बाइ १० किलोमिटर छ र यो पाँचखाल लामीडाँडाबाट सिपाघाटसम्म गएको छ। जिल्लाका प्रमुख कच्ची सडकहरूमा यो पनि हो। यसको चौडाइ २ ½ मिटर जति छ र यसको निर्माणमा जनताको श्रमदान पनि भएको छ। यसलाई हेलम्बूसम्म जोड्ने भनिएको छ तर हाल चाखोला, महादेवथान, देउपुर हुँदै गएको यो बाटोमा हिउँदमा जीप चले पनि वर्षामा चल्दैन।

पाँचखाल-कोशीदेवा बाटो

यो करीब १० किलोमिटर लामो कच्ची सडक पनि जीप चल्न सक्ने किसिमको छ। पाँचखालदेखि शिखरपुर साठीघर, खरेल थोक आदिलाई जोड्दै ठाटे गाउँसम्म यो सडक पुगेको छ।

यस जिल्लामा सवारी-साधनहरूमध्ये बस, ट्रक, जीप आदि भएको कुरा माथि उल्लेख गरिएको छ। यहाँ चल्ने यस्ता सवारी-साधनहरू जम्मै बागमती अञ्चल एस. पी. कार्यालयमा दर्ता भएका छन्। जिल्लामा हाल सञ्चालित सवारी साधनहरूको संख्या ५५ छ।

पचुवार घाट, झाडी, दोलालघाट नजीक तीन ठाउँमा डुङ्गाबाट नदी तर्नु पर्छ। यी डुङ्गाहरू बाह्रै महीना चले तापनि वर्षामा यिनको विशेष माग हुन्छ। यी घाटहरूमा दिनहुँ औसत ५० मानिसहरू यी साधनको उपयोग गर्दछन्। सुनकोशी, पुण्यवती, रोशी नदी र चाखोलामा ठाउँ ठाउँमा झोलुङ्गे पुलहरू छन्।

सञ्चार

सदरमुकाम धुलिखेलमा र बनेपा बजारमा एक एकवटा सार्वजनिक टेलिफोनको व्यवस्था छ। धुलिखेल, बनेपा र भक्तपुर बीच कुरा गर्नु पर्दा टेलिफोन एक्सचेञ्ज बिना सोझै कुरा गर्न सकिन्छ तर काठमाडौं, ललितपुर, खानीखोला, पालुङ, भैंसे, हेटौंडा, अमलेखगञ्ज, भीमफेदी, सिमरा, त्रिशूली आदि ठाउँमा कुरा गर्नु पर्दा काठमाडौं एक्सचेञ्जसँग सम्बन्ध राखेर मात्र कुरा गर्न सकिन्छ। आर्थिक वर्ष २०२९।०३० मा यहाँबाट अन्यत्र खबर गएको संख्या ३९६ र यहाँ प्राप्त हुन आएको खबर संख्या ५९५ थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक वर्ष २०२९।०३० मा जिल्लामा आएका चिठ्ठीहरू र रजिष्टरी पुलिन्दाहरूको संख्या क्रमशः ११,०७६ र २,६९२ थिए भने जिल्लाबाट बाहिर पठाएका चिठ्ठी र पुलिन्दाहरूको संख्या क्रमशः १४,५०० र २,८२७ थिए ।

हुलाक

यस जिल्लामा तीन प्रकारका हुलाक कार्यालय छन्– छोटी, शाखा र अतिरिक्त हुलाक । तिनीहरू निम्न ठाउँहरूमा छन्:–

छोटी हुलाक	शाखा हुलाक	अतिरिक्त हुलाक
१. धुलिखेल	१. बनेपा	१. नाला
२. भुसा फेदी	२. पनौती	२. खोपासी
	३. पाँचखाल	३. फलामेटार
	४. मङ्गलटार	४. बिहावर
	५. फलाँटे	५. वल्थीली
		६. चौकोट
		७. चौरी
		८. चौबास
		९. लिसंखु
		१०. दाप्चा
		११. घर्ती छाप
		१२. नागरे गगर्चे
		१३. कानपुर कालापानी
		१४. खरेलथोक
		१५. हिगुवाबाटी
		१६. भुग्देउ

बिजुली

काभ्रेपलाञ्चोक जिल्ला अन्तर्गत पर्ने पनौती जल-विद्युत् योजना पूरा भएपछि वि.सं. २०२३ देखि धुलिखेल र बनेपामा बिजुली उपलब्ध गराइएको छ । पनौती, त्रिशूली, सुनकोशी, सुन्दरीजल, फर्पीङ आदि स्रोतहरूबाट उत्पादित बिजुलीलाई एउटा केन्द्रीय वितरण प्रणालीमा जोडिएको छ र काठमाडौं,ललितपुर,भक्तपुर आदि जिल्लाहरूमा झैं यो जिल्लामा पनि यसै वितरण प्रणालीबाट खोपासी ष्टेशनको माध्यमद्वारा बिजुली प्रदान गरिएको छ । हालको व्यवस्थाअनुसार काभ्रेपलाञ्चोक वितरण प्रणालीको क्षमता ४,००० किलोवाट छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनौती जल-विद्युत् योजना

यो योजना २०१६।२० मा शुरू भई तीन वर्षमा पूरा भएको हो । सो पावर हाउस खोपासी नजीकै छ । खोपासीभन्दा पनौती बजारको नाउँ बढी परिचित र प्रचलित भएकोले यो योजनाको नाउँ पनौती जल-विद्युत योजना राखिएको हो ।

दुई करोड ४५ लाख रूपियाँको खर्चमा निर्मित र २,४००किलोवाट बिजुली उत्पादन गर्ने क्षमता भएको यस योजनाले वर्ष भरमा ७,००,००० किलोवाट बिजुली उत्पादन गर्दछ । यसरी उत्पादन भएको बिजुली २० किलोमिटर लामो ३३ के. भी. को र २१ किलोमिटर लामो ११ के. भी. को ट्रान्समिशन लाइनहरूद्वारा केन्द्रीय वितरण प्रणालीसँग जोडिएको छ ।

विद्युत् कर्पोरेशन

यव जिल्लामा बिजुलीको विक्री वितरणको काम नेपाल विद्युत् कर्पोरेशनद्वारा गरिएको छ। दैनिक रेखदेख र सम्भारको काम उक्त कर्पोरेशनको बनेपास्थित शाखा कार्यालयले हेर्छ । बिजुली वितरणको निम्ति जिल्लालाई दुई क्षेत्रमा छुट्याइएको छ - पनौती खोपासी क्षेत्र र बनेपा क्षेत्र । यी दुई क्षेत्रहरूमा औद्योगिक ग्राहकहरूको संख्या क्रमशः आठ र २३ छन् । विभिन्न ग्राहकद्वारा आर्थिक वर्ष २०२९।०३० मा गरिएको बिजुली खपत र आम्दानीको तथ्याङ्क यसप्रकार छः—

ग्राहक किसिम	संख्या	यूनिट खपत	आम्दानी रकम
गार्हस्थ	१,५७७	५,४४,३५६	१,३६,७४१।
औद्योगिक	२९	२,२६,९४८	५०,३१६।
सडक बत्ती	—	२५२	३६।
विविध	—	—	१,१९०।
जम्माः—			१,८९,२८३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ तथा खानेपानी

शिक्षा

काठमाडौं जिल्लामा ३८.३ पुरुष साक्षर भएको तुलनामा यस काभ्रेपलाञ्चोक जिल्लामा केवल १९.७ प्रतिशत पुरुष साक्षर भएको पाइनाले उक्त दुई जिल्लाको सीमाना जोडिएको भए तापनि शिक्षाको क्षेत्रमा दुईका बीच धेरै फरक रहेको स्पष्ट हुन्छ। महिलाहरूको विषयमा यो फरक अझ बढी पाइन्छ, किनभने काठमाडौं जिल्लाको ३१.२ प्रतिशत महिलाहरू साक्षर भएको तुलनामा काभ्रेपलाञ्चोकमा केवल २.७ प्रतिशत महिला मात्र साक्षर छन्। तर काठमाडौं, ललितपुर, भक्तपुर छाडेर बागमती अञ्चलका अन्य जिल्लाहरूसँग यहाँको शैक्षिक स्थिति दाँज्ने हो भने यो जिल्ला अलि अघि नै रहेको देखिन्छ। कारण पूरै बागमती अञ्चलमा साक्षरताको अनुपात १८.२ मात्र छ र नुवाकोट, धादिङ तथा रसुवा जिल्लाहरूमा क्रमशः ७.८ प्रतिशत, ५.२ प्रतिशत र ६.४ प्रतिशत जनता मात्र साक्षर भएका पाइन्छन् भने यस जिल्लामा ११.२ प्रतिशत जनसंख्या साक्षर रहेको देखिन्छ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			जम्मा जनसंख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६–९	१३,७६१	१,५६३	११.४	१३,५९९	४८६	३.६	२७,३६०	२,०४९	७.५
१०–१४.	१५,४९१	३,८७६	२५.०	१३,७०३	९१३	६.७	२९,१९४	४,७८९	१६.४
१५–१९	१२,१३१	३,३०६	२७.३	११,२३२	५२५	४.७	२३,३६३	३,८३१	१६.४
२०–२४	९,४०८	२,४७५	२६.३	१०,३०४	२७९	२.७	१९,७१२	२,७५४	१४.०
२५–२९	९,७१३	२,१४०	२२.०	१०,३०७	१७०	१.६	२०,०२०	२,३१०	११.५
३०–३४	७,९२३	१,५२१	१९.२	८,५५४	११४	१.३	१६,४७७	१,६३५	९.९
३५–३९	७,७७०	१,३७७	१७.७	७,९४८	७०	.९	१५,७१८	१,४४७	९.२
४०–४४	५,९८७	९६३	१६.१	६,३२८	३८	.६	१२,३१५	१,००१	८.१
४५–५४	८,८१२	१,३०३	१४.८	८,९४१	७२	.८	१७,७५३	१,३७५	७.७
५५–६४	६,००५	८२२	१३.७	६,१७४	३५	.६	१२,१७९	८५७	७.०
६५ देखि माथि	४,०८९	५४५	१३.३	३,८८८	२८	.७	७,९७७	५७३	७.२
जम्माः–	१,०१,०९०	१९,८९१	१९.७	१,००,९७८	२,७३०	२.७	२०,२,०६८	२२,६२१	११.२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा छ वर्षभन्दा बढी उमेरको जनसंख्या २,०२,०६८ छ जसमध्ये पुरुष १,०१,०९० जना र महिला १,००,९७८ छन्। यीमध्ये १९,८९१ जना पुरुष र २,७३० महिला गरी जम्मा २२,६२१ जना अर्थात् ११.२ प्रतिशत जिल्लाबासी साक्षर भएको पाइन्छ। छ वर्षभन्दा माथिका उमेरका जिल्लाबासीहरूमध्ये विभिन्न उमेर समहमा साक्षरहरूको संख्या र प्रतिशत माथिको तालिकामा देखाइएको छ।

उपर्युक्त तथ्याङ्कअनुसार पुरुषहरूमध्ये १० वर्षदेखि १४ वर्षसम्मको उमेर समूहका जम्मा पुरुष साक्षर संख्या बढी देखिए तापनि १५ वर्षदेखि १९ वर्ष उमेर समूहको साक्षरता प्रतिशत सबैभन्दा बढी देखिन्छ। महिलावर्गको समूहमा १० वर्षदेखि १४ वर्षसम्म उमेर समूहका बढी साक्षर संख्या तथा प्रतिशत पनि बढी देखिन्छ र जम्मा पुरुष तथा महिलाको सबैभन्दा बढी संख्या पनि यही उमेरको समूहमा परेको देखिएकोले १० वर्षदेखि १४ वर्षसम्मका उमेर भएका पुरुष तथा महिला बढी साक्षर भएको देखिन्छ। सबैभन्दा कम साक्षर छदेखि नौ वर्षका केटाहरूको समूहमा र ५५ देखि ६४ वर्षका र ४० देखि ४४ वर्षका उमेरका महिलाहरूमा देखिन्छ। २०२८ सालको तथ्याङ्क अनुसार प्राथमिक स्तरमा शिक्षा आर्जन गरेका जम्मा संख्या ५,५९२ जना, निम्न माध्यामिक विद्यालयमा १,६७४ जना माध्यमिक विद्यालयमा १,०१९ जना, प्रमाणपत्र (इण्टरमेडियट) स्तरमा २०५ जना, स्नातक स्तरका ५० जना र स्नातकोत्तर स्तरमा नौ जनाले शिक्षा आर्जन गरेको देखिन्छ।

यस जिल्लामा राष्ट्रिय शिक्षा योजना २०२९ पुस १ गतेदेखि लागू भएको छ र शिक्षा योजना लागू हुनुभन्दा पूर्वको स्थिति र तत्पश्चातको स्थिति दाँज्नु रोचक हुनेछ। २०२८–०२९, २०२९।०३० र २०३०।०३१ को छात्र छात्रा संख्या तल प्रस्तुत गरिएको छः–

विद्यालयको किसिम	२०२८।०२९ योजना लागू नहुँदा	२०२९।०३० २०३० जेठको	२०३०।०३१ २०३० फागुनको
प्राथमिक विद्यालय	६,८७०	६,१२६	९,७०६
निम्न माध्यमिक विद्याउय	२,३६२	१,७३२	२,३४३
माध्यमिक विद्यालय	६५८	५५९	६२१
जम्माः–	९,८९०	८,४१७	१२,६७०

हाल जिल्लामा (२०३० सालको जेठ महीनाको तथ्याङ्क अनुसार) भएका विद्यालयहरूको संख्या र किसिम निम्नप्रकार छन्ः–

शिक्षक संख्या: शिक्षक	शिक्षक संख्या: शिक्षिका	विद्यालयको किसिम	विद्यालय संख्या	विद्यार्थी संख्या: छात्र	विद्यार्थी संख्या: छात्रा
१२	२	साधारण माध्यमिक विद्यालय	२	२३७	८३
१८	२	व्यावसायिक माध्यमिक विद्यालय	३	२०७	३२
१०५	७	निम्न माध्यमिक विद्यालय	३१	१,४६३	२९९
३३७	५	प्रायमिक विद्यालय	१६०	५,२३२	८९४
४७२	१६	जम्माः–	१९६	७,१३९	१,२७८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथिको तालिका अनुसार जिल्लाका साधारण र व्यावसायिक दुवै थरीका माध्यमिक विद्यालयहरूमा कुल ४४४ छात्र र ११५ छात्रा पढिरहेका पाइन्छन्। साक्षरताको तथ्याङ्कमा जिल्लाका नारीहरू केवल २.७ प्रतिशत मात्र साक्षर देखिएको तुलनामा माध्यमिक स्तरमा शिक्षा लिइरहेको कुल संख्यामा २०.५ प्रतिशत छात्राहरू देखिन्छन्। यसबाट जिल्लाका नारीहरू शिक्षाको क्षेत्रमा अघि बढिरहेको रहेछन् भन्ने झल्किन्छ।

वि.सं. २०२८ सालको जनगणनाअनुसार जिल्लामा छ वर्षभन्दा माथिका जनसंख्या २०,२६८ देखिएकोले जिल्लाका शिक्षा प्राप्त गर्नयोग्य प्रति ४०,४१३ व्यक्तिको लागि एक माध्यमिक विद्यालय, प्रति ६,५१२ व्यक्तिको लागि एक निम्न माध्यमिक र प्रति १,२६२ व्यक्तिको लागि एक प्राथमिक विद्यालय भएको पाइन्छ। प्रत्येक पञ्चायतमा कम्तिमा पनि एक प्राथमिक विद्यालयको व्यवस्था भएको यहाँ पाइन्छ।

व्यावसायिक शिक्षा लिइरहेका छात्र छात्राको संख्या २०३० फागुनको तथ्याङ्क अनुसार निम्नप्रकार थियोः—

विषय	पूर्णाङ्क	संख्या	
		छात्र	छात्रा
बागबानी	३००	१११	—
शिक्षा	३००	३५	१
शिक्षा	२००	१२४	४३
वस्त्र सिलाइ, बुनाइ	३००	१२	२१
कुखुरा पालन	२००	६९	७
जम्माः—		२५१	७२

उल्लिखित व्यावसायिक विषयमा साधारण विद्यालयमा अध्ययन गर्ने व्यावसायिक विषयका छात्र छात्राहरू समेत गणना गर्दा २०३० फागुनसम्मको तथ्याङ्कअनुसार व्यावसायिक विषयका कुल विद्यार्थी संख्या ३२३ देखिन्छ।

सञ्जीवनी बहुउद्देश्यीय माध्यमिक विद्यालयको छात्राबासको १० कोठा छन् र ४० छात्रहरूलाई राख्ने क्षमता छ। प्रत्येक विद्यार्थीबाट मासिक चार पाथी चामल र २० रूपैयाँ उठाएर सामूहिक भान्सा सञ्चालन गरिन्छ।

शिक्षा योजना लागू भएदेखि यताका छ महीना (पुस २०२९, असार २०३०) भित्र श्री ५ को सरकारबाट विद्यालयहरूलाई अनुदान, शिक्षकहरूको तलब भत्ता, छोटो अवधि तालीम, छात्रवृत्ति, शैक्षिक सामग्री,कार्यशाला निर्माण, प्रौढ साक्षरता आदि कामहरूको निम्ति निकासा गरिएको रकम करीब रू.६,९५,०००। थियो। उपर्युक्त तथ्याङ्क अनुसार विद्यालयमा पढ्ने छात्र छात्राको संख्यासँग यो रकम दाँज्दा प्रति विद्यार्थी करीब रू. ११८ खर्च गरिएको देखिन्छ।

जिल्लाका कतिपय विद्यालयहरूमा भएका छात्र-छात्रा र शिक्षक शिक्षिका संख्या दाँज्नु पनि रोचक हुनेछ। उदाहरणस्वरूप सानुबाङथली स्थित खेतीदेवी निम्न माध्यमिक विद्यालयमा जम्मा छात्र चार छात्रा दुई र शिक्षक एक छन् भने खार्पाचोकस्थित इन्द्रोदय निम्न माध्यमिक विद्यालयमा छात्र केवल तीन र शिक्षक एक छन्। उता बनेपा भोलाखाटोल स्थित आजाद निम्न माध्यमिक विद्यालयमा छात्र संख्या ८८ र शिक्षक संख्या १० देखिएका छन्। अन्य जिल्लाहरू सरह यस जिल्लाका विद्यालयहरूमा पनि छात्रहरूभन्दा छात्राहरूको संख्या बढि देखिँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाका विद्यालयहरूमा तालीम प्राप्त अप्राप्त शिक्षकहरूको संख्या २०३० जेठसम्मको तथ्याङ्क अनुसार निम्नबमोजिम छन्ः–

किसिम	तालीम प्राप्त	अप्राप्त
प्राथमिक विद्यालय	१७४	१६८
निम्न माध्यमिक विद्यालय	२३	८९
माध्यमिक विद्यालय	६	२८
जम्माः–	२०३	२८५

शिक्षक-शिक्षिकाहरूको कुल संख्यालाई छात्र छात्रा संख्यासँग तुलना गर्दा २०३० जेठको तथ्याङ्क अनुसार प्राथमिक स्तरमा १७.९ प्रति छात्र छात्रा पिच्छे एक शिक्षक, निम्न माध्यमिक स्तरमा प्रति १५.६ छात्र छात्रा पिच्छे एक शिक्षक र माध्यमिक स्तरमा प्रति १६.४ छात्र छात्रा पिच्छे एक जना शिक्षक रहेको देखिन्छ।

जिल्लामा विद्यालयहरूको आर्थिक स्थितिको मूल्याङ्कन तिनीहरूको भवनको अवस्था पनि हो। यो दृष्टिकोणले विद्यालयहरूलाई वर्गीकरण गर्दा कुल विद्यालय संख्यामा करीब २८ प्रतिशतको आफ्नो भवन पक्की नभएको र बाँकी ७२ प्रतिशतको निजी भवन भएको पाइन्छ।

श्रीखण्डपुर (खड्पु) को जन-जागृति विद्यालयको निर्माण श्री ५ को सरकार तथा स्थानीय जनताको संयुक्त सहयोगबाट रू. १,४६,०००। को लागतमा निर्माण भएको छ।

जिल्लाको प्रौढ शिक्षाको क्षेत्रमा २०२९।०३० को आर्थिक वर्षमा प्राप्त कोटा १७२ निश्चित गरिएकोमा प्राथमिक विद्यालय मार्फत ७६, निम्न माध्यमिक विद्यालय मार्फत आठ, माध्यमिक विद्यालय मार्फत एक र कारागार मार्फत एक समेत गरी जम्मा ८६ प्रौढ कक्षा सञ्चालन भएको पाइन्छ।

यस जिल्लामा जम्मा ११ वटा सार्वजनिक पुस्तकालयहरू छन् जुन धुलिखेल, बनेपा, पनौती, खोपासी, भमरकोट, खड्पु, जोरपाटी, फलाँटे र बिहावरमा अवस्थित छन्।

स्वास्थ्य

यस जिल्लामा एक मिशनरी अस्पताल, दुईवटा स्वास्थ्य केन्द्र, एउटा स्वास्थ्य चौकी र दुईवटा आयुर्वेदीय औषधालय छन्। सदरमुकाम धुलिखेल नजीकै जिल्लाको प्रमुख शहर बनेपास्थित शिर मेमोरियल अस्पताल २०२७ सालमा स्थापित भएको हो। ३० शय्या र चार डाक्टरहरू सहितको यो अस्पतालमा काभ्रेपलाञ्चोक जिल्ला बाहेक सिन्धुपाल्चोक, रसुवा आदि छिमेकी जिल्लाहरूबाट पनि रोगीहरू आउँछन्। यो अस्पताल खुलेदेखि २०३० सम्ममा उपचार गरिएका भित्री र बाहिरी रोगीहरूको कुल संख्या क्रमशः १०,१४४ र ९६,७५९ पुगेका थिए।

यो अस्पतालको नजीकै बनेपा दधुटोलमा एउटा स्वास्थ्य केन्द्र रहेको छ। २०२९ सालमा यस स्वास्थ्य केन्द्रद्वारा १७,२८१ व्यक्तिको उपचार गरिएको थियो, जसमध्ये १३,३९७ नयाँ र ३,८८४ पुराना रोगीहरू थिए। जिल्लाका दुई स्वास्थ्य चौकीहरूमध्ये भुम्ल र खहरेफागुमा छन्। खहरेफागु स्थित स्वास्थ्य चौकीमा नयाँ-पुराना रोगीहरू गरी २०२९ सालमा ४,४६३ व्यक्तिले उपचार पाएका देखिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाछे टोल, धुलिखेलस्थित आयुर्वेदीय औषधालय पनि स्थानीय जनतामा निक्कै जनप्रिय भएको तथ्य २०२९ मा यहाँ उपचार गराउन आएका नयाँ-पुराना रोगी-संख्या १०,१२१ बाट स्पष्ट हुन्छ। जिल्लाको दोस्रो आयुर्वेदीय औषधालय देउभूमि बालुवामा छ। २०२९ मा यहाँ उपचार गराउन आउनेहरूको कुल संख्या २,००० जति पुगेको थियो।

जिल्लामा सञ्चालित स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूमध्ये औलो उन्मूलन, बिफर उन्मूलन, परिवार नियोजन आदि उल्लेखनीय छन्।

औलो उन्मूलन कार्यक्रम अन्तर्गत रोग फेला परेका गाउँ घरमा डी. डी. टी. छर्किने, रोगीको उपचार गर्ने र रक्त स्लाइड सङ्कलन गर्ने आदि कामहरू जिल्लामा भइरहेका छन्।

उक्त कार्यक्रम सञ्चालन गरेको फलस्वरूप जिल्लामा औलो प्रायः समाप्त भइसकेको थियो तर समय-समयमा बाहिरबाट आउने मानिसहरूले लिएर आएको रोग फैलिन बेर नलाग्ने हुनाले नियमित निगरानीको निम्ति कार्यक्रम अझ आवश्यक हुन गएको छ।

यस जिल्लामा सञ्चालित बिफर उन्मूलन कार्यक्रम भक्तपुर जिल्ला कार्यालय अन्तर्गत चलेको छ। २०२९ सालमा जिल्लामा खोप र पुनः खोप लगाएका व्यक्तिहरूको कुल संख्या १,४६,८७९ पुगेको थियो र उक्त वर्ष जिल्लामा बिफरको रोगले कसैलाई पनि आक्रमण नगरेकोले यसको नियन्त्रण सफल भएको ठानिएको छ।

बनेपास्थित रेडक्रस संस्था हेल्थ सेन्टर र अस्पतालको संयुक्त सहयोगमा गत वर्ष (२०२९) हैजाको विरुद्ध एउटा कार्यक्रम चलाएको थियो जसले गर्दा झाडा-बान्ताको उपचारको निम्ति अस्पतालमा आउने रोगीको संख्या चार पाँच मात्र थियो। उक्त अभियान अन्तर्गत टी. ए. बी. सी. सूई लगाउने व्यक्तिहरूको संख्या जिल्लामा १०,००० जति पुगेको अडकल गरिन्छ।

परिवार नियोजन कार्यक्रमको एक जिल्लास्तरीय कार्यालय छ जसले छिमेकी जिल्ला सिन्धुपाल्चोकमा पनि यो कार्यक्रम सञ्चालन गर्छ। आर्थिक वर्ष २०२९।०३० देखि शाखा क्लिनिकहरू स्थापना गर्ने काम शुरू भयो र हाल बनेपा लगायत साँखु र भुम्लुमा यस्ता क्लिनिकहरू खुलेका छन्। यो बाहेक जिल्ला कार्यालयले समय-समयमा घुम्ती टोली पठाएर यो कार्यक्रमलाई जनसाधारणको नजीक पुऱ्याएको छ। २०३० सम्म परिवार नियोजनको क्षेत्रमा भएका कामहरूको एक झलक निम्न लेखिएबमोजिम छः–

कार्यक्रमको किसिम	सेवा प्राप्त व्यक्ति संख्या
नशाच्छेदन	२४३
चक्की प्रयोग	६६६
लूप प्रयोग	८७
कण्डम प्रयोग	८६२

महारोग (कोढ) को उपचार गर्ने छुट्टै व्यवस्थाको अभावमा बनेपास्थित अस्पताल र हेल्थ सेन्टरले नै यो कार्य पनि गर्ने गरिआएका छन्। हेल्थ सेन्टरमा रजिष्टर भएका आधारमा जिल्लामा आर्थिक वर्ष २०२९।०३० मा ८० जना व्यक्ति यो रोगबाट पीडित भएको जानकारीमा आएको छ।

खानेपानी

जिल्लामा धारोको माध्यमबाट खानेपानीको व्यवस्था सदरमुकाम धुलिखेल र प्रमुख बजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बनेपामा लगायत अन्य २७ गाउँ पञ्चायतमा व्यवस्था भएको छ। कलधाराबाट सर्वप्रथम खानेपानीको व्यवस्था बनेपाको हरि अमृत धाराबाट भएको हो, जुन हरि विक्रम नामक व्यक्तिले १९९७ सालमा स्थापित गरेका हुन्। यसपछि २०१७ सालमा नालामा ११ वटा धाराहरूद्वारा खानेपानीको व्यवस्था गरियो। सदरमुकाम धुलिखेलमा पानी ल्याई २५ वटा धाराको माध्यमबाट पानी पुऱ्याइयो। वि. सं. २०२३–२४ मा शुरू भएको शशी पानी योजनाबाट बनेपा बजारको निम्ति व्यवस्था गरिएको खानेपानी १६ वटा सार्वजनिक धाराहरूद्वारा वितरण गरिएको छ।

जिल्लामा विभिन्न स्थानमा भएको खानेपानीको व्यवस्था, धाराको संख्या तथा लाभान्वित जनताको संख्या आदि सम्बन्धी केही तथ्याङ्क निम्नप्रकार छः–

ठाउँ	स्थापना वर्ष	धाराको संख्या	लाभान्वित जनसंख्या
बनेपा चार गाउँ पञ्चायत क्षेत्र	१९९७	१९	७,६३६
बनेपा खानेपानी योजना		१६	–
धुलिखेल		२५	४,१८७
नाला		११	२,०००
खड्पु		७	१,२३६
साँगा		५	१,५००
पनौती		२१	२,७२८
शुन्यान		५	२,१०६
नाम्बुढा		२	१००
चौकोट सुब्बागाउँ		७	१,०००
खोपासी		५	१,०००
रविआपि		–	९००
जनगाल		–	२,२६४
शारदा बतीस]		–	१,४४४
होक्से		–	१,०००
सुब्बा गाउँ		५	७००
च्याम्राङ बेंसी		३	–
मलङ्गटार		३	–
छोगेंचौर		३	–
चण्डेश्वरी		३	–
गौरी बिसौनी		५	–
कुशादेवी बिहावर		४	–
सश्यूँ खर्क		६	–

जिल्ला पञ्चायत र गाउँ पञ्चायतको संयुक्त सहयोगबाट आर्थिक वर्ष २०२८।२९ र २०२९।३० मा बासडोल, बकुडोल, नाला, शिखर, आम्चोटे, च्याम्राङ बेंसी, गौरी बिसौनी, देउपुर पञ्चायतहरूमा कलधारा जडान गरी खानेपानीको व्यवस्था भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

वि.सं. २०१६ मा अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लाहरूमा विभाजन गर्दा काभ्रेपलाञ्चोक जिल्लाको शृजना हुन गयो। तर २०२१ सम्म काभ्रेपलाञ्चोकको प्रशासन पूर्व एक नम्बर गोश्वाराद्वारा हुने गर्दथ्यो र पूर्व एक नम्बर गोश्वाराको सदरमुकाम सिन्धुपाल्चोक जिल्लाको चौतारामा राखिएको थियो। तर काभ्रेपलाञ्चोक इलाकाको लागि छुट्टै माल अड्डा थियो र वि.सं. १९७२ सम्म काभ्रेपलाञ्चोक माल चौतारामा रही त्यहाँदेखि १९८० सम्म बनेपामा र त्यसपछि धुलिखेलमा सरेको थियो। पूर्व एक नम्बर गोश्वाराबाट प्रशासित त्यो इलाकालाई विभिन्न मौजाहरूमा विभाजन गरिएको थियो। हरेक मौजा अन्तर्गत कतिपय गाउँहरू पर्ने हुनाले हालका गाउँ पञ्चायतहरूको झैं ती मौजाहरूको पनि मोटामोटी आकार हुन्थ्यो।

तिनताक २८ मौजा अन्तर्गत ५११ वटा गाउँहरू थिए। तर ती मौजाहरूमध्ये कुनै अन्तर्गत एउटा गाउँ मात्र र कुनै अन्तर्गत ५४ वटा गाउँसम्म पनि थिए। हाल काभ्रेपलाञ्चोक जिल्लाको नाम चाहिं अघिको काभ्रे मौजा र पलाञ्चोक मौजाको सम्मिलित नाउँमा रहेको देखिन्छ।

हाल काभ्रेपलाञ्चोक जिल्ला ९९ वटा गाउँ पञ्चायतमा विभक्त छ। जिल्ला पञ्चायतको कार्यालय साथै जिल्लास्तरीय प्रशासनिक कार्यालयहरू प्रायः जम्मै सदरमुकाम धुलिखेलमा छन् र केही बनेपामा छन्। धुलिखेल र बनेपामा भएका कपितय प्रमुख सरकारी र अर्ध सरकारी कार्यालयहरू निम्नप्रकार छन्:–

धुलिखेल

प्रमुख जिल्ला अधिकारीको कार्यालय
काभ्रेपलाञ्चोक जिल्ला पञ्चायत कार्यालय
काभ्रेपलाञ्चोक जिल्ला अदालत
जिल्ला शिक्षा कार्यालय
जिल्ला भूमिसुधार कार्यालय
कृषि विकास कार्यालय
काभ्रेपलाञ्चोक माल अड्डा
जिल्ला सहकारी कार्यालय

बनेपा

स्वास्थ्य केन्द्र
जल विद्युत् योजना कार्यालय
जिल्ला सहकारी संघ कार्यालय
नेपाल विद्युत कर्पोरेशन कार्यालय
खानेपानी योजना कार्यालय
नेपाल बैंक उप-शाखा
कृषि विकास बैंक
नापी केन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशु चिकित्सालय
घरेलु उद्योग कार्यालय
दुई नम्बर नापी कार्यालय
जिल्ला प्रहरी थाना
शाखा कर कार्यालय
जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय
धुलिखेल छोटी हुलाक
सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ता कार्यालय
परिवार नियोजन तथा मातृशिशु कल्याण केन्द्र
नेपाल औलो उन्मूलन, शाखा कार्यालय
गुठी तहसील अड्डा
जिल्ला कारागार
वृहत बागबानी केन्द्र कार्यालय
आयुर्वेद चिकित्सालय

धुलिखेल र बनेपामा बाहेक जिल्लाका अन्यत्र गाउँमा उल्लेखयोग्य भएका सरकारी र अर्धसरकारी कार्यालयहरू निम्नप्रकार छन्:—

गाउँको नाउँ	कार्यालय
जनागाल	धुलिखेल रेञ्ज कार्यालय
भंसेपाटी	सवारी कर कार्यालय
बुडौल	अरनिको राजमार्ग शाखा कार्यालय, बुडौल नर्सरी
दोलालघाट	अरनिको रागमार्ग शाखा कार्यालय, औलो उन्मूलन उप-शाखा कार्यालय, प्रहरी चौकी
पाँचखाल	सवारी कर कार्यालय, औलो उन्मूलन उप-शाखा कार्यालय, प्रहरी चौकी
देउभूमि वालवा	आयुर्वेदीय औषधालय
खोपासी	पनौती जल विद्युत् योजना कार्यालय, प्रहरी चौकी

प्रहरी

बागमती अञ्चल एस. पी. कार्यालयको मातहतमा रहेको यो जिल्लाको प्रहरी थाना २०१२ सालमा स्थापना भएको थियो र हालसम्म सदरमुकाम स्थित प्रहरी एकाई थाना स्तरीय रहेको छ। यी बाहेक जिल्लाका विभिन्न स्थानमा रहेका विभिन्न स्तरका प्रहरी कार्यालयहरूको विवरण निम्नबमोजिम छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थान	प्रहरी कार्यालयको स्तर
मलङ्गवार	स्थायी प्रहरी चौकी
चौबास	स्थायी प्रहरी चौकी
दोलालघाट	स्थायी प्रहरी चौकी
देउपुर	स्थायी प्रहरी चौकी
पाँचखाल	स्थायी प्रहरी चौकी
खोपासी	स्थायी प्रहरी चौकी
फलामेटार	स्थायी प्रहरी चौकी
नाला	अस्थायी प्रहरी चौकी
बनेपा	छोटी थाना

कारागार

करीब ६० जनासम्म अटाउन सक्ने क्षमता भएको एक कारागार धुलिखेलमा छ। महिला बन्दीहरूको निमित्त व्यवस्था नभएकोले यस्ता कैदीहरू काठमाडौं जिल्लामा चलान गर्ने गरिआएको छ।

उक्त कारागारमा घरेलु उद्योग तालीम केन्द्र स्थापना गर्न योजना कार्यान्वित भइसकेको छ र व्यक्तिगत रूपमा पनि कैदीहरूले यस्तो काममा अग्रसर भई यी कामलाई आर्थिक आयको स्रोत बनाएका छन्। कारागारमा एक प्रौढ साक्षरता कक्षा पनि सञ्चालन भएको छ।

न्याय

साधारणतः तीन जना न्यायाधीश रहने यहाँको जिल्ला स्तरीय अदालतमा दायर हुने मुद्दाहरूमा देवानी तर्फ लेनदेन, अंशबण्डा, बाली आदि र फौजदारीतर्फ कुटपिट, बहुविवाह, बाल विवाह, जारी आदि सामान्यतया देखिन्छन्। आर्थिक वर्ष २०२७।२८ देखि २०२९।३० सम्म परेका मुद्दाहरूको तथ्याङ्क हेर्दा एक वर्षमा औसत १,१५० मुद्दा परेको देखिन्छ। उक्त वर्षहरूमा जिम्मेवारी सरेर आएका र नयाँ पर्न आएका मुद्दाहरूको संख्याको साथै फछ्र्यौट र बाँकी रहेका मुद्दाहरूको संख्या दिइएको छ।

वर्ष	परेका मुद्दाहरू (जम्मा हुन आएको समेत)		फछ्र्यौट		बाँकी	
	फौजदारी	देवानी	फौजदारी	देवानी	फौजदारी	देवानी
२०२७।२८	७४७	४३५	४६३	२३७	२८४	१९८
२०२८।२९	४३१	६८१	२४९	३९७	१८२	२८४

यस जिल्लामा २०२९ साल साउन १ देखि शाखा कर कार्यालयको स्थापना भएको छ। साविक रहि-आएको अन्तःशुल्कको कार्यालय आर्थिक वर्ष २०२९।०३० मा खारिज गरियो। कर कार्यालय हालसाल मात्र स्थापित भएकोले २०२९।०३० सालमा ६६ व्यापारी, दुई उद्योगपति, १४ व्यवसायी किसान र केही कर्मचारी करदाताहरू मध्येबाट रू. ४६,०३,०००। कर उठाइएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायत

यस जिल्लामा ९९ गाउं पञ्चायतहरू भएको कुरा माथि उल्लेख भइसकेको छ। जिल्ला पञ्चायत कार्यालय सदरमुकाम धुलिखेलमा छ। यस जिल्लाबाट राष्ट्रिय पञ्चायतमा दुईजना सदस्यहरूले प्रतिनिधित्व गर्दछन्। शुरूका वर्षहरूमा गाउँ पञ्चायतले व्यावसायिक स्तरमा खरीद विक्री गरिने चौपाया, चरा आदिमाथि स्थानीय कर लगाउने गरेका थिए, तर पछि सो बन्द भएको पाइन्छ। पञ्चायतका आम्दानीका अन्य स्रोतहरू-मध्ये रेडियो लाइसेन्स र भरुवा लाइसेन्स नवीकरण आदि हुन्।

जिल्ला सभा कोषको वार्षिक आय आर्थिक वर्ष २०२४।२५ सालमा करीब रू. ३४,०००। भएको तुलनामा प्रत्येक वर्ष घट्दै आर्थिक वर्ष २०२९।३० मा केवल ८,४४४। भएको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

धेरैजसो पहाडी जिल्लाहरूमा झैं काभ्रेपलाञ्चोक जिल्लामा पनि सीमित कृषियोग्य भमि हुनु नै एक प्रमुख समस्याको रूपमा देखिन्छ। कृषियोग्य भूमिको कमीले गर्दा जिल्लामा बढ्दो संख्यामा डाँडा काँडामा वन जङ्गल मास्दै घर बस्ती बसाउन र नयाँ-नयाँ ठाउँमा खेती गर्ने गरेको देखिन्छ तर यी पाखा पखेराहरूमा स्वभावैले सीमान्त किसिमको खेती मात्र गर्न सकिने हुनाले आर्थिक दृष्टिकोणले श्रम र साधनको सदुपयोग हुन पाइरहेको छैन।

यो जिल्लामा पशु-पालन पनि एक प्रमुख व्यवसाय भएको र मध्यभागका पहाडी जिल्लाहरूको तुलनामा यो जिल्लामा प्रतिपरिवार घरेलु पशुहरूको संख्या बढी भएको तथ्य प्रति कृषिको अध्यायमा प्रकाश पारिएको छ। तर माथि उल्लिखित जनभारको चपेटमा पर्दै गएका वन-जङ्गलको फडानीले घाँस-पातको समस्यालाई पनि चर्काउँदै लगेर यो जनप्रिय व्यवसायमा पनि अवरोध पुऱ्याइरहेको छ।

यो जिल्लाको पाँचखाल तथा भमरकोट क्षेत्रले फलफूल खेतीको निम्ति धेरै अघिदेखि नै नाउँ कमाएको पृष्ठभूमिलाई एकातिर अरनिको राजमार्गले यी क्षेत्रलाई राजधानीको हजारौं उपभोक्ताहरूको नजीक पुऱ्याएको तथ्यलाई अर्कातिर ध्यानमा राखेर हेर्दा क्रमशः यस क्षेत्रको कृषि प्रक्रयालाई फलफूल र तरकारी खेती पट्टि मोड्न सके खाद्यान्न उत्पादन हुने मलिलो भूमिबाट जनभार कम हुन सक्ने र फलफूल जस्ता नगदे बालीबाट जनताको क्रयशक्ति वृद्धि हुन सक्ने सम्भावना स्पष्ट झल्किन्छ। फलफूलका रूखपात लगाइएका भू-भागमा पैह्रो र बाढीको प्रकोप कम हुनुको साथै यिनैका घाँस पातले पशु-पालनमा पनि धेरै हदसम्म सहयोग पुग्न सकिने देखिन्छ।

श्री ५ को सरकारले एक वृहत् फलोद्यान कार्यक्रम पाँचखाल क्षेत्रमा शुरू गर्न लागेको छ जसले जिल्लाको अर्थ व्यवस्थालाई समयोचित दिशा-निर्देश दिन सक्ने आशा गरिएको छ। यो फलोद्यान विकास कार्यक्रम सफल हुँदै गएको खण्डमा फलफूल तथा तरकारी डिब्बाबन्दी गर्ने उद्योग, फल-रस-ज्याम-जेली उद्योग, ब्रान्डी-मदिरा उद्योग आदि स-साना घरेलु र ग्रामीण स्तरका उद्योगहरूको स्थापना हुन सक्ने सम्भावनाहरू देखा पर्दछन्।

राणाकालमा नै पाँचखाल लामीडाँडामा कपासको खेती प्रयोगको रूपमा थालिएको थियो र बर्सेनी करीब ५०० धार्नी कपास उत्पादन पनि हुन लागेको थियो भन्ने कुराको उल्लेख उद्योगको अध्यायमा भएको छ। उस बेलाभन्दा आज कृषिका तरीका, औजार, बीउ-बीजन, मल-खाद र कीरा मार्ने औषधि आदि उपलब्ध गर्न सकिने सम्भावनामा क्रान्तिकारी परिवर्तन भइसकेका हुनाले यो परिवर्तित प्राविधिक पृष्ठभूमिका आधारमा पुनः एकचोटी कपास-खेतीको प्रयोग गर्न नसकिएला भन्न सकिन्न। आज विदेशबाट झिकाइएको कपास उपयोग गरेर पनि यस जिल्लामा कैयौं घरबुना कपडा-उद्योगहरू सञ्चालित भइरहेको तथ्यलाई दृष्टिगत गर्दा स्थानीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कपास उपलब्ध गराउन सके विदेशी माथिको निर्भरता घट्ने र कपडा उद्योगहरूलाई टेवा मिल्न जाने देखिन्छ।

कुनै संगठित प्रयास बिना पनि धुलिखेलले आज पर्यटकहरूलाई बढ्दो संख्यामा आकर्षण गरिरहेको छ। तर धुलिखेलसम्म पुग्नलाई यातायातको कठिनाइ नभए तापनि बस्ने-खाने प्रबन्धको अभावले यो उद्योगको प्रगतिमा एक विशेष अवरोध खडा गरेको देखिन्छ। धुलिखेलबाट देखिने सूर्योदय हेर्नको निम्ति काठमाडौंबाट धाउनु पर्ने बाध्यतालाई हटाई स्थानीय आवास व्यवस्था हुनसकेमा पर्यटकहरू बढ्ने कुरामा दुईमत हुन सक्तैन।

पर्यटन उद्योगको विकास सँगसँगै स्थानीय हस्तकलाहरूले पाउने प्रोत्साहन, खाद्यान्न- तरकारी- फलफूल आदिदेखि लिएर दूध-दही-घ्यू आदि उत्पादन गर्ने किसानहरूले पाउने बजार तथा यस जिल्लाको धनी र चित्ताकर्षक लोक संस्कृतिको विकास र प्रसारलाई पुग्ने प्रेरणा आदि पक्षहरू पनि जिल्लाको आर्थिक प्रगतिको दृष्टिले कम महत्वपूर्ण छैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रसुवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	५३३
प्राकृतिक स्वरूप र सम्पदा	५३५
ऐतिहासिक पृष्ठभूमि	५४३
प्रमुख स्थानहरू	५४६
जनसंख्या र जनजीवन	५४९
आर्थिक व्यवस्था	५५६
यातायात र सञ्चार	५६२
शिक्षा, स्वास्थ्य तथा खानेपानी	५६५
प्रशासन र पञ्चायत	५६८
उपसंहार	५७०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

भोटसँगको युद्धको बेला नेपाली राष्ट्रियताको प्रतीकको रूपमा नेपाली जनताले निर्माण गरेको रसुवागढीको पछि नामकरण गरिएको यो जिल्ला बागमती अञ्चलका आठ जिल्लामध्ये एक हो। पुण्य तीर्थस्थल गोसाईंकुण्ड तथा अन्य सुन्दर उच्च दहहरूले सुशोभित यो जिल्लाको मध्य भागबाट त्रिशूली गण्डकी बगेको छ। यहाँ रहेको लाङ्टाङ लिरुङको चुचुराले काठमाडौं उपत्यकाको पहरा दिइराखेको जस्तो देखिन्छ।

गणेश हिमाल तथा लाङ्टाङ हिमालको दक्षिण फेदीमा अवस्थित यो जिल्ला आवागमनको दृष्टिकोणले दुर्गम छ। हिमालय, उच्च डाँडाहरू, भीर-पहराहरू आदिले भरिएकोले यसलाई बागमती अञ्चलका सबभन्दा अविकसित जिल्लाहरूमा गणना गरिन्छ। अधिराज्यको सबभन्दा विकसित भाग काठमाडौं उपत्यकाको नजीक रहेको भए तापनि यो मध्यमाञ्चल विकास क्षेत्रको सबभन्दा दुर्गम र अविकसित जिल्ला रहेको छ। मध्यमाञ्चल विकास रेखाको पश्चिम हाँगा यसको सदरमुकामसम्म पुग्ने योजना छ।

नेपाल र तिब्बतको व्यापार भएको बेला काठमाडौं उपत्यका र तिब्बतको केरुङ प्रदेश बीच हुने व्यापार यही जिल्लाको बाटोबाट हुन्थ्यो। प्राचीन कालदेखि उपत्यकाको व्यापार विस्तारको क्रममा रहेको यसको महत्वपूर्ण भौगोलिक स्थितिले उपत्यकाबासीहरूको जीवनमा गहिरो धार्मिक महत्व ओगटेको छ। मध्य युगदेखि नै उपत्यकाबासीहरूले ठूलो श्रद्धा र भक्तिका साथ गोसाईंकुण्ड जस्ता तीर्थ (जसलाई स्थानीय भाषामा "शिलु" भन्ने गरिन्छ) मा मेला भर्न जाने गरिआएका छन्। मेला भर्न जाने सिलसिलामा सम्भवतः अठाह्रौं शताब्दीमा रचना गरिएको "शिलु मे" नामक गीति काव्य वर्तमान समयसम्म पनि नेवारी संस्कृतिको एक ज्वलन्त प्रवाहको रूपमा रहेको छ। काठमाडौं उपत्यकासँग यो जिल्लाको अति महत्वपूर्ण आर्थिक तथा सांस्कृतिक सम्पर्क भए तापनि यहाँका बासिन्दाहरू र तिनीहरूको जीवन पद्धति उपत्यकाकोभन्दा भिन्दै छन्। यहाँ अधिक मात्रामा तामाङ जातिका मानिसहरूको बसोबास छ।

यो जिल्लाको आकार उत्तर-दक्षिण चौडाइ, पश्चिममा फराकिलो भई, पूर्वतर्फ साँघुरिदै गई उत्तर-पूर्व सीमानामा चुचिएको छ। यसको पश्चिम-दक्षिणमा सातवटा गाउँ पञ्चायतको एक इलाका धादिङ तथा नुवाकोट जिल्लाहरूभित्र पसेको छ। सो भाग जिल्लाको अन्य भागभन्दा हावापानी तथा भौगोलिक बनावटमा भिन्दै रहेको छ।

रसुवा जिल्लाको भौगोलिक सीमानाहरू उत्तरमा गणेश हिमाल, लाङ्टाङ हिमाल तथा केरुङ र लिण्डे खोलाहरू, दक्षिणमा यार्साको डाँडा र गोसाईंकुण्डको दक्षिणी पहाडी श्रृङ्खला, पूर्वमा गञ्जला भञ्ज्याङ र पश्चिममा च्याङ भञ्ज्याङ, दन्द्र खोला, ध्याप्रिङ खोला, कर्मञ्चेत डाँडा र मेगाङ भञ्ज्याङ हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसको राजनैतिक सीमाना उत्तरमा जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित प्रदेशको फेरङ इलाकाले, पूर्वमा सिन्धुपाल्चोकले, दक्षिणमा नुवाकोट र पश्चिममा धादिङ जिल्लाले छुट्याएको छ।

यसको कुल क्षेत्रफल १,२६५ वर्ग किलोमिटर छ। यो क्षेत्रफल बागमती अञ्चलको कुल क्षेत्रफलको अन्दाजी १२.१ प्रतिशत हुन आउँछ।

वि. सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणना अनुसार यसको कुल जनसंख्या १७,५१७ छ, जसमध्ये ८,८६३ पुरुष र ८,६५४ महिला छन्। यो संख्या बागमती अञ्चलको जनसंख्याको अन्दाजी १.२ प्रतिशत हुन्छ। जनसंख्याको हिसाबले अधिराज्यको ७५ जिल्लाहरूमध्ये सबभन्दा कम जनसंख्या हुने तीन जिल्लाहरूमा यसलाई गणना गरिन्छ। यसको क्षेत्रफल र जनसंख्याको अनुपात हिसाब गर्दा यहाँ प्रति वर्ग किलोमिटरमा अन्दाजी १४ जनाको घनत्व रहेको देखिन्छ।

यो जिल्लाको विभिन्न गाउँ पञ्चायतहरूमा तिब्बती शरणार्थीहरूलाई बसोबास गराइएको छ। नेपाल रेडक्रस सोसाइटीद्वारा स्याफ्रु बेंसी, थाम्बुचेत, बृदिम, खाम्जिङमा शरणार्थी कैम्पहरूको व्यवस्था गरिदिएको छ। हालै श्री ५ को सरकारले लाङ्टाङ उपत्यकाको किर्पुनेस नामक स्थानमा अन्दाजी १०० जना जतिलाई बसोबास गराइसकेको छ।

यहाँ विदेशी पर्यटकहरू पैदल भ्रमण गर्न आउने गर्दछन्। काठमाडौंबाट यसको लाङ्टाङ उपत्यका तथा गोसाइँकुण्ड हेर्न पैदल भ्रमण गर्ने पर्यटकहरू यहाँ आउँछन्। बिस्तारै पर्यटकहरूको भ्रमण मार्गमा पर्ने गाउँहरूले पर्यटन उद्योगबाट आर्थिक लाभ गर्न सिक्न लागेका छन्। काठमाडौंबाट पैदल भ्रमण गर्ने पर्यटकहरूको संख्यामा वृद्धि गरी पर्यटकहरूबाट बढी लाभ उठाउने कार्यक्रम सञ्चालन गर्न सकेमा पर्यटन उद्योग यसको आर्थिक समुन्नतिको मेरुदण्ड हुन जानेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

यो जिल्लाको भौगोलिक स्वरूप लाङटाङ लिरुङ सहितको लाङटाङ हिमाल, गणेश हिमाल आदि गगनचुम्बी हिमालय शृङ्खला, उच्च डांडाहरू, दहहरू र नदी खोलाका गहिरा उपत्यकाहरू मिलेर बनेको छ। त्रिशूली गण्डकीको होचो उष्ण बेंसीदेखि अन्दाजी ७,४०८ मिटर अर्थात् २४,२९९ फीट उच्च भाग सम्मले बनेको जिल्ला भएकोले यसको प्राकृतिक स्वरूप विविधतापूर्ण रहेको छ। भौगोलिक विषमताले यो जिल्लाको सौन्दर्य बढाएको छ र यहांको विभिन्न उचाइका वन, पाखा, खर्क, डांडाहरूलाई दुर्लभ हिमाली वन-वनस्पति तथा पशु-पक्षीले सिंगारिदिएका छन्। यहांका विभिन्न उचाइका भू-भागहरूमा विभिन्न हावापानीको प्रभाव परेका छन् र ती विभिन्न प्रदेशहरूमा विभिन्न संस्कृति भएका जातिहरूले बसोबास गरेका छन्।

यहांको उच्च हिमालय पर्वतहरू गणेश हिमाल (७,४०८ मिटर अर्थात् २४,२९९ फीट) र लाङटाङ लिरुङ (७,२४७ मिटर अर्थात् २३,७७१ फीट) हुन्। अन्य उच्च डांडाहरूमा गोसाइंकुण्डको लेक, यासीको लेक, पांचसय खोला लेक आदि उल्लेखनीय छन्।

यो जिल्ला काठमाडौं उपत्यकाको उत्तरमा पूर्व देशान्तर ८५° १' देखि ८५° ४५' र उत्तर अक्षांश २७° २' देखि २७° २३' भित्र अवस्थित छ।

भौगोलिक बनावट

भौगोलिक बनावटअनुसार यसलाई निम्न तीन प्रदेशहरूमा विभाजन गर्न सकिन्छ।

१. हिमाली प्रदेश
२. लेकाली प्रदेश
३. होचो पहाडी भाग

हिमाली प्रदेश

यस जिल्लाको उत्तरी भेकमा हिमालय पर्वत शृङ्खला परेको हुनाले उच्च छ। यसको सबभन्दा अग्लो पहाड गणेश हिमाल, जसको उचाइ ७,४०८ मिटर अर्थात् २४,२९९ फीट, र दोश्रो अग्लो टाकुरा लाङटाङ लिरुङ ७,२४७ मिटर (२३,७७१ फीट) हो। त्यस्तै ५,१२२ मिटर (१६,७९९ फीट) अग्लो गोसाईं कुण्ड लेक, पांचसय खोला लेक आदि उच्च भू-भागहरू यसमा पर्दछन्। हिमरेखा र त्यसको माथि सधैंभरी हिउंले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ढाकेको हुन्छ। त्यस प्रदेशलाई हिमाली अथवा हिम मरुभूमि पनि भनिन्छ।

हिउँले सधैं नढाक्ने हिम रेखादेखि मुनिका उच्च भू-भागहरूमा कतै समथर परेको भागमा घाँस र जरीबूटीहरू पाइने हुँदा गर्मी मौसममा चौंरी तथा भेडी गोठहरू चर्न लगिन्छ। त्यस भागमा सूर्यको ताप कम हुने हुनाले तथा धेरै हावा लाग्ने भएकोले खेतीपाती हुँदैन। त्यस भागको उच्च पर्वतहरूमा हिमरेखादेखि माथि बाह्रै महीना हिउँ रहन्छ र केही होचो भागमा पनि वर्षको सातदेखि १० महीनासम्म हिउँले ढाक्छ।

लेकाली प्रदेश

यो जिल्लाको अधिकांश भाग लेकाली प्रदेशले बनेको छ। गोसाइँकुण्ड, पाँचसय खोला लेक, लाङटाङ उपत्यका, आदि वृक्षरेखादेखि तल अन्दाजी २,५१५ मिटर अर्थात् ८,२५० फीटसम्मको भागलाई लेकाली प्रदेश भन्न सकिन्छ। त्यस प्रदेशमा शीतको प्राधान्यता रहन्छ। त्यसको केही अग्लो ठाउँमा हिउँदमा परेको हिउँ गर्मी ऋतु शुरू भए पछि मात्र पग्लन्छ। साधारणतया वृक्षरेखाको हाराहारी अन्दाजी आठ महीना हिउँले ढाक्ने हुन्छ। तर होचो भागमा हिउँदमा परेको हिउँ घाम लागेपछि बिलाउने हुन्छ। यो प्रदेशको घाँसे डाँडाहरूमा भेडा, चौंरी चराउने गरिन्छ। त्यस प्रदेशको लाङटाङ र गोसाइँकुण्ड लेकमा दुईवटा चीज कारखानाहरू स्थापना गरिएका छन्। जिल्लाको प्रमुख वन सम्पदा लेकाली प्रदेशमा केन्द्रित रहेको छ। त्यहाँको वनमा पाइने मुख्य बोट वृक्षहरूमध्ये ठिङ्ग्रे सल्लो, गोब्रेसल्लो, गुराँस, धूपी, फिरफिरे, भोज, खस्रु आदि उल्लेखनीय छन्। त्यस प्रदेशमा कहीं कहीं पातलो आवादी रहेको छ। त्यहाँ मकै, फापर, आलु, मूला आदिको सीमित खेती गरिन्छ। त्यस प्रदेशमा पाइने पशुमध्ये कस्तुरी, घोरल, नावर, लङ्गुर, भालु आदि र पक्षीहरूमध्ये डाँफे, मुनाल, च्याखुरा आदि मुख्य हुन्।

होचो पहाडी भाग

हिमालय तथा उच्च पहाडहरूको मुनि तेर्सिएका लेकाली प्रदेशदेखि मुनि ९०५ मिटर (२,८७० फीट) सम्मका होचो पहाडी भाग नै यस जिल्लाको प्रमुख बसोबास इलाका र खेती-योग्य जमीन हो। धेरैजसो गाउँहरू यस भागमा नै रहेका छन्। यस पहाडी भाग भिरालो हुनुको साथै पथरीलो भएकोले स-साना कान्लाहरू काटी मकै, कोदो आदि बालीहरू लगाउन प्रयोग गरिन्छ। मध्यम उचाइका बृदिम, चिलिमे, गोलजुङ, स्याफ्रु, युमन, टिमुरे आदि ठाउँमा हिउँदमा प्रशस्त हिउँ पर्छ। यो प्रदेशमा त्रिशूली तथा सोका सहायक खोलाका उपत्यकाहरू पनि पर्दछन्। यो जिल्लामा नदी-खोलाका बेंसीहरू पनि दक्षिणतर्फ रहेका जिल्लाहरूभन्दा उचाइमा रहेका छन्।

त्रिशूली गण्डकीको किनार जिल्लाको प्रमुख बेंसी हो। यसको उत्तरमा ठूल-ठूला पहाडहरूको खोंच र समथर भूमिबाट बगेको नदी र खोलाको बेंसीहरूमध्ये भोटे खोलाको खोंच, लाङटाङ खोलाको उपत्यका, चिलिमे खोलाको बेंसी, गतलाङ खोलाको बेंसी, किस्ताङ खोलाको बेंसी आदि मुख्य हुन्। यस जिल्लाको नदीहरू गहिरो खोंचहरूबाट बगेका हुनाले किनाराहरूमा खेती योग्य जमीन धेरै रहेको देखिन्न। जिल्लाको दक्षिणी भागमा रहेका केही बेंसीहरूमा अर्ध उष्ण जलवायुको प्रभाव रहेको हुनाले धान खेती पनि गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नदीनालाहरू

यस जिल्लालाई तिब्बती इलाकामा उत्पति भई दक्षिण बग्ने भोटे खोला (जसमा गोसाइँकुण्डबाट झरेको त्रिशूली खोला मिसिएपछि त्रिशूली गण्डकी भनिन्छ) ले उत्तरदेखि दक्षिणसम्म काटेको छ। जिल्लाको प्रमुख नदी त्रिशूली नै हो। त्यसरी भोटे खोला त्रिशूली गण्डकीले काटेको दुई भागमध्ये पूर्वतिरको भागलाई लाङटाङ खोलाले उत्तर र दक्षिण दुई भागमा छुट्याइदिएको छ।

त्रिशूली गण्डकी

यो नदी मध्यनेपालको गण्डकी नदी प्रणालीको एक महत्वपूर्ण नदी हो। यो नदीको उत्पत्ति जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित प्रदेशको केरुङ इलाकामा पूर्वबाट लिण्डे खोला र पश्चिमबाट केरुङ खोला मिलेर भएको छ। त्यसरी दुईवटा खोलाहरू मिसिएर बनेको खोला भोटे खोलामै रसुवागढीको बाटो नेपाल पसेपछि सीधा दक्षिण बग्दछ। जिल्लाको सदरमुकाम धुन्चे मुनि गोसाइँकुण्डबाट निस्केको त्रिशूली खोला मिसिएपछि त्यसलाई त्रिशूली गण्डकी भनिन्छ। यो नदी सीधा दक्षिण बगेर नुवाकोट जिल्ला प्रवेश गर्दछ। यस जिल्लामा पाइने अधिकांश अन्य खोलाहरू यसका सहायक खोलाहरू हुन्। केही प्रमुख सहायक खोलाहरूको नाम तल उल्लेख गरिएका छन्:—

घट्टे खोला: यो खोला लाङटाङ हिमालको पश्चिम श्रृङ्खलाका हिम नदी तथा नजीकैको दूधकुण्डबाट उत्पत्ति भई टिसुरे नजीकै पूर्व किनारमा भोटे गण्डकीमा मिसिन्छ।

चिलिमे खोला: यो खोला गणेश हिमालको उत्तरी तथा पूर्वी हिम नदीहरूबाट उत्पत्ति भई सातसय खोला क्षेत्रको बाटो गरी पूर्व-दक्षिण बग्छ र थाम्बुचेत नजीकै गतलाङ खोलासँग मिलिसकेपछि पश्चिम किनारामा भोटे खोला मिसिन्छ। यो खोला भोटे खोला एक प्रमुख सहायक खोला हो।

लाङटाङ खोला: यो खोलालाई भोटे खोलाको मुख्य सहायक नदी मान्न सकिन्छ। यसको उत्पत्ति जिल्लाको पूर्व-उत्तर सीमानास्थित लाङ शिशा डाँडा भई गाङजाला, गोसाइँकुण्ड लेकहरूको उत्तरी भेक तथा लाङटाङ हिमालका हिमनदीहरू समेतबाट निस्केको जल प्रवाह बटुलेर प्रसिद्ध लाङटाङ उपत्यकाको बाटो गरी पश्चिमतिर बग्दछ। यो खोला स्याफ्रु बेंसीमा पूर्वी किनारामा भोटे खोलामा मिसिन्छ। यो खोला सबै सहायक खोलाहरूभन्दा ठूलो र लामो छ। यो खोलाको बाटोमा ठाउँ-ठाउँमा समथर परेका जग्गाहरू छन्।

त्रिशूली खोला: यो खोलाको उत्पत्ति गोसाइँकुण्डबाट झरेका झर्नाबाट भई पश्चिम बग्छ र धुन्चे नजीकै भोटे खोलामा मिसिएपछि सम्पूर्ण नदीलाई त्रिशूली गण्डकी भनिन्छ। त्रिशूली गण्डकी मध्यनेपालको गण्डकी नदी प्रणालीको एक प्रमुख नदी हो। यो नदी रसुवा जिल्लाको मध्यभागबाट बगेको छ। यो जिल्लाको सीमाना नजीकै वेत्रावतीमा यो नदीबाट बाँध बाँधेर विद्युत् उत्पादन गरिएको छ।

मेलुङ खोला:— यो खोला जोगेश्वर कुण्डबाट शुरू भई दक्षिण बग्छ र मालुङ गाउँ नजीकै पश्चिम किनारमा त्रिशूली गण्डकीमा मिसिन्छ।

किम्ताङ खोला: यो खोला तिरुडाँडाबाट उत्पत्ति भई नुवाकोट जिल्ला प्रवेश गरेर त्रिशूली गण्डकीमा मिसिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ताल र दहहरू

यो जिल्लाको उच्च भू-भागहरूमा प्रशस्त मात्रामा दहहरू पाइन्छन्। तीमध्ये चिलिमे खोलाको शिरमा स्थित कालो सेतो दह, घट्टे खोलाको मुहान दूधकुण्ड, मेलुङ खोलाको मुहान जोगेश्वरकुण्ड, त्रिशूली खोलाको स्रोत गोसाइँकुण्ड, भैरवकुण्ड, सरस्वतीकुण्ड, सूर्यकुण्ड, गणेशकुण्ड आदि मनोरम दहहरू प्रमुख हुन्। तीमध्ये गोसाइँकुण्डमा प्रत्येक वर्ष हजारौं श्रद्धालु मेला भर्न जाने गर्दछन्। यहाँ दशहरा, जनै पूर्णिमाका दिनहरूमा ठूलो मेला लाग्छ। भगवान शङ्करले विषपान गर्दा लागेको छटपटि मेटाउन यो ठाउँमा त्रिशूलले जल प्रवाह बगाई आफ्नो दाह शान्त पारेको भन्ने पौराणिक कथासँग सम्बन्धित यो कुण्ड हिन्दूहरूको ठूलो तीर्थ स्थल हो।

तातोपानी

यो जिल्लामा तातोपानीको धेरै मूलहरू निस्किरहेका छन्। तीमध्ये चिलिमे गाउँ पञ्चायतस्थित तातोपानीको धारा प्रसिद्ध छ। त्यस्तै टिमुरे र स्याफ्रु गाउँ पञ्चायत इलाकाहरूमा पनि तातोपानीको स-साना पोखरीहरू छन्। ती तातोपानीको मूल र पोखरीमा मानिसहरू स्नान गर्ने गर्दछन्। त्यसरी मूलबाट प्रवाहित तातोपानीले नुहाएपछि बात तथा चर्म रोगहरू निको हुन्छ भन्ने जनधारणा रहेको छ। तातोपानीका ती मूलहरूमा स्नान गर्ने मेलाहरू लाग्दछन्। जिल्लाबासीहरू तथा छिमेकी जिल्लाहरूबाट समेत धेरै मानिसहरू ती मेलाहरू भर्न जाने गर्दछन्।

हावापानी

साधारणतया यो जिल्लामा दक्षिण-पश्चिम मनसुनी हावाको प्रभावले असारदेखि भदौसम्म पानी पार्छ। हिउँदमा पश्चिमतिरबाट आउने आँधिव्यारीले केही पानी पार्ने गर्छ। तर यो जिल्लामा विभिन्न उचाइका भू-भागहरू भएको हुँदा विभिन्न किसिमको हावापानीको प्रभाव पर्ने देखिन्छ। विभिन्न उचाइका ठाउँहरूमा फरक फरक तापक्रम र वर्षा हुने हुन्छ। यो जिल्लाको उत्तरी भेकमा १,६५६ मिटर (५,४३२ फीट) मा अवस्थित टिमुरे मौसम अवलोकन केन्द्रमा अभिलेख गरिएको सन् १९७० को वायुको तापक्रम तल दिइएअनुसार रहेको छः–

तापक्रमको तालिका (सेन्टिग्रेडमा)

महीना	वर्ष १९७० अधिकमत	वर्ष १९७० न्यूनतम	१९६६ देखि १९७० सम्म (पाँच वर्षको औसत) अधिकतम	१९६६ देखि १९७० सम्म (पाँच वर्षको औसत) न्यूनतम
जनवरी	१४.१	२.५	१५.१	३.०
फेब्रुअरी	१६.०	४.३	१७.८	४.६
मार्च	२१.५	९.०	२१.६	८.४
अप्रिल	२६.१	१३.३	२५.४	१६.६
मे	२८.०	१६.१	२८.०	१५.३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जून	२६.१	१७.३	२६.७	१७.५
जुलाई	२५.६	१८.१	२५.९	१८.०
अगष्ट	२६.२	१७.३	२५.६	१७.५
सेप्टेम्बर	२५.८	१६.४	२५.२	१६.०
अक्टोबर	२३.७	११.८	२३.४	१०.४
नोभेम्बर	१९.८	६.५	१९.९	६.६
डिसेम्बर	१६.८	४.४	१६.८	४.४
वार्षिक औसत	२२.५	११.४	२२.६	११.५

उपर्युक्त तापक्रमको तालिका हेर्दा पाँच वर्षको औसत अधिकतम तापक्रम २२.६° सेन्टिग्रेड र न्यूनतम तापक्रम ११.५° सेन्टिग्रेड देखिए तापनि उक्त जिल्लाको अन्य उच्च भागहरूमा बेग्लै किसिमको हावापानी हुन्छ। शीतप्रधान उच्च भागमा ज्यादा ठण्डा र केही अर्ध-उष्ण जस्तोहरूमा वर्षामा गर्मी हुन्छ। धेरै उच्च भू-भागमा बाह्रै महीना हिउँ रहन्छ।

यो जिल्लामा वर्षामा माथि उल्लेख गरिएअनुसार दक्षिण-पश्चिम मनसुनी हावाले बोकी ल्याएको जलवाष्पपूर्ण हावा र हिउँदमा पश्चिमतिरबाट आउने आँधिव्यारीले पानी पार्ने गर्दछ। हिउँदमाभन्दा वर्षामा धेरै पानी पर्छ। टिमुरेस्थित मौसम अवलोकन केन्द्रको अभिलेखअनुसारको वर्षा निम्नअनुसार छः–

वर्षाको तालिका (मिलिमिटरमा)

महिना	वर्ष १९७०	१९६७ देखि १९७० सम्म (चार वर्षको औसत वर्षा)
जनवरी	१६.३	२८.६
फेब्रुअरी	४८.४	१९.५
मार्च	१६.९	४१.७
अप्रिल	९.५	३७.१
मे	३७.०	२२.१
जून	१६४.०	१०८.८
जुलाई	१४८.७	२६४.६
अगष्ट	२४०.७	२७६.४
सेप्टेम्बर	११६.४	१३४.३
अक्टोबर	६८.२	५२.६
नोभेम्बर	०.०	५.३
डिसेम्बर	०.०	३.३
कुल जम्माः–	८६६.१	९९४.३

उपर्युक्त तालिका अनुसार सालभरको कुल वर्षामध्ये जूनदेखि सेप्टेम्बरको चार महीनाभित्र अन्दाजी ७८.९ प्रतिशत वर्षा हुन्छ। वर्षाको दाँजोमा हिउँदमा नगण्य वर्षा भएको देखिन्छ। तर उच्च पहाडी इलाकामा हिउँदमा हिउँ पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधारणतया यो जिल्लामा निम्न चार किसिमको हावापानी पाइन्छः–

१. अति शीतप्रधान हिमाली हावापानी
२. शीतप्रधान लेकाली हावापानी
३. ठण्डाशीतोष्ण हावापानी
४. न्यानोशीतोष्ण हावापानी

अति शीतप्रधान हिमाली हावापानी

हिम-रेखाको नजीक र सोभन्दा माथिको उचाइमा पर्ने भू-भागहरूमा अति शीतप्रधान हिमाली हावापानीको प्रभाव पर्दछ। यो भागमा बाह्रै महीना ठण्डा भई हिउँ पर्छ। यसलाई हिममरुभूमि पनि भन्ने गरिन्छ। यहाँ कुनै किसिमको वनस्पति हुँदैन।

शीतप्रधान लेकाली हावापानी

हिम-रेखादेखि मुनि वृक्ष-रेखा (अन्दाजी ३,९६३ मिटर अर्थात् १३,००० फीट) सम्मको भू-भागमा शीतको प्राधान्यता भएको हुनाले अग्ला रूखहरूको बाक्लो वन हुँदैन। साथै वर्षको आठ महीना जति जमीनमा ठाँडो (जम्ने) पर्ने हुनाले खेतीपाती सम्भव हुँदैन। यो जलवायुको प्रभाव पर्ने ठाउँमा हिउँदमा धेरै हिमपात हुन्छ। तर वर्षामा हिउँ नहुने हुनाले यहाँ पाइने लेकाली खर्कहरूमा चौंरी र भेडी गोठहरू राख्ने गरिन्छ।

ठण्डाशीतोष्ण हावापानी

वृक्षरेखादेखि मुनि अन्दाजी १,८२९ मिटर अर्थात् ६,००० फीटसम्मको भागमा ठण्डाशीतोष्ण हावापानीको प्रभाव परेको देखिन्छ। यो भागमा वर्षामा शीतल र हिउँदमा केही बढी ठण्डा हुन्छ। यो भागमा जिल्लाको मुख्य वन सम्पदा, वनस्पति र जीवजन्तु रहेका छन्।

न्यानोशीतोष्ण हावापानी

अन्दाजी १,८२९ मिटर (६,००० फीट) देखि मुनिको होचो डाँडा र खोला, बेंसीहरूको भागमा न्यानोशीतोष्ण हावापानीको प्रभाव परेको छ। यहाँ हिउँदमा केही ठण्डा हुने र वर्षामा न्यानो हुन्छ। जिल्लाका अधिक मानिस यही भागमा बसोबास गरेका छन्। केही बेंसीहरू तथा दक्षिण-पश्चिम भागमा अर्धउष्ण हावापानीको प्रभाव परेको छ। यस्तो हावापानी हुने भागमा हिउँदमा शीतल र वर्षामा गर्मी हुन्छ।

वन वनस्पति

यो जिल्लामा भौगोलिक विभिन्नताको कारण विभिन्न किसिमको वन वनस्पति पाइन्छ। मोटामोटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिसाबले यहाँको वनलाई तीन मुख्य प्रकारमा विभाजित गर्न सकिन्छ।

१. शीतप्रधान लेकाली वन

२. ठण्डाशीतोष्ण कोणधारी वन

३. न्यानोशीतोष्ण र अर्धउष्ण पतझड र मिश्रित वन

शीतप्रधान लेकाली वन

यस्तो वनमा अग्ला रूखहरूको बाक्लो वन हुँदैन। यस्तो वन वृक्ष रेखादेखि उँभो हिमरेखासम्म फैलिएको हुँदा साना-साना काँढेदार बुटा र झारहरू, घाँसे फूलहरू आदि हुन्छन्। वर्षामा हिउँ नहुने हुँदा लेकाली खर्कमा गोठहरू सारिने गरिन्छ। साथै यस्तो वनमा अनेक किसिमको जरीबूटीहरू सङ्कलन गरिन्छ। यो वनमा हुने सुनपातको बुटाका पातहरू सुकाई धूप बनाउने गरिन्छ।

ठण्डाशीतोष्ण कोणधारी वन

सदाबहार कोणधारी वन जिल्लाको सबभन्दा महत्वपूर्ण वन हो। यस्तो वन अन्दाजी १,८२९ मिटर अर्थात् ६,००० फीटदेखि माथि वृक्षरेखासम्मको भू-भागमा फैलिएको छ। यो वनमा मुख्यतया सल्लो, गुराँस, भोज, धूपी, खस्रु, मैपल आदिको रूखहरू पाइन्छन्। कतै कतै निगालोका झाडीहरू पनि पाइन्छन्।

न्यानोशीतोष्ण र अर्धउष्ण पतझड र मिश्रित वन

यो वनमा पाइने रूखका प्रकारहरूमा चिलाउने, कटुस, चाँप, दार, सादार, गुराँस, सल्लो आदि मुख्य हुन्। यस्तो वनमा केही रूखहरूको पात हिउँदमा झर्ने तथा वसन्तमा पल्लाउने हुन्छ। ती बाहेक यो जिल्लामा पाइने मुख्य जरीबूटीहरूमा पाँच औंले, नीरमसी, जटामसी, चिराइतो, कुटकी, पदमचाल, गरमडोल, वनलसुन, वन दालचिनी, बोझो र विभिन्न किसिमको विषहरू आदि छन्।

पशु-पक्षी

यो जिल्लाको वनमा विभिन्न पशु-पक्षीहरू पाइन्छन्। विशेषगरेर कोणधारी वन र लेकालीवनमा पाइने कस्तुरी, मृग, झारल, थार, घोरल, मृग, बाँदर, भालू, चितुवा, बँदेल, मलसाँप्रो, लिडेमुसा, दुम्सी, स्याल, लंगूर, न्याउरी मुसा, वनबिरालो, नावर, चरिबाघ आदि मुख्य हुन्। यहाँ बँदेल प्रशस्त छ। ती बँदेलहरूले बाली पाक्ने याममा बाली बिगार्ने गरेकोले ठूलो समस्या परिरहेको छ। त्यस्तै भालूले पनि मकै बाली बिगार्ने गर्दछ। बाली रक्षाको लागि किसानहरूले बँदेल, भालूको शिकार गर्दछन्। यहाँ पाइने पक्षीहरू डाँफे, मुनाल, च्याखुरा, तित्रा, कालिज, ढुकुर, पिउरा, चील, गिद्ध, बौडाइँ, जुरेली, धोबी, लाटोकोसेरो, हलेसो, कोटेरो, कलचेडे, चाँचर, मलेवा, म्याकुर, लाहाँचे आदि हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वन संरक्षण तथा विकास

सुन्दर लाङटाङ उपत्यका र सोको वरिपरि भएको वन र वन्य जन्तुहरूको संरक्षण र विकास गर्ने उद्देश्यले लाङटाङ राष्ट्रिय निकुञ्ज सम्बन्धी आयोजना शुरू गरेको छ। उक्त राष्ट्रिय निकुञ्जको प्रस्तावित क्षेत्रफल ४८० वर्गमिल छ। जसमा यस जिल्लाको अन्दाजी २१२ वर्गमिल र बाँकी नुवाकोट र सिन्धुपाल्चोकको क्षेत्रहरू पर्दछन्। यो जिल्लाको अधिकांश वन सोही निकुञ्जको इलाकाभित्र पर्दछ। उक्त कार्यक्रम अन्तर्गत आवादीको वृद्धिको कारण मासिन गइरहेको वनलाई संरक्षण गरी राष्ट्रिय महत्वका जीवजन्तुहरूको संरक्षण समेत गरिने छ। विभिन्न ठाउँमा वन चौकीहरू र बीटहरू खडा गरी संरक्षण कार्य शुरू गरिएको छ। हाल यो जिल्लामा एउटा वन रेञ्ज कार्यालय र राष्ट्रिय निकुञ्ज कार्यालय गरी दुई कार्यालयहरू रहेका छन्। चोरी शिकारी तथा वन अतिक्रमणमाथि रोक लगाउने कार्य प्रभावकारी बनाउन वन चौकी र बीटहरूको संख्यामा वृद्धि गर्ने कार्यक्रम चलाइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

हालको रसुवा जिल्ला मध्यकालमा नुवाकोट अन्तर्गत थियो। त्रिशूली गण्डकीको तीरको बाटो गरी मध्यकालीन मल्ल शासकहरूको समयदेखि नै स्रङ चोङ गोम्पोको दबदबा छँदा नेपाल राज्यको शासक अंशुबर्मालि आफ्नी छोरी भृकुटीलाई स्रङ चोङ गोम्पोसँग विवाह गरिदिँदा भृकुटीको यात्रा केरुङकै मार्गबाट भएको थियो। पछि तिब्बतसितको व्यापारको कारण कान्तिपुर धनधान्यपूर्ण भयो। कान्तिपुरको तिब्बतसितको व्यापार मुख्य दुई मार्गबाट हुन्थ्यो कुती र केरुङ। प्रताप मल्लको अभिलेख अनुसार कान्तिपुर राज्यको अधीनमा कुती, केरूङ र खासा थिए। तो स्थानहरूमा दखल गरी व्यापारको उन्नति गरे। केरुङमा रहेका बजार कान्तिपुरको शासकको अधीन थियो। त्यसताका तिब्बतमा कान्तिपुरका राजाको टक प्रचलन रहेको थियो। तिब्बतबाट कान्तिपुर निकासी हुने वस्तुहरूमा मुख्यतया नून, घोडा, कस्तुरी, सुन आदि हुन्थे र कान्तिपुरबाट जाने वस्तुहरूमा हस्तिहाडले बनेको बट्टा, दारको काठले बनेका फुरा, अन्नहरू, खुर्सानी, लसुन आदि हुन्थे। तिब्बतसितको व्यापारबाट काठमाडौंले सञ्चित गरेको धनको प्रचार टाढा टाढासम्म भएको थियो। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह सोही कारणले पनि काठमाडौंसित आकर्षित थिए। तर तिब्बतसितको व्यापार बन्द गर्न नसकेसम्म कान्तिपुरको शक्ति कम नहुने भई कान्तिपुरको राज्य जित्न नसक्ने अनुमान लगाइएको थियो।

गोरखाको नवोदित राज्यसँग सीमाना जोडिएको कान्तिपुरको राज्य अन्तर्गत प्रशासित नुवाकोटमा केरुङको व्यापार मार्ग थियो। वर्तमान रसुवा जिल्लासम्म नुवाकोटको सीमाना थियो। गोरखा अधिपति श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले पूर्वतर्फ बढ्ने तर्जुमा गरिरहँदा नुवाकोटको प्रशासन कान्तिपुरको राजा जयप्रकाश मल्लले जयन्त रानालाई सुम्पिराखेका थिए। जयन्त राना गोरखा अधिपति नरभूपाल शाहका सरदार थिए। नुवाकोट काशीराम थापाको अधीन छँदा गोरखाबाट जयन्त राना र महेश्वर पन्तको नेतृत्वमा चढाइ गरिएको थियो। सो अभियानको असफलताको कारण महेश्वर पन्तको चालबाजीमा जयन्त रानालाई सेवाबाट अवकाश दिइएको थियो। त्यस पछि जयन्त राना जयप्रकाश मल्लको अधीनमा बस्न आउँदा नुवाकोटको प्रशासन भार निज रानालाई दिएको थियो।

पृथ्वीनारायण शाहले नुवाकोटमाथि आक्रमण गर्न भक्तपुरका राजा रणजित मल्लबाट आफूलाई आवश्यक परेको धनको सहायता पाएका थिए। आवश्यक धन हातमा परेपछि नुवाकोटमा हमला गर्ने योजना बनाइयो। त्रिशूली नदीबाट कुलो काटी गोरखा राज्य भित्रको खिन्च्यातामा सिंचाइ गर्ने आयोजना बनाई छद्म भेषी सैनिकहरूलाई खिन्च्यात पुन्याउन थालियो। राज्यमा भएको खुकुरी, खुंडा, तलवार, बर्छा आदि जम्मा गरी गुप्त तवरले धनुकाँड बनाउने र मरमत गर्ने कार्य शुरू गरियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ई. सं. २६ सेप्टेम्बर १७४४ (वि. सं. १८०१) को दिनको अघिल्लो रात गोरखालीहरूले डुङ्गाबाट त्रिशूली नदी पार गरी नुवाकोट बेंसीमा दाखिल भए। त्यसभन्दा अघि दुई पटकसम्म नुवाकोटमा हमला गर्दा पराजित भइसकेको हुनाले नयाँ आक्रमणको ढाँचा फेरिसकेको थियो। र तीन तर्फबाट नुवाकोटमाथि चढाइ हुँदा जयन्त रानाका छोरा शङ्खमणि रानाको नेतृत्वमा नुवाकोटका रक्षकहरूले वीरतापूर्वक सामना गरे। युद्धमा शङ्खमणि मारिएको हुँदा नुवाकोटे फौज छिटर बिटर भई बेलकोटमा गई जम्मा हुन थाले। गोरखाली आक्रमणकारीहरूमाथि प्रत्याक्रमण गर्न कान्तिपुरमा सहायता लिन गएका जयन्त रानालाई जयप्रकाश मल्लले उनीबाट नुवाकोट जित्न नसकिने देखी फिर्ता पठाइदिएकोले छोराको मृत्युले शोकाकुल जयन्त राना पनि बेलकोटको आफ्नो घरमा बसेका थिए। नुवाकोट विजयको सुरमा बेलकोटमा चढाइ गर्ने पृथ्वीनारायण शाहले हतार गरी गोरखाली फौजले बेलकोटमा आक्रमण गरी जयन्त रानालाई समेत पक्राउ गरे। त्यसरी वि. सं. १८०१ मा उत्तरमा केरुङ र पूर्वमा पाटी भञ्ज्याङसम्मको समस्त नुवाकोट इलाका विशाल नेपाल अधिराज्यको भाग हुने गरी गोरखा राज्यमा सम्मिलित गराइयो।

पछि कान्तिपुर लगायत वरिपरिका सा-साना राज्यहरू विजय गरी विशाल नेपाल अधिराज्यमा समावेश भइसकेपछि तिब्बतको केरुङ प्रान्तमा नेपाली मुद्रा प्रचलन गर्ने सम्बन्धमा गडबडी शुरू भयो। त्यसताका तिब्बतमा महेन्द्र मल्ली तथा कान्तिपुरका मल्लराजाहरूको टक प्रचलन थियो। ती मुद्राहरू ज्यादै खिइसकेको हुनाले पृथ्वीनारायण शाहबाट नयाँ मुद्रा प्रचलनमा ल्याउने प्रयास भएको थियो। आफ्नो मुद्रा भोटमा प्रचलन गराई भोटबाट आफ्नो विजय स्वीकार गराउने नीति थियो। तर भोटमा धेरै मात्रामा मल्ल राजाहरूको मुद्रा प्रचलनमा रहेको हुनाले दलाई लामाले फेर्न मानेका थिएनन्। सो सम्बन्धमा ल्हासा पठाइएको प्रतिनिधि मण्डलले तिब्बतसँग सो सम्बन्धमा सम्झौता गर्ने प्रयास गरिरहेको थियो। वि. सं. १८३१ मा पृथ्वीनारायण शाहको मृत्यु भएपछि प्रतापसिंह शाहबाट तिब्बतसँग व्यापारको लागि वि. सं. १८३२ मा नेपाल-भोट सन्धि (धर्मपत्र) भएको थियो। यसअनुसार मोहर बनाउँदा शुद्ध चाँदी नबनेको कुरा र अब उप्रान्त शुद्ध सिक्का चलाउने कुती र केरुङबाट मात्र व्यापार हुन पाउने आदि कुरा लेखिएको छ।[1] यसप्रकार रसुवा भई केरुङमा व्यापार चलाउने प्रयास भएको देखिन्छ। पछि रणबहादुर शाहको शासन कालमा चीनको आड लिएर नेपाली प्रस्तावलाई नमानी युद्धको हाँक देखाएको हुँदा नेपालले वि. सं. १८४६ मा दामोदर पाण्डे र बम शाहको नेतृत्वमा एक फौज पठाइयो। कुती र केरुङमा समेत युद्ध भयो। नेपाली फौज कुतीबाट सरासर शिकरजोङसम्म कब्जा गर्न पुग्यो। नेपाली फौजको बढावालाई रोक्न जुन सन्धि भोटले गरेको थियो सो सन्धिको पालना नभएकोले नेपालले पुनः वि. सं. १८४८ मा भोटमाथि आक्रमण गर्‍यो। नेपाली फौज भोट इलाकामा सरासर बढिरहेको थाहा पाएर त्यहाँ ठूलो आतङ्कको सञ्चार भएको थियो। ल्हासास्थित स्वयं दलाई लामा पनि भाग्न तैयार भइसकेकोमा चीनको सहायताको आश्वासन पाएर रुकेको थियो। वि. सं. १८४९ को माघ महीनातिर तिब्बतको सहायतार्थ चीनबाट ठूलो फौज आइपुग्यो। उनीहरूले दिगर्चामा हात पारेको सम्पत्ति र कैद गरिएका भोटे अधिकृतहरूको फिर्ता र नेपालमा शरण आएका सुमेरु लामाको सुपुर्दगीको माग गरे। सो मागहरूतर्फ नेपालले ध्यान नदिएको हुँदा चिनिया फौज सरासर नेपालतिर बढे। धेरै ठाउँहरूमा चिनिया फौजको बढावालाई रोक्ने प्रयास गर्दा पनि नेपालीहरू असफल भएकोले चिनिया फौज केरुङ र त्रिशूली गण्डकीको घाँटी भई नेपालभित्र घुसे। धैबुङ बेत्रावतीमा घमासान युद्ध भएको थियो जसमा दुवैतर्फ ठूलो क्षति भएको

१. योगी नरहरिनाथ (सं.)—इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, पृष्ठ ७०–७१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थियो। तैपनि आक्रमणकारीहरूलाई रोक्न सकिएन। चिनिया फौज महादेवको डाँडा उक्लेर पाँच माने भञ्ज्याङ आइपुगे। आक्रमणकारीहरू फेदीमा ओर्लिसकेका थिए। वि. सं. १८४९ मा चिनिया फौजको तीनतर्फ रहेको वनका रूखहरूमा राँकोहरू बाधी, गाई वस्तुहरूको सिङमा पनि बल्दो राँकोहरू बाँधी प्रदर्शन गर्दा चिनियाहरू आफूलाई अनगिन्ति फौजले घेरिएको ठानी भागे। त्यसपछि वर्तमान रसुवा गढीसम्म नेपालको सीमाना हुने गरी नेपाल र चीनको बीच सन्धि भएको थियो। यस सन्धि पछि नेपालले कुती र केरुङ माथि आफ्नो प्रभुत्व गुमायो।[1]

राणा प्रधानमन्त्री जङ्गबहादुरको पालामा ल्हासामा रहेका व्यापारीहरूमाथि अन्याय भएको कुरा लिई पेकिङमा सौगात लिएर गएका नेपाली प्रतिनिधि मण्डलको ठूलो बेइज्जती गरियो। फर्केर आएका प्रतिनिधि मण्डलका सदस्यहरूलाई खानेकुरा किन्न नदिएकोले एकजना बाहेक सबै सदस्यहरू भोक भोकै मरे। त्यसरी नेपालीहरूमाथि भएको दुर्व्यवहारको कारणले चीनमा गृह युद्ध भइरहेको मौका पारी नेपालले भोटमा आक्रमण गर्ने ठूलो तैयारी गर्‍यो। वि.सं. १९१२ को फागुन महीनामा बमबहादुरको नेतृत्वमा पठाइएको नेपाली फौजले त्रिशली गण्डकीका किनारको बाटो गई केरुङमा कब्जा गरे। चीनले भोटको सहायतार्थ फौज पठाएकोले नेपालबाट जनरल जगतजङ्ग र कर्नेल बखतजङ्गको मातहतमा थप सैनिकहरू पठाइए। त्यसरी अगाडि बढेको नेपाली फौजले घण्टागढी नजीकै साढे छहजार भोट फौजमाथि आक्रमण गर्दा घमासान युद्ध भयो। युद्धको दोस्रो दिनमै भोटेहरू हारेर भागे। त्यसरी केरुङदेखि अन्दाजी १९ किलोमिटर (१२ माइल) पर रहेको झुङ्गा समेत नेपाली फौजले आपनो अधीनमा ल्याए। कुतीतर्फको मोर्चामा पनि नेपालीहरूको वीरता र पराक्रम देखी भोटेहरूको आँट टुटेकोले भोटले हार स्वीकार गरी सन्धिको प्रस्ताव ल्याएको थियो। ई. सं. १८५६ मार्च महीनामा थापाथली दरबारमा नेपाल र भोटको बीच मैत्री सन्धिमा हस्ताक्षर भएको थियो।[2] केरुङ मोर्चामा नेपाली फौजको सहायतार्थ भोटे खोला र लिण्डे खोलाको घाँटीमा अवस्थित रसुवामा टाढा टाढाका गाउँहरूबाट आएका मानिसहरूले घर लौरी सरकारी झारामा ढुङ्गा बोकेर गढी निर्माण गरेको बारे रसुवागढीमा स्थापित शिलालेखमा उल्लेख भएको पाइन्छ।

वि. सं. २०१९ मा अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्दा पश्चिम एक नम्बर नुवाकोट गौंडाबाट प्रशासित उत्तर पूर्वी भागलाई मात्र अलग गरी यो जिल्लाको गठन गरिएको हो। त्यसभन्दा अगाडि यसको सम्पूर्ण भाग पश्चिम एक नम्बर गौंडा अन्तर्गत नुवाकोटस्थित बडा हाकिम मातहत प्रशासित थियो।

१. चित्तरञ्जन नेपाली- नेपाल चीन सीमा सन्धि, श्री ५ को सरकार, प्रचार विभाग, २०२९, पृष्ठ १
२. योगी नरहरिनाथ (सं.) को माथि उल्लिखित किताब, पृष्ठ ११७–१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

रसुवागढी

यो गढीको ठूलो ऐतिहासिक महत्व छ । नेपाल र भोटको त्यस क्षेत्रसँगको सम्बन्धमा यस गढी नेपाल अधिराज्यको भौगोलिक अखण्डताको प्रतीकको रूपमा लिइएको थियो । यस गढीको निर्माण देशप्रेमी नेपालीले आफ्नो रगत-पसिना चुहाएर गरेकोले पनि यसको धेरै महत्वपूर्ण रहेको छ । यही गढीको नामबाट जिल्लाको नामकरण हुन गएको छ । केरुङ खोला र लिण्डे खोलाको दोभानको सीमानामा नदी घाँटीको रूपमा रहेकोले यसको ठूलो भौगोलिक महत्व पनि थियो ।

यो गढीको बाटो गरी प्राचीन कालदेखि काठमाडौं उपत्यका र भोट क्षेत्रको व्यापार हुन्थ्यो । यो नेपाल र भोटको व्यापारको एउटा प्रमुख मार्ग थियो । अरनिको राजमार्ग चालु भएपछि यसको व्यापारिक महत्व हरायो र चल्ती रहेन । हालसम्म पनि सीमावर्ती इलाकाका नेपालीहरूले यस गढीको बाटो गरी जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित प्रदेशको केरुङ इलाकासँग वस्तु विनिमय व्यापार गर्ने गर्दछन् । यस ठाउँमा एउटा सानो गाउँ रहेको छ । हाल त्यहाँ प्रहरी चेक पोष्ट र भन्सार कार्यालय रहेका छन् । उक्त गढी हाल टिमुरे गाउँ पञ्चायत अन्तर्गत पर्दछ ।

गोसाइँकुण्ड

यो कुण्ड नेपालको सुप्रसिद्ध तीर्थस्थलमध्ये एक हो । पृथ्वीनारायण शाहबाट वि. सं. १८०१ मा नुवाकोट विजय गरिएपछि आफ्नो अधिपत्यलाई सुदृढ गर्ने उद्देश्यले यो कुण्डमा स्नान गरेको कुरा इतिहासमा पाइन्छ। पौराणिक कथनअनुसार भगवान शङ्करले कालकूट विष पान गर्नु भएपछि डाहले छटपटिएर हिमालय खण्डमा प्रवेश गर्नु भएको थियो। र त्यसै स्थलमा त्रिशूल जमीनमा रोपी जलधारा निकाली सोही जल निस्केर कुण्ड बनेको ठाउँमा आफू पल्टेर डाह शान्त पार्नु भएको थियो । सोही कारण त्यस कुण्डको नाम गोसाइँकुण्ड र त्यहाँबाट खसिरहेको जल प्रवाहलाई त्रिशूली खोला भनिन्छ । सो खोला मिसिएपछि भोटे खोलालाई त्रिशूली भनिन्छ । यो कुण्डमा कान्तिपुरका मल्ल राजाहरूले राजगद्दीमा बसेको पहिलो अथवा दोस्रो वर्षमा स्नान गर्ने चलन बारे इतिहासमा उल्लेख गरिएको छ ।

कान्तिपुरको सांस्कृतिक जीवनमा यो कुण्डलाई नेवारीमा शिलु भनिन्छ र यसको ठूलो महत्व रहेको छ । यस कुण्ड समुद्रको सतहबाट अन्दाजी ४,३६० मिटर (१४,३०० फीट) मा अवस्थित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तर र दक्षिणमा अग्ला डाँडाहरू र पूर्व र पश्चिममा उच्च भू-भागले घेरिएको यो कुण्ड ज्यादै सुन्दर र मनोरम छ। यस कुण्डको पूर्व र पश्चिममा सरस्वतीकुण्ड, भैरवकुण्ड, सूर्यकुण्ड, गणेशकुण्ड आदि नौ कुण्डहरू छन्। ती मनोरम कुण्डहरूको वरिपरि वर्षामा भेडी गोठ तथा चौंरी गोठहरू लगिन्छन्। साथै त्यस इलाकामा १०८ वटा कुण्डहरू छन् भन्ने जनश्रुति रहेको छ। हरेक वर्ष दशहरा र भाद्र पूर्णिमामा गोसाइंकुण्डमा ठूलो मेला लाग्छ। काठमाडौं र वरिपरिका ठाउँहरूबाट हजारौं यात्रुहरू स्नान गर्न र मेला भर्न जाने गर्दछन्।

धुन्चे

यो स्थानमा हाल जिल्लाको सदरमुकाम रहेको छ। श्री ५ को सरकारको अधिकांश कार्यालयहरू यही ठाउँमा रहेका छन्। यहाँ अन्दाजी १०० घरको बाक्लो गाउँ छ। त्रिशूली बिदुरबाट यस ठाउँ पुग्न ४५ किलोमिटर (१४ कोस) को पैदल बाटो हिंडनु पर्छ। यो स्थान त्रिशूली गण्डकीको वायाँतर्फ अन्दाजी १,९६२ मिटर (६,४३५ फीट) को उचाइमा रहेको छ। यो गाउँमा तामाङ जातिका मानिसहरूको बसोबास रहेको छ। काठमाडौं, नुवाकोटबाट रसुवा गढी, गोसाइंकुण्ड जान यही ठाउँ भएर जानु पर्दछ। यस ठाउँमा एउटा बागबानी केन्द्र पनि स्थापना गरिएको छ।

लाङटाङ उपत्यका

रसुवा जिल्लाको प्रसिद्ध हिमाल लाङटाङ लिरुङको दक्षिणी काखमा रहेको यो उपत्यका निकै रमणीय छ। यो समुद्र सतहबाट अन्दाजी ३,३२३ मिटर (१०,९०० फीट) देखि ३,६७४ मिटर (१२,०५० फीट) को उचाइमा रहेकोछ। यसको दक्षिणतर्फ गोसाइंकुण्ड लेक शृङ्खला छ। यस उपत्यकाबाट लाङटाङ खोला बगेको छ। यस उपत्यकामा तीन-चारवटा रमाइला गाउँहरू छन्। त्यस इलाकामा श्री ५ को सरकारको एउटा चीज उत्पादन केन्द्र र चरन विकास कार्यक्रम सञ्चालन भइरहेका छन्। यहाँ एउटा सानो हवाइ मैदान पनि बनाइएको छ।

काठमाडौं आउने पर्यटकहरूमध्ये कोही कोहीं लाङटाङ उपत्यकासम्म पैदल भ्रमण गर्न आउँछन्। यहाँ पुग्न धुन्चेबाट अन्दाजी तीन दिनको बाटो पर्छ। लाङटाङ उपत्यका विदेशी पर्यटकहरूको पैदल भ्रमणको एक महत्वपूर्ण केन्द्र बन्न गएको छ।

हाल यहाँ एउटा शरणार्थी क्याम्प बनाई तिब्बती शरणार्थीहरूलाई बसोबास पनि गराइएको छ।

थाम्बुचेत

यस ठाउँमा तिब्बती शरणार्थीहरूलाई बसोबास गराइएको छ। तिनीहरूको लागि नेपाल रेडक्रश सोसाइटीद्वारा एउटा डिस्पेन्सरी र आवास भवनहरू बनाइएका छन्। यहाँ एउटा सानो हवाइ मैदान पनि बनाइएको छ। यो ठाउँ गतलाङ खोला र चिलिने खोलाको दोभान नजीकै अवस्थित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिलिमेको तातो पानी

यो जिल्लाका विभिन्न तातोपानीका मुहानहरूमध्ये चिलिमे गाउँ पञ्चायतमा रहेको मुहान प्रसिद्ध छ। त्यस मुहानबाट तातोपानी खसाली धारा बनाउनुको साथै एउटा सानो पोखरी पनि बनाइएको छ। त्यो स्थानमा कात्तिक महीनामा मेला लाग्छ। तातोपानीले नुहाएपछि बात, कुष्ट रोगादि निको हुन्छ भन्ने जनधारण रहेको छ। त्यहाँ तातोपानीले नुहाउन छिमेकी गाउँ पञ्चायतहरू र अन्य जिल्लाहरूबाट समेत मानिसहरू जाने गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

यो जिल्ला बागमती अञ्चलको सबभन्दा कम जनसंख्या हुने जिल्ला हो । नेपाल अधिराज्यमा सबभन्दा कम जनसंख्या हुने तीन जिल्लाहरूमध्ये यो एक हो । यो जिल्लामा बहुसंख्यक जातिको रूपमा तामाङहरू छन्। यहाँ बसोबास गर्ने अन्य जातिहरूमा बाहुन, क्षेत्री, कामी, दमाई, सार्की आदि छन्। यो जिल्लामा त्रिशूली गण्डकीको पश्चिमतिर बढी आवादी रहेको छ । आवादी विशेषगरेर नदी बेंसीहरू र होचो डाँडाहरूमा केन्द्रित भएको छ। यहाँको २० गाउँ पञ्चायतहरूमध्ये त्रिशूली गण्डकीको पूर्वतर्फ छवटा र पश्चिमतिर १४ वटा रहेका छन्।

जनसंख्या

वि. सं. २०२८ को राष्ट्रिय जनगणना अनुसार यो जिल्लाको जनसंख्या १७,५१७ छ जसमध्ये ८,८६३ पुरुष र ८,६५४ महिला छन्। जनसंख्याको दृष्टिकोणले यो बागमती अञ्चलको सबभन्दा कम आवादी भएको जिल्ला हो। अञ्चलको कुल जनसंख्याको अन्दाजी १.२ प्रतिशत मात्र यहाँ रहेको देखिन्छ। यो अधिराज्यमा तेस्रो सबभन्दा कम जनसंख्या भएको जिल्ला हो।

क्षेत्रफलको हिसाबले यो बागमती अञ्चलको दोस्रो सबभन्दा ठूलो जिल्ला हो। यसको क्षेत्रफल अन्दाजी १,२६५ वर्ग किलोमिटर अर्थात् अञ्चलको कुल क्षेत्रफलको अन्दाजी १२.१ प्रतिशत भएकोले यहाँ जनघनत्व ज्यादै कम अर्थात् प्रतिवर्ग किलोमिटरमा अन्दाजी १४ व्यक्ति रहेको देखिन्छ।

यो जिल्लामा कुल ३,३४७ वटा घर परिवारहरू छन्। यहाँको कुल घर परिवार संख्यामध्ये सबभन्दा धेरै पाँच सदस्य भएको परिवार छन् जसको संख्या ६०२ छ। त्यस्तै चार सदस्य भएको परिवार संख्या ५२५ वटा र छ सदस्य भएको परिवार संख्या ५०१ रहेको देखिन्छ। यो जिल्लामा ठूलो परिवारहरूको संख्या धेरै छैन। एउटै परिवारमा २० जना र सोभन्दा बढी सदस्यहरू हुने परिवारहरू जम्मा तीन वटा मात्र छन्। यो जिल्लामा परिवारको औसत आकार ५.२१ रहेको छ। कुल जनसंख्यामा उमेर र लिङ्गको अनुपात निम्नअनुसार छः–

उमेर समूहको तालिका

उमेर समूह	पुरुष	महिला	जम्मा	प्रतिशत
०–५ वर्ष	१,४१०	१,३७२	२,७८२	१५.९
६–१५ वर्ष	२,१०८	२,००५	४,११३	२३.५
१६ वर्ष र सोभन्दा माथि	५,३४५	५,२७७	१०,६२२	६०.६
जम्माः–	८,८६३	८,६५४	१७,५१७	१००.०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो जिल्लाको कुल जनसंख्यामध्ये १० वर्षदेखि ५९ वर्षसम्म उमेर पुगेका मानिसहरूलाई आर्थिक व्यवसायमा लाग्न सक्षम ठानिएमा यहाँको कुल जनसंख्यामध्ये ११,८१८ अर्थात् ६७.४ प्रतिशत मानिस सक्षम हुने देखिन्छ। तर १० वर्षदेखि १४ वर्षसम्मको सबै बालक बालिकाहरू पूर्णतया व्यवसायमा लाग्न नसक्ने तथा ५९ वर्ष नाधिसकेका कतिपय मानिसहरू पनि व्यवसायमा पूरातवरले संलग्न हुने हुँदा १५ वर्षदेखि ६४ वर्ष उमेर पुगेकालाई आर्थिक दृष्टिकोणले सक्षम हुने ठानिएमा यहाँको कुल जनसंख्यामध्ये १०,३८८ अर्थात् ५९.३ प्रतिशत हुन्छ।

यसरी १० वर्षदेखि ५९ वर्षसम्मको जनसंख्यालाई सक्षम ठानिएमा यहाँ आर्थिक निर्भरताको अनुपात १००:४८ अर्थात् प्रत्येक १०० जना माथि थप ४८ जना आर्थिक दृष्टिकोणले निर्भर हुने र १५ वर्षदेखि ६४ वर्षसम्मको जनसंख्यालाई आर्थिक दृष्टिकोणले सक्षम मानेमा १००:६९ अर्थात् प्रत्येक १०० जना माथि थप ६९ को आर्थिक भार पर्ने हुन्छ।

यो जिल्लाको कुल जनसंख्यामध्ये ७,९५८ मानिसहरू विवाहित देखिन्छन् जसमध्ये ३,८९२ पुरुष र ४,०६६ महिला छन्। यहाँको विवाहित जनसंख्यामध्ये कानूनी दृष्टिकोणबाट विवाहयोग्य नभएका १४ वर्ष मुनिका केटा र केटीहरू देखिएकोले बाल विवाहको प्रथा हालसम्म पनि केही मात्रामा रहेको देखिन्छ। यो जिल्लामा २७९ विधुर र ५१३ विधुवाहरू रहेका छन् र ३१ जना पुरुषहरू, २५५ जना महिलाहरूले पारपाचुके लिएका देखिन्छन्।

अधिराज्यभित्र जन्मेका यो जिल्लाको १७,१०२ जनसंख्यामध्ये १७,०७८ बागमती अञ्चल र बाँकी २४ जना अन्य अञ्चलहरूमा जन्मेका छन्। साथै ४१५ जना विदेशमा जन्मेका देखाइएको छ।

यो जिल्लामा विभिन्न भाषा भाषीलाई मातृभाषाको रूपमा बोल्ने जातिहरूले बसोबास गरेका छन्। माथि उल्लेखित जनगणनाअनुसार यहाँ विभिन्न भाषाभाषीहरूलाई मातृभाषाको रूपमा बोल्ने मानिसहरूको संख्या निम्नबमोजिम रहेको छः–

मातृभाषा	बोल्ने मानिसको संख्या	प्रतिशत
तामाङ	१४,५४४	८३.०
नेपाली	१,५९६	९.१
भोटे शेर्पा	६५०	३.७
गुरुङ	५६२	३.२
नेवारी	१५२	०.९
अन्य भाषाहरू	१३	०.१
जम्मा:–	१७,५१७	१००.०

तामाङ जातिका मानिसहरू आपसमा तामाङ भाषामा नै कुराकानी गर्ने भए तापनि अन्य जातिका मानिसहरूसँग नेपाली भाषामा कुराकानी गर्दछन्। साथै अन्य जिल्लाहरू खास गरेर नुवाकोट र काठमाडौंको भ्रमणबाट अरू जातिका मानिसहरूसँगको बढ्दो सम्पर्कले गर्दा तामाङ जातिका मानिसहरूले बढी मात्रामा नेपाली भाषा बुझ्न र बोलन सक्ने भएका छन्। साथै बाहिरबाट यो जिल्लाको भ्रमण गर्ने मानिसको संख्या बढेकोले जिल्लाभित्र पनि नेपालीको चलन बढ्न गएको छ। यो जिल्लामा कुल २० वटा गाउँ पञ्चायतहरू गठन भएका छन्।

पञ्चायतको नामावली र जनसंख्या तल दिएअनुसार रहेको छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँ पञ्चायतको नाम	जनसंख्या	गाउँ पञ्चायतको नाम	जनसंख्या
१. गतलाङ	१,१८४	२. गोलजुङ	६९९
३. चिलिमे	८७४	४. टिमुरे	५६९
५. ठूलो आर्चेत	८८४	६. ठूलो किम्ताङ	१,२७०
७. ठूलो गाउँ	९९६	८. डाँडा गाउँ	१,१५४
९. थुमन	८०४	१०. धुन्चे	९२४
११. बर्सुन्चेत	५८६	१२. बृदिम	५८६
१३. भोग्टेनी	७४७	१४. राम्चे	१,०९२
१५. लाङटाङ	३५३	१६. सत्यदेवी	६२२
१७. सानो आर्चेत	६३३	१८. सानो किम्ताङ	१,२७०
१९. स्याफ्रु	१,२८६	२०. हाकु	१,३७७
जम्मा:–	१७,५१७		

यो जिल्लाको गाउँ पञ्चायतहरूको औसत जनसंख्या ८७५.८ रहेको छ। यहाँका २० गाउँ पञ्चायतहरूमध्ये सबभन्दा बढी अर्थात् १,३७७ जनसंख्या हाकु गाउँ पञ्चायतको र सबभन्दा कम अर्थात् ३५३ लाङटाङ गाउँ पञ्चायतको छ।

जनजीवन

यो जिल्लामा अधिक मात्रामा तामाङ जातिका मानिसहरूले बसोबास गरेका छन्। अन्य जातिहरू जस्तै बाहुन, क्षेत्री, गुरुङ, शेर्पा आदि थोरै संख्यामा जिल्लाका विभिन्न गाउँ पञ्चायतहरूमा छरिएका छन्। बाहुन क्षेत्रीहरूले दक्षिण-पश्चिम भागमा बसोबास गरेका छन्। तामाङहरू यो जिल्लाभरी नै फैलिएर बसेका छन्। एकै जातिका मानिसहरू अन्दाजी ९० प्रतिशत भए तापनि यहाँका तामाङहरू अन्य अल्पसंख्यक जाति-हरूका मानिसहरूसँग प्रेम र सद्भावनाको वातावरणमा बसेका छन्।

यो जिल्लाको सबभन्दा महत्वपूर्ण जाति तामाङ भएकोले यहाँ उक्त जातिको जनजीवनको विवरण दिइएको छ। तामाङहरूको विषयमा बागमती अञ्चलको अन्य जिल्लाहरू जस्तै नुवाकोट, काभ्रेपलाञ्चोक आदिमा पनि विवरणहरू दिइएका छन्।

तामाङ

तामाङहरू तिब्बततिरबाट दक्षिणतर्फ बसाइँ सरेका जाति भनी अन्य जातिका मानिसहरूले उनी-हरूलाई "भोटे" भन्ने गर्दछन्। तर कहिलेदेखि नेपालको वर्तमान सीमानाभित्र बसोबास गरेका हुन् भन्ने कुरा निश्चित गरी भन्न सकिएको छैन। तामाङहरू अधिक मात्रामा बागमती, नारायणी तथा जनकपुर अञ्चलका पहाडी इलाकाहरूमा बसोबास गरिरहेका छन्। थोरै मात्रामा मात्र अन्य जिल्लाहरूमा छरिएका छन्। कुनै कुनै इतिहासकारहरूले तिब्बतमा शक्तिशाली स्रङ चोङ गोम्पोको शासन हुँदा नेपालको नरेन्द्रदेवको सहायतार्थ घोडचढी फौजहरू काठमाडौं उपत्यकाको वरिपरि तैनाथ गरिदिएका थिए। तिब्बती भाषामा "ता" भनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडा, "मोङ" भनेको सवार हुन्छ। पछि सोही सैन्यहरू तिब्बत नफर्की हिमालयका दक्षिणी भागमा नै बसोबास गरेको भन्ने तर्क दिएका छन्। सोही कारण ती मानिसहरूलाई तामाङ भनेको हुन सक्दछ भन्ने विवेचना गरिएको छ। एक मानवशास्त्रीले तामाङको अर्थ घोडा व्यापारी हो। तिब्बतबाट घोडा ल्याई व्यापार गर्ने मानिसहरूलाई तामाङ भन्ने गरेको भन्ने उल्लेख गरेका छन्। हाल तामाङहरूलाई अधिराज्यको मध्यपहाडी भागमा बसोबास गर्ने एक प्रमुख जाति मानिएको छ। पहिले तामाङहरूलाई किपटको व्यवस्था गरिदिइएको थियो। हाल सो व्यवस्था उन्मूलन गरिएको छ।

यहाँका तामाङ जातिका केही महत्वपूर्ण थरहरूको नाममध्ये तितुङ, थोक्रा, वाइबा, श्याम्बा, लोपचन, श्यानताङ, ल्वोन, ग्लान, थिङ, पाखे्न, चौदेन, गेर्मसिङ, प्रमुबा,मान्देन, मुक्तान, कार्तें, ङर्तेन, पाजुन्देन, ग्रेम्बा, लेन्देन, छेलेङार्तेन, साई, ङार्तेन, कर्माबा, दाम्राङ, घिसिङ आदिलाई उल्लेख गर्न सकिन्छ। कसैले तामाङ जातिको थरहरूलाई बाह्र र अठार थर गरी दुई समहमा विभाजन गरेका छन्। अठार थर भन्दा बाह्र थरको स्तर उच्च छ भन्ने कुरा उल्लेख गर्दछन्। केही तामाङहरू आफूलाई घले तामाङ भन्दछन्। त्यस्ता घले तामाङहरूको मुख्य थरहरूमध्ये ध्यालडाङबोङ, बोङ ग्यालसुम आदि उल्लेखनीय छन्।

तामाङहरू मङ्गोल कुलका जाति हुन्। उनीहरूको कद छोटो भई हात खुट्टाहरू टम्म परेका हुन्छन्। उनीहरूको कपाल बाक्लो, कालो र चिम्से बदाम आँखा हुन्छ। लोग्नेमानिसहरूको बाक्लो दाह्री जुङ्गा हुँदैन। उनीहरूको अनुहारको मोहडा फराकिलो, नाक चेप्टो र चिउँडो डल्लो परेको हुन्छ। शरीरको रङ कसैको गोरो र कसैको गहुँ गोरो हुन्छ।

यहाँको तामाङहरूको भेषभूषा अन्य जातिहरूकोभन्दा बेग्लै छ। महिलाहरूले चोलो, दोरमो (जामा जस्तो) किटी, सुम्रे आदि लगाउँछन्। हालसम्म कोही कोही दोचा (जुत्ता) लगाउँछन्। पुरुषहरूले ग्यासो, छिकु केनाम, अर्ति (पाटे रङको टोपी) लगाउँछन्। केही महिलाहरूले छोटो फरिया, चोलो लगाई पटुका बाँध्ने गर्दछन्। केही पुरुषहरूले लवेदा सुरुवाल र छालाको साधारण जुत्ता समेत लगाउँछन्। हाल यो जिल्लामा बाह्य प्रभाव बढ्न गएको कारण तरुण पुरुषहरुले काठमाडौं तथा त्रिशूली बजार तथा श्री ५ को सरकारका धुन्चेस्थित कर्मचारीहरूले लाउने गरेको पाइन्ट, कमीज आदि पाश्चात्य लुगाहरूको पनि चलन गर्न थालेका छन्।

तामाङहरू गहनाहरू मन पराउँछन्। कानमा पुरुष तथा महिला दुवै थरीले "बुटिल" (एक प्रकारको मुन्द्री) लगाउँछन्। त्यस्तै दुवै थरीले विरु लगाउँछन्। ती बाहेक महिलाहरू सिंगी कर्मु (चाँदीको बाला) र गहु (मुगा र सुनको गहना समेत मिलेको माला) पनि लगाउँछन्। उत्तरी भेकका महिलाहरूले "काञ्जेन" नामक पित्तलको पेटी कम्मरमा बाँध्ने गर्दछन्। तामाङ महिलाहरूले नाकमा ठूलो बालाहरू लगाउने पनि गर्दछन्।

तामाङहरूको गाउँमा एक ठाउँमा धेरै घरहरू गुजमुच्च हुन्छन्। कुनै कुनै गाउँहरूभित्र आवतजावत गर्ने बाटोमा ढुङ्गा छापिएको हुन्छ। तामाङहरूको घरमा ढुङ्गाको गारो माथि खर वा काठको कप्टेरोको छाना अथवा ढुङ्गाको छाना लगाएको हुन्छ। झ्याल ढोकाहरू स-साना हुन्छन्। धेरैजसो घरहरू भूइँ तल्ले हुन्छन्, भित्री कोठा बारेको हुन्न। अगेना एक छेउमा हुन्छ। बिछ्यौनाहरू एक कुनामा लगाइएका हुन्छन् भने त्यही कोठाका अर्को छेउमा बाख्रा, कुखुरा आदि राखिन्छन्। कसै कसैको एक तल्ले घर हुन्छ। त्यस्तो घरमा माथिल्लो तल्लामा कसै कसैको सुत्ने कोठा समेत हुन्छ तर धेरै अन्न र मालसामान राख्ने गर्दछन्। अक्सर भूइँ तल्लाको मुख्य प्रवेशद्वारमा पिंढी हुन्छ। घरभित्र उज्यालो प्रशस्त नहुने हुनाले बिहान बिउँतो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पिंढीमा बस्ने गर्दछन्। घरको सानोतिनो काम तथा डोको आदि बुन्ने काम पिंढीमा बसेर नै गर्दछन्। बाहिरबाट आउने आगन्तुक तथा पाहुनाहरूलाई पनि पिंढीमा नै स्वागत गर्ने गर्दछन्।

तामाङहरूको रीतिस्थिति अन्य जातिकोभन्दा भिन्दै हुन्छ। तामाङहरूको संस्कृतिको स्रोत मुख्यतया तिब्बती लामा धर्म नै भएको हुनाले उनीहरूको रीतिस्थिति पनि लामाहरूबाट नै सञ्चालन हुन्छ।

तामाङ जातिमा बच्चा जन्मेपछि परिवारमा हर्षको वातावरण छाउने हुन्छ। हिन्दू धर्मावलम्बीहरूको न्वारान झैं दाबेन गर्ने चलन छ। केटा जन्मेमा तीन महीना पछि र केटी भएमा तीन हप्तामा लामाले निर्धारण गरिदिएको साइतमा भात ख्वाउने गर्दछन्। उनीहरूको व्रतबन्ध गर्ने चलन छैन।

साधारणतया यो जिल्लाको तामाङ जातिमा विवाह सम्बन्धी रीतिस्थिति लामो छैन। तामाङ जातिमा मामा चेला फुफू चेलीको विवाह गर्ने चलन छ। त्यस्तो मामा चेला र फुफू चेलीमा करकाप नै पर्ने हुन्छ। अक्सर फुफूको छोरी नभएमा अथवा मामाको छोरा नभएमा मात्र अरू केटी र केटासँग बिहे गर्ने गरिन्छ। यहाँका तामाङहरूको विवाह तीन किसिमबाट हुन सक्दछ। प्रत्येक किसिमको नाम निम्नअनुसार छः–

१. धनसिङ विवाह

२. शूरसिङ विवाह

३. बलसिङ विवाह

धनसिङ विवाहः त्यस्तो किसिमको विवाह अक्सर धनी परिवारहरूले मात्र गर्दछन्। धनसिङ विवाह गर्दा गराउँदा धेरै धन खर्च हुः भएकोले नै यस्तो नामकरण गरिएको देखिन्छ। अधिकांश मानिसहरू निर्धन भएको हुनाले यस्तो विवाहको चलन व्यापक छैन। त्यस्तो विवाह साधारणतया केटाकेटीको आमा बाबुले आपसमा कुराकानी गरेर आफ्ना छोरा छोरीको सम्बन्धको व्यवस्था गरिदिने गर्दछन्। दुई परिवारलाई ववाहिक सम्बन्धमा बाँध्नको लागि त्यस्तो विवाहको व्यवस्था गरिन्छ।

शूरसिङ विवाहः अधिकांश मानिसहरू शूरसिङ विवाह गर्ने गराउने गर्दछन्। यस्तो विवाहमा केटाको बाबुले जाँडको ठेकी र मोहर रूपैयाँको दक्षिणाहरू केटीको घरमा दिएपछि आफूले मागेको केटीलाई आफ्नो परिवारमा ल्याउने गर्दछन्। त्यसरी केटी माग्न जाँदा लैजाने ठेकीलाई स्याल्कर र केटीको आमाबाबु, नाताकुटुम्बलाई दिइने दक्षिणालाई सुङदेन भनिन्छ। केटातिरबाट लगिएको स्याल्कर र दक्षिणा स्वीकार गरेपछि विवाहको प्रस्तावमा स्वीकृति जनाएको ठहर्छ। त्यस्तो विवाह केटाकेटीले आपसमा छानिसकेपछि केटाले आफ्नो आमा बाबुलाई अनरोध गरेर छिन्ने गरिन्छ। केटाकेटीले इच्छा गरेअनुसार आमाबाबुले नमानेमा दुवै भागेर बस्ने पनि गर्दछन्।

बलसिङ विवाहः मेला पर्वको जमघटबाट वा बाटो हिंड्न लागेकी केटीलाई बल प्रयोग गरी आफ्नो घर वा अन्यत्र लुकाई स्याल्कर (रक्सी र पैसा) केटीको घरमा लैजाने गरिन्छ। यस्तो बेला स्याल्करको दस्तूर रू. पाँचदेखि रू. ५०। सम्म हुन सक्दछ। केटीको आमाबाबुले स्याल्कर स्वीकार गरी लिएमा विवाह मञ्जूर गरेको ठहर्छ। साथै आफ्ना छोरी उडाएर लगेको अभियोगमा केटीको आमाबाबुले हर्जानाको माग पनि गर्न सक्दछन्। यस्तो बल प्रयोग गरेर गरिने विवाह भएकोले बलसिङ विवाह भनिएको हो। स्याल्कर स्वीकार नगरेमा विवाह मञ्जूर नगरेको ठहर्ने हुँदा लुकाइएको केटीलाई फर्काइदिइने गरिन्छ।

उपर्युक्त तीन किसिमको विवाहमध्ये शूरसिङ विवाहको प्रचलन धेरै छ। उत्तरतिरका केही गाउँ पञ्चायतहरूमा दुई वा दुईभन्दा बढी दाज्यू भाइहरूले एउटी आइमाई विवाह गर्ने चलन हाल घट्दै गएको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तामाङ जातिमा व्यक्ति विशेषको विवाहलाई सामुदायिक पर्वको रूपमा मानिन्छ। विवाह गरेर ल्याएपछि गाउँलेहरूले घरपिच्छे रू. एकदेखि रू. पाँचसम्म दुलहा दुलहीलाई उपहार दिने गरिन्छ। त्यसरी उपहार दिने मानिसहरूलाई भोज ख्वाउने पनि चलन छ।

तामाङ समाजमा स्त्री र पुरुषको सम्बन्ध पूर्ण समानतामा आधारित नभए पनि बढी समानता उपभोग गर्दछन्। स्त्रीहरूलाई आफूले चाहेमा मन नपरेको लोग्नेबाट पारपाचुके गर्ने अधिकार छ। यहाँ पारपाचुकेको अनौठो चलन छ। लोग्ने र स्वास्नी मिलेर बस्न नसकेमा दुवैको मन्जूरीले धागो वा सिन्को काट्ने गर्दछन्। दुई थरीले दुई छेउ समातिएको धागो वा सिन्को काटिदिए पारपाचुके भएको ठहरिन्छ। पारपाचुके भएपछि अरूसँग विवाह गर्न पाउने हुन्छ।

कसैको आफ्नो छोरा नभएमा र छोरी पनि एउटी मात्र भएमा उसले घरज्वाइँ ल्याउन सक्दछ। त्यसरी घर ज्वाइँ बसेको मानिसले अर्को बिहे गरेमा उसले पाएको अघिल्लो ससुरालीको सम्पति स्वास्नीको अधिकार हुन्छ। यदि छोरी चाहिँले अरूसँग बिहे गरेमा आफ्नो बाबुआमाको सम्पत्तिमाथिको अधिकार उनीबाट खोसिन्छ। घर ज्वाइँ बस्दा स्वास्नीले मरी भने उसको आमाबाबुको मन्जूरी लिएर ज्वाइँले अर्को स्वास्नी ल्याउन सक्दछ।

मानिस मर्दा लाशलाई खटमा राखेर चारजना मानिसहरूले बोकेर दाह गर्न लैजाने गरिन्छ। लाश राखिएको खटलाई एक लामाले डोऱ्याउने गर्दछ। मुर्दालाई प्रायः जलाउने गरिन्छ। त्यसरी मुर्दा लैजाँदा गाउँको प्रत्येक घरबाट एक जना मलामी जाने गर्दछ। मानिस जुन घरमा मरेको छ त्यस घरको मानिसलाई काज क्रिया खर्चको लागि गाउँलेहरूबाट प्रत्येक धुरीको रू. एक को दरले सहयोग दिने गरिन्छ। मुर्दा बोक्ने मानिसहरू र डोऱ्याउने लामालाई सूतक परेको परिवारले तीन दिन पाल्नु पर्दछ। तिनीहरूले तीन दिनपछि नुहाइ धुवाइ गरी चोख्याई आफ्ना आफ्ना घर फर्कने गर्दछन्। मानिस मर्दा मुर्दा बोक्ने काम ज्वाइँ अथवा ज्वाइँहरूले गर्दछन्। मुर्दा दाह संस्कार गर्न लैजाँदा मृत व्यक्तिको आमा, बाबु, लोग्ने, स्वास्नी ले मलामी जाने चलन छैन। ज्वाइँ अथवा ज्वाइँहरूले दागबत्ती दिने गर्दछन्।

मृत्यु भएको तेह्रदिन पछि सबै गाउँलेहरूलाई खाजा ख्वाउने चलन छ। मानिस मरेको दिनदेखि वर्ष दिनभित्र घेवा गर्ने गरिन्छ। घेवाको कार्य लामाहरूबाट विभिन्न विधिहरू गराई बाजा नाचगान आदि सहित सम्पन्न गरिन्छ। मानिस मरेपछि घेवाको विधि अनिवार्य रूपले गरिन्छ। त्यो विधि हिन्दू धर्मावलम्बीहरूले गर्ने श्राद्ध जस्तै हो। त्यो विधि गर्दा सबै इष्ट मित्रहरूलाई आमन्त्रण गरिन्छ। उक्त विधि एकदिनदेखि पाँच दिनसम्म सञ्चालन गरिन्छ। त्यो विधि ज्यादै खर्चिलो छ। घेवाको विधि नगरेसम्म मर्ने मानिसका छोराहरू तथा अन्य नजीकका नातेदारहरूको हातबाट पानी चलाइँदैन। साथै उक्त विधि समाप्त गरिसकेपछि मात्र मृत व्यक्तिको छोराहरूले सार्वजनिक मेला, पर्व, नाच गान आदिमा भाग लिन हुने चलन पनि छ।

ती बाहेक तामाङहरूले अन्य धेरै पर्व चाडहरू मान्दछन्। धेरै जसो चाड पर्वहरू गुम्बाहरूमा लामाहरूको निर्देशनमा गरिन्छन्। तिनीहरूले केही ठूला हिन्दू चाड पर्वहरू जस्तै दशैं, तिहार, चैतेदशैं, संक्रान्ति माघे संक्रान्ति आदि पनि मनाउँछन्। हिन्दू धर्मावलम्बीहरूले झैं दशैंमा बोका, कुखराको भोग दिई भोज खाने गर्दछन्।

यहाँका तामाङहरूले मनाउने बौद्ध पर्वहरूमा मुख्य ल्होसर (तिब्बती नयाँ वर्ष मनाउने पर्व) हो। यो पर्व फागुन महीनामा हुन्छ। यो पर्वको उपलक्ष्यमा तामाङहरू बौद्ध तीर्थ स्थलहरूको भ्रमण गर्ने, बौद्ध गुम्बाहरूमा पूजा गर्ने आदि गर्दछन्। ल्होसर मनाउन नयाँ लुगा सिलाउने, मासु, जाँड, रक्सी खाने तथा नाचगान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नें गर्दछन्। यहाँ मनाइने अन्य पर्वहरूमा ङिउने, ल्हुमू (गुम्बामा धार्मिक पुस्तक पढ्ने वा पढाउने) आदि हुन्। त्यस बाहेक हरेक शुक्लपक्षको दशमीको दिन ध्याङ (गुम्बा) मा पूजा गरी छैंजु नामक विधि गर्दछन्। तामाङहरू धार्मिक विश्वासमा कट्टर हुन्छन्। उनीहरू सिंह्ला नामक कुल देवताको पूजा गर्दछन्। घले तामाङहरूले दुप्पा काप्के नामक कुल देवतालाई पूजा गर्दछन्।

तामाङहरू बौद्ध धर्मावलम्बी भए तापनि हिंसा गर्दछन्। लामाको काम गरिरहेका मानिसहरूले मात्र हिंसा र काटमार गर्दैनन्। आइमाईहरू पनि साधारणतया काटमार गर्दैनन्। तामाङहरू साग तरकारी थोरै मात्रा-मा खान्छन्। तामाङहरूको मुख्य खुराक मकै, कोदो र आलु हो। तोरी लाग्ने ठाउँमा तोरीको साग खाने तथा सोको गुन्द्रुक बनाई खाने गर्दछन्। तामाङ जातिमा पुरुष आइमाई दुवै थरीले जांड, रक्सी पिउने तथा चुरोट तान्ने गर्दछन्।

यहाँका तामाङहरू अधिक मात्रामा भारततर्फ जाने गर्दछन्। विदेशी फौजमा भर्ती हुन जाने चलन यहाँ छैन। केही मात्रामा काठमाडौंमा काम खोज्न जाने गर्दछन्। यहाँका मानिसहरू खेतीको समयबाट फुर्सत पाएपछि नुवाकोट–काठमाडौंमा भारी बोक्ने गर्दछन्।

यो जिल्लामा तिब्बततिरबाट आएका शरणार्थीहरूको संख्या धेरै छ। हाल यहाँ भएका विदेशी शरणार्थीहरूको संख्या निश्चित भइसकेको देखिन्न। विभिन्न गाउँ पञ्चायतहरूमा नेपाल रेडक्रस सोसाइटीले शरणार्थी कैम्पको व्यवस्था गराइदिएको छ। करीब १०० तिब्बती खम्पा शरणार्थीहरूलाई पनि लाङटाङ उपत्यकाको किर्पुनेसमा बसोबास गराइएको छ। यस बाहेक गोसाइंकुण्ड, लाङटाङ आदि स्थानहरूमा विदेशी पर्यटकहरू भ्रमण गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

यो जिल्ला आर्थिक दृष्टिकोणले ज्यादै पिछडिएको छ। उपलब्ध खेतीयोग्य जमीनको परिमाण, कृषि उत्पादन, यातायात, चालु-उद्योगहरू, व्यापार, सामाजिक सेवाको सुविधा आदिको हिसाबले यो मध्यमाञ्चल विकास क्षेत्रको सबभन्दा कम विकसित जिल्ला हो। यहाँका मानिसहरूको आर्थिक जीवन ज्यादै तल्लो स्तरमा रहेको छ। बहुसंख्यक जिल्लाबासीहरू ज्यादै गरीब छन्। आधुनिक यातायतको सहूलियत नपाएको दुर्गम जिल्ला भएकोले सीमित कृषि र पशुपालन बाहेक अन्य आर्थिक व्यवसायहरू नगण्य रूपमा मात्र रहेका छन्। हाल केही वर्षदेखि पर्यटकहरूले यहाँको विभिन्न स्थानहरूमा पैदल भ्रमण गर्न थालेका छन्। तर त्यसरी बढ्दै गएको पर्यटन उद्योगबाट जिल्लाबासीहरूले आर्थिक फाइदा पाउन सकेका छैनन्। यहाँको अर्थ व्यवस्था काठमाडौं शहरको विस्तार क्षेत्रभित्र रहेको देखिन्छ। सीमित आर्थिक व्यवस्था रहेको यो जिल्ला निवासीहरूको आर्थिक जीवन शहरी बजारको व्यवस्थाले शोषिरहेको देखिन्छ। हालसम्म पनि यहाँ अधिक मात्रामा वस्तु विनिमयमा आधारित व्यापार चलेको छ। यहाँको अधिकांश आन्तरिक व्यापार मौद्रिकरण नभइसकेकोले यसको अन्य जिल्लाहरूसँगको व्यापारमा प्रतिकूल प्रभाव पर्न गएको छ।

कृषि

यो जिल्लाको सबभन्दा बढी महत्वपूर्ण व्यवसाय कृषि हो। यहाँको कृषि व्यवसायमा आधुनिक प्राविधिज्ञहरूको प्रयोग कम भएकोले उत्पादनको परिमाणमा उत्साहवर्द्धक भइसकेको छैन। कृषिमा अधिकांश मात्रामा प्राचीन कालदेखि चलिआएका औजारहरू प्रयोग गरिन्छन्। यहाँ धेरै मात्रामा पाखे बाली लाग्छ। जिल्लामा भएको खेतीयोग्य जमीनमा खेतको अनुपात थोरै छ। कतै कतै होचो भागमा गरा बनाई कुलोको व्यवस्था गरी स-साना खेतहरू बनाइएका छन्। यहाँ खाद्यान्नकै खेती बढी हुन्छ। हाल साल मात्रै फलोद्यान तथा फलफूल खेती प्रचार गरिएको छ। बहुसंख्यक मानिसहरूको खाद्यान्नमाथि रहेको वर्तमान आवश्यकता र भावनात्मक लगावको कारण यहाँको भौगोलिक परिस्थितिमा फलफूल खेती आर्थिक दृष्किोणले बढी लाभदायक हुने भए तापनि बाली प्रणालीमा विशेष परिवर्तन आइसकेको छैन।

यो जिल्लामा २०२९ सालमा खेती गरिएको जमीन १,५०० हेक्टर रहेको छ। जिल्लाको क्षेत्रफलको सन्दर्भमा यहाँ खेती गरिएको जमीन निकै कम छ। खेती गरिएको जमीनको अनुपात अन्दाजी १.२ प्रतिशत देखिन आउँछ। बाँकी जमीन हिमालय, पहाडहरू, उच्च लेकाली पर्वतहरू, भीर, डाँडा, वन र नदी खोलाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्दछन्। यहाँको खेती गरिएको जमीन र जनसंख्याको अनुपात १:१२ अर्थात् प्रत्येक एक हेक्टर जमीनमा १२ व्यक्तिहरू अर्थात् १०० जना मानिसलाई ८.३ हेक्टर जमीन पर्ने देखिन्छ। यहाँ आर्थिक दृष्टिकोणले कृषिमा सक्रिय रहेका मानिसहरू १०,५५९ लाई जिल्लामा खेती गरिएको जमीन १,५०० हेक्टर उपलब्ध रहेको छ। त्यस हिसाबले प्रत्येक कृषकलाई अन्दाजी .१४ हेक्टर अर्थात् २.८ रोपनी आफ्नो भागमा पर्ने देखिन्छ।

यो जिल्लामा मकै, कोदो, धान, गहुँ, जौ आदि खाद्यान्नको खेती गरिन्छ। केही मात्रामा तोरी, भटमास, सीमी आदिको खेती पनि गरिन्छ। वि. सं. २०२९ सालमा प्रकाशित कृषि तथ्याङ्क पुस्तिकाअनुसार वि. सं. २०२८ सालमा यहाँ उब्जाइएको विभिन्न बालीहरू र सोको क्षेत्रफल तल दिएअनुसार रहेको छः–

क्षेत्रफलः हेक्टरमा

क्षेत्रफल र उत्पादनको तालिका — उत्पादनः मेट्रिक टनमा

बाली	क्षेत्रफल	उत्पादन
मकै	१,०००	१,७१०
कोदो	४७५	५७०
गहुँ	५५०	४९५
जौ	४५५	४६६
धान	३१०	८०६
आलु	६५०	३,५७५
तोरी	४०	१८
जम्मा बाली	३,४८०	७,६४०

यो जिल्लामा खेती गरिएको जमीन कम भए तापनि बागमती अञ्चलका अन्य जिल्लाहरूभन्दा यहाँ खेतीको सघनता बढी छ। यहाँको कृषिको सघनता १:२.३ छ। यहाँको सम्पूर्ण जनसंख्याको खाद्यान्नको आवश्यकता यहाँ हुने खाद्यान्नको उत्पादनबाट पूरा हुन्छ। माथि उल्लिखित कृषि तथ्याङ्क पुस्तिकाअनुसार वि. सं. २०२८ सालमा यहाँ ७९० मेट्रिक टन खाद्यान्न बचत भएको देखिन्छ।

हिमालवर्ती दुर्गम जिल्ला भएकोले यहाँ कृषि विकास कार्यक्रम प्रभावकारी ढङ्गबाट कार्यान्वित भइसकेको छैन। उपलब्ध भूमिमाथि अत्यधिक जनभार, अविकसित कृषि औजारहरूको प्रयोग, मलखादहरूको अपर्याप्तता, उन्नत जातको नश्ल सुधार गरिएको बीउको प्रयोगमा कमी, सिचाइ सुविधाको अभाव आदि यहाँको प्रमुख कृषि समस्याहरू हुन्। यातायातको असुविधा तथा खण्डित भू-स्वामित्व आदिको कारण आधुनिक टेक्नोलजीको प्रयोग कम रहन गएको छ। हुनत अधिकांश उपलब्ध खेतीयोग्य जमीन पाखाहरूमा सीमान्त भूमिको रूपमा अवस्थित रहेकोले ती जमीन नयाँ प्रयोगहरूको लागि उपयुक्त देखिंदैन।

रसुवा जिल्लामा वैज्ञानिक नापी भइसकेको छैन। मालपोतमा वि. सं. १९५२ सालको नापीअनुसार हले, पाटे, कोदाले आदिको नापको आधारमा दर्ता गरिएको छ। यहाँ खेत पाखो दुवै गरी अन्दाजी २८,४८५ रोपनी जमीनमा खेती गरिएको देखिन्छ। यहाँ भूमि सुधार कार्यक्रम अन्तर्गत ३,०३७ जनालाई मोहियानी हकको प्रमाण-पत्र वितरण गरिएको छ।

यो जिल्लामा कसैको पनि हदबन्दीभन्दा बढी जमीन भएको देखिन्न। ऋण निश्चित गर्ने सिलसिलामा नगदीमा रू. ८९,७६३। र जिन्सीमा २४६ मन २६ सेर ऋण निश्चित भएको छ। यहाँ कूत निश्चित गरिएको छैन। यो जिल्लामा रू. २०,५२३। नगद र २,१६१ मुरी जिन्सी अनिवार्य बचत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उठेको देखिन्छ । उपर्युक्त जिन्सीको विक्रीबाट रू. ९९,८४५। हुन आएको देखिन्छ। त्यसमध्ये रू. ५३,४४५। तत्कालीन भूमी सुधार बचत संस्थानमा दाखिला गरिएको, रू. ३८,२०६। ऋण वितरण गरिएको, रू. १०,४१७। कृषि विकास बैंकमा जम्मा गरिएको देखिन्छ । त्यस बाहेक रू. ४,०९०। फिर्ता, रू. ३१,४४३। व्याज वापत वितरण, रू. १,६०५। पारिश्रमिक वापत वितरण, रू. ९,६६६। माल अड्डामा दाखिला भएको देखिएको छ ।

यो जिल्लामा गाउँ पञ्चायतको प्रधानपञ्चले मालपोत उठाई माल कार्यालयमा बुझाउने गरेको छ ।

आवश्यक परेको समयमा खेताला लगाउने चलन छ । आफ्नो पर्याप्त जमीन नहुने मानिसहरू अरूको खेत, बारीमा कृषि श्रमिकको रूपमा काम गर्दछन् । यहाँ दैनिक ज्यालामा खेत बारीमा काम लगाउदा पुरुष श्रमिकलाई रू. तीनदेखी रू. पाँचसम्म र महिला श्रमिकहरूलाई रू. दुईदेखि तीनसम्म ज्याला दिने गरिन्छ । साथै कामगर्नेहरूलाई खाजा ख्वाउने चलन छ । खेतीको काम परेको बेलामा यहां एकले अर्कोलाई सघाउने चलन पनि छ। त्यस्तो चलनलाई स्थानीय तामाङ भाषामा "नांगोर" भनिन्छ।

वि.सं. २०३० कात्तिकदेखि जिल्लाको सदरमुकाममा कृषि विकास बैंकको उप-शाखा स्थापना गरिएको छ । त्यस बैंकबाट २०३१ वैशाखसम्ममा कृषि तथा पशुपालनको लागि १८० जनालाई रू. ६६,६००। कृषि ऋण उपलब्ध गराएको अभिलेख छ। यो जिल्लामा संस्थागत कृषि ऋणको लागि प्रमुख जिल्ला अधिकारीको कार्यालयको भूमी सुधार शाखा पनि रहेको छ । स्थानीय प्रचलन अनुसार आवश्यक परेको बेलामा साहूहरूबाट ऋण लिने गर्दछन्। त्यसरी लिने दिने गरिने ऋणको ब्याज दर सयकडा १० निर्धारण गरिएको भए तापनि पहिलेदेखि चलिराखेको दरमा कोसेली आदि लिने गरिन्छ । हालसम्म कुनै पनि सहकारी संस्था गठन भएको छैन।

फलफूल खेती

यो जिल्लामा फलफूलको खेती व्यापक रूपमा भइसकेको छैन । जिल्लामा फलफूलको खेती आर्थिक व्यवसायको रूपमा गरिएको नहुँदा पहिले त्यहाँ उब्जाइने केही फलफूलहरू जस्तै आरु, नासपाती, ओखर आदिलाई बेचबिखनको लागि बजारहरूमा पुन्याउने व्यवस्था भएको छैन । साधारण जनताको खाद्यान्न प्रति भावनात्मक लगाव हुनुको साथै फलफूल खेती अन्न खेती झैं कृषि व्यवसायको रूपमा हुन सक्दछ भन्ने ज्ञानको कमीको कारण फलफूल खेती सीमित रहेको छ। यो जिल्लामा फलफूल खेतीको प्रचार र विकासको लागि आर्थिक वर्ष २०२७।०२८ को चैत महीनामा सदरमुकाम नजीकै एउटा बागबानी केन्द्रको स्थापना गरिएको थियो। हाल उक्त केन्द्रमा रूट स्टक बिरुवा, फलफूल बिरुवा, हरियो तरकारी, बीउबीजन, आलु आदि उत्पादन गर्ने कार्य भइरहेको छ। त्यस केन्द्रमा स्याउ, नासपाती, आरु, दाँते ओखर, आलुबखडा, कागजी बदाम आदिका बिरुवाहरू लगाइका छन्। उक्त केन्द्रबाट फलफूल खेतीको प्रचार र प्रसार भइरहेको छ। साथै दुर्गम प्रदेश विकास कार्य अन्तंगत स्याउ तथा अन्य फलफूलको बोट बिरुवाहरूको वितरण भएको थियो । हाल केही बगैंचाहरूमा स्याउ आदि उत्पादन हुन लागेको छ । फलफूल खेतीमा साधारण जनताको अभिरुची वर्द्धन गएको देखिन्छ ।

उक्त बागबानी केन्द्रबाट भएको आलु, हरियो तरकारी, तरकारीको बीउ आदिको बिक्री वितरणबाट आर्थिक वर्ष २०२९।०३० मा रू. २,०७९। श्री ५ को सरकारलाई राजस्व आम्दानी भएको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपालन र चरन विकास

पशुपालन यो जिल्लाको दोस्रो सबभन्दा ठूलो व्यवसाय मान्न सकिन्छ। यहाँ भएको उच्च पहाडी खर्कहरूमा चौंरी गाई, भेडा पाठा पालिन्छन्। होचो पहाडी भागमा पाइने नदीका खोलाका किनारहरूमा गाई, भैंसी आदि पालिन्छन्। गाउँ–घरमा कुखुरा, बँदेल पाल्ने काम पनि गरिन्छ। पशुपालन एकातिरबाट कृषिको सहायक व्यवसायको रूपमा अपनाइएको हुन्छ। खेत बारीमा प्रयोगको लागि चाहिने मल पशुपालनबाटनै उपलब्ध गरिन्छ। साथै खेत जोत्नको लागि गोरु पाल्नु आवश्यक पर्दछ।

यो जिल्लाका केही भागमा खाद्यान्न खेतीको लागि हुने जमीनको अभावको कारण पहिले-देखि नै पशुपालन महत्वपूर्ण व्यवसायको रूपमा रहेको छ। हाल केही वर्षदेखी पशुपालन विकास कार्यक्रम सञ्चालन भएकोले स्थानीय खर्कको सुधार र विकासको आवश्यकतानुरूप लाङ्टाङ उपत्यकामा चरन विकास कार्यक्रम शुरू गरिएको छ। लाङ्टाङ र गोसाइँकुण्ड इलाकाहरूमा चीज उत्पादन केन्द्रहरूको स्थापना भएपछि स्थानीय जनताहरूलाई पशुपालन विशेषगरेर चौंरी पालन निकै लाभदायक हुन गएकोले त्यसतर्फ जन अभिरुचि बढ्न गएको छ। साथै स्थानीय भेडाको नश्ल सुधार गर्न असल जातका भेडा (थुमो) हरूको वितरण भएको छ।

यहाँ भइरहेको पशु विकासको कारण बढ्दो पशु संख्यालाई आवश्यक आहार उपलब्ध गराउन उन्नत जातका पौष्टिक घाँसहरूको परीक्षण गरी स्थानीय माटो र हावापानीमा फष्टाउन सक्ने घाँसहरू चरन खर्कहरूमा फैलाउने कार्य चलाइएको छ। साथै चरन विकासमा स्थानीय जनताको अभिरुचि बढाउन प्रचार कार्य पनि भइरहेको छ। चरन विकास कार्यक्रमको सिलसिलामा लाङ्टाङ, गोसाइँकुण्ड, धुन्चे आदि स्थानका जमीनमा ४२ किसिमका घाँसहरूको परीक्षण खेती गरिएको छ। परीक्षणको साथै विभिन्न स्थानमा बीउहरू वितरण गरिँदै आएको छ। उक्त चरन विकास कार्यक्रम हालसम्म प्रारम्भिक अवस्थामा नै रहेको देखिन्छ।

व्यापार र उद्योग

यो जिल्लाको बाटो गरी काठमाडौं र तिब्बतको केरुङको बीच व्यापार हुन्थ्यो। मध्ययुगमा यहाँको रसुवागढीको मार्ग तिब्बत व्यापारको प्रमुख व्यापारिक नाका थियो। अरनिको राजमार्गनिर्माण भएपछि रसुवागढीको मार्गको महत्व घट्न गयो। हालसम्म पनि यो जिल्ला र जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित प्रदेशको केरुङ इलाकाको बीच व्यापार हुन्छ। अतः रसुवागढीमा श्री ५ को सरकारको एक भन्सार कार्यालय रहेको छ।

यो जिल्लाको अन्य जिल्ला तथा तिब्बतसितको व्यापारमा मुख्यतया निकासी र पैठारी हुने माल सामानहरू निम्नअनुसार छन्:–

निकासी हुने	पैठारी हुने
सक्खर, हरियो खुर्सानी,	नून, कच्चीऊन, भोटेच्याउ,
सूती कपडा, खानेतेल, नाइलनको मोजा,	सीमी, गहुँ, भेडाको बोसो,
सुती फित्ता, सुकेको खुर्सानी, देशी रङ,	भेडाको सुकुटी मासु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घरायसी आल्मोनियमका भाँडा वनर्तहरू,
गाईको काँचो छाला, अदुवा, फलामे पाता,
टेरिलिनको कमीज, प्लाष्टिकको टुमलेट,
मैनबत्ती आदि

भेडाको काँचो छाला, जिम्बू,
छुर्पी, पाँच औंले, चौंरीको पुच्छर,
भोटे गलैंचा, ऊनी कपडा, गोरु,
सूती गञ्जी, कुखुरा आदि ।

यहाँको आन्तरिक व्यापार संगठित रूपमा रहेको छैन। खास गरेर यहाँ मौद्रीकरणको स्थिति निकै प्रारम्भिक अवस्थामा रहेकोले आवत-जावतको मूल बाटोमा पर्ने स्याफ्रु, राम्चे आदि स्थानहरू र सदरमुकाममा दैनिक उपभोगका सामानहरूको बेचबिखन गर्ने स-साना पसलहरू मात्र रहेका छन् । जिल्लाभित्र बजारहरूको प्रबन्ध नभइसकेकोले अधिकांश जिल्लाबासीहरूको व्यापार वस्तु विनिमयको रूपमा नै रहेको छ।

रसुवा जिल्लाको अधिकांश भाग नै काठमाडौंको बजारको विस्तार क्षेत्रभित्र पर्दछ। त्रिशूली बजारको माध्यमबाट यसको काठमाडौंसितको व्यापार हुन्छ। यहाँको अधिकांश निकासी पैठारी काठमाडौंको बजारमा आधारित रहेको देखिन्छ । जिल्लाभित्र ठूलो व्यापारिक संगठनहरू नभएको हुनाले बाहिरको विशाल बजारहरूमा यहाँका मानिसहरूले व्यक्तिगत तवरले क्रय-विक्रय गर्ने हुनाले यसको बाह्य व्यापार सोही बजारको लाभ हुने गरी भइरहेको छ ।

यो जिल्लामा दुईवटा चीज उत्पादन केन्द्रहरू सञ्चालन भइरहेका छन्। उक्त केन्द्रहरू केन्जिन (लाङटाङ) र गोसाइँकुण्ड जाने बाटोमा पर्ने चन्दनबारीमा रहेका छन्। ती केन्द्रहरू दुग्ध विकास संस्थानबाट सञ्चालित भइरहेका छन्। ती दुई केन्द्रहरूबाट सालिन्दा १० टन चीज, १,७२५ के. जी. मखन उत्पादन भइरहेको देखिन्छ। ती दुई केन्द्रहरूमा १० जना स्थायी र छ जना अस्थायी कामदारहरूले रोजगारी पाइरहेका छन् । त्यहाँबाट उत्पादन हुने सामान मानिसद्वारा बोकाई काठमाडौं निकासी गर्ने गरिएको छ। ती केन्द्रहरूको स्थापना भएपछि उक्त इलाकामा चौंरी पाल्ने मानिसहरूलाई पशुपालनबाट बढी आर्थिक लाभ हुन लागेकोले पशु संख्या वृद्धितर्फ जन-अभिरुचि बढ्न गएको छ। ती केन्द्रहरू यो जिल्लाका संगठित औद्योगिक प्रतिष्ठानहरू हुन्। चीज उत्पादन केन्द्रहरू बाहेक पारिवारिक स्तरमा ऊन, बाँस, निगालो, काठ, लोक्ता (कागज बनाउने) आदि स्थानीय कच्चा मालमा आधारित उद्योगहरू धेरै पहिलेदेखि चलिआएका छन्। तामाङ जातिका मानिसहरू विशेष गरेर महिलाहरू स्थानीय भेडी गोठबाट उपलब्ध हुने तथा तिब्बतबाट आयात गरिएको ऊनबाट राडी, पाखी, गलैंचा, बक्खु आदि बुन्ने गर्दछन् । यहाँको वनमा पाइने बाँस निगालोबाट चोइटा काटेर डोको, नाङ्लो थुम्चे, डालो, चित्रा, भकारी आदि बनाउने गर्दछन् । साथै यहाँ पाइने लोक्ताबाट कागज बनाउने काम पनि केही मात्रामा हुन्छ। ती औद्योगिक व्यवसायहरू खेती तथा पशुपालनको सहायक वा पूरक व्यवसायको रूपमा व्यक्तिगत वा पारिवारिक स्तरमा मात्र सञ्चालित भएका हुनाले सोको सञ्चालनको लागि औद्योगिक इजाजतपत्रको जरूरत परेको छैन साथै त्यस्तो औद्योगिक व्यवसायहरूबाट सीमित मात्रामा केही काम भइरहेकोले जिल्लाको आर्थिक सन्तुलनमा थोरै मात्र प्रभाव पारेको छ ।

पर्यटन उद्योग

यो जिल्लाको सुन्दर हिमाली तीर्थस्थान गोसाइकुण्ड र लाङटाङ उपत्यकामा काठमाडौं आउने विदेशी पर्यटकहरूले बढी संख्यामा पैदल भ्रमण गर्न लागेका छन् । हालसम्म त्यसरी काठमाडौंबाट त्रिशूली बजार भई पैदल भ्रमणमा आउने पर्यटकहरूको लागि बस्ने सुत्ने र खाने व्यवस्था केही हुन सकेको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्यटकहरूले आफूलाई चाहिने सामान र खानेकुरा आफैंले बोकेर वा बोकाएर लैजानु परिरहेको छ । बाटोमा पर्ने गाउँहरूमा दूध तथा स्थानीय खानेकुरा मात्र उपलब्ध हुन्छ ।

काठमाडौं– लाङटाङ पैदल यात्रा निकै लोकप्रिय हुन गएको छ । लाङटाङ हिमालको काखमा अवस्थित उक्त सुन्दर हिमाली उपत्यका काठमाडौंबाट सबभन्दा नजीकको हिमालवर्ती इलाका भएकोले हिमालयको मनोहर दृश्यावलीले आकर्षित पर्यटकहरू हालसम्म अनेकौं कठिनाइ सहेर पनि पैदल भ्रमण गर्दछन् । साधारणतया काठमाडौंबाट त्रिशूली बजारसम्म मोटर, बसमा गई त्रिशूलीदेखि पैदल जाँदा लाङटाङ उपत्यकासम्म पुग्न अन्दाजी पाँच दिन लाग्छ । त्यस पैदल बाटोमा राम्चे, बोके झुण्डा, धुन्चे (रसुवाको सदरमुकाम), स्याफ्रु आदि स्थानहरू पर्दछन् । लाङटाङ उपत्यकाको सबभन्दा होचो भाग समुद्रको सतहबाट अन्दाजी ११,५०० फीटमा अवस्थित छ । उक्त उपत्यकाको पूर्वी भागमा एउटा सानो हवाइ मैदान पनि बनाइएको छ । लाङटाङ उपत्यकामा पैदल भ्रमण गर्ने पर्यटकहरूको संख्या बढ्दै जाने देखिन्छ ।

राष्ट्रिय जनगणना २०२८ बमोजिम यो जिल्लामा उमेर पुगेका जनसंख्यामध्ये आर्थिक दृष्टिकोणले व्यवसायमा सक्रिय रहेको जनसंख्या १०,९९२ अर्थात् ६२.७ प्रतिशत देखिन्छ । त्यसरी आर्थिक दृष्टिकोणले सक्रिय रहेका मानिसहरू विभिन्न व्यवसायहरूमा निम्न संख्यामा रहेका छन्:–

व्यवसाय	संख्या	प्रतिशत
कृषि, वन, पशुपालन आदि	१०,५५९	९६.०
उद्योग	९६	.९
व्यापार	१२०	१.१
यातायात तथा सञ्चार	७	.१
वैयक्तिक तथा सामुदायिक सेवा	२१०	१.९
जम्माः–	१०,९९२	१००.०

यो जिल्लामा बसोबास गर्ने मानिसहरूको व्यवसायिक अनुपात अत्यधिक मात्रामा कृषि तथा सो सम्बन्धी अन्य व्यवसायहरूमा रहेको तथ्य माथिको तथ्याङ्कले स्पष्ट पारेको छ । यहाँ कुल जनसंख्याको अन्दाजी ६३ प्रतिशत मानिसहरू सक्रिय रहेका छन् । र अरूले आर्जन गरेको आम्दानीमा आश्रित रहने मानिसहरू साधारणतया उमेर नपुगेका १० वर्ष मुनिका बालक बालिकाहरू, ६० वर्ष पुगिसकेका बृद्धहरू र रोजगारी नपाएका मानिसहरू समेत गरी ३७ प्रतिशत छन् । केही गुम्बाहरूमा लामा भई बसेका मानिसहरू पनि श्रद्धालुहरू माथि आश्रित रहन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात र सञ्चार

यातायात

रसुवामा सडक यातायातको सहूलियत प्राप्त भइसकेको छैन। काठमाडौं विकास केन्द्रबाट छुट्टिएर जाने मध्यमाञ्चल विकास रेखाको पश्चिमी हाँगा यसको धुन्चे भई स्याफ्रु बेंसीसम्म पुऱ्याउने योजना छ। यो जिल्लाको आन्तरिक यातायातको साधनहरूमा गोरेटो तथा घोडेटो मात्र छन्। काठमाडौंबाट पश्चिम-उत्तरतिर गएको मध्यमाञ्चल विकास रेखा हाल त्रिशूली बजारसम्म पुऱ्याइसकेको छ।

हवाइ यातायात

यो जिल्लामा दुईवटा स्टोल विमान स्थलहरू निर्माण गरिएका छन्। ती विमान स्थलहरू केञ्जिन (लाङटाङ उपत्यका) र थाम्बुचेतमा छन्। हाल तिनीहरूमा नियमित उडान गरिएको छैन। ती विमानस्थलहरूमा शाही नेपाल वायुसेवा निगमबाट चार्टर उडानहरूको व्यवस्था गरिएको छ। विशेषगरेर लाङटाङ उडानमा विदेशी पर्यटकहरू जाने गर्दछन्। विमानस्थलको निर्माणले यो जिल्लाको पर्यटन उद्योगमा ठूलो सहायता गरेको छ।

यहाँ भएका गोरेटो तथा घोडेटोहरूलाई मुख्य चार हाँगामा विभाजन गर्न सकिन्छः–

१. छहरे खोला–रसुवा गढी घोडेटो
२. ठूलो गाउँ–थुमन गोरेटो
३. मेगाङ–भोग्टेनी बाटो
४. मेगाङ–बर्मञ्चेत गोरेटो

छहरे खोला–रसुवागढी घोडेटो

यो घोडेटो जिल्लाको सबभन्दा लामो तथा बढी महत्वपूर्ण हो। यसलाई रसुवाको मुख्य मार्ग पनि भनिन्छ। राजधानीबाट नुवाकोट भई सदरमुकाम जाने पैदल मार्ग यही घोडेटो हो। यो बाटो जिल्लाको दक्षिण सीमानादेखि उत्तर सीमानासम्म लम्बिएको छ। यही घोडेटोबाट गोसाइँकुण्ड, लाङटाङ, चिलिमे आदि जाने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शाखा बाटोहरू छुट्टिएर गएका छन् । नुवाकोट जिल्लाको त्रिशूली बजारदेखि यस जिल्लाको सीमाना छहरे खोलासम्मको घोडेटोसित जोडिएको यो घोडेटो रसुवागढीसम्म पुगेको छ । मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित प्रदेशको केरुङ इलाका जाने मुख्य मार्ग नै यही घोडेटो हो । यो बाटोमा भीर-पहरा र नदी खोलाहरू पर्दछन् । यो बाटोमा पर्ने दुई ठूला नदीहरूमा त्रिशूली खोला र लाङटाङ खोला हुन् । बाटोमा पर्ने अधिकांश खोलाहरूमा कच्ची काठे साँघुहरू थापिएका छन् । स्याफ्रु गाउँ पञ्चायतमा पर्ने लाङटाङ खोला र टिमुरे गाउँ पञ्चायतमा पर्ने घट्टे खोलामा झोलुङ्गे पुलहरू निर्माण गरिएका छन् । यो बाटोमा पर्ने ठाडे, बोके झुण्डा र लिङलिङको पहिरोहरूले अति अप्ठचारो बनाएका छन् ।

हालसालै धुन्चेदेखि गोसाइँकुण्ड तथा लाङटाङसम्मको भागमा घोडेटो सुधार र मरमत गर्ने आयोजना कार्यान्वित गरिएको छ ।

ठूलो गाउँ–थुमन गोरेटो

यो बाटोले जिल्लाको आठ गाउँ पञ्चायतहरूलाई जोडेको छ । यो बाटो नुवाकोट जिल्लाको मनकामना गाउँ पञ्चायत सीमानादेखि शुरू भई उत्तरमा थुमनसम्म पुगेको छ । यो बाटो अन्दाजी ८० किलोमिटर अर्थात् २५ कोस लामो छ । यो बाटोमा पर्ने मेलुङ खोलामा थापिएको काठे साँघु बगाएकोले तुइन राख्ने आयोजना गरिएको छ । यो बाटो त्रिशूली गण्डकीको पश्चिम तीरबाट छहरे खोलादेखि रसुवागढी घोडेटोको समानान्तर मार्गको रूपमा रहेको छ । ती मार्गहरूलाई जोड्न राम्चे र ठूलो गाउँको बीचमा तथा अन्य स्थानहरूमा तुइनहरू राखिएका छन् । हालै स्याफ्रु बेंसीमा भोटे खोला (त्रिशूली खोला मिसिए पछि त्रिशूली गण्डकी भनिने) माथि पक्की झोलुङ्गे पुल निर्माण गरिएको छ ।

मेगाङ–भोग्टेनी बाटो

यो बाटो नुवाकोट र रसुवाको सीमानामा पर्ने मेगाङ भञ्ज्याङदेखि रसुवा र धादिङको सीमानामा पर्ने भोग्टेनीसम्म अन्दाजी २२ किलोमिटर अर्थात् सात कोस लामो छ । मेगाङदेखि किम्ताङ घट्टे खोलासम्म घोडेटो र सो खोलादेखि धादिङ सीमानासम्म गोरेटोको रूपमा रहेको छ । यो बाटोमा पर्ने किम्नङ खोलामाथि झोलुङ्गे पुल थापिएको छ । बाटोमा पर्ने अन्य खोलाहरूमा काठे साँघु र फड्केहरू थापिएका छन् ।

मेगाङ–बर्सुञ्चेत बाटो

यो बाटो मे गाङ भञ्याङदेखि बर्सुञ्चेत गाउँ पञ्चायतसम्म अन्दाजी २२ किलोमिटर अर्थात् सात कोस लामो छ । यो बाटोमा पर्ने खोलाहरूमा काठे साँघु र फड्केहरू थापिएका छन् । यो बाटो र मेगाङ-भोग्टेनी बाटोलाई जोड्ने किम्ताङ खोलामाथि सानो झोलुङ्गे पुल थापिएको छ । यो जिल्लामा माथि उल्लिखित मूल बाटोहरूबाट गाउँहरू जोड्ने तथा एक गाउँको बाटोबाट अर्को गाउँ जाने अनगिन्ती गोरेटोहरू छन् ।

यो जिल्ला डाँडा र खोलाहरूले भरिएको हुनाले मानिसहरूको आवत जावतको लागि पैदल मार्ग र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मालसामान मानिसले बोकेर ल्याउने लैजाने गर्छन् ।

यातायात कठिन भएकोले यो जिल्लाको बाटोहरू सुधार र मर्मत गर्न श्री ५ को सरकारको तर्फबाट प्रशस्त प्रयास भएको छ । बनाइएको बाटोहरूमा पहिरो चल्नाले बिग्रन गएको भागको पुनः मरमत गरिएको छ ।

सञ्चार

यो जिल्लाको सदरमुकाम धुञ्चेमा एउटा आकाशवाणी केन्द्र रहेको छ । उक्त केन्द्रबाट बागमती अञ्चलका अन्य जिल्लाहरू र राजधानीसँग सीधा सम्पर्क कायम हुन्छ । उक्त आकाशवाणी केन्द्रबाट अधिक मात्रामा श्री ५ को सरकारको कार्यालयहरूको खबरहरू आदान प्रदान हुन्छन् ।

यो जिल्लामा हुलाकको छवटा कार्यालयहरू रहेका छन् । जिल्लामा रहेका विभिन्न कार्यालयहरू निम्नलिखित स्थानहरूमा छन्:–

स्थान	स्तर
धुञ्चे	छोटी हुलाक
टिमुरे	शाखा हुलाक
गोलजुङ	अतिरिक्त हुलाक
सानो किम्ताङ	अतिरिक्त हुलाक
ठूलो आर्चेत	अतिरिक्त हुलाक
भोग्टेनी	अतिरिक्त हुलाक

यो जिल्लाका अधिकांश मानिसहरू अधिराज्यको अन्य भागमा तथा विदेशमा नरहेका हुनाले तथा जिल्लाबासीहरू ज्यादै अशिक्षित तथा निरक्षर भएका हुनाले यहाँ चिट्ठी पत्रहरूको आदान प्रदान नगण्य रूपमा हुन्छ । यहाँको हुलाक कार्यालयहरूमा अधिक मात्रामा श्री ५ को सरकारको जिल्लास्तरीय कार्यालयहरूको चिट्ठी पत्रहरू आवत जावत हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

शिक्षा प्रसारको दिशामा यो जिल्ला ज्यादै पिछडिएको छ। जनतामा नयाँ जागरणको टुसा भर्खर पल्हाउन लागेको छ। तर सीमान्त र आत्म निर्भर रहने कृषि व्यवसायमा झुण्डिरहेको हुनाले यहाँका बहुसंख्यक मानिसहरूले आफ्ना छोरा छोरीहरूलाई शिक्षा दिनेतर्फ आवश्यक ध्यान दिन सकेका छैनन्। यहाँ हालसम्म पनि एउटा माध्यमिक विद्यालय स्थापना भइसकेको छैन।

हाल प्रमुख जिल्ला अधिकारीको कार्यालय अन्तरगत एक शिक्षा शाखा रहेको छ। उक्त कार्यालयबाट जिल्लामा रहेका प्राथमिक तथा निम्न-माध्यमिक विद्यालयहरूको रेखदेख गरिन्छ। श्री ५ को सरकारको शिक्षा प्रसार कार्यक्रम अन्तर्गत यहाँ शिक्षाको क्षेत्रमा उल्लेखनीय प्रगति भइरहेको छ। शिक्षा प्रति जनतामा गहिरो अभिरुचि बढ्न लागेको देखिन्छ। विशेषगरेर प्राथमिक शिक्षाको प्रसार बढ्दै गएको छ। हाल यहाँ एउटा शिशु कक्षा (बाल मन्दिर), २७ वटा प्राथमिक र एउटा निम्न माध्यमिक विद्यालयहरू सञ्चालन भइरहेका छन्।

वि. सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनाअनुसार जिल्लाको छ वर्ष र सोभन्दा माथिको जनसंख्यामध्ये निम्न उमेर समूहमा साक्षर जनसंख्यालाई विभाजन गरिएको छ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			जम्मा		
	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत
६–९ वर्ष	७९५	५०	६.३	७९५	१२	१.५	१,५९०	६२	३.९
१०–१४ वर्ष	१,१००	२५३	२३.०	९८२	३५	३.६	२,०८२	२८८	१३.८
१५–१९ वर्ष	८४८	१६२	१९.१	८४५	२४	२.८	१,६९३	१८६	११.०
२०–२४ वर्ष	७३७	१११	१५.१	७७२	१०	१.३	१,५०९	१२१	८.०
२५–२९ वर्ष	५८९	७७	१३.१	६००	५	.८	१,१८९	८२	६.९
३०–३४ वर्ष	५९०	६०	१०.२	६३७	२	.३	१,२२७	६२	५.१
३५–३९ वर्ष	६१०	४२	६.९	६०५	३	.५	१,२१५	४५	३.७
४०–४४ वर्ष	५२४	२८	५.३	५०१	३	.६	१,०२५	३१	३.७
४५–५४ वर्ष	७५५	४३	५.७	६९२	३	.४	१,४४७	४६	३.२
५५–६४ वर्ष	५४१	१३	२.४	५४२	१	.२	१,०८३	१४	१.३
६५ वर्ष र सोभन्दा माथि	३६४	८	२.२	३११	१	.३	६७५	९	१.३
जम्माः–	७,४५३	८४७	११.४	७,२८२	९९	१.४	१४,७३५	९४६	६.४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाअनुसार यो जिल्लाको कुल जनसंख्यामध्ये छ वर्ष र सोभन्दा माथि उमेर पुगेको कुल जनसंख्या १४,७३५ मध्ये जम्मा ९४६ जना अर्थात् ६.४ प्रतिशत मात्र साक्षर भएको देखिन्छ। यसमध्ये पुरुष साक्षर संख्या ८४७ र महिला साक्षर संख्या ९९ रहेका छन्। त्यसरी यो जिल्लाको थोरै साक्षर जनसंख्यामा महिला साक्षरको संख्या निकै कम रहेको छ। त्यसरी महिलाहरू थोरै साक्षर हुनुको कारण यहाँको समाजमा पुरुषको दाँजोमा महिलाहरूलाई विद्यालयमा पढ्ने अवसर प्राप्त नहुनाले हो।

वि. सं. २०२८ को जनगणनामा यहाँको कुल छ वर्षदेखि माथि उमेर पुगेका जनसंख्या (१४,७३५) मध्ये ३४७ जना पुरुष र ४५ जना महिला विभिन्न स्तरका विद्यालयहरूमा पढ्न लागेका देखिन्छन्। केही वर्ष यतादेखि प्राथमिक विद्यालयहरूको संख्यामा वृद्धि हुन जानुको साथै विद्यार्थी संख्यामा पनि धेरै वृद्धि भएको छ। वि. सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार यो जिल्लामा विद्यालयमा पढ्न जान सक्ने छ देखि १५ वर्षसम्मको उमेर भएको जमसंख्या ४,११३ अर्थात् जिल्लाको कुल जनसंख्याको २३.५ प्रतिशत छ। यहाँ रहेका प्राथमिक तथा निम्न-माध्यमिक विद्यालयहरूमा हाल ८४८ छात्रछात्राहरू पढिरहेका छन्। जिल्लाको कुल विद्यालय जान सक्ने जनसंख्याको अन्दाजी २०.४ प्रतिशत मात्र विद्यालयहरूमा दर्ता भएको देखिन्छ। बहुसंख्यक मानिसहरू गरीब भएकोले आफ्ना छोरा छोरीहरूलाई सानै उमेरदेखि आर्थिक फाइदा हुने काममा लगाउनु पर्ने स्थिति यो जिल्लाबासीहरूले पनि भोगिरहेका छन्। त्यसरी जिल्लाको परिस्थितिअनुसार १० वर्ष उमेर पुगेका लडका लडकीहरू आर्थिक लाभ हुने व्यवसायमा लाग्ने भएकोले नौ वर्षसम्मको बालक बालिका मात्र शिक्षा आर्जन गर्ने काममा पूर्णतया विद्यालयमा हाजिर हुन सक्ने देखिन्छ। जिल्लाको जनसंख्यामा छदेखि नौ वर्षसम्मको उमेर समूहको कुल जनसंख्या १,५९० छ। सोको अनुपातमा हाल यहाँ प्राथमिक कक्षाहरूमा अध्ययन गरिरहेका ८३० जना बालक बालिकाहरू ५२.२ प्रतिशत हुने देखिन्छ।

धुन्चेस्थित बाल मन्दिरमा एक शिशु कक्षा सञ्चालन भइरहेको छ। उक्त कक्षामा ३० जना शिशुहरू छन्। जिल्लाको एउटै निम्न माध्यमिक विद्यालय पनि धुन्चेमा नै रहेको छ। सो विद्यालयमा १८ जना छात्रहरू र एकजना शिक्षक छन्।

यो जिल्लामा भएका सम्पूर्ण प्राथमिक तथा निम्न माध्यमिक विद्यालयलाई श्री ५ को सरकारको तर्फबाट आर्थिक सहायता प्राप्त भइरहेको छ। हाल सञ्चालन भइरहेको २७ वटा प्राथमिक विद्यालयहरूमा ३९ जना शिक्षकहरू छन्। तीमध्ये आठ जनालाई शिक्षक तालीम प्राप्त भएको छ।

यो जिल्लामा आर्थिक वर्ष २०२९।०३० मा २५ वटा प्रौढ साक्षरता कक्षाहरू सञ्चालन गरिएको थियो।

यो जिल्लाको प्राथमिक विद्यालयहरूमध्ये छ वटाको पक्की भवन, १२ वटाको कच्ची भवन र आफ्नै भवन नहुने ११ वटा छन्।

यो जिल्लामा आर्थिक वर्ष २०३२।०३३ देखि राष्ट्रिय शिक्षा पद्धति लागू हुँदै छ।

स्वास्थ्य

यो जिल्लाको सदरमुकाममा एउटा स्वास्थ्य चौकी रहेको छ। उक्त चौकीमा आर्थिक वर्ष २०२९।०३० मा ३,४०७ बिरामीहरूको उपचार गरिएको थियो। यहाँ धामी, झाँक्रीको चलन अझ पनि व्यापक छ। धामी झाँक्रीहरूले स्थानीय वनमा पाइने जरीबूटीहरूको प्रयोग पनि गर्दछन्। धुञ्चेमा रहेको स्वास्थ्य चौकीमा हप्ताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुई दिन मातृ शिशु कल्याण सम्बन्धी उपचार गर्ने गरेको छ। साथैं परिवार नियोजन सम्बन्धी सामग्रीहरू प्रत्येक दिन वितरण गर्ने गरेको छ। भदौ २०३० सम्ममा परिवार नियोजन सम्बन्धी सामग्री प्रयोग गर्नेहरूको संख्या १० पुगेको थियो।

नुवाकोटस्थित कार्यालयबाट खटिएका दलहरूले यहाँ बिफर बिरुद्ध खोपाउने गर्दछन्। यहाँ गरिनु पर्ने औलो उन्मूलन सम्बन्धी कार्य पनि नुवाकोटस्थित औलो उन्मूलन संघको कार्यालयबाट गरिएको छ।

यहाँ झाडाबान्ता जस्तो संक्रात्मक रोगहरू पनि लाग्ने गर्छ। झाडाबान्ता आदिको नियन्त्रणको लागि टी.ए. बी. सी. सई (इन्जेक्सन) दिने घुम्ती टोलीहरू खटाउने गरेको छ।

खानेपानी

यो जिल्लाका मानिसहरू साधारणतया पुल, कुवा, खोला आदिको पानी खाने गर्दछन्। सरसफाइ र पिउनको लागि सबै गाउँ पञ्चायतहरूमा यथेष्ट पानी उपलब्ध छैन। गाउँहरूमा पानीको स्रोत नजीक र कुनै गाउँहरूमा निक्कै टाढा रहेका छन्। कतै कतै पानी टाढा भएको हुनाले पिउने पानीको ओसार-पसार निक्कै कठिन हुन्छ।

यहाँ निम्न गाउँ पञ्चायतहरूमा खानेपानीको आयोजनाहरूको कार्यान्वित गरिएको छः–

धुन्चे खानेपानी आयोजना

अन्दाजी रू. २३,०००। को लागतमा सम्पन्न गरिएको यस आयोजनाबाट करीब १,५०० जनता लाभान्वित भएका छन्। सदरमुकाममा खानेपानीको आवश्यकता यसले पूरा गरेको छ। यो आयोजना अन्तर्गत एउटै मात्र धाराको व्यवस्था भएको छ। मुहानमा पानी जम्ने भएकोले यो आयोजनाबाट खानेपानीको आवश्यकता हिउँद महीनामा पूर्ति गरेको छैन।

ठूलो किम्ताङ खानेपानी आयोजना

यो आयोजना अन्तर्गत चारवटा धाराको व्यवस्था गरिएको छ। यसबाट अन्दाजी १,६०० जनताको खानेपानी तथा सरसफाइको लागि आवश्यक पानीको आवश्यकता पूरा गरेको छ।

राम्चे खानेपानी आयोजना

यो आयोजना हाल निर्माणाधीन छ। यो आयोजना अन्तर्गत तीनवटा धाराहरूको व्यवस्था गरिने छ। यसबाट राम्चे गाउँको जनताको साथै रसुवा भ्रमण गर्न आउने यात्रुहरू पनि लाभान्वित हुनेछन्।

भोगटेनी खानेपानी आयोजना

यो आयोजना हाल निर्माणाधीन छ। यसको साथैमा अर्को राक्चोक खानेपानी आयोजना पनि सञ्चालन गरिएको छ। ती आयोजनाहरू अन्तर्गत सातवटा धाराहरू व्यवस्था गरिने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

यो जिल्लामा प्रमुख जिल्ला अधिकारीको कार्यालय रहेको छ। प्रमुख जिल्ला अधिकारीको कार्यालय अन्तर्गत भूमि सुधार, शिक्षा, माल आदि कार्यालयहरू रहेका छन्। यहाँ श्री ५ को सरकारको राजस्व आम्दानीसँग सम्बन्धित माल र भन्सार गरी जम्मा दुईवटा मात्र कार्यालयहरू छन्।

प्रमुख जिल्ला अधिकारीको कार्यालयको साथै यस जिल्लामा रहेको अन्य कार्यालयहरु निम्नबमोजिम छन्:—

सरकारी

- कृषि विकास कार्यालय
- कृषि फार्म
- निर्वाचन आयोग जिल्ला शाखा
- जिल्ला प्रहरी कार्यालय
- छोटी हुलाक
- रेन्ज कार्यालय
- चरन विकास कार्यालय
- भन्सार कार्यालय
- प्रमुख जिल्ला अधिकारीको कार्यालय रसुवा माल
- प्रमुख जिल्ला अधिकारीको कार्यालय भूमि सुधार शाखा
- प्रमुख जिल्ला अधिकारीको कार्यालय शिक्षा शाखा

अन्य कार्यालयहरु

- जिल्ला पञ्चायत कार्यालय
- आकाशवाणी कार्यालय
- कृषि विकास बैंक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायत

यो जिल्लामा सबै वर्गीय संगठनहरूको इकाईहरू स्थापना भएका छन् । तर स्थानीय जनता सक्रिय नभएकाले सबै गाउँ पञ्चायतहरूमा सबै संगठनहरूको प्रारम्भिक समितिहरू गठन भइसकेका छैनन् । यहाँ युवक संगठनले गोसाईँकुण्डमा लाग्ने मेलाको समयमा यात्रुहरूको सुविधाको लागि बस्ने, खाने तथा अन्य सेवाहरू सीमित मात्रामा भए पनि उपलब्ध गराएको छ ।

न्याय

यो जिल्लामा अलग्ग जिल्ला अदालत रहेको छैन । नुवाकोटस्थित जिल्ला अदालतले नै यो जिल्लाका मुद्दाहरू हेर्ने तथा किनारा गर्ने गरेको छ । उक्त अदालतले देवानी तथा फौजदारी दुवै किसिमका मुद्दाहरू हेरी कारवाही गर्दछ । यो जिल्लाबाट अदालतमा दर्ता भएका मुद्दाहरूको किसिम र संख्या निम्नलिखित वर्षहरूमा तल लेखिएबमोजिम छन्:–

वर्ष	देवानी	फौजदारी
२०२७।०२८	२	४
२०२८।०२९	५	३
२०२९।०३०	१०	५

माथि उल्लिखित मुद्दाहरूमध्ये फछर्यौट भएको मुद्दा संख्या निम्नबमोजिम छ:–

वर्ष	देवानी	फौजदारी
२०२७।०२८	१	१
२०२८।०२९	२	६
२०२९।०३०	५	४

यो जिल्लामा पर्ने मुद्दाहरूमा देवानीतर्फ अधिक मात्रामा लिखत पास, लिखत बदर, अशबण्डा आदि र फौजदारीतर्फ कुटपिट, करकाप, कीर्ते, प्राचीन मूर्ति चोरी, जङ्गली जीव जन्तुको चोरी शिकार सम्बन्धी आदि छन् ।

रसुवा जिल्लामा २० वटा गाउँ पञ्चायतहरू छन् । यो जिल्लालाई एक जनाले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गरेको छ । यो जिल्लाका मानिसहरूको आर्थिक स्थिति राम्रो नभएकोले यहाँको जिल्लासभा कोषको आम्दानी थोरै छ । आर्थिक वर्ष २०२९।०३० मा रू. ३,७२७। जिल्लासभाको आम्दानी भएको देखिन्छ । जिल्लासभा कोषको आम्दानीका स्रोतहरूमा घट्ट कर, धुरीकर, रेडियो अनुमति पत्र नवीकरण आदि हुन् । जिल्लाका गाउँ पञ्चायतहरूमध्ये कुनै कुनैको वार्षिक आम्दानी रू.५,०००। सम्म पुग्छ । त्यस्तो गाउँ पञ्चायतको आयको मुख्य स्रोत आफ्नो इलाकामा चराउन ल्याइने वस्तुमाथि लगाइएको चरन कर हो । घटीमा एक गाउँ पञ्चायतको वार्षिक आय रू. ५००। सम्म पुग्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

रसुवा जिल्लाबासीहरू सयौं वर्षको सुषुप्त अवस्थाबाट भर्खर बिउँझन लागेका छन्। यो जिल्लामा अधिकांश मानिसहरू अझसम्म पनि पुराना मान्यताहरूमा नै आधारित कुण्ठित जीवन बिताइरहेका छन्। २०१८ सालमा अञ्चल र विकास जिल्लाहरूको पुनर्गठन भएपछि मात्र यहाँ श्री ५ को सरकार स्थानीय प्रशासनको अलग्ग एकाई रहन गएको हो। यस जिल्लाका जनता अत्यधिक मात्रामा अशिक्षित भएकोले जनताको राजनैतिक तथा सामाजिक चेतनाको स्तर उति बढ्न सकेको छैन। अधिराज्यको आर्थिक समुन्नतिको क्रममा लाङटाङमा चीज उत्पादन केन्द्र, चरन विकास कार्यक्रम, फलोद्यान्न केन्द्र आदिको स्थापना गरी घोडेटो निर्माण र मरमत, विद्यालय स्थापना र सञ्चालन, फलफूलको बिरुवा वितरण, गाउँ पञ्चायतहरूको गठन आदि कार्यहरू भइसकेपछि जनतामा विकास र परिवर्तनप्रति उत्साह बढ्न लागेको छ।

केही वर्ष पहिले त्रिशूली जल-विद्युत् आयोजनाको कार्यान्वयन भएपछि श्री ५ को सरकार र संयुक्त राष्ट्र विकास कोषको संयुक्त आयोजनामा त्रिशूली जलाधार योजना कार्यान्वित गरिएको थियो। तत्पश्चात् लाङटाङ हिमालयको काखमा अवस्थित सुन्दर लाङटाङ उपत्यकामा ष्टोल हवाइ जहाज ओराल्न र उडाउन हुने विमानस्थल निर्माण भएको थियो। हाल लाङटाङ राष्ट्रिय निकुञ्जको स्थापना गरी त्यस भेकमा भएको हिमाली वनस्पति र जीव जन्तुको संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिएको छ।

पञ्चायत व्यवस्था शुरू भएपछि यो जिल्लाका दुर्गम र अति अविकसित गाउँहरूमा गाउँ पञ्चातहरूको गठन गरी स्थानीय जीवनलाई सुगम बनाउने उद्देश्यले स्थानीय विकास कार्यक्रम अन्तगत बाटो, पुल, साँघु, खानेपानी, विद्यालय भवन निर्माण, गुम्बा मरमत आदि आयोजनाहरू सञ्चालन गरिएका छन्। भौगोलिक बनावटको कारण आवागमन र मालसामानको ढुवानीमा कठिनाइले गर्दा जिल्ला-भित्रका गाउँहरूको बीच हुन पर्ने परस्परको सम्पर्क बढाउने उद्देश्यले यातायात सम्बन्धी आयोजनाहरूलाई शुरूमा बढी प्राथमिकता दिइएको थियो। भीर पहराहरू धेरै भएकोले बराबर पहिरो जाने हुनाले आवागमन अझसम्म पनि सजिलो भइसकेको छैन। निर्माण गरिएका बाटोहरू पहिरोले भत्काइदिने हुँदा ठाउँ ठाउँमा बाटोहरू अझै विकट रहेका छन्।

निकट भविष्यमा मध्यमाञ्चल विकास रेखाको पश्चिमी हाँगाको रूपमा धुञ्चेसम्म मोटर मार्ग विस्तार गरिने कार्यक्रम रहेको छ। उक्त बाटोको निर्माण भएपछि रसुवा जिल्ला पनि राष्ट्रिय विकासको मूल धारमा प्रवेश हुने छ। जिल्लाको बढी भाग र जनसंख्यालाई आधुनिक मोटर सेवाको सहूलियत प्राप्त गराउन उक्त मार्गलाई अझ उत्तरतर्फ स्याफ्रुसम्म विस्तार गर्नु पर्ने हुन्छ।

खाद्यान्न उत्पादनको दृष्टिकोणले सीमान्तमा रहेको यो जिल्लाको अधिकांश भागमा वर्तमान भूमिगत व्यवसायलाई विस्तारै बदल्दै जानु पर्ने आवश्यकता अनुरूप केही वर्षदेखि फलफूल खेतीको प्रचार तथा प्रसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यक्रम भइरहेको छ। इच्छुक स्थानीय जनताहरूलाई दुर्गम क्षेत्र विकास तथा कृषि तथा फलोद्यान विकास कार्यक्रम अन्तर्गत बीउ बिरुवाहरू वितरण गरिएका छन्। साथै धुञ्चेमा एक फलोद्यान केन्द्रको स्थापना गरिएको छ।

यो जिल्लामा पशुपालन महत्वपूर्ण पेशा भएकोले यहाँ भएको पशु संख्यालाई वृद्धि गर्न तथा पशु सुधार गर्न आवश्यक आहारको व्यवस्थाको लागि चरन विकास कार्यक्रम सञ्चालन गरिएको छ। असल खालको घाँसमा पौष्टिक तत्त्व बढी हुने तथा चरनको राम्रो प्रयोगबाट पशु आहारको सुव्यवस्था गर्न सकिन्छ भन्ने कुरा स्थानीय जनतालाई बुझाउने कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यहरू शुरू गरिएका छन्।

यो जिल्लाको विकास सम्भाव्यता यसको भौगोलिक कारणले सीमित छ। खाद्यान्न खेतीमाभन्दा पशुपालन र फलफूल खेतीमा केही बढी आर्थिक लाभको सम्भावना रहेकोले यहाँको पशुहरूको नश्ल सुधार, चरन विकास, दुग्ध सारको कारखानाहरू, फलफूल खेतीको व्यापक प्रचार र फलफूलमा आधारित उद्योगहरूको सञ्चालनतर्फ बढी प्राथमिकता दिइनु पर्ने देखिन्छ। कालान्तरमा रसुवाको आर्थिक समुन्नतिको ठूलो आधार पर्यटन उद्योग बनाउन सकिन्छ। काठमाडौंको नजीकै रहेको यो जिल्लाका सुन्दर डाँडाहरू, तातोपानीका मूलहरू, हिमाली आवहवा भएका मनोरम उपत्यकाहरू स्वदेशी तथा विदेशी पर्यटकहरूको लागि ठूलो आकर्षक हुन्। ती प्राकृतिक आकर्षणहरूले ल्याएका यात्रुहरूको लागि सुत्ने, खाने, भ्रमण गर्ने तथा मनोरञ्जन आदिको उचित व्यवस्था गर्दै जान सके यहाँ आउने पर्यटकहरूको संख्यामा उत्साहवर्द्धक वृद्धि गर्नुको साथै सोबाट जिल्लाको अर्थ व्यवस्थालाई बलियो र सक्षम बनाउन सकिने देखिन्छ। हाल गोसाइँकुण्डको मेला र तातोपानीमा नुहाउन आउने स्वदेशी यात्रुहरूको वार्षिक अन्दाजी ५,००० र गोसाइँकुण्ड र लाङटाङको भ्रमण गर्न आउने विदेशी पर्यटकहरूको संख्या अन्दाजी ५०० पुग्छ। ती यात्रुहरूको सुविधाको लागि घोडेटो सुधार बाहेक खास उल्लेखनीय कार्य हुन सकेको छैन। भविष्यमा त्यसतर्फ योजनाबद्ध कार्यक्रम सञ्चालन गरी जिल्लाको पशु तथा फलोद्यान्न विकासलाई समेत पर्यटन उद्योगसँग आबद्ध गर्न सकिने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

562

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नुवाकोट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६८०४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५७६

विषय – सूची

परिचय	५७७
प्राकृतिक स्वरूप र सम्पदा	५७८
ऐतिहासिक पृष्ठभूमि	५८७
प्रमुख स्थानहरू	५९४
जनसंख्या र जनजीवन	६००
आर्थिक व्यवस्था	६०७
यातायात, सञ्चार र बिजुली	६१८
शिक्षा, स्वास्थ्य तथा खानेपानी	६२३
प्रशासन र पञ्चायत	६२८
उपसंहार	६३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

नेपाल-भोट वाणिज्य व्यापारको परम्परागत मूलद्वार यो नुवाकोट, हरिततारा भृकुटीको घर माइती गर्ने बाटो यो नुवाकोट, अनि पृथ्वीनारायण शाहको आधार युद्ध शिविर यो नुवाकोट नेपाली इतिहासको विभिन्न अध्यायमा वर्णित छ। यो जिल्ला गोरखालीहरूको हातमा परेपछि नेपाल निर्माता पृथ्वीनारायण शाहले यहीं बसोबास गरी राष्ट्रको विस्तार गरेका हुन्। पृथ्वीनारायण शाहलाई यो ठाउँ अति प्यारो थियो र उनको अन्त्यष्टि कर्म पनि नुवाकोटको देवीघाटमा नै गरियो।

नेपाल अधिराज्यको सबैभन्दा ठूलो जल विद्युत् गृहले सुशोभित नुवाकोट जिल्ला राजधानीसित सोझै यातायात सम्पर्क भएका थोरै जिल्लाहरूमध्ये एक हो। दोस्रो विशाल विद्युत् गृह पनि यही जिल्लाको देवीघाटमा बन्दै छ।

यो जिल्लाको नामकरणको सम्बन्धमा बेलकोट, कालिकाकोट, भैरवकोट, मालाकोट, धुवाँकोट, प्यासकोट, सिमलकोट, धैंबुङ तथा सल्यानकोट गरी नौवटा कोटहरूको प्रशासन व्यवस्था यहाँबाट गरिने भएकोले नुवाकोट भनिएको हो भन्ने जनश्रुति छ। जिल्लाको प्रशासनिक इतिहासलाई हेर्दा यो जनश्रुति मिल्दोजुल्दो नै देखिन्छ।

पूर्व, पश्चिम, उत्तर, दक्षिण क्रमशः सिन्धुपाल्चोक, धादिङ, रसुवा तथा धादिङ र काठमाडौं जिल्लाले घेरिएको नुवाकोट ८४° ५८′ देखि ८५° ३०′ पूर्व देशान्तर तथा २७° ४८′ देखि २८° ६′ उत्तर अक्षांशभित्र पर्दछ। उत्तरमा गोसाइँकुण्ड लेक, दक्षिणमा शिवपुरी डाँडा र कल्फु खोला, पूर्वमा पाटीभञ्ज्याङ शृङ्खला तथा पश्चिममा सामरी भञ्ज्याङ र त्रिशूली नदी यसका भौगोलिक सीमाना हुन्। यो जिल्लाको सदरमुकाम बिदुर हो। जिल्लाको क्षेत्रफल १,१९३ वर्ग किलोमिटर छ।

यो जिल्लाका लेक, पाखा र बेंसीमा विभिन्न ५० वटा गाउँ पञ्चायतहरू छरिएका छन्। यी पञ्चायतहरू ८७,६४५ जना पुरुष र ८५,०७३ जना महिला गरी कुल १,७२,७१८ जनसंख्याले भरिएका छन्। नेपालका अन्य जिल्लाहरू जस्तै नुवाकोट पनि विभिन्न जातजातिको साझा घर हो। तर, यी जातिलाई छुट्टाछुट्टै हेर्दा तामाङ जातिको संख्या ज्यादा छ। अधिकांश जिल्लावासीहरूको आर्थिक गतिविधि कृषि व्यवसायमा आधारित छ। विद्युत् शक्ति र यातायात जस्ता विकासका आधुनिक पृष्ठभूमि तैयार भइसकेर पनि यो जिल्लामा औद्योगिकीकरणको वातावरण सिर्जना भएको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५८८

प्राकृतिक स्वरूप र सम्पदा

महाभारत पर्वत शृङ्खलाको उत्तरपट्टि तथा हिमाली प्रदेशको दक्षिणमा अवस्थित नुवाकोट जिल्ला नेपाल अधिराज्यको भौगोलिक बनावटको दृष्टिबाट मध्यपहाडी भागमा पर्दछ। नेपालका अन्य पहाडी जिल्ला जस्तै नुवाकोट पनि डाँडा, भञ्ज्याङ र पहराले बनेको छ। नदी, खोला र छहराले बनेको छ। लेकतिर धूपीको वनमा मोनाल गाइरहेको हुन्छ भने बेंसीतिर सालधारीमा मुजूर नाचिरहेको हुन्छ। यार्साको बाटोमा जाडो हुँदा वट्टारको पाटोमा गर्मी हुन्छ। ककनीको पाखोमा नास्पाती बारी छ भने तादीको तीरमा आँपघारी। यस्तै छन् यहाँका भौगोलिक विभिन्नताहरू र यी नै विभिन्नताहरूको समष्टि हो नुवाकोट।

भौगोलिक बनावट

भौगोलिक बनावटको दृष्टिबाट नुवाकोट जिल्लालाई मोटामोटी तीन भागमा विभाजन गर्न सकिन्छ:-

(१) लेकाली प्रदेश

(२) पहाडी प्रदेश

(३) बेंसी वा टार प्रदेश

लेकाली प्रदेश

यहाँ करीब २,५०० मिटर अर्थात् ८,२५० फीटभन्दा माथिको प्रदेशलाई लेकाली भाग मानिएको छ। यस हिसाबले करीब ४,८७६ मिटर (१६,००० फीट) अग्लो गोसाइँकुण्ड तथा सूर्यकुण्ड लेकको दक्षिणी शृङ्खलामा पर्ने नुवाकोट जिल्लाको उत्तरी भू-भागलाई लेकाली भाग मान्न सकिन्छ। जिल्लाको यो भागमा फिउरीको पहाड, उर्लनीको चुचुरो, सालमेको लेक, भाल्चेको लेक, यार्सको लेक, राउचुली आदि पर्दछन्। तादी खोलाको शिरमा पर्ने कारोजुङ डाँडाको शृङ्खला करीब ३,५७० मिटर (११,७०० फीट) अग्लो छ। त्यस्तै बेत्रावतीको उत्तर-पश्चिममा पर्ने भागमा हिउँदमा हिउँ पर्दछ। यस भागमा मानिसहरूले अस्थायी बसोबास मात्र गरेका छन्। ३,९६३ मिटर अर्थात् १३,००० फीटसम्मको उचाइमा धूपी, खस्रु, फिरफिरे, लालीगुराँस, ठिग्रे सल्लो, गोब्रे सल्लो जस्ता लेकाली बोट बिरुवा पाइन्छन् तर सोभन्दा माथिको भागमा सुनपाती तथा भैंल्ङपाती जस्ता झार मात्र देखिन्छन्। यो भू-भागमा खेतीयोग्य जमीन कम छ। केही मात्रामा मकै र फापर खेती गरेको देखिन्छ। हिउँदमा परेको हिउँ बैशाख-जेठमा पग्लेपछि मंसीर-पुसमा फेरि हिउँ नपरेसम्म चार-पाँच महीनाको लागि अस्थायी बस्ती बसालेर मानिसहरू आलु खेती र भेडा तथा चौंरी पालन गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहाडी प्रदेश

नुवाकोट जिल्लाको पहाडी भाग करीब ९०० मिटर (२,९७० फीट) देखि २,५०० मिटर (८,२५० फीट) को उचाइमा पर्दछ। करीब २,५०० मिटर (८,२५० फीट) अग्लो शिवपुरीको शृङ्खला, जिल्लाको पूर्व सीमानामा रहेको करीब शिवपुरी जत्तिकै अग्लो मामचे डाँडाका शाखाहरू, करीब २,१३३ मिटर (७,००० फीट) अग्लो ककनी, २,०७२ मिटर (६,८०० फीट) अग्लो महादेव खर्क र उत्तरी भेकका ध्याङफेदी, यार्सा, लच्याङ, धँबुङ, भाल्चे आदि ठाउँहरू पहाडी भागमा परेका छन्। मामचे डाँडाको अतिरिक्त यो जिल्लाको पूर्वी सीमानामा पर्ने बोर्लाङ डाँडा, पाटी भञ्ज्याङ, डाँडा खर्क, मझुवा, साल्मी, गुलभञ्ज्याङ तथा भीरखर्क सबै १,५२४ मिटर (५,००० फीट) देखि २,४३८ मिटर (८,००० फीट) को अग्लाइमा अवस्थित छन्।

यी ठाउँहरूमा खेतीयोग्य जमीन पाइन्छ। खासगरेर कोदो, मकै, भटमास हुन्छ। मानिसको बस्ती पनि निक्कै छ। यो भागको हावापानी सधैं स्वास्थ्यकर रहन्छ। शिवपुरी जस्ता केही डाँडामा पुस-माघमा थोरै हिउँ पर्छ तर दुई–चार दिनमै पग्लेर जान्छ। यो भागमा नास्पाती र स्याउ जस्ता फलफूल पनि निक्कै हुन्छन्। नुवाकोट जिल्लाको यो पहाडी भागमा भेडा पालनको लागि उपयुक्त हावापानी छ। यो भागमा पर्ने डाँडा, पाखा पखेराहरू सधैं हराभरा देखिन्छन्। यहाँको वनमा खास गरेर चिलौनी, कटुस, दार जस्ता बोट बिरुवा पाइन्छन्।

बेंसी वा टार प्रदेश

यस जिल्लाको बेंसी तथा टारहरू ९०० मिटर (२,९७० फीट) र सोभन्दा मुनिको भागमा पर्दछन्। पहाडी जिल्ला भए तापनि यहाँ निक्कै टार र बेंसी अर्थात् थानसिङ फाँट जस्ता रसिला फाँट छन्। तादी खोलाको उत्तरी भेकमा रहेका बट्टार, खरानीटार, सटार तथा समुद्रटार यो जिल्लाका मुख्य टार हुन्। त्रिशूली बजारको पूर्वपट्टि गेर्खुटार तथा सिम्भुटार छन्। जिल्लाको दक्षिण सीमानामा पर्ने कोल्फु खोलाको आसपासमा पनि रातोटार लगायत स-साना टारहरू छन्। लिखु खोलाको दक्षिणमा सिन्धुरे खोलाको वरपर रसिलो फाँट छ। यो फाँट ज्यादै मलिलो छ र यहाँ प्रशस्त धान खेती हुन्छ। यसको अतिरिक्त त्रिशूली नदी र तादी, सामरी, कल्फु, अमरे, छहरे, फलाङखु तथा सलाङखु खोलाका आसपासमा मलिला फाँट र बेंसीहरू छन्। यी टार र बेंसीको सालाखाला न्यूनतम उचाइ ५१८ मिटर (१,७०० फीट) छ।

सिचाइको राम्रो प्रबन्ध भइनसकेकोले यी जिल्लाका टारहरूमा घैया, मास, उखु जस्ता पाखा बाली मात्र लगाइन्छ तर रसिला फाँट र बेंसीहरूमा धान, आलु, मकै, गहुँ गरी तीन बालीसम्म पनि लगाइन्छ। जिल्लाको यो भागमा बर्षादमा निक्कै गर्मी हुन्छ। पहिले यी टार र बेंसीहरूमा त्यति घना बस्ती थिएन तर हिजोआज औलो उन्मूलन भइसकेकोले पहाडी भागका बासिन्दाहरूले यहाँ स्थायी बसोबास गर्न थालेका छन्। यो भागमा साल, सिमल तथा खयरका जङ्गल हुन्छन्। लेकतिर भेडा पालन गरे जस्तै यस भेकमा बाख्रा पालन गरेको देखिन्छ। आँप तथा लिची जस्ता फलफूलहरू प्रशस्त पाइन्छन्।

नदीनालाहरू

नुवाकोट जिल्लामा त्रिशूली नदी लगायत कैयन खोला, खोल्सा र खहरेहरू छन्। केही मुख्य नदी र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोलाहरू यसप्रकार छन्:—

त्रिशूली नदी

तिब्बतबाट हिमालय पर्वत पार गरी नेपालको रसुवा जिल्लामा भोटे खोला प्रवेश गर्छ। गोसाइँकुण्ड लेकको उत्तरी भागमा पूर्वबाट पश्चिम बग्ने त्रिशूली खोला मिसिएपछि यो भोटे खोला त्रिशूली नदी कहलाउँछ र नुवाकोट जिल्लामा प्रवेश गर्छ। भैरमकोटको पूर्व तथा धैंबुङको पश्चिमबाट बग्दै आएको यो नदीले वेत्रावतीमा पुगेपछि दुई सहायक खोला भेट्टाउँछ—फलाङखु र सलाङखु। यसपछि तुप्चे र वेत्रावतीको बीचबाट त्रिशूली बजार हुँदै दक्षिणतिर लागेको त्रिशूलीमा सामरी खोला मिसिन्छ। जिल्लाको सदरमुकाम बिदुरबाट करीब सात किलोमिटर (दुई कोस) दक्षिणको देवीघाटमा पुगेपछि जिल्लाको अर्को प्रमुख खोला तादी पनि मिल्दछ। यसपछि रसुवा, धादिङ र नुवाकोट जिल्लाको मुख्य ढलको रूपमा रहेको यो त्रिशूली नदी दक्षिणतिर लाग्छ।

नुवाकोट जिल्लाको लागि मात्र होइन, यस भेकको कैयन लेक, टार र गाउँ बेंसीहरूमा त्रिशूली नदीको ठूलो उपादेयता रहिआएको छ। यही नदी भएको हुनाले यसको किनारमा जिल्लाको एक मात्र आधुनिक बजारको विकास र विस्तार हुन सक्यो। अहिलेसम्म नेपालको सबैभन्दा ठूलो २१,००० किलोवाट शक्ति भएको जल-विद्युत् गृह निर्माण हुन सक्यो। पुनः यही नदीको जलस्रोत प्रयोग गरी करीब ११ करोडको लागतमा देवीघाटमा अर्को विद्युत् योजनाको कार्यारम्भ हुँदैछ। त्रिशूली नदीकै पानी तानेर बट्टार सिंचाइ गर्ने पनि योजना छ। त्रिशूली बजार नजीकै यो नदीमा पक्की पुल छ।

यो नदीबाट त्यस भेकका बासिन्दालाई माछा, पानी र बिजुली मात्र होइन गर्मीको बेलामा चिसो जलधार सँगसँगै ठण्डी हावा पनि उपलब्ध भएको छ। विभिन्न घाट र दोभानहरू, देवीघाट तथा वेत्रावती जस्ता पवित्र धर्मस्थलहरूको सिर्जना हुन सकेको छ। यिनै घाट, दोभान र किनारहरूले नयाँ नयाँ बजार र बस्तीहरू बसाउने वातावरण प्रदान गरेका छन्।

तादी खोला

जिल्लाको उत्तर-पूर्व भागमा पर्ने ध्याङफेदी पञ्चायतभन्दा पनि माथिको करीब ४,५७२ मिटर (१५,००० फीट) अग्लो गोसाइँकुण्ड तथा सूर्यकुण्ड लेकको दक्षिणी शृङ्खलाबाट पैदा भई दक्षिण-पश्चिम बग्दै देवीघाटमा आइपुगेपछि त्रिशूली नदीमा मिसिने तादी खोला पनि नुवाकोट जिल्लाको एउटा महत्वपूर्ण खोला हो। ध्याङफेदीबाट शिखरबेंसी हुँदै झरेको यो खोलामा समुद्रटार पुगेपछि गोलभञ्ज्याङ र छेपारेतिरबाट पश्चिम बगेको चाके खोला मिसिन्छ। त्यसपछि तामे, थप्रेक, सतार, खरानीटार, सिम्रा तथा चौघोडा हुँदै ढिकुरेमा आएपछि यसमा लिखु खोला मिल्दछ। यसपछि पनि तादी खोलाकै नामले सेराबेंसी, मालाकोट, माझीटार हुँदै यो खोला देवीघाटतिर बग्छ। सतारको उत्तरमा पर्ने काल्चे, ओखे र बागेश्वरतिरबाट बग्ने दोर्खु खोला खरानीटार नजीकै आएर तादीमा मिसिन्छ। देवीघाटदेखि समुद्रटारसम्मको भागमा तादी खोलाको आसपासमा कैयन फाँट, बेंसी र टारहरू पर्दछन्। बट्टार, चौघोडा, खरानीटार जस्ता बाँझो मैदानहरूको सिंचाइ गर्न तादी खोलाको पानी उपयोग गर्न सकिने देखिन्छ। यो नदीमा हिउँदमा जङ्घार तर्न सकिन्छ। यो खोला तर्न देवीघाट, ढिकुरे, सतार, सिम्रा, समुद्रटार, शिखरबेंसी र ध्याङफेदीमा झोलुङ्गे पुल राखिएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सलाङ्खु खोला

भाल्चे पञ्चायत र सोभन्दा पनि माथिको करीब ३,९६२ मिटर (१३,००० फीट) अग्लो उच्च पहाडी भू-भागबाट बग्ने स-साना खोल्साहरू मिलेर बनेको यो सलाङ्खु खोला दक्षिण-पूर्व बग्दै वेत्रावती नजीकै आएर त्रिशूली नदीमा मिसिन्छ। यो खोलालाई "पाँचसय खोला" पनि भनिन्छ। भैरमकोट, ठण्डापानी, डिही गाउँ, काहुले, कोलगाउँ तथा सालमेतिरबाट बगेका खोल्साहरू यही सलाङ्खु खोलामा मिल्दछन्। सलाङ्खुको मुख्य शाखा खोला गटियाा खोला हो र यो खोला माने बुङडाङतिरबाट उत्तर-पूर्व बग्दै गएर अंखुरे र खुर्सानीको बीचमा सलाङ्खुसित मिल्दछ। तादी खोलाको तुलनामा सलाङ्खु खोलाको लम्बाइ नगण्य छ। उच्च पहाडी भागबाट निस्केर होचो पहाडी भागमा आइपुग्दा पुग्दै त्रिशूलीमा मिल्ने यो खोलाको वरपर उल्लेखनीय फाँट, बेंसी र टारहरू छैनन्।

फलाङ्खु खोला

गोसाइँकुण्ड लेकको दक्षिणी पाखोबाट मूल फुटेर दोग्लाङ, पाटीखर्क, सराङ्थली, आरुचौर, घुसेनी तथा सिम्ले हुँदै वेत्रावतीमा पुगेपछि त्रिशूली नदीमा मिल्ने यो फलाङ्खु खोला त्यस भेकको एउटा मुख्य खोला हो। वेत्रावतीको आसपासमा यसलाई वेत्रावती नदी पनि भनिन्छ। यसको प्रमुख शाखा खोला यार्सा पञ्चायत क्षेत्रबाट पश्चिमतिर बगी पाटीखर्कमा आएर मिसिएको छ। यसको अतिरिक्त जिवजीवे, धारापानी तथा धैबुङतिरबाट दक्षिण बग्ने सबै खोलाहरू यही फलाङ्खु खोलामा मिलेका छन्। नुवाकोट जिल्लाको मध्य उत्तर प्रदेशको उच्च तथा होचो पहाडी भागबाट बगेको यो खोलाको वरपर त्यति फराकिलो फाँट र समथर भूमि पाइँदैन। ठाउँ ठाउँमा स-साना बेंसी र खोंचहरू छन्। यी बेंसी र खोंचहरूमा धान खेती गरिन्छ। यो खोला तर्न वेत्रावती, पाटीखर्क र दोग्लाङमा झोलुङ्गे पुल छन्।

लिखु खोला

नुवाकोट र सिन्धुपाल्चोक जिल्लाको सीमाना, पाटी भञ्ज्याङ, बोर्लाङ डाँडा तथा मामचे डाँडाको पानी ढलोबाट पश्चिम बग्ने खोल्सा र शिवपुरी लेकको उत्तरी पाखोमा बग्ने खोलाहरूको संयुक्त रूप हो लिखु खोला। यो खोला पूर्वबाट क्रमशः काउले, कुलिरे, लप्सें, सूलाबारी, बट्टार, फुर्के सल्ला, भेडाबारी तथा आँपचौर हुँदै ढिकुरेमा पुगेपछि तादी खोलामा मिल्दछ। करीब २,१३३ मिटर (७,००० फीट) अग्लो ककनीको उत्तरी पाखोमा बग्ने खोला धारापानी, थानसिङ बेंसी तथा नेतार गाउँ हुँदै लिखुमा मिल्न पुगेको छ। लिखु र यसका सहायक खोलाको आसपासमा मलिला खेत–बारी र रमाइला बस्तीहरू छन्। ढिकुरेको दोभानदेखि फुर्के सल्लोको बीचमा यो खोला निक्कै फिजारिएको छ। बाढी आएको बेलामा बाटो फेर्ने र भङ्गला फाट्ने हुँदा लिखु खोलाले वरपरका खेतहरूलाई नोक्सानी पुर्‍याएको पनि देखिन्छ।

सिन्धुरे खोला

ककनी डाँडाको पश्चिमी भेकबाट बगेका स-साना खोल्साहरू मिलेर चतुरालेको फेदी हुँदै एउटा खोलो बगेको छ। यसलाई सिन्धुरे खोला भनिन्छ। डाँडागाउँ, थानसिङ, धारापानी तथा घण्टेफेदी हुँदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिमतर्फ बगेको यो खोला मालाकोट नजीकै पुगेर तादी खोलामा मिल्दछ । यसको मुख्य शाखा खोला छहरे खोला हो । छहरे खोला रानीपौवा, जङ्गरे भञ्ज्याङ, छहरे, केउरेनी तथा थर्पु हुँदै धारापानी नजीकै सिन्धुरे खोलामा मिसिन्छ । सिन्धुरे खोलाको वरपरको सम्म भमिलाई सिन्धुरेको फाँट भनिन्छ । यो फाँट ज्यादै रसिलो र मलिलो छ । यहाँ धान, मकै, गहुँ तथा आलु खेती गरिन्छ । वर्षमा तीन बालीसम्म लगाइने यो सिन्धुरे फाँट नुवाकोट जिल्लाको थोरै अब्बल खेतहरूमा एक हो । यो खोलामा वर्षामा पनि जङ्गार तर्न सकिन्छ । यहाँ बाढी, पैंरो तथा पुलको समस्या छैन ।

सामरी खोला

धादिङ र नुवाकोट जिल्लाको सीमाना सामरी भञ्ज्याङको पानी ढलोबाट पूर्वतिर बग्ने खोला सामरी खोलाको नामले प्रख्यात छ । फासाङ गोगनेका-पाखाहरूबाट दक्षिणतिर बगेको खहरे खोला हर्कपुरको पश्चिमपट्टि सामरी खोलामा मिल्दछ । दक्षिणपट्टि पर्ने धादिङ जिल्लाबाट उत्तरतर्फ बगेका खोलाहरूलाई आफूमा समेटेर पूर्वतिर बगेको यो खोला त्रिशूली बजार र बिदुरको बीचमा आएर त्रिशूली नदीमा मिल्दछ । यो खोलाको आसपासमा स-साना टार, बेंसी र खोंचहरू छन् । धान, आलु र गहुँ खेती राम्रो भएको देखिन्छ । तर यो खोला पनि तादी र लिखु जस्तै बाटो फेरी फेरी बग्ने हुँदा आसपासका खेतहरूमा नोक्सानी पुऱ्याएको छ । तादी तीरको चौघडा वरपर जस्तै सामरी खोलाको आसपासमा पनि आँपघारी पाइन्छ । त्रिशूलीबाट धादिङ, गोरखा र कुन्छा हुँदै पोखरा जाने पुरानो मूलबाटो त्रिशूलीबाट सामरी भञ्ज्याङसम्म यही सामरी खोलाको तीरैतीर जान्छ । यो बाटो हिंड्ने बटुवाहरूको लागि सामरी खोलामा झोलुङ्गे पुल छ ।

ताल तथा झरना

नुवाकोट र रसुवाको सीमानामा पर्ने सूर्यकुण्ड करीब ४,५७२ मिटर (१५,००० फीट) अग्लो गोसाईंकुण्ड लेकको उच्च पहाडी श्रृङ्खलामा पर्दछ । यहाँको हावापानी ठण्डा छ र सधैं जाडो हुन्छ । यो कुण्ड धार्मिक दृष्टिबाट ज्यादै महत्वपूर्ण छ । हजारौं भक्तजनहरू सूर्यकुण्डमा स्नान गर्न जान्छन् । माथि वर्णन गरिएका नदी तथा खोलाहरूले ठाउँ ठाउँमा बनाएका ताल र केही दहहरूको अतिरिक्त त्रिशूली जल-विद्युत योजनाको सन्तुलित तलाउ यो जिल्लामा पर्ने ताल तथा जलाशय हुन् ।

नुवाकोट जिल्ला पहाडी जिल्ला भएकोले विभिन्न स्थानमा साना ठूला झरनाहरू पाइन्छन् । यहाँका उल्लेखनीय झरनाहरूमा छहरे खोलाको झरना, रीपको झरना, घले गाउँको झरना र गैर फुङफुङ झरना हुन् ।

हावापानी

नुवाकोट जिल्लामा सामान्यतः दक्षिण-पश्चिमी मनसुनी हावापानीको प्रभाव परेको पाइन्छ । यहाँ साधारणतयाः जेठदेखि असोजसम्म वर्षा हुन्छ । पश्चिमतिरबाट बहने हावाले कहिले काहीं हिउँदमा पनि अलि अलि पानी पार्छ । नेपाल अधिराज्यका अन्य पहाडी जिल्ला जस्तै नुवाकोटमा पनि समुद्र सतहबाट हुने उँचाइको कारणबाट विभिन्न स्थानमा विभिन्न प्रकारको हावापानीको प्रभाव पर्नु स्वाभाविकै हो । उत्तरपट्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोसाइँकुण्ड लेकको उच्च श्रृङ्खलामा सधैं नै ठण्डा हावापानी पाइन्छ भने तादी, लिखु र त्रिशूलीको आसपासमा निकै गर्मी हुन्छ। उचाइको विभिन्नताअनुसार तापक्रम र वर्षा पनि फरक हुन्छ। करीब ९७० मिटर (३,१८१ फीट) अग्लो नुवाकोट बजारमा रहेको मौसम अवलोकन केन्द्रबाट देखिने ई. सं. १९७० को वायुको तापक्रमको विवरण यसप्रकार छः–

तापक्रमको तालिका (सेन्टिग्रेडमा)

महिना	वर्ष १९७०		१९६८–१९७० (तीन वर्षको औसत)	
	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	१९.३	८.९	१९.६	८.७
फेब्रुअरी	१९.३	८.९	२१.३	९.९
मार्च	२६.९	१४.६	२३.५	१४.९
अप्रिल	३०.९	१९.४	३१.६	१९.१
मे	३२.१	२०.९	३१.९	१९.२
जून	२८.८	२१.०	२९.५	२०.९
जुलाई	२८.४	२१.३	२९.२	२१.३
अगष्ट	२८.७	२१.१	२९.१	१९.३
सेप्टेम्बर	२८.७	२०.७	२८.७	२०.६
अक्टोबर	२७.२	१८.०	२७.१	१६.९
नोभेम्बर	२४.६	१३.१	२४.६	१३.५
डिसेम्बर	२०.६	९.२	२१.१	९.९
वार्षिक औसत	२६.३	१६.४	२६.६	१६.३

उपर्युक्त तामक्रमको तालिका हेर्दा तीन वर्षको औसत अधिकतम तापक्रम २६.६ र न्यूनतम तापक्रम १६.३ सेन्टिग्रेड देखिन्छ। नुवाकोटमा स्थित अवलोकन केन्द्रबाट प्राप्त उपर्युक्त विवरणले लेकाली भागको तापक्रमको प्रतिनिधित्व गर्दैन। यसको लागि रसुवा जिल्लाको तापक्रमको तालिका हेर्नु उपयुक्त होला। नुवाकोट जिल्लामा १९६८ को सेप्टेम्बर महीनाको २ तारीखमा अधिकतम तापक्रम ३५.५ सेन्टिग्रेड र जनवरी १५ का दिन न्यूनतम तापक्रम ६.० सेन्टिग्रेड पुगेको थियो। त्यस्तै १९६९ को मे महीनाको २५ तारीखमा अधिकतम ३६.३ तथा जनवरी १५ मा न्यूनतम ५.० थियो। यो जिल्लाको सालाखाला वार्षिक सापेक्षिक आर्द्रता १९६८ मा ०८४० बजे ६८ प्रतिशत र १७४० बजे ५७ प्रतिशत थियो। १९६९ मा ०८४० बजे ७२ तथा १७४० बजे ५८ प्रतिशत थियो। त्यस्तै १९७० मा ०८४० बजे ७५.९ र १७४० बजे ६२ प्रतिशत थियो।

माथि उल्लेख भएअनुसार नुवाकोट जिल्लामा दक्षिण-पश्चिम मनसुनी हावाले ल्याएको जलवाष्पपूर्ण हावाले करीब जेठदेखि असोजसम्म पानी पार्दछ। साथै पश्चिमतिरबाट बहने हावाले हिउँदमा पनि अलि अलि वर्षा गराउँछ। यो जिल्लाको बुङ्थाङ, नुवाकोट र रानीपौवामा रहेका मौसम अवलोकन केन्द्रबाट लिइएको विवरणअनुसार १९६९ मा भएको यहाँको वर्षाको स्थिति तपसिलको तालिकाबाट छर्लङ्ग हुन्छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षाको तालिका

(मिलिमिटरमा)

महीना	नुवाकोट (९७० मिटर)	रानीपौवा (१,८२८ मिटर)	बुङ्थाङ (२,१३४ मिटर)
जनवरी	८.०	२७.१	३८.१
फेब्रुअरी	०.०	०.०	२.०
मार्च	३१.१	२४.६	५४.२
अप्रिल	२१.०	३७.८	६१.९
मे	६०.२	१०३.२	१९६.६
जून	१५७.२	३१२.२	३९९.१
जुलाई	३४९.५	८८४.२	१,००८.५
अगष्ट	४१३.४	७००.३	८३५.६
सेप्टेम्बर	३६०.७	४८९.५	६६२.३
अक्टोबर	२७.८	६०.६	३५.८
नोभेम्बर	२.१	३.०	०.०
डिसेम्बर	०.०	१.४	०.०
जम्मा:–	१.४३१.०	२.६३४.०	३.२९४.१

नुवाकोटमा १९६९ को अगष्ट ८ को दिन २४ घण्टाभित्र ८३.४ मिलिमिटर पानी परेको थियो। रानीपौवामा १९६९ को जुलाई २५ को दिन २४ घण्टाको अवधिमा ८१.८ मिलिमिटर वर्षा भएको थियो। त्यस्तै २,१३४ मिटर अग्लो बुङ्थाङमा १९६९ को जुलाई ३० को दिन २४ घण्टाको समयमा ९४.२ मिलिमिटर पानी परेको थियो। माथि उल्लिखित मौसम अवलोकन केन्द्रहरूमध्ये बुङ्थाङमा ज्यादा वर्षा भएको प्रष्ट देखिन्छ। अतः यसबाट यो प्रष्ट हुन्छ कि नुवाकोट जिल्लाको उत्तर-पश्चिमपट्टिको पहाडी भागमा ज्यादा पानी पर्दो रहेछ। यो जिल्लामा खासगरेर जेठ, असार, साउन, भदौ र असोजमा ज्यादा वर्षा हुन्छ भन्ने कुरा पनि माथिको विवरणबाट देखिन्छ। हिउँदताका खासगरेर कात्तिक, मंसीर तथा पुसमा ज्यादै कम वर्षा हुन्छ भन्ने कुरा पनि उपर्युक्त तालिकाबाट देखिन्छ। नुवाकोट, बुङ्थाङ र रानीपौवाको विवरणमा फरक देखिए जस्तै यो जिल्लाको उच्च पहाडी भू-भागतिर हुने वर्षाको अनुपात पनि केही फरक हुन सक्छ।

हावापानीको दृष्टिकोणबाट यो जिल्लालाई मोटामोटी तीन भागमा विभाजन गर्न सकिन्छः–

१. शीतप्रधान लेकाली हावापानी
२. समशीतोष्ण हावापानी
३. अर्धउष्ण हावापानी

शीतप्रधान लेकाली हावापानी

नुवाकोट जिल्लाको उत्तरी भू-भाग गोसाइँकुण्ड लेकको शृङ्खलामा पर्दछ। भौगोलिक दृष्टिकोणबाट यो भागलाई लेकाली भाग भनी वर्णन गरिएको छ। यो भागमा स्थायी रूपले हिउँ नपरे तापनि सधैँ ठण्डा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हावापानी रहने हुँदा शीतप्रधान लेकाली हावापानीको प्रभाव परेको भाग मान्न सकिन्छ। करीब ३,९६२ मिटर (१३,००० फीट) अग्लो वृक्षरेखाभन्दा माथि र हिमरेखाभन्दा मुनि यो शीतप्रधान लेकाली हावापानी पाइन्छ। यो भू-भागमा शीत प्राधान्यता रहने र जाडो भइराख्ने हुँदा स्थायी बसोबास तथा खेतीपातीको लागि उपयुक्त छैन। त्यसकारण यहाँ भेडा तथा चौंरी पालन गर्न मानिसहरू अस्थायी बसोबास गर्दछन्। यो भागमा अग्ला रूखहरू हुँदैनन्। सुनपाती र भैरुङपातीका बुट्यान मात्र पाइन्छन्।

समशीतोष्ण हावापानी

समशीतोष्ण हावापानीको प्रभाव ३,९६२ मिटर (१३,००० फीट)भन्दा मुनि २,१३३ मिटर (७,००० फीट) भन्दा माथिको पहाडी भागमा परेको पाइन्छ। ध्याङफेदी, यार्सा, भाल्चे, जिवजिवे, साल्मे, ककनी, धारापानी पञ्चायत क्षेत्रहरू यो हावापानीबाट प्रभावित छन्। लालीगुराँस, धूपी र फिरफिरे जस्ता वन्य सम्पदा, डाँफे, मोनाल र लङ्गुर बाँदर जस्ता पशुपक्षी पाइन्छन्। यो भागमा गाउँका गाउँ मानिसहरू बसोबास गर्दछन्।

अर्धउष्ण हावापानी

न्यानो अर्ध उष्णहावापानी भएको भागमा २,१३३ मिटर(७००० फीट) भन्दा मुनिको पाखो, पखेरा तथा १,००० मिटरभन्दा होचा बेंसी र टारहरू पर्दछन्। यो भागमा हिउँदमा केही जाडो भए तापनि वर्षामा निक्कै गर्मी हुन्छ। अन्दाजी १,२१९ मिटर (४००० फीट) मुनि पर्ने खोंच परेका बेंसी र टारहरूमा औलो पनि लाग्थ्यो तर अहिले औलो उन्मूलन भइसकेको हुँदा यो भागमा मानिसहरूको बस्तीयोग्य फाँट यही परिधिभित्र पर्दछन्। यहाँ धान, मकै, उखु, घैया आदि खेती गरिन्छ। यो हावापानीबाट प्रभावित क्षेत्रमा माथिल्लो खण्डमा गुराँस, चिलौनी, कटुस, फलाँटे र तल्लो खण्डमा साल, सिमल तथा खयर जस्ता रूखहरू छन्। तराईको उष्ण हावापानीमा पाइने आँप, लिची, केरा र मेवा जस्ता फलफूल प्रशस्त पाइन्छन्।

प्राकृतिक वनस्पति

यो जिल्लाका विभिन्न ठाउँहरू विभिन्न उचाइ र हावापानीबाट प्रभावित भएकोले यहाँ विभिन्न किसिमका वन्य पैदावर पाइनु स्वाभिविकै हो। शीतप्रधान लेकाली हावापानी भएको उत्तरी क्षेत्रमा लेकाली वनस्पति पाइन्छ। यस क्षेत्रमा गुराँस, बाँझ, भोजपत्र, धूपी, कल्ल आदिको रूखहरू हुन्छन् भने ठण्डा शीतोष्ण हावापानीबाट प्रभावित क्षेत्रमा कोणधारी वन पाइन्छ। समशीतोष्ण हावापानी भएको ठाउँमा मिश्रित वन हुन्छ। तर नुवाकोटको होचो पहाडी भाग र बेंसी टारहरूमा अन्य विभिन्न प्रकारका रूखहरू पाइन्छन्। यहाँ पाइने मुख्य वृक्षहरूमा साल, सल्लो, चाँप, ओखर, चिलाउने, कटुस, सिमल, सिसौ, आँप, दार, खयर, हल्दु, उत्तिस हुन्। केही मात्रामा बेंस, बाँस तथा निगालो पनि पाइन्छ। लेकाली भागमा विभिन्न रूखहरूको अतिरिक्त चिराइतो, मजिटो, विषफला, जटामसी, असुरो र सुगन्धवाल जस्ता जरीबूटी पनि पाइन्छन्। यो जिल्लामा ज्यादातः कृषि व्यवसायलाई नै आफ्नो जीवन निर्वाहको आधार बनाउने जिल्लाबासीहरूको निमित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक टेवाको पूरकको रूपमा यहाँको वन सम्पदाले महत्वपूर्ण स्थान ओगटेको छ। यहाँको बाँस र निगालोबाट बनेका छन् डोको, थुन्से र भकारीहरू। यहाँको साल, सिसौ र सल्लोले अडेका छन् घरहरू। यहाँको वन पाखोमा चर्छन् गाई, भैंसी र भेडा। यहाँको वनबाट उपलब्ध दाउराले तातो पार्छ असंख्य चूलाहरू र स्थानीय रूखबाटै बनेका हुन्छन् किसानका हलाहरू। यसरी जिल्लाबासीहरूको जीवनदेखि मरणसम्म निरन्तर प्रयोग भइरहेको हुन्छ हरियो वन।

पशु-पक्षी

यो जिल्लाको वन जङ्गलमा विभिन्न जातका वन्य पशु–पक्षीहरू पाइन्छन्। यहाँ पाइने जन्तुमा चितुवा, भालू, स्याल, फ्याउरो, दुम्सी, खरायो, घोरल, मृग, बाँदर आदि हुन्। पक्षीहरूमा गोसाइंकुण्डको भेकमा डाँफे तथा मोनाल पाइन्छन्। अन्य होचो पहाडी भाग र समथर भूमितिर मुजूर, कालीज, तित्रा, च्याखुरा, हलेसो, ढुकुर, जुरेली, मैना, लुइँचे, कोकले, सारुङ, चाँचर, फिष्टो, लाहाँचे, कोइली, बट्टै, मलेवा, चीबे तथा सुगा पाइन्छन्। नुवाकोट जिल्लामा वनजन्तु संरक्षणको खास केही कार्यक्रम देखिंदैन तापनि वन्य पशु–पक्षीको हानि नोक्सानी भएको छैन।

वन संरक्षण तथा विकास

प्रशासनिक सुविधा र वन संरक्षणमा राम्रो दृष्टि पुन्याउने हेतुले यहाँको वन क्षेत्रलाई तादी रेञ्ज कार्यालय र गोसाइँकुण्ड रेञ्ज कार्यालय अन्तर्गत दुई भागमा विभाजन गरिएको छ। तादी खोलाभन्दा दक्षिण, सिन्धुपाल्चोक जिल्ला सीमानाभन्दा पश्चिम, काठमाडौं र धादिङ जिल्ला सीमानाबाट उत्तर तथा धादिङ जिल्लाभन्दा पूर्वको वन क्षेत्र तादी रेञ्ज कार्यालय अन्तर्गत पर्दछ। उत्तरमा रसुवा जिल्लाको सीमाना, पूर्वमा सिन्धुपाल्चोक सीमाना, पश्चिममा धादिङ जिल्ला सीमाना र दक्षिणमा तादी खोला यति चार किल्ला भित्रको वन क्षेत्र गोसाइँकुण्ड रेञ्ज कार्यालयबाट निर्देशित छ। यहाँको वन संरक्षण र विकासको क्षेत्रमा बागमती अञ्चल वृक्षरोपण शाखाले रानीपौवाको आसपासमा केही वृक्षरोपण गरेको छ। यसै सिलसिलामा घले गाउंको वरपर केही वन पाखोमा तारले बार्ने काम भएको छ।

खनिज पदार्थ

नुवाकोट जिल्लाको कल्फु खोला, तामे, चतुराले आदि ठाउँहरूमा सुन, बेरील, अभ्रख, निकल तथा ग्रेफाइट जस्ता खनिज पदार्थहरू पाइन्छन् भन्ने स्थानीय मानिसहरूको भनाइ भए तापनि संगठित रूपबाट यसको सर्वेक्षण तथा स्थानीय प्रयोग समेत भएको पाइँदैन। यो जिल्लामा पाइने र वर्षौंदेखि प्रयोगमा ल्याइएको खनिज पदार्थहरूमा घर छाउने ढुङ्गा (स्लेट) मुख्य हो। यहाँ पाइने स्लेट पनि बन्दीपुरे स्लेट जस्तै राम्रो छ भनिन्छ। यो जिल्लामा स्लेट खानी पाइने मुख्य मुख्य ठाउँ बोरे लच्याङ, कात्तिके, छहरे तथा तिगाउं हुन्। मदनपुर तथा सिन्दुरे विलासपुरमा प्रशस्त चून ढुङ्गा पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

नौवटा किल्लाहरूको[1] केन्द्र भएको हुनाले पूर्व मध्यकालदेखि नै यस इलाकालाई नुवाकोट भनिएको थियो। गोपाल राजवंशावलीमा[2] पनि यस स्थानको नाम "नवक्वाठ" अर्थात् नौवटा किल्ला" भनी लेखिएको छ।

उक्त वंशावलीअनुसार नेपाल सम्वत् ३६५ (ई. सं. १२४५) पौष कृष्ण षष्ठिको दिनमा नवक्वाठ (नुवाकोट) मा कन्हहुदेव मरे भनी लेखिएको छ।[3] यसप्रकार नुवाकोटको महत्व ई. सं. १२४५ देखि नै रहेको देखिन्छ। यसप्रकार गोपाल राजवंशावली अनुसार मल्लकालको अभ्युदयदेखि नै नुवाकोट काठमाडौं उपत्यकाको पश्चिमतिरको मूल ढोकाको रूपमा देखापर्दछ। प्रशासनिक र सैनिक दृष्टिकोणबाट पनि यस स्थान महत्वपूर्ण थियो। नौवटा किल्लाहरूको केन्द्र भएकोले यस स्थानबाट ती सबै किल्लाहरूको प्रशासन हुनुको साथै पश्चिमतिरबाट हुने आक्रमणको सुरक्षा सञ्चालन यहींबाट हुन्थ्यो।

पूर्व मल्लकालमा काठमाडौं उपत्यकामाथि बाहिरी विशेषगरी खशिया मल्लहरूको र डोयहरूको हमला भइरहेको थियो। जब पश्चिममा खशिया मल्ल राजा जितारी मल्लले पूर्वतिर राज्यको विस्तार गरे त्यस बेला काठमाडौं उपत्यकामा पनि हमला गरे। जितारी मल्लले आफ्नो राज्य पूर्वमा त्रिशूली गण्डकीसम्म फैलाए। यस पछि काठमाडौं उपत्यकाको सुरक्षाको लागि नुवाकोटले ठूलो भूमिका खेल्यो। जब खशिया मल्लहरूले उपत्यका हमला गर्न आउँथे सबभन्दा पहिले नुवाकोटमा लडाइँ हुन्थ्यो। गोपाल राजवंशावलीमा यो कुरा स्पष्ट रूपले लेखिएको छ, जुन यसप्रकार छः– सं. ४१० (ई. सं. १२०९ मा) फागुन कृष्ण प्रतिपदामा जयतारि (जितारी) आई नवक्वाठ (नुवाकोट) जिते।[4] जितारी मल्लले काठमाडौं तीन पटक हमला गरेका थिए। तीनै पटक त्यहींबाट आएका थिए। पछि रिपु मल्ल काठमाडौंमा रहेका धार्मिक स्थलहरूमा पूजा गर्न आउँदा पनि नुवाकोट भई आएका थिए। ई. सं. १३२८ मा आदित्य मल्लले हमला गर्दा पहिले नुवाकोट विजय गरे।[5] यसप्रकार नुवाकोट काठमाडौं उपत्यकाको पश्चिमतिरको मूल सुरक्षा स्थल थियो। यो पछिसम्म पनि कायम रह्यो।

१. नौवटा किल्लाहरूको नाम यसप्रकार छन्: १. बेलकोट, २. कालिकाकोट, ३. भैरवकोट, ४. मालाकोट, ५. धुवाँकोट, ६. प्यासकोट, ७. सिमलकोट, ८. धैबुङकोट, ९. सल्यानकोट। तर यी कोटहरूको नामावलीमा एक रूपता छैन। त्यसबेला नुवाकोटको अधीनमा हालको धादिङ जिल्ला पनि पर्दथ्यो।

२. गोपाल राजवंशावली ई. सं. १३८८ मा लेखिएको थियो

३. गोपाल राजवंशावली, पृष्ठ ३८ ख

४. ऐजन, पृष्ठ ४० क

५. ऐजन, पृष्ठ ४६ क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्व मल्लकालमा नुवाकोटको महत्व गोपाल राजवंशावलीमा विभिन्न प्रसंगमा उल्लेख गरिएको कुराबाट स्पष्ट हुन्छ।[१] यहाँका सामन्तहरूले बराबर विद्रोह गरेको देखिन्छ। त्यसकारण यस स्थानमा बराबर केन्द्रबाट हमला गरी सामन्तहरूलाई कज्याउने प्रयास गरेको देखिन्छ। रूद्र मल्लले नुवाकोटमा हमला गरेको देखिन्छ। मल्लकालमा साधारणतया सामन्तहरू वंशपरागत थिए। यसकारण ती सामन्तहरू शक्तिशाली हुन्थे। मौका पाएमा स्वतन्त्र हुने प्रयास गरिरहन्थे।

यक्षमल्लको समयमा जब मल्लराज्य पश्चिममा पाल्पासम्म फैलिए त्यसबेला पनि नुवाकोट मल्लहरूको अधीनमा थियो। हुनत यो जिल्लामा लिच्छविकालका केही पनि अभिलेख भेट्टिएको छैन तर लिच्छविकालमा गोरखासम्म केन्द्रबाट नै प्रशासन चलेकोले यो जिल्ला लिच्छवि राजाहरूको अधीनमा हुनु स्वभाविक थियो। नेपालको इतिहासमा नुवाकोटको वैश्य ठकुरीहरू आई काठमाडौंमा शासन चलाए भन्ने कुरा वंशावलीमा लेखिएको छ। तर यस कुराको ऐतिहासिक तथ्य केही पनि अझसम्म फेला परेको छैन। सोध कार्य गरेमा यसको टुङ्गो लाग्नेछ। वंशावलीमा लेखिएका नुवाकोटे ठकुरी राजाहरूका नाम यसप्रकार छन्:-

भास्करदेव, बलदेव, पद्मदेव, नागार्जुनदेव र शङ्करदेव।[2] कर्कपाट्रिकले भास्करदेवलाई पाटनका सामन्त भनी लेखेका छन्।[3] गोपाल राजवंशावलीमा पनि कर्कपाट्रिकले जस्तै भास्करदेवलाई नुवाकोटे ठकुरी शासक भनेर देखाएको छैन। तर विजयदेव (जयदेव) ले राज्यलाई दुई भागमा बाँडेका थिए भनी लेखिएको छ।[४] गोपाल राजवंशावलीमा यस वंशलाई नुवाकोटे ठकुरी भनी नलेखिएकोले यस राजपरिवार कुन वंशका थिए भन्ने कुरा अझसम्म टुङ्गो लागेको छैन। डा. रेग्मीले यी शासकहरूलाई नुवाकोटे ठकुरीहरू आई शासन गरेको कुरा मानेका छैनन्।[5] यसप्रकार यो विवादग्रस्त प्रश्नको लागि अरू सोध कार्यको आवश्यक छ।

यक्ष मल्लको मृत्यु पछि रत्न मल्लले ई. सं. १४६१ मा नुवाकोटका ठकुरीहरूले आफूसंग नसोधी राज्येश्वरीदेवीको मूर्तिमा रङ लगाएको हुनाले रिसाई नुवाकोटमाथि आक्रमण गरे र विजय प्राप्त गरे। त्यसपछि नुवाकोटबाट फलफूल ल्याई पशुपति महादेवलाई चढाए। त्यस समयदेखि नुवाकोटबाट ती चिजहरू ल्याई पशुपतिनाथलाई चढाउने चलन चलेको छ।[6] यस कुराबाट यस समयमा नुवाकोटका ठकुरीहरू स्वतन्त्र थिए भन्ने सङ्केत मिल्दछ। केही निहु खोजी रत्न मल्लले यस इलाकामा हमला गरी विजय गरेको कुरा देखिन्छ।

---

१. गोपाल राजवंशावली-पृष्ठ २७ ख, ३८ ख, ३९ ख, ४० क, ४१ ख, ४२ क, ४५ ख, ४६ क र ख, ४८ क र ख

2. Wright, D. (ed.) History of Nepal, Sushil Gupta (India) Pvt. Ltd., Calcutta, 1958, p. 94--96

बाल चन्द्र शर्मा- नेपालको ऐतिहासिक रूपरेखा, कृष्णकुमारी देवी, वाराणसी, द्वितीय संस्करण, २०२२, पृष्ठ ११३–१४

3. Kirkpatrick, W. J.— An Account of the Kingdom of Nepaul, p. 263

४. गोपाल राजवंशावली–पृष्ठ २३ ख

5. Regmi, D. R.-- Medieval Nepal, vol. I, Firma K. L., Mukhopadhyaya, Calcutta, 1965, p. 121 ff

6. Wright, D. (ed.)— op—cit, p. 12;—22

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रत्न मल्लले विजय गरी नुवाकोट आफ्नो अधीनमा राखे तापनि त्यस इलाकामा अहिलेसम्म भएको खोज कार्यमा महेन्द्र मल्ल अगाडिको कुनै पनि ऐतिहासिक साधन फेला परेको छैन।[1]

नुवाकोटमा महेन्द्र मल्ल १५६८ (ई. सं.), प्रताप मल्ल (वर्ष पढ्न नहुने गरी बिग्रेको) नृपेन्द्र मल्ल (१६७६ ई. सं.), पार्थिवेन्द्र मल्ल (ई. सं. १६८३), भास्कर मल्ल (ई.सं. १७०३) जगज्जय मल्ल (१७२८ र १७३१) आदि मल्लराजाहरूको अभिलेखहरू पाइएका छन्।[2] यसप्रकार नुवाकोट कान्तिपुरका मल्ल राजाहरूको अधीनमा थियो। यो स्थान गोरखाका राजा पृथ्वीनारायण शाहले विजय नगरुन्ज्यालसम्म कान्तिपुरकै अधीनमा थियो।

ई. सं. १७१६ मा पृथ्वीपति शाहका नाति नरभूपाल शाह गोरखाको राजगद्दीमा बसे। नरभूपाल शाह ज्यादै साहसी र आकांक्षी राजा थिए। आफ्नो मामाली तनहुँ र पुरानो शत्रु लमजुङबाट भएका आक्रमणहरूको सामना गोरखाका राजा नरभूपाल शाहले गर्नु परे तापनि नुवाकोट र बागमती उपत्यकालाई लक्ष्य गर्दै पूर्वतिर बढ्न यिनले छोडेनन्। अन्ततः ई. सं. १७३७ मा नरभूपाल शाहले नुवाकोट माथि आक्रमण गरे। काजी जयन्त राना (मगर) र महेश्वर पन्तको नेतृत्वमा गएको गोरखाली दल यस युद्धमा पराजय भयो। यसताका काठमाडौंमा जयप्रकाश मल्ल राज्य गर्दथे। तिब्बतसितको व्यापारको मूलद्वार भइरहेको नुवाकोट जयप्रकाशले शत्रुको हातमा पर्न दिएनन्। गोरखालीहरू बाध्य भएर पछाडि हटे। नुवाकोट पराजयले महत्वाकांक्षी नरभूपाल शाहको मनमा केही प्रतिक्रियात्मक भावना ल्यायो। यसै सिलसिलामा जयन्त रानाले काजी पद छोडी गोरखालीका शत्रु जयप्रकाश मल्लको सेवामा जानु पर्ने स्थिति सिर्जना भयो।

नरभूपाल शाहको स्वर्गारोहण भए पछि उनका जेठा २० वर्षका युवराज पृथ्वीनारायण शाह गोरखाको राजगद्दीमा बसे। राज्यारोहण गरेदेखि नै नुवाकोट माथि आक्रमण गरी विजय प्राप्त गर्ने पृथ्वीनारायण शाहको योजना थियो। पहिलो नुवाकोट युद्ध पश्चात् गोरखाका मगर काजीहरू दरबारबाट केही पर रहेका थिए। लडाका मगरहरूबाट नुवाकोट जित्न सकिन्छ भन्ने पृथ्वीनारायण शाहलाई लागेको थियो। त्यसकारण गोरखाका पुराना मगर काजी विराज थापालाई यो कार्य जिम्मा दिने व्यवस्था भयो। विराज थापा केही सहयोगी साथ लिई नुवाकोटतर्फ लागे।

---

१. अहिले सम्ममा नुवाकोटमा चार चोटि ऐतिहासिक सर्भेक्षण भएको छ। २०१६ साल र २०२३ सालमा पुरातत्त्व विभागबाट, २०२१ सालमा त्रि. वि. वि. इतिहास विभागबाट र २०३१ सालमा नेपाल र एशियाली अध्ययन संस्थान त्रि. वि. वि. बाट।

२. शङ्करमान राजवंशी (सं.)–पुरातत्त्व पत्र संग्रह,तेस्रो भाग, वीर पुस्तकालय, श्री ५ को सरकार. काठमाडौं, २०२०, पृष्ठ ५–१०। नुवाकोट सम्बन्धी निम्नलिखित लेखहरू र किताब हेर्नु होलाः शङ्करमान राजवंशी-ऐतिहासिक निरीक्षण र त्यसको उपलब्धि, प्राचीन नेपाल, संख्या २, पृष्ठ ११-१६। शङ्करमानराज वंशी-श्री ५ पृथ्वीनारायण शाहका लालमोहर र धँबुङको अभिलेख, प्राचीन नेपाल, संख्या ३, पृष्ठ २१–३२। शङ्कर मान राजवंशी-नुवाकोटमा उपलब्ध ऐतिहासिक उपकरण, प्राचीन नेपाल, संख्या १०, पृष्ठ ३५-४२। शङ्करमान राजवंशी-नुवाकोटमा उपलब्ध ऐतिहासिक उपकरण, प्राचीन नेपाल, संख्या १३,पृष्ठ ३६-४२। नेपाल र एशियाली अध्ययन संस्थानबाट ऐतिहासिक सर्वेक्षण जारी नै छ। Kirkpatric, W.J. -An Account of the Kingdom of Nepaul.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यतिबेला गोरखालीहरूको पुरानो शत्रु नुवाकोट साँच्चिनै बलियो गढ थियो। राम्रो कर नपाई बलियो नुवाकोट माथि जाइलाग्नु युक्तिसंगत नठानी विराज थापा त्रिशूली नदीपारी खिञ्चेत भन्ने ठाउँमा बसी मौका पर्खन थाले। युवक पृथ्वीनारायण शाहलाई शिघ्राती शिघ्र नुवाकोट हत्याउने हतार थियो। विराज थापाको दीर्घकालीन युद्ध नीतिको प्रतीक्षा गर्ने धैर्य पृथ्वीनारायण शाहमा भएन। नुवाकोट माथि छिटै आक्रमण गर्न भनी महेश्वर पन्तलाई पठाइयो। महेश्वर पन्त हतार हतार त्रिशूली नदी तरेर नुवाकोट क्षेत्रमा गई बसे। त्रिशूली नदीको आसपासको धरातलभन्दा निकै माथि पहाडमा अवस्थित शत्रुको बलियो किल्ला नुवाकोट माथि आक्रमण गरी विजय प्राप्त गर्नु सजिलो कार्य थिएन। ई. सं. १७४३ तिरको यो प्रयास पनि विफल भयो। नुवाकोटेसित हारेर यो दोस्रो पटक पनि गोरखालीहरू भागे।

पराजयबाट पृथ्वीनारायण शाह कत्ति पनि विचलित भएनन्। नुवाकोट माथि गोरखाली झण्डा फहराउने उनको आन्तरिक राष्ट्रिय उत्कण्ठा झन् झन् तीव्र हुन थाल्यो। काठमाडौंसित शीतयुद्ध चलिरहेका भादगाउँलेहरूको पृथ्वीनारायण शाह प्रति सहानुभूति थियो। फलतः नुवाकोट माथि पुनः आक्रमण गर्ने कार्यको लागि भादगाउँका रणजित मल्लले केही आर्थिक सहयोग पनि पुऱ्याए। यतिबेला पृथ्वीनारायण शाह बनारस गएका थिए। त्यसतर्फबाट केही आवश्यक युद्ध सामग्री पनि खरीद गरी ल्याए। तत्पश्चात् बडो धैर्यतापूर्वक नुवाकोटमा आक्रमण गर्ने कुरालाई गोप्य नै राखी त्रिशूली पारी खिञ्चेतमा खेत आवाद गर्ने बहाना गरी खेतालाको भेषमा गोरखालीहरू काम गर्न थाले। गोरखालीहरूलाई रसद पानीको खाँचो थियो तर गोरखा राज्यभित्र पर्ने फिर्कपबासी तालिवर (धनाढय) बाहुन कल्याण रिमालले यसबारे सहयोग गर्ने वचन दिएका थिए।

आफ्ना पुर्खा राम शाहकै पालादेखि सिरानचोक, सल्यान तथा धादिङ गढीमा नवयुवक गोरखालीहरूलाई सैनिक तालीम दिने प्रचलन पृथ्वीनारायण शाहले पनि कायमै राखे। गोरखाको सुरक्षाको लागि केही सैनिक त्यहाँ राखी अरू सबै शक्ति खिञ्चेतमा केन्द्रित गरियो। पृथ्वीनारायण शाहले बनारसबाट केही बन्दूक पनि ल्याएका थिए तर बन्दूक चलाउने कार्यमा तत्कालीन गोरखालीहरू त्यति निपूण नभएकाले खुकुरी, खुंडा, बर्छा र धनुष बाण जस्ता हात हतियारको सङ्कलन र मर्मत गरियो। यसरी आवश्यक युद्ध सामग्री, रसद पानी र जन शक्तिको राम्रो व्यवस्था भएपछि नुवाकोट माथि चढाइ गर्ने उपयुक्त साइतको प्रतीक्षामा रहे। यो युद्धको तयारी कार्य र युद्ध नीति तर्जुमा गर्दा कालु पाण्डेले पनि सर-सल्लाह दिएका थिए।

गोरखालीहरू खिञ्चेत मै रहेको बेला आफ्नो शक्ति अझ बलियो पार्ने हेतुले गोरखाका पुराना काजी अर्थात् तत्कालीन नुवाकोटका उमराव जयन्त रानालाई पृथ्वीनारायण शाहले बोलाइपठाएका थिए। "तं हाम्रो मानिस होस्, यता आ" भन्ने सन्देश पठाउँदा जयन्त रानाले "हुनत म हजूरकै चाकर हुँ, तर जयप्रकाश मल्लको नून खाइहालें, नूनको गुण छोडेर आउन सक्तिन"[१] भनी सोझो जवाफ दिए।

यसपछि पृथ्वीनारायण शाह, कालु पाण्डे र कुलानन्द ढकाल समेत भेला भई नुवाकोट माथि चढाइ गर्ने उपयुक्त साइत ज्योतिषीद्वारा जुराइयो। ज्योतिषीले दिएको साइत बमोजिम ई. सं. १७४४, सेप्टेम्बर २६ को बिहान नुवाकोट माथि आक्रमण गरियो। सो दिन उज्यालो नहुँदै रातारात गरी पृथ्वीनारायण शाह र कालु पाण्डे, भाइ भारदार तथा सैनिकहरू त्रिशूली नदी पार गरे। इतिहासकार बाबुराम आचार्यकाअनुसार पृथ्वीनारायण शाहका भाइ १२ वर्षका दलमर्दन शाह पनि ढाल तरबार भिरेर समरमा भाग लिन कस्सिए। दाजुको

---

१. बाबुराम आचार्य—श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग २ वि. सं. २०२५, विजया दशमी, पृष्ठ २२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नामञ्जूरी भए पनि दलमर्दन शाह युद्ध क्षेत्रमा नगई छोडेनन् । यस युद्धमा को पुरोहित को ज्योतिषी सबकासब ढाल तरवार, खुंडा-खुकुरी, धनुष वाण भिरेर अगाडि बडे ।

यसबेलासम्म नुवाकोटका जयन्त रानाले गोरखालीहरूको चहल पहलको रहस्य बुझी नुवाकोट रक्षाको लागि थप सहायता खोज्न कान्तिपुरतर्फ लागिसकेका थिए। यिनका भाइ शङ्खमणि राना दुई-तीनसय जति नुवाकोटे सैनिक तैनाथ गरी नुवाकोट महामण्डलको रक्षामा व्यस्त थिए। तर उता पृथ्वीनारायण शाहले भने करीब एक हजार लडाकु सैनिक जम्मा गरिसकेका थिए। नुवाकोट विजय पछि जयप्रकाश मल्लबाट प्रत्याक्रमण भए पनि सामना गर्न सकिने गरी आएका थिए गोरखालीहरू।

त्रिशूली तरेपछि पृथ्वीनारायण शाहले आफ्नो सैनिक दललाई दुई भागमा विभाजन गरे। एक दल काजी कालु पाण्डेको नेतृत्वमा गेर्खुको बाटोगरी नुवाकोट गढीतर्फ लाग्यो। अर्को दल चौतारा महोद्दाम कीर्ति शाहको नेतृत्वमा धर्मपानीको बाटो लाग्यो। कालु पाण्डेको दलमा बालक दलमर्दन शाह पनि थिए। कालु पाण्डेको दल पहिले नुवाकोट महामण्डलमा पुग्यो। शङ्खमणि रानाले गोरखालीसँग केही बेरसम्म युद्ध गरे। नुवाकोटेहरू ज्यादै हताहत भए। धेरै संख्यामा नुवाकोटका सैनिकहरू मारिए र अन्तमा शङ्खमणि रानाको पनि युद्धस्थल मै मृत्यु भयो। "पहिले यही दल (कालु पाण्डेको दल) महामण्डलमा पुगेर आक्रमण गर्दा त्यहाँ रहेका शत्रु सैनिक ज्यादा हताहत भई दलमर्दन शाहका हातबाट शङ्खमणि राना मारिए र लडाईं समाप्त हुँदा "जेठी तरवार"[1] यिनैको ठहरियो।[2] पहिले दुई पटकसम्म गोरखालीहरूले हार खानुपरेको यो नुवाकोट यस पटक सामान्य युद्धबाट आफ्नो अधिकारमा आउँदा पृथ्वीनारायण शाहको मनमा खुसीको सीमा रहेन। काठमाडौं उपत्यका र अन्ततोगत्वा पूर्वतर्फका स-साना सरहद तथा राज्य रजौटाहरू समेत विजय गरी एउटा विशाल नेपालको सिर्जना गर्ने आकांक्षाले प्रेरित पृथ्वीनारायण शाहको लागि नुवाकोट जस्तो युद्धावश्यक गढी विजय गर्नु ज्यादै महत्वपूर्ण कुरा थियो। यो विजय पश्चात् नुवाकोटको साततल्ले दरबारमा बसी पृथ्वीनारायण शाहले यस भेकको राजकाज गर्न थाले।

नुवाकोटको युद्ध समाप्त भए पछि पुत्रशोकले विह्वल भएका जयन्त राना तादी खोलाको पूर्वपट्टि बेलकोटमा आफ्नो घरमा आएर बस्न थाले। धेरै टाढाका राज्यहरूमा आँखा गाडिरहेका गोरखालीहरूले नजीकैको बेलकोट के बाँकी राख्थे। एक दिन बेलकोट पनि नुवाकोटमा मिल्यो। ई. सं. १७४५ मा पृथ्वीनारायण शाह नुवाकोट जिल्लाको उत्तरी भ्रमणमा गएर गोसाइँकुण्डमा स्नान गरी नीलकण्ठको दर्शन गरे। गोसाइँ-कुण्डबाट फर्कंदाखेरि उनी गोलपुछेपारको बाटो गरी पाटी भञ्ज्याङ निस्केर गडखार हुँदै नुवाकोट पुगे। यो भ्रमणबाट नुवाकोट मात्र होइन छिमेकी क्षेत्र र काठमाडौं उपत्यकाको भौगोलिक एवं सामाजिक स्थिति पृथ्वी-नारायण शाहलाई राम्रो ज्ञात भयो। त्यसपछि गोरखालीहरूले साँगाचोक, कीर्तिपुर, काठमाडौं, पाटन र भादगाउँ तथा वरपरका गढी, कोट र थुमहरू विजय गरी नेपालको राजधानी काठमाडौं सारे। वास्तवमा ई. सं. १७४४ देखि काठमाडौं उपत्यका विजय नभएसम्म गोरखालीहरूको लागि युद्धको आधार शिविर नै नुवाकोट भएको थियो। पृथ्वीनारायण शाहले नुवाकोटमा दुईवटा दरबार बनाएका थिए। एउटा नुवाकोटको साततल्ले दरबार[3] र अर्को

---

१. युद्धमा जुन तरवारको प्रहार अन्तिम हुन्छ र त्यसपछि अरू तरवार चलाउने आवश्यक पर्दैन त्यसलाई 'जेठी तरवार' भनिन्छ।

२. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ३२८

३. यो दरबार वि. सं. १८१९ मा बनेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शीतकालीन दरबार ।[1] पृथ्वीनारायण शाहको राज्यकालको (नुवाकोटको विजय पछि) धेरै समय नुवाकोट नै केन्द्र थियो। काठमाडौं विजय गरिसकेपछि नेजराम मेदासी (मेघासी) लाई नुवाकोटको प्रशासन राम्रोसँग चलाउनु, शहर गुल्जार राख्नु, नुवाकोट भैरवीको र तुलजाको जात्रामा राजाको प्रतिनिधि भई सन्तान दर सन्तान काम गर्नु भनी पृथ्वीनारायण शाहले लालमोहर गरिदिएका थिए। उक्त लालमोहर अनुसार नेजराम मेदासी र उनका सन्तान दर सन्तानलाई नुवाकोटको द्वारे पदवी दिइएको थियो। निजलाई परि आएको डाडु-कुण्ड पञ्चखत समेतको अधिकार दिइएको थियो र निजहरूले जनताको घरमा नपस्नु (अर्थ जनताको घरमा बिनाकारण पसी प्रशासनिक भ्रष्टाचार गर्ला भनेर जनताको घरमा नपस्नु भनेको हो) र अनेक कर माफी गरिदियौं भन्ने उल्लेख उक्त लालमोहरमा छ।[2]

नुवाकोट साततल्ले दरबारमा रहेको शिलालेख अनुसार श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले त्रितङ्ग (तनहूँ) का राजा त्रिविक्रम सेनलाई गिजडामा थुनेका थिए। यसप्रकार त्रिविक्रम सेनलाई नुवाकोटमा नै थुनेको थियो।

गोरखालीहरूको राजधानी काठमाडौं सरे पछि केही वर्षसम्म शान्त रहेको नुवाकोट पुनः रणबहादुर शाहको राज्यकालमा भएको नेपाल-भोट युद्धले गर्दा अशान्त हुन गयो। तिब्बतमा नेपाली टक चलाउने सम्बन्धमा बीजारोपण भएको सामान्य छलफल अन्ततोगत्वा ई. सं. १७८९ मा गएर युद्धमा परिणत भयो। अफिसर फुकाङ आनको नेतृत्वमा नेपालतिर लागेका चिनियाँ फौजले केरुङको बाटो गरी नेपालमा प्रवेश गऱ्यो र त्रिशूलीको किनारै किनार दक्षिणपट्टि बढ्यो। गोरखालीहरूले चिनियाँहरूको बेग रोक्न सकेनन्। त्रिशूली आसपासमा घमासान युद्ध भयो। केवल धैबुङको इलाकामा भएको युद्धमा दुवै थरीका गरी चार हजार सैनिक नोक्सान परे।[3]

यसरी केरुङ, धैबुङ, वेत्रावती हुँदै अगाडि बढेको चिनियाँ दल कहाँसम्म आइपुग्यो भन्ने बारे इतिहासकारहरूमा मत विभिन्नता पाइन्छ। इतिहासकार डा. डिल्लीरमण रेग्मीका अनुसार प्राप्त प्रमाणको आधारमा अन्तिम युद्ध धैबुङ वा त्यसको नजीकै भएको थियो। चिनियाँको एक सानो दफा मुख्तियार बहादुर शाहसँग अन्तरवार्ता लिन उपत्यकाको उत्तर-पश्चिम स्थित पाँचमाने डाँडासम्म आएका थिए जहाँ चिनियाँ फौजको नेपाल आगमनको स्मृतिको रूपमा पाँच वटा स्तूपहरू निर्माण गरेका थिए।[4] नेपाल-तिब्बत युद्धको सिलसिलामा गोरखालीहरू भोटभित्र प्रवेश गरिसकेका थिए। यस सम्बन्धमा श्री गुसेप टुची आफ्नो ऐतिहासिक खोजमा यसरो उल्लेख गर्दछन् "चिनियाँहरूले गोरखालीलाई नेपाल सीमाना भित्र फर्काइदिए। ई. सं. १७९२

१. यो दरबारको बारेमा योगी नरहरिनाथले 'दिव्य उपदेश' मा उल्लेख मात्र गरेका थिए तर नेपाल र एशियाली अध्ययन संस्थानबाट सर्वेक्षण हुँदा यो दरबारको बारेमा पुरा विवरण प्राप्त भएको छ।
२. शङ्करमान राजवंशी–श्री ५ पृथ्वीनारायण शाहका लालमोहर र धैबुङको अभिलेख, प्राचीन नेपाल, भाग ३, पृष्ठ २६–३२। नुवाकोट सम्बन्धमा हेर्नुस्–प्राचीन नेपाल, भाग २, पृष्ठ ११–१६; भाग ३, पृष्ठ २६–३२; भाग १०, पृष्ठ ३७–४२ र भाग १३, पृष्ठ ३९–४३। शङ्करमान राजवंशी (सं.)– पुरातत्त्व पत्र-संग्रह, भाग ३, पृष्ठ ५–११
3. Padma Jung-Life of Jung Bahadur, p. 6 (वालचन्द्र शर्माले नेपालको ऐतिहासिक रूपरेखाको पृष्ठ २४२ मा उद्धृत गरेअनुसार)
4. Regmi, Dilli Raman—Modern Nepal, Firma K. L. Mukhopadhyaya, Calcutta, 1961, p.195

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा चिनियाँ फौज काठमाडौंबाट एक दिनको बाटोसम्म आईपुगे" ।[1] काठमाडौं उपत्यकामा समेत त्राही त्राही भएको थियो । अन्ततः ई. सं. १७९२ सेप्टेम्बर १९ को राती वीर गोरखालीहरूले चिनियाँ सैन्यलाई भगाए र नेपाल, भोट-चीन बीच युद्ध बिराम सम्झौता गरियो। कर्कपाट्रिकले गीर्वाणयुद्ध विक्रम शाह र नायब बहादुर शाहलाई यही नुवाकोटमा भेटेका थिए । रणबहादुर शाहले गद्दी छोडी राजकुमार गीर्वाणयुद्ध विक्रम शाहलाई राजा बनाई आफू स्वामी भएपछि जब राजनैतिक खिचातानी भयो दामोदर पाण्डे आदि भारदारले श्री ५ गीर्वाण युद्ध विक्रम शाहलाई नुवाकोट लगिराखेका थिए । त्यसबेला नेपालको शीतकालीन राजधानी नुवाकोट थियो अर्थात् जाडो याममा राजा र भारदारहरू नुवाकोटमा नै बस्दथे ।

ई. सं. १८५५ मा नेपाल र भोटका बीच पुनः युद्धारम्भ भयो। जर्नेल बमबहादुरको नेतृत्वमा गएको फौजले नुवाकोटबाट त्रिशूली र वेत्रावती हुँदै केरुङ पुगेर भोटमाथि हमला गऱ्यो । केरुङमा घमासान युद्ध भयो। गुण्टागढी र झुङगगढी समेत नेपाली फौजले कब्जा गऱ्यो। यस युद्धमा पनि चीनले भोटलाई सहयोग दियो। चिनियाँ फौज झुङगगढीसम्म नेपालीसित भिड्न आइपुगेका थिए तर अन्ततः विजय नेपालीहरूकै भयो । ई. सं. १८५६ मा युद्ध साम्य भई पुनः मिलापत्र गरियो। वीर नेपालीहरू केरुङबाट नुवाकोट हुँदै फिर्ता आए।

अतः नेपालको इतिहासमा नुवाकोट जिल्ला, नेपाल-तिब्बत व्यापारको मूलद्वार, भृकुटीको घर-माइती गर्ने मूलबाटो तथा पृथ्वीनारायण शाहको सामरिक महत्वको ठाउँ मात्र नभएर चिनियाँ फौजलाई काठमाडौं उपत्यकातर्फ र नेपाली फौजलाई केरुङतर्फ बढ्ने आधार युद्धशिविर पनि भएको छ ।

1. Tucci, Giuseppe--Nepal: The Discovery of the Malla, London, Allen and Unwin, 1962, p. 85-86

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

बिदुर

यो नुवाकोट जिल्लाको सदरमुकाम हो। यहाँबाट पुरानो सदरमुकाम अर्थात् नुवाकोट महामण्डल करीब तीन किलोमिटर (एक कोस) पूर्व, बट्टार दुई किलोमिटर (पौने एक कोस) दक्षिण, काठमाडौं करीब ३२ किलोमिटर (१७ कोस) पूर्व पर्दछन्। बिदुरको उत्तरपट्टि वनदेवीको पाखोपखेरा, दक्षिणपट्टि बट्टारको सेरोफेरो, पूर्वतिर नुवाकोटको पाखो र सेरोफाँट तथा पश्चिमतिर त्रिशूलीको किनार पर्दछन्। गरागरी परेको खेत पाखोमा अवस्थित बिदुरमा मकै, कोदो, धान गहुँ आदि खेती गरिन्छ। जिल्लाको सदरमुकाम बिदुरमा सरेदेखि यहाँको वातावरणमा नयाँ नयाँ गतिविधिहरू थपिएका छन्।

सबैजसो सरकारी तथा अर्ध-सरकारी जिल्लास्तरीय कार्यालयहरू यहीं नै रहेका छन्। यहाँ नयाँ नयाँ घरहरू बन्दैछन् र बजारको विकास र विस्तार भइरहेछ। हालसम्म यहाँ करीब २५ वटा घरहरू बनिसकेका छन्। वनदेवीको पाखोमा भएको मूलपानी जम्मा गरी ल्याएको पानीबाट बिदुरमा खानेपानीको व्यवस्था भएको छ। यहाँको हावापानी र रहन सहन त्रिशूली बजारसित मिल्दो जुल्दो छ।

त्रिशूली बजार

नुवाकोट जिल्लाको मुख्य बस्ती त्रिशूली बजार नै हो। यो बजार जिल्लाको सदरमुकाम बिदुरबाट करीब दुई किलोमिटर अर्थात् पौने एक कोस जति उत्तर पश्चिममा पर्दछ। यो बजार त्रिशूली नदीको वारि र पारि दुई भागमा बाँडिएको छ। धेरैजसो घर पसलहरू पश्चिमपट्टि नै केन्द्रित छन्। यहाँ पहिले झोलुङ्गे पुल थियो तर काठमाडौं त्रिशूली राजमार्ग बनेपछि यहाँ पक्की पुलको निर्माण गरिएको छ।

यहाँबाट जिल्लाका विभिन्न स्थान र छिमेकी जिल्लाहरूमा जाने बाटोहरू छन्। जस्तो सामरी भञ्ज्याङबाट धादिङ, गोरखा र लमजुङ हुँदै पोखरा जाने पुरानो मूल बाटो, वेत्रावतीबाट तुप्चे अथवा धुंबु हुँदै केरुङ जाने बाटो, नुवाकोट, ढिकुरे, चतुराले र पाँचमाने हुँदै काठमाडौं जाने पुरानो मूलबाटो आदि। खासगरेर जिल्लाको उत्तर र दक्षिणका मुख्य मुख्य ठाउँमा जाने स-साना सबै गोरेटो र मूल बाटोहरू त्रिशूली बजारबाट प्रारम्भ हुन्छन्।

करीब २०० जति घर पसल भएको त्रिशूली बजार पहिलेदेखि नै जिल्लाको महत्वपूर्ण वाणिज्य केन्द्र रहिआएको छ। यो जिल्लाको उत्तरी भू-भागका निवासीहरू र धादिङ तथा रसुवाका मानिसहरूको लागि त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिशूली बजारले एउटा विनिमय बजारको काम गरेको छ। यहाँ काठमाडौंतर्फबाट लगिएको कपडा, नून, तेल, मरमसला तथा भाँडा वर्तन र पहाड तर्फबाट ल्याइएको ध्यू, डोको, नाम्लो, भकारी, मान्द्रो, राडी, बख्खु आदि खरीद बिक्री एवं विनिमय गरिन्छ। वास्तवमा व्यापारिक गतिविधिको दृष्टिले यो त्रिशूली बजार नुवाकोट जिल्लाको मात्र होइन पश्चिम एक नम्बर क्षेत्रकं लागि महत्वपूर्ण छ।

यो बजार त्रिशूली गङ्गामाई पञ्चायत अन्तर्गत पर्दछ। यो पञ्चायतको जनसंख्या ३,६९७ छ र ज्यादा मानिसहरू बजार वरपर नै केन्द्रित भएका छन्। जिल्लाको एक मात्र माध्यमिक विद्यालय त्रिशूली बजारमा नै छ। यसको अतिरिक्त नुवाकोट जिल्लाको एक मात्र नमूना प्राथमिक विद्यालय पनि यहीं सञ्चालन गरिएको छ। यहाँ एक धार्मिक संस्थाको रूपमा सञ्चालित इस्लामिया प्राथमिक विद्यालय पनि छ। यो विद्यालयमा स्वीकृत पाठ्य पुस्तकको अतिरिक्त उर्दू भाषाको पनि पढाइ हुन्छ। त्रिशूली बजारमा नव-नेपाल पुस्तकालय र सुगत पुस्तकालय गरी दुई पुस्तकालय र एक छोटी हुलाक छन्। यहाँ भारतीय सहयोग नियोगद्वारा सञ्चालित २० शय्याको अस्पताल पनि छ।

त्रिशूली जलविद्युत् योजना कार्यारम्भ भएदेखि त्रिशूली बजारको गतिविधिमा विशेष चहलपहल थपिएको छ। बिजुली बत्तीको मुहान त्रिशूलीको तीरमा अवस्थित यो बजारमा बिजुलीको राम्रो व्यवस्था हुनु स्वाभाविक नै हो। यहाँ खानेपानीको पनि राम्रो प्रबन्ध गरिएको छ। अतः नुवाकोट जिल्लामा सबैभन्दा विकसित अर्थात् आधुनिक साधनयुक्त बजार त्रिशूली बजार नै हो।

यो ठाउँ समुद्र सतहबाट करीब ५०० मिटर (१,६४० फीट) को उचाइमा छ। यहाँ वर्षामा निक्कै गर्मी र हिउँदमा केही जाडो हुन्छ। उत्तरको विशाल हिमालय पर्वत हुँदै आएको भोटे खोला र गोसाइँकुण्डको करीब ५,००० मिटर (१६,०४० फीट) अग्लो शृङ्खलाबाट आएको त्रिशूली नदीको चिसो जलधारसित सततः बहने ठण्डा हावाले त्रिशूली बजारको हावापानीलाई स्वास्थ्यकर बनाइराखेको छ।

नुवाकोट बजार

पञ्चायती व्यवस्थाको सूत्रपात हुनुभन्दा पहिलेसम्म यो नुवाकोट पश्चिम एक नम्बर जिल्लाको सदरमुकाम थियो। हालको सदरमुकाम बिदुरबाट करीब तीन किलोमिटर (एक कोस) पूर्व तथा काठमाडौंबाट करीब ३२ किलोमिटर (१० कोस) उत्तर-पश्चिममा अवस्थित नुवाकोट एउटा ऐतिहासिक र पुरातात्त्विक ठाउँ हो। यो ठाउँ तादी खोलाको उत्तर–पश्चिमपट्टि पहाडको थलीमा रहेको छ। पूर्वमा लिखु खोला र तादी खोलाको दोभानबाट ढिकुरेको बाटो र पश्चिममा बिदुर तथा उत्तरमा गेर्खु र भुस्याहाको बाटो गरी यो ठाउँमा जान सकिन्छ।

नुवाकोटको प्रसिद्ध साततल्ले दरबार यहीं नै छ। यसको अतिरिक्त मल्लकालीन दरबार रङ्गमहल, भैरवीको मन्दिर आदि नुवाकोट थलीमा नै छन्। यो खास नुवाकोट हाल नुवाकोट भैरवी गाउँ पञ्चायत अन्तर्गत पर्दछ। यहाँको जनसंख्या ७,२०३ छ। यो ठाउँबाट उत्तरपट्टिको हिमालय शृङ्खला, पूर्वपट्टिको तादी फाँट, दक्षिणपट्टिको बट्टारको मैदान र पश्चिमपट्टिको त्रिशूलीको सेरोफेरो राम्रोसँग दृश्यावलोकन गर्न सकिन्छ। यही थुम्कोबाट वरपरको दृश्य हेर्दा हेर्दै एक दिन बेलकोटको सुन्दर आकृति पृथ्वीनारायण शाहको दृष्टिमा पर्न गयो। तत्कालै बेलकोट माथि आक्रमण गरी गोरखालीहरूले बेलकोट विजय गरेका थिए। ई. सं. १७४४ मा कान्तिपुरे राजा जयप्रकाश मल्लको हातबाट गोरखालीको हातमा परेपछि बेलकोट मात्र होइन त्यस पूर्वका अन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स-साना राज्य रजौटा र काठमाडौं उपत्यका माथि अधिकार जमाउने कार्यमा समेत नुवाकोटले आधार युद्ध शिविरको भूमिका ओगटेको थियो ।

नुवाकोट बजारको सिरानमा स्थित भैरवी मन्दिरमा प्रत्येक चैत्र शुक्ल पूर्णिमाको दिन ठूलो मेला लाग्दछ । जिल्लाका विभिन्न भागबाट र छिमेकी जिल्ला धादिङ, रसुवा तथा सिन्धुपाल्चोक र काठमाडौंबाट समेत मानिसहरू यो मेला भर्न आउँछन् । यो भैरवी जात्राको अवसरमा मानिसहरू आफ्नो जिल्लामा उत्पादित कुटीर उद्योगका सामान, खाद्यान्न तथा दैनिक उपभोगका वस्तुहरू खरीद बिक्री गर्दछन् । जिल्लाको सदरमुकाम यहाँबाट बिदुरमा सरेको र यातायातको पनि राम्रो सुविधा नभएको हुँदा व्यापारिक दृष्टिले यो नुवाकोट बजार त्यति पायक परेको छैन । यहाँ बिजुली बत्तीको व्यवस्था छ ।

यहाँको मल्लकालीन दरबारमा अहिले प्रहरी छोटी थाना रहेको छ । यहाँ एक स्वास्थ्य केन्द्र र परिवार नियोजन क्लिनिक पनि छ । नुवाकोट बजार र वरपर भैरवी गाउँ पञ्चायत क्षेत्रमा दुई निम्नमाध्यमिक विद्यालय र तीनवटा प्राथमिक विद्यालय छन् ।

समुद्र सतहबाट करीब ९७० मिटर (३,१८१ फीट) को उचाइमा अवस्थित यो नुवाकोटको हावापानी स्वास्थ्यकर छ ।

देवीघाट

जिल्लाको सदरमुकाम बिदुरबाट करीब आठ किलोमिटर (२½ कोस) दक्षिणमा त्रिशूली र तादीको दोभान छ । यही दोभानलाई "त्रिवेणी" अर्थात् देवीघाट भनिन्छ । काठमाडौं-त्रिशूली रागमार्गमा पर्ने बट्टारबाट देवीघाटसम्म कच्ची मोटर चल्ने बाटो छ । यो देवीघाट बट्टार रक्तकाली गाउँ पञ्चायत अन्तर्गत पर्दछ ।

यहाँ जालपा देवीको मन्दिर छ । देवीको दर्शन गर्न र त्रिशूलीमा स्नान गर्न हरेक चैत्र शुक्ल पूर्णिमाको दिन यस ठाउँमा धेरै मानिसहरू भेला हुन्छन् । यसलाई देवीघाटको मेला भन्दछन् । यही पवित्र देवीघाटमा नेपाल निर्माता पृथ्वीनारायण शाहको अन्तिम दाह संस्कार भएको थियो ।

समुद्र सतहबाट करीब ५०० मिटर (१,६४० फीट) को उचाइमा रहेको यो देवीघाटको हावापानी वर्षामा गर्मी रहन्छ । पाँच–सात वर्ष पहिलेसम्म यहाँ औलोको डर थियो तर अहिले औलो उन्मूलन भइसकेकोले यस सम्बन्धी कुनै समस्या देखिंदैन ।

देवीघाटमा सानो बजार छ । यो बजारमा करीब पाँचवटा कपडा दोकान र केही किराना पसल तथा चिया पसलहरू छन् । बजार नजीकै तादी खोलामा एक झोलुङ्गे पुल छ । यही देवीघाट नजीकै एक जल विद्युत् योजनाको कार्यारम्भ हुँदैछ । त्रिशूली जल-विद्युत् योजनाले त्रिशूली बजारमा नयाँ चहलपहल ल्याए जस्तै अब देवीघाटमा पनि केही नयाँ आयामहरू थपिने छन् ।

देवीघाट वरपर पहिलेदेखि नै दनुवार जातिले बसोबास गर्दै आएका छन् । यहाँका आदिबासीहरूको विश्वास र भनाइअनुसार यहाँको जालपा देवी "एक जना दनुवारले माछा मार्न भनी जति पटक नदीमा जाल हाल्दा पनि ढुङ्गा मात्र आएछ र त्यो ढुङ्गा त्यस घाटकी देवी हुन् भनी त्यहाँ देवीको मन्दिर स्थापना गरियो। जालबाट पाएको हुनाले "जालपा" देवी भनिएको हो भन्ने किम्वदन्ति छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुप्चेश्वर

जिल्लाको पूर्व–उत्तरपट्टि शिखरबेंसी गाउँ पञ्चायतमा पर्ने दुप्चेश्वर पनि नुवाकोटका प्रमुख स्थानहरू-मध्ये एक हो। नर्जा उर्लेनीभन्दा दक्षिण तथा तादी खोलाको उत्तरमा रहेको यो ठाउँको उचाइ करीब २,००० मिटर (६,५६० फीट) छ। जिल्लाको सदरमुकामबाट दुप्चेश्वर करीब ४१ किलोमिटर (१३ कोस) टाढा पर्दछ। सदरमुकामबाट बट्टार हुँदै तादी खोलाको तीरैतीर दुप्चेश्वर जाने मूल बाटो छ। बाटोमा क्रमशः ढिकुरे, चौघोडा, खरानीटार, सतार, समुद्रटार, सल्ले, माने आदि स्थानहरू पर्दछन्। काठमाडौंबाट शिवपुरी, खोले-गाउँ, मझुवा, निगाले र समुद्रटार भएर पनि दुप्चेश्वरमा जाने बाटो छ। दुप्चेश्वरबाट नुवाकोट जिल्ला र रसुवाको सीमानामा पर्ने गोसाइँकुण्ड जाने गोरेटो बाटो छ। समुद्रटार र शिखरबेंसीको तादी खोलामा पुल छ।

दुप्चेश्वरको नाउँ धार्मिक दृष्टिबाट ज्यादा प्रचलनमा आएको पाइन्छ। यसको उत्पत्ति र नामकरण सम्बन्धी चाख लाग्दा कुराहरू छन्। कुनै समयमा शिखरबेंसीको तादी खोला नजीकैको पाखोमा त्यस भेकका गोठालाहरू गाई चराउन आएछन्। एक पटक एउटा गोठालाको गाई हराएछ। त्यो गोठालो आफ्नो गाई खोज्दै त्यही पाखोमा पर्ने एउटा पहरो नजीकै पुगेछ। अचानक उसले आफ्नो गाई त्यो पहरा निर दूध बगाएर बसिरहेको देख्यो। तत्पश्चात् सबै गाउँलेहरू भेला भएर त्यहाँ महादेव छन् भन्ने विचार गरी दूग्धेश्वर महादेवको नामले पूजा गर्न थाले। अहिले यो दूग्धेश्वरलाई स्थानीय जनताहरू दुप्चेश्वर भन्दछन्। यहाँ प्रत्येक धान्य पूर्णिमाको दिन ठूलो मेला लाग्छ।

यहाँको जनसंख्या २,६७० छ। शिखरबेंसी गाउँ पञ्चायत अन्तर्गत एउटा मात्र प्राथमिक विद्यालय छ। यो पञ्चायत क्षेत्रमा ज्यादातः क्षेत्री, बाहुनहरू बसोबास गरेका देखिन्छन्।

वेत्रावती

यो ठाउँ सदरमुकाम बिदुरबाट करीब १० किलोमिटर (तीन कोस) उत्तरपट्टि त्रिशूलीको किनारमा पर्दछ। जिल्लाको उत्तर-पश्चिमको भाल्चे पञ्चायत क्षेत्रबाट आएको सलाङखु खोला र उत्तर-पूर्वका यार्सा, जिवजिवे तथा धैंबुङ क्षेत्रबाट आएको फलाङखु खोला वेत्रावती आएर त्रिशूली नदीमा मिल्दछन्। यी तीन नदीहरूको संगम स्थल वेत्रावती नुवाकोट जिल्लाको एउटा रमणीय ठाउँ हो।

त्रिशूलीबाट यो ठाउँमा जाने चक्रेटो छ। वेत्रावतीमा झोलुङ्गे पुल छ। उत्तरमा गोसाइँकुण्ड, राम्चे, रसुवागढी र अन्ततः तिब्बत जाने मूल बाटो यही वेत्रावती भएर जान्छ। यसरी नेपाल-तिब्बत मूल बाटोमा रहेको वेत्रावती नेपाली इतिहासको विभिन्न अध्यायमा उल्लेख भएको पाइन्छ। ई. सं. १७९२ मा नेपाल र भोटका बीच युद्ध हुँदा चिनियाँ फौज भोटे खोलाको तीरैतीर वेत्रावतीमा आएको थियो। यहाँ गोरखाली फौजले चिनियाँसँग घमासान लडाइँ गरेका थिए। पछि जङ्गबहादुरको पालामा ई. सं. १८५५ मा पनि भोटसित नेपालको युद्ध भयो। यतिखेर पनि जर्नेल बमबहादुरको नेतृत्वमा भोट गएको गोरखाली फौज यही वेत्रावती हुँदै अगाडि बढेको थियो।

त्रिशूली जल-विद्युत् योजनाको बाँध वेत्रावतीबाट नजीकै पर्दछ। यसले गर्दा वेत्रावती वरपरको वातावरणमा अरू चहल पहल थपिएको छ।

अहिले यो वेत्रावती धैंबुङ रामकाली गाउँ पञ्चायत अन्तर्गत पर्दछ। यो पञ्चायतको जनसंख्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२,७२१ छ। धैंबुङ पञ्चायतको रामचन्द्र प्राथमिक विद्यालय यही वत्रावतीमा रहेको छ। यसको अतिरिक्त धैंबुङमा एक निम्नमाध्यमिक विद्यालय र भलाए डाँडामा एक अर्को प्राथमिक विद्यालय छन्।

धैंबुङ रामकाली गाउँ पञ्चायत कार्यालय फलाङखु खोलाको उत्तरपट्टिको अग्लाइमा भए तापनि वेत्रावती तल खोलाको किनारमा अवस्थित छ। समुद्र सतहबाट यहाँको उचाइ करीब ५०० मिटर (१,६४० फीट) मात्र भए तापनि यहाँ ज्यादा गर्मी हुँदैन। यहाँको हावापानी त्रिशूली बजारको हावापानीसित मिल्दो जुल्दो छ। यहाँ सानो बजार पनि छ।

ककनी

जिल्लाको सदरमुकामबाट करीब २६ किलोमिटर (आठ कोस) पैदल बाटो, ४९ किलोमिटर (१५ कोस) मोटर बाटो पूर्वमा पर्ने ककनी करीब २,००० मिटर (६,५६० फीट) को उचाइमा अवस्थित छ। काठमाडौं-त्रिशूली राजमार्ग यही ककनी भञ्ज्याङ भएर गएको छ। काठमाडौंबाट ककनी २० किलोमिटर (छ कोस) उत्तर-पश्चिममा पर्दछ।

पर्यटनको क्षेत्रमा ककनीको महत्वपूर्ण स्थान छ। पर्यटकहरूको सुविधाको लागि यहाँ अतिथि गृह तथा खाने बस्ने व्यवस्था गरिएको छ। यहाँबाट दक्षिण–पूर्वमा पर्ने काठमाडौं उपत्यकाको सुन्दर दृश्य र उत्तर-पश्चिममा तादीको सेरोफेरो मात्र होइन विश्वप्रसिद्ध हिमाली चुचुराहरूको मनमोहक दृश्य पनि राम्रोसँग देख्न सकिन्छ। ककनीबाट देखिने हिमालयहरूमा अन्नपूर्ण, मनासलु, हिमालचुली, गणेश हिमाल, लाङटाङ हिमाल, जुगल हिमाल र गौरीशङ्कर मुख्य हुन्। यसको अतिरिक्त पश्चिमको अन्नपूर्णदेखि पूर्वको गौरीशङ्कर हिमालको बीचमा पर्ने धेरै टाकुराहरूको मनोरम दृश्यावलोकन गर्न सकिन्छ। यहाँबाट खासगरेर हिउँदका घमाइला दिनहरूमा अत्यन्तै रमाइला देखिन्छन् हिमाली टाकुराहरू। पोखराबाट माछापुछ्रे देखिए जस्तै ककनीबाट गणेश हिमाल नजीकै देखिन्छ।

यहाँ कृषि विभागद्वारा सञ्चालित एक ककनी कृषि फार्म छ। आरु, नास्पाती र स्याउ जस्ता फलफूल र आलु, मूला जस्ता तरकारी खेती गरिएको छ। ककनीमा त्यस भेकका तामाङहरूको सानो राम्रो एउटा गाउँ छ। काठमाडौं वरपरका ठाउँहरूमा ककनीको ठूलो नाउँ छ।

यो ककनी, ककनी धारापानी गाउँ पञ्चायत अन्तर्गत पर्दछ। यहाँको जनसंख्या २,०४२ छ। यहाँ एक मात्र जालपा प्राथमिक विद्यालय छ।

भाल्चे

नुवाकोट जिल्लाको उत्तर-पश्चिमको दुर्गम स्थानमा अवस्थित भाल्चे पनि एउटा प्रमुख ठाउँ हो। त्रिशूली बजारबाट यो करीब १६ किलोमिटर (पाँच कोस) टाढा पर्दछ। भाल्चेमा जाने मुख्य दुईवटा बाटोहरू छन्, एउटा बाटो वेत्रावती, तुप्चे हुँदै सलाङखु खोलाको तीरैतीर जान्छ। अर्को बाटो त्रिशूली बजारबाट पश्चिम लागेर सामरी खोलाको उत्तरपट्टि हर्कपुर, माने तथा साल्मे हुँदै जान्छ।

यो स्थान करीब २,५०० मिटर (८,२०० फीट) अग्लो ठाउँमा छ। यहाँबाट दक्षिण–पूर्वको ककनी र काठमाडौं उपत्यकाको केही भाग पनि देखिन्छ। "पाँचसय खोला भेडा फार्म" यही भाल्चेमा रहेको छ। यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

असल जातका भेडा, इजरायली बाख्रा र असल जातको राँगो र साँढे पालिएका छन्।

यो ठाउँमा ज्यादातः तामाङ जातिले बसोबास गरेका छन्। यहाँका घरहरू जिल्लाका अन्य स्थानमाभन्दा केही फरक छन्। घरको छानो पनि काठकै लगाइएको हुन्छ। यहाँको जनसंख्या २,५४३ छ। यहां जल्बु खोला नामक एक मात्र प्राथमिक विद्यालय छ।

सामरी भञ्ज्याङ

त्रिशूलीबाट करीब १४ किलोमिटर (चार कोस) पश्चिममा अवस्थित सामरी भञ्ज्याङ पहिले गोरखा तथा पोखरा जाने मूलबाटोको एउटा महत्वपूर्ण बास थियो भने अहिले धादिङ र नुवाकोट जिल्लाको सीमाना भएको छ। त्रिशूलीबाट पश्चिम लागेर सामरी खोलाको किनारै किनार जाँदा जहाँ गएर खोलो टुङ्गिन्छ त्यहीं नै यो सामरी भञ्ज्याङ छ अथवा सामरी खोलाको मुहान सामरी भञ्ज्याङ नै हो।

जिल्लाको सदरमुकाम बिदुरभन्दा केही अग्लो धरातलमा रहेको यो भञ्ज्याङको हावापानी राम्रो छ। यो भञ्ज्याङको पूर्व फेदीलाई चिलौने बास र पश्चिमपट्टिको फेदीलाई तिंदुबास भनिन्छ। पृथ्वी राजमार्ग नबनेसम्म काठमाडौंबाट पश्चिम जाने मूल बाटो ज्यादै चल्ती थियो र सामरी भञ्ज्याङ तथा यसका वरपरका बासहरूको विस्तार भएको थियो। तर अहिले त्यति चल्ती छैन। सामरी भञ्ज्याङमा सानो बजार छ। ढुङ्गेधाराबाट यहाँ खानेपानीको व्यवस्था भएको छ।

करीब ३,४१७ जनसंख्या भएको सामरी भञ्ज्याङ गाउँ पञ्चायतमा एक प्रहरी चौकी र एक अतिरिक्त हुलाक छन्। सामरी भञ्ज्याङमा एक र टक्सार भन्ने ठाउँमा एक गरी जम्मा दुईवटा प्राथमिक विद्यालय सञ्चालन भइरहेका छन्। पृथ्वीनारायण शाहद्वारा निर्मित एउटा सुन्दर पुरानो पाटी पनि सामरी भञ्ज्याङमा छ।

बट्टार

त्रिशूली बजारबाट करीब तीन किलोमिटर (एक कोस) दक्षिणमा फराकिलो सम्म रातमाटे भूमि छ, जसलाई बट्टार भन्दछन्। यो टारको पश्चिममा त्रिशूली नदी र पूर्वमा तादी खोला पर्दछन्। काठमाडौं-त्रिशूली राजमार्ग यही टारको बीचबाट गएको छ। सिचाइको कुनै व्यवस्था नभएकोले यो सम्म भूमिबाट कृषि उत्पादन राम्रो भएको छैन। केही भाग बाँझै छ र केही भागमा घैया, कोदो, मकै, मास, पिंडालु, सक्खरखण्ड, उखु आदि पाखे बाली मात्र उब्जनी हुन्छ। यो टार सिचाइ गर्ने सम्बन्धमा अहिले काम हुन थालेको छ। सिचाइ पश्चात् नुवाकोटको खाद्यान्न स्थिति राम्रो हुन जाने सम्भावना छ।

अर्धउष्ण हावापानीको प्रभाव परेको यो ठाउँमा वर्षा याममा निक्कै गर्मी हुन्छ। यो ठाउँ बट्टार रक्तकाली गाउँ पञ्चायत अन्तर्गत पर्दछ। यहाँको जनसंख्या ४,०३३ छ। बट्टारमा सानो बजार छ। यहाँ परिवार नियोजनको एक क्लिनिक पनि छ। यो पञ्चायतको माझी टारमा एक निम्नमाध्यमिक विद्यालय, पीपलटारमा प्राथमिक विद्यालय र बट्टारमा एक प्राथमिक विद्यालय छन्। यहाँ क्षेत्री, बाहुनको अतिरिक्त अन्य विभिन्न जातका मानिसहरू बसोबास गर्दछन्। यहाँ बिजुली बत्तीको पनि व्यवस्था छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

तथ्याङ्क विभागबाट प्रकाशित २०२८ सालको जनगणनाअनुसार नुवाकोट जिल्लाको जनसंख्या १,७२,७१८ छ। यो संख्यामध्ये ८७,६४५ पुरुष तथा ८५,०७३ महिला छन्। बागमती अञ्चलको कुल जनसंख्याको ११.५ प्रतिशत मानिस यस जिल्लामा बसोबास गरिरहेका छन्। जनसंख्याको दृष्टिबाट बागमती अञ्चलका अरू सात जिल्लासित तुलना गर्दा नुवाकोट जिल्लाको स्थिति पाँचौं हुन आउँछ। नेपाल अधिराज्यका ७५ जिल्लाको जनसंख्यालाई दृष्टिगत गर्दा यो जिल्लाको स्थान पच्चीसौं छ। नुवाकोट जिल्लाको कुल जमीन १,१६,३०० हेक्टर मानिएको छ। कुल जनसंख्या र कुल जमीनको हिसाब गर्दा यहाँको सरदर जनसंख्याको घनत्व १.४ प्रति हेक्टर हुन आउँछ अथवा यसो भनौं प्रत्येक १० हेक्टरमा १४ जना मानिसहरू बस्दछन्।

यो जिल्लामा मानिसहरू बसोबास गरेको घर परिवारको कुल संख्या ३२,१३९ छ। यहाँ बढीमा बीस जनासम्म सदस्य भएको परिवारहरू पाइन्छन्। २०२८ सालको जनगणनाअनुसार एक जना सदस्य भएको परिवार संख्या १,०६२ छ भने बीस जना र सोभन्दा बढी सदस्य भएको परिवार संख्या ३४ मात्र छ। चार जना भएको परिवार ५,२१८, पांच जना भएको ५,५९० तथा छ जना भएको ४,६४५ छन्। अतः पांच जना सदस्य भएको परिवार सबैभन्दा बढी देखिन्छ। जिल्लाको कुल जनसंख्याको हिसाब गर्दा प्रति परिवारमा सालाखाला पाँच व्यक्ति पर्न आउँछन्।

उमेरको बनावटलाई हेर्दा नुवाकोट जिल्लाको जनसंख्या निम्नलिखित उमेर समूहमा विभाजन गर्न सकिन्छः–

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० देखि ५	१३,८२७	१५.८	१५,०५२	१७.७	२८,८७९	१६.७
६ देखि १५	२२,६८५	२५.८	२०,५९२	२४.२	४३,२७७	२५.१
१६ र माथि	५१,१३३	५८.३	४९,४२९	५८.१	१,००,५६२	५८.२
जम्माः–	८७,६४५	९९.९	८५,०७३	१००.०	१,७२,७१८	१००.०

उपर्युक्त तालिकामा ०–५ वर्ष सम्मको उमेर समूहलाई हुर्कंदै गरेको बालक बालिकाहरूको समूह, ६–१५ वर्षसम्मको उमेर समूहलाई विद्यालय जाने समूह र १६ देखि माथिको बाँकी उमेर समूह गरी जम्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीन समूहमा विभाजन गरिएको छ।

जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरी नौ वर्ष मुनिको र ६० वर्ष माथिको उमेर समूहलाई आर्थिक दृष्टिबाट आश्रित जनसंख्या मानेमा तिनीहरूको संख्या ५९,३२६ अर्थात् ३४.३ प्रतिशत हुन आउँछ। १० वर्षदेखि ५९ वर्ष भित्रको उमेर समूहलाई आर्थिक दृष्टिबाट सक्षम वा काम गर्न सक्ने क्षमता भएको जनशक्ति मान्ने हो भने तिनीहरूको संख्या १,१३,३९२ अर्थात् ६५.७ प्रतिशत छ। यस हिसाबले नुवाकोट जिल्लामा आर्थिक दृष्टिबाट सक्षम अर्थात् काम गर्न सक्ने उमेर भएको व्यक्तिमाथि सरदर १.५ आश्रित व्यक्तिको आर्थिक भार रहेको देखिन्छ। अथवा १०० जना मानिसले १५० जनाको जीविका चलाउनु पर्ने हुन्छ। यसरी यो जिल्लामा आर्थिक निर्भरताको अनुपात १००:५० रहेको छ।

आर्थिक दृष्टिकोणबाट सक्षम र आश्रित जनसंख्या अनुपात देखाउन अन्तर्राष्ट्रिय चलनअनुसारको उमेर समूहको आधार मान्ने हो भने नुवाकोट जिल्लाको आर्थिक निर्भरताको अनुपात फरक हुन जान्छ। अन्तर्राष्ट्रिय चलनचल्तीअनुसार आर्थिक दृष्टिबाट सक्षम अर्थात् काम गर्न सक्ने उमेर समूह १५ देखि ६४ सम्म मानिएको छ। अतः नुवाकोट जिल्लामा यसअनुसारको उमेर समूहमा पर्ने जम्मा जनसंख्या ९८,५८१ अर्थात् ५७ प्रतिशत छ। १५ वर्षभन्दा मुनि र ६५ वर्षभन्दामाथिको आर्थिक दृष्टिबाट आश्रित उमेर समूहमा पर्ने जनसंख्या ७४,१३७ अर्थात् ४३ प्रतिशत हुन आउँछ। यसबाट के देखिन्छ भने प्रत्येक सक्षम व्यक्ति माथि सरदर १.८ व्यक्ति आश्रित छन्। अर्को शब्दमा भन्ने हो भने १०० जना मानिसले १८० जनाको निर्वाह चलाउनु पर्ने छ। उपर्युक्त तथ्याङ्कको आधारमा नुवाकोट जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:८० रहेको छ।

नेपालका अन्य जिल्लामा जस्तै नुवाकोटमा पनि विभिन्न जात जातिले बसोबास गरेका छन्। यी बासिन्दाहरू राष्ट्र भाषा नेपालीको अतिरिक्त आ-आफ्ना जातीय समूह तथा घर परिवारमा आ-आफ्नो मातृभाषाको माध्यमबाट आफ्ना अनुभूति आपसमा आदान प्रदान गर्दछन्, आफ्नै भाषामा गाउँछन् र आफ्नै तालमा नाच्छन्। २०२८ को जनगणनामा भाषा भाषीको आधारमा यहाँको जनसंख्याको विभाजन निम्नअनुसार गरिएको छः—

बोलिने भाषा भाषी	बोल्नेको संख्या	प्रतिशत
नेपाली भाषा	१,०९,०७५	६३.१५
तामाङ भाषा	५८,४६४	३३.८५
नेवारी भाषा	३,६९७	२.१४
अन्य भाषा	१,४८२	०.८६
जम्माः—	१,७२,७१८	१००.०

अन्य भाषाको समूहमा गुरुङ, राई, शेर्पा, लिम्बू र केही स्थानीय भाषा भाषीहरू पर्दछन्। नुवाकोट जिल्लामा यी भाषा बोल्ने जातिहरू यत्रतत्र छरिएर बसेका पाइन्छन् र यिनीहरूको संख्या नगण्य छ। तामाङ भाषा बोल्नेहरू खास गरेर जिल्लाको उत्तर भागमा र पहाडी बस्तीहरूमा संगठित एवं स्थायीरूपले बसोबास गरेको देखिन्छ। नेवारी भाषामा बोल्ने मुख्यतः जिल्लाको व्यापारिक महत्वका केन्द्रहरू जस्तो त्रिशूली बजार, नुवाकोट बजार तथा सामरी भञ्ज्याङ जस्ता ठाउँहरूमा बसी ज्यादातः व्यापारिक कारोवारमा लागेका छन्। यो जिल्लामा जम्मा ५० गाउँ पञ्चायतहरू छन्। यी पञ्चायत र यिनका जनसंख्या यसप्रकार छन्ः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. आमंथाङ	५,८८७	२. ककनी धारापानी	२,०४२
३. कविलास कालिका	५,४४९	४. काउले थाना	३,७२५
५. कामचोक	२,५९४	६. कार्की मनकामना	३,५८०
७. किस्याङ काहुले	२,७२१	८. कुमरी	५,८२९
९. खरानीटार	१,५३८	१०. खोले गाउँ	३,१११
११. गेर्खु कालिका	२,८६७	१२. ध्याङफेदी	२,३४२
१३. चतुराले	४,८२८	१४. चौकदे	७,२१२
१५. चौघोडा	३,५१२	६. जिलिङ	३,८६१
१७. झिल्टुङ दुई पीपल	३,५८२	१८. झिल्टुङ रातमाटे	२,२९२
१९. तलाँखु	२,७३४	२०. तामे	१,७१८
२१. तुप्चे	४,३६०	२२. थपरेक	२,६८४
२३. थानसिङ महादेव	५,१८५	२४, थापागाउँ	२,२७७
२५. दाङमाई कालिका	७,०१५	२६. धँबुङ जिवजिवे	४,३८९
२७. धँबुङ रामकाली	५,२८९	२८, नर्जा उर्लेनी	२,२२४
२९. नर्जा गणेश	१,३३८	३०. नर्जा मण्डप	३,५५६
३१. नुवाकोट भैरवी	७,२०३	३२. बट्टार रक्तकाली	४,०३३
३३. बुङताङ	१,६८४	३४. बेलकोट	५,२१३
३५. भाल्चे	२,५४३	३६. भद्रटार	२,३६२
३७. मैदान सल्ले	३,८९६	३८. यार्सा	२,७९६
३९. राउत बेंसी	६,१२६	४०. रामावती	२,०८०
४१. लच्याङ	२,६२६	४२. शिखर बेंसी	२,६७०
४३. सतार	३,४२८	४४. सामरी	३,४१७
४५. सरमथली	२,३८७	४६. साल्मे	१,५६९
४७. सिलामे	२,१८५	४८. सुनखानी	१,५८९
४९. हुङ	१,४७२	५०. त्रिशूली गङ्गामाई	३,६९७

माथिको तालिकाबाट देखिएअनुसार सबैभन्दा बढी अर्थात् ७,२१२ जनसंख्या हुने पञ्चायत चौकदे हो र सबैभन्दा कम अथवा १,३३८ जनसंख्या हुने पञ्चायत नर्जा गणेश हो।

जनजीवन

नेपालका अन्य पहाडी जिल्लाहरूमा जस्तै नुवाकोटमा पनि विभिन्न जातिको बसोबास छ। प्राचीन कालदेखि काठमांडौं उपत्यका वरपरको पहाडी भू-भाग र रसुवा, नुवाकोट तथा सिन्धुपाल्चोक जिल्लाको लेकाली खण्डमा बसोबास गर्दै आएको आदिम जाति तामाङ नै हो। २०१८ सालको जनगणनाअनुसार तामाङहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संख्या ५,१८,८१२ छ। नुवाकोट जिल्लामा मात्र तामाङ भाषा बोल्नेहरूको संख्या ५८,४६४ रहेछ भन्ने कुरा २०२८ सालमा लिइएको जनगणनाबाट देखिन्छ। तामाङहरू ज्यादातः भोटे अक्षर लेखपढ गर्ने र लामा धर्म कर्ममा पनि विश्वास राख्ने हुँदा यिनलाई भोटे भनी सम्बोधन गर्ने परम्परा अझै पाइन्छ। तर वास्तवमा तामाङ र भोटे शेर्पा जातिमा भाषा भाषीदेखि लिएर वैवाहिक विधि तथा जन्म मरणसित सम्बद्ध विभिन्न कर्मकाण्डहरू फरक फरक हुन्छन्। तामाङ जातिको बारेमा अगाडि केही लेख्नुभन्दा पहिले यो दुई जातिका भाषा भाषीमा पाइने भिन्नताहरू यहाँ उल्लेख गर्नु उपयुक्त होला।

तामाङ र शेर्पाको भाषा भाषीमा धेरै फरक छ। जस्तै तामाङ भाषामा मानिसलाई "हिन्" भनिन्छ भने शेर्पा भाषामा "मि"। तामाङ भाषामा नाम र सर्वनामको बहुवचन बनाउँदा यसमा "बगल" थपिन्छ, जस्तो "हिनबगल" (मान्छेहरू), शेर्पा भाषामा "तिप" थपेर बहुवचन बनाइन्छ, जस्तो "मितिप्" (मान्छेहरू)। शेर्पाहरू म, तँ, त्यो, योलाई क्रमशः "ङ", "ख्यो", "ती", "दी" भन्दछन् र तामाङ भाषामा "ङ", "ए", "थे", हिजु" भनिन्छ।

नेपालका विभिन्न भाषा बोल्नेहरूको संख्यात्मक हिसाब गर्दा तामाङ भाषाको स्थान तेस्रो हुन आउँछ तर भोटे-बर्मेली भाषा भाषी बोल्नेहरूको संख्याको दृष्टिले यो भाषा पहिलो देखिन्छ। यसका पनि स्थानीय भेद प्रशस्त छन्। भारोपेली भाषा परिवारबाट आएका तत्सम शब्द पनि तामाङ भाषामा पाइन्छन्।

तामाङ जातिको प्रारम्भ तथा विस्तार कहाँबाट कहिले कसरी भयो भन्ने विषयमा स्थानीय समाजमा एक चाख लाग्दो जनश्रुति पाइन्छ। आजभन्दा करीब एक हजार वर्ष पहिले तिब्बतमा गलङ मर्म नाम गरेका एक जना बुद्ध धर्म बिरोधी राजा थिए। यिनलाई ग्याल्वो लुन्दर पनि भन्दछन्। गलङ मर्मले बुद्ध धर्म प्रचारकहरूलाई ज्यादै कष्ट दिएर दमन गरे। बुद्ध मार्गी पाठशाला र मन्दिरहरूमा आगो लगाई यो धर्ममा विश्वास राख्ने सबैलाई गृहस्थी बन्न बाध्य तुल्याए। बुद्धका मूर्तिहरू यत्रतत्र फालिदिए। यो स्थितिमा केही बौद्ध भिक्षुहरूले त्यहाँबाट भागेर आफ्नो ज्यान र धर्म बचाए। यही परिस्थितिमा दप लग्नी दोर्जे मानक एक भिक्षुले भेष बदलेर नाटकीय ढङ्गबाट गलङ मर्मको हत्या गरी आफ्ना केही सहयोगीहरू साथ लिई घोडामा चढेर तिब्बतबाट दक्षिण तर्फ भागे। तिब्बतका तत्कालीन सरकार पक्षका मानिसहरूले दप लग्नी दोर्जे र साथीहरूलाई नुवाकोट जिल्लाको उत्तरभागसम्म आई लगारे। यसरी नेपाल पसेका भिक्षुहरू रसुवा र नुवाकोट जिल्लातिर आएर बसोबास गर्न थाले। पछि यिनीहरू काठमाडौं उपत्यकाको आसपासमा र सिन्धुपाल्चोक तथा धादिङ जिल्लाको विभिन्न ठाउँसम्म फैलिए।

तामाङहरूको आर्थिक स्थिति पहिलेदेखि नै त्यति राम्रो छैन। ज्यादातः पहाडी भू-भागमा नै आफ्नो थलो कायम गर्न मन पराउने तामाङ जातिको निमित्त खेती गर्न योग्य जमीन कम हुनु स्वाभाविक हो। नुवाकोट जिल्लाको टार र बेंसीको गाउँतिर बस्ने केही तामाङहरू स्थानीय अन्नपातले खान पुगेको हुँदा स्वाभिमानी, हँसिला र रसिला देखिन्छन्। उत्तरी जिल्लाको भागमा पर्ने पञ्चायत क्षेत्र तथा पहाड र लेकहरूमा बस्ने तामाङहरूलाई भने ज्याला मजदूरीमा दिन रात खट्दा पनि हातमुख जोर्न धौ धौ पर्दछ र गिठ्टा,भ्याकुर तथा सिस्नो जस्ता वन्य कन्दमूलको साहारा लिनु पर्ने हुन्छ। तामाङ बस्तीको वरपर सामान्यतः कोदो, मकैं, भटमास, आलु आदि पाखे बालीको खेती देखिन्छ। केही न्यानो अर्थात् बेंसी परेको ठाउँमा मात्र अलि अलि धान खेती गरेको पाइन्छ। लेकतिर पाइने निगालो र बाँसको चोया काटेर घुम स्याखु, डोरी, दामलो, डोको, नाम्लो, स्याखु छत्री, सोली, थुन्से, भकारी, चित्रो र ऊनको राडी, पाखी, बख्खु बनाउने काममा तामाङहरू निपूर्ण हुन्छन्। यो सामाग्रीको साधारण बेच बिखनबाट तामाङहरू आफ्नो घर खर्चमा केही थपथाप गर्छन्। उपर्युक्त लेकाली मालसामानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अतिरिक्त निहुरो, टुसा, च्याउ जस्ता तरकारी र दाउरा एवं घर बनाउने काठ आदि खेपेर काठमाडौं उपत्यका बासीहरूको केही खाँचो टारिरहेछन्। नेपालमा राणा शासन हुँदा केही तामाङ युवक र युवतीहरूले दरबारमा स-साना काम पाएको देखिन्छ। केही पढे लेखेका तामाङहरू आफ्नो योग्यता प्रदर्शन गरी राम्रो पदमा पुगेका देखिन्छन् तर यसरी आर्थिक र सामाजिक स्तर माथि उठाउनेहरूको संख्या नगण्य छ।

नेपालका अन्य जातिहरूमा विभिन्न थर तथा गोत्र आदिको प्रचलन भए जस्तै तामाङ जातिमा पनि आपसमा दाजुभाइ मानिने थरहरू पाइन्छ। यसरी दाजु भाइ मानिने अर्थात् एउटै थर भित्र बिहावारी चल्दैन। तामाङ जातिमा पाइने मुख्य मुख्य थरहरू यसप्रकार छन्:—

मोक्तान्	घिसिङ	बमजन	वाइवा	ग्रन्दन
लोपचन	गोमदान	जिम्वा	गौले	च्यांवा
दोङ	मुलुङ	बलोन	बजु	लो
रुम्बा	योञ्जन	स्याङबो	पाख्रिन	ध्यापा
ठोकुर	सामदेन	टुपा	मोकनुङ	सिङदेन
डार्पा	चौदेन	डारदेन	पाएन	थिङ

आफू बसोबास गरेको ठाउँ अर्थात् आसपासको भौगोलिक प्रकृतिअनुसार पनि तामाङहरूको थर नामकरण गरिएको हुन्छ। जस्तो ढिम्दु (सेपिलो ठाउँमा बस्नेहरू), मेलेनडेन (भिरालो ठाउँमा बस्नेहरू), पाख्रिन (पाखोपखेरामा बस्नेहरू), चौडेन (भीरको छेउमा बस्नेहरू) इत्यादि। यी तामाङहरूको जातीय प्रथाअनुसार [१२ जाते र १८ जाते भन्ने चलन छ। तर जातिगत विभिन्नतामा विशेष ध्यान दिने र यसबारे चर्चा गरिबस्ने चलन तामाङहरूमा पाइँदैन। माथि उल्लिखित थरहरूमध्ये गोले र दोङ मात्र नजीकको दाजुभाइ थर अर्थात् सगोत्रीय मानिन्छन्। यी दुई थरको आपसमा बिहाबारी चल्दैन। अरू थरहरूको बीचमा नाता कुटुम्ब सम्बन्ध मात्र रहेको हुन्छ। कुनै पनि घरको चेली बेटीको कुनै पनि घरको चेला-बेटासँग बिहाबारी हुन सक्छ।

तामाङ जातिमा बालक जन्मेपछि गरिने केही विधिहरू हुन्छन्। छोरा जन्मेको तीन वर्ष पछि छेवर गर्ने चलन छ। छोरीको हकमा जन्मेको तीन वर्ष वा सात वर्षमा श्यामा र गुन्यू लगाइदिन्छन्। बिहे गर्दा फुपूचेली मामाचेला अथवा फुपूचेला मामाचेली गर्ने पनि चलन छ। उमेर पुगेका केटा र केटीहरू घाँस दाउरा, मेलापात गर्दा माया गाँसेर आफ्नो जातीय परिधिभित्र जो सुकैसँग पनि विवाह गर्छन्। रीतपूर्वकको विवाह नभइकन कुनै केटी गर्भवती भए पनि गुप्त सहवास भएकै केटो वा अरू कुनै केटोसँग विवाह हुन सक्छ। अपवादको रूपमा क्षेत्री, बाहुनको संगत भएका केही धनी तामाङहरू साने उमेरमा पनि केटा केटीको विवाह गरिदिन्छन्। एका घरको भाइ अविवाहित छँदै विवाहित दाजु परलोक भएमा त्यो भाइले बिधुवा भाउज्यू राख्ने प्रथा तामाङ जातिमा प्रचलित छ। थोरै खेतीयोग्य जमीन भएको पहाडी भागमा बसोबास गर्ने तामाङ जातिमा प्रचलित देवरले भाउज्यू राख्ने जस्तो प्रथाबाट पैतृक सम्पत्ति धेरै टुक्रिन नपाउने देखिन्छ। साथै यसबाट विवाहमा हुने भोज भतेर तथा दाइजो दक्षिणा जस्ता अनावश्यक खर्च पनि केही कम हुन जान्छ।

नुवाकोट जिल्लामा अन्य विभिन्न जातिहरूको आ-आफ्नो परम्परागत धार्मिक परिपाटी भए जस्तै तामाङ जातिको पनि केही आफ्नै धार्मिक मान्यताहरू छन्। क्षेत्री, बाहुनको समाजमा पुरोहित भए जस्तै तामाङ समाजमा लामाहरू हुन्छन्। चाड पर्व र तिथिहरूमा पूजाआजा गर्दा यिनै लामाहरूबाट काम गराइन्छ। लामा भन्ने खास कुनै जात होइन र पुरोहितको काम गर्नेलाई लामा भनिएको हो। जुनसुकै पेशामा लागेको तामाङले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि लामा विद्या सिकेर लामा हुन सक्छ । तर लामा काम गर्नेको सन्ततीलाई नै बाबु बाजेको देखासिकी गरेर लामा विद्या जान्न सजिलो पर्ने हुँदा लामा काम गर्नु एउटा पारिवारिक पेशा जस्तो भएको छ । साधारणतः तामाङ जातिको जो मुर्कैलाई पनि मर्यादापूर्वक सम्बोधन गर्दा लामा भन्ने पनि चलन छ ।

तामाङ जातिको आफ्नो पुरानो धर्म बुद्ध धर्म हो । यिनीहरूको बुद्ध धर्मलाई लामा बुद्ध धर्म भन्ने पनि चलन छ । तामाङ जातिका मूल गाउँमा बौद्ध घ्याङहरू हुन्छन् । यिनीहरूको देव देवी पूजा विधि र धर्म शास्त्र हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पाको "निङमापा सम्प्रदाय "सँग मिल्दोजुल्दो हुन्छ । तामाङहरू आफ्नो महागुरु रिम्पोछे (पद्मसम्भवलाई) मान्दछन् । घ्याङको स्याहार सम्भार तथा दैनिक पूजापाठ सञ्चालन गर्नको लागि घ्याङ गूठीको व्यवस्था गरिएको हुन्छ । यी घ्याङहरूमा आफ्नो जाति रक्षाको लागि प्रत्येक माघे संक्रान्तिको दिन तथा भाद्र पूर्णिमाको दिन क्रमशः 'छ' र "नारा" भन्ने पूजापाठ गर्दछन्। तामाङ गाउँका केही स्थानहरूमा "ओम मणि पद्मे हुँ" भन्ने जस्ता शब्दहरू लेखी टाँसेको पाइन्छ । यसलाई "हिकी" अर्थात् "मानी" पनि भन्दछन् । बाटो हिंड्दा हिकी अथवा मानीलाई दाहिने पारी हिंडेकोमा बटुवालाई धर्म हुन्छ र थकाइ लाग्दैन भन्ने पनि तामाङ जातिको विश्वास छ । मरेका मानिसहरूको सम्झनार्थ तामाङहरू चैत्य बनाउँछन् । यी चैत्यलाई पनि "मानी" भन्ने चलन छ । चैत्य बनाइसकेपछि आफ्ना दाजु भाइ र इष्टमित्रहरू भेला गराई भोज खाने पनि चलन छ । यसरी खाइने भोज पितृले पाउँछन् र भेला हुनेहरूलाई धर्म हुन्छ भन्ने कुरामा तामाङहरू विश्वास राख्दछन् । यसप्रकारको भोज लाउँदा, मानिस जन्मदा र मर्दा लामाले आफ्नो शास्त्र पढी पूजापाठ गर्नु पर्छ । वैवाहिक कर्म गर्दा भने लामा पुरोहितको आवश्यकता पर्दैन । लामा पुरोहित जस्तै "बोम्पो" भन्ने एक पुजारी पनि हुन्छ । भूतप्रेत पन्छाउने, "शिदा" नामक देउताको पूजा गर्ने, भूमि पूजा गर्ने र खेतीपातीको रक्षार्थ जलदेवीको सेवा गर्ने जस्ता कार्यहरू बोम्पोद्वारा गराइन्छ । बोम्पोलाई तामाङ जातिको धामी वा झांक्री भन्ने पनि चलन छ । यी बोम्पोहरूले लामाहरूले जस्तो शास्त्र पढेका हुँदैनन् तर यिनमा हुनुपर्ने एउटा विशेषता के छ भने पूजा गराउने (जजमान) जुन थरको छ पूजा गर्ने बोम्पो पनि त्यही थरको हुनु पर्दछ ।

क्षेत्री, बाहुनहरू आफ्नो मूलघरमा भेला भई आफ्नो कुल देवता पूजा गरे जस्तै तामाङहरू पनि "ह्ला" पूजा गर्छन् । यो पूजामा देवतालाई कुखुरा तथा बोका बलि चढाएर भोज खान्छन् । तामाङहरू पनि अन्य नेपाली जातिले जस्तै दुर्गालाई बोका बलि चढाएर दशैं मनाउँछन् । दशैं तिहार जस्ता चाड पर्व मनाउँदा र सामूहिक कार्य गर्दा गाउँको मुख्य मानिसले नेतृत्व गरेको हुन्छ। यो मुख्य मानिसलाई "मूलमी" भन्दछन् । मूलमीको अर्थ गाउँको नेता भन्ने हुन्छ । कुनै कुनै तामाङ गाउँमा मूलमीको शेष पछि उसको जेठो छोरा नै मूलमी हुन्छ तर कुनै कुनै गाउँमा भने सबै गाउँले मिलेर मूलमी छान्दछन् । पहिले पहिले यी मूलमीहरू गाउँको मुखिया तथा जिम्मावाल हुन्थे । मालपोत उठाउने काम पनि यिनैद्वारा गरिन्थ्यो ।

पहाडी जिल्लाको चिसो हावापानीयुक्त पाखाहरूमा घनाबस्ती बसालेर बस्न मन पराउने तामाङहरू सोधासाधा र विनयी हुन्छन् । यिनीहरू प्रायः आफैंले बुनेको कछाड र गादो लगाउँछन् । महिलाहरू साधारण फ्यामा (चोलो), पटुका र गुन्यूँ लगाउँछन् । जिल्लाका अन्य जातिको रहन सहनबाट प्रभावित तामाङ तामाङनीहरूमात्र किनेको कपडाको सुरुवाल तथा फरिया लगाउँछन् । तामाङ जातिका महिलाहरू चाँदीको मोहन माला, जन्तर, पोते, माला, काँस र चाँदीका बाला, सुनका ढुङ्ग्री, मुन्द्री तथा चेप्टे आदि गहना लगाउँछन् । यिनीहरूको शारीरिक बनावट ठिकै अग्लो र हृष्टपुष्ट हुन्छ । नाक केही थेप्चो र आँखा रसिला हुन्छन् । नुवाकोट जिल्लाका तामाङहरू आ-आफ्नो घरमा र तामाङ समूहमा तामाङ भाषा बोल्छन् । राष्ट्र भाषा नेपालीमा राम्रो कुरा गर्न सक्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बहुसंख्यक क्षेत्री, बाहुन र तामाङ जातिको अतिरिक्त यस जिल्लामा नेवार, गुरुङ, घले, दनुवार, राई, लिम्बू, माझी, मगर, मुसलमान तथा कुमाल जातका मानिसहरू बसोबास गर्दछन् । साथै नेवार गाउँको आसपासमा कसाई र कुस्ले तथा क्षेत्री, बाहुनको वरपर सार्की, दमाई, कामी आदि जातका मानिसहरू आफ्नो जातीय पेशा गरी बसेका देखिन्छन् । केही बस्तीहरूमा पुरी, गिरी तथा घर्तीहरू पनि पाइन्छन् । कुस्ले र कसाईको रहन सहन तथा संस्कृति नेवारी जातिसँग मिल्दोजुल्दो भए जस्तै घले र गुरुङको रीति रिवाज तामाङसित मिल्न खोज्छ । दमाई, कामी, सार्की तथा पुरी, गिरी र घर्तीको गतिविधि क्षेत्री, बाहुनसित मिल्न खोज्छ ।

यसरी विभिन्न जातजातिको थलो भइरहेको नुवाकोटको सामाजिक इतिहासमा जातीय गुटबन्दी र साम्प्रदायिक कारणबाट नरमाइलो घटना घटेको पाइँदैन । "जातमा जे छौं सबै हौं एक सन्तती देशको" भन्ने स्वर्गीय श्री ५ महेन्द्रको महान्‌वाणी नुवाकोट जिल्लामा पनि चरितार्थ भएको छ । आ-आफ्नो पेशामा व्यस्त यहाँका शान्तिप्रिय बासिन्दाहरू प्रशन्न छन्, मैत्रीपूर्ण छन् र विनयी छन् । युगौंदेखि जिल्लाको सांस्कृतिक निधिको अभिन्न अङ्ग भइआएका चाडपर्वहरू मनाउन जातजाति र धार्मिक विभिन्नताले कुनै अडचन पारेको देखिँदैन । दशैं र तिहार जस्ता रमाइला पर्वमा जिल्लाबासीहरू निधारमा टीका र शिरमा फूलपाती लगाएर आनन्दविभोर भइरहेका हुन्छन् । सोलीभरी कोसेली र मनभरी पुर्नमिलनको रहरबोकेर माइती र मामली गइरहेका हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

यो जिल्लाको मुख्य आर्थिक आधार कृषि हो। नुवाकोट जिल्लाका अधिकांश निवासीहरू सीमित कृषियोग्य भूमिमा निर्वाह गरिरहेका छन्। भाल्चे, यार्सा, ध्याङफेदी तथा नर्जा उर्लेनी पञ्चायत क्षेत्रमा बसोबास गर्ने केही मानिसहरू पशुपालन र सामान्य कुटीर उद्योगबाट पनि आफ्नो निर्वाह गर्दछन्। सबैजसो व्यवसाय पुरानो तरीकाबाट गरिएको र सीमान्त प्रकृतिको भयबाट समय समयमा आर्थिक सङ्कटहरू परी नै रहन्छन्। खण्डवृष्टि तथा अतिवृष्टि जस्ता दैवी कारणले गर्दा खाद्यान्न अभावको समस्या पनि यदाकदा व्यहोर्नु पर्ने हुन्छ। जिल्लाको लेकाली क्षेत्रमा बस्ने केही मानिसहरू जरीबूटी सङ्कलन गरी त्रिशूली बजार अर्थात् काठमाडौंमा बिक्री गर्दछन्। यसबाट हुने आम्दानीले थोरै परिवारको नून तेलको समस्या टरेको हुन्छ। खोलाको छेउछाउमा बस्ने केही दनुवारहरू माछा मारेर पनि आफ्नो दैनिक गुजारा चलाउँछन्। केही युवकहरू स्वदेशी वा विदेशी सैनिक सेवामा काम गरी थोर बहुत अर्थोपार्जन गर्दछन्। तर कृषि बाहेक अन्य व्यवसायबाट निर्वाह गर्नेहरूको संख्या नगण्य छ। यहाँका अधिकांश मानिसहरू साधारण जीवन निर्वाह गर्न पनि कडा परिश्रम गरिरहेका हुन्छन्।

कृषि

तादी, त्रिशूली तथा लिखु खोला आसपासको फाँट र बट्टार, खरानीटार तथा सटार जस्ता सम्म भूमि बाहेक जिल्लाको अधिकांश जमीन पहाडी भागमा पर्दछ। यस जिल्लाको कुल जमीन १,१६,३०० हेक्टर छ र यसमध्ये करीब १३,००० हेक्टर मात्र आवादी भएको देखिन्छ। कृषि तथ्याङ्क २०२८ अनुसार यहाँ वार्षिक खाद्यान्न उत्पादन ४०,००० मेट्रिक टन हुन्छ। यो उत्पादनमध्येबाट बीज-बीजनको लागि र विभिन्न कारणवश क्षति हुन सक्ने वार्षिक ५,००० मेट्रिक टन छुट्याउँदा ३५,००० मेट्रिक टन हुन आउँछ। यसमा पनि कुट-फल गरी भूस फालेपछि खानयोग्य खाद्यान्न २८,००० मेट्रिक टन मात्र बाँकी रहन्छ। यो जिल्लाको कुल जनसंख्या १,७२,७१८ छ। एक व्यक्तिको लागि सालाखाला वार्षिक १६० किलोग्राम खाद्यान्नको हिसाब गर्दा जम्मा २७,६३५ मेट्रिक टन अनाज जिल्लाभित्र खपत हुन्छ र ३६५ मेट्रिक टन बाँकी रहन आउँछ। अतः पहाडी जिल्ला भएर पनि नुवाकोट खाद्यान्न बचत हुने जिल्लाको समूहमा पर्दछ।

नेपाल अधिराज्यका अरू पहाडी भागमा जस्तै नुवाकोट जिल्लाको आर्थिक गतिविधि पनि ज्यादातः कृषिमा नै केन्द्रित भएको छ। यो जिल्लामा हुने खाद्यान्नमा मुख्यतः धान, कोदो, मकै, गहुँ र जौ, नगदेबालीमा उखु र आलु, दलहनमा मास, सिमी, बोडी, मस्याङ तथा तेलहनमा तोरी, सर्स्यू तथा तिल हुन्। ज्यादाजसो भू-भाग पहाडी क्षेत्रमा परेको नुवाकोट जिल्लामा आर्थिक वर्ष २०२४।२५ सम्म धानबालीभन्दा पहाडतिर हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाखेबाली मकै नै अधिक उत्पादन हुन्थ्यो । तर आर्थिक वर्ष २०२५।२६ देखि भने धानबालीको उत्पादन बढेको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने गर्मी र औलोको डर हुने टार तथा सम्म भूमिको उपेक्षा गरी पहाडी भागमा मात्र बसी ज्यादा पाखेबाली लगाउने जिल्लाबासीको परम्परागत मनोवृत्तिमा ठूलो परिवर्तन आएको छ। जनतामा यो परिवर्तन ल्याई सम्म भूमिमा सर्ने र धान खेतीगर्ने वातावरण सिर्जना गर्नुको श्रेय आधुनिक बाटो-घाटो र औलो उन्मूलन कार्यक्रमलाई छ । बट्टार, सटार तथा खरानीटारको सिचाइ पश्चात् यो जिल्लाको धान उत्पादनमा अझ बढी वृद्धि हुन जाने कुरा प्रष्ट छ ।

यो जिल्लाको लेकतिरको खेत बारी र बेंसी तथा फाँटमा खेती लगाउने, गोडमेल गर्ने र काट्ने काम फरक फरक समयमा गरिन्छ । जस्तो लेकतर्फको धानबाली जेठ–असारमा लगाएर कात्तिक–मंसीरमा काटिन्छ भने बेंसीतिर असार–साउनमा लगाई मंसीरमा काटिन्छ । त्यस्तै मकै र कोदो पनि क्रमशः फागुन र असारमा लगाएर भदौ र मंसीरमा काटिन्छ ।

कृषि तथ्याङ्क २०२८ अनुसार आर्थिक वर्ष २०२४।०२५ देखि २०२९।०३० सम्म यस जिल्लामा मुख्य मुख्य बालीले ढाकेको क्षेत्र तथा उत्पादन प्रवृत्ति यसप्रकार छः–

क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्रफलः हेक्टरमा
उत्पादनः मेट्रिक टनमा

वर्ष	२०२४।०२५		२०२५।०२६		२०२६।०२७	
खाद्यान्न	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
धान	६,०००	१४,७००	६,८००	१७,०००	६,८५०	१७,१२५
मकै	७,८००	१५,२१०	७,८००	१५,३२७	८,०००	१५,९२०
गहुँ	१,१००	२,१८२	१,२००	१,३२०	१,३००	१,५८६
कोदो	२,५००	२,८८०	२,५००	२,८५०	२,६००	२,९९९
जौ	११५	११७	१२०	१२२	१४०	१४३
आलु	३४०	१,९३८	३००	१,७७०	३५०	२,१००
तेलहन	१७५	८०	१८५	८६	२०५	९८
उखु	१२०	१,४४०	१३०	१,५२१	१३५	१,६२०

वर्ष	२०२७।०२८		२०२८।०२९		२०२९।०३०	
खाद्यान्न	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पावन	क्षेत्र	उत्पादन
धान	७,०००	१८,२००	६,६६३	१६,६५८	६,६३३	१६,५८२
मकै	८,२००	१६,४८२	८,१००	१५,५२०	८,०३६	१४,५९३
गहुँ	१,५००	१,५६०	१,५००	१,६३५	१,५००	१,७२७
कोदो	२,७००	३,१०५	–	–	२,६४७	१,८९९
जौ	१५०	१५४	–	–	१२७	१३०
आलु	४००	२,०८०	–	–	४५०	२,४५३
तेलहन	२२०	१०८	–	–	२५०	१००
उखु	१५०	१,८३०	–	–	१५०	१,८३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाअनुसार यस जिल्लाको बाली उत्पादन र यसले ढाकेको क्षेत्रफल आर्थिक वर्ष २०२४।०२५ देखि आर्थिक वर्ष २०२७।०२८ सम्म क्रमशः वृद्धि भएको देखिन्छ। तर आर्थिक वर्ष २०२८।०२९ र २०२९।०३० मा गएर केही ह्रास भएको पाइन्छ। तर जिल्लाको मुख्य नगदेबाली उखु उत्पादनमा भने विशेष ह्रास भएको देखिंदैन। यो पहाडी जिल्लामा २०२५ सालसम्म धानभन्दा मकै उत्पादन बढी हुन्थ्यो भन्ने कुरा माथि तालिकामा उल्लिखित आर्थिक वर्ष २०२४।०२५ को उत्पादनबाट पनि देखिन्छ। त्यसपछि क्रमशः मकै, कोदो जस्ता पाखेबालीभन्दा धान उत्पादन बढ्दै गएको देखिन्छ। धान उत्पादनको साथसाथै यसले ढाकेको जमीन वृद्धि हुँदै गएको पनि माथिको तालिकाबाट प्रष्ट हुन्छ। अतः धान वृद्धि सघन कृषि कार्यक्रमको फलस्वरूप मात्र नभई धानबालीको क्षेत्रफल विस्तार हुन गएको कारणबाट पनि भएको हुन सक्छ। आर्थिक वर्ष २०२८।०२९ र २०२९।०३० मा धानबालीको साथै अन्य सबैजसो बालीको उत्पादन र यिनीहरूले ढाकेको जमीनको क्षेत्रफल पनि घटेको देखिन्छ।

अति वर्षा, खडेरी तथा खोलो पैरोको कारणबाट बाली उत्पादन प्रक्रियामा सामान्य घटबढ हुनु पहाडी जिल्लाको कृषि व्यवसायमा त्यति अस्वाभाविक कुरा होइन। यो जिल्लाको मुख्य नगदेबाली उखु लगाएको क्षेत्रफल र यसको उत्पादनमा उल्लेखनीय घटवढ भएको देखिंदैन। यो नगदेबालीको साधारण घटबढ-बाट जिल्लाबासीको आर्थिक गतिविधिमा खास असर पनि पर्दैन। किनभने तराई जिल्लातिर नगद उपार्जनको उद्देश्यले उखु जस्तो नगदेबाली लगाइएको हुन्छ। तर नुवाकोट जस्तो पहाडी जिल्लामा ज्यादातः घरको प्रयोगको लागि प्रायः सबै परिवारले आ-आफ्नो गाउँ बेंसीमा थोरै उखु खेती गरेका हुन्छन्। त्यसकारण यहाँको उखुबाट हुने खुदो तथा सक्खर धेरैजसो घरायसी प्रयोगमा ल्याइन्छ र केही स्थानीय बजारमा विनिमय तथा खरीद बिक्री गरिन्छ।

यो जिल्लाको ज्यादाजसो आर्थिक गतिविधि कृषिमा केन्द्रित रहेको कुरा माथि उल्लेख भइसकेको छ। कृषिको अतिरिक्त साधारण व्यापार तथा घरेलु उद्योगमा लागेर आफ्नो जीवन निर्वाह गर्नेहरूको संख्या नगण्य छ। कृषिमा निर्भर रहने किसानहरू मिलिजुली खेती लगाउने, गोड्ने र थन्क्याउने गर्दछन्। यसरी आपसमा सहयोग गरी काम गर्ने परम्परालाई जिल्लामा "भारो पर्म" भनिन्छ। यो पर्म प्रथा धानको रोपाईं गर्दा, कोदोको रोपाइँ गर्दा र दाइँ गर्दा एकले अर्कोलाई सघाउने चलन छ। रोपाइँ गर्दा पुरुषहरू बाली लगाउने, बाउसे गर्ने र खनजोत गर्ने काम गर्दछन् र महिलाहरू बीउ काड्ने र रोप्ने काम गर्दछन्। मंसीर महीनामा दाइँ गर्दा पुरुषहरू धान चुट्ने तथा परालको भारी बनाउने काम गर्छन् भने महिलाहरू पराल बोक्ने काम गर्दछन्। यसरी विभिन्न कामको लागि एक परिवारको सदस्य अर्को परिवारको मेलामा पर्म लगाउन जान्छ। यो पर्म नगद वा जिन्सी दिएर तिरिंदैन। मानिसले मेलामा गएर काम गरेर तिरिन्छ। यसरी भारो पर्मबाट नभ्याइने कामको लागि ज्याला दिएर खेताला लगाइन्छ। पुरुष खेतालालाई खाजा ख्वाएर प्रति दिन रू. तीन वा एक पाथी अनाज तथा महिला खेतालालाई रू. दुई अथवा छ माना अनाज ज्याला दिने चलन छ। दैनिक ज्याला-दारीको अतिरिक्त स्थायी किसिमले एक वा दुई लाठेलाई काम लगाउने चलन पनि छ। यस्ता व्यक्तिलाई हली वा गोठालो भनिन्छ। यी हली गोठालाहरू दैनिक ज्याला लिंदैनन्। वर्षभरी काम गरेवापत समय समयमा लाउन खान दिइन्छ र एक मुष्ट अनाज वा केही रूपैयाँ मजूरी दिइन्छ। यसप्रकार भारो पर्म, हली गोठालो र ज्यालादारीबाट जिल्लाको कृषि व्यवसाय सञ्चालन हुन्छ। खेतबारी हुनेको मात्र होइन, थोरै जमीन हुने वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जमीन नहुनेको जीवन निर्वाह पनि अन्ततोगत्वा कृषि व्यवसायमा नै आधारित छ।

भूमि व्यवस्था

कृषि तथ्याङ्कअनुसार नुवाकोट जिल्लामा १३,००० हेक्टर जमीन आवादी छ। यो आवादी जमीन जिल्लाको कुल क्षेत्रफलको अनुपातमा करीब ११ प्रतिशत मात्र छ। यो जिल्लाको कुल जमीनमध्ये ८९ प्रतिशत जमीनमा खेती गरिएको छैन। यो भू-भाग ज्यादातः पहाड र वनले ढाकेको छ। यहाँका मानिसहरूलाई खेती गरिएको जमीन अन्दाजी प्रति व्यक्ति .०८ हेक्टर अर्थात् १.६ रोपनी पर्न आउँछ। अथवा एक हेक्टर आवादी जमीनमा १३ जना मानिसहरू आश्रित छन्। यो जिल्लाको कुल परिवार संख्या ३२,१३९ छ। खेती गरिएको जति भू-भाग यहाँको कुल परिवारलाई वितरण गरी हेर्दा प्रति परिवार .४ हेक्टर अर्थात् ८ रोपनी पर्दछ।

यो जिल्लामा २०२१ सालदेखि भूमिसुधार कार्यक्रम प्रारम्भ भएको हो। यो जिल्लाबासी कसैको पनि हदबन्दीभन्दा बढी जमीन देखिएको छैन। यस जिल्लामा हालसम्म जग्गा नापी नभएकोले जमीनको वास्तविक हिसाब पनि निस्केको छैन। त्यसकारण जग्गा वितरणको काम पनि हुन सकेको छैन। यहाँ कृषकहरूको ऋण निश्चित गर्ने काम भएको छ। यसको अतिरिक्त यो जिल्लामा अनिवार्य बचत सङ्कलन, कृषि ऋण वितरण, भोग बन्धकी जग्गा फिर्ता दिलाउने, मोहियानी हक प्रदान गर्ने, ग्राम समिति गठन गर्ने, बचतको प्रमाण-पत्र तथा ब्याज वितरण र केन्द्रीय श्रेस्ता तयार पार्ने कामहरू भएका छन्। यहाँ जोताहालाई अस्थायी निस्सा दिने काम पनि भएको छ। कृषि ऋण वितरणबाट कृषकहरूले गोरु किन्ने, कुलो बनाउने, खाद्यान्न अभावको बेलामा खाद्यान्न खरीद गर्ने, औषधोपचार गर्ने तथा मल, बीउ र कृषि औजार खरीद गर्ने जस्ता आवश्यक कामहरू गर्न पाएका छन्। ३० प्रतिशतसम्म ब्याज तिरेर साहू महाजनबाट ऋण लिई आफ्नो खाँचो टार्दै आएका किसानहरूले सात देखि १० प्रतिशतसम्म ब्याज तिरेर कृषि ऋण उपभोग गर्न पाएका छन्। यो जिल्लामा रू. १३,३८,१२२। अनिवार्य बचत सङ्कलन भएको थियो। बचत रकममध्ये केही कृषि विकास बंकमा जम्मा भइसकेको छ। यही रकमबाट कृषि व्यवसायको निमित्त जिल्लाबासीहरूलाई ऋण दिने पनि व्यवस्था भएको छ। यहाँ रू. ५२,८५,४६८। ऋण रकम निश्चित गरिएको थियो। रू. १०,५१,९५०। कृषकहरूलाई ऋण मिनाहा पनि भइसकेको छ।

मालपोत

यहाँ १९२५ सालमा महा-जाँच भएको थियो। तत्पश्चात् १९३७ सालसम्म केन्द्रबाट बहीदार स्तरको कर्मचारी आई तहसील गर्ने चलन थियो। १९३७ सालदेखि केन्द्रबाट जाने व्यवस्था खारेज गरी जिल्लामा नै एक बक्यौता अड्डा खडा गरियो। १९६४ सालमा उक्त बक्यौता अड्डा पनि खारेज गरी माल अड्डाको स्थापना भएको पाइन्छ। १९९८ सालको नापीअनुसार हाल आवादीबाट दर्ता हुन आएको जग्गा एकत्रीत गरी २००० सालमा तीन महले मोठ खडा गरिएको थियो। नुवाकोट मौजा, धादिङ मौजा र लामी डाँडा मौजा गरी तीन मौजाको अब्बल, दोयम, सीम र चाहार खेत तथा हले, पाटे र कोदाले पाखोबाट वार्षिक रू. १,७७,४३९। मालपोत उठदछ। यसमा रैकर, गूठी, बेपत्ते र मौजा समेतबाट हुने आय समावेश भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो जिल्लाको बिर्ता जमीनको १९९० सालमा सर्पट चाँज भएको थियो र केन्द्रबाट नै यसको लगत बमोजिम हसील गरिएको थियो । २०१६ साल पछि यहाँको बिर्ता उन्मूलन भयो । माथि उल्लिखित मालपोतको अतिरिक्त जग्गा रजिष्ट्रेशन दस्तूरबाट वार्षिक सालाखाला रू. १,५०,०००। राजश्व आम्दानी हुन्छ ।

पशुपालन

यो जिल्लामा पाइने पाल्तु पशुहरूमा मुख्यतः गाई, गोरु,भैंसी, राँगो, भेंडा, बाख्रा तथा केही मात्रामा घोडा हुन् । पाल्तु पक्षीहरूमा कुखुरा, हाँस, परेवा तथा लौकाट मुख्य छन् । पहाडी जिल्लाको कृषि व्यवसायमा यी पाल्तु जनावरको अभिन्न भूमिका रहेको हुन्छ । दूध, घ्यूको लागि मात्र गाई, भैंसी; मासुको लागि मात्र भेडा, बाख्रा र खन जोतको लागि मात्र गोरु पालिएको हुँदैन, खेतीपातीको लागि आवश्यक मल प्राप्त गर्ने उद्देश्यले पनि पालिएको हुन्छ । वास्तवमा रासायनिक मलको प्रयोग कम भएको नुवाकोट जिल्लामा जमीनको उर्वरा शक्ति बनाइराख्ने काममा गाई, भैंसीको गोबर तथा भेडा, बाख्राको जुत्तो नै मुख्य मानिन्छ। प्रायः प्रत्येक कृषक परिवारमा एक हल गोरु, दुई चार वटा गाई, भैंसी र भेडा, बाख्रा पालेको पाइन्छ। यहाँबाट केही खसी बोका र थमा तथा राँगो काठमाडौंतर्फ निर्यात गरिन्छ । केही मात्रामा घ्यू पनि बाहिर पठाइन्छ ।

जिल्लाको उत्तरी क्षेत्रमा केही परिवारको पेशा नै पशुपालन भएको पनि देखिन्छ । यहाँको हावापानी पशुपालनको लागि उपयुक्त छ । खास गरी यो उत्तरी भेकमा पाइने भेडा मोटा र हृष्टपुष्ट हुन्छन् । पशुपालनको लागि राम्रो हावापानी भएको हुनाले जिल्लाको उत्तर-पश्चिममा पर्ने भाल्चे पञ्चायत नजीकै पाँचसय खोलामा भेडा फार्मको व्यवस्था गरिएको छ । यो भेडा फार्म २०२५ सालमा स्थापना भएको हो । यहाँ एक घुम्ती गोठ र एक स्थायी गोठ गरी दुई गोठ रहेका छन् । यो फार्मको कार्यक्रमलाई जम्मा चार प्रकारमा विभाजन गरी कार्यान्वयन गरिएको छ । ती हुन्:–

१. उत्पादन कार्यक्रम
२. बिक्री वितरण कार्यक्रम
३. अनुसन्धान कार्यक्रम
४. स्थानीय पशुमा नश्ल सुधार कार्यक्रम

उत्पादन कार्यक्रम अनुसार पोलवर्थ जातको थुमो स्थानीय भेडामा लगाएर नयाँ जातका पाठापाठी जन्माइएको छ । यस्तै स्थानीय बाख्रामा पनि सुधार गर्ने हेतुले सिह्राल बाख्रामा सानन् बोका लगाएर नयाँ जातका बाख्रा पैदा गराइएको छ । यी भेडा बाख्राको दानाको लागि फार्ममा उन्नत जातको घाँस खेती गरिएको छ। बिक्री वितरण कार्यक्रमको सिलसिलामा यो फार्ममा उत्पादन भएका असल जातका बोका र थुमाहरू कृषि विकास कार्यालय मार्फत जिल्लाको विभिन्न स्थानमा पठाइन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशु चिकित्सालय

नुवाकोट जिल्लाको त्रिशूलीमा एक पशु-चिकित्सालय छ । यहाँ नुवाकोट जिल्लामा हुने सबै प्रकारका पाल्तु पशुको उपचार गरिन्छ। आर्थिक वर्ष २०२९।०३० मा ८,६१८ पशुको उपचार गरिएको थियो। साथै ८४ पशुमा कृत्रिम गर्भाधान तथा ६७६ लाई भ्याक्सीन दिइएको थियो। यो चिकित्सालयभन्दा टाढाका क्षेत्रमा रहेका पशुमा संक्रामक रोग आएमा यहाँबाट विशेषज्ञहरूको टोली गई औषधोपचार गर्ने पनि व्यवस्था छ ।

फलफूल खेती

यो जिल्लामा विभिन्न प्रकारको फलफूल पाइन्छ। फलफूल विकासको लागि आर्थिक वर्ष २०२०।२१ देखि यहाँ बागबानी केन्द्र स्थापना भएको छ। यो केन्द्रले आँप, लिची, अम्बा, अनार, केरा, भुइँकटहर तथा कागती जस्ता फलफूलको विस्तार र प्रचार प्रसार गरिरहेको छ। यसको अतिरिक्त ककनी कृषि फार्मको करीब ३४४ रोपनी जमीनमा फलफूल खेती गरिएको छ। यहाँ लगाइएका फलफूलहरूमा स्याउ, आरु, आलुबखडा, नासपाती आदि हुन्। थानसिङ, सेरा, बिदुर तथा त्रिशूलीको वरपरका वगैंचाहरूमा प्रशस्त आँप पाइन्छ।

कृषि विकास

कृषि विकासको सिलसिलामा श्री ५ को सरकार र संयुक्त राष्ट्र संघको प्रयासमा यहाँ २०२७ साल देखि चार वर्षे कार्यक्रम लागू भएको थियो। जमीनको उचाइ, माटोको विभिन्नता तथा हावापानीको प्रभाव विचार गरी उपयुक्त ठहरिएको ठाउँमा उपयुक्त जातको खेती गर्न लगाउने यो कार्यक्रमको उद्देश्य हो। खेती योग्य जमीनको छनौट भएपछि मलखाद तथा उन्नत बीउ नि.शुल्क वितरण गरी किसानहरूलाई नमूनाको रूपमा खेती गर्न लगाइएको छ। यो कार्यक्रम कृषक जगतमा निक्कै लोकप्रिय भएको छ। यो नमूना कार्यक्रमबाट प्रभावित कृषकहरू अब स्वयम् उन्नत जातको बीउ तथा रासायनिक मल प्रयोग गरी आधुनिक तरीकाबाट खेती गर्न थालेका छन्। यस किसिमको कार्यक्रम कृषि विकासको लागि प्रभावकारी हुँदो रहेछ भन्ने कुरा प्रष्ट भएको छ। ककनी कृषि फार्मको करीब ६० रोपनी जमीनमा उन्नत जातको मकै खेती गरी यसबाट कृषकहरूलाई उन्नत बीउ वितरण गरिएको छ। यहाँ वितरण गरिने बीउ खासगरेर लेकाली खेतबारीमा प्रयोग गरिन्छ। यो कृषि फार्ममा आलु खेती पनि गरिएको छ। रानीपौवामा जापानी बीउबाट गरिएको सेतो मूला खेती राम्रो भएको छ ।

आर्थिक वर्ष २०२९।०३० देखि यहाँ कृषि खरीद विक्री संस्थानको शाखा खुलेको छ। यो संस्थान मार्फत जिल्लाबासीहरूको लागि आवश्यक उन्नत जातको बीउ र रासायनिक मल उपलब्ध गराइएको छ। यो कार्यालय स्थापना भएकै वर्ष यहाँ २,९७,५०० के. जी. एमोनियम सल्फेड, ५४, ४५० के. जी. युरिया, १,५५, ००० के.जी. कमप्लेसाल मल तथा ३० मुरी मकैको बीउ र १२ मुरी धानको बीउ वितरण भएको थियो। यसको अतिरिक्त कृषकहरूको मागअनुसार कृषि खरीद विक्री संस्थानले कृषि औजार र कीटाण-नाशक औषधि पनि विक्री वितरण गर्दै आएको छ। अन्य पहाडी जिल्लाको तुलनामा यहाँको कृषि व्यवसायमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निक्कै सुधार आएको देखिन्छ । यहाँको कृषकहरूमा आधुनिक तरीकाबाट खेती गर्ने, खेतबारीमा वर्षमा दुई-तीन बाली लगाउने र पाखो पखेरामा अवस्थित पुरानो बस्तीहरू बेंसी र सम्म भूमिमा सार्ने प्रवृत्ति बढेको छ । कृषि व्यवसायको विकास र विस्तारमा यो राम्रो सङ्केत हो ।

नुवाकोट जिल्लाको त्रिशूली नदीमा निक्कै माछा पाइन्छ । यहाँ पाइने माछाहरूमा असला माछा प्रसिद्ध छ । त्रिशूलीको अतिरिक्त तादी र लिखु खोलामा पनि माछा पाइन्छ । यी खोला र नदीको छेउछाउमा बस्ने दनुवारहरूले माछा छोपेर विक्री गर्नलाई आफ्नो सहायक पेशा बनाएका छन् । यो जिल्लाको चौघोडामा आधुनिक तरीकाबाट माछा पाल्ने काम भइरहेको छ ।

सिचाइ

सिचाइको क्षेत्रमा यो जिल्लामा अहिलेसम्म उल्लेखनीय प्रगति केही भएको छैन । त्रिशूली नदीबाट पम्पद्वारा पानी तानेर बट्टार सिचाइ गर्ने योजना छ । यो टार नुवाकोट जिल्लाको सबभन्दा ठूलो टार हो । यो सिचाइ योजनाको कार्यान्वयन भएमा बट्टार मात्र होइन महारानी डिही तथा पीपलटार समेत सिचाइ हुन जाने छन् । यस बाहेक तादी नदीको पानीबाट सिमरा फाँट, चौघोडा क्षेत्र, नुवाकोट फाँट र सेरो फाँट सिचाइ गर्न सकिने देखिन्छ । तादीकै आसपासमा रहेका सटार तथा खरानीटार पनि सिचाइ गर्न सकिने सम्भावना छ ।

कृषि ऋण

यो जिल्लाका कृषकहरूलाई आवश्यक कृषि ऋणको स्रोत साहू महाजन मात्र थिए । २०१६ साल पश्चात् क्रमशः केही सहकारी समिति, भूमि सुधार बचत व्यवस्था र कृषि विकास बैंक जस्ता स्रोतहरू देखा पर्न थाले । साहू महाजनले कृषकको आवश्यकता हेरी १० देखि ३० प्रतिशतसम्म ब्याज लिने गरेको पाइन्छ । तर घरायसी र कृषि खाँचो टार्न बाध्य भएका कृषकहरूको लागि ऋण पाउनु र समस्या सुल्झाउनु बढी महत्वपूर्ण कुरा भएकोले महगो ब्याज दर प्रति विशेष चासो रहँदैन । दुःखको घडीमा पाएको ऋण फोसा पाए जस्तो सम्झने गरीब कृषकहरूलाई साहू महाजनहरूले शोषण गरेका थिए । भूमिसुधार, सहकारी समिति तथा कृषि विकास बैंकबाट कृषि ऋण उपलब्ध हुन थालेपछि कृषकहरू उपर्युक्त शोषणबाट मुक्त हुन लागेका छन् ।

यो जिल्लामा भूमि सुधार लागू भएदेखि कृषकहरूलाई रू. १६,९१,४१५। कृषि ऋण वितरण गरिएको थियो । यसमध्ये रू. १६,३९,४८०। असूल पनि भइसकेको छ । २०१६ सालदेखि यो जिल्लामा सहकारी संस्थाहरू स्थापना हुन थालेको देखिन्छ ।

वि.सं. २०२१ सालमा भूमि सुधार लागू भएपछि सहकारी संघ तथा वडा समितिको संयुक्त रूपमा पनि कृषकहरूलाई ऋण उपलब्ध गराउने काम भयो । २०२६ सालमा जिल्ला सहकारी कार्यालय पनि स्थापनाभयो । यही कार्यालयको रेखदेखमा नयाँ नयाँ सहकारी संघ र समितिहरू खुल्दै गए । केही संघहरू आदर्श बहुमुखी सहकारीताको नामले निर्दिष्ट रूपमा सञ्चालन हुन थाले । यी सहकारी संघ समिति मार्फत कृषकलाई नगद ऋण मात्र होइन उन्नत बीउ, मलखाद तथा कृषि औजार पनि उपलब्ध गरियो । मानिसहरूमा सहकारीताको महत्व बोध हुँदै गयो । कृषकहरूले पनि शेयर खरीद गर्न थाले । २०१६ सालदेखि २०३० साल असार मसान्तसम्म जिल्लाका विभिन्न पञ्चायतमा चार वटा निर्दिष्ट र ५८ वटा साधारण गरी जम्मा ६२ वटा सहकारी संघ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्थाहरू खुले। यसरी तीब्रगतीले संख्यात्मक विकास भयो तर गुणात्मक वृद्धि हुन सकेन। यी संस्थाहरूमा सिथिलता देखा पर्न थाल्यो। केही संस्था बन्द भए र केही विधिवत विघटन पनि गरियो। निर्दिष्ट सहकारी संस्थाहरू यसप्रकार छन्:—

१. सुगत सहकारी विक्री तथा ऋण संघ लि., बिदुर
२. आदर्श बहुमुखी सहकारी संस्था लि., तुप्चे
३. आदर्श बहुमुखी सहकारी संस्था लि., ककनी धारापानी
४. बाराही बहुमुखी सहकारी संस्था लि., दाङसै

यी निर्दिष्ट सहकारी संस्था र साधारण सहकारी संघहरूको सदस्य संख्या जम्मा ३,८४४ पुगेको छ। धान, मकै तथा गहुँ खेतीको निमित्त र गोरु खरीद तथा बेच बिखन कार्यको लागि सहकारी संघले आफ्ना सदस्य हरूलाई नगद तथा जिन्सी गरी रू. १,५६,१०६। वितरण गरेको छ। ऋण वितरणको साथसाथै सहकारी संघले कृषि व्यवसायको लागि आवश्यक तथा दैनिक उपभोग्य वस्तुहरूको सुपथ मूल्यमा विक्री वितरण पनि गरेको देखिन्छ। अतः संस्थाले गरेको नगद बेच बिखन निम्नअनुसार छ:—

बीज बीजन विक्री	रू.	१६,१६७।
रासायनिक मलखाद विक्री	रू.	४,४४,१५३।
कीटाणुनाशक औषधि विक्री	रू.	१,२३६।
मकै विक्री	रू.	३,४५,६६९।
चीनी र नून विक्री	रू.	१,८१,२९२।
कृषि औजार	रू.	१,७८६।
गहुँ विक्री	रू.	२,५२९।
जम्मा:—	रू.	९,९२,८३२।

यी तथ्याङ्कहरूबाट के प्रष्ट हुन्छ भने थोरै मात्रामा भए पनि सहकारीताको आधारमा यो जिल्लाको कृषि व्यवसाय र कृषकहरूको लागि केही मद्दत पुगेको छ। "भारो पर्म" तथा ऐंचो-पैंचो गरी अप्रत्यक्ष वा प्रत्यक्ष रूपबाट सहकारी पद्धतिअनुसार एकले अर्कोलाई सघाउँदै आएको यो जिल्लाको सामाजिक परिपाटीमा सहकारीताको आधारमा धेरै काम गर्न सकिने देखिन्छ। स्थानीय जनतामा सहकारी संघ-संथा सञ्चालनको परिपक्वताको विकास नभएसम्म निर्दिष्ट सहकारी कार्यक्रम लागू गर्नु पर्ने देखिन्छ। ग्रामीण आर्थिक स्थितिको सुधार गर्ने सिलसिलामा कुटीर उद्योग वा कृषि व्यवसाय वा व्यापार जुनसुकै क्षेत्रमा पनि सहकारीताको माध्यमबाट गर्दा अधिकांश जिल्लाबासीहरू लाभान्वित हुन सक्ने देखिन्छ।

नुवाकोट जिल्लामा कृषि विकास बैंकको शाखा वा उप-शाखा कार्यालय छैन। काठमाडौं शाखा अन्तर्गत सञ्चालित एजेन्ट कार्यालय मात्र रहेको छ। यो बैंकले यहाँ निर्दिष्ट सहकारी संघहरू सञ्चालन गरेको छैन। सहकारी संघको सिफारिशमा यहाँका १४ वटा सहकारी संस्थालाई विभिन्न कार्यको लागि ऋण दिएको छ। बैंकबाट प्राप्त ऋण यी सहकारी संस्थाहरूले कृषि व्यवसायको विभिन्न कार्यार्थ कृषकहरूमा वितरण गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो बैंकले सहकारी संस्था मार्फत र एजेण्ट कार्यालयबाट सोझै पनि कृषि ऋण उपलब्ध गराउँदै आएको छ। यहां कृषि विकास बैंकले हाल चार किसिमको ऋण दिएको देखिन्छ। विभिन्न चार किसिमका शीर्षक र यी शीर्षक अन्तर्गत गएको ऋण रकम निम्नबमोजिम छः–

कृषि उत्पादन	रू.	६७,४५६।
बेच-बिखन	रू.	२,०४,६९२।
कृषि व्यवसाय	रू.	२,४४,८९०।
कृषि उद्योग	रू.	१,१०,१७७।
जम्माः–	रू.	६,२७,२१८।

उद्योग

काठमाडौं जस्तो विशाल बजारसित राजमार्गद्वारा सोझै यातायातको सुविधा र प्रचुर मात्रामा विद्युत् शक्ति भएको नुवाकोट जिल्लामा अहिलेसम्म उल्लेखनीय कुनै उद्योग व्यवसायको स्थापना हुन सकेको छैन। परम्परागत कुटीर उद्योग, केही चामल कारखाना र बिदुर स्थित अञ्चल घरेलु केन्द्रको साधारण गतिविधि नै हुन् यहांका औद्योगिक उदाहरणहरू। कृषि कार्यबाट बचेको समयमा ज्यादातः घरायसी प्रयोगको लागि मात्र मानिसहरू कुटीर उद्योगमा लागेका हुन्छन्। कृषिसित सम्बन्धित गतिविधिको तुलनामा औद्योगिक कार्यकलाप नगण्य छ।

कुटीर उद्योग

यो जिल्लामा संगठित रूपमा खासगरी कुनै कुटीर उद्योग सञ्चालन भएको देखिंदैन। कृषि कार्य समाप्त गरी निस्कन आएको फुर्सदको समयमा स्थानीय कच्चा सामग्री प्रयोग गरी निजी प्रयोग वा स्थानीय हाट बजारमा बिक्री गर्ने उद्देश्यले साधारण मालसामानहरू बनाइन्छ। स्थानीय बाँस तथा निगालोको चोयाबाट भकारी, मान्द्रो, डोको, डालो, थुन्से, नाम्लो आदि बनाएको देखिन्छ भने जिल्लाको उत्तरी भागमा स्थानीय भेडाको ऊनबाट राडी, पाखी, बख्खु आदि बुनेको पाइन्छ। त्यस्तै टार तथा बेंसीतिर कुमालेहरूले माटोको भाँडा बनाएको पाइन्छ। यहाँका निवासीहरू केतकीको पाटबाट आफ्नो आवश्यकता अनुसार डोरी, दामलो तथा नाम्लो बुन्ने गर्दछन्। धैबुङ गाउँ पञ्चायत क्षेत्रमा काठको ठेकी बनाउने काम गर्छन्। यहाँ बनेका ठेकी ज्यादै असल मानिन्छ। साथै यो जिल्लाको लेकाली क्षेत्रमा अल्लो पाइने हुँदा केही तामाङहरू यसबाट बोरा बनाउने खस्रो खाले कपडा पनि बुन्दछन्। यसरी फुर्सदको समयमा काम गरेर उत्पादन गरिने कुटीर औद्योगिक वस्तुहरू धेरैजसो घरायसी प्रयोगमा ल्याइन्छ। केही स्थानीय बजार तथा केही काठमाडौंमा समेत बिक्री हुन्छ। कृषि बाहेक नून, तेलको लागि दुई–चार पैसा कमाउने स्रोत यही हो।

घरेलु केन्द्र

जिल्लामा उपलब्ध हुन सक्ने कच्चा पदार्थको वैज्ञानिक तरीकाबाट प्रयोगमा ल्याउने र यसको लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यक शीप जनतामा जगाउने उद्देश्यले २०१८ सालमा सदरमुकाम बिदुरमा एक घरेलु उद्योग अञ्चल केन्द्रको स्थापना भएको थियो। स्थापना भएदेखि यो केन्द्रले कपडा रङ्गाइ, छपाइ, कपडा सिलाइ, कपडा बुनाइ र सिकर्मीकला जस्ता चार विषयमा प्रत्येक विषयमा वार्षिक १५ जनाको दरले तालीम दिंदै आएको थियो। आर्थिक वर्ष २०३०।३१ देखि प्रत्येक शाखामा आठ जनाका दरले प्रशिक्षार्थीहरूलाई तालीम दिने व्यवस्था भएको छ। यहाँबाट तालीमप्राप्त प्रशिक्षार्थीहरूलाई रोजगार दिन र औद्योगिक कार्यमा प्रोत्साहित गर्न कपडा बुन्ने शाखामा आभ्याशिक काम गराई उत्पादन गरिएको छ। त्रिशूली बजारमा एक घरेलु विक्री भण्डारको व्यवस्था गरी उपर्युक्त केन्द्रबाट उत्पादित वस्तु विक्री वितरण पनि भइरहेको छ।

खरानीटार, नर्जा, चौकदे आदि पञ्चायत क्षेत्रमा पहिले पहिले स्थानीय प्रयोगको लागि साधारण कपडा बुन्ने चलन थियो तर हिजोआज धागोको कमीबाट सो कार्य बन्दप्राय देखिन्छ। त्रिशूली बजारमा रहेको घरेलु विक्री भण्डारले आफ्नो उत्पादनको साथसाथै स्थानीय जनतालाई कच्चा धागो पनि विक्री वितरण गरेमा परम्परागत कुटीर उद्योगको पुनरुत्थान हुने देखिन्छ। यसमा घरेलु विक्री भण्डारले शीप भएका स्थानीय मानिसलाई कच्चा पदार्थ र आवश्यक औजार जुटाइदिएर ज्यालादारी वा ठेक्काको रूपमा काम गराउने र भण्डार मार्फत नै त्यसको विक्री वितरणको प्रबन्ध मिलाई कृषिमा आश्रित जनश्रमलाई औद्योगिक कामकाजमा अग्रसर गराउन सक्छ।

विद्युत् शक्तिबाट चल्ने चार वटा चामल मिल सिवाय आधुनिक उद्योग व्यवसायको क्षेत्रमा उल्लेख गर्न सकिने औद्योगिक संस्थाहरू यो जिल्लामा छैनन्। जिल्लामा सदरमुकाम नजीकै दुईवटा र सेरामा एउटा र बट्टारमा एउटा गरी जम्मा चार वटा चामल मिल छन्। यी मिलहरूमा धान कुट्ने, गहुँ, मकै पिंध्ने र तोरी पेल्ने काम गरिन्छ। यहाँको चामल, पीठो तथा तेल ज्यादातः स्थानीय प्रयोगमा खपत हुन्छ। हाल आधुनिक उद्योगको स्थिति यस्तो भए तापनि विद्युत् शक्ति, यातायात, बजारको सुविधा भएको यो जिल्लामा औद्योगिक विकासको सम्भाव्यता राम्रो देखिन्छ। यहाँ अन्तःशुल्क कार्यालय छैन। यहाँका चामल मिलको अन्तःशुल्क काठमाडौंमा तिर्ने गरिएको छ।

व्यापार

नुवाकोट जिल्लाको व्यापारिक गतिविधिमा खास चहल पहल देखिंदैन। यहाँको मुख्य व्यापारिक केन्द्र त्रिशूली बजार हो। यसको अतिरिक्त नुवाकोट, वेत्रावती, बट्टार, रानीपौवा, बगुवा, चौघोडा, ढिकुरे, देवीघाट आदि स्थानमा स-साना बजार रहेका छन्। व्यापारिक आदान प्रदानको स्थानीय केन्द्र यी नै हुन्। नुवाकोट भैरवी मेला तथा देवीघाट मेलामा अस्थायी बजारको स्थापना गरी स्थानीय आवश्यक वस्तुको विनिमय तथा खरीद विक्री गरिन्छ। यी हाट बजार तथा मेलामा खरीद विक्री हुने अधिकांश वस्तु काठमाडौंबाट आयात गरिएको हुन्छ। आयात गरिने वस्तुहरूमा मुख्यतः कपडा, नून, तेल, मसला, चीनी, साबुन र खाद्यान्न, दलहन, तेलहन र अन्य दैनिक आवश्यकताको सामग्री हुन्छन्। यो जिल्लाबाट अन्यत्र पठाइने वस्तुमा बाँस र निगालोका सामान, जरीबूटी, मास, पिंडालु र केही खाद्यान्न हुन्। यी वस्तु ज्यादाजसो काठमाडौं र केही मात्रामा छिमेकी जिल्ला रसुवा र धादिङमा पठाइन्छन्। जिल्लाभित्र बनेका केही कुटीर उद्योगका वस्तु तथा खुर्सानी, मास, चामल, तथा भटमासको विनिमय व्यापार अर्थात् साटासाट गर्ने पनि प्रथा छ। यो जिल्लामा विदेशी व्यापारीहरूले स्थायी रूपमा व्यापार गरेको देखिंदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बैंक सेवा

नेपाल बैंक लिमिटेडको उप-शाखा एक र कृषि विकास बैंकको एजेण्ट कार्यालय एक गरी जम्मा दुईटा संस्थाले यो जिल्लामा बैंक सम्बन्धी काम गरेका छन्। कृषि विकास बैंकले कृषिसित सम्बन्धित कारोवार हेर्ने हुँदा यसको गतिविधि कृषि ऋण तथा सहकारी कार्यक्रम शीर्षकमा उल्लेख गरिएको छ। नेपाल बैंक लिमिटेड त्रिशूली उप-शाखाको वाणिज्य गतिविधि छोटकरीमा यसप्रकार छः–

यो बैंकले डिपोजिट राख्ने, कर्जा दिने, हुण्डी तथा मेल ट्रान्सफरको भुक्तानीको व्यवस्था गर्ने जस्ता कार्यहरू गरिआएको छ। यो कार्यबाट सरकारी, अर्ध सरकारी तथा गैर सरकारी क्षेत्रमा प्रशस्त मद्दत पुगेको छ। यो उप-शाखामा अहिले बचत खाता १,१००; व्यक्तिगत खाता ७०० र शिक्षण संस्थाहरूको खाता १०० सञ्चालन भएका छन्। सरकारी कार्यालयहरूको वार्षिक हुने करीब दुई करोडको आर्थिक कारोवार यही बैंक मार्फत गरिन्छ। यो बैंकले नुवाकोट जिल्लामा अत्यधिक लगानी अर्थात् रू. ७,३४,०००। सुन, चाँदी, कपडा तथा गल्लामा गरेको छ। विकास लगानीमा रू. ६,००,०००। र सरकारी लगानीमा रू. ४,४५,०००। देखिन्छ। यहाँ राष्ट्र बैंक तथा राष्ट्रिय वाणिज्य बैंकको शाखा नभएकोले बैंकिङ सम्बन्धी सबै सरकारी वा अर्ध-सरकारी कारोवार नेपाल बैंकले नै गरेको छ।

नुवाकोट जिल्लाको सम्पूर्ण आर्थिक गतिविधिलाई सिंहावलोकन गर्दा अधिकांश जिल्लाबासीहरू कृषि व्यवसायमा निर्भर रहेको कुरा प्रष्ट हुन आएको छ। केही मानिसहरूले साधारण उद्योग व्यवसाय, पशुपालन तथा व्यापारिक काम गरेको भए तापनि यसलाई कृषिको सहायक पेशा भन्न सकिन्छ। २०२८ मा तथ्याङ्क विभागबाट लिइएको जनगणनामा उल्लेख भएअनुसार नुवाकोट जिल्लामा कृषि, वन तथा पशुपालनलाई आफ्नो पेशा बनाउनेहरूको संख्या ७९,९३१. उद्योग धन्धामा लाग्नेको संख्या ५३६, बिजुली तथा ग्यास उद्योगमा लाग्नेहरू १२६, व्यापारमा लाग्नेहरू ३४६, व्यक्तिगत तथा सामाजिक सेवामा लाग्नेहरू १,४२४ र अन्य पेशामा लाग्नेहरू १०३ छन्। यसअनुसार यो जिल्लामा आर्थिक दृष्टिकोणबाट सक्रिय रूपले व्यवसायमा लागेकाहरूको संख्या ८२,४६६ देखिन्छ। यसबाट प्रष्ट हुन आउँछ कि ९७ प्रतिशत जनसंख्या कृषि व्यवसायमा लागेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

यातायात

नुवाकोट जिल्लामा हालसम्म उपलब्ध यातायात सुविधा जिल्लाबासीहरूको आवश्यकताभन्दा धेरै कम भए तापनि नेपालका अन्य कतिपय पहाडी जिल्लाको तुलनामा निकै भन्नु पर्दछ। नेपालका थोरै महत्व-पूर्ण राजमार्गमध्ये एक काठमाडौं-त्रिशूली सडकको धेरैजसो भाग नुवाकोट जिल्लामा पर्नु कम महत्वपूर्ण कुरा होइन। यहाँ विशेष उल्लेखनीय कुरा के छ भने अधिराज्यको राजधानी काठमाडौंसित राजमार्गद्वारा सोझै जोडिने सुविधा नुवाकोटलाई प्राप्त भएको छ। यहाँका कैयन लेक, बेंसी र बस्ती हुँदै मध्यमाञ्चल विकास क्षेत्रको उत्तर-दक्षिण मेरुदण्ड रसुवासम्म पुग्ने पनि परिकल्पना गरिएको छ। यसको अतिरिक्त काठमाडौंबाट केरुङ हुँदै तिब्बत जाने मूल बाटो र धादिङ हुँदै गोरखा, तनहूँ, लमजुङ र पोखरा जाने मूल बाटो पनि यही जिल्लामा पर्दछन्। साथै कतिपय गोरेटो र घोडेटोहरूले यो जिल्लाका हजारौं बस्तीहरूलाई जोडेका छन्। परम्परागत हुलाकी बाटो र गोरेटोहरू हरेक गाउँ, बेंसी र पाखाभरी जेलिएका छन्। अतः यहाँको मुख्य मुख्य राजमार्ग, कच्ची सडक र मूल बाटो तथा गोरेटाहरू यसप्रकार छन्:–

काठमाडौं-त्रिशूली राजमार्ग

यो ७३ किलोमिटर (२३ कोस) लामो काठमाडौं-त्रिशूली राजमार्गको ज्यादाजसो भाग अर्थात् ६४ किलोमिटर (२० कोस) नुवाकोट जिल्लामा पर्दछ। करीब १,२२० मिटर (४,००० फीट) को उचाइबाट प्रारम्भ भएको यो सडक २० किलोमिटर उत्तर-पश्चिमको रानीपौवामा पुग्दा करीब २,१३३ मिटर (७,००० फीट) को उचाइमा पुगेको हुन्छ। त्यस पछि चतुराले तथा रानीपौवादेखि होर्चिंदै गएर त्रिशूली पुग्दा ५१८ मिटर (१,७०० फीट) को समथर भूमिमा झरिसकेको हुन्छ। बालाजुबाट ककनी, चतुराले, बेलकोट, बट्टार तथा बिदुर हुँदै त्रिशूली बजार जाने यो राजमार्गले नुवाकोट जिल्लामा महत्वपूर्ण स्थान ओगटेको छ। यो बाटोको काठमाडौंदेखि रानीपौवासम्मको भाग कालोपत्र भइसकेको छ र रानीपौवादेखि त्रिशूलीसम्मको भाग ५८ लाखको लागतमा कालोपत्र गरिने भएको छ। जिल्लाको एक मात्र राजमार्ग यो काठमाडौं-त्रिशूली सडक नुवाकोटको मात्र होइन छिमेकी रसुवा र धादिङ जिल्लाको लागि पनि मूलद्वारको रूपमा रहेको छ। त्यस भेकमा हुने कृषि वा घरेलु उत्पादनहरू यो राजमार्ग भएर काठमाडौं बजारमा आउन सकेका छन्। यही बाटो भएर त्यस भेकका बासिन्दाहरू राजधानीसम्म सजिलैसँग आउँन सकेका छन्। यस जिल्लामा पर्ने सिन्धुरे फाँट, बट्टार तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिदुर जस्ता सम्म फराकिला भू-भागको विकास र विस्तारमा यो सडकले पृष्टभूमिको भूमिका पूरा गरेको छ। अहिले यो सडकमा दैनिक बस सेवा र ट्रकहरू चलेका छन्।

मोटर चलनसक्ने कच्ची सडकहरू

त्रिशूलीबाट बट्टार हुँदै दक्षिणपट्टी अवस्थित देवीघाटसम्म छ किलोमिटर (दुई कोस) लामो कच्ची बाटो छ। त्यस्तै त्रिशूलीबाट वेत्रावतीसम्म पनि १० किलोमिटर (तीन कोस) लामो कच्ची सडक निर्माण भएको छ। त्रिशूलीबाट नुवाकोट महामण्डलको नजीकैसम्म करीब छ किलोमिटर (दुई कोस) लामो र ढिकुरेसम्म करीब १६ किलोमिटर (पाँच कोस) लामो कच्ची बाटोहरू बनेका छन्। काठमाडौं-त्रिशूली राजमार्गलाई छोएर सदरमुकाम वरपरका केही मुख्य मुख्य स्थानमा जाने उपर्युक्त बाटोहरूले जिल्लामा सहायक मार्गको काम गरि रहेछन्।

पश्चिम जाने मूलबाटो

काठमाडौंबाट पोखरा जाने पैदल बाटो यही जिल्ला भएर गएको छ। जितपुर फेदी, पांचमाने भञ्ज्याङ, चतुरालेको ओरालो-उकालो, नुवाकोट, त्रिशूली बजार र सामरी भञ्ज्याङ हुँदै पश्चिम जाने यो मूल बाटो पहिलेदेखि नै एउटा महत्वपूर्ण मूल बाटो हो। यो बाटो हिंड्दा जितपुरदेखि सामरीसम्म लिखु, तादी, त्रिशूली र सामरी खोलाहरू पर्दछन्। यी खोलाहरूमा बटुवाहरूको लागि पुलको व्यवस्था छ। काठमाडौं-त्रिशूली राजमार्ग निर्माण नभएसम्म यो बाटो ज्यादै चलती थियो। यो मार्ग निर्माण पश्चात् काठमाडौं-त्रिशूलीको भागमा बस सेवा उपलब्ध भएकोले बटुवाहरूको संख्या केही घटेको छ। त्रिशूलीबाट काठमाडौं आउँदा चतुरालेको फेदीबाट यसको थलीसम्म ज्यादै असजिलो, लामो र ठाडो उकालो छ। चतुरालेको फेदीमा सानो बजार छ। बटुवाहरू यहीं बास बस्दछन् र बिहानको खाना खाएर वा दिउँसोको खाजा खाएर उकालो चढ्दछन्। यो उकालोमा खानेपानीको राम्रो व्यवस्था छैन। ठाउँ ठाउँमा बिसौनी र चौताराहरू छन्। त्रिशूली बजारबाट पश्चिम लागेपछि यो बाटो सामरी खोलाको बगरै बगर सामरी भञ्ज्याङ पुग्छ। यहाँ पनि बटुवाहरूको सुविधाको लागि चौतारा, बिसौनी तथा पाटीहरूको व्यवस्था छ। तादी खोला र सामरी खोलाको आसपासमा प्रशस्त आँप पाइन्छ। जितपुर फेदीबाट सामरी भञ्ज्याङसम्म यो पैदल बाटो करीब ३२ किलोमिटर (१० कोस) लामो छ।

त्रिशुलीबाट रसुवागढी जानेबाटो

यो बाटो त्रिशूली बजारबाट वेत्रावती र धैंबुङ हुँदै रसुवा जिल्लाको राम्चेमा निस्कन्छ। यही बाटोबाट तिब्बत जान सकिन्छ। भनिन्छ, राजकुमारी भृकुटीले तिब्बतको राजा स्रङ-चोङ-गोम्पोसित विवाह गरेपछि यही बाटो गरी आफ्नो घर तिब्बत गएकी थिइन्। यही बाटो गरी दुई पटकसम्म गोरखालीहरू भोटसित युद्ध गर्न गएका थिए। यही बाटोमा पर्ने वेत्रावतीबाट फलाङखु खोला हुँदै जिवजिवे तथा यार्सा पञ्चायततिर जाने बाटोहरू छन्। वेत्रावती नजीकैबाट सलाङखु खोला हुँदै पाँच सय खोला भाल्चे पञ्चायत जाने अर्को बाटो छ। साथै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेत्रावती नजीकैबाट त्रिशूली नदीको पश्चिम किनार माने गाउँ, अर्चले डाँडा गाउँ, दियाले र कटुञ्जे हुँदै खर्क रसुवा जाने पनि गोरेटो बाटो छ। त्रिशूलीदेखि रसुवागढीसम्म ७७ किलोमिटर (२४ कोस) पैदल बाटो छ।

उत्तरजाने केही गोरेटोहरू

काठमाडौंको उत्तरपट्टि रहेको करीब २,४०० मिटर (८,००० फीट) अग्लो शिवपुरीको डाँडा काटेर सीधै उत्तर जाने केही गोरेटोहरू छन्। यी गोरेटोहरू लिखु खोलाको विभिन्न स्थानबाट प्रारम्भ हुन्छन्। प्रायः यी सबै समुद्र टारमा गएर एकै ठाउँमा मिल्दछन्। समुद्र टार नजीकै तादी खोलामा पुल तरेपछि शिखर वेंसी पुगिन्छ। शिखर बेंसीबाट नर्जा उर्लेनी हुँदै यो बाटो गोसाइँकुण्ड लेकमा पुग्छ। गुर्जे भञ्ज्याङको बाटो, खुकुरी धार बाटो (हुङ पञ्चायत), वेत्रावती-धुन्चे बाटो र लच्याङ तथा नर्जा उर्लेनीका गोरेटोहरू गोसाइँकुण्ड जाने प्रचलित बाटोहरू हुन्। शिखर बेंसीबाट पश्चिम लागेर लच्याङ तथा चोक्दे हुँदै नुवाकोट र वेत्रावती जाने पनि बाटो छ। यी बाटोहरूको धेरै जसो भाग भीर, पाखो र पहरामा पर्ने हुँदा बटुवाहरूको लागि ज्यादै असुविधा छ।

दक्षिणपट्टिका गोरेटोहरू

बट्टारभन्दा पूर्वपट्टिको मालाकोटबाट दाङमाई, ओख्ले, हिले तथा जगरे भञ्ज्याङ हुँदै एउटा बाटो जिल्लाको दक्षिण सीमानातिर जान्छ। त्यस्तै बट्टार नजीकैको इनारपाटी, माझीटार, अमरे खोला तथा खनायो खर्क भएर जिल्लाको दक्षिणमा बग्ने कोल्फु खोलामा पुग्छ। देवीघाटबाट जिलिङ हुँदै महादेव खर्क हुँदै दक्षिणतिर जाने एउटा बाटो भए जस्तै देवीघाट बाट झिल्टुङ हुँदै कोल्फु र त्रिशूलीको दोभानतिर जाने अर्को बाटो छ। यी सबै बाटोहरूको आसपासमा डाँडा, खोला, भीर, वन र बेंसीहरू छन्।

सञ्चार

काठमाडौंदेखि पोखरासम्म सोझै सम्पर्क राख्न सकिने टेलिफोन लाइन नुवाकोट भएर गएकोले यहाँबाट दक्षिण-पूर्वमा काठमाडौं र पश्चिममा पोखरासम्म सम्पर्क राख्न सकिने सुविधा छ। यसको अतिरिक्त यो जिल्लामा आकाशवाणी केन्द्र पनि स्थापना गरिएको थियो। तर यहाँ टेलिफोनको सुविधा भएको हुँदा यो आकाशवाणी केन्द्र पछि धादिङ जिल्लामा सारियो। त्रिशूली जल विद्युत् योजना अन्तर्गत यहाँ आन्तरिक टेलिफोनको पनि सीमित रूपमा व्यवस्था भएको छ। छ वटा लाइन भएको यो आन्तरिक टेलिफोन अस्थायी व्यवस्था मात्र हो। नेपाल दूर सञ्चार समितिले सञ्चालन गरेको टेलिफोन लाइनद्वारा नुवाकोटबाट काठमाडौंसम्म सोझै सम्पर्क राख्न सकिन्छ। यसबाट एक वर्षमा १,००७ खबर प्राप्त भएको थियो। जिल्ला बाहिर पठाएका खबर संख्या वार्षिक ८७५ छ र ६२६ बोलावट भएको थियो। यसप्रकार नेपालका अन्य कतिपय पहाडी जिल्लाको तुलनामा यहाँ टेलिफोन सेवा सुविधा राम्रो छ।

हुलाक

यो जिल्लामा छोटी हुलाक एक, शाखा हुलाक तीन र अतिरिक्त हुलाक छ समेत गरी जम्मा १० गाउँमा हुलाक रहेका छन्। यी हुलाकहरू रहेका स्थान र हुलाकको स्तर निम्नबमोजिम छन्:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थान	स्तर	पञ्चायत
त्रिशूली बजार	छोटी हुलाक	त्रिशूली गङ्गामाई
नुवाकोट	शाखा हुलाक	नुवाकोट भैरवी
खरानीटार	शाखा हुलाक	शिवालय, खरानीटार
थानसिङ	शाखा हुलाक	थानसिङ महादेव
देवीघाट	अतिरिक्त हुलाक	रक्तकाली
रानीपौवा	अतिरिक्त हुलाक	धारापानी
खोले गाउँ	अतिरिक्त हुलाक	खोलेगाउँ समुद्रा
समुद्र टार	अतिरिक्त हुलाक	रामती
पोखरी चाँपडाँडा	अतिरिक्त हुलाक	कार्की मनकामना
सामरी भञ्ज्याङ	अतिरिक्त हुलाक	सामरी

बिजुली

नेपाल अधिराज्यमा हालसम्म निर्मित विद्युत् शक्ति उत्पादन गृहहरूमध्ये सबैभन्दा ठूलो क्षमता भएको त्रिशूली जल विद्युत् गृह नुवाकोट जिल्लाको त्रिशूली बजारमा अवस्थित छ। त्रिशूली नदीको जलाधारद्वारा यहाँको विद्युत् शक्ति उत्पादन भएको छ। तिब्बतदेखि आसपासका क्षेत्रको जलाग्रहण गर्दै नेपालमा प्रवेश गरेको भोटे खोला समेत मिसिएर बनेको त्रिशूली नदी रसुवा, नुवाकोट र धादिङ जिल्ला हुँदै गण्डकी नदीमा मिल्दछ। यही नदीमा त्रिशूली बजारभन्दा करीब छ किलोमिटर (दुई कोस) उत्तर पट्टि ४५८ फीट लामो बाँध बाँधेर नहरद्वारा प्रति सेकेण्ड १,१०० घन फीट पानी सन्तुलन जलाशयमा ल्याइएको छ। पानीको आवश्यकतामा दैनिक घटबढ गरी समानता ल्याउनुको लागि ६०,००,००० घन फीट पानी अटाउने क्षमता भएको एउटा सन्तुलन जलाशय निर्माण गरिएको छ। यही सन्तुलन जलाशयमा जोडिएका चार वटा पेन ष्टक नलीबाट प्रति सेकेण्ड १,६०० घन फीट पानी पावर चेनल हुँदै जल विद्युत् गृहको टर्वाइनमा खसाल्ने व्यवस्था छ। यहाँ प्रत्येक ३,००० किलोमिटर शक्ति भएका सात वटा जेनरेटर जडान भएका छन्। कुल २१,००० किलोवाट विद्युत् शक्ति उत्पादन हुने यसको क्षमता छ। तर उपर्युक्त सात जेनरेटरमध्ये एउटा जगेडा राखिएको हुँदा १८,००० किलोवाट विद्युत् शक्ति मात्र उत्पादन गरिएको छ।

यो जल विद्युत् गृहबाट करीब २७ किलोमिटर (आठ कोस) पूर्वमा प्रत्येक ६,००० किलोवाट ६६,००० भोल्टको दुई सर्केट प्रशारण लाइनबाट बालाजु सबष्टेशनमा जडान भएपछि उपत्यका विद्युत् सक्रिय प्रणालीमा गाभेर विद्युत् शक्ति वितरण भइरहेको छ। हाल यो विद्युत् शक्ति बागमती र नारायणी अञ्चल तथा भारतको चम्पारन जिल्लामा समेत वितरण गरिएको छ।

वि. सं. २०२५ सालदेखि ४०० किलोवाट क्षमता भएको ट्रान्सफर्मर जडान गरी यो जिल्लाका बिदुर, त्रिशूली बजार, ढुङ्गेबजार, हात्तीगौंडा, बगुवा बजार, तुप्चे आदि स्थानमा बिजुली वितरण गरिएको छ। पछि २०२९ सालदेखि ६५० के. मि. ए. ११,००० भोल्ट क्षमता भएको नयाँ ट्रान्सफर्मर थपेर सेरा, गङ्गटे, बट्टार, मैथली क्याम्प, नुवाकोट बागबजार सुगुरे फाँट तथा गङ्गटेमा पनि बिजुली वितरण गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको घरेलु व्यवसायको निमित्त ३३ अश्व शक्ति बिजुली खपत भएको छ। गौरीशङ्कर फार्मिङ लिमिटेडले ४० किलोवाट विद्युत् शक्ति खपत गरेको छ। त्यस्तै बिदुर स्थित बागवानी केन्द्रको लागि ३० अश्व शक्ति विद्युत् वितरण भएको छ।

देवीघाट योजना

त्रिशूली बजारबाट करीब सात किलोमिटर (दुई कोस) दक्षिणपट्टि तादी खोला र त्रिशूली नदीको दोभानमा १४,१०० किलोवाट क्षमता भएको एक अर्को जल विद्युत् गृह निर्माण गर्ने योजना छ। यो योजनामा रू. १५ पन्द्र करोड खर्च हुने अनुमान गरिएको छ। यो योजना आर्थिक वर्ष २०३४।०३५ मा पूरा हुनेछ। यसबाट विद्युत् शक्ति वितरण हुन थाले पछि काठमाडौंको बढ्दो बिजुलीको माग केही वर्षको लागि पूरा हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

नेपाल अधिराज्यमा सबैभन्दा बढी साक्षरता भएको शैक्षिक साधन र सुविधा सम्पन्न काठमाडौं जिल्लासँग जोडिएका जिल्लाहरूमध्ये नुवाकोट पनि् एक हो। वास्तवमा देशको राजधानी काठमाडौं नै हाम्रो शैक्षिक गतिविधिको स्रोत हो र यहींबाट शिक्षा दीक्षा तथा साक्षरताको लहर प्रस्फुटन भएको हो। तर काठमाडौंको छिमेकी जिल्ला नुवाकोटको साक्षरता गतिविधिलाई हेर्दा सुदूर पश्चिमाञ्चलको दार्चुला र पूर्वाञ्चलको ताप्लेजुङ्ग जस्ता दुर्गम जिल्लाभन्दा पनि कम विकसित अवस्थामा पाइन्छ। काठमाडौंबाट प्रस्फुटित साक्षरताको लहरलाई समयमै नुवाकोटले आत्मसात गर्न नसकी यस क्षेत्रमा निकै पछाडि पर्न गएको देखिन्छ। तर बागमती अञ्चलका अरू सात जिल्लाको साक्षरतालाई दृष्टिगत गर्दा भने नुवाकोटको स्थिति निराशापूर्ण छैन। काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक तथा सिन्धुपाल्चोक जिल्लाभन्दा नुवाकोट कम विकसित भए तापनि छिमेकी जिल्ला धादिङ र रसुवाको तुलनमा विकसित नै मान्नु पर्दछ। बागमती अञ्चलमा सबैभन्दा बढी अर्थात् ३८.३ प्रतिशत साक्षरता भएको जिल्ला काठमाडौं हो र सबैभन्दा कम अर्थात् ५.२ प्रतिशत मात्र साक्षरता हुने जिल्ला धादिङ हो। पूरै बागमंती अञ्चलको साक्षरता १८.२ छ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६-९	९,४७९	६१३	६.५	९,१६५	१६८	१.८	१८,६४४	७८१	४.२
१०-१४	१०,८९५	१,८६६	१७.१	९,४९९	३६८	३.९	२०,३९४	२,२३४	११.०
१५-१९	८,५९५	१,७०१	१९.८	७,७२१	२४०	३.१	१६,३१६	१,९४१	११.९
२०-२४	७,२२१	१,४८६	२०.६	७,१६०	१२५	१.७	१४,३८१	१,६११	११.२
२५-२९	६.६३८	१,१८५	१७.९	६.८३६	८८	१·३	१३,४७४	१,२७३	९.४
३०-३४	५,८४७	८२८	१४.२	५,९२०	३६	०.६	११,७६७	८६४	७.३
३५-३९	५,३६४	६२१	११.६	५,००६	२८	०.६	१०,३७०	६४९	६.३
४०-४४	४,६७४	४८०	१०.३	४,८५०	३१	०.६	९,५२४	५११	५.४
४५-५४	६,६७०	६६२	९.९	६,३५६	४१	०.६	१३,०२६	७०३	५.४
५५-६४	५,०८४	३९१	७.७	४,५८०	९	०.२	९,६६४	४००	४.१
६५र माथि	३,३५१	२३६	७.०	२,९२८	९	०.३	६,२७९	२४५	३.९
जम्मा:-	७३,८१८	१०,०६९	१३.६	७०,०२१	१,१४३	१.६	१,४३,८३९	११,२१२	७.८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथिको तालिका अनुसार यहाँ छ वर्षभन्दा माथि उमेर भएका मानिसहरूको संख्या ७३,८१८ पुरुष तथा ७०,०२१ महिला गरी जम्मा १,४३,८३९ छ। यसमध्ये १३.६ प्रतिशत अर्थात् १०,०६९ जना पुरुष र १.६ प्रतिशत अर्थात् १,१४३ जना महिला गरी ७.८ प्रतिशत अर्थात् ११,२१२ जनता साक्षरता छन्। पुरुष र महिला गरी जम्मा १,३२,६२७ अर्थात् ९२.२ प्रतिशत जनता निरक्षर छन्।

तालिकाअनुसार १० वर्षदेखि २९ वर्षको उमेर समूहमा साक्षरता बढी रहेको देखिन्छ। २५ देखि माथिको उमेर समूहको महिला वर्गमा साक्षर ज्यादै कम पाइन्छ। तर विगत ३० वर्षदेखि महिलाहरूले पनि साक्षरताको महत्व महसूस गर्न थालेको पाइन्छ। यो जिल्लाका ७.८ प्रतिशत मानिसमात्र साक्षर छन्। यो सबै आर्थिक कारणबाट भएको हुन सक्छ। धेरैजसो भू-भाग पहाडी क्षेत्रमा पर्ने यो जिल्लाका अधिकांश तामाङ, सेर्पा र दनुवार जाति अझ पनि पिछडिएकै अवस्थामा छन्। छ वर्षभन्दा माथि उमेर भएका जम्मा ७०,०२१ महिलाहरूमध्ये ३६,४७६ जना महिला २५ वर्षभन्दा माथिको उमेर समूहमा पर्दछन्। यो समूहमा जम्मा २४२ महिला मात्र साक्षर छन्। २०२८ सालको जनगणनाअनुसार यो जिल्लामा छदेखि नौ वर्षका केटाकेटीको संख्या जम्मा १८,६४४ देखिन्छ। तर यसमध्ये ७८१ जना मात्र साक्षर छन् र १७,८३६ जना निरक्षर नै रहेको पाइन्छ। यसबाट के प्रष्ट हुन्छ भने विद्यालय जानु वा शैक्षिक गतिविधिमा भाग लिनुको सट्टा १७,८६३ बालक बालिकाहरू कुनै किसिमको घरायसी कामकाजमा लागेका रहेछन्। माथि जनसंख्या र जनजीवन परिच्छेदमा हामीले १० वर्षभन्दा माथिको उमेर समूहलाई मात्र आर्थिक दृष्टिबाट सक्षम जनशक्ति मानेको भए तापनि जिल्लाको वास्तविक तस्वीर केही फरक भइदिन सक्छ। उपर्युक्त १७,८६३ जना बाल बालिकाहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट जीवन निर्वाह सम्बन्धी आर्थिक गतिविधिमा लागेको हुनु पर्दछ। यो जिल्लामा खासगरेर क्षेत्री, बाहुन तथा नेवार जातिले शिक्षामा विशेष चाख लिएको पाइन्छ। देशबाट निरक्षरता हटाउने लक्ष्य अनुरूप यो जिल्लामा प्रौढ शिक्षा अभियान पनि चलाइएकै हो। आर्थिक वर्ष २०२९।०३० मा विभिन्न विद्यालय र महिला संगठनको माध्यमबाट १६ वटा प्रौढ शिक्षा अभियान कक्षा सञ्चालन गरिएको थियो।

वि. सं. २०३० सालको शैक्षिक सर्वेक्षणअनुसार यो जिल्लाका ५० वटा गाउँ पञ्चायतमा विभिन्न स्तरका जम्मा ११३ शिक्षण संस्थाहरू छन्। यहाँ एकमात्र माध्यमिक विद्यालय छ र कलेज स्थापना भएको छैन। हालसम्म भएका विभिन्न स्तरका शिक्षण संस्थाहरूको संख्या यसप्रकार छः—

माध्यमिक विद्यालय	१
निम्नमाध्यमिक विद्यालय	९
प्राथमिक विद्यालय	१०३
जम्माः—	११३

यी विभिन्न स्तरका विद्यालयहरू जिल्लाका विभिन्न स्थानमा छरिएर रहेका छन्। जिल्लाको एकमात्र त्रिशूली माध्यमिक विद्यालय त्रिशूली गङ्गामाई पञ्चायत अन्तर्गत त्रिशूली बजारमा रहेको छ। त्यस्तै एकमात्र नमूना प्राथमिक विद्यालय पनि त्रिशूलीमा नै रहेको छ। यो विद्यालय जिल्लाका सम्पूर्ण प्राथमिक विद्यालयको प्रगुवाको रूपमा सञ्चालन भइरहेको छ। साथै नुवाकोटको एक मात्र धार्मिक संथाको रूपमा चलेको इस्लामीया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राथमिक पाठशाला पनि त्रिशूली बजार मैं रहेको छ। यहाँ स्वीकृत पाठ्य पुस्तकको अतिरिक्त उर्दू भाषाको पनि पढाइ हुन्छ। यो जिल्लाका जम्मा नौ वटा प्रारम्भिक भाषा पाठशालामध्ये केही पाठशालाहरू शिक्षकको अभावले गर्दा बन्दप्राय छन्। यहाँ सबैभन्दा बढी अर्थात् विभिन्न तहका नौ वटा शिक्षण संस्था भएको पञ्चायत त्रिशूली गङ्गामाई पञ्चायत हो। ध्याङफेदी, झिल्टुङ, नर्जा उर्लेनी, यार्सा, सिखरबेंसी, सरमथली, बेलकोट आदि पञ्चायतमा एक एक वटा मात्र प्राथमिक विद्यालय सञ्चालन भएका छन्। यो जिल्लामा संस्कृतको माध्यमबाट पढाइ हुने एक मात्र भैरवी संस्कृत निम्न माध्यमिक विद्यालय नुवाकोट भैरवी गाउँ पञ्चायत अन्तर्गत अशोकबारीमा सञ्चालन भएको छ। यहाँ २६ जना छात्रहरू अध्ययन गरिरहेछन्। नुवाकोट जिल्लाका विभिन्न ११३ शिक्षण संस्थामा अध्ययन गर्ने छात्र छात्राहरूको तथ्याङ्क यसप्रकार छः–

स्तर	छात्र	छात्रा	जम्मा
माध्यमिक	२७६	७६	३५२
निम्न माध्यमिक	३७१	२७	३९८
भाषा पाठशाला	११२	११	१२३
प्राथमिक विद्यालय	३,३०६	६५९	३,९६५
जम्मा:–	४,०६५	७७३	४,८३८

प्राथमिकदेखि माध्यमिकसम्म विभिन्न तहमा अध्ययन गर्ने विभिन्न उमेर समूहका छात्र छात्राको कुल संख्या ४,८३८ देखिन्छ। यी विभिन्न तहका छात्र-छात्रालाई पढाउने शिक्षकहरूको संख्या जम्मा १७३ देखाएको छ। यहाँ एक जना शिक्षकले सालाखाला करीब २८ जना विद्यार्थीलाई पढाउनु पर्ने देखिन्छ। माथि उल्लिखित शिक्षकहरूमध्ये १६२ शिक्षक र तीन जना शिक्षिका स्थानीय छन् र छ जना शिक्षक तथा दुई जना शिक्षिका जिल्ला बाहिरबाट आई अध्यापन कार्य गरिरहेका छन्।

यो जिल्लामा २०३१ सालको शैक्षिक वर्षदेखि राष्ट्रिय शिक्षा योजना लागू हुँदैछ। यस सिलसिलामा आवश्यक शैक्षिक सर्वेक्षण भइसकेको छ। जिल्लाबासीहरू नयाँ शिक्षा योजनाको स्वागतार्थ पर्खिरहेछन्। यहाँ सम्पूर्ण शैक्षिक प्रशासन कार्य प्रमुख जिल्ला अधिकारीको कार्यालयमा रहेको शिक्षा शाखाबाट हुन्छ। जिल्लाको शिक्षा सम्बन्धी गतिविधिमा सहयोग गर्न र राय सल्लाह दिन जिल्ला पञ्चायत सभापतिको अध्यक्षतामा १० सदस्य भएको एक शिक्षा समिति पनि रहेको छ। सबै शिक्षण संस्थामा एक एक सञ्चालक समितिको गठन भएको छ। यही सञ्चालन समिति आफ्नो विद्यालय सञ्चालनको पूरा जिम्मेवारी हुन्छ। यिनै सञ्चालक समिति मार्फत विद्यालय भवनको व्यवस्था, शिक्षकहरूलाई तलबको प्रबन्ध आदि गरिन्छ। माथि उल्लिखित ११३ शिक्षालयहरूमध्ये ९३ शिक्षालयहरू आफ्नै पक्की भवनमा सञ्चालन भएका छन्। १५ वटाको कच्ची भवन छन् र पांच वटा पाटी पौवामा राखिएका छन्। यहाँको शिक्षा प्रचार प्रसारको लागि आर्थिक वर्ष २०२९।०३० मा श्री ५ को सरकारबाट सहायता स्वरूप रू. १,७०,०२०। र पूर्ण सरकारी बजेट स्वरूप रू. ९८,०६३। गरी जम्मा रू. २,२८,०८३। प्राप्त भएको थियो। जनताकोतर्फबाट सञ्चालक समितिहरू मार्फत रू. ८३,०१०। उठेको थियो।

वि. सं. २०२८ सालको जनगणनाअनुसार यो जिल्लामा छ वर्षभन्दा माथि उमेर भएको १,४३,-८३९ जनसंख्यामध्ये १,४०,३१७ ले विद्यालयमा प्रवेश नै नगरेको देखिन्छ। बाँकी ३,५२२ जनतामध्ये २,५६१ जनाले पांच वर्षे प्राथमिक विद्यालय, ५९९ जनाले दुई वर्षे निम्न माध्यमिक, २९० जनाले माध्यमिक, ५१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनाले इन्टरमिडियट र २१ जनाले स्नातक स्तरको विद्यालयमा प्रवेश गरेको पाइन्छ। शिक्षामा अभिरुचि लिई प्राथमिक विद्यालयमा प्रवेश गरेको संख्या क्रमशः घट्दै गई स्नातक स्तरमा पुग्दा नगण्य भइसकेको हुन्छ। यसबाट के कुराको सङ्केत मिल्न सक्छ भने शिक्षाको महत्व बुझी यस प्रति ढल्केको जन जागरण पनि आर्थिक वा सामाजिक बाध्यताको कारणबाट ह्रास हुँदै गएको छ।

यसै सन्दर्भमा लिइएको अर्को तथ्याङ्क तालिकाबाट यो जिल्लाका छ वर्षभन्दा माथि उमेर भएका पुरुष तथा महिलाहरूमध्ये १,२३४ ले प्राथमिक, ३२० ले निम्न माध्यमिक, ४०७ ले माध्यमिक, ६५ ले इन्टरमिडियट, ३५ ले स्नातक स्तर र छ जनाले स्नातकोत्तर स्तरको शिक्षा दीक्षा पूरा गरेको देखिन्छ। यसमा स्नातक र स्नातकोत्तर उपाधि प्राप्त गर्ने महिलाहरूको संख्या क्रमशः चार र दुई उल्लेख भएको छ। अन्ततः नेपाल अधिराज्यको सालाखाला अर्थात् १३.९ प्रतिशत साक्षरताको स्तरमा पुग्न पनि नुवाकोट जिल्लामा भगीरथ प्रयत्न गर्नु पर्ने देखिन्छ।

स्वास्थ्य

यो जिल्लामा एक मात्र अस्पताल छ। त्रिशूली बजार नजीकै अवस्थित २० शय्या भएको यो अस्पतालमा छिमेकी जिल्ला धादिङ तथा रसुवाबाट समेत बिरामीहरू उपचारार्थ आउँछन्। यहाँ एक्सरे तथा सानो अनुसन्धानशाला पनि रहेकोले त्यस भेकका बासिन्दाहरूलाई सुविधा पुगेको छ। ई. सं. १९६८ देखि १९७२ सम्म यो अस्पतालमा उपचार गरिएको रोगीहरूको संख्या यसप्रकार छः—

वर्ष	आउट डोर बिरामी संख्या	इन डोर बिरामी संख्या
१९६८	५७,२१०	६२८
१९६९	५९,५५३	७५०
१९७०	५८,२९८	७८३
१९७१	५५,३६०	७०१
१९७२	५६,२१४	८३५

यो अस्पतालमा दुई जना डाक्टरको दरबन्दी रहेको छ। यसको अतिरिक्त अन्य आवश्यक कर्मचारीहरू पनि छन्। यहाँ निःशुल्क औषधोपचार गरिन्छ। त्रिशूली जल विद्युत् योजनाको सिलसिलामा निर्मित यो अस्पतालको अतिरिक्त नुवाकोट जिल्लाको भैरवी पञ्चायतमा एक र खैरनीटार पञ्चायतमा एक गरी जम्मा दुईटा स्वास्थ्य केन्द्र पनि छन्। साथै रामावती पञ्चायतको समुद्रटारमा एक स्वास्थ्य चौकी र थानसिङमा एक आयुर्वेद औषधालय रहेका छन्। यो जिल्लामा पाइने मुख्य रोगहरू पौष्टिक आहारको न्यूनताबाट हुने रोगहरू नै हुन्।

यहाँको खानेपानीको स्रोत राम्रो नभएकोले पेट सम्बन्धी रोग सबैभन्दा बढी देखिएको छ। हैजा तथा टाइफाइड जस्ता रोगबाट ग्रामीण जनतालाई सुरक्षित राख्ने हेतुले यस रोगको प्रकोप देखिएको स्थानमा २०२९ सालमा ५,१२२ जनालाई टी.ए. बी. सी. दिइएको थियो। २०३० सालमा पनि ३,८८३ लाई उपचार उपलब्ध गराइएको छ।

वि. सं. २०१६ देखि नै यो जिल्लामा औलो उन्मूलन कार्यक्रम लागू भएको हो। औलो प्रसित क्षेत्रको सर्वेक्षण कार्य आर्थिक वर्ष २०१६।०१७ मा भयो। आर्थिक वर्ष २०१७।०१८ देखि औलो प्रसारण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रोकथाम गर्ने, कीटनाशक औषधि छर्ने काम प्रारम्भ भयो। २०२४।०२५ सालसम्ममा नुवाकोट, धादिङको केही भाग समेत गरी ४७,८४७ मानिसले बसोबास गरेको क्षेत्रबाट औलो प्रसारण बन्द गरियो। औलो रोगका बिरामीहरूको खोजी गरी उपचार गर्ने र बाँकी क्षेत्रमा औषधि छर्ने कार्य जारी नै रह्यो। २०२९।०३० सालमा पुगेर यो जिल्लाबाट प्रायः औलो उन्मूलन भइसकेको छ। यो जिल्लामा अरू स्थानीय औलो लाग्ने डर छैन। तर बाहिरबाट आउने मानिसद्वारा औलोका कीटाणु सर्ने हुँदा यसको रोकथाम भइरहेको छ।

नुवाकोट जिल्लाको त्रिशूली अस्पताल, नुवाकोट स्वास्थ्य केन्द्र तथा खरानीटार स्वास्थ्य चौकी गरी तीन ठाउँमा परिवार नियोजन क्लिनिकहरू छन्। यी ठाउँहरूबाट प्रशस्त मात्रामा परिवार नियोजन सम्बन्धी कार्यहरू भइरहेछन्। यो जिल्लाको विभिन्न १० पञ्चायतमा परिवार नियोजन अगुवा अनुसन्धान परियोजना केन्द्रको स्थापना गरी जनतालाई परिवार नियोजनका साथै साधारण उपचार र मातृ शिशु कल्याण सेवा उपलब्ध गराइएको छ। अगुवा अनुसन्धान परियोजना केन्द्रहरू हाल सामरी, चारघरे, आमथाङ, बुङ्थ्याङ, तुप्चे, चौघोडा, भैरवी नुवाकोट, चतुराले, चौकदे र बट्टारमा सञ्चालन भएका छन्। यहाँ समय समयमा परिवार नियोजन सम्बन्धी वृत्तचित्र प्रदर्शन गरी जनतामा यसको महत्व र आवश्यकता बारे बोध गराइएको पाइन्छ। उपर्युक्त केन्द्रहरूको अतिरिक्त यो जिल्लामा घुम्ती टोलीको पनि व्यवस्था छ। आर्थिक वर्ष २०२९।०३० मा घुम्ती टोलीले मात्र विभिन्न ठाउँमा २६ जना पुरुषको नसच्छेदन गरेको थियो।

वि.सं. २०३० भदौसम्ममा ६,१२३ शिशु र ४१८ जना महिलालाई मातृ शिशु कल्याण सेवा उपलब्ध गराइएको थियो। भावी सन्ततीको शिक्षा दीक्षा र औषधोपचार तथा आर्थिक भारको विचार गरी यहाँका जनताले परिवार नियोजनको महत्वलाई स्वीकार्न थालेका छन्। यस क्षेत्रमा प्रचार प्रसार तथा विकास विस्तार भइरहेको छ।

यहाँ बिफर उन्मूलन कार्यक्रम पनि लागू भएको छ। आर्थिक वर्ष २०२९।०३० मा यो जिल्लाका सबै पञ्चायत क्षेत्रमा खोपाउने काम भएको थियो। ११,६९५ जनालाई प्रथम खोप र ६७,७७४ जनालाई पुनः खोप दिने व्यवस्था भएको थियो। सोही आर्थिक वर्षको वैशाख, जेठ, असार महीनामा २,८१३ जनाको खत सर्वेक्षण कार्य गरिएको थियो। २०३४ साल सम्ममा यो जिल्लाबाट बिफर उन्मूलन गरिसक्ने लक्ष्य राखिएको छ।

खानेपानी

नुवाकोट जिल्लामा खानेपानी सम्बन्धी व्यवस्था राम्रो भएको छैन। त्रिशूली बजारमा केही घर तथा सदरमुकाम बिदुर स्थित केही कार्यालयहरूमा बिदुरको राहुल धाराबाट पानीको धारा राखिएको छ। त्रिशूली, तादी, लिखु, सामरी, छहरे, सलाङखु, फलाङखु तथा अन्य स-साना खोलाहरूको आसपासमा बस्ने मानिसहरू पायक पर्ने खोलाकै पानी सेवन गर्दछन्। यसको अतिरिक्त प्राकृतिक मूल, कुवा र ढुङ्गे धाराको पानी नै खानेपानीका मुख्य स्रोत हुन्। स्थानीय विकास विभागबाट थानसिङमा खानेपानीको व्यवस्था हुँदैछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

पृथ्वीनारायण शाहले ई. सं. १७४४ मा नुवाकोट विजय गरी गोरखा राज्यमा समावेश नगरेसम्म नुवाकोट जिल्ला काठमाडौंका मल्ल राजाहरूद्वारा प्रशासित थियो। मल्ल राजाको मातहतमा रहेका "उमराव" जिल्लाका सर्बेसर्बा हुन्थे। पृथ्वीनारायण शाहले नुवाकोट आक्रमण गर्नुभन्दा केही समय पहिलेदेखि नै यहाँको उमराव जयन्त राना मगर थिए। गोरखा राज्यमा मिलेपछि यो जिल्ला गोरखालीहरूद्वारा प्रशासित हुन थाल्यो। विजय पश्चात् स्वयं पृथ्वीनारायण शाह पनि नुवाकोटको सात तल्ले दरबारमा बसेर यस भेकको प्रशासन चलाउन थाले।

पछि यो जिल्ला पश्चिम एक नम्बर नुवाकोटको नामले प्रसिद्ध भयो। बेलकोट, कालिकाकोट, भैरवकोट, मालाकोट, धुवाँकोट, प्यासकोट, सिमलकोट, धैंबुङकोट र सल्यानकोट गरी नौवटा कोटहरू यही पश्चिम एक नम्बर नुवाकोट गोशवारा अन्तर्गत प्रशासित हुन थाले। मुख्य मुख्य गौंडाहरूमा बडाहाकिम राख्ने व्यवस्था भएपछि यो नुवाकोट गौंडामा पनि बडाहाकिम रहने व्यवस्था भयो। यहाँको जगगा जमीनको व्यवस्था र राजस्व असूल गर्ने काम काटमाडौंबाट गरिन्थ्यो तर सम्वत् १९६४ देखि नुवाकोटमा माल अड्डा स्थापना भयो र तत्पश्चात् यही अड्डाबाट सम्बन्धित कार्यहरू गरियो। पञ्चायती व्यवस्थाको सूत्रपात भएपछि २०१८ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ विकास जिल्लामा विभाजन गरियो। यो जिल्ला आफ्नो ऐतिहासिक "नुवाकोट" जिल्लाको रूपमा बागमती अञ्चल प्रशासन अन्तर्गत प्रमुख जिल्ला अधिकारीद्वारा प्रशासित हुन थाल्यो।

प्रमुख जिल्ला अधिकारीको कार्यालय र जिल्ला पञ्चायत कार्यालय लगायत जिल्ला स्तरीय सबैजसो कार्यालयहरू सदरमुकाम बिदुरमा रहेका छन्। यहाँ रहेका कार्यालयहरू यसप्रकार छन्:-

सरकारी

जिल्ला अदालत

प्रहरी इन्सपेक्टर कार्यालय

बागवानी केन्द्र

कृषि विकास कार्यालय

नुवाकोट माल कार्यालय

नेपाल औलो उन्मूलन संघ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्ला सहकारी कार्यालय
सरकारी वकील शाखा
नुवाकोट कारागार
वन डिभिजन कार्यालय
घरेलु उद्योग अञ्चल केन्द्र
जिल्ला भूमिसुधार कार्यालय
नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्र
जिल्ला शिक्षा कार्यालय
तथ्याङ्क सङ्कलन कार्यालय
सहकारी कार्यालय बिदुर

अन्य

कृषि खरीद बिक्री संस्थान शाखा
कृषि विकास बैंक एजेण्ट कार्यालय
नुवाकोट टेलिफोन कार्यालय

उपर्युक्त कार्यालयको अतिरिक्त जिल्लाका अन्य विभिन्न स्थानमा ६२ वटा सहकारी संस्थाहरू रहेका छन्। नेपाल बैंक लिमिटेडको उप-शाखा कार्यालय र छोटी हुलाक अड्डा त्रिशूली बजारमा रहेका छन्।

प्रहरी

यो जिल्लाको प्रहरी निरीक्षण कार्यालय सदरमुकाम बिदुरमा रहेको छ। यो कार्यालय अन्तर्गत नुवाकोट भैरवीमा एक छोटी थाना र अन्य विभिन्न स्थानमा छ वटा प्रहरी चौकी रहेका छन्। यी चौकीहरू रानी पौवा, समुद्रटार, पाटी भञ्ज्याङ, वेत्रावती बजार, सामरी भञ्ज्याङ र झिल्टुङ दुई पीपलेमा छन्।

कारागार

करीब ५० जना पुरुष र २० जना महिला राख्न सकिने क्षमता भएको यहाँ एउटा कारागार भवन छ। कैद म्याद तोकिने बित्तिकै धेरैजसो कैदीहरू काठमाडौं केन्द्रीय कारागारमा चलान गरिन्छ। यो कारागारमा रसुवा जिल्लाको समेत कैदीहरू राखिने व्यवस्था छ।

सरकारी वकील

यहाँ एक सरकारी वकीलको कार्यालय छ। यो कार्यालयको काम सरकारीवादी मुद्दामा न्याय सम्बन्धी सरसल्लाह दिनु हो। यो जिल्लामा खासगरेर मुलुकी ऐनमा उल्लिखित चोरीको महल, ज्यान सम्बन्धी महल र बिहेबारी सम्बन्धी दफासित सम्बन्धित मुद्दा मामिला धेरै संख्यामा भएको पाइन्छ। यसको अतिरिक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्ति चोरी र केही सार्वजनिक अपराध सम्बन्धी मुद्दाहरूको अनुसन्धान र प्रतिरक्षा गर्ने काम पनि यही सरकारी वकीलको कार्यालयबाट गरिन्छ।

जिल्ला अदालत

यहाँ रसुवा तथा नुवाकोट जिल्ला अदालत छ। न्याय प्रशासन (विविध व्यवस्था) ऐन, २०१८ बमोजिम गठित यो जिल्ला अदालतले आफ्नो परिधिभित्र पर्ने फौजदारी तथा देवानी दुवै किसिमका मुद्दाहरू हेर्दछ। यो जिल्ला अदालतले प्रचलित नेपाल कानूनमा अर्को व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकार क्षेत्र भित्र पर्ने सबै मुद्दाहरू शुरू कार्वाही र किनारा गर्दछ। यो अदालतमा प्रत्येक वर्ष देवानी मुद्दा अन्दाजी १५० देखि ३२० र फौजदारी मुद्दा १५० देखि १८० सम्म पर्दछन्। २०२७ सालदेखि २०३० सालसम्म यस अदालतमा परेका मुद्दाहरूको संख्या निम्नबमोजिम छः–

वर्ष	देवानी मुद्दा	फौदारी मुद्दा
२०२७।०२८	३१८	२८०
२०२८।०२९	२३८	२५०
२०२९।०३०	१९२	१९३
जम्माः–	७४८	७२३

यसरी जिल्ला अदालतमा पर्न आएका मुद्दाहरू प्रत्येक वर्ष प्रायः सबै नै किनारा भएको देखिन्छ। २०२७ सालदेखि २०३० सालसम्ममा देवानीतर्फ ७४५ र फौजदारीतर्फ ६५० गरी जम्मा १,३९५ मुद्दाहरू किनारा लगाइएको थियो।

यो जिल्लामा प्रत्येक वर्ष मुद्दा मामिलाको संख्या केही घट्न थालेको देखिन्छ तापनि नयाँ नयाँ किसिमका मुद्दाहरू समय समयमा आइपर्न भने कम भएको छैन। हरेक वर्ष देवानी तर्फ लेनदेन, पारित, जग्गा खिचोला, हक सफाइ, अंशबण्डा दर्ता बदर, बाली बिगो, लिखत कायम, हक कायम आदि शीर्षकमा पर्ने मुद्दाहरू धेरै संख्यामा देखिन्छन्। त्यस्तै फौजदारी तर्फ लुटपिट, गाली बेइज्जती, करकाप,जारी, धनमाल आदि मुद्दाहरू धेरै हुन्छन्। समय समयमा चोरी, कर्तव्य, ज्यान सम्बन्धी, वन काटेको, बाल विवाह तथा बहु विवाह गरेको, आत्महत्या र जुवा सम्बन्धी सरकारवादी मुद्दा पनि अदालतमा परेका हुन्छन्।

पञ्चायत

यहाँका जिल्ला पञ्चायत कार्यालय बिदुरमा रहेको छ। यो जिल्लामा ५० वटा गाउँ पञ्चायत छन्। बागमती अञ्चलका सबै पञ्चायतहरूलाई आदर्श बनाउने सिलसिलामा नुवाकोटका सबै पञ्चायतहरू आदर्श गाउँ पञ्चायत घोषित भइसकेका छन्। नुवाकोट जिल्लासभामा जम्मा ५० जना सदस्यहरू छन्। यो जिल्लाबाट एकजना सदस्यले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्दछन्। यी पञ्चायतहरूको आय स्रोत ज्यादै सीमित छ। धुरी कर, घट्ट कर तथा घाटकर पञ्चायतका आय स्रोत हुन्। गाई, भैंसी, भेडा, बाख्रा आदि खरीद बिक्री गर्दा पनि कुनै कुनै पञ्चायतले सामान्य कर लगाएको हुन्छ। जिल्लासभा कोषमा वर्षमा सरदर एक हजारदेखि १० हजारसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आम्दानी हुन्छ। तर आर्थिक वर्ष २०२९।०३० मा भने रू. ७,६८०। मात्र भएको थियो। यहाँ भएको वर्गीय संगठनहरू र तिनीहरूको प्रारम्भिक समिति तथा सदस्य संख्या देहायबमोजिम छन्:-

संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
नेपाल भूतपूर्व सैनिक संगठन	११	१२१
नेपाल किसान संगठन	३३	३६३
नेपाल महिला संगठन	१३	१४३
नेपाल युवक संगठन	२०	२२०

नेपाल यी संगठनहरूको जिल्ला स्तरीय आफ्नो आय स्रोत केही छैन तापनि आ-आफ्नो वर्गीय हितको लागि आवश्यक प्रचार प्रसार तथा सभा आदि गरेको पाइन्छ। नेपाल महिला संगठनले समय समयमा साक्षरता अभियान कक्षहरू सञ्चालन गर्दै आएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

यो जिल्लामा भएका यातायात, जल विद्युत्, पशुपालन तथा फलफूल खेती सम्बन्धी विकास कार्यहरूको टीकाटिप्पणी माथि विभिन्न शीर्षक अन्तर्गत गरिएको छ। हाल यहाँ स-साना कुलो, बाटो तथा खानेपानी जस्ता ग्रामीण स्तरका स्थानीय विकास योजनाको अतिरिक्त बट्टार सिचाइ योजना, देवीघाट जल विद्युत् योजना जस्ता महत्वपूर्ण योजना पनि कार्यान्वित भइरहेछन्। काठमाडौं-त्रिशूली राजमार्ग र त्रिशूली जल विद्युत् योजनाले ल्याएको चहल पहलमा यी नयाँ योजनाहरूको सफल कार्यान्वयनबाट नयाँ आयाम थपिनेछ।

यो जिल्लाको बट्टार, सतार तथा बेंसीको सेरोफेरोबाट औलो उन्मूलन भइसकेको छ। फलस्वरूप साँगुरो पाखापखेरामा खुम्चिएर बसेका निवासीहरू फराकिलो फाँटतिर झर्न थालेका छन्। कृषि व्यवसायको निमित्त आवश्यक शीप, श्रम र जाँगर लिएर झरेका गाउँहरूले सुख्खा बाँझो टारमा उभिएर त्रिशूली, तादी र लिखु जस्ता अवछिन्न जलाधारको प्रतीक्षा गरिरहेछन्। अतः बट्टार सिचाइ जस्ता बहुउद्देश्यीय योजना सफलतापूर्वक कार्यान्वित गराउनु अत्यावश्यक भएको छ।

भाल्चे पञ्चायतको पाँचसय खोलामा अवस्थित भेडा फार्म र ककनी कृषि फार्मलाई विस्तृत गरी यो जिल्लाको पहाडी भेकमा विभिन्न जातका पशुपालन र फलफूलको विकास गर्न सकिन्छ। चाँप, ओखर र धूपी जस्ता बहुमूल्य रूख तथा चिराइतो, जटामसी र मजिटो जस्ता जरीबूटीयुक्त यहाँको वन सम्पदाको संरक्षण एवं विस्तार गरी यसमा आधारित उद्योगहरूको विकास गर्न सकिन्छ। यहाँ माछा पालनको पनि सम्भावना छ। यो जिल्लामा उत्पादित औद्योगिक वा कृषि पैदावारको लागि आवश्यक बजार काठमाडौं भइदिन सक्छ र यो बजारसम्म यातायातको सुविधा उपलब्ध हुनु नुवाकोट जिल्लाको उज्ज्वल भविष्यको सङ्केत हो।

क्षेत्रिय विकास योजनामा काठमाडौं–कोदारी मार्गलाई मध्यमाञ्चल विकास केन्द्रको आर्थिक अभिवृद्धिको मेरुदण्ड परिकल्पना गरिए जस्तै काठमाडौं-त्रिशूली मार्गलाई पनि वेत्रावती, धैंबुङ, राम्चे र धुञ्चे हुँदै रसुवासम्म बढाएर शाखा मेरुदण्डको रूपमा उपयोग गर्न सकिन्छ। क्षेत्रिय विकास कार्यक्रममा प्रस्तावित यो मार्ग निर्माणबाट स्थानीय जनतालाई यातायातको सुविधा उपलब्ध मात्र नभएर नेपाल-चीन परम्परागत व्यापारको वृद्धि र त्रिशूलीदेखि रसुवागढीसम्मको आसपासमा पर्ने लेक र बेंसीमा पनि स्वदेशी उद्योगको विकास हुन सक्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

परिचय	६३७
प्राकृतिक स्वरूप र सम्पदा	६३९
ऐतिहासिक पृष्ठभूमि	६४८
प्रमुख स्थानहरू	६५१
जनसंख्या र जनजीवन	६५८
आर्थिक व्यवस्था	६६५
यातायात, सञ्चार र बिजुली	६८१
शिक्षा, स्वास्थ्य तथा खानेपानी	६८५
प्रशासन र पञ्चायत	६९१
उपसंहार	६९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

नेपाल अधिराज्यको सबभन्दा सानो जिल्ला भक्तपुरको ऐतिहासिक दृष्टिकोणले विशेष महत्व छ। लिच्छविकालमा यस जिल्लाभित्र "खृप्रिङ (खोप्रिङ) ग्राम" थियो।[1] यही खोप्रिङ शब्दबाट ख्वपु, खोप हुन आएको कुरा ऐतिहासिक दृष्टिकोण बाट प्रमाणित भइसकेको छ।[2]

मध्यकालमा यो शहर केही शताब्दीसम्म मल्ल राजाहरूको राजधानी थियो। यस ठाउँमा रहेको "त्रिपुरा" दरबार त्यस समयमा प्रसिद्ध थियो। यस शहरलाई ईशाको बाह्रौं शताब्दीमा "भक्तग्राम" संज्ञा दिएको पाइन्छ। भक्तपुर शहर आजसम्म पनि कलाको दृष्टिकोणबाट महत्वपूर्ण जिल्ला हो। भक्तपुर शहरलाई सुन्दरीकरण गर्नुमा जितामित्र मल्ल र भूपतिन्द्र मल्लले ठूलो भूमिका खेलेका थिए। वर्तमान कालमा भक्तपुर जिल्लामा रहेको वस्तुकला नेपालको कलाकौशलताको नमूनाको रूपमा रहेको छ। वस्तुकलाका नमूनामा दत्तात्रय, ५५ झ्याले दरबार र उक्त दरबारको ढोका, न्यातपोल आदि प्रसिद्ध छन्।

काठमाडौं उपत्यकाभित्र अवस्थित यस भक्तपुर जिल्लाको उत्तरमा मनोहरा नदी, पूर्वमा महादेव पोखरी डांडा र यसकै श्रेणी, दक्षिणमा सूर्यविनायक र त्यसभन्दा माथिका श्रेणी तथा पश्चिममा मनोहरा नदी र हुगें खोलाहरूले क्रमशः काठमाडौं, काभ्रेपलाञ्चोक र ललितपुर जिल्लाहरूसित छुट्याउँछन्। राजनैतिक सीमानाअनुसार जिल्लाको उत्तरमा काठमाडौं, पूर्वमा काभ्रेपलाञ्चोक, दक्षिणमा पनि काभ्रेपलाञ्चोक तथा ललितपुर, पश्चिममा पनि ललितपुर र काठमाडौं जिल्लाहरू नै पर्दछन्। हाल यस जिल्लाको सदरमुकाम ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण प्राचीन नगर भक्तपुरमा छ। यो शहर समुद्रको सतहबाट १,३३१ मिटर (४,३६८ फीट) को उचाइमा छ र अञ्चल सदरमुकाम तथा अधिराज्यको राजधानी काठमाडौंबाट १२.८ किलोमिटर (चार कोस) पूर्वमा पर्दछ।

भौगोलिक स्थितिअनुसार यस भक्तपुर जिल्ला २७°३७' उत्तर अक्षांशदेखि २७°४४' उत्तर अक्षांशमा तथा ८५°२१' पूर्व देशान्तरदेखि ८५°३२' पूर्व देशान्तरभित्र पर्दछ। यस जिल्लाको जम्मा क्षेत्रफल १३९ वर्गकिलोमिटर (करीब ५४ वर्गमिल) छ। भक्तपुर जिल्लाको आकार एउटा शङ्खको जस्तो भई पश्चिमतर्फ चुच्चो पर्न गएको छ। पूर्व-पश्चिम यसको लम्बाइ करीब १.६० किलोमिटर (पाँच कोस) तथा उत्तर-दक्षिण ११.२ किलोमिटर (३.५ कोस) चौडा छ।

---

१. धनवज्र वज्राचार्य-लिच्छविकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, काठमाडौं, २०३०, पृष्ठ ५०–५१

२. जगदीशचन्द्र रेग्मी– लिच्छवि संस्कृति, रत्न पुस्तक भण्डार काठमाडौं, २०२६, पृष्ठ ११४–१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. २०२८ सालमा लिइएको राष्ट्रिय जनगणनानुसार भक्तपुर जिल्लाको कुल जनसंख्या १,१०,-१५७ मध्ये पुरुष ५६,५५० अर्थात् ५१.३ प्रतिशत र महिला ५३,६०७ अर्थात् ४८.७ प्रतिशत छन्। अञ्चलको कुल संख्याको ७.४ प्रतिशत मात्र पर्न आउँछ। जनसंख्याको दृष्टिबाट अधिराज्यको सबैभन्दा बढी जनघनत्व अर्थात् एक वर्गकिलोमिटरमा ७.९२ सरदर जना मानिसले बसोबास गरेको छ। यस जिल्लाको कुल जनसंख्याको करीब चार खण्डको एक खण्ड नेवारहरूको संख्या छ। यहाँको मुख्य पेशा कृषि नै भए तापनि पूरक पेशाको रूपमा पशुपालन, व्यापार, घरेलु उद्योग आदि गरिन्छ। यहाँका नेवारहरू र उपत्यकाभित्रकै अन्य दुई ठूल-ठूला शहरहरू काठमाडौं र पाटनका नेवारहरूको बीचमा केही भिन्नता पाइन्छ र यिनीहरूको भाषा, चाड-पर्व तथा रहन-सहन सबै आफ्नै प्रकारका छन्।

भक्तपुर जिल्ला अधिराज्यको मात्रै नभई पूर्वीय देशहरूकै कलाको एउटा सर्वोत्कृष्ट ढुकुटीको रूपमा रहेको छ। जिल्लाको हरेक ढुङ्गाको टुक्राले त्यहाँको इतिहास पल्टाउँछ भने सडकको हरेक मोडले प्राचीन स्मारक अथवा युगौं पुरानो शिल्पकलातिर लैजान्छ। उपत्यकाभित्र आउने कुनै पनि विदेशी पर्यटक भक्तपुर नगई छोड्दैन भने अत्युक्ति नहोला। कला र कलात्मक वस्तुहरूको लागि भक्तपुर जिल्ला खुला आकाशको संग्रहालय भन्न सुहाउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

भक्तपुर जिल्ला काठमाडौं उपत्यकाको पूर्वी भागमा रहेकोले भू-बनोटको दृष्टिकोणबाट यसलाई उपत्यकाका अरू जिल्लाहरू, काठमाडौं र ललितपुरबाट अलगगै लिन सकिन्छ। सिपाडोल पञ्चायतको दक्षिण भाग बाहेक भक्तपुर-जिल्लाको अरू सम्पूर्ण भाग काठमाडौं उपत्यका भित्र पर्दछ। त्यसैले जिल्लाको भू-उपयोग, प्राकृतिक स्वरूप, हावापानी, वनस्पति आदि उपत्यकाभित्रका अरू छिमेकी जिल्लाहरूसित मिल्दो जुल्दो छ। जिल्लाभित्रको जमीनको ढाल पूर्वबाट क्रमशः पश्चिमतिर भिरालो पर्दै गएको छ। यस जिल्लाको सबै खोला तथा नदीहरू पूर्वी सीमानाको डाँडाहरूबाट उत्पत्ति भई पश्चिममा गएर जिल्लाको मुख्य नदी मनोहरामा मिल्न जान्छन्।

भौगोलिक बनावट

जमीनको प्राकृतिक स्वरूपअनुसार यस जिल्लालाई मोटामोटी दुई खण्डमा विभाजन गर्न सकिन्छः–

(१) पहाडी क्षेत्र

(२) उपत्यका क्षेत्र

पहाडी क्षेत्र

जिल्लाको पूर्वी क्षेत्र पहाड तथा डाँडाहरूले भरिपूर्ण छ। उचाइको हिसाबले यो क्षेत्र समुद्रको सतहबाट करीब १,३७२ मिटर (४,५०० फीट) देखि करीब २,१६६ मिटर (७,१०६ फीट) सम्म छरिएर रहेका अग्ला-होचा डाँडा तथा श्रेणीहरूले भरिएको छ। यी डांडा श्रेणीहरूलाई मुख्य तीन खण्डमा विभाजन गर्न सकिन्छ।

(क) जिल्लाको उत्तरी खण्डको श्रेणीः यो श्रेणी पश्चिममा चाँगुनारायण देखि पूर्वमा नगरकोटसम्म करीब ९.६ किलोमिटर (तीन कोस) पूर्व-पश्चिम फैलिएको छ। यस भेकका अग्ला डाँडाहरूमा नगरकोट तथा मनोहरा खोलाको मुहानका डाँडाहरू क्रमशः करीब १,८१८ मिटर (६,०३० फीट) र १,९७८ मिटर (६,४८८ फीट) का छन्।

(ख) अर्को हाँगा उत्तर-पूर्व कुनाको नगरकोटदेखि सीमा नै सीमाना भई दक्षिणमा सिपाडोल पञ्चायतसम्म अन्दाजी १२.८ किलोमिटर (चार कोस) सम्म फैलिएको छ। उत्तर-पूर्वमा यसलाई महादेव पोखरी डाँडा भन्दछन्। जिल्लाको सबभन्दा अग्लो करीब २,१६६ मिटर (७,१०६ फीट) को चुचुरो पनि यहीं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ। यो श्रेणीले बनेपा खाल्डो र काठमाडौं उपत्यकाको बीचमा पानी ढलोको काम दिएको छ।

(ग) तेस्रो श्रेणी दक्षिणमा पाटी भञ्ज्याङदेखि सूर्यविनायकसम्म करीब ४.८ किलोमिटर (१.५ कोस) उत्तर दक्षिण भई फैलिएको छ। यसको पूर्वी ढालमा बाक्लो जङ्गलले ढाकेको छ।

साधारणतया जिल्लाको बीचैं बीचबाट गएको मुख्य नदी हनुमन्ते तथा यिनका सहायक नदीहरू यिनै अग्ला होचा डाँडाहरूबाट उत्पत्ति भई पश्चिमतिर बगेर गएका छन्।

उपत्यका क्षेत्र

भक्तपुर जिल्लाको पश्चिम तथा मध्यभागमा पर्ने करीब १,३७२ मिटर (४,५०० फीट) भन्दा होचा क्षेत्र सबै उपत्यकाभित्र पर्दछन्। जिल्लाको कुल क्षेत्रफलमध्ये अन्दाजी ५० प्रतिशत जग्गा यस भागमा पर्न आउँछ। भू-बनोट तथा उपयोगको दृष्टिकोणले यो जमीनको आफ्नै विशेषता छ। यो क्षेत्र प्राचीन कालमा एक ताल थियो। वरपरका डाँडाहरूबाट बगाएर ल्याइएका मलिलो माटोले पुरिएकोले यो ताल सुकेर गएको हो भन्ने कुरा यस समथर जग्गामा पाइने तलैया माटोले पुष्टि गर्दछ। स्थानीय भाषामा यसलाई कालीमाटी भन्दछन्। यस कालीमाटीको गहिराइ अहिलेसम्म पनि यति नै फीट भनेर किटान गर्न सकिएको छैन।

यस उपत्यका क्षेत्रलाई दुई भिन्दाभिन्दै प्राकृतिक स्वरूप डोल तथा टारहरूमा विभाजन गर्न सकिन्छ।

(क) डोलः साना तथा ठूला खोलाहरूको बेंसीमा स्थित अलि होचो समथर जग्गालाई डोल भनिन्छ। डोल क्षेत्रमा सिचाइको सुविधा हुने भएको हुँदा खेतीबाली लगाउने चलन छ। जिल्लाभित्रका प्रमुख डोलहरूमा सुन्डोल, सान्डोल, इखुडोल आदि उल्लेखनीय छन्।

(ख) टारः दुईवटा खोला नालाको बीचमा अलि उठेको र सिचाइ गर्न असुविधा भई प्रमुख पाखोबाली मात्र लाग्ने ठाउँलाई टार भनिन्छ। यस्ता टारहरू यस जिल्लामा यत्र तत्र फैलिएका छन्। यिनीहरूमध्ये खालीटार, सिरटार, सोमलिङ्टार, कालीटार, शान्तिटार, मोतीटार, ठिमीटार आदि प्रख्यात छन्।

नदी नाला

यहाँ ठूल–ठूला स्थायी नदीहरू छैनन् तापनि जिल्लाको बीचबाट बगेको हनुमन्ते र काठमाडौं जिल्लालाई छुट्याउने मनोहरा नदी यस जिल्लाका मुख्य नदीहरू हुन्। यसबाहेक यिनै नदीहरूमा मिल्ने साना-ठूला सहायक खोलाहरू यस जिल्लाभित्र यत्र तत्र छन्। जिल्लाभित्रका मुख्य मुख्य नदीहरू तथा तिनका सहायक नदीहरूको छोटकरी वर्णन यसप्रकार छः–

मनोहरा

यो नदी जिल्लाभित्र बग्ने नदीहरूमध्ये सबभन्दा लामो तथा ठूलो हो। यो जिल्लाको उत्तरी-पूर्व कुनास्थित महादेव पोखरी डाँडाको उत्तरी भागबाट निस्केर काठमाडौं र भक्तपुर जिल्लाको साँध बन्दै पश्चिम तिर बग्दछ। सराङ्चोकको केही पूर्व पुगेपछि यो नदी दक्षिण-पश्चिम मोडिन्छ। लोहकिन्थली पञ्चायतको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लुकुन्यली नजीकै यसमा हनुमन्ते नदी मिल्दछ । त्यसपछि एउटै नदी भई शङ्खमूल दोभानमा बागमती नदीसित मिल्न जान्छ । यसको मुहानदेखि हनुमन्तेको दोभानसम्म यसको लम्बाइ करीब २२.४ किलोमिटर (सात कोस) छ। बागमती नदीमा मिल्ने दोभानसम्मको लम्बाइ लिएमा करीब २४ किलोमिटर (७.५ कोस) हुन आउँछ। नदीको धेरै भाग समथर भागबाट बगेर गइरहेको हुँदा यसमा वर्षादको समयमा बाढी आई दायाँ-बायाँका जग्गालाई काट्ने गर्दछ। काठमाडौं तथा भादगाउँका किसानहरूले यस नदीबाट अस्थायी कुलो खनी सिंचाइ गर्ने काम पनि गर्दछन् ।

हनुमन्ते

जिल्लाको पूर्वी सीमानास्थित महादेव पोखरी डाँडाबाट उत्पत्ति भई यो खोला नगरकोट डाँडा र बागेश्वरी डाँडाको मध्य-भागबाट पश्चिमतिर बगेर जान्छ । सुडाल पञ्चायतनिर आएपछि यो दक्षिण-पश्चिम दिशामा बग्दछ। त्यसपछि भक्तपुर शहरको दक्षिण भागबाट सीधा पश्चिम बगेर झीकुचा भन्ने ठाउँनेर पुगेपछि यो मनोहरा नदीमा मिल्न जान्छ। मुहानदेखि अन्तसम्म यो नदीको लम्बाइ करीब २१ किलोमिटर (६.५ कोस) छ। जिल्लाको बीचै बीच बगिरहेको यो नदीमा साना-ठूला धेरै खोलाहरू मिल्न आउँछन्। जिल्लाको सबभन्दा महत्वपूर्ण खोलामा हनुमन्ते गनिन्छ। ग्रीष्म ऋतुमा यो नदी प्रायः सुख्खा रहन्छ। साधारणतया तरकारी खेतीको लागि तथा पानी भएको बेला धान बालीकै लागि पनि यस नदीमा अस्थायी रूपले कुलो खनी सिंचाइ गर्ने काम भइरहेको छ ।

यी दुईवटा नदीहरू बाहेक जिल्लामा पूर्व र दक्षिणका डाँडाहरूबाट उत्पत्ति भई हनुमन्ते नदीमा मिल्ने साना ठूला सहायक खोलाहरूमध्ये खसाङ खुसुङ, फूलबारीदोर्खु, चंखु, दुर्गे र चारखण्डे प्रख्यात छन् । दुर्गे खोलाले केही हदसम्म भक्तपुर र ललितपुर जिल्लाको सीमानाको काम दिएको छ। यसमा भक्तपुर जिल्लातर्फबाट मिल्न आउने सहायकमा चारखण्डे र पाटन जिल्लाबाट बगेर आई यसमा मिल्ने गोदावरी खोलाहरू हुन् । खसाङ खुसुङ खोला भक्तपुर शहरको उत्तर-पूर्व स्थित छालिङ पञ्चायतको डाँडाबाट उत्पत्ति भएर आएको छ।

जिल्लामा यिनै नदीहरू तथा खोलाहरू बाहेक महत्वपूर्ण झर्ना तथा तालहरू छैनन्। तर शहरको वरपर रहेका पोखरीहरूमध्ये सिद्धपोखरी, भाजुपोखरी, कमलपोखरी प्रख्यात छन्। तीमध्ये सिद्धपोखरी विशेष महत्वको छ ।

हावापानी

भक्तपुर जिल्लामा कुनै पनि जलवायु केन्द्रहरू नहुँदा यस जिल्लाको हावापानीको वर्णन गर्न नजीकको छिमेकी जिल्ला काठमाडौंको विभिन्न भागमा सङ्कलन गरिराखेको जलवायु केन्द्रहरूको तथ्याङ्कहरूको सहायता लिनु पर्दछ। अनुभवको आधारमा लिने हो भने माथि उल्लेख भएअनुसार यो जिल्ला पनि काठमाडौं उपत्यका भित्र परेको हुँदा यसको प्राकृतिक स्वरूप, हावापानी, वनस्पति, सामाजिक, आर्थिक तथा धार्मिक स्थितिहरू अरू छिमेकी जिल्लाहरूसँग धेरै मात्रामा मिल्दछन्। भक्तपुर नेपालको मध्यभागमा रहेको जिल्ला भएकोले गर्मीमा मध्यनेपाल भएर बहने दक्षिण-पश्चिम मनसुनी हावा अधिराज्यको पूर्वतर्फबाट आई पानी पार्दछ। हिउँदमा उत्तर-पूर्वी हावाले त्यसैगरी केही मात्रामा पानी पार्दछ। चैत-वैशाखतिर यहाँ हुरी–बतास चल्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधारणतया यस जिल्लाको हावापानी उपत्यका सरह नै गर्मीमा पनि सहिनसक्नु गर्मी हुँदैन र जाडोमा पनि सहिनसक्नु जाडो हुँदैन । उपत्यकाको हावापानीलाई विशेष गरी गर्मी र जाडोको याम भनेर दुई भागमा बाँड्न सकिन्छ तापनि राम्ररी विचार गर्दा यसलाई तीन याममा विभाजन गर्न सकिन्छ ।

हिउँद- (कात्तिकको तेस्रो हप्तादेखि फागुनको दोस्रो हप्तासम्म)

ग्रीष्म- (फागुनको तेस्रो हप्तादेखि असारको दोस्रो हप्तासम्म)

वर्षा- (असारको तेस्रो हप्तादेखि कात्तिकको दोस्रो हप्तासम्म)

भक्तपुर जिल्ला अथवा काठमाडौं उपत्यकाको हावापानीलाई असर पार्ने मुख्य तत्त्वहरूमध्ये यसको दक्षिणतिरको पहाडको उचाइ, महाभारतका श्रेणीहरू, फराकिलो समथर उपत्यका क्षेत्र, गर्मी र हिउँदमा बहने हावाको दिशा इत्यादि हुन् । भक्तपुर, काठमाडौं र ललितपुरको हावापानी एकै प्रकारको भएकोले काठमाडौं जिल्लाभित्र पर्ने त्रिभुवन विमानस्थल र पाटन जिल्लाभित्र पर्ने खुमलटारका केन्द्रहरूबाट उपलब्ध तापक्रम र वर्षाका अभिलेखहरूको आधारमा यहाँको हावापानीको वर्णन गरिएको छ ।

सन् १९६९ र १९७० मा त्रिभुवन विमानस्थल र खुमलटारमा लिइएको तापक्रम सम्बन्धी तथ्याङ्क यसप्रकार छः–

तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

त्रिभुवन विमानस्थल (काठमाडौं)

महीना	१९६९		१९७०		दुई वर्षको औसत	
	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	१६.९	१.४	१५.७	२.०	१६.३	१.७
फेब्रुअरी	२०.६	२.७	१८.२	३.२	१९.४	२.९
मार्च	२४.६	८.५	२३.२	६.२	२३.९	७.२
अप्रिल	२७.६	११.१	२६.२	११.०	२६.९	११.०
मे	२७.७	१५.४	२८.३	१५.१	२८.०	१५.२
जून	२७.९	१८.८	२६.९	१८.२	२७.४	१८.५
जुलाई	२७.७	१९.९	२६.६	१९.२	२७.१	१९.५
अगस्ट	२६.७	१९.६	२७.१	१९.१	२६.९	१९.३
सेप्टेम्बर	२५.९	१८.३	२६.५	१७.८	२६.२	१८.०
अक्टोबर	२४.५	१२.१	२५.०	१३.२	२४.७	१२.६
नोभेम्बर	२१.२	७.९	२१.३	७.०	२१.२	७.४
डिसेम्बर	१८.६	३.३	१९.१	१.६	१८.८	२.४
वार्षिक	२४.१	११.५	२३.६	११.१	२३.८	११.३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खुमलटार (पाटन)

	१९६९		१९७०		दुईवर्षको औसत	
	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	१६.३	१.०	१५.१	१.७	१५.७	१.३
फेब्रुअरी	२०.३	०.५	१८.८	२.५	१९.५	१.५
मार्च	२४.०	५.८	२२.७	५.२	२३.३	५.५
अप्रिल	२६.७	१०.३	२६.९	९.८	२६.८	१०.१
मे	२७.८	१४.६	२८.६	१५.२	२८.२	१४.९
जून	२७.७	१८.५	२६.२	१७.७	२६.८	१८.१
जुलाई	२७.४	१९.४	२७.१	२०.०	२७.२	१९.७
अगस्ट	२६.७	१९.४	२७.२	१९.६	२६.९	१९.५
सेप्टेम्बर	२६.०	१७.९	२६.८	१८.४	२६.४	१८.१
अक्टोबर	२४.५	१२.०	२३.४	१२.१	२३.९	१२.०
नोभेम्बर	२१.४	७.७	२१.३	५.९	२१.३	६.८
डिसेम्बर	१८.६	२.५	१९.३	०.३	१८.९	१.४
वार्षिक	२३.९	१०.८	२३.६	१०.७	२३.७	१०.७

उक्त दुई ठाउँका अभिलेखअनुसार यस जिल्ला (उपत्यका) भित्र सालाखाला अधिकतम तापक्रम २३.६° सेन्टिग्रेड (७४.४° फरेनहाइट) र सालाखाला न्यूनतम तापक्रम ११° सेन्टिग्रेड (५१.८° फरेनहाइट) रहन्छ। साधारणतया चैत महीनादेखि बढ्न थालेको तापक्रम वैशाख र जेठमा आएर सबभन्दा माथि पुग्दछ। उक्त वैशाख र जेठ (मे) महीनामा सालाखाला २८° सेन्टिग्रेड (८२.४° फरेनहाइट) सम्म पुग्दछ। माथि दिइएको तालिकाअनुसार दुई वर्षमा सबभन्दा बढी तापक्रम त्रिभुवन विमान स्थलमा १९७० को मे महीनाको १२ तारीखको दिन ३२.४° सेन्टिग्रेड (९०.३° फरेनहाइट) सम्म पुगेको थियो। कात्तिक महीनादेखि झर्न थालेको तापक्रम पुस महीनामा गएर सबभन्दा कम भएको देखिन्छ। उक्त महीनामा सालाखाला न्यूनतम तापक्रम १.१° सेन्टिग्रेड (३३.९° फरेनहाइट) हुन जान्छ। उक्त दुई वर्षको अवधिमा त्रिभुवन विमानस्थलमा सबभन्दा कम तापक्रम थियो र त्यो दिन शून्यभन्दा तल यहाँको तापक्रम २.६° सेन्टिग्रेड (३६.६° फरेनहाइट) सम्म झरेको थियो। उक्त दुई वर्षकै अवधिभित्र खुमलटारमा सबभन्दा कम तापक्रम सन् १९६९को फेब्रुअरी ७ (माघ महीना) मा पुगेको थियो र सो दिनको तापक्रम शून्यभन्दा ४° सेन्टिग्रेड तल झरेको थियो। मंसीर महीनाको आधा आधिदेखि लिएर फागुनको दोस्रो हप्तासम्म यहाँ विशेषरूपले जाडो हुन्छ।

सन् १९६९ र १९७० को त्रिभुवन विमानस्थल र खुमलटारको वर्षाको अभिलेखहरू तलको तालिकामा प्रस्तुत गरिएको छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

वर्षाको तालिका

(मिलिमिटरमा)

स्थान / वर्ष / महीना	त्रिभुवन विमानस्थल काठमाडौं		खुमलटार (पाटन)		दुई ठाउँको औसत	
	१९६९	१९७०	१९६९	१९७०	१९६९	१९७०
जनवरी	८.६	२९.१	१२.०	३१.५	१०.३	१०.३
फेब्रुअरी	१.४	२७.६	१.०	३९.५	१.२	३३.५
मार्च	४७.६	२६.६	५९.७	२४.५	५३.६	२५.५
अप्रिल	२७.४	३४.४	३३.४	५४.०	३०.०	४४.२
मे	८६.९	९३.६	६४.९	७५.७	७५.९	८४.६
जून	१६६.१	१९३.७	८८.८	२०४.५	१२७.४	१९९.१
जुलाई	२९९.७	४९४.३	२४८.३	४०३.४	२७४.०	४४८.८
अगष्ट	३२३.९	२२९.७	२४१.०	२६४.५	२८२.४	२४७.१
सेप्टेम्बर	१७५.३	१६३.९	१५३.५	१०९.५	१६४.४	१३६.७
अक्टोबर	४०.३	५८.२	८.०	२५.५	२४.१	३१.८
नोभेम्बर	२.०	११.२	११.०	०.०	६.५	५.१
डिसेम्बर	०.०	०.०	०.०	०.०	०.०	०.०
वार्षिक जम्मा	१,१७९.२	१,३६२.२	९३१.६	१,२३२.६	१,०५१.२	१,२९६.७
२४ घन्टाभित्र सबभन्दा बढी वर्षा र दिन	४८.५ १९ अगष्ट	७३.५ १६ जुलाई	४५.० १९ अगष्ट	१००.० १६ जुलाई	४५.७	८६.७

काठमाडौं उपत्यका (भक्तपुर जिल्ला सहित) मा गर्मीमा हिन्द महासागरतिरबाट आउने दक्षिण-पश्चिम मनसुनी हावाले करीब ९० प्रतिशत वर्षा गराउँछ। बाँकी हिउँद महीनामा पश्चिमबाट बहने उत्तर-पूर्वी मनसुनी हावाबाट फाटफूट वर्षा हुन्छ। मंसीर–पुसतिर प्रायः सुख्खा नै रहन्छ। सबभन्दा बढी पानी जून-देखि सेप्टेम्बरसम्म पर्दछ। जुलाई महीनामा यस उपत्यकाको लागि सबभन्दा बढी वर्षा हुने महीना हो। सन् १९७० भरीमा त्रिभुवन विमानस्थलमा र खुमलटारमा क्रमशः १,३६२.२ मिलिमिटर (५३.६ इञ्च) र १,२३२.६ मिलिमिटर (४९.५ इञ्च) वर्षा भएको थियो। त्रिभुवन विमानस्थलभन्दा खुमलटार मनसुनी हावाको वृष्टि छायामा पर्ने हुँदा त्यहाँ वर्षा केही कम हुने देखिन्छ। उक्त वर्षाको तालिका अनुसार सन् १९७० को जुलाई महीनामा त्रिभुवन विमानस्थलमा ४९४ मिलिमिटर (१९.४ इञ्च) वर्षा भएको थियो। जबकि सोही महीनामा खुमलटारमा जम्मा ४०३.४ मिलिलिटर (१५.२ इन्च) मात्र बर्षा भएको थियो। सोही तालिकामा देखाइएको अभिलेखअनुसार उक्त महीनाको एकै दिनमा परेको वर्षा भने खुमलटारमा बढी देखिएको छ। १६ जुलाईको दिन खुमलटारमा १००.० मिलिमिटर (३.९३ इञ्च) वर्षा हुँदा त्रिभुवन विमानस्थलमा ७३.५ मिलिमिटर (२.८९ इञ्च) मात्रै वर्षा भएको थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाको सापेक्षिक आर्द्रता सम्बन्धमा काठमाडौं जिल्ला स्थित त्रिभुवन विमानस्थलमा लिएको अभिलेखअनुसार यस उपत्यकाको सापेक्षित आर्द्रता बिहान ८० देखि ८५ प्रतिशत र साँझ ६० देखि ६५ प्रतिशत-को बीचमा रहेको देखिन्छ। उक्त तथ्याङ्कअनुसार सन् १९६९ मा बिहान ८१ र साँझमा ६३ प्रतिशत सापेक्षिक आर्द्रता थियो। सन् १९७० मा आएर उक्त प्रतिशत बिहान र साँझमा क्रमशः ८४ र ६३ पुग्न गयो। दुवैको औसतलाई लिइयो भने यस ठाउँको सापेक्षिक आर्द्रता करीब ७२ प्रतिशत पुग्दछ।

भक्तपुर अधिराज्यको सबभन्दा सानो जिल्ला भएको र यसको सम्पूर्ण भाग काठमाडौं उपत्यका भित्रै परेकोले यसलाई हावापानीअनुसार विभाजन गर्न कठिन छ। साधारणतया जिल्लाको सम्पूर्ण भाग सम-शीतोष्ण मनसुनी हावापानी हुने प्रदेशभित्र पर्दछ। यो जिल्ला १,२१९ मिटर (४,००० फीट) देखि माथि र २,१३४ मिटर (७,००० फीट) सम्मको भू-भागमा पर्ने हुँदा गर्मीमा होचो उपत्यका क्षेत्रमा अलि गर्मी हुन्छ र पूर्वतर्फका पहाड तथा डाँडाहरूमा चिसो हुन्छ। नगरकोट तथा महादेव पोखरीका डाँडाहरूमा हिउँदमा निक्कै जाडो हुन्छ।

जिल्लाको सपूर्ण भाग हिम रेखाभन्दा तलै परेको हुदा २,१३४ मिटर (७,००० फीट) माथिका डाँडाहरूमा मात्रै कहिले काहीं एक दुई दिन मै पग्लने गरी हिउँ पर्छ। २००२ सालमा परेको हिउँले भने उपत्यकाको सबै भागलाई ढाकेको थियो।

प्राकृतिक वनस्पति

कुनै स्थानको प्राकृतिक वनस्पतिलाई प्रभाव पार्ने तत्त्वहरूमा विशेष गरी नेपालको लागि उचाइको फरक नै प्रमुख मान्न सकिन्छ। त्यस बाहेक माटोको गुण, जमीनको ढाल र हावा बहने दिशाहरू पनि हुन्। भक्तपुर जिल्लाभित्र पनि त्यस्तै विभिन्न कारणहरूले गर्दा एकनासको वनस्पतिहरू पाइँदैन। विशेष गरी यस जिल्लाको धेरैजसो होचो समथर भाग खेतीयोग्य भएको हुँदा यस भागमा वन जङ्गल छँदै छैन भने पनि हुन्छ। तर जिल्लाको उत्तर-पूर्वी भागमा तथा दक्षिणसीमानानिर अलि बाक्लो वनहरू पाइन्छन्। यस जिल्लाभरी पाइने रूखहरू, झारपात तथा घाँसहरूको आधारमा यहाँको वनस्पति पतझड, मनसुनी र मिश्रित जङ्गलको क्षेत्रभित्र पर्दछ भन्न सकिन्छ। यस्ता क्षेत्र विशेषगरी १,२१९ मिटर (४,००० फीट) देखि माथि र २,१३४ मिटर (७,००० फीट) सम्म पाइन्छ। यसप्रकारको वन जङ्गललाई अर्ध-उष्ण जङ्गल पनि भनिन्छ। एकै किसिमको वन जङ्गल पाइने भए तापनि उपत्यका क्षेत्र र डाँडाहरूमा पाइने रूखका प्रकारहरू भिन्दा भिन्दै छन्। उपत्यकाभित्र छरिएर रहेका रूख झारपातहरूमा बर, पीपल, औले सल्लो, बाँस, उत्तिस इत्यादि छन्। वरपरका अग्ला डाँडाहरूमा पाइने रूखहरूमा खस्रु, बाँझ, चिलाउने, काफल, कटुस, गुराँश, अँगेरी, सेतीकाठ, फलाँट, कालीकाठ, बाकलबोट इत्यादि हुन्।

पशु-पक्षी

यस जिल्लाका वनहरूमा पाइने वन्य पशुहरूमा मृग, चितुवा, वन-बिरालो, स्याल, बाँदर, खरायो, भालू, दुम्सी आदि हुन्। तर यस जिल्लामा वन्य जन्तु यति कम छन् कि यिनीहरूको नाम मात्र बाँकी छ भने हुन्छ। यहाँका जङ्गलहरूमा पाइने पक्षीहरूमा कालिज, तित्रा, ढुकुर, हलेसो र शहर बजार तथा गाउँमा परेवा, भँगेरा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कागहरू हुन् ।

वन संरक्षण तथा विकास

वन जङ्गलबाट रूख काट्ने, दाउरा चिरानी गर्ने तथा घाँस, झारपातहरू बटुल्ने कामले गर्दा भइरहेको वनको ह्रास यस जिल्लाको मात्र नभई अधिराज्यकै समस्या भने पनि हुन्छ । वन संरक्षणतर्फको सिलसिलामा समय समयमा वृक्षरोपण गरिएको छ र भएका वनहरूमा बार लगाउने कार्य भइरहेको छ । उदाहरणको लागि २०२९।३० मा भक्तपुर जिल्लाको काँकराबारी र सूर्यविनायक जङ्गल गरी ३७।३८ किलोमिटर (१२ कोस) वन सीमाना लगाइसकेको छ । हाल काँकराबारी तथा सूर्यविनायकमा नयाँ रूख लगाइएका ठाउँमा बार लगाइसकिएको छ ।

ठाउँ ठाउँमा वन पालेहरू राखी कर्मचारीहरूद्वारा रेखदेख गर्नुको अलावा पञ्चायत इलाकाभित्र आफ्नै पञ्चायतको मद्दतबाट बीट, चौकीहरूद्वारा संरक्षणतर्फ ध्यान दिइरहेको छ ।

भक्तपुर जिल्लामा रेञ्ज कार्यालयहरू नभएको हुँदा वन जङ्गलको सुरक्षा र रेखदेखको निमित्त काठमाडौं जिल्लास्थित बूढानीलकण्ठ तथा पाटन जिल्लाको गोदावरी रेञ्ज कार्यालयहरूबाट रेखदेख हुन्छ ।

ती रेञ्ज कार्यालय अन्तर्गत वन जङ्गल रेखदेख र सुरक्षा कार्य सुचारु रूपले सञ्चालन गर्न जङ्गलहरूलाई बीटमा र प्रत्येक बीटलाई चौकीमा छुट्टयाइएको छ । भक्तपुर जिल्लाका वनहरूको संरक्षण र रेखदेख बूढानीलकण्ठ तथा गोदावरी रेञ्ज कार्यालयहरूका बीटहरूबाट हुन्छ ।

यी दुईवटा रेञ्ज कार्यालयहरूबाट प्राप्त तथ्याङ्कको आधारमा भक्तपुर जिल्लाभित्र निम्नबमोजिम सीमाना भएका जङ्गलहरू छन्:—

बहाल वन चौकी: यो वन काभ्रेपलाञ्चोक जिल्लासम्म फैलिन गएको छ । यसको सीमाना पूर्वमा गणेश ढुङ्गा, पश्चिममा भक्तपुर पानी मुहान, उत्तरमा भँगेरी जाने मूल बाटो र दक्षिणमा बागेश्वरी गाउँ पर्दछन् ।

सानो नरसरी वन: यो वन काभ्रेपलाञ्चोक जिल्लासम्म फैलिई गएको छ । यसको सीमाना पूर्वमा पानी ढलो (असन टोलबाट साँगा जाने बाटो माथि), पश्चिममा नाला पीपले गाउँ, उत्तरमा असनडोल र दक्षिणमा भगाले गाउँहरू हुन् ।

टुकुचा नर्सरी वन: काभ्रेपलाञ्चोक जिल्लासम्म फैलिएर गएका वनहरूमध्ये यो वन पनि एक हो । यसको चार किल्ला पूर्वमा पानी ढलो, पश्चिममा छाप गाउँ, उत्तरमा सुइटी खोला र दक्षिणमा अमलडोल गाउँ पर्दछन् ।

तेलकोट वन: भादगाउँबाट उत्तर पश्चिमस्थित यो वनमा २०२४ साल असारमा नै सीमाना लगाएको थियो । यसलाई पूर्वमा तेलकोट भञ्ज्याङ, पश्चिममा खोरिया गाउँ, उत्तरमा गडेरी खोला र दक्षिणमा छालिङ गाउँले घेरेका छन् ।

चाँगु वन: तेलकोट वनभन्दा केही पश्चिममा यो वन पर्दछ । यसको पूर्वमा तेलकोट वन, पश्चिममा मदरा फाँट, उत्तरमा खोरिया गाउँ तथा दक्षिणमा सान्दह पर्दछन् ।

नीलबाराही वन: पूर्वमा खहरे, पश्चिममा बोडे फाँट, उत्तरमा महरा र दक्षिणमा टिगिनी गाउँको बीचमा पर्ने यो वन भादगाउँ शहरको उत्तर-पश्चिममा पर्दछ ।

नाला लिङ्गो गूठी वन: पूर्वमा अमलडोल, पश्चिममा नाला छाप, उत्तरमा धर्तो कारोका खोला र दक्षिणमा पीपले गाउँको कुलोको चार किल्ला भित्र यो वन पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भीमाली वनः यस वनको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा क्रमशः भगाल डांडा, देउजा गाउँ, बस्नेत गाउँ र साँगा पर्दछन् ।

त्यस्तै गोदावरी रेञ्ज कार्यालय अन्तर्गतका वनहरूमा काँकराबारी जङ्गल, सूर्यविनायक जङ्गल, गरतये वन, ठिमी बालकुमारी वन, रानिकोर सल्लाघारी वनहरू मुख्य मुख्य हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

भक्तपुर जिल्लाको इतिहास प्राचीनकालदेखि नेपाल अधिराज्यको इतिहाससँग सम्बद्ध छ। भक्तपुरको प्राचीन नाउँ "खृप्रिङ (खोप्रिङ)" थियो।[1] जसको अपभ्रंश खोप्रिङ र "खोप" हुन गएको छ। खोप अहिलेसम्म कायम रहेको छ। इतिहासको क्रमअनुसार यहाँको इतिहासलाई पनि प्राचीन, मध्य र आधुनिक कालको रूपमा विभक्त गर्न सकिन्छ।

प्राचीनकालः "नागदह" को[2] रूपमा रहेको काठमाडौं-उपत्यकामा पानीको निकासा खुलेपछि बस्न-लायक ठाउँ बने। अनि बिस्तारै उपत्यकाका छेउछाउमा बस्तीहरू बस्न थाले। त्यस्तै बस्ती विकास क्रममा "खोप्रिङ" बस्ती बस्यो। उपत्यकाको विकास क्रममा भारतसँगको व्यापार सम्बन्धले महत्वपूर्ण स्थान लिएको थियो। त्यसबेला भारतसँगका प्रमुख व्यापार मार्गमा सिन्धुली भएर मैदानमा झर्ने मार्ग पनि एक थियो। सो मार्ग यस जिल्ला अन्तर्गत थियो। यसो हुनाले किरातकालमै "खोप्रिङ" ग्रामको विकास भएको देखिएको छ। "खोप्रिङ" यो नाम किरात परिवारको भाषाबाट रहेको कुरा यस प्रसङ्गमा स्मरणीय छ।

लिच्छविकालमा आएर खोप्रिङ ग्रामको अझ विकास भयो। अब यो "द्रंग" अर्थात् व्यापार केन्द्र रूपको शहरको रूपमा परिणत भयो। सरकारी अधिकारीहरू यहाँ रहन लागे। लिच्छविकालका शासकहरूले विशेष गरेर अंशुबर्मालि यस जिल्लाको विकासमा दृष्टि दिए। उनले खोप्रिङ द्रंगलाई स्वशासन सम्बन्धी अधिकार सुम्पेर यहाँका जनतालाई प्रशासनमा बढी सक्रिय गराए।[3] स्वशासन सम्बन्धी अधिकार प्रदान गरेको बारेमा अंशुबर्मालि राख्न लाएका शिलालेखहरू भक्तपुरमा पाइएका छन्।

मध्यकालः प्राचीन कालभन्दा मध्यकालमा आएर भक्तपुरको राजनैतिक महत्व बढी रह्यो। मध्यकालको पूर्वार्द्धमा आएर भक्तपुरले नेपालको राजधानी बन्ने सौभाग्य पायो। यस राजधानीको नाम "त्रिपुर" रहन गएको थियो। अब धार्मिक र सांस्कृतिक गतिविधिको पनि केन्द्र भक्तपुर बन्यो।

यसरी भक्तपुरलाई राजनैतिक, धार्मिक, सांस्कृतिक गतिविधिको केन्द्र बनाउने निक्कै श्रेय विक्रमको तेह्रौं शताब्दीको शुरूका राजा आनन्ददेवलाई छ। उनले भक्तपुरलाई शासनको केन्द्र बनाई राम्ररी शासन

---

१. धनवज्र वज्राचार्यको माथि उल्लिखित किताब, पृष्ठ २५३–५६ कहीं खृप्रिङ्ग लेखेको छ कहीं खोपृङ्ग लेखेको छ।

2. Wright, D.(ed.)-History of Nepal, Sushil Gupta (India) Private Limited, Calcutta, 1958, p. 45

३. धनवज्र बज्राचार्यको माथि उल्लिखित किताब, पृष्ठ २४६–५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चलाएका थिए। उनको पालामा भारतका ठूला विद्वान काशी, प्रयाग छोडेर उनीकहां आएको उल्लेख अभिलेखमा पाइएको छ।[1]

यसरी विक्रमको तेह्रौं शताब्दीदेखि सोह्रौं शताब्दीको पूर्वार्द्धसम्म भक्तपुर राजधानीको रूपमा रह्यो। राजधानी भएको हुँदा यहाँ देव मन्दिर, राजभवन, मण्डप आदि बनी यसको रौनक बढ्नु स्वाभाविक छ। भक्तपुरका यसताकाका प्रसिद्ध शासकहरूमा अरि मल्ल, अभय मल्ल, रुद्र मल्ल आदि हुन्। रुद्र मल्लले शासनको बागडोर सह्मालिरहेको बेला एक प्रमुख घटना घटचो। वि. सं. १३८१ मा सिमरौनगढमा दिल्लीका सुलतान गयासुद्दीनले आक्रमण गरेका हुँदा सिमरौनगढ ध्वस्त भयो र त्यहाँका राजा हरिसिंहदेव आत्मरक्षाको लागि केही काल यताउति लागेपछि नेपालको पहाडी भागमा पसे। दोलखातिर जानलाग्दा तीनपाटन भन्ने ठाउँमा उनको मृत्यु भयो। त्यसबेला उनका जहान छोराहरूलाई रुद्र मल्लले भक्तपुरको आफ्नो दरबारमा शरण दिए।[2] यस घटनाबाट तिरहुतमा भएको सांस्कृतिक उत्थान सम्बन्धी क्रियाकलापको केन्द्र केही मात्रामा भक्तपुरमा सऱ्यो। यसबाट यहाँको सांस्कृतिक इतिहासमा केही नयाँ मोड आयो। शक्तिपूजाको जुन नयाँ लहर उठेको थियो तथा तान्त्रिक विधिविधानले जुन स्थान लिएको थियो; त्यसको पनि केही अंशमा केन्द्र भक्तपुर बन्यो।

यस बीच भक्तपुरमा आन्तरिक संघर्ष चल्यो; त्यसको परिणामस्वरूप स्थिति मल्लको उदय भयो। स्थिति मल्लको शासनकालमा शान्ति सुव्यवस्था कायम भएको हुनाले भक्तपुरको झन् विकास भयो। स्थिति मल्लले वर्ण व्यवस्थानुसारको सामाजिक रीतिस्थिति बसाले; कुलो धारा आदिको निर्माण, नाप तौल आदिको व्यवस्था गरी आर्थिक सुधार गरे।[3] स्थिति मल्लपछि उनका छोरा ज्योतिर्मल्लले पनि भक्तपुरको उन्नति गरे। विशेष गरेर विद्वानहरूलाई विविध ग्रन्थ लेख्ने प्रोत्साहन दिएर उनले भक्तपुरलाई विद्याको केन्द्र बनाउने प्रयास गरे। ज्योतिर्मल्लपछि उनका छोरा यक्ष मल्ल झन् प्रतापी भई निस्के। आफ्नो राज्यक्षेत्र विस्तार गर्ने योजनाअनुसार उनले पहिले भक्तपुर शहरलाई एक मजबूत गढको रूपमा परिणत गरे। यस काममा भक्तपुरका सारा जनताले श्रमदान गरेका थिए। गढको सबभन्दा बाहिरी घेरामा खाई बनाइएको थियो, त्यसभन्दा भित्रपट्टि अग्ला पर्खालले चारैतिर शहरलाई घेरिएको थियो, त्यसमा बीचबीचमा सुरक्षा चौकीको रूपका बुर्जाहरू बनाइएका थिए। शहर पस्ने ठाउँ ठाउँमा बलिया ढोका बनाइएका थिए। ती ढोका बन्द गरेपछि कोही शहरभित्र पस्न सक्दैनथ्यो।[4] यति सुरक्षाको बन्दोवस्त मिलाएपछि यक्ष मल्लले राज्यविस्तार गर्ने अभियान थालेका थिए।

भक्तपुर राज्य

यक्षमल्लको मृत्युपछि उनका छोराहरूको गृहकलहले राज्य टुक्रियो।[5] उनका छोराहरूमा जेठा राय मल्ल हुनाले भक्तपुरमा उनको अधिकार जम्यो। तर उनी सरल स्वभावका थिए। यसो हुनाले भाइहरूले

१. अप्रकाशित यो अभिलेखको प्रतिलिपि नेपाल र एशियाली अध्ययन संस्थान कीर्तिपुरमा छ।
२. गोपालराजवंशावली पृष्ठ ४६ क र ख; Vaidya, T. R-Devaldevi, the wife of Harisimha, Nepal Review, Feb. Issue 1969
३. डी. राइटको माथि उल्लिखित किताब, पृष्ठ १०९-१३
४. धनवज्र वज्राचार्य–मल्लकालमा देशरक्षाको व्यवस्था र त्यसपछि प्रजाको कर्तव्य, पूर्णिमा, अङ्क २, पृष्ठ २०-३५; डी. राइटको माथि उल्लिखित किताब, पृष्ठ ११३-१४
५. धनवज्र वज्राचार्य (सं.)–इतिहास संशोधनको प्रमाण–प्रमेय, जगदम्बा प्रकाशन, काठमाडौं, २०१९, पृष्ठ १३३-४४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कान्तिपुर, ललितपुर, बनेपाभेकतिर अधिकार जमाए तापनि भाइहरूसँग संघर्ष गर्नतिर उनी लागेनन्। यसरी मध्यकालमा केही शताब्दीसम्म केन्द्रीय राजधानीको रूपमा रहेको भक्तपुर अब अङ्गभङ्ग भएको सानो राज्यको राजधानी बन्न पुग्यो।

यसपछि भुवन मल्ल, प्राण मल्ल, विश्व मल्ल, त्रैलोक्य मल्लहरू क्रमशः भक्तपुरका राजा भए।[1] यिनीहरूको पालामा भक्तपुरमा देवदेवीहरूका निकै मन्दिर बने। देवी नाचहरू प्रवलतमा आए। भक्तपुरमा सांस्कृतिक गतिविधि बढाउनेमा त्रैलोक्य मल्लको आमा गङ्गादेवीको नाम अहिलेसम्म पनि भक्तपुरेहरू लिदंछन्। यसपछि जगज्ज्योतीर्मल्ल भक्तपुरका राजा बने। त्यसताका उपत्यकाका तीन मल्ल राजाहरूको टक्करमा जगतप्रकाश मल्ल पनि कम रहेनन्। कान्तिपुरका राजा प्रताप मल्ल ललितपुरका राजा श्री निवास मल्लसँग शस्त्र, शास्त्र, संगीत आदिमा जिनको प्रतिस्पर्धा चल्यो। उनीपछि जितामित्र मल्ल भक्तपुरको गद्दीमा बसे। उनी आफूलाई "सुमति" (बुद्धिसप्रेका) भन्न मन पराउँथे। हुन पनि यसताका उपत्यकामा देखापरेको दाउपेच-देखि सकभर टाढा रही उनले भक्तपुरमा शान्ति कायम गरेथे। उनले छोरा भूपतीन्द्र मल्ललाई राजकाजको तालीम दिएर पछि उनलाई गद्दी सुम्पिदिए। यसबाट कान्तिपुर, ललितपुर, मकवानपुरमा जस्तो भित्री संघर्ष भक्तपुरमा देखापर्न पाएन। भक्तपुरको थंथुदरबार जितामित्र मल्लले बनाएका हुन्। भक्तपुर-दरबारका विभिन्न चोकलाई दर्शनीय पार्नामा जितामित्र मल्लको पनि ठूलो हात रहेको थियो। उनीपछि वास्तुकला प्रेमी भूपतीन्द्र मल्लले भक्तपुरलाई अझ सिंगारे। प्रसिद्ध ५५ झ्याल भएको दरबार, न्यातपोल देवल (पाँचतले मन्दिर) निर्माण उनैले गराएका हुन्। साथै प्रसिद्ध भैरव मन्दिरको निर्माण पनि उनैले गराएका हुन्। राजकाजको क्षेत्रमा पनि भूपतीन्द्र मल्ल कुशल थिए। गोरखा, तनहूँ आदि राज्यसँग सम्पर्क राखी उनले निकै लाभ उठाएथे।

भक्तपुरका अन्तिम मल्ल राजा रणजित मल्ल हुन्। उनी पृथ्वीनारायण शाहका "मीतबाबा" कहलाएका थिए। यस मित्रसम्बन्धले गर्दा यिनले एकचोटी पूर्व दूधकोशीसम्म राज्यक्षेत्र विस्तार गरेथे। तर यस मित्र सम्बन्धबाट उनलेभन्दा पृथ्वीनारायण शाहले बढी लाभ उठाए। पृथ्वीनारायण शाह पूर्वतिर बढ्दै आएपछि रणजित मल्ल सावधान त भएथे। तर पृथ्वीनारायण शाहको योजनाबद्ध अभियानको अगाडि जिनको केही लागेन। वि. सं. १८२५ मा पृथ्वीनारायण शाहद्वारा कान्तिपुर, ललितपुर दखल गरिएपछि त्यहाँका राजा जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल भक्तपुरमा शरण लिन पुगे। प्रजाको सल्लाह लिई यिनले उनीहरूलाई शरण दिए। साथै एक चोटि अन्तिम पटक लडाइँको मैदानमा भाग्यको फैसला गर्न यिनले कम्मर कसे। तर पृथ्वीनारायण शाहका सैन्यले भक्तपुरको गढ फोडी कडा आक्रमण गरेका हुँदा यिनले आत्मसमर्पण गर्न विवश हुनुपर्‍यो। यसरी वि. सं. १८२६ मा पृथ्वीनारायण शाहद्वारा भक्तपुर विजय गरिएपछि यिनी काशीतिर लागे। उहीं यिनको मृत्यु भयो।

आधुनिक कालः भक्तपुर विजयपछि मल्ल राजाहरूलाई भेट्न स्वयं पृथ्वीनारायण शाह भक्तपुर पुगेथे। तेजनरसिंह बाहेक जयप्रकाश र रणजितको अन्तिम इच्छा पुर्‍याइदिएर पृथ्वीनारायण शाहले उनीहरूको मान राखेथे। यसपछि पनि भक्तपुर राजदरबारको पुरानो मर्यादा कायम नै रह्यो तापनि प्रशासनिक दृष्टिले एकीकृत नेपालको यो एक जिल्लाको रूपमा रह्यो। यहाँको प्रशासनको लागि पृथ्वीनारायण शाहले आफ्ना विश्वस्त भारदारलाई "अमाली" नियुक्त गरे। अनि यसको पृथक राज्यको रूपमा अस्तित्व रहेन।

---

१. शङ्करमान राजवंशी (सं.)–भक्तपुर शिलालेख संग्रह, पुरातत्त्व विभाग, काठमाडौं, पृष्ठ ९–१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

भादगाँउ (भक्तपुर)

भक्तपुर जिल्लाको सबभन्दा ठूलो तथा काठमाडौं उपत्यकाभित्रको तेस्रो सबभन्दा ठूलो शहर नै हाल यस जिल्लाको सबभन्दा महत्वपूर्ण स्थान तथा सदरमुकाम बनेको छ। भक्तपुर शहर काठमाडौंबाट करीब १२.८ किलोमिटर (चार कोस) पूर्वमा पर्दछ। यो शहर दक्षिणमा हनुमन्ते र उत्तरमा खसाङखुसुङ खोलाको बीचमा बनेको टार जस्तो भू-भागमा अवस्थित छ र समुद्रको सतहबाट (करीब १,३३१ मिटर (४,३६८ फीट) को उचाइमा रहेको छ।)

प्राचीनकालमा यसलाई खोपृङ भनिन्थ्यो[१] र मध्यकालमा अपभ्रंश भएर यस शहरको नाम "ख्वपु" हुन गएको हो। संस्कृत भाषामा यस शहरलाई ई. सं. ११३४ मा भक्तग्राम संज्ञा दिइयो।[२]

धेरै भक्तहरू मात्र बसोबास गरेको शहर भएको हुँदा यस शहरलाई भक्तपुर भनिएको हो पनि भनिन्छ। नेवारी भाषामा यस शहरलाई ख्वप देः अथवा खुपु देश भन्ने गर्दछन्। प्राचीन समयमा उपत्यका भित्रै पनि भिन्दा भिन्दै राज्यहरूमा टुक्रा भइरहेको समय एक राज्यबाट अर्कोमा भइरहने हमलाबाट बच्न त्यसबेला शासक तथा प्रजाहरू एकै ठाउँमा बस्ने गर्दछे। त्यसको फलस्वरूप त्यस बेलाका अरू शहरहरू जस्तै यो भक्तपुर शहर पनि एउटै ठाउँमा गुजमुच्च परेको छ। यो शहरी क्षेत्रको नगर पञ्चायत १९ वडामा बाँडिएको छ। २०२८ सालको राष्ट्रिय जनगणनानुसार यस शहर अथवा भक्तपुर नगर पञ्चायतको ६,५८० घर संख्याभित्र जम्मा ४०,११२ जना मानिसहरू छन्।

हाल भक्तपुर जिल्लाको सदरमुकाम भएकोले यहाँ जिल्लास्तरीय सबै सरकारी कार्यालयहरूको अतिरिक्त ११ वटा अर्ध-सरकारी कार्यालयहरू छन्; त्रिभुवन विश्वविद्यालय अन्तर्गतको एउटा मानविकी तथा सामाजिक अध्ययन संस्थानको एउटा क्याम्पस पनि छ। त्यस बाहेक नगर पञ्चायत क्षेत्रभित्र मात्र २२ वटा प्राथमिक, १० वटा निम्नमाध्यमिक र चारवटा माध्यमिक गरी जम्मा ३६ विद्यालयहरू नयाँ शिक्षा योजना लागू भएपछि सञ्चालन भइरहेका छन्। भक्तपुरको टुँडिखेल नजीकै एउटा अस्पताल छ जसमा तीन जना डाक्टरहरूको सेवा प्राप्त छ। मनोरञ्जनको साधनको नाउँमा एउटा सिनेमा हल छ।

---

१. धनवज्र वज्राचार्यको माथि उल्लिखित किताब, पृष्ठ ५०–५१
२. जगदीशचन्द्र रेग्मीको माथि उल्लिखित किताब, पृष्ठ ११४–१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीनकालमा यो शहर काठमाडौंबाट पूर्व नेपालको विभिन्न ठाउँमा जाने बाटोमा पर्ने भएको हुँदा व्यापारिक दृष्टिकोणले यो शहर अति महत्वपूर्ण थियो। पूर्वमा ओखलढुङ्गा, दोलखा, काभ्रेपलाञ्चोक, रामेछाप आदि ठाउँका मानिसहरूको लागि यो सबभन्दा नजीकको बजार भइरहेको थियो। तर हाल काठमाडौंबाट पूर्व गएको अरनिको राजमार्गले गर्दा ती ठाउँहरूबाट काठमाडौं नै आउन सजिलो भएको हुँदा यसको व्यापारिक महत्व स्थानीय मात्रै हुन पुगेको छ। यस शहरको सबभन्दा महत्वपूर्ण उत्पादन भादगाउँले टोपी हो। त्यस बाहेक यहाँका जुजु धौ (दही), माटाका भाँडा कुँडाहरूको साथै घरबुना कपडाहरू पनि उल्लेखनीय छन्।

यहाँका बासिन्दाहरूमा नेवार जातिको प्रधानता छ। यिनीहरूको मुख्य पेशा व्यापार तथा खेती हुन्।

भादगाउँ मध्ययुगको नेपाली कलाको सर्वोत्कृष्ट ढुकुटी हो। राजा भूपतीन्द्र मल्लले बनाएको भादगाउँ दरबारको प्रशंसा विदेशी इतिहासकार र कलाकारहरूले मुक्तकण्ठले गरेका छन्। अलेक्जेण्डर पावेलले भादगाउँ-दरबारलाई श्याम (थाइलैण्ड) को सुनौला देवल, पेकिङका पेगोडा र राजकीय गृष्मावास, काशीका घाट, समरकन्दका रङ्गीन ल्पस्तर शिल्प र जापानका सर्वोत्कृष्ट कलाकृतिभन्दा पनि श्रेष्ठ र सम्पूर्ण एशियाली कलामध्ये आफ्नो ढङ्गको श्रेष्ठतम नमूना हो भनेका छन्। दरबारको चारैतिर पाइने ५५ झ्यालहरू तथा दक्षिण फर्केको दरबारको "स्वर्णद्वार" कलाको लागि एशियामा मात्रै नभई संसारभरीनै अद्वितीय नमूना हुन गएको छ।

यस शहरभित्र भएका केही उल्लेखनीय मन्दिर तथा ठाउँहरूको वर्णन यसप्रकार छः–

दरबारचोक

भादगाउँको दरबार चोक नेपाली कला कृतिको लागि एक प्रदर्शनी स्थल बनेको छ। यहाँ ठूला-साना देवलहरू, मन्दिरहरू, दरबारका भागहरू, चोकहरू इत्यादि आ-आफ्नो कलात्मक विशेषताका प्रतीकको रूपमा रहेका छन्। यिनीहरूमा सिंह-ढोका, चित्र संग्रहालय, स्वर्णद्वार, भूपतीन्द्र मल्लको सालिक ठूलो घण्टा, कलाकृतिले भरिपूर्ण पचपन्न झ्याल आदि उल्लेखनीय छन्। यस दरबार चोक भित्रका मन्दिर तथा अरू विभिन्न ठाउँमा कोरिएका चित्र, चरित्र सङ्केतहरूले बाहिरबाट आउने कुनै पनि आगन्तुकलाई एक अर्कै दुनियाँमा लैजान्छन्। पचपन्न झ्याल भएको दरबार सन् १४२७ ई. मा राजा यक्ष मल्लले बनाएका थिए र सत्रौं शताब्दीमा आएर राजा भूपतीन्द्र मल्लले जीर्णोद्धार गरेका थिए। आजकल यसले अन्तर्राष्ट्रिय ख्याती प्राप्त गरेको छ।

दरबारका ९९ चोकहरूमध्ये मुख्य चोकमा स्थित तलेजु भवानीको मन्दिर पनि आफ्नै ढङ्गको छ। यो मन्दिर राजा सिंहदेवले वि. सं. १३८१ (१३२४ ई.) मा निर्माण गरेका हुन्।

न्यातपोल देवल

न्यातपोल देवल अर्थात् पाँच तल्ला छाना भएको यो मन्दिर भक्तपुरको मात्र नभई काठमाडौं उपत्यकाको सबभन्दा अग्लो देवल हो। टौमढी टोलमा रहेको यस देवल राजा भूपतीन्द्र मल्लको कठिन परिश्रमको फल हो। यो देवल वि.सं. १७६५ (१७०८ ई.) मा निर्माण भएको हो। यसको नजीकको एक भैरव ज्यादै उग्र स्वभावको हुँदा सो भैरवलाई संयममा राख्न भैरवले पनि मान्नु पर्ने देवता स्थापना गर्नाको निमित्त यो मन्दिर बनाइएको हो भनिन्छ। यस मन्दिरमा तान्त्रिक शास्त्रका सबै शक्तिले युक्त सिद्धि लक्ष्मी भन्ने देवीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना भएको छ। यस मन्दिरको निर्माणको शिलालेखमा राजा आफैंले पनि इँट ढुङ्गा बोकेका थिए भन्ने कुरा उल्लेख छ। यसले गर्दा पाँच दिन भित्रमा निर्माणलाई चाहिने सबै सामान उक्त ठाउँमा पुगेको थियो भनिन्छ। यो सुन्दर र आफ्नै ढङ्गको देवल जगको पाँचौं खुडकिला माथिबाट उठाइएको छ। उक्त पाँच खुडकिलाहरूमा एक एक जोडा पाँच किसिमका मूर्तिहरू छन्। तिनीहरू कुतुव (पहलवान), हात्ती, सिंह, सार्दुल र सिंहिनी, बघिनीका मूर्तिहरू राखिएका छन्। यिनीहरू तलबाट माथि क्रमसँग एकबाट अर्को १० खण्ड बढी शक्तिशाली भई सबैभन्दा माथि देवीको शक्तिलाई मानेर राखेको हो। यसलाई नेपालको कलाकृतिको एउटा नमूना स्वरूप मानिएको छ। यसका छाना तथा खम्बाहरूमा कुँदिएका बुट्टा तथा मूर्तिहरू उत्कृष्ट छन्।

भैरवनाथ मन्दिर

न्यातपोल देवलको पूर्वी भागमा रहेको यो मन्दिर पहिले राजा जगतज्योति मल्लको पालामा बनाइएको थियो। यसलाई राजा भूपतीन्द्र मल्लले न्यातपोल मन्दिर सिद्धिएको १० वर्ष पछि अर्थात् वि.सं. १७७५ (१७१८ ई-) मा नयाँ रूप दिई एक तल्लाबाट तीन तल्ले छाना राख्न लगाए। यस मन्दिरमा स्थापित भैरवको मूर्तिलाई हिन्दू तथा बौद्ध मार्गी दुवैले मान्ने गरेका छन्। यो मन्दिर उपत्यकाभित्र पाइने अरू भैरवका मन्दिरहरूबाट अलग्गै किसिमको छ। यस मन्दिरमा कुँदिएका मूर्तिहरू पनि ज्यादै गहकिला तथा भावात्मक छन्। यो मन्दिरको छानाको सबभन्दा माथिल्लो टुप्पामा सातवटा गजूरहरू छन्। यसको तल्लो तल्लामा साना-साना पाँचवटा सुनका झ्यालहरू छन्। माथिको सुनको छाना त्यसभन्दा माथिका गजूरहरू तथा पित्तलका सिंहहरूले यसलाई निकै आकर्षक बनाएका छन्। यस मन्दिरभित्रको भैरवलाई वर्षेनी विस्केट (वैशाख १ गते) का दिन रथमा राखी जात्रा मनाइन्छ।

दत्तात्रय मन्दिर

दत्तात्रयको मन्दिर पनि काष्ठमण्डप जस्तै एउटै रूखबाट बनेको भन्ने विश्वास गरिन्छ। यो मन्दिर राजा यक्ष मल्लले १४२७ ई. मा बनाएका हुन् र पछि १५१७ ई. मा यसको जीर्णोद्धार गरिएको थियो। यस मन्दिरको ठीक अगाडि एउटा भीमसेनको मन्दिर छ। तीन तल्ले छाना भएको यो दत्तात्रयको मन्दिरको मुख्य ढोकामा दुईवटा ढुङ्गाका कुतुवहरू पालो बसिराखेका छन्। मन्दिरको अगाडि अग्लो ढुङ्गाको खम्बामाथि राखिएको गरुडले यसमा विष्णुको मूर्तिको सङ्केत गरे तापनि यसलाई शिवको अवतार मान्दछ। मन्दिरको नजीकै एउटा पुजारी मठ पनि छ। मयूरपङ्खी झ्याल तथा विभिन्न कलाकृतिले सजाइएको यो मठ राजा विश्व मल्लको पालामा १४२७ ई. मा पुजारीहरू बस्न बनाइएको हो भन्ने विश्वास गरिन्छ।

नवदुर्गा मन्दिर

शहरको उत्तर कुनामा स्थित यो मन्दिरको आफ्नै प्रकारको चहक र महत्व छ र एउटा चोकको मध्यभागमा उठाइएको यो मन्दिरमा दुर्गाको मूर्ति (भगवती अवतार) राखिएको छ। शहरभरीमा यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवीको एउटै मन्दिर भएकोले भादगाउँ शहरको मात्र होइन बाहिर शहर तथा गाउँहरूका मानिसहरू पनि पूजा गर्न आउँछन्। यस मन्दिरको उत्पत्ति बारेमा एउटा रोचक कथा यसप्रकार छः–

दुर्गे भवानीबाट शुम्भ निशुम्भ बध भएपछि अरू मातृका गणहरू स्थान नपाई हिमालयतिर गएको अवस्थामा एकजना आचार्यले साधना गरी ती देवहरूलाई भक्तपुरबाट एक कोस ईशानतिर नाला जानेबाटोको नवदुर्गा जोलमा राखेका थिए। त्यहाँ पनि स्थान राम्रो नमिल्दा अष्टमातृका गणहरू क्रुद्ध भई मानिसहरू मार्न गर्न थाले। नालाका कुनै पनि मानिसले भोली म भक्तपुर जान्छु भन्ने कुरा गऱ्यो भने आधारातको समयमै सूर्य उदाएको जस्तो भान गराई एउटा मानिस सो घरमा आई उज्यालो भइसक्यो भक्तपुर जाने होइन भनी सोध्ने गर्दोरहेछ। उज्यालो भए छ भनी त्यो मानिस पनि भक्तपुर जान हिंड्दा बाटामा नवदुर्गा जोल पुगेपछि निजलाई पक्राउ गरिदिने गरी भोगदिने गर्दा रहेछन्। वास्तवमा घाम लागेको भनेको होइन रहेछ। त्यो रातकै समय हुँदो रहेछ। यी त मातृका गणहरूको खेलमात्र रहेछ। यसरी बराबर मानिसहरू हराएकोबाट जनतामा कौतूहल पैदा भइरहेको अवस्थामा नाला निवासी एक जना तान्त्रिक आचाजुले यो रहस्य चालपाई पर्दाफास गर्ने अभिप्रायले "भोली म भक्तपुर जान्छु" भनी दुई–चार जना साथीहरूलाई भन्दै हल्ला गरेछन्। राती त्यसै गरी एक जना मानिसले बोलाउन आयो "घाम लागिसक्यो भक्तपुर जाने भनेको होइन" भन्दा निज आचाजुले पनि होशियारीपूर्वक हातमा पूजा सामान राखेको कलाली लिई भक्तपुरतर्फ लागे। बाटामा त्यसै गरी अष्टमातृकाहरूले निजलाई समाती भोग दिन ठीक पर्दा निज आचाजुले म पूजा गर्छु भनी आएको हुँ यहीं बसी पूजा गर्छु त्यसपछि मार्नु होला भनी बिन्ति गर्दा लौ भैगो त यसलाई पूजा गर्ने समय दिनु भन्ने भई आचाजुले तान्त्रिक विधिले पूजा गर्न थाले। तन्त्रको बलले ती आचाजुले आठैमातृकालाई एक एक गरी किला ठोकी बन्द गरे र "लौ बोल कबूल बमोजिम तैयार छु मेरो बलि लिनु होस्" भनी ती किला ठोकिएका मातृकाहरूलाई भन्दा तन्त्रले बाँधिइसकेका ती देवीहरूले आचाजुलाई केही गर्न नसकी माफी माग्न थाले। उज्यालो हुन लाग्यो अब हाम्रो बेइज्जती हुन्छ हामीलाई छोडिदेउ स्थान नपाएकोले मात्र हामीले यस्तो गरेको हो हामीलाई स्थान मिले अब उप्रान्त यस्तो हुने छैन भन्दा तान्त्रिक आचाजुले पनि लौ भैगो त तपाइँहरू पत्थरको रूप लिई यो मेरो कलालीभित्र बस्नु होस् म घर लगी राख्ने छु भन्दा देवीहरूले सो कुरा स्वीकार गरी कलालीभित्र पत्थरको रूपमा बसे। सो पत्थर घर लगी आचाजुले पूजाकोठामा राखी पूजा गरिराखेका थिए। पछि आचाजु मरिसकेपछि त्यो घर खिइएर गयो। त्यसो हुँदा त्यो घरको पुरेत,पश्चिमको तान्त्रिक बाहुनले ती देवीहरू मागी घरमा लगी आगँ (गोप्य पूजा कोठा) बनाई पूजा गर्ने गरेका थिए। त्यो बाहुनको दुई स्वास्नीमध्ये निम्न जातकी स्वास्नीले एक दिन बाहुन नुहाउन गएको बेलामा ताल्चा खोली हेरिन्। यस्तो बेजातको मानिसले हेरेको हुँदा भगवती कोप भई त्यसलाई भोग लिएर मातृका गण सहित बाहिर निस्किन्। उता नुहाउन गएका तान्त्रिक ब्राह्मण फर्किआउँदा घरमा यस्तो कर्मकाण्ड भई मातृकाहरू बाहिर गइरहेको देख्दा पुनः फिर्ता ल्याउन हस्याङ फस्याङ गर्दै झौर तीला भन्ने ठाउँमा पुग्दा मातृका गणहरूले सुंगुर भोग लिएकोदेखि मन्दिर बनाई नवदुर्गा स्थापना गरी सोही ठाउँमा बस्ने गाठ आचाजु र गठूहरूलाई जिम्मा दिई छाडिदिएर अहिलेसम्म पनि निजहरूकै सन्तानबाट पूजाआजाको कार्य भइरहेको छ।

भादगाउँको पशुपतिनाथ

प्रख्यात राजा भूपतीन्द्र मल्लका पिता राजा सुमती जयजितामित्र मल्लले यो मन्दिर वि. स. १७४६ (१६८२ ई.) मा बनाएका हुन्। काठमाडौंको पशुपतिनाथ (चार मुखे शिव लिङ्ग) को नक्कल गरी बनाइएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो मन्दिरमा पनि काठको विभिन्न मूर्तिहरू तथा भित्तेचित्रले राम्ररी सजाइएको छ। यिनीहरू बाहेक अरू पनि धेरै ठूला-साना मन्दिर शहरहरूको बीच बीचमा स्थापना गरिएका छन्।

सिद्धपोखरी

भक्तपुर शहर नदीको आधार सतहबाट माथि टार जस्तो ठाउँमा अवस्थित भएको हुँदा शहरको पानीको मागलाई पूर्ति गर्ने हेतुले ठाउँ ठाउँमा ठूला साना पोखरीहरू बनाइएका छन्। ती मध्ये सिद्ध पोखरी मानिन्छ। यो ऐतिहासिक पोखरी शहरको पश्चिम छेउमा पर्दछ। यस पोखरीको संस्थापकको रूपमा कसैले अरिमल्ल देव (१२१६ ई.) लाई दिएका छन् भने कसैले राजा यक्ष मल्लले १४२७ ई. मा बनाएका हुन् भन्दछन्। जसले बनाएको भए तापनि यो पोखरी करीब ५०० वर्ष पुरानो छ। यस पोखरीलाई प्रधान मन्त्री जनरल भीमसेन थापाको पालामा एक पल्ट मर्मत गरिएको थियो। पोखरीको आकार चारपाटे भई पूर्व-पश्चिम २७५ मिटर (९०० फीट) लामो र ९२ मिटर (३०० फीट) चौडा छ। यस पोखरी चारैतिर पर्खालले घेरिएको छ र चारै भागमा एक एक गरी जम्मा चारवटा ढोकाहरू छन्। यस पोखरीको वास्तविक नाउँ "इन्द्र दमन" अथवा "इन्द्र दह" हो। यसलाई धार्मिक तथा सामाजिक चाड पर्वहरूको लागि प्रयोगमा ल्याइन्छ। दशैंमा यो पोखरीमा विशेषरूपले मेला लाग्दछ। यससित सम्बन्धित एउटा दन्त्यकथाको आधारमा यसलाई सिद्धपोखरी भन्ने गरेको हो।

एकचोटी एउटा तान्त्रिकको ठिमी निवासी एउटी राम्री स्वास्नी थिइन्। उक्त तान्त्रिकले आफ्नो इच्छाअनुसार आफूलाई जुनसुकै स्वरूपमा परिवर्तन गर्न सक्थे। एक रात उनको स्वास्नीले उनको स्वरूप बदलेको हेर्ने इच्छा गरिन्। त्यसैले उनले आफ्नो स्वास्नीलाई केही अछेता दिई स्वरूप बदलिसकेपछि फ्याँक्नु भनेका थिए जसले गर्दा उनी फेरी आफ्नै स्वरूपमा फर्कन सकुन। स्वास्नीले त्यो कुरालाई मानिन् तर जब आफ्नो लोग्नेले एउटा डरलाग्दो सर्पको रूप लिए तब पहिलेको कुरा बिर्सेर डरले घर छाडी भागेर जान थालिन्। केही समयसम्म सर्पले पछ्यायो तर यस पोखरीको नजीकै पुगेपछि उज्यालो भएको हुँदा स्वास्नीको पछि लाग्नुभन्दा त पोखरीमा बस्नु उचित ठानी पोखरीभित्र नाग राजाको रूपमा रहन लागेको कुरा स्थानीय मानिसहरू भन्दछन्। त्यस दिनदेखि उक्त पोखरीमा ठिमी निवासी कुनै पनि मानिस नुहाउन आएमा उक्त नागराजाले तानेर डुबाउँछ भन्ने लोकोक्ति छ। त्यसैले यिनीहरू बिर्सेर पनि यस पोखरीभित्र जाँदैनन्।[1]

यस बाहेक भाजु, कमल, गुहचे आदि नामक पोखरीहरू पनि छन्

ठिमी

काठमाडौंबाट भक्तपुर जाने पुरानो बाटोको करीब बीचमा पर्ने यो शहर मनोहरा र हनुमन्ते नदीको बीचको टारमा अवस्थित छ। भक्तपुरको सदरमुकामबाट ४.८ किलोमिटर (१½ कोस) पश्चिममा पर्दछ। लगभग १,३२६ मिटर (४,३५० फीट) को उचाइमा स्थित यो शहर भक्तपुर पछिको दोस्रो ठूलो तथा महत्वपूर्ण छ। काठमाडौं र भक्तपुरको बीच बाटोमा परेको हुँदा व्यापारिक दृष्टिकोणले निकै चल्तिको छ। यो ठाउँ तरकारी खेतीको लागि उपत्यकाभरीमा प्रख्यात छ। त्यस बाहेक माटाका भाँडा बनाउने तथा अन्न उत्पादनको

1. Maskey, P.L.—Guide to Bhaktapur, 1962, p.14

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लागि पनि यो ठाउँ उल्लेखनीय मानिएको छ। कोदारी राजमार्ग बन्नुभन्दा पहिले यो शहर भक्तपुरभन्दा पनि चल्तिको मानिन्थ्यो। यहाँका व्यापारीहरू काठमाडौंबाट सामान किनेर ल्याउँथे र भक्तपुरको आसपासका गाउँहरूमा तथा उपत्यका बाहिर समेत बेच्ने गर्दथे।

सामाजिक सुविधाको हकमा यहाँ एक स्वास्थ्य चौकी, शाखा हुलाक, प्रहरी थाना आदि छन्। शहरको बीच भागमा बाल कुमारीको एउटा मन्दिर छ। हरेक वर्ष बालकुमारीको जात्रा लाग्दछ। हाल यस शहरलाई दुईवटा पञ्चायतमा विभाजन गरिएको छ। २०२८ सालको जनगणनाअनुसार यी दुई पञ्चायतलाई मिलाउँदा यस ठाउँको जनसंख्या जम्मा ११,१६७ हुन आउँछ। बासिन्दाहरूमा प्रायः नेवारहरू नै ज्यादा छन्। यिनीहरूको मुख्य पेशा खेती र व्यापार हुन्। यस बाँहेक माटाका भाँडाकुँडा बनाउने काम पनि गर्दछन्।

नगदेश र बोडे

भक्तपुर मुख्य शहरबाट ठिमी जत्तिकै दूरीमा र ठिमी शहरको ०.४ किलोमिटर उत्तरमा यी दुई गाउँहरू अवस्थित छन्। यी दुईटा गाउँहरू बेग्ला बेग्लै ठाउँमा भए तापनि यहाँका बासीन्दाहरूको पेशा, रहन-सहन इत्यादि कुराहरू मिल्दो जुल्दो नै छन्। यहाँका बासिन्दाहरू मुख्यतया कृषिमै लागेका छन्। यी स्थानहरूमा तरकारी खेतीको विशेष महत्व छ। नगदेशभन्दा बोडे गाउँमा बढी धान उत्पादन हुन्छ। बिस्केटको जात्राको दिनमा यहाँ पनि स्थानीय देवताको जात्रा लाग्दछ।

चाँगुनारायण

भक्तपुर शहरबाट ठीक सीधा उत्तरतिर करीब ४.८ किलोमिटर (१½ कोस) टाढा बागमती नदीको किनारमा र दोलागिरी डाँडाको टुप्पामा अवस्थित छ। यो एउटा ऐतिहासिक स्थान हो र करीब १,५३९ मिटर (५,०५० फीट) को उचाइमा रहेको छ। यहाँको मन्दिर जिल्लाभरीको सबभन्दा पुरानो लिच्छविकालीन कृति भनेर मानिएको छ। मन्दिरको वरिपरि बस्तीहरू छन्। यो मन्दिर राजा मानदेवले बनाएका हुन् भन्ने विश्वास गरिन्छ। दुई तल्ले छाना भएको यो देवलको काठ तथा ढुङ्गाहरूमा कुँदिएका चित्रहरू यति स्पष्ट छन् कि कुनै पनि दर्शकलाई मुग्ध पार्न सक्छन्। चाँगुनारायणको मन्दिर नेपालको मन्दिरमध्ये सबभन्दा महत्वपूर्ण नमूनाको रूपमा लिन सकिन्छ। यसलाई लिच्छविकालको अद्वितीय कला मानिन्छ। मन्दिरभित्र गरुड माथि नारायण र त्यसपछि लोकेश्वरको मूर्ति राखिएका छन्। लोकेश्वर बुद्ध धर्मावलम्बीहरूले मान्ने देवता हुन्। यसरी बुद्ध धर्मको प्रतीक लोकेश्वर तथा हिन्दू धर्मको प्रतीक विष्णुको मूर्ति एकै स्थानमा पाइनाले पहिलेदेखि यहाँका निवासीहरूमा एक आपसमा धार्मिक तथा सांस्कृतिक समन्वय कायम थियो भन्ने कुरा झल्काउँछ। मन्दिरको चोकमा रहेका नरसिंह विश्वरूपका मूर्तिहरू नेपाली कलाको उत्कृष्ठ नमूनाहरू हुन् भन्न सकिन्छ।

नगरकोट

नगरकोट एउटा दृश्यावलोकनको केन्द्र हो। भक्तपुरको सदरमुकामबाट करीब १४.४ किलोमिटर (चार कोस) उत्तर-पूर्व कुनामा परेको यो ठाउँ समुद्रको सतहबाट करीब १,८३८ मिटर (६,०३० फीट) को उचाइमा छ। यस ठाउँबाट उत्तरतिर छरिएर रहेका विभिन्न हिमालयका चुचुराहरूको साथै सगरमाथा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ। यहाँबाट देखिने चुचुराहरू पश्चिमबाट पूर्वतिर यसप्रकार छन्ः– मनासलु, गणेश हिमाल, लाङ्टाङ, छोवा भामरे, गौरीशङ्कर, चोयु, सगरमाथा, ल्होत्से, मकालु, नुम्बुर इत्यादि हुन्। यस ठाउँबाट देखिने सूर्योदयको दृश्य हेर्न वर्षको हजारौं मानिसहरू यहाँ रात बस्न आउँछन्। डाँडा नजीकको रङ्गी बिरङ्गी फूलहरू, बाली नाली तथा क्षितिजमा देखिने हिमालयका चुचुराहरू हेर्दा स्वर्गीय आनन्द दिन्छ।

उच्च ठाउँमा परेको हुँदा गर्मीमा पनि यहाँ रमाइलो हावापानी पाइन्छ। पैदल हिँड्नेहरूको लागि यो उपत्यकाको महत्वपूर्ण स्थानहरूमध्ये एक हो। काठमाडौंबाट नगरकोट जाने बाटोमा भक्तपुरसम्म कालोपत्र र त्यसपछि जीप मात्र चल्ने कच्ची बाटो भएर जानु पर्दछ। पर्यटकहरूको लागि यहाँ एउटा एभरेष्ट लज नाम गरेको विश्राम गृह छ। रमाइलो ठाउँ भएको हुँदा उपत्यकाबासीहरू पनि बिदाको दिन वनभोज मनाउन आउँछन्।

सूर्यविनायक

यो स्थान भक्तपुर शहरबाट करीब १.६ किलोमिटर (आधा कोस) दक्षिणमा पर्दछ। यहाँ एउटा गणेशको मन्दिर छ। यो राजा विष्णुदेव बर्मले बनाएका हुन् भनिन्छ। यहाँ भक्तपुर तथा उपत्यकाका अरू नगर तथा गाउँहरूबाट पूजा गर्ने आउनेहरूको भीड लागिरहन्छ। जङ्गलको छेउमा भएको हुँदा हिजो आज उपत्यकाका विभिन्न ठाउँहरूबाट वनभोज मनाउन धेरै मानिसहरू आउँछन्। यहाँबाट भक्तपुर जिल्लाको नदीको हनुमन्ते डोलमा फलेका बाली र शहरको दृश्य राम्ररी देखिन्छ। शङ्ख आकारको भक्तपुरको बीचमा उभिरहेको पाँच तल्ले न्यातपोल र भैरवका मन्दिरहरूले शहरको पालो दिइरहेको प्रतीत हुन्छ। यसरी प्राकृतिक दृष्टिकोणले अति सुन्दर यो ठाउँमा एउटा अस्पताल पनि छ।

सानोठिमी

ठिमी शहरबाट केही पूर्व एउटा फराकिलो टारमा अर्को सानोठिमी नामक गाउँ छ। यहाँ शिक्षा शास्त्र अध्ययन संस्थानको एउटा बहुमुखी क्याम्पस, जनक शिक्षा सामाग्री उत्पादन केन्द्र तथा हालसालै मात्र खोलिएको शिशु ग्राम आदि छन्। यसैकारण केही वर्ष यतादेखि यो ठाउँ दिनपरदिन महत्वपूर्ण हुँदै गइरहेको छ। काठमाडौं तथा भक्तपुरबाट यहाँ बसद्वारा आउँन सजिलो छ। बाटोको छेउमा करीब १५।२० घरहरू छन्।

गुन्दु

भक्तपुर जिल्लाको दक्षिण सीमानास्थित त्रिवेणी डाँडाको उत्तरी ढालमा रहेको यो ठाउँ भक्तपुर शहरबाट करीब ४.८ किलोमिटर (१½ कोस) टाढा पर्दछ। यस ठाउँमा गाई वस्तु प्रशस्त हुनाको कारण आजकल दुग्ध संस्थानले दूध जम्मा गर्ने ठाउँ बनाएको छ। २०२८ सालको जन गणनानुसार गुन्दु पञ्चायतको कुल जनसंख्या ३,०९६ मध्ये प्रायः सबैजसो खेतीपातीको साथै गाई, भैंसी पाल्ने गर्दछन्। यो ठाउँ तरकारी उत्पादनको लागि पनि प्रख्यात छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ सालमा लिइएको राष्ट्रिय जनगणनाअनुसार यस भक्तपुर जिल्लाको कुल जनसंख्या १,१०,१५७ मध्ये पुरुष ५६,५५० र महिला ५३,६०७ छन्। बागमती अञ्चलका आठ जिल्लाहरूमध्ये जनसंख्याको दृष्टिकोणबाट यो जिल्लाको सातौं स्थान छ। अञ्चलको कुल जनसंख्याको ७.५ प्रतिशत यस जिल्लामा बसोबास गर्दछन्। नेपाल अधिराज्यका सम्पूर्ण जिल्लाहरूको जनसंख्यालाई दाँजेर हेर्दा यस जिल्लाका जनघनत्व प्रति हेक्टर आठ व्यक्ति हुन आउँछ।

भक्तपुर जिल्लालाई २१ वटा गाउँ पञ्चायतहरू र एक नगर पञ्चायतमा विभाजन गरिएको छ। यसमा सबभन्दा बढी जनसंख्या भक्तपुर नगर पञ्चायतमा छ। उक्त नगर पञ्चायतको कुल जनसंख्या ४०,११२ जनामध्ये पुरुष २०,८३४ र महिला १९,२७८ जना छन्। गाउँ पञ्चायतहरूमा सबभन्दा बढी जनसंख्या बालकुमारी ठिमी गाउँ पञ्चायतको छ जसको जनसंख्या ६,२२६ छ। सबभन्दा कम जनसंख्या लोहकिन्यली गाउँ पञ्चायतको छ जसको जनसंख्या २,३०६ मात्र छ। जिल्लाका २२ वटा पञ्चायत र यिनमा बसोबास गरिरहेका जनसंख्या निम्नबमोजिम छन्:–

पञ्चायत	जनसंख्या
१. कटुञ्जे	३,२२९
२. गुन्डु	३,०९६
३. चपाचो	४,९४१
४. चाँगुनारायण स्थान	३,८५५
५. चित्तपोल	३,१८८
६. छालिङ	३,१५५
७. झौखेल	३,१२५
८. तायली	२,७३६
९. दधिघाट	३,५८५
१०. दुवाकोट	३,३९४
११. नगदेश	२,८२९
१२. नगरकोट	२,४८७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१३.	नङ्खेल	२,९७६
१४.	बहालकोट	२,७४७
१५.	बागेश्वरी	२,८४८
१६.	बालकुमारी	६,२२६
१७.	बोडे	४,३३८
१८.	भक्तपुर नगर पञ्चायत	४०,११२
१९.	लोहकिन्थली	२,३०६
२०.	सिपाडोल	२,४१९
२१.	सिरुटार	२,४०९
२२.	सुडाल	४,१५६
		१,१०,१५७

जिल्लाका कुनै पनि पञ्चायत २,००० भन्दा कम जनसंख्या भएका छैनन्। अधिकांश पञ्चायतहरू २,००० देखि २,९९९ सम्म जनसंख्या भएका छन्। भक्तपुर जिल्लाको सम्पूर्ण जनसंख्या जम्मा १८,९०९ परिवारमा विभक्त भएका छन्। अधिकांश परिवारहरूमा पाँच जना सदस्य भएको देखिन्छ। यस्तो पाँच सदस्य भएको परिवारको संख्या २,९७७ हुन आउँछ। २० र सोभन्दा बढी सदस्य भएको परिवार संख्या सबभन्दा कम छ। यसमा जम्मा १५० परिवार पर्न आउँछ।

जिल्लाको विभिन्न उमेर समूहमा पर्ने पुरुष र महिलाहरूको संख्या र प्रतिशत यसप्रकार छः—

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० देखि ५	१०,३२९	१८.२	१०,२९६	१९.२	२०,६२५	१८.७
६ देखि १५	१२,६६३	२२.४	११,७९४	२२.१	२४,४५७	२२.२
१६ देखि माथि	३३,५५८	५९.४	३१.५१७	५८.७	६५,०७५	५८.१
जम्माः—	५६,५५०	१००.०	५३,६०७	१००.०	१,१०,१५७	१००.०

माथिको तथ्याङ्कबाट पाँच वर्ष र सोभन्दा मुनिका नाबालकहरूको संख्या जम्मा २०,६२५ अर्थात् १८.७ प्रतिशत देखिन्छ। छदेखि १५ वर्षसम्मका विद्यालयमा जान सक्ने उमेर समूह भित्रका केटाकेटीको कुल जनसंख्याको २२.२ प्रतिशत पर्दछ। त्यसपछि बाँकी जम्मै १६ वर्ष र सोभन्दा माथिको उमेर भित्र पर्दछन्।

जिल्लाको जनसंख्यामा उमेरको कारणले कसैलाई सक्षम मान्न सकिन्छ भने कसैलाई आश्रित। नौ वर्षभन्दा मुनिका नाबालकहरू तथा ६० वर्षभन्दा माथिका मानिसहरू उमेरको दृष्टिकोणले आश्रित हुने समूहमा पर्दछन्। हुनत नेपालका विभिन्न ठाउँहरूमा छ वर्षदेखि नौ वर्षसम्मका बालकहरूले पनि अदृष्य रूपले सक्षम भइरहेको पाइन्छ र ६० वर्ष नाघेका बूढाबूढीहरू पनि पूर्ण रूपमा सक्षम सरह नै काम गरिरहेको पाइन्छ तापनि यी उमेर समूहका जनसंख्यालाई सक्षम र आश्रित समूहहरूमा विभाजन गर्दा आश्रितमा लिइएको छ।

यस जिल्लाका आश्रित अथवा नौ वर्षभन्दा मुनि र ६० वर्ष र सोभन्दा माथिको जनसंख्या जम्मा ३८,४६२ अर्थात् ३४.९ प्रतिशत हुन आउँछ। बाँकी १० वर्षदेखि ५९ वर्षसम्मको सक्षम मानिएको समूह जम्मा ७१,६९५ अर्थात् ६५.१ प्रतिशत पर्न आउँछ। यस दृष्टिकोणबाट हेर्दा यस जिल्लामा प्रत्येक १००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जना उमेरको दृष्टिकोणले सक्षम जनसंख्यामाथि उमेरको दृष्टिकोणले आश्रित मानिने थप ३८ जनाको आश्रित रहेको देखिन्छ । । त्यसकारण यस जिल्लामा उमेरको दृष्टिकोणले सक्षम आश्रित जनसंख्याको अनुपात १००:३८ हुन आउँछ ।

अर्को परम्पराअनुसार १४ वर्ष र सोभन्दा मुनिका र ६५ वर्ष र सोभन्दा माथिका जनसंख्यालाई उमेरको कारणले आश्रित र १५ देखि ६४ वर्षका जनसंख्यालाई उमेरको कारणले सक्षम मानिन्छ। यसअनुसार यस भक्तपुर जिल्लामा १४ वर्षदेखि मुनिका जनसंख्या ४२,८६४ र ६५ वर्षदेखि माथिको जनसंख्या ३,८६२ गरी जम्मा उमेरको कारणले आश्रित मानिने जनसंख्या ४६,७२६ छन् । जुन कुल जनसंख्याको ४२.४ प्रतिशत हुन आउँछ । यसै गरी १५ वर्षदेखि ६४ वर्षसम्मको जनसंख्या ६२,४३१ अर्थात् कुल जनसंख्याको ५७.६ प्रतिशत छन् । यसरी यहाँको ५७.६ प्रतिशत जनसंख्या उमेरको कारणले सक्षम मानिने र बाँकी ४२.४ प्रतिशत उमेरको कारणले आश्रित मान्न सकिन्छ । यस अनुसार यहाँको सक्षम आश्रित अनुपात १००:७३ छ, अर्थात् उमेरको कारणले सक्षम मानिने प्रत्येक १०० जना मानिसको तुलनामा उमेरको कारणले आश्रित मानिने ७३ जना मानिस भएको देखिन्छ ।

यस जिल्लामा २०२८ सालको जनगणनाअनुसार छ वर्ष र सोभन्दा बढी उमेर पुगेका जनसंख्या जम्मा ८६,५३२ छ। यस उमेर भित्र पर्ने जनसंख्यामध्ये २४,४६७ पुरुष र २४,८५१ महिलाहरूले विवाह गरिसकेका छन्। बाल विवाहको हकमा छ वर्षदेखि १४ वर्षसम्मलाई लिइयो भने १५६ केटा र २२४ केटीले विवाह गरेको यस तथ्याङ्कबाट झलकन्छ । त्यसैले यस जिल्लामा कानूनले नदिए तापनि पूर्ण मात्रामा बाल-विवाह प्रथा निवारण हुन सकेको छैन भन्ने कुरा प्रष्ट हुन्छ । बाल विवाह गर्नेहरूमा केटाकोभन्दा केटीको संख्या बढी देखिन्छ ।

जिल्लाको बहुसंख्यक जाति नेवार भए तापनि नेपाल अधिराज्यका अरू जिल्ला सरह यहाँ पनि विभिन्न जात जातिहरूले बसोबास गरेको पाइन्छ । उपत्यकाको होचो डोल तथा टारहरूमा नेवार जाति र वरपरका डाँडाहरूमा बाहुन, क्षेत्री र तामाङहरूको बस्ती पाइन्छन् । नेपाली नबुझ्ने मानिसहरूको संख्या प्रायः नगण्य छ। यस जिल्लामा बोलिने भाषा भाषीको आधारमा यस जिल्लाको जनसंख्यालाई विभाजन गर्दा निम्नबमोजिम देखिन आउँछ:–

भाषा भाषी	संख्या	प्रतिशत
नेवारी	६९,२७४	६२.८८
नेपाली	३६,८८२	३३.४८
तामाङ	३,८६२	३.६४
अन्य	१३९	०.३०
जम्मा:–	१,१०,१५७	१००.०

जिल्लाको बहुसंख्यक जनसंख्या हिन्दू धर्म मान्दछन्। त्यस पछि दोस्रो स्थान बौद्ध धर्मको छ। अरू धर्म मान्नेहरूको संख्या नगण्य छ। दोस्रो समूहमा बौद्धधर्म आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनजीवन

अन्दाजी एक लाख १० हजार जनताले बसोबास गरेको भक्तपुर जिल्लाको जनजीवन आफ्नै प्रकारको छ। हुनत उपत्यका भित्रका अन्य ठूल-ठूला शहरहरू काठमाडौं र ललितपुरसित यहाँको जनजीवनको धेरैं कुराहरूमा समानता छ तापनि भक्तपुर शहरको रहन सहन, बोली र चाड-पर्वहरू भिन्नै प्रकारका छन्। जिल्लाको सांस्कृतिक परम्परा पनि केही हदसम्म अलग्गै किसिमको छ। वास्तवमा काठमाडौं र ललितपुर जिल्ला सरह नैं यहाँ पनि नेवार जाति नै बहुसंख्यक रूपमा यत्र तत्र छरिएर रहेका छन्। तर पनि यस जातिले प्राचीन कालदेखि एकै ठाउँमा बसोबास गर्दै आइरहेको शहर भक्तपुर नै हो। पछि मात्र जिल्ला भित्रका अरू गाउँहरूमा पनि यिनीहरूको बस्ती सर्दै गएको देखिन्छ। यस जिल्लाको नाम, कला र संस्कृतिको बीचमा आपसमा एउटा अत्यन्त राम्रो सम्मिश्रण भन्नु अत्युक्ति नहोला। धेरैं भक्तहरूले सहवास गरेको शहर भएको हुनाले यस जिल्लाको नाम भक्तपुर हुन गएको छ। कुनै समयमा यस जिल्लाको कला र संस्कृति पराकाष्ठमा पुगेको थियो भन्ने तथ्यलाई हालसम्म जीवित रूपमा रहेका दरबार, चोक भित्रका ५५ झ्याले दरबार सहित अरू मन्दिरहरू न्यातपोल मन्दिर, दत्तात्रय मन्दिर, नवदुर्गा मन्दिर, भैरवको मन्दिर तथा अन्य साधारण घरमा पाइने कलाहरूलाई साक्षीको रूपमा लिन सकिन्छ।

सांस्कृतिको दृष्टिकोणले यो जिल्ला नेपाल अधिराज्यको जिल्लाहरूमध्ये एउटा नमूना रूपमा लिन सकिन्छ। युगौं पुराना चाड–पर्व, सामाजिक रीतिथिति, धार्मिक मान्यताहरूले अहिलेसम्म स्थान पाइआएका छन्।

यहाँको जनजीवन, कला र संस्कृतिको आपसि सामञ्जस्यलाई लिएर विदेशी पर्यटकहरूले मुक्त कण्ठले गुणगान गरेका छन्। विशेष गरी भक्तपुर शहरलाई कसैले अल्लादिनको गुफाको संज्ञा दिन्छन् भने कसैले नेवार जातिको कलाको अमर कृतिहरूको भण्डार भन्दछन्। भक्तपुर शहर र यहाँको जनजीवनका तारीफ गर्दै एक जना पर्यटक इ. ए. पोवेल भन्दछन् "आधा संसार घुमेर भएपनि भक्तपुरको लायकु (दरबार चोक) हेर्नयोग्य छ।" पाटन धातुको कामको लागि प्रख्यात छ भने भक्तपुर काष्ठकलाको लागि नामुद छ। यहाँ पेशाकै रूपमा उत्पादन गरिने भादगाउँले टोपी, जुजु धौ, माटाका भाँडा कुँडाहरू, आफ्नै हातले बुनेका नेपाली घरबुना कपडा अतितदेखि यस जिल्लामा फष्टाउँदै आएको घरेलु उद्योगको प्रतीकको रूपमा मान्न सकिन्छ। अन्तमा यस जिल्लाको खास गरी भक्तपुर शहरको जनजीवनलाई विचार गर्दा एउटा सभ्यता कै संज्ञा दिनु अत्युक्ति नहोला।

नेवार जाति बहुसंख्यक रूपमा रहेको भए तापनि यो जिल्लाको वरपरका गाउँहरूमा तामाङ, क्षेत्री, गिरी, बाहुन आदिले बसोबास गरेको पाइन्छ। यिनीहरू बाहेक यस शहरभित्र बाहिरबाट आई बसोबास गरेका मुसलमान, हजाम तथा शेर्पाहरू पनि छन्। यिनीहरूको आफ्नो आफ्नो संस्कार, परम्परा र मान्यताहरू विभिन्न पेशामा लागेर बसेका छन्।

यस जिल्लामा प्रमुख जातिका रूपमा रहेको नेवारहरूलाई काठमाडौं उपत्यकाकै आदिबासीको रूपमा लिइन्छ। यिनीहरूको बारेमा विस्तृत वर्णन काठमाडौं जिल्ला परिचयमा दिइएकोले यहाँ छोटकरीमा मात्र भक्तपुर जिल्लाका नेवारहरूको विशेषताहरूको बारेमा चर्चा गरिनेछ।

भक्तपुर जिल्लाका प्रायः सबै नेवारहरूको घरहरू एकनासकै छन्। विशेषगरी यिनीहरूले तीनदेखि पाँचतल्लासम्मका घरहरू बनाउँछन्। छिंडी तल्लामा अलि कमसल खालका सामानहरू थुपार्ने तथा अस्थायी तवरले खेतीबाट काटिल्याएका अन्नका बोटहरू केही समयको लागि राख्ने गर्दछन्। मटान तल्लामा अन्न थुपार्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तथा ठूलो परिवार भएमा केही सदस्य सुत्ने गर्दछन्। तेस्रो अथवा चोटा तल्लामा बैठक कोठा हुन्छ र यस तल्लामा घरको मुख्य मानिस सुत्ने गर्छन्। चौथो तल्ला अथवा बुईंगल र पाचौं तल्ला क्रमश भान्सा र पूजा कोठाको लागि प्रयोग गर्ने गर्दछन्। मटान तल्लासम्मका झ्यालहरू एक-दुई घरमा बाहेक सबैका आंखी झ्याल हुन्छन्। चोटामा विशेषरूपले कुँदेर बनाएका नेवारीमा स्वपाझ्या भनिने तीन वटा जोडिने गरी बनाइएका झ्यालहरू राखिन्छन्। घरको बुईंगल तल्ला र चोटा तल्लाको बीचमा राखिएको बलेसी (नेवारीमा कोपाखा) यहाँको आफ्नै विशेषता हुन्। घरको गाह्रोको बाहिरी भाग पाको ईंटले बनाइएको भए तापनि भित्रीभाग धेरै जसो काँचो ईंटले बनाइएको हुन्छ। छाना धेरै जसो झिंगटीले छाएको हुन्छ। बाक्लो जनसंख्या भएको हुनाले घरहरू एकै ठाउँमा गुजमुच्च परेका हुन्छन् र एक अर्कोसित जोडिएको भई आउने-जाने बाटो,मूलबाटोहरू समेत पनि साँगुरा छन्। नेवारका विभिन्न जात अथवा थरहरू एकै बहाल तथा टोलमा रहने परम्परा अद्यापि छँदै छ। यसअनुसार शहरको मध्य भागबाट किनारतिर बस्तीहरू जातअनुसार फरक हुनाको कारणले ठूलो जात,ओहदा वा धनी मानिसको बस्ती शहरको माझमा पर्ने र त्यसको वरिपरि सामाजिक स्तर अनुसार घरबस्ती बसाउँदै लग्दा च्यामे, पोडे आदि शहरको बाहिर फेरोमा पुग्न गएका छन्। गरीब किसानहरूको घर अक्सर दुई तल्ले हुन्छन्। यस नेवार जातिको गाउँमा एक दुई घर बाहेक एक तल्ले घर पाईंदैन भने पनि हुन्छ। गाउँमा यिनीहरूको घर प्रायः खरले छाएको हुन्छ।

नेवार जाति भित्रै पनि विभिन्न थरहरू छन्। यिनीहरू श्रेष्ठ, मानन्धर, महर्जन, वज्राचार्य, कर्माचार्य आदि हुन्। श्रेष्ठ जातिमा पनि थरहरू छन्। जस्तै- अमात्य, प्रधान, मास्के, भडेल, जोशी र आचाजु हुन्। यिनै छ थरको शाखा उपशाखा गरी बनेका अरू धेरै थरहरू छन्। परस्पर सम्बन्ध भएका छ थर भएका श्रेष्ठ जातिहरूमा बाहा भएसम्म ६७ जातहरू पाइएको छ। यी ६७ जातहरूको नामाकरण हेर्दा धेरैजसो जनावर, पशुपक्षी, अन्न, दाल, तरकारी, पेशा आदिको आधारमा राखिएका छन्। उदाहरणको लागिः—

नेवारी	नेपाली
डों, फँ, धों	साँढे, भेंडा, फ्याउरो
तुकं, मल्ता, काउले	तोरीको साग, खुर्सानी, काउली
मायकें, खोर्सी	मासको दाल, ओखर
मुस्या, छुचुं	भटमास, पीठो
चखुं, ग्वङ्ग	भँगेरा, भाले कुखरा

भक्तपुरको शहरी क्षेत्रमा यिनै श्रेष्ठ जातिहरू बहुसंख्यक रूपमा बसेका छन्। अन्य मुख्य जातिहरूमा महर्जनको संख्या ज्यादा छ। यस जातिमा वासुकला, भेल, त्यना, सुवा, मचामासी, ज्याख्व सिख्व आदि नामका थरहरू छन्। यिनीहरू सबै भक्तपुर नगर तथा यसको आसपासमा बस्दछन्।

विभिन्न जातिहरूमध्ये किसान जाति अलि काला छन् र उनीहरूको पोशाक प्रायः घरबुनाको दौरा सुरुवाल र कालो इष्टकोट र टोपी हुन्छ। आइमाईहरू घरबुनाको कालो, रातो किनारा भएको "हाकुपतासी" सारी र घरबुनाकै चोलो लगाउँछन्। तर समयको परिवर्तनअनुसार युवक युवतीहरू पाइन्ट, आधुनिक सारी आदि लगाउन थालेका छन्।

प्रायः सबै नेवारहरूको मातृ भाषा नेवारी नै हो। तर उपत्यका भित्रकै भएता पनि भक्तपुरको नेवारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषा काठमाडौं तथा पाटनमा बोलिने भाषाभन्दा भिन्नै प्रकारको छ। यसले गर्दा भक्तपुरका मानिसहरूलाई उनीहरूको बोलाइबाट चिन्न सकिन्छ। उच्चारणमा मात्र फरक नभई शब्दहरूको अर्थमा पनि फरक भएको पाइन्छ। फाट्टफुट्ट बूढी आइमाईहरू बाहेक अरू सबै नेवार जातिले राष्ट्रभाषा नेपाली बोल्न सक्तछन्।

नेवार जातिको मुख्य पेशाको रूपमा कृषिलाई लिन सकिन्छ। यस बाहेक यसको पूरक पेशाको रूपमा व्यापार र घरेलु उद्योग पनि हुन्। यिनीहरू निक्कै उब्जाउ हुने उपत्यका क्षेत्रमा बस्ने भएको हुँदा यहाँ विभिन्न किसिमका बालीहरू जस्तै धान, गहुँ, मकै, भटमास आदि उब्जाउँछन्। घरेलु उद्योगको हकमा यिनीहरू आफूलाई चाहिने जति घरबुना कपडा आफैंले उत्पादन गर्ने गर्दछन्। कृषि बालीमा आधारित चिउरा कुट्ने, परालबाट सुकुल, जुत्ता र डोरी आदि बनाउने आदि कामहरू पनि गर्दछन्। त्यस्तै दूधबाट बनाइने जुजु धौ पनि काठमाडौं तथा अन्य शहरहरूमा प्रख्यात छ।

माटोका भाँडाहरू पनि यस जातिको आर्थिक स्रोतहरूमध्ये कै एक हो। व्यापारमा पनि यिनीहरू त्यत्तिकै सिपालु छन्। अधिराज्यको कुना कुनासम्म पनि यिनीहरू व्यापार गर्न जान्छन्।

केही महत्वपूर्ण चाडपर्वहरू

बिस्केट जात्राः यो जात्रा भक्तपुरको सबभन्दा ठूलो र प्रख्यात जात्रा हो। यो जात्रा चैत मसान्तको चार दिन अगाडि शुरू भई वैशाख महीनाको चार दिनसम्म रहन्छ। यसरी यस जात्राको अवधि आठ दिनको हुन्छ यो चाड टौमढी टोलस्थित भैरवनाथको रथ जात्रासित पनि सम्बन्धित छ। काठमाडौंको इन्द्र जात्राको दिन तान्ने कुमारीको रथभन्दा ठूलो तीन तल्लासम्म छाना भएको यस भैरवको रथ ज्यादै ठूलो देखिन्छ। चार ठूलठूला चक्का माथि एउटा "बेटासिं" (बाङ्गो काठ) को मुढा माथि चारपाटे आकारको ठाउँ हुन्छ। त्यस माथि बनाइएको रथको चार दिशामध्ये तीनतिर ढोकाहरू हुन्छन्। यसको बीचमा शक्तिशाली भैरवको सुनको मूर्ति राखिन्छ। रथको सबै छाना धातुले बनेको हुन्छ।

यस पर्वको चौथो दिन भैरवलाई रथमा राखी "योसिख्य" नामक ठाउँमा तानेर लैजान्छन् जहाँ एउटा लामो काठको विश्व ध्वजा नामको लिङ्ग उठाउने चलन छ। अर्को दिन उक्त लिङ्गलाई ढालिन्छ। लिङ्ग उठाउने तथा ढाल्ने दिनमा उपत्यकाका हजारौं मानिसहरू हेर्न आउँछन्। उक्त लिङ्ग ढालेपछि नयाँ वर्षको शुरुआत हुने गर्दछ। आठौं दिनको साँझ भैरवको रथलाई फेरि टौमढी टोलमा ल्याइन्छ र रथजात्रा समाप्त गरिन्छ।

यस बिस्केट जात्राकै दिनमा भक्तपुर शहरमा बाहेक आसपासका सबै गाउँ घरमा आ-आफ्नै किसिमको जात्रा मनाउने चलन छ। यो चाड सारा भक्तपुरबासीहरूको लागि एउटा ठूलो भोजको अवसर हो। यस बेला आफ्ना सबै इष्टमित्र, नाता कुटुम्बहरूलाई आफ्नो घरमा बोलाई ख्वाउने चलन छ। यस चाडभरी भक्तपुरबासी-हरू आफ्ना काम छाडी मस्तसँग खान-पिउनमा दिन बिताउँछन्। केटा केटीहरू विशेषरूपले नाच गान गरी रमितामा भाग लिन्छन्। नयाँ लुगा लगाई चाडको मुख्य दिनमा बिहानैदेखि देव देवताका मन्दिरहरूमा घुइँचो लाग्दछन्।

बालकुमारी जात्राः भक्तपुर शहरदेखि पश्चिममा करीब पाँच किलोमिटर (१½ कोस) टाढाको ठिमी गाउँको बालकुमारी जात्रा पनि एउटा रोचक पर्वहरूमध्येकै एक हो। नयाँ वर्ष शुरू भएको दोस्रो दिन यो पर्व बालकुमारी मन्दिरको नजीकै मनाइन्छ। ३२ वटा स-साना खटहरू सहित जात्रा चलाउने मानिसहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठूलो हूल क्रमबद्ध भई साँगुरो गल्लीको बीचबाट बिस्तारै अगाडि बढ्दछन् । यी मानिसहरूको शरीर सबै रातो अबीरले पोतिएको हुन्छ । हरेक खटको माथि एउटा छतरी घुमाएको हुन्छ । विभिन्न किसिमका बाजाहरूको साथै अगाडि बढ्ने यस धार्मिक जुलूस काठमाडौं उपत्यकाको अन्य भागमा बिरलै मात्र देखिन्छ ।

यस किसिमको चाडमा एउटा अर्को रमिता पनि हेर्न लायकको छ । वरपर डाँडाबाट जात्रा हेर्न आउने तामाङहरूका युवक युवतीहरूका डफ्फाहरू एक आपसमा सवाल जवाफ गरी जुवारी खेल्दछन् ।

बोडे जात्राः ठिमीको उत्तरमा एउटा सानो बोडे भन्ने गाउँ छ । नयाँ वर्षको भोलिपल्ट स्थानीय विद्यालयको मैदानमा एउटा ठूलो भीड जम्मा हुन्छ । त्यही भीडको बीचमा जात्रा चलाउने मानिहसरूले तीखो सियो लिई आफ्नो जिब्रोमा घोप्दछन् । आफ्नो जिब्रो बाहिर निकाली टाउको वरिपरि बत्ती राखी शहर परिक्रमा गर्दछन् । यसबाट यिनीहरू मरेपछि स्वर्ग जाने बाटो खुल्दछ भन्ने विश्वास गर्दछन् । स्थानीय महालक्ष्मीको मन्दिरमा पुगेपछि तिनीहरू ती सियो झिक्दछन् र उक्त घाउमा देवीको भूईमा भएको हिलो लगाउँछन् । यसले घाउ चाँडो निको हुन्छ भन्ने विश्वास गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

काठमाडौं उपत्यका भित्र पर्ने अन्य दुई जिल्लाहरू सरह नै यस भक्तपुर जिल्ला पनि नेपाल अधिराज्यको अरू जिल्लाहरूको तुलनामा ऐतिहासिक, सामाजिक, सांस्कृतिक, आर्थिक आदि दृष्टिकोणबाट निकै महत्वपूर्ण छ। जिल्लामा आर्थिक दृष्टिकोणले काम गर्न सक्ने १० वर्ष र सोभन्दा माथिको उमेरको जनसंख्या ४१,९६० मध्ये कृषि पेशामा भरपर्ने करीब ७० देखि ७५ प्रतिशत छ। उपत्यका क्षेत्रमा पाइने मलिलो तलैया पञ्च माटो तथा प्राचीन कालदेखि अपनाइआएका सिचाइ सुविधाहरूले गर्दा यहाँको बाली उत्पादन दरमा वृद्धि हुनु स्वाभाविक हो। कृषिमा बाहेक अन्य आर्थिक पेशाहरू जस्तै भाँडाकुँडा उत्पादन गर्नु, दही बनाउनु, भादगाउँले टोपी बनाउनु, तथा अरू कतिपय कलात्मक वस्तुहरूमा बुट्टा भर्नु आदि कामहरू पनि जिल्लाको आफ्नै किसिमका छन्। त्यस्तै भादगाउँका मानिसहरू व्यापारमा पनि उत्तिकै प्रख्यात छन्। उदाहरणको लागि अधिराज्यका उत्तरी सीमावर्ती एक-दुई जिल्ला बाहेक अन्य सबै जिल्लाहरूको बजारमा पाइने व्यापारीहरू प्रायः भादगाउँकै निवासी हुन् भन्न सकिन्छ। यसरी आर्थिक दृष्टिकोणबाट यो जिल्लाले धेरै क्षेत्रमा त्यत्तिकै उन्नति गरेको पाइन्छ। यस जिल्लामा अपनाइएका कृषि प्रणाली अझै पनि पुरानै ढङ्गको भएको कुरा विशपले १९५२ ईस्वीमा यसरी लेखेका छन्:— "काठमाडौं उपत्यकाको कृषि प्रणाली आज पनि त्यही अवस्थामा छ जुन कर्कपेट्रिकले अठाह्रौं शताब्दीमा रिकर्ड गरेका थिए।"[1] यहाँका किसानहरूले प्रयोगमा ल्याइराखेका कृषि औजारहरू जस्तै कू (कोदालो), कुचीमुग (बीउ छोप्ने काठको औजार), कूमुग (काठको डलेठो) तथा अन्य धेरै प्रकारका औजारहरूमा पनि कुनै नवीनता आएको छैन।

जिल्लाको सक्षम र आश्रित जनसंख्याको उल्लेख माथि जनसंख्या र जनजीवनको परिच्छेदमा पनि परिसकेको छ। यस जिल्लामा कुल जनसंख्याको करीब ६५ प्रतिशत मानिस सक्षम समूहभित्र पर्दछन्। जिल्ला-भित्रको १० वर्ष र सोभन्दा माथिका जनसंख्यामध्ये काममा लागेकाहरूको वर्गीकरण गर्दा निम्नबमोजिम हुन आउँछ:—

विवरण	संख्या	प्रतिशत
कृषि, वन र माछापालन आदि	३०,५८५	७२.९२
खानी र उद्योग आदि	३,०१२	७.१७
विद्युत् तथा अन्य सामाजिक सेवा आदि	५६	.१३

1. Malla, U.M.—Agricultural Condition in Kathmandu Valley for the last 150 years, The Himalayan Review, Vol. V: No. 4, 1972, p. 62

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माण सेवा आदि	१५२	.३६
वाणिज्य सेवा आदि	२,६९७	६.४२
यातायात र सञ्चार सेवा आदि	३२७	.७७
लगानी र व्यावसायिक सेवा आदि	१२८	.३०
व्यक्तिगत र सामुदायिक सेवा आदि	५,००३	११.९३
जम्मा:–	४१,९६०	१००.०

कृषि व्यवसाय

यस जिल्लाको अधिकांश जनता कृषि पेशामा लागेको कुरा माथि नै उल्लेख भइसकेको छ। जिल्लाको कृषि पेशालाई मोटामोटी दुई खण्डमा विभाजित गर्न सकिन्छ:–

(क) उपत्यका क्षेत्रको खेती प्रणाली
(ख) वरपरका डाँडाहरूमा अपनाइने खेती प्रणाली

उपत्यका क्षेत्रको खेती प्रणाली

साधारणतया उपत्यका क्षेत्रका कृषकहरू (स्थानीय भाषामा ज्यापू भनिन्छ) ले आफ्नै पाखुराको भरमा खेती गर्ने परम्परा छ। सम्पूर्ण खन्ने र गोड्ने काम मानिसहरूद्वारा नै गरिन्छ। यस क्षेत्रमा बाक्लो जनआवादी भएकोले प्रति व्यक्ति वा प्रति परिवारमा जमीन धेरै कम हुनाको कारणले यहाँ सघन खेती हुनु स्वाभाविक हुन आउँछ। यहाँ प्रयोग गरिने कृषि औजारहरू मुख्यतया कोदालो (कू), खन्ती (कुकीचा), माटो फोर्ने काठको डलेठो (खटमुग), हँसिया (इँचा) आदि हुन्।

वरपरका डाँडाहरूमा अपनाइने खेती प्रणाली

यस क्षेत्रमा भने प्राय: जसो मानिसहरू खेत जोत्ने तथा दाइँ गर्ने काममा गोरु, राँगोको प्रयोग गर्दछन्। यहाँ विशेषगरी पाखो बालीहरू लगाउँछन्। यस भेकमा अझ पनि जङ्गल फाँड्ने र खेतबारीको विस्तृतीकरण गर्न सकिने सम्भावनाहरू भएकोले सघन खेतीका तरीकाहरू प्रयोग गर्न सकेको छैन। यहाँ फोस्रो तथा बलौटे माटो भएको हुँदा उपत्यकाको डोल र टारहरूमा जस्तो हातले खन्न मुस्किल पर्दछ।

यस जिल्लाको कुल क्षेत्रफल १३,९०० हेक्टरमध्ये ८,६०० हेक्टर जगा खेती-योग्य छ। यो जगा कुल क्षेत्रफलको अन्दाजी ६२ प्रतिशत पर्न आउँछ। २०२८ सालको राष्ट्रिय जनगणनाअनुसार यस जिल्लाको कुल जनसंख्या १,१०,१५७ लाई कुल खेती-योग्य जमीनको अनुपात लियो भने एक हेक्टरमा ७.९ जना अर्थात् १० हेक्टरमा करीब ७९ जना मानिस बसोबास गरेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमि व्यवस्था

यस जिल्लामा २०२१ सालदेखि भूमिसुधार कार्यक्रम लागू भएको छ। उक्त समयमा गएको सर्वे टोलीले नापी गरी देखाइए बमोजिम यस जिल्लाको जग्गा निम्नअनुसार कायम भएको छः–

खेत–५,५०२ हेक्टर (करीब ११,०८,०५० रोपनी)

पाखो–२,९८० हेक्टर (करीब ५,९५९ रोपनी)

उक्त नापीअनुसार खेत जग्गालाई अब्बल, दोयम, सीम, चाहार गरी चार खण्डमा तथा पाखो जग्गालाई अब्बल र दोयममा विभाजन गरेको देखिन्छ। यसमा दर्ता नभएका खेत र पाखो समावेश भएको छैन। सो समेत थप्ने हो भने हाल देखाइएको लगतभन्दा केही बढी हुन आउँछ। जिल्ला भित्रको कुल जग्गालाई अब्बल, दोयम, सीम र चाहारमा विभाजन गर्दा निम्नअनुसार देखिन आउँछः–

जग्गाको किसिम	हेक्टरमा	रोपनीमा
अब्बल	२५,८४३	५१,६८६–११–१
दोयम	३५,६४४	७१,२८८–३–१
सीम	१९,६३०	३९,२६०–७–३
चाहार	३,७०५	७,४०९–१५–३

यस जिल्लामा जम्मा जग्गा धनीको संख्या ४४,१४७ छ। जिल्लाभित्र २.५ हेक्टर (५० रोपनी) भन्दा बढी जग्गा हुने व्यक्तिहरूको संख्या प्रायः नगण्य भएको हदबन्दीबाट पनि देखिन आउँछ। दैनिक काम कार्वाहीको अनुभवबाट समेत ज्यादाजसो जग्गावालाको परिवारमा आधा हेक्टर (१० रोपनी) भन्दा बढी जग्गा देखिँदैन। जिल्लामा जग्गा नहुनेको संख्या छुटचाउन मुश्किल पर्दछ तर यस किसिमका मानिसहरूको संख्या ज्यादै नगण्य भएको अनुमान गर्न सकिन्छ।

जिल्लाभित्र हदबन्दीभन्दा बढी जग्गा २६.५ हेक्टर (५३० रोपनी) देखिएको छ। त्यसमध्ये १.८ हेक्टर (३६ रोपनी) बिक्री वितरण भई २५.१ हेक्टर (५०२ रोपनी) बाँकी भएको कुरा भूमिसुधार कार्यालयबाट थाहा भएको छ। जिल्लाको मोहियानी हक पाउने जम्मा मोही संख्या १४,६४६ छ। यस जिल्लामा २०२१ सालदेखि भूमिसुधार कार्यक्रम लागू भएकोले भूमिसुधार ऐन,२०२१ को दफा ३३ मा भएको कूतको व्यवस्था अनुसार नै चलिआएको छ।

भूमिसुधार अन्तर्गत ऋण रकम निश्चित गर्ने कार्यक्रमअनुसार भक्तपुर जिल्लामा २०३० साल असोजसम्ममा जम्मा रू. १,४४,२९६। ऋण निश्चित भएकोमध्ये रू. ६०,७०३। साहूलाई बुझाउनु नपर्ने गरी मिनाहा भएको पाइएको छ।

यस जिल्लामा सङ्कलन भएको जिन्सी तथा नगदी दुवैको बचत रकम जम्मा रू. ७,५३,३१२। भई वडा समिति मार्फत कृषकहरूलाई कृषि ऋण प्रदान गरिआएकोमा २०२४ सालमा श्री ५ को सरकारको निर्णयबाट बचतको रकम रू. ७,७७,६३५। सहकारी संस्थालाई हस्तान्तरण गरियो। त्यसपछि उक्त रकम सहकारी संस्था मार्फत नै परिचालन भइआएको छ। हस्तान्तरण भएको रकममा लगानीबाट उठ्ती भएको ब्याज रकम समेत समावेश छ।

जिल्लामा सालाना मालपोत स्वरूप उठ्नु पर्ने रू. ४,९१,३८६। हुन आउँछ। भूमि प्रशासन लागू भइसकेको हुँदा मौजाहरूको साथ साथै तालुकदारी तथा जिमिन्दारी प्रथा पनि समाप्त भएको छ। हाल छ गाउँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायतहरूको पायक मिलाएर डोर खटाई जिल्लाबाट मालपोत असूल गरिल्याउनुको साथै कार्यालयमै पनि मालपोत लिइने व्यवस्था छ ।

जिल्लामा जग्गा सम्बन्धी लगत राख्ने एक कोष तथा तहसील कार्यालय छ । जग्गाको लगत भने भूमि प्रशासन कार्यालयबाट दिने गरिआएको छ ।

प्रमुख बालीहरू

जिल्लाका खेतहरूमा लगाइने मुख्य खाद्यान्न बालीहरूमा धान, गहुँ, तरकारी र आलु प्रमुख हुन् । यस बाहेक पाखो जग्गामा मकै, कोदो, फापर, भटमास, मास, गहत आदि लगाइन्छन् । तरकारी, सागपात उत्पादनमा भक्तपुर जिल्लाको उपत्यकामा मात्र नभई सम्पूर्ण अधिराज्यमा प्रथम स्थान छ । यहाँ आलु वर्षको दुई पटक लगाइन्छ । अस बाहेक काउली, बन्दा, रायोको साग, मेथीको साग, चमसुर, पालुङ्गो, प्याज, लसुन, मूला, गाजर, गान्टेमूला हिउँद महीनामा तथा काँक्रो, फर्सी, गोलभेडा, खुर्सानी, भन्टा, लौका, बोडी, सिमी गर्मी महीनामा लगाइन्छन् । यहाँ उत्पादित तरकारीहरूको करीब ८० प्रतिशत काठमाडौंको बजारमा बिक्री वितरण हुन्छ ।

जिल्लाको मुख्य मुख्य बालीहरू उपत्यकाको डोल र टारहरूमा पाइन्छन् । साँच्चै भन्ने हो भने मनोहरा र हनुमन्तेका फाँटहरू उपत्यका भित्रका निक्कै उब्जाउ हुने अब्बल जग्गाको रुपमा लिन सकिन्छ । यहाँ निक्कै मात्रामा धान र गहुँ हुन्छन् । बाह्रै महीना कुनै न कुनै बालीहरू फलिरहेको हुन्छ । जिल्लाको दक्षिण र पूर्वका डाँडाहरूमा प्रायःजसो जङ्गलले ढाक्ने हुँदा यस क्षेत्रमा कम बाली उम्रन्छ । टार र पाखो जग्गाहरूमा वर्षको एक बाली मात्र लगाइन्छ ।

जिल्लाका मुख्य बालीहरूमध्ये धान जेठ-असारमा रोपिन्छ र साउन-भदौ-असोजमा गोडमेल गरेपछि असोज-कात्तिकमा काटिन्छ । त्यस्तै गहुँ मंसीर-पुसमा छरिन्छ र माघ-फागुनमा गोडमेल गरी फागुन-चैतमा बाली भित्र्याइन्छ । मकै फागुनमा रोपी भदौमा भाँचिन्छ भने जिल्लामा हुने अरू बाली चैतमा रोपी भदौमा खनिन्छ । सागपातलाई वर्षे सागपात र हिउँदे सागपातमा विभाजन गर्न सकिन्छ । पहिलो असोज-कात्तिकमा तैयार हुन्छ र दोस्रो पुस-माघमा ।

यी बालीहरू मोटामोटी माथि उल्लेख भएअनुसार नै भए तापनि जिल्ला भित्रका सबै ठाउँमा लागू हुन गाह्रो पर्दछ । वरपरका डाँडाहरूमा बाली उम्रन अलि बढी समय लाग्छ । जिल्लाको उत्तरी भागमाभन्दा दक्षिणी भागमा भएका बालीहरू केही ढीलो पाक्दछन् । तर जिल्लाभित्र उत्पादन हुने बालीहरू पाक्न प्रायः चार-पाँच महीना लाग्छ ।

मलको प्रयोग

भक्तपुर जिल्लाका गाउँ गाउँमा स्थानीय मल निक्कै मात्रामा प्रयोग भए तापनि शहर नजीकै र आवत-जावतको सुविधाहरू भएको ठाउँमा रासायनिक मलको प्रयोग पनि विशेष रूपले हुन थालेको छ । तर सम्पूर्ण जिल्लामा रासायनिक मलको प्रयोग भएको देखिंदैन । परम्परागत मलहरूमा जमीन मुनिबाट निकालिएको कालीमाटी, गोवर, खरानी (सागपातको लागि) प्रयोगमा ल्याइएको देखिन्छ । पहाडी क्षेत्र तथा पाखो जग्गामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोवर, खरानी, कुहेको घाँस पातहरूबाट बनेको मिश्रित मल नै ज्यादा प्रयोगमा ल्याइन्छ।

यस जिल्लाको धेरैजसो क्षेत्रमा जनसंख्याको चाप बढी भएको देखिन्छ। प्रति व्यक्ति आवादी जग्गा निक्कै सीमित रूपमा छ। यसरी जमीनमाथि परेको जनसंख्याको चापले गर्दा सघन खेतीको आवश्यकता हुनु स्वाभाविक नै हो। सघन कृषि प्रणालीको लागि चाहिने सुविधाहरू जस्तै सिचाइको सुविधा, उन्नत बीउ-बीजन, आधुनिक कृषि औजारहरूको साथै रासायनिक मलको पनि आवश्यकता हुन जान्छ।

हाल जिल्लाभित्र खासगरी जमीनको तयारी गर्दा प्राङ्गारिक (कम्पोष्ट) मल र रासायनिक मलको प्रयोग गरिन्छ। तर रासायनिक मलमध्ये नाइट्रोजन-युक्त मल माटोमा तुरुन्त घुलनशील हुने हुँदा पटक पटक गरी राख्ने गरिन्छ। जमीनको तयारी गर्दै प्राङ्गारिक, फोस्फोरस र पोटाश मल समुच्च र नाइट्रोजनयुक्त ५० प्रतिशत दिई बाँकी ५० प्रतिशत पहिलो र दोस्रो गोडमेलमा गरी दुई पटक दिने चलन छ।

रासायनिक मल यस जिल्लामा करीब ९० प्रतिशत कृषकहरूले प्रयोग गरेका छन्। यसको उपयोग बढ्दै गइरहेको तथ्य तलको तालिकाबाट प्रष्ट हुन्छः–

मलको प्रयोग

(मेट्रिक टनमा)

प्रमुख बालीहरू	२०२२।०२३	२०२३।०२४	२०२४।०२५	२०२५।०२६	२०२६।०२७
धान	१७८	८१६	२,३१०	१,५२३	२,६२६
मकै	२१	६३	१०५	११४	१९६
गहुँ	१२५	३८२	९०३	७७०	५६३
आलु	३७	५७	९९	२८	३४

कृषि औजार

जिल्लाभित्र कृषि कार्यको लागि प्रयोग गरिने औजारहरूलाई परम्परागत औजार र आधुनिक कृषि औजारमा बाँड्न सकिन्छ। परम्परागत कृषि औजारमा प्राचीन कालदेखि प्रयोगमा ल्याइराखेका कोदालो खन्ति, काठको डलेठो, हँसिया आदि हुन्। यस बाहेक वरपरका डांडाहरूमा प्रयोग गरिने हलो, फलो, बाउसो, कुटो आदि पनि प्रयोगमा आएको पाइन्छ। आधुनिक कृषि औजारमा भक्तपुर जिल्लाका किसानहरूले पावर टिलर, पम्पसेट, स्प्रेयर ल्पावर, प्याडी थेसर आदि आधुनिक उपकरणहरूको प्रयोग गर्न थालिसकेका छन्।

उन्नत बालीहरू

जिल्लाको खाद्यान्न बालीहरूमध्ये प्रमुख बालीहरूमा उन्नत बीउहरूको प्रयोग र खपत गत केही वर्षदेखि उत्साहवर्धक रूपमा बढ्दै गएको छ। जिल्लामा कृषि कार्य निक्कै अगाडि बढेको हुँदा उन्नत बीउको खेतीको लागि यसै जिल्लाको उत्पादनबाट शुद्ध बीउ कृषि खरीद विक्री संस्थानले लिई अधिराज्यका अन्य जिल्लाहरूलाई समेत विक्री वितरण गर्दै आएको छ। कृषि तथ्याङ्क पुस्तिका २०२८ अनुसार यस भक्तपुर जिल्लामा उन्नत बीउले ढाकेका क्षेत्रहरू निम्नअनुसार छन्ः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उन्नत बीउको ढाकेको क्षेत्र

क्षेत्रफल: हेक्टरमा

आर्थिक वर्ष	धान	मकै	गहुँ
२०२२।०२३	४५८		१,०१८
२०२३।०२४	६८८	१८	२,१८६
२०२४।०२५	१,५०२	६०	३,६५०
२०२५।०२६	३,५००	१५०	३,५००
२०२६।०२७	४,२५५	३०५	४,१८७

यहाँका खाद्यान्न बालीहरूमा प्रमुख भएको गहुँ खेतीमा झण्डै शत प्रतिशत उन्नत बीउ लगाइन्छ। त्यसपछि धान र मकैको स्थान आउँछ। यी दुई बाली लाइने जमीनमध्ये क्रमशः ७८ र २० प्रतिशतमा उन्नत जातको बीउ लगाइन्छ। गत केही वर्ष यता उन्नत धानको बीउ प्रचारमा आएदेखि कृषकहरूले प्रति इकाई जग्गामा बढी उत्पादन गर्दै आएका छन्।

भक्तपुर जिल्लाका केही व्यापारीवर्ग तथा प्रशासनिक कर्मचारीहरू बाहेक प्रायः सम्पूर्ण मानिसहरू खेतीको काममा आफैं लागेका हुन्छन्। तर सम्पन्न घरका मानिसहरूले अधियामा खेती गर्न दिएका हुन्छन्। विशेषगरी रोपाइँ गर्न र काट्ने समयमा ज्यालामा मजदूरी लगाउने चलन पनि छ। ज्यालामा बाहेक खेतीको समयमा एकले अर्कालाई मद्दत गर्ने परिमा प्रथा पनि यस जिल्लामा निक्कै प्रचलनमा छ।

ज्यालामा मजदूरी लगाउँदा लोग्ने मानिसहरूको ज्याला धानमा रू. पाँचदेखि रू. आठसम्म र मकैमा रू. चारदेखि रू. छसम्म पर्दछ। तर स्वास्नीमानिसहरूलाई भने धानमा रू. पाँच गहुँमा रू. तीन र मकैमा रू. तीनसम्म ज्याला दिनु पर्दछ। यस बाहेक दिउँसो खाजा पनि खुवाउनु पर्दछ।

जिल्लाको प्रायः सम्पूर्ण जनताको ७०–७५ प्रतिशत कृषि पेशामा लागेका हुँदा कृषि क्षेत्रमा खास कुनै जाति विशेषको भूमिका देखिंदैन्। तर गाउँमाभन्दा शहरी क्षेत्रमा भने किसान (ज्यापू) जातिको विशेष भूमिका रहेको देखिन्छ। यिनीहरू विशेषगरी नगदे बाली र तरकारी खेतीमा लागेका हुन्छन्। यिनीहरूलाई उपत्यकाभित्र निक्कै मेहनती जातिको रूपमा लिइन्छ। जिल्लाको नगदे बालीहरूको हकमा मुख्य बाली तरकारी खेती हो। यस बाहेक केही मात्रामा तेलहन र दलहन पनि लगाइन्छन्। यस जिल्लामा खासगरी ठिमी, नगदेश, बोडे, भक्तपुर नगर क्षेत्रमा प्रशस्त मात्रामा तरकारी खेती हुने कुरा माथि पनि उल्लेख भइसकेको छ। गाउँ क्षेत्रमा अलि अलि मास, भटमास र तोरीका बालीहरू पनि लगाइन्छन्। तरकारीको खपत यसै जिल्ला भित्र नभई ज्यावा जसो काठमाडौं र केही मात्रामा अरू छिमेकी जिल्लाहरूमा समेत जान्छ। त्यस्तै भक्तपुर जिल्लाभित्र उत्पादित खुर्सानी, अदुवा र आलु विदेशमा पनि उल्लेखनीय मात्रामा निर्यात हुन्छ। यस जिल्लामा नगदेबाली लगाइएको क्षेत्र लगभग २०० हेक्टर भएको मानिन्छ।

बाली क्षेत्र र उत्पादन

माथि उल्लेख भए झैं यस जिल्लाका प्रमुख बालीहरूमा धान, गहुँ, मकै, कोदो, सिमी, आलु आदि मुख्य हुन्। यी बाहेक भक्तपुर जिल्लामा उत्पादन हुने अनेक थरीका तरकारी तथा दालहरू पनि छन्। कृषि तथ्याङ्क पुस्तिकामा उल्लिखित यस जिल्लामा विभिन्न सालमा लगाइएका प्रमुख बालीहरूको क्षेत्र र तिनीहरूको उत्पादन यसप्रकार छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्रफलः हेक्टरमा

उत्पादन–मेट्रिक टनमा

प्रमुख बालीहरू		२०२४।०२५	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
	क्षेत्र	५,५००	५,५००	५,७००	६,०००	६,०००	५,७५३
धान	उत्पादन	१७,७१०	१८,१५०	१९,३८०	२१,०००	२१,०००	२०,१३५
	क्षेत्र	२,४००	२,४००	२,५००	२,६००	२,५२८.	२.५२८
मकै	उत्पादन	३,९६०	३,९८४	४,२५०	४,५५०	४,३८४	४,४२५
	क्षेत्र	४,२००	४,२००	५,५००	५,८००	६,२३३	५,५००
गहुँ	उत्पादन	५,८८०	६,५१०	८,२५०	५,८००	८,४७७	९,८१०
	क्षेत्र	५००	५००	५००	५००		८५०
कोदो	उत्पादन	५६२	५५५	५६२	६२१		१,४५२
	क्षेत्र	५	५	५	४		५
जौ	उत्पादन	४	४	४	४		४
	क्षेत्र	४४०	४५०	४७०	५००		४३८
आलु	उत्पादन	४,३५६	४,५००	४,६५३	३,१००		३,९२०
	क्षेत्र	३००	३१०	३५०	३५०		३६०
तोरी	उत्पादन	१८०	१८९	२१७	२२४		२१६
	क्षेत्र	५	५	५	७		७
उखु	उत्पादन	६४	५०	६५	९०		९०
जम्मा	क्षेत्र	१३,३५०	१३,३७०	१५,०३०	१५,७६१		१५,४४१
	उत्पादन	३२,७६१	३३,९४०	३७,३८१	३५,३८९		२९,९५८

माथिको तालिका अनुसार २०२९।०३० मा प्रमुख बालीहरूले ढाकेको क्षेत्र जम्मा १५,४४१ हेक्टर थियो। यो क्षेत्र जिल्लाको कुल कृषि-योग्य जमीन ८,६०० हेक्टरभन्दा निक्कै बढी देखिन्छ। यसो हुनुको मुख्य कारण एउटै क्षेत्रभित्र पनि विभिन्न बाली लगाउने गरेकोले हो। आर्थिक वर्ष २०२७।०२८ मा यो क्षेत्रफल घटेर १५,७६१ हेक्टर मात्र हुन गए तापनि आर्थिक वर्ष २०२४।०२५ को १३,३५० हेक्टरभन्दा २,०९१ हेक्टरले बढी देखिन्छ ।

यी प्रमुख बालीहरूले ढाकेको क्षेत्रहरूमध्ये सबभन्दा बढी जग्गा धानले ढाकेको छ। आर्थिक वर्ष २०२९।०३० मा धान बालीले ढाकेको क्षेत्र ५,७५३ हेक्टर अर्थात् ३७ प्रतिशत जग्गा पर्न आउँछ। त्यसपछिको स्थान गहुँले लिएको छ। उक्त सालमा गहुँले ढाकेको जग्गा ५,५०० हेक्टर अर्थात् ३५.५ प्रतिशत हुन आउँछ।

बाली उत्पादन ो हकमा कृषि तथ्याङ्कमा देखाइएअनुसार यस जिल्लाले आर्थिक वर्ष २०२९।०३० मा जम्मा २९,९५८ मेट्रिक टन खाद्यान्न उत्पादन गरेको थियो। त्यसमध्ये सबभन्दा बढी उत्पादन पनि धानकै देखिन आउँछ। उक्त सालमा यस भक्तपुर जिल्लाले जम्मा धान २०,१३५ मेट्रिक टन अर्थात् कुल उत्पादनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६७ प्रतिशत उत्पादन गरेको थियो। यसैं तथ्याङ्कमा देखाइएअनुसार आर्थिक वर्ष २०२९।०३० को दाँजोमा २०२७।०२८ मा अझैं बढी खाद्यान्न उत्पादन भएको थियो। उक्त सालमा यस जिल्लाले जम्मा ३५,३८९ मेट्रिक टन खाद्यान्न उत्पादन गरेको थियो।

पशुपालन

भक्तपुर जिल्लामा पालिने पशुहरूमध्ये सबभन्दा महत्वपूर्ण स्थान भैंसीको छ। यस बाहेक गाई, गोरु, बाख्रा, राँगो आदि पाइन्छन्। त्यस्तै पाल्तु पक्षीहरूमा कुखुरा, हाँस, परेवा इत्यादि छन्। यी विभिन्न किसिमका पाल्तु जीवजन्तुहरूले जिल्लाका मानिसहरूको आर्थिक जीवनमा निक्कै प्रभाव पारेको हुन्छन्। यस जिल्लामा विशेषगरी भैंसी र राँगो दूध, मासु र मलको लागि पालिन्छन्। गाई, गोरु पनि दूध, मल तथा जोत्ने कामको लागि पालिएका हुन्छन्। बाखा मासु र मल-मूत्र तथा कुखुरा र हाँस फुल मासुकै लागि पालिन्छन्।

पालिएका पशु-पक्षीहरूको संख्याको आधारमा भक्तपुर जिल्लाको स्थान निक्कै महत्वपूर्ण छ। खासगरी यस जिल्लामा भैंसी पालनतर्फ मानिसहरू बढी सजग भएका छन्। यस जिल्लाबाट उत्पादित दूध जम्मागरी काठमाडौं शहरको माग पूर्ति गर्ने केन्द्रीय दुग्धशालाले जिल्लाको विभिन्न ठाउँमा जम्मा १८ वटा दूध सङ्कलन केन्द्र र भक्तपुरको सदरमुकाममा नै दूध चीसो पार्ने ठाउँ (चिलिङ्ग सेन्टर) को व्यवस्था गरेको छ। यसबाट यस जिल्लाका कृषकवर्गहरूमा पशुपालन व्यवसायप्रति निक्कै ठूलो अभिरुचि भएको देखिन्छ।

यस व्यवसायमा कृषकहरूले यति चाख लिएको देखिए तापनि उति उन्नति हुन सकेको पाइन्न। यसको मुख्य कारण उन्नत जातका पशुहरूको अभाव नै मान्न सकिन्छ। जिल्लाको भौगोलिक दृष्टिकोण तथा अन्य प्राविधिक विषयहरूलाई समेत ध्यानमा राख्दा यस जिल्लामा भएका राँगा, भैंसीहरूको वंश सुधार गर्नको लागि "मूर्रा" जात नै सबभन्दा उपयुक्त देखिएको छ। यसै सिलसिलामा केही वर्ष अघिदेखि जिल्लास्थित पशु चिकित्सालयमा भैंसीहरूमा प्राकृतिक प्रजननको लागि मूर्रा जातका राँगाहरू राखिएका छन्। तर पूरै जिल्लामा एक ठाउँबाट मात्र भ्याउन सम्भव नहुने हुँदा कृषि प्रसार विभागद्वारा केही पञ्चायतहरूमा पनि उक्त जातका राँगाहरूको वितरण भएको थियो। यसरी वितरण गरिएका राँगाहरूको संख्या धेरै कम भएको र थोरै साधनबाट बढी से बढी फाइदा उठाउनु पर्ने हुँदा कृत्रिम गर्भाधान नै सबभन्दा उपयुक्त ठहरिएको छ। यो कार्यक्रम अन्तर्गत जिल्लास्थित पशु-चिकित्सालयलाई केन्द्र बनाई सोही मार्फत गाईहरूमा जर्सी साँढेको र भैंसीमा मूर्रा जातको राँगाको बीजद्वारा कृत्रिम गर्भाधानको कार्यक्रम लागू गरिएको छ।

भक्तपुर जिल्लामा कुखुरा पालन व्यवसाय पनि निक्कै प्रचलित रूपमा पाइन्छ। यस जिल्लामा हाइलाइन कुखुरा नै ज्यादै लोकप्रिय भएको देखिन्छ। यिनीहरूबाट फुल बढी मात्रामा आर्जन गर्न सकिन्छ। यस बाहेक यस जिल्लामा पालिने कुखुराहरूमा "थर्न वर्ड" र "ब्राइलर" पनि पालिन्छन्। किसानहरूको रुचि अनुसार अर्थात् मासु अथवा फुलको मागअनुसार कृषि केन्द्रबाट उन्नत जातका कुखुराहरू वितरण भइरहेका छन्।

यस जिल्लाका मुख्य मुख्य पशुवस्तुहरूको संख्या २०२८ को कृषि तथ्याङ्कको आधारमा निम्नप्रकार हुन आउँछ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाई	१५,०००	गोरु	२,०००
भैंसी	७,०००	बाख्रा	१६,०००

पशुचिकित्सालय

पशु-विकास कार्यक्रमलाई सफल पार्न पशु-स्वास्थ्यको संरक्षण गर्नु पर्ने कुरालाई ध्यानमा राखी २०११ सालमा यस जिल्लामा पशु-चिकित्सालय स्थापना गरिएको थियो। यसको आवश्यकता अनुसार भवन तथा उपकरणहरूको सुव्यवस्था २०१६ स.ल पछि मात्र प्राप्त भएको थियो।

हाल यस पशु-चिकित्सालयमा भेटेनरी अधिकृत एक जना ल्याव असिष्टेन्ट एक जना समेत गरी जम्मा १० जना काम गर्दछन्।

यस पशु-चिकित्सालयले दैनिक पशु-पक्षीको उपचारको अतिरिक्त जिल्लामा समय समयमा पशुहरूमा रोगहरूको रोकथामको साथै कुखुराहरूमा हुने विभिन्न सरुवा रोगको विरुद्ध भ्याक्सीनेशन आदिको समेत काम गरिरहेको छ। भक्तपुर जिल्लामा पशुहरूमा नाम्ले रोगबाट निकै क्षति भइरहेको हुँदा परासाइट कन्ट्रोल योजना अन्तर्गत सो रोग विरुद्ध औषधि उपचारको काम भइराखेको छ। आर्थिक वर्ष २०२९।०३० मा उपचारको लागि चिकित्सालयमा ल्याइएका पशु-पक्षीको संख्या १०,७११ थियो जब कि यसको लक्ष्य जम्मा १०,००० मात्र राखिएको थियो।

फलफूल खेती

भक्तपुर जिल्लामा विभिन्न किसिमका फलफूलहरू पाइन्छन्। गर्मी मनसुनी हावापानीमा पाइने फलफूलदेखि लिएर शीतोष्ण प्रदेशमा पाइने फलफूलहरू समेत भएको यस जिल्लाका मुख्य मुख्य फलफूलहरू सुन्तला, नासपाती, अम्बा, आरु, स्याउ, आँप, केरा, कागती, ज्यामीर, भोगटे, निबुवा, आलुबखडा आदि हुन्। यी फलफूलहरू स्थानीय भक्तपुर बजारमा बिक्री वितरण हुनुको साथै केही मात्रामा काठमाडौं शहरमा समेत ल्याइन्छन्। ✓

जिल्लाका फलफूल विकास केन्द्रमा खासगरी नगरकोट, बागेश्वरी, काभ्राँबारीमा स्याउको साथै नासपाती र आरुका बिरुवाहरू लगाइएका छन्। तल्लो भागमा ओखर, कागती, भोगटे, निबुवा, आलुबखडा, अनार, अम्बा र नासपाती लगाउने गरेको पाइन्छ। वरपरका डाँडाहरूमा बस्ने उच्च क्षेत्रका कृषकहरूमा स्याउ र आरु तथा बेंसीमा बस्ने कृषकहरूमा ओखर, कागती र अनारलाई धेरैले मन पराएका छन्। यहाँबाट वितरण भएको धेरैजसो बोटहरूले फलफूल दिन थालिसकेका छन्। माथि उल्लिखित तथ्याङ्कअनुसार सबभन्दा बढी बोट नासपातीको छ।

कृषिऋण र सहकारीता कार्यक्रम

भक्तपुर जिल्लाका निवासीहरूमध्ये धेरैजसो गाउँले र निम्न स्तरका कृषकहरू नै छन्। पूर्ण रूपमा खेतीमा निर्भर यी कृषकहरूको लागि रासायनिक मल, आधुनिक कृषि औजारको अत्यावश्यक छ जसको पूर्तिको लागि ऋणको आवश्यकता पर्दछ। त्यसैले यस जिल्लाका कृषकहरूलाई सहकारी संस्थाहरू मार्फत नगद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तथा रासायनिक मल, कृषि औजारको रूपमा ऋण प्रदान भइरहेको छ।

ऋणका स्रोतहरूमध्ये जिल्लाका साहू महाजनहरू नै मुख्य रूपमा देखिन आउँछन्। यसको अतिरिक्त कृषि विकास बैंकको एजेन्ट कार्यालय तथा सहकारी संस्थाबाट पनि ऋण उपलब्ध गराइएको छ।

हाल यस जिल्लामा एक मात्र कृषक सहकारी संस्था भएको तथा उक्त संस्थाले आवश्यक कृषि विकास बैंकबाट ऋण प्राप्त गरी कृषि कार्यको लागि आवश्यक रासायनिक मल, बीज, बीजन एवं कृषि औजारहरू उपलब्ध गरी बिक्री वितरण समेत गर्ने व्यवस्था गरेको छ। हाल उक्त संस्थाको सदस्य संख्या ८,८०२ छ।

यस जिल्लामा सञ्चालित नौवटा सहकारी संस्थाहरूको समन्वयको लागि २०२३ सालमा भक्तपुर जिल्लाको जिल्ला सहकारी संघ दर्ता भएको थियो। यसको सदस्य संख्या ११ र शेयर पूँजी रू. १,१५५। थियो। सो संघ केही समयसम्म सक्रिय थियो तर हाल सो संख्या निस्क्रिय अवस्थामा रहेकोले एक मात्र कृषक सहकारी संस्था लि. भक्तपुरले ठाउँ ठाउँमा डिपो, सब-डिपोहरू खोली आफ्नो कार्य सञ्चालन गर्दै आएको छ।

वि. सं. २०२४ सालमा यस जिल्लामा कृषि विकास बैंकको प्रशाखा कार्यालय स्थापना भएको हो। उक्त कार्यालयबाट शेयर खरीद गरेका आफ्ना सदस्य तथा अरू व्यक्तिहरूलाई ऋण दिने व्यवस्था भइरहेको थियो। तर हाल सो प्रशाखा कार्यालयको स्थानमा ऐजेन्ट कार्यालय रही यस जिल्लाका ऋण चाहिने कृषकहरूलाई आफ्नो सिफारिशमा बैंकको नियमाअनुसार ऋण दिने व्यवस्था गरेको छ।

यस जिल्लाको एक मात्र सहकारी संस्थाको २३ डिपो, सब-डिपोहरूको लागि आवश्यक पर्ने कृषि उपकरणहरूको निमित्त आवश्यक पूँजी सो संस्थालाई कृषि विकास बैंकबाट नै उपलब्ध गरिन्छ। आर्थिक वर्ष २०२९।०३० मा यो संस्थाले लिएको रू. ३,००,०००। को ऋण रकम हालसम्म चुक्ता भइसकेको छ।

सिंचाइ

भक्तपुर जिल्लामा हनुमन्ते, खसाङखुसुङ, घट्टे खोला, सुडाल जस्ता कहिले पनि पानी नसुक्ने खोलाहरू छन्। यी खोलाहरूबाट यस जिल्लाका ५० प्रतिशत खेतहरूमा वर्षाको समयमा राजकुलो तथा ग्रामीण जनताहरूको श्रमदानबाट बनेका कुलोद्वारा सिंचाइको व्यवस्था भइरहेको छ। भक्तपुर जिल्लाको जति पनि नदीहरू छन् तिनीहरू त्यति ठूलो नभएबाट सिंचाइको व्यवस्था गर्न सजिलैसंग सकिन्छ तर जिल्लाको धेरै जसो कुलोहरू पक्की नभई बलौटे र पाँगा माटोबाट बनेको हुँदा वर्षाको समयमा बाढी पैरोबाट कुलो भत्कने, खोलाको बाढीले कुलो पुरिदिने, कुलाको मुहान बगाई लैजाने, बिखुनहरू भासिएर जाने आदिले गर्दा सिंचाइमा समय समयमा बाधा आउने गर्छ

यस जिल्लामा करीब १७८ वटा कच्ची कुलोहरू छन्। यी सबै कुलोहरू जनश्रमदानबाट बनाइएका हुन्। यी कुलाहरूबाट जिल्लाको ५० प्रतिशत खेतहरूमा सिंचाइको सुविधा पुगेकोछ। ती खेतहरूमा सिंचाइको प्रयोग वर्षे बालीको लागि जेठ, असार र साउनमा तथा हिउँदे बालीको लागि माघ, फागुन र चैत महीनामा हुन्छ।

माथि उल्लिखित कच्ची कुलोहरू बाहेक एक पक्की नहरको साथै पाँचवटा पक्की कुलोहरू पनि छन्। पक्की नहर गुण्डु महादेव खोलाबाट निकालिएको छ। उक्त नहर ४.८ किलोमिटर (डेढ कोस) लामो छ र यसबाट करीब ३०० हेक्टर (६,००० रोपनी) जग्गामा सिंचाइ हुन्छ। यी पाँच वटा पक्की कुलाहरूका नाम क्रमशः नानाबू, काह्लाचा, तव्याखुसी, धंखा र पाको कुलाहरू हुन्। तिनीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येकको लम्बाइ करीब ३.२ किलोमिटर (एक कोस) छ। यिनीहरूबाट करीब २,००० हेक्टर (४०,००० रोपनी) मा सिचाइको सुविधा पुग्दछ ।

उद्योग

काठमाडौं उपत्यका उद्योग र व्यापारको लागि प्राचीनकालदेखि नै निक्कै प्रख्यात छ । उपत्यका भित्रकै जिल्ला भएकोले यस भक्तपुर जिल्लाले पनि नेपालको उद्योग र व्यापारमा महत्वपूर्ण भूमिका खेल्नु स्वाभाविक हो। जिल्ला भित्र ठूल-ठूला उद्योगहरूको कमी भए तापनि धेरै समय अघिदेखि नै यस जिल्लाका परम्परागत तरीकाबाट चलाइने घरेलु उद्योगहरू फष्टाउँदै आएका छन् । उदाहरणको लागि भक्तपुर शहर भित्रका घरहरूमा कपडा बुन्ने तान नभएको घर छँदै छैन भने पनि हुन्छ। विशेष गरी खेतीको पेशामा लागेका सबैजसो मानिसहरूको घरमा लुगा बुन्ने तानहरू भेट्टिएका छन् । यस बाहेक भाँडा वर्तन, भादगाउँले टोपी, माटाका भाँडा-कुँडाहरू, सुन-चाँदीका गहनाहरू, ढलोट तथा काठका मूर्तिहरू, जुजु धौ (दही) को उत्पादन आदि यस जिल्लामा मात्र नभई अधिराज्यभरमा नाम चलेको पाइन्छ। यी सबै किसिमका उद्योगधन्धाहरू परम्परागत रूपमा नै चलिरहेका छन् ।

तेह्रौं शताब्दीको शुरूमा जुनबेला भक्तपुर शहरको सिर्जना भयो त्यसबेला यो शहर नेपाल राज्यको राजधानी मात्र नभई एउटा व्यापारिक केन्द्र पनि बनेको कुरा इतिहासले बताउँछ। मल्लकालीन सभ्यताको समयमा यस जिल्लाले आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा निक्कै महत्व जमाएको थियो तर पछि जति जति काठमाडौं र पाटन क्षेत्र विकसित हुँदै गए त्यति नै यस भक्तपुर क्षेत्रको औद्योगिक तथा व्यापारिक पक्ष कमजोर हुँदै गए। त्यसैले हाल यो जिल्ला खालि पुरातात्त्विक, ऐतिहासिक तथा सांस्कृतिक कला कौशलको लागि मात्र प्रख्यात छ ।

वि.सं. २०२२ को औद्योगिक गणनामा दिइएको तालिकाअनुसार यस जिल्लामा जम्मा २७ वटा निम्नप्रकारका मिलहरू छन् ।

मिलहरू	संख्या
चामल	७
तेल	४
फर्निचर	३
तकुवाटोपी	१०
ईंट टायल	२
विविध	१
जम्माः–	२७

त्यसै तथ्याङ्कमा तुलनात्मक रूपमा देखाइएका काठमाडौं र पाटनका मिलहरू क्रमशः १९६ र ६७ भएबाट यो उपत्यकाका जिल्लाहरूमा भक्तपुरमा सबभन्दा कम अर्थात् आठ प्रतिशत मात्र पर्न आउँछ तर आर्थिक वर्ष २०२९।०३० को अन्तःशुल्क कार्यालयद्वारा निकालिएको तथ्याङ्कअनुसार हाल यस जिल्लामा ५१ वटा मिलहरू छन् । त्यसमध्ये सबभन्दा बढी अर्थात् ४८ वटा चामल मिल छन् । यस बाहेक यस जिल्लामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तःशुल्क नलागेका मिलहरू पनि प्रशस्त मात्रामा छन् । भक्तपुर नगर पञ्चायतमा दर्ता भएका चामल मिल १२ वटा र फर्निचर कारखाना १२ वटा छन् ।

यी सबै मिलहरूले कच्चा पदार्थ जिल्ला भित्रैबाट उपलब्ध गर्दछन् । जिल्लामा उत्पादित औद्योगिक वस्तुहरू धेरैजसो जिल्ला भित्रै तथा काठमाडौं उपत्यकाका अन्य शहर तथा गाउँहरूमा पनि खपत हुन्छन्। यस बाहेक अधिराज्यका विभिन्न जिल्लाहरूमा समेत वितरण हुन्छन् । विशेषगरी काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप, दोलखा आदि जिल्लाहरूमा खपत हुन्छन् ।

घरेलु उद्योग

जिल्लाका अधिकांश मानिसहरू फुर्सदको समयमा स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्योग व्यवसायमा लागेका छन् । जिल्लामा प्राप्त हुने जस्तै गाई भैंसीको दूधबाट बनिने दही, कृषि बालीमा आधारित उद्योग, माटाका भाँडाकुँडाहरू तथा काठ, ढुङ्गा तथा माटाका शिल्प तथा वास्तुकलाहरू नै यहाँका मुख्य घरेलु उद्योगहरू हुन् । यस बाहेक बाहिर विदेशी कच्चा पदार्थमा आधारित घरेलु उद्योगमध्ये भादगाउँले टोपी, धातुका भाँडा-कुँडा बनाउने तथा स्वदेशी कपडा बुन्ने प्रमुख हुन् । भक्तपुर जिल्लाका घरेलु उद्योगहरूलाई निम्न चार प्रकारमा विभाजन गर्न सकिन्छः—

(१) कृषिमा आधारित उद्योगहरू
(२) वनस्पतिमा आधारित उद्योगहरू
(३) पशुपालनमा आधारित उद्योगहरू
(४) खनिज पदार्थमा आधारित उद्योगहरू

कृषिमा आधारित उद्योगहरूः जिल्लाका घरेलु उद्योगहरूमध्ये कृषि पैदावरमा आधारित उद्योग निक्कै महत्वपूर्ण छ । ऋषि उत्पादनबाट आउने कपासद्वारा सूती कपडा बुन्ने र भादगाउँले टोपी बनाउने उद्योग यस जिल्लामा निक्कै प्रख्यात छ । राष्ट्रिय टोपी मानिएको भादगाउँले टोपी अधिराज्यभरलाई पुग्ने गरी यस जिल्लाले उत्पादन गर्दछ भन्न सकिन्छ । यस जिल्लाका कृषक आइमाईहरू फुर्सदको समयमा सूती धागोबाट कपडा बुन्ने गर्दछन् । यही धागोद्वारा तयार पारेको स्वदेशी घरबुना कपडा रङाई "हाकुपटासी" नामको कालो सारी, चोलो, पटुका आइमाईहरूको लागि तथा दौरा-सुरुवाल, पटुका लोग्ने मानिसहरूको लागि तैयार गर्दछन्। धान अथवा गहुँ काटिसकेपछि बच्न आउने पराललाई पनि यहाँका मानिसहरू विभिन्न किसिमका सामानहरू जस्तै सुकुल, पराले जुत्ता (नालु लाकां), डोरी आदि बनाई दैनिक उपभोगबाट बढी भएको सामानहरू बेच्ने पनि गर्दछन् । धानबाटै तैयार हुने चिउरा कुट्नमा खासगरी भक्तपुर शहरभन्दा केही उत्तरमा पर्ने टिग्नी भन्ने ठाउँ निक्कै ख्याति प्राप्त छ । तोरीबाट तेल निकाल्ने काममा पनि यो जिल्ला उत्तिकै प्रख्यात छ ।

वनस्पतिमा आधारित उद्योगहरूः यस जिल्लाभित्र चालू अवस्थामा रहेका कुटीर उद्योगहरूमध्ये वनस्पतिमा आधारित उद्योग पनि एउटा महत्वपूर्णको छ । काठलाई प्रयोगगरी घरका ढोका, चौकोस, झ्याल, खापाको साथै फर्निचरका सामानहरू जस्तै टेबुल, मेच, बेन्च, दराज, सन्दूस, खाट आदि बनाउने काम हुन्छ। यिनै काठमा विभिन्न कलात्मक तरीकाले मूर्तिहरू कुँद्ने शिल्पकलाको लागि पनि यस जिल्ला निक्कै समय अघिदेखि प्रख्यात छ । त्यस्तै बाँस, निगालो आदि वनस्पतिबाट शहरी क्षेत्र तथा आसपासका गाउँहरूमा खर्पन तथा जिल्लाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वरपरका तामाङहरूद्वारा डोको , डालो, नाम्लो आदि बनाई जिल्लाभित्र तथा छिमेकी जिल्लाहरूमा समेत विक्री वितरण गर्न ल्याइन्छन् ।

पशुपालनमा आधारित उद्योगः जिल्लाका घरेलु उद्योगहरूमध्ये दही उत्पादन प्रमुख हुन आउँछ । गाउँ, शहरमा पालिएका प्रशस्त गाई भैंसीबाट प्राप्त दूधबाट यस जिल्लाका बासिन्दाहरूले सर्वश्रेष्ठ दही उत्पादन गर्दछन् । यहाँ बनाइने दहीलाई स्थानीय भाषामा जुजुधौ अथवा दहीको राजा भन्ने संज्ञा समेत दिइएको छ । यस किसिमको दही धेरै मात्रामा काठमाडौं तथा पाटनका शहरहरूमा विक्री वितरण हुन्छ । तर आजकल यस जिल्लाबाट शुद्ध दूध सीधा काठमाडौंको दुग्धशालामा ल्याइने हुँदा यस किसिमको दही उत्पादनमा अलि कमी भएको महसूस गरिन्छ । यस बाहेक दूधबाट कुरौंनी तथा अनेक प्रकारका मिठाइहरू पनि बनाइन्छन् ।

खनिज पदार्थमा आधारित उद्योगः जिल्लाका खनिज पदार्थमा आधारित कुटीर उद्योगहरूमध्ये माटाका भाँडा-कुँडा, धातुका भाँडा-कुँडा तथा गहनाहरू, विभिन्न किसिमका वास्तुकलाका नमूनाहरू, कृषि तथा दैनिक प्रयोगका औजारहरू तथा ढुङ्गामा कुँदिने मूर्तिहरू मुख्य रूपमा पाइएका छन् । जिल्लामा विशेषगरी ठिमी गाउँका मानिसहरू मलिलो माटो झिकेर अनेक प्रकारका माटाका भाँडा-कुँडाहरू बनाई काठमाड़ौं उपत्यका बाहेक अन्य छिमेकी जिल्लाहरूमा समेत बेच-बिखन गर्न जान्छन् । माटोको ध्याम्पो ठण्डा र स्वच्छ पानीको लागि स्थानीय व्यक्तिहरू बाहेक विदेशीहरूले समेत प्रयोगमा ल्याउँछन् । यहाँका मानिसहरू "सलि" (रक्सी, राख्ने सानो कचौरा) देखि लिएर पाँच छ फीट अग्ला पानीका घ्याम्पा पनि सजिलैसित बनाउँदछन् । यसरी माटोको कामबाट धेरैले आफ्नो जीविका चलाउँछन् । माटाका भाँडाहरू बाहेक जिल्लाका मानिसहरू तामा, पित्तल, ढलोट, काँश आदि धाँतुका भाँडा-कुँडा पनि बनाउने गर्दछन् । त्यस्तै भक्तपुर शहरमा सुन, चाँदी आदिका गहनाहरू बनाउने काममा सिपालु मानिसहरू प्रशस्त मात्रामा पाइन्छन् । कामीहरू फलामका औजारहरू तथा चुपी, चुलेसी, चिम्टा इत्यादि बनाउने गर्दछन् । जिल्लाको मलिलो माटोबाट इँट, टायल उत्पादन गर्ने घरेलु उद्योग शहर बाहिर गाउँ गाउँका खेतहरूमा रहेका इँटा भट्टाबाट स्पष्ट हुन्छ ।

जिल्लामा रहेका विभिन्न किसिमका उद्योगहरूमध्ये अन्तःशुल्क लाग्ने प्रतिष्ठानहरू निम्नअनुसार छन्

निर्धारित अन्तःशुल्क लागेको चामल मिल	४८
२५ अश्वशक्तिभन्दा माथिको उत्पादनको आधारमा अन्तःशुल्क लाग्ने चामल मिल	१
निर्धारित अन्तःशुल्क लागेको तेल मिल	१
२५ अश्वशक्तिभन्दा माथिको उत्पादनको आधारमा अन्तःशुल्क असूल हुने तेल मिल	१
जम्माः–	५१

आर्थिक वर्ष २०२६।०२७ देखि २०२९।०३० सम्ममा यस जिल्लामा अन्तःशुल्कबाट उठेको रकम यसप्रकार छः–

आर्थिक वर्ष	अन्तःशुल्क उठेको रकम
२०२६।०२७	२५,८६,५०४।
२०२७।०२८	१९,२६,७०२।
२०२८।०२९	२६,८१,६७०।
२०२९।०३०	३२,०९,८३२।
जम्माः–	१,०४,०७,७०८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापार

भक्तपुर जिल्लामा उत्पादित धेरैंजसो वस्तुहरूको विक्री वितरण प्रायः उपत्यका भित्रका विभिन्न गाउँ तथा शहरहरूमा हुन्छ। यसमा व्यापारिक दृष्टिकोणबाट विशेषगरी कृषि पैदावारको महत्व छ किन भने यहाँ उत्पादित चामल, मकै, गहुँ, चिउरा, बोडी, चना, भटमास तथा तरकारीहरू यस जिल्लाको लागि बढी भई बाहिरका जिल्लाहरूमा पठाइन्छन्। आजकाल धान, गहुँ, मकै आदि अन्नको व्यापार बढी भएकोले मानिसहरू चामल कुट्ने मेशीनहरू राखी सोझै काठमाडौं बजार ल्याउने गर्दछन्।

त्यस्तै भक्तपुरको तरकारी अधिराज्यभर नै प्रख्यात भएको कुरा माथि उल्लेख भइसकेको छ। खासगरी ठिमी, बोडे, कटुञ्जे, गुन्दु आदि ठाउँहरूको तरकारी प्रख्यात छ। अझ ठिमीलाई अधिराज्यको तरकारी भण्डार भन्ने संज्ञा पनि दिइएको छ। तरकारी उत्पादन गर्ने कृषकहरू मध्यम वर्गको भएको हुँदा आफूले तरकारी नखाएर भए पनि अरू ठाउँमा लगेर बेच्ने गर्दछन्। विशेषगरी ठिमी क्षेत्रको तरकारीहरू काठमाडौं बजारमा खपत हुन्छ।

यिनीहरू बाहेक जिल्लाबाट बाहिर निकासी हुने वस्तुहरूमा दही, भादगाउँले टोपी, हस्तकलाका सामानहरू तथा गाई, भैंसीको दूध इत्यादि हुन्। यस जिल्लाबाट काठमाडौं केन्द्रीय दुग्धशालामा प्रतिदिन करीब ४,००० लिटर दूध जाने गर्दछ। क्यूरियोका सामानहरूमा तामा, पित्तल, ढलोट तथा फलामका मूर्तिहरू, माटाका मूर्तिहरू, कलात्मक चित्र (पौभा), ढुङ्गाका मूर्ति तथा विभिन्न किसिमका अन्य धातुका सामानहरू जिल्लाभित्रै विक्री हुन्छन्। उपत्यकाको पुरानो शहर भएकोले प्रत्येक वर्ष दशौं हजार पर्यटकहरू यहाँ घुम्न आउने गर्दछन्। त्यसबेला यी पर्यटकहरूले यहाँका बजारहरूमा राखिएको विभिन्न किसिमका कलात्मक वस्तुहरू किनेर लैजाने गर्दछन्। दरबार चोकमा मात्रै १० वटाभन्दा बढी क्यूरियोका पसलहरू छन्। त्यस्तै अन्य प्रख्यात मन्दिरहरूको आसपासमा पनि गल्ली गल्लीभित्र यस किसिमका पसलहरू पाइन्छन्।

भक्तपुर बजार प्राचीनकालमा पूर्वीय जिल्लाहरूको एउटा महत्वपूर्ण व्यापारिक केन्द्र बनेको थियो। यस शहर वरपरका छिमेकी जिल्लाहरू जस्तै काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, ओखलढुङ्गा समेतका मानिसहरूको लागि थोक तथा खुद्रा विक्रीको केन्द्र बनेको थियो। विशेषगरी चौतारा, बनेपा, धुलिखेल, बाह्रबिसे बजारका व्यापारीहरू यहाँबाट नै थोक सामानहरू लैजाने गर्दथे। तर हाल काठमाडौंबाट गएको अरनिको राजमार्ग भक्तपुर शहरको बीचबाट नगई अलि परबाट गएकोले पूर्वतर्फका व्यापारिक केन्द्रहरू जस्तै धुलिखेल, बनेपा, बाह्रबिसे आदिको सोझो सम्पर्क काठमाडौंसित भएकोले यस शहरको व्यापारिक महत्व खालि आन्तरिक हुन पुगेको छ। त्यस्तै जिल्लाका प्रतिष्ठित व्यक्तिहरू यस शहरलाई छाडेर काठमाडौं तथा तराईका जिल्लाहरूमा जग्गाको लागि जान थालेका हुँदा भक्तपुरले व्यापारिक उन्नति गर्न सकेन।

यस जिल्लाका व्यापारको सिलसिलामा टिम्बर कर्पोरेशनले पनि निकै प्रगति गरेको देखिन्छ। २०२३ साल मंसीर १ गते खोलेको उक्त संस्थानको डिपोले प्रत्येक वर्ष बढ्दो काठको व्यापार गरेको पाइन्छ। यहाँ विभिन्न किसिमका काठहरू साल, चाँप, सिसौ, टुनी, असना, चीर, पाइन, चिलाउने, सिमल, हर्रो, बर्रो, बाँझ आदि विक्री वितरण हुन्छ। यस कार्यालयबाट शुरू शुरूमा करीब ३६ हजार क्यूबिक फीट विक्री गरिएको थियो तर २०२८।०२९ सालमा करीब एक लाख क्यूबिक फीटसम्म पुगेको देखिन्छ।

यस जिल्लामा आयात हुने सामानहरूमा धेरैंजसो कल-पूर्जा तथा फलामका सामान हुन आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाहेक कपडा, डिजेल, पेट्रोल, औषधि, चिया, बिस्कुट, सुपारी, कन्फेक्सनरी सामान, साबुन तथा बिजुलीका सामान, जुत्ता, कपास, टर्च लाइट, प्लाष्टिकको सामान, नून, छाता, छालाका सामानहरू, कागज, शृङ्गारका सामान, मट्टीतेल आदि पनि हुन्।

भादगाउँ शहर यस जिल्लाको मुख्य व्यापारिक केन्द्र हो। त्यसपछिको ठूलो व्यापारिक केन्द्र ठिमी हो। काठमाडौं र भक्तपुरको बीचमा पर्ने यस शहरले यी दुई शहरको मध्यस्थको काम गर्दै आएको छ।

बैंक सेवा

वि. सं. २०१७ सालभन्दा अगाडि जिल्लामा बैंक सेवा उपलब्ध नभएकोले भक्तपुरका जनताले काठमाडौंस्थित केन्द्रीय बैंकहरूसित कारोवार गर्दै आएका थिए। यस जिल्लामा नेपाल बैंक लिमिटेडको भक्तपुर उपशाखा २०१७ साल भदौ ३ गते भक्तपुरस्थित टौमढी टोलमा स्थापना भएको थियो।

यस बैंकले नगद डिपोजिट लिनुको साथै विभिन्न मालहरूमा लगानी गरी ग्राहकवर्गहरूलाई ऋण पनि दिंदै आएको छ। हाल यस बैंकमा राखिएका डिपोजिट तथा कर्जातर्फ किसिम र ग्राहक संख्या निम्नबमोजिम छः–

डिपोजिटतर्फका ग्राहकहरूको वर्गीकरण

डिपोजिट गर्ने खाताको नाम	ग्राहक संख्या	रकम
चल्ती	२७७	१२,७०,७३६।
बचत	७३८	१०,७२,४९७।
मुद्दती	२७१	१२,०९,१५५।
जम्माः–	१,२८६	३५,५२,३८८।

लगानीतर्फका ग्राहकहरूको वर्गीकरण

लगानी हुने खाताको नाम	ग्राहक संख्या	लगानी रकम
सुन चाँदी	६४१	५,०९,९०६।
गल्ला	७	४३,२३२।
इम्पोर्टस्	१	६,७८९।
मुद्दती	४१	७७,४६७।
हायर एण्ड पर्चेज	१	३६,१५८।
कपडा	४	३७,६८८।
राष्ट्र ऋण	१	९००।
विविध	२९	९३,४३४।
जम्माः–	७२५	८,०५,५७४।

यस बैंकमा सुन चाँदीमा लगानी बढी हुन्छ, किनभने उद्योगको कमीले गर्दा व्यापारीवर्गहरूले खासगरी सुन चाँदीतर्फ बढी लगानी गरेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल बैंक लिमिटेड बाहेक पूरै जिल्लालाई ढाक्ने गरी कृषि विकास बैंकको एजण्ट कार्यालय भक्तपुर शहरमा खोलिएको छ। आर्थिक वर्ष २०२३।०२४ मा सहकारी बैंक प्रशाखा कार्यालयको रूपमा उक्त कार्यालय खोलिएको थियो। पछि आर्थिक वर्ष २०२७।०२८ मा उक्त क्षेत्र शाखा कार्यालय काठमाडौं अन्तर्गत राखी उक्त कार्यालयलाई एजेण्ट कार्यालयको रूपमा परिणत गरिएको थियो।

भक्तपुर जिल्लाका कृषकहरूलाई कृषि सम्बन्धी काम गर्नाको लागि आर्थिक सहयोग प्रदान गर्नु यस बैंकको मुख्य काम हो। यस बैंकबाट त्यस जिल्लाका कृषकहरूलाई कृषि कार्यहरूमा आर्थिक सहयोग उपलब्ध गराउँदै आएकामध्ये (क) खाद्यान्न तथा नगदे बाली उत्पादन (ख) पशु-पक्षी तथा माछा पालन (ग) पावर टिलर, पम्पिङ सेट आदि कृषि उपकरणहरू (घ) धान कुट्ने, पीठो पिध्ने मिल जस्ता कृषि उद्योगका सामानहरू मुख्य मुख्य रूपमा लिन सकिन्छ।

यस बैंकले भक्तपुर जिल्लामा संस्थागत र व्यक्तिगत दुई प्रकारबाट आर्थिक सेवा उपलब्ध गराएको छ। शुरूदेखि आर्थिक वर्ष २०२९।०३० को अन्तसम्ममा यस जिल्लामा संस्थागत तथा व्यक्तिगत ऋणीहरूलाई गरी करीब रू. २२ लाख ऋण उपलब्ध गराइएको छ। बैंकबाट ऋण लिनेमा एक मात्र जिल्लास्तरीय सहकारी संस्था र ६० जना जतिले ऋण लिएका छन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

यातायात

यस जिल्लाको कुनै पनि भाग सदरमुकामदेखि ११.२ किलोमिटर (३.५ कोस) भन्दा टाढा पर्दैन। त्यसैले यस जिल्लाको एक छेउबाट अर्को छेउसम्म जान बर्षादको समयमा अलि कठिनाइ भए तापनि असम्भव छैन। सदरमुकामबाट जतिसुकै टाढा गए तापनि एकै दिनमा फर्कन सकिन्छ। काठमाडौंबाट भक्तपुर शहरलाई जोड्ने दुईवटा महत्वपूर्ण बाटोहरू छन्।

(क) काठमाडौं - भक्तपुर (पुरानो बाटो)
(ख) काठमाडौं - भक्तपुर (नयाँ बाटो)

यस जिल्लाभित्र पर्ने केही महत्वपूर्ण सडक तथा बाटोको नाउँ र यिनीहरूको छोटकरी विवरण यसप्रकार छः—

अरनिको राजमार्ग

यो अधिराज्यको राजधानी काठमाडौं शहरलाई कोदारी (जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित प्रदेशसँगको सीमाना) सित जोड्ने राजमार्ग हो। यसको लम्बाइ १०४ किलोमिटर (३२.५ कोस) छ। यो राजमार्ग पहिले भक्तपुरको सल्लाघारीबाट शुरू भई नेपालको उत्तरी सीमानासम्म गएकोमा पछि काठमाडौंदेखि भक्तपुरसम्मको नयाँ बाटो बनेदेखि यो सडक जिल्लाको पश्चिम सीमाना मनोहरा नदीदेखि नै शुरू हुन पुगेको छ। हाल यस जिल्लाभित्र पर्ने यो बाटोको लम्बाइ १२.८ किलोमिटर (चार कोस) छ। अधिराज्यको लोकप्रिय राजमार्गमा गनिएको यो सडकको पूरै भाग कालोपत्र भइसकेको छ। यो राजमार्गले यस जिल्लाको लोहँकिथली, बालकुमारी, कटुञ्जे, सिपाडोल, नङखेल र चित्तपोल पञ्चायतहरू भएर गएको छ। यो मार्ग भक्तपुरको मुख्य शहरको दक्षिण भागबाट गएको हुँदा भक्तपुरको व्यापारिक महत्व अलि घटेको जनताहरूले महसूस गरेका छन्। यो मार्ग बन्नुभन्दा पहिले भक्तपुर शहरको पूर्वमा पर्ने धेरै गाउँहरू तथा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाभित्र गाउँ तथा शहरहरूका मानिसहरूको लागि भक्तपुर एउटा महत्वपूर्ण व्यापारिक केन्द्र बनेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुर–काठमाडौं सडक (पुरानो बाटो)

अरनिको राजमार्ग बन्नुभन्दा पहिले यो बाटो निक्कै प्रचलनमा आएको थियो। काठमाडौंदेखि भक्तपुर शहरसम्म यसको लम्बाइ ११.२ किलोमिटर (३.५ कोस) लामो छ। यो बाटो काठमाडौंबाट बागबजार बानेश्वर, बत्तिसपुतली, त्रिभुवन विमान स्थल, सिनामङ्गल, सानो ठिमी, ठिमी भएर भक्तपुर जाने गरेको थियो। पछि विमानस्थलको रनवे बढाउने कार्यले गर्दा हाल विमानस्थल निरको बाटो बन्द भई नयाँ अरनिको राजमार्गमा जोडेर विमानस्थल पारगर्नासाथै कोटेश्वर गाउँदेखि फेरी पुरानो बाटोमा जोडिन्छ। यसले गर्दा हाल यसको लम्बाइमा केही परिवर्तन आएको छ। यो बाटोमा काठमाडौंदेखि भक्तपुरसम्म कालोपत्र भइसकेको भए तापनि बाटोको स्थिति त्यति राम्रो छैन। हाल यस जिल्लाभित्र मात्रै पर्ने बाटोको लम्बाइ करीब ७.२ किलोमिटर (२.२५ कोस) छ। यस बाटोमा पर्ने मुख्य ठूलो व्यापारिक केन्द्र ठिमी हो।

भक्तपुर–नगरकोट सडक

भक्तपुर सल्लाघारीबाट शुरू हुने यस सडकको लम्बाइ २२ किलोमिटर (६.५ कोस) र चौडाइ पाँच मिटरदेखि छ मिटरसम्म रहेको छ। यस सडकको धेरैजसो भाग कच्ची अवस्थामा छ। २०३०।०३१ को आर्थिक वर्षभरीमा भक्तपुरदेखि महादेव पोखरीसम्म खण्डास्मित गर्ने, आठ किलोमिटरमा कालोपत्र गर्ने र अन्य बाँकी भागमा सर्वेक्षण गर्ने कार्यक्रम छ। यसको लागि सो आर्थिक वर्ष भित्रमा रू. २,४६,५००। खर्च गर्ने लक्ष्य छ। विशेषगरी यो बाटो दृश्यावलोकनको लागि आउँने विदेशी पर्यटकहरू र बिदाको दिन स्थानीय मानिसहरूद्वारा पिकनिक मनाउन आउनको लागि चालू छ। भक्तपुरबाट सिन्धुपाल्चोकको सदरमुकाम चौतारासम्म जाने मुख्य बाटो पनि यही नै हो।

भक्तपुर–साँगा–बनेपा बाटो

भक्तपुरबाट साँगा भई बनेपा जाने पुरानो निक्कै चल्तीको बाटो थियो। नयाँ अरनिको राजमार्गले गर्दा हाल यो बाटोको चल्ती कम भएको छ। यो बाटो यस जिल्लाभित्र ५.६ किलोमिटर (१.७५ कोस) लामो छ। भक्तपुर शहरदेखि साँगा भञ्ज्याङ नपुगुञ्जेल उकालो लाग्नु पर्दछ। बाटो एकदम खराब अवस्थामा भएकोले हाल यो बाटोमा मोटर जान बन्द छ। आसपासका गाउँमा जाने मानिसहरूले पैदल हिड्ने गर्दछन्।

यी राजमार्ग, सडक तथा बाटोहरू बाहेक जिल्लाको सदरमुकामबाट विभिन्न गाउँ पञ्चायतहरू तथा गाउँहरूमा जाने प्रशस्त गोरेटोहरू छन्। त्यसमध्ये शहरबाट चाँगुनारायणस्थान भई साँखु जाने बाटो अरूभन्दा महत्वको छ।

काठमाडौं–भक्तपुर विद्युत्यान (ट्रलिबस)

काठमाडौं भक्तपुरको बाटोमा बढ्दो आवत-जावतलाई ध्यानमा राखी नेपालमा सर्वप्रथम यी दुई शहरको बीच विद्युत्यान (ट्रलिबस) सेवा उपलब्ध हुँदछ। यस विद्युत्यान (ट्रलिबस)को सेवा पुऱ्याउने लक्ष्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार आर्थिक वर्ष ३०३०।०३१ देखि काठमाडौं र भक्तपुरको बीच विद्युतयान स्थापना सम्बन्धी निर्माण कार्य शुरू भइसकेको छ। यस विद्युतयान सेवाबाट काठमाडौं र भक्तपुरका यात्रुहरूलाई छिटो आवागमनको सुविधा मिल्ने छ। हाल यस विद्युतयान सेवा काठमाडौंको त्रिपुरेश्वरबाट शुरू भई भक्तपुर जिल्लाको सूर्यविनायक दोबाटोसम्म करीब १२,१३ किलोमिटर (चार कोस) मा चल्नेछ। यस आयोजना अन्तर्गत २२ वटा सिङ्गल ट्रलिबसहरूद्वारा प्रतिदिन १५ हजार यात्रुहरूलाई सुविधा मिल्नेछ।

यो विद्युत् शक्तिबाट सञ्चालन हुने अधिराज्यको सर्वप्रथम विद्युतयान (ट्रलि बस) हो। खासगरी देशमा जलविद्युत् शक्तिको प्रयोग बढ्दै आएको र डिजेल, पेट्रोलको लागि विदेशमा भरपर्नु पर्ने भएकोले स्वदेशमा नै उपलब्ध विद्युत् शक्तिको उपयोगद्वारा यातायातको विकास गर्न सक्नु आर्थिक दृष्टिकोणले धेरै फाइदा हुनेछ।

सञ्चार

भक्तपुर जिल्ला राजधानीसँग जोडिएको सानो जिल्ला भएको र यातायातको सुगमताले गर्दा जिल्लाभित्र आउने र यहाँबाट अन्यत्र जिल्लामा जाने खबर तथा चिट्ठी पत्रहरू सञ्चारका माध्यमहरूद्वारा सजिलैसित आवत जावत हुन्छ।

हुलाक

यस भक्तपुर जिल्लामा हाल जम्मा छ वटा हुलाकहरू छन्। त्यसमध्ये एक छोटी हुलाक, जसलाई जिल्लाको हुलाक पनि भन्दछन्, भक्तपुर नगर पञ्चायत क्षेत्रको इटाछी टोलमा छ। अर्को ठिमी शाखा हुलाक बालकुमारी गाउँ पञ्चायतको बाखा बजारमा छ। बाँकी चारवटा अतिरिक्त हुलाकहरू निम्न स्थानहरूमा छन्:–

चाँगु अतिरिक्त हुलाक	चाँगु गाउँ पञ्चायत को पिखेल गाउँमा
खरिपाटी अतिरिक्त हुलाक	बागेश्वरी गाउँ पञ्चायत को खरिपाटीमा
जोरपाटी अतिरिक्त हुलाक	चित्तपोल गाउँ पञ्चायत को जोरपाटीमा
गाम्चा अतिरिक्त हुलाक	दधिकोट गाउँ पञ्चायत को गाम्चामा

यिनीहरू बाहेक बालकोट गाउँ पञ्चायत मा भर्खरै खोलेको एउटा अतिरिक्त हुलाक पनि छ।

भक्तपुर जिल्लाको मुख्य मानिएको छोटी हुलाक आर्थिक वर्ष २०२९।०३० मा जम्मा ५८,२२४ थान चिट्ठीपत्र आदि आएको र ६२,१४७ थान चिट्ठी पत्र आदि बाहिर गएको देखिन्छ। विशेषगरी शहरी क्षेत्रमा बढी व्यापारीहरू तथा विद्यार्थीहरू भएकोले अन्यत्र ठाउँमाभन्दा बढी चिट्ठी पत्रहरू आवत-जावत हुन्छन्।

आकाशवाणी र टेलिफोन

हाल भक्तपुर जिल्लामा आकाशवाणी कार्यालय छ। यहाँ भएको एक मात्र पब्लिक कल टेलिफोन कार्यालय भक्तपुर नगर पञ्चायत क्षेत्रको दरबारचोकमा छ। आर्थिक वर्ष २०२९।०३०को वर्षभरीमा यस कार्यालयले दर्ता गरेका खबरहरू (कुरा भएको समेत) जम्मा ६०७ र अन्य जिल्लाहरूबाट यस कार्यालयद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डेलिभरी हुन आएका खबरहरू जम्मा १,०१६ छन्।

यस कार्यालयबाट आकाशवाणी कार्यालयहरूमा सीधा सम्पर्क राखी कुरा गर्न सकिंदैन। तर खबरहरू मात्र दर्ता गरी नेपाल अधिराज्यभरका सबै आकाशवाणी कार्यालयहरूद्वारा डेलिभरी गर्ने गरी काठमाडौं टेलिग्राफ कार्यालय मार्फत पठाउन भने सकिन्छ।

हाल यस भक्तपुर जिल्लामा आन्तरिक टेलिफोनको नाउँमा नेपाल दूर सञ्चार समिति अन्तर्गत काठमाडौं क्षेत्रिय कार्यालयद्वारा सञ्चालित गत २०१२।०१३ सालदेखि रहेको तीन वटा सी. बी. लाइन सरकारी कार्यालयहरूमा जडान भएका छन्

बिजुली

वि. सं. १९९१ सालमा सुन्दरीजल जल विद्युत् पावर हाउसबाट उत्पादन शुरू भएपछि यस भक्तपुर जिल्लामा सर्बप्रथम विद्युत् शक्ति वितरण भएको अनुमान छ। पनौती र त्रिशूलीको जल-विद्युत् शक्ति आउनुभन्दा पहिले यस जिल्लाको आवश्यकतालाई महसूस गरी २०१६ सालमा नगर पञ्चायत क्षेत्रको लागि एउटा २५० किलोवाटको डिजलबाट चल्ने पावर हाउस स्थापना भएको थियो। पछि- जल-विद्युत् शक्ति उपलब्ध भएको हुँदा २०२२ सालमा उक्त पावर हाउस बन्द गरियो।

यस जिल्लाको लागि बिजुली त्रिशूली, पनौती, सुनकोशी, सुन्दरीजल एउटै विद्युत् प्रणालीमा जोडी उक्त प्रणालीबाट भक्तपुर र सुन्दरीजल सब-ष्टेशनहरूद्वारा वितरण गरिएको छ। ठिमी सब-ष्टेशनमा हाल पनौतीको २४,००० किलोभोल्ट र काठमाडौं रिङ्गलाइनको ११,००० किलो भोल्ट गरी जम्मा ३३,००० किलो भोल्ट भई १,२०० आम्पायरसम्मको क्षमता छ। भक्तपुर जिल्लाको लागि मात्र उपलब्ध हुन सक्ने सबै पावर हाउसहरूको विद्युत् शक्ति मिलाई जम्मा उच्चतम उत्पादन क्षमता ३१,५९० किलोवाट छ। यस उच्चतम उत्पादन क्षमतामध्ये हाल यस जिल्लाभित्रको वितरण प्रणालीको क्षमता जम्मा ५,००० किलोवाट मात्र पुगेको छ। आवश्यक भएमा साधारण सुदृढीकरण गरेर वर्तमान वितरण क्षमतालाई बढाएर १०,००० किलोवाटसम्म सजिलैसित पुऱ्याउन सकिने सम्बन्धित विशेषज्ञहरूको भनाइ छ।

आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लामा विभिन्न क्षेत्रमा २१,३६,६७३ यूनिट खपत भई रू. ५,३६,९४५। आम्दानी भएको छ।

यस जिल्लाभित्र विद्युत् वितरण भइसकेको भक्तपुर नगर पञ्चायत सहित अरू आठ वटा गाउँ पञ्चायत-हरूको नाम भक्तपुर नगर पञ्चायत, झौखेल, सिपाडोल, नगदेश, बालकुमारी, बोडे, भीमसेन चपाचो, कटुञ्जे र दधिकोट हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

भक्तपुर जिल्लामा पनि आर्थिक वर्ष २०३०।०३१ देखि राष्ट्रिय शिक्षा योजना कार्यान्वयन भइरहेको छ। यहाँ २०३० साल फागुन महिनादेखि राष्ट्रिय शिक्षा योजना अनुरूप शैक्षिक सर्वेक्षण र निर्धारणको आधारमा पढाइ चालु भइरहेको छ।

अधिराज्यभरीका छ वर्षदेखि माथिको जनसंख्यामध्ये जम्मा १३,१२,७२३ जना अर्थात् १३.९ प्रतिशत मात्रै साक्षर छन्। यस साक्षरता दरसित भक्तपुर जिल्लाको साक्षरता दर तुलना गर्दा धेरै बढी देखाए तापनि काठमाडौं जिल्लाको दाँजोमा निक्कै कम छ। भक्तपुर जिल्लामा जम्मा साक्षर संख्या २१,६३९ जना अर्थात् २४.२ प्रतिशत छ भने काठमाडौंमा १,१३,१५८ जना अर्थात् ३८.३ प्रतिशत साक्षर छन्। बागमती अञ्चलभित्र सबभन्दा कम प्रतिशत धादिङ जिल्लामा १०,१७३ जना अर्थात् ५.२ प्रतिशत मात्रै साक्षर छन्।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			जम्मा		
	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत
६ देखि ९	५,७१७	१,८८३	३२.९	५,३०४	६४७	१२.२	११,०२१	२,५३०	२३.०
१० देखि १४	५,८००	३,३६१	५७.९	५,४१८	९८१	१८.१	११,२१८	४,३४२	३८.७
१५ देखि १९	५,५८९	३,२६५	५८.४	४,८२०	६७३	१४.०	१०,४०९	३,९३८	३७.०
२० देखि २४	४,७७४	२,३५५	४९.३	४,५५५	२९६	६.५	९,३२९	२,६५१	२८.४
२५ देखि २९	४,५०४	१,९४०	४३.१	४,३२०	१६७	३.९	८,८२४	२,१०७	२३.९
३० देखि ३४	३,७४०	१,४०९	३७.७	३,७९६	९०	२.४	७,५३६	१,४९९	१९.९
३५ देखि ३९	३,६५०	१,१९१	३२.६	३,४३२	७३	२.१	७,०८२	१,२६४	१७.८
४० देखि ४४	२,९५०	९३५	३१.७	२,८०४	४३	१.५	५,७५४	९७८	१७.०
४५ देखि ५४	४,२७३	१,१४५	२६.८	४,२२०	४५	१.१	८,४९३	१,१९०	१४.०
५५ देखि ६४	३,१७९	७०१	२२.१	२,८२५	२८	१.०	६,००४	७२९	१२.१
६५ र माथि	२,०४५	३९९	१९.५	१,८१७	१२	०.७	३,८६२	४११	१०.६
जम्मा–	४६,२२१	१८,५८४	४०.२	४३,३११	३,०५५	७.१	८९,५३२	२१,६३९	२४.२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुर जिल्लामा छ वर्षदेखि माथिको उमेरको संख्या जम्मा ८९,५३२ जनामध्ये पुरुष ४६,२२१ जना र महिला ४३,३११ छन्। तर यस जिल्लाको जम्मा साक्षर संख्या २१,६३९ अर्थात् २४.२ प्रतिशत पर्न आउँछ। यसमध्ये यस जिल्लाको १८,५८४ जना अर्थात् ४०.२ प्रतिशत पुरुषहरूको दाँजोमा ३,०५५ जना अर्थात् ७.१ प्रतिशत मात्र महिलाहरू साक्षर छन्।

माथिको तालिकाअनुसार १० वर्षदेखि १९ वर्षसम्मको समूहमा सबभन्दा बढी प्रतिशत साक्षर भएको देखिन्छ। छ वर्षदेखि नौ वर्षभित्रका केटाकेटीहरूको पनि साक्षर संख्या बढी नै देखिन्छ। यसमा जम्मा २३.० प्रतिशत केटाकेटीहरू साक्षर छन्। ३० वर्ष नाघेका मानिसहरूमा साक्षर संख्या कम भएको माथिको तालिकाले देखाउँछ। २५ वर्षदेखि माथिका महिलाहरूको साक्षरता ज्यादै कमी देखिन्छ।

जिल्लाका धेरैजसो जनता किसानवर्ग भएको हुँदा सानै उमेरदेखि खेतमा काम गर्नु पर्ने हुन्छ र बाह्रै महीना फुर्सद कम पाउँछन्। त्यसैले यस जिल्लाका केटाकेटीहरू पनि विद्यालय जान छोडेर आमाबाबुको पेशामा सघाउ दिने काम गर्छन्।

राष्ट्रिय शिक्षा योजना लागू हुनुभन्दा अगाडि २०३० भदौसम्ममा यस जिल्लाका नगर पञ्चायत सहित २२ वटा पञ्चायतहरूमा विभिन्न तहका शिक्षण संस्थाहरू जम्मा ७२ वटा थिए। यसमा छ वटा माध्यमिक, सात वटा निम्नमाध्यमिक र ५९ वटा प्रायमिक तहका विद्यालयहरू थिए। उक्त विभिन्न तहका शिक्षण संस्थाहरूमा पढिरहेका विद्यार्थीहरूको संख्या निम्नानुसार थियो:–

प्राथमिक	५,७९१
निम्नमाध्यमिक	२,३६५
माध्यमिक	१,५१३

माथि उल्लिखित सबै विद्यालयहरूमा तालीमप्राप्त १८९ र तालीम अप्राप्त १५६ समेत गरी जम्मा ३४५ शिक्षक शिक्षिकाले अध्यापन कार्य गरिरहेका थिए।

यस जिल्लामा सबैभन्दा बढी विद्यालय संख्या भक्तपुर नगर पञ्चायतमा पर्दछ। यस नगर पञ्चायत भित्र विभिन्न तहका जम्मा २६ वटा विद्यालय थिए। त्यसमध्ये दुईवटा आवासीय विद्यालयहरू र एउटा बहुउद्देश्यीय माध्यमिक विद्यालय पर्दछन्। सिरुटार, बालकोट, कटुञ्जे, गुन्दु, छालिङ र नगदेश गाउँ पञ्चायत हरूमा एक एक वटा मात्र विद्यालय थिए। त्यस बाहेक लोहकिन्थली पञ्चायतको सानो ठिमीमा पनि एउटा बहुउद्देश्यीय माध्यमिक विद्यालय र शिशुग्राम नामक एउटा अनाथालय छ।

आर्थिक वर्ष २०२९।०३० को लागि शिक्षा मन्त्रालयबाट विभिन्न तहका विद्यालय-संस्थाहरूको लागि आएको रकम निम्नप्रकारको थियो:–

प्राथमिक विद्यालय	८१,८५८।
निम्नमाध्यमिक विद्यालय	४,८००।
माध्यमिक विद्यालय	१२,०००।
जम्मा:–	९८,६५८।

विद्यालय भवनको सम्बन्धमा धेरैजसो भवनहरू पक्की नै छन्। ७२ वटा विद्यालयमध्ये ५४ वटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् ७५ प्रतिशत घरहरू पक्की र बाँकी १८ वटा अर्थात् २५ प्रतिशत कच्ची अवस्थामा छन्। प्रौढावस्थाका पुरुष तथा महिलाको लागि धेरैजसो आर्थिक वर्षमा शिक्षा मन्त्रालय प्रौढ शिक्षा उप-शाखाको निर्देशानुसार प्रौढ शिक्षा सञ्चालन गर्दै आएको छ। यसको बाहेक भक्तपुर महिला संगठन र किसान संगठनबाट पनि बेला बेलामा प्रौढ कक्षाहरू सञ्चालन गरेका थिए। प्रौढ शिक्षा अन्तर्गत यस जिल्लामा जम्मा ८९ वटा कक्षा खोलिए। त्यसमा पढ्ने छात्र छात्राको संख्या १,०८० सम्म पुगेको देखिन्छ। यस प्रौढ कक्षामा काम गर्ने शिक्षक र शिक्षिका संख्या क्रमश ४० र ४९ थिए।

योजनापछिको शैक्षिक स्थिति

यस भक्तपुर जिल्लामा आर्थिक वर्ष २०३०।३१ सालको फागुन महीनादेखि राष्ट्रिय शिक्षा योजना लागू भइसकेको छ। योजनापछि यस जिल्लामा पुराना ७२ वटा विद्यालयलाई बढाएर ८९ वटा पुन्याइएको छ। त्यसमध्ये प्राथमिक स्तरमा ६३, निम्नमाध्यमिकमा २० र माध्यमिकमा छवटा विद्यालयहरू सञ्चालन भइरहेका छन्। भक्तपुर नगर पञ्चायतभित्र मात्रै विभिन्न तहका जम्मा ३६ वटा विद्यालयहरू पर्दछन्।

हाल जिल्लाभित्रका ८९ वटा विद्यालयहरूमा पढ्ने विद्यार्थीको संख्या प्राथमिक स्तरमा ४,५२७ निम्नमाध्यमिक स्तरमा २,४३० र माध्यमिक स्तरमा १,२९७ गरी जम्मा ८,२५४ जना छन्।

उक्त ८९ वटा विद्यालयहरूमा काम गर्ने शिक्षक शिक्षिका संख्या जम्मा ३१९ जना छन्। यिनीहरूमध्ये १७१ जना तालीमप्राप्त छन्।

उच्च शिक्षा

उच्च शिक्षाको हकमा यस जिल्लामा योजना लागू हुनुभन्दा अघि एउटा डिग्री कलेज र सानो ठिमीस्थित इन्टरमिडियट स्तरको एजुकेशनल कलेज थिए। २०१६ सालमा खुलेको भक्तपुर कलेजमा कला विषयको पढाइ हुन्थ्यो। २०१९ सालमा आएर यो महाविद्यालय इन्टरमिडियट स्तरबाट डिग्रीकलेजमा परिणत भयो। २०३० सालको साउन महीनादेखि यस महाविद्यालय भक्तपुर क्याम्पसमा परिणत भएको छ। मानविकी र सामाजिक अध्ययन संस्थान अन्तर्गतको प्रमाण-पत्र र डिप्लोमा तह गरी दुवै किसिमका कक्षाहरू सञ्चालन भइरहेका छन्। शुरू शुरूमा यस क्याम्पसमा प्रमाण-पत्र तह र डिप्लोमा तहमा गरी क्रमश ५५ र १२ जना विद्यार्थीहरू अध्ययन गरिरहेका थिए।

यस महाविद्यालयलाई नयाँ क्याम्पसमा परिणत गरिसकेपछि दोस्रो वर्ष र चतुर्थ वर्षमा पढ्ने पुराना विद्यार्थीहरूको संख्या क्रमशः ६० र १८ थिए।

त्यस्तै सानो ठिमीस्थित शिक्षा महाविद्यालयलाई राष्ट्रिय व्यावसायिक शिक्षण केन्द्रमा परिणत गरिएको छ। यहाँ शिक्षकहरूलाई व्यावसायिक विषयमा तालीम दिइन्छ। नयाँ विषयहरूमा व्यापार, शिक्षा, गृह विज्ञान, कृषि, व्यावसायिक र औद्योगिक विषयहरू, "सेक्रेटरीयल साइन्स", "एकाउण्टिङ", "मेटल वर्कस्", काष्ठ कला इत्यादि विषयहरू यहाँ पढाइन्छन्। यसै क्याम्पसको नजीकै जनक शिक्षा सामाग्री उत्पादन केन्द्र नामक पाठ्य पुस्तकहरू तैयार पार्ने संस्था छ। यो केन्द्र २०२४ सालमा यस जिल्लामा सरेको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकालय

यस जिल्लाको सबै विद्यालयहरूमा पुस्तकालयहरूको व्यवस्था नभए तापनि जिल्लाको विभिन्न ठाउँमा २४ वटा पुस्तकालयहरू छन्। यी पुस्तकालयहरूमध्ये धेरैंजसो भक्तपुर नगर पञ्चायत भित्रकै विभिन्न ठाउँहरूमा छन्।

स्वास्थ्य

स्वास्थ्यको क्षेत्रमा राजधानीको निकटतम जिल्ला भए तापनि भक्तपुर जिल्लाले खास प्रगति गर्न सकेको देखिंदैन। अझै पनि धेरैंजसो मानिसहरू कुनै रोग लाग्नासाथ देउता भाकल गर्ने गर्दछन्। गाउँ क्षेत्रमा धामी, झाँक्री कहाँ जाने प्रथा अद्यापि छँदैछ। यी कुनैबाट नभए पछि मात्र अस्पताल जाने गर्दछन्। तर शिक्षाको क्षेत्रमा भएको प्रगतिले गर्दा यस्तो विचारधारामा बिस्तारै परिवर्तन आइरहेको छ।

यस जिल्लामा २५ शय्याको सरकारी र एक मिशनरी गरी दुईवटा अस्पतालहरू छन्। त्यस बाहेक ठिमी शहरमा एक स्वास्थ्य केन्द्र र गाम्चामा एउटा स्वास्थ्य चौकी छन्। यस जिल्लाको खरिपाटीमा एउटा आयुर्वेदिक औषधालय पनि छ।

भक्तपुर अस्पताल

यो अस्पताल भक्तपुर नगर पञ्चायतको टुँडिखेल नजीकै रहेको छ। यो अस्पताल वि. सं. १९६१।६२ (१९०४ ई.) मा खोलिएको थियो। हाल यसमा तीन डाक्टरहरूको दरबन्दी छ। त्यस बाहेक वीर अस्पताल-बाट प्रत्येक आइतबार र बिहीबारमा दाँतको विशेषज्ञ आई दाँतको उपचार गरिन्छ। त्यस्तै आँखाको डाक्टर पनि शुक्रबारको दिन आउँने गर्दछन्।

यस अस्पतालमा जिल्लाका बिरामीहरू बाहेक काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाका रोगीहरू पनि आउँने गर्दछन्। आर्थिक वर्ष २०२९।०३० मा यस अस्पतालमा उपचार गरिएका बिरामीहरूको संख्या यसप्रकार छः–

	संख्या
आउट डोर बिरामी	१२,४९६
पुरानो दोहरिएको बिरामी	७,२८४
भर्ना भएका बिरामी	१,५१४
डिस्चार्ज भएका	१,५५५
इमर्जेन्सी बिरामी	५९५

भविष्यमा यसलाई १०० शय्याको अस्पताल बनाउने लक्ष्य छ। सो योजनाअनुसार हाल २५ शय्या थपिने कार्यक्रम छ। अरू आउँदो पाँच वर्षभित्रमा १०० शय्या राखिने छ।

भक्तपुर जिल्लाको अर्को अस्पताल विदेशीहरूको सहायताबाट सञ्चालित मिशनरी अस्पताल हो। यो अस्पताल भक्तपुर शहरदेखि करीब १.६ किलोमिटर आधाकोस दक्षिण सूर्यविनायकको जङ्गलमा छ। यस अस्पतालमा पनि सरकारी अस्पतालमा सरह निःशुल्क उपचार गरिन्छ। हाल श्री ५ को सरकारले सो अस्पताल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयं सञ्चालन गर्ने बारे कुराकानी गरिरहेको छ। यसै लक्ष्य अनुरूप यस अस्पताललाई भक्तपुर अस्पतालको सरुवा रोग शाखामा परिणत गर्ने कार्यक्रम छ।

यस जिल्लाका स्वास्थ्य चौकीहरूमध्ये एउटा ठिमीको चपाचो गाउँ पञ्चायतको वडा नं. दुई मा छ। यो स्वास्थ्य चौकी २०१६ सालमा स्थापना भएको हो। गत वर्ष यस संस्थाले नयाँ र पुराना गरी जम्मा १०,००० जना बिरामीलाई सेवा उपलब्ध गराएको थियो।

आयुर्वेदिक औषधालय

भक्तपुर जिल्लाको खरिपाटीमा एउटा आयुर्वेदिक औषधालय छ। यो औषधालय २०१६ सालमा स्थापना भएको हो।

जिल्लामा बिफर, हैजा (झाडाबान्ता) आदि जस्ता संक्रामक रोग फैलिने सम्भावना देखिएमा यस औषधालयले पनि आवश्यक साधन र सहयोगद्वारा त्यस किसिमको संक्रामक रोगको रोकथाममा सहयोग गर्दै आएको छ।

यस औषधालयले गत सालमा ४,२३० जना रोगीलाई सेवा उपलब्ध गराएको थियो र प्रति दिन बिरामीको संख्या पनि बढ्दै गएको छ। यस संस्थालाई बढी प्रभावकारी ढङ्गले विकसित गर्दै लैजाने उद्देश्यले यस स्वास्थ्य संस्थाको सुप्रबन्धका लागि रू. ४२,०००। को लागतमा औषधालयको आधुनिक भवन निर्माण हुँदैछ।

यस जिल्लामा दु.ख दिने धेरैजसो रोगहरूमा आउँ, झाडा, जुका, अमलपित्त, पौष्टिक आहारको कमिबाट हुने रोगहरू आदि हुन्। क्षयरोग सम्बन्धमा चेष्ट क्लिनिकको २०२९।३० को लगतअनुसार शुरू संख्या ९७० पुगेकोमा हालसम्ममा १,३४७ सम्मको पुगेको देखिन्छ। त्यसमध्ये प्रवेश संख्या ११६ र डिस्चार्ज संख्या १११ छन्। धेरैको उपचार गर्न बाँकी देखिन्छ। कफ जाँच संख्या ८२ देखाइएको छ।

परिवार नियोजन र मातृ शिशु कल्याण योजना, ठिमी क्लिनिकमा दिनहुँ तीन-चार जना मानिसहरू परिवार नियोजन सम्बन्धी साधन लिन आउँछन्। दुई हप्तामा एकदिन खुल्ने मातृ शिशु कल्याण केन्द्रमा ६० देखि २७५ जनासम्म बच्चाहरू ल्याइन्छन्।

कुष्ट रोगको सम्बन्धमा केन्द्रीय कुष्ट चिकित्सालय भक्तपुर शाखाले २०२८ देखि २०३० साल भदौ महीनासम्ममा जम्मा १५,१७९ जनालाई उपचार गरेको देखिन्छ।

त्यस्तै यस जिल्लामा बिफर उन्मूलन कार्यक्रम पनि सञ्चालन भइरहेको छ। जिल्लामा सञ्चालन गरिएको निःशुल्क बिफर उन्मूलन कार्यक्रमबाट यस बिफर उन्मूलन आयोजनाप्रति दुई तीन वर्ष पहिले जुन जनभावना थियो त्यसमा परिवर्तन भएको पाइएको छ। फलस्वरूप यस जिल्लामा जन सहयोगको भावना बढ्दै गइरहेको पाइन्छ। २०२९।३० सालभरीमा यस बिफर उन्मूलन आयोजनाद्वारा यस जिल्लामा प्रथम खोप ५,१६५ जनालाई, पुनः खोप २४,४९८ (एम. सी. एचमा खोपाइएको समेत) जनालाई दिएको थियो। २०३०।३१ मा पनि असोज महीनासम्ममा ३४६ जनालाई प्रथम खोप र १,४१७ जनालाई पुनः खोर दिएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खानेपानी

उपत्यकामा राणा प्रधानमन्त्री वीर शम्शेरको पालामा खानेपानीको व्यवस्था भएको भए तापनि भक्तपुर जिल्लामा धेरै पछि अथवा २०१६ सालमा आएर मात्र पाइप जडान कार्य शुरू भएको थियो। त्यसै सालदेखि यस जिल्लामा पानी कर लिने काम पनि शुरू भयो। त्यसै सालमा महादेव खोला र बिडोल खानेपानी आयोजना पनि शुरू गरियो। यी स्रोतहरूबाट पानी ल्याइनुभन्दा पहिले यस जिल्लाभित्र खानेपानीका स्रोतहरूमा शहरी क्षेत्रमा इनार तथा ढुङ्गे धाराहरू र गाउँ घरमा खोला तथा कुवा नै मुख्य हुन्। सानो ठिमी क्षेत्रमा पानीको अभावलाई हटाउन एउटा ट्याङ्की खडा गरी त्यहाँबाट आसपासको सबै क्षेत्रमा खानेपानी वितरण गरिएको छ। शहरभित्र हरेक टोल टोलमा बनाइएका ठूलठूला इनारहरू हिजो आज पनि निक्कै प्रचलनमा ल्याइराखेको पाइन्छ।

भक्तपुर जिल्लाको लागि खानेपानीको समस्या समाधान गर्नतर्फ ठोस प्रयास भएको २०१६ सालमा हो। उक्त सालमा बिडोल आयोजनाको ल।गि रू. ८८,०००। र महादेव खोला आयोजनाको लागि रू. २,३७,०००। खर्च भएको उल्लिखित छ। ८५० हेक्टर (१७,००० रोपनी) जतिको जग्गामा सिंचाइ शक्ति भएको उक्त महादेव खोला खानेपानीको लागि यस जिल्लाको मुख्य स्रोत बनेको छ।

जिल्लाको बढ्दो जनसंख्याको अनुपातमा बढ्दै गइरहेको पानीको माग तथा जिल्लामा भइरहेको खानेपानीको अभावलाई हेर्दा खानेपानीको विस्तार गर्दै लैजानु अति आवश्यक छ। यसै लक्ष्य अनुरूप ललितपुर र भक्तपुरको संयुक्त खानेपानी योजना शुरू गरिने भएको छ। उक्त योजनाअनुसार यी दुई जिल्लाका लागि २,२०,९०,००० लिटर (४७ लाख ग्यालिन) पानी प्रतिवर्ष दिने अनुमान छ। यसको लागि रू. १,२०,०००। खर्च हुने अनुमान छ। त्यस्तै अर्को काठमाडौं तथा भक्तपुरको वृहत् खानेपानी र ढल सर्वेक्षण काम पनि चाँडै नै पूरा गर्ने लक्ष्य राखिएको छ।

वि. सं. २०२१ मंसीर महीनामा स्थापना भएको भक्तपुर पानी कार्यालयले एक आर्थिक वर्षमा रू. ३,५३,९८४। आम्दानी गरेको छ। २०२९।३० को तथ्याङ्कअनुसार यस जिल्लामा जडान भइसकेका धाराहरूको संख्या तथा किसिम यसप्रकार छन्:–

धाराको किसिम	संख्या
निजो	८१५
पब्लिक	१०४
सरकारी	३३
जम्मा:–	९५२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

भक्तपुर जिल्ला काठमाडौं उपत्यकाको चार भञ्ज्याङभित्रको एउटा जिल्ला हो । यस उपत्यका क्षेत्रभित्र तीन ठूल-ठूला शहरहरू काठमाडौं (कान्तिपुर), पाटन (ललितपुर) भादगाउँ (भक्तपुर) छन्। यस उपत्यका मध्यकालको राजा यक्ष मल्लको पालासम्म एउटै राज्य अन्तर्गत थिए। तर यक्ष मल्लको शेष पछि उनैको जेठा छोरा राय मल्ल भक्तपुरको राजा भएको कुरा इतिहासमा उल्लेख छ र यिनका भाइहरूले कान्ति-पुर, बनेपा, ललितपुर तिर अधिकार जमाए । भक्तपुरको राजा रणजित मल्लको पालामा अर्थात् सन् १७६८ तिर पृथ्वीनारायण शाहले त्यस बेला पृथक राज्यमध्ये एक कान्तिपुरमा हमला गरी जिते । त्यस पछि ललितपुर र भक्तपुर राज्यहरू पनि क्रमशः जिते। त्यसबेलादेखि भक्तपुर राज्य पनि नेपाल अधिराज्यभित्र गाभियो । २०१८ सालको अञ्चल र जिल्ला विभाजन हुनु अगाडिसम्म भक्तपुर अधिराज्यका ३२ वटा प्रशासनिक इकाइहरूमध्ये एक थियो। त्यसबेला काठमाडौंको कमिश्नर अन्तर्गत भक्तपुर मेजिष्ट्रेटद्वारा यो जिल्ला प्रशासित थियो। २०१९ सालमा जब नेपाल अधिराज्य १४ अञ्चल र ७५ विकास जिल्लामा विभाजित भयो यो जिल्ला बागमती अञ्चलका आठ जिल्लाहरूमध्ये एक हुन पुग्यो । हाल भक्तपुर प्रमुख जिल्ला अधिकारीद्वारा प्रशासित छ।

हाल प्रमुख जिल्ला अधिकारीको कार्यालय लगायत जिल्लाभित्र भएका सरकारी, अर्ध-सरकारी तथा अन्य कार्यालयहरूको नाम र कार्यालय भएको ठाउँ निम्नअनुसार छः–

सरकारी कार्यालय

कार्यालयको नाम	स्थान
प्रमुख जिल्ला अधिकारीको कार्यालय	भक्तपुर दरबार चोक
जिल्ला शिक्षा अधिकारी कार्यालय	भक्तपुर दरबार चोक
जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय	भक्तपुर दरबार चोक
पानी कार्यालय	भक्तपुर दरबार चोक
कोष तथा तहसील कार्यालय	भक्तपुर दरबार चोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोटी हुलाक कार्यालय	भक्तपुर दरबार चोक
टेलिफोन कार्यालय	भक्तपुर दरबारचोक
कृषि विकास कार्यालय	भक्तपुर सानमना टोल
जिल्ला सहकारी कार्यालय	भक्तपुर टेखाचो टोल
भूमि प्रशासन कार्यालय	भक्तपुर टुँडिखेल
मे. नापी शाखा	भक्तपुर टुँडिखेल
परिवार नियोजन तथा मातृ शिशु कल्याण योजना	भक्तपुर टुडिखेल
शाखा हुलाक	ठिमी बहाखा बजार
जिल्ला अदालत	भक्तपुर दरबार चोक
सहायक सरकारी अधिवक्ता तथा सरकारी अभियोक्ताको कार्यालय	भक्तपुर दरबार चोक
डी. एस. पी. कार्यालय	भक्तपुर दरबार चोक

अर्ध सरकारी कार्यालय तथा संस्थानहरू

कार्यालयको नाम	स्थान
जिल्ला पञ्चायत कार्यालय	भक्तपुर दरबार चोक
भक्तपुर नगर पञ्चायत	भक्तपुर दरबार चोक
गुठी तहसील तथा खर्च कार्यालय	भक्तपुर दरबार चोक
कृषि विकास बैंक	भक्तपुर सुकुलढोका
कृषक सहकारी संस्था लि.	भक्तपुर भाखाचो
विद्युत् कर्पोरेशन	भक्तपुर टुँडिखेल
टिम्बर कर्पोरेशन	भक्तपुर टुँढिखेल
बिफर उन्मूलन संघ	भक्तपुर टुँढिखेल
परिवार नियोजन संघ	भक्तपुर दरबार चोक
संयुक्त संगठन कार्यालय	भक्तपुर दरबार चोक

यिनीहरू बाहेक अन्य कतिपय सामाजिक संस्थाहरूको साथै त्रिभुवन विश्वविद्यालय अन्तर्गतको मानविकी तथा सामाजिक अध्ययन संस्थान अन्तर्गतको भक्तपुर क्याम्पस र मिशनरी अस्पताल पनि छन्।

प्रहरी

भक्तपुर जिल्लाको मुख्य प्रहरी कार्यालय डी. एस. पी. कार्यालय भक्तपुर शहर भित्र भण्डारखालमा छ। यसमा डी. एस पी. लगायत जम्मा ३६ जना कर्मचारीको दरबन्दी छ। यस कार्यालय अन्तर्गत विभिन्न ठाउँमा प्रहरी चौकीहरू छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न्याय सेवा

न्याय सम्बन्धमा भक्तपुरमा जिल्लास्तरीय जिल्ला अदालत र सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालयहरू छन्। त्यसमध्ये पछिल्लो कार्यालयको सरकारी अभिवक्ता तथा अभियोक्ताको स्तर राजपत्र अनङ्कित प्रथम श्रेणीको छ।

यस जिल्लामा गत तीन साल यता परेको फौजदारी मुद्दाहरू अनुसूची एक अन्तर्गतको मुद्दाहरू यसप्रकार छन्। देवानी मुद्दा नभएको हुँदा यस तालिकामा देखाइएको छैन।

आर्थिक वर्ष	संख्या
२०२७।२८	६६
२०२८।२९	३९
२०२९।३०	४५
२०३०।३१ (भदौ मसान्त सम्ममा)	३३
जम्मा:–	१८३

उपर्युक्त मुद्दाहरूमा गत तीन सालभित्रमा सबभन्दा बढी चोरी, त्यसपछि ज्यान (सवारी दुर्घटना समेत) परेको देखिएको छ।

विभिन्न आर्थिक वर्षमा दायर भएका भिन्दा भिन्दै किसिमका मुद्दाहरूको विवरण निम्नलिखित हरफबाट देखिन्छ :–

देवानी तर्फ	२०२७।२८	२०२८।२९	२०२९।३०
घर जग्गा	३८	२८	३५
बाली	२३५	३०९	१२५
लेनदेन	५४	६६	७४
अंश अपुताली	१९	१९	२३
फुटकर	१४२	११८	२६०
जम्मा:–	४८८	५४०	५१७

फौजदारी तर्फ	२०२७।२८	२०२८।२९	२०२९।३०
ज्यान	६	८	१२
कुटपिट, लुटपिट	९३	७४	६७
गाली बेइज्जती	३	–	२
चोरी डाँका	२५	१५	१३
कीर्ते जालसाजी	१२	१५	२०
करणी	–	१	१
बिहाबारी	११	१२	१०
विविध	१२२	१५	१९
कुल जम्मा:–	७६३	६८०	६६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायत

यस जिल्लाको जिल्ला पञ्चायत कार्यालय भक्तपुर नगर पञ्चायतकै दरबार चोकमा छ। यस जिल्लामा एउटा नगर पञ्चायत र २१ वटा गाउँ पञ्चायत गरी जम्मा २२ वटा पञ्चायतहरू छन्। नगर पञ्चायत बाहेक अरू सबै गाउँ पञ्चायतहरूलाई महेन्द्र गाउँ पञ्चायत भन्ने गरेको छ। क्षेत्रफलको दृष्टिकोणले सबभन्दा ठूलो चाँगुनारायणस्थान गाउँ पञ्चायत हुन आउँछ। सबभन्दा सानो ठिमी बालकुमारी गाउँ पञ्चायत हो। तर जनसंख्याको दृष्टिकोणले नगर पञ्चायत बाहेक सबभन्दा ठूलो र सानो क्रमशः ठिमी बालकुमारी र लोहकिन्यलो गाउँ पञ्चायतहरू हुन्।

यो जिल्ला राजधानी नजीक परे तापनि विभिन्न दृष्टिकोणबाट ललितपुर र काठमाडौंको दाँजोमा निकै पिछडिएको मान्न सकिन्छ। यस जिल्लाको जिल्ला पञ्चायत लगायत अन्य गाउँ पञ्चायतहरूको आफ्नै स्थानीय स्रोतहरू नहुनाको कारणले श्री ५ को सरकारबाट प्राप्त हुने विकास अनुदानमा पूर्णतया निर्भर रहन्छन्। यस जिल्लाको स्थानीय स्रोतको नाउँमा भक्तपुर नगरकोट सवारी कर, बालुवा र ग्राभेल ठेक्का बन्दोवस्त, हाड, सिङ, खूर भेला गर्ने ठेक्का, रेडियो अनुमतिपत्र र घट्टबोट आदि हुन्।

यिनीहरूबाट उठेको करले सदस्य भत्तालाई पनि नपुगेको हुँदा गाउँ स्तरीय योजनालाई हालसम्म यसबाट उठेको रकम कत्तिपनि दिन सकेको छैन। यसबाट स्पष्ट हुन्छ कि जिल्लासभा कोषबाट जिल्लामा कुनै पनि योजना निर्माण हुन सकेको छैन। त्यस्तै गाउँसभा कोषबाट पनि कुनै किसिमको गाउँ पञ्चायत अन्तर्गत योजना निर्माण भएको बिरलै मात्र पाइन्छ।

यस जिल्ला अन्तर्गतका गाउँ पञ्चायतहरूको औषत वार्षिक आम्दानी रू. ६००। छ। आर्थिक वर्ष २०२९।०३० मा सबभन्दा बढी आम्दानी गर्ने श्री महेन्द्र चपाचो र सबभन्दा कम आम्दानी गर्ने श्री महेन्द्र नगरकोट गाउँ पञ्चायत हो। उक्त सालमा यिनीहरूको आम्दानी क्रमशः रू. १,५००। र ३००। थियो। गाउँ पञ्चायतहरूको आम्दानी खासगरी सवारी कर, रेडियो लाइसेन्स रिन्यू, बाली धरौटी प्रतिशत कट्टा इत्यादि हुन्। त्यस्तै जिल्लासभा कोषमा सालको औसत आम्दानी करीब रू. ११,१०४। छ। २०२९।०३० सालमा भएको खुद आम्दानी करीब रू. ८,९४१। छ।

आर्थिक वर्ष २०३०।०३१ मा यस जिल्लाको विभिन्न गाउँ पञ्चायतहरूमा निम्नलिखित खानेपानी योजना सञ्चालन भइरहेका छन्:—

गाउँ पञ्चायतको नाम	योजनाको नाम	योजनाको संख्या	लाभान्वित जनसंख्या
बहालकोट	कलधारा	१	२००
गुन्दु	कलधारा	१	३००
चित्तपोल	कलधारा	१	१००
चाँगुनारायण स्थान	कलधारा	४	१,०००
बोडे	कलधारा	१	२००
नगदेश	कलधारा	१	१००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ ११ सदस्य भएको एक जिल्ला प्रारम्भिक समिति सहितको वर्गीय संगठनहरू र तिनीहरूको सदस्य संख्या निम्नबमोजिम छः–

संगठनको नाम	संगठन संख्या	सदस्य संख्या
नेपाल युवक संगठन	२७	२९७
नेपाल किसान संगठन	२६	२८६
नेपाल महिला संगठन	१६	१७६
नेपाल भूतपूर्व सैनिक संगठन	१३	१४३
नेपाल मजदूर संगठन	१	२८९
जम्माः–	८३	१,१९१

महिला संगठनले हाल घरेलु तान राखी घरेलु उद्योगतर्फ केही ध्यान दिएको छ। साक्षरता अभियान-मा पनि केही सक्रियता देखाएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

भक्तपुर जिल्ला नेपालको राजधानी काठमाडौं नजीक परेको भए तापनि आर्थिक तथा अन्य कतिपय क्षेत्रमा उपत्यकाभित्र परेको काठमाडौं तथा ललितपुर जिल्लाहरूभन्दा अझ पछाडि परेको कुरा माथि पनि उल्लेख भइसकेको छ । यसको मुख्य कारणहरूमा अधिकांश जनता अशिक्षित भई उही पुराना संस्कारलाई अँगालिराखेकोले हुन सक्दछ । युगौं पुराना परम्परालाई अँगाली बसेका यहाँका निवासीहरूमा आधुनिक विचारधाराहरूबाट प्रभाव पर्न अझ निक्कै समय लाग्ने छ । हुनत यस जिल्लाबासीहरू निक्कै मेहनती छन् । विशेषगरी जिल्लाका कृषकवर्गहरूको मेहनतलाई अधिराज्यभरी नै एउटा नमूनाको रूपमा लिन सकिन्छ । तैपनि यिनीहरूको जीवनस्तर माथि उठ्न सकेको छैन ।

भक्तपुर कृषिप्रधान जिल्ला हो । उपत्यकामा पाइने तलैया माटो (कालीमाटी) तथा प्राचीन कालदेखि अपनाइआएको कृषि पेशाको अनुभवबाट यस जिल्लाको कृषि उत्पादनमा परेको छ तापनि जति मात्रामा बृद्धि हुनु पर्ने हो त्यति भएको छैन । कृषि प्रणाली पौराणिक रूप मै भएकोले कृषकहरूले बढी लाभ उठाउन सकेका छैनन् । उत्पादन बढाउन कृषि कार्य सञ्चालनमा सुधार ल्याउनु पर्ने देखिन्छ । उदाहरणको लागि उन्नत जातका बीज बीजनको उपलब्धि, रासायनिक मलको प्रयोग, आधुनिक कृषि औजारहरूको व्यवस्था आदिबाट नै कृषि पैदावारमा क्रान्ति ल्याउन सकिन्छ । यसको लागि उपयुक्त कदम चाल्नु जरूरी देखिन्छ ।

भक्तपुर विभिन्न किसिमका पशुपालनको लागि सुहाँउदो नभए तापनि जिल्लाभित्रै पाइने प्रशस्त धान, गहुँको पराल तथा खेतमा उम्रने घाँस पातहरूबाट गाई, भैंसी पालन निक्कै फष्टाउन सकेका छन् । यसै जिल्लाको दूधले काठमाडौं दुग्ध व्यवसाय सुचारू रूपमा चालू गर्न धेरै मद्दत गरेको छ । तर सर सफाईतिर विशेष ध्यान दिनु पर्ने देखिन्छ । यसको लागि पशु चिकित्सकहरूको साथै ठाउँ ठाउँमा पशु चिकित्सालयहरूको स्थापना, घर घरमा गाई भैंसी राख्ने गोठहरूको सर सफाइप्रति स्थानीय जनताहरूको चेतना जगाउने जस्ता कार्यहरू अविलम्ब सञ्चालन गर्न सकेमा भक्तपुर जिल्लाले भविष्यमा अझै बढी दूध उत्पादन गर्न सक्ने सम्भावना छ ।

जम्मा २४ प्रतिशत मात्रै शिक्षित जनता भएको यस भक्तपुर जिल्लामा शैक्षिक स्तर निक्कै कमी भएबाट जनशक्तिको चेतना तथा विकासमा पछि पर्नु स्वाभाविक छ । त्यसमा पनि नारी शिक्षा अझै पछाडि पर्नुबाट नवजात शिशुहरूको पालन पोशणमा ध्यान कम पुगेको महसूस हुन्छ । यसले गर्दा अधिकांश बालकहरू विभिन्न किसिमका रोगले पीडित छन् । यसलाई हटाउन सकेसम्म ठाउँ ठाउँमा नयाँ विद्यालयहरूको सञ्चालनको साथै साधारण व्यवहारिक ज्ञानको तालीमको व्यवस्थाबाट दैनिक कार्यमा सघाउ पुन्याउनु पर्ने देखिन्छ ।

त्यस्तै स्वास्थ्यतर्फ पनि भक्तपुर जिल्ला काठमाडौं र पाटनको दाँजोमा निक्कै पछाडि परेको कुरा माथि नै उल्लेख भइसकेको छ । यसको मुख्य कारण अस्पताल तथा स्वास्थ्य केन्द्रहरूको कमीको साथै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यक डाक्टरहरूको उपलब्धि नहुनु हो। त्यसैले "स्वास्थ्य नै धन हो" भन्ने सिद्धान्तलाई मनोनयन गर्ने हो भने जिल्लाभित्रका अस्पताल तथा स्वास्थ्य केन्द्रको सुदृढीकरण हुन नितान्त आवश्यक छ।

कृषि पछि यस जिल्लाको मुख्य आर्थिक आधार घरेलु उद्योग हो। जिल्ला भित्रै उत्पादन हुने जुजु धौ (दही), राष्ट्रिय पोशाकको रूपमा प्रयोग गरिने भादगाउँले टोपी अधिराज्यभरी नै प्रख्यात छन्। त्यरतै जिल्लामा उत्पादन हुने माटाका भाँड-कुँडाहरू, ढुङ्गा, माटा तथा काठमा कुँदिएका मूर्तिकलाले पनि यस जिल्लाले विश्वमा नाम कमाएको छ। यी सबै घरेलु उद्योगको रूपमा चालू भई अझै असंगठित रूपमा भएको हुँदा यसबाट भक्तपुर जिल्लाबासीहरूले कुनै ठोस आर्थिक फायदा गर्न सकेका छैनन्। त्यसैले यस क्षेत्रको उन्नतिका लागि आवश्यक आधुनिक यन्त्रहरूको उपलब्धिको साथै शिक्षित तथा अनुभवी कारीगरहरूलाई अझै बढी तालीमको व्यवस्था मिलाइदिन सकेमा बढी आर्थिक लाभ भई जनताहरूको क्रय शक्ति पनि माथि उठ्ने सम्भावना छ।

जिल्लाको सदरमुकाम रहेको प्राचीन भक्तपुर शहरले कलात्मक वस्तुहरूको भण्डार भन्ने संज्ञा पाएको छ। शहरको टोल टोलमा रहेका मन्दिरहरू, मोड मोडमा पाइने कलाकृतिहरूले तथा दरबारचोकस्थित ऐतिहासिक स्मारकहरूले गर्दा यहाँ विदेशी पर्यटकहरूको घुँइचो लाग्दछ।

यस शहर अद्वितीय कला कृतिहरूले भरिपूर्ण छ। यिनै वस्तुहरूको दृश्यावलोकनको लागि वर्षेनी हजारौं पर्यटकहरु यस जिल्लामा आइरहेका छन्। तर यी ऐतिहासिक तथा पुरातात्त्विक महत्वका स्थानसम्म पुग्ने बाटोमा पाइने फोहर मैला हटाई शुद्ध खानेपानीको अलावा पर्याप्त मात्रामा होटेल तथा रेष्टुराहरूको व्यवस्था भएमा विदेशी पर्यटकहरूबाट हुने पूर्णलाभ यस जिल्लाले पनि अनुभव गर्ने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	७०३
प्राकृतिक स्वरूप र सम्पदा	७०५
ऐतिहासिक पृष्ठभूमि	७१८
प्रमुख स्थानहरू	७२८
जनसंख्या र जनजीवन	७५२
आर्थिक व्यवस्था	७७३
यातायात, सञ्चार बिजुली	८०२
शिक्षा, स्वास्थ्य तथा खानेपानी	८१४
प्रशासन र पञ्चायत	८२७
उपसंहार	८३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

चपला अबलाहरू एक सुरमा
गुन केशरीको फूल लिई शिरमा
हिंडन्या शखी लोकन ओरिपरी
अमरावति कान्तिपुरी नगरी
—आदिकवि भानुभक्त

आदिकवि भानुभक्तले काठमाडौं नगरलाई "अमरावति कान्तिपुरी नगरी" भनी वर्णन गरेका छन् भने विश्वका अन्य मुलुकहरूका लेखक, कविहरूले यसलाई "शांग्रिला" भन्ने गरेका छन्। यहांको प्राकृतिक सौन्दर्य, ऐतिहासिक वैभव र सुसंस्कृत जीवनको कारण विश्वका विभिन्न देशहरूबाट यहाँ पर्यटक तथा अन्वेषकहरू ओइरिन थालेका छन्।

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले आजभन्दा २०७ वर्ष पहिले यस इलाका माथि विजय प्राप्त गरी विशाल नेपाल अधिराज्य स्थापनाको अभियान शुरु गरे पछि काठमाडौंमा नेपाल अधिराज्यको राजधानी रहिआएको छ।

अधिराज्यको राजधानी र सबभन्दा ठूलो शहरको रूपमा रहेको काठमाडौंको नामबाट नामाकरण भएको यो जिल्ला हाल बागमती अञ्चलको एक महत्वपूर्ण जिल्ला बनेको छ। यस जिल्लाको सम्पूर्ण गतिविधिमा यसको सदरमुकाम काठमाडौं नगरको स्थान सर्बोपरी छ। वस्तुतः यस जिल्लाको बिशुद्ध परिचय काठमाडौं नगरबाट मात्र सम्भव हुन्छ। अधिराज्यको मध्यपर्वतीय प्रदेशको सबभन्दा ठूलो काठमाडौं उपत्यकाको केही अंश र महाभारत पर्वत शृङ्खलामा रहेका केही पहाडी भाग समेत मिलाई यस जिल्लाको गठन भएको भए तापनि यसको कुल जनसंख्याको करीब ८४ प्रतिशत काठमाडौं नगर र उपत्यका इलाकाका गाउँ पञ्चायतहरूमा बसोबास गर्दछन्। यसको सदरमुकाम सम्पूर्ण अधिराज्यकै राजनैतिक तथा आर्थिक मुटुको रूपमा रहेको छ। विश्वमा अग्लो हिमालयलाई उत्तरी पृष्ठभूमि पारेर समशीतोष्ण जलवायुको प्रभाव क्षेत्रमा पर्ने यो नगर प्राकृतिक सौन्दर्यले शोभायमान छ।

प्राचीनकालदेखि नेपाली सीप र विवेकले सिर्जना गरेको उत्कृष्ट वास्तुकला, मूर्तिकला आदि विविध शिल्पकलाहरूको भण्डारका केही अंश यस जिल्लाका नगर गाउँहरूमा सुरक्षित हुन गएका छन् भने विश्वको परिवर्तित रङ्गमञ्चमा अधिराज्यलाई आधुनिकीकरण गर्ने प्रयासको थालनी पनि यहींबाट हुन गएको छ। यसरी वर्तमान काठमाडौं जिल्ला ऐतिहासिक वैभव र विज्ञानका नवीनतम रसमीहरूका सम्मिश्रण स्थल बन्न पुगेको छ। यहाँ आएर मध्यकालीन स्वर्णिम संस्कृति र अत्याधुनिक वैज्ञानिक सभ्यताको भेट हुन गएबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्ला सम्पूर्ण विश्वकै लागि पनि एक अत्यन्त रोचक स्थल बनेको छ ।

यस जिल्लाको भौगोलिक अवस्थिति उत्तर अक्षांश २७°२७′ देखि २७°४९′ र पूर्व देशान्तर ८५°१०′ देखि ८५°३२′ भित्र रहेको छ । यसको कुल क्षेत्रफल ५४५ वर्ग किलोमिटर छ । दक्षिणमा चन्द्रागिरि पहाड सहितको महाभारत पर्वतमालादेखि काठमाडौं नगर रहेको उपत्यका हुँदै उत्तरमा शिवपुरीका लेक छुन पुगेको यसको भौगोलिक स्वरूप पूर्व फर्केको अर्ध-चन्द्र जस्तो छ । यसको सीमाना उत्तरमा जके खोला, सिन्धु खोला, ठाडो खोला र शिवपुरी लेकले सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र नुवाकोट जिल्लाहरूसँग, पूर्वमा कात्तिके खोला, मनहरा खोला र बागमती नदीले भक्तपुर र ललितपुरसँग, पश्चिममा कोलफु खोला, नागार्जुन डाँडा, दहचोक, चन्द्रागिरि पहाड आदिले नुवाकोट, धादिङ र मकवानपुर जिल्लाहरू तथा दक्षिणमा महादेव टारको डाँडा, रातमाटे खोलाले मकवानपुर जिल्लासँग छुट्याएका छन् ।

वि. सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार यसको कुल जनसंख्या ३,५३,७५६ छ, जसमध्ये पुरुष १,८३,९१२ अर्थात् ५२ प्रतिशत र महिला १,६९,८४३ अर्थात् ४८ प्रतिशत छन् । यहाँ ८३ वटा गाउँ पञ्चायतहरू र एउटा नगर पञ्चायत छन् । आवादीको दृष्टिकोणबाट अधिराज्यको सबभन्दा धेरै जनसंख्या हुने जिल्ला यही हो । यहाँको जनघनत्व ६४९ व्यक्ति प्रति वर्ग किलोमिटर छ ।

प्राचीनकालको कुनै समयमा (ई. सं. सातौं शताब्दी) यहाँको सबभन्दा महत्वपूर्ण पेशा कृषि नभई व्यापार रहेको कुरा इतिहासबाट झल्किन्छ । तत्कालीन तिब्बत र भारतको व्यापार विनिमयको मूल बाटोहरूमध्ये काठमाडौं भई जाने बाटो प्रमुख थियो । यसरी तिब्बत र भारतका राज्यहरूको बीच मध्यस्थ व्यापार तथा यहींको शिल्पहरूको निर्यातबाट हुने फाइदाको कारण यो नगर तत्कालीन नेपालका अन्य नगरहरूभन्दा समृद्ध हुन सकेको हो । हाल यहाँका बासिन्दाहरूको आर्थिक आधार अधिक मात्रामा कृषि र सोसँग सम्बन्धित व्यवसाय नै रहे तापनि गत केही वर्षदेखि यहाँ व्यावसायिक अनुपातमा तीव्र परिवर्तन हुन गइरहेको छ। हालसम्म यहाँको सक्रिय जनशक्ति कृषि र सो सम्बन्धी पेशामा लागेका भए तापनि उद्योग (पर्यटन सहित), व्यापार, वैयक्तिक तथा सामुदायिक सेवा आदिमा रोजगारी बढ्न गइरहेको छ । यहाँ भइरहेको शहरीकरणको विकासको कारण कृषि जस्तो प्रारम्भिक व्यवसायमाभन्दा गैर कृषि व्यवसायहरूमा रोजगारीका बढी अवसरहरू उपलब्ध हुँदै गएका छन् ।

इतिहासका विभिन्न कालमा एशिया महाद्वीपका विभिन्न भागबाट बसाइँ सरेर आएका समुदायहरू अन्ततगत्वा यहाँकै संस्कृतिमा घुलमिल हुन गएका छन् । काठमाडौं नगर इलाकामा नेवारहरूको आधिक्य भए तापनि यहाँ विभिन्न जात-जातिहरूले बसोबास गर्दै आएका छन् । फलतः यहाँ हिन्दू र बौद्ध संस्कृतिहरू परस्परमा नछुट्टिने गरी मिसिन गई यहाँको जनजीवन धार्मिक सहिष्णुताको ज्वलन्त उदाहरण बन्न पुगेको छ। साथै यहाँ विश्वका विभिन्न भागबाट विभिन्न संस्कार बोकी आएका विदेशीहरूको बसोबास बढ्दै गएकोले यो काठमाडौं नगर अधिराज्यको एक मात्र महानगरीको रूपमा देखापरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

चारैतिर हरियो पहाडहरूले घेरिएको करीब ५७० वर्ग किलोमिटर (२२० वर्गमिल) मा फैलेको काठमाडौं उपत्यका समुद्रको सतहबाट अन्दाजी १,३५० मिटर (४,४२८ फीट) को उचाइमा अवस्थित छ। हाल उक्त उपत्यकाको पश्चिमी भू-भाग वर्तमान काठमाडौं जिल्ला अन्तर्गत पर्दछ । भू-बनावटको दृष्टिकोण-बाट यसको नजीकै पर्ने छिमेकी जिल्लाहरू भक्तपुर र ललितपुरसित धेरै कुराहरूमा समानता देखिन्छ । उदा-हरणको लागि उक्त तीनवटा जिल्लामा उल्लेखनीय अनुपातमा पहाडी भाग तथा उपत्यका इलाका पर्ने हुँदा यिनीहरूको प्राकृतिक स्वरूप समान छन्।

यस जिल्लाको भू-स्वरूपलाई विचार गर्दा जिल्लाको जमीनको ढाल उत्तरमा रहेका उपत्यका इला-कामा दक्षिणतिर र दक्षिणमा रहेको पहाडी भाग पूर्वतिर भिरालो पर्दै गएको छ। त्यसैले जिल्लामा बग्ने प्रायः सबै खोला नालाहरू जिल्लाको उत्तर र पश्चिम डाँडाहरूबाट उत्पत्ति भई यसको मुख्य नदी बागमतीको सहा-यक बन्न पुगेका छन्। जिल्लाको उत्तरी सीमानामा स्थित शिवपुरीको चुचुरा, जसको उच्चाइ २,७३२ मिटर (८,९६२ फीट) छ, जिल्लाभरीमा अग्लो छ।

भौगोलिक बनावट

भौगोलिक बनावटको आधारमा यस जिल्लालाई मोटामोटी दुई भागमा विभाजन गर्न सकिन्छः—

(१) पहाडी क्षेत्र
(२) उपत्यका क्षेत्र

पहाडी क्षेत्र

काठमाडौं उपत्यकाभित्र पर्ने जिल्लाको समथर भाग बाहेक अन्य सबै भाग डाँडा, काँढा भीर पहरा-ले भरिएको छ। यसको उत्तरमा शिवपुरी लेकको पहाडी भाग, पश्चिममा नागार्जुन, दहचोक र चन्द्रागिरिको केही भाग, दक्षिणमा चन्द्रागिरिको डाँडा र सोभन्दा पनि दक्षिणमा पूर्व-पश्चिम फैलिएको महाभारत पहाडी भृङ्खलाहरू पर्दछन्। यस भागको धेरैजसो ठाउँहरू समुद्रको सतहबाट १,३५० मिटर (४,४२८ फीट) देखि २,७३२ मिटर (८,९६२ फीट) सम्म अग्ला-होचा डाँडाहरूमा रहेका छन्। बुढानीलकण्ठभन्दा उत्तरमास्थित शिवपुरी डाँडा जिल्लाभरीमा सबैभन्दा अग्लो टाकुरा हो। यसको उचाइ २,७३२ मिटर (८,९६२ फीट) छ। यस बाहेक सुन्दरीजलको उत्तर पूर्वमा स्थित बोर्लाङ डाँडा २,४२८ मिटर (८,०१४ फीट), चन्द्रागिरि भृङ्खला स्थित बाखेल २,५३४ मिटर (८,३६५ फीट), दक्षिण भेकमा महाभारत भृङ्खला स्थित बाँदर खर्क २,३२९ मिटर (७,८८६ फीट), इपा उखुबारी गाउँ पञ्चायतको पश्चिममास्थित महमीर २,०६४ मिटर (६,८१२ फीट),

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दहचोक २,७८७ मिटर (८,०१४ फीट) आदि प्रख्यात डाँडाहरू पनि जिल्लाको उच्च भू-भागमध्येका हुन्। यिनै डाँडाहरूबाट बागमती सहित अन्य विष्णुमती, बलेफी आदि खोलाहरूको उत्पत्ति भएको छ।

चन्द्रागिरि, नागार्जुन आदि डाँडाहरूमा पाइएका चट्टानहरू बलौटे चून ढुङ्गाहरूको आधारमा यस पहाडी क्षेत्र पत्रेदार चट्टानहरूले भरिएको मान्न सकिन्छ। शिवपुरी डाँडामा नीस र केही मात्रामा अभ्रख मिसिएको भाग पनि देखापरेको छ।

उपत्यका क्षेत्र

मनोहरा र बागमती नदीदेखि उत्तर–पश्चिमको समथर भूमिलाई यस उपत्यका क्षेत्रमा राख्न सकिन्छ। उचाइको हिसाबले यो क्षेत्र १,३७२ मिटर (४,५०० फीट) भन्दा होचो छ। भू-उपयोगको दृष्टिबाट निकै महत्वपूर्ण यस उपत्यका क्षेत्र (ललितपुर र भक्तपुर सहित) कुनै समयमा एउटा तालको रूपमा रहेको कुरा जनश्रुतिको साथै वंशावलीमा पनि उल्लेख छ । यसको भौगर्भिक दृष्टिकोणबाट पनि पुष्टि भइसकेको छ। कालान्तरमा वरपरका डाँडाहरूबाट बगाएर ल्याइएका मलिलो माटो पुरिएर तालको पानी सुकेर गई एक उपत्यकाको सृजना भएको अनुमान छ। यस उपत्यका क्षेत्र तालकै पानी सुकेर बनेको हो भन्ने अनुमानलाई यसमा पाइने तलैया माटोले अझै दरीलो पार्दछ। स्थानीय भाषामा यसको नाउँ कालीमाटी राखिएको छ। हाल उक्त माटोको गहिराइ अहिलेसम्म यति मिटर नै छ भनेर किटान गर्न सकेको छैन, किनकि यस क्षेत्रको विभिन्न स्थानहरूमा गरिएको बोरिङ्मा ३०० मिटर (९८४ फीट) सम्म पनि यसको आधार चट्टान भेट्टाउन नसकेको हुँदा यसको गहिराइ ३०० मिटर (९८४ फीट) भन्दा बढी भएको अनुमान छ।[1]

यो उपत्यका क्षेत्रको भू-भागलाई पनि प्राकृतिक स्वरूप र स्थितिअनुसार डोल र टारमा पुनर्विभाजन गर्न सकिन्छ। खोलानालाद्वारा सिंचित धान खेतयोग्य समथर भूमिलाई यहाँ डोल भनिन्छ। उदाहरणको लागि, मूलपानी गाउँ पञ्चायत अन्तर्गत चखण्डोल, चुनिखेल गाउँ पञ्चायतको डोल, विष्णुमती पूर्वको नयाँडोल र वसुन्धरा डोल, स्वयम्भू पश्चिमको चंकडोल आदि लिन सकिन्छ।

यी डोलहरूबाट अलि उठेका सिचाइ गर्न गाह्रो पर्ने प्रायः पाखो बाली मात्र लाग्ने अग्ला ठाउँलाई टार भनिन्छ। शालीनदी पूर्वका सलामटार, गागलफेदी गाउँ पञ्चायतको बालेटार र साकिनटार, बागमती खोला पूर्वको साबीटार, जोरपाटी उत्तर-पश्चिमको पैयुँटार, विष्णुमती पश्चिमको नेपालटार आदि यहाँका प्रमुख टारहरू हुन्।

उपर्युक्त टारहरू बाहेक अलि बेग्लै किसिमले उठेका थुम्का थुम्कीहरू पनि यहाँ पाइन्छन्। तर यी थुम्काहरू वास्तवमा उपत्यका वरिपरिका अग्ला पहाडहरूबाट हातका औंलाहरू झैं उपत्यकातिर लम्केर आएका डाँडाहरू नै भएका हुनाले यिनलाई बेग्लै वर्गीकरण गर्न आवश्यकता छैन।

नदी नालाहरू

यो जिल्लाको प्रमुख जल प्रवाह बागमती नदी हो। जिल्लाका अन्य सबै खोलाहरू बागमती नदीको सहायक खोलाहरू हुन्। जिल्लाको सीमाना क्षेत्रमा बगेको सिन्धु खोला, जुके खोला, कोलफुखोला, चाखेल खोला

1. Malla, U. M. -- Geomorphology of the Kathmandu Valley, The Himalayan Review, 1971, Vol. No. IV. p. 68

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तथा विष्णुमती र कुलेखानी खोला आदि समेत बागमती नदीका सहायकखोलाहरू हुन् । यी नदीहरू र यिनका सहायकहरूको वर्णन निम्नप्रकार छः–

बागमती

जिल्लाको सबैभन्दा प्रमुख र लामो यो नदी शिवपुरी लेकको पूर्व–दक्षिण पानी ढलो क्षेत्रको करीब २,६५० मिटर अग्लोमा स्थित बागधारा (बाघद्वार) नामक मुहानबाट निस्कन्छ । सुन्दरीजल नजीकमा नागमती र सालमती खोलाहरू यसमा मिलेपछि दक्षिण बग्दै पहिले गोकर्ण वनको उत्तरी र पछि पश्चिमी सीमाना पंल्याउँदै पशुपतितिर आउँछ । कोटेश्वरको नजीक मनोहरा खोला योसँग मिल्न आएपछि यो पश्चिम बग्न थाल्छ र काठमाडौं र ललितपुरको सीमाना बन्दछ । उपत्यकाको क्षेत्रमा यसले चार विभिन्न ठाउँमा पहाडहरू काटेर श्रृजना गरेका साँगुरा गल्छीहरू निम्नलिखित छन्ः– (१) गोकर्ण (२) पशुपति (३) चोभार (४) कटुवाल दह । चोभारसम्म पुग्दा यो नदीले २७ किलोमिटर दूरी तयगरी सक्तछ । चन्द्रागिरि पहाडलाई कटुवाल दहनिर काटी बनाएको गल्छी यसको अन्तिम गल्छी हो र त्यसबाट यो बाहिर निस्कन्छ ।

यो नदीले जिल्लालाई सबैभन्दा बढी उपादेयता पनि प्रदान गरेको छ । गोकर्ण, पशुपतिमा बाँध बाँधेर यसबाट सिचाइको काम लिइएको छ भने विद्युत् उत्पादनको र खानेपानीको स्रोतको रूपमा पनि यसलाई उपयोग गरिएको छ ।

विष्णुमती

बागमती नदीको महत्वपूर्ण सहायक यो खोलाको मुहान पनि शिवपुरी लेकको दक्षिणी पानी ढलोमा करीब २,४३० मिटरस्थित विष्णाप (विष्णुमतीको स्रोत) मा छ । यसका सहायक खोलाहरूमा साङ्ला खोला, महादेव खोला, रुद्रायणी खोलाहरू उल्लेखनीय छन् । जसमध्ये पहिला दुईवटालाई खानेपानीको स्रोतको रूपमा काठमाडौंले उपयोग गरेको छ र बुढानीलकण्ठनिर विष्णुमतीलाई पनि यो प्रयोगमा ल्याइएको छ । वास्तवमा महादेव खोला स्थित खानेपानीको स्रोत सदरमुकामका प्राचीनतम स्रोतहरूमध्ये एक हो । सदरमुकामको नगर पञ्चायत क्षेत्रको पश्चिमी सीमानाको रूपमा बग्दै आएर शहरको दक्षिण–पश्चिमस्थित टेकु दोभानमा यो बागमती नदीसँग मिल्दछ ।

कुलेखानी खोला

जिल्लाको दक्षिणी भेकको सबैभन्दा ठूलो यो खोलाको मुहान मकवानपुर जिल्लामा पर्छ तापनि यो बागमती नदीको सहायक खोला हो र महाभारत पर्वत श्रृङ्खलाको काठमाडौं जिल्लाको पश्चिमी सीमानादेखि पूर्व सीमानासम्मै भेट्ने गरी सिस्नेरी गाउँ पञ्चायत क्षेत्रमा यो खोला पश्चिमबाट पूर्व बगेको छ । जिल्लाको पश्चिमी सीमानामा उत्तर–दक्षिण बग्ने चाखेल खोला र चन्द्रागिरि पर्वतका मुहान भएर जिल्लाको दक्षिणी भेकको फाखेल क्षेत्रमा बीचो बीच उत्तर–दक्षिण बग्ने राकस खोला यसका सहायक हुन । जिल्लाको पूर्व सीमाना भएर बगेको बागमतीसँग यो खोला बेंसी बगरभन्दा अलि दक्षिणमा घुसेल डाँडाको पश्चिमी फेदीमा मिल्न पुगेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनोहरा

झुले लेकको सिह्लानबाट साँखुतिर बग्दै आएको सालीनदीले गुल्सुकी भन्ने ठाउँमा र हनुमन्ते खोलाले झिकुचामा भेटेपछि मनुमती नदीको नाउँ मनोहरा हुन पुग्छ। काठमाडौं र भक्तपुर जिल्लाको सीमानाको रूपमा बग्दै कोटेश्वरको पश्चिममा बागमतीसँग मिलुन्जेलसम्मको यसको लमाइ २४ किलोमिटर छ।

जिल्लाका अरू खोलाहरूमध्ये साँखुको कातिक भञ्ज्याङबाट उत्तरतिर बगेको कातिक खोला, लप्सीफेदी गाउँ पञ्चायतबाट खड्का छाप नजीक उत्तर–पूर्व बगेर सिन्धु खोलासँग मिल्ने ठाडो खोला, कपन र धुम्बाराही तिरबाट बगेर आई बानेश्वर नजीक बागमतीमा मिल्ने धोबीखोला वा रूद्रमती, महाराजगञ्जको दक्षिणमा मुहान भएको टुकुचा (इक्षुमती), काभ्रेथलीतिरबाट आई विष्णुमतीमा मिल्ने घट्टे खोला, भीमढुङ्गा गाउँ पञ्चायतबाट बगेर आई मनुमती खोलामा मिल्ने घट्टे खोला, थानकोट उत्तरमा बगेको अर्को घट्टे खोला, बलखुनिर बागमतीमा मिल्ने बलखु खोला, सिस्नेरी गाउँ पञ्चायतमा उत्तर-दक्षिण बग्ने राकसा खोला र पूर्व-दक्षिण बग्ने कुलेखानी खोला, महाभारत लेकको दक्षिणमा हाराहारी पूर्व बगेको कोपाछे खोला अझ दक्षिणमा बागमतीमा मिल्ने इपा खोला तथा जिल्लाको सबैभन्दा दक्षिणी गाउँ पञ्चायत इपा आँपचौरमा बग्ने धार्के खोला र चसुर खोलाको नाउँ लिन सकिन्छ।

दहहरू

यस जिल्लामा देखिएका दहहरूमा कीर्तिपुर नजीकको टौदह, दहचोकको इन्द्रदह, मातातीर्थको दह, कटुवालदह आदि पौराणिक आख्यानहरूमा उल्लिखित दह हुन् तापनि यिनको भौगोलिक महत्व कम छ। मानव निर्मित पोखरीहरूमा रानीपोखरी र कमलपोखरी उल्लेखयोग्य छन्।

हावापानी

यस जिल्लाको आधाभन्दा बढी भाग काठमाडौं उपत्यका भित्र परेको हुँदा जिल्लाको हावापानीलाई काठमाडौं उपत्यकाको हावापानी भन्नुमा अत्युक्ति नहोला। तर यसको दक्षिणतिर फैलेको पहाडी भागमा भने अधिराज्यको मध्यवर्ती पहाडी क्षेत्रमा पाइने हावापानी सरह नै छ। साधारणतया यस जिल्लाको हावापानी ज्यादै गर्मी तथा ज्यादै जाडो नहुने स्वभावको छ। जिल्लाभित्रकै विभिन्न स्थानहरूको मौसम अवलोकन केन्द्रहरूबाट सङ्कलित तथ्याङ्कहरूको आधारमा यस जिल्लाको हावापानीलाई दुई मुख्य भाग अर्थात् जाडाको याम र वर्षा अथवा गर्मीको याममा बाँड्न सकिन्छ तापनि राम्ररी विचार गर्दा यसलाई तीन मुख्य याममा विभाजन गर्न सकिन्छ।

हिउँद याम (कात्तिकको तेस्रो हप्तादेखि फागुनको दोस्रो हप्तासम्म)
गृष्म याम (फागुनको तेस्रो हप्तादेखि असारको दोस्रो हप्तासम्म)
वर्षा याम (असारको तेस्रो हप्तादेखि कात्तिकको दोस्रो हप्तासम्म)

काठमाडौं जिल्ला नेपालको करीब मध्यभागमा भएको हुँदा गर्मीमा यस क्षेत्र भएर बहने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिण–पश्चिम मनसुनी हावा अधिराज्यको पूर्वतर्फबाट आई यहाँ पानी पार्दछ। हिउँदमा उत्तर–पूर्वी मनसुनी हावाले पनि केही मात्रामा वर्षा गराइदिन्छ। हिउँद र वर्षाको बीचमा जब हावाको दिशा बदलिन्छ त्यसबेला उक्त हावामा स्थिरता नहुनाको कारणले हुरी बतास चल्न थाल्दछ।

यस जिल्लाको हावापानीलाई प्रभाव पार्ने मुख्य मुख्य तत्त्वहरूमध्ये फराकिलो उपत्यका, दक्षिणको महाभारत पहाडका श्रेणीहरू, गर्मी र हिउँदमा बहने हावाको दिशा आदि हुन्।

जिल्लाको हावापानी सम्बन्धी मोटामोटी ज्ञान यसै जिल्ला अन्तर्गतको उपत्यका भित्रको मौसम अवलोकन केन्द्र लैनचौर तथा त्रिभुवन विमान स्थलको तालिकाहरूबाट विश्लेषण गरिन्छ।

तापक्रम

साधारणतया मौसमी हावापानी सित मिल्दो जुल्दो यस जिल्लाको तापक्रम हिउँद र वर्षामा निकै फरक पाइन्छ। वि.सं. २०१८ सालदेखि २०२२ साल सम्मका पाँच वर्षमा लिइएको तथ्याङ्कको आधारमा उच्चतम तापमान जेठमा, न्यूनतम पुसमा हुने देखिएको छ।

गर्मीको याममा यहाँ दिउँसो चर्को घाम लाग्छ तापनि उपत्यका लगायत जिल्लाको सम्पूर्ण भाग समुद्रको सतहबाट १,५०० मिटर (४,९२० फीट) भन्दा अग्लो भएकोले तराई झैं यहाँ गर्मी हुँदैन। हिउँदमा पनि साधारणतः बिहान साँझ अलि जाडो भए तापनि दिउँसो घमाइलो नै हुन्छ। शिवपुरी, चन्द्रागिरि आदि पहाडका टाकुराहरू पुस, माघमा एक दुई पल्ट हिउँले ढाकेको देखिन्छन् तर उपत्यका क्षेत्रमा वि. सं. २००२ मा भन्दा यता हिउँ परेको सुनिएको छैन, केवल राती तुषारो पर्ने र बिहानपख दुई तीन घण्टा हुस्सु लाग्ने हुन्छ। तर उपत्यकाभन्दा दक्षिणमा परेको पहाडी भागमा पर्ने नदीका बेंसी अथवा टारहरूमा उचाइको दृष्टिबाट निकै तल पर्नाको कारणले उपत्यकामाभन्दा बढी गरम हुन्छ।

सन् १९७० मा त्रिभुवन विमान स्थल र काठमाडौं लैनचौर स्थित मौसम अवलोकन केन्द्रमा लिइएको तापक्रमको तालिका यसप्रकार छः–

(सेन्टिग्रेडमा)

तापक्रमको तालिका

महीना	त्रिभुवन विमानस्थल		काठमाडौं लैनचौर		दुई वर्षको औसत	
	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	१५.७	२.०	१८.५	२.३	१७.१	२.१
फेब्रुअरी	१८.२	३.२	२०.८	३.४	१९.९	३.३
मार्च	२३.२	६.२	२५.८	६.६	२४.५	६.४
अप्रिल	२६.२	११.०	२९.१	११.७	२७.६	११.३
मे	२८.३	१५.१	३०.५	१६.१	२९.४	१५.६
जून	२६.९	१८.२	२८.०	१९.६	२७.४	१८.९
जुलाई	२६.६	१९.२	२७.७	२०.६	२७.१	१९.९
अगष्ट	२७.१	१९.१	२८.३	२०.२	२७.७	१९.६
सेप्टेम्बर	२६.५	१७.८	२८.१	१९.२	२७.३	१८.५
अक्टोबर	२५.०	१३.२	२७.७	१४.०	२६.३	१३.६
नोभेम्बर	२१.३	७.०	२३.८	६.९	२२.५	६.९
डिसेम्बर	१९.१	१.६	२१.५	१.२	२०.३	१.४
वार्षिक औसत	२३.६	११.१	२५.८	११.८	२४.७	११.४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उल्लिखित दुई स्थानहरूको तालिकाअनुसार यस जिल्ला अर्थात् उपत्यका भित्रको सालाखाला अधिकतम र न्यूनतम क्रमशः २४.७° सेन्टिग्रेड (७६.५° फरेनहाइट) र ११.४° सेन्टिग्रेड (५२.५° फरेनहाइट) छन्। फागुनको आधा आधिदेखि बढ्न थालेको तापक्रम वैशाख–जेठमा आएर सबभन्दा बढी पुग्न आउँछ। उक्त वैशाख-जेठ (मे) मा ती दुई स्थानहरूको औसत तापक्रम २९.४° सेन्टिग्रेड (८४.९° फरेनहाइट) सम्म पुगेको देखिन्छ।

त्यसै तालिकाअनुसार उक्त वर्षमा लैनचौर स्थित केन्द्रद्वारा मे महीनाको १३ तारीखको दिन सबभन्दा बढी तापक्रम रिकर्ड गरिएको थियो। त्यस दिनमा ३४.८° सेन्टिग्रेड (९५° फरेनहाइट) सम्म पुगेको थियो। कात्तिक महीनाको दोस्रो हप्तादेखि तापक्रम ओर्लन थाल्दछ र पुस महीनामा आएर सबभन्दा कम तापक्रम पुग्दछ। त्यस वर्षको पुस–माघ (जनवरी) महीनामा दुई स्थानको औसत तापक्रम १.४° सेन्टिग्रेड (३४.५° फरेनहाइट) सम्म झर्दछ। तापक्रमको हिसाबले ती दुई स्थानहरूमध्ये तुलनात्मक दृष्टिकोणमा काठमाडौं स्थित लैनचौरमाभन्दा विमानस्थलमा कम तापक्रम रहेको बुझिन्छ। त्यसै तथ्याङ्कको आधारमा त्रिभुवन विमान स्थलमा जनवरी महीनाको १३ तारीखको दिन –२.३° सेन्टिग्रेड (२७.१° फरेनहाइट) भई वर्षभरीको सबभन्दा कम तापक्रम हुन पुगेको थियो। उक्त वर्षको डिसेम्बर र जनवरी महीनाको तालिकामा न्यूनतम औसत ०° सेन्टिग्रेड (३२° फरेनहाइट) भन्दा कम भएबाट उपत्यकामा पनि हिउँ जम्ने बिन्दुभन्दा तल पुगी बिहान तुसारो लाग्ने हुन्छ।

वर्षा

दक्षिणी भेकको पहाडी भाग सहितको काठमाडौं जिल्लामा मनसुनी हावापानीले प्रभाव पारेको कुरा माथि पनि उल्लेख भएको छ। यहाँ गर्मीमा हिन्द महासागरतिरबाट बहने दक्षिण–पश्चिम मनसुनी हावाले करीब ९० प्रतिशतभन्दा बढी वर्षा गराउँछ। बाँकी १० प्रतिशत मात्र हिउँद महीनामा बहने उत्तर–पूर्वी मनसुनी हावाले फाट फूट वर्षा गराउँछ। त्यसैले हिउँद महीना एक किसिमले सुख्खा नै भने पनि हुन्छ।

सन् १९४९ देखि १९६७ सम्म अर्थात् १८ वर्षमा रिकर्ड गरिएको वर्षाको तालिकामा मासिक र वार्षिक औसत निम्नअनुसार हुन आउँछः–[1]

वर्षाको तालिका

सन् १९४९ देखि १९६७ सम्मको औसत

महीना	वर्षा (इन्चमा)	वर्षा (मिलिमिटरमा)
जनवरी	०.२८	७.११
फेब्रुअरी	०.४४	११.१७
मार्च	०.०२	२५.९०
अप्रिल	१.५१	३८.३५
मे	३.२०	८१.२८
जून	८.४२	२१३.८६
जुलाई	१५.८१	४०१.५७
अगष्ट	१४.४१	३६६.०१
सेप्टेम्बर	५.२०	१३२.०८
अक्टोबर	०.९२	२३.३६
नोभेम्बर	०.१५	३.८१
डिसेम्बर	०.०८	२.०३
जम्माः–	५१.४४	१,३०६.५७

1. Malla, U.M.- Climatic Elements & Seasons in Kathmandu Valley, The Himalayan Review, Special Issue 1968, p. 63

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाबाट यहाँको वर्षा सामयिक भएको स्पष्टसँग देखाउँछ। यसबाट वर्षा नभएको कुनै पनि महीना देखिदैन। तर कुनै कुनै वर्ष डिसेम्बर महीना प्रायः सुख्खा भएको पनि पाइन्छ। नोभेम्बर र डिसेम्बर सबैभन्दा सुख्खा मौसम र जूनदेखि सेप्टेम्बरसम्मको मौसम सबैभन्दा सेपिलो देखिन्छ। यिनै चार महीनाभित्र यस इलाकामा कुल वर्षाको ८० प्रतिशतभन्दा बढी वर्षा हुन्छ। त्यसमा पनि जुलाई र अगष्टमा मात्रै ५० प्रतिशत परेको उक्त तथ्याङ्कबाट देखिन्छ। अन्य सबै महीना करीब सुख्खा भने पनि हुन्छ, किनकि उक्त आठ महीनामा कुल वर्षाको जम्मा २० प्रतिशत मात्रै पर्दछ।

काठमाडौं उपत्यकामा सन् १९७० मा रिकर्ड गरिएको दुई स्थानहरूको वर्षाको तालिका यसप्रकार छः—

वर्षाको तालिका (मिलिमिटरमा)

महीना	त्रिभुवन विमान स्थल	काठमाडौं लैनचौर
जनवरी	२९.१	२४.२
फेब्रुअरी	२७.६	२३.१
मार्च	२६.६	२४.९
अप्रिल	३४.४	४१.९
मे	९३.६	८५.६
जून	१९३.७	२३५.५
जुलाई	४९४.२	४५८.१
अगष्ट	२२९.७	३१०.८
सेप्टेम्बर	१९३.९	१९७.४
अक्टोबर	५८.२	२०.८
नोभेम्बर	११.२	३.८
डिसेम्बर	०.०	०.०
जम्माः—	१,३९२.३	१,४२६.१

माथि उल्लिखित दुई स्थानको एक वर्षको वर्षाको तालिका पनि १८ वर्षको औसत तालिकासित करीब करीब मिल्दो जुल्दो भएकै पाइन्छ। यसमा पनि जून महीनादेखि सेप्टेम्बरसम्म बढी वर्षा हुने देखिन्छ। दुवै स्थानहरूमा सबैभन्दा बढी वर्षा जुलाई महीनामा भएको थियो। उक्त महीनामा लैनचौर र विमान स्थलको वर्षा क्रमशः ४५८.१ र ४९४.२ मिलिमिटर परेको थियो। यसबाट उक्त महीनामा लैनचौरमाभन्दा विमान स्थलमा ३६.१ मिलिमिटर बढी वर्षा भएको छ। दुवै स्थानको वर्षा तालिकामा उल्लेख भएअनुसार डिसेम्बर महीनामा वर्षा नभएको देखिन्छ। तर वार्षिक जम्माको तथ्याङ्कलाई विचार गर्दा त्रिभुवन विमान स्थलमाभन्दा काठमाडौं लैनचौरमा बढी वर्षा भएको देखिन्छ। उक्त वर्षमा त्रिभुवन विमान स्थलमा जम्मा १,३९२.३ मिलिमिटरको बदलामा काठमाडौं लैनचौरमा १,४२६.१ मिलिमिटर अर्थात् ९३.८ मिलिमिटर बढी वर्षा भएको देखिन्छ।

उक्त दुई स्थानमा २४ घण्टाभित्र सबैभन्दा बढी वर्षा त्रिभुवन विमान स्थलमै भएको छ। उक्त वर्षमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुलाई महीनाको १६ तारीखका दिन दुवै स्थानामा बढी वर्षा भएको तर काठमाडौं लैनचौरमा उक्त दिन ६८.० मिलिमिटर वर्षा हुँदा त्रिभुवन विमान स्थलमा ७३.५ मिलिमिटर वर्षा भएको थियो।

माथि उल्लिखित वर्षाको तालिकाबाट जिल्लाको सबै स्थानहरूलाई प्रतिनिधित्व गर्न सकला भन्न सकिन्न। किनभने उपत्यकाभित्रै पनि विभिन्न स्थानहरूमा लिइएको तथ्याङ्क फरक फरक भएको कुरा २०२८ सालमा काठमाडौं शहर, थानकोट, सुन्दरीजल र त्रिभुवन विमान स्थलको वार्षिक वर्षा जम्मा निम्न-प्रकार देखाइएको थियो।[1]

काठमाडौं शहर	१,४२६.१ मि. मि (५६.१ इन्च)
सुन्दरीजल	२,२७३.९ मि. मि. (९०.४ इन्च)
थानकोट	१,५९२.६ मि. मि. (६२.७ इन्च)
त्रिभुवन विमान स्थल	१,३६२.३ मि. मि. (५३.६ इन्च)

यसरी एउटै जिल्ला स्थित उपत्यका क्षेत्रको पनि नजीक पर्ने उक्त चार ठाउँमा लिइएको एकै वर्षको तथ्याङ्कमा पनि प्रशस्त विभिन्नता देखिएको छ। उदाहरणको निम्ति काठमाडौं शहरमाभन्दा सुन्दरीजलमा ५० प्रतिशत बढी र उता थानकोटमाभन्दा त्रिभुवन विमान स्थलमा करीब २०० मि. मि. कम परेको देखिन्छ। महीना महीनाको वर्षाको तथ्याङ्क दाँज्दा पनि यस्ता वैभिन्य धेरै देखिन आएका छन्।

सापेक्षिक आर्द्रता

जिल्लाको सापेक्षिक आर्द्रता सम्बन्धमा पनि तिनै दुई स्थान अर्थात् त्रिभुवन विमान स्थल र काठमाडौं लैनचौरको तथ्याङ्कबाट मोटामोटी ज्ञान पाउन सकिन्छ। उक्त दुई स्थानमा सन् १९७० मा बिहान ८.४० बजे र साँझ ५.४० बजे लिइएको तथ्याङ्क निम्नअनुसार छन् :–

सापेक्षिक आर्द्रताको तालिका (प्रतिशतमा)

महीना	त्रिभुवन विमान स्थल		काठमाडौं लैनचौर		दुवैको औसत	
	बिहान ८.४० बजे	साँझ ५.४० बजे	बिहान ८.४० बजे	साँझ ५.४० बजे	बिहान ८.४० बजे	साँझ ५.४० बजे
जनवरी	९६	६७	९४	६६	९५	६६.५
फ्रेबुअरी	९४	५८	९२	५९	९३	५८.५
मार्च	७७	४०	७८	४७	७७.५	४३.५
अप्रिल	६४	३८	६८	४५	६६	४१.५
मे	६७	४९	८८	५२	७७.५	५०.५
जून	८०	७४	८३	७६	८१.५	७५
जुलाई	८४	८०	८७	८३	८५.५	८१.५
अगष्ट	८६	७७	९१	७९	८८.५	७८
सेप्टेम्बर	८६	८०	८८	८३	८७	८१.५
अक्टोबर	८८	७१	८८	७३	८८	७२
नोभेम्बर	९१	६३	९१	६५	९१	६४
डिसेम्बर	९०	५७	९३	६३	९२	६०
वार्षिक औसत	८४	६३	८६	६६	८५	६४.५

1. M. Mitshudes & M. Nubata--Meteorology of Eastern Nepal, Journal of the College of Arts & Science, Chiba University, Year 5: No1

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उल्लिखित तथ्याङ्क अनुसार यस जिल्लाको सापेक्षिक आर्द्रता जुलाईदेखि फेब्रुअरीसम्म बढी र अप्रिल महीनामा सबभन्दा कम भएको छ। सबैभन्दा बढी जनवरी महीनामा देखिन्छ। उक्त महीनामा दुई स्थानको औसत सापेक्षिक आर्द्रता ६५ प्रतिशत पुगेको थियो। हिउँदमा सापेक्षिक आर्द्रता बढी हुनाको कारण त्यस बेला घट्न गएको तापक्रमले पनि हुन सक्तछ। यसले गर्दा जलवाष्प बोक्ने शक्ति कम हुन्छ। वास्तवमा त्यस बेला जलवाष्पको मात्रा गर्मी महीना अर्थात् जुलाई–अगष्टमाभन्दा निकै कम हुन्छ। उक्त तथ्याङ्क अनुसार ती दुई स्थानहरूको बिहान ८.४० बजे र साँझ ५.४० बजेको रिकर्ड अनुसार औसत सापेक्षिक आर्द्रता क्रमशः ८५ र ६५.५ कम हुन आउँछ।

जिल्लाको स्वरूप, तापक्रम, वर्षा आदिको आधारमा काठमाडौं जिल्लाको हावापानीलाई निम्न लिखित तीन प्रदेशमा विभाजन गर्न सकिन्छः–

१. ठण्डाशीतोष्ण हावापानी
२. समशीतोष्ण हावापानी
३. अर्धउष्ण हावापानी

ठण्डाशीतोष्ण हावापानी

जिल्लाको धेरैजसो दक्षिणी इलाका तथा उत्तरतिर सीमानामा परेको २,१३४ मिटर (७,००० फीट) भन्दा उच्च महाभारत तथा अन्य पहाडी भागमा ठण्डाशीतोष्ण हावापानीले प्रभाव पारेको हुन्छ। हिउँदमा निकै जाडो र गर्मी याममा ठीक मौसम रहने यस भागमा सदाबहार घना जङ्गलहरू पाइन्छन्। यस प्रदेशको पनि अलि उच्चा भू-भागहरूमा हिउँदमा केही दिनको लागि हिउँ पर्दछ। विशेष गरी उत्तरतर्फ फर्केका ढालहरूमा हिउँ ढिलो पग्लेर जान्छ। वर्षा प्रायः जसो गर्मी महीनामा नै पर्दछ। काठमाडौं जिल्लाको यसै इलाकामा बाक्लो जङ्गलले ढाकेको हुन्छ।

समशीतोष्ण हावापानी

करीब १,२१९ मिटर (४,००० फीट) देखि माथि २,१३४ मिटर (७,००० फीट) सम्मका जिल्लाको उपत्यका इलाकामा समशीतोष्ण हावापानीले प्रभाव पारेको छ। गर्मीमा धेरै गरम र जाडोमा निकै जाडो नहुने भएको हुँदा यसप्रकारको हावापानी रमाइलो हुन्छ। तर उपत्यकाको होचो भागमा अलि बढी गरम र पहाडी भागमा अलि चिसो हुनु पनि स्वाभाविक छ। यहाँ सुख्खा समयमा पात झर्ने पतझड वनले युक्त हुन्छ।

अर्धउष्ण हावापानी

यस जिल्लाको दक्षिणी भागमा धेरैजसो पहाडै पहाडले ढाकेको छ। तर बागमती नदी र यिनका सहायक खोलाहरूका बेंसी र टारहरू, जुन १,२१९ मिटर (४,००० फीट) भन्दा होचो भागमा पर्दछन्, मा अर्धउष्ण हावापानीले प्रभाव पारेको छ। गर्मीमा निकै गरम र हिउँदमा कम चिसो हुने यस इलाकामा गरम प्रदेशमा पाइने बालीहरूको साथै उष्ण प्रदेशका फलफूलहरू जस्तै केरा, लिचि, आँप, कटहर आदि पनि प्रशस्त पाइन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक वनस्पति

यस जिल्ला भित्रको प्राकृतिक वनस्पतिलाई सीधा प्रभाव पार्ने तत्वहरूमा उचाइलाई प्रमुख मात्र सकिन्छ। त्यस बाहेक हावापानी, जमीनको ढाल, माटोको गुण आदि पनि हुन्। त्यसैले यस जिल्लाको सबै भागहरूमा एकै किसिमको वनस्पतिहरू हुँदैनन्। यस जिल्ला अन्तर्गतको फराकिलो उपत्यका क्षेत्रमा धेरैजसो भाग खेतीयोग्य जग्गाहरूले ढाकेको हुँदा यहाँ वन जङ्गल छँदै छैन भने पनि हुन्छ। खाली एक दुईस्थान तथा थुम्का थुम्कीहरूमा नियन्त्रित रूपमा रहेको वनहरू छन्। जस्तै– गोकर्ण, पशुपति, स्वयंभू, नागार्जुन वन आदि हुन्। तर जिल्लाभित्रै पर्ने पहाडी इलाकाहरूमा भने बाक्लो वनहरू पाइन्छन्। त्यसो त नराम्रो तरीकाबाट यसको क्षति भइरहेको छ। कुनै कुनै स्थानहरूको वन क्षेत्र नाङ्गो चट्टानहरूले लिइसकेका छन्।

यस जिल्लाभरी पाइने रूखहरू, झार तथा घाँसहरूको आधारमा यहाँको वनस्पतिलाई निम्न लिखित भागमा बाँड्न सकिन्छ :–

१. कोणधारी सदाबहार वन
२. मिश्रित तथा पतझड मनसुनी वन

कोणधारी सदाबहार वन

यस जिल्लामा फैलिराखेका महाभारत तथा अन्य पहाडी श्रेणीहरू जुन २,१३४ मिटर (७,००० फीट) भन्दा माथि पर्दछ, मा यस प्रकारको वन वनस्पतिहरू पाइन्छन्। यहाँ शीतप्रधान हावापानीको प्रभावमा परी गर्मीको वर्षा र हिउँदको अलि अलि हिउँको साथै कम तापक्रमको कारणले बढी जलवाष्प हुन नपाउने हुन्छ। त्यसैले यहाँ सधैं हरियो हुने बाक्लो कोणधारी वनहरू हुन्छन्। यसप्रकारको वनमा गोब्रे सल्लो, उत्तिस खस्रु, बाँझ, गुराँस, अगेरी, चुत्रो, निगालो, चिलाउने, काफल, कटुस, कालीकाठ, वावलोबोट इत्यादि किसिमका रूखहरू पाइन्छन्। यस बाहेक यस भागमा खान हुने च्याउ, निगुरो, तामा आदि तरकारीहरू पनि प्रशस्त पाइन्छन्। विशेषगरी घामको विमुख भएको पहाडी ढालहरूमा अलि बाक्लो वन देखा पर्दछ। घामको सन्मुख परेको ढालहरूमा अलि पातलो जङ्गल हुन्छ।

मिश्रित तथा पतझड मनसुनी वन

जिल्लाको अधिकांश भाग २,१३४ मिटर (७,००० फीट) भन्दा होचो भएको हुँदा समशीतोष्ण तथा अर्धउष्ण जलवायुको प्रधानता हुन्छ। यसप्रकारको प्राकृतिक प्रदेशमा सधैं हरियो हुने रूख झारपातहरूको साथै हिउँद अथवा सुख्खा याममा पात झर्ने पतझड वनहरू पनि पाइन्छन्। यहाँ पाइने रूखहरूमा वर, पीपल, अाँले सल्ला, बाँस, उत्तिस, सिमल, चिलाउने, सिलटिमुर, तेजपात, फिरफिरे आदि हुन्। जिल्लाको दक्षिणी भाग अर्थात् उपत्यका बाहिरका होचो जग्गामा खयर, बयर, सिसौ, चाँप, आँप, पलाँस, सिरिस, मौला आदि अर्ध उष्ण प्रकारको वनस्पतिहरू पाइन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वन सम्पदा

यहाँका यी वनमा पाइने वनस्पतिहरू पर्वतीय क्षेत्रमा र तराई क्षेत्रमा पाइनेभन्दा अलि भिन्न किसिमका छन्। यीमध्ये फलाट, फिरफिरे, चिलाउने, कालीकाठ, उत्तिस, पुवाँले स्याल, पुछ्रे काउलो, मयल, पँयू आदि निक्कै पाइन्छन्। यस किसिमका रूख पात पहाडको फेदीमा वा केही खोंच परेको ठाउँमा सप्रेका प्रायः देखिन्छन्। १,५२४ मिटर (५,००० फीट) भन्दा उभोको क्षेत्रका र विशेष गरी २,१३४ मिटर (७,००० फीट) अगला क्षेत्रमा लाली गुराँस विशेष रूपले फष्टाएका पाइन्छन्। अझ उच्च क्षेत्रमा सेतागुराँस पनि देखिन्छन्। शिवपुरी डाँडा स्थित जङ्गलमा गाढा रातो, फिक्का गुलाफी र सेतो तीन थरीका गुराँस पाइन्छन्।

यिनै पहाडी वनमा अँगेरी, बाँझ, चाँप, काफल आदि पनि विभिन्न अनुपातमा मिश्रित रूपले पाइन्छन्। यस क्षेत्रको तल्लो खण्ड अर्थात् १,५२४–१,८२९ मिटर (५०००–६००० फीट) अग्लो सुख्खा र दक्षिण फर्केको भिरालो भागमा सल्लाको रूखहरू पनि फष्टाएका छन् तर सेपिलो उत्तर फर्केको भीर पाखाहरूमा भने यिनीहरू उति धेरै देखिदैनन्। र यस क्षेत्रमा पाइने झारबुटाहरूमा चुत्रो, ऐंसेलु, मजिटो, चियापाते, टिम्बुर, नूनडिको आदि उल्लेख गर्न सकिन्छ। यस जिल्लाको उच्च क्षेत्रमा प्रधान रूपले खस्रुको जङ्गल पनि भेटिन्छ र तिनमा केही मात्रामा गुराँस, कागतपाते, लोक्ता, जमानेमान्द्रो आदि रूखपात पाइन्छन्। साथै रूखका हाँगा बिंगामा विभिन्न जात जातिका जीवन्ती (अर्किड) परिवारका सुनगाभा, चाँदीगाभा लगायत उन्यूहरू पनि भेटिन्छन्। लेकाली क्षेत्रका कतिपय सेपिला ठाउँमा नागवेली लहरा भूईंमा यत्र तत्र फैलिएका देखिन्छन् र कहीं कहीं बाँको (फणदार सर्प झैं फूल फुल्ने र सर्पको मकै भनिने बोट) बाक्लै भेटिन्छन्।

यस जिल्लामा सिमलको रूख पाइनु अलि असाधारण कुरो हो तापनि नागार्जुनको दक्षिणी भेकमा केही सिमलका र सिरिसका रूखहरू देखिएका छन्।

जिल्लाको पहाडी क्षेत्रमा उक्त विभिन्न प्राकृतिक वन्य सम्पदा प्राप्त भएको तुलनामा सदरमुकामको शहरी क्षेत्रमा लगाइएको विदेशी मूलका रूखपातहरू पनि रोचक छन्। यीमध्ये तापित, जाकारन्दा, काँगियो, मसला, लालपाते, कपूर आदि शहरी क्षेत्रमा यत्रतत्र निकै देखिन्छन्। सौखिन व्यक्तिहरूले यिनका बिरवा मेक्सिको, अष्ट्रेलिया आदि स्थानहरूबाट झिकाएर लगाएका हुन्। लप्सी, ओखर, आँप, लिची, अम्बा, भोगटे आदिका रूखहरू पनि कयौं व्यक्तिका बगैंचामा र घरबारीमा देखिएका छन्।

करीब ४८० वर्ग किलोमिटरमा फैलेको काठमाडौं वन डिभिजन अन्तर्गत पर्ने चारवटा रेञ्जहरू मध्ये बुढानीलकण्ठ रेञ्ज, थानकोट रेञ्ज र नागार्जुन रेञ्ज नामक तीन रेञ्ज यो जिल्लामा पर्दछन्।

सुरक्षित वनहरू

यस जिल्लाका दुई सुरक्षित वनहरूमध्ये एक नागार्जुन र अर्को गोकर्ण (राजनिकुञ्ज) हुन्। नागार्जुन स्थित रानी वन सदरमुकामभन्दा करीब चार किलोमिटर पश्चिममा बालाजुबाट शुरू भएर २,२८८ मिटर (७,५८० फिट) अग्लो नागार्जुन डाँडासम्म फैलेको छ अो यसको क्षेत्रफल १५ वर्ग किलोमिटर छ। गोकर्ण वन शहरको उत्तर–पूर्वमा स्थित रमणीय स्थान हो। यसको क्षेत्रफल २.९ वर्ग किलोमिटर र औसत उचाइ १,३०० मिटर (४,२९० फीट) छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशु-पक्षी

यस जिल्लामा पाइने वन्य पशुहरूमध्ये, मृग, चितुवा, वन बिरालो, लोखर्के, बुम्सी, स्याल, बाँदर, खरायो, भालू आदि र पक्षीमा कालिज, तित्रा, हलेसो, ढुकुर आदि हुन्। माथि उल्लिखित राजनिकुञ्ज (गोकर्ण) को वनमा केवल निर्धारित मूल्य तिरेर निर्धारित याममा र निर्धारित पशुहरूको मात्र शिकार गर्न पाइने व्यवस्था भएकोले र शाही सेनाको एक दलले त्यहाँ सदैव पहरा दिइराख्ने हुनाले त्यहाँ मृग, जरायो, घोरल, चित्तल आदि प्रशस्त संख्यामा सुरक्षित रहेका छन्।

खनिज पदार्थ

टोखा र बाँसबारी क्षेत्रमा मट्टी कोइला, चोभार क्षेत्रमा ताँवा, बालाज्यू क्षेत्रमा खनिज तेल, स्वयंभू क्षेत्रमा स्लेट, काठमाडौंका विभिन्न ठाउँमा प्राकृतिक ग्यास इत्यादिको सम्भावना भएको कुरा अनुमान गरिएको छ तर त्यसको पुष्टि हुन बाँकी छ। चोभार क्षेत्रमा पाइने चून ढुङ्गाको विस्तृत सर्वेक्षण भइसकेको छ र यसको आधारमा त्यहाँ एक सिमेन्ट कारखाना पनि निर्माण भइरहेको छ। त्यहाँ १५२ लाख टन चून ढुङ्गा भएको अनुमान छ।

काठमाडौंका कयौं स्थानमा टयूबवेलहरूबाट बल्ने (मिथेन) ग्यास निस्कने हुनाले यसलाई कसै कसैले इन्धनको रूपमा प्रयोग गरेका छन्। गत केही वर्ष वीर अस्पतालको कम्पाउण्ड भित्र प्राप्त भएको ग्यास अस्पतालमा प्रयोग गर्दै गरिएको छ। त्यस्तै अन्य केही स्थानहरू पनि उक्त भूमिगत ग्यासलाई उपयोग गरिँदै आएको छ।

दक्षिणकाली जाने बाटोको बाँसबारी र हात्ती वनमा र चन्द्रागिरिको अन्य ठाउँमा गोदावरीमा झैं कालो संगमर्मर पाइएको छ, जसलाई कुँदेर बनाइएका राम्रा मूर्तिहरू काठमाडौंका कयौं मन्दिरहरूमा छन्। हलचोक, नागार्जुन र आदेश्वरमा चून ढुङ्गाको "क्रिष्टालाइन" खानीहरू पाइएका छन्। ककनी, शिवपुरी क्षेत्रमा माइका र वेरिल भएको देखिन्छ।[1] काठमाडौंको पिउने पानीमा माइका पनि पाइने अनुमान कतिपयले गरेका छन्।

भौगर्भिक बनावट

यस जिल्लाका डाँडाहरू पत्रैपत्र परेका परिवर्तित चट्टानले बनेका छन्। चन्द्रागिरि र नागार्जुन पहाड-हरूमा चून ढुङ्गा, अडामिसि युगका फसिलहरू, क्यार्टजाइट आदि पाइएका छन् भने चोभार डाँडामा चून ढुङ्गा र क्वार्टजाइट तथा पशुपतिका डाँडामा पातला चून ढुङ्गे पत्र देखिएका छन्। काठमाडौं जिल्लाको उत्तरी सीमाना भएर उठेको शिवपुरी लेकका डाँडा चाहिं टर्मालिन, काल्क-गेनुलाइटन आदि सहितका मास्कोमाइट नीसद्वारा निर्मित बलौटे चट्टानको रूपमा छ। तर उपत्यकाको सतहमा चाहिं चट्टानहरू नभई बालुवा र मलिलो चिम्टे माटोको सम्मिश्रण र फलामे फोस्फेट सहितको कालोमाटी पाइएकोले कुनै समयमा यहाँ एक विशाल दह

1. Kathmandu Valley Plan, p. 34

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थियो वा विभिन्न डाँडाहरूले छुट्याइएका धेरै दहहरू थिए भन्ने अडकल अझ दरिलो हुन्छ। लगनटोलमा ३,६२६ मिटर (१२,००० फीट) सतह मुनिसम्म खन्दा पनि कडा चट्टान नपाइएको र भित्री सतहमा पनि जमीन माथिको जस्तै माटो पाइएको कुरा जे. बी. बूढाथोकीले उल्लेख गरेका छन्। प्रा. यू. एम. मल्लको भनाइअनुसार यस क्षेत्रमा ३०० मिटर जमीन मुनिसम्म पानीको निम्ति खन्दा पनि कहीं कडा चट्टानहरू भेटिएका थिएनन्।

यो क्षेत्र भूकम्पहरूको पनि केन्द्र स्थल रहेको छ र यसको श्रृजना नै कतिपय भूकम्पहरूको फलस्वरूप भएको हुन सक्छ भन्ने पनि मत छ। नुम्मुलिटिक युगदेखि उठ्तै प्लिष्टोसिन युगसम्म पनि हिमालय पर्वत शृङ्खला-हरूका अग्लिने क्रम जारी नै रहेको थियो भन्ने अनुमानको आधारमा यिनलाई विश्वका सबैभन्दा पछिल्ला र कलिला पर्वत शृङ्खलाहरूमध्येका हुन् भनिने गरिन्छ। काठमाडौं क्षेत्रमा पनि पृथ्वीको उर्ध्वमूखी भूकम्पहरूको क्रम अझ पनि जारी छ भन्ने तथ्य वि. सं. १८६०, १८९१ र १९९० का ठूल–ठूला भूकम्पहरूले पनि इङ्गित गरेकाछन् कुनै यस्तै प्राचीन भूकम्पको फलस्वरूप यहाँका प्राचीन दहहरू पर्वतीय बाधा तोडेर बगे होलान् पनि भनिएको छ।

उपत्यकाको सतह अध्ययन गर्दा लुकुण्डोल लगायत कहीं कहीं कोइलाको पत्र पाइएको तथा उपत्यका-भन्दा दक्षिणपट्टि चन्द्रागिरि पहाड स्थित फर्पिङमा "प्लिष्टोसिन" युगको एउटा हात्तीको फिमर (खगालो-हाड) को फसिल पाइएको भनी प्रा. यू. एम. मल्लले उल्लेख गर्नु भएको तथ्यको आधारमा यस क्षेत्रको भौ-गर्भिक बनावट काश्मिर, स्पिती तथा उत्तरी कुमाउँसँग मिल्ने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

वंशावली र पौराणिक ग्रन्थमा यस प्रदेश बारेमा रोचक कथाहरू पाइन्छन्। त्यहाँ यस क्षेत्रका मुख्य बस्तीका अनेक नाम परेका छन्। तर ती नामको पुष्टि ऐतिहासिक अध्ययनद्वारा हुन सकेको छैन। ऐतिहासिक दृष्टिले विचार गर्दा प्राचीनकालमा काठमाडौं उपत्यकामा अनेक प्रमुख बस्ती बसेथे भन्ने थाहा पाइन्छ। तिनमा उपत्यका छेउमा बसेका हंसगृहद्रङ्ग, स्थरुद्रङ्ग, लेस्बटीद्रङ्ग, शीताटीद्रङ्ग, नुप्पुन्नद्रङ्ग, थंतुंरीद्रङ्ग आदि बस्ती पनि उल्लेखनीय छन्। साथै उपत्यकाको बीच भागमा बसेका खोप्रिङद्रङ्ग (भक्तपुर), यूपग्रामद्रङ्ग (ललितपुर), दक्षिणकोलीग्रामद्रङ्ग (कान्तिपुर) र नक्साल भेकमा बसेका द्रङ्गहरू पनि उल्लेखनीय छन्।[1] छरिएर बसेका यी शहरहरू आफ-आफ्नै विशेषताले प्रमुख थिए तापनि यीमध्ये एकको नाउँबाट यस क्षेत्रको नामकरण हुन सकेको देखिँदैन। नेपाल मण्डलको केन्द्र हुनाले साधारणतः यस क्षेत्रलाई पनि "नेपाल" भनिएको पाइन्छ तापनि प्राचीनकालमा "नेपाल" उपत्यकामा सीमित थिएन। पशुपतिनाथको स्थापना भएपछि बरु धार्मिक महत्वको दृष्टिले यो क्षेत्र "पशुपति क्षेत्र" कहलाएको पाइन्छ। बराहपुराणमा यस क्षेत्रलाई "पशुपति क्षेत्र" भनिएको पाइन्छ। लिच्छवि राजा जयदेव द्वितीयको पशुपतिनाथको प्रसिद्ध शिलालेखमा पनि यस उपत्यकालाई "पशुपति क्षेत्र" भनी वर्णन गरिएको छ।[2]

जे होस् शुरूमा यस क्षेत्रको नाम "काष्ठमण्डप" वा "काठमाडौं" रहेको थिएन भन्ने चाहिं निश्चित् छ। गुणकामदेवले यस क्षेत्रमा एक शहरको विकास गरेपछि यो नाम रहन आएको हो भन्ने देखिएको छ।[1] वि. सं. १०४३ तिर प्रसिद्ध गुणकामदेव राजा भएको उल्लेख अभिलेख आदिमा पाइएको छ। त्यस बेला शहरका प्रमुख अङ्गमध्ये सभागृह, नृत्यगृह रूपको "मण्डप" पनि एक थियो। मण्डप साधारण वेदी (डवली) रूपको मात्र पनि बन्दथ्यो। तर यहाँ नेपाली प्राचीन शैलीमा काठ बढी हाली बनाइएको भव्य "काष्ठमण्डप" बन्यो। सो आकर्षक काष्ठमण्डप धार्मिक र सांस्कृतिक दृष्टिले पनि महत्वपूर्ण बन्यो र क्रमशः यही मण्डपको नामले शहरको नाम नै "काष्ठमण्डप" रहन पुग्यो। विक्रमको बाह्रौं शताब्दीमा यस शहरको नाम नै "काष्ठमण्डप" रहिसकेको

---

१. धनवज्र वज्राचार्य–लिच्छविकालको इतिहासमा किरातकालको प्रभाव, पूर्णिमा, अङ्क १७, पृष्ठ १–८;
धनवज्र वज्राचार्य–लिच्छविकालका बस्ती, पूर्णिमा, अङ्क १८, पृष्ठ ८७–१०१

२. धनवज्र वज्राचार्य–लिच्छविकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, २०३०, पृष्ठ ५४८–६२

3. Wright, D.-(ed.) History of Nepal, Sushil Gupta (India) Pvt. Ltd., Calcutta, 1958, pp. 91–92

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा तात्कालिक हस्तलिखित ग्रन्थबाट थाहा पाइन्छ।[१] चौधौं शताब्दीदेखिका ताम्रपत्र त काष्ठमण्डपभित्र नै रहेका छन्। संस्कृत काष्ठमण्डपको नेपाली रूप "काठमाडौं" हो। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहद्वारा यहाँ राजधानी कायम गरिएपछि क्रमशः विश्वमा समेत नेपालको राजधानीको रूपमा "काठमाडौं"ले प्रसिद्धि पायो। यस नाउँले आजको यो जिल्लाको नाउँ समेत पनि काठमाडौं हुन गएको हो।

प्राचीन इतिहास

उत्खनन् आदि वैज्ञानिक तरीकाले इतिहासको खोजी गर्न सकिएको भए यस क्षेत्रको प्राचीन इतिहास निकै अघिदेखि प्रामाणिक रूपमा जान्न सकिने सम्भावना छ। तर गोपाल वंशावली आदि वंशावली, पशुपति पुराण, हिमवतखण्ड, मूलसर्वास्तिवादविनय र लिच्छविकालका अभिलेख आदि केलाई हेर्दा किरातकालदेखिको यहांको प्राचीन इतिहास भने केही स्पष्ट देखा पर्न थालेको छ। किरातकालमा काठमाडौं उपत्यका राम्ररी नै आवाद भइसकेको थियो भन्ने कुरा स्थरुद्रङ्ग, नुप्पुन्नद्रङ्ग, थंतुंरीद्रङ्ग, खोप्रिङद्रङ्ग आदि प्रमुख बस्तीका नाम, यहांका खोलानाला, खेत,कुलो, पहाड डाँडो आदिका नाम किरात परिवारको भाषाबाट रहेका हुनाले थाहा पाइन्छ। अर्को महत्वपूर्ण कुरा हाम्रो देशको "नेपाल" नामकरण किरातकालमै भइसकेको थियो। यो कुरा कौटलीय अर्थशास्त्र आदि प्रमाणबाट सिद्ध हुन्छ।[२] "नेपाल" शब्दको ठीक अर्थ के हो भन्ने कुराको टुङ्गो विद्वानहरूले लाउन सकेका छैनन् तापनि प्राचीनकालदेखि अहिलेसम्म एक टङ्गारले अपरिवर्तित रूपमा रहेको यो विशिष्ट नाम हो। नेपाल महात्म्य अनुसार "ने" मुनिले व्यवस्था गरी कायम गरेको शहर भएकोले नेपाल भनिएको हो।[३] तिब्बती भाषामा "पाल" माने "ऊन" र "ने" माने "घर" अर्थात् "ऊनको घर" याने ऊन प्रशस्त भएको ठाउँ भनेको हो। लेप्चा भाषामा यस शब्दको अर्थ पवित्र गुफा र धार्मिक स्थानहरू हो।[४]

"भिङगिसी" आदि नेपाली ऊनी कपडा अन्तकाभन्दा श्रेष्ठ कहलाएको थियो तथा भारतका बजारमा तिनको माग थियो भन्ने कुरा कौटलीय अर्थशास्त्रबाट थाहा पाइन्छ।[५] यसबाट किरातकालमै भारतसँग नेपालको व्यापार सम्बन्ध कायम भइसकेको थियो भन्ने बुझिन्छ। उक्त कुराको पुष्टि मूलसर्वास्तिवादविनय नामक बौद्ध ग्रन्थबाट पनि हुन्छ। गौतम बुद्ध श्रावस्तीमा आइरहेको बेला एक दल व्यापारी ऊन आदि किन्न यहाँ आएको र उनीहरूका साथ बौद्ध भिक्षुहरू पनि यहाँ आएको वर्णन उक्त ग्रन्थमा परेको छ। नेपालबाट प्रशस्त मात्रामा ऊनको निकासी लिच्छविकालसम्म पनि चालू रहेको कुरा अंशुबर्माको टिष्टुङको अभिलेखमा परेको हुनाले पनि उक्त कुराको पुष्टि हुन्छ।[६] व्यापारको साथै कृषि र पशुपालन व्यवसाय पनि किरातकालमा चालू रहेको सङ्केत पाइएको छ। यसरी नेपालको आर्थिक विकासको जग किरातकालमै रहिसकेको देखिएको छ।

---

१. धनवज्र वज्राचार्य (सं.) इतिहास संशोधनको प्रमाण–प्रमेय, जगदम्बा प्रकाशन, २०१९, पृष्ठ ११०–१५
२. कौटिल्य–अर्थ शास्त्र अधिकरण २ अध्याय ११, सूत्र १०५–६
३. नेपाल महात्म्य, अध्याय ११ श्लोक ६१–६२
4. Waddell, A.L.-Frog-Worship Amongst Newars, With A Note on the Etymology of the Word "Nepal", Indian Antiquary, October 1893, pp. 292-93
५. कौटिल्य–अर्थशास्त्र अधिकरण २ अध्याय ११, सूत्र १०६
६. हेमराज शाक्य–अभिलेख प्रकाश, काठमाडौं, पृष्ठ ९–१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को उल्लेखनीय कुरा किरातकालमै यहाँ शैव, बौद्ध आदि धार्मिक सम्प्रदायको प्रवेश भइसकेको देखिएको छ। साथै त्यसबेला गौतमाश्रम, भरताश्रम आदिको स्थापना भएको शाक्य कोली आदि सभ्य जातिको प्रवेश भइसकेको सङ्केत पनि पाइएको छ।

यसरी प्राचीनकालमा यस जिल्लाको विकासमा किरात शासनको पनि हात रहेको कुरा केही अस्पष्ट भए पनि अब शङ्कास्पद रहेन। कति भने वंशावली आदिमा उल्लिखित "एलम्" आदि किरात राजाहरूको नाम, क्रम, समय आदिबारे प्रकाश पार्ने ठोस सामग्री भने पाउन सकिएको छैन। यसो हुनाले यसबेलाको राजनैतिक इतिहास अलि प्रामाणिक हुन सकेको छैन।

लिच्छविकाल

किरात राजाहरूलाई जितेर लिच्छविहरूले यहाँ शासन कायम गरेको वर्णन पशुपतिपुराण, गोपालवंशावली आदिमा परेको छ। लिच्छविहरूको मूल थलो "वैशाली" हो। वैशालीमा लिच्छविहरूको संघात्मक शासन चलेको थियो। साथै लिच्छविहरूको सभ्यता, संस्कृति विकसित थियो। सभ्य र सुसंस्कृत लिच्छविहरूको प्रवेशले यहाँको प्राचीन इतिहासमा महत्वपूर्ण परिवर्तन ल्यायो। लिच्छविहरूले यहाँको पुराना बासिन्दाहरूको रीतिस्थितिलाई कायम राख्ने नीति लिएकाले यहाँ नेपाली संस्कृतिले आफ्नै रूपमा विकास गर्ने अवसर पनि पायो।

लिच्छविहरूले यहाँ प्रवेश गरेको समय निश्चित् हुन सकेको छैन। पशुपतिको अभिलेखबाट यहाँ लिच्छविराज्यको जग मजबूत पार्ने व्यक्ति जयदेव प्रथम हुन् भन्ने देखिन्छ। उनको समय विक्रमको पहिलो शताब्दीको अन्त्यतिर थियो भन्ने देखिन्छ। यसरी शुरूको लिच्छविकालको इतिहास अझै स्पष्ट हुन सकेको छैन। राजा वृषदेवदेखि मात्र लिच्छविकालको इतिहास जोडिन आएको छ।[1]

लिच्छवि राजाहरूमा मानदेवको विशेष स्थान रहेको छ। संवत् ३८६ देखि ४२७[2] (वि. सं. ५२१ देखि ५६२) सम्मको ४१ वर्षको उनको लामो शासनकालमा नेपालमा शान्ति सुव्यवस्था कायम रह्यो। आर्थिक क्षेत्रमा उन्नति भयो। विदेशसँगको व्यापारमा वृद्धि भयो। स्वतन्त्र "मानाङ्क" मुद्रा प्रचलनमा ल्याइयो। विद्याको उन्नति भयो। चाँगुको स्तम्भलेख प्रौढ र माथिल्लो तहको छ। कलाको विकास भयो। मानदेवले स्थापना गरेको वामनमूर्ति कलाको दृष्टिले उत्तम छ। यसबेला बनेको "मानगृह" दरबार कयौं सय वर्षसम्म शासनको केन्द्र बन्यो।

मानदेवपछि शासनको बागडोर क्रमशः आभीर गुप्तहरूको हातमा गएको हुँदा राजनैतिक अवस्था अलि अशान्त रह्यो। तर यसै अवस्थाले एक योग्य शासकलाई अगाडि ल्यायो। ती हुन् अंशुबर्मा। उनी सोमै गद्दीका हकदार थिएनन्। लिच्छवि राजा शिवदेवका सहायक रूपमा अंशुबर्मा अगाडि बढेका थिए। श्रीसामन्त, पहिला श्रीमहासामन्त, अयंशुबर्माका रूपमा पदोन्नति गर्दै गई अन्तिम समयमा उनी नेपालको इतिहासमा पहिला "महाराजाधिराज" का रूपमा देखा परे। राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि सबै क्षेत्रमा अंशुबर्माका देन अविस्मरणीय छन्। प्रजाको हितको लागि सच्चा दिलले तन्मय भएर उनले गरेर गएका

१. मानदेवको चाँगु स्तम्भ अभिलेख र जयदेव द्वितीयको पशुपति अभिलेख।

२. धनवज्र वज्राचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६–३०; धनवज्र वज्राचार्य (सं.) को माथि उल्लिखित किताब, पृष्ठ १०२–८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुराको लेखाजोखा संक्षेपमा गर्नु गाह्रो छ तापनि केहीको उल्लेख यहाँ गर्नु आवश्यक देखिन्छ। राजनैतिक क्षेत्रमा बाहिरी प्रभावबाट नेपाललाई स्वतन्त्र राखी नेपाली जनतालाई स्वशासनको अधिकार दिलाई जनतामा जागरण ल्याउने उनको नीति प्रशंसनीय रहेको छ। आर्थिक उन्नतिको लागि नयाँ व्यापार नीति, कृषि, पशुपालनलाई प्रोत्साहन दिने उनको नीति रहेको थियो। जनजीवनको लागि आवश्यक स्वास्थ्य, शिक्षा आदिको प्रबन्ध जनताले गोष्ठीद्वारा गरुन् भनी उनले सामाजिक संगठनलाई प्रोत्साहन दिएथे। विद्याप्रतिको उनको अगाध रुचिको प्रसिद्धि विदेशमा समेत फैलिएथ्यो। विद्याप्रतिको रुचिले गर्दा उनले अन्तिम समयमा "श्रीकलहाभिमानी" भन्ने उपनाम लिएका थिए।[1] उनको कलाप्रियताको नमूना "कैलासकूट भवन" ले लिएको थियो। यस भवनको निर्माणले गर्दा नेपाली वास्तुकलाको लोकप्रियता अन्त समेत फैलिएथ्यो।

अंशुबर्माका यी देनको स्पष्ट झलक उनले व्यवस्था बाँधी राखेका शिलालेखहरूमा पाइन्छ। साथै चिनियाँ यात्री र राजदूतले गरेको नेपालको वर्णनबाट पनि तात्कालिक नेपालको जनजीवनको झलक पाइन्छ। चिनियाँ वर्णनको भाव यसप्रकारको छः–

"निपोलो" (नेपाल) हिमाच्छादित पर्वतश्रृङ्खलाको माझमा रहेको देश हो। त्यहाँको उर्वराभूमिमा प्रशस्त फलफूलहरू पाइन्छन् औ त्यहाँको हावापानी शीतल र रमाइलो छ। निपोलोको निवासीहरू दक्ष कलाकार हुन्छन्, उनीहरू रङरोगन गरिएका काठ कुँदेर बनाइएका घरहरूमा बस्छन्; नाचगान मन पराउँछन्; ज्योतिषशास्त्रका प्रेमी छन्। उनीहरू पशुबलि पनि दिन्छन्। जमीनलाई खेतीपातीयोग्य बनाउन उनीहरूले सिचाइको व्यवस्था मिलाएका छन्। बौद्ध र सनातन दुवै धर्मको मेल त्यहाँ पाइन्छ; त्यहाँ बौद्ध मन्दिर अरू धार्मिक सम्प्रदायका मन्दिर सँगसँगै नै निर्मित भएका पाइन्छन्। व्यापार, वाणिज्य राम्ररी संगठित र सञ्चालित गरिएकोले देश समृद्धिशाली छ।"

अंशुबर्मापछि पनि नरेन्द्रदेव द्वितीय, जयदेव आदि उल्लेखनीय राजा लिच्छविकालमा भएथे। तर जयदेव द्वितीयपछिको लिच्छविकालको इतिहास स्पष्ट हुन सकेको छैन।

मध्यकाल

नेपाल संवत्को शुरुदेखि अर्थात् वि. सं. ९३७ तिरदेखि नेपालको इतिहासमा मध्यकाल शुरू भएको मानिएको छ। यस ताकाका राजाहरूको नाम, समय आदिलाई देखाउने अभिलेख आदि सामग्री केही प्राप्त छन् तापनि यसताकाको राजनैतिक इतिहास अलि स्पष्ट हुन सकेको छैन। तर मध्यकालको शुरूसम्म नेपाल राज्य टुक्रिसकेको थिएन। यसैले राजधानी काठमाडौं उपत्यकाको वैभव त्यति घट्न पाएको थिएन। साथै भोटतिरको व्यापार सम्बन्ध आदिले गर्दा पनि काठमाडौं उपत्यका गुल्जार नै रह्यो। उता उत्तर भारतमा मुसलमानी प्रभुत्व जम्न थालेपछि त्यताका अनेक विद्वान्ले यहाँ शरण लिन पुगे। यसरी काठमाडौं उपत्यका विद्वान्हरूको आश्रयस्थल जस्तै बन्यो। यसताका यताबाट अनेक बौद्ध विद्वान्हरूलाई भोटले आमन्त्रण गरी सत्कारपूर्वक राखेथ्यो।

मध्यकालको शुरूमा आर्थिक र सांस्कृतिक दृष्टिले यसरी उपत्यका समृद्ध नै बन्यो तापनि राजनैतिक दृष्टिले भने यहाँ कमजोरी देखा पर्न थाल्यो। यसरी कमजोरी आउनामा एक कारण "द्वैराज्य" शासन पद्धति पनि थियो। दाजु भाइहरू अथवा काका भतिजाहरूको समेत संयुक्त शासन चलाउने पद्धतिले केन्द्रमा बलियो

१. धनवज्र वज्राचार्य–श्री कलहाभिमानी राजा, पूर्णिमा, पूर्णाङ्क १, पृष्ठ ३–७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शासक पैदा भएनन्। यसैताका उता कर्णाली प्रदेशमा बलियो खसराज्य खडा भयो। साथै दक्षिण र पूर्वतिर सिमरौनगढ भेकमा डोय (तिरहुते) हरूको अर्को बलियो राज्य खडा भयो। यी दुई राज्यले गुहारका रूपमा उपत्यकाको राज्यमा हस्तक्षेप गर्न लागेका हुनाले यहाँको मल्ल राज्य राजनैतिक दृष्टिले क्रमशः क्षीण हुँदै गयो। काठमाडौं उपत्यकाले बङ्गालका सुलतान शमशुद्दीनको भयङ्कर आक्रमणको मार पनि यसैबेला खानु पर्‍यो।

यसै बीच यहाँ एक योग्य शासकको उदय भयो। ती हुन् स्थिति मल्ल। उनले बिस्तारै बिस्तारै वरपरका सामन्त शासकहरूलाई कजाए; बराबर विद्रोह गरिरहने क्वाठनायक आदि भारदारहरूलाई अँठ्याए। यसरी उनले केन्द्रको शासनलाई मजबूत पारे। उनको शासनकालमा यहाँ शान्ति सुव्यवस्था कायम भयो। उनले समाज सुधार गरे; आर्थिक व्यवस्था गरे; रीतिस्थिति बाँधे। विद्वान्हरूले उनको आश्रय पाए। यसरी काठमाडौं उपत्यकाको अवस्थाले नयाँ मोड लियो। स्थिति मल्लका छोरा नाति पनि योग्य भई निस्के। यिनका नाति यक्ष मल्लले आफ्नो ५० वर्षभन्दा बढी लामो शासनकालमा काठमाडौं उपत्यकाको गौरव अझ बढाए। यसबेला राजधानी भक्तपुरमा थियो। उनले जनताको सहयोगले भक्तपुरलाई एक मजबूत गढको रूपमा परिणत गरे। वरपरका सामन्त शासकलाई हातमा लिई यक्ष मल्लले आफ्नो राज्य क्षेत्र, प्रभाव क्षेत्र बढाउने प्रयास गरे। त्यसबेला उनलाई परिस्थिति पनि अनुकूल थियो। पश्चिमको खसराज्य टुक्रिसकेको थियो। तिरहुतको डोयराज्य पनि बिलाइसके जस्तो थियो। यसो हुनाले पश्चिममा पाल्पा, गोरखासम्म, उत्तरमा सिकारजोङसम्म, पूर्व-दक्षिणमा मिथिला प्रदेशमा उनले आफ्नो प्रभाव फैलाएका थिए।[1] तर यो प्रभाव धेरै कालसम्म टिक्न सकेन।

यक्ष मल्ल पछि उनका छोराहरूको आपसी फूटले मल्लराज्य कैयौं टुक्रामा विभक्त भयो। यसपछि मुख्य गरी उपत्यकामा भक्तपुर, कान्तिपुर, ललितपुर तीन राज्य अस्तित्वमा आए।

काठमाडौं राज्य

यक्ष मल्लका महत्वाकांक्षी छोरा रत्न मल्लको दाउपेचले गर्दा कान्तिपुर (काठमाडौं) एक स्वतन्त्र राज्यको रूपमा परिणत भएको हो।[2] यसपछि भक्तपुर र ललितपुरको प्रतिस्पर्धाले गर्दा यस राज्यले आफ्नो शक्ति निक्कै बढायो। आर्थिक र सांस्कृतिक क्षेत्रमा पनि यसको विकास भयो। नुवाकोट र दोलखा भई तिब्बत जाने व्यापार मार्ग यस राज्य क्षेत्रभित्र परेको हुनाले यसको आर्थिक समृद्धि हुनामा मद्दत मिलेथ्यो।

रत्न मल्लपछि उनका नाति नरेन्द्र मल्लको प्रयासले राजनैतिक दृष्टिले काठमाडौं राज्यको शक्ति बढ्यो। महेन्द्र मल्लले आर्थिक टेवा दिई त्यसलाई अझ बलियो पारे। घरेलु उद्योगलाई बढावा दिने नीति, "महेन्द्रमल्ली"को प्रचलन, तलेज्यू आदि देव मन्दिरहरूको निर्माण, प्रजापञ्चलाई सक्रिय पार्ने प्रयास आदि महेन्द्र मल्लका देन हुन्। काठमाडौं राज्य क्षेत्रलाई अझ विस्तार गर्ने काम अर्को प्रसिद्ध राजा शिव सिंहले गरे। उनले ललितपुरलाई कान्तिपुर राज्यमा गाभे। यसपछि लिस्ति, केरुङ, दोलखा, सिन्धुली आदि प्रदेशमा उनले दखल जमाई काठमाडौं राज्य क्षेत्रको विस्तार गरे।[3] यिनमध्ये ललितपुरमा चाहिं पछि उनका नाति सिद्धिनरसिंहले

१. जगज्ज्योतिर्मल्ल—नरपतिजयचर्चा स्वरोदया टीका; Kirkpatrick, W.J.– An Account of the Kingdom of Nepaul, p. 266

२. धनवज्र वज्राचार्य (सं.)को माथि उल्लिखित किताब, पृष्ठ १३३–४४

३. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ—दोलखाका ऐतिहासिक रूपरेखा, नेपाल र एशियाली अध्ययन संस्थान, कीर्तिपुर, २०३१, पृष्ठ ३८–४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी स्वतन्त्र राज्य खडा गरे।[1]

काठमाडौं राज्यको गौरव बढाउने अर्का मल्ल राजा प्रताप मल्ल हुन्। कुती, खासा, केरुङतिर राम्ररी दखल जमाई उनले भोटसँगको व्यापारमा वृद्धि गरे।[2] ३३ वर्षको राज्यकालमा प्रताप मल्ल चुपलागेर कहिल्यै बसेनन् भने पनि हुन्छ। राजकाजको दाउपेचमा उनी प्रायः व्यस्त रहे तापनि उनको विशेषता साहित्य, संगीत, कलाप्रतिको उनको गहिरो रुचि हो भन्न सकिन्छ। आफूलाई "कवीन्द्र" भन्न मन पराउने प्रताप मल्लका कविता कान्तिपुरका प्रसिद्ध देवमन्दिरमा रहेका शिलालेखहरूमा छरिएर रहेका छन्। अरबी, फारसी, रोमन आदि विविध लिपिमा लेखाइएको हनुमान ढोकाको अभिलेखमा उनले ज्ञानको संकुचित घेराबाट मुक्त हुने चेष्टा गर्नु पर्दछ भन्ने घोषणा गरेका छन्। प्रताप मल्लका कृतिहरू काठमाडौंमा यत्र तत्र छरिएर रहेका छन्। तर प्रताप मल्ल व्यक्तिगत रूपमा योग्य व्यक्ति थिए तापनि दूरदर्शी राजनीतिज्ञ भने थिएनन्। यसो हुँदा उनीपछि काठमाडौं राज्यको राजनैतिक अवस्था राम्रो रहेन।

काठमाडौंका अन्तिम मल्ल राजा जयप्रकाश मल्ल हुन्। गद्दीमा बसेदेखि अन्तिम समयसम्म भित्री र बाहिरी संघर्षमा उनले संलग्न रहनु पर्‍यो तापनि काठमाडौंको सांस्कृतिक विकासमा उनको पनि केही हात रहेको थियो। वि. सं. १८०१ मा पृथ्वीनारायण शाहले नुवाकोट कब्जा गरेपछि जयप्रकाश मल्लले सो फिर्ता लिने प्रयास गरेथे। तर उनी सफल भएनन्। उनको पतनको यो पहिलो खुड्किलो थियो। वि. सं. १८१४ मा कीर्तिपुरको प्रथम युद्धमा पृथ्वीनारायण शाहलाई हराउनमा जयप्रकाशको मुख्य हात थियो। तर पृथ्वीनारायण शाहको लक्ष्य र योजना स्पष्ट थियो। पूर्वतिर बढ्न उनी योजनाबद्ध तरीकाले उद्योग गर्दै थिए। जयप्रकाशको भने उद्देश्य र योजना त्यति स्पष्ट थिएन। आत्म रक्षाको लागि मात्र उनले अनेक कदम उठाएथे। यसकारण पृथ्वीनारायण शाहको टक्करमा उनी असफल रहे। वि. सं. १८२५ मा इन्द्रजात्राको दिन पृथ्वीनारायण शाहले सजिलैसँग काठमाडौं जिते। यसपछि एकीकृत नेपालको राजधानीको रूपमा रहने अवसर काठमाडौंले पायो।

आधुनिककाल

शाहवंशको इतिहास नै आधुनिककालको काठमाडौंको इतिहास हो भन्न सकिन्छ। गण्डकी प्रश्रवण क्षेत्रमा "आठ टीका"[3] रूपमा फैलिएको शाहवंशको एक शाखाले गोरखामा स्वतन्त्र राज्य स्थापना गरेथ्यो। त्यहाँ राम शाह जस्ता योग्य शासक पैदा भएथे। आर्थिक दृष्टिले कमजोर राज्य थियो तापनि त्यहाँ योग्य व्यक्ति पैदा भए तथा पूर्वतिर बढ्ने विचार उठ्न थाल्यो। आफ्ना पुर्खाहरूको विचारलाई पृथ्वीनारायण शाहले योजनाबद्ध तरीकाले कार्यान्वित गर्न सकेका हुनाले नेपालको एकीकरण गरी नेपाललाई स्वतन्त्र हिन्दू राष्ट्रको रूपमा विश्वको सामु खडा गर्ने श्रेय शाहवंशलाई मिल्यो।

नेपाल राज्यलाई "चारवर्ण छत्तीस जातको साझा फूलबारी" घोषित गर्ने, "प्रजा मोटा भया दरबार बलियो रहन्छ" भन्ने उदात्त भावना राख्ने श्री ५ पृथ्वीनारायण शाहलाई नेपालीहरूले "राष्ट्रनिर्माता बडामहाराजाधिराज" मानेको वास्तवमा सही छ। समयमै पृथ्वीनारायण शाह जस्ता दूरदर्शी कर्मठ शासकको उदय नभएको

१. रामजी तिवारी आदि (सं.)–ऐतिहासिक पत्र संग्रह, दोस्रो भाग, नेपाल सांस्कृतिक परिषद्, काठमाडौं, २०२१, पृष्ठ १–१०
२. हनुमानढोका अगाडिको कृष्ण मन्दिरको अभिलेख
३. योगी नरहरिनाथ (सं.)– इतिहास प्रकाश, भाग १, २०१२, पृष्ठ ६७–६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भए प्राचीनकालदेखि स्वतन्त्र रहेर आएको नेपाल राष्ट्रको स्वतन्त्रता खतरामा पर्ने सम्भावना थियो। तर पृथ्वीनारायण शाहको उदयले नेपालको एकीकरणको जग मात्र बसेको होइन, नेपालले एकसेएक वीरहरू जन्मायो। यसबाट नेपाली वीरताको परिचय विश्वले पायो।

योग्यताको कदर गरी योग्य व्यक्तिलाई अगाडि बढाउने उत्तम नीतिको साथै पृथ्वीनारायण शाहको आर्थिक नीति पनि नेपालको लागि वरदान जस्तै रहेको छ। उनको राज्यकालमा काठमाडौंले जुन सहकाल देख्न पायो सो उनको आर्थिक नीतिको फल थियो। फ्रान्सेली विद्वान् सिल्भान लेभीका शब्दमा "परिस्थितिलाई एकै नजरमा बुझ्न सक्ने, तुरुन्तै निर्णय लिन सक्ने र आँटेको काम साहस तथा दृढतासित गरिहाल्ने गुणहरू पृथ्वीनारायण शाहमा थिए।" यस्ता थिए हाम्रा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह जसले आजको नेपाल राष्ट्र र नेपाली राष्ट्रियताको आधारशिला राखे।

वि. सं. १८३१ माघे संक्रान्तिको दिन देवीघाटमा पृथ्वीनारायण शाहको देहावसान भएपछि उनका जेठा छोरा प्रतापसिंह शाह (१८३१–३४) राजगद्दीमा बसे। उनी विजिगीषु प्रकृतिका थिएनन् तापनि उनले सुमेश्वर (चिनौन) विजय गरी बाह्य आक्रमणको खतरा रोकेथे। भोटसँग सन्धि गरी व्यापार सम्बन्ध सपार्ने चेष्टा उनले गरेथे।[1] श्री ५ प्रतापसिंह शाह पछिका शाहवंशी राजाहरू हालसम्म क्रमशः यसप्रकार भएका छन्- श्री ५ रणबहादुर शाह, श्री ५ गीर्वाणयुद्ध विक्रम शाह, श्री ५ राजेन्द्र विक्रम शाह, श्री ५ सुरेन्द्र विक्रम शाह, श्री ५ पृथ्वी वीर विक्रम शाह, श्री ५ त्रिभुवन वीर विक्रम शाह, श्री ५ महेन्द्र वीर विक्रम शाह र श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव।

रणबहादुर शाहको बालककालमा मुमा राजेन्द्र लक्ष्मी र काका बहादुर शाहले केही वर्ष एकपछि अर्कालि शासन सम्हालेका थिए। यसताका भित्रि संघर्षले केही स्थान पायो तापनि एकीकरणको अभियान रोकिएन। बहादुर शाहको नीति कुशलताले गर्दा यसबेला पश्चिमतिर नेपालको गङ्गा साँध लाग्यो। तर भोट-चीनसँगको लडाईंले गर्दा यो विजय अभियान रोकियो। वि. सं. १८४९ मा चीनसँग सन्धि भएपछि समस्याको समाधान भयो।

यसपछि बीचमा केही भित्री संघर्ष भए। यसको परिणामस्वरूप अंग्रेजहरूले यहाँको राजकाजमा हात हाल्ने प्रयास गरे। तर नेपालीहरूको देशभक्तिले गर्दा अंग्रेजहरूको दाउ सफल भएन। यसपछि वि. सं. १८७१ कात्तिक १८ गते गभर्नर जनरल लर्ड हेष्टिङ्गस्ले नेपालको विरुद्ध युद्धको घोषणा गरे। पाँच ठाउँबाट नेपालमा कडा आक्रमण गरियो। यस युद्धमा नेपालीहरूले जुन वीरता देखाए, त्यसबाट शत्रुहरू पनि प्रभावित भए। तर नेपालले आफूले विजय गरेका केही प्रदेश यस बेला गुमाउनु पर्‍यो। वि. सं. १८७३ को सुगौली सन्धि पछि यो युद्ध समाप्त भयो।

यस घटनाबाट नेपालीहरू सावधान भए। अब बचेको नेपालमा अंग्रेजहरूको आँच पर्न नपाओस् भन्नाका लागि पूरा तयारी गरियो। यसका लागि भीमसेन थापाले गरेको उद्योगको गुण हामी नेपालीले बिर्सनु हुन्न। तर यसको एक नराम्रो नतीजा पनि देखा पर्‍यो। सैनिकीकरणतिर ढल्केको यस बेलाको वातावरणले गर्दा प्रजातन्त्रहरू सेलाउन थाले, राजा र प्रजाको सम्बन्ध पहिले जस्तो रहन पाएन, जनतामा निष्क्रियता र नैराश्यको भावना क्रमशः बढ्दै गयो। यो सैनिकीकरणको फलस्वरूप षड्यन्त्रले चर्को रूप लिन थाल्यो, हत्याकाण्ड हुन थाले। यसै क्रममा कोतपर्व (वि. सं. १९०३ भदौ ३१ गते) को रक्तपात पछि जङ्गबहादुरको हातमा शक्ति गयो। जसबाट १०४ वर्षको जहानीया राणा शासनको सूत्रपात भयो। जङ्गबहादुर आदि राणा प्रधानमन्त्रीहरूले भोट-

१ योगी नरहरिनाथ (सं.)–इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, पृष्ठ ७०–७१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सँगको सन्धि (१६१२)[1], नयाँ मुलुक फिर्ता लिनु (१६१७)[2] आदि कार्य गरी परराष्ट्र नीतिको सञ्चालन केही राम्ररी नै गरे तापनि उनीहरूको आर्थिक नीति, गृहनीति आदि नेपालको लागि अभिशाप जस्तै बन्यो। जुन युगमा विश्व औद्योगिक क्रान्तितिर अघि बढिरहेको थियो, त्यस बेला नेपालले आफ्ना अघिदेखि चलिआइरहेका साना उद्योगबाट समेत केही मात्रामा बञ्चित रहनु पर्‍यो, राष्ट्रको आम्दानी एक वर्गको पेवा जस्तै बन्यो, जनताले निस्तेज जस्तै भई रहनु पर्‍यो। हुन त जुद्धशम्शेर आदि एक दुई जना राणा प्रधानमन्त्रीले उद्योग व्यवसायमा स्थापना गर्ने केही प्रयास गरेका थिए, तापनि यसको विशेष नतीजा निस्केन। शक्ति हत्याउन राणाहरुमा नै बराबर भइरहेका अनेक दाउपेच काठमाडौंले हेरिरहनु पर्‍यो।

२००७ साल र काठमाडौं जिल्ला

वि. सं. २००७ को जनक्रान्तिमा यो जिल्लाको भूमिकाको उल्लेख गर्नुभन्दा अघि अधिराज्यको राष्ट्रिय जनजागरणका क्षेत्रमा काठमाडौंका कतिपय ऐतिहासिक घटनाक्रमको पृष्ठभूमि सर्सती हेर्नु उचित हुनेछ। यसो गर्नु पर्ने प्रमुख कारणहरूमध्ये एउटा के हो भने राजधानीको नाताले राजनैतिक जन चेतनाको लहर काठमाडौंका अन्य ठाउँमाभन्दा चाँडै फैलियो। दोस्रो,नेपाली जन क्रान्तिमा राजा र प्रजाले मिलेर अधिराज्यको एक तेस्रो शक्तिसँग जुध्नु परेको अद्वितीय पक्ष पनि भएकोले र राजा र प्रजाको यो संयुक्त प्रचेष्टाहरू राजधानी काठमाडौंमा मात्र विशेष रूपले सम्भव भइआएकोले यो पक्षलाई बिर्सिनु नेपालको राजनैतिक जनजागृतिको वास्तविक रूप चिन्न नसकेको बराबर हुनेछ।

काठमाडौंको यो संघर्षको थालनी प्रधानमन्त्री जङ्गबहादुरको मृत्यु सँगसँगै भएको मान्न सकिन्छ। किनभने जङ्गबहादुरले प्रधानमन्त्रीको पदमा उनका भाइ–भतिजाहरू रोलसँग उत्तराधिकारी हुँदै जाने जुन व्यवस्थाको सूत्रपात गरे त्यसले देशको प्रशासनमा वास्तविक नरेशहरूको भूमिका नगण्य हुने र राजाहरू आफ्ना प्रधानमन्त्रीका चंगुलमा सधैं फसिरहनु पर्ने लक्षण स्पष्ट देखिएको थियो। यस राजनीतिक प्रपञ्चबाट उम्कन नेपाल नरेशहरूले समय समयमा राणा शासकहरूको विरूद्ध जुन भूमिका खेल्दै आएका छन् सो पछि नेपाल जन-क्रान्तिको अग्रभाव हुन गयो।

नेपालको राजपरिवारले निरंकुश राणाशासनबाट देशलाई मुक्तगर्न चालेका कदमहरूमा प्रथम उल्लेखनीय घटना ३८ सालको पर्व हो। अधिराजकुमार नरेन्द्र विक्रम शाहको नेतृत्वमा माथवर सिंह थापाका छोरा कर्नेल विक्रम सिंह थापा, सनक सिंह टण्डनका छोरा कर्नेल इन्द्र सिंह, धीरमान सिंह बस्नेत, कुलमान सिंह बस्नेत, कर्नेल चन्द्र सिंह पाण्डे, मेजर संग्रामशूर बिष्ट, सुब्बा टङ्कनाथ र होमनाथ आदि ५२ व्यक्तिले प्रधानमन्त्री रणोद्दीप सिंह र धीर शम्शेरको जनवरी ६, १८८२ (वि.सं. १६३८) को दिन हत्या गर्ने योजना बनाएका थिए तर योजना पूरा हुन नपाउँदै यसको पूर्व सूचना कर्नेल उत्तरध्वज राजभण्डारी मार्फत धीर शम्शेरले पाइसकेकोले जम्मैका जम्मै कैदमा परे। यीमध्ये ४१ जना निर्ममता साथ काटिए तथा १० जना बाहुनहरू मुडिएर देश निकालिनेमा परे। अधिराजकुमार नरेन्द्र विक्रम, बम वीर सिंह आदिले भारतको चुनारगढमा कैदी–जीवन बिताउनु पर्‍यो।

1 योगी नरहरिनाथ र नरेन्द्रमान सिंह बस्न्यात (सं.)-इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, पृष्ठ २८–३०
2 Aitchison, C. U.-Treaties, Sanads and Engagements, Govt. of India, Nepal No. XXXIII

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राणा शासनको तख्ता पल्टाउने अर्को प्रयास जङ्गबहादुरका निर्वासित छोरा रण वीर जङ्ग र उनका सहयोगीहरूद्वारा वि. सं. १९४५ (सन् १८८८) मा गरिएको हो तर यो विद्रोहलाई एक पारिवारिक शक्ति संघर्ष पनि ठान्न सकिन्छ यद्यपि यो निक्कै व्यापक रूपमा चम्केको थियो र हनुमाननगरदेखि बुटवलसम्म विभिन्न ठाउँमा दङ्गाहरू भएका थिए। विद्रोह दमन गरिएपछि करीब ५२ जना व्यक्ति दण्डित भए।

प्रधानमन्त्री चन्द्र शम्शेरको पालाका कौंसिल अड्डाका सुब्बा कृष्णलालले लेखेका "मकैको खेती" ले अप्रत्यक्ष रूपले भए पनि राणा प्रशासनको आलोचना गरेर जन चेतना उमार्ने चेष्टा गरेका थिए। फलस्वरूप उनलाई नौ वर्षको र उनका साथीहरू प्रत्येकलाई पाँच वर्षको कारादण्ड दिइयो। कारावास मैं कृष्णलाल मरे पनि। वि.सं.१९१२को नेपाल-तिब्बत सन्धिको आलोचना गरेको अपराधमा देश निकाला गरिएका देवी प्रसादले काशीबाट प्रकाशित गर्ने गरेका "गोर्खाली" साप्ताहिक पत्रिकाका प्रतिहरू लुकी चोरी काठमाडौंमा ल्याएर पढिन्थे र त्यस पत्रिकाले पनि यहाँ राजनीतिक चेतना र राष्ट्रिय भावना जगाउनमा निक्कै मद्दत गऱ्यो।

भारतमा महात्मा गान्धीको नेतृत्वमा सञ्चालित स्वदेशी आन्दोलनको देखासिकीमा तुलसी मेहरले ई. सं. १९२६ देखि चर्खा प्रचारको आडमा जन जागरण गराउन खोजेका थिए तर प्रधानमन्त्री भीम शम्शेरद्वारा उनी कैद भए पछि सो स्थगित भयो। तिनताक पुस्तकालय खोल्नमा पनि प्रतिबन्ध थियो र यसको अप्रत्यक्ष प्रतिवाद स्वरूप काठमाडौंमा ४५-४६ व्यक्तिले पुस्तकालय खोल्ने अनुमति मागी आवेदन पत्रमा हस्ताक्षर गरेका थिए तर तिनीहरू जम्मैलाई सय सय रूपैयाँ दण्ड पनि गरियो। अनुमतिको त कुरै भएन। तर यस काण्डले पनि जन जागरणमा ठूलो सघाउ पुऱ्यायो।

यसै जागरणको फलस्वरूप भनौं अधिराज्यका प्रजातन्त्र स्थापना गर्ने स्पष्ट लक्ष्य राखेर वि. सं. १९८८ मा "प्रचण्ड गोरखा" नामक एक संस्था काठमाडौंमा गुप्तरूपले संगठन भएको थियो तर यस योजनाको पनि अघिबाटै सुईंको पाएर यसका रचयिताहरूको धरपकड शुरू भयो र तीमध्ये खड्गमान सिंह, अङ्गमान सिंह, मैना बहादुर र रङ्गनाथ शर्मालाई आजीवन कारावासको सजाय दिइयो।

काठमाडौं जन चेतनाको विकासको क्षेत्रमा वि.सं.१९५०मा माधवराज जोशीले स्थापना गरेको आर्य समाजको उत्साही युवकहरूले १९९२ मा स्थापना गरेका महावीर स्कूलको पनि धेरै महत्वपूर्ण देन छ। नेपाल प्रजा परिषद् नामक एक गुप्त संगठनको पनि तिनताकै (१९९३ जेठ २२ गतेका दिन) झोछें टोलमा स्थापना भयो र अर्को वर्ष (वि. सं. १९९४) मा असनमा "नेपाली नागरिक अधिकार समिति" पनि स्थापना गरिएको थियो। स्वर्गीय श्री ५ त्रिभुवन वीर विक्रम शाहका व्यायाम शिक्षक धर्मभक्त मार्फत यी संगठनहरूको सम्बन्ध राजदरबारसित पनि थियो।

वि.सं.१९९७ असारदेखि उक्त संस्थाहरू मार्फत काठमाडौंमा एकतन्त्री शासन विरोधी पर्चावाजी गर्ने काम जोडतोडले शुरू भयो तर यो कार्यक्रम चार–पाँच महीना मात्र चल्न सक्यो। शङ्कास्पद ठानिएका व्यक्तिहरूको जुन धरपकड कात्तिक २ गते शुरू भएको थियो त्यसमा पर्ने व्यक्तिहरूमाथि चलेको मुद्दाको निर्णय विशेष अदालतले १९९७ मा (१९ जनवरीको दिन) सुनायो। यसअनुसार शुक्रराज शास्त्री, धर्मभक्त, दशरथ चन्द्र र गङ्गालाललाई ज्यान सजाय भयो र आठ जनालाई जन्म कैद भयो। अरू विभिन्न थरीका सजाय पाउनेहरू अस्सी बढी थिए। शुक्रराज शास्त्री पचली र मचलीको बीच तथा धर्मभक्त शिफलेमा झुण्ड्याइए, दशरथ चन्द्र र गङ्गालाललाई एकैसाथ गोली ठोकियो। बलबहादुर पाण्डे जेलमै मरे।

दोस्रो विश्वयुद्ध पछि सम्पूर्ण अफ्रो–एशियाली संसारमा आएको प्रजातन्त्र र स्वतन्त्रता संग्रामको लहर नेपालमा पनि नआई छोडेन र देशलाई राणा शासनको कठोर शासनबाट मुक्त गर्ने अभियान दिन प्रतिदिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चर्किंदै गयो। विश्वयुद्ध चलिरहेकै समयमा पनि यो आन्दोलनको बीजारोपण भइसकेको थियो र जुद्ध शम्शेरको रजाईं कालमा गङ्गालाल, शुक्रराज शास्त्री, धर्मभक्त तथा दशरथ चन्द जस्ता सुधारवादी नवयुवकहरूले यस आहुतीमा शहीद हुनुपरेको कुरा माथि उल्लेख भइसकेको छ। त्यसपछिका उल्लेखनीय घटनाहरूमध्ये वि.सं. २००५ मा "नेपाल प्रजा पञ्चायत" नामक संस्थाको स्थापना एक हो।

वि.सं. २००७ मा यस जिल्लाले जुन घतलाग्दो तरीकाले मुक्ति संग्रामको शङ्खनाद फुक्यो त्यसको उदाहरण विश्वको इतिहासमा अर्को पाइँदैन। स्वर्गीय श्री ५ त्रिभुवन वीर विक्रम शाह र राजपरिवारले अपूर्व त्याग तथा साहसको परिचय दिंदै ६ नोभेम्बरको दिन काठमाडौं स्थित भारतीय दूतावासमा सपरिवार शरण लिएर राणा शासनलाई सबैभन्दा ठूलो चुनौती दिइबक्स्यो र त्यसै घटनालाई पूर्व इशारा मानेर देश, राजा र प्रजाको स्वार्थ बीच तादात्म्य स्थापित गर्दै २००७ सालको जनक्रान्तिको बिगुल फुक्यो। राणा शासनको निम्ति आफ्नो सय वर्षभन्दा बढी जीवनकालमा योभन्दा भयानक घडी अर्को कुनै आएको थिएन र यसैबाट प्रज्वलित जनक्रान्तिको राँकोले उनीहरूको स्वप्न महललाई भस्म पनि गरिदियो।

उक्त घटनाको चार दिनपछि राणाहरूको सम्पूर्ण कोशिश असफल पार्दै विमानमा काठमाडौंबाट नयाँ दिल्लीको निमित्त प्रस्थान गरेका राजा फेब्रुअरी १५, १९५१ मा काठमाडौं फर्किबक्स्यो। श्री ५ त्रिभुवन वीर विक्रम शाहबाट २००७ साल फागुन ७ गते ऐतिहासिक घोषणा गरिबक्सेपछि नेपाल अधिराज्यमा प्रजातान्त्रिक सरकार गठन भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

काठमाडौं

नेपाल अधिराज्यको राजधानी, मध्यमाञ्चल विकास क्षेत्रको प्रशासनिक केन्द्र र काठमाडौं जिल्लाको सदरमुकाम "काठमाडौं" शहर काठमाडौं उपत्यकाको दक्षिण-पश्चिम भेकमा अक्षांश २७°४२' उत्तर देशान्तर ८५°२०' पूर्वमा समुद्र सतहदेखि १,३५० मिटर (४,४५० फीट) उचाइमा रहेको छ।

देशको प्राचीन नगरमध्ये यो एक हो। नागदहको पानीको निकासा खोलेपछि बसेका अनेक प्रसिद्ध बस्ती सम्बन्धी पौराणिक र ऐतिहासिक कथाहरू आफ्नो अतीतको गर्भभित्र समेटेर बसेको यो नेपालको सबैभन्दा ठूलो नगर हो।

भनिन्छ, प्राचीन काठमाडौं शहरको ढाँचा मञ्जुश्रीको खड्गको आकृतिको थियो, उसको "बीँड" वसन्तपुरपट्टि र चुच्चो ठमेलपट्टि थियो। लिच्छवि राजाहरूका पालामा यो शहर दुई भागमा बाँडिएको थियो। सेतो मत्स्येन्द्रनाथ भएतिरको भागलाई उसबेला "कोलिग्राम"भनिन्थ्यो र ह.लको लगन,यङ्गाल टोल आदिको नाउँ उसबेला "दक्षिणकोलिग्रामद्रङ्ग" थियो।[1] यही बस्तीको आधारमा पछि नेवारी भाषामा 'ठःने' र 'क्वःने' र ढुङ्गे धारा पनि 'ठहिटी' र 'क्वहिटी'भन्ने प्रथा चलनमा आयो। यो उत्तरी भेकको बस्ती 'ठःने' र दक्षिणकोबस्ती क्वःनेमा पहिलेदेखि चलिआएको जात्रा जति पनि छन् जस्तै कुमारी जात्रा, गाई जात्रा आदि यही क्षेत्रमा घुम्ने चलन अद्यापि चलिरहेका छन्। यही दुई भेकलाई हनुमानढोका दरबारले जोडेको छ। पुरानो किल्ला रूपी शहरको पर्खाल बाहिर काठमाडौंका बासिन्दाहरू 'उपगु' भनेर दियो चढाई घुम्ने चलन पनि अद्यापि छ। यस शहरलाई पछि मध्यकालमा "यें" अथवा 'यंग्वल' र संस्कृत भाषामा कान्तिपुर भनियो। यंबुको एक प्रवेशद्वार हालको मखनटोल इन्द्रचोकको माझ स्थित छेडोमा थियो र सो ढोकाको अवशेषस्वरूप ढुङ्गाको दुई सिंह मूर्ति अझ त्यहाँ देखिन्छन्। राजा गुणकामदेवले यो शहर बसाएपछि काष्ठमण्डप नामक सत्तलको नाउँले यस शहरको नाम काठमाडौं भएको थियो।

मध्यकालमा भक्तपुर, ललितपुर जस्तै काठमाडौं पनि एक मजबूत गढको रूपमा थियो। चारैतिर खाई पर्खालले शहर घेरिएको थियो। बीच बीचमा किल्लाको रूपमा बूर्जाहरू थिए। बन्द गरिएपछि शहरभित्र कोही पस्न सक्दैनथे। यो रूप भीमसेन थापाको पालामा आएर मात्र केही बदलियो। त्यसबेला काठमाडौं र

---

१. धनवज्र वज्राचार्य–लिच्छविकालको इतिहासमा किरातकालको प्रभाव, पूर्णिमा, अङ्क १७, पृष्ठ १–८; लिच्छविकालका बस्ती, पूर्णिमा, अङ्क १८, पृष्ठ ८७–१०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाटन जोड्ने पुल बनाएर दुई शहरलाई जोड्ने काम गरियो। पुरानो रूप क्रमशः बदलियो।

वि.सं. १९३७ (सन् १८८०) भन्दा अघि अर्थात् करीब १०० वर्ष अघि देखेको काठमाडौं शहर एक माइल लामो थियो र यो ३२ टोलमा विभक्त थियो भनि ओल्डफिल्डले उल्लेख गरेका छन्। ६० वर्ष अघिको काठमाडौं कस्तो र कत्रो थियो भन्ने अनुमान पर्सी ब्राउनले देखेको काठमाडौंको विवरणबाट गर्न सकिन्छ। विवरण यसप्रकार छः–

"उत्तर–दक्षिण तन्केको यो शहरको लम्बाइ करीब एक माइल औ चौडाइ एक तिहाइदेखि एक चौथाइ माइल छ। यहाँको जनसंख्या हाल ४०,००० छ। अघि यो शहर एउटा ठूलो पर्खालले वरिपरिबाट घेरिएको थियो, तर अहिले सो पर्खाल र त्यसका बीच बीचमा रहेका ठूला ठूला ढोकाहरू भत्केर गइसकेका छन्।"

पर्सी ब्राउनले देखेका पर्खाल र शहरमा पस्ने ढोकाहरू पुरानो गढका अवशेष हुन्। यी पर्खाल र ढोकाहरू श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले काठमाडौं सर गर्नुभन्दा अघिदेखि नै थिए भन्ने कुराको उल्लेख बाबुराम आचार्यले पनि गरेका छन्। उनको भनाइमा गोरखाली फौजलाई मल्लहरूले शहरका गोपुरहरू (ढोका) बन्द गरेर पस्न दिएका थिएनन् र राती बञ्चराले तीनवटा गोपुर काटेर मात्र गोरखाली फौज शहर छिर्न सकेका थिए।

यी गोपुरहरूमध्ये एउटा सत्तर ठबहिलमा र अर्को कोहिटीमा भएको अनुमान गरिन्छ। ओल्डफिल्डको भनाइमा हरेक टोलको बेग्ला बेग्लै ढोका हुन्थ्यो र हालको असन तथा कमलाक्षी पस्ने ठाउँहरूमा पनि पहिले एक एक ढोका थिए भन्ने उल्लेख पाइन्छ।

काठमाडौं भन्नाले अहिले पनि धेरै थोरै पुरानै शहर बुझिन्छ तापनि स्थानीय नगर पञ्चायत अन्तर्गत पर्ने क्षेत्रलाई यहाँ शहरी एकाई मान्न सजिलो हुने देखिन्छ। यस नगर पञ्चायतको हालको सीमाना पूर्वमा धोबीखोला, पश्चिममा विष्णुमती नदी, उत्तरमा बाँसबारी र दक्षिणमा बागमती मानिएको छ। जम्मा नगर पञ्चायत अन्तर्गत पर्ने इलाकाको क्षेत्रफल ६.४ वर्ग किलोमिटर छ र यहाँका जनसंख्या २०२८ सालको जनगणनानुसार १,५०,४०२ (पुरुष ८१,४८४, महिला ६८,९१८) छ। २०१८ सालमा यहाँको जनसंख्या १,२०,०१९ मात्र थियो।

काठमाडौं नगर जिल्लाको सदरमुकाम मात्र नभएर सम्पूर्ण अधिराज्यकै राजधानी भएको कारणले शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, बिजुली आदि क्षेत्रहरूमा विकास यही शहरबाट शुरू भएको छ।

टोलहरू

काठमाडौं शहरी क्षेत्रको एक विशेषता यहाँका टोलहरू पनि हुन्। नगर क्षेत्रबाट जति टाढा टाढा गइन्छ उती यी टोलहरू कम हुँदै जान्छन्, तर शहरी क्षेत्रमा भने कुनै कुनै बेला कहाँ एउटा टोल सिद्धिन्छ र कहाँ अर्को शुरू हुन्छ, सो छुट्याउन गाह्रो पर्दछ। यी टोलहरू जम्मैका नाउँ प्रायः नेवारीमा छन्, तर सबैका नाउँ एक एक अर्थ विशेषको आधारमा राखिएका छन्। उदाहरण स्वरूप क्वहिटी टोल अर्थात् तल्लो ठाउँको धारा भएको ठाउँ, ठँहिटी टोल अर्थात् माथिल्लो ठाउँको धारा भएको ठाउँ इत्यादि। काष्ठमण्डप नजीकको गणेश स्थानमा गजु मरू (अर्थात् गजूर नभएको) हो भन्ने अर्थमा त्यो टोलको नाउँ "मरू टोल" भएको हो पनि भनिन्छ, तर वास्तवमा मण्डपटोलको अपभ्रंश भई "मरू" टोल भनेको हो। अर्को एउटा टोलको नाउँ "झो छेँ" (लहरै घर) अर्थात् एकै लहरमा घरहरू भएको टोल भनिएको बुझिन्छ। अरू कतिपय टोल र तिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली अर्थ निम्नप्रकार छन्:–

लायकु साः टोल	दरबारको तेल पेल्ने टोल (कोल भएको टोल)
तेबहाल टोल	ठूलो बहाल भएको टोल
फसीकेव टोल	फर्सी धेरै फल्ने बारी भएको टोल
ख्यूंलटोल	अँध्यारो बाटो भएको टोल
मखँ टोल	नदेखिएको टोल
नछें	फलामे घर
भोटाहिटी टोल	बनेपाको मानिसले बनाएको हिटी भएको टोल
थाय मरु टोल	ठाउँ नभएको टोल
ज्याठा टोल	ज्यासल (काम गर्ने ठाउँ) भएको टोल

बजारहरू

रानीपोखरीको पश्चिमपट्टि छ वटा विभिन्न सडकहरू एकै ठाउँमा समागम भई केन्द्र स्थल बनेको असन टोल काठमाडौं शहरी क्षेत्रको परम्परागत र प्राचीन बजार हो। यहाँबाट उत्तर ठहिटीतिर, पूर्व भोटाहिटीतिर, पश्चिम किलागलतिर र दक्षिण इन्द्रचोक हुँदै मखनतिर फैलेको सडकहरूमा दायाँ वायाँ स्थित पसलहरूले नै जिल्लाभरीको व्यापार नियन्त्रण गर्दछन् भने हुन्छ।

वि.सं. १९९० को भूइँचालोमा शहरको धेरै अंश भत्के-बिग्रेपछि नगरको जीर्णोद्धार गरिंदा बनेको नयाँ सडक (जुद्ध सडक) क्षेत्रलाई यहाँको "नयाँ बजार" भन्न सकिन्छ। माथि उल्लेख गरिएका असन, इन्द्रचोक, मखन, भोटाहिटी आदि बाहेक शहरका विभिन्न भागमा र शहर बाहिरी क्षेत्रमा फैलेका बजारहरूमध्ये छेत्रपाटी, ठमेल, नयाँ बजार, लाजिम्पाट, बागबजार, डिल्लीबजार, नक्साल, कमलपोखरी आदि उल्लेखयोग्य छन्। पौराणिक तथा कलात्मक शहर र राजधानी समेत भएको हुनाले यहाँ विदेशी पर्यटक तथा स्वदेशका विभिन्न स्थानहरूबाट आउने आगन्तुकहरूका सुविधाका लागि होटेल, लज आदि १८२ वटा र रेष्टुराँ तथा चिया पसल गरेर १,७१८ वटा छन्।

सांस्कृतिक, सामाजिक र साहित्यिक संस्थाहरू

काठमाडौं जिल्लाको सदरमुकामस्थित सरकारी वा निजी क्षेत्रका सामाजिक, सांस्कृतिक र साहित्यिक प्रतिष्ठानहरूमध्ये प्रमुख यी हुन्:–

(१) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
(२) सांस्कृतिक संस्थान
(३) शाही नेपाल चलचित्र संस्थान
(४) नेपाल रेडक्रस सोसाइटी
(५) परोपकार
(६) नेपाल सांस्कृतिक संघ
(७) नेपाल ललितकला संस्था
(८) नेपाल एशिया तथा विश्व सम्बन्ध परिषद्
(९) नेपाल क्षयरोग निवारण संस्था
(१०) नेपाल फिलाटेलिक ब्यूरो
(११) रोटरी क्लब
(१२) लायन्स क्लब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१३) जुनियर चेम्बरस्, नेपाल (१४) नेपाल बाल संगठन
(१५) नेपाल ब्वायज एण्ड गर्ल्स स्काउट्स् (१६) नेपाल परिवार नियोजन संघ

काठमाडौंस्थित प्राविधिक, पेशेवार संस्थाहरूको सूची प्रशासन र पञ्चायतको अध्यायमा समावेश गरिएको छ।

विदेशी दूतावासहरू

अधिराज्यको राजधानीको हैसियतले यस जिल्लाको सदरमुकाममा २०३० सालसम्ममा विभिन्न राष्ट्रहरूका १५ वटा आवासीय दूतावास र चार वटा वाणिज्य दूतावासहरू यहाँ स्थापना भएका छन्।

यी बाहेक उक्त कतिपय देशहरूले काठमाडौंमा सहयोग संगठनका केन्द्रहरू पनि स्थापना गरेका छन्, जस्तै, अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (ए. आई. डी.) र अमेरिकी शान्ति सेना (अमेरिका), जर्मन स्वयं सेवक दल (पश्चिम जर्मनी), सहयोग मिशन (भारत), वैदेशिक स्वयं सेवक दल (जापान) इत्यादि यस्ता विभिन्न राष्ट्रहरूद्वारा काठमाडौंमा स्थापित पुस्तकालय, वाचनालयहरू शिक्षाको अध्यायमा उल्लेख गरिएका छन्।

संयुक्त राष्ट्रसंघका कार्यालयहरू

वि.सं. २०१२ सालमा नेपालले संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गरेपछि अधिराज्यको विकासको विभिन्न क्षेत्रमा सहयोगहरू गर्ने उद्देश्यले २०३० सालसम्ममा यहाँ उक्त संघका कतिपय कार्यालयहरू खुलेका छन्, जस्तै–

१. संयुक्त राष्ट्र विकास कार्यक्रम
२. संयुक्त राष्ट्र औद्योगिक विकास संगठन
३. संयुक्त राष्ट्र सूचना केन्द्र
४. संयुक्त राष्ट्र वाणिज्य र विकास सम्मेलन
५. संयुक्त राष्ट्र बाल कोष
६. संयुक्त राष्ट्र शरणार्थी उच्च आयुक्त
७. खाद्य कृषि संगठन
८. अन्तर्राष्ट्रिय श्रम संगठन
९. विश्व स्वास्थ्य संगठन
१०. संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन
११. विश्व बैंक
१२. अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन
१३. विश्व जलवायु संगठन आदि

काठमाडौं जिल्ला स्थित सरकारी कार्यालयहरू, अर्ध सरकारी र स्वशासित संस्थानहरू, सडकहरू, अस्पताल र औषधालयहरू, विद्यालय, महाविद्यालय, मठ-मन्दिर र धार्मिक केन्द्रहरू आदिको विस्तृत विवरण प्रसंगअनुसार यस ग्रन्थका विभिन्न अध्यायमा गरिएको हुनाले तिनलाई यहाँ दोहोऱ्याइएको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौं लाई "सिटी अफ टेम्पलश्" अर्थात् मन्दिरै मन्दिरको शहर मानिन्छ । त्यहाँ मध्यकालीन र त्यसपछि निर्माण गरिएको असंख्य मन्दिर तथा चैत्यहरू छन् । ती मध्ये केही उल्लेखनीय मन्दिर-चैत्यहरूको वर्णन तल गरिएको छ ।

तलेज्यू भवानी

हनुमानढोका दरबारभित्र पाँचवटा अग्ला अग्ला ईटका गह्राहरूको टुप्पामा निर्मित र काठमाडौंका मन्दिरहरूमा सबैभन्दा अग्लो प्यागोडा शैलीको र सुनको मोलम्मा गरिएको छाना भएको यस मन्दिरको निर्माण ईस्वी सोह्रौं शताब्दीमा राजा महेन्द्र मल्लद्वारा गरिएको ठानिन्छ । जयप्रकाश मल्लले वि.सं. १८०८ (नेपाल सं. ८७०) मा श्री तलेज्यू माजूको नाउँ अङ्कित भएको चाँदीको टक चलाएका थिए । मल्लकालीन अधिष्ठात्री देवी तलेज्यू माईको दर्शनको निम्ति यो मन्दिरको ढोका सर्वसाधारणको निम्ति दशैंको अवसरमा वर्षमा एक दिन खोलिन्छ ।

हनुमानढोकाका अरू मठ मन्दिरहरू

काष्ठमण्डपको सामुन्ने स्थित यो प्राचीन राजदरबार नेपालका धेरै ऐतिहासिक घटनाहरूको मूक साक्षी रूपमा खडा छ । यहाँ सम्भवत लिच्छविकालमा नै एक राजभवन रहेको थियो । मल्ल राजाहरूको त यो प्रमुख राजभवन हो । भक्तपुर सर गरिसकेपछि मल्ल दरबारहरूनिरै श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले नुवाकोटबाट चाँप र अग्राखको काठ, भक्तपुरको पँच माटो आदि प्रयोग गरी निर्माण गराइएको तेल्रो नौ तले र ३५ मिटर अग्लो दरबार बनाए । वि सं. १८८८ मा नापेर राखिएको बखतमान सिंह बस्नेतसँग रहेको टिपोटमा दक्षिण–पश्चिमको "वसन्तपुर कैलास" नामक बुर्जा ७२ हात अग्लो, उत्तर–पश्चिमको धातुको छाना भएको "वङ्गला" ४९ हात, उत्तर–पूर्व कुनाको "लक्ष्मी विलास मन्दिर" को बुर्जा ५० हात अग्लो र पूर्व-दक्षिण कुनाको "विलाश मन्दिर" बुर्जा ५१ हात देखिएको छ । पछि त्यहाँ गोरखाकै राजसिंहासन ल्याएर राखियो र २१ मार्च, १७७० ईश्वी सन् (वि.सं. १८२६) को दिन पृथ्वीनारायण शाहले यो नयाँ दरबारमा प्रवेश गरे ।

यो विशाल भवनको ढोकाको दाहिनेतिर एउटा हनुमानको मूर्ति भएकोले यसको नाउँ हनुमान ढोका भएको हो । सो हनुमान प्रताप मल्लले स्थापना गरेका हुन् । उक्त मूर्तिको दाहिनेतिर पर्खालमा राजा प्रताप मल्लद्वारा १५ लिपिहरूमा अङ्कित गराइएको एक शिलालेख छ । दरबारभित्र हाल एउटा मुद्रा सग्रहालय पनि छ ।

हनुमानढोकाको उत्तरतिरको सडकनिर एक चौतारामा कालो ढुङ्गामा कँदेर बनाइएको एक भीमकाय (१० फुटे) र डरलाग्दो काल भैरवको मूर्ति छ । यस मूर्तिको साम् अघि अघि अपराधीहरू ल्याई मूर्ति छोएर बक्न लाइन्थ्यो । राणाकालीन वार्षिक पजनीमा पनि सरकारी कर्मचारीहरूले यहीं शपथ-ग्रहण गर्ने चलन थियो। यस्तै एक मूर्ति राजा मुकुन्द सेनले काठमाडौंबाट पाल्पामा लगेर त्यहाँ स्थापना गरेका थिए भनिएको पाइन्छ।

हनुमानढोका वरिपरिका अरू मन्दिरहरूमध्ये काष्ठमण्डपको बायाँतिर मरू गणेश (अशोक विनायक), दुई तले मन्दिरको झ्यालबाट तल सडकतिर हेरिरहेका महादेव-पार्वतीको रमणीय मूर्ति सहितको नवदुर्गा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्दिर, कुमारी बहीको अघिल्तिर नौतले जगमाथि स्थित शिव मन्दिर, हनुमानढोकाको वायाँपट्टि भित्ताको एक खोपीमा इन्द्रजात्राको अवसरमा वर्षमा एक चोटी मात्र तीन दिनको निम्ति उघारिने फलामे-जाली भित्र राखिएको छ फीट अग्लो श्री ५ रणबहादुर शाहले बनाउन लाएको श्वेत भैरव आदि छन् ।

आकाश भैरव

शहरको माझ इन्द्रचोकमा एक तीनतले मन्दिरको दोस्रो तलामा स्थापित, भैरवका नेत्र सधैं आकाश वा क्षितिजतिर मात्र हेरिरहने हुनाले यो नाउँ दिइएको भनिन्छ। यिनको नजर जो वा जे माथि पर्‍यो त्यो भस्म हुन्छ भन्ने धारणा छ। आकाश भैरव सम्बन्धी अरू पनि कथा चलेको पाइन्छ।

अन्नपूर्ण

सुनको मुलम्मा जडित दुई तले प्यागोडा शैलीको असनस्थित यो मन्दिरमा पाथी आकृतिको एक कलशलाई देवी रूपमा प्रतिष्ठा गरिएको छ र काठमाडौंको प्रमुख खाद्यान्न बजार असनको अधिष्ठात्री देवीको रूपमा पूज्ने चलन छ।

कुमारी वही

नेपालमा बिहार बुझाउने दुई शब्द छन्– बही र बहाल। प्रायः बही भन्नाले भिक्षु बस्ने बिहार बुझिन्छ र बहाल भन्नाले विवाहित भिक्षु बस्ने बिहार बुझिन्छ।

नेपालको एक अद्वितीय आकर्षण मानिएको काठमाडौंका "जीवित देवी" कुमारीहरू बस्ने यो बही हनुमानढोका वरिपरिको अनेकौं मठ मन्दिरहरूमध्येको एक हो। राजा जयप्रकाश मल्लद्वारा निर्मित यो कुमारीको निवासस्थानमा जोडेर पूर्वपट्टि बनेको विशाल बैटकलाई श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले काठमाडौं सर गरेपछि अस्थायी राजभवन बनाएको र त्यसलाई नै पछि बही बुझ्ने अड्डामा परिणत गरेर कुमारी चोकको नाउँ दिइएको पनि हो। आदिकवि भानुभक्तलाई हिसाब सम्बन्धी खिचलोले थुनिनुपरेकोमा कुमारी चोकको उल्लेख आएको छ। यसरी यो स्थानले धार्मिक र ऐतिहासिक महत्व राख्दछ।

श्वेतकाली नरदेवी

अघि अघि नरबलि चढ्ने हुनाले यो नाम रहेको मनिएको र राजा गुणकामदेवद्वारा निर्मित मानिएको तान्त्रिक महात्म्यको यो काली मन्दिर नरदेवी टोलमा छ।

शोभा भगवती

विष्णुमती पारिस्थित विक्रम केशरकी रानी नवसागरको पालामा बनेको र राजा शङ्करदेवद्वारा जिर्णोद्धार भएको मानिने प्रख्यात देवीको मन्दिर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भद्रकाली

टुँडिखेल र सिंहदरबार बीचमास्थित भद्रकाली मन्दिरको अर्को स्थानीय नाउँ "लोम्मरी वा लुमडी" देवीको मन्दिर हो। नेवारीमा लुमरीको अर्थ सुनको रोटी हो र परापूर्वकालमा त्यस ठाउँमा एक किसानले खान लागेको रोटी देवीको प्रतापले सुनमा परिवर्तन भएको थियो रे भन्ने किम्वदन्तिको आधारमा तिनै देवीको नाउँमा स्थापित उक्त मन्दिरलाई लुमडी भनिन लागेको मानिन्छ, कसैको मतमा यो वैष्णवीको मन्दिर पनि हो।

नक्साल भगवती

स्थानीय नवसालस्थित यो मन्दिर लिच्छवि राजा मानदेवकी आमाद्वारा निर्मित मानिन्छ। यसको प्राचीन नाम "नवसागर भगवती" थियो र त्यसैको अपभ्रंश "नवसाल" नाउँ प्रचलित भएको हो भन्ने विश्वास छ।

काठे शिम्भु

नघल टोलस्थित यो बिहारलाई घः बिहार, नघल बिहार, शिघ बिहार वा हाल शान्ति गृह महाबिहार पनि भनिन्छ र प्रताप मल्लद्वारा पुनर्निर्माण गरिएको थियो।

नारायणहिटी नारायणस्थान

नारायणहिटी राजदरबारसित एउटा पर्खालले छुट्याएको तर दरबारबाट आउ जाउ गर्न छुट्टै राखिएको यो सुन्दर गजूर सहितको अग्लो मन्दिरको निर्माण र मूर्तिको स्थापना राजा विक्रम सेनद्वारा गरिएको भन्ने अनुश्रुति सुनिन्छ, तर जे भए पनि यसको निर्माण अठारौं शताब्दी भन्दा अघिको हुनु पर्छ। यहाँ कुनै दुई जना झाहरूले आधा आधा अंश मन्दिरलाई चढाएको उल्लेख पनि पाइन्छ।

मत्स्येन्द्र बहाल

असन र इन्द्रचोकको माझमा स्थित यो सेतो मत्स्येन्द्रनाथ (करुणामय वा कार्यावलोकितेश्वर) को मन्दिरलाई कनकचैत्य महाबिहार पनि भन्दछन्। स्थानीय जमलबाट वर्षेनी चैत महीनामा शुरू हुने यिनको जात्रा राजा प्रताप मल्लले चलाएका हुन्। सामन्त भद्र नामक प्रख्यात एक व्यक्तिलाई "स्वेत मत्स्येन्द्रनाथ" नामकरण गरिएको हो र तिनकै नाउँमा यो बिहार निर्माण गरिएको हो भन्ने किम्वदन्ति पनि छ। यिनको वार्षिक महास्नान पनि प्रख्यात छ।

जगन्नाथ

गुल्मीस्थित रेशुंगा मठ स्थापना गर्न जोसमनी सम्प्रदायका सन्त शशिधर एक पटक काठमाडौं आएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बेलामा उनले श्री ५ रणबहादुर शाहलाई दीक्षित गराएका थिए र उनको नाउँ निर्वाणानन्द राखिएको थियो। सर्वसाधारणले उनलाई "स्वामी महाराज" पनि भन्दथे।

दीक्षित भएपछि निर्वाणानन्दले त्रिपुरेश्वरस्थित उक्त जगन्नाथको मन्दिर निर्माण गराए। पुरीको जगन्नाथ मन्दिरमा सबै जातले सहभोजन गरे झैं उनैले पनि यो नयाँ मन्दिरमा खिचडी बनाउन लगाई सबैलाई संगै राखेर भोजन गराएका थिए भनिन्छ।

विक्रमशील (थम वा स्थम) महाबिहार

विक्रमशीलको एघारौं शताब्दीमा (अर्थात् वि. सं. १०९८ मा) विक्रमशील विश्व विद्यालयबाट तिब्बतमा धर्म प्रचार गर्न जाँदा महायान मतका विद्वान् अतीश दिपाङ्कर काठमाडौंमा एक वर्ष बसेका बेला उनैले बनाएका भनिएको यो चैत्यमा सुनका अक्षरले लेखिएका पुरानो बौद्ध ग्रन्थहरू सङ्गृहीत छन् र तीमध्ये प्रमुख ग्रन्थ मञ्जुश्री स्वयंले लेखेको "प्रज्ञापारिमिता सूत्र" पनि हो भन्ने भनिन्छ। यो विहारलाई ठमबहिल पनि भनिन्छ र स्थानीय ठमेल टोलको नामकरण यसैबाट भएको छ। गाईजात्राभन्दा अघि एक सातासम्म उपर्युक्त प्राचीन ग्रन्थहरू प्रदर्शन गर्ने र जात्रा चलाउने परम्परा छ।

काष्ठमण्डप

एउटै काठको रूखबाट बनिएको भनी प्रख्यात ६५ फीट चार इन्च अग्लो प्राचीन र भव्य भवन लक्ष्मीनरसिंह मल्लले बनाएका हुन् भन्ने जनधारणामा अब विश्वास गर्न सकिदैन। शुरूमा नगरको एक प्रमुख अङ्ग रूपको यसै मण्डपमा पछि कापालिक सम्प्रदायहरूको अखडा बन्यो। नाथ र कापालिक सम्प्रदायमा मेल हुँदा यहाँ गोरखनाथको मूर्ति स्थापित गरियो। यसैले हाल यहाँको प्रमुख देव रूपमा गोरखनाथको प्रस्तर मूर्ति छ। भित्री भागमा एक शिवलिङ्ग र चार गणेशहरू र माथिल्लो तल्लामा देवीको मूर्ति पनि छन्। चारैतिर २० मिटर (६५ फीट ११ इन्च) भएकोले यसलाई होचो चौकुने आयताकार र दुई तले घर जस्तो पनि देखिन्छ। ईस्वीको एघारौं शताब्दीको "नाम संगीती" नामक हस्त लिखित पुस्तकमा यसको उल्लेख भएकोले पशुपतिलाई छाडेर यो काठमाडौंको सबैभन्दा पुरानो मिति तोक्न सकिने मण्डप हो भन्न सकिन्छ। यसको अर्को नाउँ मरूसत्तल पनि हो र यसैको वरिपरि बसेको र फैलिंदै गएको शहरको नाउँ कालान्तरमा काठमाडौं भएको हो।

नारायणहिटी राजदरबार

नारायणको मन्दिर र नजीकमा एक हिटी (ढुङ्गेधारा) भएको यो दरबार काठमाडौंमा प्रमुख आकर्षण केन्द्रहरूमध्ये एक हो। श्री ५ महाराजाधिराज सरकारको बासस्थान तथा राजदरबार सचिवालयहरू यहीं भएकोले यो स्थानको एक विशेष महत्व र आकर्षण हुन गएको हो।

श्री ५ रणबहादुर शाहका मन्त्री अभिमानसिंह बस्नेतले यो दरबार निर्माण गरेका हुन् भन्ने कुरा वि. सं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१८५० को एक शिलापत्रबाट झल्किन्छ। पछि यो दरबार प्रधानमन्त्री चौतरिया फत्य जङ्ग शाहले र रणोद्दीप सिंहले आफ्नो तुल्याएका थिए। २०२७–२८ मा यसको व्यापक पुनर्निर्माण र मरमत, कम्पाउण्डको विस्तृतीकरण तथा दक्षिणपट्टि नयाँ अग्लो सुन्दर "विंग" पनि थप्ने काम भयो। दरबार र नारायणस्थान सडकको उत्तरमा र सडकको दक्षिणमा निक्कै फराकिलो कुण्ड "गैह्री धारा" छ। परापूर्वकालमा राजा विक्रम सेनले बनाएको भनिने यहाँको एउटा धारा आकाशतिर फर्केको विषयमा पनि एक रोचक किम्वदन्ति छ, जुन यहाँ दिइन्छः- राजा विक्रम केशरीको पालामा यो धाराबाट पानी आउँन अचानक बन्द भयो र बत्तीस लक्षणले युक्त एक मानिसलाई बलि दिए मात्र पानी आउँछ भन्ने सपना पाएपछि राजा स्वयंले प्राणहुति दिने निर्णय गरे श्री छोरा भूपकेशरलाई बोलाई चार दिनपछि पोखरी नजीक कुनै मान्छे सुतेको देख्नासाथ त्यसलाई हेर्दै नहेरी काटिदिनु भन्ने आज्ञा दिए। चार दिनपछि भूपकेशरले त्यसै गरे, तर पछि हेर्दा त काटिने व्यक्ति आफ्नै बाबु रहेछन्। यो नरबलिको साथै धाराबाट फेरी पानी आउँन थाल्यो तर एउटा धाराले चाहिं "पितृ हत्या हेर्न सक्तिन" भनी मुन्टा आकाशतिर फर्काएको हुनाले आजसम्म पनि त्यस्तै रहेको हो भन्ने किम्वदन्ति छ।

पोखरीको उत्तरतिर श्री ५ रणबहादुर शाहको पालामा वि. सं. १८४३ मा एक धर्मशाला बनाइएको र वि. सं. १९४१ मा धीर शम्शेरले नारायणको प्रतिष्ठा पन गरी सुवर्णधारा चढाएको त्यहाँको एक शिलापत्रमा उल्लेख छ।

सिंहदरबार

वि. सं. १९५९ मा श्री ५ पृथ्वी वीर विक्रम शाहको पालामा प्रधानमन्त्री चन्द्र शम्शेरद्वारा निर्मित सिंहदरबार २००७ सालसम्म राणा प्रधानमन्त्रीहरूको सरकारी निवास स्थान थियो र त्यसपछि श्री ५ को सरकारको केन्द्रीय सचिवालयमा परिणत गरिएको थियो। शुरूमा निर्माण गर्दा ४०४ कोठाहरू भएको यो यूरोपेली शैलीमा निर्मित भव्य दरबारमा पछि थपिएर एक हजारसम्म कोठाहरू भएका थिए औ एशियाको सबैभन्दा विशाल निजी भवन भन्ने ख्याति यसले पाएको थियो। जुलाई १, १९७३ का दिन भीषण आगलागीको चपेटमा यसका निक्कै अंशहरू ध्वस्त भए तापनि सामुन्नेको हिस्सा अझै दर्शनीय छ। सिंहदरबार कम्पाउण्ड भित्र रेडियो नेपाल, राष्ट्रिय पञ्चायत, सर्वोच्च अदालत, राष्ट्रिय अभिलेखालय पनि दर्शनीय छन्।

शहीद स्मारक

स्वर्गीय श्री ५ त्रिभुवन र चार जना शहीदहरू गङ्गलाल, दशरथ चन्द, शुक्रराज र धर्मभक्तको सम्झनामा भद्रकाली अघिल्तिर माझ सडकमा निर्मित यो संगमर्मरको स्मारक आधुनिक हो तापनि नेपाल भ्रमणमा आउने विशिष्ट सरकारी अतिथिहरूले यहाँ माल्यार्पण गरेर शहीदहरूको स्मृतिमा मौन धारणा गर्ने परम्परा बसेको छ।

धरहरा

मुख्तियार भीमसेन थापाले दुई वटा धरहरा बनाएका थिए। तर तीमध्ये एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१८९० सालको भुकम्पमा ढल्यो। सुनधारा नजीकै निर्माण गरिएको यो करीब २०० फूटे अग्लो धरहरालाई हिजो आज "भीमसेन स्तम्भ" पनि भनिन्छ। अघि अघि यहाँबाट बिगुल फुकेर सैनिक मेला गर्ने चलन थियो। उपत्यका वरिपरिका अग्ला ठाउँहरूबाट हेर्दा स्पष्ट चिन्न सकिने यो विशिष्ट अग्लो "ल्याण्डमार्क" काठमाडौंका थोरै मुगल शैलीका उदाहरणहरूमध्ये एक हो। प्रधानमन्त्री जङ्गबहादुरले यसको टुप्पोबाट घोडासितै हाम फालेका थिए, घोडा चाहिं मऱ्यो तर तिनलाई केही भएन भन्ने एक कथा पनि पुरानाहरूमा प्रचलित पाइन्छ।

सुनधारा

शहीद स्मारकबाट खिचापोखरी जाने बाटोको दाहिनेपट्टि गोश्वारा हुलाक र टकसारका बीच निकै गहिरो ठाउँमा श्री ५ गीर्वाणयुद्ध विक्रमकी कान्छी मुमा त्रिपुरा सुन्दरी देवीले भीमसेन थापाको मुख्तियारी कालमा निर्मित यी सुनका मोलम्मा लाएका बाघमुखे धाराहरूमा कहाँबाट पानी ल्याइएको छ र त्यहाँको निकास कहाँ छ त्यसको ठीक अडकल लगाउन गाह्रो छ, तर त्यहाँ वर्षभरी प्रायः एकनासले पानी आइरहन्छ। काठमाडौंमा यस्ता अरू प्रख्यात गैह्रीधाराहरूमा भीमसेन स्थान, सुनधारा, पकनाजोल ढुङ्गेधारा, डिल्लीबजार ढुङ्गेधारा, लिच्छवि राजा अंशुबर्मालि बनाएको भनिने नक्साल नन्दिकेश्वरको ढुङ्गेधारा, बौद्धको ढुङ्गेधारा आदि उल्लेखनीय छन्।

रानीपोखरी

काठमाडौंको वास्तुकलाको क्षेत्रमा शहरको केन्द्र भागमा टुँडिखेल र रत्नपार्कको उत्तरस्थित रानीपोखरीले विशिष्ट महत्व राख्दछ, किनभने जिल्लाभरमा यो आफ्नो किसिमको एउटै छ। मानव निर्मित यो विशाल पोखरी (लम्बाइ १८० मिटर, चौडाइ १४० मिटर) को माझमा एक सुन्दर शिव मन्दिर बनाइएको छ र पश्चिमपट्टि किनारबाट त्यहाँसम्म पुग्ने बाटो बनाइएको छ। वरिपरिबाट फलामे पाताका बारले घेरिएको हुनाले पोखरीमा वा सो मन्दिरमा पनि भक्तहरूको पहुँच सम्भव हुँदैन। भाइ टीकाको दिन भने ढोकाहरू खोलिने चलन छ।

पोखरीको दक्षिण किनारमा पत्थरको ठूलो (जिउँदो आकारको) हात्ती माथि मन्दिरतिर फर्केर बसेका राजा प्रताप मल्ल र तिनका दुई छोराको मूर्ति पनि दर्शनीय छन्। पोखरीको निर्माण प्रताप मल्लले आफ्नो छोरा चक्रवर्तेन्द्र मल्लको नाउँमा वि.सं. १७२७ मा निर्माण गरेका थिए तर उनले बनाएको मन्दिर भत्केको हुनाले जङ्गबहादुरद्वारा वि. सं. १९०८ मा त्यसको पुनर्निर्माण गराइएको हो। बाहिर प्लाष्टर गरिएको यो मन्दिर वास्तुकलाको दृष्टिले विशेष महत्व राख्दैन।

टुँडिखेल

सदरमुकामको शहरी क्षेत्रको अर्को एक आकर्षण केन्द्र टुँडिखेल पनि हो। एक पक्षले यसलाई एशियाका कवायद मैदानहरूमध्ये सबभन्दा ठूलो भन्ने गर्छन्, तर यो दावी कहाँसम्म उचित छ त्यसको एकीन गर्न सकिएको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसलाई गुरुमापाको मैदान पनि भन्छन् र घोडेजात्राको राती एक थरी मानिसहरू बलि गरिएको एउटा राँगो र एक पाथी भात लिएर टुँडिखेलमा गुरुमापाको पूजा गर्न जान्छन् । यो मैदानको दक्षिण पूर्वी कुनानिर भएको एउटा रूखलाई गुरुमापाको रूख भनेर त्यहीं पूजा गरिन्छ र त्यसो गरेपछि शहरका केटाकेटीहरू-लाई गुरुमापाले खाँदैन भन्ने विश्वास गरिन्छ । घोडेजात्राको दिन फौजी खेलकूदको सिलसिलामा त्यहाँ गरिने घोडा दौडको परम्परा पनि गुरुमापाको कथासँग सम्बन्धित भएको ठानिन्छ, किनभने त्यो दिन उठ्न खोज्ने गुरुमापा राक्षस ती घोडाहरूको टापले कुल्चिन जान्छ र उठ्न सक्तैन भन्ने धारणा छ ।

यहाँ ठूलो र सानो दुई टुँडिखेल हाराहारी छन् । सानो टुँडिखेलमा हाल दशरथ वा राष्ट्रिय रङ्गशाला (ष्टेडियम) निर्माण भइरहेको छ । करीब १२० वर्ष अघि ओल्डफिल्डले देख्ता यो ठूलो टुँडिखेल ½ माइल लामो र ३०० गज जति चौडा थियो र हाल यसको लम्बाइ करीब ८०० मिटर र चौडाइ २६० मिटर छ । काठमाडौं जस्तो बाक्लो आवादी र हावा पनि नछिर्ने जस्ता गल्लीहरू भएका शहरको माझमा यत्रो विशाल र हरियो खुला मैदान बचाएर काठमाडौंको निम्ति सास फेर्ने फोक्सोको काम गरेकोले नै यसको विशेष महत्व हुन गएको हो ।

राष्ट्रिय संग्रहालय (म्यूजियम)

पर्सिभल लेन्डनले "दी आर्सेनल म्यूजियम" (हतियार संग्रहालय) भनि उल्लेख गरेको र मुख्तियार भीमसेन थापाद्वारा स्थापित मानिएको उक्त संग्रहालयको शुरूको नाउँ "छाउनी शिलखाना" थियो। वि.सं. १९९६ मा अर्को एक भवन थपेर त्यसमा "जुद्ध जातीय कलाशाला" को स्थापना गरियो । प्राचीन हातहतियारहरू, ऐतिहासिक पोशाक र कवचहरू लिच्छविकालदेखिको मूर्तिहरू, "टेक्सीडमी" गरिएका पशुपक्षीहरू, प्राचीन कलात्मक र ऐतिहासिक मूर्तिहरूदेखि लिएर अमेरिकी अन्तरीक्ष यात्रीहरूले चन्द्रमाबाट ल्याएका ढुङ्गाहरू समेत राखिएको उक्त आकर्षक संग्रहालय काठमाडौं शहरभन्दा करीब डेढ किलोमिटर पर स्वयंभू मन्दिर भएको डाँडाको फेदीमा छ ।

यो संग्रहालय प्रशस्त जनप्रिय रहेछ भन्ने कुराको पुष्टचाइँ गत आर्थिक वर्ष (२०२८।२९) मा ७४,४१३ व्यक्तिले संग्रहालय हेर्न गएको तथ्याङ्कबाट हुन्छ ।

पुरातात्विक महत्वका स्थानहरू

काठमाडौं जिल्ला (विशेष गरी सदरमुकाम क्षेत्र) को प्रायः हरेक प्राचीन खाँवा, अभिलेख र ढुङ्गाले आज पनि इतिहास बोल्दछ । यस्तो जीवन्त ऐतिहासिक संग्रहालयमा पुरातात्विक महत्वका सामाग्रीका स्थानहरू यति छन् भनेर किटान गर्न पनि गारो छ र किटान गरिहाले तापनि यो यस्तो संक्षिप्त जिल्ला परिचयमा सो समावेश गर्न झन् गारो, किनभने त्यो एक छुट्टै र विशद अध्ययनको विषय हुन जानेछ । तर गत २०२१।२२ सालमा श्री ५ को सरकारको पुरातत्त्व विभागले काठमाडौं शहर नजीकका दुई ठाउँमा उत्खनन र अन्वेषण गरेको र तिनबाट प्राप्त उपलब्धिहरू चाहिं यहाँ संक्षिप्तमा उल्लेख गरिन्छन्, किनभने यो उपत्यका क्षेत्रमा गरिएका प्रथम उत्खनन् तिनै दुई भएका हुनाले तिनको ऐतिहासिक महत्व छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गैह्लीधारा (लाजिम्पाट) र हाँडीगाउँमा गरिएका उक्त दुई उत्खनन्को अर्को पनि महत्व के भने यिनले पनि काठमाडौंको इतिहासलाई लिच्छवि युगभन्दा पर तान्न सकेनन् अर्थात् सोभन्दा अघिको युगको इतिहासको निम्ति अझ पनि वंशावली, पुराण तथा जनश्रुतिहरू मै हामीले भर पर्नु पर्ने स्थिति छ।

हाँडीगाउँको उत्खनन्मा पाइएका प्रमुख पुरातात्विक महत्त्वका सामग्री यसप्रकार छन्:–

१. तेस्रो र चौथो (अर्थात् सबैभन्दा तलका) पत्रमा लिच्छविकालीन पशुपति मुद्राहरू र माटाका भाँडाहरू।

२. दोस्रो (अर्थात् माझको) पत्रमा अंशुबर्माको मुद्रामा जस्तो गाई र बाच्छाको आकृति कुँदिएका छाप, पशुपति मुद्राहरू पनि।

३. पहिलो (अर्थात् सबैभन्दा माथिल्लो) पत्रमा मल्लकालीन र मुसलमानी मुद्राहरू, त्रिभुवनका मुद्राहरू आदि।

यी बाहेक लिच्छविकाल र सोभन्दा यताका मूर्तिहरू, ईंट र टायलहरू, दियो र पालाहरू, भाँडा वर्तनहरूआदि अनेक सामाग्री पाइए।

गैह्लीधारा र लाजिम्पाट नजीक गरिएको अर्को उत्खनन्मा विशेष महत्वका सामाग्री फेला परेनन्।

यी उत्खनन्को अर्को वर्ष धुम्बाराहीमा पनि पुरातात्त्विक अन्वेषण गरिएको तथ्य पत्ता लागेको छ, तर त्यसमा उपलब्धिहरू थाहा हुन सकेका छैनन्।

पशुपति

देवपाटनमा बागमती किनारस्थित "पञ्चायतन" (पाँचमुखे) शिवलिङ्ग भएको दुई तले, सुनौला छाना र चाँदीका ढोकाहरू भएको नेपाली वा प्यागोडा शैलीको यो मन्दिर शहरबाट करीब ४.८ किलोमिटर (तीन माइल) पूर्वमा पर्ने काठमाडौंका प्रमुख आकर्षकमध्ये एक हो। नेपालको यो विश्व प्रख्यात मूर्ति र मन्दिरको निर्माण समय निश्चित हुन सकेको छैन। तर पाँचौं शताब्दीतिर यसको अस्तित्वको पत्ता पाइन्छ। सो मन्दिर वि.सं. १४०६मा मुसलमानहरूको आक्रमणबाट नष्ट भएपछि राजा अर्जुन मल्लको महामात्य जयसिंहले पुरानै ढाँचामा वि.सं. १४१७ मा त्यसको जीर्णोद्धार गरेर कर्णाटकी पुजारीहरूलाई त्यहाँ राखे। त्यहाँको उन्मत्त भैरवको मूर्ति कर्णाटकी बाहुन नारायणले बनाएका हुन्। प्रताप मल्लले त्यस मूर्तिलाई कोठाभित्र रहने पारे। त्यहाँको मूल पुजारीको घर प्रताप मल्लले नै बनाएका हुन्। पछि जगज्जय मल्लले कर्णाटकी स्वामीको सट्टा महाराष्ट्री गृहस्थी पुजारीहरू ल्याएर त्यहाँ राखे।

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले धोबीखोलाको सेतु निर्माण गरीदिएर नित्य पूजाको निम्ति पशुपतिको गूठी स्थापना गरे। सरदार रामकृष्ण कुँवरले पशुपति र गुह्येश्वरीको बीच दर्शन सिंढी बनाए (वि. सं. १८३१), भीमसेन थापाले चाँदीको ढोका निर्माण गरे, प्रधानमन्त्री रणोद्दीपले कलकत्ताबाट सेतो टलकदार ढुङ्गा झिकाई भित्तामा जडाए, वि.सं. १९३६मा जगत जङ्गले सुनौला नयाँ बसाह(नन्दी) स्थापना गरे श्री चन्द्र शमशेरले छानाको मरम्मत र सुनको मोलम्मा जड्ने काम गराएका थिए (वि. सं. १९८२)। यसको सबैभन्दा पछिल्लो जीर्णोद्धार स्वर्गीय श्री ५ महेन्द्रको राज्यकालमा भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ वर्षेनी शिवरात्रीको विशाल मेला बाहेक दिनहुँ दर्शकहरूको भीड लागिरहेके हुन्छ। नजीकमा आर्यघाट छ र त्योभन्दा माथि बागमती पारि मृगस्थली डाँडामा गोरखनाथको मन्दिर छ। पशुपति मन्दिर नजीकमा एक होमियो औषधालय, रामघाट हेल्थ पोष्ट र एक प्रहरी चौकी छन्।

गुह्येश्वरी

प्राचीन वंशावलीका कथाहरूमा तथा पुराण र स्वस्थानीमा उल्लेख भएको श्लेष्मान्तक वनमा यो मन्दिर स्थित छ। यस उपत्यकाको सभ्यताको शुरूमा कमल पुष्पको उद्भव भएको कुण्ड स्वरूप मानिएको गुह्येश्वरी कुण्ड काठमाडौंका प्राचीन धार्मिक स्थलहरूमा एक हो। पशुपतिको मन्दिरभन्दा डेढ किलोमिटर (एक माइल) पश्चिममा बागमतीको किनारमा रहेको यस मन्दिरमा आफ्ना मन्त्रीहरूको षड्यन्त्र पछि राजा जयप्रकाश मल्ल आएर केही दिन शरण लिएका थिए भन्ने उल्लेख इतिहासमा पाइन्छ। प्रताप मल्लद्वारा जीर्णोद्धार गरी त्यहाँको कुण्डको जलज्योतिलाई आठ-पात कमल-आकृतिको ढकनीले छोपी स्फटिकको कलश स्थापना गरेर गूठी राखिदिएको यो तान्त्रिक परम्पराको केन्द्र रहेको छ। गुह्येश्वरी र गुह्य भैरवको एउटै मन्दिर त्यहाँबाट श्लेष्मान्तक वनको डाँडा चढेर पशुपति जाने बाटो आदि पनि प्रताप मल्लका देन हुन्। रामकृष्ण कुंवरद्वारा श्री ५बडामहाराजाधिराज पृथ्वीनारायण शाहको पालामा त्यसको जिर्णोद्धार भएको हो।

प्रताप मल्लको सिंह मूर्ति र उपेन्द्र वीर विक्रमको प्रतिमूर्तिको नजीक श्री ५ महेन्द्र–दम्पतीको स्वर्ण–मण्डित मूर्तिहरू राखिएका छन्।

बौद्धनाथ

एक मतमा राजा धर्मदत्तद्वारा र अर्को मतमा राजा शिवदेवद्वारा निर्मित मानिएको र काश्यप बुद्धका अस्थिहरू राखिएको भनिएको यो बौद्ध चैत्य एशियामा चैत्य शैलीका मन्दिरहरूमध्ये सबैभन्दा ठूलो भएको विश्वास गरिन्छ। दलाई लामाका प्रतिनिधि ठानिएका चिनियाँ लामा यहाँका धर्म गुरु हुन्।

स्वयंभूनाथ

बौद्ध धर्मतिर झुकेका प्रसिद्ध लिच्छवि राजा वृषदेवले बनाउन लाएको भनी प्रसिद्ध आठौं शताब्दीमा शान्तरक्षित आएर त्यहीं बसी महायान धर्मलाई पुनर्जीवन प्रदान गर्ने चेष्टा गरेको आदि परम्पराले पतितपावन गराएको यो विशाल चैत्य काठमाडौं शहरको दुई माइल उत्तर-पश्चिममा सम्पूर्ण राजधानीको सुन्दर दृश्य देखिने गरी एक डाँडाको टुप्पामा निर्मित छ र काठमाडौं उपत्यकाको सृष्टिको कहानीसँग सन्दर्भित अर्को प्रमुख आकर्षण पनि हो। त्रेतायुगमा यो ठाउँको नाउँ वज्रकूट र द्वापरमा गोश्रृङ्ग थियो भन्ने किम्वदन्ति छ। यो सम्पूर्ण डाँडा नै पनि मानव निर्मित हो भन्ने सुनिन्छ। डाँडामाथि निर्मित्त उक्त चैत्यका वरिपरि अनेकौं साना ठूला मठ मन्दिरहरू छन्, जसमध्ये हारती माई वा अजिमाको मन्दिर, प्रताप मल्लले आफ्नो र उनको रानी अनन्तप्रियाको नाउँमा बनाएका अनन्तपुर र प्रतापपुर नामक दुई अग्ला मन्दिरहरू, वैरोचन (केन्द्र देव), अक्षोभ्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(पूर्वका देव), रत्नसंभव (दक्षिणका देव), अमिताभ (पश्चिमका देव) र अमोघसिद्धि (उत्तरका देव) नाउँका पांच ध्यानी बुद्धहरूका पाँचतिर फर्केका मूर्तिहरू आदि प्रमुख छन्। तिब्बती लामाहरूको पुरानो र नयाँ दुई गुम्बामध्ये नयाँ चाहिँमा स्थापना गरिएको विशाल बुद्ध शाक्यमुनिको मूर्ति र भन्याङ उक्लिनासाथ देखिने विशाल "वज्र" पनि दर्शनीय छन्। लिच्छवि नरेश वृषदेवले बौद्ध धर्म ग्रहण गरेपछि यो मन्दिरलाई बनाई बांडा जातका पुजारी राख्ने चलन चलाएका हुन् भनिन्छ। त्यहाँका एक गुम्बा नरभूपाल शाहले गरिदिएको लालमोहरको आधारमा रणबहादुर शाहले तिब्बती लामा देवाधर्मलाई दिएको बिर्तालाई गूठीमा परिणत गरेर निर्माण गरेका हुन्।

मञ्जुश्री चैत्य

बौद्धहरूले चीनको ओताइ चान (पञ्चशीर्ष) पर्वतबाट आएका ऋषिको रूपमा पूज्ने गरेका बोधिसत्व मञ्जुश्रीको नाउँमा निर्मित मानिएको यो सानो मन्दिर स्वयंभूनाथको पश्चिममा अलि तलतिर छ। हिन्दूहरूले यिनलाई सरस्वतीको रूपमा र बौद्धहरूले मञ्जुश्री (वा मञ्जेश्वरी) को नाउँमा पूजा गर्दछन्। वसन्त पञ्चमीमा यहाँ विद्यार्थी र भक्तहरूको भीड लाग्छ।

इचङ्गु नारायण

उपत्यकामास्थित प्रसिद्ध चार नारायणहरूमध्ये एक इचङ्गु नारायण हुन्। यिनको मन्दिर स्वयंभूभन्दा करीब पाँच किलोमिटर उत्तर–पश्चिममा सीतापाइला गाउँ पञ्चायत अन्तर्गत पर्दछ। यहाँ वि. सं. १२५७ तिरको एक शिलालेख पाइएको हुनाले यो मन्दिर निकै प्राचीन रहेछ भन्ने अनुमान गर्नु सहज छ।

धञ्जु स्तूप वा चारुमति बिहार

चाबहिलस्थित यो बौद्ध बिहार सम्राट् अशोककी छोरी चारुमतीले बनाएकी हुन् भन्ने किम्वदन्ति छ चाबहिल शब्द नै पनि "चारुमती बिहार" को अपभ्रंश हो भन्ने छ। तर उक्त कुरोलाई ऐतिहासिक तथ्य मान्न गाह्रो छ तापनि इंस्वीको चारौं शताब्दीतिर यो चैत्य बनेको अनुमान हुन्छ।

बूढानीलकण्ठ

काठमाडौं शहरभन्दा सात माइल उत्तरमा शतरुद्र वा शिवपुरी पहाडको फेदीमा एक सानो तलाउमा शेषशायी नारायणको अति सुन्दर भव्य प्रस्तर मूर्तिको नाउँ नीलकण्ठ हुनु एक गजबको कुरो छ र यसका अनेक किम्वदन्ति छन्। हरिबोधिनी एकादशीको समयमा यहाँ चार दिनव्यापी भव्य मेला लाग्छ। नजीकै प्रहरी चौकी एक, वन विभागको रेञ्ज अफिस, टोखा स्वास्थ्य निवास र कुष्ठरोगका औषधालयहरू पनि छन्। यो मूर्ति लिच्छविकालमा बनेको थियो। हाल यहाँ एक आवासीय विद्यालय स्थापना गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कीर्तिपुर (पद्मकाष्टगिरि)

अघि काठमाडौं उपत्यका विभिन्न स-साना रजौटाहरूमा विभाजित भएको बेलामा कीर्तिपुर, ललितपुर राज्य अन्तर्गत रहेको बलियो "वनगढ" रूपको शहरको रूपमा प्रख्यात थियो। आज पनि यस जिल्लाका सबैभन्दा प्राचीन शहरहरूमा काठमाडौंभन्दा दोस्रो महत्वपूर्ण स्थान कीर्तिपुर नै मानिन्छ। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले उपत्यका सर गर्दा उनैको सैन्यलाई पहिलो चोटी वीरतापूर्वक सामना गरी यश कमाएको यो शहर काठमाडौं शहरभन्दा सात किलोमिटर दक्षिण-पश्चिममा एक अग्लो डाँडा माथि अवस्थित छ। नेवारहरूका प्राचीन रीतिरिवाज, परम्परा र जनजीवनको झलक पनि त्यहाँ देख्न पाइन्छ।

हाल त्रिभुवन विश्वविद्यालयका केन्द्रीय कार्यालयहरू, केही अध्ययन संस्थानका केन्द्रीय क्याम्पसहरू, कृषि विभागद्वारा सञ्चालित बागबानी केन्द्र तथा वि. सं. २०२३ मा स्थापित लेबोरेटरी स्कूल आदि त्यहीं स्थापित गरिएकाले कीर्तिपुरको आधुनिक महत्व त्यसको प्राचीन महत्वभन्दा कम छैन। शहरसँग सोझै र नियमित बस सेवा उपलब्ध छ। नेपाल बैंकको एक उपशाखा पनि छ। कीर्तिपुर ल्याकुंमा परोपकारको एकाई, पालीफल गाउँ पञ्चायतमा प्रहरी चौकी र शाखा हुलाक, विद्युत् सब-ष्टेशन र खानेपानीको ३०,००० ग्यालन क्षमताको टयाङ्की पनि छन्।

त्रिभुवन विश्वविद्यालय १४२ हेक्टर क्षेत्रफलमा फैलेको छ र पछि विस्तार गर्नको निम्ति थप १०१ हेक्टर जमीन पनि अधिग्रहण गरिएको छ।

बाघभैरव

सोह्रौं शताब्दीमा निर्मित मानिएको यो मन्दिर कीर्तिपुर डाँडामाथिस्थित छ। यहाँ भैरवलाई जिब्रो बिहीन बाघको रूपमा स्थापना गरिएको छ र यिनलाई कीर्तिपुरका अधिष्टाका देव मानिन्छ। तिनको नित्यपूजा कुस्लेहरूले गर्ने परम्परा छ, तर जात्राको समयमा बाँडाहरूले पूजा गर्नु पर्छ भन्ने विश्वास गरिन्छ।

कालीमाटी

काठमाडौं जिल्लामा खेतीको निम्ति अत्यन्त मलिलो मानिएको माटो कालीमाटी हो र यही नामको एक बजार विष्णुमती नदीको पारिपट्टि त्रिभुवन राजपथमा अवस्थित छ। कालीमाटीमा बजार भर्न एकातिर कीर्तिपुर र अर्कोतिर थानकोटसम्मबाट मानिसहरू आउँछन्। नेपालको सबैभन्दा ठूलो मानिएको पाँच तारे सोल्टी होटेल, देशभरको एक मात्र "क्यासिनो", गैर सरकारी क्षेत्रमा सञ्चालित जिल्लाको (देशको) एकमात्र क्षयरोग र एक्स-रे क्लिनिक, नेपाल रेडक्रसको केन्द्रीय कार्यालय, नेपालमा अमेरिकी सहयोग संस्था (यू.एस. ए. आई. डी.) को प्रशासकीय (केन्द्रीय) कार्यालयहरू यहीं छन्। एक प्रहरी चौकी र शाखा हुलाक पनि छन्।

थानकोट

त्रिभुवन राजपथमा काठमाडौंको प्रमुख प्रवेशद्वारको रूपमा रहेको थानकोटको उत्तर अक्षांश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२७°४१' र ८५°१२' पूर्व देशान्तर स्थित छ। यहाँ एक प्रहरी चौकी, छोटी हुलाक र वन विभागको रेञ्ज अफिस छन्। नजीकै इटाखेल र झ्यालनपाटीमा हेल्थपोष्ट र हेल्थ सेन्टर छन्।

बालाज्यू

बूढानीलकण्ठको दुरुस्त तर सानो प्रतिरूप "बाल नीलकण्ठ" वा "बालजी" नामक शेषशायी विष्णुको प्रस्तर मूर्ति भएकोले "बालाज्यू" नाउँ भएको हो। राजा प्रताप मल्लद्वारा निर्मित प्राचीन बाईसधारा, आधुनिक बालाज्यू उद्यान र पौडने तलाउ आदिले शुशोभित यो स्थानको सम्पर्क शहरसित नियमित बस सेवाद्वारा छ। देशभरको सबैभन्दा ठूलो र जिल्लाको एक मात्र औद्योगिक क्षेत्र स्थित हुनाले बालाज्यूको औद्योगिक महत्व त अद्वितीय छँदैछ साथै काठमाडौं जिल्लाभरको सबैभन्दा सुन्दर उद्यान, पार्क र नुहाउने तथा पौडने सुविधाहरूले बालाज्यूलाई बेजोड दर्शनीय स्थान पनि बनाएको छ। त्यहाँ नेपाल बैंकको उप-शाखा, एक कर्मचारी औषधालय, शाखा हुलाक र प्रहरी चौकी पनि छन्।

नागार्जुन

अघि यो उपत्यका एक ताल छँदा विपश्वी बुद्ध आएर नागार्जुनमा बसेका थिए भन्ने परम्पराको आधारमा हो वा राइटका वंशावलीअनुसार वज्रयानका महागुरु नागार्जुन जातमात्रोच्च (जामाचो) पहाडमा बसेका थिए भन्ने आधारमा हो, नागार्जुन एक पौराणिक स्थानको रूपमा पनि ख्यातिप्राप्त छ र बालाज्यू नुहाउने पूर्णिमामा भक्तहरू सो पहाड माथिको चैत्य दर्शन गर्न जान्छन्।

काठमाडौं शहरभन्दा आठ किलोमिटर उत्तरतिरको नुवाकोट जिल्लासँगको सीमानामा स्थित नागार्जुन जङ्गल हिजो आज एक सुरक्षित वनको रूपमा रहेको छ यसको क्षेत्रफल ३,७१० एकड (१५ वर्ग किलोमिटर) छ र बालाज्यू उद्यानबाट उठेर गएको डाँडामा यो स्थित छ। नागार्जुनमा पर्ने विभिन्न डाँडाहरूमध्ये ७,१८० फीट (२,१८८ मिटर) अग्लो चुचुरालाई जामाचो भनिन्छ।

मनमयजू

मनमयजू गाउँ पञ्चायत अन्तर्गत स्थित यो मन्दिर वि. सं. १७४७ मा निर्मित मानिन्छ र तान्त्रिक परम्पराको हुन् सम्भव छ। यहाँका पूजारीहरू नेवार छन्, तर तिनले केश काट्नु हुन्न, खेती गर्नु हुन्न, कुर्कुच्चासम्म छोप्ने लामो जामा लाउनु पर्छ तथा बलिको भोग खानु पर्छ भन्ने विश्वास गरिन्छ।

फर्पिङ

काठमाडौं दक्षिणकाली सडकमा कीर्तिपुरभन्दा करीब पाँच किलोमिटर दक्षिणमा पर्ने फर्पिङ एक प्राचीन विद्याको केन्द्र र ऐतिहासिक स्थल हो। नेवारीमा फंपी भनिने यो स्थानका निवासी वागीश्वर कीर्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र तिनका चारभाइले मध्यकालीन नेपालका प्रख्यात तन्त्र (विशेष "संवर" र "हेवज्र" तन्त्र) जावाका रूपमा तिब्बतमा पनि नाम कमाएका थिए । वागीश्वर विक्रमशील विश्वविद्यालयका एक द्वारपण्डित पनि भएका थिए श्री रुद्र देवका पालामा (वि.सं. १०७२) मा रचना गरेका "संक्षिप्ताभिषेक विधि" वीर पुस्तकालयमा छ। अहिले पनि फर्पिङ स्थित देशको सर्वप्रथम विद्युत् उत्पादन केन्द्रबाट ५०० किलोवाट विद्युत् शक्ति काठमाडौंलाई प्राप्त भइरहेछ । फर्पिङ स्थित त्रिभुवन आदर्श विद्यालय पनि प्रख्यात छ। उपत्यकाको दक्षिणपट्टि पर्ने काठमाडौं जिल्लाका कयौं पहाड क्षेत्रमा स्थित गाउँ पञ्चायतहरूको निम्ति यो एक प्रमुख बजार पनि हो। धार्मिक दृष्टिले पनि यहाँका मन्दिरहरू जिल्लामा विशेष महत्व राख्छन् । यसको नजीकै प्रसिद्ध दक्षिणकाली को देवीस्थल रहेको छ ।

पञ्चकन्यादेवी

दक्षिणकालीभन्दा करीब १२ माइल अझ दक्षिण भएपछि आउने इपा उखुबारी गाउँ पञ्चायत अन्तर्गतको यो मन्दिरमा दुई विशेषताहरू पाइन्छन् । अरू देव देवी देवताहरूको पीठमा रातो कपडा, रातो सिंदूर आदि चढाउने परम्परागतको विरुद्ध पञ्चकन्यामा सधवा स्वास्नीमान्छेले प्रयोग गर्ने रातो रङका पदार्थ केही पनि चढाउन निषेध छ । अर्को कुरो, प्रायः सबै देव देवीलाई चढ्ने बोकाको बलि दिन पनि यहाँ निषेध छ। पाठीको मात्र बलि दिने परम्परा छ ।

त्रिभुवन विमानस्थल

नेपालका पूर्व-पश्चिम र उत्तर-दक्षिणका विभिन्न अञ्चल जिल्लाहरूसँग राजधानीको र बाहिरी संसारसँग देशको हवाइ सम्पर्क यहींबाट हुने हुनाले आन्तरिक र अन्तर्राष्ट्रिय दुवै दृष्टिकोणले महत्वपूर्ण यो विमान स्थल देशको सबैभन्दा ठूलो पनि हो । ४,३८६ फीटको उचाइमा स्थित यो विमान स्थलको धावन मार्गको आकार ६६,००।१५० फीट छ । राष्ट्र बैंकको सटही काउन्टर र देशको एक मात्र गोल्फ-खेल्ने मैदान पनि त्यहाँ छन् । यसको स्थिति अक्षांश २७°४२' उत्तर र ८५°२२' देशान्तर पूर्वमा छ ।

गोकर्ण वन (राजनिकुञ्ज)

बागमती किनार स्थित २.६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको सुरक्षित गोकर्ण वन जङ्गबहादुर राणाले वन्य जन्तु संरक्षण केन्द्रको रूपमा स्थापित गरेका थिए र हाल यो शाही संरक्षणमा राजनिकुञ्ज वा वैज्ञानिक चिडिया बगंचाको नाउँले प्रख्यात छ । पार्क, पौडने तलाउ, आवास गृह आदि सुविधा सम्पन्न उक्त वनको एक प्रमुख आकर्षण त्यहाँ संरक्षण गरिएका र मानिसहरूसँग रत्तिएका सयौं हरिणहरू हुन् र अर्को स्वर्गीय श्री ५ महेन्द्रद्वारा निर्मित "सम्झना सदन" । वनको पश्चिमी सीमाना नजीकै गोकर्णेश्वर महादेवको मन्दिर रहेको छ। नजीकै वन विभागको रेन्ज कार्यालय, स्वास्थ्य चौकी आदि छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोकर्णेश्वर महादेव

प्रख्यात गोकर्ण वन नजीकै बौद्धनाथबाट सुन्दरीजल जाने सडकमास्थित यो मन्दिर सम्बन्धी पनि रोचक किम्वदन्तिहरू छन् । यीमध्ये एउटा किम्वदन्ति अनुसार महादेव मृग भई श्लेष्मान्तक बनमा धेरै वर्ष बसेका थिए । उनलाई खोज्दै आएका ब्रम्हा र विष्णुले उनको सिङ समातेर तानातान गर्दा सिङ तीन टुक्रा भयो रे । ती तीन टुक्रामध्ये एउटालाई त्यहीं प्रतिष्ठापन गरी यो मन्दिर स्थापना गरिएको मानिन्छ । बाबुको मुख हेर्ने दिन (गोकर्ण वा कुशे औंशी) मा यहाँ श्राद्ध गर्ने र तर्पण दिनेहरूको भीड लाग्छ । यो मन्दिर बागमती नदीको किनारमा अवस्थित छ । मन्दिर केही तल सिचाइको लागि माथि बाँध हाली कुलो निकालिएको छ ।

सुन्दरीजल

काठमाडौंका प्रथम दुई विद्युत् पावर हाउसहरूमध्ये एक यहां भएको र त्यहांको तलाउ र छहराहरू आकर्षणका केन्द्र भएकाले सुन्दरीजल जिल्लाको एक प्रमुख स्थान हुन गएको छ । त्यहां काठमाडौंको खानेपानी आपूर्ति गर्नलाई बनेको एक रिजर्भ्वायर छ र नजीकै नयांपाटीमा सुन्दरीजल आर्सनल र जेल स्थित छन् ।

चोभार (कच्छपाल गिरि)

काठमाडौंदेखि दक्षिणकाली जाने बाटोमा बागमती नदीले उपत्यका छोडेर निस्कने ठाउँमा मञ्जुश्रीले पहाड काटेर बनाएको निकास मानिने एक दर्शनीय गल्छी काठमाडौं जिल्लाको एक आकर्षणको केन्द्र हो । देशको एक मात्र सिमेन्ट कारखाना पनि त्यहीं बन्न लागेको छ । नजीकै भूतखेलमा परोपकारको औषधालय छ ।

साँखु

राजधानीबाट १४ किलोमिटर टाढा उपत्यकाको अन्तिम उत्तरी बजारको रूपमा साँखु स्थित छ । स्वस्थानीमा उल्लिखित शालीनदीको निकटवर्ती यो बजारको पौराणिक महत्वको साथै काठमाडौं-कुतीको बाटो भएर सञ्चालित हुने प्राचीन नेपाल तिब्बत व्यापारको एक केन्द्र रहेकोले ऐतिहासिक महत्व पनि गाभिएको छ । यो बजार आज पनि जिल्लाका उत्तर सीमावर्ती नाङलेभारे, लप्सीफेदी आदि पहाडी गाउँ पञ्चायत अन्तर्गतका जनताको निम्ति प्रमुख र निकटमत बजार हो । यहाँ एक शाखा हुलाक, प्रहरी चौकी आदि छन् । साँखुको उत्तर-पूर्वको डाँडामा वज्रयोगिनीको प्रसिद्ध मन्दिर छ । यसलाई खड्ग जोगिनी पनि भन्दछन् । यसै डांडाको शिखरमा मणिचूड दह रहेको छ ।

प्रमुख कलाकृतिहरू

याल्डमिडले शैलीको आधारमा नेपाली कलालाई छ कालमा विभाजित गरेका छन् । ईस्वी सन् ४०० भन्दा अघि लुम्बिनी क्षेत्रमा देखिन आएको जुन शैलीलाई उनले "लिच्छवि पूर्वका" नामकरण गरेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । काठमाडौं कला विवरणमा सो सन्दर्भित हुन नआउने हुनाले काठमाडौं क्षेत्रको कला सृजनालाई निम्न विभिन्न काल अन्तर्गत अध्ययन गर्न सकिन्छः–

लिच्छविकाल

मानदेवले आफ्नी पूज्य माता राज्यवतीको नाउँमा वि. सं. ५२४ मा स्थापना गराएको विष्णुको विक्रान्त बामनावतार लाजिम्पाटको धोबिचौरमा र अर्को पशुपतिमा बागमतीदेखि पूर्व गौचरन जाने बाटोको छेउ खेतमा रहेका छन्। ती शिलामूर्तिदेखि काठमाडौं क्षेत्रको मूर्ति कलाको इतिहास शुरू भएको मान्नु पर्छ। यसमा बामनरूप विष्णुले विक्रान्तरूप लिंदाको भावपूर्ण दृष्य कलाकारले ठूलो खूबीसाथ अङ्कित गरेका छन्।

लिच्छवि राजा नरेन्द्रदेवको पालामा काठमाडौं आएका चिनियाँ राजदूत वाङ हुएनत्सेले वर्णन गरेका तलै तला छानादार राजदरबार र मन्दिरहरूबाट प्यागोडा शैलीका भवन निर्माण परम्परा पनि लिच्छविकालीन नै रहेछ भन्न सजिलै सकिन्छ। तर वास्तुकलाको विषयमा तल छुट्टै चर्चा गरिने भएकोले यहाँ सो तथ्यको उल्लेख मात्र गरिएको छ।

काठमाडौं सदरमुकामबाट १० किलोमिटर (तीन कोस) जति उत्तर स्थित एउटै शिलामा कुँदिएको करीब ३० फीट लामो जलाशय विष्णु वा बुढानीलकण्ठको मूर्तिलाई वि. सं. ६९३ तिर विष्णुगुप्तका छोरा र राजा भीमार्जुनदेवसँगै संयुक्त शासक बनेको विष्णुगुप्तले बनाउन लाएको कीर्ति गाथा हो भने हुन्छ।

काठमाडौं जिल्लामा पर्ने अरू लिच्छविकालीन लिपिहरू अङ्कित विशिष्ट मूर्तिहरूमध्ये हाँडीगाउँ स्थित सत्यनारायणको मन्दिर अघिल्तिरको स्तम्भमाथिको गरुड, धरहरादेखि दक्षिण पीपलबोट मुनिको ढुङ्गेधारा स्थित आर्यावलोकितेश्वरको बौद्ध प्रतिमा, मखनमा तार्नसिंह बहाल भित्रको नारायण मूर्ति, ढोका बहालभित्रको चैत्य वरिपरि कुँदिएको बुद्ध मूर्तिहरू तथा चापागाउँका ब्रह्माको मूर्ति प्रमुख छन्। यी बाहेक धुम्बाराहीको अत्यन्त ओजपूर्ण बराहवतार विष्णुको मूर्ति, काठे सिम्भूस्थित अति सुन्दर लोकेश्वरको मूर्ति, पशुपति घाटस्थित सुडौल यमुनादेवीको मूर्ति, पशुपति पारि लवकुश सहित रामका मूर्ति, हनुमानढोका भित्रको अति लालित्यपूर्ण कालीनागदमनको मूर्ति आदि पनि लिच्छविकालीन हुन् भन्ने अनुमान गरिएको छ।

संक्रमण काल

काठमाडौं क्षेत्रमा देखिएका यस कालका प्रमुख मूर्तिहरूमध्ये देवपाटनमा प्राप्त बुद्ध जन्मसँग सम्बन्धित मूर्ति (आठ–नौ शताब्दी), काठे सिम्भू नजीकको बोधिसत्व पद्मपाणिको मूर्ति, उभिएकी ताराको मूर्ति आदि उल्लेखनीय छन्।

मल्लकाल

लिच्छविकालीन कुनै पनि मूर्तिकला वा वास्तुकलाका कृतिहरूमा शिल्पकारको नाउँ कुँदिएको पाइएको छैन, तर मल्लकालमा आएर पहिलो चोटी यस्तो मूर्ति पाइएको छ– यो हो देवपाटन स्थित १½ हात लामो अर्ध शैरीश्वर (वा हरिहर) शैलीमा बनेको कमलमाथि गौरीको लालित्यपूर्ण मूर्ति। वि. सं. १२६३ मा स्थापित सो मूर्तिका शिल्पकार नन्दपाल थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. १४०६ मा समशुद्दीन इलियासको आक्रमणको क्रममा प्राचीन पशुपतिनाथको मूर्ति तीन टुक्रा पारिएको कुरा शिलालेख र वंशावलीमा उल्लिखित छ। त्यसपछि राजा जयस्थिति मल्लका सामन्त जयसिंह रामले वर्तमान पशुपतिनाथको मूर्ति स्थापना गरेको कुरा पनि शिलालेखमा उल्लेख छ। करीब २½ हात अग्लो चतुर्मुखी शिवको उक्त मूर्तिलाई छुन वा त्यसको नजीक जान नपाइने भए पनि भावपूर्ण र सुन्दर चार चेहराहरूले टाढाबाट पनि एक सिद्धहस्त कलाकारको कृति रूपमा त्यसको परिचय दिन्छन्।

काठमाडौंमा प्राप्त ज्योति मल्लकालीन शिलामूर्तिहरूमध्ये वि. सं. १४६५ मा स्वयंभूमा स्थापित दुई हात अग्लो चिन्तामणि लोकेश्वरको चिताकर्षक र सजीव मूर्ति उत्कृष्ट छ। ज्योति मल्लका छोरा यक्ष मल्लका समयमा (वि. सं. १५०० मा) कान्तिपुर खाबहाल स्थित विष्णुको मूर्ति आफ्ना समकालीन मूर्तिहरूमा सुन्दरतम र अग्रगण्य छ। टेबहालस्थित सूर्य मूर्ति पनि उनकै पालाको हो।

शिवसिंह मल्लको पालाको मूर्ति कलाको ज्वलन्त उदाहरण वि. सं. १६५७ मा स्वयंभूको विशाल देवावतार बोधिसत्त्वको मूर्तिसँग स्थापित १½ हात अग्लो पद्मपाणि लोकेश्वरको मूर्तिले प्रदान गर्दछ। काठमाडौंमा पाइने सबैभन्दा ठूलो र भावपूर्ण मल्लकालीन बौद्ध मूर्ति लक्ष्मीनरसिंह र उनका छोरा प्रताप मल्लको संयुक्त शासनकालमा (वि. सं. १६९३) स्वयंभूको मनोहर जङ्गलभित्र उकालो लाग्ने ठाउँमा भूमि स्पर्श मुद्रामा रहेका अक्षोभ्यका तीन विशाल मूर्तिहरूमध्ये माझको मनमोहक मूर्ति हो। टुक्रा टुक्रा ढुङ्गाहरूको कलात्मक संयोजनले सृजना भएको यो मूर्ति आसन बाहेक साढे पाँच हात अग्लो छ।

मल्लकालका यस्ता मूर्तिकलाहरूमा दुईवटा उल्लेखनीय कुराहरू हामी देख्छौं। एक कुरो, तिनताक काठमाडौंमा महायानी र अझ वज्रयानीहरूको प्रभाव जोडतोडले बढेको प्रमाण-स्वरूप जटिल तथा अश्लील जस्ता देखिने, धेरै टाउका र हात भएका बौद्ध मूर्तिहरू बन्न लागेका पाइन्छन्। अर्को कुरा, शिला र धातुको मूर्ति बाहेक तिनताक मन्दिरको ढोका र टुँडालहरूमा बनेको मूर्तिहरू पनि प्राप्त भएकोले काष्ठ कलामा नेपाली शिल्पकारहरूको प्रवीणता पनि त्यो समयदेखि झल्केको आभास पाइन्छ। हनुमानढोका अघिल्तिर महेन्द्र मल्लद्वारा निर्मित मानिएको जगन्नाथ मन्दिरका टुँडालहरूमा अनेक प्रकारका यौन आलिङ्गनमा बद्धरूप तथा तिनै टुँडालमा कुँदिएका विभिन्न चतुर्मुखी वा अष्टभुज मूर्तिहरू यस कुराका साक्षी छन्।

स्वयंभू डाँडाको धर्मधातु चैत्यका दायाँ बाँया वि. सं. १७१२ मा प्रताप मल्लद्वारा निर्मित प्रतापपुर र अनन्तपुर बाहिरपट्टि वज्रयानका गुह्ये देवता सम्बरका द्वारपालहरूको मूर्ति वरिपरि कुँदेर राखिएका छन्। मनुष्य शरीरमा जीवजन्तुको शिर जडेर कुँदिएका यी द्वारपालहरूका कुनै एक मुखी र कुनै बहुमुखी मूर्तिले नेपाली मूर्तिकलाको क्षेत्रमा एक नयाँ परम्परा सृजना गरेका छन्। ती द्वारपालहरू काकास्या, उल्कास्या, शानास्या तथा सुकरास्या हुन् र तिनले क्रमशः कौवाको, लाटोकोसेराको, कुकुरको र सुंगुरको मुखाकृति लिएका छन्।

स्वयंभू स्थित विशाल वज्र पनि प्रताप मल्लले वि. सं. १७२५ मा स्थापना गरेका हुन्। यसको आधार पेटिकामा प्रथम पटक यहाँका कलाकारहरूले पशुपक्षीहरूलाई प्राधान्य प्रदान गरेको हुनु पनि एक विशेषता नै मान्नु पर्दछ र तिनताकका कलाकार मानव मूर्ति कुँदनमा झैं पशु आकृति कुँदनमा पनि सिद्ध हस्त रहेछन् भन्ने प्रमाण त्यस पेटिकामा साँढे, बनेल, बाघ, फणदार सर्प, घोडा, भेडा, बाँदर, हाँस र कुकुरको सजीव कलात्मकताले प्रदान गरेको छ।

बुद्ध जीवनको "मार विजय" घटना प्रदर्शित गर्ने अर्को तीन हात जति अग्लो प्रताप मल्लकालीन घतलाग्दो शिलामूर्ति पनि त्यसै वज्रको सामु छ र दर्शनीय पनि छ। त्यसको स्थापना वि. सं. १७१३ मा भएको हो र त्यसका दुई विशेषतामध्ये बुद्धको मूर्तिमा माला कुँदिएको हुनु एक हो। अर्को विशेषता त्यसका वरिपरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मा, विष्णु, महेश्वर र इन्द्रादि देवताहरूलाई आ-आफ्ना बाहनमा प्रदर्शित गरी हिन्दू-बौद्ध धार्मिक एकात्म्यको भाव जागरण गर्न खोजिएको उद्देश्यलाई लिन सकिन्छ ।

पाटनमा सिद्धिनरसिंहद्वारा निर्मित कला मूर्तिहरूको भण्डार सुन्दरीचोकको प्रतिस्पर्धामा हनुमान ढोका भित्र प्रताप मल्लले निजी संग्रहालय रूपको मोहन चोकको सृजना गरी त्यहाँ चोकको बीचमा धाराको वरि-परि पत्थर र काठमा कुँदिएका उत्कृष्ट र कलापूर्ण शैव र वैष्णव मूर्तिहरू साथै विकराल र भयावह तान्त्रिक मूर्तिहरूको पनि बेजोड संग्रह गरिएको छ । यूरोपबासीसँग भेटघाट भए पछि त्यसको असर परी प्रताप मल्लले कुँद्न लाएको यहाँको भित्री चित्र रूपका मूर्तिहरू पनि दर्शनीय बनेका छन् ।

प्रताप मल्लको कालमा आएर मूर्तिकलाको दृष्टिले उच्च कोटीका सालिकहरू पनि निर्माण हुन लागेको देखिन्छ र यस्ता सालिकहरूमध्ये हनुमानढोकामा देगुतले समक्ष निर्मित उनकै एक सुन्दर मूर्तिको उल्लेख गर्नु पर्याप्त छ । आफ्नो कुल देवताको सामु अग्लो स्तम्भमाथि भक्ति साथ बसेका प्रताप मल्लको यो मूर्ति पूर्णतया सुनले मुलम्मा गरिएको छ । देव देवीको मूर्ति मात्र बनाउने परम्परा भएको काठमाडौंमा प्रताप मल्लले मानिसको मूर्ति निर्माण गर्न लाएको कुरोले कलाको क्षेत्रमा ऐतिहासिक महत्त्व पनि राख्दछ ।

महायान-वज्रयान परम्परामा कुँदिएको बाह्रवटा हात भएको एक हात अग्लो नाम संगीतीको स्वयम्भू स्थित हृदयस्पर्शी शिला मूर्ति नृपेन्द्र मल्लद्वारा वि. सं. १७३४ मा स्थापना गराइएको हो। पार्थिवेन्द्र मल्लको पालामा (वि. सं. १७३८) ठबहिल बिहारमा स्थापित एक मञ्जुश्रीको र अर्को सरस्वतीका मूर्ति र काठे सिम्भू स्थित भूपालेन्द्र मल्ल कालका वज्रयानी खण्डपाणि र खड्गपाणि भैरवका दुई मूर्तिहरू आदि पनि दर्शनीय छन्। तर कला प्रियताको क्षेत्रमा भूपालेन्द्रको नाउँलाई प्रताप मल्लको टक्करमा पुऱ्याउन खोज्ने दुई विशिष्ट मूर्ति-हरूमध्ये एउटा काठमाडौंको मुटुरूपीगद्दीदरबार सामु विष्णु मन्दिर अघिल्तिरको चार हात जति अग्लो एउटै ढुङ्गामा गजबसित कुँदिएको अत्यन्त सजीव मानवरूप गरुडको ध्यानमग्न विशाल शिलामूर्ति र अर्को छुस्याबहाल भित्र स्थित वि. सं. १७५५ मा निर्मित एक स्वास्नीमान्छेको सालिकलाई नै मान्नु पर्छ। वास्तवमा उत्तर मल्लकालमा मूर्तिकलाको जुन ह्रास हुँदै गएको स्पष्ट देखिन्छ, जसलाई पुनरूत्थान र पुनर्जीवन प्रदान गर्ने चेष्टा झैं यो चुल्ठो बाँधेकी, भक्ति भावमा निर्लीप्त र सुन्दर अङ्ग प्रत्यङ्गहरू झल्किने तरुनीको एक हात जति अग्लो मूर्ति अत्यन्त सजीव र लालित्यपूर्ण छ । सामाजिक विषयमा कुँदिएको हुनु यो मूर्तिको अर्को विशेषता हो ।

वास्तुकला

वास्तुकलाको क्षेत्रमा काठमाडौंमा प्राचीनकालदेखि नै प्रसस्त विकास भएको छ । इतिहासको विभिन्न कालमा यहाँ निर्माण भएका वास्तुकलाका उत्कृष्ट नमुनाहरू यस जिल्लाको विभिन्न इलाकाहरूमा हालसम्म पनि संरक्षित छन् । यहाँको वास्तुकलालाई अध्ययनको लागि निम्न कालहरूमा विभक्त गर्न सकिन्छः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिच्छवि काल

माथि लिच्छविकालीन मूर्ति कलाको सम्बन्धमा उल्लेख गरिएका मूर्तिहरू पनि कुनै बेला मन्दिर बनाएर ती भित्र प्रतिष्ठापन गरिएका देखिन्छन्। तर १,५०० वर्ष जति अघि बनेको ती मन्दिरहरूका आज भग्नावशेष समेत बाँकी नभएकोले लिच्छविकालीन वास्तुकलाको सही रूप कस्तो थियो होला भन्ने राम्ररी अन्दाज लाउन हामीले सकेका छैनौं। तर अभिलेख आदिको अध्ययनको आधारमा काठ बढी तला तला पारी बनाउने नेपाली वास्तुशैलीको प्रचलन लिच्छविकालमै भइसकेको थियो भन्ने चाहिं देखिएको छ।

मानदेवले निर्माण गरेका राजदरबार मानगृहको नाउँले इतिहासमा प्रसिद्ध छ तर त्यो पनि उपत्यकाको कुन ठाउँमा थियो र कस्तो थियो सो हामीलाई कल्पनाको विषय हुन गएको छ। पशुपतिनाथ कै प्राचीन मन्दिर पनि लिच्छविकालमा निर्माण भइसकेको हुनु पर्छ भन्ने अडकल लाउन सकिन्छ, तर सो मन्दिरको प्राचीन स्वरूप कस्तो थियो भनी निश्चित गर्न गाह्रो छ। साँगास्थित वि. सं. ६६५ को अंशुबर्माको शिलापत्रमा "कैलाशकूट" नामक भव्य महल हेर्न अपार दर्शकहरूको भीड लागिरहेको कुरा उल्लेख भएको छ। अर्को शिलालेखमा त्यसलाई "क्षितितलतिलक" "भुवि विश्रुत" आदि वर्णन गरिएको हुनाले त्यस भवनको प्रसिद्धी विदेशमा पनि फैलिएको देखिन्छ। राजा नरेन्द्रदेवका पालामा आएका चिनियाँ वाङ हएनत्सेको वर्णनको आधारमा ताङ वृतान्तमा उल्लिखित तामाको पाताले छोपिएको छाना भएको सात तले बुर्जाकारको घर, उक्त कैलाशकूट भवन नै थियो भन्ने अडकल विद्वानहरू गर्दछन्, तर सो कहाँ थियो भन्ने पनि निश्चित् हुन सकेको छैन। नरेन्द्रदेवका शिलापत्रमा उल्लेख गरिएका अर्को महल "भद्राधिवास भवन" को पनि यस्तै कथा छ।

उता स्वयंभूको चैत्य पनि लिच्छविकालदेखि ख्याति प्राप्त चैत्य हो, तर आज हामी जुन रूपमा देख्छौं सोही रूपमा उसबेला पनि थियो वा थिएन, किटानसाथ केही भन्न सकिन्न। तर ढोकाबहालभित्र एक शिलामय चतुष्कोणकार चैत्यको पादपीठमा कुँदिएको लिपिलाई लिपिज्ञहरूले लिच्छविकालीन भन्ने गरेका आधारमा त्यसलाई लिच्छविकालीन चैत्य मान्न सकिन्छ भन्ने मनवज्र वज्राचार्यको भनाइ छ। त्यसैले काठमाडौंको वास्तुकलाको इतिहासमा यो चैत्य अति महत्वको मानिनु पर्दछ।

मल्लकाल

प्राचीन मल्लकालीन चैत्यहरू साधारणतः मूर्ति रहित भएका र चारैतिर तोरणको अन्तरालका द्वारहरूमा पनि बुद्धका मूर्तिहरू अङ्कित नहुने गरेकोले यी चैत्यहरूलाई लिच्छविकालीन चैत्यहरूसँग छुट्याउँछ। शून्यवादी वज्रयानीहरूको प्रभावले यी चैत्यहरू मूर्तिरहित निर्माण भएका हुन् कि भन्ने धारणा छ।

स्वयंभू स्थित तह तह छानादार एक चैत्य अमर (वा नरेन्द्र) मल्लकालीन हो भनिन्छ। तर यस युगको सर्वश्रेष्ठ वास्तुकृति महेन्द्र मल्लद्वारा वि. सं. १६२० मा निर्मित तलेज्यूको मन्दिर नै हो। अति अग्लो मण्डपमाथि निर्मित यो अर्को ८१ हात अग्लो र विशाल मन्दिरलाई वि.सं. १८९० र १९९० का जस्ता भयावह भूकम्पहरूले हल्लाउन नसक्नु तिनताकका नेपाली वास्तुकारहरूको उत्कृष्ट शिल्पको ज्वलन्त प्रमाण हो। तीनतह धातुको छानाहरू, तहतहदार चौकोसहरूले सजेका द्वारहरू र मूर्तिमय टुँडालहरूले यस मन्दिरलाई धातु, काठ र शिला तिनै थरीको माध्यममा सिद्धहस्त कलाकारहरूको छाप परेको स्पष्ट गराउँछन्। पछि प्रताप मल्लकालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीर्णोद्धार गरिएको रूपमा यो भव्य मन्दिर आजसम्म त्यस बेलाको वास्तुशिल्पको एक बेजोड प्रतीकको रूपमा आकाशिएर उभिएको छ ।

महेन्द्र मल्लको समयको हनुमानढोका स्थित जगन्नाथको मन्दिर तान्त्रिकहरूद्वारा महासुख कल्पनालाई साकार रूप दिन काम वासना पूर्ण मूर्ति सहितका टुँडालहरूको निम्ति प्रसिद्ध भएको कुरा अन्यत्र उल्लेख भइसकेको छ । प्रताप मल्लद्वारा महाबौद्ध नयाँ शैलीमा वि. सं. १७०५ मा हनुमानढोका अधिल्तिर निर्मित कृष्ण मन्दिर, पाटनकै महाबौद्ध शैलीमा निर्मित स्वयंभूका प्रतापपुर र अनन्तपुर मन्दिरहरू तथा हनुमानढोका दरबारभित्र एक घरको छानाबाट उठेको पाँच तहको गोल छानाहरूद्वारा सुसज्जित अत्यन्त कलापूर्ण मन्दिर प्रताप मल्लकालीन सर्वोत्कृष्ट वास्तु सिर्जना हुन् । भूपालेन्द्रकै महामन्त्री लक्ष्मीनारायण जैशीले तलेजू झैं अग्लो तहतहदार मण्डपमाथि निर्माण गराएको भव्य जैशी देवल, जयप्रकाशद्वारा निर्माण गराइएको अत्यन्त कलात्मक कुमारी गृह आदि तिनताकको वास्तुशिल्पका उत्कृष्ट नमूनाहरू हुन् । रानीपोखरीभित्र प्रताप मल्लले बनाउन लाएको मन्दिर पनि यस बेलाको उल्लेखनीय वास्तुशैलीको नमूना हो ।

शाहकाल

वास्तुकलाको दृष्टिले यो काललाई पूर्वार्द्ध र उत्तरार्द्ध दुई भागमा विभाजित गरिएको छ । आजसम्म नेपालका सारा शैलीका वास्तुकलाको आधारमा निर्मित घर मन्दिरहरूमा सर्बश्रेष्ठ र अद्वितीय सृजना वसन्तपुरको भीमकाय भव्य चारबुर्जे दरबार हो । सम्पूर्ण नेपाली वास्तुविद्याको यो चरम निचोड रूपी दरबार आज पनि काठमाडौंको सर्बोत्कृष्ठ आकर्षण भएको छ र श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको कलाप्रियताको अनन्यतम् परिचय यसले प्रदान गर्दछ ।

चतुष्कोण मण्डपकारको चार कुनामा बनेका चारवटा बुर्जाहरू काठमाडौं, पाटन, भादगाउँ र कीर्तिपुरका वास्तुकारहरूले एक अर्काको प्रतिस्पर्धाका एकभन्दा एक बेजोड बनाइएका हुन् भन्ने जनश्रुति छ । सडकको मोहडामा रहेका अग्ला अग्ला मन्दिरहरूमध्ये वसन्तपुर पूर्वपट्टिको विशाल मन्दिर ५७ हात अग्लो र पश्चिमपट्टिको कोठामा स्थित "कैलाश मन्दिर" ७२ हात अग्लो भएको मानिन्छ । पछाडिपट्टिका दुई बुर्जाहरू ४६ र ५० हात अग्ला छन् । यी चारै दिशामा बुर्जाहरूको बेग्ला बेग्लै रूप छ र मल्लकालीन मन्दिर शैली, हर्म्यशैली, बिहार शैली आदि सबैको सम्मिश्रण यसमा भएको आभास पाइन्छ । एक मन्दिरको छाना गोलो र धातुको छ औ अरू तीनको तहतहदार छाना झिंगटीका छन् । सर्वत्र काठे कलापूर्ण झ्यालहरू, चौकोसहरू, टुँडालहरू र कार्नेसहरूले युक्त यी मन्दिरहरूमा एक एक वस्तुको शिल्प पनि चमत्कारपूर्ण हुनासाथै वि. सं. १९९० र १९९० का महाभूकम्पले यस्ता गगनचुम्बी भवनहरू हल्लाउन नसकेकोबाट यिनको मजबूतीको पनि सराहना नगरी रहन सकिन्न । उक्त दोस्रो भूकम्पको फलस्वरूप विलास मन्दिर मात्र अलिकति ढल्केको छ । वस्तुतः यही एउटा नेपाली वास्तुकलाको दैदीप्यमान दीपशीखाको विशद अध्ययन हुन सके सम्पूर्ण नेपाली वास्तुकलाका विशिष्टताहरूसँग परिचित हुन सकिन्छ ।

गद्दी दरबार अगाडि दाहिनेपट्टि स्थित शिव पार्वतीको दुई तले ढुङ्गामा कुँदिएका आँखी झ्यालहरू सहितको लाम्चो आकारको मन्दिर पृथ्वीनारायण शाहका माहिला छोरा बहादुर शाहको अर्को एक सुन्दर कृति हो । पूर्वार्द्ध शाहकालीन अर्को रमणीय मन्दिर रणबहादुर शाहकी रानी त्रिपुरा सुन्दरीले बनाउन लाएको त्रिपुरेश्वरको शिव मन्दिरले पनि वास्तुकलाको गरिमालाई प्रदर्शित गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर विशेष गरी जङ्गबहादुरको पालादेखि नेपाली वास्तुकलाको ह्रासहुँदै गएको पाइन्छ। यस कालमा पनि देशको मौलिक शैलीहरूमा मठ मन्दिरहरू बनेका त छन् तर यूरोपेली दरबार शैलीको नक्कलमा बनेको भव्य महलहरू धेरै बने ।

श्री ५ महेन्द्र वीर विक्रम शाहको पालामा आएर काठमाडौंमा मौलिक नेपाली वास्तुशैलीले फेरि एक पल्ट प्रोत्साहन पाएको नमूना नारायणहिटी दरबारका नव निर्मित अङ्गहरूले स्पष्ट पारेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार अधिराज्यका ७५ जिल्लाहरूमध्ये जनसंख्याको दृष्टिकोणले यो जिल्लाको स्थान प्रथम हुनआएको छ। यस जिल्लाको कुल जनसंख्या ३,५३,७५६ मध्ये पुरुषको संख्या १,८३,९१३ र महिलाको संख्या १,६९,८४३ छन्। यसरी यहाँ महिलाभन्दा पुरुषको संख्या १४,०७० ले बढी छ। यसको आधारमा यस जिल्लाको पुरुष—महिला अनुपात १००:१०८ छ, अर्थात् प्रत्येक १०० जना महिलाको अनुपातमा १०८ जना पुरुषहरू छन्। यस जिल्लाको जनसंख्या नेपाल अधिराज्यको कुल जनसंख्या (१,१५,५५,९८३) को ३.१ प्रतिशत, मध्यमाञ्चल विकास क्षेत्र (३८,६५,७५३) को ९.२ प्रतिशत र बागमती अञ्चल (१४,९६,९७१) को २३.६ प्रतिशत पर्नआउँछ। यस जिल्लाको जनसंख्या यसै मध्यमाञ्चल विकास क्षेत्रको दोलखा, सिन्धुपाल्चोक र रसुवा तीन जिल्लाहरूको कुल जनसंख्या (३,५३,९२३) को झण्डै बराबर हुन आउँछ।

जिल्लाको कुल क्षेत्रफल ५४५ वर्ग किलोमिटर अर्थात् ५४,५०० हेक्टरमा रहेको जनसंख्यालाई हेर्दा यहाँको जनघनत्व ६४९ व्यक्ति प्रति वर्ग किलोमिटर अर्थात् करीब ६.५ प्रति हेक्टर हुन आउँछ। अधिराज्यको औसत जनघनत्व ०.८ प्रति हेक्टर मात्र भएको तुलनामा यो निकै बढी हुन आउँछ। अधिराज्यको औसत जनघनत्वको तुलनामा यो धेरैनै बढी हो तापनि जनघनत्वको दृष्टिले यो जिल्लाको भन्दा भक्तपुरको जनघनत्व बढी भएको हुनाले अधिराज्यमा यो जिल्लाको दोस्रो स्थान छ। जिल्लाको जनसंख्यालाई महत्वपूर्ण उमेर समूहहरूको आधारमा वर्गीकरण गर्दा निम्नलिखित तालिकाअनुसार देखिन आउँछ:

काठमाडौं जिल्लाको जनसंख्याको उमेरगत वर्गीकरण

उमेर समूह	पुरुष	प्रतिशत	महिला	प्रतिशत	जम्मा	प्रतिशत
५ वर्ष र सोभन्दामुनि	२८,९२३	१५.७	२९,१७७	१७.२	५८,१००	१६.४
६ देखि १५ वर्षसम्म	४२,४२७	२३.१	३९,१४२	२३.०	८१,५६९	२३.१
१६ वर्षदेखि माथि	१,१२,५६३	६१.२	१,०१,५२४	५९.८	२,१४,०८७	६०.५
जम्मा:—	१,८३,९१३	१००.०	१,६९,८४३	१००.०	३,५३,७५६	१००.०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाअनुसार पाँच वर्ष र सोभन्दा मुनि जसमा पाँच वर्षको उमेर समूह भित्र कुल जनसंख्याको १६.४ प्रतिशत छदेखि १५ वर्षको विद्यालय जाने जम्मा १० वर्षको उमेर समूह भित्र कुल जनसंख्याको २३.१ प्रतिशत र १६ वर्ष र सोभन्दा माथिको बाँकी उमेर समूहमा ६०.५ प्रतिशत जनसंख्या पर्न आउँछ। यसरी एकातिर यस तथ्याङ्कले यहाँको जनसंख्याको बढ्दो गतिको सङ्केत गर्दछ भने अर्कोतिर योजना निर्माणको दृष्टिले भविष्यमा कति ठूलो जनसमूहलाई सामाजिक सेवा र रोजगारीको व्यवस्था गर्नु पर्ने छ भन्ने कुराको पनि सङ्केत उपलब्ध गराउँछ।

यस जिल्लामा घर परिवारमा बस्ने जनसंख्या जम्मा ३,४१,८५० छन् र यो संख्या जिल्लाको कुल जनसंख्याभन्दा ११,९०६ कम पर्न आउँछ। यसो हुनुको कारण व्यारेक, होष्टेल, जेल, होटेल आदि स्थानमा बस्ने जनसंख्यालाई घर परिवारमा बस्ने मानिदैन। यहाँ जम्मा घर परिवारको संख्या ५९,५०७ छ र औसत घर परिवारको सदस्य संख्या ५.७४ जना छन् जुन अधिराज्यभरको औसत परिवारको सदस्य संख्या (५.५३) भन्दा ०.२१ ले बढी छ। जिल्लाका जम्मा परिवार संख्यामध्ये पाँच सदस्य भएका परिवारको संख्या सबैभन्दा बढी (अर्थात् ८,९१४ घर परिवार) छन् र त्यस पछि चार सदस्य भएको घर परिवारको संख्या (८,१४३) आउँछ। एक व्यक्ति भएको परिवार संख्या ३,३२५ छ जसबाट जिल्ला बाहिरबाट व्यापार, नोकरी तथा शिक्षाको निमित्त आएका र एक्लो बसेका व्यक्तिहरूको संख्या निकै भएको अन्दाज गराउँछ। २० जना र सोभन्दा बढी सदस्य संख्या भएको परिवार ४४२ छन्।

यस जिल्लाको जनसंख्याको विभिन्न उमेर समूहहरूमा कसैलाई उमेरको कारणले सक्षम र कसैलाई उमेरको कारणले आश्रित मान्न सकिन्छ। नेपालको ग्रामीण वातावरणमा सानै उमेरदेखि मानिसहरू जीवनयापनको लागि काममा लाग्ने भएका हुनाले १० वर्षदेखि ५९ वर्षसम्मलाई सक्षम मान्ने र बाँकीलाई उमेरको कारणले आश्रित मान्ने चलन छ। यसअनुसार यहाँ १० देखि ५९ वर्षको बीचको जनसंख्या २,३९,१३८ र नौ वर्ष र सोभन्दा मुनिका र ६० वर्ष र सोभन्दा माथिका जनसंख्या १,१४,६१८ देखिन्छ। यसअनुसार यहाँको सक्षम आश्रित अनुपात १००:४८ अर्थात् उमेरको कारणले सक्षम मानिने प्रत्येक १०० जना मानिसमाथि उमेरको कारणले ४८ जना आश्रित रहेका छन्। त्यस्तै अर्को प्रचलनअनुसार १५ वर्षदेखि ६४ वर्षसम्मको जनसंख्यालाई मात्र उमेरको कारणले सक्षम मान्ने गरिन्छ। त्यसरी १५ वर्षदेखि ६४ वर्षसम्मको जनसंख्यालाई सक्षम मानेमा यहाँको सक्षम जनसंख्या २,१०,१७३ र बाँकी आश्रित जनसंख्या १,४३,५८३ हुन आउँछ र यहाँको सक्षम आश्रित अनुपात १००:६८ देखिन्छ।

भाषाको दृष्टिकोणले यस जिल्लाका अधिकांश जनता आफ्ना मातृभाषाको रूपमा राष्ट्र भाषा नेपाली नै बोल्दछन्, जुन कुरा यहाँ बोलिने मातृभाषाहरू सम्बन्धी तल दिइएको तालिकाले दर्शाउँछः—

जिल्लामा विभिन्न मातृभाषा बोल्नेहरूको संख्या

भाषा	बोल्नेहरूको संख्या	कुल जनसंख्याको अनुपात
नेपाली	१,७६,१३५	४९.८
नेवारी	१,४७,०१२	४१.६
तामाङ	२३,१८९	६.६
गुरुङ	१,१०२	२.१
भोटे शेर्पा	१,००९	
एक हजारभन्दा कम जनसंख्याले बोल्ने अरू भाषाहरू	१,०२८	
स्थानीय जिल्लाका भाषाहरू	१,१८५	
अरू भाषाहरू (विदेशी)	३,०९६	
जम्माः—	३,५३,७५६	१००.१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली बाहेक यस जिल्लामा प्रमुख रूपले बोलिने मातृभाषा नेवारी पनि हो। यसको साथै यहाँ तामाङ, गुरुङ र भोटे भाषाहरू पनि केही जनसंख्याले बोल्दछन्। जनगणनामा दिइएका अरू भाषाहरूमा राई किराती, लिम्बू, सुनुवार, मगर, मैथिली, थारू, भोजपुरी, अवधी, राजवंशी, सतार (संथाली समेत) र दनुवार भाषाहरू एक हजारभन्दा कम जनसंख्याले बोलिने हुनाले एकै ठाउँमा देखाइएको छ। स्थानीय जिल्लाका भाषाहरूमा जनगणनाले नेपाल भित्रकै भाषा तर सानो संख्याले बोल्ने भएकोले जनगणनामा छुट्टै उल्लेख नभएको भाषाहरू पर्दछन्। यसमा शायद यस जिल्लाको पहरी भाषा पनि पर्दछ। तर अरू भाषाहरू भन्नाले हिन्दी, अंग्रेजी, उर्दु जस्ता गैर नेपाली भाषाहरू पर्दछन्।

देशको राजधानी भएकोले यहाँ विभिन्न अञ्चल र जिल्लाहरूबाट शिक्षा र व्यापारको निमित्त र नोकरी सम्बन्धमा आई बसोबास गर्ने प्रचलन पुरानो हो। २०२८ सालको जनगणनाअनुसार यहाँको कुल जनसंख्यामध्ये नेपाल भित्रै जन्म भएकाको जन्मस्थान अञ्चलहरूको आधारमा देहायको फिहरिस्तमा दिइएको छ।

विभिन्न अञ्चलमा जन्मस्थान भएका जनसंख्या

अञ्चल	पुरुष	महिला	जम्मा
१. मेची	२३६	१२०	३५६
२. कोशी	४२८	२४९	६७७
३. सगरमाथा	१,५३६	५५२	२,०८८
४. जनकपुर	२,२१५	७१४	२,९२९
५. बागमती	१,७२,३५०	१,६४,०८७	३,३६,४३७
६. नारायणी	६७७	६०६	१,२८३
७. गण्डकी	२,२६२	६६१	२,९२३
८. लुम्बिनी	६३७	२५०	८८७
९. धवलागिरि	१८४	८९	२७३
१०. राप्ती	२०७	७३	२८०
११. कर्णाली	२०	१४	३४
१२. भेरी	९६	६२	१५८
१३. सेती	१९४	८६	२८०
१४. महाकाली	१३४	४०	१७४
जम्मा:–	१,८१,१७६	१,६७,६०३	३,४८,७७९

उपर्युक्त फिहरिस्तमा दिइएअनुसार यस जिल्लामा नेपाल भित्रै जन्म भएकाको संख्या ३,४८,७७९ छन् जसमध्ये बागमती अञ्चलमा जन्मेकाको संख्या मात्र ३,३६,४३७ छ र बाँकी ८,८२६ पुरुष र ३,५१६ महिला (जम्मा १२,३४२) नेपालको अरू अञ्चलमा जन्मेका छन्। यसरी अन्य अञ्चलमा जन्मिनेको संख्यामा पुरुषभन्दा महिलाको संख्या निकै कम देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर उपर्युक्त संख्यामा विदेशमा जन्मेका जम्मा ४,९७७ जना समावेश भएको छैन। यसमध्ये सबभन्दा बढी भारतमै जन्मेका देखिन्छन् जसको संख्या ३,१४१ छ। बाँकी संख्यामा चीनमा जन्मेको ३११ जना, बर्मामा जन्मेको १८६ जना, अन्य एशियाली मुलुकलरूमा जन्मेका ९१३ जना, यूरोपेली मुलुकहरूमा जन्मेका १३९ र अन्य देशमा जन्मेका २८७ जना छन्। यसरी मानिसहरूको जन्मस्थानको दृष्टिकोणबाट काठमाडौं जिल्लाले निकै ठूलो विविधता दर्शाउँछ।

यस जिल्ला अन्तर्गत काठमाडौं नगर पञ्चायत र ८३ वटा गाउँ पञ्चायतहरू छन् जसको जनसंख्या निम्नलिखित बमोजिम छन्:—

काठमाडौं जिल्लाका पञ्चायतहरू

पञ्चायत	जम्मा	पञ्चायत	जम्मा
१. आलापोट गाउँ पञ्चायत	१,७११	२. इन्द्रायणी पासिखेल	१,६१४
३. इपा आँपचौर	१,३२२	४. इपा उखुबारी	१,१९४
५. कपन	२,२९०	६. [illegible]	३,४९६
७. काठमाडौं नगर पञ्चायत	१,५०,४०२	८. काभ्रेथली	१,९५०
९. कालीमाटी	३,२४२	१०. कीर्तिपुर चिठुबिहार	२,३८७
११. कीर्तिपुर पालीफल	२,१११	१२. कीर्तिपुर बाहिरी गाउँ	२,९१५
१३. कीर्तिपुर लायकु	३,०६९	१४. खड्का भद्रकाली	१,४१८
१५. गागलफेदी	२,७०८	१६. गोकर्णेश्वर	१,९९२
१७. गोठाटार भैमाल	३,५२५	१८. गोलढुङ्गा	३,६०६
१९. गोंगबु	१,८८३	२०. चपली	१,७९१
२१. चाबहिल	२,६३०	२२. चाबहिल भगवानस्थान	२,७२५
२३. चाल्नाखेल	१,९२३	२४. चुनीखेल टुपेक टुसाल	१,९३६
२५. चोभार भूतखेल	३,८३८	२६. छैमले	२,५५१
२७. जितपुरफेदी	२,६५१	२८. जोरपाटी	२,५८०
२९. झोर महांकाल	१,९२६	३०. टल्कु दूधेचौर	१,९९३
३१. टोखा चण्डेश्वरी	१,९९४	३२. टोखा सरस्वती	१,३७६
३३. टङ्केश्वर ताहाचल	२,४१४	३४. डाँछी (थली)	३,७४३
३५. तीनथाना	१,९७७	३६. थानकोट	३,४१७
३७. थानकोट महादेव स्थान	२,९६०	३८. दहचोक चौकीटार	२,२९५
३९. धर्मस्थली	२,९१९	४०. धापासि पञ्चकन्या	१,६४८
४१. नाङले भारे	३,१३३	४२. नैकाप नयाँ भञ्ज्याङ	२,०३८
४३. नैकाप पुरानो भञ्ज्याङ	१, ९३७	४४. पशुपति (देउपाटन)	३,४०५
४५. पाँगा बालकुमारी	२,५००	४६. पाँगा विष्णुदेवी	१,५९७
४७. फर्पिङ भीमसेनस्थान	२,१९३	४८. फर्पिङ शेषनारायण	१,७५२
४९. फाखेल चौर	१,४३८	५०. फुटुङ चौर	१,६६४
५१. बत्तीसपुतली	३,३५६	५२. बलम्बु चुनदेवी	२,२४८
५३. बाड भञ्ज्याङ	१,६४८	५४. बानेश्वर भीमसेनगोला	२,४६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५५.	बानेश्वर महादेवस्थान	३,०६३	५६.	बालाज्यू	३,७४८
५७.	बालुवा (टारेभिर)	२,६०४	५८.	विष्णु बुढानीलकण्ठ	३,०५७
५९.	बौद्ध	३,५५०	६०.	भद्रबास	१,२५२
६१.	भीमढुङ्गा	१,५३६	६२.	मच्छेगाउँ छोपखोला	४,०६७
६३.	मजुवा हैबुङ	२,२१३	६४.	मनमयजू	२,५२४
६५.	महाङ्काल	१,४६४	६६.	मातातीर्थ लोहकोट	१,९६९
६७.	मूलपानी	२,७३३	६८.	रामकोट डाँडापौवा	३,३६४
६९.	लप्सीफेदी	३,६३८	७०.	सतुंगल काल्सीचौर	१,९६४
७१.	साँखु पुकुलाछी	२,११६	७२.	साँखु सालखा	२,८४४
७३.	साँखु सुनटोल	२,६५५	७४.	साँगला कुंचीप्वाकल	२,८९८
७५.	सिउचाटार	२,५९०	७६.	सीतापाइला	३,६९४
७७.	सिनामङ्गल	२,५५९	७८.	सिस्नेरी महादेवस्थान	२,०५०
७९.	सुन्चोटार (कोटेश्वर)	२,५७५	८०.	सुन्दरीजल	१,६०३
८१.	सुन्दरीजल नयाँपाटी	२,३९७	८२.	सौखेल भञ्ज्याङ	२,२८३
८३.	स्वयंभू	२,०९७	८४.	स्वयंभू डल्लू	२,८०४

यस जिल्लाको जम्मा जनसंख्या ३,५३,७५६ मध्ये उपर्युक्त फिहरिस्त अनुसार काठमाडौं नगर पञ्चायतको नगर इलाकामा १,५०,४०२ जना र बाँकी २,०३,३५४ जना ८३ वटा गाउँ पञ्चायतमा बस्दछन्। जस अनुसार प्रति गाउँ पञ्चायत जनसंख्या २,४५० पर्न आउँदछ। यहाँको गाउँ पञ्चायतहरूमा सबभन्दा बढी जनसंख्या भएको गाउँ पञ्चायत मच्छेगाउँ छोपखोला हो जस्मा ४,०६७ जनसंख्या बस्दछन् र सबभन्दा सानो गाउँ पञ्चायत इपा उखुबारी हो जहाँ १,१९४ जनसंख्या बस्दछन्।

जनजीवन

मातृभाषाको आधारमा विभिन्न भाषा भाषीहरूको वितरण माथि उल्लेख भइसकेको छ जसमा नेपाली भाषा र नेवारी भाषाको नै बाहुल्य भएको स्पष्ट देखिन्छ। नेपाली भाषाभाषीहरूमध्ये बाहुन, ठकुरी, क्षेत्री, कामी, दमाई, सार्की आदि हुने नै भए साथै आफ्ना बोलीहरू बोल्न छोडी नेपाली अपनाइसकेका अन्य केही जातिका मानिसहरू पनि केही संख्यामा पर्न आउँदछन्। यहाँ विभिन्न जातिका मानिसहरूको बसाइको परम्परागत प्रारूप हेर्दा नेपाली भाषा भाषीहरू काठमाडौं शहरको बाहिर फेराका फाँटहरूमा र नेवारहरू काठमाडौं शहरमा केन्द्रित भएर रहेको पाइन्छ। हुनतः केही नेवारहरू काठमाडौं शहर बाहिर स-सानो नेवार गाउँहरूमा र केही नेपाली भाषा भाषीहरू शहरभित्र पनि पाइन्छन् तापनि उपर्युक्त प्रारूप वर्तमानमा पनि कायमै भइरहेको देखिन्छ। यो कुरा यहाँको ग्रामीण क्षेत्रमा कतिपय घरबस्तीको नाउँको केही उदाहरणबाट अनुमान गर्न सकिन्छ। उत्तर पूर्वी सीमानास्थित मजुवा हैबुङ गाउँ पञ्चायत अन्तर्गतका खड्का छाप र सुन्दरीजल नयाँपाटी अन्तर्गत खड्का गाउँ, जोरपाटी गाउँ पञ्चायत अन्तर्गत बराल गाउँ, महाङ्काल गाउँ पञ्चायत अन्तर्गत पण्डित गाउँ र दाहाल गाउँ, शिवपुरी लेक क्षेत्रको झोर गाउँ पञ्चायत अन्तर्गत लामिछाने गाउँ, भद्र गाउँ पञ्चायत अन्तर्गत खत्री गाउँ र खड्का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँ, गोलढुङ्गा गाउँ पञ्चायत अन्तर्गत बोहराटार, धर्मस्थली गाउँ पञ्चायत अन्तर्गत बस्नेत टोल, जितपुरफेदी गाउँ पञ्चायत अन्तर्गत धिताल थोक र भण्डारी गाउँ, नैकाप गाउँ पञ्चायत अन्तर्गत खड्का गाउँ, सांगला गाउँ पञ्चायत अन्तर्गत गुरुङ गाउँ, छैमले गाउँ पञ्चायत अन्तर्गत लामा गाउँ आदि यस सन्दर्भमा उल्लेखनीय छन्।

नेवारहरू उपत्यका आदि क्षेत्रका निवासीको रूपमा देखिन्छन् भने नेपाली मातृभाषा भएका विभिन्न जात जातिहरू पनि यहाँ धेरै पहिलेदेखि नै बसिआएको ऐतिहासिक प्रमाणहरू प्राप्त छन्। केही शताब्दी अगाडिको प्रमाण लिंदा पनि यस क्षेत्रमा नेवार बाहेक अरू जात जातिहरूका पनि बस्ती रहेछ भन्ने तथ्यका धेरै आधारहरू पाइन्छन्। काठमाडौंका अन्तिम मल्ल राजाका तर्फबाट गोरखालीहरूसँग लड्न काशी राम थापा फौज लिई टोखातर्फ बढेको तर त्यस इलाकामा मूर्मि (तामाङ) हरूले तिनको रसद लुटेका साँगाचोक इलाकामा खस, मगर, मुर्मी, पुहुनी आदि नामका बस्ती भएकोले तिनीहरूबाट गोरखालीहरूलाई सहयोग पुगेको, काठमाडौं सर गर्नुभन्दा अघिको आर्थिक नाकाबन्दीमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले शिवपुरी भेकका बाहुनहरूबाट सहायता लिएका, धर्मस्थली गाउँ लिच्छविकालीन भएको र त्यो नजीक पुडिनु गाउँका खड्का क्षेत्रीहरू र जगडोलमा बाहुन क्षेत्रीको परम्परागत बस्ती भएको आदि तथ्यको आधारमा काठमाडौंमा उहिलेदेखि नै पर्वते र नेवारहरूमा सहबास भइआएको प्रमाणित हुन्छ। तर ती जात जातिहरूको नेपाल अधिराज्यभरीको फैलावटको परिप्रेक्षमा विचार गर्दा तिनीहरू यस भेकमा पहिलेदेखि चलिआएको आप्रवजनको कारणबाट यस जिल्लामा बसोबास गरेका र काठमाडौं उपत्यकामा नेवारहरूका पुर्खा नै यस क्षेत्रका आदिम निवासी हुन् भन्ने अनुमान गर्न सकिन्छ। त्यसमापनि नेवारहरूको मूलथलो काठमाडौं उपत्यका हो। अधिराज्यको कुनै पनि जिल्लाको तुलनामा सबभन्दा बढी यस जिल्लामा १,४७,०१२ जनसंख्या (२०२८) ले नेवारी मातृभाषाको रूपमा बोल्ने हुनाले यहाँ अरू जात जातिको तुलनामा नेवार जातिको प्रधानता छ भन्ने कुरा स्पष्ट रूपले बोध हुन्छ। त्यसैले यस अर्थमा काठमाडौं जिल्लाको सांस्कृतिक वैभव र सभ्यता भन्नाले वास्तविक अर्थमा नेवारी संस्कृति र सभ्यता नै बुझिने हुनाले यस जिल्लाको जनजीवन वर्णन गर्दा नेवारहरूलाई नै विशेष स्थान दिनु उपयुक्त देखिन्छ।

नेवार

"नेवार" र "नेपाल" शब्दलाई लिएर विभिन्न इतिहासकार र लेखकहरूमा विभिन्न मत देखापरेका छन्। बाबुराम आचार्यका अनुसार प्राचीनकालमा नेपाललाई नेपार भनिन्थ्यो र यही शब्द विकृत भई नेपाल भएको थियो। बाबुराम आचार्यको भनाइलाई समर्थन गर्ने कुनै पनि प्राचीन ग्रन्थ वा अभिलेख पाइएको छैन। मल्ल कालको अन्तिम समयमा मात्र कहीं कहीं "नेपार" भनी लेखेको छ। यस आधारमा नेपालको प्राचिन नाम "नेपार" थियो भन्न सकिंदैन। डा. जगदीशचन्द्र रेग्मीले बाबुराम आचार्यको भनाइलाई खण्डन गरी यसप्रकार लेख्नु भएको छ, "तर यो चर्चाबाट पनि हामी नेपाल शब्दको उत्पति बारे केही भन्न सक्ने परिस्थितिमा आउँन सकेका छैनौं।" डा. सुनितिकुमार चाटर्जी अनुसार "नेपाल" शब्द र "नेवार" शब्द एकै हुन्। भाषाको दृष्टिकोणमा "प" र "ल" को ठाउँमा क्रमश "व" र "र" उच्चारण गर्ने प्रवृति अनुसार "नेपाल" शब्दको अपभ्रंश भई "नेवार" शब्द हुन आएको हो। नेपाल शब्दलाई सर्बप्रथम "अथर्व परिशिष्ट" (ई. पु. ६००–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८००) माउल्लेख भएको देखिन्छ। त्यसपछि "महाभारत" महाकाव्य र "वृहस्पति अर्थसूत्र" मा पनि उल्लेख भएको छ। कौटिल्यको "अर्थ शास्त्रमा" पनि नेपाललाई उद्धरण गरिएको छ। पुरातात्विक साधनमा समुद्र गुप्तको प्रयाग स्तम्भाभिलेख र नेपालमा लिच्छवि राजाहरूका छवटा अभिलेखमा नेपाल राज्यलाई उल्लेख गरिएको छ।

चिनियाँ यात्री हुयन् साँगले नेपाललाई "निपोलो" लेखेका छन् जबकि तिब्बती भाषामा "वाल-युल" वा "वाल्पो" भनि लेखिएको छ।

यसप्रकार नेपाल र नेवार शब्दको सम्बन्ध बारेमा अरू सोध कार्य भएमा मात्र तथ्य कुरा थाहा पाउन सकिने छ।

नेवारहरूको उत्पत्तिको बारेमा धेरै नै विवादहरू छन्। गोपालसिंह नेपालीले दक्षिण भारतबाट नान्यदेवसँग आएका नायरहरू नै पछि गएर नेवार भए भनी लेखेका छन्। डेनियल राइटको वंशावलीमा पनि यही कुरा उल्लेख छ। नेवारहरूले पनि आफूलाई "नायर" भन्दछन्। हुन पनि दक्षिण भारतमा चलेको केही रीति रिवाज र अरू केही चीजमा नेवार जातिमा सामान्यता देखिन्छ। तर यही आधारमा मात्र "नायर" नै नेवार भए भन्ने कुराको पुष्टि गर्नु ऐतिहासिक क्रमको बिरोध गर्नु हुनेछ। केही रीतीरिवाजमा सामान्यता देखिनु त सांस्कृतिक प्रभाव हुन सक्छ। कारण मल्ल राजाहरूले पछि गएर दक्षिण भारतका विद्वान्हरू बोलाएका थिए। ती विद्वान्हरूले यहाँको संस्कृतिमा प्रभाव पारेको हुन सक्छ।

तर सिल्भेन लेभीको भनाइले गोपाल सिंह नेपालीको भनाइको खण्डन गर्दछ। यथार्थलाई ध्यानमा राख्दा नेवार समुदाय कुनै एक जाति विशेष देखिंदैन। नेवार जातिको राम्रो अध्ययन गरेको खण्डमा यस जातिमा अरू जाति जस्तै मगर, गुरुङ आदिको जस्तै एक जातीय विशेषता देखिंदैन। यस जाति विभिन्न जातिका व्यक्तिहरूबाट संरचना भएको छ। यस उपत्यकामा अनेक जातिहरू जस्तै गोपाल, किरात, कोलीय, शाक्य, लिच्छवि, ठकुरी, कर्णाट, मल्ल आदि विभिन्न समयमा आए। ती सबैको सम्मिश्रण भई बर्तमान नेवार जातिको रचना भएको हो।

आधुनिक नेवार समाजलाई धार्मिक दृष्टिकोणबाट दुई भागमा बाड्न सक्छौं– हिन्दूधर्मालम्बी र बौद्धमार्गी। हिन्दूधर्मालम्बीमा पनि दुई भाग छन्– शिवमार्गी र विष्णुमार्गी। बुद्धमार्गीका पुरोहित वज्राचार्यहरू हुन् र हिन्दूधर्मालम्बीहरूका पुरोहित राजोपाध्याय हुन्। यो राजोपाध्यायहरू कान्यकुब्जो ब्राह्मणहरू हुन्। बौद्ध मार्गी नेवारहरूको संख्या धेरै छ।

यस समाजमा पनि वर्ण व्यवस्थाको आधारमा वर्ग बनेका छन्। यिनीहरूमा पनि ब्राह्मण, क्षेत्री, वैश्य, शूद्रहरू छन्। तिनीहरूको आपनो वर्ग विशेष नियमहरू छन्। जातिच्यूत गर्ने परम्परा पनि छ। तिब्बतमा व्यापार गरी फर्कनेहरू स्वस्थान पुगे पछि शुद्धिकरण गर्ने व्यवस्था थियो। राजा सिद्धिनरसिंहले यस बारेमा नियमहरू बनाएको वंशावलीमा उल्लेख छ।

नेवार समुदायमा विभिन्न कार्य सम्बन्धित जातहरू छन्। वंशावलीअनुसार जयस्थिति मल्लले (१३८८ पछि १३९५ ई. सं. सम्ममा) सामाजिक पुनर्गठन गरी व्यवसायिक जाति प्रथाको शुरूवात गरे। यस अनुसार बनेको जाति प्रथा अहिलेसम्म कायम नै छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेवार समाजलाई यसै सर्सर्ती हेर्दा देखिने विशेषताहरूमध्ये तिनीहरूको सामाजिक र आर्थिक अनुशासन प्रमुख होला भन्ने लाग्छ । विभिन्न "गुठी" जस्ता संस्थानहरूको माध्यमबाट स्थापित परम्परागत अनुशासन नेपालका अरू जात-जातिमा विरलै पाइन्छ । उदाहरणको निम्ति गुठी जस्ता संस्थानका सामूहिक कार्यकलापबाट आफूलाई अलग्ग राख्ने धृष्टता गर्ने व्यक्तिले समाजबाट वहिष्कृत हुनु पर्ने सम्भावना र आशङ्काले होला सामूहिक वा वैयक्तिक रूपमा परम्परागत सामाजिक र धार्मिक संस्कारको विरोध कम हुने जस्तो देखिन्छ । शहरिया जीवन नेवार समाजको अर्को विशेषता हो ।

नेवारहरूको सामाजिक संगठनको अर्को विशेषता धार्मिक सहिष्णुता हो । हिन्दू र बौद्ध दुई सम्प्रदायहरूको अद्वितीय सम्मिश्रण र सह-अस्तित्व, साधारणतः एकै देव-देवीको पूजा गर्ने परम्परा आदिको घडेरीमा यो-एक-अर्को प्रतिको धार्मिक सहिष्णुता स्वतः मौलाएर आएको हुनु सम्भव छ ।

नेवार समाजमा बिहे एक धार्मिक बन्धन मात्र नभएर एक सामाजिक अनुबन्ध पनि हो र यसको उदाहरण नेवार कन्याहरूको "इही" नामक प्रथाबाट झल्किन्छ । नेवार कन्याहरूले सुवर्ण कुमारसँग इही (बिहे) गर्नु पर्ने जुन बाध्यता छ त्यो सम्पन्न भएपछि लोग्नेमानिससँग हुने बिहेहरूको स्थान गौण नभइहाले तापनि एक सामाजिक अनुबन्धको रूपमा रहेको देखिन्छ । यसै कारण पुनः विवाह गर्न पनि नेवार नारीहरूलाई परम्परागत स्वच्छन्दता हुन्छ ।

नेवारहरू ठूला-ठूला संयुक्त परिवारहरूमा बसेका पाइनु पनि उक्त समाजको एक विशेषता माने हुन्छ । यद्यपि हिजो आज सम्पन्न र शिक्षित परिवारका सदस्यहरू छुट्टिएर बस्न लागेको पनि देखिन्छ । संक्षेपमा नेवारी समाजमा व्यक्तिको समष्टिसँग एउटा घनिष्ट तादात्म्य र सामाञ्जस्य स्थपना भएको हुन्छ । सामाजिक भोजभतेरका नियमहरू कडा र व्यापक छन् जो धेरै धार्मिक सामाजिक रीतिथितिहरू त्यही तादात्म्यलाई जोगाई राख्ने उद्देश्यले सृर्जना गरिएका जस्ता देखिन्छन् ।

शारीरिक वनावटः नेवारहरूको नाक-नक्शा आदि साधारणतः आकर्षक हुन्छन् । एक नृतत्ववेत्ताको भनाइमा नेवारहरू "अरू (अर्थात् राई, लिम्बू, गुरुङ, मगर आदि) हरूभन्दा अलि अग्ला, अलि पातला र अलि हलुका रङका हुन्छन्, उनीहरूको शरीरका अङ्गहरू कस्सिएका र काँध लागेका हुँदैनन् ।" अर्का एकजना भन्छन्, "यिनीहरूको अनुहार अलि लाम्चो, कम गोलो र कलिलो देखिने हुन्छ, नाक साधारणतः अग्लो, काँध पातलो, गालामा हाड उति नउठेको र आँखाको पट्टल मासुदार भए तापनि अलि पातलो र आँखा कम चिम्सो हुन्छ । आँखाको रङ कालो र केश पनि कालो न घुँघुरिएको हुन्छ ।

डा. गोपाल सिंह नेपालीको भनाइमा सामान्यतया यस्ता विशेषताहरू देखिए तापनि नेवार-नेवारमै अरू अनेक विभिन्नता पनि पाइन्छन् । एकातिर पूरा मङ्गोल आकृति पनि देखिन पाइन्छ भने अर्कोतिर पूर्ण अमङ्गोल (वा आर्य) आकृति पनि पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेवारहरूको शारीरिक बनावट र चेहरा बारेमा जेजुएट पादरी डेसीदेरीले सन् १७२१-२२ मा यसप्रकारले लेखेका थिए, "…तिनीहरू ठीकँको उचाइं, कालो र हृष्ट पुष्टका छन्। तिनीहरूमध्ये एक जनालाई एक हजार हिन्दूस्थानीहरूको बीचमा राखे पनि चिन्न सकिन्छ।"

भाषा र साहित्यः नेवारी भाषालाई तिब्बती-बर्मेली भाषा समूहको उप-हिमाली शाखाको अन्तर्गत गणना गरिएको पाइन्छ। शास्त्रीय नेवारी भाषामा मैथिली र प्राकृतका पनि प्रशस्त शब्दहरू पाइन्छन् भन्ने ह्यान्स जोर्गेनसनको मत छ।

नेवारीमा भुँजि मोल, रंजना र नेवारी तीन थरीका वर्णमाला थिए। तेह्रौं शताब्दीमा सोझो शीर्ष रेखा (वा डिको) को ठाउँमा घुमाउरो रेखा लेख्ने चलन चल्यो। यस प्रकारको अक्षरलाई नेवारीमा 'भुँजि मोल' भन्छन्। नेवारी भाषामा "भुँजि" वा "भोजिनी" को अर्थ झिंगा हुन्छ तथा मोलको अर्थ टाउको वा शिर हुन्छ। यो बाहेक कुँमोल, क्वें मोल, गोलमोल, पाचु मोल, हिं मोल तथा लितु मोल नामक अरू लिपि-शैली पनि थिए। हडसनको भनाइमा प्राचीन नेवारी लिपि चाहिं ब्राह्मी लिपिमा आधारित थियो तर हिजो आज नेवारीले पनि देवनागरी लिपि अपनाएको छ। गुप्त लिपिबाट नै नेवारी लिपिको विकास भएको देखिन्छ। वर्तमान प्रचलित नेवारी वर्णमालामा देवनागरीभन्दा भिन्न रूपमा पाइने अक्षर यी हुन्:– इ, ई, ङ, झ, भ, ग, र, श।

प्राचीन नेवारी भाषाको साहित्य धनी छ र उप-हिमाली शाखाका भाषाहरूमा साहित्यको दृष्टिकोणले नेवारीको दाँजोमा आउन सक्ने अरू दुई वटा भाषा मणिपुरी र अहोम मात्र हुन् भन्ने डाक्टर सुनीति कुमार चटर्जीको भनाइ छ।

भाषा-लेखनको प्राचीनताको दृष्टिले हालसम्म प्राप्य अभिलेखहरूको आधारमा नेपाली र नेवारीको तुलना गर्दा नेवारी अझ जेठो हुन आउँछ। नेपाली भाषाको प्राचीनतम प्राप्त अभिलेखहरूमध्ये अपाडरज पुण्य मल्लको सिंजाली अभिलेख वि. सं. १३९४ को देखिन आएको छ भने प्रथम नेवारी भाषा-लेखको उदाहरण नेपाल सं. २२४ (वि. सं. ११६१) मा लेखिएको "तथागत गुह्यक" नामक ग्रन्थको पुस्तिकामा पाइन्छ, जुन निम्नप्रकार छ-:

"इति तथागत गुह्यक विकुर्वन, सन्दर्शन एकादश पटल समाप्त शुभमस्तु संवत् २२४ चैत्र शुक्ल दशमी आदित्यबार सिध्यका जुरो" त्यसपछिको उदाहरण काठमाडौं जिल्ला स्थित त्यौड टोल गंवाहा (हेमवर्ण महाबिहार) को नेपाल सं. ३२७ (वि. सं. १२६४) को दान-पत्र हो।

नेपालभन्दा बाहिर नेवार भाषाको प्रथम प्रचारमा विशेष हात डेनमार्कका ह्यान्स जोर्गेनसन, ब्रायन हडसन्, अगस्त कोन्रेडी आदिको रहेको छ। जोर्गेनसनका कतिपय किताबहरू निम्नप्रकार छन्:–

१. विचित्र वणिका वदानोद्‌त, सन् १९३५ :
२. ए डिक्सनरी अफ क्लासिकल नेवारी, सन् १९३६
३. बत्तीस पुतलीका कथा, सन् १९३९
४. ए ग्रामर अफ क्लासिकल नेवारी, सन् १९४१।

जर्मनी विद्वान् (हाल स्वीडिस) प्रा. लिन हार्डले मणिचुडा बदानोद्‌त नामक नेवारी ग्रन्थको अंग्रेजी अनुवाद गरेका छन्। मिना-एम नामक एक रूसी विद्वान्ले नेवारी शब्द सङ्कलन पनि तयार गरेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संगीत: संगीत नृत्यका प्रेमी नेवारहरू महादेवलाई नासःद्य (नृत्य देवता) को रूपमा पनि पूज्दछन्। तत्ववादीहरू "षोडस-लास्य" नामक १६ नाच-गानका देवताहरूको पनि पूजा गर्दछन्। नेवार समाजमा चर्चा (चर्या) तुतःको पुरानो परम्परा छ। यस्ता तीनवटा गीत राहुल सांकृत्यायनले "पुरातत्व प्रबन्धावली" मा छापेका पनि छन्।

नेवारहरूका परिचायक र परम्परागत राग-रागिनीमध्ये ब्याँचूली, वसन्त, घाटु, पुवज्या, सिना ज्या, शिलु, मालश्री आदि छन्। नेवारी परम्परागत वाद्य-वृन्दहरू केही निम्नप्रकारका छन्:–

प्यन्त	दंग (मृदेंगको परिवर्तित रूप)
कोटा	कोंचा खीं
पोंगा	धिमे
देवखीं	कहां (मलामी बाजा)
दवदव	डमरू
घ	नदे खीं

नेवारहरूले पछि अपनाएका नव-वाजन भनिने बाजाहरूमध्ये देशी खीं (बङ्गाली बाजा), मग खीं (मादल) डम्फू, पश्चिमा, तवला आदि छन्।

गीत गाउन र बाजा बजाउनमा कतिपय परम्परागत नियमहरू पालन गर्ने चलन नेवारहरूमा छ। उदाहरणको निमित्त वैशाखमा पर्ने चाड "सिठी नखः" देखि असारमा पर्ने "गठां मुगः" सम्मको अवधिमा "खीं" भएका (ढोलक जातीय) बाजाहरू, देव खीं, धीमे आदि बजाउनु हुन्न भन्ने छ। यी दुई महीनाभर किसानहरू खेतीमा व्यस्त हुनु पर्ने भएकोले गीत-नाच आदिमा लागेर कामतिर ध्यान नदेलान् भन्ने आशङ्कामा नेवारका पुर्खाहरूले यो अवधिमा बाजा थन्क्याउने परम्परा बनाएका हुन् भन्ने विश्वास गरिन्छ।

संगीत र भजनहरूलाई प्रोत्साहन दिने भजन गूठी, नृत्यमा प्रोत्साहन दिने तथा सिकाउने नासः गुठी आदिले पनि संगीत-नृत्यका परम्परा जोगाउनमा धेर थोर मद्दत गरेका छन्।

देव-देवता: ब्रायन हडसन्को भनाइमा नेवारी भाषामा अघि-अघि देवताहरूलाई अपजीजु थ्यो (अपजी जिज्यू-बाजे) भनिन्थ्यो। यसैको आधारमा पितृ पूजाबाट उनीहरूका देवताहरू निस्सृत भएका हुन सक्छन् भन्ने निष्कर्ष उनले निकालेका थिए। आज पनि कँयौले देवतालाई अजाज्यू भनेको पाइन्छ भन्ने डा. गोपाल सिंह नेपालीको मत छ। कतिपय नेवारहरूमा मृत व्यक्तिहरूको अस्थि गाडेर ती माथि चैत्य बनाउने परम्पराले र प्रचलित देवाली प्रथा आदिले पनि यो धारणालाई अझ दरिलो पारेका छन्।

तर परापूर्व कालमा नेवारी देव-देवताको उत्पत्ति जसरी भएको भए तापनि कतिवटा अपवादहरू लाई छाडेर नेवारहरू आज धेरैजसो हिन्दू र बौद्ध परम्पराहरूबाट नै प्रभावित भएको पाइन्छ। नेवार बौद्धहरू एक सर्वव्यापी, सर्वशक्तिमान ईश्वरलाई आदि बुद्धको नाउँमा कल्पना गर्दछन् जसलाई स्वयंभू पनि भनिन्छ र एक अनन्त शीखाको रूपमा उनको पूजा–अर्चना गरिन्छ। यी आदि बुद्धका विभिन्न बोधिसत्व नामक अवतारहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि भए र तीमध्ये चतुर्थ बोधिसत्व पद्मपाणी (जसलाई मत्स्येन्द्रनाथ पनि भन्दछन्) ले यो चराचर जगत्को सृजना गरेका हुन् भन्ने नेवार बौद्धमार्गीहरूमा विश्वास छ।

तर साथ साथै नेवार बौद्धहरूले पनि हिन्दूहरू झैं ब्रह्मा, विष्णु र शिवको अस्तित्व स्वीकार गर्छन् औ इन्द्र, गणेश, भगवती, गरुड, लक्ष्मी, सरस्वती आदिलाई पद्मपाणि लोकेश्वरकै सृजनाहरू हुन् भन्ने अडकल गरेर तिनको पनि आराधना गर्दछन्।

शिवमार्गी नेवारहरूको निमित्त महादेव नै सबै शक्तिमान देव हुन् औ काठमाडौंको पशुपतिनाथलाई श्रेष्ठ तिर्थ स्थान मान्छन्। महादेवलाई "नासः द्यो" वा नटराजको रूपमा र "लुक्मा द्यो" (लुकेका शिव) को रूपमा पनि काठमाडौंका नेवारहरूले पूजा गरेको देखिन्छ।

तर नेवारहरूको दैनिक जीवनमा गणेशको अति ठूलो महत्व छ। गणेशको मन्दिर नभएको टोल वा गाउँ पाउन दुर्लभ हुन्छ। नेवारहरूका घरायसी धर्म कार्यमा थकाली नकीं (मुख्य स्वास्नीमान्छे) ले गणेशको पूजा नगरेको पाउनु पनि उत्तिकै अनौठो हुन्छ।

गणेश जस्तै भैरव पनि काठमाडौंका हरेक टोल टोलमा भने झैं पाइन्छन् र यिनको आराधना पनि गणेशको जस्तै जनप्रिय छ। भीमसेनको पूजा पनि प्रशस्त जनप्रिय छ।

धेरै नेवारहरूले सर्प मार्नु हुन्न भन्ने विश्वास गर्ने हुनाले यहाँ नागपूजाको परम्परा भएको अडकल्न सकिन्छ। श्रावण शुक्ल पूर्णिमामा र तिहारमा गरी दुईपल्ट काग पूजा गर्ने, जनै पूर्णिमाको दिन खेतमा भ्यागुता-लाई र कार्तिक शुक्ल द्वितीयामा हात्तीलाई पूज्ने रोचक परम्परा पनि नेवारहरूमा पाइन्छ।

गूठी संगठनः नेवारहरूको सामाजिक र पारिवारिक परिपाटी बुझ्नाको निमित्त "गूठी" को परिचय आवश्यक हुन्छ। नेवारहरूको जीवनमा विशेष महत्व राख्ने यी गूठीहरूले उनीहरूको सामाजिक र धार्मिक अनुशासन कायम गरिराखेका छन् र गूठीका सदस्य परिवारहरूको आफ्ना गूठीद्वारा सञ्चालित पूजाआजा र भोजमा सम्मिलित हुने र आ-आफूमा सहयोग गर्ने अधिकार राख्छन् भने यिनमा सम्मिलित नहुने व्यक्ति वा परिवारलाई समाजच्यूत हुने खण्ड पनि परिआउन सक्छ।

गूठीहरू धेरै प्रकारका हुन्छन्। तर सबैभन्दा प्रमुख तीन गूठीहरू सनां गूठी, सी गूठी र देवाली (द्यो द्यो) गूठी हुन्। सनां गुठी र सी गूठी दुवैको मुख्य काम मृत्यु संस्कारसँग सम्बन्धित छन् तापनि काममा केही फरक पनि छ, किनकि सी गूठीले लाश उठाउने र पोल्ने काम गर्छ भने सनां गूठीको काम भरसक लाश उठाउँदा आवश्यक सहयोग गर्ने र मसानसम्म सँग सँगै गइदिने आदि हो। हम्मेसी यसले मुर्दा पोल्ने काममा हात हाल्दैन। प्रायः हरेक जात र इलाकाका यस्ता गूठीहरू हुन्छन्। नेवारहरूमा सनां गूठीका सदस्यहरूलाई छोडेर एकाघरका परिवार समेतले मृत व्यक्तिको लाश उठाउन अशोभनीय ठान्ने हुनाले र गूठीबाट ल्याइएको देवें नामक कपडाले लाश ढाकेर लैजानु पर्ने हुनाले यो गूठीको महत्व स्वतः सिद्ध छ। लाश जलाउने काम "सी गूठी" नामक दलले गर्नु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनां गूठीको स्थायी अस्तित्व हुन्छ र यसको सञ्चालन सदस्य परिवारहरूमध्येबाट जेठा बाठा पुरुषहरूको समितिले गर्छ। गूठीको नाइकेलाई थकाली भनिन्छ। नेवार समाजमा अरू धेरै प्रकारका गूठीहरू पनि पाइन्छन्। जस्तै नासः द्य गूठी (नाच गान सम्बन्धी देवताको गूठी), चःरे सेवा गूठी (अर्थात् चौथी पूजाको गूठी), होली गूठी, ससु गूठी (अर्थात् सरस्वती पूजाको गूठी) इत्यादि।

देवाली गूठीः सनां गूठी जस्तै महत्वपूर्ण अर्को गूठी देवाली गूठी हो। एकै पूर्खाका सन्तान ठहरेका परिवारहरूले मान्ने पुर्खौली देवता (देवाली) को सदस्य स्थानीय व्यक्तिहरू मात्र नभएर टाढा-टाढा बस्ने आफ्ना व्यक्तिहरू पनि हुन सक्छन् र यो गूठीद्वारा आयोजित सामाजिक वा वार्षिक भोज र पूजामा सबैले सामेल हुनै पर्छ भन्ने छ। बिहे गरेर गएका छोरीहरूले चाहिं यो गूठी त्याग्नु पर्छ।

एउटै देवाली गूठीका सदस्यहरूले एक अर्कालाई "फुकी" भनेर सम्बोधन गर्छन्। फुकीहरूका बीच बिहेबारी चल्दैन र फुकीको मृत्युमा आफ्नै परिवारको सदस्य मरे झैं जूठो लाग्छ। प्रायः सम्पूर्ण पूजा-आजामा घरको मुख्य मान्छेले गर्नु पर्ने संस्कारहरूको नेतृत्व थकाली र उनकी पत्नी थकाली नकींले गर्छन्।

हरेक देवाली गूठीको भोजमा बलि दिइएको बोकाको टाउकोलाई आठ भाग र खुरहरू पनि 'सी' दिने चलन छ। बोकाको टाउकोलाई कान दुई टुक्रा, तल्लो बङ्गारा दुई टुक्रा, आँखा दुइ टुक्रा, नाक र जिब्रो एक एक टुक्रा समेत गरी आठ टुक्रा बनाई बाँडिदिन्छ।

एउटा देवाली गूठीबाट छुट्टिएर गएका सदस्यहरूले अर्को देवाली गूठी सृजना गर्न सक्छन्, तर देवालीको परम्परागत ठाउँ र देवता (द्यौं-द्य) त्यहा हुनु पर्छ र ढुङ्गाको त्यहीं मूर्तिलाई पूज्नु पर्छ। एउटै देवाली गूठीको अन्तर्गत उप-गूठीहरू पनि हुन सक्छन्। देवाली गूठीबाट निष्कासित व्यक्ति वा परिवार सनां गुठीबाट पनि स्वतः निष्कासित ठहर्छ।

जातजातिः नेवारहरूलाई मुख्य रूपले दुई धार्मिक विभाजनमा राख्न सकिन्छ-हिन्दू र बौद्ध। हिन्दू नेवारहरूमा बाहुन भए झैं बौद्धमा पनि आफ्ना बेग्लै पुरोहित-जात हुन्छन्, जसलाई गुभाज्यू भनिन्छ। नेवार बौद्धमार्गीहरूमा पनि वैश्य, शुद्र जस्ता छुट्टै जात वर्गहरू भएका पाइन्छन्।

तर धेरै विवरणहरूमा हिन्दू नेवारहरूलाई बाहुनदेखि शुद्रसम्म र बौद्ध नेवारहरूलाई गुभाज्यूदेखि शुद्रसम्म विभाजन गरी यही ठाडो विभाजनलाई बढी महत्व दिएको देखिन्छ। तर नेवारहरू स्वयं पनि परम्परामा यस्तो विभाजनलाई सामाजिक महत्व दिंदैनन् र धेरै ठाउँमा यो पार्थक्य छुट्याउन गाह्रो पनि छ। नेवार परिवारहरूले बाहुन वा गुभाज्यू कुन पुरोहित चलाउँछन् त्यो देखिए पछि मात्र हिन्दू वा बौद्ध भनी ठम्याउन सकिन्छ भन्ने फ्यूरर हेमेन्डर्फको अडकल छ, तर त्यो पनि सधैं सम्भव हुँदैन, कारण एउटै जातका कुनै व्यक्ति वा परिवारले बाहुन र कुनैले गुभाज्यू चलाइएको वा एउटै परिवारले कुनै बेला बाहुन र कुनै बेला गुभाज्यू चलाएको पनि देखिन्छ तर यसको अर्थ उक्त हिन्दू र बौद्ध विभाजनको कुनै सामाजिक महत्व छँदै छैन भन्ने चाहिं होइन।

डा. डी. आर. रेग्मीले नेवारहरूको जात जाति सम्बन्धी विस्तृत चर्चा गरेका छन्। कलिन रोसरले-एक ठाउँ तालिकाबद्ध रूपमा नेवारहरूको जात-जातिको विवरण गर्दा २० जातलाई पानी चल्ने र छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जातलाई पानी नचल्ने वर्गमा राखेका छन् । तर मुलुकी ऐन लागू भएपछि यो वर्गीकरणलाई पनि उल्लेखयोग्य मान्न् मुनासिव छैन । शिक्षा प्रसारले पनि यो परम्परागत जात भातको विभिन्नतालाई क्रमशः हटाउदै लगेको स्पष्ट छ ।

घरबस्तीको प्रकारः विभिन्न जातका मानिसहरू (अझ विभिन्न परिवारका पनि) एक एक बहाल वा टोलमा बसोबास गर्ने परम्परा नेवारी घरबस्तीको एक विशेषता मान्न सकिन्छ । यसअनुसार शहर क्षेत्रमा ठूला ओहदा वा जातका र धनीवर्ग शहरको माझमा र तिनका वरिपरि प्राचीन सामाजिक तह–तह अनुसार घर बस्ती बसाउँदै लग्दा च्यामे, पोडे आदिहरू शहरका पछिल्ला पुछारहरूमा बस्न पुगेका पाइन्छन् ।

साधारणतः गरीब किसानहरूको घर दुई–तले हुन्छन् । नेवार गाउँहरूमा कुनै कुनै अपवाद बाहेक एक तले घर हतपत पाइँदैन । धेरै जसो घर काँचा वा पाको ईंट, माटो, काठ आदिले बनेका पाइन्छन् । जसको छानामा झिंगटी वा टायल छाएका हुन्छन् । गरीबका घरहरू खरले छाएका हुन्छन् ।

नेवारहरूको घरमा हरेक तल्लालाई बेग्लै नाउँ दिने चलनलाई पनि एक विशेषता मान्न सकिन्छ। भूईं तलालाई (छ+दि) छिडी एक तलालाई (मा+तं) माटन, दुई तलालाई (चव+तं) च्वट तथा माथिल्लो तलालाई (बजि+गल) वा बुइंगल भनिन्छ । यी तलाहरूको उपयोग पनि विशेष कामको निम्ति गर्ने गरिएको पनि पाइन्छ, जस्तै भूईं तलामा गाई–भैंसी वा कुखुरा हाँस पाल्ने तथा दाउरा बाँस राख्ने, पहिलो तलामा परिवार बस्ने, दोस्रो तलामा अन्न भकारी राख्ने र भोज भतेरको निम्ति ठाउँ खाली राख्ने औ सबैभन्दा माथिल्लो तलालाई भान्सा घर र पूजा कोठाको रूपमा प्रयोग गर्ने इत्यादि सबैभन्दा स्वच्छ र अग्लो ठाउँ भएकोले भान्सा घरलाई सबैभन्दा पवित्र पनि मानिन्छ भन्ने कार्ले एस्केलुण्डको धारणा छ। सूल ढोकामा साधारणतः दुई वटा काठका खापा हुन्छन् र बौद्ध स्तूपहरूमा झैं तिनमा एक–एक वटा आँखाको, कलशको वा अरू रङ्गीन तस्वीर लेखिएको पनि कैयौं घरमा पाइन्छ ।

पारिवारिक जीवन चक्रः विवाहिता नेवारी स्वास्नीमान्छेहरूलाई भरसक माइतीमा सुत्केरी हुन दिइदैन । घर–ज्वाइँ भएका परिवारमा समेत सुत्केरी हुने बेलामा छोरीहरूलाई अन्यत्र सार्ने चलन व्यापक छ।

दश दिन सूतक बार्ने प्रचलन पनि देखिन लागेको छ, तर साधारणतः पहिलो बच्चा जन्मदा छ दिनमा "मचाबु व्यङ्केगु" गर्ने (चोख्याउने) र अरू बच्चाहरूको पालामा चार दिनमा चोख्याउने गरेको पाइन्छ । तर त्यसै दिन नाउँ राख्नु पर्ने बाध्यता छैन । बच्चाको बोलाउने नाउँ फुपूले र चिनाको नाउँ जोशीले राख्ने पनि चलन छ ।

पास्नी (जङ्को): छोरालाई छ वा आठ महीनामा र छोरीलाई पाँच वा सात महीनामा मचा (बच्चाको) जङ्को गराइन्छ । यसमा पनि मामापट्टिबाट पूजा-सामान र नयाँ कपडाहरू पठाइदिनुपर्ने हुन्छ ।

यो अवसरमा एउटा ठूलो थालमा खेलौना, धान, ईंट, माटो, सुनको गहना, किताब, कलम आदि राखेर बच्चालाई देखाइन्छ । बच्चाले जुन वस्तु छुन्छ, त्यसबाट उसको भावी पेशा सम्बन्धी अडकल लाउन सकिन्छ भन्ने विश्वास छ । अन्त्यमा सामूहिक भोज हुन्छ ।

छेवर वा चूडा कर्म (बसुका): बौद्ध नेवारहरूमा साधारणतः नपाइने यो प्रचलनमा अस्तुराको पूजा गर्ने अभिभारा निनी (फुपू) को र शुरूमा अस्तुराले केटोको केश छुने अभिभारा मामाको हुन्छ । त्यसपछि नाउले केश सोरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिन्छ। कसैं कसैंको छेवर गर्ने र कान छेड्ने यसैं दिन हुन्छ।

इहीः– इहीको शाब्दिक अर्थ बिहे हो। नेवारहरू बाहेक अरू कुनै जात–जातिमा नपाइने यो अनौठो परम्पराले नेवारी ठिटीहरूको जीवनमा एक विशिष्ट र महत्वपूर्ण स्थान ओगटेको पाइन्छ। यो परम्पराअनुसार देवभाजु, कसाई, च्यामे, धोबी र दुइयाँ जातका बाहेक अरू सम्पूर्ण नेवार केटीहरूमा मासिक धर्म शुरू हुनुभन्दा अघि स्वर्णकुमार वा अमर–पुरुषको प्रतीक बेलसँग बिहे गरिन्छ। त्यसैले यस प्रथालाई नेपाली भाषामा "बेल विवाह" भनिन्छ।

नारायणलाई अमर दुल्हाको रूपमा पाइसकेपछि नेवारी स्वास्नीमानिसको जीवनमा आउने अरू बिहेलाई धार्मिक बन्धनको रूपमाभन्दा सामाजिक र व्यवहारिक आवश्यकताको रूपमा बढी मान्यता दिइन्छ भन्नु अत्युक्ति हुँदैन।

बाह्राः– नेवारी कन्याको रजस्वला हुनुभन्दा अघि गरिने अर्को एउटा रोचक परम्परालाई बाह्रा भनिन्छ। एघार दिनसम्म तिनलाई अँध्यारो कोठामा घाम वा कुनै पुरुषको दृष्टिबाट लुकाएर राखेपछि बाह्रौं दिनको बिहान घाम झुल्किनुभन्दा अगावै तिनलाई नुहाईदिएर आँखामा पट्टि बाँधी घरको बुइँगल वा घाम देखिने अरू कुनै ठाउँमा लगिन्छ। सूर्यलाई फूल अक्षता चढाउन लाएपछि पूर्वपट्टि फर्काइ दिएर उनलाई "सूर्य दर्शन" गराइन्छ। त्यसपछि कन्या शुद्ध मानिन्छन्। नजीक परिवारमा कयौं कन्याहरूलाई एकै चोटी सामूहिक बाह्रा बार्न लाउने पनि चलन छ, जसलाई बाह्रा–तय्गु भन्छन्। धेरै जसो इही पनि यसरी सामूहिक रूपमा गरेको पाइन्छ। प्रथम रजस्वला भए केवल "बाह्रा" राख्ने पनि चलन छ।

बिहे भएर लोग्नेको घर गएकी केटीको बाह्रा गर्नु परे तिनलाई प्रथम मासिक धर्म हुनासाथ लुक्न लगाइन्छ र रात परेपछि माइतीमा पुऱ्याइन्छ।

बाह्राको अवधिमा मरेकी कन्याको लाश दलिनमा प्वाल पारेर भूइँतलामा झारी त्यहीं गाड्ने चलन छ। च्यामखल र दुइयाँ जातका नेवारहरूमा मात्र बाह्रा गर्ने प्रचलन छैन।

रजश्वलाः बाहुन–क्षेत्री समाजमा झैं स्वास्नीमान्छेहरू रजस्वला हुँदा चार दिन पर सर्ने चलन बौद्ध मार्गी नेवारहरूमा प्राय छैन तथा शिवमार्गी नेवारहरूमा धेरैजसो बार्ने चलन पाइन्छ। रजस्वला भएको अवधिमा पनि नुहाएर घराएसी काम उनीहरूलाई गर्न दिइन्छ, तर पूजा कोठामा पस्न वा अरू धार्मिक कार्यमा भाग लिनसम्म मनाही गरेको पाइन्छ।

व्रतबन्ध (कय्टा पूजा):– देवभाजु बाहुनहरू र छ थरे श्रेष्ठहरूमा व्रतबन्ध गरेर जनै लाउने प्रथा छ भने अरू नेवार ठिटाहरूको कय्टा पूजा भएमा लंगौटी (कय्टा) लाउन दिने प्रचलन छ।

बौद्ध मार्गी बाँडा र गुभाज्यूहरू कय्टा पूजाको सट्टा आ-आफ्ना बिहारमा चूडाकर्म (बरे छुइगु) गर्छन्।

बिहेबारीः नेवार कन्याहरूको प्रथम बिहे (इही) सुवर्णकुमारसँग भइसकेको हुने हुनाले पछिल्लो बिहेलाई धार्मिकभन्दा सामाजिक अनुबन्ध मात्र सकिन्छ भन्ने माथि उल्लेख भइसकेको छ। सगोत्रीमा बिहे नहुने वा एउटै पारिवारिक नाउँ भएकाहरूको बीच बिहे नहुने प्रतिबन्धहरू पनि नेवारहरू कमैले मात्र मान्दछन्। तर बाबुपट्टि जति पुस्ताको भए पनि नेवारहरूको बिहे हुँदै हुँदैन र साधारणतः आमापट्टि सात-पुस्ता यताका नातागोतामा पनि बिहे गर्दैनन्। उता श्रेष्ठ र देवभाजुहरूले तीन वा चार पुस्तासम्म मात्र बारेको पनि पाइन्छ। बेजातमा बिहे गरेको खण्डमा पूजामा वा फुकीहरूको भोजमा भाग लिन नपाउनु नै नेवारहरूको लागि ठूलो सजायं हो।

चौला, (चैत) कछला (कात्तिक), पोहेला (पुस) र गुँला (साउन) महीनाहरूमध्ये पहिलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाको र दोस्रो कुकुरको महीना, तेश्रो बेफाइदाको, चौथो धार्मिक महीना ठान्ने चलन छ र यिनमा नेवारहरू भरसक बिहे गर्दैनन् ।

परम्परागत बिहेमा कुरा चलाउने व्यक्तिलाई लमी भनिन्छ र लमी लोग्नेमानिस या स्वास्नीमान्छे हुन्छन् ।

बिहे छिनेपछि (स्वयंवरको दिनमा) केटापट्टिबाट एउटा मखमली थैलोमा वा चाँदीको लंपिचामा दशवटा सुपारी, सिंदूरको बट्टा (सिन्ह–मू),पूजा सामानहरू र केटीलाई एक जोर नयाँ कपडा पठाउँछन्। जसलाई केटातर्फकाहरू ग्वे वियुगु (सुपारी दिने) र केटीतर्फकाहरू ग्वे काय्गु (सुपारी लिने) भन्छन्। केटीको घरमा यी सामान पुगेपछि थकाली नर्कीले दुलहीको स्युंदोमा सिन्दूर र हातमा १२ वटा सुपारी हालिदिन्छिन्।

बिहे हुनुभन्दा अघि केटापट्टिबाट लाखामरी नामक परम्परागत मिठाइ पनि पठाइन्छ। तर लाखा बाँढ्नु धेरै खर्चालु काम पनि भएकोले कुनै कुनै परिवारमा त्यसको सट्टा रूपैयाँ पठाउने परम्परा पनि जनप्रिय हुँदै गएको छ । दुई परिवार बीच सट्टा बिहे हुन लागेको छ भने चाहिं लाखा पठाउनु पर्दैन ।

लाखा बाढ्ने दिनदेखि बिहे नहुन्जेलसम्मको अवधिमा "पयनजा" नामक रमाइलो प्रथाले नेवार समाजले कन्याहरूप्रति राखेको सामूहिक दायित्वको भावना देखाउँछ भने परस्परमा भएको पारिवारिक बन्धनलाई पनि अझ कसिलो पार्छ । यो प्रथाअनुसार बिहे हुन लागेकी केटीलाई उक्त अवधिबाट सम्पूर्ण फुकी परिवारहरूले आफ्नै छोरी सरह गर्छन् र पालै-पालो बिदाइ भोज ख्वाउँछन् । फुकीका परिवारहरूले शुरु गरेर निकटका जम्मै आफन्तहरूले आ-आफ्ना घरमा एक-एक छाक भोज ख्वाउँदै जान्छन् । बिहे हुने दिन वा त्यसको अघिल्लो दिन मामा घर (मावली) मा बिदाइ भोज खाने पालो आउँछ ।

छथरीया मध्येका मुन्सी र राजभण्डारीले अघि कुनै समयमा राजाबाट "म्यना" बकसाइराखेकोले तिनीहरूको बिहेमा चाहिं जन्तीसँग दुलहा पनि दुलहीको घरमा जाने चलन छ र केही अरू नेवारहरूमा दुलहा जाने चलन भए पनि धेरैजसो नेवारहरूको जन्तमा दुलहा जानु नपर्ने पनि एक रोचक विशेषता हो। साधारणतः दुलहाका दाजु-भाइ वा साथी संगी मात्र जन्त गएर भोलिपल्ट दुलही लिएर फर्कने गर्छन् । जन्त जानुभन्दा अघि दुलहीको घरमा भएको भोजमा जन्त जाने सबैलाई निम्त्याउने चलन पनि छैन केवल परिवारका र एक दुई अरू मात्रलाई बोलाएर पुग्छ ।

भोलिपल्ट जन्ती दुलही लिएर दुलहाको घरमा पुगेपछि ढोकामा दुलहीलाई उभ्याएर पुरोहितले कुल देवता, गणेश आदिको पूजा गर्छन्। दुलहाकी आमाले दुलहीको खुट्टा धुवाई घरको साँचो दिएपछि दुलही भित्र्याइन्छ त्यसपछि दुलहाको घरभित्र गरिने पूजा (होंकेगु) मा दुलहा-दुलहीलाई प्रथम पल्ट एकसाथ बसाइन्छ। तिनीहरूबाट संयुक्त रूपमा कुल देवता आदिको पूजा गराइन्छ र टीकोटाला गरेपछि दुईजनालाई एउटै थालबाट "चौरासी व्यञ्जन" खान लगाइन्छ । दुलहापट्टिका फुकी सदस्यहरू सहित टोलको मन्दिरमा गएर फेरी दुलहीको स्यूंदोमा सिन्दूर हाल्ने, बोका वा हाँस काटेर वा फुल फुटाएर पूजा गर्ने, सगुन बाँड्ने, "समय" खाने आदि कर्म पूरा गरेपछि बिहेको रीत पूरा भएको ठहर्छ ।

चार दिन पछि साँझमा दुलहीपट्टिका लोग्नेमानिसहरू दुलहीको मुख हेर्न दुलहाको घरमा आउँछन् र यो मुख हेर्ने व्यवस्था केही नेवारहरूमा अरू तेस्रो व्यक्तिको घरमा गर्ने चलन पनि छ। त्यसपछि दुलहीलाई लिएर उनको आफन्तहरू घरतिर फर्कन्छन् र "दुचाकेगु" भनेर दुलहालाई पहिलो पल्ट सबैसँग भेट घाट गराउन दुलहीको घरमा लगिन्छ । दुलहीको घरमा त्यो रात दुलहीका फुकी सदस्यहरूसँगै बसेर दुलहाले सगुन र भोज खानु पर्छ अो सबै मान्नु पर्नेलाई दश दश वटा सुपारी दिएर ढोगदिनु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेवारहरूमा रतेउली खेल्ने, यसमा श्लोक हाल्ने, खांडो जगाउने आदि प्रथाहरू छैनन्। यो उदार समाजमा भगाएर ल्याइएकी स्वास्नीलाई पनि हेय दृष्टिले हेरिंदैन र बिहे गरेर ल्याइएका स्वास्नीहरू सरह नै सामाजिक तथा कानूनी अधिकारहरू उसले पनि पाउँछे।

बूढा जङ्कोः बृद्धावस्था प्रवेश वा बूढाबूढीको पास्नी भनिने यो प्रथा पनि अरू जातिमा पाइदैन। सतहत्तर वर्ष पुगेर सात महीना सात दिन, सात घडी, सात पला जाँदा एक पल्ट, ८३ वर्ष पुगेर चार महीना, चार दिन, चार घडी र चार पला जाँदा अर्को पल्ट र ९९ वर्ष पुगेर नौ महीना, नौ दिन, नौ घडी र नौ पला जाँदा तेस्रो पल्ट बुढा जङको मनाइन्छ। उक्त उमेर पुगेका बूढाबूढीलाई यस अवसरमा वरिपरिका सबैले यमह्रीको माला लाइदिन्छन्। फूल, अक्षता र अबीरले तिनको पूजा गर्छन् औ रथमा राखेर टोल वा गाउँमा घुमाउने पनि गर्दछन्।

मृत्यु संस्कारः मर्नुभन्दा अघि नै घाट लग्ने चलन नेवारहरूमा श्रेष्ठ बाहेक अरू जातमा छैन। बौद्ध वा तान्त्रिक दीक्षा पाएका गुभाज्यू, उदास र बाँडाहरूमध्ये कुनैले मर्न लागेको व्यक्तिलाई घरको सबैभन्दा माथिल्लो तल्लामा लग्छन् र मरेपछि लाशलाई खटमा बसाएर दाह संस्कार गर्न लग्छन्। तर अरू धेरै जसोले मर्ने बेलामा छिंडी वा ब्रह्मनाल नामक स्थान बनाई त्यस्ता व्यक्तिलाई राख्छन् र तिनको पाउपा स्वास्नी वा जेठो छोराले कोल्ला (श्राद्धको कलश) बाट अनवरत पानी हालिराख्छन्। मृत्यु भएपछि दुई मुखे दियो बालेर खुट्टा र सिह्राननेर राखिन्छन्। अरू बेला दुईतिर दियो बालिंदैन।

मृत व्यक्तिको दाह संस्कार गूठीका सदस्यहरूबाट नै साधारणतया गर्नु पर्ने अनौठो परम्परा पनि नेवारहरूमा प्रचलित छ। गूठीको सप्पा रातो वा पहेंलो "देबैं" नामक कपडा लिएर आएका ती सदस्यहरूले छ्वाली (गहुँको पराल), गोवरका गुईठाहरू, (भाज) हाँडी, फलामे साङ्लीहरू आदिको व्यवस्था गरेपछि बाँसको भऱ्याङ जस्तो चारकुने, "कोता" बनाएर त्यसमाथि लाश राखी लग्छन्।

लाश लैजानु अघि फुकीका सदस्यहरूले वा दाग बत्ती दिने व्यक्तिले मृत व्यक्तिको मुख धोइदिन्छन्, सिन्दूरको टीका लाइदिन्छन् र घाँटीमा चिना बाँधिदिन्छन्।

धेरैजसो मलामीमा ज्यापू र कसाईंहरू "काटा" नामक बाजा (इन्द्रबाजा) र अरू बाजा बजाउँदै अघि लाग्छन्। मलामी जाने व्यक्तिहरू खाली खुट्टा हिंड्छन् र धेरैजसोले अफसोज प्रकट गर्न खास्टो वा रुमालले अनुहार घुम्लुङ्ग छोपेका हुन्छन्। गाउँ बाहिरको पहिलो दोबाटो (दुबा) मा तीनवटा ईंट राख्ने चलन छ। यी ईंट मृत व्यक्तिलाई अर्को संसारमा घर बनाउन काम लाग्छ भन्ने विश्वास छ।

बिहे गरेका छोरीहरूलाई चार दिन जूठो लाग्छ, तर फुकी सदस्यहरूले दश वा बाह्र दिनसम्म बार्छन्। बाँडाहरू सात दिन जूठो बार्छन्। छोरीहरू चोखिएपछि आएर खाना पकाइदिने पनि चलन छ, तर धेरै जसोले जूठोभर घरमा खाना पकाउँदैनन् औ फुकी परिवारहरूले पालैसँग पठाएका वा पकाइदिएका भात, दाल र अचार खान्छन्।

मृत्युको भोलिपल्ट आफन्त लोग्नेमानिसहरू मृतकको घरमा गएर अफसोस प्रकट गर्ने चलनलाई "विचा – वनेगु" भन्छन्। चौथो वा (छैटौं) दिनमा "लोचा" गरिन्छ, जसलाई आफन्त स्वास्नीमानिसहरू-द्वारा चिउरा, दही, रक्सी आदि बोकेर रुँदै आउने लोकाचार भने हुन्छ।

एघारौं दिनमा "घःसु" गरेपछि परिवार पूर्ण रूपले चोखिन्छ। (गुभाज्यूहरू सातै दिनमा पनि घःसु गर्छन् र अरू जातमा बाह्रौं दिनमा गर्ने पनि चलन छ। केटाकेटीको घःसु चार दिनमा पनि हुन्छ।) त्यो दिन बिहानै परिवार र फुकीका सदस्यहरू खोला-नदीमा नुहाउन जान्छन् र नुहाउनुभन्दा अघि परिवारका लोग्नेमान्छे-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूले केश र नङ कटाउँछन् श्रौ क्रिया–पुत्रले श्राँखी भौ र जुँघा पनि खौरन्छन् ।

"घसु" वा सुधियां वा सुध्याइ १३ रौं दिनमा हुन्छ । मरेको व्यक्ति स्वास्नीमान्छे भएमा थकाली नकीले होमपछि पुरोहितकी छोरी वा स्वास्नीको केश कोरिदिने र स्यूँदोमा सिन्दूर हालिदिने गरेपछि दान दिइन्छ, मृत व्यक्ति लोग्नेमान्छे भएमा पुरोहित स्वयंले दान थाप्छन् । कुसुलेलाई पनि लुगा–फाटा दान गरिन्छ र खानेकुरा दिइन्छ ।

कसै कसैको परिवारको एक सदस्यले सबैको पालैपालो हात धुवाउनु पर्छ र सबैले खाएका पातहरू पनि बटुलेर छ्वासमा फ्याक्नु पर्छ । तर सो व्यक्ति घरभित्र पस्नुभन्दा अघि थकाली-नकीले हात धुवाउँछिन् र दुई टुक्रा काँचो मासु दिन्छिन् जो उसले खाए जस्तो गरी फ्याँकिदिन्छ र भित्र पस्छ । त्यसपछि भोज खाने व्यक्तिहरू घर-घर जान्छन् ।

पिण्डहरू जौको पीठोबाट बनाइएका हुन्छन् । पाँच पुस्तासम्मका पुर्खालाई चढाइन्छ । अपुतो मरेको कुनै नामहीन व्यक्तिको नाउँमा पिण्ड दिन्छ । त्यसपछि भोज हुन्छ ।

नेवारहरूमा ४५ दिन, छ महीना, एक वर्ष र दुई वर्षमा गर्ने श्राद्ध बाहेक वर्ष दिनसम्म मासिक श्राद्ध पनि हुन्छन् । बर्खीको पनि चलन छ ।

बौद्ध मार्गीहरूमध्ये गुभाज्युहरू, उदास र बाँडाहरूमा एउटा बढी रोचक परम्परा थकालीको मृत्युमा र बूढा जङ्को मनाइएको व्यक्तिको मृत्युमा देखिन्छ । साधारणतः यस्तो व्यक्तिको लाशलाई बसाएर लंजाने चलन छ । एक श्रादरणीय व्यक्तिको मृत्युलाई सुहाउँदो गरी विभिन्न थरीका बाजा–गाजाहरू बजाइन्छन् तथा बाटामा लाश माथि अबीर छर्दै, सडकमा पैसा छर्दै लगिन्छ ।

नेवारहरूमा कुसुले जातको लाशलाई मात्र गाड्ने चलन छ । गाड्दा अलिकति नून पनि हालिन्छ । तीन महीनाभन्दा कम उमेरका केटाकेटीलाई र बाह्रामा मर्ने कन्यालाई साधारणतः गाड्ने गरिन्छ र यस्तो गाड्ने गाउँलाई "मचागा" भनिन्छ ।

कतिपय प्रमुख चाडपर्वहरू

उत्सव र जात्राहरूको क्षेत्रमा यस जिल्लाको विशिष्टितालाई श्री ५ को सरकारले पनि मान्यता दिएको कुरा उपत्यका क्षेत्रका सरकारी अड्डाहरूलाई वर्षेनी दिइने निम्नकिसिमका बिदाहरूबाट झल्किन्छः–

गाई जात्रा	एक दिन
इन्द्र जात्रा	एक दिन
घोडे जात्रा	एक दिन

रातो मत्स्येन्द्रनाथको भोटो देखाउने दिन पनि यस जिल्लाको सरकारी अड्डाहरूमा आधा दिन बिदा दिइन्छ, तर यो जात्रा ललितपुर जिल्लामा आयोजित हुने हुनाले काठमाडौं जिल्लाको यस परिचयमा त्यसको चर्चा गरिएको छैन । काठमाडौं जिल्लाका अरू कतिपय प्रमुख चाड–पर्वहरूको छोटकरी परिचय, प्रमुख जात्रा हुने स्थान, उत्सवको समय आदिको सर्सती तस्वीर वैशाखदेखि शुरू गरिएको निम्नतालिकाले प्रदान गर्छ:–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्व–उत्सव	ठाउं	समय	महत्व
१. सपनतीर्थ मेला	सपनतीर्थ (टोखा)	वैशाख संक्रान्ति	नव वर्ष स्नान
२. मातातीर्थ औंसी	थानकोट (मातातीर्थ कुण्ड) वा घर घरमा	वैशाखको औंसी	मृत आमाहरूको स्मरणमा स्नान तथा निस्ला दान। आमा जीवित हुनेले उपहार वा मिठाइ लिई मुख हेर्ने।
३. बुद्ध जयन्ती	स्वयंभू, बौद्धनाथ आदि-मा जात्रा	वैशाख पूर्णिमा	बुद्धको जन्म, परिनिर्वाण।
४. सिठी नखः (सिठी-षष्ठी, नख-उत्सव)	घर घरमा	जेष्ठ शुक्लपक्षको कुमार षष्ठी	विभिन्न धार्मिक स्थानको सफाइ र जैशी देवलमा कुमारको जात्रा।
५. नारायण जात्रा	पशुपतिनाथ आदि	आषाढ शुक्लपक्षको हरिशयनी एकादशी	चतुर्मास शुरू हुने एकादशी दुई ठूलो एकादशीमध्ये एक हरि (नारायण) सयनी (सुत्ने)
६. घण्टाकर्ण वा गठाँमुगः	टोल-टोलमा	आषाढकृष्ण चतुर्दशी	दोबाटो चौबाटोमा नरकटको "घण्टाकर्ण" राक्षस बनाएर बटुवाहरूबाट केटाकेटीहरूले जगात उठाउँछन् र साँझमा सो घण्टाकर्ण राक्षसलाई खोलामा फ्याँक्छन् वा जलाउँछन्। (भूत धपाएको)
७. गुँला धर्म (गुँ–९ः ला महिना, अर्थात् नवौं महिना)	स्वयंभू आदि विभिन्न बौद्ध चैत्यहरूमा	गुनपुन्ही (जनै पूर्णिमा) भन्दा १५ दिन अघि र पछि	परम्परागत बाजाहरू सहित महीनाभर बौद्ध चैत्य दर्शन।
८. पञ्चदान	घर घरमा	श्रावण शुक्ल अष्टमी	बौद्ध भिक्षु, बाँडा, गुभाज्यू आदि-लाई गौतमको स्मरणमा दान दिने।
९. ब्याँ जानके (ब्याँ–भ्यागुता)	खेतहरूमा	श्रावण शुक्ल पूर्णिमा (जनैपूर्णिमा)	किसानहरूहरूले भ्यागुतालाई क्वाँटी चढाउने, कसै कसैले कागलाई पनि।
१०. गाई जात्रा	घर घरमा, शहरमा	भाद्र कृष्ण परेवा	वर्षभरीमा स्वर्ग भएका आफन्त-हरूको सम्झनामा गाई वा गाईको नक्कल गराएर सिंगारिएका केटा-हरूद्वारा नगर र मन्दिरहरूको दर्शन परिक्रमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

११. गोकर्ण औंसी	गोकर्णमा वा घर घरमा	भाद्र कृष्ण पक्षको (कुसे) औंसी	मृत बाबुको स्मरणमा स्नान, निस्सा दान । बाबु जीवित हुनेहरूले उपहार, मिठाइ आदि लिई बाबुको मुख हेर्ने ।
१२. चथाः	घर घरमा	भाद्र शुक्लपक्षको गणेश चतुर्थी	गणेश पूजा
१३. इन्द्र जात्रा	हनुमान ढोका	भाद्र शुक्ल द्वादशी-देखि आठ दिन	द्वादशीमा इन्द्र ध्वजा खडा गर्ने, इन्द्र, भैरव, आदिका मूर्तिहरूको प्रदर्शन गर्ने तथा कुमारीको रथ जात्रा आदि साथै विभिन्न मठ-मन्दिरमा बत्ती बाल्ने, देवी नाच, दशावतार र लाखे नाच तथा भक्कू नाच गर्ने पनि यसै बेला हुन्छ।
१४. तीज	पशुपति इत्यादि	भाद्र शुक्ल पक्षको तृतीया	स्वास्नीमानिसहरूको मेला। तर नेवार स्वास्नीमानिसहरू तीजमा व्रत बस्दैनन् ।
१५. पचली भैरव जात्रा	पचली भैरव मन्दिर	आश्विन शुक्ल पञ्चमी	तान्त्रिक मतअनुसार भैरव, अजिमा, आदिको पूजा ।
१६. फूलपाती	(क) जमल र हनुमान ढोका	आश्विन शुक्ल पक्षको सप्तमी	(क) गोरखाबाट परम्पराअनुसार ल्याइएको दशैंको फूलपातीलाई बाजा-सहितको जुलूसले स्वागत गरी हनुमान ढोकामा ल्याउने ।
	(ख) टुँडिखेल		(ख) श्री ५ महाराजाधिराजका जुनाफमा टुँडिखेलमा शाही सेनाले सलामी चढाउने ।
१७. काल रात्री	मन्दिरहरूमा, मुख्य हनुमान ढोकामा, घर–घरमा	नवमी	दुर्गा भवानीलाई राती बलिदिने।
१८. नव रात्री	नौ वटा तीर्थहरूमा स्नान		घटस्थापना देखि नवमी सम्म दुर्गा भवानीको अराधना ।
१९. टीका (दशैंको)	नारायणहिटी राजदरबारमा, घर–घरमा	आश्विन शुक्ल पक्षको विजया दशमी	श्री ५ महाराजाधिराज सरकारबाट टीका ग्रहण गरि बक्सँदा ३१ तोपको सलामी दिइन्छ । नेवारहरू यो दिन खड्ग जात्रा गर्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०. लक्ष्मी पूजा	घर–घरमा	कार्तिक कृष्ण पक्ष को औंसी	लक्ष्मीको पूजा।
२१. म्ह पूजा, किजा पूजा आदि	घर-घरमा	कार्तिक शुक्ल पक्षको परेवा	नेपाल सम्वत्अनुसार नव वर्ष उत्सवको रूपमा नेवारहरू म्ह पूजा (अर्थात् स्वयम पूजा) गर्छन् र एक अर्काको दीर्घायु कामना गर्छन्। किजा–पूजाः भनेको भाइ टीका हो।
२२. नारायणस्थान जात्रा	बुढानीलकण्ठ	कार्तिक शुक्लपक्षको द्वादशी	चतुर्मास समाप्ति। हरि (नारायण) बोधिनी (उठने)।
२३. वाला चतुर्दशी	पशुपतिमा विशेष	मार्ग कृष्ण चतुर्दशी	सद–बीउ छर्ने।
२४. यमह्री पुन्ही	घर–घरमा, धान भकारीमा	धान्य पूर्णिमा	यमह्री नामक एक थरी रोटी धानको भकारीमा चढाउने, धान्येश्वरको दर्शन गर्ने।
२५. लोसर	बौद्धनाथमा विशेष	माघ पूर्णिमा	तिब्बतीहरूको नव वर्ष (लोसर) को अवसरमा लाख बत्ती बाल्ने।
२६. शिला चह्रै वा शिवरात्रि	पशुपति	माघ कृष्णपक्ष चतुर्दशी	पशुपतीको सबैभन्दा ठूलो मेला।
२७. वसन्त श्रवण	हनुमानढोका	माघ शुक्लपक्ष वसन्त पञ्चमी	श्री ५ महाराजाधिराज सरकारलाई वसन्त श्रवण गराउने, यो दिन सरस्वती पूजा पनि भएकोले विशेष स्वयंभूस्थित सरस्वती (मञ्जुश्री) थानमा र गैह्लोधारास्थित नील सरस्वती थानमा भक्तहरूको भीड लाग्छ, केटा केटीहरूलाई अक्षरारम्भ पनि गराइन्छ।
२८. चकं द्यो जात्रा	(क) ठमेल टोल	फागु पूर्णिमा	(क) सिंहसार्थ बाहु नामक एक प्राचीन व्यक्तिको स्मरणमा जात्रा
	(ख) इटुं बहाल, टुँडिखेल		(ख) राती गुरुमापाको नाउँमा टुँडिखेलमा पूजा–भोज।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२९. पाहाँ चऱ्हे	(क) टुँडिखेल (ख) लुमडी, भद्रकाली र असन	पिशाच चतुर्दशी	(क) घोडे जात्रा, खेलकूद आदि। (ख) भद्रकालीमा पूजा तथा असनमा अजिमाहरूको पूजा र शहरको विभिन्न भागमा खट-यात्रा। यही दिन "लुकेका" महादेव (लुकु महाद्यो) को पूजा गर्ने निहुले स्थानहरूको सफाइ गर्ने। कंकेश्वरीको मूर्तिलाई खटमा राखी भद्रकाली ल्याउने तथा नरदेवीमा राती तान्त्रिक नाच गर्ने पनि परम्पराहरू छन्।
३०. सेतो मत्स्येन्द्रनाथ जात्रा	जमलदेखि लगनटोल	चैत्र शुक्ल अष्टमी	गुभाज्यूहरूद्वारा सञ्चालित चार-पाँच दिनव्यापी करुणामयको रथ जात्रा।
३१. ल्हुती पुन्ही वा जमाचो जात्रा	बालाज्यू बाईस धारा र नागार्जुन (जमाचो) डाँडा	चैत्र पूर्णिमा	बालाज्यू बाईस धारामा नुहाउने, त्यहाँको अजिमाको पूजा गर्ने तथा जामाचोस्थित बौद्ध चैत्य दर्शन गर्ने आदि।

उक्त सूचीमा ऋषि तर्पणि, नाग पञ्चमी, कृष्णाष्टमी, स्वस्थानी आदि अनेकौं चाड-पर्वहरूमा यहाँ स्थानीय केही विशेषताहरू पाइए तापनि प्रायः अधिराज्यभर कुनै न कुनै रूपले प्रचलित ती पर्वसँग पाठकहरू परिचित भएको अनुमान गरी तिनको यहाँ उल्लेख गरिएको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

भौगोलिक कारणहरूले गर्दा यो जिल्लाको उपत्यका इलाका प्राचीनकालदेखि नै कृषि क्षेत्रमा विकसित रहिआएको छ। यहाँको विशिष्ट सभ्यताको विकासको मूल आधारमा यहाँको उर्वर भूमि र कृषि प्रणाली पनि थिए भन्न सकिन्छ। हालसम्म पनि यस इलाकामा अधिराज्यको अन्य कुनै पनि जिल्लाभन्दा बढी कृषि उत्पादकत्व हुनुको साथै कृषिको सबभन्दा धेरै विकास भएको देखिन्छ। कृषिको साथै यहाँ प्राचीनकालदेखि व्यापारको पनि विकास भएको पाइन्छ। लिच्छविकालमा तिब्बत र भारतसितको व्यापार तथा विनिमयबाट धेरै फाइदा भएपछि यहाँको सम्पूर्ण अर्थ व्यवस्थामा व्यापारको स्थान सर्वोपरी रहन गएको वृतान्त इतिहासमा पाइन्छ। आर्थिक सम्पन्नताले गर्दा यहाँ निर्माण, चित्रकला तथा शिल्पकलाको विकास हुन गएको छ।

हाल सञ्चारको माध्यमहरूको आधुनिकीकरणको साथै टेक्नोलजी प्रयोगको अनुपात बढ्न गइरहेको सन्दर्भमा यस जिल्लाको आर्थिक व्यवस्थालाई हेर्दा यहाँ हालसम्म कृषि बहुसंख्यकले अपनाएको व्यवसाय रहे तापनि काठमाडौंको उपत्यका क्षेत्रमा व्यापार, पर्यटन तथा अन्य उद्योग, वित्तीय तथा अन्य सामाजिक र सामुदायिक सेवा आदिको आर्थिक भूमिका बढ्न गएको छ। यहाँको परिवर्तित आर्थिक परिस्थितिमा गैर कृषि क्षेत्रका अन्य व्यवसायहरू बढी लाभदायक हुन गइरहेको छ। साथै विकासोन्मुख अधिराज्यको राजधानी तथा सबभन्दा बढी महत्वपूर्ण नगरको रूपमा रहेको काठमाडौं नगरले नेपालको अधिकांश आकांक्षा र सम्भावनाहरूलाई प्रतिबिम्बित गर्ने विभिन्न कार्यकलापलाई अँगालेको हुनाले भविष्यमा यहाँ कृषि क्षेत्रको आर्थिक महत्व घट्द जाने देखिन्छ।

राष्ट्रिय जनगणना, २०२८ अनुसार यस जिल्लाको कुल जनसंख्या ३,५३,७५६ मध्ये १० वर्ष र सोभन्दा बढी उमेर हुनेहरूको संख्या २,६०,०५१ छ जसमध्ये आर्थिक दृष्टिकोणले क्रियाशिल रहेकाहरूको संख्या १,१३,८३८ छ। यसरी कुल जनसंख्याको करीब ३२.२ प्रतिशत र १० वर्षभन्दा बढी उमेर हुनेहरूमध्ये करीब ४३.८ प्रतिशत आर्थिक दृष्टिकोणले क्रियाशील छन्। आर्थिक दृष्टिकोणले क्रियाशील रहेकाहरूको व्यावसायिक वर्गीकरण तल प्रस्तुत गरिएको छ :-

व्यवसाय	जम्मा संख्या	मोटा मोटी प्रतिशत
कृषि, वन, माछापालन	६०,६१५	५३.२४
खानी	१९	०.०२
उत्पादन (उद्योग)	४,६६८	४.१०
जल, विद्युत् र ग्यास	६१६	०.५४
निर्माण	१,२७४	१.१२
वाणिज्य, व्यापार	८,५१३	७.४७
यातायात र सञ्चार	२,३८२	२.०९
लगानी र व्यावसायिक सेवा	१,१९०	१.०४
वैयक्तिक तथा सामुदायिक सेवा	३४,५६१	३०.३६
जम्मा:-	१,१३,८३८	९९.९८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकामा उल्लेख भएअनुसार यस जिल्लाका आर्थिक दृष्टिकोणले क्रियाशील रहेको जनसंख्याको ५३.२ प्रतिशत मात्र कृषि र तत्सम्बन्धी व्यवसायमा लागेको तथ्यबाट यस जिल्लाको अर्थ व्यवस्थामा कृषि क्षेत्रको भूमिका अधिराज्यका अन्य कुनै पनि जिल्लाको दाँजोमा कम महत्वपूर्ण रहेको देखिन्छ। कृषि पछि दोस्रो स्थान वैयक्तिक र सामुदायिक सेवाको रहेको छ जसबाट यहाँ सरकारी वा गैर सरकारी नोकरी निक्कै महत्वपूर्ण पेशा हुन गएको देखिन्छ। नोकरी पछि अन्य प्रमुख व्यवसायहरूमा पहिलो स्थान वाणिज्य र व्यापार र दोस्रो स्थान उत्पादन वा अन्य उद्योगहरूले ओगटेको देखिन्छ। आर्थिक दृष्टिकोणले क्रियाशील रहेको जनसंख्याको अधिकांश कृषि व्यवसायमै लागेको हुँदा यस जिल्लाको अर्थ व्यवस्थामा अझसम्म पनि कृषि क्षेत्रको भूमिका महत्वपूर्ण नै रहेको छ।

कृषि

लिच्छवि शासनकालमा यहाँ सिचाइ शुरू भए पछि कृषिको वृद्धि हुँदै गएको हो भन्ने ठानिन्छ। सत्रौं शताब्दीसम्म पनि डाँडा–काँडामा गरै – गरा काटेर खेती गर्ने प्रथा यहाँ बसिसकेको नभई एक ठाउँदेखि अर्को ठाउँ सर्दै खेती गर्ने प्रचलन भएको बुझिन्छ। मकैको खेती पनि यहाँ सत्रौं शताब्दीमा शुरू भयो भनिएको छ।

अठाह्रौं शताब्दीमा यहाँ कर्कप्याट्रिकले जस्तो परम्परागत कृषि पद्धति देखेका थिए आज पनि प्रायः उस्तै छ भनी वि. सं. २००९ सालमा विशप नामक व्यक्तिले "अन्नोन् नेपाल" भन्ने पुस्तकमा लेखेका कुरालाई हामी धेरै अर्थमा सत्य मान्न सक्छौं। यद्यपि रासायनिक मल, उन्नत बीउ, कीटनाशक औषधि आदिको प्रयोगले आज जिल्लाको कृषि–प्रविधिमा धेरै उन्नति ल्याएको छ, जसको विवरण निम्न पंक्तिहरूमा क्रमिक रूपले गरिने छ।

पहाडी भेकका कुनै–कुनै किसानहरूमा बाहेक काठमाडौंको वरिपरिका स्थानीय किसान (ज्यापू) हरूमा हलो जोत्ने र गोरुद्वारा दाईं गर्ने प्रथाहरू प्रचलित नपाइनु नै यहाँका परम्परागत कृषि तरीकाको एक विशेषता हो। यो परम्परा अति प्राचीनकालदेखि चलेको रहेछ भन्ने तथ्य चिनियाँ यात्री ह्यू यन–साङको वर्णनमा पनि पाइन्छ भनेर यस. बीलले उल्लेख गरेका छन्।[1] सम्पूर्ण खन्ने र गोड्ने काम मानिसहरूद्वारा नै गरिन्छ र यहाँ सबैभन्दा प्रचलित औजार उः (कोदालो), ककीचा (एक किसिमको खन्ती), खट्टमुग (माटो फोर्ने काठको डल्लेठो), ईं (हँसिया) आदि छन्। यहाँ जमीनलाई "रोपनीमा नाप्ने प्रचलन पनि प्राचीन हो। अघिदेखि नै तराई क्षेत्रमा झैं जमीन्दार" (पोत उठाउने), प्रगन्ना (राजस्वको एकाई) तथा पटवारी (जमीनको लगत राख्ने) आदिको प्रचलन यहाँ भएको पाईंदैन न त पहाडमा झैं जिम्मावालहरूकै उल्लेख पाइन्छ। राणाकालसम्म उपत्यका क्षेत्रका जमीनदारहरूलाई "द्वारे", "प्रधान" आदि उपाधि दिई तिनीहरू मार्फत भूमि राजस्व उठाउने गरिन्थ्यो।[2] भूमि प्रशासनमा "मोही नायकहरू खटिन्थे" र "साउने फागुने वलक", "हर्ष विस्मातको वलक" "काज कल्याणको वलक" आदि तिनताक किसानहरूले तिर्ने तिरोहरूका किसिम थिए।

यहाँको जमीनको परम्परागत वर्गीकरण बिर्ता, रैंकर र गूठीमा गरिएको पाइन्छ। प्राचीन रैंकरका किसिममा खान्गी रैंकर, माल रैंकर आदि र बिर्तामा कुश बिर्ता (बाहुनहरूलाई दिने), पर्वत बिर्ता (मरेका फौजी जवानको सन्तानलाई दिने), बकस बिर्ता, सेवा बिर्ता, बेख (दान) बिर्ता, फिकदार (पानका पातमा

1. Buddhist Records of the Western World, Vol. I.
2. Regmi. Mahesh Chandra—A Study in Nepali Economic History, p. 54

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थुके झैं गरेर दिइने) बिर्ता, माझी (तिरो माफ गरिएको) बिर्ता, तिरुवा र पोता (तिरो तिर्नु पर्ने) बिर्ताहरू आदि प्रचलित थिए। गुठी जमीनको निमित्त मालपोत तिर्नु नपर्ने हुन्छ र धार्मिक–सामाजिक उद्देश्यको निम्ति यिनको आयस्ता उपयोग गरिन्छ।

परम्परागत मलहरूमा कालीमाटी, गोबर र मान्छेको मल आदि प्रयोग गरिन्छन्, तर पहाडी क्षेत्रमा गोबर र कुहेका घाँस–पातको बढी प्रचलन देखिन्छ। यहाँका किसानहरूमा साधारणतः खन्ने काम लोग्नेमानिसले र माटो फोर्ने काम स्वास्नीमान्छेले गरेको पाइन्छ। रोपाईंमा स्वास्नीमान्छेले बिरुवा उखेल्न हुन्न भन्ने विश्वास छ र लोग्ने मानिसले उखेलेर दिएका बिरुवा रोप्ने काम मात्र उनीहरूको हो भनिन्छ।

वि. सं. २०२८ को कृषि तथ्याङ्कले काठमाडौं जिल्लाको जम्मा क्षेत्रफल ५४,५०० हेक्टरमध्ये आवादी जमीन करीब ४५ प्रतिशत अर्थात् २४,९०० हेक्टर देखाएको छ। अधिराज्यभरको १९,८०,००० हेक्टर आवादी जमीनको तुलनामा यो मोटा मोटी १.३ प्रतिशत पर्न आउँछ भने देशभरमा औसत १३ प्रतिशत मात्र आवादी जमीन पाइने तथ्यको आधारमा यो ४५ प्रतिशत अत्यन्त धेरै हो भन्न सकिन्छ। यहाँको जनसंख्या ३,५३,७५६ भएकोले एक हेक्टर आवादी जमीनमा १४.२ व्यक्ति निर्भर हुन आएको पाइन्छ। सम्पूर्ण जिल्लाको आवादी जमीनलाई जनसंख्याको आधारमा दाँजेर हेर्दा प्रति परिवार औसत ०.४ हेक्टर जमीन पर्न आएको उक्त सर्वेक्षणले पनि देखाएको छ।

यस जिल्लाको आर्थिक दृष्टिकोणले सक्रिय जनसंख्यामध्ये करीब ५४ प्रतिशत कृषि कार्यमा लागेका छन् भन्ने तथ्य माथि अन्यत्र प्रकाश पारिएको छ। अधिराज्यका जम्मै जिल्लाहरूमा र सम्पूर्ण देशमा ९२ प्रतिशत औसत जनता कृषि कार्यमा लागेका तुलनामा त यो निक्कै नौलो कुरो छ।

जगाजमीन

वि. सं. २०२१ सालको नापीको आधारमा भूमि प्रशासन कार्यालयले जिल्लाको जमीनको निम्नरूपमा वर्गीकरण गरेको छः–

किसिम	क्षेत्रफल	
अब्बल	५,३८२.३ हेक्टर	(१,०७,६४६ रोपनी)
दोयम	११,२९४ हेक्टर	(२,२५,८८५ रोपनी)
सिम	५,२६१.५ हेक्टर	(१,०५,२३० रोपनी)
चाहार	१,४१० हेक्टर	(२८,२०४ रोपनी)
जम्माः–	२३,३४७.८ हेक्टर	(४,६६,९६५ रोपनी)

आर्थिक वर्ष २०२९–०३० मा जिल्लाको जग्गा धनी संख्या ९१,७०८ थियो। यस जिल्लामा पेश भएको सात नं. फाँटवारीको आधारमा हदबन्दीभन्दा बढी देखिएको जमीन ८२.५ हेक्टर (१७४ रोपनी) थियो, जसमध्ये २०३० को अन्तसम्ममा ४.९ हेक्टर (९८ रोपनी) बिक्री वितरण भइसकेको र बाँकी वितरण गर्नेतर्फ कारवाही चलिरहेको थाहा पाइएको छ। वि. सं. २०२६ सालमा कायम गरिएका मोहीहरूलाई जोताहाको अस्थायी निस्सा दिइसकिएकोले मोहीहरूको बेदखलीको समस्या जिल्लामा कमै देखिएको छ र जग्गा धनीले जग्गा लिनु पर्दा वा बेच्नु पर्दा मोहीहरूलाई $\frac{1}{4}$ खण्ड जग्गा वा पैसा दिई छोड पत्र गराउने गरि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एको पाइन्छ। यस जिल्लामा कूत निर्धारण ऐन, २०२१ सालदेखि नैं लागू गरिएको छ।

भूमि प्रशासन लागू भइसकेकोले मौजाहरूको प्रथा पनि समाप्त भएको छ र पञ्चायतहरूको आधारमा लगत बनेको छ। मौजाको साथसाथैं तालुकदारी प्रथा पनि समाप्त भइसकेको छ। साल तमामीको अगाडि आठ १० पञ्चायतहरूको पाएक मिलाएर डोर खटाएर मालपोत उठाउने प्रचलन लागू गरिएको छ। बलि पोत उठाउने भनिएको छ तापनि त्यसको लगत प्राप्त भइनसकेकोले मालपोत बाहेक अरू रकम उठाउने गरिएको छैन। काठमाडौं स्थित भूमि प्रशासन कार्यालयको मूल कोष तहसीलमा रहेको लगतको आधारमा मालपोत उठाउने गरिन्छ।

यस जिल्लामा सन् १९७०–७१ मा खेती गरिएको जमीन र उब्जनी देहाय बमोजिम छः-

बाली	बाली लगाएको क्षेत्रफल (हेक्टरमा)	कुल उत्पादन (मेट्रिक टनमा)	प्रति हेक्टर उब्जाउ (मेट्रिक टनमा)
धान	१४,०००	४६,२००	३.३
गहुँ	१०,०००	१०,०००	१.०
मकै	८,३००	१५,२७२	१.८
कोदो	१,७००	१,५३०	०.९
आलु	१,२००	७,८७२	६.६
तोरी	१८०	१०८	०.६
उखु	२१	२७३	१३.०
जम्माः–	३५,४०१		

काठमाडौं शहरको ठूलो जनसंख्याले गर्दा यहाँको खाद्यान्नको आवश्यकता जिल्लामा हुने उत्पादनबाट मात्र पूरा हुँदैन। यस जिल्लामा खाद्यान्न आपूर्ति गर्ने प्रमुख जिल्लाहरूमा भक्तपुर, ललितपुर, नुवाकोट आदि पनि छन्। उपर्युक्त जिल्ला बाहेक तराई र भित्रीमधेश क्षेत्रबाट पनि यहाँ खाद्यान्न आदि आयात हुन्छ। थानकोट प्रहरी चेक पोष्टले यो सम्बन्धमा केही तथ्याङ्क राख्ने गरेको हुनाले त्रिभुवन राजपथबाट ल्याइएको र रोपवेबाट जिल्लामा आयात गरिएको चामल, धानको मोटामोटी तथ्याङ्क निम्नप्रकार छः–

जिल्लामा आयात गरिएको धान–चामलको तालिका (मेट्रिक टनमा)

आर्थिक वर्ष	त्रिभुवन राजपथ	रोपवे	जम्मा
२०२६।०२७	–	९२०	९२०
२०२७।०२८	–	१,४४०	१,४४०
२०२८।०२९	८,०५५	१,४०७	९,४६२

आर्थिक वर्ष २०२८।०२९ सालको मात्र स्थिति हेर्दा जिल्लामा ९,४६२ मेट्रिकटन धान-चामल आयात भएको पाइन्छ, जसबाट यहाँको खाद्यान्न स्थिति स्पष्ट झल्किन्छ।

वि. सं. २०२८ सालको कृषि तथ्याङ्क अनुसार यस जिल्लामा प्रति वर्ष ६,१७९ मेट्रिक टन खाद्यान्नको अभाव पर्न आउँछ। तसर्थ खाद्यान्नको दृष्टिले यो जिल्लालाई आत्मनिर्भर मान्न सकिन्न।

यो जिल्लाको बाली-क्रम अधिराज्यका मध्यपहाडी क्षेत्रका अन्य जिल्लाको सरह नैं भएकाले त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

विस्तृत विवरण यहाँ आवश्यक छैन । गहुँ, जौ, तोरी, चना, आलु, सक्खरखण्ड, दालहरू आदि हिउँदे बालीहरू हुन्, तर धान, मकै, भटमास आदि बर्खे बाली हुन् । मलिला समथर (डोल) खेतहरूमा वर्षभरी नै कुनै न कुनै बाली लागिरहेकै हुन्छ ।

तरकारी खेती

यो जिल्लाको उपत्यका क्षेत्र तरकारी खेतीको निम्ति पनि प्रख्यात छ । वास्तवमा यति विभिन्न प्रकारका साग–पात यति राम्ररी सप्रने जिल्ला अधिराज्यमा कमै होलान् । यहाँका प्रमुख सागपात तथा तरकारी-मध्ये बर्खामा हुने फर्सी, लौका, काँक्रो, कुभिण्डो, बोडी, भन्टा, रामतोरियाँ, खुर्सानी आदि र हिउँदमा हुने काउली, बन्दाकोपी, मूला, गाजर, गान्टे मूला, प्याज, लसुन, गोलभेडा आदि विभिन्न किसिमका साग उल्लेख-योग्य छन् । आलु वर्षमा दुई बाली लगाइन्छ ।

कृषि विकास

जिल्लामा कृषिका आधुनिक तरीका तथा उपकरणहरूको उपयोगको उल्लेख गर्दा रासायनिक मलको स्थान प्रथम आउँछ । आर्थिक वर्ष २०२९।०३० सालमा काठमाडौं जिल्ला एउटैले अधिराज्यभरमा भएको खपतको तुलनामा ४४ प्रतिशत रासायनिक मल खपत गरेको पाइन्छ । एक सर्वेक्षणको आधारमा २०२१ सालमा यिनको प्रयोग नहुँदा प्रति हेक्टर २.२ टन मात्र खाद्यान्न उत्पादन भएको ठाउँमा यिनको प्रयोग गरेपछि २०२५ सालमा ३.५ टन प्रति हेक्टर उत्पादन भएको थियो भन्ने थाहा हुन आएको छ ।[1] आर्थिक वर्ष २०२२।२३ सालमा स्थापित कृषि खरीद विक्री संस्थानबाट गत पाँच वर्षमा रासायनिक मल, उन्नत बीउ र कीटनाशक औषधिहरूको विक्री वितरण काठमाडौं जिल्लामा निम्नप्रकारले भएको थियो :–

जिल्लामा विभिन्न वर्षमा रासायनिक मल,
कीटनाशक औषधि र उन्नत बीउको खपत

	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
रासायनिक मल (मे. ट.)	६,८७८	१०,५१७	१०,४६५	१२,३६८	१६,५६५
उन्नत बीउ (मे. ट.)	१०८	८५	२४	१०४	१६२
कीटनाशक औषधिहरू (रू. हजार मा)	४४,११२	३०,३३६	२२,४४४	–	१४,४९१

उक्त संस्थान अन्तर्गत उपर्युक्त वस्तुहरू विक्री–वितरण गर्ने काठमाडौं जिल्लामा संस्थागत डिलरहरू ४१ र निजी डिलरहरू २८३ छन् । देशभरमा जम्मा १,०३४ यस्ता डिलरहरूको अनुपातमा यो जिल्लामा ३२ प्रतिशत वा ३२४ डिलरहरू भएकोबाट यहाँ उन्नत कृषि तरीकाहरू निकै जनप्रिय हुन लागेको स्पष्ट हुन्छ । जिल्लामा रासायनिक मलको खपत आर्थिक वर्ष २०२५।२६ देखि २०२९।३० सम्म पाँच वर्षमा ६,८७८ मेट्रिक टनबाट २३७ प्रतिशत वृद्धि भएर १६,५६५ मेट्रिक टन पुगेको, उन्नत बीउको खपत १०८ मेट्रिक टनबाट वृद्धि

१. गोरखापत्र, २३ असोज २०३०

CC-0. In Public Domain. Digitization by eGangotri

भएर १६२ मेट्रिक टन पुगेको थियो तथा उन्नत कृषि औजारको प्रयोग रू. ७७,४०२। बाट वृद्धि भएर रू. १,२६,६०० पुगेकोबाट पनि यो जनप्रियताको पुष्टयाइ हुन्छ।

पशुपालन

पशु–पक्षी पालनका आधुनिक तरीकाहरू अपनाउने किसान परिवारहरूको संख्या जिल्लामा द्रुत गतिले बढ्दै छ भन्ने सम्बन्धित क्षेत्रहरूको धारणा छ। कृषि विकास बैंकद्वारा जिल्लामा गरिएको ऋण र लगानी पनि भैंसी, कुखुरा र बंगुर पालनको क्षेत्रमा सबैभन्दा बढी भएको देखिन्छ। उक्त तीन क्षेत्रमा आर्थिक वर्ष २०२९।०३० मा बैंकले गरेको लगानीको तथ्याङ्क तल प्रस्तुत गरिएको छः–

	ऋण प्राप्त व्यक्ति वा संस्थानको संख्या	कुल संख्या (मोटा-मोटी) को अनुपात
भैंसी पालन	१४८	४५ प्रतिशत
कुखुरा पालन	१७०	५१ प्रतिशत
बंगुर पालन	१३	४ प्रतिशत
माछा पालन	१	
जम्माः–	३३२	१००.०

माछा पालन

जिल्लास्थित प्रमुख माछापालन केन्द्र बालाज्यू ह्याचरी हो। यहाँ श्री ५ को सरकारबाट माछा-पालनको प्रयोग भइरहेको छ। तर यो बाहेक निजी क्षेत्रमा पनि माछा पालन गरिन लागेको प्रमाण कृषि प्रस.र कार्यक्रमको माध्यमबाट यस जिल्लामा २०२६, २०२७ र २०२८ सालमा क्रमशः ५४,५६५; ३८,६६५; ३६,३७५ वटा माछाका भुराहरू विक्री वितरण भएको देखिन्छ।

फलफूल खेती

यस जिल्लाको उपत्यका र पहाडी इलाकाहरूमा विभिन्न किसिमका फलफूलहरूको खेती हुन्छ। उपत्यका इलाकामा पाइने अम्बा, कागती, हलुवावेद, सुन्तला, भोगटे आदि फलफूलहरूको बेच बिखनबाट सो खेती गर्नेहरू थप नगद आम्दानी गर्दछन्। त्यस्तै यस जिल्लाका दक्षिणी पहाडी भागका फर्पिङ उच्च कोटीको नास्पाती, कागतीको लागि र अन्य इलाका लप्सी, ज्यामीर आदिको लागि प्रख्यात छन्।

जिल्लामा उत्पादित फलफूलहरू बाहिर निकासी गरिदैन। तर अधिराज्यको राजधानी रहेको यस जिल्लाको फलफूलको माग पूर्ति गर्न धेरै जिल्ला बाहिरबाट पनि आयात गरिन्छ। खास कीर्तिपुर बागवानी केन्द्रले फलफूलको बिरुवा वितरण र फलफूल खेतीको प्रसार कार्य गर्दछ। यहाँ फलफूल खेतीमा उल्लेखनीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रगति भइसकेको छैन तापनि कृषि विकास बैंकबाट यस जिल्लामा फलफूल खेती गर्नेहरूले ऋण प्राप्त गर्न सकेको हुँदा निजी क्षेत्रबाट समेत फलफूल खेतीमा लगानी बढ्दै गइरहेको देखिन्छ।

कृषिऋण

ऋणको क्षेत्रमा नाता-कुटुम्ब, साहुमहाजन आदि जस्ता परम्परागत ऋण स्रोतहरूमा नै यस जिल्लाका खेतीवालहरू पनि प्रायः निर्भर गर्दछन्। एक सर्वेक्षणको आधारमा अधिराज्यका तराई क्षेत्रको र पहाडी क्षेत्रको तुलनामा यस जिल्लाका कृषि ऋण सम्बन्धी स्थिति निम्नप्रकार देखिएको छ[1]:–

कृषि ऋण सम्बन्धी तुलनात्मक तथ्याङ्क

	अधिराज्य (औसत)	तराई क्षेत्र (औसत)	पहाड (औसत)	काठमाडौंजिल्ला (औसतल)
आफूसँग नगद हुने कृषि परिवारहरू (प्रतिशत)	५०.६१	४५.५६	६०.६९	७१.११
प्रति परिवार औसत नगद रकम (रू. मा)	३०४	३८४	१३९	३१२
ऋण लिने कृषि परिवारहरू (प्रतिशत)	३८.२८	३९.१३	३६.५२	६.६७
प्रति परिवार औसत ऋण रकम (रू. मा)	१३२	१३०	१३६	३७
नगद ऋण लिने कृषि परिवारहरू (प्रतिशत)	१९.४१	१६.९४	२४.४७	६.७
अरू सामान ऋण लिने कृषि परिवारहरू (प्र.)	१६.१५	२०.२०	७.८४	–

माथिका तथ्याङ्कबाट अधिराज्य, तराई र पहाडको तुलनामा हातमा नगद हुने काठमाडौं जिल्लाका कृषि परिवारहरू अनुपातमा पनि धेरै र नगद र रकमको परिमाण पनि उनीहरूसँग धेरै भएको देखिन्छ। अर्को तिर अरु जम्मै ठाउँको तुलनामा यहाँका कृषि परिवारमध्ये ऋण लिने परिवारको अनुपात पनि कम (अधिराज्यको ३८ प्रतिशत; यहाँ करीब सात प्रतिशत) र उनीहरूले लिने ऋणको रकम पनि कम (१३२ को ठाउँमा ३७ मात्र) देखिएको छ, तर यो चाहिँ यहाँको परिवारहरूको जमीन पनि थोरै हुने भएकोले होला भन्ने अनुमान गर्न सकिन्छ। यस जिल्लामा ऋण लिने कृषि परिवारहरूले पनि ऋण नगदमा मात्र लिने-दिने प्रचलन भएकोले हो वा नगद मात्र रुचाएर हो अरु वस्तु (बीउ बीजन, औजार आदि) ऋणको रुपमा लिएको उक्त तथ्याङ्कले देखाउँदैन।

यस जिल्लामा स्थापना भएको कृषि ऋण प्रदान गर्ने आधुनिक संस्थाहरूमध्ये (१) सहकारी ऋण समितिहरू (२) कृषि विकास बैंक (३) ग्रामीण साझा समितिहरू (४) वाणिज्य बैंकहरू प्रमुख छन्।

सहकारी ऋण समितिहरू: कृषि विकास बैंक तथा उक्त बैंकद्वारा सञ्चालित ग्रामीण सहकारी संस्था वा निर्दिष्ट ग्राम समितिहरूले यस क्षेत्रका परम्परागत ऋण स्रोतहरूको स्थान ओगट्दै गएको देखिन्छ। २०१६ सालदेखि यो जिल्लामा श्री ५ को सरकारको सहकारी विभाग अन्तर्गत विभिन्न सहकारी संस्थाहरू स्थापित हुन लागेका हुन्, तर हाल यीमध्ये धेरैजसोको रजिष्ट्रेशन खारिज गरी केही चुनिएका संस्थाहरूलाई कृषि विकास बैंकबाट निर्दिष्ट नीति-निर्धारणको आधारमा सञ्चालन गर्न थालिएको छ। यो कार्यक्रम अन्तर्गत २०२६।०२७ सालदेखि यता छ वटा प्रारम्भिक स्तरका बहुमुखी सहकारी संस्थाहरूको सञ्चालन गर्न थालिएको छ। यी बाहेक एक जिल्लास्तरीय सहकारी संघको पनि गठन गरी त्यसको जिल्लास्थित सदस्य संस्थाहरू, ग्राम समितिहरू

1 Agriculture Credit Survey, Vol. II. 2029, Nepal Rastra Bank pp. 24—43

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तथा कतिपय संस्थाहरू र निजी डिलरहरूको माध्यमबाट स्थानीय किसानहरूलाई रासायनिक मल, कीरा मार्ने औषधि, औजार आदि उपलब्ध गराइने गरेको छ। उक्त सहकारी संघले आर्थिक वर्ष २०२९।०३० मा रू. ६२,६२,५२९। मूल्यका उक्त सामाग्रीहरू जिल्लामा बिक्री वितरण गरेको थियो।

कृषि विकास बैंकः कृषि विकास ऐन, २०२४ अन्तर्गत स्थापित कृषि विकास बैंकको काठमाडौंस्थित केन्द्रीय कार्यालयको रेखदेखमा अञ्चलस्तरीय र जिल्लास्तरीय कार्यालयहरू तथा स्थानीय एजेन्टहरूको माध्यमबाट कृषि ऋण सम्बन्धी कारवाही गरिन्छ। यस बैंकबाट प्रदान गरिने ऋणहरूमध्ये प्रमुख कृषि उत्पादन ऋण, कृषि यान्त्रीकरण ऋण, कृषि व्यवसाय वा उद्योग ऋण, कृषि स्नातक ऋण आदि हुन्।

कृषि विकास बैंकले उक्त विभिन्न क्षेत्रहरूमा आर्थिक वर्ष २०२९।०३० मा अधिराज्यमा र यस जिल्लामा प्रदान गरेको ऋणको रकम र अनुपात निम्नअनुसार छः–

अधिराज्यमा र काठमाडौं जिल्लामा प्रदत्त ऋण तालिका

(रू. हजारमा)

	अधिराज्य	काठमाडौं जिल्ला	अधिराज्यको तुलनामा जिल्लाको अनुपात
कृषि उत्पादन	१,७८,६३	१३,४३	७.५ प्रतिशत
कृषि यन्त्रीकरण	२,२६,५५	१,३५	०.६ प्रतिशत
कृषि व्यवसाय	५३,६७	३१,४०	५८.० प्रतिशत
कृषि उद्योग	६८,००	४,८२	७.१ प्रतिशत
फलफूल खेती	५,५१	१,२७	२३.० प्रतिशत

उक्त लगानीलाई व्यक्ति संख्या वा संस्था संख्याको आधारमा वर्गीकरण गर्दा निम्नरुप देखिन आएको छः–

	ऋण प्राप्त व्यक्ति संख्या	ऋण प्राप्त सहकारी संस्था वा ग्रामसमिति संख्या	काठमाडौं जिल्ला लगानी (कुल) (रू. हजारमा)	कुल लगानीको अनुपात (मोटामोटी)
कृषि (उत्पादन)	१२	१६	१३,४३	२५.७ प्रतिशत
कृषि (यान्त्रिक)	११	१	१,३५	२.६ प्रतिशत
कृषि व्यवसाय	३२८	४	३१,४०	६०.१ प्रतिशत
कृषि उद्योग	१२	–	४,८२	९.२ प्रतिशत
फलफूल खेती	५	–	१,२७	२.४ प्रतिशत
जम्माः–	३६८	२१	५२,२७	१००.० प्रतिशत

व्यक्तिको हिसाबले कुल संख्याको ८९ प्रतिशत र लगानीको हिसाबले कुल रकमको ६०.१ प्रतिशत कृषि-व्यवसायमा मात्र कृषि विकास बैंकले लगानी गरेको उक्त तालिकाबाट देखिनाले जिल्लामा यो पेशा निकै जनप्रिय रहेछ भन्ने स्पष्ट हुन्छ। ऋण लिने व्यक्तिहरूको संख्या कृषि उत्पादन, कृषि यन्त्रीकरण र कृषिउद्योगमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रायः बराबरै देखिन्छ (१२,११ र १२)। कृषि उत्पादनमा पनि १२ जनामध्ये ११ जनाले तरकारी खेतीको निमित्त, कृषि उद्योगको क्षेत्रमा १२ जना जम्मैले मिल स्थापनाको निमित्त, यान्त्रीकरणको क्षेत्रमा आठ जनाले पावर टिरल खरीद गर्नको निमित्त र तीन जनाले पम्प सेट खरीद गर्नको निमित्त ऋण लिएका थिए।

नहर तथा सिचाइ

जिल्लामा खोला-नालाको पानीबाट सिचाइ गर्ने चलन पुरानो हो र अघि-पछि अग्ला डाँडाहरूमा दह बनाई वर्षाको पानी जम्मा गर्ने र त्यसबाट कुलोहरूको माध्यमबाट पानी ओह्राली सिचाइ गर्ने चलन पनि थियो। जुद्धशम्शेरको प्रधानमन्त्रीत्वकालमा यहाँ १४ ठाउँमा कुलाको निर्माण भएको उल्लेख पाइएको छ। काठमाडौं शहरको पानीको एउटा प्रमुख स्रोत (महाराजगञ्जको पानी पोखरी) बाट पनि अघि सिचाइको निमित्त कुलोहरू बनाइएका थिए भन्ने सुनिन्छ। हाल यस जिल्लास्थित सिचाइ–नहरहरू सम्बन्धी तथ्याङ्क निम्नप्रकार छः–

जिल्लाको कुलो– नहर सम्बन्धी तालिका

स्थान	कुलोकोनाम	क. निर्माणकाल ख. पक्की बनाइए-को काल	स्रोत	लम्बाइ (किलोमिटर)	क्षमता (क्यूसेक)	फाइदा प्राप्त क्षेत्र (हेक्टर)
१. बालाज्यू	बालाज्यू राजकुलो	क. प्राचीनकाल	पोखरी	४.८	३	४८३
२. गागलफेदी	इन्द्रायणी प. कुलो	क. प्राचीनकाल	इन्द्रायणी	४.८	३	१,०५९
३. गोकर्ण महादेव-स्थान	गोकर्ण कुलो	क. प्राचीनकाल ख. २०१९	बागमती	६.४	८	१,६०९
४. राजराजेश्वरी घाट	पशुपति कुलो	क. प्राचीनकाल ख. २०२३	बागमती		९	४९३
५. बाँसबारी बुढा-नीलकण्ठ	लाजिम्पाट कुलो	क. प्रताप मल्लकाल ख. २०२३		११.०	१०	९४५
६. चन्द्रेश्वरी टोखा	टोखा कुलो	क. प्राचीनकाल	विष्णुमती	–	५	१,५३०
७. साँखु	साँखु राज कुलो	क. प्राचीनकाल	शालीनदी	४.८	२	१,७६९
८. पाँगा	पाँगा कुलो		बोसन बाँध			
९. दक्षिणकाली	फर्पिङ राज कुलो	क. अठारौं शताब्दी (करीब)	–	११.०	३	९३५
१०. रामकोट	इचाडोल राज कुलो	क. प्राचीनकाल	कहखुसी वा कालीमाटी खोला	६.४	३	५४१
			जम्माः–	४९२	४६	९,३६४

(स्रोतः सिचाइ तथा जलवायु विज्ञान विभाग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त तालिकामा उल्लिखित धेरैजसो कुलोहरू प्राचीनकालीन हुन् । उदाहरण स्वरूप, दक्षिणकालोभन्दा माथिबाट ल्याएर फर्पिङ क्षेत्रको सिचाइ गर्न बनाइएको उपर्युक्त फर्पिङ ढुङ्गेधारा र चैते कुलो पृथ्वीनारायण शाहकै पालामा निर्माण भएको हो भन्ने छ, यद्यपि त्यसको निर्माण काल सम्बन्धित क्षेत्रहरूले किटान गर्न सकेका छैनन् । तर यी जम्मै प्राचीन नहरहरू कच्ची थिए र तिनीहरूको वास्तविक निर्माण काल '(क)' पत्ता नलागेको ठाउँमा जिर्णोद्धार गरी पक्की बनाइएको समय '(ख)' मात्र यहाँ उल्लेख गरिएको छ।

दुग्ध विकास संस्थान

वि. सं. २०२६ साल साउन १ गते स्थापित काठमाडौं लैनचौरमा रहेको दुग्ध विकास संस्थानले काठमाडौं जिल्ला र छिमेकी जिल्लाहरूका कैयौं ठाउँमा दूध बटुल्ने केन्द्रहरू खोलेर तिनको माध्यमबाट प्रतिदिन सरदर ५,००० लिटर दूध बटुली त्यसलाई प्रशोधन (पेस्चराइज) गर्छ र त्यसबाट नौनी, मखन र चीज आदि उत्पादन तथा बिक्री वितरण गर्दछ। २०२६ सालमा यसले आफ्ना उत्पादनहरू बिक्री गरेर रू. १६,००,०००। फाइदा गरेको थियो। हाल यसको दूध सङ्कलन परिमाणमा केही वृद्धि भएको छ। आर्थिक वर्ष २०२८।०२९ देखि २०२९।०३० सम्मका दुई वर्षमा दूध,चीज र मखन उत्पादन र बिक्री वितरणको विवरण तल प्रस्तुत गरिएको छः–

दुग्ध विकास संस्थानका उत्पादनहरू

	चीज (के. जी.)	मखन (के. जी.)	दूध (लिटर)
२०२८।०२९	२२,९७२	३७,५२०	१६,८६,६०७
२०२९।०३०	३०,२२४	४४,६१८	२३,५८,०५६

यी बाहेक हामीको उत्पादन दिनहुँ सरदर १२० लिटर हुन्छ। हालसालै भैंसीको दूधबाट पनि चीज बनाउन थालिएको छ। लेकतिर चौंरीको दूधबाट बनाइने चीजभन्दा यस्तो चीज नरम छ र स्वदेशी तथा विदेशी उपभोक्ताहरूले यसलाई निकै रुचाउन थालेका छन्।

दुग्ध विकास संस्थानको काठमाडौं केन्द्रले राजधानीमा दूध वितरण गर्दै आएको छ। यसले गर्दा काठमाडौं तथा वरिपरिका अन्य जिल्लामा पशुपालन गर्ने र दूध उत्पादन गर्ने उद्योगहरूको सम्वर्धन तथा विकासलाई पनि योगदान पुऱ्याएको छ।

उद्योग

काठमाडौं क्षेत्रले प्राचीनकालमा पनि उद्योगमा ख्याति प्राप्त गरेको देखिन्छ। आर्यकालीन भारतमा यहाँबाट गलैंचा, कम्बल तथा हाड-छालाका वस्तुहरू निर्यात गरिन्थ्यो भन्ने तथ्य कौटिल्यले आफ्नो ग्रन्थ "अर्थशास्त्र" मा उल्लेख गरेका छन् । नेपालको गलैंचालाई तिनले "भिङसी" नाउँ दिएका छन् ।[1] चिनियाँ-यात्री वाङ हुएत्सेले पनि यहाँ खेतीभन्दा व्यवसाय र उद्योगपट्टि मानिसहरू ढल्केका र यहाँ तरवारहरू, तामाका मुद्रा र

१. कौटिल्य–अर्थशास्त्र, अधिकरण २ अध्याय ११ सूत्र १०५-६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तामाका भाँडाहरू बनेका देखेका थिए भन्ने कुराको उल्लेख ताँग वंशको इतिहासमा गरिएको छ।[१]

भारतले ई. सन् १००० तिर (आजभन्दा करीब ९७५ वर्ष अघि) नेपालबाट कागत बनाउने शिल्प सिकेको,[२] तिब्बत र भारतमा समान रूपले नेपाली कागत जाने गरेको, उन्नाइसौं शताब्दीमा काठमाडौं आएका डाक्टर क्याम्पबेलले पनि यहाँ चङ्गा, खाँडी, छिट, कस्सा (एक प्रकारको मिहीन कपडा, भाङग्रा, पतासी, पुनिका, भीमपोगां आदि कपडाहरू बुनिन्थ्यो भनेका[३] प्रमाणहरूको आधारमा पनि यहाँको औद्योगिक परम्परा दीर्घकालीन रहेछ भन्न सकिन्छ। नेवारहरूको परम्परावादी बिहेहरूमा आज पनि दाइजोका सामानहरू चर्खा सम्मिलित गर्नु पर्ने चलनबाट पनि यहाँ कमसेकम धागो र कपडा-उद्योगलाई प्राचीनकालदेखि महत्व प्रदान गरेको स्पष्ट हुन्छ।

अघि-अघि यहाँ धेरैजसो परम्परागत घरेलु उद्योगहरू फष्टाएका थिए र कपडा, जुत्ता, फर्निचर आदिको निमित्त प्रायः जम्मै गाउँ र शहरहरू आत्मनिर्भर थिए पनि भनिएको छ। धातुका भाँडावर्तन, टोपी, माटाका भाँडाकुँडा, सुन चाँदीका गहना, ढलोटका मूर्ति, परालका चकटी, सुकुल, बाँसका डोको, मान्द्रो, काठ र ढुङ्गाका कारिगरी आदि धेरै किसिमका जुन घरेलु उद्योग धन्धा आज यहाँ प्रचलित देखिन्छन्, ती सबै परम्परागत उद्योग हुन् र पुख्यौंली व्यवसायको रूपमा चलिआएका हुन् भन्न सकिन्छ।

प्रधानमन्त्री भीम शम्शेरका पालामा वि. सं. १९८७ देखि चर्खा कात्नमा जुन प्रतिबन्ध लगाइयो, त्यसले यहाँको एक प्रमुख घरेलु उद्योगलाई ठूलो आघात पुग्यो। पछि जुद्ध शम्शेरले घरेलु उद्योगहरूलाई प्रोत्साहन र सहयोग दिने उद्देश्यले वि. सं. १९९३ मा उद्योग परिषद् स्थापित गरे औ घरेलु इलम प्रचार अड्डा आदि पनि खोले। नयाँ नेपाल कम्पनी कानूनको सृजना, इन्स्योरेन्सको व्यवस्था (१९९२), नेपाल बैंकको स्थापना (वि. सं. १९९४), बेकार सहायता संस्थाको स्थापना (२००१) आदि उनका सृजनाहरूले पनि अधिराज्य तथा काठमाडौंको औद्योगिकीकरणतर्फ केही बल पुऱ्याएका थिए। उद्योग परिषद्, घरेलु इलम र बेकार सहायता संस्थाको माध्यमबाट किस्ताबन्दीमा तान, चर्खा तथा मोजा, गन्जी बुन्ने स-साना कल-पूर्जा दिने प्रबन्ध थियो र वि. सं. १९९४ को जस्तो उद्योग प्रदर्शनी द्वारा विभिन्न उद्योगमा भएका उत्पादनहरूको बिक्री-वितरणमा सहयोग पनि पुऱ्याइन्थ्यो। तिनताक अधिराज्यमा स्थापित २१ वटा लिमिटेड कम्पनीहरूमध्ये काठमाडौं स्थित नेपाल साबुन कार्यालय लि. पनि एक थियो र विदेशबाट आयात हुने सर-सामानहरूको प्रतिस्पर्धामा अड्न मुश्किल पर्दै गएर महायुद्ध पछि क्रमशः लुप्त हुँदै जाने उद्योगहरूमा यो साबुन कार्यालय पनि एक हुन गयो।

गत केही वर्षको औद्योगिक प्रवर्द्धनका चेष्टाहरूको फलस्वरूप र राजधानीको नाताले यो जिल्लाको उपत्यका क्षेत्रमा आज एक "असल औद्योगिक वातावरण" को सिर्जना हुन लागेकोले हिजो आज कतिपय साना र मझौला स्तरका उद्योगहरू यहाँ स्थापना हुँदै गएका छन्। "असल औद्योगिक वातावरण" भन्नाले बजारको निकटता, बाटो-घाटो र यातायातको सुगमता, पानी-बिजुली आदिको शुलभता, दक्ष कामदारहरूको पर्याप्तता, प्रशासनिक सहूलियतहरू आदि धेरै सुविधाहरू पर्न आउँछन् र यी धेरै कुराको सुविधा अधिराज्यका अरू जिल्लाको र विशेषगरी पहाडी जिल्लाको तुलनामा यहाँ आज प्रशस्त नै पाइने गरेकोले यस जिल्लाको औद्योगिकीकरणमा विशेष बल पुग्न लागेको हो।

१. सूर्य विक्रम ज्ञवाली—नेपाल उपत्यकाको मध्यकालीन इतिहास, पृष्ठ २८७
२. ऐजन, पृष्ठ २९२
३. ऐजन, पृष्ठ २९१-२९२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्कोतिर पहाडी जिल्ला भएकोले तराई क्षेत्रभन्दा यातायातको खर्च बढी हुने, परम्परागत औद्योगिक कच्चा पदार्थहरू कम पाइने आदि कतिपय कारणहरूले गर्दा ठूला किसिमका उद्योगहरू यहाँ शुरू हुन अझ समय लाग्ने देखिन्छ । २०२८ को जनगणनाले पनि जिल्लाका सक्रिय जनसंख्यामध्ये केवल ४.१ प्रतिशत मात्र उद्योग-धन्धामा लागेको देखाएको छ र यस जिल्लामा प्रमुख औद्योगिक संस्थाहरूको छोटकरी विवरण तल दिइएको छ जसबाट यस जिल्लाको औद्योगिकीकरणको अवस्थाको मोटामोटी चित्र प्रदर्शित हुन्छ

बालाज्यू औद्योगिक क्षेत्रः अधिराज्यको प्रथम र काठमाडौं जिल्लाको एक मात्र यो औद्योगिक क्षेत्र काठमाडौं शहरदेखि ३.५ किलोमिटर (करीब एक कोस) पश्चिममा नागार्जुन पहाडको फेंदीमा फैलेको बालाज्यू फाँटमा स्थित छ । वि.सं. २०१९ सालमा यो औद्योगिक क्षेत्र स्थापित भएदेखि काठमाडौं जिल्लामा आधुनिक औद्योगिकीकरणको शुरूवात भएको छ भन्न सकिन्छ । करीब ३७ हेक्टर (७३८ रोपनी) मा फैलेको र थप १५ हेक्टर (३०० रोपनी) मा फैलन सक्ने क्षमता भएको उक्त औद्योगिक क्षेत्रको उद्घाटन स्व. श्री ५ महेन्द्रबाट २०२० जेठ १९ गते भएको थियो ।

उक्त औद्योगिक क्षेत्रमा लगानीको दृष्टिकोणले दुई-तीन वटालाई छोडेर अरू सबै उद्योगहरूमा एक लाखभन्दा बढी नै लगानी भएको देखिन्छ, जसमध्ये पाँचदेखि १० लाख लगानी भएका उद्योग चारवटा, १० देखि २० लाखसम्म लगानी भएका तीनवटा र २० लाखभन्दा बढी लगानी भएको एक वटा देखिएका छन् । यहाँ स्थापित उद्योगहरूमा कुल मिलाएर २०३० सम्ममा रू. १,१०,८५,०००। लगानी भइसकेको पाइन्छ, तर यसमा श्री ५को सरकारले औद्योगिक क्षेत्र स्थापना र त्यसको प्रशासनमा गरेको खर्च समावेश गरिएको छैन ।

रोजगारीको दृष्टिले कममा आठ जना र बढीमा २१९ जना कर्मचारीहरू भएका उद्योगहरू यहाँ छन् र ती उद्योगमा कुल १,२१२ व्यक्तिको निम्ति रोजगारी[1] सृजना भएको छ । सबै उद्योगहरूबाट गरी औसत वर्षेनी रू. २,२८,५२,०००। बराबर मूल्यको उत्पादन हुने गरेको छ ।

बाँसबारी छाला जुत्ता कारखाना लिमिटेडः हाल काठमाडौं जिल्लामा भएका र श्री ५ को सरकारको सम्पूर्ण स्वामित्व भएका औद्योगिक प्रतिष्ठानहरूमा यसको नाउँ अग्रणि छ । यस कारखानाको स्थापना २०२२ सालमा भएको हो । हाल यसको अधिकृत पूँजी एक करोड २५ लाख रूपैयाँ र कर्मचारी संख्या ४१२ छ । आर्थिक वर्ष २०२९।३० सम्म यसले जुत्ता ३,११,८३५ जोर, तलुवा छाला ६,२१,६१३ के. जी., भित्री तलुवा छाला २७,२८१ के. जी., सामा छाला ६,०२,८२५ वर्गफीट र भित्री सामा छाला २,६३,५२७ वर्गफीट उत्पादन गरेको थियो । आर्थिक वर्ष २०२९।३० सम्ममा यस कारखानाले कुल रू. एक करोड पचास लाख सत्तरी हजार बराबरका सामानहरू उत्पादन गरी बिक्री गरेको थियो ।

शाही औषधि लिमिटेडः शाही औषधि अनुसन्धान शालाको थापाथली स्थित उत्पादन शाखाको रूपमा वि.सं. २०२५ सालमा शुरू भएको यो संस्थान २०२९ साल असोज १ गते डेढ करोड रू.को अधिकृत पूँजी सहितको एक लिमिटेड कम्पनीमा परिणत भयो । यस उद्योगमा नेपाल औद्योगिक विकास कर्पोरेशनले रू. ६,१८,३७६। को ऋण प्रदान गरेको छ । गत २०३० साल असारसम्मको १० महीनामा यसले ६० थरीका औषधिहरूका उत्पादन थालिसकेको थियो, जसमध्ये चक्की (ट्याब्लेट) २४ थरीका, क्याप्सुल तीन थरीका,

१. यसमा औद्योगिक क्षेत्रको प्रशासनिक कार्यमा लागेका ६६ कर्मचारीको संख्या समावेश छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सलाइन आदि चार थरीका, मलहम आदि २० थरीका, सल्फा औषधि छ थरीका र एन्टिबायटिक औषधि तीन थरीका थिए। उक्त अवधिमा यसले रू. १५,५५,०००। मूल्यका औषधिहरू उत्पादन गरेको थियो। यहाँ जम्मा ६१ जना कर्मचारीहरू छन्।

हिमाल सिमेन्ट कारखानाः काठमाडौं जिल्ला स्थित चोभारमा हाल सञ्चालन भइरहेको हिमाल सिमेन्ट कम्पनीको कारखाना अधिराज्यमा आफ्नै किसिमको प्रथम कारखाना हो। यसको रू. ५,५०,००,०००। को लगानीमध्ये नेपाल औद्योगिक विकास निगम र राष्ट्रिय व्यापार निगमले सबैभन्दा बढी लगानी गरेका छन्।

यो उद्योग होटलको क्षेत्रमा बाहेक यस जिल्लाको सबैभन्दा ठूलो उद्योग हुनेछ। यसले परीक्षण उत्पादन शुरू गरेको छ र यसको उत्पादन क्षमता १५० टन प्रतिदिन हुनेछ।

नेशनल कन्सट्रक्सन कम्पनी अफ नेपालः निर्माण उद्योगको क्षेत्रमा अधिराज्यको एक मात्र राष्ट्रियकृत यो प्रतिष्ठान २०१८ सालमा स्थापित भएको थियो। यो कम्पनी रू. एक करोडको अधिकृत पूँजीले थालिएको थियो। यसले अधिराज्यमा गरेका ठूल–ठूला निर्माण कार्यहरूमध्ये विमानस्थल विस्तृतीकरण, रङ्गशाला र अन्य भवनहरू, कमला नदीमाथि पुल, शाही नेपाल वायु सेवा निगमको भवन, गण्डकी कृषि विकास कार्यालय खैरेनीटार (तनहूँ) आदि हुन्। ती बाहेक उक्त कम्पनीले धेरै सडक, भवन, पुल आदि निर्माण गरेको छ।

अरू उद्योग

वि. सं. २०२२ को औद्योगिक गणनामा औद्योगिक क्षेत्र भित्र र बाहिर स्थापित उद्योगहरूको छुट्टै लगत राखेको पाइँदैन तापनि काठमाडौं जिल्लामा जम्मा उद्योग संस्था १८३, कुल कामदार संख्या २,०१४, तिनमा कुल लगानी रू. १,७७,७५,०००। र तिनको कुल वार्षिक उत्पादन रू. २,५१,९७,०००। बराबरको भएको देखिएको छ। केन्द्रीय तथ्याङ्क विभागः औद्योगिक गणना, २०२२ अनुसार यी उद्योगहरूको प्रमुख वर्गीकरण निम्नप्रकार थियोः–

धान–चामल	पीठो–तेल	छापाखाना	काठका फर्निचर	कपडा र धागो	मर्मतको काम	अरू विभिन्न
७१	२१	१९	२४	७	१७	२४

उक्त २०२२ को औद्योगिक गणनाले ७१ वटा चामल कुट्ने प्रतिष्ठानहरू देखाएकोमा २०२८ सालको एक प्रकाशन[1] अनुसार यिनको संख्यामा शत प्रतिशतभन्दा बढी (७९ वटा) वृद्धि भई कुल संख्या १५१ पुगेको देखिन्छ। यी मध्ये १४५ वटा एक देखि १५ घोडा शक्ति क्षमता भएका र अरू छवटा मात्र १६ देखि ३० घोडा शक्ति भएका चामल मिलहरू थिए। आर्थिक वर्ष २०२९।३० मा आएर यिनीहरूको संख्यामा अरू १२ वटा वृद्धि भएर १६३ पुगेको पाइएको छ। तर जिल्लाको औद्योगिक संस्थानहरूको सबैभन्दा पछिको स्थिति अन्तःशुल्कको तथ्याङ्कबाट पाइन्छ। अन्तःशुल्क लागेको आधारमा जिल्ला स्थित औद्योगिक प्रतिष्ठानहरूको आर्थिक वर्ष २०२९।३० को वर्गीकरण अन्तःशुल्क विभागले निम्नप्रकारले गरेको छः–

1. Rice Marketing in Nepal, 2028

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लामा अन्तःशुल्क तिर्ने उद्योगहरू

उद्योग किसिम	संख्या	(रू. हजार)
अन्तःशुल्कको दृष्टिकोणले फ्लायट रेट लागेका चामल मिलहरू	१६३	४६
अन्तःशुल्कको दृष्टिकोणले फ्लायट रेट लागेका तेल मिलहरू	१९	९
२५ घोडा शक्तिभन्दा माथिका चामल मिलहरू	६	
गञ्जी, मोजा आदिका कारखाना	३	३
स-मिल (आरा-कल)	५	०.६
कन्फेक्सनरी (टफी, चकलेट आदि)	६	०.९
बिस्कुट	१	२४९
डिष्टीलरी (रक्सी उद्योग)	२	१४८१
ईंटको चिम्नी भट्टा	७	७
बिडी उद्योग	२	६
जम्माः–	२१४	१८,०२.५

यसरी जिल्लाका जम्मा २१४ वटा अन्तःशुल्क तिर्ने उद्योगहरूमध्ये संख्याको दृष्टिले चामल मिलहरूको संख्या १६३ (कुलको ७६.७ प्रतिशत) भए तापनि राजस्वको दृष्टिकोणले यिनको विशेष आर्थिक महत्व देखिंदैन, किनभने जिल्लाका उद्योगहरूबाट उठेको कुल राजस्व रू. १८,०२,०००। को तुलनामा यिनीहरूबाट उठेको राजस्व केवल रू. ४६,०००। (अर्थात २.५ प्रतिशत) मात्र देखिन आएको छ ।

उता संख्याको दृष्टिले जिल्लाका दुईवटा डिष्टिलरीहरू कुल उद्योग संख्याको एक प्रतिशतभन्दा पनि कम छन्, तर जिल्लामा उठेको कुल अन्तःशुल्कको ८२ प्रतिशतभन्दा बढी राजस्व तिर्ने दुई वटा डिष्टिलरीहरूबाट आएको देखिन्छ। अन्तःशुल्कको दृष्टिले डिष्टिलरीहरूभन्दा दोस्रो स्थान बिस्कुट उद्योगको छ, यद्यपि संख्यामा त्यो पनि एउटा मात्र छ। यस जिल्लाका गाउँ पञ्चायत क्षेत्रमा पनि केही उद्योगहरू रहेका छन्।

घरेलु उद्योग

घरेलु उद्योग विभागको काठमाडौं स्थित केन्द्रीय कार्यालयमा हस्तकला, डिजाइन शाखा र उत्पादन शाखा आदि छन्। उत्पादन शाखामा जुत्ता, फर्निचर, चिनियाँ माटाका भाँडा–वर्तन, कपडा आदि उद्योगका विभिन्न पक्षको तालीम दिइन्छ। यो बाहेक काठमाडौंको केन्द्रीय कारागार कारखाना पनि आर्थिक वर्ष २०१७।१८ सालदेखि यस विभाग अन्तर्गत सञ्चालित गरिएको छ र यसले कैदीहरूलाई तालीम दिन्छ।

आर्थिक वर्ष २०२८।२९ र २०२९।३० मा घरेलु उद्योगको उत्पादन शाखाले र उक्त कारागार कारखानाले क्रमशः १३८ र ५० व्यक्तिलाई तालीम दिएको थ्रो क्रमशः रू. ११,६०,९७०। र रू. २०,१८,३००। मूल्यका सामान उत्पादन गरेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. २०२८ मा साना उद्योग विकास निगम स्थापना हुनुभन्दा अघिसम्म यसै विभागले साना र घरेलु उद्योगहरूलाई आर्थिक ऋण, सल्लाह परामर्श, प्राविधिक सहयोग आदि पनि प्रदान गर्ने गरिआएको थियो। उक्त विभागको तथ्याङ्कअनुसार २०१३ सालदेखि २०१८ सालसम्म कारीगरी सहायता फाँटद्वारा ऋण प्राप्त घरेलु उद्योगहरूको संख्या १०० र आर्थिक वर्ष २०१९।०२० देखि २०२३।०२४ सम्म विभागले ऋण-प्रदान गरेको उद्योगहरूको संख्या १४२ थिए। आर्थिक वर्ष २०२४।०२५ देखि २०२८।०२९ सम्ममा यस्ता ऋण प्राप्त गर्ने घरेलु उद्योगहरूको संख्या १०८ थियो।

आर्थिक वर्ष २०२९।०३० मा एक सानो उद्योग विकास निगम को स्थापना भयो र घरेलु उद्योग विभागले गरिआएको आर्थिक सहयोग कार्यभार उक्त निगममा सऱ्यो। पछि यो निगम नेपाल औद्योगिक विकास कर्पोरेशनमा गाभिएपछि स-साना उद्योगको क्षेत्रमा ऋण लगानी कार्यक्रम नेपाल औद्योगिक विकास कर्पोरेशनमा सऱ्यो। यस कर्पोरेशनले २०३० सालसम्ममा साना उद्योगहरूको क्षेत्रमा यस जिल्लामा रू. ८,५०,०००। लगानी गरी २२ वटा उद्योगहरू खोलनमा सहयोग पुऱ्याएको थियो र यी २२ वटा उद्योगहरूमा कुल २७४ व्यक्तिको निम्ति रोजगारीको व्यवस्था भयो। सम्वत् २०३० सालपछि घरेलु उद्योगको व्यवस्था पुनः घरेलु उद्योग विभागमा सऱ्यो र अरू उद्योगलाई ऋण दिने सुविधा नेपाल औद्योगिक विकास कर्पोरेशनमै कायम रह्यो।

औद्योगिक क्षेत्र

अधिराज्यका अधिकांश जिल्लाहरूमा औसत ९० प्रतिशत सक्रिय जनता कृषिमा निर्भर रहेको पाइन्छ, तर २०२८ सालको जनगणनाअनुसार यस जिल्लामा करीब ५३ प्रतिशत मात्र कृषि, माछापालन आदिमा लागेको देखिँदा कृषि बाहेक अन्य पेशामा लाग्ने जनसंख्याको अनुपात यहाँ धेरै बढी भएको कुरा स्पष्ट छ। तर कृषि बाहेक अन्य पेशामा लागेका लगभग ४७ प्रतिशत जनसंख्यामध्ये जनगणनाअनुसार गरिएको "उत्पादन र श्रम" वर्गीकरणमा १९,०४० (करीब १६ प्रतिशत) परेका छन्।

निजी वा सरकारी क्षेत्रमा उद्योगहरूको स्थापना र विकासको लागि ऋण प्रदान गर्ने केही प्रमुख वित्तीय संस्थाहरू निम्नबमोजिम छन्:–

औद्योगिक सेवा केन्द्र

नेपाल औद्योगिक विकास कर्पोरेशन (ने. औ. वि. क.): निजी क्षेत्रहरूलाई उद्योग-धन्धापट्टि आकर्षण गर्नलाई प्रदान गर्नु पर्ने सुविधा सहूलियतमध्ये पूँजी ऋणको एक प्रमुख स्थान हुन्छ। साथै आधुनिक उद्योगको तरीका र प्रविधिहरू साधारण जनताहरूको निम्ति जटिल र दुर्बोध्य हुने हुनाले उद्योगहरूको स्थापना गर्नु अघि आवश्यक बजार सर्वेक्षण, सम्भाव्यता अध्ययन, साधन उपलब्धि आदिको क्षेत्रमा सहयोग पुऱ्याउने संगठनको कमीको पूर्ति गर्ने उद्देश्यले वि. सं. २०१६ मा स्थापित नेपाल औद्योगिक विकास कर्पोरेशनको यस जिल्लास्थित केन्द्रीय कार्यालयले ठूलो भूमिका खेलेको छ। वि. सं. २०२५ मा स्थापित साना उद्योग विकास निगम पनि हाल यसैमा गाभिएको छ र अघि अघि मझौला र ठूला उद्योगमा मात्र ने. औ. वि. क. को कार्य क्षेत्र सीमित भएकोमा उक्त गाभ्ने कामपछि साना उद्योगको क्षेत्रमा पनि यो निगमले प्राविधिक सल्लाह र ऋण सुविधा प्रदान गर्ने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

औद्योगिक सेवा केन्द्रः औद्योगिक विकासलाई अझ बढी गतिशील पार्न आवश्यक हुने विभिन्न औद्योगिक सेवा उपलब्ध गराउन गठन भएको उक्त केन्द्रको प्रधान कार्यालय यो जिल्लामा रहेको छ। उक्त केन्द्रले उद्योगहरूको सम्भाव्यता अध्ययन गर्ने, उद्योग व्यवस्थापन सम्बन्धी तालीमको व्यवस्था गर्ने, उद्योगहरूको प्रवर्द्धनको लागि सरसल्लाह दिने, लगानीकर्ताहरूलाई सुहाउँदो परियोजनाहरूको जानकारी दिने, औद्योगिक क्षेत्रहरूको सम्भाव्यता अध्ययन, प्रवर्द्धन तथा व्यवस्थापनमा सहयोग गर्ने, औद्योगिक नीतिको प्रभाव र सोमा गर्नु पर्ने आवश्यक परिवर्तन सम्बन्धमा श्री ५ को सरकारलाई राय सल्लाह दिने तथा अनुरोध गर्ने आदि कार्यहरू गर्ने गर्दछ। उक्त केन्द्रले विभिन्न सेवाहरू उपलब्ध गरे बापत आफ्ना ग्राहकहरूसँग दस्तूर लिने गर्दछ।

पर्यटन उद्योग

देशको पर्यटन उद्योगमा यो जिल्लाको प्रमुख भूमिका रहेको छ। प्रशान्त क्षेत्रिय पर्यटन संघ (प्यासिफीक एरिया ट्राभल एसोसियशन) को एक अध्ययन बमोजिम "सुन्दर प्राकृतिक दृष्यावली" "मानवका सुन्दर सृजनाहरू" तथा "मित्रवत्सल जनता" नै यहाँका प्रमुख पर्यटक आकर्षणहरू हुन गएका देखिन्छन्। यीमध्ये प्रथम दुई आकर्षणहरू प्रदान गर्नमा यस जिल्लाले मुख्य भूमिका खेलेको र तेस्रो आकर्षणको क्षेत्रमा पनि यसको निकै उच्च स्थान रहेकोमा प्रायः सबैको एकै मत छ। हिन्दू तथा बौद्ध धर्मका कतिपय प्रख्यात केन्द्रहरू केन्द्रित भएकोले धार्मिक पर्यटनमा समेत यो जिल्लाले प्रमुख स्थान ओगटेको स्पष्ट छ। यो बाहेक भारत तथा अन्य देशहरूसँग सोझै हवाइ सम्पर्क हुने नेपालको एकमात्र जिल्ला काठमाडौं भएकोले पनि जुनसुकै दृष्टिकोणले नेपालमा पर्यटकहरू आउने भए तापनि काठमाडौं नै तिनीहरूको प्रमुख प्रवेशद्वार हुने हुँदा यहाँ पर्यटन उद्योगको तीव्र गतिले विकास भएको हो र हाल यसै उद्योगलाई नै काठमाडौं जिल्लाको प्रमुख उद्योग मान्नु अत्युक्ति हुने छैन। वि. सं. २०१९ सालमा ६,१७२ मात्र पर्यटक आएको तुलनामा २०२४ सालमा १८,०९३ र २०२९सालमा पर्यटक संख्या ६६,००० पुगेको अर्थात् १० वर्षमा करीब १० गुणा पर्यटक बढेको छ।

वि. सं. २०२४ मा पर्यटन संख्या १८,०९३ र पर्यटनबाट रू. ६०,५०,०००। बराबरको विदेशी मुद्रा आर्जन भएको थियो भने २०३० सालमा पर्यटकहरूको संख्या ६८,००० र रू. ५,४४,८३,०००। बराबरको विदेशी मुद्रा आर्जन हुन गएको थियो। यसरी २०२४ देखि २०३० सालसम्ममा जम्मा ३०,०६,३१४ पर्यटकहरू आएका थिए र पर्यटनद्वारा रू. १३,१९,९७,०००। बराबरको विदेशी मुद्रा आर्जन भएको थियो। उपर्युक्त तथ्याङ्कहरू पर्यटन विभाग र राष्ट्र बैंकका अभिलेखहरूमा आधारित छन्।

यसरी वर्षेनी औसत ३८ प्रतिशत पर्यटकहरू बढेको साथै पर्यटकहरूबाट भएको आम्दानी पनि रू. ६०,५०,०००। बाट सात वर्षमा बढेर रू. ५,४४,८३,०००। (झण्डै नौ दोब्बर) बढेको देखिन्छ। उक्त पर्यटकहरूमध्ये सरदर ४.७४ प्रतिशत सरकारी काममा, ७३.७२ दृश्यावली हेर्न, १४.८० प्रतिशत अध्ययन र अन्वेषण आदिको निम्ति तथा २.४ प्रतिशत व्यापारको निम्ति र बाँकी पर्वतारोहण र तीर्थयात्राको निमित्त आएका देखिन्छन्। सरकारी काममा आउने र दृश्यावली हेर्न आउनेहरूको लक्ष्य काठमाडौं मै सीमित हुने अनुमानको आधारमा देशको अन्य स्थानलेभन्दा काठमाडौंले अत्यधिक संख्यामा पर्यटकहरूलाई आकर्षित गरेको पनि स्पष्ट छ।

पर्यटनको यो द्रुतगतिको विकास सँगसँगै हवाइ-सेवा, ट्राभल ऐजेन्सी, होटल, ट्याक्सी सेवा आदिको संख्या काठमाडौंमा आज जुन गतिले बढ्दै छन् त्यो दश वर्ष अघिसम्म पनि अप्रत्याशित थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्यटन उद्योगको विकासको साथै होटेल, हवाइ-सेवा तथा ट्राभल एजेन्सीमा नियुक्त कर्मचारीहरूको रूपमा सोझै रोजगारी पाउने व्यक्तिहरू त छदैछन्, तो बाहेक रिक्सा, ट्याक्सी र बस सञ्चालन गर्नेहरू, तरकारी, फलफूल आदिको खेती गर्नेहरू, कुखुरा र हाँसका फुल तथा मासुको व्यापार गर्नेहरू, पर्यटक पथ-प्रदर्शक (गाइड) को व्यवसाय अपनाउनेहरू, क्यूरियो तथा हस्त शिल्प उद्योगमा लागेकाहरू, प्याकिङ तथा फर्वाडिङ कम्पनीहरू, ईंट र सिमेन्ट पाइप जस्ता निर्माण सामग्री तथा सजावटका सामग्री बेच्नेहरू, फर्निचर उद्योगमा लागेकाहरू र साथै सिकर्मी, डकर्मी, धोबी, नाउ, कूचिकार आदि सयौं किसिमका पेशेवार व्यक्तिहरूलाई यस पर्यटन उद्योगले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रोत्साहित गर्ने हुनाले र फाइदा पुऱ्याउने हुनाले पनि यस जिल्लाको अर्थ व्यवस्थामा यसले अति महत्वपूर्ण भूमिका खेलेको छ भन्न गाह्रो पर्दैन ।

पर्यटन उद्योगद्वारा देशले आर्थिक वर्ष २०२५।०२६ मा कमाइ गरेको विदेशी मुद्रा एक करोड पनि नपुगेकोमा पाँच वर्ष भित्रै बढेर पाँच करोड, ४४ लाख ८३ हजार पुगेको (अर्थात् ५०० प्रतिशतभन्दा पनि बढी वृद्धि भएको) तथ्य माथि नै उल्लेख भइसकेको छ। संक्षेपमा भने हो भन्ने काठमाडौं जिल्लामा (साथै सम्पूर्ण देशमा पनि) यो उद्योग व्यापक र महत्वपूर्ण हुँदै जाने कुरामा कुनै शङ्का छैन।

ट्राभल एजेन्सीहरू

काठमाडौंमा खुलेका ट्राभल एजेन्सीहरूको संख्या वि. सं. २०२१ सालसम्म पाँच वटा खुलेका ठाउँमा सोभन्दा पछि औसत वर्षमा एकभन्दा बढीको दरले खुलेको छ । लगानी पनि हरेक वर्ष करीब १० प्रतिशतको दरले वृद्धि भएको औ कर्मचारी १४३ बाट २०८ पुगेकोबाट यो उद्योगले गर्दै आएको प्रगति स्पष्ट हुन्छ ।

होटेलहरू

पर्यटन उद्योगको विकासमा होटेलको महत्वपूर्ण भूमिका रहन्छ। विदेशी पर्यटकहरूको संख्या बढ्दै गएअनुसार गत एक दशकमा यहाँ होटेलहरूको संख्यामा पनि ठूलो वृद्धि भएको छ । काठमाडौंमा आधुनिक सुविधाहरूयुक्त केही प्रमुख होटेलहरूको नाम, स्तर र पलङ संख्या निम्नबमोजिम छः-

होटेल सम्बन्धी तालिका

नाम	स्तर	पलङ संख्या
१. साल्टा ओबेराय	५ तारे	२२०
२. अन्नपूर्ण	४ तारे	१९६
३. शङ्कर	३ तारे	११२
४. क्रिष्टल	३ तारे	१०५
५. पानोरामा	२ तारे	५१
६. स्नो भ्यू	२ तारे	३६
७. ब्ल्यू ष्टार	२ तारे	१५५
८. ग्रीन	२ तारे	१८
९. माउण्ट मकालु	२ तारे	४०
१०. मनासलु	२ तारे	५५
११. दि नुक	२ तारे	३८
१२. पारस	१ तारे	३५
१३. क्याम्प होटेल	१ तारे	४५
१४. होटेल के. टी.	१ तारे	३२
१५. काठमाडौं गेष्ट हाउस	१ तारे	८५
	जम्माः-	१,२२३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त १५ होटेलहरूमध्ये पाँच तारे एक, चार तारे एक, तीन तारे दुई, दुई तारे सात र एक तारे चार वटा छन् र तिनीहरूमा रहेको कुल पलङ संख्या १,२२३ छ। यहाँ पहिलेदेखि रहेका स्तर नखुलेका होटेलहरू र एलो प्यागोडा जस्ता भर्खरै खुलेका स्तरीय होटेलहरू उपर्युक्त तालिकामा परेका छैनन्। तसर्थ काठमाडौंमा सबै किसिमका होटेलहरूको जम्मा पलङ संख्या १,२२३ भन्दा निक्कै नै बढी हुने अनुमान गर्न सकिन्छ। हाल सञ्चालन भइरहेका होटलहरू बाहेक हाल निर्माण भइरहेका र निकट भविष्यमा सञ्चालन हुने होटलहरूमा एउटा पाँच तारे, तीन वटा तीन तारे र एघार वटा दुइ तारे होटेलहरू पनि छन्। यसरी निकट भविष्यमा यहाँ स्तरीय होटेलहरूको संख्या झण्डै दोब्बर हुन जाने देखिन्छ। निर्माणाधीन स्तरीय होटेलहरूमा झण्डै ११ करोडको लगानी हुने र ती होटेलहरूमा डबल र सिंगल गरी करीब ८०० पलङहरू रहने अनुमान गरिएको छ।

गत कतिपय वर्षहरूमा यूरोप, अमेरिका आदि देशहरूबाट कम खर्चमा पर्यटन गर्ने व्यक्तिहरू पनि काठमाडौमा प्रशस्त आइरहेछन्, जो साधारणतः ठूला होटेलहरूमा बस्दैनन्। यिनीहरूको निम्ति सुहाउने र सस्ता "लज" हरू पनि यहाँ प्रशस्त खुलेका छन् र दिनहुँ झैं खुलिरहेको देखिन्छ। नेपाल औद्योगिक विकास कर्पोरेशनले गरेको एक सर्वेक्षणको आधारमा वि.सं. २०३० सालमा काठमाडौंमा मात्र बढीमा ७० पलङ र घटिमा १० पलङ भएका साना-ठूला ५४ लजहरू खुलिसकेको पाइएको थियो जसको संयुक्त क्षमता १,१७६ पलङहरू थिए। दशवर्षअघि सम्म यस्ता लजहरूको संख्या औंलामा गन्न सकिन्थ्यो।

तारा गाउँ

नेपाल महिला संगठनले काठमाडौं शहरभन्दा पाँच किलोमिटर उत्तर पूर्व-बौद्ध नजीकै तारा गाउँ "भिलेज" नामक एक रिजर्ट होटेल शुरू गरेको छ। हाल उक्त परियोजनाको प्रथम चरण सम्पन्न भएको छ। करीब ३०० रोपनी जमीनमा फैलिएको उक्त योजनामा ५० वटा घरहरू बन्न लागेका छन् र नेपाली कलाकृति, साजसज्जा आदिले युक्त सो "गाउँ" विदेशी पर्यटकहरूलाई नेपाली जनजीवन, रहन-सहन र ग्रामीण परिवेशको परिचायकको रूपमा सिर्जना गर्ने नेपाल महिला संगठनको उद्देश्य देखिन्छ। त्यहाँ एउटा सभागृह, एक पल्टमा १०० जना अटाउने र नेपाली खानपिनसित विदेशीहरूलाई परिचय गराउने एउटा "भान्साघर", एउटा क्यूरियो पसल आदि रहने छन्।

पर्यटन योजनाहरू

चौथो योजनाकालमा काठमाडौंमा चार र पाँच तारे होटलहरूमा ६०० पलङहरू, तीन तारे होटलहरूमा १,२०० पलङहरू र दुई तारे होटलहरूमा ८०० पलङहरू गरी जम्मा २,६०० पलङहरू थप गर्ने कार्यक्रम छ। पर्यटन सम्बन्धी एक गुरु योजना पनि तयार गरिएको छ। होटल र पर्यटन तालीम केन्द्र खडा गरिएको छ र "कष्टचूम अफ नेपाल" सम्बन्धी एउटा स्थायी प्रदर्शनी केन्द्र खडा गरिने भएको छ।

व्यापार

परापूर्वकालदेखि नै व्यापारको क्षेत्रमा काठमाडौंले ख्याति कमाएको थियो भन्ने कयौं प्रमाण पाइन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ईसा पूर्व चौथो शताब्दीमा कौटिल्यले यस क्षेत्रबाट गलैंचाहरू, कम्बलहरू, छाला तथा हड्डीहरू मौर्यकालीन भारतमा आयात गरिएको उल्लेख गरेका छन्। यहाँ कसैले जमीन खन्ने जोत्ने गरेको वा अन्नको खेती गरेको सुनिदैंन भनेर तिनले यो क्षेत्र व्यापारको निमित्त मात्र प्रख्यात थियो भन्ने तिर इङ्गित गरेका छन्। चिनियाँ यात्रु वाङ हुएनत्सेले "व्यापारीहरू अनगिन्ती छन्, किसानहरू थोरै", भनी काठमाडौंको वर्णन गरेका थिए। अर्को चिनियाँ यात्री युहान च्वाङको भनाईमा भारत र तिब्बत बीचको व्यापार काठमाडौंका व्यापारीको हातमा थियो र चामल, दाल, फलफूल, तामा, पित्तल र गाईवस्तुको किन–बेच यहाँ हुने गर्दथ्यो।

प्राचीनकालमा एकताका काठमाडौंको मुख्य शहर गोकर्ण थियो र यहाँबाट चौतारा, कोदारी, तिब्बत क्षेत्रको कुती हुँदै ल्हासामा व्यापारीहरू आउने जाने चलन वि.सं. ६५७ सम्म रहेको थियो। करीब एक हजार वर्ष पछि त्रिशूली बजार र श्याफ्रुको बाटो भएर केरुङ र केरुङजोङ हुँदै ल्हासा पुग्ने दोस्रो बाटो खुल्यो।[1]

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले जयप्रकाश मल्लसँग कान्तिपुरको व्यापार सजिया रूपमा गर्न वि. सं. १८१४ मा सम्झौता[२] गरेका थिए। काश्मिरी मुसलमानहरूले यहाँ आएर हाल रानी पोखरी मसजीद भएको ठाउँमा पसल खोलेर बसेको कुरा केपुचिन पादरीले ई. १७२२ मा देखेका थिए। भारतका ब्रिटिश गभर्नरलाई टामस र स्वाल्डले "नेपालको व्यापार गोरखालीहरूले गर्दा बन्द भएको छ र जयप्रकाशलाई सघाए कम्पनीलाई धेरै फाइदा हुनेछ" भनी सन् अप्रिल १८, १७६८ मा चिट्ठी लेखेका थिए। उपर्युक्त तथ्यहरूबाट यहाँको प्राचीन व्यापारिक महत्व स्वतः सिद्ध भएको देखिन्छ।

तिनताक भारतका व्यापारीहरू यहाँ गर्मीमा आउने गर्थे तर उनीहरूलाई धेरै दिन बस्न दिइदैनथ्यो। वास्तवमा भारतसित व्यापार निक्कै वृद्धि भएको त सत्रौं शताब्दीपछि मात्र हो। उता तिब्बती व्यापारीहरू यहाँ हिउँदमा मात्र झर्थे। यसो हुँदा काठमाडौंले ती दुई देश बीचको व्यापारमाथि पूर्ण नियन्त्रण राखेको थियो।

काठमाडौंको मध्यकालीन व्यापारिक इतिहास बुझ्नलाई प्रताप मल्लको समयतिर (१६९८–१७३१) फर्कनु पर्छ। तिनका काजी भीममल्लले कुती र केरुङ कब्जा गरी आधि बढ्न लाग्दा गरिएको नेपाल तिब्बत व्यापार सम्झौता बमोजिम तिब्बतले नेपालको बाहेक अरू बाटो प्रयोग गरी व्यापार गर्न नपाउने व्यवस्था थियो।[3] तिब्बतले नेपालको टक्क चलाउनु पर्ने शर्त त्यसमा थियो र त्यहाँ नेपालीहरूले बिना भन्सार व्यापार गर्न पाउने भएका थिए। पछि–पछि यी काश्मीरी मुसलमानहरू, भारतीय गोसाई र सन्यासीहरू आदिले नेपालीहरूको हातबाट लान लागेको तिब्बतको व्यापार माथि पुनः नेपालीहरूको प्रधान्य कायम गर्ने श्रेय श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई जान्छ। "देशका व्यापारीहरू आया भन्या मुलुक कङ्गाल गराई छाड्न्याछन्", "उप्रान्त देशका महाजनलाई गोडप्रसाई (गढपर्सा) बाट उँभो आउन नदिनु "तथा" देशका कपडा लाउनलाई मनाही गरिदिनु" आदि अमरवाणीमा[४] श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको राष्ट्रिय दृष्टिकोण स्पष्ट हुन्छ। त्यही राष्ट्रिय दृष्टिकोणबाट प्रेरित भई श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले इष्ट इण्डिया

1. Road Feasibility Study, Reconnaisance Survey, Part A Report, December 1970, Fig. 1. (Historic Routes and Towns)
२. बाबुराम आचार्य–श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, पृष्ठ ३०२
3. Mahesh Chandra Regmi—A Study in Nepali Economic History, p. 24
४. बाबुराम आचार्यको माथि उल्लिखित किताब पृष्ठ ६६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कम्पनीको काठमाडौंसँग व्यापार सम्झौता गर्ने कैयौं प्रयासहरू विफल पारिदिए। तिनले तिब्बतको व्यापार सञ्चालन गर्न कलम वनका चेला सन्यासीहरूलाई र काश्मीरी मुसलमानहरूलाई साथ लिएका थिए र ल्हासामा हरिदेव पण्डितलाई वाणिज्यदूत नियुक्ति गरेका थिए ।[१] सन् १९७२ मार्च १ (वि. सं. १८६९)मा उक्त कम्पनीसँग एउटा सम्झौता भयो र कर्णेल कर्कप्याट्रिकलाई व्यापार सम्बन्ध बढाउने उद्देश्यले अंग्रेजहरूले काठमाडौं पठाएको पनि हो, तर नेपालले उति चासो नदेखाएकोले आफ्ना पूर्वज जेम्स लोगन झैं कर्कप्याट्रिक पनि असफल भए। त्यसपछि मौलवी अवदुल कादिर नामक बङ्गाली मुसलमानलाई अंग्रेजहरूले यहाँ पठाए। पछि काठमाडौंको दरबारीया झै–झगडाको फाइदा उठाएर कम्पनी सरकारको अधिकारीले बनारस स्थित स्वामी महाराज रणबहादुर शाहसँग काठमाडौंमा चौअन्नी कोठी खोल्ने इजाजत पनि मागे पछि दामोदर पाण्डेको प्रयासबाट सन् १८०१ (वि. सं. १८५८)मा एक व्यापार सम्झौतामा हस्ताक्षर भयो ।[२] उक्त सन्धि पछि ब्रिटिश रेजिडेन्ट भई आएका क्याप्टेन नक्सलाई पनि केही महीना पछि नै अंग्रेजहरूले फिर्ता बोलाउनु पर्‍यो।

प्राचीन र मध्यकालमा कान्तिपुरका लसुन, खुर्सानी, लप्सी, हस्तिहाडका सामान, दारका फुरा, खाद्यान्न आदि सित तिब्बतका चौंरी, भेडा, चमर, बुकी सुन (मङ्गोलियाको) र खारिएको सुन, नून, कस्तूरी, हरिताल आदिको सटही व्यापार हुन्थ्यो । कान्तिपुरहरूले केरुङ, कुती र ल्हासामा मण्डीहरू खोलेर कोठीहरू स्थापित पनि गरेका थिए र यहाँका शाक्य र उदासहरूलाई ल्हासामा "३२ कोठीको महाजन" भनिन्थ्यो।

वि. सं. १९१३ (सन् १८५६) मा काठमाडौंले ल्हासासँग गरेको अर्को एक सम्झौताको आधारमा पनि तिब्बतको व्यापारमा नेपालीहरूकै बोलवाला भइरहेकै थियो ।[3] तर वि. सं. १९६१ (सन् १९०४) मा ब्रिटिश-भारत र तिब्बत बीचको एक सम्झौता अन्तर्गत ती दुई देशको बीच कालिम्पोङको बाटो भएर व्यापार चलन शुरू भएपछि काठमाडौंको व्यापारिक महत्व घटेर गयो । साथै वि. सं. १९७३ (सन् १९१६) को अर्को एक ब्रिटिश-नेपाल सम्झौता अन्तर्गत काठमाडौंमा भारतीयहरू निर्बाध आउ-जाउ गर्न पाउने भएपछि त भारतबाट आएर बसोबास गर्ने व्यापारीहरूले फेरि नेपालीहरूको परम्परागत व्यापार बिस्तारै हत्याउँदै लगे।

निचोडको रूपमा के भन्न सकिन्छ भने भारत र तिब्बत बीचको व्यापारमाथि कैयौं शताब्दीसम्म काठमाडौंको एकाधिकार हुनमा यहाँको भौगोलिक स्थितिले पनि ठूलो सघाउ पुऱ्याएको थियो । यसरी उत्तर-दक्षिणको व्यापारमा काठमाडौं एक मुख्य कडी भएर आएको दीर्घकालीन परम्परा पाइन्छ तापनि अधिराज्यको पूर्व-पश्चिम व्यापारमा चाहिं यसको देन नगण्य नै रहिआएको छ, जसको निमित्त यातायातको कमी एक मुख्य कारण भइदियो। आज पनि काठमाडौंको व्यापार पूर्व र पश्चिमका केही जिल्लाहरूसम्म मात्र सीमित छ, यद्यपि उत्तरमा चीनको तिब्बती क्षेत्र र दक्षिणमा भारतसँग यसको प्रशस्तै व्यापार हुन्छ ।

वर्तमान स्थिति

हालको काठमाडौं जिल्लाको व्यापारलाई निम्न दुई खण्डमा विभाजित गर्न सकिन्छः–

(१) स्थानीय खाद्यान्न तथा काँचो मालहरूको थोक र खुद्रा बिक्री वितरण

(२) पैठारी गरिएका उपभोग्य, निर्माण तथा अरू सामानहरूको थोक र खुद्रा बिक्री वितरण

१. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६९३

२. भीमसेन थापा र तत्कालीन नेपाल चित्तरञ्जन नेपाली, पृष्ठ ७३

3. Walter Liefer, "Himalaya, Mountains of Destiny, p. 46

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम थरीको व्यापार मुख्यतः सागपात उमार्ने किसानहरू अथवा टोपी, घरबुना कपडाहरू आदि जस्ता घरेलु उद्योगमा लागेका व्यक्तिहरू गर्छन् र यिनमा थोक र खुद्रा व्यापार हतपत छुट्टिंदैन तर भारत वा विदेशबाट झिकाइने सामानहरू भने तोकिएका थोक व्यापारीहरूले झिकाएर खुद्रा पसलहरू मार्फत बिक्री वितरण भएको साधारणतः पाइन्छ र यिनलाई दोस्रो थरीको व्यापार भने हुन्छ।

यातायातको क्षेत्रमा गोरु-गाडा वा राँगा-गाडा आदि यो जिल्लामा नपाइने विशेषता भए झैं व्यापार-को क्षेत्रमा साप्ताहिक वा पाक्षिक हाट लगाउने चलन शून्यप्राय हुनु पनि यो जिल्लाको विशेषता माने हुन्छ। यसबाट पनि जिल्लाको अर्थ व्यवस्थाले ग्रामीण परिपाटीबाट शहरी परिपाटीमा प्रवेश गरिसकेको अन्दाज गर्न सकिन्छ।

जिल्लाको व्यापारिक जीवनमा यहाँका सडकहरूको दोहोरो असरपरेको तथ्य पनि यहाँ उल्लेख गर्नु उचित छ। किनभने, परम्परागत व्यापारिक बाटोहरू परित्याग गरिनाले एकातिर कीर्तिपुर, जितपुर फेदी आदि जस्ता कैयौं पुराना व्यापारका केन्द्रहरू सुक्तै गएका छन् भने अर्कातिर सडक-निर्माणको फलस्वरूप जन्मेका र विकसित भइरहेका बालाज्यू, कालीमाटी आदि बजारहरू पनि उल्लेखयोग्य भएका छन्।

व्यापारको क्षेत्रमा यहाँ देखिएको अर्को एउटा विशेषता पनि उल्लेखयोग्य छ। सो के भने तीनवटा जिल्ला (काठमाडौं, भक्तपुर, ललितपुर) को संगम स्वरूप यो उपत्यकाका तीन शहर काठमाडौं, पाटन र भादगाउँ ती जिल्लाका सदरमुकाम पनि हुन् र प्रमुख बजार पनि। तर एकातिर भौगोलिक दृष्टिले काठमाडौं-भन्दा पाटन नजीकै परे तापनि यातायातको सुविधा हेरेर कीर्तिपुरेहरू काठमाडौंमै बजार गर्न आउछन् भने अर्कोतिर भक्तपुर जिल्ला अन्तर्गत पर्ने ठिमीलेहरूको निमित्त भक्तपुर काठमाडौंभन्दा धेरै नजीकै पर्ने भएपनि व्यापारको निमित्त तिनीहरूले काठमाडौं धाउन नै रुचाएको पनि देखिन्छ। एक अर्काको अति निकट भएकोले ती तीन शहर-हरूमध्ये कसको प्रभाव क्षेत्र कहाँ टुङ्गिन्छ र कहाँ अर्काको शुरू हुन्छ भन्न पनि साधारणतः गाह्रो हुन जान्छ।

साथै अर्को कुरो, बस सेवाहरू बढी पाइने, अस्पताल, विद्यालय र महाविद्यालयहरू बढी भएको, बजार ठूलो हुनासाथै धेरै थरीका सामानहरू छान्न पाइने, घुमफिर र मनोरञ्जनका साधनहरू बढी पाइने आदि कारणहरूले गर्दा पाटन र भादगाउँलाई छोडेर मानिसहरू काठमाडौं जिल्लाको सदरमुकाम मै किनमेल गर्न धाउने प्रवृत्ति पनि बढेको छ र यो प्रवृत्तिले पाटन र भादगाउँलाई भविष्यमा बढी मर्का पार्दै लाने तथा उनीहरूको व्यापारिक ह्रासमा काठमाडौंलाई फलिफाप हुँदै जाने कुराको सङ्केत आजै पनि देखिंदै छ। पाटनको निमित्त चाहिं यो कुरो त्यति लागू नहुन सक्छ किनभने त्यहाँ बढ्दो संख्यामा केन्द्रीय स्तरका सरकारी अड्डाहरू थपिंदै गएकोले र काठमाडौं शहर वरिपरि जमीनको कमी र चर्को मोलको फलस्वरूप आधुनिक घर-बस्तीहरू पाटनतिर फैलिंदै गएकोले तथा औद्योगिक क्षेत्रको स्थापना जस्ता कारणहरूले गर्दा त्यहाँ आर्थिक गतिविधिको ह्रास उत्ति हुन पाएको छैन। तर काठमाडौंभन्दा १३ किलोमिटर पर स्थित भादगाउँ बजारमा यस्तो वातावरण नबनि-सकेकोले आर्थिक गतिविधिको क्रमिक ह्रास हुनु स्वाभाविक भएको छ। भादगाउँभन्दा अझ टाढा काभ्रेपलान्चोक जिल्लाको बनेपा शहरलाई पनि यस्तै मर्का पर्न लागेको सङ्केत यथेष्ट पाइएको छ।

अन्तर क्षेत्रिय व्यापार

त्रिभुवन राजपथ, अरनिको राजमार्ग (काठमाडौं-कोदारी), त्रिशूली सडक, पृथ्वी राजमार्ग (काठ-माडौं-पोखरा), हेटौंडा-नारायणघाट सडक तथा पूर्व-पश्चिम राजमार्गको सीमरा-जनकपुर हिस्सा आदिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माण भएपछि टाढा नजीकका धेरै जिल्लाहरू र त्यहाँका व्यापारिक केन्द्रहरूसँग काठमाडौंको सोझो सम्पर्क बढेको छ। दक्षिणमा बारा, पर्सा, मकवानपुर तथा सर्लाही, महोत्तरी र धनुषा आदि, पश्चिममा धादिङ, नुवाकोट, गोरखा, लमजुङ, र कास्की आदि तथा पूर्वमा सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लासँग बस र ट्रक सेवा प्राप्त भएकोले यस जिल्लासित उक्त स्थानहरूको सम्पर्कमा ठूलो सहयोग भएको छ। पूर्वी पहाडका कतिपय जिल्लाहरू बाट घ्यू, मास-मस्याङ, तोरी, नेपाली कागज आदि अरनीको राजमार्ग भएर काठमाडौं आउछन्। त्यस्तै त्रिशूली-तिरबाट घ्यू, दालहरू र तेलहन, नारायणघाटबाट मकै-तोरी र धान, चामल आदि र काठ-पातहरू, पोखरातिरबाट सुन्तला आदि काठमाडौंमा आइरहेका छन्।

कलकत्ता, व्याङकक र रंगुन जस्ता विदेशी बजारहरूसँग काठमाडौंको सोझै हवाइ सम्पर्क रहेकोले पनि यहाँको व्यापारलाई दिशा-प्रदान गर्नमा हवाइ यातायातले निकै ठूलो सहयोग पुऱ्याएको छ। एकातिर देशका विभिन्न अञ्चल र जिल्लाबाट बटुलिएका गलैंचा, नेपाली कागज, टोपी, दोचा, जुत्ता, खुकुरी, टाङका, पशिमना तथा मूर्ति वा क्यूरियोहरू काठमाडौंबाट सोझै हवाइ-मार्गद्वारा विदेश निकासी बढ्दो मात्रामा गरिंदछ भने अर्कोतिर विदेशबाट विभिन्न उपभोगका बस्तुहरू विभिन्न मुलुकहरूबाट सोझै काठमाडौं ल्याइने र यहांबाट देश-भरमा वितरण गरिने पनि गरिन्छ। यसरी काठमाडौंदेखि हुने आयात निर्यातको निमित्त त्रिभुवन विमानस्थल एक र गोश्वारा हुलाक (वैदेशिक हुलाक) एक गरी दुई ठाउँबाट प्राप्त तथ्याङ्कहरू तल पेश गरिएको छः-

त्रिभुवन विमान स्थलबाट पैठारी भएका सामानहरू (मूल्य रू. हजार मा)

मालको नाम	आर्थिक वर्ष २०२८।०२९ मूल्य रू.	आर्थिक वर्ष २०२९।०३० मूल्य रू.	दुई वर्षको तुलनामा बढा + घटी −
सबै किसिमको मोटरकार आदि	२५,५०	४४,६५	+ १९,१५
रेडियो, टेप रिकर्ड आदि	६,०९	१६,२३	+ १०,१४
राइफल, बन्दूक, पेस्तोल आदि	३,४२	१,४२	− २,०४
टेक्सटाइल गुड्स	१५,२१	१४,९६	− २५
मेशीनरी र पार्ट	८२,३४	१,०४,६७	+ २२,३३
बिजुलीको सामान	९,०८	१२,९५	+ ३,८७
वैज्ञानिक र डाक्टरी सामान	३०,८८	२०,४०	− १०,४८
सबै किसिमको औषधि	४३,५२	११,३६	− ३२,१६
अफिसका सामान	७,५५	१४,४०	+ ६,८५
फोटोग्राफिक सामान	६,५३	१२,६३	+ ६,१०
शृङ्गारको सामान	१,३६	३,४२	+ २,०६
जम्माः-	२,३१,५३	२,५७,१४	+ २५,६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिभुवन विमानस्थलबाट निकासी भएका सामानहरू

(रू. हजारमा)

मालको नाम	२०२८।०२९ मूल्य रू.	२०२९।०३० मूल्य रू.	२०२८।२९को तुलनामा २०२९।०३० को स्तिथि बढी + घटी –
कस्तूरी (विना र धुलो)	३०,२२	१,२०,६८	+ ९०,४६
सुंगुरको जगर	१५,१२	१९,७६	+ ४,६४
क्यूरियो र हस्तकलाको सामान	१७,८२	३८,२५	+ २०,४३
जरीबूटी ममिरा छतिवन आदि	१२,५१	२७,४५	+ १४,९४
गलैंचा कारपेट	४,८८	३,६६	– १,२२
नेपाली तयारी कपडा	१,३३	९५	– ३८
राँगाको पित्त	४१	३५	– ६
भेडा बाखाको काँचो छाला	३,२५	–	– ३,२५
जम्मा:–	८५,५४	२,११,१०	+ १,२५,५६

यी माथिका तथ्याङ्कहरूबाट स्पष्ट हुन आएका कतिपय कुराहरूमध्ये पहिलो कुरो त के देखिन्छ भने देशका अरू जिल्लाको तुलनामा काठमाडौं जिल्लाको गत केही वर्षमा धेरथोर औद्योगिक प्रगति गरेको झैं देखिए तापनि पैठारीको क्षेत्रमा एउटै पनि औद्योगिक काँचो माल नहुनु र सम्पूर्ण तयारी सामान हुनु एक रोचक कुरो हुन आउँछ। अर्को शब्दमा यो जिल्ला औद्योगिक विकासको क्षेत्रमा पछौटे नै छ भन्ने यसबाट स्पष्ट हुन्छ। अर्कोतिर निकासीको तथ्याङ्कले पनि उक्त कुराको नै पुष्टि गर्छ, किनभने निकासीका आठ विभिन्न वस्तुहरूमा गलैंचा, क्यूरियो र नेपाली कपडा गरी तीन थरीका तयारी सामान बाहेक अरू जम्मै औद्योगिक काँचा माल नै जिल्लाबाट विदेश निकासी भइरहेको देखिन आएको छ।

पैठारीका उक्त तथ्याङ्कलाई अरू केलाउँदा के पनि देखिन्छ भने आर्थिक वर्ष २०२८।०२९ को तुलनामा जिल्लामा (वा जिल्ला मार्फत) विदेशी मालको कुल खपतमा २५ लाख ६१ हजार रू. को वृद्धि भएछ अर्थात् त्यही अनुपातमा हामी पैठारीमाथि अझ बढी निर्भर भएछौं। यसरी वृद्धि भएको पैठारी सामानमध्ये प्रमुख स्थान मेशीनरी (मोटरका पार्ट—पुर्जा सहित) लाई, दोस्रो स्थान मोटरकार आदिलाई र तेस्रो स्थान रेडियो, टेपरेकर्डर आदिलाई गएको देखिन्छ। अफिसका सामान र फोटोग्राफिका सामानको पैठारी पनि २०२८।२९मा निक्कै बढेको देखिन्छ। तर पैठारीको अनुपात औषधिमा ३२ लाख १६ हजार घटेको छ। वैज्ञानिक अनुसन्धान र डाक्टरी सामानको पैठारी पनि दोस्रो वर्षमा १० लाख ४८ हजार घटेको छ, तर कपडामा चाहिं केवल रू. २५ हजार मात्र घटेको छ।

निकासीको क्षेत्रमा औद्योगिक उत्पादनको अनुपात उत्साहजनक नभएको माथि उल्लेख भएको छ र एक मात्र क्यूरियो र हस्तकलाका सामान बाहेक अरूको निकासी वास्तवमा दोस्रो वर्षमा घटेको छ। (गलैंचाहरूको निकासी रू. एक लाख ३३ हजारबाट झरेर केवल ९५ हजारमा आइपुगेको छ।) भेडा बाखाको काँचो छालाको निकासी २०२८।२०२९ मा ३,२५,०००। भएको ठाउँमा २०२९।०३० मा हुँदै नभएको चाहिं ती वस्तुहरूको निर्यातमा गरिएको प्रतिबन्धको प्रतिफल हो भनिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निकासी वृद्धिमा प्रथम स्थान कस्तूरीको (रू. ९०,४७,०००। को वृद्धि), दोस्रो क्यूरियोको, तेस्रो जरीबूटीको र चौथो सुंगुरको जगरको देखिन्छ। आर्थिक वर्ष २०२८।०२९ को तुलनामा २०२९।०३० मा जिल्लाको कुल निकासीमा रू. १,२५,५७,०००। को वृद्धि हुन गएको पाइन्छ।

वैदेशिक हुलाकबाट भएको निकासी (रू. हजारमा)

आर्थिक वर्ष	गलैंचा	क्यूरियो	शेर्पा ज्याकेट, झोला आदि	जरीबूटी
२०२८।०२९	९,१६	१३,३९	६०	६४
२०२९।०३०	१३,७३	२०,१९	४७	७६

उपर्युक्त दुई आर्थिक वर्षमा वैदेशिक हुलाकबाट भएका निकासीहरूमध्ये प्रमुख स्थान क्यूरियोले र दोस्रो स्थान गलैंचाहरूले ओगटेको यस तालिकाबाट पनि देखिन्छ। यी दुवै थरीका वस्तुको निकासीमा आर्थिक वर्ष २०२८–०२९ को तुलनामा आर्थिक वर्ष २०२९।०३० मा क्रमशः छ लाख ८० हजार र तीन लाख ५७ हजारको वृद्धि भएको पाइन्छ। जरीबूटीको निकासीमा पनि सामान्य वृद्धि भएको छ, तर ज्याकेट, झोला आदिको निकासी पहिलो वर्षमाभन्दा दोस्रो वर्षमा घटेको छ।

वैदेशिक हुलाकबाट गरिएको पैठारी (रू. हजारमा)

वस्तु	२०२८।०२९	२०२९।०३०	बढी + घटी −
ऊनी स्वेटर, शाल आदि	२,९९	५,९२	+ २,९३
ब्लेड, रेजर आदि	६१	२,९१	+ २,९३
घडी, बेण्ड आदि	६३	२९	− ३४
ल्वाङ	२२	५३	+ ३१
औषधि	१,१९	१,१६	− ३
चश्मा, फ्रेम आदि	६३	१,०७	+ ४४
डाक्टरी सामान	५१	१,०७	+ ५६
साडी, कपडा आदि	९०	८०	− १०

माथिको तालिकाबाट दुई वर्षको तुलनात्मक पैठारी हेर्दा घडी, घडीका बेन्ड, साडी, कपडा आदिमा मात्र दोस्रो वर्षमा पैठारी घटेको पाइन्छ, नत्र जम्मै वस्तुको पैठारी बढेको पाइन्छ। यीमध्ये पनि सबभन्दा बढी पैठारी वृद्धि ऊनी स्वेटर र शालमा तथा रेजर, ब्लेड आदिमा भएको उक्त तालिकाबाट स्पष्ट हुन्छ।

सडक र रोपवेबाट हुने निकासी पैठारी

त्रिभुवन विमानस्थल र वैदेशिक हुलाकबाट जिल्लामा हुने पैठारीमा हलुका किसिमका वा मूल्यवान वस्तु मात्र परेका हुन्छन्। यी बाहेक जिल्लाको पैठारीको अर्को प्रमुख माध्यम सडक यातायात र रोपवे हुन्। यी माध्यमहरूले पैठारीको क्षेत्रमा खेलेको भूमिका बारे अन्यत्र विस्तृत चर्चा भइसकेको छ तापनि २०२३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सालको एक सर्वेक्षणअनुसार त्रिभुवन राजपथ भएर काठमाडौंमा ४३ मेट्रिक टन मालसामान वीरगञ्ज क्षेत्रबाट ओसारिएकोमध्ये निर्माणका सामग्री १७ प्रतिशत थिए। रोपवेले सो वर्ष जिल्लामा ल्याएको ३५,४०० टन (अर्थात् सडकलेभन्दा १८ प्रतिशत कम) मालसामानको ३५ प्रतिशत खाद्यान्न थियो।

यस जिल्लामा त्रिभुवन राजपथबाट भएर हुने निकासी पैठारी बारे अरू जानकारी राष्ट्रिय व्यापार निगम, साल्ट ट्रेडिङ आदि संस्थानहरूको निम्न विवरणहरूबाट अलि स्पष्ट रूपमा खुल्न आउछ। अरू व्यापार सम्बन्धी केही जानकारी सदरमुकामको वर्णनमा पनि परेको छ।

व्यापार वाणिज्य क्षेत्रका सरकारी तथा अर्धसरकारी प्रतिष्ठानहरू

राष्ट्रिय व्यापार निगमः वि.सं. २०१८ चैत १ मा श्री ५ को सरकारको पूर्ण स्वामित्वमा कम्पनी कानून अन्तर्गत स्थापित राष्ट्रिय व्यापार निगम (नेशनल ट्रेडिङ लिमिटेड) यो जिल्लाको प्रमुख व्यापारिक प्रतिष्ठानहरूमध्ये एक हो। विश्वका विभिन्न देशहरूबाट निर्माण सामाग्री र उपभोग्य वस्तुहरू अधिराज्यमा आयात गर्ने र अधिराज्यमा उत्पादित वस्तुहरू विदेशमा निर्यात गर्ने दुवै क्षेत्रमा यसले प्रमुख भूमिका खेल्दै आइरहेको थियो। २०३० सालमा सनपाटको निकासी श्री ५ को सरकारले स्वयं गर्ने भन्ने निर्णय भएपछि यो क्षेत्रमा पनि यस निगमले हात हालेको छ, तर काठमाडौं जिल्लाभरमा पाटको खेती नहुने हुनाले र निगमको काठमाडौं शाखाको यसमा केही हात नहुनाले सोको उल्लेख यहाँ गरिएन।

काठमाडौंबाट उक्त निगमले गरेका निर्यातको विभिन्न कतिपय वर्षको तथ्याङ्क निम्नप्रकार छः–

राष्ट्रिय व्यापार निगमले गरेको निकासी

(मूल्य रु. मा)

वस्तुहरू	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
क्यूरियो आदि	१,६००	६,५५,०००	१,०००	–	–
जरीबूटी	४,०००	११,०००	–	३,०४०	३२,०००
गौलोचन	६०,०००	–	–	–	–
कस्तूरी	–	–	–	–	८८,६२०

यसरी आर्थिक वर्ष २०२५।०२६ र २०२६।०२७ को तुलनामा पछिका वर्षहरूमा कस्तूरी र जरीबूटीमा बाहेक निगमको निर्यात शून्यप्राय देखिएको छ। आर्थिक वर्ष २०२८।०२९ देखि निगमले अघि जस्तै कमिशनमा निर्यात गर्न छोडेकोले यसो हुन गएको हो भन्ने भनाइछ, तर यो नीति–परिवर्तन हुनुभन्दा अघिल्लो वर्षमा पनि उल्लेखनीय निर्यात देखिँदैन।

यो जिल्लास्थित शाखाबाट आर्थिक वर्ष २०२९।०३० मा मात्र गरिएको पैठारी सम्बन्धी तथ्याङ्क मोटामोटी रूपमा प्रस्तुत गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय व्यापार निगमले गरेको पैठारी

वस्तु	श्रदत । नाप	संख्या	श्रायात गरिएको स्रोत
१. ग्यास पानी टयूब	मिटर	३०,०००	रूस
२. सिमेन्ट	बोरा	८०,०००	उत्तर कोरिया
३. कपडा	गज	४४,१०,०००	चीन
४. सिमेन्ट	बोरा	१,१०,०००	चीन
५. सूती धागो	पाउण्ड	४,४५,०००	चीन
६. व्याट्री (टर्चको)	गोटा	१,८४,०००	चीन
७. पाउडर दूध	टिन	७७,०००	चीन
८. कन्डेन्स दूध	टिन	४,७२,०००	चीन

यी बाहेक फ्रिजिडियर, पम्प श्रादि सामग्रीहरू, छाप्ने मेशीनहरू, श्रखबारी कागज, मोजा, गञ्जी, साबुन, मञ्जन श्रादि श्रफिसका सामानहरू इत्यादि कैयौं थरीका सरमानहरूको विक्री वितरण गर्नको निमित्त विक्रेता एजेन्ट र डिलरहरू हुन्छन् । हाल काठमाडौं जिल्लामा नियुक्त गरिएका विक्रेता ऐजेन्टहरूमध्ये साझा भण्डार, साझा पसल कार्यक्रम र रमा गृह नेपाल महिला संगठन प्रमुख छन् । यी बाहेक काठमाडौं जिल्लामा राष्ट्रिय व्यापार निगमका ४२ वटा डिलरहरू पनि छन् । उक्त माध्यमहरूबाट यस जिल्लामा निगमले गत पांच वर्षमा श्रौसत वर्षेनी रू. ४.७५ करोडको व्यापार गरेको देखिएको छ । श्रार्थिक वर्ष २०२९।०३० मा यो रकम ५.७२ करोड थियो ।

साल्ट ट्रेडिङ कर्पोरेशनः श्री ५ को सरकार र राष्ट्रिय व्यापार निगमको संयुक्त रूपमा करीब २० प्रतिशत शेयर र बाँकी ८० प्रतिशत शेयर जनसाधारणबाट यस कर्पोरेशनमा लगानी भएको छ । साल्ट ट्रेडिङ कर्पोरेशनको केन्द्रीय कार्यालय काठमाडौं जिल्ला श्रन्तर्गत कालीमाटीमा छ । श्री ५ को सरकारले प्रत्येक जिल्लाको निमित्त निर्धारित गरेको कोटा बमोजिम प्रमुख जिल्ला श्रधिकारीहरूको कार्यालयबाट सिफारिश लिई श्राउने व्यक्ति वा संस्थालाई यसले नून, चीनी श्रादिको श्रायात गरी विक्री वितरण गर्छ । श्रार्थिक वर्ष २०२८-०२९ सालमा यो व्यवस्था श्रन्तर्गत काठमाडौं जिल्लामा यस संस्थाले नून ९६,९०३ क्विन्टल र चीनी ४५,७३१ क्विन्टल विक्री वितरण गरेको थियो । देशभरका १० वटा श्रञ्चलमा स्थापित यसका कार्यालयहरूले उक्त वर्षमा विक्री गरेको नून ४,९०,१६४ क्विन्टल र चीनी १,४९,४९१ क्विन्टलको तुलनामा काठमाडौं जिल्ला स्थित कार्यालय-को हिस्सामा चीनी र नूनको मोटामोटी श्रनुपात क्रमशः २० प्रतिशत र ३० प्रतिशत पर्न श्राएको देखिएको छ ।

व्यापार प्रवर्धन केन्द्र

यद्यपि जिल्लाको व्यापारिक क्षेत्रमा यो केन्द्रले कुनै प्रत्यक्ष भूमिका खेल्दैन तापनि यसको मुख्य कार्यालय यो जिल्लामा रहेको हुनाले र श्रधिराज्यमा विशेष "ऐन" श्रन्तर्गत स्थापित यो केन्द्र श्राफ्नो किसिमको एक मात्र भएकोले यसको उल्लेखसम्म यहाँ सन्दर्भित हुन श्राएको छ ।

यसको कार्यक्षेत्र काठमाडौं जिल्लामा मात्र सीमित नभएर श्रधिराज्यव्यापी छ तापनि श्रधिराज्यका श्रन्य श्रञ्चल-जिल्लामा यसका शाखाहरू खुलेका छैनन् । श्रान्तरिक तथा वैदेशिक दुवै किसिमका व्यापार प्रवर्धन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने उद्देश्यले स्थापित यो केन्द्रले अधिराज्यको व्यापार वाणिज्य सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने, निर्यात व्यापारमा सर-सल्लाह दिने, बजार सर्वेक्षणहरू गर्ने आदि कुराहरूमा निकै सक्रियता देखाएको छ।

वित्तीय संस्थाहरू

व्यापार-व्यवसायका क्षेत्रमा काठमाडौं जिल्लाका वित्तीय संस्थाहरूमध्ये नेपाल औद्योगिक विकास कर्पोरेशनको उल्लेख उद्योग सम्बन्धी शीर्षकमा परिसकेको छ। जिल्लाका अरू चार थरीका वित्तीय संस्थानमा नेपाल राष्ट्र बैंक, नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र बीमा संस्थान प्रमुख छन्। कर्मचारी संचय कोषले पनि कर्मचारीहरूका अतिरिक्त अरू उद्योग व्यवसाय आदिलाई ऋण प्रदान गर्दै आएकोले यस कोष बारे पनि चर्चा गरिएको छ।

जिल्लाको व्यापार, वाणिज्य, उद्योग, व्यवसाय आदि क्षेत्रहरूमा बैंकहरूको आफ-आफ्नै भूमिका छन् तर कृषि विकास बैंकको भूमिका सम्बन्धी विवरण कृषिको अध्यायमा परेको हुनाले यहाँ नेपाल राष्ट्र बैंक र अरू दुई व्यापारिक बैंक (नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंक) को भूमिकाको संक्षिप्त उल्लेख गरिएको छ।

नेपाल राष्ट्र बैंक

नेपाल राष्ट्र बैंक स्थापित हुनुभन्दा अघिसम्म केन्द्रीय बैंकका धेरैजसो कार्यहरू नेपाल बैंकले नै गर्ने गर्दथ्यो। सर्वसाधारण जनताको सुविधा र आर्थिक हितको लागि नोट निस्कासनको सुप्रबन्ध गर्न, नेपाली मुद्रा विनिमय दरमा स्थिरता कायम राख्नुको साथै विकासको निम्ति पूँजीलाई गतिशील बनाई उद्योग धन्धालाई समेत प्रोत्साहन दिन र अधिराज्यमा बैंक प्रथाको विकास गराउने उद्देश्यले नेपाल राष्ट्र बैंक ऐन, २०१२ अन्तर्गत रू. एक करोडको अधिकृत पूँजी सहित स्थापित यो बैंक पाँच सदस्यीय सञ्चालक समितिबाट सञ्चालित छ। यसको कार्यक्षेत्र नोट विभाग र बैंकिङ विभाग नामक दुई प्रमुख विभागमा विभाजित छन् यद्यपि श्री ५ को सरकारको बैंकरको रूपमा पनि यसको भूमिका महत्वपूर्ण छ।

व्यापार-वाणिज्य र व्यवसायको क्षेत्रमा यो बैंकले ऋण नियन्त्रण (क्रेडिट कन्ट्रोल), विदेशी मुद्रा विनिमय नियन्त्रण, पूँजी सङ्कलन आदि विभिन्न माध्यमबाट प्रत्यक्ष वा परोक्ष रूपले प्रभाव पार्दछ। सो बाहेक कतिपय उद्योगहरूलाई पर्याप्त धितोको आधारमा वा श्री ५ को सरकारको जमानतमा सोझै ऋण प्रदान गर्ने काम पनि यसले गर्न सक्तछ।

यस जिल्लामा बालुवाटार स्थित प्रमुख कार्यालय बाहेक राष्ट्र बैंकका थापाथली स्थित बैंकिङ्ग कार्यालय र त्रिभुवन विमानस्थल स्थित विदेशी मुद्रा सटही काउन्टर पनि छन्। विदेशी मुद्रा सटही काउन्टर मुख्यतः विमान यात्रुहरूको सुविधाको निम्ति हो र बैंकिङ कार्यालयका प्रमुख कार्यहरूमध्ये श्री ५ को सरकारको सम्बन्धित कार्यालयहरूको अनुरोधमा इम्पोर्ट लाइसेन्स र विदेशी मुद्रा सटहीको स्वीकृतिपत्रको आधारमा समुद्र पारका देशहरू वा भारतबाट माल सामान झिकाउन प्रतीतपत्र खोल्नु पनि हो

नेपाल राष्ट्र बैंकको पुनकर्जा कार्यक्रमले उद्योग, कृषि आदि विभिन्न क्षेत्रमा आवश्यक पूँजी-स्रोतको रूपमा महत्वपूर्ण भूमिका खेलेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल बैंक लिमिटेड

वि. सं. १९९५ मा स्थापित यस बैंक अधिराज्यको प्रथम बैंक हो। यसमा श्री ५ को सरकारको ५१ प्रतिशत र गैर सरकारी क्षेत्रको ४९ प्रतिशत स्वामित्व रहेको छ। यसको शाखा, उपशाखा कार्यालयहरू अधिराज्यको विभिन्न जिल्लाहरूमा छन्। यो जिल्लामा यसको केन्द्रीय कार्यालय र १३ वटा शाखा र उपशाखा कार्यालयहरू छन्। यस बैंकले व्यापारीहरूको सुविधाको लागि कपडा, सुन, चाँदी,खाद्यान्न आदिको धितो लिई ऋण दिने र लगानी गर्ने गरेको छ।

राष्ट्रिय वाणिज्य बैंक

वि. सं. २०२१ मा पारित वाणिज्य बैंक ऐन अन्तर्गत स्थापित यो बैंकको सम्पूर्ण पूँजी श्री ५ को सरकारबाट प्राप्त भएको छ र नेपाल बैंक लि. जस्तो सरकारी र निजी क्षेत्रको संयुक्त स्वामित्व यसमा छैन।

यस बैंकको प्रमुख लगानी र ऋणका क्षेत्रहरू चाँदी, सरकारी सेक्युरिटी, विकास ऋण पत्र, कम्पनी शेयर, कपडा, धान, चामल, दाल, मसला, पैठारी बिल तथा प्रतीतपत्र (एल. सी.) हरू, पैठारी कर्जा (इम्पोर्टस), विदेशी निकासी कर्जा (ए. बी. सी.) आदि छन्।

राष्ट्रिय बीमा संस्थान

बीमाको क्षेत्रमा विदेशी कम्पनीहरूमात्र भएकोले कैयौं वर्षदेखि देश बाहिर गइरहेको पूँजीको बहाव रोक्न तथा देश विकासको निम्ति साधन र पूँजी सङ्कलन गर्नमा बीमा व्यवसायको महत्वलाई महसूस गरेर श्री ५ को सरकारले राष्ट्रिय बीमा संस्थान २०२५ पुस १ गते एक विशेष कानून अन्तर्गत स्थापना गर्‍यो। एक करोड रूपैयाँको अधिकृत पूँजीले स्थापित यस संस्थानले शुरूमा सामान्य बीमाको क्षेत्रमा मात्र हात हालेको थियो र हालैमात्र जीवन बीमा व्यवसायमा पनि प्रवेश गरेको छ।

यसको कार्य क्षेत्र काठमाडौं जिल्ला र निकटवर्ती क्षेत्रहरूमा मात्र सीमित नभई विराटनगर लगायत अरू ठाउँमा पनि क्रमिक रूपमा फैलिरहेको छ।

जीवन बीमाको क्षेत्रमा काठमाडौं स्थित भारतीय जीवन-बीमा निगमको शाखाको प्रमुख हात रहिआएको अडकल गरिन्छ, तर वास्तविक तथ्याङ्क प्राप्त नभएकोले किटान गर्न सकिन्न। सामान्य वा निर्जीवन बीमाको क्षेत्रमा पनि यहाँ पाँच वटा भारतीय बीमा कम्पनीहरूले काम गरिरहेका छन् तापनि राष्ट्रिय बीमा संस्थानले आगो बीमा, हवाइजहाज बीमा, मोटर बीमा, दुर्घटना बीमा आदि क्षेत्रमा हात हालेपछि यसले प्रिमियमबाट कमाएको आम्दानी निम्नप्रकार छः–[1]

(रू. हजारमा)

बीमा किसिम	२०२६।०२७	२०२७।०२८	२०२८।०२९
आगो बीमा	६,४७	१०,६६	१६,००
हवाइजहाज बीमा	१६,४४	३२,६७	५२,०९
दुर्घटना बीमा, मोटर बीमा आदि	३,८०	८,८६	१२,६५
जम्मा:–	२०,२६	५२,१९	८३,७४

(१) रा. बी. संस्थानका वासलातहरूबाट सङ्कलित तथ्याङ्कको आधारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी तीन वर्षको अवधिमा यसको आम्दानीमा मोटामोटी ४०० प्रतिशत वृद्धि भएको देखिन्छ।

कर्मचारी सञ्चय कोष

अधिराज्यमा सर्वप्रथम वि. सं. १९९१ मा जङ्गी कर्मचारीहरूको कल्याणको निम्ति सैनिक द्रव्य कोष स्थापना गरिएको थियो र पछि वि.सं. २००१ मा निजामती प्रोभिडेण्ट फण्ड नामक कार्यालय स्थापना गरिएको थियो। वि.सं. २०१७ सालदेखि सबै निजामती, जङ्गी र प्रहरीका कर्मचारीहरूको लागि सञ्चय कोष कट्टाको व्यवस्था भएको हो। अधिराज्यभरीका श्री ५ को सरकारका कर्मचारीहरूको नाममा उक्त कोषमा रहेको रकम-मध्येबाट कर्मचारीहरूलाई विभिन्न सामाजिक कर्मकाण्ड, घरबारी जोर्न सापटी पाइने व्यवस्था छ। साथै उक्त कोषले आफूसँग रहेको रकमको उपभोगको लागि श्री ५ को सरकारको जमानतमा उद्योगहरूमा पनि लगानी गर्ने गरेको छ।

व्यापारिक संघ र संस्थाहरू

काठमाडौं स्थित नेपाल व्यापार संघ अधिराज्यका सबैभन्दा पुराना संघहरूमध्ये एक हो। आर्थिक वर्ष २०२९।०३० मा यसको सदस्य संख्यामध्ये साधारण सदस्य २८८ र एसोसियट सदस्य ३०० पुगेका थिए। अरू कार्यक्रमहरूको लगायत यसले "च्याम्बर पत्रिका" नामक एक व्यापारिक पत्रिका पनि प्रकाशित गर्ने गर्दछ।

अधिराज्यका विभिन्न अञ्चल र जिल्लाहरूमा भएका उद्योग तथा वाणिज्य संघहरूको केन्द्रीय संगठन "नेपाल उद्योग वाणिज्य संघ" हो। यसको केन्द्रीय कार्यालय पनि काठमाडौंमा छ र हाल अधिराज्यव्यापी ३५ साधारण र ३१ एसोसियट सदस्य संस्थाहरू योसँग सम्बन्धित छन्। "उद्योग वाणिज्य पत्रिका" नामक पाक्षिक मुखपत्र यसले प्रकाशित गर्ने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

यातायात

काठमाडौं उपत्यका मध्यकालदेखि नै व्यवस्थित नगरहरूको कारण दक्षिण एशियाको एक महत्वपूर्ण केन्द्र रहेको छ। लिच्छवि तथा मल्लकालमा काठमाडौं उपत्यकाका विभिन्न नगरहरू धर्म, कला, संस्कृति, व्यापार आदिका महत्वपूर्ण क्षेत्र रहेकोले यस उपत्यकाबाट अन्यत्र जाने बाटोहरू बनेका थिए। काठमाडौं उपत्यकाभित्र बग्ने विभिन्न खोलाहरूमा पुल-साँघुहरूको व्यवस्था थियो। यस उपत्यका नेपाल अधिराज्यको राजधानी शहरको रूपमा रहेको हुनाले यहाँबाट देशका विभिन्न गोश्वारा, गौंडाहरूमा जाने पैदल मूलबाटोहरू पहिलेदेखि विकसित भइआएको हो।

काठमाडौंका प्राचीन मूलबाटोहरूमा दहचोक भञ्ज्याङबाट देवघाट जाने, उपत्यकाको पूर्व भएर कमला नदीको किनारै-किनार उत्तर बिहार पुग्ने, फर्पिङबाट माल्टा ओर्लने, साँखु भएर कुती तथा त्रिशूली भएर केरुङ जाने आदि मूलबाटोहरू थिए। ईश्वी सन् ६०० सम्म काठमाडौंलाई भोटसँग जोड्ने एउटै बाटो चौतारा हुँदै कुती पुग्ने बाटो थियो र काठमाडौंबाट बिदुर, धुन्चे हुँदै केरुङ जाने बाटो त्योभन्दा एक हजार वर्ष पछि मात्र खुलेको हो। कान्तिपुरबाट केरुङको मन्डी १४१ किलोमिटर (आठ बास), कुतीको मन्डी १३१ किलोमिटर (नौ बास), ती दुई ठाउँबाट दिगर्जा क्रमशः ३७३ किलोमिटर (१९ बास) र ३३१ किलोमिटर (१६ बास) तथा दिगर्चाबाट ह्लासा २६३ किलोमिटर (११ बास) पर्दथे।[1]

काठमाडौं जिल्लाको उपत्यका इलाका आज पक्की सडकहरूले सुसज्जित हुनाका साथै विभिन्न ठाउँहरूमा पैदल बाटोहरू बाहेक मोटर चल्ने सडकहरू पनि प्रशस्त बनेका छन्।

हिजो आज देशका अन्य जिल्ला र अञ्चलहरूसँग काठमाडौं जिल्लाको सदरमुकामलाई जोड्ने पक्की सडकहरू चारवटा छन्:–

१. त्रिभुवन राजपथ	(काठमाडौं–वीरगञ्ज)	१९१	किलोमिटर
२. पृथ्वी राजमार्ग	(काठमाडौं–पोखरा)	१७६	किलोमिटर
३. अरनिको राजमार्ग	(काठमाडौं–कोदारी)	११४	किलोमिटर
४. काठमाडौं–त्रिशूली सडक		६९	किलोमिटर

यहाँ नौबिसेदेखि पोखरासम्मको दूरता मात्र उल्लेख भएको छ। काठमाडौंदेखि नौबिसेसम्म करीब २६ किलोमिटर छ।

१. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ २०४–५, ३६७, ४२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिभुवन राजपथको त्रिपुरेश्वर–बलम्बु–थानकोट हिस्सा (१६ किलोमिटर), अरनीको राजमार्गको थापाथली–मनोहरा खोलासम्मको हिस्सा (४.५ किलोमिटर) र काठमाडौं-त्रिशूली सडकको बालाज्यू–ककनी चोकसम्मको हिस्सा (२० किलोमिटर) यो जिल्लाभित्र पर्दछन्। उक्त राजमार्गहरू र अरू जिल्लाका सडक बाहेक यस जिल्लामा फागुन २०३० सम्ममा ८२ वटा साना-ठूला पक्की सडकहरू थिए, जसको कुल लम्बाइ ११८.२१ किलोमिटर थियो। यी बाहेक जिल्लाका प्रमुख अर्धकच्ची ३९ सडकहरूको कुल लम्बाइ ८० किलोमिटर भएको अडकल गरिन्छ। काठमाडौं–त्रिशूली सडक, काठमाडौं–भक्तपुर सडक र त्रिभुवन राजपथको जिल्लाभित्र पर्ने ४०.५ किलोमिटरलाई उक्त दुई थरीका सडकसँग जोड्दा जिल्लामा रहेको सडकको कुल लम्बाइ २३८ किलोमिटर हुन आउँछ।

यातायातका साधन

ऐतिहासिक दृष्टिले हेर्दा पृथ्वीनारायण शाहको पालासम्म काठमाडौंमा पालकीको समेत प्रचलन थिएन र यातायातका साधनहरूमध्ये घोडा र डोली प्रमुख थिए भन्ने इतिहासकार बाबुराम आचार्यले उल्लेख गरेका छन्। पछि वीर शम्शेर प्रधानमन्त्री हुँदा गेहेन्द्र शम्शेरले अधिराज्यको प्रथम मोटर गाडी काठमाडौंमा झिकाएका थिए र इन्द्रजात्राको दिन दुईतिर मेन्टोल बालेर काठमाडौं शहरमा निकालेका थिए भनिन्छ।

फागुन २०३१ सम्म बागमती अञ्चलमा दर्ता भएका विभिन्न सवारीका साधनहरू निम्नबमोजिम छन्:–

ट्रक, लरी	१,७०२
बस	५६२
जीप, कार	७,१२६
मोटर साइकल	४,१५४
रिक्सा, रिक्सा भान	४२६

एउटा ट्रकले २.५ मेट्रिक टन बोक्छ भन्ने अडकलको आधारमा लिएको तथ्याङ्कअनुसार उक्त तीन सडकबाट औसत दैनिक माल ढुवानी र वर्षभरीको अनुमान यसप्रकार पाइएको थियो:–

	औसत दैनिक माल ढुवानी (मेट्रिक टन)	वर्षमा (मेट्रिक टन)	कुलको अनुपात (मोटामोटी)
काठमाडौं–हेटौंडा	२४४	२,२०,०००	८५.३ प्रतिशत
काठमाडौं–कोदारी	३५	३२,०००	१२.४ प्रतिशत
काठमाडौं–त्रिशूली	७	६,०००	२.३ प्रतिशत
जम्मा:–	२८६	२,५८,०००	१००.० प्रतिशत

नेपाल यातायात संस्थान

यातायातको क्षेत्रमा काठमाडौं जिल्लाको र अधिराज्यको पनि प्रमुख प्रतिष्ठान "नेपाल यातायात संस्थान" हो। वि.सं. २०२१ मा श्री ५ को सरकारको पूर्ण स्वामित्व रहने गरी स्थापित यो संस्थानका निम्न दुई प्रमुख अङ्गहरू छन् र ती दुव यी जिल्लाको निमित्त जीवन-रेखा समान महत्वपूर्ण छन्:–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१. त्रिभुवन राजपथमा सञ्चालित ट्रकसेवा
२. रोपवे

यस संस्थानसँग २०३० सालसम्म भएका १४ वटा साथै समय-समयमा भाडामा लिइएका अरू ट्रकहरूको सहायताले मुख्यतः कलकत्ता–काठमाडौं र रक्सौल–काठमाडौंमा ट्रक सेवा सञ्चालन गरिग्राएको छ। राष्ट्रिय व्यापार निगम, साल्ट ट्रेडिङ कर्पोरेशन, कृषि खरीद बिक्री संस्थान आदिले विदेशबाट झिकाउने गरेका सिमेन्ट, चीनी, रासायनिक मल आदिको ढुवानी नै यसको प्रमुख काम हुन गएको छ। आर्थिक वर्ष २०२५।२६ देखि २०२९।३० को पाँच वर्षमा संस्थानका आफ्नै वा भाडाका ट्रकहरूद्वारा रक्सौल–काठमाडौं बीच गरेको माल ढुवानी सम्बन्धी तथ्याङ्क निम्नतालिकामा देखाइएको छः–

आर्थिक वर्ष	माल ढुवानी (मेट्रिक टनमा)
२०२५।२६	३५,५८१
२०२६।२७	३५,६७८
२०२७।२८	३३,०६६
२०२८।२९	४१,८७४
२०२९।३०	४५,०२२

उक्त तालिकाले आर्थिक वर्ष २०२९।०३० को तथ्याङ्कमा देखाएको २६ प्रतिशत वृद्धिबाट, औसत वार्षिक पाँच प्रतिशतको दरले वृद्धि भएको स्पष्ट हुन्छ। तर आर्थिक वर्ष २०२९।०३० मा रक्सौल-काठमाडौं बीच कुल ३,००,००० मेट्रिकटन माल ढुवानी भएको अनुमानको आधारमा दाँज्दा उक्त यातायात संस्थानको भागमा १५ प्रतिशत मात्र पर्न आएकोले बाँकी ८५ प्रतिशत ढुवानी अन्य निजी यातायात कम्पनीहरूद्वारा हुने देखिन्छ।

साझा यातायात

अधिराज्यमा सहकारी आन्दोलनलाई प्रेरणा र टेवा प्रदान गर्ने उद्देश्यले वि. सं. २०१८ सालमा स्थापित साझा केन्द्रीय संगठन अन्तर्गत एक अङ्ग स्वरूप रहेको साझा यातायातको मुख्य कार्यालय ललितपुर जिल्लामा स्थित छ तापनि यसले काठमाडौं शहरी क्षेत्रमा नै मुख्य रूपले बस सेवा प्रदान गर्ने हुनाले र हाल यसको व्यवस्थापन उक्त यातायात संस्थानको अन्तर्गत पर्न आएको हुनाले यहाँ यसको छोटकरी चर्चा गर्नु सामयिक हुनेछ।

शुरूमा यसले बस सेवा मात्र सञ्चालन गरी २०२१ देखि ट्रक सेवाको क्षेत्रमा हात हालेको हो। साथै २०१९–२०२३ साल बीचमा साझासँग २३ वटा बस र ५४ वटा ट्रक गरी जम्मा ७७ वटा पुगेको थियो। अधिकृत पूँजी पनि शुरूको रू. १० लाखबाट बढाएर एक करोड पुऱ्याइयो।

तर यस्तो द्रुत गतिले विकास हुँदै गइरहेको साझा यातायात कतिपय कारणहरूले २०२५ सालमा बन्द हुने स्थितिमा पुगिसकेको देखिएपछि श्री ५ को सरकारले यसको सञ्चालन नेपाल यातायात संस्थानलाई सुम्पियो र २०२६ पुसदेखि उक्त संस्थानद्वारा यसको सञ्चालन भएर आइरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बस सेवाहरूः यस जिल्लाका विभिन्न स्थानहरू जस्तै गौशाला, बौद्ध, महाराजगञ्ज, बाँसबारी, बालाज्यू, थानकोट, कीर्तिपुर, टङ्गाल आदिमा स्थानीय सेवा बाहेक बस सेवाहरूको व्यवस्था भएको छ। काठमाडौं र अधिराज्यका अन्य जिल्लाहरूको बीचको प्रमुख बस सेवाका मार्गहरू निम्नलिखित हुन्ः–

काठमाडौं–ललितपुर

काठमाडौं–भक्तपुर

काठमाडौं–त्रिशूली (नुवाकोट)

काठमाडौं–वीरगञ्ज (पर्सा)

काठमाडौं–पोखरा (कास्की)

क ाठमाडौं–जनकपुर (धनुषा)

काठमाडौं–विराटनगर (मोरङ)

काठमाडौं–वीरगञ्ज मार्गमा बाह्रै महीना बस सेवा उपलब्ध हुन्छ। उक्त बस मार्ग त्रिभुवन राजपथ भएर गएको छ। यस जिल्लाको अन्य जिल्लासँगको (उपत्यकामा पर्ने जिल्लाहरू बाहेक) नियमित बस सेवा सबभन्दा पहिले वीरगञ्जसँग नै भएको हो।

काठमाडौंबाट जनकपुर एकै दिन पुगिन्छ र विराटनगर जान दुई दिन लाग्छ। विराटनगर, धरान आदि ठाउँहरूबाट बसमा काठमाडौं आउन पनि प्रायः दुई दिन लाग्छ। तर हालसम्म जनकपुरभन्दा पूर्व महेन्द्र राजमार्गमा धेरै ठाउँ निर्माण कार्य जारी नै हुनाले त्यो भेकमा वर्षामा यी बस सेवा उपलब्ध हुँदैनन्। पश्चिमी क्षेत्रमा काठमाडौं–पोखरा र पोखरा–भैरहवा बस सेवा वर्षभर नै प्राप्त छ।

हवाइ यातायात

हवाइ यातायात र सडक यातायातको अध्ययनबाट काठमाडौं जस्तो जिल्लाको निमित्त विमान सेवाको बढी महत्व भएको कुरा स्पष्ट हुन्छ। त्यसकारण यहाँ गत वर्षहरूमा विमान सेवाको द्रुततर विकास हुन गएको एक स्वाभाविक प्रक्रिया मात्र पर्छ। यस जिल्लामा विमान सेवाको इतिहास वि.सं. २००८ सालदेखि शुरू हुन्छ। उक्त वर्ष इण्डिएन नेशनल एयरवेज नामक एक कम्पनीले पहिलोपल्ट काठमाडौं र पटनाको बीच हवाइ सेवा शुरू गरेको थियो। त्यसको दुई वर्ष पछि "हिमालयन एभिएसन" नामक अर्को निजी कम्पनीले काठमाडौं, विराटनगर, सिमरा, पोखरा र भैरहवासम्म सेवा शुरू गऱ्यो। इण्डियन एयरलाइन्स एसोसियट्स नामकरण गरी स्थापना गरिएको एक कम्पनीमा श्री ५ को सरकारले वि. सं. २०१५ सालमा पहिलो पल्ट हात हाली सरकारी-निजी संयुक्त स्वामित्वमा सो विमान सेवा एक वर्ष जति चलाए पछि १२ अक्टोबर, १९५९ मा श्री ५ को सरकारले विमान सेवाको राष्ट्रियकरण गरेर शाही नेपाल वायुसेवा निगम स्थापना गऱ्यो।

जुलाई ४, १९५८ देखि शाही नेपाल वायु सेवा निगमले नियमित हवाइ सेवाको क्षेत्रमा प्रवेश गरेको हो। त्यसबेलादेखि अधिराज्यभित्रका विभिन्न स्थानसँग र विदेशका नगरहरूसँग काठमाडौंको हवाइ सम्पर्क बढाउँदै लग्ने कार्यक्रममा प्रगति हुँदै आएको छ।

काठमाडौंबाट वि. सं. २०१५ साउनमा सिमरा, पोखरा, विराटनगर, भैरहवा र वि. सं. २०१६ मा जनकपुर, राजविराजमा हवाइ सेवा नियमित रूपमा चलेको हो। त्यस्तै वि. सं. २०१७ मा गोरखा (पालुङ्टार) भरतपुर, दाङ र नेपालगञ्जमा पनि काठमाडौंबाट हवाइ सेवा चलाइएको हो। राजधानीबाट अधिराज्यका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न जिल्लाहरूमा हवाइ सेवा उपलब्ध गराउने सिलसिलामा भद्रपुरमा (वि. सं. २०२०), धनगढीमा (वि.सं. २०२१), सुर्खेत, मेघौलीमा (वि. सं. २०२३) सेवा चलाइयो। वि. सं. २०२६ मा लामिडाँडा, तुम्लिङ्टार रुमजाटार, जुम्ला तथा वि. सं. २०३० देखि लुक्ला, बागलुङ, डोटी, रुकुमकोट र महेन्द्र नगरमा पनि काठमाडौंबाट हवाइ सेवा उपलब्ध गराइएको छ।

उपर्युक्त स्थानहरू बाहेक अधिराज्य बाहिर भारतका विभिन्न शहर र बङ्गलादेशका ढाका, बर्माका रङ्गुन र थाइलैण्डका बैंकक्मा निम्न मितिदेखि नियमित हवाइ सेवा चलेको छ।

नयाँ दिल्ली	१६ जनवरी, १९६०
पटना	१६ जनवरी, १९६०
कलकत्ता	१९ जनवरी, १९६०
ढाका	२४ मार्च, १९६३ (उद्घाटन उडान)
बैंकक	१ अक्टोबर, १९७२
रङ्गुन	१ मे, १९७०

अरू विमान सेवाहरू

यो जिल्लाको त्रिभुवन विमानस्थल अधिराज्यको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल पनि भएकोले अधिराज्यलाई बाह्य संसारसँग सोझै हवाइ सम्पर्क पनि हालसम्म यहींबाट मात्र सम्भव भइआएको छ। यस क्षेत्रमा शाही नेपाल वायुसेवा निगम लगायत इण्डियन एयर लाइन्स, बर्मा एयरवेज, बङ्गलादेश विमान, थाई इण्टरनेशनलका विमान सेवाहरू पनि उपलब्ध छन्।

यी बाहेक काठमाडौंमा हवाइ सेवा सञ्चालन शुरू नगरेका भए तापनि कतिपय विदेशी हवाइ कम्पनीहरूले यहाँ कार्यालय खोलेका छन्, जस्तै एयर इण्डिया, पाकिस्तान एयरलाइन्स, लुफ्तहान्सा (जर्मन एयर लाइन्स), ब्रिटिश एयरवेज, एयर फ्रास, के. एल. एम. (रोयल डच एयर लाइन्स), प्यान अमेरिकन एयरवेज आदि।

हवाइ विकास योजना

चौथो योजना अन्तर्गत त्रिभुवन विमानस्थलको हालको रनवे (धावन मार्ग) मा १,०३६ (३,४०० फीट थप गरी ३,०४८ मिटर (१०,००० फीट) बनाइने भनिएकोमा सो कार्य चालू छ। यसै योजना अवधिमा शाही नेपाल वायुसेवा निगमले मध्यम श्रेणीको एउटा जेट विमान खरीद गरेको छ।

रोपवे

नेपालमा रोपवेको इतिहास वि.सं. १९८१ तिरदेखि शुरू हुन्छ। त्यस बेला लैनचौरबाट स्वयंभूनाथसम्म निर्मित प्रथम रोपवे चार किलोमिटर लामो थियो र परीक्षणको रूपमा एक अंग्रेजी कम्पनीद्वारा सञ्चालित गरिन्थ्यो। तीन वर्षपछि सोही कम्पनीद्वारा धुरसिङ र मातातीर्थ बीच २२ किलोमिटर लामो अर्को रोपवे पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माण गरियो र सोही कम्पनीले सञ्चालन गऱ्यो। रक्सौलबाट अमलेखगञ्जसम्म रेलबाट र त्यहाँबाट भित्री मधेशको धुरसिङसम्म ट्रक सेवाद्वारा माल ढुवानी गरिन्थ्यो। धुरसिङबाट मातातीर्थसम्म रोपवेले ल्याएका सामान ओसार्न मातातीर्थबाट काठमाडौंसम्म ७.५ किलोमिटर लामो ट्रलि (रेल) सेवा थियो।

वि.सं. २००४ मा मातातीर्थबाट काठमाडौंसम्म पनि रोपवे लाइन तानेपछि उक्त ट्रली सेवा बन्द गरियो।

करीब ८,२९० किलोग्राम (के. जी.) प्रति घण्टा ढुवानी गर्न सक्ने क्षमता भएको सो रोपवेले ३० वर्षसम्म तराई र काठमाडौंको बीचमा यातायातको प्रमुख साधनको रूपमा ठूलो सेवा गऱ्यो। तर उक्त रोपवे पुरानो पनि भएको र त्यसको माल ढुवानी क्षमताले नभ्याउने देखेर हेटौंडा–काठमाडौं (टेकु) बीच एक नयाँ दुई तारे रोपवेको निर्माण कार्य २०२०।०२१ मा पूरा गरियो। यो रोपवे २५ किलोमिटर लामो छ र यसको क्षमता २० टन प्रति घण्टाको छ। प्रति दिन नौ घण्टा र वर्षभरमा २८० दिन चल्यो भने यसको कुल वार्षिक क्षमता ५०,४०० टन हुन जान्छ। यो रोपवे नेपाल यातायात संस्थानद्वारा सञ्चालित छ।

उक्त रोपवेले हेटौंडा–काठमाडौं बीच प्रायः एकतर्फी मात ढुवानी गर्छ। एक समेक्षणको आधारमा हेटौंडाबाट काठमाडौं र काठमाडौंबाट हेटौंडा माल ढुवानीको तुलना गर्दा क्रमशः ९७ प्रतिशत काठमाडौं आउने र तीन प्रतिशत हेटौंडा जाने पाइएको थियो। विभिन्न वर्षमा यी रोपवेले हेटौंडा–काठमाडौं बीच गरेको माल ढुवानीको तालिका निम्न प्रकार छ।

आर्थिक वर्ष	चलेको समय (घण्टामा)	ढुवानी (मेट्रिक टनमा)
२०२३।०२४	१,८१३	१७,०६४
२०२४।०२५	१,२३४	२३,८३६
२०२५।०२६	१,८९६	३७,५३२
२०२६।०२७	२,००९	३६,७९३
२०२७।०२८	३,०३१	३२,८८८
२०२८।०२९	२,१३३	३३,५५३
२०२९।०३०	३,३९७	३८,८८२

यो रोपवेको वार्षिक ५०,४०० टन माल बोक्ने क्षमता छ भन्ने कुरा माथि उल्लेख भएको छ। उक्त तालिकाबाट गत २०२३।०२४ देखि २०२९।०३० को सात वर्षको तुलनामा आर्थिक वर्ष २०२९।०३० मा सबभन्दा बढी माल ढुवानी गरेको देखिएको छ तापनि कुल क्षमताको दाँजोमा यो ७७ प्रतिशत मात्र हुन आएको छ। ट्रकहरूबाट माल ढुवानी गर्नुभन्दा रोपवेबाट ढुवानी गर्दा ४० प्रतिशत कम खर्च पर्ने बुझिएको छ।

सञ्चार

हुलाक

काठमाडौंमा वर्तमान हुलाक अड्डाको प्रारम्भ वि. सं. १९३५ मा भएको हो र अधिराज्यमा आधुनिक हुलाक पद्धतिको थालनी पनि त्यसैलाई मान्न सकिन्छ। त्योभन्दा अघि मुख्तियार भीमसेन थापाको पालासम्म टिकट टाँस्ने व्यवस्था थिएन। वि.सं. १८८१ मा विष्णुमतीदेखि महाकालीसम्मको हुलाक व्यवस्थाको जाँचको निमित्त सुबेदार जयकृष्ण र जमदार कालु लामा खटिएका कुराको पनि उल्लेख पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. १९३५ मा नेपाल गोश्वारा हुलाक – घर अड्डाको स्थापना भयो तर वि. सं. १९३८ मा एक, [दुई र चार आनाका टिकटहरू प्रकाशित भए]। त्योभन्दा अघि नगद डाँक महसूल लिने] चलन थियो र हुलाकले सरकारी चिट्ठी–पत्र मात्र चलाउने काम गर्थ्यो। सर्बसाधारणले हुलाकको सेवा उपभोग गर्न पाएको पनि वि. सं. १९३५ देखि नै हो। काठमाडौंबाट उत्तरमा कुती र केरुङसम्म, पूर्वमा इलामसम्म र पश्चिममा डोटीसम्म हुलाक सम्पर्क बि.सं. १९३८ तिर नै शुरू गरिएको थियो।

आधुनिक व्यवस्था

वि.सं.२०१३ मा नेपाल "विश्व हुलाक संगठन" को सदस्य भएपछि भारतसँग पूरक सम्झौताहरू पनि भएर २०१६ साल वैशाख १ गतेदेखि काठमाडौंबाट अन्तर्राष्ट्रिय हुलाकसेवा शुरू भयो। आन्तरिक हवाइ डाँक सेवा २०१५ सालमा र अन्तर्राष्ट्रिय हवाइ डाँक-सेवा २०१६ सालमा शुरू भएको हो। त्यसको एक वर्षपछि "फिलाटेलिक ब्यूरो" (टिकट बटुल्ने शौकियाहरूको निमित्त कार्यालय) खुल्यो।

वि. सं. २०१९ साल पुस १ गतेदेखि "आन्तरिक बीमा", २०२० साल देखि "वैरंग सेवा" र २०२२ सालदेखि अन्तर्राष्ट्रिय विमान तथा पार्सल सेवा आदि चालू गरी "काठमाडौं वैदेशिक हुलाक" को स्थापना भएको छ।

वि. सं. २०२३ सालमा काठमाडौंमा हुलाक निरीक्षण कार्यालय र हुलाक जिन्सी खानाको स्थापना भयो। सोही वर्ष वैशाख १ गतेदेखि हुलाक-आदेश सेवा शुरू भयो र २०२५ सालमा "फिर्ता चिट्ठी केन्द्र" खुल्यो।

काठमाडौंमा एक हुलाक प्रशिक्षण केन्द्र २०१९ सालमा स्थापित भएको हो। वि. सं. २०३० सालसम्म यहाँ १,०७० हुलाक कर्मचारीलाई तालीम दिइएको छ। यहाँबाट "हुलाक" नामक पत्रिका पनि प्रकाशित गरिन्छ।

गोश्वारा हुलाक र वैदेशिक हुलाक

देशमा एकमात्र "क" श्रेणीमा आउने काठमाडौं स्थित गोश्वारा हुलाक देशको सबैभन्दा ठूलो हुलाक पनि हो। टुँडिखेलको पश्चिमपट्टि पोष्टमाष्टरको आवास सहितको २२,००० वर्ग फीट क्षेत्रमा निर्मित गोश्वारा हुलाकको यो नयाँ भवनको जनवरी १, १९६७ मा उद्घाटन भएको हो। गोश्वारा हुलाक र वैदेशिक हुलाक संयुक्त भवनमा करीब ३०० भन्दा बढी कर्मचारी छन् र यो हुलाकबाट दिनहुँ औसत ४४,००० चिट्ठी-पत्र आवत जावत हुन्छ। यहाँ ग्राहकहरूको सुविधाको लागि १,२०० वटा पत्रमञ्जुषा (पोष्ट बक्स) हरू राखिएका छन्। फ्रयांकिङ मेशीनको व्यवस्था भएको हुलाक पनि अधिराज्यमा यो मात्र एक हो। यो गोश्वारा हुलाकका ६० जना हल्कराहरूले शहरी क्षेत्रमा दिनको दुई पटक चिट्ठीहरू बाँड्दछन्। शहरी क्षेत्रमा चिट्ठी खसाल्ने पत्र मञ्जूषाहरू ठाउँ ठाउँमा राखिएका छन्। यी दिनमा दुई पटक खोलिन्छन्। देशको सम्पूर्ण हुलाकहरूको संयुक्त आम्दानीको ५० प्रतिशत यो एउटै हुलाकले गर्दछ। गोश्वारा हुलाकको आर्थिक वर्ष २०३०।०३१ को कुल आय रू. ३५,३६,७०६। थियो। डाँक टिकट जम्मा गर्नेहरूलाई टिकट बेच्न यहाँ २०१७।३।१७ मा स्थापित "फिलाटेलिक ब्यूरो" ले २०२८।०२९ मा रू. ६,०८,११३। को टिकट बिक्री गरेको थियो।

काठमाडौं जिल्लामा गोश्वारा हुलाक लगायत दुईवटा नगर, एउटा छोटी, नौ वटा शाखा र १० वटा अतिरिक्त हुलाक कार्यालयहरू छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त हुलाकहरूमध्ये बालुवाटार, चाबहिल र कालीमाटीलाई बाहेक गोश्वारा हुलाक लगायत अरूलाई बीमा दर्ता गर्ने र डेलिभरी गर्ने अधिकार प्रदान गरिएको छ।

दूर सञ्चार

यहाँ उपलब्ध दूर सञ्चार सेवामा स्थानीय तथा ट्रङ्क टेलिफोन सेवा,आकाशवाणी तथा अन्तर्राष्ट्रिय दूर सञ्चार सेवाहरू हुन्।

स्थानीय टेलिफोन

नेपालमा स्थानीय टेलिफोन सेवाको श्री गणेश वि.सं. १९९२ सालमा भयो। त्यस बखतमा स्थापना भएको २५ लाइनको स्वचालित टेलिफोन एक्सचेन्जले स्थानीय टेलिफोन सेवा उपलब्ध गराएको थियो। सर्व-साधारणको लागि स्थानीय टेलिफोन सेवा २००८सालमा स्थापना गरेको १००लाइनको म्यानुयल एक्सचेन्जबाट उपलब्ध भएको थियो। २०१३ सालमा काठमाडौंमा ३०० लाइनको म्यानुयल एक्सचेन्ज स्थापना भयो। त्यसपछि स्थानीय टेलिफोन सेवाको क्रमिक विकासको सिलसिलामा २०२१ सालमा काठमाडौंमा १,००० स्वचालित एक्चेञ्जको स्थापना र २०२४-२७ मा काठमाडौंमा अरू ४,००० लाइनको विस्तार गरिएको छ।

ट्रङ्क टेलिफोन सेवा

ओपन वाएर फिजिकल ट्रङ्क लाइन ट्रङ्क टेलिफोनको शुरूवात वि. सं. १९७१ मा काठमाडौंदेखि रक्सौल (११० किलोमिटर)सम्म स्थापना भएको ट्रङ्क टेलिफोन लाइनबाट भएको हो। वि. सं. १९९३ सम्ममा काठमाडौंदेखि धनकुटासम्म (५१८ किलोमिटर)ट्रङ्क टेलिफोन लाइनको स्थापनाले काठमाडौं र पूर्वी नेपालका केही जिल्लाहरूको आपसी सम्पर्क कायम रहेको थियो। वि. सं. २०१० सालमा सो लाइन भैरहवासम्म पुर्‍याई ट्रङ्क टेलिफोन सेवा पूर्वमा धनकुटासम्म र पश्चिममा भैरहवासम्म उपलब्ध भएको थियो। सोही वर्ष (२०१०) काठमाडौं र धुलिखेल बीच पनि ट्रङ्क टेलिफोन लाइन स्थापना भएको थियो। सञ्चारको अन्य माध्यमहरूको विकासले गर्दा यस लाइनलाई नविकरण गर्न आवश्यक नभएको हुनाले हाल यसलाई निम्न स्थानहरूमा मात्र सीमित राखिएको छः—

१. काठमाडौं—भक्तपुर—बनेपा—धुलिखेल
२. काठमाडौं—त्रिशूली

क्यारियर ट्रङ्क लाइनः काठमाडौं-रक्सौल बीच रहेको क्यारियर ट्रङ्क लाइनको स्थापना २०२७ सालमा पूरा भएको थियो। सो ट्रङ्क लाइनबाट काठमाडौंदेखि हेटौंडा, वीरगञ्ज तथा भारतका पटना, कलकत्ता, दिल्ली र बम्बइमा टेलिफोन तथा टेलेक्स च्यानेलका सेवा उपलब्ध भएको छ।

माइक्रोवेभ ट्रङ्क सेवाः दूर सञ्चार विकासको सिलसिलामा चालू माइक्रोवेभ सञ्चार योजनाले अधिराज्यका प्रमुख जिल्लहरूको बीच सयकडौं टेलिफोन च्यानेल तथा टेलिग्राफ च्यानेल उपलब्ध गराउने छ।

आ. वा. (टेलिग्राफ सेवा):आकाशवाणीको सेवारम्भ वि.सं. २००६ सालमा अधिराज्यका छ प्रमुख जिल्लामा स्थापना भएको आकाशवाणी कार्यालयहरूबाट भएको थियो। २००९ सालमा उक्त सेवा २७ जिल्लामा उपलब्ध गराइएको थियो। वि.सं. २०१६ सालमा स्थापना भएको टेलिकम्यूनिकेशन विभागले दूर सञ्चार सेवाको विकास तथा नवीकरण गर्ने योजना शुरू गरी पुरानो प्रणालीको आकाशवाणी सेट फेरी एस.एस.बी. आका-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शवाणी सेट जडान गरेपछि वि.सं.२०२७सालसम्ममा अधिराज्यमा जिल्ला स्तरीय आ.वा. कार्यालयको संख्या६५ र अञ्चल स्तरीय आ.वा. कार्यालयको संख्या १३ समेत गरी अधिराज्यभरमा आकाशवाणी कार्यालयको संख्या ७८ पुग्न गयो। यिनै आकाशवाणी कार्यालयहरूबाट टेलिग्राफको आदान प्रदान र कुराकानी समेत भइरहेकै छ।

अन्तर्राष्ट्रिय दूर सञ्चार सेवाः अन्तर्राष्ट्रिय दूर सञ्चार सेवाको शुरूआत वि.सं. २०२१ मा स्थापना भएको काठमाडौं-दिल्ली र काठमाडौं-कलकत्ता रेडियो लिङ्कबाट शुरू भएको हो।

हाल अन्तर्राष्ट्रिय दूर सञ्चार विकासको सिलसिलामा निम्न बमोजिमको लिङ्क स्थापना भइसकेको छः-

सम्पर्क स्थान	लिङ्कको प्रकार	स्थापना वर्ष
काठमाडौं–दिल्ली	१ टेलिफोन च्यानेल	२०२१ साल
काठमाडौं–कलकत्ता	१ टेलिफोन च्यानेल	२०२१ साल
काठमाडौं–रावलपिण्डी	१ टेलिफोन र १ टेलिप्रिन्टर च्यानेल	२०२२ साल
काठमाडौं–ढाका	१ टेलिफोन र १ टेलिप्रिन्टर च्यानल	२०२२ साल
काठमाडौं–हङकङ	१ टेलेक्स च्यानल	२०२८ साल
काठमाडौं–बम्बई	१ टेलिफोन च्यानेल,१ टेलिग्राफ च्यानेल र १ टेलेक्स च्यानेल	२०२६ साल
काठमाडौं–कलकत्ता	१ टेलिप्रिन्टर च्यानेल	२०२७ साल
काठमाडौं–टोकियो	१ टेलिफोन च्यानेल र १ टेलिग्राफ च्यानेल	२०३१ साल
टेलेक्स सेवा (अन्तर्राष्ट्रिय)	२३ लाइन	२०२८ साल

श्री ५ महाराजाधिराज सरकारको शुभ-विवाह तथा शुभ-राज्याभिषेकको उपलक्ष्यहरूमा फोटो प्रसारण सेवा चालू गरिएको थियो। दूर सञ्चार विकास अनुरूप आवश्यक जनशक्ति तयार गर्ने हेतुले दूर सञ्चार तालीम केन्द्रको शुरू २०२६ सालदेखि भएको छ।

रेडियो नेपाल

सञ्चार मन्त्रालय अन्तर्गत सञ्चालित नेपाल अधिराज्यको एक मात्र प्रसारण संस्था भएकोले यसको विशेष महत्व छ। २००७ सालको जनक्रान्तिको लगत्तैपछि सिंहदरबारको क्याम्पभित्र स्थापित भएको रेडियो नेपालले बितेका वर्षहरूमा धेरथोर प्रगति गर्दै आएको छ।

२५ किलोवाट प्रसारण-क्षमता भएको ट्रान्समिटर जडित यो रेडियोको कार्यक्रम "शर्टवेभ" ४१ मिटर र "मिडियम वेभ" २०० मिटरमा प्रसारित गरिन्छ र अधिराज्यका कुना काप्चा लगायत छिमेकी देशहरूमा पनि करीब १,५०० किलोमिटर टाढा सम्म सुन्न सकिन्छ।

पत्रपत्रिकाहरू

सञ्चार विकासमा पत्र-पत्रिका र अखबारहरूको प्रमुख हात रहन्छ र देशभरमा यो क्षेत्रमा काठमाडौं जिल्ला अग्रणि रहेको छ। प्रधानमन्त्री देव शम्शेरको पालामा वि.सं. १९५५ मा साप्ताहिक पत्रिकाको रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशन शुरू भएको "गोरखापत्र" २००० सालदेखि अर्ध-साप्ताहिक र २००३ सालदेखि हप्ताको तीन पटक गरी आज देशको प्रमुख दैनिक समाचार पत्र हुन गएको छ।

यस जिल्लाबाट निस्कने दैनिक तथा साप्ताहिक पत्र-पत्रिका र समाचार-पत्रहरूको मोटामोटी वर्गीकृत तथ्याङ्क यसप्रकार छः–

	नेपाली	अंग्रेजी	हिन्दी	नेवारी	जम्मा
दैनिक	१७	६	१	१	२५
साप्ताहिक	५२	२	–	–	५४

उपर्युक्त समाचार पत्र र पत्र-पत्रिका बाहेक यहाँ अन्य पाक्षिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक र वार्षिक पत्र-पत्रिकाहरू पनि प्रकाशित हुन्छन्।

शाही नेपाल चलचित्र संस्थान

अधिराज्यमा राष्ट्रिय चलचित्रहरू बनाउन र विभिन्न घटना, पर्व आदिको डकुमेन्टरीहरू बनाउन समेत श्री ५ को सरकारले स्थापना गरेको चलचित्र संस्थान यो जिल्लामा रहेको छ। उक्त संस्थानबाट धेरै डकुमेन्टरीहरूको साथै "मनको बाँध" नामक चलचित्र निर्माण गरी सर्वसाधारणलाई अधिराज्यका विभिन्न चलचित्र प्रदर्शन भवनहरूमा देखाइएको थियो। यस संस्थानको प्रयोगशाला, ष्टुडियो आदि बालाजुमा औद्योगिक क्षेत्र नजीकै निर्माणाधीन छ।

बिजुली

अधिराज्यको सर्वप्रथम जल-विद्युत् उत्पादन "प्लान्ट" काठमाडौं शहरबाट आठ किलोमिटर दक्षिण स्थित फर्पिङमा वि.सं. १९६८ (सन् १९११) मा निर्माण गरिएको थियो। प्रधानमन्त्री चन्द्र शम्शेरको पालामा निर्मित ५०० किलोवाट क्षमताको सो उत्पादन केन्द्रबाट बिजुली ल्याएर इनेगिनेका सीमित घरहरूमा वितरण गरिएको थियो। तर त्यसको उत्पादनले नभ्याएर सम्वत् १९९१ (सन् १९३४) मा सुन्दरीजलमा २४० किलोवाट क्षमताको अर्को जल विद्युत् "प्लान्ट" निर्माण गरियो।

पहिलो पञ्च वर्षे योजना (वि.सं. २०१३-०१८) अन्तर्गत टुँडिखेलनिर १,६९६ किलोवाटको महेन्द्र डिजेल केन्द्र एक, टेकुमा २५० किलोवाटको एक, लैनचौरमा ५०० किलोवाटको एक र नक्सालमा ५०० किलोवाटको एक डिजेल प्लान्टहरू जडान गरिए। दोस्रो योजना (२०१९।०२२) कालमा २,४०० किलोवाट क्षमताको पनौती जल-विद्युत् योजना निर्माण भएपछि काठमाडौंका बिजुली क्षमतामा वृद्धि भयो। त्रिशूली योजनाको पहिलो चरण वि.सं.२०२३ मा पूरा भएपछि काठमाडौंलाई६,०००किलोवाट बिजुली शक्ति प्राप्त हुन थाल्यो र डिजेल प्लान्टहरूलाई खरखाँचोमा चलाउने गरी "स्ट्याण्ड वाई" राखियो। तेस्रो योजनाको अन्ततिर थप १२,००० किलोवाट क्षमताको त्रिशूलीको दोस्रो चरण पनि पूरा भयो। साथै १०,०५० किलोवाट क्षमताको सुनकोशी जल विद्युत् योजनाबाट पनि बिजुली प्राप्त हुन लाग्यो।

यसै अवधिमा काठमाडौंका पुराना वितरण-लाइनहरू फेर्ने, २० मेगावाट क्षमताको "रिंग मेन सिष्टम" सहितको ११ के. भी. "डवल सर्किट" वितरण-लाइन राख्ने, २.३ के. भी. वितरण-लाइनका ठाउँमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३३ के. भी. र ११ के. भी. राख्ने आदि काम पूरा भयो। त्रिशूली -काठमाडौं-वीरगञ्ज जडान गर्ने ८० माइल लामो ६६ के. भी. लाइनको काम पनि उक्त अवधिमा शुरू गरियो। हाल अधिराज्यभरमा ५८,७७९ किलोवाट बिजुली उत्पादन हुन्छ र त्यसमध्ये ४६,६६५ किलोवाट (करीब ७९ प्रतिशत) मध्यमाञ्चल विकास क्षेत्रमा उत्पादन हुन्छ। सोमध्ये बागमती अञ्चल भित्रका विभिन्न जल विद्युत् आयोजनाहरूबाट ३१,६२० कि. वा. उत्पादन हुने गरेको छ। हाल उक्त अञ्चलमा करीब ४,०९९ कि. वा. क्षमताका डिजेल प्लान्टहरू जगेडाको रूपमा राखिएका छन्।

बागमती अञ्चलका विभिन्न जिल्लाहरूमा जल तथा डिजेल विद्युत् उत्पादनको स्रोतहरूबाट ३१,६२० कि. वा. र ४,०९९ कि. वा. बिजुली उत्पादन गर्ने डिजेल संयन्त्रहरू छन्।

उपर्युक्त विभिन्न जल विद्युत् स्रोतहरूबाट प्राप्त हुने विद्युत् शक्ति काठमाडौं उपत्यकाव्यापी सक्रिय विद्युत् प्रणालीमा प्राप्त हुन्छ। त्रिशूलीको बिजुली घरको शक्ति बालाज्यू सब-ष्टेशन, सुनकोशीको पाटन सब-ष्टेशन र पनौतीको भादगाउँ सब-ष्टेशनमा ल्याई मिसाइएको छ। उपरोक्त जल विद्युत् शक्तिमध्ये बालाज्यू सब-ष्टेशनबाट तन्काइएको ६६ के. भी. को प्रसारणबाट नारायणी अञ्चल तथा भारततर्फ पनि विद्युत् निकासी गर्ने गरिएको छ।

हाल बालाज्यू स्थित सब-ष्टेशनमा ११,२५० के.भी. ए. का ट्रान्सफर्मरहरू राखी तिनबाट ६६ के. भी. को बिजुलीलाई ११. के. भी. मा झार्ने व्यवस्था छ र काठमाडौं वरिपरि गोलाकार रूपमा तानिएका ११ के. भी. लाइनहरू मार्फत पाटन (१,५०० के. भी. ए.), भादगाउँ र अरू सब-ष्टेशनहरू जोड्ने र ३. ३ के. भी. मा झार्ने काम हुने गरेको छ।

नेपाल विद्युत् कर्पोरेशन

जल विद्युत् मन्त्रालय अन्तर्गत विद्युत् विभागको टुँडिखेल स्थित केन्द्रीय कार्यालयको मातहतमा देशभरीका विद्युत्- योजनाहरूको तर्जुमा, कार्यान्वयन र बिजुली वितरणको काम पर्दछ। तर काठमाडौं क्षेत्रमा बिजुली वितरण गर्ने काम २०१९ भदौ १ गते स्थापित एक छुट्टै स्वशासित संस्थान "नेपाल विद्युत कर्पोरेशन" द्वारा सञ्चालित भएको छ।

यस कर्पोरेशनद्वारा प्रकाशित प्रगति प्रतिवेदनअनुसार बिजुली उत्पादन, खपत, ग्राहक संख्या आदिको स्थिति निम्नप्रकार छ :–

बिजुली उत्पादन र खपत

	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
उत्पादन (लाख यूनिटमा)	५३६.५	६५९.५	८१२.७

आर्थिक वर्ष २०२९।०३० मा बागमती अञ्चलमा विभिन्न कार्यमा बिजुलीको खपत निम्नप्रकार थियो:–

प्रयोगको किसिम	यूनिट (लाखमा)
घरायसी	३२६.३०
व्यापारिक	५९.१०
औद्योगिक	६७.३९
नगर पञ्चायत (सडकहरू)	७.३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापारीहरूमध्ये पनि साना व्यापारी र ठूला व्यापारीमा ग्राहकहरूको वर्गीकरण गरिएको छ। मुख्य औद्योगिक ग्राहकहरूमा श्री ५ को सरकारको टक्सार र वनस्पति विभाग, बाँसबारी छालाजुत्ता कारखाना, बालाज्यू औद्योगिक क्षेत्र, रोपवे आदि छन्।

नेपाल विद्युत् कर्पोरेशनलाई उक्त जम्मै क्षेत्रबाट आएको आम्दानी रकम २०२९।०३० को आर्थिक वर्षमा करीब रू. १,१६,७४,०००। थियो।

जिल्लाको सदरमुकाम शहरी क्षेत्रलाई छोडेर वरिपरिका गाउँ पञ्चायत इलाकाहरूमा गत केही वर्ष-देखि मात्र बिजुली वितरणको कार्य भइरहेको भए तापनि आजसम्म पनि काठमाडौं शहरी क्षेत्रभन्दा बाहिर देहायका गाउँ पञ्चायतमा बिजुली पुगेको तथ्य निम्नतालिकाबाट झल्किन्छः—

बिजुली प्राप्त गाउँ पञ्चायतहरू

आर्थिक वर्ष	गाउँ पञ्चायत
२०२५।०२६	कपन जोरपाटी
२०२६।०२७	सिनामङ्गल पशुपति
२०२७।०२८	सतुंगल हानागुलु धुम्बाराही
२०२८।०२९	साँखु, बूढानीलकण्ठ, बलम्बु, तीनठाना, नैकाप, थानकोट, महादेव गाउँ पञ्चायत, धर्मस्थली, मनमयजू र टोखा
२०२९।०३०	खड्का भद्रकाली
२०३०।०३१	गोंग बुं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

यो जिल्ला ऐतिहासिककालदेखि विभिन्न कारणले गर्दा अधिराज्यको सबभन्दा विकसित भाग रहिआएको छ। त्यस्तै शैक्षिक क्षेत्रमा पनि यो जिल्ला अधिराज्यको सबभन्दा विकसित जिल्ला रहेको छ। अधिराज्यमा आधुनिक शिक्षाको शुरूआत यही जिल्लामा वि.सं. १९१० मा स्थापित दरबार हाई स्कूल (हाल भानु स्मारक माध्यमिक विद्यालय), वि.सं. १९७६ मा स्थापित त्रि-चन्द्र कलेज (हाल त्रि-चन्द्र क्याम्पस) आदिबाट भएको छ। त्यस्तै अधिराज्यको पहिलो कन्या महाविद्यालय, (पद्म कन्या कलेज) पनि यही जिल्लामा रहेको छ। वि.सं.२००७ मा राणा शासन अन्त भएपछि यस जिल्लामा शिक्षाको विकास अझ तीव्र हुन गयो। अधिराज्यको राजनैतिक तथा आर्थिक मुटुको रूपमा रहेको यस जिल्लामा शैक्षिक विकासको गति बढ्दै आएको छ। अधिराज्यको एउटा विश्व विद्यालय पनि यहीं स्थापना गरिएको छ। फलस्वरूप यो जिल्ला अधिराज्य तथा छिमेकी मुलुकहरूको लागि समेत शिक्षाको एक प्रमुख केन्द्र बन्न गएको छ।

वि.सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनाअनुसार यस जिल्लाको कुल जनसंख्यामध्ये छ वर्ष र सोभन्दा बढी उमेर भएको जम्मा संख्या २,९५,६५६ मध्ये १,१३,१५८ जना अर्थात ३८.३ प्रतिशत साक्षर भएको देखाइएको छ। उक्त साक्षर प्रतिशत अधिराज्यमा सबभन्दा बढी हो। अधिराज्यको औसत साक्षर प्रतिशत १३.९ भन्दा यो प्रतिशत अन्दाजी २७६ प्रतिशत धेरै रहेको छ। यस जिल्लाको साक्षर जनसंख्याको उमेर समूह तथा लिङ्ग अनुसारको विभाजन देहाय बमोजिम छः—

साक्षारताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल		
	जनसंख्या	साक्षर	प्रतिशत	जनसंख्या	साक्षर	प्रतिशत	जनसंख्या	साक्षर	प्रतिशत
६ – ९	१८,१२१	७,२०२	३९.७	१७,४८४	४,६५४	२६.६	३५,६०५	११,८५६	३३.३
१०–१४	२०,२२६	१३,१९५	६५.२	१७,९३३	७,७५२	३२.२	३८,१५९	२०,९४७	५४.९
१५–१९	१९,७५०	१३,६४३	६९.१	१६,८६३	६,३६९	३७.८	३६,६१३	२०,०१२	५४.७
२०–२४	१९,१९१	१३,११३	६८.३	१५,९५१	४,१८०	२६.२	३५,१४२	१७,२९३	४९.२
२५–२९	१५,७९९	९,५०८	६०.२	१३,७९४	२,४४४	१७.७	२९,५९३	११,९५२	४०.४
३०–३४	१२,६५०	६,७८९	५३.७	१२,०२६	१,४०८	११.७	२४,६७६	८,१९७	३३.२
३५–३९	११,४५६	५,२९४	४६.२	१०,३९२	९६२	९.३	२१,८४८	६,२५६	२८.६
४०–४४	९,४००	४,०७५	४३.४	९,१८२	६६६	७.३	१८,५८२	४,७४१	२५.५
४५–५४	१३,३८३	५,५४३	४१.४	१२,६७०	८१२	६.४	२६,०५३	६,३५५	२४.४
५५–६४	९,०४८	३,१७६	३५.१	८,६१८	३८२	४.४	१७,६६६	३,५५८	२०.१
६५ र माथि	५,९६६	१,७७०	२९.७	५,७५३	२२१	३.८	११,७१९	१,९९१	१७.०
जम्माः—	१,५४,९९०	८३,३०८	५३.८	१,४०,६६६	२९,८५०	२१.२	२,९५,६५६	१,१३,१५८	३८.३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

उपर्युक्त तालिकानुसार यस जिल्लाको कुल साक्षर जनसंख्यामध्ये पुरुष साक्षर संख्या ८३,३०८ अर्थात् कुल संख्याको ५३.८ प्रतिशत र महिला साक्षर संख्या २९,८५० अर्थात् २१.२ प्रतिशत रहेको छ। यसरी यहाँ छ वर्ष र सोभन्दा बढी उमेर भएका पुरुष जनसंख्याको आधाभन्दा बढी संख्या साक्षर र महिला जनसंख्याको करीब एक पाँचवा संख्या साक्षर छन्।

राष्ट्रिय जनगणनानुसार यस जिल्लाको छ वर्ष र सोभन्दा बढी उमेर पुगेका कुल जनसंख्यामध्ये विभिन्न स्तरका विद्यालय, महाविद्यालय र विश्वविद्यालयमा अध्ययन गरिरहेका व्यक्तिहरूको संख्या निम्न-बमोजिम रहेको छ :—

	पुरुष	महिला	जम्मा
छ वर्ष माथिको जनसंख्या	१,५४,९९०	१,४०,६६६	२,९५,६५६
प्राथमिक स्तर	१३,८०३	८,०७७	२१,८८०
निम्नमाध्यमिक स्तर	७,६६८	३,८६५	११,५३३
मध्यामिक स्तर	८,५८१	३,९३६	१२,५१७
इन्टरमिडियट	४,७०२	१,९३५	६,६३७
स्नातक	२,०४०	५८५	२,६२५
स्नातकोत्तर	६५०	१९३	८४३

जनगणनाकालमा अध्ययनमा लागेका संख्या बाहेक कतिले विभिन्न स्तरका शिक्षा प्राप्त गरी व्यवसायहरूमा लागिसकेका छन्। वि.सं. २०२८ मा यो जिल्लाको कुल जनसंख्यामा प्राथमिक स्तर (छ वर्षदेखि १० वर्षसम्म) को जनसंख्या ४४,७०९ रहेको छ। यसरी यहाँको कुल प्राथमिक स्तरको जनसंख्यामध्ये २१,८८० अर्थात् ४८.९ प्रतिशत विद्यालयहरूमा अध्ययनमा लागेको देखिन्छ।

यो जिल्लामा वि.सं. २०३० देखि राष्ट्रिय शिक्षा पद्धति लागू भएको छ। हाल यहाँ प्राथमिक विद्यालयहरू १८८ वटा, निम्न माध्यमिक विद्यालयहरू ७४ वटा र माध्यमिक विद्यालयहरू ४० वटा छन्। ती विद्यालयहरू नगर र गाउँ इलाकामा देहायबमोजिम वितरण भएका छन् :—

	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक
नगर पञ्चायत इलाका	६२	४३	२५
गाउँ पञ्चायत इलाका	१२६	३१	१५
जम्माः—	१८८	७४	४०

यहाँको विभिन्नस्तरका विद्यालयहरूमा हाल अध्यापन कार्यमा लागेका शिक्षहरूको कुल संख्या १,५३२ छन्। तीमध्ये प्राथमिक स्तरमा ७१३, निम्नमाध्यमिक स्तरमा ४०८ र माध्यमिक स्तरमा ४११ जना छन्।

शिक्षा योजना लागू भइसकेपछि यहाँ विभिन्न स्तरको विद्यालयहरूमा अध्ययन गरिहेका कुल ४७,१३४ छात्र छात्राहरूमध्ये प्राथमिक कक्षाहरूमा २१,५५४; निम्नमाध्यमिकमा १५,९९७ र माध्यमिकमा ९,५८३ छन्। उपर्युक्त छात्र छात्रा तथा शिक्षक संख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात प्राथमिक स्तरमा १:३०, निम्नमाध्यमिक स्तरमा १:३९ र माध्यमिक स्तरमा १:२३ रहेको देखिन्छ।[1]

१. उपर्युक्त तथ्याङ्क शिक्षा मन्त्रालय, तथ्याङ्क उप-शाखाबाट प्राप्त भएको।

CC-0. In Public Domain. Digitization by eGangotri
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा रहेका कुल विद्यालयहरूमध्ये प्राथमिक स्तरका विद्यालयहरू बाहेक अन्य विद्यालयहरू नगर पञ्चायत इलाकाभित्र रहेका छन् । काठमाडौं अधिराज्यको राजधानी हुनुको साथै एक शैक्षिक केन्द्र समेत भएकोले देशका विभिन्न भागका मानिसहरू यस नगर पञ्चायत इलाकामा अध्ययन गर्न आउने गर्दछन् ।

यस जिल्ला उच्च शिक्षाको सबभन्दा बढी महत्वपूर्ण केन्द्र बनेको छ । अधिराज्यको एउटै विश्व विद्यालय लगायत धेरै क्याम्पसहरू यही जिल्लामा स्थापना हुन गएका छन् ।

त्रिभुवन विश्वविद्यालयः २०१५ सालमा स्थापित त्रिभुवन विश्वविद्यालय देशमा उच्च शिक्षा सञ्चालन गर्ने एक मात्र विश्वविद्यालय हो । त्रिपुरेश्वरस्थित अतिथि भवनहरूमा शुरू भएको यो विश्व-विद्यालय २०२४ पछि कीर्तिपुरमा सऱ्यो, जहाँ आज यो १७२ हेक्टर क्षेत्रफलमा फैलेको छ ।

त्रिभुवन विश्वविद्यालय स्थापित हुनुभन्दा अघि यस जिल्लाका उच्च शिक्षा संस्थानहरू पटना विश्वविद्यालयसँग सम्पर्कित थिए । यो विश्वविद्यालय स्थापित भएदेखि यस अधिराज्यभरका महाविद्यालयहरू यसमा अन्तर्युक्त हुन आए र त्यस बेलादेखि उच्च शिक्षा यसद्वारा सञ्चालित भएर आइरहेको छ ।

वि.सं. २०२९।०३० सालमा उच्च शिक्षा क्षेत्रमा यस जिल्लामा शिक्षा योजना लागू भएपछि त्रिभुवन विश्वविद्यालयलाई राष्ट्रिय शिक्षा समितिले बनाएको नीति, नियम र निर्देशन कार्यान्वयन गराउने एक स्वशासित संस्थाको रूपमा पुनर्गठन गरिएको छ । यसलाई श्री ५ को सरकारले निश्चित रकम आर्थिक अनुदान दिने गर्छ र विश्वविद्यालय सभाले यसको बजेटको स्वीकृति गर्दछ । यो विश्वविद्यालय अन्तर्गत विभिन्न अध्ययन संस्थान, इन्स्टिच्यूटहरू खुलेका छन् र ती विभिन्न इन्स्टिच्यूटहरूको सामूहिक रूप नै त्रिभुवन विश्वविद्यालयको नयाँ स्वरूप हुन गएको छ ।

पचास–सदस्यीय त्रिभुवन विश्वविद्यालय सभा अघिका सिनेट् र सिन्डिकेट्को संयुक्त रूप हो । यसको गठन मोटामोटी निम्न रूपको छ :–

विश्वविद्यालयका कुलपति श्री ५ महाराजाधिराज सरकार–अध्यक्ष, सह–कुलपति शिक्षा मन्त्री– उपाध्यक्ष, उप–कुलपति र शिक्षा सचिव–सदस्य, रेक्टर, रजिष्ट्रार, डीनहरू–सदस्य, स्नातकहरूबाट पाँच र प्राध्यापकहरूमध्येबाट निर्वाचित दुई जना– सदस्य, कुलपतिबाट मनोनित हुने २० जना सदस्य ।

यी २० जनामध्ये राष्ट्रिय पञ्चायतका सदस्यहरूबाट दुई, श्री ५ को सरकारका कर्मचारीहरूबाट चार, व्यापारी वर्गबाट दुई, पत्रकारमध्येबाट दुई, विद्यार्थीमध्येबाट दुई, चन्दादातामध्येबाट दुई र अरू मनोनित छ हुने व्यवस्था छ ।

त्रिभुवन विश्वविद्यालय सभाको निमित्त निर्देशनको आधारमा पाठ्यक्रमहरू तयार गर्ने, भर्ना-जाँच आदिका नियमहरू कार्यान्वयन गर्ने आदि कामको निमित्त प्रत्येक इन्स्टिच्यूटमा एक–एक वटा फेकल्टी बोर्डको व्यवस्था छ ।

विभिन्न इन्स्टिच्यूट अन्तर्गत स्थापित क्याम्पसहरूमध्ये त्रिभुवन विश्वविद्यालयको क्षेत्र भित्र कीर्तिपुरमा भौतिक शास्त्र, रसायन शास्त्र, जीव शास्त्र, वनस्पति शास्त्र, मानविकी र सामाजिक शास्त्र, गणित तथा तथ्याङ्क विषयहरूको शिक्षा प्रदान गर्ने कीर्तिपुर क्याम्पस छ । त्यसै क्याम्पसमा व्यापार–प्रशासन, वाणिज्य शास्त्र तथा जन–प्रशासन इन्स्टिच्यूट अन्तर्गत लेखा, वित्तीय शास्त्र, मार्केटिङ्ग, पर्सनल तथा प्रोडक्सन विषय-हरूमा स्नातकोत्तर शिक्षा प्रदान गरिन्छ । शिक्षा योजना कार्यान्वयन हुनुभन्दा अघि कलेजको रूपमा सञ्चालित भएर आएका तर शिक्षा योजना लागू भए पछि "क्याम्पस" को नामकरण गरिएका र जिल्लाका विभिन्न ठाउँमा स्थापित अरू शिक्षण संस्थाहरू, तिनमा प्रदान गरिने शिक्षाको स्तर आदि यसप्रकार छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

अघिको नाउँ	हालको नाउँ	स्तर	पढाइने मुख्य विषय
त्रिभुवन विश्वविद्यालय कलेज	कीर्तिपुर क्याम्पस	स्नातकोत्तर	प्रायः सबै
त्रि-चन्द्र कलेज	त्रि-चन्द्र क्याम्पस	स्नातक र प्रमाणपत्र	विज्ञान, मानवीय तथा समाज शास्त्र ।
अमृत साइन्स कलेज	अमृत क्याम्पस	प्रमाण-पत्र	विज्ञान, मानवीय तथा समाज शास्त्र ।
नेशनल कलेज	शङ्करदेव क्याम्पस	स्नातकोत्तर, स्नातक	व्यापार-प्रशासन
पब्लिक यूथ कलेज	पब्लिक यूथ क्याम्पस	प्रमाण-पत्र	व्यापार प्रशासन
सरस्वती कलेज	सरस्वती क्याम्पस	प्रमाण-पत्र	मानवीय तथा समाज शास्त्र
रत्न राज्य लक्ष्मी गर्ल्स कलेज	रत्न राज्य लक्ष्मी क्याम्पस	प्रमाण-पत्र	मानवीय तथा समाज शास्त्र
ललित कला महाविद्यालय	ललित कला क्याम्पस	प्रमाण-पत्र	चित्रकला, मूर्तिकला
विश्वभाषा विद्यालय	विश्वभाषा क्याम्पस	प्रमाण-पत्र	विदेशी भाषाहरू र विदेशीलाई नेपाली भाषा

विज्ञान अन्तर्गत पनि उपर्युक्त विभिन्न क्याम्पसहरूको शिक्षण क्षेत्रमा कतिपय चुनिएका विषयहरूमा मात्र पढाइ गर्ने व्यवस्था छ, त्यस्तै व्यापार-प्रशासन, वाणिज्य-शास्त्र र मानविकी तथा समाज शास्त्र अन्तर्गत पनि विभिन्न क्याम्पसको कार्यक्षेत्र विभाजित गरिएको छ। काठमाडौं जिल्ला अन्तर्गत पर्ने अरू विभिन्न क्याम्पस-हरू यसप्रकार छन्:—

क्याम्पस	सम्बन्धी इन्स्टिच्यूट	स्तर
ल क्याम्पस	कानून इन्स्टिच्यूट	स्नातक
वाल्मिकी क्याम्पस (अघिको वाल्मिकी महा-विद्यालय)	संस्कृति इन्स्टिच्यूट	स्नातकोत्तर
केन्द्रीय क्याम्पस (कीर्तिपुर)	नेपाल तथा एशियाली अध्ययन संस्थान	अनुसन्धान
कीर्तिपुर क्याम्पस	शिक्षा शास्त्र	स्नातकोत्तर
आयुर्वेद क्याम्पस (नरदेवी)	चिकित्सा शास्त्र इन्स्टिच्यूट	प्रमाण-पत्र
महाबौद्ध क्याम्पस	चिकित्सा शास्त्र इन्स्टिच्यूट	प्रमाण-पत्र
महाराजगञ्ज क्याम्पस	चिकित्सा शास्त्र इन्स्टिच्यूट	प्रमाण-पत्र
बालाज्यू क्याम्पस	इन्जिनीयरिङ	प्रमाण-पत्र
त्रिपुरेश्वर क्याम्पस	इन्जिनीयरिङ	प्रमाण-पत्र
थापाथली क्याम्पस	इन्जिनीयरिङ	प्रमाण-पत्र
महेन्द्र रत्न क्याम्पस (ताहाचल)	शिक्षा शास्त्र	प्रमाण-पत्र

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिभुवन विश्वविद्यालय अन्तर्गत यस जिल्लामा रहेका विभिन्न संस्थानहरूका केन्द्रीय तथा अन्य क्याम्पसहरूमा राष्ट्रिय शिक्षा योजना लागू भए पछिको शुरू भर्ना संख्याअनुसार (२०३० साल) कुल छात्र-छात्राहरूको संख्या ४,७१८ थिए।

शिक्षकहरू: विश्वविद्यालयका शिक्षकहरू चार श्रेणीमा विभाजित छन्, जस्तै प्राध्यापक (प्रोफेसर), सह-प्राध्यापक (रिडर), उप-प्राध्यापक (लेक्चरर) तथा सहायक प्राध्यापक (असिष्टेन्ट लेक्चरर)। हरेक इन्स्टिच्यूटको प्रशासनिक कार्य सञ्चालन गर्नको निमित्त डीन र सहायक डीन तथा क्याम्पसको प्रशासनिक कार्य सञ्चालन गर्नको निमित्त क्याम्पस प्रमुख हुन्छन्। यी बाहेक विदेशी सहयोग अन्तर्गत झिकाइएका कतिपय प्राध्यापकहरू पनि समय समयमा विश्वविद्यालय अन्तर्गत काम गर्छन्।

छात्रावासहरू: यस जिल्लाका कतिपय क्याम्पसहरू अन्तर्गत सञ्चालित छात्रावासको कुल क्षमता ७१७ छ। प्रमुख छात्रावासहरूमध्ये केन्द्रीय छात्रावास, ताहाचल; कान्ती छात्रावास, कीर्तिपुर; ईश्वरी कन्या छात्रावास, कीर्तिपुर; अमृत साइन्स क्याम्पस छात्रावास, ठमेल; महाराजगञ्ज क्याम्पस छात्रावास (चिकित्सा शास्त्र); महाबौद्ध क्याम्पस छात्रावास (चिकित्सा); बालाज्यू क्याम्पस छात्रावास (इन्जिनीयरिङ), रत्न छात्रावास कीर्तिपुर र शिक्षा शास्त्रको छात्रावास, कीर्तिपुर।

शिक्षा योजना: विद्यालय स्तरमा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक शिक्षा क्षेत्रमा काठमाडौं जिल्लामा राष्ट्रिय शिक्षा योजना लागू हुनुभन्दा अघिको स्थिति माथि छोटकरीमा चर्चा गरिएको छ। फागुन २०३० सालदेखि लागू भएको यो योजनाबाट जिल्लाको शिक्षा स्थितिमा हुन आएको परिवर्तन यहाँ उल्लेख गरिन्छ। प्रथमतः योजना लागू भए पछि विद्यालय कक्षा समूहमा ठूलो परिवर्तन आएको छ र पुराना र नयाँ कक्षा वर्गीकरणमा यो परिवर्तन निम्नप्रकार भएको छः—

	प्राथमिक कक्षा	निम्न माध्यमिक (मिडिल) कक्षा	माध्यमिक (हाई) कक्षा
योजना अघि	१-२-३-४-५	६-७-८	९-१०
योजना पछि	१-२-३	४-५-६-७	८-९-१०

अर्को ठूलो परिवर्तन विद्यालहयरूको "ष्टेटस" मा पनि आएको छ। योजना शुरू हुनुभन्दा अघि जिल्लाका विद्यालयहरू साधारणतः तीन थरीका थिए— सरकारी, सरकारी मान्यता वा अनुदान प्राप्त र निजी। योजना लागू भए पछि शिक्षण संस्थाहरू बीच यो तह वैभिन्य हट्ने छ र सम्पूर्ण विद्यालयहरू एक रतरका र एक नियमद्वारा आवद्ध हुनेछन्। योजना शुरू हुनुभन्दा अघि विशेष गरी निजी विद्यालयहरूले पाठ्यक्रम, शिक्षाको माध्यम, स्कूल—फी आदिमा पाएको स्वच्छन्दता यस योजनाले समाप्त गर्नेछ र शिक्षाको क्षेत्रमा यो नै एक महान् उपलब्धि हुनेछ।

विद्यालय संख्या: यस जिल्लामा योजना लागू हुनुभन्दा अघि र शुरू भएपछि प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयहरूमा संख्यात्मक रूपमा हुने परिवर्तन निम्नबमोजिम छः—

	योजना अघि	योजना पछि
प्राथमिक विद्यालय संख्या	२१७	१८८
निम्नमाध्यमिक संख्या	८१	७४
माध्यमिक संख्या	६२	४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राथमिक क्षेत्रमा २१७ वटा भएका ठाउँमा २९ वटा विद्यालय घटेका देखिन्छन्, त्यसो हुनुको कारण योजना लागू हुनुभन्दा अगाडि पूर्व प्राथमिक विद्यालयहरू समेत प्राथमिक विद्यालयमा गणना गरिएकोले हो। निम्नमाध्यमिक विद्यालयको क्षेत्रमा अघि ८१ भएका ठाउँमा अहिले ७४ हुन आएकोबाट सात वटा विद्यालयहरू घटेकाछन्। त्यस्तै माध्यमिक विद्यालय संख्या ६२ वटाबाट घटेर ४० वटा रहेका छन्। योजना लागू हुनुभन्दा पहिले एउटै भवनमा विद्यार्थी संख्या थोरै भए तापनि धेरै विद्यालयहरू सञ्चालन गरिएका थिए। योजना लागू गरे पछि ती विद्यालयहरू बन्द गरिएका छन्। यसरी तीनै तहका विद्यालयहरूलाई सकेसम्म एकीकरण गरो शिक्षाको गुणात्मक स्तरलाई कायम गर्ने उद्देश्यले कम विद्यार्थी भएका असंगठित विद्यालयहरूलाई सम्बन्धित भवनका मुख्य विद्यालयहरूमा गाभिएकोले विद्यालय संख्या कम हुन गएको हो।

व्यावसायिक र संस्कृत माध्यमिक विद्यालयहरू: उक्त ४० माध्यमिक विद्यालयहरूमध्ये निम्न व्यावसायिक विद्यालय घोषित गरिएका छ वटा विद्यालय यी हुन:– परोपकार आदर्श विद्यालय, भीमसेनथान; कन्या मन्दिर बहुउद्देस्यीय विद्यालय, न्ह्योखा; जुद्धोदय माध्यमिक विद्यालय, क्षेत्रपाटी; गान्धी आदर्श विद्यालय, मनहरा; पशुपति मित्र माध्यमिक विद्यालय, चाबहिल; लेबोरेटरी स्कूल, कीर्तिपुर र संस्कृत प्रधान पाठशाला (संस्कृत माध्यमिक)।

शिक्षा योजना लागू हुनुभन्दा पूर्वको स्थितिमा भिन्न–भिन्न विद्यालयहरूको आफ्नै सञ्चालक समितिहरू हुने गरेकोमा हाल यस जिल्लामा स्थापित एउटै जिल्ला शिक्षा समितिले जिल्लाभरका सम्पूर्ण विद्यालयहरूको सञ्चालन गर्ने व्यवस्था पनि एक आधारभूत परिवर्तन हो।

शिक्षा शुल्क: शिक्षा योजना लागू भए पछि शुल्कको दृष्टिकोणले यस जिल्लालाई दुई भागमा विभाजन गरिएको छ–नगर क्षेत्र र ग्रामीण क्षेत्र। नगर क्षेत्र अन्तर्गत नगर पञ्चायत भित्रका र ग्रामीण क्षेत्र अन्तर्गत नगरभन्दा बाहिरका विद्यालयहरू परेका छन्। आवासीय तथा अन्य विद्यालयहरूमा पनि शिक्षा शुल्क फरक छन्।

अन्तमा, शिक्षा योजना अन्तर्गत स्थापित जिल्ला शिक्षा कोषबाट समयमै शिक्षकहरूलाई तलव खुवाउने व्यवस्था भएबाट शिक्षकहरू छन्।

बूढानीलकण्ठ नमूना विद्यालय: काठमाडौं जिल्ला अन्तर्गत बूढानीलकण्ठमा हाल निर्माणाधीन नमूना विद्यालय अधिराज्यभरमा आफ्नो किसिमको एक मात्र राष्ट्रिय स्तरको विद्यालय भएकोले जिल्लाको सन्दर्भमा यसको विशेष उलेख यहाँ गर्नु उचित हुनेछ।

यो विद्यालयको निर्माण करीब १,५०,५१,०००। रूपैयाँको लागतमा २०२७ सालदेखि शुरू भएको हो। यसको निमित्त ५७० रोपनी जग्गा अधिग्रहण गरिएको छ र काठमाडौं शहरबाट त्यहाँसम्म पुग्ने सडकको सुधार र विस्तार गर्ने, विद्युत् तथा खानेपानी पुऱ्याउने आदि काम श्री ५ को सरकारद्वारा भइरहेको छ।

सन् १९७३ मे महीनादेखि यो विद्यालयमा भर्ना पनि लिन थालियो। प्रथम वर्षमा लिइएका ती छात्रहरूमध्ये ७३ जना बोर्डर र नौ जना दिवा छात्र थिए। यी छात्रहरू अधिराज्यका १४ अञ्चलबाट लिइएका छन् र सबै कक्षा चारमा भर्ना भएका छन्। विद्यालयकोतर्फबाट अधिराज्यका विभिन्न जिल्लामा आफ्नै टोली पठाएर छात्रहरू छनौट गर्ने व्यवस्था छ र तेस्रो वर्ष (सन् १९७५) सम्ममा अधिराज्यका ७५ वटै जिल्लाबाट छात्रहरू छनोट गरेर भर्ना गरिसक्ने लक्ष्य अनुरूप काम भइरहेको छ।

यस विद्यालयमा दिवा छात्रले तिर्नु पर्ने मासिक शिक्षा शुल्क रू. ९०। र बोर्डरले तिर्नु पर्ने २७५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्न आउँछ, तर हरेक वर्षमा भर्ना हुने छात्रहरूमध्ये कमसेकम एक–तिहाइ छात्रलाई शिक्षा शुल्क, भ्रमण, किताब, लुगा, खाना आदि सम्पूर्ण खर्च बेहोरिने गरी छात्रवृत्ति दिने व्यवस्था छ ।

पुस्तकालयहरू

केशर पुस्तकालयः यस जिल्लाका प्राचीन र विख्यात पुस्तकालयहरूमध्ये १९६५ सालमा स्वर्गीय फिल्ड मार्सल केशर शम्शेरद्वारा स्थापित केशर पुस्तकालय एक हो । उनको मृत्यु पछि श्री ५ को सरकार शिक्षा विभागलाई सुम्पिए पछि पनि उक्त पुस्तकालय केशर महल मै रहेको छ । प्राचीन ऐतिहासिक चित्रहरू, अभिलेखहरू आदि पनि संरक्षण गरिएको उक्त पुस्तकालयमा करीब ३० हजार किताबहरू भएको विभागीय अनुमान छ ।

वीर पुस्तकालयः केशर पुस्तकालयभन्दा धेरै प्राचीन यहाँको अर्को पुस्तकालय वीर पुस्तकालय हो । वीर शम्शेरले घण्टाघरसँग अर्को नयाँ घर बनाई यो पुस्तकालय सारे पछि यसको नाउँ वीर लाइब्रेरी रहेको हो तापनि त्यसमा पुस्तकहरूको सङ्कलन श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको पालादेखि नै आरम्भ भएको थियो । एक अनुसन्धान कर्ताले वीर पुस्तकालयको स्थापना चौधौं शताब्दी मैं भइसकेको कुरा उल्लेख गर्दै त्यहाँ पाँचौ शताब्दीको एउटा हस्तलिखित किताब साथै १,५०० थान तिब्बती र चिनियाँ किताबहरू भएका वर्णन गरेका छन् ।[1] देशमा राष्ट्रिय एकता कायम भए पछि गोरखा दरबार र उपत्यकाका अरू प्रमुख दरबारहरूबाट किताबहरू बटुली वसन्तपुर दरबारमा राख्ने व्यवस्था मिलाइएको थियो । वि.सं. १८६६ मा यी किताबहरूको रेखदेख गर्न श्री ५ गीर्वाणयुद्ध विक्रम शाहले "किताव चिनाइ तहवील" नामक एक कार्यालय राखे पछि यिनीहरूको अझ राम्रो संरक्षण हुन लाग्यो ।

वि.स. १९०४ पछि श्री ३ जङ्गबहादुरले यी किताबहरू थापाथली दरबारमा लगेर राखे, तर १९१० मा दरबार स्कूल बनेपछि तिनलाई त्यहीं ल्याई थुपारियो पछि घण्टाघरमा सारेपछि वीर शम्शेरको पालामा वि.सं. १९६२ मा महामहोपाध्याय हरप्रसाद शास्त्रीद्वारा र हेमराज पण्डितज्यू, पण्डित सोमनाथ सिग्देल आदिद्वारा वि.सं. १९८५ मा सूचीपत्र तयार गराइए । त्यहाँ हाल भएका निम्नलिखित किताब, अभिलेख आदिको संख्याबाट स्पष्ट हुन्छः–

हस्तलिखित किताब	२७,०००
शिलालेख	६,०००
छापाकिताब	५,०००
पत्र–पत्रिका	८,०००
माइक्रोफिल्म किताब नेगेटिभ	२५,०००
माइक्रोफिल्म किताब पोजिटिभ	२५,०००
माइक्रोफिल्म भएका किताबहरू	२५,०००
माइक्रोफिल्म भएका पत्रहरू	१०,८२,३२६

1. Nepal in Transit, Reed and Reed, p. 189

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. १९८९ मा तिब्बती फाँट र संस्कृति फाँट बेग्ला बेग्लै गरिएकोमा हाल पुनः गाभिएका छन्। २०२४ सालमा राष्ट्रिय अभिलेखालय बनेदेखि उक्त पुस्तकालय त्यहीं राखिएको छ।

त्रिभुवन विश्वविद्यालय पुस्तकालयः कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय वि. सं. २०१६ मा स्थापित भएको हो र हाल अधिराज्यका सबैभन्दा ठूला पुस्तकालयहरूमध्ये यो एक हुन पुगेको छ। २०३० साल असार मसान्तसम्ममा यस पुस्तकालयमा किताबहरूको संख्या ६८ हजारभन्दा बढी पुगेका थिए।

यी बाहेक त्रिभुवन विश्वविद्यालय अन्तर्गतको व्यापार प्रशासन, वाणिज्य शास्त्र तथा वन प्रशासन अध्ययन संस्थासँग हाल गाभिएको आर्थिक विकास र प्रशासन केन्द्र (सेडा) को पुस्तकालय पनि कीर्तिपुरमै स्थित छ।

यस जिल्लाको सदरमुकाम इलाकामा केही मित्र राष्ट्रहरूले सञ्चालन गरेका पुस्तकालय तथा बाचनालयहरू छन्। साथै जिल्लाबासीहरूले जनसहयोगमा जिल्लाका विभिन्न भागहरूमा पुस्तकालयहरू चलाइराखेका छन्।

स्वास्थ्य

यो जिल्लामा औषधि र उपचारका सुविधाहरू धेरै पहिलेदेखि प्राप्त थिए। रोगादि निको पार्ने तान्त्रिक विद्या बारेमा पनि यहाँ धेरै अनुश्रुतिहरू छन्। त्यस्तै आयुर्वेदीय औषधोपचारको प्रचलन यहाँ धेरै पहिले देखि रहिआएको छ। केही बैद्यराजहरूले स्वदेश तथा विदेशका विभिन्न भागमा उपचार तथा चिकित्सा सम्बन्धी अध्ययन तालीम प्राप्त गरी स्थानीय जरीबूटीहरूबाट विभिन्न रोगहरूको निराकरणको लागि यहाँ औषधिहरू समेत बनाउने गरेका छन्। उक्त परम्पराको कारण बैद्यखाना, आयुर्वेदीय चिकित्सालयको स्थापना हुनुको साथै काठमाडौं नगरको विभिन्न भागमा औषधालय अर्थात् औषधि बिक्री गर्ने पसलहरू पाइन्छन्। आयुर्वेदीय उपचारको साथै यहाँ होमियोप्याथीको उपचार पनि चलन चल्तीमा रहेको छ। एलियोप्याथीको प्रचार शुरू भएदेखि हालसम्म पनि सो सम्बन्धी उपचार र चिकित्साको व्यापक प्रचलन हुन गएको छ। अधिराज्यमा सबैभन्दा बढी स्वास्थ्य सेवा सम्बन्धी सहूलियतहरू यही जिल्लामा उपलब्ध छन्।

हाल यस जिल्लामा श्री ५ को सरकारको केन्द्रीय, क्षेत्रिय, अञ्चल तथा जिल्ला स्तरीय स्वास्थ्य कार्यालयहरू रहेका छन्। अधिराज्यमा सबभन्दा बढी सामानले सुसज्जित अस्पतालहरू पनि यहीं रहेका छन्। वि.सं. २०३० मा यहाँ रहेका डाक्टर, कविराजहरू र शय्या सहितका देहायबमोजिम अस्पताल, स्वास्थ्य निवास र चिकित्सालयहरू छन्:–

	शय्या संख्या	डा. संख्या	स्थापना वर्ष
१. वीर अस्पताल (सरुवारोग यूनिट समेत)	३००	७०	१९४७
२. कान्ति अस्पताल, महाराजगञ्ज	५०	९	२०१८
३. टोखा स्वास्थ्य निवास	५०	२	१९९१
४. श्री ५ इन्द्रराज्य लक्ष्मी देवी प्रसूति गृह	६०	६	२०१६
५. केन्द्रीय उरः (छाती) चिकित्सालय		७	२००७
६. त्रिचन्द्र सैनिक अस्पताल	१७०	३५	१९८३
७. सदर कारागार अस्पताल		३	१९७१
८. उर चिकित्सालय, कालीमाटी	२५	२	२०२६
९. पशुपति होमियो चिकित्सालय	६		२००७
१० आयुर्वेदिक अस्पताल, नरदेवी	२५	३ कविराज	१९८५
११. केन्द्रीय कुष्ट चिकित्सालय		२	२०२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लामा भएका अस्पतालहरू जम्मैको शय्या संख्या जोड्दा ७१६ पुगेको पाइन्छ।[1] यो संख्या देशका अरू सम्पूर्ण जिल्लाहरूको दाँजोमा सबैभन्दा बढी छ र बागमती अञ्चलमै पनि यो संख्या धेरै बढी छ। तर जिल्लाको जन संख्याको तुलनामा हेर्ने हो भने लगभग ४९४ जना व्यक्तिलाई एक शय्याको दर पर्न आउँछ। छिमेकी जिल्ला नुवाकोट र काभ्रेपलाञ्चोकमा प्रति शय्या क्रमशः ६,९०० र २४,५०० व्यक्ति पर्दछन्।

आफ्नो एशियाली देशहरूमा साधारणतः अस्पताल, डाक्टर, नर्स आदिको संख्या हेर्दा शहरी र ग्रामीण क्षेत्रमा प्रशस्त आञ्चलिक विषमता रहेको देखिन्छ। उदाहरणको निमित्त थाइल्याण्डको राजधानी क्षेत्रका ८०० व्यक्ति पिच्छे एक जना डाक्टर पाइएको कुरो श्री गुन्नर मिर्डलले उल्लेख गरेका छन्[2] भने ग्रामीण क्षेत्रमा प्रत्येक २३,००० जनतालाई मात्र एक जना डाक्टर पुगेको देखाएका छन्। मलेशियामा पनि स्थिति प्रायः यस्तैछ, किनभने सन् १९६५ मा देशका १,२०० डाक्टरहरूमध्ये नौ जना जति मात्र ग्रामीण क्षेत्रमा थिए।

उक्त पृष्ठभूमिको आधारमा हाम्रो अधिराज्य र काठमाडौं राजधानी क्षेत्रका डाक्टरहरूको तुलनात्मक स्थिति हेर्नु रोचक हुनेछ। सम्बन्धित विभागहरूबाट प्राप्त सूचनाको आधारमा २०३० साल माघ महीनामा अधिराज्यभर सरकारी सेवामा बहाल रहेका २९० र निजी डाक्टरहरू यो संख्याको अनुमानित १५ प्रतिशत (अर्थात् करीब ४३ जना) लाई आधार मानेर तुलना गर्दा निम्नरूप देखिन आउँछः–

	डाक्टरको संख्या (सरकारी–निजी)	प्रतिशत जनसंख्या
अधिराज्य	३३३	३४,७०५
काठमाडौं	१७८	१,९८७

२०२९ वि.सं. मा जिल्लाका विभिन्न अस्पतालहरूमा बाहिरी र भित्री विभागहरूमा जाँचिएको वा चिकित्सा गरिएका रोगीहरूको संख्या यसप्रकार थिएः–

अस्पताल	बाहिरी विभाग	भित्री विभाग (भर्ना)
वीर अस्पताल	१,९३,४७७	८,७६८
कान्ति अस्पताल	१६,४९१	१,९६६
आयुर्वेदिक चिकित्सालय	३८,१०१	३२३
पशुपति होमियो चिकित्सालय	२८,४४६	५८
प्रसूतीगृह, थापाथली	१७,१८४	५,०८१
कालीमाटी क्षयरोग चिकित्सालय	–	११७
भारतीय दूतावास अस्पताल	२६,४८०	(सन् १९७२ को जम्मा)
त्रि–चन्द्र सैनिक अस्पताल	५३,५९८	२,२७४
जम्माः–	३,८२,०६४	२०,६६२

---

१. नेपालमा स्वास्थ्य संस्थाहरू २०३०, पृष्ठ ७

2. Asian Drama, Page 1594

३. यो संख्यामा आयुर्वेदीक, होमियो प्याथिक आदि परेका छैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर अस्पताल

वि.सं. १९४७ मा स्थापना भएको वीर अस्पताल देशको सबभन्दा ठूलो अस्पताल हो। यसमा उपचार, सल्य क्रिया र स्त्री रोगका तीन मुख्य विभागहरू छन्। यहाँ दिनमा सरदर २४.६ रोगीहरू भर्ना हुन्छन् र आपत्कालीन शाखा (इमर्जेन्सी) मा औसत ५३ व्यक्तिहरू जाँचिन्छन्। २०२९ सालमा यो अस्पतालमा भर्ना भएको पुरुष ३,५४५ तथा महिला ५,२२३ गरी जम्मा ८,७६८ थिए। यीमध्ये ३,१५० को शल्य-क्रिया गरिएकोमा ३३ जनाको (अर्थात् १.०४ प्रतिशतको) मृत्यु भएको तथ्याङ्क छ। प्रसूती विभागमा वर्षभरीमा जन्मेको शिशुहरूको संख्या १,६२६ र बाहिरी विभागमा उपचारको निमित्त दर्ता भएका सबैप्रकारका व्यक्तिहरूको संख्या १,९३,४७७ थियो।

जिल्लास्थित अरू तीन प्रमुख अस्पतालहरूको संक्षिप्त परिचय निम्नप्रकार छः—

टोखा अस्पताल

काठमाडौं सदरमुकामदेखि उत्तरतर्फ करीब १२ किलोमिटर टाढा एक रमणीय डाँडामा स्थित अस्पताल स्थानीय जनतामा स्वास्थ्य निवासको नाउँले परिचित छ।

वि.सं. १९९१ मा स्थापित टोखा अस्पताल जिल्लाका पुराना तीन अस्पतालहरूमध्ये एक हो र विशेष रूपले सुकेनाश (क्षयरोग) उपचारको निमित्त स्थापना गरिएको हो। यसमा शय्या संख्या ५० छ। वीर अस्पतालसँगैको केन्द्रीय उरचिकित्सालय अन्तर्गत यो अस्पताल सञ्चालन हुने हुँदा र उरचिकित्सालयले जाँचेर भर्ना गर्न पठाइएका क्षयरोगीहरू मात्र यहाँ भर्ना गरिने हुँदा यसको कुनै बाह्यरोगी विभाग छैन। यहाँ वि. सं. २०२८ र २०२९ मा भर्ना भएका रोगीहरूको संख्या क्रमशः ९२ र १०५ थिए।

कान्ति अस्पताल

जिल्ला सदरमुकाम क्षेत्र नजीकै महाराजगञ्ज स्थित वि.सं. २०१८ मा स्थापित भएको हो। यो अस्पतालमा पनि ५० शय्या छन्। यसमा विशेष गरी स-साना केटाकेटीका रोगहरू सम्बन्धी अनुसन्धान र उपचारको व्यवस्था छ। वि.सं. २०२८ मा यसको बाह्य विभागमा चिकित्सा गराउन आएका रोगीहरूको संख्या प्राप्य छैन, तर २०२९ मा यो संख्या १६,४९१ थियो। भर्ना भएका रोगीहरू सम्बन्धी विवरण तल तालिकामा दिइएको छ।

परोपकार श्री ५ इन्द्रराज्यलक्ष्मी देवी प्रसूति गृह

यो अस्पताल वि.सं. २०१६ मा निर्मित भएको हो। काठमाडौंको एक प्रमुख जनकल्याण संस्था "परोपकार" को सहयोगमा एक स्वशासित "बोर्ड" द्वारा सञ्चालित यो प्रसूति गृहमा नारी रोग सम्बन्धी विशेष उपचार गरिने र मातृ–शिशु कल्याण तथा परिवार नियोजन सम्बन्धी कार्यक्रमहरू पनि कार्यान्वयन गरिन्छन्। वि. सं. २०२८ र २०२९ मा यस प्रसूति गृहको बाह्य विभागले उपचार गरेका रोगीहरूको संख्या क्रमशः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१४,४२३ र १७,१८४ थियो ।

वि.सं. २०२६ मा जिल्लाका उपर्युक्त विभिन्न अस्पतालहरूमा भएका शय्या संख्या, काम गरिरहेका डाक्टर संख्या, वर्षभरमा भर्ना भएका रोगीसंख्या निम्नतालिकामा देखाइएको छः—

	शय्या संख्या	डाक्टर संख्या	भर्ना रोगी संख्या
कान्ति अस्पताल	५०	६	१,६६६
टोखा अस्पताल	५०	१	१०५
प्रसूति गृह	६०	७	५,०८१
वीर अस्पताल	३००	७०	८,७६८
सैनिक अस्पताल	१७०	३२	अप्राप्य

काठमाडौं जिल्लामा स्वास्थ्य केन्द्रहरू स्थापना गरिएका छैनन् । साँखु, थानकोट (सतुंगल) रामघाट, गोकर्ण तथा धर्मस्थलीमा एक एक वटा स्वास्थ्य चौकी छन् । सरकारी औषधालयहरूमध्ये सायद सबंभन्दा पुरानो (१९९० मा स्थापित) बागबजारको यूनानी औषधालय हो । फर्पिङमा एक आयुर्वेदीय औषधालय छ । भारतीय सहयोग मिशन अन्तर्गत १० शय्या भएको एक अस्पताल पनि छ ।

अरू औषधालयहरू

क्षेत्रपाटी निःशुल्क औषधालय (सार्वजनिक), मारवाडी सेवा समिति दातव्य औषधालय (होमियोप्यथिक), क्षयरोग निवारण संघको टी.बी. लिकनिक कालीमाटी, बालाज्यू औद्योगिक क्षेत्र औषधालय आदि छन्।

विभिन्न गाउँ पञ्चायतमा जेठ २०३० सालमा स्वास्थ्य सेवा सम्बन्धी सुविधाको रूपरेखा निम्नतालिकाले प्रदान गर्दछः—[1]

गाउँ पञ्चायत	सुविधाको किसिम
कालीमाटी	क्षयरोग निवारण संघको औषधालय, एक्सरे यूनिट, परिवार नियोजन केन्द्र
कीर्तिपुर लायकु	परोपकार लिकनिक
खड्ग गाउँ भद्रकाली	डिस्पेनसरी
गोकर्ण	हेल्थ पोष्ट
विष्णु बूढानीलकण्ठ	टोखा स्वास्थ्य निवास, कुण्ठ रोगीहरूलाई लिकनिक
चोभार भूतखेल	परोपकार लिकनिक
महादेव गाउँ, थानकोट	हेल्थ पोष्ट
पशुपति (रामघाट)	हेल्थ पोष्ट
पशुपति (रामघाट)	होमियोप्याथी औषधालय
धर्मस्थली	रेडक्रस औषधालय
साँखु साल्खा	हेल्थ पोष्ट

1. The Physical Plan of Kathmandu Valley, pp. 190–193

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बालाज्यू	औषधालय
फर्पिङ शेष नारायण	आयुर्वेदीय औषधालय
चाबहिल भगवानस्थान	डिस्पेन्सरी (महिला संगठनद्वारा सञ्चालित)

साथै स्वास्थ्य मन्त्रालय अन्तर्गत स्थापित मातृ शिशु कल्याण तथा परिवार नियोजन केन्द्रको प्रधान कार्यालय, औलो उन्मूलन, बिफर उन्मूलन, कुष्ठ रोग निवारण आदिका केन्द्रीय कार्यालयहरू पनि काठमाडौंमा छन्।

यो जिल्लामा परिवार नियोजन तथा मातृशिशु कल्याण आयोजना पनि प्रभावकारी ढङ्गले सञ्चालन गरिएको छ। यस जिल्ला स्थित उक्त आयोजनाको प्रमुख कार्यालय अन्तर्गत १० वटा केन्द्रहरू रहेका छन्। आर्थिक वर्ष २०२९।०३० सम्म यस जिल्लामा उक्त आयोजना अन्तर्गत निम्नबमोजिमका कार्यहरू गरेका छन्:—

कार्य	व्यक्तिहरू
परिवार नियोजन सेवा	१८,२९७
बी. सी. जी. सूई	१०,०१८
डी. पी. टी. सूई	८,६१७
बिफर बिरुद्ध सूई	१०,२३७

सार्वजनिक क्षेत्रमा स्थापित भएको नेपाल परिवार नियोजन संघको काठमाडौं डिल्लीबजार स्थित कार्यालयले पनि परिवार नियोजनको कार्यक्रम सञ्चालन गरेको छ।

वि. सं. २०१९ मा गरिएको कुष्ठरोग सम्बन्धी सर्वेक्षणको आधारमा एक प्रतिशत जनसंख्या कुष्ठरोगबाट पीडित भएको छ। तत्पश्चात् यस जिल्लाको थानकोट र बूढानीलकण्ठमा कुष्ठरोगको उपचारार्थ क्लिनिकहरू स्थापन। गर्नुको साथै गोकर्ण स्थित स्वास्थ्य चौकीमा पनि सो रोग सम्बन्धी उपचारको व्यवस्था गरिएको छ

आर्थिक वर्ष २०२९।०३० मा बिफरको बिरुद्ध शुरूको खोप लिनेको संख्या ११,७९६ र पुनः खोप लिनेको संख्या ९८,५८९ रहेको छ। तीमध्ये शुरूको खोप लिनेहरूको औसत उमेर ३.३ वर्ष र पुनः खोप लिनेहरूको औसत उमेर २७.८ वर्ष रहेको देखिन्छ।

खानेपानी

देशमा खानेपानीको व्यवस्था गर्न श्री ५ को सरकारको जल तथा विद्युत् मन्त्रालय र त्यस अन्तर्गतको खानेपानी तथा ढल निकास विभागको केन्द्रीय कार्यालय काठमाडौंमा छ। उक्त विभागको मातहतमा रहेको खानेपानी तथा ढल विकास समितिले काठमाडौं शहरी तथा निकटवर्ती इलाकामा खानेपानी आपूर्तिको काम गर्दछ।

यस जिल्लामा प्रथम खानेपानीको रिजर्भ्वायरहरूमध्ये एक शिवपुरीस्थित रिजर्भ्वायर वि. सं. १९५२ सालमा बनेको हो र शहरी क्षेत्रमा पहिलो चोटी कलधारा व्यवथा वीर शम्शेरको पालामा भएको हो। अरू रिजर्भ्वायरहरूमध्ये बूढानीलकण्ठमा सात लाख ग्यालन प्रतिदिन क्षमताको रिजर्भ्वायर छ। अल्ले, दोडे, भण्डारे, पांचमाने, छहरे, चाबहिल, सुन्दरीजल आदि स्रोतहरूबाट ल्याइएको पानी रिजर्भ्वायरहरूको संयुक्त क्षमता २६ लाख ३७ हजार ग्यालन छ र यीबाट काठमाडौंको शहरी र निकटवर्ती क्षेत्रहरूमा प्रशोधन गरिएको खानेपानीको आपूर्ति गरिन्छ।

काठमाडौं जिल्लामा निजी धाराहरूको संख्या १३,४९१ र सार्वजनिक धाराहरूको संख्या ७१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको पाइन्छ, जसमध्ये निजी १२,०५८ धारा र सार्वजनिक ९८२ धारा नगर पञ्चायत तथा वरिपरिका क्षेत्रमा केन्द्रित छन्। यसबाट जिल्लाको बाहिरी क्षेत्रमा निजी धारा नगण्य भएको स्पष्ट हुन्छ।

यस जिल्लाका कतिपय गाउँ पञ्चायत इलाकामा भएका निजी धारा र सार्वजनिक धाराको संख्या निम्नबमोजिम छन्ः–

१. स्थान	निजी धारा	सार्वजनिक धारा
१. कीर्तिपुर	२	२३
२. साँखु	१	२०
३. पाँगा		६
४. बलम्बु		११
५. टोखा		६
६. फर्पिङ		२५
७. झोरबोडे		४
८. टोफिकल		८.
९. जितपुर	१	५
१०. थानकोट		अप्राप्त
११. मातातीर्थ		अप्राप्त

काठमाडौंका नयाँ धाराहरूमा पानीको मिटर जडान गर्ने कार्यक्रम पनि गत केही वर्षदेखि शुरू भएको छ र हालसम्म २,०७५ निजी धाराहरूमा मिटर जोडिसकिएको छ। हरेक निजी धाराहरूको मासिक दर रू. सात तोकिएको छ। मिटर जडान भएका धाराहरूमा मिटर अनुसार थप महसूल तिर्नु पर्छ।

काठमाडौं उपत्यकाको भौतिक परियोजनामा बालाज्यू, महाराजगञ्ज र सुन्दरीजलका तीन रिजर्भ्वायरहरूबाट काठमाडौं सदरमुकाम इलाकालाई दिनहुँ ३२ लाख ग्यालन खानेपानी प्राप्त हुन्छ र प्रति व्यक्तिको हिसाबमा करीब २३ ग्यालन पर्न आउछ। तर पानीको वितरण प्रणालीमा हुने चुहावट तथा खेरजाने पानीको भाग धेरै हुने हुँदा सरदर प्रति व्यक्ति १० ग्यालन प्रतिदिन मात्र उपलब्ध हुने अनुमान गरिएको छ। हाल काठमाडौं नगर र केही वरिपरिका इलाकाको लागि करीब ५० लाख ग्यालन पानी प्रतिदिन उपलब्ध हुन्छ तर शहरी क्षेत्रमै पनि कति ठाउँमा इनार, ढुङ्गेधारा र अन्य स्रोतबाट पानीको खाँचो पूरा गरेको देखिन्छ। जिल्लाका ८३ गाउँ पञ्चायतहरूमध्ये ४६ वटा (अर्थात् ५० प्रतिशतभन्दा बढी) गाउँ पञ्चायतमा कुनै–न–कुनै किसिमको कलधाराको व्यवस्था भएको देखिएको छ।[1] बाँकी इनार, कुवा वा कुनै प्राकृतिक स्रोतमा भर पर्ने स्पष्ट छ। यस जिल्लाका खाने पानीको सुप्रबन्ध भइसकेका विभिन्न गाउँ पञ्चायतहरूमा स्थानीय श्रमदान, चन्दा र श्री ५ को सरकारको विकास अनुदान समेतबाट स्थानीय खानेपानी आयोजनाहरू पनि कार्यान्वयन गर्ने गरिएका छन्।

1. The Physical Development Plan for the Kathmandu Valley, 1969, pp. 190-193

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

प्राचीनकालमा अञ्चल, जिल्ला र गाउँ जस्तै द्रङ्ग (शहर) तल र ग्राम आदि प्रशासनिक क्षेत्रहरूमा राज्य विभाजित थियो तथा किरात शब्द मानिएको "लिंग्वल" नामक निकायले कुलो, धारा सम्बन्धी व्यवस्था मिलाउने र "कुवेर" नामक निकायले पूँजी राख्ने गर्थ्यो भन्ने अडकल गरिन्छ। अभिलेखहरूमा पाइएका पूर्वाधिकरण, पश्चिमाधिकरण, मठ्ठाधिकरण (मठ-मन्दिरका प्रशासक) आदि शब्द पनि प्रशासनिक हुन सक्छन्। केन्द्रीय प्रशासनलाई 'मूल' भनिने तथा सामन्त, महासामन्तहरूले मूललाई "सिर्तो" तिर्नु पर्थ्यो भनिएको पाइन्छ।

मल्लकालमा पनि प्रशासनका अन्तिम अधिकारी राजा स्वयं हुन्थे। प्रशासनिक प्रदेशलाई "प्रमान" नामक अधिकारीले र उप-प्रदेशलाई "नायक" वा "द्वार" नामक अधिकारीले हेर्थे भनी भनिएको छ, तर "प्रमान" शब्दको अर्थ मन्त्री र "चौतारा" शब्दको अर्थ मुख्य प्रमान हुन्थ्यो भन्ने बाबुराम आचार्यको मत छ। प्रधानमन्त्रीलाई "चौतारा" अमात्य वा जागीर अमात्य भनिन्थ्यो भन्ने डा. दिल्ली रमण रेग्मीको, सैनिक प्रमुखलाई ओमराव भनिन्थ्यो भन्ने कर्कप्याट्रिकको अनुमान देखिन्छ। भारी (भारदार), टक्सारी वा टक्साली, छेम मण्डेल (निर्माण-मर्मत आदिका अधिकारी), गूठी कटक, गणनायक, कोतवार वा महाले (प्रहरी), टोल नायक, क्वाय नायक (गढी-गौंडाका नाइके), ढेलमा (सिचाइ अधिकारी) आदि शब्दहरू पनि प्रयोग भएका पाइन्छन्।

शाहकालमा पनि प्रशासन व्यवस्था बेग्लै किसिमको हुनु सम्भव छ। तर प्रमाणको अभावमा किटान गर्नु गाह्रो छ। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका पालामा मोहरको टक बनाउने "टक्सारी" राजस्वको रेखदेख गर्ने "खजान्ची", राजस्वका जिन्सी मालको हेरचाह गर्ने कामदार, स्थानीय प्रशासनको केन्द्र "कोत" र त्यसको अधिकारी कटुवाल (कोतवाल) आदिको उल्लेख पाइन्छ।

वि. सं. २००७ साल पछि प्रशासकीय व्यवस्थामा ठूलो परिवर्तन देखा पर्‍यो। तत्पश्चात् विश्वका अन्य मुलुकहरूमा प्रशासन व्यवस्था धेरै प्रगति भइसकेकोले नेपालमा प्रशासन यन्त्रलाई आधुनिक र बढी प्रभावकारी बनाउन अनेक प्रयास भएको छ। त्यसरी वि. सं. २०२२ सालमा क्षेत्रिय प्रशासकीय एकाईको रूपमा अञ्चल तथा जिल्ला प्रशासन शुरू भयो।

अधिराज्यको राजधानी शहर काठमाडौंलाई बागमती अञ्चल तथा काठमाडौं जिल्लाको सदरमुकाम कायम गरिएको छ। हाल यस शहर मध्यमाञ्चल विकास क्षेत्रको विकास केन्द्र पनि रहन गएको छ। यसरी यस जिल्लाको सदरमुकाममा राष्ट्रिय स्तरको सर्वोच्च कार्यालयहरूदेखि जिल्ला स्तरीय कार्यालयहरू रहेका छन्।

यहाँ रहेका राष्ट्रिय स्तरका कार्यालयहरूमा राजदरबार सचिवालय लगायत मन्त्री परिषद् तथा श्री ५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को सरकारको सचिवालय (केन्द्रीय स्तरका विभागहरू सहित), सर्वोच्च अदालत, राजसभा, राष्ट्रिय पञ्चायत, महान्यायाधिवक्ताको कार्यालय, लोक सेवा आयोग, राष्ट्रिय शिक्षा समिति, महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय योजना आयोग, शाही सैनिक प्रधान कार्यालय, प्रहरी प्रधान कार्यालय आदि तथा श्री ५ को सरकारको स्वामित्व रहेका संस्थानहरूका केन्द्रीय कार्यालय रहेका छन्। त्यस्तै राष्ट्रिय महत्वका सामाजिक संस्थाहरू जस्तै राष्ट्रिय खेलकूद परिषद्, नेपाल रेडक्रस आदिका प्रधान कार्यालयहरू पनि यहीं रहेका छन्।

ती बाहेक विभिन्न मित्रराष्ट्रहरूका राजदूताबासहरू, संयुक्त राष्ट्र संघ तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूका कार्यालयहरू पनि यहीं रहेका छन्। साथै रोटरी क्लब, लायन्स क्लब, जुनियर चेम्बर्स आदि अन्तर्राष्ट्रिय सामाजिक संस्थाहरूका कार्यालयहरू पनि यस जिल्लाको सदरमुकाममा रहेका छन्।

त्यस्तै यहाँ श्री ५ को सरकारका क्षेत्रिय तथा अञ्चल कार्यालयहरू लगायत जिल्ला स्तरीय कार्यालयहरू रहेका छन्। यहाँ प्रमुख जिल्ला अधिकारीको कार्यालय लगायत जिल्ला अदालत, जिल्ला शिक्षा कार्यालय, भूमि प्रशासन कार्यालय, कृषि विकास कार्यालय आदि रहेका छन्।

प्रहरी प्रशासन

देशको प्रहरी प्रशासन गृह मन्त्रालय अन्तर्गत पर्छ र केन्द्रीय स्तरमा हुने प्रहरी प्रधान निरीक्षक (इन्सपेक्टर जनरल) को कार्यालय काठमाडौं स्थित नक्सालमा छ। देशलाई प्रहरी प्रशासनको दृष्टिकोणले बाँडिएको तीन क्षेत्रहरूमध्ये केन्द्रीय क्षेत्रका नायब प्रहरी प्रधान निरीक्षक (डी. आई. जी. पी.) को कार्यालय र बागमती अञ्चल प्रहरी उप-निरीक्षक (एस. पी.) कार्यालय पनि काठमाडौं मै छन्। उपनिरीक्षक कार्यालयको मातहतमा रहेका नायब प्रहरी उपनिरीक्षक (डी. एस. पी.) ले काठमाडौं जिल्लाको प्रहरी प्रशासन सञ्चालन गर्छन्। यो जिल्लाको विभिन्न इलाकाहरू जस्तै डिल्ली बजार, कीर्तिपुर, साँखु, बालाज्यू, गौशाला, बौद्ध, देवीस्थान, फर्पिङ, बूढानीलकण्ठमा थाना तथा छोटी थाना र टेकु तथा लैनचौरमा प्रहरी लाइन राखिएका छन्।

यी बाहेक नगर प्रहरी र काठमाडौं प्रहरी लाइन, बौद्ध छोटी थाना अन्तर्गत सिनामङ्गल चौकी र कोटेश्वर चौकी, बालाज्यू प्रहरी थाना अन्तर्गत जितपुर चौकी र सिडेनी तथा साँखु थाना अन्तर्गत नाङ्लेभारे चौकी छन्।

कारागार

देशका "क", "ख", "ग", तीन श्रेणीमा विभक्त कारागारहरूमध्ये "क" श्रेणीमा राखिएका १० जिल्लाको कारागारहरूमा काठमाडौंको कारागार एउटा हो। सदरखोर (डिल्लीबजार), भद्रगोल जेल र सुन्दरीजल जेल यसका शाखा हुन्। २०३० असारसम्म यहाँको संयुक्त बन्दी संख्या ८८३ थिए, जसमध्ये घरेलु उद्योग विभागद्वारा सञ्चालित केन्द्रीय कारागार कारखानामा २०० बन्दीहरूले काम गरिरहेका थिए।

कारागारमा अरू सुविधाहरूमध्ये खेलकूद (क्यारिम, भलिबल आदि), वृत चित्रहरू देखाउने व्यवस्था, रेडियो-श्रवण केन्द्र, दुईवटा पुस्तकालय र पुस्तक संख्या १,७६४ आदि छन्। कारागारमा स्थापित अस्पतालले बन्दीहरूको चिकित्सा गर्दछ। गत वर्षमा बन्दीहरूलाई प्रदान गरिएको शिक्षाको सुविधा निम्न-प्रकार थियो:–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालय	संख्या	छात्र संख्या	शिक्षक संख्या	सरकारी अनुदान (वार्षिक)
प्राथमिक	२	१७८	१६	१,३००।
प्रौढ कक्षा	१	८०	–	–

न्याय

वि. सं. १८२७ मा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको पालादेखि नै काठमाडौंलाई राजधानी क्षेत्रमा र अन्यत्रलाई जिल्ला क्षेत्रमा बाँडेको देखिने हुनाले मधेशका झैं अमिनी र पहाड तथा पाटन र भादगाउँमा झैं अदालत नभई यहाँ बेग्लै न्याय–व्यवस्था भएको अनुमान गरिन्छ। राजधानीमा रहेको अदालतमा ठकुरी डिट्ठा रहन्थे । काठमाडौंमा रहेको मुख्य अदालतले शुरू मुद्दा हेर्थ्यो साथै पञ्चखतमा राजाको अन्तिम निर्णय लिने काम पनि गर्थ्यो । पछिका कागज–पत्रमा द्वारे र थरी नामक दुई पद पनि अदालतका विषयमा पाइन्छन्, विचारीभन्दा माथि द्वारे र मुनि थरी रहन्थे।[1] सल्लाहकार परिषद्को रूपमा राजाको लाल मोहरमा मार्फत वा रुजु भई पुछ्रे सही "भारदारी सभा" का सदस्यहरूले गर्दथे। उक्त सभाका चौतरिया लगायत समस्त प्रशासकीय अधिकारीहरूलाई "भारदार" पनि भन्ने चलन थियो।

भीमसेन थापाको पालामा प्रधानमन्त्री (मुख्तियार) ले कार्यपालिका र न्यायपालिका दुवैतिर हेर्नु पर्थ्यो। दरबारमा बस्ने र अपील सुन्ने अदालततर्फका हाकिम नै तिनताकको प्रधान न्यायाधीश थियो।

वि.सं. १९५८ मा प्रधानमन्त्रीले अदालत गोश्वरा विघटन गरी स्वयं सर्वोच्च अदालतको काम गरेको पाइन्छ। न्याय प्रशासनको प्रमुख भई काम गर्ने विन्तिपत्र निक्सारी अड्डा थियो।

हाल सर्वोच्च अदालत, क्षेत्रिय अदालत, बागमती अञ्चल अदालत, काठमाडौं जिल्ला अदालत आदि विभिन्न तहका अदालत यस जिल्लामा छन्। सरकारी वकीलहरूको क्षेत्रमा केन्द्रीय स्तरमा श्री ५ को सरकारको महान्यायाधीवक्ता नामक संवैधानिक अङ्गको कार्यालयदेखि जिल्ला स्तरीय सहायक सरकारी अधिवक्ता र अभियोक्ताका कार्यालय पनि काठमाडौंमा स्थित छन् ।

यहाँको जिल्ला अदालतको लगतअनुसार आर्थिक वर्ष २०२७।०२८ देखि २०२९।०३० तक तीन वर्षहरूमा विभिन्न मुद्दाहरू र फछर्चोट भएका मुद्दाहरूको संख्या निम्नबमोजिम रहेको छः–

	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
जिम्मेवारी	१,७६६	१,७५७	२,०१८
परेको	२,१७१	१,८३३	१,७८९
जम्मा मुद्दाहरू	३,९३७	३,५९०	३,८०७
फछर्चोट भएका	२,१८०	१,५७२	१,४९४
बाँकी मुद्दाहरू	१,७५७	२,०१८	२,३१३

उपर्युक्त तालिकानुसार उक्त प्रत्येक आर्थिक वर्षको अवधिमा परेका मुद्दाहरूमध्ये ५,२४६ वटा मुद्दाहरू फछर्चोट भई कुल २,३१३ वटा मुद्दाहरू बाँकी रहन गएको देखिन्छ।

१. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६६३,६६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त मुद्दाहरूमध्ये सरकारवादी फौजदारी मुद्दाहरूमा चोरी र दुर्घटना सम्बन्धी र दुनियाँवादी फौजदारीमा लुटपिट, पारपाचुके आदि प्रमुख छन्। दुनियाँवादी देवानी मुद्दाहरूमा अंशबण्डा, लेनदेन, नामसारी लिखतपास, बहाल सम्बन्धी आदिको संख्या धेरै भएको पाइन्छ।

पञ्चायत

देशको राजधानीको हैसियतले देशको सर्वोच्च विधायिका "राष्ट्रि पञ्चायत" काठमाडौंमा स्थित छ। सदरमुकामको सिंहदरबार "कम्पाउण्ड" भित्र रहेको राष्ट्रिय पञ्चायत सभा गृहमा यो एक सदनात्मक व्यवस्थापिका सभाका बैठकहरू बस्दछन्।

बागमती अञ्चल सभामा प्रतिनिधित्व पाउने आठ जिल्लाहरूमध्ये एक यो काठमाडौं जिल्ला सभामा ८३ गाउँ पञ्चायतहरूबाट एक एक जना र काठमाडौं नगर पञ्चायतका १० जना गरेर ९३ सदस्यहरू छन्। जिल्ला पञ्चायतमा अरू जिल्ला सरह ११ जना नै सदस्य छन्। यस जिल्लाबाट दुईजनाले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने व्यवस्था छ।

नगर पञ्चायत

काठमाडौं नगर पञ्चायत २९ वडाहरूमा विभाजित छ र हरेक वडाबाट एक एक जना सदस्यहरू निर्वाचित हुन्छन्। अरू सात जना मनोनित गरिन्छन्। यी ३६ सदस्यमध्येबाट एक जना प्रधानपञ्च र एक जना उपप्रधान पञ्च चुनिएका हुन्छन्।

यस नगर पञ्चायतको शुरूवात वि.सं.१९७६ मा एक "सफाइ अड्डा" को रूपमा भएको थियो र प्रधानमन्त्री श्री पद्मशम्शेरको पालामा वि.सं. २००४ सालमा यस अड्डालाई नगर पालिकामा परिवर्तन गरिएको हो। पञ्चायती प्रजातन्त्रको प्रादुर्भाव पछि वि.सं. २०१९ सालमा नगर पञ्चायतको नामकरण सहित यसको कार्यक्षेत्र अझ विस्तृत भयो तापनि आधारभूत रूपमा शहरीक्षेत्रको स्वास्थ्य, सफाइ आदि मै यसको कार्य केन्द्रित छ। यस कार्यको निमित्त ३०० कूचीकारहरू, तीनवटा ट्रक, एक ट्याक्टर–ट्रेलर आदि छन्। नगर पञ्चायतद्वारा एक एलोपेथिक र होमियोप्याथिक औषधालय पनि सञ्चालन गर्ने गरेको छ।

(नगर पञ्चायत क्षेत्र सम्बन्धी अरू विवरण "सदरमुकाम" को बयानमा पनि परेको छ।)

वर्गीय संगठनहरू

अधिराज्यको सम्विधान अन्तर्गत गठित चार थरीका वर्गीय संगठनहरूमध्ये तीनवटा (किसान, मजदूर र महिला) संगठनका केन्द्रीय कार्यालयहरू हाल काठमाडौंमा छन् र युवक र भूतपूर्व सैनिक संगठनका केन्द्रीय कार्यालयहरू ललितपुर जिल्लामा छन्। युवक संगठनको बाहेक अरू तीन वटाका जिल्लास्तरीय कार्यालयहरू स्थानीय डिल्लीबजार चारखाल अड्डा इलाकामा छन्। यहाँका गाउँ पञ्चायतहरूमध्ये कालीमाटी, चाबहिल र पशुपति गाउँ पञ्चायतहरूको आम्दानी धेरै र हैबुङ, इपा, आँपचौर तथा नाङ्ले भारे गाउँ पञ्चायतहरूको आम्दानी कम रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको जिल्ला सभा कोषको आम्दानी आर्थिक वर्ष २०२९।०३० मा रू. ८५,१९७। र २०३०।०३१ मा १,५३,२५४। थियो। यस जिल्लामा विभिन्न वर्गीय संगठनहरूका केन्द्रीय कार्यालयहरू लगायत जिल्ला समितिहरू पनि गठन गरिएका छन्। ती विभिन्न वर्गीय संगठनहरूका प्रारम्भिक समितिहरूको संख्या निम्नबमोजिम छः—

गाउँ र नगर पञ्चायतमा प्रारम्भिक समिति संख्या

	गाउँ पञ्चायत	नगर पञ्चायत वडा
नेपाल किसान संगठन	६७	४
नेपाल मजदूर संगठन	अप्राप्य	अप्राप्य
नेपाल महिला संगठन	८३	२७
नेपाल भूतपूर्व सैनिक संगठन	५६	–
नेपाल युवक संगठन	अप्राप्य	अप्राप्य

श्री ५ को सरकार, पञ्चायत र वर्गीय संगठनका कार्यालयहरू बाहेक यस जिल्लामा रहेका केही केन्द्रीय स्तरका प्रमुख पेशेवार संघ, संस्थाहरू यसप्रकार छन्:—

नेपाल मेडिकल एसोसियशन, नेपाल वार एसोसियशन, नेपाल इन्जिनीयरिङ एसोसियशन, नेपाल पत्रकार संघ, नेपाल प्राध्यापक संघ, नेपाल होटेल संघ, नेपाल ट्राभेल एजेन्टस् एसोसियशन, नेपाल ट्रेन्ड नर्सेज एसोसियशन, नेपाल अटोमोवाइल एसोसियशन, नेपाल आयुर्वेदीय संघ, अखिल नेपाल होमियोप्याथिक संघ, नेपाल भेटेरिनरी एसोसियशन, नेपाल गाइडस् एसोसियशन आदि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

शहरीकरणको तीव्र गतिले गर्दा काठमाडौं नगरका बासिन्दाहरूको रहनसहनमा यथेष्ट परिवर्तन हुँदै गइरहेको छ। ती परिवर्तनको साथै औद्योगिक, व्यापारिक तथा अन्य संस्थागत प्रतिष्ठानहरूको बढ्दो कार्यकलापको फलस्वरूप यो जिल्लाको उपत्यका इलाकाको आर्थिक गतिविधिमा कृषिको भूमिका गैर कृषि व्यवसायहरूको दाँजोमा कम महत्वपूर्ण हुँदै गएको देखिन्छ।

यहाँको नगर विकास तथा अन्तर्राष्ट्रियकरणको वर्तमान वातावरणमा सामाजिक तथा वित्तीय सेवाहरू, पर्यटन आदिको निकै उन्नति हुन गएको छ। काठमाडौं जिल्लाले अधिराज्यको पर्यटन उद्योगमा हालसम्म सबैभन्दा प्रमुख भूमिका खेलेको छ भने यो जिल्लामा उद्योगको क्षेत्रमा पर्यटनको स्थान सर्वाधिक महत्वपूर्ण रहेको छ।

यहाँको पर्यटन उद्योगको मूल आकर्षण काठमाडौंका प्राचीन मन्दिर, देवालय र सांस्कृतिक वैभवको साथै उत्तरी सीमावर्ती हिमालय पर्वतमाला पनि हुन्। हिमालय र सो वरिपरि रहेका उच्च गाउँहरूमा पुग्न सकिने गरी सुहाउँदो यातायातको व्यवस्था गर्न सकेमा यहाँको पर्यटन उद्योगलाई धेरै टेवा मिल्ने देखिन्छ। पर्यटन उद्योगका निकायहरू जस्तै होटेल, रेष्टुराँ, हस्तकलाका विभिन्न उपहार बनाउने र बेचबिखन गर्ने प्रतिष्ठानहरू, ट्राभेल एजेन्सी र पथ प्रदर्शन सेवाहरू आदि गत केही वर्षदेखि बढ्दै आएका छन् र भविष्यमा अझ बढ्दै जाने देखिन्छ। त्यस्तै काठमाडौं नगर र सोको वरिपरि अन्य विविध उद्योगको सम्भाव्यता बढ्दै गएको छ। कृषि, वन, पशुपालन आदिका उपजहरूमा आधारित साना तथा मझौला स्तरका उद्योगहरूको संख्या बढ्दै छन्। मैदा, पाउरोटी, केक, बिस्कुट, राडी, पाखी ,गलैंचा, छाला, जुत्ता, काठका फर्निचरहरू आदि सम्बन्धी विभिन्न स्तरका औद्योगिक प्रतिष्ठानहरू पनि बढ्दै जाने देखिन्छ। त्यस्तै कुखुरा पालन पनि धेरै संख्यामा बढेको छ। यो जिल्लामा बालाज्यू औद्योगिक क्षेत्रको स्थापनाबाट साना तथा मझौला स्तरका उद्योगहरूको विकासमा धेरै सहयोग पुग्न गएको छ।

अधिराज्यका अन्य जिल्लाहरूमाभन्दा यो जिल्लामा कृषि व्यवसायमा बढी आधुनिकीकरण हुन गएको देखिए तापनि जनसंख्याको बढ्दो चाप तथा शहरीकरणको सिलसिलामा बढी कृषियोग्य भूमि गैर कृषि व्यवसाय र नगर विस्तारमा प्रयोग हुन गइरहेकोले प्रतिव्यक्ति कृषि भूमि घट्दै गएको छ। नगर इलाकामा भएको खेतबारी घट्दै जानुको साथै नगर बाहिरका इलाकाहरूमा बढी फाइदा हुने तरकारी खेतीको सम्भाव्यता बढ्दै गएको छ। साथै यो जिल्लाको उत्तर तथा दक्षिणी भेकमा फलफूल खेती विस्तार गर्न सकिने देखिन्छ। दक्षिणी भेकका फर्पिङ र सोको वरिपरि रहेका इलाकाहरू नासपाती, ज्यामीर, लप्सी, आरु आदि विभिन्न फलफूलका लागि धेरै वर्षदेखि प्रसिद्ध छन्। हाल नगरको बढ्दो जनसंख्याको बढ्दो आवश्यकतालाई ध्यानमा राख्दा ती पहाडी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इलाकाहरूमा फलफूल खेतीलाई बढाउन सकेमा स्थानीय बासिन्दाहरूको क्रयशक्ति वृद्धि हुन जाने अनुमान गर्न सकिन्छ ।

यस जिल्लाको उत्तर–पूर्वमा स्थित सांखुमा गत केही वर्षदेखि चियाको खेती भइरहेको छ । त्यस्तै शिवपुरी लेकको दक्षिण ढाल र भिरालो फेदीमा पनि उपयुक्त हावापानी पाइने हुनाले त्यस इलाकामा चिया खेती गर्न सकिने सम्भावना रहेको छ ।

साथै काठमाडौं नगर राजधानी शहर भएकोले अधिराज्यका विभिन्न भागबाट बसाइँ सर्नेहरूको संख्या भविष्यमा अझ बढ्ने देखिन्छ । त्यसरी बढने जनसंख्यालाई दृष्टिगत गर्दा यस नगर ठूलो हुँदै जाने कुरा स्पष्ट छ । यसको र छिमेकी नगरहरूको बीचको यातायात सुविधाहरूमा भएको विस्तार विशेषगरेर काठमाडौं र भक्तपुर बीच हुने ट्रलि बसको सेवा र ललितपुरसँगको यातायात सहूलियतले गर्दा तीनै नगरहरूको आपसी सम्पर्क बढन जानुका साथै एक अर्काको नजीक पुगेका छन् । काठमाडौं र ललितपुर त विभिन्न क्षेत्रमा घनिष्टतम रूपले आबद्ध भइसकेका छन् । हाल निर्माणाधीन काठमाडौं चक्रपथले गर्दा निकट भविष्यमा काठमाडौं र ललितपुर र काठमाडौं-का केही छिमेकी गाउँ पञ्चायतहरू समेत गाभी एक विशाल नगरको सिर्जना हुन सक्ने देखिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

परिचय

प्राकृतिक स्वरूप र सम्पदा ८३९

ऐतिहासिक पृष्ठभूमि ८४१

प्रमुख स्थानहरू ८५०

जनसंख्या र जनजीवन ८५४

आर्थिक व्यवस्था ८६४

यातायात, सञ्चार र बिजुली ८६९

शिक्षा, स्वास्थ्य तथा खानेपानी ८८८

प्रशासन र पञ्चायत ८९२

उपसंहार ८९७

९०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

नेपालको इतिहासको मध्ययुगमा नै विकसित भइसकेको ललितपुर नगरको ठूलो ऐतिहासिक महत्व छ। नेपाली वास्तुकलाका उच्चस्तरीय मन्दिर तथा देवलहरूद्वारा सिङारिएको यो जिल्ला बागमती अञ्चलको एक विकसित जिल्ला हो। वि.सं. २०२२ मा यसको वर्तमान भौगोलिक इलाका निर्धारण हुँदा उपत्यकादेखि दक्षिण-मा रहेको पहाडी भाग पनि यस भित्र समावेश गरिएको छ। यसरी यो जिल्ला एक तिहाइ भाग काठमाडौं उपत्यका र दुई तिहाइ भाग पहाडी क्षेत्रबाट बनेको छ।

यसको भौगोलिक सीमाना उत्तरमा हनुमन्ते खोला, मनहरा खोला र बागमती नदी, पश्चिम र दक्षिणमा पनि बागमती नदी तथा पूर्वमा त्रिवेणी डांडा, फुलचोकीको पानी ढलो, फलबारी डांडा, नागी डांडा र दुलंङ खोला हुन्।

यसको सदरमुकाम ऐतिहासिक ललितपुर नगरमा रहेको छ। उक्त नगर समुद्रको सतहबाट अन्दाजी १,३४१ किलोमिटर अर्थात् ४,४०० फीट उचाइमा रहेको छ। यो सम्भवतः नेपाल अधिराज्यको सबभन्दा पुरानो शहर हो। जनसंख्याको दृष्टिकोणले हालसम्म ललितपुर नगर पञ्चायत अधिराज्यको दोस्रो सबभन्दा धेरै आवादी भएको नगर पञ्चायत हो। यस शहरमा अन्दाजी १,००० वटा पसल रहेको ठूलो बजार छ। ललित-पुर मध्यकालीन युगदेखि एक महत्वपूर्ण व्यापारिक तथा सांस्कृतिक केन्द्र रहिआएको छ।

यो जिल्लाको कुल क्षेत्रफल ४१३ वर्ग किलोमिटर अर्थात् १५९ वर्गमाइल छ। यो जिल्ला बागमती अञ्चलको कुल क्षेत्रफलको ३.९ प्रतिशतबाट बनेको छ।

वि. सं. २०२८ को राष्ट्रिय जनगणनानुसार यसको कुल जनसंख्या १,५४,९९८ छ जसमध्ये पुरुष ७८,६२९ अर्थात् ५०.७ प्रतिशत र महिला ७६,३६९ अर्थात् ४९.३ प्रतिशत छन्। यो संख्या नेपाल अधि-राज्यको कुल जनसंख्याको अनुमानित १.३, मध्यमाञ्चल विकास क्षेत्रको ४.० र बागमती अञ्चलको १०.३ प्रतिशत रहेको छ।

यो जिल्लामा बहुसंख्यक मानिसहरू नेवार जातिका छन्। नेवारहरू अधिक संख्यामा नगर पञ्चायत र उपत्यकाभित्र गाउँ पञ्चायतहरूमा छन्। उपत्यका बाहिर लेले बजारको नेवार बस्ती पनि उल्लेखनीय छ। यहाँका अन्य बासिन्दाहरूमध्ये क्षेत्री, बाहुन, तामाङ, मगर, पहरी, दनुवार, तिब्बती शरणार्थीहरू हुन्। यसको पहाडी भागमा प्रायः बाहुन, क्षेत्री र तामाङहरू छन्। केही संख्यामा इकुडोल, आश्राङ, गिम्दी, ठूला दुर्लुङ आदि गाउँ पञ्चायतहरूमा मगर जातिका मानिसहरू तामाङ र क्षेत्री-बाहुनहरूसँग मिलेर बसेका छन्। कामी, दमाई, सार्की आदि व्यावसायिक जातिका मानिसहरू सीमित संख्यामा फैलिएर बसेका छन्।

यस जिल्लाको बासिन्दाहरूमध्ये एक चाखलाग्दो जाति पहरी हो। पहरीहरू सांस्कृतिक दृष्टिकोणले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेवारहरूभन्दा फरक नभए तापनि भिन्नै भाषा प्रयोग गर्दछन् । यस भाषामा नेवारी बाहेक दनुवार भाषाको पनि प्रभाव परेको अनुमान गरिन्छ । पहरीहरूले ज्यादाजसो बढीखेल, छम्पी, चापागाउँ किटिनी, लेले आदि गाउँ पञ्चायतहरूमा बसोबास गरेका छन् ।

यो जिल्लाका अधिकांश बासिन्दाहरूको जीविकाको मूल आधार कृषि नै हो । उपत्यका क्षेत्रमा मानिसहरू कृषिको कामबाट फुर्सत पाएको समयमा घरेलु उद्योगमा लाग्दछन् । शहरी इलाकामा केही मानिसहरू घरेलु उद्योग, सामाजिक तथा अन्य सेवा, व्यापार आदिमा लागेका छन् । हालसाल शहरी इलाकामा बसोबास गर्ने बढ्दो मानिसहरूको आम्दानीको मुख्य स्रोत गैर-कृषि व्यवसायहरू हुन गएको छ ।

साधारणतया यो जिल्लामा द्विपक्षीय अर्थ व्यवस्था रहेको छ । ललितपुर नगर पञ्चायत तथा उपत्यका भित्र रहेका गाउँ पञ्चायतहरूमा कृषि बालीहरूको विविधीकरण, आधुनिक कृषि उपकरणहरूको प्रयोग, बाली संरक्षण आदि कारणहरूले कृषि उत्पादनमा धेरै वृद्धि हुन गएको छ । साथै नगर इलाकासँगको यातायातको सहूलियतले गर्दा व्यापार विनिमयमा विकास हुन जानुको साथै अन्य जनोपयोगी सेवाहरू समेत उपलब्ध हुन गएकोले उपत्यकाभित्र रहेका गाउँ पञ्चायतहरू पनि बिस्तारै आर्थिक उन्नतिको मार्गमा अग्रसर भएका छन् । तर दक्षिणी पहाडी भेकको १८ वटा गाउँ पञ्चायत इलाका सीमान्त कृषि व्यवसायमा झुण्डिरहेको छ । सीमान्त कृषि तथा पशुपालन बाहेक अन्य व्यवसायहरू उपलब्ध नहुनुको साथै गाउँहरू ज्यादै फैलिएको तथा आवागमनको असुविधा आदिको फलस्वरूप उक्त इलाकामा बजारहरू पनि स्थापना हुन सकेका छैनन् । उक्त इलाकामा कृषि उत्पादन पनि न्यूनतम रहेको हुनाले मानिसहरूको क्रयशक्ति पनि उपत्यका बासीहरूकोभन्दा धेरै कम भएको अनुमान गरिएको छ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

यो जिल्ला काठमाडौं उपत्यकाको दक्षिण-पूर्वी भाग तथा दक्षिणतर्फ उपत्यका बाहिर रहेको भू-भागबाट बनेको छ। काठमाडौं उपत्यकादेखि दक्षिणतर्फ रहेको महाभारत पर्वत शृङ्खलाको केही पहाडी प्रदेश यही जिल्लामा पर्दछ। काठमाडौं वरिपरि रहेका डाँडाहरूमध्ये सबभन्दा अग्लो फुलचोकी २,७६६ मिटर (९,०७३ फीट) यो जिल्लाको पूर्वी सीमाना नजीकै पर्दछ। यो जिल्लामा पर्ने महाभारत पर्वतमालाको सबभन्दा अग्लो चुचुरा नागी डाँडा हो। यसको उच्चाइ अन्दाजी २,८३१ मिटर अर्थात् ९,२८५ फीट छ। यो जिल्ला तीनतिरबाट बागमती नदीले घेरिएको छ। यहाँका विभिन्न भौगोलिक प्रदेशहरूमा जमीनको स्वरूप र हावा-पानी निक्कै फरक पाइन्छ। ती प्रदेशहरूमा बसोबास गरिरहेका मानिसहरूको रहन सहनमा पनि विभिन्नता पाइन्छ।

भौगोलिक बनावट

भौगोलिक बनावटको दृष्टिकोणबाट यो जिल्लालाई निम्न दुई प्राकृतिक प्रदेशहरूमा विभाजन गर्न सकिन्छ:—

(१) पहाडी प्रदेश
(२) उपत्यका क्षेत्र

पहाडी प्रदेश

काठमाडौं उपत्यकाको दक्षिणतर्फ रहेको महाभारत पर्वतमालाको डाँडाहरूलाई ललितपुर जिल्लाको पहाडी प्रदेश मानिएको छ। यो जिल्लामा पर्ने महाभारत श्रेणीको सबभन्दा उच्च डाँडा ठोत्ले खोलाको शिर पूर्वी सीमानाको रूपमा रहेको फूलबारी शृङ्खलाको नागी डाँडा हो। उक्त डाँडाको उच्चाइ अन्दाजी २,८३१ मिटर अर्थात् ९,२८५ फीट छ। ललितपुर जिल्लाको अन्दाजी दुई-तिहाई भू-भाग यही प्रदेशमा पर्दछ। यो प्रदेशको उच्च भाग सदाबहार कोणधारी रूखहरूको प्राधान्यता भएको बाक्लो वनले ढाकेको छ। यो प्रदेशका केही उल्लेखनीय उच्च गाउँहरूमा चौधरे, शंखु, घुसेल, माझगाउँ आदि हुन्। जमीनको ढाल अनुसार यस प्रदेश-मा उत्पत्ति भएका केही खोलाहरू पूर्वबाट पश्चिम बगेका छन्। ती खोलाहरू लेले खोला, नल्लुखोला, ठोत्ले खोला, टुङ्न खोला हुन्। फुलचोकी डाँडाको दक्षिण-पश्चिम ढालमा उत्पत्ति भएको लेले तथा नल्लु खोला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टीकाभैरवनिर मिसिएपछि काठमाडौं उपत्यका भित्र प्रवेश गरी केही कोस उत्तरतर्फ बगेर नक्खुमा पुगी बागमती नदीमा मिसिन्छ। यो प्रदेशको उच्च भागबाट काठमाडौं उपत्यकाको दृश्य राम्ररी देखिन्छ। बागमती नदी र टुङ्गन खोलाको जल विभाजकको रूपमा रहेको अन्दाजी २,४९९ मिटर अर्थात् ८,१९६ फीट उच्च कालेश्वरीको लेकबाट काठमाडौं तथा वीरगञ्ज देखिने हुनाले उक्त डाँडालाई रमिते डाँडा पनि भन्ने गरिएको छ।

काठमाडौं उपत्यकादेखि दक्षिणमा रहेको जिल्ला पहाडी प्रदेशको पर्वतमालाहरूको बीच बीचमा चारवटा खोलाका उपत्यकाहरू छन्। ती खोलाका बेंसीहरू तथा माल्टा, प्यूटार, कटुवा, चौपारी आदि टारहरू यो प्रदेशमा समावेश गर्न सकिन्छ। यो प्रदेशमा पर्ने बेंसीहरूमा टुङ्गन खोलाको बेंसी,लेले,नल्लु-भारदेव,तल्लो आश्राङ, गिम्दी, चैनपुर दुर्लुङ बेंसी आदि उल्लेखनीय छन्। लेले, नल्लु,भारदेव, टुङ्गन खोलामा समशीतोष्ण र कटुवा, चैनपुर, तल्लो आश्राङ,दुर्लुङ बेंसी, गिम्दी आदि होचो बेंसी फाँटहरूमा अर्ध-उष्ण जल वायुको प्रभाव परेको छ। यो प्रदेशको लेले र नल्लु-भारदेव इलाका समुद्रको सतहबाट अन्दाजी १,५२४ मिटर अर्थात् ५,००० फीटको उचाइमा अवस्थित छन्। टुङ्गन खोलाको उपत्यका अन्दाजी १,३७२ मिटर अर्थात् ४,५०० फीटको उचाइमा रहेको छ। दक्षिणी सीमानिर बागमती नदीको किनारमा रहेका गिम्दी, कटुवा, चैनपुर आदि अन्दाजी ४५७ मिटर अर्थात् १,५०० फीटदेखि ९१५ मिटर अर्थात् ३,००० फीटसम्मको उचाइमा पर्दछन्। अर्ध उष्ण जलवायुको प्रभाव पर्ने बेंसीहरूमा आँप, भूईंकटहर, केरा आदि फलफूलहरू प्रशस्त मात्रामा पाइन्छन्।

यो प्रदेशमा मुख्यतया धानको नै खेती हुन्छ। अन्य बालीहरूमा मकै,कोदो,तोरी, भटमास,गहुँ आदि लगाइन्छन्। जिल्लाको दक्षिणी पहाडी भेकका अधिक बासिन्दाहरू खाद्यान्नको लागि यही प्रदेशमा भर पर्दछन्।

उपत्यका क्षेत्र

जिल्लाको उत्तर-पश्चिम सीमानाको रूपमा रहेको बागमतीको डोलहरू नक्खु खोला, कोडकु खोला, लुभू खोला आदिका डोलहरू तथा अन्य फाँट र टारहरू यो प्रदेशमा पर्दछन्। साधारणतया उपत्यकाभित्र पर्ने सम्पूर्ण भाग भौगोलिक बनावट, हावापानी आदिको दृष्टिकोणले जिल्लाको दक्षिणी भागभन्दा भिन्दै छ। यो प्रदेश जिल्लाको खाद्यान्न उत्पादन हुने मुख्य ठाउँ हो। यहाँ जिल्लाको अन्दाजी ८० प्रतिशत बासिन्दाहरू केन्द्रित छन्। यो प्रदेश समुद्रको सतहबाट अन्दाजी १,२५० मिटर अर्थात् ४,१०० फीटदेखि १,५२४ मिटर अर्थात् ५,००० फीटसम्मको उचाइमा फैलिएको छ। यो प्रदेशमा ठूला वन इलाकाहरू छैनन्। कतै कतै मिश्रित तथा पतझड वन पाइन्छ। यहाँको अधिकांश जमीनलाई आवास, कृषि, उद्योग आदि कामको लागि उपयोग गरिएको छ। जिल्लाको सदरमुकाम रहेको ललितपुर नगर पञ्चायत इलाका लगायत अन्य महत्वपूर्ण बजारहरू यही प्रदेशमा रहेका छन्। यहाँ मुख्यतया धान, गहुँ, मकै, आलु तोरी आदि खेती गरिन्छ। शहरको नजीकै रहेको बागमती नदीको डोलहरूमा प्रशस्त मात्रामा तरकारीको खेती पनि गरिन्छ।

नदी प्रणाली

यो जिल्ला बागमती नदीको प्रस्रवण क्षेत्रमा रहेको छ। बागमती नदीले यसलाई तीनतिरबाट घेरेको छ। काठमाडौं उपत्यकाको उत्तरी सीमा शिवपुरी लेकमा उत्पत्ति भई दक्षिणतर्फ बग्ने बागमती नदी शङ्खमूल दोभानदेखि यो जिल्लाको उत्तरी सीमा टेकू दोभानमा विष्णुमती खोला यसमा मिसिन्छ। त्यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखि यो नदी यस जिल्लाको पश्चिमी सीमाको रूपमा दक्षिणतिर बग्दछ। यो जिल्लाको पहाडी भागमा उत्पत्ति हुने सबै खोलाहरू बागमती नदीको सहायक हुन्। बागमती नदीका केही उल्लेखनीय सहायक खोलाहरू निम्न-अनुसार छन् :–

गोदावरी खोला

त्रिवेणी डाँडा तथा फुलचोकी डाँडाबाट उत्पत्ति भएका चिसापानी र ढुङ्गेखानी खोल्साहरू मिली बनेको गोदावरी खोला सीधा उत्तर बगेर जान्छ। लुभू गाउँ नजीकै यसमा लुभू खोला, मोटीटार नजीकै चारखण्डे खोलाको पानी सहित यो खोला हनुमन्ते खोलामा मिसिन पुग्छ। गोदावरी कुण्डको पानी पनि यसैमा मिल्ने हुँदा यस खोलाको धार्मिक महत्व छ।

कोडकु खोला

काठमाडौं उपत्यकाको दक्षिणी सीमाको रूपमा रहेको भगवान डाँडाको उत्तरी ढालमा उत्पत्ति भएको पानीबाट बनेको यो खोला पनि बडीखेल, टौखेल, धापाखेल, इमाडोल, कोडकु तथा पाटन शहरको पूर्वबाट उत्तर हान्निएर मनहरा खोलामा मिसिएको छ। यसलाई हरिसिद्धि नजीकै कर्मनाशा खोला पनि भनिन्छ।

नक्खु खोला

यो ललितपुर जिल्लामा उत्पत्ति हुने बागमतीको सहायकहरूमध्ये सबभन्दा चाखलाग्दो खोला हो। यसको लम्बाइ जिल्लाको अन्य खोलाहरूभन्दा लामो पनि छ। फुलचोकी डाँडाको पूर्वी ढाल तथा भगवान डाँडाको दक्षिणी ढाल तथा तीनमाने भञ्ज्याङ र फूलबारी डाँडाको पर्वत शृङ्खलाको उत्तरी ढालबाट बग्ने लेले खोला र नल्डु टीकाभैरव नजीकै मिसिएपछि यसको उत्पत्ति भएको छ। काठमाडौं उपत्यकाभन्दा बाहिरको दक्षिणी पहाडी भेकबाट उपत्यकाभित्र बग्ने यसको विशेषता हो। यसरी यो खोला पनि दक्षिण तिरबाट उत्तरतिर बगेको छ। दक्षिणतिरबाट उपत्यकाभित्र पसेपछि यो खोला चापागाउँ र सलेनटारको बीचबाट बुङ्मती, सैंबु, नक्खुडोल हुँदै नक्खु कारागारको छेउबाट पश्चिम मोडिएर चोभार डाँडाको पूर्वी बेंसीमा बागमती नदीमा मिसिन्छ।

खानी खोला

नागी डाँडा तथा देउराली डाँडाबाट आएको ठोत्ने खोला र दरेको जुम्का तथा महाभारत पर्वत शृङ्खलाको कालेश्वरी डाँडाको उत्तरी ढालबाट उत्पत्ति भएको टुङ्गुन खोला मिसिएर यो खोला बनेको छ। ठोत्ने खोला धेरैजसो गल्छीहरूबाट बनेको हुनाले यसको किनारमा खेतीयोग्य जमीन कम छ। तर टुङ्गुन खोलाको उपत्यकामा चन्दनपुर, गोटीखेल, बुखेल, मानिखेल, इकुडोल आदि खेती गर्न लायक बेंसी तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टारहरू छन्। शंखु, भट्टे डाँडा र हाँसेभीरको डाँडाहरू छुट्टिने ठाउँमा ती दुई खोलाहरूको दोभान रहेको छ। यो खोलामा कोलन नजीकँ धेरै माछा पाइन्छ। यहाँको असला माछा ज्यादै स्वादिलो हुन्छ। यो खोला बगुवानिर बागमती नदीमा मिसिन्छ।

दुर्लुङ खोला

महाभारत पर्वत श्रृङ्खलाको देउराली डाँडाको दक्षिणी ढालमा उत्पत्ति भएको यो खोलाले दक्षिणी भागमा जिल्लाको पूर्वी सीमानाको काम गरेको छ। यो महाभारत पर्वत श्रृङ्खलाबाट ठाडो झरेर दोभान भन्ने ठाउँमा बागमती नदीमा मिसिएको छ।

दह र कुण्डहरू

यो जिल्लामा केही दह र कुण्डहरू छन्। बागमती नदीको पानीबाट बनेका ग्वाल दह र कटुवाल दह जिल्लाको पश्चिम सीमानामा रहेका छन्। कटुवाल दह भएर बागमती नदी उपत्यकाबाट बाहिर गएको छ। धापाखेल गाउँ पञ्चायत इलाकामा रहेको नागदह र इमाडोलको बोझो पोखरी पनि उल्लेखनीय छन्। गोदावरीको कुण्डमा बाह्र वर्षमा मेला लाग्दछ। उक्त मेलामा टाढा टाढाका धेरै मानिसहरू समेत कुण्डमा नुहाउन जान्छन्। लेले गाउँभन्दा केही पूर्वमा पनि सरस्वती कुण्ड नामक एउटा सानो कुण्ड छ।

हावापानी

यो जिल्लाको विभिन्न भागमा विभिन्न किसिमको हावापानीको प्रभाव परेको छ। उचाइको आधारमा विभिन्न ठाउँहरूमा वर्षा र तापक्रम पनि फरक फरक छन्। साधारणतया अधिराज्यका अन्य जिल्लाहरूमा झैं यहाँ पनि दक्षिण-पश्चिम मनसुनी हावापानीको पूर्वी हाँगाले वर्षामा पानी पार्दछ र हिउँदमा पश्चिम एशियातिरबाट आउने आँधीबेहरीले केही पानी पार्दछ। २७°४०′ पूर्व देशान्तर ८५°२०′ उत्तर अक्षांश र अन्दाजी १,३५४ मिटर अर्थात् ४,४६१ फीटको उचाइमा अवस्थित यो जिल्लाको खुमलटारमा रहेको मौसम अवलोकन केन्द्रमा अभिलेख गरिएको ई. सं. १९७० को वायुको तापक्रम निम्नबमोजिम रहेको छः–

तापक्रमको लालिका

महीना	औसत अधिकतम	औसत न्यूनतम
जनवरी	१५.१	१.७
फेब्रुअरी	१८.८	२.५
मार्च	२२.७	५.२
अप्रिल	२६.९	९.८
मे	२८.६	१५.२
जून	२६.२	१७.७
जुलाई	२७.१	२०.०
अगष्ट	२७.२	१९.६
सेप्टेम्बर	२६.८	१८.४
अक्टोबर	२३.४	१२.१
नोभेम्बर	२१.३	५.९
डिसेम्बर	१९.३	०.३
वार्षिक औसत	२३.६	१०.७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाअनुसार वर्षभरीमा अप्रिल (चैत-वैशाख) देखि सेप्टेम्बर (भदौ-असोज) सम्म औसत अधिकतम तापक्रम बढी हुन्छ। न्यूनतम तामक्रम हिउँदमा बरफ विन्दुको हाराहारी पुग्दछ। उक्त वर्षमा सबभन्दा बढी गर्मी अथवा ३१.७ सेन्टिग्रेड मे १३ तारीखको दिन पुगेको अभिलेख छ। त्यस्तै सबभन्दा कम तापक्रम जनवरी १ तारीख र डिसेम्बर २१ तारीखको दिन (१.५ सेन्टिग्रेड) अभिलेख गरिएको थियो।

उक्त मौसम अवलोकन केन्द्रमा ई. सं. १९६८ देखि १९७० सम्मको तीन वर्षको औसत अधिकतम तापक्रम २३.६ सेन्टिग्रेड, औसत न्यूनतम तापक्रम १०.५ सेन्टिग्रेड रहेको देखिन्छ। सोही अवधिमा अधिकतम तापक्रमको अभिलेख (३२.२ सेन्टिग्रेड) ई. सं. १९६८ को मे २६ तारीखको दिन र न्यूनतम तापक्रम १९६९ को फेब्रुअरी ७ तारीखको दिन ४.० सेन्टिग्रेडसम्म झरेको देखिन्छ।

उपर्युक्त अवलोकन केन्द्र यो जिल्लाको उपत्यका भित्रको भागको करीब बीचमा रहेको छ। यस केन्द्र पाटन नगर पञ्चायत इलाकामा पर्ने हुँदा त्यहाँको अभिलेख पाटन शहर लगायत जिल्लाको उत्तरी भागलाई प्रतिनिधित्व गर्ने देखिन्छ। उपत्यकाको दक्षिणी घेराको रूपमा रहेको पहाडको फेदीमा उचाइ पनि धेरै भएको तथा अग्ला पहाडी शृङ्खलाले घाम छेकिदिने हुँदा ती ठाउँहरूको जलवायु उत्तरी भागकोभन्दा केही फरक हुन्छ। त्यस्तै जिल्लाको दक्षिणी पहाडको उच्च भागमा शीतको प्रभाव बढी तथा होचो बेंसीहरुमा कम हुने हुनाले तापक्रम फरक हुन्छ।

सोही अवलोकन केन्द्रमा अभिलेख गरिएको सन् १९७० को वर्षा निम्नबमोजिम छः–

वर्षाको तालिका

महीना	वर्षा	महीना	वर्षा
जनवरी	३१.५	जुलाई	४०३.४
फेब्रुअरी	३९.५	अगष्ट	२६४.५
मार्च	२४.५	सेप्टेम्बर	१०९.५
अप्रिल	५४.०	अक्टोबर	२५.५
मे	७५.७	नोभेम्बर	०.०
जून	२०४.५	डिसेम्बर	०.०
		वार्षिक जम्माः–	१,२३२.६

उपर्युक्त तालिका अनुसार उक्त सालमा जम्मा १,२३२.६ मिलिमिटर अर्थात् अन्दाजी ४९ इन्च वर्षा भएको देखिन्छ। वर्षभरीमा अधिक वर्षा जूनदेखि सेप्टेम्बरसम्म हुन्छ। १९७० को चार महीनाको उक्त अवधिमा जम्मा ९८१.९ मिलिमिटर अर्थात् ३५ इन्च (७९.६ प्रतिशत) वर्षा भएको देखिन्छ। उक्त सालमा २४ घण्टा भित्र सबभन्दा बढी अर्थात् १००.० मिलिमिटर वर्षा जुलाई १६ तारीखको दिन भएको देखिन्छ।

खुमलटार काठमाडौं उपत्यकाको मध्यभागतिर रहेको हुनाले त्यहाँ वर्षा कम हुन्छ त्यस्तै फुलचोकी तथा घुसेल डाँडाको फेदीमा अर्थात् उपत्यकाको दक्षिणी सीमामा खुमलटारमाभन्दा बढी वर्षा हुन्छ। यो जिल्लाको दक्षिणी पहाड महाभारत पर्वतमालामा परेको हुनाले साधारणतया त्यहाँ बढी वर्षा हुने अनुमान गरिन्छ। त्यस इलाकाको करीब १० किलोमिटर दक्षिण–पूर्व स्थित हरिहरपुर गढी अन्दाजी पाँच किलोमिटर पश्चिम स्थित चिसापानी गढीमा सोही साल क्रमशः ३,६६५.१ मिलिमिटर अर्थात् १४५.४ इन्च र २,५१४.३ मिलिमिटर अर्थात् ९९.८ इन्च पानी परेको अभिलेख प्राप्त छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो जिल्लाको विभिन्न उचाइ भएका प्रदेशहरूमा तापक्रम र वर्षाको विभिन्न अनुपातको कारण जिल्लामा निम्न तीन किसिमको हावापानी पाइन्छन् :—

(१) ठण्डाशीतोष्ण हावापानी
(२) समशीतोष्ण हावापानी
(३) अर्धउष्ण हावापानी

ठण्डा शीतोष्ण हावापानी

यो जिल्लाको दक्षिणमा रहेको पहाडी प्रदेशका डाँडाहरू लगायत पोखरी डाँडा, चौंघरे, घुसेल, घुर्दुम डाँडा आदि उच्च डाँडाहरूमा ठण्डा शीतोष्ण जलवायुको प्रभाव परेको छ। यस्तो जलवायु अन्दाजी २,१३४ मिटर (७,००० फीट) देखि उच्च महाभारत पर्वत मालाको भागमा पाइन्छ। ठण्डा शीतोष्ण जलवायुको प्रभाव परेको पायक पर्ने ठाउँहरूमा सधैं हरियो रहने घना वन पाइन्छ। यस्तो हावापानीको प्रभाव परेको ठाउँमा हिउँदमा कहिले काहीं हिउँ परी केही बढी जाडो हुन्छ र वर्षामा शीतल रहन्छ।

समशीतोष्ण हावापानी

यो जिल्लाभित्र पर्ने काठमाडौं उपत्यकाको भागमा समशीतोष्ण जलवायुको प्रभाव परेको छ। यो जलवायुको प्रभाव क्षेत्रमा हिउँदमा जाडो हुन्छ र वर्षामा केही गर्मी हुन्छ। धेरै गर्मी र धेरै जाडो नहुने भएकोले यो हावापानी रमाइलो रहन्छ।

अर्धउष्ण हावापानी

यो जिल्लाको दक्षिणी पहाडी भागबाट बग्ने बागमती तथा त्यसका सहायक खोलाहरूको बेंसी तथा टारहरू (जसको उचाइ अन्दाजी १,२१९ मिटर ४,००० फीटभन्दा कम छ) मा अर्धउष्ण हावापानी पाइन्छ। विशेषगरेर बागमती नदीको तल्लोभागको होचो खोंचमा वर्षामा धेरै गर्मी हुन्छ र हिउँदमा कम जाडो हुन्छ। त्यस ठाउँमा उष्ण जलवायु हुने भएकोले केरा, लिची, आँप, कटहर आदि फलफूल पनि पाइन्छन्।

प्राकृतिक वनस्पति

यो जिल्लामा विभिन्न किसिमका प्राकृतिक वनस्पति पाइन्छन्। यहाँ पाइने विभिन्न वनस्पतिलाई मोटामोटी रूपमा निम्नअनुसार विभाजन गर्न सकिन्छ :—

(१) कोणधारी सदाबहार वन
(२) मिश्रित तथा पतझड मनसुनी वन

कोणधारी सदाबहार वन

यो जिल्लाको अन्दाजी २,१३४ मिटर अर्थात् ७,००० फीटदेखि माथिको महाभारत पर्वत श्रृङ्खलाको उच्च भागमा शीतप्रधान जलवायुको प्रभाव परेकोले सधैंभरी हरियो हरने बाक्लो वनले ढाकिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस वनमा गोब्रे सल्लो, गुराँस, बाँझ, उत्तिस, खस्रु, फलाँट, अँगेरी, चुत्रो, निगालो, जमानेमान्द्रो, जाई आदि रूख र झारहरू पाइन्छन् । फुलचोकी तथा त्यहाँबाट दक्षिणतर्फ फैलिएको फूलबारी, नागी, देउराली आदि डाँडाहरूको बाक्लो शीतोष्ण वन औषधोपचारको लागि उपयोगी हुने विभिन्न किसिमको झ्याउहरू तथा "अर्किड" हरूको लागि प्रसिद्ध छ । साथै त्यहाँका वनमा खान हुने च्याउ, निगुरो, तामा आदि तरकारीहरू पनि प्रशस्त पाइन्छन् ।

मिश्रित तथा पतझड मनसुनी वन

समुद्रको सतहबाट अन्दाजी २,१३४ मिटर अर्थात् ७,००० फीटभन्दा मुनि मिश्रित तथा पतझड वन पाइन्छ । यस्तो वनमा सधैं हरियो रहने रूख, झारहरू, हिउँदमा पात झर्ने (पतझड) रूखहरू मिसिएको वन पाइन्छ । यस प्रकारको वनमा मुख्यतया गुराँस, ढाडे कटुस, चिलाउने, काउलो, बाकल पाते, हाकुलाल, कनिके, पुत्राले कालीकाठ, सिलटिमूर, तेजपात, सेतोकाठ, फिर्फिरे आदि रूख र बोट बिरुवाहरू छन् । कतै कतै थुम्कोहरूमा सल्लोका वनहरू पनि रहेका छन् । बागमती नदीको दक्षिणको होचो भागमा खयर, बयर, सिसा, चाँप, आँप,साल, पलाँस, सिरिस, मौला, सल्लो, भलायो, सिमल आदि अर्ध-उष्ण वन वनस्पतिहरू पनि पाइन्छन् ।

साथै यो जिल्लाको वन इलाकाहरूमा नागबेली, चिराइतो, बुदना झ्याउ, काजीपात, मजिठो आदि जरीबूटीहरू पाइन्छन् ।

पशु-पक्षी

यहाँका वन पाखाहरूमा विभिन्न किसिमका पशु-पक्षीहरू पाइन्छन् । यहाँ पाइने उल्लेखनीय पशुहरूमा चितुवा, भालु, मृग (रतुवा), वन बिरालो, फ्याउरो, मलसाँप्रो आदि हुन् । यहाँ पाइने पक्षीहरूमा फिष्टो, चिबे, सारौं, धोबी, बट्टाईं, कोकले, जुरेली, कोटेरो, पानीचरी, काग, कोइली, भ्याकुरा, ढुकुर, चित्रा, लुइंचे, कालिज, चोंचर, लाटोकोशेरो, चमेरो, लामपुछ्रे, लाहाचे, टोपचरो, बकुल्ला आदि हुन् । काठमाडौं उपत्यकाको दक्षिण-पूर्वी कुनामा अवस्थित गोदावरीलाई काठमाडौं उपत्यकाको एक प्रमुख चरा चुरुङ्गी अवलोकन स्थल मानिएको छ ।

वन संरक्षण र विकास

यो जिल्ला भित्र पर्ने वन जन्तु संरक्षणको लागि काठमाडौं वन डिभिजन कार्यालय अन्तर्गत एउटा रेन्ज कार्यालय गोदावरीमा स्थापना गरिएको छ । उक्त रेन्ज कार्यालय अन्तर्गत भक्तपुर जिल्लामा पर्ने केही वन इलाका पनि पर्दछ । पूर्वमा भक्तपुर इलाकाको साँध तेर्सो बाटो, पश्चिम बागमती नदी, उत्तर बागमती, सातदोबाटो, लुभू क्षेत्रमा उक्त रेन्ज कार्यालयबाट रेखदेख हुन्छ । उक्त रेन्ज कार्यालय अन्तर्गत भक्तपुर तथा काठमाडौं जिल्लाहरू भित्र पर्ने केही भाग समेत गरी जम्मा ४०२ वर्ग किलोमिटर अर्थात् १५१.४ वर्ग मीलको क्षेत्र परेको छ ।

उपर्युक्त वन क्षेत्रको रेखदेखको लागि लेले, त्रिवेणी र माझगाउँमा तीनवटा वन चौकीहरू स्थापना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएका छन्। प्रत्येक चौकीमा एक जना फरेष्टर र वन-पालेहरू राखिएका छन्। रेञ्ज कार्यालयमा एक जना रेञ्जर, एकजना फरेष्टर र पालेहरू राखिएका छन्। जिल्लाका वन इलाकाहरूमा कतै कतै वन सीमानालाई तारले बार्ने काम भएको छ। टीकाभैरव, गोदामचौर, विशंखुनारायण, लामाटार गाउँ पञ्चायत इलाकाहरूमा वृक्षरोपणको कार्य पनि भएको छ।

शाही वनस्पति उद्यान

अधिराज्यको विभिन्न प्रदेशमा पाइने वनस्पतिहरूको प्रदर्शन गर्ने उद्देश्यले वि. सं. २०१९ सालमा गोदावरीमा एक शाही वनस्पति उद्यान स्थापना गरिएको छ। उक्त उद्यानको निर्माण गर्दा प्रकृति प्रेमीहरूको लागि प्राकृतिक वातावरण सिर्जना गर्ने उद्देश्यले राखिएको छ। उक्त उद्यान फुलचोकी डाँडाको उत्तरी फेदीमा काठमाडौं उपत्यकाको दक्षिण-पूर्वी कुनामा अन्दाजी १,५१५ मिटर अर्थात् ४,९६९ फीटको उच्चाइमा अवस्थित छ। यस उद्यानमा वार्षिक औसत अधिकतम तापक्रम २६.५° सेन्टिग्रेड र वार्षिक वर्षा १,८६० मिलिमिटर अर्थात् अन्दाजी ७४ इञ्च हुन्छ। उक्त उद्यानको १६ हेक्टर जमीनमा विभिन्न किसिमका बगैंचाहरू बनाइएका छन्। हालसम्म त्यहाँ २८६ प्रकारका रूखहरू, झारबुटा, जरीबूटीहरू, लहराहरू अधिराज्यका विभिन्न भाग-बाट सङ्कलन गरी राखिएको छ। साथै अन्य ३३१ किसिमका वनस्पतिहरू लगाइएका छन्। लेकाली तथा उष्ण प्रदेशमा हुने बोट बिरुवा र वनस्पतिहरू समेत प्रदर्शनको लागि उपयुक्त भवनहरू निर्माण भएका छन्।

उक्त उद्यान इलाकामा धेरै किसिमका पुतलीहरू पाइन्छन्। मानिसहरू त्यहाँ पुतली समात्न जाने गर्दछन्। त्यहाँ अनेक किसिमका चराचुरुङ्गीहरू देखा पर्दछन्।

काठमाडौं उपत्यकाका शहरहरूबाट स्वदेशी तथा विदेशीहरू उक्त उद्यान हेर्न तथा त्यहाँ सिर्जना गरिएको मनोरम प्राकृतिक वातावरणमा चयन गर्न प्रशस्त संख्यामा जान्छन्। ललितपुर शहरदेखि त्यहाँसम्म पक्की सडक पनि निर्माण गरिएको छ।

खनिज पदार्थ

यो जिल्लाको पूर्वी सीमानास्थित त्रिवेणीदेखि फुलचोकी डाँडासम्मको भागमा विभिन्न किसिमका खानीहरू भेट्टाइएका छन्। त्यस क्षेत्रमा पाइएका खानीहरूमध्ये त्रिवेणी डाँडाको तामा, फुलचोकीको फलाम, जस्ता, सिंगमर्मर आदि उल्लेखनीय छन्।

फलाम खानी

अन्दाजी २,५१५ मिटर अर्थात् ८,२५० फीटको उचाइमा फुलचोकी डाँडामा रहेको फलाम खानी नेपालका विभिन्न भागमा पाइएका फलाम खानीमध्ये एक प्रमुख मानिएको छ। उक्त खानीमा एक करोड टन फलामको धाउ भएको अनुमान गरिएको थियो। हाल संशोधित अनुमान अनुसार त्यहाँ २०,८८,३७० टन फलामको धाउ भएको देखाइएको छ।[1] उक्त खानीलाई प्रशोधन गर्न धेरै इन्धन आवश्यक हुने हुनाले भविष्यमा विद्युत् शक्तिबाट प्रशोधन हुने सम्भावना छ। उक्त खानीको प्रशोधनका लागि लगभग

1. Talaloo, V. A.- Geology and Ores of Nepal, Vol. II, 1972, p. 40

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०,००० किलोवाट विद्युत् शक्ति चाहिने अनुमान लगाइएको छ। उक्त खानी प्रशोधन गन सम्बन्धमा आवश्यक आर्थिक सम्भाव्यता सम्बन्धी अध्ययन हुने भएको छ।

सीसा र जस्ता खानी

फलाम खानी सम्बन्धी अन्वेषणको सिलसिलामा फुलचोकीको डाँडामा सीसा तथा जस्ताको धाउहरू पनि भेट्टाइएका छन्।

तामाखानी

फुलचोकीको डाँडाबाट उत्तरतर्फ फैलिएको त्रिवेणी फेदीमा तामाको धाउहरू फेला परेका छन्। सो सम्बन्धी विस्तृत सर्वेक्षण हुन बाँकी नै छ।

सिंगमरमर खानी

गोदावरी स्थित सिंगमरमर खानीबाट धेरै वर्ष पहिलेदेखि ढुङ्गा झिकिएको छ। त्यहाँ विभिन्न रङ्गको सिंगमरमर पाइएका छन्। विभिन्न किसिमको जम्मा ३,३६,०३५ टन सिंगमरमर रहेको अनुमान छ। गोदावरी मै एउटा सिंगमरमरको ईंटा बनाई पालिश लगाउने कारखाना पनि छ। त्यहाँको खानीबाट निस्केको सिंगमरमर उच्च स्तरको भएकोले त्यहाँबाट तयार गरिने पालिश लगाइएको सिंगमरमरका ईंटाहरू विदेशमा समेत निर्यात हुन्छ। उक्त कारखानामा प्रति दिन अन्दाजी ११६ कामदारहरूलाई काममा लगाउने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

काठमाडौं उपत्यकाको इतिहासमा प्राचीनकालदेखि नै ललितपुरको प्रमुख स्थान रहेको छ। भारत निस्कने प्रमुख मार्ग यस जिल्ला अन्तर्गत परेको हुनाले यो प्रदेश प्राचीनकालदेखि नै विकसित हुन थाल्यो र उद्योग केन्द्र बन्यो। ललितपुरको प्राचीन नाउँ "यूपग्रामद्रङ्ग" थियो। लिच्छविकालका अभिलेखमा "ललितपुर" नामको उल्लेख पाइँदैन। यूपग्रामद्रङ्गको उल्लेख मात्र पाइन्छ। ललितपुर शहरको रूपमा यो कसरी परिणत भयो, सो रोचक छ। लिच्छविकालका जनताले प्रायः एकै ठाउँमा गुजमुच्चिएर नबसी छरिएर आनन्दसँग बस्ती बसाएर रहन मन पराएथे। यसो हुनाले ललितपुर भेकमा सँगसँगै भने जस्तै अनेक विकसित ग्राम बसेथे। यी ग्रामलाई परस्परमा जोड्ने मूल सडकहरू बनेका थिए। बीच बीचमा मानविहार आदि अनेक प्रसिद्ध बिहारहरू बनेथे।[१] पछि यी ग्रामहरू र बिहारहरूसँगै गाँसिएपछि एक शहरको रूप लियो। पहिलेका ग्रामहरू तव टोलका रूपमा परिणत भए। यसरी मध्यकालको शुरूमा "यूपग्रामद्रङ्गको" ठाउँ "ललितपुर" ले लियो।[२] ठूल-ठूला कमलपोखरी, धारा, पाटीपौवा, उद्योग व्यवसाय आदिले गर्दा यो शहर रमणीय हुँदा यो नामकरण हुन पुगेको देखिन्छ। ललितपुरका अभिलेखहरू केलाएर हेर्दा यसको उपर्युक्त विकास-क्रम स्पष्ट देखा पर्दछ। मध्यकालको उत्तरार्धमा आएर ललितपुर खाई पर्खाल आदिले घेरिएको एक मजबूत गढको रूपमा परिणत भयो। "कीर्तिपताका" नामक ललितपुरको वर्णन परेको ग्रन्थमा यस गढको आकार प्रकारको राम्रो चित्रण पाइन्छ।[३]

ललितपुर किरात, लिच्छवि, मल्ल, शाह आदिको शासनकालमा घटेका अनेक घटनाका द्रष्टासाक्षी रहेको छ। यस जिल्लाको विकास किरातकालमै शुरू भइसकेको देखिएको छ तापनि लिच्छविकालमा आएर यसको विकास अझ बढी भयो। लिच्छविकालका सबभन्दा बढी अभिलेख यसै जिल्लामा पाइएका छन्। यो कुरा यस प्रसङ्गमा स्मरणीय छ।

मध्यकालमा भक्तपुरको त्रिपुर राजधानीपछि राजनैतिक महत्वको दृष्टिकोणले ललितपुर "मनिगल" को स्थान रहेको थियो। त्यसताका ललितपुरमा सप्तकुटुम्बज (सात परिवार) मध्येका तीन मुख्य महापात्रको प्रशासन चल्दथ्यो। दक्षिण बिहार, उत्तरबिहार आदिको रूपमा ललितपुरको वर्गीकरण गरिएको थियो। तत् तत्

---

१. धनवज्र वज्राचार्य–"लिच्छविकालका बस्ती" पूर्णिमा, पूर्णाङ्क १८, संशोधन मण्डल, काठमाडौं, वि. सं. २०२५, पृष्ठ ९१–९३

२. संशोधन मण्डल– "अभिलेख–संग्रह" ९ भाग, काठमाडौं, वि. सं. २०२०, पृष्ठ २४–२५

३. धनवज्र वज्राचार्य-"मल्लकालमा देश रक्षाको व्यवस्था र त्यसपछि प्रजाको कर्तव्य", पूर्णिमा, पूर्णाङ्क २, संशोधन मण्डल, वि. सं. २०२१, पृष्ठ २६–२८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिहार-इलाकाका सामन्त शासकका रूपमा यी महापात्रहरूको वंशपरम्परा चलेको थियो । यक्ष मल्लका छोराहरूको कलहले भक्तपुर र कान्तिपुरमा स्वतन्त्र राज्य खडा भएपछि मल्ल राजाहरूको कलहबाट फाइदा उठाई महापात्र विष्णुसिंहले ललितपुरमा आफ्नो एकछत्र राज्य खडा गरे ।[1]

विष्णुसिंह पछि उनका छोराहरूको संयुक्त शासन ललितपुरमा चल्यो । उनीहरूले आफूलाई महापात्र लेख्न छोडी सोझै राजा भनी लेख्न थाले । तर यी दाजुभाइहरूमा मेल हुन सकेन । यसबाट ललितपुरमा कमजोरी आउन थाल्यो । उता कान्तिपुरका महत्वाकांक्षी राजा शिवसिंह कान्तिपुरको राज्य क्षेत्र विस्तार गर्न खोज्दै थिए । यसैले वि. सं. १६५६ तिर शिवसिंहले ललितपुरमा आक्रमण गरी सजिलैसँग दखल जमाए ।[2] यसरी केही समयका लागि कान्तिपुर र ललितपुर एक राज्य बने । तर शिवसिंहको शेषपछि उनका दुई नाति लक्ष्मीनरसिंह र सिद्धिनरसिंहको पालामा गएर ललितपुर फेरि स्वतन्त्र बन्यो । आमा लालमती र अरू भारदारको सहायताले सिद्धिनरसिंहले ललितपुर अँठ्याए । वि. सं. १६७७ मा दुई दाजु भाइमा "एकानि शत्रु एकानि मित्र" रूपको सन्धि भएपछि कान्तिपुरले पनि ललितपुरलाई मान्यता दियो । यसरी ललितपुर विधिवत् कान्तिपुरबाट छुट्टियो ।[3]

सिद्धिनरसिंहको शासनकालमा ललितपुर राज्यको विकास हुँदै गयो । उनले ललितपुर राज्यको रक्षा व्यवस्था मजबूत पार्नुको साथै वैदेशिक सम्बन्ध पनि बढाए । विशेषगरेर गोरखासँग ललितपुरको बलियो सम्बन्ध जोडियो । आर्थिक र सांस्कृतिक दृष्टिले पनि यस बेला ललितपुरको केही उन्नति भयो । यसरी ललितपुर राज्य बलियो हुँदै गएको हुनाले कान्तिपुरले जति चेष्टा गरे पनि ललितपुरको केही बिगार गर्न सकेन । यसबाट ललितपुरेहरूलाई सावधान र जागरुक मात्र बनायो ।

सिद्धिनरसिंह धार्मिक प्रकृतिका थिए । श्रीकृष्णमा उनको विशेष भक्ति थियो । ललितपुरको कलापूर्ण प्रसिद्ध कृष्णमन्दिर उनले वि. सं. १६९३ मा बनाउन लगाएका हुन् । विश्वेश्वर मन्दिर र अरू मन्दिर पनि उनले बनाउन लाएका थिए । यसरी राजकाजमा साथै धार्मिक क्रियाकलापतिर पनि उनको मन उत्तिकै लहसिएको थियो । उनको यस्तै धार्मिक प्रकृतिबाट लाभ उठाई उनका छोरा निवास मल्लले उनको विरुद्ध विद्रोह गरी "विद्रोही सरकार" गठन गरे ।[4] यसबाट कान्तिपुरलाई ललितपुरको राजकाजमा हात हाल्ने मौका मिल्यो । यसैले प्रताप मल्लले झटपट श्री निवासमल्ललाई मान्यता दिई बाबुको विरुद्ध उक्साए । तदनुसार वि. सं. १७१५ मा ती दुईको बीच एक सन्धि भयो ।[5] यसरी बाबु र छोराको संघर्ष हुने अवस्था देखा पर्‍यो । तर सिद्धिनरसिंहले छोरालाई दबाउनतिर लाग्नु श्रेयस्कर सम्झेनन् । यसकारण वि. सं. १७१७ मा उनले छोरालाई राजपाठ विधिवत सुम्पिदिए । अनि आफू "राजर्षि" का रूपमा रहन लागे ।[6] यस घटनाले सिद्धिनरसिंहको मनमा वैराग्य

१. संशोधन मण्डल—"इतिहास-संशोधनको प्रमाण प्रमेय", जगदम्बा प्रकाशन, वि. सं. २०१९, पृष्ठ २–१२
२. संशोधन मण्डल—"इतिहास-संशोधनको प्रमाण प्रमेय", पृष्ठ १५–१७
३. रामजी तेवारी र अरू—"ऐतिहासिक पत्र संग्रह" दोस्रो भाग, नेपाल सांस्कृतिक परिषद्, वि. सं. २०२१, पृष्ठ १–१०
४. एक अप्रकाशित ठ्यासफूमा यो कुरा टिपिएको छ ।
५. पशुपतिनाथको भण्डारमा सो सन्धिपत्र रहेको छ । डिल्लीरमण रेग्मीको "मेडिइभल नेपाल" चौथो भाग, पृष्ठ ११३–१४
६. संशोधन मण्डल—"पूर्णिमा" ९ पूर्णाङ्क, वि. सं. २०२३, पृष्ठ १९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढाइदियो । यसैले शेष जीवन उनले तीर्थयात्रा र अरू धर्मकर्म आदि गरी बिताए। सय वर्ष भन्दा लामो आयु पाई भारततिर उनको देहान्त भयो।[१]

शासकको हैसियतले श्री निवास मल्ल योग्य व्यक्ति थिए। त्यसबेलाको राजकाजमा यिनले प्रमुख रूपमा भाग लिए। कान्तिपुरमा प्रताप मल्ल र भक्तपुरमा जगतप्रकाश मल्ल जीवित छउञ्जेल यिनको त्यति धेरै प्रभाव बढ्न सकेन। तर ती दुई प्रतिद्वन्दीको मृत्युपछि श्री निवास मल्लको निक्कै प्रभाव बढ्यो। कान्तिपुरमा केही काल श्री निवास मल्लको निक्कै प्रभाव फैलियो। आफूले चाहेकालाई राजा, मन्त्री बनाउन सक्ने अवस्था-सम्ममा उनी पुगे।[२] यस्तै अवस्थामा उनले आफूलाई "नेपालेश्वर" भनी दावा गरेका थिए। पूर्वको सेनराज्य-तिर पनि यिनको केही प्रभाव फैलिएको थियो। गुहारको लागि मकवानपुर गएको गोरखा, लमजुङ, उपत्यकाका अरू मल्ल राज्य आदिको संयुक्त सेनाको नेतृत्व श्री निवास मल्लले गरेका थिए।[३] यसरी श्री निवास मल्लले ललितपुर राज्यको गौरव केही बढाएका थिए।

श्रीनिवास मल्लले यसरी सफलता पाउनमा चौतारा (प्रधानमन्त्री) भगीरथ भैयाको हात रहेको थियो। यसो हुनाले भगीरथ भैयाको शक्ति प्रशस्त बढ्यो। आखिर "म र भगीरथ भैयामा केही अन्तर छैन, प्रजाले मलाई जस्तै उनलाई पनि आदर गर्नु" भन्ने आशयको घोषणा राजाबाट गराइयो। यसरी चौतारा भगीरथ भैया राजा सरह हुन पुगेको यो घटना युवराज योगनरेन्द्र मल्ललाई स्वभावतः मन परेन। उनी अलि समर्थ भएपछि बाबुको विरुद्ध उनले विद्रोह गरे। इतिहास दोहरियो। विवश भएर श्रीनिवास मल्लले वि. सं. १७४१ मा योगनरेन्द्र मल्ललाई राज्य सुम्पिदिए। यसको लगतैपछि भगीरथ भैयाको पनि पतन भयो।[४]

युवक योगनरेन्द्र मल्लले पनि शासनमा आफ्नो कुशलता देखाए। कहिले कान्तिपुरसँग, कहिले भक्तपुरसँग यिनको टक्कर पऱ्यो। विशेषगरेर भक्तपुरसँग यिनको टक्कर पऱ्यो। पूर्वका विधाता इन्द्रसेनलाई गुहार दिन जाँदा यिनी स्वयं लडाईंको मैदानमा गएथे।[५] वि. सं. १७६२ मा भक्तपुरको वोभू कब्जा गर्न चाँगुमा मुकाम गरी युद्धको सञ्चालन गरिरहँदा शत्रुपक्षले विष प्रयोग गरेको हुँदा यिनको मृत्यु भयो।[६] आफूलाई "संगीतार्ण वोपारग" भन्न मन पराउने यिनको भित्रैदेखि संगीतमा ठूलो सोख थियो।

योगनरेन्द्र मल्लको मृत्युपछि ललितपुर राज्य कमजोर बन्यो। उनका ठ्याहा छोरा नहुँदा केही वर्ष भित्र दाहित्र (छोराका छोरा), भानिज, मठ्याहा छोरा, भानिजका छोरा आदि विभिन्न व्यक्ति ललितपुरको गद्दीमा राखिए।[७] यसबेला कान्तिपुर, भक्तपुर आदिले ललितपुरको राजकाजमा हस्तक्षेप गर्ने मौका पाए। बालक तथा कमजोर राजा गद्दीमा बसेका हुँदा त्यहाँका छ प्रधानहरूको शक्ति बढ्यो। यस अवस्थाले गर्दा ललितपुरको पहिलेको गौरव कायम रहेन।

---

१. एक प्रकाशित ठ्यासफूमा यो कुरा टिपिएको छ।
२. संशोधन मण्डल—"पूर्णिमा" १ पूर्णाङ्क, वि. सं. २०२१, पृष्ठ १५—१८
३. डिल्लीरमण रेग्मी—"मेडियभल नेपाल" तेस्रो भाग, पृष्ठ ६५
४. संशोधन मण्डल—"पूर्णिमा" ५ पूर्णाङ्क, वि. सं. २०२२, पृष्ठ २४—२५ तथा "पूर्णिमा" ६ पूर्णाङ्क, पृष्ठ १६—२२
५. संशोधन मण्डल— "पूर्णिमा" ३ पूर्णाङ्क वि. सं. २०२१, पृष्ठ ४०
६. संशोधन मण्डल— "इतिहास-संशोधनको प्रमाण प्रमेय", पृष्ठ १५१—५२
७. संशोधन मण्डल— "इतिहास—संशोधनको प्रमाण प्रमेय", ऐतिहासिक सार, पृष्ठ ६५—६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

योगनरेन्द्र मल्लपछि भएका राजामा विष्णुमल्ल चाहिं अलि योग्य थिए। आफ्नो राज्य क्षेत्रभित्रका किल्लाहरूको पुर्ननिर्माण गराएर यिनले ललितपुरको रक्षाव्यवस्था मजबूत पारेथे।[१] यिनले शासन पनि राम्ररी चलाएका थिए। तर यिनीपछि अवस्था फेरि त्यति राम्रो भएन। यस प्रसंगमा वि. सं. १८१७ मा ललितपुरका प्रधान र प्रजाले कान्तिपुरका राजा जयप्रकाश मल्ललाई राजा छानी गद्दीमा राखेथे। तर जयप्रकाशको कडा स्वभावले गर्दा डेढ वर्ष जतिपछि नै उनी राज्यच्यूत गरिए। त्यसपछि भक्तपुरका राजा रणजित मल्ल ललितपुरका पनि राजा बनाइए। उनले प्रजापक्षलाई शासनमा बढी स्थान दिई नयाँ व्यवस्था खडा गर्न खोजे।[२] तर यस बेला गोरखालीको आर्थिक नाकाबन्दीले गर्दा ललितपुरका प्रजा गल्न थालेका थिए। यसो हुंदा रणजित मल्ल पनि टिक्न सकेनन्। यस प्रसंगमा ललितपुरका काजीमध्ये एक पक्षले पृथ्वीनारायण शाहलाई ललितपुरको गद्दीमा राख्ने प्रस्ताव राखे। खूद पृथ्वीनारायण शाहले पनि ललितपुरको गद्दीमा बस्न प्रयास गरेका थिए।[३] यसकारण आफ्ना प्रतिनिधिस्वरूप भाइ दलमर्दन शाहलाई उनले ललितपुर पठाए। भाइ उपर दगा गर्लान् भनी ललितपुरका काजीहरूका छोराहरू बन्धकका रूपमा नुवाकोटमा राखेका थिए।[४] तर यस कुराले पृथ्वीनारायण शाहलाई केही फाइदा भएन। यसबाट समस्या मात्र पैदा भयो। ललितपुर शहर एक मजबूत गढरूपको हुंदा भाइसँग पृथ्वीनारायण शाहको चाहिंदो सम्पर्क रहन सकेन। पृथ्वीनारायण शाहलाई नै राजा मान्दा पनि उनको आर्थिक नाकाबन्दी नहटेको हुनाले ललितपुरेहरू उनीसँग प्रसन्न भएनन्। यसो हुंदा पृथ्वीनारायण शाहसँग सम्बन्ध विच्छेद गरी दलमर्दनलाई नै स्वतन्त्र रूपमा राजा बनाए। तर यस प्रयोगको पनि केही नतीजा निस्केन। अनि दलमर्दनलाई झिकी ललितपुरका एक प्रसिद्ध धनी तेजनरसिंह मल्ललाई काजीहरूले राजा थापे। यिनी ललितपुरका अन्तिम मल्ल राजा हुन्। कान्तिपुर जितेको लगत्तैपछि वि. सं. १८२५ असोजमा पृथ्वीनारायण शाहले ललितपुर दखल गरे। यसपछि ललितपुरको स्वतन्त्र राज्यको रूपमा अस्तित्व रहेन। एकीकृत नेपालको यो एक अङ्ग हुन पुग्यो। अनि यसको आधुनिककालको इतिहास नेपालको इतिहाससँग सर्वात्मना गाँसियो।

---

१. हेमन्तराणा–धनवज्र वज्राचार्य "टिष्टुङ–चितलाङ भेकको ऐतिहासिक सामग्री", त्रि. वि. नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०२९, पृष्ठ ९–११
२. रामजी तिवारी र अरूको माथि उल्लिखित किताब, पृष्ठ ७२–७७
३. नयराज पन्त र अरू–"श्री ५ पृथ्वीनारायण शाहको उपदेश", जगदम्बा–प्रकाशन, काठमाडौं, पृष्ठ ९९८–१,००१
४. धनवज्र वज्राचार्य (सं.)–"त्रिरत्नसौन्दर्यगाथा" नेपाल सांस्कृतिक परिषद्, वि.सं. २०१९, पृष्ठ २६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

ललितपुर (नगर)

ललितपुर अधिराज्यको दोस्रो सबभन्दा धेरै जनसंख्या भएको नगर हो। यही नगरको नामबाट जिल्लाको नामाकरण गरिएको छ। जिल्लाको सदरमुकाम पनि यही नगरमा रहेको छ। यो काठमाडौं शहरसित जोडिएको छ र कतिपय केन्द्रीय स्तरका सरकारी कार्यालयहरू यस नगरमा राखिएका छन्।

पौराणिक कथाअनुसार एक समय काठमाडौं उपत्यकामा १२ वर्षसम्म जल वृष्टि नभई सुखा परेको हुनाले उक्त सुखाबाट छुटकारा दिलाउन मत्स्येन्द्रनाथले मात्र सक्ने भन्ने पक्का भएपछि भक्तपुरका राजा, कान्तिपुरका आचार्य र ललितपुरका एक कृषक (ज्यापू) भारतका आसाम प्रदेशको कामारूकामाक्षमा गई साधनाको बलले उपत्यकामा ल्याइएको मत्स्येन्द्रनाथलाई कुन नगरमा स्थापित गर्ने भन्ने विषयमा तीनै नगरको बीच मतभेद हुँदा तीन नगरको सबभन्दा बयोबृद्धलाई निर्णय गराउने निधो भएछ। ललितपुरका ललित भन्ने एक कृषक उपत्यकाको सबभन्दा बढी उमेर भएको पाइयो। उसलाई सातवटा ओखलमाथि चढाई उपस्थित जनसमूहलाई निर्णय सुनाउन लगाउँदा भक्तपुरका राजा र कान्तिपुरका तान्त्रिक आचार्यको भूमिकाको वास्ता नगरी मत्स्येन्द्रनाथ बोकेर ल्याउने मानिस ललितपुरको भएकोले मत्स्येन्द्रनाथलाई सोही व्यक्तिको नगरमा स्थापित गर्नु पर्दछ भनी निर्णय दिएको हुँदा सात वटा ओखल समेत उक्त बृद्ध भासिएको हुनाले उक्त स्थानलाई ललितपत्तन भन्ने नामाकरण गरिएको थियो। कालान्तरमा सोही ठाउँको नामबाट ललितपुर तथा पाटन भन्ने नामहरू देखा परेको भनिन्छ। हालसम्म यस नगरलाई ती दुवै नामले सम्बोधन गर्ने गरिएको छ। अर्को किम्वदन्ति अनुसार ललितारण्य भन्ने वन फोडेर नगर बसाएको हुनाले उक्त नगरलाई ललितपुर भनिएको हो। तर वि. सं. १०६६ को त्यागल टोलको अभिलेखबाट कमलपोखरी आदि कुराले यो शहर रमणीय भएको हुनाले "ललितपुर" कहलाएको हो भन्ने सङ्केत पाइन्छ। व्यापार केन्द्रको रूपमा रहेको बस्तीलाई "पत्तन" भनिने हुनाले त्यसबाट पाटन नाम रहन गएको हुन सक्दछ।

ललितपत्तन अथवा ललितपुर नेपाल उपत्यकाको एक प्राचीन नगर मानिएको छ। यो नगर सम्भवतः नेपाल उपत्यकाको सबभन्दा प्राचीन नगर हो किनभने उपत्यकामा रहेको प्राचीन किरातकालीन राज्यको राजधानी यही भएको अनुमान गरिन्छ। किराती राजा यलम्बरले राज्य गरेकोले स्थानीय नेवारी भाषामा यो नगरलाई यल भन्ने गरेको भनिन्छ। यो नगरको भीमसेन मन्दिरको उत्तर-पश्चिमतिर रहेको एक ढिस्कोलाई किरातकालीन दरबारको भग्नावशेष हो भन्दछन्। साथै यस नगरको केन्द्र मङ्गल बजार (जसलाई स्थानीय भाषामा मंग भनिन्छ) पनि लिच्छवि सम्राट् मानदेवले बनाएको मानगृहको अपभ्रंश रूप हो भनिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो नगर प्राचीन बौद्ध धर्म विशेष गरेर वज्रयानी बौद्ध धर्मको केन्द्र भएकोले यहाँ स्थापना गरिएका असंख्य मन्दिरहरूमा बौद्ध कलाको छाप रहेको छ र बौद्धधर्म चक्रको आकारको परिकल्पना गरी यो नगरको निर्माण गरिएको भन्ने विश्वास गरिन्छ। यो नगरको पहिले चार दिसामा चारवटा ढोका थिए। यो नगरको चारै दिसामा चारवटा स्तूपहरू स्थापना गरिएका छन्। ती स्तूपहरू भारतका सम्राट् अशोकका दूतले ललितपुर भ्रमण गर्दा बनाउन लगाएको भन्ने जनधारणा रहेको छ। नगरको पूर्वतर्फ रहेको स्तूपलाई त्यताथुर पश्चिममा रहेकोलाई पुचथुर, दक्षिणमा रहेकोलाई लगंख्यथुर र उत्तरमा रहेकोलाई वैलाछेँथुर भनिन्छ। यो नगरको निर्माण विक्रम संवत्को चौथो शताब्दीमा गरिएको अनुमान गरिएको छ।

पृथ्वीनारायण शाहबाट उपत्यकाका विभिन्न राज्यहरूलाई जिती विशाल नेपाल अधिराज्य स्थापनाको अभियान शुरू गर्नुभन्दा पहिले यो नगरमा ललितपुर राज्यको राजधानी रहेको थियो। यहाँका निवासीहरू मध्ययुगदेखि नै ख्याति प्राप्त शिल्पकार भएकाले यो शहर कलाकौशल तथा व्यवसायहरूको लागि प्रसिद्ध रहेको छ। यहाँ हालसम्म पनि नेपाल अधिराज्यका प्रसिद्ध सुन्दर देवालय तथा मन्दिरहरू धेरै छन्। यहाँका उल्लेखनीय मन्दिरहरूमा कुम्भेश्वर, महाबौद्ध, कृष्ण मन्दिर, हिरण्यवर्ण महाबिहार, तलेज्यू आदि हुन्। हालसम्म पनि यो नगर विभिन्न किसिमका नेपाली हस्तकला र धातुका मूर्तिहरूको लागि प्रसिद्ध छ।

यो नगरलाई एक नगर पञ्चायतमा संगठन गरिएको छ। यहाँ वि. सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनानुसार पुरुष ३०,३७५ र महिला २८,६७४ गरी जम्मा ५९,०४९ जनसंख्या रहेको छ।

यहाँ श्री ५ को सरकारको जिल्ला स्तरीय कार्यालयहरू तथा केन्द्रीय स्तरका केही कार्यालयहरू छन्। अधिराज्यको एउटै चिडियाखाना पनि यही नगरको जावलाखेलमा रहेको छ। साथै रेडियो नेपालको प्रसारण उपकेन्द्र पनि यही नगरको खुमलटारमा रहेको छ।

यो नगरमा बिजुली, पानी, स्वचालित टेलिफोन आदि सहूलियतहरू प्राप्त छन्। यहाँ साधारणतया ६,००० किलोवाट विद्युत् शक्ति वितरण गरिएको छ। यहाँ २,१८,००० ग्यालन क्षमता भएको दुईवटा रिजर्भ्वायरबाट खानेपानी वितरण गरिएको छ।

यहाँ २८ वटा प्रायमिक विद्यालयहरू, २२ वटा निम्नमाध्यमिक विद्यालयहरू र १० वटा माध्यमिक विद्यालयहरू छन्। तीमध्ये अधिराज्यको अन्य ठाउँमा नभएको ईसाई पादरीहरूद्वारा सञ्चालित सेण्टमेरिज र सेण्टजेवियर माध्यमिक विद्यालयहरू पनि यहीं रहेका छन्। यहाँ त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेका चारवटा क्याम्पसहरू छन्। तीमध्ये मानविकी तथा सामाजिक शास्त्र अन्तर्गत स्नातक स्तरको एक, व्यापार प्रशासन वाणिज्य शास्त्र तथा जन प्रशासन इन्स्टिच्यूट अन्तर्गत स्नातक स्तरका एक, विज्ञान इन्स्टिच्यूट अन्तर्गत प्रमाणपत्र स्तरको एक र इन्जिनीयरिङ इन्स्टिच्यूट अन्तर्गत प्रमाणपत्र स्तरका एक छन्। यो नगरमा पाँच वटा स्वीकृति प्राप्त सार्वजनिक पुस्तकालयहरू तथा दुई वटा विशिष्ट पुस्तकालयहरू, नेपाल राष्ट्रिय पुस्तकालय र मदन पुस्तकालय छन्।

यहाँ दुईवटा अस्पतालहरू छन्। तीमध्ये शान्त भवनमा रहेको एक अस्पताल ईसाई मिशनबाट सञ्चालित भएको छ। अर्को अस्पताल लगनखेलमा रहेको छ। त्यहाँ २५ शय्याको व्यवस्था गरिएको छ।

यो नगरको दक्षिणतिर एउटा औद्योगिक क्षेत्र स्थापना गरिएको छ। उक्त औद्योगिक क्षेत्रमा ४० वटा विभिन्न क्षमताको विभिन्न उद्योगहरू रहेका छन्।

यो नगरलाई काठमाडौं शहरसित पक्की सडकले जोडेको छ। यहाँ एउटा चलचित्र प्रदर्शन गर्ने भवन अर्थात् सिनेमा हल रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो नगर अधिराज्यको एक प्रमुख औद्योगिक तथा व्यापारिक केन्द्र हो। यहाँ धातु, ढुङ्गा आदिको मूर्ति, भाँडाकुँडाहरू तथा अन्य चीजबीजहरू उत्पादन गर्ने सा-साना कार्यशालाहरू धेरै छन्। ती कार्यशाला-हरूबाट प्रतिवर्ष अनुमानित ७० लाखको सामान उत्पादन हुन्छ। यहाँको बजारमा अन्दाजी १,००० वटा विभिन्न मालसामान विक्री वितरण गर्ने पसलहरू रहेका छन्। काठमाडौं आउने विदेशी पर्यटकहरू पनि आउने गर्दछन्। विदेशी पर्यटकहरूको लागि यहाँ प्रशस्त संख्यामा कोसेली र उपहार बेच्ने अन्दाजी ७० वटा क्यूरियो पसलहरू रहेका छन्।

यहाँ मल्लकालदेखि चलिआएका जात्रा तथा मेलाहरू हालसम्म पनि चालू छन्। तीमध्ये मत्स्येन्द्र नाथको रथ यात्रा, श्री कृष्ण जात्रा, कुम्भेश्वर मेला, गाई जात्रा र मतया, भीमसेन जात्रा, सम्यक दिपंकर आदि लोकप्रिय छन्। यहाँ अन्य जात्राहरूमा अष्ट मातृकाका नाच, जल प्याखँ आदि उल्लेखनीय छन्।

यहाँ एउटा तिब्बती शरणार्थी कैम्प रहेको छ। उक्त कैम्पमा गलैंचा बुन्ने एउटा सानो कारखाना पनि रहेको छ। शरणार्थीहरूले त्यस कैम्पमा गलैंचा लगायत ऊनी जाकेट, झोला आदि पनि बनाउने गर्दछन्। त्यस कारखानामा काम गर्ने सबै तिब्बती छन्। श्री ५ को सरकारको नक्खु कारागार पनि यो नगरको दक्षिण-पश्चिममा रहेको छ। ललितपुरको जावलाखेलमा एउटा ब्रिटिश गोरखा ट्रान्जिट कैम्प छ। उक्त कैम्पबाट ब्रिटिश गोरखा ब्रिगेडमा काम गर्ने नेपालीहरूलाई घर आउदा र ब्रिगेड रहेको ठाउँमा जाँदा आवश्यक सुविधा उपलब्ध गराइदिन्छ।

यो नगरमा अधिक मात्रामा नेवारहरूले बसोबास गरेका छन्। यहाँका बासिन्दाहरूको काठमाडौंको मानिसहरूसँग प्रशस्त सम्पर्क रहेको छ। सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा यहाँका र काठमाडौंका मानिसहरू बीच धेरै विभिन्नता रहेको देखिंदैन।

बुंगमती

ललितपुर नगर पञ्चायतको सीमाबाट अन्दाजी एक कोस दक्षिण बागमती नदीको पूर्वी किनारको टारमा अवस्थित बुंगमती जिल्लाको महत्वपूर्ण ऐतिहासिक बस्तीहरूमध्ये एक हो। यो गाउँको पूर्वतिर नक्खु खोला बगेको छ। यो गाउँ मत्स्येन्द्रनाथको मूल मन्दिर रहेको स्थान हो। यहींबाट प्रत्येक वर्ष मत्स्येन्द्रनाथ बोकेर लगी ललितपुर नगरमा रथ यात्रा गरिन्छ। प्रत्येक बाह्र वर्षमा मत्स्येन्द्रनाथको रथ बनाई यहींदेखि रथ तानी जात्रा गरिन्छ। यहाँ चारवटा पोखरीहरू छन्।

वि. सं. २०२८ को जनगणनाअनुसार यहाँको गाउँ पञ्चायतमा ३,३५२ जनसंख्या रहेको छ। खास बुंगमती गाउँमा नेवारहरूको बस्ती छ। यहाँका मानिसहरू प्रायः कृषिमा निर्भर छन्। यहाँ उपभोग्य सामानहरू बेच्ने तथा चिया पसलहरू पनि छन्।

यो गाउँमा अन्दाजी ४०० घरहरू छन् र घरहरूमा बिजुली वितरण भइसकेको छ। यहाँ एउटा निम्नमाध्यमिक विद्यालय र दुईवटा प्राथमिक विद्यालयहरू छन्।

खोकना

बुंगमतीको उत्तर-पश्चिममा अन्दाजी २०० गज पर खोकना भन्ने एक अर्को महत्वपूर्ण गाउँ पर्दछ। उक्त गाउँ पनि २,६३३ जनसंख्या भएको एउटा नेवार गाउँ हो। उक्त गाउँमा तोरी पेल्ने व्यवसाय धेरैले गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोकनाको तेल ज्यादै लोकप्रिय छ। हाल खोकनामा सातवटा तेल पेल्ने कोलहरू छन्। बुंगमती र खोकनाको बीचमा रहेको एउटा सानो वनमा कार्य विनायकको मन्दिर छ। खोकनाको रुद्रायणीको मन्दिरमा शीतलाको मारबाट केटा केटीलाई जोगाउन पूजादि गर्ने गरिन्छ। ती गाउँहरूको दक्षिणतर्क बागमती नदीको किनारमा कुष्ठ रोग सम्बन्धी अस्पताल रहेको छ। तर उक्त अस्पताल काठमाडौं जिल्लामा पर्दछ। खोकनामा पनि दुई वटा प्राथमिक विद्यालयहरू छन् र त्यहाँ पनि विद्युतीकरण भइसकेको छ।

यहाँका मानिसहरू परालको सुकुल बुनेर बेच्ने पनि गर्दछन्। साथै काठमाडौं र ललितपुरको बजारमा सिकर्मी, डकर्मी आदि कामहरू गर्न जाने गर्दछन्।

चापागाउँ बजार

यो ललितपुर जिल्लाको दोस्रो महत्वपूर्ण बजार हो। यो बजार पाटन मङ्गल बजारबाट अन्दाजी १० किलोमिटर दक्षिणमा पर्दछ। यो बजार कोडकु खोलाको पश्चिम र नक्खु खोलाको पूर्वमा पर्ने टारमा रहेको छ। ललितपुर नगर पञ्चायतबाट यहाँसम्म मोटर चल्न सक्ने सडक छ।

यो बजारबाट जिल्लाको दक्षिणी पहाडी प्रदेशमा बसोबास गरेका मानिसहरू आफूलाई आवश्यक पर्ने विभिन्न उपभोगका सामानहरू किन्न आउछन्। त्यस्तै गाउँ घरबाट शहरतर्फ बेच्न लगिने घ्यू, जरीबूटी, खाद्यान्न, बोका, राँगा, कुखुरा आदि पनि अधिक मात्रामा यही बजारमा बेच्ने गरिन्छ। यो बजारमा थोक तथा खुद्रा व्यापार गर्ने, चिया खाजाका, सुजिकार–दमाईका पसलहरू समेत गरी अन्दाजी १०० वटा पसलहरू छन्। यहाँका केही व्यापारी गाउँ-गाउँमा डुलेर बोका, राँगा, कुखुरा आदि बटुल्न जाने गर्दछन्। यो बजार काठमाडौं उपत्यकाको एउटा महत्वपूर्ण शाखा बजारको रूपमा रहेको छ। यसले काठमाडौं र ललितपुर जिल्लाको १८ वटा गाउँ पञ्चायतहरूको पहाडी इलाकाका बीचको व्यापार आदान-प्रदानमा काम गरेको छ।

वि. सं. २०२८ को जनगणनाअनुसार यहाँको जनसंख्या ५,६४७ छ। यहाँका अधिक बासिन्दाहरू कृषिमा नै निर्भर रहेका छन्। यो बजारसँग जोडिएको ठेचो भन्ने अर्को बस्ती छ। ठेचो गाउँ पञ्चायतको जनसंख्या ४,१७६ छ। यी दुई गाउँ पञ्चायत इलाकामा १,२०,००० ग्यालन क्षमता रहेको रिजर्भ्वायरबाट खानेपानी वितरण गरिएको छ। दुवै बस्तीहरूमा बिजुली पुऱ्याइएको छ। यी दुई पञ्चायतमा चारवटा प्राथमिक विद्यालयहरू छन्। तीमध्ये तीनवटा चापा गाउँ इलाकाभित्र र चौथो ठेचोमा राखिएको छ। साथै ठेचोमा एउटा माध्यमिक विद्यालय पनि छ। स्वास्थ्य सेवाको लागि चापागाउँमा एउटा आयुर्वेदीय औषधालय राखिएको छ।

चापागाउँ बजारको सँगै पूर्वपट्टि वज्रबाराहीको एउटा सुन्दर वन छ। उक्त वनमा झरेका पातहरू कसैले पनि बटुल्दैनन्। पातहरू हावाले वनै भित्र बढार्ने गर्दछ भन्ने जन धारणा छ। उक्त वनको रूख, बोट-बिरुवा बिगार्न हुँदैन भन्ने व्यापक धारणा भएकोले उक्त वनको संरक्षण हुन गएको छ। त्यस वनभित्र वज्रबाराही माईको मन्दिर छ। उक्त माई स्थानमा काठमाडौं उपत्यकाका तिनै शहरका तथा गाउँहरूबाट मानिसहरू बलि सहित पूजा गर्न जाने गर्दछन्। उक्त माईको मन्दिर दुई तले देवलको ढाँचाको छ। यस मन्दिरमा गजूर छैन।

चापागाउँ काठमाडौं उपत्यकाको दक्षिणी सीमामा रहेकोले त्यहाँबाट मध्यपूर्व नेपालका हिमालय पहाडहरू राम्ररी देखिन्छन्। काठमाडौं तथा ललितपुर नगरबाट हेर्दा नागार्जुनको पहाडले छेकिने हिमालचुली पहाडको सुन्दर दृश्य उपत्यकाको पश्चिममा स्थित दहचोक र नागार्जुनको बीच रहेको भीमढुङ्गा भञ्ज्याङको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोंचको कारण चापागाउँबाट देखिन्छ। हिमालचुली लगायत गणेश हिमाल, लाङटाङ, जुगल हिमाल, तुम्बुर हिमालय आदिका हिमाच्छादित पर्वतमालाका चित्ताकर्षक दृश्यावली सम्भव भएकोले उक्त इलाकामा पर्यटन विकासको सम्भाव्यता रहेको छ। निकट भविष्यमा चापागाउँ र ठेचोको संयुक्त गाउँ पञ्चायतहरू गाभी नगर निर्माण हुन जाने समेत सम्भावना छ।

गोदावरी

पाटन बजारबाट अन्दाजी १० किलोमिटर दक्षिणमा फुलचोकी डाँडाको फेदीमा अवस्थित यो स्थान मनोरम सेपिलो आवहवाको लागि प्रसिद्ध छ। यहाँ रहेको एक कुण्डमा बाह्र वर्षमा एक पटक मेला लाग्दछ। यो स्थानमा रहेको हरियो वनले यसको आकर्षण बढाएको छ। यहाँ अन्दाजी १६ हेक्टर जमीनमा एक सुन्दर वनस्पति उद्यान बनाइएको छ जहाँ प्रकृति प्रेमीहरू वन भोजको लागि जान्छन्। यस स्थानमा पाइएको सिंगमरमरको खानीबाट निकालिएको ढुङ्गा काट्ने र पालिश गर्ने कारखाना यहीं रहेको छ। यहाँ माछा विकास कार्यक्रम अन्तर्गत माछा पाल्ने पोखरीहरू बनाइएका छन्।

यो स्थानमा ईसाई पादरीहरूद्वारा सञ्चालित सेण्टजेवियर स्कूलको प्राथमिक कक्षाहरूको एउटा शाखा पनि रहेको छ। ललितपुरदेखि यहाँसम्म पक्की सडक तयार भइसकेको छ। यो स्थान किटिनी गाउँ पञ्चायतमा पर्दछ।

गोदावरीको वन विभिन्न किसिमको चरा चुरुङ्गीहरू र रङ्गी बिरङ्गी पुतलीहरूको लागि प्रसिद्ध छ। यहाँ रहेको शाही वनस्पति उद्यानमा अधिराज्यको विभिन्न भागमा पाइने बोट बिरुवा र वनस्पतिहरूको प्रदर्शन स्थल बनाइने भएको छ। यो स्थान काठमाडौं उपत्यकाका प्राकृतिक सौन्दर्यले परिपूर्ण आकर्षक केन्द्रहरूमध्ये सर्वश्रेष्ठ भन्न सकिन्छ। ललितपुरबाट गोदावरी जाने बाटोमा हरिसिद्धि, बाँडे गाउँ आदि बाक्ला तथा रोचक गाउँहरू पर्दछन्।

लुभू

ललितपुर नगरबाट अन्दाजी सात किलोमिटर दक्षिण-पूर्वमा अवस्थित करीब ६३६ घरहरू भएको यो बजार एक महत्वपूर्ण बस्ती हो। पाटन बजारदेखि यहाँसम्म जाने कच्ची मोटर सडक छ। यो बजार त्रिवेणी डाँडाको फेदीमा सिस्नेरी गाउँको उत्तर-पश्चिममा रहेको छ। यो सँगै सानागाउँ नाउँको अर्को बाक्लो गाउँ अन्दाजी एक किलोमिटर पश्चिममा रहेको छ। वि.सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार यहाँको जनसंख्या ३,७४१ छ।

यो बजारमा अधिक मात्रामा नेवारहरूले बसोबास गरेका छन्। वरिपरि रहेका गाउँहरूको समेत किन-बेच गर्ने बजार भएकोले यहाँ ५० वटा जति पसलहरू छन्। यहाँको बजारको व्यापारिक सम्बन्ध ललितपुर नगरसँग रहेको छ।

यो बस्तीको नाम लुभू कसरी रहन गयो भन्ने विषयमा एउटा रोचक किम्वदन्ति छ। यहाँ परापूर्व कालमा गङ्गा महारानीको एक राज्य थियो। राज्यको मुख्य बस्ती हालको बस्तीदेखि केही अगलो भागमा थियो। उक्त बस्तीको मुनि एउटा महादेवको मन्दिर थियो। राज्यमा धेरै मानिसहरूलाई गाँड आएकोले कसरी यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रोग व्यापक रूपमा फैलियो भनी बुझ्दा महादेवभन्दा अग्लो भागमा बसेको हुनाले महादेव रिसाएर यस्तो भएको भन्ने पत्ता लागेपछि वर्तमान गाउँको निर्माण गरियो। तर गाउँ निर्माण गर्दा गर्दै राज्यमा सबैसँग पूँजी सिद्धेको हुनाले महरानीले आफ्नो सुनको थाल अथवा स्थानीय भाषामा "लुं भू" बेचेर बाँकी निर्माण कार्य समाप्त गराएको हुनाले नयाँ निर्मित बस्तीको नाम नै लुंभू हुन गएको हो। पछि सो अपभ्रंश भई लुभू हुन गएको हो भनिन्छ।

यहाँका बासिन्दाहरू अधिक मात्रामा कृषिमा नै निर्भर रहने भए तापनि लुभू इलाका कपडा उद्योगको लागि प्रसिद्ध छ। यहाँ धेरै स्थानीय तथा उन्नत किसिमका तानहरू चालू छन्। यहाँबाट वर्षको लाखौं रूपैयाँको कपडा बेचिन्छ। लुभू लगायत त्यस इलाकामा अन्दाजी ९०० वटा तान चालू रहेका छन्। आर्थिक वर्ष २०२९-०३० मा गरिएको एक अध्ययनअनुसार एक वर्षमा ६५ टन धागोको खपत भई ६,१४,२५० मिटर कपडा उत्पादन भएको छ। त्यस इलाकामा सूती कपडा उद्योगको प्रवर्द्धन कार्यमा लुभू मोडेल सहकारी संस्थाको ठूलो भूमिका रहेको देखिन्छ।

यहाँ एक माध्यमिक विद्यालय पनि रहेको छ। त्यसको साथै एउटा संस्कृत निम्न माध्यमिक विद्यालय र दुई वटा प्राथमिक विद्यालयहरू छन्। यहाँको माध्यमिक विद्यालय नगर पञ्चायत इलाकाबाट बाहिर रहेका चार वटा विद्यालयहरूमध्ये एक हो।

यहाँ एउटा हुलाक कार्यालय र एउटा प्रहरी चौकी पनि रहेको छ। यो बस्तीमा बिजुली पुगिसकेको छ।

लेले

काठमाडौं उपत्यकादेखि दक्षिणमा पर्ने यो गाउँ चापागाउँबाट अन्दाजी पाँच किलोमिटर दक्षिण भगवान डाँडा पारि अवस्थित छ। यो गाउँ लेले खोलाको उपत्यकामा रहेको छ। यहाँका धेरैजसो मानिसहरू खेती गर्दछन्। यहाँ चिया खाजाका पसलहरू तथा दैनिक उपभोगका स-साना पसलहरू छन्। यहाँको गाउँ पञ्चायतमा ४,६०९ जना मानिसहरू बसोबास गर्दछन्। यहाँबाट पश्चिम बगेको खोलामा भरदेउ फेदीबाट बग्ने नल्लु खोला टीकाभैरव स्थान निर मिसिएपछि काठमाडौं उपत्यकाभित्र उत्तरतर्फ बग्दछ। पछि सोही खोला नक्खु खोलाको नामले चोभार डाँडाको मुनि बागमती नदीमा मिसिन्छ।

लेले गाउँदेखि अन्दाजी दुई किलोमिटर पश्चिममा रहेको आनन्द वन डाँडामा ईसाई मिशनबाट सञ्चालित कुष्ठ रोगको एउटा अस्पताल छ। उक्त अस्पतालमा १०० शय्या छन्। उक्त अस्पताल रहेको डाँडाको दक्षिण फेदीमा लेले खोलामाथि बाँध हालेर निकालेको कुलो काठमाडौं उपत्यकाको चापागाउँ, ठेचो, सुनागूठी वरिपरि सिंचाइको लागि प्रयोग गरिएको छ।

लेले उपत्यकाको पूर्वी भागमा सरस्वती स्थान र पश्चिमी भागमा टीकाभैरव स्थान छन्। सरस्वती स्थानमा प्रत्येक वर्ष वसन्त पञ्चमीको दिन ठूलो मेला लाग्दछ। यहाँ रहेको सरस्वती कुण्डमा स्नान गरे छिटो विद्यालाभ हुन्छ भन्ने विश्वास गरिन्छ। यहाँबाट जिल्लाको दक्षिणी भेकतर्फ जाने बाटो गएको छ। यहाँ एउटा अतिरिक्त हुलाक पनि रहेको छ। उपत्यका बाहिर रहेका तीनवटा निम्नमाध्यमिक विद्यालयहरूमध्ये एउटा यहाँ रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोटिखेल

जिल्लाको दक्षिणी पहाडी भेकको एक प्रमुख ठाउँको रूपमा रहेको गोटिखेल टुङ्न खोलाको किनारमा पर्दछ। यहाँको गाउँ पञ्चायतमा १,५४८ जनसंख्या रहेको छ। यहाँ दुई तीन वटा पसलहरू छन्। यहाँको गाउँ पञ्चायत भवनमा एक अतिरिक्त हुलाक रहेको छ। यहाँ एउटा प्रहरी चौकी पनि छ। यहाँ एउटा निम्नमाध्यमिक विद्यालय छ। विद्यालय भवनको नजीकै एउटा तेल कोल स्थापना गरिएको छ।

यो ठाउँ पाटन बजारबाट अन्दाजी ३२ किलोमिटर दक्षिणमा पर्दछ। चापागाउँबाट यहाँसम्म पुग्न तीन वटा डाँडाहरू नाघ्नु पर्दछ। बर्षादमा खोलाहरूमा भल लागेको बेला आवागमन कष्टसाध्य हुन्छ।

माल्टा

ललितपुर जिल्लाको पश्चिम–दक्षिण बागमती नदीको किनारमा अवस्थित यो माल्टा जिल्लाको दक्षिणी पहाडी प्रदेशको एक महत्वपूर्ण बस्ती हो। यहाँको यो सुन्दर टारमा खेती अति राम्रो हुन्छ। यहाँको गाउँ पञ्चायतको जनसंख्या १,४०२ छ। यहाँ धेरैजसो बाहुनहरू बसोबास गरेका छन्। बागमती नदीले यस टारालाई घुमेर बगेको छ।

प्रमुख ऐतिहासिक र धार्मिक स्थलहरू

ललितपुर नगर पञ्चायतको मङ्गल बजार क्षेत्रमा पर्ने प्राचीन मल्ल राजाहरूको दरबार भएको चोक ललितपुर जिल्लाको प्रमुख धार्मिक र ऐतिहासिक आकर्षण हो। नेपाली वास्तुकलाका उत्कृष्ट नमूनाहरूको एक संग्रहालय झैं रहेको यस चोकमा प्रमुख आकर्षणहरू निम्नप्रकार छन्:–

देगुतले

देगुतलेको अर्थ ईष्ट देवता रहेको दरबार हो र यहाँको दरबार नेपाली शैलीमा निर्मित पाँच तले भव्य भवनको रूपमा रहेको छ।

दरबारको अघिल्तिर रहेको अग्लो ढुङ्गाको स्तम्भको शिरमा सुनले मुलम्मा गरिएको सुन्दर र कलापूर्ण मूर्ति राजा योगनरेन्द्र मल्लको हो।

कृष्ण मन्दिर

नेपाल अधिराज्यमा कमै पाइने शिखर शैलीका मन्दिरहरूमध्ये उत्कृष्ट ठानिएको पाटनको प्रख्यात कृष्ण मन्दिर राजा सिद्धिनरसिंह मल्लद्वारा वि.सं. १६८७ मा निर्मित भएको हो। एउटा किम्वदन्तिअनुसार ती राजाले सपनामा राधा कृष्णको लीला त्यसै ठाउँमा देखेपछि उक्त मन्दिर बनाउने अठोट गरे। अत्यन्त मिहिनेत-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्ण कलाकृतिले सिंगारिएको र ढुङ्गा कुँदेर निर्माण गरिएको यो मन्दिरमा महाभारत र रामायणकालका अनेक दृश्यावली कुँदिएका छन्। मन्दिरको सामु गरुडको काश्य मूर्ति छ।

मत्स्येन्द्रनाथ मन्दिर

पाटन दरबारको दक्षिणपट्टि नेपाली शैलीमा निर्मित तह तह छाना भएको यो मन्दिरको विषयमा पनि अनेक किम्वदन्ति छन्। एउटा भनाइ अनुसार एक पल्ट उपत्यकामा बाह्र वर्ष खडेरी परी हाहाकार भएको बेला गोरखनाथ रिसाएर यसो भएको हो औ तिनलाई आफ्नो आसनबाट उठाउन सके मात्र पानी पर्छ भन्ने सपना राजा नरेन्द्रदेवलाई भयो। तर गोरखनाथलाई उठाउने सबै प्रयत्न विफल भएपछि सल्लाह गरी राजा नरेन्द्रदेवले अरू एक दुई जना तान्त्रिकसँग कामरूप (आधुनिक आसाम) गई कुनै तरीकाले मत्स्येन्द्रनाथलाई उपत्यकामा ल्याउन सफल भएर मत्स्येन्द्रनाथलाई देख्नासाथ गोरखनाथ दर्शन गर्न उठ्ता पानी परेको थियो भन्ने एकथरी कथा छ। त्यसै घटनाको सन्दर्भमा स्थापित मानिएको यो मन्दिरको स्थापना ऐतिहासिक दृष्टिकोणले वि. सं. १४१५ मा मात्र भएको देखिन्छ।

मत्स्येन्द्रनाथको जात्रा आज पनि ललितपुर जिल्लाको तथा काठमाडौं उपत्यका क्षेत्रको निम्ति वर्ष-भरको सबैभन्दा महत्वपूर्ण जात्राहरूमध्ये एक मानिन्छ।

मीननाथ

बोधिसत्व लोकेश्वर प्रतिस्थापना गरिएको यो मन्दिर पनि नेपाली शैलीको दुई तले छाना भएको मन्दिर हो। जनश्रुति अनुसार यो मन्दिर लिच्छवि राजा मानदेवको कृति हो। मत्स्येन्द्रनाथ जस्तै प्रारम्भिक अवस्थामा मीननाथ पनि एक बौद्ध मन्दिर थियो तर कालान्तरमा नाथ सम्प्रदायको प्रभावमा काठमाडौं उपत्यका आएपछि नाउँ परिवर्तन भएको हो भन्ने अनुमान गर्न सकिन्छ। रातो मत्स्येन्द्रनाथको वार्षिक जात्रा चलाउँदा मीननाथको मूर्तिलाई पनि रथमा राखेर जात्रामा सम्मिलित गराइन्छ।

हिरण्यवर्ण महाबिहार

मङ्गल बजारको नजीकै क्वाबहालमा रहेको यो बौद्ध बिहार कलाको दृष्टिले पाटनको अर्को महत्वपूर्ण मन्दिर हो। भाष्कर मल्लद्वारा बाह्रौं शताब्दीतिर यसको निर्माण गराई लोकेश्वर बुद्धको मूर्ति स्थापना गराइएको हो भनिन्छ।

महाबौद्ध

साधारणतः स्तूप वा चैत्य शैलीमा बौद्ध मठ-मन्दिरहरू निर्माण गरिने परम्पराको विपरीत कृष्ण मन्दिरको झैं शिखर शैली झल्किने यो मन्दिर गयास्थित बौद्ध मन्दिरको अनुकरणमा निर्माण गरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो भनिन्छ । यसको निर्माणमा लगाइएको हरेक ईंटको बाहिरपट्टि गौतम बुद्धको आकृति कुँदिएको हुनु यो मन्दिरको सबैभन्दा प्रमुख विशेषता हो ।

चौधौं शताब्दीमा पाटन शहरका एक बौद्ध पूजारीद्वारा निर्मित यो मन्दिर १९९० सालको भूइँचालोमा भत्केको थियो र पछि यसको पुनः निर्माण गरिएको हो ।

कुम्भेश्वर

प्यागोडा देवल शैलीमा निर्मित पाँच तला छाना भएको यो मन्दिर शङ्खमूलनिर रहेको छ । यसको निर्माण वि.सं. १६९९ मा त्यस बेलाको काठमाडौं राज्यमा राजा जयस्थिति मल्लको शासनकाल छँदा गरिएको हो। यस मन्दिरको आगनमा रहेको एक प्राकृतिक धाराको पानी गोसाइँकुण्डबाट आएको हो भन्ने किम्वदन्तिको आधारमा त्यहाँ स्नान गरे पुण्य हुन्छ भन्ने विश्वास गरिन्छ र वर्षेनी (साउन महीनामा) भक्तहरूको मेला लाग्छ। त्यसै आगनको वायाँपट्टिको अर्को एक मन्दिरमा रहेको मूर्ति तान्त्रिक देवी बगलामुखीको हो भन्ने विश्वास गरिन्छ।

स्तूप

ललितपुर शहरको वरिपरि चार दिसामा चार वटा स्तूपहरू छन् जसको निर्माण भारतीय सम्राट् अशोकद्वारा गरिएको हो भन्ने विश्वास गरिएको छ । बौद्धार्थको प्रचार गर्दै आफ्नी छोरी चारूमतीसित अशोक काठमाडौं आएका, यहाँ उनकी छोरी चारूमतीको स्थानीय राजकुमार देवपालसँग बिहे भएको तथा आफू आएको अवसरमा अशोकले यी चार स्तूपहरूको निर्माण गराएका हुन् भनिन्छ। काठमाडौंबाट ललितपुर जाँदा पुल्चोकको सडकको दाहिनेपट्टि गोलो र अग्लो घाँसे ढिस्को माथि निर्मित गोलाकार स्तूप तथा ललितपुरबाट गोदावरी जाँदा लगनखेलनिर सडकको दायाँपट्टि पोखरी नजीक निर्मित त्यस्तै अर्को स्तूप र यस्तै अरू दुई बेलाछें स्तूप र त्यता स्तूप हुन् ।

तर यी स्तूपहरू अशोकद्वारा निर्मित भएका हुन् भन्ने जनश्रुतिहरूलाई आधुनिक इतिहासकारहरूले खण्डन गर्न थालेका छन्। एक जना इतिहासकारले लेखेका छन्:–

श्री लङ्काका र पाली वंशावलीले अशोकका जीवनको हरेक घटना र तीर्थ यात्राको वर्णन गरेका छन् र नेपाल आएका भए सोको पनि आवश्यक वर्णन हुनु पर्ने थियो तर यो कुरो नहुनाले अशोक यहाँ आएका थिए भन्ने कुरो मात्र सकिँदैन । त्यस्तै अशोकका कुनै पनि अभिलेख वा शिलालेखमा चारूमती भन्ने उनकी छोरी थिइन् भन्ने उल्लेख नभएकोले चारूमतीको कथा पनि कपोलकल्पित हो भन्न सकिन्छ।

चौधौं शताब्दीसम्ममा कुनै वंशावलीमा अशोकको नेपाल भ्रमणको उल्लेख नभएको र त्यसपछि मात्र यो कुरो उठेकोबाट यो कथा पछि रचिएको हो भन्न गाह्रो पर्दैन । साथै उपर्युक्त अशोक स्तूपहरूको निर्माण पनि अशोककालीन झैं प्राचीन समयको हो भन्ने कुनै प्रमाण पाइएका छैनन् ।[1]

जगत नारायण: बागमती-मनमती (मनहरा) नदीहरूको संगममा स्थित शङ्खमूल घाट नजीकै यो विष्णुको मन्दिर रहेको छ। ललितपुर जिल्लामा अन्यत्र नपाइने दक्षिण–भारतेली शैलीको यो मन्दिर राता

1. Regmi, Dr. D.R.– Ancient Nepal, p. 40

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ईंटहरूबाट निर्मित छ र नेपाली वास्तुकलाको इतिहासमा यसको एक प्रमुख स्थान रहन्छ ।

मानगृहः दरबार पुस्तकालयमा पाइएको वि. सं. १४०३–६ तिरको हस्तलिखित गीत "गोविन्द" मा मनिगल शब्द पाइएको तथा सत्रौं–अठारौं शताब्दीसम्ममा पाटनका राजाहरूले आफूलाई "मनिगलाधिपति" भन्ने गरेका तथ्यको आधारमा वर्तमान मङ्गल बजार मनिगलको अपभ्रंश हो औ मनिगल शब्द स्वयं पनि मानगृह-बाट आएको हो भन्ने प्रमाणित गर्न खोजिएको पाइन्छ ।[1] लुसियानो पेटेचले पनि गलको "गल" लाई गृहको नेवारी जन जीब्रोद्वारा गरिएको अपभ्रंश मानेका छन् ।[2]

वाङ हुएनत्से नामक चिनियाँ यात्रीले नेपालको राजधानीलाई "पावलो–तन" भनेका छन् । औ यसको दक्षिण–पूर्वमा "अकि पोली" नामक ताल भएको उल्लेख गरेका छन् । हाल ललितपुरको दक्षिण पूर्वमा पनि पोखरी भएकोले सायद पाटनलाई नै चिनियाँहरूले पो-लो-तन भनेका हुन् कि भन्न सकिन्छ ।

वज्रबाराही मन्दिरः को काठमाडौं उपत्यकाको एक प्रसिद्ध देवालय हो । यो मन्दिर चापागाउँ बजारदेखि केही पूर्व स्थित एक सुन्दर वनको बीचमा अवस्थित छ । त्यहाँ उपत्यकाका विभिन्न ठाउँका मानिसहरू पूजा गर्न तथा वनभोज मनाउन जाने गर्दछन् । देवलमा गजूर नहुनु यस मन्दिरको विशेषता हो ।

शङ्खमूलः यो तीर्थस्थल बागमती र हनुमन्ते खोलाहरूको संगम स्थलमा रहेको छ । यहाँ मानिसहरू विभिन्न पर्वहरूमा स्नान गर्ने, पाठ पूजा गर्न जाने गर्दछन् ।

सन्तानेश्वर महादेवः यस मन्दिरमा सन्तान नभएका दम्पतीहरूले पाठ पूजा गरेपछि सन्तान लाभ हुने विश्वास गरिन्छ । उक्त मन्दिर झरुवारासी गाउँ पञ्चायत इलाकामा रहेको छ । यहाँ ललितपुर तथा अन्य ठाउँहरूबाट समेत मानिसहरू पूजा गर्न जाने गर्दछन् ।

कार्य विनायक गणेशस्थानः ललितपुर नगरबाट अन्दाजी एक कोस दक्षिणमा बुंगमती गाउँको उत्तर-पश्चिम कुनामा यो मन्दिर अवस्थित छ । त्यहाँ उपत्यकाका विभिन्न भागबाट मानिसहरू पूजा गर्न जाने गर्दछन् । उक्त मन्दिर भएको ठाउँमा एउटा एउटा वन छ ।

---

१. डा. डिल्लीरमण रेग्मीको माथि उल्लिखित किताब, पृष्ठ २३७–८

२. पेटेचले त कैलासकूट भवन पनि पाटन मैं थियो भनेका छन्, तर उनले "चंगाल" शब्द पाटनको पुरानो नाउँ थियो भन्ने गलत आधारमा यस्तो अडकल गरेका हुन् । वास्तवमा चंगाल त काठमाडौं (इन्द्रचोक) को प्राचीन नाउँ हो र पाटनको प्राचीन नाउँ त "यल्लई" थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

यो जिल्लाको आवादी काठमाडौं उपत्यका र त्यसको दक्षिणतर्फ रहेको पहाडी भागमा विभाजित रहेको छ। जिल्लाको अधिक भू-भाग पहाडी क्षेत्रमा रहे तापनि उपत्यकाको सीमित जमीनमा अन्दाजी ८० प्रतिशत मानिसहरू केन्द्रित छन्। यहाँको नगर पञ्चायतमा जिल्लाको कुल आवादीको अन्दाजी ३८ प्रतिशत जनसंख्या छ। उपत्यका क्षेत्रमा अधिक संख्यामा नेवारहरू बसोबास गरेका छन्। केही संख्यामा क्षेत्री र बाहुनहरू रहेका छन्। उपत्यकादेखि दक्षिणतर्फको पहाडी क्षेत्रमा तामाङ, बाहुन, मगर, क्षेत्री, दनुवार आदि जातिहरूको बस्ती रहेको छ। यो जिल्लाको बडीखेल, छम्पी, लेले आदि गाउँ पञ्चायतहरूमा पहरी नामको एक जातिले बसोबास गरेका छन्। यिनीहरू नेवारी र दनुवार शब्दहरू मिसिएको भाषामा कुराकानी गर्दछन्।

सातौं राष्ट्रिय जनगणना (वि.सं. २०२८) अनुसार यो जिल्लाको कुल जनसंख्या १,५४,९९८ मध्ये पुरुष ७८,६२९ (५०.७ प्रतिशत) र महिला ७६,३६९ (४९.३ प्रतिशत) छन्। अधिराज्यका ७५ जिल्लाहरू मध्ये जनसंख्याको दृष्टिले ललितपुर जिल्लाको स्थान ३४ सौं हुन्छ। अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्रको र बागमती अञ्चलको जनसंख्यासँग यो जिल्लाको जनसंख्या तुलना गर्दा यस जिल्लामा अधिराज्यको कुल जनसंख्याको १.३ प्रतिशत, मध्यमाञ्चल विकास क्षेत्रको कुल जनसंख्याको ४.० प्रतिशत र बागमती अञ्चलको १०.३ प्रतिशत जनसंख्या रहेको देखिन्छ।

यो जिल्लाको कुल क्षेत्रफल ४१३ वर्ग किलोमिटर (४१,३०० हेक्टर) रहेको छ। उक्त क्षेत्रफल र यहांको कुल जनसंख्यालाई हिसाब गर्दा यो जिल्लामा प्रति वर्गकिलोमिटरमा ३७५.३ जना मानिसको जनघनत्व रहेको देखिन्छ।

छिमेकका दुई जिल्ला काठमाडौं र भक्तपुरसँग यो जिल्लाको जनसंख्या तुलना गर्दा काठमाडौं जिल्लाको जनसंख्या (३,५३,७५६) ललितपुरकोभन्दा करीब २.३ गुणा बढी छ भने भक्तपुरको जनसंख्या (१,१०,१५७) यसकोभन्दा १.४ गुणा कम छ। उक्त जनघनत्वको दृष्टिले तुलना गर्दा भने भक्तपुर जिल्लाको पहिलो, काठमाडौं जिल्लाको दोस्रो र ललितपुर जिल्लाको तेस्रो स्थान देखिन आएको छ। तर यी तीन जिल्लाको जनघनत्व या ललितपुरको जनघनत्व सबैभन्दा कम देखिए तापनि बागमती अञ्चल र अधिराज्यको जनघनत्वको तुलनामा यो निकै धेरै हो भन्ने कुरा निम्नतालिकाले देखाउँछः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थान	जनघनत्व (प्रति हेक्टर)
अधिराज्य	०.८
बागमती अञ्चल	१.४
भक्तपुर जिल्ला	८.३
काठमाडौं	६.५
ललितपुर	३.८

यसरी ललितपुर जिल्ला अधिराज्यको तेस्रो सबैभन्दा बाक्लो जनघनत्व भएको जिल्ला हो। यो जिल्लामा घर परिवारको कुल संख्या २६,५७८ छ। यहाँको परिवारको औसत आकार ५.८ व्यक्ति भएको पाइन्छ। अधिराज्यको, बागमती अञ्चलको र छिमेकी जिल्ला काठमाडौंको औसत सदस्य संख्या क्रमशः ५.५, ५.६, र ५.७ भएको देखिन्छ।

जिल्लाका पाँच सदस्य भएका परिवारको संख्या सबैभन्दा बढी (४,१३९) देखिन्छ। दोस्रो स्थान चार सदस्यीय परिवारको (३,७६७) र तेस्रो छ सदस्यीय परिवारको (३,७७५) छ। यहाँ २० र सोभन्दा बढी सदस्य संख्या हुने घर परिवार १४४ वटा छन्।

यो जिल्लाको जनसंख्यालाई उमेरको आधारमा वर्गीकरण गर्दा ०–५ वर्षका शिशुहरू १७.७ प्रतिशत, छदेखि १५ वर्षका (अर्थात् शैक्षिक उमेरका) २४.१ प्रतिशत, १६ वर्ष र सोभन्दा बढीको ५८.२ प्रतिशत भएको निम्न तालिकाले देखाउँछः–

उमेर समूहको तालिका

उमेर समूह	जम्मा	प्रतिशत	पुरुष	प्रतिशत	महिला	प्रतिशत
०–५	२७,४९६	१७.७	१३,६६७	१७.४	१३,८२९	१८.१
६–१५	३७,३५७	२४.१	१९,३२२	२४.५	१८,०३५	२३.६
१६ र माथि	९०,१४५	५८.२	४५,६४०	५८.१	४४,५०५	५८.३
जम्माः–	१,५४,९९८	१००.०	७८,६२९	१००.०	७६,३६९	१००.०

यसरी यहाँको जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरी १० वर्षदेखि ५९ वर्षसम्मको जनसंख्यालाई उमेरको दृष्टिकोणले सक्षम मानेमा यो जिल्लामा सक्षम जनसंख्या १,१०,५४३ र आश्रित संख्या ४४,४५५ भएको देखिन्छ। उक्त संख्या जिल्लाको कुल जनसंख्याको अन्दाजी ७१.३ प्रतिशत हुन्छ अर्थात् प्रत्येक सक्षम व्यक्तिमाथि १.४ व्यक्तिको बोझ पर्ने हुन्छ। यसरी प्रत्येक १०० जना माथि थप ४० जनाको आर्थिक भार पर्ने देखिन्छ। अतः यो जिल्लामा आर्थिक निर्भरताको अनुपात १००:४० रहेको छ।

अन्तर्राष्ट्रिय मान्यताअनुसार १४ वर्ष र सोभन्दा मुनिका तथा ६५ वर्ष र सोभन्दा माथिका जनतालाई आश्रित मानिने हुनाले सो आधारमा हिसाब गर्दा यो जिल्लामा उमेरको दृष्टिकोणले अर्थात् १५ देखि ६४ वर्षसम्म उमेर पुगेको सक्षम जनसंख्या ८७,०९५ अर्थात् कुल जनसंख्याको ५६.२ प्रतिशत र आश्रित जनसंख्या ६७,९०३ अर्थात् ४३.८ प्रतिशत हुन्छ। यस हिसाबले प्रत्येक सक्षम व्यक्ति माथि १.७८ व्यक्तिको बोझ परेको देखिन्छ अर्थात् प्रत्येक १०० जना सक्षम व्यक्तिमाथि थप ७८ जनाको निर्वाहको भार पर्ने देखिन्छ र आर्थिक निर्भरताको अनुपात १००:७८ हुन आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. २०२८ को जनगणनाले यो जिल्लामा छदेखि नौ वर्ष उमेरका केटाहरू ३३ जनाको र केटीहरू २९ जनाको विवाह भएको देखाएको छ। १० देखि १४ वर्षको उमेर समूहमा यो संख्या क्रमशः १६८ र ३७६ छ र एक-एक जनाले पारपाचुके पनि गरिसकेको पाइएको छ। यो जिल्लामा छ वर्ष र सोभन्दा माथि उमेर पुगेका पुरुष ६४,९६२ मध्ये ३३,२३२ र महिला ६२,५४० मध्ये ३४,८२४ गरी जम्मा ६८,०५६ विवाहित तथा दाम्पत्य जीवन बिताइरहेका देखाइएको छ। यहाँ विधुर २,७४५ र बिधुवा ५,६२९ जना छन्। अधिक बिधुवा विधुरहरू ६० वर्ष र सोभन्दा माथि उमेरका छन्। छ वर्षदेखि नौ वर्ष र १० वर्षदेखि १४ वर्षको उमेर समूहहरूमा विवाह भइसकेका केटा र केटीहरू भएकोबाट यस जिल्लामा बाल विवाह केही मात्रामा अझै रहेको देखिन्छ।

यस जिल्लाका बासिन्दाहरू विभिन्न भाषा बोल्दछन्। मुख्यतया यहाँ राष्ट्र भाषा र नेवारी बोलिन्छन्। भाषाको दृष्टिकोणले यो जिल्लाको एउटा विशेषता देखिन्छ। राष्ट्र भाषा नेपाली र स्थानीय भाषा नेवारी बोल्नेहरूको संख्या झण्डै बराबर भएको कुरा जनगणनामा देखिएको छ। छिमेकी काठमाडौं जिल्लामा नेवारी भाषा भाषीहरूको अनुपात कुल जनसंख्याको ४१ प्रतिशत छ र भक्तपुरमा यो अनुपात ६२ प्रतिशत छ।

यो जिल्लामा विभिन्न भाषा-भाषीहरूको संख्या निम्नबमोजिम रहेको छः–

भाषा	बोल्नेहरूको संख्या	प्रतिशत
नेपाली	६९,८६८	४५.१
नेवारी	६९,८७२	४५.१
तामाङ	१२,९०९	८.३
शेर्पा	६१५	०.४
दनुवार, राई, लिम्बू, गुरुङ	१७१	०.१
मगर, मैथिलि, थारू, भोजपुरी, सतार र राजवंशी तथा स्थानीय जिल्लाका भाषाहरू समेत	१,५६३	१.००
जम्मा:–	१,५४,९९८	१००.०

यो जिल्लामा नेवारी बोल्नेहरू शहर इलाकामा र उपत्यकाभित्र पूर्व र दक्षिणतर्फका क्षेत्रमा केन्द्रित रहेका छन्। राष्ट्र भाषा नेपाली बोल्नेहरू जिल्लाभर नै छरिएर रहेका छन्। कुल जनसंख्याको ८.३ प्रतिशत देखिएका तामाङहरू उपत्यका र शहरी क्षेत्रमा नगण्य छन् र उनीहरूको बस्ती मुख्य रूपले जिल्लाको दक्षिणी भेकको पहाडी इलाकामा फैलिएको छ। माथि देखाइएको शेर्पा भाषा बोल्ने मानिसहरू जावलाखेल एकान्त कुनास्थित तिब्बती शरणार्थी क्याम्पमा बस्नेहरू पनि हुन्।

अधिराज्यका अन्य जिल्लाहरूमा झैं यहाँ पनि विभिन्न धर्मावलम्बीहरूले बसोबास गरेका छन्। यहाँ धार्मिक सहिष्णुताको लामो इतिहास छ। मल्लकालीन युगमा ईसाई पादरीहरूले पनि सम्मान पाएको वर्णन यहाँको इतिहासमा उल्लेख भएको छ। यस जिल्लाका बहुसंख्यक जनता हिन्दू धर्म मात्रै देखिन्छन्। त्यस पछि बौद्ध धर्मावलम्बीहरूको स्थान आउछ। तर यहाँका बहुसंख्यक मानिसहरूको जीवनमा हिन्दू र बौद्ध धर्महरू समन्वय हुन गएको छ। मानिसहरू हिन्दू देवस्थल र बौद्ध चैत्य तथा मन्दिरहरूमा उत्तिकै श्रद्धा र भक्तिपूर्वक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूजापाठ गर्दछन्। यहाँ बौद्ध र हिन्दू मेलाहरू उत्तिकै धुमधाम साथ मनाइन्छन्। उदाहरणको लागि मत्स्येन्द्र-नाथको रथयात्रा, कृष्ण पूजा, भीमसेन यात्रा आदि। यी मेलाहरू हिन्दू तथा बौद्ध दुवै धर्मावलम्बी मानिसहरूले मान्दछन्।

यस जिल्लामा कुल ३९ वटा गाउँ पञ्चायतहरू र एउटा नगर पञ्चायत रहेका छन्। ती पञ्चायत-हरूको नाम र जनसंख्या निम्न बमोजिम छः—

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. आश्राङ	१,०१९	२. इकुडोल	१,६७२
३. इमाडोल	३,६४४	४. किटिनी	२,५४१
५. खोकना	२,९३३	६. गिम्दी	१,७४०
७. गोटीखेल	१,५४८	८. गोदामचौं	२,६३३
९. घुसेल	१,४००	१०. चन्द्रनपुर	२,२१८
११. चापागाउँ	५,६४७	१२. चौधरे	१,३५७
१३. छम्पी	३,४०८	१४. झरुवारासी	१,८१५
१५. टीकाथली	२,५२६	१६. ठूला दुर्लुङ	१,४८४
१७. ठेचो	४,१७६	१८. ठँव	१,३३०
१९. डुकुछाप	१,६५०	२०. धापाखेल	३,१६०
२१. नल्लु	१,३१८	२२. प्यूटार	१,४२७
२३. बडीखेल	१,८६६	२४. बाडेगाउँ	१,३५०
२५. विशंखु नारायण	२,८४७	२६. बुखेल	१,३८८
२७. बुंगमती	३,३५२	२८. भट्टे डाँडा	१,४६४
२९. भारदेव	१,५१०	३०. भँसीपाटी	२,४२१
३१. मानिखेल	१,३३८	३२. माल्टा	१,४०२
३३. लामाटार	५,८९६	३४. ल. पु. न. पञ्चायत	५९,०४९
३५. लुभू महालक्ष्मी	३,७४१	३६. लेले	४,६०९
३७. सानागाउँ	३,७०८	३८. सुनाकोठी	३,०८२
३९. शंखु	२,५५५	४०. हरिसिद्धि	२,७४४

ललितपुर जिल्लामा भएका ३९ वटा गाउँ पञ्चायतहरूमध्ये १,००० देखि २,००० जनसंख्या हुने पञ्चायत सबैभन्दा बढी (अर्थात् १९ वटा) छन्। ५०,००० भन्दा बढी अथवा ५९,०४९ जनसंख्या हुने पञ्चायत एउटै मात्र छ र त्यो ललितपुर नगर पञ्चायत हो। यहाँ सबभन्दा कम जनसंख्या हुने गाउँ पञ्चायत आश्राङ हो। जसको जनसंख्या १,०१९ मात्र

जनजीवन

यो जिल्लाको कुल जनसंख्यामा नेवार जातिका मानिसहरूको संख्या अन्य जातिहरूका मानिसहरूको

CC-0. In Public Domain. Digitization by eGangotri

दाँजोमा बढी रहेको कुरा माथि पनि उल्लेख भइसकेको छ। ललितपुर नगर पञ्चायत, खोकना, बुंगमती, चापागाउँ, ठेचो, सुनाकोठी, हरिसिद्धि, बाँडेगाउँ, सानागाउँ, लुभू आदि बाक्ला शहर गाउँहरूमा नेवार जातिका मानिसहरूले बसोबास गरेका छन्। यो जिल्लामा बसोबास गर्ने अन्य जातिहरूमध्ये बाहुन, क्षेत्री, तामाङ, राई आदि उल्लेखनीय छन्। बाहुन, क्षेत्रीहरू काठमाडौं उपत्यकाभित्र तथा दक्षिणी पहाडी प्रदेशमा समेत छरिएका छन्। तामाङहरू प्रायः दक्षिणी पहाडी इलाकामा घुसेल, प्यूटार, शंखु, चौघरे, नल्लु, भारदेव, आश्राङ, ठूला दुर्लुङ आदि गाउँ पञ्चायतहरूमा केन्द्रित छन्।

यो जिल्लामा बसोबास गर्ने विभिन्न जातिहरूमध्ये केही गाउँ पञ्चायतमा मात्र अल्पसंख्यक जातिको रूपमा रहेका पहरी भन्ने समूह बारे खास जानकारी उपलब्ध भइसकेको छैन। कसैले पहरीलाई तामाङ जातिको एक हाँगा मानेका छन्।[1] पहरीहरू छम्पी, चापागाउँ, बडीखेल, लेले आदि गाउँ पञ्चायतहरूमा पाइन्छन्। उनीहरूको भाषामा नेवारी भाषाको बढी प्रभाव परेको पाइन्छ। त्यस्तै यहाँको चाखलाग्दो अन्य जातिहरूमध्ये डुकुछापको दनुवार जाति पनि हो। हालसम्म थाहा पाइएअनुसार काठमाडौं उपत्यकामा रहेको एउटै दनुवार गाउँ डुकुछाप हो। डुकुछाप भन्ने गाउँ बागमती नदीको किनारमा घुसेल डाँडाको फेदीमा कटुवाल दहदेखि केही माथि र उत्तरतर्फ रहेको छ। दनुवारहरू त्यस इलकाको वन जङ्गलबाट दाउरा काटेर पाटन बजारमा बेच्ने गर्दछन्। साथै बागमती नदीमा माछा मारी बजारमा बेच्न पनि लैजान्छन्।

यहाँ बसोबास गर्ने विभिन्न जातिहरू एक अर्कोसँग सहयोग र मेल मिलापको वातावरणमा बसेका छन्। यो जिल्लामा विभिन्न सांस्कृतिक तथा धार्मिक परम्परा भएका विभिन्न जातिका मानिसहरू एक अर्कोको जातीय सांस्कृतिलाई श्रद्धाको भावनाले हेर्दछन्। यो जिल्लाको ललितपुर शहरको इतिहासमा मध्यकालदेखि नै धार्मिक तथा जातीय सहिष्णुताको ज्वलन्त उदाहरण पाइन्छ।

यहाँको नगर पञ्चायत तथा केही गाउँ पञ्चायत इलाकामा रहेका नेवार जातिले सांस्कृतिक तथा कलाकौशलको क्षेत्रमा धेरै उपलब्धि हासिल गरेका छन्। ललितपुर नगर पञ्चायत इलाकाको मध्यकालदेखिको जुन सांस्कृतिक परम्परा र कलाकौशलको उपलब्धि छ यो जिल्लाको लागि निक्कै गहन तथा महत्वपूर्ण निधि हुन गएको छ। कलाकौशलको क्षेत्रमा ललितपुरले प्राप्त गरेको उत्कृष्ट उपलब्धिहरू वास्तवमा सम्पूर्ण अधिराज्यकै गौरव हुन गएको छ।

यहाँ हुने कैयौं मेला र पर्वहरूमा विभिन्न जातिका मानिसहरूले कुनै किसिमको जातीय भेदभाव नराखी भाग लिन्छन्। गोदावरीको मेला, लेलेको सरस्वतीको पर्व, कृष्णाष्टमीको मेला, मत्स्येन्द्रनाथको रथ यात्रा, कुम्भेश्वरको मेला आदिमा सबै जातिका मानिसहरू भेला हुन्छन्।

---

1 Bista, Dor Bahadur -- People of Nepal, p. 52

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

यो जिल्लाको आर्थिक व्यवस्था अत्यधिक मात्रामा कृषिमा आधारित छ। हालसम्म अधिकांश जिल्लाबासीहरू भूमिगत व्यवसायमा निर्भर रहेका छन्। यो जिल्लाको नगर इलाका पहिलेदेखि नै सीमित घरेलु उद्योग र व्यापार केन्द्र रहिआएको कुरा माथि उल्लेख भइसकेको छ। केही वर्ष यतादेखि यो जिल्लामा उद्योग व्यवसायको पनि विकास हुन गएको छ।

कृषि

ललितपुर जिल्लाको कृषि बारे छलफल गर्दा पनि जिल्लालाई मोटामोटी दुई भागमा बाँडेर हेर्नु उपयुक्त देखिन्छ किनभने उपत्यकामा पर्ने टार, डोल जस्ता क्षेत्रहरूसँग जिल्लाको विकट पहाडी क्षेत्रको कृषिको स्थितिमा प्रायः सम्पूर्ण दृष्टिबाट भिन्नता पाइन्छ। उपत्यका क्षेत्रमा पाइने मलिलो चिम्टे माटो र सिचाइका सुविधाले गर्दा यो क्षेत्र प्राचीनकालदेखि नै एक सम्पन्न र विकसित सभ्यताको केन्द्र हुन गयो। यस्ता सुविधाहरू-बाट बञ्चित् भएकोले यसै जिल्लाको एउटा भाग भएर पनि उपत्यका बाहिरको पहाडी क्षेत्र अझ पनि सारै पिछडिएको छ। उपत्यका क्षेत्रमा साधारणतः मानिसले आफ्ना पाखुराकै भरमा खेती गर्ने परम्पराको तुलनामा जिल्लाको पहाडी क्षेत्रमा हलो जोत्दा र दाइँ गर्नमा गोरु–राँगाको प्रयोग गर्ने चलन पनि छ। तेस्रो कुरो बाक्लो जन-आवादी भएकोले र प्रतिव्यक्ति वा प्रतिपरिवार जमीन धेरै कम पर्न आउने हुनाले उपत्यका क्षेत्रमा सघन खेती हुनु एक व्यवहारिक आवश्यकता हुन गएको छ भने पहाडी क्षेत्रमा अझसम्म पनि जङ्गल फाँडेर खेत-बारीको विस्तृतीकरण गर्न सकिने सम्भावनाहरू भएकोले सघन खेतीका तरीका र प्रविधिहरू केही सीमित ठाउँमा मात्र अपनाइएको देखिन्छ। कृषि प्रसार कार्यक्रम पनि प्रायः उपत्यका क्षेत्रमै सीमित भएको देखिन्छ।[1]

तर उक्त दुई क्षेत्रहरूमा वास्तविक आवादी जमीनको परिमाण र उत्पादन परिमाण सम्बन्धी छुट्टा छुट्टै तथ्याङ्क प्राप्त नभएको हुनाले वस्तुस्थितिको तुलनात्मक अध्ययन सम्भव छैन। त्यसैले निम्न पंक्तिहरूमा सम्पूर्ण जिल्लाको स्थिति देखाइएको छ।

अधिराज्यमा कृषिबाट मात्र जीविका चलाउने व्यक्तिहरूको अनुपात ९५ प्रतिशत भएको तुलनामा २०२८ सालको जनगणनाअनुसार यो जिल्लाका ७३.२ प्रतिशत मानिसहरू कृषि कार्यमा निर्भर रहेको पाइएको

1. योजना आयोगको २०३० को एक प्र. सर्वेक्षण प्रतिवेदनमा यहाँको पहाडी क्षेत्रका १९ गाउँ पञ्चायतहरूमा जे. टी. ए. हरू नखटाइएको तथा रासायनिक मलको प्रयोग नभएको उल्लेख गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ। जिल्लाको जनसंख्या र श्रावादी जमीनको तुलना गर्दा प्रति हेक्टर जमीनमा करीब १० व्यक्ति निर्भर रहेको देखिन्छ। काठमाडौं जिल्लामा यो निर्भरता श्रनुपात १४ व्यक्ति प्रति हेक्टर छ।

कृषि उत्पादन

यो जिल्लाको कृषि उत्पादनमा खाद्यान्नको प्राधान्य भएको र नगदेबाली प्रायः नगण्य भएको कुरो २०२९।०३० मा ६८२ हेक्टरमा मात्र (कुल बाली क्षेत्रको तीन प्रतिशतभन्दा कम क्षेत्रमा) नगदेबाली लगाइएको तथ्यबाट थाहा हुन्छ। खाद्य कृषि मन्त्रालय, कृषि विभागद्वारा प्रकाशित कृषि तथ्याङ्क र कृषि बजार सेवा विभागको तथ्याङ्कश्रनुसार त्यस वर्षमा यो जिल्लाका प्रमुख खाद्यान्न बालीमध्ये धान २२,५६६ मेट्रिक टन (कुल खाद्यान्नको ४० प्रतिशत), गहुँ १०,०२३ मेट्रिक टन (१७.८ प्रतिशत), मकै १४,७२७ मेट्रिक टन (२६.१ प्रतिशत) र श्रालु ६,९२७ मेट्रिक टन (१२.३ प्रतिशत) उत्पादन भएको थियो। खाद्यान्न उत्पादन सम्बन्धी श्रार्थिक वर्ष २०२४।०२५ देखि २०२९।०३० को छ वर्षको तथ्याङ्क निम्नतालिका बमोजिम छः–

खाद्यान्न उत्पादनको तालिका (मेट्रिक टनमा)

	२०२४।०२५	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
धान	१८,०५०	१९,४७०	१९,८००	२१,०८०	२१,७६०	२२,५६६
मकै	१२,४१०	१३,२१२	१३,४६९	१४,१००	१३,८००	१४,७२७
गहुँ	४,७५०	६,७६५	७,७००	५,४४९	८,१००	१०,०२३
कोदो	१,९१२	१,९९२	२,१३७	२,०९०	–	२,०९०
जौ	४	४	६	६	–	६
श्रालु	७,५२०	६,७२०	७,०५०	४,७२०	–	६,९२७
जम्माः–	४४,६४६	४८,१६३	५०,१६२	४७,४४५	–	५६,३३९

नगदे बाली उत्पादनको तालिका (मेट्रिक टनमा)

तेलहन	४०३	४०३	४२६	४२६	–	६७५
उखु	६४	५०	६५	९०	–	९०
जम्माः–	४६७	४५३	४९१	५१६	–	७६५

यो जिल्लाको खेतमा लगाइने बालीहरूमध्ये धान र गहुँ प्रमुख हुन्। पाखो बालीमा मकै, कोदो, गहत, मास, हलेदो श्रादि छन्। उपत्यका क्षेत्र तरकारी खेतीको निम्ति पनि प्रख्यात छ। जसमध्ये श्रालुको खेती हिउँद वर्षा दुवैमा गरिन्छ। यो बाहेक हिउँदमा प्याज, लसुन, गाजर, मूला, गाँठे मूला, काउली, बन्दा, रायोको साग, केराउ, मेथीको साग, चमसुर, पालुङ्गो श्रादिको र वर्षामा काँक्रो, फर्सी लौका, गोलभेंडा, भन्टा, खुर्सानी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बोडी, सिमी आदिको निकै खेती गरिन्छ । फलफूलको दृष्टिले भने यो जिल्ला विशेष महत्व राख्तैन यद्यपि आरु, नासपाती, केरा, अम्बा, काफल, ज्यामीर, भोकटे आदिका बोट घरघरमा लगाइएका छन् र केही मात्रामा यी फलफूल स्थानीय बजारहरूमा पनि आइपुग्छन् । पशुपालनको क्षेत्रमा भैंसी उपत्यका क्षेत्रमा बढी र गाई पहाडी भेकमा बढी पालिन्छन् । आधुनिक तरीकाले कुखुरा पाल्ने चलन बढ्दै गएको छ । माछा केवल सरकारी क्षेत्रमा पालिएको छ ।

आवादी जमीन र बाली क्षेत्र

जिल्लाको ४१,३०० हेक्टर कुल क्षेत्रफलमध्ये खेती लगाइएको क्षेत्रफल (वि.सं. २०२८ को कृषि तथ्याङ्क पुस्तिकाअनुसार) १४,३०० हेक्टर अर्थात् कुल क्षेत्रफलको अन्दाजी ३४.६ प्रतिशत देखिएको छ । अधिराज्यको औसत १६ प्रतिशत आवादी जमीनको तुलनामा यो निक्कै धेरै हो । २०२१ सालको नापी बमोजिम खेत वा धनहर जमीनलाई अब्बल, दोयम, सीम र चाहारमा वर्गीकरण गरिएको छ र पाखो जमीनलाई केवल अब्बल र दोयममा । यो वर्गीकरणअनुसार जिल्लामा देखिएको कुल आवादी जमीन १३,१९५ हेक्टर छ, जुन कृषि तथ्याङ्क पुस्तिकाले देखाएकोभन्दा १,१०५ हेक्टर कम छ ।

आर्थिक वर्ष २०२४।२५ मा २१,७१० हेक्टर जमीनमा बाली लगाइएको तुलनामा २०२९।३०मा जिल्लामा २३,३९४ हेक्टर जमीनमा बाली लगाइएको (बाली क्षेत्रमा १,६८४ हेक्टर वृद्धि भएको) निम्न तालिकाबाट देखिन्छ । अरू जम्मै बाली लाग्ने जमीनको आयतनमा धेरथोर क्रमिक वृद्धि भएको यो तालिकाले देखाउछ । तर कोदोको बाली क्षेत्र चाहिं २०२७।०२८ को दाँजोमा ५० हेक्टर घटेको पाइन्छ ।

यो जिल्लामा खेती गरिएको बाली क्षेत्र आर्थिक वर्ष २०२४।०२५ देखि २०२९।०३० को छ वर्षमा निम्नबमोजिम रहेको देखिन्छ :–

विभिन्न बाली लगाइएको क्षेत्रफलको तालिका (हेक्टरमा)

	२०२४।०२५	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
धान	६,५००	६,६००	६,६००	६,८००	६,८००	६,६३७
मकै	७,०००	७,२००	७,३००	७,५००	७,५००	८,३८२
गहुं	५,०००	५,५००	५,५००	५,७००	६,०००	५,८००
कोदो	१,०००	१,८००	१,९००	१,८५०	–	१,८५०
जौ	५	५	७	७	–	७
आलु	८००	७००	७५०	८००	–	८५०
तेलहन	७००	७००	७१०	७३०	–	६७५
उखु	५	५	५	७	–	७
जम्मा:–	२१,०१०	२२,५१०	२२,७७२	२३,३९४	२०,३००	२४,२०८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जग्गाको किसिम र क्षेत्रफल (हेक्टरमा)

जग्गाको किसिम	खेत	पाखो	कुलको जग्गा	कुलको प्रतिशत
अब्बल	१७९	४,२२५	४,४०४	३३.४
दोयम	२,५४५	४,८१९	७,३६४	५५.८
सीम	१,३६४		१,३६४	१०.३
चार	६३		६३	.५
जम्मा:–	४,१५१	९,०४४	१३,१९५	१००.०

माथिको तालिकाअनुसार धानको उत्पादन गत छ वर्षमा १८,०५० मेट्रिक टनबाट वृद्धि भएर २२,५६६ मेट्रिक टन पुगेको देखिन्छ। मकै र गहुँको पनि उत्पादन वृद्धि भएकै पाइन्छ, तर आलु लगाइने क्षेत्र २०२४।०२५ को तुलनामा २०२९।०३० मा ५० हेक्टर बढेको भए तापनि उत्पादन चाहिं ६९३ मेट्रिक टन कम भएको, जौ को बाली–क्षेत्र र उत्पादन २०२६।०२७ देखि २०२९।०३० सम्म एक नास रहेको तथा कोदोको बाली क्षेत्र २०२६।०२७ को दाँजोमा अघिल्लो वर्षहरूमा ५० हेक्टर घटेको देखिन्छ। त्यस्तै उक्त सालको दाँजोमा उत्पादन पनि घट्न गएको देखिन्छ।

अधिराज्यको औसत उत्पादन दर र अन्य धेरै जिल्लाहरूको छुट्टा छुट्टै उत्पादन दरसँग यो जिल्लाको उत्पादन दर तुलना गर्दा धेरै भिन्नता देखिन्छ, जसबाट यो जिल्लाको (खासगरी उपत्यका क्षेत्रको) उर्वरताको कारणले भएको अनुमान गर्न सकिन्छ। उदाहरणहस्वरूप सँगैका काभ्रेपलाञ्चोक तथा सिन्धुपाल्चोक जिल्लामा धानको उत्पादन दर क्रमशः २,५७० के. जी. र २,३०० के. जी. प्रति हेक्टरको तुलनामा यस जिल्लामा ३,३०० के. जी. प्रति हेक्टर देखिएको छ।

वि. सं. २०२८ सालको कृषि तथ्याङ्क पुस्तिकाले अधिराज्यको कुल आवादी जमीनको तुलनामा ललितपुर जिल्लाको आवादी जमीन करीब ०.६ प्रतिशत देखाएकोमा प्रमुख खाद्यान्नहरू (धान, गहुँ, मकै र कोदो) को क्षेत्रमा यस जिल्लामा अधिराज्यकोभन्दा १.१ प्रतिशत उत्पादन बढिरहेको देखिन्छ।

जिल्लामा हुने यी प्रमुख मुख्य बालीहरूलाई हेर्दा गहुँको खेती क्रमिक रूपले जनप्रिय हुँदै गएकोले अघि-अघि धान काटिसकेपछि बाँझो राखिने खेत गहुँ खेतीको निम्ति उपयोग हुन लागेको देखिन्छ। धान नहुने पहाडी भेक र पाखा क्षेत्रमा हिउँद र वर्षामा दुई पल्ट कोदो छर्ने पनि चलन छ। जिल्लाको डोल क्षेत्रमा र अन्य सिचाइ-प्राप्त होचो जमीनमा वर्षभरी कुनै न कुनै बाली लगाइएकै हुन्छ र जमीन प्रायः कहिल्यै बाँझो हुँदैन। टार क्षेत्रमा पनि एकै चोटी मकै भटमास, मकै–कोदो–आलु आदि वा साग-पात मिलाएर एकै पटक दुई तीन थरी बाली उमार्ने गरेको पनि पाइन्छ।

गर्मी ठाउँमा धान र कोदो असारमा रोपी मंसीरमा काटिन्छ। गहुँ मंसीरमा रोपी चैतमा गएर काटिन्छ। जाडो ठाउँमा भने गहुँ असोज-कात्तिकमा छरी पुसमा काटिन्छ। त्यस्तै मकै गर्मी, जाडो दुवै ठाउँमा फागुनमा छरी भदौमा गर्मी ठाउँमा र कात्तिकमा जाडो ठाउँमा टिपिन्छ। आलु दुवै ठाउँमा चैतमा रोपी भदौमा खनिन्छ। तोरी भने कात्तिकमा छरी माघ–फागुनमा उखेलिन्छ।

यस जिल्लामा प्रति व्यक्ति वर्षेनी औसत १६० के. जी. खाद्यान्नको आवश्यक पर्ने अनुमानको आधारमा यो जिल्ला खाद्यान्नको कमी भएको क्षेत्रको रूपमा नदेखिनु एक उत्साहवर्द्धक कुरो छ, किनभने यो सँगैको काठमाडौं जिल्लामा उत्पादनको तुलनामा खपत धेरै बढी देखिएकोले हरेक वर्ष खाद्यान्नको अभाव नै भइरहेको देखिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. २०२८ सालको जनगणनाले देखाएको कुल १,५४,९९८ जनसंख्यालाई वर्षमा २४,८०० मेट्रिक टन खाद्यान्न भए पुग्ने ठाउँमा उपर्युक्त उत्पादनको तालिकाअनुसार आलु बाहेक पनि जिल्लाको खाद्यान्न उत्पादन २०२९।०३० मा करीब ५०,००० मेट्रिक टन देखिएकोले आवश्यकताभन्दा दोब्बर खाद्यान्न उत्पादित भएको तथ्य झल्किन्छ। साथै पहाडी भेकमा आलु पनि खाद्यान्नको रूपमा उपभोग हुने तथ्यलाई ध्यानमा राख्ने हो भने स्थिति अझ राम्रो भएको अनुमान हुन्छ।

वि. सं. २०२८ को कृषि तथ्याङ्क पुस्तिकाले खाद्यान्नको यो स्थितिलाई एक तुलनात्मक तालिकाको आधारमा पेश गरेको छ, जसअनुसार गाई वस्तुको आवश्यकता पूर्ति गरेर हानी, नोक्सानी हुने सम्भावनालाई ध्यानमा राखेर तथा बीउको निम्ति जगेडा राख्नु पर्ने अन्न छुट्याएर पनि जिल्लाको सम्भावित खपतभन्दा ५,६६२ मेट्रिक टन बढी नै खाद्यान्न उत्पादन भएको देखिन्छ, जस्तैः–

खानलायक अन्न उत्पादन	जनसंख्या	आवश्यक खाद्यान्न	बचत
२९,५०० मे. ट.	१,४९,००० (अनुमानित)	२३,८०० मे. टन	५,६६२ मे. टन

तरकारी र फलफूल खेती

यो जिल्लाको समुद्र सतहदेखि १,३०० देखि १,८०० मिटरको उचाइमा पर्ने उपत्यका क्षेत्र विभिन्न किसिमका तरकारी खेतीको निम्ति प्रख्यात छ। वर्षभरी भने झैं एक न एक थरीका तरकारीको खेती यहाँ भइरहेको देखिन्छ र यहाँका एक थरी किसानहरूले तरकारी खेती मात्र गर्न लागेका पनि देखिन्छन्। मोटामोटी रूपमा यहाँ तरकारी खेती गर्ने किसानहरूलाई तीन थरीमा वर्गीकरण गर्न सकिन्छः–

(१) अरू खाद्यान्नको खेती नै नगरी तरकारी खेती मात्र गर्ने वा अरू खाद्यान्न केवल आफ्नो घरायसी आवश्यकता पूर्तिको निमित्त मात्र गरी मुख्यतः व्यापारिक स्तरमा तरकारी खेती गर्ने,
(२) मुख्य खाद्यान्नको खेती र तरकारी खेती पालैसँग गर्ने र आफूलाई चाहिनेभन्दा बढी उत्पादन विक्री–वितरण गर्ने,
(३) कोठेबारीमा आफ्नो पारिवारिक आवश्यकताको निम्ति मात्र तरकारी खेती गर्ने।

यसरी तरकारी खेतीले यस जिल्लाको विशेष गरी उपत्यका क्षेत्रको आर्थिक जीवनमा बढ्दो महत्वको भूमिका खेल्न लागेको छ तापनि जिल्लाको कति प्रतिशत कृषियोग्य जमीनमा तरकारी खेती गरिन्छ वा यसको उत्पादन र खपत सम्बन्धी तथ्याङ्क के कस्ता छन् सो यकीन हुन सकेको छैन। अर्को कुरो तरकारी खेती जिल्लाको उपत्यका क्षेत्रमा मात्र बढी सीमित भएको हुँदा पहाडी भेकको अर्थ–व्यवस्थामा यो खेतीले उत्ति महत्वपूर्ण भूमिका खेल्न सकेको छैन। यहाँका प्रमुख तरकारीहरूमध्ये काउली, मूला उल्लेखनीय छन्।

यस जिल्लाको स्थिति र हावापानीको दृष्टिले यहाँ फलफूल खेतीको पनि सम्भाव्यता देखिन्छ तापनि हालसम्म बाहिरबाट आयात गरेका फलफूलको नै बढी प्रचलन रहेको छ। उपत्यकाको दक्षिणी सीमाना स्थित छम्पी, टीकाभैरव इलाकामा प्रशस्त लप्सी पाइन्छ। काठमाडौंमा त्यस इलाकाबाट लप्सी निक्कै मात्रामा ल्याइन्छ साथै सोही इलाकामा ज्यामीर, जुनार पनि पाइन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक उपकरण

यस जिल्लाको उपत्यका क्षेत्रमा जमीनमाथि जनसंख्याको चाप पहाडी भेकमाभन्दा धेरै बढी भएको तथ्य जनसंख्याको अध्यायमा छलफल भइसकेको छ। प्रति व्यक्ति आवादी जमीन यसरी सीमित हुन गएपछि सघन खेती गर्नु पर्ने आवश्यकता स्वतः पैदा भएको छ। यस्तो सघन कृषि कार्यमा सिचाइका सुविधा, रासायनिक मल जस्ता आधुनिक उपकरणहरूको प्रमुख हात रहने हुन्छ र यी सुविधाहरू अधिराज्यका धेरैजसो जिल्लाहरूको तुलनामा यहाँ बढी सुलभ देखिएको छ। एकातिर यस जिल्लाका पहाडी भेकको प्राधान्य भएकोले र उपत्यका क्षेत्रमै पनि स-साना टुक्रामा विभाजित जमीनमा पावर टिलर वा ट्याक्टर जस्ता आधुनिक मेशीन-औजारहरूको उपयोग कम सम्भव हुने हुनाले प्रायः जम्मै किसानहरूले परम्परागत कुटो-कोदालो नै खेतीमा प्रयोग गर्ने गरेका छन्।

आधुनिक र उन्नत बीउहरू, रासायनिक मल, कीटनाशक औषधि आदिको प्रयोग र खपत चाहिं जिल्लामा गत केही वर्षदेखि उत्साहवर्धक रूपमा बढ्दै गएको छ। २०२७ देखि २०३० का तीन वर्षमा जिल्लामा उन्नत बीउले ढाकेको कुल क्षेत्रफल ५,३०७ हेक्टरदेखि ९,०६६ हेक्टर (७०.८ प्रतिशत वृद्धि) भएको पाइन्छ भने उखु र तेलहन जस्ता नगदे बालीमा पहिलो पल्ट आर्थिक वर्ष २०२९।०३० मा उन्नत बीउको प्रयोग हुन लागेको देखिन्छ। तर आर्थिक वर्ष २०२७।०२८ को तुलनामा आर्थिक वर्ष २०२८।०२९ मा करीब सय गुणा बढी क्षेत्रमा मकैको उन्नत बीउ लागेकोमा आर्थिक वर्ष २०२९।०३० मा फेरि निक्कै घटेको पनि छ। आलुमा पनि उन्नत बीउको क्षेत्र बढेको छ। तर तरकारी खेतीमा सोही तीन वर्षमा प्रभावकारी रूपमा उन्नत बीउको क्षेत्र बढेको छ। यो जिल्लामा विभिन्न बालीहरूको उन्नत बीउको प्रयोग उपत्यका क्षेत्रमा मात्र सीमित रहेको छ।

रासायनिक मल

जिल्लामा उक्त तीन आर्थिक वर्षमा रासायनिक मलको प्रयोगको तालिका हेर्दा आर्थिक वर्ष २०२७।०२८ मा नौ थरीका विभिन्न मलहरूको प्रयोग भएको पाइन्छ तर आर्थिक वर्ष २०२८।०२९मा मलको किसिम पनि छाँटिएर सात थरी मात्र भएको र खपत पनि करीब ८१८ मेट्रिक टन कम भएको देखिन्छ। आर्थिक वर्ष २०२९।०३० मा केवल पाँच थरीका मलको प्रयोग भएको तर परिमाणको दृष्टिले आर्थिक वर्ष २०२७।०२८ र आर्थिक वर्ष २०२८।०२९ को तुलनामा क्रमशः करीब १,००० मेट्रिक टन र १,८७१ मेट्रिक टन बढी भएको निम्न तालिकाबाट स्पष्ट हुन्छः–

(मेट्रिक टनमा)

रासायनिक मलको प्रयोग

	२०२७।०२८	२०२८।०२९	२०२९।०३०	२०२८।०२९ र २०२९।०३० को फरक
विभिन्न मलहरू	२,८१८.७१	२,०००.००	३,८७१.७१	१,८७१.७१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कीटनाशक औषधि

बाली-बिरुवाहरूमा कीटनाशक औषधिको प्रयोग गर्ने प्रचलन यो जिल्लामा गत दुई-तीन वर्षमा निकै वृद्धि भएको छ। २०२७ सालमा चार थरीका कीटनाशक औषधिको प्रयोग भएकोमा आर्थिक वर्ष २०२९।०३० मा नौ थरीका प्रयोग हुनु तथा २०२७ सालमा ४,५०० सी. सी. फलिडल र ७०० सी. सी. मेटासिष्टक प्रयोग भएकोमा आर्थिक वर्ष २०२९।०३० मा क्रमशः १७,००० सी. सी. (करीब ४०० प्रतिशत वृद्धि) र ९,५०० सी. सी. (करीब १,२०० प्रतिशत वृद्धि) भएकोबाट यो तथ्य स्पष्ट हुन्छ। साथै आर्थिक वर्ष २०२७।०२८ र २०२८।०२९ मा प्रयोग हुँदै नभएका चार थरीका औषधि आर्थिक वर्ष २०२९।०३० मा प्रयोग हुन थालेको तथ्यले पनि यो प्रवृत्तिको विकास भएको नै सङ्केत गर्छ।

पशुपालन

यो जिल्लाको उपत्यका क्षेत्रभन्दा पहाडी क्षेत्रमा पशुपालन बढी जनप्रिय देखिन्छ। उपत्यका क्षेत्रमा धान खेती गर्ने प्रचलन र चरनको कमी नै यसको एक प्रमुख कारण हो। हलो जोत्ने, दाइँ गर्ने तथा गोरु वा राँगाद्वारा गाडा चलाउने प्रथा उपत्यका क्षेत्रमा नहुनु पनि यसको अर्को कारण हो। तर पहाडी भेकमा हलो जोत्ने र दाइँ गर्ने प्रचलन पनि भएको, घाँस पातको बढी सुविधा भएको र सघन कृषि नगरिने भएकोले त्यस क्षेत्रमा पशुपालनतिर बढी जोड दिएको देखिन्छ। उपत्यका क्षेत्रका किसानहरूले रासायनिक मलको बढ्दो प्रयोग गर्न लागेकोले पशु-मलको आवश्यकता कम हुँदै गएको तर पहाडी भेकमा अझ पनि मलको प्रमुख स्रोत पशुवस्तु नै भएकोले पनि यसो भएको हो।

गत २०२६ सालको एक सर्वेक्षणअनुसार उपत्यका क्षेत्रमा र यसै जिल्लाका अन्य भागमा पनि प्रमुख घरपालुवा पशुपक्षीमा गाई, गोरु, भैंसी, भेडा, बाख्रा, कुखुरा र हाँस देखिएका छन्। उपत्यकाको तुलनामा यस जिल्लामा सुंगुर सबैभन्दा बढी पालिने गरेको पाइएको छ भने दोस्रो स्थान भेडाको र तेस्रो स्थान घोडाको रहेको छ। कुखुरा पालन यो जिल्लामा प्रशस्त जनप्रिय भएको कुरा सोही सर्भेक्षणबाट स्पष्ट हुन्छ। अरू पशुहरू जस्तै गाई, गोरु, भैंसी, राँगा, खसी, बाख्रा आदिमा चाहिं जिल्लाको अनुपात केही कम रहेको देखिन्छ। त्यसमा पनि जिल्लाका गाईहरूमा कम प्रतिशत मात्र दुधालु देखिएकोमा गाईको दूध जनप्रिय नभएको या स्याहार नपुगेको अनुमान हुन्छ। भैंसीको हकमा स्थिति अलि राम्रो छ किनेभने जिल्लाका जम्मा भैंसीमध्ये करीब ४० प्रतिशत दुधालु पाइएका छन्।

यस जिल्लामा गत केही वर्षमा कुखुरा पालनको बढी जनप्रिय भएको तथ्य उल्लेखनीय छ। यसका कारणहरू निम्नप्रकार छन्:—

(क) हाइलाइन तथा न्यू-हाम्पशायर जस्ता चाँडो बढ्ने र धेरै फुल दिने उन्नत जातका ठूला कुखुराहरूको प्राप्ति,

(ख) कुखुरापालन एक फाइदाजनक कारोवार हो भन्ने ज्ञानको प्रसार,

(ग) धेरै मिहेनत, लगानी र ठाउँको आवश्यकता नपर्ने व्यवसाय भएकोले,

(घ) आहार र औषधि पानीको बढ्दो सुलभता,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) जनसंख्याको वृद्धि र फुलखाने बानीको विकास तथा पर्यटन उद्योगसित सम्बन्धित होटेल र रेष्टुराँको संख्या वृद्धिले फुल र कुखुराको बढ्दो माग इत्यादि ।

पशुचिकित्सालय

लगनखेल स्थित यो जिल्लाको एक मात्र पशुचिकित्सालय २०१६ साल भदौ १ गते स्थापना भई २०२१ सालमा निर्मित नयाँ भवनमा सरेको हो । आर्थिक वर्ष २०२९।०३० मा उक्त चिकित्सालय द्वारा ६,०४५ पशु पक्षीको उपचार गरिएको थियो । साथै भट्टे डाँडा ,छम्पी, नल्लु र घुसेल पञ्चायतहरूमा पशुपक्षी भ्यागुते र खेरिन जस्ता संक्रामक रोगहरूको शिकार भएको बेला यस पशुचिकित्सालयबाट कर्मचारीहरू गई रोग निरोध कार्यमा सफलता प्राप्त गरे । तर यस चिकित्सालयको आफ्नै भ्याक्सिन सुरक्षित राख्ने व्यवस्था नभएकोले अन्यत्र फ्रिजमा राखिएको भ्याक्सिनमा भर पर्नु पर्ने स्थिति छ । तर जिल्लामा यस चिकित्सालयको सेवाको बढ्दो मागलाई ध्यानमा राखी विस्तार कार्य भइरहेको छ ।

भूमि व्यवस्था

यो जिल्लामा वि.सं.२०२१ सालमा नापी भएपछि २०२३ सालमा भूमि सुधार कार्य क्रम लागू भएको हो । उक्त नापी बमोजिम कुल जमीन करीब १४,७९८ हेक्टर (२,९५,९६० रोपनी) भएको र जिल्लामा जग्गा धनीको संख्या ५२,७६७ देखिएको थियो । तर २०२१ सालमा पेश हुन आएको ७ नं. अनुसूची बमोजिम जग्गा धनीको संख्या २२,२६५ देखिएको छ । उक्त अनुसूची अनुसार जग्गा धनी यसरी वर्गीकरण गरिएका छन्ः–

जग्गा धनी संख्या	२२,२६५
५८ रोपनीभन्दा बढी जमीन हुनेको संख्या	१३
५८ रोपनीभन्दा कम जमीन हुनेको संख्या	२२,२५२

जिल्लामा हदबन्दीभन्दा बढी जग्गा १०.७ हेक्टर (२१४ रोपनी) देखिएकोमा २०३० सम्म ८.९ हेक्टर (१७८ रोपनी) जति वितरण भइसकेको, १६,०५४ व्यक्तिलाई जोताहरूको अस्थायी निस्सा प्रदान गरेको, १४,५९१ व्यक्तिले स्थायी निस्सा प्राप्त गरिसकेको देखिएको छ । १५,५७५ को मोहियानी हक कायम भएको, ४८२ मोहीलाई छोडपत्र गराइएको र ७० जना मोही निष्कासन भएको देखिन्छ ।

भूमि सम्वन्धी ऐन, २०२१ अन्तर्गत यस जिल्लाको निमित्त तय गरिएको कूतको दर यसप्रकार छः–

	खेत– (धनहर)	पाखो (भीर)
अव्वल	१–३–०	०–१०–१
दोयम	०–१८–६	०–७–१२
सीम	०–१३–०	०–४–३
चाहार	०–५–०	०–२–७

भूमिसुधार अन्तर्गत ऋण रकम निश्चित् गर्ने कार्यक्रमअनुसार यस जिल्लामा २०३० फागुनसम्ममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुल रू. ५६,०३,८०२। ऋण निश्चित् भएको थियो जसमध्ये ३,३१,५८४ साहूलाई बुझाउनु नपर्ने गरी मिनाहा भएको पाइएको छ। अनिवार्य बचत सङ्कलनतर्फ जम्मा रू. ५,६६,०००।सङ्कलन भएको र त्यसमध्ये रू. ३,४८,०००। कृषि ऋणको रूपमा वितरण भएको देखिन्छ। सो वितरण भएको ऋणमध्ये रू. २,१२,०००। असूल भएको छ। कुल २८२ जना कृषकलाई बचत ब्याज पनि वितरण भएको देखिएको छ।

कृषिऋण र सहकारिता

वि. सं. २०२९ को एक सर्भेक्षणअनुसार यो जिल्लामा कुल किसान परिवारहरूमध्ये ऋणी कृषि परिवारहरूको अनुपात २६.७ प्रतिशत मात्र देखिएको छ, जुन अधिराज्यको ३८.३ प्रतिशत औसतको तुलनामा कम देखिन्छ। औसत ऋण रकम चाहिं अधिराज्यको तुलनामा अधिराज्यको रू. १३२। र ललितपुरको रू. १५८ बढी पाइन्छ जसबाट यहाँका कृषक परिवारहरूले बढ्दो ऋण बोकेका रहेछन् भन्ने झलिकन्छ। यहाँका किसान परिवारहरूले अन्य जिल्लाहरूमा झैं बीउ, औजार आदिको ऋण १८.३ प्रतिशतले र नगद ऋण १५ प्रतिशतले लिएको देखिन्छ, जुन स्थिति छिमेकको जिल्ला काठमाडौंभन्दा एकदमै भिन्न छ।

यस जिल्लामा एउटा सहकारी संघ र चारवटा सहकारी संस्थाहरू रहेका छन्। जिल्ला सहकारी संघ लगनखेलमा छ। जिल्लामा सहकारी संस्थाहरू बाँडेगाउँ, ठेचो, खोकना र लुभूमा रहेका छन्। आर्थिक वर्ष २०३०।३१ मा ती संस्थाहरू मार्फत रू. ६१,१६८। को रासायनिक मल १५ गाउँ पञ्चायतका किसानहरूलाई बिक्री वितरण गरिएको छ। लुभू स्थित संस्था बाहेक अन्य तीन संस्थाहरू मार्फत रू. १,१६,८६३। को ऋण जनतालाई उपलब्ध गराएको छ। साथै चापागाउँ र लगनखेलमा उपभोक्ता भण्डार खोली चामल, खानेतेल, मट्टीतेल चीनी, नून आदि सामान सुपथ मोलमा सर्वसाधारणलाई उपलब्ध गराइएको छ। उपर्युक्त संस्थाहरू बाहेक पाटन औद्योगिक क्षेत्रमा मेटल फर्निचर सहकारी संस्था, ताम्राकार सहकारी संस्था र जाउलाखेल बहुमुखी सहकारी संस्थाहरू स्थापना भएका छन्।

ऋण स्रोतहरू

कृषि ऋण सम्बन्धी सर्भेक्षणअनुसार ललितपुर जिल्लाका ठूला, मझौला र साना कृषि परिवारहरू-मध्ये ७६.५ प्रतिशतले कृषि विकास बैंकलाई र १३.९ प्रतिशतले श्री ५ को सरकारलाई ऋणको स्रोतको रूपमा प्रथम प्राथमिकता दिएको पाइयो, यद्यपि बाँकी करीब ९.६ प्रतिशत परिवारले वडा ग्राम समिति, सहकारी संस्था वा साहू महाजनलाई प्राथमिकता दिने गरेको देखियो।

कृषि अनुसन्धान केन्द्र, खुमलटार

कृषिसँग सम्बन्धित प्रमुख विषयहरूको अनुसन्धान गर्ने केन्द्रको रूपमा खुमलटारमा केही वर्षदेखि प्रयोगशालाहरू स्थापना र विस्तार हुँदै आएको छ। देशमा कृषि विकास गर्न उच्च तालीम हासिल गरेका प्राविधिज्ञ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूद्वारा साधनयुक्त प्रयोगशालाहरूमा अनुसन्धान गरी कृषिका विभिन्न क्षेत्रमा उठिरहने समस्याहरूको समाधान गर्ने, हावापानी र माटो सुहाउँदो बाली नाली लगाउन र त्यसलाई चाहिने पानी, मल आदिको मात्रातोक्न वा पशुपालनमा उपर्युक्त जातका पशुहरूको बच्चा उपलब्ध गराई तिनीहरूबाट किसानहरूलाई फाइदा पुग्ने स्थिति उत्पन्न गराउन, कृषि प्रसारमा लागेका प्राविधिज्ञहरूलाई प्रमाणित जानकारीहरू उपलब्ध गराउने विभिन्न कृषि केन्द्रहरूका अनुसन्धान एकाईहरूलाई निर्देशन दिने आदि कामको निम्ति खुमलटारमा हाल निम्न प्रयोगशालाहरू र फार्महरू छन्:–

(१) बाली रोग विज्ञान
(२) बाली बीज्ञान
(३) माटो विज्ञान तथा कृषि रसायन शास्त्र
(४) कीट विज्ञान
(५) कृषि वनस्पति
(६) गहुँ विकास
(७) आलु बाली विकास
(८) पशु तथा चरन विकास

यी प्रयोगशालाहरू र फार्महरूले गर्ने कामहरूको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ :–

बाली रोग विज्ञानः यो प्रयोगशालामा विभिन्न बालीमा लाग्न सक्ने र विभिन्न ठाउँमा लागेका रोगहरूको अन्वेषण गरी रोग र सम्भव भए रोगको निदान पत्ता लगाउनु हो। रोगको निदान कठिन भए त्यस्तो रोगले नछुने खालका बीउ पत्ता लगाई त्यस्ता बीउ लगाउन सिफारिश गर्ने काम गरिन्छ।

बाली विज्ञानः विभिन्न बालीहरूको परीक्षण गरी उन्नत जातका बीउहरू उत्पादन गर्ने र तिनलाई सुहाउँदो फार्महरूमा वृद्धि गर्न दिई किसानहरूलाई वितरण गर्ने काम यो फार्मको रहेको छ। हाल यो फार्ममा मकै, भटमास, कोदो, धान र मुङ्को परीक्षण र मकै धानको बीउ उत्पादन गर्नेतर्फ काम भइरहेको छ।

माटो विज्ञान तथा कृषि रसायन शास्त्रः अधिराज्यका विभिन्न क्षेत्रका माटोहरूको सर्वेक्षण गरी नमूनाहरूको विश्लेषण गर्ने काम यहाँ हुन्छ। यस बाहेक मलखाद, परीक्षण, माटोमा हुने कीटाणुहरूको परीक्षण अध्ययन कार्यहरू पनि गरिआएको छ।

कीट विज्ञानः यस प्रयोगशालामा खाद्यान्न, बाली, आलु, कपास, तोरी आदिमा लाग्ने कीराहरूको अध्ययन गरी ती कीराहरूबाट बालीलाई बचाउने उपायहरू पत्ता लगाउने काम भइरहेको छ।

यसको अन्तर्गत एउटा छुट्टै उपशाखाको रूपमा रेशमका कीराहरू पाली रेशम उत्पादन गर्ने कामको अनुसन्धान कार्य भइरहेको छ।

कृषि वनस्पतिः यो प्रयोगशाला विभिन्न बीउ र बिरुवाहरूको परीक्षण, विकास र उत्पादन गर्ने काममा उपयोग गरिन्छ।

गहुँ बाली विकासः यो कार्यक्रम हालै मात्र चालू गरिएको हो। यसले देशभरीका फार्महरूमा उन्नत जातका गहुँका बीउहरू उत्पादन गर्ने कार्यक्रम बनाउने र निर्देशन दिने, विभिन्न जातका गहुँको परीक्षण अध्ययन गर्ने आदि काम गरिआएको छ।

आलु बाली विकासः यस कार्यक्रम अन्तर्गत अधिराज्यका अन्य आलु सम्बन्धी अनुसन्धान गरिरहेका केन्द्रहरूलाई प्राविधिक निर्देशन दिने, रोगले छुन नसक्ने आलुका बीउहरूको परीक्षण गर्ने र केन्द्रहरूमा पठाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काम गरिआएको छ।

पशु तथा चरन विकासः यस कार्यक्रमलाई दुई उपशाखाहरूमा विभाजन गरिएको छ। एक उपशाखाले गाई भैंसी र चरन विकासको काम हेर्ने र अर्कोले भेडा, बाख्रा, सुंगुर, कुखुरा पालनतर्फको अनुसन्धान, परीक्षण गर्ने गरिआएको छ। यहाँ जर्सी र नेपाली साँढे र गाईको, मुर्रा र नेपाली भैंसी र राँगाको सम्मिश्रण गरी नयाँ उन्नत जातका गाई, भैंसी उत्पादन गरी वितरण गर्ने गरिएको छ।

सिचाइ

यस जिल्लाको उर्वर उपत्यकामा प्राचीनकालदेखि नै कुलो नहरद्वारा सिचाइ गर्ने परम्परा चलिआएको छ। उपत्यका क्षेत्रभन्दा बाहिर पर्ने पहाडी क्षेत्रमा यस्तो स्थिति छैन। किनभने त्यस क्षेत्रमा प्रायः आकाशकै भरमा मात्र खेती गरिन्छ। यो जिल्लामा हिम शिखरहरूबाट बाह्रै महीना बग्ने नदीहरू एउटै नभएकोले उपत्यका क्षेत्रका कुला नहरहरू पनि खहरे खोला बग्ने समयमा मात्र काम लाग्ने हुन्छन् तापनि पहाडी क्षेत्रको तुलनामा यहाँको स्थिति बेसै छ भन्नु पर्छ। जिल्लाका कुलो नहर सम्बन्धी जानकारी निम्न तालिकाले पेश गर्दछः—

कुलोको नाम	स्थान	लम्बाइ (कि. मि.)	क्षमता (हेक्टरमा)	क्षमता रोपनीमा
तथ्यढ	बाँडेगाउँ टीकाथली	४.८	५००	१०,०००
डे कुलो	सानागाउँ इमाडोल	३.२	१००	४,०००
खोनायो कुलो	बाडेगाउँ इमाडोल	४.८	१,५००	३०,०००
अफल कुलो	ठँब-इमाडोल	३.२	३००	६,०००
च्यामरु कुलो	धापाखेल नगर पञ्चायत क्षेत्र	२.४	१००	२,०००
वाफल कुलो	धापाखेल हात्तीवन नगर पञ्चायत	२.४	२५०	५,०००
खोकना राजकुलो	चापागाउँ चोभार	११.२	२,५००	५०,०००
गोदावरी कुलो	गोदावरी ठँब	४.८	३००	६,०००
बुङ्मती राजकुलो	टीकाभैरव बुङ्मती	८.०	७५०	१५,०००
छम्पी कुलो	टीकाभैरव छम्पी	४.०	४००	८,०००
टक्सार कुलो	भैंसीपाटी नगर पञ्चायत	२.४	५०	१,०००
माकल कुलो	ठेचो-नखु	४.८	५०	१,०००
लुभू कुलो	लामाटार वाल्कोछ	६.४	६०	१,२००
सिस्नेरी कुलो	सिस्नेरी टीकाथली	४.८	३५०	७,०००
लुभू कुलो	लुभू टीकाथली	३.२	२००	४,०००
टीकाथली कुलो	लुभूपुल गोदावरी	४.८	५००	१०,०००
धपाखेल कुलो	ठेचो-तनुवार	४.८	५०	१,०००
मङ्गलहिटी कुलो	ठेचो-धापाखेल नागदह	२.४	१५०	३,०००
मूलपानी कुलो	विशंखु नारायण लुभू	३.२	३००	६,०००
गोदाम चौर कुलो	गोदावरी गोदाम चौर लुभू	४.०	४००	८,०००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेले कुलो	सरस्वती खोला भाँगावन	२.४	२५०	५,०००
कोड्कु कुलो	मैखु शङ्खमूल	२.४	२००	४,०००
ज्यागल कुलो	कुम्भेश्वर कुपण्डोल	४.८	२००	४,०००
डुकु कुलो	लप्से-डुकु	२.४	७५०	१,५००
टीकाभैरव नं. १ कुलो	टीकाभैरव-बागमती	९.६	२,५००	५०,०००
टीकाभैरव नं. २ कुलो	टीकाभैरव-कालमोचन	९.६	२,५००	५०,०००

यी कुलोहरूको लम्बाइ जोड्दा जिल्लामा कुल १४१.४ किलोमिटर हुन आउछ। यिनीहरूको कुल क्षमता १३,७६० हेक्टर (२,६७,७०० रोपनी) भएको पाइन्छ। २०२८ को कृषि तथ्याङ्क पुस्तिकाअनुसार जिल्लाको कुल आवादी जमीन १४,३०० हेक्टर देखिएको हुनाले सम्पूर्ण क्षमता उपयोग गरिएको खण्डमा ९६ प्रतिशत जमीनलाई सिचाइ पुग्न सक्ने रहेछ भन्न सकिन्छ। तर कुलोहरू जिल्लाका उपत्यका क्षेत्रमा मात्र सीमित रहेकोले र उपत्यका क्षेत्रमा बाहेक पहाडी क्षेत्रमा पनि आवादी जमीन भएको तर तिनमा सिचाइ सुविधा प्राप्त नभएको जुन तथ्य माथि उल्लेख गरियो त्यसको आधारमा भने यी कुलोहरूको कुल क्षमता माथि उल्लेख गरिएकोभन्दा कमै हुनु पर्छ।

उद्योग

वि.सं. २०२२ को औद्योगिक गणनाअनुसार यस जिल्लाको जुन औद्योगिक स्थिति देखिन आएको छ त्यसलाई एक अर्काको निकट छिमेकी भएर रहेका र प्रायः एकै प्रकारले विकसित हुँदै आएका काठमाडौं र भादगाउं जिल्लाको औद्योगिक स्थितिसँग दाँजेर हेर्नु उचित देखिन्छ। उक्त गणनाअनुसार केही प्रमुख उद्योगहरूको तुलनात्मक स्थिति यसप्रकार छः–

प्रमुख उत्पादन	काठमाडौं	ललितपुर	भक्तपुर	जम्मा	जम्मामा ललितपुरको अनुपात
चामल	७१	२५	७	१०३	२४.३
पीठो	१३	५	–	१८	२७.७
तेल	८	५	४	१७	२९.४
पाउरोटी	३	–	–	३	–
चिया प्रशोधन	३	–	–	३	–
ब्रान्डी मदिरा	१	१	–	२	५०.०
बरफ	३	२	–	५	४०.०
कपडा	७	४	–	११	३६.३
फर्निचर	२७	६	३	३६	१६.६
तकुवा टोपी	–	–	१०	१०	–
धातुको भाँडा	२	१	–	–	३३.३
ईंट टायल	१	३	२	६	५०.०
प्रेस	१९	४	–	२३	१०.३
मूर्ति	–	६	–	६	१००.०
विविध	३८	५	१	४४	११.३
जम्माः–	१९६	६१०	२७	२८५	२३.७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त तीन जिल्लाहरूका कुल औद्योगिक प्रतिष्ठानहरूमध्ये २३.७ प्रतिशत ललितपुर जिल्लामा पाइएको तथ्य उक्त तालिकाबाट स्पष्ट भएको छ। अरू ६८.७ प्रतिशत उद्योग काठमाडौं जिल्लामा र करीब ८ प्रतिशत भक्तपुर जिल्लामा देखिएकोले औद्योगिक दृष्टिमा काठमाडौं जिल्लाको तुलनामा यो जिल्ला निकै पछि परेको भए तापनि भक्तपुर जिल्लाभन्दा धेरै अघि रहेको भन्ने कुरो पनि यसबाट झल्किन्छ । उपर्युक्त तालिकाबाट देखिएको शत प्रतिशत नै मूर्ति उद्योग यहीं सीमित भएको देखिन्छभने मदिरा, बरफ र ईंट टायलको क्षेत्रमा काठमाडौं जिल्लासँग प्राय: बराबरीको स्तर कायम गर्न सकेको पनि पाइन्छ । कपडा र धातुका भाँडा उद्योगमा पनि यस जिल्लाको अनुपात उत्साहवर्द्धक नै देखिएको छ।

योभन्दा पछिका वर्षहरूमा जिल्लाको औद्योगिक स्थिति निकै नै बदलिसकेको छ, जसका प्रमुख कारणहरूमध्ये पाटन औद्योगिक क्षेत्रको विस्तार र पर्यटन क्षेत्रमा यो जिल्लाको महत्वपूर्ण भूमिकालाई लिन सकिन्छ। तर २०२३ सालदेखि यता जिल्लामा औद्योगिक गणना नलिइएको हुनाले र हाल लिन लागिएको गणना समाप्त नभइसकेको हुनाले जिल्लाको यथार्थ स्थिति खुल्न केही समय लाग्ने छ

पाटन औद्योगिक क्षेत्र

वि.सं. २०२० मा स्थापित यो अधिराज्यको दोस्रो औद्योगिक क्षेत्र हो । काठमाडौंको बालाज्युमा स्थापित अधिराज्यको पहिलो औद्योगिक क्षेत्र योभन्दा छ महीना जेठो हो। यसको क्षेत्रफल पाँच हेक्टर (१०० रोपनीमा) फैलिएको छ। यो क्षेत्रमा हाल २२ वटा उद्योग भवनहरू र १० वटा अन्य विभिन्न प्रयोजनको लगि बनाइएका समेत ३२ वटा भवनहरू छन् । हाल भवनको अभावले गर्दा केही निजी उद्योगहरूले आफ्नो भवन आफैले बनाउन लागेका पनि छन् । यहाँको विभिन्न उद्योग भवनहरूलाई चार किसिममा वर्गीकरण गरी रू. १०५। देखि रू. २२५। सम्म मासिक भाडा उठाउने गरिएको छ।

यस औद्योगिक क्षेत्रको विस्तार कायक्रम अन्तर्गत प्रथम चरणमा आठ वटा, दोस्रो चरणमा सात वटा, तेस्रो चरणमा सात गरी २२ वटा विभिन्न उद्योगहरू स्थापना गरिएका थिए। यस क्षेत्रमा उद्योगहरूको हाल-सम्मको भुक्तानी भएको पूँजी रकम रू. ६०,४०,७३०। रहेको देखिन्छ। उक्त औद्योगिक क्षेत्रमा हाल ३३ वटा विभिन्न उद्योगहरू चालू रहेका छन्। ती विभिन्न उद्योगबाट आर्थिक वर्ष २०३०।३१ मा जम्मा रू. ७५,४२,०५६। बराबरको सामान उत्पादन गरिएको छ। चालू उद्योगहरूले उत्पादन गर्ने सामान र उत्पादित सामानको मूल्य निम्न बमोजिम छ। विभिन्न कारणबाट हाल आठ वटा उद्योगहरू बन्द रहेका छन्।

पाटन औद्योगिक क्षेत्र

उद्योगहरूको नाम	उत्पादन २०२९।३०	उत्पादन २०३०।३१	उत्पादित वस्तुकोनाम	अवस्था	कारण	कैफियत
[illegible] अन्नपूर्ण मुद्रणालय	६५,०००।	८५,०००।	मुद्रण	चालू		
[illegible] अन्नपूर्ण आल्मु-नियम इन्डष्ट्रिज	–	४८,६७५।	आल्मुनियम भाँडो	चालू		२०३१ जेठदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री असहाय कल्याण केन्द्र प्रा. लि.	१,६०,७१६।	२,५९,१६०।	सूती कपडाहरू	चालू	
श्री आर. बी पावरलूम	२,००,२८९।	१,३२,५६८।	सूती कपडाहरू	चालू	
श्री इलेक्ट्रोनिक ई.	–	–	एडप्टर	बन्द	कम्पनीको आन्तरिक अवस्थामा गडबड भएकोले
श्री उड कार्भिङ इण्डष्ट्रिज प्रा. लि.	२,६४,४५५।	३,११,४०५।	काठको कुँदाई	चालू	
श्री इन्द्रेणीपेण्ट इण्डष्ट्रियल	–	–	पेन्ट र डिष्टेम्पर	बन्द	
श्री एनिमल एण्ड पोल्ट्री पि. ई.	१,१२,०८८।	२,७२,५५०।	पशुहरूको दाना	चालू	
श्री एम. बी. शिल्प भण्डार	–	१,४६,५२०।	मेटल क्यूरियो उत्पादन	चालू	२०३० असारदेखि
श्री गोदावरी फर्निचर उद्योग	–	–	बेत बाँस	चालू	
श्री चक एण्ड एलाइड इण्डष्ट्रिज		१८,०००।	लेख्ने चक	चालू	२०३० साउनदेखि
श्री जय आयल मिल्स	२,०७,१००।	२,९८,७००।	खाने तेल	चालू	२०३० साउनदेखि
श्री जगदम्बा मेकानिकल वर्क्स	–	–	मोटर वर्कशप	बन्द	नयाँघर बनाइरहेको निर्माणाधीन अवस्थामा नै रही काम शुरु नभएको
श्री डुब्लिकेटिङ मेटिरियल्स ई.	१५,५४०।	७,६८४।	डुब्लिकेटिङ मसी	चालू	
श्री ताम्राकार सहकारी संस्था लि.	१,५९,०६५	२,२१,६४७	तामापित्तलका भाँडा	चालू	
श्री दीपक केमिकल इण्डष्ट्रिज			मसी र डिष्टिल्ड वाटर	बन्द	टेक्नीसियनको अभाव
श्री दीपक होजीयरी मिल्स	४४,२७७।	१,२३,१०९।	नाइलन होजीयरी	चालू	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री नेको एन्को इण्डष्ट्रिज प्रा. लि.	६,५३,७२८।	७,८६,२९८।	हार्ड वेयर	चालू	काम भएको बेला चालू गर्ने र नभएको बखत बन्द गर्ने तर धेरैंजसो बन्द रहेको
श्री नेपाल इन्जिनीयर्स प्रा. लि.			नापी सामान		
श्री नेपाल ढलोट उद्योग	१,१७,६००।	२,६२,०००।	ढलोटको सामान	चालू	
श्री नेपाल विद्युत् उद्योग प्रा. लि.	८३,८३४।	९,६०,०००।	बिजुलीका सामानहरू	चालू	
श्री ने. इ. क. कं.	–	–	–	बन्द	मेशीनरी आइनपुगेको
श्री नेपाल शु. म्या. कम्पनी	२,९४,९५९।	२,२२,६७८।	छाला जुत्ताहरू	चालू	
श्री नेपाल पेन्ट उद्योग			रङ	चालू	
श्री नेप्लीज कार्पेट प्रा. लि.	३५,८०८।	३२,६४२।	ऊनी र सूती गलैंचा	चालू	
श्री नेप्लीज क्राफ्टस प्रा. लि.	५५,८५५।	१,९५,६००।	मेटल क्यूरियो	चालू	
श्री नेशानल ष्ट्रक्चर एण्ड इ. ई.	४,८४,६००।	२,९३,४३८।	फलामे ट्रसहरू	चालू	
श्री बिरा फर्निचर	५,५०,०००।	६,०४,६००।	काठको फर्निचर	चालू	
श्री बिल्डिङ मेटिरियल्स म्या. कं.	४३,७००।	४५,७००।	काठको झ्याल ढोका	चालू	
श्री बैकुण्ठ कलात्मक काष्ठ उद्योग	–	–	काठको कुंदाइ	चालू	२०३१ साउनदेखि
श्री भैरव बिस्कुट उद्योग	–	२,३९,२३४।	बिस्कुट पाउरोटी	चालू	२०३० कात्तिकदेखि
श्री महालक्ष्मी मैदा मिल्स			मैदा	बन्द	चालू पूँजीको अभाव
श्री म. पु. मेटल फर्निचर स. सं. लि.	१,८६,८५९।	१,३३,९०७।	ष्टील फर्निचर	चालू	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री सरस्वती कपडा कार्यालय	४६,२७५।	५४,७५५।	सूती कपडाहरू	चालू	
श्री छ्ठूक्टो नेपाल	७,७८,६०४।	५,०१,३३०।	फलामे झ्याल ढोका	चालू	
श्री हिमको प्रा. लि.	६०,३५६।	५,१२,४८१।	प्लाष्टीकको सामान	चालू	
श्री हिमालय टेक्स्टाइल	४,७१,५००।	३,४६,७५०।	सूती कपडाहरू	चालू	
श्री हिमालय मेटल वर्कस	६३,७८५।	४,१६,५२६।	ष्टीलको सामान	चालू	
श्री हिमालयन न्या. प्रा. लि.	८१,६८१।	७,०६०।	नाइलन टाँक	बन्द	जापानबाट झिकाएको सीट नआइपुगेको
जम्माः–	५२,६७,६७४।	७५,४२,०५६।			

ईंट टायल कारखाना, हरिसिद्धि

उपत्यकामा भवन तथा अन्य निर्माण कार्यको लागि आवश्यक हुने ईंट र टायल उत्पादन गर्ने उद्देश्यले वि. सं. २०२६ मा स्थापित यो ईंटा टायल कारखानाको अधिकृत पूँजी रू. २,००,००,०००। छ। यसको उत्पादन क्षमता २,००,००,००० ईंट र ५,००,००० टायल प्रति वर्ष छ। गत केही वर्षमा उक्त कारखानाले गरेको उत्पादन तथ्याङ्क निम्नबमोजिम रहेको छः–

उत्पादन भएको सामान	एकाई	२०२७।०२८	२०२८।०२६	२०२६।०३०
ईंट र टायल	गोटा	२,४६,०२,७७८	२,७८,८०,६४०	२,५५,२६,२४१

उक्त कारखाना बाहेक ललितपुर शहरको वरिपरि स-साना ईंट पोल्ने भट्टाहरू छन्।

गोदावरी सिंगमरमर कारखाना

गोदावरीमा रहेको सिंगमरमरको खानीलाई प्रशोधन गर्ने कार्य सर्वप्रथम वि. सं. १६६१ मा भएको हो। वि. सं. २००७ सम्म विभिन्न समयमा विभिन्न संस्थाहरूद्वारा यो कारखान सञ्चालन हुँदै गयो तर वि. सं. २०१६ मा औपचारिक रूपमा विघटन गरिएको थियो। उक्त उद्योगबाट स्थानीय मागको मात्र पूर्ति भएको देखिन्छ। विदेशी बजारमा निर्यात हुने स्तरको सिंगमरमर उत्पादन गर्ने यस कारखानाको आधुनिकीकरण हुनु जरूरी देखिन्छ। वि. सं. २०३० मा उक्त उद्योगले अनुमानित ११६ कामदारलाई काममा लगाएको देखिन्छ। उक्त सालमा रू. २,१६,६३१। बराबरको १,४२६ वर्गफीट पाटो, (६३२ वर्गफीट टुक्रा चिप्स), ८,४६४ के. जी. धूलो उत्पादन गरेको देखिन्छ। हालसम्म उक्त कारखानामा रू. ७१,१००। को कुल लगानी भएको देखिन्छ।

गोदावरीमा सिंगमरमर ढुङ्गाको डिपोजिट अन्दाजी १५ लाख टन रहेको अनुमान गरिएको छ। उक्त डिपोजिटमा विभिन्न रङका ढुङ्गाहरू छन्। बजारमा निर्यात गर्न सकिने गरी सिंगमरमरको उद्योगलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिकीकरण गर्ने सिलसिलामा आवश्यक प्राविधिक अध्ययन गर्न श्री ५ को सरकारको अनुरोध अनुसार संयुक्त राष्ट्र संघ विकास कोषकोतर्फबाट एक विशेषज्ञको सेवा उपलब्ध हुँदैछ।

घरेलु उद्योग

यो जिल्ला धातुका विभिन्न मूर्तिहरू तथा पर्यटकहरूको लागि धातुका कलात्मक कोसेलीहरू बनाउने, सूतीको घरबुना कपडा बुन्ने, परालबाट सुकुल बुन्ने आदि ग्रामीण उद्योगको लागि प्रसिद्ध छ। विभिन्न धातुका मूर्तिहरू तथा कलात्मक वस्तुहरू बनाउने काममा पाटन शहरका कारीगरहरू ख्याति प्राप्त छन्। यहाँ बढ्दो संख्यामा त्यस्तो मूर्ति र कलात्मक वस्तुहरू बनाउने कार्यशालाहरू स्थापित हुँदैछन्। यहाँको शहरमा ती सामानहरू विक्री वितरण गर्ने अन्दाजी ७० वटा पसलहरू छन्।

ललितपुर शहरको पूर्वतर्फ रहेका लुभू, सानागाउँ, टीकाथली, लामाटार आदि गाउँ पञ्चायतहरूमा प्रशस्त मात्रामा सूतीको कपडा बुनिन्छ। त्यस क्षेत्रमा बुनिएको घरबुना ललितपुर, भक्तपुर र काठमाडौंका बजारहरूमा बेचबिखन गरिन्छ।

त्यस्तै उपत्यका भित्र पर्ने यो जिल्लाका गाउँ पञ्चायतहरूमा खासगरेर हरिसिद्धि, सुनाकोठी, बाँडे गाउँ, सानानुगाउँ,ठेचो, बुंगमती आदि इलाकाहरूमा परालबाट सुकुल बुन्ने काम घरघरै गरिन्छ। ती गाउँहरूमा बुनिएका विभिन्न आकारका सुकुलहरू ललितपुर, काठमाडौं र दक्षिणतिरको पहाडी क्षेत्रमा समेत बेचबिखन हुन्छ।

पर्यटन उद्योग

नेपालको पर्यटन उद्योगमा यो जिल्लाको विशेष भूमिका रहेको छ। यसको शहरी क्षेत्रमा रहेका कृष्ण मन्दिर, महाबौद्ध, हिरण्यवर्ण महाबिहार, कुम्भेश्वर आदि अद्वितीय मन्दिर, देवालय तथा मूर्तिकलाका सिद्धहस्त उत्पादनहरू राष्ट्रिय पर्यटन उद्योगको महत्वपूर्ण आकर्षणको रूपमा रहेका छन्। काठमाडौं उपत्यकामा भ्रमण गर्न आउने अधिकांश पर्यटकहरू काठमाडौंबाट ललितपुर शहरको विशिष्ट कलाकृतिहरू दृश्यावलोकन गर्न यहाँ आउँने गर्दछन्। यो जिल्लामा पर्यटकहरूको लागि बस्ने, सुत्ने होटेल तथा खानको लागि रेष्टुराँहरू नगण्य रूपमा छ। यसरी राष्ट्रिय पर्यटन उद्योगमा सहायक हुने गरी यहाँ होटेल व्यवसायहरू नभए तापनि पर्यटकहरूले कोसेलीको रूपमा किनेर लैजाने अधिकांश कलात्मक वस्तुहरू यही जिल्लामा बनेका हुन्छन् र राष्ट्रिय पर्यटन उद्योगबाट यो जिल्लालाई निक्कै फाइदा भएको छ। यहाँ पर्यटकहरूको लागि खोलिएका कोसेली पसलहरूको संख्या अन्दाजी ७० छ।

व्यापार

यो जिल्लाको नगर पञ्चायत इलाका तथा उपत्यकाभित्र रहेका केही गाउँ पञ्चायतहरूमा बजारहरू रहेका छन्। ललितपुर शहर मल्लकालीनयुगदेखि नेपालको एक महत्वपूर्ण व्यापार केन्द्र रहिआएको छ। नेपाल अधिराज्यका कतिपय अन्य जिल्लाहरूको सदरमुकाम तथा बजारहरूमा यहाँका व्यापारीहरू गएर व्यापार गरिरहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नगर पञ्चायत इलाकामा खुद्रा तथा थोक व्यापार गर्ने अन्दाजी १,००० वटा ठूला-साना पसलहरू छन्। त्यहाँको बजारको एक प्रमुख विशेषता विदेशी ग्राहकहरू हुन्। यहाँको बजारमा खाद्यान्न लगायत दैनिक उपभोगका समस्त सामग्रीहरू उपलब्ध छन्। तर काठमाडौंको बजार नजीकै पर्ने भएको हुनाले यहाँ मानिसहरू काठमाडौंमा पनि किनमेल गर्न जाने गर्दछन्।

नगर पञ्चायत इलाका बाहेक यो जिल्लाका अन्य महत्वपूर्ण बजारहरूमध्ये चापागाउँ प्रमुख हो। चापागाउँ यो जिल्लाको दक्षिणी पहाडी प्रदेशका मानिसहरूको मुख्य व्यापार केन्द्र रहेको छ। त्यहाँ अन्दाजी १०० वटा पसलहरू छन्। उक्त बजारमा पहाडतिरबाट आउने मानिसहरू कृषि, वन तथा पशु सम्बन्धी उपजहरू बेच्ने र गाउँ घरमा नपाइने नून, मट्टीतेल, साबून, चुरोट, कपडा आदि दैनिक उपभोगका सामान किन्ने गर्दछन्।

यो जिल्लाको तेस्रो महत्वपूर्ण बजार लुभू हो। त्यहाँ विभिन्न ग्रामीण उपजहरू किनबेच गर्ने, दैनिक उपभोगका सामानहरू बेच्ने अन्दाजी ५० वटा पसलहरू छन्। उक्त बजारमा वरिपरिका गाउँहरू तथा त्रिवेणी डाँडा पारि काभ्रेपलाञ्चोक जिल्लाका मानिसहरू किनमेल गर्न आउने गर्दछन्।

बैंक

यो जिल्लामा नेपाल बैंक लि. का तीन कार्यालय र राष्ट्रिय वाणिज्य बैंकको एक कार्यालय स्थापना गरिएका छन्। ती बैंक कार्यालयहरू नगर पञ्चायत इलाकामा केन्द्रित छन्। नेपाल बैंक लि. को एक शाखा कार्यालय ललितपुर गाबहालमा र उपशाखा कार्यालयहरू पाटन औद्योगिक क्षेत्र र ईंटा टायल कारखाना, हरिसिद्धिमा रहेका छन्। नेपाल बैंक लि. का दुई कार्यालयमा रहेको निक्षेप कर्जा तथा लगानी २०३० चैत महीनामा निम्नबमोजिम रहेको देखिन्छ :—

निक्षेप	गाबहाल शाखा	औद्योगिक क्षेत्र उप-शाखा
चल्ती	६४,६४,०००।	५,८८,०००।
बचत	४१,३६,०००।	७,२०,०००।
मुद्दति	७६,७७,०००।	३,७३,०००।
विविध	१,५१,०००।	५,०००।
जम्माः—	१,८४,२८,०००।	१६,८६,०००।
कर्जा		
विविध	३१,०७,०००।	३४,९९,०००।
लगानी	२,५८,०००।	२,५४,०००।

त्यस्तै ललितपुर पुलचोकमा रहेको राष्ट्रिय वाणिज्य बैंकको शाखाको कारोवार सम्बन्धी मिती २०३१ भदौ १७ गतेको तथ्याङ्क निम्न बमोजिम छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निक्षेप

चल्ती	३,०६,५३८।
बचत	४,१४,५६२।
मुद्दती	१,३७,०००:
विविध	४,६४०।

कर्जा

विविध	३६,६४३।
मु. हि. र अन्य	
कागजात	६३,०००।
सुन–चाँदी	६६,६६८।

यस जिल्लामा बैंक सेवा नगर पञ्चायत इलाकामा मात्र सीमित रहेको छ। लुभू, चापागाउ आदि बजारहरूमा बैंक सेवा उपलब्ध भइसकेको छैन।

व्यावसायिक अनुपात

यहाँका बहुसंख्यक जनताको पेशा कृषि नै हो तापनि यस बाहेक अन्य पेशाहरूमा लागेका जनताको कुल अनुपात २७ प्रतिशतभन्दा बढी नै रहेको देखिन्छ। यस जिल्लामा कृषि पछिका प्रमुख व्यवसायहरूमध्ये व्यक्तिगत तथा सामाजिक सेवा, उद्योग र वाणिज्यका स्थान क्रमशः पहिलो, दोस्रो र तेस्रो छ। छिमेकी जिल्ला काठमाडौंमा पनि स्थिति प्रायः यस्तै छ तर त्यहाँ कृषिमा भर पर्ने जनसंख्या केवल ५५ प्रतिशत मात्र छ।

व्यवसाय	पुरुष	महिला	जम्मा	प्रतिशत
कृषि, वन, माछापालन	२७,९०९	१५,०८९	४२,९९८	७३.२
व्यक्तिगत सामाजिक सेवा	७,६८०	८६०	८,५४०	१४.६
वाणिज्य	२,१०९	२८५	२,३९६	४.१
उद्योग	२,८३७	४५०	३,२८७	५.६
यातायात, सञ्चार	३९०	५	३९७	२.५
निर्माण	३९२	३३	४२५	
पीच, व्यापार सेवा	३१७	१८	३३५	
अन्य (खानी, बिजुली, पानी इत्यादि)	८४	–	८४	
जम्मा:–	४१,७१८	१६,७४०	५८,४५८	१००.०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

यातायात, सञ्चार तथा बिजुलीका सुविधाहरू ललितपुर जिल्लाको सबै भागमा समान रूपमा छैन। उपत्यका भित्रको भागमा विशेषगरेर नगर पञ्चायतका इलाकाभित्र ती विभिन्न सार्वजनिक सेवाहरू सर्वसाधारण जिल्लाबासीहरूको लागि प्राप्त छ। उपत्यकाभित्र रहेका प्रायः सबै गाउँ पञ्चायतहरूमा मोटर चल्न सक्ने कच्ची तथा पक्की सडकहरू पुगेका छन्। ललितपुर नगर पञ्चायत इलाका यातायात सेवाहरूद्वारा काठमाडौं शहरसँग जोडिएको छ। बिजुली र हुलाकको पनि यथोचित व्यवस्था भएको छ। ललितपुर जिल्लाको उपत्यकाभित्र रहेका ११ गाउँ पञ्चायतहरूमा बिजुली वितरण गरिसकेको छ।

यातायात

ललितपुर नगर पञ्चायत इलाका काठमाडौंको शहरी यातायात प्रणालीसँग आबद्ध छ। काठमाडौं शहरसँग पक्कीसडकद्वारा जोडिएको छ। नगर पञ्चायतबाट गोदावरीसम्मको अन्दाजी ११ किलोमिटर बाटो पक्को अवस्थामा छ। गोदावरी जाने बाटोमा हरिसिद्धि, बाँडेगाउँ, किटिनी आदि गाउँ पञ्चायतहरू पर्दछन्। त्यस्तै लुभू, सानागाउँ, चापाकोट-ठेचो हुँदै टीकाभैरव, लेले, बुङ्मती-खोकना आदि गाउँ पञ्चायतहरूमा जाने कच्ची सडकहरू छन्।

काठमाडौं उपत्यकादेखि बाहिर पर्ने यो जिल्लाको दक्षिणी पहाडी भागको लेले-टीकाभैरव इलाकामा बाहेक अन्यत्र आधुनिक यातायातको कुनै व्यवस्था छैन। केही वर्ष पहिले टीकाभैरवको बाटो गरी त्यस प्रदेशको पश्चिमी इलाकाबाट हेटौंडा छिचोल्ने मोटर सडक निर्माण गरिएको थियो। तर सडक पूरा हुनु अगाडि नै निर्माण कार्य बन्द हुन गई बनाइसकेको बाटो पनि ठाउँ ठाउँमा भत्किसकेको तथा आवश्यक पुलहरूको निर्माण नभएकाले उक्त सडक उपयोगमा ल्याइएको छैन। उक्त पहाडी प्रदेशमा आवागमन र माल सामानको ढुवानीको लागि गोरेटो, घोडेटोहरू मात्र छन्। केही चालू गोरेटोहरूमा पर्ने खोलाहरू माथि पुल, साँघु नभएको हुनाले खोलामा भेल लागेको बेला आवागमन असम्भव हुन्छ। त्यसरी यातायातको दृष्टिकोणले उक्त प्रदेश निकै पिछडिएको छ।

यो जिल्लाको उपत्यकाभित्र पर्ने इलाकामा रहेका सडकहरूको लम्बाइ र स्थिति निम्नबमोजिम छ:-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सडकको नाम	लम्बाइ	स्थिति
बागमतीपुल–पाटनढोका	१.१ किलोमिटर	कालो पत्र गरिएको
कुपण्डोल–जावलाखेल–एकान्तकुना	१.५ किलोमिटर	कालो पत्र गरिएको
कुपण्डोल–शान्तभवन–पुलचोक	३.२ किलोमिटर	कालो पत्र गरिएको
पुलचोक–मङ्गल बजार	१.२ किलोमिटर	कालो पत्र गरिएको
जावलाखेल–लगनखेल	१.३ किलोमिटर	कालो पत्र गरिएको
मङ्गलबजार – लगनखेल	१.१ किलोमिटर	कालो पत्र गरिएको
नटोल–पाटन ढोका	०.४ किलोमिटर	कालो पत्र गरिएको
मङ्गलबजार–लुभू–लामाटार	८.२ किलोमिटर	कच्ची
लगनखेल–हरिसिद्धि–गोदावरी	११.२ किलोमिटर	कालो पत्र गरिएको
पुलचोक–धोबीघाट–शान्त भवन	०.९ किलोमिटर	कालो पत्र गरिएको
जावलाखेल–झम्सीखेल	१.५ किलोमिटर	अर्ध पक्की
सातदोबाटो–चापा गाउँ	७.१ किलोमिटर	अर्ध पक्की
एकान्तकुना–बुंगमती	५.० किलोमिटर	कच्ची
मङ्गलबजार–शङ्खमूल	१.५ किलोमिटर	अर्ध पक्की

उपर्युक्त सडकहरू बाहेक ललितपुर नगर पञ्चायत इलाकाभित्र एक टोलबाट अर्को टोल जाने सांघुरो सडकहरू छन्। साथै उपर्युक्त सडकहरूसँग जोडिने अन्य पैदल मार्गहरू छन्। उपत्यकाभित्र पर्ने भागको त्यस्ता पैदल मार्गहरूमा यो जिल्लाबाट काठमाडौं जिल्ला जान पचलीघाट-सुन्दरीघाट र खोकनामा गरी तीनवटा झोलुङ्गे पुलहरू बागमती नदीमा राखिएका छन्।

ललितपुर जिल्ला पञ्चायतको तत्वावधानमा छम्पी गाउँ पञ्चायतबाट चापागाउँ, बडिखेल, किटिनी, गोदामचौर, लुभू हुँदै सानागाउँ नजीकै मङ्गलबजारबाट लामाटार जाने बाटोमा जोड्ने उद्देश्यले ललित घुम्ती मार्गको निर्माण जिल्लासभा कोष तथा स्थानीय सहयोगबाट शुरू गरिएको छ।

हाल निर्माणाधीन काठमाडौं चक्रपथ ललितपुरको केही भाग भएर गएको छ। काठमाडौं जिल्लाको बल्खु खोलाको दोभानबाट बागमती नदी पारि यो जिल्लाको सानेपाको पश्चिमी डोलमा जिल्ला प्रवेश गरी धोबीघाट, एकान्तकुना, सातदोबाटो हुँदै कोडखुको दोभान नजीकै मनहरा खोलासम्मको चक्र पथको भाग यस जिल्लामा परेको छ। उक्त चक्रपथ निर्माण भए पछि त्रिभुवन विमानस्थल र भक्तपुर जाने मूलबाटोसँग ललितपुर नगर पञ्चायत क्षेत्र सीधै जोडिने छ।

जिल्लाको दक्षिणी पहाडी भागमा एक ठाउँबाट अर्कोठाउँ र काठमाडौं उपत्यका जान हुने गोरेटो-हरूमध्ये केही उल्लेखनीय पैदल मार्गहरू निम्नअनुसार छन्:–

पैदल	अनुमानित लम्बाइ	स्थिति
चापागाउँ–लेले–चौधरे–गोटिखेल हुँदै ठूला दुर्लुङ, गिम्दी जाने	४८ किलोमिटर	बाटोमा पर्ने केही खोलाहरूमा पुल नभएको।
चापागाउँ–तीनपानी भञ्ज्याङ भट्टे डाँडा हुँदै आश्राङ, प्यूटार जाने	३५ किलोमिटर	बाटोमा पर्ने खानी खोलामा पुल नभएको।
प्यूटार–गिम्दी	२५ किलोमिटर	बाटो ठाउँ ठाउँमा अप्ठचारो
गोटीखेल–बुखेल–शङ्खु	१४ किलोसिटर	टुङ्गुन खोलाको किनारबाट जानु पर्ने।
छम्पी–डुकुछाप–धुखेल–माल्टा हुँदै प्यूटार जाने	३५ किलोमिटर	खानीखोलामा पुल नभएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त पैदल मार्गहरू ठाउँ ठाउँमा भीर, वन पर्ने भएकोले आवागमन सजिलो पार्न बाटो मरमत र ठोल्ने खोला, टुङ्गन खोला, खानी खोला आदि खोलाहरूमा पुल, साँघु बनाउनु पर्ने देखिन्छ।

यातायात सेवा

ललितपुर नगर पञ्चायत क्षेत्रको पाटनढोका, जावलाखेल, लगनखेल आदि ठाउँहरूलाई काठमाडौं-सँग बस सेवाले जोडेको छ। काठमाडौंबाट पाटनढोका बस यस जिल्लाभित्र प्रवेश गरेपछि कोपुण्डोल र तीन दोबाटो (इनार) मा रोकिन्छ र लगनखेल जाने बस पनि कुपण्डोल, श्रीमहल, पुलचोक, जावलाखेलका बस बिसौनीहरूमा रोकिन्छ। यस बाहेक नगर पञ्चायतका उपर्युक्त ठाउँहरूबाट काठमाडौं जान तीन पांग्रे टेम्पो, टयाक्सी (भाडाको मोटरहरू) पनि पाइन्छन्। साथै लगनखेलबाट गोदावरी र चापागाउँ जाने बसहरू पनि पाइन्छन्।

सञ्चार

यो जिल्लाको सदरमुकाम राजधानी काठमाडौंसँग जोडिएकोले काठमाडौंमा रहेका सञ्चार सुविधाहरू यहाँका बासिन्दाहरूलाई सजिलैसँग उपलब्ध हुने भएकोले यहाँ आकाशवाणीको बेग्लै केन्द्र रहेको छैन।

यहाँ काठमाडौं शहरसँग जोडिएको टेलिफोन प्रणालीको अन्दाजी ६०० स्वचालित टेलिफोन सेट चालू रहेका छन्।

हुलाक

यो जिल्लामा १० वटा विभिन्न स्तरका हुलाक कार्यालयहरू छन्। जिल्लाको निम्नस्थानहरूमा विभिन्न स्तरका हुलाक कार्यालयहरू रहेका छन्:—

हुलाक रहेको स्थान	स्तर	पञ्चायत
मङ्गलबजार	छोटी हुलाक	ललितपुर नगर पञ्चायत
लुभू	शाखा हुलाक	लुभू महालक्ष्मी गाउँ पञ्चायत
गोदावरी	शाखा हुलाक	किटिनी गाउँ पञ्चायत
चापागाउँ	शाखा हुलाक	चापागाउँ
कुपण्डोल	अतिरिक्त हुलाक	ललितपुर नगर पञ्चायत
धापाखेल	अतिरिक्त हुलाक	धापाखेल गाउँ पञ्चायत
बुंगमती	अतिरिक्त हलाक	बुंङमती गउँ पञ्चायत
लेले	अतिरिक्त हुलाक	लेले गउँ पञ्चायत
बुखेल	अरिरिक्त हुल.क	बुखेल गाउँ पञ्चायत
श्री दरवार	अतिरिक्त हुलाक	ललितपुर गाउँ पञ्चायत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तो जिल्लामा एक सालमा अन्दाजी २,३७,७५० चिट्ठीपत्रहरू आदान प्रदान हुने अनुमान छ। जिल्लाको सरकारी कार्यालयहरू तथा नगर पञ्चायत इलाकाका बासिन्दाहरूको चिट्ठी-पत्रहरू बढी आवत-जावत हुन्छ।

बिजुली

यो जिल्लाको नगर पञ्चायत तथा उपत्यकाभित्र पर्ने अन्य ११ वटा गाउँ पञ्चायतहरूलाई विद्युतिकरण गरिसकेको छ। ललितपुर नगर पञ्चायतका केही घरहरूमा त वि. सं. १९६८ मा फर्पिङमा पावर हाउस निर्माण भएदेखि नै विद्युत् वितरण गरिएको थियो।

ललितपुर जिल्लामा रहेको विद्युत् वितरण प्रणालीलाई उपत्यकाको केन्द्रीय विद्युत् प्रणालीसँग जोडिएको छ। काठमाडौं तथा ललितपुरका विभिन्न स्थानमा रहेका वितरण तथा नियन्त्रण उपकेन्द्रद्वारा यहाँ विद्युत् वितरण गरिएको छ। यस्तो उपकेन्द्र एउटा ललितपुर नगर पञ्चायतको लगनखेलमा पनि राखिएको छ।

यहाँ हाल ६,००० किलोवाट विद्युत् शक्ति उपलब्ध गराइएको छ। आवश्यक परेमा हाल रहेको सञ्चारण प्रणालीबाट १६,००० किलोवाटसम्म वितरण गर्न सकिन्छ। त्यसमध्ये आर्थिक वर्ष २०२९।०३० मा विभिन्न प्रयोजनको लागि ६०,६७,०४१ यूनिट विद्युत् शक्ति बिक्री भएको अभिलेख छ। त्यसमध्ये गार्हस्थ्य प्रयोगको लागि ५३,०८,४२२ यूनिट, सडकमा बत्ती बाल्नको लागि १,४०,७४६ यूनिट र औद्योगिक प्रयोगको लागि ६,१७,८७३ यूनिट वितरण भएको देखिन्छ। पाटन औद्योगिक क्षेत्र बाहेक यहाँ जम्मा ९५ जना औद्योगिक ग्राहकहरू छन्। उपर्युक्त आर्थिक वर्षमा जम्मा रू. १५,२०,५४९। आम्दानी भएको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

ललितपुर जिल्ला शिक्षाको क्षेत्रमा निकै अघि बढेको छ। तर जिल्लाको समस्त भागमा शिक्षा विकास सन्तुलित ढङ्गले भएको छैन। नगर पञ्चायत इलाका काठमाडौं सँगसँगै धेरै अगाडि बढेको छ भने जिल्लाको दक्षिणी पहाडी प्रदेशको अन्दाजी १८ वटा गाउँ पञ्चायतमा एउटा माध्यमिक विद्यालयसम्म स्थापना भइसकेको छैन। साधारणतया अधिराज्यको अन्य जिल्लाहरूको दाँजोमा ललितपुरमा शिक्षाको क्षेत्रमा प्रभावकारी अनुपात-मा विकास भएको छ। शिक्षा प्रति जिल्लाबासीहरूको बढ्दो अभिरुचिको कारण यहाँ विद्यालयहरूको संख्यामा अत्यधिक वृद्धि हुन गएको छ। जिल्लाको दक्षिणी पहाडी भागमा समेत प्रत्येक गाउँ पञ्चायतमा घटीमा एउटा प्राथमिक विद्यालय खोलिएका छन्। वि. सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार यहाँको छ वर्षदेखि माथि उमेरका जनसंख्याको २५.० प्रतिशत साक्षर रहेका छन्। त्यस्तो उमेर पुगेको जम्मा १,२७,५०२ मध्ये ३१,८८१ साक्षर छन् जसमध्ये २५,३९६ अर्थात् कुल उमेर पुगेको पुरुष जनसंख्याको ३९.१ प्रतिशत पुरुष र त्यस्तै महिला जनसंख्याको ६,४८५ अर्थात् १०.४ प्रतिशत साक्षर छन्। जिल्लाको कुल साक्षर जनसंख्यामा पुरुष-कोभन्दा महिलाको संख्या ज्यादै कम रहेको छ। त्यसो हुनुको कारण नगर पञ्चायतदेखि बाहिर उपत्यकाका कृषक परिवारहरूमा तथा पहाडी प्रदेशका परिवारहरूलाई विद्यालय पठाउन गाह्रो मान्नु हो। नगर पञ्चायत इलाकामा महिलाहरूलाई पनि शिक्षा दिने परिवारहरूको संख्या बढ्दै गएको छ। यहाँका कुल साक्षर जनसंख्या निम्नउमेर समूहहरूमा निम्नबमोजिम रहेका छन्:–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल		
	जनसंख्या	साक्षर संख्या	प्रतिशत	जनसंख्या	साक्षरसंख्या	प्रतिशत	जनसंख्या	साक्षर संख्या	प्रतिशत
६–९	८,५९७	२,६११	३०.४	८,३६२	१,२१५	१४.५	१६,९५९	३,८२६	२२.६
१०–१४	८,९८०	४,८९३	५४.५	८,१२५	१,८६०	२२.९	१७,१०५	६,७५३	३९.५
१५–१९	७,४५५	३,९७३	५३.३	७,००८	१,४५४	२०.७	१४,४६३	५,४२७	३७.५
२०–२४	६,६०५	३,३७२	५१.१	६,८७७	७७९	११.३	१३,४८२	४,१५१	३०.८
२५–२९	६,२१२	२,६२९	४२.३	६,१३३	४७५	७.७	१२,३४५	३,१०४	२५.१
३०–३४	५,२३७	१,९६४	३७.५	५,३२२	२५९	४.९	१०,५५९	२,२२३	२१.१
३५–३९	४,८२२	१,५४०	३१.९	४,५८९	१२०	२.६	९,४११	१,६६०	१७.६
४०–४४	३,९७४	१,२४२	३१.३	३,९४५	९९	२.५	७,९१९	१,३४१	१६.९
४५–५४	६,०००	१,७०१	२८.४	५,५५६	११८	२.१	११,५५६	१,८१९	१५.७
५५–६४	४,३२६	९४०	२१.७	४,०३४	६९	१.७	८,३६०	१,००९	१२.१
६५ र माथि	२,७५४	५३१	१९.३	२,५८९	३७	१.४	५,३४३	५६८	१०.६
जम्मा:–	६४,९६२	२५,३९६	३९.१	६२,५४०	६,४८५	१०.४	१,२७,५०२	३१,८८१	२५.०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाअनुसार यहाँ तरुण जनसंख्या बढी संख्यामा साक्षर छन्। विशेषगरेर १० वर्ष-देखि २९ वर्षसम्मका जनसंख्याको सरदर ३३.९ प्रतिशत साक्षर रहेका छन्। उमेर बढ्दै जाँदा साक्षर प्रतिशत कम हुँदै गएको देखिन्छ। छ वर्षदेखि नौ वर्षसम्मको उमेर समूहमा भने साक्षरताको प्रतिशत कम रहेको देखिन्छ। त्यसो हुनाको मुख्य कारण गाउँघर अथवा नगरमै पनि पढाइ शुरू गर्न ढिलो हुन जानु तथा विद्यालयमा पढ्दै गरेकामध्ये पनि धेरै साक्षर नभइसकेकाले हुन सक्दछ। साधारणतया यो जिल्लाको साक्षारताको प्रतिशत अधिराज्य तथा बागमती अञ्चलको औसत प्रतिशतहरूभन्दा धेरै रहेको छ। अधिराज्यको औसत साक्षरताको प्रतिशत १३.९ र बागमती अञ्चलमा १८.२ मात्र छन्।

माथि उल्लेख भएअनुसार शिक्षा प्रति जनताको अभिरुची बढ्दै गएको कारण विद्यालयहरूको संख्या पनि बढ्दै गएको छ। गत केही सालको शैक्षिक स्थितिसँग अहिलेको अवस्थालाई तुलना गर्नु आवश्यक तथ्याङ्क नभएकोले सामयिक वृद्धिको अनुपात निश्चित् गर्न सकिन्न। हाल यहाँ १०३ प्राथमिक विद्यालयहरू, ३६ वटा निम्नमाध्यामिक विद्यालयहरू र १३ वटा माध्यमिक विद्यालयहरू रहेका छन्। यहां वि. सं. २०३० फागुनदेखि राष्ट्रिय शिक्षा पद्धतिलागू गरिएको छ। हाल यहाँका माध्यमिक स्तरका विद्यालयहरूसम्मको रेखदेख र सञ्चालन जिल्ला शिक्षा अधिकारीको कार्यालयले गर्ने गरेको छ।

प्राथमिक विद्यालयमा पढ्न जाने छ वर्षदेखि आठ वर्ष उमेर पुग्नेको संख्या १२,८९० अर्थात् १०.१ प्रतिशत छ। त्यसमध्ये हाल (साउन २०३१) जिल्लामा प्राथमिक कक्षाहरूमा अध्ययन गर्नेको संख्या १०,४६६ अर्थात् कुल प्राथमिक कक्षाहरूमा अध्ययन गर्न सक्ने उमेरको जनसंख्याको अन्दाजी ८१.२ प्रतिशत हुन्छ। तर जिल्लाको वर्तमान सामाजिक-आर्थिक वस्तुस्थिति अनुसार खास एक उमेर समूह एकै स्तरको शैक्षिक उमेर मान्न सकिन्न। कतै कतै आठ-नौ वर्षका केटा केटीहरू भर्खर प्राथमिक कक्षामा पढ्न थाल्दछन् भने कतै पाँच वर्षको उमेरदेखि प्राथमिक कक्षामा पढ्ने पनि हुन्छन्। विशेष गरेर जिल्लाको दक्षिणी पहाडी प्रदेशमा भौगोलिक कारणहरूले गर्दा विद्यालय टाढा पर्ने भएकोले गाउँका केटाकेटीहरू केही बढी उमेर भइसकेपछि मात्र विद्यालय जाने गर्दछन्।

यो जिल्लाका कुल माध्यमिक विद्यालयहरूमध्ये नगर पञ्चायत इलाकामा १० वटा र उपत्यका भित्र रहेका गाउँ पञ्चायतहरूमा बाँकी तीनवटा रहेका छन्। ती माध्यमिक विद्यालयहरूमा जम्मा २,७२९ विद्यार्थीहरू छन् जसमध्ये १,८६२ छात्रहरू र ८६७ छात्राहरू छन्। त्यस्तै यहाँका निम्नमाध्यमिक विद्यालयहरूको कुल संख्यामध्ये नगर पञ्चायत इलाकामा २२ वटा र गाउँ पञ्चायत इलाकामा १४ वटा रहेका छन्। त्यस-मध्ये तीनवटा उपत्यका बाहिर पनि रहेका छन्। जिल्लामा निम्नमाध्यमिक विद्यालयहरूमा अध्ययन गर्नेको संख्या ५,२८७ छ जसमध्ये छात्र संख्या ३,५०० छ।

यहाँका प्राथमिक विद्यालयहरूमा कुल १०,४६६ केटाकेटीहरू अध्ययन गरिरहेका छन्। तीमध्ये ७,४४५ छात्रहरू र बाँकी ३,०२१ जना छात्राहरू छन्। वि.सं. २०३१ साउनमा यहाँका विभिन्न स्तरका विद्यालय-हरूमा पढ्ने छात्रछात्राहरूको तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छः-

	छात्र	छात्रा	जम्मा
माध्यमिक	१,८६२	८६७	२,७२९
निम्नमाध्यमिक	३,५००	१,७८७	५,२८७
प्राथमिक	७,४४५	३,०२१	१०,४६६
जम्मा:-	१२,८०७	५,६७५	१८,४८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो जिल्लाका प्राथमिक विद्यालयहरूमा जम्मा २८२ जना शिक्षक शिक्षिकाहरूले पढाइराखेका छन्। उक्त संख्यामध्ये ६१ जना प्रवेशिका पास नभएको तथा तालीम प्राप्त नगरेका छन् र ७१ जना प्रवेशिका पास भएका छन्। यहाँका प्राथमिक शिक्षकहरूमध्ये १५४ जनाले तालीम प्राप्त गरेका छन्।

निम्नमाध्यमिक विद्यालयहरूमा १५२ जना शिक्षक शिक्षिकाहरू छन्। तिनीहरूमध्ये ४३ जनाले तालीम लिएका छन्। माध्यमिक विद्यालयहरूतर्फ ११० जना शिक्षकहरू रहेका छन् जसमध्ये ३० जनाले शिक्षण तालीम प्राप्त गरेका छन्।

विभिन्न स्तरका विद्यालयहरूमा पढाउने काम गरिरहेका तर तालीम नपाएका शिक्षक शिक्षिकाहरूलाई तालीम दिलाउने व्यवस्था हुने गरेको छ।

उच्च शिक्षातर्फ यो जिल्लामा चारवटा विभिन्न क्याम्पसहरू छन्। यहाँ रहेका क्याम्पसहरूको नाम र स्तर निम्नअनुसार छन्ः—

नाम	विषय	स्तर
पाटन क्याम्पस	मानविकी र समाजिक	स्नातक
पाटन क्याम्पस	व्यापार प्रशासन र वाणिज्य शास्त्र	स्नातक
पाटन क्याम्पस	विज्ञान	प्रमाण—पत्र
पुल्चोक क्याम्पस	इन्जिनीयरिङ इन्स्टिच्यूट	प्रमाण—पत्र

उपर्युक्त विभिन्न क्याम्पसहरूमा स्नातक स्तरका कक्षाहरूमा ३६२ जना र प्रमाण-पत्र स्तरमा १,३१२ जना छात्र छात्राहरू अध्ययन गरिरहेका छन्। इन्जिनीयरिङ इन्स्टिच्यूट अन्तर्गत रहेको पुल्चोक क्याम्पस-मा मात्र ४१९ जना छात्र छात्राहरू विभिन्न विषयमा अध्ययन गरिरहेका छन्। छात्राहरू ड्राफ्टमैनशीपको विषयमा मात्र छन्। विभिन्न क्याम्पसहरूमा गरी जम्मा ९७ जना शिक्षक शिक्षिकाहरूले अध्यापन गरिरहेका छन्।

स्वास्थ्य

यो जिल्लाको नगर पञ्चायत इलाकामा आधुनिक औषधोपचारको राम्रो व्यवस्था छ। उपत्यकाभित्र पर्ने केही गाउँ पञ्चायतहरूमा पनि सडक यातायातको सहूलियत भएको हुनाले शान्त भवन स्थित ईसाई मिशन अस्पतालबाट साप्ताहिक क्लिनिकहरूको व्यवस्था गरिएका छन्। साथै लगनखेलमा रहेको सरकारी अस्पतालमा बिरामी जाँच्ने र औषधि वितरण गर्ने व्यवस्था छ। यो जिल्लाको नगर पञ्चायत इलाकामा आधुनिक उपचारको लागि अस्पतालको व्यवस्था गरिएको धेरै वर्ष भइसकेको भए तापनि तान्त्रिक तथा धामी झाँक्रीको प्रचलनहरू पनि केही मात्रामा बाँकी नै छ। पाश्चात्य औषधि उपचारको साथै आयुर्वेदिक औषधि र उपचारको चलन पनि रहेको छ। भगवान डाँडादेखि दक्षिण पहाडी प्रदेशमा आधुनिक औषधोपचारको उचित व्यवस्था भइनसकेकोले मानिसहरू बिरामी भएमा धामी, झाँक्री र पूजा आजामा ज्यादा निर्भर हुन्छन्। उक्त क्षेत्रको भट्टेडाँडा भन्ने स्थानमा एउटा स्वास्थ्य चौकी राखिएको छ। त्यहाँको भौगोलिक परिस्थितिअनुसार उक्त स्वास्थ्य चौकीले एक गाउँ इलाकालाई मात्र सन्तोषजनक सेवा पुऱ्याउन सक्ने देखिन्छ।

ललितपुर नगर पञ्चायत इलाकामा दुईवटा अस्पतालहरू छन्। तीमध्ये शान्त भवन अस्पतालमा १३५ शय्याको व्यवस्था छ। उक्त अस्पतालमा काठमाडौं शहर तथा अधिराज्यका विभिन्न भागबाट आउने मानिस-हरू समेत औषधोपचार गराउँदछन्। अर्को अस्पताल लगनखेलमा छ। उक्त २५ शय्या भएको अस्पताल श्री ५ को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरकार स्वस्थ्य सेवा विभागबाट सञ्चालित छ। त्यस अस्पतालमा वि. सं. २०२९ मा २७,४५० आउटडोर बिरामी र ६३७ इनडोर बिरामीहरूलाई सेवा पुर्‍याइएको अभिलेख छ। उक्त अस्पतालको कम्पाउण्ड भित्र परिवार नियोजन तथा मातृ शिशु कल्याण जिल्ला कार्यालय पनि छ, जहाँ नियमित रूपमा सम्बन्धित सेवा पुर्‍याइएको छ। साथै कुष्ट रोग सम्बन्धी क्लिनिकबाट प्रत्येक हप्तामा रोगीहरूको उपचार गर्ने गरिएको छ।

उपर्युक्त अस्पतालहरू बाहेक जिल्लाका केही गाउँपञ्चायतहरूमा निम्नस्वास्थ्य सेवाको व्यवस्था छ:-

सैंबु भैंसेपाटी	स्वास्थ्य केन्द्र
धापाखेल	स्वास्थ्य चौकी
भट्टे डाँडा (उपत्यका बाहिर)	स्वास्थ्य चौकी
चापागाउँ	आयुर्वेदिक औषधालय

काठमाडौं उपत्यका भित्र बुंगमती, चापागाउँ, हरिसिद्धि, सानागाउँ आदि गाउँ पञ्चायतहरूमा शान्त भवनबाट साप्ताहिक डिस्पेन्सरीहरू सञ्चालन गर्ने गरिएको छ। कडा रोग लागेका मानिसहरूलाई शान्त भवनमा भर्ना गर्ने व्यवस्था पनि छ।

नेपाल स्थित युनाइटेड मिशन अन्तर्गत टीकाभैरव नजीकैको आनन्द वनमा एउटा कुष्ट रोगको अस्पताल स्थापना गरिएको छ। उक्त अस्पतालमा १०० शय्याको व्यवस्था छ। अस्पतालको मुख्य घरसम्म मोटर चल्ने बाटो निर्माण गरी भवनहरूको वरिपरि फलफूलहरूको तथा सल्लोका रूखहरू लगाइएका छन्।

यस जिल्लाका अधिकांश बासिन्दाहरूलाई सफाइ, रोगादिको नियन्त्रण सम्बन्धी यथेष्ट ज्ञान नभएकोले हैजा जस्तो संक्रामक रोगहरूको प्रकोप भइरहन्छ। त्यस्ता रोगहरूको उचित रोकथामको लागि नगर पञ्चायत तथा अन्य गाउँ पञ्चायतहरूमा सूई दिने व्यवस्था गरिन्छ। जिल्लाको दक्षिणी सीमानामा पर्ने बागमती नदीको खोंच तथा खानी खोलाको किनारमा औलो ज्वरोको प्रकोप हुन सक्ने सीमान्त इलाकामा पर्ने उपत्यकाभित्रको भागमा समेत औलो उन्मूलन सम्बन्धी आवश्यक कार्यहरू सम्पन्न गरिएका छन्। साथै जिल्लामा बिफर उन्मूलन अभियानको सिलसिलामा खोपाउने कार्य भएको छ। यहाँ परिवार नियोजन तथा मातृ शिशु सेवा सम्बन्धी कार्यालय पनि रहेको छ। उक्त कार्यालयबाट परिवार नियोजन सम्बन्धी सर सल्लाह र सेवाहरू उपलब्ध गराएका छन्।

स्वास्थ्य सेवा सम्बन्धी उपर्युक्त सुविधाहरू बाहेक नगर पञ्चायत इलाकामा निजी प्राक्टीस गर्ने डाक्टरहरू पनि छन्।

खानेपानी

यो जिल्लाको उपत्यका भित्र पर्ने नगर पञ्चायत तथा बाक्लो जनसंख्या भएका गाउं पञ्चायतहरूमा पाइपद्वारा खानेपानी वितरण गर्ने आयोजनाहरू सञ्चालन गरिएका छन्। ललितपुर नगर पञ्चायतमा सर्व प्रथम ई. सं. १८९६ मा खानेपानीको योजना सम्पन्न गरिएको हो। उक्त खानेपानीको स्रोत जिल्लाको दक्षिण-पश्चिमी भागमा स्थित दूध पोखरी हो। नगर पञ्चायत इलाकामा परेको खानेपानीको अभावलाई हटाउन ई. सं. १९७१ मा सुन्दरीघाटमा बागमती नदीको पानी छानेर पाटन शहरमा वितरण गर्ने आयोजना पूरा गरिएको छ। ती दुवै श्रोतहरूको हाल करीब २,१८,००० ग्यालन क्षमताको रिजर्भ्वायरबाट खानेपानीको आपूर्ति हुने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नगर पञ्चायत ईलाकामा आफ्नो घरबारी भित्र निजी उपयोगको लागि धारा लिने व्यक्तिहरूबाट प्रत्येक महीनामा रू. तीनका दरले पानीपोत उठाउने गरिएको छ। साथै सार्वजनिक उपयोगको लागि नगर पञ्चायत ईलाकाभित्र ४५१ वटा निःशुल्क धाराहरूको व्यवस्था पनि गरिएको छ। यहाँ वितरण गरिएको खानेपानीको सन्तुलित उपयोग नभईदिदा नगर पञ्चायतको बजार ईलाकामा खानेपानीको समस्या परिरहने हुन्छ। कतै बढी खेर जाने कतै अत्यन्त जरूरी परेको ठाउँमा पिउने पानी उपलब्ध नहुने जस्ता समस्या पनि गृष्म ऋतुमा परिरहन्छ। निकट भविष्यमा ललितपुर नगर पञ्चायत इलाकालाई समेत गाभेर काठमाडौं शहरको वृहत खानेपानी तथा ढल निकाश आयोजना सञ्चालन हुने भएको छ। नगर पञ्चायत इलाकादेखि बाहिरका बुंगमती, खोकना, ठेचो, चापागाउं, सुनागूठी, हरिसिद्धि, गोदावरी, किटिनी आदि इलाकाहरूमा पनि खानेपानी पाइपद्वारा वितरण गर्ने आयोजनाहरू सम्पन्न गरिएका छन्।

जिल्लामा दक्षिणी पहाडी भागमा धेरै मानिसहरूले आफ्नो खानेपानीको समस्या मूल, कुवा, पंधेरा खोला आदि स्रोतहरूबाट समाधान गरिरहेका छन्। केही उच्च भागमा रहेको चौघरे, शंखु, आश्राङ, घुसेल आदि पञ्चायतहरूमा खानेपानीको स्रोत नजीक नभएकोले स्थानीय जनताहरूले निकै कठिनाई भोग्नु परेको छ। तर खानेपानीको समस्यालाई समाधान गर्न स्थानीय विकास कार्यक्रम अन्तर्गत पनि विकास आयोजनाहरू सञ्चालन गरिएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

वि. सं. १८२५ मा पृथ्वीनारायण शाहबाट विशाल नेपाल अधिराज्य निर्माण गर्ने सिलसिलामा काठमाडौं उपत्यका माथि आधिपत्य स्थापित गर्नु अगाडि ललितपुर अलग्ग राज्यको रूपमा रहेको थियो। काठमाडौं उपत्यकामाथि विजय भएपछि गोरखा राज्यको राजधानी नुवाकोटबाट काठमाडौंमा सारियो। पछि अधिराज्यलाई प्रशासकीय जिल्लाहरूमा विभाजित गरेपछि ललितपुरको इलाका जङ्गी ब्रिग्रेडीयर मार्फत प्रशासित रह्यो। वि. सं. २००८ सालमा उपत्यकाञ्चल कमिश्नर अन्तर्गत ललितपुरमा प्रशासकको रूपमा मेजिष्ट्रेटको बन्दोवस्त गरियो। त्यसबेला हाल काठमाडौं जिल्लामा पर्ने थानकोट, कीर्तिपुर, चोभार, फर्पिङ आदि उपत्यकाका भाग ललितपुर इलाकाभित्र पर्दथे।

वि. सं. २०१८ सालमा अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजित गरिएपछि वि. सं. २०२२ मा वर्तमान ललितपुर जिल्लाको गठन भएको हो। जिल्लाको शान्ति सुरक्षा कायम राख्ने, जनताको पीर मर्का सुन्ने, विकास कार्यहरू रेखदेख गर्ने आदि प्रशासनिक कार्यहरू प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट हुन्छ। साथै प्रमुख जिल्ला अधिकारीको कार्यालयले जिल्लास्तरीय सरकारी कार्यालयहरूको रेखदेख, कर्मचारीहरूको बिदा निकासा आदि कार्यहरू पनि सम्पादन गरिन्छ। यहाँ रहेका जिल्लास्तरीय कार्यालयहरू निम्नअनुसार छन्:—

प्रमुख जिल्ला अधिकारीको कार्यालय
डी. एस. पी कार्यालय
भूमि प्रशासन कार्यालय
कृषि विकास कार्यालय
पाटन अस्पताल
मत्स्येन्द्रनाथ गूठी तथा खर्च कार्यालय
पानी कार्यालय
जुद्ध बारुण यन्त्र कार्यालय
रेञ्ज कार्यालय गोदावरी
जिल्ला सहकारी कार्यालय
कोष तथा तहसील कार्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय

जिल्ला शिक्षा अधिकारीको कार्यालय

सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय

अन्य जिल्लास्तरीय कार्यालयहरू

जिल्ला पञ्चायत कार्यालय

नगर पञ्चायत कार्यालय

नेपाल परिवार नियोजन कार्यालय

नेपाल विद्युत् कर्पोरेशन, ललितपुर कार्यालय

दूर सञ्चार समिति, ललितपुर कार्यालय

उपर्युक्त जिल्लास्तरीय कार्यालयहरू बाहेक यो जिल्लामा श्री ५ को सरकारको केन्द्रीय स्तरका धेरै कार्यालयहरू रहेका छन्। ती विभिन्न कार्यालयहरू निम्न हुन् :—

कार्यालयहरू	स्थान
गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय कार्यालय	पुलचोक
प्रशासन व्यवस्था विभाग	पुलचोक
कृषि विभाग	पुलचोक
महिला प्रशिक्षण केन्द्र	धोबीघाट
सहकारी प्रशिक्षण केन्द्र	जावलाखेल
सदर चिडियाखाना	जावलाखेल
नक्खु कारागार कार्यालय	नखु
स्वास्थ्य शिक्षा फाँट	पुलचोक
राष्ट्रिय पुस्तकालय	पुलचोक
स्थानीय विकास विभाग	पुलचोक
पुनर्वास विभाग	पुलचोक
पुनर्वास कम्पनी	पुलचोक
शाही वनस्पति उद्यान	गोदावरी
सडक विभाग, काठमाडौं डिभिजन नं. ३	जावलाखेल
राष्ट्रिय धातु संग्रहालय	मङ्गलबजार
सडक विभाग, हेभि इक्विप्मेन्ट सेक्सन	पाटन ढोका
कृषि विभाग, कुखुरा फार्म	
बाली रोग विज्ञान शाखा	खुमलटार
कीट विज्ञान शाखा	खुमलटार
पशु फार्म	खुमलटान
वनस्पति शाखा	खुमलटार
बाली विज्ञान शाखा	खुमलटार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माछापालन केन्द्र	गोदावरी
कृत्रिम पशु गर्भाधान केन्द्र	जावलाखेल
प्रसार विभाग प्रसारण उपकेन्द्र	खुमलटार
निजामती किताब खाना	पुलचोक
शिक्षा मन्त्रालय पाठ्यक्रम विकास शाखा	पुलचोक
राष्ट्रिय योजना आयोग मध्यमाञ्चल प्रादेशिक कार्यालय	कुपण्डोल

प्रहरी

यो जिल्लामा डी. एस. पी. कार्यालय रहेको छ। उक्त कार्यालय ललितपुर नगर पञ्चायतको वडा नं. १४को मङ्गलबजारमा रहेको छ। त्यस कार्यालय अन्तर्गत ललितपुर प्रहरी लाइन नगर पञ्चायत वडा नं. पाँच मा, प्रहरी थाना (चापा गाउँमा), टुङ्गुन छोटी प्रहरी थाना (गोटी खेलमा) र अन्य ठाउँहरूमा चौधवटा प्रहरी चौकीहरू छन्।

कारागार

यो जिल्लाको नक्खुमा एक केन्द्रीय कारागार रहेको छ। उक्त कारागारमा १६० सम्म कैदीहरू राख्न सकिन्छ। त्यहाँ महिला कैदीहरूलाई राख्ने व्यवस्था छैन। अपराधीहरूलाई अनुसन्धान अवधिसम्म डी. एस. पी. कार्यालयमा थुन्ने व्यवस्था छ।

यो जिल्लामा एउटा जिल्लास्तरीय अदालत र सरकारी अधिवक्ताको कार्यालय रहेका छन्। उक्त अदालतले जिल्लाभित्र सरकारवादी तथा दुनियावादी विभिन्न फौजदारी तथा देवानी मुद्दाहरूमाथि आवश्यक कारवाही गर्दछ। जिल्लामा रहेको सरकारी अधिवक्ताले सरकारीवादी मुद्दाहरूमा घटना घटेको ज्ञान भएपछि तत्कालै सर्जमीन र अनुसन्धान गरी सम्बन्धित अदालतमा पेश गर्ने, सो सम्बन्धी बहस पैरवी गर्ने गर्दछ। साथै स्थानीय प्रशासनलाई आवश्यक समयमा कानूनी राय सल्लाह दिने पनि गर्दछ।

यहाँका जिल्ला अदालतमा निम्नवर्षहरूमा परेका मुद्दाहरू निम्नबमोजिम छनः–

वर्ष	देवानी	फौजदारी	निर्वाचन	जम्मा
२०२७।०२८	९३७	८२३	४	१,७६४
२०२८।०२९	९५८	९०३	२	१,८६३
२०२९।०३०	८५४	६२४	–	१,४७८
	२,७४९	२,३५०	६	५,१०५

उपर्युक्त मुद्दाहरूमध्ये २,२०० वटा विभिन्न मुद्दाहरू फछर्यौट भएका छन्। तीमध्ये १,१३२ देवानी, १,०६४ फौजदारी र चार निर्वाचनतर्फका छन्। आर्थिक वर्ष २०२९।०३० को आखिरमा जम्मा ८५४ वटा विभिन्न मुद्दाहरू रहन गएका थिए।

यो जिल्लाका देवानीतर्फ अधिक मात्रामा जग्गा, लेनदेन, अंश बण्डा, पारिवारिक, किर्ते, ठगी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदि र फौजदारीतर्फ गालि बेइज्जति, कुटपिट, लुटपिट, ज्यान, चोरी, करणी, भ्रष्टाचार आदि मुद्दाहरू बढी संख्यामा पर्दछन्।

पञ्चायत

यो जिल्लामा ३९ वटा गाउँ पञ्चायत र एक नगर पञ्चायत गरी जम्मा ४० वटा पञ्चायतहरू गठन गरिएका छन्। यो जिल्लाको सदरमुकाम ललितपुर नगर पञ्चायतमा रहेको छ। यस जिल्लाबाट एक जनाले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्दछन्। यहाँको जिल्ला सभामा ४६ जना सदस्यहरू छन्।

यो जिल्लाको नगर तथा गाउँ पञ्चायतहरूले सीमित मात्रामा कर र दस्तूरहरू उठाउने गरिएको छ। गाउँ पञ्चायतहरूको औसत आम्दानी रू. ३००। हुन आउँछ। यहाँका गाउँ पञ्चायतहरूमध्ये आर्थिक वर्ष २०२९।०३० मा सबभन्दा बढी रू. ३,६१७। वार्षिक आम्दानी गर्ने विसन्देवी धापाखेल गाउँ पञ्चायत र सबभन्दा घटी अर्थात् रू. १७।१८ आम्दानी गर्ने चौधरे गाउँ पञ्चायत हो। आर्थिक वर्ष २०२९।०३० मा यहाँको जिल्लासभाको आम्दानी रू. १२,७५६। भएको देखिन्छ।

यस जिल्लाका विभिन्न पञ्चायतहरूमा बसोबास गर्ने मानिसहरूको बाटो, पुल, खानेपानी, सिचाइ आदि सामूहिक समस्याहरूलाई स्थानीय जनताको सक्रिय सहयोगबाट समाधान गर्ने सिलसिलामा यहाँ पनि श्री ५ को सरकारतर्फबाट प्रत्येक वर्ष विकास अनुदान उपलब्ध गराइएको छ। गाउँ वा नगर पञ्चायतबाट जिल्ला सभामा पेश भएका गाउँ वा नगर तथा जिल्लास्तरीय आयोजनाहरूमध्ये कार्यान्वयनको लागि छानिने आयोजनाहरूको लागतको लागि जिल्लासभाले विकास अनुदान रकम वितरण गर्ने गर्दछ।

वर्गीय संगठन

यो जिल्लामा भएका वर्गीय संगठनहरू र तिनीहरूको प्रारम्भिक समिति तथा सदस्य संख्या निम्न बमोजि छन्:—

संगठनको नाम	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
नेपाल युवक संगठन	२४	२६४
नेपाल किसान संगठन	२४	२६४
नेपाल महिला संगठन	१८	१९८
नेपाल भूतपूर्व सैनिक संगठन	१५	१६५
नेपाल मजदूर संगठन	१	९

यहाँका वर्गीय संगठनहरू साधारणतया सक्रिय रहेका छन्। महिला संगठन जिल्ला कार्य समितिबाट विभिन्न गाउँ पञ्चायतहरूमा कार्यक्रम सञ्चालन गरिएका छन्। सँबु भैंसे पाटीमा एक एक प्रशिक्षण भवन समेत निर्माण गरिएको छ। नेपाल युवक संगठनको केन्द्रीय समितिले यस जिल्लाको जावलाखेल महेन्द्र युवालय नामको एउटा यूथ होष्टेल सञ्चालन गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

ललितपुर जिल्लाको उत्तरी अर्ध भाग बढी विकसित र दक्षिणी पहाडी भाग निक्कै पिछडिएको अवस्थामा छ। उत्तरी भाग उपत्यकाभित्र रहेको हुनाले बाटो, बिजुली, शिक्षा, स्वास्थ्य आदि सुविधाहरू बढी उपलब्ध भएकोले कृषि, उद्योग, व्यापार आदि सम्बन्धी विकास कार्यहरूमा गतिशीलता आएको छ तर उपत्यकाभन्दा बाहिर पर्ने दक्षिणी पहाडी इलाकामा आवागमनको कठिनाइ, बजार सेवाहरू उपलब्ध नहुनु तथा विकास कार्यक्रमहरू सञ्चालन नहुनु आदि कारणहरूले गर्दा उत्तरी भागभन्दा निक्कै अविकसित रहेको छ। यसरी यो जिल्लामा आर्थिक दृष्टिकोणले विभिन्न इलाकाहरूमा विषमता देखिन्छ।

यस जिल्लाको उपत्यकाभित्र पर्ने इलाकामा राजधानीबाट नजीक र आवागमन सजिलो समेत भएकोले राष्ट्रिय विकासको प्रायः सम्पूर्ण कार्यक्रमबाट लाभान्वित भएको छ। तर यसको दक्षिणी भागका अधिक बासिन्दाहरू व्यापार विनिमयको लागि पाटन र चापागाउँका बजारमा निर्भर छन्। ती दुई क्षेत्रहरूको बढ्दो आर्थिक विषमतालाई कम गर्न नसकेमा उपत्यका भित्रका बजारहरूले अझ बढी विकास गरी पूँजी आर्जन गरिसक्ने हुँदा उपत्यकाको बाहिर रहेको क्षेत्र सधैं सीमान्त अवस्थामा रुमलिन जाने हुन्छ। अतः यो जिल्लाको विभिन्न इलाकाहरूको आर्थिक सन्तुलनलाई बढी सन्तोषजनक बनाउन उपत्यकाभित्र पर्ने इलाकाको विकासको साथै अझ तीव्रतर गतिमा पहाडी भेकलाई विकासको पथमा डोऱ्याउनु पर्नेछ।

उपत्यकामा पाटन औद्योगिक क्षेत्रको विस्तार, धातुको कोसेली उद्योग तथा अन्य औद्योगिक संस्थानहरूको विकासमा जोड दिएर बढी से बढी संख्यामा कृषिमा रहेको जनभारलाई गैर कृषितर्फ सार्दै जानु पर्छ भने दक्षिणी भेकमा उपत्यकाको बजारहरूमा खपत हुने उष्ण प्रदेशीय तथा शीतोष्ण फलफूल, वन उपजहरू, पशु उपजहरूको यथोचित विकास गर्दै लैजानु पर्ने देखिन्छ।

उपर्युक्त उद्देश्यलाई प्राप्त गर्न दक्षिणी भेकको सुहाँउदो टार, डोल र फाँटहरूमा खाद्यान्न उत्पादन बढाउन कृषि प्रविधिको प्रसार, कृषि ऋण र उपकरण वितरण आदि कार्यक्रम सञ्चालन गरिनु पर्दछ। ठोले, टुङ्गन खोलाहरू र बागमतीको किनारमा दुधालुवस्तुहरू (गाई, भैंसी) र अन्य सुहाउँदो वन इलाकामा बोका, बाखा पालनको प्रवर्द्धनको लागि उपयुक्त कार्यक्रम सञ्चालन गर्न सकिन्छ। उपत्यकाका बजारहरूमा फलफूलको ठूलो माग रहेको छ। यहाँका खाद्यान्न खेतीको लागि सीमान्त पाखाहरूमा विभिन्न सुहाउँदो फलफूलहरूको खेती गरिएमा जनताको वर्तमान आर्थिक असमर्थतालाई हटाउन सहायता मिल्ने छ। हाल पनि छम्पी, डुकुछाप, टीकाभैरव इलाकामा ज्यामीर, जुनार, लप्सी, कागती आदि फलफूलहरू मनग्य पाइन्छन् र केही मानिसहरूले आफ्नो सीमित उत्पादन बेच बिखन गर्ने गरेका छन्। साथै उक्त इलाकामा पर्ने फुलचोकी, फूलबारी तथा महाभारत पर्वत श्रृङ्खलामा रहेका बाक्ला वनमा पाइने, च्याउ, स्याउ, अकिड तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जरीबूटीहरूको उचित प्रशोधन र प्रवर्द्धनको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न सकेमा स्थानीय मानिसहरूको आम्दानी बढाउन सकिने देखिन्छ।

उपर्युक्त आर्थिक सन्तुलनका आवश्यकताहरू बाहेक यो जिल्लाको औद्योगिकीकरणको ठूलो सम्भावना छ। फुलचोकीमा भेट्टाइएका फलाम खानी प्रशोधन र हाल गोदावरीमा सञ्चालित सिंगमरमरको उद्योगको आधुनिकीकरण जस्तो कार्य हुन गएमा यहाँको औद्योगिक विकासको परिधि बढ्नजाने देखिन्छ।

साथै दक्षिणी भेकका जनताको क्रयशक्ति बढाउने सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएपछि चापागाउँको बजारको महत्व बढ्न गई त्यसको विस्तार हुन जाने छ। उक्त बजारको विस्तारको साथ साथै त्यस इलाकामा पर्यटन उद्योगको लागि हिम दृष्य अवलोकन गर्न सकिने गरी पाहुना घर अथवा स-साना होटलहरू र छाप्रोहरू बनाई पर्यटकहरूलाई भाडामा दिने कार्यक्रम सञ्चालन गर्न सकिन्छ। उपत्यकाको त्यस ठाउँबाट पश्चिमको हिमचुलीदेखि पूर्वमा गौरीशङ्करसम्मका पर्वत शृङ्खला राम्ररी देखिन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धादिङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय – सूची

परिचय	
प्राकृतिक स्वरूप र सम्पदा	९०७
ऐतिहासिक पृष्ठभूमि	९०९
प्रमुख स्थानहरू	९२०
जनसंख्या र जनजीवन	९२३
आर्थिक व्यवस्था	९२८
यातायात र सञ्चार	९३२
शिक्षा, स्वास्थ्य तथा खानेपानी	९४२
प्रशासन र पञ्चायत	९४६
उपसंहार	९५१
	९५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

नेपाल अधिराज्यको उत्तरी सीमाना हिमालय र भोट इलाकादेखि दक्षिणमा महाभारत पर्वतमालासम्म फैलिएको अधिराज्यको एउटै जिल्लाको रूपमा रहेको यो धादिङ बागमती अञ्चलका आठ जिल्लामध्ये एक हो। यो जिल्ला ८४° देखि ८५° १' पूर्वदेशान्तर र २७°४०' देखि ८५°१४' उत्तर अक्षांशभित्र अवस्थित छ। यो जिल्लाले मध्यमाञ्चल विकास क्षेत्रलाई पश्चिमाञ्चल विकास क्षेत्रसँग जोडेको छ। काठमाडौंलाई पोखरासँग जोड्ने पृथ्वी राजमार्गले यही जिल्ला भई पश्चिमाञ्चल प्रदेशमा प्रवेश गरेको छ। साथै यो जिल्लाको नौबिसेमा मध्यनेपालको दुई प्रमुख राजमार्ग त्रिभुवन राजपथ र पृथ्वीराजमार्ग मिल्दछन्।

यो जिल्लाको नामाकरण धादिङ गढीको नामबाट गरिएको हो। गोरखाका राजा रामशाहले गोरखा राज्यको विस्तारको सिलसिलामा उक्त गढीको निर्माण गरी सैनिक शिक्षक शिविर स्थापना गरेका थिए। उक्त स्थानका आदिबासीहरूको विषयमा निश्चित्तया इतिहासमा उल्लेख भएको पाइन्न। तर चेपाङ भाषामा "वा" भनेको देवता र "दिङ" भनेको आगाको ज्वाला हो। यसरी चेपाङहरू उक्त स्थानका आदिबासी हुन सक्दछन् र उनैबाट उक्त स्थानको नाम वादिङ अर्थात् धादिङ रहन गएको अनुमान गर्न सकिन्छ। वि. सं. २०१९ सालमा सल्यान, धादिङ र लामिडाँडा समेत तीन थुमहरू मिलाई यो जिल्लाको गठन गरिएको हो। वि.सं २०२२ सालमा यसलाई अलग्ग प्रशासकीय जिल्लाको रूप दिइएको हो।

यो बागमती अञ्चल तथा मध्यमाञ्चल विकास क्षेत्रको पश्चिम तथा पश्चिम-उत्तर सीमा जोडिएको छ। यसको उत्तरमा गणेश हिमाल, शृङ्गी हिमाल र थापले हिमालका हिमाच्छादित चुचुरा छन्। यो जिल्ला गण्डकी नदी प्रणालीका प्रमुख नदीहरू, त्रिशूली र बूढीगण्डकीद्वारा बेरिएको छ।

यसको भौगोलिक सीमानाहरू उत्तरमा गणेश हिमाल, शृङ्गी हिमाल र थापले हिमाल, दक्षिणमा कान्द्राङ गढी लगायत महाभारत पर्वत शृङ्खला, पश्चिममा बूढीगण्डकी र पूर्वमा रामरिमको लेक, सामरी भञ्ज्याङ र त्रिशूलीगण्डकी हुन्।

यसको राजनैतिक सीमाना उत्तरमा जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्र, पश्चिममा गोरखा र चितवन, दक्षिणमा चितवन र मकवानपुर तथा पूर्वमा रसुवा, नुवाकोट र काठमाडौं हुन्।

यसको सदरमुकाम धादिङ सुनौला बजार हो। उक्त बजार जिल्लाको मध्यभागमा अन्दाजी १,४४० मिटर अर्थात् ४,७२३ फीटको उचाइमा अवस्थित छ।

यसको क्षेत्रफल २,९५९ किलोमिटर अर्थात् १,१४२ वर्गमील छ। उक्त क्षेत्रफल बागमती अञ्चलको कुल क्षेत्रफलको २८.२ प्रतिशत छ। यो जिल्लामा दक्षिणतर्फ पूर्व–पश्चिम समेत फैलिएर चाक्लो भई उत्तरतर्फ लठ्ठा जस्तो अगिलिएर गएको आकार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनानुसार यसको कुल जनसंख्या २,३६,२७६ छ जसमध्ये १,१६,७३१ अर्थात् ४९.४ प्रतिशत महिला र १,१९,५४५ अर्थात् ५०.६ प्रतिशत पुरुष छन्। उक्त जनसंख्या बागमती अञ्चलको कुल जनसंख्याको १५.८ प्रतिशत छ। जनआवादीको दृष्टिकोणले अधिराज्यमा यो जिल्लाको स्थान बाह्रौं छ। अधिराज्यका पहाडी जिल्लाहरूमध्ये यो चौथो सबभन्दा बढी जनसंख्या भएको जिल्ला हो। यहाँ प्रति वर्गकिलोमिटरमा अन्दाजी ८० जनआवादी छ।

यहाँ विभिन्न जातिहरूले बसोबास गरेका छन्। यहाँ बहुसंख्या बाहुन, क्षेत्री आदिको छ। यहाँ कामी, दमाई, सार्की आदि व्यावसायिक जातिका मानिसहरूको संख्या पनि निक्कै छ। दोस्रो सबभन्दा धेरै आवादी तामाङ जातिको छ। तामाङ, मगर, चेपाङ आदि गोरखामा शाहवंशको उदय हुनु अगाडिदेखि यो जिल्लाको बासिन्दा हुन्। तामाङहरू जिल्लाको उत्तरी भेक र अन्य भेकका उच्च डाँडाहरूमा बसोबास गर्दछन्। उनीहरू आपसमा तामाङ भाषा बोल्दछन्। साथै यहाँ नेवार, गुरुङ, ठकुरी आदि जातिहरू पनि छन्।

यो जिल्लामा रहेको आँखू खोला मध्यनेपालको प्रमुख जाति गुरुङ बस्तीको पूर्वी सीमाना मानिएको छ। यो जिल्लामा ५१ वटा गाउँ पञ्चायतहरू छन्।

यहाँको जनताको आर्थिक आधार कृषि नै हो। यहाँ अन्दाजी ९९ प्रतिशत सबल जनशक्ति भूमिगत व्यवसायमा लागेका छन्। यो जिल्लाको दक्षिण–पूर्वमा धुनीबेंसी र त्यसको वरिपरि फलफूल विशेषगरेर उखु, केरा, अम्बा आदिको खेती पनि गरिन्छ। त्यस्तै उत्तरतर्फ लेकाली खर्कहरूमा पशुपालन गरिन्छ। हालसालै यसको छिमेकमा नुवाकोट जिल्लाको पाँचसय खोला इलाकामा श्री ५ को सरकारको भेडा फारम छ। त्यस्तै धुनीबेंसी इलाकामा एउटा बागबानी केन्द्र पनि छ।

यो जिल्लामा आवादी जमीन र सोबाट हुने उत्पादनको दाँजोमा जनआवादी बढी भएकोले खाद्यान्नको अभाव भइरहन्छ। कृषि नै अत्यधिक जनताको जीविका उपार्जनको मुख्य आधार भएको हुनाले बहुसंख्यक मानिसहरू आर्थिक दृष्टिकोणले पीडित छन्। बेला बेलामा अतिवृष्टि र अनावृष्टिको कारण अन्नाभावको समस्या पर्दछ। हाल पृथ्वीराजमार्ग निर्माण भएकोले यसको दक्षिणी भेकको बासिन्दाहरूको आर्थिक जीवनमा नयाँ सम्भावनाहरू देखापरेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

धादिङ जिल्लाको भौगोलिक स्वरूप हिमालय, डाँडाहरू र टार बेंसीले भरिएको छ। गणेश हिमाल, थापले हिमाल आदि हिमाच्छादित पर्वत र त्यसका हिम नदीहरूबाट उत्पत्ति भई तल ओर्लेका बूढीगण्डकी, त्रिशूलीगण्डकी, आँखू खोला आदि नदी खोलाहरूमा मिसिन अन्य उच्च डाँडाहरू र दक्षिणतर्फका महाभारत पर्वत शृङ्खलामा जन्म लिई उत्तर-दक्षिण, पूर्व-पश्चिम बगेका असंख्य खोला, खहरेहरू बीच तेर्सिएका असंख्य पहाडी शृङ्खलाहरू र पसारिएका टार बेंसीहरूले बनेको यो जिल्ला अधिराज्यको उत्तर सीमादेखि दक्षिण महाभारत पर्वतमालामा फैलिएको छ। यहाँ समुद्रको सतहबाट अन्दाजी ४८८ मिटर (१,६०० फीट) देखि अन्दाजी ७,४०९ मिटर (२४,२९९ फीट) उच्च भू-भागहरू पर्दछन्। यसरी अर्धउष्ण होचो टार बेंसीदेखि अति उच्च शीतप्रधान हिउँ चुलीसम्मको भू-भाग परेकोले यहाँको प्राकृतिक स्वरूप विविधपूर्ण छ। विभिन्न उचाइका भू-भागहरूमा हावापानी, वन वनस्पति, जीव जन्तु र मानिसहरूको बसोबासको तरीका विभिन्न प्रकारको छ।

भौगोलिक बनावट

भू-स्वरूपको दृष्टिकोणले यो जिल्लालाई मोटामोटीरूपले निम्न चार विभिन्न भागहरूमा विभाजन गर्न सकिन्छः–

(१) हिमाली प्रदेश
(२) लेकाली प्रदेश
(३) मध्यउचाइको पहाडी प्रदेश
(४) टार र बेंसीहरू

हिमाली प्रदेश

यो प्रदेशमा हिमरेखा ५,१८३ मिटर (१७,००० फीट) देखि ७,४०९ मिटर (२४,२९९ फीट) सम्मको गणेश हिमाल, शृङ्गी हिमालय, थापले हिमाल लगायत जिल्लाका उच्च हिमाली भू-भाग छन्। यो प्रदेशमा सधैंभरी हिउँ रहन्छ। यसको स्वरूप हिम मरुस्थलको जस्तो छ। यहाँका कुनै पायक पर्ने स्थानमा काई र झ्याउहरू उम्रन्छन्। नत्र यसको अधिकांश भागमा अन्य वन-वनस्पति हुँदैन। यहाँ अति शीतप्रधान जलवायुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभाव पर्ने हुनाले मानिस तथा अन्य जीवहरू पनि हुँदैनन् ।

लेकाली प्रदेश

यो प्रदेशको सबभन्दा उच्च ठाउँ गणेश हिमालय हो । यसको उचाइ ७,४०६ मिटर (२४,२९९ फीट) मानिएको छ । ती बाहेक मध्यभागमा असंख्य पर्वत टाकुराहरू र भैरवकुण्ड, कालो सेतो दह आदि प्रसिद्ध हिमाली कुण्डहरू छन् ।

यो प्रदेशका होचो भागमा वर्षामा अनेक किसिमका हिमाली जन्तुहरू देखिन्छन् । ती जन्तुहरू तलतिर कालेकाली वनतिरबाट गएका हुन्छन् । त्यस्ता उल्लेखनीय जन्तुहरूमा घोरल, झारल, नावर, कस्तूरी, भालू, लंगूर, वन मूसो आदि हुन् ।

जिल्लाको अधिकांश खोलाहरू यो प्रदेशको उच्च हिमालयका हिम नदीहरू तथा मूलबाट उत्पत्ति हुन्छन् । सीमानामा रहेका नदीहरू बाहेक यो प्रदेशमा उत्पत्ति हुने खोलाहरूमध्ये आँखू खोला सबभन्दा महत्वपूर्ण मानिएको छ ।

मध्यउचाइको पहाडी प्रदेश

यो प्रदेशमा उच्च पहाडी भागको दक्षिणतर्फ र महाभारत पर्वतको उत्तर अन्दाजी ८,२५० फीट देखि मुनि अन्दाजी ९०० मिटर (२,९७० फीट) सम्म उचाइ भएको पहाडी भाग पार्न सकिन्छ । यसको अग्लो भागमा हिउँदमा हिउँ पर्ने तथा खेतीयोग्य जमीनको अभावको कारण मानिसहरूको बस्ती कम छ । त्यस क्षेत्रमा बाक्लो शीतोष्ण वन रहेको छ । सो भागमा सल्लो, गुराँस, धूपी आदि वृक्ष सहितको कोणधारी वन रहेको छ । यसको होचो भागमा धेरै मानिसहरूको बस्ती छ । जिल्लाको अधिकांश पाखो बालीहरू पनि सोही भागमा केन्द्रित भएका छन् ।

यो भाग असंख्य स-साना खोला खहरेहरूद्वारा चिराचिरा भएको छ । यो प्रदेशको होचो भाग हावापानीको दृष्टिकोणले मनोरम भएकोले ऐतिहासिक कालदेखि बसोबासको मूलथलो रहेको छ । यो जिल्लाको इलाका भित्र पर्ने सल्यान, धादिङ तथा लामिडाँडा र कोटहरू पनि यही प्रदेशमा पर्दछन् । जिल्लाको ख्याती प्राप्त बाक्लो गाउँहरू अधिक मात्रामा यहीं छन् । यो भागमा जोत्न नसकिने र नजोतिएका जमीनमा शीतझार र मिश्रित वनहरू कतै कतै बाँकी रहेका देखिन्छन् । कतै कतै चाँप, चिलाउने, कटुस आदिका रुखहरू र बाँसघारीहरू पनि छन् । यो प्रदेशमा दक्षिणी सीमानामा रहेका महाभारत पर्वतमाला पनि पर्दछ । यो पर्वत शृङ्खला चूनढुङ्गा, स्लेट, दर्शनढुङ्गा र परिवर्त्य चट्टानका पत्थरहरूबाट बनेको छ । यो प्रदेशको पश्चिमी भागमा जोगीमारा भन्ने स्थानमा चून ढुङ्गाको ठूलो खानी भेटिएको छ । यो प्रदेशबाट धेरै स-साना खोलाहरू उत्पत्ति भएका छन् । यसको उत्तरी ढालमा उत्पत्ति भएका खोलाहरू त्रिशूलीगण्डकी र दक्षिणी ढालमा उत्पत्ति भएका खोलाहरू रापती खोलाका सहायक हुन् । यो क्षेत्रको बाक्लो वनमा पाटेबाघ, ढारे चितुवा, भालू, मृग, लंगूर आदि जङ्गली जनावरहरू पाइन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टार र बेंसीहरू

असंख्य डाँडाहरूको बीच बगेका बूढीगण्डकी, त्रिशूलीगण्डकी, आँखू खोला, थोपल खोला, आदि खोलाहरूका किनारमा फैलिएर रहेका सल्यानटार, गजूरीटार, दर्शनटार, कुमालटार, कल्लेरीटार, तारुकाटार, पीपलटार (भेरी), आदमटार, अमलटार, रिम्भीकटार, परेवाटार, मजुवाटार, पिलटार, कुम्पुर आदि टारहरू र असंख्य स-साना सहायक खोलाहरूको किनारामा रहेका बेंसीहरू यो प्रदेशमा पर्दछन्। यो प्रदेश जिल्लाको खाद्यान्न उत्पादनको महत्वपूर्ण क्षेत्र हो। हाल औलो उन्मूलन प्रायः भइसकेकोले डाँडाहरूबाट प्रशस्त मानिसहरू यो प्रदेशमा स्थायी बसोबास गर्नको लागि झर्न लागेका छन्। यो प्रदेशमा अर्ध-उष्ण जलवायु हुने तथा उर्वरा शक्ति बढी भएकोले धान प्रशस्त लाग्छ। कतै कतै आँप, लिची, उखु, अम्बा आदि फलफूल प्रशस्त फल्दछन्। यो प्रदेशमा घटीमा अन्दाजी ४८८ मिटर (१,६०० फीट) सम्म रहेको होचो भू-भाग पर्दछ। यहाँ साल, चाँप, दार, पीपल, वर, ओखर, आँप, लप्सी आदिका वृक्षहरू हुन्छन्।

हिमालय पर्वतहरू

यो जिल्लामा गणेश हिमाल, शृङ्गी हिमाल र थापले हिमाल शृङ्खलाका धेरै चुचुराहरू छन्। यी सदा हिमाच्छादित पर्वत शृङ्खलाहरू जिल्लाको उत्तरी शृङ्गारको रूपमा रहनुको साथै यिनीहरूका असंख्य हिमनदी-हरूबाट यहाँको खोला नदीहरूले जीवनदान पाएका छन्। हिन्दू सभ्यता र संस्कृतिका मूल स्रोत बनेका यी हिमालय शृङ्खलाहरू यो जिल्लाका बासिन्दाहरूको जीवनका अभिन्न भाग बनेका छन्। युगौंदेखि यिनै गगन-चुम्बी श्वेत टाकुराहरूको हृदयस्पर्शी दृश्यहरू र यिनका वक्षहरूबाट प्रपातित अविरल जल प्रवाहले यो क्षेत्रका मानिसहरूलाई यिनी जस्तै उच्च र महान् बन्ने प्रेरणा मिलेको छ। हिमालय र हिमाली वातावरणको त्यस अलौकिक स्नेह र सम्बन्धले नै सबभन्दा रहर लाग्दो जीवन पद्धतिको रूपमा बाँच्न यहाँका बासिन्दा सफल भएका छन्।

गणेश हिमाल

यो जिल्लामा भएको हिमाली टाकुराहरूमा सबभन्दा ठूलो पर्वत गणेश हिमाल हो। यस पर्वत शृङ्खलामा धेरै टाकुराहरू छन्। सबभन्दा अग्लो टाकुराको उचाइ समुद्रको सतहबाट अन्दाजी ७,४०९ मिटर (२४,२९९ फीट) छ। उक्त टाकुरा नेपाल अधिराज्य र जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित प्रदेशको सीमामा स्थित छ। सो बाहेक ७,१०० मिटर (२३,२८८ फीट) भन्दा बढीका अन्य दुई टाकुराहरू र सोभन्दा होचो धेरै टाकुराहरू उक्त पर्वत शृङ्खलामा छन्। केही दशक यतादेखि हिमालय पर्वतमालामा अति उच्च टाकुराहरू मानिसको शक्ति साहसको लागि ठूलो चुनौति हुन गएका छन्। फलस्वरूप विश्वका विभिन्न देशहरूबाट हिमालय पर्वतारोहणको लागि अधिराज्यमा पहाड चढ्न आएका टोलीहरू यो जिल्लाको सर्वोच्च पर्वतमालातिर पुगेका छन्। सर्वप्रथम ई. सं. १९४९ सालमा ग्रीष्ममा बेलायतका ख्यातिप्राप्त श्री एच. डब्लु. टिलमनको नेतृत्वमा गणेश हिमालको प्रमुख टाकुरोको आरोहण गर्ने सम्बन्धमा अध्ययन गर्न एक टोली आएको थियो। धेरै वर्षको प्रयास पछि स्वीस र फ्रेञ्चहरूको संयुक्त टोलीले ई. सं. १९५५ को हेमन्तमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वप्रथम गणेश हिमाल चढ्न सफल भयो। त्यसपछि ई. सं. १९६० मा केनियाबाट आएको अंग्रेज पर्वतारोहण दलले गणेश हिमालको पूर्वी टाकुरा आरोहण गर्ने सफलता पायो।

गणेश हिमाल शृङ्खला राजधानी शहरबाट पनि राम्ररी देखिन्छ। त्यसको पश्चिमी ढालमा रहेका विशाल हिम झर्ना र हिम नदीहरूको दृश्य प्रभावकारी देखिन्छ।

थापले हिमाल

यो हिमाल उत्तरी सीमास्थित सीमान्त पर्वत शृङ्खला हो। यसको सबभन्दा उच्च टाकुरो पाशो हो। यसको उचाइ अन्दाजी ६,२४५ मिटर (२०,४९५ फीट) छ। यो हिमालका हिम नदीहरू श्यार खोलाका मुहान हुन्। यसको आधार दक्षिणतिर खुलेको गुमोज जस्तो छ। उक्त डोमको मध्यभागमा तबसार तथा अन्य अग्ला चट्टाने पर्वतहरू छन्। ती चट्टान र पर्वतहरू ज्यादै सुन्दर देखिन्छन्।

शृङ्गी हिमाल

यो हिमाल पनि उत्तरी सीमावर्ती सीमान्त पर्वत शृङ्खला हो। यसको सबभन्दा उच्च चुली अन्दाजी ७,१४७ मिटर (२३,५४५ फीट) अग्लो छ। उक्त टाकुरा गोरखासँगको सीमानामा अवस्थित छ। यसका हिम नदीहरू पग्लेर श्यार खोलामा मिसिन्छन्।

नदीनालाहरू

यो जिल्ला गण्डकी प्रदेशमा पर्दछ। मध्यनेपालको गण्डकी नदीका दुई प्रमुख नदीहरू त्रिशूली र बूढीगण्डकीको बीचमा अवस्थित यो जिल्लामा असंख्य ठूला साना खोलाहरू बेनी घाटमा मिसिएपछि त्रिशली गण्डकी भई जिल्लाबाट बाहिर पश्चिमतिर बग्दछ। यो जिल्लाका प्रमुख नदीहरू त्रिशूलीगण्डकी, बूढीगण्डकी हुन्। ती नदीहरूको प्रमुख सहायक नदीहरू महेश खोला, थोपल खोला, आँखू खोला, मलेखु खोला, आप्रा खोला, सामरी खोला आदि हुन्।

त्रिशूली गण्डकी

अधिराज्यको उत्तरी सीमापारि तिब्बतको झुङ्गाजोङको उत्तरमा उत्पत्ति भई छिमेकी जिल्ला रसुवाको मध्यभागबाट बगी सोही जिल्लाको गोसाइँकुण्डबाट झरेको पवित्रधार मिसिएपछि त्रिशूली कहलिएको यो नदी सप्त गण्डकीको एक प्रमुख धार हो। यसको शुरूआतदेखि बेनी घाटसम्मको अन्दाजी २२५ माइल को हिसाबले अधिराज्यको अन्य नदीहरूको दाँजोमा यसको स्थान चौथो हुन आउँछ। नारायणी नदीको कुल पानीको अन्दाजी १५ प्रतिशत यसबाट जाने अनुमान छ। यो नदीमा जिल्लाभित्र कतै पुलको व्यवस्था भएको छैन। यसलाई तर्ने ठाउँमा तुइन र घाटहरूमा डुङ्गाको व्यवस्था गरिएको छ। यसको घाटहरूमा माझी, दरे आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जातिका मानिसहरू माछा मार्ने पनि गर्दछन् । यसको किनारमा कुमालटार, दर्शनटार, बेलटार, गजरीटार आदि टारहरू बनेका छन् । बूढीगण्डकीसँग मिसिनु अगाडि जिल्लाभित्र यसको प्रमुख सहायक खोलाहरू निम्नलिखित हुन्:–

सामरी खोला: रसुवा जिल्लाको किम्ताङको दक्षिणी ढालमा उत्पत्ति भई सामरी डाँडाको उत्तरी ढालको त्रिशूली बजारभन्दा केही दक्षिणमा त्रिशूली गण्डकीमा मिसिन्छ ।

महेश खोला: नागार्जुन डाँडाको पश्चिमी ढाल तथा चन्द्रागिरिको पश्चिमी शृङ्खलाको उत्तरी ढालमा उत्पत्ति भई खानी खोला, आग्रा खोला, साप्याङ खोला आदिको पानी बटुली यो खोला पश्चिमतिर बगेर बेलटार नजीकै त्रिशूलीमा मिसिन्छ । यसको दक्षिण किनाराबाट पोखरा जाने राजमार्गको निर्माण गरिएको छ। यो खोलाको किनारामा भएको फाँटमध्ये दक्षिणी किनारमा रहेको संग्राम टार उल्लेखनीय छ ।

कोल्फू खोला: कमनी र कुमारी भञ्ज्याङको शृङ्खला दक्षिणी ढालमा उत्पत्ति भई नागार्जुनको उत्तरी तथा पश्चिमी ढालको पानी समेत मिसिएको यो खोला जिल्लाको सीमानाको रूपमा पश्चिम बगी कल्लेरी घाटमा त्रिशूलीमा मिसिन्छ ।

मलेखु खोला: जिल्लाको दक्षिणी सीमानाको रूपमा रहेको महाभारत पर्वत शृङ्खलाको दक्षिणी ढालमा उत्पत्ति भई भलायखर्क, रिचोक हुँदै उत्तरतर्फ बगी निपाने नजीकै त्रिशूलीमा मिसिन्छ ।

थोपल खोला: जिल्लाको मध्यभागस्थित सामरी, सल्ले, कटुञ्जे, ज्यामरुङ आदि डाँडाहरूको दक्षिणी पाखोहरूमा उत्पत्ति भई साँखु खानी गाउँ हुँदै दक्षिण बगी निपाने नजीकै त्रिशलीमा मिसिन्छ ।

बूढीगण्डकी

अधिराज्यको उत्तरी सीमा पारि तिब्बतको झुङ्गजोङको पश्चिमबाट उत्पत्ति भई कुताङ खोलाको इलाका भई नेपालभित्र प्रवेश गरेपछि लार्के भोट, मनासलु हिमाल, हिमालचुलीको हिम नदीहरू मिसिएपछि बूढी गण्डकी कहलिएको यो नदी केही माइल पूर्व बगेपछि जिल्लाको पश्चिम सीमानाको रूपमा दक्षिणतर्फ बग्दछ र बेनीघाटमा पुगी त्रिशूलीगण्डकीमा मिसिन्छ । यो नदी सप्तगण्डकीमध्ये एक हो । यो नदीको किनारै किनार भोट जाने बाटो गोरखाका राजा राम शाहको राज्यकालदेखि रहिआएको छ । गत केहीसाल अगाडि यो नदी-को गहिरो खोंचमा लागुबेंसी निर पहिरो गएकोले केही दिनसम्म नदी थुनिएको थियो पछि सो पहिरोकै पर्खाल भत्केपछि आरुघाटको पुल समेत बगाइएको थियो । यो नदीको पूर्वी किनारस्थित सल्यानटार धादिङ जिल्लाको एक महत्वपूर्ण टार हो ।

यो नदीको पूर्वी किनारमा मिसिने धेरै ठूला साना सहायक खोलाहरू यही जिल्लाभित्र पर्दछन् । त्यस्ता असंख्य खोलाहरूमध्ये दुई उल्लेखनीय खोलाहरू श्यार र आँखू हुन् ।

श्यार खोला: यो खोलाको उत्पत्ति थापले हिमालको दक्षिणी हिम नदीहरूबाट भएको छ । यसमा शृङ्गी हिमालका पूर्वी हिम नदीहरू तथा गणेश हिमालका उत्तरी हिमनदीका पानी समेत मिसिएका छन् । यो खोला श्यार भोट इलाकामा पश्चिमतिर केही माइल बगेपछि ङयाक नजीकै बूढीगण्डकीमा मिसिन्छ । यो खोलाको किनारमा मानिसहरूको बसोबास छ । जिल्लाको सबभन्दा उत्तरको बस्ती भएको इलाका यही हो ।

आँखू खोला: गणेश हिमालको दक्षिणी शृङ्खलामा उत्पत्ति भई जिल्लाको मध्यभागबाट असंख्य स-साना सहायक खोलाहरू जस्तै सुकोरा, लापाङ, मञ्जित, गुम्बुङ आदिको पानी मिसिएको यो खोला जिल्लाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबभन्दा महत्वपूर्ण खोला हो । यो खोला सल्यानटार नजीकै बूढीगण्डकीमा मिसिन्छ । यो खोलामा विभिन्न ठाउँमा परेको दहहरूमा माछा खूब हुन्छ । यो खोला र बढीगण्डकी बीच रहेको सल्यानटार उल्लेखनीय छ ।

दह र कुण्डहरू

यो जिल्लामा भएको कुण्डहरूमा कालो-सेतो दह, बूदाङ कुण्ड, गणेश कुण्ड, गङ्गा-जमुना कुण्ड उल्लेखनीय छन् । गङ्गा-जमुना कुण्डबाट गङ्गा-जमुना कहलिएको दुई वटा झर्नाहरू झरेका छन् । गणेश हिमालको दक्षिणतर्फ रहेका हिमाली कुण्डहरू अति दर्शनीय छन् ।

झार्लाङ गाउँ पञ्चायत इलाकामा आँखू खोलाको किनारमा तातोपानीको मूल छ । यो स्थानमा चैत महीनामा नुहाउने मेला लाग्दछ । उक्त मेलामा वरिपरिका तामाङ, गुरुङ, बाहुन, क्षेत्री आदि जातिका मानिसहरू भेला हुने गर्दछन् ।

हावापानी

यो जिल्लामा दक्षिण–पश्चिम मनसुनी हावाको प्रभावले असारदेखि भदौसम्म पानी पार्दछ । हिउँदमा पश्चिमतिरबाट आउने आँधीबेहरीले केही पानी पार्दछ । तर मनसुनी हावाले पार्ने पानीको दाँजोमा हिउँदे वर्षा निकै थोरै छ । जिल्लामा विभिन्न उचाइको विभिन्न भौगोलिक स्थानहरू भएकोले विभिन्न किसिमको हावापानीको प्रभावहरू परेको देखिन्छ । ती विभिन्न उचाइका डाँडा, बेंसी, हिमाल र भोट इलाकाहरूमा विभिन्न अनुपातमा वर्षा हुने तथा तापक्रमको अनुपात पनि फरक हुने हुन्छ ।

यो जिल्लामा तापक्रम पत्ता लगाउने मौसम अवलोकन केन्द्र नभएको हुनाले यहाँको तापक्रमको अनुमान गर्नको लागि छिमेकी जिल्लाहरूको सन् १९६९ र १९७० दुई वर्षको तापक्रमको अभिलेखहरू तल प्रस्तुत गरिएको छ । प्रस्तुत अभिलेखहरू नुवाकोट जिल्लाको अन्दाजी ९७० मिटर (३,१८२ फीट) को उचाइमा रहेको नुवाकोट डाँडा र गोरखा जिल्लाको अन्दाजी १,१३५ मिटर (३,७२३ फीट) को उचाइमा रहेको गोरखा बजारस्थित केन्द्रहरूबाट लिइएका छन् ।

तापक्रमको तालिका (सेन्टिग्रेडमा)

	नुवाकोट				गोरखा			
	१९७०		दुई वर्षको औसत (१९६९–१९७०)		१९७०		दुई वर्षको औसत (१९६९–१९७०)	
	अधिक	न्यून	अधिक	न्यून	अधिक	न्यून	अधिक	न्यून
जनवरी	१९.३	८.९	१९.१	९.१	१७.६	६.४	१७.७	६.६
फेब्रुअरी	१९.३	८.९	२१.३	१०.१	१९.६	७.८	२०.६	८.६
मार्च	२६.९	१४.६	२७.५	१५.५	२५.१	१२.३	२५.८	१३.४
अप्रिल	३०.९	१९.४	३१.३	१९.३	२९.४	१६.९	२९.६	१७.०
मे	३२.१	२०.९	३१.७	२०.८	२९.९	१८.२	२९.७	१८.३
जून	२८.८	२१.०	२९.९	२१.१	२८.०	१८.०	२८.५	१८.८
जुलाई	२८.४	२१.३	२८.९	२१.४	२७.६	१९.१	२७.७	१९.२
अगष्ट	२८.७	२१.१	२८.७	२१.२	२७.८	१८.४	२७.४	१८.७
सेप्टेम्बर	२८.७	२०.७	२८.२	२०.५	२७.६	१८.१	२६.९	१८.०
अक्टोबर	२७.२	१८.०	७.३	१७.४	२६.०	१४.९	२५.८	१४.६
नोभेम्बर	२४.६	१३.१	२४.८	१३.५	२२.८	१०.३	२२.८	१०.८
डिसेम्बर	२०.६	९.२	२०.९	९.८	१९.३	६.९	१९.६	७.५
वार्षिक	२६.३	१६.४	२६.७	१६.६	२५.०	१४.०	२५.१	१४.४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो जिल्लाको मध्य पहाडी भाग र सदरमुकाम समेत गोरखा र नुवाकोटको बीचमा अवस्थित भएको हुनाले ती छिमेकी जिल्लाहरूमा रहेको मौसम अवलोकन केन्द्रहरूमा अभिलेख गरिएका तापक्रमले यहाँको सम उचाइका भू-भागलाई प्रतिनिधित्व गर्न सकिन्छ। उपर्युक्त तापक्रमको तालिकानुसार नुवाकोटमा उक्त दुई वर्षको औसत अधिकतम तापक्रम २६.७° सेन्टिग्रेड र न्यूनतम तापक्रम १६.६° सेन्टिग्रेड रहेको छ। सबभन्दा बढी गर्मी तीन महीना (अप्रिल, मे, जून) मा हुन्छ। सन् १९६९ मा सबभन्दा धेरै गर्मी मे २५ तारीख को दिन भएको थियो। सो दिनको अधिकतम तापक्रम ३६.३° सेन्टिग्रेडसम्म पुगेको थियो। सबभन्दा कम तापक्रम हिउँदको तीन महीना (डिसेम्बर, जनवरी, फेब्रुअरी) मा हुन्छ। सोही साल न्यूनतम तापक्रम जनवरी १५ तारीखको दिन थियो। सो दिनको न्यूनतम तापक्रम ५° सेन्टिग्रेड मात्र रहेको थियो।

यो जिल्लाको पश्चिमतिर रहेको गोरखा मौसम अवलोकन केन्द्रको अभिलेखअनुसार अधिकतम गर्मी अप्रिलदेखि जूनसम्म तीन महीनाभित्र र हिउँदमा न्यूनतम तापक्रम डिसेम्बरदेखि फेब्रुअरीसम्म तीन महीनाभित्र हुने देखिन्छ। उक्त केन्द्रको अभिलेखानुसार सन् १९६९ र १९७० तक दुई वर्षको अधिकतम औसत तापक्रम २५.१° सेन्टिग्रेड र न्यूनतम औसत तापक्रम १४.४° सेन्टिग्रेड रहेको देखिन्छ। सन् १९६९ मे महीनाको २४ र २५ तारीखका दिन सालमा सबभन्दा बढी तापक्रम अर्थात् ३५° सेन्टिग्रेड र जनवरी १५ तारीखको दिन सालमा सबभन्दा कम तापक्रम अर्थात् ३.७° सेन्टिग्रेड रहेको थियो।

उपर्युक्त दुवै अभिलेखअनुसार अवलोकन केन्द्रहरू रहेका स्थानहरूमा शीतोष्ण हावापानीको प्रभाव रहेको अनुमान गर्न सकिन्छ। यहाँ गर्मीमा धेरै गर्मी नहुने र हिउँदमा धेरै जाडो पनि हुँदैन।

माथि उल्लिखित केन्द्रहरूमा अभिलेख गरिएअनुसार सन् १९६९ को वार्षिक औसत सापेक्षिक आर्द्रता नुवाकोटमा बिहान ७२ प्रतिशत र साँझ ५८ प्रतिशत अो गोरखामा बिहान ७१ प्रतिशत र साँझ ६५ प्रतिशत देखिन्छ।

शीतप्रधान उच्च भू-भागहरूमा ज्यादै ठण्डा हुन्छ। ज्यादै उच्च भाग सधैंभरी हिउँले ढाकिएको हुन्छ। गण्डकीको किनारमा रहेका केही बेंसी टारहरूमा गृष्ममा गर्मी हुन्छ।

यो जिल्लामा माथि उल्लेख गरिएअनुसार हिन्द महासागरमा उत्पत्ति भई समुद्रको जलवाष्प बोकी ल्याउने मनसुनी हावाले वर्षामा र भूमध्यसागरतिरबाट उठी आउँने आँधीबेहरीले हिउँदमा पानी पार्ने गर्दछन्। निम्नलिखित स्थानहरूमा रहेका वर्षा नाप्ने केन्द्रहरूमा भएको वर्षाको अभिलेखहरूबाट यो जिल्लामा हुने हिउँदे तथा वर्षे वर्षाको आँकडा लिन सक्ने भएकोले सन् १९७० को अभिलेख मिलिमिटरमा तल दिइएको छ। तर दिइएका केन्द्रहरूको उचाइ र जिल्ला निम्नप्रकार छन्:–

वर्षाको तालिका (मिलिमिटरमा)

महीना	धादिङ (१,४४० मिटर)	चिसापानी गढी (१,७२८ मिटर)	आरुघाट (५४९ मिटर)
जनवरी	४५.६	२९.५	६२.४
फेब्रुअरी	४६.०	३२.०	७.४
मार्च	२५.८	३१.५	१४.९
अप्रिल	८२.४	७४.५	१४९.६
मे	११३.०	१०१.१	४३.४
जून	३०६.६	४१५.०	६९१.८
जुलाई	६७७.७	१,२१५.०	७४४.६
अगष्ट	६००.२	३७३.९	५११.०
सेप्टेम्बर	१९९.६	२११.४	४८४.२
अक्टोबर	२४.२	३०.४	४०.०
नोभेम्बर	०.०	०.०	१.०
डिसेम्बर	०.०	०.०	०.०
वार्षिक जम्मा:	२,१२१.१	२,५१४.३	२,७४९.३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाबाट जिल्लाको मध्यभाग र जिल्लाका वरिपरि रहेका छिमेकी जिल्लाहरूमा भएको वर्षा देखाइएको छ। आरुघाट बजारमा भएको अभिलेखबाट जिल्लाको पश्चिम सीमामा रहेको बूढी गण्डकी बेंसी इलाकाको वर्षाको आँकडा लिन सकिन्छ। त्यस्तै चिसापानी गढीको वर्षाको अभिलेखबाट यो जिल्लाका महाभारत पर्वतमालास्थित दक्षिणी भेकमा हुने वर्षाको सङ्केत पाइन्छ। अधिकांश वर्षा जूनदेखि सेप्टेम्बर अर्थात् मध्यअसारदेखि भदौसम्म हुन्छ। जिल्लाको सदरमुकाम धादिङमा गरिएको अभिलेख अनुसार सन् १९७० मा २,१२१.१ मिलिमिटर (८३.५ इन्च) पानी परेको देखिन्छ। सन् १९६९ मा २४ घण्टाभित्र सबभन्दा बढी वर्षा जुलाई ६ तारीखको दिन भएको थियो। उक्त वर्षाको परिमाण १२२.० मिलिमिटर (४.८ इन्च) थियो।

माथि उल्लेख गरिएको वर्षाको विवरणबाट यो जिल्लाको विभिन्न भागहरूमा वर्षाको अनुपात फरक रहेको पाइन्छ। साथै गणेश हिमालदेखि उत्तर स्थित श्यार भोट इलाकामा वर्षा निक्कै कम हुन्छ। सो इलाकामा वार्षिक वर्षा अन्दाजी ५०० मिलिमिटर (१९.६ इन्च) मात्र हुन्छ। उच्च पहाडी भाग र भोट इलाकामा हिउँ पर्दछ।

यहाँको विभिन्न उचाइको विभिन्न भौगोलिक प्रदेशहरूमा तापक्रम र वर्षाको भिन्नताको कारण निम्नकिसिमको हावापानी पाइन्छः—

(१) अति शीतप्रधान हिमाली हावापानी
(२) शीतप्रधान लेकाली हावापानी
(३) ठण्डाशीतोष्ण हावापानी
(४) न्यानोशीतोष्ण हावापानी

अति शीतप्रधान हिमाली हावापानी

हिमरेखा अन्दाजी ४,८७८ मिटर (१६,००० फीट) र सोभन्दा माथिका उचाइ भएको गणेश हिमाल, थापले हिमाल र भृङ्गी हिमालको अधिकांश भागमा बाह्रै महीना हिउँ रहने हुनाले अति शीतप्रधान हिमाली हावापानीको प्रभाव रहेको छ। यो हावापानी पाइने भाग हिमाली मरुभूमि सरह हुन्छ। त्यहाँ कुनै किसिमको वन-वनस्पति हुँदैन।

शीतप्रधान लेकाली हावापानी

हिमरेखादेखि मुनि वृक्षरेखासम्म अन्दाजी ३,९६३ मिटर (१३,००० फीट) सम्मको उचाइको भू-भागमा हिउँदमा धेरै हिउँ पर्ने र वर्षामा पनि तापक्रम कम हुने हुनाले शीतप्रधान लेकाली हावापानी पाइन्छ। त्यस भू-भागमा अन्दाजी आठ महीना हिउँले छोपिने हुन्छ। यस्तो ठाउँमा अग्ला रूखहरूको बाक्लो वन हुँदैन। वृक्षरेखादेखि माथि सुनपाती, भैरुम्पाती आदिको साथै स-साना काँढेदार बुटाहरू मात्र हुन्छन्। वर्षामा हिउँ नहुने हुनाले यहाँ पाइने उच्च खर्कहरूमा भेडा बाख्रा तथा चौंरीहरू चराउन लैजाने गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठण्डाशीतोष्ण हावापानी

वृक्षरेखादेखि मुनि अन्दाजी २,१३४ मिटर (७,००० फीट) सम्मको भू-भागमा ठण्डाशीतोष्ण हावापानी हुन्छ। यो भागमा हिउँदमा केही बढी ठण्डी र वर्षामा शीतल हुने हुन्छ। यस भागको उच्च ठाउँमा हिउँदमा हिउँ पनि पर्दछ। यो भागमा सदाबहार कोणधारी वनको प्राधान्यता छ। जिल्लाको मुख्य वन, वनस्पति र जीव जन्तुहरू यही भागमा केन्द्रित रहेका छन्।

न्यानोशीतोष्ण हावापनी

करीब २,१३४ मिटर (७,००० फीट) भन्दा होचो डाँडाहरू र टार बेंसीहरूमा न्यानोशीतोष्ण हावापानी हुन्छ। यो भू-भागमा हिउँदमा केही ठण्डा र वर्षामा केही बढी न्यानो हुन्छ। बूढीगण्डकीको दक्षिणी भेकको बेंसी, टारहरू र त्रिशूलीगण्डकीको बेंसी धेरै होचो र गहिरा भएकोले वर्षामा निक्कै गर्मी हुने भई अर्ध उष्ण (सब ट्रपिकल) हावापानीको प्रभाव परेको छ। जिल्लाको अधिक जनसंख्या यही भू-भागमा केन्द्रित रहेको छ र जिल्लाको अधिकांश कृषियोग्य भूमि पनि यही भागमा रहेको छ।

प्राकृतिक वनस्पति

यो जिल्लामा भौगोलिक तथा जलवायुको विभिन्नताको कारण विभिन्न किसिमका वन-वनस्पति पाइन्छन्। साधारणतया यहाँ पाइने वन-वनस्पतिलाई निम्न तीन किसिममा विभाजन गर्न सकिन्छः–

(१) लेकाली वन
(२) ठण्डा शीतोष्ण कोणधारी वन
(३) मिश्रित र पतझड वन

लेकाली वन

हिमरेखादेखि मुनि वृक्षरेखासम्म काँढेदार बुटाहरू र घाँसमात्र उम्रन्छन्। कतै कतै वृक्षरेखा नजीकै धूपीको बाउँठिएका बुटाहरू, सुनपाती, भैरुम्पातीका बुटाहरू हुन्छन्। वृक्षरेखादेखि माथि अनेक किसिमको फूलहरू फुल्ने स-साना बुटाहरू र घाँसहरू मात्र हुन्छन्। हिउँदमा ज्यादा हिउँ पर्ने र करीब आठ महीनासम्म हिउँले ढाकिरहने हुँदा यहाँको वनको आफ्नै विशेषता छ। यहाँ नीरमसी, हरिताल जटामसी, पांच औंले आदि वनस्पतिहरू पाइन्छन्। वर्षामा हिउँ पग्लेपछि पलाउने घाँसे पाटनहरूमा भेडी तथा चौंरी गोठहरू चराउन लैजाने गरिन्छ।

ठण्डाशीतोष्ण कोणधारी वन

अन्दाजी २,१३४ मिटर (७,००० फीट) को उचाइदेखि वृक्षरेखासम्म फैलिएको सदाबहार रहने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोणधारी वृक्षहरूको प्राधान्यता भएको यो वन जिल्लाको सबभन्दा बढी महत्वपूर्ण वन हो। यस्तो वन दक्षिणी ढालभन्दा उत्तरी ढालमा बढी रहेको पाइन्छ। यो वनमा मुख्यतया विभिन्न किसिमको सल्लो, गुराँस, धूपी, खस्रु आदि वृक्षहरू हुन्छन्। कतै कतै निगालोको झाडीहरू छन्।

मिश्रित तथा पतझड वन

सदाबहार कोणधारी वन पाइने भागभन्दा होचो भागतिर मिश्रित तथा पतझड वन पाइन्छ। यो वनमा हिउँदमा पात झर्ने रूखहरूसँग सल्लो, गुराँस तथा सदाबहार अर्ध उष्ण रूखहरू मिसिएको छ। होचो नदी बेंसीहरूमा अर्ध उष्ण वन रहेको छ। यो वनमा पाइने मुख्य वृक्षहरूमा चिलाउने, खयर, सिमल, चाँप, ओखर, कटुस, दार, सादन, आँप, पीपल, बर आदि हुन्।

साथै जिल्लामा पाइने औषधि उपचारको लागि उपयोगी वनस्पतिहरूमा पाँच औंले, तितो, नीरमसी, कुड्की, पदमचाल, जेठी मधु, अल्लो, कागजीपात आदि हुन्।

पशु-पक्षी

यो जिल्लामा विभिन्न वन-वनस्पति पाइए झैं पशु-पक्षीहरू पनि विभिन्न किसिमका पाइन्छन्। यहां बाक्लो वन हुने ठाउँमा पाइने बाघ, भालू, चित्तल, चितुवा, बँदेल आदिदेखि लिएर वन पाखाहरूमा हुने भालू, चितुवा, थार, घोलर, झारल, नावर, लंगूर आदि पशुहरू पनि पाइन्छन्। यहाँ रहेको ठण्डाशीतोष्ण वनको उच्च भाग र लेकाली वनहरूमा दुर्लभ कस्तूरी, वन मूसो, मलसाँप्रो आदि जन्तुहरू पाइन्छन्।

यहाँ पाइने पक्षीहरूमा मुख्यतया डाँफे, मोनाल, तित्रा, कालीज, बटाईं, प्यूरा, जुरेली, ढुकुर, सुगा, सारौं, बोडाई, धोबी, लाटोकोशेरो, हलेसो, कलचौंडे, चाँचर, भ्याकुर, लाहाचें, मैना आदि हुन्।

वन संरक्षण र विकास

यो जिल्लाको वन इलाकालाई छ वटा रेञ्जमा विभाजित गरिएको छ। ती छ वटा रेञ्ज कार्यालयहरू काठमाडौं, चितवन र त्रिशूलीमा रहेका डी. यफ. ओ. कार्यालयहरूका मातहतमा छन्। जिल्लामा भएको वनको रेखदेख गर्ने रेञ्ज कार्यालयहरू निम्न हुन्:—

त्रिशूली डिभिजन अन्तर्गत बूढाथुम रेञ्ज
त्रिशूली डिभिजन अन्तर्गतको आँखू रेञ्ज
त्रिशूली डिभिजन अन्तर्गतको तादी रेञ्ज
चितवन डिभिजन अन्तर्गतको कान्द्राङ गढी रेञ्ज
चितवन हेटौंडा डिभिजन अन्तर्गतको भैंसे रेञ्ज
काठमाडौं डिभिजन अन्तर्गतको थानकोट रेञ्ज

त्रिशूली डिभिजन अन्तर्गत पर्ने बूढायुम र आँखू रेञ्ज कार्यालयहरूको मातहत परेको वनको वन सीमा सर्मेक्षण भइसकेको छैन। ती रेञ्जहरूको रेखदेख भित्र पर्ने गणेश हिमाल र जिल्लाको उत्तरी डाँडाहरूमा भएको वनमा पाइने वन जन्तुको संरक्षण गर्ने गर्दछन्। कस्तूरी, थार आदि दुर्लभ हिमाली वन जन्तुको चोरी शिकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रोकथाम कार्य चालू गरिएको छ। धादिङ रेञ्जमा पर्ने धादिङ सुनौला बजार गाउँ पञ्चायतको तारुखर्क वन, फिरकेप चारघरे गाउँ पञ्चायतको फिरकेप वन, शाङकोश गाउँ पञ्चायतको खुर्पा खोला कालिचनी जङ्गल, मंधी गाउँ पञ्चायतको खुर्सानि र रातमोटे वन गरी चार वन इलाकाको सीमाङ्कन गरी रेखाङ्कन खम्बाहरू गाडिसकेको देखिन्छ ।

अन्य रेञ्ज अन्तर्गतका वन इलाकाहरूमध्ये तादी रेञ्ज र थानकोट रेञ्जका केही भागमा रेखाङ्कन कार्य भइसकेको छ। ती रेञ्ज कार्यालयहरूमा स-साना नर्सरीहरू छन्। साथै वृक्षरोपण र वन जन्तु संरक्षण कार्य चालू रहेको छ।

खनिज पदार्थ

यो जिल्लामा विभिन्न खनिज पदार्थहरू फेला परेका छन्। पहिलेदेखि यहाँ रहेको स्लेट र पत्थर खानीहरूबाट स्थानीय जनताहरूले स्लेट र पत्थर झिक्ने गर्दछन्। खानीमा काम गर्ने विशेष जाति वा वर्ग नभए पनि खेतीको लागि भूमि पर्याप्त नहुने व्यक्तिहरूले खानीबाट स्लेट र पत्थर झिकी जनतालाई बिक्री वितरण गर्ने गर्दथे। कल्लेरी गाउँ पञ्चायत अन्तर्गत डुम्रिचौर स्थित पत्थर खानीमा खानी विभागले ठेक्का लगाइदिएको छ। कुम्पुर गाउँ पञ्चायत र धादिङमा स्लेटका खानीहरू छन्। सुनौला बजार वरिपरि तथा नजीकका अन्य गाउँहरूका सम्पन्न मानिसहरूले आफ्ना घरमा स्लेटको छाना छाउने गरेका छन्। उक्त स्लेटको खानीहरूमा कति डिपोजिट रहेको छ भन्ने कुरा थाहा पाइएको छैन। साथै यहाँ भएको रासायनिक चून ढुङ्गालाई सार्कीहरूले छाला पकाउने काममा प्रयोग गरेका छन्।

यो जिल्लाको दक्षिण–पश्चिम कुनामा अवस्थित जोगीमारा गाउँ पञ्चायत इलाकामा एक ठूलो रासायनिक चून ढुङ्गा खानी भेट्टाइएको छ। उक्त खानीलाई अधिराज्यमा हालसम्म फेला परेका प्रमुख खानीहरूमा गणना गरिएको छ। सो खानीमा अन्दाजी पाँच लाख टन रासायनिक ग्रेडको चून ढुङ्गाको डिपोजिट रहेको अनुमान गरिएको छ। हाल अधिराज्यको विभिन्न उद्योगहरूमा आवश्यक पर्ने रासायनिक चूनढुङ्गा विदेशबाट पैठारी गर्ने गरिएको छ। वीरगञ्जस्थित चीनी कारखानामा प्रयोगको लागि सालको अन्दाजी ६,००० टन चूनढुङ्गा भारतबाट पैठारी गर्ने गरिएको छ। विशेषज्ञहरूको भनाइअनुसार भारतबाट पैठारी गरिने चूनढुङ्गा अन्दाजी ९५ प्रतिशत क्यालसियम कार्बोनेट भएको बुझिन्छ। उक्त जोगीमाराको खानीबाट झिकिएको नमूनामा अन्दाजी ९६ प्रतिशत क्याल्सियम कार्बोनेट भएको देखिन्छ। उक्त खानीको प्रशोधनको लागि आवश्यक अध्ययन भइरहेको छ।

यो जिल्लामा पाइएका खानीहरूमध्ये सबभन्दा बढी खनिज धन गणेश हिमालको फेदीमा अन्दाजी ४,४२१ मिटर (१४,५०० फीट) को उचाइमा अवस्थित सेर्तुङ गाउँ पञ्चायतमा पर्ने लिप्लिङको लेकको सेरकापिङ, लारी, सुल्पे, पोटानजी आदि स्थानहरूमा फेला परेको जस्ता र सीसाको खानी हो। उक्त खानीको सम्भाव्यता विषय अध्ययन गर्न भारतको हैदरावाद एस्वेष्टस प्रा. लि. र क्यानाडा स्थित कम्पनीलाई सुम्पिएको थियो। हालसम्मको अध्ययनको आधारमा उक्त खानीका अन्दाजी २,२००,००० टम कोरा लीड (सीसा) र जिन्कको (जस्ता) डिपोजिट रहेको बुझिएको छ। सो खानी प्रशोधन सम्बन्धमा आवश्यक व्यापारिक सम्भाव्यताको अध्ययन पूरा भइसकेको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

यो जिल्ला लिच्छविकाल र पूर्वमध्यकालमा काठमाडौंबाट शासित थियो। पछि काठमाडौं याने केन्द्र सरकार कमजोर भएपछि यस इलाकामा मगरहरूले स्वतन्त्र भई शासन चलाएका थिए। पछि यो इलाका गोरखाका शासक राम शाहले विजय गरी राज्य गरेकोले यहाँको इतिहास गोरखाको इतिहाससँग सम्मिलित छ।

लमजुङ र तनहूँसितको राज्यको पश्चिम सीमाना निश्चित् गरी सीमानाको रक्षाको लागि सिह्लानचोकमा गढी बनाई पहरा बलियो गराएपछि राम शाहले बूढीगण्डकीदेखि पूर्वपट्टि रहेका मगर इलाकाहरूमा समेत बाहुन, क्षेत्रीहरूको बस्ती बसाउँदै त्रिशूलीगण्डकीसम्म गोरखा राज्यको विस्तार गरे। यसरी विस्तार गरिएको बूढीगण्डकी पारिको क्षेत्रका रक्षार्थ सल्यान नाम गरेका डाँडामा गढी बनाई भगवतीको मूर्ति स्थापना गराएका थिए। उक्त संस्कृत भाषामा रचिएका केही श्लोक र उस समय प्रचलित गोरखाली खस भाषाको गद्य लेख कुँदिएको "महिन खम्बा" नामक शिलास्तम्भ स्थापना गराएका थिए। त्यस गढी स्थापना गरिएको डाँडा हाल धादिङ जिल्लाको सल्यानकोट गाउँ पञ्चायतमा पर्दछ। त्यस्तै सल्यानकोटको दक्षिण-तर्फ रहेको मगर इलाकाहरूमा पनि बाहुन, क्षेत्री, कामी, दमाई, सार्की आदि जातिका मानिसहरूको बस्ती बसाई गोरखा राज्यको विस्तार गरी धादिङको डाँडामा पनि एक अर्को गढी निर्माण गरेका थिए। त्यसरी राम शाहले वर्तमान धादिङ जिल्ला इलाकामा मगरहरूलाई पराजित गरी आफ्नो अधिकार जमाई सल्यान र धादिङका डाँडाहरूमा गढीहरू निर्माण गरेपछि नवोदित गोरखा राज्य पनि नेपाल उपत्यकाको विकसित कान्तिपुर तथा ललितपुरका मल्ल राज्यहरूको मुखामुख हुन पुग्यो। यसरी राम शाहको पालामा भएको पूर्वतर्फको विस्तार नै गोरखा राज्य बढेर विशाल नेपाल अधिराज्यमा परिणत हुने कार्यको शुभारम्भ थियो। यसंकारण राम शाहलाई राष्ट्र निर्माता पृथ्वीनारायण शाहका अग्रदूत (Fore-runner) भनिन्छ।

दूरदर्शी राम शाहले सल्यान गढी र धादिङ गढीको सामरिक महत्व पहिले नै विचार गरिसकेका थिए। यिनले कान्तिपुरका ठकुराईका नुवाकोट जिल्लातिर घुस्न र उसतिरबाट पनि आक्रमण रोक्नाका निमित्त सल्यान गढी र ललितपुरका ठकुराईभित्र परेका लामिडाँडा जिल्लातिर घुस्न र उसतिरबाट हुने आक्रमण रोक्नाका निमित्त धादिङ गढीले काम दिने गरेको थियो। धादिङ जिल्ला अन्तर्गतको सल्यानकोट र धुँवाकोट पूर्व मल्ल-कालमा नुवाकोट इलाकाभित्र नै पर्दथ्यो। राम शाहले राज्यविस्तार गरेपछि गोरखा राज्य र कान्तिपुर राज्यको दोसाँध त्रिशूलीगण्डकी भए।

बूढीगण्डकी र त्रिशूलीगण्डकीको बीच भागमा गोरखा अधिपति राम शाहले बाहुन, क्षेत्री, कामी, दमाई, सार्की आदि जातिका मानिसहरूको बस्ती बसाई गोरखा राज्यको विस्तार गरिनु अघि त्यस क्षेत्रमा मगर जातिका मानिसहरूको बस्ती थियो। त्यस्तै त्यस क्षेत्रको पूर्व-उत्तर र उत्तरतर्फको इलाकामा तामाङहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बस्ती थियो। सामरी भञ्ज्याङदेखि पूर्वको डाँडाहरूमा बसोबास गरिरहेका भोटेहरूले कान्तिपुरका मल्ल शासकहरूको समर्थन गरेकोले त्यसतर्फ गोरखाको आधिपत्य भइसकेको थिएन।

ललितपुरको लामिडाँडा र गोरखाको धादिङ इलाका जोडिएको हुनाले ई. सं. १६२१ मा सिद्धि नरसिंह मल्लले कान्तिपुरबाट ललितपुर छुट्याएर लिएपछि कुती र केरुङ भई भोटबाट आउने नून कान्तिपुरले रोकिदिएमा ललितपुरमा नून खान नपाउने आशङ्का गरी त्यस्तो स्थिति आइपरेको बेला गोरखा राज्यको लार्के भञ्ज्याङको बाटो गरी ल्याइने नून लामिडाँडाको बाटो गरी ललितपुरसम्म पुऱ्याउने उद्देश्यले गोरखा राज्यसँग वाणिज्य सन्धि गरे। सो सन्धि भएपछि सौगातको रूपमा ललितपुरका राजाले राम शाहलाई एउटा हात्ती पनि दिएका थिए। साथै सन्धिअनुसार ललितपुरबाट कपडा बुन्ने शिल्पकारहरू, भाँडा वर्तन बनाउने कारीगरहरू आदि गई गोरखामा व्यवसाय गर्न लागे।

राम शाहले गोरखा राज्यको संगठनलाई मजबूत बनाउने सिलसिलामा सल्यान र धादिङ गढीहरूमा सीमित मात्रामा भए पनि सैनिक शिक्षाको व्यवस्था गरेका थिए। पछि वृहत् नेपाल अधिराज्य एकीकरणको सिलसिलामा सर्वप्रथम नुवाकोटमाथि चढाइ तथा उपत्यकामा समेत आक्रमण गर्नको लागि ती नै गढीहरूमा सैनिक तालीम दिइएको बुझिन्छ।

पृथ्वीनारायण शाहका बाजे वीरभद्र शाह भक्तपुरबाट बिरामी भई गोरखा फर्कंदा बूढीगण्डकीको किनारमा अवस्थित आरुघाटमा परलोक भएपछि पृथ्वीपति शाहका अन्य छोराहरू दलु शाह र उद्योत शाहले गोरखा राज्यको उत्तराधिकारी बन्ने होडबाजी चलाएका थिए। युवराज वीरभद्र शाह परलोक हुँदा उनकी धर्मपत्नी मल्लिकावती आफ्नो माइती तनहूँ दरबारमा गर्भवती थिइन्। यिनका कोखबाट छोरा नरभूपाल शाहको जन्म भएको कुरा गोरखा राजदरबारमा पुगेपछि दुवै झगडालु राजकुमारहरू जिल्लिएका थिए। तत्पश्चात् रानी मल्लिकावती आफ्ना छोरा सहित गोरखा फर्केपछि पृथ्वीपति शाहले नाति नरभूपाल शाहलाई आफ्नो उत्तराधिकारी घोषित गरी दलु शाह र उद्योत शाह दुवैलाई बूढीगण्डकीको पूर्वतर्फ धादिङ इलाकामा बसोबासको प्रबन्ध गरी गोरखा बाहिर राखे।

कालान्तरमा नेपाल अधिराज्यको एकीकरणको कार्यमा धादिङ इलाकाको ठूलो महत्व रहेको देखिन्छ। हुन त अधिराज्यको विभिन्न रजौटा तथा इलाकाहरूको प्रत्येकको एक न एक भूमिका रहेको छ तर नेपाल एकीकरणको प्रथम चरणमा नुवाकोट र त्यसपछि काठमाडौं उपत्यका विजय अभियान धादिङको भूमिबाट हुन गएको छ। श्री ५ पृथ्वीनारायण शाहको नेपाल उपत्यका माथि अधिकार जमाउने महत्वाकांक्षाको परिपूर्तिका दिशामा धादिङ इलाका पहिलेदेखि नै गोरखा राज्यभित्र रहेको इलाका भएको हुनाले त्यस ठाउँ एक प्रमुख आधार शिविरको रूपमा रहेको देखिन्छ। नरभूपाल शाहकै पालामा गोरखा दरबारभित्र गडबडी नहोस् भनी नरभूपालकी जेठी महारानी चन्द्रप्रभाको उद्देश्यानुसार पाण्डे गुरुज्यूहरूले बाधा पार्न नसक्ने गरी धादिङ इलाकाको मैंघी भन्ने ठाउँको एक देवस्थलमा पृथ्वीनारायण शाहको व्रतबन्ध सम्पन्न गराई श्रीहर्ष मिश्रबाट सावित्र मन्त्र सुनाउन लगाएको हो र सोही दिन दीक्षा मन्त्र पनि सुनाइएको हो।

पृथ्वीनारायण शाहको प्रथम विवाह मकवानपुरका राजा हेमकर्ण सेनका सुपुत्रीसँग भएको थियो। विवाहको कार्य समाप्त भइसकेको भए तापनि भारतीय राज्यहरूको प्रभावमा परेका मकवानपुर राजाले सोही बेला डोली पठाउन मानेनन् र केही वर्षपछि मात्र गौना फर्काउने कुरा भएकोमा डोला फर्काउने समय अगाडि नै पृथ्वीनारायण शाहको राजा हेमकर्ण सेनका छोरा दिगबन्धन सेनसँग झगडा हुन गएको थियो। सोही सिलसिलामा नौलाखेहार र एक दन्ते हात्तीको कुरामा मनमुटाव भएपछि डोला नलिई काठमाडौं उपत्यकाको दृश्यावलोकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समेत गरी गोरखा फर्कंदा केही दिन धादिङको गढीमा विश्राम गरेको कुरा इतिहासमा उल्लेख भएको छ। साथै पछि नुवाकोट विजय र ललितपुरका लामिडाँडामा समेत गोरखाको आधिपत्य जम्न गए पछि धादिङ गढी नजीकै पृथ्वीनारायण शाहको व्रतबन्ध भएको ठाउँ मैघीमा राजा हेमकर्ण छोरी लिई त्यहीं आएर गौना जिम्मा दिने काम सम्पन्न गरेको कुरा समेत इतिहासमा उल्लेख गरिएको छ।

यो जिल्ला राजा राम शाहको पालादेखि नै गोरखा राज्यको अभिन्न अङ्गको रूपमा रहेको हुनाले पृथ्वीनारायण शाहले विशाल नेपाल अधिराज्यको एकीकरण गरेपछि यो पनि गोरखा राज्यको भूमि कहलिन गयो। सल्यान, धादिङ र लामिडाँडा इलाकाहरूले बनेको यसको सम्पूर्ण भाग नुवाकोटस्थित गोश्वारा मार्फत प्रशासित थियो। यो क्षेत्रको प्रशासक (बडाहाकिम) नुवाकोटमा नै बस्ने गर्दथे। पश्चिम एक नम्बर गोश्वारा अन्तर्गत रहे तापनि यहाँ अलग्ग रूपमा माल अड्डा र अदालतको व्यवस्था गरिएको थियो। साथै यस क्षेत्रमा जङ्गी परेड नामक अड्डा राखिएको थियो। बडाहाकिमबाट हुनु पर्ने शान्ति सुरक्षा तथा विशेष अधिकार सम्बन्धी कार्यहरू बाहेक गोश्वाराबाट अन्य कार्यहरू उही जङ्गी परेडबाट हुन्थ्यो। पछि २०१८ सालमा अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लाहरूमा विभाजन गरिएपछि यो जिल्ला पनि अलग्गै गठन भएको हो। वि. सं. २०२२ मा बागमती अञ्चलमा विकेन्द्रीकरण लागू भएपछि पश्चिम एक नम्बर गोश्वारासितको औपचारिक सम्बन्ध टुट्न गई यो जिल्ला अलग्ग प्रशासकीय जिल्लामा परिणत हुन गएको हो।

यस जिल्लास्थित सल्यानकोट देवीको बारेमा पृथ्वीनारायण शाहले "दिव्य उपदेश" मा साक्षात् देवी हुन् भनी बोलेका छन्। दिव्य उपदेशअनुसार सल्यानको देवी साक्षात् छन् भन्ने कुरा सुनेकोले पृथ्वीनारायण शाह सल्यान गएका थिए। उक्त मन्दिरभित्र पूजारी र टहलुवा बाहेक अरू भित्र पस्न नहुने भएकोले ढोकामा साँझ, बिहान पृथ्वीनारायण शाह पाठ पूजा जप गर्दै थिए। एक दिन राती सपनामा दुई हातमा दुई खड्ग लिएकी सात–आठ वर्षकी केटी राजा छेउ आइपुगिन्। आफूलाई पूजारीकी छोरी भनी परिचय दिइन्। दुवै खड्ग उक्त केटीले पृथ्वीनारायण शाहलाई दिइन् र खोकिलाबाट झिकी मुख सम्म ल्याई यो पनि निले मनकांक्षा पूरा हुन्छ भनिन्। उक्त केटीले 'म पनि केही माग्छु धपी जाऊ' भनी जसै दुई पाइला गइन् पृथ्वीनारायण शाह बिउँझे। पृथ्वीनारायण शाहबाट पूजारी र कुलानन्द ज्योतिषलाई बुझ्दा ती सपना देखेकी केटी देवी हुन् भने। उसै बेला धूपदीप, नैवेद्य, ध्वजा नित्य पूजालाई र सात राँगो र सात बोका बलिको लागि थपी बोर्लाङघाटको आम्दानी र घाट छेउको टार देवीलाई चढाए।' पृथ्वीनारायण शाहले सल्यानकोट देवीलाई राम शाहदेखि नै ठूलो आदर गरिआएका थिए। यस इलाकामा ऐतिहासिक सर्वेक्षण भएमा धेरै नै ऐतिहासिक कुरा पत्ता लाग्नेछ।

१. योगी नरहरिनाथ (सं.)–दिव्य उपदेश, सप्तम संस्करण, २०१६, पृष्ठ १–६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

धादिङ सुनौला बजार

पृथ्वीनारायण शाहबाट विशाल नेपाल अधिराज्यको एकीकरण गरिनु अगाडि धादिङमा एक गढी निर्माण गरी सैनिक शिक्षा दिने गरिएको कुरा इतिहासमा उल्लेख भएको छ। नुवाकोटबाट छुट्याइएपछि यो ठाउँमा नव-निर्मित धादिङ जिल्लाको सदरमुकाम रहेको छ। यहाँ श्री ५ को सरकारको विभिन्न जिल्लास्तरीय कार्यालयहरू स्थापना भएका छन्। यो ठाउँमा एक उच्च माध्यमिक विद्यालय र एउटा स्वास्थ्य केन्द्र पनि रहेका छन्। चारैतिरबाट अग्ला डाँडाहरूले घेरिएको यो बजार ज्यादै रमाइलो छ। यो बजारको नजीक भैरवीको मन्दिर रहेको छ। सो मन्दिर बाहिर रहेका भैरवको स्थानमा सुंगुर समेतको बलि दिने प्रथा अद्यापि प्रचलन छ।

धादिङ सुनौला बजार गाउँ पञ्चायतमा वि. सं. २०२८ सालको जनगणनानुसार ७,२८५ जनसंख्या रहेको छ। यहाँ साधारण दैनिक उपभोगका सामान बेच्ने पसलहरू र चिया पसलहरू स्थापना गरिएका छन्।

यो बजारको नाम सुकौरा बजार थियो। पछि २०१९ सालमा गाउँ पञ्चायत गठन हुँदा यसको पुरानो नामलाई बदलेर सुनौला बजार राखिएको भनिन्छ। यो बजारमा राजधानीबाट पृथ्वी राजमार्गको नौबिसे हुँदै ३१ किलोमिटर (९.७ कोस) मा पर्ने आदमघाटमा त्रिशूली तरेर पैदल बाटो भई पुग्न सकिन्छ। उक्त राजमार्ग बन्नु अगाडि त्रिशूली बजार हुँदै कटुञ्जे बजारबाट दक्षिण छुट्टिएर गएको पैदल बाटोबाट यो ठाउँमा पुगिन्थ्यो। हाल यो ठाउँमा पुग्न आदमघाटको डुङ्गा तरेर अन्दाजी तीन घण्टाको पैदल बाटो हिंड्नु पर्दछ।

धादिङ सुनौला बजार गाउँ पञ्चायतको वडा नं. सात को मूलाबारी नजीकै एउटा ऐतिहासिक चून ढुङ्गे गुफा रहेको छ। त्यस गुफालाई गुप्तेश्वर स्थान भनिन्छ। त्यो गुफा अन्दाजी ४०० वर्गफीट फराकिलो छ। त्यसको प्रारम्भिक अध्ययन गर्ने व्यक्तिहरूको भनाइअनुसार हिम युगका मानिसको बसोबास भएको हुनु पर्दछ। हालसम्म पनि त्यहाँ ष्टालाक्टाइट र ष्टालाक्माइटहरू देखिन्छन्। त्यो गुफाभित्र महादेवको मूर्ति रहेको छ। त्यहाँ शिवरात्रि र तीजमा ठूलो मेला लाग्दछ। साथै वडा नं. एक को नेवारपानी भन्ने ठाउँमा कर्णेश्वर महादेव स्थानको आसपास मल्ल राजाहरूको पालामा सैनिक बस्ने भवन थियो भन्ने किम्वदन्ति छ। यहाँ जिल्लाको आकाशवाणी, स्वास्थ्य केन्द्र, मुख्य हुलाक कार्यालय आदि रहेका छन्।

कटुञ्जे बजार

अधिराज्यको राजधानी काठमाडौंबाट पश्चिमतिर जाने मूल बाटोमा परेको यो बजार यो जिल्लाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरानो बजारहरूमध्ये एक हो। यो बजार राजधानीबाट अन्दाजी ५० किलोमिटर (१५ $\frac{1}{3}$ कोस) टाढा छ। सदरमुकामबाट अन्दाजी १६ किलोमिटर (पाँच कोस) टाढा रहेको यो बजार अन्दाजी १,८३० मिटर (६,००० फीट) को उचाइमा अवस्थित छ। मूलबाटोमा रहेको बजार भएकोले यहाँ खाने बस्ने सुविधाहरू पाइन्छन्। यहाँ बटुवाहरूको लागि पक्की ईंटको पौवा पनि छ। यो बजारको वरिपरि ज्यादाजसो तामाङ जातिका मानिसहरूको बसोबास रहेको छ। पृथ्वी राजमार्ग निर्माण हुनु अगाडि यो बजारबाट प्रति दिन २००-३०० मानिसहरूको आवत जावत हुन्थ्यो। हाल उत्तरी धादिङ र गोरखा जाने मानिसहरू मात्र यहाँबाट ओहोर दोहोर गर्दछन्। यो बजार जिल्लाको सबभन्दा उच्च बजार भएकोले निक्कै रमाइलो छ। यहाँबाट गणेश हिमाल तथा हिमाली चुचुराहरूको दृश्यहरू देखिन्छन्।

सल्यानटार

यो टार जिल्लाको एक ठूलो टार हो। यसको लम्बाइ अन्दाजी १४ किलोमिटर (चार कोस) र चौडाइ अन्दाजी तीन किलोमिटर (एक कोस) छ। यहाँको सल्यानटार गाउँ पञ्चायतमा अन्दाजी ४,३०६ जनसंख्या रहेको छ। यसको नजीकै बूढीगण्डकीको किनारमा आरुघाट बजार रहेको छ। यो टार राजधानीबाट पश्चिम जाने पुरानो मूलबाटोमा पर्दछ। यहाँबाट लार्के भोटतिर जाने पैदल बाटो पनि गएको छ।

गजूरीटार

पृथ्वी राजमार्गको नौबिसे दोबाटोबाट ३९ किलोमिटर (१२ कोस) पश्चिममा रहेको यो टार धादिङको एक महत्वपूर्ण टार मानिन्छ। यहाँ एउटा सानो बजार पनि रहेको छ। यहाँ नेपाल औलो उन्मूलन संघको एउटा शाखा रहेको छ। पृथ्वी राजमार्ग निर्माणको सिलसिलामा यहाँ उप-कार्यालय स्थापना गरिएको थियो। यो बजार त्रिशूली गण्डकीको दक्षिणी किनारमा अवस्थित छ। समुद्रको सतहबाट यसको उचाइ अन्दाजी ६७१ मिटर (२,२०० फीट) छ। यहाँबाट मध्यधादिङ जान त्रिशूलीमा डुङ्गा तथा तुइनको व्यवस्था गरिएको छ।

यहाँ साना चामल कारखाना, माध्यमिक विद्यालय, आयुर्वेदिक औषधालय आदि रहेका छन्। यहाँ यस गाउँ पञ्चायतमा वि. सं. २०२८ सालको राष्ट्रिय जनगणनानुसार ४,०५० जनसंख्या रहेको देखिन्छ। अधिक मात्रामा बाहुन, क्षेत्री, मगर, कामी, दमाई, सार्की आदि जातिका मानिसहरूको बस्ती रहेको छ।

हाल राजमार्ग यहींबाट गएकोले सडकको दुवै छेउमा धेरै घरहरू बन्न लागेका छन् र यहाँको बजार विस्तार हुँदै गएको छ। यहाँ एउटा शाखा हुलाक कार्यालय पनि स्थापना गरिएको छ।

अबुथुम लेक

समुद्रको सतहबाट अन्दाजी ३,३५४ मिटर (११,००० फीट) को उचाइमा रहेको लगभग ५५८ वर्गमिटर (६,००० वर्ग फीट) क्षेत्रफल भएको एउटा सुन्दर दहबाट झरेका दुई झरनाहरूलाई गङ्गा जमुना भनी गरिएको छ। यो स्थान सदरमुकामबाट अन्दाजी ३२ किलोमिटर (१० कोस) पश्चिम-उत्तरमा अवस्थित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त दह र झरनाहरू फूल खर्क गाउँ पञ्चायत इलाकामा अबुथुम लेकमा पर्दछ। यी झरनाहरू नजीकै पहरामा दुईवटा मूर्तिहरू स्थापना गरिएका छन्। झरनाहरू खस्ने ठाउँमा अन्दाजी १८६ वर्गमिटर (२,००० वर्गफीट) फराकिलो जग्गा छ। ठूलो एकादशीको दिन यहाँ ठूलो मेला लाग्दछ। सो मेलामा गोरखादेखि त्रिशूलीसम्मका व्यापारीहरू आई बजार लगाउँदछन्। सोही झरनाको पानी लपाङ खोला भई बग्दछ।

बेनीघाट

यो धादिङको प्रमुख घाटहरूमध्ये एक हो। सदरमुकामदेखि अन्दाजी १३ किलोमिटर (आठ कोस) दक्षिण-पश्चिममा त्रिशूली र गण्डकीको दोभान नजीक रहेको यो घाटको उचाइ अन्दाजी ६१० मिटर (२,००० फीट) छ। यो घाट हिउँदमा चितवनतिर जाने मूलबाटोमा पर्दछ। वर्षायाममा गण्डकीमा भेल आउँदा डुङ्गा तार्न गाह्रो हुने हुँदा यो घाट बन्दप्राय रहन्छ। पृथ्वी राजमार्ग बन्नुभन्दा पहिले काठमाडौं तिरबाट मनकामनाको मन्दिरमा जाने यात्रुहरू यही घाटको बाटो गरी जान्थे। यो घाटमा माझी जातका मानिसहरूको पातलो बस्ती उल्लेखनीय छ। तिनीहरूले गण्डकीमा माछा मार्ने काम पनि गर्दछन्। यहाँ एउटा प्रहरी चौकी पनि रहेको छ। यहाँ एउटा सानो बजार र एक अतिरिक्त हुलाक रहेका छन्।

कल्लेरीघाट

यो सदरमुकामबाट अन्दाजी ११ किलोमिटर (३ $\frac{1}{2}$ कोस) दक्षिण-पूर्वमा लगभग ७६३ मिटर (२,५०० फीट) को उचाइमा त्रिशूलीगण्डकीको किनारमा अवस्थित छ। यहाँ एउटा तुइन छ। साथै भेल आएको बेलामा बाहेक अन्य बेलामा डुङ्गा पनि चल्दछ। यो धेरै पहिलेदेखि चालू रहेको घाट हो।

धुनीबेंसी

यो बेंसी धादिङको पूर्व–दक्षिणी कुनामा दहचोक डाँडाको पश्चिमतिर रहेको छ। यो समुद्रको सतहबाट अन्दाजी ८५० मिटर (२,७८८ फीट) देखि ९७० मिटर (३,१८२ फीट) सम्म फैलिएको छ। फलफूल खेतीको लागि धेरै वर्षदेखि प्रसिद्ध यो बेंसी त्रिभुवन राजपथको निर्माण भएपछि निक्कै महत्वपूर्ण हुन गएको छ। हाल पृथ्वी राजमार्ग पनि यहींबाट शुरू हुन्छ। यो बेंसीमा खानीखोलाको किनारमा राजपथको छेउमा एउटा सानो बजारको पनि विकास भएको छ। सो बजारमा काठमाडौंबाट दक्षिणतर्फ जाने बस, ट्रक आदि वाहनहरूमा लगाइने रोडसेस सङ्कलन गर्ने गरिन्छ। साथै यात्रुहरूको खाना तथा चमेनाको आवश्यकताहरू पूरा गर्न केही रेष्टुराँहरू खोलिएका छन्। यो बेंसीमा प्रशस्त मात्रामा उखु, अम्बा र आँपको खेती हुन्छ। यहाँबाट अम्बा र सक्खर काठमाडौंको बजारमा बेच्न ल्याइन्छ। हाल यहाँ एउटा फलोद्यान केन्द्रको स्थापना गरी अर्ध उष्ण हावापानीमा हुने आँप, लिची, भूईँकटहर, उखु आदि फलफूल खेतीको विकास कार्यक्रम सञ्चालन गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ अधिक मात्रामा बाहुन र क्षेत्री जातिका मानिसहरूको बसोबास छ। वि. सं. २०२८ सालको राष्ट्रिय जनगणनानुसार यहाँको नौबिसे पञ्चायतमा ७,०९६ जनसंख्या छ। हाल यहाँ एउटा निम्नमाध्यमिक विद्यालय र तीन वटा प्राथमिक विद्यालयहरू रहेका छन्।

यो ठाउँ त्रिभुवन राजपथमा परेको हुनाले राजधानीबाट आवत जावतको सुविधा छ। काठमाडौं-बाट बसमा अन्दाजी दुई घण्टाको समयमा यहाँ पुगिन्छ। सदरमुकाममा जाँदा आउँदा आदमघाटमा त्रिशूली तर्नु पर्दछ र पृथ्वी राजमार्गको ३१ किलोमिटरमा बस छोड्नु वा चढ्नु पर्दछ।

यहाँको नौबिसे बजार दिन दोब्बर रात चौबर विकास हुँदै गएको छ। दुई महत्वपूर्ण राजमार्ग यहाँ जोडिएको हुनाले यसको भौगोलिक तथा व्यापारिक महत्व धेरै बढेको छ। यहाँको फलफूल उत्पादनले राम्रो यातायातको कारण बजार सहूलियत पाएको हुनाले जनताको जीवनस्तर उँभो लाग्दो छ। हाल यहाँ एउटा बहुमुखी सहकारी संस्थाको पनि स्थापना गरिएको छ।

बूढाथुम

बूढीगण्डकीको पूर्वी किनारमा आरुघाटको उत्तर–पूर्वमा बूढाथुम नामक स्थान छ। यहाँ पहिले जङ्गी परेड अड्डा थियो। यहाँ पनि धादिङमा जस्तै मिलिसिया सिपाहीहरू हात हतियार सहित रहन्थे र उनीहरूले कवाज खेल्ने टुँडिखेल पनि थियो। उक्त अड्डा धादिङ स्थित जङ्गी परेड अड्डा अन्तर्गत थियो। गोरखाका राम शाहले भोट जाने बूढीगण्डकीको खोंचको व्यापार नाकालाई दृष्टिगत गरी यस स्थानमा सैनिक चौकी कायम गरी पछि सोही चौकीलाई जङ्गी परेड अड्डामा परिणत गरिएको हुन सक्छ।

केवलपुर

यो लामिडाँडा थुमको प्रमुख बस्ती हो। पृथ्वी राजमार्ग निर्माण हुनुअगाडि यहाँ प्रहरी चौकी पनि थियो। यो ठाउँ काठमाडौं उपत्यकाबाट भीमढुङ्गाको भञ्ज्याङ भई पश्चिम जाने बाटोमा पर्दछ। यसलाई लिच्छविकालदेखिको बस्ती भनी मानिएको छ। लिच्छविकालमा यसलाई एक ठूलो बस्ती मानिएको र सोही कारणले गर्दा केही सहूलियत समेत दिएको कुरा ऐतिहासिक अभिलेखबाट थाहा पाइएको छ।[1]

मैघी

यो ठाउँ धादिङ जिल्लाको एक महत्वपूर्ण ऐतिहासिक स्थान हो। यही स्थानमा पृथ्वीनारायण शाहको व्रतबन्ध कार्य सम्पन्न भएको कुरा इतिहासमा उल्लेख भएको पाइन्छ। पृथ्वीनारायण शाह मकवानपुरबाट राजा हेमकर्णको छोरीको डोला नलिइकन चन्द्रागिरिको बाटो गरी काठमाडौं उपत्यकाको दृश्यावलोकन गरी फर्कंदा यही स्थानमा आफ्ना भाइ भारदारहरू झिकाई काठमाडौं उपत्यका माथि चढाइ गर्ने आफ्नो इच्छा प्रकट गरी काठमाडौं उपत्यका विजय गर्ने योजना तर्जुमा शुरू गरेको हो भन्दछन्।

१. धनवज्र वज्राचार्य– लिच्छविकालीन बस्ती, पूर्णिमा, वर्ष ५, अङ्क २, पृष्ठ ९०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखाका राजा पृथ्वीपति शाहको जेठो छोरा युवराज वीरभद्र शाह परलोक भएपछि राजाका अन्य छोराहरू दलु शाह र उद्योत शाहले उत्तराधिकारी सम्बन्धमा खलबल गरेका थिए। पछि नाति नरभूपाल शाहलाई उत्तराधिकारी घोषणा गरी दलु शाह र उद्योत शाहलाई बूढीगण्डकीको पूर्वमा धादिङ इलाकामा बसोबास गर्न गोरखाबाट बाहिर राखे भन्ने कुरा इतिहासमा उल्लेख भएको पाइन्छ। दलु शाह र उद्योत शाहले यही स्थानमा बसोबास गरेको अनुमान गरिएको छ। वि. सं. २००६ सन्म पनि मैंघीमा एउटा ठूलो घर भएको र त्यसलाई स्थानीय बूढापाकाहरूले दलु शाहको दरबार भन्ने गरेको बुझिन्छ। हालसम्म पनि यहाँको भगवतीको मन्दिरमा पूजा आजा चलाउन एउटा सरकारी गूठी कायम रहेको छ। यहाँ गरिने पूजा आजा लघु रूपमा गोरखाको जस्तै हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

धादिङ घना जनसंख्या भएका अधिराज्यका पहाडी जिल्लाहरूमध्ये एक हो। यहां विभिन्न जात जातिका मानिसहरूले बसोबास गरेका छन्। गोरखा राज्यका संस्थापक द्रव्य शाहले बाहुन, क्षेत्री तथा पुहुनीहरूको बसोबास गराउनु अघि यहाँ मगर, तामाङ, चेपाङ आदि स्थानीय जातिहरूको बसोबास थियो। यहाँका मानिसहरू आफ्नो जीविका उपार्जनको लागि अन्य पहाडी जिल्लाहरूमा जस्तै जमीन, नदी तथा वनमा आश्रित रहेकाले उनीहरूको जीवन पनि खेती, माछा मार्ने, घाट तार्ने, वन कोर्ने आदि क्रियाकलापमा आधारित रहेको छ। यहाँ विभिन्न जातिका मानिसहरूको बसोबास भए झैं यहाँको जन-जीवन विभिन्न सांस्कृतिक समुदायमा विभाजित छन्। विभिन्न जातिहरूको अलग अलग सांस्कृतिक चहल पहलहरू छन्। जिल्लाको धेरै जनसंख्या मध्यभागको होचो डाँडाहरूमा र बेंसी, टारहरूमा बसेका छन्।

जनसंख्या

वि. सं. २०२८ सालमा लिइएको राष्ट्रिय जनगणनानुसार यसको कुल जनसंख्या २,३६,२७६ छ। उक्त जनसंख्यामा महिला १,१६,७३१ अर्थात् ४९.४ प्रतिशत र पुरुष १,१९,५४५ अर्थात् ५०.६ प्रतिशत छन्। यहाँ बागमती अञ्चलको कुल संख्याको १५.८ प्रतिशत आवादी रहेको छ। अधिराज्यका पहाडी जिल्लाहरूमध्ये योचौथो सबभन्दा बढी जनसंख्या भएको जिल्ला हो। आवादीको दृष्टिकोणले अधिराज्यमा यसको स्थान बाह्रौं हुन्छ।

क्षेत्रफलको हिसाबले यो बागमती अञ्चलको सबभन्दा ठूलो जिल्ला हो। यसको कुल क्षेत्रफल अन्दाजी २,९५९ किलोमिटर अर्थात् १,१४२ वर्गमील रहेको छ। उक्त क्षेत्रफल बागमती अञ्चलको १०,४८८ वर्ग किलोमिटरको अनुपातमा २८.२ प्रतिशत रहेको छ। यहाँको जनघनत्व प्रतिहेक्टरमा .७६ अर्थात् यहाँ प्रत्येक वर्ग किलोमिटरमा ७६ व्यक्तिको आवादी रहेको छ।

यो जिल्लाको कुल जनसंख्या जम्मा ४३,१६८ घर परिवारमा विभाजित रहेको देखिन्छ। यहाँ भएको घर परिवारको आकार विभिन्न छ।

उमेर समूहको तालिका

उमेर समूह	पुरुष	महिला	जम्मा	प्रतिशत
० वर्ष देखि ५ वर्षसम्म	२०,००३	२०,९९९	४१,००२	१७.४
६ वर्ष देखि १५ वर्षसम्म	३०,७६२	२८,१०१	५८,८६३	२४.९
१६ वर्ष र सो भन्दा माथि	६८,७८०	६७,६३१	१,३६,४११	५७.७
जम्मा	१,१९,५४५	१,१६,७३१	२,३६,२७६	१००.०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँको जनसंख्यामा तरुणहरूको संख्या धेरै छ। जिल्लाको सम्पूर्ण जनसंख्याको १६ वर्षदेखि मुनि उमेर हुनेको संख्या ९९,८६५ अर्थात् कुल जनसंख्याको ४२.३ प्रतिशत रहेको छ।

१० वर्षदेखि ५९ वर्षसम्म उमेर पुगेका मानिसहरूलाई आर्थिक दृष्टिकोणले व्यवसायमा लाग्न सक्षम ठानिएमा त्यस्तो सक्षम जनसंख्या यस जिल्लामा १,५४,६५५ जना अर्थात् ६५.५ प्रतिशत रहेको देखिन्छ। अतः जिल्लाको कुल जनसंख्यामा आश्रित र सक्षम जनसंख्याको विश्लेषण गर्दा अन्तर्राष्ट्रिय परिपाटी अनुसार १५ देखि ६४ वर्षको उमेर समूहलाई सक्षम ठानिएमा त्यस्तो जनसंख्या यस जिल्लामा १,३३,९८४ जना अर्थात् ५६.७ प्रतिशत भएको देखिन्छ।

यसरी १० वर्षदेखि ५९ वर्षसम्मको जनसंख्यालाई आर्थिक दृष्टिकोणले सक्षम र सक्रिय हुने हिसाबले यो जिल्लामा आर्थिक निर्भरताको अनुपात १००:५० अर्थात् १०० जना मानिसमा १५० जना निर्भर रहेको देखिन्छ। त्यस्तै १५ वर्षदेखि ६४ वर्षसम्म उमेर पुगेकालाई सक्षम मानिएमा निर्भरताको अनुपात १००:८० जति अर्थात् १०० जना माथि अन्दाजी १८० जनाको निर्वाहको भार पर्ने देखिन्छ।

यो जिल्लाको कुल जनसंख्यामध्ये १,११,४९३ मानिसहरू विवाहित रहेका देखिन्छन्। उक्त संख्यामध्ये ५३,९८२ पुरुष र ५७,५११ महिला छन्। यो जिल्लामा बाल विवाहको प्रथा हालसम्म पनि केही मात्रामा प्रचलनमा रहेको देखिन्छ।

वि. सं. २०२८ सालको जनगणनाअनुसार यस जिल्लाको जनसंख्यालाई भाषा-भाषीको आधारमा निम्नबमोजिम विभाजन गरिएको छः–

बोलिने भाषा	जनसंख्या	प्रतिशत
नेपाली	१,८९,६१६	८०.३
तामाङ	३६,८८९	१५.६
गुरुङ	८,०२८	३.४
नेवारी	९२६	०.४
मगर	३७२	०.१
अन्य भाषा	४४५	०.२
जम्माः–	२,३६,२७६	१००.०

माथि दिइएको तालिकामा नेपालीलाई मातृभाषाको रूपमा बोल्ने जिल्लाबासीको संख्या ८०.३ प्रतिशत मात्र भए तापनि जिल्लामा सबैले नेपाली बोल्न र बोलेको बुझ्न सक्दछन्। नेपाली भाषाको बढ्दो प्रयोगबाट जिल्लामा भएका विभिन्न भाषा भाषीहरू आपसमा नेपालीमा कुराकानी र विचारहरूको आदान प्रदान गर्न सक्ने भएका छन्। साथै नेपाली भाषा बोल्न जान्नेलाई जिल्लाको विभिन्न भागमा भ्रमण गर्न सजिलो भएको छ। नेपाली भाषाको बढ्दो उपादेयताको कारण अन्य भाषा बोल्ने मानिसहरूले समेत नेपालीलाई मातृभाषाको रूपमा अपनाउँदै आएको देखिन्छ।

अधिराज्यका अन्य पहाडी जिल्लाहरू झैं यो जिल्लामा पनि सबैभन्दा धेरै मानिसहरू हिन्दू धर्म मान्दछन्। बौद्ध र अन्य धर्म मान्ने मानिसहरू पनि यस जिल्लामा प्रशस्त छन्। यसरी भिन्दा भिन्दै धर्म माने तापनि धर्मको कुरा लिई यस जिल्लामा कहिल्यै अशान्ति भएको पाइँदैन।

यो जिल्लामा जम्मा ५१ वटा गाउँ पञ्चायतहरू छन्। सरदर प्रत्येक गाउँ पञ्चायतमा ४,६३३ जनसंख्या भएको देखिन्छ। विभिन्न भौगोलिक परिस्थिति भएका ठाउँहरूमा रहेको गाउँ पञ्चायतहरूमा समान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आवादी छैन । खासगरेर भूमिगत व्यवसाय नै गुजाराको मूल आधार रहेको धादिङ जस्तो पहाडी जिल्लामा जनसंख्याको संख्या र खेती योग्य जमीनको उपलब्धताको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । नदी खोलाका गहिरा बेंसी र टारहरूमा पहिले औलोको प्रकोप र हावापानी उष्ण समेत हुने हुँदा कृषिको दृष्टिकोणले लाभदायक हुने भए तापनि आवादी कम थियो । फलतः अधिकांश बाक्लो गाउँहरू डाँडाहरूमा रहेका छन् । हाल औलो उन्मूलन प्रायः भइसकेकोले बेंसीहरूमा आवादी बढ्न लागेको छ । यहाँको गाउँ पञ्चायतहरूको नामावली र जनसंख्या निम्नबमोजिम रहेको छः–

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. अमर्खु मूनेस्थान	५,२५८	२. आइञ्चोक	३,५११
३. कटुञ्जे बजार	७,६४९	४. कल्लेरी	४,९८१
५. काभ्रेछाप	९०२	६. किराञ्चोक कटुञ्जे	४,४२०
७. किराञ्चोक पाल्चोक	५,७१५	८. कुम्पुर	५,४५८
९. केरौंजा	९,९५६	१०. केवलपुर	३,८९७
११. खरी	२,८४२	१२. खड्गा भञ्ज्याङ	६,०५०
१३. गजूरी राकसिङ	४,०५०	१४. गोगन पानी	२,२२६
१५. छत्र देउराली	६,९१०	१६. जरुङसिटार	२,२९०
१७. जीवनपुर	३,५९४	१८. जोगीमारा	३,६२८
१९. ज्यामरुङ	५,५९७	२०. झारलाङ	४,०१३
२१. ढोला	२,९७५	२२. तसर्पुबाहुनथान	२,७९७
२३. तारुका	८,२१८	२४. ताल्ती	३,९४१
२५. थक्रे (थाक्रे)	४,९९९	२६. दार्खा	४,३८४
२७. धादिङ सुनौलाबजार	७,२८५	२८. धुवाकोट	२,८८५
२९. नलाङ	५,१२९	३०. नौबिसे	७,०९६
३१. पिल्पा	२,०२६	३२. पिडा च्यांली	५,६०१
३३. फिरकेप चारघरे	४,०९३	३४. फूलखर्क	७,८३९
३५. बसेरी	३,६९५	३६. बूढाथुम	३,५११
३७. बुधसिङ	४,८४९	३८. बेनीघाट	६,७४३
३९. मार्पाक	४,७७५	४०. मैंघी	५,९१३
४१. रि गाउँ	४,४८२	४२. लापा	३,३७७
४३. लोहत्तर	३,१९७	४४. शाङकोस	२,७५४
४५. सलाङ	३,४७६	४६. सल्यानकोट	७,५०२
४७. सल्यानटार	४,३०६	४८. साखु	३,६४४
४९. सामरी कल्लावारी	१,०९३	५०. सालबास	५,६०४
५१. सेतुङ	५,१४०	जम्माः–	२,३६,२७६

उपर्युक्त गाउँ पञ्चायतमध्ये सबभन्दा बढी अर्थात् ९,९५६ जनसंख्या हुने केरौंजा गाउँ पञ्चायत हो। उक्त गाउँ पञ्चायत अजुथुम लेकभन्दा उत्तरमा रहेको तामाङ बस्ती हो। त्यो पञ्चायत दुर्गम क्षेत्र भनी घोषणा गरिएको इलाकामा पर्दछ। जिल्लामा सबभन्दा कम जन आवादी भएको गाउँ पञ्चायत दक्षिण सीमाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नजीकै महाभारत पर्वतमालाको उत्तरी ढालमा रहेको काभ्रेछाप गाउँ पञ्चायत हो। त्यहाँ जम्मा ६०२ मात्र जनसंख्या रहेको देखिन्छ।

जनजीवन

यो जिल्लाको जनसंख्यामा धेरै बाहुन, क्षेत्री आदि छन्। त्यसपछि दोस्रो संख्यामा रहेको जाति तामाङ हो। केही मात्रामा मगर, चेपाङ, गुरुङ आदि जातिहरू पनि छन्। बाहुन, क्षेत्री आदि जाति धेरैजसो बेंसी, टारहरू तथा होचो डाँडाहरूमा रहेका छन्। जिल्लाको उत्तरतिर उच्च डाँडाहरू जस्तै केरौंजा, झारलाङ, सेतुङ, दार्खा, रि, सामरी कल्लाबारी, लापा तथा दक्षिणतिर महाभारत पर्वतमालामा स्थित जरुङ सिंटार, काभ्रेछाप आदि गाउँ पञ्चायतहरूमा तामाङ जातिका मानिसहरूले बसोबास गरेका छन्। त्यस्तै जिल्लाको पश्चिम–दक्षिण भागमा चेपाङ जातिका मानिसहरू बसेका छन्। लोहत्तर कान्द्राङमा बहुसंख्या चेपाङहरूको छ। तिनीहरू आफूलाई पर्जा र अरू जातिका मानिसहरू राजा भन्ने गर्दछन्। अति सीमान्त कृषि भूमिमा जीविका चलाइराखेका हुनाले वर्षका केही महीना जङ्गली कन्दमूल (गिट्टा, भ्याकुर) खाएर निर्वाह गर्छन्। चेपाङहरूको ठूलो बस्ती मकवानपुर र चितवन जिल्लाको पहाडी भेकमा छ। चेपाङहरूको आफ्नै भाषा छ। सलाङ गाउँ पञ्चायतमा अत्यधिक संख्यामा मगरहरूको बसोबास छ। जिल्लामा सबभन्दा बढी मात्रामा फैलिएका जातिहरूमा कामी, दमाई, सार्की आदि हुन्। ती जातिहरू प्रायःजसो जिल्लाको सम्पूर्ण गाउँ पञ्चायतमा बसोबास गरिरहेका छन्।

तामाङ बोल्नेहरूको जनजीवन, रीतिथिति बारेमा बागमती अञ्चलको अन्य जिल्लाहरू (रसुवा, नुवाकोट र काभ्रेपलाञ्चोक) मा विस्तृत व्याख्या गरिएको छ।

जिल्लाका विभिन्न जातिका मानिसहरू एक अर्कामा आश्रित छन्। विभिन्न जातिका मानिसहरू एक अर्काको जातीय विधि व्यवहारमा हस्तक्षेप गर्दैनन्। युगौंदेखि जातीय सहिष्णुता कायम रहेको छ। जाति विषयमा कुनै ठूलो अप्रिय घटनाहरू घटेको दृष्टान्त पाइएको छैन। विभिन्न जातिका मानिसहरू परस्परमा आर्थिक, सामाजिक रूपमा आबद्ध भएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

यो जिल्लाको अधिकांश भागमा खाद्यान्न खेती र पशुपालन बाहेक अन्य व्यवसाय उपलब्ध नभएकोले बहुसंख्यक जनताहरू अति गरीब छन् । उपलब्ध सीमित कृषियोग्य भूमिमाथि अत्यधिक जनभार भएकोले भू-स्वामित्व ज्यादै खण्डित रहेको छ । यसको महेश खोला र त्रिशूलीको बेंसीमा हाल यातायातको सहूलियत प्राप्त भए तापनि जिल्लाको अधिक भाग अझै दुर्गम छ । यसरी आर्थिक दृष्टिकोणले यो जिल्ला ज्यादै पछि परेको छ। यहाँको खाद्यान्न उत्पादनको अपर्याप्तताको कारण यहाँ समय समयमा खाद्यान्नको अभाव हुन्छ। जिल्लाको अधिकांश भाग काठमाडौं शहरको प्रभाव क्षेत्रभित्र पर्दछ । यहाँ मानिसको आर्थिक कृया-कलाप ज्यादै निम्नस्तरमा रहेको छ । यहाँ हालसम्म पनि वस्तु विनिमयमा व्यापार चलेको छ । जिल्लाको उत्तरी भाग र दक्षिणी सीमाको रूपमा रहेको महाभारत पर्वत इलाकामा पुरानै ढङ्गको अर्थ व्यवस्था छ त अर्कोतिर त्रिशूलीगण्डकीको दक्षिणी किनार र धुनीबेंसी इलाकामा काठमाडौं, वीरगञ्ज-हेटौंडा, पोखरा आदि शहरहरूसितको मोटर यातायातको सुविधाको कारण नयाँ आर्थिक सम्भावनाहरूको विकास हुन गएकोले जिल्ला भित्र नै गहिरो आर्थिक विषमता बढेको देखिन्छ ।

कृषि

कृषि यो जिल्लाको सबभन्दा महत्वपूर्ण व्यवसाय हो । जिल्लाको कुल सक्षम जनशक्तिमध्ये अन्दाजी ९९ प्रतिशत कृषिमा लागेका छन् । जिल्लाको अधिकांश खेतीयोग्य जमीन पाखो बालीको लागि मात्र उपयुक्त छ । सुख्खा डाँडाहरूमा सिचाइको व्यवस्था गर्न नसकेकोले उत्पादकत्व कम रहेको छ ।

यहाँ भएको खेतीयोग्य जमीनमा खण्डित स्वामित्व समेतले गर्दा साना किसानहरूले उत्पादन बढाउनाको लागि थप लगानी गर्न सकेका छैनन् । खासगरेर निर्वाहको लागि मात्र कृषि व्यवसायमा मानिसहरू संलग्न भएको हुनाले बाली परिवर्तनको सम्भावना पनि कम छ । यहाँका किसानहरूले कृषि व्यवसायमा आधुनिक प्रविधिहरूको प्रयोग बढाउन सकेका छैनन्। हाल यातायातको सुविधा प्राप्त बेंसी र टारहरूमा कृषि र फलोद्यान विकासमा केही प्रगति हुन गएको छ । काठमाडौंका बजारबाट एक-दुई दिनको पैदल बाटोको दूरीमा बसोबास गरेका तथा राजमार्गहरूको छेउहरूमा रहेका ठाउँहरूमा जस्तै धुनीबेंसीमा पहिलेदेखि फलफूल खेती गरिएका छन्। त्यहाँ उत्पादन भएको फलफूल काठमाडौंमा ल्याई बेच बिखन गर्न सकिने भएको छ ।

कृषि तथ्याङ्क पुस्तिकाअनुसार यो जिल्लामा २०२९ सालमा जम्मा १५,१०० हेक्टर भूमिमा खेती गरिएको देखिन्छ। जिल्लाको कुल क्षेत्रफलको अनुपातमा सो जमीन अन्दाजी ५.१ प्रतिशत पर्ने देखिन्छ। बाँकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९४.९ प्रतिशत जमीनमा उच्च डाँडाहरू, भीर पहराहरू, वन जङ्गल, खोला नदी आदि पर्दछन्। यहाँ खेती गरिएको जमीन जिल्लाको कुल जनसंख्यालाई सरदर अन्दाजी प्रति व्यक्ति .०६ हेक्टर अर्थात् १.२ रोपनी अर्थात् १०० जना मानिसको भागमा छ हेक्टर अर्थात् अन्दाजी १२० रोपनी पर्ने देखिन्छ। सरदरमा यहाँ कुल जमीन २,९६,८१२ रोपनी बाँड्दा यहाँको परिवार संख्या ४३,१६८ लाई ६.९ रोपनी प्रति परिवार पर्दछ। कृषिको वर्तमान उत्पादकत्वको दृष्टिकोणले जिल्लाको जनसंख्याको खाद्यान्नको आवश्यकता पूरा गर्न उक्त जमीन अपर्याप्त देखिन्छ।

यो जिल्लामा सबभन्दा महत्वपूर्ण बाली मकै हो। दोस्रो महत्वपूर्ण बाली धान र त्यसपछि कोदो, गहुँ, जौ, आलु आदि हुन्। यहाँ सीमित मात्रामा मास, भटमास, गहत, तोरी, सिमी आदि पनि खेती गरिन्छ। धुनीबेंसीमा धेरै पहिलेदेखि उखु लगाई सोबाट सक्खर बनाई काठमाडौंको बजारमा बेच्ने गरेको पाइन्छ।

कृषि तथ्याङ्क पुस्तिकाअनुसार वि. सं. २०२८ मा यो जिल्लामा लगाइएको केही महत्वपूर्ण बालीहरूको क्षेत्रफल र सोको उत्पादन तल दिइएको छ :—

क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्रफल–हेक्टरमा
उत्पादन–मेट्रिक टनमा

बाली	क्षेत्रफल	उत्पादन
मकै	९,८००	१९,०६५
धान	३,५००	८,८७५
गहुँ	५४०	४५९
कोदो	१,६२५	१,६६६
जौ	१५५	१५५
आलु	२५०	१,५००
तोरी	२००	१००
उखु	४७५	५,९३७
सबै बाली	१६,५४५	३७,७५७

यो जिल्लामा खाद्यान्न बाली १५,६२० हेक्टर जमीनमा लगाइएको छ र ३०,२२० मे. ट. उत्पादन भएको छ। उपर्युक्त तालिकाअनुसार यहाँ लगाइएको प्रमुख बालीको कुल क्षेत्रफलको दृष्टिकोणले यो जिल्लामा कृषि सघनता १:१.१ रहेको छ। यो जिल्लामा बढी जनसंख्या भएकोले यहाँ भएको खाद्यान्न उत्पादनले यसको खाद्यान्नको आवश्यकता पूर्ति हुँदैन। माथि उल्लिखित तथ्याङ्क पुस्तिकाअनुसार वि. सं. २०२८ सालमा यहाँ अन्दाजी १२,६९२ मेट्रिक टन खाद्यान्नको कमी भएको देखिन्छ।

माथि उल्लिखित बालीहरूको साथै यहाँ फापर, सक्खरखण्ड, बदाम, मास आदि खेती गरिन्छन्। यहाँ आवश्यक परेको बेला कृषि श्रमिकहरूलाई ज्यालामा काम गराउने चलन छ। किसानहरूमा परस्परमा मद्दत गर्ने प्रथालाई पर्म लाउने भनिन्छ। खेताला लगाउँदा पुरुषहरूलाई रू. २। देखि रू. ३। र महिलालाई रू. १। देखि तीन मोहरसम्म दिने गर्दछन् र खाजा ख्वाउने गरिन्छ।

सिचाइको सुविधा भएको खेतहरूमा चैत र असार महीनामा धान रोप्दछन्। चैतमा रोपेको धान वैशाख-जेठमा गोडिन्छ र असारको अन्त्यतिर काट्दछन्। असारमा रोपेको धानलाई साउन र असोजमा गोडिन्छ र कातिक-मंसीरमा काटिन्छ। मंसीर-पुसमा गहुँ छर्ने काम हुन्छ र माघ-फागुनमा गोडी चैत-वैशाखमा काट्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ। पाखो बारीमा चैतको दोस्रो हप्तादेखि जेठको पहिलो हप्ताभित्र मकै छर्ने काम गरिन्छ। मकै बारी वैशाख-जेठमा गोड्छन् र भदौ महीनामा घोगा भाँच्ने गरिन्छ। त्यस्तै कोदो पनि पाखो बारीमा लगाइन्छ। असार-देखि भदौसम्म कोदो लगाएको पाइन्छ। कोदो बारीमा गोड्ने काम भदौ-असोजमा गर्दछन् र कात्तिकमा बाली टिपिन्छ।

यो जिल्लामा खेतबारीमा पशुमल राख्ने व्यापक चलन छ। केही मात्रामा हरिया पात आदिवाट बनाइएको कम्पोष्ट मल पनि प्रयोग हुन्छ। हालसालै रासायनिक मल खादको प्रयोग हुन लागेको छ। आर्थिक वर्ष २०२९।३० मा यहाँ अन्दाजी २७०मेट्रिकटन रासायनिक मल किसानहरूलाई बिक्री वितरण गरिएको थियो।

खाद्यान्न अभाव ग्रस्त जिल्ला भएकोले यहाँ स्थानीय कृषि प्रविधि र बाली प्रणालीमा आवश्यक सुधार ल्याउनु पर्ने देखिन्छ। परम्परादेखि नै यहाँको अधिकांश पाखो जमीनमा जनताले खाद्यान्न खेती गर्दै आएका छन्। खाद्यान्न बाली प्रतिको भावनात्मक लगावलाई बिस्तारै हटाई वरिपरि रहेका छिमेकी जिल्लाहरूमा समेत खपत हुने फलफूल, तरकारी बजार पाइने र बढी आर्थिक मोल आउने बालीहरू प्रति जनतालाई उत्साहित गराउनु पर्ने देखिन्छ।

खाद्यान्न खेतीको विकासको लागि सम्भाव्यता भएको यहाँको समथर टार र बेंसीहरूमा पनि सिचाइको सुप्रबन्ध गरी उन्नत जातको बीउ,आधुनिक औजारहरू, पर्याप्त मल आदि स्थायीरूपमा उपलब्ध हुने गरी मिलाउनु पर्ने देखिन्छ।

अतः पाखोमा रहेका सिचाइ गर्न नसकिने खाद्यान्न खेतीको लागि सीमान्त जमीनमा उपयुक्त बाली लगाउने प्रबन्ध गर्न सकेमा यहाँको कृषि समस्या हलुको हुने देखिन्छ। हुनत यहाँको कृषिको समस्या सानो रूपमा अधिराज्यकै पहाडी जिल्लाको समस्याहरूको प्रतिरूप हो। तर जिल्लाको केही भागमा आधुनिक यातायातको सहूलियत प्राप्त भइसकेको र सो मार्ग गरी अन्य जिल्लाको बजारहरूमा पहुँच भएको तथा काठमाडौं शहरको विशाल उपभोग्य फलफूल र तरकारीको बजार प्राप्त भएकोले यो जिल्लाको बाली प्रणालीमा परिवर्तनको सम्भावना छ।

यो जिल्लामा वैज्ञानिक नापी भइसकेको छैन। वि. सं. १९२५ को नापीअनुसार दर्ता भएको जमीन जम्मा ६५,३२५ रोपनी खेत र पाखोतर्फ २,४६१ हले, १,३६१ पाटे र १०,१२८ कोदाले रहेको देखिएको छ। यहाँ दर्ता गरिएको खेत र पाखो समेतबाट सालिन्दा रू. २,०५,७६०। मालपोत उठ्ने गरेको छ। यो जिल्लामा भएको जमीन जम्मा ७४ मौजामा विभाजित थियो। यहाँको मौजाहरूमा धादिङमा २३, सल्यानमा २१ र लामिडाँडामा ३० थिए। वि. सं. २०२२ सम्म तालुकदार, जिम्मावाल तथा मुखिया प्रथाबाट मालपोत असूल गरिन्थ्यो। वि. सं. २०२३ सालदेखि गाउँ पञ्चायतद्वारा मालपोत असूल गर्ने गरिएको छ।

यहाँ वि. सं. २०२१ सालमा भूमि सुधार कार्यक्रम लागू भएपछि जग्गा धनीबाट प्राप्त भएको ३२,०३४ फाँटवारीअनुसार २,२८,६९२ रोपनी लगत देखिएको छ। यहाँ जम्मा ४७,२७८ जना मोहीहरूलाई जोताहा अस्थायी निस्सा वितरण गरिएको छ। सोमध्ये आफ्नो जग्गा कमाउनेको संख्या ४६,४७८; आफ्नो तथा अरूको समेत जग्गा कमाउने ३१५ र अरूको जग्गा कमाउने ४८५ रहेको देखिन्छ। यहाँ कूत निश्चित गरिएको छैन।

यहाँ भूमि सुधार कार्यक्रम अन्तर्गत जम्मा साहू संख्या १,६१२ र असामी संख्या १,६१४ को ऋण रकम रू. ९,२३,६३७। मध्ये रू. ६,८१,१३४। साहूलाई तिर्नु नपर्ने र रू. २,४२,५०३। तिर्नु पर्ने ऋण निश्चित गरिएको छ। उक्त ऋण निश्चितको कार्यबाट १,१२७ जना असामी ऋण मुक्त भएको तथा २,८६१ रोपनी जमीन भोग बन्धकीबाट फिर्ता गराइएको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो जिल्लामा अनिवार्य बचत वापत रू. १६,८५,०९५। उठेकोमा रू. ७,४१,९९७। तत्कालीन भूमि सुधार बचतमा दाखिल भएको र बाँकी रकम ग्राम समिति, सहकारी संस्थाहरू मार्फत किसानहरूलाई मल, बीउ, गोरु आदि खरीद गर्न तथा मालपोत तिर्न ऋण सापटी दिइने गरिएको देखिन्छ।

पशुपालन

अन्य पहाडी जिल्लाहरू झैं यहाँ पनि पशुपालन कृषिको पूरक व्यवसायको रूपमा रहेको छ। यातायातको सुविधा नहुनाको कारण बाहिरबाट आयात गरिने मलखादको ढुवानीको समस्याले गर्दा तथा निर्वाहको लागि खेती गर्ने अधिकांश किसानहरूले बाहिरबाट ल्याइएको मलखाद किन्न समेत नसक्ने भएकोले खेतबारीमा राख्न आवश्यक पर्ने मलको लागि पनि पशुपालन अत्यावश्यक हुन्छ। कसैं कसैले बाखा, खसी पाली दशैं तिहारमा विक्री गर्दछन्। गाउँ गाउँमा एकाध गाई, भैंसी पाली केही घ्यू जम्मा गरी केटाकेटीको लागि लुगाफाटोको लागि बजारमा बेच बिखन गर्ने गर्दछन्। अक्सर किसान परिवारले खेतबारी जोत्न गोरु पालेका छन्।

साथैं जिल्लाको उत्तरी भेकमा हिमाली खर्कहरूमा मानिसहरूले भेडा, चौंरी आदि पाल्ने गर्दछन्। खाद्यान्न खेतीको लागि उपयुक्त जमीनको कमी हुने उत्तरी लेकाली इलाकामा केही मानिसको गुजारा नै पशुपालनमा आधारित रहेको पाइन्छ।

हाल मोटर यातायात चल्ने ठाउँ र त्यसको वरिपरि उन्नत जातका सुंगुर, कुखुरा र माछा पाल्ने काम हुन लागेको छ। न्यू हेम्प शायर सुंगुर, माछाको भूराहरू र लेगहर्न, मिनरभाको वर्णशङ्कर आदि जातिका कुखुराका चल्लाहरू विक्री वितरण गर्ने व्यवस्था गरिएको छ। साथैं स्थानीय भैंसीहरूको नश्ल सुधारको लागि एउटा उन्नत जातको राँगोको सेवा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

यो जिल्लामा पशु चिकित्सालय स्थापना गरिएको छैन। यहाँको पशुहरूको चिकित्साको लागि त्रिशूली (नुवाकोट) मा लैजानु पर्दछ। धेरैले स्थानीय ठाउँमा चलेको पुरानै ढङ्गको उपचार गराउँछन्।

फलफूल खेती

यो जिल्लाको धुनीबेंसी धेरै पहिलेदेखि उखु, आँप, अम्बा, लीची, केरा आदि फलफूल खेतीको लागि प्रख्यात रहेको छ। त्यहाँबाट प्रशस्त मात्रामा सक्खर काठमाडौं निर्यात गरिन्छ। हालसम्म पनि गोगनपानीदेखि छत्रे देउरालीसम्मको इलाकामा मानिसहरूले अन्दाजी १,००० भारी अम्बा काठमाडौं लगी विक्री गर्दछन्। काठमाडौंमा तरकारीको बढ्दो मागको कारण यो जिल्लाबाट हाल प्रशस्त मात्रामा काठमाडौं लगी गोलभेडा विक्री गर्दछन्। यसरी फलफूल र साग तरकारी यहाँ नगदे बालीको रूपमा रहेको पाइन्छ।

यो जिल्लामा विभिन्न किसिमको फलफूलको खेती गरिएको पाइन्छ। यहाँ खेती गरिएको फलफूलहरूमा उखु, अम्बा, आँप, केरा, मेवा कटहर, लीची, सुन्तला, आरु, हलुवावेद, कागती, दारिम, ओखर, निबुवा, ज्यामीर, बिमिरो, किप, नासपाती, आलुबखडा, चाक्सी, स्याउ आदि प्रमुख हुन्। हाल राजमार्गहरूको बाटो गरी विभिन्न जिल्लाहरूमा फलफूल पठाउने गरे तापनि यहाँको फलफूल उत्पादनको लागि सबभन्दा ठूलो बजार काठमाडौं नै रहेको छ। स्थानीय जनताले पनि प्रशस्त मात्रामा फलफूलको उपयोग गर्दछन्। तर अधिकांश गरीब किसानहरूले फलफूलको उपभोग कम मात्रामा गरी उत्पादन बेच्ने गरेका छन्। यो जिल्लाको पूर्वी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीमास्थित देवीघाट इलाकामा प्रशस्त मात्रामा बदामको खेती हुन्छ र उत्पादन भएको बदाम त्रिशूली बजार र काठमाडौंमा लगी विक्री गरिन्छ।

यता केही वर्षदेखि धुनीबेंसीमा एउटा बागबानी केन्द्रको स्थापना गरिएको छ। वरिपरिका गाउँहरूमा त्यहाँ तयार गरिएका फलफूलको बोट बिरुवा सुपथमा विक्री वितरण गर्ने गरिएको छ। हाल उक्त केन्द्रमा आँप, लीची, केरा, आरु आदि फलफूलको सघन खेती समेत गरिएको छ।

कृषि विकास कार्यक्रम

धुनीबेंसीस्थित बागबानी केन्द्र र सो इलाकामा गरिएको फलफूल खेतीको प्रचार बाहेक वि.सं. २०२५ देखि यहाँ जिल्ला कृषि विकास कार्यालयको स्थापना गरिएको छ। उक्त कार्यालयबाट उन्नत जातको खाद्यान्नहरूको नतीजा प्रदर्शन, कृषि प्रदर्शनी, बाली प्रतियोगिता प्रदर्शनी गर्नुको साथै बीउ बीजनको प्रचार र विक्री वितरण समेत गरिआएको छ। श्री ५ को सरकारको कृषि विकास सम्बन्धी नीति अनुसार उन्नत तरीकाको प्रचार, रासायनिक मल, कीटनाशक रसायनको प्रचार र वितरण आदि कार्यहरू गर्दै आएको छ।

जिल्लाको पशुधनका सुधार र विकासको लागि पनि नश्ल सुधार, उन्नत जातको सुंगुर, कुखुराको चल्ला, माछाको भूरा समेत विक्री वितरण भइरहेको छ। साथै किसानहरूलाई खेती गर्ने उन्नत तरीका सिकाउने प्राविधिक सरसल्लाह उपलब्ध गराएको छ।

सिचाइ

यो जिल्लाको अधिकांश कृषि योग्य भूमिमा सिचाइको सुविधा उपलब्ध छैन। हुनत यहाँ गण्डकी नदी प्रणालीका दुई प्रमुख नदीहरू, त्रिशूली, बुढीगण्डकी र आँखू, थोपल, महेश, मलेखु, लपाङ, बेंलखु, लोहत्तर, मानपाङ आदि असंख्य सहायक खोलाहरू छन्। तर यी नदी ज्यादै विशाल र गहिरो खोंचहरूबाट बगेका हुनाले यिनीहरूलाई सिचाइको कार्यमा उपयोग गर्न व्यावहारिक छैन। केही समथर टार र बेंसीहरूमा स-साना खोलाहरूबाट कुलो काटी कतैकतै जमीनमा पटनी गरिएका छन्। यहाँ रहेका समथर भूमि पहाडहरू बीच छरिएर रहेका हुनाले विशाल सिचाइको आयोजनाको सम्भावना छैन। यहाँ रहेका समथर जमीनमध्ये सबभन्दा ठूलो टुक्रा सल्यानटार हो। सो टारको अन्दाजी १५,००० रोपनी अर्थात् ७६३ हेक्टरमा आँखू खोलाबाट पम्प गरेर पटनी गर्न सकिने देखिन्छ। यो जिल्लामा हाल भएका कुलो र त्यसबाट पटनी हुने निम्नबमोजिम छः—

स्थान	संख्या	सिचाइ हुने जमीन (अन्दाजी)
कटुञ्जे बजार गाउँ पञ्चायत इलाकामा	३	३२० रोपनी
सालबास गाउँ पञ्चातत इलाकामा	१	४० रोपनी
पिडाच्याँली गाउँ पञ्चायत इलाका	२	१३० रोपनी
बुधसिङ गाउँ पञ्चायत इलाकामा	१	२०० रोपनी
गजूरी राकसिङ गा.प. इलाकामा निर्माणाधीन	१	१६० हेक्टर
धादिङ भेरी पीपलटारमा	१	१२० हेक्टर
	१	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उल्लिखित कुलोहरू अधिकांश कच्ची छन् । ती कुलोहरूबाट स-साना खेतहरू अन्दाजी ३०० देखि १,००० रोपनीसम्मको टुक्राहरू मात्र पटनी हुन्छ । ती कुलोहरूको लम्बाइ अन्दाजी ३,००० फीटदेखि १०,००० फीटसम्म छ । ती सबै एकै स्तरका छैनन् । कुनैमा तीन महीना मात्र पानी चल्ने भए कुनैमा १२ महीना पानी चल्दछ ।

यो जिल्लामा सिंचाइ कार्यक्रम चलाउन सक्ने समथर फाँटहरू र सोका लागि आवश्यक पर्ने कुलोहरूको अन्दाजी लम्बाइ र अन्य सम्भावनाहरू निम्नबमोजिम हुने देखिन्छः–

गाउँ पञ्चायत	फाँटको नाम र उपलब्ध जमीन	कुलोको लम्बाइ	अन्य उपाय
कुम्पुर	परेवाटार ८,००० रोपनी	१८,००० फीट	–
बेनीघाट	रिचोकटार ६,००० रोपनी	१५,००० फीट	–
सल्यानटार	सल्यानटार १५,००० रोपनी	फिल्ड च्यानेलहरू	पम्पिङ सेटद्वारा

उपर्युक्त सम्भावित सिंचाइ आयोजनाहरूको कार्यान्वयनबाट मात्र घटीमा अन्दाजी ३,०००मेट्रिक टन खाद्यान्न बढी उत्पादन गर्न सकिने देखिन्छ ।

कृषि ऋण र सहकारिता

यो जिल्लामा कृषि ऋणको लागि जिल्ला भूमि सुधार कार्यालय बाहेक अन्य संस्थागत स्रोत उपलब्ध छैन । भूमि सुधार कार्यालयले सीमित मात्रामा सीमित जनताको ऋणको आवश्यकता मात्र पूर्ति गरेको छ । यहाँ भएका तीनवटा सहकारी संस्थाहरू मार्फत कृषि विकास बैंकको काठमाडौं कार्यालयबाट पनि ऋण उपलब्ध गर्न सकिने व्यवस्था गरिएको छ । साधारणतया गाउँलेहरूले स्थानीय साहूहरूबाट नै आफूलाई चाहिएको बेला ऋणको प्रबन्ध गर्दछन् ।

यो जिल्लाको ढोला र पीलपा गाउँ पञ्चायतहरूका १२० घर परिवारका कृषि ऋणको आवश्यकता बारेको अध्ययनअनुसार त्यहाँ प्रत्येक कृषक परिवारलाई सरदरमा सालमा रू. ८७–९८ को कृषि ऋण आवश्यक पर्ने देखाइएको छ । साथै प्रत्येक परिवारले तिर्न बाँकी ऋणमा रू.२०४। रहेको पनि उल्लेख गरिएको छ । जिल्लाको ४३,१६८ ले सालिन्दा रू. ४३। ऋण लिने अनुमान गर्दा सालिन्दा यहाँ रू. १८,५६,२२४। हुन जाने देखिन्छ । उक्त कृषि रकम जिल्लाको कृषिको वर्तमान स्तरमा आवश्यक भएको हो । पछि कृषि विकास कार्यक्रमको सिलसिलामा कृषि प्रविधिको सुधार र उपकरणको वृद्धि हुन गएपछि कृषि ऋणका लागि पनि बढी रकम आवश्यक पर्ने देखिन्छ । साथै अध्ययनकालमा जिल्लाबासीले बोकेको ऋणको रकम रू. ८६,७६,०००। रहेको देखाइएको छ ।

यो जिल्लामा सम्वत् २०१९ मा सहकारी कार्यक्रम सञ्चालन भएको हो । यहाँ सहकारी संस्थाहरूको संख्या २३ थिए । हाल तीन वटा बहुमुखी सहकारी संस्थाहरू सञ्चालन भइरहेका छन् । ती सहकारीहरूको कुल सदस्य संख्या ७०७ र शेयर पूँजी रू. १०,३२५। छन् । ती संस्थाहरू निम्नलिखित स्थानहरूमा रहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गजूरी

नौबिसे खानी खोला

धादिङ सुनौला बजार

बाँकी २० वटा संस्थाहरूमध्ये चार वटाको रजिष्टेशन खारेज भइसकेको र १६ वटा निस्क्रिय रहेका छन्। यो जिल्लामा हालसम्म सहकारी संघ स्थापना भइसकेको छैन।

उद्योग

यो जिल्लामा ठूलो उद्योगहरू सञ्चालन भएको छैन। यहाँ भएको यान्त्रिक व्यवसायमा जिल्लाका दक्षिणी भेकको बेंसीमा डिजेल तथा पानीबाट चल्ने स-साना धान कुट्ने मिलहरू मात्र रहेका छन्। ती मिलहरूबाट गाउँलेहरूले आफ्नो खानाको लागि तथा बेच बिखन समेतको लागि आफ्नो जमीनमा उब्जाइएको धान कुट्ने सुविधा पाएका छन्। जिल्लामा संगठित उद्योगहरू नभए पनि स्थानीय कृषि उपज, वन पैदावार र पशु पैदावार (ऊन, छाला) आदिमा आधारित कुटीर उद्योगहरू प्रशस्त मात्रामा छन्। यस्ता औद्योगिक व्यवसायहरू धेरैजसो पारिवारिक कामको रूपमा भइरहेका छन्। धेरैजसो परिवार आफ्ना कतिपय आवश्यकताहरू तयार गर्ने आवश्यक शिल्प जान्ने भएका छन्। साथै ठाउँ ठाउँमा एक अर्कालि आफूले बनाएका विभिन्न वस्तुहरू खरीद विक्री गर्दछन्। कोही कोहीले ऊन, वन पैदावार आदि कच्चा मालबाट विभिन्न सामानहरू तयार गरी शहर बजारमा बेच्न लैजाने गर्दछन्।

घरेलु उद्योग

यो जिल्लामा श्री ५ को सरकारको घरेलु उद्योग कार्यालय स्थापना भइसकेको नभए तापनि अन्य पहाडी जिल्लाहरूमा जस्तै पहिलेदेखि चलिआएका विभिन्न कुटीर उद्योगहरू गाउँ गाउँमा धेर थोर चलिआएका छन्। यहाँका निवासीमध्ये अन्दाजी २५ प्रतिशत परिवारमा खस्रो कपडा बुन्ने हाते तानहरू रहेको अनुमान छ। जिल्लाको मध्यपहाडी भागमा बसोबास गरिरहेका तामाङ, गुरुङ, मगर, नेवार आदि जातिका मानिसहरूले कपास खेती गरी सोबाट धागो काटी रङ्गीन तथा सादा घरबुनाका कपडाहरू बुन्ने गर्दछन्।

हाल विदेशबाट सस्तो सूतीको धागो आउन लागेपछि कपास खेती हराएर गएको छ तर त्यसरी आयात गरिएको धागोबाट कपडा बुन्ने काम अद्यापि चलेको छ। त्यस्तो काम जनताले सहायक पेशाको रूपमा गर्दै आएका छन्। जिल्लाका अधिक गरीब मानिसहरू त्यही खस्रो खाँडीको लुगा लगाउने गर्दछन्।

गाउँ वरिपरि पाइने बाँस, निगालो आदिको चोया काटी भकारी, डोको, थुन्चे, डालो, चित्रा, मान्द्रो आदि र बाबियोको ढक्की, किस्ती आदि बुन्ने गर्दछन्। धानको खेतीबाट हुने पराल र गहुँ खेतीबाट हुने छ्वालीबाट पनि परिवारका महिलाहरूले फुर्सतको बेला गुन्द्री बुन्ने गर्दछन्।

त्यस्तै गाउँ ठाउँमा रहेका विभिन्न व्यवसायीहरूले स्थानीय जनताका अन्य आवश्यकता स्थानीय कुटीर उद्योगबाट पूर्ति गर्दै आएका छन्। गाई, भैंसी आदिका छालाबाट स्थानीय सार्कीहरूले जुत्ता, नाम्लो आदि बनाई गाउँहरूमा विक्री गर्दछन्। त्यस्तै कामीहरूले फलामको घरेलु भाँडा कुँडा तथा कृषि औजारहरू बनाउने गर्दछन्। दमाईहरूले आवश्यक लुगा सिउने गर्दछन्। कोही कोही व्यवसायीहरूले त्यस्तै काम गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जजमानहरूबाट वार्षिक बाली उठाई खाएका हुन्छन्। तर अधिकांश व्यवसायीहरूको आफ्नै खेतबारी हुन्छ। कतै कतै यी व्यवसायिक परिवारका महिलाहरू बारीमा काम गर्दछन् र पुरुषहरू शिल्पी काम, हली भई अरूको जमीन जोत्ने समेत गर्दै आएका छन्। तर बहुसंख्यक व्यावसायिक जातिका मानिसहरूको आफ्नो खेत बारी अपर्याप्त मात्रामा हुने भएको हुनाले उनीहरूको व्यवसायबाट सन्तोषजनक फाइदा लिन र विकास गर्न सकेका छैनन्। विभिन्न शिल्पकार सेवा जनजीवनका लागि निकै महत्वपूर्ण भएकोले यिनीहरू सीमित मात्रामा जिल्ला-भरीका गाउँ पञ्चायतहरूमा फैलिएका छन्।

जिल्लाका उत्तरी भेकका मानिसहरू हिमालयको दक्षिणी तथा उत्तरी ढालमा रहेका हिमाली खर्क-हरूमा चौंरीपालन, भेडापालन आदि व्यवसायमा लागेका छन्। त्यसरी भेडा च्यांग्राबाट प्राप्त हुने ऊनबाट राडी, पाखी, गलैंचा, बख्खु, गलेबन्दी आदि बुन्ने तथा चौंरीको दूधको नौनी, छुर्पि बनाउने गर्दछन्। पशुपालनमा आधारित घरेलु उद्योगका उत्पादनहरू जिल्लाका अन्य गाउँ बजारहरू र जिल्ला बाहिर बेच बिखन गर्दछन्। केही मात्रामा पुवा, अल्लोको पाटबाट धागो काती धोक्रो, प्याङ, दोवा आदि बुन्नेकाम पनि गर्दछन्। पुवाको पाटबाट बनेको धोक्रो, सनपाटको धोक्रो उपयोगी हुन्छ।

हालसम्म यो जिल्लामा कुनै पनि संगठित उद्योग नभए तापनि स्थानीय कच्चा मालमा आधारित घरेलु उद्योगहरूको सम्भावना रहेको छ। जिल्लाको मध्य तथा दक्षिणी भेकमा कपास खेती गराई स्थानीय हाते तानहरूको बदलामा स्वचालित तानहरूको प्रचार गर्न सकेमा सूती कपडा उद्योगको राम्रो सञ्चालन गर्न सकिने देखिन्छ। त्यस्तै उत्तरतर्फ केरौंजा, झारलाङ, लापा, सेर्तुङ आदि इलाकामा पशुपालन व्यवसायको विकास गरी त्यसबाट प्राप्त हुने ऊन र दूधमा आधारित उद्योगहरू चलाउन सकिन्छ। साथै यो जिल्लाको फलफूलको उत्पादन-लाई हेर्दा फ्रुट केनिङ र प्रोसेसिङ उद्योगहरू समेत चलाउन सक्ने देखिन्छ।

पर्यटन उद्योग

पृथ्वी राजमार्ग र त्रिभुवन राजपथबाट आवत जावत गर्ने यात्रुहरू, गणेश हिमाल, शृंङ्गी हिमाल आदि पर्वतमालाका उच्च टाकुराहरू आरोहण गर्न आउने मानिसहरू बाहेक यहाँ पर्यटनको अरू क्रियाकलाप छैन। सडकबाट यात्रा गर्ने व्यक्तिहरूले खानी खोला, गजूरीटार आदि स्थानहरूमा जलपान र भोजन गर्ने बाहेक यो जिल्लाको इलाकामा बास बस्ने, उपहार किन्ने गर्दैनन्। त्यस्तै पर्वतारोहण टोली आउँदा पनि छिमेकी जिल्ला नुवाकोट, रसुवाको बाटो गरी हिमालयका फेदतिर जाने भएकोले यहाँका बासिन्दाहरूलाई खास आर्थिक तथा व्यवसायिक फाइदा हुन सकेको छैन।

पैदल भ्रमण गर्ने पर्यटकहरूको लागि काठमाडौंबाट लाङटाङ र मेलम्ची तथा पोखराबाट माझी-थाकखोला-मुक्तिनाथ र घान्द्रुक, सिकलिस जस्ता आकर्षण यो जिल्लाले दिन सकेको छैन। भविष्यमा बेनीघाटबाट रुयार क्षेत्र जाने पैदल मार्गलाई सुधार गरी सो सम्बन्धी प्रचारको साथै पायक पर्ने ठाउँमा बिया पसल, होटेल आदिका स्थापना गर्न सकेमा यहाँ पैदल भ्रमण गर्ने पर्यटकहरूलाई आकर्षण गर्न सकिने छ। साथै सामरी भञ्ज्या-ङबाट यो जिल्लाको उत्तरी भेक भ्रमण गर्न सक्ने वातावरण सिर्जना गर्न पर्यटकहरूलाई सुविधा प्रदान गर्न गाउँ पञ्चायतहरूलाई आवश्यक निर्देशन दिई ठाउँ ठाउँमा खाने, बस्ने र भारी चलाउने व्यवस्था गर्न सकेमा सो मार्गबाट पनि पर्यटकहरूलाई आकर्षण गर्न सकिने देखिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापार

गाउँ घरका दैनिक उपभोगका सामानहरूको खुद्रा बिक्री गर्ने बजारहरू जिल्लाको विभिन्न स्थानमा छन्। यहाँ भएका मुख्य बजारहरूमा धादिङ सुनौला बजार, नौबिसे खानी खोला बजार, धार्के बजार, खैरेनी बजार, बेंरेनी बजार, छत्रे बजार, गजूरी बजार, बेनीघाट बजार, आरुघाट हाँसेबजार, कटुञ्जे बजार आदि हुन्। यी बाहेक गाउँ घरहरूमा स-साना पसलहरू पनि कतै कतै पाइन्छन्।

यो जिल्लाबाट बाहिर जाने मुख्य सामानहरूमा सख्खर, घ्यू, आँप, अम्बा, कटहर, काफल,सुन्तला, गोलभेडा, बेसार, तील ,मास, चामल, राडी, पाखी, गलैंचा, ऊन, जरीबूटी, चित्ताफुङ्ग, मह, भटमास आदि हुन्। यहाँ अरू जिल्लाबाट ल्याइने बस्तुहरूमा नून, तेल, मट्टीतेल, साबून, लुगा कपडा, चुरोट, सलाई, मसला, फलाम, काँसको भाँडा वर्तनहरू, श्रृङ्गारका सामानहरू आदि हुन्।

यो जिल्ला नजीकको मुख्य व्यापार केन्द्र काठमाडौं नै हो। हाल राजमार्गहरूको निर्माण भइसकेपछि हेटौंडा र वीरगञ्जबाट पनि सामानहरू खानीखोला र गजूरीको बजारमा ल्याई गाउँहरूमा वितरण गर्ने गरिएको छ। यसरी जिल्लामा सीमित मात्रामा थोक बिक्री गर्ने बजारहरू बढ्न लागेका छन्।

यो जिल्लाको अधिकांश व्यापार छिमेकी जिल्लाका बजारहरूसित हुने भएकोले यहाँ ल्याइने विदेशी वस्तुमा भन्सार लागिसकेको हुन्छ र यहाँबाट बाहिर पठाइने बस्तुहरूमध्ये केही विदेशी निकासी हुने भएमा निकासी गर्ने जिल्लामा भन्सार लगाउने भएकोले सोको रकम यहाँ उल्लेख गरिएको छैन। यहाँबाट मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्रमा पनि सीमित मात्रामा व्यापार हुन्छ। उक्त व्यापार नाका यो जिल्लामा नभई छिमेकी जिल्लाहरू (लार्के नाका गोरखामा र रसुवा नाका रसुवामा) मा पर्ने भएकोले उक्त व्यापारको परिमाण र सोबाट उठेको भन्सार दस्तूर रकम यहाँ उल्लेख गरिएको छैन। यो जिल्लाको सीमानामा पर्ने थापले हिमाल र याङ्ग हिमाल (गणेश हिमालको उत्तरी हाँगा) स्थित नाकाहरूबाट नगण्य रूपमा मात्र व्यापार हुन्छ। यो जिल्लाको आन्तरिक व्यापारमा पूर्णतया मौद्रिकरण भइसकेको छैन। साथै यहाँ कुनै पनि वाणिज्य बैंकको शाखा स्थापना भइसकेको छैन।

व्यवसायिक अनुपात

जिल्लामा कुटीर उद्योग, व्यापार आदिमा धेरै मानिसहरू लागेको भए तापनि यहाँको आर्थिक आधार कृषि नै हो। स-साना पसल थापी केही व्यापार गर्ने तथा घरघरमा स-साना शिल्पी काम गर्ने जिल्लाबासीहरूको पनि मूल पेशा कृषि नै रहेको छ। वि. सं. २०२८ सालमा लिइएको राष्ट्रिय जनगणनाअनुसार यहाँ विभिन्न व्यवसायहरूमा लागेका जनसंख्या निम्नबमोजिम छन् :—

पेशा	जनसंख्या	प्रतिशत
कृषि, वन, पशुपालन	१,२६,३३८	९९
उद्योग	४२९	०.३
निर्माण	३	०.०
व्यापार	१६१	०.१
यातायात सञ्चार	१९	०.०
अर्थ र वाणिज्य सेवा	११	०.०
वैयक्तिक तथा सामुदायिक सेवा	६९४	०.६
सबै व्यवसाय	१,२७,६५५	१००.०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो जिल्लामा विभिन्न पेशाहरूमा लागेको संख्या १,२७,६५५ यहाँको सम्पूर्ण जनसंख्याको ५४ प्रतिशत रहेको देखिन्छ। यसरी जिल्लाको आर्थिक दृष्टिकोणले सक्रिय जनबल अत्यधिक मात्रामा कृषिमा र अन्य व्यवसायहरूमा नगण्य रूपमा मात्र लागेको देखिन्छ। हाल जिल्लाको केही भागमा यातायातको सुविधा प्राप्त हुनुका साथै श्री ५ को सरकारको तर्फबाट हुन लागेको चौतर्फी विकासको प्रयास फलस्वरूप भविष्यमा कृषि बाहेक अन्य व्यवसायहरूमा रोजगारी पाउने संख्याको वृद्धि हुँदै जाने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात र सञ्चार

यातायात

मध्यमाञ्चल क्षेत्रको विकास केन्द्रलाई पश्चिमाञ्चल क्षेत्रको विकाससँग जोड्ने १७६ किलोमिटर लामो पृथ्वी राजमार्गको शुरू धादिङ जिल्लाको नौबिसेबाट भएको छ। नौबिसेदेखि खत्यौडा खोलासम्म ६० किलोमिटरसम्मको भाग यो जिल्लामा पर्दछ। साथै मध्यमाञ्चल विकास क्षेत्रको महत्वपूर्ण राजमार्गमध्येको त्रिभुवन राजपथ यो जिल्लाको नागढुङ्गादेखि तसर्पु बाहुस्थान गाउँ पञ्चायतसम्म अन्दाजी ३० किलोमिटर यो जिल्लाभित्र पर्दछ। त्यसरी यसको नौबिसे गाउँ पञ्चायत काठमाडौं उपत्यकासँग पश्चिमी र दक्षिणी भेक जोड्ने दुई प्रमुख सडकहरूको सङ्गम स्थल हुन गएको छ।

यो जिल्लाको दक्षिण -पश्चिम र त्रिशूलीगण्डकीको बेंसीमा सडक यातायातको सुविधा प्राप्त भएको छ। तर त्रिशूलीगण्डकीदेखि पारि जिल्लाका अधिकांश भागमा यातायात सुविधाको नाममा पैदल बाटोहरू मात्र छन्। यहाँ रहेका पैदल मूलबाटाहरूमा राजधानीबाट पश्चिम जाने हुलाकी बाटो, धुनीबेंसी-बेनीघाट बाटो आदि मुख्य हुन्। अतः जिल्लाका मध्य तथा उत्तरी भागमा यातायातको दृष्टिकोणले ज्यादै पिछडिएको छ। त्यस क्षेत्रमा मानिसहरूको आवत जावत र मालसामान ढुवानीको लागि गोरेटो र घोडेटो मात्र छन्। राजधानीबाट नुवाकोट जिल्लाको बजार हुँदै पश्चिम जाने पैदल मूलबाटो सामरी भञ्ज्याङदेखि कटुञ्जे बजार भएर आरुघाट बजारमा बूढीगण्डकी माथि बनाइएका पुल हुँदै गएको छ। उक्त मूलबाटोको साथै एक गाउँबाट अर्को गाउँ जाने अनगिन्ती गोरेटोहरू छन्। धेरैजसो खोलाहरूमा गतिला पुल साँघुहरू नभएको हुनाले वर्षामा आवागमनको ठूलो कठिनाइ रहेको छ। उत्तरी भेकमा गोरेटोहरूको बिग्रँदो स्थितिले आवागमन जटिल रहेको छ।

यो जिल्लामा पर्ने पृथ्वी राजमार्गको ६० किलोमिटरमा निम्नलिखित स्थानहरूमा मझौला तथा साना पुलहरूको निर्माण गरिएका छन्:—

(१) सुंगुरे खोला (२) सोप्याङ खोला (३) अमखु खोला (४) ढ्याङढुङ्गे खोला (५) खोप्टे खोला (६) चिरांदी खोला (७) बेल्खु खोला (८) पोखरेल खोला (९) गलौदी खोला (१०) मलेखु खोला (११) गोमती खोला (१२) चौरती खोला (१३) खटौली खोला।

यो राजमार्गले जिल्लाको दक्षिणी भेकको निम्नबजारहरूलाई मोटर यातायातको सुविधा पुऱ्याएको छ:—

(१) नौबिसे (२) धार्के (३) महादेव बेंसी (४) बैरेखी (५) बेल्खु (६) गजूरी (७) पतौरी घाट (८) बेनीघाट।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो राजमार्गमा पर्ने विभिन्न बजारहरू तथा घाटहरूबाट उत्तरतिर जाँदा त्रिशूलीगण्डकीलाई पार गर्नु पर्दछ। गण्डकी पार गरी दक्षिणबाट जिल्लाको मध्यभाग प्रवेश गर्न निम्नघाटहरूमा डुङ्गा तथा तुइनको व्यवस्था छः–

आनमघाटमा	तुइन र गोरेटो
घाट बेंसीमा	तुइन र गोरेटो
गजूरीमा	तुइन र गोरेटो
रिवोकटारमा	तुइन र गोरेटो
पतौरीमा	तुइन र गोरेटो
बेंतीवाटमा	तुइन र गोरेटो

उपर्युक्त घाटहरूमा वर्षामा भेल आएको बेलामा बाहेक अरू समय डुङ्गा चलाइन्छ। स्थानीय मानिसहरू घाँस पातको लागि वारिपारि गर्न डुङ्गाकै प्रयोग गर्दछन्। पृथ्वी राजमार्गबाट जिल्लाको सदरमुकाम रहेको धादिङ सुनौला बजार जान आदम घाटमा गण्डकी पार गर्ने गर्दछन्।

यो जिल्लाभित्र त्रिशूलीगण्डकीमा एउटा पनि पुल छैन। यसको र गोरखाको सीमाको रूपमा रहेको बूढीगण्डकीमा आरुघाट बजारमा पुल छ।

त्रिभुवन राजपथ र पृथ्वी राजमार्गले यो जिल्लाको दक्षिण-पश्चिमी र दक्षिणी भेकमा १८ गाउँ पञ्चायतहरूलाई यातायातको सुविधा मिलेको छ।

यो जिल्लामा हवाइ यातायातको सुविधा छैन। तर जिल्लाको उत्तरी सीमातिर रहेको श्यार खोलाको बेंसी र हिमालयको दक्षिणतर्फ रहेका केरौंजा, सेर्तुङ, झारलाङ आदिका लागि छिटो यातायातको सुविधा प्राप्त भएमा बेश हुने देखिन्छ। तर जनसंख्या र जीवनस्तरको दृष्टिकोणले हाल सो इलाकामा हवाइ सेवाको सम्भावना छैन।

यो जिल्लाभित्र रहेका मूलबाटोहरूमा पर्ने नदीहरूमा घाट ठेक्का लगाइएको छ। सबै घाटहरूमा लगाइएको ठेक्का बापत वार्षिक आय रू. २८,५६३। उठेको देखिन्छ।

मध्य तथा उत्तरी भेकका अधिकांश मानिसहरू काठमाडौं आउनु पर्दा पैदल यात्रा नै गर्दछन्। धेरै मानिसहरूले मोटरको भाडा तिर्न नसक्ने तथा नचाहने भएकोले साधारण जनताहरूले मोटर यातायातको सुविधा पाउन सकेका छैनन्। राजमार्गकै वरिपरि पनि कति मानिसहरू पैदल हिंडिरहेका पाइन्छन्। आधुनिक यातायात सुविधाले ल्याएको नयाँ सम्भावनाहरूलाई बहुमुखी विकास कार्यक्रमद्वारा भौतिक उपलब्धिमा परिणत गर्न नसकेसम्म नयाँ निर्मित सडकले जिल्लाको जनसाधारणको जीवनमा विशेष प्रभाव पार्ने देखिन्न। हुनत त्रिभुवन राजपथ र पृथ्वी राजमार्गले गर्दा जिल्ला भित्र पनि स-साना थोक विक्री गर्ने बजारहरू शुरू हुन गएकोले गाउँलेहरूले आफ्ना स-साना आवश्यकताहरू सुपथ मूल्यमा गाउँ छिमेकमा नै किन्न पाउने भएकोले काठमाडौंको बजारसम्म धाउनु नपर्ने भएको छ। साथै गाउँ ठाउँमा उब्जनी हुने कृषि, फलोद्यान तथा पशु उपजहरू बेच बिखन गर्ने सहूलियत पाएका छन्। तर गाउँमा नै बेच बिखन गर्दा भाउमा निकै अन्तर पर्ने भएकोले गाउँलेहरू शहरमा नै बेच्न रुचाउँछन्। अर्कोतिर यातायातको सहूलियत पाएका स्थान र जिल्ला बाहिर पनि आवागमन बढ्न गएको छ। तर जिल्लाका केही सम्पन्नवर्गले मात्र यसरी आधुनिक यातायातको सहूलियतलाई उपभोग गर्न सकेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जलमार्ग

यो जिल्लाको पूर्व सीमा हुँदै जिल्ला प्रवेश गरी पश्चिमतिर बगेको त्रिशूलीगण्डकीलाई भविष्यमा जलमार्ग बनाउन सक्ने सम्भावना देखिन्छ। देवीघाटदेखि बेनीघाटसम्म यो जिल्लामा पर्ने गण्डकीमा पूर्वबाट पश्चिम जाने एकोहोरो जल वाहन (बाँसका फिर्का) का लागि बाटो बनाउन सकिने देखिन्छ। केही धन खर्च गरी छाङो परेको ठाउँहरू सम्म्याउने र बीच धारमा रहेका चट्टानहरू फोड्ने कार्यक्रम चलाउन सकेमा बाँसको फिर्का (वार्ज) हरूद्वारा एकोहोरो ढुवानी गर्न गाह्रो हुँदैन। यस्तो फिर्काहरूबाट भेल लागेको बेलामा बाहेक सालभरी नै मालसामान ढुवानी चालू राख्न सकिन्छ।

सञ्चार

यो जिल्लामा एउटा आकाशवाणी कार्यालय रहेको छ। उक्त आकाशवाणीको यन्त्र सदरमुकाम नजीकै बिलाउने डाँडा नामक स्थानमा राखिएको छ। सो कार्यालयको नियन्त्रण कार्य काठमाडौंबाट गरिन्छ। त्यहांबाट बागमती र नारायणी अञ्चलका जिल्लाहरूमा सोझै सम्पर्क राख्न सकिन्छ। साथै काठमाडौं स्थित क्षेत्रिय नियन्त्रण कार्यालय मार्फत अधिराज्यका अन्य जिल्लाहरूसँग पनि सम्पर्क राख्न सकिन्छ। यहाँको आकाशवाणी कार्यालयमा एक वर्षमा अन्दाजी ७०० खबर आउने र अन्दाजी ५०० खबर जाने देखिन्छ। यहाँ आउने जाने खबर अधिक मात्रामा सरकारी कार्यालयहरूको हुन्छ।

हुलाक

यो जिल्लामा एक छोटी हुलाक, दुई शाखा हुलाक र चारवटा अतिरिक्त हुलाक गरी जम्मा सातवटा हुलाकहरू छन्। जिल्लाको निम्न स्थानहरूमा निम्न लिखित किसिमको हुलाक कार्यालयहरू रहेका छन्।

ठाउँ	स्तर
धादिङ सुनौला बजारमा	छोटी हुलाक
सालबास गाउँ पञ्चायतको सुनखानी गाउँमा	शाखा हुलाक
गजूरी राकसिङ गाउँ पञ्चायतको गजूरीटार बजारमा	शाखा हुलाक
कटुञ्जे गाउँ पञ्चायतको कटुञ्जे बजारमा	अतिरिक्त हुलाक
बेनिघाट गाउँ पञ्चायतको बेनिघाट बजारमा	अतिरिक्त हुलाक
भूमिस्थान गाउँ पञ्चायतको महादेव बेंसीमा	अतिरिक्त हुलाक
छत्रे देउराली गाउँ पञ्चायतको छत्रे देउरालीमा	अतिरिक्त हुलाक

उपर्युक्त हुलाक कार्यालयहरू बाहेक गोरखा र नुवाकोट जिल्लाहरूमा आरुघाट बजार हुलाक, देवीघाट हुलाक र सामरी भञ्ज्याङ हुलाकबाट पनि यो जिल्लाको चिट्ठी पत्रहरू आउने जाने हुन्छ।

यो जिल्लाको प्रमुख हुलाक सदरमुकामस्थित छोटी हुलाक हो। उक्त हुलाक कार्यालयमा आर्थिक वर्ष २०२९।३० मा निम्नकिसिमको चिट्ठीपत्र तल उल्लिखित संख्यामा आवत जावत भएको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरकारी का. स.	८,४३२
रजिष्टरी पुलिन्दा बीमा सहित	३,६९५
साधारण चिट्ठी पत्र	१८,२५०
विभिन्न पत्र पत्रिका	१०,९५५

यो जिल्लामा धादिङ सुनौला बजार छोटी हुलाक अन्तर्गतको इलाकाको धुवांकोट, तारुका आदि गाउं पञ्चायतहरूको तामाङ र गुरुङहरूको बढी मात्रामा चिट्ठी आवत जावत हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

गत केही वर्ष पहिलेसम्म शिक्षाको क्षेत्रमा निक्कै पछाडि परेको यो जिल्लाले यता केही वर्षदेखि उल्लेखनीय प्रगति गरेको छ। जनतामा शिक्षा प्रति गहिरो अभिरुचि बढ्नुको साथै शिक्षा हासिल गर्न र गराउन भगीरथ प्रयास शुरू गरेका छन्। वि. सं. २०२८ को जनगणनानुसार यो जिल्लाको छ वर्षदेखि माथि उमेर हुने जनसंख्याको ५.२ प्रतिशत साक्षर रहेको देखिन्छ। यस उमेर समूहभित्र पर्ने जम्मा १,९५,२७४मध्ये १०,१७३ जना साक्षर छन्। त्यसमध्ये ९,३३९ अर्थात् यस उमेर समूहमा पर्ने पुरुषको कुल जनसंख्याको ९.४ पुरुष र ८३४ अर्थात् यस उमेर समहमा पर्ने महिलाको कुल जनसंख्याको ९ प्रतिशत महिला साक्षर रहेका छन्। त्यसरी पुरुषहरूको दाँजोमा महिलाहरू कम मात्र साक्षर छन्। हाल यहाँका गाउँ पञ्चायतहरूमा रहेका विद्यालयहरूमा महिला विद्यार्थीहरूको संख्या पहिलेकोभन्दा धेरै बढ्न लागेको देखिन्छ। जिल्लाको साक्षर जनसंख्यामध्ये विभिन्न उमेर समूहमा तल लेखिएअनुसार साक्षर रहेका छन्:–

साक्षारताको तालिका

उमेर समूह	पुरुष			महिला			जम्मा		
	जनसंख्या	साक्षरसंख्या	प्रतिशत	जनसंख्या	साक्षर संख्या	प्रतिशत	जनसंख्या	साक्षरसंख्या	प्रतिशत
६– ९	१२,७७६	५८५	४.६	१२,६८५	१५८	१.२	२५,४६१	७४३	२.९
१०–१४	१४,७५८	२,२३१	१५.१	१२,६१७	२५२	२.०	२७,३७५	२,४८३	९.१
१५–१९	११,९९९	१,७२९	१४.४	१०,९४१	१४३	१.३	२२,९४०	१,८७२	८.२
२०–२४	९,९०५	१,२६१	१२.७	१०,०४६	९५	.९	१९,९५१	१,३५६	६.८
२५–२९	८,९७९	९०५	१०.१	९,२२८	६२	.७	१८,२६७	९६७	५.३
३०–३४	७,६६६	६४८	८.४	८,२७७	३९	.५	१५,९७३	६८७	४.३
३५–३९	७,७८९	५२०	६.७	७,२५१	२५	.३	१५,०४०	५४५	३.६
४०–४४	५,८००	३४८	६.०	५,९१८	१५	.३	११,७१८	३६३	३.१
४५–५४	८,८९६	५५८	६.३	८,५८४	२४	.३	१७,४८०	५८२	३.३
५५–६४	६,५२३	३३७	५.२	६,०९२	१२	.२	१२,६१५	३४९	२.८
६५ र माथि	४,४२१	२१७	४.९	४,०३३	९	.२	८,४५४	२२६	२.७
जम्मा:–	९९,५४२	९,३३९	९.४	९५,७३२	८३४	०.९	१,९५,२७४	१०,१७३	५.२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाअनुसार हाल विद्यालयमा अध्ययन गरिरहेका छ वर्षदेखि नौ वर्षसम्मको उमेर समूहमा साक्षर संख्या कम भए तापनि सो उमेर समूहका अधिकांश विद्यालय जाने बालक बालिकाहरूको जनगणना गर्दा साक्षर नभइसकेका अथवा पहाडी जिल्ला भएकोले उक्त उमेर समूहका अधिक संख्या विद्यालयमा भर्ना भइनसकेको हुन सक्छ। उक्त समूह बाहेक अन्य समूहहरूमा तरुणहरू बढी मात्रामा साक्षर रहेको देखिन्छ। यहाँ रहेको विभिन्न उमेर समूहको जनसंख्यामा साक्षर संख्याको अनुपात अधिराज्य र बागमती अञ्चलका शिक्षित जिल्लाहरूको दाँजोमा निक्कै कम देखिए तापनि यही जिल्लाको विगत केही वर्ष पहिलेको स्थितिको दाँजोमा वर्तमान साक्षरताको अनुपात धेरै उत्साहवर्धक देखिन्छ। अधिराज्यमा साक्षरताको अनुपात १३.९ प्रतिशत र बागमती अञ्चलमा १८.२ प्रतिशत छ।

जनसाधारणको शिक्षाप्रतिको बढ्दो चाखको फलस्वरूप यहाँ प्राथमिक तथा निम्नमाध्यमिक विद्यालयहरूको संख्या निक्कै वृद्धि हुन गएको छ। हाल जिल्लामा ११० वटा प्राथमिक विद्यालयहरू, नौ वटा निम्नमाध्यमिक र दुईवटा माध्यमिक विद्यालयहरू छन्। साथै १३ वटा पूर्ण सरकारी प्रारम्भिक विद्यालयहरू रहेका छन्।

जिल्लाको कुन जनसंख्यामा प्राथमिक विद्यालयमा पढ्न जान सक्ने छदेखि नौवर्ष उमेर पुगेका संख्या २५,४६१ अर्थात् १०.८ प्रतिशत छ। हाल जिल्लामा प्राथमिक कक्षाहरूमा अध्ययन गर्नेको संख्या ४,९२३ अर्थात् उक्त संख्याको १९.३ प्रतिशत रहेको छ। तर दुर्गम जिल्ला भएकोले बाटो घाटोको असुविधा तथा सामाजिक आर्थिक कारणवश नौ वर्षभन्दा बढी उमेर भएका बालक बालिकाहरू समेत प्राथमिक कक्षाहरूमा अध्ययन गर्ने हुन्छन्। खासगरेर नयाँ शिक्षा लागू नभइसकेको जिल्ला भएकोले यहाँ प्राथमिक विद्यालयहरूमा पांच कक्षासम्म हुने भएको समेतले गर्दा छ वर्षदेखि नौ वर्षसम्मको २५,४६१ लाई मात्र प्राथमिक शिक्षाको उमेर नमानी छ वर्षदेखि १५ वर्षसम्मको जनसंख्यालाई प्राथमिक तथा निम्नमाध्यमिक कक्षाहरूमा अध्ययन गर्न सक्ने मान्नु उचित देखिन्छ। सो उमेर समूहमा जिल्लाको कुल जनसंख्यामा ५८,८६३ अर्थात् २४.९ प्रतिशत हुन आउँछ। उक्त संख्याको अनुपातमा हाल प्राथमिक तथा निम्नमाध्यमिक कक्षाहरूमा दर्ता भएका विद्यार्थीहरूको संख्या ५,२३६ अर्थात् ८.९ प्रतिशत रहेको देखिन्छ।

यो जिल्लाको वर्तमान सामाजिक–आर्थिक स्थितिमा जनसंख्याको कुनै भागलाई पनि शैक्षिक उमेर भनी पूर्णतया विभाजन गर्नु यथार्थबाट विमुख हुने देखिन्छ। जिल्लाका बहुसंख्यक जनताहरूले आफ्ना बालक बालिकाहरूलाई सानै उमेरदेखि परिस्थितिवश प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक फाइदा हुने काममा लगाउनु पर्ने हुन्छ। खासगरेर १० वर्ष र सोभन्दा माथि उमेर पुगेका जनसंख्याको अधिक भाग आर्थिक लाभ हुने व्यवसायमा संलग्न भएको हुन सक्छ।

यो जिल्लामा दुईवटा माध्यमिक विद्यालयहरू सञ्चालन भइरहेका छन्। यी विद्यालयहरू एउटा गजुरीटार बजार र अर्को धादिङमा रहेका छन्। गजुरीटारको माध्यमिक विद्यालयमा १०० विद्यार्थीमध्ये सात जना छात्राहरू छन् र धादिङमा १०६ विद्यार्थीहरूमध्ये १७ जना छात्राहरू छन्। यी विद्यालयहरूलाई रु. ५,०००। र ३,०००। गरी श्री ५ को सरकारकोतर्फबाट रू. ८,०००। आर्थिक सहायता उपलब्ध भइरहेको छ। ती विद्यालयहरूमा जम्मा १९ जना शिक्षकहरूले काम गरिरहेका छन्।

जिल्लामा हाल सञ्चालन भइरहेकामध्ये सात वटा निम्नमाध्यमिक विद्यालयहरूमा ३१३ विद्यार्थीहरूमध्ये छ जना मात्र छात्राहरू दर्ता भएका छन्। त्यस्तै अन्दाजी १२३ प्राथमिक विद्यालयहरूमा पढ्ने ४,९२३ विद्यार्थीहरूमध्ये ३९४ छात्राहरू रहेका देखिन्छन्। जिल्लामा प्राथमिक विद्यालयहरूमा अध्यापन गरिरहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षकहरूको संख्या १८२ रहेको देखिन्छ। जिल्लाको प्रत्येक गाउँ पञ्चायतमा एक वा एकभन्दा बढी प्राथमिक विद्यालयहरू भएको देखिन्छ।

उपर्युक्त तथ्याङ्क अनुसार यो जिल्लाको शिक्षालयमा अधिक मात्रामा पुरुष विद्यार्थीहरूको बहुसंख्या रहेको छ र उनीहरूको दाँजोमा महिला विद्यार्थी अर्थात् छात्राहरूको संख्या अति कम रहेको देखिन्छ। त्यसरी नारी शिक्षामा पिछडिएको मुख्य कारण रूढिवादी मनोवृत्तिको प्रवलता अझ पनि कायम रहनु हो। विवाह गरी अरूको घरमा पठाउनु पर्ने छोरी, बहिनी आदिलाई किन पढाइ राख्नु भन्ने धारणाको साथै आइमाईलाई अरु पुरुष विद्यार्थीसँग विवाह अगाडि उठबस गराउँदा विवाह गरिदिन गाह्रो पर्ने तथा महिलाहरूलाई सानै उमेरमा विवाह गरी पठाउने चलन समेतले गर्दा नारी शिक्षा कम रहन गएको हुन सक्छ। अतः आर्थिक दृष्टिकोणले सक्षम परिवारमा वा व्यक्तिहरूले समेत बालक बालिकाहरूको शिक्षालाई आफ्नो सामाजिक दायित्वको रूपमा स्वीकार गरेपछि मात्र जिल्लामा शिक्षाको विकास गतिशील हुन जाने देखिन्छ।

माध्यमिक विद्यालयहरूलाई जस्तै निम्नमाध्यमिक तथा प्राथमिक विद्यालयहरूलाई श्री ५ को सरकारकोतर्फबाट आर्थिक सहायताको व्यवस्था भएको छ। आर्थिक वर्ष २०२९।०३० मा विद्यालयहरूलाई आर्थिक सहायता, छात्रवृत्ति तथा पूर्ण सरकारी विद्यालयको सञ्चालन समेतको लागि रू. २,००,५३४। को बजेट रकम छुट्याइएको देखिन्छ।

हाल जिल्लामा अध्यापन कार्यमा लागेका शिक्षकहरूमध्ये जम्मा ५३ जना तालीमप्राप्त शिक्षकहरू छन्। तालीमप्राप्त शिक्षकहरूलाई तालीम भत्ताको व्यवस्था गरिएको छ।

यहाँको दुईवटा माध्यमिक विद्यालयहरूको आफ्नै पक्की भवनहरू छन् र आठ वटा निम्नमाध्यमिक विद्यालयहरूमध्ये सात वटाको आफ्नै पक्की भवन छ र एउटाको निजी भवन भइसकेको छैन। साथै ११० वटा प्राथमिक विद्यालयहरूमध्ये ७१ वटाको पक्की भवन, ३८ वटाको कच्ची भवन भएको र अरूको भवन भइसकेको छैन।

प्रौढ शिक्षातर्फ आर्थिक वर्ष २०२९।०३० मा १०६ कोटा वितरण भएकोमध्ये ७९ कोटा प्राप्त गर्ने प्रौढ साक्षर कक्षामा जम्मा ८७५ जना प्रौढहरूले कक्षाहरूमा सामेल भएको अभिलेख पाइएको छ। ती-मध्ये केही महिला प्रौढहरू पनि थिए।

यो जिल्लामा उच्च शिक्षाको सुविधा नभएकोले यहाँबाट प्रवेशिका उत्तीर्ण हुनेमध्ये सामर्थ भएका र इच्छुक व्यक्तिहरू काठमाडौं गई उच्च शिक्षा हासिल गर्ने गरिरहेका छन्।

यो जिल्लामा २०३२ मा राष्ट्रिय शिक्षा योजना लागू हुने भएको छ।

स्वास्थ्य

यो जिल्लामा आधुनिक औषधि र उपचारको प्रचार व्यापक रूपमा भइसकेको छैन। परापूर्वकालदेखि चलिआएको धामी र झाँक्री विद्या नै बढी प्रचलनमा रहेको छ। जनतामा जरा गाडी बसेको रूढिवादी र अन्धविश्वासको कारण गाउँ घरमा बिरामी पर्दा धामी झाँक्री लगाउने गर्दछन्। धामी झाँक्रीमा दैवी शक्ति रहेको विश्वास गर्दछन्। कोही धामी झाँक्रीहरूले स्थानीय वनमा पाइने जरीबूटीहरूको प्रयोग पनि गर्दछन्।

जिल्लाको सदरमुकाममा एउटा स्वास्थ्य केन्द्र रहेको छ। उक्त स्वास्थ्य केन्द्र वि. सं. २०१६ सालमा स्थापना गरिएको हो। उक्त स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृतको दरबन्दी भएबमोजिम हाल जनतालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डाक्टरको सेवा उपलब्ध भएको छ। उक्त केन्द्रमा एउटा स्वास्थ्य सहायकको सेवा प्राप्त रहेको छ। सो केन्द्रबाट २०२९ साल (वैशाखदेखि चैतसम्म) मा निम्नलिखित संख्यामा रोगीहरूको उपचार गरेको देखिन्छः—

नयाँ रोगी संख्या	६,५०४
पुरानो रोगी संख्या	१,५८६
प्रतिकारात्मक सेवातर्फ	३,७९६

वि. सं. २०२९ फागुनदेखि उक्त स्वास्थ्य केन्द्रमा परिवार नियोजन तथा मातृ शिशु कल्याण योजना अन्तर्गत क्लिनिक सञ्चालन गरिएको छ। उक्त क्लिनिकमा हेल्थ एड दर्जामा दुई स्वास्थ्य सहायकहरूको थप दरबन्दी रहेको छ। उक्त क्लिनिकमा हरेक आइतबार र बिहीबार परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा उपलब्ध गरिएको छ र अन्य बार तीन मील टाढासम्म फिल्ड कार्यक्रम सञ्चालन गर्ने गरिएको छ। साथै सल्यानटार गाउँ पञ्चायतमा एक अर्को स्वास्थ्य केन्द्रबाट वरिपरिका अन्दाजी १० वटा गाउँ पञ्चायतहरूका जनतालाई सेवा पुऱ्याउने गरेको देखिन्छ। राजधानी तथा जिल्लाको पूर्वी भागबाट पश्चिमतर्फ जाने मूल बाटोमा परेकोले उक्त केन्द्रले बटुवाहरूलाई समेत सेवा गर्ने गरेको देखिन्छ। उक्त केन्द्रमा एउटा स्वास्थ्य सहायकको सेवा उपलब्ध रहेको छ।

यी बाहेक यो जिल्लाको ज्यामरुङ गाउँ पञ्चायत, गजूरीटार गाउँ पञ्चायत र तारुका गाउँ पञ्चायतमा गरी जम्मा तीन वटा आयुर्वेदिक औषधालयहरू रहेका छन्।

उपर्युक्त आयुर्वेदिक औषधालयहरूमा कविराजहरूको व्यवस्था गरिएको छ। काठमाडौंस्थित वैद्यखानामा तयार गरिएका औषधिहरूको साथै स्थानीय बूटीहरूको औषधि मूलो तयार गरि रोगीहरूको सेवा गर्ने गरिएको देखिन्छ।

यो जिल्लामा साधारणतया पेट सम्बन्धी रोगहरू नै बढी हुने देखिन्छ जस्तै जुका, आऊँ रगत पर्ने आदि। ती बाहेक खराब पानीबाट सर्ने अन्य रोगहरू जस्तै टायफाइड, झाडाबान्ता आदि लाग्दछन्। यहाँ देखिने अन्य रोगहरूमा गाँड, क्षयरोग, आँखा पाक्ने, घाउ खटिरा आदि हुन्।

औलो उन्मूलन

यो जिल्लाको बेंसीहरू ज्यादै होचा र उष्ण भएको हुनाले औलो ग्रस्त थियो। यहाँ वि. सं. २०१६ मा औलो उन्मूलनको कार्य शुरू गरिएको हो। यहाँ अनुमानित १,१६,०२२ जनसंख्या औलो ग्रसित क्षेत्रमा बसोबास गरिरहेका छन्। जिल्लाको औलो ग्रसित इलाकामा बसोबास गरिरहेका जनसंख्यामध्ये ९३,७५५ जनसंख्या भएको इलाकामा आक्रमण कार्यक्रम समाप्त भई रेखदेख कार्यक्रम चालू रहेको र २२,२६७ जनसंख्याको क्षेत्रमा आक्रमण कार्य चालू रहेको देखिन्छ। उन्मूलन कार्यक्रम अन्तर्गत जम्मा १५,७०१ रक्त नमूनाहरू सङ्कलन गरी औलो ग्रसित भनी प्रमाणित भएका ४१ जना रोगीहरूलाई निःशुल्क औषधि वितरण गरी रोगबाट मुक्ति दिएको कुरा अभिलेखबाट देखिन्छ।

यस जिल्लाको गजूरीटार, धादिङ सुकौरी, धादिङ बेंसी र धादिङ गल्छीमा नेपाल औलो उन्मूलन शाखा कार्यालयहरू छन्।

यातायातको कठिनाइको साथै औलोको प्रकोप हुनेभन्दा उच्च डाँडाहरूमा समेत औलो ज्वर सर्न जाने समस्याहरू देखा परे तापनि चालू आर्थिक वर्ष अर्थात् २०३०।०३१ सालभित्र जिल्लामा आक्रमणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यक्रम चलेको क्षेत्रलाई रेखदेख, रेखदेखको अवस्थामा रहेका इलाकालाई प्रतिरक्षा अवस्थामा लैजाने कार्यक्रम रहेको देखिन्छ।

खानेपानी

यो जिल्लाका अधिकांश मानिसहरू खान पिउन र सरसफाइको लागि खोला, मूल, कूवा आदिको पानीमा आश्रित छन्। कतिपय डाँडाहरूमा रहेका गाउँबासीहरूलाई पिउने पानीसम्म पनि कठिनले प्राप्त हुने हुनाले सरसफाइको लागि पर्याप्त पानी उपलब्ध छैन। कतै कतै पानीको नजीक रहेका मूलहरू सुकेर जानाले टाढा टाढाबाट पानी ओसार्नु परिहेको छ। बेंसीतिर रहेका गाउँहरूमा सजिलोको कारण खोलाकै पानी पिउनको लागि समेत प्रयोग गर्दछन्। कैयौं गाउँहरूमा खानेपानीको अभाव, दूरताले गर्दा जनजीवन कष्टदायक रहेको छ। दुई-तीन घण्टाको बाटो हिंडी पानील्याई निर्वाह चलाउनु पर्ने गाउँहरू समेत यो जिल्लामा छन्।

स्थानीय विकास कार्यक्रम अन्तर्गत स्थानीय गाउँ पञ्चायतलाई आर्थिक अनुदान दिई जिल्लाका विभिन्न गाउँ पञ्चायतहरूमा सञ्चालन भइरहेका सामुदायिक खानेपानी सम्बन्धी आयोजनाहरूको संख्या २८ रहेको छ। ती खानेपानी आयोजनाहरूबाट २२ गाउँ पञ्चायतहरूका अन्दाजी ७,२०० अर्थात् सम्पूर्ण जिल्लाका जनसंख्याको तीन प्रतिशत मानिसहरूलाई खानेपानीको सहुलियत प्राप्त हुनेछ। ती चालू आयोजनाहरू बाहेक प्रत्येक वर्ष केही खानेपानी सम्बन्धी आयोजनाहरू सञ्चालन हुँदै आएको देखिन्छ। त्यसै आर्थिक वर्ष २०२९।०३० मा सातवटा खानेपानी सम्बन्धी पानी टयाङ्की र कलधाराहरूको आयोजना सम्पन्न गरिएको थियो। उपर्युक्त चालू आयोजना हरूमध्ये केही दुर्गम क्षेत्र विकास कार्यक्रम अन्तर्गत जिल्लाको उत्तरी भेकमा अवस्थित फूलखर्क, बसेरी, रि आदि गाउँ पञ्चायतका आवश्यक गाउँहरूमा खानेपानी सम्बन्धी आयोजनाहरू सञ्चालन भएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

पृथ्वीनारायण शाहबाट विभिन्न राज्य रजौटाहरूमा विभाजित नेपाललाई एकीकरण गर्ने अभियान शुरू हुँदा वर्तमान धादिङ जिल्लाका सल्यानकोट र धादिङ गढीहरू गोरखा राज्यको अधिकारक्षेत्र भित्र पर्दथ्यो। त्यसबेला यसको दक्षिण-पूर्व सीमानास्थित लामिडाँडा थुम उपत्यका भित्रको ललितपुर राज्यमा थियो। तत्पश्चात् उपर्युक्त तीन थुम्का अधिकांश भाग पश्चिम एक नम्बर गोश्वारा अन्तर्गत नुवाकोट गौंडास्थित बडाहाकिम मार्फत प्रशासित रह्यो।

वि. सं. २०१९ सालमा अधिराज्यलाई १४ अञ्चल र ७५ विकास जिल्लाहरूमा विभाजन गरेपछि वर्तमान धादिङ जिल्ला अलग्ग जिल्ला हुन आएको हो। यो जिल्लालाई वि. सं. २०२२ देखि २०२६ साल कात्तिकसम्म बागमती अञ्चलाधीशको रेखदेखमा राखी वि. सं. २०२६ मंसीर १ गतेदेखि यहाँको शान्ति सुरक्षाको बन्दोवस्त गर्न विशेष अधिकृतको कार्यालयको व्यवस्था गरिएको थियो।

वि. सं. २०२८ साल साउन २० गतेदेखि यो जिल्लाको स्थानीय प्रशासनको प्रमुख प्रशासकको रूपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था भएको छ। हाल जिल्लाका शान्ति सुरक्षा कायम राख्ने, जनताको पीरमर्का सुन्ने, विकास कार्यहरूको रेखदेख गर्ने आदि प्रशासनिक कार्यहरू प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट हुने गर्दछ। प्रमुख जिल्ला अधिकारीको कार्यालयमा शिक्षा तथा प्राविधिक शाखाहरू पनि रहेका छन्। प्रमुख जिल्ला अधिकारीको कार्यालय अतिरिक्त जिल्लामा रहेका अन्य जिल्ला स्तरीय सरकारी कार्यालय-हरूको नामावली निम्नबमोजिम छः–

कार्यालयको नाम	रहेको स्थान
जिल्ला अदालत	धादिङ सुनौला बजार
भूमि सुधार कार्यालय	धादिङ सुनौला बजार
कृषि विकास कार्यालय	धादिङ सुनौला बजार
माल कार्यालय	धादिङ सुनौला बजार
सहायक सरकारी अभियोक्ता तथा सहायक सरकारी अधिवक्ताको कार्यालय	धादिङ सुनौला बजार
जिल्ला तथ्याङ्क कार्यालय	धादिङ सुनौला बजार
प्रहरी निरीक्षकको कार्यालय	धादिङ सुनौला बजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कारागार कार्यालय	धादिङ सुनौला बजार
जिल्ला सहकारी कार्यालय	बिलाउने डाँडा
वन रेञ्ज कार्यालय (३)	नवलपुर, बूढाथुम, गजूरीटार
छोटी हुलाक कार्यालय	धादिङ सुनौला बजार
सवारी कर कार्यालय	नौबिसे, बेनीघाट बजार
पृथ्वी राजमार्ग उप–कार्यालय	गजूरीटार

अन्य कार्यालयहरू

जिल्ला पञ्चायत कार्यालय	धादिङ सुनौला बजार
आकाशवाणी स्याटेलाइट	बिलाउने डाँडा
टेलिफोन कार्यालय	नौबिसे
बहुमुखी सहकारी कार्यालय (३)	सुनौला बजार, गजूरीटार, नौबिसे

यहाँ एउटा जिल्ला प्रहरी निरीक्षकको कार्यालय रहेको छ। उक्त कार्यालय अन्तर्गत ठाउँ–ठाउँमा प्रहरी चौकी छन्।

न्याय प्रशासन

यो जिल्लामा एउटा जिल्ला अदालत र सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय रहेका छन्। अदालतले जिल्ला भित्रको सरकारवादी तथा दुनियाँवादी फौजदारी तथा देवानी मुद्दाहरू केलाई कारवाही गर्दछ। सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालयले सरकारवादी हुने मुद्दाहरू दायर गर्ने, त्यस्ता मुद्दाहरूमा बहस पैरवी गर्ने तथा जिल्ला प्रशासनलाई कानूनी राय सल्लाह उपलब्ध गराउने गर्छ।

जिल्ला अदालत

यहांको जिल्ला अदालतमा निम्नलिखित वर्षहरूमा निम्नलेखिएअनुसार जिम्मेवारी सरिआएको तथा नयां मुद्दाहरू परेको देखिन्छः–

आर्थिक वर्ष	जिम्मेवारी आएको	सालभरमा परेको	जम्मा	छिनिएको	बाँकी
२०२७।०२८	३१४	३८४	६९८	४०५	२९३
२०२८।०२९	२९३	४७३	७६६	४४९	३१७
२०२९।०३०	३१७	४५३	७७०	४१७	३५३
२०२७।०२८–२०२९।०३०	९२४	१,३१०	२,२३४	१,२७१	९६३

आर्थिक वर्ष २०२७।०२८ देखि आर्थिक वर्ष २०२९।०३० सम्म परेका सरकारवादी तथा दुनियाँवादी दुवै किसिमका मुद्दाहरूलाई १७ किसिममा वर्गीकरण गरी हेर्दा सबैभन्दा धेरै लेनदेन सम्बन्धी मुद्दा परेको देखिन्छ। त्यसपछि जग्गा सम्बन्धी र लुटपिट मुद्दाहरू परेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर सरकारवादी मुद्दाहरूमा बढी मात्रामा ज्यान सम्बन्धी र चोरी मुद्दाहरू धेरं भएको देखिन्छ ।

पञ्चायत

यो जिल्लामा ५१ वटा गाउँ पञ्चायतहरू छन् । यस जिल्लाबाट एक जनाले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्दछन् । यहांको गाउँ पञ्चायतहरूले आफ्नो आयको लागि आवश्यक करहरू नलगाएकोले प्राय भएको देखिन्न । आर्थिक वर्ष २०२९।०३० मा जिल्लासभा कोषको खुद आम्दानी रू.२५,३४२। रहेको देखिन्छ ।

जिल्लासभामा पेश हुन आएका गाउँ पञ्चायत तथा जिल्लास्तरीय विकास आयोजनाहरू सञ्चालन-को लागि श्री ५ को सरकारबाट विकास अनुदान पाउने गर्दछन् । आर्थिक वर्ष २०२९।०३० मा श्री ५ को सरकारको अनुदान र गाउँ पञ्चायत इलाकाका जनताहरूको श्रमबाट विभिन्न गाउँ पञ्चायतहरूमा विद्यालय भवन बनाउने, पञ्चायत भवन बनाउने, सिचाइ र खानेपानी आयोजनाहरू सञ्चालन भइरहेका छन् ।

वर्गीय संगठन

यो जिल्लामा मजदूर संगठन बाहेक अन्य चार वर्गीय संगठनहरू स्थापना भएका छन् । ती वर्गीय संगठनहरूको प्रारम्भिक कार्य समितिको संख्या निम्नबमोजिम छः–

संगठनको नाम	प्रारम्भिक कार्य समिति
नेपाल महिला संगठन	१४
नेपाल किसान संगठन	२३
नेपाल युवक संगठन	१८
नेपाल भूतपूर्व सैनिक संगठन	७

उपर्युक्त संगठनहरूमध्ये नेपाल भूतपूर्व सैनिक संगठन बाहेक अन्य तीनै वटाको जिल्ला कार्य समिति गठन भएका छन् । उक्त संगठनहरूले समय समयमा आफ्नो वर्गको हित हुने कार्य सञ्चालन गर्ने गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

विकास सम्भाव्यताको दृष्टिकोणले धादिङलाई अधिराज्यको पहाडी भागको एक प्रतिनिधि जिल्ला मान्न सकिन्छ। कृषिमा आधारित यहाँको अर्थ व्यवस्थाको मूल समस्या खेतीयोग्य भूमिको अभाव हो। सीमित कृषि भूमिमा अत्यधिक जनभारको कारण भूस्वामित्व, स-साना पाखो र खेतहरूमा सीमित रहन गएकोले यहाँको कृषिको उत्पादकत्व वृद्धि गर्ने सम्भावना सीमित रहेको छ। यहाँको केही समथर बेंसीहरूमा सिचाइ सुविधा प्रदान गर्न सक्ने देखिन्छ। किसानहरूलाई पायक परेका जमीनहरू खरीद गर्न कृषि ऋण दिई आवश्यक उपकरण र प्रविधि समेत उपलब्ध गराई खाद्यान्न उत्पादनलाई बढाउन सक्ने देखिए तापनि अधिकांश पाखो भूमि खाद्यान्न खेतीको दृष्टिकोणले सीमान्त रहेका छन्।

तरकारीको बढ्दो मागलाई ध्यानमा राख्दा यहाँ खाद्यान्नको सट्टा फलफूल, साग तरकारी जस्तो नगदे बालीहरू लगाउँदा जनतालाई बढी आर्थिक लाभ हुन जाने देखिन्छ। सोही कुरालाई दृष्टिगत गरी पृथ्वी राजमार्गमा पर्ने इलाकामा जनताको क्रय शक्ति बढाउने उद्देश्य लिई श्री ५ को सरकारले अन्दाजी ८०० रोपनी जमीनमा साग तरकारीको सघन खेतीको आयोजना तर्जुमा गरेको छ। त्यस्तै फलफूल खेतीको प्रचार गरी उत्पादन भएको फलफूललाई बिक्री वितरण गर्ने र फलफूल खेतीमा आधारित स-सना उद्योगहरू सञ्चालन गर्न आवश्यक व्यवस्था हुनु पर्ने देखिन्छ।

जिल्लाका केही समथर टार, बेंसीहरूमा उपयुक्त सिचाइको व्यवस्था गर्न सकेमा यहाँको खाद्यान्नाभाव केही मात्रामा समाधान हुनेछ। हाल केही त्यस्ता टारहरू (गजूरीटार, पीपलटार आदि) मा साना सिचाइ आयोजनाहरू सञ्चालन गरिएका छन्। त्यस्तै आयोजनाहरू जिल्लाका अन्य समथर भूमि जस्तै सल्यानटार, परेवाटार, दर्शनटार, कुमालटार, रिचोकटार आदिमा पनि सञ्चालन गर्न सकेमा यहाँको खाद्यान्न उत्पादन सन्तोषजनक परिमाणमा बढ्न जाने देखिन्छ।

खाद्यान्न खेती र फलोद्यान सम्बन्धी कार्यक्रमको साथै यो जिल्लामा भएको पशुपालन व्यवसायलाई पनि सम्वर्द्धन गर्न सकिने देखिन्छ। जिल्लाको उत्तरी भागमा भेडा र चौंरी पालनलाई व्यवस्थित गरी सोबाट प्राप्त हुने दूध र ऊनमा आधारित साना उद्योगहरू समेत चलाउन सकिने देखिन्छ। हाल भएका चौंरी र भेडाको नश्ल सुधार गरी चरन विकास कार्यक्रमको साथै पशु चिकित्साको सुविधा उपलब्ध गराउन सकेमा यहाँका पशु-संख्यामा वृद्धि र सुधार समेत हुने देखिन्छ। काठमाडौं शहरको विस्तारको साथसाथै त्यहाँ मासुको माग पनि बढ्दै गएको देखिन्छ। काठमाडौंको मासुको ठूलो मागलाई दृष्टिगत गर्दा यहाँ पालिने बाख्राहरूको लागि बजार उपलब्ध हुने देखिन्छ। त्यसरी बाख्रा पालन कार्यक्रम चलाउँदा प्रत्येक इच्छुक परिवारलाई चार-पाँच उन्नत जातका बाख्रा उपलब्ध गराउन सकेमा उक्त इलाकाको कृषक परिवारलाई उनीहरूको उपभोगको सामग्रीहरू किन्न थप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक आयको व्यवस्था हुन जाने देखिन्छ। प्रत्येक बाख्रा पाल्ने परिवारले सालमा दुई बालीको ८।१० वटा बोका खसी बेच्न सकेमा घटीमा रू. ८००। देखि रू. १,०००। सम्मको थप आम्दानी गर्न सकिने देखिन्छ। हुन त गाउँ घरमा धेरैले आफ्नो उपभोग तथा व्यापारका लागि समेत केही बाख्राहरू पालेकै हुन्छन्। सोही कामलाई व्यापारिक उद्देश्यानुरूप आर्थिक व्यवसायको रूप दिन श्री ५ को सरकार, कृषि विभागमा पशु विकास निकायको सबल नेतृत्वमा स्थानीय बाख्राहरूको नश्ल सुधार, चिकित्सा, स्याउला, घाँस र दानाको व्यवस्थाको साथै पशुपालन को लागि ऋणहरू उपलब्ध गराई सुहाउँदो कार्यक्रम सञ्चालन हुनु पर्ने देखिन्छ।

यहाँको कृषि, पशुपालन आदि उपज र वन सम्पदामा आधारित घरेलु उद्योगहरूको परम्परालाई संगठित रूप दिन सकेमा सीमित जमीनमा मात्र निर्वाहको लागि झुण्डिरहेका सीमान्त कृषकहरूलाई भूमीगत व्यवसायबाट उम्कने अवसर प्रदान गर्न सकिने देखिन्छ। कृषि उपजहरू कपास, छ्वाली आदि, पशु उपजहरू ऊन, दूध आदि र वन्य उपजहरू बेत, बाँस, पुवा आदिमा आधारित ग्रामीण उद्योगहरू सञ्चालन गर्न घरेलु उद्योग तालीम उपकरण उपलब्ध गराउनु पर्ने देखिन्छ। खासगरेर हालसम्म जिल्लामा भएको हाते तानहरूको बदलामा अर्ध-स्वचालित तथा सुधार गरिएको हाते तानहरूको प्रचार गरी स्थानीय कपास उत्पादनबाट स्थानीय जनताको लत्ता कपडाको आवश्यकताको केही अंश भएपनि आपूर्ति गर्न सकेमा कपडा आयात घट्न गई जिल्लाबासीहरूको पूँजी जिल्लाभित्र नै रहन जाने देखिन्छ।

माथि उल्लिखित कार्यक्रमको साथै यो जिल्लामा भएका सीसा, जस्ता, चूनढुङ्गा, स्लेट आदिका खानीहरू प्रशोधन कार्य गर्न सकेमा स्थानीय जनताहरूले रोजगारी पाउने भई जिल्लाबासीहरूको आय बढ्न जाने हुन्छ।

यो जिल्लामा पर्यटन उद्योगको विकासको पनि सम्भाव्यता छ। यहाँको प्राकृतिक दृश्यावलीहरूको साथै यहाँका असंख्य खोलाहरूमा ऐंङलिङ (बल्छी हालेर माछा पकड्ने खेल), यहाँका सुन्दर डाँडाहरू र फाँटहरूमा कैम्पिङ गर्ने तथा हिमाली इलाकामा ट्रेकिङ गर्ने (पैदल भ्रमण गर्ने) आदि पर्यटन कार्यहरूको विकास गराउन सकेमा यहाँका बासिन्दाहरूले थप व्यवसाय पाउने देखिन्छ। त्यस सम्भावनालाई व्यवहारमा परिणत गर्ने, विभिन्न पर्यटन आकर्षणहरूको स्थानीयकरण र पहुँचको नक्साहरू छापी वितरण गर्ने व्यवस्थाको साथै ठाउँ ठाउँमा बस्ने, खाने, सुत्ने आदि बन्दोबस्त र पथ प्रदर्शनको सुविधा उपलब्ध गराउनु पर्ने देखिन्छ। यस सिलसिलामा पर्यटन इलाकामा गाउँ पञ्चायतहरूमा पर्यटन उद्योग सम्बन्धी ज्ञान दिलाई पर्यटकहरू (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय) बाट कसरी बढी फाइदा लिने र न्यूनतम आतिथ्य सत्कार कसरी गर्ने भन्ने सम्बन्धमा सुहाउँदो कार्यक्रम चलाउनु बेस हुने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मकवानपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	९६१
प्राकृतिक स्वरूप र सम्पदा	९६३
ऐतिहासिक पृष्ठभूमि	९७४
प्रमुख स्थानहरू	९७८
जनसंख्या र जनजीवन	९८४
आर्थिक व्यवस्था	९९२
यातायात, सञ्चार र बिजुली	१००५
शिक्षा, स्वास्थ्य तथा खानेपानी	१०१०
प्रशासन र पञ्चायत	१०१५
उपसंहार	१०२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

नारायणी अञ्चलमा पर्ने यो जिल्ला केही शताब्दी पहिले एउटा राज्य थियो। सेनवंशले यहाँ धेरै वर्षसम्म राज्य चलाए। त्यस समयमा यस राज्यको फैलावट पूर्वमा कोशी नदी, पश्चिममा नारायणी नदी, उत्तरमा ललितपुरको सीमाना र दक्षिणमा भारतको सीमानासम्म थियो। पहाडी तथा समथर भाग भएको यस मकवानपुरको ठूलो ऐतिहासिक महत्व छ। सेनवंशका अन्तिम राजा दिग्बन्धन सेन कै पालामा गोरखाका राजा पृथ्वीनारायण शाहले हमला गरी यो राज्य जितेका हुन्। त्यस समयमा ललितपुर तथा काठमाडौंबाट तराईतिर आवत-जावत गर्ने मूल पहाडी बाटो यही जिल्लाबाट गएकोले यो राज्य कब्जा गरेपछि ललितपुर, काठमाडौं, कीर्तिपुर आदि राज्यहरूको आर्थिक नाकाबन्दी गरी उक्त राज्यहरू जित्नमा निकै सहायकसिद्ध भएको थियो।

अञ्चल र जिल्ला विभाजन हुनुभन्दा पहिले मकवानपुरमा महोत्तरी, धनुषा र सर्लाही पनि गाभिएका थिए। पछि २०१९ सालमा जिल्ला विभाजन हुँदा मकवानपुर एक जिल्ला बन्न गयो। हाल यो जिल्लाको उत्तरमा बागमती अञ्चलको धादिङ, काठमाडौं, ललितपुर, पश्चिममा चितवन तथा पूर्वमा जनकपुर अञ्चलको सिन्धुली र सर्लाही जिल्लाहरू पर्दछन्। यसको उत्तरमा रहेको महाभारतको चन्द्रागिरि शृङ्खलाले काठमाडौं उपत्यका र दक्षिणमा रहेको चुरे पर्वतले बारा इलाकाबाट यसलाई छुट्याइराखेको छ। यस जिल्लाको पूर्वी भागमा बागमती नदी र पश्चिममा मनहरा खोलाले यसको साँध बनाएका छन्। जिल्लाको भौगोलिक दृष्टिकोणले हेर्दा यहाँ पहाडी र समथर प्रदेश दुवै थरीका हावापानीमा पाइने जीवजन्तुहरू तथा फलवृक्षहरू पाइन्छन्। यहाँ समुद्र सतहबाट करीब ३०५ मिटर (१,००० फीट) अग्लो मैदानदेखि करीब २,७४३ मिटर (९,००० फीट) अग्लो महाभारतका चुचुराहरू पाइन्छन्। राप्ती, कर्रा, बकैया, कुलेखानी, पालुङ, टिष्टुङ यहाँका मुख्य नदीहरू हुन्। यी सबै नदीको उपत्यकाहरू ज्यादै उब्जाउ र मनमोहक छन्। कर्रा खोलाको उपत्यकालाई मकवानपुरको फाँट पनि भनिन्छ। त्यस्तै टिष्टुङ र पालुङ खोलाको उपत्यकालाई पालुङ उपत्यका भन्दछन्।

मकवानपुर जिल्लाको क्षेत्रफल २,२३,६०० हेक्टर (२,२३६ वर्ग किलोमिटर) छ। यो जिल्ला करीब ८४°४४' देखि ८५° ३०' पूर्व देशान्तर र २७° १०' देखि २७° ४२' उत्तर अक्षांशभित्र पर्दछ। यस जिल्लाको कुल जनसंख्या १,६३,७६६ छ, जसमध्ये पुरुषको संख्या ८०,६७१ छ र महिलाको संख्या ८३,०९५ छ। टिष्टुङ, पालुङ, भैंसे, हेटौंडा, चितलाङ, मार्खु, कुलेखानी, भीमफेदी आदि यहाँका मुख्य बस्तीहरू हुन्। काठमाडौंलाई तराई क्षेत्रसँग जोड्ने त्रिभुवन राजपथले यस जिल्लाको टिष्टुङ, पालुङ, भैंसे र हेटौंडालाई जोडेको छ। दामनमा दृष्यावलोकन गर्न बनाइएको एक भ्यू टावरबाट सगरमाथा सहित हिमालयका धेरैजसो भाग र पालुङ बेंसी ज्यादै राम्रो देखिन्छ।

जिल्लाको कुनै कुनै ठाउँमा बाहेक सबैजसो भागमा हावापानी ज्यादै स्वास्थ्यकर र रमणीय छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल अधिराज्यका अरू पहाडी भागहरूको दाँजोमा यस जिल्लामा यातायातको सुविधा ज्यादा छ। हेटौंडा औद्योगिक क्षेत्र भित्रका विभिन्न उद्योगहरू र यसदेखि बाहिर पनि टी. सी. एन (टिम्बर कर्पोरेशन) को काठ चिर्ने मिल जस्ता कारखानाहरू भएकोले यस जिल्लाका धेरैजसो मानिसले काम पाएका छन्। धान, गहुं, मकै आदिको निकै खेती हुने हुनाले यहाँ उब्जेका अन्न यस जिल्लाका मानिसहरूलाई चाहिनेभन्दा बढ्ता हुन्छ।

मकवानपुर गढी, टिष्टुङ, भीमफेदी, पालुङ जस्ता पुरातात्त्विक स्थलहरू पनि यस जिल्लामा पर्दछन्। हाल यस जिल्लामा ३५ गाउँ पञ्चायत र एक नगर पञ्चायत छन्। यस जिल्लाको सदरमुकाम भीमफेदी हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

मकवानपुर जिल्ला काठमाडौं उपत्यकाको दक्षिण र चुरे पर्वतको उत्तरमा छ। यस जिल्लामा करीब ३०५ मिटर (१,००० फीट) को उचाइमा रहेको हेटौंडादेखि लिएर महाभारत पर्वतको करीब २,७४३ मिटर (९,००० फीट) अग्ला चुचुराहरू पर्दछन्। दक्षिणतिर महाभारत पर्वतभन्दा पछि बनेको चुरे डाँडा पर्दछ। यो चुरे डाँडाको धेरैजसो भाग बालुवा र टचाफीहरूले बनेको छ। उत्तरतिरको महाभारत पर्वतको विभिन्न ठाउँबाट शुरू भएर आएका नदीहरूले ठाउँ ठाउँमा झरना, छहराहरू बनाउँदै बगी ठाउँ ठाउँमा ठूला ठूला उपत्यका-हरू पनि बनाएका छन्। यी उपत्यकाहरू ज्यादै उब्जाउ छन्। नेपालका अन्य पहाडी जिल्ला जस्तै मकवानपुर पनि डाँडा, भञ्ज्याङ, पहरा, टार र बेंसीले बनेको छ। जिल्लाभित्रको जमीन उत्तरबाट दक्षिणतिर भिरालो परेर गएको छ। यही कारणले जिल्लाका सबैजसो खोला उत्तरबाट दक्षिणतिर बगेका छन्।

यस जिल्लाका विभिन्न उचाइमा हावापानी, वनस्पति, जीवजन्तु र मानिहसरूको बसोबासको तरीका विभिन्न प्रकारका छन्। यसरी यो जिल्लाको उत्तरतिर करीब २,७४३ मिटर (९,००० फीट) अग्लो महाभारत पर्वत, बीचमा करीब ३०५ मिटर (१,००० फीट) को उचाइमा रहेको हेटौंडा तथा अन्य उपत्यकाहरू र दक्षिणतिर करीब चार पाँच हजार फीट अग्लो चुरे डाँडा छ।

भौगोलिक बनावट

जमीनको प्राकृतिक स्वरूप अनुसार यस जिल्लालाई निम्न तीन भागमा बाँड्न सकिन्छः–

(१) उत्तरको महाभारत पहाड
(२) बीचको बेंसी
(३) दक्षिणको चुरे डाँडा

उत्तरको महाभारत पहाड

यो पर्वत पूर्व-पश्चिम लामो भई फैलिएको छ। यस पहाडमा पाइने चट्टानहरूमध्ये बलौटे ढुङ्गा, चूनढुङ्गा, क्वार्टजाइट, नीस मुख्य हुन्। यो महाभारत पर्वतको ठाउँ ठाउँमा सामुद्रीय जीवजन्तु र झारपातको अवशेष पाइन्छन्। यस पहाडको ठाउँ ठाउँमा मूल फुटी खोलाहरूको उत्पत्ति भएको छ। पहाडमा नदी बेगले बगने भएकोले यसको कैयौं ठाउँमा गहिरा कापहरू बनेका छन्। मकवानपुर जिल्लाको उत्तरी भागमा रहेको यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत पर्वत कडा परिवर्तित पत्रे चट्टानले बनेको छ। यो पर्वत १,५२४ मिटर (५,००० फीट) देखि करीब २,७४३ मिटर (९,००० फीट) सम्मको उचाइमा रहेको छ।

यो पहाडमा एउटै मात्र धेरै श्रेणीहरू छन्। श्रेणीहरूको बीच बीचमा चितलाङ, मार्खु, कुलेखानी, भीमफेदी, टिष्टुङ, पालुङ आदि बेंसीहरू छन्। यी बेंसीहरू निकै उब्जाउ छन् र यहाँको हावापानी पनि ज्यादै राम्रो छ। त्यसैले यी बेंसीहरूमा मानिसहरूको बाक्लो बस्ती पाइन्छ। यस जिल्लाको पहाडी भागमा भेडापालन र फलफूलको खेतीको निमित्त सुहाउँदो प्रकारको हावापानी छ। दामन, चिसापानी गढी, मकवानपुर गढी आदि यस पहाडको अगला भागमा बसेका मुख्य बस्ती हुन्।

विभिन्न किसिमका सल्ला, कटुस, गुराँस र अरू सदाबहार र पतझड बनमा पाइने रूखहरू यहाँ पाइन्छन्। बाघ, भालू जस्ता हिंस्रक जन्तुहरू पनि यस जिल्लाको वन जङ्गलमा पाइन्छन्।

बीचको बेंसी

यस जिल्लामा महाभारत पर्वतको दक्षिणतिर जमीन ओरालो परी बीचको बेंसीमा मिलेको छ। यस बेंसीको उचाइ सालाखाला ३०५ मिटर (१,००० फीट) छ। यसलाई भित्री मधेश अथवा दून प्रदेश भनिन्छ। दाङ, सिन्धुली, उदयपुर जस्तै मकवानपुर र चितवन पनि भित्री मधेशका मुख्य भाग हुन्। राप्ती नदीले बनाएकोले यसलाई राप्ती दून पनि भनिन्छ। यो दूनको क्षेत्रफल करीब १,६०४ वर्ग किलोमिटर (६०० वर्ग माइल) छ। तर यसको धेरैजसो भाग चितवन जिल्लामा पर्दछ।

यो क्षेत्रमा पहिले साल, सिमल आदिको रूखले ढाकेको ठूलो बाक्लो जङ्गल थियो। यहाँको हावापानी मानिसको बस्तीको लागि सुहाउँदो थिएन तर आजकल औलो प्रायः उन्मूलन भइसकेकोले यो ठाउँमा मानिसहरूको बाक्लो बस्तीहरू पाइन्छन्। यसरी मानिसहरूको नयाँ बसोबासले गर्दा यहाँको धेरैजसो जङ्गलहरू फाँडिइसकिएको छ। यस क्षेत्रमा प्रशस्त पानी पर्दछ। धान, गहुँ, तोरीको खेती निक्कै गरिन्छ। (कहीं कहीं बाँकी रहेको जङ्गलमा सिमल, साल तथा ढड्डीहरू प्रशस्त मात्रामा पाइन्छन्।) यहाँ ग्रीष्म याममा निक्कै गर्मी हुन्छ तर वर्षा याममा प्रशस्त पानी पर्ने हुँदा केही तराई क्षेत्रभन्दा केही ठण्डा हुन जान्छ। भैंसे र हेटौंडा बीचको त्रिभुवन राजपथको भाग र हेटौंडाबाट मकवानपुर भई गएको कान्ती राजमार्ग नै यस भागको मुख्य मार्गहरू हुन्। हेटौंडा वीरगञ्ज-काठमाडौं र मकवानपुर-नारायणघाट सडकको चौबाटोमा पर्ने भएकोले यसको द्रुतगतिले विकास हुँदै गएको छ।

दक्षिणको चुरे डाँडा

यस जिल्लाको दक्षिणी सीमाना स्वरूप महाभारत पर्वतसँगै समानान्तर भई पूर्व-पश्चिम फैलिएको चुरे डाँडा हिमालय-उत्पत्तिको क्रममा सबभन्दा पछि बनेको हो। त्यसैले हिमालय र महाभारत पर्वतका चट्टान-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूभन्दा यस पहाडको चट्टानहरू नरम र खुकुला छन्। बालुवा, सान-साना पत्थरहरू र "कंग्लोमेराइट" यस पहाडमा पाइने मुख्य चट्टानहरू हुन्। लस्सादार माटो नभएकोले यस चुरे पर्वतको ठाउँ ठाउँमा पैरो गइराखेको पाइन्छ। यहाँका चुरे पहाडमा चुरे माईको एउटा मन्दिर छ। यसैले यो डाँडाको नाम चुरे पर्वत रहन गएको हो भनिन्छ।

यो पहाडको तल्लो भागमा साल, सिमल आदिका रूखहरू पाइन्छन् र करीब ६१० मिटर (२,००० फीट) देखि माथि खएर, लाली गुराँसका स-साना रूखहरू र कर्मा आदिका रूखहरू पाइन्छन्। बालुवा ज्यादा भएको यस डाँडामा महाभारत पर्वतमा जस्तो खेती गर्न सम्भव छैन। यस पहाडको दक्षिणी पाखोमा धेरै बर्षाद हुन्छ। यहाँ ज्यादै गर्मी र ज्यादा पानी पर्ने भएकोले हावापानी स्वास्थ्यकर छैन। हेटौंडाबाट अमलेखगञ्ज भई वीरगञ्ज जाने मोटरको बाटो यही पहाडलाई काटी बनाइएको छ। यस पहाडको उत्तिको आर्थिक महत्व नभएकोले यहाँ मानिसहरूको बस्ती पनि कम छ।

नदीनालाहरू

यस मकवानपुर जिल्लामा बागमती, पालुङ र राप्ती नदी लगायत अरू कैयन स-साना खोला र खहरेहरू छन्। तीमध्ये केही मुख्य खोलाको बयान तल गरिन्छ।

बागमती नदी

यो नदीको उत्पत्ति काठमाडौं उपत्यकाको उत्तरमा रहेको शिवपुरी डाँडोबाट भएको छ। बागमती नदीले काठमाडौं उपत्यकाबाट बग्दा काठमाडौं र ललितपुर जिल्लाको सीमानाको काम गर्दछ। पछि यसमा मनहरा, नख्खु, विष्णुमती, बलखु, हनुमन्ते आदि खोलाहरू सहायक नदीको रूपमा मिल्दछन्। यही बागमती नदीलाई काठमाडौं उपत्यकाको मुख्य नदी मानिन्छ। पछि यो नदीले दक्षिणतिर गई चोभारको काप र कटुवाल दहको काप बनाई दक्षिणतिर बगेपछि मकवानपुर र सिन्धुली जिल्लाको सीमानाको काम गर्दछ। यस जिल्लाभित्र यस नदीमा महाभारत पर्वतबाट शुरू हुने खानी खोला, दुर्लुङ खोला र दक्षिणमा चुरे पर्वतबाट शुरू हुने चौरा खोला, मछली खोला, चाँदी खोला आदि खोलाहरू मिल्दछन्। बेंसीहरूमा खेती-योग्य जमीन भएको ठाउँमा किसानहरूले यस नदीबाट अस्थायी कुलो खनी सिचाइ पनि गर्दछन्। काठमाडौंको सुन्दरीजलमा यही नदीबाट जल विद्युत् शक्ति पनि निकालिएको छ।

कुलेखानी नदी

महाभारत पर्वतको तारेभीर, टिष्टुङ, चन्द्रागिरि र चिसापानी गढी समेतले घेरेको विस्तृत पालुङ उपत्यकाको पहाडी भागबाट शुरू भएको कैयन स-साना खोलाहरू मिली पालुङ नदी बन्दछ। यो पालुङ नदीबाट पालुङ र टिष्टुङ उपत्यकामा सिचाइ गर्न तथा पिउनको निमित्त पानी प्राप्त हुन्छ। यस उपत्यकाको दक्षिण-पूर्वबाट यो नदी उपत्यकाको बाहिर जान्छ। कुलेखानी पुगे पछि यो नदीलाई कुलेखानी नदी भनिन्छ। उत्तरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत पर्वतबाट शुरू भई आएका कैयन स-साना खोलाहरू मिलेपछि कुलेखानी नदी बागमती नदीमा मिल्न जान्छ।

बेंसीमा पर्ने खेतमा पानी पटाउन र विभिन्न बस्तीका मानिसहरूलाई खानेपानीको आवश्यकता पूर्ति गर्न यो नदीले निक्कै मद्दत दिइराखेको छ। यस खोलाबाट जलविद्युत् शक्ति निकाल्ने योजना पनि बनेको छ। विद्युत् शक्ति निकाल्न सकिएमा यस आसपासका धेरै बस्तीहरूलाई विद्युतीकरण गर्न सकिने छ।

राप्ती नदी

यो नदीको शुरु पनि महाभारत पर्वतबाटै भएको छ। भीमफेदीको उत्तरबाट बाँड खोला र दक्षिणबाट सुपिङ खोला मिली भैंसे दोभानमा भैंसे खोलासँग मिसिएको छ। यहींबाट त्रिभुवन राजपथ गएको छ। यो भैंसे खोला तर्ने पुरानो पुललाई बाढीले बगाएर लगेपछि आजकल अर्को नयाँ पुल राखिएको छ। यसरी भैंसे खोलाको नामले अलि दक्षिण बगेर गएपछि यसमा पूर्वतिरबाट सामरी खोला मिल्न आएको छ। सामरी खोला मिलेपछि यस राप्ती नदीमा कर्रा खोला पनि मिल्दछ। यस जिल्लाको पश्चिमी सीमाना स्वरूप रहेको मनहरी नदी पनि यसको सहायक नदी हो। यही खोलाको उत्तरी किनारबाट हेटौंडा -नारायणघाट सडक बनेको छ।

हावापानी

कुनै पनि ठाउँको हावापानी त्यस ठाउँको उचाइ, जङ्गल, नदी, मानिसको बस्ती, हावाको दिशा, पहाडको अवस्थिति आदि कुराहरूमा निर्भर गर्दछ। मकवानपुर जिल्ला नेपालको पहाडी जिल्लाहरूमध्ये एक हो। यस जिल्लामा समुद्र सतहदेखि ३०५ मिटर (१,०००फीट) देखि लिएर २,७४३ मिटर (९,०००फीट) सम्मको उचाइमा रहेका स्थानहरू छन्। यस जिल्लाको उत्तरी भागमा महाभारत पर्वत र दक्षिणी सीमानाको रूपमा चुरे डाँडा पर्दछन्। यी दुवै पहाडहरूका बीच भित्री मधेश पर्दछ। यसरी यस जिल्लाको सबैभन्दा होचो भाग यही भित्री मधेश र सबभन्दा अग्लो भाग उत्तरतिरको महाभारतका टुप्पाहरू हुन्। महाभारत पर्वतको दक्षिणी ढालको तल्लो भागको जङ्गल खेतीको निमित्त धेरैजसो फाँडिए तापनि अग्लो भागहरू जङ्गलले ढाकिएका छन्। भित्री मधेशतिरको जङ्गल त मानिसहरूको नयाँ बसोबासले गर्दा फाँडिइसकेको छ।

मकवानपुर जिल्लामा साधारणतया मनसुनी हावापानी पाइन्छ। यहाँ वर्षा र हिउँद दुवै याममा पानी पर्दछ। वर्षामा पर्ने पानी भारतको बङ्गोप सागरबाट आएको मनसुनी बतासले पार्दछ र ठण्डी याममा पर्ने पानी पश्चिममा भूमध्यसागरबाट आएको बतासले पार्दछ। वर्षा याममा यस जिल्लाको पूर्व र दक्षिण भागभन्दा पश्चिम र उत्तरी भागमा कम पानी पर्दछ। तर ठण्डी याममा भने बतास पश्चिमबाट पूर्वतिर बहने भएकोले पश्चिमी भागको दाँजोमा पूर्वी भागमा कम पानी पर्दछ। ज्यादै अग्लो टुप्पाहरूमा ठण्डी याममा कहिले काहीं हिउँ पनि पर्दछ। उचाइको विभिन्नताअनुसार तापक्रम र वर्षा पनि भिन्दा भिन्दै किसिमका हुन्छन्। हेटौंडामा रहेको मौसम अवलोकन केन्द्रबाट लिइएको ई. सं. १९६८ देखि १९७० सम्मको वायुको तापक्रमको विवरण निम्नअनुसार छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

	केन्द्र हेटौंडा					
	१९६८		१९६९		१९७०	
महीना	अधिक	न्यून	अधिक	न्यून	अधिक	न्यून
जनवरी	२०.४	६.६	२२.६	९.६	२२.६	६.६
फेब्रुअरी	२३.२	५.७	२६.३	१०.८	२४.८	८.१
मार्च	२८.८	१२.४	३२.९	१५.३	३१.०	११.८
अप्रिल	३३.७	१५.४	३६.५	१९.१	३६.६	१७.९
मे	३४.८	२१.२	३६.८	२१.७	३६.९	२१.७
जून	३१.३	२३.०	३३.९	२३.२	३२.८	२३.४
जुलाई	३१.१	२३.६	३३.१	२४.६	३१.९	२४.६
अगष्ट	३२.३	२३.६	३१.७	२४.१	३३.१	२४.३
सेप्टेम्बर	३०.९	२२.९	३१.७	२३.३	३१.९	२४.०
अक्टोबर	२७.६	१६.८	३०.६	१९.१	३०.७	१६.७
नोभेम्बर	२६.६	१२.३	२७.३	१३.५	२७.१	११.०
डिसेम्बर	२३.४	७.०	२३.९	८.०	२३.६	६.२
वार्षिक औसत	२८.६	१५.९	३०.५	१७.६	३०.३	१६.६

उक्त तालिकामा हेटौंडाको मौसम अवलोकन केन्द्रबाट सन् १९६८ को मात्र लिइएकोले १९६९ र १९७० को तापक्रम २७°३७'उत्तर ८४°२५' र २२८ मिटरको उचाइ (हेटौंडासँग मिल्दो जुल्दो) मा रहेको रामपुर मौसम अवलोकन केन्द्रको दिइएको छ। उचाइमा करीब ७५ मिटरको फरक पर्ने भएकोले रामपुरको तापक्रम भन्दा हेटौंडाको तापक्रम केही कम हुन सक्दछ। उक्त तालिकाअनुसार तीनै सालमा मे महीनामा बढी गरम र जनवरी महीनामा (माघ) सबभन्दा जाडो हुने देखिन्छ। करीब ३०३ मिटरको उचाइमा रहेको हेटौंडाको मौसम अवलोकन केन्द्रबाट प्राप्त उक्त विवरणले उच्च पहाडी भागको तापक्रमको प्रतिनिधित्व गर्दैन। यो जिल्लाको सालाखाला वार्षिक आर्द्रता १९६८ मा ०८४० बजे ८६ प्रतिशत र १७४० बजे ८६ प्रतिशत थियो। १९६९ मा ०८४० बजे ८० प्रतिशत र १७४० बजे ५८ प्रतिशत थियो। त्यस्तै १९७० मा ०८४० बजे ८३ प्रतिशत र १७४० बजे ६५ प्रतिशत थियो। उक्त तालिकाअनुसार यहाँ वैशाखदेखि असोजसम्म ज्यादा गर्मी रहन्छ र पुसदेखि फागुनसम्म ठण्डा रहन्छ। साउन-भदौ महीनामा गर्मी भए तापनि ज्यादा पानी पर्ने भएकोले धेरै समयसम्म गरम हुँदैन। फागुन-चैत महीनामा चाहिं बिहान ठण्डा भए तापनि दिउँसो केही गरम नै रहन्छ।

यस मकवानपुर जिल्लामा समुद्री सतह देखि ३०५ मिटर (१,००० फीट) देखि करीब २,७४३ मिटर (९,००० फीट) सम्मको उचाइमा पर्ने महाभारत पर्वतका टुप्पाहरू भएकोले उक्त विभिन्न उचाइको तापक्रम फरक फरक हुन्छ। वाष्पयुक्त बतास र दक्षिण र दक्षिण-पूर्व दिशाबाट बहने हुनाले उत्तरतिर पूर्व-पश्चिम लामो भई फैलिराखेको महाभारत श्रृङ्खलाको दक्षिणी पाखोमा धेरै पानी पर्दछ र चुरे डाँडाको उत्तरी पाखोको धेरैजसो ठाउँ वृष्टि छायाँमा पर्दछ। यसरी उक्त कुराहरूको आधारमा यस जिल्लामा निम्न किसिमको याम भएको देखिन्छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुष्क गरम याम

यस जिल्लामा करीब फागुनदेखि जेठसम्म गरम हावापानी पाइन्छ। यी महीनाहरूमा सूर्य कर्कट रेखातिर सर्दै जाने भएकोले गर्मी बढ्दै जान्छ। मनसुन जेठपछि मात्र शुरू हुने भएकोले उक्त महीनाहरू शुष्क रहन्छन्। बेंसी र दून प्रदेशहरूमा तापक्रम करीब ३२.२° सेण्टिग्रेड (९०° फा.) पुग्दछ र अग्ला पहाडहरूमा तापक्रम करीब १०° सेण्टिग्रेड (५०° फा.) सम्म पुग्दछ। यस मौसमको शुरूमा मौसम स्वच्छ र रमाइलो हुन्छ तर पछि गर्मी बढ्न थाल्छ, हुरी चल्न थाल्छ र असिना सहितको मुसलधारे वर्षा हुन्छ।

न्यानो वर्षा याम

करीब असारदेखि असोजसम्म मनसुन वायुले निक्कै पानी पार्दछ। यस जिल्लाको वृष्टि छायांमा पर्ने भाग बाहेक बाँकी भागमा करीब ५०० मिलिमिटर वर्षा गराउँछ। उक्त महीनाहरूमा सूर्य उत्तरीहदसम्म अथवा कर्कट रेखासम्म आइसकेको भए तापनि वर्षाले गर्दा उत्तिको गरम हुन पाउँदैन। जिल्लाभरमा सालाखाला तापक्रम ३०° सेण्टिग्रेड हुन्छ। आर्द्रता बढी हुने हुनाले गुम्सिई गरम भएको अनुभव हुन्छ। हावापानी ओसिलो हुने हुनाले उत्तिको स्वास्थ्यकर हुँदैन।

शुष्क ठण्डा याम

करीब कात्तिकदेखि चैतसम्म यस जिल्लामा शुष्क ठण्डा याम रहन्छ। दिउँसो न्यानो भए तापनि राती र बिहान निक्कै जाडो हुन्छ। सालाखाला तापक्रम ६–७° सेण्टिग्रेड मात्र हुन्छ। दैनिक मौसम प्रायः राम्रै रहन्छ। राती शीत पर्नु र बिहान तुषारो पर्नु यस ऋतुको विशेषता हो। पहाडको उच्च भागमा बस्ने मानिसहरू यो याममा बेंसीतिर झर्दछन्। पश्चिमबाट बहने बतासले अलि अलि पानी पार्दछ। जिल्लाको आठ–नौ हजार फीट अग्लो भागमा यो बतासले अक्सर हिउँ पार्दछ। यस ऋतुको हावापानी स्वास्थ्यकर र रमणीय हुन्छ।

माथि उल्लेख गरिएअनुसार यस मकवानपुर जिल्लामा वर्षा याममा दक्षिण–पश्चिम मनसुन हावा (जो नेपालको पूर्वबाट पश्चिम बहन्छ) ले करीब असारदेखि असोजसम्म पानी पार्दछ। हिउँदमा पश्चिमबाट पूर्व बहने बतासले माघ-फागुनतिर अलि अलि पानी पार्दछ। यस जिल्लाको ३०३ मिटरको उचाइमा रहेको हेटौंडा, १,७२८ मिटरको उचाइमा रहेको चिसापानी र २,३६४ मिटरको उचाइमा रहेको दामनमा रहेका मौसम अवलोकन केन्द्रबाट लिइएको विवरणअनुसार सन् १९६८,१९६९ र १९७० मा भएको यहाँको वर्षाको स्थिति निम्नतालिकाबाट देखिन्छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षाको तालिका

(मिलिमिटरमा)

महीना	हेटौंडा		चिसापानी गढी			दामन		
	१९६८	१९६९	१९६८	१९६९	१९७०	१९६८	१९६९	१६७०
जनवरी	४१.४	४.६	६०.२	१४.४	२९.५	६२.३	०.०	१३.५
फेब्रुअरी	२०.२	०.३	११.२	२.४	३२.०	३९.५	०.०	२४.६
मार्च	९.९	५.०	६३.८	३६.५	३१.५	१२०.१	३४.५	११.५
अप्रिल	०.०	१९.९	५१.६	३०.१	७४.५	६८.१	४७.२	११०.५
मे	६४.९	७०.०	१०२.३	११७.३	१०१.१	९६.३	१७२.०	११६.३
जन	३५५.९	१९३.९	५०१.१	१५३.७	४१५.०	३७१.२	२५८.५	२८४.१
जुलाई	६१६.३	३७३.७	५३८.४	४४३.५	१,२१५.०	१३९.९	३०२.९	३८१.९
अगष्ट	७४९.९	४४६.२	४८६.९	४७५.६	३७३.९	२४३.९	२७९.५	१६६.७
सेप्टेम्बर	२५४.९	—	१०५.१	२६४.६	२११.४	१९.७	२२१.९	१२०.६
अक्टोबर	१७०.८	—	२७६.१	२१.८	३०.४	३४.७	९.०	२३.२
नोभेम्बर	४.७	—	०.०	१.०	०.०	६६.१	२.०	६.३
डिसेम्बर	०.०	—	०.१	०.०	०.०	०.०	०.०	०.०
जम्मा:–	२,२७९.९	—	२,१९६.८	१,५६०.९	१,५१४.३	१,०४१.८	१,४२७.५	१,२५९.२

माथि उल्लिखित अवलोकन केन्द्रहरूमध्ये चिसापानी गढीमा सबभन्दा बढ्ता वर्षा भएको देखिन्छ। यसबाट मकवानपुर जिल्लाको उत्तरतिरको महाभारत पर्वतको दक्षिणी ढालमा सबभन्दा बढ्ता पानी पर्दछ भन्ने देखिन्छ। यस जिल्लामा खासगरी जेठदेखि असोजसम्म ज्यादा वर्षा हुँदोरहेछ र सबभन्दा कम पानी पुस महीनामा पर्दोरहेछ भन्ने कुरा उक्त तालिकाबाट देखिन्छ। माथि उल्लेख गरिएको वर्षाको विवरणबाट यो जिल्लाका विभिन्न भागहरूमा वर्षाको अनुपात फरक रहेको पाइन्छ। सन् १९७० को हेटौंडाको वर्षा उक्त अवलोकन केन्द्रको अभिलेखमा नदेखाइएकोले माथिको तालिकामा पनि नदेखाइएको हो।

हावापानीको दृष्टिकोणबाट यो जिल्लालाई मोटामोटी तीन भागमा बाँड्न सकिन्छः–

१. अर्धउष्ण हावापानी

२. समशीतोष्ण भ्यानो हावापानी

३. ठण्डाशीतोष्ण हावापानी

अर्धउष्ण हावापानी

यस मकवानपुर जिल्लाको करीब ३०५ मिटर (१,००० फीट) को उचाइदेखि करीब १,२१९ मिटर (४,००० फीट) को उचाइसम्म यस प्रकारको हावापानी पाइन्छ। यहाँ प्रशस्त पानी पर्दछ। यहाँको ग्रीष्म तापक्रम करीब ३५° सेन्टिग्रेड र हिउँदको तापक्रम करीब ६.७° सेन्टिग्रेड मात्र हुने भएकोले विषम हावापानी भन्न सकिन्छ। यो तापक्रम जति जति उचाइमा र जति जति उत्तरतिर गयो उति घट्दै जान्छ। सरदर वार्षिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षा २८ मिलिमिटर हुन्छ। हावापानीको यसप्रकारको स्थितिले गर्दा यहाँको उष्ण प्रदेशीय सदाबहार जङ्गलमा साल, सिसौ, खयर, सिमल आदिका रूखहरू पाइन्छन। यहाँ धान, गहुँ, मकै, उख आदिको खेती हुन्छ। यो हावापानी खेतिको निमित्त उत्तम मानिन्छ।

समशीतोष्ण न्यानो हावापानी

करीब १,२१९ मिटर(४,००० फीट)को उचाइदेखि करीब २,१३३ मिटर (७,००० फीट)को उचाइसम्मको पहाडो भागमा यसप्रकारको हावापानी पाइन्छ। यहाँ ग्रीष्म न्यानो र छोटो तथा हिउँद लामो र ठण्डा हुन्छ। ग्रीष्ममा तापक्रम करीब २७°–२८° सेन्टिग्रेड र हिउँदमा करीब ४°–५° सेन्टिग्रेड तापक्रम रहन्छ। पहाडको दक्षिणी पाखोमा करीब ५०० मिलिमिटर पानी पर्दछ। उत्तरी पाखो चाहिं वृष्टि छाँयामा पर्ने भएकोले कम मात्र पानी पर्दछ। यो हावापानी ज्यादै स्वास्थ्यकर र रमणीय हुन्छ। यसप्रकारको भौगोलिक अवस्थिति रमणीय हावापानीको कारण यस क्षेत्रमा सल्ला, देवदारू, चाँप, कटुस आदि बाहेक लाली-गुराँसको रूख पनि काफी देखिन्छ। यसरी यहाँ पतझड र कोणधारी रूखहरूको मिश्रित जङ्गल पाइन्छ।

ठण्डाशीतोष्ण हावापानी

करीब २,१३३ मिटर (७,००० फीट) देखि माथिको उचाइमा यसप्रकारको हावापानी पाइन्छ। यहाँ वर्षभरीमा धेरैजसो महीना ठण्डा र शुष्क हुन्छ। यहाँ ग्रीष्म छोटो र न्यानो हुन्छ र हिउँद लामो र ठण्डा हुन्छ। ग्रीष्ममा तापक्रम करीब २०°–२२° सेन्टिग्रेड र हिउँदमा तापक्रम १ सेन्टिग्रेडभन्दा पनि झरेको हुन्छ। वर्षा करीब २५०–३०० मिलिमिटरसम्म हुन्छ। चिसो हावा (सिरेटो) को प्रभावले सर्वत्र चिसो रहन्छ। यस प्रदेशको हावापानी पनि स्वास्थ्यकर र रमणीय हुन्छ। तर वन सम्पदाको रूपमा यस्ता क्षेत्रमा कोणधारी जङ्गल मात्र पाइन्छन्। यहाँ हिउँदमा हिमपात भई माटो रसिलो हुने हुनाले सदाबहार रहन्छन्। ठण्डा हावापानी हुने यस्ता क्षेत्रमा देवदारु, चिलाउने, विभिन्न जातका सल्ला र लालीगुराँसका रूख आदि यहाँका मुख्य रूख हुन्।

वनस्पति

यस मकवानपुर जिल्लामा भौगोलिक तथा जलवायुको विभिन्नताले गर्दा विभिन्न प्राकृतिक स्वरूप र जलवायु भएको ठाँउमा विभिन्न प्रकारका प्राकृतिक वनस्पतिहरू पाइन्छन्। यस जिल्लाका करीब तीन-चौथाइ भाग पहाडी क्षेत्र भएकोले यहाँ लेकाली वनस्पति धेरै मात्रामा पाइन्छ। यहाँको भित्री मधेशको सम्म परेका भागहरूमा पाइने वनस्पति खासगरेर २०११ सालपछिका बाढी पीडितहरूको आोइरो लागेपछि धेरै मात्रामा मासिएको छ। साधारणतया यस जिल्लामा पाइने वनस्पतिलाई निम्न दुई भागमा बाँड्न सकिन्छः–

(क) लेकाली वनस्पति

(ख) मैदानी वनस्पति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेकाली वनस्पति

यस जिल्लामा करीब २,७४३ मिटर (९,००० फीट) सम्म अग्ला महाभारतका टाकुराहरू पाइन्छन्। चिसँ पहाडी ढालहरूमा लेकाली किसिमका प्राकृतिक वनस्पति पाइन्छन्। निक्कै अग्लो भागमा केही काँढेदार झार र घाँसहरू मात्र पाइन्छन्। कम उचाइ भएका पहाडी ढालहरूमा भने अनेक किसिमका फूलहरू फुल्ने स-साना रूखहरू पनि पाइन्छन्। धेरैजसो रूखहरू कोणधारी हुन्छन्। यी सदाबहार वन हुन्। यहाँ मुख्यतया सल्लो, गुराँस, धूपी, सिरिस, कटुस, चिलाउने आदि किसिमका वृक्षहरू हुन्छन्। कहीं कहीं निगालोका झाडीहरू पनि पाइन्छन्। यस्ता पहाडका कम उचाइ भएका भागहरूमा पाइने वन फाँडी स-साना कुलोद्वारा पानी ल्याई धान, गहुँ, मकै आदिको खेती गरेको पनि पाइन्छ।

मैदानी वनस्पति

यस मकवानपुर जिल्लाको भित्री मधेशमा पर्ने धेरैजसो भाग समुद्र सतहभन्दा करीब ३०५ मिटर (१,००० फीट) को उचाइमा पर्दछ। यस्ता मैदानी भागका वनस्पतिहरू मानिसहरूको बसोबासको कारणले गर्दा धेरै ठाउँमा मासिएर गइसकेको छ। यहाँ पाइने अर्धउष्ण वनमा खासगरी साल, सिमल, खयर, चाँप, आँप, पीपल आदि रूखहरू पाइन्छन्।

उक्त रूखहरूको अतिरिक्त यस जिल्लामा झ्याउ, चिराइतो, विषफेन, रिट्ठा, कपूर, जटामसी, मजिठा, सुगन्धीपात आदि पनि निक्कै पाइन्छन्। उक्त वनस्पतिहरू विभिन्न औषधिहरू बनाउनको लागि काम लाग्दछन्। स्थानीय जनताहरू काठ, दाउरा, सवइ घाँस, खर जस्ता वन पैदावारमा पूर्ण आश्रित छन् र बाँस, घाँस (बस्तुको लागि), पात आदिमा आंशिक रूपमा आश्रित छन्।

पशुपक्षी

यो जिल्लामा विभिन्न प्रकारका हावापानी पाइने हुनाले यहाँ विभिन्न किसिमका पशुपक्षीहरू पनि पाइन्छन्। यहाँ बाक्लो वन हुने ठाउँमा पाइने बाघ, भालू, चित्तल, चितुवा, बँदेल आदिदेखि लिएर वन सम्पदाको प्रकृति अनुसार भालू, घोरल, गैंडा, हात्ती, जरायो, मृग, मलसाँप्रो आदि पशुहरू पनि पाइन्छन्। खासगरी यस जिल्लामा पाइने पक्षीहरूमा मुख्यतया मुजूर, लुइँचे, सुगा, मैना, तित्रा, कालिज, ढुकुर र धनेश हुन्।

वन्य जीवजन्तु संरक्षणको लागि वाइल्ड लाइफ म्यानेजमेण्ट डिभिजनबाट विभिन्न क्षेत्रमा चौकीहरू राखिएका छन्। यी चौकीहरूका सशस्त्र जवानहरूको टोलीद्वारा गस्ती गर्ने कार्य सुचारू रूपबाट भइआएको छ। चितवनमा शाही राष्ट्रिय निकुञ्ज खडा भई यसबाट जङ्गली जीव जन्तुको संरक्षण, विस्तार तथा विकास सम्बन्धी कार्यहरू जस्तै गस्तीको लागि बाटो निर्माण तथा मर्मत कार्य, ठाउँ ठाउँमा चौकीहरूको निर्माण, विभिन्न प्रकारका वनस्पतिको अध्ययन र गैंडाको रहन- सहन बारे अध्ययन आदि कार्यहरू भइरहेका छन्। वन्य जीवजन्तुहरूलाई मार्ने तथा हानी पुऱ्याउने अपराधीहरूलाई कानून अनुसार सजाय दिन वन्य जीवजन्तु संरक्षण विशेष अदालतमा अपराधीहरू उपर मुद्दा चलाउने काम पनि भइरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वन संरक्षण र विकास

यस मकवानपुर जिल्लाको वन क्षेत्र खासगरी २०११ सालको ठूलो बाढी पछि निक्कै नै मासिएर गएको देखिन्छ । यही समयमा राप्तीदून विकास कार्य शुरू भयो र अधिराज्यका अन्य क्षेत्रबाट पनि बाढी पीडितहरूको यहीं ओइरो लाग्यो र यसरी यहाँ वन फाँड्दै बसोबास गर्ने नराम्रो परम्परा शुरू भयो। त्यसपछि खासगरेर हेटौंडा, हटियाको दक्षिणी भाग, वसाहामाडी, पद्मपोखरी, फापरबारीका जङ्गलहरूमा अतिक्रमण शुरू भयो। २०११ सालको बाढीपीडित जनताहरूले कर्रा नदीको दक्षिणी किनारदेखि दक्षिणमा पहाडको उत्तरी भागसम्म जङ्गल जथाभावी फडान गरी मानिसहरू बस्न लागेको बेला बसोबासको विचारधाराले बढी प्रश्रय पाएको थियो। यसरी नै पछि आउने बाढी पीडितहरूले पनि फापरबारीदेखि पश्चिम, रातेडाँडाहरु, वसाहामाडी र पद्मपोखरीका वनको फँडानी गरी नयाँ बस्ती बसाएको देखिन्छ ।

चितवन, मकवानपुर र धादिङ जिल्लाको आंशिक वन क्षेत्र चितवन प्रधान वन कार्यालय (हेटौंडा) को मातहतमा पर्दछ। त्यसको अतिरिक्त मकवानपुर जिल्लाको केही वन क्षेत्र वीरगञ्ज प्रधान वन कार्यालय र काठमाडौं डिभिजन कार्यालय अन्तर्गत पर्दछन्। शाही चितवन राष्ट्रिय निकुञ्ज वन सीमाना लगाई बार लगाउने काम प्रारम्भ भइसकेको छ।

हालै कृषि प्रसारद्वारा दामनको पहाडमा फलफूलको वृक्षरोपण कार्य शुरू गरिएको छ। यसैगरी अन्य नाङ्गो पहाडी क्षेत्रहरूमा पनि वन जङ्गल वा फलफूल लगाउनु पर्ने देखिन्छ।

भीमफेदी बजार र हेटौंडा बजारहरूलाई बचाउनको निमित्त पनि भीमफेदीका डाँडाहरू र हेटौंडा तथा मकाञ्चुलीको डाँडामा रहेको वनको संरक्षण र वृक्षरोपणको काम गर्नु ज्यादै आवश्यक भइसकेको छ। ठाउँ ठाउँमा पैरो गएको कारणहरूमध्ये एक नदीले पुरानो बाटो छोड्नु पनि हो। यसरी यहाँका नदीहरूलाई आफ्नै पुरानो बाटोबाट बग्न दिन जथाभावी नदीको बगरमा ढुङ्गा बालुवा झिक्न दिने कामलाई पनि रोक्नु राम्रो हुनेछ। कुनै पनि नदीको तीरका वनस्पतिबाट नदीले किनारा काट्ने कामलाई धेरै हदसम्म रोक्ने काम गर्दछ। त्यसैले नदीको किनारामा रहेको वन फाँडी बस्ती बस्ने प्रवृत्तिलाई रोक्न् पनि ज्यादै जरूरी देखिन्छ। वन संरक्षणको सिलसिलामा हालसाल भइआएका कार्यहरू निम्नअनुसार छन्:–

(क) वन संरक्षणको आवश्यकता अनुसारको कार्य शुरूमा सर्कल, डिभिजन, रेञ्ज र कार्यालयबाट भइरहेकोमा वन संरक्षण कार्यालयलाई बढी प्रभावकारी बनाउन सशस्त्र फरेष्ट गार्डहरूको व्यवस्था गरिएको छ।

(ख) वन संरक्षणतर्फ बढी जोड दिंदै "वन संरक्षण विशेष व्यवस्था ऐन, २०२४" जारी गरिएको तथा उक्त ऐनको पहिलो संशोधन २०२७ अनुसार वन अधिकृतहरूलाई विशेष अदालतको न्यायाधीश तोकी वन अपराधीहरूलाई कडा सजाय दिने व्यवस्था भएको छ।

(ग) वन संरक्षणको लागि वन-सीमाना, अग्नि संरक्षण रेखाको व्यवस्था भइरहेको छ।

(घ) वन अतिक्रमणलाई रोक्न सुनियोजित ढङ्गबाट पुनर्वास गराउने योजनाहरू ठाउँ ठाउँमा सञ्चालित भइरहेका छन्।

खनिज पदार्थ

यस जिल्लामा निम्नलिखित खनिज पदार्थहरू पाइन्छन् र तीमध्ये केही स्थानीय जनताले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग गरिरहेको पनि देखिन्छ ।

तामा, सीसा, जस्ता, फलाम, टीन, चूनढुङ्गा, सिमेन्ट बनाउने माटो, सिलिका बालुवा, स्लेट आदि खनिज वस्तुहरू यत्रतत्र पाइन्छन् । मार्खुमा पहिले पहिले तामा खानी सम्बन्धी काम हुन्थ्यो तर आजकाल प्राय: बन्द छ । हाल पालुङ उपत्यकाका घरहरूमा स्लेटको छाना लगाउने चलन बढ्दै आइरहेको छ । भैंसेमा सिमेन्टको लागि उपयुक्त हुने चूनढुङ्गाको र हेटौंडाको रातमाटेमा माटोको अन्वेषण कार्य श्री ५ को सरकारको तर्फबाट भइरहेको छ ।

नेपाल मिनरल सप्लाई कम्पनीले बाह्र घरे तथा वरपरका क्षेत्रहरूमा सीसाखानीको अन्वेषणको निमित्त र के. सी. एण्ड कम्पनीले मार्खु खोला र भीमफेदी क्षेत्रतिर टीनको तथा मार्खु चिसापानी गढी क्षेत्रमा तामाको अन्वेषण गर्ने इजाजत प्राप्त गरी अन्वेषण कार्य गरिरहेका छन् । कर्रा खोला क्षेत्रमा खानी विभागले अन्वेषण गरी तीन–चार वर्ष अघि पत्ता लगाएको सिलिका बालुवाको आधारमा हेटौंडा औद्योगिक क्षेत्रमा एक ग्यास फ्याक्टरीको निर्माण भइरहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

मकवानपुरको नामाकरण बारेमा विभिन्न नामहरू ऐतिहासिक साधनहरूमा पाइन्छन् । ने. सं.७९१ (१६७१ ई. सं.) मा काठमाडौंमा यस स्थानलाई "मुकुन्दपुर" भनी एक ठ्यासफुमा लेखिएको छ।[१] अर्को ऐतिहासिक साधन अनुसार यस स्थानलाई "मोकांपुर" भनी लेखिएको छ।[२] तर सेन राजा मानिक सेनको कागत पत्रमा आफूलाई "मकवानी" भनी उल्लेख भएको हुँदा निजको राज्यको नाम मकवानपुर भनी सेनहरूले भन्दथे भन्ने कुराको आभास हुन्छ।[३] ललितावल्लभ (पृथ्वीनारायण शाहका दरबारिया) ले आफ्नो पुस्तकमा यस स्थानलाई "माकन्द" भनी उल्लेख गरेका छन्।[४] शायद यही कुरालाई अनुकरण गरी योगी नरहरिनाथले यस स्थानको नाम माकन्दपुर भनी लेखेका होलान्।[५] स्थानको नामको इतिहास हेर्दा यस ठाउँको नाम मुकुन्दपुर-बाट शुरू भई पछि मकवानपुर भएको सम्भावना धेरै छ। शायद मुकुन्द सेन प्रथमले आफ्नो राज्य पूर्वमा दूधकोशी सम्म फैलाए पछि एक शहर बसाएर यस शहरलाई स्थापकको नामबाट नै मुकुन्दपुर भनेको होला।

हालको मकवानपुर जिल्लाको इतिहास लिच्छवि कालदेखि नै शुरू हुन्छ।[६] यस जिल्लाको टिष्टुङमा वसन्तदेव अभिलेख पाइएको छ। त्यस्तै अंशुबर्माको तीनवटा अभिलेखहरू र उदयदेवको एक शिलापत्र पनि पाइएको छ। यसप्रकार लिच्छवि कालमा यस इलाका समृद्धिशाली र विकसित देखा पर्दछ। अंशुबर्माको एक अभिलेखमा उक्तबेला नेपालबाट निर्यात हुने सामानहरू जस्तै फलाम, चमर, ऊन, कस्तूरी, तामाका भांडाकुंडा-

---

१. शङ्करमान राजवंशी (सं.) –ऐतिहासिक घटनावली, पुरातत्त्व विभाग, श्री ५ को सरकार, २०२०, पृष्ठ ३–४

२. धनवज्र वज्राचार्य आदि (सं.)–इतिहास संशोधनको प्रमाण प्रमेय, पृष्ठ १७६

३. योगी नरहरिनाथ (सं.)– इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, पृष्ठ ६७३

४. ललितावल्लभ–पृथ्वीन्द्र वर्णोदय, सर्ग १

५. योगी नरहरिनाथ (सं.)को माथि उल्लिखित किताब, पृष्ठ ५५४ र ५५६

६. यस जिल्लामा हालसम्म तीन चोटी ऐतिहासिक सर्भेक्षण भएको छः– १. इतिहास विभाग त्रि.वि.वि. (रिपोर्ट अप्रकाशित) २. पुरातत्त्व विभाग, श्री ५ को सरकारबाट २०२७ सालमा सर्भेक्षण गरेको रिपोर्ट प्राचीन नेपाल संख्या १४ मा साफल्य अमात्यले "मकवानपुरका केही पुरातात्त्विक उपलब्धि" शीर्षक लेखमा छापिएको छ। ३. नेपाल र एशियाली अध्ययन संस्थानद्वारा चितलाङ र टिष्टुङमा सर्भेक्षण भएको रिपोर्ट हेमन्त राणा र धनवज्र वज्राचार्य–टिष्टुङ चितलाङ भेकको ऐतिहासिक सामग्री, नेपाल र एशियाली अध्ययन संस्थान, २०२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको उल्लेख छ। साथै यस इलाकामा शुल्कशाला (भन्सार अड्डा) र गुल्म रहेका थिए। व्यापार केन्द्र भई टिष्टुङको आर्थिक उन्नति धेरै नै भएको ती लिच्छवि अभिलेखहरूबाट स्पष्ट गराउँछ।

लिच्छविहरूको पतन पछि जिल्लाको दक्षिणी भाग कर्णाट राजा विक्रमादित्य छैठौं या विक्रमादित्य छैठौं र चेदि राजा कर्णको उत्तरी भारतमा आक्रमण हुँदा सेनापति तथा महासामन्त भई आएको नान्यदेवले सिमरौनगढमा १०९७ ई. सं. आफ्नो स्वतन्त्रराज्य खडा गरे। यस कर्णाट वंशले १०९७ ई. सं. देखि १३२४ ई. सं. सम्म राज्य गरेका थिए। सिमरौनगढ राज्य भित्र हालको मकवानपुर जिल्लाको तल्लो भाग पर्दथ्यो।

यक्ष मल्लले आफ्नो राज्य विस्तार गरेपछि केही वर्ष काठमाडौं उपत्यकाका मल्लहरूको अधीनमा रहे। पछि यस जिल्लामा सेनहरूले शासन गरे। चितलाङ र टिष्टुङ भेक पाटनका मल्लहरूको अधीनमा थियो। यस इलाकामा विष्णु मल्लका अभिलेखहरू पाइएका छन्। तल्लो भेकमा सेनहरू राज्य गर्दथे।

सेन राजाहरूमा मुकुन्द सेन (प्रथम) ले आफ्नो राज्य विस्तार गरी पूर्व दूधकोशीसम्म पुऱ्याएका थिए।

राजा मुकुन्द सेनको बारेमा बाबुराम आचार्यले "श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भाग–१" मा यसरी लेखेका छन्– पाल्पा ठकुराईको पहिला राजा रूद्र सेन (ई. सं. १५१३–४० आ) ले नै कालीगण्डकी पश्चिमपट्टिका ठकुराईलाई फैलाउने ठाउँ नपाएर पूर्व बाहिनी कालीगण्डकीका दुवै किनारतिर अधिकार गर्दै रहेका र यिनका छोरा मुकुन्द सेन (प्रथम) (ई. सं. १५४०–७५) ले काली र मर्स्याङदीको बीचको मगरातमा पनि अधिकार बढाउँदै ब्राह्मण, क्षेत्री र पुछुनीहरूका वस्ती बसाउँदै आवाद गुल्जार गरिरहेका थिए। यिनले बुटवलका तलहट्टीपट्टि पहिलेदेखि नै अधिकार रहिआएको हुनाले नवलपुरबाट गण्डकी पार भई मकवानपुरको भावर आवाद गरी बडियानालादेखि कमलानदीसम्मको तलहट्टीमा पनि अधिकार गरेका थिए। यिनको देहान्त पछि यिनका छोराहरूले ठकुराईलाई बण्डा गर्दा गोरखादेखि दक्षिणपट्टिको तनहूँको मगरात भृङ्गी सेनका भागमा र मकवानपुरको भावर साथै बडियानालादेखि कमलासम्मको, पर्सादेखि महोत्तरी तकको तलहट्टी समेत लोहाङ सेन (ई.सं. १५७५–१६१०आ) को भागमा परेको थियो। यिनले विजयपुरको कोच राजा र लिम्बू चौतराको गृहकलहमा पसेर विजयपुरमा अधिकार गर्दा दूधकोशीदेखि पूर्वपट्टि इलामतकको किरात प्रदेश र सप्तरी र मोरङका तलहट्टीमा समेत लोहाङ सेनको प्रशासन स्थापित भएको थियो। लोहाङ सेनले आफ्नो राज्य पश्चिम वरियादेखि पूर्वमा महानन्दासम्म विस्तार गरे।

लोहाङ सेन पछि यिनका छोरा राघव सेन राजा भए। राघव सेनले पनि पूर्वमा मोरङसम्म विजय गरेका थिए। यिनी जनप्रिय राजा थिए। वंशावलीहरूमा लोहाङ सेनका सातवटी पत्नीहरूको नाम उल्लेख गरिएको छ– श्री अनुपावती, श्री कल्याणमती, श्री साहेब देवी, श्री दुलहीनी देवी, श्री कोइली देवी, श्री कर्पुरावती देवी र श्री गङ्गावती। राघव सेन[1] पछि उनका छोरा हरिहर सेन जसलाई हरिश्चन्द्र पनि भनिन्थ्यो राजा भए। आफ्ना जेठो छोरा महाकुमार सेनसँग मनमुटाव भएपछि राजा हरिहर सेनले आफ्नो राज्य कान्छा छोरा शुभ सेन र भर्खरै जन्मेका नाति इन्द्र विधाता सेनलाई बाँडिदिए। दुई राज्यको साँध कोशी नदी थियो। यसरी कमजोर भएका राजाहरूलाई यही मौका पारी पूर्णियामा नवाव इस्पन्दर खाँले कैदी बनाई दिल्ली पठाए र त्यहाँ ती राजाहरूलाई जातिच्यूत गराए[2] शुभ सेन दिल्लीमा कैद छँदा यिनका छोरा महापति सेन र माणिक सेनलाई किरातहरूले बचाइराखेका थिए। पछि यिनै किरातहरूको सहायताबाट यिनीहरूले फेरि मकवानपुर माथि हमला गरी

१. राघव सेनले हिन्दू पति भन्ने उपाधि लिएका थिए। Hamilton, F. D.- An Account of the Kingdom of Nepal, p. 136

२. ऐजन, पृष्ठ १३८–३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विजय गरे। माणिक सेनको राज्य–मकवानपुर पूर्व कमलादेखि पश्चिम वरियासम्म फैलिएको थियो। करीब २० वर्षसम्म त्यहाँ राज्य गरिसकेपछि माणिक सेनको मृत्यु भयो र यिनका जेठा छोरा हेमकर्ण सेन मकवानपुरका राजगद्दीमा बसे। यिनै हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीको विवाह गोरखाका राजा पृथ्वीनारायण शाह सित भयो। त्यसताक तराईको उब्जाउ फाँट सबै मकवानपुरको अधीनमा भएकोले मकवानपुर निकै धनी र सबल राज्य थियो। त्यसैले पृथ्वीनारायण शाहले गोरखा राज्यको पूर्वमा रहेको शक्तिशाली राज्यसँग वैवाहिक सम्बन्ध कायम गरी आफ्नो शक्ति बढाउने विचार गरेका थिए तर यो वैवाहिक सम्बन्ध हेमकर्णका छोरा दिगबन्धन सेनलाई मन परेको थिएन। यही कारणले गर्दा इन्द्रकुमारी मकवानपुरमै थिइन्। नौलाखे हार र एक दन्ते हात्तीको कुरामा मनमुटाव भएपछि डोला नलिई काठमाडौंको दृश्यावलोकन समेत गरी गोरखा फर्कदा केही दिन धादिङ गढीमा विश्राम गरेको कुरा इतिहासमा उल्लेख भएको छ। पछि नुवाकोट विजय र ललितपुरको लामिडाँडामा समेत गोरखाको आधिपत्य जम्न गएपछि धादिङ गढी नजीकै पृथ्वीनारायण शाहको व्रतबन्ध भएको ठाउँ मेघीमा राजा हेमकर्ण छोरी लिई त्यहीं आएर गौना जिम्मा दिने काम सम्पन्न गरेको कुरा समेत इतिहासमा उल्लेख गरिएको छ। हेमकर्णको मृत्युपछि सम्वत् १६८४ मा पृथ्वीनारायण शाहले मकवानपुरमा हमला गरे। चौतरिया दल दर्मन शाह, काजी दलजित शाह, काजी शूरप्रताप शाह र काजी वंशराज पाण्डेको नेतृत्वमा एक ठूलो फौजलाई मकवानपुरमा लडाइँ गर्न पठाए। भदौ ६ गतेको दिन (अगष्ट सन् १७६२)मा गोरखालीहरूले मकवानपुर कब्जा गरे।

जब पृथ्वीनारायण शाहले मकवानपुर कब्जा गरी काठमाडौं उपत्यका हान्ने तरखर गर्दै थिए त्यसै ताक मुर्सिदावादका नवाव कासीम अलि खाँ आफ्नो ठूलो सैन्यका साथ बेतियामा आई बसेका थिए। दिगबन्धन सेनका मन्त्री कनकसिंह बनिया बेतियामा गई नवावसँग मकवानपुरबाट गोरखालीहरूलाई हटाइदिनु होस् भनी प्रार्थना गरे। नवावले पनि आफ्ना एक बहादुर सेनापति गुर्गिन खाँको मातहतमा एक ठूलो फौज पठाई सन् १७६३ मा मकवानपुर माथि हमला गरे। नवावका सेनाले यसरी केही दिन मकवानपुर कब्जा गरे। तर चाँडै पृथ्वीनारायण शाहले काजी वंशराज पाण्डे, केसर सिंह बस्नेत, जीवन शाह, हर्ष पन्त, नाहर सिंह बस्नेत, रामकृष्ण कुँवर, दुर्लव खत्री जस्ता वीर योद्धाहरूको मातहतमा ठूलो फौज पठाई नवावका फौजलाई मकवानपुर छोड्न बाध्य गराए। यसरी विभिन्न दाउपेच गरेर पनि आफ्नो राज्य फर्काउन नसक्दा दिगबन्धन सेनले आखिरमा हार स्वीकार गर्नु पऱ्यो। सन् १७६३ को फेब्रुअरी महीनामा पृथ्वीनारायण शाहका समक्ष उनले आत्म समर्पण गरे र उनलाई जन्मभर गोरखा मै नजरबन्द गरियो। यसरी करीब तीन सय वर्षसम्म नेपालको पश्चिम पहाड पाल्पादेखि सिक्किमको भू-भागसम्म राज्य गरी बसेका सेनहरूलाई गोरखालीहरूले आफ्नो अगाडि घुँडा टेक्न बाध्य गराए। पृथ्वीनारायण शाहले मकवानपुर माथि आफ्नो राज्य बढाउने दृष्टिकोणले मात्र हमला गरेका थिएनन्। वास्तवमा नेपालको भू-माग भित्र यसको ठूलो भूमिका भएकोले नै उनी आकर्षित भएका थिए। हुन पनि प्राचीनकालदेखि नै मकवानपुर भारतबाट नेपाल आउने जाने एक मात्र प्रमुख बाटो थियो। यसरी दक्षिणमा मकवानपुर, उत्तरमा नुवाकोट जिती पृथ्वीनारायण शाहले काठमाडौंका मल्ल राजाहरू माथि आर्थिक नाकाबन्दी गरी उपत्यका माथि विजय प्राप्त गर्न सफल भएका थिए।

हुन त मकवानपुरका सेन राजाहरूको पूरा इतिहास थाहा हुन सकेको छैन तापनि प्राप्त सामग्री अनुसार मकवानपुरका सेन राजाहरूको साथै त्यहाँको शासनमा बनिया क्षेत्री र अर्जेलहरूको पनि ठूलो भूमिका छ। बनियाहरू सेन राजाहरूका मन्त्री र अर्जेलहरू पुरोहित थिए। किम्वदन्तिका अनुसार पछि यिनै बनिया र अर्जेलहरूले नै धोका दिई सेन राजाहरूलाई राजच्यूत गरेका थिए। पछि यही कुरा थाहा पाएर सेन राजाहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्जेलहरूलाई पुरोहित्याइँ नफापोस्, बनियाका छोरी बेटीलाई पोइ नफापोस्, पातालको दाउराको खरानी नहोस् र राम विलास चामलको वासना नआवस् (मकवानपुर इलाका भित्र) भनी श्राप दिएका थिए भन्ने सुनिन्छ।

दक्षिणतिर भारतसँग सीमाना जोडिएकोले पहिलेदेखि नै मकवानपुरका राजाहरूको भारतका राजा रजौटा र जमिन्दारहरूसँग ठूलो सम्बन्ध थियो। नेपालमा सबैभन्दा पहिले भारतबाट बन्दूक र पत्थर कोइला पैठारी गर्ने यिनै सेन राजाहरू थिए। किरात प्रदेशमा आधिपत्य जमाउने पनि सर्वप्रथम यिनै मकवानपुरका सेन राजाहरू नै हुन् र इष्ट इण्डिया कम्पनी सित सर्वप्रथम भएको नेपालको सन्धि मोरङका राजा कर्ण सेनले नै गरेका थिए। आफ्नो जनताको मनोरञ्जन र सुखको लागि सेन राजाहरूले सालका एक पटक भारतबाट व्यापारी नाटकी, चटकी बोलाई रामनवमीका दिनदेखि दुई हप्ता र कहिले काहीं एक महीनासम्म पनि रमाइलो मेला गर्दथे। त्यसबखत मकवानी जनताहरू भारतीय चीजबीज साटासाट गरी लिने गर्दथे किनभने त्यसबेला मकवानीहरूमा मुद्राको प्रचलन धेरै थिएन। यो फिल्लामा पछि १८१४ मेमा अंग्रेज र पृथ्वीनारायण शाहको सेनाका बीच युद्ध भएको थियो। यस युद्धमा अंग्रेजीहरूको ठूलो हार भएको हुनाले हतोत्साह भई फर्केका थिए। यो जिल्ला काठमाडौं उपत्यकाको अति नजीक पर्ने भएकोले सुरक्षाको दृष्टिकोणले पनि महाभारत पर्वतमा विभिन्न गढीहरू निर्माण भएको पाइएको छ। यी गढीहरू उत्तर वा दक्षिण दुवैतर्फको स्थितिलाई नियन्त्रण गर्न सकिने दृष्टि राखेर नै बनाइएका थिए भन्नुमा अतियुक्ति नहोला। पहिले यस जिल्लामा मकवानपुर, चिसापानी, हरिहरपुर, कान्द्राङ, उपरदाङ गढीहरू पर्दथे। तर आजकाल यस जिल्लामा मकवानपुर र चिसापानी गढी मात्र पर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

भीमफेदी

भीमफेदी मकवानपुर जिल्लाको सदरमुकाम भएकोले महत्वपूर्ण स्थान मानिन्छ। हिमवतखण्ड पुराणमा भीमफेदीको बारे बयान गरिएको पाइन्छ। उक्त स्थानको नाम भीमफेदी रहनुमा निम्नजनश्रुति छ:- पाण्डवहरूलाई चौध वर्षको वनबास भोग्नु पर्दा भीसेनलाई कुनै कारणवश काठमाडौं जानु पऱ्यो। हेटौंडामा पुग्दा उनको हिडिम्वा राक्षससँग भेट भयो र ती दुवैमा घनघोर लडाइँ भयो र भीमसेनको अगाडि हिडिम्वाको केही लागेन र आखिर हार मानी आफ्नी बहिनी भुटनदेवीसँग भीमसेनको विवाह गराई सन्धि गरे। धोर्सिङमा पुग्दा खानपिन गरी भीमफेदीको बाटो लागे, तर भीमफेदी पुग्नासाथ कुखुरा बासेको हुनाले त्यो रात त्यहीं बास बस्नु पऱ्यो। यसरी भीमसेन बास बसेको ठाउँ भएको हुनाले यो स्थानको नाम भीमफेदी रहन गयो। यहांका भीमसेन र द्रौपदीको मूर्ति तथा गुम्बामा रहेको लामा गुरुको ढलौटको मूर्ति उल्लेखनीय छन्। यहां वर्षेनी भीमसेनको यात्रा चलाइन्छ। कृष्णाष्टमीका दिन श्री कृष्णको यात्रा र इन्द्र जात्राको दिन गणेशको रथ यात्रा हुन्छ।

त्रिभुवन राजपथ बन्नुभन्दा पहिले काठमाडौंबाट वीरगञ्ज पैदल हिंड्ने मूलबाटो यहींबाट गएको छ। उक्त बाटो चलुञ्जेल भीमफेदीको बजार निकै राम्रोसँग बढ्दै गएको थियो। वीरगञ्जबाट काठमाडौंतिर आउने यात्रुहरूले यहीं भरियाको बन्दोवस्त गर्नु पर्दथ्यो। यसरी यहां टाढा टाढा गाउँका मानिसहरू पनि काम पाउने आशाले आई बसेका हुन्थे। काठमाडौंबाट जाने यात्रुहरूले पनि यहींसम्म हिंड्नु पर्दथ्यो। यहाँदेखि अमलेख-गञ्जसम्म मोटर चल्दथ्यो र अमलेखगञ्जदेखि रक्सौलसम्म नै रेल चल्दथ्यो। तर त्रिभुवन राजपथ बनेदेखि काठमाडौंबाट बाहिर जाने र भित्र आउने मानिसहरू सबै यही बाटोबाट आवत-जावत गर्ने भएकोले पुरानो पैदल हिंड्ने बाटोमा पर्ने भीमफेदीको महत्व हरेक क्षेत्रमा कम हुँदै गएको देखिन्छ। भीमफेदीबाट भैंसे र हेटौंडा-सम्म जाने बस र ट्रकहरू बरावर पाइन्छन्। यहाँ दैनिक आवश्यकताका चीजबीज पाइने बजार पनि छ। भीम-फेदीलाई मकवानपुरको सदरमुकाम बनाएपछि चिसापानी गढीको सबै कार्यालयहरू भीमफेदीमा सारिएका छन्।

हेटौंडा

मकवानपुर जिल्लाको अर्को महत्वपूर्ण स्थान हेटौंडा हो। महाभारत ग्रन्थमा बयान भएका हिडिम्वा राक्षस र उनकी बहिनीको स्थान हेटौंडामा भएकोले यस स्थानको पौराणिक महत्व छ। यिनै हिडिम्वाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नामबाट यस स्थानको नाम हेटौंडा रहेको हो भनिन्छ। हेटौंडामा भुटनदेवीको स्थान छ। वर्षेनी भुटनदेवीको यात्रा चल्छ। हेटौंडाको पीपलको बोट मुनिको मूर्तिलाई स्थानीय जनताहरू सरस्वती मानी पूजा गर्दछन्। तेल र रङ्को पोताइले गर्दा मूर्ति नचिनिने भइसकेको छ।

धेरै वर्ष अघि यहाँ मानिसहरूको बस्ती थिएन। त्यति बेला ज्यादै औलो लाग्ने भएकोले त्यहाँको हावापानी मानिसहरूको बस्तीको लागि सुहाउँदो प्रकारको थिएन। तर आजकाल औलो प्रायः उन्मूलन भइसकेकोले यहाँ मानिसहरू बढ्दो संख्यामा बसोबास गर्दछन्। पहिले काठमाडौंबाट भीमफेदी भई वीरगञ्ज जाने बाटो पनि यहींबाट गएकोले जङ्गल फाँडी केही मानिसहरू यहाँ बसेका हुन्। पछि काठमाडौंको थानकोटदेखि भंसेसम्म त्रिभुवन राजपथ, हेटौंडाबाट नारायणगढसम्मको बाटो र काठमाडौंबाट मकवानपुर भई हेटौंडासम्मको बाटो बनेपछि हेटौंडा यी सबै बाटोहरूको चौबाटोमा परेकोले यसको महत्व बढ्न गयो। यसरी महत्व बढ्दै गइरहेको हेटौंडामा हाल विभिन्न उद्योगहरू खोलिनाले यसको महत्व झन् बढ्न गएको छ। हाल हेटौंडा अधिराज्यकै एउटा महत्वपूर्ण औद्योगिक क्षेत्र बनेको छ। टिम्बर कर्पोरेशनद्वारा सञ्चालित स-मिल लगायत हेटौंडा औद्योगिक क्षेत्र खोलिनाले यस क्षेत्रलाई आधुनिक शहर बनाउनेतर्फ बढी योगदान मिलेको छ। यस क्षेत्रको जनसंख्यामा वृद्धि खासगरी २०११ साल पछि तीव्रगतिले भएको छ। २०११ सालमा अधिराज्यका विभिन्न पहाडी स्थानमा आएको भीषण बाढी र पहिरो पीडितहरूको ओइरो लाग्नुका साथै यस दून क्षेत्रको औलो उन्मूलनतर्फ श्री ५ को सरकारको सक्रिय प्रयासको फलस्वरूप बस्ती बढ्दै गयो। २०२८ सालको जनगणनाअनुसार यहाँको जनसंख्या १६,१२१ छ।

टिष्टुङ

टिष्टुङ मकवानपुर जिल्लाको एक प्राचीन स्थान हो। यहाँ नेवारहरूको ठूलो बस्ती छ। यसको पुरानो नाउँ एकापुर थियो भनी स्वस्थानी महाव्रत कथामा लेखिएको छ। उत्तरमा कटुञ्जे, दक्षिणमा फुर्के, पश्चिममा मङ्गलीथोक र पूर्वमा नौखण्डे खर्कका डाँडाहरूको बीचमा बसेको यो एउटा सानो भए पनि रमाइलो उपत्यका हो। यस उपत्यकालाई पहिले सातसय टिष्टुङ पनि भनिन्थ्यो। तर प्राप्त शिलालेखअनुसार अंशुवर्माको समयदेखि नै यो ठाउँलाई टिष्टुङ भनी उल्लेख गरिएकोले यसको प्राचीनता र ऐतिहासिक महत्व छ भन्ने कुरा देखिन्छ। यहाँको जनसंख्या ५,८८६ छ।

टिष्टुङ तलेज्यू भवानी स्थानमा रहेको ने.सं. ८५९ को विष्णु मल्लको शिलालेखले यिनको शासनकालमा टिष्टुङ पाटन राज्यको मातहतमा थियो भन्ने कुरा प्रमाणित गरिदिएको छ। मल्ल राजाहरूको प्रतिनिधिस्वरूप कोही राजपरिवारका नातेदार अथवा स्थानीय व्यक्ति कसैले मल्लकालको अन्त्यसम्म त्यस इलाकाको शासन चलाएका थिए।

यहाँको तलेज्यू भवानी एउटा छाप्रो जस्तो घरमा रहेको छ। किल्ला, दरबार र तेलेज्यूको मन्दिर टिष्टुङको मध्यभागमा एउटा सानो थुम्कोमाथि रहेको छ। स्थानीय आचार्यहरूलाई बाहेक अरू जनतालाई तलेज्यूभित्र जान मनाही छ। तर बडादशैंको बेलामा भने मन्दिर भित्र रहेका पुराना हात हतियारहरू बाहिर आँगनमा प्रदर्शित गरिन्छ र जनताहरूले सो हेर्ने मौका पाउँदछन्। जनश्रुति अनुसार सिमरौनगढ, तिरहुतबाट भक्तपुरमा तलेज्यू भवानी लैजाँदा टिष्टुङकै बाटो गरी गएको र एक रात यहीं नै भवानीलाई बास बसाएकोले यहाँ पनि देवीको प्रभाव रहन गएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टिष्टुङ्का महत्वपूर्ण धार्मिक स्थलहरूमध्ये वज्रबाराही स्थान र उन्मत्तेश्वर महादेव स्थान प्रसिद्ध छन्। वज्रबाराही स्थान स्थानीय जनताहरूको सबैभन्दा मुख्य देवस्थल हो। यहाँ कुनै मन्दिर तथा मूर्तिहरू छैनन्। हरेक तीन वर्षमा वैशाख महीनामा बाराहीको यात्रा हुन्छ। वज्रबाराहीको स्थान टिष्टुङ खोलाको किनारमा पर्दछ। यहाँ मङ्गलबार र शनिबार विशेष भीड लाग्छ।

टिष्टुङ एक कलापूर्ण बजार पनि हो। हाल यहाँ देखापरेका केही उल्लेखनीय मूर्तिहरूमा जरलिनको कुण्डको भित्तामा राखिएको उमामहेश्वरको मूर्ति, इकुटोलको पाटीको भित्तामा राखिएको लक्ष्मीनारायणको मूर्ति, जसको पादपीठमा अभिलेख समेत अङ्कित छ र पाल्चोकको लक्ष्मी र गरुड सहितको विष्णुका मूर्तिहरू हुन्।

जरलिनको एउटा कुवाको खुला भित्तामा उमामहेश्वरको करीब साढे एक फीट लम्बाइ दुई फीट चौडाइको मूर्ति राखिएको हुनाले शिरभाग प्रायः नष्ट भइसकेको छ।

टिष्टुङको अर्को महत्वपूर्ण मूर्ति हो पाल्चोकको विष्णु। यो साढे दुई फीट अग्लो र साढे एक फीट चौडाइको छ। शङ्खचक्र, गदा र पद्म हातमा लिएको भगवान विष्णुको दायाँतर्फ देवी लक्ष्मी र वायाँतर्फ गरुड छन्।

पालुङ

पालुङ एउटा सानो उपत्यका हो। यसको उचाइ करीब १,७४६ मिटर (५,७२८ फीट) छ। पालुङ बजार काठमाडौंबाट करीब ६७.२ किलोमिटर (४२ माइल) दक्षिण-पश्चिममा पर्दछ। यहाँको टछें टोलमा एउटा लामो ढुङ्गा छ। नेवारी भाषामा "पा" माने ठूलो "लों" माने ढुङ्गा हो। यसैबाट उक्त ठाउँको नाउँ पालुङ रहन गएको हो भन्ने मानिसहरू विश्वास गर्दछन्। उक्त ढुङ्गाको लम्बाइ १३.५ हात र चौडाइ ४.५ हात छ। मल्ल राजाका पालामा नै केही व्यक्तिहरूले उक्त ठूलो ढुङ्गा पाटन लग्न भनी ल्याएका थिए। तर त्यो ढुङ्गा पालुङमा ल्याएर राखेपछि पचासौं मानिसहरूले उठाउन कोशिश गर्दा पनि उठाउन सकेनन् भनिन्छ।

सोलु गाउँबाट झरेको सोलु खोला र उत्तरतिरबाट झरेको पाण्डुकेश्वर खोलाको बीचमा यो पालुङ बजार छ। त्रिभुवन राजपथ बन्नुभन्दा पहिले यस पालुङमा देशका अरू भागका मानिसहरूको आवत-जावत थिएन।

यहाँ नेवार, क्षेत्री, बाहुन, दमाई, कामी आदि जातिहरू आपसमा मिली बसेका छन्। तर पालुङ शहरमा भने श्रेष्ठहरूको संख्या धेरै छ। यी श्रेष्ठहरू करीब छ सय वर्ष अगाडि आएका थिए। यिनीहरूको पुर्खौली घर पाटन हो भनी उनीहरू भन्दछन्। मल्ल राजाहरूको पालामा लुकेर टक मारेको आरोपमा यिनीहरूलाई काठमाडौं उपत्यकाबाट बाहिर पठाउने निर्णय गरियो। पालुङको फाँटमा खोलाबाट बग्ने पानी पनि प्रशस्त भएको र हावापानी पनि राम्रो भएकोले पालुङ गई यी श्रेष्ठहरू खोलाको किनारमा बसोबास गर्नथाले। पालुङ खोलाको किनारमा ढुङ्गाहरू प्रशस्त पाइने हुनाले यहाँका घरहरूमा यिनै दर्शन ढुङ्गाहरू प्रयोग गरिएको पाइन्छ।

पालुङ बजारनिर पश्चिमबाट सोल्टु खोला, उत्तरबाट महादेव खोला, दक्षिणबाट हात्ती पाइला खोलाहरू एकै ठाउँमा मिल्दछन्। यही तीन नदीको सङ्गमलाई शङ्खमूल भनिन्छ। यसै स्थानको चौरमा जनै पूर्णिको दिन हिलोजात्रा मनाइन्छ। गाउँका सबै मानिसहरू उक्त दिन यहाँ जम्मा हुन्छन्। इन्द्रायणी देवी, भैरव, गणेश आदिको खट पनि घुमाइन्छ। यसकोलागि पाटन हरिसिद्धिबाट एक आचार्य पनि आउँछन्। इन्द्रायणी मेला तीन वर्षको एक पटक इन्द्रायणी देवीको चौरमा लाग्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पालुङको ठूलो बेंसी फाँटमा एउटा मयलको रूख छ। त्यहाँका बूढापाकाको भनाइअनुसार सो रूख करीब छ–सात सय वर्ष अघि एउटा चिनियाँ यात्रीले लगाएका हुन्। रूखको फेदमा उत्तरतिर खनिएको ठूलो गहिरो प्वाल छ। यस प्वालमा निक्कै धन गाडिएको छ भन्ने यहाँका मानिसहरूको विश्वास छ।

विसंखु नारायण, हरिशङ्कर, इचंग् नारायण र चाँगुनारायण नामक चार नारायणको मूर्ति पालुङको चार दिशामा स्थापित छन्। यसरी प्रशस्त मात्रामा विष्णु, लक्ष्मी, शिव र अरू देवीहरूको मूर्तिहरूले भरपूर पालुङ शहर प्राचीनकालदेखि नै हिन्दूधर्मावलम्बीहरूको केन्द्र थियो भन्न सकिन्छ।

दामन

काठमाडौंबाट दक्षिण–पश्चिम करीब ८० किलोमिटर टाढा रहेको दामन समुद्र सतहभन्दा २,३१८ मिटर (७,६०३ फीट) माथि पहाडमा रहेको छ। यहीबाट त्रिभुवन राजपथ गएको छ। यहाँको सबैभन्दा ठूलो आकर्षण दृश्यावलोकन टावर हो। यस टावरबाट पालुङ बेंसीकै दृश्य ज्यादै राम्रो देखिन्छ। नेपाल अधिराज्यको उत्तरतिर रहेका हिमालय पहाडका विभिन्न टाकुराहरूका साथै सगरमाथासम्मको दृश्य अति नै राम्रो देखिन्छ। नेपालभित्र आउने पर्यटकहरू प्रायः सबैले यो दृश्य हेर्न बिर्संदैनन्। यात्रीहरूको विश्रामको निमित्त यहाँ दुईचार होटेलहरू पनि छन्। २०१९ सालदेखि यहाँ बागबानी केन्द्रको स्थापना भई फलफूल र तरकारी खेतीको अनुसन्धान र प्रसार कार्य भइरहेको छ। २०१९ सालमा नै जरीबूटी उद्यानको कार्य शुरू भई काम चालू भइरहेको छ। फागुनको अन्त र चैतको शुरूतिर आरु, नास्पाती, आलुबखडा तथा अन्य फलफूलहरूको यो क्षेत्र ज्यादै रमाइलो देखिन्छ। जेठ-असारतिर स्याउ फल्ने याम भएकोले ज्यादै मनोरम वातावरण हुन्छ। यहाँ २०२५ सालमा खुलेको अतिरिक्त हुलाक पनि छ। दामनबाट अझै उकालो लागी जाँदा त्रिभुवन राजपथको सबैभन्दा अग्लो बिन्दु पुगेको ठाउँ आउँछ, जसलाई सिमभञ्ज्याङ भनिन्छ। यसको उचाइ समुद्रको सतहभन्दा करीब २,४८८ मिटर (८,१६२.९ फीट) छ। सिमभञ्ज्याङको पूर्वपट्टि "सिमथली" भन्ने ठाउँमा करीब १०० रोपनीको समथर परेको जग्गालाई सरकारी गोठ भन्दछन्।

धोर्सिङ

यो ठाउँमा पुरानो रोपवेको शुरूको ष्टेशन थियो। यो ठाउँ २०१२ साल अघिसम्म मालसामानहरू काठमाडौं ढुवानी गर्ने मुख्य केन्द्रको रूपमा रहेको थियो। आजकल रोपवेको पुरानो लाइन हटाएकोले यहाँको रोपवेको घरहरूमध्ये एकमा विद्यालय चलाइएको छ। धोर्सिङ खोलामा बनाइएको फलामे पुलले अहिलेसम्म यहाँको यातायातलाई धानेको छ।

यहाँ कोदो र मकैको खेती हुन्छ र केही मात्रामा धानको खेती पनि गरिन्छ। यहाँको धेरैजसो मानिसहरू हेटौंडा गई ज्याला मजूरी गर्ने गर्दछन्। यहाँ बराबर पैरो जाने र यातायातको कठिनाइ समेत भएकोले यहाँका मानिसहरू धमाधम तराईतर्फ जाने गरेको पाइन्छ। यहाँको जनसंख्या १,६६४ छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भैंसे बजार

यो बजार भीमफेदीको पुरानो बाटो र त्रिभुवन राजपथको दोबाटोमा पर्दछ। पुरानो पहाडी बाटो पनि यहींबाट गइरहेकोले यो बजार धेरै पहिलेदेखि नै चल्तीको थियो। आजकल वीरगञ्ज, जनकपुर तथा नारायणघाटतिरबाट मोटरमा आउने यात्रुहरूको बिहानको खाना खाने र काठमाडौंतिरबाट जाने यात्रुहरूको पनि यहाँ पुग्दा चियापानको समय हुने भएकोले सानातिना होटल व्यवसाय निकै राम्रोसँग चलेको पाइन्छ।

यहाँ खोलामा राखिएको पुरानो पुल बगाएर लगेको हुँदा नयाँ पुल बनेको छ। यहाँ सडक विभागको भैंसे शाखा कार्यालय छ। यहाँको खोलाको किनाराको जग्गामा धान, गहुँ र पहाडी क्षेत्रमा मकै, कोदो, भटमास आदिको खेती गरिन्छ। यहाँको बजारमा दैनिक आवश्यकताका सबैजसो सामानहरू किन्न पाइन्छ र आसपासका पहाडी गाउँ क्षेत्रको निमित्त यो मुख्य बजार नै हो भने पनि हुन्छ।

मकवानपुर गढी

मकवानपुर गढीको धेरै पुरानो इतिहास छ। प्राचीन ग्रन्थहरूमा मकवापुरलाई "माकन्दर" भनेर पनि लेखिएको छ। यही मकवानपुर गढीबाट सेन वंशका राजाहरूले सैयौं वर्षसम्म राज्य गरे।

हाल मकवानपुर गढीको प्रायः सम्पूर्ण भाग हटिया गाउँ पञ्चायतमा पर्दछ। मूल गढीको तल्लो भागमा अर्को "ढुङ्गेगढी" नामक सानो गढी छ। किल्लाभित्र प्रवेश गर्ने एक मात्र द्वार उत्तरतर्फ छ। चारैतिर पानीका खाडलहरू छन्। गढीभित्र भगवान वत्सगोपालको ढलोटको मूर्ति र भग्न अवस्थामा रहेको दरबार छ। दरबारको पूर्व-पश्चिममा दुई पोखरी छन्। जनश्रुतिअनुसार मूलगढी नखी र महत नामक वस्तुकलाविदले तयार पारे वापत ३१ बिघा जमीन बिर्ता बकस पाएका थिए। यो बिर्ता उनका दर सन्तानले बिर्ता उन्मूलन नभएसम्म भोगचलन गरिआएका थिए। उक्त किल्ला वि. सं. १९७२ साल र १९९० सालको भूकम्प पछि पनि जीर्णोद्धार भएको थियो। वि. सं. १९९६ सालमा गढीमा ठूलो आगलागी भयो जसमा १११ घरहरू ध्वस्त भई धेरै धनमाल नोक्सान भयो। मकवानपुर नजीकै गहाबारीमा सिंहबाहिनी भगवतीको एक सानो राम्रो मूर्ति छ।

मकवानपुर गढी डाँडाको टाकुरामा छ। यसको वरिपरि घनाबस्ती भएकोले जङ्गल देखिंदैन। यहाँका मानिसहरूको भनाइ अनुसार मौसम सफा रहेको बेला यहाँबाट चिसापानी गढी र हरिहरपुर गढी देखिन्छ। किल्लाबाट मकवानपुर जिल्लाको सयकडौं बिघाको फाँटहरू अति राम्रो देखिन्छ।

हेटौंडाबाट कान्ती राजपथ र हटियाको वार्ड नं. चार को राजदेवी फाँट हुँदै उकालो लागेमा राजदेवी गाउँबाट करीब एक डेढ घण्टामा मकवानपुर गढी पुगिन्छ। जाडो याममा हेटौंडाको वार्ड नं. छसम्म कान्ती राजपथमा मोटरहरू जान सक्छन्। त्यसपछि राजपथले गोरेटोको रूप लिने हुँदा पैदल वा घोडा बाहेक अरू सवारी चल्न सक्दैन।

हटिया

मकवानपुर जिल्लाको सबैभन्दा बढी धान र तोरी उब्जा हुने ठाउँ हटिया हो। यसको पूर्व र दक्षिणमा चुरे पहाडको शृङ्खला, उत्तरमा महाभारत शृङ्खला र पश्चिममा हेटौंडा नगर पर्दछन्। यसलाई कर्रा नदीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपत्यका भने पनि हुन्छ। यो पूर्व-पश्चिम लामो छ। मकवानपुरी चामलको नामले प्रसिद्ध भएको धान हटिया फाँटकै पैदावार हो। यहाँ प्रशस्त धान, तोरी र उखुको खेती हुन्छ। खानेपानीको रूपमा इनार निकै प्रचलित छ।

चुरे डाँडालाई सदा हराभरा नराखे माटो ढुङ्गा मात्र भएको यो डाँडामा ठाउँ ठाउँमा पैरो गई नदीको बाटो थुनिने र राम्रो समथर जमीनलाई बिगार्ने सम्भावना भएकोले यस क्षेत्रमा जङ्गल मास्ने प्रवृत्तिलाई रोक्न अति जरूरी छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

मकवानपुर धेरै समय पहिलेदेखि एउटा राज्यको रूपमा रहेको हुनाले यहाँ सधैं मानिसहरूको घना-बस्ती थियो। नेपाल अधिराज्यको बढी जनसंख्या भएको पहाडी इलाकामध्येमा यो पनि आउँछ। यस जिल्लाको तीन चौथाइ भाग पहाड भएकोले यिनै पहाडको होचो इलाकामा खास गरेर पहाडको दक्षिणी ढालमा र बीच बीचमा रहेको उपत्यका तथा भित्री मधेशको सम्म परेको फाँटमा मानिसहरूको बस्ती धेरै पाइन्छ। यहांका मुख्य जातिहरू मगर, तामाङ, चेपाङ, दनुवार, बाहुन, क्षेत्री र नेवारहरू हुन्। यिनीहरूको मुख्य व्यवसाय खेती गर्नु, वन्यपैदावार खोजेरल्याई बेच्नु र मजदूरी गर्नु हो। यहाँ धेरै जातिका मानिसहरू भएको हुनाले धेरै किसिमका संस्कृति पाइन्छन्।

जनसंख्या

वि. सं. २०२८ सालमा लिइएको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या १,६३,७६६ छ। उक्त जनसंख्यामा पुरुष ८३,०९५ अथवा ५०.७ प्रतिशत र महिला ८०,६७१ अथवा ४९.३ प्रतिशत छन्। यसप्रकार यस जिल्लामा पुरुषको संख्याको दाँजोमा महिलाहरूको संख्या नै कम देखिन्छ। पहाडी क्षेत्रबाट वर्षेनी प्रशस्त मानिसहरू यस जिल्लामा बस्न आउँदछन्। यसकारण हालसम्ममा उक्त जनसंख्यामा निकै वृद्धि भइसकेको हुन सक्छ तर के कति मात्रामा जनसंख्या वृद्धि भएको छ भन्ने तथ्य अर्को जनगणनाबाट मात्र थाहा हुन सक्नेछ। जनसंख्याको दृष्टिकोणले यो जिल्ला अधिराज्यको अठ्ठाइसौं हुन आउँछ।

यस जिल्लाको कुल क्षेत्रफल २,२३,६०० हेक्टर (२,२३६ वर्ग किलोमिटर) छ। यहाँको जन घनत्व प्रति हेक्टर .७ पर्दछ अर्थात् १० हेक्टर जमीनमा ,सात जना मानिसका दरले बसेका छन्। अञ्चलको जनसंख्याको तुलनामा १४.८ प्रतिशत संख्या यस जिल्लामा रहेको छ।

यस जिल्लाको कुल जनसंख्या १,६३,७६६ जम्मा २८,८३० परिवारमा बाँडिएका छन्। यो परिवारमा विभिन्न आकारका छन्। यहाँ पाइने विभिन्न आकार (मानिस संख्या) को घर परिवारहरूमा पाँच व्यक्तिको घर परिवारको संख्या नै सबैभन्दा धेरै अथवा ४,९०४ रहेको छ। यस आकारको परिवार जिल्लाको जम्मा परिवार संख्या २८,८३० को करीब १७ प्रतिशत हुन आउँछ। एक जना मात्र सदस्य भएको परिवारको संख्या जम्मा ६४४ र २० जनाभन्दा बढी सदस्य भएको परिवारको संख्या जम्मा ४० मात्र देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उमेर र लिङ्गको आधारमा यस जिल्लाको जनसंख्या निम्न तालिकाअनुसार विभाजित भएको छः—

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० –५ वर्ष	१६,१७५	१९.५	१६,७८०	२०.८	३२,९५५	२०.१
६ –१५वर्ष	२२,२६९	२६.७	२०,५१८	२५.४	४२,७८७	२६.२
१६ देखि माथि	४४,६५१	५४.८	४३,३७३	५३.८	८८,०२४	५३.९

माथि दिइएको तथ्याङ्क आपसमा बराबर उमेर समूहहरूमा दर्शाउनुको सट्टामा ०-५ को बच्चाहरूको हुर्कन लागेका उमेर समूह, ६–१५ वर्षको विद्यालय जाने उमेर समूह र १६ वर्षभन्दा माथिको बाँकी उमेर समह गरी जम्मा तीन समूहमा विभाजित गरिएको छ। छदेखि १५ वर्षको उमेर समूहलाई प्रारम्भिक र सोभन्दा माथिको उमेर समूहलाई माथिल्लो स्तरमा विद्यालय जाने आधारमा पृथकीकरण गरी देखाइएको छ। यहाँको जनसंख्यामा तरुणहरूको आधिक्य रहेको उक्त तालिकाबाट देखिन्छ। यसरी जिल्लामा तरुणको संख्या बढी भएबाट जिल्लाको जनबल मजबूत भएको देखिन्छ।

माथिको तालिकाअनुसार छ वर्षभन्दा मुनिको समूहमा १९.५ प्रतिशत जनसंख्या हुनु र छ वर्षदेखि १५ वर्षको उमेर समूहको संख्या २६.७ प्रतिशत जनसंख्या भएकोबाट केटाकेटीको बढ्दो समूहलाई सङ्केत गर्दछ। यसकारण भविष्यमा ती केटाकेटीहरूको स्वास्थ्य, शिक्षा र खानपिनको बन्दोबस्त मिलाउने योजनाकारहरूको ध्यान आकर्षण गर्दछ।

अधिराज्यमा १० वर्षदेखि ५९ वर्षसम्मको उमेर समूहलाई आर्थिक दृष्टिबाट सक्रय जनसंख्या मानिएको छ। नेपालमा १० वर्ष र सोभन्दा मुनिका र ५९ वर्ष माथिका उमेर समूहलाई अरूमा आश्रित जनसंख्या भनी मानिएको छ।

यस जिल्लाको जनसंखयालाई विभिन्न उमेर समूहमा विभाजन गरी नौ बर्ष मुनिको र ६० वर्ष माथिको जनसंखयालाई आर्थिक दृष्टिकोणबाट आश्रित र १० वर्षदेखि ५९ वर्षसम्मकोलाई सक्षम मानेमा मकवानपुर जिल्लामा आश्रित जनसंख्या ६०,४६० र सक्षम जनसंख्या १,०३३,०६ छन्। यसवाट के देखिन्छ भने प्रत्येक सक्षम व्यक्ति माथि .५८ जनाको थप आर्थिक भार पर्न आउँछ। अर्थात् १०० जना सक्षम मानिसले १५८ जनाको जीवन निर्वाह गर्नु पर्छ। यसरी यस जिल्लाको सक्षम र अश्रितको अनुपात १००:५८ हुन आउँछ।

अन्तर्राष्ट्रिय परिपाटी अनुसार हेर्ने हो भने यस मकवानपुर जिल्लामा जम्मा ७६,१८१ मानिसहरू अथवा पुरुष ३८,५११ र महिला ३७,६७० आश्रित रहेका पाइन्छन् र जम्मा ८७,५८५ अथवा पुरुष ४४,५८४ र महिला ४३,००१ काम गर्न सक्षम छन् भन्ने देखिन्छ। यसरी यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:८७ हुन आउँछ। अर्थात् प्रत्येक १०० जना सक्षम माथि थप ८७ जनाको आर्थिक भार परेको देखिन्छ।

यस मकवानपुर जिल्लाको कुल जनसंख्या १,६३,७६६ अथवा पुरुष ८३,०९५ र महिला ८०,६७१ मध्ये जम्मा ३६,१७४ पुरुष र ३८,२४२ महिलाको विवाह भएको, २८,७०६ पुरुष र २१,५५८ महिला अविवाहित, २८९ पुरुष र १६७ महिलाको पारपाचुके भइसकेको र १,७५१ पुरुष र ३,९२४ महिला बिधुवा वा विधुर रहेको देखिन्छ। यस जिल्लाको कुल जनसंख्याको वैवाहिक स्थिति हेर्दा बाल विवाहको कु-प्रथा यस जिल्लामा आजकलसम्म पनि प्रचलित रहेछ भन्ने तथ्य देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको अन्य भाग झैं यस मकवानपुर जिल्लामा पनि विभिन्न जातका मानिसहरू बसोबास गरेको पाइन्छ। यी विभिन्न जातिको विभिन्न प्रकारको संस्कृति हुन्छ। त्यस्तै विभिन्न जातका मानिसहरू मातृभाषाको रूपमा विभिन्न भाषा बोल्दछन्। निम्नतालिका अनुसार ६८,५६७ मानिसले नेपाली भाषालाई आफ्नो मातृभाषाको रूपमा लिएका छन्। अरू मातृभाषा हुनेले पनि नेपालीभाषा राम्रैसँग बोल्न जान्दछन्। यहाँ तामाङ जातिको धेरै संख्या भएकोले मातृभाषा तामाङ हुने धेरै पाइन्छन्। अन्य भाषाको समूहमा मगर, चेपाङ, दनुवार आदि अन्य भाषा पर्दछन्।

भाषा	जन संख्या
नेपाली	६८,५६७
तामाङ	७२,३३२
नेवारी	१४,३०९
राई किराती	१,१५६
अन्य भाषा	७,४०२
जम्माः–	१,६३,७६६

यस जिल्लामा तामाङहरू खासगरी पहाडी इलाकामा बसोबास गरेको पाइन्छ। नेवारहरू जिल्लाको अक्सरगरी व्यापार केन्द्रमा बसेको पाइन्छ। नेवारहरूमा धेरैजसोको व्यवसाय व्यापार रहेको देखिन्छ। २०११ सालको बाढीबाट पीडित पहाडी जनसंख्या यस जिल्लाका ठाउँ ठाउँमा जङ्गल फाँडी खेती गरी बसेको पाइन्छ। चेपाङ जातिहरू भीर पखेरो तर्फ नै बस्दछन्। यिनीहरू आर्थिक दृष्टिकोणले ज्यादै पिछडिएको स्थितिमा छन्।

माथिको तालिकाबाट यस जिल्लामा विभिन्न जातिका मानिसहरूको बसोबास भएको देखिन्छ। उक्त विभिन्न जातका मानिसहरूले विभिन्न धर्म अपनाएका छन्। तर नेपालको विभिन्न भागमा झैं यहाँ पनि विभिन्न धर्मका मानिसहरू आपसमा मिली बसेका छन्।

विभिन्न धर्म मान्ने मानिसहरूले आफ्नो आफ्नो परम्परा अनुसार विभिन्न चाड पर्वहरूमा प्रायः सबै जसोको घरमा ठूलो वा सानो किसिमको भोजको आयोजना गरिन्छ। आफ्नो औकातले भ्याएसम्म राम्रो गहना-लुगा लगाई हिंडेका देखिन्छन्। यी चाड पर्वहरूमा विवाह गरिदिइसकेका छोरीबेटीहरूलाई पनि आफ्नो घरमा बोलाई खान दिने परम्परा पनि यहाँ सबै जातिमा देखिन्छ।

यस जिल्लाको भौगोलिक स्वरूप विभिन्न किसिमको भएको हुनाले सबै भागमा बराबर रूपमा जनसंख्याको वितरण भएको छैन। यहाँका मानिसहरूको मुख्य व्यवसाय खेती र व्यापार भए तापनि धेरै समय पहिले हेटौंडामा औलोको कारणले गर्दा मानिसहरूको बस्ती बाक्लो थिएन। तर आजकल त्यस्ता ठाउँहरूबाट औलो प्रायः निर्मूल भइसकेकोले मानिसहरूको बस्ती दिन प्रतिदिन बढ्दै गइरहेको पाइन्छ। त्रिभुवन राजपथ बन्नुभन्दा पहिले चितलाङ, मार्खु, कुलेखानी, भीमफेदी आदि स्थानहरू मूलबाटोमा पर्ने भएकोले उक्त ठाउँहरूमा बाक्लो बस्ती थिए। मकवानपुरमा पनि पहिलेदेखि नै बाक्लो बस्ती बसेको देखिन्छ। केही वर्ष यतादेखि पहाडतिरबाट बस्ती सरिआएका मानिसहरूको कारणले गर्दा यस जिल्लाको धेरैजसो ठाउँहरूमा बस्ती बाक्लो हुनुको साथै नयाँ बस्ती पनि देखिन लागेका छन्। यो जिल्लामा ३६ पञ्चायत छन्। विभिन्न प्रकारको भौगोलिक बनोट अनुसार विभिन्न पञ्चायतमा विभिन्न संख्यामा मानिसहरूको बस्ती देखिन्छ। २०२८ सालमा लिइएको जनगणना अनुसार निम्नपञ्चायतहरूमा निम्नजनसंख्या पाइन्छ :–

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. आग्रा	४,७३६	२. काकडा	४,१२४
३. कटुञ्जे	५,०६६	४. खैराङ	३,३८०
५. खोगटे	१,१५५	६. गोगने	३,७४२
७. घोप्टे आम भञ्ज्याङ	५,५७६	८. चितलाङ	७,१५२
९ ज्यामीरे	३,०७८	१०. टिष्टुङ मैनाङ	३,५४५
११. डाँडा खर्क	२,९६६	१२. टोडके	२,६२४
१३. टिष्टुङ थाहाचोक	५,९३२	१४. थिनगन	२,७१३
१५. धोर्सिङ	१,९७६	१६. नामटार	६,०५०
१७. निबुवाटार	२,०९०	१८. पदमपोखरी	६,८०२
१९. पालुङ शहर	४,३००	२०. फापरबारी	११,९०४
२१. बूढीचौर	१,१५५	२२. बसामाडी	४,१३०
२३. बेतिनी	२,४९५	२४. भारता	१,८९९
२५. भीमफेदी	३,६७४	२६. भैंसे	४,३४५
२७. मकाञ्चुली	३,१०९	२८. मन्थली	३,१११
२९. मार्खु	२,२४३	३०. रक्सीराङ	३,७५०
३१. रातमाटे	३,१९९	३२. लामचौर	२,४१३
३३. शिखरकोट	३,९८१	३४. हाँडीखोला	६,११८
३५. हटिया	१२,९३९	३६. हेटौंडा नगर पञ्चायत	१६,१९४

माथिको तालिकाले यस जिल्लामा सबैभन्दा धेरै जनसंख्या हुने पञ्चायत हेटौंडा नगर पञ्चायत देखाउँछ। यस नगर पञ्चायतमा १६,१९४ मानिस बस्दछन् भने सबभन्दा थोरै जनसंख्या हुने पञ्चायत खोगटे र बूढीचौर हुन्। यी दुवै पञ्चायतमा १,१५५ मानिसहरू बस्दछन्।

यहाँका अधिकांश पञ्चायतहरू ३,००० देखि ३,९९९ को जनसंख्या समूहभित्र पर्दछन्।

जनजीवन

यस जिल्लाका बासिन्दाहरूद्वारा बोलिने भाषा र धर्मको विश्लेषणबाट यस जिल्लामा विभिन्न जातिका मानिसहरू छन् भन्ने थाहा हुन्छ। यस जिल्लामा ज्यादाजसो बस्ती तामाङ जातिकै छ। यिनीहरूको बस्ती यस जिल्लाको छत्तीसै पञ्चायतमा रहेको पाइन्छ। त्यसपछि चेपाङ, मगर र दनुवारको संख्या आउँछ। नेवार, बाहुन र क्षेत्रीको संख्या कम देखिए तापनि यिनीहरू बहुसंख्यामा शिक्षित भएको हुनाले जिल्लामा यिनीहरूकै सबभन्दा धेरै क्रियाकलाप देखिन्छ। जिल्लाका विभिन्न जातिहरूमध्ये यहाँको मुख्य व्यापार नेवारहरूको हातमा रहेको पाइन्छ। चेपाङहरूको बस्ती भीर-पखेरा तर्फ धेरै देखिन्छ। आजकल हरेक पञ्चायतमा कमसेकम एउटा प्रायमिक विद्यालय खोली शिक्षाको प्रचार भएबाट बिस्तारै बिस्तारै आफ्नो केटाकेटीलाई पढाउन सबै अग्रसर भएको पाइन्छ।

यस जिल्लामा पाइने मुख्य जातिहरूको रहन-सहन तथा कर्मकाण्डको छोटकरीमा केही विवरण तल दिइएको छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तामाङ

तामाङ जातिको बस्ती यस जिल्लाको महाभारत डाँडामा सर्वत्र फिँजिएको छ। यस जिल्लामा ज्यादा जसो बस्ती तामाङ जातिकै छ। स्वभावैले यिनीहरू ज्यादा हाँस खेल गर्नु पर्ने र ज्यादै सोझा हुन्छन्। यिनीहरूको शारीरिक बनौट निकै मजबूत र पहिरन साधारण हुन्छ। तामाङ जातिमा पुरुष तथा महिला दुवै काम गर्ने गर्दछन्। यस जिल्लामा यिनीहरूको ठूलो बस्ती फापरबारीमा छ।

तामाङहरूको सबभन्दा धेरै जनसंख्या नेपाल अधिराज्यमा रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक आदि जिल्लामा भएकोले यिनीहरूको चालचलन, रहनसहन र व्यवहारको बारेमा उक्त जिल्लाको परिचयमा पूरा बयान गरिएको छ।

चेपाङ

त्रिभुवन विश्वविद्यालयले "चेपाङको संस्कृति" को बारेमा जून १९७१ मा प्रकाशित लेख अनुसार यस जिल्लाको निवासीहरूमा चेपाङ जातिका मानिसहरूको आफ्नो विशेषता छ। यिनीहरू तन्त्र-मन्त्रमा पूरा विश्वास गर्दछन्। पाएसम्म जङ्गलको जरीबूटी, कन्दमूल आदि खाई गुजारा गर्दछन्। यिनीहरू धेरैजसो पहाडी भिरालो जग्गामा बस्न रुचाउँछन्। यिनीहरू मासु खूब रुचाउँछन्। यस जिल्लामा यिनीहरूको बस्ती खासगरेर कटुन्जे, रक्सीराङ, काकडा, डाँडाखर्क पञ्चायतहरूमा धेरै पाइन्छ। यसरी यिनीहरूको बस्ती ६१० मिटर (२,००० फीट) देखि १,२१९ मिटर (४,००० फीट) सम्मको उचाइमा ज्यादा पाइन्छ।

चेपाङहरू आफूहरूलाई सीताका छोरा लवका सन्तान हौं भन्दछन्। उनीहरूका अनुसार जब रामचन्द्रले सीतालाई लोकोपवादबाट बचनको निमित्त वाल्मीकि आश्रममा राख्न पठाए तब त्यहाँ लवको जन्म भयो। यसरी जन्मेका लवलाई आश्रममा राखी सीता नारायणी नदीको किनारातिर पानी ल्याउन र लुगा सफा गर्न जान्थिन्। यसरी नदी किनारमा एक दिन उनले एउटा बाँदरले आफ्नो बच्चा बोकी आएको देखिन्। तब तिनले पनि आश्रममा गई आफ्नो बच्चा बोकी ल्याइन्। उता वाल्मीकि ऋषिले आफ्नो आश्रममा लवलाई देखेनन्। सीताले आफ्नो बच्चा नदेखे पछि बिलौना गर्लिन् भन्ने डरले ऋषिले कुशबाट एउटा बच्चा पैदागरी लव राखेको ठाउँमा राखिदिए। केही छिनपछि सीता नदीबाट फर्कंदा लव उनकै साथमा देखेपछि ऋषिले सारा वृतान्त सुनाए। त्यो बच्चाको नाम कुश राखियो र उनको हेरविचार पनि ऋषिको अनुरोधमा सीताले नै गरिन्। स्थानीय मानिसहरू लवलाई लहारी र कुशलाई कुशारी भन्दा रहेछन्। आजकल यस क्षेत्रमा पाइने चेपाङहरू आफूहरूलाई लहारी अथवा लवका सन्तान भनी मान्दछन् र कुशण्डाहरूलाई कुश अथवा कुशारीका सन्तान भनी मान्दछन्। चेपाङहरूका अनुसार कुशण्डाहरूको संख्या ज्यादै थोरै छ र आजकल उनीहरू गोरखा र तनहुँ जिल्लाको दक्षिणी भागमा बस्दछन्।

चेपाङहरू चेपाङ भन्नलाई "सियो-वाङ" भन्दछन्। यसको अर्थ चट्टानको गुफा अर्थात् पहाडी उचाइमा बस्ने जाति भन्ने हुन आउँछ। उनीहरू आफूलाई चेपाङ भन्नु भन्दा "प्रजा" भन्न ज्यादै रुचाउँदछन्। तर आजकाल यी जातिहरू हेटौंडाबाट नारायणघाट जाने बाटोमा ठाउँ ठाउँमा घर बनाई बसेका देखिन्छन्। यिनीहरूको भाषामा कुटो, कोदालो जस्तो खेतीमा काम आउने सामानको नाम छैन। यसबाट पनि यिनीहरू धेरै समय पहिले खेतीपाती गर्न जान्दैनथे भन्ने देखिन्छ। आजकल मात्र तामाङ, मगर आदिको संगतबाट खेतीमा रुचि लिएको बुझिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यिनीहरू अक्सरगरी पहाडी भीरमा रहेका स–साना जङ्गलमा आगो लगाउँदछन् र पछि यस्ता भीर-हरूमा सुर्ती, भ्याकुर, सक्खरखण्ड, बेसार, गहत, मास आदिको खेती गर्दछन्। आफूहरू बस्ने आसपासको बारीमा चाहिं विभिन्न सागपात, पिंडालु, घिरौंला आदि रोप्दछन्। कुनै कुनै चेपाङहरूले धानको खेती पनि गर्दछन्। चेपाङको शाब्दिक अर्थ "चे" अथवा कुकुर "पाङ" अथवा वाण हो। यसबाट यी जातिहरू धेरै पहिले शिकार खेली आफ्नो जीविका चलाउँदथिए भन्ने देखिन्छ। यस कामको निमित्त यिनीहरू कुकुर र वाणको प्रयोग गर्दथे। यसरी आफ्नो जीविका चलाउन शिकार खेल्नु पर्दा यिनीहरूले ज्यादै परिश्रम र यातना खप्नु पर्थ्यो। तर आजकल यिनीहरू आफ्नो जीविकाको निमित्त उत्तिको शिकार खेल्दैनन्। यिनीहरू बनमा कन्दमूल खोजी खान्छन्। उक्त किसिमको खेतीबाट आउने विभिन्न चीजहरू र आसपासको नदीमा मारेर ल्याएको माछा आफू पनि खान्छन् र बढी भएको बजारमा लगी बेच्दछन्। यसरी बेचेको पैसाबाट यिनीहरू आफ्नो दैनिक आवश्यकताका वस्तुहरू जस्तै चुरोट, कपडा, नून आदि खरीद गर्ने गर्दछन्। नदीमा माछा मार्दा यिनीहरू जाल र बल्छीको प्रयोग गर्दछन्। हुन त यी चेपाङ जाति आजकाल पनि शिकार खेल्दछन् तर धनुष वाण प्रयोग गर्ने पुरानो तरीकालाई छाडी आजकाल यिनीहरू चराचुरुङ्गीहरू समात्न जाल थाप्ने गर्दछन्। यिनीहरू चिउरी नामक फल खान ज्यादै मन पराउँदछन्। यसको बीयाँबाट यिनीहरू तेल निकाल्दछन् र विभिन्न प्रकारको तरकारीहरू बनाउँदा यही तेलको प्रयोग गर्दछन्। कुनै पनि चेपाङ परिवारमा च्यूरीको बोट छैन भने त्यो परिवारलाई गरीब परिवार मान्दछन्।

यी जातिका मानिसहरू कम लुगा लगाउँदछन्। लोग्ने मानिसले इष्टकोट, सुरुवाल वा अरू कुनै बेर्ने कपडा बेरेको हुन्छ र आइमाईले एउटा भांग्रो जस्तो कपडा बेह्री गरधनमा बाँध्ने गर्दछन्। चाड पर्वमा नाच गान गर्दा लोग्नेमानिसले टाउकोमा टोपी जस्तो गरी मयूरको प्वाँख लगाउँछन् र खुट्टामा रुमाल बाँध्ने गर्दछन्। आइमाईले चाहिं फलामे माला वा सिक्री, घाँघर, बाँहकटे चोलो लगाउँछन्। बाँसको बाँसुरी एक सुरमा बजाउँदछन् र मादल जस्तो बाजालाई टवाङ टवाङ बजाई नाच्ने गर्दछन्।

चेपाङहरूको घरमा पानी राख्न, रक्सी राख्न, जाँड राख्न, मकै भुट्न सक्खरखण्ड तथा पिंडालु उसिन्न माटोकै भाँडाहरूको प्रयोग गरिन्छ। यी माटोको भाँडाहरू यिनीहरू आफै बनाउन जान्दैनन्। बजारबाट किनेर ल्याउँछन्। कुनै कुनै परिवारमा मात्र एक दुई फलामे, पित्तले तथा काँशका भाँडाहरू देखिन्छन्। यिनी-हरू घरेलु कामको रूपमा बाँसको चोयाबाट डोको, पेरुङ्गो कोक्रो आदि बनाउँदछन्। यिनीहरू माछा मार्ने जाल, चमेरो समात्ने जाल र मालसामानहरू राख्न झोलाहरू पनि बनाउँदछन्। बर्षादको याममा पानीबाट बच्न जङ्गलमा पाइने ठूला ठूला पातहरू मिलाई राखी चोयाले ठाउँ ठाउँमा बाँधेर छाता बनाउने पनि गर्दछन्। आफूहरू बस्नको निमित्त आजकल सानासाना घरहरू यिनीहरूले आफै बनाउन थालेका छन्। चेपाङहरू काठमा उनीहरूको देवताको मूर्ति कुँद्ने पनि गर्दछन्। यसरी देवदेवीको मूर्ति कुँदी बनाएको काठ-लाई कुनै पनेरोको नजीक राख्दछन्। यसबाट चेपाङहरू करीब २,००० फीटदेखि ४,००० फीट सम्मको उचाइमा बस्ने भएकोले पानीको समस्याबाट बच्न पनेरा नसुकोस् भन्ने भावले देवताको मूर्ति राखेको हो भन्ने देखिन्छ।

चेपाङहरू पनि आपसमा विभिन्न थरहरूमा विभाजित छन्। यस जिल्लाका चेपाङहरूको थरहरू निम्नअनुसार छन् :–

गल्सिरङ्गी	घुसरङी	रिन्थाली	पोनियोराना
भेस्यखोरे	डिरोइ खलाक	दर्सिरङ माइ	खेरङ माइ
टालिङ माइ	घेरङ माइ	तिसिर माइ	पौडाली माइ
दोलता			

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी विभिन्न थरका चेपाङ जातिको एउटा पुरोहित हुन्छ र उही देवताको पूजा र प्रार्थना गर्दछन्।

चेपाङहरू अक्सरगरी संयुक्त परिवारमा बस्दछन्। यस संयुक्त परिवारमा प्रायः बाबु, आमा, दाज्यू, भाइ, भाउज्यू, बुहारी, छोरा, छोरी र भतिजाहरू हुन्छन्। दुई वा दुईभन्दा बढी स्वास्नीहरू भए भने संयुक्त परिवारमा बस्न मुश्किल पर्ने भएकोले दुई स्वानीबाट भएका छोराहरू अक्सरगरी भिन्न बसेका पाइन्छन्। तर भिन्न बसे तापनि आफ्नो परिवारमा ठूल–ठूला कामहरू आइपर्दा आमासित सरसल्लाह गर्ने गर्दछन्। यसरी चेपाङहरू आफ्नो बूढी आमाको कदर गर्दछन्। भिन्न बस्नो भन्दैमा यिनीहरूको बीच कुनै स्थायी वैरभाव हुँदैन।

विवाहको सम्बन्धमा यिनीहरूको आफ्नै नियम छ। धेरै चेपाङहरूको दुई वा दुईभन्दा बढ्तै स्वास्नीहरू हुन्छन्। एउटै थरको बीचमा यिनीहरूको विवाह चल्दैन। धेरैजसो चेपाङहरूको आफ्नै साली विवाह गर्ने चलन छ। केही गरी दाज्यूको मृत्यु भयो भने अझै भाउज्यू विवाह गर्ने चलन छ। बिधुवा भाउज्यूले केही गरी अर्कै मानिससित विवाह गरिन् भने भाइ चाहिंले जारी लिने गर्दछन्।

नेपाल अधिराज्यका अरू जातिहरूमा झैं चेपाङ जातिमा पनि जीवनका विभिन्न उत्सवहरू समारोहकासाथ मनाइन्छन्। यीमध्ये बच्चाको नामकरण गर्ने, भात खुवाउने, कपाल खौरने, विवाह गर्ने र मर्दा गाउने समारोहहरू मुख्य हुन्। यिनीहरूको सबभन्दा ठूलो चाड "चोनाम" हो। यसको अतिरिक्त यिनीहरू दशैं, तिहार, माघे संक्रान्ति आदि चाडहरू पनि मान्दछन्। यिनीहरू हिन्दू देवदेवीहरूको पूजा र प्रार्थना गर्दछन्। यी पूजाहरू तान्त्रिक विधिबाट गरिन्छ। जन्मेको बच्चा छोरा भए बाह्रौं दिन र छोरी भए सातौं दिनमा बच्चाको नाम राख्दछन्। छोरा भए परिवारको जेठो लोग्नेमानिसले र छोरी भए परिवारकी जेठी आइमाईले नाम राख्ने गर्दछन्। उक्त दिन बच्चाको आमाको माइतिपट्टिका मानिसलाई पनि निम्त्याइएको हुन्छ र नाम राख्ने समारोह सकिए पछि भोजको आयोजना गरिन्छ। पास्नीको दिन बच्चाको मामा परिवार र आफ्ना नातेदारहरूलाई निम्तो दिइन्छ। बच्चाको मामाको तर्फबाट बच्चालाई विभिन्न प्रकारको खाना, नयाँ लुगा र केही दाम दिइन्छ। यो समारोह छोरा भए छ महीना र छोरी भए चार महीनामा गरिन्छ। समारोह पछि भोजको आयोजना गरिन्छ। छेवर अथवा कपाल खौरने समारोह अक्सर १२ वर्ष पुगेपछि गरिन्छ। चलन अनुसार मामाले आफ्नो औकातले भ्याएसम्म भान्जालाई दिन्छन् र यसको बदलामा भान्जाले पनि केही कुरा मामालाई दिने गर्दछन्। चेपाङहरूको विवाह गर्ने चलनमा अधिराज्यका अरू जातिमाभन्दा केही फरक पाइन्छ। सबभन्दा पहिले मङ्गलबारको दिन केटाको बाबु केटीको बाबु आमाहरू सित विवाहको विषयमा कुरा गर्न जान्छन्। यस कुरामा उनीहरू छोरीको राय पनि लिन्छन्। छोरीले हुन्छ भनेपछि विवाह तय भएको मानिन्छ। आफ्नो औकात अनुसार मङ्गलबार घटीमा १५ जनासम्मको जन्ती जान्छन्। जन्तीमा केटो र केटोको बहिनी पनि समावेश भएका हुन्छन्। बहिनी चाहिंले दुलहीलाई दिने लुगाहरू बोकेर जाने गर्दछन्। रातभरी खूब खानपिन गर्दछन्। भोलिपल्ट दुलहा तर्फबाट ल्याएको गहना र लुगाहरू दुलहीलाई आमाले लगाइदिन्छिन्। यसरी भोलिपल्ट बिहान दुलहीका साथ जन्त फर्कन्छ। घर पुगेपछि दुलहा र दुलही दुवैले तीनपल्ट घरको परिक्रमा गर्दछन्। ढोकामा दुलहाका बहिनीहरू हातमा धागो लिएर बसिरहेका हुन्छन्। अनि दुलहाले आफ्नो बहिनीहरूको हातमा केही पैसा राखिदिएपछि दुलहा दुलही दुवै घर भित्र पस्दछन्। अनि पछि दुलहाले दुलहीको सिउँदोमा सिंदूर लगाइदिन्छ। त्यसपछि दुलहा दुलहीको टाउको तीन पटक जुधाइदिन्छन्। केही दिन पछि केटी आफ्नो बाबुको घरमा फर्किने चलन छ। यसरी फर्कंदा केटोले केटीको आमा बाबुलाई प्रशस्त सौगात लग्नु पर्छ। केटीको आमाबाबुलाई केटोले चलनअनुसार दुई रुपियाँ राखी आशीर्वाद माग्दछ। यो समारोह पछि केटी जहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाहे पनि आफ्नो माइत जान सक्छिन् ।

चेपाङ बिरामी पर्दा झाँक्री राख्ने चलन पनि प्रचलित छ । रातभरी ढ्यांग्रो ठटाई देवदेवी र भूत प्रेतलाई कुखुरा बलि दिइन्छ । डाक्टर देखाई औषधि गर्ने चलन पनि देखा पर्न थालेको छ । यति गर्दा पनि बेथा तिको नभई रोगी मर्ने भएमा उसका सारा नातेदारहरू भेट्न आउँछन् । मरिसकेपछि लासलाई बाँसमा बाँधी मलामीहरू साथ लगी गाडिन्छ । मृत व्यक्तिको परिवार खासगरी उसको छोराले पाँच दिनसम्म नून खादैन । पांचदेखि सात दिनभित्र मृत आत्मालाई तान्त्रिक विधिद्वारा फलफूल, कन्दमूल, जाँड-रक्सी, मासु, रोटी आदि राखी खान दिइन्छ । घरमा स्वस्ति शान्ति गरिन्छ । सबै आफन्तहरू भेला भएका हुन्छन् र सबै विधि सकिए-पछि भोजको आयोजना गरिन्छ ।

चेपाङहरूले मनाउने चाडपर्वहरूमा दशैं, तिहार, माघे संक्रान्ति आदि हुन् । यी चाडहरू अधिराज्य-का अरू भागमा अरू जातिले मनाए जस्तै गरी मनाउँदछन् । देशको अरू जातिहरूमा अक्सर नपाइने "चोनाम" नामक चाड यी जातिले धुमधाम साथ मनाउँदछन् । यो चाड भदौ पूर्णेको दिन मनाइन्छ । चाड मनाउन गाउँका मानिसहरू गाउँभरीमा जेठा चाहिंको घरमा भेला हुन्छन् । सबैले जाँड, कुखुरा र पाकेको धानको एक झुप्पा लग् पर्दछ । यसरी सबै गाउँलेहरू भेला भइसकेपछि सबै जना चोयाको नयाँ चटाइमा बस्दछन् । झाँक्रीले तान्त्रिक विधिद्वारा देवता र प्रेतात्माहरूलाई खुवाइसकेपछि सबै गाउँलेहरू रातभरी नाचगान गरी खान्छन्, पिउँछन् ।

चेपाङहरूको मुख्य देवता भैरवी , मनकामना, दक्षिणकाली हुन् । यिनीहरू हिन्दूधर्म मान्छन् । तर पूजा आजा गर्न ब्राह्मणको आवश्यकता पर्दैन ।[१]

दनुवार

अन्य जातिहरूको अतिरिक्त मकवानपुर जिल्लामा दनुवार जाति पनि पाइन्छ । यस जातिका लोग्नेमानिसहरूले इष्टकोट, लगौंटी बेर्ने गर्दछन् । आइमाईहरूले भित्री चोलो जस्तो चोलो र घुँडा-सम्म पुग्ने फरिया लगाउने गर्दछन् । यिनीहरूले बेला बेलामा नाचगान गरी रमाइलो गर्दछन् । यसरी नाच्दा लोग्नेमानिस र आइमाई दुवैले जामा लगाउँछन् । यिनीहरूमा खासगरी दुई थर हुन्छन् (क) दोनी दनुवार (ख) छेकु दनुवार । यी दुई थरको बीचमा भात पनि चल्दैन । यिनीहरू माछा र बाँसको तामा अति नै रुचाउँछन् । गहनाको हकमा आइमाईहरूले पैसाको माला लगाउने गर्दछन् । यिनीहरूको शारीरिक तन्दुरुस्ती उल्लेखनीय छ ।

तामाङ, चेपाङ र दनुवार बाहेक यस जिल्लामा बाहुन,क्षेत्री र नेवारहरू पनि धेरै संख्यामा पाइन्छन् । जिल्लाका यी मानिसहरूले स्थानीय पर्वहरू बाहेक माघे संक्रान्ति, गठेमंगल, जनैपूर्णे, दशैं र तिहार पनि आफ्नो परम्परा अनुसार मनाउँदछन् । यस जिल्लामा माथि वर्णन गरिएअनुसार धेरै जातिका मानिसहरूको बसोबास भएको र तिनीहरूको संस्कृति बेग्ला बेग्लै भए तापनि यी जातिहरूका बीच झगडा भएको देखिंदैन । अधिराज्यमा लागू गरिएको नयाँ शिक्षा अनुरूप हरेक पञ्चायतमा कमसेकम प्राथमिक विद्यालय खुलेको हुँदा आजकल जस्तो मुक्त पिछडिएका जातका बाल बच्चाहरू पनि बिद्यालय जान लागेका पाइन्छन् । यसबाट यी जाति पनि अब आउने पिंढीदेखि शिक्षित हुने देखिन्छ ।

१. त्रिभुवन विश्वविद्यालय अन्तर्गत खोजिगरिएको "चेपाङको संस्कृति" को बारेमा जून १९७१ मा प्रका-शित लेख ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

कृषि

नेपाल अधिराज्यका अरू पहाडी भागमा जस्तै यस मकवानपुर जिल्लाको आर्थिक अवस्था पनि प्रायः कृषिमा नै केन्द्रित छ। यो जिल्लाको क्षेत्रफल २,२३६ वर्ग किलोमिटर भए तापनि यसमध्ये करीब तीनचौथाइ भाग पहाडी क्षेत्रमा पर्दछ। यसमा हटिया, बसाहा माडी, रातमाटे, पदम पोखरी, हाँडी खोला र र हेटौंडा भित्री मधेश क्षेत्रमा पर्दछन्। कृषिको दृष्टिकोणबाट उक्त क्षेत्रहरू र टिष्टुङ, पालुङ उपत्यकाहरू विशेष उल्लेखनीय रहेको देखिन्छ। पहाड र भित्री मधेशका खेत र पाखोमा लाग्ने बाली एकै किसिमका छन्। पहाडतर्फको खेतमा धान, गहुँ, मकै र आलु हुन्छ भने भित्री मधेशको खेतमा धान, मकै, गहुँ आदि हुन्छ। पहाडी पाखोमा मकै, गहुँ, कोदो, फापर, तोरी, मास हुन्छ भने भित्री मधेशको माखोमा मकै, तोरी, कोदो, मास, फाफर, तिल, आलु आदि हुन्छ। यसरी बाली मिल्दोजुल्दो छ तापनि बाली लगाउने, गोड्ने र काट्ने समय भने फरक फरक छन्। पहाडतर्फको खेतमा धान जेठ–असारमा लगाई साउन- भदौमा गोडी मंसीरमा काटिन्छ भने भित्री मधेशतर्फको खेतमा धान चैत, साउनमा लगाई जेठ र साउनमा गोडी असार र मंसीरमा काटिन्छ। यस्तैगरी पहाडतर्फ खेतमा गहुँ कात्तिकमा लगाई चैत, वैशाखमा काटिन्छ भने भित्री मधेशतर्फ खेतमा गहुँ कात्तिकमा लगाई चैतमा काटिन्छ। पहाडतर्फ पाखोमा मकै चैतमा लगाई जेठमा गोडी भदौमा भाँचिन्छ भने भित्री मधेशतर्फ पाखोमा मकै वैशाखमा लगाई जेठमा गोडी साउनमा भाँचिन्छ र पहाडतर्फ पाखामा कोदो साउनमा लगाई मंसीरमा टिपिन्छ। भित्री मधेशतर्फ मकै पाखोमा भदौमा लगाई मंसीरमा काटिन्छ।

काठमाडौंको नजीक भएको र यसको मुख्य बजार पहिलेदेखि नै काठमाडौं उपत्यका भएकोले पहाडी क्षेत्रहरूमा पनि सकेसम्म खाद्यान्नकै खेती गर्ने चलन थियो। तर पछि कृषि अन्तर्गत चालू भएका कृषि प्रसार आयोजनाहरू अन्तर्गत गहुँ, उखु, सुर्ती आदिका उत्पादनमा पनि अभिरुचि बढेको देखिन्छ। यहांको प्रमुख बालीहरूले ढाकेको क्षेत्र निम्नतालिकाले देखाउँछः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख बालीहरूले ढाकेको क्षेत्र

(हेक्टरमा)

प्रमुख बाली	२०२४।०२५	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
धान	९,९००	१०,१००	१०,१००	१०,३००	१०,५००	१०,५००
मकै	१३,५००	१३,५००	१३,८००	१३,८००	१३,७००	१३,९८०
गहुँ	२,५५०	२,६००	२,६००	२,७००	२,७००	२,७००
कोदो	२,२००	२,३००	२,४००	२,४००	–	२,५००
जौ	४०	५०	५०	६०	–	७०
खाद्यान्न क्षेत्र	२८,१९०	२८,५५०	५७,५००	८६,७६०	–	२९,७५०
नगदे बाली						
सुर्ती	२०	२०	२५	२५	–	२६
तोरी	४,०००	४,२००	४,२००	४,३००	–	४,४००
उखु	१२५	१२५	१४०	१५०	–	१५०
नगदे बाली क्षेत्र	४,१४५	४,३४५	४,३६५	४,४७५	–	४,५७६
विविध						
आलु	१,४००	१,४००	१,५००	१,६००	–	१,७८०
विविधको क्षेत्र	१,४००	१,४००	१,५००	१,६००	–	१,७८०
जम्मा बाली क्षेत्र	३३,७३५	३४,२९५	६३,३६५	९२,८३५	–	३६,०९७

प्रायः खेती बारीमा मलको प्रयोग गरिन्छ। रासायनिक मल उपलब्ध हुने भए पनि बढी मूल्यले गर्दा खपत गराउन सजिलो नहुने हुँदा गाउँ घरमा गोबरको मल नै बढी प्रयोग हुन्छ। अक्सरगरेर कुनै पनि बाली लगाउनुभन्दा पहिले बिरुवाको डाँठ पात, अन्य अनुपयोगी वस्तुहरू र गाई वस्तुको मल आदि सङ्कलन तथा सञ्चय गरी कम्पोष्ट मल बनाइन्छ। यो मल प्रति रोपनी ३० देखि ४० भारीसम्म हालिन्छ। विदेशी मलको प्रयोग पनि प्राप्त सुविधा र साधन अनुसार कृषकहरूले प्रयोग गर्दैआएका छन्। कृषकहरू बिस्तारै बिस्तारै रासायनिक मल प्रति आकर्षित भएका छन् भन्ने कुरा आर्थिक वर्ष २०२९।०३० मा रू. ३,८१,०७७ को मल प्रयोग भएबाट पनि देखिन्छ। कृषि तथ्याङ्क २०२८ को अनुसार यस जिल्लामा कृषि उत्पादन निम्नबमोजिम भएको थियो:-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

कृषि उत्पादनको तालिका (मेट्रिक टनमा)

	२०२४।०२५	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
प्रमुख बाली						
धान	२२,०२८	२२,८२६	२३,२३०	२४,७२०	२४,१५०	१७,६४०
मकै	२६,३२५	२६,४६०	२७,४६२	२७,७३८	२२,०३०	२७,८२०
गहुँ	२,५५०	२,८६०	२,८६०	२,५०३	२,४८४	७,७०६
कोदो	२,५६८	२,५८०	२,७२४	२,७००	–	५,८१२
जौ	४०	५०	५०	६१	–	७१
खाद्यान्न उत्पादन	५३,५११	५४,७७६	५६,३२६	५७,७२२	४८,६६४	५६,०५२
नगदे बाली						
सुर्ती	१३	१३	१६	१६	–	१७
तोरी	१,८००	१,९३२	१,९३२	१,८७०	–	१,७६०
सनपाट	–	–	–	–	–	–
उखु	१,५३८	१,५३८	१,७५०	१,८७५	–	१,८७५
नगदे बाली उत्पादन	३,३५१	३,४८३	३,६९८	३,७६१	–	२,६५२
विविध						
आलु	८,२२५	८,४००	९,४५०	१०,०८०	–	११,४८१
विविधको उत्पादन	८,२२५	८,४००	९,४५०	१०,०८०		११,४८१
जम्मा बाली उत्पादन	६५,०८७	६६,६५९	६९,४७४	७१,५६३	–	७४,१८५

भूमि व्यवस्था

यस जिल्लामा निम्नबमोजिम जग्गा दर्ता भएको देखिन्छः–

वि. सं. १९९३ सालको नापीले दर्ता भएको साविक कायमी मौज्यानीतर्फ प्रति ०.६८ हेक्टर (एक बिघा) रू. २७। मालपोत लाग्ने दरको करीब ९,६०८.८ हेक्टर (बिघा १४,०१३।४), प्रति बिघा रू. ३९। लाग्ने करीब ५,३९३.८ हेक्टर (बिघा ७,९३२। ।३) र प्रति बिघा रू. ५१। लाग्ने करीब १०.९ हेक्टर (बिघा १६) दर्ता भएको ।

वि. सं. २०११ सालको बाढी पीडितहरूले अव्यवस्थित बसोबास गरेको जग्गा चितवन डिभिजनबाट जाँचबुझ गरी दर्ता भएको प्रति ०.६८ हेक्टर (एक बिघा)) रू. ३९। मालपोत लाग्ने करीब ५९४ हेक्टर (बिघा ८७४।–।२।१) छ।

CC-0. In Public Domain. Digitization by eGangotri

राप्ती दून विकास जग्गा वितरण व्यवस्था समितिबाट दर्ता भएको प्रति ०.६८ हेक्टर (एक बिघा) रू. ३६। मालपोत लाग्ने करीब २,८२१.७ हेक्टर (बिघा ४,०२३।२।-।-१४) छ।

आँकडा फर्म भरी चितवन डिभिजनबाट दर्ता भएको प्रति ०.६८ हेक्टर (एक बिघा) मालपोत रू. ३६। लाग्ने करीब ३१८ हेक्टर (बिघा ४६८।-।-।-१३) छ।

राज गूठीतर्फ १९९३ सालको नापीबाट दर्ता भएको प्रति ०.६८ हेक्टर (एक बिघा) रू. २७। लाग्ने करीब २२१.७ हेक्टर (३२६।४।-।-१३) र रू. ३६। दरको करीब ९४.५ हेक्टर (१३९।४।२ बिघा) दर्ता भएको छ।

बिर्ताको विवरण प्राप्त भई रैकरमा परिणत हुनआएको रू. २७। मालपोत लाग्ने करीब ४९१.६ हेक्टर (बिघा ७२३।-१।।-११) र रू. ३६। मालपोत लाग्ने करीब २८९ हेक्टर (बिघा ४२५।-१२।-।-१३) छ।

पञ्चायतको आधारबाट सीमाना विभाजन भई कीर्तिपुर मालबाट गाभिन आएको निम्न लिखित छः—
करीब ०.६८ हेक्टर (प्रति बिघा) रू. २७। मालपोत लाग्ने करीब १,०९९ हेक्टर (बिघा १,६१२।।।१।।७)।
करीब ०.६८ हेक्टर (प्रति बिघा) रू. २७। मालपोत लाग्ने करीब २९.९ हेक्टर (बिघा ४४।२)
प्रति रोपनी १।१० लाग्ने रोपनी १,७२२
प्रति मुरी ।४५ लाग्ने माटो मुरी ६०७।२७।७।३।४

उपर्युक्त बमोजिम हालसम्म यस जिल्लाका ५९३ मौजामा दर्ता भएका करीब २०,८१४ हेक्टर (बिघा ३०,६०६।।।४।१) रोपनी १,७२२ र माटो मुरी ६०७।२७।७।३।४। जग्गा छन्।

माथि उल्लिखित जग्गाबाट वार्षिक रू.१०,२४,२०१। मालपोत उठ्ती हुन्छ। यसप्रकार यहाँ पाखो करीब ३,४०० हेक्टर (५,००० बिघा) र खेत करीब १,३६० हेक्टर (२,००० बिघा) जति छ। मालपोत बाहेक अन्य निम्नलिखित रकम लागिआएको लगत छः—

(१) सुकुम्बासी	१४	के पोत	६।९
(२) पसल	१५१	के पोत	२९७।६८
(३) कोलु	५	के	६।५०

यस जिल्लामा परिवारको आधारमा जग्गा निम्नअनुसार वितरण भएको छः—

१९.०४ हेक्टर (२८ बिघा) भन्दा माथि हुनेको संख्या	१२
१०.२०–१९.०४ हेक्टर (१५ देखि २८ बिघासम्म) हुनेको संख्या।	४४
६.८०–१०.२० हेक्टर (१० देखि माथि १५ बिघासम्म) हुने संख्या	८६
२.७२–६.८० हेक्टर (चार देखि १० बिघा) सम्म हुनेको संख्या	१,२३२
३.४० हेक्टर (चार बिघा) भन्दा कम हुनेको संख्या	२२,०२०

जग्गाको हदबन्दी कायम गर्दा हदबन्दीभन्दा बढी देखिएको जग्गामध्ये वितरण भएको जग्गा र वितरण हुन बाँकी जग्गा निम्नअनुसार छः—

हदबन्दीभन्दा बढी देखिएको जग्गा करीब १६.३ हेक्टर	(२३–१४–१० बिघा)
हदबन्दीभन्दा बढी देखिएको जग्गा	(४१–०–०–० रोपनी)
बिक्री वितरण भएको करीब ८.१ हेक्टर	(१२–०–० बिघा)
बिक्री वितरण भएको करीब ८.१ हेक्टर	(४१–०–० रोपनी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विक्री वितरण हुन बाँकी करीब ७.४ हेक्टर (११–१४–१० बिघा)

अनिवार्य बचततर्फ जिन्सीमा ४२,१२१–१–५–३ (मुरीमा) र नगदीमा रू.१२,६४,८६६। उठ्ती भएको छ। अनिवार्य बचत गाउँ समितिमा लगानी गरी उक्त लगानी असूल भएपछि (बचत संस्थान) कृषि बैंकमा दाखिल गर्ने गरेको छ।

कृषि उत्पादनमा हाल प्रयोग भइरहेको कृषि औजारहरू अक्सर वीरगञ्जको कृषि औजार कारखानाबाट निर्मित जस्तै कोदालो, विकास हलो, कर्नसेलर आदि हुन्। यस अतिरिक्त स्थानीय कामीहरूले बनाएको औजारहरूको पनि प्रयोग गरिन्छ। उक्त औजारहरूको विक्रीको हकमा उन्नत औजारको मूल्य लिई कृषि विकास कार्यालय मार्फत वा व्यक्तिगत रूपमा र स्थानीय औजारको हकमा कामीलाई अग्रिम अर्डर दिई निर्माण गर्नु पर्दछ।

जिल्लामा उत्पादन भएको खाद्यान्न जिल्लाबासीहरूलाई पर्याप्त हुँदा अन्यत्रबाट जिल्लामा खाद्यान्न ल्याउनु पर्ने स्थिति छैन। यस जिल्लाबाटै त्रिभुवन राजपथ तथा महेन्द्र राजमार्ग भई अधिराज्यका अन्य भागहरूमा पनि सजिलैसित जान सकिने भएकोले यस जिल्लाको बचत हुने खाद्यान्न खासगरी धान, मकै, गहुँ र आलु जिल्ला बाहिर जाने गर्दछन्।

पशुपालन

जिल्लामा धेरैजसो घरमा पालिने पशुमा गाई, भैंसी, बाख्रा, बंगुर र विभिन्न जातका चल्लाहरू हुन्। यस जिल्लाका किसानहरू आफ्नै घरको आसपासमा गोठहरू बनाई पशुपालन गर्ने गर्दछन्। उन्नत जातका राँगा, बंगुरहरू बाहिरबाट आयात गरिन्छ र खसी, बोका, राँगो यस जिल्लाबाट काठमाडौं तथा अन्य जिल्लाहरूमा लगिन्छ। हरेक किसान परिवारले केही न केही मात्रामा पशुपालन गरेको पाइन्छ।

भेडा वृद्धि केन्द्र, चितलाङः काठमाडौं नजीक, बाटोघाटो पनि ज्यादै चल्ती भएको हुनाले यस जिल्लाले अरू जिल्लाको दाँजोमा बढी कुराहरू हेर्ने जान्ने मौका पाएको छ। कृषि विभागले पहिलेदेखि भेडा गोठको रूपमा रहेको चितलाङलाई भेडा वृद्धि केन्द्रको रूपमा परिणत गरी उन्नत जातको भेडा बोकाहरू तयार पारी विक्री वितरण गर्ने काम दिएको छ। यस केन्द्रमा रहेका पशुहरूको संख्या निम्नबमोजिम छः–

जम्मा वस्तुहरूको संख्या	३१४
रामबुल्ट भेडा (भाले)	५
रामबुल्ट भेडा (पोथी)	३
कामुले (भाले)	२०
कामुले (पोथी)	१११
कागे (भाले ४, पोथी ५४)	५८
क्रस बच्चा पाठी	६१
इजरायली बोका	१
बाख्री (इजरायली क्रस)	४
सीनाल बाख्री	२२
बाख्रा पाठापाठी	१७
स्थानीय गोरु	५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस भेडापालन केन्द्रमा भेडाहरूलाई पिउने पानीको बन्दोवस्त भेडा फार्मभन्दा करीब ५० फीट मुनि खोलाको पानी टयाङ्कीमा राखी त्यहाँबाट पम्पगरी फार्मसम्म ल्याउने व्यवस्था गरिएको छ। यस केन्द्रको आफ्नै ३५ हेक्टर (७०० रोपनी) जग्गा छ। यसको चारैतिर काँडावालतार लगाई संरक्षण गर्ने व्यवस्था गरिएको छ। पहिलेदेखि रहेको घर र गोठहरू बाहेक आर्थिक वर्ष २०२८।०२९ मा छ कोठाहरू भएको ष्टाफ क्वाटर र गर्मीमा बाख्राहरूलाई राखनको निमित्त चारैतिर काठले घेरिएको हावादारी घर पनि बनाइएको छ। आर्थिक वर्ष २०२९।०३० मा एक हेबोर्ड (घाँस राख्ने घर) र एउटा ष्टोर बनाउने काम पनि सम्पन्न भयो। यस केन्द्रको जग्गामा पशुहरूलाई चाहिने घाँस र मकैको उत्पादन गरिन्छ। करीब दुई हेक्टर (४० रोपनी)मा उन्नत घाँस लगाइएको छ। यस केन्द्रको विकास गर्न चौथो पञ्च वर्षीय योजना अन्तर्गत रू. १,९९,०००। को बजेट राखिएको छ।

कुखुरा पालनः यस जिल्लामा व्यवसायिक रूपमा कुखुरा पाल्ने फार्म छैन तापनि हेटौंडा क्षेत्रमा एक–दुई परिवारले दुई–चार सय कुखुरा पालेका छन्। किसान परिवारमा पनि धेरैजसोले कुखुरा पालेका छन्।

माछा विकास केन्द्र, पीपलेः यस केन्द्रको जग्गाको क्षेत्रफल करीब ५७.८ हेक्टर (८५ बिघा) छ। यसको निर्माणकार्य आर्थिक वर्ष २०२४।२५ मा शुरू भई २०२५।०२६ मा पूरा भएको हो। पोखरी, ष्टाफ क्वार्टर, कार्यालय, ष्टोर र गेष्ट हाउस बनाइएका छन्। पोखरीहरूको निमित्त आवश्यक पानी मकाञ्चुली डांडाको घट्टे खोलाबाट ल्याइएको छ। जम्मा पोखरीको संख्या र यसले चर्चेको जग्गा निम्नअनुसार छः–

	पोखरी संख्या	चर्चेको क्षेत्र	
प्रोडक्शन पन्ड	१३	२१.५०	हेक्टर
रिजर्भ्वायिर	३	४.२०	हेक्टर
फिन्गरलिंग पन्ड	३	१.५०	हेक्टर
ब्रिडिङ पन्ड	१९	१.५०	हेक्टर
जम्माः–	३८	२८.७०	हेक्टर

यस माछा विकास केन्द्रमा आर्थिक वर्ष २०२६।०२७ देखि नै माछाको उत्पादन शुरू भइसकेको छ। विभिन्न आर्थिक वर्षहरूमा यस केन्द्रबाट आम्दानी भएको रकम र खाने माछा उत्पादन निम्नअनुसार छः–

आर्थिक वर्ष	माछा उत्पादन मेट्रिक टन	आम्दानी रूपियाँ
२०२६।२०२७	४.५	रू. २८,०००।
२०२७।२०२८	१८.५	रू. १,२०,०००।
२०२८।२०२९	१२.०	रू. ७६,०००।
२०२९।२०३०	१५.०	रू. ६५,०००।

यस्तै एउटा माछा केन्द्र भण्डारा चितवनमा पनि छ। यस केन्द्रको करीब ६१.१ हेक्टर (९० बिघा) आफ्नै जगा छ। मूल पूँजी र पानीको समस्याले गर्दा यो सफल हुन सकेको छैन।

हाँसपालनः माछा पालिएको स्थानमा सहायक व्यवसायको रूपमा हाँस पाल्दा निकै फाइदा हुन्छ भन्ने निम्नकारणहरूबाट देखिन्छः–

हाँस पाल्न बेग्लै पोखरी निर्माण गर्नु नपर्ने। (साना साना माछाहरू भएको पोखरी बाहेक अरू पोखरीमा राख्न हुन्छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पोखरीमै दाना दिइने हुँदा यिनीहरूले खाएर बाँकी रहेका दाना माछाले खाने हुँदा खेर नजाने।
माछाको शत्रु भ्यागुतालाई हाँसले खाने र नाश गर्ने गर्दछ।
साना साना सर्प, जो माछा खान्छ, लाई हाँसले खान्छ।
माछालाई नचाहिँदो कीराहरूलाई नाश गर्छ।
पानीमा परेको हाँसको मलबाट माछाको आहारालाई हुने पानीझार उत्पन्नमा मद्दत हुन्छ।
चिनियाँ हाँसहरू ६५ दिनमा नै करीब २ के. जी. का हुन्छन्।

हाँस पाल्ने काममा अनुसन्धान भइसकेको छैन। यस कामको निमित्त पानीको कमी भएमा कार्नदी-बाट पनि पम्पद्वारा पानी ल्याउन सकिन्छ। यस केन्द्रमा माछा उत्पादन र विकासको साथै चिनियाँ हाँस (पेकिङ डक) पाल्ने काम भएको छ। जनतामा यी हाँसहरूको माग पनि प्रशस्त छ।

फलफूल खेती

यस जिल्लामा फलफूलको खेतीमध्ये नास्पाती, आलुबखडा, हलुवावेद, मेवा, अम्बा, केरा, ज्यामीर, कागती, आँप आदिको खेती पहिलेदेखि नै गरिआएको छ। त्यस्तै तरकारीहरूमा मूला, रायो, आलु, कोवी आदिको खेती गरिन्छ। हाल यस जिल्लामा उन्नत जातको स्याउ, नास्पाती, आरु, ओखर, खुरपानी, हलुवावेद, अम्बा र अन्य फलफूल र उन्नत तरकारी खेतीमा आलु, मूला, कोवी र अन्य तरकारीहरूको पनि खेती गरिन्छ।

दामन, बागबानी केन्द्रः यस जिल्लामा पर्ने महाभारत डाँडामा खासगरेर फलफूल र सागपातको खेती गर्न सकिन्छ। त्रिभुवन राजपथ बनेपछि यातायातको पनि सुविधा भएकोले दामनमा २०२१ सालमा बागबानी केन्द्र स्थापना भयो।

शीतोष्ण कटिबन्धमा हुने फलफूलको विकास गर्नु, आलुको बीउको विकास र प्रचार गर्नु र फलफूल र तरकारीहरू सम्बन्धी अनुसन्धान र प्रसार गर्नु नै यस केन्द्रको लक्ष्य हो।

यो केन्द्र १४२ एकड जमीनमा छ। कृषि मन्त्रालय अन्तर्गत रहेको यो केन्द्रले कृषि प्रचार कार्यक्रम अनुरूप नै बीउ बिरुवाहरूको वितरण गर्ने, रेखदेख गर्ने र फलफूल सम्बन्धी ज्ञान दिलाउने काम गरिरहेको छ। हाल फार्म अन्तर्गत निम्नअनुसार फलफूलका बिरुवाहरू रोपिएका छन्ः—

स्याउ(७२ जातको)	५,३९४	नास्पाती	२९६
ओखर (दाँते र काश्मीरी)	१,६९५	आरु	४६
आलुबखडा	९	फ्रुटिङ चेरी	६
कागजी बदाम	२	खुरपानी	३

दामनमा आठ वर्षको स्याउको बोटमा १२५ के. जी. सम्म स्याउ फल्यो। तर स्याउको बोटले पाँच वर्षपछि मात्र पूर्णरूपले फल दिने गर्दछ। ओखरले १२ वर्षमा मात्र फल दिने भएकोले जनतामा यसको त्यति खपत छैन। हाल यहाँ "कुराकाटावासे" नामक जापानी जातको नास्पाती लगाइएको छ। यसको आकार मझौला खालको भए तापनि नेपालमा भएको नास्पातीभन्दा बढी फल्ने भएकोले १,५०० बिरुवा तयार पार्ने लक्ष्य राखिएको छ। यसै गरी पालुङ, शिखरकोट, चितलाङ, भैंत्राङ, दामन आदि स्थानमा आलु, मूला, सलगम, फूलकोवी आदिको प्रशस्त खेती गरिन्छ। यी तरकारीहरू काठमाडौं, वीरगञ्ज, हेटौंडाका बजारमा बिक्री गरिन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि खरीद विक्री संस्थान

कृषि विकासको निमित्त चाहिने रासायनिक मलहरू, उन्नत जातको बीउ,कीटनाशक औषधिहरू र उन्नत कृषि औजारहरू विक्री वितरण गर्ने काम कृषि सप्लाई संस्थान मार्फत हुने गरेकोमा हाल कृषि सप्लाई संस्थान र खाद्य व्यवस्था संस्थानलाई गाभी कृषि खरीद विक्री संस्थान खडा भएकोले सोही संस्थानद्वारा यस जिल्लामा पनि यसको काम हुने गरेको छ। यस जिल्लामा यस संस्थानको एक डिपो छ। यस डिपो बाहेक यस संस्थानको हेटौंडामा एक गोदाम घर र कार्यालय पनि छ।

सिचाइ

यस जिल्लामा सिचाइको कुनै पनि योजना बनेको छैन। यस जिल्लाको पहाडी क्षेत्र रसिलो भएको र फांटहरूमा पनि स-साना कुलोहरूबाट पानी लाग्ने भएकोले त्यसतर्फ अहिलेसम्म स्थानीय जनताले समेत उत्तिको रुचि नलिएको हुन सक्दछ। यसप्रकार नजीकका नदीनालाबाट स-साना कुलोहरू खनी खेतमा पानी पटाउने काम कुनै खास सिचाइ योजनाबाट नभई स्थानीय गाउँलेहरूको आफ्नो प्रयास, जिल्ला पञ्चायतबाट उपलब्ध गराइएको अनुदान र श्रमदानबाट गर्ने गरेका छन्। यस्ता योजनामा आवश्यक प्राविधिक सीपको सुविधा चाहिं पुग्न सकेको छैन।

कृषि ऋण

ग्रामीण जनतालाई उन्नत बीउ, रासायनिक मल, कृषि औजार, कीटनाशक औषधि एवं सिचाइको लागि पम्पसेट एवं बोरिङको सामानहरू खरीद गर्नको निमित्त कृषि ऋणको आवश्यकता पर्नु स्वाभाविक छ।

पहिले अभियानको रूपमा विभिन्न ठाउँहरूमा सहकारी संस्थाहरू खोलिएका थिए। तर यस्ता सबै संस्थाहरूले राम्ररी काम गर्न सकेनन्। काम गर्न नसक्ने संस्थाहरूलाई बिघटन गरी बाँकी रहनआएका सहकारी संस्थालाई पनि एकीकरण गरियो। कृषि विकास बैंकबाट खटाइएका तालीमप्राप्त व्यक्तिलाई खटाई निर्देशित रूपमा सहकारी संस्था चलाउने चौथो पञ्चवर्षीय योजनाको उद्देश्यअनुसार यस जिल्लामा पनि निर्दिष्ट सहकारी संस्थाहरू खोलिएका छन्।

निर्दिष्ट सहकारी संस्थाहरू	चालु रहेका स्थानहरू	
बहुउद्देश्यीय सहकारी संस्था	बाघमारा	१
बहुउद्देश्यीय सहकारी संस्था	पदमपोखरी	१
बहुउद्देश्यीय सहकारी संस्था	वखर गाउँ	१
बहुउद्देश्यीय सहकारी संस्था	ज्यामीरे	१

संस्थाहरूको व्यवस्थापन एवं ऋण विनियोजनको काम कृषि विकास बैंकबाट भइरहेको छ। संस्था स्थापनादेखि लिएर निरीक्षण, हिसाब जाँच, पुनर्गठन विनियोजित ऋण असूली, उधारो एवं अन्य प्रकारको बाँकी बक्यौता असूल उपर गराउने आदि कार्यमा सहकारी कार्यालयले सहयोग पुऱ्याउँदै आएको छ।

ऋण पाउन हालै केही कठिनाइ भए तापनि जिल्लामा कृषि विकास बैंकको एजेण्ट कार्यालय स्थापना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भइसकेकोले भविष्यमा उत्तिको गाह्रो पर्ने छैन । कार्यक्षेत्र विस्तारको लागि कृषकहरूमा जागरूकता ल्याउनु जरूरी छ । निकट भविष्यमा नै उक्त साधनहरूबाट संस्थाको कार्यक्रम तथा सदस्य संख्यामा वृद्धि हुने देखिन्छ। यसरी कार्यक्षेत्र एवं सदस्य संख्याको वृद्धिबाट शेयर पूँजी बढ्दै जानु स्वाभाविक छ। पूँजी बढेपछि चाहिने व्यापार एवं लाभ अवश्यम्भावी छ । हाल कृषि विकास बैंकको एजेण्ट कार्यालय हेटौंडामा स्थापना भएबाट सहकारी संस्थाको माध्यमबाट सदस्य कृषकहरूलाई चाहिने कृषि जन्य ऋणमा अल्प-अवधि, मध्य-अवधि एवं दीर्घ-कालीन किसिमबाट आर्थिक वर्ष २०२९।०३० सम्ममा जम्मा रू. ७९,५७१। प्रदान गरिसकेको छ । मकै, धान, तोरी, आलु, कोवीको बीउ, गोरु खरीद एवं फलफूल खेतीको लागि ऋण प्राप्त गराइएको छ । निकट भविष्यमा उपभोग सामग्रीको लागि पनि ऋण उपलब्ध गराउन सकिने देखिन्छ ।

कृषि विकास बैंक

आर्थिक वर्ष २०३०।०३१ को शुरूमा भूमि सुधार बचत संस्थान कृषि विकास बैंकमा गाभिएकोले यस जिल्लाको बचत संस्थानको काम पनि कृषि विकास बैंकको हेटौंडामा रहेको शाखाले गर्न थालेको छ। यो हाल एजेण्ट कार्यालयको रूपमा छ । यसले साविकको भूमि सुधार बचत संस्थानको सबै कामहरू लिई ऋण वितरण गर्ने काम गर्दै छ । यसको कार्यको विवरण, ऋणको विवरण यसप्रकार छः–

विवरण	ऋणको रकम
गहुँबाली	१,१६,४८८।
मकैबाली	९५,१५८।
गोरु खरीद	७,७७८।
तोरीबाली	१२,७०५।

यी लगानीहरू भूमि सुधार बचत संस्थानबाट लगानी गरिएको रकम मात्र हो । असूल भएको रकम कट्टा गरिएको छैन । हालसम्म कृषि ऋण लिनेहरू विभिन्न निर्दिष्ट गाउँ समिति तथा संस्थागत (सरकारी) गरी जम्मा छ समिति छन् ।

उद्योग

उद्योगको क्षेत्रमा यस जिल्लाको ठूलो महत्व र भूमिका रहेकोले "हेटौंडा औद्योगिक क्षेत्र" को स्थापना भएको हो । यस औद्योगिक क्षेत्रको सञ्चालनको निमित्त आवश्यक पूँजीको व्यवस्था नेपाल औद्योगिक विकास कर्पोरेशनले गरेको छ। आर्थिक वर्ष २०२९।०३० सम्म यस औद्योगिक क्षेत्रमा रू. १,१०,२१,०००। खर्च भइसकेको छ । करीब १३६ हेक्टर (२०० बिघा) जग्गा भएको यस औद्योगिक क्षेत्रमा निम्नलिखित उद्योगहरू चालू छन् ।

नेमो पार्केटिङ कम्पनी प्रा. लि.: वि.सं. २०२५ साल जेठ ३ गते दर्ता भएको यो कम्पनीले कोठामा छाप्ने काठको टाइल उत्पादन गर्नुको साथै माग अनुसारको फर्निचरहरू पनि तयार गर्ने गरेको छ । यसको उत्पादनको माग स्वदेशका साथै विदेशमा पनि खासगरेर भारत, जापान र अमेरिकामा पनि छ। तर टाइलको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माणको निमित्त चाहिने असना काठको कमी यसले महसुस गर्न थालिसकेको छ। यस कम्पनीमा ७२ जना मजदूरले काम गर्न सक्छन्। प्लान्टको काम गर्ने क्षमता १०,००,००० क्यूबिक फीट प्रति वर्ष छ। यसलाई चाहिने काठ टिम्बर कर्पोरेशनले पुऱ्याउने गरेको छ।

वार्षिक उत्पादन तालिका

साल (ई. सन्)	उत्पादन		बिक्री	
	परिमाण वर्ग फीटमा	मूल्य रू.	परिमाण वर्ग फीटमा	मूल्य रू.
१९६९–७०	३,५८४	६,४५१।	३,२००	६,४००।
१९७०–७१	९८,०७२	१,७६,५३०।	६०,९३४	१,२०,८६८।
१९७१–७२	४२,०४०	७५,६७२।	५०,२६८	१,००,५३६।

नेपाल टोबाको कम्पनी प्रा. लि.

यो कारखानाले नेपाल गोल्ड फ्लाक, सगरमाथा, नेपाल, गोरखा आदि चुरोटहरू उत्पादन गर्दछ। यसलाई चाहिने आवश्यक सुर्ती दक्षिण भारत र जनकपुरबाट ल्याउने प्रबन्ध गरिएको छ। यो कम्पनी २०२४ साल भदौमा दर्ता भएको हो र कारखाना पहिले काठमाडौंमा थियो। हाल यसमा ७१ मजदूर काम गर्दछन्। यस कारखानाको प्रतिदिन १०,००,००० खिल्ली चुरोटको उत्पादन गर्ने क्षमता छ। यसको मुख्य बजार काठमाडौं, त्रिशूली, पोखरा, नेपालगञ्ज र दाङ हो।

उत्पादन तालिका

साल	उत्पादन (परिमाण १० लाखखिल्लीमा		बिक्री (परिमाण १० लाखखिल्लीमा	
	परिमाण	मूल्य रू.	परिमाण	मूल्य रू.
२०२४।२५	२,२६,२४१.५	२०,७१,४८४।	१,२९,६२८	२७,६८,०७५।
२०२५।२६	१,३०,१५०.५	१८,५५,८१५।	१,१८,७४०	२६,८०,०००।
२०२६।२७	१,१५,८२९.०	१,३७,३७३।	८,६६०	२,५९,९४५।
२०२७।२८	१,०१,६१५.०	१६,०६,४६१।	१,०३,७६७	३१,२५,१००।
२०२८।२९	८१,५५६.५	–	८०,८१०	२४,३१,२१९।

आधुनिक मैदा मिल

विक्रम सम्वत् २०२९ साल पुसमा उद्घाटन भएको यो मिलमा ३० मजदूरहरू काम गरिरहेका छन्। मिलको काम गर्ने क्षमता प्रति वर्ष १,२०,००० क्वीण्टल भए तापनि हाल प्रति १६ घण्टामा २६ टन मात्र उत्पादन गरिरहेको छ। हाल यस मिलले पी. एल. ४८० अन्तर्गत ५,००० टन गहुँ पाउने गरेको छ जुन कि यस मिलको क्षमताको दाँजोमा ज्यादै कम छ। यसको बजार विदेशमा भारत र तिब्बतमा पनि छ। नेपालमा यसको बजार खासगरी नारायणी, जनकपुर र बागमती अञ्चलमा रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल ब्रिउरी कम्पनी प्रा. लि.

विक्रम सम्वत् २०२२ साल माघमा स्थापना भए तापनि २०२६ सालदेखि मात्र उत्पादन शुरू गर्न सकेको यस कम्पनीमा ४० मजदूरहरू काम गर्दछन्। यस कम्पनीले आफ्नो उत्पादनको वस्तु लेगर बियर बागमती, कोशी, नारायणी, लुम्बिनी र गण्डकी अञ्चलका केही जिल्लाहरूमा मात्र पठाउन सकेको छ। दिनको आठ घण्टा कारखाना चालू गर्दा यस कम्पनीको वार्षिक उत्पादन क्षमता ६,००० हेक्टो लिटर पुग्दछ। आर्थिक वर्ष २०२८।०२९ मा यस कम्पनीले ६५० मिलिलिटरको ४,००,००० बोतल उत्पादन र ६५० मिलिलिटरको १,७५,००० बोतल बिक्री गऱ्यो।

राष्ट्रिय चामल कारखाना लि.

यो कारखाना २०२७ असोजमा खडा भएको भए तापनि २०२६ साउनदेखि मात्र चालू भएको छ। यसमा १५ मजदूरहरू काम गर्दछन्। कारखानाको क्षमता प्रति घण्टा एक टनको छ। यसको बजार नेपाल अधिराज्यमा खासगरी काठमाडौं मात्र छ।

ह्यूम पाइप म्यानुफ्याक्चरिङ कम्पनी

यो कम्पनीले सिमेन्टको विभिन्न साइजको पाइप निर्माण गर्ने काम गर्दछ। तर सिमेन्टको अभावले गर्दा यो कम्पनी आजकल राम्ररी चल्न सकेको छैन।

हेटौंडा औद्योगिक क्षेत्रभित्र पर्ने निम्नलिखित उद्योगहरू चालू अवस्थामा छैनन्:—

नेपाल सिन्थेटिक इन्डष्ट्रिज प्रा. लि.

नेपाल आयल मिल प्रा. लि.

नेपाल टेक्सटाइल प्रा. लि.

नेपाल निटिङ एण्ड विभिङ मिल प्रा. लि.

टिम्बर कर्पोरेशन हेटौंडा

करीब १४ हेक्टर (२० बिघा) जमीनमा रहेको यस कर्पोरेशनको उद्घाटन २०२३ सालमा भएको हो। काठमाडौंलाई चाहिने काठको माग यही कर्पोरेशनले पूरा गर्दछ। शुरू शुरूमा यस कर्पोरेशनले प्रशस्त काठ पाए तापनि हाल कम काठ पाउन थालेको छ। काठको अभाव तल दिइएको तालिकाबाट थाहा हुन्छ:—

आर्थिक वर्ष	काठ पाएको	चिरान भएको
२०२९।०३०	८,२३,२१० क्यू. फीट	५,४३,६०० क्यू. फीट
२०३०।०३१	२,५०,००० क्यू. फीट	२,०८,४५२ क्यू. फीट (माघसम्म)

यस कर्पोरेशनलाई आवश्यक कच्चा माल उपलब्ध गराउन वन विभागबाट टी. सी. एन. फरेष्ट भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मकवानपुर, चितवन र पर्साको जङ्गलको भागहरू अलग छुट्ट्याइएको छ। तर चाहिने जातको रूखहरू लगाई यस जिल्लाबाट भविष्यमा पनि कच्चा माल प्राप्त गर्ने व्यवस्था गर्न कुनै किसिमको कारवाई भएको देखिंदैन।

कार्कस यूटिलाइजेशन प्रोजेक्ट, हेटौंडा

यस कारखानाले खेरजाने सीनो र बधशालाबाट प्राप्त हाडखोरहरूलाई प्रशोधन गरी मल खादलाई चाहिने वस्तुहरू उत्पादन गर्दछ। हेटौंडा वा नजीकको क्षेत्रमा सीनो नपाएमा चितवन इलाकामा पनि गई सीनो ल्याउने काम गरिन्छ। मरेका पशु बेच्नेलाई प्रति सीनो (गाई, भैंसी, घोडा आदि) रू. १५। दिने गरेको छ। यस कारखानाको लक्ष्य र प्रगति निम्नतालिका अनुसार छः—

आर्थिक वर्ष	लक्ष्य	प्रगति
२०२९।३०	३७६ मेट्रिक टन	११.६ मेट्रिक टन
२०३०।३१	४०० मेट्रिक टन	८१.७ मेट्रिक टन (२०३० पुस मसान्तसम्म)

आर्थिक वर्ष २०२९।०३० को लक्ष्य र प्रगति हेर्दा यस कारखानाको प्रगति केवल ३० प्रतिशत मात्र भएको देखिन्छ। आर्थिक वर्ष २०३०।०३१ को प्रगति गत सालकोभन्दा पनि कम हुने देखिन्छ। समयमै ठेक्का पट्टा गरी धेरैजसो सीनो भारततर्फ निकासा भएबाट यस कारखानालाई चाहिने मात्रामा कच्चा पदार्थ उपलब्ध नभई उत्पादन बढ्न नसकेको देखिन्छ।

क्याटल फिड इन्डष्ट्रिज

यसले पशुपक्षीहरूको लागि संतुलित आहारा उत्पादन गर्ने काम गर्दछ। यसलाई चाहिने कच्चा पदार्थ ढुटो, चोकर र पीना हुन्। यो कच्चा पदार्थ हाल ठेक्कामा लिने व्यवस्था गरेको छ। यसले निम्नलिखित वर्षहरूमा निम्नलिखित अनुसार उत्पादन गरेको देखिन्छः—

वर्ष	लक्ष्य	प्रगति
२०२७।२८	—	३९ मेट्रिक टन
२०२८।२९	—	३६७.५ मेट्रिक टन
२०२९।३०	२५० मेट्रिकक टन	९१३ मेट्रिक टन

२०२९।०३० मा दानको उत्पादनको किसिम र प्रतिशत

दानाको किसिम	उत्पादन (मेट्रिकटन)	प्रतिशत
गाई भैंसीको दाना	६६८.६	७३
सुंगुरको दाना	७०.५	८
कुखुराको दाना	१५७.०	१७
बाख्राको दाना	१७.०	२
जम्मा:—	९१३.१	१००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तःशुल्क

अन्तःशुल्क कार्यालय २०२६ सालमा हेटौंडामा स्थापना भएको हो। यसको आफ्नै कार्यालय भवन छ। यस जिल्लामा निम्नप्रतिष्ठानहरूले अन्तःशुल्क तिर्दछन्:–

२५ हर्स पावर र सोभन्दा मुनिका मिल	२१
२६ हर्स पावर र सोभन्दा माथिको मिल	४
चुरोट कारखाना	१
बियर कारखाना	१
स. मील	२
कपडा कारखाना (हाल बन्द छ)	३
चिम्नी भट्टा	३

अन्तःशुल्क कार्यालयले निम्नलिखित अनुसार आम्दानी गरेको छः–

आर्थिक वर्ष	आम्दानी
२०२८।२९	रू. १२,६०,८३९।
२०२९।३०	रू. १६,३६,४१८।

व्यापार

व्यापारिक दृष्टिकोणले यस जिल्लाको सबभन्दा महत्वपूर्ण स्थान हेटौंडा हो। हेटौंडामा चामल, तोरी, गहुँ आदिको निकै व्यापार हुन्छ। यसको साथै ट्रकहरू राखेर पनि धेरैजसो मानिसले गुजारा चलाइराखेका छन्। पालुङ उपत्यकामा आलुको, दामन तथा शिखरकोटमा फलफूल, सागपात आदिको पनि राम्रो व्यापार चलेको छ। यस जिल्लामा खासगरेर हेटौंडा, भीमफेदी, भैंसे, पालुङ, टिष्टुङ, मार्खु, दामन आदि ठाउँहरूमा बजारहरू छन्।

बैंक

यो जिल्लामा कृषि विकास बैंकको एजेण्ट कार्यालय एक र नेपाल बैंक लिमिटेडको दुई उप-शाखा कार्यालय छन्। कृषि विकास बैंकले कृषिसँग सम्बन्धित कारोवार गर्ने हुँदा यसको गतिविधि कृषि ऋण तथा सहकारी कार्यक्रम शीर्षकमा उल्लेख गरिएको छ। नेपाल बैंकको शाखाले निक्षेप राख्ने, कर्जा दिने र ड्राफ्ट, टी. टी. द्वारा पैसा पठाउने काम गरिआएको छ। यसप्रकारको कामबाट सरकारी, अर्ध सरकारी तथा गैर-सरकारी क्षेत्रमा प्रशस्त मद्दत पुगेको छ।

भारत र अन्य समुद्र पारिका मुलुकहरूमा प्रतीत पत्र खोल्ने सुविधा समेत यस बैंकले उपलब्ध गराएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

सञ्चार तथा यातायातको दृष्टिकोणले यो जिल्ला अरू पहाडी जिल्लाहरूको दाँजोमा राम्रो अवस्थामा छ। काठमाडौं उपत्यकाको बिल्कुलै नजीक भएको यस जिल्लाको विशेष महत्व रहेकोले सञ्चार तथा यातायातमा अझै वृद्धि र विकास हुन् आवश्यक छ। यस जिल्लाको कुनै पनि भागमा आवत-जावत गर्न गोरेटो र घोडेटोहरू पाइन्छन्। यसको उत्तरतिर काठमाडौं र पाटन पर्दछन्। नेपाल एकीकरण हुनुभन्दा अगाडि काठमाडौं र पाटनका मानिसहरू यहीं जिल्ला भई तराईतिर आवत-जावत तथा व्यापार गर्ने गर्दथे। त्रिभुवन राजपथबाट मोटर नचलुञ्जेल काठमाडौं उपत्यका र तराईको बीच यहींबाट आवत-जावत गरिन्थ्यो।

अधिराज्यका दुई प्रमुख राजमार्गहरू महेन्द्र राजमार्ग र त्रिभुवन राजपथ यहीं जिल्ला भई गएका छन्। काठमाडौं हेटौंडा जोड्ने अर्को बाटो कान्ती राजपथ ठाउँ ठाउँमा पहिरो गई हिउँदमै पनि मोटर चल्न नसक्ने अवस्थामा पुगिसकेको छ। भीमफेदी -थानकोटको कच्ची बाटो ठाउँ ठाउँमा मर्मत गर्न सके जीपसम्म चल्न सक्ने अवस्थामा छ। त्रिभुवन राजपथको भैंसे दोभानबाट भीमफेदीसम्म जोडिएको करीब १२ किलोमिटरको बाटो हालसम्म चालू नै छ।

हेटौंडा क्षेत्रको मैदानी भागमा हिउँदमा हटिया, पदमपोखरी, हाडिखोला पञ्चायतसम्म मोटर जाने गर्दछ। यस जिल्लाको पूर्व-दक्षिणतिर रहेको फापरबारीसम्म मोटर चल्ने बाटो बनाउन सकिएमा सिन्धुली जान-आउन पनि सुविधा हुनेछ। महेन्द्र राजमार्गको पथलैया-हेटौंडाको हिस्सा वीरगञ्ज-भैंसे सडकलाई नै कायम गरिएको छ। त्यस्तै हेटौंडा-भरतपुर सडकलाई नै हेटौंडा-नारायणघाटको महेन्द्र राजमार्गको भाग कायम गरिएको छ। यिनै सडकको उपर्युक्त हिस्सालाई सुधार गरी महेन्द्र राजमार्ग बनाइने भएको छ। यसरी यस जिल्लामा निम्न दुई मुख्य सडकहरू पर्दछन्:–

त्रिभुवन राजपथ

यो बाटो थानकोटदेखि भैंसेसम्म ११२ किलोमिटर छ। यसमध्ये करीब ९० किलोमिटर बाटो मकवानपुर जिल्लाभित्र पर्दछ। खानी खोला, नौबिसे, टिष्टुङ, पालुङ आदि यस बाटोमा पर्ने मुख्य बस्ती हुन्। यो सडकको रेखदेख तथा मर्मत गर्न शिखरकोट पञ्चायतमा सडक विभागको एक सब डिभिजन कार्यालय रहेको छ। यस सब डिभिजन अन्तर्गत नाग ढुङ्गा,सोप्याङ, टिष्टुङ, दामन, लामीडाँडा र भैंसेमा शाखाहरू छन्। शुरू शुरूमा विभिन्न ठाउँमा पर्ने मोडहरूमा बाटोको चौडाइ ज्यादै कम भएकोले धेरै दुर्घटनाहरू हुन्थे तर आजकल यस्ता मोडहरूमा बाटो चौडा गरी मर्मत भएकोले दुर्घटनाको सम्भावना धेरै कम भएको छ। आजकल काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपत्यकाबाट सडकद्वारा बाहिर जाने र भित्र आउने माल सामान तथा मानिसहरू प्रायः जम्मैजसो यही राजपथबाट जाने आउने गर्दछन्। यसो भएको हुँदा यो बाटोको महत्व बढेको छ।

महेन्द्र राजमार्ग

करीब ६६० किलोमिटर लामो महेन्द्र राजमार्गको पथलैयादेखि हेटौंडासम्मको भाग यस जिल्लामा पर्दछ। यो सडकको रेखदेख तथा मर्मत पनि सडक विभागको सिमरा सब डिभिजनले गर्ने गरेको छ। पथलैयामा यो राजमार्ग वीरगञ्जबाट आउने सडकसँग जोडिएको छ। यो राजमार्गले मकवानपुरको धेरै क्षेत्रको विकासमा मद्दत पुऱ्याएको छ।

उक्त बाटोहरूले यस जिल्लाको हेटौंडा क्षेत्रको द्रुततर विकासमा धेरै मद्दत पुऱ्याएका छन्। पहिले हेटौंडामा हावापानीको खराबीले गर्दा करीब ८–१० घरमात्र थिए। वीरगञ्ज-काठमाडौं र हेटौंडा-नारायणघाट सडकको चौबाटोमा परेकोले र औलो उन्मूलनबाट पनि हेटौंडाको विकास सम्भव हुन गएको हो। हेटौंडा क्षेत्र नगर पञ्चायत घोषित भइसकेको छ। आजकल हेटौंडामा ठूलो बजार बसिसकेको छ जसमा हामीले हाम्रा दैनिक आवश्यकताका सबै कुराहरू किन्न पाउँछौं। यहाँ विद्यालयहरू, सिनेमा घर, अस्पताल तथा ठूला र साना उद्योगहरूको स्थापना भइसकेको छ।

यस जिल्लामा जन श्रमदान, श्री ५ को सरकारको अनुदान र जिल्ला पञ्चायतको अनुदानबाट मनहरी खोलामा एक र कालीखोलामा एक समेत गरी जम्मा दुईवटा झोलुङ्गे पुलको निर्माण भएको छ।

भैंसे–भीमफेदी सडक

धेरै वर्ष पहिलेदेखि नै तराई क्षेत्रबाट भीमफेदी जाँदा भैंसे दोभानको बजार भई जानु पर्दथ्यो। हाल भैंसे-भीमफेदी सडकको हालत उती राम्रो छैन। ठाउँ ठाउँमा सडकलाई राप्ती खोलाले बगाएको छ र पुलहरूको हालत पनि ज्यादै नराम्रो छ। त्रिभुवन राजपथ बिग्रेको अथवा रोकिएको समयमा मानिसहरू यही बाटोबाट काठमाडौं र तराई आवत-जावत गर्दछन्। यसकारण पनि यो सडकको महत्व बढी छ। त्यसैले यो भैंसे-भीमफेदी सडकको राम्रो मर्मत हुनु अति आवश्यक छ।

कान्ती राजपथ

यो राजपथ हेटौंडा बजारबाट सोझै पूर्व पीपले र चौघोडा हुँदै मकवानपुर गढी भई पहाडको उचाइमा लगिएको छ। शाही सेनाका जवानहरूले बनाएको यो बाटोमा एक पटक काठमाडौंबाट जीप समेत चलिसकेको थियो। हाल हेटौंडा नगर पञ्चायतसम्म जीप चल्ने चौडाइ भए तापनि मकवानपुर गढीको उकालो लाग्ने स्थानदेखि यो बाटो गोरेटोको रूपमा परिणत भइसकेको छ। यो बाटो राम्ररी निर्माण हुन सकेमा हटिया गाउँको विकासमा ठूलो मद्दत पुऱ्याउने छ। यस बाटोको मर्मत र सम्हार हुनु आवश्यक छ।

यी बाहेक मानिस हिंड्ने गोरेटोहरू प्रायः सबै गाउँमा छन् तर यीमध्ये मुख्य गोरेटो (१) भीमफेदी-थानकोट (२) पालुङ-कुलेखानी (३) महावीर-भीमफेदी हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सञ्चार

टेलिफोन

यो जिल्लामा धेरै वर्ष पहिलेदेखि टेलिफोन कार्यालय रहेको छ। हेटौंडा र भीमफेदीमा टेलिफोनका दुई कार्यालय छन्। भैंसे र पालुङमा पब्लिक कल अफिस छन्। यी कार्यालयहरूबाट आर्थिक वर्ष २०२९।०३० मा करीब ३,६०० खबर पठाएको र करीब १,२०० खबर प्राप्त गरेको भए तापनि उक्त ठाउँहरूको विकासको साथसाथै यी खबरको आदान-प्रदानको संख्या पनि बढ्दै गएको छ। हाले मात्र हेटौंडा क्षेत्रमा २०० लाइनको स्थानीय सी. बी. टेलिफोन एक्सचेञ्ज खोलेकोले आजकल दिनको लगभग २०० मिनेट कुरा भइरहेको छ। हेटौंडाबाट काठमाडौं, वीरगञ्ज, रक्सौलसँग कुराकानी गर्न सकिने व्यवस्था छ। भीमफेदीबाट काठमाडौं, वीरगञ्ज, हेटौंडा आदि स्थानहरूमा कुरा गर्न सकिन्छ। विदेशतर्फ काठमाडौं अन्तर्राष्ट्रिय ट्रङ्कल एक्सचेञ्ज मार्फत सम्पर्क राख्न सकिन्छ। यसरी नेपालको कतिपय पहाडी जिल्लाको तुलनामा यहाँ टेलिफोन सेवा राम्रो र सुलभ छ।

आकाशवाणी

यस जिल्लाको भीमफेदी र हेटौंडामा आकाशवाणी कार्यालय छन्। उक्त दुवै ठाउँको आकाशवाणी सार्वजनिक काममा पनि उपयोग गर्न सकिने व्यवस्था छ। यसको सार्वजनिक उपयोग पनि गाउँको विकाससँगै वृद्धि हुँदैछ। यहाँबाट नेपालको कुनै पनि भागमा खबर आदान प्रदान गर्न सकिन्छ।

हुलाक

यस जिल्लामा डेलिभरीको निमित्त प्राप्त हुने चिठीपत्रहरू साप्ताहिक हुलाक वस्तुहरूको गणनाको आधारमा वर्षभरीमा करीब २३,६६१ थान देखिन्छ। जिल्लामा सबभन्दा बढी चिठीहरू हेटौंडा तथा भीमफेदीमा प्राप्त हुने गर्दछन्। हेटौंडामा औद्योगिक क्षेत्र, व्यापारी व्यक्तिहरूको बढी चिठी-पत्र आउने गर्दछ।

यस जिल्लाको भीमफेदीमा पहिलेदेखि नै हुलाक कार्यालय रहिआएको थियो। हाल यस जिल्लामा चलिरहेको हुलाक कार्यालयहरू निम्नअनुसार छन्:—

हेटौंडा	छोटी हुलाक
भीमफेदी	छोटी हुलाक
भैंसे	छोटी हुलाक
पालुङ	छोटी हुलाक
फापरबारी	अतिरिक्त हुलाक
खैराङ	अतिरिक्त हुलाक
हेटौंडा औद्योगिक क्षेत्र	अतिरिक्त हुलाक
ठिङ्गन	अतिरिक्त हुलाक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चितलाङ	अतिरिक्त हुलाक
भार्ता	अतिरिक्त हुलाक
हटिया	अतिरिक्त हुलाक
चौघडा	अतिरिक्त हुलाक
दामन	अतिरिक्त हुलाक
सामरी	अतिरिक्त हुलाक
टिष्टुङ	अतिरिक्त हुलाक
पदमपोखरी	अतिरिक्त हुलाक
चुनिया	अतिरिक्त हुलाक
नातार भैंसेखानी	अतिरिक्त हुलाक

रोपवे

यस जिल्लाको हेटौंडाबाट काठमाडौं जोड्ने करीब ४२ किलोमिटर (२६.२ माइल) लामो रोपवे कार्यालय हेटौंडामा छ। १,६०० किलोग्रामसम्म बोक्न सक्ने क्षमता भएको ३०० वटा क्यारियरहरू हाल चालू छन्। हेटौंडाको टर्मिनल स्टेशनदेखि काठमाडौं टर्मिनल ष्टेशनसम्म पुग्न एउटा क्यारियरलाई चार घण्टा ३० मिनेट जति लाग्दछ। यो रोपवे हाल १२ घण्टा चल्ने गर्दछ। यसले १२ घण्टामा २०० मेट्रिक टन सामान ओसार्न सक्दछ। हाल यसबाट मुख्य रूपमा नून, तेल, मल, चामल आदि सामानहरू ओसार्ने गरेको छ। खासगरी बर्षादमा रोपवे धेरै समयसम्म चल्दछ।

बिजुली

यस जिल्लाको सदरमुकाम भीमफेदीमा धेरै वर्ष अगाडिदेखि नै बिजुली उपलब्ध थियो। तर हेटौंडामा भने डिजल प्लान्टको स्थापना पछि २०२३ साल भदौदेखि मात्र बिजुली उपलब्ध हुन थालेको हो। हेटौंडामा यसै बखत निर्माण भएको ४,४१० किलोवाट क्षमताको डिजल पावर हाउस छ। तर पछि काठमाडौं—वीरगञ्ज ६६,००० भोल्टको काठमाडौं ग्रीड प्रणालीबाट विद्युत् प्रसारण गरिएकोले हाल यी डिजल जेनेरेटरहरू स्ट्याण्ड-बाइ सेट" को रूपमा राखिएका छन्। भीमफेदी र भैंसेमा काठमाडौंस्थित टेकु सब-स्टेशनबाट रोपवेको ११,००० भोल्टको लाइनबाट जल विद्युत् शक्ति प्राप्त हुन्छ।

भैंसेको लागि भैंसेमा २५ के. भी. ए. बाट र भीमफेदीको लागि भीमफेदीमा १५. के. भी. ए. ट्रान्सफरमरबाट विद्युत् शक्ति वितरण भइरहेको छ।

गण्डक जल विद्युत् योजना निकट भविष्यमा समाप्त हुने भएकोले यस योजनाबाट पनि यस जिल्लामा विद्युत् शक्ति उपलब्ध गर्न गण्डक हेटौंडा ३२ के. भी. लाइनको निर्माण कार्य हुने भएको छ। ट्रान्समिशन लाइनको प्रोफायल सर्भे र टावर लोकेशनको कार्य प्रायः समाप्त भइसकेको छ। यसको लम्बाइ १५४ किलोमिटर हुनेछ। गण्डक योजनाबाट नेपाललाई १०,००० किलोवाट विद्युत् शक्ति प्राप्त हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुलेखानी जल विद्युत् योजना

अधिकतम मात्रामा जल विद्युत् उत्पादन गरी जल विद्युत् शक्तिको मागलाई पूरा गर्ने उद्देश्य लिई यो योजनाको सर्भेक्षण भएको हो। यस योजनाको उत्पादन क्षमता पहिलो चरणमा ६०,००० किलोवाट र दोस्रो चरणमा थप ३५,००० किलोवाट र १७,००० किलोवाट हुने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

यस मकवानपुर जिल्लामा भित्री मधेशको केही भाग परे तापनि बढी भाग पहाडी क्षेत्र नै छ। यसकारण यहाँ तराईका जिल्लामा जस्तो धेरै शिक्षण संस्थाहरू छैनन्। २०१७ सालपछि यस जिल्लामा शिक्षातर्फ निक्कै उन्नति भएको पाइन्छ।

प्रायमिक तथा निम्नमाध्यमिक विद्यालयको नियन्त्रण तथा निरीक्षणको निमित्त प्रमुख जिल्ला अधिकारीको कार्यालयमा शिक्षा शाखा छ। माध्यमिक विद्यालयको निरीक्षण र नियन्त्रण हाल चितवन जिल्लाको जिल्ला शिक्षा अधिकारीले गर्ने गरेको छ। प्रायमिक तथा निम्नमाध्यमिक विद्यालयले पाउने सरकारी आर्थिक सहायता पनि यसै कार्यालयको सिफारिशमा प्रमुख जिल्ला अधिकारीको कार्यालयद्वारा वितरण हुन्छ।

जिल्लामा हाल माध्यमिक विद्यालय चार वटा, निम्नमाध्यमिक विद्यालय दुई वटा र प्रायमिक विद्यालय ७९ वटा चलिरहेका छन्। यस जिल्लामा २०३० फागुनसम्मम। विभिन्न स्तरका विद्यालयमा निम्नलिखित विद्यार्थीको संख्या रहेको देखिन्छ।

माध्यमिक विद्यालय	३७७
निम्नमाध्यमिक विद्यालय	१,८५७
प्रायमिक विद्यालय	४,४४१
जम्मा:-	६,६७५

यस जिल्लाका विभिन्न स्तरका विद्यालयमा जम्मा २०३ शिक्षकहरूले पढाइरहेका छन्। यसरी यस जिल्लामा एक शिक्षकले ३२.३ विद्यार्थीहरूलाई पढाउनु पर्ने देखिन्छ।

यस जिल्लामा भीमफेदी, हेटौंडा, पालुङ, नामतार र भैंसेमा गरी जम्मा छ वटा पुस्तकालयहरू छन्।

वि. सं. २०३२ सालमा राष्ट्रिय शिक्षा योजना लागू हुने यस जिल्लामा हाल केही तालीमप्राप्त शिक्षक शिक्षिकाहरू छन्। तालीमप्राप्त नगरेका शिक्षक शिक्षिकाहरूको निमित्त तालीम सम्बन्धी सुविधा उपलब्ध गराइएको छ।

शिक्षा प्रतिको बढ्दो रुचिको फलस्वरूप विद्यालय जाने केटाकेटीको संख्या दिन पर दिन बढेर गएको देखिन्छ। अरू जिल्लाबाट आएका शिक्षकहरू पनि अध्यापन कार्यमा लागेका छन्। धेरैजसो विद्यालयको आफ्नै भवन छ। विद्यालय भवन बनाउने काममा जिल्ला पञ्चायतको अनुदान र जन श्रमदानको विशेष हात देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कमसेकम प्रत्येक पञ्चायतमा एउटा पक्की भवन बनाउने प्रथम चरणको लक्ष्य हो तापनि कुनै पञ्चायतमा बढी विद्यालय भएकोले लक्ष्य अनुसार काम पूरा भइसकेको छैन। दोस्रो चरणमा भएका सबै विद्यालयलाई भवन बनाउन अनुदान दिने लक्ष्य भएकाले ३६ पञ्चायतका ५९ विद्यालयको भवन पक्की गराइसकिएको देखिन्छ। २६ वटा विद्यालयको भवन पक्की गराउने काम अझै बाँकी छ।

यस जिल्लाका दुई पञ्चायत टिष्टुङ र चितलाङमा अनिवार्य प्राथमिक शिक्षा लागू भएको छ। अनिवार्य प्राथमिक शिक्षा लागू भएका पञ्चायतको सबैजसो वडामा विद्यालय सञ्चालित छन्। श्री ५ को सरकारबाट गत वर्ष रू. १,५७,३३० आर्थिक अनुदान प्राप्त भएको थियो। अरू पहाडी जिल्लाहरूको दाँजोमा यस जिल्लामा हाल भइरहेका ८५ वटा विद्यालयहरूलाई कम भन्न सकिन्न। विशेष गरेर सदर बजारमा विद्यालयको बढी माग छ।

केही वर्ष यतादेखि यस जिल्लामा शिक्षाको राम्रो प्रचार भएको छ। विक्रम संवत् २०२८ को जनगणना अनुसार यो जिल्लामा छ वर्षदेखि माथि उमेर हुने जनसंख्याको ११.९ प्रतिशत साक्षर रहेको देखिन्छ। यसरी छ वर्षदेखि माथि उमेर भएका यस जिल्लाको जम्मा संख्या १,३०,८११ मध्ये १५,५६५ जना साक्षर छन्। यसमध्ये २,०३२ अथवा ३.२ प्रतिशत महिला र १३,५३३ अथवा २०.२ पुरुष साक्षर रहेको देखिन्छ। यसरी पुरुषहरूको दाँजोमा धेरै कम महिला मात्र साक्षर छन्। महिलाहरूमा १० देखि १४ वर्ष उमेर समूहमा बढी प्रतिशत र पुरुषहरूमा १५ देखि २४ वर्ष उमेर समूहमा बढी प्रतिशत साक्षर पाइन्छ। जिल्लाको साक्षर जनसंख्यामध्ये विभिन्न उमेर समूहमा तल लेखिए अनुसारको संख्या रहेको छः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			जम्मा		
	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत
६–९	६,८४६	१,२२०	१२.४	६,७१२	४४५	४.६	१६,५५८	१,६६५	८.५
१०–१४	१०,३१०	२,६२६	२५.५	६,०११	६७७	७.५	१६,३२१	३,३०३	१७.१
१५–१९	८,०११	२,१२३	२६.५	७,४४४	३७७	५.१	१५,४५५	२,५००	१६.२
२०–२४	६,४६१	१,७१४	२६.५	६,९७१	२०१	२.९	१३,४३२	१,९१५	१४.३
२५–२९	६,३६४	१,५२३	२३.९	६,५२४	११४	१.७	१२,८८८	१,६३७	१२.७
३०–३४	५,१५२	१,०९८	२१.३	५,२९५	८१	१.५	१०,४४७	१,१७९	११.३
३५–३९	५,२९९	९६५	१८.२	४,८०१	४८	१.०	१०,१००	१,०१३	१०.०
४०–४४	४,१०२	६९३	१६.९	३,८३८	३६	०.९	७,९४०	७२९	९.२
४५–५४	५,६२०	८६९	१५.५	४,९३४	३५	०.७	१०,५५४	९०४	८.६
५५–६४	३,५७५	४९३	१३.८	३,१९४	१२	०.४	६,७६९	५०५	७.५
६५ र माथि	२,१८०	२०९	९.६	२,१६७	६	०.३	४,३४७	२१५	४.९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साक्षर जनसंख्याको माथि दिइएको तालिकाअनुसार छदेखि नौ वर्षसम्मको केटाकेटी जम्मा संख्या १९,५५८ मध्ये १,६६५ अथवा ८.५ प्रतिशत मात्र साक्षर भएको देखिन्छ। जनगणनाको समयमा उक्त उमेरका केटाकेटीहरू विद्यालयमा भर्ना नभइसकेका अथवा भर्ना भए पनि साक्षर नभइसकेको नै यसको कारण हुनुपर्दछ। हुन त नेपाल अधिराज्यको अरू धेरैजसो जिल्लाहरूको दाँजोमा यस जिल्लाको साक्षर संख्याको अनुपात धेरै कम छ तापनि केही वर्ष पहिलेको दाँजोमा वर्तमान साक्षरताको अनुपात धेरै राम्रो देखिएको छ।

उक्त तालिकामा देखाइएअनुसार यस जिल्लामा महिलाहरूको दाँजोमा पुरुषहरू धेरै मात्रामा विद्यालयमा अध्ययन गरिरहेका छन्। घरको काम काज छोरीहरूलाई गराउनु र अर्का कहाँ दिई पठाउनु पर्ने छोरी बेटीलाई किन पढाउनु भन्ने पुरानो विचारको प्रभावबाट नै यसो भएको देखिन्छ। अतः आर्थिक दृष्टिकोणले सक्षम परिवारमा वा बालक बालिकाहरूको शिक्षालाई आफ्नो सामाजिक दायित्वको रूपमा स्वीकार गरेपछि मात्र जिल्लामा शिक्षाको विकास गतिशील हुन जाने देखिन्छ। यो जिल्लामा कुनै महाविद्यालय नभएकोले उच्च शिक्षाको निमित्त यहाँका विद्यार्थीहरू काठमाडौं या वीरगञ्जमा जाने गर्दछन्।

स्वास्थ्य

वि. सं. २००७ सालअघि काठमाडौंबाट बाहिर आउने मूलबाटोमै पर्ने भएको हुँदा विक्रम सम्वत् १९६०मा भीमफेदीमा एउटा आठ शय्याको अस्पताल खोलिएको थियो। पछि २०२१ सालमा सोही अस्पताललाई स्वास्थ्य केन्द्रमा परिणत गरियो। यो जिल्लामा आधुनिक औषधि र उपचारको प्रचार व्यापक रूपमा भइसकेको छैन। जिल्लाको प्रायः सबैजसो भाग पहाडी भाग भएको र खोलिएका स्वास्थ्य केन्द्रले सुगम यातायातको अभावमा सबै क्षेत्रमा सेवा पुऱ्याउन सम्भव नभएको कारणबाट परम्परागत धामी, झाँक्रीहरूलाई देखाउने काम अझै प्रचलनमा छ। धामी झाँक्रीमा दैवी शक्ति रहेको विश्वास गर्दछन्। कुनै कुनै धामी, झाँक्रीहरूले वनमा पाइने जरीबूटीहरूको प्रयोग पनि गर्दछन्।

यस जिल्लाको हेटौंडामा एउटा आधुनिक अस्पताल छ। यो अस्पताल पहिले काठको घरमा थियो। आजकल २५ शय्या भएको दुई तले पक्की अस्पताल घर निर्माण भएको छ। आर्थिक वर्ष २०३०।०३१ को कात्तिक महीनामा उद्घाटन भएको यस अस्पतालमा आधुनिक औजार तथा सामानहरू समेत छन्। मकवानपुर जिल्लाका प्रायः सबै भागमा बिरामीहरू र त्रिभुवन राजपथको मोटर दुर्घटनामा पर्न गएको आकस्मिक घाइतेहरू समेत यस अस्पतालमा ल्याइन्छन्। हाल यस जिल्लामा भीमफेदी स्वास्थ्य केन्द्र बाहेक निम्नलिखित सात वटा स्वास्थ्य केन्द्रहरू छन्, जसमा अक्जुलरी हेल्थ वर्करहरू मुख्य भई काम गर्दछन्।

स्वास्थ्य केन्द्र	पञ्चायत
हेटौंडा स्वास्थ्य केन्द्र	हेटौंडा नगर पञ्चायत
राजदेवी स्वास्थ्य केन्द्र	हटिया
वेतिनी स्वास्थ्य केन्द्र	फापरबारी
मार्खु स्वास्थ्य केन्द्र	मार्खु
डाँडाखर्क स्वास्थ्य केन्द्र	डाँडाखर्क
पालुङ स्वास्थ्य केन्द्र	शिखरकोट
कटुञ्जे स्वास्थ्य केन्द्र	कटुञ्जे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा परिवार नियोजनको काम सुचारु रूपले सञ्चालन गर्नको लागि हेटौंडामा क्षेत्रिय कार्यालय राखिएको छ। हेटौंडाबाट घुम्ती टोलीहरू ठाउँ ठाउँको स्वास्थ्य केन्द्रहरूमा गई परिवार नियोजन सम्बन्धी वस्तु तथा औषधिहरू वितरण गर्ने गर्दछन्। यस जिल्लामा हेटौंडा अस्पताल र भीमफेदी स्वास्थ्य केन्द्रमा पनि परिवार नियोजन सम्बन्धी सल्यचिकित्सा हुनेगर्दछ।

पालुङ स्वास्थ्य चौकीमा परिवार नियोजनको एक क्लिनिक राखिएको छ। अहिलेसम्मको प्रक्रियाबाट यस जिल्लामा परिवार नियोजनको कार्यक्रम विस्तृत रूपमा प्रसार भइसकेको देखिंदैन।

औलो उन्मूलन सम्बन्धी कार्य जिल्ला औलो उन्मूलन कार्यालयबाट हुने गर्दछ। बिफर उन्मूलन आयोजना नारायणी अञ्चल कार्यालयबाट कर्मचारीहरूको टोली गाउँ गाउँमा पठाई खोपाउने कार्य सञ्चालन भइरहेको छ। अन्य संक्रामक रोगहरूको उपचार अस्पतालबाटै भइरहेको देखिन्छ।

खानेपानी

यस जिल्लाको करीब तीन चौथाइ भाग पहाडी क्षेत्रमा पर्दछ। धेरैजसो ठाउँहरूमा खोलानाला तथा ढुङ्गेधाराहरूको प्रचलन भएको पाइन्छ। यो जिल्लाका अधिकांश मानिसहरू तिनै खोलानाला र ढुङ्गेधाराकै पानीमा आश्रित छन्। तर स्वास्थ्यकर खानेपानीको दृष्टिकोणबाट सोच्ने हो भने प्रायः सबैजसो ठाउँमा यसलाई समस्याको रूपमै लिन सकिन्छ। पानीमा अनेक थरीका खनिज पदार्थ मिलावट भएकोले यस जिल्लाको पहाडी क्षेत्रमा मानिसहरूमा पेटको रोग भएको देखिन्छ। स्वास्थ्यमा खानेपानीको असर सम्बन्धी चेतना कुनै कुनै क्षेत्रमा बाहेक देखिंदैन। तर भित्री मधेशमा पर्ने हटिया, बसाहामाडी, हाँडीखोला, फापरबारी, ज्यामीरे जस्तो पञ्चायत क्षेत्रमा खानेपानीको निक्कै अभाव हुन्छ। यी क्षेत्रहरूमा कूवा नै एक मात्र खानेपानीको स्रोत हो। यसप्रकार पहाडी क्षेत्रहरूमा खासगरेर गाउँमा पिउने पानी ल्याउन पाइप लाइनको समस्या र भित्री मधेशमा पानी प्राप्त गर्ने इनारको समस्या भएको पाइन्छ।

विक्रम सम्वत् २०२४ सालदेखि नै हेटौंडा नगर क्षेत्रमा खानेपानी विभाग अन्तर्गत वुंग खोलाको पानी ल्याई फुरफुरे डाँडामा पानी टचाङ्की राखी खानेपानी पाइपबाट वितरण भइसकेको छ। यो टचाङ्कीको क्षमता १,००,००० ग्यालनको छ।

भीमफेदीमा भएको अस्पताल, टेलिफोनको व्यवस्थाका साथै खानेपानी योजना पनि शुरू भएको हो। हाल यहाँ खानेपानीको वितरण राम्रोसँग चलिरहेको छ।

चालू अवस्थामा रहेको सामुदायिक खानेपानी योजनाको नाम र पञ्चायत तथा लाभान्वित जनसंख्या, योजनाको क्षमता, प्रत्येक धाराबाट लाभान्वित जनसंख्या निम्नलिखित छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँ पञ्चायतको नाम	योजना निर्माण स्थल	पानीको क्षमता * प्र. मि. ग्या.	धाराको जडान	लाभान्वित जनसंख्या	आर्थिक वर्ष	कैफियत
भीमफेदी	मठान	२५	२	७०	२०२०।२१	पइरोलेपुरेको
भीमफेदी	सुपिङ	२०	५	५००	२०२४।२५	
आग्रा	आग्रा	२०	३	१५०	२०२२।२३	
भैंसे	भैंसे	२५	२	३००	२०२१।२२	
भैंसे	चुनिया	२०	२	१५०	२०२९।३०	
कटुञ्जे	कटुञ्जे	३०	२	२००	२०२२।२३	
काँकडा	जुरीयुम	२०	२	२५०	२०२२।२३	
पालुङ	पालुङ	२५	२	३००	२०२०।२१	
पालुङ	ओखर बजार	२०	२	२००	२०२२।२३	
थहचोक	पापुङ	२५	३	१,०००	२०२२।२३	
थहचोक	देउराली	३०	२	२००	२०२२।२३	
फापरबारी	छतीवन	२०	१	१६५	२०२४।२५	
पदमपोखरी	पदमपोखरी	४०	३	१,०००	२०२८।२९	

यसको साथै भीमफेदी सदरमुकामको बजारमा पनि पहिलेदेखि नै पाइप धाराबाट पानी वितरण भइरहेको छ र सार्वजनिक तथा निजी गरी जम्मा ६२ धाराहरू छन्।

*प्र. मि. ग्या. = प्रति मिनेट ग्यालेन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

विक्रम सम्वत् १८१४ भदौ ९ का दिन पृथ्वीनारायण शाहले मकवानपुर कब्जा गर्नुअघि यहाँ सेन वंशका राजाहरू राज्य गर्दथे। त्यस समयमा यो एक ठूलो राज्य थियो। सेन वंशका राजाहरूमा प्रतापी लोहाङ सेनले यो राज्यलाई विस्तृत तुल्याएका थिए। यिनले पछि मकवानपुरलाई आफ्नो राज्यको राजधानी बनाई शासन चलाए। त्यसबेला काठमाडौं उपत्यकाबाट यही बाटो भई तराई क्षेत्रमा आवत जावत गर्नु पर्ने भएकोले यो राज्य कब्जा गरेपछि काठमाडौं उपत्यकाका राज्यहरूमा आर्थिक नाकाबन्दी गर्न पृथ्वीनारायण शाहलाई सजिलो भएको थियो।

वि. सं. २०१९ सालमा भएको नेपालको जिल्ला विभाजन पछि यो एक बेग्लै जिल्ला बन्यो र यसको सदरमुकाम भीमफेदीमा रह्यो। यसरी स्थानीय प्रशासन ऐन लागू भएपछि यस जिल्लामा जिल्लास्तरीय कार्यालयको शुरूआत भएको देखिन्छ। यस मकवानपुर जिल्लाको सदरमुकाम भीमफेदीमा छ तर प्रशासन सम्बन्धी ज्यादा चहल पहल हेटौंडामा भएको देखिन्छ। जिल्ला प्रशासक भीमफेदीमा बस्ने तर यसका प्रमुख प्रहरी, माल तथा अन्य सार्वजनिक कार्यालयहरू हेटौंडामा भएकोले दुबै ठाउँको निकै महत्व भएको देखिन्छ।

यस जिल्लामा सरकारी, अर्ध- सरकारी र गैर-सरकारी कार्यालयहरू निम्न छन्ः–

सरकारी कार्यालयहरू

प्रमुख जिल्ला अधिकारीको कार्यालय
जिल्ला अदालत
माल कार्यालय
भूमि सुधार कार्यालय
छोटी हुलाक, हेटौंडा
शाखा हुलाक, भीमफेदी
शाखा हुलाक, पालुङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्ला प्रहरी निरीक्षक कार्यालय
कृषि विकास कार्यालय
व्यवसायिक मत्स्य केन्द्र
चितवन प्रधान वन कार्यालय
जरीबूटी उद्यान केन्द्र
बागबानी केन्द्र, दामन
जिल्ला तथ्याङ्क कार्यालय
सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय
सहकारी कार्यालय
हेटौंडा अस्पताल
क्याटल फिड प्लान्ट
विद्युत् विभाग
शिक्षा निरीक्षक कार्यालय
चितलाङ भेडा फार्म
सडक विभाग
बीज प्रशोधन केन्द्र
खानेपानी योजना कार्यालय
नापी गोश्वारा
अन्तःशुल्क कार्यालय
कर कार्यालय
सवारी कर कार्यालय
परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्र
ग्रामीण घरेलु उद्योग कार्यालय
हात्तीशार
अञ्चल अदालत

अन्य कार्यालयहरू

जिल्ला पञ्चायत कार्यालय
हेटौंडा औद्योगिक क्षेत्र
टिम्बर कर्पोरेशन अफ नेपाल
कृषि खरीद बिक्री संस्थान (शाखा)
विद्युत कर्पोरेशन, शाखा, हेटौंडा
नेपाल दूर सञ्चार समिति
कृषि विकास बैंक
नेपाल बैंक लि. उप-शाखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल बीमा संस्थान
एन्. सी. सी. एन्. (नेपाल कन्स्ट्रक्सन कम्पनी)
नेपाल रोपवे
नगर पञ्चायत
नेपाल फरेष्ट्रि इन्स्टिच्यूट
नेपाल कन्स्ट्रक्सन कम्पनी

प्रहरी

यस जिल्लामा प्रहरी निरीक्षक कार्यालयको साथै भीमफेदी र पालुङमा दुई प्रहरी ठाना छन्। यसका अतिरिक्त झुरझुरे, मकवानपुर, भार्ता, चित्लाङ, काग्राङ, डाँडाखर्क, ढिगवा, ज्यामीरे भैंसे र कुलेखानीमा प्रहरी चौकीहरू छन्।

कारागार

यस जिल्लामा कारागारको निमित्त उपर्युक्त भवन छैन। तर हालको कारागार भवनमा पुरुषको निमित्त छुट्याइएको कोठामा ५० जना र महिलाहरूको निमित्त छुट्याइएको कोठामा आठ जनासम्म बस्न र सुत्न सक्दछन्। उक्त कारगारमा साक्षर कक्षा चलाइएको छ।

सरकारी वकील

यस मकवानपुर जिल्लामा सरकारी सहायक अधिवक्ता तथा सरकारी सहायक अभियोक्ताको कार्यालय छ। यस कार्यालयको मुख्य काम सरकारवादी मुद्दामा तहकिकात गर्ने र स्थानीय प्रशासनको कानूनी सल्लाहकार हुनु हो।

जिल्ला अदालत

यस जिल्लाको जिल्लास्तरीय अदालत भीमफेदीमा छ। न्याय प्रशासन (विविध व्यवस्था) ऐन, २०१८ बमोजिम आफ्नो अधिकार क्षेत्र भित्र पर्ने फौजदारी तथा देवानी दुवै किसिमका मुद्दाहरू यो अदालतले हेर्दछ। यो जिल्ला अदालतले प्रचलित नेपाल कानूनमा अर्को व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकार क्षेत्र-भित्र पर्ने सबै मुद्दाहरूको शुरू कारवाही र किनारा गर्दछ। जिल्ला अदालतले आर्थिक वर्ष २०२७।०२८ देखि २०२९।०३० को तीन आर्थिक वर्षमा निम्नबमोजिम मुद्दा परेको र कारवाही गरेको छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

वर्ष	परेको मुद्दा	जाहेरी फँसला	तजवीज फँसला	एकतर्फी	मिलापत्र	डिसमिस	खारेज	सरुवा	जम्मा
२०२७।०२८	३५६	४	१०७	४	२५	३८	६	३०	२१४
२०२८।०२९	३३५	४	१२५	–	२५	३७	४	४	१९९
२०२९।०३०	३४६	५	९८	१०	३२	२५	६	३	१७९

उक्त मुद्दाहरू निम्नकिसिमकाछःन्–

देवानी			फौजदारी			
सरकारवादी	दुनियावादी		सरकारवादी		दुनियावादी	
–	जग्गा	१४९	कीर्ते	–	कीर्ते	२६
–	लेनदेन	९३	ज्यान	५७	ठगी	२४
–	अंशबण्डा	४४	जबर्जस्ती करणी	७	लुटपिट	८५
–	पारिवारिक	२७	भ्रष्टाचार		गाली बेइज्जती	३१
			आत्महत्या	१२	कुटपिट	१०८
			गर्भपतन	२	करणी	३
			विविध	१३८	भ्रष्टाचार	७
					विविध	२९

कर कार्यालय

यस जिल्लामा २०२२ सालमा कर कार्यालयको स्थापना भएको हो। यस कार्यालयबाट आर्थिक वर्ष २०२७।०२८ देखि २०२९।०३० को तीन वर्षमा निम्नलिखित बमोजिम कर असूल गरेको छः–

२०२७।२८	रु. ११,५७,६०७।
२०२८।२९	रु. १५,६७,४१५।
२०२९।३०	रु. १३,९५,५५१।

उक्त तालिकाअनुसार २०२८।०२९ को दाँजोमा २०२९।०३० को आय कम भएको देखिन्छ। २०२९।०३० सालमा चितवन जिल्लाको निमित्त नारायणगढमा छुट्टै शाखा स्थापना भई सोही शाखाबाट कर असूली गरेकोले उक्त कमी देखिन गएको हो।

अन्तःशुल्क

मकवानपुर जिल्लाको अन्तःशुल्क कार्यालय २०२६ सालमा हेटौंडामा स्थापना भएको हो। यस कार्यालयको आफ्नै कार्यालय भवन छ। यस कार्यालयका प्रमुख राजपत्र अनङ्कित प्रथम श्रेणी स्तरका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायत

पञ्चायत व्यवस्थाको प्रादुर्भाव पछि शुरूमा यस जिल्लालाई ३६ गाउँ पञ्चायतमा विभाजन गरिएको थियो। पछि हेटौंडालाई नगर पञ्चायत घोषित गरियो। अहिले यस जिल्लामा ३५ गाउँ पञ्चायत र एक नगर पञ्चायत छन्। यस जिल्लाको करीब तीन चौथाइ भाग पहाडी क्षेत्र भएकोले धेरैंजसो गाउँ पञ्चायतहरू पहाडी भागमैं छन्। यस जिल्लामा धेरैंजसो योजनाहरू त्रिभुवन राजपथको आसपासका गाउँ पञ्चायतहरू र हेटौंडामा सञ्चालित छन्।

गाउँ पञ्चायतहरूमा खासगरेर पालुङ र शिखरकोटको आम्दानीको स्रोत राम्रो छ। यहाँ आलुको खेती राम्रो हुन्छ। भीमफेदी गाउँ पञ्चायत पनि जिल्लाको सदरमुकाम रहेकोले र बराबर अनुदान पाइरहने भएकोले राम्रो छ। यस बाहेक हटिया, रातमाटे, बसाहामाडी तथा पदमपोखरीको आय स्रोत पनि राम्रो छ।

मकवानपुर जिल्ला पञ्चायत पहाडी क्षेत्रमा परे तापनि आर्थिक दृष्टिकोणबाट ज्यादै सुदृढ जिल्ला पञ्चायत हो। आर्थिक वर्ष २०२८।०२९ मा यस जिल्ला पञ्चायतले रू. ५,०६,३६५। आम्दानी गरेको थियो। यसमध्ये जिल्लासभाको आफ्नो आय रू. ३,५०,८९५। थियो। रेडियो लाइसेन्स र ढुङ्गा बालुवा कर बाहेक यस जिल्लाको मुख्य आम्दानी दहत्तर, बहत्तर, राँगा, भैंसी, खसी र बोकाको बेचबिखन र घट्टबाट हुने आम्दानी हुन्।

श्री ५ को सरकारको अनुदान, जिल्ला पञ्चायतको अनुदान र गाउँ पञ्चायतहरूबाट खर्च बेहोरिने गरी यस जिल्ला पञ्चायतले विद्यालय भवन, पञ्चायत भवन, धारा, इनार, कुलो, बाँध तथा सानो सानो झोलुङ्गे पुलहरू निर्माण कार्य आफ्नो योजनामा समावेश गरेको देखिन्छ।

यस मकवानपुर जिल्लामा वर्गीय संगठनको निम्नलिखित प्रारम्भिक समिति र सदस्य संख्या छन्:–

संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
नेपाल भूतपूर्व सैनिक संगठन	११	१२१
नेपाल महिला संगठन	१३	१४३
नेपाल युवक संगठन	२१	२३१
नेपाल किसान संगठन	१६	१७६
नेपाल यातायात मजदूर संगठन	१	११
नेपाल मजदूर संगठन	१	११

नेपाल युवक संगठन र नेपाल महिला संगठन जिल्ला कार्य समितिकोतर्फबाट साक्षरता अभियान सञ्चालन गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

यस मकवानपुर जिल्लाको यातायात, पशुपालन तथा फलफूल खेती सम्बन्धी विकास कार्यहरूको टीकाटिप्पणी माथि विभिन्न शीर्षक अन्तर्गत गरिएको छ। हाल यहाँ स-साना कुलो, बाटो, खानेपानी, विद्यालय-भवन, पञ्चायत भवन जस्ता ग्रामीण स्तरका स्थानीय विकासको अतिरिक्त अन्य महत्वपूर्ण योजनाहरू पनि कार्यान्वित छन्।

वि. सं. २०११ सालको बाढी पछि उत्तरतिरबाट बस्ती सरिआएका मानिसहरू यस मकवानपुरको हेटौंडा क्षेत्रमा पनि प्रशस्त बसेका छन्। यिनीहरूले ठाउँ ठाउँमा जङ्गल फाँडी खेती गरेका छन्। यसप्रकार मानिसहरूको ओइरो लाग्नुबाट यस जिल्लामा नयाँ नयाँ खेती-योग्य जमीन बन्नुको साथै यहाँका विभिन्न उद्योग-हरूलाई श्रम पनि प्रशस्त मात्रामा प्राप्त भइरहेको छ।

कुलेखानी जल-विद्युत् योजनाको सर्भेक्षण कार्य पनि भइसकेको छ। यसै योजना अन्तर्गत भीमफेदी र कुलेखानीमा ड्रिलिङको काम भइरहेको छ। यसबाट ७०,००० किलोवाट बिजुली उत्पादन गर्न सकिने छ। कुनै स्रोतबाट यो योजना पूरा गर्न सकिएमा यस जिल्लाको हेटौंडामा खुलिसकेका र खोलिने विभिन्न उद्योगहरूको निमित्त आवश्यक विद्युत् शक्ति यहींबाट पूरा हुनसक्नेछ।

दामनको बागबानी केन्द्रले शिखरकोट, टिष्टुङ, पालुङ क्षेत्रमा स्याउ र चित्लाङ, भैंसेटार भेकमा आरु, नास्पाती, केरा, निबुवा आदिको सफल परीक्षण गरेको छ। यस जिल्लाका अरू भागहरूमा पनि फलफूलको खेती गर्न सकेमा उत्साहवर्द्धक सफलता प्राप्त हुने विश्वास गरिन्छ।

यस जिल्लाबाट आलु पनि निकासी हुनेगर्दछ। भीमफेदी र यसका वरपरका क्षेत्रमा आलुको निक्कै राम्रो खेती हुन्छ। हुन त आर्थिक वर्ष २०३०।०३१ मा आलुमा "ब्राउन रड" नामक रोग लागि आलुको उत्पादनमा निक्कै कमी भएको छ। तर यस्ता रोगहरूको बिरुद्ध समयमै औषधि प्रचार गरी खेतीको क्षेत्र बढाउन सकेमा यसबाट पनि यस जिल्लाको आयस्रोत निक्कै बढ्नजानेछ। यस्तै गरी टिष्टुङ र दामनको जरीबूटी उद्यानलाई अझ विकास गर्न सके धेरैजसो औषधिहरू हाम्रो देशमा तयार हुनसक्ने हुन्छ।

हेटौंडामा कागत र सिमेन्टको उद्योग खोलिने कुरा पनि बहुचर्चित विषय भएको छ। यी उद्योगहरूको निमित्त आवश्यक कच्चा वस्तुहरू पनि यहींबाट प्राप्त हुनसक्ने भएको र यसरी विभिन्न उद्योगहरूबाट उत्पादन हुने सामानहरू देशको अन्य भागहरूमा ओसार्ने त्रिभुवन राजपथ र महेन्द्रराजमार्गहरू यहींबाट गएकोले कुनै समस्या पर्दैन। केही दशक पहिले यहाँको हावापानी ज्यादै अस्वास्थ्यकर थियो। त्यसैले मानिसहरूको बस्ती पनि निक्कै कम थियो। तर विभिन्न औषधिहरूको प्रयोगले गर्दा यहाँको औलो अब उन्मूलन भइसकेको छ। यसरी यस ठाउँमा पहिले आठ १० घरहरू मात्र थिए भने आज त्यो ठाउँ सैयौं घर भएको नगर बनिसकेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रौतहट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	१०२५
प्राकृतिक स्वरूप र सम्पदा	१०२६
ऐतिहासिक पृष्ठभमि	१०३०
प्रमुख स्थानहरू	१०३३
जनसंख्या र जनजीवन	१०३६
आर्थिक व्यवस्था	१०४५
यातायात, सञ्चार र बिजुली	१०६१
शिक्षा, स्वास्थ्य तथा खानेपानी	१०६६
प्रशासन र पञ्चायत	१०७२
उपसंहार	१०७७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

रौतहट जिल्ला नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने नारायणी अञ्चलका पाँच जिल्लाहरूमध्ये एक हो। यो जिल्ला क्षेत्रफलको दृष्टिकोणले नारायणी अञ्चलको सबभन्दा सानो तर जनसंख्याको दृष्टिकोणले सो अञ्चलको सबभन्दा ठूलो तथा अधिराज्यकै चौथो ठूलो जिल्ला हो। यो जिल्ला देशभरमा सबभन्दा बढी संख्यामा गाउँ पञ्चायतहरू भएको जिल्ला हो। यस जिल्लाको नामाकरण ग्वाला (राउत) जातिको नामबाट भएको हो भन्ने जनधारणा छ र यहाँको जन जातिमा ग्वाला जाति अत्यधिक संख्यामा छन्। कृषिमै आधारित अर्थ व्यवस्था भएको यो जिल्ला देशको अन्नको एक भण्डार हो। यसरी यस जिल्लाबाट विदेशमा धान, चामलको निकासी पनि गरिन्छ। देशको ठूलो राष्ट्रिय उद्योगको रूपमा रहेको वीरगञ्ज चीनी कारखानाको लागि आवश्यक मुख्य कच्चा पदार्थ "उखु" पनि उपलब्ध गर्दैआएको यो जिल्ला उखु जस्तो नगदे बालीको वृहत् उत्पादनको निमित्त पनि प्रख्यात छ। औद्योगिक अर्थ व्यवस्था बाल्यावस्थामा नै रहेको यस जिल्लाको वर्तमान औद्योगिक गतिविधि मुख्यतः केही चामल कारखानाहरूको सञ्चालनमा नै केन्द्रित छ। बागमती र बकैया जस्ता अनियन्त्रित ठूला नदीहरूको बाढीले आन्तरिक आवागमन बन्द गर्ने र क्षति पनि पुऱ्याउने भएकोले यस जिल्लाको यातायात अल्प–विकसित अवस्थामा नै रहेको छ। जिल्लाको उत्तरी भागबाट गएको महेन्द्र राजमार्गबाट यहाँको यातायात विकासमा योगदान पुगेको छ। यस जिल्लाको उत्तरी भाग र दक्षिणी भाग पक्की सडकद्वारा जोडिएपछि यातायातको क्षेत्रमा ठूलो सुगमता आउनसक्ने छ। यस जिल्लाको सदरमुकाम गौरमा २०२९ साल फागुनदेखि बिजुली पनि उपलब्ध भएको छ। विकासका यस्ता आधारभूत आवश्यकताहरू सिर्जना हुँदै आएको यो जिल्लामा आर्थिक विकास अवश्यंभावी छ।

नारायणी अञ्चलको पूर्वी सीमानामा पर्ने यो रौतहट जिल्लाको राजनैतिक सीमाना पूर्वमा जनकपुर अञ्चलको सर्लाही जिल्ला, पश्चिममा नारायणी अञ्चलको बारा जिल्ला, उत्तरमा नारायणी अञ्चलकै मकवानपुर जिल्ला तथा दक्षिणमा भारतको बिहार प्रान्तको सीतामढी जिल्ला तथा चम्पारन जिल्लाको पूर्वी भाग पर्दछन्। वि.सं. २०१९ मा मात्र नयाँ रूप पाएको यस जिल्लाको उत्तरी सीमाना मकवानपुर जिल्लामा पर्ने चुरिया पहाडको फेद हो। यसको उत्तर–पूर्वमा महेन्द्र राजमार्गमा पर्ने बागमती नदीको पुलनिर मकवानपुर, सर्लाही र सिन्धुली समेतको सीमाना जोडिएका छन्। यसको क्षेत्रफल १,२५९ वर्ग किलोमिटर छ। यो क्षेत्रफल १३२ गाउँ पञ्चायतहरूमा विभाजित छ। नेपालको राष्ट्रिय जनगणना २०२८ अनुसार यहाँको जनसंख्या ३,२०,०९३ र यहाँको जनघनत्व २.५ प्रति हेक्टर पर्न आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

समुद्र सतहबाट करीब १२२ मिटर (४०० फीट) को उचाइमा रहेको यो रौतहट जिल्ला उत्तर-दक्षिण लाम्चो र पूर्व–पश्चिम चेप्टो परेको छ। यो जिल्लाको पूर्व–पश्चिम भाग उत्तरतर्फभन्दा दक्षिणतर्फ बढी चौडा छ। यो जिल्लाको औसत लम्बाइ करीब ५१ किलोमिटर र चौडाइ करीब २५.५ किलोमिटर जति रहेको छ। यो जिल्ला ८५°१४' देखि ८५°३०' पूर्वी देशान्तर र २६°४४' देखि २७°१४' उत्तरी देशान्तरभित्र पर्दछ।

भौगोलिक बनावट

उत्तरी सीमाना मकवानपुर जिल्लामा पर्ने चुरिया पहाडको फेद र दक्षिणी सीमाना नेपाल र भारतलाई छुट्याउने गौर र वैरगनिया बीचको दशगजा खम्बा भएको यस जिल्लाको भू–भागलाई साधारणतः दुई खण्डमा विभाजन गर्न सकिन्छ।

(१) चुरे डाँडा र भावर प्रदेश
(२) दक्षिणको समथर भूमि (तराई मैदान)

चुरे डाँडा र भावर प्रदेश

यस जिल्लाको उत्तरी भागमा चुरे पर्वतको केही अंश छ। चुरेको दक्षिणमा भावर वा चारकोसे झाडी पर्दछ। यो भावर क्षेत्र मुख्यतः बालुवा, कङ्कड, ढुङ्गाहरू, जलोत्सारण आदिले भरिएको छ। चुरे डाँडाबाट उत्पन्न स-साना नदी खोलाहरू यस भावर इलाकामा जमीन मुनिबाट बग्दछन्। यो भावर भाग यस जिल्लाको जङ्गल क्षेत्रको रूपमा रहेको छ। घना जङ्गल भएको यो भावर इलाकामा साल, सिसौ, खयर, कर्मा, सतिसाल आदि जातका अग्ला अग्ला रूखहरू छन्। यस जङ्गल क्षेत्रमा हात्ती, बाघ, चित्तल, भालू जस्ता जङ्गली जीवजन्तु छन्।

यस भावर क्षेत्रको मध्यभागतिर शन्तपुर मटिऔन र चन्द्रनिगाहापुर पञ्चायत यस जिल्लाको पूर्वी सीमानासँगै पौराई पञ्चायत र त्यससँग जुडिबेला पञ्चायत रहेका छन्। महेन्द्र राजमार्ग यस क्षेत्रबाट गएको हुनाले यस आसपासको जङ्गल केही हदसम्म फडानी हुनुको अतिरिक्त उक्त पञ्चायत क्षेत्रहरूमा जन आबादी बढेको छ। यो भावर क्षेत्रलाई अझै पनि घना जङ्गल भएको क्षेत्र भन्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणको समथर भूमि (तराई प्रदेश)

यस जिल्लाको भावर क्षेत्रको दक्षिणी भाग समथर भूमि हो। यो भाग उर्वर माटोले भरिएको छ। भारतको सीमानासम्म फैलिएको यस जिल्लाको समथर भूमिमा नै धेरैजसो गाउँ पञ्चायतहरू रहेकाले यहाँ नै धेरै मानिसहरू बसेकाछन्। बागमती, बकैया जस्ता ठूला नदीका अतिरिक्त अन्य सानातिना खोला पनि बगेकाछन्। यो तराई मैदानको अधिकांश भाग कृषिको निमित्त नै उपयोग गरिएको छ। यहाँ धान मुख्य बाली हो र गहुँ, मकै, खेसरी, उखु आदिको राम्रो उब्जनी हुन्छ। यो भू–भागमा पातलो हुँदै गएका केही वनले ढाकेका ठाउँहरू पनि छन्।

नदी नालाहरू

यस जिल्लामा धेरै नदीनालाहरू छन्। जिल्लामा पर्ने प्रमुख नदीहरू बागमती, लालबकैया, मनुस्मारा र चानी नदी हुन्।

बागमती नदी

काठमाडौं उपत्यकाको उत्तरमा रहेको शिवपुरी बागद्वारबाट उत्पत्ति भएको बागमती नदी यस जिल्लाबाट पनि बगेको छ। यो बागमती नदीको करीब ५१ किलोमिटर यस जिल्लाभित्र पर्दछ। यस जिल्लाको पूर्वी भागतिर रहेको यो नदी पूर्वतर्फका पञ्चायतहरू जस्तै हजरिया, मदनपुर, बखरी, छटोल, भलोहिया र ब्रह्मपुरी हुँदै उत्तरदेखि दक्षिण सीमानातिर गएको छ। यो नदीको स्रोत महाभारत श्रृङ्खला भएको हुँदा यसमा हमेशा पानी रहन्छ। कुनै अरू नदीनालासित मिसिन नगएको यो स्वतन्त्र नदीको यो जिल्ला भित्रकोसहायक नदी मुख्यतः चानी नदी र मानुष्मारा नदी हुन्। यो नदीमा खासगरी वर्षादमा बाढी आउने गर्छ। यो अनियन्त्रित ठूलो नदीको बाढीले गर्दा वर्षा याममा यस जिल्लाको सदरमुकाम गौर र अन्य प्रमुख स्थानहरूको बीच आवागमन बराबर बन्दहुने गर्छ। बाढीको कारणबाट यसै नदीको किनारामा अवस्थित कटहर वनबाट यस जिल्लाको सदरमुकाम वि. सं. १९९० मा गौरमा सार्नुपरेको थियो। यो नदीले यहाँको झांझ सिचाइ योजना अन्तर्गतको हजमनिया सहायक नहरलाई पनि क्षति पुऱ्याउँदैआएको छ। यो नदी हाल यस जिल्लाको जनजीवनमा नै प्रतिवाधकको रूपमा रहेको छ। भविष्यमा बागमती सिचाइ योजना अन्तर्गत यस नदीबाट सिचाइ सुविधा उपलब्ध गर्ने कार्यक्रम छ।

लालबकैया नदी

यस जिल्लाको उत्तरी सीमानादेखि आएको घनसार खोलाबाट बीचमा फुटी बनेको लालबकैया नदी यहाँको अर्को एउटा मुख्य नदी हो। यो बकैया नदी सदरमुकाम गौरको पश्चिमी भागमा पर्दछ। यो नदी पनि बागमती जस्तै अनियन्त्रित र ठूलो नदी भएकोले यसमा वर्षा याममा बराबर बाढी आउने गर्दछ। यसले जिल्लाको सदरमुकामबाट अन्य मुख्य ठाउँहरूको आवागमनलाई छिन्न भिन्न पार्दछ। यो नदीबाट पनि सिचाइका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नहरहरूलाई सालसालै खतरा पुऱ्याउँछ। आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लाको पश्चिम भागतिरबाट बग्ने लालबकैया नदी पूर्वतर्फ सर्दै आइरहेको थियो। फलतः यसले त्यस क्षेत्रको नहर प्रणाली अन्तर्गत देवाही माइनर तथा भगवानपुर माइनरलाई खतरा पुऱ्याएको थियो।

मानुष्मारा नदी

यस जिल्लाको पूर्वी सीमानातिर रहेको मानुष्मारा नदी बागमती नदीमा मिसिन गएको छ। यस मानुष्मारा नदीबाट लघु सिचाइ योजनाको रूपमा कच्ची कुलो तथा कच्ची बाँधहरू तयार गरिएका छन्। यसबाट सुदामा, अञ्चलगढ र मिर्जापुर, महिनाथपुर, छटोल बखरी, खैरवा सिसौट आदि स्थानको जमीन सिचाइ हुने गरिएको छ।

चानी नदी

यस जिल्लाको उत्तरी क्षेत्रको भावर इलाकाको चन्दी खोला दक्षिणतर्फ बगी मध्यभागमा पुगेपछि यसलाई चानी नदी भनिन्छ। चानी नदी पनि यहाँको एक ठूलो नदी मानिन्छ। यो नदी बागमतीमा मिसिन गएको छ।

झाँझ नदी

यस जिल्लाको मध्यभागमा रहेको झाँझ नदीबाट झाँझ सिचाइ योजना अन्तर्गत सिचाइको सुविधा उपलब्ध गरिएको छ। यसबाट २० वटा गाउँ पञ्चायतहरूमा सिचाइ सुविधा पुगेको छ। यहाँका अन्य सानातिना नदी खोला मुख्यतः घनसार खोला, लाम खोला, बलुवाजब्दी नदी र भकुवा नदी हुन्।

प्राकृतिक वनस्पति

तराई जिल्ला भएकोले यहाँ उष्ण सदा बहार वनको प्रधान्यता छ। ती वनमा विशेषगरेर सालको रूखको बाहुल्यता हुन्छ। नदीको बगर भागमा घाँसे मैदान पाइए तापनि पुराना बलौटे भागमा खयर र सिसौका पतझड वन रहेका छन्। यहाँको मुख्य वन उत्तरी भागमा छ। यहाँको उत्तरी भागदेखि दक्षिणी भागसम्मका धेरैजसो पञ्चायतहरूमा पनि वनहरू छन्। दक्षिणी भागमा धेरैजसो बस्ती भइसकेकोले यसतर्फको वन पातलो हुँदैगएको छ। यहाँको डुमरिया वनमा पाइने वृक्षहरू मुख्यः साल, सिसौ, खयर, कर्मा, सतिसाल, पाजन, गभार आदि हुन्। यहाँका वन पैदावारमा मुख्य काठ दाउरा, जङ्गली जीवजन्तु, हाडछाला, जरीबूटी, घाँस, पात, खर, बाँस, चरम भूम, मह र ढुङ्गा हुन्।

पशुपक्षी

यस जिल्लाको जङ्गलमा हात्ती, जरायो, बाघ, चित्तल, भालू, मृग, बंदेल, चितुवा, रातो बाँदर, ढेड़ बाँदर, लुइँचे, कालिज, मयूर, मैना, सुगा, सुन ढुकुर आदि पाइन्छन्। तर वन जङ्गलको अतिक्रमणबाट धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जसो चित्तल, बंदेल, मृग, लुइचे जस्ता जङ्गली जीवजन्तुमा आघात पुगेको छ। यस जिल्लामा रहेको डुमरिया वन कार्यालयको चार किल्ला प्राकृतिक चौहद्दी रहेको छ। यसको पूर्वमा बागमती नदी, पश्चिममा घनसार खोला, दक्षिणमा नम्बरी आवादी (वन सीमानादेखि बाहिरको) र उत्तरमा चुरे पहाडको पानी ढलो (टुप्पादेखि दक्षिण फर्केको पहाड) छन्। उक्त चौहद्दी भित्रको जङ्गललाई चार ब्लकमा विभाजन गरिएको छ। यस जिल्लाको विभिन्न स्थानको वन जङ्गल अतिक्रमण भएको थियो। यस्तो अतिक्रमण भएको ठाउँमा बसोबास सबै उठाई बाली लगाउन नदिई रेखदेख पनि हुनेगरेको छ।

हावापानी

नेपाल अधिराज्यको दक्षिण–पूर्वमा परेको अन्य तराई जिल्ला जस्तै यस रौतहट जिल्लामा उष्ण मनसुनी हावापानीको प्रभाव पाइन्छ। यस जिल्ला र यसको छिमेकी बारा जिल्लाको तापक्रममा खास फरक रहँदैन। यस जिल्लामा तापक्रम नाप्ने अवलोकन केन्द्र छैन। बारा जिल्ला अन्तर्गत पर्ने परवानीपुर जलवायु केन्द्रको मौसमी अभिलेखअनुसार सन् १९६७ देखि १९७० सम्मको आधारमा परवानीपुरमा औसत अधिकतम र न्यूनतम तापक्रममा क्रमशः ३१° र १७° सेन्टिग्रेड रहने गरेको देखिन्छ। परवानीपुरमा जेठको शुरुदेखि तेस्रो हप्तासम्म अधिकतम तापक्रम ४१°–४२° सेन्टिग्रेडसम्म पुग्ने र न्यूनतम तापक्रम ३°–४° सेन्टिग्रेडसम्म झर्ने गर्दछ। सोही ठाउँमा सापेक्षिक आर्द्रता असारदेखि भदौसम्मको अवधिमा ८० देखि ९० प्रतिशत रहन्छ।

नेपाल राष्ट्र बैंकद्वारा सम्पन्न कृषि सर्वेक्षण २०२८ अनुसार जिल्लाको वार्षिक वर्षा १,०१६ मिलिमिटर देखि १,५२४ मिलिमिटरसम्मको अन्तरमा हुने गर्छ र यहाँ वर्षा खासगरी असार,-साउनमा नै हुने गर्छ। यस जिल्लाको दक्षिण भेकमाभन्दा उत्तरी भेकमा बढी मात्रामा वर्षा हुने गर्छ। यस जिल्लाको उत्तरी भेकमा पर्ने वरंया रमौलीमा मात्र वर्षा नाप्ने केन्द्र रहेकोले त्यहाँ लिइएको सन् १९६९ र १९७० को वर्षाको परिमाण निम्नअनुसार दिएको छः–

वर्षाको तालिका (मिलिमिटरमा)

वर्षा	१९६९	१९७०
जनवरी	२.०	२५.२
फेब्रुअरी	२.२	२६.२
मार्च	३५.६	६.४
अप्रिल	६६.९	३५.६
मे	४७.५	२२.३
जून	३२५.२	३४१.३
जुलाई	४१८.८	५१९.४
अगष्ट	४३५.०	२५०.९
सेप्टेम्बर	३०७.५	३४८.७
अक्टोबर	१.७	२९.६
नोभेम्बर	०.७	०.०
डिसेम्बर	०.०	०.०
जम्मा:–	१,६४३.१	१,६०५.६
२४ घण्टाभित्र सबभन्दा बढी पानी परेको	१०७.८ जुलाई ८	१४५.८ जुलाई २५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

नारायणी अञ्चलका खासगरी बारा, पर्सा र मकवानपुर जिल्लाहरूका प्राचीन इतिहाससँग यस रौतहट जिल्लाको ऐतिहासिक पृष्ठभूमि आबद्ध रहेको छ। यी जिल्लाहरूका ऐतिहासिक पृष्ठभूमि सम्बन्धी परिच्छेद तर्फ पनि ध्यान आकर्षित गर्दै यस जिल्लाको ऐतिहासिक पृष्ठभूमि संक्षिप्तमा यहाँ दिइएको छ।

रौतहट जिल्लाको प्राचीन इतिहास बारेमा यकीन भन्न सकिंदैन तापनि यस इलाका बृहत लिच्छविकालीन नेपाल राज्यभित्र नै परेको हुनु पर्दछ। कारण लिच्छविकालमा अधिराज्य करीब करीब आजको नेपाल जत्तै थियो। पछि रौतहट इलाका तिरहुँत राज्य भित्र पर्दथ्यो। ई. सं. १०९७ मा सिमरौनगढ विजय गरी नान्यदेवले राज्य गर्न थाले। यस वंशलाई कर्णाटवंश भनिन्छ, कारण नान्यदेव कर्णाटको राजा विक्रमादित्य छैठौं अथवा विक्रमादित्य छैठौं र चेदी राजा कर्णको उत्तर भारत हमलाको सिलसिलामा तथा सेनापति भई आएका थिए। तर पछि उनले मौका छोपी आफ्नै स्वतन्त्र राज्य खडा गरे। डा. उपेन्द्रनारायण ठाकुरको अनुसार चंपारण (नान्यपुर) को स्तम्भ लेखको आधारमा नान्यदेवले सन् १०९७ मा सिमरौनगढ आफ्नो राजधानी बनाए।[1]

यस वंशमा नान्यदेव, अर्जुनदेव, नरसिंहदेव, रामसिंह देव र हरिसिंह देव राजा भए भनि गोपाल राज वंशावलीमा लेखिएको छ[२] तर केसर पुस्तकालयस्थित वंशावलीमा नान्यदेव, गङ्गदेव, नरसिंह देव, रामसिंह देव, कर्मसिंहदेव र हरिसिंहदेव राजा भए भनी उल्लेख गरेको छ।[३] प्रताप मल्लको अभिलेख अनुसार नान्यदेव, गङ्गदेव, नरसिंहदेव, रामसिंह, शक्तिसिंह, भूपालसिंह तथा हरिसिंहदेव राजा भए। यी शासकहरूको तथ्य इतिहास अझ लेख्न बाँकी नै छ।

रामसिहको पालामा तिब्बती बौद्ध यात्री तिरहुँतमा पसेका थिए। उक्त बौद्ध यात्री धर्मस्वामीले राजा रामसिंहसँग भेटेका पनि थिए। मुसलमानको आक्रमणको डरले दरबार सैनिक दृष्टिकोणबाट सुसज्जित थियो। धर्मस्वामी उक्त राज्यमा १२३४ ई. सं. मा गएका थिए।[४]

---

1. Thakur, U.— History of Mithila, p. 241; तारानन्द मिश्र–गणेश्वर तथा सिमरौन गढका मन्त्री पुरोहितहरू, प्राचीन नेपाल, संख्या २४, पृष्ठ ३५–४१
२. गोपालराजवंशावली, पृष्ठ–३४ (ख), ३५ (क)
३. केसर पुस्तकालयस्थित वंशावली पृष्ठ–१५
४. Roerich—Biography of Dharmaswamin, pp.57-60; 98-100

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरिसिंहदेवलाई गयासुद्दीन तुगलकले सन् १३२४ मा हराएपछि भागी उनी तीन पाटन दोलखामा पुगे। त्यहिं उक्त राजाको मृत्यु भयो। उनका छोरा जगतसिंह र रानी देवलदेवी काठमाडौंमा शरण लिन आए। सिमरौनगढलाई मुसलमानहरूले ध्वस्त गरे।[1]

हरिसिंहदेव सिरौनगढबाट भागेपछि सुल्तान गयासुद्धीनले निक्कै ठूलो लूट हातमा पारी तिरहुँत (सिम्रौनगढ लगायत) को शासन मलिक तुग्लिधका छोरा अहमद खाँको जिम्मा छोडी दिल्लीतर्फ लागे वा निज सुल्तानले उनका महेश्वर ठाकुर नाम गरेका ब्राह्मण मन्त्रीलाई मिथिलाको राजा बनाई सिमरौनगढ क्षेत्रमा सुगोना राजवंश स्थापना गराए भन्ने मत पनि रहेको देखिन्छ। यसरी दिल्लीको सुल्तानको हमलापछि सिम्रौनगढ क्षेत्रमा रहेको आधिपत्यका सम्बन्धमा विभिन्न अन्तर मत देखिन्छ। तर रौतहट लगायतको सिमरौनगढ क्षेत्रमा हरिसिह देवको पराजय पछि सुल्तानद्वारा मनोनीत व्यक्तिद्वारा नै शासन सञ्चालन भएको धेरै सम्भव छ। यसपछि कतिपय वर्षसम्म सिमरौनगढमाथि शासनाधिपत्य सम्बन्धी ऐतिहासिक जानकारीको कमी नै रहेको देखिन्छ।

सिमरौनगढ क्षेत्रमा कर्णाटवंशका शासनाधिपत्य अन्त्य भएको पुग नपुन दुई शताब्दीतिर रौतहट लगायतका पूर्वी तराईहरू पाल्पाली सेनवंशी राजाहरूको हातमा रहन गए। यस क्रममा पाल्पाली सेन वंशका राजा मुकुन्द सेन (प्रथम) को ई. सं. १५१८–१५५३ को राज्यकालका बीच यिनका छोरा लोहाङ सेनले रौतहट इलाका सहित कोशी क्षेत्र दखल गरे। यसपछि राजा मुकुन्द सेनको वृद्धावस्थामा उक्त विशाल राज्य उनका छोरा, भतिजाहरूमा बाँडफाड हुँदा सो भू-भागमा लोहाङ सेनको आधिपत्य जम्न गयो। कोशी क्षेत्रका राजा लोहाङ सेन पछि यस कोशी क्षेत्रमा उनकै छोरा राघव सेन र त्यसपछि हरिहर सेन राजा भए। हरिहर सेनको पालामा कोशी क्षेत्रको राज्यको भागबण्डा हुँदा कोशीभन्दा पश्चिमको इलाका उनकै कान्छा छोरा शुभ सेनलाई पर्न गयो। यसरी रौतहट राज्यको विभाजन भयो। फलतः कमला नदीदेखि पश्चिमको राज्य उनकै कान्छा छोरा माणिक्य सेन (माणिक सेन) लाई प्राप्त हुन गयो। मकवानपुर समेतको राजा भएका उनै माणिक्य सेनको अधीनमा रौतहट रहन गयो। बीसवर्ष पर्यन्त शान्तिपूर्वक राज्य गरेका माणिक्य सेनको शेषपछि उनका जेठा छोरा हेमकर्ण सेनले मकवानपुरको पैतृक राजगद्दीमा बसी रौतहट लगायतको मकवानपुर क्षेत्रमा शासन चलाए। मकवानी राजा हेमकर्ण सेनले आफ्नी छोरी इन्द्रकुमारीको विवाह त्यसबेला गोरखाका युवराज पृथ्वीनारायण शाहसँग सम्पन्न गरिदिएका थिए। तर सो समयमा पृथ्वीनारायण शाह र मकवानपुरका गद्दीका उत्तराधिकारी दिग्बन्धन सेन (हेमकर्णका छोरा) का बीच कचिङ्गल उत्पन्न भई गौना पनि रोकिन गएको थियो।

पृथ्वीनारायण शाहको इन्द्र कुमारीसित विवाह भएको केही वर्ष पश्चात् मात्र धादिङ गढीनिरको मैधिमा गौनाको कार्य सम्पन्न हुन सक्यो। गौनाको अवसरमा मकवानी राजा हेमकर्ण सेनले आफ्नी छोरी इन्द्रकुमारीलाई प्रशस्त दाइजो र ज्वाइँ पृथ्वीनारायण शाहलाई आवश्यक उपहार दिएका थिए।

हेमकर्ण सेनको शेषपछि उनका छोरा दिग्बन्धन सेन मकवानी राजा भए। विवाहको समयमा झगडा भएका आफ्ना जेठान मकवानी राजा दिग्बन्धन सेनको राज्यकालमा (ई. सं. १७६२ मा) पृथ्वीनारायण शाहबाट आफ्ना तीनजना भाइ कीर्तिमहोद्दम शाह, दलपति शाह र दलजित शाहको नेतृत्वमा मकवानपुर विजय गर्न फौज पठाए। ई. सं. १७६२ मा नै उक्त गोरखाली फौजले मकवानपुर विजय गरी मकवानपुरको भावर, बडियादेखि कमलासम्मको पर्सा, बारा, रौतहट, सर्लाही र महोत्तरी समेत धनहर जमीन भएका तलहट्टीका पाँच जिल्ला गोरखा राज्यमा मिलाए। यसप्रकार रौतहट इलाका वर्तमान नेपालमा सम्मिलित भएको हो।

1. Vaidya, T.R.—Devaladevi, The wife of Harisimhadeva, Nepal Review, Feb. Issue, 1969

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मकवानपुर उपर गोरखालीको विजयको एक वर्ष पश्चात् (वि. सं. १७६३) पराजित मकवानी राजा दिग्बन्धन सेनले बङ्गाल र बिहारका नवाव कासिम अलि खाँको सहायताबाट मकवानपुरमाथि प्रत्याक्रमण गरे। तर यिनको हार भयो। फलतः रौतहट लगायत मकवानपुर क्षेत्र नेपालमा नै रह्यो।

नेपाल अधिराज्यमा एकीकरण भइसकेको यस रौतहट जिल्लामा सन् १८१४ मा महत्वपूर्ण ऐतिहासिक घटना घटेको यहाँ संक्षिप्तमा उल्लेख गरिएको छ। सन् १८१४ मा नेपाल सरकार र भारतको कम्पनी सरकार (इष्ट इण्डिया कम्पनी) का बीच सीमानाको कुरा समेतलाई लिएर युद्ध हुँदा यस रौतहट जिल्लाको मध्यभागमा पूर्वतिर रहेको समनपुरमा पनि अंग्रेज फौज र नेपाली फौजका बीच लडाइँ भएको थियो। सन् १८१४ नोभेम्बर ६ तारीखका दिन इष्ट इण्डिया कम्पनी सरकारले मेजर जनरल मार्लेलाई ७,९८९ जवान फौज र २६ तोप लिई काठमाडौं हान्ने आदेश दिएको थियो। ई. सं. १८१४ डिसेम्बर १२ तारीखका दिनमा मे. ज. मार्लेले पचरौटी भन्ने ठाउँमा आफ्नो कब्जा जमाउनु अघि नै मेजर ब्रेडशाको नेतृत्वमा अंग्रेजी फौजले रौतहट जिल्लाको समनपुरमा चौकी खडा गरिसकेका थिए। तर मे. ज. मार्लेले समनपुरको निमित्त आफ्नो थप फौज नपठाएको मौका पारी ई. सं. १८१५ जनवरीमा सर्वजित थापाको नेतृत्वमा नेपाली फौजले समनपुरको अंग्रेजी चौकी उपर आक्रमण गरी विजय प्राप्त गर्‍यो। समनपुर कब्जा गरिबसेका अंग्रेजी फौजको भागाभाग भयो। नेपाली फौजले समनपुरमा अंग्रेजी फौजका हात हतियार र गोली गट्ठा पनि आफ्ना हातमा पारे। यहाँ सहायतामा पठाएका अंग्रेजी फौजले नेपाली फौजको अगाडि बढ्न साहस गरेन, बरू भागाभाग गर्‍यो। यसरी नेपाली फौजले समनपुरमाथि पूर्ण कब्जा गरी एकीकृत नेपाल अधिराज्यको सुरक्षा गरे। यसप्रकार रौतहटको समनपुर उक्त युद्धले गर्दा ऐतिहासिक दृष्टिकोणबाट महत्वपूर्ण हुन गएको छ। सीमापारि भारतीय क्षेत्रहरूमा समनपुरलाई अझै लडैया समनपुर भन्ने चलन छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

गौर

यस रौतहट जिल्लाको पूर्व–पश्चिम भागमा रहेका बागमती र बकैया जस्ता ठूला अनियन्त्रित नदीका बीचमा रही दक्षिणतर्फ भारतको मुज्जफरपुर जिल्ला अन्तर्गतको वैरगनिया सीमासँग जोडिएको "गौर" रौतहट जिल्लाको सदरमुकाम हो। यो ठाउँको उचाइ समुद्र सतहबाट १२२ मिटर (४०० फीट) छ। वि. सं. २०२८ मा गौर पञ्चायतको जनसंख्या ४,७२८ थियो। गौरमा बसोबास भएको विभिन्न जातिहरूमध्ये मुख्यतः यवार, यादव, राजपूत, कलवार, मुसलमान र नेवार हुन्।

वि. सं. १९९० देखि मात्र रौतहटको सदरमुकामको रूपमा रहिआएको यस स्थानीय प्रशासनिक केन्द्र गौरमा प्रमुख जिल्ला अधिकारीको कार्यालयका अतिरिक्त धेरैजसो जिल्लास्तरीय सरकारी कार्यालयहरू रहेका छन्। यहाँ गौर गाउँ पञ्चायत, रौतहट जिल्ला पञ्चायत र नेपाल किसान, युवक र महिला संगठनका जिल्लास्तरीय कार्यालयहरू पनि रहेका छन्।

यस ठाउँमा आकाशवाणीको सुविधा प्राप्त छ। यहाँ रहेको १५ शय्यायुक्त अस्पतालबाट जनस्वास्थ्य सेवा उपलब्ध छ। यहाँ इनार र ट्यूबवेलद्वारा खानेपानीको व्यवस्था भएको छ। ग्रामीण क्षेत्रको रूपमा रहेको भए पनि यस ठाउँमा बिजुली सुविधा पनि उपलब्ध छ। यहाँ दुई वटा प्राथमिक विद्यालयका अतिरिक्त एउटा माध्यमिक विद्यालय र एउटा पुस्तकालय पनि रहेका छन्।

गौर यस जिल्लाको प्रमुख व्यापार केन्द्र तथा बजार हो। जिल्लाभरमा सबभन्दा बढी गोला र पसलहरू यहाँ नै रहेका छन्। यहाँ कृषि खरीद बिक्री संस्थान र जनकपुर चुरोट कारखाना, राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक र कृषि विकास बैंकका शाखाहरू पनि रहेका छन्। यस ठाउँमा प्रत्येक हप्ता दुई पटक हाट बजार लागदछ। हाट बजारमा खासगरी खाद्यान्न, कपडा र शृङ्गारका सामानहरू बिक्रीका लागि राखिएका हुन्छन्। औद्योगीकरणको क्षेत्रमा अझै पछाडि परेको यस रौतहट जिल्लाको गौरमा चामल, बिडी कारखाना र ईंटा चिम्नी भट्टा जस्ता केही उद्योग रहेका छन्। गौर भारतको वैरगनिया बजारबाट करीब दुई किलोमिटर टाढा रहेकोले यी दुई स्थानहरू बीच सीमाना व्यापार पनि सञ्चालन हुने गरेको छ। यस जिल्लाको अधिकांश निकासी पैठारी व्यापार यसै गौर बजार भएर गौर पञ्चायत क्षेत्रभित्र स्थित मूल भन्सार मार्फत सञ्चालन हुने गरेको छ।

गौरमा आवत-जावतको लागि भारतको वैरगनियासम्म आउने रेलवे सुविधाजनक मानिन्छ। गौर र वैरगनिया रेलवे स्टेशनका बीच मुख्यतः टाँगा जस्तो यातायातका साधनद्वारा निक्कै आवत-जावत हुने गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बारा जिल्लाको सदरमुकाम कलैया र गौरको बीच पुरानो कच्ची सडक छ। साथै गौरमा आवागमन गर्ने वैकल्पिक मार्गको रूपमा रहेको छ।

कटहरवन

सदरमुकाम गौरको पूर्व बागमती नदीको किनारमा अवस्थित कटहरवन गाउँ वि. सं. १९९० सालसम्म रौतहतको सदरमुकामको रूपमा रहेको थियो त्यस बेला यहाँ नै स्थानीय स्तरका अड्डाखानाहरू रहेका थिए। पूर्वमा रहेको बागमती नदीको बाढीले यहाँ बराबर हानी पुऱ्याउनेगरेको र त्यसमाथि पनि वि. सं. १९९० को भूकम्पबाट निकै नोक्सानी पुगेकोले यो स्थलबाट वि. सं. १९९० मा गौरमा सदरमुकाम सारियो। पुरानो सदरमुकामको दृष्टिकोणबाट ऐतिहासिक स्थल मान्न सकिने कटहरवन गाउँ पञ्चायतको जनसंख्या वि. सं. २०२८ मा १,४२६ थियो। यहाँ मुख्यतः यादव जातिको बस्ती छ।

चन्द्रनिगाहापुर

यस रौतहट जिल्लाको उत्तरी भागमा रहेको चन्द्रनिगाहापुर राणा शासनकालमा प्रधानमन्त्री चन्द्र शम्शेरको पालामा बस्ती बसेको ठाउँ हो। उनैको स्वीकृतिबाट यहाँ बस्ती बसेको हुँदा यो ठाउँको नाउँ "चन्द्रनिगाहापुर" रहन गएको हो। वि. सं. २०२८ मा "चन्द्रनिगाहापुर" गाउँ पञ्चायतको जनसंख्या ४,६८० थियो। यस जिल्लाभरमा सबभन्दा बढी जनसंख्या भएका केही गाउँ पञ्चायतहरूमध्ये चन्द्रनिगाहापुर पनि एक हो। यहाँ आदिबासी थारू र कहरिया जातिको बस्ती ज्यादातर छ। उत्तरी रौतहटको यसै ठाउँबाट नै बारा-जनकपुर (पथलैया-ढल्केबार) खण्डको महेन्द्रराजमार्ग गएको हुँदा यो ठाउँको महत्व अब झन् बढ्नगएको छ। यहाँदेखि गौरसम्म कच्ची सडक पनि गएको छ। वरपर वन जङ्गल क्षेत्रको बीचमा रहेको यसै चन्द्रनिगाहापुरमा डुमरिया वन कार्यालय पनि रहेको छ।

समनपुर

यस रौतहट जिल्लाको मध्य भागमा पूर्वतिर रहेको समनपुर जनवरी १, १८१५ ई. मा नेपाली फौज र अंग्रेज फौजका बीच घमासान युद्ध भएको स्थल हो। रौतहट लगायत मकवानपुर क्षेत्र नेपालमा एकीकरण भइसकेपछि सन् १८१४ मा अंग्रेजहरूसित भएको युद्धको सिलसिलामा सर्वजित थापाको नेतृत्वमा रहेको नेपाली फौजले समनपुरको अंग्रेजी चौकी माथि आक्रमण गरी अंग्रेजी फौजलाई पराजित गरेको थियो। नेपाल अधिराज्यकै तत्काल सुरक्षा हुने गरी अंग्रेजी आक्रमणकारीहरूलाई बिलकुलै धपाएको यो ऐतिहासिक महत्वपूर्ण स्थल समनपुर सीमापारि भारतीय क्षेत्रहरूमा अझै लडैया समनपुरको नामले प्रख्यात रहेको छ।

वि. सं. २०२८ मा जनसंख्या ३,५५४ रहेको यो समनपुर रौतहट जिल्लाको धेरै जनवाअादी भएको पञ्चायत क्षेत्रमध्ये एक हो। यहाँ मुख्यतः अहिर, बाहुन, क्षेत्री र नेवारको बस्ती छ। यस जिल्लाका केही प्रमुख बजारहरूमध्ये एक मानिएको यस समनपुरमा सप्ताहमा दुई दिन हटिया बजार पनि लागदछ। यहाँ भारतका गाउँहरूबाट सामान विक्रेताहरूको ओइरो लाग्छ। यस स्थानमा प्राथमिक विद्यालय, माध्यमिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालय र स्वास्थ्य चौकी पनि रहेका छन् । साथै यहाँ प्रहरी थाना र छोटी हुलाक पनि छन् । समनपुर बजारमा स्थापित राजदेवी मन्दिर नजीकै रहेको इनार अंग्रेजहरू त्यहाँ बस्दा बनाएको हो भनिन्छ ।

विश्रामपुर

उत्तर पूर्वी रौतहटमा रहेको यो विश्रामपुर गाउँ बजारको दृष्टिकोणबाट उत्ति महत्वपूर्ण नभए तापनि यस गाउँको आकार अरू धेरैजसो गाउँहरूभन्दा फरक छ । वि. सं. २०२८ मा यहाँको पञ्चायतमा ४,२५७ जनसंख्या रहेको थियो । यहाँ जयसवार कुर्मी जातिको ठूलो बस्ती छ । यहाँ प्रायमिक विद्यालयका अतिरिक्त एक निम्नमाध्यमिक विद्यालय पनि छ ।

विश्रामपुरको राजदेवी पोखरी र धनगढी भन्ने ढिस्को पुरातात्विक अन्वेषणको विषय हुनसक्छ । राजदेवी पोखरी करीब ४ . ३ हेक्टर जमीनमा फैलिएको छ । धनगढी ढिस्कोबाट ठूल–ठूला पुराना ढुङ्गाहरू फेला पर्छन् । कुनै समयमा यो ठाउँमा राजदरबार थियो भन्ने किम्वदन्ति पनि छ ।

पिप्राबजार

बागमती नदीको पश्चिमी किनारमा रहेको पिप्राबजार गङ्गा पिप्रा पञ्चायतमा पर्दछ । सदरमुकाम गौरबाट समनपुर र महेन्द्र राजमार्ग गएको चन्द्रनिगाहापुर जाने मूलबाटोमा परेकोले महत्व बढ्दै आएको यस पिप्राबजारमा प्रहरी चौकी, स्वास्थ्य चौकी आयुर्वेदिक औषधालय, हुलाक र निम्नमाध्यमिक विद्यालय छन् । पिप्राबजार सानो भए तापनि यो ठाउँलाई यस जिल्लाको एक व्यापार केन्द्र मानिएको छ । यहाँ हप्ताको दुई पटक हाट बजार पनि लाग्दछ । यो बजारमा गोरु,बयलहरूको पनि खरीद विक्री हुन्छ । यस्तो व्यापारिक कारोवार मा भाग लिन भारतको सीतामढी, ढेंग, वैरगनियाबाट यहाँ निकै मानिसहरू आउनेगर्छन् । वि.सं. २०२८ मा २,५४५ जनसंख्या भएको गङ्गापिप्रा पञ्चायत क्षेत्रमा बागमती नदीको बाढीले काटिएको मतसरी गाउँका पीडित परिवारहरूलाई सारिएको पनि थियो । यीमध्ये धेरैजसोलाई नेपाल रेडक्रसबाट बसोबासको व्यवस्था पनि भएको थियो ।

कटहरिया

रौतहट जिल्लाको उत्तर-पश्चिम भागमा बकैया नदीको किनारमा रहेको कटहरिया गाउँ पञ्चायत अन्तर्गत कटहरिया, बहादुरपुर, बलुवा, कहटरिया टोला समेत पर्दछन् । वि. सं. २०२८ मा यस पञ्चायतको जनसंख्या २,६७७ थियो । यहाँ प्रहरी थाना, स्वास्थ्य चौकी, हुलाक, औलो उन्मूलन संघको कार्यालय रहेकाछन् । यो कटहरियालाई पनि बजार मानिन्छ । यहाँ प्रत्येक हप्तामा दुई पटक हाट बजार लाग्दा भारतको घोडासन भन्ने ठाउँबाट मानिसहरू सामान बेच्न आउँछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार यस जिल्लाको जनसंख्या ३,२०,०९३ छ। यसमध्ये पुरुष १,६४,३६९ (५१.३ प्रतिशत) र महिला १,५५,७२४ (४८.७ प्रतिशत) छन्। उक्त जनगणनाअनुसार महिलाभन्दा पुरुष ८,६३५ जना बढी रहेको देखिन्छ।

जनसंख्याको दृष्टिकोणबाट यो जिल्ला नारायणी अञ्चलको पहिलो, मध्यमाञ्चल विकास क्षेत्र एवं नेपाल अधिराज्यको चौथो जिल्ला हो। नेपाल अधिराज्यमा सबभन्दा बढी जनसंख्या भएको क्रमशः काठमाडौं, धनुषा, महोत्तरी जिल्लाहरू पछि यस रौतहट जिल्लाको स्थान आउँछ।

नारायणी अञ्चलको पाँच जिल्लाहरूमध्ये सबभन्दा कम क्षेत्रफल भई सबैभन्दा बढी जनसंख्या भएको यो जिल्ला सो अञ्चलको सबभन्दा बढी प्रति हेक्टर जनघनत्व भएको जिल्ला पनि हो। राष्ट्रिय जनगणना २०२८ अनुसार १,२५,९०० हेक्टर क्षेत्रफल भएको यो जिल्लाको जनघनत्व २.५ प्रति हेक्टर छ अर्थात् यहाँको १० हेक्टर जमीनमा २५ जना मानिसको बसोबास भएको देखिन्छ।

यस जिल्लामा ०–५ वर्ष उमेरका शिशुहरू ५७,५२१ (१८. प्रतिशत), छ वर्षदेखि १५ वर्षसम्मका विद्यालय जाने केटाकेटीहरू ६५,९४८ (२०.६ प्रतिशत) र १६ वर्ष र सोदेखि माथि उनेरको जनसंख्या १,९६.६२४ (६१.४ प्रतिशत) रहेको देखिन्छ।

यस जिल्लाको विभिन्न उमेर समूहको जनसंख्याको विवरण तल दिइएको छः–

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५	२८,४२१	१७.३	२९,१००	१८.७	५७,५२१	१८.०
६–१५	३७,२१८	२२.६	२८,७३०	१८.४	६५,९४८	२०.६
१६ देखि माथि	९८,७३०	६०.१	९७,८९४	६२.९	१,९६,६२४	६१.४
जम्माः–	१,६४,३६९	१००.०	१,५५,७२४	१००.०	३,२०,०९३	१००.०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकामा देखाइएको जनसंख्यामध्ये १० वर्षदेखि ५९ वर्षका मानिसहरूलाई सक्षम अथवा आर्थिक लाभ हुने काम गर्न सक्ने मानिएको छ। बाकी नौ वर्षसम्मका बालबालिका र ६० वर्षभन्दा माथिका मानिसहरूलाई आश्रित अथवा आफ्नो जीविकाको लागि अरू माथि भर पर्नु पर्ने जनसंख्या मानिएको छ। यसरी हेर्दा यस रौतहट जिल्लामा १,१०,८१० पुरुष र १,०१,०४८ महिला गरी जम्मा २,११,८५८ जना सक्षम जनसंख्या रहेको देखिन्छ। त्यस्तै नौ वर्षसम्मको जनसंख्या ८९,४८६ र ६० वर्ष र सोभन्दा माथिको जनसंख्या १८,७४९ गरी जम्मा १,०८,२३५ जना आश्रित जनसंख्या भएको देखिन्छ। जिल्लाको सक्षम र आश्रित जनसंख्याको अनुपात हेर्दा १०० सक्षम व्यक्तिले आफू बाहेक अरू ५१ जनाको आर्थिक भार सहनु पर्ने देखिन्छ अर्थात् यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:५१ रहेको देखिन्छ।

तर अन्तर्राष्ट्रिय परिपाटीअनुसार यसै अनुपातलाई हेर्दा केही फरक देखिन्छ। सो परिपाटी अनुसार १५ देखि ६४ वर्षसम्मको जनसंख्यालाई सक्षम भनिन्छ। १४ वर्षसम्मको विद्यालयमा जाने उमेरको जनसंख्या तथा ६५ र सोभन्दा बढी उमेरको जनसंख्यालाई आश्रित जनसंख्या मानिएको छ। यसरी हेर्दा ९७,४६६ पुरुष र ९४,०७६ महिला गरी जम्मा १,९१,५४२ सक्षम र १४ वर्षसम्मको १,१८,४९७ तथा ६५ र सोभन्दा माथिको १०,०५४ गरी जम्मा १,२८,५५१ जना आश्रित जनसंख्या रहेको देखिन्छ। यहाँको आर्थिक निर्भरताको अनुपात हिसाब गर्दा १००:६७ हुन आउँछ अर्थात् प्रत्येक १०० जनाले अरू थप ६७ जनाको आर्थिक बोझ खप्नु पर्ने देखिन्छ।

यस जिल्लाको कुल जनसंख्या ३,२०,०९३ मध्ये १५० जना व्यक्ति बाहेक बाँकी ३,१९,९४३ जना परिवारमा बस्दछन्। यहाँको कुल परिवार संख्या ६७,२५९ छ। यहाँको परिवारको संरचनामा एक व्यक्तिदेखि लिएर २० जनाभन्दा बढी व्यक्तिहरू भएको परिवार पनि छन्। यहाँको औसत परिवार आकार ४.८ रहेको छ। यहाँको परिवारहरूमध्ये चार जना सदस्य भएको परिवार संख्या १२,०३५ सबभन्दा बढी अर्थात् कुल परिवार संख्याको करीब १८ प्रतिशत छ। तर २० जना र सोभन्दा बढी सदस्य भएको परिवार संख्या केवल ९२ मात्र छ।

यस जिल्लामा आर्थिक दृष्टिकोणबाट सक्रिय हुन सक्ने १० वर्षदेखि माथिका उमेर समूहको जनशक्तिको कुल संख्या २,३०,१९३ छ। यो उपलब्ध जनशक्ति यहाँका कुल जनसंख्याको ७२ प्रतिशत हुन आउँछ। उक्त उपलब्ध जनशक्तिमध्ये १,१३,२६३ जना (४९.२ प्रतिशत) आर्थिक दृष्टिले सक्रिय छन्।

यस आर्थिक दृष्टिले सक्रिय जनसंख्या कुन कुन व्यवसायमा लागेका छन् भन्ने कुरा तलको तालिकाबाट देखिन्छः–

व्यवसाय वर्गीकरण	जम्मा संख्या
कृषि, वन र माछा पालन	१,०८,६०५
उद्योग	६४४
विद्युत्, ग्यास र पानी	४
निर्माण	१८
वाणिज्य	१,२५८
यातायात तथा सञ्चार	६६
लगानी तथा व्यावसायिक सेवा	३३
व्यक्तिगत तथा सामुदायिक सेवा	२,६३५
जम्माः–	१,१३,२६३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा आर्थिक दृष्टिकोणले सक्रिय जनशक्तिको ९६ प्रतिशत कृषि, वन र माछापालन व्यवसायमा केन्द्रित रहेको छ। यहाँको दोस्रो सबभन्दा महत्वपूर्ण व्यवसाय व्यक्तिगत तथा सामुदायिक सेवामा संलग्न जनशक्तिको २.३ प्रतिशत मात्र छ। अन्य व्यवसायमा लागेका जनशक्ति संख्या नगण्य नै छ। यसबाट यहाँको अर्थ व्यवस्था कृषिमा नै आधारित रही अन्य गैर कृषि क्षेत्र सम्बन्धी व्यवसायको विकास हुन बाँकी नै रहेको कुरा स्पष्ट हुन्छ।

यहाँको जनसंख्यामा विदेशमा जन्मेका व्यक्तिहरू १७,३९४ जना छन्। विदेशमा जन्मेका यहाँको महिला जनसंख्या १४,४५९ मध्ये १४,४४७ जना भारतमा जन्मेका छन्। त्यसमध्ये केवल ८३९ जना महिला मात्र भारतीय नागरिक छन्। भारतमा जन्मेका महिलाहरूको विवाह यस जिल्लामा भएको हुनाले पनि यो तथ्य देखापरेको हो।

यस जिल्लाको जनसंख्यामा १,५७८ जना मात्र गैर-नागरिक छन्। यस संख्यामध्ये भारतीय १,४८४ जना र अन्य ९४ जना छन्। विदेशी गैर नागरिक व्यक्तिहरूमा पुरुष ६७८ जना र महिला ९०० जना छन्।

भाषा–भाषी

यहाँ राष्ट्र भाषा नेपालीको अतिरिक्त विभिन्न भाषाहरू प्रचलित छन्। यहाँ भोजपुरी भाषाको व्यवहार- कै प्रधानता रहेको छ। यहाँको जनसंख्याको करीब ८८.२ प्रतिशत २,८२,२१४ व्यक्तिहरूको मातृभाषा भोजपुरी नै रहेको छ। यहाँ नेपाली भाषाले दोस्रो स्थान कुल जनसंख्याको ४.५ प्रतिशत ओगटेको छ। नेपाली भाषा जिल्लाका प्रायः सबै भागका मानिसहरू बुझ्दछन्।

नेपाली भाषाको प्रयोग दिन परदिन बढ्दो छ। यहाँ मैथिली भाषाको स्थान तेस्रो छ। अन्य भाषाहरू स्थानीय भाषा जस्तै तामाङ, अवधि,थारू,नेवारी, मगर, राई, किराती, गुरुङ, लिम्बू, शेर्पा र राजवंशी भाषाहरू पर्दछन्। यस जिल्लाको भाषागत विभाजन निम्न बमोजिम छः–

भाषा भाषी	जनसंख्या	कुल जनसंख्यामा प्रतिशत
भोजपुरी	२,८२,३१४	८८.२
नेपाली	१४,४१०	४.५
मैथिली	८,६२५	२.७
स्थानीय जिल्ला भाषा	१३,३१६	४.२
अन्य	१,४२८	.४
(तामाङ, अवधि, थारू, नेवारी, मगर, राई, किराती, गुरुङ, लिम्बू, शेर्पा, राजवंशी)		
जम्माः–	३,२०,०९३	१००.०

यस रौतहट जिल्लामा ग्वालाहरूको परिवारमा भोजपुरी र मैथिली मिश्रित भाषामा भोजपुरीभन्दा भिन्दै र मैथिलीको अपभ्रंश भएको मिश्रित भाषाको व्यवहार ज्यादातर छ। यहाँ मुसलमानहरूको समुदायमा हिन्दी र उर्दू मिसिएको भाषाको प्रयोग पनि हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल अधिराज्यका जिल्लाहरूमध्ये यस जिल्लामा सबैभन्दा बढी मुसलमान जनसंख्या रहेको छ। यहाँ मुसलमान जनसंख्या ४५,३३७ रहेको छ। यो जनसंख्या यहाँका कुल जनसंख्याको १४ प्रतिशत हुन आउँछ। देशको कुल मुसलमान जनसंख्या (३,५१,१८६) को २८.४(९९,७५० जना) अर्थात् आञ्चलिक दृष्टिकोणबाट सबैभन्दा बढी मुसलमानहरूको बसोबास भएको नारायणी अञ्चलको यस रौतहट जिल्लामा मुसलमान जनसंख्या नेपालको कुल मुसलमान जनसंख्याको १२.९ प्रतिशत रहेको छ। त्यस्तै यस जिल्लाको मुसलमान जनसंख्या नारायणी अञ्चलको मुसलमान जनसंख्याको ४५.४ प्रतिशत रहेको छ।

यस जिल्लामा हिन्दू धर्म मान्ने जनसंख्याको नै प्रधानता रहेको छ। हिन्दू धर्म मान्नेहरूको पछि दोस्रो स्थानमा इस्लाम धर्मको अनुयायीहरू छन् र अन्य धर्म मान्ने जनसंख्या नगण्य नै रहेको छ।

यस जिल्लाका बासिन्दाहरू आ-आफ्ना कुल धर्म र चलन अनुसार विभिन्न चाड पर्व मनाउँदछन्। यस जिल्लामा हिन्दू चाड पर्व ज्यादातर प्रचलित छन्। वैशाख संक्रान्ति, अक्षय तृतिया, एकादशी, श्रावण पूर्णिमा, कृष्णाष्टमी, रक्षाबन्धन, तीज, ऋषि पञ्चमी, दशैं, तिहार, माघे संक्रान्ति, वसन्त पञ्चमी, नाग पञ्चमी, होली पूर्णिमा, राम नवमी यहाँका सामान्य चाड पर्व हुन्। यहाँ सूर्यषष्ठी व्रतको ठूलो महत्व रहनेगरेको छ। यहाँ गाउँ गाउँमा रहेका दुर्गा, महावीर, शिवजी आदिका मन्दिरहरूमा पनि नित्य पूजा हुने गर्छ।

हिन्दू जातिमा नवजात शिशु जन्मेपछि जन्मेको छैठौं दिन छठीयार र संस्कार हुन्छ। शिशु जन्मेको पाँच वर्ष भित्र राम्रो मुहूर्त अनुसार खासगरी सूर्यषष्ठी व्रतका दिन साधारणतः मुण्डन संस्कार पनि गरिन्छ। यहाँ केही हिन्दू जातिमा विवाह गर्ने समयमा यज्ञपवित (व्रतबन्ध) पनि गरिन्छ र यज्ञोपवित पछि विवाह हुन्छ।

यहाँ मुसलमानहरूको चाड पर्वमध्ये ईद, वकर ईद, सोवरात, मुहर्रम आदि हुन्। इस्लाम धर्ममा पनि नवजात शिशु जन्मेपछि छठीयार गर्ने चलन छ। मुसलमानको विवाहमा प्रथमतः "निकाह" पढ्ने अर्थात् दुलहा दुलहीको विवाह सम्बन्धी मञ्जूरी लिने र सम्झौता गर्ने चलन छ। मुसलमान जातिमा मृतकलाई जमीन मुनि गाड्ने अर्थात् दफन गर्ने प्रथा छ।

यस जिल्लामा रहेका १३२ गाउँ पञ्चायतहरूको नाम र जनसंख्या निम्नबमोजिम छः–

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. अकोलवा	२,५२५	२. अचलगढ	१,९१७
३. अर्नाहा	१,८४०	४. औरैया	४,६८८
५. इनरवा	२,३०४	६. इनरवाडी ज्यूताही	२.७३१
७. कर्कच कर्मैया	३,१४१	८. कटरवन	१,४२६
९. कटहरिया	२,६७७	१०. कनकपुर	३,२०७
११. करुनिया	३,०२१	१२. खेर्भैया	१,१३५
१३. खैरवा मौगलाहा	३,१४९	१४. गढैया	२,७१५
१५. गढी	१,५७१	१६. गम्हरिया	२,४९०
१७. गम्हरिया बिर्ता	२,७९७	१८. गरुडा वैरिया	९५३
१९. गैंडही गुठी	१,७१४	२०. गोगदौल	१,५१८
२१. गौर	४,७२८	२२. गङ्गा पिप्रा	२,५४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२३. चन्द्रनिगाहापुर	४,८०६	२४. छटौल	२,३००
२५. छतौना	१,६८६	२६, जटहरा	३.४२७
२७. जयनगर	१,६७६	२८. जिगडवा वेलविछवा	२,७४८
२९. जुडिवेला	१,३०६	३०. जेठरहिया	१,५२७
३१. जौकाहा	३,५३५	३२. झुन खुतुवा	२,६०७
३३. टिकुलिया	१,८७३	३४. टेग्राहा	२,२८५
३५. डुमरिया जताहा	२,४०५	३६. डुमरिया पौराहा	२,११५
३७. डुमरिया मटिग्रौन	४,७४२	३८. तेजा पाकड	२,१९२
३९. दिपही	२,००१	४०. देवाही	२,६५१
४१. धरहरी	१,०७७	४२. धर्मपुर	३,२२६
४३. नरकटिया	३,१७१	४४. पकडी	१,४६९
४५. पचरूखी	२,००५	४६. पतौरा	३,२००
४७. पथरा बुधराम	२,६५२	४८. पिपरिया (१)	३,३४६
४९. पिपरिया (२)	२,१७७	५०. पिपरिया पोखरिया	२,४६७
५१. पिप्रा भगवानपुर	२,४९५	५२. पिप्रा रजवाडा	३,१६५
५३. पुरैनवा	१,६३७	५४. पोठियाही	२,५५०
५५. पौराई	१,७००	६५. प्रतापपुर पल्टुवा	२,८३४
५७. प्रेमपुर गौनाही	२,८१९	५८. फतुवा महेशपुर	१,८२०
५९. फतुवा हर्साहा	२,०८७	६०. बखरी	१,९४८
६१. बगही	१,४१०	६२. बडहरवा	२,७९२
६३. बञ्जराहा	१,१९४	६४. बरियारपुर	२,९३३
६५. बलरा	३,५९६	६६. बसतपुर	२,७८६
६७. बसन्तपट्टी	२,८७८	६८. बसविट्टी जिंगडिवा	२,३२४
६९. बहादुरपुर	७३३	७०. बारा उधौरण	१,४७३
७१. बिर्तो प्रस्टोका	१,६०६	७२. बिश्रामपुर	४,२५७
७३. बैरीया	१,७६८	७४. बेल्वाजब्दी	२,२६९
७५. ब्रह्मपुरी	२,५९९	७६. भलोहिया	२,२१८
७७. भवानीपुर ग्रजगवा	२,३१९	७८. भसेडवा	२,४७७
७९. भेडियाही खुर्दा	१,३७७	८०. मठिया	२,१२९
८१. मतसरी	२,३३६	८२. मदनपुर	९९४
८३. मधुवन गोठ	२,४९१	८४. मधुवनी	१,८४६
८५. मर्यादपुर	२,५६३	८६. मलाही	९५७
८७. महम्मदपुर	३,०६३	८८. माधोपुर	२,९६३
८९. मानपुर (१)	२,९२९	९०. मानपुर (२) (विष्णुपुरवां)	१,४९३
९१. मिर्जापुर	१,७७६	९२. मिर्जा हथिग्रौल	२,४९८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९३. मिठुवम्रा	१,७९९	९४. मुड उलवा	१,८०४
९५. रघुनाथपुर	२,१५४	९६. रमोली रैंरिया	२,८९४
९७. राजपुर तुल्सी	१,८७८	९८. राजपुर फरहदवा	५,४१७
९९. रामनगर बहुअरवा	२,७१९	१००. रामपुर खाप	२,१३६
१०१. रामवन	२,३७३	१०२. रोहुवा	१,३५५
१०३. रङ्गपुर	२,५७४	१०४. लक्ष्मीनिया	२,८५०
१०५. लक्ष्मीपुर	१,४६६	१०६. लक्ष्मीपुर बैल विछवा	१,४१८
१०७. लोकाहा	१,९५२	१०८. शन्तपुर	२,८२२
१०९. शन्तपुर दोस्तिया	२,७४६	१०८. सखम्रवा	२,०२१
१११. सखुअरवा धमौरा	३,६६७	१२१. सवगढा	२,८६५
११३. समनपुर	३,५५४	११४. सरमुजवा	३,९६१
११५. सरूअठ्ठा	२,७१०	११६. सीतलपुर वैंरगनिया	३,१९७
११७. सिम्रा भगवतीपुर	१,९२८	१८१. सिम्रा भगवानपुर	३,००७
११९. सिम्रा महिनाथपुर	१,६५६	१२०. सिर्सिया	१,४८२
१२१. सिसौंट	४,०४६	१२२. सुदामा	२,०७०
१२३. सुन्दरपुर चुहदवा	२,४५३	१२४. सेखौना	१,९३५
१२५. सेढवागौढ	९५६	१२६. सोनरनिया	२,६४८
१२७. संग्रामपुर	२,६२९	१२८. हजमनिया	२,१२९
१२९. हजरिया	३,६९०	१३०. हथियाही	३,०४५
१३१. हरकठवा	२,३७७	१३२. हर्दिया	१,८४९

यी पञ्चायतहरूको जनसंख्या हेर्दा २,००० देखि २,९९९ का बीचको जनसंख्या हुने पञ्चायत नै सबभन्दा धेरै छन्। यहाँ ५,००० भन्दा बढी जनसंख्या भएको पञ्चायत केवल एउटै मात्र छ त्यो हो राजपुर फरहदवा पञ्चायत जसको जनसंख्या ५,४१७ रहेको छ। यहाँ ५०० देखि ९९९ का बीच जनसंख्या भएको पाँच वटा पञ्चायतहरूमध्ये सबभन्दा कम जनसंख्या (७३३ जना) भएको पञ्चायत बहादुरपुर पञ्चायत हो।

जनजीवन

यस जिल्लामा विभिन्न जातजातिका मानिसहरूको बसोबास छ। यस जिल्लाका आदिबासी थारू र वनुवार हुन्। यहाँको जनसंख्यामा ग्वार जाति धेरै संख्यामा छन्। ग्वारको आदर सूचक संज्ञा यादव हो। ग्वार जातिका मानिसले खासगरी यादव वा अहिर थर लेख्ने गर्दछन्। अत्यधिक संख्यामा यहाँ पाइने विभिन्न जात जाति मुख्यतः ग्वाला, थारू, मुसलमान, कहरिया, कायस्थ, बाहुन आदि हुन्। थोरै संख्यामा रहेका जात जातिमा राजपूत, भूमिहार, बनिया, कुर्मी, कलवार, मल्लाई, धानुक, लोहार, हजाम, चमार, कोइरी, कानु, डोमा, हलखोर, कहार, नूनिया, माली, चनौ, धोबी, तेली, बरई, कुह्मार आदि हुन्। गुरुङ, तामाङ, नेवार आदि जातिहरू नगण्य संख्यामा छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ बसोबास गरेका विभिन्न जातिहरूमा पाइने थरहरूको उदाहरण तल दिइएको छः–

जाति	थर	जाति	थर
ग्वाल	राउत, यादव, राय	भलाह	सहनी
थारू	चौधरी	धानुक	मण्डल
बाहुन	उपाध्याय, पाण्डे, मिश्र	लोहार	ठाकुर
	द्विवेदी वा दुबे, तिवारी, शर्मा, झा	हजाम	ठाकुर
		चमार	महरा
कायस्थ	लालकर्ण, सिह्ना	कोहरी	महतो
	श्रीवास्तव, बर्मा, अम्बस्थ,	कानु	साह
		डोम	डोम
राजपूत	सिंह, कुँवर	कंहार	राउत, महतो
बनिया	साह	नूनिया	महतो
कुर्मी	राउत	माली	माली
कलवार	साह, चौधरी	चनौ	राय
वरई	राहुत	तेली	साह
धोबी	वेठा		
कुह्माल	पंडित		

यस जिल्लाका आदिबासी थारू र दनुवार उत्तरी भागमा अर्थात् जङ्गल क्षेत्रतिर बहुसंख्यक रूपमा बसेका छन्। यहाँ सबभन्दा बढी संख्यामा रहेको ग्वार जाति जिल्लाभरी नै छरिएर रहेका भए तापनि यिनको बसोबास जिल्लाको मध्य र दक्षिण पूर्वी भागमा अत्यधिक संख्यामा रहेको देखिन्छ। यस जिल्लाको पश्चिमी भागमा मुसलमानहरूको ज्यादातर बस्ती रहेको छ। यस जिल्लाको कुनै पनि गाउँ वा पञ्चायतमा एकै जातिको मात्र बसोबास नभई विभिन्न जाति मिसिएर मेल मिलापकासाथ बसेका छन्। उदाहरणार्थ, थारूहरूसँग दनुवार कहरियाहरू यहाँको चन्द्रनिगाहापुर पञ्चायतमा मिश्रित रूपमा रहेको पाइन्छ। तर विभिन्न पञ्चायत क्षेत्रमा खास खास जातिका मानिसहरूको अत्यधिक बसोबास रहने गरेको छ। तल उल्लिखित जातिका मानिसहरू निम्न पञ्चायतमा अधिक संख्यामा रहेका छन्:–

जाति	अधिक संख्यामा रहेका पञ्चायत
थारू	जुडिवेला, शन्तपुर मटिअौन, डुमरिया मटिअौन, रमौली, सखुअवा धमौरा, सिम्रा, भगवानपुर, रंगपुर, प्रतापपुर पल्टुवा, लक्ष्मीनिया, वगही र संग्रामपुर पञ्चायत।
बाहुन	सेखौना, रौहुवा, मत्सरी, वडहर्वा, वसतपुर, बलरा, सँढवा गोठ र डुमरिया, पौराइ पञ्चायत ।
राजपूत	सरूअट्ठा, सिर्सिया, ब्रह्मपुर, छतौना, मिर्जा उथियौल र सुदामा पञ्चायत।
मुसलमान	कनकपुर, लक्ष्मीपुर, गह्मरिया बिर्ता, वसविट्ठी जिगडिया, गह्मरिया, जयनगर, करूनिया, तेजापकड, जिगडवा, नरकटिया, रामपुरखाप, जौकाहा, जठहरा, मठिया, राजपुर फरहदवा, अकोलवा, पिप्रा भगवानपुर र फतुवा महेशपुर पञ्चायत।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यादव	फतुवा हर्साहा, टेग्राहा, सीतलपुर वेरगनिया, पर्सादपुर, सौनरनिया, भसेडवा, हथियाही, पिपरीया, महम्मदपुर, हर्दिया, दिपही, सुखुग्रवा, मिठुग्रवा, विसुनपुर्वा, माघोपुर, वखरी, सिम्रा महीनाथपुर, छटोल, सिसौट, रामनगर वहुग्रर्वा, खेरवा मोग्लाहा, सिम्रा भगवतिपुर, मुडवलवा, लक्ष्मीपुर र कटहरवन पञ्चायत।
भूमिहार	डुमरिया जताहा र गढैया पञ्चायत, बलरा, गङ्गा पिप्रा, रामनगर, बहुग्रवो,
मलाहा	सिसौट भिर्जा हथिग्रौल, वलरा पञ्चायत र भलाहौ
कहरिया	हजरिया पञ्चायत,
जयसवार कुर्मी	प्रेमपुर, गोनाही, देवाही, जेढरतिया र विश्रामपुर पञ्चायत,
अन्य जाति (मिश्रित रूपमा)–	खासगरी अन्य पञ्चायतहरू।

यहाँ पनि विभिन्न जातीय विशेषता अनुरूप भेष भूषाको प्रयोग भएको पाइन्छ । स्वास्नीमानिसहरू चोलो लगाउँदैनन्। यिनीहरू नाडीमा चाँदीका बाला लगाउँछन् र चुरा कुहिनासम्म लगाएका हुन्छन् र गोडामा टाँसिने सानो सानो कल्ली पनि लगाउँछन् । थारू लोग्नेमानिसले घुँडादेखि माथि धोती लगाउँछन् । त्यस्तै यहाँ रातो नीलो रङको छिटको फरिया र कानमा वारी लगाउँदछन्। केही मुसलमान बुर्का पनि लाउने गर्छन् । अरू जात जातिको भेष भूषामा धोती, कुर्ता, सुरुवाल, पाइजामा, कमीज, मयलपोस, कोट, पाइन्ट, फ्रक, फरिया, चोलो आदि हुन् । यस जिल्लामा पनि क्रमशः आधुनिक फेशनका भेष भूषाको प्रयोग बढ्दै आएको छ ।

आ-आफ्नो धार्मिक परम्परा, सामाजिक परिधि र कानूनी व्यवस्थाहरूभित्र रही यहाँका विभिन्न जातजातिका बासिन्दाहरूका बीच जातीय सामञ्जस्यता तथा सहिष्णुता अन्य जिल्लाहरूमा झैं पाइन्छ।

यादव

रौतहट जिल्लाका पुराना बासिन्दाहरूमध्ये यादवहरूको बसाइ अत्यन्त प्राचीन छ। यादवहरूलाई राउत पनि भनिन्छ र पहिले यिनीहरूको नाम अगाडि राउते भन्ने पद रहन्थ्यो। तर आजकाल यो पदवी राख्ने चलन प्रायः लोप भइसकेको छ। यस जिल्लाका यादवहरू पूर्ण रूपमा झैं कृषि व्यवसायमा नै संलग्न छन्। यस जातिले गाई, गोरु, भैंसी, बाख्रा आदि पाल्दछन्। नेपाल भारत सीमा नजीक यादवहरूमा दुग्ध व्यवसायको चलन पनि सीमित मात्रामा पाइन्छ। यस जिल्लामा यादवहरूको संख्या अन्य जातिहरूभन्दा निकै बढी भएर पनि यिनीहरूमा शिक्षितहरूको संख्या बिलकुलै कम छ। यस जातिमा छोरीहरूलाई पढाउने बानी अझसम्म राम्ररी बस्न सकेको छैन। यादवहरू आफूलाई इतिहास र प्राचीन दन्त्यकथाहरूको आधारमा यदुवंशी (कृष्णवंशी) पनि भन्दछन्। यिनीहरू सनातन हिन्दू धर्मावलम्बी छन्। यस जातिमा धार्मिक प्रवृत्तिको बहुलता छ। स्वभावले यिनीहरू वैष्णव छन्। तुलसीको कण्ठी बाल्यकालदेखि आफ्नो घाँटीमा बाँधी निरामिष बन्ने प्रवृत्ति यिनीहरूमा पहिलेदेखि आजसम्म पनि विद्यमान छ। यसैकारणले यिनीहरूलाई यादव भन्ने ठाउँमा "भगत" भन्ने पनि चलन छ। धार्मिक अनुशासनमा पूर्ण आस्था राख्ने यस जातिमा विवाह ,श्राद्ध आदिमा ठूलो भोज गर्ने चलन अद्यापि कायमै छ। आर्थिक सम्पन्न यादव परिवारमा मठ मन्दिर निर्माण गर्ने प्रवृत्ति रहेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यादव जातिको वैवाहिक रीति हिन्दू धर्म अनुसारको नै छ। यादवहरूमा वैवाहिक कार्यक्रमको साथै कन्यादान, गृहशान्ति, मातृ पूजा र सत्यनारायण पूजा गर्ने परिपाटीको चलन छ। यस जातिमा दुलहासित जन्ती गई अभिभावकहरूबाट कन्यादान लिई वैवाहिक यज्ञसाथ विवाह सम्पन्न हुन्छ। प्राचीनकालदेखि नै यस जातिमा बाल विवाहको प्रथा छ, तर हाल सामाजिक सुधारका प्रवाहबाट यसमा बिस्तारै सुधार पनि हुँदै आइरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

कृषि

यस रौतहट जिल्लाको अर्थ व्यवस्थामा कृषिको प्रधानता रहेको छ। यहाँ आर्थिक दृष्टिकोणले काममा संलग्न जनशक्ति १,१३,२६३ जनामध्ये ९८,८३३ जना (९६ प्रतिशत) को मुख्य व्यवसाय कृषि नै रहेको छ। अधिकांश बासिन्दाहरू कृषिमा नै संलग्न भइरहेका छन्। यहाँको जमीनबाट श्री ५ को सरकारलाई राजस्व वापत मालपोत र पानी पोतको स्रोतबाट मात्र प्रत्येक वर्ष रू. ५२,३२,०८५। प्राप्त हुनेगर्छ।

यस जिल्लाको खेतमा मुख्यतः धान, गहुँ र उखु र भीटमा मकै, चना र तेलहनको उब्जनी हुन्छ। यहाँ धान मकै जस्ता बाली दुई पटक लगाइन्छन्। यहाँ मुसुरोको खेती भीट र पाखो दुवैमा गरिन्छ। यहाँका मुख्य वालीहरूमध्ये धान (भदैया) चैत-वैशाखमा लगाइन्छ र असार–साउनमा काटिन्छ। त्यस्तै धानको अर्को बाली (अगहनी) असार–साउनमा लगाई कात्तिक- मंसीरमा काटिन्छ। गहुँ भने मंसीर-पुसमा लगाइन्छ र चैत-वैशाखमा काटिन्छ। मकै र कोदो एकै समयमा (जेठ-असार) छरिन्छ र मकै भदौ असोजमा भाँचिन्छ भने कोदो असोज-कात्तिकमा टिपिन्छ। दलहनमा मुसुरो कात्तिकमा लगाइन्छ र चैतमा काटिन्छ।

यस जिल्लाको कुल क्षेत्रफल १,२५,९०० हेक्टर रहेको छ। भूमि सुधारको सन्दर्भमा सम्पन्न कित्ता नापीबाट यस जिल्लाको जग्गाको क्षेत्रफल ९०,०९३ हेक्टर रहेको देखिन्छ। उक्त कित्ता नापी अन्तर्गतको जग्गा धनहर, भीट सार्वजनिक जग्गा र ऐलानी पर्ती समेत चार किसिममा वर्गीकृत भएको छ। कित्ता नापीको जग्गा ९०,०९३ हेक्टरमध्ये ८८ प्रतिशत अर्थात् ७९,०६५ हेक्टर जमीन आवाद रहेको छ।

आवादी जमीन धनहर र भीट हुन्। सार्वजनिक जग्गा र ऐलानी पर्ती कृषि उत्पादनको लागि उपयोगमा नआएको वा नल्याइएको जग्गा हुन्। अन्य तराई जिल्लामा जस्तै यहाँ पनि मकै, तोरी आदि उब्जनी हुने पाखालाई भीट भन्ने गरिएको छ। यहाँको आवादी जमीनमा धनहर ६६.८ प्रतिशत (५२,८०१ हेक्टर) र भीट ३३.२ प्रतिशत (२६,२६४ हेक्टर) छन्। यहाँ धनहर जग्गामा द्वयम जग्गा सबभन्दा बढी छ, जुन कुल धनहर जग्गाको ५० प्रतिशत हुन आउँछ। यहाँको भीट जग्गा प्रायः सबैजसो अब्बल नै छन्। जग्गाको कित्ता नापीअनुसार यस जिल्लाको जग्गाको किसिम र क्षेत्रफल यसप्रकारको छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जग्गाको किसिम र क्षेत्र

क्षेत्रफल: हेक्टरमा

जग्गाको किसिम	अव्वल	दोयम	सिम	चहार	विविध	जम्मा
धनहर	३,९७३	२६,४८१	२१,८७१	४७६	–	५२,८०१
भीट	२६,०५१	२१३	–	–	–	२६,२६४
आवादी जमीन						
सार्वजनिक जग्गा	–	–	–	–	–	–
ऐलानी पर्ती	–	–	–	–	१,९२४	१,९२४
जम्मा जग्गाको क्षेत्रफल	३०,०२४	३६,६९४	२१,८७१	४७६	११,०२८	९०,०९३

आर्थिक वर्ष २०२९।०३० मा यहाँ प्रमुख बालीहरूले ढाकेको क्षेत्र ९५,०७२ हेक्टर थियो। यो बाली क्षेत्र यहाँको आवादी जमीन ७९,०६५ हेक्टरभन्दा १६,००७ हेक्टर अर्थात् २० प्रतिशत बढी छ। बाली क्षेत्रमध्ये खाद्यान्न (धान, मकै, कोदो, जौ) ले ढाकेको क्षेत्र ९३ प्रतिशत (८८,३९७ हेक्टर) छ। यहाँ धान बाली क्षेत्र खाद्यान्न बाली क्षेत्रको ७२ प्रतिशत (६४,००० हेक्टर) देखिन्छ। आर्थिक वर्ष २०२७।०२८ को बाली क्षेत्रको आधारमा २०२९।०३० मा धान बाली क्षेत्र ४,००० हेक्टरले न्यून र गहुँ बाली क्षेत्र ७,०९७ हेक्टरले वृद्धि भएको थियो तापनि समष्टि रूपमा हेर्दा विगत केही वर्ष यतादेखि यहाँ बाली क्षेत्रमा वृद्धि हुँदै आइरहेको देखिन्छ। यहाँ विगत वर्षहरूको प्रमुख बाली क्षेत्र निम्नतालिकामा दिइएको छः–

प्रमुख बालीले ढाकेको क्षेत्र

क्षेत्रफल: हेक्टरमा

	२०२४।०२५	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
खाद्यान्न						
धान	६७,१००	६७,६००	६८,०००	६८,०००	६६,०००	६४,०००
मकै	८,३००	८,५००	८,९००	९,२००	९,०००	९,०००
गहुँ	६,०००	६,८००	७,३००	६,७००	८,०००	१३,७९७
कोदो	५२५	५००	६००	६००	–	६००
जौ	८५०	८५०	९००	१,०००	–	१,०००
नगदेबाली						
उखु	९००	१,०००	१,१००	१,२५०	–	१,३००
सुर्ती	४०	४०	४५	४५	–	४५
तोरी	४,२००	४,५००	४,५००	४,५००	–	४,३४०
सनपाट	२५	३०	३०	३५	–	४०
विविध						
आलु	८००	८४०	८७०	९००	–	९५०
जम्मा बालीको क्षेत्र	८८,७४०	९०,६६०	९२,२४५	९२,२३०	–	९५,०७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लाको कुल खाद्यान्न उत्पादन (धान, मकै, कोदो र जौ) १,३८,७४७ मेट्रिक टन थियो। २०२७।०२८ को दाँजोमा २०२९।०३० मा खाद्यान्न उत्पादन केही परिमाणमा (४६६ मेट्रिक टन) घटेको थियो। यस अवधिमा धान उत्पादन केही घटेको भए तापनि गहुँ उत्पादनमा दोब्बरभन्दा बढी परिमाणमा वृद्धि भएको थियो। २०२७।०२८ मा यहाँ प्रमुख नगदेबाली (उखु,तोरी, सुर्ती र सनपाट) को उत्पादन २१,०१४ मेट्रिक टनबाट २०२९।०३० मा २१,८२४ पुगेको थियो। यहाँको नगदे बालीमा उखुको स्थान नै सबभन्दा महत्वपूर्णको छ। कुल नगदेबाली उत्पादन २१,८२४ मेट्रिक टनमा उखु उत्पादनको १९,७६० मेट्रिक टन (९१ प्रतिशत) थियो। विगत केही वर्षहरूमा यहाँ भएको प्रमुख बाली उत्पादनको आंकडा निम्नबमोजिम छः–

कृषि उत्पादन

उत्पादनःमेट्रिकटनमा

प्रमुख बालीहरू	२०२४।०२५	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
खाद्यान्न						
धान	१,०५,३४७	१,०८,१६०	१,१२,२००	१,१५,६००	१,१५,५०८	१,०८,८००
मकै	१३,१९७	१३,४३०	१४,३२९	१५,०८८	१४,७६०	१४,८५०
गहुँ	५,४००	६,८००	८,३२२	५,२९३	८,९६०	१३,९७९
कोदो	५०४	४८०	५७०	५७०	–	५७०
जौ	६१६	६१६	६५७	७३०	–	७३०
खाद्यान्न उत्पादन	१,२५,०६४	१,२९,४८६	१,३६,०७८	१,३७,२८१	–	१,३८,९२९
नगदेबाली						
तोरी	२,०५८	१,९८०	२,२५०	१,९५७	–	१,९९६
उखु	१३,०५०	१४,०००	१६,३५५	१९,०००	–	१९,७६०
सुर्ती	२६	२७	३०	३०	–	३०
सनपाट	१९	२२	२३	२७	–	२८
नगदेबाली उत्पादन	१५,१५३	१६,०२९	१८,६५८	२१,०१४	–	२१,८१४
विविध आलु	५,२००	५,४६०	५,७८५	५,९८५	–	६,५०७

यस कृषि प्रधान जिल्लाको प्रमुख बाली नै धान हो। यहाँ धानको खेती सालिन्दा ६४,००० देखि ६८,००० हेक्टरसम्म गर्ने गरेको छ। धान खेतीको निमित्त नराम्रो आर्थिक वर्ष २०२९।०३० मा यहाँ धानको खेती ६४,००० हेक्टरमा भएको थियो, जुन विगत तीन वर्षको धान खेती क्षेत्रभन्दा ४,००० हेक्टरले कम थियो। यद्यपि सो वर्षमा यहाँ भएको धान बाली क्षेत्र कुल आवादी क्षेत्रको ८१ प्रतिशत, कुल बाली क्षेत्रको ६७ प्रतिशत र खाद्यान्न बाली क्षेत्रको ७२ प्रतिशत सामान्यतः रहनेगरेको छ।

यस जिल्लामा धानको खेती दुई पटक हुन्छ। पहिले धानबाली "भदैया" चैत्र-वैशाखमा लगाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

असार-साउनमा काटिन्छ। त्यस्तै दोस्रो "अगवनी" धानबाली असार-साउनमा लगाई कात्तिक-मंसीरमा काटिन्छ। यहाँ यी दुई पटकको धानबालीको वार्षिक उत्पादन सालाखाला १,००,००० मेट्रिक टनभन्दा केही बढी हुनेगरेको छ। आर्थिक वर्ष २०२७।०२८ मा यहाँ धानको उत्पादन १,१५,६०० मेट्रिक टन थियो भने आर्थिक वर्ष २०२९-०३० मा १,०८,००० मेट्रिक टन मात्र रहेको थियो तापनि यहाँ धानको उत्पादन कुल खाद्यान्न उत्पादनको ७८ प्रतिशत रहनेगरेको छ। धानको बढी उत्पादनको कारणले नै यो जिल्ला खाद्यान्न आधिक्य क्षेत्र मानिन्छ।

खाद्यान्न उत्पादनको परिमाणको दृष्टिकोणबाट मकै यहाँको दोस्रो खाद्यान्न बाली हो। यहाँ मकैको वार्षिक उत्पादन करीब १५,००० मेट्रिक टन हुने गरेको छ। आर्थिक वर्ष २०२७।०२८ मा मकै बाली क्षेत्र ९,२०० हेक्टरबाट १५,०८८ मेट्रिक टन मकै उत्पादन भएको थियो भने आर्थिक वर्ष २०२९।०३० मा मकैको उत्पादन ९,००० हेक्टरबाट १४,८५० मेट्रिक टन उत्पादन भएको थियो।

यस जिल्लाको तेस्रो मुख्य खाद्यान्न गहुँ हो। विगत केही वर्ष देखि गहुँको उत्पादन र बाली क्षेत्र निकै उत्साहवर्धक रूपमा वृद्धि हुँदै आएको छ। यो वृद्धि गहुँ बाली अभियानको वास्तविक नतीजा हो। आर्थिक वर्ष २०२७।०२८ मा यहाँ गहुँबाली क्षेत्र ६,७०० हेक्टर र उत्पादन ५,२९३ मेट्रिक टन पुगेका थिए। तर २०२९।०३० मा गहुँबाली क्षेत्र र उत्पादन क्रमशः १३,७९७ हेक्टर र १३,७९७ मेट्रिक टन पुगेको थियो। यस दृष्टिकोणबाट नयाँ गहुँ खेतीको भविष्य उत्साहवर्धक मान्न सकिन्छ।

उखु उत्पादनको दृष्टिकोणबाट देशमा चौथो स्थान ओगटिरहेको यस जिल्लाको प्रमुख नगदे-बाली "उखु" हो। यो जिल्ला उखु खेतीको लागि उपयुक्त मानिन्छ। यहाँको संग्रामपुर, पर्सा गद्यरिया, बलुवा, समनपुर र जयनगर पञ्चायत क्षेत्रमा उखु खेती केन्द्रित रहेको छ। यहाँका ती पञ्चायत क्षेत्रको १० देखि १५ प्रतिशत क्षेत्र उखु खेतीमा उपयोग भइरहेको छ। यहाँको छतौना क्षेत्रमा बागमती नदीको पूर्वी किनारमा पनि उखु खेती भएको छ।

विगत केही वर्ष यतादेखि उखुको बाली क्षेत्र र उत्पादन वृद्धि हुँदै आइरहेको छ। आर्थिक वर्ष २०२४।०२५ मा यहाँ उखु बाली क्षेत्र ९०० हेक्टर थियो र यसबाट उखुको उत्पादन १३,०५० मेट्रिक टन भएको थियो। यस पछिको पाँच वर्षको अवधिमा अर्थात् आर्थिक वर्ष २०२९।०३० मा यहाँ उखु बाली क्षेत्र १,३०० हेक्टर भई उखु उत्पादन १९,७६० मेट्रिक टन पुगेको थियो। यहाँ उत्पादित उखु पर्सा जिल्लाको वीर-गञ्जस्थित वीरगञ्ज चीनी कारखानामा पनि खपत हुन्छ। यहाँको सन्तपुर क्षेत्रमा वीरगञ्ज चीनी कारखाना बाट उखु खेती सफलतापूर्वक सञ्चालन गरिएको छ।

नेपाल औद्योगिक विकास निगमबाट भारतको राष्ट्रिय औद्योगिक विकास निमग लि. द्वारा गराइएको चीनी कारखानाको सम्भाव्यता अध्ययनको प्रतिवेदन अनुसार यो रौतहट जिल्लाको यातायात र सञ्चार सुवि-धामा सुधार ल्याइएमा उखु खेतीमा विस्तृतीकरण र नयाँ चीनी कारखानाको स्थापनाको लागि उपयुक्त मानिएको छ।

यहाँको दोस्रो प्रमुख नगदेबाली तोरी हो। यहाँ तोरी खेती सालिन्दा ४,५०० हेक्टरसम्ममा हुनेगरेको छ। यहाँ तोरीको वार्षिक उत्पादन लगभग १,९०० मेट्रिक टन रहने गरेको छ। आर्थिक वर्ष २०२६।०२७ को दाँजोमा २०२९।०३० मा तोरीको उत्पादन कम रहेको भए तापनि तोरी बाली क्षेत्र २०० हेक्टरले वृद्धि भएको छ। यहाँको अन्य नगदेबालीमा मुख्यतः सुर्ती र सनपाट हुन् जसको उत्पादन हालसम्म नगण्य रूपमा रहेको छ। आर्थिक वर्ष २०२९।०३० मा सुर्ती र सनपाटको उत्पादन क्रमशः ३० मेट्रिक टन र ३८ मेट्रिक टन मात्र थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ खेतीको लागि मजदूर लगाउँदा पुरुष तथा महिला मजदूर दुबैलाई प्रतिदिन साढे तीन सेर अन्न दिने र खाजा खुवाउने प्रथा प्रचलित छ। खेतीको लागि एक अर्कोलाई मदत गर्ने परिपाटीअनुसार मजदूर लगाउने प्रथा पनि यस जिल्लाको केही थारूहरूमा प्रचलित छ। यस किसिमको प्रथालाई यहाँ "मञ्जरिया" भनिन्छ।

पशुपालन र फलफूल खेती

यस जिल्लामा मुख्यतः गाई, भैंसी, गोरु, खसी, बाख्रा, सुगुर, कुखुरा आदि पालिन्छन्। गाई-भैसी खासगरी दूधको लागि, खसी, कुखुरा, सुंगुर मासुको लागि र गोरु खनजोत तथा ढुवानीको लागि पालिन्छन्। यहाँ केही उन्नत जातका पशुहरू जस्तै हरियाना, मुर्रा जातका साँढे र भैंसी तथा न्यू हेम्पशायर र केही खच्चड जातका कुखुरा पनि पालिएका छन्। पशु चिकित्साको क्षेत्रमा यहाँ वि. सं. २०२४ मा एउटा गौगोटी भ्याक्सिनेशन पोष्टको स्थापना भएको थियो। उक्त पोष्टबाट गौगोटी भ्याक्सिनेशन र कुखुराको रानीखेत भ्याक्सिनेशन आदि संक्रामक रोग निरोधक कार्यक्रम सञ्चालन भएको छ।

यस जिल्लामा उत्पादन हुने गरेको फलफूलहरूमा आँप, केरा, अम्बा, लीची, कटहर मुख्य हुन्। फलोद्यानको क्षेत्रमा आँप, लीची, केरा, कागती, अम्बाको प्रसार हुँदै फलफूल खेती क्रमकि रूपमा बढ्दोछ।

सिचाइ

कृषि पैदावारको उत्पादनमा स्थायी रूपबाट वृद्धि तथ। विविधता ल्याउनको लागि वैज्ञानिक सिचाइ व्यवस्था प्रमुख आवश्यकता हो। सिचाइ सुविधाको विकासको निमित्त बागमती, बकैया, मनुष्मारा, चानी, अरुवा जस्ता जलस्रोतहरू प्रचुर मात्रामा रहेको यस जिल्लाको अधिकांश खेती अनिश्चित मौसममा निर्भर रहेको छ। यद्यपि यस जिल्लामा वृहत् सिचाइ, लघु सिचाइ, व्यक्तिगत बोरिङ, पम्पसेट तथा अन्य स्थानीय स्रोत र तरीकाहरूबाट बनेको कुलो आदिबाट कुल आवादी जग्गाको करीब २० प्रतिशत जग्गामा सिचाइ सुविधा उपलब्ध भइरहेको छ।

यस जिल्लामा व्यवस्थित सिचाइ सुविधा उपलब्ध गर्ने दृष्टिकोणबाट करीब ५० वर्ष अघि अर्थात् वि. सं. १९८० तिर झाँझ नहर निर्माणको लागि विस्तृत सर्वेक्षण भई प्रस्तुत भएको योजना उस बखत कार्यान्वित हुन सकेन। यसको करीब दुई दशक पछि वि. सं. २००२ तिर यस जिल्लाको मनुष्मारा नदीमा जुद्ध नहर बनेको थियो। यो नहर देशको दोस्रो सिचाइ आयोजना हो। सिचाइ क्षेत्रमा यस किसिमको ऐतिहासिक पृष्ठभूमि भएको यस झाँझ सिचाइ योजनाको संक्षिप्त विवरण तल दिएइको छः–

झाँझ सिचाइ योजनाः यस जिल्लाको मध्य भागमा लम्हार तरहरी खोलाको सङ्गमदेखि तल रहेको झाँझ खोलाका वर्षा र हिउँद दुवैमा पानी बग्ने भएको एक सानो नदी हो। वि.सं.२०१४ मा यो झाँझ खोलाका सर्वेक्षण भई वि. सं. २०१८ मा पूरा गरिएको यस झाँझ सिचाइ योजनाको मूलस्थल यस जिल्लाको महम्मदपुर पञ्चायतको महम्मदपुर गाउँदेखि पूर्व, गरुडा गाउँ पञ्चायतदेखि पश्चिम, शिवनगरदेखि उत्तर तथा जिगडिया गाउँ पञ्चायतदेखि दक्षिणमा अवस्थित छ। यस नदीमा पक्की वेरेज २ हेड रेगुलेटर बनाइएका छन्। यस सिचाइ आयोजना अन्तर्गत नदीतर्फ नौ वटा र नहरतर्फ तीन वटा फलामका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ढोकाहरू पनि लगाइएका छन्। यस आयोगजनाको मूल स्थलभन्दा माथि खोलाको दुवैतर्फ बांध नियन्त्रणको व्यवस्था भएको छ। यस आयोजनाको मूल नहरको जम्मा लम्बाइ १६ किलोमिटर (१० माइल) र हेड वर्क नजीक नहरको वेडको चौडाइ ७० मिटर (२० फीट) छ। यस नहरको क्षमता १५० क्यूसेक रहेको छ। यसबाट वर्षामा ६० देखि १५० क्यूसेकसम्म र हिउँदमा २० देखि २५ क्यूसेकसम्म पानी उपलब्ध हुने गरेको छ। यस सिचाइ आयोजनामा शाखा नहरहरू पनि छन्। जसको विवरण तल दिइएको छः–

शाखा नहर	कुल लम्बाइ	क्षमता (क्यूसेक)
देवाही माइनर	२२ कि.मि.	४३
भगवानपुर माइनर	११ कि.मि.	२५
हजमिनिया माइनर	१० कि.मि.	२३

यो सिचाइ आयोजनाको नहर प्रणालीलाई हरसाल झैं बागमती र लाल बकैया नदीबाट खतरा हुनेगरेको छ। लाल बकैया नदी पूर्वतर्फ सर्दै आउने गरेकोले देवाही माइनर तथा भगवानपुर माइनरमा प्रतिकूल असर पुऱ्याएको छ। । बागमती नदी पनि हजनिया माइनरलाई बराबर प्रतिकूल असर पुऱ्याउदै आएको छ।

यस झांझ सिचाइ आयोजनाको सिचाइ क्षमता धानबालीको करीब ३,४०० हेक्टर (५,००० बिघा) र हिउँदे बालीको करीब १,३६० हेक्टर (२,००० बिघा) रहेको छ। तर२०२९।०३० को प्रगति लगतअनुसार उपर्युक्त मूल तथा शाखा नहरहरूबाट धान बालीको २,९२४ हेक्टर (४,३०० बिघा) र हिउँदेबाली ९४४ हेक्टर (१,३०० बिघा) जमीनमा सिचाइ सुविधा उपलब्ध भइरहेको छ।

यस सिचाइ आयोजनाबाट प्रत्येक वर्ष जेठदेखि कात्तिकसम्म अगहानी बालीको र मंसीरदेखि चैतसम्म हिउँदे बालीको सिचाइ हुँदैआएको छ।

लघु सिचाइ आयोजनाहरूः वि. सं. २०२३ देखि २०२५ का बीच यस जिल्लामा श्री ५ को सरकार र स्थानीय जनताको संयुक्त सहयोगमा विभिन्न लघु सिचाइ आयोजना अन्तर्गत कच्ची कुलो तथा बाँधहरू सम्पन्न भएका थिए। वि. सं. २०२६मा यी आयोजनाहरू जिल्ला पञ्चायत र सम्बन्धित गाउं पञ्चायतहरूलाई सुम्पिएका थिए। यी आयोजनाहरूबाट सालसालै करीब ५,६०० हेक्टर जमीनमा सिचाइ हुदै आएको छ। तर यी आयोजनाहरूका कच्ची बाँधहरू हरसाल जनसहयोगबाट मरम्मत सम्भार हुने गरेको छ। यी लघु सिचाइ आयोजनाहरूको केही विवरण तल दिइएको छः–

आयोजनाको नाम	आयोजना स्थल	सिचाइ हुने क्षेत्रअन्दाजी	सिचाइ हुने जमीनको क्षेत्रफल (हेक्टरमा)
बूढी बागमती (वलुवाजब्दी खोला)	सुन्दरपुर चुअडवा पञ्चायत अन्तर्गत पिपरा भित्तादेखि पूर्व सर्लाही र रौतहटको सीमाना नजीक।	पिपरा भित्ता सुन्दरपुर चुअडवा विनवा टोला	६००
मनुष्मारा नदी (महिनाथपुर नजीक)	महिनाथपुर पञ्चायत अन्तर्गत महिनाथपुर गाउँदेखि उत्तर मनुष्मारा नदी	महिनाथपुर, छोटोल वखरी खैरवा सिसौट	१,२००
मनुष्मारा नदी (सुदामानहर)	सुदामा गाउँ पञ्चायतदेखि उत्तर मनुष्मारा नदी	सुदामा अचलगढ मिर्जापुर	६००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भकुवा नदी (वंकुल)	वंकुल पञ्चायत अन्तर्गत गाउँदेखि उत्तर मकुवा नदी	नरकटिया, रामपुर खाप मोतिपुर मनसरी ।	१,४००
भकुवा नदी डुमरिया	अकोलवा पञ्चायत अन्तर्गत गाउँदेखि पश्चिम भकुवा नदीबाट पूर्व र पश्चिम	डुमरिया, लौतना देरिया, औरैया	४००
पुल कम रेगुलेटर (जिल्ला पञ्चायत र लघु सिचाइको संयुक्त प्रयासबाट निर्मित)	वगही फतेपुर पञ्चायत अन्तर्गत फतेपुरदेखि पश्चिम जलैया नदीमा कटहरिया मार्ग	फतेपुर	१२०
चाँदी नदी	शन्तपुर गाउँ पञ्चायतदेखि उत्तर चन्द्र निगाहापुर पञ्चायत रहेको चाँदी नदी	मोतिपुर, संतपुर, डुमरिया, अलटौकी बस्तिपुर	

टयुबवेल सिचाइः कृषि विकास बैंकबाट ऋण लिई कृषकहरूले आफ्नो तर्फबाट टयुबवेल जडान गरी आ-आफ्नो जमीनमा सिचाइको सुविधा पुऱ्याएका छन् । टयुबवेलको सहायताबाट सिचाइ गर्ने तीनदेखि चार इञ्चसम्मको बोरिङ्ग हुने गरेको छ । साथै विभिन्न पञ्चायतको जमीनमा सिचाइ गर्नलाई विभिन्न अश्वशक्तिका पम्पिङ सेटहरू उपलब्ध गरिएका छन् । यी सिचाइ आयोजना बाहेक जिल्लामा रहेका विभिन्न पानीका स्रोतहरूलाई उपयोग गर्न सकेमा भविष्यमा निक्कै जमीनमा सिचाइ सुविधा पुऱ्याउन सकिने देखिन्छ। यी स्रोतहरू हुन्:–

बागमती सिचाइ आयोजनाः यस जिल्लाको लागि समेत सिचाइको ठूलो स्रोत बागमती नदी हो। मध्य नेपालको मध्यम खालका नदीहरूमध्ये एक मुख्य नदी मानिएको बागमती नदीमा पानी निरन्तर उपलब्ध हुन्छ। यस नदीमा बाँध बनाई दायाँ वायाँ दुवै किनारामा गरी जम्मा ६६.४ क्यूविक मिटर पानी प्रति सेकेण्ड लिइने योजना छ। यस सिचाइ आयोजनाबाट रौतहट र सर्लाहीको सम्पूर्ण जमीन तथा बारा जिल्लाको आधा जमीनको सिचाइ हुनसक्ने अनुमान छ। यो आयोजना पूरा हुँदा बाढीबाट भइरहेको क्षतिबाट धनजनको सुरक्षा हुनुको अतिरिक्त बाढी नियन्त्रण पनि हुन्छ।

गण्डक पूर्वी नहर आयोजनाः गण्डक पूर्वी नहर आयोजनाबाट यस रौतहट जिल्लाको सिचाइको लागि समेत पानी उपलब्ध हुने अनुमान रहेको छ। निर्माणाधीन रहेको यो नहरबाट रौतहट, पर्सा र बारा जिल्लाको ३२,७०० हेक्टर जमीनको सिचाइ हुनेछ। यो गण्डक पूर्वी नहरको निर्माणकार्य २०३५ सालभित्र पूरा हुने आशा गरिएको छ। रू. १० करोडको लागतमा भएको यस आयोजनाको लागि विश्व बैंकबाट छ करोड रूपैयाँ ऋण र श्री ५ को सरकारबाट रू. चार करोड रकम उपलब्ध हुने भएको छ।

कृषि ऋण

वि. सं. २०२१ मा भूमि सुधार लागू हुनुभन्दा पहिले किसानहरूको निमित्त कृषि सामग्री र उपकरणहरूको खरीद गर्न र अन्य कामको लागि ऋणको एक मात्र स्रोत जमीन्दार र गाउँका साहू नै थिए। किसानहरूले आफ्नो जग्गा धितो राखी निक्कै चर्को ब्याज दिने गरी ऋण लिनु पर्दथ्यो। तर केही वर्ष यतादेखि कृषि ऋणको लागि संस्थागत व्यवस्था यस जिल्लामा पनि हुँदै आएको छ। कृषि ऋणको लागि गाउँ घरमा साहू महाजन अद्यापि एक स्रोत बनिरहेका भए तापनि वित्तीय संस्थागत व्यवस्था अन्तर्गत कृषि विकास बैंक, सहकारी संस्था, ग्राम समिति कृषि ऋणका स्रोतहरूको रूपमा यहाँ रहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

वि. सं. २०२४ मा यहाँ स्थापित कृषि विकास बैंकको उप-शाखाले खासगरी एक मौसमी बालीको लागि आवश्यक उन्नत रासायनिक मल, कीटाणुनाशक औषधि र सानातिना औजारको खरीद, कृषि उपज बेच बिखन, ट्राक्टर, पम्पसेटको खरीद, गोदाम र कोल्ड ष्टोरेज आदिको निर्माण र फलफूल खेती, कुखुरा पालन, दुग्ध उत्पादन, सुंगुरपालन, माछापालन, नगदेबाली उत्पादन समेतको लागि कृषि ऋण दिने गरेको छ। २०३० साल असार मसान्तसम्ममा उक्त बैंकले आफूद्वारा निर्दिष्ट रूपमा सञ्चालित सहकारी संस्था लगायत अन्य संस्थाहरूलाई रू. ३,१४,०००। र व्यक्तिहरूलाई र रू. १५,१०,०००। ऋण प्रदान गरेको थियो। उक्त बैंकबाट ऋण लिने व्यक्तिगत ऋणीहरूको संख्या ४१५ र संस्थाहरूको संख्या १८ रहेको छ। यसमध्ये निर्दिष्ट रूपमा सञ्चालित सहकारी संस्थाहरू सात वटा छन्। कृषि विकासको निमित्त भूमिसुधार कार्यक्रम अन्तर्गत उठाइएको अनिवार्य बचतमध्येबाट पनि किसानहरूलाई ऋण उपलब्ध गराइएको छ।

सहकारिता र कृषि विकास

यस जिल्लाको सदरमुकाम गौरमा एक जिल्ला सहकारी संघ रहेको छ। यसको सदस्य संख्या २४ र शेयर पूँजी रू. २,३२५। छ। यस अतिरिक्त यहाँ कृषि विकास बैंकद्वारा निर्दिष्ट निम्न सात वटा बहुमुखी सहकारी संस्थाहरू पनि छन्:–

बहुमुखी सहकारी संस्था	सदस्य संख्या	शेयर पूँजी रू.
बहुमुखी सहकारी संस्था लि. गौर	६८	२,४५०।
बहुमुखी सहकारी संस्था लि. जिंगडवा बेल विछवा	१२६	६,३१७।
बहुमुखी सहकारी संस्था लि. सन्तपुर	१६६	४,५४४।
बहुमुखी सहकारी संस्था पोठियाही	५७	२,१७८।
बहुमुखी सहकारी संस्था पिप्रा भगवानपुर	१२७	३,९९८।
जयशङ्कर सहकारी संस्था खेश्रहिया	१२०	२,८५२।
आदर्श सहकारी संस्था डुमरिया (परोहा)	११८	३,५१९।
जम्मा:–	७८२	२५,९१९।

उपर्युक्त बहुमुखी सहकारी संस्थाहरूको कार्यक्षेत्र हाल १२ वटा गाउँ पञ्चायतहरूमा मात्र सीमित छ। आर्थिक वर्ष २०२९।०३० मा यी संस्थाहरूले विभिन्न स्रोत खासगरी कृषि विकास बैंकबाट रू. ४,१६,४०२। ऋण प्राप्त गरेको र रू. २,००,०१२। ऋण वितरण गरेका थिए। सोही वर्षमा यी संस्थाबाट रू. ३,२०,६५३। मूल्य बराबरका विभिन्न कृषि सामग्रीहरूको बेचबिखन भएको थियो। यहाँ सहकारिता प्रति जन अभिरुचि क्रमिक रूपमा वृद्धि हुँदै आइरहेको फलस्वरूप विगत वर्षहरूको दाँजोमा हाल यी संस्थाहरूको सदस्य संख्या, शेयर पूँजी, कारोवार आदिमा वृद्धि हुँदै आइरहेका छन्। आर्थिक वर्ष २०३०।०३१ मा पुरानो सहकारी संस्थाहरूको पुनर्गठन र नयाँ सहकारी संस्थाको स्थापनाको माध्यमद्वारा यहाँ सहकारिताको कार्यक्षेत्र ४४ गाउँ पञ्चायतहरूमा विस्तृत गर्ने कार्यक्रम रहेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि विकास कार्यमा सराहनीय सघाउ पुऱ्याउन समेत सहकारिताको विकासको लागि यहाँ एक जिल्ला सहकारी कार्यालय पनि रहेको छ। उक्त कार्यालयबाट सहकारी संस्थाहरूको लेखा परीक्षण, निरीक्षण, ऋण असूली, पुनर्गठन, सहकारिताको प्रचार प्रसार आदि कार्यहरू सम्पन्न भइरहेका छन्।

चौथो योजना अवधिमा सघन कृषि कार्यक्रम सञ्चालनको लागि छानिएका २८ जिल्लाहरूमध्येको यो रौतहट जिल्लामा कृषि विकास कार्यालयद्वारा कृषि तरीका प्रदर्शन, नतीजा प्रदर्शन, कृषक अगुवा तालीम, मेला प्रदर्शनी, कृषक दिवस जस्ता आधुनिक कृषि प्रसार कार्यक्रमहरूको सञ्चालन भइरहेको छ। यी कृषि प्रसार कार्यक्रमहरूको माध्यमद्वारा उन्नत बीउ, रासायनिक मल, कीटनाशक औषधि, उन्नत कृषि औजार आदिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गराउन कृषकहरूलाई प्रोत्साहित गराइन्छ।

भूमि व्यवस्था

परम्परागत भूमिमा रहेको शोषण अन्त गरी कृषि क्षेत्रमा आधारभूत परिवर्तनको साथै कृषक वर्गको आर्थिक स्तर माथि उठाउने र कृषि तथा गैर कृषि क्षेत्र विकास गर्ने उद्देश्य भएको भूमि सुधार कार्यक्रम यस जिल्लामा २०२१ सालमा लागू भई २०२४ सालमा भूमि प्रशासन पनि यहाँ लागू भयो।

कृषि उत्पादनको लागि चाहिने ऋण उपलब्ध गराउने र कृषि क्षेत्रमा रहेको निष्क्रय पूँजी गैर कृषि क्षेत्रमा सार्ने जस्ता मौलिक विशेषता युक्त अनिवार्य बचत यहाँ भूमिसुधार कार्यक्रम अन्तर्गत नगदमा रू. ११,७६०। र जिन्सीमा २०,७४० मन उठ्ती भएको थियो। अनिवार्य बचतको रूपमा असूल भएको नगद–जिन्सीबाट यहाँका किसानहरूलाई आवश्यक ऋण वडा तथा ग्राम समिति मार्फत उपलब्ध गराइएको छ। कृषि ऋण दिई बाँकी भएको अनिवार्य बचतको रकम कृषि विकास बैंकमा जम्मा हुने गरेको छ।

भूमि सुधार कार्यक्रम अन्तगतको जग्गामा हदबन्दी व्यवस्था अन्तर्गत यहाँ २९१ हेक्टर (४२८ बिघा) जमीन हदबन्दीभन्दा बढी देखिएको छ। हदबन्दीभन्दा बढी देखिएको जग्गा २९१ हेक्टरमध्ये १७५ हेक्टर (२५८ बिघा) जग्गा प्राप्त भइसकेको र बाँकी ११६ हेक्टर (१६९ बिघा) जग्गा प्राप्त हुन बाँकी रहेको छ। हदबन्दी व्यवस्था अन्तर्गत प्राप्त भएको जग्गामध्ये विक्री वितरण भइसकेको जग्गा ६० हेक्टर (८९ बिघा) र विक्री वितरण हुन बाँकी जग्गा ११५ हेक्टर (१६९ बिघा) छ।

भूमि सुधार कार्यक्रमको ऋण निश्चित गर्ने कार्यक्रम अन्तर्गत यस जिल्लामा कृषि सम्बन्धी ऋण निगदमा रू. १८,४५,४१०। र जिन्सीमा ५३,६८२ मन निश्चित भएको छ। कृषक ऋणीले जग्गावाल साहूलाई तिर्नु नपर्ने गरी नगदमा रू. १,३३,३९३। र जिन्सीमा १,२८१ हेक्टर बिघा फिर्ता पाउने गरियो।

वि. सं. २०१८ देखि यस जिल्लामा जग्गाको किसिम अनुसार कूत निर्धारण भएको छ। कूत निर्धारण हुनुभन्दा अघि जग्गा धनी र मोहीको बीच कूत विषय मोल मोलाइ र झै–झगडा हुन्थे। कूत निर्धारण व्यवस्था अन्तर्गत मोहीले जग्गा धनीलाई तोकिएको कूत तिरी अन्य सबै बाली मोहीले लिन पाउने हुँदा मिहेनत गरी काम गर्ने किसानहरूमा उत्पादनको न्यायोचित हिस्सा पाई जमीनको अधिकतम उत्पादन बढाउने कार्यमा ठूलो हौसला र उत्साह आएको देखिन्छ। यहाँ निर्धारित कूत यसप्रकारको छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जग्गाको किसिम	धनहर खेत (धान)	भिट (मकै)
अब्बल	५६० के. जी. (१५ मन)	३१७ के. जी. (८ मन २० शेर)
दोयम	४२६ के. जी. (११ मन २० शेर)	२४३ के. जी. (६ मन २० शेर)
सिम	२१७ के. जी. (८ मन २० शेर)	
चाहार	२,०२५ के. जी. (५ मन २० शेर)	

यस जिल्लामा जग्गा धनीको कुल संख्या ७१,९८० रहेको छ। यहाँ २.७२ (चार बिघाभन्दा कम जग्गा हुने धनी ६६,७५५ छन्। जग्गा धनीले जग्गामा स्वामित्व ग्रहण गरिराखेको आधारमा यिनको वर्गीकृत विवरण निम्नबमोजिमको छः–

२.७२ हेक्टर (४ बिघा) भन्दा कम जग्गा हुने जग्गा धनीको संख्या	६६,७५५
२.७२ हेक्टर देखि ६.८० हेक्टर (४–१० बिघा) सम्म जग्गा हुने जग्गा धनीको संख्या	४,२८२
६.८० हेक्टरदेखि १०.२० हेक्टर (१०–१५ बिघा)	६५३
१०.२० हेक्टर देखि १९.४ हेक्टर (१५–२८ बिघा) सम्म जग्गा धनीको संख्या	२५७
१९.४ हेक्टर (२८ बिघा) भन्दा बढी जग्गा हुने जग्गा धनीको संख्या	३३
जम्माः–	७१,९८०

भूमि प्रशासन लागू भएपछि जमीन्दारी, तालुकदारी, पटवारी तथा मौजा प्रथा अन्त्य भइसकेको यस जिल्लामा कोष तथा तहसील कार्यालयबाट छ–सात पञ्चायतको लागि हरसाल एक डोर खटाई अमानती रूपमा मालपोत र पानीपोत तहसील गर्ने गरिन्छ। यस जिल्लामा विभिन्न किसिमका जग्गाहरूबाट सालाना उठाउने मालपोत रू. ५,१७,०३७। र पानीपोत रू. ५२,७२४। कृषि क्षेत्रबाट प्रत्यक्ष रूपमा उठ्ने राजस्व हो।

यस जिल्लामा सिंधूरे घारी भन्ने ठाउँमा पुनर्वास योजना सञ्चालन भएको छ। यस योजना अन्तर्गत १५० हेक्टर (२२२ बिघा) जमीन वितरण गर्ने लक्ष्य रहेको थियो। आर्थिक वर्ष २०२९।०३० सम्ममा यहाँ करीब १२५ हेक्टर (१८५ बिघा) जमीन वितरण भइसकेको थियो। तर सिंधूरे घारीमा ८६ परिवारलाई बसोबास गराइसकिएको छ। यहाँ पुनर्वासका निमित्त काठमाडौं, भक्तपुर, धुलिखेल, नुवाकोट, मकवानपुर, पर्सा, दोलखा, ओखलढुङ्गा, रामेछाप, लमजुङ, भोजपुर र यसै रौतहट जिल्लाका मानिसहरू आएका छन्।

उद्योग

परम्परागत कृषि अर्थ व्यवस्थामा अवलम्बित यस रौतहट जिल्लाको औद्योगिक स्थिति प्रारम्भिक चरणमा नै रहेको छ। यहाँ उद्योगका नाममा डोरी बाट्ने, हँसिया, खुर्पा, फलामे औजार बनाउने, काठका मामूली फर्निचर बनाउने र माटाका भाँडा बनाउने जस्ता केही घरेलु उद्योगहरू असंगठित रूपमा सञ्चालन भइरहेका छन्। यस अतिरिक्त यहाँका प्रमुख उद्योगहरू खासगरी चामल, तेल र मैदा कारखाना, बिडी कारखाना, काठ चिरान चिमनी भट्टा र लुगा बुन्ने नै छन्। २०२८ सालको जनगणनाअनुसार यस जिल्लामा आर्थिक दृष्टिकोणले काममा संलग्न जनशक्ति १,१३,२६३ जनामध्ये केवल ६४४ जना (०.२० प्रतिशत) मात्र औद्योगिक व्यवसायमा लागेका छन्। यहाँ घरेलु उद्योगहरू बाहेक अन्य उद्योगहरूमा काम गरिरहने औद्योगिक मजदूरहरूको संख्या ५५० मात्र रहेको देखिन्छ। यहाँका उद्योगहरूमा श्री ५ को सरकारलाई अन्तःशुल्क वापत करीब रू. १,१०,०००।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र सलामी (रोयल्टी) वापत करीब रू. ७,००,०००। को वार्षिक राजस्व प्राप्त हुने गरेको छ। यहाँ उद्योगहरूबाट आयकरको उठ्ती नगण्य मात्रामा छ।

वि. सं. २०२२ मा देशमा पहिलो पटक लिइएको औद्योगिक गणनाअनुसार यस जिल्लामा तत्काल चामल, तेल, बिडी, ईंटा भट्टा सम्बन्धी केही औद्योगिक गणना अनुसार यस जिल्लामा प्रतिष्ठानहरू मात्र थिए। वि. सं. २०२१ मा यहाँ भूमि सुधार कार्यक्रम लागू भएदेखि यहाँ जमीन बढाउने प्रक्रयाको सट्टा सानातिना उद्योगहरू खासगरी १० देखि २६ अश्व शक्तिको चामल कारखानाहरू राख्ने प्रवृत्ति देखापरेको छ। २०२२ को औद्योगिक गणना पश्चात् मुख्यतः चामल कारखानाहरूको संख्यामा निकै वृद्धि भएको छ। हाल यहाँ असंगठित घरेलु उद्योगहरू बाहेक निम्न बमोजिमका उद्योगहरू छन्:–

उद्योगको प्रकार	संख्या
चामल कारखाना (चामल, तेल उत्पादन गर्ने)	१२९
बिडी कारखाना	२२
इंटा चिमनी भट्टा	७
काठ चिरान	२
लुगा बुन्ने उद्योग	२
जम्मा:–	१६२

चामल–तेल

धान नै एक मात्र प्रमुख उत्पादन भएको यस जिल्लाको प्रमुख उद्योग चामल कारखाना हो। यहाँ जम्मा १२९ वटा चालम कारखानाहरू छन्। यहाँको सबैजसो चामल कारखानाहरू मुख्यतः एकदेखि २५ अश्व शक्ति सम्मका छन्। २५ अश्व शक्तिभन्दा बढीको चामल कारखाना केवल दुई वटा मात्र छन्। यहाँका ती कारखानाहरूमध्ये केहीमा तेल उत्पादन र गहुँ कुट्ने एकाईहरू पनि छन्। यहाँ रहेका चामल कारखानामध्ये सबभन्दा ठूलो कारखाना गौर राइस एण्ड फ्लोर मिल हो। यो कारखानाको दैनिक कुटानी क्षमता ५०० मन रहेको छ। जिल्लाभरमा सबभन्दा बढी संख्यामा कामदारहरूलाई रोजगारी दिने ठहरिएको यो कारखानाले ५० जनालाई रोजगारी दिइरहेको छ। जम्मा २५० जना व्यक्तिलाई रोजगारी दिइरहेका १२८ वटा चामल कारखानाहरूको दैनिक कुटानी क्षमता ३० मनदेखि १०० मनसम्म रहेको छ। यहाँका चामल कारखानाहरूलाई आवश्यक पर्ने चामल, गहुँ, आलस, तोरी जिल्लाभित्रै उपलब्ध हुन्छ। आर्थिक वर्ष २०२९।०३० मा यहाँका सम्पूर्ण कारखानाहरूले तिरेको अन्तःशुल्क रू. ६६,१७८। थियो।

बिडी

यस जिल्लाको दोस्रो प्रमुख उद्योग बिडी हो। यस जिल्लामा २२ वटा बिडी कारखानाहरू छन्। यी बिडी कारखानाबाट प्रति दिन करीब एक लाख खिल्ली बिडी उत्पादन हुने गरेको अनुमान छ। यी कारखानामा २०० जना व्यक्तिहरूले काम पाइराखेका छन्। यस उद्योगको लागि चाहिने पात, सुर्ती कच्चा पदार्थहरू भारतबाट पैठारी हुनेगरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इँट चिम्नी भट्टा

यस जिल्लामा सात वटा चिम्नी भट्टाहरू छन्। यहाँ यी भट्टामा ५० जना जति कामदारहरू छन्। चिम्नी भट्टाको लागि आवश्यक कोइला भारतबाट पैठारी हुनेगरेको छ।

काठ चिरान र लुगा बुन्ने उद्योग

यहाँ काठ चिरान कारखाना (समिल) केवल दुइवटा मात्र छन्। यहाँ लुगा बुन्ने उद्योग पनि दुई वटा छन्।

घरेलु उद्योग

यहाँ डोरी बाट्ने, हँसिया, खुर्पा बनाउने, काठको फर्निचर बनाउने, इँट बनाउने, माटोका भाँडाहरू बनाउने उद्योगहरू मुख्य छन्।

बागमती र बकैया नदी जस्ता अनियन्त्रित नदीहरूको बाढीले गर्दा वर्षा याममा आवागमन प्रायःबन्द हुने गरेको यस जिल्लामा औद्योगिक विकासको लागि यातायातको विकास हुनु जरूरी देखिन्छ। नारायणी अञ्चलको सबभन्दा पूर्वमा रही वर्षा याममा अरू जिल्लासँग परिवहन सम्बन्ध छिन्न भिन्न हुनेगरेको यस जिल्लामा उब्जनी हुने र हुन सक्ने खाद्यान्न तथा नगदेबाली जस्ता कृषि जन्य पदार्थमा आधारित उद्योगहरू समेत देखा पर्न सकेका छैनन्। फलतः यहाँका कृषि पैदावारहरूमध्ये धेरैजसो भारतमा नै निकासी हुने गरेकोछ।

उखुको उत्पादन राम्रै हुने गरेको र त्यसको उत्पादन बढाउन सकिने अवसर पनि रहेको यस जिल्लामा चीनी उद्योगको सम्भावना पनि रहेको छ। नेपाल औद्योगिक विकास निगमबाट भएको चीनी कारखानाको भाव्यता अध्ययन प्रतिवेदन २०२६ अनुसार यातायात, सञ्चार सुविधा उपलब्ध हुन सकेमा यो रौतहट जिल्ला चीनी कारखानाको स्थापना र सञ्चालनको लागि उपयुक्त छ। आलस, दलहन, तेलहनको अतिरिक्त खाद्यान्न पनि ठूलो परिमाणमा उब्जनी हुने यस जिल्लामा एक आधुनिक चामल, तेल र मैदा मिलको आवश्यकता पनि महसूस गरिएको पाइन्छ। यहाँ सानातिना फर्निचर उद्योगहरू पनि फष्टाउन सक्छन्।

अन्तःशुल्क

यस जिल्लामा मुख्यत मदभट्टी, चामल, तेल र बिडी कारखाना, चिम्नीभट्टा र काठ चिरानी कारखाना-बाट अन्तःशुल्क उठ्ती हुनेगरेको छ। आर्थिक वर्ष २०२९।०३० देखि गाँजा खेती माथि प्रतिबन्ध लागनुभन्दा अगाडिसम्म गाँजाबाट पनि खास अन्तःशुल्क उठ्ने गरेको थियो। आर्थिक वर्ष २०२९।०३० मा यहाँ अन्तःशुल्कबाट जम्मा रू ७,६१,११७। उठेको थियो। यसमध्ये उद्योग सम्बन्धी प्रतिष्ठानहरूबाट गत चार वर्षमा उठ्ती भएको अन्तःशुल्क यसप्रकार छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उद्योग	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
चामल	२४,३५७।	६१,८६१।	६५,२५८।	५६,४४३।
तेल	२,२२३।	१३,२०९।	११,२१४।	१२,७३६।
बिडी	३०,५३६।	२६,९८४।	३२,२६४।	४०,६३६।
इंटा भट्टा	२,३०२।	२००।	१,९२८।	४२९।
काठ	–	–	३५२।	–
मदभट्टी		८,१०,९६८।	७,३१,७३९।	५,९६,९९१।
कृषि उत्पादन	१४,०९५।	११,५३१।	४,९३१।	१५,५८६।
विविध	३३,००९।	२९,०४६।	३६,९०८।	३६,०७५।

व्यापार

व्यापार तथा वाणिज्य व्यवसाय यस रौतहट जिल्लाको तेस्रो महत्वपूर्ण व्यवसाय हो। २०२८ सालको राष्ट्रिय जनगणनाअनुसार यहाँ आर्थिक दृष्टिकोणले काममा संलग्न जनशक्तिको करीब ०.४१ प्रतिशत (१,२९१) जना व्यक्तिहरू यस व्यवसाय (लगानी तथा व्यावसायिक सेवा समेत) मा लागेका छन्। यस व्यवसायमा लागेका मुख्य जाति मारवाडी, बनिया, तेली र कलवार हुन्।

व्यापार-वाणिज्य प्रारम्भिक अवस्थामा नै रहेको यस जिल्लाका मुख्य बजाहरू गौर, कटहरिया, समनपुर, पिप्रा र चन्द्रनिगाहापुर हुन्। यसमध्ये पनि यस जिल्लाको सदरमुकाम गौर प्रमुख व्यापार केन्द्र हो। यस केन्द्रको व्यापार सम्बन्ध जिल्लाभित्रका उपभोक्ताहरू, छरछिमेकी जिल्लाहरूका व्यापारीहरू र भारतीय व्यापारीहरूसित रहेको छ। दक्षिणतर्फ भारतीय सीमानासँग जोडिएको गौर बजारको सीमाना व्यापार भारतको वेरगनियासित हुनेगरेको छ। भारतको वेरगनिया बजारबाट गौर करीब दुई किलोमिटरको दूरीमा रहेको छ। भारतीय रेलवे सुविधा उपयोग गर्न यस जिल्लाको लागि गौर नै नजीक र पायक पर्ने स्थान भएको हुँदा यसै बजारको माध्यमद्वारा यस जिल्लाको अधिकांश वैदेशिक निकासी–पैठारी व्यापार हुने गरेको छ। गौर व्यापार केन्द्रको प्रादेशिक व्यापार मुख्यतः पर्सा जिल्लाको वीरगञ्जसित हुन्छ। वीरगञ्ज बजारको माध्यमबाट यस गौर बजारमा विभिन्न विदेशी, स्वदेशीवस्तुहरू आउने गर्छन्। गौर यस जिल्लाको सबभन्दा ठूलो व्यापार केन्द्र हुँदा गौरस्थित मूल भन्सार कार्यालयको आय जिल्लाभरका अन्य भन्सारको आयभन्दा बढी हुने गरेको छ। गौर मूल भन्सार भएर निकासी हुने मुख्य वस्तुहरू चामल, दलहन, तेलहन, उखु, गोरु, भैंसी, पाडापाडी, केरा, घ्यू, लकडी, हरियो खुर्सानी आदि हुन्। त्यस्तै यस जिल्लामा गौर भन्सार मार्फत कपडा, पत्थर कोइला, मट्टीतेल, डिजेल, मोविल, किराना सामान, सुकेको खुर्सानी, नून आदिको पैठारी हुने गरेको छ। यस जिल्लाका अन्य प्रमुख बजारहरूको लागि पनि प्रमुख स्रोतको रूपमा रहेको यस गौर बजार स्थानीय उत्पादनका वस्तुहरूको खरीद विक्री केन्द्र हुनुको अतिरिक्त अधिकांश जिल्लाबासीहरूको दैनिक उपभोग्य वस्तु किन्ने स्थल पनि हो। वीरगञ्ज बजार जस्तो रूप नलिइसकेको यो गौर बजारको विकास यस जिल्लाको औद्योगिक तथा यातायात विकासको गतिसित गाँसिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि क्षेत्रमा नै अर्थ व्यवस्था प्रायः केन्द्रित भइरहेको यस जिल्लाको वस्तुगत व्यापारमा मुख्यतः खाद्यान्न नै रहेको छ। खाद्यान्न आधिक्य रहेको यस जिल्लाबाट धान, चामल ठूलो परिमाणमा मुख्यतः भारत र वीरगञ्जमा निकासी हुन्छ। यहाँको वस्तुगत व्यापारमा उखु व्यापारको स्थान महत्वपूर्ण छ। बढ्दो मात्रामा उखु उब्जनी हुनसक्ने यस जिल्लामा उत्पादित धेरैंजसो उखु वीरगञ्ज चीनी कारखानामा खपत हुने गरेको छ। यस जिल्लाको वस्तुगत पैठारी व्यापारमा मुख्यतः कपडा र अन्य दैनिक उपभोग्य वस्तु नै रहेको छ, जुन खासगरी भारतबाट पैठारी हुन्छ। यस जिल्लामा वीरगञ्जबाट चीनी, मैदा, तोरीको तेल र जनकपुरबाट चुरोट र नेपालगञ्जबाट सलाई आयात हुनेगरेका छन्।

भन्सार

यस जिल्लाबाट श्री ५ को सरकारलाई प्राप्त हुने अर्को महत्वपूर्ण राजस्व भन्सार हो। मूल भन्सार एक वटा र छोटी भन्सार आठ वटा रहेको यस जिल्लाको निकासी पैठारीबाट भएको भन्सार आय निम्न-बमोजिम छः–

भन्सार आय

भन्सार	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
१. गौर भन्सार कार्यालय	४,११,९३९।	४,६३,८८२।	६,५७,२४४।	३,१५,६५७।
२. बारा छोटी भन्सार	२८, ०९३।	२६,६८०।	२४,१४७।	१८,८१२।
३. अर्वाहा छोटी भन्सार	२०,८१५।	१७,९९३।	२३,८६७।	१५,८०९।
४. बलरा छोटी भन्सार	३६,८०३।	२२,८९९।	१८,४०२।	२०,९०५।
५. ब्रह्मपुरी छोटी भन्सार	६३,१३७।	४७,०२९।	६६,६८४।	१,०८,४८०।
६. औरैया छोटी भन्सार	४७,६२४।	३४,३९९।	३६, ५१६।	३८,३३१।
७. मठिया जय नगर छोटी भन्सार	५४,७१४।	४०,३५१।	२४,४५४।	२३,०४७।
८. खाप छोटी भन्सार	३६,०७६।	२४,४२५।	१३,६२८।	२०,४९३।
९. वकुल छोटी भन्सार	५३,६६४।	४४,६५७।	४४,२५८।	३७,८८७।

आयकर र विक्रीकर

परम्परागत प्रणालीमा नै व्यापर सञ्चालन हुनेगरेको यस जिल्लाको व्यापार क्षेत्रमा श्री ५ को सरकारलाई आयकर बुझाउने व्यापारी आयकर दाताहरू ३९ जना भएको देखिन्छ। आर्थिक वर्ष २०२८।०२९ मा यहाँ व्यापार समुदायबाट वार्षिक आयकर रू. २१,६८४। उठ्ती भएको थियो। विगत वर्षहरूको दाँजोमा हाल व्यापार क्षेत्रमा नयाँ करदाताहरू पनि देखा पर्दैआएका छन्। यस जिल्लामा व्यापार क्षेत्रबाट हुने अर्को सरकारी राजस्व विक्री कर हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँबाट निम्नवर्षहरूको आयकर र बिक्री कर आय यसप्रकार छन्:–

कर	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
आयकर	रू. ४२०।	रू. ३६,२४२।	रू. ४०,९६१।
बिक्रीकर	रू. १,०५,३१५।	रू. १,७२,१७१।	रू. ६८,६१२।

बैंक

यस जिल्लाको सदरमुकाममा रहेको वित्तीय संस्थाहरू नेपाल बैंक लि., राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक हुन्। पहिलेदेखि नै खाद्यान्न व्यापारको प्रमुख केन्द्रको रूपमा रहेको यस रौतहट जिल्लाको व्यापारलाई बढावा दिन यहाँ नेपाल बैंक लि. को उपशाखा वि. सं. १९९९ मा नै खोलिएको हो। व्यापार–वाणिज्यको उन्नति र ग्रामीण पूँजी समेत सङ्कलन एवं परिचालनको लागि नेपाल बैंक लि. को सेवामात्र पर्याप्त नभएकोले यहाँ राष्ट्रिय वाणिज्य बैंकको शाखा पनि स्थापना भयो। यी वाणिज्य बैंकहरूले बचत, मुद्दती निक्षेप सङ्कलन, कर्जा तथा लगानी, रकम स्थानान्तर, बिजक सङ्कलन, माल वस्तुको निकासीमा बाह्य बिजकमा पेश्की र पैंठारी मालसामानको बिजकहरूको भुक्तानी, शाख वृतान्त आदि सम्बन्धी विभिन्न महत्वपूर्ण कार्य र सेवा गर्दै आएका छन्। यी बैंकहरूबाट धान, मकै, मुसुरी, तोरी जस्ता प्रमुख निकासी प्रधान वस्तुहरू कपडा, चीनी, घ्यू, औषधि जस्ता उपभोग्य वस्तु र पित्तलका भाँडाहरू, सुन चाँदी जस्ता बचत सामाग्रीहरूमा मुख्य लगानी गरेका र कर्जा दिएका छन्।

देशमा कृषि विकासको लागि संस्थागत कृषि ऋण प्रणालीको प्रादुर्भावको सिलसिलामा २०१९ सालको सहकारी बैंकलाई २०२४ सालमा कृषि विकास बैंकमा परिणत गरेपछि यहाँ कृषि विकास बैंकको शाखा रहेको छ। कृषि उत्पादनमा वृद्धि, कृषिमा आधारित व्यवसाय तथा उद्योगहरूको विकासको लागि यस बैंकले यथोचित ब्याज दरमा निर्दिष्ट सहकारी संस्थाहरू, निर्दिष्ट ग्राम समिति (तत्कालीन बचत संस्थान, यस बैंकमा गाभिएदेखि) र मुख्यतः कृषकहरूलाई विभिन्न कृषि ऋणहरू दिदैंआएको छ। यस बैंकले यहाँ उपलब्ध गर्ने ऋण मुख्यत यसप्रकारका छन् :–

उत्पादन ऋणः कृषि उत्पादन वृद्धिको लागि आवश्यक उन्नत बीउ, रासायनिक मल, कीटाणुनाशक औषधि, कृषि औजार आदिको खरीदको लागि बढीमा साढे एक वर्षसम्मका निमित्त दिइने ऋणलाई उत्पादन ऋण भनिन्छ। यो ऋण मौसमी बालीमा लाग्ने खर्चसम्म सिमित हुन्छ र यसको ब्याज सहितको भुक्तानी बाली काटिसकेपछि गर्नु पर्छ।

बेचबिखनको लागि ऋणः सहकारी संघ, संस्थाका सदस्यहरूद्वारा राम्रो मोलमा कृषि उपज बेच बिखन गर्न सामर्थ्य तुल्याउनको लागि पनि यस बैंकले ऋण दिने गरेको छ। यो ऋण र त्यसको ब्याजको भुक्तानी कृषि उपज बिक्री भएपछि गर्नु पर्छ।

ऋण सुविधाः ट्रेक्टर, पम्पसेटको खरीद, गोदाम निर्माण आदिको लागि तीन वर्षदेखि सात वर्षसम्म भुक्तानी गर्नुपर्ने गरी यो ऋण बैंकले प्रदान गर्ने गरेको छ। यो ऋणलाई सुविधा ऋण (खेती विकास सम्बन्धी ऋण) भनिन्छ।

कृषि व्यवसाय ऋणः फलफूल खेती, कुखुरापालन, दुग्ध उत्पादन, सुंगुर पालन आदिको लागि यस बैंकले कृषि व्यवसाय ऋण दिने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ रहेको कृषि विकास बैंकबाट २०२९।०३० सम्ममा सहकारी संस्था मार्फत ७४८ जना र सोझै ५०० जना समेत जम्मा १,२४८ जना किसानहरूलाई विभिन्न कृषि ऋण प्रदान भएको थियो। यस बैंकबाट सिचाइको लागि पनि ऋण उपलब्ध गरेको थियो। यस बैंकबाट विभिन्न कृषि कार्यको लागि आर्थिक वर्ष २०२९। ०३० सम्म ऋण लगानी भइरहेको रकम रू. १८,१८,८०८। थियो।

यस जिल्लामा कृषि खरीद बिक्री संस्थानको उपशाखा पनि रहेको छ। उक्त संस्थानले विभिन्न किसिमको रासायनिक मल, उन्नत कीटाणुनाशक औषधि, पम्पसेट र अन्य कृषि औजार बिक्री गर्दैआएको छ। यहाँ जनकपुर चुरोट कारखानाको एक केन्द्र पनि रहेको छ। यस अतिरिक्त यहाँ कृषि विकास बैंकबाट निर्दिष्ट सहकारी संस्थाहरू छन्। सहकारी संस्थाहरूले ग्रामीण स्तरका स-साना किसानहरूलाई कृषि ऋण सुलभ गराउने प्राथमिकता दिएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

यातायात

विकासका पूर्वाधार मानिएको यातायातको क्षेत्रमा यो जिल्ला प्रारम्भिक अवस्थामा नै रहेको छ। यस जिल्लामा पर्ने महेन्द्र राजमार्ग बाहेक सबै सडकहरू कच्ची नै रहेका छन्। यहाँ पुल पुलेसाहरूको पनि कमी नै रहेको छ। यहाँ बागमती र बकैया जस्ता अनियन्त्रित ठूला नदीहरूमा बराबर बाढी आउने हुँदा खासगरी वर्षा याममा यस जिल्लाको सदरमुकाम गौर र जिल्ला भित्रका अन्य प्रमुख स्थानहरू व्यापरिक केन्द्रका बीच आवागमन प्रायः बन्द हुने गर्छ। हिउँदको समयमा यस जिल्लाभित्र आवागमन र परिवहन केही मात्रामा सुविधाजनक नै मानिन्छ। यस जिल्लामा आकाशवाणी, टेलिफोन तथा हुलाक सुविधा प्राप्त छन्। साथै यस जिल्लाको सदरमुकाम गौरमा बिजुलीको सेवा पनि उपलब्ध छ। यस जिल्लाभित्र यातायातको विकास हुन नसकेकोले यहांको उद्योग र व्यापार विकासमा प्रतिकूल असर परिरहेको छ। यहांको आर्थिक विकासको गति यातायात क्षेत्रमा गरिने उपलब्धि र सुधारमा धेरै मात्रामा भर पर्दछ।

यस जिल्लाको उत्तरी किनारमा अवस्थित महेन्द्र राजमार्ग र दक्षिणी भागमा अवस्थित सदरमुकाम गौरका बीचको सडक र बारा जिल्लाबाट निस्की यस जिल्लाको दक्षिणबाट सर्लाही जिल्लातर्फ गएको पद्म सडक पनि कच्ची नै रहेकाले यस जिल्लाको दक्षिणी सीमामा पर्ने भारतीय क्षेत्रको बैरगनियाबाट यस जिल्लाभित्र आवत–जावत हुनेगरेको छ।

बैरगनियामा भारतीय रेलवे सुविधा पनि उपलब्ध हुनेगरेकोले गौर–बैरगनिया प्रखण्डको विन्दु यस जिल्लाको मुख्य द्वार हो। यस जिल्लाको उत्तरी भाग हुँदै गएको महेन्द्र राजमार्ग जिल्लाको लागि एक महत्वपूर्ण वैकल्पिक मार्ग हुँदैजानेछ।

यस रौतहट जिल्लामा पर्ने मुख्य मुख्य सडकहरू निम्न हुन्:–

महेन्द्र राजमार्ग
गौर–चन्द्रनिगाहापुर–महेन्द्र राजमार्ग
गौर–भीमडावर–महेन्द्र राजमार्ग
गौर–भीमडावर–कटहरिया
पद्म सडक
गौर महम्मदपुर
अन्य सडक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महेन्द्र राजमार्ग

यस जिल्लाको उत्तरी किनारतर्फ महेन्द्र राजमार्ग गएको छ। यो राजमार्ग जिल्लाको पश्चिम सीमानामा बारा जिल्लाबाट निस्की यस जिल्लाको उत्तरी भागका जङ्गल, चन्द्र निगाहापुर पञ्चायत र जुडिबेला पञ्चायत हुँदै यसको पूर्व सीमानाबाट सर्लाही हुँदै गएको छ। यस जिल्लामा पर्ने उक्त राजमार्गको पूर्व–पश्चिम लम्बाइ बारा जिल्लाको घसरदेखि सर्लाही जिल्लाको भगलपुर फरमेहिया सीमानासम्म करीब २६ किलोमिटर (१६ माइल) रहेको छ। यस जिल्लाको सीमानाभित्र पर्ने उक्त राजमार्गमा परेको बकैया, चानी र बागमती नदीहरूमा पक्की पुलहरू पनि बनेका छन्। यस जिल्लाको सदरमुकाम गौर दक्षिण भागमा रहेको हुँदा सदरमुकामबाट उक्त राजमार्ग निकै दूरीमा रहेको भए तापनि यी दुईका बीच कच्ची बाटो रहेको छ। तर राजमार्ग र गौर कच्ची सडकका बीच पर्ने नदीनालामा पक्की पुलहरू नभएकोले यस बाटोबाट आवागमन गर्न असुविधा नै मानिन्छ। यो प्रखण्डमा पक्की सडक र पुलको निर्माण भएमा यहाँको यातयात निकै सुविधाजनक हुनेछ।

गौर–चन्द्रनिगाहापुर–महेन्द्र राजमार्ग

गौरबाट पिप्रा, समनपुर हुँदै महेन्द्र राजमार्गतिर रहेको चन्द्रनिगाहापुर पञ्चायतसम्म कच्ची बाटो गएको छ। यो बाटो जिल्लाको लागि सर्वाधिक महत्वको सडक हो। मुख्यतः यही बाटोबाट नै महेन्द्र राजमार्ग र गौरको सम्बन्ध रहनगएको छ। यस सडकमा जिल्ला पञ्चायतबाट निर्मित केही पुल बागमती नदीको बाढीले गर्दा क्षतिग्रस्त भएका छन्। यस सडकमा पर्ने झाँझ नदी र वरहवा नदीमा बराबर मरम्मत गर्नु पर्ने काठका पुलहरू छन्।

गौर–भीमडावर–महेन्द्र राजमार्ग

यो सडक यस जिल्लाको दक्षिणी भागको गौरबाट उत्तरतर्फ कटहरियाको लागि मोठियाहीमा फुटी भीमडावर भई जङ्गलतर्फ महेन्द्र राजमार्गमा जोडिनेगरी गएको छ।

गौर–भीमडावर–कटहरिया

गौरबाट उत्तरतर्फ भीमडावर भई महेन्द्र राजमार्गसँग जोडिन पुगेको सडकको अर्को भाग गौर-भीमडावर–कटहरिया सडक हो। यो सडक भीमडावरबाट पश्चिम शाखा कटहरियामा जान्छ। कटहरिया जाने बाटोमा जलैया भन्ने नदीमा पक्की पुल रेगुलेटर रहेको छ।

पद्म सडक

यस जिल्लाको पश्चिमी सीमानामा बारा जिल्लाबाट निस्केको यो सडक यस जिल्लाको केतवाटोला, पोखरिया, हजमिनिया हुँदै गौरसम्म आएको छ। प्रधानमन्त्री पद्म शम्शेरको पालामा उनको नामबाट बनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो कच्ची सडकलाई कलैया–गौर (बारा–रौतहट) सडक पनि भनिन्छ। यो सडक हिउँदमा मात्र राम्रोसँग चालू हुन्छ। यो सडक पक्की भएमा मुख्यतः यस जिल्ला र बारा जिल्लाको बीच आवत–जावत सुविधाजनक हुनुका अतिरिक्त यस जिल्लाको औद्योगिक तथा आर्थिक विकासमा ठूलो सघाउ पुग्न जानेछ।

गौर–महम्मदपुर

गौरदेखि उत्तर महम्मदपुर वेरेजसम्म करीब २८ किलोमिटर लामो कच्ची बाटो छ। यस बाटोमा पर्ने झाँझ नदी लगायतका नदीहरूमा पुलहरू छन्। यो बाटो पूर्वमा गई गरुडा वेरिया नजीक पोठियाही–चन्द्रनिगाहापुर बाटोमा मिल्न जान्छ।

अन्य सडक

गौरदेखि पूर्व बागमती नदीको पूर्व, भारत सीमानादेखि जङ्गलसम्म र पश्चिमतर्फ लालबकैया नदीदेखि पश्चिम, भारत सीमानादेखि जङ्गलसम्म जाने दुई मूल कच्ची बाटोहरू छन्। यी बाटोहरू महेन्द्र राजमार्गमा गई मिल्दछन्। पश्चिमतर्फको बाटो कटहरियामा मिली जङ्गलतर्फ जान्छन्। यस अतिरिक्त यस जिल्लाको प्रत्येक पञ्चायतको प्रत्येक गाउँबाट अर्को गाउँमा जाने कच्ची गोरेटो बाटो छन्। तर यी बाटोमा पुलहरूको कमीले गर्दा वर्षायाममा आवागमनमा कठिनाइ रहने गर्दछ।

यहाँ रहेको गोरेटो बाटो बाहेक अन्य सडकमा हिउँदको समयमा मात्र मोटर चल्न सक्दछ। बागमती र लाल बकैया नदीहरूमा पुलहरू नरहेकोले वर्षाको शुरू जेठ महीनादेखि बर्षाद उपरान्त मंसीर महीनासम्म यस प्रखण्डमा डुङ्गाबाट आवागमन हुने गर्छ। प्रतिदिन प्रति घाटबाट बागमतीमा ४०० जना र लाल बकैयामा ३०० जना जति व्यक्तिहरू ओहर दोहर गर्छन्। डुङ्गाबाट तर्ने महसूल दर हाल निम्नबमोजिमको छः–

(क) प्रति व्यक्ति प्रति पटक	रू.	।५
(ख) प्रति बयल गाडी प्रति पटक	रू.	१।
(ग) प्रति घोडा प्रति पटक	रू.	।४०

रौतहट जिल्ला पञ्चायतबाट प्रत्येक आर्थिक वर्षमा निम्न सबै घाटहरूको ठेक्का बन्दोवस्त हुने गरेको छ। आर्थिक वर्ष २०३०।०३१ मा घाट ठेक्काबाट आम्दानी रू. १२,५००। भएको छ।

(क) बागमती नदीमा– धुर्वा, समनपुर, हथिऔल, खैरवा, छोटोल, कटरवन र पकहा।

(ख) लाल बकैया नदीमा– वलुवा, देवाही, मर्यादपुर, वनजरहा, टिकुलिया र अरवा।

यस जिल्लाको यातायात अल्प विकसित स्थितिमा नै रहेकोले यहाँका मुख्य ढुवानी साधन घोडा र बयलगाडी नै हुन्।

आकाशवाणी

वि. सं. २०२०. भाद्र १७ गते स्थापित एक आकाशवाणी केन्द्र गौरमा रहेको छ। यस आकाशवाणी केन्द्रबाट जनकपुर अञ्चलका धनुषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लासँग र नारायणी अञ्चल र बागमती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अञ्चलसँग सीधा सम्पर्क स्थापित गर्न सकिन्छ। यस केन्द्रबाट एक वर्षमा करीब २,६६० थान खबरहरू जाने र करीब २,४०० थान खबरहरू आउने गर्दछन्।

यहाँको सञ्चारको अर्को साधन टेलिफोन हो। पहिलेदेखि स्थापित यस टेलिफोनबाट वीरगञ्ज, कलैया, सिमरा, अमलेखगञ्ज, हेटौंडा, भैंसे, भीमफेदी र काठमाडौंसँग सीधा सम्पर्क कायम हुनेगरेको छ।

हुलाक

यस जिल्लामा विनिमय हुलाक एक, छोटी हुलाक तीन र अतिरिक्त हुलाक सात समेत गरी जम्मा हुलाक ११ वटा रहेका छन्। यस जिल्लाका हुलाकहरूबाट गत २०३० साल वैशाख महीनामा मात्र चिठ्ठी पत्र ७,६५८, रजिष्टर्ड ८२३ र काज सरकारी पत्र १,६५२ थान समेत जम्मा १०,१३३ थान हुलाक वस्तु आदान प्रदान भएको थियो। यस आधारमा यहाँका हुलाकहरूबाट वर्षमा १,२१,५४६ हुलाक वस्तुको आवत आवत हुने अनुमान छ।

यस जिल्लामा भएका हुलाक कार्यालयहरूको नाम र तिनको अवस्था यसप्रकारका छन:–

गौर विनिमय हुलाक	गौर
समनपुर छोटी हुलाक	समनपुर
गढैया हुमरिया छोटी हुलाक	गढैया
छतौना छोटी हुलाक	छतौना
वसतपुर अतिरिक्त हुलाक	वसतपुर
गङ्गा पिप्रा अतिरिक्त हुलाक	गङ्गा पिप्रा
चन्द्रनिगाहापुर अतिरिक्त हुलाक	जुडिवेला
मटिऔन डुमरिया अतिरिक्त हुलाक	मटिऔन
कटहरिया अतिरिक्त हुलाक	कटहरिया
पथरा बुधराम अतिरिक्त हुलाक	पथरा बुधराम
परोहा डुमरिया अतिरिक्त हुलाक	(परोहा) डुमरिया।

बिजुली

वि. सं. २०२९ फागुन ७ गतेदेखि यस जिल्लाको सदरमुकाम गौरमा विद्युतीकरण भएको छ। नेपाल तथा भारतका बीच २०२८ साल कात्तिक ३ गते सम्पन्न विद्युत् आदान प्रदान सम्बन्धी सम्झौता अनुसार गौरमा यस जिल्लाको दक्षिण सिमावर्ती भारतीय इलाका वैरगनियाबाट विद्युत् सेवा उपलब्ध भएको हो। गौर विद्युतीकरण कार्यक्रम अन्तर्गत वैरगनियाबाट गौर बजारसम्म १,१०० भोल्टको लाइन तानिएको छ। उक्त लाइनबाट गौरमा १५० के. भि. ए. सम्म विद्युत् सेवा आदान प्रदान हुने समझदारी रहेको छ। भारतबाट यहाँ बिजुली पैठारी गरेवापत भारतलाई सालिन्दा रू. २२,०००। बिजुली महसूल बुझाउनु पर्ने व्यवस्था रहेको छ। यहाँ विद्युत् शक्तिको बढ्दो उपयोगको दृष्टिकोणबाट यहाँ बिजुली महसूलबाट वार्षिक रू. ५५,०००। आम्दानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुने अनुमान रहेको छ। गौरमा विद्युतीकरणको सञ्चालन खर्चको दाँजोमा विद्युत् राजस्व बढी नै रहने देखिएको छ।

निप्पन कोइ जापानको कन्सलटचाण्ट इञ्जिनीयरका प्रतिवेदन अनुसार गौरमा विद्युत् खपत यस प्रकारमा हुने सम्भावना रहेको छः–

वर्ष	के. डब्लु	एम. डब्लु. एच.
२०३०।०३१	८०	१४०
२०३१।०३२	१००	१७०
२०३२।०३३	१२०	२००
२०३३।०३४	१४०	२५०
२०३४।०३५	१७०	२९०
२०३५।०३६	१९०	३४०
२०३६।३७	२२०	३९०
२०३७।०३८	२६०	४५०

गौरको बिजुली खपत सम्बन्धी उपर्युक्त आँकडाको आधारमा गौरको लागि भारतबाट प्राप्त हुने विद्युत् शक्ति आर्थिक वर्ष २०३४।०३५ सम्मको निमित्त मात्र पर्याप्त हुने अनुमान पनि रहेको देखिन्छ। भविष्यमा रौतहट जिल्लामा विद्युत् विकासको निमित्त वैकल्पिक विद्युत् शक्तिको व्यवस्थाको आवश्यकता रहने छ।

गौरमा विद्युत् सेवा उपलब्ध भएबाट औद्योगिक प्रतिष्ठानहरूको स्थापना र सञ्चालनको लागि थप आवश्यकता एवं प्रेरणा सृजना भएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

साक्षरताको क्षेत्रमा नारायणी अञ्चलको सबभन्दा पिछडिएको यो रौतहट जिल्लामा छ वर्षदेखि माथिल्लो उमेर समूहका जनसंख्या २,६२,५७२ मध्ये केवल २१,५६८ अर्थात् ८.२ प्रतिशत व्यक्तिहरू मात्र साक्षर छन्। यो साक्षरता प्रतिशत (८.२ प्रतिशत) नेपालको औसत साक्षरता (१३.९) प्रतिशतभन्दा ५.७ प्रतिशतले कम रहेको छ। यस जिल्लाको छ वर्षदेखि माथिल्लो उमेर समूहको पुरुष जनसंख्या (१,३५,९४८) को १३.८ प्रतिशत (१८,८१५) र महिला जनसंख्या (१,२६,६२४) को २.१ प्रतिशत (२,७५३) मात्र साक्षर छन्। अर्को शब्दमा यहाँ उक्त उमेर समूहको महिला जनसंख्याको दाँजोमा पुरुष जनसंख्या ६.१ प्रतिशतले बढी साक्षर छन्। यस जिल्लाको साक्षरता सम्बन्धी विवरण तल दिइएको छः–

साक्षर र निरक्षर जनसंख्याको तालिका

	पुरुष संख्या	प्रतिशत	महिला संख्या	प्रतिशत	जम्मा संख्या	प्रतिशत
साक्षर जनसंख्या	१८,८१५	१३.८	२,७५३	२.१	२१,५६८	८.२
निरक्षर जनसंख्या	१,१७,१३३	८६.२	१,२३,८७१	९७.९	२,४१,००४	९१.८
६ वर्षदेखि माथिको जनसंख्या	१,२६,६२४	१००.०	१,३५,९४८	१००.०	२,६२,५७२	१००.०

सामूहिक दृष्टिकोणमा ८.२ प्रतिशत मात्र साक्षरता रहेको यस जिल्लामा सोभन्दा कम साक्षर प्रतिशत हुने उमेर समूह मुख्यतः छदेखि नौ वर्षसम्मका र ३० वर्षदेखि माथिको उमेर समूह र सोभन्दा बढी साक्षर प्रतिशत हुने उमेर समूहमा १० देखि २९ वर्षसम्मका उमेर समूह हुन्। निम्न उमेर समूहको दृष्टिकोणमा १० देखि १४ वर्ष उमेर समूहको बाल बालिकाहरूको साक्षरता प्रतिशत सबभन्दा बढी रहेको छ जुन १४.७ प्रतिशत हुन आउँछ। त्यसपछि बढी साक्षरता प्रतिशत हुने उमेर समूह क्रमशः १५–१९ र २०–२४ छन्। गत १४।१५ वर्ष यतादेखि शिक्षाको अधिक प्रचार प्रसार बढेकोले नै यी उमेर समूहमा बढी साक्षरता प्रतिशत देखापरेको हो भन्नुमा अत्युक्ति होइन। यहाँ खासगरी ४० वर्षभन्दा माथिल्लो उमेर समूहका जनसंख्यामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साक्षरताको प्रतिशत सोभन्दा मुनिको उमेर समूहका दाँजोमा कमै रहेको छ। यहाँ सबभन्दा कम साक्षरता प्रतिशत रहेको उमेर समूहमा मुख्यतः ६५ वर्षदेखि माथिको उमेर समूह हो। यो उमेर समूहको चार प्रतिशत व्यक्तिहरू मात्र साक्षर छन्। विभिन्न उमेर समूहको साक्षरता र निराक्षरता तलको तालिकामा दिइएको छः–

साक्षरताको तालिका

उमेरसमूह	पुरुष			महिला			जम्मा		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६-९	१६,७२८	१,८०७	१०.८	१५,२३७	५१८	३.४	३१,९६५	२,३२५	७.३
१०-१४	१७,२८६	३,६३१	२१.०	११,७२५	६४०	५.५	२९,०११	४,२७१	१४.७
१५-१९	११,३८४	२,४१५	२१.२	८,४४८	४००	४.७	१९,८३२	२,८१५	१४.२
२०-२४	१३,३१६	२,७१२	२०.४	१५,४१८	३९२	२.५	२८,७३४	३,१०४	१०.८
२५-२९	१४,७६३	२,२८३	१५.५	१३,८२९	२५४	१.८	२८,५९२	२,५३७	८.९
३०-३४	१२,४४४	१,५०४	१२.१	१३,६६०	१६३	१.२	२६,१०४	१,६६७	६.४
३५-३९	१२,६८७	१,३००	१०.२	१०,९३३	१३७	१.३	२३,६२०	१,४३७	६.१
४०-४४	९,९२२	८५७	८.६	९,८३७	८२	०.८	१९,७५९	९३९	४.८
४५-५४	१५,२८७	१,२७१	८.३	१३,३७०	१००	०.७	२८,६५७	१,३७१	४.८
५५-६४	७,६६३	६५२	८.५	८,५८१	५३	०.६	१६,२४४	७०५	४.३
६५ र माथि	४,४६८	३८८	८.७	५,५८६	१४	०.३	१०,०५४	४०२	४.०

माथि उल्लिखित गरिएअनुसार यहाँ पुरुष जनसंख्याभन्दा महिला जनसंख्या निकै कम संख्यामा साक्षर छन्। यहाँ पाँच वर्षदेखि माथिल्लो उमेर समूहका पुरुष जनसंख्यामा निराक्षरताको प्रतिशत८६.२ रहेको छ भने सोही उमेर समूहको महिला जनसंख्यामा यो प्रतिशत ९७.९ रहेको छ। निम्न उमेर समहको दृष्टिकोणबाट १०–१४ वर्ष उमेर समूहको जनसंख्या नै बढी साक्षर छन्। तर सो उमेर समूहको पुरुष जनसंख्या २१ प्रतिशत साक्षर छन् भने महिला जनसंख्या ५.५ प्रतिशत मात्र साक्षर छन्। यहाँ ४० देखि माथिल्लो उमेर समूहका पुरुष जनसंख्यामा ८ प्रतिशतभन्दा बढी साक्षरता रहेको छ जबकी उक्त उमेर समूहका महिला जन संख्यामा साक्षरताको प्रतिशत एक भन्दा कमै रहेको छ। यी आँकडाबाट के स्पष्ट हुन्छ भने यहाँ महिला शिक्षा निकै पिछडिएको छ।

वि. सं. २०३२ मा यस जिल्लामा राष्ट्रिय शिक्षा पद्धति लागू हुने कार्यक्रम रहेको छ। हालसम्म परम्परागत शिक्षा प्रणाली अन्तर्गत नै रहेको यस जिल्लामा १५० वटा प्राथमिक,पाँच वटा निम्नमाध्यमिक र आठ वटा माध्यमिक विद्यालय समेत तीन तहका जम्मा १६३ वटा शैक्षिक संस्थाहरू सञ्चालन भइरहेका छन्। १३२ पञ्चायतहरू भएका यस जिल्लाको प्रत्येक पञ्चायतमा कममा एउटा प्राथमिक विद्यालय रहेको छ। कुनै कुनै पञ्चायतमा प्राथमिक विद्यालय दुई तीन वटा सम्म पनि सञ्चालित छन्। त्यस्तै निम्न माध्यमिक विद्यालय-हरू करीबपाँच वटा पञ्चायतमा र माध्यमिक विद्यालयहरू आठ वटा पञ्चायतमा एकका दरले रहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाल यस जिल्लामा रहेका प्राथमिक विद्यालयहरूमा शिशु कक्षादेखि पाँच कक्षासम्म अध्यापन कार्य हुने गरेको छ। यहाँका केही माध्यमिक विद्यालयहरूमा प्रति प्राथमिक कक्षाहरू शिशु कक्षादेखि पाँच कक्षासम्म सञ्चालन हुने गरेका छन्। यहाँका निम्नमाध्यमिक विद्यालयहरूमा साधारण छदेखि आठ कक्षासम्मको पढाइ सञ्चालन हुनेगरेको छ। यहाँका कुनै कुनै माध्यमिक विद्यालयमा छदेखि १० कक्षा र कुनै कुनैमा शिशु कक्षादेखि १० कक्षासम्म नै सञ्चालन भइरहेका छन्।

माध्यमिक स्तरसम्मको शिक्षा हासिल गर्न योग्य उमेर समूहको ६५,६४८ जनसंख्या रहेको यस जिल्लाका विभिन्न विद्यालयहरूमा प्राथमिकदेखि माध्यमिक कक्षासम्म पढ्न जाने विद्यार्थीहरूको कुल संख्या ८,६५६ मात्र रहेको छ। उक्त उमेर समूहको उपलब्ध जनसंख्याको करीब १३.५ प्रतिशत मात्र यहाँका विद्यालयहरूमा शिक्षा हासिल गरिरहेको प्रतीत हुन्छ। यहाँ विद्यालयहरूमा पढ्ने गरेका कुल विद्यार्थी संख्या ८,६५६ मध्ये छात्र संख्या ७,८६७ (८८.१५ प्रतिशत) र छात्रा संख्या १,०६२ (११.८५ प्रतिशत) छन्। यस दृष्टिकोणबाट यहाँ महिला शिक्षाको प्रसार धेरै कम नै रहेको देखिन्छ। यहाँ विभिन्न स्तरमा पढ्ने विद्यार्थीहरूको संख्यात्मक विवरण तलको तालिकामा दिइएको छः–

विद्यार्थीहरूको संख्यात्मक विवरण

कक्षा स्तर	छात्र		छात्रा		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
प्राथमिक	६,४४१	८६.८	९६९	१३.२	७,४१०	१००.०
निम्नमाध्यमिक	२६१	९१.३	२५	८.७	२८६	१००.०
माध्यमिक	१,१९५	९४.६	६८	५.४	१,२६३	१००.०
जम्मा–	७,८९७	८८.१	१,०६२	११.९	८,९५९	१००.०

यस जिल्लामा १६३ वटा विभिन्न विद्यालयहरूमा जम्मा ३९४ जना शिक्षकहरू छन्। यहाँका प्राथमिक विद्यालयहरूमा धेरैजसो स्थानीय शिक्षकहरू नै छन्। साथै उक्त विद्यालयहरूको शिक्षकहरूमध्ये अल्प संख्यामा बारा र सर्लाही जिल्लाका निबासीहरू र गैर नागरिकहरू छन्। निम्नमाध्यमिक र माध्यमिक विद्यालयहरूमा बहुसंख्यक शिक्षक गैर नागरिक नै छन्। यहाँका कुल शिक्षकहरूमध्ये ५५ प्रतिशत शिक्षकहरू तालीमप्राप्त छन्। तर यहाँको प्राथमिक शिक्षकहरू २९९ जनामध्ये २१५ जना निम्नमाध्यमिक र माध्यमिक शिक्षकहरू, ९५ जनामध्ये केवल तीन जना मात्र तालीमप्राप्त छन्।

यस जिल्लामा शिक्षा प्रसारको लागि २०२९।०३० को बजेट रू. ३,०१,६००। थियो। यहाँको धेरैजसो विद्यालयहरूलाई श्री ५ को सरकारबाट आर्थिक सहायताको माध्यमबाट पनि आर्थिक साधन उपलब्ध हुनेगरेको छ। यस जिल्लामा तीन वटा पूर्ण सरकारी प्राथमिक विद्यालयहरू रहेका छन्, जसको सञ्चालन श्री ५ को सरकारको वार्षिक बजेटबाट नै हुनेगरेको छ। आर्थिक सहायता पाउने प्राथमिक विद्यालयहरूमध्ये यहाँको एक मात्र नमूना प्राथमिक विद्यालय "अमर नमूना प्राथमिक स्कूल" ले सालबसाली आर्थिक सहायता रू. १४,१२०। पाउने गरेको छ। यहाँको प्राथमिक विद्यालयहरूलाई वार्षिक रू. १,१००। का दरले (एक शिक्षकको तलव) वार्षिक आर्थिक सहायता दिने गरिएको छ। यहाँका प्राथमिक विद्यालयहरूलाई शिक्षकको संख्याको आधारमा रू. १,१००। देखि रू. ५,५००। सम्म आर्थिक सहायता दिनेगरेको छ। तालीमप्राप्त शिक्षकहरू भएको प्राथमिक विद्यालयहरूलाई शिक्षक तालीम भत्ताको लागि थप आर्थिक सहायता पनि उपलब्ध गर्ने गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ आर्थिक सहायता बिना सञ्चालन भइरहेका प्राथमिक विद्यालयहरू केवल दुईवटा मात्र छन्। यहाँका आठवटा माध्यमिक विद्यालयमध्ये पाँचवटा माध्यमिक विद्यालयले निम्नमाध्यमिक विद्यालय स्तरको सरकारी आर्थिक सहायता प्राप्तगर्ने गरेका छन्। यहाँ तीन वटा माध्यमिक विद्यालयहरूलाई मात्र माध्यमिक विद्यालय स्तरको सरकारी आर्थिक सहायता उपलब्ध हुनेगरेको छ। यहाँ आर्थिक सहायता बिना सञ्चालित निम्नमाध्यमिक विद्यालयहरू चार वटा छन्।

यस जिल्लामा रहेका १६२ वटा विभिन्न विद्यालयहरूमध्ये पक्की भवन भएका विद्यालयहरू केवल १५ वटा मात्र छन् र बाँकी १४८ विद्यालयहरूको भवन कच्ची (फुस र खरको एक अथवा दुई कोठा भएका) छाप्रो नै रहेका छन्। यहाँको विद्यालयहरूका भवनको स्थिति यसप्रकारको छ :–

विद्यालयको भवन स्थिति

विद्यालय	जम्मा	कच्ची भवन	पक्की भवन
प्राथमिक	१५०	१३९	११
निम्नमाध्यमिक	५	३	२
माध्यमिक	८	६	२
जम्मा:–	१६३	१४८	१५

आर्थिक वर्ष २०२९।०३० मा पुरुष प्रौढ साक्षर कक्षाहरू निम्नमाध्यमिक र माध्यमिक विद्यालयहरूमा सञ्चालन भएका थिए। त्यस्तै यहाँका नेपाल महिला संगठनद्वारा १५ वडामा महिला प्रौढ कक्षाहरू सञ्चालन गरिएको थियो। २०३०।०३१ मा यस जिल्लाका ७२ वटा प्राथमिक विद्यालयहरूमा प्रौढ साक्षरता कक्षा सञ्चालन गरी १,४४० जना व्यक्तिलाई साक्षर बनाउने लक्ष्य रहेको थियो।

स्वास्थ्य

यस जिल्लाको बासिन्दाहरूमा मुख्यतः हुकवर्म, अनेमिया जस्ता पेट सम्बन्धी रोग, पुरानो खोकी, टी. बी. जस्ता छातीको रोग, लुतो, घाउ, खटिरा नै देखापर्ने गरेकाछन्। यहाँ खास गरी सरसफाइको कमी, स्वच्छ खानेपानीको अभाव, रोग लागेपछि उचित औषधोपचार गर्ने आदतको कमी र स्वास्थ्य शिक्षाको कमी जस्ता कारणहरूबाट यहाँ यस्ता रोगहरू बढी उत्पन्न हुने गरेको पाइन्छ। यहाँका बासिन्दाहरूमध्ये धेरैजसोमा जुत्ता लगाउने बानी नभएकोले पनि विभिन्न रोग देखापर्ने गरेको देखिन्छ।

एकातिर सीमित स्वास्थ्य सेवा भएको र अर्कोतिर परम्परागत अन्धविश्वास पनि धेरै मात्रामा रहेको यस जिल्लामा धामी, झाँक्रीद्वारा हुने परम्परागत किसिमको स्वास्थ्योपचार पनि प्रचलनमा नै रहेको छ। यो प्रचलन यस जिल्लाको उत्तरी भागमा धेरैजसो पाइन्छ। तर यो परम्परा क्रमिक रूपमा घट्दै गइरहेको छ।

यस जिल्लामा आधुनिक स्वास्थ्योपचारको सुविधा केही हदमा उपलब्ध रहेको छ। गौरमा १५ शय्याको एक अस्पताल छ। यस अतिरिक्त यहाँ विभिन्न स्थानमा नौवटा स्वास्थ्य चौकीहरू पनि छन्। यहाँको पिपा बजारमा एक आयुर्वेदिक औषधालय पनि रहेको छ। आर्थिक वर्ष २०२९।०३० मा यहाँको अस्पतालमा औषधोपचारको लागि आएका बाह्य रोगीको संख्या २५,९३३ र भित्री रोगीको सख्या ३२० पुगेका थिए। उक्त गौर अस्पतालमा भारतको बिहार प्रान्तका सीतामढी र चम्पारन जिल्लाका उत्तरी क्षेत्रमा पर्ने गाउँका बिरामीहरू पनि रोगको औषधि लिनआउने गरेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको सदरमुकाम गौरमा एक अस्पतालको अतिरिक्त विभिन्न स्थानमा रहेका नौवटा स्वास्थ्य चौकी (हेल्थ पोष्ट) र तिनको कार्य क्षेत्र पञ्चायत निम्न छन्:–

स्वास्थ्य चौकी	स्वास्थ्य चौकी अन्तर्गत पर्ने पञ्चायत
१. गौर स्वास्थ्य चौकी	गौर, सिर्सिया, मुडउलवा, लक्ष्मीपुर, वेलविछवा, कटर वन, वसतपुर, वडहरवा, हजमनिया, सरूअठ्ठा, फतुवा महेशपुर, पिप्रा भगवानपुर, पुरेनवा, सवगढा, टिकुलिया र झुन खुवा पञ्चायत।
२. पिपरा स्वास्थ्य चौकी	गङ्गा पिप्रा, भलोहिया, पचरूखी,मतसरी, माधोपुर, खेश्रहिया, जयनगर, सखुअवा, जेठरहिया, मिठुआवा, गधौ भगवानपुर, पिप्रा रजवाडा, राजपुर तुल्सी, गँडहीगुढी, गरूराडा वैरिया, मलाही, धर्मपुर र वरियारपुर पञ्चायत ।
३. छतौना स्वास्थ्य चौकी	ब्रह्मपुरी, सेढवा, मिर्जा हथिअौल, अचलगढ, छतौना, गढैया, डुमरिया, बलरा, अर्नाहा, मधुवनी, मिर्जापुर, मधुवन गोठ, बेल्वा जब्दी, बहादुरपुर, पकडी, बारा उधौरण, सुदामा, खैरवा, बहुअर्वा, छटोल, रामनगर बहुअरवा र वखरी पञ्चायत ।
४. हरकठवा स्वास्थ्य चौकी	हजरिया, सुन्दरपुर चुहदवा, मानपुर, महिनाथपुर, हरकठवा, सिसौट, रामवन, मिठुअवा, सेखौना, सिम्रा भगवतीपुर पञ्चायत ।
५. समनपुर स्वास्थ्य चौकी	गह्मरिया, संग्रामपुर, महमदपुर, विसुनपुर्वा,मानपुर, मलाही, समनपुर–महमदपुर,वलुवा, हजरिया, रमोली बैरिया, बरियारपुर र धर्मपुर पञ्चायत ।
६. डुमरिया (मटिऔन) स्वास्थ्य चौकी	बिश्रामपुर, चन्द्रनिगाहापुर, सिम्रा भगवतीपुर, रघुनाथपुर, गमरिया विर्ता, पौराई, जुडिवेला, सखु अवाधमौरा, शन्तपुर, मनहरवा, डुमरिया मटिऔन, शन्तपुर, बसविट्टि जिगडिया, वल्टुवा र आकर पाथर पञ्चायत।
७. कटहरिया स्वास्थ्य चौकी	कटहरिया, बिर्ता प्रस्टोका, हथियाही, पिपरया, वगही, फत्तेपुर, पिपरा पोखरीया, कर्कच, मरजादपुर शितपुर, टेग्राहा, फतुवा हर्साहा, लक्ष्मीनिया, सोनरनिया (लक्ष्मीपुर), कनकपुर (सन्तपुर) पटेरखा, भसेडवा पञ्चायत।
८. पिपरिया स्वास्थ्य चौकी	पतौरा, पथराबुधराम, सखुआवा, अजगँवा, गोगदौल, हनरवा, तेजापाकड, प्रेमपुर गौनाही, जिगडवा, करूनिया, सखुअवा, पिपरिया, घरहरी, पोठियाही, दिपही, देवाही, वसन्तपट्टी, लोकाहा र इनरवारी पञ्चायत।
९. डुमरिया (परोहा) स्वास्थ्य चौकी	औरैया, वञ्जराहा, बैरीया, अकोलवा, जटहरा, मठिया, डुमरिया, रामपुरखाप, जौकाहा, राजपुर फरहदवा र नरकटिया पञ्चायत।

यस जिल्लामा औलो उन्मूलन र बिफर उन्मूलन जस्ता प्रतिकारात्मक सेवा कार्यक्रमहरू पनि सञ्चालन हुँदै आएका छन्। साथै परिवार नियोजन तथा मातृ शिशु सेवा कार्यक्रम अन्तर्गत आमाको जोखिम स्थितिको उचित स्याहार सुसार र बच्चाको स्वास्थ्यमा सुधार ल्याउने जस्ता सराहनीय कार्य पनि सञ्चालन हुँदै आएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खानेपानी

यस जिल्लामा खानेपानीको प्रमुख स्रोत इनार, पोखरी र ट्युबवेल नै हुन्। श्री ५ को सरकारबाट प्राप्त विकास अनुदान र आफ्नै आर्थिक स्रोत समेतबाट धेरैजसो गाउँ पञ्चायतहरूले आ-आफ्नो पञ्चायत क्षेत्रमा खानेपानी सामुदायिक आयोजना अन्तर्गत नयाँ इनार र ट्युबवेलको निर्माण गरेका छन्। पञ्चायतहरूबाट खानेपानीका यी स्रोतहरूको बराबर मरम्मत सम्भार पनि हुने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

वि.सं. २०१८ अघि नेपाल अधिराज्य ३५ जिल्लाहरूमा विभाजन भइरहँदाको बखतमा रौतहट आठ प्रगन्नाहरूको सामूहिक एकाई स्वरूप रहेको थियो। वि. सं. २०१८ मा अधिराज्य १४ अञ्चल र ७५ जिल्लाहरूमा पुनर्गठन तथा विभाजन हुँदा रौतहटको उक्त आठ प्रगन्नाहरूमा पश्चिम सीमानामा पर्ने तत्कालीन बारा (वर्तमान बारा जिल्ला) को दोस्तिया नामक एक प्रगन्ना समावेश भई साविकको रौतहटलाई रौतहटकै नाममा एक नयाँ जिल्लाको रूप दिइयो। वर्तमान रौतहट जिल्लामा निम्न नौ प्रगन्नाहरू छन्। (१) झाँझ दक्षिण (२) झाँझ उत्तर (२) परोहा (४) जतहा (५) चानी पूर्व (६) चानी पश्चिम (७) मटिऔन (८) तरहटी कछार (९) दोस्तिया। उक्त नौ प्रगन्नाहरू भित्र १३२ गाउँ पञ्चायतहरू भएको यस रौतहट जिल्लाको नयाँ प्रगन्ना दोस्तियामा मात्र २२ पञ्चायतहरू पर्दछन्।

बागमती नदीको किनारामा अवस्थित कटरवन गाउँमा बागमती नदीको बाढीले बराबर क्षति पुऱ्याएको र १९९० को महाभूकम्पले पनि हानी नोक्सानी गरेको कारणबाट वि. सं. १९९० मा रौतहटको सदरमुकाम कटरवनबाट गौरमा सारिएको थियो। वि. सं. १९९० देखि हालसम्म यस जिल्लाको सदर-मुकाम गौर नै रहेको छ।

वि.सं. २०२२ मा प्रशासनिक विकेन्द्रीकरण कार्यक्रम अन्तर्गत स्थानीय प्रशासन व्यवस्था लागू हुनुभन्दा अघि रौतहट जिल्ला तत्कालीन वीरगञ्ज गोश्वारा अन्तर्गत प्रशासित हुनेगरेको थियो। एक पटक केही अवधिको लागि रौतहट जिल्ला आफ्नो पूर्वी सीमाना सर्लाही जिल्लामा रहेको सर्लाही गोश्वारा अन्तर्गत पनि रहेको थियो।

वि. सं. २०२२ पुस १ गते स्थानीय प्रशासन व्यवस्था अध्यादेश (ऐन) २०२२ बाट अधिराज्य-का तत्काल रहेका गढी, गौंडा, गोश्वारा समेत खारीज भएपछि वीरगञ्ज गोश्वारा अन्तर्गत नरही रौतहट जिल्ला-मा जिल्ला प्रशासनिक एकाई (प्रमुख जिल्ला अधिकारीको कार्यालय) प्रतिष्ठापन भएको छ। यस जिल्ला प्रशासनिक एकाईको अतिरिक्त यहाँ प्रहरी, कारागार, राजस्व, न्याय, स्वास्थ्य, कृषि, भूमि प्रशासन सम्बन्धी विभिन्न जिल्लास्तरीय कार्यालयहरू रहेका छन्। यहाँ रहेका सरकारी कार्यालयहरू, स्वशासित संस्थाहरू र अन्य मुख्य गैर सरकारी निकायहरू निम्न हुन्:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यालयको नाम

प्रमुख जिल्ला अधिकारीको कार्यालय, गौर
जिल्ला प्रहरी निरीक्षक कार्यालय, गौर
प्रहरी थाना, कटहरिया
प्रहरी थाना, समनपुर
शसस्त्र प्रहरी र गारद, गौर
रौतहट कारागार कार्यालय
कोष तथा तहसील कार्यालय, गौर
मूल भन्सार कार्यालय, गौर
अन्तःशुल्क कार्यालय, गौर
रौतहट जिल्ला अदालत, गौर
सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय, गौर
जिल्ला शिक्षा अधिकारीको कार्यालय, गौर
गौर अस्पताल
परिवार नियोजन तथा मातृ शिशु कल्याण योजना, गौर
आयुर्वेदिक औषधालय, पिपरा
कृषि विकास कार्यालय सहकारी कार्यालय, गौर
झाँझ सिचाइ सबडिभिजन, गौर
जिल्ला सहकारी संघ, गौर
कृषि विकास बैंक, गौर
कृषि खरीद बिक्री संथान, गौर
भूमि प्रशासन कार्यालय, गौर
गौर विनिमय हुलाक कार्यालय
आकाशवाणी कार्यालय, गौर
टेलिफोन कार्यालय, गौर
पूर्वाञ्चल विद्युतीकरण आयोजना
राष्ट्रिय वाणिज्य बैंक, गौर
नेपाल बैंक लिमिटेड, गौर
गूठी तहसील तथा खर्च कार्यालय

कर व्यवस्था लागू भएको शुरू शुरूमा यस जिल्लाको कर प्रशासन नारायणी अञ्चल कर कार्यालय वीरगञ्जबाट हुनेगरेको थियो। उक्त अञ्चल कर कार्यालयबाट समय समयमा खटिआएको डोरबाट विभिन्न कर उठाउने गरिएको थियो। आर्थिक वर्ष २०२६।०२७ मा यस जिल्लाको सदरमुकाम गौरमा नारायणी अञ्चल कार्यालय वीरगञ्जको शाखा कार्यालय स्थापना गरियो। तर आर्थिक वर्ष २०२९।०३० मा सो शाखा कार्यालय बन्द भयो। त्यसपछि हालसम्म नारायणी अञ्चल कर कार्यालय वीरगञ्जले यहाँ गौर भन्सार कार्यालय मार्फत बिक्री कर र समय समयमा खटाइपठाएको डोर मार्फत आयकर असूल तहसील गर्ने व्यवस्था भइरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाबाट उठ्ती हुने मुख्य राजस्वका स्रोतहरू मालतोत, भन्सार, अन्तःशुल्क–मुख्यतः मदभट्टी ठेक्का, बिडी, चामल, टायल र इँटको उत्पादन र काठ चिरानीबाट उठ्ने गरेको छ।

यस जिल्लाको सामान्य प्रशासन सञ्चालनको लागि यहाँ प्रमुख जिल्ला अधिकारीको कार्यालय रहेको छ। यहाँ रहेको प्रमुख जिल्ला अधिकारी जिल्लामा श्री ५ को सरकारको प्रमुख प्रशासकीय अधिकारी हो। उक्त अधिकारीले आफ्नो जिल्ला भित्र नारायणी अञ्चलको अञ्चलाधीशको सामान्य नियन्त्रण र निर्देशनमा यहाँको सामान्य प्रशासन सञ्चालन गर्छ। उक्त अधिकारीको काम, कर्तव्य र अधिकार मुख्यत आफ्नो जिल्लामा शान्ति, सुव्यवस्था एवं सुरक्षा कायम गर्ने, निर्माण तथा विकास कार्यहरूको सामान्य रेखदेख, समन्वय, र सहयोग गर्ने, जिल्लास्तरीय अन्य सरकारी कार्यालयहरूको काम कारवाहीको रेखदेख र नियन्त्रण गर्ने र जिल्लामा रहेका सरकारी सम्पत्तिको देखाभाल गर्ने आदि हुन्।

प्रहरी

खास गरी २०१२ सालको प्रहरी पुनर्गठनको पश्चात् यस जिल्लामा पनि अपराध अनुसन्धान तथा नियन्त्रणको आवश्यकतानुरूप प्रहरी संगठन वृहत्तर हुँदै आएको छ। हाल यहाँ प्रहरी निरीक्षक एक, थाना दुई, प्रहरी चौकी सात, सशस्त्र प्रहरी एक र गारद तीन छन्।

कारागार

यस जिल्लामा एक जिल्ला स्तरीय कारागार रहेको छ। वि. सं. १९९१–९२ मा यो कारागार निर्माण भएको हो। यस कारागारमा मर्दाना वार्ड तर्फ १० कोठाहरू भएको दुई तले घर र जनाना वार्ड तर्फ तीन कोठा भएको एक भूइँ तले घर छ। यहाँको कारागारमा ८०।८५ जना मर्दाना र १५।२० जना जनाना कैदी थुनुवाहरू राख्ने क्षमता रहेको छ। ४० वर्षदेखि अहिलेसम्म यथावत स्थिति रहेको यस कारागारमा कैदी थुनुवाहरूका निमित्त सीमित स्थान र सुविधा मात्र छन्। ठाउँको अभावको कारणले कारागारमा कुनै घरेलु उद्योग धन्धाहरू सञ्चालन भइराखेका छैनन्।

वि. सं. २०२४ अघि मालपोत असूल तहसीलको लागि एक रौतहट माल अड्डा रहेको थियो। वि. सं. २०२४ मा उक्त माल अड्डा रौतहट भूमि प्रशासन कार्यालयमा गाभिएको थियो। सो भूमि प्रशासन कार्यालयले गाउँ पञ्चायतको सचिवको माध्यमबाट मालपोत असूल तहसील गर्ने काम केही वर्षसम्म गरेको थियो। तर वि. सं. २०२७ मा सो व्यवस्थाको बदला यहाँ पनि मालपोत उठ्ती र प्रशासनको लागि एक कोष तथा तहसील कार्यालको संस्थापन भयो। उक्त कार्यालयबाट अमानतमा मालपोत उठाउने समयमा छ–सात पञ्चायतको लागि एउटा टोली (डोर) खटाई मालपोत असूल तहसील गर्ने कार्य भइरहेको छ।

यस जिल्लामा राजस्व सम्बन्धी अर्को निकाय भन्सार हो। यहाँ मूल भन्सार एक र छोटी भन्सार आठ वटा रहेका छन्। यी सबै भन्सार निकाय "ख" स्तरका हुन्। यहाँको भन्सारको आय वर्ष वर्षमा धेरै घटबढ हुने गरेको छ। यहाँको राजस्वको अर्को प्रशासनिक एकाई अन्तःशुल्क कार्यालय हो। वि. सं. २०२३ अघि यहाँ अन्तःशुल्क सङ्कलन भन्सार कार्यालयबाट हुने गरेको थियो। २०२३ सालमा मात्र यहाँ अन्तःशुल्क कार्यालय विधिवत् स्थापना भएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न्याय

वि. सं. २०१६ अघि न्याय प्रशासन सुधार व्यवस्था लागू हुनु अघि यस जिल्लामा मुद्दा मामिलामा शुरू कारवाही र किनारा गर्ने अदालतको रूपमा कटरका अमिनी र अमिनी उपरको इन्साफ फैसला उपर पुनरावेदन हेर्ने अदालतको रूपमा कटरवन अपील अड्डा रहेका थिए। यस जिल्लाको सदरमुकाम कटरवन हुँदा यस जिल्ला भित्र पर्ने बागमती नदीको किनारमा अवस्थित कटरवन भन्ने गाउँमा रहेको थियो र बागमती नदीको बाढीको प्रकोपको कारणबाट वि. सं. १९९० मा गौरमा सदरमुकाम सर्दा पनि न्यायापालिका यी दुवै अङ्गहरू कटरवन कै नाममा नै रहे। एक ताक उक्त कटरवन अपील अड्डाको न्यायिक कार्य क्षेत्र महोत्तरी जिल्लाको अमिनीसम्मको र पछि आसपासका जिल्लाहरूको अमिनी जस्तै वीरगञ्ज अमिनी उपर पुनरावेदन सुन्न हेर्न रहेको थियो।

वि.सं. २०१६ मा न्याय प्रशासन ऐन, २०१६ लागू भएपछि उक्त अमिनी र अपील अड्डा क्रमशः इलाका (पछि जिल्ला) अदालत र जिल्ला (पछि अञ्चल) अदालतमा परिणत भयो। वि. सं. २०३० कात्तिकसम्म नारायणी अञ्चल अदालत पनि यहीं नै थियो र २०३० मंसीर १ गते उक्त अदालत हेटौंडामा सारियो। हाल यहाँ रौतहट जिल्ला अदालत रहेको छ। यो अदालतको सम्बन्धित तालुकी अड्डा नारायणी अञ्चल अदालत हेटौंडा र मध्यमाञ्चल क्षेत्रिय अदालत काठमाडौं हो। यस रौतहट जिल्ला अदालतमा तीन जना जिल्ला न्यायाधीशहरू (राजपत्राङ्कित द्वतीय र तृतीय) रहेका छन्।

यहाँको जिल्ला अदालतमा केही वर्ष यतादेखि मुद्दा मामिलाहरूको संख्या बढ्दै आइरहेको छ। २०२९।०३० सालमा यहाँ जिम्मेवारी सरेको र परेको मुद्दाको संख्या ३,४१२ थान रहेको छ। यस जिल्लामा पर्ने फौजदारी मुद्दामा खुन, डाँका, चोरी, आगलागी, गौवध, गर्भपतन, सार्वजनिक अपराध, कुटपिट, लुटपिट, जारी, चोरी र गाली बेइज्जति र देवानीमा लिखत पारित, लेनदेन, जग्गावाला, जग्गा खिचोला र अंश आदि हुन्। यहाँको जिल्ला अदालतमा गत तीन वर्षमा परेका, फछर्यौट भएका मुद्दा मामिलाहरूको विवरण यसप्रकारको छः–

विवरण	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
फछर्यौट (मिलापत्र समेत) थान	१,१७७	१,२८०	१,९५२
बाँकी थान	९७०	१,१३४	१,४६०
जम्मा जिम्मेवारी सरेको र परेको मुद्दा थान	२,१४७	२,४१४	३,४१२

यस जिल्लामा सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय रहेको छ। नारायणी अञ्चलस्तरीय सरकारी वकीलको मातहतमा यहाँ एक जना सरकारी वकील रहेको छ। उक्त सरकारी वकीलको मुख्य काम सरकारवादी मुद्दा सम्बन्धित अड्डा अदालतमा दायर गर्नु, बहस पैरवी गर्नु र फौजदारी अपराध सम्बन्धी मौका तहकितात एवं सरजमीनको काम आदि गर्नु हुन्।

पञ्चायत

यस जिल्लामा १३२ गाउँ पञ्चायतहरू छन्। प्रत्येक गाउँ पञ्चायतमा प्रधान पञ्च, उप-प्रधान पञ्च र अरु नौ जना सदस्यहरू समेत ११ जनाको कार्यकारिणी समिति रहेको छ। उक्त कार्यकारिणी समिति गाउँ पञ्चायत हो। यस जिल्लामा प्रत्येक गाउँ पञ्चायतबाट आफ्ना सदस्यहरूमध्येबाट छानिएका १३२ जना प्रतिनिधिहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको जिल्लासभा रहेको छ। यहाँ उक्त जिल्ला सभाको कार्यकारिणी समिति रहेको छ जसलाई रौतहट जिल्ला पञ्चायत भनिन्छ। उक्त जिल्ला पञ्चायतमा जिल्ला सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित एउटा सभापति, उप-सभापति र अरू नौ सदस्यहरू समेत जम्मा ११ जना रहेका छन्। नारायणी अञ्चल भित्रका पाँच वटा जिल्ला पञ्चायतका सम्पूर्ण सदस्यहरूबाट बनेको नारायणी अञ्चल सभाबाट मतदानद्वारा वा निर्विरोध रूपमा निर्वाचित भई यस जिल्लाकोतर्फबाट राष्ट्रिय पञ्चायतमा जनप्रतिनिधित्व गर्ने सदस्य दुई जना छन्। यस जिल्ला-का वर्गीय संगठनको रूपमा नेपाल किसान संगठन, नेपाल युवक संगठन तथा नेपाल महिला संगठनहरू रहेका छन्।

संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
नेपाल युवक संगठन	३६	–
नेपाल महिला संगठन	४३	२,९८९
नेपाल किसान संगठन	१६	८८४

यस जिल्लाका गाउँ पञ्चायतहरूको मुख्य आयस्रोतहरू मुख्यतः साना साना पोखरी नालाको माछा विक्री, टिकट दस्तूर, चन्दा, हाट बजारको पैठारी कर आदि छन्। यहाँको सबै गाउँ पञ्चायतहरूको एकै किसिमको आय स्रोत नभएकोले विभिन्न पञ्चायतहरूको आयमा धेरै विभिन्नता रहने गरेको छ। कुनै कुनै गाउँ पञ्चायतको आय विलकुलै नगण्य छ। यहाँको गाउँ पञ्चायतहरूको वार्षिक आय रू. ३००। देखि रू. ७,०००। सम्म हुने गरेको अनुमान छ। सवभन्दा बढी आम्दानी हुने गाउँ पञ्चायतहरू गोनाही, कटहरिया, गङ्गा पिप्रा र पोठियाही हुन्। सिर्सिया, रामपुरखाप, जेठरहिया आदि गाउँ पञ्चायतहरू सबभन्दा कम आय हुने यहाँका गाउँ पञ्चायतहरू छन्। रौतहट जिल्ला पञ्चायत कार्यालयको जिल्ला सभा कोषको २०२७।०२८ देखि २०२९।०३० सालको औसत वार्षिक आम्दानी १,०६,२६०। रहेको छ। आर्थिक वर्ष २०२९।०३० मा जिल्ला पञ्चायतको खूद आम्दानी रू. १,१७,८९४। रहेको थियो। केही वर्ष पहिले यहाँको नेपाल किसान संगठनले भूमि प्रशासन कार्यालयमा प्रयोग हुने रजिष्ट्रेशन फर्म विक्री गरी केही आम्दानी गर्ने गरेको थियो।

स्थानीय विकास कार्य सञ्चालनमा महत्वपूर्ण भूमिका रहने यहाँका गाउँ पञ्चायतहरूबाट मुख्यतः गाउँ पञ्चायत भवन, विद्यालय भवन निर्माण, इनार, टयुबवेल सम्बन्धी गाउँ स्तरीय आयोजनाहरू सञ्चालन भएका छन्। यस निमित्त श्री ५ को सरकारबाट विकास अनुदान पनि दिइने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

देशको तराई क्षेत्र अन्तर्गत पर्ने यो रौतहट जिल्ला भित्र यातायात जस्ता विकासका पूर्वाधारको अविकसितता नै यहाँको आर्थिक उन्नतिको लागि एक प्रमुख प्रतिबाधा हो। आन्तरिक यातायातको अविकसितताले यहाँको कृषि, उद्योग र व्यापारको विस्तार र विविधतामा प्रतिकूल भएर परिरहेको प्रतीत हुन्छ। यातायातको सुगमताको कमी जस्ता कारणले गर्दा यस जिल्लामा कच्चा पदार्थ तथा श्रमशक्ति उपलब्ध भएको वा हुन सक्ने भए तापनि आर्थिक व्यवस्थालाई निकै ठूलो टेवा पुग्न सक्ने उद्योगहरूको स्थापना तथा सञ्चालन हुन पाएका छैनन्। यस जिल्लाको आन्तरिक सडक यातायात सुविधामा सुधार ल्याइएमा यहाँ चीनी कारखाना जस्ता ठूलो उद्योगको सम्भावना पनि रहेकै मानिन्छ। त्यस्तै यहाँ स्थापित कृषिजन्य वस्तुको उत्पादन वृद्धि गरी त्यसको उपयोगितालाई बढाउनको लागि पनि यातायातको स्थितिमा सुधार एक परमावश्यक भएको देखिन्छ।

हाल यस जिल्लाको सदरमुकाममा बिजुलीको सुविधा उपलब्ध छ र यहाँको कृषि उत्पादन अभि-वृद्धिको लागि केही हदसम्म सुविधा सुलभ छ तापनि यी क्षेत्रमा सुविधा निकै वृद्धि गर्न सकिने देखिन्छ। बाग-मती, बकैया जस्ता जल स्रोतहरू प्रचुर मात्रामा रहेको यस जिल्लामा विद्युत् शक्तिमा वृद्धि गरी सिचाइ सुविधाको अभिवृद्धिद्वारा पनि औद्योगिक तथा कृषि विकासको गतिलाई तीव्रतर पार्न सकिने सम्भावना निहीत रहेको स्पष्ट छ। यहाँ मुख्यतः विकासका पूर्वाधारहरूको क्षेत्रमा गरिने सुधारमा यहाँको आर्थिक विकासको गति धेरै मात्रामा निर्भर गर्दछ।

साक्षरताको दृष्टिकोणबाट नारायणी अञ्चलको सबभन्दा पिछडिएको यस रौतहट जिल्लामा शिक्षाको विस्तार पनि एक आवश्यकता हुन पुगेको देखिन्छ। यस जिल्लाको जनसंख्यात्मक संरचनामा सबभन्दा बढी संख्यामा रहेको यादव जातिमा शिक्षाको जागरणमा उत्साहवर्द्धक वृद्धि आइरहेको छ तापनि यस जातिमा शिक्षाको कमी महसूस गर्न सकिन्छ। अतः साक्षरताको दरमा वृद्धि ल्याउन यहाँ साक्षरता अभियानको सक्रिय तथा सफल सञ्चालन हुनु आवश्यक देखिएको छ। यस जिल्लामा सामाजिक र व्यवस्थामा अनुकूल परि-वर्तन आइरहेको छ तापनि बालविवाह जस्ता परम्परागत सामाजिक कुरीति निराकरण गर्ने तर्फ सचेतता ल्याउँदै लैजान् पर्ने देखिन्छ। परम्परागत रूढिवादी रीतिथितिको उन्मूलनको साथै सामाजिक सुधारबाट पनि आर्थिक विकासलाई सार्थक योगदान हुन सक्छ।

यस जिल्लामा स्थानीय विकास परियोजनाहरूको सञ्चालनबाट पनि यस जिल्लाको अर्थ व्यवस्थामा ठूलो सघाउ पुग्न सक्ने स्पष्ट छ। अतः आर्थिक विकासको लक्ष्यलाई परिपूर्ति गर्न कृषि र उद्योग क्षेत्रको आवश्यक आधारहरूको विकास परियोजनाहरूको आवश्यकता स्वतः रहेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

परिचय	१०८३
प्राकृतिक स्वरूप र सम्पदा	१०८५
ऐतिहासिक पृष्ठभूमि	१०९३
प्रमुख स्थानहरू	१०९७
जनसंख्या र जनजीवन	११००
आर्थिक व्यवस्था	११११
यातायात, सञ्चार र बिजुली	११२५
शिक्षा, स्वास्थ्य तथा खानेपानी	११२९
प्रशासन र पञ्चायत	११३५
उपसंहार	११३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

नेपाल अधिराज्यका अन्नको भण्डार कहलिने जिल्लाहरूमध्ये तराई इलाकाको बारा जिल्ला पनि एउटा हो। समथर भौगोलिक बनावटमा धेरै नदीनालाहरूद्वारा सिंचित उर्बर जमीनले ढाकिएको यस जिल्लाको क्षेत्रफल १,२६३ वर्ग किलोमिटर छ। २०२८ सालको जनगणना अनुसार यहाँको जनसंख्या २,३३,४०१ छ र जनसंख्याको दृष्टिकोणले यो अधिराज्यको तेह्रौं जिल्ला हो। यहाँ मुख्यतया भोजपुरी भाषाको प्रधानता छ। यहाँको बासिन्दाहरूमा ग्वारहरूको बहुसंख्या भए तापनि अन्य भाषा भाषीहरू जस्तै थारू, मुसलमान, तामाङ, बाहुन, नेवार आदि जात जातिका मानिसहरू पनि आफ्नो सांस्कृतिक विशिष्टताहरूलाई अँगाल्नुको साथै यस स्थानको सामाजिक, सांस्कृतिक तथा आर्थिक अनिवार्यता अनुरूप एकै सूत्रमा आबद्ध भएर एक अर्काको बीचमा सहवासको गहिरो सम्बन्ध विकसित गरिआएका छन्। यहाँ जम्मा १०९ गाउँ पञ्चायतहरू छन्।

भौगोलिक अवस्थितिको दृष्टिकोणले यो जिल्ला नारायणी अञ्चलमा रौतहट जिल्लाको पश्चिम, पर्सा जिल्लाको पूर्व र मकवानपुर जिल्लाको दक्षिणमा पर्दछ। यसको दक्षिणमा २०.३ किलोमिटर लामो सीमाना भारतको बिहार राज्यको चम्पारन जिल्लासित जोडिएको छ। निश्चित् साँध-सीमानाहरूको दृष्टिबाट यस जिल्लाको पूर्वमा अडुवा नदी पर्दछ। पश्चिममा वीरगञ्ज अमलेखगञ्ज रेलवे लाइनमा वीरगञ्ज स्टेशनदेखि अमलेखगञ्ज तिर आधा बाटोसम्म उक्त रेलवे लाइनकै सीमाना र त्यसपछि सो साँध उक्त रेलवे लाइन छोडी अझ उत्तर-पश्चिम-तिर लाग्दै जान्छ र त्रिभुवन राजपथमा अमलेखगञ्जबाट चार किलोमिटर उत्तरतिरको स्थानबाट यस जिल्लाको पश्चिमी सीमाना आठ किलोमिटर जति पश्चिम पर्न जान्छ। त्यहाँबाट यस जिल्लाको उक्त पश्चिमी सीमाना उत्तरतिर लागेर चुरिया पहाड चढी अन्दाजी ६१० मिटर (२,०००फोट) माथि पुग्दछ, जहाँबाट यस जिल्लाको उत्तरी सीमाना शुरू हुन्छ। उक्त उत्तरी सीमाना पूर्व लागी वुरे घाँटी पार गरी त्यहाँबाट अन्दाजी तीन किलोमिटर जति पूर्व आइसकेपछि फेरि अर्को तीन किलोमिटर दक्षिणतिर आउँछ र अन्दाजी ४५७ मिटर (१,५०० फोट) को उचाइमा चुरिया पहाडको शृङ्खलाको सबभन्दा दक्षिण डाँडाको पानी ढलो भई पूर्वतिर जान्छ र मकवानपुर जिल्लाको भमर भन्ने स्थानको बाहिरपट्टिबाट पूर्व लागी माथि उल्लिखित यस जिल्लाको पूर्वी सीमाना अडुवा नदीमा मिल्न पुग्दछ। भौगोलिक स्थिति अनुसार बारा जिल्ला २६°५१' उत्तर देखि २७°२२' उत्तर अक्षांश र ८४°५१' पूर्व देखि ८५°१६' पूर्व देशान्तर भित्र पर्दछ।

यस जिल्लाको नाम यहाँको उम्जन गाउँ पञ्चायत अन्तर्गत पर्ने बारागढी भन्ने स्थानको नामबाट भएको हो। उक्त गढीले यस इलाकाको साथै नेपालको इतिहासमा समेत महत्वपूर्ण भूमिका खेलेको थियो र यो गढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै बेला यस इलाकाको सदरमुकामको रूपमा पनि रहेको थियो । तर यस जिल्लाको वर्तमान सदरमुकाम कलैया गाउँ पञ्चायतमा पर्ने कलैया बजार हो ।

आर्थिक दृष्टिकोणबाट यस जिल्लाको मुख्य आधार कृषि नै हो । तर यो जिल्ला वीरगञ्ज औद्योगिक केन्द्रको प्रभाव क्षेत्रभित्र परेको हुनाले यहाँको खेतीपातीमा उखु जस्तो नगदेबालीको पनि निकै महत्वपूर्ण स्थान छ र यसैले यहाँको कृषि व्यवस्था निकै विविधतापूर्ण छ भन्न सकिन्छ । साथै यहाँ कृषिजन्य उद्योगहरू जस्तो धान तथा तेल प्रशोधन मिलहरूको संख्या निकै ठूलो छ। निकट भविष्यमा सम्पन्न हुने विस्तृत सिचाइ योजनाले गर्दा दरिलो आर्थिक आधार भई नै रहेको यस जिल्लालाई विकास र सम्पन्नतामा अरू अग्रसर रहने मौका उपलब्ध हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

उत्तरमा चुरिया पहाड श्रृङ्खलाको पानीढलोबाट शुरू भई दक्षिणतिर वर्तमान नेपाल-भारत सीमानासम्म लगभग ४८ किलोमिटर (३० माइल) उत्तर-दक्षिण फैलिएको र पूर्व-पश्चिम अन्दाजी ३० किलोमिटर (१९ माइल) चौडा यस जिल्लाको भू-भागमा उत्तरतिर जङ्गलले ढाकेको छ भने दक्षिणतिर ठूलो जनआवादी छ। जङ्गल भएको भागबाट महेन्द्र राजमार्ग गएकोले उक्त बाटोको वरिपरि धेरै जङ्गल इलाका फँडानी हुन गएको छ तापनि हालसम्म उक्त क्षति जिल्लाको यस विशेषतालाई फरक पार्ने परिमाणमा भइसकेको छैन। भावर क्षेत्रमा जङ्गल र दक्षिण तराईको मलिलो क्षेत्रमा खेती तथा जनआवादी भएको हुनाले भू-उपयोगको दृष्टिकोणले यस जिल्लामा राम्रो सन्तुलन कायम छ भन्न सकिन्छ।

अधिकांश भाग तराईको समथर भूमिले ढाकिएको यस बारा जिल्लाको उत्तरी खण्डको केही भाग चुरिया डाँडाको दक्षिणी ढालभित्र पर्दछ। यस जिल्लाभित्र पर्ने समथर भूमिको उत्तरी भाग जङ्गल भएको भावर इलाका र दक्षिणतिर तराईको मलिलो आवादी जमीनमा बराबर किसिमले विभाजन भएको छ।

भौगोलिक बनावट

यस बारा जिल्लालाई जमीनको स्वरूप अनुसार साधारणतया निम्नभागहरूमा विभाजन गर्न सकिन्छः–

(१) उत्तरको चुरिया डाँडा
(२) मध्यभागको भावर प्रदेश
(३) दक्षिणको समथर भूमि

उत्तरको चुरिया डाँडा

यस जिल्लाको उत्तरी सीमाना चुरिया डाँडाको पानीढलोबाट गएको हुँदा यसभन्दा दक्षिणमा पर्ने सम्पूर्ण पहाडी क्षेत्र यस भागमा पर्न आउँछ। यो भाग सम्पूर्ण जिल्लाले ढाकेको जमीनको अनुपातमा निकै कम प्रतिशत छ। उचाइको हिसाबले यो प्रदेश करीब ३०५ मिटर (१,००० फीट)देखि ९१५ मिटर (३,००० फीट) सम्म अग्ला छन्। हिमालय पहाड बन्ने क्रममा तेस्रो अवस्थामा रहेको यस श्रृङ्खलालाई संसारकै पनि नयाँ पहाडको रूपमा लिन सकिन्छ। यस जिल्लाको लागि यो चुरिया डाँडा पूर्ण रूपमा पानी ढलो नभएको कुरा भित्रि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मधेशबाट आएका नदीहरूले यस डाँडालाई काटी दक्षिणतिर बगेकोबाट पुष्टि गर्दछ । यो प्रदेशको धेरैजसो भाग जङ्गलले ढाकेको छ।

मध्यभागको भावर प्रदेश

चुरिया डाँडाको ठीक दक्षिणमा जिल्लाको पूर्वी सीमानादेखि पश्चिम सीमानासम्म करीब १३ किलोमिटर (आठ माइल) चौडा इलाकाभित्र फैलिएको क्षेत्रलाई नै भावर प्रदेश भनिन्छ । यो भाग विशेष गरी बालुवा, कङ्कड र स-साना ढुङ्गाहरूले बनेको छ र दक्षिणतिर बिस्तारै भिरालो परेको छ । यस इलाकाको निर्माण चुरे डाँडाबाट बगेर आएका ढुङ्गा, माटोबाट भएको हुनाले यहाँ जमीनको सतहको माटो धेरै पातलो हुन्छ । चुरे डाँडा नजीकको इलाकामा जमीन मुनिको भागमा ठूल-ठूला ढुङ्गा हुन्छन् र जति चुरेबाट दक्षिणतिर गयो उती यी जमीन मुनिको ढुङ्गाहरू सानो सानो हुँदै जान्छन् । अन्तमा मलिलो माटो भएको तराई इलाका शुरू हुन्छ ।

भावर इलाकाको वनावट यस प्रकारको भएको हुनाले यहाँको माटोमा धेरै मात्रामा छिद्रहरू हुन्छन् । फलतः पानी जमीनमाथि रहिरहन सक्दैन । यस प्रकारको बनावट भएको हुनाले यो इलाका खेतीको निम्ति लायक हुँदैन र यसमा जङ्गल रहनुबाट नै फाइदा हुन आउँछ । साल, सिसौ, साज, खयर जस्ता रूखहरूको निम्ति एकातिर धेरै बर्षाबको आवश्यकता पर्ने र अर्कोतिर पानी नजम्ने किसिमको माटोको बनावट चाहिने हुँदा बारा जिल्लाको वन इलाकामा यी जातका रूखहरू हुनुको यही नै मुख्य कारण हो ।

यस इलाकामा पानी जमीनमाथि रहन नसक्ने भएकोले चुरे अथवा महाभारत शृङ्खलाबाट उत्पन्न हुने स-साना नदीहरू भावर इलाकामा रहुन्जेल जमीन मुनिबाट बगदछन् र तराई इलाका पुगेपछि फेरि जमीनको सतहमा देखापर्दछन् । बारा जिल्लामा अढुंवा, जमुनी, तियर आदि नदीहरूलाई उदाहरणको रूपमा लिन सकिन्छ । भावर इलाकामा ठूला नदीहरू मात्र जमीनमाथि बग्न सक्दछन् ।

दक्षिणको समथर भूमि

भावर प्रदेशभन्दा मुनि भारतको अन्तर्राष्ट्रिय सीमानासम्मको दक्षिणको समथर भागलाई नै तराईको रूपमा लिइन्छ । यस भागको औसत उचाइ १५२ मिटर (५०० फीटको) लगभगमा छ । महाभारत तथा चुरे डाँडाबाट उत्पत्ति भएका नदी तथा खोलाहरू भावर प्रदेशको जमीन मुनिबाट बगी यस इलाकामा आएपछि फेरि देखापर्दछन् । जिल्लाभित्र पूर्वी छेउदेखि पश्चिम छेउसम्म फैलिएको यस जगगामा नरम पक्व माटोले ढाकेको छ । वर्षामा नदीहरूले ल्याएको माटो थुप्रेर बनेको हुँदा खेतीको दृष्टिकोणले यो भू-भाग निकै उपयोगी छ । अलि होचो भागमा धापिला जग्गाहरू पनि छन् ।

नदीनालाहरू

अधिकांश भाग तराई प्रदेशमा परेको यस बारा जिल्लामा बग्ने नदीहरू पनि तराईको अन्य भागमा जस्तै चुरे तथा महाभारत श्रेणीबाट उत्पत्ति भएका छन् । यिनीहरू भावर प्रदेशभित्र पुगेपछि जमीन मुनि बगी दक्षिणमा खास तराईमा फेरि देखापर्ने कुरा माथि पनि उल्लेख भएको छ । यसमध्ये ठूल-ठूला एक दुईवटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नदीहरू पूरं मात्रामा देखापर्ने पनि छन्। यस जिल्ला भएर बग्ने नदी तथा खोलाहरूमा मानवत, बकैंया, शक्ति, मोहार, पसाहा, अनरोवा, टियार, सर्सिवा आदि प्रमुख हुन्। यिनीहरूमध्ये केही नदीहरूको छोटकरी वर्णन तल दिइन्छः–

लाल बकैंया नदी

जिल्लाको पूर्वी सीमानाको रूपमा रहेको यस लाल बकैंया नदी दुई मुख्य ठूल ठूला नदीहरू (बकैं र घन्सार) मिली बनेको छ। तीमध्ये पहिले बकैं खोला मकवानपुर जिल्ला स्थित महाभारत लेकबाट उत्पत्ति भई चुरिया डाँडालाई छिचोलेर बगेको छ। दोस्रो धनसार खोला भवान चुरे डाँडाबाट बगेर आएको छ। यी दुवै नदीको संयुक्त नाम लाल बकैंया हो। यो नदी जिल्लाको पूर्वी सीमानाबाट बगी पछि रौतहट जिल्ला भित्र पस्दछ। भारतमा पुगेपछि यो नदी बागमती नदीमा मिल्न जान्छ। जिल्लाका ठूल-ठूला नदीहरूमध्ये एक रहेको यस नदीमा बर्षादको समयमा दक्षिण भेकमा बाढी आई वरपर निकै दुःख दिन्छ।

शक्तिमोहार खोला

जिल्लाको बीचोबीच बगेको यो खोला उत्तरमा चुरिया डाँडाबाट उत्पत्ति भएको हो। जिल्लाको उत्तरी भागमा यसै नामबाट प्रख्यात भए तापनि कलैया (जिल्लाको सदरमुकाम) र यसभन्दा दक्षिणमा यो पसह नदीको नाउँले प्रख्यात छ। जिल्लाको दक्षिणी भागमा यो नदीले अन्तर्राष्ट्रिय सीमानाको काम पनि दिएको छ।

बगेरी खोला

घुरिया घाँटीको नजीकै चुरिया डाँडाबाट उत्पत्ति भएको यस खोलामा वीरगञ्जको करीब ३.२ किलोमिटर (दुई माइल) पूर्वमा पर्ने त्रिवेणी भन्ने स्थानमा वुधौरा खोला मिलेपछि यसको रूप ठूलो हुन थाल्दछ। त्रिवणी घाटमा ठूल-ठूला चाडपर्वको दिन मेला लाग्ने हुँवा धार्मिक दृष्टिकोणले यो खोला निकै महत्वपूर्ण छ।

टियारनदी

भावर प्रदेशमा जमीन मुनिबाट बगी पछि तराई प्रदेश आएपछि देखापर्ने नदीहरूमध्ये यो पनि एउटा हो। जिल्लाको करीब करीब मध्य भागबाट उत्पत्ति भई सीधा दक्षिणतिर लाग्दछ। कुडवा गाउँको नजीकै यसमा जमुनी नदी मिल्न आउँछ। यस नदीले पनि जिल्लाको दक्षिणमा अन्तर्राष्ट्रिय सीमानाको काम गरेको छ।

अनरूवा नदी

जिल्लाको पूर्वमा पर्ने बगेवा गाउँको केही उत्तरबाट उत्पत्ति भई यो नदी सीधा दक्षिण बगेको छ। यो नदी पनि अन्य नदीहरू सरह भावर प्रदेशको भित्र भित्रैबाट बगेको हुनु पर्दछ।

यिनीहरू बाहेक जिल्लामा अन्य महत्वपूर्ण नदीहरूमा उत्तर-पश्चिमतिर सीमानाबाट बग्ने सिर्सीवा पनि एक हो।

यस बाहेक जिल्लाभित्र अन्य स-साना अनगिन्ती नदीहरू छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हावापानी

बारा जिल्ला नेपाल अधिराज्यको दक्षिण तराईमा रहेकोले यहाँ उष्ण हावापानीको प्रभाव परेको छ। अधिराज्यको यस भागमा गर्मीमा निकै गरम र जाडोमा रमाइलो किसिमको मौसम हुन्छ। अन्य तराई जिल्ला जस्तै यस बारा जिल्लाको हावापानी पनि मनसुनी जलवायुको प्रभाव परेको हुँदा अन्य जिल्ला सरह यहाँको हावापानीलाई पनि मोटामोटी दुई ऋतु अर्थात् गृष्म र हिउँदमा विभाजन गर्न सकिन्छ। गृष्म ऋतुमा निकै गर्मी हुन्छ र वर्षा शुरू हुनुभन्दा पहिले निकै सुख्खा भई धूलो उड्ने गर्छ र वर्षा भइसकेपछि जलवाष्पयुक्त हावाले मौसम नरमाइलो तुल्याउँछ। वर्षा प्रायः जसो जून महीनादेखि सेप्टेम्बर भित्र पर्दछ। माघ–फागुनतिर फाटफुट वर्षा हुन्छ। हिउँदमा प्रायः मौसम सफा भई बिहान कुहिरो लाग्छ।

यस जिल्लामा अमलेखगञ्ज, परवानीपुर र निजगढमा गरी जम्मा तीन ठाउँमा मौसम अवलोकन केन्द्रहरू स्थापना भएको भए तापनि अमलेखगञ्ज र निजगढमा वर्षा मात्र नाप्ने र परवानीपुरमा मात्र तापक्रम र सापेक्षिक आर्द्रता समेत नाप्ने व्यवस्था छ। साथै पहिलो दुई स्थानका निम्ति वर्षा सन् १९६६ देखि १९७० सम्म र परवानीपुर केन्द्रमा १९६७ देखि १९७० सम्मको मात्र उपलब्ध छ। त्यसमाथि १९६९ को तथ्याङ्क अधुरो भएकोले तल दिएइको यस जिल्लाको हावापानी सम्बन्धी जानकारी औसतको रूपमा दिनुको साथै उक्त जानकारी-लाई जति वर्षको तथ्याङ्कबाट औसत निकालिएको हो सो समेत दिइएको छ।

तापक्रम (परवानीपुर केन्द्रको तीन वर्षको औसत :–
औसत अधिकतम तापमान ३१.० डिग्री सेन्टिग्रेड
औसत न्यूनतम तापमान १७.० डिग्री सेन्टिग्रेड

तर यो तापक्रमको तथ्याङ्क औसत मात्र हुन्। वास्तवमा यस स्थानको अधिकतम र न्यूनतम तापमान योभन्दा बढी र घटी हुन्छ। यहाँ मे महीनाको दोस्रो हप्तादेखि जून महीनाको पहिलो हप्तासम्म (जेठको शुरुदेखि तेस्रो हप्तासम्म) अधिकतम तापक्रम ४२° सेन्टिग्रेडसम्म पुग्दछ र यसैगरी हिउँदमा पनि जनवरीको दोस्रो हप्तादेखि फेब्रुअरीको पहिलो हप्ता (माघ महीनाको शुरूदेखि तेस्रो हप्तासम्म) यहाँको न्यूनतम तापक्रम छ–सात डिग्री सेन्टिग्रेडको वरपरसम्म झर्दछ। नमूनाको रूपमा सन् १९७० मा परवानीपुर केन्द्रको औसत तापक्रम सम्वन्धी तथ्याङ्क तल दिइएको छ :–

(सेन्टिग्रेडमा)

तापक्रमको तालिका

महीना	तापक्रम अधिकतम	तापक्रम न्यूनतम	महीना	तापक्रम अधिकतम	तापक्रम न्यूनतम
जनवरी	२३.५	८.१	जुलाई	३२.८	२६.०
फ्रेब्रुअरी	२५.१	८.९	अगष्ट	३३.१	२६.१
मार्च	३१.१	१३.७	सेप्टेम्बर	३२.९	२४.७
अप्रिल	३७.४	२०.४	अक्टोबर	३२.७	२०.८
मे	३८.२	२४.४	नोभेम्बर	२९.६	१२.८
जून	३३.४	२४.७	डिसेम्बर	२५.६	७.९
			वार्षिक औसत	३१.३	१.८२

सन् १९७० मा माथि उल्लिखित तीनवटा केन्द्रको वर्षा निम्न तालिका बमोजिम छ। उपर्युक्त केन्द्रहरूबाट अंग्रेजी महीनाको हिसाबले मात्र तथ्याङ्क उपलब्ध भएको हुँदा सोही क्रमोजिम यहाँ पनि दिइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षाको तालिका (सन् १९७०)

(मिलिमिटरमा)

महीना	अमलेखगञ्ज	निजगढ	परवानीपुर
जनवरी	१३.२	२४.३	१८.८
फेब्रुअरी	८.६	१३२.२	२४.८
मार्च	०.०	११.२	१७.०
अप्रिल	१५.२	१६.६	३१.२
मे	३७.०	५७.५	३२.४
जून	२५६.२	२८७.०	३०५.२
जुलाई	५२१.८	६८०.२	५७०.६
अगष्ट	३१०.६	५२२.४	३५७.०
सेप्टेम्बर	३३७.६	५७१.३	४०३.६
अक्टोबर	८१.४	०.०	०.०
नोभेम्बर	०.०	०.०	०.०
डिसेम्बर	०.०	०.०	०.०
वार्षिक जम्मा	१,५८१.६	२,३०२.७	१,७६०.६
२४ घण्टाभित्र भएको सबैभन्दा बढी वर्षा	१४४.० जुलाई २४ मा	२५०.४ अगष्ट १३ मा	१५८.० सेप्टेम्बर १८ मा

उपर्युक्त तथ्याङ्कअनुसार चुरे पहाडको नजीक परेका अमलेखगञ्ज र निजगढ इलाकामा धेरै पानी पर्ने र परवानीपुर इलाकामा थोरै पानी पर्ने स्पष्ट छ। हावापानीको आधारमा यस जिल्लालाई मुख्यतया एकै किसिमको अर्थात् उष्ण मनसुनी हावापानीले प्रभाव पारेको कुरा माथि पनि उल्लेख भएको छ। जिल्लाको उत्तरी भाग अर्थात् चुरे डाँडामा तुलनात्मक रूपले दक्षिणको तराई भागमाभन्दा कम तापक्रम रहने भए तापनि सम्पूर्ण जिल्लामा सालाखाला अधिकतम करीब ३७° सेन्टिग्रेड (१००° फरेनहाइट) सम्म रहन्छ। वर्षा शुरुहुन थाले पछि तापक्रम केही ओर्लन थाल्दछ तर जलवाष्पपूर्ण हावाले गर्दा अस्वस्थ्यकर तुल्याउनुको साथै जहाँतही पानी जम्ने र हिलो हुने हुँदा एक स्थानबाट अर्को स्थानमा जान मुश्किल तुल्याउँछ। यस भागमा वार्षिक लगभग २,००० मिलिमिटर वर्षा हुन्छ।

जाडोमा तापक्रम २०।२५° सेन्टिग्रेडमा रहन्छ। त्यसबेला बहने हावामा जलवाष्प कम रहनाले मौसम प्रायः सुख्खा हुन्छ। दिउँसो अलि गरम महसूस भए तापनि राती चिसो हुन्छ।

प्राकृतिक वनस्पति

बारा जिल्ला प्राकृतिक वनस्पतिको दृष्टिकोणले निकै धनी छ। यहाँका मुख्य घना जङ्गलहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाको उत्तरी भाग अर्थात् भावर तथा चुरिया डाँडाहरूमा छन् । वन विभागबाट तयार पारिएको वन क्षेत्र-को नक्सा अनुसार यस जिल्लाभित्र करीब ४० प्रतिशत जग्गा वनजङ्गलले ढाकेको पाइन्छ ।[1]

जिल्लामा पाइने हावापानीको आधारमा यहाँको सम्पूर्ण वन जङ्गललाई उष्ण प्रदेशको सदाबहार जङ्गलको किसिम मान्न सकिन्छ । तर एकै किसिमको वन जङ्गल भए तापनि यहाँ उम्रने रूख, झारपात तथा स्थानहरूको आधारमा यहाँको वनजङ्गललाई तीन खण्डमा विभाजन गर्न सकिन्छ ।

(१) नयाँ नदीतटका जङ्गल
(२) पुराना नदीतटका जङ्गल
(३) भावर प्रदेश तथा चुरिया डाँडामा पाइने जङ्गल

नयाँ नदीतटका जङ्गल

यस जिल्लामा बग्ने ठूल-ठूला नदीतटहरू तथा नदीको बीचमा परेका टापूहरूमा यस प्रकारका जङ्गलहरू पाइन्छन् । वरपरको जमीनभन्दा होचो भाग भएको हुँदा यहाँ वर्षेनी बाढीले ल्याएको मलिलो माटो थुप्रिन्छ । यसरी सुहाँउदो माटो हुनुको साथै बढी तापक्रम र वर्षाले गर्दा यहाँ बाक्ला जङ्गलहरू हुन्छन् । यहाँका रूखहरू आर्थिक दृष्टिकोणले निकै महत्वपूर्णका छन् । ती रूखहरूमध्ये खयर र सिसौ प्रख्यात छन् ।

पुराना नदीतटका जङ्गल

नदीको किनारी भागभन्दा अलि उठेको भाग (जहाँ वर्षाको समयमा पनि नदीमा आउँने बाढीले छुन सक्तैन) मा यस प्रकारका वन जङ्गल पाइन्छन् । जिल्लाको धेरै भाग यस प्रकारको जङ्गलले ढाकेको छ । यहाँ पाइने रूखहरूमा खयर र सिसौ बाहेक सिमल, सिरिस लाटीकरम, कर्मा आदि पनि हुन्छन् । यिनीहरू विभिन्न कामको लागि प्रयोगमा ल्याइन्छन् । यस बाहेक ठाउँठाउँमा लामालामा घाँसहरू पनि हुन्छन् यसलाई स्थानीय भाषामा खर भनिन्छ ।

भावर प्रदेश तथा चुरिया डाँडामा पाइने जङ्गल

जिल्लाको उत्तरी भागको भावर प्रदेश तथा चुरिया डाँडाको दक्षिणी ढालहरूलाई यसप्रकारको जङ्गलले ढाकेको छ । यहाँको भू–भाग अन्य तराई भागभन्दा अलि उठेको हुदा यहाँ बालुवा, कङ्कडहरू मिसिएको माटोको प्रचुरता हुन्छ । यसले गर्दा यहाँ बग्ने नदी तथा खोलाहरू जमीन मुनिबाट बग्दछन् । त्यसैले यो भाग भूमिगत जल भण्डारको लागि प्रख्यात भई लामो जरा भएका अग्ला अग्ला रूखहको लागि निकै प्रख्यात छ । त्यसैले यहाँ घना जङ्गल हुन्छ । यहाँका रूखहरू सधैं हरियो रहन्छन् र कडा काठको लागि प्रयोगमा ल्याइन्छन् । यहाँ सबभन्दा धेरै साल हुन्छ । यस बाहेक सिमल, सिरिस, कर्मा, असना, बाँझ, रुद्राक्ष, विजयसाल, हर्रो-बर्रो आदि पनि पाइन्छन् ।

---

१. यो नक्सा वन विभागले १९७२।७३ को स्याटेलाइट फोटोको आधारमा तयार पारेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न किसिमका वनमा पाइने रूखहरूको आधारमा यस जिल्लाका वनलाई निम्न चार प्रकारमा विभाजन गर्न सकिन्छः—

सालः यस प्रकारको वनमा मुख्य रूख साल अथवा सखुवा हुन्छ र यसको साथ पाइने अन्य जातका रूखमा असना, कर्मा, जाकुन, टिकुली, बोट धमेरा आदि छन्।

कुकाठः यसमा सालको रूख हुँदैन, अथवा भएपनि निकै कम संख्यामा हुन्छ। यसमा मुख्य पाइने रूखका जातमा कर्मा, टिकुल, जामुन, सिमल, सतिसाल, बोट धमेरा, हर्रो बर्रो, कालीकाठ, मह्यारी, बाँझी आदि हुन्।

खयर–सिसौः यसमा मुख्य पाइने खयर र सिसौ हुन्। साथमा सिमल पनि पाइन्छ।

चीर (खोटेसल्लो) र सालः यसमा खासगरी सल्लाको रूख र नराम्रा सालका केही रूखहरू पाइन्छन्। यी बाहेक यहाँ जङ्गलमा अमलतास, असला, अमारो, अभिलटांकी, बेल, भलायो, भुरकुल, बोहरिया, बेस, भद्रासी, बांगी, काठ, छतिवन, चिलाउने, तरलास, च्यूरी, चाजा, धाक, दोभ ताज, गुलर, दवदै, घउ, फिरफिरे, गह्यार, गायो गोकुल, हर्रो, हात्तीपाइले, इम्ली, झिगंना, कुम्बी, कुसुम, करिन्दे, काभ्रो, लाम्माती, सिन्दूरे, सान्दन, तांतरी, टु, टेदु आदि विभिन्न जातका रूखहरू पाइन्छन्।

उपर्युक्त रूखमध्ये वीरगञ्ज वन डिभिजन अन्तर्गतका इलाकामा क्यूबिक फीटको आधारमा हिसाब गर्दा अरूभन्दा सालका रूखहरू धेरै छन्। सन् १९६७ को एउटा अनुमानअनुसार यस इलाकामा ४८,२८,२२,-४०० क्यूबिक फीट काठमध्ये २७,५७,६०,००० क्यूबिक फीट काठ साल मात्रै छन्।[1]

यस इलाकाको वनबाट काठ बाहेक अरू पनि वन पैदावारहरू उपलब्ध हुन्छन्। यहाँ दाउरा, पात, मह, फूल, फल, बोक्रा, छाला, कोइला, घांस, जरीबूटी, झ्याउ, च्याउ, हाड, सीङ, प्वांख इत्यादि वन पैदावारहरू उपलब्ध हुन्छन्।

पशुपक्षी

यस इलाकामा पाइने जङ्गली जनावरहरूमा मुख्यतया हात्ती, बाघ, भालू, चितुवा, वन बिरालो, स्याल, फ्याउरो, घोडगधा, जरायो, चित्तल, राते गौरीगाई, बँदेल, चौसिंगा, डुम्से, खरायो, गोमन, अजिङ्गर, गोही इत्यादि हुन्। एकै ठाउँमा नबसी भ्रमण गरिरहने भएको हुनाले यिनीहरूको केही संख्या कहिले काहीं चितौनतिर पनि पुग्छ।

त्यस्तैगरी पक्षीहरूमा यहाँ जङ्गली कुखुरा अथवा लुइचे, कालिज, लामपुच्छ्रे, चिवे, गौंथली, हुचील, हुटिटयाउँ, वाएटलर (सातभाइ) रोबिन, कुर्ले ढुकुर, तामेढुकुर र जङ्गली परेवा आदि पाइन्छन्।

बारा जिल्लामा पर्ने वन इलाकामा शिकार खेल्न बन्द गरिएको छ तापनि वनका पशु पक्षीको हानी नोक्सानी बन्द हुन सकेको छैन। वन अतिक्रमण र चोरी शिकारको कारण वन्य जन्तुको निकै हानी भएको छ। गाउँलेहरू बढ्दो मात्रामा खेतीमा कीटनाशक औषधि प्रयोग गर्न थालेका छन्। तर जङ्गल नजीकको इलाकामा त्यस प्रकारको खेतमा चर्न आउँदा उक्त औषधिको प्रभाव रने गर्दा जङ्गली जनावर तथा चराहरूको मृत्यु भएको पाइन्छ। यसरी आघात पुगेका जनावरहरूमध्ये जरायो, राते, चित्तल बनेल र लुइचे हुन्।

1. Forest Statistics for the Terai and Adjoining Region, Department of Forest, HMG, 1967, p. 45

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वनसंरक्षण र विकास

प्रशासन तथा विकास कार्यक्रमको दृष्टिकोणबाट बारा जिल्ला एउटा छुट्टै एकाई भए तापनि वन प्रशासन र वन विकासको दृष्टिबाट इलाका सीमाङ्कन गर्नु पर्ने भएकोले यो जिल्लाको वन इलाका वीरगञ्ज प्रधान वन कार्यालय अन्तर्गत पर्छ। यस कार्यालयको कार्य क्षेत्र पूर्वमा बागमती नदी, पश्चिममा नारायणी नदी, उत्तरमा चुरे डाँडाको पानी ढलो र दक्षिणमा आवादीको चार किल्लाभित्र पर्ने १९२ किलोमिटर लामो ४,२६,५४८ हेक्टरमा फैलिएको भू-भागमा पर्दछ। यस प्रधान वन कार्यालय अन्तर्गत विभिन्न स्थानमा वन कार्यालयहरू राखिएका छन्। जसमध्ये बारा जिल्लामा दुईवटा, सिमरा वन कार्यालय र मधुवन वन कार्यालय पर्दछन्। तर सम्बन्धित कार्यालय बारा जिल्ला भित्र पर्ने भए तापनि वन कार्यालयको इलाकामा पर्साको केही भाग र मधुवन कार्यालयको इलाकामा मकवानपुर र रौतहटको केही भाग पनि पर्दछन्। यसरी सिमरा वन कार्यालयको सीमाना उत्तरमा चुरे पहाडको पानी ढलो, दक्षिणमा आवादी, पूर्वमा पसाहा नदी र पश्चिममा भेडाहा नदी र मधुवन वन कार्यालयको सीमाना उत्तरमा चुरे पहाडको पानी ढलो, पूर्वमा धनसर नदी, पश्चिममा पसाहा नदी र दक्षिणमा आवादी पर्दछन्। यति उल्लिखित सीमाना भित्रको जमीनमध्ये नम्बरी दर्तावाला बाहेक बाँकी सबै वन इलाकामा पर्दछ।

सिमरा वन कार्यालय अन्तर्गतको इलाकामा पथलैयाको वरपरको अन्दाजी १७ हेक्टर (२५ बिघा) जमीन बाहेक अरू इलाकामा खास अतिक्रमण भएको छैन। तर यसभन्दा पूर्वको मधुवन वन कार्यालयको केही वन इलाकामा भने वन अतिक्रमण भएको देखिन्छ। बाकँ खोलाको ठीक पश्चिमतिर जोडिएको तामागढीको एउटा ठूलो इलाकामा अतिक्रमणकारीहरूले २०२८ साल कात्तिक महीनामा वन फँडानी गरेकोमा २०२९ सालमा श्री ५ को सरकारले तिनीहरूलाई उठाई पठाएर त्यस ठाउँमा हाल पुनः वृक्षरोपणको कार्य धमाधम हुन लागेको छ। २०२९।०३० को आर्थिक वर्षमा यहाँ ६३० एकड जमीनमा वृक्षरोपणको काम सम्पन्न भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

वर्तमान बारा जिल्ला अन्तर्गत पर्ने भू-भागको दक्षिण पूर्वी कुनामा पर्ने सिम्रौनगढ (सिमरावनगढ) इलाका तथा उमजन पञ्चायत अन्तर्गत पर्ने बारागढीलाई नै यस जिल्लाको प्रमुख ऐतिहासिक स्थलहरू मान्नु पर्दछ। नेपाली इतिहासमा यस इलाकाको अस्तित्व धेरंजसो सिम्रौनगढ र केही मात्रामा बारा गढीले प्रतिनिधित्व गरेका छन्।

ई. सं. १०९७ मा सिम्रौनगढ तिरहुँत राज्यको राजधानीको रूपमा रहेको थियो र दक्षिण भारतबाट कर्णाट वंशी नान्यदेव यहाँका प्रथम राजा थिए।[1] शुरूमा यो राज्य शायद दक्षिण भारतका चालुक्य सम्राट्का भारदारीको रूपमा शासित थियो। पछि अन्दाजी १०९७ ई. तिर उनले स्वाधिनताको घोषणा गरेका थिए।[2] राइटको वंशावली अनुसार नान्यदेवले तत्कालीन नेपाल उपत्यकामा हमला गरी भक्तपुरलाई आफ्नो राजधानी बनाए।[3] तर नान्यदेवले काठमाडौं उपत्यकामा विजय गरी राज्य गरे भन्ने कुराको ऐतिहासिक प्रमाण छैन।

इतिहास संशोधन नं. ३९ मा इतिहासकार धनवज्र वज्राचार्यको भनाइ बमोजिम सिम्रौनगढका तिरहुँतियाहरूले नेपाल उपत्यकाभित्रको आन्तरिक वातावरण आफ्नो निम्ति उपयुक्त लागेपछि बराबर हमला गर्ने गर्दथे। तर पहिलेका खस तथा मुसलमान जातिका आक्रमणकारीहरूले नसके जस्तै तिनीहरूले पनि उपत्यकामा आफ्नो अधिपत्य जमाइराख्न सकेनन्। तसर्थ नान्यदेव पछिका शासकहरू क्रमशः गङ्गादेव, नरसिंहदेव, रामसिंहदेव, शक्तिसिंहदेव, भूपाल सिंह, हरिसिंहदेवले सिम्रौनगढमा नै राजकाज गरेका थिए। यसको प्रमाणको लागि तिब्बती तीर्थ यात्री धर्मस्वामीले रामसिंहदेवलाई ई. सं. १२३४ मा तिरहुँतका राजा भनी लेखेका छन्[4] र गोपाल राजवंशावली र केसर पुस्तकालय स्थित वंशावलीले पनि नान्यदेव र उनका सन्तान काठमाडौंका राजा भनी उल्लेख गरेका छैनन्।

त्यसपछिका शासक हरिसिंहदेवले सिम्रौनगढ मै रही शासन चलाएको कुरा इतिहासका रहरूले दर्शाएका छन्। तर सन् १३२४ ई. मा तत्कालीन दिल्लीका तुगलक वंशी सुल्तान गयासुद्दीनले बङ्गालमाथि आक्र-

---

1. सूर्य विक्रम ज्ञवाली– नेपालको उपत्यकाको मध्यकालीन इतिहास, रायल नेपाल एकेडमी, काठमाडौं, २०१९, पृष्ठ २८–३३; Regmi, D. R. -Medieval Nepal, vol. I, pp. 258—95
2. Hasrat, Bikram Jit (ed.)– History of Nepal, 1970, p.xxxiv
3. Wright, D.(ed.)—History of Nepal, Sushil Gupta (India), Pvt. Ltd, p. 100
4. Reorich, G.—Biography of Dharma Swamin, K. P. Jayasawal Research Institute Patna, 1959,pp. 57—60 and 98—100

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मण गरी फर्कंदा स्थानीय राजाले तिनीहरू उपर आक्रमण गरे। तर सुल्तानको फौजले उक्त राजालाई पराजित गरी जङ्गलको बाटो लखेट्दै जाँदा एउटा ठूलो किल्ला फेला पर्‍यो र त्यहाँ ठूलो लुटपात पछि तिरहुँतको शासन एउटा अहमद खाँको हातमा छोडी गएको थियो।[१] इतिहासकार धनवज्र वज्राचार्यका अनुसार उक्त गयासुद्दीन तुगलक बङ्गालमाथिको आक्रमणपछि तिरहुँतको बाटो फर्केर त्यहाँ गयासुद्दीन र हरिसिंहदेवको बीचमा युद्ध भई हरिसिंह देव नेपालको पहाडी भागतिर लागे। एउटा भनाइअनुसार गयासुद्दीनको उक्त अभियान बौद्ध र हिन्दू सभ्यताको पूर्ण संहारको लागि गरिएको थियो। यो कुरा सिम्रौनगढमा रहेका देवताका मुर्तिहरूलाई जुन तरीकाले क्षती पुर्‍याइएको छ त्यसबाट बोध हुन्छ।

यस विषयमा एउटा किम्वदन्ति पनि छ। एक दिन अवधका सूर्यवंशी राजा रामसिंहका छोरा हरिसिंहलाई तुलजा (तलेज्य) भवानीले आफूलाई साथ लिई पहाडतिर लाग्ने आज्ञा दिइन्। आज्ञानुसार हरिसिंहले उक्त तलेज्यूलाई साथ लिई भादगाउँमा आइपुगे र स्थानीय राजाले आपनो राजगद्दी हरिसिंहलाई छाडिदिए। राजा हरिसिंहले तलेज्यूको निम्ति दरबारमा एउटा भव्य मन्दिर बनाइदिए, जहाँ तिनलाई अद्यावधि पूजा गरिन्छ।

हरिसिंहदेव नेपाल उपत्यकातिर लागेपछि त्यहाँ कसको शासन चल्यो भन्ने सिलसिलामा इतिहासकार बालचन्द्र शर्माले एउटा मिथिला जनश्रुति पनि उल्लेख गरेका छन्। सोअनुसार हर्रसिंहदेव (अथवा हरिसिंह देव) लाई दिल्लीका सुल्तानले पराजित गरेपछि उक्त सुल्तानले उनका महेश्वर ठाकुर नाम गरेका ब्राह्मण मन्त्री-लाई मिथिलाको राजा बनाए। यिनैको पालादेखि सुगौना राजवंशको स्थापना भयो। यसै वंशमा शिवदेव राजा भए, जसको दरबारी कवि महाकवि विद्यापति थिए।[२] आजकाल पनि सिम्रौनगढमा स्थानीय जनश्रुति अनुसार सेवसिंह भन्ने राजाको राज्य थियो भनिन्छ। यसको सङ्केत शायद उही शिवदेवलाई गरिएको हुन सक्दछ।

तर यी शासकहरूको उल्लेख पछि धेरै समयसम्मको लागि सिम्रौनगढ सम्बंधी जानकारी प्राप्त छैन। सोह्रौं ई. को सोह्रौं शताब्दीमा पाल्पाली सेन वंशका राजा मुकुन्द सेन (प्रथम) का कान्छा छोरा लोहाङ सेनले पूर्वी तराईहरू जित्दै लगी पूर्वमा महानन्दासम्म पुगेको इतिहासमा उल्लेख छ। यस क्रममा उनले पूर्वी तराई-को विजय गर्न हिंड्दा अधवारा (अधावार) नदी तर्नासाथ मगरातको एउटा सानो रियासत उनको हात पर्‍यो। त्यसपछि उनले मोहन ठाकुर भन्नेलाई हराएर वर्तमान महोत्तरी जिल्लाको भागमा दखल जमाए। तत्पश्चात् क्रमशः कोशी क्षेत्रका सानातिना स्वतन्त्र रियासतहरू उपर दखल जमाउदै उनी कोशीको किनारसम्म पुगे।[३] यतर सिम्रौनगढ क्षेत्रमा त्यति बेला लोहाङ सेनसित कुनै खास मुठभेड भएको उल्लेख नभएको र यस इलाकाभन्दा अगाडिको भू-भाग सानातिना स्वतन्त्र रियासतहरू भएकोले सिम्रौनगढ लगायत यस इलाकामा सानातिना निर्वल रियासतहरू मात्र थिए भन्ने अनुमान गर्न सकिन्छ।

उनको शेषपछि यस विशाल क्षेत्रमा उनका छोरा राघव सेन र त्यसपछि हरिहर सेन राजा भए। उनको पालापछि उनका दुई भाइमा राज्य विभाजन हुँदा कोशीभन्दा पश्चिमको इलाका कान्छा छोरा शुभ सेनको भागमा पर्‍यो। शुभ सेनलाई आफ्नो राज्यकालमा नै आफ्ना मन्त्रीहरूको षडयन्त्रबाट राज्यबाट हात धुनु

---

१. बाल चन्द्र शर्मा– नेपालको ऐतिहासिक रूपरेखा, २०२२, पृठ १३२–३५

२. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृठ १३३। तर उक्त जनश्रुतिमा दिल्लीमा सुल्तानले मन्त्री बनाएको मानिसको नाउँलाई एक ठाउँमा महेश्वर ठाकुर र त्यसको ठीक दोस्रो वाक्यमा कामेश्वर ठाकुर भनी उल्लेख भएको छ। यहाँ यी दुवैलाई एउटै व्यक्ति हुन् भनी अनुमान गरिएको छ।

३. ऐजन, पृष्ठ २०१; Hamilton, F.B.-An Account of the Kingdom of Nepal, pp. 232—36

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परेको थियो । पछि विद्याचन्द्र राई को सहायताले शुभ सेनका दुई छोराहरूमा आफ्नो पैतृक राज्यको विभाजन हुँदा कमला नदीभन्दा पश्चिमको भाग कान्छा छोरा माणिक सेनको हातमा पर्न गयो । माणिक सेनको पनि चार भाइ छोरा थिए र बीस वर्षको राज्यकालपछि राज्य विभाजन हुँदा जेठा छोरा हेमकर्ण सेन मकवानपुरको पैतृक गद्दीको हकवाला बने । उनका दोस्रा भाइ जगत सेनलाई राज्यका किरात मन्त्रीहरूले कमला र कोशीको बीचको एउटा सानो रियासत (चौदण्डी) को राजा बनाएका थिए । यसरी वर्तमान बारा जिल्ला हेमकर्ण सेनको मकवानपुरको राज्यभित्र पर्न गएको थियो । हेमकर्ण सेनले आफ्नी छोरी इन्द्र कुमारीको विवाह त्यसबेला गोरखाका युवराज पृथ्वीनारायण शाहसित गरिदिई सम्बन्ध कायम गरेका थिए । हेमकर्ण सेनको शेषपछि दिग्बन्धन सेन मकवानपुरका राजा भए । एकातिर गोरखाका राजा पृथ्वीनारायण शाहको आफ्नो ससुरालीसितको सम्बन्ध खराब रहेको र अर्कोतिर काठमाडौं उपत्यकालाई नाकाबन्दी गर्ने योजनाको निमित्त पनि आवश्यक परेकोले सन् १७६२ ई. मा पृथ्वीनारायण शाहका तीनजना भाइ कीर्ति महोद्दम शाह, दलपति शाह र दलजित शाहका नेतृत्वमा फौज पठाई मकवानपुर हात पारे र यसरी बारा जिल्लाको वर्तमान इलाका पनि गोरखाली राज्यमा मिल्न पुग्यो । पराजित राजा दिग्बन्धनको आह्वानमा बङ्गाल र बिहारका नवाव कासिम अलि खाँ (मिरकासिम) ले मकवानपुरमा सन् १७६३ मा आक्रमण गरेका थिए । तर गोरखालीको हातबाट उक्त नवावका फौजले ठूलो नोक्सानीको साथ पराजित हुनु पर्‍यो । यसरी यो जिल्ला समेत वडियादेखि कमलासम्मका सम्पूर्ण इलाका वर्तमान नेपालको एक भाग हुन पुग्यो ।[1]

त्यसपछि नेपालको इतिहास क्रममा बारा जिल्लाको सिम्रौनगढ इलाकाको नाम एकचोटी फेरि उल्लेख हुन आउँछ । पृथ्वीनारायण शाहको विरुद्ध काठमाडौंका जयप्रकाश मल्लको सहायताको निम्ति सन् १७६७ मा इष्ट इण्डिया कम्पनीद्वारा पठाइएको कप्तान किन्लोकको नेतृत्वमा २,४०० सिपाही सहितको ब्रिटिस सेनाले सिन्धुलीगढीमाथि आक्रमण गर्दा पृथ्वीनारायण शाहको सेनाले यस आक्रमणलाई नराम्रोसँग विफल गराई किन्लोकको सेनाको ठूलो नोक्सानी गराएको थियो । यस नोक्सानीको बदला लिन र त्यसको परिपूर्ति समेत गर्न उक्त अफिसरले मकवानपुरको तराई इलाकालाई कब्जामा लिएर रकम उठाउने काममा लगाए ।

दुई वर्षसम्म यहाँको उठ्ती उठाइसकेपछि सो इलाकालाई पुनः नेपालको राजालाई फर्काइयो । त्यसबेला सिम्रौनको प्रगन्ना अन्तर्गत नन्नोर र रौतहट भन्ने दुई टप्पाहरू थिए, जसमध्ये उक्त इलाका फर्काउने बेलामा रौतहट टप्पा मात्र फर्काई नन्नोरका बाईस वटा गाउँहरू कम्पनीले आफ्नै कब्जामा राखेको थियो । यसबाट नेपालीहरूलाई चित्त नबुझेकोले त्यतिबेला कम्पनी सरकारका प्रशासक वारेन ह्याष्टिङ्सले यस कुराको पुनरावलोकन गरे तर उक्त नन्नोर इलाका कम्पनीकै अधीनमा रहने निर्णय गरे ।[2] तर वारेन ह्याष्टिङ्सको उक्त निर्णयबाट गोरखालीहरू हतोत्साहित नभएको देखिन्छ किनभने ए. क्याम्पवेलको वर्णनमा तत्कालीन तिरहुँतका मेजिष्ट्रेटले सन् १७८७ देखि १८१३ सम्ममा नेपालीहरूले कुनै न कुनै बहानामा दुईसयभन्दा बढी गाउँ कब्जा गरिसकेको छ भनी कम्पनी सरकार समक्ष प्रतिवेदन पठाएको कुरा उल्लेख गरिएको छ ।[3]

नेपालको विषयमा अंग्रेजी लेखक फ्रान्सिस ह्यामिल्टनले सन् १८०२ मा नेपालको भ्रमणपछि लेखेको

---

१. बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ३, पृष्ठ ४०१–४०६

2. Hasrat, B. J. (ed.)— op. cit. p. 254

3. Ibid, p. 182

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकमा वर्तमान बारा जिल्ला पर्ने इलाका बारेमा उल्लेख गरेका छन् ।[1] उनको भनाइ बमोजिम त्यसबेलाको जिल्ला पूर्वमा रातु नदी, पश्चिममा त्रिशूली गङ्गा र गण्डकी, उत्तरमा रोशी र सुनकोशी र दक्षिणमा कम्पनीको इलाका यति चार किल्लाभित्र एउटा जिल्ला मकवानपुर पर्दछ । सो भनाइ बमोजिम उक्त जिल्ला वर्तमान नारायणी अञ्चलको सीमानासँग मिल्न आउने देखिन्छ । त्यसबेला उनको भनाइ बमोजिम यो जिल्ला एउटा सुब्बाको मातहतमा थियो, जो गर्मीको समयमा मकवानपुर गढीमा र जाडोको समयमा बारागढीमा बस्दथ्यो ।

तत्कालीन बासिन्दाहरूमा मुख्यतया थारूहरू र अनिवरहरू थिए भन्ने उल्लेख भएको छ । मानिसहरू साह्रै दुःखी, टाटीको झोपडीमा बस्ने र भाषा, पोशाक, शरीर, चालचलन उत्तर बिहारका मानिसहरूसँग मिल्ने भनी वर्णन गरिएको छ । उक्त जिल्लाको ठूलो भू-भागमा कुनै पनि ठूलो बस्ती थिएन । बारागढी त्यसबेला समथर क्षेत्रलाई नियन्त्रण गर्ने स्थान भए तापनि सो ठाउँमा ३०।४० वटा छाप्रोहरू मात्र भएको एउटा गए गुज्रेको स्थान थियो भनी कर्कपट्रिकले गरेको वर्णनलाई नै हेमिल्टनले पनि उल्लेख गरेका छन् । तर यस जिल्लाबाट सरकार-लाई सालिन्दा डेढलाख जति उठ्ती हुने अनुमान गरिएको थियो र यसैकारणले गर्दा यो इलाका महत्वपूर्ण नै मानिएको थियो भनी उल्लेख गरिएको छ ।

हेमिल्टनको लेखाइमा सीमाना सम्बन्धमा झगडा उल्लेख नभए तापनि कम्पनीसँगको सीमाना सम्बन्धी कुरालाई लिएर अंग्रेजहरूसित मतभेद हुँदै गएको देखिन्छ । यसै नन्नोर प्रगन्नाको २२ गाउँको कुरालाई लिएर बेतियाका मानिसले सन् १८११ मा नेपालतर्फको सुब्बा लछुंगिर भन्नेलाई मारिदिए । यसै प्रकार पूर्वदेखि पश्चिम-सम्मको सीमानाको कुरालाई लिएर नेपालको अंग्रेजसित युद्धको वातावरण तयार हुँदैगयो । सन् १८१४ को नोभेम्बर महीनामा अंग्रेजले युद्धको घोषणा गरे । यस युद्धको समयमा अंग्रेजले नेपाललाई चार ठाउँबाट आक्रमण गर्दा यस बारा क्षेत्र भई मकवानपुर र त्यहाँबाट काठमाडौंमा आक्रमण गर्ने मेजर जनरल मार्लेको नेतृत्वमा ले. क. ब्राडसा र पछि मेजर जनरल अक्टरलोनी यही क्षेत्रबाट गएका थिए । उनीहरूको अभियानमा प्रयोग भएका गढीमध्ये बारा जिल्लाको वर्तमान उमजन पञ्चायतमा भएको बारागढी पनि एउटा थियो ।

एक वर्षको लडाइँ पछि १८१५ को २८ नोभेम्बरको दिन सुगौलीमा सन्धि भयो तर अरू कारणहरू-मध्ये सो सन्धिअनुसार सम्पूर्ण तराई भाग अंग्रेजहरूलाई छाडिदिनु पर्ने भएकोले नेपालतर्फबाट उक्त सन्धिमा सही गर्ने गुरु गजराज मिश्रले अंग्रेजलाई दिएको बचनको विपरीत नेपालको राजाबाट उक्त सन्धिको औपचारिक समर्थन प्राप्त भएन । त्यसपछि १८१६ को फेब्रुअरी महीनामा सर अक्टरलोनीको नेतृत्वमा बीस हजार फौजलाई चार भागमा विभाजन गरी अंग्रेजले नेपालमाथि पुनः आक्रमण गरे । धेरै भीषण युद्धहरू भएपछि सुगौलीको सन्धिपत्र-लाई नेपाल सरकारले लालमोहर लगायो । उक्त सन्धि अनुसार तराईको भागलाई लिएर फेरि झगडा भइराख्ने सम्भावना देखेर तराई सम्बन्धी केही बुँदाहरूमा परिवर्तन गरिए ।

उक्त सन्धिको शुरूको प्रस्तावमा तराईको सम्पूर्ण भू-भाग अंग्रेजले लिने र सो लिए वापत नेपाल सरकारतिरका जुन जुन भारदारहरूको त्यस इलाकामा जागीर थियो तिनीहरूलाई क्षतिपूर्तिको निम्ति कम्पनीले सालाना दुई लाख रूपैयाँ दिने व्यवस्था थियो । तर यस इलाकाबाट त्यत्रो ठूलो रकम नउठ्ने कुरा उनीहरूले पत्ता लगाइसकेका थिए । अर्कोतिर नेपाल सरकारसँग परेको सो लडाइँ लड्न शुरूमा लखनउको नवावसँग अढाइ करोड रूपैयाँ लिएका थिए र लडाइँको पुनरावर्तन भएपछि सोही नवाव बजीरसँग पुनः एक करोडको ऋण लिनु परेको थियो । त्यसैले गर्दा नेपालसँगको लडाइँमा अंग्रेजहरूलाई पनि ठूलो धनजनको क्षति व्यहोर्नु पर्ने भएकोले राप्ती नदीभन्दा पूर्वको तराई भू-भाग नेपाल सरकारलाई नै फर्काउने निधो भयो । दुवैतिरबाट सीमाना निर्णायक समितिहरू पठाई दुवै देशको बीचमा जमीनका एउटा पातलो पट्टि छोडी सीमा रेखाङ्कन भयो । यसरी अरू जिल्ला को साथै बारा जिल्लाको वर्तमान दक्षिणी सीमाना निश्चित हुनगयो ।

1. Hamilton, F. B.– op. cit. pp. 167-69

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

कलैया

यो स्थान जिल्लाको सदरमुकाम हो। यही बजारको नाउँबाट कलैया गाउँ पञ्चायतको नामाकरण भएको हो। नारायणी अञ्चलको वर्तमान सदरमुकाम वीरगञ्जबाट यो स्थान १३ किलोमिटर (आठ माइल) उत्तर-पूर्वमा पर्दछ। यहाँ जानलाई वीरगञ्ज-काठमाडौं राजमार्गबाट पूर्व जाने ११ किलोमिटर (सात माइल) लामो सडक छ, जसमा २०२९ सालमा कालो पत्र लगाइएको थियो। यहाँ आकाशवाणी केन्द्र नभए तापनि दूर सञ्चारको निम्ति टेलिफोन छ, जसबाट पूर्वमा रौतहट र पश्चिममा वीरगञ्जसित र साथै काठमाडौंसँग पनि कुरा गर्न अथवा खबर आदान-प्रदान निम्ति सीधा सम्पर्क राख्न सकिन्छ। स्थानीय प्रयोगको निम्ति पनि १० वटा लाइन वितरण गर्ने व्यवस्था हालसालै भएको छ। यहाँ जिल्ला स्तरीय सरकारी तथा गैर सरकारी कार्यालयहरू छन्।

वि. सं. २०२८ को जनगणनाअनुसार कलैयाको जनसंख्या २,७३८ छ। यहाँ विभिन्न जात जातिका मानिसहरू जस्तै नेवार, बाहुन, क्षेत्री, मारवाडी, मुसलमान, थारू आदि बस्दछन्। स्थानीय भाषाको रूपमा नेपाली र भोजपुरी दुवै भाषाको प्रयोग हुन्छ।

यो स्थान बारा जिल्लाको एउटा व्यापारिक केन्द्र हो। कलैया बजारको केन्द्रीय स्थल चारपाटे परेको लगभग एक हेक्टर जमीनमा बनेको छ। यसको वरिपरि कठघरा (काठका घर) मा राखिएका पसलहरू छन् र बीचको खाली भागमा प्रत्येक दिन वरिपरिका गाउँका व्यापारीहरू आएर १५० देखि २०० वटा पसल थाप्दछन्। प्रत्येक हप्ता सोमबार र बिहीबारका दिन हाट लाग्दछ। यस हाटमा अन्दाजी एक हजार वटा स-साना पसलहरू थापिन्छन्। यस बाहेक यहाँ अन्य स्थायी पसलहरू, खुद्राविक्रेताहरू, धानका गोलाहरू (किसानहरूबाट खुद्रा अनाज खरीद गरी निर्यात वा बेच बिखन गर्ने स्थानहरू) र धान तथा तेल मिलहरू छन्। यहाँ राष्ट्रिय वाणिज्य बैंकको शाखा, नेपाल राष्ट्र बैंकको एउटा सटही काउण्टर, नेपाल बैंक लिमिटेडको उपशाखा र कृषि विकास बैंकको उपशाखा समेत गरी चारवटा बैंकका शाखाहरू छन्।

यहाँ २०२६ सालदेखि त्रिशूली जल विद्युत् योजनाबाट विद्युत् शक्ति उपलब्ध भएको छ। पिउने पानीको निम्ति कल धाराको व्यवस्था नभएको भए तापनि हाते पम्पहरूको प्रचलन धेरै भएकोले साधारणतः शुद्ध पानी उपलब्ध छ।

यहाँ दुई वटा प्राथमिक पाठशालाहरू र एउटा उर्दू निम्नमाध्यमिक विद्यालय छन्। यसै बजारको समीपमा दुई वटा माध्यमिक विद्यालयहरू भएता पनि इलाकाको हिसाबले तिनीहरू छिमेकका पञ्चायतहरूमा पर्दछन्।

कलैयामा औषधोपचारको लागि स्थानीय औषधि पसलहरूको साथै यहाँबाट दक्षिणतिर पन वरेवा पञ्चायत इलाकामा एउटा १५ शय्याको अस्पताल छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिम्रौनगढ

यो गढ कलैयाबाट अन्दाजी २२ किलोमिटर (१४ माइल) दक्षिण–पूर्वमा पर्दछ। हाल यस इलाका भित्र लक्ष्मीपुर कोटवाली, भगवानपुर, देवापुर, हरिहरपुर, उचिडी, कचोर्वा, अमृतगञ्ज र गोलागञ्ज गरी जम्मा आठ वटा गाउँ पञ्चायतहरू पर्दछन्। यस गढ इलाकालाई कुनै बेला फराकिलो पर्खालले वरिपरि घेरिएको थियो, जसको भग्नावशेष अझै पनि विद्यमान छन्।[१]

बारा जिल्लालाई ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण बनाउने मुख्य श्रेय यसै गढलाई छ। यहाँबाट कर्णाट वंशका विभिन्न शासकहरूले विभिन्न समयमा तत्कालीन नेपाल उपत्यकामा (वर्तमान काठमाडौं उपत्यका) आक्रमण गरेकोले नेपालको राष्ट्रिय जीवनको प्रवाहमा यस जिल्लाले शताब्दीयौं पहिले खेलेको भूमिकालाई आज यसै गढले प्रतिनिधित्व गरेर बसेको छ।

हाल यस गढी इलाकाभित्र विभिन्न भग्नावशेष, मूर्तिहरू तथा अन्य वस्तुहरू छन्। तीमध्ये केही बारे तल लेखिएको छ।[२]

१. कंकालीको मठ र त्यसका वरिपरिका मूर्तिहरू जस्तै सूर्य, वैनतेय दुई मुखे, हर गौरी, विष्णु इत्यादि र मठसँगैको घर।
२. भैरव राम बाबाको समाधी।
३. हरिहरपुर गाउँको विष्णुको मूर्ति र सो गाउँबाट दक्षिणतिरको गढ।
४. कंकाली मठको पूर्वमा रहेका झरोखर पोखरी भन्ने एउटा विशाल पोखरी र त्यसको पश्चिम किनारमा रहेको घाट।
५. अमृतगञ्ज जहाँ बारम्बार प्राचीन वस्तुहरू भेटिइरहन्छन् र त्यहाँको मध्यकालीन विष्णुको फुटेको मूर्ति।
६. हनुमानगञ्ज जहाँ १९९० साल भन्दा पहिले बगैंचा खन्दा धेरै मूर्तिहरू फेला परेका थिए। हाल पनि त्यहाँ एउटा चतुर्व्राहु विष्णुको मूर्ति छ।
७. महाराजगञ्ज रनिवास जहाँ जङ्गबहादुरका माहिला छोरा जीतजङ्ग राणाले आफ्नो पिताको स्मरणमा संवत् १९३५ मा निर्माण गरेको एउटा भव्य राम जानकी मन्दिर अवस्थित छ।
८. उक्त गढ इलाकालाई चारैतिर घेरिराखेको स्थानीय भाषामा "बाँही" भनिने सुरक्षाको पर्खाल छ, जो कतैकतै ढलेको भए पनि अद्यापि छँदैछ।

सिम्रौनगढ इलाकामा भारततिरबाट बराबर पर्यटकहरू कंकालीमाई, रामचन्द्रको मन्दिर आदिको दर्शन गर्न आउँदछन्। उनीहरू धेरै जसो मुज्जफरपुर, घोडासान, मोतिहारी, पटना, छपरा, कलकत्ता आदि स्थानबाट आउँछन्। यी बाहेक रामचन्द्रको मन्दिरमा धेरै साधुहरू पनि आइबस्दछन् र मन्दिरको गूठीको आयस्ताबाट तिनीहरूको भोजनको निम्ति पहिलेदेखि हुण्डीको व्यवस्था भइआएको छ।

---

१. जनकलाल शर्मा– वितवनदेखि जनकपुरसम्म केही पुरातात्त्विक स्थल, प्राचीन नेपाल, पुरातत्व विभागको मुखपत्र, श्री ५ को सरकार, शिक्षा मन्त्रालय, पुरातत्व विभाग, संख्या २, माघ २०२४, पृष्ठ ३
२. ऐजन, पृष्ठ २–४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिमरा

यो स्थानमा बारा जिल्लाको पश्चिमी इलाकामा पर्ने पिपरासिमरा गाउँ पञ्चायत अन्तरगत काठमाडौं वीरगञ्ज सडकको छेउमा पर्दछ। यो ठाउँ कलैयाबाट २९.५ किलोमिटर (१८ माइल) पर्दछ।

सिमरामा भएको हवाई मैदानले गर्दा यस स्थानको महत्व धेरै बढेको छ। यहाँ हाल १,२२० मिटर (४,००० फीट) लामो र ६१ मिटर (२०० फीट) चौडा पक्की नगरिएको धावन मार्ग भएको एउटा विमानस्थल छ। यहाँबाट काठमाडौंको लागि नियमित हवाई सेवाको व्यवस्था छ।

महेन्द्र राजमार्गको पथलैया–ढल्केवार खण्डको पथलैया भन्ने स्थान पनि यसै पञ्चायतमा पर्ने हुनाले यसको महत्व झन् बढ्दै गएको छ। यी बाहेक यस क्षेत्रमा केही वर्ष यता वन फँडानी गरी ठूला कृषकहरूले आधुनिक यन्त्रहरूको प्रयोग गरी वैज्ञानिक तरीकाबाट खेती पनि गर्न लागेकाछन्। बारा जिल्लाको यो एउटा विकासोन्मुख स्थान हो।

अमलेखगञ्ज

यो जिल्लाको सबभन्दा उत्तरमा पर्ने पञ्चायत हो। यहाँको जनसंख्या १,८३१ छ। पहिले नेपाल गभर्मेण्ट रेलवे रक्सौलदेखि अमलेखगञ्जसम्म चल्दा यो ठाउँ एउटा महत्वपूर्ण बजारको रूपमा थियो।

ऐतिहासिक दृष्टिकोणले यो जिल्लाको आफ्नै विशेष पृष्ठभूमि छ। विक्रम संवत् १९८१ सालमा नेपाल अधिराज्यमा घोषणा गरिएको दासत्वमोचनबाट मुक्ति पाएका व्यक्तिहरू भिच्छाखोरी भन्ने ठाउँमा आई बसोबास गरेर यसरी अमलेख भएका व्यक्तिहरू बसोबास गर्न आएका हुनाले त्यस बेलादेखि यस स्थानलाई अमलेखगञ्ज भनिएको हो।

उपर्युक्त स्थानहरू बाहेक बारा जिल्लामा अरू पनि केही उल्लेखनीय स्थानहरू छन्। कलैयाबाट ११ किलोमिटर (सात माइल) पूर्व ४,०१३ जनसंख्या भएको वरियारपुर पञ्चायत छ। यो एउटा व्यापारिक केन्द्र हो। यहाँ गढी माईको स्थान छ, जहाँ भक्तजनले आफ्नो मनको कामना पूरा गर्न यस माईको नाउँमा भाकल गर्दछन्। यहाँ प्रत्येक छ वर्षमा एउटा ठूलो मेला लाग्दछ, जहाँ हजारौंको संख्यामा राँगो, बोका र चराहरूको भोग चढाइन्छ। यसैगरी सदरमुकामबाट अन्दाजी १९ किलोमिटर (१२ माइल) पूर्व जयनगर, च्यूटाहा पर्दछन्। यहाँ एउटा सुन्दर तथा रमणीय राम जानकीको मन्दिर तथा त्यसको नजिकै ४५ बिघा जमीनको गुठी समेत भएको एउटा भव्य माध्यमिक विद्यालय, छात्राबास र प्राथमिक विद्यालय पनि छन्। यसै विद्यालयको प्राङ्गणबाट श्री ५ महेन्द्रबाट २०२८ सालमा देशबासीको नाउमा अन्तिम सन्देश बक्सेको थियो।

यी बाहेक कलैयाको एक किलोमिटर दक्षिणमा पर्ने वरेवा बजार तथा महेन्द्र राजमार्गमा पथलैयाबाट २१ किलोमिटर (१३ माइल) पूर्वमा पर्ने निजगढ अरू उल्लेखनीय स्थान हुन्। वीरगञ्ज–कलैया सडकमा बीचोबीच पर्ने पर्सौनी पनि व्यापारिक दृष्टिकोणले महत्वपूर्ण स्थान हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

बारा जिल्ला नेपाल अधिराज्यको अत्यधिक जनसंख्या भएका जिल्लाहरूमध्ये एक हो। उर्वरा जग्गा भएको हुनाले केही वर्ष यता यहाँ औलो उन्मूलन कार्यक्रमको सफलता पछि पहाड बासीहरूको तराईतिर बसाईं सर्दैआउने प्रकृया झन तीव्र हुँदैआएको छ। फलस्वरूप यस जिल्लामा पहाडका विभिन्न सांस्कृतिक पृष्ठभूमिका मानिसहरूको संख्या बढ्न थालेको छ। यो स्थान विभिन्न सांस्कृतिक समूहहरूको एउटा सम्मिश्रण स्थलको रूपमा देखापरेको छ।

जनसंख्या

वि. सं. २०२८ को जनगणनाअनुसार यस जिलाको जनसंख्या २,३३,४०१ मध्ये पुरुष १,२०,१४१ र महिला १,१३,२६० छन्। यो जनसंख्या नारायणी अञ्चलको कुल जनसंख्याको २१.२ प्रतिशत हुन आउँछ। जनसंख्याको हिसाबले नेपाल अधिराज्यमा यो तेह्रौं जिल्ला हो। काठमाडौं, धनुषा, महोत्तरी, रौतहट, सप्तरी, सिराहा, मोरङ, स्याङ्जा, झापा, काभ्रेपलाञ्चोक, रूपन्देही र धादिङ मात्र नेपाल अधिराज्यमा बाराभन्दा धेरै जनसंख्या भएका जिल्ला हुन्।

यस जिल्लाको क्षेत्रफल जम्मा १,२६,३०० हेक्टर छ भन्ने कुरा माथि नै उल्लेख भइसकेको छ। यस क्षेत्रफललाई कुल जनसंख्याले भाग लिंदा प्रति हेक्टर जमीनमा जम्मा १.८ जनाको घनत्व हुन आउँछ।

घर परिवारमा बस्ने जनसंख्या यस जिल्लाको कुल जनसंख्याभन्दा अलि कम अर्थात् २,३३,०९९ छ[1] र घर परिवारको संख्या ४४,४९९ छ। यसरी एउटा औसत घर परिवारमा ५.२ सदस्यहरू हुन आउँछ। तर औसत घर परिवार ५.२ जना सदस्यहरूको भए तापनि यस जिल्लामा चार जना सदस्य भएको घर परिवारको संख्या सबभन्दा बढी अर्थात् ७,७७० छ। एक जना मात्र सदस्य संख्या भएको घर परिवार १,६२१ र २० जना वा सोभन्दा बढी सदस्य भएको घर परिवार १०८ वटा छन्।

उमेरको बनावटको दृष्टिकोणबाट यो जिल्लाको जनसंख्या निम्न उमेर समूहमा विभाजन गरिएको छः–

---

१. यसमा छात्राबास, जेल, होटेल, ब्यारेक आदिमा बस्ने जनसंख्या समावेश हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०– ५ वर्ष	२०,७९४	१७:३	२२,९४२	२०.२	४३,७३६	१८.७
६ –१५ वर्ष	२७,०४२	२२.४	२१,१९५	१८.७	४८,२३७	२०.६
१६–वर्ष र माथि	७२ ,३०५	६०.२	६९,१२३	६१.०	१,४१,४२८	६०.६
जम्मा	१,२०,१४१	९९.९	१,१३,२६०	९९.९	२,३३,४०१	९९.९

माथि दिइएको तथ्याङ्कमा जिल्लाको जनसंख्यालाई ०–५ वर्ष जन्मेर हुर्कन लागेका बच्चाहरूको उमेर समूह, ६–१५ वर्षको विद्यालय जाने उमेर समूह र १६ वर्षभन्दा माथिको बाँकी उमेर समूह गरी जम्मा तीन समूहमा विभाजन गरिएको छ।

उक्त तालिकामा छ वर्षभन्दा मुनिका समूहमा १८.७ प्रतिशत जनसंख्या हुनु र छदेखि १५ वर्षको बीचको जम्मा १० वर्षको समूहमा २०.६ प्रतिशत मात्र जनसंख्या भएकोले केटाकेटीको बढ्दो संख्याको सङ्केत गर्दछ। स्वाथ्योपचार, शिक्षा र खानेपानीको राम्रो व्यवस्था हुँदै गएपछि क्रमशः कम संख्यामा केटा-केटीहरू मर्ने भएको हुनाले शिक्षा सहित अन्य सामाजिक सेवाका सुविधा उपलब्ध गराउन र भविष्यमा नोकरीको समेत व्यवस्था गर्ने योजना निर्माणको निम्ति कति ठूलो प्रयासको आवश्यकता छ भन्ने कुरा उक्त समूहहरूको परिमाणले सङ्केत गर्दछ।

कुनै पनि स्थानको जनसंख्यामा उमेरको दृष्टिले कोही सक्षम र कोही आश्रित हुन्छन्। त्यसैले कुनै जनसंख्यामा उमेरको दृष्टिले कति सक्षम व्यक्तिहरूले कति आश्रित व्यक्तिहरूलाई आश्रय दिनु पर्छ भन्ने थाहा पाउन् महत्वपूर्ण हुन आउँछ।

तर कतिसम्मको उमेर समूह भित्रका जनसंख्या आश्रित मान्ने र कति सम्मकोलाई सक्षम मान्ने भन्ने कुरा निश्चय गर्न अलि कठिनाइ पर्दछ। अन्तर्राष्ट्रिय परिपाटी अनुसार १४ वर्ष र सोभन्दा मुनिका उमेर समूह-भित्रको जनसंख्या र ६५ वर्ष र सोभन्दा माथिको उमेर समूहको जनसंख्यालाई उमेरको कारणले आश्रित मान्ने चलन छ। तर नेपाली गाउँ घरमा केटाकेटीहरूलाई सानै उमेरदेखि पनि जीवनयापनको काममा लाग्नुपर्ने अनिवार्यता छ। शायद यसै कारणले नेपालको जनगणनामा आर्थिक दृष्टिले सक्षम जनसंख्याको हिसाब गर्दा १० वर्षदेखि ५९ वर्षसम्मको जनसंख्या लिएको पाइन्छ।

जिल्लाको नौ वर्ष र सोभन्दा मुनिको तथा ६० वर्ष र सोभन्दा माथिको जनसंख्यालाई आश्रित जनसंख्या मानेर हिंसाब गर्दा प्रत्येक १०० जना सक्षम माथि ५२ जना आश्रित रहेको पाइन्छ। तसर्थ जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:५२ हुन आउँछ। अन्तर्राष्ट्रिय परिपाटी अनुसार हिसाब गर्दा सो अनुपात १००:६८ हुन आउँछ अर्थात् प्रत्येक १०० जना सक्षम व्यक्तिमाथि थप ६८ जना उमेरको कारणले आश्रित देखिन्छ।

यस जिल्लाको जनसंख्यामा छ वर्ष र सोभन्दा माथिको जनताको वैवाहिक अवस्था अध्ययन गर्दा केटाभन्दा केटीहरूको विवाह सानो उमेरमा हुने देखिन्छ। सो अध्ययनबाट यो देखिन्छ कि यस जिल्लामा केही संख्यामा भएपनि बाल–विवाहको प्रथा बाँकी नै छ। छदेखि नौ वर्षको उमेर समूहमा पुरुषहरूमा २४४ अर्थात् कुल संख्याको १.९ प्रतिशत र महिलाहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५७५ अर्थात् कुल महिला संख्याको ५.३ प्रतिशतको विवाह नौ वर्षसम्मको उमेरमा नै हुने देखिन्छ। दोस्रो कुरा १० देखि १४ वर्षको उमेर समूहमा केटाहरूमा ८.८ प्रतिशत छ भने केटीहरूमा ३५.७ प्रतिशत र त्योभन्दा बढी उमेर समूहमा केटाहरूको ४८.४ प्रतिशत मात्र विवाह भएको देखिन्छ भने केटीहरूमा ८५.३ प्रतिशतको विवाह भएको देखिन्छ। त्यसैले केटाहरूभन्दा केटीहरूलाई सानो उमेरमा विवाह गरिदिने प्रथा व्याप्त रहेको देखिन्छ।

यस जिल्लाको जनसंख्यामा प्रशस्त मात्रामा सांस्कृतिक अनेकता भएको कुरा माथि पनि उल्लेख भइसकेको छ। यस कुराको पुष्टी तल दिइएको विभिन्न मातृभाषा बोल्नेहरूको संख्याबाट पनि हुन्छ। २०२८ सालको जनगणना अनुसार यहाँ निम्न लिखित मातृभाषा निम्नसंख्याले बोल्दछन्:—

भोजपुरी	२,१५,६४०
नेपाली	११,४४३
तामाङ	२,६२६
नेवारी	६०७
थारु	७१८
मैथिली	३२६
मगर	२७३
गुरुङ	१६२
अन्य	६७०

माथिको तथ्याङ्कबाट बारा जिल्लामा कति विभिन्न भाषा भाषीको जमघट भएको छ सो देखाउनुको साथै यी सबमा भोजपुरी बोल्नेको संखया सबैभन्दा धेरै छ भन्ने कुरा स्पष्ट हुन्छ।यो भाषाको प्रधानता भएको हुनाले यहाँ थारू भाषा बोल्नेहरूको संख्या निकै थोरै देखाइएको छ, जबकि यहाँ थारूहरूको जनसंख्या ७१८ भन्दा निकै धेरै छन्।

जन्मस्थानको आधारमा बारा जिल्लाको जनसंख्याको वर्गीकरण गर्दा यस जिल्लाको जम्मा जनसंखया २,३३,४०१ मध्ये १४,४११ जना विदेशमा जन्मेको देखिन्छ। तीमध्ये ११,७७३ जना महिला अर्थात् कुल महिला जनसंख्याको १०.४ प्रतिशत विदेशमा जन्मेको देखिन्छ, जब कि पुरुषहरूमा २,६३८ जना अर्थात् जम्मा २.२ प्रतिशत मात्र विदेशमा जन्मिएका देखिन्छन्।

वि. सं. २०२८ को जनगणनामा अझ निहालेर हेर्ने हो भने यसरी विदेशमा जन्मेका ११,७७३ जना महिलाहरूमध्ये माग ११,७६३ जना भारतमा मात्र जन्मेका छन् र १० जना मात्र एशियाको अन्य मुलुकमा जन्मेका देखिन्छन्। एकातिर भारतमा जन्मेका महिलाहरूको संख्या धेरै छ भने अर्कोतिर जति जति उमेर बढ्दै जान्छ त्यत्ति नै यिनीहरूको संख्या अनुपात पनि बढ्दै गएको देखिन्छ। यसको कारण के हो भने नेपालको तराई इलाकाका बासिन्दाहरूको भारततिरका इलाकामा वैवाहिक सम्बन्ध भएको हुनाले नेपालतिरका छोरीबेटी भारततिर दिने र भारततिरको नेपाल तिर ल्याउने प्रथा ठूलो मात्रामा पाइन्छ। एक अनुमान अनुसार प्रति वर्ष अन्दाजी ३,००० नेपाली आइमाईहरू बिहारतिर र १,८०० जति उत्तर प्रदेशमा गई बिहाबारी गरी बस्दछन्। यसरी भोजपुरी, मैथिली र अवधी बोल्ने मानिसहरूको बसोबास नेपाल भारत सीमानाको दुवैतिर भएकोले यसरी बिहाबारी गरी आइमाईहरूको आदान प्रदान हुनु स्वभाविकै कुरो हो।[1]

1. Seminar On Population and Development, CEDA, Tribhuban University Compound, Kathmandu, Nepal, 1971,p. 101—102

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नागरिकताको हिसाबले विदेशी नागरिकहरूको संख्या २,९२९ अर्थात् कुल जनसंख्याको ०.०१ प्रतिशत छ। यीमध्ये भारतीय नागरिकहरू २,७७७ छन्।

यस जिल्लामा अत्यधिक जनसंख्या हिन्दू धर्मावलम्बी छन् र अरू धर्मावलम्बीहरूमा इस्लाम धर्ममान्ने-हरू मात्र केही उल्लेखनीय संख्यामा भएको देखिन्छ।

बारा जिल्लामा विभिन्न गाउँ पञ्चायतहरूको जनसंख्या २०२८ सालको जनगणना बमोजिम निम्नअनसार छः–

पञ्चायतको नाम	जनसंख्या	पञ्चायतको नाम	जनसंख्या
१. अमरपट्टी	१,३०९	२. अमलेखगञ्ज	१,८३१[1]
३. अमृतगञ्ज	३,१३६	४. अमाव	२,४७५
५. इतियाही	१,५२४	६. इनरवाभाठा	१,९४४
७. इनरवामाल	२,८५४	८. इनरवा सिरा	३,३४५
९. उँचिडिही	१,५८१	१०. उमजन	२,४९५
११. औरैयागोठ	१,८६९	१२. ककरी	१,५०२
१३. कचोर्वा	६,०८३	१४. कवहीगोठ	२,४७४
१५. कवही जब्दी	१,६९०	१६. करैया	१,९१९
१७. कलैया	२,७३८	१८. कुंडवा	१,४७६
१९. कोल्वी	२,२९६	२०. खुंटवा जब्दी	१,७७८
२१. खोपवा	२,२७८	२२. गढहल	१,५५९
२३. गोलागञ्ज	१,५५४	२४. गञ्ज भवानीपुर	२,८४०
२५. छत्तवा	१,८५३	२६. छातापिपरा	१,९०९
२७. जयनगर चिउटाहा	२,३९१	२८. झिटकैया (खेश्राहा)	२,४६६
२९. झिटकैया (वरियारपुर)	३,०५१	३०. टेढा कट्टी	१,९७१
३१. डुम्वरव.नं	३,२३१	३२. तेतरीया	१,७२७
३३. तेलकुंवा	१,५३९	३४. दहियार	२,९७३
३५. देवापुर	१,८५०	३६. दोहरी	१,९००
३७. धर्मनगर	१,७१३	३८. नकटुवा	१,८४५
३९. नगवा बिर्ता	१,७९१	४०. नरही	२,१९२
४१. निजगढ	६,९०३	४२. नौतन	२,१९३
४३. पकरिया	१,७६८	४४. पटेर्वा	१,७९४
४५. पतरहट्टी	१,६९५	४६. पथरा	२,२२६
४७. परशुरामपुर	१,५१४	४८. परसौना	१,५१२
४९. परसौनी	२,३७२	५०. पिपरपाती	१,२७१
५१. पिपरपाती जब्दी	१,९७५	५२. पिपरा	१,९८२

१. २०२८ सालमा जनगणनाको समयमा अमलेखगञ्ज पञ्चायत छुट्टै नभई पिपरा सिमरा पञ्चायतको एक भाग मात्र थियो। बारा जिल्लाको स्वास्थ्य एकीकरण योजनाले लिएको तथ्याङ्क अनुसार २०३१ जेठ मसान्तमा यस पञ्चायतको जनसंख्या १,८३१ थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

५३. पिपरा बिर्ता १,७२०
५५. पिप्राढी गोठ २,१५४
५७. प्रष्टोका ३,७६२
५९. फेंटा २,३५५
६१. वधवन २,२१२
६३. वडकी फुलवरिया १,६७३
६५. बबुआइन १,२९२
६७. वरेवा १,८९९
६९. बलिरामपुर १,६००
७१. बहुअरी १,९७९
७३. विसम्भरपुर १,९०९
७५. विसुनपुरवा २,२४१
७७. बुनियाद १,७७२
७९. वेल्दारी १,६६३
८१. वंजरिया २,३७०
८३. भतौडा १,९६५
८५. भवानीपुर जितपुर ३,३०१
८७. भोडाहा २,९३२
८९. मटिअर्वा २,२११
९१. मनहर्वा ३,१३९
९३. मोतिसर १,६७८
९५. रघुनाथपुर १,६६०
९७. रहुवाही १,५३३
९९. रामपुर (टोक्नी प्रगन्ना) २,३४९
१०१. लिपनीमाल १,९५०
१०३. सिसहनिया १,३३२
१०५. सिहोर्वा १,५५१
१०७. हर्दिया १,५३१
१०९. हरेया १,५४८

५४. पिपरासिमरा २,६१८[1]
५६. पुरैनिया २,०२३
५८. फत्तेपुर २,८०६
६०. बगही १,७२९
६२. वछनपुरवा २,१०३
६४. वतरा १,५७७
६६. वरियारपुर ४,०१३
६८. वरैनिया २,०१३
७०. वसतपुर २,७५४
७२. ब्रह्मपुरी १,६७५
७४. विसुनपुर १,३३३
७६. विश्रामपुर १,५८६
७८. वेनौली १,६७६
८०. वैरिया १,९०६
८२. भगवानपुर १,६८१
८४. भवानीपुर २,४६१
८६. भलुही भरवलिया २,३६४
८८. मझरिया १,८१९
९०. मधुरी जब्दी १,४२७
९२. महेसपुर २,०११
९४. मैनी १,४७५
९६. रमपुरवा २,२६०
९८. रामपुर (खेश्राहा प्रगन्ना) २,१३८
१००. लक्ष्मीपुर कोतवाली १,५९९
१०२. सपही २,७३४
१०४. सिंहासनी २,०४६
१०६. श्रीनगर वैंरिया १,७४०
१०८. हरिहरपुर २,२४२

---

१. माथि उल्लेख भए बमोजिम २०२८ सालमा यस पञ्चायतमा वर्तमान श्रमलेखगञ्ज पञ्चायत पनि समावेश थियो र त्यस सम्पूर्ण इलाकाको २०२८ सालको जनसंख्या ४,०३३ थियो भनी राष्ट्रिय जनगणनामा दिइएको थियो। हाल स्थानीय स्वास्थ्य एकीकरण जनगणना अनुसार २०३१ जेठ मसान्तमा यस पिपरा सिमरा पञ्चायतको मात्र छुट्टै जनसंख्या २,६१८ थियो। यी दुई पञ्चायतको जनसंख्या २०३१ को समावेश गर्दा यस जिल्लाको माथि उल्लिखित कुल जनसंख्या २,३३,४०१ भन्दा केही बढी देखिन जान्छ। तर बाँकी विश्लेषणको निम्ति यस जिल्लाको जनसंख्या उक्त २०२८ को संख्या नै मानिएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. २०२८को जनगणनामा यस जिल्लामा १०८ पञ्चायतहरू मात्र थिए। तर त्यसका केही समय पछि नै पिपरा सिमरा पञ्चायत फोडी श्रमलेखगञ्ज र पिपरा सिमरा पञ्चायत गरी दुईवटा पञ्चायत बनाइएका थिए। त्यसैले उक्त दुई पञ्चायतको जनसंख्या २०२८ सालको नभई २०३१ सालको मात्र दिइएको छ। बारा जिल्लामा सबभन्दा बढी पञ्चायत (६२) को जनसंख्या १,००० देखि १,९९९ को बीच पर्दछ। २,००० देखि २,९९९ जनसंख्या हुने पञ्चायतको समूहमा जम्मा ३७ वटा छन्। बाँकी १० वटा गाउँ पञ्चायतहरुमा सोभन्दा बढी जनसंख्या छन्।

तराई इलाकामा पञ्चायतको जनसंख्या धेरै हुन्छ भन्ने सामान्य विश्वासको विपरीत यस जिल्लामा बहुसंख्यक पञ्चायतहरू (कुल पञ्चायत संख्याको ५७ प्रतिशत) २,००० भन्दा कम जनसंख्या भएको पाइन्छन्। तर जिल्लाको पञ्चायतहरूको २०२८ सालको जनसंख्या २,३३,४०१ लाई त्यति बेलाकै पञ्चायत संख्या १०८ ले भाग गरेर निकाल्ने हो भने एउटा पञ्चायतमा लगभग २,१६१ जना हुन आउँछ।

जनजीवन

जनसंख्याको मातृभाषा र धर्म सम्बन्धी विश्लेषण गर्दा नै यस जिल्लामा रहेको सांस्कृतिक अनेकताको विषयमा केही चर्चा गरिसकिएको छ। तर एउटा धर्म अथवा भाषाभित्र पनि विभिन्न समूहहरू आफै आफैमा एक विशेष सांस्कृतिक अस्तित्वका रूपमा रहिआएको हुनाले नेपालको अरू धेरै भागमा जस्तै यस बारा जिल्लामा पनि धर्म र भाषाको दुई आधारमा मात्र सांस्कृतिक भिन्नता सीमित भएको छैन।

बारा जिल्लाको वर्तमान जनसंख्यालाई मोटामोटी रूपले भौगोलिक उत्पत्ति र धार्मिक पृष्ठभूमिको आधारमा विभाजन गर्दा तराई-मूलक जातिहरू, थारू, मुसलमानहरू र पहाडबाट आएका मानिसहरू यी चार वटा मुख्य समूहहरूको रूपमा लिन सकिन्छ। ती समूहहरूमध्ये पनि थारू र मुसलमानलाई आफैमा छुट्टै सांस्कृतिक समूहको रूपमा लिन सकिए तापनि बाँकी तराई-मूलक जातिहरू र पहाडबाट आएका मानिसहरू धेरै सांस्कृतिक समूहहरूभित्र पर्दछन्। यी समूहहरू बाहेक यस जिल्लामा व्यापारिक केन्द्रहरूमा केही सीमित संख्यामा मारवाडी जातिका मानिसहरू पनि बसोबास गर्दछन्।

तराई मूलक जातहरू

यस अन्तर्गत धेरै किसिमका जातहरू पर्न आउँछन्, जस्तै बाहुन, क्षेत्री र अरू जातहरू। ब्राह्मण जात पनि तराई इलाकामा विभिन्न समूहहरूमा छन्, जसमा मिथिला, कान्यकुब्जी, गौड आदि हुन्। यीमध्ये बारा जिल्लामा भएको बाहुनहरूमा कान्यकुब्जी अथवा उपाध्याय धेरै छन् र बारा जिल्लामा पाइने थरहरूमध्ये निम्न मुख्यहुन्ः– दुवे अथवा द्विवेदी (अर्थात् दुई वेद जान्ने), तिवारी अथवा त्रिवेदी (अर्थात् तीन वेद जान्ने) चौवे अथवा चतुर्वेदी (अर्थात् चार वेद जान्ने), पाठक, अथित, पाण्डे, मिश्र, ओझा आदि हुन्। यस बाहेक मिथिला ब्राह्मण समूहभित्र पर्ने झथरका केही बाहुन पनि पाइन्छन्।

तराई मूलक जातहरुमा क्षेत्री समूहमा राजपूत आउँछन्। यहाँका राजपूतहरूलाई बाबुसाहेब भनी सम्मान सूचक शब्दले सम्बोधन गरिन्छ र प्रत्येकको घरमा आफ्नो जातको चिह्न स्वरूप एउटा तरवार राखिएको हुन्छ। यस बाहेक यहाँ भूमिहार भन्ने एउटा छुट्टै जात छ। यस जातका थरहरू ब्राह्मणका थरहरूसित मिल्दछन् तर धार्मिक काजक्रियामा बाहुनको जस्तो भूमिका छैन। तर स्थानीय चलन-चल्तीमा यस जातिलाई पनि एउटा उच्च जातको रूपमा लिई राजपूतहरूको स्तरसित मिल्दो-जुल्दो मानिन्छ। यसपछि कायस्थहरूको जात आउँछ जो लेख-पढको काममा अद्वितीय मानिन्छ। यी चारवटा जातहरू मिलेर तराई-मूलक जात प्रथामा उच्च जातहरूको समूह बनेको छ। तर यी सबै जातहरू अन्तर वैवाहिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन्, अर्थात् यिनीहरू सबैले आफ्नै जातभित्र मात्र विवाह सम्बन्ध कायम गर्दछन्।

उपर्युक्त जातहरू पछि स्थानीय परम्परामा केही व्यवसाय सूचक जातहरू जस्तै ग्वाला, भेडीहर, नूनिया आउँदछन्। यीमध्ये यस जिल्लामा सबभन्दा बढी संख्यामा ग्वालाहरू पाइन्छन्। यिनीहरूको मुख्य व्यवसाय खेतीपाती नै भए तापनि गाई, भैंसी पाल्नु पनि यिनीहरूको आर्थिक व्यवसायको एउटा महत्वपूर्ण आधार हो। ग्वालाहरूलाई अहिर पनि भनिन्छ। तर तिनीहरूको थरको आदरसूचक संज्ञा यादव हो र थर लेख्दा धेरैजसोले यादव अथवा कसै कसैले अहिर, राय, सिं, गोइत आदि लेख्दछन्। यिनीहरूको बस्ती जिल्लाको दक्षिणी भागतिर धेरै फैलिएको छ।

यादवहरूमा अरू जातको तुलनामा धेरै आपसी मेल-मिलाप र जातीय एकता हुन्छ। तराईका जातिहरूमध्ये यिनीहरू अलि उजण्ड स्वभावका हुन्छन् र कहीं कहीं यिनीहरूलाई तराईका किराती पनि भनिन्छ। यिनीहरू माछा, मासु, जाँड, रक्सी खाँदैनन्। यिनीहरू आफूलाई कृष्णजीको सन्तान ठान्दछन् र यिनीहरूले मनाउने मेला पर्वहरूमा छैठी अत्यन्त हर्षोल्लासका साथ मनाउँछन्।

यादवहरू यसरी एकताबद्ध समूह भए तापनि यिनीहरूको भित्र सांस्कृतिक दृष्टिकोणले आन्तरिक पृथकीकरण रहेको पाइन्छ। यिनीहरू आपसमा असमान थरहरूमा विभाजन भएका छन्। उदाहरणार्थ कुनै एक गाउँमा मझरौट, किस्नौट र भोंसी थरका यादवहरू छन् भने मझरौट र किस्नौट थरका यादवहरूले भोंसी थरका यादवहरूसँग एकै भान्छामा नखानुका साथै वैवाहिक सम्बन्ध पनि जोड्दैनन्।

गाई, भैंसी पाल्ने भएकोले ग्वाला भने जस्तै भेडीहरू भेडा पाल्दछन्। तर यिनीहरू पनि खेतीपाती गर्दछन्। साथै भेडाको ऊन काटेर त्यसबाट काम्लो बुन्दछन्। नूनियाहरूको मुख्य काम नूनिलो माटो खनेर धोबीलाई लुगा धुनमा प्रयोग गर्ने बेच्ने, जग्गा सम्याउन माटो काट्ने, बारहरू लगाउने र पोखरीहरू खन्ने आदि माटो सम्बन्धी कामहरू गर्दछन्। काहार भन्ने अर्को जातिले पनि माटो सम्बन्धी काम गर्दछन्।

यसपछि अर्को समूहमा आपसमा समान स्तर भएका जातहरू कुर्मी, धानुक र अमात पर्दछन्। यस जिल्लामा यस समूहका पहिला तीन जातहरू आर्थिक दृष्टिकोणले सामान्यत अलि सम्पन्न खालका नै हुन्छन्। तर यी सबै जातका मानिसहरूले आफ्नो आर्थिक अवस्थाले बाध्य तुल्याएको अवस्थामा आफूभन्दा ठला जातका घरमा नोकरी पनि गर्दछन्।

यहाँ बीन र मलाहा भन्ने दुई छुट्टा छुट्टै जात छन्, जसको जातीय पेशा माछा मार्नु हो। तर यिनीहरूको पेशामा आपसी भिन्नता पनि छ। जब कि बीनहरू माछा मार्न जाल पनि बुन्दछन् भने मलाहा नदीमा डुङ्गा चलाउँछन्

स्थानीय जात प्रथामा अर्को महत्वपूर्ण समूह बनियाहरूको हो। तर यो कुनै एउटा छुट्टै जात होइन, यो त विभिन्न जातहरूको समूह हो। यस अन्तर्गत पर्ने विभिन्न जातहरूमा अत्यन्त सिपालु व्यापारी मानिएका रौनियारहरू, तरकारीको खेती गर्ने र बेच्ने कोइरीहरू, रोटी बनाउने हलवाइहरू, अरू प्रकारको मिठाइ बनाउने कानुहरू, च्यूरा कुट्ने सुंडीहरू, रक्सी बनाउने कलवारहरू र तेल पेल्ने तेलीहरू पर्दछन्।

यी बाहेक यहाँ छुट्टै पेशेवार जातहरूको समूह छ जसले आफ्नो सेवा अरूलाई उपलब्ध गराए बापत खाद्यान्नमा भुक्तानी लिन्छ। यीमध्ये फलाम कमाउने लोहार र हजामलाई एक वर्षमा उनीहरूबाट जति मात्रामा सेवा उपलब्धभएको भए तापनि बाली काट्ने समयमा यति खाद्यान्न दिने भन्ने निश्चित् परम्पराहुन्छ। यसरी दिइने खाद्यान्नलाई स्थानीय भाषामा पौनी भनिन्छ। तर अरू जातहरू जस्तै माटोको भाँडाकुँडा बनाउने कुम्हारहरू, फूलको कामगर्ने मालीहरू र पान बनाउने बडें र तमोलीहरू पनि लोहार र हजाम जस्तै परम्परादेखि आफ्नो ठेकिएका परिवारहरूलाई आवश्यक परेको बेलामा आफ्नो जातीय पेशा सम्बन्धी सेवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपलब्ध गराउँछन् तापनि उनीहरूले पाउने पौनीको परिमाण तोकिएको हुँदैन, काम अनुसार धेरै थोरै हुन्छ । लुगा धुने धोबी र बैंथा (दुवै मुसलमानहरू) हरू पनि यस्तै प्रकारको पौनी समूहमा पर्दछन् । तर यिनीहरू बाहेक माथिका हिन्दू धर्मावलम्बी पौनी प्राप्त गर्ने जातहरू जीवनयापनको दृष्टिले परालम्बित भए तापनि आफूले उच्च स्थान नै ओगटेको विश्वास गर्दछन् । अझ वढहीहरू (सिकर्मी काम गर्ने) त आफूलाई रौनियार (बनिया समूह भित्र परे तापनि निकै उच्च जातको मानिएको) भन्दा माथि मात्र होइन कि अझ यो पनि विश्वास गर्दछन् कि कुनै बेला आफूहरू क्षेत्री नै थिए, तर एकबेला काठ नाप्दा आफूसित भएको काठ नाप्ने डोरीले नपुगी आफ्नो जनै पनि फुकाली त्यसैमा प्रयोग गरि दिएछन् र त्यसै बेलादेखि क्षेत्रीबाट झर्नु परेको थियो ।

देशको मुलुकी ऐनको दृष्टिकोणले छुवाछूत अन्त भइसके तापनि सामाजिक व्यवहारको स्तरमा अझ पनि यो भावना पाइन्छ । तसर्थ स्थानीय भाषामा सेवा गर्ने वा शुद्र भनिने जातहरू पनि यस जिल्लामा पाइन्छन् । यसमा सर्वप्रथम मुसहर, डुसाद र तत्मा भन्ने जातहरू आउँछन् । मुसहर माटो खन्ने, डुसाद तारी झिक्ने र तत्मा ज्याला मजदूरीको काम गर्दछन् । यसपछिको स्थान चमारहरूको छ जसले सिनो फाल्ने, जुत्ता बनाउने, ढोलक बजाउने आदि काम गर्दछन् र यस बापत परिवारहरूले उनिहरूलाई पौनी दिन्छन् । बच्चा पाउने बेलामा चमैन (चमारको स्वास्नीमानिस) ले सुडिनीको काम गर्दछन् र यस बापत छुट्टै पैसा, कपडा र अन्न पाउँछन् । यसपछि आउने जातहरूमा डोम र हलखोर हुन् । डोमले गाउँका बाटाहरू बढा-छन् भने हलखोरले चर्पी सफा गर्दछन् । यस बाहेक डोमहरूले पेटारी भन्ने एक किसिमको टोकरी बनाउछन्, जुन विवाहको समयमा दुलहा दुलहीका परिवारहरूका बीच उपहार आदान प्रदान गर्ने काममा उपयोग हुन्छ ।

मुसलमान

यस जिल्लामा मुसलमानहरू कुनै एक प्रगन्ना अथवा क्षेत्रमा एकत्रित भएर बसेका छैनन् तापनि उनी-हरू आफ्नो अलग्ग गाउँ अथवा टोलहरूमा बस्ने चलन छ । मुसलमानहरू छुट्टै धर्म मान्ने भएको हुँनाले २०२८ सालको जनगणनाअनुसार यस जिल्लामा इस्लाम धम मान्नेहरूको संख्या अन्दाजी २७ हजार भएकोले त्यसंलाई नै यस जिल्लाको मुसलमानहरूको जनसंख्या मान्न सकिन्छ ।

मुसलमानहरुको मुख्य तीन समूह हुन्छ-सिया, सुन्नी र इस्माइल । तर बारा जिल्लामा भएका सबै मुसलमानहरू सुन्नी हुन् । असारी, ठकुराई, कुरेशी, धोबी, खाँ, पैठान आदि यिनै हरूका विभिन्न थरहरू हुन् । यहाँ मुसलमानहरूले साधारणतः दाह्री पालेका हुन्छन र यिनीहरूलाई टाढाबाट नै चिन्न सकिन्छ ।

पहाडबाट आएका जातिहरू

माथि तराई-मूलक जातिहरूको समूहमा पाइएको जस्तै किसिमको सांस्कृतिक विविधता पहाडबाट झरेका जातिहरूमा पनि पाइन्छ । यिनीहरूमा यहाँ पाइने जात जातिहरूमा बाहुन, क्षेत्री, नेवार, तामाङ, गुरुङ आदि हुन् । यिनीहरू कुनै एक पञ्चायतमा एकत्रित नभई ठाउँ ठाउँमा छरिएर बसेका छन् । पहाडबाट धेरै साल पहिले बसाइं सरिआएका मानिसहरू मुख्यतया जमीन्दारीमा अथवा सरकारी जागीरको सिलसिलामा त्यहाँ पुगेर बसेका हुन् । जिल्लाको सदरमुकाम कलैया र त्यस सँगको पञ्चायत वरेवामा मात्र केही पहाडबाट आएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसहरू मुख्यतया नेवारहरू एकत्रित भएका छन्। तर हाल पहाडबाट बसाइँ सरिआएका मानिसहरू यसजिल्ला को निजगढ पञ्चायत र सिमरा पञ्चायतमा छन्, जहाँ हालसालै केही नयाँ जमीन वितरण हुनुको साथै जङ्गलको अनियमित अतिक्रमण समेत भएको थियो । यो माथि उल्लिखित समूहमा विभिन्न जात अथवा जातिहरू छन् । तिनीहरूको फेरि आफ्नै थरहरू हुन्छन् जस्तै बाहुनहरूमा गौतम, आचार्य, पौडेल, पाण्डे ,भट्टराई, गढतौला आदि।

क्षेत्री जातलाई व्यापक रूपले परिभाषा दिंदा यस समूहभित्र पर्ने ठकुरीहरू पनि यस जिल्लामा छन् जस्तो शाह, मल्ल आदि। अरू क्षेत्रीहरूमा थापा, कुँवर, बस्नेत, खड्का, खत्री आदि थरहरू छन्। यसैगरी गुरुङ-हरूमा लामा, लामिछाने, गोतामे, घले आदि थरहरू छन् र तामाङहरूमा पनि यस प्रकारका विभिन्न थरहरू पाइन्छन्। नेवारहरूमा श्रेष्ठ, अमात्य, राजभण्डारी, जोशी, मानन्धर, डंगोल आदि थरहरू यहाँ पाइन्छन्।

थारू

थारूहरूको सांस्कृतिक तथा शारीरिक बनावट बारे सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने कैलाली जिल्लामा लेखिएको छ तापनि यस जिल्लाका सम्पूर्ण बासिन्दाहरूमध्ये थारूहरूलाई आदिबासीको रूपमा लिन सकिने र अर्कोतिर थारूहरूको बस्ती तराईको जङ्गल इलाकामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म भएको र ठाउँ ठाउँमा थारूहरूको रीतिस्थिति फरक फरक भएको हुनाले थारूहरूको विषयमा यहाँ छोटकरीमा केही वर्णन गरिएको छ।

यस जिल्लामा थारूहरूको जनसंख्या ४५,००० जति भएको अनुमान गरिएको छ । यस जिल्लामा यिनीहरूको मुख्य बस्ती चेरवन्त प्रगन्ना हो । साथै टोकनी र दोस्तिया प्रगन्नामा पनि केही संख्यामा यिनीहरू बसोबास गरिआएका छन् ।

सामाजिक संगठनको दृष्टिले थारूहरू एउटा सुसंगठित समूह हो । थारूको बीचमा आपसी सामुदायिक एकता र सुसम्बन्ध कायम रहेको पाइन्छ । तर थारूहरू पनि विभिन्न थरहरूमा विभाजन भएको पाइन्छ । यस जिल्लाको थारूहरूको थर निम्नअनुसार छः–

१. दोनवार (अथवा दनुवार)	२. कोचिला
३. वांटर	४. लम्पोसवा (लम्पुछुवा)
५. रौटार	६. मझिऔर
७. डंगरिया	८. कछरिया

उपर्युक्त थरहरूको क्रम सामाजिक महत्व अनुसार राखिएको छ । अझ दोनवार थारूले जनाई लगाउँछन्। थारूहरूमा कोचिला र वांटर थारूहरूमात्र सामाजिक दृष्टिले आपसमा समान छन्। प्रत्येक थारू-हरूको थरमा फेरि उपथर हुन्छ, जस्तै कछरिया थारूहरूमा गोर, धामी, कुमर, मेदह । एउटै उपथरभित्र पनि हाड नाता सम्बन्ध नपरे विवाह हुन सक्दछ । तर वास्तविक थर वा उपथर जेसुकै भए तापनि आफ्नो थर लेख्दा आदर सूचक शब्दहरूको प्रयोग गर्दछन्, जस्तै खाँ, चौधरी, राय, फौज्दार आदि ।

यहाँ थारूहरूमा सामाजिक नियन्त्रणका निम्ति यस्तो एउटा संस्थागत व्यवस्था छ जुन साधारणतः अरू जातिको समाजमा स्पष्ट रूपले देखिँदैन। प्रत्येक उपथरको एउटा देवान भन्ने व्यक्ति हुन्छ जसले आफ्नो जातीय झै झगडा मिलाउँछ । जस्तै कसैले भाउज्यू विवाह गरेमा अथवा कसैलाई विवाहमा भोज ख्वाउँदा यति जना मान्छेलाई ख्वाउनु पर्छ भनी करकाप गरेमा त्यस प्रकारको मुद्दा मामिला उक्त देवानले हेर्छ। यो पद पारिवारिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ अर्थात् जहिले पनि जेठो छोरा देवान हुन्छ। यस प्रथालाई स्थानीय प्रयोगमा वंशावली प्रथा भनिन्छ। देवानमाथि "माञ्जन" भन्ने हुन्छ जसले दुई देवान अन्तर्गतका मानिसहरूको बीचको झगडा मिलाउँछ।

यहाँका थारूहरूमा परिवर्तनको ठूलो लहर आएको छ। केही वर्ष पहिले थारू नेताहरूको एउटा "सभा" बसेको थियो जसमा सबै थारूहरू बराबर छन् भन्ने कुरा निर्णय गरियो। तत्पश्चात् कसै कसैले आफ्नो थरभन्दा सानो थरको केटीसँग विवाह पनि गरे। यसरी क्रमशः सब थारूहरू बराबर हुन् भन्ने भावना प्रवल हुँदै गइरहेको छ। तर यस दिशातिर प्रगति गर्न अझै धेरै बाँकी नै छ। दोनवार थारूहरूको अहिले पनि आफ्नो श्रेष्ठता कायमै राखेर बसेका छन्। उता सीमित जनसंख्या भएका कछरिया थारूहरू आफ्नै थरभित्र विवाह गर्नु पर्ने भएकोले उनीहरू पहिले छोरी पाउन नै प्रयत्नशील रहन्छन्, किनभने आफूले छोरी दिन सकेमात्र छोरालाई अरूले बुहारी दिन्छन्।

यस प्रकारको सचेत परिवर्तनको साथ साथै यहाँको थारू समाजमा बाहिरबाट पनि परिवर्तनहरू लादिन लागेको छ। परम्परागत हिसाबले थारूहरू संयुक्त परिवारमा बसदछन् र दाजु भाइहरू साधारणतया छुट्टिदैनन्। प्रत्येक घरको सबभन्दा चलाक मान्छे "मालिक" हुन्छ तर त्यो जेठो हुनै पर्छ भन्ने कुनै जरूरी छैन। उक्त मालिकको जिम्मामा सबै कुरा हुन्छ। खेती उसैले हेर्छ, मालपोत उसैले तिर्छ, बाहिर लेनदेन उसैले गर्छ, परिवारलाई खवाउने र लुगाफाटाको व्यवस्था गर्ने जिम्मा उसैको हुन्छ। घरमा स्वास्नीमानिसहरूलाई गहना, फर्मायस लुगाको आवश्यकता परे उनीहरूको आफ्नो पेवा (हाँस, परेवा, खसी वा कसै कसैको खेत समेत) को आम्दानीबाट किन्छन्। पाहुना आए जसको पाहुना आएको हो उसैले खवाउँछ। यसरी आपसमा वैमनस्यता उत्पन्न हुने र परिवारमा झगडा उठ्ने तत्व नभएकोले थारू परिवार एउटा ठूलो एकाईको रूपमा चलन सकी त्यस-बाट हुन सक्ने फाइदाहरू उठाइआइरहेका थिए।

तर शिक्षा, यातायात, सञ्चार, विकसित हुँदै गएपछि बाह्य सम्पर्क पनि बढ्दै गएको हुनाले थारूहरूको पहिलेको सीमित आवश्यकताहरू अब व्यापक हुँदै जान लागेका छन्। केटाकेटीहरूलाई विद्यालयमा पढ्न पठाउनु पर्‍यो, लुगाहरू राम्रा चाहिए, आइमाईहरूलाई गहनापात राम्रो चाहियो आदि। यसले गर्दा कुनै घरको सीमित साधन सबैलाई पुर्‍याउन सकिंदैन। यसैगरी ठूलो परिवार भएको घरमा सधैं कान्छी बुहारीले मात्र दिनभरी खाना पकाएर पसिना काढेको समानताको भावनाले प्रेरित भएको तिनको लोग्नेलाई अब असह्य भएको छ। यसरी थारू समाजका पुराना मान्यताहरू परिवर्तन भई नयाँ मान्यताहरूले ठाउँ लिन थालेको हुनाले ठूलो र सम्पन्न भनी ख्याति प्राप्त घरहरूमा पनि टुक्रिने प्रक्रिया शुरू भएको देखिन थालेको छ।

धार्मिकस्थल र चाडपर्वहरू

माथि उल्लेख भए बमोजिम यस जिल्लाका विभिन्न जात जातिहरू विभिन्न चाडपर्वहरू मनाउँछन्। यहाँका तराई-मूलक मानिसहरूको मुख्य पर्वहरू होली, छठ र जिउतिया हुन्। यहाँका मारवाडीहरूले राखी बन्धन, लक्ष्मी पूजा, होली र छठ मनाउँछन्। पहाडिया जात जातिहरू दशैं, तिहार, जनैपूर्णिमा, साउने संक्रान्ति, माघे संक्रान्ति, चैते दशैं आदि मनाउँछन्। मुसलमानहरूले मनाउने चाडहरू ईद, रोजा, सब्रात, बकर ईद हुन्।

यहाँका धार्मिक स्थलहरूमा कलैयामा रहेको सिद्धेश्वर मन्दिर, रामजानकी मन्दिर, वरियादपुरको गढिमाई, सिम्रौनगढको कंकालीमाई, त्यसैको नजीकै रनीवासमा राम जानकी मन्दिर, च्यूटाहाको राम जानकी मन्दिर, नौतन गाउँ पञ्चायतको राम जानकी मन्दिर र मठ हुन्। मुसलमानहरूको पनि ठाउँ ठाउँमा मस्जीदहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन्। वरियादपुरको गढी माईको सम्मानमा प्रत्येक छ वर्षमा कात्तिक महीनामा ठूलो मेला लागदछ। यस माईलाई यहाँका हिन्दू मुसलमान दुवैले आराधना गर्दछन् र आवश्यक परेको बेलामा भाकल समेत गरी मेलाको समयमा भोग चढाउँछन्।

जातजाति बीच आपसी सम्बन्ध

बारा जिल्लाको प्राकृतिक परिवेश एकै किसिमको भएको कुरा माथि उल्लेख भइसकेको छ। यसरी एकै परिवेशभित्र माथि वर्णन गरिएका विभिन्न जात जातिका दुई लाखभन्दा बढी व्यक्तिहरूले जीवनयापन गर्नुपर्ने भएकोले एक निश्चित् किसिमको आपसी सम्बन्ध हुनु अपरिहार्य छ। सांस्कृतिक र सामाजिक पृथकीकरणको प्रकृया कति गहिराइसम्म पुर्‍याउन सकिन्छ भन्ने कुरा यस जिल्लाका विभिन्न जात जातिहरू, उनीहरूको थर उप-थरहरूमा विभाजन भएकोबाट देखिन्छ।

बाहुन, क्षेत्री, यादवहरू धेरै खेतीमा नै निर्भर गर्छन् र कृषि उत्पादनका साधनहरू जस्तै जमीन, गाई वस्तु आदिमा आफ्ना नियन्त्रण राखी बसेका छन्। त्यसपछि बनिया समूह आउँछ, जसले कृषिको साथै व्यापार तथा अरू गैर-कृषिजन्य सीपमा आफ्नो प्रभुत्व स्पष्ट पारेर राखेका छन्। यसैगरी अरू जातहरूमा पनि वीन तथा मलाहाले माछा मार्छन्, लहरा र कुह्मारले माटाका भाँडा बनाउँछन्, हजामले कपाल बनाउँछन्,लोहारले फलामको काम गर्छन्, धानुक तथा नूनियाले माटाको काम गर्छन्, सोही अनुसार डुसादले सुंगुर पाल्छन्, चौकीदारी गर्छन्, चमारले जुत्ता बनाउँछन्, हलखोर तथा डोमले कुचो लाउने, सफा गर्ने गर्छन्, धोबीले लुगा धुन्छन्, मुसहर तथा धांगडले पालकी बोक्छन्, ढुङ्गा फोड्ने काम गर्छन्। समाज सञ्चालनको निम्ति उपर्युक्त व्यवस्था एक किसिमको श्रम विभाजन हो र यस अर्थमा ती विभिन्न जातका मानिसहरू आफ्नो जातीय पेशाका "विशेषज्ञ" को रूपमा लिन सकिन्छ।

माथि उल्लेख गरिए झैं यी विभिन्न जात तथा जातिहरूमा जतिसुकै आपसी सामाजिक पृथकीकरण भए तापनि एकै परिवेशमा बसेर जीवनयापन गर्नु पर्दछ। त्यसैले जति पृथकताको माथि वर्णन गरिएको छ, त्यत्तिकै अन्य आर्थिक सामाजिक सम्बन्धले गर्दा तिनीहरू आपसमा निर्भर रहेका छन्। उदाहरणार्थ माथि उल्लिखित विभिन्न पेशामा सिगालु जातिहरूले उत्पादन गर्ने वस्तुहरू अथवा उनीहरूबाट हुने सेवा जस्तै लोहारले बनाउने फलामे भाँडा, हजामले गर्ने हजामत, हलखोरले गर्ने झारू बढारूको काम आदि त्यस जिल्लामा सम्पूर्ण समाजले नै प्रयोग गर्दछन्, जसको बदलामा उक्त सेवा वा वस्तु उपयोग गर्नेले उनीहरूलाई नगद अथवा जिन्सीमा मूल्य चुकाउँछ। यस प्रकारको सम्बन्ध परिवार परिवारको आपस्तमा रहने त छँदैछ, त्यसको अलावा यस जिल्लाका हाट बजारमा विभिन्न मानिसहरूले जुन सेवा र वस्तुको खरीद बिक्री गरेको देखिन्छ, त्यो त्यही आदान-प्रदानको विस्तृत स्वरूप मात्र हो। यसैगरी खेतीपाती लगाउने समयमा गाउँका लोग्नेमानिस, आइमाईहरूले मिलेर एक आपस्तको खेतमा गई काम गर्दछन्, जसलाई पहाडतिर "परमा" भनिन्छ र यहाँ "जुट" भनिन्छ। यो पनि एक किसिमको आपसमा रहेको आश्रयको ठोस अभिव्यक्ति नै हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

कृषि

नेपाल अधिराज्यको अन्य धेरैजसो जिल्लाहरू जस्तै यो जिल्लाको आर्थिक व्यवस्थाको मुख्य आधार पनि कृषि नै हो । औद्योगिक क्षेत्रमा पनि धेरैजसो कृषिजन्य उद्योगहरू नै छन् । यहाँ वन इलाका धेरै भए तापनि वन पैदावारमा आधारित उद्योगहरूको स्थापना भइसकेका छैनन् । त्यसैले यस जिल्लाको मुख्य उत्पादन कृषि पैदावार नै हुन् र खाद्यान्न निर्यातको लागि यो जिल्ला निकै प्रसिद्ध छ ।

भूमि व्यवस्था

वि. सं. २०२१ को नापीको अनुसार यस जिल्लामा भिट (अर्थात् पाखो) र धनहर (अर्थात् खेत) गरी कुल खेती हुने जग्गा निम्नअनुसार छः–

जग्गाको किसिम	अब्बल	दोयम	सिम	चाहार	जम्मा
भिट	१७,२४८	४२५	–	–	१७,६७३ बिघा (१२,०१८ हेक्टर)
धनहर	२३,२४५	३०,५८०	१६,४१७	२	७०,२४४ बिघा (४७,७६६ हेक्टर)
जम्माः–	४०,४९३	३१,००५	१६,४१७	२	८७,९१७ बिघा (५९,७८४ हेक्टर)

उपर्युक्त तालिकाअनुसार बारा जिल्लामा दुवै किसिमको जग्गागरी जम्मा ८७,९१७ बिघा अर्थात् ५९,७८४ हेक्टर जग्गा छन् । यसमा हालसम्म दर्ता नभइसकेका १०,९०८ बिघा अर्थात ७,४२४ हेक्टर समेत गर्दा यस जिल्लामा जम्मा खेती गरिएको जमीन ९८,८३५ बिघा अर्थात् ६७,२०८ हेक्टर आवादी भएको देखिन्छ ।

यस जिल्लामा आवाद जग्गाको उपर्युक्त जानकारीको साथै यहाँ जग्गा वितरण सम्बन्धी जानकारी दिनु पनि उपयुक्त नै हुन्छ । सम्बन्धित कार्यालयबाट २०२९ सालमा प्राप्त जानकारी अनुसार यस जिल्लामा दर्ता गरिएको जग्गा जम्मा ८७,३१८ बिघा थियो । जसको कुल जग्गा धनी संख्या ६८,३६४ थियो तर ती जग्गा धनीहरू मध्ये ९३·९ प्रतिशत जग्गा धनीहरूसित कुल जग्गाको ६१·७ प्रतिशत मात्र थियो जब कि ६.१ प्रतिशत जग्गा धनीहरूसित ३८·३ प्रतिशत जग्गा थिए । यो कुरा तलदिएको तालिकाबाट दर्शिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमि वितरण सम्वन्धी प्रारूप, २०२९

जग्गाको नाम	जग्गा धनी संख्या	प्रतिशत	जम्मा जग्गाको क्षेत्रफल (बिघामा)	प्रतिशत	प्रति जग्गा धनीको जग्गाको स्वामित्वको औसत नाप
४ बिघासम्म	६४,२०७	९३.९	५३,८८२	६१.७	१७ कट्ठा (०.६ हेक्टर)
४ बिघादेखि १० बिघा-सम्म जग्गा हुने	३,४१२	५.०	२०,३२७	२३.३	६ बिघा (४.०६ हेक्टर)
१० बिघादेखि १५ बिघा-सम्म	४२०	०.६	६,१२३	७.०	१४ बिघा (९.५ हेक्टर)
१५ बिघादेखि २८ बिघा-सम्म	२८७	०.४	५,२६०	६.०	१८ बिघा (१२.२ हेक्टर)
२८ बिघाभन्दा माथि	३७	०.१	१,७२६	२.०	४७ बिघा (३१.८ हेक्टर)
जम्माः-	६८,३६४	१००.०	८७,३१८	१००.०	१ बिघा ६ कट्ठा (०.९ हेक्टर)

यहाँ सबै जग्गा धनीहरू बारा जिल्लाका मात्र छैनन् नत बारा जिल्लाका सबै नै बासिन्दा जग्गा धनी छन्। त्यसैले उपर्युक्त जग्गाधनीहरूको संख्या ६८,३६४ लाई जग्गा स्वामित्वको एकाई मात्र मान्नु पर्दछ, कारण २०२८ सालको जनगणना अनुसार यस जिल्लाको कुल घर परिवार ४४,४९९ भएको कुरा माथि नै उल्लेख गरिसकेको छ। त्यसबाट हेर्दा उक्त घर परिवार संख्याभन्दा जग्गा धनी परिवारको संख्या धेरै भएको स्वतः सिद्ध छ र एउटै वास्तविक परिवारभित्र पनि एउटाभन्दा बढी स्वामित्वको एकाई हुनसक्ने सम्भावना देखिन्छ। त्यसैले प्रति परिवार कति जमीन पर्न आउँछ भन्ने अनुमान गर्नको निम्ति जिल्लाको वास्तविक घर परिवार संख्याको आधारमा जिल्लाको कुल जग्गालाई हेर्नु पर्दछ। यसरी जिल्लाको कुल घर परिवार संख्या ४४,४९९ ले जिल्लाको कुल आवादी जग्गा ९८,८३५ लाई भाग गर्दा प्रति परिवार दुई बिघा चार कट्ठा (अर्थात् १.६ हेक्टर) मात्र पर्न आउँदछ। यसलाई माथि दिइएको तालिका बमोजिमको भूमि वितरण प्रारूपबाट हेर्दा यो दुई बिघा चार कट्ठा पनि औसत मात्र हो भन्ने कुरा स्पष्ट हुन्छ।

यहाँ भूमि सुधार कार्यक्रम लागू भएपछि जग्गाको हदबन्दी कायम गर्दा हदबन्दीभन्दा माथि जम्मा ३,५०० बिघा जति देखिएको थियो। तर कित्ता नापीको घटबढ, आकाशे कित्ता, भोग बन्धकीबाट फिर्ता तथा कार्यवाही नै गर्नु नपर्ने हद मुनिको समेतगरी जम्मा हदबन्दीमा २,१२८ बिघा जति घट्न गएको छ। हालसम्म हदबन्दीभन्दा बढी देखिएको जग्गा २८ बिघा जति मात्र वितरण भइसकेको र बाँकी १,३४६ बिघा जति वितरण हुन बाँकी नै छ।

भूमि सुधार कार्यक्रम अन्तर्गत नै यहाँ मोहियानी हक पनि कायम भएको छ, जस अन्तर्गत ३६,२७५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोहीहरूलाई मोहियानी हक प्रदान गरिएको छ । हालसालै मात्र यस जिल्लामा मोहीले जग्गाधनीलाई तिर्नु पर्ने कूत पनि निम्न तालिका बमोजिम निर्धारण भएको छः–

प्रति बिघा तिर्नु पर्ने कूतको तालिका

जमीन	अब्बल	दोयम	सिम	चाहार
धनहर (खेत) तर्फ	१५ मन	११ मन २० शेर	८ मन २० शेर	५ मन २० शेर
भिट (पाखो) तर्फ	८ मन २० शेर	६ मन २० शेर	४ मन २० शेर	

यसरी कूत निश्चित भएपछि मोहीले जग्गा धनीलाई तिर्नु पर्ने कूत रकम निश्चित हुन गई कृषकलाई आफ्नो जग्गाबाट बढी उब्जाउ गर्ने प्रेरणा पाउने स्वतः सिद्ध छ ।

मालपोत

वि. सं. २०२४ मा यहाँ भूमि प्रशासन ऐन लागू हुनुभन्दा पहिले यस जिल्लामा जिमीन्दारी–पटवारी प्रथा थियो र तिनीहरूको माध्यमबाट यहाँ त्यतिबेला कायम रहेको ७३१ वटा मौजाबाट मालपोत असूली हुन्थ्यो । २०२४ सालमा उक्त ऐन लागू भएपछि स्थानीय गाउँ पञ्चायतको माध्यमबाट मालपोत असूल हुने व्यवस्था गरिएको थियो । २०२७ सालमा यहाँ कोष तथा तहसील कार्यालय स्थापना भयो र त्यस उपरान्त पञ्चायतबाट असूल गर्ने व्यवस्थालाई पनि अन्तगरी सोही कार्यालयबाट नै कर्मचारीहरूको डोर खटाई असूल तहसील गर्ने व्यवस्था भइआएको छ । यहाँ एक सालको जम्मा रू. ३९,३०,०१६। मालपोत उठ्ती हुन्छ ।

अनिवार्य बचत

भूमि सुधार कार्यक्रम सँगसँगै लागू भएको अनिवार्य बचत कार्यक्रम अन्तर्गत शुरूदेखि हालसम्म उठेको बचत रकममा जिन्सीमा २,२३,०६७ मन २ शेर ६ छटाक खाद्यान्न र नगदीमा रू. ५,६४,६५४। जम्मा भएको छ । यो रकमबाट ग्राम समितिहरू मार्फत किसानहरूलाई कृषि ऋण वितरण गरिएको र तत्कालीन बचत संस्थान (वर्तमान कृषि विकास बैंक) मार्फत अन्य कृषि कार्यको निमित्त कृषि ऋण वितरण भएको छ ।

मुख्य बालीहरू

माथि उल्लेख गरिएका जग्गाहरूमा लाग्ने बालीमध्ये धनहर (खेत) जग्गामा धान, गहुँ, उखु, चना, मुसुरो, केराउ र आलस हुन् । तीमध्ये धान, गहुँ र उखु मुख्य बाली हुन् । यसैगरी भिट (अर्थात् पाखो) जग्गामा मकै, तोरी, सर्स्युं, आलु, रहर, कोदो, आलस, उखु, मास, गहद, तील, सखरखण्ड आदि हुन्छन् । यसमा मुख्य बालीहरू मकै, आलु, उखु र तोरी हुन् । यी सबैमध्ये नगदेबाली उखु, तोरी र आलु हुन् । गाँजा खेतीमा हालसालै प्रतिबन्ध लागेको हुनाले हाल खेती हुँदैन । पहिले यो नगदेबालीको रूपमा खेती हुनेगर्दथ्यो । आजकाल यस जिल्लामा नगदेबालीको रूपमा क्रमानुसार उखु, तोरी र आलुलाई लिन सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उखु खेती

यस जिल्लाको उखुको खेती लगभग ३,००० हेक्टर (अर्थात् ४,४४० बिघा) जग्गामा गरिन्छ। यहाँ उखु खेतीको बढी प्रचार वीरगञ्जमा चीनी कारखाना स्थापना भएपछि भएको हो र यसको मुख्य उपभोक्ता वीरगञ्ज चीनी कारखाना नै हो।

उखु साधारणतया एक चोटी रोपेपछि दुई पटकसम्म यसको बाली लिन सकिन्छ। तर यहाँका किसानहरू तीन पटकसम्म पनि लिने गर्दछन्। यस जिल्लाको निजगढ इलाकातिर उखुको उत्पादन प्रशस्त मात्रामा हुन्छ। त्यहाँ एउटा कृषक कहाँ २०२९ सालमा १.५ कट्ठा जमीनमा ५१ क्विन्टलसम्म उखु उत्पादन भएको थियो। यो उत्पादन असाधारण हो तापनि त्यस इलाकामा जिल्लाको अरू भागमाभन्दा धेरै राम्रो उखु उत्पादन हुन्छ।

तर जिल्लाको सामान्य इलाका र किसानको दृष्टिकोणबाट विचार गर्दा अनाज खेतीमा सालको दुई बाली राम्रो हुने जग्गामा उखुखेती गर्दा उखुमा नै फाइदा हुने भए तापनि एउटा ८–१० बिघाको खेती हुने परिवारले एक–दुई बिघामा मात्र उखु लगाउँछन् र बाँकीमा आफ्नो साविकको नै खेती लगाउँछन्। उखु खेती लगाउनुको मुख्य फाइदा अलि कमसल जग्गामा उखु खेती गर्दा त्यहाँ अरू बाली लगाउनुभन्दा उखुबाट बढी फाइदा हुने, उक्त उखु बेच्दा एकै चोटी आउने नगद रकमले घरको विभिन्न आवश्यकताहरू पुऱ्याइने र बाली विविधीकरणको दृष्टिकोणबाट अर्थात् कुनै अरू बाली बिग्रे तापनि उखुबाट हुने आम्दानीमा भर गर्न सकिने भएकोले नै उखुको खेती गरिन्छ। तर उखुभन्दा गहुँ खेतीमा मिहेनत कम लाग्ने, समयमा उखु कारखाना-लाई बेच्न नसकेमा नोक्सान पर्ने र अरू खेती गर्दा जग्गामा तरकारी आदि पनि लगाउन हुने हुनाले कृषकहरूले उखु बाली सीमित राखेका हुन्। तर ठूला किसानहरू भने विभिन्न उपकरणहरू जस्तै ट्रेक्टर, पम्प, मल आदिको व्यवस्था समयमै गर्न सक्ने क्षमता भएकोले उनीहरू २०–३० बिघाको क्षेत्रमा उखु खेती गर्छन्।

यहाँ लगाइने अन्य नगदेबालीहरूमा तोरी र आलु हुन्।

तोरी यहाँ अन्दाजी ५०० हेक्टरमा लगाइन्छ र यो विशेष गरेर निजगढ, सिमरा र अमलेख-गञ्ज इलाकामा लगाइन्छ। यसको मुख्य बजार स्थानीय कलैया तथा वीरगञ्ज नै हुन्।

आलु १,००० देखि १,५०० हेक्टर जमीनमा खेती गरिन्छ। यसमा रोगले नोक्सानी नगरेमा उखुबाटभन्दा पनि बढी लाभ हुन्छ। खाद्यान्नबाटभन्दा यसबाट प्रति बिघा ४,००० देखि ५,००० रूपैयासम्म फाइदा हुने अनुमान छ। कलैयामा खपत हुनुको साथै आलु काठमाडौंतिर पनि पठाइन्छ।

कृषि विकासको निम्ति प्रशस्त सम्भाव्यता भएको स्थान भए तापनि कृषि प्रविधि मुख्यतया परम्परागत रूपमै छ। धान रोप्दा सिंचाइको व्यवस्था राम्रो भएको ठाउँमा बिरुवा सारेर र सिंचाइ नपुगेको ठाउँमा एकै चोटी बीउ छरेर खेती गरिन्छ। एउटा अनुमान अनुसार जिल्लाको ७० प्रतिशत जग्गामा पहिलो तरीकाद्वारा धानखेती गरिन्छ।

कृषि औजारको दृष्टिकोणले पनि धेरैजसो परम्परागत हलो, कोदालो, हँसिया, खुर्पा आदि प्रयोग गरिन्छन्। ठूला कृषकहरूले ट्रयाक्टर, कल्टिभेटर, हेरो, थ्रेसर आदि पनि प्रयोगमा ल्याउन लागेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बीउ बीजनको प्रयोगमा पनि कृषकहरू धेरैंजसो स्थानीय किसिमलाइ नै प्रयोग गर्दछन्। लाजी, मन्सरा, सारो, बयादी, कुँजुवा आदि यहाँ खेती गरिने स्थानीय धानका जात हुन्। तर गहुँको हकमा धेरैंजसो उन्नत जातको बीउ प्रयोग हुन्छ। यहाँ आर. आर.–२१ जातको गहुँको बीउ बढी जनप्रिय छ। धानको हकमा पनि भारतको बिहार राज्यबाट फैलिएर आएको सियच्–४५ भन्ने भर्दैया धानको बीउ प्रयोग हुन्छ।

यसै गरी खेतीमा रासायनिक मल र कीटनाशक औषधिहरूको प्रयोग पनि बढ्दै गइरहेको छ। तर धेरै जसो घरहरूमा गाई, भैंसीको गोबर र झार पतिङ्गरबाट बनेको गोबर मल नै प्रयोग हुन्छ।

बाली उत्पादन र निर्यात

माथि जमीन बारेमा चर्चा गर्दा यस जिल्लामा विभिन्न किसिमका जमीन भएको कुरा उल्लेख भइसकेको छ। यसरी गर्दा बालीको उत्पादनको परिमाणमा पनि फरक हुने स्वतः सिद्ध छ। एक अनुमान अनुसार यहाँ अब्बल धनहरबाट प्रति बिघा दुई मेट्रिक टनसम्म (अर्थात् ५४ मनजति) र चाहारबाट प्रति बिघा आधा मेट्रिक टनसम्म हुन्छ। यस जिल्लाको अर्को मुख्य बाली गहुँ अब्बलमा प्रति बिघा १.५ मेट्रिक टनदेखि चाहारमा आधा मेट्रिक टनसम्म उत्पादन हुन्छ। उखुको हकमा अब्बल खेतमा प्रति हेक्टर३० मेट्रिक टनसम्म र चाहारमा १५ मेट्रिक टनसम्म हुन्छ। आलु अब्बलमा प्रति बिघा १६ मेट्रिक टन र चाहारमा १० मेट्रिक टनसम्म उत्पादन हुन्छ।

तर माथि उल्लेख गरिए जस्तै उत्पादनको प्रविधि परम्परागत किसिमको भएकोले यहाँको कृषि उत्पादन जति हुन सक्ने हो त्यति हुन सकेको छैन। उदाहरणार्थ २०२९ सालमा स्थानीय कृषि विकास कार्यालयले जिल्ला स्तरमा गरेको धान बाली प्रतियोगितामा प्रति बिघा पहिला हुने कृषकले आई. आर–८ भन्ने लगाएर १४७ मन, दोस्रो हुनेले वि. आर.–३४ बीउ लगाएर ८० मन २३ शेर र तेस्रो हुनेले आई. आर–८ नै लगाएर ७६ मन ३४ शेर ८ छटाक उत्पादन गरेको थियो। यी उत्पादनहरू माथि उल्लेख गरिएको अब्बल धनहर जगाबाट हाल हुने ५४ मनभन्दा धेरै बढीछ। यसैले यहाँको कृषि उत्पादन वृद्धि गर्न सकिने देखिन्छ।

यहाँ उत्पादन हुने विभिन्न बालीहरूमध्ये यहाँबाट उल्लेखनीय तरीकाले निर्यात हुने बालीहरूमा उखुको चर्चा गरिसकिएको छ। सो बाहेक यहाँबाट मुख्य रूपले निकासी हुने धान नै हो र त्यसपछि गहुँ र दाल हुन्। धान मात्र सालको लाखौं मन निकासी हुन्छ। सन् १९७२ मा प्रकाशित नेपालको कृषि तथ्याङ्क अनुसार यस जिल्लामा २६,७७१ मेट्रिक टन अन्न अर्थात् अन्दाजी सात लाख मन अन्न बचत उत्पादन हुन्छ। यहाँबाट धान–चामलको निर्यात पनि यसै बचतमध्येबाट हुन्छ।

पशुपालन

कृषिमा आधारित अर्थ व्यवस्था भएको र यहाँको कृषि प्रविधिको एउटा अभिन्न अङ्ग पशुपालन भएको हुनाले यस जिल्लाका कृषकहरूले केही न केही मात्रामा पाल्तु पशु राख्दछन्। यसबाट आर्थिक लाभ हुनुको साथै खेतीको निम्ति मल सञ्चय हुन्छ। गोरु पालनाले कृषिको निम्ति श्रमशक्ति उपलब्ध हुन्छ। यस जिल्लामा पालिने पशुहरूमा गाई, भैंसी, बाख्रा, सुंगुर, कुखुरा, हाँस, परेवा आदि हुन्। नेपालको कृषि तथ्याङ्क अनुसार २०२६।०२७ मा यस जिल्लामा ५२,००० गाई, ३६,००० गोरु, १५,००० भैंसी, ३,००० राँगो र ४५,००० खसी–बोका भएको अनुमान गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यीमध्ये राँगो, बाख्रा यस जिल्लाबाट निकासी पनि हुन्छन्। राँगो केही हाट बजार (मुख्यतया भवानीपुर जितपुर पञ्चायतको जितपुर हाट) मा बेचिन्छन्, जहाँबाट धेरैजसो काठमाडौंको बजारमा बेच्नको निम्ति लगिन्छन्।

यहाँको पाल्तु पशुको नश्ल सुधारको निम्ति केही प्रयत्न भएको छ। हरियाना जातको गाई, मुर्रा जातको भैंसी, जमुना पारी जातको बाख्रा, न्यूहाम्साएर र हवाइट लेगहर्न जातका कुखुरा आदि प्रचार हुन थालेका छन् जसमध्ये मुर्रा भैंसी र न्यूहाम्सायर कुखुराको प्रचलन बढ्दो छ।

यस जिल्लामा पशु चिकित्साको निम्ति कलैया बजार नजीकै २०१९ सालमा स्थापित पशु चिकित्सालय छ। २०२९ सालको अभिलेख अनुसार त्यहाँ ६,००० पशुहरूको चिकित्सा गरिएको थियो। यस चिकित्सालयको कार्यक्रमअनुसार पशुहरूको सुरक्षाको निम्ति गौगोटी, भ्यागुते रोग, एनथ्रेक्स, फाउल कलेरा, फौल पक्स र रानी खेत निरोधक कार्यक्रमहरू सञ्चालन भइरहेको छ।

फलफूल खेती

यस जिल्लामा हुने फलफूलहरूमा आँप, लीची, कटहर, जामुन, केरा, अम्बा, भूईंकटहर आदि उल्लेखनीय छन्। यी मध्ये आँप, लीची र कटहर निकै हुन्छ। उक्त फलफूलहरूको खेती व्यवस्थित तरीकाले अर्थात् फलफूलका उद्यानहरू खोली गरिएका होइनन्। खाली आँप मात्रै परम्परादेखि बगिया (अर्थात् आँपघारीको रूपमा) र एक्लै दुक्लै पनि फलाउने गरिएको छ। यी फलफूलहरू धेरैजसो स्थानीय उपभोगका लागि छन्। केही फलफूल स्थानीय व्यापारीहरूले मकवानपुर र काठमाडौंतिर तथा केही मात्रामा भारततिर पनि निकासी गर्दछन्।

कृषि विकास कार्यक्रम

बारा जिल्लामा कृषि विकासको निम्ति जिल्ला कृषि विकास कार्यालय कलैयामा राखिएको छ। आर्थिक वर्ष २०१६।०१७ देखि नै यस जिल्लामा कृषि उन्नतिको निम्ति विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएको हो। यस कार्यालयमा जिल्ला कृषि विकास अधिकारीको मातहतमा गाउँगाउँमा बसी काम गर्ने १२ जना जे. टी. ए. हरू छन्। यस योजनाको प्रसार कार्यक्रममा एग्रोनोमी, बागबानी, पशुपालन, माछा पालन यी मुख्य चार क्षेत्रअन्तर्गत धान, गहुँ, मकै, आँप, केरा, कटहर, लीची खेती, माछापालन, कुखुरापालन, गाई, गोरु, बाख्रा भैंसीहरूको नश्ल सुधार, खेतीमा प्रयोगको निम्ति विभिन्न किसिमका मलहरू र औषधिहरू आदिको प्रसार कार्य समावेश छन्। यो क्षेत्रहरूमा विभिन्न उन्नत कृषि प्रविधिहरूको तरीका प्रदर्शन, नतीजा प्रदर्शन र विभिन्न उन्नत बीउ, मल, कृषि औजार, औषधिहरू परीक्षणको तरीकाद्वारा प्रसार कार्य गर्दैआएको छ।

परवानीपुर कृषि केन्द्र

कृषि विकास सम्बन्धी अनुसन्धान गर्ने फार्महरूमा यो जिल्लाको परवानीपुरस्थित कृषि फार्म नेपाल अधिराज्यको सबभन्दा पुरानोमध्ये एउटा हो। यस फार्मको क्षेत्रफल ४८ हेक्टर छ। शुरुमा यो फार्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्थान बहुमुखी अनुसन्धान फार्मको रूपमा भए तापनि आजकाल यसको विशेषता धान सम्बन्धी अनुसन्धानमा हो । अधिराज्यमा धान सम्बन्धी अनुसन्धान गर्ने मूल केन्द्र यही हो र यसैको निर्देशनमा देशमा रहेका अरू कृषि विकास फार्महरूमा धान सम्बन्धी अनुसन्धान हुन्छ । यसैगरी नेपाल अधिराज्यको धान खेती सम्बन्धी उन्नत तरीकाहरूको प्रसारको निम्ति जानकारीहरू पनि यसै केन्द्रबाट उपलब्ध गराइन्छ ।

यस फार्मको अरू कार्यहरूमध्ये पशु विकास, गहुँ बाली, मकैबाली, आलु, उखु, तथा तेलहन सम्बन्धी परीक्षणहरू पनि हुन् । यस बाहेक कुखुरा सम्बन्धी प्रसार कार्यको निम्ति केन्द्रीय हाएचरी पनि यही फार्ममा राखिएको छ, जहाँ सालको ६०,००० कुखुराको चल्लाहरूको उत्पादन गर्ने क्षमता छ । माछा सम्बन्धी प्रसारको लागि माछा प्रजनन् केन्द्र र फलफूल विकास गर्ने सिलसिलामा आँप, लीची, अम्बा, कागती आदिको कलमी, बोट र तरकारीको बिउ उत्पादन गर्ने फलोद्यान शाखा पनि यहीं छ । बोट बिरुवा र तरकारीको बीउ उत्पादन कार्यक्रम अन्तर्गत यस केन्द्रले आर्थिक वर्ष २०२९।०३० मा विभिन्न फलफूलका २१,६२६ बिरुवा र २६३ के. जी. तरकारीको बीउ उत्पादन गरेको थियो ।[1] यी सबै प्रकारका कार्यहरूको निम्ति यहाँ कृषि सम्बन्धी विभिन्न विषयमा तालीमप्राप्त विशेषज्ञहरू काम गर्दछन् ।

सिचाइ

यो जिल्लामा खेतीपाती अन्तभन्दा तुलनात्मक दृष्टिकोणले राम्रो हुनुको मुख्य कारण यहाँ पहिले-देखि नै स्थानीय जनताले यस जिल्लाबाट बग्ने धेरै खोलानालाहरूमा बाँध बाँधेर नालाहरू खनेर आपनो खेतीपातीमा सिचाइको व्यवस्था गरिआएका छन् । यसरी सिचाइको लागि पानी पुऱ्याउने जिल्लाका मुख्य नदीहरूमा अडुवा, जमुनी, तियर, थलही, पसाहा, दुधौरा, बंगरी, सरेसवा आदि हुन् ।

यी बाहेक यहाँ दुई वटा पक्की सिचाइ योजनाहरू छन् ।

दुधोरा सिचाइ योजना: यसमा ३०३ फीटको बेरेज ६.४ किलोमिटर (चार माइल) को मूल नहर र १६ किलोमिटर (१० माइल) को शाखा नहर छन् । यो योजना २०१३ सालमा शुरू भई २०१६ सालमा पूरा भएको थियो । तर २०२३ सालमा बाँध क्षतिग्रस्त भएको हुनाले पुनः सुधार गरी २०२९ सालमा पूरा भई सिचाइकार्य भइरहेको छ । यसको बाँध भवानीपुर जितपुर गाउँ पञ्चायतमा पर्दछ ।

सिर्सिया सिचाइ योजना: यसको बेरेज १८० फीटको छ र यो छाता पिपरा गाउँ पञ्चायतमा पर्दछ । मूल नहर २.४ किलोमिटर (१.५माइल) र शाखा नहर १२.८ किलोमिटर (आठ माइल) लामा छन् ।

उपर्युक्त दुवै सिचाइ योजनाहरू सँगसँगै नै पर्दछन् र यिनीहरूले पर्सा जिल्लाको केही भाग र बारा जिल्लाको छाता पिपरा, जितपुर भवानीपुर, लिपनिमाल, रामपुर, बुनियाद, प्रष्टोका, बहुअरी, नौतन, खुटवा, परसौनी र नकटुवा गाउँ पञ्चायतहरूका इलाकामा गरी २०३० सालको लगत अनुसार धान, रविबाली दुवैगरी जम्मा २,६६१ बिघा जमीनमा सिचाइ सुविधा पुऱ्याएका छन् । धानबालीको निम्ति असारदेखि कात्तिकसम्म, रविबालीको निम्ति मंसीरदेखि फागुनसम्म सिचाइ सुविधा उपलब्ध छ । तर यहाँ दुई बाली लगाउने प्रथा प्रचलित हुँदै आएको हुनाले सबेरै पाक्ने धान लगाउनेतिर मानिसहरूको जोड बढ्दैआएको हुनाले यी योजनाका बाँधभन्दा माथि नै कच्ची बाँधहरू लगाई पटनी गर्न थालेका हुनाले यी सिचाइ योजनाहरूको क्षमता अनुसार सिचाइ सुविधा पुऱ्याउन सकेका छैनन् ।

१. २०३० माघ ८ गतेको गोरखापत्रमा प्रकाशित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी माथि उल्लिखित नहर र कुलोहरू बाहेक जमीन मुनिको पानीद्वारा सिचाइको थप सुविधा पुऱ्याउन ठाउँ ठाउँमा ट्यूबवेलहरू पनि गाडिएका छन्, जसको संख्या १६ वटा छ । तामध्ये २० हर्स पावरका छ वटा डिजलद्वारा सञ्चालित छन् र बाँकी २० हर्स पावरका तीन वटा र ४० हर्स पावरका सात वटा समेत गरी जम्मा १० वटा बिजुलीद्वारा सञ्चालित छन् । सिचाइ गर्न सक्ने क्षमताको हकमा डिजलद्वारा सञ्चालित २० हर्स पावरका पम्पले प्रति सेकेण्ड ३८ लिटर पानी खिच्न सक्छ र जम्मा ५७ हेक्टर जमीन सिंच्ने क्षमता छ । बिजुलीद्वारा सञ्चालित पम्पहरूमध्ये २० हर्स पावरको पम्पले प्रति सेकेण्ड ५० लिटर पानी निकाली ७५ हेक्टर जमीन र ४० हर्स पावरको पम्पले ६७ लिटर प्रति सेकेण्ड निकाली १०० हेक्टर जमीन सिंच्न सक्दछ ।

अरू स्थानको तुलनामा यहाँ यति धेरै सिचाइको सुविधा भए तापनि जिल्लामा एउटा अनुमान अनुसार करीब २५ प्रतिशत जग्गामा मात्र सिचाइ सुविधा उपलब्ध छ । त्यसमध्ये पनि १० प्रतिशतमा मात्र पम्प तथा अरू सालबसाली बग्ने नदीहरूबाट सालभर सिचाइ हुन्छ र बाँकी १५ प्रतिशतमा वर्षामा मात्र सिचाइ हुन सक्दछ ।

सिचाइको सुविधा कम हुनुको कारणहरूमध्ये प्रथमतः सालभरी पानी रहने नदीहरूमा पक्की बाँध बाँध्न आवश्यक लगानी हुन सकेको छैन । भइरहेका सुविधाहरू पनि राम्रोसँग प्रयोगमा ल्याउन सकिएको छैन । जडान भइसकेका पम्पहरूमा पनि बिजुली, प्राविधिक रेखदेख तथा नियन्त्रणको कमीले गर्दा सिचाइमा बाधा परिरहेको छ ।

नारायणी अञ्चल सिचाइ विकास योजनाः गण्डकी योजनाबाट निर्माण भएको गण्डकी पूर्वी नहर यसै इलाकाबाट गएको छ । यसमा वितरण प्रणाली नभइसकेको हुनाले यसबाट फाइदा उठाउन सकिएको छैन । २०३० सालमा श्री ५ को सरकारले १० करोड १० लाख रूपैयाँको लागतमा नारायणी अञ्चल सिचाइ विकास योजनाको स्थापना गरेको छ । यस योजना अन्तर्गत उक्त पूर्वी नहरको वितरण प्रणालीको निर्माण कार्य चालू भइसकेको र यसबाट १३,५०० हेक्टर (२१,६०० बिघा) जमीनको सिचाइ हुनेछ । यस बाहेक यसै योजना अन्तर्गत थप ट्यूबवेलहरू गाडेर जमीन मुनिको पानीबाट २,७०० हेक्टर अर्थात् ४,३२० बिघा जमीनमा सिचाइ गरिने छ ।

सिचाइको क्षेत्रमा विभिन्न पञ्चायतहरूले पनि योगदान दिंदैआएका छन् । यस जिल्लाको जिल्ला पञ्चायतले सानातिना सिचाइ योजनाहरूको निम्ति विकास अनुदान उपलब्ध गराउँदै आएको छ । फलस्वरूप विभिन्न ठाउँमा सानातिना सिचाइ योजनाहरू चालू छन् ।

यसको अतिरिक्त यस जिल्लाको तियर नदीबाट सिचाइ गर्न सकिएमा ३,००० बिघा जमीनमा सिचाइ हुन सक्नेछ र बागमती सिचाइ योजना साकार भएमा यस जिल्लाको अरू थप भूमिमा सिचाइको व्यवस्था हुनेछ । यसरी केही वर्षभित्रमा सिचाइको क्षेत्रमा यस जिल्लामा ठूलो कायापलट हुने भएको छ ।

कृषि ऋण

ग्रामीण जनताको कृषि कार्यको निम्ति तथा अन्य आइपर्ने सामाजिक तथा आर्थिक समस्याहरूको समाधानको निम्ति ऋणको आवश्यकता पर्ने कुरा स्वतःसिद्ध छ । जनतालाई ऋणको आवश्यकता पर्दा ऋण उपलब्ध गर्ने परम्परागत मुख्य स्रोत हाल पनि साहू महाजन र आफ्नो नातेदार नै हुन् । ऋण नगदी तथा जिन्सी दुवै पाइन्छन् । उक्त ऋण सम्बन्धी कागज-पत्रमा कानूनबाट दिइएको ब्याज दर नै उल्लेख भए तापनि व्यवहारमा साहू-महाजनबाट पाइने ऋणको ब्याज दर निक्कै चर्को हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहकारिता कार्यक्रम

यस जिल्लामा सहकारिता कार्यक्रम आर्थिक वर्ष २०१६।१७ देखि नै कृषि ऋण वितरण गर्ने उद्देश्यले सञ्चालन भएको हो। कतै कतै उपभोक्ता भण्डार पनि खोलिए। त्यतिबेला चालू रहेको ग्राम विकास कार्यक्रम अन्तर्गत धेरै संख्यामा सहकारी संस्थाहरू खोलिए। ग्रामीण जनताको निम्ति १० रूपैयाँको शेयर पूंजी किनि-दिएपछि १०० रूपैयाँको ऋण उपलब्ध हुन्थ्यो र सो १० रूपैयाँ पनि ऋण दिइने रकमबाट मात्र कट्टा गर्ने चलन हुँदा सहकारी संस्था भनेको कुनै कागजपत्रमा सही गरी ९० रूपैयाँ हात पर्ने उपाय मात्र हुन गयो। यसरी यी संस्थाहरू क्रमशः निष्क्रिय हुँदै गए। यस प्रकार जिल्लामा सयौंको संख्यामा स्थापना भएका यस्ता संस्थाहरूले पनि चाहिँदो मात्रामा सेवा र सहयोग पनि पाउन सकेनन्।

आर्थिक वर्ष २०२६।०२७ देखि यस जिल्लामा निर्दिष्ट सहकारी संस्थाहरू सञ्चालन हुन लागेका छन्। यस कार्यक्रमको मुख्य विशेषता सुपरिवेक्षित ऋण हो। यसमा ऋण लिने सदस्यले धितो राख्नुको बदला जुन काम (मुख्य खेती) को निम्ति ऋण लिइन्छ, सहकारी संस्थाका कर्मचारीको निरीक्षणमा सामानको रूपमा नै ऋण पाउँछ र उत्पादन हुनासाथ उक्त ऋणको भुक्तानी गराइन्छ। प्रत्येक महीना प्रत्येक संस्थाको नियमित रूपले निरीक्षण हुन्छ। हाललाई संस्थाको सञ्चालन कृषि विकास बैंकको हातमा छ र यसले खटाएको प्रबन्धकले सहकारी संस्थाको सञ्चालन गर्छ। सुपरीवेक्षित ऋण प्रदान गर्ने भएकोले खेतीको निम्ति ऋण खोज्ने प्रत्येक सदस्यले योजना बनाई पेश गर्नु पर्दछ।

आजकाल यस जिल्लामा यस प्रकारका निर्दिष्ट सहकारी संस्थाहरू सात वटा र एउटा सहकारी संघ छन्। आर्थिक वर्ष २०२९।०३० को अन्त्यसम्ममा सदस्य संख्या १,१३५ पुगेको थियो। ३३,०००। रूपैयाँको शेयर पूँजी सङ्कलन भइसकेको छ। आर्थिक वर्ष २०२९।०३० मा मात्र यी संस्थाहरूले अन्दाजी चार लाख रूपैयाँको ऋण वितरण गरेका थिए। दश हजार रूपैयाँ शेयर पूंजी भएको सहकारी संघबाट सो वर्ष २० लाख रूपैयाँभन्दा बढीको कृषि उपकरणहरू बिक्री वितरण गरिएको थियो। उपर्युक्त कार्यक्रमबाट जिल्लामा करीब २५ पञ्चायतमा मोटामोटी १४ हजार परिवारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सेवा उपलब्ध भएको छ। यी सहकारी संस्थाहरूको संख्या क्रमशः वृद्धि गरिँदै लैजाने कार्यक्रम छ। माथि उल्लिखित पुराना निष्क्रिय संस्थाहरूलाई क्रमशः बन्द गर्दै लैजाने गरिएको छ।

कृषि विकास बैंकः कृषि विकासको निम्ति संस्थागत तथा व्यक्तिगत ऋण वितरण गर्ने अर्को संस्था कलैयास्थित कृषि विकास बैंकको उप-शाखा हो। यस बैंकलाई वीरगञ्ज शाखाको प्रशाखाको रूपमा २०२४ सालमा स्थापना गरिएपछि २०२६ सालमा उप-शाखामा परिणत गरिएको हो। त्यसपछि पुनः २०२७ सालमा वीरगञ्ज शाखाको एजेन्टको रूपमा राखिएको थियो तर २०२९ असोजदेखि फेरि उक्त शाखाको उप-शाखाको रूपमा सञ्चालित छ।

यस बैंकबाट विभिन्न कृषि कार्यहरूको निम्ति ऋण उपलब्ध हुन्छ। व्यक्तिगत स्तरमा ऋण उपलब्ध गर्नेहरूलाई नगदेबाली तथा खाद्यान्नमा उखु, धान र गहुँ खेतीको निम्ति, यान्त्रिक खेतीको निम्ति ट्राक्टर तथा त्यसको उपकरणहरू, सिचाइको निम्ति पम्पसेट र ट्यूबवेल, पशुपालनमा भैंसी पालन तथा माछा पालनको निम्ति ऋणहरू उपलब्ध गराइन्छ। यस क्षेत्रमा १,०४० व्यक्तिहरूलाई १४ लाखभन्दा बढी रकमको ऋण भइसकेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसैगरी संस्थागत ऋणहरू जिल्लामा सञ्चालित सहकारी संस्थाहरूलाई र अनिवार्य बचत कार्यक्रम अन्तर्गत गाउँ पञ्चायतहरूमा खोलिएका ग्राम समितिहरूलाई दिइन्छ । यी संस्थाहरूलाई पनि नगदे बालीमा उखु र खाद्यान्नमा धान र गहुँको खेतीको निम्ति ऋण दिनुको साथै मलखाद बेच बिखन, गोरु खरीद, कृषि-जन्य पैदावारको खरीद बिक्री र मध्य स्तरको गोदाम निर्माणको निम्ति समेत ऋण दिने व्यवस्था छ । यस प्रकारको ऋण आठ वटा संस्थाहरूलाई लगभग साढे चार लाखको गइसकेको छ ।

माथि उल्लिखित व्यक्तिगत तथा संस्थागत स्तरमा दिइएको उत्पादन सम्बन्धी ऋणहरूमा सबभन्दा बढी ऋण उखु खेतीको निम्ति गएको देखिन्छ । यसमा २०२६ पुससम्ममा अन्दाजी ६०० जना कृषकहरूलाई सवा नौ लाख रूपैयाँको ऋण गइसकेको थियो । सो मितिसम्ममा ट्राक्टर खरीद गर्नलाई पाँच लाख, पम्पसेट खरीद गर्नलाई दुई लाखभन्दा केही बढी र गहुँ उत्पादनको निम्ति डेढ लाख रूपैयाँ गएको छ ।

उद्योग

सामान्यतः औद्योगीकरण भएको जिल्ला भन्नाले जुन भाव व्यक्त हुन्छ त्यस दृष्टिकोणबाट यो जिल्ला औद्योगिक जिल्ला होइन । यो मुख्यतः कृषि-प्रधान जिल्ला हो र यहाँ भएका जे जति स-साना औद्योगिक प्रतिष्ठानहरू छन् ती सबैजसो कृषिमै आधारित र कृषि उत्पादन नै प्रशोधन गर्ने किसिमका छन् । यहाँ भएका यस प्रकारका औद्योगिक प्रतिष्ठानहरूमा धान कुट्ने मिलहरू नै मुख्य हुन्।२०३० सालकोतथ्याङ्क अनुसार यहाँ एकदेखि १८ हर्स पावरसम्मको चामल तथा तेल मिलको संख्या ११३ वटा र १९ हर्स पावरदेखि माथिका जम्मा २४वटा छन्। यी मिलहरूले मुख्यतया धान कुट्ने, गहुँको पीठो पिन्ने, तोरी अथवा आलसको तेल पेल्ने गर्दछन्।

उक्त मिलहरू जम्मा दुई किसिमका छन् । एक थरी ठूला ष्टिम इञ्जिनबाट चल्ने र १८ हर्स पावरभन्दा माथिका मिलहरू र अर्को स-साना १८ हर्स पावरभन्दा मुनिका मिलहरू । यहाँ भएका मिलहरू इन्धन, विद्युत् र ष्टिमबाट चलाइएका छन् । कलैयास्थित तुलसी राइस मिल एक मात्र सेलर प्रणालीद्वारा सञ्चालित छ । यहाँको मिलहरूमध्ये ठूला-ठूला मिलहरूले आफ्नै धान, तोरी आदि किनेर थुपारी धान कुट्ने र चामल बेच्ने गर्दछन् । अरू मानिसहरूले ल्याउने खुद्रा धान कुट्ने काम गर्दैनन् । तर स-साना मिलहरू यत्रतत्र छरिएर रहेका छन् र स्थानीय जनताले ल्याएको धान कुट्ने, तोरीबाट तेल पेल्ने आदि काम गरी ज्याला लिन्छन् । गाउँ गाउँमा अलि पूँजी भएका धनी व्यक्तिहरूको निम्ति जग्गामा पैसा हाल्नु बाहेक यसरी मिल स्थापना गर्नु नै अर्को मुख्य लगानीको उपाय हुन गएको छ । एक अनुमान बमोजिम यस जिल्लामा हुने उत्पादनको अनुपातमा आवश्यकताभन्दा ज्यादा मिलहरू छन् । त्यसैले गर्दा यहाँ स-साना धान कुट्ने मिलहरूको काम "हजामको व्यवसाय" जस्तो भइसक्यो भन्ने एउटा भनाइ छ । कारण जब जब ग्राहक धान कुट्न या गहुँ पिन्न आउँछन् तब तब मात्र मिल चल्छ र अरू बेला चुप लागेर बस्नु पर्दछ ।

बारा जिल्लाबाट उत्पादन हुने धान यहाँका मिलहरूमा मात्र होइन वीरगञ्जस्थित मिलहरूमा लगिन्छ । स्थानीय कृषकहरूले आफ्नो धान बिक्री गर्नु पर्दा यस जिल्लाका प्रमुख व्यापार केन्द्रहरू जस्तै कलैया, मटिअर्वा, गञ्जभवानीपुर, पर्सौनी, जीतपुर, वरियापुर र निजगढमा रहेका गोलाहरू (धान किनेर राख्ने ठाउँ) मा बेच बिखन गर्दछन् र ती गोलावालाहरूले मिलहरूमा धानको पूर्ति गर्दछन् । यसै गोलाहरूसँग वा आफैंले स्थापना गरिराखेका यस्ता गोलाहरूबाट वीरगञ्जस्थित मिलहरूले धान पाउँदछन् । यसरी बारा जिल्ला वीरगञ्जस्थित कृषि प्रशोधन सम्बन्धी उद्योगहरूको पनि कच्चा पदार्थ उपलब्ध गर्ने क्षेत्र हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी चामल तथा तेल मिलहरू बाहेक यहाँ अरू स-साना उद्योगहरू पनि छन्। २०३० के तथ्याङ्क अनुसार यहाँ बिडी कारखाना छ वटा, ईंटा भट्टा सात वटा, काठ चिर्ने स:मिल दुई वटा र पाउरोटी कारखाना एउटा छन्। सबैको निम्ति कच्चा माल धेरैजसो स्थानीय स्रोतबाट नै उपलब्ध हुन्छ। बिडी बनाउने पात मात्र भारतबाट आयात हुन्छ।

यस जिल्लाको पश्चिमी सीमानामा त्रिभुवन राजपथ परेकोले सो बाटोको दायाँ-बायाँ पनि केही उद्योगहरू स्थापना भएका छन्। तर पर्सा जिल्लाको वीरगञ्ज एउटा औद्योगिक तथा व्यापारिक केन्द्र भएको हुनाले त्यसैको प्रभावले उक्त उद्योगहरू स्थापना हुन पुगेका छन्। तीमध्ये आर्थिक वर्ष २०२५।०२६ मा स्थापना भई २०३०।३१ मा बन्द रहेको स्टीलका भाँडा-कुँडा उत्पादन गर्ने एउटा कारखाना र एउटा कत्था कारखाना पनि छन्। उक्त कत्था कारखानाले २०२९।०३०मा ८४,६८० किलो कत्था र ३,६०,००० लिटर कच्छ उत्पादन गरेको र १६९ जनालाई रोजगारी प्रदान गरिआएको छ।

यी उद्योगहरूको उत्पादन धेरैजसो स्थानीय बजारमा नै खपत हुन्छन्। चामल, दलहनको हकमा मात्र केही काठमाडौं र केही भारततिर जान्छ। पाउरोटीको निम्ति आवश्यक डालडा घ्यू मात्र भारतबाट पैठारी हुन्छ। यी बाहेक यस जिल्लामा स-साना घरेलु उद्योगहरू छन्। यसमा बाँस तथा अन्य स्थानीय कच्चा मालबाट तयार गरिने टोकरी, नाङलो, डोको, घुम, कूचो, पङ्खा, ढक्की, सुकुल, चटाई आदि यहाँका घरेलु उद्योगका उत्पादन हुन्। यसमध्ये थारू जातिका आइमाईहरूले बनाउने ढक्की धेरै कलात्मक हुन्छन्। बढई तथा लोहार जातका मानिसहरूले काठका हलो तथा हलोमा लाग्ने अन्य सामानहरू कोदाली, हँसिया, खुर्पा बनाउँछन्। यी घरमा उत्पादित सामानहरू स्थानीय हाट बजारमा किनबेच गरिन्छ।

यहाँको अर्को एक किसिमको उद्योग मदभट्टी हो। पूरै जिल्लालाई विभिन्न लटहरूमा विभाजन गरी उक्त प्रत्येक लटको अलग्ग अलग्ग ठेक्का दिइन्छ र ठेकेदारले उक्त लटभित्र भट्टी सञ्चालन गर्नु पर्दछ। प्रत्येक लटमा एकदेखि तीन–चार पञ्चायत इलाकासम्म पर्न आउँछ तापनि पञ्चायतहरूको आधारमा लटहरूको विभाजन भएको छैन। यस जिल्लामा जम्मा यस्ता १६ वटा लटहरू छन्। पहिले छुट्टाछुट्टै लट छुट्टा छुट्टै ठेकेदारले लिइआएकोमा २०२९।०३० मा सबै लट एउटै ठेकेदारले लिएका छन्।

अन्तःशुल्क

पर्सा जिल्लामा अन्तःशुल्क कार्यालय २०११ सालदेखि नै स्थापना भएको थियो र समय समयमा कर्मचारीहरूको डोर खटाई अन्तःशुल्क असूल गरिन्थ्यो। आर्थिक वर्ष २०२५।०२६ देखि कलैयामा नै वीरगञ्ज अन्तःशुल्क कार्यालयको भ्रमण मुकाम जस्तो स्थापना गरी कार्य सञ्चालन हुँदैआएको छ। यहाँ भएका उद्योगहरूमध्ये सबैजसोले अन्तःशुल्क तिर्दछन्। यी उद्योगहरू बाहेक महुवाको रक्सी बनाउने र बेच्ने ठेकेदारबाट पनि मदभट्टी रकम असूल हुन्छ। यस जिल्लामा आर्थिक वर्ष २०२८।०२९ र २०२९।०३० मा अन्तःशुल्कबाट आय भएको रकम निम्नबमोजिम छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तःशुल्क तिर्ने प्रतिष्ठान	२०२८।०२९ को आय	२०२९।०३० को आय
एकदेखि १८ हर्स पावरसम्मको चामल तथा तेल मिलबाट प्राप्त राजस्व आय	४१,०९९।	४४,२९०।
१९ हर्स पावरदेखि माथिको चामल तथा तेल मिलहरूबाट प्राप्त राजस्व आय	३२,८७१।	१६,०१४।
स्टील कारखाना	१४,२३८।	१६,१३२।
ईंटा कारखानाहरू	३,३००।	३,६५३।
सः मिलहरू	३२५।	३,८२७।
बिडी कारखानाहरू	३,७०,८५२।	३,९८,४६१।
कत्था मिल	१,८००।	८०४।
मदभट्टी	७,०६,६०२।	८,२०,०००।
जम्माः—	११,७१,०८७।	१३,०३,१८१।

उपर्युक्त तालिका अनुसार यस जिल्लामा सबभन्दा बढी अन्तःशुल्क रकम मदभट्टी र बिडी कारखानाबाट आउने देखिन्छ। चामल र तेल मिलहरूको स्थान तेस्रो मात्र भएको देखिन्छ।

व्यापार

यहाँको जनताको जीवनयापनको लागि आवश्यक किनबेच गर्न यस जिल्लाको विभिन्न स्थानमा समय समयमा लाग्ने हाट बजारहरूको भूमिका अति नै महत्वपूर्ण छ। सदरमुकाम कलैया.को वर्णन गर्दा त्यहाँ लाग्ने हाटको विषयमा केही चर्चा गरिसकिएको छ। सो समेत यस जिल्लामा लाग्ने हाट बजारहरू, तो लाग्ने दिन समेत निम्न बमोजिम छन्:—

हाट लाग्ने स्थान	हाट लाग्ने दिनहरू
पिपरा सिमरा गाउँ पञ्चायत	सोमबार, बिहीबार
जीतपुर भवानिपुरा गाउँ पञ्चायत	शुक्रबार, सोमबार
कलैया गाउँ पञ्चायत	सोमबार, बिहीबार
वरियारपुर गाउँ पञ्चायत	मङ्गलबार, शनिबार
सिम्रौनगढ	शुक्रबार, सोमबार
कोल्वी गाउँ पञ्चायत	मङ्गलबार, शनिबार
उमजन गाउँ पञ्चायत	बुधबार, शनिबार
पटेर्वा गाउँ पञ्चायत	मङ्गलबार, शनिबार
पर्सौनि गाउँ पञ्चायत	शनिबार, शुक्रबार
वलुवा	बुधबार, आइतबार
पयरा छरकैया	बुधबार, आइतबार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस अनुसार यहाँ विभिन्न ठाउँमा गरी आइतबारको दिन दुई ठाउँमा, सोमबार चार ठाउँमा, मङ्गलबार तीन ठाउमा, बुधबार तीन ठाउमा, बिहीबार दुई ठाउँमा, शुक्रबार तीन ठाउँमा र शनिबार पाँच ठाउँमा हाट लाग्ने देखिन्छ ।

यी हाट बजारहरू बाहेक जिल्लामा व्यापारिक दृष्टिकोणले सदरमुकाम कलैया लगायत वरियापुर, गञ्जभवानीपुर, जीतपुर, पर्सौनी, निजगढ, सिम्रौनगढ आदि मुख्य केन्द्रहरू हुन् । यी ठाउँहरूमा धानका गोलाहरू तथा विभिन्न सामानको खुद्रा विक्रेताका पसलहरू पाइन्छन् । थोक विक्रेताका पसल केही कलैया बजारमा मात्र छन् । यस जिल्लाको व्यापारमा धेरै जातका मानिसहरू लागेका भए तापनि मारवाडी र वनिया जातिका मानिसहरूको भूमिका मुख्य छ ।

यस जिल्लाबाट निर्यात हुने सामानको हकमा धान, चामल, दलहन, तेलहन र उखु मुख्य हुन् । यीमध्ये धान, चामल र उखुको विषयमा माथि चर्चा गरिसकिएको छ । यी सामानहरूमध्ये केही यहाँका पाँचवटा छोटी भन्सारहरू क्रमशः मटिअर्वा, कवही, पिपरपातीगढ र कचोर्वाबाट सोझै भारत पनि निकासी हुन्छ तर धेरैजसो वीरगञ्ज भएर नै भारततिर अथवा काठमाडौंतिर निकासी गरिन्छ । यी बाहेक यस जिल्लाबाट भारततिर निकासी हुने सामानमा जौ, खलिपीना, आलु, धनिया, बेसार, घ्यू, हरियो खुर्सानी, आँप, आँपको बोटको काठ, अन्य दाउरा, घाँस, पराल, भेडाको ऊन, हाड, बालुवा र गिटी पनि हुन् ।

बाहिरबाट मुख्यतया भारतबाट यहाँ आयात हुने सामानहरूमा कपडा, नून, धातुका भाँडा, आल्मोनियमका भाँडा, फलामे पाइप, औषधि, जुत्ता र अन्य दैनिक उपभोग तथा विलासका सामान हुन् । यी बाहेक भारततिरबाट यहाँ बिडी बनाउने पात, सुर्ती, महुवा, सुकेको खुर्सानी, राँगो, खसी, भेडा, भेडी, सक्खर र गहुँ पनि आयात हुन्छ । यस प्रकारका आयात मात्र अथवा निर्यात मात्र हुने सामान बाहेक गोरु, हात्ती, भैंसी पाडा, बाछा र गेडा दाल यो जिल्ला र भारत बीच आयात-निर्यात दुवै हुन्छ ।

व्यावसायिक अनुपात

बारा जिल्लामा गैर-कृषि क्षेत्रको कति सीमित भूमिका छ भन्ने कुरा २०२८ सालको जनगणनामा दिइएको आर्थिक दृष्टिकोणले सक्षम जनसंख्या र तिनीहरूको व्यावसायिक पृष्ठभूमि सम्बन्धी तथ्याङ्कले देखाउँछ । देशको सांस्कृतिक, आर्थिक परम्परा अनुसार सानो उमेरदेखि नै मानिसहरू जीवनयापनको काममा लाग्ने हुनाले उक्त जनगणनामा १० वर्षदेखि माथिको जनसंख्यालाई आर्थिक दृष्टिले क्रियाशील हुन सक्ने मानेको छ । यस जिल्लाको कुल जनसंख्या २,३३,४०१ मध्ये १० वर्षदेखि माथिको जनसंख्या १,६६,५३१ छ, जसमा पुरुष ८७,०२३ र महिला ७९,५०८ छन् । उक्त १० वर्षदेखि माथिको जनसंख्यामा आर्थिक दृष्टिकोणले क्रियाशील पुरुष तथा महिलाको संख्या क्रमशः ७४,० ८ (८५.१ प्रतिशत) र ५,७६३ (७.२ प्रतिशत) छन् ।

यस तथ्याङ्क अनुसार ७९,५०८ महिलाहरूमध्ये ५,७६३ अर्थात् ७.२ प्रतिशत मात्र आर्थिक दृष्टिकोणले क्रियाशील देखाइएको छ, जसमध्ये ५,६१७ अर्थात् ९७.६ प्रतिशतलाई खेती र माछा पालनको काममा लागेका भन्ने देखाइएको छ । यसरी महिलाहरू थोरै देखाइएको कारण तिनीहरू गृहिणी भएका हुनाले आर्थिक दृष्टिकोणले क्रियाशील होइनन् भन्ने मानिएको छ । पुरुषहरूलाई मात्र लिंदा पनि बारा जिल्लामा निम्नप्रकारको व्यावसायिक विभाजन देखिन आउँछ । उपर्युक्त ७४,०६८ पुरुषहरूमध्ये ६९,६९२ अर्थात् ९४.१ प्रतिशत कृषि तथा माछा पालन सम्बन्धी कामदारहरू र बाँकी ४,३७६ मा व्यावसायिक तथा प्राविधिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३७८ जना, प्रशासक आठजना, कारीन्दा काम गर्ने ८५८ जना, व्यापारमा लागेका १,३८७, सेवा सम्बन्धी काम गर्ने ४८४ र अन्य उत्पादन सम्बन्धी काममा लागेका १,२६१ जना देखिएका छन्। यसरी खेती सम्बन्धी काममा लागेका पुरुषहरू (९४.१ प्रतिशत) को तुलनामा अरू गैर-कृषि सम्बन्धी काममा लागेकाको परिमाण ५.९ प्रतिशत मात्र छ। तर सम्पूर्ण नेपालको आर्थिक दृष्टिकोणले क्रियाशिल पुरूषहरूमा ९२.८ प्रतिशत कृषि तथा माछापालन व्यवसायमा र बाँकी ७.२ प्रतिशत गैर कृषि व्यवसायमा लागेका छन्। यस तथ्याङ्क अनुसार यस बारा जिल्लामा गैर कृषि क्षेत्रको भूमिका राष्ट्रिय औसतको तुलना पनि सीमित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

जिल्लाभित्रको यातायात, सञ्चार तथा बिजुलीको व्यवस्था आवश्यकताको दृष्टिकोणले अविकसित तथा अपर्याप्त भए तापनि देशको अरू भागको तुलनामा यहाँ केही मात्रामा भए पनि प्रगति भएको नै मान्नु पर्दछ। यहाँको भू-भाग समथर भएकोले पनि आउन-जान बाटोहरूको निर्माण र सम्भार गर्न पहाडी भाग-हरूमाभन्दा यहाँ सजिलो पर्न जान्छ। त्यसैले बारा जिल्ला यातायात र सञ्चारको क्षेत्रमा विकास हुँदैआएको जिल्ला हो।

यातायात

यस जिल्लामा यातायातको क्षेत्रमा कच्ची र पक्की बाटोहरू धेरै छन्। परम्परादेखि बयल गाडा यहाँको मुख्य ढुवानीको साधन भएको हुनाले प्रत्येक गाउँ जोडने कच्चा फराकिला बाटोहरू त छँदै छन्। यी बाहेक पनि यस जिल्लामा निम्न उल्लेखनीय सडकहरू छन्।

त्रिभुवन राजपथ

काठमाडौँदेखि रक्सौलसम्म जाने यो राजमार्गको ३७.५ किलोमिटर लामो अंश यस जिल्लाको पश्चिमी सीमानामा पर्दछ। यो बाटो मकवानपुरको दक्षिणी सीमानादेखि शुरू भई वीरगञ्ज बजारभित्र परेको भाग बाहेक रक्सौलसम्म बारा जिल्ला नै भएर जान्छ। यस इलाकाभित्र पाँचवटा पुलहरू पर्दछन्। तर यो बाटो नेपालको सबभन्दा चल्तीको बाटो भएकोले यहाँ बराबर सवारी सम्बन्धी समस्या उठ्न जान्छ। तर यहाँ-बाट पर्सा जिल्लाको सदरमुकाम वीरगञ्ज धेरै नजीक र बारा जिल्लाको सदरमुकाम कलैया टाढा परेकोले यस प्रकारको सवारी सम्बन्धी दुर्घटनाहरूको कारवाही चलाउन सम्बन्धित सरकारी कार्यालयहरूमा लैजान असुविधा परिरहेको देखिन्छ।

महेन्द्र राजमार्ग

जिल्लाको उत्तरी भागमा जङ्गलको बीचोबीच पर्ने गरी महेन्द्र राजमार्गको २८ किलोमिटर लामो एउटा अंश पिपरा सिमरा गाउँ पञ्चायत अन्तर्गतको पथलैया भन्ने स्थानबाट शुरू भई जिल्लाको पूर्वी सीमानामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्ने धनसर भन्ने स्थानसम्म पुगी त्यहाँबाट रौतहट जिल्लामा प्रवेश गरेको छ। यो बाटोमा पर्ने बस्तीमा निजगढ पञ्चायत नै एउटा मात्र हो जहाँ एउटा बजार पनि क्रमशः विकसित हुँदै आइरहेको छ।

वीरगञ्ज–कलैया सडक

वीरगञ्जदेखि कलैयासम्मको दूरी १४ किलोमिटर भए तापनि वीरगञ्जदेखि तीन किलोमिटर उत्तरसम्म त्रिभुवन राजपथ प्रयोग हुन्छ र त्यसपछि मात्र कलैया जाने ११ किलोमिटर लामो सडक शुरू हुन्छ। यो सडक पहिले पद्म शमशेर नेपालको प्रधान मन्त्री हुँदा खनिएको बाटोको अंश हो र यसलाई पक्की गर्ने प्रयास धेरै पहिलेदेखि हुँदै आएको भए तापनि २०२६ सालमा मात्र यसलाई पक्की बनाइएको छ। यही सडकको एउटा अंशको रूपमा कलैया बजारभित्रको मूल बाटो पनि पक्की बनाइएको छ। यो सडकमा बयल गाडाको निम्ति छुट्टै बाटो कहीं कहीं नभएको हुनाले यसलाई बराबर मर्मत गरिरहनु पर्ने बढी आवश्यकता पर्दछ। यस बाटोमा वीरगञ्जसम्म विभिन्न किसिमका जीप, बसहरूको नियमित सेवा बाहेक टाँगा रिक्सा, अटोरिक्सा आदि पनि चल्दछन्।

यी पक्की सडकहरू बाहेक निम्न कच्ची सडकहरूको पनि उल्लेख गर्न सकिन्छ।

रजैया सडक

यो ३० किलोमिटर लामो कच्ची सडक कलैयाको उत्तर–पश्चिम टोकनी प्रगन्नाको सिमराबाट शुरू भएर रौतहटको हजमनिया दरबारसम्म पुगेको छ।

पद्म रोड

पद्म रोड पर्सा जिल्लाको श्रीपुरबाट शुरू हुन्छ। यो बाटोको कलैयादेखिको अंश कच्ची नै छ र यहाँबाट पार गरिसकेपछि पटेर्वा गाउँ पञ्चायत इलाकामा गई अडुवा नदीमा पस्दछ र त्यहाँबाट सो बाटो रौतहट जिल्लामा प्रवेश गर्दछ। हिउँदमा मात्र यो बाटो रात्रोसँग चालू हुन्छ। यो बाटोमा अडुवा नदीमाथि पुल छैन।

कलैया–मटिअर्वा सडक

यो बाटो कलैयाबाट दक्षिणतिर बरेवा बजार हुँदै जिल्लाको दक्षिण सीमानामा मटिअर्वा पञ्चायतसम्म पुग्दछ जहाँबाट भारतको बिहार राज्यको आधापुर रेल्वे स्टेशनमा पुगिन्छ।

कलैया–कटहरिया रोड

यो कच्ची बाटो २३ किलोमिटर लामो छ र रौतहट जिल्लाको एउटा मुख्य बजार कटहरियामा पुगी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पन्न हुन्छ । यो बाटो कलैयाको विकासको निम्ति महत्वपूर्ण भएको हुनाले यसलाई पक्की गर्न स्थानीय जनता इच्छुक देखिन्छन् ।

कलैया–जैतापुर (मनहर्वा) सडक

यो कच्ची बाटोको लम्बाइ नौ किलोमिटर लामो छ । यो बाटोको सामान्य रूपले विस्तृतीकरण र पुल निर्माण काम २०२९।३० देखि भइरहेको छ ।

उपर्युक्त कच्ची सडकहरूमा हिउँदमा मात्र मोटर गाडी चल्न सक्छ । जिल्लामा उखु खेतीको प्रसार भइसकेपछि उखु ढुवानी गर्ने टच्याक्टरहरूले गर्दा धेरै नै मात्रामा यी कच्ची सडकहरू बिग्रिन थालेका छन् ।

विमान सेवा

सिमरा विमानस्थल पनि यही जिल्लाको पिपरा सिमरा गाउँ पञ्चायत इलाकामा पर्दछ । यो कच्ची विमानस्थल हो र बर्षादमा कहिलेकाहीं सेवा बन्द हुन्छ । विमानस्थलको धावन मार्गको लम्बाइ ४,००० फीट तथा चौडाइ २०० फीट छ । यहाँबाट काठमाडौंको निम्ति नियमित विमान सेवा चल्दछ । यहाँ हाल साना साना विमानद्वारा मात्र सेवा चलेको छ । ठूलो विमानको निम्ति यो स्थल उपयोगी छैन ।

रेलवे

वर्तमान त्रिभुवन राजपथको निर्माणभन्दा पहिले रक्सौलदेखि यस जिल्लाको अमलेखगञ्जसम्म नेपाल गभरमेण्ट रेल्वे (एन. जी. आर.) को नामले नियमित रेल सेवा चल्दथ्यो । उक्त रेल यसै जिल्लाको पश्चिमी सीमानामै चल्दथ्यो । तर यस क्षेत्रमा पक्की बाटो बनी सो बाटोको बढी प्रयोग हुन थालेकोले २०२२ साल असार १५ गतेदेखि उक्त रेलको अमलेखगञ्ज-रक्सौल यात्रु सेवा बन्द भयो । पछि २०२५ साल वैशाख १ गतेदेखि अमलेखगञ्ज, वीरगञ्जको मालगाडी सेवा पनि बन्द भयो । आजकाल वीरगञ्ज देखि रक्सौलसम्मको अन्दाजी चार किलोमिटरको लम्बाइमा मात्र सामान ढुवानीको काममा उक्त रेलको प्रयोग भइरहेको छ ।

सञ्चार

यस जिल्लामा सञ्चारको क्षेत्रमा टेलिफोन र हुलाकमात्र छन्, आकाशवाणीको स्टेशन छैन ।

टेलिफोन

यहाँ एउटा टेलिफोन लाइन छ, जसबाट पूर्वमा रौतहट जिल्लाको सदरमुकाम गौर, पश्चिममा वीरगञ्ज र अनि काठमाडौंसम्म सोझै सम्पर्क कायम हुन सक्दछ । आर्थिक वर्ष २०२९।०३० मा यस टेलिफोन कार्यालयबाट गएको खबर संख्या २,८८० थियो र यस कार्यालयमा प्राप्त भएको संख्या १,२०० थियो ।

यस बाहेक २०३० साल देखि कलैया बजारमा १० वटा टेलिफोन लाइनहरू ग्राहकहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वितरण गर्ने व्यवस्था भएको छ ।

हुलाक

यस जिल्लामा जम्मा छ ठाउँमा हुलाक अड्डाहरूको व्यवस्था छ । तिनीहरूको स्तर र स्थान निम्न-बमोजिम छन्ः—

हुलाकको नाम र स्तर	स्थान
कलैया छोटी हुलाक	कलैया गाउँ पञ्चायत
सिमरा छोटी हुलाक	पिपरा सिमरा गाउँ पञ्चायत
अमलेखगञ्ज छोटी हुलाक	अमलेखगञ्ज गाउँ पञ्चायत
च्यूटाहा अस्थायी हुलाक	जयनगर च्यूटाहा गाउँ पञ्चायत
निजगढ अस्थायी हुलाक	निजगढ गाउँ पञ्चायत
सिम्रौनगढ अस्थायी हुलाक	अमृतगञ्ज गाउँ पञ्चायत

यी सबै हुलाकहरूमध्ये कलैयास्थित छोटी हुलाकमा सदरमुकाम भएको कारणले सबभन्दा बढी चिठीपत्र आउँछन् र धेरैजसो चिठी व्यापारी वर्गको नै आउनेगर्दछ । जिल्लामा आर्थिक वर्ष २०२९।०३० मा १७,७२५ चिठी पत्रहरू आएको र यहाँबाट १९,००० जति पत्रहरू बाहिर गएको अनुमान गरिएको छ ।

बिजुली

बिजुलीको वितरण बारा जिल्लामा २०२६ साल फागुन १ गतेदेखि भएको हो । त्रिशूली जल विद्युत् योजनाबाट उत्पादन भएको बिजुली वीरगञ्ज सब स्टेशनबाट ११ के.भी. को प्रशारण लाइनद्वारा यस जिल्लामा बिजुली उपलब्ध गराइएको छ । यसको प्रयोग झन्झन् बढ्दो छ । २०३० सालसम्ममा विद्युत वितरण कलैया, भवानीपुर, बैरिया, वरेवा, भतौडा, रामपुर, मोतिसर, गञ्ज भवानीपुर, दहियार, वगडमपुर, मल्हनी, वरियापुर गरी जम्मा १२ गाउँमा भएको छ ।

वितरणको क्षेत्र विस्तृत हुँदैगइरहे पनि बिजुलीको खपत सो बमोजिम हुन सकेको छैन । घरेलु प्रयोगको निम्ति वितरण गर्दा पक्की घरहरूलाई मात्र दिइने भएको र जिल्लामा अत्यधिक घरहरू फुसको वा कच्ची हुने हुनाले ती घरका मानिसहरूले विद्युत् शक्तिको उपभोग गर्न पाएका छैनन् । त्यसैले २०२९ मा जडी राखेको यहाँ ट्रान्सफर्मरको क्षमता ६३६ किलोवाटसम्म वितरण गर्ने छँदाछँदै पनि बढीमा २०० किलोवाट जति मात्र खपत हुन्थ्यो, जसमा १२५ किलोवाट जति विद्युत् शक्ति धान कुट्ने मिलहरूमा प्रयोग हुन्थ्यो। नौवटा लाइन जमीन मुनिबाट पानी निकाली सिचाइ गर्ने पम्प सञ्चालनको निम्ति प्रयोग भएको छ । आर्थिक वर्ष २०२९।०३० सम्ममा जम्मा ४०९ लाइन वितरण भइसकेको थियो, जसमध्ये १३ वटा लाइन मिलहरू र नौ वटा लाइन सिचाइ पम्पहरू सञ्चालनको निम्ति र बाँकी ३८७ वटा गार्हस्थ्य प्रयोगमा आएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

आर्थिक दृष्टिकोणले साधनयुक्त भए तापनि यो जिल्ला शैक्षिक क्षेत्रमा धेरै पिछडिएको नै मान्नु पर्दछ। कारण, कुनै पनि ठाउँको शैक्षिक विकासको प्रारम्भिक नाप त्यहाँको मानिसहरूको साक्षरताको स्तर हो।२०२८ को जनगणना बमोजिम बारा जिल्लाको कुल जनसंख्या २,३३,४०१ मध्ये छ वर्षदेखि माथिको जनसंख्यामा जम्मा २१,७५९ जना मात्र साक्षर छन् अर्थात् उक्त उमेरका कुल जनसंख्याको ११.५ प्रतिशत मात्र साक्षर छन् र बाँकी ८८.५ प्रतिशतको ठूलो जनसमूह अहिले पनि निरक्षर नै छन्। त्यसमा पनि पुरुषहरूको संख्यामा १९.३ प्रतिशत साक्षर छन् भने महिलाहरूको समूहमा अझ २.८ प्रतिशत मात्र साक्षर भएको पाइन्छ। यस तथ्यलाई समष्टि रूपले हेर्दा यहाँको छ वर्षदेखि माथिको उमेरका पुरुषहरूमा प्रत्येक पाँच जनामा एक जना साक्षर छन् र महिलाहरूमा प्रत्येक ३५ जनामा मात्र एक जना साक्षर छन्। औसतमा लिंदा प्रत्येक ९ जनाको बीचमा एक जना साक्षर छ।

यस तथ्याङ्कलाई पुरुष र महिलाको वर्गीकरण गरेर पूरै अधिराज्यको र सम्बन्धित अञ्चलको तथ्याङ्कसँग तुलना गर्दा पनि निम्नतालिका बमोजिम देखिन्छः–

	छ वर्षदेखि माथिको पुरुषमध्ये साक्षरको प्रतिशत	छ वर्षदेखि माथिको महिलाहरूमध्ये साक्षरको प्रतिशत	छ वर्ष माथिको जम्मा जनसंख्यामध्ये साक्षरको प्रतिशत
नेपाल अधिराज्य	२३.६	३.९	१३.९
नारायणी अञ्चल	२१.०	३.८	१२.८
मकवानपुर जिल्ला	२०.२	३.२	११.९
पर्सा जिल्ला	२३.५	४.९	१४.७
बारा जिल्ला	१९.३	२.८	११.५
रौतहट जिल्ला	१३.८	२.२	८.२

उपर्युक्त तालिकाबाट बारा जिल्लाको साक्षर जनसंख्याको परिमाणलाई नेपाल अधिराज्यको, नारायणी अञ्चलको र सोही अञ्चलभित्रको एउटा पहाडी जिल्ला मकवानपुरको तत्सम्बन्धी परिमाणसित तुलना गर्दा यस बारा जिल्लाको परिमाण नै सबभन्दा कम पर्न आएको देखिन्छ। त्यसमा पनि कुल साक्षर संख्यामा मात्र होइन पुरुष र महिलाहरूको छुट्टा छुट्टै संख्या लिंदा पनि यो फरक देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस विषयमा एउटा चाखलाग्दो जानकारी के छ भने यस जिल्लाको पश्चिममा रहेको पर्सा जिल्लाको तथ्याङ्कमा पुरुष तथा महिला साक्षरताको तथ्याङ्क राष्ट्रिय स्तरसँग दाजिन जान्छ जब कि यसै जिल्लाको पूर्वपट्टिको रौतहट जिल्लाको तथ्याङ्क बाराकोभन्दा पनि कम रहेको देखिन्छ । अझ सोभन्दा पनि पूर्वको सर्लाही जिल्ला हेर्ने हो भने रौतहटभन्दा पनि कम साक्षर भएको पाइएको छ । त्यसैले पर्सा जिल्लादेखि जति पूर्व लाग्यो उति साक्षरताको परिमाण क्रमशः कम हुँदै गएको देखिन्छ र धनुषा पुगेपछि मात्र फेरि उक्त परिमाण बढ्न गएको देखिन्छ ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			जम्मा		
	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत
६–९	१२,३२४	२,१९७	१७.८	१०,८१०	६०९	५.६	२३,१३४	२,८०६	१२.१
१०–१४	१२,२६८	४,१८९	३४.१	८,७३५	६८५	७.८	२१,००३	४.८७४	२३.२
१५–१९	९.०३८	२,८२९	३१.३	७,४६९	४१४	५.५	१६,५०७	३.२४३	१९.६
२०–२४	९,१११	२,३०५	२५.३	१०,४९५	२७०	२.६	१९,६०६	२,५७५	१३.१
२५–२९	१०,७११	२,१०५	१९.७	१०,०७४	२०४	२.०	२०.७८५	२,३०९	११.१
३०–३४	९,२६८	१,३४८	१४.५	१०,२८३	११४	१.१	१९,५५१	१,४६२	७.५
३५–३९	९,८६१	१,२८५	१३.०	७,९०३	८७	१.१	१७,७६४	१,३७२	७.७
४०–४४	७,२८६	८३८	११.५	७,०१०	६९	१.०	१४,२९६	९०७	६.३
४५–५४	११,०७३	१,२४४	११.२	८,४३८	५९	०.७	१९,५११	१,३०३	६.७
५५–६४	५,१५०	५६६	११.०	५,४८३	३६	०.७	१०,६३३	६०२	५.७
६५ र माथि	३,२५६	२८३	८.७	३,६१८	२३	०.६	६,८७५	३०६	४.५
जम्मा		१९,१८९	१९.३		२,५००	२.८		२१,७५९	११.५

उपर्युक्त तथ्याङ्कमा जति जति उमेर कम हुँदै गएको देखिन्छ उति उति नै साक्षरताको परिमाण बढ्दै गएको देखिन्छ । ६५ वर्षदेखि माथिको जनसंख्यामा पुरुषहरूमा ८.७ प्रतिशत र महिलाहरूको ०.६ प्रतिशत मात्र छ भने १० देखि १४ वर्षको समूहमा पुरुषहरूमा ३४.१ र महिलाहरूमा ७.८ प्रतिशत पुगेको देखिन्छ।

यसरी छदेखि नौ वर्षको उमेर समूहमा साक्षरता (अर्थात् पढ्न र लेख्न सक्ने क्षमता) को राम्रो परिचय नहुने भएकोले साक्षरताको प्रयोजनको निम्ति छदेखि नौ वर्षको समूहको प्रतिशतले वास्तविक परिस्थिति प्रस्तुत गर्न गाह्रो पर्दछ । तसर्थ यसरी १० देखि माथिको उमेर समूहहरू लिंदा वास्तवमा साक्षरता सम्बन्धी क्रमशः प्रगति हुँदै आएको देखिन्छ।

नेपालको राष्ट्रिय शिक्षा पद्धति बमोजिम छवर्षदेखि १५ वर्षसम्मको उमेरलाई विद्यालय जाने उमेर मानिएको छ । हाल यस जिल्लामा कति विद्यालयमा कति केटाकेटीहरू पढ्छन् भन्ने कुराले पनि यस जिल्लाको शिक्षा सम्बन्धी चित्र प्रस्तुत गर्दछ ।

बारा जिल्लामा २०३० सालमा एउटा संस्कृत माध्यमिक विद्यालय समेत पाँच वटा माध्यमिक विद्यालय, १५ वटा निम्न-माध्यमिक विद्यालय र १३० वटा प्राथमिक विद्यालयहरू थिए, जसमा सरकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक सहायता प्राप्त नभएका छ-सात वटा प्राथमिक विद्यालयहरू र निम्नमाध्यमिक विद्यालयहरू पनि समावेश गरिएका छन्। यहाँ कुनै महाविद्यालय छैन। उक्त विद्यालयहरूमा पढने केटाकेटीहरूको संख्या निम्नबमोजिम छः—

बारा जिल्लामा विभिन्न स्तरका विद्यालयहरूमा पढ्ने छात्र छात्राको संख्या २०३०

विद्यालयका स्तर	छात्र	प्रतिशत	छात्रा	प्रतिशत	जम्मा	प्रतिशत
माध्यमिक	८५७	८९.८	९७	१०.२	९५४	१००.०
निम्नमाध्यमिक	१,०९०	८३.३	२१८	१६.७	१,३०८	१००.०
प्राथमिक	४,८४०	९०.२	५२४	९.८	५,३६४	१००.०
जम्माः—	६,७८७	८९.०	८३९	११.०	७,६२६	१००.०

स्रोतः जिल्ला शिक्षा अधिकारीको कार्यालय, बारा

उपर्युक्त तालिकाअनुसार यस जिल्लामा जम्मा विद्यालय गइरहेका केटाकेटीहरू ७,६२६ मध्ये ६,७८७ अर्थात् कुल छात्र संख्याको ८९.० प्रतिशत केटाहरू र ८३९ अर्थात् ११.० प्रतिशत मात्र केटीहरू भएको देखिन्छ। यो अनमेल अनुपात माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तीनै स्तरमा पाइन्छ।

बारा जिल्लाको २०२८ सालको जनगणना अनुसार नै पनि यस जिल्लामा विद्यालय जाने उमेरका केटाकेटी (छदेखि १५ वर्षका) को संख्या ४८,२३७ (पुरुष २७,०४२ र महिला २१,१९५) भएको कुरा माथि उल्लेख भइसकेको छ। २०२८ र २०३० को बीचमा पनि केही जनसंख्या वृद्धि भइसकेको हुनु पर्छ। तर त्यस्तो संख्या उपलब्ध छैन। त्यसैले उक्त २०२८ सालकै संख्यालाई हिसाब गर्दा पनि जम्मा विद्यालय जाने उमेरका केटाकेटीको तुलनामा वास्तवमा विद्यालय गइराखेका (२०३० मा) केटाकेटीको संख्या र परिमाण निम्न तालिका बमोजिम हुनआउंछ।

वि. सं. २०२८ को जनसंख्या बमोजिम विद्यालय जाने उमेर (६–१५ वर्ष) का केटाकेटीको संख्या २०३० मा बारा जिल्लामा विद्यालय गइरहेका केटाकेटीको संख्याको तुलना।

लिङ्ग	विद्यालय जाने उमेरका केटाकेटी संख्या	विद्यालयमा पढिरहेका केटाकेटी संख्या	प्रतिशत
पुरुष	२७,०४२	६,७८७	२५.१
महिला	२१,१९५	८३९	४.०
जम्माः—	४८,२३७	७,६२६	१०.६

हुनत उक्त तथ्याङ्कमा जिल्लाबाट बाहिर गई पढिरहेका केटाकेटीहरू समावेश छैनन् र त्यसैगरी अरू जिल्लाबाट यस जिल्लामा आई पढिरहेका केटाकेटीहरूको संख्या पनि छुट्टाइएको छैन। ती दुवैलाई आपसमा बराबर हुन्छ अथवा त्यसको असर ठूलो मात्रामा पर्दैन भनी अनुमान गरी उपर्युक्त तालिकामा दिएको तथ्याङ्कलाई हेर्दा यस जिल्लाका विद्यालय जाने उमेरका कुल केटाकेटी संख्याको जम्मा १०.६ प्रतिशत मात्र विद्यालय गइरहेको देखिन आउँछ। त्यसमा पनि केटाहरूको २५.१ प्रतिशत छ भने केटीहरूको ४.० प्रतिशत मात्र हुन आउँछ।

वि. सं. २०२८ को जनगणनामा पनि विद्यालयमा पढिरहेका छदेखि नौ र १० देखि १४ वर्षसम्म जम्मा दुई समूहका केटाकेटीहरूको तथ्याङ्क दिइएको छ। त्यसमा पाँच-पाँच वर्षको उमेर समूहमा विभाजन गरी तथ्याङ्क दिइएको हुनाले १५ देखि १९ वर्षको समूहबाट १५ समूहको तथ्याङ्क दिन सकिन्न। तर मोटामोटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तुलनाको लागि मात्र भए तापनि उक्त उपलब्ध भएको छदेखि १४ वर्षको केटाकेटीको तथ्याङ्क लिंदा माथि उल्लिखित अनुपातभन्दा धेरै फरक देखिन्न। कारण, उक्त उमेर समूहका जम्मा २४,५९२ केटाहरूमा ५,९३४ मात्र अर्थात् २४.१ प्रतिशत मात्र विद्यालयमा भर्ना भएका छन् र केटीहरूमा जम्मा १९,५४५ केटाकेटी मध्ये १,१४२ अर्थात् ५.८ प्रतिशत मात्र विद्यालयमा भर्ना भएको देखिन्छ। दुवैगरी जम्मा ४४,१३७ केटाकेटीमध्ये ७,०७६ जना अर्थात् १६.० प्रतिशत मात्र केटाकेटीहरू विद्यालयमा भर्ना भएको देखिन्छ। त्यसैले उपर्युक्त दुवै तथ्याङ्कबाट यस जिल्लामा केटाकेटीका शिक्षाका निम्ति अझ धेरै व्यवस्था गर्नु पर्ने बाँकी छ भन्ने कुरा स्पष्ट रूपले देखिन आएको छ।

जिल्लामा जम्मा ३५० जना शिक्षक (जसमा १२ जना मात्र शिक्षिकाहरू छन्) ले पढाइरहेका छन्। तीमध्ये १३८ जना मात्र तालीम प्राप्त छन् र बाँकी २१२ले तालीम हासिल गरेका छैनन्।

शिक्षा प्रसारको निम्ति श्री ५ को सरकारले आर्थिक वर्ष २०२९।०३० मा मात्र यस जिल्लामा रू. २,८८,१२०। को बजेटको व्यवस्था गरेको थियो। जनताबाट स्थानीय अनुदान रूपमा रू. १,२५,०००। जति बेहोरिएको थियो। धेरंजसो शिक्षण संस्थाहरूको आफ्नै केहीं न केहीं स्थायी सम्पत्ति (जग्गा) छ। यसमध्ये दुई कट्ठा जमीनदेखि लिएर १५० बिघासम्म पनि हुने विद्यालयहरू छन्।

आ.व. २०३०।३१ मा जिल्लाको जम्मा १५० वटा शिक्षण संस्थाहरूमध्ये ४९ वटाको मात्र पक्की भवन छन् र बाँकी १०१ वटाको भवनहरू अझ कच्ची नै छन्। यस जिल्लामा राष्ट्रिय शिक्षा योजना २०३२ सालदेखि लागू हुँदैछ। उक्त योजना लागू भएपछि शिक्षाको क्षेत्रमा एउटा नयाँ र अझ प्रगतिशील परम्परा शुरू हुनेछ भन्ने प्रतीक्षा गरिएको छ।

यस जिल्लामा कलैया, वरेवा, पर्सौनी, सिमरा, खजानी, बुरानपिपरा, वसवरिया र पथलैयामा स-साना पुस्तकालयहरूको सञ्चालन भइरहेको छ।

स्वास्थ्य

स्वास्थ्य सेवाको क्षेत्रमा यस जिल्लामा सदरमुकाम नजीक एउटा १५ शय्याको अस्पताल छ। यहाँ तीन जना डाक्टरहरूको व्यवस्था छ। यस अस्पतालमा करीब चार-पाँच माइलको क्षेत्रबाट र जिल्लामा रहेका विभिन्न स्वास्थ्य चौकीबाट सिफारिश गरी पठाइएका समेत गरी दिनको औसत २०० जना जति बिरामीहरू आउँदछन्।

यस बाहेक जिल्लाका विभिन्न स्थानमा छरिएर बसेका जम्मा ११ वटा स्वास्थ्य चौकीहरू र एउटा आयुर्वेदिक औषधालय पनि छन्, जुन निम्नस्थानहरूमा रहेका छन्:—

चिकित्सालयको नाम	पञ्चायतको नाम
फेंटा स्वास्थ्य चौकी	फेंटा गाउँ पञ्चायत
रामपुर स्वास्थ्य चौकी	रामपुर गाउँ पञ्चायत (टोकनी प्रगन्ना)
सिमरा स्वास्थ्य चौकी	पिपरा सिमरा गाउँ पञ्चायत
हरैया स्वास्थ्य चौकी	हरैया गाउँ पञ्चायत
गडहल स्वास्थ्य चौकी	गडहल गाउँ पञ्चायत
निजगढ स्वास्थ्य चौकी	निजगढ गाउँ पञ्चायत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रमपुर्वा स्वास्थ्य चौकी	रमपुर्वा गाउँ पञ्चायत
च्यूटाहा स्वास्थ्य चौकी	च्यूटाहा जयनगर गाउँ पञ्चायन
वरियापुर स्वास्थ्य चौकी	वरियापुर गाउँ पञ्चायत
सिम्रौनगढ स्वास्थ्य चौकी	गोलागञ्ज गाउँ पञ्चायत
हर्दिया स्वास्थ्य चौकी	कवही गाउँ पञ्चायत
आयुर्वेदिक औषधालय	गोलागञ्ज गाउँ पञ्चायत

उपर्युक्त चिकित्सालयहरूले (अस्पताल र आयुर्वेदिक औषधालयले बाहेक) २०२९ सालमा १,०१,५१२ जना बिरामीहरूलाई सेवा पुऱ्याएका थिए।

तर जिल्लामा सबै बिरामीहरू चिकित्सालयहरूमा मात्र आउँदैनन्। गाउँघरमा परम्परादेखि उपचारको काम गर्दैआएका धामी, झाँक्री र ओझा छन्, जसले दैवी शक्तिको प्रयोगद्वारा बिरामी निको पार्ने प्रयत्न गर्दछन्। यसप्रकारको उपचारको तरीकालाई "गुरूवई" वा "झरूचाई" भनिन्छ। धामी–झाँक्रीहरू धेरैजसो थारू जातिका हुन्छन् तापनि मुसहर, चमार, अहिर जातका मानिसहरू पनि यो काम गर्दछन्। यस प्रकारका मानिसहरूलाई स्थानीय भाषामा "भगता" भनिन्छन्। यिनीहरूले विभिन्न गीतहरू गाई ब्रह्मबाबा, माई, गढीमाई, काली, भगवती, भैरो, गंगिया, रूपनी, मनुसदेवा, मसान, पुर्खा, महावीर आदिको उपासना गरी जुन भूत अथवा देवता लागेको हो तिनीहरूलाई खसी, बाखा, परेवा, सुंगुर, कुखुरा, हाँस, फुल तथा खसी जुन उपयुक्त छ चढाउँछन्। यसको अतिरिक्त जरीबूटीको पनि निवर्क प्रयोग गर्दछन्। आज पनि बहुसंख्यक ग्रामीण नर-नारीहरू यस विद्याको विश्वास मानेर केही शारीरिक, भौतिक या अन्य कठिनाइहरू आइपऱ्यो भने यिनीहरूकै सहारामा भर पर्दछन्।

यहाँ औलो उन्मूलन भइसकेको छ भने पनि हुन्छ। २०२९ सालमा २७,१९० जना शङ्का गरिएका रोगीहरूबाट रगत सङ्कलन गरी परीक्षण गर्दा छ जनामा मात्र पोजिटिभ (अर्थात् औलाका कीटाणु उपस्थित) भएको पाइयो। यसैगरी २०३० साउनसम्ममा यसरी ७,४८८ जनासँगबाट सङ्कलन गरिएको रगतमध्ये एक जनामा मात्र पोजिटिभ पाइयो। त्यसैले औलोको डर अब यो जिल्लाबाट हटिसकेको छ।

जनस्वास्थ्य एकीकरण अगुवा योजना

अरू जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि स्वास्थ्य सम्बन्धी अरू विभिन्न योजनाहरू सञ्चालन भइरहेका छन्। औलो उन्मूलन बाहेक परिवार नियोजन, बिफर उन्मूलन, कुष्टरोग निवारण, क्षयरोग निवारणका कार्यक्रमहरू पनि सञ्चालन हुँदै आइरहेका छन्।

वि. सं. २०२९ साल वैशाख १ गतेदेखि नेपाल अधिराज्यको जम्मा दुई जिल्लाहरू, तराईमा बारा र पहाडमा कास्की जिल्लामा प्रयोगको रूपमा जनस्वास्थ्य एकीकरण अगुवा योजना सञ्चालन गरियो। यस कार्यक्रम अन्तर्गत उपर्युक्त विभिन्न कार्यक्रमहरू भिन्दा भिन्दै कार्यकर्ताहरूबाट जनतासम्म पुऱ्याउनुको बदला एकै जनाबाट यस्तो सेवा सुलभ गराउने परिपाटी अपनाइएको छ। यस कार्यक्रम अन्तर्गत सालाखाला प्रत्येक २४,००० जनसंख्याको बीचमा एउटा स्वास्थ्य चौकी रहन्छ र प्रत्येक स्वास्थ्य चौकी अन्तर्गत जनसंख्याको आधारमा पाँचदेखि सात जना "हाउस भिजिटरहरू" नियुक्त भएका हुन्छन्। प्रत्येक हाउस भिजिटरले दिनमा ४० घर घुमेर बिरामीको पत्ता लगाउन, "ब्लड स्लाइड" लिनु, खोपाउनु, सूई दिनु, परिवार नियोजनको साधन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वितरण गर्नु आदि सेवाहरू पुऱ्याउनुको साथै स्वास्थ्य चौकी अन्तर्गतको क्षेत्रमा जन्म-मरणको समेत तथ्याङ्क सङ्कलन गर्नु पर्दछ। उक्त "हाउस भिजिटर" हरूको माथि "अक्जूलरी हेल्थ वर्कर" र सोभन्दा माथि "हेल्थ असिस्टेण्ट" (स्वास्थ्य चौकीको प्रमुख) हुन्छ। यसरी यसै जिल्लाको स्वास्थ्य अधिकृतसम्म नै पुग्ने एउटा समन्वयात्मक प्रशासनिक संगठन खडा हुन गएको छ।

बारा जिल्लामा यस प्रकारको स्वास्थ्य संगठनले गर्दा सिद्धान्ततः यहाँका सम्पूर्ण जनताले प्रत्येक हप्ता एउटा हाउस भिजिटरको माध्यमद्वारा चिकित्सा सम्बन्धी सुविधा उपलब्ध गरेको छ। यस कार्यक्रमलाई हाल परीक्षणको रूपमा मात्र सञ्चालन गरिएको हुनाले यसको आवश्यक मूल्याङ्कन पछि अधिराज्यको अरू जिल्लाहरूमा पनि लागू गर्ने बारेमा विचार गरिनेछ। यस प्रयोगमा नेपालका स्वास्थ्य सम्बन्धी अधिकारीहरूले मात्र होइन विश्वका अरू देशहरू तथा विश्व स्वास्थ्य संघले पनि चाख लिएर हेरिरहेका छन्।

खानेपानी

यस जिल्लामा कुनै वृहत खानेपानी योजना अथवा कलधाराबाट पानी वितरण गर्ने कुनै व्यवस्था भइसकेको छैन। तर यहाँको अधिकांश इलाका तराई प्रदेशमा पर्ने भएको हुनाले यहाँका धेरैजसो गाउँ घरमा हाते पम्पद्वारा खानेपानीको व्यवस्था भएको छ, जसमध्ये धेरैजसो यस जिल्लामा धेरै वर्षदेखि सञ्चालित स्थानीय विकास योजना अन्तर्गत स्थापना गरिएका हुन्। कतिपय ठाउँमा इनारहरू पनि खानेपानीको स्रोतको रूपमा प्रयोग गरिंदैआएका छन्। इनारबाट व्यवस्था भएको खानेपानीमा इनारको वरिपरिको स्थानमा सफाइको कमीले गर्दा रोग प्रशारणको साधन पनि भएका छन्। भावर क्षेत्रमा कूवा खन्न अथवा पम्प गाड्न कठिन भएको हुनाले त्यस इलाकामा धेरैजसो गाउँभित्र अथवा गाउँ नजीकैबाट बग्ने खोला नै खानेपानीको स्रोत भएको छ। तर यसप्रकारको इलाका तामागढी र निजगढ नै मात्र हुन् भनेपनि हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

क्षेत्रिय प्रशासनको दृष्टिकोणले नेपाल अधिराज्य २०२२ सालसम्म ३५ वटा जिल्लाहरूमा विभाजन भएको थियो र स्थान र भौगोलिक अवस्था अनुरूद ती जिल्लाहरूमा गढी, गौंडा वा गोश्वारा स्थापना भएको हुन्थ्यो तथा तिनीहरूमा प्रशासकको रूपमा विभिन्न श्रेणीका बडाहाकिमहरू नियुक्त हुन्थें। सो अवस्थामा वर्तमान बारा जिल्ला एउटै छुट्टै प्रशासनिक एकाईको रूपमा नभई वीरगञ्ज गोश्वाराबाट प्रशासित पर्सा-बारा-रौतहत जिल्लाको एक भागको रूपमा मात्र थियो र उक्त जिल्लाको सदरमुकाम वीरगञ्ज थियो। त्यसैले यस जिल्लाको छुट्टै प्रशासनिक इतिहास नभएकोले त्यति बेलाको प्रशासनको क्रमबद्ध विकास कसरी भएको थियो भन्ने कुराको चर्चा पर्सा जिल्लामा गरिएको छ र त्यही कुरा यस जिल्लाको प्रशासनिक इतिहासको रूपमा पनि लिन सकिन्छ।

वि. सं. २०२२ मा देशमा प्रशासनिक विकेन्द्रीकरणको कार्यक्रम लागू भएदेखि यो जिल्ला एउटा छुट्टै प्रशासनिक इलाकाको रूपमा देखापर्‍यो र यसको मुख्य अधिकारी प्रमुख जिल्ला अधिकारी हुन आयो। प्रमुख जिल्ला अधिकारीले २०२२ सालदेखि २०२७ सालसम्म स्थानीय जिल्ला पञ्चायतको सचिवको रूपमा पनि काम गर्‍यो तर तत्पश्चात् प्रमुख जिल्ला अधिकारीलाई उक्त सचिवको पदबाट हटाई जिल्लाको मुख्य प्रशासकीय अधिकारीको रूपमा मात्र कायम गरियो।

तर अहिले पनि यो जिल्लामा कुनै कुनै क्षेत्र सम्बन्धित कार्यको नियन्त्रण र सञ्चालन पर्सा जिल्लास्थित कार्यालयहरूबाट हुन्छ। उदाहरणार्थ, अन्तःशुल्कको क्षेत्रमा यसको मूल अड्डा वीरगञ्जमा नै छ र यसको शाखाको रूपमा मात्र केही कर्मचारी भएको एउटा सानो अन्तःशुल्क शाखा कार्यालय यहाँ छ। करको क्षेत्रमा पनि यस जिल्लामा कर कार्यालय नै छैन। आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लामा जम्मा २० जना व्यापारी र चार जना उद्योगपतिहरूबाट उठाइनु पर्ने गरी निर्धारण भएको कर रकम सबै वीरगञ्ज कार्यालयबाट नै उठाइएको थियो। यसरी काम गरेको बेलामा उक्त वीरगञ्ज कार्यालयले नै यस जिल्लामा डोरहरू खटाई काम सम्पन्न गर्दछ। भन्सारको क्षेत्रमा पनि यहाँ भएका पाँच वटा छोटी भन्सारहरूको नियन्त्रण र निर्देशन वीरगञ्ज-स्थित भन्सार कार्यालयबाट नै हुनेगरेकोछ।

वर्तमानमा बारा जिल्लामा निम्नसरकारी कार्यालयहरू छन्:—

प्रमुख जिल्ला अधिकारीको कार्यालय	कलैया, बारा
भूमि प्रशासन कार्यालय	कलैया, बारा
बारा जिल्ला अदालत	कलैया, बारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कलैया अस्पताल	बरेवा, बारा
पशु चिकित्सालय	कलैया, बारा
जनस्वास्थ्य एकीकरण अगुवा परियोजना	कलैया, बारा (हेल्थपोष्टहरू समेत)
जिल्ला प्रहरी इन्स्पेक्टर कार्यालय	कलैया, बारा
जिल्ला शिक्षा अधिकारीको कार्यालय	कलैया, बारा
मेन्टेनेन्स नापी शाखा	कलैया, बारा
जिल्ला सहकारी कार्यालय	कलैया, बारा
जिल्ला कृषि विकास कार्यालय	कलैया, बारा
कारागार कार्यालय	कलैया, बारा
जिल्ला तथ्याङ्क कार्यालय	कलैया, बारा
कोष तथा तहसील कार्यालय	कलैया, बारा
सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय	
छोटी हुलाक कार्यालय	कलैया, बारा
निर्वाचन आयोग जिल्ला शाखा	कलैया, बारा
ट्यूबवेल सब डिभिजन	कलैया, बारा
अन्तःशुल्क कार्यालय शाखा	कलैया, बारा
बढी उपजको विभिन्न बाली तथा मल र खाद्यको बढी प्रयोग गर्ने आयोजना	कलैया, बारा
हवाइ कार्यालय	सिमरा
मधुवन वन कार्यालय	मधुवन
सिमरा वन कार्यालय	सिमरा

मटेरवा, कवही, पिपरपाती, गढ र कचौर्री छोटी भन्सारहरू ।

अर्ध सरकारी मान्न सकिने कार्यालयहरू

कृषि विकास बैंक	कलैया, बारा	
नेपाल राष्ट्रिय वाणिज्य बैंक	कलैया, बारा	
नेपाल विद्युत् कर्पोरेशन	कलैया, बारा	
दूर सञ्चार समिति (टेलिफोन कार्यालय)	कलैया, बारा	
जिल्ला पञ्चायत कार्यालय	कलैया, बारा	(स्वशासित संस्था)

प्रहरी

यस जिल्लाको सर्वोच्च प्रहरी अधिकारी जिल्ला प्रहरी इन्स्पेक्टर हो र जिल्ला प्रहरी इन्स्पेक्टर कार्यालय कलैया बजारमा रहेको छ । यस बाहेक जिल्लाका विभिन्न स्थानमा विभिन्न स्तरका प्रहरी कार्यालयहरू छन् । यस जिल्लामा जम्मा दुई वटा थाना, पाँचवटा चौकी र तीन वटा अस्थायी प्रहरी पोष्ट छन् । माथि उल्लिखित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुई वटा थानाहरू पिपरा सिमरा गाउँ पञ्चायत र कचोर्वा गाउँ पञ्चायतमा छन्। चौकीहरू मटियर्वा गाउँ पञ्चायत, कवही गोट गाउँ पञ्चायत, अमलेखगञ्ज गाउँ पञ्चायत, पिपरापाटी गाउँ पञ्चायत र उभजन गाउँ पञ्चायतमा छन्। अस्थाई प्रहरी पोष्टहरू सिम्रौनगढ (गोलागञ्ज गाउँ पञ्चायत), फत्तेपुर (फत्तेपुर गाउँ पञ्चायत) र निजगढ (निजगढ गाउँ पञ्चायत) मा छन्।

न्याय

न्यायपालिकातर्फ यहाँ एउटा जिल्ला अदालत छ, जसमा दुई जना न्यायाधीशहरू रहन्छन्।

मुद्दाहरूको मोटामोटी किसिम जम्मा दुई प्रकारको हुन्छ–देवानी र फौजदारी। फौजदारीमा पनि सरकारवादी फौजदारी र दुनियाँवादी फौजदारी जम्मा दुई किसिमका हुन्छन्। यस जिल्लामा धेरैजसो फौजदारीभन्दा देवानी मुद्दाहरू बढी पर्दछन् भन्ने कुरा यहाँ पर्ने मुद्दाहरूको संख्या सम्बन्धी तल दिएइको तालिकाबाट देखिन्छः–

बारा जिल्ला अदालतमा परेका मुद्दाहरूको तालिका

आर्थिक वर्ष	फौजदारी	देवानी	जम्मा
२०२७।०२८	४८६	९८५	१,४७१
२०२८।०२९	४६०	१,३९२	१,८५२
२०२९।०३०	७३७	२,१७३	२,९१०

यस जिल्लामा धेरैजसो जग्गा मुद्दा नै पर्दछन्। दुई वर्ष यतादेखि मोहीले बाली दिएन भन्ने बाली मुद्दा धेरै परेको देखिएको छ। जग्गा मुद्दा पछिको स्थान लिखतपास, लेनदेन आदि मुद्दाहरूको छ।

पञ्चायत

यस जिल्लामा भएका जम्मा १०९ वटा गाउँ पञ्चायतहरू र तिनीहरूको जनसंख्या सम्बन्धी जानकारी जनसंख्या सम्बन्धी परिच्छेदमा दिइसकिएको छ। जिल्ला तथा गाउँ पञ्चायतहरू नेपालको राजनैतिक संगठनको जिल्लास्तरीय र गाउँस्तरीय एकाईहरू हुनुको साथै स्थानीय प्रशासन तथा विकासका निकायहरू पनि हुन्। राजनैतिक संगठनको दृष्टिकोणबाट यहाँ अन्यत्र जस्तै प्रत्येक गाउँ पञ्चायतले एक एकजना जिल्ला-सभा सदस्य निर्वाचित गरी पठाउने, जिल्लासभाले ११ जनाको कार्यकारिणी जिल्ला पञ्चायत निर्वाचन गर्ने र जिल्ला पञ्चायतका सम्पूर्ण सदस्यहरू स्वतः नारायणी अञ्चल सभाको सदस्यहुनुको साथै उक्त सभाको माध्यमबाट जिल्ला पञ्चायत सदस्यहरूले आफूमध्येबाट राष्ट्रिय पञ्चायतमा एक जना प्रतिनिधि निर्वाचन गरी पठाउँछ।

बाराको जिल्लासभा कोषमा विभिन्न स्रोतबाट रकमहरू सङ्कलन हुँदै आएको छ र उक्त स्रोतहरू क्रमशः फेरिँदै पनि गइरहेका छन्। उदाहरणार्थ आर्थिक वर्ष २०२६।०२७ मा वीरगञ्ज – काठमाडौं सडकमा जाने ट्रक, भैंसी आदिमा कर लगाएर सालको पचासौं हजारको आम्दानी हुन्थ्यो तर उक्त कर लिन नपाइने भन्ने निर्णय भएपछि सो स्रोत बन्द भएको छ। २०२९।०३० सम्म चालू रहेका स्रोतहरूमा जिल्लामा भएका विभिन्न नदीहरूमा माछा मार्ने ठेक्का, हाड–सिङको ठेक्का, बाटो र चौपाया कर, ढुङ्गा बालुवा कर, घट्टकर, ट्रेक्टर चन्दा, नागरिकताको प्रमाण–पत्र सिफारिश चन्दा, मिलको लाइसेन्सको निम्ति सिफारिश चन्दा, रेडियो अनुमति पत्र दस्तूर, गाउँ पञ्चायत आम्दानीबाट प्राप्तहुने पांच प्रतिशत आदि हुन् र यिनीहरूबाट सो आर्थिक वर्षमा अन्दाजो ४० हजार जति आम्दानी भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँ पञ्चायतहरूको स्तरमा भएको गाउँ सभा कोषमा आम्दानीको स्रोत साधारणतः सीमित नै छ। यस जिल्लाको भवानीपुर जितपु पञ्चायतमा हप्तै पिच्छे ठूलो हाट लाग्दछ र त्यहाँ काठमाडौं ल्याइने राँगो, भैंसी विक्री हुन्छ। त्यस पञ्चायतमा उक्त चौपाया विक्री करबाट मात्र २०२९।०३० आर्थिक वर्षमा अन्दाजी ३९ हजार रूपयाँ उठेको थियो। यसैगरी वरियारपुर पञ्चायतमा पनि स-सानो हाट लाग्ने हुनाले त्यहाँ पनि वर्षको पाँच–सात हजार रूपैयाँ आम्दानी हुन्छ। कुनै कुनै पञ्चयातमा सालको ४०–५० रूपैयाँ मात्र पनि आम्दानी हुन्छ। तर जिल्लाका पञ्चायतहरूको सालको आम्दानी औसत एक हजार रूपैयाँ हुने अनुमान गरिएको छ।

स्थानीय विकास कार्यको क्षेत्रमा जिल्ला पञ्चायतको सहयोगमा गाउँ पञ्चायतहरूले स्थानीय जनतालाई फाइदा हुने विभिन्न स-साना विकास आयोजनाहरू सञ्चालन गर्दछन्। यसरी लिइने आयोजनाहरू खानेपानीको निम्ति इनार तथा ट्यूबवेल, सिंचाइको निम्ति इनार, नाली तथा पैन, विद्यालय भवन, पुल, पञ्चायत घर, पोखरी, सडक र अरू योजनाहरू जस्तै पुस्तकालय भवन, लैट्रिन आदिको निर्माण तथा मर्मत आदि हुन्। साधारणतः एउटा योजनाको निम्ति गाउँ पञ्चायतले ५० प्रतिशत र जिल्ला पञ्चायतले आफ्नो तथा श्री ५ को सरकारबाट प्राप्त गरेको अनुदान समेतबाट ५० प्रतिशत जतिको साधन उपलब्ध गराउँछ। यस प्रकारको अनुदानको निम्ति श्री ५ को सरकारबाट यस जिल्लामा लाखौं रूपैयाँको लगानी भइसकेको छ।

वर्गीय संगठन

यस जिल्लामा निम्निलिखित चार वर्गीय संगठनहरू छन्। जिल्ला कार्यकारिणी बाहेक तिनीहरू प्रत्येकको गाउँस्तरीय प्रारम्भिक समितिको संख्या, सदस्य संख्या पनि तल दिएइको छः–

संगठनको नाम	प्रारम्भिक समिति संख्या	जम्मा सदस्य संख्या
नेपाल किसान संगठन	४२	३७८
नेपाल महिला संगठन	१८	१६२
नेपाल भूतपूर्व सैनिक संगठन	११	९९
नेपाल युवक संगठन	४७	४२३

उपर्युक्त संगठनहरूले जिल्लामा विभिन्न किसिनको कार्यक्रमहरू समय समयमा सञ्चालन गर्दै आएका छन्। नेपाल युवक संगठनले यहाँ राष्ट्रिय सेवा दल, युवक अध्ययन केन्द्र, प्रौढ शिक्षा आदि कार्यक्षेत्रमा काम गरिराखेको छ। आर्थिक साधनको हकमा तिनीहरूसँग धेरै कम स्रोतहरू छन्। नेपाल युवक संगठनले नागरिकताको प्रमाणपत्र लिने फारम विक्रीबाट २०२९।०३० मा अन्दाजी चार सय रूपियाँ आम्दानी गरेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

विभिन्न क्षेत्र अन्तर्गत यस जिल्लामा सञ्चालन भइरहेका र भविष्यमा हुने विकास आयोजनाहरूका सम्बन्धमा माथि सम्बन्धित परिच्छेदहरूमा नै चर्चा गरिसकिएको छ। यहाँ आर्थिक तथा सामाजिक विकासको दृष्टिकोणले यस जिल्लामा उपस्थित विकासद्योतक तथा विकासनिरोधक तत्वहरूको चर्चा गर्नुको अलावा विकासको क्षेत्रमा यस जिल्लाको भविष्यको बारेमा केही अनुमान लगाउने प्रयन्न गरिएको छ।

माथि ठाउँ ठाउँमा चर्चा गरिए जस्तै यस जिल्लामा यातायातको विकासमा आफ्नो आवश्यकताभन्दा कम नै प्रगति भएको भए तापनि यहाँ त्रिभुवन राजपथ, महेन्द्र राजमार्ग, वीरगञ्ज-कलैया सडक र अरू कच्चिबाटोहरूको विस्तृत व्यवस्थाले गर्दा अरू जिल्लाको तुलनामा यहाँ यस क्षेत्रको निक्कै प्रगति भएको मान्नु पर्दछ। त्यसै गरी यहाँ उद्योग तथा अन्य यन्त्रहरूको सञ्चालनको निम्ति आवश्यक पर्ने विद्युत् शक्ति पनि बढ्दो क्षेत्रमा वितरण हुँदैछ। अहिले नै डिजेलबाट सञ्चालन हुने गरेको १७ वटा चामल कारखानाहरूको विद्युतीकरण भइसकेको छ। यसैगरी कृषि तथा उद्योगको क्षेत्रमा विकास गर्नुको मतलव कच्चा मालको आयातको साथै तयारी मालको निम्ति बजारको व्यवस्था हुनु आवश्यक हुन्छ। तर यो जिल्ला एकातिर काठमाडौं लगायत नेपालको विभिन्न भागहरूसँग सुगम यातायातबाट जोडिएको र अर्कोतिर भारतको सीमावर्ती जिल्ला भएको हुनाले कच्चा माल तथा बजारको दृष्टिकोणबाट पनि यस जिल्लाको स्थिति धेरै नै राम्रो मानिनु पर्दछ। वन पैदावरमा आधारित उद्योग अथवा अन्य व्यवसायको निम्ति पनि यस जिल्लाको आधा भू-भागलाई नेपाल अधिराज्यको राम्रोमध्येको जङ्गलले ढाकेको छ। तर यी सबैमाभन्दा पनि यस जिल्लाको अझ राम्रो स्थिति भएको क्षेत्र त यहाँको उर्वरा शक्ति भएको मलिलो माटोनै हो, जसबाट परम्परागत कृषि प्रविधि प्रयोग गरेर पनि वर्षको लाखौं मन खाद्यान्न बाहिर निकासी गरिंदै आएकोछ। त्यसमाथि खेती सम्बन्धी उपकरणहरू जस्तै मल, बीउ आदिको प्रयोगमा आधुनीकरण हुनासाथ उत्पादन कति बढ्न सक्यो भन्ने कुरा माथि कृषि सम्बन्धी परिच्छेदमा उल्लेख गरिसकिएको छ। उक्त खेतीमा पनि जति उत्पादन हुन सक्नु पर्ने हो त्योभन्दा धेरै कम हुँदा पनि कृषकहरूको निम्ति यो खेती एउटा प्रत्यक्ष लाभको स्रोत भइसकेको छ।

त्यस माथि पनि २०३० साल जेठदेखि स्थापित नारायणी सिचाइ विकास योजना अन्तर्गत गण्डकी पूर्वी नहरको निम्ति वितरण प्रणाली र जमीन मुनिको पानीलाई ट्यूबवेल प्रणालीद्वारा बारा, पर्सा र रौतहटमा वृहत सिचाइ योजनाको शुरूआत भएको छ। त्यसबाट छ वर्षको समयमा यस जिल्लाको मात्र १६,२०० हेक्टर (अर्थात् ३५,९२० बिघा) जगगामा सिचाइको सुविधा उपलब्ध हुने भएको छ। साथ यसै योजना अन्तर्गत नै किसानहरूलाई कृषि कार्यमा आवश्यक साधन एवं प्राविधिक सरसल्लाह प्रदान गर्ने तथा कृषि बजारको समुचित व्यवस्था समेत गर्ने कार्यक्रम छ। यो बाहेक श्री ५ को सरकारको विचाराधीन रहेको बागमती सिचाइ योजना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र तियर नदीको सिचाइ योजना पनि कुनै दिन कार्यान्वयनको स्तरमा आइपुग्नेछ। यसरी अहिले पनि कच्ची बाँध, कुलोहरू र कहीं कहीं ट्यूबवेलहरूको सहाराद्वारा सिचाइ क्षेत्रमा लाभप्रद स्थान ओगटेको बारा जिल्लामा यी माथि उल्लिखित सिचाइ योजनाहरूको कार्यान्वियन भएपछि सिचाइको क्षेत्रमा बारा जिल्ला सम्पूर्ण नेपाल अधिराज्यको नै एउटा नमूनाको जिल्ला हुनेछ भन्ने कुरामा कुनै शङ्का छैन।

यी सम्भावनाहरूको साथ साथै यहाँका बासिन्दाहरू तथा तिनीहरूको व्यवसायिक पृष्ठभूमि विकासको निम्ति अझ सहायक हुने छ। यहाँका बहुसंख्यक ग्वाला जातिका बासिन्दाहरूको खेती तथा पशुपालन सम्बन्धी अनुभव, चेरवन्त प्रगन्ना तथा अन्यत्रका मिहेनती तथा सीपयुक्त थारू कृषकहरू तथा सिम्रौन इलाकाका तरकारी उत्पादन गर्ने कृषकहरू नै यसको ज्वलन्त उदाहरण हुन्। तिनीहरूले उपयुक्त विकास कार्यक्रमबाट फाइदा उठाउन सक्नेछन्।

यस जिल्लामा शिक्षा प्रचारको कमी नै एउटा ठूलो बाधाको रूपमा खडा भएको छ। कुनै पनि विकासको निम्ति एक आपसमा ज्ञानको आदान–प्रदान हुनु आवश्यक छ र यसको निम्ति आधारशिला साक्षरता र शिक्षा नै हो। तर यस क्षेत्रमा यस जिल्लाको उपलब्धि सारै कम छ, जसको विषयमा माथि चर्चा गरिसकिएको छ।

यस जिल्लाको विकासमा अर्को ध्यान दिनुपर्ने कुरा जनसंख्याको वृद्धि हो। मृत्युभन्दा जन्मको दर बढी भएर र पहाड वा अन्यत्रबाट बसाइ सरिआएर जनसंख्या बढ्ने त छँदैछ, उता भारततिरबाट आएका मानिसहरू पनि गैर–कृषि कार्यमा लागेका छन्। २०२८ सालको यस जिल्लाको जनसंख्यामा नै पनि २,७७७ जना (पुरुष १,०८२ र महिला १,६९५) भारतीय नागरिकता भएका व्यक्तिहरू र १५५ जना एशियाका अन्य मुलुकका नागरिकता भएका मानिसहरू यस जिल्लामा बसेका पाइएका छन।

केही वर्ष यता आर्थिक क्षेत्रमा यस जिल्लामा भएको उल्लेखनीय परिवर्तनहरूमा रवी बालीको अत्यधिक प्रचार, नगदेबालीमा उखु खेतीको व्यापक प्रचार र साथै औद्योगिक क्षेत्रमा चामल तथा तेल कारखानाको स्थापना नै मात्र उल्लेख गर्न सकिन्छ। सीमानाको हिसाबले हिमालय आयरन एण्ड स्टील कारखाना र यस्तै एक दुई वटा अरू उद्योगहरू यस जिल्लामा परे तापनि यिनीहरूको वास्तविक अवस्थिति त्रिभुवन राजपथको दायाँ बायाँ नै पर्दछ र निसन्देह यो वीरगञ्जको प्रभाव क्षेत्रमा पर्दछ। तसर्थ औद्योगिक विकासको दृष्टिकोणले विचार गर्दा वीरगञ्जले यातायात, विद्युत् शक्ति, बजार र अन्य सहायक व्यवसायिक प्रतिष्ठानको उपस्थितिको कारणले जुन लाभको स्थान प्राप्त गरेको छ त्यो पर्सा, बारा र रौतहटको सम्पूर्ण इलाकामा त्यससित तुलना गर्न सकिने अरू स्थान छैन। त्यसैले यस इलाकाको विकासको विचार गर्दा वीरगञ्जलाई नै मात्र एक औद्योगिक केन्द्रको रूपमा विकास हुने सुविधा प्राप्त छ र पर्सा जिल्लाको अरू भू-भाग र बारा जिल्लाको विकास यस पृष्ठभूमिमा मात्र सम्भव छ। अतः बारा जिल्लामा मुख्यतया कृषि सम्बन्धी विकासको निम्ति नै अनुकूल वातावरण तयार छ र यसबाट उत्पादन हुने कच्चा पदार्थ वीरगञ्जको औद्योगिक क्षेत्रले उपयोग गर्न सक्दछ। यस प्रकारको आपसी निर्भरतामा आधारित सम्बन्ध वीरगञ्जको चीनी कारखाना र बारा जिल्लाको तीन हजार हेक्टरभन्दा बढी इलाकामा उत्पादन हुने उखु बालीले अहिले नै देखाइसकेको छ। त्यसैले यस प्रकारको सम्बन्ध उखु र धानमा मात्र सीमित नरही अन्य कृषि उत्पादनतिर पनि बढ्न सक्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्सा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय – सूची

परिचय	११४५
प्राकृतिक स्वरूप र सम्पदा	११४७
ऐतिहासिक पृष्ठभूमि	११५३
प्रमुख स्थानहरू	११५७
जनसंख्या र जनजीवन	११५९
आर्थिक व्यवस्था	११६४
यातायात, सञ्चार र बिजुली	११८६
शिक्षा, स्वास्थ्य तथा खानेपानी	११९२
प्रशासन र पञ्चायत	११९७
उपसंहार	१२०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

पर्सा जिल्ला नेपालको मध्य क्षेत्रको प्रमुख प्रवेशद्वार हो। यो काठमाडौं उपत्यकाको अन्तर्राष्ट्रिय आवत-जावत र निकासी–पैठारीको लागि मूल स्थलमार्ग बनेको छ। यो जिल्ला देशको औद्योगीकरण, वाणिज्य र व्यापारका क्षेत्रमा शुरूदेखि नै विशेष भूमिका खेल्दै औद्योगिक र व्यापारिक विकासको लागि देशको अन्य भागलाई पनि प्रेरणा दिइआएको भूमि हो। यो राजस्वको पनि एक प्रमुख स्रोतको रूपमा रहेको छ। यस जिल्लाको व्यापार सम्बन्ध मध्यमाञ्चल विकास क्षेत्रका जिल्लाहरूसँग मात्र सीमित नरही यसले देशको अन्तर्राष्ट्रिय व्यापार क्षेत्रमा पनि विस्तृत भूमिका खेलेको छ। यो जिल्ला यातायात, सञ्चार, बिजुली, स्वास्थ्य सेवा, खानेपानी सुविधा जस्ता जनजीवन र विकासका आधारहरू र आर्थिक एवं सामाजिक सेवाहरू विकसित हुँदैआएका देशका प्रमुख क्षेत्रहरूमध्येको पनि एक हो। यो जिल्लाको साक्षरता दर नेपाल अधिराज्यको औसत साक्षर दरभन्दा बढी छ।

केही पूर्वी तराई, मध्य भित्री मधेश र केही पहाडी भू-भागमा रहेका नारायणी अञ्चलका जिल्लाहरू-मध्ये यो जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको एक एकाईको रूपमा रहेको छ। देशका प्रख्यात शहरहरूमध्येका वीरगञ्ज शहर यसै जिल्लामा अवस्थित छ। नारायणी अञ्चलको अस्थायी सदरमुकामको अतिरिक्त यसै जिल्लाको सदरमुकामको रूपमा रहेको यो शहर जिल्लाको विकसित क्षेत्र हो।

पर्सा जिल्ला नेपालको पूर्वी तराई प्रदेशको पश्चिम भागमा अवस्थित छ। यस जिल्लाको लम्बाइ उत्तर-दक्षिण करीब ४५ किलोमिटर (२८ माइल) र चौडाइ पूर्व-पश्चिम करीब १३ किलोमिटर (आठ माइल) छन्। यो जिल्ला २७° देखि २७°२६' उत्तरी अक्षांश र ८४°८' देखि ८४°२७' पूर्वी देशान्तरको बीचमा रहेको छ। यो जिल्ला समुद्र सतहबाट करीब १२२ मिटर (४०० फीट) को उचाइमा रहेको छ। यो जिल्ला उत्तर-दक्षिण लाम्चो र पूर्व-पश्चिम चौडा भई साधारणतः चारपाटे आकारको देखिन्छ।

पर्सा जिल्लाको सीमाना उत्तरमा नारायणी अञ्चलको मकवानपुर जिल्ला, दक्षिणमा भारतको बिहार राज्यको चम्पारन जिल्ला, पूर्वमा नारायणी अञ्चलको बारा जिल्ला र पश्चिममा नारायणी अञ्चलकै चितवन जिल्ला र भारतको बिहार राज्यको चम्पारन जिल्लासँग जोडिएको छ। यो जिल्लामा सिद्धमदार, पूर्वमा नौरङ्गी गयातर्फ जगतपुर र पश्चिममा नौरङ्गी गयातर्फ बलुवा सोह्र हजार रिमुपारी नामक थुमहरू समाविष्ट छन्। यसको क्षेत्रफल १,२०,३०० हेक्टर (करीब १,२०३ वर्ग किलोमिटर) छ। नगर पञ्चायत लगायत ८३ पञ्चायतहरूमा विभाजित यो जिल्लाको जनसंख्या २,०२,१२३ छ।

पर्सा जिल्लाको नामाकरणको ऐतिहासिक पृष्ठभूमि घतलाग्दो छ। ई. सं. १७०७ मा वर्तमान पर्सा जिल्लाको माझको महुवनमा मकवानी राजा माणिक्य सेनबाट स्थापित पारसनाथको मठका नामबाट, इतिहासकार बाबुराम आचार्यका अनुसार, यो जिल्लाको नाम पर्सा रहन गएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ई. सं. १७०७ (वि. सं. १७६४) मा पर्सा इलाका सनेतको शासन चलाइराखेका मकवानपुरका राजा पाल्पाली सेनवंशी माणिक्य सेन (जो सोही वर्षमा नै मकवानपुरको पैतृक राजगद्दीमा बसेका थिए) ले आफ्ना राज्य क्षेत्रभित्रका पर्साको माझतिर पर्सागढीको बाटो खोलेपछि पारसनाथको शिवलिङ्ग स्थापना गरी ठूलो मठ बनाइदिएका थिए। यसै बखत उक्त पारसनाथको मठको निमित्त तीन मौजा सन्यासी भोदुनाथ गिरीलाई दिइएको थियो। त्यो मठ आजसम्म पनि चालू छ। यस मठको नजीकै बनेको पर्सागढीका खण्डहरू आज पनि विद्यमान छन्।

त्यस बखत कान्तिपुर (काठमाडौं) मा पशुपति महादेवको दर्शन गर्न जाने यात्रुहरूलाई बास उपलब्ध गराउने उद्देश्यले नै यहाँ पारसनाथको स्थापना गरिएको थियो। पश्चिम बिहारका यात्रुहरू शिवरात्रिमा पशुपतिको दर्शन गर्न जान यो बाटो भई आउँदा उक्त पारसनाथको मठमा मुकाम गर्दथे। उस बखत पर्सागढीबाट चन्द्रागिरिसम्मको जङ्गल र पहाडको मार्ग पार गर्दै मकवानपुरको बाटो गरी कान्तिपुर पुग्नु पर्दथ्यो। यो बाटो कठीन नै मानिन्थ्यो। त्यसैले पारसनाथ मठसम्म आइपुगेको पशुपति दर्शनाभिलाषी यात्रीहरू पनि सबै पशुपति दर्शन गर्न कान्तिपुर जान सक्दैनथे। यिनमध्ये बलिया यात्रीहरू पशुपतिनाथको दर्शन गर्न कान्तिपुर जान्थे भने निर्धाहरू पारसनाथ दर्शन गरी सोही मठबाटै फर्कन्थे। यसरी शिवरात्रिका यात्रुहरूमा कोही पारसनाथका मठबाट र कोही पशुपतिनाथका मन्दिर पुगी फर्कने गरेकोले, पश्चिम बिहारमा पारसनाथ र पशुतिनाथलाई एकै देउता सम्झन्थे। यी यात्रुहरू पशुपतिको कालो पत्थरको मूर्ति देखेर यो पशुपति पनि पारस पत्थरको मूर्ति हो भन्ने ठान्थे र पर्साका पारसनाथ र कान्तिपुरका पशुपतिनाथलाई उसबेला एकै समान पुकार्दथे भनिन्छ। पारसनाथको नामाकरण गोरखा "नाथ" को प्रभावबाट भएको र यसैको प्रभावले पशुपति महादेवलाई पशुपति नाथ र "स्यंगु" भन्ने गरिएको मध्ययुगको "समयेंगू" बिहार पनि स्वयम्भूनाथ भन्ने गरियो। यसरी पारसनाथको ज्यादातर प्रभाव परेको फलस्वरूप नै यस जिल्लाको नाम पर्सा हुन गएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

भौगोलिक बनावट

भौगोलिक बनावटको दृष्टिकोणबाट यस पर्सा जिल्लालाई निम्न तीन भागमा विभाजन गर्न सकिन्छः–

१. उत्तरको चुरे डाँडा
२. मध्यभागको भावर प्रदेश
३. दक्षिणको समथर भूमि

उत्तरको चुरे डाँडा

पर्सा जिल्लाको उत्तरी भागमा अवस्थित चुरे पर्वतमालाको फैलावट पूर्व-पश्चिम दिशामा रहेको छ। पूर्णतः बालुवा, फोस्रो माटो र शेलबाट बनी प्राकृतिक जलोत्सारणको कारण जङ्गलले ढाकिएको यो चुरे पर्वतमाला यस जिल्लामा समुद्र सतहबाट ३८४ मिटर (१,२५६ फीट) देखि ९२८ मिटर (३,०४५ फीट) सम्मको अग्लाइमा छ। भारतमा शिवालिक भनिने चुरे पर्वतमालाको भाग यस जिल्लाको अमूल्य वन सम्पदा हो।

मध्यभागको भावर क्षेत्र

यस जिल्लाको मध्य भागको क्षेत्र भावर वा चारकोसे झाडी हो। यो झाडी उत्तरबाट दक्षिणतर्फ भिरालो पर्दै आएको छ। बालुवा, कंकड र ढुङ्गाहरू र प्राकृतिक जलोत्सारणले भरिपूर्ण भएको यो चारकोसे झाडी उष्ण हावापानीका रूखहरू भएको घना जङ्गलको रूपमा रहेको छ। यो चारकोसे झाडी (जङ्गल) यहाँ धेरै फाँडिएको छैन। यसको दक्षिणी किनारमा र पश्चिमतिरको कुनामा केही फडाँनी भई आवादी भएको छ। यस भावर क्षेत्रमा साल, सिसौ, साज, खयर आदिको अग्ला अग्ला वृक्ष र धेरै किसिमका जङ्गली जीवजन्तु छन्।

दक्षिणको समथर भूमि

यस जिल्लाको तेस्रो किसिमको जमीनको स्वरूप समथर भूमि हो। यो भूमि (तराईको मैदान) चारकोसे झाडीको दक्षिणी भागमा पर्दछ र पूर्वी सीमानादेखि पश्चिम सीमानासम्म फैलिएको छ। यस जिल्लाभित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्ने भावर प्रदेशभन्दा समथर भाग नै दक्षिण र पश्चिममा भारतका बिहार राज्यको चम्पारन जिल्लाको सीमाना-सम्म फैलिन पुगेको छ। यो जिल्लाको समथर भूमि समुद्र सतहबाट १३७ मिटर (४५० फीट) भन्दा बढी उचाइको छैन। यो समथर भूमि यस जिल्लाको अति मूल्यवान कृषि भूमि हो। यहाँका उद्योगहरू पनि यसै भागमा पर्दछन्।

हावापानी

यो जिल्ला अर्ध-उष्ण मनसुनी हावापानीबाट प्रभावित छ। यहाँ मुख्यतः तीन ऋतुहरू पाइन्छन्। हिउँद (कात्तिक-फागुन) मा चिसो हुन्छ र प्रायः वर्षा पनि हुने गर्छ। पूर्व बर्षात ऋतु (फागुनदेखि वैशाख, जेठसम्म) मा गर्मी हुन्छ र मेघ गर्जन्छ। मनसुन वा बर्षात (जेठ, असारदेखि असोजसम्म) मा न्यानो र आर्द्रता युक्त हुन्छ र यसै अवधिमा वार्षिक वर्षाको ८० प्रतिशत वा सोभन्दा बढी वर्षा हुने गर्छ।

यस जिल्लाको एक मात्र मौसम अवलोकन केन्द्र परवानीपुरमा छ। उक्त केन्द्रद्वारा अभिलेख गरिएको सन् १९७० को बाह्रै महीनाको ताथक्रम निम्न तालिकामा दिएइको छः—

तापक्रमको तालिका (सेन्टिग्रेडमा)

महीना	औसत अधिकतम	औसत न्यूनतम
जनवरी	२३.५	८.१
फेब्रुअरी	२५.१	८.९
मार्च	३१.१	१३.७
अप्रिल	३७.४	२०.४
मे	३८.२	२४.४
जून	३३.४	२४.७
जुलाई	३२.८	२६.०
अगष्ट	३३.१	२७.१
सेप्टेम्बर	३२.१	२४.७
अक्टोबर	३२.७	२०.८
नोभेम्बर	२९.६	१२.८
डिसेम्बर	२५.६	७.९
वार्षिक औसत	३१.३	१८.२

उपर्युक्त तालिका बमोजिम यस जिल्लामा औसत न्यूनतम तापक्रम ७.९° सेन्टिग्रेड डिसेम्बर महीनामा र औसत अधिकतम तापक्रम ३८.२° मे महीनामा भएको देखिन्छ।

उक्त सालको बाह्रै महीनाको वर्षाको अभिलेख निम्न लिखित तालिकामा देखाइएको छः—

वर्षाको तालिका (मिलिमिटरमा)

महीना	परवानीपुर केन्द्र (१०० मिटर)	महीना	परवानीपुर केन्द्र (१०० मिटर)
जनवरी	१८.८	जुलाई	५७०.६
फेब्रुअरी	२४.८	अगष्ट	३५७.०
मार्च	१७.०	सेप्टेम्बर	४०३.६
अप्रिल	३१.२	अक्टोबर	०.०
मे	३२.४	नोभेम्बर	०.०
जून	३०५.२	डिसेम्बर	०.०
		वार्षिक जम्माः—	१,७६०.६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नदीनालाहरू

चुरे पर्वतमालाबाट निस्केका स-साना नदीहरू नै यस जिल्लाका प्रमुख नदीहरू हुन्। जिल्लाका मुख्य नदीहरू उरिया, भकहरिया, सिकटा, गङ्गोल, नौरङ्गी, तिलावे, पाण्डु, सिर्सिया हुन्। यिनै नदीहरूले गर्दा यहाँ बर्षको दुई बालीको लागि सिचाइको प्रबन्ध सम्भव भएको छ। तिलावे नदीमा बाँध बाँधी सिचाइको प्रवन्ध गरिएको छ। यो नहर जिल्लाको मुख्य नगदे बाली उखुको उत्पादनमा सहायकसिद्ध भएको छ।

उरिया नदी

उरिया नदी चुरे पर्वतमालाबाट उत्पन्न भएको भकहरिया नदीबाट बगेको पानीले नै सिर्जना भएको देखिन्छ। जिल्लाको पश्चिम सीमानातर्फ रहेको यो नदी जिल्लाको पश्चिम भाग हुँदै दक्षिणतर्फबाट नाघ्दै भारतको सीमानातर्फ बग्दछ।

भकहरिया नदी

यो नदी जिल्लाको उत्तरी भेकबाट बगी उरिया नदीसित मिसिएको छ।

सिकटा नदी

दुई फ्याक हुँदै बगेको यो सानो नदी जिल्लाको दक्षिणी भागमा बग्दछ।

गङ्गोल नदी

जिल्लाको मुख्य नदीहरूमध्ये एक गङ्गोल नदी हो। यो नदी चुरे पर्वतबाट बग्दै जिल्लाको दक्षिणी घोरे पञ्चायतको सीमाना छुट्टयाउँछ। यो नदी बीच बीचमा हाँगा बिंगाको रूपमा बग्दै दक्षिणतर्फ पुगेपछि ठूलो रूप लिन्छ।

नौरङ्गी खोला

यो खोला जिल्लाको लखनपुर, गोविन्दपुर पञ्चायत हुँदै दक्षिणतिर बग्दछ।

तिलावे नदी

जिल्लाको यो अति महत्वपूर्ण नदी हो, जसबाट सिचाइको काम पनि लिइएको छ। यो तिलावे नदी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिलुक नदी, सिन सिपाही नदी, पाण्डु नदीसँग मिसिएको छ ।

सिर्सिया नदी

वीरगञ्जको पश्चिमी किनारबाट बगेको यो नदीबाट पनि सिचाइको व्यवस्था गरिएकोले आर्थिक दृष्टिकोणबाट यो नदी महत्वपूर्ण छ ।

तालहरू

यहाँ बञ्जारी, गर्दौल, घरीहर्वा, भेलाहा, रामनगरी, सहुवनमा तालहरू छन् । बञ्जारीको ताल सबैभन्दा ठूलो छ ।

प्राकृतिक वनस्पति

वन सम्पदाको दृष्टिकोणले यो जिल्ला निक्कै महत्वपूर्णको छ । यहाँ चुरे पर्वतमालातर्फको वनको अतिरिक्त चारकोसे झाडी वा भावर प्रदेशको पनि वन छ । यहाँ वर्षा साधारणतः बढी हुन्छ र वन सम्पदाको लागि यो प्रदेशमा माटो लगायत अन्य वातावरण उपयुक्त मानिन्छ । यहाँ आर्थिक दृष्टिकोणले महत्वपूर्ण खालका रूखहरू पाइन्छन् र मूल्यवान जरीबूटी पनि पाइन्छन् । यहाँका विभिन्न किसिमका काठ, जरीबूटी जस्ता वन सम्पदा एकातिर निकासी भई त्यसबाट विदेशी मुद्राको आर्जन भइराखेको छ भने अर्कोतिर त्यस्ता वन सम्पदा स्थानीय कत्था तथा सलाई कारखाना जस्ता वनमा आधारित उद्योगहरूको लागि प्रमुख औद्योगिक कच्चा पदार्थको रुपमा प्रयोग भइरहेको छ । यहाँको वन सम्पदामध्ये असल जातका काठहरू विदेशमा निकासी हुन्छन् । साथै बिभिन्न प्रकारका जरीबूटी भारत लगायत समुद्रपारका देशहरूमा पनि निकासी हुँदैगरेको छ । यहाँबाट भारत निकासी हुने पदार्थमध्ये लकडी निकासीको स्थान महत्वपूर्ण छ । वास्तवमा यहाँको वन सम्पदाले यस जिल्लाको अर्थ व्यवस्थामा मात्र होइन राष्ट्रिय अर्थ व्यवस्थामा पनि खास योगदान पुऱ्याउदै आएको छ र पुऱ्याउदै जाने आशा गर्न सकिन्छ ।

वन सीमाना

यस जिल्लाका वन सीमानाहरूको सीमाङ्कन जिल्ला सीमाना अनुरूप गरिएको छैन । यहाँ प्रशासनिक तथा वैज्ञानिक दुवै दृष्टिकोणबाट वन सीमाङ्कन भइरहेको छ । नारायणी अञ्चलको लागि वीरगञ्जमा रहेको प्रधान वन कार्यालय अन्तर्गतको वसन्तपुर वन कार्यालय र औरहर वन कार्यालयका सीमानाहरू यस जिल्लाको वन सीमानाको अधिकांश भाग हुन् । तर ती सीमानामा चितवन जिल्लाको केही भाग परेको छ ।

वनको प्रकार र वनको पैदावारः–वनको प्रकार, पाइने रूख र अन्य वन पैदावारको दृष्टिकोणबाट यस जिल्लामा मुख्यतः निम्न चार प्रकारका वन छन् ।

सालः–यस वनमा पाइने मुख्य रूख साल अथवा सखुवा हो । यस अतिरिक्त यस वनमा असला, कर्मा, जामुन, टिकुल, बोटधमेरो आदि रूखहरू पनि पाइन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुकाठः—यस वनमा मुख्यतः कर्मा, टिकुल, जामुन, सिमल, सतिसाल, बोटधमेरो, हर्रो बर्रो, कालीकाठ, महमारी जातका रूखहरू बढी पाइन्छन् तर सालको रूख भने ज्यादै कम छन्।

खयर, सिसौः— यस वनमा खयर र सिसौ जातका रूख ज्यादातर छन्। यसमा सिमल जातको रूख पनि पाइन्छ।

चीर (खोटे सल्लो) र सालः—यस वनमा खासगरी सल्लाको रूख र कमसल खालको सालको रूख पाइन्छ।

यहाँको वनमा पाइने अन्य जातका मुख्य रूखहरू निम्न हुन्:—

अमलतास, अमला, अमारो, अमलदाकी, बेल, अलयो, भुडकुल, भद्रसी, वांगीकाठ, हतिवन, चिलाउने इत्यादि विभिन्न थरीका रूखहरू पाइन्छन्। यी बाहेक चपलास, च्याउरी, चाला, धाक, दोमसाल, गुलर, दबदबे, घउ, फिरफिरे, पहमार, गायो, गोकुल, हर्रो, हात्ती पाइले, इम्ली, झिग, झिगन, कहनार, कालो सिरिस, सेतो सिरिस, कुसुम, कुरिदे, काभ्रो, लाम्पाती, सिन्दूरे, सादन, तांतरी, टुन, टेदु पनि पाइन्छन्।

यहाँको वन जङ्गल सीमानाभित्र पाइने मुख्य वन पैदावार निम्न हुन्:—काठ-पात, जरा, मह, मैन, कूचो, फल, बोक्रा, छाला, प्वाँख, कोइला, ढुङ्गा, बालुवा, घाँस, जरीबूटी, झ्याउ, च्याउ, हाड, सीङ आदि।

यहाँ पाइने "साल" जातको काठ भवन निर्माण जस्तो प्रयोजनको लागि प्रयोग हुन्छ। यसको उपयोगिता रेलवे स्लीपर निर्माणको निमित्त अति नै महत्वपूर्ण छ। यो काठको देशभित्र र देश बाहिर खासगरी भारतमा ठूलो बजार रहेको छ।

यहाँ पाइने सिसौ र कर्मा जातका रूख खासगरी फर्निचर बनाउने काममा प्रयोग हुन्छन्। साथै खयर जातको काठबाट कत्था निकालिन्छ र खाने पानमा ज्यादातर प्रयोग गरिन्छ। कत्था औषधोपचारको लागि पनि प्रयोग गरिन्छ। यहाँ रहेका खयरका रूखबाट यस जिल्लास्थित कत्था कारखानालाई पर्याप्त कच्चा पदार्थ उपलब्ध हुन्छ। यसको निकासी वैदेशिक मुद्रा आर्जनको स्रोत पनि हो। यहाँ पाइने सिमल र लाटीकर्मा जातका काठ यहाँ रहेको जुद्ध मैच फ्याक्टरीबाट सलाई बनाउने काममा पनि प्रयोग गरिएको छ। वास्तवमा यहाँ पाइने सबै किसिमका काठहरूको बजार क्रमिक रूपमा बढ्दै गएको छ।

पशु-पक्षी

यहाँको वन इलाकामा पाइने जङ्गली जनावरमा मुख्य बाघ, भालू, चितुवा, वन बिरालो, स्याल, फ्याउरो, घोडगधा, जरायो, चित्तल, बँदेल, चौसिंगा, दुम्सी, खरायो, अजिङ्गर, गोमन, गोही इत्यादि हुन।

यहाँ पाइने मुख्य चरा चुरुङ्गीहरू लुईंचे, कालीज, लामपुच्छरे, चिवे, गौंथली, हुचील, हुटिटचाउ, इन्द्रधनुष चरा, कुर्ले ढुकुर, तामे ढुकुर र जङ्गली परेवा इत्यादि हुन्।

यो वन इलाका जङ्गली जीव जन्तुको शिकारको लागि प्रतिबन्धित क्षेत्र हो। केही पशुपक्षीहरू बाली संरक्षणको लागि कीटाणुनाशक औषधि छरिएको बाली खाएर मर्ने गरेको पाइन्छ। प्राकृतिक साधन भएकोले वन जन्तु संरक्षण कार्यको लागि वन विभाग अन्तर्गत वन जन्तु संरक्षण र शाही निकुन्ज कार्यालय खडा भइरहेको छ। शिकार खेल्न विल्कुलै मनाही गरिएको यस जिल्लामा वन संरक्षण पहरा (गार्ड) बाट त्यसको नित्य रेखदेख गर्ने काम हुने गरेको छ। जङ्गलमा धेरैजसो जन्तुहरू देशको नै महत्वपूर्ण हुनुको अतिरिक्त दुर्लभ प्राकृतिक साधन भएकोले यिनको संरक्षण हर क्षेत्रबाट हुनु अत्यावश्यक छ।

वन संरक्षण गर्ने सिलसिलामा २०१६ स.लमा यहाँ वन सीमानाको सर्भेक्षण कार्य शुरू भई २०१९-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०२० मा समाप्त भएको थियो र २०२६ सालमा केही हदसम्म फेरि वनको सीमाङ्कन गरिएको थियो। यहाँ सशस्त्र वन संरक्षकहरूद्वारा वनको रेखदेख हुने गरेको छ। यहाँ केही वन पथहरू छन्। यी वनपथ र वन सीमानाका खम्बाहरूको स्याहार सम्भार हुँदै गरेको छ। यहाँ वन योजना अन्तर्गत अग्नि संरक्षण रेखाको काम पनि चालू छ। वन फँडानी गरी बसोबास गर्नेलाई उठाइसकेको क्षेत्रभित्र वृक्षरोपण कार्य प्रारम्भ गरिएको छ। आर्थिक वर्ष २०३०।०३१ मा वृक्षरोपणको लक्ष्य १,००० एकड जमीनमा गर्ने रहेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

वर्तमान पर्सा जिल्ला र यसका नजीकका क्षेत्रहरू खासगरी बारा र मकवानपुरमा घटेका महत्वपूर्ण ऐतिहासिक घटनाहरूबाट यस जिल्लाको इतिहास निर्माण हुन्छ। मध्य कालमा यो भू-भाग खासगरी कर्णाट वंश र पालपाली सेन वंशका राजाहरूको अधीनमा रहेको थियो। सन् १७६२ मा पृथ्वीनारायण शाहबाट यो जिल्लाको भू-भाग समेत विशाल नेपालमा सम्मिलित गराइयो। त्यसबेलादेखि नै यो जिल्ला नेपाल अधिराज्यको अभिन्न भू-भागको रूपमा रहेको छ। यहाँ भएका महत्वपूर्ण ऐतिहासिक घटनाहरू यहाँ संक्षिप्तमा प्रस्तुत गरिएको छ।

ई. सं. १०९७ मा दक्षिण भारतका कर्णाट वंशका राजा नान्यदेवले तिरहुँत राज्यको राजधानीको रूपमा वर्तमान बारा जिल्लाको सिमरौनगढ (सिमरा वन गढ) कायम गरी शासन चलाएका थिए। त्यसबेला वर्तमान पर्सा जिल्लाको भू-भाग पनि सिमरौनगढ सितै आबद्ध रहेको थियो। यसैले यो पर्सा इलाका पनि यिनै राजा नान्यदेवको अधीनमा रहेको स्पष्ट हुन्छ। यहाँका बासिन्दाहरूलाई दोय भनी गोपालराजवंशावलीमा उद्धरण गरिएको छ। ती दोयहरूले काठमाडौं उपत्यकामा बराबर हमला गरेका थिए।[1] यस प्रकारका हमला हुनुको कारण काठमाडौं उपत्यकामा रहेको राजपरिवारमा एकता नहुनु हो। तर राइटद्वारा सम्पादित वंशावलीमा नान्यदेवले काठमाडौं उपत्यका हमला गरी विजय प्राप्त गरे भनी लेखिएको छ।[2] यो कुराको ऐतिहासिक प्रमाण छैन। राजा नान्यदेवका सन्तान रामसिंहको समयमा सन् १२३४ मा बुद्ध धर्मावलम्बी धर्मस्वामीले तिरहुँत राज्यमा यात्रा गरेका थिए।[3] धर्मस्वामीको अनुसार यो राज्य दक्षिणमा गङ्गासम्म फैलिएको थियो।

नान्यदेवको शेषपछि क्रमशः गङ्गादेव, नरसिंहदेव, रामसिंहदेव, शक्तिसिंहदेव, भूपालसिंहदेवले राजकाज चलाएका थिए। ई. सं. १३२४ मा राजा हरिसिंहदेवले भने सिमरौनगढमा नै शासन गर्दै रहेका थिए। यसै वर्ष दिल्लीका तुगलक वंशी सुल्तान गयासुद्दीनले सिमरौनगढ माथि पनि हमला गरेका थिए। यस संघर्षमा तत्कालीन सिमरौनगढका राजा हरिसिंहदेव सुल्तानबाट पराजित भई सपरिवार सिमरौनगढबाट भागी तीन पाटनमा पुगे। तीन पाटनमा नै हरिसिंहदेवको मृत्यु भयो।[4]

दिल्लीका सुल्तानबाट सिमरौनगढमाथिको हमलाको फलस्वरूप सिमरौनगढको आफ्नो पैतृक सिंहासनबाट हरिसिंहदेव च्युत मात्र भएनन् बल्कि उक्त कर्णाट वंशी राजाको अधीनबाट पर्सा लगायत सिमरौनगढ क्षेत्र

---

१. धनवज्र वज्राचार्य (सं.)-दोयहरू को हुन् ? पूर्णिमा, पूर्णाङ्क ४, पृष्ठ २०–३१

2. Wright, D. (ed.)-History of Nepal, p. 100

3. Roerich, G. (trans.)-Biography of Dharmaswamin, pp.57-60 and 98-100

४. गोपालराजवंशावली, पृष्ठ ४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अलग्ग हुन पुगे। साथै यस बखत उक्त सुल्तानले यस क्षेत्रका प्रशस्त हिन्दूहरूलाई मुसलमान बनाए। पर्सा जिल्लाका एक थरी मुसलमानहरू आफ्नो थर ठकुराई लेख्छन् र यिनीहरू धर्म परिवर्तन गरिएका हिन्दू क्षेत्री हुन् भन्ने कुरामा विश्वास गरिएको पाइन्छ।

दिल्लीका सुल्तानले सिमरौनगढमाथि आफ्नो कब्जा जमाइसकेपछि सिमरौनगढमा कसको शासन रह्यो
भन्ने कुरामा विभिन्न मतहरू रहेको देखिन्छ। सुल्तानको यसै आक्रमणको वर्णन गर्दै प्रशिद्ध मुसलमान इतिहास-
कार फिरिस्ता लेख्छन्: यस आक्रमणबाट सुल्तानलाई निकै ठूलो धन दौलत हात लाग्यो। तिरहुँतको शासन
मालिक तुल्लिघका छोरा अहमद खाँको जिम्मा छोडी सुल्तान दिल्ली फर्के। अर्को मतअनुसार सुल्तानबाट
हरिसिंहदेव पराजित भएर काठमाडौं उपत्यका पसेपछि यिनै सुल्तानले आफ्नो ब्राह्मण मन्त्री महेश्वर ठाकुरलाई
यस क्षेत्रको (मिथिलाको) राजा बनाए। त्यसपछि सुगौना राजवंशको स्थापना भयो। यस वंशमा पछि शिवदेव
राजा भए। तर यस बारेमा ऐतिहासिक तथ्य पत्ता लगाउन अरू शोध कार्य गर्नु आवश्यक छ।

सिमरौनगढ क्षेत्रमा कर्णाट वंशको शासनाधीन रहेको पुग नपुग दुई शताब्दी पुग्ने समयतिर यो क्षेत्र
(पर्सा लगायत) को शासन पाल्पाली सेनवंशी राजाहरूको हातमा रहन गयो। पाल्पाका राजा मुकुन्द सेन
(प्रथम) को राज्य-काल (ई. सं. १५१८–१५५३)मा उनको राज्य विस्तार गर्ने अभियानको सिलसिलामा
उनका कान्छा छोरा लोहाङ सेनले पर्सा क्षेत्र सहित कोशी क्षेत्र दखल गरेका थिए। मुकुन्द सेन (प्रथम) को विस्तृत
राज्य उनका सन्तानहरूमा विभाजित हुँदा पर्सा लगायतको भू-भागका राजा लोहाङ सेन भए। एवं प्रकारले सेन
वंशकै हातमा यस भू-भाग समेतको शासन रहँदैआयो। लोहाङ सेन पछि यिनकै सन्तान दरसन्तान यस क्षेत्रको
समेत राजा हुँदैआए। यसै क्रमले कोशी क्षेत्रमा सोही सेन वंशका राघव सेन र हरिहर सेन राजा भए। हरिहर
सेनको पालामा उनका चार जना छोराहरूका बीचमा पैतृक राज्यको निमित्त ठूलो कलह भएको थियो।
अन्ततोगत्वा आफ्नो राज्यको कोशीभन्दा पश्चिमको भाग आफ्ना कान्छा छोरा शुभ सेनले पाए। पर्सा लगायत
यस क्षेत्रको राजा शुभ सेन भए।

इतिहासकार बाबुराम आचार्यका अनुसार पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्ने कार्य
आरम्भ गर्नुभन्दा ३७ वर्ष पहिले शुभ सेनका दुई छोराका बीच विजयपुर र मकवानपुरका ठकुराईको
बण्डा हुँदा तौंतरप्रगन्नाभित्र परेको कोशी नदीदेखि पश्चिमपट्टिको तलहट्टी र भावरमा परेका पर्सासम्मका
जिल्ला मकवानपुरको ठकुराईमा परेका थिए। शुभ सेनको मृत्यु भएपछि उनका कान्छा छोरा
माणिक्य सेन (मानिक सेन) ले कमला नदीदेखि पश्चिमको राज्य पाएका थिए। ई.सं.१७०७ (संवत् १७६४)मा
उनी मकवानपुरको राजा भएका थिए। त्यस बखत पनि मकवानपुर क्षेत्रमा नै पर्सा सम्मिलित थियो। इतिहास-
कार बाबुराम आचर्यको अनुसार यिनै मकवानी राजा माणिक्य सेनले आफ्ना शिरमा मुकुट आएकै वर्ष संवत्
१७६४ मा अचेलको पर्सा जिल्लाको माझमा पारसनाथको शिवलिङ्गको साथै मठ स्थापना गरेका थिए। यो
पारसनाथको मठ र कसरी यसैको नामबाट पर्सा जिल्लाको नामाकरण भयो भन्ने कुराको परिचयमै उल्लेख
भइसकेको छ।

बीस वर्ष शान्तिपूर्वक राज्य गरिसकेपछि मकवानी राजा माणिक्य सेनको मृत्यु भयो। माणिक्य
सेनको शेष पछि उनका जेठा छोरा हेमकर्ण सेन मकवानपुरको आफ्नो पैतृक गद्दीमा बसे। यसरी मकवानी
राजा हेमकर्ण सेनले पनि पर्सा क्षेत्रमा शासन चलाउन पुगे। उनकी आफ्नी छोरी इन्द्र कुमारीको विवाह त्यस-
बेला गोरखाका युवराज पृथ्वीनारायण शाहसँग सम्पन्न भएको थियो। तर मकवानपुरमा पृथ्वीनारायण शाह-
सँग उनकी जेठी महारानी इन्द्र कुमारीको विवाह भए तापनि मकवानपुरका गद्दीका उत्तराधिकारी दिग्बन्धन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेन (हेमकर्णका छोरा) सँग कचिङ्गल उठी गौना रोकिएको थियो। तर इतिहासकार बाबुराम आचार्यका अनुसार पृथ्वीनारायण शाहका ससुरा मकवानी राजा हेमकर्ण सेनसित कुनै विवाद भएको थिएन। तर विवाह पश्चात् पनि पृथ्वीनारायण शाहलाई लडाईको भीड परेको हुनाले ई. सं. १७४४ देखि १७४७ सम्म उनले हेमकर्ण सेनसित शान्त चित्तले कुराकानी गर्ने संयोग पाएका थिएनन्। यस समयसम्ममा लामीडाँडा समेत दखल गरी पृथ्वीनारायण शाह एउटा विजयी राजा भइसकेका थिए। यसैले हेमकर्ण सेनले धादिङगढीनिरको मेघीमा आई गौनाको कार्य सम्पन्न गराए। यस अवसरमा हेमकर्ण सेनले आफ्नी छोरीलाई हात्ती, गहना गुरिया, आशा गुर्जा आदि दाइजो र जुवाईलाई पनि आवश्यक उपहार दिएका थिए।

तत्पश्चात् हेमकर्णको शेषपछि उनका छोरा दिग्बन्धन सेन मकवानी राजा भए। यिनैको राज्यकालमा पृथ्वीनारायण शाहलाई मकवानपुर उपर आक्रमण गर्न विशेष निहुँको आवश्यकता परेन, किनकि उनको आफ्नो विवाहमा आफ्नो जेठान दिग्बन्धन सेनसित झै–झगडा भएकै थियो, जुन कुरा दिव्य उपदेशमा पनि उल्लेख छ।[1] यसै कारणबाट गोरखालीहरू र मकवानपुरेहरूका बीच पनि मनोमालिन्यता र शत्रुता रहेकै थियो। ई. सं. १७६२ को अगष्ट (भदौ) महीनामा मकवानपुर विजय गर्न पृथ्वीनारायण शाहले आफ्नो तीन जना भाइ कीर्ति महोद्दम शाह, दलपति शाह र दलजित शाहको नेतृत्वमा पठाएका फौजले मकवानपुरगढी आफ्नो दखलमा पारे। यसरी गोरखालीहरूबाट मकवानपुर विजय भएपछि मकवानपुरको माबर, बडियादेखि कमलासम्मका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा समेत धनहर जमीन भएका तलहट्टीका छ जिल्ला गोरखा राज्यका अङ्ग बने।

मकवानपुर उपर गोरखालीको विजय हासिल भएको एक वर्षमा नै मकवानपुर माथि पराजित राजा दिग्बन्धन सेनको तर्फबाट प्रत्याक्रमण भयो। मकवानपुर गढीमा पराजित भएपछि दिग्बन्धन सेन हरिहरपुर गढी आई बसेको र यसै समय उनले र उनका मन्त्री कनक सिंह बनियाले बेतिया पुगी बङ्गाल र बिहारका नवाव मीर कासिमसित गोरखालीहरूको बिरुद्ध सहायता मागेका थिए। नवावको दृष्टिकोणमा मकवानपुर दखल गर्न पाएमा अनेक लाभ थियो। यसै कारण नवावले मकवानपुरमा आक्रमणको लागि आफ्नो सैनिक प्रमुख गुर्गिन खाँको नेतृत्वमा पठाएको सैनिक दल सन् १७६३ मा मकवानपुर आइपुग्यो। यो समाचार पाए पछि पृथ्वीनारायण शाहले काजी वंशराज पाण्डे र बख्सी नाहरसिंह बस्नेतका नेतृत्वमा आवश्यक सैनिक दल मकवानपुर पठाए। गोरखाली सैनिक दलले नवावको फौजलाई नराम्रोसँग पराजित गऱ्यो। यस युद्धमा नवावतिरका लगभग सत्रसय सिपाही हताहत भए, तर गोरखाली सिपाही भने १०० जनाभन्दा कमै नोक्सान भए।[1] यस प्रत्याक्रमणमा गोरखालीको हार भएको भए नेपाल राज्यको एकीकरण छिन्न भिन्न हुने थियो। मकवानपुर राज्य उपरको पूर्ण विजय गोरखालीहरूको कुशल रणनीतिको उदाहरण मान्नु पर्छ। प्रत्याक्रमणबाट पनि ठूलो जित भई पर्सा जिल्ला लगायत मकवानपुर क्षेत्र नेपालमा नै सम्मिलित भइरहन सक्यो।

ई. सं. १७७१ तिर पृथ्वीनारायण शाहबाट पर्सा समेतको तलहट्टीको समस्या अंग्रेजहरूमा सम्झौताद्वारा समाधान गर्नेतर्फ कदम लिइए। मकवानी राजाहरूको अधीनमा पर्सा लगायतका क्षेत्र हुँदा मालवाजवी बुझाउने गरिएको थियो। पटनामा रहेका अधिकारीहरूलाई बाह्र तसुकको एकहात र त्यस्तो साँढे बाह्र हातको एक हात्तीको दरले मालवाजवी बुझाउने गरिएको थियो। मालवाजवीको समस्या समाधान गर्न ई. सं. १७७१ जनवरीमा पृथ्वीनारायण शाहबाट मकवानपुरका मालका सुब्बा दीनानाथ उपाध्यायलाई आवश्यक

---

१. यस बारेमा "दिव्य उपदेश" र अरू ऐतिहासिक साधनमा पनि उल्लेख गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कागज पत्रका साथ दरभङ्गा जिल्लाका हाकिम मेजर केली कहाँ खटाइपठाए। केली कहाँ पठाए बमोजिम पटनामा पुगेर दीनानाथ उपाध्यायले पृथ्वीनारायण शाहकातर्फबाट पटना कौन्सीलका हाकिम छेउ निम्न माग पेश गरे: "पर्सादेखि महोत्तरीसम्मको तलहट्टी मकवानपुरका राजाहरूका अधीनस्थ प्रदेश थियो। अब मकवानपुरका ठकुराईमाथि मेरो अधिकार कायम भएको हुनाले उक्त प्रदेशहरू पनि मेरा अधिकार भित्रका प्रदेश हुन आएका छन्, मकवानपुरका राजाहरूले तिरे सरहको मालवाजवी म पनि दिन तयार छु, ती प्रदेशहरूमा मेरो अधिकार कायम रहोस्।" यो माग पेश गरेपछि निधो भए बमोजिम नाप बमोजिमको हात्ती दिने कबूल गरी सुब्बा दीननाथले ई. सं. १७६६ देखि १७७० सम्म पाँच वर्षको बक्यौता पाँच हात्ती बुझाई बक्यौता रूपैयाँ १५,०००। का हकमा कबूलियत गरिदिए।

पृथ्वीनारायण शाहका समयमा पर्सामा गढ थियो। "दिव्य उपदेश" मा विदेशी महाजनलाई गढ पर्सा उँभो आउन नदिनु भन्ने कुरा उल्लेख भएको छ।

यो भू-भाग नेपाल अधिराज्यको अभिन्न अङ्ग भइसकेपछि यहाँ अरु केही ऐतिहासिक महत्वका घटनाहरू घटेका थिए। ई. सं. १८१४ तिर मेजर जनरल मार्लेको नेतृत्वमा काठमाडौं नै विजय गर्ने उद्देश्यले एउटा ठूलो फौज वर्तमान पर्सा जिल्लामा पठाइएको थियो। यो अंग्रेजी फौजले पर्सा र वरिपरिका ठाउँ ठाउँमा चौकी खडा गरिसकेका थिए। ई.सं.१८१५ को जनवरी महीनामा (शम्शेर रानाको नेतृत्वमा गएको) गोरखाली फौजले एक्कासी यी चौकीहरू उपर आक्रमण गर्दा अंग्रेजी फौज हताहत भए। फलतः गोरखाली फौजले यहाँ प्रशस्त हातहतियार र गोली गट्ठा हात लगाएको थियो। यहाँ गोरखाली फौजको हार भएको भए दुश्मनको फौज सरासर काठमाडौं पुग्ने थियो र त्यस पछिको परिणाम नराम्रो हुन सक्ने थियो।

यहाँ घटेको अर्को महत्वपूर्ण घटना हो अलौकाण्ड। यस पर्सा जिल्लाको "अलौ" भन्ने स्थान वीरगञ्ज नगरदेखि करीब ६.४ किलोमिटर (चार माइल) पश्चिममा पर्दछ। राजेन्द्र विक्रम शाहलाई आफ्नो राजा मान्न नामञ्जूर गर्दै सुरेन्द्र विक्रम शाहलाई अविलम्ब राजगद्दीमा बसाउने माग भएको फलस्वरूप १२ मे १८४७ को दिन १८ वर्षको युवराज सुरेन्द्र विक्रम शाह नेपालका महाराजाधिराज घोषित गरिए। यस बखत राजेन्द्र विक्रम शाह निर्वासित भई सुगौलीमा बसेका थिए। महारानी लक्ष्मीदेवीले पत्रद्वारा दिएको सल्लाहअनुसार २३ जुलाई १८४७ का दिन सुगौलीबाट राजेन्द्र विक्रम शाह आफ्ना प्रधान समर्थक र सल्लाहकार सहित वीरगञ्जनिरको अलौ नामक गाउँमा आइबसे। यसै समय उनको समर्थनमा लट्ठी लिइआएका केही फौजहरू जम्मा भएका थिए। सो कुराको जानकारी पाएपछि उसबेलाका प्रधानमन्त्री जङ्गबहादुरले कप्तान सनक सिंहको नेतृत्वमा गोरखनाथ पल्टनका चार सय जवान फौज र पछि जनरल बमबहादुरको नेतृत्वमा चार रेजिमेन्ट फौज पनि पठाएका थिए। २७ जुलाई १८४७ का दिन सनक सिंहको फौजले अलौलाई घेरामा पारे। फलतः राजेन्द्र विक्रम शाहको समर्थक दल र सनक सिंहको फौजको बीचमा मुकाविला भयो। राजेन्द्र विक्रम शाहको समर्थकहरू मध्येका अढाइ सय र सनकसिंहको फौजका एक्काइस जना हताहत भए। अन्ततोगत्वा राजेन्द्र विक्रम शाह कैदमा परे। मकवानपुर, चिसापानी गढी र थानकोट हुँदै शाही कैदीको रुपमा राजेन्द्र विक्रम शाहलाई ८ अगष्ट १८४७ मा काठमाडौं पुर्‍याइयो। यसैले यो अलौ काण्डले अत्यधिक महत्व राख्दछ। अलौ काण्डले गर्दा यहाँ लामो समयसम्म अराजकता रहेको थियो। यसैले वीर शम्शेर प्रधानमन्त्री हुँदा सदरमुकाम अलौबाट गहवा गाउँमा सारियो। यही गहवा पछि उनकै नाममा वीरगञ्ज नामले प्रसिद्ध रहिआएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

वीरगञ्ज

वीरगञ्जको ऐतिहासिक नाउँ गहवा गाउँ हो। वीर शम्शेरको वि. सं. १९४२–१९५८ को प्रधान मन्त्रीत्व कालमा अर्थात् करीब ७५ वर्ष अगाडि यस जिल्लाको "अलौ" भन्ने स्थानबाट गहवा गाउँमा सदरमुकाम सारिएपछि गहवा गाउँलाई उनैको नाममा "वीरगञ्ज" भन्ने नामकरण भएको हो।

यस किसिमको ऐतिहासिक पृष्ठभूमि भएको "वीरगञ्ज" हाल पनि यस जिल्लाको सदरमुकाम हो। नारायणी अञ्चलको सदरमुकाम हेटौंडा भए तापनि भौतिक सुविधा आदिको कमीको कारणले वीरगञ्ज नै हालसम्म अञ्चलको सदरमुकामको रूपमा विद्यमान रहेको छ।

वीरगञ्ज समुद्र सतहबाट १२२ मिटर (४०० फीट) को उचाइमा रहेको छ। यो स्थान यस जिल्लाको एक मात्र शहरी क्षेत्र हो र यहाँ एक नगर पञ्चायत पनि छ, जसको जनसंख्या १३,००० छ। वीरगञ्ज नै जिल्ला भरमा सबैभन्दा बढी जनसंख्या भएको पञ्चायत क्षेत्र हो।

जिल्ला र अञ्चल दुवैको सदरमुकाम भएको हुँदा वीरगञ्ज, अञ्चल तथा जिल्लाको प्रशासनिक केन्द्रको रूपमा रहेको छ। यहाँ जिल्ला पञ्चायतको अतिरिक्त नेपाल किसान संगठन, युवक संगठन, महिला संगठन र भूतपूर्व सैनिक संगठनको जिल्लास्तरीय निकायहरू रहेका छन्। अञ्चल र जिल्लाका प्रमुख प्रशासकहरू अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको कार्यालयका अतिरिक्त प्रायः धेरै जसो अञ्चल र जिल्ला स्तरीय सरकारी कार्यालयहरू यहाँ नै रहेका छन्। यहाँ बाल मन्दिर पनि छ। यो स्थानले वास्तवमा सबै किसिमका संस्थागत सरकारी निकायहरूलाई आकर्षित गरिरहेको छ।

यहाँ वाणिज्य, विज्ञान, समाज शास्त्र, शिक्षा शास्त्रतर्फका उच्च शिक्षण संस्थाहरू अर्थात् त्रिभुवन विश्वविद्यालयका क्याम्पसहरू रहेका छन्। प्राथमिक शिक्षादेखि लिएर माध्यमिक शिक्षा क्षेत्रमा पनि यहाँ शिक्षण संस्थाहरू धेरै संख्यामा रहेका छन्। जिल्लाभरमा यहाँका निवासीहरू नै धेरै शिक्षित र स्नातक छन्।

भारतको चम्पारन जिल्लाको रक्सौलबाट तीन किलोमिटरको दूरी मात्र भएको वीरगञ्ज देशको मध्य क्षेत्रको प्रमुख द्वार हो। यस अतिरिक्त यो देशकै प्रमुख औद्योगिक केन्द्रहरूमध्ये एक हो। यहाँ सरकारी क्षेत्रको चीनी कारखाना जस्ता ठूला उद्योगहरूको अतिरिक्त निजी क्षेत्रमा पनि विभिन्न उत्पादन क्षेत्रका कतिपय औद्योगिक प्रतिष्ठानहरू छन्। यहाँ चुरोट, सलाई, कृषि औजार जस्तो औद्योगिक वस्तुको उत्पादन हुन्छ। वीरगञ्ज देशको मध्य क्षेत्रको प्रमुख व्यापार केन्द्र पनि हो। यही शहर भएर नै देशको राजधानी काठमाडौंको लागि समेत निकासी पैठारी हुने भएकोले यो प्रमुख पारवहन व्यापार केन्द्र पनि हो। यो भारत लगायत अन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समुद्रपारका देशहरूसँगको अन्तर्राष्ट्रिय व्यापारको केन्द्रको रूपमा पनि रहेको छ।

वीरगञ्ज यातायातको दृष्टिकोणबाट सुगम एवं सरल शहरी क्षेत्र हो। वीरगञ्जबाट काठमाडौं हेटौंडा, नारायणगढ, जनकपुर, विराटनगर आदि ठाउँमा प्रत्येक दिन कतिपय यात्रु-बाहक बसहरूको सेवा सञ्चालन हुन्छ। वीरगञ्जबाट नजीक रहेको बारा जिल्लाको सिमराबाट नियमित हवाई सेवा रहेकोले वीरगञ्जको माल हवाई मार्गद्वारा पनि काठमाडौं ल्याइनेगर्दछ। साथै भारतको रक्सौलबाट वीरगञ्जमा माल-बाहक रेलको सञ्चालन हुने गरेको छ। यस बजारमा मोटर साइकल, साइकल, टेम्पो, रिक्सा, मोटर, टाँगा जस्ता सवारीका सुविधा उपलब्ध छन्।

वीरगञ्जमा प्रत्येक दिन बहुसंख्यक विदेशी पर्यटकहरूको अतिरिक्त राष्ट्रिय यात्रुहरूको आवागमन हुने गर्छ। यहाँ आधुनिक उपकरणद्वारा समेत सुसज्जित अस्पताल लगायत विभिन्न जन स्वास्थ्यका निकायहरु छन्। यहाँ विद्युत् सेवा र खानेपानीको सुविधा पनि उपलब्ध छ। देशका कुना कुनासम्म छिटो छरितो रूपमा सम्पर्क राख्ने सञ्चार साधनहरूको अतिरिक्त यहाँ आन्तरिक स्वचालित टेलिफोन सेवा पनि सुलभ छ। यहाँ मनोरञ्जनको रूपमा चलचित्र भवन (सिनेमा हल), आधुनिक होटेलहरू समेत रहेका छन्।

यहाँ केही वर्ष अघि मात्र बसाइएको पशुपति आदर्श नगर नामक क्षेत्र सौन्दर्यपूर्ण छ। यहाँ ठूल-ठूला सार्वजनिक र निजी भवनहरू निर्माण भएका छन्। वीरगञ्जको श्रीपुर, मीना बजार, मुरली बगंचा, बिर्ता बजार, हनरमा धेरै चल्तिका ठाउँ हुन्। यहाँको माईस्थान निकै प्रख्यात छ।

अलौ

वि. सं. १९०४ मा यहाँ महत्वपूर्ण ऐतिहासिक अलौ काण्ड घटेको थियो। यस सम्बन्धमा ऐतिहासिक पृष्ठभूमिको परिच्छेदमा उल्लेख भइसकेको छ।

विन्दबासिनी

यस जिल्लाको केहुनिया गाउँमा स्थापित भगवतीको यो मन्दिर यहाँको सबभन्दा प्रसिद्ध धर्मस्थल मानिन्छ। यो वीरगञ्जदेखि करीब ९.६ किलोमिटर (छ माइल) उत्तर-पश्चिममा पर्दछ। यो भगवतीको स्थापना रणबहादुर शाहबाट भएको हो। विन्दबासिनी भगवती र वीरगञ्जको माईस्थानको भगवती दिदी बहिनी हुन् भन्ने विश्वास गरिएको पाइन्छ।

विन्दबासिनी माईको नित्य पूजा-आजा गूठी संस्थानबाट सञ्चालन हुने गरेको छ।

केहुनियाको विन्दबासिनीको मन्दिर, माईस्थानको भगवती मन्दिर र महुवनमा पारसनाथको मन्दिरको अतिरिक्त महादेव पट्टिमा जिरा भवानी मन्दिर, वीरगञ्जमा अलखियामजु, महावीर स्थान मन्दिर, बिर्तामाई मन्दिरहरू मुख्य छन्।

छपकैया, धोबिनी, टाढा, हस्लामपुर, विश्रामपुर, जगरनाथपुर, मुडली, वहुअरी, पर्सानीका मस्जीदहरू प्रमुख छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार यस पर्सा जिल्लाको जनसंख्या २,०२,१२३ रहेको छ। यसमध्ये पुरुष १,०४,८१५ र महिला ९७,३०८ छन्। यहाँ महिलाभन्दा पुरुष संख्या ७,५०७ अर्थात् करीब चार प्रतिशत बढी छ र कुल जनसख्या नारायणी अञ्चलको कुल जनसंख्याको १८.३ प्रतिशत हुन आउँछ। जनसंख्याको दृष्टिकोणबाट यो जिल्ला नारायणी अञ्चलको तेस्रो र नेपाल अधिराज्यको उन्नाइसौं जिल्ला हो। यस जिल्लाको क्षेत्रफल १,२०,३०० हेक्टर (१,२०३ वर्ग किलोमिटर) भएको हुँदा उपर्युक्त जनसंख्याको आधारमा यस जिल्लाको जनघनत्व १.७ व्यक्ति प्रति हेक्टर छ अथवा १० हेक्टर जमीनमा १७ जना रहेको देखिन्छ। २०१८ सालको जनगणनाअनुसार यस जिल्लमा कुल जनसंख्या १,३७,६२४ भएको देखिए-बाट विगत दश वर्षमा यस जिल्लामा जम्मा ९७,३०८ मानिसहरू बढेका देखिन्छन्। अर्थात् उक्त १० वर्षमा वार्षिक जनसंख्या वृद्धि दर ३.२ प्रतिशत छ।

यस जिल्लाको कुल जनसंख्यामा पाँच वर्षको उमेरसम्मको केटाकेटी १९ प्रतिशत र विद्यालय जान-योग्य (छ देखि १५ वर्षका) केटाकेटीहरूको संख्या ४३,१६८ (२१.४ प्रतिशत) छ। दुवै उमेर समूहमा महिलाकोभन्दा पुरुषको संख्या बढी रहेको छ। १६ वर्षदेखि माथि उमेरका वयस्कहरूको संख्या १,२०,५३१ (५९.६ प्रतिशत) छ। निम्न तालिकाबाट यी कुराहरू स्पष्ट हुन्छः–

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५	१८,५६२	१७.७	१९,८५९	२०.४	३८,४२४	१९.०
६–१५	२४,१५६	२३.०	१९,०१२	१९.६	४३,१६८	२१.४
१६ र माथि	६२,०९४	५९.१	५८,४३७	६०.०	१,२०,५३१	५९.६
जम्माः–	१,०४,८१५	९९.९	९७,३०८	१००.०	२,०२,१२३	१००.०

यस जिल्लाको कुल जनसंख्यामध्ये स्वदेशमा जन्मेका १,८२,८६९ (९०.५ प्रतिशत) र विदेशमा जन्मेका १९,२५४ (९.५ प्रतिशत) छन्। विदेशमा जन्मेको जनसंख्यामध्ये ११ जना बर्मामा र अरू बाँकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भारतमा जन्मेका हुन् । यो विदेशमा जन्मेको जनसंख्यामा पुरुष र महिला क्रमशः २५ र ७५ प्रतिशत छन् । यसबाट नेपाल-भारत बीच रहेको वैवाहिक सम्बन्धको मात्रा पनि देखिन्छ ।

यहाँको कुल जनसंख्या २,०२,१२३ मध्ये २,०१,३५८ जना परिवारमा बस्दछन् । यहाँ कुल परिवार संख्या ३७,५०६ रहेको छ । यहाँको परिवारमा औसत संख्या ५.३ रहेको छ र नेपाल अधिराज्यको औसत परिवार संख्याको तुलनामा ०.२ कम रहेको छ । यहाँको कुल परिवार संख्यामा चारजना सदस्यभएको परिवार-को संख्या सबभन्दा बढी छ, जुन ५६,३६६ छन् । त्यस्तै २० जना र सोभन्दा बढी सदस्य भएको परिवार यहाँ सबभन्दा कम छन्, जसको संख्या केवल १६८ छ । यस जिल्लामा चारदेखि १४ जना सदस्य भएका परिवारहरू धेरै छन् । यहां संयुक्त परिवारको प्रथा ज्यादातर रूपमा रहेकै मान्न सकिन्छ ।

गाउँ समाजमा सानै उमेरदेखि नै आर्थिक दृष्टिकोणले सक्रिय भइसवछन् । यसैले १० वर्षदेखि ५६ वर्षसम्मका उमेरका व्यक्तिहरूलाई सक्षम र बाँकी जनसमूहलाई आश्रित मान्ने हो भने यस जिल्लामा २०२८ सालमा सक्षम जनसंख्या १,३२,३८० (६५.५ प्रतिशत) रहेको देखिन्छ । नौ वर्ष र सोभन्दा मुनिका केटा-केटीहरू र ६० वर्ष र सो भन्दा माथिका वृद्ध मानिसहरू अर्थात् आश्रित जनसंख्या ६६,७४३ (३३.७ प्रतिशत) भएको देखिन्छ । यसरी यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:५३ हुन आउँछ अर्थात् १०० जना मानिसको कमाइबाट १५३ जनाको आर्थिक निर्वाह चलाउनु परेको छ । अन्तर्राष्ट्रिय चलन अनुसार १५ वर्ष-देखि ६४ वर्षसम्मको जनसंख्यालाई सक्षम मानिएमा यो निर्भरताको अनुपात बेग्लै हुन आउँछ ।

यहाँ राष्ट्र भाषा नेपाली लगायत कमसेकम १६ विभिन्न भाषाहरू प्रचलित छन् । मातृभाषा भोजपुरी नहुने यहाँका निवासीहरू पनि भोजपुरी भाषा राम्ररी बोल्ने हुँदा यहाँ भोजपुरी भाषाको नै प्रधानता रहेको छ । यो भोजपुरी भाषा बोल्ने जनसंख्या यहाँको कुल जनसंख्याको ९१.४ प्रतिशत रहेको छ । यहाँ नेपाली भाषाको स्थान दोस्रो (कुल जनसंख्याको ४.१ प्रतिशत) छ । यसपछि स्थानीय जिल्ला भाषा र नेवारी भाषाको स्थान क्रमशः तेस्रो र चौथो छ । विभिन्न जातिको बसोबास भएको यो जिल्लामा यी भाषाहरूको अतिरिक्त अन्य भाषा जस्तै मैथिली, तामाङ, थारू, गुरुङ, अवधी, मगर, राई, किराती, राजवंशी, लिम्बू, शेर्पा, सत्तार, हिन्दी, उर्दू, मारवाडीको पनि व्यवहार हुनेगरेको छ । राष्ट्र भाषा नेपालीको प्रयोग भने यहाँको सबै जातिमा पनि निरन्तर बढ्दै आएको छ । यस जिल्लाको निवासीको भाषागत विभाजन निम्नबमोजिम छः-

भाषा भाषी	जनसंख्या	कुल जनसंख्यामा प्रतिशत
भोजपुरी	१,८५,७०५	९१.९
नेपाली	९,४२९	४.७
स्थानीय जिल्ला भाषा	२,४६०	१.२
नेवारी	१,७९०	०.९
अन्य भाषा	२,७३९	१.३
जम्माः-	२,०२,१२३	१००.०

धर्मगत विभाजनको दृष्टिले यहाँ हिन्दू धर्मको प्रधानता रहेको छ । यसपछि यहाँ इस्लाम धर्म र बौद्ध धर्म दोस्रो र तेस्रो स्थानमा आउँछन् । जैन धर्म लगायत अन्य धर्म मान्ने जनसंख्या यहाँ नगण्य रूपमा छन् ।

यस जिल्लामा नगर पञ्चायत समेत जम्मा ८३ पञ्चायतहरू छन् । यहाँको सबभन्दा बढी जनसंख्या भएको पञ्चायत वीरगञ्ज नगर पञ्चायत (जनसंख्या १२,९९९) र सबभन्दा कम जनसंख्या भएको पञ्चायत परशुराम वलवा पञ्चायत (जनसंख्या १,२२३) हुन् । यहाँ कुल पञ्चायत संख्याको करीब ४८ प्रतिशत अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जम्मा ४२ पञ्चायतहरूमा २,००० देखि ३,००० जना रहेका छन् । यहाँका विभिन्न पञ्चायतहरूको जनसंख्या निम्न बमोजिम छ[1]:–

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. अमरपट्टि	२,०८०	२. अलौ	३,५९०
३. उदयपुर धुर्मी	२,५२४	४. औराहा	२,३३४
५. कौवा बनकटैया	१,६०९	६. गद्यारिया	१,७७३
७. गोविन्दपुर	१,३१७	८. घोडडौडा पिपरा	१,५०५
९. घोरे	२,०७६	१०. चौरनी	१,९७१
११. जनकपुर (जानकी टोला)	१,४५७	१२. जगन्नाथपुर सिरा	२,६०६
१३. जयमङ्गलापुर	२,३२९	१४. जितपुर	२,६१८
१५. झौवा गुठी	२,७५३	१६. तुल्सी बार्वा	१,८०९
१७. देउरबाना	२,२९७	१८. धोबिनी	२,०४४
१९. नगरदाहा	१,५४०	२०. निचुरा	२,३०४
२१. पकहा मैनपुर	१,४९६	२२. पचरुपी	२,३९४
२३. पटवारी टोला बार्वा	२,३८३	२४. पटेवा	१,७५८
२५. परशुरामपुर बलुवा	१,२२३	२६. पर्सौनी बिर्ता	१,९७९
२७. पर्सौनी भाठा	२,१४९	२८. पिडारी गुठी	१,८१६
२९. बगही	२,५०६	३०. बनकरवा	२,३१३
३१. बसडिलवा	२,५४६	३२. बसन्तपुर झखरा	२,१५३
३३. बहुअर्वा भाठा	२,७५०	३४. बहुअरी पिडारी	२,२३०
३५. बागबाना	२,४५४	३६. बागेश्वरी तितौना	३,०९०
३७. बार्वा गोरा	२,११४	३८. बिश्रमपुर	२,०१७
३९. बिजबनिया	१,४४७	४०. बिरञ्ची बार्वा	१,५३१
४१. बिरवा गुठी	३,४९७	४२. बिश्रामपुर	३,०७८
४३. बेलवा	३,२६१	४४. बैरिया बिर्ता (१)	२,४७९
४५. बैरिया बिर्ता (२)	२,१२८	४६. भवानीपुर	२,४५६
४७. भिसवा	२,२१७	४८. भेडाहारी	३,०४५
४९. भौराटार	३,२२०	५०. मझडिहा पिपरा	१,८५५
५१. मधुवन मयोल	२,८११	५२. मनिहारी	२,१५४
५३. मसिहानी	२,५६८	५४. महादेवपट्टि	२,४४१
५५. महुअन	२,०६४	५६. मिर्जापुर	२,३४९
५७. मुडली चापु	१,९७४	५८. रामगढवा	१,७८३
५९. रामनगरी	१,३००	६०. लखनपुर	२,०८९
६१. लहाबर थकरी	१,९३७	६२. लालपर्सा	२,३३८

१. पञ्चायतहरूको नामावली पञ्चायत मन्त्रालयबाट प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६३. लिपनी विर्ता	१,८६६	६४. लंगडी	१,६८७
६५. शङ्करसरैया	१,७१५	६६. शम्भौता	३,१०५
६७. श्रीसिया खाल्वा टोला	१,८२१	६८. श्रीसिया (नौ. त. ज.)	१,७७७
६९. सखुवा पर्सौनी	३,२५४	७० सतवरिया	२,०३३
७१. सबैठवा	२,१७९	७२. सुगौली विर्ता (१)	१,५४७
७३. सुगौली विर्ता (२)	२,१४७	७४. सुपौली	२,१९६
७५. सुर्जाहा	१,६६२	७६. सुवर्णपुर	१,७०४
७७. सेढवा	१,३८०	७८. सोनवर्सा	२,१५२
७९. हरपतगञ्ज	२,०६७	८०. हरपुर	२,८७७
८१. हरिहरपुर (नौ. त. ज.)	१,२३२	८२. हरिहरपुर विर्ता	१,६७३
८३. वीरगञ्ज नगर पञ्चायत	१२,९९९*		

जनजीवन

यस जिल्लाको जनजातिमा बाहुन, क्षेत्री, नेवार, यादव, तेली, सुढी, कलवार, रौनियार, वरँ, सोनार, कायस्थ, कान्ड, केवर, कोइरी, अहिर, चौहान, पुरी, गिरी, थारू, मुसहर, धाँगर, चमार, दुसाध, जेम, मुनिथ, कंकर मलाश, वीन, खुवलट, कुर्मी, ततुवा, गौंढा, तुराहा, धोवी, हजाम, लोहार र पार्सी पनि छन्। त्यस्तै मुसलमाननमा ठकुराई, शेष, पठान, शैयत, अन्सारी, धुनियाँ, दर्जी, फकीर, देवार, राय, धोवी, हजाम छन्। यसमा ठकुराई, शेष, पठान, शौयत प्रमुख छन्। यस जिल्लामा तराई-मूलक जातिहरू र थारूको संख्या अत्यधिक छ।

यस जिल्लामा थारुहरू आदिवासी मानिन्छन्। जिल्लाको उत्तरी भेकमा थारुहरूको बस्ती केन्द्रित छ। थारू गाउँहरूमा अरु जतिका वा सम्प्रदायका मानिसहरूको बस्ती प्रायः छैनन्। थारुहरू साधारणतया संयुक्त परिवारमै बस्दछन्। यहाँ पनि बस्ती भएको अन्य जिल्लाहरूमा जस्तै ४०–५० जना सदस्यहरू भएको कयौं परिवारहरू भेटिन्छन्। घरको मूलीको आदेश पालन गर्ने परम्पराले गर्दा संयुक्त परिवारमा बस्ने चलन थारु समाजमा यथावत कायम रहन सकेको हो। यो जिल्ला तराईका अरू जिल्लाहरूभन्दा पहिलेनै आवाद भएको र अरु जातिहरूको बसोबास द्रुतगतिले बढेको भू-भाग हुँदा यहाँका थारुहरूले निकै प्रगति गरेका छन्। प्राचीनकालदेखि नै मुख्यतः जङ्गलका छेउ छाउमा बसोबास गर्ने परम्परा एवं स्वभाव भएका थारुहरू अन्यत्र झैं जङ्गलमा नबसी यहाँ गाउँ गाउँमा नै बस्दै आएका छन्।

यहाँको बहुसंख्यामा रहेका तराई-मूलक जातिहरू जिल्लाका चारैतिर छरिएर रहेका छन्। यिनीहरूमा यादवहरू बढी भएको अनुमान छ। यहाँ बाहुन, क्षेत्री, नेवार सबभन्दा कम संख्यामा छन् र यिनीहरू धेरैजसो वीरगञ्जमा नै केन्द्रित छन्। वीरगञ्जमा केन्द्रित अरू जातिमा मारवाडी मुख्य हो।

विभिन्न जातजातिको बस्ती भएको यस जिल्लामा मनाइने चाड पर्वहरूमा पनि विविधता पाइन्छ र यस जिल्लामा हिन्दूहरूकै ज्यादातर बस्ती भएकोले यहाँ सबै हिन्दू चाड पर्व सामान्यतः मनाइन्छन्। देशका अन्य भागहरूमा जस्तै यहाँका ठूला चाडपर्व पनि दशैं तिहार नै हुन्। यहाँका अधिकांश निवासीहरू वैशाख संक्रान्ति, अक्षय तृतीया, एकादशी, श्रावण पूर्णिमा, रक्षावन्धन, तीज, ऋषि पञ्चमी, माघे संक्रान्ति, वसन्त पञ्चमी,

* वीरगञ्ज नगर पञ्चायतमा श्रीपुर, मुडली (नौ.त.ज.) र सितलपुर छपकैया पञ्चायतहरू हाल गाभिएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णिमा, शिवरात्रि, राम नवमी आदि चाडपर्व भव्य रूपमा मनाउँछन्। यस जिल्लाका अधिकांश महिलावर्ग तीज र स्वस्थानी पूर्णिमालाई ठूलोव्रतको रूपमा मनाउँछन्। यहाँ नेवार जातिका मानिसहरू गाईजात्रा पनि मनाउने गर्छन्। यहाँ "छट्ठ" पर्व खासगरी थारू र अरू तराई समाजको लागि एक ठूलो पर्व मानिन्छ। यहाँ मुसलमानहरूको मुख्य चाड पर्व इद, सोवरात, मोहरम आदि हुन्।

यहाँ अघि अधिका सामाजिक कट्टरताहरू, मान्यताहरू र रूढिवादी विचारहरूमा सुधार आइरहेको छ। खासगरी यस जिल्लाको शहरी क्षेत्रमा विभिन्न जातिहरूका बीच अन्तरजातीय बिहेबारी चलन थालेकोछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

यस जिल्लामा विभिन्न पेशामा लागेको जनशक्तिको विभाजन निम्न तालिकामा देखाइएकोछः-

व्यवसाय क्षेत्र	संख्या		
कृषि	५८,८६५	व्यक्तिगत तथा सामाजिक सेवा	३,७४६
व्यापार	२,४५१	उद्योग	१,१२०
यातायात सञ्चार	५०७	निर्माण	२७०
लगानी तथा व्यावसायिक सेवा	१३४	विद्युत्, ग्यास पानी	३२
जम्मा:-	६७,१२८		

माथि उल्लिखित तालिकाअनुसार यस जिल्लाका कुल सक्रिय जनशक्ति मध्ये ५८,८६५ अर्थात् ८७.७ प्रतिशत कृषि तथा सोसित सम्बन्धी पेशाहरूमा लागेका छन्। वीरगञ्ज तथा यहाँ अन्य तुलनात्मक दृष्टिबाट विकसित इलाकाहरूमा गैरकृषि व्यवसायमा लाग्ने जिल्लाबासीको संख्या बढ्दै गएको देखिन्छ। गैर कृषि व्यवसायहरू मध्ये व्यक्तिगत तथा सामाजिक सवामा ५.६ प्रतिशत, व्यापारमा ३.६ प्रतिशत र उद्योगमा १.७ प्रतिशत लागेका छन्।

कृषि

उपर्युक्त तालिकाबाट पर्सा जिल्लाको अर्थ व्यवस्थामा कृषिको अत्यन्त महत्वपूर्ण स्थान भएको स्पष्ट देखिन्छ। यहाँको अधिकांश जनसंख्याको जीविकाको मुख्य आधार नै कृषि हो। यहाँ कुल उत्पादनको अधिकांश कृषि क्षेत्रबाट उपलब्ध हुनेगरेको छ र आर्थिक दृष्टिले काममा लागेको कुल जनशक्तिको ८८ प्रतिशत जति कृषि व्यवसायमा मै लागेको छ। निकासी व्यापार क्षेत्रमा पनि खाद्यान्न लगायत कृषिजन्य वस्तुहरूको नै प्रधानता रहेको छ। यहाँको कृषि क्षेत्रले देशको प्रमुख चीनी उद्योगलाई समेत औद्योगिक कच्चा पदार्थ उपलब्ध गर्दै आइरहेको छ। साथै यो क्षेत्रले मालपोतको माध्यमद्वारा मात्र पनि सरकारी राजस्वमा करीब रू. २६ लाख योगदान गर्दै आइरहेको छ। यहाँको कृषि प्रणाली पनि परम्परागत नै छ। यस जिल्लाको आर्थिक विकासको क्रममा गति ल्याउन कृषि विकासको अतिरिक्त गैर-कृषि क्षेत्रको पनि उत्तरोत्तर वृद्धि हुँदै जानुपरेको छ।

मुख्य बाली

यस जिल्लामा खेत र पाखा दुवैमा विभिन्न बालीहरू लगाइन्छन्। खेतमा लाग्ने बालीहरूमध्ये धान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गहुँ, मकै, उखु र मुसुरो मुख्य हुन्। त्यस्तै पाखा बालीहरूमा मकै, कोदो र बदाम नै मुख्य छन्। यहाँ धान मकै, उखु, मुसुरो खेत र पाखो दुवैमा उत्तिकै लगाइन्छन्। पाखामाभन्दा खेतमा धान सालाखाला १८ प्रतिशत, मकै २० प्रतिशत, उखु १० प्रतिशत बढी उब्जनी हुनेगरेको अनुमान छ।

यस जिल्लाको कुल क्षेत्रफलको करीब २८ प्रतिशत जमीनमा खेतीपाती गरिएको छ। भूमि प्रशासनको लगतअनुसार यस जिल्लामा हाल खेतीपाती गरिएको जमीन ४७,०५२ हेक्टर खेती अन्तर्गतको क्षेत्रको आधारमा १.२ हेक्टर जमीन प्रति परिवारको हिस्सामा पर्दछ।

यहाँ पनि आवादी जमीनलाई अब्बल, दोयम, सिम र चाहार चार किसिममा वर्गीकरण गरिएको छ। यहाँ दोयमवर्गको जमीन सबभन्दा बढी छ र खेतीपाती गरिएको जमीनको किसिम र क्षेत्र निम्न बमोजिम छः–

जग्गाको किसिम	खेती अन्तर्गतको क्षेत्र
अब्बल	१३,५२४ हेक्टर
दोयम	२१,२८८ हेक्टर
सिम	१२,१४२ हेक्टर
चाहार	९७ हेक्टर
जम्माः–	४७,०५१ हेक्टर

बाली क्षेत्र

एउटै जमीनमा एकभन्दा बढी बाली लगाइने पनि भएकोले खेती अन्तर्गतको क्षेत्रको दाँजोमा बाली क्षेत्र फरक हुने गर्छ। आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लामा प्रमुख बालीहरूले ढाकेको क्षेत्र ४७,०३६ हेक्टर थियो। यहाँका बाली क्षेत्रमा खाद्यान्नको बाली क्षेत्र सबभन्दा बढी छ, जुन उक्त वर्षमा कुल बाली क्षेत्रको करीब ९१ प्रतिशत हुन आउँछ।

खासगरी २०२६।०२७ र २०२७।०२८ को बाली क्षेत्रको दाँजोमा २०२९।०३० को बालीक्षेत्र क्रमशः सालाखाला २,००० हेक्टरले घट्न गएको थियो। विगत वर्षहरूको दाँजोमा धानको खेती क्षेत्र कम हुन गएको कारणबाट २०२९।०३० मा बाली क्षेत्रमा न्यूनता आएको देखिन्छ। तर सो वर्षमा गहुँ र उखु बाली क्षेत्रमा अघिल्लो वर्षको दाँजोमा केही वृद्धि भएको थियो। यहाँ यो तथ्यहरू निम्न तालिकाबाट प्रदर्शित हुन्छन्:–

प्रमुख बालीहरूले ढाकेको क्षेत्रफल (हेक्टरमा)

खाद्यान्न	२०२४।०२५	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
धान	३६,०००	३६,४००	३६,७००	३७,०००	४०,०००	३४,०००
मकै	६००	६००	७००	८००	६७६	६७६
गहुँ	५,०००	५,८००	६,५००	६,०००	६,५५०	६,७००
कोदो	२५०	२७५	२७५	३००	–	१००
जौ	१,१२५	१,१५०	१,२००	१,३००	–	१,३००
						–
खाद्यान्न बालीको क्षेत्रफल	४२,९७५	४४,२२५	४५,३७५	४५,४००	–	४२,७७६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नगदे बाली	२०२४।०२५	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।२०३०
उखु	१,१००	१,४००	१,८००	२,०००	–	२,१००
तेलहन	९३०	९६०	१,०००	८५०	–	१,२००
सनपाट	४०	४०	४५	५०	–	५५
सुर्ती	४०	४५	४५	५०	–	५५
नगदे बालीको क्षेत्रफल	२,११०	२,४४५	२,८९०	२,९५०	–	३,४१०
विविध						
आलु	६५०	६५०	६५५	७००	–	८५०
आलुको क्षेत्रफल	६५०	६५०	६५५	७००	–	८५०
जम्मा बालीको कुल क्षेत्र	४५,७३५	४७,३२०	४८,९२०	४९,०५०	–	४७,०३६

कृषि उत्पादन

कृषि तथ्याङ्क २०२८ अनुसार यहाँ २०२९।०३० को खाद्यान्न उत्पादन (धान, मकै, गहुँ, कोदो, जौ) ६९,७१८ मेट्रिक टन थियो। तर विगत केही वर्षहरूको खाद्यान्न उत्पादनको दाँजोमा २०२९।०३० मा धानको उत्पादनमा ठूलो ह्रास आएको थियो। धान उत्पादनको दृष्टिकोणबाट उक्त वर्ष खराबै थियो।

यहाँ २०२९।०३० मा नगदे बाली (उखु, तेलहन, सनपाट, सुर्ती) को उत्पादन २०२४।०२५ को दाँजोमा निक्कै बढेको देखिन्छ। यहाँको मुख्य नगदे बाली उखुको उत्पादन हर वर्ष वृद्धि हुने गरेबाट नै यहाँको कुल नगदे बालीको उत्पादनमा वृद्धि हुन गएको हो।

कृषि उत्पादन को तालिका (मेट्रिक टनमा)

खाद्यान्न	२०२४।०२५	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
धान	५९,०४०	६१,३७०	६३,८५८	६५,४९०	७२,०००	५६,९२५
मकै	९४२	९३०	१,१०६	१,२००	१,०८२	१,१४९
गहुँ	४,५००	५,६५५	८,१२५	५,३४०	६,२५५	१०,७२०
कोदो	२३१	२५४	२५४	२७७	–	९२
जौ	७०३	७१९	७८०	८४५	–	८३२
जम्माः–	६५,४१६	६८,९२८	७४,१२३	७३,१५२	–	६९,७१८
नगदे बाली						
उखु	१९,६००	२४,३६०	३१,५९९	३६,०५०	–	४०,००५
तेलहन	४७४	४४२	५५१	४२९	–	८१०
सनपाट	३२	३२	३६	४०	–	५२
सुर्ती	२६	३०	३१	३४	–	३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख खाद्यान्न

धानः यस जिल्लाको सबभन्दा मुख्य बाली धान हो। यहांको कुल खेती क्षेत्रको करीब तीन चौथाई भागमा धानको खेती हुनेगरेको छ। आर्थिक वर्ष २०२५।०२६ मा धान खेतीको क्षेत्रफल ३६,४०० हेक्टर थियो भने आर्थिक वर्ष २०२८।०२९ मा यो क्षेत्रफल ४०,००० हेक्टर पुगेको थियो। तर २०२९।०३० मा यो ३४,००० हेक्टर मात्र हुन गयो। आर्थिक वर्ष २०२५।०२६ देखि २०२९।२०३० को पांच वर्षको अवधिमा यहांको धान खेतीबाट वार्षिक औसत हिसाबमा ६३,९२९ मेट्रिक टन धानको उत्पादन भएको थियो। २०२५।०२६ मा धानको उत्पादन ६१,३७० मेट्रिक टन रहेकोमा २०२८।०२९ मा ७२,००० मेट्रिक टन पुगेको थियो। तर २०२९।०३० मा यहाँ धान उत्पादन ५६,९२५ मेट्रिक टन हुन गयो। विगत वर्षहरूको दांजोमा २०२९।०३० धान उत्पादनको दृष्टिकोणले खराब वर्ष मानिन्छ। यो जिल्ला खाद्यान्न आधिक्य जिल्ला हो। यस उसले यहाँबाट काठमाडौंमा र भारतमा पनि चामल निकासी हुने गर्दछ।

गहुँः यस जिल्लाको दोस्रो महत्वपूर्ण बाली गहुँ हो। आर्थिक वर्ष २०२५।०२६ मा गहुँ बाली क्षेत्र ५,८०० हेक्टरबाट ५,६५५ मेट्रिक टन उत्पादन भएको थियो। मुख्यतः गहुँ बाली अभियानको फलस्वरूप आर्थिक वर्ष २०२९।०३० मा गहुँ बाली क्षेत्र ६,७०० हेक्टर पुगी त्यसबाट १०,७२० मेट्रिक टन उत्पादन भएको थियो। तर गहुँ बालीको निमित्त खराब मानिएको आर्थिक वर्ष २०२७।०२८ मा गहुँ बाली क्षेत्र ६,००० हेक्टर हुन गई उत्पादन पनि ५,३४० मेट्रिक टन मात्र भएको थियो। २०२७।०२८ को गहुँ बाली क्षेत्रफल र उत्पादन आर्थिक वर्ष २०२६।०२७, २०२८।०२९ र २०२९।०३० को गहुँ बाली क्षेत्रफल र उत्पादनभन्दा कम रहेको छ।

मकैः यो जिल्ला नारायणी अञ्चलको सबभन्दा कम मकै उत्पादन हुने जिल्ला हो। यहाँ मकै सालाखाला ७०० हेक्टरमा खेती हुने गरिएको छ। २०२५।०२६ मा मकै बाली क्षेत्रफल ६०० हेक्टर थियो र २०२७।०२८ मा यो क्षेत्रफल ८०० हेक्टर थियो। २०२९।०३० मा यो क्षेत्रफल ६७६ हेक्टर मात्र भएको छ। २०२५।०२६ देखि २०२९।०३० को पाँच वर्षको अवधिमा मकैको वार्षिक औसत उत्पादन १,१०० मेट्रिक टन रहेको छ। यस अवधिमा मकै उत्पादन वृद्धि भएको वर्ष २०२७।०२८ हो, जुन वर्षमा मकै उत्पादन १,२०० मेट्रिक टन थियो। २०२९।०३० मा मकैको उत्पादन १,१४९ मेट्रिक टन रहेको छ।

कोदोः तराई जिल्ला भए तापनि यहाँ कोदोको उत्पादन निक्कै परिमाणमा हुने गर्छ। २०२५।०२६ मा कोदो बाली क्षेत्रफल २७५ हेक्टर थियो र उत्पादन २५४ मेट्रिक टन थियो। २०२७।०२८ मा कोदो बाली क्षेत्रफल ३०० हेक्टर पुगेको र उत्पादन २७७ मेट्रिक टन पुगेको थियो। विगत पाँच वर्षको अवधिमा कोदो बाली र उत्पादन सोही वर्षमा बढी रहेको प्रतीत हुन्छ। तर २०२९।०३० मा कोदो बाली क्षेत्र र उत्पादन क्रमशः १०० हेक्टर र ९२ मेट्रिक टन रहेको थियो।

जौः २०२५।०२६ मा जौ बाली १,१५० हेक्टरमा लगाइएको थियो, जसबाट ७१९ मेट्रिक टन उत्पादन भएको थियो। २०२६।०२७ देखि जौ बालीको क्षेत्रफल र उत्पादन दुवै बढ्न थाले। २०२९।०३० मा १,३०० हेक्टर जौ बालीको क्षेत्रफलबाट ८३२ मेट्रिक टन जौ उत्पादन भएको थियो।

नगदे बाली

उखु यस जिल्लाको सबभन्दा मुख्य नगदे बाली हो। उखु खेती र उत्पादन क्षेत्रमा देशमा सबभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढी उखु उब्जनी हुने बारा जिल्ला पछि यस जिल्लाले दोस्रो स्थान ओगटेको छ ।

यस जिल्लामा आर्थिक वर्ष २०२७।०२८ मा उखु खेतीको क्षेत्रफल २,००० हेक्टर थियो। २०२९।०३० मा उखु खेतीको क्षेत्रफल २,१०० हेक्टर पुग्न गएको छ । आर्थिक वर्ष २०२७।०२८ मा उक्त उखु खेतीको क्षेत्रबाट ३६,०५० मेट्रिक टन उखु उत्पादन भएको थियो ।

आर्थिक वर्ष २०२५।०२६ मा उखु खेती क्षेत्र केवल १,४०० हेक्टर मात्र थियो भने २०२९।०३० मा २,१०० हेक्टर पुग्यो । यस पाँच वर्षको अवधिमा उखु खेती क्षेत्र ५० प्रतिशतले वृद्धि भएको छ। त्यस्तै २०२५।०२६ को उखु उत्पादन २४,३६० मेट्रिक टनबाट २०२९।०३० मा ४०,००५ मेट्रिक टन पुगी यस अवधिमा उखु उत्पादन करीब ६४ प्रतिशतले वृद्धि भएको छ । खासगरी वीरगञ्ज चीनी कारखाना स्थापना भएपछि यस जिल्ला लगायत छिनेको जिल्ला बारा, रौतहटमा उखुको खेतीले व्यावसायिक रूप लिएको छ ।

वीरगञ्ज चीनी कारखानाको चीनी उत्पादन क्षमतामा ५० प्रतिशत बढाउने लक्ष्यको आधारमा वर्षेनी १,५०,००० देखि १,८०,००० मेट्रिक टन उखु आवश्यकता पर्नेछ । यस दृष्टिकोणबाट यहाँ उखुको खेतीको भविष्य उज्ज्वल मान्न सकिन्छ ।

यस जिल्लामा उखु उत्पादनको लागि वीरगञ्ज चीनी-कारखानाबाट समेत उखुका कृषकहरूलाई आवश्यक ऋणको सुविधा दिंदै आएको छ । साथै उखु उत्पादनको लागि चाहिने बीउ, मल, औजार, औषधि र प्राविधिक ज्ञान पनि कृषकहरूलाई उपलब्ध गर्ने गरिआएको छ ।

यहाँ उखुको दर वृद्धि हुँदै गएको बखत उखुको क्षेत्रफल बढ्दै गएको छ । अधिकांश उखु खेती क्षेत्रमा सिंचाइको व्यवस्थाको अभावको फलस्वरूप अतिवृष्टि तथा अनावृष्टि जस्तो दैवी प्रकोपले उखु उब्जनीमा प्रतिकूल असर याने उपज कम हुने गरेको छ । यहाँ उखु उब्जनी क्षेत्रबाट कारखानामा उखु ढुवानी गरी ल्याउन लैजान केही कठिनाइ रहेको छ । वीरगञ्ज चीनी कारखाना रहेको यस पर्सा जिल्ला पनि उखु उत्पादन कार्यक्रम निमित्त चौथो योजनामा छानिएका जिल्लामध्ये एक हो ।

यस जिल्लामा उखु बाहेक अन्य नगदेबालीहरू जस्तै तेलहन, सनपाट र सुर्तीको खेती ठूलो परिमाणमा हुने गरिएको छैन । २०२७।०२८ मा तेलहन खेतीको क्षेत्रफल केवल ९६० हेक्टर मात्र थियो । विगत केही वर्षमा तेलहन खेतीको क्षेत्र केही मात्रामा बढेको भए तापनि २०२६।०२७ को दाँजोमा २०२७।०२८ मा यो क्षेत्र १५ प्रतिशतले कम भएको थियो । तर २०२९।०३० मा यसको खेती १,२०० हेक्टरमा भएको छ । साथै यहाँ २०२५।०२६ मा तेलहनको उत्पादन केवल ४४२ मेट्रिक टन मात्र थियो भने २०२९।०३० मा यो उत्पादन ८१० मेट्रिक टन पुगेको छ ।

यस्तै २०२५।०२६ मा यहाँ सनपाट (जूट) को खेती केवल ४० हेक्टरमा भएको थियो । सो वर्ष सनपाटको उत्पादन ३२ मेट्रिक टन मात्र रहेको थियो । २०२९।०३० मा सनपाट ५५ हेक्टरमा लगाइएको थियो र यसबाट ५२ मेट्रिक टन उत्पादन भएको थियो । यहाँ सनपाट उपयोग गर्ने कुनै कारखाना नभएकोले नै सनपाटको खेती न्यूनतम परिमाणमा हुनेगरेको स्पष्ट छ ।

सुर्तीको खेती २०२९।०३० मा पनि ५० हेक्टरमा मात्र हुने गरिएको थियो । सोही वर्षमा यहाँ सुर्तीको उत्पादन केवल ३७ मेट्रिक टन मात्र रहेको थियो । यस जिल्लाको सदरमुकाम वीरगञ्ज र मकवानपुर जिल्लाको हेटौंडामा चुरोट कारखाना भए तापनि यहाँ सुर्तीको खेती र उत्पादन घरायसी उपभोगका लागि मात्र हुने गरिएको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि ऋण

सानो तिना कृषकहरूको आर्थिक स्तर बढाउन र कृषि क्षेत्र बढी उत्पादनशील बनाउन केही वर्ष यतादेखि यहाँ पनि सरल, सुलभ र सस्तो ब्याज दरमा कृषि ऋण कृषकहरूलाई उपलब्ध गर्ने वित्तीय संस्थाहरू रहेका छन्। वित्तीय संस्थागत व्यवस्था अन्तर्गत यहाँ कृषि ऋणका मुख्य स्रोतहरू कृषि विकास बैंक र सहकारी संस्था, ग्राम समिति छन्। यस अतिरिक्त साहू महाजन पनि कृषि ऋणका महत्वपूर्ण स्रोत बन्दै रहेका छन्।

यस कृषि विकास बैंकको शाखा कार्यालयले मुख्यतः धान, गहुँ, कुखुरा, माछापालन, ट्र्याक्टर, सिचाइ साधन जस्तै पम्पसेट, बोरिंग टयूबवेल, कृषि सामग्री र कृषि उपज खरीद, गोदाम निर्माण आदिको लागि ऋण दिने गरेको छ। यस बैंकबाट कृषि सम्बन्धी विभिन्न प्रयोजनका लागि आवश्यक ऋणहरू सहकारी संस्था, सहकारी संघ र अन्य संस्थान (जस्तै कृषि औजार कारखाना) आदिलाई दिने गरिएको छ।

उक्त बैंकको शाखा कार्यालयले शुरूदेखि २०३० असोजसम्ममा करीब ९८,००,०००। रूपैयाँ ऋण सुविधा दिइसकेको छ। उक्त ऋणमध्ये सहकारी संघ संस्यालाई र करीब रू. २६,००,०००। (२६.५ प्रतिशत), संस्थानहरूलाई करीब रू. ४५,००,०००।(४५.९ प्रतिशत) र व्यक्तिहरूलाई करीब २७,००,०००। लाख (२७.६ प्रतिशत) ऋण गएको छ। शुरूदेखि २०३० असोजसम्ममा यस शाखा कार्यलयबाट ऋण लिनेको संख्या करीब २,००० छ। २०२९।०३० मा यस बैंक शाखाबाट करीब रू. ४,२०,५००। ऋण दिइएको थियो।

यहाँ रहेका सहकारी संस्थाहरूबाट आफ्ना सदस्य कृषकहरूलाई बाली अनुसारको अल्पकालीन ऋण र कृषि औजार तथा गोरु खरीदको लागि मध्यकालीन ऋण सुविधा प्रदान भइरहेको छ।

यहाँ भूमिसुधार कार्यक्रम अन्तर्गत सङ्कलित अनिवार्य बचतमध्येबाट पनि कृषि ऋण प्रदान गर्ने व्यवस्था भइरहेको र ग्राम समिति मार्फत मोही र कृषकहरूलाई जिन्सी ऋण वितरण गरिन्छ।

कृषि प्रसारः कृषकहरूलाई उन्नत कृषि प्रणाली अपनाउन लगाउनका निमित्त यहाँको कृषि विकास कार्यालयबाट कृषि प्रसार कार्यक्रम सञ्चालन भइरहेको छ। यस कार्यक्रम अन्तर्गत मुख्यतः कृषि उत्पादन तरीका र नतीजा प्रदर्शन, अगुवा कृषक तालीम, कृषि दिवस, मेला प्रदर्शन, ग्रामीण युवा कार्यक्रम, कृषि सूचनाको प्रकाशन र बढी अन्न प्रतियोगिता सञ्चालन भइरहेका छन्। यस कृषि प्रसारको अनुकूल प्रभाव कृषकवर्गमा परेबाट यिनीहरूले आफ्नो खेतीमा पनि उन्नत तरीका, उन्नत बीउ, रासायनिक मल र आधुनिक कृषि औजारको प्रयोग बढाउँदै लगिरहेका छन्।

पशुपालन र चिकित्सा

यस जिल्लामा गाई, गोरु, भैंसी, राँगो, खसी, बोका, बाखा, कुखुरा र सुंगुर पाल्ने गरिएका छन्। नेपालको कृषि तथ्याङ्क २०२८ अनुसार यहाँ आर्थिक वर्ष २०२६।०२७ मा गाई २९,०००, गोरु २८,०००, भैंसी ९,०००, खसी १३,००० रहेका थिए। यहाँ खास गरेर गाईको पालन ज्यादातर छ। यहाँ पालिएका राँगाहरूमध्ये काठमाडौंमा पनि निकासी गरिन्छ। यहाँ राँगाहरूको प्रयोग गाडा तान्ने काममा पनि केही हदसम्म हुने गरेको पाइन्छ। यहाँ गोरु खेत जोत्ने र गाडा तान्ने काममा नै प्रयोग गरिन्छ। यहाँ पशुधनको विकास कार्यतर्फ प्रयास जारि नै छ।

यहाँ पशुहरुमा हरियाना र सिन्धी जातका गाईहरू, मुर्रा जातका भैंसीहरू, साइनन् क्रसका बाखाहरू,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साइनान् क्रसका सुंगुरहरू तथा ह्वाइट लेग हर्न, न्यू ह्याम्पसायर, अस्ट्रोलग र अस्ट्रोह्वाइट क्रस कुखुराका चल्लाहरूको प्रचार प्रसार कार्य भइरहेको छ। साथै ग्रास कार्प, सिल्भर कार्प, जर्मन कार्प र इजरायली कार्प जातका माछाहरूको प्रसार कार्य पनि भइरहेको यस जिल्लाको नजीकै रहेको परवानीपुर कृषि केन्द्रबाट यस जिल्लालाई पशुपालन र कृषि क्षेत्रमा फाइदा उपलब्ध भइराखेको छ। परवानीपुर कृषि केन्द्रका सम्बन्धमा जिल्लाको परिचयमा उल्लेख भएको छ।

यहाँ नश्ल सुधार कार्यक्रम पनि सञ्चालित छ। तर यो कार्यक्रम हाल वीरगञ्जमा मात्र सीमित छ। यहाँ पशुपालन विकास गर्ने सन्दर्भमा कृत्रिम गर्भाधान कार्यक्रम पनि सञ्चालन भइरहेको छ।

यहाँ पशुधनको संरक्षणका निमित्त पशु चिकित्सा सेवा उपलब्ध छ। २०१३ सालदेखि यहाँ पशु चिकित्सालय रहेको छ। गत २०२९।०३० मा यहाँ ५६,३०७ रोगी पशुहरूलाई चिकित्सा सेवा पुर्‍याइएको थियो।

फलफूल खेती

यस जिल्लामा आँप, लीची, रूखकटहर, अम्बा, मेवा, केरा आदि उब्जनी हुन्छन्। यहाँ खासगरि आँप र लीचीका उत्पादन ठूलो परिमाणमा हुने भएकोले, ती फलफूल काठमाडौंमा पनि निकासी हुने गरेका छन्। यहाँ विभिन्न तरकारी खेती पनि हुने गरेको छ। भन्टाको उत्पादन यहाँ ज्यादातर परिमाणमा हुने गर्छ। फलफूल र तरकारी खेतीको लागि परवानीपुरस्थित बागबानी विकास केन्द्रबाट उपर्युक्त बिरुवाहरू बिक्री वितरण हुनेगरेको छ।

यस जिल्लामा कृषि खेतीको लागि मजदूर उपलब्ध गर्दा एकले अर्कालाई सघाउ पुर्‍याउने पर्म प्रथा पनि प्रचलित छ। यस प्रथालाई यहाँ "पल्टीया" भन्ने चलन छ।

कृषि विकास

मलखाद कृषि उत्पादन वृद्धिको लागि एक अत्यावश्यक उपकरण हो। यहाँका किसानहरूमा नयाँ किसिमको रासायनिक मल बारे पर्याप्त ज्ञान भइनसकेकोले पनि रासायनिक मलको प्रयोग कमै मात्रामा भइरहेको छ। वीरगञ्जस्थित कृषि खरीद बिक्री संस्थानको शाखा कार्यालयबाट बिक्री वितरण गरिन्छ।

कृषि खरीद बिक्री संस्थानको वीरगञ्ज कार्यालयबाट बिक्री भएको उन्नत बीउको परिमाणको आधारमा यस जिल्लामा यहाँ उन्नत बीउको उपयोग विगत वर्षहरूमा निम्नबमोजिमको परिमाणमा भएको देखिन्छ:—

आर्थिक वर्ष	उन्नत बीउको प्रयोग
२०२५।०२६	८२ मेट्रिक टन
२०२६।०२७	६० मेट्रिक टन
२०२७।०२८	४७ मेट्रिक टन
२०२८।०२९	१६१ मेट्रिक टन
२०२९।०३०	२५४ मेट्रिक टन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केही वर्ष यतादेखि उन्नत बीउको प्रयोगले उत्पादनमा वृद्धि हुँदै आइरहेको छ। यस जिल्लाको कृषि कार्यमा खासगरी हलो, कल्टीभेटर, हँसिया, खुर्पी जस्ता कृषि औजारहरू प्रयोगमा आउने गरेका छन्। कृषि खरीद बिक्री संस्थानको वीरगञ्ज कार्यालयबाट आर्थिक वर्ष २०२६।०२७ र २०२९।०३० मा क्रमशः रू. ७५,२०८। र रू. ७,०१,१५५। मूल्यको कृषि औजारको बिक्री वितरण भएको देखिन्छ। अन्य वर्षहरूमा पनि कृषि औजारको बिक्री वितरण निम्न बमोजिम भएको थियो:-

आर्थिक वर्ष	बिक्री मूल्य
२०२६।०२७	रू. ७५,२०८।
२०२७।०२८	रू. ३८,९९३।
२०२८।०२९	रू. ९४,८५५।
२०२९।०३०	रू. ७,०१,१५५।

यही जिल्लामा कृषि औजार कारखाना रहेकोले यसद्वारा उत्पादित कृषि औजारहरूको प्रयोग यहाँ ज्यादातर मात्रामा छ। यहाँ ट्र्याक्टरहरू पनि उपलब्ध गरिंदै आएको छ। कृषि औजार कारखाना रहेको यस जिल्लाका किसानहरूमा अन्य जिल्लाहरूको दाँजोमा उन्नत कृषि औजारको उपयोगिता बारे बढी जानकारी रहने गरेको छ। उन्नत कृषि औजारको प्रयोग यहाँ सालिन्दा बढ्दै गइरहेको छ।

सिचाइ

कृषि विकास कार्यक्रमको निम्ति पर्याप्त सिचाइको आवश्यकता पर्दछ। यस जिल्लाको अधिकांश खेती अनिश्चित मौसममा नै निर्भर रहेको छ। जिल्लामा भएका नदीनाला पोखरी सिचाइको लागि केही मात्रामा प्रयोग भइरहेका छन्। तर चैत-वैशाखतिर ती नदीनालाहरू सुकेर जाने हुँदा ती स्रोतहरू निक्कै भरपर्दा छैनन्। यस जिल्लामा वृहत सिचाइ कार्यक्रम अन्तर्गतको खासगरी तिलावे नहर र लघु सिचाइ योजना अन्तर्गतको टचूबवेल सिचाइ आयोजनाबाट ४,५०० जति हेक्टर जमीनको सिचाइ हुने गरेको छ।

तिलावे नहर

यो यस जिल्लाको लागि सिचाइको एक प्रमुख स्रोतको रूपमा रहेको छ। प्रथम पञ्च वर्षीय योजना अवधिमा यो नहर तयार भएको हो। त्यसै बेलादेखि यसले सिचाइको सुविधा पुऱ्याउँदै आएको छ। रामपुर जसौलीस्थित यस नहरको पक्की बाँधको लम्बाइ ३३७ फीट छ। यस नहरको लम्बाइ पूर्वी नहर २२ माइल, एक फर्लाङ, ६४० फीट र पश्चिमी नहर १८ माइल, सात फर्लाङ्ग, ४४० फीट छ। यस नहरको सालबसाली सम्भारको स्थायी व्यवस्था पनि मिलाइएको छ।

सिर्सिया नहर

यस जिल्लाको अर्को प्रमुख सिचाइ स्रोत सिर्सिया नहर हो। २००७ साल अघि नै खासगरी १९९०–२००२ सालमा सिर्सिया नदीमा कुलोहरू तयार गरिएका थिए। तर २०१५ सालतिर यो नहर पुनः तयार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको हो। तिलावे नहरको दाँजोमा यो नहर निक्कै सानो छ। यो नहरको लम्बाइ १६ किलोमिटर जति मात्र छ। यसले करीब १,२५० हेक्टर जग्गामा सिचाइ गर्छ।

टच्यूबवेल सिचाइ

भूगर्भीय जलको उपयोगबाट सिचाइको सुविधा उपलब्ध गराउने उद्देश्यले सञ्चालित टच्यूबवेल सिचाइ योजनाहरू यस जिल्लामा पाँच वटा छन्। यी सिचाइ योजनाहरू परवानीपुर, वहुवरावर, चैनपुर, लालापर्सा, चोर्नि क्षेत्रहरूमा सञ्चालित छन्। लालापर्सा क्षेत्रको बाहेक प्रत्येक टच्यूबवेलको क्षमता २८ लिटर प्रति सेकेण्ड र लाला पर्सा क्षेत्रको टच्यूबवेलको क्षमता ५० लिटर प्रति सेकेण्ड छ। उपर्युक्त क्षेत्रमा पानी वितरणको लागि ३,५०० फीटदेखि ४,००० फीटसम्म लामो कच्ची कुलो र परवानीपुरमा ३,५०० लामो पक्की कुलो निर्माण गरिएको छ।

गण्डक पूर्वी नहर चौथो योजना अन्तर्गतको योजना हो। गण्डक योजनाको भारतको दोन शाखा नहरबाट निस्कने नेपालको पूर्वी नहरबाट पर्सा, बारा, रौतहट जिल्लाको सिचाइको लागि पानी उपलब्ध गर्ने लक्ष्य यस गण्डक पूर्वी नहर योजनाको रहेको छ। यस नहरको लम्बाइ करीब ८० किलोमिटर छ। योजना पूर्ण सम्पन्न भएमा यस जिल्लाको कृषि विकासमा ठूलो टेवा मिल्ने छ।

नारायणी सिचाइ योजना समितिबाट नै गण्डक पूर्वी नहर योजनाको सञ्चालन भइरहेको छ। यस अतिरिक्त उक्त समितिको कार्य विकासको विभिन्न कार्यक्रमको लागि दश करोड रूपैयाँ लाग्ने अनुमान भएको छ। यस आयोजनाको लागि विश्व बैंकबाट छ करोड रूपैयाँ ऋण प्राप्त हुने भएको छ र श्री ५ को सरकारले चार करोड रूपैयाँ प्रदान गरेको छ। सो योजनाको निर्माण कार्य २०३५ सालभित्र पूरा हुने आशा गरिएको छ। उपर्युक्त योजनाहरू पूरा भएपछि यस जिल्लामा सिंचाइ सुविधा राम्ररी पुग्न जानेछ।

त्रि–वर्षीय योजनाकालमा वीरगञ्जमा एउटा औजार अनुसन्धान तथा उत्पादन शाखा खोलिएको थियो। हाल रानीघाट वीरगञ्जमा रहेको कृषि औजार तथा यन्त्र अनुसन्धान तथा मर्मत आयोजनाले मुख्यतः कृषि औजारहरूको नयाँ-नयाँ नमूना (मोडेल) तयार गरी उत्पादन गराई कृषकहरूलाई उपलब्ध गराउने व्यवस्था गर्दछ।

दुग्ध वितरण केन्द्रः– दश लाख लिटर दूध उत्पादन गर्ने वार्षिक क्षमताको यो आयोजना चौथो योजना अन्तर्गतको प्रस्तावित आयोजना हो। वीरगञ्जमा स्थापना हुने यो आयोजना २०३२ सालमा पूरा हुने अनुमान गरिएको छ।

नौनी उत्पादन केन्द्रः– पर्सा, रौतहट र इलामको दुई ठाउँमा यो केन्द्र स्थापना गरिने कुरा चौथो योजनामा प्रस्तावित भइरहेको छ।

प्लान्ट क्वारेन्टिन चेकपोष्टः– वीरगञ्जमा एक प्लान्ट क्वारेन्टिन चेकपोष्ट स्थापना गर्ने लक्ष्य चौथो योजनाको हो। यो आयोजनाको मुख्य लक्ष्य औद्योगिक महत्वका लाभदायक कीराहरू अध्ययन गर्न, बालीमा लाग्ने विनाशकारी कीरा तथा रोगका जीवाणुहरूको प्रवेश र फैलावट रोक्ने र कृषकहरूलाई बाली संरक्षण प्रति अग्रसर गराउन् हो।

पुनर्वास कार्यक्रमः– यस जिल्लाको अव्यवस्थित सुकुमबासी किसान परिवारहरूलाई व्यवस्थित, योजनाबद्ध तथा सुनियोजित तरीकाले बसोबास गराउने र नयाँ जमीन आवाद गरी खाद्यान्न उत्पादन वृद्धि गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उद्देश्य अपनाइएको छ ।

पुनर्वास विभागबाट सञ्चालित हुने पुनर्वास कार्यक्रम अन्तर्गत यस पर्सा जिल्ला लगायत बारा र रौतहटमा जम्मा १,२५० हेक्टर अतिरिक्त जमीन आवाद गर्ने चौथो योजनाको लक्ष्य रहेको छ । हाल यहाँ पुनर्वास कार्यक्रम चालू भइसकेको छैन ।

सहकारी कार्यक्रम

यो जिल्ला देशको चौथो योजनाको सघन कृषि कार्यक्रमको सञ्चालनको लागि छनौट भएको २८ जिल्लाहरूमध्येको एक हो । सघन कृषि विकास कार्यक्रमको सन्दर्भमा, यहाँ सहकारी कार्यक्रमको सञ्चालन गरिएको छ । हाल यस जिल्लाको वलवा, लनगदी, जगनाथपुर र बिरवागुठीमा छ वटा बहुमुखी सहकारी संस्थाहरू र वीरगञ्जमा एउटा जिल्ला सहकारी संघ रहेका छन् ।

यी सहकारी संस्थाहरूको कार्य मुख्यतः आफ्ना सदस्य किसानहरूलाई ऋण दिने र कृषि बीउ, मलखाद, कीटाणुनाशक औषधि तथा कृषि औजार जस्ता कृषि उपकरणहरू तथा कृषि उब्जनीको बिक्री संस्थागत रूपमा सञ्चालन गरी कृषकहरूलाई उनीहरूको परिश्रमको उचित मूल्य दिलाउनु हुन् । जिल्ला सहकारी संघको मुख्य कार्य ग्रामीण सहकारी संस्थालाई आफ्नो कार्य सम्पादन गराउन समर्थ तथा सक्षम बनाउनु र कृषि उपकरण बेच्नु हो ।

यहाँका सहकारी संस्थाहरूले आफ्ना सदस्य कृषकहरूको आवश्यकतानुरूप कृषि सामग्री उपलब्ध गराई कृषि विकास कार्यक्रममा सघाउ पुऱ्याइरहेका छन् । यी संस्थाहरूले बाली अनुसारको अल्पकालीन ऋण र कृषि औजार तथा गोरु खरिदको लागि मध्यकालीन ऋण दिने गरिआएका छन् । ऋणको रकम साधारणतः रू. ५०। देखि ३,०००। सम्म हुन्छ । यी संस्थाहरूले मुख्यतः गोदाम घरको अभावले गर्दा आफ्ना सदस्य कृषकहरूलाई कृषि उपजको उचित मूल्य दिलाउने कार्य भने शुरू गरिसकेको छैन ।

गाउँ पञ्चायत स्तरको यी सहकारी संस्थाहरूको कार्यक्षेत्र १७ वटा गाउँ पञ्चायतहरूमा सीमित छ । अर्को शब्दमा, ८३ पञ्चायत भएको यस जिल्लाको सहकारी कार्यक्रम १७ वटा गाउँ पञ्चायतहरूमा मात्र विस्तार भएको छ । तर निकट भविष्यमा नै सहकारी संस्थाहरूको पुनर्गठन र नयाँ सहकारी संस्थाहरूको संस्थापनद्वारा सहकारी सेवाको विस्तार ४३ गाउँ पञ्चायतहरूमा हुने कार्यक्रम रहेको छ ।

हाल भएका उपर्युक्त पाँच वटा सहकारी संस्थाहरूको सदस्य संख्या १,२०५ छ । प्रत्येक संस्थाको सदस्य सालाखाला २४१ जना छन् । प्रत्येक संस्थाको वार्षिक कारोवार सालाखाला रू. २,००,०००। को छ । सबै संस्थाहरू मुनाफामा नै सञ्चालित छन् र प्रत्येक संस्थाको वार्षिक मुनाफा सालाखाला रू. २,०००। रहेको छ । प्रत्येक संस्थालाई कृषि विकास बैंकबाट एकदेखि दुई लाख रूपैयाँको ऋण प्राप्त भइरहेको छ ।

यहाँ रहेको जिल्ला सहकारी संघ कृषि विकास बैंकको व्यवस्थापन अन्तर्गत सञ्चालित छ । यस संघले उपर्युक्त सहकारी संस्थाहरूलाई आवश्यक कृषि सामग्री तथा औजार उपलब्ध गर्ने गरेको छ । यसले कृषि खरीद बिक्री संस्थान, कृषि औजार कारखाना, शेर बोन मिल, रत्न फिड इन्डस्ट्रिज] तथा खनाल एण्ड कम्पनीको डिलरशीप लिई कृषि विकासको लागि उन्नत बीउ, खाद, कीटाणुनाशक औषधि, उन्नत कृषि औजार समेत कृषि उपकरणहरू बिक्री वितरण गर्ने गरेको छ । यसको वार्षिक कारोवार पुग नपुग २०,००,०००।रूपैयाँको हुनेगरेको छ । यो संस्था आफ्नो मुनाफाबाट वीरगञ्जमा गोदाम बनाउन र जमीन खरीद गर्न समर्थ भएको छ । यस संघले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहकारिताको भावना जागृत गर्न र सहकारी सिद्धान्त र आदर्श सम्बन्धी तालीम कार्यक्रमको पनि आयोजना गर्दैआएको छ ।

भूमि व्यवस्था

पर्सा जिल्लामा भूमिसुधार कार्यक्रम २०२१ सालमा लागू भएको हो । यो जिल्ला प्रथम चरणमा भूमिसुधार कार्यक्रम प्रारम्भ भएको १६ जिल्लाहरूमध्ये एक हो ।

यहाँ नापीको काम भइसकेपछि भूमिसुधारको नतीजा दिगो राख्न समेतको लागि २०२४ सालमा भूमि प्रशासन पनि लागू भयो ।

यस जिल्लामा भूमिसुधार तथा भूमि प्रशासन लागू हुनुभन्दा अघि रैकर जग्गाको मौजा संख्या ३२८ थियो । साथै त्यस बखत गूठी बाहेकको जिमीनदार पटवारीको संख्या ४५५ थियो ।

भूमि प्रशासन लागू भएको यस जिल्लामा मालपोत असूल उपर गर्नको लागि तत्कालीन माल अड्डालाई कोष तथा तहसील कार्यालयमा परिणत गरी त्यसबाट मालपोत उठ्ती गर्ने काम भइरहेको छ ।

भूमि प्रशासन कार्यालयमा प्रत्येक जग्गा धनीको नाम, ठेगाना र जग्गाको क्षेत्रफल तथा किसिम समेत खुलाई वर्णानुक्रमानुसार पञ्चायतगत जग्गा धनी दर्ता स्रेस्ता (मोठ) खडा राखिएको छ । एक प्रति जग्गा धनी दर्ता प्रमाण पूर्जा सम्बन्धित जग्गा धनीलाई उपलब्ध गराइएको हुन्छ । भूमि प्रशासन कार्यालयले जग्गा-धनीबाट असूल उपर गर्नु पर्ने मालपोतको लगत र जग्गाको हक हस्तान्तरण भएमा संशोधित मालपोत लगत पनि कोष तथा तहसील कार्यालयमा पठाउने गर्दछ ।

भूमि प्रशासन लागू हुनुभन्दा पहिले यस जिल्लाको रैकर जग्गाको मालपोत रू. २१,६०,८६३। उठ्ती हुने गरेको थियो । तर यो लागू भएपछि रैकर जग्गाको मालपोत २६,३४,५४१। उठ्ती भएको छ। यस जिल्लामा गूठी र रैकर जग्गा समेतबाट मालपोत रू. २९,१२,६०३। उठ्ने गरेको छ ।

यस जिल्लामा हदबन्दीभन्दा बढी जग्गामध्येबाट करीब ९१ हेक्टर जग्गा वितरण भएको छ ।

परम्परागत ऋण प्रणालीबाट भइरहेका अनुचित शोषणहरूबाट किसानहरूलाई मुक्त गर्न यहाँ ऋण रकम निश्चित गर्ने कार्यक्रम अन्तर्गत निम्नबमोजिम ऋण निश्चित भएको छ :–

(क) रू. ४,००,१६५। ऋणमध्ये रू. ३,८६,९७७। गैर कृषि ऋण र रू. १३,१८८। कृषि ऋणको रूपमा निश्चित गरिए ।

(ख) जिन्सी मन ३४५–६–८ मध्ये जिन्सी मन २९८–१–८ गैर कृषि ऋण र जिन्सी मन ४७–२५–० कृषि ऋणको रूपमा निश्चित गरिए ।

यस जिल्लामा मोहियानी हक २२,३४५ जना कृषकहरूलाई प्रदान गरिएको छ । यस जिल्लामा जग्गा धनी संख्या ५३,३०५ छ । जग्गामा स्वामित्व रहेका आधारमा यिनको वर्गीकरण यस किसिमको छ:–

२.७ हेक्टर (चार बिघा) भन्दा कम जग्गा हुने जग्गा धनीको संख्या	४९,६७९
२.७ हेक्टरदेखि ६.८ हेक्टर (४–१० बिघा) सम्म जग्गा हुने जग्गाधनीको संख्या	३,०४९
६.८ हेक्टरदेखि १०.२ हेक्टर (१०–१५ बिघा) सम्म जग्गा हुने जग्गाधनीको संख्या	५०९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१०.२ हेक्टरदेखि १६.४ हेक्टर (१५–२८ बिघा) सम्म जग्गा हुने जग्गाधनीको संख्या ३४

१६.४ हेक्टर (२८ बिघा) भन्दा बढी जग्गा हुने जग्गाधनीको संख्या ३४

जम्माः– ५३,२०५

वि. सं. २०२८ देखि यहाँ किसानलाई उत्पादनको न्यायोचित हिस्सा दिलाउन र जमीनको अधिकतम उत्पादन बढाउन प्रोत्साहित गर्न यहाँ कूतको निर्धारण भएको छ। यहाँ कित्ता नापीद्वारा वर्गीकृत विभिन्न जग्गाको कूत दर निम्नबमोजिम छः–

जग्गाको किसिम र कूत निर्धारण

जग्गाको किसिम	प्रति बिघा कूत निर्धारण
धनहर	५६० के. जी. (१५ मन धान)
दोयम	४२६ के. जी. (११ मन २० शेर धान)
सिम	३१७ के. जी. (८ मन २० शेर धान)
चाहार	२०५ के. जी. (५ मन २० शेर धान)
भिट अब्बल	३१७ के. जी. (८ मन २० शेर मकै)
भिट दोयम	२४३ के. जी. (६ मन २० शेर मकै)

यस जिल्लामा २०२१ सालदेखि अद्यावधि अनिवार्य बचत निम्नबमोजिम असूल भएको छः–

(क) नगदी रू. १,३६,९२५। (ख) जिन्सी ३,३३,८५६–८–२ मन

उद्योग

यस जिल्लामा चीनी, तेल, पाउरोटी, बिस्कुट, सलाई जस्ता दैनिक उपभोगका वस्तु, कृषि औजार जस्ता कृषि विकासका आधारभूत वस्तु, छ र अन्य फलामे वस्तु जस्ता निर्माणका आधारभूत वस्तु र साथै चुरोट, बिडी, गञ्जी, मोजा लगायतका अन्य प्रमुख वस्तुहरू उत्पादन गर्ने विभिन्न औद्योगिक कल कारखानाहरू सञ्चालन भइरहेका छन्।

वि सं. १९९३ देखि देशमा आधुनिक उद्योगहरू स्थापना भई औद्योगीकरण प्रारम्भ भएको हो। यस सिलसिलामा सोही वर्ष यहाँ दि नेशनल इण्डष्ट्रीयल मिल नामक उद्योगको स्थापना भएको थियो। तर यो कारखानाको सञ्चालन भने भएन। वि. सं. १९९५ मा यहाँ नेपालीहरूकै स्वामित्व, व्यवस्थापन र स्थानीय कच्चा पदार्थमा आधारित जुद्ध मैच फ्याक्टरी नामक एक सलाई उद्योगको स्थापना भएको थियो। दोस्रो विश्व युद्धकै कारणबाट सलाईको पैठारी बन्द हुन जानाले यो सलाई कारखानाको सफल सञ्चालन पनि हुँदै गएको थियो। वि. सं. १९९६ मा यहाँ वीरगञ्ज कटन मिल लि. नामक धागो उत्पादन गर्ने कारखाना खोलिएको थियो। द्वितीय विश्वयुद्धले गर्दा भारत र जापानबाट तत्काल पैठारी हुने गरेको सूती कपडाको प्रदायमा कमी र मूल्यमा वृद्धि हुन गएको कारणले नै उक्त कटन मिलको स्थापना गरिएको थियो। वि. सं. २००३ मा प्रभात लक्य डाइङ एण्ड प्रिन्टिङ्ग फ्याक्टरी नामको कपडा सम्बन्धी उद्योग पनि खोलिएको थियो। उक्त कटन मिल मुख्यतः सूती धागोको अन्तर्राष्ट्रिय मूल्यमा वृद्धि र आफ्नो उत्पादनका वस्तुको संकुचित बजारमा खपत नभई संग्रह भइदिनाले वि. सं. २००५ मा बन्द हुन गयो र वि. सं. २००५ मा यहाँ नेपाल सिगरेट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फ्याक्टरी लि. नामको चुरोट कारखाना र वीरगञ्ज इलेक्ट्रीक सप्लाइ करपोरेशन लि. स्थापना गरिए। १९९३–२००७ सालको १४ वर्षको अवधिमा यहाँ धेरैजसो उद्योगहरू पब्लिक लिमिटेड कम्पनीको रूपमा नै खोलिएका थिए । उपर्युक्त अवधिमा यस जिल्लामा धागो, कपडा, सलाई, चुरोट र बिजुली सम्बन्धी उद्योगहरू स्थापना भए तापनि तिनमध्ये हालसम्म जुद्ध मैच फ्याक्टरी र नेपाल सिगरेट फ्याक्टरी मात्र सञ्चालन भइरहेका छन् ।

देशले अपनाएको योजनाबद्ध विकासको १७ वर्षको अवधिमा यहाँ उद्योगको विकासमा उत्साह-वर्धक प्रगति हुँदै आएको छ ।

वि. सं. २०२२ को औद्योगिक गणना अनुसार यस पर्सा जिल्लामा तत्काल निम्नउत्पादन क्षेत्रमा ८५ वटा उद्योगहरू विद्यमान रहेका थिए:–

उद्योगको प्रकार	संख्या	उद्योगको प्रकार	संख्या
[illegible]	५२	बिड़ी	११
बिस्कुट	४	छापानाखा	४
ईंट र टायल	४	साबन	३
चुरोट	१	काठ चिरानी	२
फर्निचर	१	सलाई	१
अन्य	१	जम्मा:–	८५

उद्योग विभाग र अन्तःशुल्क कार्यालय नारायणी अञ्चलको लगत अनुसार यस जिल्लामा स्थानान्तरित हुनेगरी दर्ता भइरहेका उद्योगहरूको संख्या २५५ पुगेको अनुमान गरिएको छ । जसमध्ये यहाँ सालाखाला १७० देखि २०० उद्योगहरू मात्र चालूको अवस्थामा रहेको अनुमान गरिएको छ ।

यहाँ सरकारी र गैर सरकारी दुवै क्षेत्रमा उद्योगहरू छन् । सरकारी क्षेत्रका उद्योगहरू वीरगञ्ज चीनी कारखाना र कृषि औजार कारखाना हुन् । यहाँ मुख्यतः निजी क्षेत्रमा नै अधिकांश उद्योगहरू संस्थापित भइरहेका छन् ।

वि. सं. २०३० को औद्योगिक गणना अनुसार यस जिल्लाका ८५ वटा उद्योगहरूको वैधानिक स्थिति अवलोकन गर्दा व्यक्तिगत (एक लौटी) ६९ वटा, साझेदारी ११ वटा, पब्लिक लिमिटेड कम्पनी दुईटा, प्राइभेट लिमिटेड कम्पनी दुई वटा र अन्य विभाजित नभएको दुई वटा रहेका छन् ।

यस जिल्लामा स्थानान्तरित हुनेगरी दर्ता भएका उद्योगहरूको संख्या २५५ पुगेको भए तापनि ती जम्मै उद्योगहरू चालू भइरहेका छैनन् । यहाँका प्रायः धेरैजसो राइस तथा आइल मिलहरू सञ्चालनमा छन् ।

गत २०२९।०३० मा अन्तःशुल्क तिर्ने उद्योगहरूको संख्याको आधारमा यहाँ तत्काल जम्मा १५७ उद्योगहरू चालू अवस्थामा रहेको देखिन्छ । यस जिल्लाभित्र अन्तःशुल्क लागेका उद्योगहरूको विगत वर्षहरूमा लगत निम्नबमोजिमको छ:–

अन्तःशुल्क लागेका उद्योगहरूको संख्यात्मक विवरण

उद्योगका प्रकारहरू	२०२९।०३०
चामल तथा तेल	१३५
चुरोट कारखाना	१
चीनी कारखाना	१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सलाई कारखाना	१
स्टील कारखाना	१
कपडा तथा मोजा	२
बिडी कारखाना	४
काठ चिरान (स:मिल)	४
इंटा चिम्नी भट्टा	४
बिस्कुट तथा चकलेट लेमन्जुस	४
जम्मा:–	१५७

यहाँ अन्तःशुल्क नलाग्ने उद्योग जस्तै कृषि औजार कारखाना पनि रहेको छ। देशको औद्योगिक विकासको लागि उद्योगहरू प्रारम्भ भएको तीन वर्षसम्म औद्योगिक प्रोत्साहन स्वरूप पूरा र आंशिक अन्तःशुल्क साधारणतः रिहाइ हुने भएकोले यहाँ अन्तःशुल्क रिहाइ पाएका उद्योगहरू पनि छन्। अन्तःशुल्क तिर्नु नपर्ने यातायात, होटेल, यान्त्रिक मर्मत सम्बन्धी उद्योगहरू पनि उद्योगको समूहमा नं समावेश छन्। खासगरी उपर्युक्त कारणहरू माथि दृष्टिगत गर्दा दर्ता भएका २५५ विभिन्न उद्योगहरूमध्ये सालाखाला १७५ देखि २०० उद्योगहरू सञ्चालन हुनेगरेको अनुमान हुन्छ। तर उपर्युक्त अन्तःशुल्क तिर्ने उद्योगहरूको तालिका हेर्दा चालू उद्योगहरूको संख्या र अन्तःशुल्क तिर्ने उद्योगहरूको संख्या क्रमिक रूपमा वर्षै पिच्छे वृद्धि हुँदै आइरहेका छन्।

औद्योगिक उत्पादन

यस जिल्लाको मुख्य औद्योगिक उत्पादनमा चीनी, बिडी, सलाई, कन्फेक्सनरी, कृषि औजार हुन्। यहाँ फलाने वस्तु, स्टीलका भाँडाकुँडा, ग्लास, मसी, गुँद, बिस्कुट, पाउरोटी, स्क्वायस, सोडा पानीको मसला, साबुन, गन्जी, मोजा आदि पनि औद्योगिक वस्तुको रूपमा उत्पादन हुनेगरेका छन्। विगत केही अवधिमा केही प्रमुख उद्योगहरूले गरेको उत्पादनको तालिका निम्नबमोजिमको छः–

केही औद्योगिक वस्तुको उत्पादन

औद्योगिक वस्तु र उद्योगको नाम	एकाई	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
चीनी (वीरगञ्ज चीनी कारखाना)	(क्विन्टल)	६४,१७८	४०,८१६	६६,७६२
कृषि औजार (स्टील उपयोगको आधारमा) (कृषि औजार कारखाना)	(क्विन्टल)	७६०	१,२६०	–
सलाई (जुद्ध मैच फ्याक्टरी)	(ग्रुस)	१,०२,३६८	१,०२,३६८	१,११,०६८
चुरोट (नेपाल सिगरेट फ्याक्टरी)	एम खिल्ली	१,२६,२८२	१,१६,५८७	१,५४,३१६
स्टीलका भाँडावर्तन (रत्न स्टेनलेस स्टील प्रा. लिमिटेड)	(के. जी.)	२६,३३७	२५,५३५	१६,२२५
कन्फेक्सनरी– बिस्कुट, लेमनजुस, मिश्री (गणेश विस्कुट कम्पनी), (हिमाल कन्फेक्सनरी प्रडक्टस्), (नेपाल बिस्कुट इन्डष्ट्रीज)	(मे.ट.)	६६,८८८	१,६५,३७६	५,१६,७६०

स्रोतः उद्योग विभाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीरगञ्ज चीनी कारखाना

वीरगञ्ज चीनी कारखाना नेपाल अधिराज्यका ठूला उद्योगहरूमध्ये एक हो। यो कारखानाको सरदर चीनी उत्पादन देशको कुल चीनी उत्पादनको ५०–७० प्रतिशत हुन आउँछ। यस कारखानाको अधिकृत पूँजी १० करोड रूपैयाँ छ, जसमध्ये चार करोड सात लाख १८ हजार रूपैयाँ जारी तथा चुक्ता पूँजी रहेको छ। यसले १,२०० भन्दा बढी व्यक्तिहरूलाई रोजगारी प्रदान गरेको छ।

वीरगञ्ज चीनी कारखानाको उखु पेलाइ

आर्थिक वर्ष	उखु पेल्नेकाम गरेको दिनको संख्या	पेलिएको उखुको तौल (क्विन्टल)	उखु पेल्ने काम गरेको दिनको आधारमा प्रति दिन उखुपेलिएको औसत (क्विन्टल)	उखु पेल्ने १०,००० क्विन्टल प्रति दिनको क्षमताको आधारमा प्रति दिन उखु पेलिएको प्रतिशत
२०२२।०२३	–	७,३६,४३५	–	–
२०२३।०२४	–	४,२७,९६६	–	–
२०२४।०२५	३४	१,६१,९३१	४,७६२	४८ प्रतिशत
२०२५।०२६	७२	५,४६,३८३	७,५८८	७६ प्रतिशत
२०२६।०२७	१५२	१२,३३,००६	८,११२	८१ प्रतिशत
२०२७।०२८	१८०	११,६६,९५५	६,४८२	६५ प्रतिशत
२०२८।०२९	६८	४,६०,२१२	६,७८३	६८ प्रतिशत
२०२९।०३०	८८	७,१२,११४	८,०९२	८१ प्रतिशत

स्रोतः– (वीरगञ्ज चीनी कारखाना र उद्योग विभागबाट प्राप्त विवरणको आधारमा)

सामान्यतः चीनी कारखानाले १०० देखि १२० दिनसम्म उखु पेल्ने काम गर्छ। वीरगञ्ज चीनी कारखानाले विगत २०२५।०२६ – २०२९।०३० को पाँच वर्षको अवधिको वार्षिक कार्यकारी मौसम ११२ दिनको हुन आउँछ। हुनतः यस कारखानाले २०२४।०२५ मा ३४ दिन उत्पादनको काम गरेको थियो भने २०२७।०२८ मा यसको कार्यकारी मौसम १८० दिनसम्म पनि भएको थियो।

यो कारखानाको लागि मुख्य कच्चा पदार्थ उखुको मुख्य स्रोत पर्सा, बारा, रौतहट हुन्। देशको उखु उत्पादनको करीब ४४ प्रतिशत उखु उब्जाउ हुने क्षेत्रको आसपासमा अवस्थित यो चीनी कारखानालाई पर्याप्त उखु निरन्तर रूपमा उपलब्ध हुनेगरेको छैन। यसलाई चाहिने कोइला, छान्ने कपडा जस्ता अन्य सहकच्चा पदार्थहरू भारतबाट पैठारी हुने गरेको छ।

यस वीरगञ्ज चीनी कारखानाको उखु र चीनीको उत्पादन दर सरदर नौ प्रतिशत छ। यहाँ विभिन्न वर्षहरूमा उखुबाट चीनीको उत्पादन दर निम्नबमोजिमको छः–

आर्थिक वर्ष २०२२।०२३ मा ८.७० प्रतिशत, २०२३।०२४ मा ९.०३ प्रतिशत, २०२४।०२५ मा ९.२९ प्रतिशत, २०२५।०२६ मा ९.७७ प्रतिशत, २०२६।०२७ मा ९.२० प्रतिशत २०२७।०२८ मा ८.०६ प्रतिशत २०२८।०२९ मा ८.७७ प्रतिशत र २०२९।०३० मा ९.७७ प्रतिशत।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस चीनी कारखानाको वार्षिक चीनी उत्पादन क्षमता ६२,००० क्विन्टल छ। विगत पाँच वर्ष (२०२५।०२६ –२०२९।०३०) को अवधिमा यस कारखानाको औसत वार्षिक चीनी उत्पादन ७४,२२१ क्विन्टल छ। आर्थिक वर्ष २०२८।२९ र २०२९।०३० मा यसले क्रमशः ४०,८१६ र ६६,७१२ क्विन्टल चीनी उत्पादन गरेको छ।

यस कारखानाद्वारा उत्पादित चीनीको मुख्य बजार बागमती, नारायणी र जनकपुर अञ्चलका बजारहरू हुन्।

कृषि औजार कारखाना

यस पर्सा जिल्लास्थित कृषि औजार कारखाना कृषि उत्पादन वृद्धिको लागि अत्यावश्यक उपकरण उन्नत कृषि औजारहरू उत्पादन गर्ने देशको एक मात्र आधारभूत उद्योग हो। राष्ट्रिय अर्थ व्यवस्थामा महत्वपूर्ण यो कारखानाको मुख्य लक्ष्य देशमा शताब्दीदेखि चलिआएको परम्परागत कृषि औजारको सट्टा आधुनिक कृषि औजार उत्पादन गरी तिनको समुचित प्रयोग बढाई कृषकहरूको कार्य पद्धति र क्षमतामा अनुकूल परिवर्तन ल्याई कृषि उत्पादनमा वृद्धि ल्याउन लगाउनु हो। यो कारखानाले १६६ जना व्यक्तिहरूलाई रोजगारको अवसर दिइरहेको छ।

वि. सं. २०२४ फागुन महीनामा स्थापना भई यस कारखानाले २०२५ साल साउन १ गते-देखि कृषि औजारहरू उत्पादन गर्न थालेको हो। हाल यस कारखानाले मुख्यतः हलो, रिजर, पेग, टुथ, हेरो, कोदाली, फलामे दाँते हँसिया, पिक, सावेल, घन जस्ता निर्माण सामग्री तथा थ्रेसर जस्ता कृषि औजारहरू पनि उत्पादन गर्दछ। साथै आर्थिक वर्ष २०२७।०२८ देखि ट्रेक्टर, डिस्क हैरो र कल्टिभेटर जस्ता ट्रेक्टर सम्बन्धी सामान जस्तै पोल क्याप, पोल क्लैम्प स्ट्रिप, डी. आइरन जस्ता विद्युतीकरण सम्बन्धी उपकरण र हिल ब्यारो जस्ता निर्माण सामानको उत्पादन पनि यस कारखानामा प्रारम्भ गरियो। त्यस्तै यस कारखानाले आर्थिक वर्ष २०२८।०२९ र २०२९।०३० मा आधुनिक औजारहरू उत्पादन गर्न थालेको छ र ती आर्थिक वर्षहरूमा क्रमशः सात लाख ६९ हजारको र १३ लाख २६ हजारको औजार उत्पादन गरेको छ।

यस कृषि औजार कारखाना लिमिटेडको भैरहवा (रूपन्देही), विराटनगर (मोरङ) र काठमाडौंमा समेत तीन ठाउँमा आफ्नै बिक्री डिपोहरू छन्। जनकपुरधाम र नेपालगञ्जमा पनि यसको डिपोहरू खोलिदै छ। यसको डिलरहरू कलैया (बारा), भरतपुर (चितवन), पोखरा (कास्की), राजविराज (सप्तरी) मा पनि छन्।

जुध्द मैच फ्याक्टरी

वि. सं. १९९५ मा यो सलाई कारखाना पब्लिक लिमिटेड कम्पनीको रूपमा खोलिएको हो। यो कारखाना देशको सर्वभन्दा पुराना उद्योगहरूमध्ये एक हो। यस अतिरिक्त यो कारखाना यस जिल्लामा सञ्चालित सर्वप्रथम आधुनिक औद्योगिक प्रतिष्ठापन हो। यो उद्योगको सञ्चालनबाट नै यस जिल्लामा औद्योगीकरणको शुरूआत भएको हो।

अधिकृत पूँजी रू. १,००,०००। मा खोलिएको यो कारखानाको ४०० ग्रूस प्रति दिन सलाई उत्पादन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने क्षमता रहेको छ। आर्थिक वर्ष २०२९।०३० मा यो कारखानाले रू. १३,५९,६७९। मूल्य बराबरको १,११, ०६८ ग्रूस सलाई उत्पादन गरेको थियो।

नेपाल सिगरेट फ्याक्टरी

वि. सं. २००५ मा यो चुरोट कारखाना पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भएको हो। यसको अधिकृत पूँजी रू. ३०,०१,०००। छ र यसले १५६ जना व्यक्तिहरूलाई रोजगार दिइरहेको छ। २०२९।३० मा यस कारखानाको उत्पादन १,५४,३१९ एम खिल्ली चुरोट थियो।

हिमाल आइरन एण्ड स्टील प्रा. लि.

वि. सं. २०१८ मा स्थापित फलामे सतरीबाट फलामे डण्डी बनाउने यो रिरोलिङ्ग कारखाना पर्सा जिल्लाको निजी क्षेत्रको प्रमुख उद्योग हो। यस कारखानाले आफ्नो मुख्य उत्पादन फलामे डण्डीको अतिरिक्त छाने पाता र वाल्टिन पनि उत्पादन गर्ने गरेको छ। यस कारखानाको क्षमता १३,००० टन फलामे डण्डी उत्पादन गर्ने रहेको छ।

नेपाल केमिकल एण्ड सोप इन्डष्ट्रिज

यो एक अति महत्वपूर्ण उद्योग हो। यसको वर्तमान क्षमता चार टन प्रति दिन हो। आर्थिक वर्ष २०३०।३१ मा यसको उत्पादन ५२१ टन रहेको थियो। उत्पादन ९५ प्रतिशत नेपालमै बिक्री गरिएको र बाँकी पाँच प्रतिशत तिब्बतमा निकासी गरिएको थियो। उक्त उद्योगको लागि आवश्यक कच्चा पदार्थ ठूलो परिमाणमा विदेशबाट पैठारी हुनेगरेको छ।

नेपाल उड एण्ड एलाइड इन्डष्ट्रिज प्रा. लि.

यहाँ रहेको ठूलो उद्योगमा यो उद्योग पनि लिइन्छ। यो कारखानाको क्षमता ७०० मन खयर काठ प्रशोधन गर्ने रहेको छ। यस कारखानाद्वारा उत्पादित खयरमध्ये अधिकांश (करीब पाँच प्रतिशत मात्र नेपालमा खपत हुन्छ) भारतमा निकासी गरिन्छ। यो वन पैदावारमा आधारित उद्योगलाई नेपालकै जङ्गलबाट कच्चा पदार्थ उपलब्ध हुनेगरेको छ।

रत्न स्टेनलेस स्टिल इन्डष्ट्रिज प्रा. लि.

वि. सं. २०२४ मा अधिकृत पूँजी रू. ८,००,०००। मा खोलिएको यो उद्योग स्टेनलेसका भाँडा कुँडाहरू उत्पादन गर्ने कारखाना हो। स्टीलका भाँडा कुँडाहरूको बजारमा साँगुरो हुँदै गइरहेकोले विगत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केही वर्ष यतादेखि यसको उत्पादन घट्दै गइरहेको छ। २०२९।०३० मा यस उद्योगबाट १६,२२५ के. जी. बराबरको स्टीलका भाँडाकुँडाहरूको उत्पादन भएको थियो।

उपर्युक्त उद्योगहरूको अलावा नेपाल किसान फ्रुट प्रिजरभेशन एण्ड केनिङ इण्डष्ट्रिज, दीपक ग्राइस फ्याक्टरी र गणेश बिस्कुट कम्पनी पनि उल्लेखनीय छन्।

व्यापार

वीरगञ्ज (नेपाल)–रक्सौल (भारत) का बीच खुल्ला आवत जावत हुने हुँदा पर्सा जिल्लाको वीरगञ्ज नेपाल–भारतको सीमाना व्यापार केन्द्रमध्ये एक रहिआएको छ। यस जिल्लाको खासगरी मकवानपुर, चितवन, बारा जस्ता छरछिमेकी जिल्लाहरू र काठमाडौं लगायत बागमती अञ्चलका धेरै जसो जिल्लाहरूसित प्रादेशिक व्यापार हुने गरिएकोले, यो जिल्ला ती क्षेत्रहरूको प्रादेशिक व्यापार केन्द्र विन्दु पनि हो। यही जिल्लाको स्थल मार्ग र भन्सारद्वारा नै भारत लगायत समुद्रपारका देशहरूसित देशको मध्य क्षेत्रको वैदेशिक व्यापार सञ्चालन हुनेगरेकोले यो जिल्ला पारवहन व्यापार विन्दुको अतिरिक्त अन्तर्राष्ट्रिय व्यापार विन्दुको रूपमा पनि अवस्थित भइरहेको छ। यो जिल्ला देशको प्रमुख वाणिज्य केन्द्रहरूमध्ये एक मानिन्छ।

यहाँ जिल्ला सहकारी संघ र अन्य बहुमुखी सहकारी संस्था पनि छन्। साथै नेपाल राष्ट्र बैंक, नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक जस्ता वित्तीय संस्थाहरू, नेपाल यातायात संस्थानका कार्यालय लगायत निजी क्षेत्रका यातायात कम्पनीहरू र सरकारी क्षेत्रका राष्ट्रिय बीमा संस्थानका अभिकर्ताहरू रहेका छन्। वीरगञ्जमा उद्योग वाणिज्य संघ पनि छ।

यसरी उद्योग, व्यापार र वाणिज्यको प्रमुख केन्द्रको रूपमा रहेको वीरगञ्जमा खाद्यान्न तथा अन्य कृषिजन्य वस्तु, दैनिक जनजीवनका अत्यावश्यक वस्तु, स्वदेशी औद्योगिक वस्तु, विदेशी विलासीका सामान र निर्माणात्मक तथा विकासात्मक सामग्री लगायतका विभिन्न वस्तुहरूको व्यापार ठूलो राशिमा हुने गरेको छ। यो केन्द्र भारतीय, चिनियाँ र अन्य विदेशी वस्तुको व्यापारको लागि पनि प्रख्यात छ। व्यापार प्रवर्द्धन समाचार सेवा, २०२९ (असोज–कार्तिक वर्ष २ अङ्क ३।४) अनुसार वीरगञ्ज बजारमा दैनिक किनबेच रू. ५,५०,०००। बराबर हुनेगरेको अनुमान छ। वीरगञ्ज बजारमा किनबेच हुने वस्तुहरूमा मुख्यतया धान, चामल, उखु छाला आदि हुन्। यो बाहेक यस बजारको मुख्य चहल पहल विदेशी सामानहरूको खरीद बिक्रीमा ज्यादातर छ। यहाँको बजार प्रतिस्पर्धात्मक छ। यस जिल्लाको प्रादेशिक तथा अन्तर्राष्ट्रिय व्यापार पनि ठूलो राशिमा हुने गरेको छ।

अन्तर्राष्ट्रिय निकासी पैठारी

वीरगञ्ज भन्सारबाट हुने निकासी पैठारीका वस्तुः यस जिल्लाका भन्सारहरू मुख्यतः वीरगञ्ज भन्सारबाट भारत र समुद्रपारका मुलुकहरूसित हुने निकासी व्यापार यसै जिल्लाका उत्पादनमा मात्र सीमित नभई यहाँका छरछिमेकी जिल्लाहरू मुख्यतः मकवानपुर, चितवन, बारा, रौतहट, बागमती अञ्चलका काठमाडौं, ललितपुर र अन्य जिल्लाहरू कहिले कहीं अन्य अञ्चलका उत्पादनमा पनि विस्तृत हुने गरेको छ। उदाहरणार्थ यहाँबाट निकासी हुने अधिकांश मकै चितवन जिल्लाको र हस्तकला तथा शिल्पकला ललितपुर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाका छन् । त्यस्तै यहाँको भन्सारको माध्यमद्वारा ती क्षेत्रहरूको लागि पनि अन्तर्राष्ट्रिय पैठारी हुने गर्छ।

व्यापार प्रवर्द्धन केन्द्रले २०२९ मा गरेको वीरगञ्जको आन्तरिक बजारको अध्ययन अनुसार आर्थिक वर्ष २०२८।०२९ मा भारत तथा समुद्रपारका मुलुकहरूसित रू. २५,१७,८५,०००। बराबरको प्रमुख वस्तुहरूको निकासी पैठारीको व्यापार भएको थियो । जसमध्ये पैठारी हुने रू. २२,८२,४६,०००। र निकासी रू. २,३५,३९,०००। भएको थियो । यहाँबाट निकासी हुने मुख्य वस्तुहरू लकडी, चामल, जरीबूटी, छाला, कारपेट, वन पैदावार आदि हुन् । पैठारी हुने मुख्य वस्तुहरू कपडा, औषधि, यान्त्रिक सामान, नून, चिया, पत्थरकोइला, मट्टीतेल, पेट्रोल, डिजेल, कर्कट पाता आदि हुन् ।

व्यापार प्रवर्द्धन केन्द्रका अनुसार आर्थिक वर्ष २०२९।०३० मा वीरगञ्ज भन्सारबाट समुद्रपारका मुलुकहरूमा मुख्य–मुख्य वस्तुहरूको निकासी करीब रू. १,७७,९३,०००। पुगेको थियो । यसरी अघिल्लो आर्थिक वर्ष २०२८।०२९ को दाँजोमा २०२९।०३० मा मुख्यतः खसी बाख्राको छाला, उलेन कार्पेट, हस्तकला तथा शिल्पकलाका सामान र जरीबूटी निकासीमा ठूलो मात्रामा वृद्धि हुनाले समुद्र पारका मुलुकहरूसितको मुख्य-मुख्य वस्तुहरूको निकासीमा वृद्धि भएको हो । साथै आर्थिक वर्ष २०२९।०३० मा नेपाली कागज, नेपाली जुत्ता, खरो ढुङ्गा, दाल, खलिपीना समुद्रपारि निकासी खास मात्रामा भएको थियो ।

भन्सारः पर्सा जिल्ला खासगरी वीरगञ्ज देशको एक प्रमुख वैदेशिक व्यापारको विन्दु भएकोले यस जिल्लास्थित भन्सार कार्यालयहरू मार्फत उठ्ती हुने भन्सार महसूल सरकारी राजस्वको एक प्रमुख स्रोत बनेको छ। भन्सार आयको दृष्टिकोणबाट यो जिल्ला देशको सर्वभन्दा बढी भन्सार आर्जन गर्ने जिल्ला हो । आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लाको मूल वीरगञ्ज भन्सार र छोटी भन्सार कार्यालय मार्फत भएको निकासी पैठारीको भन्सारबाट करीब रू. १० करोड आम्दानी भएको थियो ।

भन्सार महसूल आम्दानी (रू. हजारमा)

पर्सा जिल्लाको भन्सारको नाम	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
वीरगञ्ज मूल भन्सार	६,८०,४८	६,१०,८२	८,४६,४४	९,८२,२५
छोटी भन्सारहरू				
वीरगञ्ज स्टेशन	२६४	१००	६४	५४
भीस्वा	२६०	१६४	१७१	१३३
अलौ	९२	२१९	१५९	२२५
गाद पर्सा.नी	५१	१७	८०	१३
हुकी	१	४	६	५
पाण्डेपुर	१५४	२५	३	१७
जम्माः–	६८८,७०	६१६,११	८५१,२७	९८६,७२

विक्री करः यो जिल्ला एक प्रमुख व्यापार केन्द्र भएकोले वीरगञ्जस्थित कर कार्यालयबाट यहाँ सालाखाला सालिन्दा ४० लाख रूपैयाँ विक्री कर उठ्ती हुनेगरेको छ ।

विक्री कर असूली (रू. हजारमा)

आर्थिक वर्ष	रकम
२०२६।०२७	२३,७८
२०२७।०२८	३९,१४
२०२८।०२९	४२,४७
२०२९।०३०	४७,५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आयकरः यहाँ आयकरको मुख्य स्रोत उद्योग र व्यापार क्षेत्र नै हो। यहाँ उठती हुने गरेको आयकरमा मुख्यतः ती क्षेत्रको नै योगदान बढी रहने गर्छ। कर कार्यालय नारायणी अञ्चलका अनुसार उक्त कार्यालयबाट विगत वर्षहरूमा असूली गरेको आयकर निम्नबमोजिमको थियोः–

आयकर असूली (रू. हजारमा)

आर्थिक वर्ष	रकम
२०२६।०२७	१६,०३
२०२७।०२८	१०,०८
२०२८।०२९	८५९
२०२९।०३०	८९४

बैंक

यस पर्सा जिल्लामा निम्न मुख्य वित्तीय संस्थाहरूको विभिन्न स्तरीय शाखा कार्यालयहरू निम्नबमोजिम रहेका छन्ः–

वित्तीय संस्थाहरू

वित्तीय संस्थाका नाम	स्थापना
नेपाल राष्ट्र बैंकको कार्यालय	२०१३
नेपाल बैंक लि.	
क्षेत्रिय कार्यालय	१९९८
वीरगञ्ज भन्सार क्षेत्र उप-शाखा	२०२३
श्रीपुर उप-शाखा	२०२६
राष्ट्रिय वाणिज्य बैंकको शाखा	२०२२
कृषि विकास बैंकको शाखा	२०२४

वाणिज्य बैंकहरूः वि. सं. १९९८ मा नेपाल बैंक लि. ले शाखा कार्यालय खोलेको थियो। यहाँको बढ्दो वाणिज्य व्यापारिक कारोवारमाथि दृष्टिगत राखी राष्ट्रिय वाणिज्य बैंकले शाखा कार्यालय खोलेको छ। यी दुवै वाणिज्य बैंकहरूको मुख्य कारोबारको गतिविधि यसप्रकारको छः–

बैंकहरूको मुख्य कारोवारको गतिविधि

विवरण	नेपाल बैंक लि.	राष्ट्रिय वाणिज्य बैंक
कुल निक्षेप (२०२९ असार)	रू. १४२ लाख	रू. ४० लाख
(क) चल्ती निक्षेप	रू. ४८ लाख	रू. १२ लाख
(ख) मुद्दती तथा बचत निक्षेप	रू. ९४ लाख	रू. २८ लाख
कर्जा (२०२९ असार)	रू. २१७ लाख	रू. ५९ लाख
निक्षेपतर्फ ग्राहकहरूको संख्या (२०३०)	४,०००	–
कर्जातर्फ ग्राहकहरूको संख्या (२०३०)	२,१००	–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँका यी वाणिज्य बैंकहरूले यहाँ लगानी गर्न मालहरू र एल्. सी. हिसाबबाट झिकाउने मालसामान-हरू साधारणतः निम्न हुन् । यिनले आफ्नो केन्द्रीय कार्यालयको पूर्व स्वीकृति लिई अन्य कलममा पनि लगानी गर्न सक्छन् । लगानी मुख्यतः गल्ला, कपडा, सनपाट र अन्य सामानहरूमा हुन्छन् ।

कृषि विकास बैंकः वि. सं. २०२४ मा सहकारी बैंक विघटन भइसकेपछि यहाँ रहेको उक्त बैंकको शाखा कार्यालय कृषि विकास बैंकको कार्यालयमा परिणत भएको हो । यहाँ यस बैंकले निम्न प्रयोजनको निमित्त ऋणको सुविधा पुन्याउने गरेको छः–

१. व्यक्तिहरूलाई धान, गहुँ, मकै, उखु उत्पादनको लागि ।
२. सहकारी संस्थाहरूलाई धान, गहुँ, मकै, उखु, तेलहन समेतको उत्पादनको लागि ।
३. खेतीमा यान्त्रीकरण अन्तर्गत ट्राक्टर र त्यसको औजार पावर टिलर, सिचाइ अन्तर्गत पम्पसेट र ट्यूबवेल खरीदको लागि ।
४. कृषिजन्य उद्योग, बजार र गोदाम कार्यक्रम अन्तर्गत चामल, तेल तथा मैदा कारखानाको स्थापना, ती कारखानाहरूको कार्यकारी पूँजी र गोदाम निर्माणको लागि ।
५. पशु-पालन, कुखुरा पालन तथा माछा पालनको लागि ।

आर्थिक वर्ष २०२९।०३० सम्ममा यहाँको कृषि विकास बैंकले विभिन्न कलमहरूमा रू. ३८ लाख चार हजार रूपैयाँ लगानी गरिसकेको छ । यस बैंकको यहाँको गतिविधि आदि कृषि परिच्छेद अन्तर्गत कृषि ऋणमा सविस्तार भइसकेको छ ।

उपर्युक्त कार्यालयहरू बाहेक यहाँ राष्ट्रिय व्यापार निगम, कृषि खरीद विक्री संस्थान, नेपाल यातायात संस्थान र राष्ट्रिय बीमा संस्थानका शाखा कार्यालयहरू पनि छन् ।

सरकारी संस्थानहरू

राष्ट्रिय व्यापार निगमः यहाँ राष्ट्रिय व्यापार निगम (नेशनल ट्रेडिङ लि.) को अञ्चल कार्यालय रहेको छ । उक्त निगमको अञ्चल कार्यालयहरूमध्ये यहाँ रहेको कार्यालय सबभन्दा ठूलो हो । उक्त अञ्चल कार्यालयको निमित्त आधुनिक ठूल-ठूला गोदामहरू निर्माण भएका छन् । यो कार्यालयले विदेशबाट आउने निगमको मालसामानहरू भारतको रक्सौलमा छुटाउने, निगमले गर्ने निकासी मालसामानहरू रक्सौलबाट गन्तव्य देशमा चलान गर्ने र अन्य ग्राहकहरूको मालसामान छुटाउने, चलाउने कार्य पनि गर्दछ । साथै यस अञ्चल कार्यालयले बागमती अञ्चल कार्यालय लगायत निकटतम कार्यालयहरूमा मालसामान विक्रीको निमित्त पनि वितरण गरी पठाउँछ । यस जिल्लामा यस निगमको नौ विक्रेताहरू छन् । उक्त निगमका अनुसार यहाँ उक्त निगमको कार्यालयले २०२८।०२९ मा करीब रू. १,३१,२२,१२४। र २०२९।३० मा रू. १,०१,५६,३५६। को कारोवार गरेको थियो ।

कृषि खरीद विक्री संस्थानः यस जिल्लामा कृषि खरीद विक्री संस्थानको क्षेत्रिय कार्यालय पनि रहेको छ । यस क्षेत्रिय कार्यालय अन्तर्गत भरतपुर, गौर, हेटौंडा, जनकपुर, मलङ्गवा, रामेछाप र अमलेखगञ्जमा शाखा तथा उप-शाखा रहेका छन् । यहाँ उक्त संस्थानले कृषि उत्पादन वृद्धि गर्न आवश्यक कृषि सामाग्रीहरू जस्तै उन्नत बीउ-बीजन, रासायनिक मल, कृषि यन्त्र, आधुनिक कृषि औजारहरू, रोग तथा कीटनाशक औषधि आदि विक्री वितरण गर्ने गरिराखेको छ । यहाँको कार्यालयले २०२९।०३० मा रासायनिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मल ३,११० मेट्रिक टन, उन्नत बाउ २५४ मेट्रिक टन, कृषि औजार रू. ७,०१,१५५। को बिक्री गरेको थियो। यो संस्थानले यहाँको कृषि विकासको लागि ठोस योगदान गर्दै आएको छ। यस संस्थानका सम्बन्धमा कृषि परिच्छेदमा पनि उल्लेख भएको छ।

नेपाल यातायात संस्थानः नेपाल यातायात संस्थानको अञ्चल कार्यालय पनि यहाँ रहेको छ। यस संस्थान अन्तर्गत वीरगञ्जदेखि रक्सौलसम्म माल बाहेक रेलको सञ्चालन भइरहेको छ। यसले २०२८।०२९ मा १२,७०४ र २०२९।०३० मा २४,००० मेट्रिक टन मालसामानको ढुवानी गरेको थियो। यस संस्थानबाट रक्सौल–वीरगञ्ज, वीरगञ्ज–हेटौंडामा माल बाहक सेवा पनि सञ्चालन भइरहेको छ।

राष्ट्रिय बीमा संस्थानः यहाँ राष्ट्रिय बीमा संस्थानको कार्यालय रहेको छ।

अन्य व्यापारिक संस्था

सहकारी संस्थाः यस जिल्लामा जिल्ला सहकारी संघ र पाँच वटा बहुमुखी सहकारी संस्थाहरू पनि रहेका छन्। व्यापार क्षेत्रमा यी सहकारी संस्थाहरूबाट खास गरी कृषि उपकरणको बेच-बिखनको काम हुन्छ। यी संस्थानका सम्बन्धमा कृषि परिच्छेदमा उल्लेख गरिएको छ।

साल्ट ट्रेडिङ कर्पोरेशनः अर्ध सरकारी क्षेत्रको साल्ट ट्रेडिङ कर्पोरेशनको अञ्चल कार्यालय पनि यहाँ रहेको छ। उक्त कार्यालयको कार्य क्षेत्र नारायणी अञ्चलभर रहेको छ।

अन्य व्यापारिक भवनहरूः– यहाँ खासगरी वीरगञ्जमा निजी क्षेत्रको धेरै संख्यामा व्यापारिक संस्थाहरू छन्। धेरैजसो व्यापारिक संस्थाहरूले आन्तरिक तथा प्रादेशिक व्यापार गर्दछन्। केही संस्थाहरूले मात्र अन्तर्राष्ट्रिय निकासी पैठारी त्यसमा पनि खास गरी भारतसित वैदेशिक व्यापार सञ्चालन गर्ने गरिराखेका छन्। यहाँ रहेका समुद्रपार निकासी व्यापार संस्थाहरू (निकासीकर्ताहरू), अन्य व्यापारिक संस्थाहरू, क्लियरिंग एण्ड फरवार्डिङ्ग एजेन्टहरू, यातायात संस्थाहरू बारे व्यापार प्रवर्द्धन केन्द्रद्वारा प्रकाशित निकासी निर्देशिका, २०२८।०२९ र इनटर्न ट्रेडिङ्ग इन्सेसट्मेन्ट ट्रेडिङ्ग एण्ड इनभेष्टमेन्ट कं. द्वारा प्रकाशित नेपाल २०२९।०३० जानकारी पाउन सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

यातायात, सञ्चार र बिजुली जस्ता औद्योगीकरण लगायत निरन्तर विकासको लागि चाहिने आधारहरू खास तवरमा सिर्जना हुँदैआएका देशको प्रमुख भू-भागमध्ये पर्सा जिल्ला पनि एक हो। सडक यातायातको सुविधाबाट यो जिल्ला देशको राजधानी काठमाडौं लगायत आफ्नो छर छिमेकी जिल्लाहरूसँग आबद्ध छ।

यातायात

धेरै वर्षअघि पनि यस जिल्लाको सदरमुकाम वीरगञ्जको काठमाडौंसँग रक्सौलदेखि अमलेखगञ्ज-सम्म रेलबाट र अमलेखगञ्जदेखि भीमफेदीसम्म सडक यातायातको माध्यमबाट सम्बन्ध रहेको थियो। रक्सौल-देखि काठमाडौंसम्मको राजपथको निर्माण पूरा भएपछि यस जिल्ला र काठमाडौं बीच स्थायी तथा सुलभ यातायात स्थापना भयो। त्यसपछि चितवन जोड्ने हेटौंडा-नारायणगढ सडक निर्माणले गर्दा त्यस भागमा आवत-जावत र माल सामानको ढुवानीलाई सुगम तुल्याइदियो। यसै बाटोले गर्दा यस जिल्लालाई ठल-ठला धान कुट्ने र तेल पेल्ने कारखानाहरूलाई चाहिने तोरी र धान अन्य क्षेत्रबाट ल्याउन निकै सजिलो हुन गयो। गत २०२९ सालमा मात्र निर्माण समाप्त भएको महेन्द्र राजमार्गको पथलैया-ढल्केवार खण्ड (सिमरा-जनकपुर) को सडकले यस जिल्ला र जनकपुर (धनुषा जिल्ला) का बीच निकटतम सम्पर्क स्थापित राख्न सकेको छ। यस सडकबाट खासगरी विराटनगर (मोरङ) र राजविराज (सप्तरी) सँग पनि यस जिल्लाको आर्थिक सम्बन्ध झन् निकटतम र सुदृढ पार्न निकै सहायक बनेको छ। वीरगञ्ज-कलैया सडक पक्की रूपमा निर्माण भएबाट बारा जिल्लामा आवत-जावत गर्न धेरै सुविधा पुग्दैगएको छ। उपर्युक्त राजमार्गहरू बाहेक यस जिल्लाको दृष्टिकोणबाट महत्वपूर्ण भएका मार्गहरू मुख्यतः निम्न हुन्:—

१. रक्सौल—वीरगञ्ज—भैंसे सडक

२. वीरगञ्ज—कलैया सडक

३. वीरगञ्ज—रक्सौल सडक

४. आन्तरिक मार्ग (क) महेन्द्र पथ (ख) पथ पथ (ग) जनता पथ (घ) गण्डकी सडक।

रक्सौल-वीरगञ्ज-भैंसे सडकः—रक्सौलदेखि वीरगञ्ज बजार हुँदै भैंसे जाने यो सडक न बारा र पर्सा जिल्लाको सीमाना छुटयाई बारा जिल्लामा प्रवेश गर्दछ। देशको पहिलो पञ्च वर्षीय योजनाकालमा यस आयोजना अन्तर्गत रक्सौलदेखि अमलेखगञ्जसम्म ३८ किलोमिटर सडक पक्की रूपमा निर्माण भएको थियो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो योजनाकालमा यो सडकको बाँकी भाग अमलेखगञ्जदेखि भैंसेसम्म करीब ३५.२ किलोमिटर कालोपत्र लगाउने र पुलहरू निर्माण गर्ने कार्य प्रायः समाप्त भएको थियो।

वीरगञ्ज-कलैया सडकः–यो सडक वीरगञ्जबाट बारा जिल्लाको कलैयासित जोडिएको क्षेत्रिय मार्ग हो। यो मार्गको दूरी १४ किलोमिटर छ। यो सडकलाई पक्की गर्ने कार्य सम्पन्न भइसकेको छ।

वीरगञ्ज–रक्सौल सडकः– यो वीरगञ्ज देखि रक्सौलसम्मको सडक हो। यो सडकको दूरी तीन किलोमिटर छ।

आन्तरिक मार्गः– पर्सा जिल्लाको वीरगञ्ज र वरपरको क्षेत्रका बाहेक अन्य धेरै आन्तरिक सडकहरू कच्ची नै छन्। तीमध्ये महेन्द्र पथ, पद्म रोड, जनता पथ र गण्डकी नहर सडक विशेष उल्लेखनीय छन्। पद्म रोड यहाँको आन्तरिक सडकमध्ये एक मुख्य सडक हो। यो पद्म रोड चितवनको ठोरी इलाकासँग जोडिएको सीमानामा प्रवेश गरी दक्षिण–पूर्व हुँदै वीरगञ्जदेखि एक किलोमिटर उत्तर श्रीपुर गाउँमा पुगे पछि बारा जिल्लामा प्रवेश गर्ने सडक हो। यो सडकको लम्बाइ करीब २९ किलोमिटर (१८ माइल) छ। यो सडकमा ३७ कलभर्टहरू पर्दछन्। यसबाहेक यस सडकमा सिर्सिया, तिलावे र गङ्गोल नदी समेत सात वटा ठूला नदीहरू पर्दछन्। यो सडकको नामाकरण प्रधानमन्त्री पद्म शम्शेर को नामबाट भएको हो। अर्को महत्वपूर्ण सडक हो महेन्द्र पथ। यो महेन्द्र पथ रक्सौल–काठमाडौं राजमार्गमा छपकैया गाउ पञ्चायतबाट शुरू भई पश्चिमतर्फ गएको छ। यो कच्ची सडक जिल्लाको दक्षिणी सीमानाको नजीक हुँदै गएको छ । यो सडकको लम्बाइ करीब २२ किलोमिटर (१४माइल) छ। यो सडक पनि हिउँदमा खूब चालू रहन्छ।

जनता पथः– जिल्लाको उत्तरी भागमा जङ्गल समाप्त हुने ठाउँमा रक्सौल–काठमाडौं राजमार्गदेखि शुरू भई पश्चिमतर्फ चितवनको सीमानासम्म जान्छ। यो सडकको लम्बाइ करीब २६ किलोमिटर (१६ माइल) छ। यो कच्ची सडक तुलनात्मक दृष्टिकोणबाट उत्तिको चल्तीको होइन ।

गण्डकी नहर सडकः– यो सडक वीरगञ्जदेखि करीब पाँच किलोमिटर उत्तरतिरबाट शुरू भई उत्तर–पश्चिमतिर गएर ठोरी मुनि भारत सीमानासम्म पुग्छ। यो सडक नहरको जाँच बुझ गर्ने अधिकृत र नहर मर्मत गर्ने सामान ओसार–पसार गर्न उपयोग गर्न मात्र निर्माण भएको हो । उपर्युक्त सडकहरूबाट वीरगञ्जमा उखु र खाद्यान्नको ढुवानीको प्रयोग हुन्छ। यी सडकहरूमा ट्रयाक्टर र बयल गाडाहरूको ताँती रहन्छ।

नेपाल रेलवे

वि. सं. १९८४ (सन् १९२७) मा रक्सौलदेखि अमलेखगञ्जसम्म ४६ किलोमिटर दूरीको नेपाल गभर्मेन्ट रेलवे स्थापना भएको थियो। यस रेलवे यात्रुबाहक हुनुको साथै मालबाहक पनि थियो। २०१४।०१५ साल अर्थात् तीन दशकसम्म यो रेलवे अति उपयोगी भइरहेको थियो।

तर २०१५ सालमा त्रिभुवन राजपथ निर्माण भए पछि रक्सौल, वीरगञ्जदेखि काठमाडौंसम्म सोझै पनि ट्रक बस सेवा राम्ररी सञ्चालन भएबाट यो रेलवेको ज्यादातर वीरगञ्जको सेवामा मात्र प्रयोग गरियो। यो नेपाल रेलवे हाल नेपाल यातायात संस्थानद्वारा सञ्चालित छ। यो रेलवेबाट २०२९ सालमा १२,७०४ मेट्रिक टन र २०२९।०३० सालमा २४,००० मेट्रिक टन माल सामान ढुवानी भएको थियो।

खास गरी रक्सौल–वीरगञ्ज–हेटौंडा–काठमाडौं क्षेत्रमा ट्रकद्वारा नै ढुवानी कार्य हुने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त क्षेत्रबाट काठमाडौंमा भित्रिने मालसामान बढी परिमाणमा हुन्छ। यस कारण उक्त क्षेत्र निकै महत्वपूर्ण छ। यस क्षेत्रमा सवारीको आवत–जावत पनि दिन प्रतिनदिन बढ्दै गएको छ। यी सब कारणहरूले गर्दा, ब्रोडगेज रेलवे नै हेटौंडासम्म विस्तार गर्ने सम्भावना बारे सर्वेक्षण पनि सम्पन्न भइसकेको छ।

यहाँ यात्रुहरूको सवारी र मालतालको ढुवानीको लागि यातायातका विभिन्न साधनहरू उपयोगमा आउने गरेका छन्। ती हुन् ट्रक, बस, मोटर, अटोरिक्सा, साइकल, ट्र्याक्टर, टाँगा, रिक्सा आदि।

नेपाल यातायात संस्थानले पनि ट्रक (मालबाहक) सेवा रक्सौल–वीरगञ्ज, वीरगञ्ज–हेटौंडा–काठमाडौं प्रखण्डमा सञ्चालन गर्दै आइरहेको छ।

निश्चित स्थानबाट आउने र वीरगञ्जबाट निश्चित स्थानसम्म जाने माल बाहक ट्रक र सवारीको लागि बस तथा कार सेवा खास संख्यामा प्रति दिन सञ्चालन हुने गरेको छ।

यहाँ दैनिक रूपमा सञ्चालन हुने गरिएको बस सेवामा मुख्य प्रखण्ड निम्न हुन्:–

१. वीरगञ्ज–काठमाडौं
२. वीरगञ्ज–हेटौंडा–नारायणगढ
३. वीरगञ्ज–जनकपुर
४. वीरगञ्ज–धरान

यहाँ यातायात व्यवसाय एक महत्वपूर्ण व्यवसाय हुन गएको छ। यहाँ निजी क्षेत्रमा यातायात व्यवसाय अत्यधिक लोकप्रिय हुँदै गएको छ।

हवाई सेवा

बारा जिल्लाको सिमरा विमानस्थलबाट दिनहुँ एक दुई पटक सिमरा– काठमाडौंको हवाई सेवा सञ्चालन हुने गरेको छ। खासगरी वीरगञ्जमा हवाई यात्रुहरू धेरै पाउने हुनाले शाही नेपाल वायु सेवा निगमको कार्यालय पनि वीरगञ्जमा नै अवस्थित छ। वीरगञ्ज–काठमाडौं–वीरगञ्ज बस सेवा अत्यधिक मात्रामा सञ्चालन भईरहेको भए तापनि यो हवाई सेवाबाट यात्रा गर्नेहरूको संख्यामा कुनै कमी भएको छैन। शाही नेपाल वायु सेवा निगमले वीरगञ्ज–सिमरा–वीरगञ्जको लागि हवाई यात्रुहरूको निमित्त बस सेवा उपलब्ध गर्ने गरिराखेको छ।

सञ्चार

आकाशवाणी

दुई दशक अघिदेखि नै यहाँ आकाशवाणी सञ्चार सेवा उपलब्ध हुनेगरेको छ। वीरगञ्जस्थित आकाशवाणी केन्द्र स्याटेलाइट स्तरको हो। यस केन्द्रबाट काठमाडौं र नारायणी अञ्चलकै सबै आकाशवाणी केन्द्रहरू (भरतपुर, भीमफेदी, हेटौंडा र गौर) सँग सोझै सम्पर्क राख्न सकिन्छ। वीरगञ्ज प्रमुख औद्योगिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तथा व्यापारिक केन्द्र हुनुको अतिरिक्त आञ्चलिक तथा जिल्ला प्रशासनिक केन्द्र भएकोले यहाँको आकाशवाणी केन्द्रबाट निकै खबरहरूको आदान प्रदान हुने गर्छ ।

ट्रङ्क टेलिफोन

नेपालमा सर्वप्रथम वि. सं. १९७० मा दूर सञ्चारको शुरूआत भएको दोस्रो वर्ष वि. सं. १९७१ तिर नै काठमाडौंदेखि रक्सौलसम्म ट्रङ्क टेलिफोन स्थापना गरिएको थियो। वि. सं. २००७ साल अघिदेखि वीरगञ्ज र काठमाडौं बीच टेलिफोन लाइन थियो । रक्सौल-अमलेखगञ्ज रेलवे काठमाडौं आउने-जाने एकमात्र यातायातको साधन र धोर्सिङ्ग–मातातीर्थ रोपवेको सञ्चालनको समयमा यो टेलिफोन लाइनको अति महत्व थियो । वीरगञ्जबाट पूर्वी तराईका कलैया, गौर, मलङ्गवा र जलेश्वरसम्म टेलिफोन कनेक्सन थियो । यस जिल्लामा आधुनिक ट्रङ्क टेलिफोन सेवा उपलब्ध भइरहेको छ।

रक्सौल–काठमाडौं ट्रङ्क टेलिफोन र वीरगञ्ज टेलिफोन एक्सचेञ्जः– यो आयोजनामा मुख्यतः दुई परियोजनाहरू समावेश भएका छन्। ती हुन्: (१) रक्सौल–काठमाडौं ट्रङ्क टेलिफोन लाइन र (२) वीरगञ्ज टेलिफोन एक्सचेञ्ज। आर्थिक वर्ष २०२५।०२६ मा प्रारम्भ भएको यो आयोजनाको सम्पूर्ण काम आ. व. २०२८।०२९ मा पूरा भएको हो। यस आयोजनामा एक करोड सताइस लाख रूपियाँ खर्च भएको थियो। यस आयोजना अन्तर्गतको रक्सौल–काठमाडौं ट्रङ्क टेलिफोन लाइन वीरगञ्ज, सिमरा, अमलेखगञ्ज, हेटौंडा, हुँदै काठमाडौंमा टुङ्गिन आएको छ । यस अन्तर्गत तीन च्यानल मल्टिप्लेक्स टेलिफोन प्रणाली र १२ च्यानल मल्टिप्लेक्स टेलिग्राफ प्रणाली रहेको छ। साथै वीरगञ्ज, सिमरा, अमलेखगञ्ज, हेटौंडा, भैंसे र काठमाडौंमा पब्लिक कल अफिस तथा टर्मिनल भवनहरू र विनिमय (एक्सचेञ्ज) उपकरणहरू जडान भएका छन्। साथै वीरगञ्जमा ३०० लाइनको स्वचालित लाइन भएको टेलिफोन एक्सचेञ्ज पनि स्थापना गरिएको छ। वीरगञ्ज टेलिफोन एक्सचेञ्ज परियोजना अन्तर्गत यस जिल्लामा हाल ३०० लाइनको स्वचालित आन्तरिक टेलिफोन सेवा उपलब्ध छ। २०२९ मंसीर २९ गतेदेखि यो टेलिफोन सेवा चालू गरिएको हो। यहाँको उक्त स्वचालित टेलिफोनद्वारा जिल्ला बाहिर काठमाडौं, भीमफेदी, हेटौंडा, गौर, कलैया, भैंसे आदि ठाउँहरूमा सोझै सम्पर्क राख्न सकिन्छ । गौर र कलैयामा पुरानो ट्रङ्क लाइनको माध्यमबाट कुराकानी हुन्छ र काठमाडौं, हेटौंडा आदि ठाउँमा नयाँ ट्रङ्क लाइनको माध्यमबाट कुराकानी हुन्छ र काठमाडौं, हेटौंडा आदि ठाउँमा नयाँ क्यारियर ट्रङ्क उपकरणको माध्यमबाट कुरा हुन्छ। दूर सञ्चारको नियमअनुसार ट्रङ्क महसूल दुई स्टेशनको रेडियल दूरीको हिसाबले लिइन्छ।

यहाँ स्वचालित टेलिफोन ३०० लाइन नै वितरण भएको छ। यस आयोजना अन्तर्गत वीरगञ्ज बाहेक सिमरा, अमलेखगञ्जमा पनि १०।१० लाइन म्याग्नेटो टेलिफोन बोर्ड जडान भइरहेको छ, जसबाट त्यस क्षेत्रका केही ग्राहकहरूलाई स्थानीय ट्रङ्क टेलिफोन सेवाको सुविधा प्राप्त भइरहेको छ।

वीरगञ्ज माइक्रोवेभ टर्मिनल स्टेशनः– आधुनिक ट्रङ्क टेलिफोन सेवा उपलब्ध गर्न पूर्व–पश्चिम माइक्रोवेभ (अणुतरङ्ग) सञ्चार आयोजना समावेश भइरहेको छ। यस माइक्रोवेभको विशेषता तारको प्रयोग बिना विभिन्न स्थानहरूलाई छुट्टा छुट्टै कुरा गर्ने र खबरहरू आदान–प्रदान गर्ने प्रणाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपलब्ध हुनु हो। साथै यसबाट दुई कार्यालयका बीच भएको कुरा अन्य कार्यालयले सुन्न र आकाशवाणीको जस्तै एक पटकमा एक क्षेत्रबाट एक जनाले मात्र कुरा गर्न सकिने त्रुटि हट्ने छ।

वीरगञ्ज माइक्रोवेभ टर्मिनल स्टेशन यसै माइक्रोवेभ सञ्चार आयोजनाको एक खण्ड हो। माइक्रोवेभ सञ्चार आयोजना अन्तर्गत काठमाडौंबाट फुलचोकीसम्म ८४।९१० च्यानेलको माइक्रोवेभ रेडियो प्रणाली स्थापना गरी फुलचोकीबाट वीरगञ्जमा २४।६० च्यानेलको उस्तै इकाइ स्थापना गर्ने कार्यक्रम छ।

हुलाक

यस जिल्लामा नियमित हुलाक सेवाको व्यवस्था छ। यहाँ हुलाक नियन्त्रण कार्यालय एक, मुख्य हुलाक एक, छोटी हुलाक दुई र अतिरिक्त हुलाक एक रहेका छन्। मुख्य हुलाक वीरगञ्जमा छ।

वीरगञ्जको मुख्य हुलाक कार्यालयले हुलाक आदेश र आन्तरिक बीमा पत्रको सेवा पनि उपलब्ध गर्ने गरेको छ। काठमाडौं-सिमरामा नियमित हवाई सेवा भएकोले हवाई जहाजद्वारा पनि यहाँको डाँक ढुवानी हुनेगरेको छ। वीरगञ्ज-हेटौंडा-भरतपुर र काठमाडौं-वीरगञ्ज -रक्सौल प्रखण्डहरूमा डाँक ढुवानी ठेक्कामा बसहरूद्वारा पनि सञ्चालन हुने गरेको छ।

बिजुली

वि. सं. २००५ देखि नै वीरगञ्जमा बिजुली बत्तीको सेवा उपलब्ध हुनेगरेको थियो। यहाँ २२५ किलोवाट क्षमता भएको डिजेल केन्द्रको स्थापनाबाट विद्युत् सेवा प्रारम्भ भएको थियो।

यहाँको विद्युत् शक्तिको क्षमता वृद्धि गर्न र विद्युत् सेवामा सुधार ल्याउन देशको प्रथम पञ्च वर्षीय योजनाकालदेखि नै प्रयास भएको हो। प्रथम योजनाकाल (२०१३–१८) मा वीरगञ्ज विद्युत् प्रशारण लाइनको सर्वेक्षण भएको थियो। त्यस्तै २०१८ सालमा काठमाडौंबाट वीरगञ्जमा ४८ किलोवाटको दुई वटा डिजेल प्लान्ट पठाइएको थियो। देशको दोस्रो योजना त्रि-वर्षीय योजनाको प्रारम्भ (२०१९) तिर २१६ किलोवाट विद्युत् शक्ति उपलब्ध हुनेगरेको वीरगञ्जमा ठूल-ठूला उद्योगहरूको स्थापना भई विद्युत् शक्तिको ठूलो माग भएकोले दोस्रो योजनामा यहाँ ५६० किलोवाट विद्युत् उत्पादन गर्ने र काठमाडौंदेखि वीरगञ्जसम्म ६६ के. भी. प्रशारण लाइन निर्माण गर्ने लक्ष्य राखिएको थियो। सो लक्ष्य अनुरूप २०२० सालमा यहाँ नयाँ डिजल प्लान्ट खडा भई विद्युत् क्षमतामा वृद्धि गरिएको थियो। सो वीरगञ्ज डिजल प्लान्ट अतिरिक्त काठमाडौं-वीरगञ्ज ६६ के. भी. प्रशारण लाइनको निर्माणको काम प्रारम्भ भएको थियो। तेस्रो योजना काल (२०२२-०२७) मा उक्त प्रशारण लाइनको निर्माण प्रायः समाप्त भएको थियो।

वि. सं. २०२८ देखि यहाँ त्रिशूलीको विद्युत् शक्ति वितरण हुनेगरेको छ। २०३० साल वैशाखदेखि यहाँको विद्युत् सेवा सञ्चालन कार्य श्री ५ को सरकार विद्युत विभागबाट नेपाल विद्युत् कर्पोरेशनलाई हस्तान्तरित भएको छ। हाल यहाँको विद्युत् सेवा उक्त कर्पोरेशनबाट सञ्चालन हुनेगरेको छ। त्रिशूलीको बिजुली वितरण भए पछि वीरगञ्ज डिजल प्लान्ट जनकपुरमा सारियो।

यस जिल्लामा वीरगञ्ज नगर पञ्चायतको सम्पूर्ण क्षेत्र अर्थात् १३ वडाहरूमा र अन्य १२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँहरूमा विद्युत् सेवा उपलब्ध छ । नगर पञ्चायत लगायत स्थानीय गाउँ पञ्चायतहरूमा सनेत करीब ४०० सडक बत्ती जडान भएका छन्। यहाँ ग्राहंस्थ्य विद्युत् संख्या १,८१२ छ।

यहाँ खासगरी बिजुली उपयोग घरायसी र औद्योगिक प्रयोजनको निमित्त भइरहेको छ। यहाँ वार्षिक विद्युत्को खपत करीब ८५,००,००० यूनिट र वार्षिक आय रू. २१,००,०००। हुन सक्ने अनुमान छ । २०२६ सालदेखि यहाँको विद्युत् उपकेन्द्र (सब-स्टेशन) बाट भारतको रक्सौल ब्लकमा विद्युत् निर्यात भइरहेको छ । हाल यहाँ औसतमा २,५०,००० यूनिट प्रति दिन विद्युत खपत हुनेगरेको छ र यसको खपतको अनुपात वृद्धि नै हुनेगरेको छ । भारत सरकारसँग भएको सम्झौताअनुसार भारतको चम्पारन जिल्लामा विद्युत् सप्लाइ गर्ने नेपाल-भारत सीमानासम्म विद्युत् प्रशारण लाइन नेपालकै तर्फबाट लगिएको छ।

नारायणी अञ्चल विद्युतीकरणको आयोजना निर्दिष्टले काठमाडौंदेखि वीरगञ्जसम्मको विद्युत् प्रशारण आयोजना पूरा गर्नुको साथै भएको विद्युत् शक्तिको उपयोग गरी नारायणी अञ्चलमा कलैया, वीरगञ्ज, सिमरा, परवानीपुर, पथलैया, सुगौली, जीतपुर इत्यादि ठाउँहरूमा ११ के. भी. र ४०० भोल्टको लाइन निर्माण गरी वितरण गर्ने लक्ष्य राखेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

पर्सा जिल्ला अधिराज्यका प्रमुख शिक्षण केन्द्रहरूमध्ये एक हो। खासगरी दुई दशक यतादेखि यहाँ शिक्षाको प्रसारमा उत्साहवर्धक प्रगति हुँदैआइरहेको छ।

यहाँ औसत साक्षरता १४.७ प्रतिशत छ। नेपाल अधिराज्यको औसत साक्षरता १३.९ प्रतिशतको दाँजोमा यहाँ साक्षरता प्रतिशत ०.८ प्रतिशतले बढी छ। साक्षरताको दृष्टिकोणबाट यो जिल्लाले चितवन पछिको दोस्रो स्थान ओगटेको छ। २०२८ सालको राष्ट्रिय जनगणनाअनुसार यहाँको साक्षर जनसंख्या सम्बन्धी विवरण तल दिइएको छः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुलसंख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९	११,२८६	२,२३९	१९.८	१०,०३६	६७९	६.८	२१,३२२	२,९१८	१३.७
१०–१४	१०,९४७	३,८२२	३४.९	७,६४३	८७१	११.४	१८,३२२	४,६९३	२५.२
१५–१९	७,७२७	२,७६८	३५.८	६,३१०	६२२	९.९	१४,०३७	३,३९०	२४.२
२०–२४	७,९८८	२,६१०	३२.७	९,१६९	४९५	५.४	१७,१५७	३,१०५	१८.१
२५–२९	९,३७०	२,४१९	२५.८	८,७१०	३५३	४.१	१८,०८०	२,७७२	१५.३
३०–३४	८,०९०	१,६०५	१९.८	८,९७८	२६८	३.०	१७,०६८	१,८७३	११.०
३५–३९	८,३३८	१,४६२	१७.५	६,५५९	१८६	२.८	१४,८९७	१,६४८	११.१
४०–४४	६,३०५	९९३	१५.७	५,७५९	११७	२.०	१२,०६४	१,११०	९.२
४५–५४	९,३०५	१,४१८	१५.२	६,९९१	१२६	१.८	१६,२९६	१,५४४	९.५
५५–६५	४,४४०	५८५	१३.२	४,६९५	७१	१.५	९,१३५	६५६	७.२
६५ र माथि	२,४५४	३३६	१३.७	२,५९९	२९	१.१	५,०५३	३६५	७.२
जम्माः–	८६,२५०	२०,२५७	२३.५	७७,४४९	३,८१७	४.९	१,६३,४३१	२४,०७४	१४.७

यस जिल्लाको कुल साक्षर जनसंख्या २४,०७४ मध्ये साक्षर पुरुषको संख्या २०,२५७ छ त साक्षर महिलाको संख्या केवल ३,८१७ मात्र छ। साथै कुल पुरुष जनसंख्यामा साक्षर पुरुष २३.५ प्रतिशत छ त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुल महिला जनसंख्यामा साक्षर महिला केवल ४.९ प्रतिशत मात्र भएको देखिन्छ।

वि. सं. २०३० साउन १ गतेदेखि उच्च शिक्षाको क्षेत्रमा राष्ट्रिय शिक्षा योजना लागू भइसकेको छ। प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक शिक्षामा यहाँ राष्ट्रिय शिक्षा योजना पद्धति २०३२ सालदेखि हुँदैछ।

उच्च शिक्षामा राष्ट्रिय शिक्षा पद्धति लागू हुनुभन्दा अघि यस जिल्लामा उच्च शिक्षातर्फ निम्न-शिक्षण संस्थाहरू रहेका थिए:—

(क) ठाकुर राम कलेज (महाविद्यालय)

(ख) कलेज अफ एजुकेशनको शाखा

ठाकुर राम कलेजमा वाणिज्य र कला शिक्षातर्फ स्नातक स्तरसम्म र विज्ञान शिक्षा तर्फ इन्टर-मिडियटसम्म पढाइ हुने गरेको थियो। कलेज अफ एजुकेशनको शाखाबाट शिक्षक तालीम लगायतको व्यवस्था भइरहेको थियो। राष्ट्रिय शिक्षा पद्धति लागू भए पछि उक्त दुवै महाविद्यालयहरूलाई त्रिभुवन विश्वविद्यालय अन्तर्गत क्याम्पसमा परिणत गरियो।

अन्य जिल्लाहरूमा जस्तै यहाँ पनि त्रिभुवन विश्वविद्यालयको सम्बन्धित अध्ययन संस्थान (इन्स्टि-च्यूट) को निर्देशनमा उच्च शिक्षा सञ्चालन हुने गरेको छ। यहाँ उच्च शिक्षातर्फ हाल निम्न शिक्षण संस्थाहरू छन्:—

(१) ठाकुरराम क्याम्पस

(२) वीरगञ्ज क्याम्पस

ठाकुर राम क्याम्पस एक बहुमुखी क्याम्पस हो जहाँ त्रिभुवन विश्वविद्यालयको विज्ञान अध्ययन संस्थान, व्यापार र प्रशासन, वाणिज्य शास्त्र तथा जन प्रशासन अध्ययन संस्थान र मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान अन्तर्गत पढाइने विभिन्न विषयहरू पढाइन्छन्।

वीरगञ्ज क्याम्पस त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र अध्ययन संस्थान अन्तर्गत छ। त्यस शिक्षण संस्थामा शिक्षकहरूलाई नर्मल तालीम पनि दिइन्छ।

यस जिल्लामा आर्थिक सहायता प्राप्त गरेका र नगरेका गरी जम्मा १३२ विद्यालयहरू निम्नबमोजिम छन्:—

विद्यालयको स्तर	जम्मा	आर्थिक सहायता प्राप्त	आर्थिक सहायता अप्राप्त
प्राथमिक पाठशाला	११७	११३	४
निम्नमाध्यमिक विद्यालय	७	६	१
माध्यमिक विद्यालय	८	७	१
जम्मा:—	१३२	१२६	६

यहाँका विद्यालयहरूका आर्थिक स्रोत दुई किसिमका छन्:—

(१) सरकारी आर्थिक सहायता र (२) आफ्नै स्रोत। यहाँका सम्पूर्ण विद्यालयहरूको कुल आय करीब रू. ६,२५,०००। हुने गरेको देखिन्छ। यहाँका १३२ मध्ये १२६ वटा विद्यालयहरूलाई श्री ५ को सरकार-बाट आर्थिक सहायता प्राप्त हुने गरेको छ। आर्थिक वर्ष २०२९।०३० मा यहाँका विद्यालयहरूलाई दिइएको सरकारी आर्थिक सहायता करीब रू. ३,४७,०००। रहेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँका धेरैजसो विद्यालयहरूको आफ्नै भवन छन्। त्यसमध्ये धेरैको कच्ची भवन नै छन् र पक्की भवन हुने विद्यालयहरू ३५ वटा मात्र छन्।

वर्तमान शिक्षा पद्धति बमोजिम कक्षा एकदेखि पाँच सम्म प्राथमिक पाठशालामा, कक्षा छदेखि आठ सम्म निम्नमाध्यमिक विद्यालयमा र कक्षा नौ र १० माध्यमिक विद्यालयमा अध्ययन गराउनु पर्ने भए तापनि यहाँका विभिन्न स्तरका विद्यालयहरूले विभिन्न रूपमा कक्षाहरू सञ्चालन गरिराखेका छन्। यहाँका धेरैजसो प्राथमिक पाठशालाहरूमा कक्षा एकदेखि पाँचसम्म अध्ययन गराइन्छ, तर केही प्राथमिक पाठशालाहरूमा भने कक्षा एकदेखि तीनसम्म मात्र समाविष्ट छन्। यहाँका अधिकांश निम्नमाध्यमिक विद्यालयहरूमा कक्षा एकदेखि सातसम्म नै र कुनैमा आठ कक्षासम्म पनि पढाउने गरिन्छ। यहाँ एक कक्षादेखि १० कक्षासम्म पढाउने माध्यमिक विद्यालयहरू चार वटा छन् र पाँच कक्षादेखि १० कक्षासम्म पढाइने माध्यमिक विद्यालयहरू चार वटा रहेका छन्।

यहाँका विद्यालयहरूमा पढ्ने छात्र छात्राहरूको संख्यात्मक तालिका निम्नप्रकारको देखिन्छ :–

विद्यार्थीहरूको संख्यात्मक विवरण

विद्यालयको किसिम	छात्र	छात्रा	जम्मा
प्राथमिक विद्यालय	४,७४८	७९५	५,५४३
निम्नमाध्यमिक विद्यालय	४४	७२५	७६९
माध्यमिक विद्यालय	७२०	२,८९५	३,६१५
जम्मा:–	५,५१२	४,४१५	९,९२७

यहाँका ग्रामीण क्षेत्रहरूका विद्यालयहरूमा पढ्ने विद्यार्थीहरूमा छात्राहरू धेरै कम छन्। गाउँ घरमा किसानहरू अझै रूढिवादी विचारधारबाट मुक्त नभएका हुँदा तिनले आफ्ना छोरीहरूलाई विद्यालयमा साधारणतः पढाउने गरेका छैनन्। उपर्युक्त तालिका हेर्दा यहाँ स्त्री शिक्षाको प्रसार निकै आवश्यक देखिएको छ।

यहाँका विद्यालयहरूको शिक्षक संख्या ३९० छ। धेरैजसो प्राथमिक पाठशालाहरूमा एकदेखि दुई जना शिक्षक छन्। पाँच कक्षासम्म हुने कुनै प्राथमिक पाठशालाहरूमा भने आठ जना शिक्षकसम्म पनि छन्। निम्नमाध्यमिक विद्यालयहरूमा सालाखाला सात जना शिक्षकहरू रहेको देखिन्छ। सबभन्दा बढी शिक्षकहरू हुने माध्यमिक विद्यालय त्रिजुद्ध बहुउद्देश्यीय माध्यमिक विद्यालय हो जहाँ २२ जना शिक्षकहरू पढाउँछन्। जिल्ला शिक्षा अधिकारीको कार्यालयको अनुसार यहाँका शिक्षकहरूको विवरण यसप्रकार छः–

शिक्षकहरूको संख्यात्मक विवरण

विद्यालयको किसिम	जम्मा	तालीम प्राप्त शिक्षक	तालीम अप्राप्त शिक्षक
प्राथमिक पाठशाला	२३५	१७६	५९
निम्नमाध्यमिक विद्यालय	४७	१०	३७
माध्यमिक विद्यालय	१८०	३२	७६
जम्मा:–	३९०	२१८	१७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँका प्राथमिक स्तरका शिक्षकहरू धेरैजसो तालीम प्राप्त छन्। यसो हुनुको मुख्य कारण यहाँ शिक्षक तालीम कार्यक्रम सञ्चालन हुनु हो। तर यहाँका निम्नमाध्यमिक तथा माध्यमिक शिक्षकहरूमध्ये धेरैजसोले तालीम प्राप्त गरेका छैनन्।

यस जिल्लामा रहेको निरक्षरतालाई क्रमिक रूपमा हटाउँदै लैजाने उद्देश्यले यहाँ प्रायः हरेक साल साक्षरता कक्षा सञ्चालन हुनेगरेको छ। यो साक्षरता कक्षाहरूको सञ्चालन प्राथमिक शिक्षकहरूले आ-आफ्ना विद्यालयका इलाकामा सञ्चालन गरेकाछन्। आर्थिक वर्ष २०२९।०३० मा यस कार्यक्रम अन्तर्गत ८४० जना निरक्षरहरूलाई लेखपढ गर्न सक्ने बुल्याइएको थियो। यहाँ प्रौढ कक्षामा महिलाहरूलाई पनि समान अवसर दिइएको भए तापनि यिनीहरूको संख्या नगण्य नै रहेको छ।

वीरगञ्जमा केही सार्वजनिक पुस्तकालयहरू छन्। यहाँ २०३२ सालमा राष्ट्रिय शिक्षा पद्धति लागू भए पछि शैक्षिक क्षेत्रमा यस जिल्लाले झन् प्रगति गर्दै लग्ने छ।

स्वास्थ्य

पर्सा जिल्ला स्वास्थ्य सेवाको दृष्टिकोणले सुविधायुक्त स्थल हो। यो जिल्ला नारायणी अञ्चलकै जन–स्वास्थ्य केन्द्रको रूपमा छ। यहाँ विभिन्न जन–स्वास्थ्य सेवाका निकायहरू छन्।

अञ्चल स्तरमा प्रतिकारात्मक तथा चिकित्सा सेवामा सामञ्जस्यता ल्याउन र आवश्यक औषधि, औजार तथा प्राविधिज्ञहरूको व्यवस्था गर्न समेत यहाँ जन स्वास्थ्य कार्यालय २०२२ सालमा स्थापना गरिएको हो। यो कार्यालय नारायणी अञ्चल अस्पतालसित आबद्ध छ।

वीरगञ्जमा रहेको नारायणी अञ्चल अस्पताल "श्री महेन्द्र आरोग्य भवन" नारायणी अञ्चलको सबभन्दा ठूलो अस्पताल हो। यसमा ५० शय्या छन्। यस अस्पतालमा राजपत्राङ्कित प्रथम श्रेणीको डाक्टर सहित १२ जना डाक्टर र नर्स लगायत १२ जना स्वास्थ्य सहायकहरू र प्रशासन र अन्यतर्फ ४७ जना समेत जम्मा ८४ जना कर्मचारीहरू छन्। यो अस्पताल शल्य चिकित्साका औजारद्वारा पनि सुसज्जित छ। यस अस्पतालमा पाँच डाक्टर क्वाटर सहित अन्य कर्मचारीहरूकोलागि क्वाटरहरू पनि छन्।

आर्थिक वर्ष २०२९।०३० मा यस अस्पतालबाट करीब ५६,००० रोगीहरूलाई स्वास्थ्य सेवा पुऱ्याइएको थियो। यहाँ वर्षमा अस्पताल भर्ना भई उपचार गर्ने रोगीको संख्या करीब २,००० पुग्दछ र ५४,००० बाह्य रोगीहरू (आउट डोर पेसेन्ट) लाई सेवा पुराउने गरिएको थियो।

यस जिल्लाका गाउँ-गाउँमा स्वास्थ्य सेवा पुऱ्याउन विभिन्न ठाउँमा छ वटा स्वास्थ्य चौकी (हेल्थ पोष्ट) छन् र रानीगञ्जमा एउटा आयुर्वेदिक औषधालय पनि छ। २०१५ सालमा नै वीरगञ्जमा औलो उन्मूलन अञ्चल कार्यालय खोली औलो उन्मूलन कार्यक्रम सञ्चालन भएको थियो।

यस पर्सा जिल्लामा औलो प्रायः उन्मूलन भइसकेको छ। यहाँ औलोका फाटफुट केसहरू मात्र देखापर्छन् तर ती आयातित मात्र छन् भन्ने विश्वास गरिएको छ। यहाँ उन्मूलन कार्यक्रम प्रायः सम्पन्न भइसकेकोले सर्भिलेन्सको काम मात्र भइरहेको छ।

यहाँ बिफर उन्मूलन अभियान खासगरी २०२४।०२५ मा नै प्रारम्भ गरिएको हो। बिफर विरुद्ध प्राथमिक खोप र पुनः खोप गर्ने कार्यक्रम सञ्चालन भइरहेको छ।

यहाँ मातृ शिशु कल्याण तथा परिवार नियोजन कार्यक्रम पनि कार्यान्वयन भइरहेको छ। यस जिल्लामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुष्ठ रोगीहरू पत्ता लगाउने अगुवा सर्वेक्षण सम्पन्न भइसकेको छ र कुष्ठ रोगीहरूको उपचार गर्ने गरिएको छ।

क्षयरोग उन्मूलन गर्ने सम्बन्धमा आर्थिक वर्ष २०२९।०३० मा बी. सी. जी. खोपाउने काम ६४ प्रतिशत सम्पन्न भइसकेको छ।

खानेपानी

वीरगञ्ज खानेपानी योजना २०१८ सालमा शुरू भई २०२३ सालमा समाप्त भएको हो। यसबाट उक्त योजनाको प्रति दिन ३,००,००० ग्यालन खानेपानी उपलब्ध गर्ने क्षमता भएकोले यसबाट स्थानीय ३०,००० जनसंख्या लाभान्वित हुने गरेको छ। हाल यस योजनाबाट सार्वजनिक धारा ३५ को जडान र निजी धारा ३५० को वितरण भइसकेको छ।

यहाँको पशुपति आदर्श नगर खानेपानी आयोजनाले स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्य राखेको छ। यी बाहेक यो जिल्लाको ग्रामीण क्षेत्रहरूमा ट्यूबवेल र इनार नै खानेपानीका मुख्य स्रोत हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

वि. सं. २०२२ मा अञ्चल तथा जिल्ला प्रशासन व्यवस्थामा परिवर्तन आउनु अघि यस जिल्लाको मुख्य प्रशासनिक एकाई "वीरगञ्ज गोश्वारा" थियो र यहाँ "बडाहाकिम" रहन्थे।

वि. सं. २०२२ पुस १ गतेदेखि प्रशासन विकेन्द्रीकरणको सिलसिलामा अञ्चल प्रशासन र जिल्ला प्रशासनको व्यवस्था भयो।

जिल्लाको सामान्य प्रशासन सञ्चालनको लागि यस जिल्लामा प्रमुख प्रशासकीय अधिकारीको रूपमा प्रमुख जिल्ला अधिकारी रहेको छ। साथै वीरगञ्ज अस्थायी रूपमा नारायणी अञ्चलको सदरमुकामको रूपमा रहेको छ।

अञ्चल तथा जिल्लास्तरीय विभिन्न सरकारी कार्यालयहरू, स्वशासित सरकारी संस्थानहरू र अन्य गैर–सरकारी संस्थानहरूको फिहिरिस्त तल दिइएको छः–

कार्यालयको नाम	स्तर
नेपाल लोक सेवा आयोगको कार्यालय, वीरगञ्ज	अञ्चल
नारायणी अञ्चलाधीशको कार्यालय, वीरगञ्ज	अञ्चल
प्रमुख जिल्ला अधिकारीको कार्यालय, वीरगञ्ज	जिल्ला
उपरीक्षक कार्यालय, वीरगञ्ज	अञ्चल
केन्द्रीय कारागार कार्यालय, वीरगञ्ज	अञ्चल
कोष तथा तहसील कार्यालय, वीरगञ्ज	जिल्ला
वीरगञ्ज भन्सार कार्यालय	जिल्ला
अन्तःशुल्क कार्यालय, वीरगञ्ज	अञ्चल
कर कार्यालय, वीरगञ्ज	अञ्चल
जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय	जिल्ला
मेट्रिक नाप तौल कार्यालय	—
पर्सा जिल्ला अदालत	जिल्ला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ता	जिल्ला
जिल्ला शिक्षा अधिकारीको कार्यालय	जिल्ला
जन स्वास्थ्य कार्यालय	अञ्चल
नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण योजना	इलाका
नेपाल औलो उन्मूलन संघ	इलाका
बिफर उन्मूलन जिल्ला कार्यालय	इलाका
खानेपानी योजना कार्यालय	इलाका
कृषि विकास कार्यालय	जिल्ला
कृषि औजार अनुसन्धान केन्द्र	जिल्ला
नारायणी अञ्चल सिंचाइ विकास योजना	जिल्ला
पुनर्वास योजना कार्यालय	जिल्ला
जिल्ला सहकारी कार्यालय	जिल्ला
कृषि खरीद बिक्री संस्थान	क्षेत्रिय
कृषि विकास बैंक	क्षेत्रिय
भूमि प्रशासन कार्यालय	जिल्ला
प्रधान वन कार्यालय	अञ्चल
पर्यटन सूचना कार्यालय	जिल्ला
हुलाक नियन्त्रण कार्यालय	अञ्चल
वीरगञ्ज विनिमय मुख्य हुलाक	जिल्ला
नेपाल दूर सञ्चार समिति	—
आकाशवाणी कार्यालय	—
सार्वजनिक निर्माण कार्यालय	—
शाही नेपाल वायुसेवा निगम	—
नेपाल विद्युत् करपोरेशन	जिल्ला
नेपाल राष्ट्र बैंक	क्षेत्रिय
नेपाल बैंक लि.	क्षेत्रिय
राष्ट्रिय वाणिज्य बैंक	—

न्याय

पर्सा जिल्ला अदालतमा २०३० कातिकसम्ममा १,४०८ थान मुद्दाहरू रहेका थिए। यस अदालतमा जग्गाधनी र किसानको लेनदेन, लिखतपास, कूतबाली मुद्दाहरू धेरै पर्ने गरेका छन्। यहाँ फौजदारी तर्फ परेका मुद्दाहरूमध्ये मुख्यतः ज्यान मारा, डकैती, चोरी, जुवा सम्बन्धी मुद्दा हुन्।

यस जिल्लामा सरकारी वकील कार्यालय पनि रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रहरी

यहाँ अञ्चलस्तरीय उपरीक्षक कार्यालयको अतिरिक्त प्रहरी नायव उपरीक्षक कार्यालय एक, प्रहरी थाना एक र प्रहरी चौकी सात छन्। यसको साथै सुरक्षा गार्डतर्फ कारागार, भन्सार र अञ्चलाधीश गार्ड पनि छन्। यहाँ ट्राफिक प्रहरी पनि छ। बैंक गार्डहरू पनि छन्।

सरकारी राजस्व

ठूलो रकममा सरकारी राजस्व उठती हुने प्रमुख जिल्लाहरूमध्ये पर्सा जिल्ला पनि एक हो। यहाँ रहेका राजस्व प्रशासनका केही मुख्य कार्यालयहरूबाट आर्थिक वर्ष २०२९।०३० मा उठाएको आयको विवरण निम्नप्रकारको छः–

राजस्व कार्यालयहरू	रकम (रु. मा)
मूल र छोटी भन्सार कार्यालयहरू	९,८६,७१,८१५।
कर कार्यालय	६५,३०,७७४।
अन्तःशुल्क कार्यालय	७८,००,७२७।
कोष तथा तहसील कार्यालय	२९,१२,६०३।
जम्माः–	११,५९,१५,९१९।

पञ्चायत

यस जिल्लामा एउटा नगर पञ्चायत र ८२ वटा गाउँ पञ्चायतहरू छन्। साथै जिल्ला पञ्चायत एक र अञ्चल समिति एक पनि रहेका छन्। जिल्लाबाट राष्ट्रिय पञ्चायतमा अञ्चल सभाबाट निर्वाचित एक जना प्रतिनिधिले प्रतिनिधित्व गर्दछन्। यस जिल्लामा जिल्ला स्तरका चार वटा वर्गीय संगठनहरू छन्। तिनमध्येका निम्न वर्गीय संगठनहरू र तिनको प्रारम्भिक समिति र सदस्य संख्या निम्नबमोजिम छ:–

जिल्ला वर्गीय संगठन	प्रारम्भिक संगठन संख्या	सदस्य संख्या
नेपाल किसान संगठन	५३	४,५००
नेपाल युवक संगठन	४७	२,६००
नेपाल महिला संगठन	१२	८००

यहाँका स्थानीय पञ्चायतहरूको मुख्य काम आफ्ना इलाकाभित्रका कच्ची बाटो, पुल निर्माण गर्नु, सुघर सफा र प्राथमिक चिकित्साको व्यवस्था गर्नु, बजार मेलाहरूको प्रबन्ध गर्नु, प्रारम्भिक शिक्षा र पुस्तकालयको व्यवस्था गर्नु, इनार र धारा, पोखरी र कुलोको व्यवस्था गर्नु, घरेलु तथा ग्रामीण इलम उद्योगको प्रचार गर्नु, बालीको हेरचाह गर्नु र सहकारितालाई प्रोत्साहन दिनु आदि हुन्। ग्रामीण जनतालाई आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्न पाउने गरी अवसर दिने लक्ष्य भएको यस जिल्लाका गाउँ पञ्चायतहरूले अरू क्षेत्रमा काम गर्नुको अतिरिक्त मुख्यतः ट्यूबवेल र इनार लगायतका खानेपानीको आयोजनाहरू सञ्चालन गरेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाका गाउँ पञ्चायतहरूको खास आम्दानीका स्रोत छैनन्। गाउँ पञ्चायतहरूलाई रेडियो नवीकरण इजाजत दस्तूर, दरखास्त दस्तूरबाट केही आम्दानी हुनेगरेको छ। यहाँको धेरैजसो गाउँ पञ्चायतहरूको वार्षिक आम्दानी करीब रू. २०० देखि ५०० सम्म हुने गरेको छ।

यहाँको जिल्ला पञ्चायतको रू. २५,०००। देखि रू. ३०,०००। सम्म वार्षिक आम्दानी हुनेगरेको छ। २०१९।०२० सालमा यसको आम्दानी रू. २९,७३९। थियो।

यहाँ वर्गीय संगठनहरूमध्येका किसान संगठनले किसान हित आदि विषयमा सम्मेलन गराएको थियो। यहाँ केन्द्रीय किसान संगठनको अधिवेशन पनि भएको थियो। यहाँको युवक संगठनले गरेका कामहरूमध्ये ३० गाउँ पञ्चायतहरूमा प्रौढ प्राथमिक पाठशाला सञ्चालन, चार गाउँ पञ्चायतहरूमा पुस्तकालयको सञ्चालन, तीन पञ्चायतमा अन्दाजी आठ किलोमिटर बाटोको मर्मत र काठे पुलको निर्माण र एक पोखरीमा माछापालन सम्बन्धी काम मुख्य छन्। यस अतिरिक्त यस संगठनले महत्वपूर्ण प्रवचन गोष्ठी, गाउँ सफाइ अभियान, गाउँ सेवा दलको गठन सम्बन्धी कार्य पनि सञ्चालन गरेको थियो। यहाँको महिला संगठनबाट पनि वीरगञ्जमा महिला शिल्प कला केन्द्र खोली महिलाहरूलाई सिलाइ, बुनाइको तालीम दिँदैआएको छ। यसले ३० गाउँ पञ्चायतहरूमा ३० वटा महिला प्रौढ पाठशालाको सञ्चालनद्वारा साक्षरता अभियानमा योगदान पुऱ्याएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

सदरमुकाम, वीरगञ्ज नगर मध्य-पूर्वी नेपालको बाह्य व्यापारको एक प्रमुख केन्द्र रहेको छ। यस इलाकालाई आधुनिक यातायातले दक्षिणमा भारत र उत्तरमा महेन्द्र राजमार्ग तथा सो मार्गद्वारा हेटौंडा, काठमाडौंसँग समेत जोडिदिएको छ। साथै बागमती तथा नारायणी अञ्चल विद्युत् प्रशारणको रेखा दक्षिणी सीमानास्थित रक्सौलसम्म पूरा भइसकेकोले यहाँ आवश्यक विद्युत् शक्ति पनि उपलब्ध गराइसकिएको छ। यसरी केही वर्षदेखि यस जिल्लाका प्रमुख नगर वीरगञ्ज तथा अन्य इलाकामा औद्योगीकरणका पूर्वाधारहरू सिर्जना हुँदै गएपछि यस जिल्ला एक महत्वपूर्ण औद्योगिक जिल्लाको रूपमा देखा पर्न थालेको छ। साथै वीरगञ्ज नगरको सुनियोजित विकासको लागि आदर्श नगरको तर्जुमा र कार्यान्वयन हुन गएकोले शहरीकरण र विकासले एक नयाँ मोड लिएको छ। वीरगञ्ज शहरको विकासलाई आशातित गति प्रदान गर्न यहाँ औद्योगिक सेवाहरू, प्राविधिक तालीम आदिको व्यवस्थाको साथै खेलकूदको मैदान, पार्क तथा नाचघर आदि जन मनोरञ्जनका सुविधाहरू उपलब्ध गराउनु आवश्यक छ।

भविष्यमा यहाँ स्थापना हुने नयाँ औद्योगिक प्रतिष्ठानहरूलाई वर्तमान नगर इलाकामा थुप्रिन नदिन तथा उद्योगहरूको विस्तारको लागि थप जमीनको समेत व्यवस्था गर्न सकिने गरी शहरको आवासीय तथा संस्थागत प्रयोगमा ल्याइने इलाकाबाट पर औद्योगिक इलाकाको व्यवस्था गर्नु पनि उचित हुनेछ।

वीरगञ्ज नगरको विकासको साथै जिल्लाका अधिकांश बासिन्दाहरूको जीवन-स्तर माथि उठाउन कृषि उत्पादन बढाउन आवश्यक विकास कार्यक्रम सञ्चालन गरिनु पर्छ। हाल निर्माणाधीन नारायणी अञ्चल सिंचाइ आयोजना पूरा भएपछि उक्त दिशामा ठूलो टेवा प्राप्त हुनेछ। सिंचाइको व्यवस्था भएको इलाकामा कृषि ऋण, मल खाद तथा बजारको सहुलियत उपलब्ध गराउन विशेष व्यवस्था हुनुपर्ने देखिन्छ। कृषि विकास कार्यक्रम अन्तर्गत कृषिमा पूरक व्यवसायहरूको साथै जिल्लाका ग्रामीण इलाकामा शिक्षा, स्वास्थ्य आदि सामाजिक सेवाहरूको विस्तार गर्दै लैजान सकेमा यस जिल्लाको विकासबाट अधिकांश जिल्लावासी लाभान्वित हुनेछन्। साथै यहाँको कृषि विकासलाई वीरगञ्ज, परवानीपुर आदि इलाकाको औद्योगीकरणसित समन्वय गरिनु उचित हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चितवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	१२०७
प्राकृतिक स्वरूप र सम्पदा	१२०९
ऐतिहासिक पृष्ठभूमि	१२२३
प्रमुख स्थानहरू	१२२७
जनसंख्या र जनजीवन	१२३२
आर्थिक व्यवस्था	१२४०
यातायात, सञ्चार र बिजुली	१२५८
शिक्षा, स्वास्थ्य तथा खानेपानी	१२६२
प्रशासन र पञ्चायत	१२६७
उपसंहार	१२७१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

चितवन जिल्ला गत दुई दशकदेखि नेपालका विविध सांस्कृतिक परम्परा अगाल्ने अनेकौं जातजातिको साझा बासस्थल मात्र नभएर, तिनीहरूको मिश्रणस्थलको रूपमा देखापर्न लागिरहेको छ। महाभारत लेक र चुरेको बीचमा अवस्थित यो जिल्लाको उर्वर माटोलाई नारायणी र रापतीले सिंचेका छन्। अधिराज्यका अन्न बचत हुने जिल्लाहरूमा यस जिल्लाको स्थान अग्रणी छ।

"जहाँ जङ्गल त्यहाँ मङ्गल" भन्ने चितवन बासीहरू "चारकोसे झाडी" को छहारीमा नयाँ गाउँ, नयाँ बाटो र नयाँ विद्यालयको सिर्जनामा लागेका छन् भने, त्यही जङ्गलको प्राकृतिक सौन्दर्य र त्यसमा बस्ने दुर्लभ गैंडा र बाघ हेर्ने तिर्सनाले हजारौं माइल टाढादेखि विदेशी पर्यटकहरू चितवनमा ओइरिन्छन्।

एक समयमा यहाँको जङ्गलमा असंख्य चितुवा पाइने भएकोले "चितावन" भनिएको यस इलाका बिस्तारै रूपान्तर हुँदै आउँदा "चितवन" हुन गएको जस्तो देखिन्छ। हुनत कुनै कुनै संस्कृत साहित्यमा 'अस्ति गण्डकी तिरे चित्रवनं नाम नगरम्' भन्ने पाइएकोले, यसको पुरानो नाम चित्रवनं नामको नगर हो कि भन्ने आशङ्का हुन्छ।[1] अर्कोतिर यस स्थानको नाम चित्रवनलाई सीताजीसँग जोडिएको पनि पाइन्छ। भनिन्छ, सीताजीको वनबास काल यहींको वन-जङ्गलमा व्यतित भएको थियो। शुरूमा यसलाई सीतावन भनिन्थ्यो पछि आएर 'सीतावन' बाट चित्रावन हुन गयो। निश्चय नै यस्ता रोचक र सहज कल्पनाको आधारमा यस जिल्लाको 'चित्रवन' नामकरण कसरी गरियो भनेर हाल किटान गर्न सकिदैन।

काठमाडौंबाट दक्षिण पश्चिममा (मोटर बाटोबाट) करीब २२४ किलोमिटर (१४० माइल) टाढा रहेको चितवन जिल्ला नारायणी अञ्चलको पश्चिमको आखिरी जिल्ला हो। यस जिल्लाको सीमाना पूर्वमा मकवानपुरसँग, पश्चिममा नवल-परासी, तनहूँ र पाल्पासँग, उत्तरमा धादिङ तथा गोरखा जिल्लासँग र दक्षिणमा लगभग ६४ किलोमिटर (४० माइल) भारतको बिहार प्रान्तसँग जोडिएको छ। प्राकृतिक सीमानाको दृष्टिबाट यो जिल्ला पूर्वमा मनहरी खोला, पश्चिममा नारायणी नदी, उत्तरमा त्रिशूली नदी, दक्षिणमा सोमेश्वर पर्वत पर्छ। यसप्रकार यो भू-भाग ८३°५५' देखि ८५.६°३७' पूर्व देशान्तर र २७°२१' र २७°४६' उत्तरी अक्षांशभित्र पर्दछ।

यस जिल्लाको सदरमुकाम जिल्लाको पश्चिमतिरको अन्तिम सीमाना अर्थात् नारायणी नदीको पूर्वी छेउमा रहेको भरतपुरमा छ।

मध्य तराई क्षेत्रमा पर्ने यो जिल्लाको क्षेत्रफल २,५१० वर्ग किलोमिटर छ। नारायणी अञ्चलको कुल क्षेत्रफल ८,४७१ वर्ग किलोमिटरमध्ये चितवन जिल्लाले करीब ३० प्रतिशत क्षेत्रफल ओगटेको छ। त्यस हिसाबले यो जिल्ला अञ्चलको सबैभन्दा ठूलो जिल्ला हो। जनसंख्याको हिसाबले अञ्चलका अन्य जिल्लाको

१. जनकलाल शर्मा र कृष्णवम मल्ल– राप्ती उपत्यका, पृष्ठ १२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तुलनामा यस जिल्लाको स्थान चौथो छ ।

यो जिल्ला पूर्वतिर साँघुरिएको र दक्षिण-उत्तर फैलिएको छ । त्यसैले झण्डै त्रिकोणात्मक आकारको छ । नेपालको मानचित्रमा हेर्दा दक्षिणी सीमावर्ती अन्य जिल्लाहरूको तुलनामा यस जिल्लाको भू-भागलाई भारतीय सीमानाले भित्रसम्म घुसेर खुँडे पारेको जस्तो देखिन्छ ।

राष्ट्रिय जनगणना २०२८ अनुसार यस जिल्लाको कुल जनसंख्या १,८३,६४४ छ । यहाँ आदिबासी चेपाङ, थारू, माझी, दराई लगायत नयाँ बसोबासगरी बसेका बाहुन, क्षेत्री, नेवार, गुरुङ, मगर, थकाली दमाई, कामी आदि विभिन्न जात जातिका मानिसहरू बसोबास गर्दछन् । चितवनको पहाडी भागमा बाहुन, क्षेत्री, गुरुङ, मगर, तामाङ आदिले पहिलेदेखि बसोबास गरिआएका थिए ।

यस जिल्लाको पहाडी भागमा छ वटा पञ्चायत, माडी उपत्यकामा पाँचवटा पञ्चायत र बाँकी ३१ वटा पञ्चायत रापती उपत्यकामा पर्छन् । यहाँ जम्मा ४२ वटा गाउँ पञ्चायतहरू छन् ।

यस जिल्लाको मुख्य आर्थिक आधार कृषि र पशुपालन हो । यहाँ कृषि र वनमा आधारित मझौला खालका उद्योग धन्धा र असंगठित रूपमा कुटीर उद्योगहरू चलेको पाइन्छ । जिल्लाबासीहरूमध्ये केही भारतीय मालसामानको बेच बिखन र जिल्लामा उत्पादित धान, तोरी, मकैको व्यापारमा लाग्ने गर्छन् । नोकरी गर्नेहरूको संख्या निकै कम छ ।

भूमिको उर्वरापन, वन जङ्गलको बाहुल्य र धेरैजसो विकास आयोजनाहरूका हितकारी परिणाम-हरूले गर्दा सामान्यतः जिल्लाबासीहरूको आर्थिक स्थिति राम्रो रहेको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

भौगोलिक बनावट

चितवन जिल्लाको उत्तरी भागमा महाभारत लेक र दक्षिणमा चुरे पर्वतमालाको सोमेश्वर शृङ्खला रहेका छन् । पूर्वदेखि पश्चिम समानान्तर रूपमा लम्बिएर आएका यी पर्वत शृङ्खलाहरू यस जिल्लाको पूर्वी भेकमा साँघुरिएका र जिल्लाको पश्चिमी भाग नारायणी नदीसम्म केही बढी फैलिएर गएका छन् । यी दुई पर्वत शृङ्खलाको बीचमा भित्री मधेशको रूपमा रहेको चितवन उपत्यका अवस्थित छ । त्यसका अतिरिक्त नेपाल–भारत सीमानाको पानी ढलोको रूपमा रहेको सोमेश्वर पर्वत र त्यसको उत्तरमा रहेको चुरे मुख्य पर्वतका बीच माडी उपत्यका (सानो उपत्यका) रहेको छ । यसरी समग्र रूपमा हेर्ने हो भने यस जिल्लाको करीब एक चौथाइ भाग पहाड पर्वतले र बाँकी तीन चौथाइ भाग समथर सँदानी भू-भागले ढाकेको छ ।

पहाडी भू भागमा पातला वन बुट्यान र स्वास्थ्यकर हावापानी पाइन्छ भने समथर भू-भागमा घनाबस्ती, घना जङ्गल र निकै गर्मी हुने गर्छ । वन जङ्गलको आधिक्य भएकोले यहाँ बाह्रै महीना जिल्लाको अधिकांश भाग हरियो देखन पाइन्छ ।

महाभारत लेक र चुरे पर्वतमालाबाट निक्लेका अनेकौं खोला नालाहरूलाई सोरेर जिल्लाको झण्डै मध्यभागबाट रापती नदी पूर्व–पश्चिम लागेर बगेको छ । पश्चिमतिरबाट अर्को मुख्य नदी नारायणीले जिल्लाको पश्चिमी सीमाना कायम गर्दै उत्तर–दक्षिण भएर बगेको छ ।

उपर्युक्त विविध भौगोलिक विशेषता र भू-प्रकृतिको आधारमा यो जिल्लालाई निम्न तीन भागमा विभक्त गर्न सकिन्छः–

(१) पहाडी प्रदेश
(२) चुरे प्रदेश
(३) रापती उपत्यका प्रदेश

पहाडी प्रदेश

पूर्वदेखि पश्चिम फैलेको महाभारत लेकमा यस जिल्लाको पहाडी प्रदेश रहेको छ । यो लेक जिल्लाको पूर्वी भागबाट पश्चिममा उत्तर चापेर बसेको छ । जिल्लाभित्र यसको लम्बाइ करीब ९६ किलोमिटर (६० माइल) छ र समुद्रको सतहबाट बढीमा १,९४५ मिटर (६,३८० फीट) सम्मको उचाइमा रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस-भूभागमा अनेकौं अग्ला ठाडा पाखा पखेरा र कहालीलाग्दो भीर तथा खोंचहरू छन्। यसको उच्च भागमा विलाउने, फल्दुस, गुराँश आदिको वन पाइन्छ। तर उक्त लेकको घाँचमा भने निक्कै बाक्लो वन जङ्गल रहेको छ। अधिकांश भू भाग खेती गर्न योग्य छैन तापनि केही कम भिरालो परेको भू-भागमा निकै ठूला-ठूला गाउँहरू बसेका छन्। जिल्लाको सबैभन्दा बढी उचाइमा रहेको दारेचोक पञ्चायत यही प्रदेशमा पर्दछ। यस जिल्लाका ४२ पञ्चायतमध्ये छ वटा पञ्चायत यही भू-भागमा रहेका छन्। उचाइमा रहेकोले यहाँ शीतल स्वास्थ्यकर हावापानी पाइन्छ। यस प्रदेशमा कतै कतै धान र धेरजसो मकै, कोदो आदि पाखे बाली लाग्दछ।

महाभारत लेक यस जिल्लाको महत्वपूर्ण नदी नालाहरूको उद्गमस्थलको रूपमा रहेको छ। राप्ती नदी, लोथर खोला, मनहरी खोला आदि खोलाहरू यही लेकबाट उत्पन्न भएर यसको दक्षिणमा रहेको समथर भू-भागलाई भिजाउँछन्। गाई घाटमा त्रिशूली गङ्गाले महाभारत लेकलाई छिचलेर देवघाटमा काली गण्डकीसित मिसिएपछि दुवैको संयुक्त धार नारायणी नदी बनेर दक्षिण लागेको छ।

यो लेकको पहाड भित्र कडा परिवर्तित पत्रे चट्टान क्वार्टज, चूनढुङ्गा आदि पाइन्छन्। यो लेक खण्डमा पर्ने जुगेडी, फन्द्राङ गढी आदिमा क्रमशः तामा र फलाम खानी पाइने सम्भावना देखिएको छ। यहाँ सामुद्रिक झारपात र प्राणीको फोसिल पाइएकोले एक समयमा यो क्षेत्र समुद्र भित्र पर्न गएको अनुमान गरिन्छ।

यही महाभारत लेकको फेदीमा जिल्लाको सदरमुकाम भरतपुर र प्रमुख व्यापारिक केन्द्र नारायणगढ बजार रहेका छन्। यहाँबाट तनहूँ, गोरखा र लमजुङ जाने पैदल मार्ग यही लेकको उकालो चढेर जुगेडी हुँदै चण्डी भञ्ज्याङ भएर गएको छ। त्यस्तै अर्को मार्ग जुडपानीबाट उपरदाङगढी हुँदै गोरखा वा धादिङ जान सकिन्छ। धादिङतिरबाट चितवन आउने अर्को चल्तीको मार्ग मलेखु खोला (धादिङ जिल्ला) को किनारै किनार महाभारतको लेक चढेर पर्जाल र पाखरे टाँडी हुँदै भण्डारानिर निस्कन्छ। शुरूमा यी मार्गहरू व्यापक प्रयोगमा आउँथे र अझै पनि निक्कै चल्तिमा छन्।

चुरे प्रदेश

सामान्यतः महाभारत लेकको समानान्तर रहेर बसेको चुरे पर्वतमालाको खण्डको स्थिति निक्कै रोचक छ। समुद्रको सतहबाट चुरेको यो खण्ड ३०५ मिटर (१,००० फीट) देखि ८०६ मिटर (२,६४२ फीट) सम्मको उचाइमा रहेको छ। यसैको अर्को शाखा सोमेश्वरले कुम्भकर्ण ६५७ मिटर (२,१५५ फीट) टाकुराबाट मूल चुरेसग छुट्टिएर जिल्लाको दक्षिणी सीमा (भिखना ठोरीदेखि नारायणी नदीसम्म) को काम गरेको छ। सोमेश्वरको किल्ला रहेको स्थाननिर यो पहाडको सबैभन्दा अग्लो टाकुरा ८८० मिटर (२,८८७ फीट) छ।

चुरे पर्वतमालाको उच्च भागमा पातलो वन जङ्गल रहेको पाइन्छ। त्यसको घाँच र फेदीको प्रदेशमा भने घना वन जङ्गल र गैंडा, बाघ तथा कतै कतै वन हात्ती पनि पाइन्छन्। यस जिल्लाको अधिकांश वन जङ्गलहरू यसै भू-भागमा पर्दछन्।

पर्वत सिर्जना सम्बन्धी एक सिद्धान्त अनुसार चुरे पर्वतमाला संसारका पहाडहरूमा सबैभन्दा कान्छो हो।[1] त्यसैले यसका पहाडहरूमा ठूला ठूला ढुङ्गाहरू टुटी फुटी हालै मात्र बनेको बलौटे खस्रो माटो, कङ्कड, बालुवा र टच्याफी आदि अनुर्वर तत्वहरू पाइन्छन्। यहाँ राम्रो खेतीपाती हुँदैन। त्यसका अतिरिक्त यस

1 Burathoki, J. B. S., and Malla, U. M.- Ecology of Tropical Highlands, p. 2

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रमा निवर्क गर्मी हुने र बढी वर्षा हुने तथा बढी पँरो लाग्ने गर्छ। परिणामस्वरूप यस भेकमा मानिसहरूको बस्ती भएको पाइँदैन।

चुरे पर्वतबाट विभिन्न खोलानाला उत्पत्ति भएर दक्षिण बगेका छन्। चुरेको दक्षिण र सोमेश्वरको उत्तरबाट बग्ने मुख्य खोलाहरूमा रिउ र भंगुई रापतीमा मिसिन पुग्दछन्।

रिउ खोलाले बनाएको चुरे र सोमेश्वर पहाड बीचको साँघुरो भू-भागमा जिल्लाको दक्षिणी भागको माडी उपत्यका रहेको छ। यस भू-भागमा जिल्लाको पाँच वटा गाउँ पञ्चायतहरू रहेका छन्। चुरे पर्वतको छेउ छाउको जग्गा भए तापनि रिउ खोलाले बगाएर ल्याएको उर्वर माटो र जङ्गलबाट बगेर आएका पात पतिङ्गरले यस प्रदेशमा विशेषतः निकै राम्रो खेतीपाती हुन्छ। यहाँ धान, मकै, गहुँ र तोरी बाली लाग्दछ।

रापती उपत्यका प्रदेश

महाभारत लेक र चुरे पर्वतको बीचको समथर परेको भू-भागमा रापती उपत्यका अवस्थित छ। यसको उत्तर र दक्षिणमा रहेका पर्वतहरूको अवस्थितिअनुसार यो उपत्यका पूर्वमा साँघुरिएको र पश्चिमतिर फुक्दै गएको देखिन्छ। जिल्लाको अधिकांश भू-भाग अर्थात् करीब ¾ भाग समथल परेको छ। यसको पश्चिमतिर नारायणी नदी बगेको छ भने उपत्यकाको झण्डै बीचैं बीचबाट पूर्व-पश्चिम हुँदै रापती नदी बगेको छ। त्यसैले यसलाई रापती उपत्यका पनि भन्ने गरिन्छ।

चितवन उपत्यकाको वुर्वतिरका पहाडी घाँचमा र समथर भू-भागमा समेत घना जङ्गल रहेको छ। त्यसैले पश्चिमतिर बाहेक यो उपत्यकाको सबै दिशामा वन जङ्गल रहेको पाइन्छ। समुद्रको सतहबाट यो स्थान लगभग २४४ मिटर (८०० फीट) को उचाइमा रहेको छ। बाक्लो जङ्गल, गरम र ओसिलो हावा-पानीले गर्दा शुरूमा यस क्षेत्रमा औलो लाग्ने ज्यादै अस्वास्थ्यकर जलवायु पाइन्थ्यो। गत केही वर्षदेखि औलो नियन्त्रण भएको र द्रुततर गतीमा नयाँ बसोबास गराइएकोले पहिलेभन्दा चितवन उपत्यकामा धेरै बाक्लो गाउँ बस्ती र बजारहरू रहेका छन्। यही भू-भागमा जिल्लाको सदरमुकाम भरतपुर र जिल्लाको प्रमुख व्यापारिक केन्द्र नारायणगढ तथा रामपुर, मेघौली, रत्ननगर, भण्डारा आदि उल्लेखनीय साना ठूला बजारहरू छन्।

नारायणी र रापतीले बगाएर ल्याएको उर्वर माटो पाइने भएकोले यस भू-भागमा धान, मकै, गहुँ, तोरी बालीको राम्रो उब्जा हुन्छ। जिल्लाको ४२ पञ्चायतहरूमध्ये ३७ पञ्चायतहरू भित्रीमधेश तथा उपत्यका क्षेत्रमा रहेका छन्।

नदी नालाहरू

यस जिल्लाका विभिन्न भू-भागबाट ठूला नदीहरू र अनेकौं स-साना खोलाहरू बगेर गएका छन्। तिनीहरूमध्ये केही प्रमुख नदी र खोलाहरूको चर्चा तल गरिन्छ।

नारायणी नदी

नेपालको तीन प्रमुख नदी प्रणालीमध्ये एक गण्डकी प्रणालीको संयुक्त धार यस जिल्लाको पश्चिमी सीमाना कायम गर्दै त्रिवेणी र भैंसालोटन भएर भारतमा प्रवेश गर्दछ। नारायणी नदीको मुख्य धार काली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गण्डकी हो। नेपाल अधिराज्यमा यो नदी मुस्ताङ जिल्लाबाट प्रवेश गरेर देवघाट आइपुग्दासम्म यसमा सात प्रमुख सहायक नदीहरू (म्याग्दी, मोदी, सेती, मादी, मर्स्याङदी, बूढीगण्डकी र त्रिशूली गङ्गा) मिसिन पुग्दछन्। यस नदीले देवघाटदेखि केही माइल दक्षिणमा रहेको नारायणगढदेखि दक्षिण समथर भू-भागमा प्रवेश गरेपछि भने निक्कै फैलिएर ठाउँ ठाउँमा अंग्रेजीको 'यू' आकार लिदै विशेषतः पश्चिम चापेर गएको छ।

कालीगण्डकी र त्रिशूली गङ्गाको सङ्गम हुने स्थल देवघाट धार्मिक दृष्टिले महत्वपूर्ण रहेको छ। यसै नदीको बायाँ किनारमा नारायणगढ बजार स्थित छ। महेन्द्र राजमार्गको यस खण्डको निर्माणको सिलसिलामा नारायणगढदेखि करीब पाँच किलोमिटर (तीन माइल) उत्तरमा यस नदी माथि एक बृहत् पुल हाल्नु पर्ने हुन्छ। हाल सो स्थानमा फेरीद्वारा वारपार गरिन्छ। त्यसका अतिरिक्त गाईघाट, मोहनघाट, लेराघाट, तमासपुर आदि घाटहरूमा वारपार गर्ने डुङ्गाहरू लाग्दछन्।

यस जिल्लाका सबैजसो महत्वपूर्ण नदीहरू अन्ततः यही नदीमा सम्मिलित हुन पुग्दछन्। यो नदी जिल्लाको सतहभन्दा केही होचिएर बगेको हुनाले जिल्लाका अन्य खोला नालाको जललाई परम्परागत रूपमा कुलोकाटी सिचाइ गर्न उपयोग गरिए झैं यसबाट गर्न मिल्दैन। तर हाल नारायणगढदेखि केही माथि यस नदीको पानीलाई शक्तिशाली पम्पहरूद्वारा खिचेर चितवन जिल्लाको करीब १२,००० हेक्टर जमीन सिचाई गर्ने योजनाको कार्य प्रारम्भ हुन लागेको छ।[1]

यस नदीमा अनेकौं जातका माछाहरू पाइनुका साथै गोही र सोंस (गाँजेटिक डोल्फिन) निक्कै संख्यामा पाइन्छ। नारायणी नदी मुस्ताङदेखि भैंसालोटनसम्म करीब ३०० किलोमिटर (१८७ माइल)[2] र जिल्लाभित्र देवघाटदेखि भैंसालोटनसम्म करीब ८३ किलोमिटर (५२ माइल) लामो क्षेत्र भएर बगेको छ। नारायणगढदेखि दुई किलोमिटर (१.४ माइल) उत्तरमा (१९६३ देखि ६८ सम्म) लिइएको एक नापअनुसारको नदीको औसत जल-प्रवाह १,५७२ क्यू. मि. प्रति सेकेण्ड भएको देखिन्छ। यसको जलोत्सारण क्षेत्र ३१,१०० वर्ग किलोमिटर छ।[3]

राप्ती नदी

यस जिल्लाको दोस्रो महत्वपूर्ण नदी राप्ती हो। मकवानपुर जिल्लाको भीमफेदी र भैंसेदेखि केही माथि महाभारत पर्वतबाट निक्लेर आएको यो नदीले चितवन जिल्लाको समथर भू-भागको झण्डै बीचबाट पूर्व-पश्चिम बगेको छ र कालाबन्जार भन्ने स्थाननिर नारायणी नदीमा मिल्दछ यस नदीको पानीलाई कच्ची कुलो र बाँध बनाई परम्परागत रूपमा जिल्लाको निक्कै धेरै भू-भाग सिचाइ गर्न उपयोग गरिन्छ। यही नदीको कारणले यस क्षेत्रलाई राप्ती उपत्यका पनि भन्ने गरिन्छ। महाभारत पर्वत र चुरे पहाडबाट झरेका कतिपय खोलानालाहरू यस नदीमा मिसिन्छन्। यसका सहायक खोलाहरूमा मनहरी,लोथर,खगेरी,पञ्चनदी,बूढी राप्ती, रिउ र भंगुई आदि हुन्। वर्षा याममा यो नदीले बाढी पैरो ल्याउने गर्छ। त्यसताक यसमा ठाउँ ठाउँमा डुङ्गा हाल्ने गरिन्छ।

---

१. यसबारे आर्थिक अवस्था परिच्छेदको सिचाइ अनुच्छेदमा थप चर्चा गरिएको छ।

2. Sharma, Chandra K.- Ge logy of Nepal, 1971, p. 13

3. HMG- Surface Water Records of Nepal, Supplement No. 3, 1968, p. 30-31

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनहरी खोलादेखि आठ माइल माथि राजाया भन्ने स्थानमा सन् १९६३ देखि १९६८ सम्म लिइएको एक नापअनुसार यस नदीको औसत जलप्रवाह ३१.०८ क्यू. मि. प्रति सेकेण्ड छ। यसको जलोत्सारण क्षेत्र ९२६.४ वर्ग किलोमिटर छ। [1]

मनहरी खोला

यो खोलाको स्रोत पनि महाभारत लेक हो। यो खोला चितवन र मकवानपुर जिल्लालाई छुट्याउने यस जिल्लाको पूर्वी सीमाको रूपमा समेत रहेको छ र महाभारत लेकको दक्षिणमा केही समथर भू-भागमा बगेपछि रापती नदीमा मिसिन्छ। भरतपुर-हेटौंडा सडक बीचमा यो खोला पर्ने भएकोले यसमा एक कजवे हालिएको छ। मूलतः यो खोला पहाडी र ठाडो खोला भएकोले वर्षामा बाढी र पैंरो ल्याउँछ।

बेलुवानिर सन् १९६३ देखि १९६६ सम्म लिइएको एक नापअनुसार मनहरी खोलाको औसत जलप्रवाह १८.२ क्यू. मि. प्रति सेकेण्ड भएको देखिन्छ। यसको जलोत्सारण क्षेत्र ६७.२ वर्ग मिटर छ। [2]

लोथर खोला

यो खोला धादिङ जिल्लामा पर्ने कान्द्राङ गढीबाट निक्लेर दक्षिणतिर बगेर रापतीमा मिलेको छ। यस खोलाको पानीलाई उपयोग गर्नेगरी भण्डारामा माछा-पालन केन्द्र स्थापना गरिएको थियो। केही वर्ष अघि यो खोलाले आफ्नो दिशा परिवर्तन गरेको र पहिलाभन्दा बढी गहिरिएर बगेको छ। वर्षाको समयमा यो खोलाले बाढी पहिरो ल्याएर आसपासको जग्गा जमीनलाई धक्का पुऱ्याएकोले आर्थिक वर्ष २०२८।०२९ मा करीब सात लाखको लागतमा यस खोलामा एक तटबन्ध हालिएको छ। परिणामस्वरूप यस क्षेत्रमा सो खोलाको बाढीको प्रकोप कम भएको छ।

देवीचौरनिर लिइएको एक नापअनुसार यस खोलाको वार्षिक औसत जल-प्रवाह ९.०९७ क्यू. मि. प्रति सेकेण्ड छ। यो खोलाको जलोत्सारण क्षेत्र २७० वर्ग किलोमिटर छ। [3]

खगेरी खोला

यो खोलाको स्रोत महाभारत लेक हो। यो खोला टिकौलीमा पञ्चनदी नामक अर्को खोलासँग मिसिन्छ। त्यहाँदेखि करीब नौ किलोमिटर दक्षिणमा, बूढी रापती खोलामा मिल्दछ। अन्ततः यी सबै खोलाहरू रापती नदीमा सम्मिलित हुन्छन्।

यी दुवै खोला सङ्गम हुने स्थल टिकौलीमा खगेरी सिचाइ योजना अन्तर्गत एउटा बाँध र नहरहरूको निर्माण भएको छ। यसबाट वरपरका करीब ४,००० हेक्टर जमीन सिचाइ हुने गर्छ।

---

1. HMG- Surface Water Records of Nepal, Supplement No 3, 1968, p. 31
2. Ibid, p. 34
3. Ibid, supplement No. 6, p. 27

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रिग्दी खोला

उपरदाङ गढीको उत्तरी भाग र चण्डी भञ्ज्याङ हुँदै यो खोला पश्चिमतिर हानिएर बगेको छ। यसमा ठाउँ-ठाउँमा काठे पुल र केही वर्ष अघि मात्र एक झोलुङ्गे पुल हालिएको छ। वर्षा याममा यो खोलाले बाढी पैरो लिएर आउँछ। हिउँदमा पनि यसमा निकै पानी रहन्छ। यस खोलाको पानीद्वारा ठाउँ-ठाउँमा पानी घट्ट चलेका छन्। यो वरलाङ घाटनिर त्रिशूली नदीमा मिल्दछ।

रिउँखोला

यो खोला जिल्लाको दक्षिण भाग चुरे पर्वतको शाखा सोमेश्वरको घाँचबाट निस्कन्छ। त्यहाँबाट माडी क्षेत्रको वसन्तपुर वनकटवा हुँदै सुगिमारदेखि केही तल राप्ती नदीमा मिसिन्छ। रिउँ र राप्ती मिसिने दोभानदेखि केही दक्षिणमा टाइगर टप्स होटेल रहेको छ। यस खोलाले वर्षा मौसममा प्रायः बाढी ल्याउने हुनाले कहिले काहीं यस क्षेत्रका मानिसहरूको आवत-जावत नै बन्द हुने स्थिति आउँछ। हिउँदको समयमा यसमा जँघार तर्न सकिन्छ।

तालहरू

यस जिल्लाको दक्षिण भागमा राप्ती नदी र रिउँ खोलाको आसपासमा केही तालहरू रहेका छन्। हाल यी तालहरू शाही चितवन राष्ट्रिय निकुञ्जभित्र पर्दछन्। यहाँका केही तालहरूको नाम निम्नप्रकार छन्:—

मुजुरा ताल	मुण्डा ताल
तामी ताल	देवी ताल
तमर ताल	नन्द भाउज्यू ताल
भीमले ताल	

हावापानी

जिल्लाको भौगोलिक विविधताअनुसार चितवनमा विभिन्न किसिमको हावापानी पाइन्छ। माथि नै उल्लेख भइसकेको छ कि यो जिल्ला महाभारत र चुरे पर्वतमालाको पार्वत्य प्रदेश र भित्री मधेशभित्र पर्ने समथर भू-भागले बनेको छ। त्यसैले उक्त उच्च र होचा पहाडी प्रदेशमा धेरै जाडो वा गर्मी नहुने स्वास्थ्यकर हावापानी पाइन्छ भने चितवन उपत्यका अर्थात् समथर भू-भागमा बढी गर्मी हुने गर्दछ। मुलुकको अन्य भागमा जस्तै यहाँ पनि मनसुनी हावाले वर्षा गराउँछ। यहाँ चैत, वैशाख ताका निकै ठूलो आँधीबेहरी चल्ने गर्दछ।

यस जिल्लाको समथर भू-भागमा पर्ने रामपुर र झुवानी दुई स्थानमा मौसम अवलोकन केन्द्रहरू रहेका छन्। ती केन्द्रहरूमध्ये रामपुर केन्द्रको गत केही वर्षको वर्षाको अभिलेख अपूरो रहेको पाइएको र झुवानी केन्द्रमा तापमापक उपकरण जडिएको छैन। त्यसैले यहाँ वायुको तापक्रम सम्बन्धी अभिलेख रामपुर केन्द्रबाट र वर्षा सम्बन्धी अभिलेख झुवानी केन्द्रबाट लिइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामपुर केन्द्र जिल्लाको दक्षिण-पश्चिम भागमा रहेको छ। यो स्थान २७°४०′ उत्तरी अक्षांश र ८४°१९′ पूर्वी देशान्तरमा समुद्रको सतहबाट २२८ मिटर (७४८ फीट) उचाइमा रहेको छ। उक्त केन्द्रको अभिलेखअनुसार सन् १९७० को वायुको तापक्रमको स्थिति निम्नअनुसार छः–

तापक्रमको तालिका (सेन्टिग्रेडमा)

महीना	औसत अधिकतम तापक्रम	औसत न्यूनतम तापक्रम
जनवरी	२२.६	६.६
फेब्रुअरी	२४.८	८.१
मार्च	३१.०	११.८
अप्रिल	३६.६	१७.९
मे	३६.९	२१.७
जून	३२.८	२३.४
जुलाई	३१.९	२४.६
अगष्ट	३३.१	२४.३
सेप्टेम्बर	३१.९	२४.०
अक्टोबर	३०.७	१९.७
नोभेम्बर	२७.१	११.०
डिसेम्बर	२३.६	६.२
वार्षिक औसत	३०.३	१६.६

माथिको तालिकाअनुसार यस ठाउँमा नोभेम्बरदेखि वायुको तापक्रम घट्न थाल्दछ र डिसेम्बर र जनवरीमा निकै कम तापक्रम पुगी बढी जाडो हुने गर्छ। यी दुवै जाडो महीनामा पनि जनवरीमाभन्दा डिसेम्बरमा औसत न्यूनतम तापक्रम बढी तल ओर्लेको देखिएकोले यहाँ बिहान बेलुका डिसेम्बरमा बढी जाडो हुने प्रवृत्ति रहेको देखिन्छ। तर जनवरी र डिसेम्बरको औसत अत्यधिक तापक्रमलाई हेर्दा जनवरीमा कम तापक्रम भएकोले दिनको समयमा जनवरी महीनामा नै अन्य महीनामाभन्दा धेरै जाडो हुने गर्दछ। फेब्रुअरीदेखि तापक्रम केही बढ्न थाल्दछ। सबभन्दा बढी तापक्रम मे र अगष्टमा भएको देखिन्छ। जून, जुलाई, अगष्ट, सेप्टेम्बर र अक्टोबरमा प्रायः वर्षा हुने भएकोले चर्को गर्मी हुँदैन।

यहाँ १९७० मा ११ मे का दिन वायुको तापक्रम ४०.९° सेन्टिग्रेड पुगेकोले सो दिनमा सबैभन्दा बढी गर्मी भएको र जनवरीको १३ तारीख र २८ तारीख मा ३.०° सेन्टिग्रेडमा तापक्रम झरेकोले उक्त दिनहरूमा सबैभन्दा बढी जाडो भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वायुको तापक्रम सम्बन्धी माथिको निष्कर्ष समथर भू-भागमा रहेको जिल्लाको रामपुर जस्तै भू-भागको निम्ति मात्र लागू हुन सक्तछ । तर जिल्लाको पहाडी प्रदेशमा शीतको अनुपात बढी हुने अनुमान गरिन्छ ।

वर्षा

मुलुकका अन्य भागमा झैं यस जिल्लामा पनि मुख्यतः मनसुनी हावाले वर्षा गराउँछ । तर चारैतिर घेरिरहेका पहाडी शृङ्खलाले यहाँको वर्षाको स्थितिलाई निकै प्रभाव पार्ने गर्छ । चितवन उपत्यकामा हुने वर्षाको समय र मात्रा अनियमित र अनिश्चित भएको पाइन्छ । यस जिल्लाको वर्षाको मोटामोटी स्थितिको जानकारीका लागि माथि उल्लेख गरिए झैं झुवानी मौसम अवलोकन केन्द्रको अभिलेखहरू यहाँ प्रस्तुत गरिएका छन् । यो केन्द्र रामपुरबाट उत्तर–पूर्वमा रामपुरभन्दा महाभारत लेक प्रदेशको बढी नजीकमा र जिल्लाको झण्डै मध्यभागमा रहेको छ । यो स्थान समुद्रको सतहबाट करीब २१२ मिटर (६९५ फीट)को उचाइमा स्थित छ । झुवानी केन्द्रका अभिलेखअनुसार सन् १९७० को वर्षाको स्थिति निम्नअनुसार छः–

वर्षाको तालिका (मिलिमिटरमा)

झुवानी मौसम अवलोकन केन्द्र

महीना	वर्षा
जनवरी	१९.०
फेब्रुअरी	०.०
मार्च	१६.८
अप्रिल	३१.६
मे	६९.७
जून	४०६.३
जुलाई	४१३.४
अगष्ट	३५०.५
सेप्टेम्बर	१४१.०
अक्टोबर	६४.०
नोभेम्बर	०.०
डिसेम्बर	०.०
वार्षिक जम्मा:–	१,५१२.३

माथिको तालिकाअनुसार फेब्रुअरी, नोभेम्बर र डिसेम्बर बाहेक अन्य नौ महीनामा केही न केही वर्षा भएको देखिन्छ । यहाँ मार्च, अप्रिल र मे महीनादेखि पानी पर्न शुरू भए तापनि साधारणत जून र जुलाईमा सबैभन्दा बढी वर्षा हुने गर्छ । तत्पश्चात सेप्टेम्बरदेखि पानी पर्न कम हुँदै जान्छ । यसरी जून, जुलाई, अगष्ट र सेप्टेम्बरमा यहाँ बढी वर्षा हुने गर्छ । यहाँ हिउँदमा पश्चिमी हावाले पनि माघे वा पुसे झरी पार्छ ।

उपर्युक्त अभिलेखअनुसार यहाँ सन् १९७० मा जम्मा ८६ दिन वर्षा भएको र अगष्ट १० का दिन वर्षभरीमा सबैभन्दा बढी अर्थात् १०० मिलिमिटर पानी परेको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ सन् १९६८, १९६९ र १९७० मा क्रमशः वार्षिक वर्षा १,६१५.४; १,६५६.३ र १,५१२.३ मिलिमिटर भएको देखिन्छ ।

वर्षा सम्बन्धी उपर्युक्त विश्लेषण पहाडी क्षेत्रका लागि बराबर रूपमा लागू नहुने स्पष्ट छ । तर पनि यस जिल्लाको पहाडी क्षेत्रमा र भित्री मधेश क्षेत्रमा वर्षाको स्थिति ज्यादै विषमतापूर्वक नरहेको अनुमान गरिएको छ । एक अध्ययनकाअनुसार राप्ती उपत्यकामाभन्दा राप्ती नदीका माथिल्ला भागका सहायक खोलाहरूको प्रस्रवण क्षेत्रमा केवल २४० मिलिमिटर बढी वर्षा हुन्छ ।[1] उक्त टिप्पणीकाअनुसार समथर भू-भाग र पहाडी इलाकामा वर्षाको स्थितिमा ज्यादै ठूलो फरक पर्ने गरेको देखिदैन ।

यस जिल्लामा मोटामोटी दुई किसिमको हावापानी पाइन्छ । ती निम्न प्रकार छन्:–

उष्ण मनसुनी हावापानी

जिल्लाको भित्री मधेश भू-खण्डमा साधारणतया उष्ण मनसुनी जलवायुको प्रभाव पर्ने देखिन्छ । यस भू-भागमा गर्मीमा अधिकतम ४०.९° सेन्टिग्रेड देखि लिएर जाडोमा ६.२° सेन्टिग्रेडसम्म वायुको तापक्रम झर्ने गर्छ । त्यसंले यहाँ गर्मी याममा बढी गर्मी र जाडो याममा पनि केही जाडो हुने गर्छ । हिउँदमा चितवन उपत्यकालाई ढाक्ने गरी कुइरो लाग्ने र शीत पर्ने गर्छ । यहाँ वर्षामा प्रशस्त पानी पर्छ । यहाँ वार्षिक सरदर वर्षा लगभग १,७०० मिलिमिटरसम्म हुन्छ ।

समशीतोष्ण हावापानी

जिल्लाको महाभारत पर्वतमालामा पर्ने पहाडी भागमा यो किसिमको हावापानी पाइन्छ । यस क्षेत्रमा गरम मौसममा अधिकतम करीब २६-२७° सेन्टिग्रेड र हिउँदमा ४-५° सेन्टिग्रेडसम्म तापक्रम पुग्छ । यहाँ वार्षिक सरदर वर्षा २,००० मिलिमिटरसम्म हुन्छ । तर महाभारत पर्वतको उत्तरपट्टिको पानी ढलोमा वृष्टि छाँया पर्ने भएकोले कम पानी पर्छ ।

पहाडी भेकमा ज्यादा गरम वा ज्यादा जाडो दुवै नहुने स्वास्थ्यकर जलवायु पाइन्छ ।

प्राकृतिक वनस्पति

चितवन इलाका आफ्ना विशाल र घना वन जङ्गल, त्यसमा पाइने अनेकौं प्रकारका मूल्यवान रूख, वृक्ष, वन्य पैदावार तथा दुर्लभ जनावरहरू समेतका लागि शुरूदेखि नै स्वदेश र विदेशमा समेत सुपरिचित रहेको हो । यही जङ्गलको प्रचुरता र औलोको प्रचण्ड प्रकोपले गर्दा यो क्षेत्र "मृत्यु उपत्यका" जस्तो मानिन्थ्यो र यहाँ पसेपछि मानिसहरू जिउँदै फर्कन्छन् भन्ने आशा गरिदैनथ्यो ।

तर गत दुई दशकदेखि यहाँ निकै ठूलो परिवर्तन आएको छ । पहाडी क्षेत्रमा बढ्दो जनसंख्याको तीव्र चाप र यस क्षेत्रमा समेत औलो उन्मूलन कार्यको प्रभावशाली रूपमा सञ्चालन भएकोले यहाँको बाँझो

1. HMG and ADB— Chitwan Valley Development Project, Sept. 1972, p III—5

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जग्गामा मात्र होइन कि सघन वन समेत फँडानी गरेर ठूलो संख्यामा नयाँ बसोबास गराइयो। सडक निर्माण जस्ता अनेकौं विकास कार्यक्रमहरू सञ्चालन गरिए। यस प्रक्रियामा अपरिहार्य रूपमा यहाँको वन जङ्गलको निकै क्षति हुन गयो र अझ पनि यस जिल्लाको खासगरी पूर्वी–दक्षिणी इलाकामा सघन वन कायम छ। त्यसका अतिरिक्त महाभारत लेकको घाँच र नारायणीका तीरमा समेत कतै बाक्ला र कतै पातला वन जङ्गल रहेका छन्।

जिल्लाको भित्री मधेश क्षेत्रमा नै बढी वन जङ्गल रहेको छ। यहाँ उष्ण सदाबहार मनसुनी वन र वनस्पतिको प्राधान्य रहेको छ। तर जिल्लाको महाभारत लेक खण्डको अर्धउष्ण प्रदेशमा हुर्कने वन वनस्पति पाइन्छ। यहाँको समग्र वन वनस्पतिलाई उष्ण सदाबहार र मिश्रित वन गरी दुई भागमा विभाजन गर्न सकिन्छ।

उष्ण सदाबहार वन

यस जिल्लामा अन्दाजी १,००० मिटर (३,२८० फीट) भन्दा होचो भागमा उष्ण सदाबहार वन रहेको छ। यहाँ नदी किनारमा पाइने वन, समथर भू-भागको वन र भावर प्रदेशको वनहरू पाइन्छ।

नदी किनारका इलाकाहरूमा पाइने वन जङ्गललाई सामान्यतः नदी तटीय वन भन्ने गरेको छ। यसमध्ये हाल बगिरहेको नदीहरूको किनारा वा नदीले बनाएको टापूमा नदीले ल्याएको हिलो र मलिलो माटोमा हुर्केका विशेषतः खयर तथा सिसौका वनलाई नयाँ नदी तटीय वन भनिन्छ। खयर तथा सिसौका काठहरूबाट खयर (कत्था) निकाल्ने र सिसौको काठबाट उत्कृष्ट खालको फर्निचर तथा अन्य उपयोगी वस्तुहरू बनाउन सकिने भएकोले यस्ता वनहरू ठूलो आर्थिक महत्वका छन्। यस जिल्लाको नारायणीका किनारमा रहेको पितौंदी घाटको वन नयाँ नदी तटीय वनमध्ये एक हो। त्यस्तै नदीको बाढीले छुन नसक्ने दुई नदीका बीचको जग्गा (टाँडी) मा पुराना नदी तटीय जङ्गल रहेका हुन्छन्। यस्तो क्षेत्रमा एक समयमा नदी बगेको हुनाले बलौटे माटो हुन्छ। यहाँ खयर सिसौका अतिरिक्त सिमल, करमा, बोट धँयारो, सिरिसका रूखहरू पाइन्छन्। त्यसका अतिरिक्त नयाँ र पुराना दुवै नदी तटीय वनका छेउछाउमा प्रायः डड्डीको घाँसे मैदानहरू पनि हुन्छन्।

जिल्लाको झण्डै मध्य भागबाट शुरू भएर पूर्वी र दक्षिणी भागसम्म चुरे पार्वत्य प्रदेशको घाँचमा विशेषतः साल रूखको घना वन जङ्गल रहेको छ। यहाँका विभिन्न वनहरूमध्ये सबैभन्दा धेरै क्षेत्र र वन्य सम्पदा यही वनमा पाइन्छ। यहाँ बालुवा, कङ्कड र ढुङ्गाहरूले बनेको छिद्रयुक्त जमीन हुने हुनाले सतहमा पानी आउँदैन। वर्षा याममा परेको सबैजसो पानी जमीन मुनि जम्मा भई बसेको हुन्छ। त्यसैले लामो जरा हुने साल जस्ता उपयोगी रूखहरू यस भागमा खूब मौलाउँछन्। यहाँ सालका अतिरिक्त अन्य विभिन्न जातका रूखहरूमध्ये असना टाँटरी, रिटारो, सिमल, सिरिस, कर्म, जामुन, ढुनी र सतिसाल आदि हुन्छन्। यस क्षेत्रमा बेत, बाँस, पीपला, अमला, भलायो, सिमलको भुवा, चाँद मरुवा र सतावरी आदि वन्य पैदावारहरू पाइन्छन्। जिल्लाको आर्थिक महत्वका वनमध्ये भावर प्रदेशको वनको विशेष महत्व छ।

मिश्रित वन

अन्दाजी १,००० मिटर (३,२८० फीट) महाभारत पर्वतको फेदीसम्मको उचाइमा रहेको वनलाई उष्ण मिश्रित वन भन्न सकिन्छ। जिल्लाभित्र पूर्व मनहरी खोलादेखि पश्चिम नारायणी नदीको किनारासम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो वन विभिन्न स्थानमा घाँच पर्दै फैलिदं गएको छ। यसै खण्डमा करीब ६,५२० हेक्टर (१४,००० बिघा) मा फलिएको बरण्डा भारको जङ्गल पनं आउँछ। यहाँ पनि मुख्यतः साल, सिरिस, जामुन, सिमल र कुम्भी आदिका रूखहरू पाइन्छन्।

उष्ण मिश्रित वनदेखि माथिको अर्थात् करीब २,००० मिटर (६,५६० फीट) सम्म उचाइमा रहेको वनलाई अर्ध उष्ण मिश्रित वन भन्न सकिन्छ। यस्तो वन पाइने इलाका पहाडी प्रदेशमा पर्ने भएकाले यहाँ बढी भिरालो परेको जमीन र ढुङ्गे माटो हुन्छ। यहाँ चिलाउने, कटुस र केही मात्रामा साल पाइन्छ। तर भावर प्रदेशको तुलनामा यहाँको साल होचो, बाङ्गो टिङ्गो र कम गोलाइ भएको हुन्छ।

वन क्षेत्र र सम्पदा:– चितवन इलाकाको भू-भागमा करीब १८ वर्ष अघिसम्म करीब $\frac{3}{4}$ भाग (७५ प्रतिशत) वन जङ्गल रहेको थियो।[1] त्यहाँदेखि सन् १९६५ सम्म यस जिल्लामा जङ्गल फँडानी र जग्गा वितरणको कार्य चालू रहेको र नयाँ प्रशासकीय जिल्ला खडा गर्दा तत्कालीन चितवन इलाकाको केही भाग थपघट भएकाले समेत पहिलाभन्दा यहाँ निक्कै कम क्षेत्रमा वन-जङ्गल कायम रहन गएको देखिन्छ।

प्रशासकीय इलाका र वन–इलाका सामान्यत नमिल्ने भएको र तत्सम्बन्धी विश्वासयोग्य तथ्याङ्कको ज्यादै कमी रहेकोले यस जिल्लामा वन जङ्गलले ढाकेको क्षेत्रको परिमाण तोक्न सजिलो छैन तापनि नेपालको भू–उपयोग सम्बन्धी एक ताजा तथ्याङ्क[2] अनुसार यस जिल्लाको उपत्यका तथा चुरे पर्वत इलाकाका वन जङ्गलको स्थिति निम्नअनुसार रहेको छः–

भू–उपयोगको तालिका

(हेक्टरमा)

वन	१,१२,६७५.३
आवाद जमीन	४८,५४३.८
मिश्रित उपयोगमा रहेका जमीन	४,७८८.०
घाँसे मैदान	३,१६८.८
नदी नाला र पानीले ढाकेको जमीन	१२,५२५.०
बसोबास र सडकले ढाकेको जमीन	१,१०८.५
जम्माः–	१,८२,८०९.४

माथिको तालिकामा देखाइए अनुसार उपयुक्त विभिन्न शीर्षक अन्तर्गत आएको कुल करीब जमीन १,८२,८०९.४ हेक्टर रहेको र त्यसमध्ये वन जङ्गलले ढाकेको क्षेत्र १,१२,६७५.२५ (६२ प्रतिशत) देखिन्छ। यसबाट जिल्लामा हाल कायम रहेको वन–जङ्गलको परिमाणको मोटामोटी अनुमान मात्र गर्न सकिन्छ।

चितवनको वनबाट काठ समेत कटानी गर्ने कार्यका निम्ति सन् १९६० मा टिम्बर कर्पोरेशन अफ नेपाल अन्तर्गत एक कारखाना स्थापना भएको छ। यस कर्पोरेशनका जम्मा चार कम्पार्टमेन्टमध्ये तीन र चार नम्बरको कम्पार्टमेन्टको जङ्गल यसै जिल्लाभित्र पर्दछन्। उक्त दुवै कम्पार्टमेन्टमा यस जिल्लाको ६०,६८१ हेक्टर वन क्षेत्र पर्दछ।[3] हाल यहाँ रूखकटानी गर्न मनाही गरिएको छ।

1. Tuladhar, B. R.—Notes on Rapti Valley Development, 1972, p. 2
2. Geography Instruction committee, T. U.—A Note on Land Use Map of Nepal, 1974, p. 19
3. HMG, Dept. of Forest- Forest Resources Survey Office, Management Plan for Ten Forests, July 1969-74, p. 7

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाको वन संरक्षणको कार्यका निम्ति वीरगञ्ज वन प्रधान कार्यालय अन्तर्गत जिल्लाको सदर-मुकाम र मनहरीमा दुई वन कार्यालयहरू रहेकाछन्। यी कार्यालय अन्तर्गत पर्ने वनको प्राकृतिक सीमाना निम्नअनुसार छन्:–

(क) नारायणी वन कार्यालय, भरतपुरः– पूर्व खगेरी खोला, पश्चिम नारायणी नदी, उत्तर जुगेडी खोला र दक्षिण राप्ती दोभान।

(ख) मनहरी वन कार्यालयः– पूर्व मनहरी खोला, पश्चिम खगेरी खोला, उत्तर महाभारत लेक र दक्षिण चुरे पानी ढलो।

यी दुवै कार्यालय अन्तर्गतका वन जिल्लाको उत्तरी र मध्य भागमा पर्दछन्। बाँकी राप्ती नदीको बाँया किनारा अर्थात् दक्षिणमा पर्ने माडी, ठोरीको वन जङ्गल संरक्षण कार्य सोझै वीरगञ्ज वन प्रधान कार्यलय-द्वारा गरिन्छ।

पशुपक्षी

वन जङ्गलको घनापनमा नै वन्यजन्तु अनुकूल वातावरण कायम हुन सक्छ। मुलुकका विभिन्न भू-भागमा रहेका वन जङ्गलहरूमध्ये जङ्गली जीवजन्तुको विविधता र प्राचुर्यताको दृष्टिले चितवनको वन जङ्गल-को विशेष स्थान रहेको छ। यहाँको वनमा गैंडा र बाघ जस्ता दुर्लभ र मूल्यवान जनावरका अतिरिक्त चितुवा थार, घोरल, चित्तल, भालू, अर्ना, बँदेल, जरायो र विभिन्न प्रकारका मृगहरू र कतै कतै केही मात्रामा वन हात्ती पनि पाइन्छन्। यहाँ पाइने चराहरूमा कालिज, लुइँचे, तित्रा, मयूर, सुगा, मैना र कोइली उल्लेखनीय छन्। यस जङ्गलमा केही संख्यामा अजिंगर र यहाँका नदीहरूमा गोही र सोंज आदि पाइन्छन।

गैंडा

वि.सं. २००७ सम्म यहाँको जङ्गलमा ८०० (अनुमानित) गैंडाहरू थिए। २०२९ मा यिनीहरूको संख्या १३४ देखि २०० सम्म भएको आधिकारिक अनुमान गरिएको थियो। हाल एक विशेषज्ञका अनुसार यहाँ करीब २०० गैंडाहरू रहेकाछन्।[1] यिनीहरू खासगरी जिल्लाको दक्षिणी भेकको जय मङ्गला, कठार खोरिया मोहन, सुरङ बन्दर खोला आदि वन क्षेत्रहरूमा अधिक संख्यामा पाइन्छन्।

चितवनको जङ्गलमा पाइने गैंडाको नाकनिर एउटा मात्र सीङ उम्रेको हुन्छ। गैंडाको एक विशेष प्रकारको रौंहरू जमेर नाकनिर उम्रने भएकोले त्यसलाई सीङ भनिएको हो। गैंडाको सीङको गैर काननी बजारमा ज्यादै चर्को मूल्य पाइने भएकोले केही वर्ष अघिसम्म चितवनको गैंडा धेरै संख्यामा चोर शिकारीहरू-द्वारा मारिने गर्थे। यसको मुख्य बजार हङकङ, सिङ्गापुर र बैङ्ककमा भएको बताइन्छ। अत्यधिक बढी मूल्यको लोभले गर्दा गैंडा मारे मराए बापत कडा कानूनी सजाय हुने व्यवस्था भए तापनि केही वर्ष अघिसम्म अपराधी-

1 Maskey, Tirtha, M.— Royal Chitwan National and Conservation, article published in The Rising Nepal, at Oct. 30, 1974

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूलाई प्रभावशाली किसिमले नियन्त्रण गर्न सकिएको थिएन।

एशियाको विभिन्न भागमा गैंडाको सोङलाई लिएर विभिन्न भ्रामक धारणा रहेको पाइन्छ । हिन्दू परम्परा अनुसार गैंडाको खुर वा खागको खगं तोले तर्पण दिएमा वा पितृलाई मासु चढाएमा पुण्य मिल्छ । आयुर्वेद शास्त्र अनुसार गैंडाको सोङको औषधिले शक्ति दिन्छ र वायुकफ आदि नाश गर्दछ । त्यसका अतिरिक्त दक्षिण एशियाका केही देशहरूमा गैंडाको सोङ रति क्रियाका लागि अन्त्यन्त शक्तिशाली र उत्तेजक वस्तु हो भन्ने मानिन्छ । तर स्वीटजरल्याण्डको वेसल भन्ने स्थानमा एक प्रयोगशालामा प्रयोग गरी हेर्दा गैंडाको सोङमा त्यस्तो कुनै शक्ति वा उत्तेजना गराउने रासायनिक तत्व केही पनि नभएको कुरा पत्ता लागेको छ।

बाघ

चितवनको जङ्गलको अर्को उल्लेखनीय जनावर बाघ हो। यहां प्रशस्त मात्रामा बाघ पाइने गर्थ्यो। तर यस जनावरको प्रजनन् प्रक्रिया विपरीत यहांको जङ्गली वातावरण परिवर्तित हुनु र यसका लागि यथेष्ट खाने प्राणीको अभाव हुनु तथा शिकारी तथा चोरी शिकारीद्वारा जथाभावी शिकार खेलन् आदि कारणले बाघको संख्यामा ठूलो कमी हुन गयो। हाल यहां २० देखि २५ संख्यामा बाघ पाइन्छ। जिल्लाको दक्षिणी भाग जर्नेलो मोहत्रा खोजा, भीमले बोटे, सिमरा (माडी) आदि वन क्षेत्रमा बाघ पाइन्छ ।

जङ्गली जनावर र चरा चुरुङ्गीको प्राचुर्यताले गर्दा यस जङ्गलमा देश विदेशका विशिष्ट व्यक्ति हरूले शिकार खेली मनोरञ्जन गरेको लामो गाथा छ । विदेशी विशिष्ट आगन्तुकहरूमा इङ्गल्याण्डका राजा पञ्चम जर्ज (१९८१-९२ ई.मा), एडवर्ड एट्यस प्रिन्स अफ वेलस (१९२२-२३ ई.मा), लर्ड लियगो (१९३७-३८ ई.मा) आदि र अन्य कतिपय महानुभावहरू आएर यहां शिकार खेलेका थिए । राणाकालीन समयमा रू. १०,०००। कर बुझाएमा विदेशीहरूलाई गैंडाको शिकार खेल्न इजाजत दिइन्थ्यो । सर्व साधारण नेपालीले गैंडा बाहेक नियमानुसार इजाजत लिएर अन्य पशुपक्षीको शिकार गर्न सक्तथे । तर हाल चितवन जिल्लामा कुनै किसिमको शिकार खेल्न मनाही गरिएको छ ।

चितवन उपत्यकामा नयाँ बसोबास कार्यक्रम थालिए पछि विशेषत वन्य पशुपक्षीलाई प्रत्यक्ष वा अप्रत्यक्ष किसिमले निबर्क धक्का पुग्ने स्थिति पैदा भयो । त्यसबाट विशेषत गैंडाको बढी क्षति भएको थियो। त्यसैले २०१६ मा टिकौलीमा वन विभाग अन्तर्गत वाइल्ड लाइफ डिभिजन कार्यालय राखियो। यस डिभिजन अन्तर्गत जङ्गलको नाका नाकामा, गैंडा गश्तीका नामले सशस्त्र चौकीहरू रहेकाछन्। चोर शिकारीहरूको गतिविधि माथि हाल निबर्क प्रभावशाली नियन्त्रण भएको छ।

वि. सं. २०३१ भदौ महीनासम्म पाँचवटा गैंडाको प्राकृतिक मृत्यु भए बाहेक अन्य कारणले हानी नोक्सानी भएको छैन।[१] प्रशासनिक दृष्टिले यस्ता दुर्लभ जनावरको संरक्षण गर्नाको साथै तिनीहरूको सम्बन्धमा वैज्ञानिक अध्ययन र तदनुसार उचित व्यवस्था हुनु अपरिहार्य भएको छ। हाल केही वर्ष यता संसारका वन जङ्गलहरूबाट लोपहुँदै जान थालेका गैंडा र बाघ जस्ता दुर्लभ जनावरहरूको संरक्षण गर्ने कुरामा राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा समेत व्यापक चर्चा र खोजी-नीति भएको पाइन्छ। यस दृष्टिले नेपालका चार राष्ट्रिय निकुञ्जहरूमध्ये सबैभन्दा पहिले स्थापित शाही चितवन राष्ट्रिय निकुञ्जको विशेष महत्व छ।

---

१ तीर्थ मास्केको माथि उल्लिखित लेखबाट उद्धृत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शाही चितवन राष्ट्रिय निकुञ्ज

यस जिल्लामा २०२६ मंसीर १४ गते यो निकुञ्जको स्थापना गरिएको हो। यो निकुञ्ज उत्तर राप्ती, दक्षिण रिऊ खोला, पूर्व अयुवा र पँरे खोला, पश्चिम नारायणी भित्रको २१० वर्ग माइल क्षेत्रफलमा फैलिएको छ। माथि उल्लिखित सबैजसो जनावर र विशेषतः गैंडा र बाघ यही निकुञ्ज क्षेत्रमा पाइन्छन्।

यस निकुञ्जको दक्षिणी भागमाभन्दा उत्तरी भागमा बढी वन्य जन्तुहरू रहेका छन्। केही गैंडाहरू निकुञ्जको उत्तर पश्चिममा रहेको, वण्डर भोजिया क्षेत्रमा पनि पाइन्छन्। यही निकुञ्ज भित्र पर्ने नारायणीको तीर र यहाँका केही तालहरूमा यहाँ मगर र गरियल दुई थरीका गोहीहरू र गोलाघाटमा गैंडाहरू पाइन्छन्। यस निकुञ्जमा पाइने वन्य पशुहरूको विविधता र वैभवतालाई राम्ररी हेर्नलाई फागुन र चैत महीना सबैभन्दा उपयुक्त हुन्छ।

वन्य पशुपक्षी र तिनीहरूका लागि उपयुक्त हुने प्राकृतिक वातावरणको संरक्षण गर्ने कार्यमा संलग्न यस निकुञ्जको कार्यालय केशरादरबार चितवनमा छ। यस कार्यालयमा वार्डेन, गार्ड कमाण्डर, सुवेदार, हवल्दार र सिपाहीहरू रहेका छन्।

हाल बाघ, गैंडा र अन्य जनावरको संरक्षण गर्ने कार्यमा सुदृढीकरण त्या उनुका साथै तिनीहरूका सम्बन्धमा अनेकों अनुसन्धान कार्यहरू सञ्चालित रहेका छन्। न्यूयोर्क जियोलोजिकल सोसाइटीको तत्परतामा गैंडाको र श्री ५ को सरकार तथा वर्ल्ड वाइल्ड लाइफ फण्डको एक विशेष कार्यक्रम अन्तर्गत बाघको परिस्थिति र चाल, ढाल, स्वभाव, खाना र प्रजनन् क्रिया आदि पक्षमा अध्ययन भइरहेको छ।

उपर्युक्त सबै गतिविधिबाट अब वन र वन्य जन्तुको संरक्षणको दिशामा क्रमशः प्रभावशाली कदम र परिणामहरू निक्लने आशा गर्न सकिन्छ।

खनिज पदार्थ

यस जिल्लामा अहिलेसम्म कुनै उल्लेखनीय खनिज पदार्थ (खानी) झिक्ने परिमाणमा पाइएको छैन। महाभारत लेकको केही स्थानहरूमा विभिन्न मूल्यवान धातुहरूको खानी भएको अन्दाज गरिएको छ। त्यसमध्ये कन्द्राङ गढीमा फलाम र जुगेडीमा तामा खानी भएको अनुमान गरिएको छ।[१] साथै लोथर खोला देखि उतर-पश्चिम त्रिशूली नदीसम्मको क्षेत्रमा चून ढुङ्गा क्वार्टाज, फाइलाइटसको नमूनाहरू पाइएका छन्। त्यस इलाकामा गरिएको एक भौगर्भिक सर्वेक्षण अनुसार लोथर खोला निर हेमाटाइटको राम्रो नमूना फेला परेको। छ हेमाटाइट फेला पर्नु फलाम खानीको स्रोतको राम्रो सङ्केत हो भनिन्छ। त्यसका अतिरिक्त जिल्लाको पहाडी क्षेत्रमा स्लेट (ढुङ्गा) खानीमा परम्परागत रूपमा काम हुनेगरेको छ।

---

१. नेत्रबहादुर थापा–नेपालको भूगोल, २०२६, पृ‍ष्ठ४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

प्राचीनकालमा चितवन जिल्लाको केही खास क्षेत्रहरू धार्मिक र पौराणिक दृष्टिले महत्वपूर्ण रहेको पाइएको छ। यस जिल्लाको पश्चिमतिर काली र त्रिशूली गङ्गाको सङ्गम स्थलमा देवघाट र त्यहाँ रहेका मन्दिरहरू र मूर्तिहरूले पौराणिकताको झलक दिन्छन्। यहाँ स्थापित गरिएका विभिन्न मूर्तिहरू लगायत चतुर्बाहू नारायणको मूर्ति ईशाको तेस्रो वा चौथो शताब्दी तिरको हो भन्ने निष्कर्षमा विशेषज्ञहरू[1] पुगेकाछन्। पाण्डव नगरमा राम,लक्ष्मण, सीता र पञ्च पाण्डवका प्राचीन मूर्तिहरू पाइएका छन्। त्यसका नजीक परशुराम कुण्ड रहेको छ जहाँ आएर महाभारत युद्ध समाप्त भएपछि पाण्डवहरूले आपनो हतियार सेलाएका थिए भन्ने जनश्रुती छ। त्यसका अतिरिक्त जिल्लाको पश्चिमी-दक्षिणी भागमा वाल्मीकि आश्रम र अन्य धार्मिक महत्वका मूर्तिहरू रहेका छन्।

यी सब कुराहरूको पौराणिक र धार्मिक महत्वलाई स्मरण गरेर पनि ऐतिहासिक महत्वका दृष्टिले यस जिल्लासित सम्बन्धित विषय वस्तुहरूको ज्यादै कमी रहेको तथ्यलाई भुल्न सकिदैन। हुनत राहुल सांकृत्यायनले राप्ती उपत्यका नामक पुस्तकमा आफ्नो सम्मति लेख्दै भनेका छन्- "पटना (पाटली पुत्र) बाट नेपाल उपत्यकालाई जोड्ने व्यापार मार्ग भिखना ठोरी र चितवन उपत्यका भएर जाने गर्दथ्यो। धेरै सम्भव छ यहाँ (चितवनमा) प्रारम्भिक इतिहासका धेरै सामग्री प्राप्त होउन्।" तर यस क्षेत्रमा अध्ययन र खोजी हुन बाँकी नै छ।

कुनै पनि क्षेत्रको इतिहासको प्रवाहलाई अन्य विभिन्न कारण लगायत विशेषतः भौगोलिक अवस्थितिले निर्धारण गरेको हुन्छ। खास गरी मध्यकालदेखि राप्ती उपत्यकामा घना वन जङ्गल र हिंस्रक पशुको बाहुल्य र प्राणघातक औलोको प्रकोप रहेको थियो। अर्को कुरा यो क्षेत्र उत्तरमा महाभारत लेक, दक्षिणमा चुरेको र त्यसको सोमेश्वर पर्वतले घेरेको भित्री मधेशमा पर्ने भएकोले प्रायः जन आबादीको दृष्टिले उपयुक्त रहेको थिएन। त्यसैले त्यसताकको चितवनको इतिहास वर्तमान चितवन जिल्लाको प्रशासकीय सीमानाभित्र पर्ने उल्लेखनीय पहाडी प्रदेशको इतिहास मात्र पर्ने हुन्छ। यस दृष्टिबाट चितवनको इतिहासमा सेन वंशी राजाहरूको चर्चा सबभन्दा पहिले गर्नु पर्ने हुन्छ।

---

१. जनकलाल शर्मा र कृष्णबम मल्लको माथि उल्लिखित किताब, पृष्ठ १६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेन वंशी राजाहरूमा मुकुन्द सेन प्रथम[१] (ई. सं. १५७५–१६१०) ले पृथ्वीनारायण शाहभन्दा अघि वर्तमान नेपालको निकै ठूलो भू–भागलाई एकीकृत गरेका थिए। तर यिनले आफ्नो विशाल राज्यलाई टुक्रयाएर आफ्ना भाइ छोरा र शुभ चिन्तकहरूलाई भाग बण्डासी लगाइदिएका थिए। तदनुसार उनका तेस्रा छोरा विहङ सेन अथवा भृङ्गी सेनको भागमा तनहूँ र त्यसको तराई प्रदेश परेको थियो।[२] तनहूँको सोझै दक्षिणमा रहेको समतल भू–भाग आजको नवलपुरमा पर्न आउँछ तापनि जस्तो कि पछिको ऐतिहासिक विकासको विवरणले देखाउनेछ। नवलपुरसँग जोडिएको चितवन समेत पनि तनहूँको तराई प्रदेशमा पर्न गएको अनुमान गरिन्छ।

भृङ्गी सेनका सातौं पुस्ता पछि राजा भएका त्रिविक्रम सेनको जीवनकालमा काठमाडौं पृथ्वीनारायण शाहले दखल गरिसकेका थिए। यिनको मृत्युपछि यिनका छोरा कामारिदत्त सेन तनहूँका राजा भए। यसै समयमा पृथ्वीनारायण शाहले तनहूँ हात पार्न एक फौज त्यसतर्फ पठाए। त्यस फौजले छाङ मन पाङ र वुङ चुङका क्षेत्रहरूलाई कब्जा गरी तनहूँ को राजधानी सुरलाई समेत घेरामा पाऱ्यो। कामारिदत्त सेन दिलका कमजोर हुनाले एकातिर गोरखालीका आक्रमणदेखि डराइरहेका थिए; अर्कातिर भाइहरू बिभिन्डिएर जाँदा असहाय भइरहेको हुनाले हतास भई यिनले (ई. सं. १६७० का नोभेम्बर तिर) आत्महत्या गरे।[३] कामारिदत्त सेन पछि उनका भाइ हरकुमारदत्त सेनले तनहूँको राजसत्ता आफ्नो हातमा लिए। तर समय भेड्को सकेको थियो। त्यसैले उनले तनहूँमा गोरखाली फौज राखी शर्त सहित पृथ्वीनारायण शाहसँग सम्झौता गर्नु पर्ने खण्ड आयो। त्यहाँदेखि तनहूँ गोरखालीको इशारामा नाच्नु पर्ने भयो।

त्यस पछि पश्चिम हान्न गएको पृथ्वीनारायण शाहको फौजको ठूलो मूठभेट चौबीसे राज्यको शक्तिशाली फौजसँग सतहूँमा पर्न गयो।

तर यस लडाईंमा गोरखाली फौजको ठूलो क्षती हुनुका साथै नराम्रो हार पनि भयो। यस हार पछि पृथ्वीनारायण शाहले चौबीसी राज्य विजय गर्ने आशा मारी सन्तोष गर्नु पऱ्यो।[४] उनी ५।१० वर्ष अझ बाँचेको भए निश्चय पनि स्थितिमा ठूलो परिवर्तन आउँथ्यो। तर ई. सन् १७७५ को जनवरीमा नेपाल राष्ट्रका जन्मदाता पृथ्वीनारायण शाहको स्वर्गारोहण भएकोले पश्चिममा मर्स्याङ्दी उता नेपालको सीमा बढ्न सकेको थिएन।

तर एक नयाँ र उदियमान राष्ट्रको आविर्भाव भइसकेको थियो। यसबाट एकातिर बाईसे चौबीसेहरू भयभित थिए भने अर्कातिर अंग्रेजहरूको मुटुमा पनि ढ्यांग्रो ठोकिएको थियो। त्यसैले त्यसताक अंग्रेजहरूले बाईसी र विशेषतः चौबीसे राज्यहरूलाई धाप दिने नीति अपनाइरहेका थिए। यति हुँदा हुँदै पनि गोरखालीको मुख निरै परेको तनहूँले आफ्नो स्वतन्त्र अस्तित्व कायम राखिराख्ने आँट गरेन। परिणामस्वरूप तनहूँका अन्तिम राजा हरकुमारदत्त सेनले तनहूँ राज्यको तराई प्रदेश इष्ट इण्डिया कम्पनीलाई सुम्पिसकेका थिए। र उनी

१. यिनको मृत्यु देवघाटनमा भएको बताइन्छ। यिनले सो स्थानमा स्थापना गरेको शिवको मूर्तिलाई मुकुण्डेश्वर भनेर पूजा गरिन्छ।

२. बालचन्द्र शर्मा–नेपालको ऐतिहासिक रूपरेखा, पृष्ठ २०२

३. बाबुराम आचार्य- श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ३, पृष्ठ ५६५

४. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ २०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कम्पनीको एक साधारण जागीरदार बाहेक केही थिएनन् ।[१]

यता, पृथ्वी नारायण शाहको स्वर्गारोहण पछि उनका जेठा छोरा सिंह प्रताप शाह राजा भए । नेपाल एकीकरण गर्ने आफ्ना पूज्य बुबाको सपनालाई साकार गर्ने कुरामा आफ्नो छोटो शासनकालमा पनि यिनी निकै सक्रियताका साथ लाग्न थाले । यिनले पूर्वतिर राज्य विस्तार गर्ने विचार गरेका थिए । तर तनहूँको स्थितिमा ठूलो परिवर्तन आइसकेको थियो । हर कुमारदत्त सेन र इष्ट इण्डिया कम्पनीको समझदारी अनुसार तनहूँ र त्यस अन्तर्गतको तराई प्रदेश अंग्रेजहरूको मातहतमा जाने भएको थियो । त्यसैले सिंह प्रताप शाहले पूर्वतिरको सट्टा पश्चिमतिर हान्ने शुरु लिए र अभिमान सिंह बस्नेतलाई सो कार्यको जिम्मा दिए । फलस्वरूप अभिमान सिंह बस्नेतको फौजले ई. सन् १७७७ को साउन महीनामा उपरदाङ गढी र चितवन नेपाल राज्यमा सम्मिलित गराए ।[२]

तर कर्कप्याट्रिकका अनुसार चितवन उपत्यकाको केही प्रदेशमा ई. सन् १८११ सम्म अंग्रेजहरूको बलमा हरकुमारदत्त सेनले दावा गरिरहेको देखिन्छ । उनकाअनुसार तनहूँका राजा हरकुमारदत्त अझै पनि आफ्नो पुर्ख्यौली जायदादको केही भागमा अधिकार राख्दछन् र चम्पारनमा कम्पनीको जागीरदारको रूपमा पनि रहेका छन् ।[3] उनले अर्को एक स्थानमा भनेका छन् –"अग्लो भाग र तनहूँको किल्ला गोरखालीहरूको हातमा रहेको छ । तर तराई प्रदेश प्राचीन वा भूतपूर्व अधिकार सम्पन्न राजा हरकुमार सेनकै अधिकारमा छ ।" [4]

तत्कालिक नेपाल इष्ट इण्डिया कम्पनीको तनावपूर्ण सम्बन्ध र कर्कप्याट्रिकको कम्पनीप्रतिको स्वाभाविक भक्ति भावनालाई ध्यानमा राख्दा उनका सबै भनाइलाई उत्तिकै वजनदार मान्न सकिँदैन तापनि केही खास राजनीतिक, भौगोलिक र आर्थिक कारणहरू रहेको हुन सक्छ जसले गर्दा नेपालमा यस क्षेत्रको सम्पूर्ण भू-भागको सैद्धान्तिक एकीकरण भएको भए तापनि व्यवहारमा केही भू-भाग वास्तविक नियन्त्रणमा नआएको होस् ।

प्रथमतः मधेश वा तराईका प्रदेशको विशेषत अौलि त हावापानीले गर्दा काठमाडौं वा पहाडी प्रदेशका मानिसहरू त्यहाँ बसोबास गर्न हच्कन्थे । दोस्रो, त्यस समय नेपालमा एकीकरणको प्रक्रिया चलिरहेकै थियो । त्यसैले नेपालीहरू पहाडी क्षेत्रमा नै दुश्मनलाई हराउन सक्ने बढी आत्म विश्वास राख्दथे । त्यहि हिसाबले उपरदाङमा एक विशाल गढी खडा गरिएको थियो । तेस्रो, चितवनको सम्पूर्ण तराई प्रदेशको लागि तुरुन्त युद्धमा हामफाल्नुको अर्थ अँग्रेजहरूसँग तुरुन्तै लडाइँ मोल्नु हुन्थ्यो । जसका लागि सम्भवतः नेपालीहरू आफ्नै किसिमले तयारी गरिरहेका थिए । त्यसैले सम्भव छ चम्पारनबाट नजीकमा पर्ने चितवनका केही भागहरूमा हर कुमारदत्तसेनको अधिकार भएको होस् । जे भए पनि, यस्ता सानातिना खिचोलाका कुरा समेत आखिर ईश्वी सन् १८१४–१६ को अंग्रेज-नेपाल युद्धको

---

१. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ २०५

२. ऐजन, पृष्ठ २०५

3. Kirkpatrick, W. J.- An Account of the Kingdom of Nepaul, 181', p. 41

4. Ibid, p. 41

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुगौली सन्धि पछि मेटिएर गए। त्यसैले ईश्वी सन् १८१९ मा प्रकाशित (प्रथम आवृत्ति) ह्यामिल्टनको किताबमा चितवन समेतको बाटो घाटोको दूरीको उल्लेख गर्दै लेखिएको छ –"गण्डक नदीको छेउको कम्पनीको भू-भागमा शिवपुरघाटदेखि नेपालको वेलोञ्जीघाटसम्म साढे दुई कोस छ। लेडाघाटबाट देवघाटसम्म दुई दिनमा पुगिन्छ। त्यस बीचमा चितवनको आवाद भू-भाग दाहिनेतिर र नवलपुर जहाँ सुब्बाको मुकाम छ बाँया पर्छ।"[1] यसबाट त्यसताका चितवनको भू-भागको मोटामोटी परिमाण देखिनुका साथै अर्को एक तथ्यको पनि सङ्केत मिल्दछ। त्यो हो त्यसताक चितवन र नवलपुर एउटै प्रशासनिक एकाईमा पर्न गएका थिए र त्यस्तो प्रशासनिक एकाई अर्थात् इलाकामा राखिने एक सुब्बाद्वारा प्रशासित भएका थिए।

त्यसताक सम्पूर्ण भित्री मधेश र तराईमा ज्याद पातलो बस्ती रहेको थियो। त्यसमाथि चितवनमा त ज्यादै कम बसोबास रहेको थियो तापनि शुरूमा नारायणी नदीको किनार र त्यसको आसपासमा नै बसोबास भएको देखिन्छ। विशेषतः नारायणी नदीको जलप्रवाहलाई काठ ढुवानी गर्न उपयोग गरिने भएकोले किनाराको वन जङ्गल नै शुरूमा कटानी गरिएको कुरा माथि उल्लिखित ह्यामिल्टनको उद्धरणले प्रष्ट गर्छ।

ईश्वी सन् १८११ ताक नै चितवनको बेलौदबाट रूख कटानी गरी कलकत्तामा लगी बेच्ने र काशीमा एक मन्दिर बनाउने बारे गीर्वाणयुद्ध विक्रम शाहबाट जारी गरिएको सनदमा उल्लेख गरेको पाइएको छ।[2] तर चितवनमा पछिसम्म घना वन जङ्गल कायम रहेको तथ्यले यहाँ व्यापक रूपमा जङ्गल कटानी गर्ने कार्य नभएको देखिन्छ। त्यति मात्र नभएर राणा शासनका समयमा यहाँ आवाद गर्न सामान्य नियन्त्रण गरिएको थियो। केही विद्वान्हरूका अनुसार यो क्षेत्रमा घना वन जङ्गल कायम राखिएमा यो क्षेत्रलाई उपयोग गरेर कुनै विदेशी दुश्मन अघि बढ्न नसकोस् भन्ने दृष्टिकोण तत्कालीन शासकहरूमा रहेको थियो। विदेशी दुश्मन-हरूका निम्ति यहाँको औल, घना वन जङ्गल र हिंस्रक प्राणीले के कति अवरोध पुऱ्याए सो एकीन गर्न कठिन भए पनि स्वदेशी प्रजाहरूका निमित्त भने यो स्थान मृत्यु उपत्यका वा कालापानीको रूपमा रहेको थियो। यहाँ प्रवेश गरेपछि सामान्य मानिस जीवित रहेर फर्केर आउँछ भन्ने कुरामा हतपत्ती मानिसहरू विश्वास गर्दैनथे। राणा शासनको अन्तिमकालतिर मात्र यहाँ केही आवादी गर्ने विचार गरिएको थियो।

यी सबै कुरालाई विचार गर्दा आजको चितवन जिल्लाको इतिहासलाई नै घना वन जङ्गलले ढाकेको प्रतीत हुन्छ। त्यसैले आजको गुल्जारपूर्ण चितवन विगतमा होइन वर्तमानमा जीवित र गौरवपूर्ण रहेको छ भन्नु अत्युक्ति हुनेछैन।

---

1. Hamilton, F. B. - An Account of the Kingdom of Nepal, 1819, p. 183
2. Regmi M. C. - A study in Nepali Economic History, Manjusri Publishing House, New Delhi, 1971, Appendix F

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

भरतपुर

हेटौंडादेखि (मोटर सडकबाट) करीब ८३ किलोमिटर (५२ माइल) पश्चिममा रहेको भरतपुर चितवन जिल्लाको सदरमुकाम र एक महत्वपूर्ण बजार हो। यो स्थान महाभारत लेकको फेंदी र नारायणीको नजीकै नारायणगढ बजारभन्दा केही उच्च भू–भागमा रहेको छ।

यो स्थान समुद्रको सतहबाट करीब २५० मिटर (८२० फीट) को उचाइमा स्थित छ। यहाँ गर्मी याममा बढी गरम हुने र हिउँदमा शीत पर्ने र कुइरो लाग्ने गर्छ। सामान्यत यहाँको हावा पानी न्यानो र धमाइलो छ।

चितवन उपत्यकामा विकास कार्यक्रमको थालनी भए पछि नै भरतपुर बजारको स्थापना र विकास हुन थालेको हो। त्यसभन्दा अघि यो स्थानमा अग्ला र बाक्ला ढड्डी र काँशको सि मैदान तथा कतै कतै सालका रूखहरू रहेका थिए। शुरूमा छाप्रा झोपडीहरूको अधिक संख्या रहे तापनि हाल यहाँ सरकारी तथा निजी आधुनिक भवनहरू निकै संख्यामा देखिन्छन्। नयाँ बसेको बजार भएको र समथर जग्गा प्रशस्त उपलब्ध भएकोले यहाँको बजारका घरहरू खचिखचाउ रूपमा पंक्तिबद्ध भएको देखिदैन। यहाँ करीब ४०–५० आधुनिक भवनहरू र सयकडौं अन्य फुसका छाना भएका घरहरू छन्। धेरैजसो जिल्ला स्तरीय सरकारी र अन्य कार्यालयहरू यहीं रहेका छन्। त्यसका अतिरिक्त यहाँ एक माध्यमिक विद्यालय, मानविकी तथा समाज शास्त्र अध्ययन संस्थान अन्तर्गत एक क्याम्पस (सर्टिफिकेट स्तर) र अस्पताल तथा अन्य सामाजिक सुविधा पुर्‍याउने संस्थाहरू छन्। यहाँ केही वर्ष अघिदेखि डिजेल संयन्त्रद्वारा उत्पादित विद्युत् वितरण गर्ने व्यवस्था भएको छ। आर्थिक वर्ष २०३१।०३२ मा नारायणी नदीको पानीलाई प्रशोधन गरी नारायणगढ–भरतपुर बजारलाई खानेपानी उपलब्ध गर्ने एक ठूलो योजना सञ्चालित भएको छ।

भरतपुर बजारको नजीकै पश्चिममा जिल्लाको एक मुख्य व्यापारिक केन्द्र नारायणगढ बजार रहेकोले यहाँको सबैजसो आवश्यकता त्यही बजारबाट खरीद गरी पूर्ति गर्ने गरिन्छ। यहाँ एकाध ठूला पसलहरू बाहेक धेरै जसो खुद्रा व्यापार गर्ने व्यापारीहरू छन्। तर यहाँ एक काठ मिल र जिल्लाका केही ठूला व्यापारीहरूको कार्यालय रहेका छन्।

यातायातको दृष्टिले यो बजार शुरूदेखि नै सुगम रहेको छ। नारायणगढ–हेटौंडा सडकले यस स्थानलाई राजधानी र वीरगञ्जसँग जोडिदिएको छ। यहाँ विभिन्न बस सेवा सञ्चालित छन्। ट्रक र गाडाहरू पनि निकै संख्यामा आवत–जावत गर्दछन्। त्यसका अतिरिक्त भरतपुरबाट रामपुर र वसन्तपुर हुँदै पश्चिमतिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक कच्ची बाटो गएको छ। यस मार्गमा हिउँदमा मोटर र गाडाहरू चल्छन् र यसले यो बजारलाई ठोरी र भारतको नरकटिया गञ्जको बजारसँग सम्बन्ध राख्न सम्भव गराउँछ। यस बजारको छेउमा रहेको भरतपुर विमानघाटले यहाँ हवाई यातायातको सुविधा समेत उपलब्ध भएको छ।

भरतपुर बजारको नजीकै उत्तरमा बसेनी नामक स्थानमा गणेशको प्राचीन मूर्ति र एक सुन्दर मन्दिर रहेको छ। यसको नजीकै नारायणीको किनारामा 'दियालो' नामक शाही भवन छ, जहाँ श्री ५ महेन्द्र वीर-विक्रम शाहको स्वर्गारोहण भएको थियो। यो स्थान भरतपुर गाउँ पञ्चायत अन्तर्गत पर्दछ र यस गाउँ पञ्चायतको जनसंख्या ६,७४२ छ।

नारायणगढ

यस जिल्लाको मुख्य व्यापारिक केन्द्र नारायणगढ हो। यो बजार जिल्लाको पश्चिमी सीमाना नारायणी नदीको बाँया किनार र महाभारत लेकको फेदीमा अवस्थित छ। नारायणगढ पञ्चायत अन्तर्गत पर्ने यो बजारको (छेउ छाउको गाउँहरू समेत) जनसंख्या ६,८२५ छ। नारायणगढदेखि केही माइल दक्षिणमा पर्ने रामपुरको उचाइ (समुद्र सतहबाट) २२८ मिटर (७४८ फीट) भएकोले नारायणगढको उचाइ पनि रामपुरकोभन्दा केही मिटर बढी भएको अनुमान गरिन्छ। यहाँ गर्मीमा निकै गर्मी र जाडो याममा कुइरो लाग्ने र शीत पर्ने गर्छ। नारायणी नदीको हावाले पनि केही शीतलता प्रदान गर्छ।

यस क्षेत्रको एकमात्र ठूलो बजार भएकोले यहाँ विभिन्न उपभोगका सामानका ठूला ठूला पसलहरू छन्। यसका साथै यो बजार खाद्यान्न र तोरी खरीद विक्री गर्ने एक प्रमुख केन्द्र हो। यहाँ चामल र तेल मीलहरू छन्।

बजारको उत्तरतिर नारायणी नदीले ढेप्दै आएकोले यो बजार क्रमशः पूर्व-दक्षिणतिर फैलिंदै गइ-रहेको छ। नयाँ तथ. ९क्कं ठूला ठूला भवनहरूको निर्माण हुँदै छ। यो हिसाबले नारायणगढ बजार बढ्दै जाने हो भने आउने दुई–चार वर्ष भित्रमा भरतपुर र नारायणगढको झण्डै आधा माइलको दूरी मेटिएर एउटै बजार हुने सम्भावना देखिन्छ।

यस बजारका मुख्य व्यापारीहरू बन्दीपुरका नेवारहरू हुन्। केही संख्यामा वीरगञ्ज तथा अधिरा-ज्यका अन्य जिल्लाहरूबाट आएका मानिसहरू पनि यहाँ बसी कारोबार गर्ने गर्छन्।

यहाँ एक माध्यमिक र अन्य विद्यालयहरू तथा पुस्तकालयहरू छन्। यहाँ नेपाल बैंक लि. को शाखा, प्रहरी चौकी, अतिरिक्त हुलाक र विभिन्न जिल्लास्तरीय कार्यालयहरू रहेका छन्।

यस जिल्लाबाट तनहूँ, गोरखा, धादिङ आदि स्थान जाने आउने बटुवाहरू प्रायः यही बजार भएर जान्छन्। जिल्लाको दक्षिणी भाग रामपुर, पर्साढाप र ठोरीसम्म पुग्ने मोटर गाडीहरू नारायणगढ बजारबाट आउने जाने गर्छन्। त्यस्तै नारायणगढ-हेटौंडा सडकबाट नारायणगढ-वीरगञ्ज बस सेवा र अन्य मोटरहरू नियमित रूपले चल्ने गरेकोले पनि बजारको व्यापार र गुल्जार बढ्ने गर्छ। केही वर्षदेखि यहाँ भरतपुर डिजेल संयन्त्रबाट उत्पादित विद्युत् वितरण भएको छ।

देवघाट

भरतपुरबाट करीब आठ किलोमिटर (पाँच माइल) उत्तरमा रहेको देवघाट धार्मिक र प्राकृतिक सौन्दर्यका दृष्टिले महत्वपूर्ण छ। यहाँ काली र त्रिशूली नदीको सङ्गम भएको छ। त्यसपछि नारायणी नामले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसिद्ध भएको यस नदीले चितवन र त्यसको पश्चिममा रहेको तनहूँ र नवलपरासी जिल्लाको सीमाना कायम गरी दक्षिण बगेको छ। यी दुई नदीको सङ्गम हुने स्थलको नाम देवघाट हो तापनि व्यवहारमा चितवन र तनहूँ दुवै तर्फका नदी छेउको अग्लो भू-भागलाई देवघाट भन्ने गरिन्छ।

देवघाटमा विष्णु, शिव, चक्रेश्वर महादेवको मूर्ति र मन्दिरहरू तथा देवघाटको नजीकमा वशिष्ट गुफा रहेको छ। यहाँ एक संस्कृत विद्यालय स्थापित गरिएको छ।

वि. सं. २०१८ मा विश्व शान्ति महायज्ञ भएपछि यहाँ एक नयाँ मन्दिर तथा तीर्थयात्रीहरू बस्ने धर्मशालाहरू बनाइएका छन्।

यस स्थानमा पाल्पाका राजा मुकुन्द सेन तनहूँको जङ्गलमा शिकार खेल्न प्रवेश गर्दा शिला भए भन्ने जनश्रुति छ। यो शिला अद्यापि यहाँ रहेको छ। जे होस मुनि मुकुन्द सेनको देहावसान यसै स्थानमा भएको थियो। सिंह प्रताप शाहको स्वर्गारोहण पनि यहीं भएको थियो।

यहाँ माघे संक्रान्तिमा ठूलो मेला लाग्दछ। नेपाल–भारतका सयकडौं यात्रीहरू यस पवित्र पर्वमा देवघाटमा स्नान गर्न आउँछन्। भरतपुरबाट देवघाटसम्म मोटर जाने सडक बनेको छ।

रामपुर

यो स्थान जिल्लाको सदरमुकाम भरतपुरबाट करीब १० किलोमिटर (छ माइल) दक्षिणमा समथर भेकमा रहेको छ। समुद्रको सतहबाट यो स्थान २२८ मिटर (७४८ फीट) उचाइमा रहेकोले यहाँ निकै गर्मी हुने गर्छ। पहिले यहाँ भएको पञ्चायत प्रशिक्षण केन्द्रलाई जनकपुरमा सारी त्यस स्थानमा हाल कृषि तथा पशु विज्ञान अध्ययन संस्थान राखिएको छ। यहाँ एक शाखा हुलाक पनि छ। यसै स्थानमा रामपुर कृषि केन्द्र र पशुविकास फार्म राखिएका छन्।

यहाँ एक सानो बजार पनि छ। नारायणघाटबाट मेघौली जाने कच्ची सडकको छेउ दाँया बाँया लाइन परेर यो बजार बसेको छ। उक्त कच्ची सडकमा हिउँदमा मोटर चल्दछ।

यहाँ भरतपुरको डिजेल प्लान्टबाट उत्पादित विद्युत् वितरण गरिएको छ। रामपुरको नजीक उत्तरमा शारदानगर र चनोली, पूर्वतिर गीतानगर र पटिहानी आदि गाउँहरू पर्छन्।

मेघौली

भरतपुरबाट मेघौली ३२ किलोमिटर (२० माइल) दक्षिणतिर पर्छ। यहाँ वरिपरि धेरै गाउँहरू छन्। यहाँबाट टाइगर टप्स नजीकै (तीन माइल दक्षिण) पर्ने र एक कच्ची विमान स्थल भएकोले मेघौलीको नाउँ निक्कै प्रचलित हुन गएको हो। मेघौलीको कच्ची विमानस्थल ब्रिटेनकी महारानी एलिजावेथको आगमन हुँदा निर्माण गरिएको थियो। हाल वर्षायाम बाहेक हिउँदमा यहाँ हवाई सेवा उपलब्ध छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्साढाप

यो सानो बजार मेघौली देखि केही उत्तरमा रहेको छ। नारायणगढ-ठोरी कच्ची सडक यही बजारको बीचबाट गएको छ।

यहाँ शाही वायु सेवा निगमको कार्यालय (मेघौली सेक्शन रहेको) छ। यस स्थानमा चामल र तेल मिलहरू छन्। वरपरका किसानहरू नून-तेल र कपडा खरीद गर्न यहीं ग्राउँछन्।

वसन्तपुर

वसन्तपुर माडी क्षेत्रको वगौडा पञ्चायतमा पर्ने एक सानो बजार हो। यो स्थान नारायणघाटदेखि ठोरी जाने कच्ची मोटर सडकको छेउमा भरतपुरदेखि ३८ किलोमिटर (२४ माइल) दक्षिणमा पर्छ।

यहाँ प्रहरी चौकी, हेल्थ पोष्ट र शाखा हुलाक कार्यालयहरू र माडी क्षेत्रको एकमात्र माध्यमिक विद्यालय छन्।

पाण्डवनगर

यो स्थान भरतपुरदेखि करीब ३८ किलोमिटर (२४ माइल) दक्षिणमा रहेको गर्दी पञ्चायत अन्तर्गत पर्ने एक धार्मिक र ऐतिहासिक स्थल हो। उक्त पाण्डवनगरको समीप सोमेश्वर पहाडको घाँचमा घना जङ्गलको बीचमा पाँच पाण्डतको ढुङ्गाका मूर्तिहरू छन्। ति नै मूर्ति भएकोले त्यस स्थानको नाम "पाण्डवनगर" भएको अनुमान गरिन्छ। मूर्ति भएको स्थानसँगै ति नै मूर्तिको समकालीन जस्तो देखिने एउटा ठूलो इनार पनि छ। उक्त सोमेश्वर पर्वतको टुप्पामा पुराना ईंट र घडाका टुक्राहरू भेट्टाइएका छन्।

ठोरी

यो स्थान यस जिल्लाको दक्षिण सीमानानिरको एक सानो बजार हो। ठोरीबाट भारतको नरकटियागञ्ज रेल स्टेशन करीब १० किलोमिटर (छ माइल) टाढा पर्छ। यहाँ सीमा गस्ती प्रहरी निरीक्षक कार्यालय र ठोरी वन कार्यालय छन्। चितवनमा बसोबासको व्यवस्थाको लागि हजारौं बिघा जग्गा खोलिनुभन्दा पहिले ठोरी चितवन जिल्लाको मुख्य बजार थियो। जाडोको समयमा तीन-चार महीना यहाँ ठूलो बजार लाग्ने गर्थ्यो। हेटौंडा-भरतपुर सडक निर्माण हुनु अघि यस जिल्लाबाट भारत निकासी हुने तोरी र खाद्यान्नको अधिकांश ठोरी भएर लैजाने गरिन्थ्यो। अझै पनि धान, तोरीको एक व्यापारिक केन्द्रको रूपमा समेत ठोरीको बजारलाई लिन सकिन्छ।

यहाँको हावापानी अत्यन्त अस्वस्थ्यकर मानिन्थ्यो। औलो नियन्त्रण भएपछि बजारको बस्ती निक्कै बढेको छ। ठोरी गाउँ पञ्चायत अन्तर्गत पर्ने यो स्थानमा नेपालीहरूका साथै केही संख्यामा भारतीय नागरिकहरू पनि बस्ने गर्दछन्। ठोरी पञ्चायत यस जिल्लाको सबैभन्दा धेरै जनसंख्या (७,६३०) भएको पञ्चायत हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भण्डारा

यो स्थान भरतपुरबाट २२ किलोमिटर (१४ माइल) पूर्व नारायणगढ-हेटौंडा सडकमा पर्छ। यहाँ एक सानो बजार रहेको छ। आर्थिक वर्ष २०२५।०२६ सालदेखि यहाँ एक माछा पालन केन्द्र स्थापना गरिएको थियो। यहाँ भण्डारा निम्न माध्यमिक विद्यालय र अतिरिक्त हुलाक कार्यालय छन्। भण्डाराबाट एक बाटो कान्द्राङ्गढी (धादिङ) तर्फ जान्छ। कान्द्राङ्गढी र मकवानपुर जिल्लाको केही पञ्चायतहरूको बजार भण्डारा नै भएको छ। चितवन जिल्लाको दक्षिणी भागको तुलनामा यो स्थानमा केही कम गर्मी हुन्छ।

रत्न नगर

यो बजार पनि हेटौंडा–भरतपुर सडकको छेउ जिल्लाको पूर्वी भागमा पर्छ। यो बजार भरतपुरबाट करीब १६ किलोमिटर (१० माइल) दूरीमा पर्छ। यो बजार निकै छिटो बढ्दै गइरहेको छ। यहाँ नून, मट्टीतेल, लत्ता कपडाका पसलहरू छन्। यसका साथै यहाँ हिउँदमा खाद्यान्न र तोरीको खरीद बिक्री पनि हुने गर्छ। यहाँ एक स्वास्थ्य चौकी, एक माध्यमिक विद्यालय, नेपाल बैंकको उप शाखा कार्यालय, शाखा हुलाक कार्यालय आदि छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

धेरै वर्ष अघि चितवन जिल्लालाई "१६,००० चितवन" भन्ने गरिन्थ्यो । यसबाट शुरूमा यहाँ आदिबासी थारू र अन्य जन-जातिको कति जनसंख्या रहेछ भन्ने अनुमान गर्न सकिन्छ । चितवन उपत्यका विकास कार्यक्रम शुरू हुने ताका यहाँको जनसंख्या करीब ४०,००० जति रहेको अनुमान गरिएको थियो ।[१] वि. सं. २०१२।०१३ देखि यस-भू-भागमा मुलुकको अरू भागबाट बसाइँ सरी आउने मानिसहरूको ओइरो लाग्न थालेपछि यस जिल्लाको जनसंख्यामा ठूलो वृद्धि भयो । २०१८ सालमा यहाँको कुल जनसंख्या ६७,८८२ थियो ।[२] १० वर्षपछि अर्थात् २०२८ सालमा लिइएको राष्ट्रिय जनगणनाअनुसार यस जिल्लाको जनसंख्या १,८३,६४४ पुगेको देखिन्छ । २०१८ सालको तुलनामा २०२८ सालको जनसंख्यालाई सतहमा हेर्दा देखिएको अप्रत्याशित वृद्धि पुनर्वास कार्यक्रमले गर्दा भएको हो । अर्को कुरा २०१८ सालको जनसंख्या गणना गरिसकेपछि जिल्लाको केही भाग अन्य जिल्लामा गाभिने र थप्ने काम पनि भएको थियो । जे भए पनि तराई र भित्री मधेशको अन्य जिल्लाको तुलनामा यो जिल्लामा पुनर्वास कार्यक्रम अन्तर्गत सबभन्दा बढी मानिस आएका छन् ।[3]

यस जिल्लाको कुल जनसंख्या १,८३,६४४ मध्ये पुरुषहरूको संख्या ९४,४०४ र महिलाको संख्या ८९,२४० छ । यहाँ महिलाकोभन्दा पुरुषको संख्या ५,१६४ बढी छ । पुनर्वासको समयमा पुरुष संख्या बढी आएकोले पनि यो फरक देखिएको हो ।

आञ्चलिक आधारमा तुलना गर्दा अञ्चलका अन्य चार जिल्लाको तुलनामा यस जिल्लाको जनसंख्या मकवानपुर बाहेक अरूभन्दा कम छ । यो जिल्लाभन्दा बढी जनसंख्या हुने अञ्चलका जिल्लाहरूमा क्रमशः रौतहट, बारा, पर्सा हुन् । जनसंख्याको दृष्टिले अधिराज्यको अन्य जिल्लाको क्रममा यो जिल्लाको स्थान २१ सौं छ । यस जिल्लाको कुल क्षेत्रफल २,५१० वर्ग किलो मिटर भएकोले यहाँ प्रति वर्ग किलो मिटर ७३ जनघनत्व रहेको देखिन्छ । यस जिल्लामा कुल परिवारको संख्या २८,९१२ भएको देखिन्छ । यस हिसाबले परिवारको

---

१. जनकलाल शर्मा र कृष्णबम मल्लको माथि उल्लिखित किताब, पृष्ठ १७

२. राष्ट्रिय जनगणना २०१८ को परिणाम, प्रथम, श्री ५ को सरकार, आर्थिक योजना मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, पृष्ठ ३

३. Gurung, H.B.— Demographic Aspects of Development in Nepal (Seminar on Population and Development), p. 11

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

औसत सदस्य संख्या ६.३५ हुन्छ। पाँच जना सदस्य संख्या भएको परिवारको संख्या सबभन्दा धेरै अर्थात् ४,३९४ र छ जनाको परिवार संख्या ३,९७६ भएको देखिन्छ। २० र २० भन्दा बढी सदस्य संख्या भएको परिवारको संख्या सबैभन्दा कम छ। अर्कातिर सानो परिवारमा एक जना सदस्य संख्या भएको परिवार ६२१ र दुई जना भएको १,८३३ छन्।

जिल्लाको आर्थिक र सामाजिक जीवनमा जनसंख्याको उमेरको स्थितिको ठूलो महत्व हुन्छ। त्यसैले जनसंख्याको विभिन्न उमेर समूहलाई मुख्य तीन उमेर समूहमा बाँडेर तलको तालिकामा प्रस्तुत गरिएको छः—

विभिन्न उमेर समूहको तालिका

उमेर	पुरुषको संख्या	प्रतिशत	महिलाको संख्य	प्रतिशत	जम्मा	प्रतिशत
० देखि ५ वर्षसम्म	१८,४६७	१९.६	१९,४१३	२१.७	३७,८८०	२०.६
६ देखि १५ वर्षसम्म	२५,३६०	२६.९	२२,७६७	२५.५	४८,१२७	२६.२
१६ देखि माथि	५०,५७७	५३.६	४७,०६०	५२.७	९७,६३७	५३.२
जम्माः—	९४,४०४	१००.१	८९,२४०	९९.९	१,८३,६४४	१००.०

माथिको तालिकामा जिल्लाको जनसंख्यालाई मुख्य उमेर समह अर्थात् ० देखि पाँच वर्षसम्म, छ वर्षदेखि १५ वर्ष र १६ देखि माथिको उमेर समहमा विभक्त गरेर राखिएको छ।

उपर्युक्त तथ्याङ्कअनुसार पाँच वर्षसम्मका शिशुहरूको जम्मा संख्या ३७,८८० मध्ये पुरुषको संख्या १८,४६७ र महिलाको संख्या १९,४१३ छ। त्यस्तै छदेखि १५ को उमेर समूहको जम्मा संख्या ४८,१२७ मध्ये पुरुषको संख्या २५,३६० र महिलाको संख्या २२,७६७ भएको देखिन्छ। त्यसदेखि बाहेक १६ वर्ष माथिको उमेर समूहमा जम्मा संख्या ९७,६३७ भएकोमा पुरुषको संख्या ५०,५७७ र महिलाको संख्या ४७,०६० छ। बयस्कहरूमा पुरुषकोभन्दा महिलाको संख्या केही कम देखिन्छ भने, शिशुहरूमा महिलाको संख्या पुरुषको संख्या-भन्दा केही बढी रहेको छ।

नेपालको सामाजिक र आर्थिक पृष्ठभूमिमा ०–९ वर्षको उमेर समूह र ६० र त्यस माथिको उमेर समूहलाई आश्रित जनसमूह भनिन्छ। त्यस दृष्टिकोणले यो जिल्लामा आश्रित जनसंख्या अर्थात् ० देखि नौ वर्षको संख्या ६०,०३५ (३२.७) र ६० देखि माथिको संख्या ७,८२६ (४.२ प्रतिशत) समेत गरी जम्मा ६७,८६१ भएको देखिन्छ। त्यस्तै यो जिल्लामा १० वर्षदेखि ५९ वर्षसम्मको उमेर समूह अर्थात् सक्षम जनसंख्या १,१५,७८३ अर्थात् ६३.२ प्रतिशत हुन्छ। यो हिसाबले यहाँ सक्षम र आश्रितको अनुपात १००:५९ अर्थात् प्रत्येक १०० जना सक्षम व्यक्तिले आफू समेत थप ५९ जना आश्रितलाई पाल्नु पर्ने हुन्छ।

तर अन्तर्राष्ट्रिय परिपाटी अनुसार १५ वर्षदेखि र ६४ वर्षसम्मकोलाई सक्षम र त्यस बाहेकलाई आश्रित जनसंख्या मानेको छ। सो अनुसार यस जिल्लाको सक्षम जनसंख्या ९७,५०५ र आश्रित जनसंख्या ८६,१३९ छन्।

यस जिल्लामा ० देखि १४ वर्षसम्म र ६५ वर्षभन्दा माथिको उमेर समहको कुल संख्या ८६,१३९ (४६.९ प्रतिशत) र १५ वर्षदेखि ६४ वर्षसम्म अर्थात् सक्षमहरूको संख्या ९७,५०५ (५३.१ प्रतिशत) छ। यस जिल्लाको ९७,५०५ सक्षम व्यक्तिहरूमाथि ८६,१३९ आश्रित व्यक्तिको भार पर्दछ। प्रत्येक १०० जना सक्षम व्यक्तिले आफू समेत थप ८८ जना आश्रितको आर्थिक भार वहन गर्नु पर्ने अर्थात् उक्त हिसाबबाट यहाँको आर्थिक निर्भरताको अनुपात १००:८८ हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा छ वर्षभन्दा माथिको पुरुष महिलाको संख्या १,४५,७६४ भएको पाइन्छ। त्यसमध्ये ८२,४११ मानिसहरू विवाहित छन्। यहाँ बिधुवाहरूको संख्या ३,२४६ र विधुरहरूको संख्या १,३७२ छ। छदेखि नौ वर्षको उमेर समूह भित्रबाट पनि विवाह भएको देखिन्छ। यस्तो विवाह गर्ने केटाको संख्या ४७ र केटीको संख्या ७१ पुगेको छ। त्यसै समूहबाट बिधुवा र विधुर हुनेको संख्या एक एक पुगेको छ।

विभिन्न जातजातिको बासस्थलको रूपमा रहेको चितवनमा विभिन्न भाषा भाषीहरू पाइन्छन्। वि. सं. २०२८ को राष्ट्रिय जनगणना अनुसार यहाँ निम्न अनुसार भाषा भाषीको स्थिति रहेको छः–

नेपाली	१,३१,१००
तामाङ	८,४१५
थारू	२४,७१८
नेवारी	४,४८४
मगर	२,०५०
गुरुङ	६,३५५
जिल्लाको स्थानीय भाषा	५,६२२
अन्य भाषा	६००
जम्माः–	१,८३,६४४

उपर्युक्त भाषा भाषीमध्ये नेपाली भाषालाई मातृभाषाको रूपमा अँगालनेहरूको संख्या नै सबैभन्दा धेरै रहेको छ। संख्याका दृष्टिले दोस्रो स्थानमा थारू भाषा पर्न आउँछ। थारूहरू आपसमा बोलदा विशेषत आफ्नै भाषाको प्रयोग गर्दछन् तापनि यहाँ नेपालीको व्यापक प्रयोग हुने हुनाले अब थारूहरू पनि नेपाली भाषा राम्ररी बुझ्न थालेका छन्। त्यसोत अन्य भाषा भाषीले पनि थारू शब्दावलीलाई लिएको र बुझेको देखिन्छ। त्यसका अतिरिक्त नेवारी, मगर, गुरुङ जस्ता तिब्बेती बर्मेली भाषा भाषीहरू नेपाली राम्रै बोल्ने र बुझ्ने गर्दछन्। आपसमा बोलदा मात्र केही मात्रामा आफ्नै भाषा प्रयोग गर्ने गर्दछन्।

जिल्लाको स्थानीय भाषा समूहमा भोजपुरी, राई किराती, लिम्बू, भोटे,शेर्पा, दनुवार, सन्थाली आदि पर्दछन्। यी भाषा भाषीको संख्या १,००० भन्दा कम रहेकोले यस समूहमा पारिएको छ। अन्य भाषा समहमा विदेशी भाषा पर्ने र यो जिल्ला भारतको नजीक पर्ने भएकोले त्यस समूहमा विशेषतः हिन्दी भाषा पर्न आउने देखिन्छ।

चितवन जिल्लाका धेरैजसो बासिन्दाहरूको जन्म चितवनमा नभएर नेपालको विभिन्न भू–भाग र खासगरी मध्य पहाडी क्षेत्रमा भएको देखिन्छ। यसबाट स्पष्ट हुन्छ कि यस भू–भागमा भएको गत दुई दशकको जनसंख्याको अप्रत्याशित वृद्धि स्वाभाविक नभएर नयाँ बासिन्दाहरूको आगमनले गर्दा भएको हो।

यसरी बसाईं सरी चितवन आउने नेपालीहरूमध्ये धेरैजसो मध्य पहाडी भागबाट आएका र बाँकी मुलुकका अन्य भागबाट आएका छन्। यहाँको कुल जनसंख्यामध्ये अधिराज्यका विभिन्न अञ्चलहरूमा जन्म हुनेहरूको संख्या तल प्रस्तुत गरिएको छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्याको जन्म स्थान तालिका

जन्म स्थान	सख्या		जन्मस्थान	संख्या	
	पुरुष	महिला		पुरुष	महिला
मेची	६४	७४	धवलागिरि	३,१७१	२,९६१
कोशी	८३	६४	लुम्बिनी	९३८	८९९
सगरमाथा	२०३	१९३	रापती	३८१	३१७
जनकपुर	१,००२	८५३	कर्णाली	११	१६
बागमती	१३,४९७	११,८४०	भेरी	३	२
नारायणी	४६,१६३	४५,८०५	सेती	७७	५६
गण्डकी	२६,८१५	२४,५६२	महाकाली	२	२

यस जिल्लाको कुल जनसंख्या १,८३,६४४ मध्ये ३,६१७ को जन्म विदेशमा र बाँकी १,८०,०२७ को जन्म स्वदेशमा भएको देखिन्छ। मुलुकको अन्य भागमा जन्म भई यहाँ आएकाहरूमा सबैभन्दा धेरै गण्डकी अञ्चलबाट अर्थात् ५१,३७७ र बागमती अञ्चलबाट २५,३३७, जनकपुर अञ्चलबाट १,८५५, धवलागिरिबाट ६,१३२ छन्। नारायणी अञ्चलमा जन्म भएका ९१,९६८ को जन्ममध्ये तराई प्रदेश अर्थात् मुख्यतः चितवन जिल्लामा भएको अनुमान गरिन्छ। यहाँको कुल जनसंख्यामध्ये विदेशमा जन्मेका व्यक्तिहरूको संख्या ३,६१७ छ। यस हिसाबले विदेशमा जन्मेका र स्वदेशमा नारायणी अञ्चल बाहिर जन्मेका चितवनका बासिन्दाहरूको कुलसंख्या ९१,६७६ अर्थात् जिल्लाको कुल जनसंख्याको ४९.९ प्रतिशत छ।

यहाँ केही संख्यामा भारतीय नागरिकहरू पनि बस्छन्। तिनीहरूको कुलसंख्या ५४७ रहेको छ। भारतीय सीमानासंग जोडिएको अन्य जिल्लाको तुलनामा यो संख्या निकै कम हो।

यस जिल्लामा जम्मा ४२ वटा गाउँ पञ्चायतहरू छन्। वर्णानुक्रमअनुसार तिनीहरूको नाम र जनसंख्या निम्नप्रकार छ :—

पञ्चायतको नाम	जनसंख्या	पञ्चायतको नाम	जनसंख्या
१. अयोध्यापुरी	३,८३१	२. उत्तरदाङ गढी	१,४४२
३. कविलास	३,१३८	४. कल्याणपुर	४,७७७
५. कठार	३,९८६	६. काउले	३,५३६
७. कुमरोज	३,७२२	८. कोराक	३,०८१
९. खैरेनी	५,४००	१०. गर्दी	५,३१०
११. गीतानगर	६,२४२	१२. गुञ्जनगर	५,१९०
१३. चण्डी भञ्ज्याङ	२,६८०	१४. चैनपुर	४,०५६
१५. जगतपुर	४,८२७	१६. जुडगानी	६,३०९
१७. ठोरी	७,६३०	१८. डेवौली	५,४९२
१९. दारे चोक	३,१५८	२०. नारायणगढ	६,८२५
२१. पटिहानी	५,९३३	२२. पदमपुर	४,३००
२३. पञ्च कन्या	५,०८२	२४. पार्वतीपुर	५,४९९
२५. पिठुवा	३,६२४	२६. पीपले	३,०२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२७. बघौडा	४,७७४	२८. वडहरा	२,४५३
२९. बछौली	१,७०७	३०. वीरेन्द्र नगर	३,५०२
३१. भण्डारा	५,०१३	३२. भरतपुर	६,७४२
३३. मङ्गलपुर	६,५०२	३४. माडी कल्याणपुर	४,२२५
३५. मेघौली	६,९८७	३६. रातापुर	३,५८०
३७. शारदा नगर	५,४९९	३८. शिव नगर	४,३४६
३९. सिसवार	४,०७२	४०. सुक्र नगर	३,९०१
४१. श्रीपुर	१,९०३	४२. हाजीपुर	३,१२०

माथि देखाइएअनुसार यस जिल्लाको जम्मा ४२ गाउँ पञ्चायतमध्ये २,००० देखि मुनि जनसंख्या हुने गाउँ पञ्चायतको संख्या जम्मा तीनवटा मात्र छ। त्यसदेखि माथि अर्थात् २,४५३ बाट ३,९८६ सम्म जनसंख्या हुने गाउँ पञ्चायतको संख्या १५ छन् र ४,०५६ देखि ४,८२७ जनसंख्या हुने गाउँ पञ्चायतको संख्या आठ वटा भएको देखिन्छ। योभन्दा पनि बढी अर्थात् ५,०१३ देखि ७,६३० सम्म जनसंख्या हुने गाउँ पञ्चायतको संख्या अन्य समूहकोभन्दा धेरै छ। यस जिल्लाको सबैभन्दा बढी जनसंख्या हुने ठोरी गाउँ पञ्चायतको जनसंख्या ७,६३० छ।

यसबाट के देखिन्छ भने उपरदाङ गढी जस्ता पहाडी क्षेत्रका पञ्चायत र समथर भू–भागमा नयाँ जङ्गल फडानी गरी बनेको गाउँहरू बाहेक बहुसंख्यक गाउँ पञ्चायतको जनसंख्या निकै बढी भएको देखिन्छ। यस प्रकार कुल १,८३,६४४ जनसंख्या भएको यस जिल्लाको ४२ पञ्चायतको औसत जनसंख्या हेर्ने हो भने प्रति गाउँ पञ्चायत ४,३७२ जनसंख्या भएको पाइन्छ।

जनजीवन

यस जिल्लाको भौगोलिक बनावट मधेश र पहाडको योगले बने झैं यहाँको जनजीवन पनि नेपालको विभिन्न भेकका विभिन्न जात जातिका शारीरिक, सांस्कृतिक र भाषागत विविधताले सिंगारिएको छ। यस जिल्लाको मध्य, दक्षिणी र दक्षिण–पश्चिम भागमा आफ्नो मातृभूमिलाई स्वर्गभन्दा उत्तम ठान्ने यस जिल्लाको दोस्रो बहुसंख्यक जाति थारूहरूको बाक्लो र गुजमुच्च बस्तीहरू रहेकाछन्। तिनीहरूसँगै र धेरैजसो राप्ती र नारायणीको किनारामा बस्न मन पराउने अल्पसंख्यक समुदायहरूमा दनुवार, दराई र माझीहरू रहेका छन्। थारूहरू जस्तै यिनीहरू पनि यहाँका पुराना बासिन्दाहरू हुन्। सम्भवतः उत्तिकै पुरानो तर छुट्टै परिस्थितिमा आफ्नै विशेषता अँगालेका अर्को एक रोचक समूहको पनि यहाँ बसोबास रहेको छ– ती हुन् महाभारत लेक प्रदेश निवासी चेपाङहरू। यिनीहरूको अनुमानित जनसंख्या १६,०००.छ। त्यसमध्ये केही मात्र यो जिल्लामा बस्छन्। सभ्य र सफा छु भन्नेलाई नुहाएर मात्र सफा हुने भए वनको लुइँचे, कालिज र हरीण त्यतिराम्रो कसरी भयो भनी यिनीहरू उल्टै जवाफ दिन बेर लाउँदैनन्। यही पहाडी प्रदेशमा जिल्लाको सबैभन्दा उच्च भागसम्ममा उहिलेदेखि नै गुरुङ र तामाङ जातिको निकै बाक्ला गाउँहरू रहेका छन्।

तर दुई तीन दशक अघिसम्म पनि एक अर्काबाट अलगिएर र छरिएर बसेका उपर्युक्त विभिन्न समुदायमा कुनै खास अन्तर सम्बन्धको विकास हुन पाएको थिएन। २०१२।०१३ सालदेखि चितवन उपत्यकामा मुलुकका विभिन्न भागबाट र विशेषतः मध्य पहाडी भागबाट बाहुन, क्षेत्री, नेवार, मगर, गुरुङ, घर्ती, राई, लिम्बू, शेर्पा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थकाली, दमाई, कामी,सार्की आदि विभिन्न जात जातिका नयाँ बासिन्दाको ठूलो ओहिरो लाग्यो। जनसंख्या सम्बन्धी अनुच्छेदमा देखाइए झैं चितवनका बासिन्दाहरूमध्ये आधाभन्दा केही बढी जिल्ला बाहिर जन्मेका छन्। आफ्ना सांस्कृतिक विशेषताले युक्त उपर्युक्त विभिन्न समुदायका बीचमा यहाँ सामञ्जस्यपूर्ण सम्बन्ध रहेको पाइन्छ। बढ्दो यातायात, शैक्षिक सुविधा तथा विकास कार्यक्रमका राम्रा परिणामहरूले यो प्रक्रियालाई अझ तीव्र बनाउन सहायता पुर्‍याएको छ। निश्चयनै टाढा रहँदाको मीठा भ्रमहरू यस अन्तर सम्बन्धको प्रक्रियामा हट्दै जानु स्वाभाविक हो। तर त्यसका साथै एक साथमा रहँदाको मायालु न्यानोपनको भावना पनि सँगै विकास हुन लागेको पाइन्छ। त्यतिमात्र होइन हरेक दृष्टिले उपर्युक्त समुदायहरू एक अर्कासित घनिष्ट रूपले सम्बन्धित र प्रभावित हुँदै गइरहेका छन्।

यहाँ साधारणतः हिन्दूहरूकै बहुसंख्या रहेको छ तापनि हिन्दूहरू पछि दोस्रो संख्यामा रहने बौद्ध र इश्लामहरू सबै आपसमा मिलेर बसेका छन्। त्यसैले धार्मिक र जातीय कट्टरताले यहाँको जन–जीवनमा दुषित असर पुर्‍याउन पाएको छैन। वास्तवमा यस किसिमको सामञ्जस्यपूर्ण जीवनपद्धति नेपाली जातिको परम्पराकै एक अङ्ग र विशेषताको रूपमा रहेको कुरा यहाँ अक्षरस लागू हुन्छ।

निश्चय नै भौगोलिक, ऐतिहासिक र सांस्कृतिक कारणहरूले गर्दा उपर्युक्त सबै समुदायको संस्कृति र आर्थिक स्थितिको स्तर समान छैन। यस दृष्टिले यहाँका चेपाङ, थारू, दनुवार, दराई र माझीहरू पिछडिएको मान्नु पर्दछ। तिनीहरूमध्ये अन्य समूहको चर्चा अन्य जिल्ला परिचयमा गरिने भएकोले यहाँ माझी समुदायको सामाजिक, सांस्कृतिक बनौट र अन्य विशेषताको बारेमा चर्चा गरिने छ।

माझी

सांस्कृतिक र शारीरिक दृष्टिले माझी र थारू जातिमा धेरै समानता रहेको पाइन्छ। यी दुई समूहको शारीरिक बनावट, भाषा, रीतिथिति, संस्कृति र जीवन चक्रमा समेत केही विशेष फरक देखिदैन। नेपालमा माझीहरूको अनुमानित संख्या करीब ६,००० छ। अधिकांश माझीहरू पूर्वी तराई र पहाडी प्रदेशका नदी-नालाका किनारमा र चितवन जिल्लाका माझीहरू खासगरी नारायणी नदीको किनारा र देउहाडमा बसोबास गर्छन्। माझी गाउँ प्रायः ज्यादै पातलो हुन्छ। नदीका किनारामा बस्नेहरूले गोल ढुङ्गा (नदीको ढुङ्गा) को गारो र फुसको छानाको घर बनाएका हुन्छन्। तिनीहरूमध्ये केही नदीदेखि पर मिश्रित बसोबास भएका अन्य गाउँहरूमा बसेका छन्। यिनिहरूको घर काठ र ढड्डीले बारेको र छाना पराल वा गहुँको नलले छाएका हुन्छन्।

परम्परादेखि नै माछा मार्नु र डुङ्गा चलाउनु माझीहरूको मुख्य पेशा हो। तर यिनीहरू केही मात्रामा खास गरी पाखो खेती पनि गर्दछन्। यो समूहमा धनी मानिसहरू बिरलै हुन्छन्। सामाजिक र शैक्षिक दृष्टिबाट यिनीहरू पिछडिएर बसेका छन्। एकाध माझी केटो विद्यालय प्रवेश गरेको पाइए तापनि केटीहरूलाई पढ्न पठाउने गर्दैनन्। माझीहरू आफूलाई रामका सन्तान अर्थात् कुशका वंश हौं भन्ने गर्छन्। उनीहरू आफूलाई "कुशर" भन्छन्। दनुवारभन्दा भिन्न जात भएको दावा गर्छन्। त्यसैले दनुवारसँग बिहेबारी चलाउँदैनन्।

साधारणतः माझीहरू एक पत्नीभन्दा बढी बिहा गर्दैनन्। यिनीहरूमा नाता सम्बन्ध र विशेषतः "मामा" को ठूलो प्रभाव रहन्छ। सामाजिक काम कर्तव्यमा परिवारको तर्फबाट मामाले नै प्रतिनिधित्व गर्ने गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माझीहरूको प्रधानलाई मिजार भन्दछन् । यिनीहरूका बीचको झै-झगडा मिलाउने र तिरो उठाउने काम "गोरुङ" (मिजारको सहयोगी र पटवारी) को सहयोगमा मिजारले नै गर्ने गर्छ । हाल सो काम सम्बन्धित गाउँ पञ्चायतले गर्ने गर्छ ।

यिनीहरूको विवाह प्रथा पनि आफ्नै किसिमको हुन्छ । आमा बाबु को स्तरमा कुराकानी गरी केटो र केटीको व्यवस्था हुन्छ । केटोको तर्फबाट केटी माग्न पठाइन्छ । पहिलो र दोस्रो पटकमा कुरा मिलेपछि तेस्रो पटकको भेटघाटमा केटोतिरबाट सगुन लिएर जान्छन् । सगुनमा दुई कुलिन जाँड, दुई पेरुङ्ग माछा र रक्सी आदि हुन्छन् । यो सगुन लगेपछि विवाहको कुरा पक्का भएको मानिन्छ ।

केही दिनपछि जन्ति जान्छ । जन्तिमा दुई दमाई, दुई मडोली र लगन्तीको साथै गाउँले र नातेदारहरू जान्छन् । दुलाहा साथमा जाने चलन छैन । तर विवाह हुनुभन्दा दुई हप्ता अघि वरलाई दुई हात, दुई खुट्टा र घाँटीमा समेत दाम्लो बाँधी आफ्नो कुटुम्बद्वारा माझी भाषामा नै उपदेश दिने चलन छ ।

ब्याहुलीलाई घरबाट निकाल्ने बित्तिकै जन्तिले छाता खोली दौडाएर लैजान्छन् । केही बेरपछि मिजारले जन्तिको बाटो छेक्छ र जन्तिमा गएका मानिसहरूले बाटो खोलाउनको लागि सुर्ती र तमाखु आदि दिन्छन् । त्यसमध्ये आधा भाग गोरुङ्ग (गाउँको पटवारी) ले पाउँछ । बाँकी आधा त्यहाँ उपस्थित गाउँले-हरूले बाँडी लिन्छन् । ब्याहुलीलाई ल्याएपछि नयाँ लुगा लगाइदिन्छन् । अग्नि जलाउने र सिन्दूर कर्म पनि त्यहीं हुन्छ ।

विवाहकै दिनमा ब्याहुलोको व्रतबन्ध गराइन्छ । व्रतबन्ध गराउँदा उसको केश काटिदिन्छन् र हात र घाँटीमा पहेंलो धागो बाँधिदिन्छन् ।

जन्मेको छ दिनमा उनीहरूको कुटुम्बद्वारा न्वारान गरिन्छ । यसमा गउँत खाने र सुत्केरीलाई तेल दिने र बालकको जन्म भएको बारको आधारमा नामाकारण गर्ने परम्परा छ ।

माझी समुदायमा मृत्यु संस्कारको पनि आफ्नै किसिमको चलन छ । मरेपछि लासलाई जलाउँछन् । मरेको १२ दिनसम्म भात, मासु, जाँड आदि मृतात्माको लागि दोबाटोमा फाल्दछन् । १३ दिनमा ती खाद्य पदार्थ नदीमा सेलाउँछन् । तर सोह्र श्राद्ध नआइकन त्यस मृतात्माको शान्ति स्वस्ति सिद्धिन्न ।

मृत्यु भएको वर्षको सोह्रश्राद्ध लागेपछि तीन दिनसम्म विशेष विधि अपनाइन्छ । यस सम्बन्धमा तलको सूत्र मान्दछन् ।

बुधबार थाल्ने,
बिहीबार पाल्ने,
शुक्रबार फाल्ने ।

बुधबारको दिन जाँड, भात र रक्सी इत्यादि खाद्य पदार्थ भूईंमा राख्छन् । बिहीबारको दिनमा बाँसको टाँड बनाई त्यसमाथि राख्दछन् र शुक्रबारको दिन ती सब चीजहरू नदीमा सेलाउँदछन् । त्यसपछि यिनीहरू शोकको गीत गाउँछन् ।

पूर्णेको दिन त्यस मृत आत्मालाई जगाउने चलन छ । सो जगाउने कार्य धामीले गर्दछ । सो धामी तीन चार दिनसम्म बसिरहन्छ । उक्त धामीद्वारा मृत आत्माले आफ्नो पूर्व बृतान्त र मनोइच्छाहरू बताउँछ भनिन्छ । यसरी बकाउँदा मृतात्माले उ कालगतिले मरेको हो भनी भन्दछ । आफ्नो परिवारलाई सम्बोधन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दै मेरा बाल बच्चाहरूलाई राम्ररी पालिदेउ, हुर्काइदेउ र उनीहरूलाई दुःख नदेउ भनेर उ अनुरोध गर्दछ। यसरी मानिसको आत्मा कहिले मर्दैन भन्ने विश्वास माझीहरूमा पाइन्छ।

पितृको लागि घरको भित्तामा केसरी या सिन्दूरको दुई चार टीकाहरू लगाइदिन्छन् । त्यस माथि माटोले साधारणतः लिपिदिन्छन् । तर पितृलाई उनीहरूले गरेको विधि विधान देखी चित्त नबुझेको भए सो टीकाहरू पुनः देखा पर्दछन् भन्ने माझीहरूको भनाइ छ। त्यस स्थितिमा उनीहरूले मृतात्माको शान्तिको लागि सारा विधिहरूको साथ पुनः श्राद्ध दोहऱ्याउने गर्दा रहेछन्।

प्रत्येक माझीको घरमा कुल देवता हुन्छ, सो देवता भएको ठाउँमा परिवारको सदस्य बाहेक अरूलाई प्रवेश निषेध गरिएको हुन्छ। बडादशैंमा ज्वाइँ वा बूढोपाको मान्छेबाट कुल देवताको पूजा गर्न लाउँछन्। यिनीहरूमा राँगो, बोका, कुखुरा, भेंडा, हाँस समेतको पञ्चबलि भीमसेनलाई चढाएर पूजा गर्ने चलन छ। भीमसेन माझीहरूको सबभन्दा ठूलो देवता हो। असार महीनामा यिनीहरू "वरदेउ" पूजा गर्दछन् । त्यसै गरी भूमि पूजा जसलाई जखनी पूजा भन्दछन् सो पनि गर्दछन् । शिवरात्रि गीत यिनीहरूको प्रख्यात गीत हो। सो शोक मनाउन प्रायः गाइन्छ। भैंलो खेल्दा पनि उही गीत गाइन्छ। भैंलो माझीहरूको विशेषता हो। यिनीहरूको नाच पनि विशेष प्रकारको हुन्छ। माझीहरू गाउँछन् र माझिनीहरू नाच्छन् । घुम्दा खुट्टा मिलाउनु, पिठ्यूँ जुदाउनु र हात माथि उठाउनु यस नाचको विशेषता हो।

माथि उल्लेख गरिए झैं यो समुदाय आर्थिक दृष्टिले अत्यन्त पिछडिएको छ। क्रमशः घाटमा पुल निर्माण गरिएकोले परापूर्वकालदेखि यिनीहरूले चलाइआएको डुङ्गा र त्यसबाट हुने सीमित आय समेत कम हुन गएको छ। यिनीहरूले नदी नालाहरूमा माछा मार्ने काम पनि पहिले जस्तो खुला रूपमा गर्न पाउँदैनन्। कतिपय गाउँ पञ्चायतले स्थानीय खोला नालाको माछा ठेक्कामा मार्न लगाएर ठेक्का रकमबाट आएको आम्दानीले स्थानीय विकासका निमित्त आवश्यक आर्थिक स्रोतको सङ्कलन गर्दछन् । यी सबै कुरालाई ध्यानमा राख्दा माझी र दराई जस्ता समूहको आर्थिक र शैक्षिक विकासका निमित्त विशेष व्यवस्था हुनु आवश्यक देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

घना वन जङ्गलको आधिक्यले गर्दा चितवन इलाकामा पहिले ज्यादै पातलो बस्ती रहेको र त्यसै अनुपातमा ज्यादै कम जग्गा जमीन आवाद गरिएको थियो । काठमाडौंदेखि दक्षिण समथर भू-भागमा स्थित रापती उपत्यकामा १९ औं शताब्दीको प्रारम्भसम्म तत्कालीन सरकारले नयाँ आवादी गर्न नदिने नीति अपनाएको देखिन्छ । रापती उपत्यकामा रहेको प्राणघाती औलो लाग्ने घना वन जङ्गललाई कायम राखेमा त्यस क्षेत्रलाई आधार बनाई बढ्ने बाहिरी कुनै दुश्मनको फौजका निम्ति ठूलो अवरोध हुन्छ भन्ने सोचिएको थियो। यसबाट त्यसताका यो क्षेत्र एक किल्लाको रूपमा र राणाहरू शिकार खेल्ने एक मनोरञ्जन स्थलको रूपमा रहेको देखिन्छ ।

नेपालको विशेषतः पहाडी प्रदेशमा जमीन र जनसंख्याको अनुपात चर्को रूपमा असन्तुलित हुँदै गएको र बाढी पैरो आदिको प्रकोपले समस्या झन् उग्र हुँदै गएकोले त्यस भेकका मानिसहरूलाई पुनर्वास गराउनु बाहेक अर्को विकल्प थिएन। त्यसैले २०१२।०१३ सालदेखि चितवन उपत्यका विकास कार्यक्रम र पछि आएर औलो नियन्त्रण कार्यको फलस्वरूप यस उपत्यकामा व्यापकरूपमा आवाद गर्न प्रारम्भ गरियो। गत दुई दशकमा विभिन्न भागबाट यस इलाकामा हजारौं हजार नयाँ बासिन्दाहरूले बसोबास गरे। आज यहाँ पुराना र नयाँ दुवै थरी गरी जम्मा १,८३,६४४ बासिन्दा बसोबास गर्दछन् ।

यो सबै बासिन्दाको मुख्य व्यवसाय कृषि र कृषिजन्य व्यवसाय हो । उर्वर समथर भू–भागको आधिक्यले गर्दा यहाँ खेतीपाती राम्रो हुन्छ र यो जिल्ला नेपालमा सबैभन्दा बढी खाद्यान्न बचत हुने जिल्ला हो। खाद्यान्नको स्थिति साधारणतः राम्रो रहेकोले यहाँका बासिन्दाको आर्थिक स्थिति तुलनात्मक दृष्टिले राम्रो भएको मान्नु पर्दछ। स्वभावतः यहाँका सबै जसो आर्थिक कारोवार र मिलहरू समेत कृषि उत्पादनमा नै आधारित छन्। जङ्गलको वैभवताले यहाँ एक काठ मिल र पर्यटन उद्योगका रूपमा एक होटल रहेका छन्।

कृषि

यस जिल्लाको कुल २,५१,००० हेक्टर जमीनमध्ये ५०,९३४ हेक्टर जमीन अर्थात् कुल क्षेत्रफलको २०.३ प्रतिशत जमीन आवाद भएको छ।[1] सो आवाद जमीनको माटोको प्रकृति, जग्गाको उचाइ र सिचाइ सुविधा हेरी खेत र पाखो जग्गामा वर्गीकरण गर्न सकिन्छ। स्थानीय शब्दमा खेतलाई "घोल" वा "धनहर" र पाखोलाई टाँडी वा भिट भनिन्छ। यस जिल्लाको कृषि भूमिमा खेत जग्गाले ओगटेको क्षेत्र ५३.७ प्रतिशत र बाँकी ४६.३ प्रतिशत पाखो जमीन छ। यी दुवै थरी जमीनमध्ये जग्गाको स्थिति र उब्जाउ हेरी विभिन्न स्तरका जग्गामा वर्गीकरण गर्ने प्रचलन अनुसार जिल्ला भूमिप्रशासन कार्यालयबाट प्राप्त यहाँको स्थिति निम्न अनुसार छः-

१. स्रोतः जिल्ला कृषि विकास कार्यालय, भरतपुर, चितवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जग्गाको किसिम र क्षेत्रको तालिका

(हेक्टरमा)

जग्गाको प्रकार			क्षेत्र
खेत–	अब्बल		६,३२३
	दोयम		८,९५२
	सिम		५,२८४
	चहार		४५
		जम्माः–	२०,६०४
पाखो–	अब्बल		६,११२
	दोयम		२,६१९
	सिम		२,४२५
		जम्माः–	११,१५६
		कुल जम्माः–	३१,७६०

जिल्ला भूमि प्रशासन कार्यालयमा दर्ता भएको जग्गा जमीनको तथ्याङ्कअनुसार माथिको तालिकामा दुवै थरी (खेत र पाखो गरी) जमीनको जम्मा क्षेत्रफल ३१,७६० हेक्टर मात्र भएको देखिन्छ। तर जिल्ला कृषि विकास कार्यालयको तथ्याङ्क अनुसार भने ५०,९३४ हेक्टर जमीन आवाद भएको बताइएको छ। यसरी हाल आवादी जग्गा र दर्ता भएको जमीनको बीच निक्कै ठूलो फरक पर्न गएको देखिन्छ। आर्थिक वर्ष २०२५।०२६ भित्रमा मात्र हाल आवादी जग्गामध्ये १३,२७० बिघा जमीन दर्ता भएको देखिएकोले यस जिल्लामा दर्ता हुन बाँकी जग्गाको परिमाण निक्कै भएको अनुमान गरिन्छ।

जिल्ला भूमि प्रशासन कार्यालयबाट प्राप्त तथ्याङ्कअनुसार जिल्लाको भूमि वितरणको प्रारूप निम्नअनुसार छः–

भूमि वितरणको प्रारूप सम्बन्धी तालिका

जग्गाको परिमाण	जग्गाधनी संख्या	प्रतिशत	जम्मा जग्गाको क्षेत्रफल (बिघामा)	प्रतिशत	प्रति जग्गा धनीको जग्गाको औसत परिमाण
१ देखि ४ बिघासम्म	२५,३६९	८५.१	३०,२२५	५०.९	१.२ बिघा (०.८)हेक्टर
४ देखि १० बिघासम्म	३,८९२	१३.०	२०,२९७	३४.२	५.२ बिघा (३.५)हेक्टर
१० देखि १५ बिघासम्म	३४५	१.२	४,१४२	७.०	१२.० बिघा (८.२)हेक्टर
१५ देखि २८ बिघासम्म	२०५	०.७	३,८९०	६.५	१९.० बिघा(१२.९)हेक्टर
२८ देखि माथि	१६	०.१	८३८	१.४	५२.४ बिघा(३५.६)हेक्टर

माथिको तालिकामा देखाइएअनुसार कुल २९,८२७ जग्गा धनीमध्ये २५,३६९ अर्थात् ८५.१ प्रतिशत जग्गाधनीको औसत भू-स्वामित्व ०.८ हेक्टर अथवा १.२ बिघा छ। जिल्लाको कुल जमीनको ५०.९ प्रतिशत जमीन यस वर्गका जग्गाधनीले ओगटेका छन्। त्यस्तै ३.५ हेक्टर (५.२ बिघा) भू-स्वामित्व हुनेको संख्या ३,८९२ (१३ प्रतिशत) र तिनीहरूको स्वामित्वमा कुल जग्गाको ३४.२ प्रतिशत जमीन रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी यी दुवै वर्गका जग्गा धनीका स्वामित्वमा जिल्लाको कुल जमीनको ८५.१ प्रतिशत जमीन रहेको छ। बाँकी १४.९ प्रतिशत जमीनमा स्वामित्वको औसत परिमाण क्रमशः ८.२ हेक्टर (१२ बिघा), १२.९ हेक्टर (१९ बिघा) र सबैभन्दा बढी ३५.६ हेक्टर (५२.४ बिघा) सम्म भएको देखिन्छ।

माथिको तालिकामा प्रस्तुत तथ्याङ्कले केवल जग्गा धनीको संख्या र तिनीहरूको स्वामित्वमा रहेको जमीनको प्रारूपको झलक मात्र दिन्छ। त्यसैले प्रति परिवार औसत के कति भू-स्वामित्व रहेको छ सो हेर्नु बढी युक्तिसंगत हुने देखिन्छ। यस हिसाबले जिल्लाको कुल परिवार संख्या २८,९१२ ले खेती गरिएको कुल जमीन ५०,९३४ हेक्टरलाई भाग लगाउँदा प्रति परिवार भू-स्वामित्वको औसत १.८ हेक्टर (२.६ बिघा) भएको देखिन्छ।

भूमिसुधार कार्यक्रम लागू भएपछि यस जिल्लामा हदबन्दीभन्दा बढी निक्लेको जग्गा जम्मा ५९.८ हेक्टर (८८ बिघा) छ। सोमध्ये ४.८ हेक्टर जमीन भूमिहीन किसानलाई वितरण गरिएको र बाँकी वन सीमाना भित्र परेको छ। यहाँ १,८५९ जना मोहीलाई मोहियानी हकको अस्थायी निस्सा प्रदान गरिसकिएको छ। मोहियानी हक सुरक्षित गर्नका साथै मोहीले जग्गा धनीलाई बुझाउने कूत समेत जग्गा अनुसार निम्नबमोजिम तोकिएको छ।

कुत परिमाणको तालिका

(प्रति ०.६८ हेक्टर अथवा प्रति बिघा)

जमीनको प्रकार		कूत
खेत–	अब्बल	१५ मन
	दोयम	११ मन २० शेर
	सिम	८ मन २० शेर
	चहार	५ मन २० शेर
पाखो–	दोयम	८ मन २० शेर
	सिम	६ मन २० शेर
	चहार	४ मन २० शेर

यो जिल्लामा हाल वार्षिक रू. २,१०,२१०। मालपोत उठ्ती हुने गर्दछ।

यस जिल्लामा जिन्सी नगद गरी रू. ३३,०१,७२५। अनिवार्य बचतको रूपमा उठेको थियो। त्यसमध्ये रू. १३,८०,०००। तत्कालीन बचत संस्थान (हाल कृषि विकास बैंक) मा जम्मा गरिएको र बाँकी रकम ग्राम समिति मार्फत किसानहरूलाई नै ऋण वितरण गरिएको छ।

यस जिल्लाको जग्गा जमीनमा धान, मकै, तोरी, गहुँ, जौ, कोदो, आलु, सुर्ती, उखु र मास आदि बाली लगाइन्छन्। यिनीहरूमध्ये धान, मकै, तोरी र गहुँ बालीले जिल्लाको आर्थिक व्यवस्थामा ठूलो महत्व राख्दछन्। सन् १९७१ मा यहाँ २३,५०० हेक्टरमा धान, २५,५०० हेक्टरमा मकै, १७,००० हेक्टरमा तोरी र ३,८०० हेक्टरमा गहुँ बाली लगाइएको थियो। त्यसबाट क्रमशः ४९,३५० मेट्रिक टन धान, ५१,६६० मेट्रिक टन मकै, ६,८६० मेट्रिक टन तोरी, २,९६४ मेट्रिक टन गहुँ उत्पादन भएको थियो।[1]

खाद्यान्न बचतको दृष्टिले समेत नेपालमा यो जिल्ला अग्रणी रहेको छ। सन् १९७१ मा यहाँ

1. HMG - Agricultural Statistics of Nepal, 1972, Table 11

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७३,८०० मेट्रिक टन खाद्यान्न उत्पादन भएको थियो। त्यसमध्ये बीउ, गाइडिङ्गाको दाना, स्थानीय बासिन्दाका निम्ति आवश्यक वार्षिक खाद्यान्न आदि कटाउँदा यहाँ ४२,२९० मेट्रिक टन खाद्यान्न बचत हुने देखिन्छ।[1]

यहाँ खेतीपाती गर्दा कतिपय पहाडी जिल्लाहरूमा जस्तो भारो पर्म गर्ने परम्परा पाइँदैन। हाल नयाँ बासिन्दाहरूको बीचमा यो प्रथा केही मात्रामा चलेको पाइन्छ। खेती लगाउँदा र थन्काउँदा भारततिरबाट निक्कै संख्यामा खेतालाहरू आउने गर्छन्। खाजा र सिधा दिएर दैनिक रू. सातसम्म ज्याला दिने गर्छन्। यहाँ उपयोग गरिने कृषि औजारहरू मुख्यतया हलो, कोदालो, खुर्पा, हँसिया आदि हुन्। यी औजारहरू गाउँका कामीद्वारा बनाउन लगाउने वा स्थानीय हाट बजारबाट किनी ल्याउने गर्छन्। मध्यम र धनी किसानहरू पावर टिलर र ट्र्याक्टरको प्रयोग पनि गर्छन्। साधारण किसानहरू सुधारिएका कृषि औजारसित परिचित हुँदैछन्। यहाँ व्यापक रूपमा कमपोष्ट मलकै प्रयोग हुन्छ तापनि रासायनिक मलको पनि बिस्तारै उपयोग बढ्दैछ।

नगदे बाली

चितवनको नगदे बालीमा तोरी प्रसिद्ध छ। पाखामा लाग्ने वर्षे बाली अर्थात् कोदो, मकै आदि काटेपछि असोजको आखिरी हप्ता वा कात्तिकको पहिलो हप्तातिर तोरी छरिन्छ। जोतखन गरेर बीउ छरिदिए पछि तोरी बालीलाई धानलाई जस्तो पानी लाउनु वा गोड्नु पर्दैन। तोरी छरेको मितिले करीब तीन महीना भित्र पाक्छ। त्यसैले किसानहरू अन्य बाली लगाउनुभन्दा तोरी बाली लगाउन सजिलो मान्छन्। अर्को कुरा चितवनको हावापानी तोरीको निम्ति निक्कै उपयुक्त भनिन्छ।

यो बाली १९६७।०६८ मा १५,००० हेक्टरमा, १९६८।०६९ मा १५,५०० हेक्टरमा, १९६९।०७० मा १६,००० हेक्टरमा र १९७०।०७१ मा १७,००० हेक्टर जग्गामा लगाइएको थियो र उक्त वर्षहरूमा क्रमशः ८,८५० मेट्रिक टन, ९,०६८ मेट्रिक टन, ९,४४० मेट्रिक टन, र ९,८६० मेट्रिक टन उत्पादन भएको थियो।

खाद्यान्न बालीले किसानको उदर पूर्ती हुन्छ भने, तोरी बालीले साँच्चै नै नगद आम्दानी गराउँछ। किसानहरूले बाली पाक्नु अगावै तोरी दिने गरी स्थानीय साहू महाजनबाट ऋण सापटी लिई आफ्नो गर्जो टार्ने गर्छन्। यहाँ तोरीका प्रमुख खरीद कर्ताहरूले तोरी पाक्नु अगावै पेशकी दिने पनि गर्छन्। साधारणतः माघ, फागुनमा तोरीको मूल्य निक्कै घटेको हुन्छ। तर वर्षायाम शुरू भएपछि हिउँदकोभन्दा डेढी वा दोब्बरसम्म तोरीको भाउ बढ्ने गर्छ।

पशुपालन

खेतीपातीसित अभिन्न रूपले जोडिएको पशुपालन गर्ने काम स्वभावतः यहाँका किसानहरूले पनि परम्परादेखि गरिआएका हुन्। एक अध्ययनअनुसार यस जिल्लामा पालिने पशुपक्षीका जात र संख्या निम्न अनुसार छः–[2]

---

1 HMG-Agricultural Statistics of Nepal, 1972, Table 18

2 HMG and ADB-Chitwan Valley Development Project, p.IV—33

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जात	प्रजनन् शक्ति भएका पशुपक्षी	जम्मा संख्या	प्रति परिवार औसत पशुपक्षी
गाई गोरु	४७,३००	१,५५,२००	५.३६
राँगो भैंसी	५६,०००	१,००,२००	३.४६
बाखा	१५,६००	४२,०००	१.४२
भेंडा	११,१००	१६,४००	०.७
सुंगुर	९५०	२,२००	०.१
कुखुरा	७४,९००	४,१५,६००	१४.३७
हाँस	६,०००	८,६००	०.३

माथिको तथ्याङ्कले यस जिल्लाको पशुधन बारे केही महत्वपूर्ण कुरामाथि प्रकाश पार्छ। यहाँ सबैभन्दा धेरै गाई, गोरु र त्यसपछि भैंसी राँगा पालिन्छन् । यहाँ गाई गोरुको कुलसंख्या १,५५,२०० र भैंसी राँगाको संख्या १,००,२०० छ। यहाँ पालिने भैंसी राँगाको तुलनामा अधिकांश गाई गोरु प्रजनन् शक्ति नभएका अर्थात् बूढा, रोगी र अशक्त भएका देखिन्छन् । जम्मा १,५५,२०० गाई गोरुमध्ये प्रजनन् क्षमता भएकाको संख्या ४७,३०० (३०.५ प्रतिशत) छ । भैंसी राँगाको जम्मा संख्या १,००,२०० मध्ये प्रजनन् क्षमता राख्नेहरूको संख्या ५६,००० (५५.९ प्रतिशत) छ । अस्वस्थ राँगा भैंसी काटिने भएकाले, गाई गोरुको तुलनामा राँगा भैंसीमा प्रजनन् शक्ति भएका पशुहरूको संख्या बढी देखिएको हो।

अन्य पशुहरूमा यहाँ बाखा भेडा कम संख्यामा पालिन्छन् । त्यसमा पनि सुंगुर पालन सबैभन्दा कम संख्यामा गरेको देखिन्छ । पक्षीहरूमा सबैभन्दा धेरै कुखुरा र केही संख्यामा हाँस पाल्ने गरिन्छ ।

रामपुर कृषि केन्द्रमा सन् १९६६ मा पशु विकास फार्म स्थापना गरिएको थियो । पशु विकासको क्षेत्रमा अनुसरणित अनुसन्धान गर्ने कृषकहरूलाई तालीम दिने र पशुको नशलमा सुधार ल्याउने र नयाँ जातको पशुलाई प्रचारमा ल्याउने उद्देश्यले यस फार्मले शुरूमा भारतबाट १२ वटा हरियाना गाई-गोरु र सन् १९६२ मा छ वटा मुर्रा भैंसी र राँगा तथा सन् १९६३ मा केही संख्यामा ह्याम्पशायर सुंगुर ल्याएको थियो।

हाल यस पशु विकास फार्ममा निम्नबमोजिम विभिन्न उन्नत नशलका पशुहरू छन्:—

उन्नत जातको पशुहरूको संख्या

जात	संख्या
हरियाना गाई गोरु	५८
रेड सिन्धी	४
सिन्धी र हरियानाको क्रस र जर्सी	
हरियानाको क्रस गाई गोरु	१६
नेपाली गाई	१
जर्सी र नेपाली क्रस	१
ब्राउन स्वीसको क्रस	१
जम्मा—	८६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै मुर्रा जातको भैंसीको संख्या १४८ छ र हाल तिनीहरूमध्ये ब्याउने भैंसीको संख्या ६० वटा छ ।

यस फार्ममा विभिन्न जातका सुंगुरहरू छन् जो यसप्रकार छन्:–

सुंगुरको जात	वीर	भुनी	जम्मा
यार्कशायर	२	१८	२०
लैण्डरेश	–	४	४
यार्कशायर र लैण्ड रेशको क्रस	१	१५	१६
न्यू ह्याम्पशायरको क्रस	–	१	१
जम्मा:–	३	३८	४१

उपर्युक्त उन्नत नश्लका जातका पशुहरूको बच्चा प्राप्त गर्न सर्वप्रथम जे. टी. ए. मार्फत जिल्ला कृषि विकास कार्यालयमा निवेदन दिनु पर्छ र जिल्ला कृषि विकास अधिकृतको लिखित अनुरोधमा पशु-विकास केन्द्रद्वारा वितरण गर्ने गरिन्छ । सन् १९७२ सम्म उक्त पशु-विकास केन्द्रद्वारा किसानहरूलाई वितरण गरिएको उन्नत नश्लका बच्चाहरूको संख्या निम्नबमोजिम छ:–

वितरण गरिएका पशुका बच्चाहरूका संख्या

जात	संख्या
सुंगुर	६०१
भैंसी राँगा	४
गाई गोरु	३४

यसरी उक्त फार्मले उन्नत नश्लका पशु बच्चाहरूको वितरणका साथ साथै उन्नत जातको साँढे र राँगोद्वारा बाहिरका गाई भैंसीलाई प्राकृतिक किसिमले गर्भादान (बाली गराउने) गराउने सेवा पनि उपलब्ध गराएको छ । आर्थिक वर्ष २०२७।०२८ र २०२८।०२९ मा त्यसरी गर्भादान गराइएका भैंसी र गाईको संख्या निम्नबमोजिम छ:–

साल	भैंसी	गाई
२०२७।०२८	३०३	२५
२०२८।०२९	२९०	१०
जम्मा:–	५९३	३५

त्यसका अतिरिक्त जिल्लामा कृत्रिम गर्भाधान सेवा १९७१ मा मात्र शुरू गरिएको थियो। हालसम्म जम्मा ६० वटा गाई भैंसीलाई कृत्रिम गर्भाधान प्रदान गरिएको छ ।

जिल्ला कृषि विकास कार्यालय अनुसार आर्थिक वर्ष २०३०।०३१ मा यहाँ उन्नत जातको कुखुराको चल्ला ५,०६९, माछाको भूरा ४५,२००, सुंगुर ५६, राँगो १०, साँढे पाँच वटा किसानहरूलाई बिक्री वितरण गरिएको छ ।

यस जिल्लामा पशुहरूको साधारण स्वास्थ्यको स्थिति त्यति राम्रो रहेको पाइँदैन । तिनिहरूलाई दिनको तीन-चार घण्टाजसो खाली चौर, बाँझो खेत, कुलाको छेउमा चराउन लगिन्छ । दूध दिने वा गाडा र हलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तान्ने पशुहरूको लागि छुट्टै कुँडा-पानीको व्यवस्था बाहेक बाँकी पशुको ज्यादै कम वास्ता राखिन्छ । परिणाम-स्वरूप धेरै जस्तो जनावरहरू दुब्ला, कमजोर र धङ्गधगाउने अवस्था पुगेका हुन्छन् ।

यस जिल्लाका पशुहरूलाई खोरेत, माटे, गौगोटी, कानमा पीप हुने आदि रोगले सताउँछ । यहाँ धेरै गाई भैंसीका बाछा पाडाहरू नाम्ले, न्यूमोनिया र माटे आदि रोगद्वारा मर्छन् । रोगी गाई डिङ्गालाई अलग अलग गरेर राख्ने गरिंदैन । त्यसैले गर्दा स्वस्थ गाई डिङ्गा पनि बिरामी हुने वा मर्ने गर्छन् । रोगी पशुहरूको उपचारको लागि भरतपुरमा एक पशु चिकित्सालय राखिएको छ । कहिले काहीं संक्रामक रोग व्याधिले हुण्डरी मचायो भने केन्द्रीय स्तरबाट पशु-चिकित्सक टोली आइपुग्दछ । रोगी गाई डिङ्गाको उपचार गरे वापत पैसा लिने गरिंदैन ।

फलफूल खेती

यस जिल्लामा उल्लेखनीय मात्रामा फलफूल खेती गरिएको पाइँदैन । कतै कतै आँपका साना साना बगैंचाहरू लगाइएका छन् । प्रायः फलफूलका बोटहरू घरको वरपर या केही समृद्ध परिवारले आफ्नो बगैंचामा लगाएका हुन्छन् ।

सन् १९७०।०७१ मा यस जिल्लामा विभिन्न फलफूलका बोटहरू निम्न संख्यामा थिए:—

फलफूलको नाम	संख्या
आंप	१९,०००
सुन्तला	२,०००
कागती	२,०००
मेवा	२१,०००
केरा	३,०७,०००
भूइँकटहर	६,०००
लीची	५००
अम्बा	६,०००

चितवनको समथर भू-भागमा आंप, मेवा, केरा, भूइँकटहर लीची र अम्बाका निम्ति निकै उपयुक्त हावापानी र माटो छ । सुन्तला र कागतीको निम्ति जिल्लाको पहाडी भेक बढी अनुकूल हुन्छ ।

यहाँका विभिन्न बजारहरूमा पहाडतिरबाट ल्याएको सुन्तला र वीरगञ्जबाट ल्याएको आँपको निकै खपत हुने गर्छ ।

कृषि विकास

यस जिल्लामा शुरूमा आदिम तरीकाले खेती गर्ने गरिन्थ्यो भन्नु अत्युक्ति हुँदैन । यहाँका किसानहरू बियाडबाट धानको बीउ काढेर, खेतमा रोप्ने गर्दैनथे । त्यसको सट्टा खेतमा सोधैं बीजन (धान) छरिदिने गर्दथे । मकै छर्दा पनि हलोको सियोमा अडकल गरेर नराखी सोधैं जमीनमा छरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फ्याँकिदिन्थे। बाली लगाए पछि ज्यादै कम गोडमेल गर्थे वा गर्दै गर्दैनथे। बालीनाली पाकेर थन्काए पनि भरेर वा नापेर राख्नेसम्म गर्दैनथे।

पहाडबाट बसाइँ सरी आएका किसानहरूले यहाँको परम्परागत तरीकाभन्दा केही सुधारिएका तरीकाले खेती गर्न थाले। साँघुरो जग्गामा दश नङ्ग्रा खियाएर मेहनत गरेका पहाडका किसानहरूले मैदानी भागमा झरे पनि कृषि प्रविधिलाई कायमै राखे। चितवन उपत्यका विकास कार्यक्रम र त्रिभुवन ग्राम विकास कार्यक्रम अन्तर्गत यहाँ उन्नत तरीकाको खेती बारे प्रचार प्रसार गरिएको थियो तापनि कृषि विकास कार्यक्रमलाई बढी क्रमबद्ध र प्रभावशालीरूपमा कार्यान्वित गर्न वि. सं. २०२३ मा यहाँ जिल्ला कृषि विकास कार्यालयको स्थापना गरियो।

हाल यस जिल्लामा कृषि विकास कार्यक्रम अन्तर्गत खाद्यान्न र नगदेबालीको उत्पादन वृद्धि, उन्नत जातको पशुपक्षी विक्री वितरण, नश्ल सुधार तथा आधुनिक कृषिका विभिन्न पक्षबाट किसानहरूलाई परिचित गराउने र तालीम दिने कुरामा जोड दिइएको छ। यस कार्यक्रम प्रति चितवनका किसानहरूले निक्कै ठूलो चाख र उत्साह देखाएका छन्। परिणामस्वरूप उन्नत बीउ, रासायनिक मल, कीटनाशक औषधि र सुधारिएको कृषि औजारको प्रयोग प्रत्येक वर्ष बढ्दै गइरहेको छ। उक्त कृषि सामग्री सुगमतासाथ उपलब्ध गराउने कार्य भरतपुरस्थित कृषि खरीद विक्री संस्थानको उप-शाखा कार्यालयले गर्दै आइरहेको छ। आर्थिक वर्ष २०३१।०३२ मा यस जिल्लाका किसानहरूले २०८ मेट्रिक टन धान, ३४४ मेट्रिक टन गहुँ, १३१ मेट्रिक टन मकै, दुई मेट्रिक टन तरकारी, १०४ मेट्रिक टन तोरी, ३०१ मेट्रिक टन आलुको उन्नत बीउको प्रयोग गरेका थिए। त्यस्तै रासायनिक मल र कीटाणुनाशक औषधिको उपयोग पनि बढ्दै गइरहेको छ। सोही वर्षमा यहाँ ७३३ मेट्रिक टन एमोनियम सल्फेड, ६१५ मेट्रिक टन कम्प्लेक्स, २४६ मेट्रिक टन म्यू. पोटास र दुई मेट्रिक टन यूरिया प्रयोग गरिएको थियो। कीटाणुनाशक औषधिमा झोल (औषधि) २२३ लिटर, धूलो (औषधि) ६,५१७ के. जी. विक्री भएको थियो। सर्वसाधारण किसानहरूमा सुधारिएको फलामे हलो र मध्यम तथा धनी किसानहरूका बीचमा पावर टिलर निक्कै लोकप्रिय भएको छ।[1]

यस जिल्लामा आजभोली उन्नत जातको धान सि. यच. ४५ रोप्ने चलन बढ्दैछ। यो धान सिचाइ सुविधा भएको क्षेत्रमा चैत महीनामा रोपेर असारमा बाली लिई पुनः साउनमा धान रोप्न सकिन्छ। आजभोली यहाँका किसानहरू हलोको सियोबाट मकै छर्ने गर्छन्। मकैबालीका लागि पाखो मात्र होइन कि आज भोली खेत जग्गा पनि प्रयोगमा ल्याउन थालिरहेका छन्।

आठ १० वर्ष अघि यहाँ गहुँ बाली लगाउने प्रचलन थिएन। आज भोली यस बालीको उपयोगिता बारेमा किसानहरू बढी परिचित हुँदै गएका छन्। प्रत्येक वर्ष गहुँ बाली लगाउने क्षेत्र बढ्दै गईरहेको छ।

साथै जिल्ला कृषि विकास कार्यालयबाट स्थानीय किसानहरूलाई फलफूल उत्पादन तर्फ प्रोत्साहित गर्न यहाँ आर्थिक वर्ष २०३०।०३१ मा विभिन्न प्रकारका २४,४२३ फलफूलका बोट विरुवा विक्री वितरण गरिएको थियो।

रामपुर कृषि केन्द्र

यस जिल्लामा कृषि विकास कार्यक्रमको अनुसन्धान र विस्तार पक्षसित सम्बन्धित संस्थाहरूमध्ये अर्को उल्लेखनीय अनुसन्धानमखी केन्द्र-रामपुर कृषि केन्द्र हो।

१. जिल्ला कृषि विकास कार्यालय भरतपुरको जानकारीमा आधारित।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामपुरमा यस केन्द्र अन्तर्गत जम्मा १०० हेक्टर जमीन रहेको छ। त्यसमध्ये ४० हेक्टरमा धान र ३६ हेक्टर जमीनमा मकै आदिको परीक्षणात्मक खेती गरिएको छ। बाँकी जग्गा अर्थात् २४ हेक्टर फार्मभित्रको सडक र घर आदिको निम्ति उपयोग गरिएको छ। यस अनुसन्धान केन्द्रले विभिन्न जातका धान, मकै, गहुँको संग्रह गरी केन्द्रको जग्गामा लगाउँछ। त्यस्ता बीउहरूमध्ये मल जल, माटो, मौसम, कीटाणु आदिलाई ध्यानमा राखी उपयुक्त ठहरिएका जातको बीउ लगाएर फार्ममा उत्पादन गराई कृषि खरीद बिक्री संस्थान मार्फत कृषक-हरूलाई वितरण गराउने व्यवस्था मिलाइन्छ। परवानीपुर कृषि फार्ममा धान, खुमलटार फार्ममा गहुँको बीउको सफल प्रयोग परीक्षण भए जस्तै यस कृषि केन्द्रमा मकैको परीक्षण सफल भएको छ।यस्ता उन्नत जातका मकैहरूमा हेटौंडा कम्पोजिट, रामपुर पहेंलो, ककनी पहेंलो र खुमलटार पहेंलो उल्लेखनीय छन् र जनप्रिय भएकाछन्।

साधारण जातको मकैको बीउबाट प्रति हेक्टर १.८ मेट्रिक टन उत्पादन हुन्छ भने उपर्युक्त नयाँ जात लगाउँदा प्रति हेक्टर तीन मेट्रिक टनसम्म उत्पादन हुने कुरा थाहा भएको छ।

यज्ञपुरी बागबानी केन्द्र

सन् १९६४ मा भरतपुरदेखि करीब दुई किलोमिटर दक्षिणमा जम्मा १३३ एकड जमीनमा यज्ञपुरी बागबानी केन्द्र स्थापना गरिएको थियो। शुरूमा यो केन्द्रलाई रामपुर कृषि केन्द्र अन्तर्गत बागबानी सम्बन्धी एक एकाईको रूपमा र.खिएको थियो। तर १९६६ देखि बागबानी सम्बन्धी छुट्टै विभाग खोलिएपछि हाल यो बागबानी केन्द्रले सीधै काम गर्ने गरेको छ।

हाल यो केन्द्र अन्तर्गतको १०६.५ एकड जमीनलाई फलफूल र तरकारीको बीउको अनुसन्धान एवं सङ्कलन र नर्शरीका लागि प्रयोगमा ल्याएको छ जो यसप्रकार छः–

फलफूल बगैंचा	६४.४ एकड
तरकारी खेती	१०.४ एकड
अनुसन्धान एवं सङ्कलन	९.२५ एकड
नर्शरी	४.९ एकड
बार बन्देज, बाटो, भवन आदिका लागि	१९.४ एकड

फलफूलका लागि छुट्याइएको ६४.४ एकड जमीनमा फलफूलका बिरुवाहरू लगाइएकोमध्ये धेरै जग्गामा "दसेरी" "लंगरा" "सफेदा" र "बम्बई" आँपहरू लगाएका छन्। बाँकी जग्गामा लीची, सुन्तला र कागती, अम्बा र केराका बिरुवाहरू रोपिएका छन्। हिउँद र वर्षामा लगाइने तरकारीको बीउ र बिरुवाहरू केन्द्रको जग्गामा प्रयोगात्मक रूपमा लगाउने र केही मात्रामा किसानहरूलाई वितरण गर्ने व्यवस्था मिलाइएको छ।

रापती मोडेल फार्म

उपर्युक्त यज्ञपुरी बागबानी फार्म भित्रका १३३ एकड जग्गामध्ये २४ एकड जग्गा रापती मोडेल फार्मका लागि छुट्याइएको छ। यो मोडेल फार्म २०२९ सालदेखि श्री ५ को सरकार र जापानी विशेषज्ञहरूको संयुक्त रेखदेखमा सञ्चालित भएको छ। यस फार्ममा अनुसन्धानका लागि धान, गहुँ, बदाम, कोदो, तोरी र विभिन्न तरकारीको खेती गरिएको छ। यस फार्ममा उत्पादित चिनोबोसे (जापानी) जातको मूला सालाखाला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक धार्नीको वजनसम्म भएको पाइएको छ।

सिचाइ

यस जिल्लाको विभिन्न भू-भागबाट ठूला नदीहरू र अनेकौं खोला नालाहरू बगेका छन्। नारायणी र राप्ती यस जिल्लाको प्रमुख नदी भएको कुरा माथि बताइसकिएको छ। जिल्लाको खेतीयोग्य भू-भागको उचाइदेखि होचिएर नारायणी नदी बगेको हुनाले र राप्ती नदीमा चुरेको काखबाट बग्दा धेरैजसो खेतीयोग्य जमीन उत्तरपट्टि र केही अग्लो भू-भागमा पर्न जाने हुँदा यी दुवै नदीको पानीलाई हालसम्म उल्लेखनीय रूपमा सिचाइका लागि उपयोग गर्न सकिएको छैन। हाल यहाँ खोलानालाको पानीले जे जति सिचाइ भएको छ, सो मुख्यत राप्तीका सहायक खोलाहरूबाट भएको छ। यहाँ वर्षा याममा भेल वा बाढी छोपेर वा पानी जम्मा गरेर पनि निक्कै जग्गा सिचाइ गरिन्छ। परम्परागत ढङ्गले अस्थायी बाँध हालेर वा कुलो काटेर सिचाइको लागि उपयोग गरिएका खोलाहरूमा उल्लेखनीय मनहरी, लोथर, कैर, बूढी राप्ती आदि छन्। तीमध्ये खगेरी खोलामा खगेरी सिचाइ योजना अन्तर्गत जिल्लाको एक मात्र महत्वपूर्ण आधुनिक बाँध निर्माण गरिएको छ।

खगेरी पञ्चनदी सिचाइ योजना

यस जिल्लामा वैज्ञानिक ढङ्गले सिचाइ सुविधा प्रदान गर्ने दिशाको प्रथम सोपानको रूपमा खगेरी सिचाइ योजनालाई लिन सकिन्छ। यो सिचाइ योजनाको थालनी २०१७ सालमा भएको र २०२४ सालमा योजना पूरा भएको थियो। यस योजना अन्तर्गत टिकौलीनिर खगेरी र पञ्च नदीको पानी उपयोग गर्ने गरी करीब ७० फीट अग्लो बाँधको निर्माण गरिएको छ। हालसम्म यस जिल्लामा यस किसिमको अर्को कुनै सिचाइ योजना छैन।

यस खोलामा बर्षादको समयमा पानी बढी हुने र हिउँदमा निक्कै कम हुने प्रवृत्ति छ। त्यसले गर्दा यस बाँधबाट हिउँद वर्षा अर्थात् सालैभरी सिचाइ सुविधा समान रूपले प्राप्त हुन सक्तैन। त्यस अर्थमा यो बाँध मुख्यतयाः वर्षे बाली लगाउन आवश्यक हुने पानी प्रदान गर्ने पूरक स्रोतको रूपमा मात्र रहेको छ। वर्षामा धान रोपी सकेपछि पानी नभइ नहुने बेलामा यस बाँधबाट लगेको पानीले ठूलो काम दिन्छ। तर चितवनमा वर्षामा प्रायः निक्कै बढी पानी पर्ने भएकोले कहिके काहीं बाँधको पानी अनावश्यक पनि भइदिन्छ।

यस बाँधसित जोडिएका मूल नहरहरूको जम्मा लम्बाइ १४ माइल र शाखा नहरहरूको लम्बाइ ५६ माइल छ। यी नहर र कुलाहरूबाट गएको पानीले सिंचित हुने खेत जग्गा डेवौली, गीतानगर, जगतपुर र पार्वतीपुर पञ्चायत भित्र पर्दछन्।

उक्त बाँधबाट साल सालै पटनी हुन सकेको जग्गाको क्षेत्रफल तल दिइएको छः–

खगेरी सिचाइ योजनाबाट सिंचित हुने भूमी र राजस्व[1]

आर्थिक वर्ष	सिंचित भूमि (हेक्टरमा)
	३,६२०
१९६७।०६८	३,८००
१९६८।०६९	२,२५०
१९६९।०७०	३,०००
१९७०।०७१	४,१५०
१९७१।०७२	

१. खगेरी सिचाइ योजना कार्यालयबाट प्राप्त जानकारीमा आधारित।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकामा १९६९।०७० मा र १९७०।०७१ मा अरू वर्षको तुलनामा निकै कम पटनी हुन सकेको देखिन्छ। त्यसकारण १९६९।०७० मा कम वर्षा भएकोले नै त्यसो भएको हो। जब कि १९७०।०७१ मा बढी वर्षा भई बाँधलाई क्षती पुऱ्याएकोले सिचाइ कम हुन सकेको हो। अन्य वर्षहरूमा १९७१।०७२ मा सबभन्दा बढी ४,१५० हेक्टर जमीन पटनी भएको देखिन्छ।

किसानहरूले बाँधबाट सिचाइ सुविधा उपलब्ध गरे वापत प्रति बिघा (०.६८ हेक्टर) रू. साढे छ तिर्नु पर्ने हुन्छ। एक अनुमानका अनुसार सिचाइ हुन नसकेको अर्थात् आकाशे खेती गर्नु पर्ने जग्गाबाट प्रति बिघा सरदर २० देखि ३० मुरी धान उब्जाउ हुन्छ भने सिचाइ सुविधा उपलब्ध भएको जग्गाबाट ४० देखि ६० मुरीसम्म धान उब्जाउ हुन्छ।

बाँधको सञ्चालन र स्याहार-सम्भारका लागि भरतपुरमा एक अ. ईञ्जिनीयर, एक ओभरसीयर, पानीको ढोका खोल्ने कर्मचारीहरू र सर्भेयरहरू रहेका छन्।

पिठुवा कुलो योजना

आर्थिक वर्ष २०२९।०३० मा पिठुवा खोला लघु सिचाइ योजना पूरा भएको छ। यो खोलामा कुनै पक्की बाँध हालिएको छैन। त्यसैले यो योजनाले मुख्यत वर्षाको बेलामा जमीन पटनी गर्न मद्दत गर्छ। उक्त कुलो योजना अन्तर्गत खनिएको कुलोको लम्बाइ करीब ६,०९६ मिटर अर्थात् २०,००० फीट छ। यस योजनाबाट खासगरी पिठुवा पञ्चायतको करीब ९६० हेक्टर जमीनमा सिचाइ सुविधा उपलब्ध हुने अनुमान गरिन्छ।

यसप्रकार चितवनमा आधुनिक सिचाइ सुविधा सीमित जग्गा जमीनलाई मात्र उपलब्ध हुनसकेको स्पष्ट छ। तर यहाँ वृहत सिचाइ योजनाहरू प्रस्तावित र कार्यान्वयनको विभिन्न चरणमा रहेकाले चाँडै नै सिचाइको स्थितिमा ठूलो परिवर्तन आउने निश्चित प्रायः छ।

चितवन उपत्यका सिचाइ योजनाः

चितवन उपत्यकाको १२ हजार हेक्टर जमीनमा बाह्रै महीना सिचाइ सुविधा उपलब्ध गराउने र अन्य ३०,००० हेक्टरमा कृषि विकास कार्य गर्ने उद्देश्यले १२ करोड रूपैयाँको लागतमा चितवन उपत्यका सिचाइ योजना शुरू गरिएको छ। उपर्युक्त रू. १२ करोडमध्ये आठ करोड रूपैयाँ एशियाई विकास बैंकबाट ऋण स्वरूप प्राप्त हुने भएको छ। यस योजना अन्तर्गत नारायणगढ बजारदेखि केही माथि नारायणी नदीको पानीलाई १५० देखि २०० फीटसम्म शक्तिशाली पम्पद्वारा खिचेर रिजर्भ्वाएरमा जम्मा गर्ने र त्यसरी झिकिएको पानीलाई तीन वटा मुख्य नहरहरूद्वारा सिचाइका लागि वितरण गरिने छ। यसबाट भरतपुरदेखि दक्षिण–पश्चिमतिरको १२,००० हेक्टर जमीन सिचाइ हुनेछ।

कृषि ऋण

परम्परागत ऋण लिने स्रोत अन्य जिल्लामा जस्तै यस जिल्लामा पनि स्थानीय साहू महाजन हुन्। यहाँ प्रायः तोरी दिने शर्तमा पनि ऋण लगानी गर्ने गरिन्छ। तोरी पाक्नुभन्दा केही समय अगावै तोरीको बिक्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर निश्चित गरिन्छ र तोरी उत्पादन हुने परिमाण हेरी ऋण प्रदान गर्ने गरिन्छ। यसो गर्दा पैसाको सङ्कटमा परी ऋण लिने किसानले लिएका ऋणको ब्याज दिनुका साथै पहिले नै तोकिएको दर-भाउमा तोरी बिक्री गर्नु पर्ने हुन्छ। यसप्रकार किसानहरूले परम्परागत स्रोतबाट ऋण लिने गर्दा चर्को ब्याज दर र अनुचित रूपले सस्तो दरमा तोरी बेच्नु पर्ने दोहोरो मारमा पर्छन्। भूमिसुधार कार्यक्रम लागू भएपछि किसानहरू माथिको ऋणको भार केही हल्का भएको छ भने, अर्कोतिर किसानहरूलाई उचित ब्याज दरमा कृषि ऋण र अन्य सहूलियत प्रदान गर्न यस जिल्लामा केही वर्ष अघिदेखि विभिन्न प्रयास भएका छन्।

यस जिल्लामा सर्वप्रथम सहकारी संस्थाको संगठन यहाँ बसोबास शुरू हुँदादेखि नै अर्थात् २०१३ सालमा शुरू भएको थियो। प्रारम्भमा विभिन्न गाउँहरूमा सहकारी संस्था गठन गरी गोरुको लागि नगद र जिन्सीको रूपमा, खाना र बीउको लागि गहुँ, मकै, धान, आदि समेत दिइएको थियो। तर यी संस्थाहरू शुरू-देखि नै ज्यादै निस्क्रिय रहेकाले तिनीहरूलाई प्राथमिक बहुमुखी सहकारी संस्थाको रूपमा पुनर्गठन गरियो। नाममा बहुमुखी भए पनि व्यवहारमा मुख्यतः नगद ऋण वितरण गर्ने कार्यमा यी संस्थाहरूले आफूलाई सीमित राखे। यसरी सहकारी संस्थाहरूलाई पटक पटक पुनर्गठन गर्ने सिलसिलामा आर्थिक वर्ष २०२६।०२७ देखि यस जिल्लामा पनि निर्दिष्ट सहकारी संस्थाहरूको संगठन गरियो।

हाल यस जिल्लामा प्राथमिक तहका बहुमुखी सहकारी संस्थाको संख्या सात वटा छ। यहाँ एउटा जिल्ला सहकारी संघ पनि रहेको छ। यी सात प्रारम्भिक तहका बहुमुखी सहकारी संस्थाहरूद्वारा २२ वटा गाउँ पञ्चायतहरूमा कृषकहरूलाई मल, बीउ, कीटनाशक औषधि, कृषि औजार आदि उपलब्ध गराइन्छ।

निर्दिष्ट सहकारी संस्थाको सञ्चालन र सफलता मूलतः कृषि विकास बैंकद्वारा खटिएका व्यवस्थापक माथि निर्भर हुन्छ। पहिलाभन्दा यो प्रणाली अन्तर्गत बढी प्रभावकारी किसिमले काम भइरहेको छ। उपर्युक्त निर्दिष्ट सहकारी संस्थाहरू हाल नाफामा सञ्चालन भइरहेका छन्। यिनीहरूको जम्मा शेयर पूँजी रू. ६६.९४७। पुगेको छ।

यस जिल्लामा २०२३ सालमा उपभोक्ता सहकारी संघ र सहकारी बिक्री तथा ऋण संघ स्थापना गरिएका थिए। तर यी दुवै संस्थाहरू राम्ररी सञ्चालित हुन सकेका थिएनन्। त्यसैले ती दुवै संघको उद्देश्य र कार्यक्रमलाई ध्यानमा राख्दै, दुवैलाई एकीकरण गरी २०२४ सालमा जिल्ला सहकारी संघ लि. खडा गरिएको छ। यसको कार्यालय भरतपुरमा राखिएको छ। हुन त यो संघले पनि २०२५ सालसम्म केही खास काम गर्न सकेन। तर अन्य प्राथमिक तहका निर्दिष्ट सहकारी संस्था झैं यसलाई पनि निर्दिष्ट तरीकाले सञ्चालन गर्न लागिएकोले हाल उपर्युक्त बहुमुखी संस्थाहरूलाई आवश्यक हुने नगद र जिन्सीको रूपमा मल, बीउ बीजन, कीटनाशक औषधि र कृषि औजार आदि यही संघद्वारा प्राप्त हुन्छ।

यस संघको शेयर पूँजी रू. ३५,३०६। र यसको नाउँमा बैंकमा डिपोजिट रू. २,३९,४२७। छ। यसको आफ्नै स्वामित्वमा आएको फूलबारी स्थित एक तेल र चामल मिल (४० अश्व शक्तिको) पनि चाँडै नै सञ्चालन हुने भएको छ।

यस जिल्लाको ४२ पञ्चायतमध्ये केवल २२ वटा गाउँ पञ्चायतहरूमा सहकारी संस्थाका क्रियाकलाप सीमित भएका छन्। सो क्षेत्र भित्रका कृषकहरूलाई ८० प्रतिशत कृषि ऋण सहकारी संघ संस्थाबाट प्राप्त हुने अनुमान गरिएको छ। तर यो अल्पकालीन कृषि ऋण हो। सहकारी संस्थाका सदस्यहरूले आफूले लिएको कृषि ऋण ब्याज सहित बाली भित्र्याएको तीन महीना भित्र बुझाउनु पर्ने हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि विकास बैंक

यस जिल्लाको सदरमुकाममा कृषि विकास बैंकको उप-शाखाको स्थापना २०२४ साल माघमा भएको थियो। हाल बैंक कारोवार बढ्दै गएकोले २०३० साउनदेखि शाखा कार्यालयमा परिणत गरिएको छ। हाल यस बैंकले मुख्यतः निर्देशित बहुमुखी सहकारी संस्था र सहकारी संघ तथा ग्राम समिति मार्फत किसानहरूलाई ऋण वितरण गर्ने काम गर्छ।

यस बैंकबाट गत २०२८।०२९ को आर्थिक वर्षको चैत महीनासम्म गएको र असूल उपर भएको ऋणको रकम तलको तालिकामा देखाइएको छ।

ऋण दिइएको क्षेत्र	कुल लगानी	असूल भएको	बाँकीऋण
खाद्यान्न उत्पादन	६,३०,४७०.०	४,३२,६४०.०	१,९७,८३०.०
नगदेबाली (उखु)	३४,१९३.०	—	३४,१९३.०
कृषि उत्पत्ति खरीद	२१,०००.०	१६,५०३.०	४,४९७.०
गोदाम निर्माण	६,६२०.०	४,११६.०	२,५०४.०
उपभोक्ता सेवा	८,०००.०	७,५७६.०	४२४.०
कृषि व्यापार	२२,४१६.०	९,६८५.०	१२,७३१.०
कृषि, आधुनिकीकरण (ट्रेक्टर, पम्प खरीद)	४,७७,४९६.०	८१,३२४.०	३,९६,१७२.०
सिचाइ	२०,०००.०	८,९८१.०	११,०१९.०
कृषि उद्योग	१,१४,०००.०	३४,०००.०	८०,०००.०
फलफूल	६२,०००.०	३,५००.०	५८,०००.०
जम्मा	१३,९६,१९५.०	५,९८,३२५.०	७,९७,३७०.०

माथि देखाइएको लगानी तालिकाको तुलनामा आर्थिक वर्ष २०३०।०३१ को प्रथम पाँच महीनामा मात्र लगानी तर्फ १४,१९,०९८। र असूलीमा २,५८,९३२। पुगेकोले यहाँ कृषि विकास बैंकको बढ्दो गतिविधिको सङ्केत मिल्दछ।

उद्योग

यस जिल्लामा खासगरी साना र मझौला स्तरका उद्योगहरू छन्। ती सबैजसो स्थानीय कच्चा पदार्थमा आधारित छन्। यस्ता खालका उद्योगहरूमा संख्याको दृष्टिले सबैभन्दा धेरै चामल र तेल मिल पर्न आउँछन्। त्यसका साथै काठ मिल र होटल आदि पनि छन्। स्थानीय जात जाति विशेषको परम्परा र सीपमा आधारित अनेकौं हस्तकलाका सामानहरू पनि यहाँ उत्पादन गरिन्छन्। तर यस्ता उद्योगहरू असंगठित अवस्थामा छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा भएका औद्योगिक प्रतिष्ठानको प्रकार र संख्या तल दिइएको छः–[1]

प्रतिष्ठानहरू	अश्वशक्ति	संख्या
धान, तेल मिलहरू	११ देखि १८	३७
धान, तेल मिलहरू	१९ देखि २५	३७
धान, तेल मिलहरू	२६ देखि माथि	३०
स–मिल	–	१
ईंट भट्टा	–	४

माथिको फेहरिश्तमा देखाइएअनुसार यहाँ धान कुट्ने र तोरी पेल्ने मिलहरूको जम्मा संख्या १०४ रहेको छ। यी मिलहरू जिल्लाको समथर भू–भागमा छन्।

यहाँका मिलहरू तोरीमाभन्दा चामल उत्पादनमा जोड दिने गर्छन्। जिल्लाको अधिकांश धान यिनै मिलहरूद्वारा प्रसोधित हुन्छन्। नारायणगढ, रत्नपुर र पटिहानी आदि स्थानमा चामलको प्रशस्त कारोवार हुन्छ। यहाँको चामल काठमाडौं र पोखरा तथा अन्य पहाडी जिल्लाहरूमा लैजाने गरिन्छ।

उपर्युक्त सबैजसो मिलमा जेनेरेटरद्वारा शक्ति उत्पादन गरिन्छ। यस जिल्लाका पाँचवटा मिलहरू भरतपुर डिजेल संयन्त्रबाट उत्पादित विद्युत् शक्तिबाट चलेका छन्। केही वर्ष अघि नेपाल औद्योगिक विकास निगमको ऋण लगानीमा नारायणगढमा एक आधुनिक चामल मिल खोलिएको छ। अन्य मिलको तुलनामा यस मिलको धान कुट्ने क्षमता निकै बढी छ। यसको सबै संयन्त्र जापानबाट मगाइएको हो। यो मिलमा यहाँ व्यापक प्रचलनमा रहेको हलर टाइपकोभन्दा भिन्दै रबरबाट बनेको "शेलर" टाइपको उपकरण जडान गरिएको छ। त्यसैले यसमा कुटेको धानमा हलरमा कुटेको धानको भन्दा बढी प्रतिशत चामल निस्कन्छ। अर्को कुरा यस मिलबाट उत्पादित चामल सफा र मिहीन किसिमको हुन्छ।

यस जिल्लामा निजी स्तरमा सञ्चालित एक काठ मिल रहेको छ। यो मिलको दैनिक २,००० घनफूट काठ चिरानी गर्न सक्ने क्षमता छ। उक्त मिललाई सञ्चालन गर्न चाहिने शक्ति मिलकै जेनेरेटरबाट उत्पादन गरिन्छ।

यस जिल्लामा विभिन्न निर्माण आयोजनाहरू सञ्चालन हुनुका साथै क्रमशः बजार. हटिया र कतै कतै गाउँ गाउँमा समेत केही धनी मानिसहरूले पक्की घर बनाउँदै लैजाने क्रम बढिरहेकोले ईंटको निकै खपत हुन्छ। जिल्लाको पहाडी भेकमा बाहेक अन्यत्र घरको गारो लाउने ढुङ्गाको अभाव छ। ईंट बनाउने काममा खास-गरी काठमाडौंबाट गएका नेवार जातिका मानिसहरू लागेका हुन्छन्। अन्य मजदूर स्थानीय मानिसहरू हुन्छन्। ईंट पोल्नलाई नभइ नहुने काठ जिल्ला वन कार्यालयबाट पूर्जी लिई जङ्गलबाट झिकिन्छ। ईंट बनाउने कार्य खासगरी हिउँदमा गरिन्छ।

जिल्लाको अन्तःशुल्क कार्यालयका अनुसार उपर्युक्त विभिन्न औद्योगिक प्रतिष्ठानबाट आर्थिक वर्ष २०२६।०२७ देखि २०२९।०३० सम्ममा अन्तःशुल्कको रूपमा जम्मा रू. ५,५६,९८२। आम्दानी भएको देखिन्छ।

१. अन्तशुल्क कार्यालय, भरतपुरबाट प्राप्त जानकारी अनुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्यटन उद्योग

जिल्लामा भएका माथि उल्लिखित उद्योगहरूमध्ये अर्को एक महत्वपूर्ण उद्योगको रूपमा टाइगर टप्सलाई लिन सकिन्छ। श्री ५ को सरकार, वन मन्त्रालय र टाइगर टप्सका बीच १९६४ मा भएको एक करार-नामा अनुसार यस जिल्लाको दक्षिणी भेकमा पर्ने रिउ नदीको किनारको ६८ हेक्टर (१०० बिघा) जमीनमा १५ वर्षका लागि होटल खोल्ने इजाजत दिइएको छ।

विश्वमा लोपहुँदै जान लागेका दुर्लभ जङ्गली जनावर गैंडा र बाघलाई प्राकृतिक वातावरणमा पर्यटकहरूलाई अवलोकन गराउने व्यवस्थाको लागि उक्त होटलले तीनवटा मचानहरू बनाएको छ। यी मचान-हरूबाट प्रायः बाघ, बघिनी र डमरूहरूलाई हेर्न पाइने व्यवस्था मिलाइएको छ। जङ्गली जन्तुले बढी घना वन जङ्गल रुचाउने र बढी वन्यजन्तुहरू भएमा उक्त होटलको मुख्य आकर्षण कायम रहिरहने हुनाले सिद्धान्तत टाइगर टप्स ती उद्योगहरूमध्ये एक हो जसको हीत वन जङ्गल र वन्यजन्तुको संरक्षणमा निहीत रहेको छ।

माथि उल्लिखित १०० बिघा क्षेत्रको एक खण्डमा टाइगर टप्स होटलका जङ्गली वातावरण मुहाउँदो काठका अग्ला घरहरू छन्। यहाँ आउने पर्यटकहरूको संख्या बढ्दै गएको छ। १९६९ मा यो संख्या २,५०० पुगेको थियो।

घरेलु उद्योग

सामान्यतया प्रत्येक कृषक परिवारले फुर्सदको समयमा स्थानीय कच्चा पदार्थ र परम्परागत सीप र प्रविधिको उपयोग गरेर कतिपय उपयोगी र आकर्षक वस्तुहरू तयार गर्दछन्।

यस जिल्लाका विशेषत पहाडी भेकमा बस्ने गुरुङ, तामाङ, मगर र चेपाङ आदि जातिका मानिसहरू डोको, मान्द्रो, सुप्पो, पेरूङ्गो र काठको ठेकी आदि उत्पादन गर्दछन्। जिल्लाको समथर भू-भागमा बस्ने विभिन्न जातिहरूमध्ये थारू जातिमा गुंद, पराल, खोसेल्टा, बाबियो, बेत, बाँस र पात आदिबाट ढकी, गुन्द्री, सुकुल, चकटी, डोरी, नाम्लो र टोकरी आदि बुन्दछन्। त्यसका अतिरिक्त यहाँ माटो र काठबाट विभिन्न प्रकारको (विशेषत देवताका) मूर्तिहरू र खेलौना बनाउने, बुट्टा भर्ने, विभिन्न रङ्गहरू लाएर आकर्षक पार्ने आदि हस्त-कलाका काम पनि हुन्छन्। गुरुङ, मगर जातिका मानिसहरू विशेषत आइमाईहरू चहकिलो पोशाक मन पराउँछन्। यिनीहरू रुमाल, थैली, मयेत्रो आदिमा अनेकौं रङ्गका बुट्टा र झुम्काहरू हाल्न सिपालु हुन्छन्। यस्ता बस्तुहरूमध्ये कतिपय पारिवारिक खपतका लागि मात्र र कतिपय मेला वा बजारमा लगी बिक्री गर्ने गरिन्छ।

परम्परादेखि असंगठित रूपमा चलि आएकोले यी बस्तुहरू जति मिहीन आकर्षक हुनु पर्ने हो त्यति भएको पाइँदैन।

केही वर्ष अघि शिव नगर, वीरेन्द्र नगर र गीता नगर गाउँ पञ्चायतका केही उद्यमशील व्यक्तिहरूले आ-आफ्नो पञ्चायतमा कपडा बुन्ने तानहरू राखेर घरबुना कपडा उत्पादन गरेका थिए। त्यसका लागि घरेलु अञ्चल केन्द्र वीरगञ्जबाट ऋण पनि लिएका थिए। तर मुख्यत खुला बजारमा विदेशी कारखाना निर्मित कपडा-सँग प्रतिस्पर्धा गर्न नसकेकोले र रङ्ग रोगनको मूल्य अप्रत्याशित रूपमा वृद्धि भएकोले उक्त उद्योगहरू बन्द हुन गए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको सदरमुकाममा घरेलु तथा ग्रामीण उद्योग विकास कार्यालय रहेको छ। यस कार्यालयले स्वीटर, टोपी, मोजा, पञ्जा, बास्केट, मेच, खाट, पिर्का, लटाई आदि उत्पादन गर्नुका साथै विभिन्न चार शाखा (सिकर्मी, बेतबाँस, होजियरी र सूती) अन्तर्गत प्रशिक्षण दिने कार्य गरेको छ।

यहाँ घरेलु उद्योग स्तरका विभिन्न निजी उद्योग सञ्चालित रहेका छन्। तिनीहरूमध्ये पाउरोटी र क्यानिङ्ग उद्योग उल्लेखनीय छन्।

पाउरोटी:- शुरूमा नारायणगढ बजारको लंकुर, भरतपुरमा गरी दुई पाउरोटी उत्पादन गर्ने साना स्तरका उद्योगहरू खोलिएका थिए। आर्थिक कारणले भरतपुरको पाउरोटी उद्योग बन्द भएको र नारायणघाट निरको अर्को एक पाउरोटी उद्योगले हाल पनि दैनिक ३०० पाउण्ड पाउरोटी उत्पादन गर्ने गरेको छ।

एक अध्ययन अनुसार चितवनमा नयाँ बसोबासले गर्दा जनसंख्या बढ्दै गएको,प्रति व्यक्ति आयमा र खाने आदतमा पनि परिवर्तन हुन लागेको तथा जिल्लामा आउने पर्यटकहरूको संख्या बढ्दै गएकोले पाउरोटी उद्योगको सम्भावना निकै राम्रो छ।[१]

क्यानिङ उद्योग:- केही वर्ष अघि यस जिल्लामा एक चितवन क्यानिङ उद्योगको स्थापना गरिएको थियो। यहाँ त्यसका सञ्चालनका लागि चाहिने विद्युत् उत्पादन गर्न एक डिजेल प्लान्ट समेत जडिएको छ। गत २०२६ सालदेखि २०२९ सालसम्म उक्त उद्योगबाट करीब रू. ६३,०००। को माल उत्पादन गरी विक्री गरिएको थियो। यस उद्योगको सञ्चालनमा मुख्य बाधाको रूपमा कच्चा पदार्थको अभाव रहेको छ।

व्यापार

यस जिल्लाको व्यापार मौसमी चरित्रको थियो अर्थात् हिउँदमा बाहिरबाट व्यापारीहरू आउँथे र धान, तोरी, मकै खरीद गरी जिल्ला बाहिर लैजान्थे। त्यस्तै केही व्यापारीहरूले दैनिक उपभोगका मालसामान नून, मट्टीतेल, लत्ता कपडा झिकाउने र विक्री गर्ने गर्थे। तर आज भोली यहाँ उल्लेखनीय व्यापारिक केन्द्रहरूको विकास भएको छ।

जिल्लाको सबैभन्दा ठूलो व्यापारिक केन्द्र नारायणगढ हो। यो स्थान खाद्यान्नका विभिन्न मालसामानहरूको मुख्य विक्री केन्द्रमध्ये एक हो। यहाँ खाद्यान्नका गोदाम, ठूला ठूला कपडा र किराना मालका पसल, चामल र तेल मिलहरू र फलफूलका मदिरा कार्यालय आदि रहेका छन्। यहाँका ठूला ठूला व्यापारीहरू मुख्यत: बन्दीपुर, गोरखाबाट आएका छन्।

जिल्लाको अर्को केन्द्र भरतपुर हो। यहाँ काठ मिल र काष्ठ उद्योग तथा साना पसलहरू छन्। भरतपुरबाट पूर्वतिर पस्ने रत्न नगर अर्को एक चलितको बजार हो। यस स्थानमा खाद्यान्न र तोरीको निक्कै खरीद विक्री हुने गर्छ। त्यहाँदेखि पूर्वतिर पर्ने भण्डारा, शान्ति नगर आदि स-साना बजारहरू रहेका छन्। जिल्लाको दक्षिण-पश्चिमतिर उल्लेखनीय बजारमा रामपुर, पर्साढाप र दक्षिण सीमानातिर ठोरी बजार पर्दछन्। नारायणघाट र ठोरीलाई एक कच्ची सडक (हिउँदमा मात्र चल्ने) ले जोडेको छ।

---

१. माथि उल्लिखित पाउरोटी र क्यानिङ उद्योग सम्बन्धी जानकारी बल्लभराज शर्माको Report of the Preliminary Su vey of Cottage and Small-Scale Industries in Chitwan District, 1973 मा आधारित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्यात

जिल्लाबाट बाहिर निर्यात हुने वस्तुहरूमा खाद्यान्नमा चामल, मकै नगदे बालीमा मुख्य तोरी र वन्य पैदावारमा काठ मुख्य छन् । यस जिल्लाको दक्षिणमा पर्ने नेपाल–भारत सीमानाको छेउ ठोरी बजारमा राखिएको छोटी भन्सार कार्यालयका अनुसार लकडी र तोरीको निकासीमा लगाइएको भन्सार दस्तूर वापत निम्न आर्थिक वर्षहरूमा निकासीबाट भएको आम्दानी यसप्रकार छः–

आर्थिक वर्ष	आम्दानी (रू० मा)
२०२६।०२७	२,६४,७४१।
२०२७।०२८	५४,६०४।
२०२८।०२९	१,२९,७६९।
२०२९।०३०	१,८०,०११।

उपर्युक्त ठोरी भन्सार बाहेक हेटौंडा हुँदै वीरगञ्जबाट समेत प्रशस्त मात्रामा यस जिल्लाको खाद्यान्न र तोरी निकासी गरिन्छ ।

पैठारी

यस जिल्लामा पैठारी हुने सामानहरूमा मुख्य कपडा, सूती धागो, नून, मट्टीतेल र धातुका विभिन्न सामानहरू हुन् । यी सबैजसो सामानहरू वीरगञ्ज मार्फत पैठारी गरिन्छ । केही मात्रामा भारतको नरकटिया गञ्ज रेल स्टेशन हुँदै ठोरीबाट पनि ल्याइन्छ । यस जिल्लामा भारत र अन्यत्रबाट पैठारी गरिएको सामानको परिमाण यकीन गर्न कठिन छ । तर जति सामान पैठारी गरिन्छ, त्यसको केही प्रतिशत जिल्लादेखि बाहिर खासगरी तनहूँ र नवलपुरका जिल्लाका मानिसहरूले समेत खरीद गरी लैजान्छन् ।

यस जिल्लामा आर्थिक वर्ष २०२९।०३० देखि मात्र कर कार्यालय स्थापना गरिएको थियो। सो कार्यालयका अनुसार उद्योगपति, व्यवसायिक र व्यापारीवर्गबाट एक वर्षमा रू. ५,५१,८७८। विभिन्न कर असूली भएको देखिन्छ ।

यहाँ दुई चार ठूला थोक व्यापारी बाहेक अधिकांश साना स्तरका व्यापारीहरू छन् । यी सबैजसो व्यापारीहरूले खेती र व्यापार दुवै गरिरहेका हुन्छन् । वास्तवमा तोरी, चामल र मकै खरीद बिक्री गर्ने कारोवारमा नै यहाँको व्यापारिक गतिविधि सीमित छ ।

बैंक

जिल्लाका प्रमुख व्यापारिक केन्द्रहरूमा बैंकहरू खुलेका छन् । नेपाल राष्ट्र बैंकको सटही काउण्टर र नेपाल बैंक लि. को शाखा नारायणगढ बजारमा राखिएका छन् । नेपाल बैंक लि. को उपशाखा रत्न नगरमा पनि छ । नेपाल कृषि विकास बैंकको उपशाखा हाल शाखामा परिणत गरिएको छ । यसको कार्यालय भरतपुरमा छ ।

साधारणत नेपाल बैंक लि. ले सुन, चाँदी र तोरी धितो राखी लगानी गर्ने, निक्षेप स्वीकार गर्ने, हुण्डी तथा मेल ट्रान्सफरको भुक्तानी गर्ने, गराउने कार्य गर्दछ । बैंक भएको स्थान र त्यसको वरपरका मानिसहरू र विशेषतः व्यापारीवर्गलाई यसबाट ठूलो सुविधा भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय जनगणना २०२८ अनुसार यस जिल्लामा १० वर्ष र सोभन्दा माथिका जनसंख्या १,२३,६०९ छ। त्यसमध्ये आर्थिक दृष्टिले क्रियाशील जनसंख्या ६४,५९० अर्थात् ५२.२ प्रतिशत छ। आर्थिक दृष्टिले क्रियाशील रहेकाहरूमध्ये कृषि र गैर कृषि व्यवसायमा लाग्ने पुरुष र महिलाको संख्या तथा प्रतिशत निम्न:– तालिकामा देखाइएको छ–

	क्रियाशील संख्या	प्रतिशत
कृषि, वन	६०,४१५	९३.५
उद्योग	५२३	०.८
व्यापार	१,५५०	२.४
यातायात, सञ्चार	२०२	०.३
वैयक्तिक र सामुदायीक सेवा	१,८३०	२.८
निर्माण, जलविद्युत् तथा व्यापारिक सेवा	७०	०.१
	६४,५९०	९९.९

व्यावसायिक दृष्टिले अझै पनि यो जिल्लामा ६४,५९० आर्थिक दृष्टिले क्रियाशील जनसंख्यामध्ये ६०,४०४ (९३.५ प्रतिशत) कृषि र माछा पालन तथा बाँकी ४,१८६ (६.५ प्रतिशत) अन्य विभिन्न व्यवसायमा लागेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

यातायात

जिल्लाको धेरैजसो भाग समथर परेकोले यहाँ शुरूदेखि नै यातायातको केही न केही सुविधा प्राप्त थियो। शुरूमा तोरी र खाद्यान्नको निकासी व्यापारको लागि चितवनमा गाडा चल्ने मार्गले गाउँ गाउँलाई जोडेको पाइन्छ। तर जिल्लाको पहाडी भेकमा शुरूदेखि नै यातायातको समस्या विकट रहिआएको छ।

यस जिल्लामा हाल प्रचलित मुख्य मुख्य सडकको चर्चा तल गरिन्छ:—

नारायणगढ—ठोरी सडक

यो परापूर्वकालदेखि चलिआएको जिल्लाको दक्षिणी र पश्चिमी भागको एक महत्वपूर्ण सडक हो। यो सडक नारायणगढबाट जिल्लाको दक्षिणी भाग ठोरीसम्म गएको छ। यस सडकमा रामपुर, पर्साढाप, मेघौली, वसन्तपुर, माडी आदि उल्लेखनीय स्थानहरू पर्छन्।

यो सडक निक्कै चालू रहन्छ। यसमा पैदल यात्रु लगायत गाडा र ट्रकहरू चल्ने गर्छन्। चितवनबाट भारत निकासी हुने तोरीको र लकडीको निक्कै ठूलो अंश यही सडकबाट ढुवानी गरी लगिन्छ। भारतको नर्कटियागञ्ज रेल स्टेशन नजीक पर्ने भएकोले जिल्लाका केही व्यापारीले यही मार्गबाट ठोरी हुँदै भारतीय माल सामान पैठारी गर्ने गर्छन्।

नारायणगढबाट ठोरीसम्म यसको कुल लम्बाइ ७३ किलोमिटर (४६ माइल) छ। यस भेकका जनतालाई वीरगञ्ज रक्सौलभन्दा ठोरी नर्कटियागञ्ज धेरै नजीक र छोटो पर्छ। भविष्यमा यो सडकको विकास र उपयोगको ठूलो सम्भावना रहेको छ। हाल यस सडकको स्थिति त्यति राम्रो छैन। वर्षा याममा वा हिउँदमै पनि पानी पर्‍यो भने गाडा-गाडी फस्ने गर्छन्। बीचमा रापती नदी तरेर जानु पर्ने र त्यस नदी माथि पुल थापिएको छैन।

हेटौंडा—नारायणगढ सडक

यो सडक २०१२।०१३ मा चितवन उपत्यका विकास कार्यक्रम शुरु हुनासाथै निर्माण हुन थालेको थियो र २०१५।०१६ मा निर्माण कार्य पूरा भएको थियो यो हेटौंडादेखि शुरू भएर जिल्लाको उत्तरी भागमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वबाट पश्चिम महाभारत लेकको घाँचैघाँच नारायणगढसम्म गएको छ। यस सडकमा मनहरीदेखि पश्चिम भण्डारा, रत्ननगर र भरतपुर आदि उल्लेखनीय बजारहरू तथा अनेकौं गाउँहरू पर्छन्। यस जिल्लाबाट हेटौंडा हुँदै काठमाडौं वा वीरगञ्ज हुँदै भारत जान आउन यही सडकले सम्भव बनाएको छ। यस जिल्लाको अधिकांश निकासी पैठारी व्यापार यही सडकबाट गरिन्छ। यहाँ ट्रक, बस र गाडा अविरल रूपले चलिरहेका हुन्छन्। त्यसैले यो सडक यस जिल्लाको सबभन्दा महत्वपूर्ण रहेको छ।

हेटौंडादेखि नारायणगढसम्म यो सडकको कुल लम्बाइ ८३ किलोमिटर (५२ माइल) छ। जिल्ला भित्र मनहरीदेखि नारायणगढसम्म यसको लम्बाइ ५४ किलोमिटर (३४ माइल) छ। यसको चौडाइ हेटौंडा देखि लोथरसम्म ७.५ मिटर (२४ फीट) र लोथरदेखि नारायणगढसम्म १० मिटर (३३ फीट) छ। यस सडकमा तीनवटा काठेपुल, दुई वटा फलामे पुल, १२२ वटा वक्सकलभर्ट र १३८ वटा पाइप कलभर्टहरू छन्।

यो सडक महेन्द्र राजमार्गको एक खण्ड र महेन्द्र राजमार्ग, एशियाई राजमार्गको एक भाग हुने भएकोले यसको पुनर्निर्माणको कार्य २०३२।०३३ आ. व. बाट शुरू हुने भएको छ। यस कार्यका लागि विस्तृत इन्जिनीयरिङ्गको काम समाप्त प्रायः भएको छ। तदनुसार यो सडक एशियाई राजमार्ग स्तरको बन्ने भएको छ। यसको चौडाइ १० मिटर (३३ फीट) को हुने र त्यसमध्ये सात मिटर (२३ फीट) मा कालोपत्र गरिंदै छ। यसको निर्माणको सिलसिलामा हार्दीदेखि वेन्सीसम्म करीब १० किलोमिटर (छ माइल) रेखाङ्कनमा परिवर्तन गर्नु पर्ने देखिसकेको छ। यसका साथै यस सडकमा छ वटा साना पुल, चारवटा ठूला पुल र जम्मा २७२ वटा कलभर्टहरू निर्माण गरिनेछन्।

भरतपुर–देवघाट सडक

यो सडक भरतपुरदेखि उत्तरमा नारायणीको किनारमा रहेको देवघाटसम्म पुगेको छ। यसको निर्माण खासगरी महेन्द्र राजमार्गको बुटवल नारायणगढ खण्डको निर्माणको सिलसिलामा केही वर्ष अघि भएको थियो। भरतपुरदेखि पाँच किलोमिटर (तीन माइल) सम्म पक्की सडक बनेको छ। त्यहींनिर नारायणीमा केही वर्ष अघिदेखि फेरी हालिएको र त्यसबाट मानिसहरू र माल सामान वारपार गराइन्छ। त्यहाँदेखि करीब चार किलोमिटर (२.५ माइल) उत्तरमा देवघाटसम्म एक चक्रेटो गएको छ। हिउँदमा देवघाटसम्म मोटर जाने गर्छ।

उपर्युक्त कच्ची र पक्की सडकहरूका अतिरिक्त प्रस्तावित गोरखा-चितवन सडकले चाँडै नै चितवन र त्यसको उत्तरको पहाडी भागलाई जोड्ने आशा गरिएको छ। यो सडकले त्रिशूलीको किनारै किनार मुङलिङटार, मझुवाघाट हुँदै गोरखा जिल्ला प्रवेश गर्ने छ।

हवाई सेवा

यस जिल्लाको झण्डै मध्य भागमा पर्ने झुवानीनिर बाघमारामा भारतका तत्कालीन भाइसराय लर्ड बोभेल चितवनमा शिकार खेल्न आउँदा अस्थायी रूपमा कच्ची विमानघाट बनाइएको थियो। गत धेरै वर्षदेखि सो विमानघाट प्रयोगमा आउने गरेको छैन। हाल यस जिल्लामा दुई कच्ची विमानघाटहरू छन्। (१) भरतपुर विमानस्थल (२) मेघौली विमानस्थल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भरतपुर विमानस्थलः– यो विमानघाट जिल्लाको सदरमुकाम भरतपुर बजारको छेउमा छ। यो वि. सं. २०१३ देखि चालू भएको हो। कच्ची विमानघाट भए तापनि ग्रोभेल मिस्सिएको माटो भएकोले यहाँ पानी जम्ने, हिलो हुने वा भास्सिने गर्दैन। यो विमानघाटको लम्बाइ ३,६०० फीट र चौडाइ ३०० फीट छ। स्टल विमान सेवा शुरू भएदेखि यहाँ हिउँद-वर्षा नियमित हवाई सेवा उपलब्ध हुने गरेको छ।

मेघौली विमानस्थलः– भरतपुरदेखि करीब ३२ किलोमिटर (२० माइल) दक्षिणमा रहेको मेघौली विमानघाट बेलायतकी महारानी एलिजावेथ (द्वितीय) को स्वागत गर्न अस्थायी रूपमा बनाइएको थियो। हाल विशेषतः टाइगर टप्स होटेल (मेघौलीबाट करीब पाँच किलोमिटर अर्थात् तीन माइल दक्षिण) मा आउने विदेशी पर्यटक तथा अन्य यात्रुहरूको सुविधाको लागि यहाँ हवाई सेवा चालू गरिएको छ। यो विमानघाट असोजदेखि असारसम्म चल्छ।

यस जिल्लामा उपर्युक्त विमानघाटका साथै रामपुरमा पनि एक स्टोल विमानघाट रहेको छ।

घाटहरू

यस जिल्लाको भू-भागबाट बगेर जाने मुख्य नदीमा नारायणी र राप्ती हुन्। यी नदीहरूमध्ये नारायणीमा हिउँद वर्षा डुङ्गा चल्छ। तर राप्तीमा वर्षाको समयमा मात्र डुङ्गा लाग्छ। यहाँका उल्लेखनीय घाटहरूमा खोरिया, मोहनघाट, भोसरघाट, देवघाट, विजौनी घाट आदि हुन्।

सञ्चार

यस जिल्लाको सदरमुकाम भरतपुरमा एक आकाशवाणी कार्यालय रहेको छ। उक्त कार्यालयबाट काठमाडौं, वीरगञ्ज, हेटौंडा, भीमफेदी, गौर र धादिङ आकाशवाणी कार्यालयसँग सीधै सम्पर्क राख्न सकिन्छ। उक्त केन्द्रमा २०२९।०३० सालको खबरहरू को जम्मा संख्या ४,२९८ भएको देखिन्छ।

हुलाक

यस जिल्लाको छोटी हुलाक कार्यालय भरतपुरमा छ। गाउँ गाउँमा हुलाक सेवा प्रदान गर्न निम्न गाउँ पञ्चायतमा अतिरिक्त हुलाकहरू खोलिएका छन्:–

(१) गीता नगर पञ्चायत (गीता नगरमा)
(२) शुक्रनगर पञ्चायत (शुक्र नगरमा)
(३) मेघौली पञ्चायत (पर्सा ढापमा)
(४) अयोध्यापुरी गाउँ पञ्चायत (घाघरमा)
(५) कठार गाउँ पञ्चायत (शान्ति नगरमा)
(६) वीरेन्द्र नगर गाउँ पञ्चायत (वीरेन्द्र नगरमा)
(७) भण्डारा गाउँ पञ्चायत (भण्डारामा)
(८) पीपले गाउँ पञ्चायत (म हुरीमा)
(९) चण्डी भञ्ज्याङ गाउँ पञ्चायत (चण्डी भञ्ज्याङमा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधारणतया यस जिल्लाबाट बाहिर जाने वार्षिक चिठी संख्या ३,५०० देखि ४,००० सम्म र जिल्लामा आउनेको संख्या ३,००० देखि ३,५०० भएको अनुमान गरिएको छ ।

बिजुली

गत केही वर्षदेखि भरतपुरमा एक ६०० किलो अश्व शक्ति भएको डिजेलबाट विद्युत् उत्पादन गर्ने संयन्त्र राखिएको छ ।

यस डिजेल संयन्त्रबाट उत्पादित विद्युत् भरतपुर, नारायणगढ, कल्याणपुर, मङ्गलपुर र शारदा नगरमा वितरित गरिएको छ । हाल जम्मा ग्राहक संख्या ५५४ पुगेको छ । त्यसमध्ये औद्योगिक कार्यका लागि उपयोग गर्ने ग्राहकको संख्या आठ वटा छ । हाल बिजुलीको प्रति यूनिट ।५० पैसाको दरले महसूल लिने व्यवस्था गरिएको छ ।

जिल्लामा विकास कार्य बढ्नुका साथै औद्योगिक तथा पारिवारिक आवश्यकताको लागि बिजुलीको माग बढ्दै जानु स्वाभाविक हो । हाल गण्डक योजनाबाट चितवनसम्म ट्रान्समिशन लाइन हाली विद्युत् ल्याउने योजनाका लागि श्री ५ को सरकार र एशियाई विकास बैंकका बीच एक सम्झौता भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

साधारणतः शिक्षाको क्षेत्रमा ढिलै थालनी गरेको भए तापनि चितवन जिल्लाको स्थिति तुलनात्मक रूपले नराम्रो छैन। यहाँ गत केही वर्षदेखि शिक्षाप्रति जिल्लाबासीहरूमा उल्लेखनीय अनुपातमा चासो बढेको कारण यहाँको शैक्षिक विकास पनि उल्लेखनीय नै रहेको छ।

यस जिल्लाको शैक्षिक प्रगतिको सन्दर्भमा महिलाहरूको साक्षरताको प्रतिशत निकै कम छ। तर अधिराज्यको वा आञ्चलीय आधारमा हेर्ने हो भने त केवल पुरुषहरूको साक्षरताको प्रतिशत उल्लेखनीय रूपले धेरै नभई महिलाहरूको साक्षरताको प्रतिशत समेत कम ठहऱ्याउन सकिँदैन।

अधिराज्य, नारायणी अञ्चल र अञ्चलका जिल्लाहरूको साक्षरता

	पुरुष साक्षरको प्रतिशत	महिला साक्षरको प्रतिशत	जम्मा जनसंख्याको साक्षरता प्रतिशत
नेपाल अधिराज्य	२३.६	३.९	१३.९
नारायणी अञ्चल	२१.१	३.८	१२.८
मकवानपुर जिल्ला	२०.२	३.२	११.९
पर्सा जिल्ला	२३.५	४.९	१४.७
बारा जिल्ला	१९.३	२.८	११.५
रौतहट जिल्ला	१३.८	२.२	८.२
चितवन जिल्ला	३३.९	७.४	२१.२

स्रोतः– राष्ट्रिय जनगणना, २०२८

माथिको तालिकाले अधिराज्यकै र अञ्चलीय आधारमा समेत चितवन जिल्लाको साक्षरताको प्रतिशत सबैभन्दा बढी भएको देखाउँछ। शिक्षा प्रतिको यो अनुराग विशेषतः बसाँइ सरी आउने बासिन्दाहरूमा निकै उल्लेखनीय रूपमा भएको अन्दाज गर्न सकिन्छ। मुलुकको विभिन्न भू-भागबाट चितवनमा बसाइँ सरी आउने मानिसहरू नयाँ घर-जाम गरेर बस्दाको क्रममा नयाँ सामाजिक परिपाटी पनि बस्दै जाने भएकोले तिनीहरूमा बढी परिवर्तनशीलताको भावना हुनु स्वाभाविक हो। यस्ता बसाइँ सरी आउने बाहुन, क्षेत्री, ठकुरी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुङ आदि र ती जातिहरूका भूतपूर्व सैनिकहरूको संख्या पनि निकै छ। चितवनका अन्य बासिन्दाहरूको तुलनामा थारू र चेपाङ, दराई र माझी समुदायले शिक्षा प्रति कम चाख देखाएको जस्तो लाग्छ तापनि यो स्थितिमा पनि क्रमशः परिवर्तन आउँदैछ।

चितवन जिल्लाको मात्र नभएर नेपालकै सन्दर्भमा पनि आधुनिक शिक्षा एउटा नयाँ प्रक्रिया भएकोले उमेर समूहका आधारमा साक्षरताको व्यापकता हेर्नको लागि छ वर्षदेखि माथिको विभिन्न उमेर समूहका पुरुष र महिलाको साक्षरताको संख्या र प्रतिशत तलको तालिकामा देखाइएको छः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६–९	११,२१२	२,९९४	२६.७	१०,९४३	१,२५१	११.४	२२,१५५	४,२४५	१९.२
१०–१४	११,९७२	६,४७६	५४.१	९,८७५	२,०१२	२०.४	२१,८४७	८,४८८	३०.९
१५–१९	९,३२८	४,५३४	४८.६	८,४३८	९७७	११.६	१७,७६६	५,५११	३१.०
२०–२४	७,८३६	३,१२८	३९.९	७,९५१	३८२	४.८	१५,७८७	३,५१०	२२.२
२५–२९	६,९१०	२,०४६	२९.६	७,१२४	२०२	२.८	१४,०३४	२,२४८	१६.०
३०–३४	५,९४२	१,५६९	२६.४	५,९२७	११९	२.०	११,८६९	१,६८८	१४.२
३५–३९	५,६५२	१,३७०	२४.२	४,९१२	७५	१.५	१०,५६४	१,४४५	१३.७
४०–४४	४,६१५	१,०५१	२२.८	४ ३२१	५४	१.२	८,९३६	१,१०५	१२.४
४५–५४	६,६५०	१,४७७	२२.२	५,०९५	८२	१.६	११,७४५	१,५५९	१३.३
५५–६४	३,६८७	७१६	१९.४	३.११७	२४	०.८	६,८०४	७४०	१०.९
६५ र माथि	२ १३३	३५०	१६.४	२,१२४	१३	०.६	४,२५७	३६३	८.५
जम्मा	७५,९३७	२५,७११	३३.९	६९,८२७	५,१९१	७.४	१,४५,७६४	३०,९०२	१.२२

माथिको तालिकामा १०–१४ र १५–१९ वर्षको उमेर समूहमा सबैभन्दा धेरै क्रमशः ८,४८८ (३०.९ प्रतिशत) र ५,५११ (३१ प्रतिशत) साक्षरहरूको संख्या भएको देखिन्छ। लिङ्गको आधारमा हेर्ने हो भने क्रमशः पुरुषको संख्या ६,४७६ (५४.१ प्रतिशत) र ४,५३४ (४८.६ प्रतिशत) भएको देखिन्छ भने त्यसै उमेर समूहमा महिलाहरूको संख्या क्रमशः २,०१२ (२०.४ प्रतिशत) र ९७७ (११.६ प्रतिशत) भएको पाइन्छ। तर २०–२४को उमेर समूहमा ३,१२८ (३९.९ प्रतिशत) पुरुषहरू साक्षर छन् भने महिलाहरूमध्ये साक्षरहरूको संख्या केवल ३८२ (४.८ प्रतिशत) छ। उमेर समूहमा जति माथि हामी जान्छौं उतिनै लोग्नेमान्छे र स्वास्नी मान्छेको निरक्षरताको परिमाण बढ्दै गएको देखिन्छ। छदेखि नौ वर्षको उमेर समूहमा साक्षर व्यक्तिको जम्मा संख्या ४,२४५ (१९.२ प्रतिशत) मध्ये पुरुषको संख्या २,९९४ र महिलाको संख्या १,२५१ भएको देखिन्छ।

यस जिल्लामा २०१२।०१३ सालमा केवल चार वटा मात्र प्राथमिक तहका विद्यालय खुलेका थिए। तर १४ वर्ष पछि अर्थात् २०२६।०२७ मा यहाँ प्राथमिक तहका १७८ वटा, निम्नमाध्यमिक तहका तीनवटा र माध्यमिक तहका नौवटा विद्यालय स्थापना भइसकेका थिए। २०२३ सालमा भरतपुरमा वीरेन्द्र इण्टरमिडिय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कलेजको स्थापना भएको थियो। सम्भवतः यहाँको शैक्षिक क्रियाशीलता कै कारण राष्ट्रिय शिक्षा पद्धतिको योजना सर्वप्रथम (२०२८ पुसदेखि) लागू हुने जिल्ला (चितवन र कास्की) मध्ये यो जिल्ला पनि एउटा भएको हो।

हाल यस जिल्लाका विभिन्न भागमा १७६ वटा प्राथमिक, ३३ वटा निम्नमाध्यमिक, १० वटा साधारण माध्यमिक र दुई वटा व्यावसायिक माध्यमिक विद्यालयहरू सञ्चालित छन्। उक्त विद्यालयहरूमा पढ्ने छात्र छात्राको संख्या तलको तालिकामा देखाइएको छ :–

छात्र छात्राको संख्याको तालिका

विद्यालयको स्तर	छात्र	छात्रा	जम्मा
प्राथमिक	६,६५२	२,०४४	८,६९६
निम्नमाध्यमिक	३,५३४	७९१	४,३२५
माध्यमिक	१,३८५	२०४	१,५८९
जम्माः–	११,५७१	३,०३९	१४,६१०

माथिको तालिकाअनुसार विभिन्न विद्यालयहरूमा हाल पढिरहेका छात्र छात्राहरूको कुल संख्या १४,६१० मध्ये छात्रको संख्या ११,५७१ (७९.२ प्रतिशत) र छात्राको संख्या ३,०३९ (२०.८ प्रतिशत) छ।

जनसंख्या सम्बन्धी परिच्छेदमा देखाइएअनुसार यस जिल्लाको ६–१५ वर्ष उमेर समूहको जनसंख्या ४८,१२७ भएकोमा हाल वास्तवमा विद्यालयमा पढिरहेका विद्यार्थीहरूको संख्या १४,६१० अर्थात् विद्यालय जाने उमेर समूहको कुलसंख्याको ३०.४ प्रतिशत भएको देखिन्छ ।

यस जिल्लामा माध्यमिक र अन्य निम्न तहका विद्यालयहरूमा जम्मा ७२३ शिक्षकहरू छन्। हाल यहाँका विद्यालयहरूमा पढिरहेका विद्यार्थीको कुल संख्या १४,६१० रहेको छ। यस हिसाबले यहाँ शिक्षक विद्यार्थी अनुपात १:२० छ, अर्थात् एक शिक्षकले २० जना विद्यार्थीलाई पढाउनु पर्ने हुन्छ।

शिक्षकको योग्यता र तालीममा नै धेरै हदसम्म पढाइको स्तर निर्भर गर्दछ। यहाँका जम्मा ७२३ शिक्षकमध्ये ३७२ (५१ प्रतिशत) ले तालीमप्राप्त गरेकाछन्। तुलनात्मक दृष्टिले हेर्ने हो भने नेपालका ज्यादै कम जिल्लाहरूमा मात्र ठूलो संख्यामा तालीमप्राप्त शिक्षकहरू उपलब्ध हुन सकेको देखिन्छ। यहाँ शिक्षा योजना लागू भएकोले पनि तालीम प्राप्त शिक्षकहरूको संख्या धेरै हुन गएको हो।

राष्ट्रिय जनगणना २०२८ मा यस जिल्लामा प्राथमिकमा ९,३०१; निम्नमाध्यमिकमा २,४१०; माध्यमिकमा २२९; स्नातकमा ५९८; स्नातकोत्तर स्तरमा आठले अध्ययनमा लागेका देखाइएको छ। सोही स्रोतअनुसार यस जिल्लामा ३६० प्राथमिक, ४२५ निम्नमाध्यमिक, ७४६ माध्यमिक, १७८ इण्टरमिडियट ११४ स्नातक र ३२ जनाले स्नातकोत्तर स्तरको शिक्षा-दीक्षा पूरा गरेकाछन्। त्यसमध्ये स्नातक र स्नातकोत्तर स्तरको योग्यता हासिल गरेका महिलाहरूको संख्या क्रमशः चार र तीन छ।

यस जिल्लामा भएका निम्नमाध्यमिक र माध्यमिक विद्यालयका भवनहरू धेरैजसो बनिसकेका छन्। तर प्राथमिक विद्यालय भवनहरूमध्ये ७५ प्रतिशत टहरा र छाप्राहरू छन् र तिनीहरूमध्ये कतिपय भवनहरू निर्माणाधीन रहेकाछन्। विद्यालयको संगठनमा पनि हाल परिवर्तन ल्याइएको छ। पहिलाको सञ्चालक समितिको स्थानमा (शिक्षा योजना लागू भएपछि) अब प्रत्येक विद्यालयमा एक सहयोग समिति रहेकोछ। त्यसको पदेन सचिव विद्यालयको प्रधान अध्यापक हुन्छ। यस समितिले विद्यालय सञ्चालनका लागि स्थानीय स्रोत जुटाउनुका साथै फर्निचर, स्कूल भवनको निर्माण र मरमत आदिका कार्यमा सघाउ पुऱ्याउने गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक वर्ष २०२९।०३० (शिक्षा योजना लागू भएको दोस्रो वर्ष) मा यस जिल्लाको शैक्षिक कार्यक्रमको निम्ति श्री ५ को सरकारबाट अनुदानको रूपमा रू. १५,६७,०२३। र स्थानीय स्रोतबाट रू. ५,९६,५२५। गरी जम्मा रू. २१,६३,५४८। खर्च भएको देखिन्छ। सरकारी तथा गैर सरकारी स्तरका समेत एक जिल्लाको शैक्षिक कार्यक्रमको निम्ति एक वर्षमा गरिएको उक्त लगानी रकम तुलनात्मक दृष्टिले निकै ठूलो देखिन्छ। स्थानीय स्रोतको रकमलाई हेर्दा समेत शिक्षा योजना लागू गर्न जति श्री ५ को सरकार कटिबद्ध रहेको देखिन्छ, त्यति नै स्थानीय जनता सहयोग गर्न तत्पर देखिन्छन्।

भरतपुरमा रहेको वीरेन्द्र इण्टर कलेजलाई गत साउन १, २०३० देखि मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान अन्तर्गत वीरेन्द्र क्याम्पसमा परिणत गरिएको छ। प्रथम र तेस्रो सेमेष्टर गरी साउन २०३१ मा यहाँ प्रमाणपत्र तहका जम्मा २०४ विद्यार्थी (त्यसमध्ये २४ छात्रा) अध्ययन गरिरहेका थिए। त्यस्तै रामपुर स्थित कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा आर्थिक वर्ष २०२९।०३० मा डिप्लोमा स्तरसम्मको जम्मा १६१ विद्यार्थी र भरतपुर स्थित चिकित्सा शास्त्र अध्ययन संस्थान (क्याम्पस एक्सटेन्सन असिष्टेण्ट नर्स मिडवाइफ) मा साउन २०३१ मा ५७ जना छात्राहरू अध्ययन गरिरहेका देखिन्छन्।

प्रौढशिक्षा

प्रौढहरूलाई साक्षर बनाउने कार्यक्रम अन्तर्गत यस जिल्लाको ३८ वटा पञ्चायतमा जम्मा ५४ स्थानहरूमा प्रौढ कक्षाहरू चलेका छन्। आर्थिक वर्ष २०२८।०२९ मा १,०३१ र २०२९।०३० मा १,०२० प्रौढहरू साक्षर भएका थिए।

प्रौढ शिक्षा अन्तर्गत पढ्ने पाठ्य पुस्तक, चक, स्लेट, लाल्टेन (राती पढ्ने भएकोले) आदि निशुल्क प्रदान गर्ने र १४ वर्षदेखि माथिका मानिसहरूलाई मात्र प्रवेश अनुमति दिने गरिन्छ। तर धेरै जसो निरक्षर वयस्कहरू बूढो भएको अनुभव गरी यस कार्यक्रम प्रति वैराग्यको भावना देखाउँछन्। प्रौढहरूलाई साक्षर बनाउने यो कार्यक्रम वर्षमा मोटामोटी आठ महीना चल्छ। एक व्यक्तिलाई साक्षर गराए वापत सम्बन्धित शिक्षकलाई (जो प्रायः स्थानीय स्कूलको शिक्षक हुन्छ) रू. आठ दिने व्यवस्था छ।

स्वास्थ्य

शुरूमा चितवनको जलवायु स्वास्थ्यका लागि ज्यादै हानीकारक मानिन्थ्यो। जिल्लाको मुख्य भू–भाग भित्री मधेशमा पर्ने र घना वन जङ्गलले गर्दा यहाँको जलवायु प्राणघाती औलो ज्वरको प्रकोप ल्याउने खालको थियो। धेरै मानिसहरूको मृत्यु औलो ज्वरबाट हुन्थ्यो। तर हाल औलो माथि प्रभावशाली किसिमले नियन्त्रण भइसकेको छ।

जनताको साधारण स्वास्थ्यको क्षेत्रमा केही राम्रा कामहरू भइरहेका छन्। अझै जुका, पेटको रोग, घाउ खटिरा, लुतो तथा क्षयरोग आदिबाट कतिपय जिल्लाबासीहरू पीडित छन्। प्रायः पेटको रोगहरू स्वास्थ्य सम्बन्धी चेतनाको कमी र पिउने पानीको अस्वच्छताले हुने गर्छ।

वि. सं. २०१३ मा भरतपुरमा जिल्लाको एक मात्र अस्पताल महेन्द्र आदर्श चिकित्सालयको स्थापना गरिएको थियो। हाल यस अस्पतालमा ३५ शय्या रहेको छ। यसमा तीन जना एम. बी. बी. एस. डाक्टरहरू र परीचारिकाहरू रहन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस अस्पतालमा गत २०२९ सालमा आउट डोरमा ६१,८५० र इनडोरमा २,५६२ जना बिरामीको उपचार गरिएको थियो। साधारण ज्वर, रूघा खोकी र पेट दुख्ने रोगका निमित्त सो अस्पतालको नजीक पर्ने क्षेत्र बाहेक अन्यत्रका बिरामीहरू आउँदैनन्। तर गम्भिर प्रकृतिका रोगको उपचार गर्न भने जिल्लाको विभिन्न भागबाट र भरतपुरको नजीक पर्ने गैंडाकोट (तनहुँ जिल्ला) तथा नवल-परासी जिल्लाको पूर्वी भेक आदि स्थानबाट समेत उपचार गराउन यहीं आउँछन्।

जिल्लाको विभिन्न भागमा जम्मा सातवटा स्वास्थ्य चौकीहरू राखिएका छन्। उक्त चौकीहरूको फेहरिस्त तल दिएइको छ।

भरतपुर स्वास्थ्य चौकी
रत्न नगर स्वास्थ्य चौकी
मनहरी स्वास्थ्य चौकी
चण्डी भञ्ज्याङ स्वास्थ्य चौकी
शिवनगर स्वास्थ्य चौकी
शारदानगर स्वास्थ्य चौकी
बघौडा स्वास्थ्य चौकी

उपर्युक्त स्वास्थ्य चौकी बाहेक जिल्लाको दक्षिण भाग माडीमा एक आयुर्वेदीय औषधालय छ।

अशिक्षित जनताको ठूलो समूह अझसम्म पनि लामा-झाँक्रीमा विश्वास गर्दछन्। चितवनको उत्तरी भेक महाभारत पर्वतको उत्तर-दक्षिण पाखोमा बस्ने चेपाङ जाति प्रत्येक रोगको उपचार धामीबाट गराउने गर्छन्। यहाँसम्म कि हँसियाले हात काट्यो भने पनि धामीबाट फुकाउँछन्। यस जातिमा प्रायः प्रत्येक परिवारमा एक धामी भएको हुन्छ। त्यस्तै थारू जातिमा औलो ज्वरबाट बच्न औलिया-"बाबा" (देवता) को अर्थ पूजा-आजा गर्छन्। त्यस बाहेक अन्य जातिका मानिसहरू बिसन्चो भयो भने बोक्सा-बोक्सी, भूत-प्रेत लागेको भन्ने सम्झन्छन्। यसरी यहाँका उपर्युक्त बासिन्दाहरू बिसन्चो हुना साथ लामा झाँक्री, धामी, ओझा र पण्डितहरूलाई गुहार्न पुग्छन्। तर यिनीहरूको धारणामा परिवर्तन आउन लागिरहेको देखिन्छ।

माथि उल्लिखित स्वास्थ्य सेवाहरूका अतिरिक्त यस जिल्लामा औलो उन्मूलन, बिफर उन्मूलन र परिवार नियोजन कार्यक्रम सञ्चालित छन्।

खानेपानी

यस जिल्लामा भूमिगत पानीको सतह निकै माथि (३०-४० फीटमा पानी भेटिन्छ) भेटिने हुनाले यहाँ व्यापक रूपमा इनार र हाते पम्प (ट्यूबवेल) बाट निकालेको पानी खाने गरिन्छ। त्यसका अतिरिक्त नारायणी, लोथर, रापती आदि नदीको पानी खानको निम्ति पनि उपयोग गरिन्छ।

आर्थिक वर्ष २०३१।०३२ देखि भरतपुर खानेपानी योजनाको प्रारम्भिक कार्य शुरू भएको छ। यस योजना अन्तर्गत नारायणी नदीको पानीलाई पम्पद्वारा खिचेर प्रशोधन गरी भरतपुर र नारायणगढ बजारमा खानेपानी उपलब्ध गराइने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

राणाकालीन समयमा चितवन इलाकाको प्रशासन मकवानपुर इलाकाको तत्कालीन सदरमुकाम चिसापानी गढीमा तैनाथ गरिएको "ग" श्रेणीको बडाहाकिमबाट हेरिन्थ्यो। पछि शिकारको दृष्टिले चितवनको महत्व बढेकोले वीरगञ्जस्थित "क" श्रेणीको बडाहाकिमले हेर्न लागे। चितवन इलाकाको सदरमुकाम झुवानी भन्ने स्थानमा थियो। उक्त सदरमुकामदेखि उत्तर-पश्चिमतिर उपरदाङ गढीदेखि दक्षिण पहाडको घाँचमा शेरबास भन्ने ठाउँमा माल, अदालत, भन्सार र हुलाक अड्डा राखिएका थिए। उपरदाङ गढीमा मिलसिया चौकी र वन जाँच अड्डाहरू थिए।

चितवन इलाकालाई चितवन, बेलोक, कालाबजार, टाँडी र माडी गरी जम्मा पाँच प्रगन्नामा बाँडिएको थियो। प्रत्येक प्रगन्नामा एक एक चौधरी थियो। यहाँ अनेकौं मौजाहरू थिए। प्रत्येक मौजामा एक जिमीन्दार रहन्थे।

चितवन उपत्यका विकास कार्यक्रम २०१२।०१३ देखि शुरू भए पछि यस इलाकाको नयाँ सदरमुकाम भरतपुरमा क्रमशः अड्डा अदालतहरू बसाल्न थालियो। हाल यस जिल्लामा रहेका विभिन्न सरकारी तथा अन्य कार्यालयको फेहरिस्त निम्नप्रकारको छः–

कार्यालयको नाम

प्रमुख जिल्ला अधिकारीको कार्यालय, भरतपुर
प्रहरी निरीक्षक कार्यालय, भरतपुर
प्रहरी निरीक्षक कार्यालय, ठोरी
कारागार कार्यालय
नारायणी वन कार्यालय, भरतपुर
वनजन्तु संरक्षण कार्यालय, टिकौली
कोष तथा तहसील कार्यालय, भरतपुर
अन्तःशुल्क कार्यालय, भरतपुर
कर कार्यालय, नारायणगढ
छोटी भन्सार, ठोरी
जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय, भरतपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्ला अदालत कार्यालय, भरतपुर
सहायक सरकारी वकीलको कार्यालय, भरतपुर
जिल्ला शिक्षा कार्यालय, भरतपुर
महेन्द्र आदर्श चिकित्सालय, भरतपुर
नेपाल औलो उन्मूलन संघ, भरतपुर
पशु चिकित्सालय, भरतपुर
बिफर उन्मूलन कार्यालय, भरतपुर
खानेपानी ढल निकास योजना कार्यालय, भरतपुर
सडक सब–डिभिजन, मझुई
छोटी हुलाक कार्यालय, भरतपुर
आकाशवाणी र स्याटेलाइट कार्यालय, भरतपुर
कृषि विकास बैंक, भरतपुर
कृषि खरीद बिक्री संस्थान, भरतपुर
जिल्ला कृषि विकास कार्यालय, भरतपुर
जिल्ला सहकारी कार्यालय, भरतपुर
भूमि प्रशासन कार्यालय, भरतपुर
खगेरी सिचाइ योजना कार्यालय , भरतपुर
घरेलु उद्योग अञ्चल केन्द्र, भरतपुर
जिल्ला पञ्चायत कार्यालय, भरतपुर
परिवार नियोजन शाखा कार्यालय
शाही नेपाल वायु सेवा निगम, भरतपुर
उद्योग वाणिज्य संघ, चितवन
साझा प्रकाशन कार्यालय, भरतपुर

जिल्लामा बडाहाकिम राख्ने पुरानो पद्धतिलाई हटाई विकेन्द्रीकरण योजना लागू भएपछि जिल्लाको शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी अन्ततः प्रमुख जिल्ला अधिकारी माथि आइपऱ्यो। जिल्लाको प्रमुख प्रशासकको रूपमा जिल्लास्तरीय अन्य कार्यालयहरूको सामान्य रेखदेख तथा सामञ्जस्य ल्याउने र विकासका निम्ति प्रशासनिक दृष्टिले उपयुक्त वातावरण सिर्जना गरिदिने कार्य प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट हुन्छ।

बहुसंख्यक जिल्लाबासी नयाँ बसोबास गरी बसेकोले जग्गा सम्बन्धी झै झगडाहरूमा अदालती कार्यवाही बाहेक ठाडो कार्यवाही गर्नु पर्ने काम पनि यहाँको प्रमुख जिल्ला अधिकारीको कार्यालयमा परिआउँछ।

जिल्लामा विभिन्न विकास आयोजना र कार्यक्रम सञ्चालन गर्ने विभिन्न कार्यालयहरूको बढ्दै जाने संख्या अनुमान गर्दा प्रमुख जिल्ला अधिकारीको अनेकौं प्रशासनिक तथा अन्य जिम्मेवारी बढ्दै गइरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रहरी

अरू जिल्लामा जस्तै यस जिल्लामा पनि एक प्रहरी निरीक्षक कार्यालय, जिल्लाको सदरमुकाम र त्यस अन्तर्गत चौकीहरू विभिन्न ठाउँमा राखिएका छन्। यो जिल्लामा जम्मा आठवटा प्रहरी चौकीहरू निम्न स्थानहरूमा राखिएका छन्:—

मनहरी	
झुवानी	नारायणगढ
रत्न नगर	कर्मेया
पिपरिया	गीता नगर
	भरतपुर, गोन्द्राङ

जिल्लाको शान्ति सुरक्षा तथा अन्य प्रहरी सम्बन्धी गतिविधि मुख्यत जिल्लाको सदरमुकाममा रहेको जिल्ला प्रहरी निरीक्षक कार्यालयले हेर्दछ तापनि २०२४ सालदेखि (जिल्लाको दक्षिणी सीमानामा पर्ने) ठोरीमा पनि एउटा प्रहरी निरीक्षक कार्यालय राखिएको छ। यसरी एउटा जिल्लामा दुई प्रहरी निरीक्षक कार्यालय राखिए तापनि कार्यक्षेत्र छुट्याइएको छ। ठोरी सीमाक्षेत्रमा पर्ने भएकोले ठोरी स्थित प्रहरी निरीक्षक कार्यालयले मुख्यतः सीमा गश्ती गर्ने कार्य गर्छ।

माथि उल्लिखित दुवै प्रहरी निरीक्षक कार्यालयहरू नारायणी अञ्चल एस. पी. कार्यालय अन्तर्गत रहेकाछन्।

न्याय

यस जिल्लाको सदरमुकाममा भएको जिल्ला–अदालतमा एक राजपत्राङ्कित द्वितीय श्रेणीको न्यायाधीश र निजका अन्तर्गत काम गर्ने न्याय सेवाका विभिन्न स्तरका कर्मचारीहरू रहेकाछन्।

वि. सं. २०२८।०२९ देखि २०२९।०३० सम्म यस अदालतमा पर्न आएका मुद्दाहरूको संख्या र प्रकार निम्न अनुसार छः—

साल	फौजदारी	देवानी	जम्मा
२०२८।०२९	३९८	५०९	९०७
२०२९।०३०	३७१	५०९	८८०

यहाँ फौजदारीमा चोरी र देवानीमा ठगी मुद्दाहरू धेरै पर्ने गर्छन्।

पञ्चायत

यस जिल्लामा कुल ४२ वटा गाउँ पञ्चायत छन्। राष्ट्रिय पञ्चायतमा यस जिल्लालाई एक जनाले प्रतिनिधित्व गर्दछ।

भित्री मधेश क्षेत्रमा पर्ने यस जिल्लाको जिल्ला पञ्चायतको आयको स्रोतमा मुख्य घाट ठेक्का रकम, मिलहरू खोल्न इजाजत दस्तूर, रेडियो कर चन्दा, श्री ५ को सरकारले दिइने अनुदान आदि हुन्। उक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्रोतहरूको आधारमा चितवनको जिल्ला पञ्चायतको २०२९।०३० सालको अनुमानित बजेट रू.२,२४,०३०। थियो तर उक्त सालमा खुद आम्दानी हुन आएको रकम रू. १,९८,५८६। भएको देखिन्छ ।

जिल्लाका सबै गाउँ पञ्चायतहरूको वार्षिक आम्दानी एकनासको हुँदैन । पहाडी क्षेत्रमा आम्दानीको स्रोत र रकम निक्कै कम र समथर भू–भागका पञ्चायतहरूको स्रोत र आम्दानी समेत बढी भएको देखिन्छ।

गाउँ पञ्चायतको आम्दानीको मुख्य स्रोतहरू घर जग्गा कर, ट्रयाक्टर कर, मिल कर, व्यापार कर, दर्खास्त दस्तूर, रेडियो नवीकरण शुल्क र जिल्ला पञ्चायतबाट दिइने अनुदान आदि हुन् । समथर भू–भागको मङ्गलपुर, भरतपुर,जगतपुर,भण्डारा, मटिहानी समेत जम्मा पाँच गाउँ पञ्चायतको २०२८।०२९ र २०२९।०३० को वार्षिक बजेटको रकमको हिसाब गर्दा औसत पञ्चायतको वार्षिक आम्दानी रकम रू. २१,६८०। भएको देखिन्छ । तर पहाडी क्षेत्रका पाँचवटा गाउँ पञ्चायतहरूमा ट्रयाक्टर र मिल आदि नभएकोले त्यस्ता पञ्चायतहरूको आम्दानीको स्रोत निक्कै कम छ ।

यस जिल्लामा स्थानीय विकास अन्तर्गत सञ्चालित आयोजनाहरूमा मुख्यतः धारा, कूवा, इनार पञ्चायत भवन, कुलो बाटो आदि हुन् । यस्ता आयोजनाहरू स्थानीय विकास विभागले दिएको अनुदान र जन श्रमदान समेतबाट पूरा गर्ने गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

नेपाल अधिराज्यको मध्य भागमा रहेको चितवन जिल्ला भौगोलिक अवस्थिति र प्राकृतिक सम्पदाका दृष्टिले निकै महत्वपूर्ण रहेको छ। यो जिल्ला नेपालको मध्य भागको मूलद्वारको रूपमा रहेको छ भने अर्को-तिर यो भू–भागमा रापती, नारायणी जस्ता महत्वपूर्ण नदी र घना वन जङ्गलको उपस्थितिले गर्दा आर्थिक विकासका दृष्टिले अत्यन्त महत्वपूर्ण ठहरिएको छ।

केही दशक अघिसम्म मृत्यु–उपत्यका वा कालापानीका रूपमा रहेको चितवन इलाका आज विकासको पथमा द्रुततर गतिले बढ्दै गइरहेको छ। नेपालमा आवधिक विकास योजना शुरू हुनासाथै संवत् २०१२।१३ मा यहाँ हेटौंडा–भरतपुर सडकको निर्माण आरम्भ गरिएको थियो। त्यहाँदेखि हालसम्म यस क्षेत्रमा निकै ठूलो मात्रामा विकास लगानी भएको छ।

हाल चितवन उपत्यका विकास योजना अन्तर्गत वृहत् सिचाइ योजना र कृषि कार्यक्रमको प्रारम्भिक काम भइरहेको र आउँदो दुई-तीन वर्षमा यहाँ (गण्डक योजनाबाट) थप विद्युत् सुविधा उपलब्ध हुने भएको छ। त्यस्तै विद्यमान हेटौंडा–नारायणगढ सडकमा महेन्द्र राजमार्गको एक खण्डका रूपमा व्यापक सुधारका कार्य हुने र त्यसले यो जिल्लालाई मुलुकको अन्य धेरै भागसँग जोड्नुका साथै आर्थिक विकासको निम्ति राम्रा अवसर प्रदान गर्ने निश्चित छ। त्यसका अतिरिक्त प्रस्तावित गोरखा-चितवन मार्गले मध्य पहाडी जिल्लाहरूसँग यस जिल्लाको आर्थिक र अन्य सम्बन्ध दिगो बनाउन प्रशस्त मद्दत गर्ने स्पष्ट छ। यसरी चितवन जिल्लामा चौतर्फी विकासका निम्ति मुख्य पूर्वाधारहरू तयार भएको देखिन्छ। यहाँ सबभन्दा धेरै विकासको सम्भावना कृषिमा नै छ। प्रस्तावित सिचाइ आयोजना पूरा भए पछि यस जिल्लामा हुने खाद्यान्न तथा अन्य बालीका उपजहरू– मध्ये नेपालका अभावग्रस्त इलाकाका खाद्यान्नको आवश्यकता पूरा गर्ने दिशामा ठूलो मद्दत मिल्ने देखिन्छ। त्यस दिशातर्फ प्रभावकारी उपलब्धि हासिल गर्न यहाँ कृषि उपकरणहरूको बढी प्रयोग, कीटाणु नियन्त्रण, गोदाम व्यवस्था, बाली विविधीकरण आदि कृषि विकास कार्यक्रमहरूलाई व्यापक बनाउँदै लैजानु पर्दछ।

गत केही दशक अघिदेखि यहाँको वन जङ्गलको अतिक्रमण र हानी नोक्सानीले गर्दा यहाँको आवहवामा नराम्रो असर पर्न गएको छ। यहाँ ठूलो संख्यामा पाइने गैंडा र बाघको मूलोच्छेदन हुनेसम्मको स्थिति आउनु यसको सबैभन्दा ठूलो प्रमाण हो। यस दिशामा सुधार गर्न वाइल्ड लाइफ म्यानेजमेण्ट डिभिजन आदि-द्वारा गरिएको संरक्षण कार्यको अतिरिक्त हालै मात्र स्थापित चितवन शाही राष्ट्रिय निकुञ्जका गतिविधि महत्व पूर्ण हुनेछन् तापनि यहाँ बढ्ने आवादीबाट वन सम्पदाको अतिक्रमण हुन नदिनु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हालसम्म यस जिल्लामा अधिकांश धान र तोरी मिल रहेका र गैर कृषि उद्योगमा एक काठ मिल र होटल रहेकाछन् । निकट भविष्यमा यहाँ कृषि र वन पैदावरमा आधारित केही ठूला उद्योग धन्धाहरू खुल्नजाने सम्भावना प्रवल छ ।

अन्त्यमा यस जिल्लाको विकासको असर जिल्लाभरी बढी समान रूपले वितरण गर्न यहाँका पिछडिएका थारू, दरैं, माझी, दनुवार, चेपाङ आदि जातिका मानिसहरूलाई विकास कार्यमा बढी संलग्न गर्ने र सोबाट वाञ्छित लाभ उठाउन सक्ने बनाउन आवश्यक कार्यक्रम सञ्चालन हुनु पर्ने देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धिपत्र

पृष्ठ	लहर	अशुद्ध	शुद्ध
५	३१	फुर्वी छ्यापु	फुर्वी चाच्यू
१२	फूट नोट	Department of Forest Resources Survey	Department of Forests, Forest Resources Survey
१३	२०	प्रदत्वबाट	वैभवको
१९	फूट नोट	१ धनवज्र	३. धनवज्र
२१	१४ देखि १७	यात्रा गर्ने यात्री .. .. पुग्छ भनी लेखेको छ।[४]	ई. सं. १६१६ तथा १६२१ को बीचमा नेपालबाट तिब्बतमा यात्रा गर्ने पादरी डेसिडेरीले, "धेरै भएको छैन कुतीको किल्ला तथा प्रदेश काठमाडौंका राजाको अधीनमा थिए तथा अचेल ती ह्लासाका अधीनमा छन्" र किरोङ्गका विषयमा, "किरोङ्ग प्रदेशबाट दक्षिण हिंडेपछि मानिस नेपालका दोस्रो सानो राजाको पाटन राज्यमा पुग्छ" भनी लेखेका छन्।[४]
२१	फूट नोट	४. Desideri, Filippo Ippolito-An Account.....Chapter I	४. सूर्यविक्रम ज्ञवाली, नेपाल उपत्यकाको मध्यकालीन इतिहास, पृष्ठ १४९
२९	२१	२०१८ र २०१८	२०१८ र २०२८
३०	२७	२४	२६
३०	३०	३,०६१	३,०१६
३३	६	१३,१७४	१३,१७५
३६	२५	क्षेत्रमा	क्षेत्रका
३६	२६	गएका छन्।	आएका छन्।
३८	१५	आउँन्	आउँछन्।
४२	८	२०।	२.०
४२	९	१,३२,२८४	१,३२,२८२
५५	२९	६९	६६
५५	३३	तेलहन ६७	तेलहन र तेल ४४१
६२	८	४,६३,३४८	४,६३,३३८
७१	२५	वर्षमा पश्चिमाञ्चल	वर्षमा सुदूर पश्चिमाञ्चल
८०	३२	पातर	पातल
८१	१	पोगटि	पवटी
८५	२१	५.४	८.५
८५	२३	५.४	८.५
८६	४	३२.०	३२.२
८८	१५	कलेसो	हलेसो
९०	१०	भन्ने रा	भन्ने कुरा
९०	१८	शासकी	शासकको
९१	१०	इ. श.	इ. शि.
९१	२४	नारायण सिंह	नारायण सिंह (जयनारायण)
९१	२६	राटोदेव	रायदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	लहर	अशुद्ध	शुद्ध
९३	८	तिनै ठकुराईका समस्या मल्ल भूमिको निरीक्षण पृथ्वीनारायण शाहले गरिसकेका थिए।	मल्ल भूमिको निरीक्षणबाट पृथ्वी-नारायण शाहले तीनै ठकुराईका समस्या बुझिसकेका थिए।
१००	८	२६,७०६ घर रिवार	२५,३०६ घर परिवार
१००	११	४,४७२;	४,३७६;
१००	११	४,६३९	४,३४५
१००	११	४,१०१	३,६४१
१००	१२	पाँच जना	चार जना
१०१	१६	५२,८४५	५२,८४८
१०१	१७	३५,९५९	३२,९५९
१०१	१९	१८ वर्षभित्र	१९ वर्षभित्र
१०२	२७	सुकाठंकोर	सुका ठोकर
१०३	६	क्षेत्रङ्ग	क्षेत्रपा
१०७	३	हापू	हायू
१११	२१	१,९९,९०६	१,९८,९०६
११३	१९	फेरी ३,८५०	फेरि ३,८२५
११४	१५	पाँच हेक्टर	.०५ हेक्टर
११७	२	२८,२५०	२८२.५०
११७	६	प्रशिक्षण	परीक्षण
११९	२४	खरीद बिक्री संस्थानबाट	शाखाबाट
१२३	२१	गएको छ।	जाने छ।
१२४	११	छिमती	खिमती
१३६	१९	जोगाउने	उचाल्ने
१३७	२	अधकल्चो रूपमा	सीमित रूपमा भए पनि
१३७	२०	शैलुङमा तरको पत्रले	सैलुङमा देखिने तेलको तरले
१५०	११	तापक्रममा भन्दा	तापक्रम मान्दा
१५०	२६	४८८.४	४८८.०
१५६	१९	छोरालाई नदिई	छोराको मृत्युपछि
१६५	८	१७	१७.७
१६५	८	२५.६	२५.७
१६५	११	५६.८	५६.६
१६५	१६	६४.३	६४.१
१६५	२०	६४.३	६४.१
१६५	२८	५५.२	५५.१
१६५	२९	६,२६६	६,२२६
१६५	३०	५५.२	५५.१
१६६	२४	४,२२५	४,०९८
१६७	१९	मुराजोर पञ्चायत क्षेत्रमा	मुराजोर क्षेत्रमा
१७४	१५	८,८२०	८,८८०
१७४	२९	२,०००	३,०००
१७६	७	पटहा	हँसिया
१७९	३	गाग्रीं, हटिया,	गाग्रो, आरी,
१९२	१३	१४	१८
१९३	७	ासमा	ठोसेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	लहर	अशुद्ध	शुद्ध
२०१	७	सिन्धुली	सिन्धुल
२०६	१४	गर्न सकिन्छ।	गर्न सकिन्न।
२२५	१	जम्मा २६,००	जम्मा २६,००६
२३८	२	६,५४६	६,४५६
२४०	३१	यहाँका जनताबाट	यहाँका जनतालाई
२५६	१७	दक्षिण-पूर्व दिशामा	दक्षिण-पूर्वी दिशाबाट
२६०	१४	२४.८	२५.८
२६१	१७	८ अगष्ट	९ अगष्ट
२६३	७	मान्य देव	नान्यदेव
२७२	६	५६.७	५७.७
२७२	११	५६.७	५७.७
२७२	१६	५९ वर्ष	६० वर्ष
२७२	२०	१००:५०	१००:५६
२७२	३०	८९,८६६	९०,८६६
२७४	१	कर्था	कुर्था
२७४	६	छोडघाँस	घोडघाँस
२७४	१५	४,२३०	४,१३०
२७४	१९	पडारी	पिंडारी
२७४	२२	३,५४३	३,२११
२७४	३१	भूचश्वपुर	भूचक्रपुर
२७५	७	सपही	सपफी
२७५	१३	हौदा मावन	छौदा मदन
२८१	३३	३,४६२	३,४६३
२८५	२७	वेदचापी	वेलाचापी
२८६	१९	५,२००	२,५००
२९१	१८	सबैलगा	सबैला
२९३	१३	पूर्व-पश्चिम दिशामा	उत्तरमा पूर्व-पश्चिम
२९५	४	२,३०० फीट	३,३०० फीट
२९७	११	४,२००	४,२०८
२९७	१२	९३२	९३३
२९७	१५	१२.१	१२.२
२९७	१७	१,९३२	१,९५२
२९९	२९	घदोली	धवौली
३०३	१०	को आय बजेट	को बजेट
३१३	१२	हर भरही	हरमरही
३२०	फूट नोट	४ धनवज्र ... पृष्ठ २०–३१	५ जगज्योति ... p. 266
३२०	फूट नोट	५ जगज्योति ... p. 266	४ धनवज्र ... पृष्ठ २०–३१
३२४	६	३.१	३.२
३२५	४	१,१०,६५०	२,१०,६५०
३२५	५	१००:५०	१००:५४
३२५	६	५०	५४
३२५	१२	१००:७०	१००:७५
३२५	१३	७०	७५
३२७	७	२,४३५	३,४३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	लहर	अशुद्ध	शुद्ध
३२७	१८	५,०९०	५,०९४
३४३	२४	८२६	९२६
३६४	२५	२२.६	३२.६
३६६	११	२०६.६	२६६.३
३७२	४	र १० वर्ष	र ५ वर्ष
३७९	२४	१७६	१७८
३७९	२६	१०,०२३	१०,०२५
३८०	२१	२,११६	२,११५
३८९	३२	४४.४	३१.५
३९३	३०	१,१०,६७४।	१,३०,६७४।
३९९	२१	प्रतिशत १०	प्रतिशत १०.६
४००	१९–२०	समूहमाभन्दा बढी जनसंख्या हुनुको साथै सबभन्दा बढी साक्षरताको प्रतिशत पनि त्यही उमेर समूहमा	सबभन्दा बढी साक्षरताको प्रतिशत
४००	२६	८६,७२५	६८,७२५
४०७	१२	१,१७७	१,११७
४०७	१३	१,१७७	१,११७
४०७	१३	२,६५५	२,५६५
४०७	१३	१,१६७	१,१०७
४१५	१३	, काठमाडौं र भक्तपुर	र काठमाडौं
४२०	४	दक्षिणी अर्थात् दोलालघाटनिर विन्दू आई	दक्षिणी विन्दू अर्थात् दोलालघाट-निर आई
४२०	१८	हिमनदी द्वारा (पाँच कोस) सिर्जना	हिम नदीद्वारा सिर्जना
४४७	२२	भोभे-नाम्लाङ	भोटेनाम्लाङ
४५६	२४	जलेटारको	जरायटार
४५९	१८	निम्न माध्यमिक,	निम्न माध्यमिक, ३२४ विद्यार्थीले माध्यमिक,
४७१	११	२०२१	२०१९
४७२	१६	२,०१८	३,०१८
४७५	२२	३८.८	३८.४
४७६	१	४९७.७	४९५.७
४७६	३	११२.०	११८.०
४७६	८	२१६	२१७.४
४८३	२०	(दधु	(दथु
४८३	२१	बुक)	बकु)
४८३	२१	७,६३९	७,६३६
४८३	२८	मोलखाटोल	भोलाखाटोल
४८४	१५	९३७	६३२
४८५	११	आठ	६
४८८	१०	(८,७७,१९० रोपनी)	(२८,९२,००० रोपनी)
४८८	११	१.९	१.७
४८८	११	१९	१७
४८८	१२	४३,६१२	४१,६१३
४८८	१३	६,२२८	६,६७७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	लहर	अशुद्ध	शुद्ध
४८९	२३	३९.९	४०.६
४८९	३२	३४	३
४८९	३२	३०	८
४९०	१	९,२२७	९,७२७
४९१	३	४,२६५	४,२५५
४९१	६	२,४५१	४,४५१
४९१	९	१,०६५	९९५
४९१	१०	चलाल	चाकल
४९१	१६	दच्छुटोल	दथु टोल
४९१	३०	लालुवा	वालुवा
४९१	३२	२,९८१	१,९८१
४९१	३४	बेंसी समले घर्ती गाउँ	वेखसिम्ले घर्ती गाउँ
४९२	६	राम्वे	राम्चे
४९२	६	१,९८१	२,०८१
४९२	१३	२,५३२	२,५३३
५०१	१७	४३,१६८	४१,६१३
५०३	३४	४५ – ४५ २८	४५ २७ ४५ २८
५०५	९	मेट्रिक टन उत्पादन	मेट्रिक टन सुर्ती उत्पादन
५०८	९	१,७८,०००	९,७८,०००
५०८	१०	१,७१,०००	२,७१,०००
५१०	५	मुम्लटार	मङ्गलटार
५१०	१५	म्याङ्लुङ	म्याङ्लुङ
५१२	२१	८६७	६८७
५१९	५	२०,२६८	२,०२,०६८
५१९	१८	२५१	३५१
५१९	२१	३२३	४२३
५२२	३४	भ्राम्चोटे	भ्राम्वोटे
५३५	१०	यासीको	यार्साको
५३७	१६	यो खोला भोटे खोला	यो खोला भोटे खोलाको
५३७	१७	नदी	खोला
५३९	३३	७८.९	७७.३
५५०	१४	२५५	५५
५५१	१०	१,२७०	९०४
५५४	१८	सूतक परेको	जूठो बार्ने
५५७	२	८.३	८.६
५६०	२४	चोइटा	चोया
५६१	१२	६२.७	९३
५६२	१४	बर्मञ्चेत	बर्सुञ्चेत
५६५	२२	३.७	३.०
५६६	१२	२०.४	२०.६
५६७	८	पुल	मूल
५८३	३२	यो जिल्लाको बुङ्थाङ,	सिन्धुपाल्चोक जिल्लाको गुमथाङ र यो जिल्लाको
५८४	४	२७.१	१७.१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	लहर	अशुद्ध	शुद्ध
५८४	२,१९,२०,२४	बुङ्थाङ	गुमथाङ
५८५	२०	कस्नु	खर्सु
५९८	१	२,७२१	५,२८९
६०२	९	३,५१२	३,५१३
६०२	१९	भद्रटार	मदुटार
६०८	१९	२,१८२	१,१८२
६०८	२०	२,८८०	२,८८७
६२१	९	रामती	रामावती
६२१	२१	किलोमिटर	किलोवाट
६२४	१२	१७,८३६	१७,८६३
६३१	८	नेपाल यी संगठनहरूको	यी संगठनहरूको
६३७	२१	१.६०	१६
६३८	४	७.९२	७९२
६३८	५	चार खण्डको एक खण्ड	तीन खण्डको दुई खण्ड
६३९	१७	१,८१८	१,८३८
६४३	२५	३६.६°	२७.३°
६४४	११	४६४.३	४६४.२
६४४	१७	९३१.६	९२१.६
६४४	१९	४५.७	४६.७
६५६	२६	१४.४	१२.८
६५८	२१	दधिघाट	दधिकोट
६५९	१३	१८,९०९	१८,९०८
६५९	२३	५८.१	५९.१
६६०	१	३८	५४
६६०	३	१००:३८	१००:५४
६६०	८	६२,४३१	६३,४३१
६६५	१३	गरेका थिए।"१	गरेका थिए। "1
६६७	१०	२५,८४३	२,५८४.३
६६७	११	३५,६४४	३,५६४.४
६६७	१२	१९,६३०	१,९६३.०
६६७	१३	३,७०५	३७०.५
६७१	८	४,३८४	४,३४८
६७१	२२	३२,७६१	३२,७१६
६७१	२२	३३,९४०	३३,९४२
६७१	२२	२९,९५८	४०,०५२
६७१	२३	२०२९।०३०	२०२७।०२८
६७१	२३	१५,४४१	१५;७६१
६७१	२५	२०२७।०२८	२०२९।०३०
६७१	२६	१५,७६१	१५,४४१
६७१	३२	२९,९५८	४०,०५२
६७२	१	६७	५०
६७२	१	२०२९।०३०	२०२७।०२८
६७२	२	२०२७।०२८	२०२९।०३०
६८५	१४	३७.०	३७.८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	लहर	अशुद्ध	शुद्ध
६९६	९	कृषि उत्पादनमा परेको छ तापनि	कृषि उत्पादनमा ठूलो प्रभाव परेको छ तापनि
६९७	१	मनोनयन गर्ने	मान्ने
७०५	२१	२,४२८	२,४४३
७०५	२२	२,५३४	२,५५३
७०५	२२	२,३२९	२,४०४
७०५	२३	२,०६४	२,०७७
७०६	१	२,७८७	२४४३
७०९	२१	वर्षको	ठाउँको
७०९	२४	१९.९	१९.५
७१०	१२	२७.१	२७.९
७१०	३६	५१.४४	५,०४४
७१०	३६	१,३०६.५७	१,३०६.५३
७१५	९	सग्ला	सल्ला
७१५	२६	२,२८८	२,१८९
७४९	४	बढी तला	बढी प्रयोगगरी
७७३	२४	४.१०	४.१२
७७३	३१	९९.९८	१००.००
७७५	२१	२,२५,८८५	२,२५,८८०
७७५	२३	२८,२०४	२८,२००
७७५	२४	४,६६,९६५	४,६६,९५६
७७८	१७	३६,३७५	५६,३७५
७८२	१७	हामी	मही
७८६	१५	७६.७	७६.१
७९४	३०	२,३१,५३	२३,१४८
७९५	३२	एक लाख ३३ हजार	चार लाख अठासी हजार
७९५	३२	९५ हजार	तीन लाख छैसट्ठी हजार
७९६	१	९०,४७,०००।	९०,४६,०००।
७९६	३	१,२५,५७,०००।	१,२५,५६,०००।
७९६	१०	तीन	चार
७९६	१७	२,९३	२,३०
८१९	२२	शिक्षकहरू छन्।	शिक्षकहरू सन्तुष्ट छन्।
८२२	१४	प्रतिशत	प्रति डाक्टर
८२२	२९	३,८२,०६४	३,७३,७७७
८२२	२९	२०,९९२	१८,५८७
८४२	५	रहेको जिल्ला	रहेको जिल्लाको
८४४	१५	२७°४०' पूर्व देशान्तर	२७°४०' उत्तरी अक्षांश
८४४	१५	८५°२०' उत्तर अक्षांश	८५°२०' पूर्वी देशान्तर
८४६	२३	हरने	रहने
८४८	फूट नोट	Talaloo	Talalov
८५१	२०	राजकाजमा साथै	राजकाजका साथै
८६५	२४	१,१०,५४३	१,००,९८९
८६५	२५	४४,४५५	५४,००९
८६५	२५	७१.३	६५.२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	लहर	अशुद्ध	शुद्ध
८६५	२६	१.४	१.५३
८६५	२६	४०	५३
८६५	२७	१००:४०	१००:५३
८६५	३०	८७,०९५	८८,०९५
८६५	३०	५६.२	५६.६
८६५	३१	६७,६०३	६६,६०३
८६५	३१	४३.८	४३.१
८६५	३१	१.७८	१.७५
८६५	३२	७८	७५
८६५	३३	१००:७८	१००:७५
८६७	३०	मात्र	मात्र छ।
८७०	१४	१२,४१०	१२,८१०
८७१	१३	२३,३९४	२४,६८३
८७१	२०	८,३८२	८,१८२
८७१	२२	१,०००	१,७००
८७१	२५	६७५	१,३५०
८७१	२७	२१,०१०	२१,७१०
८७१	२७	२४,२०८	२४,६८३
८८०	२९	धातुको भाँडा २ १ – –	धातुको भाँडा २ १ – ३
८८०	३१	१०.३	१७.४
८८०	३४	२८५	२९०
८८०	३४	२३.७	२३.१
८८१	१	२३.७	२३.१
८८४	१२	७५,४२,०५९।	७५,४३,०५०।
८८५	१२	सानानुगाउँ	सानुगाउँ
८८७	२०	२,३९६	२,३९४
८८७	२२	३९७	३९५
८८७	२४	पीच, व्यापार सेवा	व्यापार सेवा
९११	१	घोपल	थोपल
९१२	७	आधार	आकार
९१२	१०	७,१४७	७,१७८
९१३	७	साप्याङ	सोप्याङ
९१३	२२	लागुबेंसी	लापुबेंसी
९१४	२९	१८.०	१८.४
९१४	३३	७.३	२७.३
९१५	१८	७१	७३
९१५	१८	६५	६४
९१५	४०	१.०	०.०
९१९	२६	लिप्लिङ्को	तिप्लिङ्को
९१९	२९	टम	टन
९२२	११	२०१८	२०१९
९२५	५	(आठ कोस)	(चार कोस)
९२६	उपशीर्षक	मंघी	मैघी
९२८	१४	किलोमिटर	वर्ग किलोमिटर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	लहर	अशुद्ध	शुद्ध
९२८	१५	.७६	.८०
९२८	१६	७६	८०
९२९	९	१००:५०	१००:५३
९२९	९	१५०	१५३
९२९	११	१००:८०	१००:७६
९२९	११	१८०	१७६
९३०	२३	पिल्पा	पाल्पा
९३०	३५	अजुथुम	अबुथुम
९३९	१२	धोक्रो	धोक्रोभन्दा
९४२	१८	अमखु खोला	आँखु खोला
९४२	१९	चिरांदी खोला	चरौंदी खोला
९४२	२३	बैरेखी	बैरेनी
९४३	४	आनमघाटमा	आदम घाटमा
९४६	६	९	.९
९४६	१८	९,२२८	९,२८८
९४७	१३	कुन	कुल
९४९	२९	सुकौरी	सुकौरा
९५०	१३	त्यसैं	त्यस्तै
९६१	२१	८०,६७१	८३,०९५
९६१	२१	८३,०९५	८०,६७१
९६६	२६	हेटौंडामा	हेटौंडा तथा रामपुरमा
९६७	३	केन्द्र हेटौंडा	हेटौंडा तथा रामपुर केन्द्र
९६७	८	१५.३	१४.३
९६९	९	७०.०	७०.९
९६९	१७	२,२७९.९	२,२८८.९
९६९	१७	१,५१४.३	२,५१४.३
९६९	१७	१,०४१.८	१,२६१.८
९७५	३०	इस्पन्दर	इस्कन्दर
९७५	३०	पूर्णियामा	पूर्णियाका
९८५	७	५४.८	५३.८
९८५	७	५३.९	५३.७
९८५	१४	१९.५	२०.१
९८५	१५	२६.७	२६.२
९९३	९	५७,५००	२८,९५०
९९३	९	८६,७६०	२९,२६०
९९३	१८	३६,०९७	३६,१०६
९९४	६	२,५०३	२,४०३
९९४	७	२,५६८	२,४६८
९९४	७	५,८१२	२,८१२
९९४	९	५३,५११	५३,४११
९९४	९	५९,०५२	५६,०५२
९९४	९	२,६५२	३,६५२
९९४	१६	६५,०८७	६४,९८७
९९४	२२	७४,१८५	७१,१८५
९९४	२२		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	लहर	अशुद्ध	शुद्ध
९९४	२५	९,६०८.८	९,८२८.५
९९४	२६	५,३९३.८	५,४२३.८
९९५	२	२,८२१.७	२,७३५.६
९९५	१९	यस प्रकार यहाँ पाखो	यस जिल्लामा दर्ता नभएको जगापाखो
९९५	२३	१५१	२५१
१०००	१६	गोरु खरीद	धानबाली
१०००	१७	तोरीबाली	गोरु खरीद
१००३	७	११.६ मेट्रिक टन	११६ मेट्रिक टन
१००६	३	हेटौंडासम्मको भाग	हेटौंडासम्मको धेरैजसो भाग
१०२९	३०	२९.६	२९.९
१०३०	८	सिलसिलामा तथा	सिलसिलामा
१०३४	१२	४,६८०	४,८०६
१०३६	३	८,६३५	८,६४५
१०३७	२३	२,३०,१६३	२,३०,६०७
१०३८	१३	२,८२,२१४	२,८२,३१४
१०३९	२	१४ प्रतिशत	१४.२ प्रतिशत
१०३९	३३	४,७२८	४,७२३
१०४२	२५	रहेका पञ्चायत	रहेका इलाका
१०४५	१५	८८ प्रतिशत	८७ प्रतिशत
१०४६	७	विविध जम्मा	विविध– ९,१०४ जम्मा–९,१०४
१०४६	१३	मकै, कोदो	मकै, गहुँ, कोदो
१०४७	१	मकै, कोदो	मकै, गहुँ, कोदो
१०४७	३	(४६६ मेट्रिक टन) घटेको	(१,४६६ मेट्रिक टन) बढेको
१०५०	३	७०	६
१०५०	१६	९४४	८८४
१०५२	२१	२५,९१९।	२५,८५८।
१०५३	१९	११६ हेक्टर	११५ हेक्टर
१०५३	२४	जिन्सीमा १,२८१ हेक्टर बिघा	जिन्सीमा ४१८ मन र भोगवन्धकीमा परेको जग्गा १,२८१ विघा
१०५४	१२	१९.४	१९.०४
१०५४	१३	१९.४	१९.०४
१०५४	२०	१५०	१५१
१०५४	२९	(०.२० प्रतिशत)	(०.६ प्रतिशत)
१०५७	११	०.४१	१.१
१०६६	१०	२,४१,००४	२,४०,९८६
१०६६	११	पुरुष संख्या–१,२६,६२४	पुरुष संख्या– १,३५,९४८
१०६६	११	महिला संख्या–१,३५,९४८	माहिला संख्या–१,२६,६२४
१०६७	६	२,३२५	२,३२०
१०६९	६	१६२	१६३
१०६९	१९	अनेमिया जस्ता	अनेमिया र
१०७०	३	पञ्चायत	इलाका
१०७०	६	झुन खुवा	झुन खुनवा
१०७०	९	गरुराडा	गरुडा
१०७०	२४	शीतपुर	शीतलपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	लहर	अशुद्ध	शुद्ध
१०७५	२		
१०७५	२३	कटरका	कटरवनको
१०७६	१५	२,३१२	३,४१२
१०८९	२०	पञ्चायतहरू गोनाही, कटहरिया, उपर्युक्त तथ्याङ्क अनुसार चुरे पाहाडको नजीक परेका अमलेखगञ्ज र निजगढ इलाकामा	पञ्चायतहरू कटहरिया, उपर्युक्त तथ्याङ्क अनुसार परवानीपुर र निजगढ इलाकामा
१०८९	२१	परवानीपुर इलाकामा	अमलेखगञ्जमा
१०९१	४	जाकुन	जामुन
११०२	२	८.८	१४.७
११०२	३	४८.४	८२.८
११०२	२७	महिलाहरूमध्ये माग	महिलाहरूमध्ये
११०३	१	०.०१	१.२
११०५	२६	झ थरका	झा थरका
११११	१५	७,४२४	७,४१७
११११	१६	९८,८३५	९८,८२५
११११	१६	६७,२०८	६७,२०१
१११२	८	३,४१२	३,४१३
१११२	२७	९८,८३५	९८,८२५
११२३	२६	७४,०८	७४,०६८
११३०	२१	२,५००	२,५७०
११३१	२६ २०	१०.६	१५.८
११४८	१९	२७.१	२६.१
११४८	२०	३२.१	३२.९
११५५	६	मेघीमा	मँघीमा
११५९	८	९७,३०८	६४,४९९
११५९	११	दुवै उमेर समूहमा	६ देखि १५ वर्षको उमेर समूहमा
११५९	१९	५९.१	५९.२
११५९	२२	११ जना बर्मामा र अरु बाँकी	११ जना बर्मामा, २१ जना अन्य एशियाली देशमा, १ जना अन्य देशमा र अरु बाँकी
११६०	६	५९,३९६	५,९३९
११६०	१२	(३३.७)	(३४.५)
११६०	१८	६१.४	६१.९
११६०	१९	४.१ प्रतिशत	४.७ प्रतिशत
११६५	४	२८	३९.१
११६५	५	४७,०५२	४७,०५१
११६६	२२	१,२००	१,२८०
११६६	२३	६,२५५	६,२२२
११६६	२६	७३,१५२	७३,२३२
११६८	२२	२०२७।०२८	२०२५।०२६
११६८	३१	५०	५५
११६९	१०	संस्थालाई र करीब	संस्थालाई करीब
११७३	७	बलवा, लनगदी, जगनाथपुर र बिरूवा	बेलवा, लंगडी, जगन्नाथपुर र बिरूवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

पृष्ठ	लहर	अशुद्ध	शुद्ध
		गुढीमा	गूठीमा
११७८	१५	८,११२	८,०४६
११७८	१७	६,७८३	६,७६७
११९२	११	१८,३२२	१८,५९०
११९२	१९	५५–६५	५५–६४
११९२	२१	१,६३,४३१	१,६३,६९९
११९४	३१	१८०	१०८
११९५	२५	२०१५	२०१६
१२२८	७	६,७४२	६,९४२
१२३५	४	७४	४७
१२३५	३३	४,३००	४,२००
१२३५	३४	५,४९९	२,६२६
१२३६	३	६,७४२	६,९४२
१२३७	२०	किनारा र देउहाडमा	आसपासमा
१२३८	८	लगन्तीको	लोकन्तीको
१२४०	२४	प्रचलन अनुसार........स्थिति	प्रचलन अनुसार हाँको स्थिति
१२४०	फूटनोट	१ स्रोतः जिल्ला कृषि विकास कार्यालय, भरतपुर, चितवन	HMG/ADB—hitwan Valley Development Ioject, 1972, Ch. IV p. 2
१२४१	८	६,११२	६,०१२
१२४१	११	११,१५६	११,०५६
१२४१	१२ र १४	३१.७६०	३१,६६०
१२४१	१९	जिल्ला भूमि प्रशासन कार्यालयबाट	भूमि सुधार विभागाट
१२४२	३०	२५,५००	२५,२००
१२४४	५	४२,०००	४१,०००
१२४४	३२	१	३
१२४७	१६	३०१	३१
१२५२	१९	७,९७,३७०.०	७,९७,८७०.०
१२६२	११	२१.१	२१.०
१२६३	११	३०.९	३८.९
१२६३	२१	१.२२	२१.२
१२६३	२३	३०.९	३८.९
१२६४	२६	माध्यमिकमा २२९; स्नातकमा५९८; स्नातकोत्तर	माध्यमिकमा १,२९६ प्रमाणपत्र (इन्टरमिडियट) स्तमा २२९; स्नातकमा ५९ र स्नातकोत्तर
१२६८	२	सहायक सरकारी वकीलको कार्यालय, भरतपुर	सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय, भरतपुर
१२७०	१	२,२४,०३०।	२,३४,०३०।

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu